नेपाल
मानवअधिकार वर्षपुस्तक २००६



यस वर्षको उल्लेख्य

गहिरिँदो राष्ट्रिय संकट

मानवअधिकार वर्षपुस्तक २००६

(नेपाली संस्करण)

(०६१ पुस १७ गतेदेखि ०६२ पुस १६ गतेसम्म अर्थात् सन् २००५ भरिका घटनाहरूको संकलन)

मुख्य संयोजक

कुन्दन अर्याल

सम्पादक

योगीश खरेल

सम्पादन मण्डल

प्रकाश ज्ञवाली

निर्मलमणि अधिकारी

प्रशन्नता वस्ती

लक्ष्मणदत्त पन्त

मधु पन्थी

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलंकी, स्युचाटार

पोष्ट बक्स २७२६, काठमाडौं, नेपाल

फोन नं. ०१-४२७८७७०, फ्याक्स नं. ०१-४२७०५५१

e-mail: insec@insec.org.np

Web-site: www.inseconline.org

मानवअधिकार वर्ष पुस्तक २००६

संयोजक

प्रेक्षा ओभा
(प्रमुख, मानवअधिकार प्रलेख, प्रसार तथा संरक्षण केन्द्र)

प्रकाशन मिति

०६२ चैत २७ गते

संख्या

तीन हजार प्रति

प्रकाशक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार

इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको श्रोत उल्लेख गरी पुनर्मुद्रण गर्न सकिनेछ।)

आई.एस.बी.एन. ९९९३३-८५८-८-३

आवरण तथा ले-आउट

गोविन्दप्रसाद त्रिपाठी

जिल्लागत विवरण सम्पादन

मदन पौडेल
बाबुराम विश्वकर्मा
गणेश भण्डारी

तथ्यांक प्रशोधन

प्रमीन घिमिरे
सुवास अधिकारी

मूल्य

रू. २५०।-

मुद्रक

इन्द्रेणी अफसेट प्रेस
अनामनगर, फोन नं. ४७७१४४८

विषय सूची

		पृष्ठ संख्या
भूमिका		
परिच्छेदहरू		
परिच्छेद १	सन् २००५ को मानवअधिकार स्थिति : समग्र मूल्यांकन	१
परिच्छेद २	गहिरिँदो राष्ट्रिय संकट	१७
परिच्छेद ३	राज्य र मानवअधिकार	
	३.१ न्यायपालिका	६५
	३.२ कार्यपालिका	९३
	३.३ व्यवस्थापिका	१२५
अनुसूचीहरू		
अनुसूची १	सन् २००५ र मानवअधिकार उल्लंघनका तथ्यहरू	
	१. पूर्वाञ्चल	१४१
	२. मध्यमाञ्चल	२५३
	३. पश्चिमाञ्चल	३८९
	४. मध्यपश्चिमाञ्चल	४७९
	५. सुदूरपश्चिमाञ्चल	५८३
अनुसूची २	मानवअधिकार उल्लंघन तथ्यांक २००५	६३५
अनुसूची ३	सन् २००५ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीहरू र विभिन्न निकायको धारणा	६४७
अनुसूची ४	मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्त र नेपाल अधिराज्यको सरकारबीच नेपालमा कार्यालय स्थापना गर्ने सम्बन्धमा सम्पन्न सम्झौता	६६५
अनुसूची ५		६७५
अनुसूची ६	क्रिया प्रतिक्रिया	६८१
अनुसूची ७	वर्षपुस्तक २००६ तयारीका क्रममा संलग्न व्यक्तिहरू	६९३
अनुसूची ८	सन् २००५ मा राज्यद्वारा पीडित भएकाहरूको संख्या	६९८

जिल्लागत विषय सूची

१. पूर्वाञ्चल

१.१ झापा १४३
१.२ इलाम १५३
१.३ पाँचथर १६४
१.४ ताप्लेजुङ १७०
१.५ मोरङ १७४
१.६ सुनसरी १८७
१.७ धनकुटा १९३
१.८ तेह्रथुम २०१
१.९ भोजपुर २०७
१.१० संखुवासभा २१२
१.११ सप्तरी २१८
१.१२ सिरहा २२८
१.१३ उदयपुर २३६
१.१४ खोटाङ २४२
१.१५ ओखलढुङ्गा २४६
१.१६ सोलुखुम्बु २५१

२. मध्यमाञ्चल

२.१ धनुषा २५५
२.२ महोत्तरी २६२
२.३ सर्लाही २६८
२.४ सिन्धुली २७८
२.५ रामेछाप २८६
२.६ दोलखा २९२
२.७ रौतहट २९८
२.८ बारा ३०८
२.९ पर्सा ३१२
२.१० चितवन ३१८
२.११ मकवानपुर ३२५
२.१२ ललितपुर ३३१
२.१३ काभ्रे ३३६
२.१४ भक्तपुर ३४७
२.१५ काठमाडौं ३५१
२.१६ धादिङ ३६८
२.१७ सिन्धुपाल्चोक ३७७
२.१८ नुवाकोट ३८२
२.१९ रसुवा ३८५

३. पश्चिमाञ्चल

३.१ तनहुँ ३९१
३.२ गोरखा ३९८
३.३ लमजुङ ४०४
३.४ स्याङ्जा ४०८
३.५ कास्की ४११
३.६ मनाङ ४२२
३.७ नवलपरासी ४२३
३.८ रुपन्देही ४३१
३.९ पाल्पा ४३६
३.१० कपिलवस्तु ४४१
३.११ अर्घाखाँची ४५०
३.१२ गुल्मी ४५४
३.१३ बाग्लुङ ४६४
३.१४ पर्वत ४७०
३.१५ म्याग्दी ४७३
३.१६ मुस्ताङ ४७७

४. मध्यपश्चिमाञ्चल

४.१ दाङ ४८१
४.२ प्युठान ४८८
४.३ रोल्पा ४९२
४.४ सल्यान ५००
४.५ रुकुम ५०६
४.६ बाँके ५१४
४.७ बर्दिया ५२६
४.८ सुर्खेत ५३६
४.९ जाजरकोट ५५३
४.१० दैलेख ५६०
४.११ डोल्पा ५६६
४.१२ जुम्ला ५६८
४.१३ कालिकोट ५७१
४.१४ मुगु ५७६
४.१५ हुम्ला ५७९

५. सुदूरपश्चिमाञ्चल

५.१ कैलाली ५८५
५.२ अछाम ५९७
५.३ डोटी ६००
५.४ बाजुरा ६०३
५.५ बझाङ ६०८
५.६ कञ्चनपुर ६११
५.७ डडेलधुरा ६१८
५.८ बैतडी ६२५
५.९ दार्चुला ६३१

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानवअधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। लगभग ५० वटा आवद्ध संस्थाहरू मार्फत यसका कार्यक्रमहरू देशभर सञ्चालित छन्। मानवअधिकार उल्लंघनका घटनाहरूलाई अध्ययन अनुगमन गर्नका लागि यसले देशका पचहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ। पाँचओटै विकास क्षेत्रमा यसका क्षेत्रीय कार्यालयहरू छन्।

०६२ मंसिर २९ गते सम्पन्न साधारण सभाले ३ वर्षका लागि चयन गरेको कार्यसमिति

सल्लाहकार - सुशील प्याकुरेल
- विनयकुमार कसजू

निवर्तमान अध्यक्ष - डा. शिव शर्मा

अध्यक्ष - सुबोधराज प्याकुरेल
महासचिव - कुन्दन अर्याल
कोषाध्यक्ष - सुजिता शाक्य

सदस्यहरू
- नजिर मियाँ
- योगेन्द्र गुरुङ्ग
- पुष्पा कर्ण
- गंगादेवी कसजू
- लालबाबु यादव
- टीकाराम भट्टराई

निर्देशकहरू तथा निम्न केन्द्रहरू मार्फत् इन्सेकको दैनान्दिन कार्य सम्पादन गरिन्छ ।

मानवअधिकार शिक्षा तथा तलिम केन्द्र (HRE)
साक्षरता संचेतना मार्फत् ग्रामीण क्षेत्रमा मानवअधिकार शिक्षा, मानवअधिकार सम्बन्धी तालिम, मानवअधिकारको सम्वर्द्धनमा स्थानीय क्षेत्रका मानवअधिकार संस्थाहरूसँग सहकार्य।

वञ्चित समुदायका लागि अभियान केन्द्र (DGC)
बालबालिका, महिला, दलित, कृषिमजदुर, शान्ति र विकासका लागि द्वन्द्व व्यवस्थापन, जनजाति तथा अन्य पिछडिएका समुदायको अधिकार प्राप्तिको लागि उनीहरूलाई नै सक्रिय बनाउदै विभिन्न अभियान कार्यक्रममार्फत् सशक्तिकरण कार्यक्रम, बाल अधिकार सचेतना समूह (२३५), महिला सचेतना समूह।

मानवअधिकार प्रलेख तथा प्रसारण केन्द्र (DDC)
मानवअधिकार उल्लंघन सम्बन्धी घटनाहरुको अध्ययन, अनुसन्धान र मानवअधिकार रक्षा कार्यक्रम, मानवअधिकार उल्लंघन तथा ज्यादतिका घटनाका सम्बन्धमा स्थलगत अध्ययन, दैनिक रूपमा मानवअधिकार सम्बन्धी घटनाहरुको अध्यावधिक विभिन्न प्रकाशनहरू मानवअधिकार वर्ष पुस्तक, मानवअधिकार स्थिति सूचक (त्रैमासिक), प्राची (द्वैमासिक), इन्फर्मल (त्रैमासिक), इन्सेक अभियान (मासिक), वेब पेज, इन्सेक अनलाइन नियमित सञ्चालन, मानवअधिकार शिक्षा रेडियो कार्यक्रम (प्रत्येक शनिबार बिहान ८.१५ बजे रेडियो नेपालबाट) मार्फत प्रसारण एवं वितरण, रेडियो श्रोता क्लब ।

मानवअधिकार सन्धी अनुगमन केन्द्र (TMC)
मानवअधिकार सम्बन्धी विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन, नियम, नियमावली, सन्धि, सम्झौताको नियमित अध्ययन, अनुसन्धान, प्राथमिकता ६ महासन्धिहरू ICCPR, ICESCR, CAT, CRC, CEDAW, CERD यिनीहरूको सम्बन्धमा राज्य पक्षको दायित्व नियमित प्रतिवेदन पठाउने, जनवकालत, पठाइएका प्रतिवेदनको अनुगमन तथा वैकल्पिक एवम् छायाँ प्रतिवेदन पठाउन अन्य मानवअधिकार एवम् नागरिक समाजका विभिन्न संस्थाहरूसँग संयोजन, सहजीकरण, सञ्चारमाध्यमबाट राजनीतिक, नागरिक, सामाजिक, आर्थिक र साँस्कृतिक पक्षहरूबाट प्राप्त सूचना, अभिव्यक्ति एवम् लेख रचनाहरूको नियमित विश्लेषण।

व्यवस्थापन सहयोग केन्द्र
माथिका सबै कार्यक्रमहरूको व्यवस्थापनमा सहयोग।

क्षेत्रीय कार्यालयहरू :
- **पूर्वाञ्चल क्षेत्रीय कार्यालय**, जनपथ टोल, विराटनगर। फोन नं. ०२१-५२४०२५, ५२८५२१
- **मध्यमाञ्चल क्षेत्रीय कार्यालय**, कलंकी, स्युचाटार, काठमाण्डौ। फोन नं. ०१- ४२८५४६१
- **पश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, नागढुंगा, पोखरा। फोन नं. ०६१- ५२६५१२
- **मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, नेशनल ट्रेनिङ्ग रोड, नेपालगञ्ज। फोन नं. ०८१- ५२४५०४, ५२२०६८
- **सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**, हसनपुर, धनगढी। फोन नं. ०९१- ५२२५७६, ५२१४४६

निराशा, आशा र भरोसा

यो वर्षपुस्तकले सन् दुई हजार पाँचको पहिलो जनवरीदेखि डिसेम्बरको अन्तिम दिनसम्मको अवधिलाई समेटेको छ। वर्षको दोश्रो महिनाको पहिलो दिन राजाद्वारा असंवैधानिक कदम चाली मानवअधिकार र प्रजातन्त्रको हरण गरियो। त्यसपछि सम्पूर्ण वर्ष त्यही घटनाबाट प्रभावित रह्यो। त्यसैले यो संकलन विशेषत: सन् २००५ को एघार महिनामा राजाको शासनमा भएका योजनाबद्ध र व्यापक मानवअधिकार उल्लंघनको अभिलेख बन्न पुगेको छ।

सन् २००५ मानवअधिकारहरूको उल्लंघनलाई संस्थागत गर्ने अधिनायकवादी दुस्साहसको साक्षी रह्यो। वर्षको अन्त्यसम्मै त्यस्तो दुस्साहस परास्त हुन सकेन। तर इतिहासमा यो वर्षलाई अधिनायकवादले खप्लक्कै निलेको वर्षका रूपमा मात्र अंकित गर्न सकिने छैन। बरु सन् २००५ मानवअधिकारहरूको संघर्षको पनि वर्ष हो। यो वर्ष नेपालको इतिहासमा नागरिक स्वतन्त्रता र कानुनको शासनको पुनर्बहालीका निम्ति भएका संघर्षको वर्षका रूपमा समेत अंकित हुनेछ।

यो वर्ष मानवअधिकार र मानवीय गरिमाको संघर्षमा नेपाली जनताप्रति सारा विश्वले ऐक्यबद्धता प्रकट गरेको वर्ष पनि हो। माघ १९ मा अभिव्यक्त सत्ताको दम्भलाई नागरिक समुदाय, मानवअधिकार रक्षक र लोकतान्त्रिक अधिकारप्रेमी आमजनताको सशक्त असहमतिले अझ अगाडि बढ्न दिएन। सारा विश्वको निगरानी नेपालमाथि रह्यो र त्यस्तो दुस्साहसले त्यसकै कारण अकण्टक पाइला चाल्न सकेन।

पछाडि फर्किएर हेर्दा हामी देख्दछौं- कसरी निरंकुश सत्ताका सबै बन्देजहरूको पर्वाह नगरी स्वतन्त्रताप्रेमीहरू अगाडि बढिरहे। नागरिक समाजको विभिन्न पक्षका स्वतन्त्रताप्रेमीहरूसँगै मानवअधिकार रक्षकहरूले कठोर दमनकाबीच पनि मानवअधिकार अभियानलाई अघि बढाइ रहे। जस्तोसुकै आँधिबेरीमा पनि अभिव्यक्त हुँदै आएको हामी नेपालीको यही स्वतन्त्रता प्रेमकै कारण आज पनि निरंकुशतन्त्र विश्वसामु निहुरिन बाध्य छ। नेपालमा मानवअधिकार र प्रजातन्त्रका निम्ति हामी नेपालीले गर्दै आएको संघर्ष र निरंकुशताविरुद्धको हाम्रो अडानले हामीलाई मानवअधिकारप्रेमी हुन सिकाएको छ।

नागरिक अधिकारहरूको व्यापक कटौती गरिएको समयमै सन् २००५ मै जेनेभामा संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको एकसठ्ठीऔं बैठकमा नेपालको बिग्रँदो मानवअधिकार अवस्थाका सम्बन्धमा गंभीर चिन्ता व्यक्त गरियो। त्यसै क्रममा मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चआयुक्त र नेपाल अधिराज्यको सरकारबीच नेपालमा कार्यालय स्थापना गर्ने सम्बन्धमा सम्झौता सम्पन्न भयो। त्यसपछि राष्ट्रसंघीय विशेष प्रकृया अन्तर्गत नेपालका सम्बन्धमा कार्यसूची प्रकार–१९ पारित भयो।

मानवअधिकार उच्चआयुक्तको कार्यालयको भौतिक उपस्थितिले सन् २००५ मा राज्य र माओवादी दुवै पक्षलाई प्रभाव पारेको छ। कार्यालयले मानवअधिकारको सम्मान गर्न दुवै पक्षलाई दवाव दिँदै आएको छ। यो कार्यालयको स्थापनासँगै राष्ट्रिय–अन्तर्राष्ट्रिय मानवअधिकार समुदाय नेपालको सशक्त नागरिक समाजले अझ बढी सकृयताका साथ मानवअधिकारको संरक्षण, सम्बर्द्धन र उल्लंघनका घटनाहरूको अभिलेख राख्ने छन् भन्ने कुरामा आशावादी थियो। त्यसका निम्ति राष्ट्रसंघीय मानवअधिकार कार्यालयले उनीहरूलाई आवश्यक सहयोग र संरक्षण उपलव्ध गराउने छ भन्ने अपेक्षा गरिएको थियो। सन् २००५ मा यस अनुरूप समन्वयको सुरुवात भयो। आगामी दिनमा यस दिशामा अरू धेरै गर्न सकिने आशा छ। संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको नेपालस्थित कार्यालयसँग मानवअधिकार अनुगमन मात्र होइन अनुसन्धानसमेत गरी प्रतिवेदन तयार गर्ने कार्यादेश रहेको कुरा यहाँनेर स्मरणीय छ। सरकार र उच्चआयुक्तबीचको सम्झौताअनुसार यस कार्यालयले राज्यलाई मानवअधिकारसम्बन्धी नीतिहरूको कार्यान्वयनका सम्बन्धमा सल्लाह दिने हैसियत राख्दछ भन्ने कुरा पनि उल्लेखनीय छ।

सन् २००५ मा नेपाल मानवअधिकार दुरावस्थाका कारण विश्वभरको चिन्ताको विषय बन्न पुग्यो। तर त्यही दुरावस्था र त्यसप्रति व्यक्त गरिएको सरोकारका कारण देखिएका केही परिवर्तनबाट विश्वभरका मानवअधिकारप्रेमीहरूले नेपालको राज्यको चरित्रबारे राम्रोसँग थाहा पाएका छन्। राज्य र माओवादी दुवै पक्षबाट हुने मानवअधिकार र मानवीय कानुन उल्लंघन भइरहेको यथार्थबाट उनीहरू अनविज्ञ छैनन्। यस्तो अवस्थामा- आगामी दिनमा पनि उनीहरूको निरन्तरको निगरानी र सरोकारले यो देशको मानवअधिकार अवस्थाका सम्बन्धमा विशेष अर्थ राख्नेछ।

मानवअधिकार उल्लंघनसम्बन्धी सूचनाको संकलन र अभिलेख मानवअधिकार प्राप्तिको संघर्षको आधारभूत पक्ष हो। सन् २००५ मा निरंकुशताले टाउको उठाएको विषम परिस्थितिमा पनि हामीले हाम्रो गतिमा शिथिलता आउन दिएनौं। यो वर्ष पुस्तक त्यही निरन्तरताको उपज हो। यसले नेपालको इतिहासको एउटा अत्यन्त असहज कालखण्डलाई समेटेको छ।

सुबोधराज प्याकुरेल
अध्यक्ष

०६२ चैत २७ गते, काठमाडौं

आभार :

मानवअधिकार वर्ष पुस्तक २००६ तयार गर्ने क्रममा हामीलाई नैतिक, भौतिक तथा बौद्धिक सहयोग गर्ने : नर्वेजियन दुतावास, इको तथा इइडीप्रति आभार व्यक्त गर्दछौं। कठिन परिस्थितिमा पनि मानवअधिकार उल्लंघनका घटनाहरुको विवरण संकलन गर्ने जिल्ला-जिल्लाका प्रतिनिधिहरु विशेष धन्यवादका हकदार छन्। अघिल्लो वर्षपुस्तक पढेर प्रतिक्रिया व्यक्त गर्नु हुने तमाम संस्था तथा व्यक्तिहरूमा धन्यवाद ज्ञापन गर्दछौं। सन् २००५ को मानवअधिकार अवस्थाका सम्बन्धमा धारणा उपलब्ध गराउने सम्पूर्ण राजनीतिक पार्टी, आयोग, मन्त्रालय, सुरक्षा निकाय तथा पेशागत संघसंस्थाहरूप्रति आभार प्रकट गर्दछौं।

परिच्छेद १

सन् २००५ को मानवअधिकार स्थिति : समग्र मूल्यांकन

यद्यपि सत्तासँग
केही सुन्दर शब्दहरू छन्
जो वजनदार पनि लाग्छन्
तर त्यसको कुरूप भावलाई
म मन पराउँदिन
त्यसप्रतिको मेरो विरोध छ

-विमल निभा

मतभेद, एउटा बाहुला नभएको बुसर्ट, ०५०

१.मानवअधिकारको दृष्टिमा सन् २००५

१.१ आशा र निराशा

सन् ००५ छयालीस सालमा पुनर्स्थापित प्रजातन्त्रका अवयवहरूलाई सम्पूर्णत: समाप्त पारिएको वर्षका रूपमा बित्यो। वर्षको सुरुवातमै "राष्ट्रियता, राष्ट्रिय एकता र सार्वभौमिकता बचाउन, देशमा शान्ति सुरक्षा कायम राख्न, देशलाई कुनै कारणबाट पनि बिग्रँदो स्थितिबाट बचाउन" राजाद्वारा सम्पूर्ण कार्यकारी अधिकार आफ्नो हातमा लिइयो। त्यसपछि देशमा राजाको प्रत्यक्ष शासन सुरु भयो। अवरुद्ध प्रजातान्त्रिक अभ्यासका कारण उत्पन्न राजनीतिक अन्योलको अवस्थामा राजाले संविधानलाई कुल्चिएर सम्पूर्ण अधिकार आफ्नो हातमा लिएपछि ०५८ साल असोजमा सुरू भएको बहुदलीय व्यवस्था समाप्त पार्ने योजना सुस्पष्ट रूपमा सतहमा देखा पर्‍यो। तर २०४७ सालको संविधानलाई राजाद्वारा पूरै लत्याउँदा लत्याउँदै पनि त्यसकै धारा २७ उल्लेख गर्दै चालिएको शाही कदमका कारण उत्पन्न परिस्थितिका बीचमा समेत सन् २००५ मा नेपालको मानवअधिकारको क्षेत्रमा केही उल्लेखनीय कामहरू नभएका होइनन्।

मानवअधिकारको विश्वव्यापी चरित्र र स्वरूपका आधारमा नेपालको मानवअधिकार स्थिति सन् २००५ भरि नै विश्व समुदायका निम्ति चिन्ताको विषयका रूपमा रह्यो। माघ १९ गतेपछिको नागरिक अधिकारविहीन अवस्थामै संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको एकसठ्ठीऔं बैठकमा नेपालका सम्बन्धमा कार्यसूची प्रकार–१९ पारित भएको थियो। नेपाली जनताले उक्त प्रस्ताव पारित भएपछि ठूलो राहत महसुस गरेका थिए। जेनेभामै मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्त र नेपालको सरकारका प्रतिनिधिबीच समझदारी पत्रमा हस्ताक्षर हुनु पनि नेपाली जनताको मानवअधिकार संरक्षणको दिशातर्फको उल्लेखनीय कदमका रूपमा देखा पर्‍यो।

मानवअधिकारको विश्वव्यापी स्वरूपको अवधारणाअनुरूप नेपाल मात्र मानवअधिकारको अस्तित्वविहीन अलग थलग टापूका रूपमा रहन सक्दैन भन्ने आवाज अन्तर्राष्ट्रिय समुदायबाट शाही कदमको लगत्तैदेखि उठ्न थाल्यो। सन् २००५ भरि नै त्यस्तो अन्तर्राष्ट्रिय चासोका कारण नेपालको अधिनायकवादी शासनले दबाब व्यहोरिरहनु पर्‍यो।

राष्ट्रिय-अन्तर्राष्ट्रिय दबाबका कारण नेकपा (माओवादी) ले शान्ति प्रक्रियाका निम्ति आफ्नो पक्षको तत्परता देखाएर चार महिनासम्म युद्धविराम गर्‍यो। त्यसैबीच सात राजनीतिक दलसँग त्यस पार्टीले संसदको पुनस्थापना र संविधान सभाको चुनावजस्ता शान्तिका उपायहरू अवलम्बन गर्ने सवालमा बाह्र बुँदे सहमति कायम गर्‍यो। यी दुवै घटनाक्रमका कारण शान्तिको स्थापनाका दिशामा आमनेपालीको मनमा आशा पलाएको थियो।

माघ १९ गतेको शाही घोषणापछिका दिनमा राज्यले कानुनी शासनको मान्यतालाई लत्यायो । संवाद र सहमतिको बाटोलाई सैन्य शक्तिका बलमा बन्द गर्न खोजियो। छयालीस सालको जनआन्दोलनपछि प्राप्त सम्पूर्ण नागरिक तथा राजनीतिक अधिकारहरूउपर एकाएक बन्देज लगाइएपछि केही समय शून्यताको अवस्था उत्पन्न भयो। तर समयक्रमममा शून्यता तोड्दै असहमतिका स्वर गुञ्जायमान हुन थाले। मानवअधिकार संघ–संस्थासहितको नागरिक समाज नागरिक अधिकारको बहालीका निम्ति आवाज उठाउन अग्रसर भयो। राजनीतिक पार्टीहरू पुन: संगठित हुन थाले। राजाको सरकार अधिनायकवादी शासनलाई संस्थागत गर्न भरमग्दूर प्रयत्नरत् रहँदा रहँदैको अवस्थामा सन् २००५ बित्यो।

यद्यपि, मानवअधिकार वर्ष पुस्तक सन् २००५ मा यस वर्षका बाह्रै महिनाका घटना र प्रवृत्तिहरू समेटिएका छन्। तर सन् २००५ को मूल प्रवृत्तिको चर्चा गर्ने क्रमममा चाहिँ विशेषत: पछिल्ला एघार महिनाका घटनाक्रमका सम्बन्धमा उल्लेख गरिएको छ।

१.२. हिंसाको निरन्तरता र नागरिक अधिकारमा बन्देज

०६१ माघ १९ गतेपछि बीचमा चार महिनाबाहेक हत्या-हिंसाको शृंखला जारी छ। अघिल्लो वर्ष सन् २००४ मा बाह्रै महिना भिडन्त हुँदा राज्यबाट १ हजार ६ सय ६ जना र माओवादीबाट १ हजार १ सय १३ जना मारिएका

थिए। वर्ष सन् २००५ मा आठ महिना मात्र भिडन्त हुँदा पनि राज्यबाट ८ सय १५ जना र माओवादीवाट ७ सय ९ जना मारिए। *(हेर्नुहोस् : तालिका नं. १)* राजाद्वारा "सुरक्षाकर्मीहरूलाई देश र जनताको हितमा अझै वढी सशक्त भई आतंकवाद समाप्त गरी शान्ति सुरक्षा पुन:स्थापना गर्न खटाइएको छ" भन्ने घोषणासाथ सम्पूर्ण अधिकार आफ्नो हातमा लिइएपछिका दिनमा राज्य र माओवादीहरूवीच केही ठूला–ठूला भिडन्तहरू भए। यसबीच राज्यकातर्फवाट भएका मानवअधिकार र मानवीय कानुनको उल्लंघनलाई मोटामोटी रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- हिंसात्मक द्वन्द्वको अन्त्यका नाममा चलाइएको कारवाहीका क्रममा भएका मानवीय कानुनको उल्लंघन
- नागरिक तथा राजनीतिक अधिकारहरूमाथिको वन्देज र शान्तिपूर्ण विरोधउपरको अत्यधिक वल प्रयोग

राज्यका विरुद्ध घोपित रूपमा युद्ध गर्नेहरूमाथि नियन्त्रण गर्ने नाममा राज्यद्वारा गरिएको वल प्रयोग विगतका वर्षहरू झैं यस वर्ष पनि लक्षित हुन सकेको देखिएन। सशस्त्र माओवादी विरुद्धको युद्धका नाममा राज्यद्वारा भएको वल प्रयोगका घटनामा सन् २००५ मा पनि सर्वसाधारणहरूको व्यापक क्षति हुन गयो। यससम्वन्धमा यस वर्ष पुस्तकमा संग्रहित पाल्पा, झापा, सिराहा, रोल्पालगायतका जिल्लाका घटनाहरूलाई उदाहरणका रूपमा लिन सकिन्छ।

०६२ असोज ८ गते पाल्पा जिल्ला, वहादुरपुर गाविस–७, दोकानटोलमा सुरक्षाफौजले गाउँलाई चारैतिरवाट घेरा हाली लगातार एकपक्षीय रूपमा अन्धाधुन्ध गोली प्रहार गऱ्यो। स्थानीय वासिन्दाले पछि मानवअधिकारकर्मीहरूसँग भने प्रत्यक्षदर्शी सवैलाई गोली चलाइ मार्ने र आतंकित वनाउने सुरक्षाफौजको मनसाय देखिन्थ्यो। माओवादीकातर्फवाट युद्धविराम गरिएको अवधिमा भएको उक्त घटनामा नि:शस्त्र अवस्थामा रहेका पाँचजना माओवादी कार्यकर्ता तथा एकजनना १८ वर्षीय सर्वसाधारण युवककोसमेत ज्यान गएको थियो।

राज्य र माओवादी-युद्धका दुवै पक्षले मानवीय कानुनलाई पालना गर्ने सवालमा कैयन घटनाहरूमा बेवास्ता गरेका उदाहरण वर्ष २००५ मा पनि देखियो।

दोलखा जिल्लाको शहरे गाविस, वडा नं. ४, किर्नेटारस्थित खिम्ती जलविद्युत केन्द्रको सुरक्षाको निम्ति खटिएको शाही नेपाली सेना अन्तर्गतको शेर गण गुल्मका अमलदार देवबहादुर थापा, प्यूठ धनप्रसाद आचार्य र सिपाही कृष्णबहादुर खड्का ०६१ चैत १३ गते नि:शस्त्र अवस्था र सादा पोशाकमा वसमा चढेर काठमाण्डौतर्फ आउँदै थिए। त्यही विहान सवा दस बजे जफे गाविस, वडा नं. ७, डुडेमा उनीहरू माओवादीहरूको कब्जामा परे। उनीहरूलाई कुटपीट गरी हात बाँधेर लगियो। उनीहरूलाई त्यसरी लगिएको आधा घण्टापछि नै स्थानीयबासीले एक फायर भएको आवाज सुनेका थिए।

तालिका नं. १ **राज्य र माओवादीद्वारा भएको हत्या (महिनाअनुसार)**



भोलिपल्ट स्थानीय बासिन्दाले थाहा पाए- तीनै जनालाई पक्रिएको करिब दुई घण्टापछि नै हात बाँधिएकै अवस्थामा मारिएको थियो।

एकजनालाई जफे गाविस, वडा नं. ८, बाँभे गाउँको नुनथला टोलको बाटोमा पछाडिबाट घाँटी रेटेर मारिएको थियो। अर्कोलाई स्थानीय ओखरढाँडको ठूलो ढुंगाको फेदमा छातीमा छुरा रोपेर टाउकोमा ढुंगाले हानी मारिएको थियो। तेश्रो सैनिकलाई स्थानीय जुके पानीको जंगलमा एउटा आँखा र खुट्टामा छुरा रोपी घाँटी रेटेर मारिएको थियो।

०६२ जेठ २३ गते माओवादीले चितवन जिल्लाको माडी क्षेत्रमा पर्ने कल्याणपुर गाविसको बाँदरमुडे खोलामा यात्रुवाहक बसमा विद्युतीय धराप विस्फोट गराउँदा ३५ जना सर्वसाधारण र तीनजना सुरक्षाकर्मीसहित ३८ जनाको मृत्यु भयो। मर्नेहरूमा महिला १६, पुरुष १५ र बालबालिका सातजना थिए।

सन् २००५ मा माओवादीकातर्फबाट भएको मानवअधिकार ज्यादतीमा अपहरणलाई प्रमुख रूपमा उल्लेख गर्नु पर्ने हुन्छ। एकतर्फी युद्धविरामका अवधिमा पनि उनीहरूले अपहरणलाई तीव्र पारेका थिए। *(हेर्नुहोस् : तालिका नं. ८)*

युद्धविराम नागरिक अनुगमन समितिले पनि यस विषयमा विस्तृत अध्ययन गरेको थियो। विभिन्न पेसागत एवं मानवअधिकार तथा नागरिक संस्थाहरूको सहभागिता एवं नेपाल बार एसोसिएसनको अग्रसरतामा गठित युद्धविराम नागरिक अनुगमन समितिले अध्ययनका क्रममा फेला पाऱ्यो- "कतिपय ठाउँमा तल्लो तहमा माओवादीको केन्द्रीय निर्देशनको अनुशरण नभएको, व्यक्तिगत उजुरी र रिसइबीमा माओवादीका कार्यकर्ता संलग्न रही चन्दा उठाउने, धम्काउने, कुट्ने र पक्रिएका मान्छेलाई यातना दिएर मार्नेसम्म गरेको घटना कतै कतै भेट्टाइएको छ। त्यस्ता आपराधिक घटनामध्ये गुल्मीमा गल्ती स्वीकार गरी पीडितलाई क्षतिपूर्ति पनि दिइएको। तर पर्वत, खोटाङ, उदयपुर, दोलखा, सिन्धुपाल्चोक लगायतका जिल्लामा स्थानीय माओवादी दस्तामा सुधार भएको देखिएन।"

सन् २००५ को अन्त्यसम्मै राज्यले नागरिक तथा राजनीतिक अधिकारहरूमाथि कडा बन्देज कायम गऱ्यो। माघ १९ गतेको शाही कदमपछि यस वर्षको बाँकी एघार महिनाको अवधिमा ६ हजारजना भन्दा बढी शान्तिपूर्ण राजनीतिका पक्षधर राजनीतिक कार्यकर्ता र राजाको कदमका आलोचक बुद्धिजीवीहरू गिरफ्तारीमा परे। तीमध्ये ३ हजार ४ सयजनालाई मुद्दा चलाई थुनामा राखिएको थियो। वर्षको अन्त्यसम्मै राज्यले बल प्रयोग गरी शान्तिपूर्ण प्रदर्शनहरूमा रोक लगायो। *(हेर्नुहोस् : तालिका नं. ६)*

२. माघ १९: शान्ति र मानवअधिकारको दिशामा अवरोध

२.१ खेर गएको एक वर्ष

राजनीतिक पार्टीहरू सम्मिलित सरकार विघटन गरी ०६१ माघ १९ गते संकटकाल थोपरिएको र नागरिक स्वतन्त्रता तथा अभिव्यक्ति स्वतन्त्रता निलम्बन गरिएको घटनाका सम्बन्धमा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानको धारणा उहाँका प्रवक्ताद्वारा तत्कालै सार्वजनिक गरिएको थियो। प्रवक्ताद्वारा महासचिव अन्नानले राजाका कदमहरूलाई नेपालका निम्ति गम्भीर धक्काका रूपमा लिनु भएको कुरा सार्वजनिक गरिएको थियो। उहाँको प्रवक्ताले भनेका थिए- "उहाँ ती कदमहरूले नेपालमा दीगो शान्ति र स्थायित्व ल्याउनेछ भन्ने विश्वास गर्नु हुन्न। प्रजातान्त्रिक स्वतन्त्रताहरू र संस्थाहरूको पुनःस्थापना गर्न तत्काल कदम चालिनु पर्दछ।

प्रजातन्त्रमा आएका समस्याहरूको समाधान अझ बढी प्रजातन्त्रबाट मात्र संभव हुने मान्यतालाई लत्याएर माघ १९ गतेको कदम चालिएको थियो। त्यसैले उक्त कदमपछिको एक वर्षमा दिगो शान्ति र प्रजातन्त्रको संस्थागत विकासका विरुद्ध राज्यले विध्वंश मच्चायो। शान्तिपूर्ण र प्रजातान्त्रिक रूपमा समस्याको समाधान खोज्ने राजनीतिक शक्ति, नागरिक समाज र बुद्धिजीवीहरूलाई दमन गरेर माघ १९ पछि राज्यले सन् २००५ लाई शन्ति प्रक्रिया थालनीको दिशामा खेर गएको वर्षका रूपमा स्थापित गऱ्यो।

संकटकाल हटाइएपछिको अवस्थामा समेत राज्यले नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ९ मा उल्लेखित देहायका दुई अधिकारहरूको वर्षभरि नै खुलेआम उल्लंघन गऱ्यो:

- धारा ९ (१) प्रत्येक व्यक्तिलाई स्वतन्त्रता तथा सुरक्षाको अधिकार छ। कसैलाई पनि स्वेच्छाचारी रूपले पक्राउ गर्न वा थुनामा राख्न पाइने छैन। कानुनबाट निर्धारित आधारमा वा कार्यविधि बमोजिम बाहेक कसैको वैयक्तिक स्वतन्त्रताको अपहरण गरिने छैन।
- धारा ९ (२) पक्राउ गरिएको व्यक्तिलाई पक्राउ गर्ने समयमा निजलाई पक्राउ गरेको कारणको सूचना

दिइनेछ तथा निज विरुद्ध लगाइएको आरोपको तुरुन्त जानकारी दिइनेछ।

अमेरिकी सिनेटमा डेमोक्रेटिक पार्टीका वरिष्ठ सिनेटर पेट्रिक लेहीले माघ २० गतेका दिन नेपालको अघिल्लो दिनको घटनाप्रति विरोध जनाउँदै भनेका थिए- "यो द्वन्द्वको सैनिक समाधान छैन।" तर नागरिक अधिकारहरूमा बन्देज लगाएर सैन्य बलका आधारमा माओवादी समस्याको समाधान संभव छैन् भन्ने सर्वव्यापी धारणालाई सन् २००५ भरि नै राज्यले बेवास्ता गऱ्यो।

दलित, जनजाति, महिलाका विशिष्ट समस्या पहिचान गर्दै निराकरण गर्ने तर्फ प्रयत्न गर्नु परै जाओस् ती समस्याहरूप्रति राज्यको ध्यानसमेत गएन। नागरिक तथा राजनीतिक अधिकारहरूमा बन्देज लगाउनमै राज्यले सम्पूर्ण उर्जा खर्च गऱ्यो। जनताको आर्थिक-सामाजिक समस्याहरूलाई माघ १९ पछि राज्यले झनै ओझेलमा पाऱ्यो। निजामति कर्मचारी अध्यादेशमा उनीहरूप्रति सकारात्मक विभेद गर्न सकिने उल्लेख भएता पनि त्यसलाई व्यवहारमा उतार्न स्पष्ट ढाँचा भने प्रस्तुत भएन।

२.२. अधिनायकवादी सोच

राज्यले संवाद, आलोचनालगायत नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी राष्ट्रसंघीय प्रतिज्ञापत्रको धारा ३ मा व्यवस्था गरिएको "पक्षराष्ट्रहरू यस प्रतिज्ञापत्रमा व्यवस्था गरिएका सबै नागरिक तथा राजनीतिक अधिकारहरू उपभोग गर्ने पुरुष तथा महिलाको अधिकार सुनिश्चित गर्ने कुराको प्रतिज्ञा गर्दछन" भन्ने प्रत्याभूतिलाई सन् २००५ भरि नै लत्यायो। (यससम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद २ "यस वर्षको उल्लेख्य" र परिच्छेद ३.२ "कार्यपालिका")

वस्तुत: राजाको सम्बोधन इतिहासमा अनेक पटक दोहोऱ्याइएका अधिनायकवादी सोचको पुनरावृत्ति मात्र थियो। शाही कदमले अघि सारेको संवादरहीत केन्द्रीकृत शासनको अवधारणालाई मूर्त तुल्याउन बलको प्रयोग गरियो। सैन्य बलका आधारमा हत्याइएको राजकीय शक्तिलाई संस्थागत गर्न सार्वभौमसत्ता सम्पन्न संसदले निर्माण गरेका कानुनहरूमा नेपाल अधिराज्यको संविधान ०४७ को मर्म विपरित सारमै परिवर्तन गरी संशोधन गर्न थालियो। (यससम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद २ "यस वर्षको उल्लेख्य" र परिच्छेद ३.२ "कार्यपालिका")

"निरन्तर बिग्रँदै गएको अवस्थामा आतंककारी गतिविधिमा पूर्णविराम लगाएर शान्ति सुरक्षाको पुनस्थापनाद्वारा जनचाहना पूरा गर्ने संकल्प लिनुपरेको" दावीकासाथ शासनको सम्पूर्ण अधिकार हत्याउँदा पनि राजाद्वारा "शक्तिको केन्द्रीकरण प्रजातान्त्रिक मूल्यविपरित हो" भन्ने आफ्नो ठहर भएको समेत वताइएको थियो। तर शाही घोषणाको लगत्तैदेखि नै पटक्कै आलोचना सुन्न नसक्ने केन्द्रीकृत राजनीति अघि सारियो। न्यायपालिकाको स्वतन्त्रताको हरण गरियो र कानुनको शासनको सिद्धान्तलाई पूरै लत्याइयो।

तालिका नं. २ **माओवादी प्रतिकारका नाममा भएका हत्या**



माघ १९ गतेको शाही घोषणामा राष्ट्रियता, राष्ट्रिय एकता र सार्वभौमिकता बचाउन, देशमा शान्ति सुरक्षा कायम राख्न, देशलाई कुनै कारणबाट पनि बिग्रँदा स्थितिबाट बचाउने जिम्मेवारी पनि राजामा भएको जनाइएको थियो। घोषणामा त्यही कारण, नेपाल अधिराज्यको संवैधानिक रीतिथिति र राजाबाट प्रयोग भइआएको राजकीय सत्ताको प्रयोग गरी नेपाल अधिराज्यको संविधान २०४७ को मर्म र भावनाअनुरूप संविधानको धारा २७ को उपधारा (३) लाई समेत विचार गरी देशमा शान्ति सुरक्षाको पुन:स्थापना तथा प्रजातान्त्रिक व्यवस्थालाई शीघ्र कृयाशील तुल्याउने जनताको चाहना पूरा गर्न तत्कालीन मन्त्रिपरिषद् विघटन गरिएको जनाइएको थियो।

संविधानको धारा २७ लाई विचार गरी चालिएको भनिएको उक्त कदम संविधानको ठाडो उल्लंघन थियो। सन् २००५ को सुरुवातमा नेपालको प्रजातान्त्रिक अभ्यासमा गरिएको उक्त प्रहारपछिका दिनमा मानवअधिकारहरूको शृंखलाबद्ध उल्लंघन हुँदै गयो। एउटा गम्भीर उल्लंघनबाट सुरु भएर वर्षभरि नै उल्लंघनका शृंखलाहरू बढ्दै गए।

माघ १९ पछिका दिनमा सुशासनका नाममा विधिलाई एकातिर पन्छाएर धमाधम समानान्तर निकायहरूको सृजना गर्न थालियो। (यससम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३.२, “कार्यपालिका”) ०५९ सालमा भंग भएयता जनप्रतिनिधिविहीन अवस्थामा रहेका स्थानीय निकायहरूमा माघ १९ पछि मनोनयन कार्य पुन: अगाडि बढाइयो। ०५९ असोज १८ पश्चात् राजाद्वारा मनोनित दुई कालखण्डका सरकारहरूले पदाधिकारीहरू मनोनित गरेका थिए। तर ०६१ सालमा देउवा सरकारको पालामा सत्तासीन चार राजनीतिक दलहरूबीच स्थानीय निकायको पुनर्स्थापनासम्बन्धमा सहमति कायम हुन सकेको थिएन। त्यसपछि कर्मचारीहरूलाई नै सञ्चालनको जिम्मा दिइएको थियो।

२.३. प्रतिगमनको सुस्पष्ट सन्देश

कानुनको शासन र नागरिक स्वतन्त्रताको अभावमा मानवअधिकारको अस्तित्वको कल्पनासम्म पनि गर्न सकिँदैन। माघ १९ को शाही कदम नागरिक हकहरूमाथि बन्देज लगाउँदै र कानुनको शासनको मान्यतालाई लत्याउँदै चालिएको थियो। सरकारका शाही घोषणापछिका काम कारवाहीबाट प्रतिगमनको सुस्पष्ट सन्देश छर्लङ्ग हुँदै गयो।

माघ १९ को कदमद्वारा देशमा पञ्चायती निरंकुशता लाद्न खोजिएको भान पर्नुमा राजनीतिक परिदृश्यबाट विलुप्तझैं भएका व्यक्तिहरूको पुनरागमन पनि थियो। यस सन्दर्भमा मल्लिक आयोगका नामले चर्चित पञ्चायतकालीन मानवअधिकार उल्लंघनकर्ताहरूको काम कारवाहीसम्बन्धी प्रतिवेदनमा उल्लेख गरिएका व्यक्तिहरूको शक्तिमा अवतरण वर्ष २००५ मा उल्लेखनीय प्रवृत्ति रह्यो।

छयालीस सालको जनआन्दोलनको सफलतापश्चात तत्कालीन मन्त्रिपरिषद् सचिवालयले ०४७ जेठ ९ गते नेपाल राजपत्र भाग ३ (अतिरिक्तांक ९ (ग)) द्वारा प्रकाशित सूचनाबाट पूर्वाञ्चल क्षेत्रीय अदालतका तत्कालीन मुख्यन्यायाधीश जनार्दनलाल मल्लिकको अध्यक्षतामा तीन सदस्यीय जाँचबुझ आयोग गठन गरेको थियो। आयोगले ०४६ चैत ७ गतेदेखि ०४६ चैत मसान्तसम्म भएको जनधनको क्षति सम्बन्धमा छानबिन गरी के कस्को त्रुटिबाट त्यसो हुन गएको हो पत्ता लगाई श्री ५ को सरकारले के कस्तो कारवाही गर्नु पर्ने हुन्छ सो को ठहर रायसहितको प्रतिवेदन पेस गर्ने अधिकार पायो। आयोगले मेहनतपूर्वक तयार गरेको प्रतिवेदन ०४७ पुस १६ गते सरकारलाई बुझायो।

यद्यपि प्रतिवेदन प्रजातान्त्रिक सरकारले नै कारवाहीमा नल्याउने निर्णय गरी थन्क्याइ दियो, पदको दुरूपयोग गरी मानवअधिकारको उल्लंघन गर्ने राज्यका प्रतिनिधिहरूका सम्बन्धमा तयार गरिएको उक्त ऐतिहासिक प्रतिवेदनका सम्बन्धमा नेपाली राजनीतिमा व्यापक चर्चा हुने गरेको छ। प्रतिवेदनमा उल्लेखित व्यक्तिहरूमाथि राज्यले कानुनी कारवाही नगरेको भए पनि उनीहरूमध्ये अधिकांश राष्ट्रिय जीवनबाट विस्थापित रहँदै आएका थिए। तर ०५९ साल असोज १८ पछि नेपाली राजनीतिमा ‘प्रतिगमन’ भन्ने शब्दले व्यापकता पाउन थालेको समयकै हाराहारीमा ती व्यक्तिहरूको क्रमश: पुनरागमन हुन थालेको थियो।

मल्लिक आयोगको प्रतिवेदनमा छयालीस सालको जनआन्दोलनका क्रममा जनधनको क्षति गराउनमा प्रत्यक्ष वा परोक्ष सम्बन्धित व्यक्तिहरूलाई दुई श्रेणीमा बाँडिएको छ। पहिलोमा प्रहरी, प्रशासक परेका छन् भने दोश्रो श्रेणीमा नीति निर्देशन बनाई तिनीहरूबाट काम कारवाही गराउने व्यक्तिहरू परेका छन्।

तालिका नं. ३ **विभिन्न अवधिमा माओवादी र राज्यका तर्फबाट भएको हत्या**



प्रतिवेदनमा दोश्रो श्रेणीका व्यक्तिहरूमा तत्कालीन प्रधानमन्त्री र मन्त्रिपरिषदका सदस्यहरू, केन्द्रीय सुरक्षा समिति, केन्द्रीय सुरक्षा समन्वय समिति, केन्द्रीय समन्वय समितिमा रहेका व्यक्तिहरू र अञ्चलाधीशहरूलाई उल्लेख गरिएको छ। यसरी मल्लिक आयोगले कारवाहीको सूचीमा समावेश गरेका व्यक्तिहरू मूख्यतया दुई प्रकारका थिए। त्यस ऐतिहासिक अभिलेखमा माथि उल्लेख गरिएझैं दोश्रो श्रेणीमा परेकाहरू माघ १९ गतेपछि ससम्मान शक्तिमा पुगे। तीमध्येका तत्कालीन केन्द्रीय प्रतिकार समितिका प्रमुख परशुनारायण चौधरी राजसभा स्थायी समितिका सभापति, तत्कालीन अञ्चलाधीश दानवहादुर शाही गृहमन्त्री, तत्कालीन केन्द्रीय प्रतिकार समितिका सदस्य निरञ्जन थापा कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्री, तत्कालीन केन्द्रीय प्रतिकार समिति सदस्य कमल थापा पनि गृहमन्त्री र काठमाण्डौका तत्कालीन प्रमुख जिल्ला अधिकारी केशवराज राजभण्डारी प्रमुख निर्वाचन आयुक्तका रूपमा देखा परे। राजभण्डारीले क्रूर किसिमवाट गोली चलाइएको घटनालाई रितपूर्वक भनी राष्ट्रिय कानुन विपरित कार्य गरेको किटानी मल्लिक आयोगको प्रतिवेदनमा गरिएको छ।

मल्लिक आयोगको प्रतिवेदनमा भनिएको छ- "अत: मानिस मरेको वा अंगभंग जस्ता हजारौं मानिसहरू घाइते हुनुको प्रमुख दोषी आन्दोलन दबाउन अनुचित, अवाञ्छित वलकोसमेत प्रयोग गर्ने, गराउने तत्कालीन प्रधानमन्त्रीहरू र आन्दोलन दवाउन तत्कालीन गठन भएका केन्द्रीय सुरक्षा समिति, केन्द्रीय समन्वय समिति एवं पञ्चायत नीति तथा जाँचबुझ समितिमा समेत रही दमन नीति अपनाउन विशेष सकृय भूमिका निर्वाह गर्ने व्यक्तिहरू एवं सम्वन्धित अञ्चलमा विशेष रूपमा दमन नीति कार्यान्वित गराउने सम्वन्धित अञ्चलाधीशहरू नै देखिन्छन्। माथिका विभिन्न प्रकरणहरूमा उल्लेखित व्यक्तिहरूलाई निजहरूको त्रुटिपूर्ण कार्यको गाम्भिर्यताको आधारमा अवस्था अनुसार विभागीय कारवाही लगायतका प्रचलित कानुनबमोजिम अन्य आवश्यक कारवाहीसमेत गर्नु पर्ने देखिन्छ।"

यसरी कुनै समय दोषी ठहरिएकाहरू माघ १९ पछि सत्ताका सारथी बन्न पुगेपछि आममानिसमा राजनीतिक प्रतिगमनको अनुभूति हुनु अस्वाभाविक थिएन। प्रतिगमनको अनुभूति गराउने अर्को सन्दर्भ राज्यले मानवअधिकारसम्वन्धी संयुक्त राष्ट्रसंघीय प्रणालीप्रति दर्शाएको वेवास्ता पनि थियो।

माघ १९ को कदमपछिका दिनमा सत्ता उन्मादका कारण राज्यले अन्तर्राष्ट्रिय प्रतिवद्धता र सन्धिहरूप्रतिको नेपालको दायित्व नै भुल्यो। नेपालमा लगाइएको संकटकालका सम्वन्धमा सरकारद्वारा संयुक्त राष्ट्रसंघलाई फागुन ४ गते जानकारी दिइयो। नेपाल राज्य पक्ष रहेको

नागरिक तथा राजनीतिक अधिकारहरूसम्वन्धी प्रतिज्ञापत्र १९६६ को धारा ४ (३) अनुसार राष्ट्रको अस्तित्वमा खलल पार्ने सार्वजनिक संकट र सोको विद्यमानता आधिकारिक रूपमा घोषणा गरिएको समयमा समेत- "न्यून गर्ने अधिकारको उपयोग गर्ने यस प्रतिज्ञापत्रको कुनै पक्षराष्ट्रहरूले आफूले न्यून गरेका व्यवस्थाहरू त्यसो गर्नु पर्नाको कारणहरूको जानकारी संयुक्तराष्ट्र संघका महासचिवमार्फत् तुरुन्त यस प्रतिज्ञापत्रका अन्य पक्षराष्ट्रहरूलाई दिनेछ।"

२.४. भयको खेती

०६१ साल माघ १९ गते विहान ७ बजे रेडियो नेपालको समाचारमा प्रसारण गरियो दस बजे राजाद्वारा राष्ट्रका नाममा सन्देश जारी गरिनेछ। रेडियोमा राजाको घोषणा सुरु भएपछि टेलिफोनको लाइन काटियो। तत्कालैदेखि हवाईजहाज र काठमाण्डौबाट बाहिर जाने स्थलमार्गसमेत वन्द गरियो।

"दिगो शान्तिको पुन: स्थापना तथा सार्थक प्रजातन्त्रको अभ्यास" को उल्लेख गर्दै चालिएको माघ शाही कदमले देशव्यापी रूपमा भयको सृजना गऱ्यो। शाही कदमको घोषणापछि प्रशासन र सुरक्षा निकाय जे सुकै गर्न छुट भएको मनस्थितिमा पुगेका थिए। खासगरी संकटकालको अवधिभर कतिपय जिल्लामा सुरक्षा निकायको ज्यादती चरम चुलीमा पुगको थियो।

माघ १९ लगत्तै तीन-तीन जना मन्त्री कपिलवस्तु पुगी माओवादी प्रतिकारका नाममा गरिएका विध्वंशलाई प्रोत्साहित गरे। ०६१ फागुन १० गते कपिलवस्तुको गणेशपुरमा आयोजित आमसभामा मन्त्रीहरूले प्रतिकारमा ओर्लिएकाहरूको सुरक्षा गरिने आश्वासन दिँदै उत्तेजना फैलाएपछि स्थिति झन भयावह बन्न पुगेको थियो। मन्त्रीत्रयको उग्र भाषण नागरिक तथा राजनीतिक अधिकारहरूसम्वन्धी प्रतिज्ञापत्रको धारा २० (२) मा उल्लेखित "भेदभाव, शत्रुता वा हिंसालाई उत्तेजित पार्ने राष्ट्रिय, जातीय वा धार्मिक घृणाको कुनै पनि वकालतलाई कानुनबाट निषेधित गरिनेछ" भन्ने प्रावधानको ठाडो उल्लंघन थियो। राज्यको पृष्ठपोषणमा भएको त्यस प्रकारको हिंसात्मक घटनामा ३१ जना प्रतिकार समितिका, १४ जना माओवादी कार्यकर्ता र एक जना सुरक्षाकर्मी मारिएको जानकारी स्थलगत अध्ययनपश्चात् राष्ट्रिय मानवअधिकार आयोगले दिएको थियो। इन्सेकको तथ्यांकअनुसार माओवादीको प्रतिकारको नाममा यस वर्ष ३९ जनालाई माओवादीको आरोप लगाएर मारियो। *(हेर्नुहोस् : तालिका नं. २)*

३. शाही कदमको असर

३.१. शान्ति प्रक्रियामा पूर्णविराम

सन् २००५ भरि नै राज्यले भिडन्तको मनस्थिति प्रस्तुत गऱ्यो। माओवादीले एकतर्फी युद्धविरामको घोषणा गरेपछिका दिनमा प्रतिदिनको मृत्यु दर स्वाट्टै घट्यो। माघ १९ पछिको सात महिनाको अवधिमा राज्यबाट ६ सय ५१ र माओवादीबाट ५ सय ५८ जना मारिएका थिए। त्यसपछिको चार महिनाको युद्धविरामको अवधिमा राज्यबाट ८५ जना र माओवादीबाट २४ जना मारिए। यद्यपि सन् २००५ समाप्त हुँदा युद्धविराम तोडिइसकेको

तालिका नं. ४ गिरफ्तारीपछि हत्या



थिएन, यो संख्याले चार महिने युद्धविरामको सन् २००५ भित्रको अवधिलाई मात्र समेटेको छ। *(हेर्नुहोस् : तालिका नं. ३)* एकतर्फी युद्धविराममा नै हिंसामा कमी आएपछि युद्धविराम दुईतर्फी भएको खण्डमा हिंसा झनै न्यून हुने आशा गरिनु स्वाभाविकै थियो। त्यसैबमोजिम दुई तर्फी युद्धविरामको व्यापक माग हुन थाल्यो। तर शाही सरकारले शान्तिकामीहरूको मागलाई पटक्कै वास्ता गरेन।

राजाद्वारा संवाद र सहमतिलाई पूरै पन्छाएर नै माघ १९ को कदम चालिएको थियो। "बाटो बिराएर देश र जनताविरुद्ध हतियार उठाएका, शान्ति र प्रजातन्त्रविरुद्ध आपराधिक कार्यमा संलग्न रहेकाहरूलाई हतियार बुझाएर शान्तिपूर्वक राष्ट्रिय राजनीतिको मूलप्रवाहमा समाहित हुन आह्वान" गर्नु सैन्यशक्तिबाटै समस्याको समाधान गर्ने प्रष्ट सन्देश नै थियो।

सात दल र नेकपा (माओवादी) बीच १२ बुँदे सहमति कायम भएपछि ०६२ मंसिर १६ गते युरोपियन युनियनका तर्फबाट प्रेसिडेन्सीको धारणा सार्वजनिक भयो- "युरोपियन युनियन नेपालका राजनीतिक पार्टीहरूले माओवादीलाई सहमतिमा ल्याउन गरेको मेहनतको सहाहना गर्दछ, जसले नेपालमा शान्ति प्रकृयाको आधार निर्माण गर्न सक्दछ।" युरोपियन युनियनले माओवादीबाट गरिएको एकतर्फी युद्धविरामको स्वागत गर्दै शान्तिपूर्ण बाटोमा आउन आग्रहसमेत उनीहरूलाई गऱ्यो। भारत सरकारले ०६२ मंसिर ८ गते एक वक्तव्य मार्फत १२ बँदे सहमतिबाट नेपालको समस्याको शान्तिपूर्ण समाधानको मार्ग प्रशस्त हुने आशा व्यक्त गर्दै त्यसप्रति आफ्नो सकारात्मक धारणा व्यक्त गऱ्यो। संयुक्त राष्ट्र संघका महासचिव कोफी अन्नानले मंसिर ८ गते आफ्ना प्रवक्ता मार्फत दल माओवादी सहमतिको स्वागत गर्नु भयो।

तर नेपालको शाही सरकारले वर्षभरि नै शान्तिका निम्ति आफ्नोतर्फबाट तत्परता दर्शाएन। विभिन्न पेसागत, मानवअधिकार एवं नागरिक संस्थाहरूको सहभागिता र नेपाल बार एसोसिएसनको अग्रसरतामा गठित युद्धविराम नागरिक अनुगमन समितिले सन् २००५ भित्रका आठ ओटा घटनाहरूको अनुगमन पश्चात् फेला पाऱ्यो- "पाल्पा, मोरङ, सिन्धुपाल्चोक, नवलपरासी, कास्की, रसुवा, संखुवासभा आदि ठाउँका घटनाहरूमा माओवादी कार्यकर्ताहरूलाई पक्रेर, लखेटेर वा घेरेर- सैनिक गस्तीले मारेको भेटियो। कुनै पनि ठाउँमा दोहोरो भिडन्त नभएको र माओवादीहरूले आक्रमण गरेपछि प्रतिरक्षामा कारवाही गरी मारेको पाइएन। यी सबै हत्याका घटनामा शाही नेपाली सेनाले खटाएको सैन्य गस्ती नै संलग्न रहेको पाइयो। केही घटनामा आफू पनि सादा पोशाकमै बन्दुक बोकेर हिंडी गाउँलेमा त्रास र अन्योल पैदा गरी ढाँटछलद्वारा माओवादी कार्यकर्ताहरूलाई पक्रिएर लगी मारेको देखियो।" *(हेर्नुहोस् : तालिका नं. ४)*

३.२. न्यायपालिकामा छाया

१९ माघयता नेपालको न्यायालय पनि आलोचनाको घेराभन्दा माथि उठन सकेन। संकटकालीन अवस्थामा निलम्बनमा परेका बाहेक अन्य अधिकार हननका सम्बन्धमा कानुनी उपचारको बाटोलाई खुला गर्न सर्वोच्च अदालत अग्रसर हुन सकेन। त्यसपछि नेपालको न्यायालयमा माघ १९ को छाया परेको ठहर कानुनविद्हरूले गर्न थाले।

नेपालको सर्वोच्च अदालतलाई संकटकालको घोषणाको नियमन गर्ने अधिकार छ। संविधानको धारा ८४ मा न्यायसम्बन्धी अधिकार अदालतबाट प्रयोग हुने व्यवस्था छ भने धारा ८८ (१) र (२) मा सर्वोच्च अदालतको अधिकार क्षेत्र स्पष्ट गरिएको छ। त्यसैगरी धारा ९६ मा अदालतको आदेश र निर्णयलाई सबैले मान्नुपर्ने व्यवस्था छ। संविधानको धारा ११५(१) अन्तर्गत जारी गरिएको संकटकालका बारेमा समेत निलम्बनमा नपरेका अधिकारहरूको प्रत्याभूति अवस्था हेर्ने अधिकार सर्वोच्च अदालतलाई छ। तर, सर्वोच्च अदालतले १९ माघपछि बन्दी प्रत्यक्षीकरणको रिटसमेत दर्ता गरेन।

०६१ फागुन १३ गते संविधानको ८८ (२) बमोजिम कानुनी उपचारको माग गरिएको एक रिटमा सुनुवाइ भयो। माघ १९ पछि संकटकालका बेला निलम्बन नगरिएका हकहरू दाबी गर्दै पेस भएको रिट मुद्दा दर्ता भएको त्यही पहिलो अवसर थियो। करार सम्झौतासम्बन्धी उक्त रिट दर्ता गर्न नमिल्ने भनी अदालत प्रशासनले ०६१ माघ २७ गते दरपीठ आदेश गरेको थियो। प्रशासनको आदेशविरुद्ध निवेदन परेपछि न्यायाधीश परमानन्द झाको इजलासले रिट दर्ताको आदेश दिएको थियो। त्यसपछि मात्र फागुन १२ गते दर्ता गरिएको थियो। संकटकाल घोषणा गरिएको दुई महिनापछि अर्थात् चैत १८ गते मात्र सर्वोच्च अदालतले संकटकालमा निलम्बन नगरिएका हकसम्बन्धी रिट दर्ता गर्न सकिने आदेश जारी गरेको थियो। संवैधानिक हकसम्बन्धी रिटहरू सर्वोच्च अदालत स्वयम्ले दर्ता नगरी

फर्काउने गरेकोमा आपत्ति जनाउँदै रिट परेपछि विशेष इजलास गठन गरिएको थियो। यसरी सर्वोच्च अदालत माघ १९ गतेपछि महिनौंसम्म अन्यौलग्रस्त वन्न पुगेको थियो। *(यससम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३.१, "न्यायपालिका")*

१९ माघपछि खासगरी बन्दी प्रत्यक्षीकरणका रिटहरूमा सर्वोच्च अदालतले बन्दीहरूलाई रिहा गर्न दिएका फैसलाहरू स्वागतयोग्य रहे। तर राजनीतिक दलका सरकारहरूद्वारा आतंकवादको सामना नगरिएका कारण शाही कदम चालिएको भन्ने तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद शर्माको अभिव्यक्तिका कारण न्यायालयको निष्पक्षतामाथिसमेत प्रश्न उठाइयो। शाही आयोगले जिल्ला न्यायाधीशमाथि भ्रष्टाचारको आरोपमा अगाडि बढाएको छानबिन प्रक्रियाको समेत प्रधानन्यायाधीश शर्माद्वारा खुला समर्थन गरिएको थियो। तत्काल निरूपण गर्नुपर्ने भ्रष्टाचार नियन्त्रण शाही आयोगविरुद्ध रिटको फैसला निरन्तर पछाडि सारियो।

यसरी एकातिर न्यायालयलाई माघ १९ पछि विवादमा मुछेको देखिन्छ भने अर्कातर्फ केही न्यायाधीशहरूले अदालतको मर्यादा निरन्तर जोगाउँदै संवैधानिक आधारमा फैसलाहरू गरेका पनि छन्। यही परिवेशमा कार्यपालिकाको समर्थन या संवैधानिक न्यायिक निरूपणबीचको द्वन्द्व न्यायालयमा सन् २००५ मा पनि देखियो।

३.३. संसद विहीनताको निरन्तरता

संसदको पुनर्स्थापनाको माग सन् २००५ भरिनै भइरह्यो। संसदविहीनताको अवस्थाका कारण निरंकुशताले झन् प्रश्रय पायो। संसदविहीनताको अवस्थाले गर्दा छयालीस सालको जनआन्दोलनबाट स्थापित नेपालको वहुदलीय प्रजातन्त्र पक्षाघातग्रस्त वन्न पुग्यो। (यससम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३.३, "व्यवस्थापिका")

संसद नभएको अवस्थाको नकारात्मक असर नेपालले अनुमोदन गरेका महासन्धिहरूको कार्यान्वयनमासमेत पर्‍यो। देशमा प्रतिनिधिसभाको अस्तित्व नरहेका कारण सन् २००५ मा पनि नेपालमा संयुक्त राष्ट्रसंघीय सन्धिको प्रभावकारी कार्यान्वयनमा असर पर्‍यो। ०६२ कार्तिक २१ देखि मंसिर १० गतेसम्म जेनेभामा भएको यातनाविरुद्ध समितिको पैंतीसौं सभाद्वारा जारी निष्कर्ष तथा सिफारिशमा महासन्धि कार्यान्वयनमा बाधा पुऱ्याउने तत्व तथा कठिनाई शीर्षकमा यस विषयमा प्रष्ट उल्लेख गरिएको छ- "समिति मे २००२ देखि संसदको अभावका कारण अन्तर्राष्ट्रिय महासन्धि कार्यान्वयन गर्ने, त्यसलाई कानुनी मान्यता प्रदान गर्ने, कानुन संशोधन गर्ने र महासन्धिहरू अनुमोदन गर्नेजस्ता राज्य पक्षको कार्यमा प्रतिकूल प्रभाव परेकोमा दु:ख व्यक्त गर्दछ।"

सरकारले सन् २००५ भरि नै एकातिर संसदीय राजनीतिका पक्षपाती प्रमुख राजनीतिक दलहरूसँग द्वन्द्व चर्काइरह्यो। अर्कातिर पहिले स्थानीय र त्यसपछि

तालिका नं. ५ **मानवअधिकार रक्षकहरूमाथिको धम्की र कुटपिटका घटना**



आमनिर्वाचन गराउने प्रचार व्यापक तुल्यायो। तर सरकारले प्रजातान्त्रिक अभ्यासका निम्ति होइन, आफ्नो निरंकुशतालाई संस्थागत गर्न निर्देशित निर्वाचन गराउन चाहेको तथ्य वर्षको अन्त्यसम्मै शान्तिपूर्ण विरोध प्रर्दशनहरूमा समेत रोक लगाइएबाट प्रष्ट भयो।

३.४. निरंकुश कार्यपालिका

माघ १९ गते पछिका दिनमा राजनीतिक कार्यकर्ता र मानवअधिकार रक्षकहरूलाई अदालतको आदेशको समेत अवज्ञा गरी पुन: गिरफ्तार गर्ने प्रवृत्तिमा वृद्धि भयो। इन्सेकको अभिलेखअनुसार सन् २००५ को पछिल्लो ११ महिनाको अवधिमा कूल ८४ जनालाई पुन: गिरफ्तार गरियो। तीमध्ये केही गिरफ्तारी त सर्वोच्च अदालत परिसरबाटै गरिएको थियो। यसबाट माघ १९ पछि सत्तासीन अर्निवाचित कार्यपालिकाको मिचाहा प्रवृत्ति छर्लङ्ग हुन्छ। वर्षभरिमा पुन: गिरफ्तारीका १ सय ओटा घटना इन्सेकमा अभिलेख भएको छ।

सन् २००५ भरि नै शक्ति पृथकीकरणको सिद्धान्त विपरित न्यायपालिकामाथि कार्यपालिकाले आफ्नो असंवैधानिक प्रभुत्व कायम गर्न खोज्यो। संसदविहीन अवस्थाका कारणसमेत कार्यपालिकालाई निरंकुश बन्न सजिलो हुन गयो। माघ १९ को कदमबाटै राज्यले राष्ट्का ज्वलन्त समस्याहरूको समाधानका निम्ति कुनै पनि किसिमको सम्वादलाई निषेध गर्‍यो। राजाद्वारा आफ्नै अध्यक्षतामा सरकार बनाइएपछिका दिनमा स्वेच्छाचारी क्रियाकलापका कारण नागरिक प्रशासन निरुत्साहित हुन पुग्यो। राजनीतिक प्रतिशोध लिन भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गरियो। स्वतन्त्र आमसञ्चारमाथि पटक–पटक आक्रमण गरियो। आमजनताको नागरिक तथा राजनीतिक अधिकारहरूमा वर्षभरि नै बन्देज लगाइयो। *(यससम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३.२, "कार्यपालिका")*

३. ५. दुरुत्साहित दण्डहीनता

दण्डहीनता सन् २००५ मा पनि उल्लेखनीय समस्या रहयो। यो वर्ष मानवअधिकार रक्षकहरूले प्रकाशमा ल्याएका केही घटनाहरूमा शाही नेपाली सेनाले कारबाही गर्ने बतायो। तर त्यसका निम्ति राष्ट्रिय–अन्तर्राष्ट्रिय स्तरबाट मानवअधिकार संस्थाहरूले लामो समय संघर्ष गर्नु परेको थियो।

सन् २००४ मा काभ्रे जिल्लामा मैना सुनार नामकी बालिकामाथि ज्यादती गरी उनको हत्या गरेको प्रसंग राष्ट्रिय–अन्तर्राष्ट्रिय स्तरमा उठिरहेको थियो। यस वर्ष शाही नेपाली सेनाले उक्त घटनामा दोषी ठहरिएका एकजना कर्णेल र दुईजना कप्तानहरूलाई मानवअधिकार उल्लंघन गरेको अभियोगमा सजाय गरिएको बतायो। तर मैनाकी आमाले कारवाहीमा पारदर्शिता नभएको कुरा सार्वजनिक रूपमा उठाइन। उनले दोषी सैनिकउपर नागरिक अदालतमा मुद्दा चलाइनु पर्ने माग गरिन्।

सुरक्षाकर्मीको ज्यादतीका कारण भएका कतिपय घटनाको छानविनका निम्ति तत्परता देखाइनुको सट्टा सुरक्षा निकाय र सरकारद्वारा ढाकछोप गर्ने प्रवृत्ति वर्ष २००५ मा पनि देखियो। जनकपुरको ढोलबाजा टोलमा हिरासतमै चार जनालाई गोली हानी मारिएका सम्वन्धमा सुरक्षा निकायले कुनै अनुसन्धान गर्ने तत्परता देखाएन। *(यससम्वन्ध थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको जिल्लागत विवरण अन्तर्गत "धनुषा")*

स्थानीय भाषामा घुमुवाका नामले चिनिने सादा

तालिका नं. ६ अभिव्यक्ति स्वतन्त्रता भेला र संगठित हुने अधिकारको प्रयोग गर्दा भएको गिरफ्तारी संख्या



तालिका नं. ७ **राज्यपक्षबाट, माओवादीपक्षबाट र अन्यपक्षबाट भएको हत्या (महिनाअनुसार)**



पोशाकको सशस्त्र समूहले बाइस वर्षीय त्रिलोचन पौडेललाई ०६१ चैत २५ गते खाना खान बसेको अवस्थामा समात्यो। उनी हात उठाउँदै "म निर्दोष छु" भन्न थाले। आफ्नो परिचय–पत्र देखाउँदै कुरा सुन्न आग्रह गर्न थाले। तर कसैले सुनेन उनको याचना। लक्ष्मनिया गाविस–९ को भैंसहीमा वंकुल सुरक्षा वेसक्याम्पवाट मोटरसाइकलमा आएका करिव ४० जना सुरक्षाकर्मीको त्यो जमातले पहिले खुट्टा, त्यसपछि दुवै हात र अन्त्यंमा छाती र कोखामा गरी पाँचवटा गोली प्रहार गरी उनको ज्यान लियो। उनको हत्यापछि सुरक्षाकर्मीले स्थानीय सर्वसाधारणको घरघरमा पुगी उनीहरूमाथि कुटपिट गरे। उनीहरूले खेतमा काम गरिरहेका मजदुरहरूलाई पनि कुटे।

देशका ४४ वटा मानवअधिकार संस्थाहरूको सञ्जाल मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले घटनाका सम्बन्धमा स्थलगत अध्ययन गरी प्रतिवेदन प्रकाशन गऱ्यो। तर राज्यले घटनाका दोषीहरूमाथि कानुनी कारवाही अघि बढाएन। सुरक्षाकर्मीवाट हातहतियारको दुरूपयोग भई निर्दोष सर्वसाधारणको ज्यान गएको कतिपय घटना वर्ष २००५ मा पनि प्रकाशमा आए। यस सम्बन्धमा वर्षको अन्त्यतिर भएको नगरकोट हत्याकाण्डलाई ज्वलन्त उदाहरणका रूपमा उल्लेख गर्न सकिन्छ।

नगरकोट गाविस-६ का गाउँलेहरू चुनदेवी मन्दिरमा रमाइलो वातावरणबीच दीपहरू प्रज्ज्वलित गरी जाग्राम बसिरहेका थिए। अकस्मात भण्डै मध्यराततिर शाही नेपाली सेनाको नगरकोट प्राविधिक शिक्षालयमा कार्यरत् बाशुदेव थापा हातमा एसएलआर राइफल बोकेर आइपुगे। सैनिक जवान थापा भक्तजनहरूको जमघटमाभ अन्धाधुन्ध गोली चलाउन थाले। ११ जना तत्कालै मारिए। १९ जना गम्भीर र चारजना सामान्यरूपमा घाइते भए। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको "अनुसूची १, मध्यमाञ्चल, भक्तपुर")*

दण्डहीनताका सन्दर्भमा चर्चा गर्दा काठमाण्डौवाहिर खासगरी गाउँ-ठाउँमा राज्यको अनुपस्थितिका कारण देखा परेको जनताको शान्ति सुरक्षासम्बन्धी समस्याको सवाललाई पनि बिर्सन मिल्दैन। त्यस्ता ठाउँहरूमा राज्य वा माओवादीका अतिरिक्त आमजनतामाथि भइरहेको तेश्रो पक्ष वा आपराधिक कार्य सन् २००५ मा उल्लेखनीय ढंगले बढ्यो। सन् २००५ मा वर्ष भरि मारिएका १ हजार ८ सय ९५ मध्ये ३ सय ७१ यस्तै तेश्रो पक्षवाट मारिएका छन्।

३.६ मानवअधिकार अभियानमाथि राज्यको वक्रदृष्टि

सन् २००५ मा नेपालका मानवअधिकार रक्षकहरूले राज्यका तर्फबाट अत्यन्त कठोर व्यवहारको सामना गर्नु पऱ्यो। माघ १९ पछि मानवअधिकार संस्थाहरूप्रति राज्यको पूर्वाग्रह मन्त्रीहरूका अभिव्यक्तिमार्फत् पटक–पटक सार्वजनिक भएका छन्। यसबीच राज्यले मानवअधिकार रक्षकहरूको अधिकारसम्वन्धी घोषणापत्रलाई पूरै लत्याएको छ। मानवअधिकार उल्लंघनका घटनाहरूको अनुगमन गर्ने र यथार्थ प्रतिवेदन प्रकाशन गरी दोषीमाथि कारवाहीको माग

गर्न पाउने मानवअधिकार रक्षकहरूको अधिकारको पूर्णतः वेवास्ता गरिएको छ।

०६१ माघ १९ लगत्तै तत्कालीन राष्ट्रिय मानवअधिकार आयोगलाईसमेत हतोत्साहित तुल्याइएको थियो। पछि एक अध्यादेशमार्फत् राष्ट्रिय मानवअधिकार आयोग ऐनमै परिवर्तन गरी आयोगको गठन प्रक्रियालाई संकुचित पारियो। समयक्रममा गैरसरकारी मानवअधिकार संस्थाहरूउपर नियन्त्रण कायम गर्न समाजिक सेवा ऐन मा पनि अध्यादेशमार्फत संशोधन गरियो। (यससम्वन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद २, "यस वर्षको उल्लेख्य" र परिच्छेद ३.२, "कार्यपालिका")

माघ १९ पछि कृष्ण पहाडी, गौरी प्रधान, विष्णु निष्ठुरीलगायतका केही मानवअधिकार रक्षकहरू पक्राउ परेका थिए। कतिपयलाई काठमाण्डौ बाहिर जानबाट रोक लगाइएको थियो। त्यस्तो रोकमा मानवअधिकार आयोगका सदस्यहरूसमेत परेका थिए। ०६१ माघ २६ गते राष्ट्रिय मानव अधिकार आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयको उद्घाटन गर्न अध्यक्ष नयनबहादुर खत्रीका साथ विराटनगरतर्फ प्रस्थान गर्न लाग्नु भएका कपिल श्रेष्ठलाई काठमाण्डौ बाहिर जान अनुमति छैन भन्दै त्रिभुवन विमानस्थलबाटै फिर्ता गरिएको थियो। त्यसैगरी ०६१ फागुन २२ गते सुशील प्याकुरेललाई कपिलवस्तु जिल्लामा भएका हिंसात्मक घटनाहरूको अनुगमन तथा जाँचबुझका निम्ति भैरहवा जान लाग्दा रोकिएको थियो। पूर्व सभामुख दमननाथ ढुंगाना र ०४७ सालको संविधानको मस्यौदाकारहरूमध्येका एक लक्ष्मण अर्याललाई पनि काठमाण्डौ बाहिर जान नदिई त्रिभुवन विमानस्थलबाट फर्काइएको थियो। देशका ४० जना यस्ता विशिष्ट नागरिकलाई स्वतन्त्रतापूर्वक आवतजावत गर्न रोक लगाइएको थियो।

नागरिक तथा राजनीतिक अधिकारहरूमाथिको बन्देजका कारण वर्ष २००५ मा मानवअधिकार रक्षकहरूको राज्यसँग संवाद पूर्णतः ठप्प हुन पुग्यो। हिरासत केन्द्रहरूमा देशभित्रका मानवअधिकार संस्थाहरूको पहुँच नगण्य बराबर नै रह्यो। वर्षको अन्त्यसम्मै बन्दीहरूलाई राष्ट्रिय मानव अधिकार आयोग, अन्तर्राष्ट्रिय रेडक्रस समिति र संयुक्त राष्ट्र संघीय मानवअधिकार उच्चायोगको काठमाण्डौस्थित कार्यालयका प्रतिनिधिलाई मात्र भेट्न दिइने बताइयो।

स्वतन्त्र प्रेसमाथि वर्षभरि नै भएको सुनियोजित आक्रमणका कारण मानवअधिकार अभियानले जटिलता बेहोर्नु पर्‍यो। प्रेसमाथि आर्थिक नाकाबन्दी लगाइयो र पत्रकारहरू पेसागत धर्म निर्वाह गरेकै कारण अनेक पटक गिरफ्तारीमा परे। सूचनाको निर्वाध प्रसारमा रोक लगाउने राज्यको योजना विफल बनाएका कारण पत्रकारहरूझैं लमजुङ्ग, दैलेख, बझाङ्ग र बाजुराका मानवअधिकार रक्षकहरूलाई हाजीर हुने सूचना र धम्कीद्वारा हतोत्साहित तुल्याउन खोजियो। *(यससम्वन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद २, "यस वर्षको उल्लेख्य" र मानवअधिकार अवस्थाको जिल्लागत विवरण)* *देशभर मानवअधिकार रक्षकहरूले कुटपिटको शिकारसमेत हुनु पर्‍यो। (हेर्नुहोस् : तालिका नं. ५)*

४.१. अन्तर्राष्ट्रिय समुदायको सरोकार

मानवअधिकारहरूको विश्वव्यापी घोषणापत्र, १९४८ मा "सदस्य राष्ट्रहरूले संयुक्त राष्ट्रसंघको सहयोगमा मानवअधिकारहरू र मौलिक स्वतन्त्रताहरूप्रति विश्वव्यापी सम्मान अभिवृद्धि गर्ने एवं पालना गर्ने प्रतिज्ञा" गरिएबमोजिम माघ १९ गतेपछि विश्व समुदायले नेपालको अवस्थाप्रति गंभीर चासो व्यक्त गर्‍यो। घोषणापत्रले अघिसारेको "अधिकार र स्वतन्त्रताहरूको विश्वव्यापी र प्रभावशाली मान्यता प्रदान गर्न प्रत्येक व्यक्ति र समाजको हरेक अङ्गले यस घोषणालाई सदैव मनन गरी राष्ट्रिय र अन्तराष्ट्रिय प्रगतिशील कदमहरूद्वारा सम्मान बढाउन प्रयत्न गरून् भनी साधारणसभाले मानवअधिकारको यस विश्वव्यापी घोषणालाई सबै जनता र राष्ट्रका निम्ति एउटा साझा मापदण्ड" का रूपमा अंगीकार गरेको थियो। सोही अवधारणा अनुरूप सन् २००५ भरि नै विश्व समुदायले नेपालको राज्य र माओवादी पक्षलाईसमेत दवाव दिइरह्यो।

मित्र राष्ट्र, वित्तीय संस्था तथा दातृ संस्थाहरूको प्रशंसा गर्दै थप सहयोगको आशन गर्ने राजालाई उनीहरूले त्यसपछिका दिनमा निराश तुल्याए। अमेरिकाको जुम्ल्याहा टावरमा सेप्टेम्बर ११, २००१ को आक्रमणपछिको विश्व परिस्थिति खासगरी आतङ्कवादविरुद्धको प्रयासका नाममा भएका गतिविधिबाट फाइदा लिने मनसायकासाथ नेपाल आफ्नो हितमा र विश्व प्रजातन्त्रको हितमा आतंकवादलाई निस्तेज तुल्याउन कटिबद्ध भएको छ भनियो। तर विश्वका अधिकांश राष्ट्रहरूले संयुक्त राष्ट्रसंघको नागरिक तथा राजनीतिक अधिकारसम्वन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको प्रस्तावनाको भावना- "संयुक्त राष्ट्रसंघको बडापत्र अन्तर्गत

मानवअधिकार तथा स्वतन्त्रताहरूको विश्वव्यापी सम्मान एवं पालनालाई प्रवर्द्धन गर्ने राष्ट्रहरूको दायित्व" बिर्सिएनन्।

माघ १९ पछि संयुक्त राज्य अमेरिका, वेलायत र भारतजस्ता देशहरूले नेपाललाई गरिदै आएको हातहतियारको सहयोग प्रजातन्त्रको वहाली नभएसम्म वन्द गर्नु पर्छ भन्ने माग अन्तर्राष्ट्रिय संस्थाहरूबाट व्यापक रूपमा भयो। अमेरिकी सिनेटर पेट्रिक लेहीले यो माग सशक्त ढङ्गले अघि बढाए। ०६१ माघ २८ गतेदेखि फागुन ५ गतेसम्मको नेपाल भ्रमणपश्चात् एम्नेस्टी इन्टरनेसनलकी महासचिव आइरिन खानद्वारा अन्तर्राष्ट्रिय समुदायसमक्ष त्यही माग अघि सारिएको थियो। खानले ०६१ फागुन ७ गते नयाँ दिल्लीमा पत्रकारहरूसँग भनिन्- "नेपालको सरकारलाई मानवअधिकारसम्बन्धी नीतिमा परिवर्तन गराउन दाता राष्ट्रहरूले हातहतियारको आपूर्तिमा रोक लगाउनै पर्छ।"

युरोपीय संसदले ०६१ फागुन १४ गते आफ्नो परिषद्सँग नेपालका विरुद्ध लक्षित नाकाबन्दी लगाउन माग गर्दै प्रस्ताव पारित गऱ्यो- "परिषदसमक्ष नेपालका शासक वर्ग र सैनिकका विरुद्ध प्रजातन्त्रको पुनर्स्थापना नभएसम्म लक्षित नाकाबन्दी लगाउन आह्वान गर्दछ।"

नेपालमा मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तको कार्यालयको कार्यालय स्थापना पनि नेपाली जनताको पीडाप्रति अन्तर्राष्ट्रिय सरोकारको प्रतिफल थियो। विश्वव्यापी रूपमा दवाव नभएको भए मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चआयुक्त र नेपाल अधिराज्यको सरकारबीच नेपालमा कार्यालय स्थापना गर्ने सम्वन्धमा सम्झौता हुने थिएन भन्ने वुझ्न गाह्रो छैन।

५. निष्कर्ष र सुझाव

माघ १९ मा अघि सारिएको निरंकुशतन्त्रको प्रस्तावना नेपाली जनताको जागरुक पहल र विश्व समूदायको निगरानीका कारण वर्ष २००५ भरि नेपालमा सफल हुन सकेन। तर मानवअधिकारको प्रत्याभूति र मानवअधिकारको प्रत्याभूतिका निम्ति आवश्यक पर्ने राजनीतिक वातावरणको स्थापनाबीचको द्वन्द्व वर्षको अन्त्यसम्मै टुंगोमा पुग्न सकेन।

माघ १९ पछि घातक हातहतियारको सहयोग रोकेर अमेरिका, बेलायत र भारतजस्ता ठूला राष्ट्रहरूले नेपाली द्वन्द्वलाई अझ हिंसक हुनबाट जोगाए। नेपालमा नागरिक अधिकार र त्यसका निम्ति बहुलवादी राजनीतिक वातावरणको पुनर्स्थापनाका निम्ति विश्व समुदायले अधिनायकवादी सोचबाट ग्रस्त राज्यलाई यस्तै किसिमका दबाव आउँदा दिनमा समेत दिन आवश्यक देखिन्छ।

मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तको कार्यालयको कार्यालय नेपालमा पनि स्थापित हुनु सन् २००५ मा नेपालको मानवअधिकार अभियानका निम्ति उपलब्धि थियो। माघ १९ पछिको कठोर राजनीतिक नियन्त्रणको समयमा उच्चायुक्तको कार्यालयको

तालिका नं. ८ माओवादीद्वारा भएको अपहरण (महिनाअनुसार)



स्थापनापछि आमजनता र मानवअधिकार रक्षकहरूलाईसमेत राज्यका योजनाबद्ध मानवअधिकार उल्लंघन र माओवादीका तर्फबाट हुँदै आएका ज्यादतीका विरुद्ध लड्न सघाउ पुग्यो। इयान मार्टिनको नेतृत्वमा रहेको कार्यालयले केही हदसम्म दुवैलाई सचेत पनि तुल्यायो। कतिपय सवालमा उक्त कार्यालयको प्रभावकारिता तथ्यांकले दर्शाएको छ। जस्तो सन् २००४ मा वेपत्ता पारिएकाहरूको संख्या ३ सय १३ थियो भने सन् २००५ मा वेपत्ता पारिनेहरूको संख्या घटेर १ सय २० पुग्यो। वेपत्ता पारिनेको संख्या घट्नुको प्रमुख कारण संयुक्त राष्ट्रसंघीय मानवअधिकार निकायको भौतिक उपस्थिति नै हो भन्न सकिन्छ।

तर यस कार्यालयले आफ्नो कार्यादेश अनुसार "मानवअधिकारको प्रवर्द्धन तथा रक्षाका लागि नागरिक समाजका संगठनहरूसँग निरन्तर सञ्चार सम्बन्ध कायम" राख्ने सवालमा अझ बढी सहयोग आदान-प्रदानको वातावरण तयार गर्न सक्दछ। "नागरिक समाजका प्रतिनिधि र व्यक्तिहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरक्षण संयन्त्रहरूको प्रयोग लगायत मानवअधिकारको संरक्षण तथा सम्वर्द्धनसँग सम्वन्धित सवै विषयहरूमा सल्लाह दिने" सवालमा पनि अझ बढी काम हुन सक्छ। सरकारसँगको सम्झौतामा व्यवस्थित प्रावधानहरूको अधीनमा रही मानवअधिकारका विषयहरूसँग सम्वन्धित सवै क्षेत्रमा विश्वासको वातावरण प्रवर्द्धन गर्ने दिशामा इयान मार्टिनको कार्यालयले जोखिमपूर्ण परिस्थितिमा काम गरिरहेका नेपालका नागरिक समाज र मानवअधिकार समुदायसँग अझ बढी सहकार्य गर्न सक्दछ।

राज्य र माओवादी दुवै पक्षबाट मानवीय कानुनको उल्लंघन भएको देखिँदै आएको छ। सन् २००५ मा पनि केही घटनामा मानवीय कानुनको पालना भएको देखाइनुको उद्देश्य प्रचारात्मक मात्र त थिएन भन्ने प्रश्न उठेको छ। मानवीय कानुनको पालनाको सवालमा विश्व समुदायले नेपालका युद्धरत् दुवै पक्षलाई निरन्तर दवाव दिइरहनु जरुरी छ।

सूचनाको प्रवाह तथा मानवअधिकारको पक्षपोषण र वकालतमा रोक लगाउने प्रयत्न अन्तर्गत मानवअधिकार रक्षकहरूमाथि अझ बढी दमन गर्ने राज्यको योजना मन्त्री र सुरक्षा अधिकारीहरूको अभिव्यक्तिमार्फत सार्वजनिक हुँदै आएको छ। त्यसैले नेपालका मानवअधिकार रक्षकहरूको अवस्थाका सम्वन्धमा विश्वका मानवअधिकार संस्था, अभियान र संयुक्त राष्ट्रसंघीय निकायहरूले अझ बढी चासो प्रकट गर्न जरुरी देखिएको छ।

वर्ष २००५ मा नेपालमा मानवअधिकारको प्रत्याभूतिको सवाल नागरिक तथा राजनीतिक अधिकारको हरण र वहालीको प्रयत्नवीचको संघर्षसँग छुट्ट्याउनै नमिल्ने गरी जोडियो। नेपालको राजनीतिमा देखिएको हिंसात्मक र अहिंसात्मक दुवै किसिमको द्वन्द्वको समाधानका निम्ति सात राजनीतिक दलले माओवादीलाईसमेत मानार्थ राजतन्त्रको सवालमा सहमत हुन सक्ने अवस्थामा ल्याए। अव समस्याको शान्तिपूर्ण समाधानका निम्ति राजाको अग्रसरता अपेक्षित छ। मानार्थ राजतन्त्रसम्वन्धी पहिलो सर्त राजावाट पूरा हुन नसकेको अवस्थामा लोकतान्त्रिक गणतन्त्रको नारा निरन्तर अघि बढ्ने भविष्यवाणी संसदीय दलहरूले गरेका छन्।

तसर्थ नेपालमा दिगो शान्तिको मार्ग प्रशस्त गर्न नागरिक तथा राजनीतिक अधिकारहरूको वहालीका निम्ति विश्वव्यापी दवावको सृजना गरिनु आवश्यक छ। आउँदो समयमा नेपाल विश्व समुदायको निरन्तर निगरानीमा परेन भने अझ बढी रक्तपातको अवस्था आउन सक्ने संभावनालाई नकार्न सकिदैन।

कुन्दन अर्याल
मुख्य संयोजक

परिच्छेद २

गहिरिंदो राष्ट्रिय संकट

१. भूमिका

यस वर्षको अन्त्यसम्म आइपुग्दा नेपालमा बहुदलीय प्रजातन्त्र पुनः एकपटक राजनीतिक व्यवस्थाको बितिसकेको कालखण्ड बन्न पुग्यो। यसबेलासम्म आइपुग्दा २०४७ सालको संविधानको राजनीतिक प्रभावकारिता समाप्त हुनपुग्यो। ०५९ सालमा नै जनताको हातबाट सार्वभौमसत्ता हरण भइसकेको थियो। सन् २००५ मा संसदविहीनताको स्थिति अझ गहिरियो, र सैन्य बलका आधारमा राजाको अध्यक्षतामा अधिनायकवादी शासनको सुरुवात भयो।

राजा ज्ञानेन्द्रद्वारा ०६१ माघ १९ मा तत्कालीन शेरबहादुर देउवाको सरकार बर्खास्त गरी आगामी तीन वर्षका लागि आफ्नै अध्यक्षतामा मन्त्रिमण्डल गठन, देशमा संकटकालको घोषणा र राजनीतिक अधिकारहरूको कटौति गरिएपछि नेपालको प्रजातान्त्रिक प्रकृया अधोगतिको नयाँ चरणमा प्रवेश गर्नपुग्यो। त्यसयता प्रजातान्त्रिक प्रणालीका प्रायः सबै आधारभूत चरित्रहरू समाप्त हुन पुगे र नेपाल अधिराज्यको संविधान २०४७ ले परिकल्पना गरेको प्रधानमन्त्रित्व प्रणालीको पूर्णरूपमा अन्त्य गरियो। सन् २००५ मा निरंकुश राजतन्त्रात्मक शासन प्रणालीको संस्थागत स्वरूप स्थापना गर्ने प्रयास भयो।

वर्ष पुस्तक २००४ मा अवरुद्ध प्रजातान्त्रिक अभ्यासलाई उल्लेख्य विषय बनाइएको थियो र प्रजातन्त्रको सैद्धान्तिक पक्षहरूका आधारमा नेपालमा प्रजातन्त्र, यसका चुनौती, प्रजातान्त्रिक व्यवस्थामा देखिएका विसंगति र सन् २००३ सम्मको अवस्थाबारे विश्लेषण गरिएको थियो। यो परिच्छेद वर्ष पुस्तक २००४ कै निरन्तरता हो, जसमा विभिन्न व्यवहारिक सूचकहरूका आधारमा राजा ज्ञानेन्द्रद्वारा ०६१ माघ १९ मा शासन सत्ता आफ्नो हातमा लिइएपछि अवरुद्ध प्रजातन्त्र र गहिरिँदो राष्ट्रिय संकटका व्यावहारिक पक्षहरूबारे चर्चा गरिएको छ।

२. माघ १९ : राजाको प्रत्यक्ष शासनको बलजफ्ती सुरुवात

जनआन्दोलन ०४६ पश्चात् निर्मित नेपाल अधिराज्यको संविधान २०४७ द्वारा सुनिश्चित बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र र जनतामा निहीत सार्वभौमसत्ताको मान्यतालाई ०६१ माघ १९ सम्म आइपुग्दा अत्यन्त कमजोर तुल्याइसकिएको थियो। राजाद्वारा संविधानको ठाडो उल्लंघन भइसकेको थियो। आन्दोलनकारी शक्तिहरू र राजाको समझदारीका आधारमा निर्माण गरिएको संविधान २०४७ ले मौलिक अधिकारका रूपमा व्यवस्था गरेका मानवअधिकार र नागरिक स्वतन्त्रताहरू ०६१ माघ १९ पछि त घोषितरूपमै अपहरित भए। राजाको प्रत्यक्ष शासन संविधानको ठाडो उल्लंघन मात्र नभई जनआन्दोलन ०४६ ले स्थापित गरेका आधारभूत अधिकारहरूको संकुचन, बहुदलीय प्रजातान्त्रिक संरचनाको अन्त्य, सक्रिय र निरंकुश राजतन्त्रको पुनरुत्थान तथा जनतामा निहित सार्वभौमसत्ताको पूर्णतः अन्त्य हो। यसले अधिनायकवादी सत्ताको चरित्र ग्रहण गरेको छ। राजाको प्रत्यक्ष शासनका पृष्ठपोषकहरूले ०४६ सालअघिको निरंकुश पञ्चायती शासन व्यवस्थाको दोश्रो संस्करणका रूपमा नियन्त्रित प्रजातन्त्र स्थापित गरी राजाको प्रत्यक्ष शासनलाई वैधानिक बनाउँदै निर्देशित शासन सञ्चालन गर्ने ध्येय राखेको देखिन्छ।

सर्सर्ती हेर्दा, ०४६ सालयता राजाको प्रत्यक्ष शासनका दुई चरणहरू देखिएका छन्: ०५९ असोज १८ देखि ०६१ माघ १९ सम्मको अवधि र १९ माघदेखि हालसम्मको अवधि। तर, देश अझ बढी संकटको बाटोतर्फ मुखरित हुनसक्ने समेत देखिन्छ। आज एकातर्फ प्रजातान्त्रिक आवाजहरूले सुस्पष्ट मार्गदिशा अवलम्बन गर्न बाँकी छ भने अर्कोतर्फ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवाजहरूलाई बेवास्ता गर्दै वर्तमान शासन अझ बढी निरंकुशतातर्फ अघि बढिरहेको छ। त्रिपक्षीय द्वन्द्वको व्यवस्थापनको अवस्थामा कुनै परिवर्तन आउन सकेन भने आउँदो समयमा देश तेश्रो चरणको संकटग्रस्त बाटोतर्फ लाग्न सक्ने अनुमान गर्न सकिन्छ।

माघ १९ पश्चात् यस वर्षको अन्त्यसम्मको अवस्था हेर्दा, शाही कदमयताको अवधिलाई मूलतः दुई उपचरणमा विभाजन गर्न सकिन्छ: पहिलो, संकटकालीन अवधि अर्थात् ०६२ वैशाख १६ सम्म र संकटकालपश्चात् अर्थात् १७ वैशाख देखि ०६२ पुस १६ सम्मको अवधि। गिरफ्तार गरिने क्रम घट्नुबाहेक मानवअधिकारका हिसाबले संकटकालीन र पछिको अवधिमा तात्विक अन्तर आउन सकेन। बरु, विभिन्न अध्यादेशहरूका आधारमा अधिकार कटौतीको संस्थागत हस्तक्षेपलाई बढाउँदै लगियो। अवधि विभाजनको अर्को र बढी वस्तुपरक आधार भने माघ १९ प्रतिको असहमतिको परिमाणलाई मान्न सकिन्छ। जसका आधारमा विश्लेषण गर्दा माघ १९ पछिका केही महिनासम्मको सुषुप्त विरोध अभियान र त्यसपछिको दोश्रो चरण खासगरी आन्दोलनरत सात दल र नेकपा (माओवादी) बीचको बाह्र बुँदे समझदारीपछिको सशक्त विरोध अभियानलाई लिन सकिन्छ।

२.१ पहिलो चरण

०४६ सालयता राजाको प्रत्यक्ष शासन ०५९ असोज १८ देखि सुरु भएको हो। असोज १८ पछिको अवधिमा देशमा जनप्रतिनिधिमूलक संस्थाको अभाव हुनुका साथै कार्यकारी अधिकार राजाद्वारा बलपूर्वक आफ्नो हातमा लिइएको थियो। त्यसैगरी विधि निर्माणको प्रकृया पूर्णरूपले ठप्प हुनुका साथै सार्वभौमसत्ता जनतामा नभई व्यवहारतः राजामा पुगेको थियो। त्यतिञ्जेलसम्म संवैधानिक दायराहरू

व्यापकरूपमा तोडमोड गरिएका थिए र प्रजातन्त्र, मानवअधिकार तथा सामाजिक न्यायका आधारस्तम्भहरू क्षतिग्रस्त हुन पुगेका थिए।

खासगरी राजा ज्ञानेन्द्रद्वारा शेरबहादुर देउवाको प्रधानमन्त्रित्वमा रहेको सरकारलाई असक्षमताको आरोपमा विघटन गरी आफैंद्वारा प्रधानमन्त्री नियुक्ति तथा बर्खास्त गर्ने प्रकृया थालिएपछि प्रजातन्त्र मूर्च्छित हुन पुगेको थियो। ०६१ माघ १९ अघि राजनीतिक दलहरूको शान्तिपूर्ण आन्दोलन, अन्तर्राष्ट्रिय समुदाय र नागरिक समाजको निरन्तर विरोध हुँदाहुँदै प्रजातन्त्रमाथिको हमला जारी रहेको थियो र प्रजातन्त्रको पक्षघात अझ गम्भीर बन्दै आएको थियो। तैपनि राजाले प्रधानमन्त्रित्व प्रणालीलाई भने कायमै राखेका थिए। त्यसवखत देशमा औपचारिकरूपले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातान्त्रिक व्यवस्था रहेको भए पनि प्रजातन्त्रका आधारहरू एक-एक गरी ढल्दै थिए। स्थिति बिग्रँदै गई राजाको मनोमानी र आदेशका भरमा राज्य संचालनको प्रकृयाले स्थान पायो र जनप्रतिनिधित्वमूलक शासन प्रणाली समाप्त हुन पुग्यो। ०४६ पछिको नेपालमा ०५९ असोज १८ प्रजातान्त्रिक अभ्यासमा शाही अवरोधको पहिलो फड्को थियो, जसका माध्यमबाट देश पुनः अधिनायकवादी शासनसत्तातर्फ धकेलिने मार्ग प्रशस्त भयो। यसबाट संविधानले अपरिवर्तनीय मानेका संवैधानिक राजतन्त्र र जनतामा निहीत सार्वभौमसत्ता अभ्यासमा रहन सकेनन्।

शेरबहादुर देउवालाई ०५९ असोज १८ मा असक्षम भनी बर्खास्त गरिएको पाच दिनपछि पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई प्रधानमन्त्रीमा नियुक्त गरियो। लोकेन्द्रबहादुरको नेतृत्वमा गठित सो सरकार आठ महिना पनि टिक्न सकेन। चन्दले राजीनामा दिएपछि अर्का पूर्वप्रधानमन्त्री सूर्यबहादुर थापालाई राजाबाट प्रधानमन्त्री नियुक्त गरियो। थापा सरकार एक वर्षसम्म कायम रह्यो। त्यसपछि थापाले पनि राजीनामा दिए। यस्ता राजीनामा राजाको प्रत्यक्ष आदेशका आधारमा गरिएका थिए। अर्कोतर्फ असोज १८ पश्चात् राजनीतिक दलहरू र नागरिक समाज राजाको कदमका विरुद्ध शान्तिपूर्ण सडक संघर्षमा ओर्लिएका थिए। थापाको राजीनामाको लगभग एक महिनापश्चात् राजाद्वारा आन्दोलनरत दलहरूलाई प्रधानमन्त्री पदका लागि आफूहरूमध्येबाट सिफारिस गर्न आह्वान गरियो। राजनीतिक दलहरूबीच प्रधानमन्त्रीका लागि सिफारिस गरिने व्यक्तिका सम्बन्धमा सहमति हुन नसकेपछि राजाद्वारा तत्कालीन अवस्थामा सडक आन्दोलनमा संलग्न दलहरूमध्येको नेपाली कांग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवालाई पुनः प्रधानमन्त्री बनाइयो। देउवा सरकारलाई सर्वदलीय स्वरूप प्रदान गर्ने र कार्यकारी अधिकार राजाको हातबाट राजनीतिक दलहरूमा लिने उद्देश्य उल्लेख गर्दै ०६१ असार २१ मा सडकमा संघर्षरत नेकपा (एमाले) समेत राप्रपा र नेपाल सद्भावना पार्टी देउवा सरकारमा सामेल भए। त्यसपछि देउवा सरकार चार दलको संयुक्त सरकार बन्न पुग्यो।

२.२ दोश्रो चरण

०६१ माघ १९ मा चार दलको संयुक्त सरकार बर्खास्त गरी आफ्नै अध्यक्षतामा शासन सत्ता लिंदा राजाद्वारा सुरक्षाको बिग्रँदो स्थिति, देशमा शान्ति सुव्यवस्था कायम गर्न विगतका सरकारहरूको असक्षमता र व्यापक भ्रष्टाचारलाई मुख्य कारण भएको उल्लेख गरियो। *(विस्तृत जानकारीको लागि हेर्नुहोस् : शाही घोषणाको पूर्ण पाठ)*

कारणहरू जे-जे उल्लेख गरिए पनि उक्त कदमपछि नेपालमा बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र र जनतामा निहीत सार्वभौमसत्ताका प्रायः सबै आधारतत्वहरू समाप्त हुन पुगेका छन्। राजनीतिक दलहरूमाथि औपचारिक प्रतिबन्ध लगाइएको नभएता पनि दमनका निरंकुश रणनीति अवलम्बन गरी प्रजातान्त्रिक संरचना र आवाजहरूलाई बन्देज लगाइएको छ। यो कदमले देशलाई दशकौं पुरानो निरंकुशतावादी शासन स्वरूपमा ढाल्नेमात्र नभई प्रजातान्त्रिक आन्दोलनले प्राप्त गरेका उपलब्धिहरूको ध्वंश र विद्यमान संयन्त्रहरूको सैनिकीकरणलाई बढाएको छ। गम्भीर र निरन्तर मानवअधिकार हनन भइरहेको छ र नेपाली समाज द्वन्द्वका कारण उत्पन्न संकटग्रस्त अवस्थामा रूमल्लिएको छ।

२.३ तेश्रो चरण

वर्षको अन्त्यसम्म आउँदा पनि देशले सकारात्मक राजनीतिक निकास पाउन सकेन। बरु, शान्ति प्रकृयाको थालनी गर्ने र बहुदलीय प्रजातन्त्र एवम् मानवअधिकारहरूको बहाली गर्ने दिशामा थप जटिलता देखा पर्‍यो। जनताको अपेक्षा र वर्तमान विश्व परिस्थितिअनुरूप अवलम्बन गरिनुपर्ने प्रजातान्त्रिक शासन प्रणालीको पुनर्बहालीतर्फ राजा पूर्णतः असहमत रहेको र देशलाई सैनिक बलका आधारमा थप द्वन्द्वग्रस्त बनाई आफ्नो सत्ता लम्ब्याउने रणनीति अपनाइएको दृष्टान्तहरूले प्रष्ट्याएका छन्। यो अवस्था छयालीस सालपछि राजाको प्रत्यक्ष शासनको तेश्रो चरणतर्फ उन्मुख हुने पृष्ठभूमि हो भन्ने आधारहरू सन् २००५ को अन्त्यसम्म प्रष्ट देखिएका थिए। जनताको चाहना, संगठित शक्ति र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रयत्नहरूप्रति राजाको शासनद्वारा गरिएको उपेक्षा, राजनीतिक परिवर्तनको सकारात्मक मार्गका लागि प्रमुख व्यवधानका रूपमा खडा भएको छ। यसले निकासका स्वरूप र विकल्पहरूको रोजाइलाई कुन दिशातर्फ धकेल्छ, अझै स्पष्ट हुन सकेको छैन। एकातर्फ सशस्त्र द्वन्द्व, अर्कोतर्फ प्रजातन्त्र,

मानवअधिकार र शान्तिका लागि देखा परेको जनलहर, र अर्को स्थानमा शाही शासनबीचको त्रिपक्षीय द्वन्द्वको निकास शान्तिपूर्ण र अग्रगामी परिवर्तनका आधारमा हुनुपर्ने पक्षमा जनमत छ। तर पनि यसको मापनको आधार र परिमाण अझै स्पष्ट भएको छैन। यो संक्रमण, राष्ट्रिय तहमा सक्रिय रहेका शक्तिहरूको मात्र नभई अन्तर्राष्ट्रिय दवाव, कूटनीति या अभिमतका आधारमा निर्धारण हुनसक्छ। त्यही सेरोफेरोमा राजाको प्रत्यक्ष शासनको तेश्रो चरणको स्वरूप देख्न सकिन्छ। जुन या अझ जटिलतातर्फ धकेलिन्छ या त थप संघर्षका कारण निश्चित राजनीतिक बिन्दूमा त्रिपक्षीय समझदारीका आधारमा व्यवस्थापन हुनसक्छ।

अग्रगति र पूर्ण सार्वभौमसत्ता सम्पन्न हुने राजनीतिक प्रणाली जनताको चाहनाका रूपमा सार्वजनिक भइसकेका छन्। तर राजनीतिक जोड-घटाउ र राष्ट्रिय/अन्तर्राष्ट्रिय खेलाडीहरूको भूमिकाका कारण जनमतको मागले अझै ठोस आकार ग्रहण गर्न सकेको छैन। यस्तो अवस्थामा खासगरी सात राजनीतिक दलहरू र नेकपा (माओवादी) को अग्रगामी कार्यसूचीको समुचित निकास कहाँ र कसरी हुने भन्ने प्रश्नले निकै गम्भीर महत्व राख्दछ। जसका आधारमा माघ १९ पछिको अर्को चरणको निरूपण हुन सक्छ। लोकतान्त्रिक गणतन्त्र र निरंकुश राजतन्त्रको अन्त्यसम्बन्धी नाराको सुस्पष्ट खाका जनतासमक्ष पुर्‍याउन राजनीतिक शक्तिहरू अझै सक्षम देखिएको पाईंदैन। न त मानार्थ राजसंस्थाका सम्बन्धमा यिनीहरूको मतैक्य नै देखिन्छ। बिश्वास, जनपरिचालनको सामर्थ्य र सुस्पष्ट भावी रणनीतिको अभाव नेपाली राजनीतिले भोग्दै आएको एक प्रमुख समस्या हो, जसका कारण बहुदलीय प्रजातन्त्र कमजोर बन्न पुग्यो र अधिनायकवादी शासनसत्ताले जरो गाड्ने मौका पायो। यस्तो परिप्रेक्ष्यमा उत्पन्न नयाँ राजनीतिक परिस्थितिलाई निकासको उपयुक्त छनौटका साथ अगाडि बढाउन प्रजातान्त्रिक राजनीतिक शक्तिहरू सक्षम हुन्छन् कि हुँदैनन् भन्ने आशंका अद्यापि छ। यसको निराकरण गर्दै आगामी रणनीतिको सुस्पष्ट रेखा सार्वजनिक नगरिँदासम्म माघ १९ पछिको अर्को अर्थात् तेश्रो चरण अझ पीडादायी बन्न सक्ने सम्भावनालाई नकार्न सकिदैन।

विकल्पको अर्को पाटो केही भिन्न र बढी गम्भीर छ। वर्तमान संक्रमणले सकारात्मक दिशा ग्रहण गर्न सकेन र यही जटिलता कायम रह्यो भने निराशा, उपेक्षा र आत्मविश्वासको अभाव सृजना हुने खतरनाक सम्भावनासमेत देखिएको छ। त्यस्तो अवस्थामा बढी झमेला व्यहोर्नु नपरिकनै सत्ताले बलपूर्वक राजनीतिक स्थापनाको आधार बलियो बनाउने अनुकूलता पाउँछ। खासगरी स्थानीय निर्वाचन र आम निर्वाचनका कार्यसूची तथा राष्ट्रिय अन्तर्राष्ट्रिय आग्रह र आन्दोलनको उपेक्षाभित्रको उद्देश्य संक्रमणको तरलतावाट फाइदा लिन् देखिन्छ। अन्यथा, नेपाल अर्को एसियाली राष्ट्र बर्माको मार्गमा हिड्ने थिएन, जहाँ राष्ट्रियस्तरमा पूर्ण दमित स्थिति छ भने अन्तर्राष्ट्रिय आवाज र दबावहरूको बेवास्ता गर्दै सैनिक शासन जारी छ।

माघ १९ पछिको तेश्रो चरणका सम्बन्धमा बढी उत्साहित र आशावादी हुने धारको विश्लेषण गर्ने हो भने, लोकतान्त्रिक गणतन्त्रात्मक प्रणालीतर्फको संक्रमणको भविष्यवाणी गरिएको पाइन्छ। त्यस्तो संभावित अवस्थालाई वस्तुत: माघ १९ को तेश्रो चरण नभई नयाँ नेपालको सम्भावनाका रूपमा परिभाषित गर्न खोजिएको पाइन्छ। निरंकुश शासनको अन्त्य र लोकतान्त्रिक गणतन्त्रको स्थापना अहिले प्रजातन्त्र, मानवअधिकार र शान्तिका पक्षधर शक्तिहरूको साझा कार्यसूची बन्न पुगेको छ, यद्यपि यसप्रतिको अडान र निष्ठामा शंका नरहेको होइन। सात राजनीतिक दलहरू र नेकपा (माओवादी) यसमा सहमत देखिन्छन् भने नागरिक समाज एक कदम अगाडि बढेर वकालतमा उत्रिएको पनि पाइन्छ। राजाको शासन जति निरंकुश र अमानवीय बन्दै जान्छ, त्यत्तिकै गतिमा लोकतन्त्रको आवाजले परिपक्वता हासिल गर्ने सम्भावना विगत एक वर्षका राजनीतिक घटनाक्रमले देखाएका छन्।

३. प्रजातन्त्र र माघ १९

नागरिक तथा राजनीतिक अधिकार, स्वतन्त्र तथा निष्पक्ष निर्वाचन, उदार र जिम्मेवार सरकार र प्रजातान्त्रिक समाज प्रजातन्त्रका सूचक हुन्।[१] त्यसैगरी निर्वाचित पदाधिकारीहरू, स्वतन्त्र, निष्पक्ष र नियमित चुनावहरू, अभिव्यक्ति स्वतन्त्रता, सूचना-जानकारी प्राप्त गर्ने वैकल्पिक स्रोतहरूसम्मको पहुँच, संघ-संस्थाहरूको स्वायत्तता र सबैजनालाई सामेल गरिने नागरिकता आधुनिक प्रतिनिधित्वमूलक प्रजातान्त्रिक सरकारका राजनीतिक संस्थाहरू हुन्।[२] जनताको सार्वभौमसत्ता, शासितहरूको स्वीकृतिमा आधारित सरकार, बहुमतको शासन, अल्पसंख्यकहरूको अधिकार, आधारभूत मानवअधिकारको प्रत्याभूति, न्यायिक समानता, सरकारको संवैधानिक सिमितता, सामाजिक, आर्थिक तथा राजनीतिक बहुलवाद जस्ता अवस्थाहरू प्रजातन्त्रका आधारस्तम्भ हुन्[३], जसका आधारमा प्रजातान्त्रिक शासन व्यवस्थाको मापन गर्न सकिन्छ। यिनै बिशेषताहरूका आधारमा राज्य सञ्चालनका

१. बीथम, डेभीड: डेमोक्रेसी एण्ड ह्युमन राइटस: यूके : पोलिटी प्रेस, १९९९: पृ. १६२-१६७
२. डाहल, रोबर्ट ए: अन डेमोक्रेसी: न्यू हेभन : येल युनिभर्सिटी प्रेस, २०००: पृ. ८८-८९
३. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक): मानवअधिकार वर्ष पुस्तक २००४: काठमाडौं, २००४: पृ. २५

हरेक तहहरू जस्तै: समस्या पहिचान, नीति निर्माण, कार्यान्वयन र त्यसको पुनरावलोकन प्रक्रियामा जनताको निर्णायक र अर्थपूर्ण सहभागिताको मार्गप्रशस्त हुने गर्दछ। प्रजातान्त्रिक संस्था र आधारस्तम्भका आधारमा साधारणतया लोकप्रिय अभिमतको सम्मान, बहुलवाद र नागरिक शासन, आधारभूत अधिकारहरूको प्रत्याभूति, संवैधानिक सर्वोच्चता र कानूनको शासन तथा स्वतन्त्रताहरूको प्रत्याभूतिजस्ता प्रजातान्त्रिक व्यवस्थाका मूल्यहरू[४]को अवलम्बन, आत्मसात, समीक्षा र विकासको क्रम अगाडि बढ्न सक्दछ।

तर, माघ १९ यताको अवस्थामा प्रजातन्त्रका विशेषताहरू के-कति हदसम्म अनुभूत भएको छ त ? राजनीतिक दलहरूमाथि औपचारिक प्रतिबन्ध नलागेको अवस्थालाई उदाहरण मानेर औपचारिकरूपमा बहुदलीय व्यवस्थाको पूर्ण अन्त्य भइनसकेको र न्यायपालिकाको भूमिकाका कारण न्यायिक समानताको व्यवहारिक प्रयोग कायमै रहेको मान्न सकिएला। तर, समग्र सूचकहरूले देखाउँछन्, देशमा नागरिक तथा राजनीतिक अधिकारहरूको व्यापक हननलाई राज्यसंयन्त्रमार्फत् संस्थागत गरिएको छ, स्वतन्त्र तथा निष्पक्ष निर्वाचन टाढाको विषय बन्न पुगेको छ। राजाको प्रत्यक्ष शासन निर्वाचनलाई आफ्नो सत्ता सुदृढीकरण र निरंकुशताको वैधानिक हस्तक्षेपको माध्यम बनाउन चाहन्छ। तीन वर्षसम्म शासन सत्ता आफ्नो हातमा लिएर स्थानीय तथा आम निर्वाचन गर्ने र प्रजातान्त्रिक प्रक्रियालाई सुचारु गर्ने घोषणाभित्रको राजनीतिक नियत सिधा र सरल छैन। यो कदम सैनिक शक्तिको भरमा बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र र नेपाल अधिराज्यको संविधान २०४७ विरुद्ध चालिएको हो, जसबाट प्रजातान्त्रिक व्यवस्थाका आधारसंरचनाहरू ध्वस्त गर्ने रणनीति अवलम्बन हुन सकोस्। माघ १९ यता राजाको अध्यक्षतामा सरकार गठन भएको छ र यो अनुदार र गैरजिम्मेवार सरकारका रूपमा स्थापित भएको छ। जनताप्रतिको जिम्मेवारी र खुल्ला एवम् सहज नागरिक तथा राजनीतिक जीवनको प्रत्याभूति राजाको शासनद्वारा निषेध गरिएका छन्। शासन सत्ताका केन्द्रीय र स्थानीय तहमा जनताको अर्थपूर्ण सहभागिताको सम्भावना समाप्त भएको छ र यस्ता प्रक्रियाहरू अधिनायकवादी शासन संचालनका रणनीतिक माध्यम बन्नसक्ने खतरा बढेको छ।

माघ १९ पछि नेपाल अधिराज्यको संविधान २०४७ ले अपरिवर्तनीय भनी व्यवस्था गरेका मान्यताहरू खण्डित भएका छन्। त्यसपछिका दिनमा न सार्वभौमसत्ता जनतामा निहीत रहेको अवस्था कायम राख्ने संयन्त्रहरू बाकी छन् न त राजतन्त्र संवैधानिक घेराभित्र सीमित भएको छ। शासित हुनेहरूको स्वीकृतिका आधारमा सरकार स्थापना हुनुपर्ने मान्यता निर्वाचित सरकारलाई राजाद्वारा ०५९ सालमा बर्खास्त गरिएपछि पूर्ण उपेक्षित छ। त्यसयताको अवस्था हेर्ने हो भने देखिन्छ, राजाको प्रत्यक्ष शासनको पहिलो चरणमा प्रधानमन्त्रीय प्रणाली स्वेच्छाचारी मनोनयनमा कायम थियो भने दोश्रो चरणमा आइपुग्दा प्रधानमन्त्रीय प्रणाली पूर्णत: समाप्त हुनपुग्यो। राजा आफै मन्त्रिमण्डलको अध्यक्ष बनेका छन् भने दुई उपाध्यक्षहरू मनोनित छन्। ०४६ यता नेपालमा त्यस्तो संवैधानिक या कानूनी व्यवस्था छैन, जसले राजालाई मन्त्रिमण्डलको अध्यक्ष स्वीकारेको होस् या मन्त्रिपरिषद्मा उपाध्यक्षको पद नै राखेको होस्। राजाको कदमपछि सरकारको बनावट, यसको सञ्चालन प्रक्रिया र शासन संयन्त्रहरूको कार्यविधिमा जनस्वीकृतिको गुन्जायस देखिन सकेन। संसदको अभावमा स्थानीय निकायहरूमा गरिएको मनोनयन र मनोनित प्रशासनयन्त्रको भरमा नेपालको शासन चलिरहेको छ।

राजाको प्रत्यक्ष शासन कायम रहँदासम्म बहुमतको शासन, अल्पसंख्यकहरूको अधिकार, आधारभूत मानवअधिकारको प्रत्याभूति, सरकारको संवैधानिक सीमितता र सामाजिक, आर्थिक तथा राजनीतिक बहुलवाद कायम हुनसक्ने सम्भावना छैन। राजाको शासन, असहिष्णु तथा हिंस्रक, भ्रष्ट, अपारदर्शी तथा केन्द्रीकृत, गैरजिम्मेवार र जनउत्तरदायित्वविहीन छ। त्यसैगरी समता, सामाजिक न्याय र मानवअधिकार अवधारणा विरोधी, आर्थिक, सामाजिक सुरक्षा तथा सेवा दिन असक्षम, विधिको शासन विरोधी तथा आदेशको शासन, जनसहभागिता र जनअनुमोदन विमुख, र राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा अस्वीकृत अवस्था अहिलेको शासनका अन्य आधारभूत पहिचान हुन्।

सन् २००५ मा राजाको शासनद्वारा चालिएका कदमहरूबाट न्यायपालिकाको सर्वोच्चतामा आघात पुग्यो। *(यससम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद : तीन "न्यायपालिका")* दृष्टान्तहरूले देखाएका छन्, यसबीच स्वतन्त्र, निष्पक्ष एवम् प्रभावकारी न्यायपालिका तथा नेपाल अधिराज्यको संविधान २०४७ ले व्यवस्था गरेको संवैधानिक सर्वोच्चताको मर्म र भावना अनुरूप व्यवहार हुन सकेन।

वर्तमान शासनका यस्ता चरित्रहरू प्रजातान्त्रिक मूल्य र मान्यताविपरीत छन्, जसले नागरिकका आधारभूत स्वतन्त्रताहरूलाई नकारेका छन्। यस्ता चरित्रहरू समानता, समझदारी र सामाजिक सद्भावविरुद्ध लक्षित छन् र राज्यका तर्फबाट प्रोत्साहित असमान व्यवहार, वितरण र उपभोगलाई बलियो बनाउने तथा सामाजिक सद्भावलाई राष्ट्रवादको नाराका आधारमा राज्य संयन्त्रहरूको दुरुपयोगका माध्यमबाट तहसनहस गर्नेतर्फ सक्रिय छन्। लोकप्रिय अभिमत त्यतिबेला झल्कन्छ, जतिबेला जनता नै शासनको

---

४. पूर्ववत्: पृ. २३

सर्वेसर्वा हुन्छन्। तर, राज्यका सञ्चार, सुरक्षा एवम् अन्य आर्थिक तथा प्रशासनिक संयन्त्रहरूको दुरूपयोगका आधारमा राजाको प्रायोजित भ्रमण र सम्मानका आधारमा लोकप्रियता परिभाषित गर्नेतर्फ सक्रिय रह्यो। लोकप्रिय अभिमतको सम्मान नभई प्रायोजित सम्मानलाई वर्तमान शासनप्रतिको जनसमर्थनका रूपमा अर्थ्याउने र त्यसकै बलमा सफल शासनको प्रचार गर्ने रणनीति अवलम्बन गरिएको देखिन्छ।

०६१ माघ १९ पछि बहुलवाद र नागरिक प्रशासनका आधारभूत मापदण्डहरूको उल्लंघन गरिएको छ। बहुलवादी सामाजिक अभ्यासलाई राज्यपोषित समूह र संयन्त्रमार्फत् प्रहार गर्ने तथा नागरिक प्रशासनलाई हतोत्साही बनाउनेतर्फ वर्तमान शासन केन्द्रित देखियो। मानवअधिकारको व्यापक र नियोजित हननले मानव असुरक्षा वृद्धि गरेको मात्र नभई द्वन्द्वको शान्तिपूर्ण समाधानका सम्भावनाहरूलाई बेवास्ता गरेको छ। संवैधानिक सर्वोच्चता र कानुनको शासन राजाको सर्वोच्चता र शाही आदेशको शासनद्वारा विस्थापित छ।

४. कल्याणकारी राज्यको अवधारणा र माघ १९

शाही घोषणाका कतिपय वाक्यहरूले नेपाल साँच्चिकै लोककल्याणकारी राज्यको रूपमा अगाडि आएको सन्देश दिन खोजेका छन्। तर, के अवस्था त्यस्तै छ त ? जहाँ प्रजातन्त्र छैन, जहाँ नागरिक तथा राजनीतिक अधिकारहरूको व्यापक कटौति गरिएको छ र आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारहरूप्रति बेवास्ता गरिएको छ, त्यस्तो अवस्थामा कल्याणकारी कदमहरू कसरी अगाडि बढ्न सक्छन् ? लोककल्याणकारी राज्यका विभिन्न परिभाषाहरूमा मत-विमत रहेको भए तापनि कम्तिमा तीन तत्वहरूका आधारमा यसको पूर्वावस्था निर्धारण गरिएको पाइन्छ। पहिलो, सरकारले आर्थिक विकासलाई प्रवर्द्धन गर्नुपर्छ। दोश्रो, यसका नागरिकका अधिकारहरूको रक्षा हुनुपर्छ। तेश्रो, सरकारले सामाजिक एकता र आधारभूत सुरक्षाको सम्बर्द्धन गर्नुपर्छ।[५] तर, के शाही कदमपछि नेपालमा यस्तै अवस्था छ त ? यसबीच देशले न आर्थिक विकास गर्न सकेको छ न त नागरिकका अधिकारहरूको रक्षा नै भएको छ। बरु, आर्थिक संकट र अधिकार हननको डरलाग्दो परिस्थितिले थप जटिलता सृजना गरेको छ। सामाजिक असुरक्षाका कारण आपसी सम्बन्ध र सांस्कृतिक एकताका आधारहरूमा व्यवधान खडा भएको छ। राज्यका सुरक्षाकर्मीहरूद्वारा भएको मानवअधिकार तथा मानवीय कानुनको हननका कारण असुरक्षा भन्ने बढेको छ। अहिले न उल्लेखित तीन तत्वहरू व्यवहारमा छन् न त विद्यमान राजनीतिक, आर्थिक र सामाजिक संयन्त्रहरूका आधारमा त्यस्तो पूर्वावस्था हासिल भएको पाइन्छ।

५. प्रतिबद्धतामा माघ १९

राजाका प्रतिबद्धताहरू मात्र हेर्ने हो भने यस्ता शब्दहरू देशमा प्रजातान्त्रिक व्यवस्थालाई सुदृढ र संवैधानिक राजतन्त्रलाई मर्यादित बनाउने उद्देश्यले आएका हुन् कि भन्ने भ्रम पर्न जान्छ। "संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र नै सबै नेपालीको अटल विश्वास तथा अपरिवर्तनीय प्रतिबद्धता भएको तथ्यसँग हामीले आफूलाई आत्मसात गरेका छौं। शक्तिको केन्द्रीकरण प्रजातान्त्रिक मूल्य विपरीत हो भन्ने हाम्रो ठहर छ।" ०६१ माघ १९ को शाही घोषणाको बुँदा ५ ले नेपाल अधिराज्यको संविधान २०४७ का अपरिवर्तनीय व्यवस्थाहरू - संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र - आत्मसात गरेको मात्र होइन, बहुदलीय प्रजातन्त्रको सुदृढीकरणमा बाधक बन्ने शक्तिको केन्द्रीकरणलाई पनि नकारेको छ। त्यसैगरी माघ १९ को कदम देशलाई थप संकटबाट जोगाउन संवैधानिक दायित्वअन्तर्गत चालिएको र बहुदलीय प्रजातन्त्र, मानवअधिकार र कानुनको शासनप्रतिको आफ्नो पूर्ण प्रतिबद्धता रहेको धारणा राजाबाट अन्तर्राष्ट्रिय मञ्चहरूमा व्यक्त गरिएको छ।[६]

मानवअधिकारका सन्दर्भमा व्यक्त गरिएका प्रतिबद्धताहरू पनि आत्मकेन्द्रित देखिन्छन्। व्यवहार जेसुकै देखिए पनि माघ १९ को शाही घोषणाले मानवअधिकारको सम्मान र संरक्षणमा राज्यका सबै अंगहरू विशेषरूपमा सतर्क र सजग रहनुपर्ने[७] कुरामा जोड दिएको छ। "मानवअधिकारको सम्मान र रक्षाले प्रजातान्त्रिक मूल्यको संरक्षण तथा प्रवर्द्धन गर्ने मात्र हैन, २१ औं शताब्दी सुहाउँदो जीवन प्रणाली र सभ्यताको पनि विकास हुन्छ भन्ने हाम्रो विश्वास छ।" बुँदा १३ को यो प्रतिबद्धताले मानवअधिकार रक्षाको मात्र नभई २१ शताब्दीको मानवअधिकारयुक्त जीवन प्रणाली र सभ्यताको समेत वकालत गरेको देखिन्छ।

शाही घोषणामा स्वतन्त्र सञ्चार क्षेत्रलाई प्रजातन्त्रको चेतना बृद्धि गर्ने माध्यमका रूपमा उल्लेख गर्दै शासन शैलीसँगै जीवन पद्धतिलाई नै प्रजातान्त्रिक मूल्य र आदर्शबाट प्रेरित बनाउन यसले सशक्त योगदान दिने

---

५. स्पिकर, पउल: दि वेलफेयर स्टेट: अ जनरल थ्योरी; लण्डन : सेज पब्लिकेसन्स, २०००; पृ. १३६-१३८

६. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट जकार्तामा आयोजित एसियाली-अफ्रिकी शिखर सम्मेलनमा बक्सेको सम्बोधन": www.nepalmonarchy.gov.np/message/message_nepali.php पुस ७, ०६२ मा हेरिएको

७. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट २०६२ साल माघ १९ गते बुधबार राष्ट्रको नाममा बक्सेको शाही घोषणा": www.nepalmonarchy.gov.np/message/message_nepali.php पुस ७, ०६२ मा हेरिएको

शाही घोषणा : २०६१

प्यारा देशबासीहरु,

१. श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट प्रारम्भ गरिबक्सेको एकीकरण अभियानबाट निर्माण भएको नेपाल अधिराज्यमा लोकसम्मतिको आधारमा शासन व्यवस्था चलाउन हाम्रा पूर्वजहरूबाट ऐतिहासिक महत्वका क्रान्तिकारी पाइलाहरू चालिबक्सेर देश र जनतालाई उज्वल भविष्यप्रति आलोकित गरिबक्सेको सर्वविदितै छ। नेपालको एकीकरण, प्रजातान्त्रिकरण र आधुनिकीकरणको प्रत्येक मोडमा नेपाली जनता र राजा दुवै मिलेर निर्णायक भूमिका खेलेको इतिहास स्वयम् साक्षी छ।

२. आज जनचाहनाबमोजिम देश र जनताका लागि शान्ति पुन:स्थापना गरी बहुदलीय प्रजातन्त्रको रक्षाका लागि फेरि एकपटक ऐतिहासिक निर्णयको घडीमा हामी आइपुगेका छौं। हत्या, हिंसा र विध्वंसले देशलाई विनाशको भिरालोमा पुऱ्याउँदा पनि, देश र जनताको नाममा राजनीति गर्नेहरूले देश र जनताको हितप्रति आँखा चिम्लिन छाडेनन्। सत्ताको लागि हानाथाप, सत्ता पाएपछि राज्य संयन्त्रको दुरुपयोग तथा देश र जनताको मूल्यमा व्यक्तिगत वा समूहगत स्वार्थ पूरा गर्ने प्रतिस्पर्धाले परिस्थिति निरन्तर बिग्रने क्रम चली नै रह्यो। राजनीतिको नाममा कानुनी राज्यको सर्वमान्य मर्यादा पनि भंग गर्ने प्रयासहरू भए। बहुदलीय प्रजातन्त्रको सार्थक अभ्यासद्वारा हाम्रा प्यारा जनताले सामाजिक, राजनीतिक एवम् आर्थिक न्याय पाउन् भन्ने हाम्रो चाहनाले मूर्त रुप लिन सकेन। जनहितमा निर्माण गरिएका विकासका पूर्वाधारहरूसमेत ध्वस्त पार्नेजस्ता देश र जनविरोधी अपराधहरू निरन्तर बढ्दै गए। आतंकवाद विरुद्ध सम्पूर्ण प्रजातान्त्रिक शक्तिहरू संगठित रुपमा प्रस्तुत हुनुपर्नेमा सत्ताको हानाथापमा लागेर सोझा कार्यकर्ताहरूलाई जनहितका लागि बनेका सुविधाहरू ध्वस्त पार्न उक्साउनुमा नै नेताहरूले राजनीतिको नाम दिन थाले। यसरी निरन्तर बिग्रँदै गएको अवस्थामा आतंककारी गतिविधिमा पूर्णविराम लगाएर शान्ति सुरक्षाको पुन:स्थापनाद्वारा जनचाहना पूरा गर्ने संकल्प लिनुपरेको छ।

प्यारा देशवासीहरू,

३. प्रजातन्त्र र प्रगति एकअर्काको परिपूरक हुन्। तर नेपालको विगत केही वर्षको तीतो अनुभवले यसलाई असंगति सावित गर्ने चेष्टा गऱ्यो। सत्ताको लागि केन्द्रीत राजनीतिमा नै अलमल्याएर बहुदलीय प्रजातन्त्रलाई अवमूल्यन गरियो। सरकार टिकाउने र फाल्ने होडमा संसद्‌मा विकृतिहरू भित्र्याइयो। कुनै पनि प्रतिनिधिसभालाई आफ्नो अवधि पूरा गर्न दिइएन। प्रजातान्त्रिक प्रक्रिया बेथितीको निरन्तरताले अवरुद्ध हुन थाल्यो। जनताको आशा भंग गर्ने, भरोसा भत्काउने र प्रजातन्त्रमा नै वितृष्णा फैलाउने क्रम बढ्दै गयो। चुनाव गराउन नसकेपछि कसैप्रति पनि उत्तरदायी हुनु नपर्ने अप्रजातान्त्रिक सरकारको अभ्यास सुरु गर्ने तारतम्य मिलाउन खोजियो। जनप्रतिनिधिहरूको शून्यता सृजना गर्न सबै दलहरू

लिखितरुपमा एकजुट भए, तर यो शून्यता हटाउन मिलेर काम गर्न भने सहमत भएनन्। राजनीतिक दलहरूको संलग्नता र सहमतिमा भएको जनप्रतिनिधित्व विनाको शासन व्यवस्थाको चाँजोपाँजो जनचाहना तथा बहुदलीय प्रजातन्त्रको मर्यादा अनुकूल थिएन। त्यसैले शीघ्रातिशीघ्र जनप्रतिनिधित्व प्रणालीलाई क्रियाशील तुल्याउने उद्देश्यले प्रजातन्त्रमा निष्ठा राख्ने सबैलाई हामीबाट आव्हान गरेका थियौं। आम जनता, जेठा नागरिकहरू, नागरिक समाजका प्रतिनिधिहरू तथा राजनीतिक दलका नेताहरूलाई पटक-पटक भेटेर जनमत बुझ्ने र जनचाहना तथा देशको आवश्यकता सम्झाउने प्रयास पनि गरिएकै हो। नेपाल र नेपाली जनताले भोग्नु परिरहेको अशान्ति र ध्वंसात्मक गतिविधिको अन्त्य गरी देशलाई शान्तिपूर्ण अवस्थामा फर्काउन अब ढिलो गर्नु हुँदैन भन्ने नेपाली जनता र नेपालका हितैषीहरूको एकमात्र चाहना भएको तथ्य पनि सम्झाइएकै हो। शान्ति सुरक्षा कायम गरी आमचुनाव गराउन विभिन्न राजनीतिक दलहरूका नेताहरूलाई कार्यकारिणी अधिकारसहित मन्त्रिपरिषद् गठन गर्ने अवसरहरू पनि पटक-पटक दिइएकै हो। तर परिस्थितिमा सुधार आउन सकेन। मिलेर सरकार नचलाउने, सत्ताबाहिर जानेबित्तिकै सरकारको विरोधमा उत्रने संक्रामक रोगले राष्ट्रिय राजनीतिलाई सिकिस्त बनायो। प्रजातन्त्रसमक्ष आतंकवादले तेर्साएको एकदलीय निरंकुशताको चुनौतीलाई निस्तेज तुल्याउने गम्भीर प्रयास हुनै सकेन। राष्ट्रिय सुरक्षाका विषयमा हलुका टिप्पणी गर्ने बानी हटेन। देश र जनताको सुरक्षाका लागि रातदिन क्रियाशील रहने सुरक्षा निकायहरूका कर्तव्यनिष्ठ अधिकारी तथा जवानहरूको देशभक्तिको सत्प्रयासमा बल पुऱ्याउने जिम्मेवारपन राजनीतिक दलहरूमा देखिएन। देश र जनताविरुद्ध चलिरहेको विनाशको दुष्कर्मलाई सदाको लागि अन्त्य गर्न बहुदलीय प्रजातन्त्रवादीहरूबीच देशहितको विन्दुमा निष्ठापूर्ण एकता कायम हुन सकेन। दलहरूले जनचाहनाअनुसार राष्ट्रिय प्राथमिकता ठम्याउन पनि सकेनन्।

४. नेपाली जनताले इतिहासमा यस्तो आतंक, सास्ती र शोषण कहिल्यै भोग्नुपरेको थिएन। अपराधीहरूबाट नै दण्डित हुनुपर्ने, आफ्नो वैध सम्पत्ति अपराधीहरूले कब्जा गर्दा

पनि, निर्दोष बालबालिका, महिला र वृद्धहरूको निर्मम हत्या गर्दा पनि जनताको नाममा सत्तामा पुगेकाहरूबाट संरक्षण पाउन नसक्ने, जनताको प्रतिनिधित्व गर्छु भन्ने दलहरू जनताको पक्षमा नउभिने दुरावस्था कुनै पनि प्रजातन्त्रले कहिल्यै पनि भोग्नुपरेको थिएन। नेपाली जनताको चाहना र राष्ट्रहितलाई बेवास्ता गरी प्रायोजित भीडलाई अघि सारेर व्यक्ति वा झुन्डको दुराग्रहलाई राष्ट्रिय एजेन्डा बनाउन सकिँदैन। देश र जनताको भविष्यप्रतिको दायित्वबोधले धेरैपटक घच्घच्यायो। परिस्थिति एउटा यस्तो नाजुक मोडमा आइपुग्यो, जब देश र जनताको हितमा जनभावनाबमोजिम निर्णय लिन हामी वाध्य हुनैपर्‍यो।

प्यारा देशवासीहरू,

५. राजा र जनताबीचको घनिष्ट सम्बन्ध नै नेपालको स्वतन्त्रता, राष्ट्रिय एकता र निर्वाध सार्वभौमसत्ताको मुख्य कवच हो। देश र जनताको हितमा सदा समर्पित रहने राजसंस्था र देशभक्तिको संस्कार भएका जनता नै नेपाल अधिराज्यको इतिहासको गौरवमय अतीत हो, यही नै वर्तमान र भविष्य पनि हो। यही गौरवमय परम्पराको निरन्तरतामा लोकसम्मतिअनुसार चल्नु नै राजसंस्थाको अपरिवर्तनीय प्रतिबद्धता रहँदै आएको छ। अधिनायकवाद वा निरंकुशता शाहवंशीय राजतन्त्रात्मक संस्कारकै असंगति हुन्। सामाजिक न्यायमा हामी विश्वास गर्छौं। संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्र नै सबै नेपालीको अटल विश्वास तथा अपरिवर्तनीय प्रतिबद्धता भएको तथ्यसँग हामीले आफूलाई आत्मसात गरेका छौं। शक्तिको केन्द्रीकरण प्रजातान्त्रिक मूल्यविपरीत हो भन्ने हाम्रो ठहर छ। माथिल्लो तहदेखि तल्लो तहसम्म निर्वाचित जनप्रतिनिधिहरूका निकायहरूलाई शक्ति विकेन्द्रीकरणको सिद्धान्तअनुसार राज्य संचालनको सच्चा हकदार बनाएरमात्रै प्रजातन्त्रको सार्थक अभ्यास गर्न सकिन्छ भन्ने हामीलाई लाग्छ। कुनै पनि नेपालीले दु:खकष्ट भोग्नु नपरोस्, सबैले सामाजिक, आर्थिक र राजनीतिक न्याय निर्वाधरुपमा पाउन् भन्ने हाम्रो चाहना छ। शासन सञ्चालनमा आफ्नो चाहनाको पूर्ण मान्यता तथा आफ्नो हितको पूर्ण संरक्षण भएको अनुभूति जनताले सधैं गर्न पाउनैपर्छ भन्ने हाम्रो अडान छ। सबै देशभक्त प्रजातन्त्रवादीहरूको संयुक्त निर्क्योल, समझदारी र दूरदृष्टिबाट नेपाल अधिराज्यलाई परिपक्व प्रजातन्त्र र लोककल्याणकारी समाज निर्माणको फराकिलो राजमार्गमा उन्मुख गराउने हाम्रो चाहना छ। प्रजातन्त्रवादीहरूबीच राष्ट्रिय हितको मूल नीतिमा द्वन्द्व हुनै सक्दैन भन्ने हाम्रो ठहर छ।

६. नेपाल र नेपालीको हितका लागि दिगो शान्तिको पुन:स्थापना तथा सार्थक प्रजातन्त्रको अभ्यासबाहेक हाम्रो अरु कुनै स्वार्थ छैन। राजसंस्था सस्तो लोकप्रियताबाट होइन, नेपाल राष्ट्र र नेपाली जनताको सर्वोत्तम हित र निरन्तर उन्नतिबाट मात्रै निर्देशित रहन्छ। जनताको प्रभावकारी सुधारहरूको चाहनालाई सबैले सम्मान गर्नैपर्छ भन्ने हामीलाई लाग्छ। कसैलाई पनि आफ्नो असहमति व्यक्त गर्न, निराशा प्रदर्शन गर्न हतियार उठाउने वाध्यता महसुस गर्नु नपरोस्। जनताको शान्ति नखल्बलाइकन प्रभावकारी ढंगमा असहमति प्रदर्शन गर्ने अवसरको सुनिश्चितता होस् भन्ने हाम्रो चाहना छ। प्रजातन्त्रको निष्ठापूर्ण अभ्यास, सार्थक बजारमुखी अर्थतन्त्र, सुशासन, पारदर्शिता र भ्रष्टाचारमुक्त विधिको शासन नै जनताको स्पष्ट चाहना हो। प्रजातन्त्रको माध्यमबाट जनतालाई सुखी बनाउनु, युवा पुस्तालाई उज्ज्वल भविष्यप्रति आश्वस्त तुल्याउनु र नेपाललाई विश्व समुदायमा सम्मानपूर्ण स्थान दिलाउनु नै हाम्रो एकमात्र चाहना हो। हाम्रा सबै भाषा, सबै जाति, सबै संस्कृतिको समान उन्नतिबाट नै नेपाल अधिराज्यको विशिष्ट चाहना कायम रहन्छ, सुदृढ हुन्छ।

७. सार्वभौमसत्तानिहित नेपाली जनताको चाहनाबमोजिम देशमा सकेसम्म शान्ति सुरक्षा कायम गरी ०६१ सालभित्र प्रतिनिधिसभाको निर्वाचन प्रारम्भ गर्ने दायित्व निर्वाहको गम्भीर प्रयास हुन सकेन, मतदाताहरू र दलहरूलाई निर्वाचनमा सहभागी हुन तयार पारेर कानुनी, व्यवस्थापकीय, प्राविधिक तयारीमा जुट्नुपर्नेमा चुनावको शाब्दिक रट लगाएर, मौखिक तत्परता र आतुरता देखाउनमा नै समय खेर फालियो। राष्ट्रियता, राष्ट्रिय एकता र सार्वभौमिकता बचाउन, देशमा शान्ति सुरक्षा कायम राख्न, देशलाई कुनै कारणबाट पनि बिग्रँदो स्थितिबाट बचाउने जिम्मेवारी पनि हामीमा भएकाले नेपाल अधिराज्यको संवैधानिक रीतिथिती र हामीबाट प्रयोग भइआएको राजकीय सत्ताको प्रयोग गरिबक्सी नेपाल अधिराज्यको संविधान २०४७ को मर्म र भावनाअनुरुप संविधानको धारा २७ को उपधारा (३) लाई समेत विचार गरी देशमा शान्ति सुरक्षाको पुन:स्थापना तथा प्रजातान्त्रिक व्यवस्थालाई शीघ्र क्रियाशील तुल्याउने जनताको चाहना पूरा गर्न हामीबाट वर्तमान मन्त्रिपरिषद् आजैबाट विघटन गरिबक्सेका छौं। अब गठन हुने मन्त्रिपरिषद् हाम्रै अध्यक्षतामा हुनेछ। आगामी ३ वर्षभित्र देशमा शान्ति सुव्यवस्था मिलाई प्रभावकारी सुधारहरू गरेर बहुदलीय प्रजातन्त्रलाई पुन: सक्रिय तुल्याउन अब गठन हुने मन्त्रिपरिषद् प्राथमिकताका साथ लाग्नेछ।

प्यारा देशवासीहरू,

८. सार्थक बहुदलीय प्रजातन्त्र नै जनताको प्रभावकारी शासन प्रणाली हो। सफल प्रजातन्त्र नै सक्कली जनवाद हो। यस्तो जनहितकारी, परिपक्व एवम् सुसंस्कृत र सभ्य व्यवस्थालाई खल्बलाएर, निर्दोष जनतालाई आतंकित तुल्याएर, जनतालाई त्रसित पारी जबर्जस्ती चन्दा संकलन गरेर, असहमत हुनेहरूको निर्मम हत्या गरेर, विद्यार्थीहरूलाई अपहरण तथा गुरुहरूलाई पाशविक व्यवहार गरेर, सीधा जनतालाई झूठो आश्वासन र सपना बाँडेर, जनताको हितमा बनेका विकास योजनाहरू ध्वस्त पारेर चलाइएको देश र जनताविरोधी अपराधहरू अब बन्द हुनैपर्छ। अब यस्ता देश र जनताविरोधी अपराधहरूलाई कानुनबमोजिम कडा कारवाही गरिनेछ। हाम्रा सुरक्षाकर्मीहरूलाई देश र जनताको हितमा अझै बढी सशक्त भई आतंकवाद समाप्त गरी शान्ति सुरक्षा पुन:स्थापना गर्न खटाइएको छ। मानवअधिकारको सम्मान र संरक्षणमा राज्यका सबै अंगहरू विशेषरुपमा सतर्क र सजग रहनुपर्छ। तर राज्य र आतंककारीलाई एउटै तराजुमा तौलिनु न्यायोचित हुँदैन। *प्रजातन्त्रमा विश्वास गर्ने सबै शान्तिप्रेमी नेपाली जनताले* शान्ति सुरक्षा कायम गर्ने कार्यमा सुरक्षाकर्मीहरूलाई साथ दिएका छन् र दिने नै छन्।

९. बाटो बिराएर देश र जनताविरुद्ध हतियार उठाएका, शान्ति र प्रजातन्त्रविरुद्ध आपराधिक कार्यमा संलग्न रहेकाहरूलाई हतियार बुझाएर शान्तिपूर्वक राष्ट्रिय राजनीतिको मूलप्रवाहमा समाहित हुन हामी आव्हान गर्छौं। देशभक्तिको मिलनबिन्दुमा आफ्नो विचार मुखरित गर्न, आकांक्षा पूरा गर्न तथा देश र जनताको हितमा योगदान दिनसक्ने अवसरको सुनिश्चितता नै बहुदलीय प्रजातन्त्रको विशेषता हो। यो मौकाको उपयोग गरी राष्ट्रिय राजनीतिको मूल प्रवाहमा आउनेहरूका लागि राज्यका तर्फबाट सबै नागरिकसरह अवसर र अधिकार बिना भेदभाव प्राप्त हुने आश्वासन दिन चाहन्छौं। देश र जनताविरुद्ध आतंककारी गतिविधि कायमै राखेमा जनताले सहने छैनन्, कानुनले छाड्ने छैन।

प्यारा देशवासीहरू,

१०. आतंकवाद विरुद्ध नेपालको संकल्पलाई सराहना गर्दै उदारतापूर्वक साथ दिइरहेका मित्रराष्ट्रहरू, विकास प्रयासहरूलाई अगाडि बढाइराख्न सहयोग गरिरहेका अन्तर्राष्ट्रिय दातृ तथा वित्तीय संस्थाहरूलाई हामी धन्यवाद दिन चाहन्छौं। भौगोलिक रुपमा परिभाषित हुनै नसक्ने आतंकवादको जोखिमलाई आज विश्व प्रजातन्त्रले समेत भोग्नुपरेको छ। वास्तवमा सानो देश जति सुरक्षित रहन्छ, जति स्थायित्व अनुभव गर्छ, जति सम्पन्न हुन्छ, त्यति नै त्यस क्षेत्र र स्वयम् विश्वको सुरक्षा, स्थायित्व र सम्पन्नता सुनिश्चित हुन्छ भन्ने अनुभूति विश्व समुदायले गरी नै सकेको छ। यसै अनुकूल नेपाल आफ्नो हितमा र विश्व प्रजातन्त्रको हितमा आतंकवादलाई निस्तेज तुल्याउन कटिबद्ध भएको छ। नेपाल आफ्नो लागि शान्ति चाहन्छ, छिमेकीहरू र दक्षिण एसियाको लागि शान्ति चाहन्छ, विश्व शान्तिमा टड्कारो भइसकेको जोखिम हटाउन शान्ति चाहन्छ।

११. यसै क्रममा, बहुदलीय प्रजातन्त्रमा हाम्रो प्रतिबद्धता अपरिवर्तनीय रहेको तथा आर्थिक र संस्थागत सुधारहरू जारी रहने, सार्वजनिक खर्चको उपयोग तथा सार्वजनिक सेवा प्रणालीमा सुधारका प्रयासहरू अझै प्रभावकारी ढंगमा कायमै राखिने, बैंकिङ अनुशासन पुनर्बहाली गरिने, गरिबी न्यूनीकरणसम्बन्धी रणनीति तथा भ्रष्टाचारविरुद्ध प्रभावकारी कदम चालिने कुरा पनि उल्लेख गर्न चाहन्छौं। दिगो विकास अब नेपालको राष्ट्रिय एजेन्डा भएको छ। अब जनताको सुरक्षा र प्रजातन्त्रको भविष्यलाई जोखिममा पार्न दिइने छैन। नेपाल विरुद्ध वा मित्रराष्ट्र विरुद्ध आतंकवादलाई नेपाली माटोमा आश्रय दिइने छैन। मित्रराष्ट्रहरुसंग वास्तविक र व्यावहारिक रुपमा आपसी हितका लागि सकारात्मक सम्बन्धमा जोड दिइनेछ।

१२. निरन्तर झाँगिदै गएको भ्रष्टाचारले राजनीति र प्रशासनलाई दूषित बनाएको मात्र होइन, प्रगतितर्फ अग्रसर हुनुपर्ने देशको पाइला पनि अवरुद्ध पारेको छ। भ्रष्टाचार हाम्रो समाजका लागि धमिरा सिद्ध भइसकेको छ। परिणामस्वरुप कानुनमा आम जनताको विश्वास धरमराउन थालेको छ। यसले जनताको चाहना र सुशासनको प्रमुख आवश्यकता पूरा गर्न न्यायको सिद्धान्त उल्लंघन नहुने गरी भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी कदम अविलम्ब चालिनेछ।

१३. प्रजातन्त्र जीवनशैली बनोस्, राजनीति प्रजातान्त्रिक मूल्य र मान्यताबमोजिम चलुन्, सबैले सबै क्षेत्रमा प्रजातान्त्रिक विचार पद्धतिलाई इमानदारीपूर्वक अनुशरण गरुन्, देश र जनताको हितले मात्रै सबैलाई सधैं निर्देशित गरोस् भन्ने नै हाम्रो चाहना हो। शान्तिपूर्ण वातावरणमा प्रजातान्त्रिक मूल्यहरूलाई जीवन्त तुल्याएर एक उन्नतिशील एवम् विश्व समुदायमा सम्मानित नेपाल नै सबै नेपालीहरूको भविष्यको परिकल्पना हो। मानवअधिकारको सम्मान र रक्षाले प्रजातान्त्रिक मूल्यको संरक्षण तथा प्रवर्द्धन गर्नेमात्र होइन, २१ औं शताब्दी सुहाउँदो जीवन प्रणाली र सभ्यताको पनि विकास हुन्छ भन्ने हाम्रो विश्वास छ।

प्यारा देशवासीहरू,

१४. हामीबाट गरिबक्सेको निर्णयबाट जंगी, निजामती र कुनै पनि राष्ट्रसेवकले आफ्नो जिम्मेवारी, काम र कर्तव्यबाट विचलित हुन वा अलमलिनु पर्दैन। आज नेपाल र नेपालीको भविष्यको लागि सर्वप्रथम हामी आफैंले कम्मर कसी अघि बढ्नुपरेको छ। स्वतन्त्र सञ्चार क्षेत्र प्रजातन्त्रको चेतना वृद्धि गर्ने माध्यम हुन्। राष्ट्रिय हितको सम्वर्द्धनमा यसको विशेष भूमिका रहन्छ। शासनशैलीसँगै जीवनपद्धतिलाई नै प्रजातान्त्रिक मूल्य र आदर्शबाट प्रेरित बनाउन सञ्चारमाध्यमले सशक्त योगदान दिनेछन् भन्ने हामीले विश्वास लिएका छौं। यसै कुरालाई मनन गरेर बहुदलीय प्रजातन्त्रमा निष्ठा राख्ने सबैले आ-आफ्नो कर्तव्य पालन गर्नेछन् र सबै देशवासीहरूको साझा प्रयासबाट जनताको चाहना र देशको आवश्यकता पूरा हुनेछ भन्ने हामीबाट पूर्ण विश्वास लिएका छौं।

१५. आज देशले स्पष्ट अठोट गरेको छ। यस अनुकूल निर्णय पनि भएको छ। अशान्ति, असुरक्षा र द्वन्द्वग्रस्त अवस्थालाई बिसाएर देशले प्रजातन्त्र र प्रगतिको पक्षमा अग्रसर हुन पाइला सारेको छ। देश आतंकवादको चपेटामा परेको बेलामा सम्पूर्ण शान्ति तथा प्रजातन्त्रप्रेमी जनता एक हुनैपर्छ। यसैले अब हामी सामूहिक विवेकबाट प्रभावित हौं, राष्ट्रिय दृष्टिकोणबाट परिचालित हौं। देश र जनताको शान्ति सुरक्षामा खलल पार्ने, प्रजातन्त्रलाई सार्थक बनाउने प्रयासमा छेकबार हाल्ने दुष्प्रयासलाई देश र जनताले सहने छैनन्। तर उदारताको नाममा हामीले हाम्रो जीवनपद्धतिको उच्चतम पक्ष अनुशासनलाई कहिले पनि बिर्सनु हुँदैन। एक्काइशौं शताब्दीको विचारपद्धति पनि यही नै हो। नेपालप्रति न्याय गर्न नसक्ने, जनताको सामूहिक विवेकमा विश्वास गर्न नसक्ने र शान्तिको पक्ष लिन नसक्नेलाई मातृभूमिको भार लाग्छ भन्ने कुरा हामी फेरि दोहोऱ्याउन चाहन्छौं।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरुन्।
जय नेपाल !
०६१ माघ १९

विश्वास लिइएको छ।[८] तर त्यसका लागि स्वतन्त्र सञ्चार क्षेत्रप्रति राज्यको व्यवहार र यसले अवलम्बन गर्ने नीतिका बारेमा भने घोषणा मौन छ। सञ्चार क्षेत्रबाट अपरिभाषित भूमिकाको अपेक्षा त गरिएको छ तर राज्यको भूमिकाको मार्गचित्र औंल्याउने प्रयत्नसम्म गरिएको छैन।

प्रजातान्त्रिक शासनकालमा राज्य संचालनमा देखिएका कमजोरीहरू र विद्यमान सशस्त्र द्वन्द्वलाई आधार मानेर शाही घोषणाले आफ्नो औचित्य पुष्टि गर्न खोजेको देखिन्छ। "आतंकवादको आक्रमण" र "जनताबाट विमुख राजनीति"ले देशमा अस्थिरता बढाउँदै लगेको र प्रजातन्त्रको भविष्य नै जोखिममा पारेको कुरा ५५ औं प्रजातन्त्र दिवसका अवसरमा राजाद्वारा देशबासीका नाममा दिइएको सन्देशमा उल्लेख छ। तर, उल्लेखित दुई पृष्ठभूमिमा प्रजातन्त्रमाथिको जोखिमको श्रोत के हो र यसलाई कसबाट कसरी उपयोग गरियो भन्ने तथ्य कोट्याउन सन्देशले चाहेको छैन। बरु यस्तो दुरावस्थाबाट देश र बहुदलीय प्रजातन्त्रलाई सुरक्षित तुल्याउन माघ १९ को कदम चाल्नुपरेको तर्क गरिएको छ।

निर्वाचनको कार्यसूची अर्को आधारभूत सवाल हो, जसलाई देखाएर सन् २००५ भरि शाही कदमको औचित्य पुष्टि गर्न खोजियो। माघ १९ को घोषणा र त्यसयताका अन्य सन्देशहरूमा देशमा तीन वर्षभित्र शान्ति सुव्यवस्था मिलाई प्रभावकारी सुधारहरू गरेर बहुदलीय प्रजातन्त्रलाई पुनः सक्रिय तुल्याउन प्राथमिकता दिइने कुरालाई प्रमुखताका साथ उठाइएको छ। "शान्तिसुरक्षाको स्थिति अनुकूल हुँदै गएको परिप्रेक्ष्यमा प्रजातान्त्रिक प्रकृयालाई सक्रिय बनाउने दिशामा अघि बढ्न ढिलो गर्नु हुँदैन। यसैले बालिग मताधिकारको आधारमा जनताद्वारा निष्पक्ष निर्वाचनबाट चुनिएका प्रतिनिधिहरूले देशको शासन सञ्चालन गर्ने बहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई सशक्त बनाउन यसै वर्षभित्र स्थानीय निकाय अन्तर्गतको महानगरपालिका, उपमहानगरपालिका र नगरपालिकाहरूको निर्वाचन सम्पन्न गराउन हामीबाट निर्वाचन आयोगलाई हुकुम बक्सेका छौं।" नववर्षको उपलक्ष्यमा ०६२ वैशाख १ मा देशबासीका नाममा दिइएको सन्देशले शाही कदमपछि शान्ति सुरक्षाको स्थितिमा सुधार आएको निष्कर्षसमेत निकालेको छ। त्यतिमात्र होइन, शाही कदमको आठ महिनापछि अर्थात् ०६२ कार्तिक २३ सम्म आइपुग्दा "देशभक्त नेपालीहरूको कटिबद्धताले परिस्थितिलाई अनुकूल बनाउँदै मर्यादित, स्वच्छ र धाँधलीरहित ढंगमा चुनाव सम्पन्न गरी सार्थक बहुदलीय प्रजातन्त्रको अभ्यास सुरु गर्ने प्रकृया सुरु हुनु सबै प्रजातन्त्रवादीहरूको लागि सन्तोषको कुरा भएको" र "यो प्रकृयालाई सफल पारेर मात्रै नेपाल अधिराज्यको संविधान २०४७ प्रतिको निष्ठा प्रमाणित हुनसक्ने"[९] तर्क गरियो।

शाही सन्देशहरूमा शान्ति, देशभक्ति, प्रजातन्त्र र निर्वाचनका कार्यसूचीलाई निरन्तररूपमा उठाइएको छ। "शान्ति बिना जननिर्वाचित व्यवस्था सक्रिय हुन नसक्ने, देशभक्तिलाई मिलन विन्दु नबनाई शान्ति कायम हुन नसक्ने तथा देश र जनताप्रति उत्तरदायी आचरण बिना राष्ट्रिय सम्मान र प्रजातन्त्रको रक्षा हुन नसक्ने पाठ देशले चर्को मूल्य तिरेर अब सिकिसकेको छ।" संविधान दिवसका अवसरमा दिइएको सन्देशमा उल्लेख गरिएको छ।

प्रजातन्त्रको निष्ठापूर्ण अभ्यास, सार्थक बजारमुखी अर्थतन्त्र, सुशासन, पारदर्शिता र भ्रष्टाचारमुक्त विधिको शासन नै जनताको स्पष्ट चाहना भएको र प्रजातन्त्रको माध्यमबाट जनतालाई सुखी बनाउनु, युवापुस्तालाई उज्ज्वल भविष्यप्रति आश्वस्त तुल्याउनु र नेपाललाई विश्व समुदायमा सम्मानपूर्ण स्थान दिलाउनु नै राजाको एकमात्र चाहना भएको माघ १९ को शाही घोषणामा उल्लेख छ।[१०] राजाद्वारा ०६२ असार १ मा दोहामा सम्पन्न विकासशील राष्ट्रहरूको दोस्रो दक्षिण शिखर सम्मेलनमा व्यक्त गरिएको थियो, "प्रजातन्त्र सर्वमान्य आकांक्षा हो। त्यस्तै आकांक्षा स्वतन्त्रता र मानवअधिकार पनि हुन्। दक्षिण-दक्षिण सहयोगसम्बन्धी हालैका प्रतिवेदनहरू हेर्दा उल्लेखित मूल्यमान्यताका सर्त हुन्छन् भन्ने भान पर्छ तर यथार्थमा त्यो होइन। कुनै पनि राजनीतिक प्रणालीमा उपरोक्त विषयहरूलाई हामीले बुद्धिमत्तापूर्ण तरिकाले यकिन गरी वर्गीकरण गर्न जरुरी छ। मूल्यहरूको अवमूल्यन गर्ने वा त्यसप्रति विरोधाभास देखाउने कुनै पनि सरकारी वा गैरसरकारी संस्थापना वैधानिक हुन सक्दैन।" माघ १९ को कदमप्रति लक्षित गर्दै त्यसलाई यस्तै मूल्यहरूको संरक्षणका लागि चालिएको कदमका रूपमा परिभाषित गरिएको छ।

यसरी शाही घोषणा र सन्देशहरूमा प्रजातन्त्र, मानवअधिकार, स्वतन्त्रता र शान्तिजस्ता शब्दहरूको भरपूर प्रयोग गरिएको छ। शक्तिको विकेन्द्रीकरण अर्को महत्वपूर्ण शब्दावली हो, जसलाई राजाद्वारा पटक-पटक उल्लेख गरिएको पाइन्छ। संवैधानिक राजतन्त्र र बहुदलीय राजनीतिक अभ्यास, स्वतन्त्र सञ्चार माध्यम तथा मानवअधिकारको रक्षालाई आधारभूत कार्यसूचीको रूपमा प्रस्तुत गरिएको छ।

---

८. पूर्ववत्

९. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवद्वारा संविधान दिवसको अवसरमा देशबासीका नाममा बक्स भएको सन्देश"; www.nepalmonarchy.gov.np/message/message_nepali.php पुस ७, ०६२ मा हेरिएको

१०. पाद टिप्पणी ७

६. प्रतिबद्धता र व्यवहार

भनाइ र गराइबीचको अन्तर्सम्बन्धका आधारमा मनशायको आँकलन गर्न सकिन्छ। राजाका प्रतिबद्धता र सन्देशहरू मूलतः आदर्शको चर्चामा आधारित छन्। यस्ता "आदर्श"का वाक्यहरू राजनीतिक दलहरू र देशमा चलिरहेको सशस्त्र द्वन्द्वका विपक्षमा कडा शब्दमा निन्दा गर्न केन्द्रित छन्। प्रजातन्त्रको आदर्शलाई व्यावहारिक कर्ममा हेर्नुको सट्टा नियन्त्रित निर्वाचन गराइछाड्ने एकसूत्रीय अभियानका लागि उपयोग गर्ने रणनीति अख्तियार गरिएको दृष्टान्तहरूले देखाएका छन्।

शक्तिको विकेन्द्रीकरणलाई प्राथमिकता दिइएको भनिएता पनि निरंकुशताका माध्यमबाट यसका आधारभूत मूल्यहरूमाथि प्रहार गरिएको छ। हुकुमका आधारमा नागरिक प्रशासन र राज्यका स्थानीय निकायहरूको संचालनका लागि कानुनमा संशोधन एवम् मनोनित गर्ने संस्कृतिलाई संस्थागत गर्न खोजिएको छ। सुरक्षा, विकास र राज्य संयन्त्रहरूको कार्यविधिमा आदेशलाई प्राथमिकता दिइएको छ भने समग्र राजनीतिक प्रणालीलाई निर्देशित स्वरूपमा ढाल्न खोजिएको छ। जनसहभागितामूलक शासन सञ्चालन विधिको सट्टा मनोनित सरकारको निरन्तरता छ। प्रधानमन्त्रीय शासन प्रणालीको अन्त्य भएको छ र संसदीय शासन प्रणालीको स्थान राजाको प्रत्यक्ष शासनले लिएको छ। क्षेत्रीय तथा अञ्चल प्रशासकहरूको नियुक्ति र कर्मचारी प्रशासनमा ठाडो हस्तक्षेप (*यससम्बन्धीमा थप जानकारीको लागि हेर्नुहोस् : परिच्छेद : तीन "कार्यपालिका"*) जस्ता राज्यका केन्द्रीकृत स्वरूप र ठाडो आदेशका अभ्यासले अधिकार प्रत्यायोजन र हस्तान्तरणजस्ता विकेन्द्रीकरणका माध्यमहरूलाइ कमजोर बनाएको छ। सामुदायिक सहभागिता र तल्लोतह माथिको निर्णय प्रकृयालाई मनोनित शासन र निर्देशित व्यवहारले निस्क्रिय बनाइदिएको छ। घोषणा र सन्देशहरूमा खुल्ला परिवेश, संवैधानिक राजतन्त्र र बहुदलीय अभ्यासलाई जोड दिइएता पनि निरंकुशता हावी छ, र बन्द शासनका माध्यमबाट जनताका मौलिक स्वतन्त्रता र आधारभूत अधिकार हननलाई संस्थागत गरिएको छ।

राज्यका अंगहरू मानवअधिकार रक्षामा सक्रिय हुनुको सट्टा त्यसको हननमा अगाडि देखिएका छन्। राजाको प्रतिबद्धता र सरकारी निकायहरू, त्यसमा पनि सुरक्षा निकायका क्रियाकलापहरू बिल्कुल विपरीत छन्। यहानेर स्मरणीय छ, प्रत्यक्ष शासनको अवस्थामा भएका मानवअधिकार हननको नैतिक जिम्मेवारी राजामाथि पर्ने भएकाले विश्व समुदायद्वारा माघ १९ गते यता यस सम्बन्धमा राजालाई नै सम्बोधन गर्दै आएको छ। मानवअधिकारको संरक्षणले एक्काइसौं शताब्दी सुहाउँदो जीवन प्रणाली र सभ्यताको विकास गर्ने कुरामा सिद्धान्ततः सहमति जनाउन सकिएला। तर त्यसको निर्धारण नागरिकले अनुभूत गर्ने व्यवहारमार्फत् हुनसक्छ। यस सन्दर्भमा वर्तमान शताब्दी सुहाउँदो जीवन प्रणाली र सभ्यता राज्यका तर्फबाट संस्थागत गरिएको व्यापक मानवअधिकार हननका कारण खतरामा परेको छ। स्वतन्त्र सञ्चारले जीवन पद्धतिलाई प्रजातान्त्रिक मूल्य र आदर्शबाट प्रेरित बनाउन सशक्त योगदान गराउने कुरामा दुईमत छैन। तर के शाही कदमपछि नेपाली सञ्चार माध्यमले यस्तो वातावरण पायो ? लगातारको व्यापक सरकारी नियन्त्रण र सञ्चार क्षेत्रमाथि भएका हस्तक्षेपहरूबाट नागरिक तथा राजनीतिक अधिकारहरूको अपहरण भएको छ। यसबीच नेपाली सञ्चार क्षेत्रलाई संकुचित पार्न राज्यले भरमग्दूर प्रयत्न गऱ्यो। शाही कदमपछिको नेपाल संसारमै सबैभन्दा बढी प्रेस स्वतन्त्रता हनन हुने राष्ट्रहरूको सूचीमा पर्न गयो।[११]

"आतंकवाद" र "जनताबाट विमुख राजनीति" का सन्दर्भमा दिइएका प्रतिक्रियाले केही प्रश्नहरू जन्माएका छन्। के हिंसा र आतंकको निरूपण गर्ने उपाय राजाको प्रत्यक्ष शासन हो त ? बहुदलीय प्रजातान्त्रिक अवधिमा देखिएका राजनीतिक दलहरूका कमजोरी र भ्रष्टाचारजस्ता समस्याहरूको समाधान सक्रिय राजतन्त्रमार्फत् मात्र खोज्न सकिन्छ ? एउटा हिंसाको अन्त्य निरपेक्षरूपमा प्रतिहिंसामार्फत् हुन सक्दैन। न त बहुदलीय व्यवस्थाको खुल्ला समाजमा बाहिर आएका खराब पक्षहरूको उपयुक्त निराकरण र सुधार निरंकुश शासनलाई विकल्प मानेर गर्न सकिन्छ।

शाही सम्बोधनहरूमा प्रजातन्त्रको निष्ठापूर्ण अभ्यास, सार्थक बजारमुखी अर्थतन्त्र, सुशासन, पारदर्शिता र भ्रष्टाचारमुक्त विधिको शासनको चर्चा गरिएको छ। तर, यसबीच प्रजातन्त्रविरुद्ध लक्षित कारवाही, नियन्त्रित र बन्द अर्थतन्त्र, राज्य संयन्त्रहरूको दुरूपयोग र अपारदर्शी अभ्यासका आधारमा मौलाउने भ्रष्टाचारलाई बढावा मिलेको देखिन्छ।

कमजोर संस्थागत स्वरूप, अदक्ष मानव संशाधन, अस्पष्ट सरकारी नीति र उपयुक्त अनुगमनको अभावका कारण अर्थतन्त्र संकटमा परेको बेला चालु सशस्त्र द्वन्द्वले थप जटिलता ल्याएको अवस्था छ। त्यसमाथि शाही कदमका कारण विच्छृंखलित राजनीतिक-आर्थिक अवस्था बजारमुखी अर्थतन्त्रका लागि गम्भीर चुनौती बनेको छ, जसले न "निजी क्षेत्रको विकासका लागि सहयोग गर्न र उत्पादित वस्तुहरूको निर्यातलाई प्रोत्साहित गर्न राज्यको बजारमुखी हस्तक्षेपका लागि क्षमता अभिवृद्धि"[१२] गरेको छ न त दिगो नीति

---

११. रिपोर्टर्स विदआउट बोर्डर्स: वर्ल्डवाइड प्रेस फ्रिडम इन्डेक्स २००५; फ्रान्स: २० अक्टोबर २००५

१२. मार्टिनुसेन, जोहन: सोसाइटी, स्टेट एण्ड मार्केट : अ गाइड टु कम्पेटिङ थ्योरिज अफ डेभलप्मेन्ट; लण्डन,जेड बुक्स लिमिटेड, १९९७; पृ. २७२

१९ माघपछि नेपालको शासनका प्रमुख चरित्र



निर्माणका लागि आवश्यक राजनीतिक वातावरणतर्फ पहल नै गरेको छ। प्रजातान्त्रिक संरचनाहरूको अभाव र अध्यादेशीय शासनको निरन्तरताका कारण सिंगो बजार अर्थतन्त्रको अन्यौलग्रस्त बन्न पुग्यो। सुरक्षाको गिर्दो अवस्थाका कारण बजार प्रणाली अस्थिर बन्न पुगेको छ। शाही कदमका यस्ता परिणामहरूले देशको अर्थतन्त्रलाई गम्भीररूपमा पछाडि धकेलेका छन्।

सुशासनको सवाल माघ १९ पछिको अर्को महत्वपूर्ण पक्ष हो, जसका बारेमा शाही सन्देशहरूमा प्रतिवद्धता व्यक्त गरिएको छ। तर सुशासन शव्दको प्रयोगको अभिष्ट राजाको कदमलाई प्रजातान्त्रिक व्यवस्थाको सुदृढीकरणका रूपमा व्याख्या गर्नु मात्र भएको देखिन्छ। जहाँ प्रजातान्त्रिक र सहभागितामूलक संस्थाहरूको अभाव छ, पारदर्शिता र उत्तरदायित्वजस्ता आधारभूत जिम्मेवारीबाट राज्य पक्ष पछि हटेको छ र समतामूलक नीतिको सट्टा विभेदकारी कानुन र अभ्यासहरूले प्रोत्साहन पाएका छन्, त्यहाँ सुशासन हात्तीको देखाउने दाँतझैं बन्नपुग्छ। सहभागिता, सहमति, उत्तरदायित्व, पारदर्शिता, जिम्मेवारीपन, प्रभावकारिता तथा कुशलता, समता तथा समावेशीकरण र कानुनको शासनको अनुशरण सुशासनका प्रमुख विशेपता हुन्। यस्तो विशेपतायुक्त शासनले भ्रष्टाचार कम गरिएको, अल्पसंख्यकहरूको विचारलाई ध्यान दिइएको र निर्णयको प्रकृयामा समाजका सबैभन्दा समस्याग्रस्त समूहहरूको आवाज सुनिएको अवस्था सुनिश्चित गर्दछ।[13] माघ १९ पछिको अवस्था हेर्ने हो भने न शासनका संरचनागत अवस्थाहरूमा न सुशासनका चरित्र देख्न सकिन्छ न त घोपित नीति र व्यवहारहरूले नै त्यसको प्रत्याभूति गर्न सकेका छन्। सामाजिक न्याय र पेशागत स्वतन्त्रताका सवालहरू ओझेलमा परेका छन्। पेसाकर्मीहरूको अधिकार कटौतीलाई प्राथमिकताको पहिलो सूचीमा राखिएको छ। राज्यका संयन्त्रहरूमा विद्यमान सांगठनिक संस्कृति तथा नागरिक प्रशासन सञ्चालन विधिका कमजोरीहरूको योगका कारण मात्र यस्तो भएको नभई शाही कदमपछिको सरकारी योजना नै यस्तो रहेको बुझ्न सकिन्छ।

नेपाल अधिराज्यको संविधान २०४७ ले सुशासनका लागि पारदर्शिताको अपरिहार्यता ग्रहण गर्दै त्यसका लागि आवश्यक वातावरणको स्पष्ट व्यवस्था गरेको छ। संविधानले खुल्ला समाज सुस्पष्ट अवधारणा अघि सारेको छ। संविधानमा सूचनाको हकको सुनिश्चितता छ, जसका माध्यमबाट पारदर्शिताका लागि उल्लेख्य योगदान पुऱ्याउन सकिन्छ। यदि संरचनाहरूले आशातीत प्रतिफल दिन सक्दैनन् भने उक्त अवस्था संवैधानिक व्यवस्थाहरूको मूल्य र भावनालाई अवलम्बन गर्न नसकेका कारण उत्पन्न भएको हो।[14] माघ

१३. युएनईएससीएपी, २००५, उद्धृत, अन्टिरोइको, आर-भेइक्को एण्ड वाल्कमा पेक्का: "गभर्नेन्स:" युनिभर्सिटी पार्टनरसिप फर इन्टरनेसनल डेभलप्मेन्ट: फिनिस डेभलप्मेन्ट नलेज; मम्पा. ओल्ली हेइटनेन: केल्सिङ्की: फिनल्याण्ड फ्युचर्स रिसर्च सेन्टर, टुर्कु स्कूल अफ इकोनोमिक्स एण्ड विजनेस एडमिनिस्ट्रेसन, २००५: पृ २७०

१४. पाण्डे, देवेन्द्रराज: करप्सन, गभर्नेन्स एण्ड इन्टरनेसनल कोअपरेसन: काठमाडौं: ट्रान्सपेरेन्सी इन्टरनेसनल नेपाल, २००१: पृ. ५३

संयुक्त राष्ट्रसंघीय अनुगमनको लागि आग्रह

०६१ माघ १९ को असंवैधानिक शाही घोषणा र त्यसमार्फत् चालिएको अप्रजातान्त्रिक कदमको फलस्वरुप मानवअधिकारको स्थिति भन् भयावह ढंगले खस्कँदै गएको तथ्य विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरुले गरेको अध्ययन, अनुगमन तथा अनुसन्धान प्रतिवेदनबाट सर्वविदित छ। शाही घोषणापश्चात् मुलुकमा चलिरहेको आन्तरिक सशस्त्र द्वन्द्वको सन्दर्भमा राज्य तथा माओवादीबाट अवलम्बन गरिएका प्रजातन्त्रविरोधी, मानवअधिकार तथा मानवीय कानुन प्रतिकूल क्रियाकलापका श्रृङ्खलाबद्ध घटनाहरुले कानूनी शासनको मर्मउपर अपूरणीय आघात पुगेको छ। सशस्त्र द्वन्द्वको सेरोफेरोमा सम्बन्धित पक्षहरुबाट अवलम्बन गरिएका अवैधानिक प्रक्रिया, अमानवीय व्यवहार र असीमित शक्तिको प्रयोग हुनुले नागरिकका बाँच्न पाउने अधिकारजस्ता अहरणीय अधिकारसमेत निरन्तररुपले अपहरित हुँदै गइरहेका छन्।

वि. सं. २०४६ सालको ऐतिहासिक जन आन्दोलनको प्रतिफलस्वरुप प्राप्त प्रजातान्त्रिक संविधान तथा यसले प्रदान गरेका नागरिकका मौलिक अधिकारहरु शाही घोषणासँगै हठात खोसिएका छन् । राज्यशक्तिको दुरुपयोगको कारण न्यायपालिकाको स्वतन्त्र अस्तित्व र स्वायत्ततामा समेत गम्भीर प्रश्न उठेको छ। न्याय प्रशासनका सम्पूर्ण निकायहरु योजनाबद्ध ढंगले निरीह तुल्याइएका छन्। नागरिक समाजलाई सुनियोजित रुपमा हतोत्साहित गरिएको छ। साथै, मौलिक अधिकारको प्रत्याभूति एवम् कानुनी राजको मान्यता लगभग शून्य अवस्थामा पुगेको छ।

माघ १९ को शाही कदमसँगै प्रजातान्त्रिक प्रणाली तथा मौलिक मानवअधिकारमाथिको नियोजित प्रहारका विरुद्ध संयुक्त राष्ट्रसंघलगायत् विश्व समुदायले प्रकट गरेको ऐतिहासिक सरोकार, समर्थन र ऐक्यबद्धताप्रति हामी आभार प्रकट गर्दछौं। यसै सिलसिलामा राष्ट्रसंघीय मानवअधिकार आयोगको चालु ६१ औं अधिवेशनमा नेपालमा सकटकालको अविलम्ब अन्त्य, संवैधानिक प्रणालीको पुनर्बहाली एवम् मानवअधिकारको पूर्ण सम्मान र संरक्षणको पक्षमा विश्व समुदायले देखाएको अक्षुण सौहार्द्रता, सद्भाव र सहयोग अत्यन्त सराहनीय छ।

शाही घोषणाका कारण मुलुक द्रुत गतिमा सैनिकीकरण, अराजकता तथा विधिको शासनको शून्यतातर्फ धकेलिएको, राष्ट्रिय मानव अधिकार आयोगलगायत् न्याय प्रशासनका अन्य अंगहरु निकम्मा तुल्याइएको तथा मानवअधिकार एवम् मानवीय कानुनका मूल्य र मान्यताहरुलाई प्रत्यक्षत: उल्लंघन गरिएको छ। विद्यमान जटिल परिस्थितिमा मानवअधिकारसम्बन्धी सम्पूर्ण आन्तरिक अनुगमन संयन्त्रहरु प्रभावहीन बन्नपुगेका फलस्वरुप, प्रजातान्त्रिक अधिकारहरु उपचारविहीन ढंगले खोसिएका छन्। अनुगमन संयन्त्रको अभावकै कारण राज्य तथा विद्रोही पक्षद्वारा अनियन्त्रित प्रक्रिया अवलम्बन गरी दण्डहीनतामा समेत बढोत्तरी भएको छ।

यसै सन्दर्भमा, नेपालले अनुमोदन गरेका मानवअधिकार तथा मानवीय कानुनसम्बन्धी सम्पूर्ण प्रतिबद्धताहरुको प्रभावकारी कार्यान्वयनको निम्ति संयुक्त राष्ट्रसंघीय तत्वावधानमा अनुसन्धान एवम् प्रतिवेदनसहितको अधिकारसम्पन्न अन्तर्राष्ट्रिय अनुगमन संयन्त्रको अविलम्ब स्थापना गर्नु अपरिहार्य भएको छ। यस्तो अनुगमनले हालको विषम परिस्थितिलाई सुधार गरी सामान्य अवस्था बहाल गर्नेछ। साथै, नागरिकहरुका हक-अधिकारको नियोजित रुपमा उल्लंघन गर्नेहरुलाई दण्डहीनताको स्थितिबाट उम्कन नदिई जवाफदेहिताको दायरामा ल्याउने छ। यसर्थ, संक्रमणकालीन राष्ट्रिय प्रतिवेदक नियुक्त गरी मानवअधिकार उल्लङ्घनका घटनाहरुको स्वतन्त्र एवम् निष्पक्ष अनुगमनको विश्वासिलो एवम् सर्वमान्य संयन्त्र अविलम्ब निर्माण गर्न संयुक्त राष्ट्रसंघसमक्ष हामी विशेष आग्रह गर्दछौं।

हस्ताक्षरकर्ताहरू

गिरिजाप्रसाद कोइराला, सभापति, नेपाली काँग्रेस
शेरबहादुर देउवा, सभापति, नेपाली काँग्रेस (प्रजातान्त्रिक)
झलनाथ खनाल, कार्यवाहक महासचिव, नेकपा (एमाले)

मिति:- २५ चैत २०६१

१९ पछि यस्ता संरचनाहरूलाई नै बेकम्मा बनाउने प्रयत्न भयो। कार्यपालिका राजाको प्रत्यक्ष शासन अन्तर्गत छ, व्यवस्थापिका मृतप्रायः छ र न्यायपालिका कार्यपालिकाको प्रभावबाट मुक्त हुन नसकेका उदाहरणहरू सार्वजनिक भएका छन्। अख्तियार दुरूपयोग अनुसन्धान आयोग र निर्वाचन आयोगजस्ता संवैधानिक अंगहरू या कमजोर बनाइएका छन् या त आदेशका भरमा सञ्चालित हुने अवस्थामा पुऱ्याइएका छन्।

यस्तो परिस्थितिले एकातर्फ गम्भीर राजनीतिक तथा संवैधानिक संकट उत्पन्न गरेको छ भने अर्कातर्फ राज्यका तीन अंगहरूको पारदर्शिताको सवाललाई उत्तरदायित्वको अभावमा छायाँमा पारेको छ। जनप्रतिनिधिमूलक निकायको अभाव र कार्यपालिकाको स्वेच्छाचारिताका कारण जनताप्रति राज्यको उत्तरदायित्व व्यवहारमा समाप्तप्रायः भएको देखिन्छ। सरकारी कार्य प्रणालीमा जनताको पहुँच कायम गर्न, नागरिकहरूलाई सरकारी क्रियाकलापको अनुगमन र नियन्त्रणका लागि पहरेदारीको भूमिका खेल्न प्रोत्साहित गर्न, नागरिकहरूको आवाज सुनिने र उनीहरूलाई शासन प्रकृयामा समावेश गरिने वातावरण सृजना गर्न, राज्यका क्रियाकलापमा जनताको रूची, सहयोग र योगदान अभिवृद्धि गर्न, र जनतामा पुऱ्याइएका विभिन्न सेवाहरूबारे सूचना प्रदान गर्न पारदर्शिता आवश्यक हुन्छ।[१५] तर, खासगरी ०५९ असोज १८ पश्चात् जनप्रतिनिधिमूलक सरकारको अभाव र ०६१ माघ १९ मा राजाद्वारा आफ्नै अध्यक्षतामा सरकार गठन गरिएयता सरकारमा जनताको पहुँचमा व्यापक कटौती भएको छ। सरकारी क्रियाकलापमा नागरिकहरूको अनुगमन र नियन्त्रणका संयन्त्रहरू कमजोर पारिएका छन्, जनताको आवाज सुन्ने संसदजस्ता निकायहरूको अभाव छ, राज्यका क्रियाकलापमा जनताले सहयोग गर्ने र रूची देखाउने अवस्थाहरू ह्रास भएका छन्, र सूचनाको हक कुण्ठित भएको छ। पारदर्शिता कायम गर्ने आवश्यक उपायहरू, जस्तैः सार्वजनिक सूचनाका सवालहरूको पहिचान, संसदीय समितिहरू र संवैधानिक अंगका प्रयासहरू, प्रसारका संयन्त्रहरूको प्रभावकारिता, सूचनाको हक र सूचना माग गर्ने प्रकृयाहरू[१६] या समाप्त भइसकेका छन् या त कमजोर बनाइएका छन्। यसले के देखाउँछ भने राजाका घोषणा र सन्देशहरूमा पारदर्शिताका बारेमा उल्लेख गरिए पनि तिनको औचित्य देखिएको छैन। संकुचित राज्यसंयन्त्रका कारण पारदर्शी शासन व्यवस्थाका लागि मान्यताप्राप्त जनताका अधिकारहरू र सरकारको उत्तरदायित्व निर्धारण गर्ने प्रकृयाहरू गम्भीर संकटमा परेका छन्।

भ्रष्टाचार नियन्त्रणको सवाललाई प्रचारबाजीको विषय बनाइएता पनि शाही कदमपछिका सरकारी क्रियाकलापहरूले संवैधानिक अंगहरूलाई कमजोर बनाउने र असंवैधानिक निकायको स्वेच्छाचारिता स्थापित गर्ने प्रयास गरिएको देखियो। त्यस्तो प्रयासद्वारा भ्रष्टाचारविरुद्धको कानूनी कारवाही प्रकृयालाई नकारेको देखियो। नेपालद्वारा अन्तर्देशीय संगठित अपराधविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धि र भ्रष्टाचारविरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धिको अनुमोदन गरिएको छैन। यी दुई महासन्धिलाई नेपालले क्रमशः ०५९ र ०६० मा हस्ताक्षर गरेको हो।

भ्रष्टाचारविरुद्धको नारालाई चर्कोरूपमा उठाएर भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गरियो, जसबाट एकातर्फ ०४७ सालमा स्थापित अख्तियार दुरूपयोग अनुसन्धान आयोगको अधिकार क्षेत्रमा दख्खल दिने कार्य भयो। आयोगले भ्रष्टाचारका आरोपहरूमाथि अनुसन्धान गर्छ र फैसलाका लागि विशेष अदालतमा सिफारिस पठाउँछ। ०५९ मा भ्रष्टाचारविरुद्ध यसको अनुसन्धान शक्ति बढाएर प्रधानमन्त्री र मन्त्रीहरूमाथि पनि अनुसन्धान गर्नसक्ने बनाइएको हो। अर्कातर्फ भदौ ०५९ मा स्थापित विशेष अदालत छ, जसले विशेषगरी भ्रष्टाचारका मुद्दाहरू हेर्ने गर्दछ। यस्ता निकायलाई शाही आयोगको स्थापनामार्फत् कमजोर बनाउने प्रयत्न गरियो भने अर्कातर्फ राजनीतिक विपक्षीहरूलाई अपराध मुद्दाअन्तर्गत बेइज्जत र कारवाही गर्ने प्रवृत्तिलाई बढावा दिइयो। यस्तो कदमबाट न भ्रष्टाचारका दोषीहरूमाथि कारवाही गर्ने राज्यसंयन्त्रलाई बलियो बनाउनेतर्फ योगदान मिल्यो, न त यसका लागि सहयोगी संरचनाहरू स्थापनाको संवैधानिक उपायहरूलाई प्राथमिकता दिइयो।

संसदलगायत्का बहुदलीय प्रजातान्त्रिक संयन्त्रहरूको अभावमा सरकारको आर्थिक उत्तरदायित्व एकपक्षीय र आत्मकेन्द्रित बन्न पुग्यो। आर्थिक अध्यादेशहरू, खर्चको बाँडफाँड र कार्यान्वयन तथा मूल्यांकन प्रकृयाहरूमा निर्णय गर्ने जनप्रतिनिधिमूलक संस्थाको अभावमा यो प्रवृत्ति स्वभाविक बनेको पाइयो। यसक्रममा राजनीतिक तथा प्रशासनिक निकायहरूमा व्याप्त भ्रष्टाचारको प्रकृयासंगत अनुसन्धान तर्फ ध्यान गएन। केवल शाही आयोगले लगाएका आरोपका आधारमा राजनीतिक नेताहरू र सरकारी अधिकारीहरूमाथि छानबिन तथा कारवाही गरियो। तर आयोग स्वयम् असंवैधानिक भएको र यसका क्रियाकलापहरू

---

१५. ढुंगेल, द्वारिकानाथ एण्ड अच्यूत बी. राजभण्डारी: इन्ट्रड्युसिङ गुड गभर्नेन्स इन दि पब्लिक एडमिनिस्ट्रेशन अफ नेपाल; अनु. अच्यूत बी. राजभण्डारी; काठमाडौं: सेन्टर फर स्टडिज अन डेमोक्रेसी एण्ड गुड गभर्नेन्स (सीएसडीजी), २००४; पृ. ९२-९३; श्री ५ को सरकारमा सुशासनका आयामहरू को अनुवाद; काठमाडौं: सीएसडीजी; २००४

१६. पूर्ववत्; पृ. ९६-१०२

राजनीतिक विपक्षको हतोत्साहनका लागि केन्द्रित रहेकोले भ्रष्टाचार नियन्त्रणका क्षेत्रमा थप अन्योल र जटिलता सृजना हुनपुगे। सन् २००४ देखि २००५ सम्मको अवस्था हेर्दा नेपाल भ्रष्टाचार सबैभन्दा बढी बढ्ने भएका राष्ट्रहरूको सूचीमा दर्ता हुन पुग्यो।[१७]

वास्तवमा शाही कदमपछि देशबाट भ्रष्टाचार घटेको नभई अझ संस्थागत भएको छ। प्रजातन्त्र नै त्यस्तो अवस्था हो, जसले पारदर्शी र उत्तरदायी शासनको विकल्प प्रस्तुत गर्दछ। शाही कदमपछिको अनुभवले देखाएका छ, अपारदर्शी र गैरजिम्मेवार शासनप्रणालीका कारण भ्रष्टाचारजस्ता रोगहरूले भित्रभित्रै पुरा पाएका छन् यसको नियन्त्रणका संयन्त्रहरू कमजोर बनेका छन् र राज्यसंयन्त्रभित्र भ्रष्टाचार धमिराका रूपमा फैलिएको छ।

शाही घोषणा र सन्देशहरूमा निहीत अर्को सवाल हो, प्रजातन्त्रको माध्यमबाट जनतालाई सुखी बनाउने प्रतिबद्धता। तर, त्यस्तो सुख कुन प्रक्रियाबाट कसरी स्थापित हुनसक्छ भन्ने स्पष्ट छैन। माघ १९ पछि नेपालमा प्रजातन्त्र नरहेको तथ्य छर्लङ्ग छ। यद्यपि राजनीतिक दलहरू, सञ्चार माध्यम र नागरिक समाजमाथि पूर्ण प्रतिबन्ध लगाइएको छैन। यस्तो हुँदैमा माघ १९ पछाको अवस्थालाई प्रजातान्त्रिक मान्न सकिँदैन। प्रजातान्त्रिक राज्यका आधारभूत चरित्रहरूको व्यापक कटौती र संवैधानिक प्रावधानहरू समाप्तिबाट जनताको सुख स्थापित हुन सक्दैन। प्रजातन्त्र, स्वतन्त्रता र मानवअधिकार सर्वमान्य आकांक्षा भएकामा दुईमत छैन। तर, के यस्तै अवस्था रह्यो त ? यो प्रश्न प्रमुख हो, जसको व्यवहारिक उत्तरले नेपालमा माघ १९ पछि न प्रजातन्त्र भएको देखाउँछ न त स्वतन्त्रता र मानवअधिकारको प्रत्याभूति नै।

अर्कोतर्फ, देशमा विद्यमान सशस्त्र द्वन्द्वको शान्तिपूर्ण समाधानका लागि माघ १९ पछि "समर्पणको आह्वान" गरिएको छ, जुन राम्ररी अन्त्यसम्म सम्भव देखिएन। यस्तो आह्वानले न शान्तिका लागि जनताका कार्यसूचीलाई सम्बोधन गर्न सक्यो न त शासनप्रणालीमा प्रजातान्त्रिकरणका लागि अत्यावश्यक मापदण्डहरूलाई स्वीकाऱ्यो।

०६३ सालभित्र स्थानीय र प्रतिनिधिसभाको निर्वाचन गरी प्रजातान्त्रिकरणको प्रक्रिया शुरु गर्ने तर्क आफैँमा विवादास्पद छ। विघटित संसदका ९५ प्रतिशतभन्दा बढी स्थान ओगट्ने प्रमुख सात राजनीतिक दलहरूले बहिष्कार गर्ने घोषणा गरेको, नागरिक समाजले समेत यस्तो निर्वाचनले समस्या समाधानका लागि योगदान नदिने धारणा सार्वजनिक गरिसकेको तथा सशस्त्र द्वन्द्व जारी रहेको अवस्थामा स्वतन्त्र, निष्पक्ष र जनसहभागितामूलक निर्वाचन हुन नसक्ने स्थिति स्पष्ट छ। यस्तो अवस्थामा घोषणा गरिने निर्वाचनले न अवरुद्ध प्रजातान्त्रिक शासन व्यवस्थालाई सशक्त र सार्थक तुल्याउन सक्छ न त यस्ता निकायहरू साँचो अर्थमा प्रजातान्त्रिक नै हुनसक्छन्। निर्वाचन आयोगजस्ता संवैधानिक निकायहरू प्रजातान्त्रिक अभ्यास र संरचनाको अभावमा हुकुमी शासनद्वारा निर्देशित हुनपर्ने अवस्थामा तिनको निष्पक्ष कार्यकुशलता तथा सुरक्षा निकायहरूसँगको तालमेल स्वायत्तताको सिद्धान्तअनुकूल हुन कठिन छ। बलपूर्वक गरिएको निर्वाचनद्वारा चुनिएका पदाधिकारीहरूको वैधानिकताको अभाव अर्को सवाल हो। शान्ति सुरक्षामा स्वघोषित सुधारको प्रचार गर्ने र देशलाई नियन्त्रित निर्वाचन प्रक्रियामा धकेल्ने प्रवृत्तिलाई प्रजातान्त्रिक प्रक्रिया अवलम्बन गरिएको मान्न कठिन हुन्छ। राजनीतिक दलहरूलाई गालीगलौज गरेर तथा बहुदलीय प्रजातान्त्रिक व्यवस्थाकालमा देखिएका विसंगतिहरूलाई तर्कका श्रोत मानेर निर्वाचनको कार्यसूची अगाडि सारिएको देखिन्छ, जसले जनताको सार्वभौम अधिकारका प्रतिनिधित्व गर्न सक्षम हुन्छ या हुँदैन भन्ने प्रश्न उठेको छ। घुमाउरो अर्थमा, शाही कदमले निर्देशित शासन प्रणालीलाई स्थापित गर्ने, र निरंकुश राजतन्त्रको पक्षपोषण र राजनीतिक दलहरू विरुद्धको अभियानलाई उद्देश्य बनाउने पञ्चायती शैलीको जनप्रतिनिधित्व स्थापित गर्ने दिशा अवलम्बन गरेको छ।

"संविधान उल्लंघन गरेर अथवा उल्लंघन गर्न दबाव दिएर प्रजातन्त्रमा जनताको विश्वास हासिल गर्न सकिँदैन। न्यायपालिकाको सर्वोच्चतालाई उपेक्षा गरेर प्रजातन्त्र फस्टाउन पनि सक्दैन। आतंकवादसँग जुधिरहेको अवस्थामा देशमा पुनर्स्थापना हुन थालेको शान्ति सुरक्षालाई स्थायित्व दिन प्रजातन्त्रमा विश्वास गर्ने सबै राजनीतिक दलहरूको साझा प्रतिबद्धता र गम्भीरता आवश्यक हुन्छ।"[१८] राजाको यो धारणा कुन परिवेशमा सार्वजनिक भएको छ ? त्यो महत्वपूर्ण हो। न्यायपालिकाको सर्वोच्चतालाई कार्यपालिकाले अवहेलना गरेको तथ्यहरूले देखाएका छन्। शान्ति सुरक्षाका लागि राज्यका संयन्त्रहरू अत्यन्त कमजोर भइसके। ती केवल सुरक्षा ब्यारेक र जिल्ला सदरमुकामहरूमा खुम्चिएका छन्। अर्कोतर्फ जारी सशस्त्र द्वन्द्वको शान्तिपूर्ण समाधानतर्फ गरिएको बेवास्ता र अख्तियार गरिएको गलत रणनीतिले कसरी शान्ति सुरक्षाको प्रत्याभूति हुन्छ र कसरी शान्ति

---

१७. ट्रान्सपेरेन्सी इन्टरनेशनल, प्रेस विज्ञप्ति: "करप्सन स्टिल ग्याम्पेन्ट इन सेभेन्टी कन्ट्रिज, सेज करप्सन पर्सेप्सन्स इन्डेक्स २००५: मेनी कन्ट्रिज फेस प्रोफाउण्ड अब्स्ट्याकल्स इन इस्केपिङ दि पोभर्टी ट्र्याप:" जर्मनी: टीआई: १८ अक्टोबर २००५

१८. "श्री ५ महाराजाधिराज ज्ञानेन्द्र वीर विक्रम शाहदेवबाट त्रिभुवन विश्वविद्यालयद्वारा आयोजित अभिनन्दन समारोहमा बक्सेको सम्बोधन": www.nepalmonarchy.gov.np/message/message_nepal.php पुस ८, ०६२ मा हेरिएको

सुरक्षा पुनर्स्थापित हुन लागेको अनुभव गर्न सकिन्छ भन्ने प्रश्न खडा भएको छ। राजनीतिक दलहरूको प्रतिबद्धता र शान्ति स्थापनाका लागि उनीहरूको संलग्नता राज्यको स्वरूप र त्यसका आधारमा निर्धारित उनीहरूको भूमिकाद्वारा निश्चित हुने हो। राजनीतिक दलहरूमाथिको दमन व्यापक पारिएको, राज्य संचालनका हरेक तहबाट उनीहरूलाई च्यूत गरिएको र राजनीतिक संरचनाहरूलाई कमजोर बनाउन कानुनी एवम् राजनीतिक माध्यमहरूको दुरूपयोग गरिएको अवस्थामा दलहरूबाट साझा प्रतिबद्धताको अपेक्षा गर्नुले स्थितिमा तात्विक भिन्नता ल्याउन सक्दैन।

शाही घोषणा एवम् सन्देशहरूको तुलना पाकिस्तानमा सन् १९९९ अक्टोबरमा सैनिक जनरल परवेज मुसर्रफद्वारा चालिएको कदमपछि अभिव्यक्त उनका धारणासँग गर्ने आधारहरू छन्। तत्कालीन प्रधानमन्त्री नवाज सरिफको सरकारलाई अपदस्थ गरी सैनिक शासन लागू गर्दा मुसर्रफले आफ्नो कदम प्रजातन्त्रतर्फको अर्को बाटोमात्र भएको उल्लेख गर्दै पाकिस्तानमा वास्तविक प्रजातन्त्रलाई हुर्काउन अत्यावश्यक दिशा प्रदान गर्नुबाहेक, संचालकका रूपमा रहने सशस्त्र बलहरूको अर्को कुनै नियत नभएको[१९] सार्वजनिक गरेका थिए। पाकिस्तानले केही वर्षदेखि प्रजातन्त्रको वास्तविक मूल्य नभई केवल यसको सतही नमूनामात्र अनुभव गरिरहेको तथा पाकिस्तानी जनता निरंकुशताको चंगुलबाट कहिल्यै मुक्त नभएको उल्लेख गर्दै मुसर्रफले जनतालाई नक्कली प्रजातन्त्रको युगतर्फ पछाडि नलगी वास्तविक प्रजातन्त्रतर्फ अगाडि बढाउने घोषणा गरेका थिए।[२०]

मुसर्रफले, आफूले "वास्तविक प्रजातन्त्र" को प्रतिनिधित्व गरेको बताएका थिए। नेपालमा राजाले "सार्थक बहुदलीय प्रजातन्त्र", "सफल प्रजातन्त्र" र "सक्कली जनवाद" आफ्नो चाहना भएको घोषणा गरे। यसबीच राजाद्वारा प्रजातन्त्रको पटक-पटक उच्चारण गरिएको छ । तर, व्यवहारले देखाएको छ- प्रजातन्त्र शब्दलाई केवल हात्तिको देखाउने दाँतका रूपमा प्रयोग गर्न खोजिएको छ, जसका आधारमा निरंकुश शासनलाई वैधानिकता दिन र सक्रिय राजतन्त्रको नयाँ चरण स्थापित गर्न सकियोस्।

सन् १९६२ देखि निरन्तर निरंकुश सैनिक शासन संचालन भइरहेको बर्माको अवस्थामा भन्दा पृथक, नेपालमा प्रजातन्त्रको आगमन र त्यसको अपहरण दुईपटक भिन्दाभिन्दै शैलीमा भएका छन्। बर्मामा प्रजातान्त्रिक तवरले निर्वाचित सरकारलाई अपदस्थ गरी सैनिक शासकहरूले सत्ता हत्याएका थिए र सन् १९८८ को व्यापक विद्रोहपश्चात् सन् १९९० मा बहुदलीय निर्वाचन हुन दिएका थिए। आङ साङ सुकी गृह नजरबन्दमा रहेको अवस्थामा भएको उक्त निर्वाचनमा उनको दल "नेसनल लिग फर डेमोक्रेसी (एनएलडी)" ले ८० प्रतिशतभन्दा बढी संसद सदस्य पदमा विजय हासिल गरेको थियो। तर, विडम्बना न अहिलेसम्म सुकीको दललाई सत्ता हस्तान्तरण गरिएको छ न त उनलाई नजरबन्दमुक्त नै गरिएको छ। बरु, सैनिक शासनले "एनएलडी"का कार्यकर्ताहरूको हत्या गरेको छ, उनीहरूलाई थुनामा राखेको छ र हतोत्साहित गरेको छ। निरन्तरको अन्तर्राष्ट्रिय दवाव बढिरहेको भए पनि सैनिक शासनले "एनएलडी"सँग संवादको थालनीसम्म गरेको छैन। एकछत्र सैनिक शासनले प्रजातान्त्रिक आन्दोलन, नागरिक समाज र मानवअधिकार संस्थाका गतिविधिहरूमा व्यापक हस्तक्षेप जारी राखेको छ।[२१] नेपालमा ०१७ सालमा राजनीतिक दलहरूमाथि प्रतिवन्ध नै लगाएर निरंकुश राजतन्त्रात्मक पञ्चायती व्यवस्था लागू गरिएको थियो भने ०६१ माघ १९ यता दलहरूमाथि प्रतिबन्धको घोषणा नगरी, संविधान र प्रजातान्त्रिक संरचनाहरूमाथि दमन गरिएको छ। ०१७ र ०६१ सालका शाही कदमको नियत एउटै देखिए पनि प्रकृति भने फरक छ।

शाही कदमको नियत अन्ततोगत्वा दोश्रो बर्मातर्फको यात्रा त होइन ? एक वर्षका सरकारी क्रियाकलापहरूले यस्तो प्रश्न जन्माएका छन्। निर्वाचन घोषणा गर्ने र त्यसका आधारमा समर्थकहरूको संसद स्थापना गरी राजतन्त्रात्मक शासन कायम गर्ने अभिष्ट अहिलेसम्मका कदमहरूले देखाएका छन्। पञ्चायतकालमा पनि राष्ट्रिय पञ्चायतको निर्वाचन नभएको होइन। वर्तमान परिस्थितिमा प्रजातन्त्रका नाममा नियन्त्रित शासन संचालन र विपक्षीहरूको व्यापक दमनलाई संस्थागत गर्ने प्रयत्न भएको देखिन्छ। प्रजातान्त्रिक मुलुकहरूमा रहने संसदजस्ता अंगहरूलाई प्रत्यक्ष शासन अन्तर्गत निर्देशित स्वरूपमा ढाल्ने नियत देखिन्छ। यसले बर्मामा जस्तो दीर्घकालीन बन्द शासन शुरु हुने र प्रजातन्त्रका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट उठेका आवाजहरूको बेवास्ता गर्ने दिशा अवलम्बन गरिएको देखिन्छ। नेपालको भू-राजनीतिक विशिष्टताका आधारमा प्रजातान्त्रिक व्यवस्थाअन्तर्गत रहने केही संयन्त्रहरू कायम राखिए पनि नियन्त्रणका आधारमा तिनको वास्तविक कार्यप्रक्रिया समाप्त पार्ने शाही कदमको उद्देश्य स्पष्ट छ। एक्काइसौं शताब्दीको प्रजातन्त्रको नाममा एक्काइसौं शताब्दीमै निरंकुशता कायम गर्ने नियत माघ १९ यताको

---

१९. सवार्ड, माइकल; डेमोक्रेसी; यूके: पोलिटी प्रेस, २००३; पृ. ३

२०. पूर्ववत्

२१. हवेल, भक्लाव एण्ड डेस्मोण्ड एम. टुटु; थ्रेट टु दि पीस: अ कल फर दि युएन सेक्युरिटी काउन्सिल टु एक्ट इन बर्मा; युएस: डीएलए पाइपर रुडनिक ग्रे क्यारी, २००५; पृ. ८-२०

नेपालका सम्बन्धमा पारित कार्यसूची - प्रकार १९

(२० अप्रिल २००५)

स्वीट्जरल्याण्डको राजधानी जेनेभास्थित मानवअधिकार आयोग, संयुक्त राष्ट्रसंघको बडापत्र (१९४५) मा आधारित निकाय हो। त्रीपन्न वटा देश सदस्य रहने राष्ट्रसंघीय मानवअधिकार आयोगको हरेक वर्ष मार्च-अप्रिलमा छ साताका लागि बस्ने बैठकमा कार्यसूची-प्रकार १९ अन्तर्गत पारित हुने प्रस्ताव 'कुनै देशको मानवअधिकार अवस्थाको सुधारका निम्ति' प्राविधिक सहयोगसँग सम्बन्धित हुने गर्दछ। ०६२ बैशाख ७ गते आयोगको 'विशेष प्रक्रिया' अन्तर्गत नेपालका सम्बन्धमा पारित 'कार्यसूची-प्रकार १९' को मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको सचिवालय इन्सेकद्वारा गरिएको अनौपचारिक अनुवाद यहाँ प्रस्तुत गरिएको छ।

नेपालमा प्राविधिक सहयोग एवं परामर्श सेवाहरू- प्रकार १९

मानवअधिकार आयोग प्रस्ताव : २००५

मानवअधिकार आयोग

- मानवअधिकारसम्बन्धी छ वटा प्रमुख महासन्धिहरू अनुमोदन गरेर नेपालले आफ्ना जनताको मानवअधिकार संरक्षण गर्ने दायित्वलाई स्वतन्त्ररूपमा स्वीकार गरेको तथ्यलाई स्मरण गर्दै,
- संयुक्त राष्ट्रसंघीय सुरक्षापरिषद्द्वारा पारित महिला तथा शान्ति-सुरक्षासम्बन्धी प्रस्ताव १३२५ (सन् २०००),[१] सशस्त्र द्वन्द्वमा नागरिकको संरक्षणसम्बन्धी प्रस्ताव १२६५ (सन् १९९९)[२] र १२९६ (सन् २०००)[३] तथा बालबालिका र सशस्त्र द्वन्द्वसम्बन्धी प्रस्ताव १५३९ (सन् २००४)[४] को कार्यान्वयनको महत्वलाई स्मरण गर्दै,
- २७ अगष्ट २००३ मा युद्धविराम भङ्ग भएपछि जारी द्वन्द्वमा नागरिकहरू बढ्दो सङ्ख्यामा शिकार भएको तथ्यप्रति गम्भीर चिन्ता एवं सरोकार व्यक्त गर्दै,
- नेपालको मानवअधिकारको वर्तमान अवस्थाप्रति, सुरक्षा निकायद्वारा गरिने मानवअधिकारको उल्लङ्घनप्रति, खास गरेर गैरकानुनी हत्याप्रति, हरेक प्रकारको यौनजन्य हिंसा, जबरजस्ती विस्थापन तथा बेपत्ता पारिने एवं राजनीतिक दलका नेता वा कार्यकर्ता, मानवअधिकार रक्षक, पत्रकार एवं अन्य सर्वसाधारणप्रति भौतिक आक्रमणका घटना तथा व्याप्त दण्डहीनताका सम्बन्धमा पनि गहन चिन्ता एवं सरोकार अभिव्यक्त गर्दै,
- नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सदस्यहरूद्वारा नागरिकविरुद्ध गरिने सबै प्रकारका हिंसा तथा अन्य आपराधिक कार्यहरू जस्तै जीउज्यानविरुद्धको आक्रमण, वैयक्तिक स्वतन्त्रता एवं सुरक्षामाथि आक्रमण, गैरकानुनी हत्या, सबै किसिमको यौनजन्य हिंसा, बलजफ्ती पैसा असुल्ने कार्य आदिलाई कडारूपमा निन्दा गर्दै,
- अन्तर्राष्ट्रिय दायित्वहरू पूरा गर्ने जिम्मेवारी सरकारको भएकाले यी अपिलहरू मूलत: श्री ५ को सरकारतिर लक्षित छन् भन्ने तथ्यप्रति सचेत हुँदै, साथै नेपाल कम्युनिष्ट पार्टी (माओवादी) द्वारा युद्ध अपराध एवं मानवताविरुद्धको अपराधको श्रेणीमा पर्न सक्ने गरी गरिएको मानवीय कानुनको उल्लङ्घनप्रति गम्भीर चिन्ता प्रकट गर्दै,
- २६ मार्च २००४ मा श्री ५ को सरकारद्वारा गरिएको "मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनलाई कार्यान्वयन गर्नेसम्बन्धी प्रतिवद्धता" लाई स्मरण गर्दै,
- "मानवअधिकार सहायतासम्बन्धी अध्यक्षको वक्तव्य"[५] लाई मनन गर्दै,
- श्री ५ को सरकार प्रधानमन्त्री कार्यालयद्वारा मानवअधिकार प्रवर्द्धन केन्द्र स्थापना गरिएकोलाई दृष्टिगत गर्दै,
- बलजफ्ती बेपत्ता पारिएकाहरूसम्बन्धी कार्यकारी समूहद्वारा २८ जनवरी २००५ मा प्रस्तुत मिसन प्रतिवेदन

---

१. सयुक्त राष्ट्रससघीय सुरक्षा परिषद्ले महिला तथा शान्ति-सुरक्षासम्बन्धी प्रस्ताव १३२५ (सन् २०००) लाई परिषद्को सन् २००० अक्टोबर ३१ मा सम्पन्न ४२१३ औं बैठकबाट पारित गरेको थियो। महिला तथा बालिकामाथि पर्ने सशस्त्र द्वन्द्वको असरलाई दृष्टिगत गर्दै उनीहरूको सुरक्षा तथा शान्ति प्रक्रियामा सहभागिता सुनिश्चित गर्ने उद्देश्य प्रस्तावनासहितको १८ बुँदे प्रस्तावले राखेको छ।

२. सयुक्त राष्ट्रसंघीय सुरक्षा परिषद्ले सशस्त्र द्वन्द्वमा नागरिकको संरक्षणसम्बन्धी प्रस्ताव १२६५ (सन् १९९९) लाई परिषद्को सन् १९९९ सेप्टेम्बर १७ मा सम्पन्न ४०४६ औं बैठकबाट पारित गरेको थियो। सर्वसाधारण नागरिकलाई सशस्त्र द्वन्द्वबाट सरक्षण गर्ने उद्देश्य प्रस्तावनासहितको २३ बुँदे यस प्रस्ताव राखेको छ।

३. सयुक्त राष्ट्रसघीय सुरक्षा परिषद्को ४१३० औं बैठकले सन् २००० अप्रिल १९ मा पारित गरेको प्रस्ताव १२९६ (सन् २०००) पनि सशस्त्र द्वन्द्वमा नागरिकको सरक्षण गर्नेसम्बन्धी नै छ। प्रस्तावनासहितको २६ बुँदे यो प्रस्ताव अघिल्लो प्रस्ताव १२६५ (सन् १९९९) को निरन्तरता हो। यसले सशस्त्र द्वन्द्वबाट पीडित नागरिकका हकमा छुट्टाछुट्टै (केस बाई केस) कार्य गर्नुपर्नेमा जोड दिएको छ।

४. सयुक्त राष्ट्रससंघीय सुरक्षा परिषद्ले बालबालिका र सशस्त्र द्वन्द्वसम्बन्धी प्रस्ताव १५३९ (सन् २००४) लाई सन् २००४ अप्रिल २२ मा पारित गरेको थियो। सशस्त्र द्वन्द्वले बालबालिकामाथि पारेको असरलाई दृष्टिगत गर्दै उनीहरूको सुरक्षा गर्ने उद्देश्य प्रस्तावनासहितको १६ बुँदे यस प्रस्तावले राखेको छ।

५. संयुक्त राष्ट्रससंघीय मानवअधिकार आयोगका अध्यक्षले आयोगको ६० औं सभामा सन् २००४ अप्रिल २० मा दिनु भएको वक्तव्यलाई यहाँ उल्लेख गरिएको हो। आठ बुँदे अध्यक्षीय वक्तव्यमा नेपालको तत्कालीन मानवअधिकारको स्थितिका बारेमा चर्चा गर्दै नेपालमा मानवअधिकार स्थिति सुदृढीकरणका लागि सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई प्रोत्साहन समेत गरिएको थियो। साथै ६१ औं सभामा नेपालबारे एक प्रतिवेदन पेश गर्न मानवअधिकार उच्चायुक्तको कार्यालयलाई अनुरोध पनि गरिएको थियो।

एवं मानवअधिकार उच्चायोगद्वारा नेपालसम्बन्धी आफ्नो गतिविधिबारे प्रस्तुत प्रतिवेदन (जसमा ३१ जनवरी २००५ को प्राविधिक सहयोगसम्बन्धी प्रतिवेदन पनि संलग्न छ) लाई ध्यानमा राख्दै,

- १ फरवरी २००५ मा जारी गरिएको संकटकालीन अवस्थाको घोषणा तथा शाही घोषणाले नेपालमा प्रजातन्त्रमाथि गहिरो धक्का पुर्‍याएको एवं कानुनी राजलाई कमजोर तुल्याएको तथ्यप्रति गम्भीर चिन्ता प्रकट गर्दै,
- राजनीतिक नेता एवं कार्यकर्ताहरू, मानवअधिकार रक्षकहरू, पत्रकार एवं सर्वसाधारणको जथाभावी गिरफ्तारी तथा गोप्य थुना, बेपत्ता तथा यातनाप्रति गम्भीर सरोकार अभिव्यक्त गर्दै,
- १० अप्रिल २००५ मा श्री ५ को सरकार एवं मानवअधिकार उच्चायोग कार्यालयबीच नेपालमा कार्यालय स्थापना गर्नेसम्बन्धी सम्झौताको स्वागत गर्दै, साथै श्री ५ को सरकारले मानवअधिकारको उल्लङ्घनका केही मामिलामा गरेको कार्यवाहीलाई समेत दृष्टिगत गर्दै,

आन्तरिकरूपमा विस्थापितहरूको मानवअधिकारका सम्बन्धमा महासचिवका विशेष प्रतिनिधिको वर्तमान भ्रमण र यातना तथा अन्य क्रुर, अमानवीय एवं अपमानजनक व्यवहार वा सजायसम्बन्धी विशेष प्रतिवेदकलाई दिइएको निमन्त्रणालाई ध्यानमा राख्दै,

१. श्री ५ को सरकारलाई नेपाल अधिराज्यको संविधानमा व्यवस्था भएबमोजिम बहुदलीय प्रजातान्त्रिक संस्थाहरू तत्काल बहाल गर्न एवं बिना कुनै अपवाद कानुनी शासनलाई सम्मान गर्न आह्वान गरिन्छ।

२. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको धारा ४ ले व्यवस्था गरेबमोजिम खासगरी जीवनको अधिकार, यातना तथा अन्य क्रुर, अमानवीय वा अपमानजनक व्यवहार वा सजायविरुद्धको अधिकारलाई कुनै पनि परिस्थितिमा न्यूनीकरण हुन नसक्ने प्रावधान गरेको तथा न्यूनीकरण गर्ने उपाय अवलम्बन गरिँदा हरेक मामिलामा उक्त धाराबमोजिम मात्र गर्नुपर्ने एवं मानवअधिकार समितिको सामान्य टिप्पणी नं. २१ (२००१) मा व्यवस्था भएबमोजिम, मुलुकको अस्तित्व खतरामा परेको सार्वजनिक संकटकालीन अवस्थामा अपवाद एवं अस्थायीरूपमा मात्र गर्नुपर्ने कुरा अनुरोध गरिन्छ।

३. श्री ५ को सरकारलाई तत्काल नागरिक तथा राजनीतिक अधिकार बहाल गर्न, संकटकालीन अवस्थामा गरिएका एवं अन्य जथाभावी थुनालाई बन्द गर्न, व्यापकरूपमा गरिएको सेन्सरसिप हटाउन, विचार, अभिव्यक्ति, प्रेस नियन्त्रण हटाउनका साथै भेला हुने अधिकार बहाल गर्न, थुनामा राखिएका नेता तथा कार्यकर्ताहरू, मानवअधिकार रक्षक, पत्रकार वा अन्य सबैलाई तत्काल रिहा गर्न, सम्पूर्ण नागरिकहरूलाई मुलुकभित्र एवं बाहिर निर्बाध आवत-जावत गर्न दिन एवं सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दायित्वहरूका साथै २६ मार्च २००४ मा प्रतिबद्धता व्यक्त गरिएको २५ बुँदाहरूलाई सम्मान गर्न आह्वान गरिन्छ।

४. नेपाल कम्युनिष्ट पार्टी (माओवादी) को पटक-पटकका निम्न क्रियाकलापलाई कडारूपमा निन्दा गरिन्छ:

(क) सर्वसाधारणप्रति लक्षित गैरकानुनी हत्या, बलात्कार, जबरजस्ती पैसा असुल्ने, बलजफ्ती विस्थापन, व्यापक अपहरण, बलजफ्ती भर्ना तथा श्रम।

(ख) राजनीतिक दलका नेता तथा कार्यकर्ता, मानवअधिकार रक्षक, पत्रकार, शान्ति कार्यकर्ता एवं अन्य सर्वसाधारणको जीवन सम्मान एवं सुरक्षाविरुद्ध आक्रमण।

(ग) नागरिकहरूका लागि आवश्यक खाद्यान्नलगायत अन्य आवश्यक वस्तुहरूको आपूर्तिलाई रोक्न काठमाडौं एवं अन्य सहरी क्षेत्रको नाकाबन्दी गर्ने।

५. त्यसैगरी ठूलो संख्यामा बालबालिकालाई माओवादी सेनामा भर्ना गर्ने वा प्रयोग गर्ने कार्यलाई पनि कडा निन्दा गरिन्छ, तथा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) का सदस्यहरूसँग बालबालिकालाई भर्ना गर्ने कार्य रोक्न तथा भाग लिइसकेकाहरूको सैन्य प्रयोगलाई सुरक्षा परिषद्को प्रस्ताव एस/१५३९ (२००४) मा उल्लेख भएबमोजिम तत्काल बन्द गर्न आग्रह गरिन्छ।

६. अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्न, नेपाली जनताको मानवअधिकारको उपयोग गर्न पाउने कुराको सम्मान गर्न तथा तत्काल बिना कुनै शर्त हिंसालाई बन्द एवं परित्याग गर्न, निशस्त्र हुन एवं राजनीतिक प्रक्रियामा सहभागी हुन, नेपाली जनता आफ्नो सरकार चुन्न स्वतन्त्र छन् भन्ने मनशायले वार्तामा आउन नेकपा (माओवादी) लाई सशक्त आग्रह गरिन्छ।

७. द्वन्द्वरत सबै पक्षलाई मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्मान गर्न जेनेभा महासन्धि १९४९ को साझा धारा ३ का साथै खासगरी महिला तथा बालबालिकालगायतका नागरिकहरूको संरक्षणसँग सम्बन्धित मापदण्डअनुसार कार्य गर्न एवं मानवीय संगठनहरूको पहुँचलाई बिना बाधा अवरोध सहायताको आवश्यकता भएकाहरूसम्म सुनिश्चित हुनुपर्छ।

८. श्री ५ को सरकारसँग आग्रह गरिन्छ कि:

(क) आमहत्या, हरेक प्रकारका यौनजन्य हिंसा, बलजफ्ती बेपत्ता पारिने, जथाभावी गिरफ्तारी, गैरकानुनी सम्पर्कविहीन थुनाका साथै यातना, अमानवीय वा अपमानजनक व्यवहार वा सजायलाई रोकथाम एवं बन्द गर्न आवश्यक सबै उपायहरू अवलम्बन गर्न।

(ख) बलजफ्ती बेपत्ता पारिएका पीडितहरूको स्थिति स्पष्ट गर्न सम्पूर्ण आवश्यक एवं उचित उपायहरू अवलम्बन गर्न एवं आवश्यक भएमा यस क्षेत्रमा कार्यरत राष्ट्रिय वा अन्तर्राष्ट्रिय विशेषज्ञ समितिहरूको कार्यलाई पनि ध्यानमा राख्न।

(ग) आतङ्कवादविरुद्ध एवं सुरक्षासम्बन्धी सम्पूर्ण कानुन एवं अवलम्बन गरिएका सम्पूर्ण उपायहरू सम्बन्धित अन्तर्राष्ट्रिय प्रचलन एवं नेपाल अधिराज्यको संविधानले तोकेको मापदण्डअनुरूप छ भन्ने तथ्य सुनिश्चित गर्न।

(घ) राजनीतिक नेता तथा कार्यकर्ता, मानवअधिकार रक्षक, पत्रकार एवं सबै नागरिकको नागरिक अधिकार तथा राजनीतिक अधिकारको संरक्षणलाई सुनिश्चित गर्न आवश्यक उपायहरू अवलम्बन गर्न।

(ङ) सुरक्षा परिषद्को प्रस्ताव १३२५ (२०००) मा जोड दिइएअनुसार महिला तथा बालिकाहरू लिङ्गमा आधारित हिंसाको शिकार हुनुबाट संरक्षण गर्न एवं महिला वा बालबालिकाको बेच-बिखनलाई रोकथाम एवं सजाय गर्न समेत उचित एवं आवश्यक कदमहरू अवलम्बन गर्न।

(च) शरणार्थीहरूको मानवअधिकारको संरक्षण एवं सम्मान गर्न तथा निष्काशन नगर्नसमेत आवश्यक एवं उचित कदमहरू चाल्न।

(छ) दण्डहीनतासँग लड्न मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनका आरोपित उल्लङ्घनका घटनाहरूको तत्काल एवं निष्पक्ष छानबीन गर्नुका अतिरिक्त नेपाल अधिराज्यको संविधान एवं न्याय, स्वच्छता एवं कानुनको उचित प्रक्रियासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्डबमोजिम फौजदारी अदालतमा मुद्दा चलाइने तथ्य सुनिश्चत गर्न।

(ज) शान्ति, स्थिरता मानवअधिकारको संरक्षण वा सम्बर्द्धन गर्न एवं प्रजातन्त्रको रक्षा गर्न तुरुन्त राजनीतिक दलहरूसंग राष्ट्रिय सम्वादको थालनी गर्न।

(झ) स्थानीय निकायको स्वतन्त्र एवं स्वच्छ निर्वाचनको योजना बनाउन प्राविधिक सहयोगका लागि अन्तर्राष्ट्रिय समुदाय एवं संयुक्त राष्ट्रसंघसँग अनुरोध गर्न।

९. आन्तरिकरूपमा विस्थापित व्यक्तिहरूलाई तत्काल संरक्षण एवं सहायता प्रदान गर्न, यसमध्ये महिला तथा बालबालिकाको आवश्यकतामाथि विशेष ध्यान पुऱ्याउन, उनीहरूको सुरक्षित फिर्ती एवं देशको अन्य उचित भागमा उनीहरूको पुनर्स्थापना एवं एकीकरण गर्न तथा आन्तरिकरूपमा विस्थापितहरूको निर्देशक सिद्धान्तलाई दृष्टिगत गर्दै यससम्बन्धी उचित नीति एवं कानुनहरू विकसित गर्न श्री ५ को सरकारलाई आह्वान गरिन्छ।

१०. न्यायपालिकाको स्वतन्त्रता एवं प्रभावकारितालाई सुनिश्चित गर्न आह्वान गर्दै प्रभावकारी न्यायिक उपचार संरक्षण गर्न खासगरी बन्दी प्रत्यक्षीकरणको आदेशलाई सम्मान गर्न तथा अदालती आदेशहरूलाई पूर्ण पालना गर्न आग्रह गरिन्छ।

११. श्री ५ को सरकारलाई आह्वान गरिन्छः

(क) संयुक्त राष्ट्रसंघीय पेरिस सिद्धात एवं मानवअधिकार ऐन २०५३ बमोजिम राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रता, संस्थागत निरन्तरता एवं स्थायित्व सुनिश्चित गर्न।

(ख) थुनुवा राखिएका बन्दीगृहका साथै शाही नेपाली सेनाको हिरासतस्थलमा समेत कुनै बाधा तथा कुनै पूर्व सूचना बिना नै राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार उच्चायोग एवं रेडक्रस अन्तर्राष्ट्रिय समितिको पहुँच सुनिश्चित गर्न।

(ग) राष्ट्रिय मानवअधिकार आयोग एवं यसका क्षेत्रीय कार्यालयहरूसमेतलाई सुरक्षा निकायलगायत सरकारका सबै अङ्गले आयोगको कानुनी कार्यादेश निर्वाह गर्न एवं आयोगका सदस्यहरूले मानवअधिकारको संरक्षण एवं प्रवर्द्धनको कार्य गर्ने वातावरण निर्माण गर्न आवश्यक सुरक्षा एवं सहयोग उपलब्ध गराउन।

१२. श्री ५ को सरकारको खासगरी नागरिक तथा राजनीनिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धअन्तर्गत सन्धि दायित्वको पालन गर्न प्रस्तुत गरेको आवधिक प्रतिवेदनको स्वागत गर्दै सन्धि संयन्त्रद्वारा दिइएको सिफारिसहरू खासगरी महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन महासन्धिअन्तर्गतको जनवरी २००४ मा दिइएको सिफारिशहरू एवं सबै किसिमका जातीय भेदको निर्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिअन्तर्गत मार्च २००४ को सिफारिसहरूलाई कार्यान्यन गर्न अनुरोध गरिन्छ।

१३. श्री ५ को सरकारलाई आयोगको विशेष प्रक्रियाअन्तर्गतको भ्रमणका लागि निम्तो गर्न प्रोत्साहित गर्नुका अतिरिक्त यसलाई पूर्ण सहयोग गर्न एवं यसका सिफारिसहरू खासगरी बलजफती बेपत्ता तुल्याइएका सम्बन्धमा कार्यकारी समूहको हालैको सिफारिसहरू तथा विशेष गरी सैनिक छाउनीमा गरिने सम्पर्कविहीन थुनालाई पूर्ण प्रतिबन्ध गर्नेसम्बन्धी सिफारिसलाई कार्यान्वयन गर्न अनुरोध गरिन्छ।

१४. नेपाली अधिकारीहरूलाई मानवअधिकारको सम्वर्द्धन एवं संरक्षणका लागि नीति एवं कार्यक्रमको विकास गर्न, मानवअधिकार एवं अन्तर्राष्ट्रिय मानवीय कानुनको पालनासम्बन्धी अनुगमन जसमा अन्तर्राष्ट्रिय मानवअधिकार अधिकृतहरू एवं अन्तर्राष्ट्रिय व्यक्तिहरू कार्यरत रहेको स्थलगत कार्यालयहरूद्वारा सम्झौतामा उल्लेख भएबमोजिम एवं नेपालमा कार्यरत अन्य संस्थाहरूसंग सहयोग गर्दै अनुसन्धान एवं प्रमाणीकरण गर्न अनुरोध गरिन्छ।

१५. श्री ५ को सरकारलाई १० अप्रिल २००५ मा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तसँग हस्ताक्षर गरिएको सम्झौता तत्काल एवं पूर्णरूपमा लागू गर्न तथा नेपालमा स्थापना हुन लागेको मानवअधिकार उच्चायुक्तको कार्यालयको कार्यालयलाई आफ्नो कार्यादेश पूरा गर्न सबै किसिमको पूर्ण सहयोग गर्न एवं मिसनका विशेषज्ञहरूले भेट्न चाहेका मानिसहरूसँग स्वतन्त्र एवं निर्बाध भेटघाट सुनिश्चित गर्न आवश्यक कदम चाल्न समेत आह्वान गरिन्छ।

१६. यो प्रस्तावको कार्यान्वयनका लागि श्री ५ को सरकारलाई सहयोग गर्न अन्तर्राष्ट्रिय समुदायलाई प्रोत्साहन गरिन्छ।

१७. मानवअधिकार उच्चायुक्तलाई नेपालमा मानवअधिकारको अवस्थाका साथै प्राविधिक सहयोगबारे समेत महासचिवमार्फत् महासभाको साठ्ठिऔं बैठक एवं आयोगको बैसट्ठिऔं बैठकमा प्रतिवेदन प्रस्तुत गर्न आग्रह गरिन्छ।

१८. संयुक्त राष्ट्रसंघको बैसट्ठिऔं बैठकमा यसै कार्यसूची प्रकारअन्तर्गत नेपालको मानवअधिकार स्थितिबारे विचार विमर्श गर्न निरन्तरता दिइने निर्णय गरिन्छ।

स्थितिले देखाएको छ।

७. १९ माघ : अभ्यास र असर

७.१ नागरिक तथा राजनीतिक अधिकार

७.१.१ अन्तर्राष्ट्रिय दायित्वको गम्भीर उल्लंघन

०६१ माघ १९ यता मानवअधिकारप्रति राज्यको अन्तर्राष्ट्रिय दायित्वको गम्भीर उल्लंघन बढेको छ। खासगरी प्रजातान्त्रिक संरचना र आन्दोलनका सहभागीहरूप्रति गरिएको भौतिक कारवाही र संस्थागत आक्रमणका कारण स्थिति जटिल बन्न पुगेको छ। माओवादी सशस्त्र संघर्षविरुद्धको कारवाही र प्रजातान्त्रिक आन्दोलनविरुद्धको हस्तक्षेपले दुईरेखीय द्वन्द्व बढाएको छ। नेपाल नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, यातना विरुद्धको महासन्धिलगायत् प्रमुख छ महासन्धिको पक्षराष्ट्र हो। यसबाहेक, संयुक्त राष्ट्रसंघद्वारा जारी गरिएका मानवअधिकारको विश्वव्यापी घोषणापत्र, मानवअधिकार रक्षकहरूको अधिकारसम्बन्धी घोषणापत्र जस्ता दस्तावेजहरूको पालना गर्नुपर्ने दायित्व पनि उत्तिकै प्रमुख छ। तर, व्यवहारमा यस्तो उत्तरदायित्व बेवास्ता गरिएको देखिन्छ। माघ १९ यता नागरिक र राजनीतिक अधिकारलाई निषेध गरिएको छ। अधिकार संरक्षणको दायित्व र अनुभूतिको अभावमा राज्यसंयन्त्र पूर्णत: मानवअधिकारविरोधी निकायका रूपमा स्थापित भएको छ।

राजनीतिक कार्यकर्ता, मानवअधिकार रक्षक तथा प्रजातान्त्रिक संस्था तथा निकायहरूविरुद्ध चालिएको कदमबाट नेपालका सम्बन्धमा गत वर्ष जेनेभामा सम्पन्न संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको ६१ औं सभाद्वारा पारित कार्यसूची प्रकार १९ को गम्भीर हनन हुन पुगेको छ। उक्त कार्यसूचीको पहिलो बुँदामै नेपाल अधिराज्यको संविधानमा व्यवस्था भएबमोजिम बहुदलीय प्रजातान्त्रिक संस्थाहरू तत्काल बहाल गर्न एवम् बिनाकुनै अपवाद कानुनको शासनलाई सम्मान गर्न श्री ५ को सरकारलाई आह्वान गरिएको थियो।[२२] उक्त कार्यसूची प्रकार १९ मा नागरिक तथा राजनीतिक अधिकारहरू तुरुन्त सुनिश्चित गर्न, सञ्चार माध्यमहरूमाथिको सेन्सरसीप हटाउन, अभिव्यक्ति, विचार तथा सभा-सम्मेलनको स्वतन्त्रता प्रदान गर्न र प्रेस स्वतन्त्रता बहाल गर्न गरिएको अपिलको समेत ठाडो उल्लंघन भएको छ। संयुक्त राष्ट्रसंघका महासचिव, मानवअधिकारसम्बन्धी राष्ट्रसंघीय उच्चायुक्त, युरोपेली युनियन, विदेशी राष्ट्रहरू, मानवअधिकार संस्थाहरूलगायत् राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट गरिएका आग्रहहरूको बेवास्ता गरिएको छ।

७.१.२ प्रजातन्त्र र मानवअधिकारका लागि उठेको आवाजको दमन

कानुनको शासन नागरिकहरूलाई अधिकारसम्पन्न बनाउने राज्यको दायित्वसँग प्रत्यक्ष गाँसिएको हुन्छ। यस्तो दायित्व त्यसबेला निर्वाह हुनसक्छ, जुनबेला कम्तिमा राज्यसंयन्त्र विकेन्द्रीकृत हुन्छ, राज्यका अंगहरू निष्पक्ष ढंगले सञ्चालित हुन्छन् र नीति-निर्माणमा नागरिकहरूको अर्थपूर्ण पहुँच र संलग्नता हुन्छ। यस्तो पहुँच र संलग्नता नागरिक तथा राजनीतिक अधिकारका रूपमा सूत्रबद्ध छन्। प्रजातन्त्रको मुटु मानिने नागरिक तथा राजनीतिक अधिकारहरू संयुक्त राष्ट्रसंघद्वारा सन् १९६६ मा पारित नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रमार्फत् अन्तर्राष्ट्रिय मान्यताप्राप्त छन्। सरकारको अनुदार चरित्रका कारण यस्ता अधिकारहरू कटौतीमा परेका छन्।

प्रजातान्त्रिक समाज सामाजिक संगठनहरूको स्वाधिनतामा आधारित हुन्छ, जसअन्तर्गत विभिन्न सामाजिक समूह एवम् दृष्टिकोणहरूको सञ्चार माध्यमसम्म पहुँच र प्रतिनिधित्व, निजी संस्थानहरूको सार्वजनिक उत्तरदायित्व र आन्तरिक प्रजातन्त्र, नागरिकहरूमा राजनीतिक सचेतनता, जनसहभागिता, राजनीतिक संस्कृति तथा शैक्षिक प्रणालीको प्रजातान्त्रिक चरित्र आदि प्रमुख रहेका हुन्छन्। सञ्चार माध्यममा हुने प्रतिनिधित्व त्यस्ता संस्थाहरू समाजका विभिन्न पक्षहरूका लागि पहुँच र स्वामित्वका हिसाबले कति बहुलवादी छन् र तिनीहरू राजनीतिक विवादहरूका लागि सन्तुलित मञ्चका रूपमा कति प्रभावकारी ढंगले सञ्चालित हुन्छन् भन्ने आधारमा निर्धारण हुने गर्दछ।[२३]

हाम्रो परिप्रेक्ष्यमा जनप्रतिनिधिमूलक सरकारको अभावको फाइदा लिँदै नागरिक तथा राजनीतिक अधिकारहरू हनन गर्ने प्रवृत्ति हावी भएको छ। सरकारी संयन्त्रहरूको दुरूपयोगका माध्यमबाट विपक्षीहरूविरुद्धको प्रचारबाजी यति तीव्र बनाइएको छ, तिनले जनतामा भ्रम सृजना गर्न भूमिका खेलेका छन्।

सरकारको नियतले प्रजातान्त्रिक मान्यतामा सबैभन्दा बढी प्राथमिकता दिइएको "जनउत्तरदायी सरकार" को मान्यता अनुरूप कार्य हुन सकेको देखिएन। अर्कोतर्फ, अन्तर्राष्ट्रिय मञ्चहरूमा, शान्ति स्थापनाका लागि भनेर वर्तमान सरकारको औचित्य पुष्टि गर्न अगाडि सारिएका तर्कहरू पनि सरकारका पछिल्ला क्रियाकलापले खण्डित हुन

२२. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति; संयुक्त राष्ट्रसंघ र नेपाल : एजेण्डा आइटम-१९ र सेरोफेरो; काठमाडौं, ०६२; पृ. ३१

२३. बीथम, डेभीड; पूर्ववत्

पर्गेका छन्। जनतामा शान्तिको चाहना छ। त्यस्तो शान्ति सम्वादका माध्यमबाट स्थापित गर्न पहल नहुनु अर्को दुःखद् पक्ष हो।

७.१.३ अध्यादेशीय शासन

खासगरी ०५९ जेठ ८ मा संसदको तल्लो सदन, प्रतिनिधिसभा विघटन भएयता देश अध्यादेशका भरमा सञ्चालित छ। जनप्रतिनिधिमूलक शासन प्रणालीमा निर्माण गरिने कानुनहरू जनताका प्रतिनिधिहरूको स्वीकृतिद्वारा मात्र लागू हुने गर्छन्। प्रतिनिधिहरूले जनताको सार्वभौमसत्ताको प्रतिनिधित्व र जनअनुमोदनअनुकूल निर्णय गर्ने भएका कारण उनीहरूको स्वीकृति जनताकै स्वीकृति ठानिन्छ। तर, नेपालमा यस्तो अभ्यास भएको पाइँदैन। जनविरोधी कानुनहरू निर्माण गर्ने र तिनै जनतामाथि शासन गर्ने परिपाटीले जरो गाडेको छ। यस्तो प्रकृया खासगरी ०५८ सालमा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश जारी भएपछि नै बढेको हो। त्यसको केही महिनापछि ०५९ जेठ ८ मा प्रतिनिधिसभा विघटन भएका कारण विकल्पविहीनताको तर्क अगाडि सार्दै एकपछि अर्को अध्यादेश जारी गर्ने क्रम जारी रह्यो।

०६१ माघ १९ देखि ०६२ पुससम्म कम्तिमा ५४ ओटा अध्यादेशहरू ल्याइएका छन्। प्रधानमन्त्री नभए पनि प्रधानमन्त्रीको कार्यालयद्वारा आदेशहरू जारी गर्ने गरिएको छ। संसद र प्रधानमन्त्रीसमेत नरहेको अवस्थामा जारी गरिएका अध्यादेशहरू "आतंककारी" गतिविधि नियन्त्रण, आर्थिक परिचालन, गैरसरकारी संस्था, सञ्चार माध्यम, नागरिक प्रशासनको नियमन, भूमि व्यवस्थापन, खानेपानी, राजपरिवार खर्च, विश्वविद्यालयहरू, मानवअधिकार आयोग, स्थानीय स्वायत्त शासन, शिक्षाजस्ता क्षेत्रसग सम्बन्धित छन्।

यस क्रममा विभिन्न ऐनहरूको संशोधन गरिएको छ। उदाहरणका लागि राष्ट्रिय मानव अधिकार आयोग ऐन ०६२ जेठ ९ मा संशोधन गरियो र सिफारिस समितिमा फेरबदल गरी जेठ १३ मा विवादास्पदरूपमा आयोगका अध्यक्ष र सदस्यहरू नियुक्त गरिए। विगतमा आयोगद्वारा सरकारी सुरक्षाकर्मी र विशेषतः शाही नेपाली सेनाले गरेका ज्यादति र मानवअधिकार एवम् अन्तर्राष्ट्रिय मानवीय कानुन हननका घटनाहरूको अनुगमन गर्दै तथ्य सार्वजनिक गरेका कारण यसको सक्रियता देखिएको थियो। आयोगमा नया नियुक्तिसँगै यसको सक्रियतामा कमी महसुस गरिएको छ र यसले मानवअधिकार संरक्षण र सम्बर्द्धनमा कार्यसूचीहरूलाई निरन्तरता पूर्वक अघि सार्न सकेको छैन। न त राज्यपक्षबाट मानवअधिकार एवम् अन्तर्राष्ट्रिय मानवीय कानुनको गम्भीर हनन भएका अवस्थाहरूमा सक्रिय अनुगमन र प्रभावकारी सिफारिस नै गरेको पाइयो।

०६२ असार ३० मा निजामति सेवा ऐन संशोधन गरियो, जसले सरकारी कर्मचारीका संघ-संगठन खारेज गर्नुका साथै कर्मचारीलाई लामो समयसम्म अतिरिक्त समूहमा राख्नसक्नेलगायतका व्यवस्था गरेको छ। यसबाट कर्मचारीहरूको संगठित शक्ति विखण्डित गर्ने, सामाजिक सुरक्षाविहीन हुनेगरी करारमा भर्ना गर्ने र छुट्टै ऐनद्वारा सञ्चालित सेवाहरूलाई बिनाअध्ययन निजामति सेवाद्वारा निर्देशित गर्ने कार्य भएको र यस्तो कदमका कारण मानवअधिकारको विश्वव्यापी घोषणापत्र र अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) द्वारा पारित महासन्धिको समेत उल्लंघन भएको भन्दै पेसागत संगठनहरूले व्यापक विरोध गरे।[२४]

त्यसैगरी समाज कल्याण परिषद ऐन पनि ०६२ असार ३० मा अध्यादेशमार्फत् संशोधन गरी महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालयलाई सामाजिक संघ-संस्थाहरूउपर नियन्त्रण कायम गर्नेगरी आचारसंहिता जारी र लागू गर्ने अधिकार प्रदान गरियो। खासगरी, मानवअधिकार संस्थाहरूले प्रजातन्त्रको पक्षमा र मानवअधिकार हननको विरुद्धमा उठाएको आवाज, अन्तर्राष्ट्रियस्तरबाट यी दुई सवाललाई अगाडि सारेर राजाको सरकारउपर दिइएको दबाब र समग्रमा सामाजिक संघ-संस्थाहरूको सक्रिय उपस्थितिलाई कसरी कम गर्न सकिन्छ भन्ने राजनीतिक उद्देश्यका साथ समाज कल्याण परिषद ऐन संशोधन गरिएको देखिन्छ। त्यसपछि सरकारले ०६२ कार्तिक २४ मा सामाजिक संस्थाहरूका लागि

२४. प्रेस विज्ञप्तिः पेशागत महासंघ, निजामती कर्मचारी संगठन, नेपाल राष्ट्रिय शिक्षक संगठन, अन्तर-संस्थान कर्मचारी संघ, गोरखापत्र संस्थान कर्मचारी संघ, अन्तर-बैंक कर्मचारी संघ, नेपाल स्वास्थ्य प्राविधिक संघ, नेपाल नर्सिङ संघ, नेपाल रेन्जर संघ, डिप्लोमा इन्जिनियर्स एशोसिएसन, त्रिभुवन विश्वविद्यालय प्रगतिशील कर्मचारी संगठन, नेपाल सर्भेयर्स संघ, मपु कर्मचारी संगठन, नेपाल कृषि अनुसन्धान परिषद कर्मचारी संघ, पशुपालक संघ, स्थानीय निकाय कर्मचारी संघ, त्रिभुवन विश्वविद्यालय कर्मचारी संघ, राष्ट्रिय बीमा संस्थान कर्मचारी संघ, नेपाल बैंक कर्मचारी संघ, नेपाल राष्ट्र बैंक कर्मचारी संघ, सञ्चय कोष कर्मचारी संघ, नेपाल बिमा कम्पनी कर्मचारी संघ, नेपाल विद्युत प्राधिकरण कर्मचारी युनियन, नेपाल टेलिकम कर्मचारी संघ, नेपाल खानेपानी संस्थान कर्मचारी संघ, दुग्ध विकास संस्थान कर्मचारी संघ, औद्योगिक निगम व्यवस्थापन कम्पनी कर्मचारी संघ, नेपाल आयल निगम कर्मचारी संघ, नेपाल खाद्य संस्थान कर्मचारी संघ, रेडियो प्रसारण तथा विकास समिति कर्मचारी संघ, घरेलु तथा साना उद्योग समिति कर्मचारी संघ, शाही नेपाल वायुसेवा निगम कर्मचारी संघ, नेपाल टिम्बर कर्पोरेशन कर्मचारी संघ, जनक शिक्षा सामग्री केन्द्र कर्मचारी संघ, कृषि विकास बैंक कर्मचारी संघ, शाही औषधी लिमिटेड कर्मचारी संघ आदिः काठमाडौं, ०६२ साउन ५

आचारसंहिता जारी गऱ्यो, जसले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कार्य र स्वायत्ततालाई संकटमा पार्नुका साथै यस्ता संस्थाहरूको विचार तथा अभिव्यक्तिको स्वतन्त्रता र अन्तर्राष्ट्रिय दातृ निकायहरूसम्मको पहुँचलाई समेत कटौती गर्दछ। त्यतिमात्र होइन, यसले गैरसरकारी संस्थाहरूलाई केन्द्रीय र स्थानीयस्तरका सरकारी निकायहरूसग काम गर्न बाध्य तुल्याउँछ, जसले संस्थाका कार्यहरूमा व्यवधान खडा गर्ने र अनावश्यक नियन्त्रण गर्नेमात्र नभई विशेषगरी प्रजातन्त्र, मानवअधिकार र शान्तिका लागि कार्यरत संस्थाहरूको गतिशीलतामाथि धक्का पुऱ्याउँछ।

मानवअधिकार रक्षकहरूसम्बन्धी संयुक्त राष्ट्रसंघका महासचिवका विशेष प्रतिनिधि हिना जिलानीले समेत उक्त आचारसंहिता जारी नगर्न ०६२ कार्तिक २४ मा सरकारलाई अनुरोध गर्दै यस्तो संहिताले मानवअधिकार रक्षकहरूको अधिकारसम्बन्धी राष्ट्रसंघीय घोषणापत्र १९९८ र नेपाल पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय मानवअधिकार सन्धिहरूको हनन गर्ने उल्लेख गर्नुभएको थियो। यसअघि नै राष्ट्रसंघीय मानवअधिकारसम्बन्धी उच्चायुक्तको नेपालस्थित कार्यालयले सरकारद्वारा प्रस्तावित आचारसंहिता नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार दायित्वविपरीत हुने जनाएको थियो।[२५] राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा यसको व्यापक विरोध भयो। राष्ट्रसंघका महासचिव कोफी अन्नानले पनि यस सम्बन्धमा सरोकार व्यक्त गर्नुभयो।[२६] तर सरकारले यस्ता आग्रह र सरोकारहरूतर्फ ध्यान दिएन। यसभित्रको राजनीतिक कारण र सरकारी नियतप्रति संयुक्त राष्ट्रसंघ, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूद्वारा आलोचना भएको परिप्रेक्ष्यमा यसका विरुद्ध सर्वोच्च अदालतमा ०६२ कार्तिक ९ मा रिट निवेदन दर्ता भयो। सर्वोच्च अदालतले मंसिर ८ मा फैसला गर्दै उक्त आचारसंहिता मंसिर १५ सम्म लागू नगर्न सरकारलाई आदेश दियो। सोही मुद्दामा ०६२ पुस ११ मा सर्वोचच अदालतले सरकारका नाममा अन्तरिम जारी गरी सरकारको लिखित जवाफ पेस नहुँदासम्म आचारसंहिता लागू नगर्न आदेश दिएपछि र यस वर्षको अन्त्यसम्म यो मुद्दा नटुंगिएका कारण यसको औपचारिक कार्यान्वयन रोकिनपुग्यो।

प्रजातान्त्रिक आवाज दबाउने र विपक्षमा रहेका सबै संस्था तथा संरचनाहरूलाई निष्क्रिय तुल्याउने क्रममा ०६२ असोज २३ मा सञ्चारसम्बन्धी केही नेपाल ऐनहरू संशोधन गर्ने अध्यादेश जारी गरियो। यो अध्यादेशले सूचनाको निर्बाध प्रवाह, स्वतन्त्र विचार निर्माण र जनमतको प्रचार हुने स्थितिमा रोक लगाउने आशय अघि सारेको छ।

७.१.४ दण्डहीनताको खतरा र बढ्दो सैनिकीकरण

आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश लगातार जारी गरिनु तर त्यसको यथोचित अनुगमन संयन्त्र निर्माण नगरिनुले अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको हनन भइरहेकै छ। खासगरी जेनेभा महासन्धिहरूको साझा धारा ३ को हनन बढेको छ र नेपाली सुरक्षाकर्मीहरू कानुनी दायित्वबाट उम्कने भइरहेकै छ। दोषीहरू न्यायिक प्रकृयाबाट उन्मुक्त हुने अभ्यासमा बढावा मिल्नुका कारण आम नागरिकको सुरक्षा खतरामा परेको छ।

वर्तमान सरकार शाही नेपाली सेनालाई हतियारसम्पन्न गराउने, थप सैनिक वृद्धि गर्ने, अन्तर्राष्ट्रिय सहयोगका माध्यमबाट र राष्ट्रिय बजेटको ठूलो हिस्सा सुरक्षा क्षेत्रका लागि छुट्याउनेतर्फ केन्द्रित छ। यो नीतिले एकातर्फ समस्याको शान्तिपूर्ण समाधानलाई निषेध गरेको छ भने अर्कातर्फ सैनिकीकरणलाई अगाडि बढाएको छ।

शान्तिको सट्टा सैनिक कारवाही, नागरिक शासनको सट्टा सैनिकीकरण र समस्याको शान्तिपूर्ण सम्बोधनको सट्टा विपक्षीहरूमाथि दमन वर्तमान सरकारका प्रमुख प्रवृत्ति बन्न पुगे। सञ्चार माध्यम, नागरिक प्रशासन र सार्वजनिक स्थलहरूमा सैनिकहरूको बढ्दो उपस्थिति र नियन्त्रणले एकातर्फ स्वतन्त्र पेशागत अधिकारलाई कुण्ठित गरेको छ भने अर्कातर्फ नागरिक प्रशासनलाई सैनिक प्रशासनद्वारा विस्थापन गर्ने प्रयत्न गरेको छ। यसका अतिरिक्त, कूटनीतिक निकायहरूमा पूर्व सैनिकहरूको नियुक्तिले यस क्षेत्रमा पनि विस्तारै सैनिक प्रभुत्व कायम गर्ने नियत देखाउँछ।[२७]

सुरक्षा निकायमा बढ्दो अनुशासनहिनता र उपयुक्त अनुगमन र नियन्त्रणको अभावमा सर्वसाधारणको अन्धाधुन्ध हत्या गरिएका घटनाहरू बढेका छन्। ०६२ मंसिर २९ मा काठमाडौं नजिकैको पर्यटकीय स्थल नगरकोटमा परम्परागत पूजामा संलग्न ११ जना सर्वसाधारण नागरिकहरूको ज्यानै लिने गरी एक सैनिकद्वारा गोली चलाइएको घटनालाई यस्तो उद्दण्डताको उदाहरणका रूपमा लिन सकिन्छ।

---

२५. प्रेस विज्ञप्ति: युनाइटेड नेसन्स अफिस अफ हाइ कमिसनर फर ह्युमन राइट्स इन नेपाल; ५ अक्टोबर २००५

२६. युनाइटेड नेसन्स सेक्युरिटी काउन्सिल: "रिपोर्ट अफ दि सेक्रेटरी-जनरल अन दि प्रोटेक्सन अफ सिभिलियन्स इन आर्म्ड कन्फ्लिक्ट (एस/२००५/७४०):" २८ नोभेम्बर २००५: पृ. ९: ochaonline.un.org/humanitariannegotiations/Documents/References/UN%20chapter%201/SG%20report%20on%20PoC,%20Dec%202005,%20S-2005-740.pdf १२ डिसेम्बर २००५ मा हेरिएको

२७. शाही नेपाली सेनाका पूर्वजनरल तारावहादुर थापालाई थाइल्याण्ड र पूर्वजनरल भिक्ट्रीशमशेर राणालाई म्यानमार, भियतनाम र लाओसका लागि राजदुत नियुक्त गरिएको छ।

७.१.५ धनजनको बढ्दो क्षति

संख्यात्मकरूपमा यो वर्ष सबैभन्दा बढी मानिस मारिएको वर्षका रूपमा नदेखिएता पनि समग्रमा यसको दर र स्वरूप गम्भीर रह्यो। खासगरी राज्यपक्षले मानव सुरक्षाप्रति संवेदनशिलता देखाउन नसकेका कारण धनजनको क्षति हुन पुग्यो। ०६२ वैशाख १६ मा संकटकाल हटाइएता पनि राजाको प्रत्यक्ष शासन र यसका संस्थागत आक्रमणहरू हटेनन्।

माओवादी विरुद्ध गैरसैनिक नागरिकहरूलाई सक्रिय गराउने र यस्ता समूहहरूलाई राज्यद्वारा सहयोग गरिने रणनीतिका कारण सर्वसाधारणको ज्युज्यान खतरामा पर्ने प्रकृया शाही कदमपछि निकै गम्भीररूपमा बढ्न पुग्यो। माओवादीको प्रतिकारका नाममा "गाउँ सुरक्षा बल"जस्ता अर्धसैनिक दस्ताहरू गठन हुन पुगे। यस्ता भिजिलान्ते समूहहरूले माओवादीविरुद्ध गतिविधिका नाममा एकातर्फ सरकारी सुरक्षाफौज र स्वयम् गृहमन्त्रीको स्तरबाट समेत प्रोत्साहन पाएका छन् भने अर्कोतर्फ सर्वसाधारणलाई आतंकित पार्ने, लुटपाट मच्चाउने, कुटपिट गर्ने, सिंगो बस्तीमै आगो लगाउने र हत्यासमेत गर्ने गरेका छन्। नेपालका तराई क्षेत्रका जिल्लाहरूमा यस्ता समूहहरूको सक्रियता माघ १९ पछि उल्लेख्यरूपमा बढ्न पुगेको छ। एकातर्फ सरकारका सूचना तथा सञ्चार मन्त्रीले "जहाँ जनताले आफैं कारवाही अघि बढाउँछन्, त्यस्ता ठाउँहरूमा सरकारले एकीकृत विकास कार्यक्रमहरू सुरु गर्ने"[२८] घोषणा गरेका छन् भने अर्कोतर्फ माओवादी प्रतिकारका नाममा खडा भएका यस्ता समूहहरू नाम परिवर्तन गर्दै "शान्ति सुरक्षा तथा ग्रामीण विकास दल" मा परिणत भएका छन्, जसको काम गाउँमा शान्तिसुरक्षा कायम गर्दै विकास-निर्माण गर्नु रहेको बताइन्छ। तर, शान्ति सुरक्षाका नाममा माओवादीको प्रतिकार या माओवादी ठानिएकाहरूलाई सिध्याउनु यस्ता समूहको उद्देश्य देखिन्छ। पश्चिम नेपालको कपिलवस्तु र नवलपरासी जिल्लामा यस्ता समूहका कारण दर्जनौंको ज्यान गयो भने सयौं सर्वसाधारण विस्थापित हुनुका साथै सिंगै गाउँमा आगो लगाउने क्रियाकलापसमेत भयो। *(यस सम्बन्धमा थप जानकारीका निम्ति हेर्नुहोस् : यसै पुस्तकको कपिलवस्तु र नवलपरासी जिल्लाअन्तर्गत समावेश गरिएका घटना विवरणहरू)* माघ १९ गतेपछि तत्कालीन गृहमन्त्री दानबहादुर शाही, श्रममन्त्री रामनारायण सिंह र शिक्षामन्त्री राधाकृष्ण मैनालीले कपिलवस्तु जिल्लाको गणेशपुर गाविसमा गई गाउँलेहरूलाई माओवादीविरुद्ध जाइलाग्न उक्साएर भाषण गरेका थिए। सशस्त्र प्रहरी बल, नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागका प्रमुखहरूलाई साथ लगाएर कपिलवस्तु गएका ती मन्त्रीहरूले "गाउँ सुरक्षा बल" का गतिविधिहरूको प्रशंसा गर्दै उनीहरूको स्थानीय प्रयासमा निरन्तर सहयोग गर्ने आश्वासन दिएका थिए। अर्कोतर्फ, सुरक्षा निकायका स्थानीय कार्यालयहरूबाट नै गाउँलेहरूद्वारा गठन गरिएका सुरक्षा समितिहरूलाई हातहतियार प्रदान गरियो। मोरङ जिल्लाको कटहरी गाविसमा गठन गरिएको गाउँ सुरक्षा समितिलाई ०६१ चैत १५ मा बडा प्रहरी कार्यालय, हत्खोलाले खुकुरी, भाला र बन्चराजस्ता हतियार प्रदान गरेको थियो। यसअघि सोही जिल्लाको तेतरिया गाविसमा पनि हतियारहरू बाँडिएको थियो, जो आधा दर्जन व्यक्तिको हत्याको कारक बन्न पुगेको थियो।

यस्तो स्थितिले राज्ययन्त्रको असक्षमता देखाउने मात्र नभई नियोजितरूपमा मानवअधिकार हननलाई संस्थागत गराउने र नागरिक आवाजलाई नागरिक सैनिकीकरणका माध्यमबाट निर्मूल गर्ने प्रवृत्ति हावी हुनमा महत्वपूर्ण भूमिका खेलेको छ। यसले देशको आन्तरिक सुरक्षामा दीर्घकालीन नकारात्मक असर पुऱ्याउने मात्र नभई द्वन्द्वलाई चर्काएको छ। नागरिकहरू बेपत्ता पार्ने र गैरकानुनी थुनालाई माओवादी विरुद्ध कारवाहीको माध्यम बनाउने सरकारी रणनीतिका कारण नेपाल विश्वमा यस्ता घटनाहरू सबैभन्दा बढी हुने देशमा दर्ता भइसकेको छ।

७.१.६ चरम राजनीतिक असहिष्णुता, व्यापक गिरफ्तारी, थुना र दुर्व्यवहार

राजनीतिक कार्यकर्ता, विद्यार्थी, मानवअधिकारकर्मी, पत्रकार, ट्रेड युनियनकर्मी, महिला कार्यकर्ता, वकिल र पेशाकर्मीहरूको व्यापक गिरफ्तारी माघ १९ यता देखिएको आम प्रवृत्ति हो। यसबीच करिब ६ हजार व्यक्तिहरू प्रजातान्त्रिक र मानवअधिकार आन्दोलनका क्रममा गिरफ्तारीमा परे, जसमध्ये कम्तिमा ४ सय ५७ जना मानवअधिकार रक्षकहरू थिए। शान्तिपूर्ण प्रदर्शनहरूलाई दबाउन राज्यद्वारा अत्यधिक बलको प्रयोग गरियो।

प्रजातान्त्रिक आन्दोलनका क्रममा गिरफ्तार गरिएकाहरूलाई दुरवस्थाका थुनुवा केन्द्रहरूमा राखियो। आधिकारिक थुनुवा केन्द्रहरूको सट्टा नेपाल विद्युत प्राधिकरण, कृषि विकास बैंक, भन्सार कार्यालय, महिला विकास प्रशिक्षण केन्द्रजस्ता सरकारी कार्यालयमा राखियो। गिरफ्तारीका क्रममा राज्य कानुनको परिपालना गरिनुपर्ने दायित्वबाट पन्छिएको पाइयो। थुनामा राखिएकाहरूलाई उपलब्ध गराइनुपर्ने न्यूनतम मानवीय सुविधाबाट वञ्चित गरियो। यसबीच

---

२८. सूचना तथा सञ्चार मन्त्री उद्धृत गरिएको, कट्टेल, मुकुन्द: "नेपाल आफ्टर फर्स्ट फेब्रुअरी २००५:" नेपाल: दि माओइस्ट इन्सर्जेन्सी एण्ड बियोण्ड: सम्पा. कार्की, अर्जुन एण्ड मुकुन्द कट्टेल: हङकङ: एसियन रिजनल एक्स्चेन्ज फर न्यु अल्टर्नेटिभ्स (एआरईएनए), २००५: पृ. १६३

कतिपय बन्दीहरू बिरामी परेका र उपयुक्त औषधोपचारविना रहनुपरेका घटना सार्वजनिक भए।

अर्कोतर्फ, बन्दीहरूलाई भेट गर्नबाट रोक लगाइएका घटनाहरू पनि उल्लेखनीय परिमाणमा सार्वजनिक भए। ०६१ माघ १९ देखि ०६२ पुस १३ सम्म कम्तिमा ४८ ओटा यस्ता घटना भए, जसमा बन्दी बनाइएका राजनीतिक कार्यकर्ता, मानवअधिकारकर्मी, पत्रकार र पेसाकर्मीहरूलाई भेट गर्नबाट रोकियो। त्यसमध्ये १५ भन्दा बढी घटना संकटकाल अन्त्यपछि हुनपुगे। अमेरिकी राजदूत जेम्स एफ. मोरियार्टी, भारतीय राजदूत शिवशंकर मुखर्जीलगायत्का विदेशी कूटनीतिक नियोगका प्रमुखहरूसमेत बन्दी भेट्नबाट बञ्चित गरिए। यसले के देखाउँछ भने, अहिलेको सत्ता देशी, विदेशी जुनसुकैस्तरबाट गरिएका भए पनि, मानवअधिकार संस्था, राजनीतिक दल र पेसागत संस्थाहरूलाई राहत मिल्ने वा सहयोग हुने ठानिएका कुनै पनि क्रियाकलाप र प्रयासहरूमा रोक लगाउन चाहन्छ।

७.१.७ अदालतको अवहेलना, पुनः गिरफ्तारी र न्यायिक निरूपणमा अन्यौल

अदालतको अवहेलना र पुनः गिरफ्तारी अर्को गम्भीर प्रवृत्ति रहयो। न्यायपालिकामाथि कार्यपालिकाको प्रत्यक्ष प्रभाव ०६१ माघ १९ पछि झनै बढ्न पुग्यो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद : तीन "न्यायपालिका")* कम्तिमा ३६ राजनीतिक कार्यकर्ता र मानवअधिकारकर्मीहरू, जो अदालतको आदेशबाट रिहा भएका थिए, उनीहरू सरकारी सुरक्षाकर्मीद्वारा पुनः गिरफ्तार गरिए। जसमध्ये करिब ८२ प्रतिशत अर्थात् ५४ ओटा घटना संकटकाल अन्त्यपछि भएका थिए। कम्तिमा १० ओटा घटनामा सर्वोच्च अदालतद्वारा दिइएको आदेशविपरीत पुनः गिरफ्तार गरिएको थियो। त्यसक्रममा सादा पोशाकका सुरक्षाकर्मीहरूको व्यापक परिचालन गरिएको पाइयो। यसबाट के देखिन्छ भने, अदालतको अवहेलना एउटा श्रृंखलाबद्ध र सुनियोजित क्रियाकलाप थियो, जसले न्यायपालिकाको आदेशलाई खण्डित गर्नपुग्यो। जबसम्म अदालतका आदेशहरूको उपयुक्त कार्यान्वयन गरिँदैन, तबसम्म स्वतन्त्र न्यायपालिकाको अवधारणाले मूर्त रूप लिन सक्दैन। यस्तो कार्यले अप्रत्यक्ष ढंगबाट न्यायपालिकाको सर्वोच्चतामा अंकुश लगाउँछ भन्ने कुरा यो वर्षका घटनाक्रमले देखाए। संकटकाल हटाइए तापनि कार्यपालिकाको व्यवहारमा परिवर्तन आएन।

सन् २००५ मा अदालतको हातामित्रैबाट पुनः गिरफ्तारीका घटनाहरू हुँदा पनि न्यायालयले फैसला कार्यान्वयनका लागि उपयुक्त र प्रभावकारी हस्तक्षेपको भूमिका निर्वाह गर्न सकेन। अर्कोतर्फ, संवैधानिक परिषद्मा सरकारले शाही कदमका समर्थकलाई नियुक्त गरेर न्यायाधीशहरूको नियुक्ति, सरुवा र बढुवाजस्ता प्रकृयालाई नै प्रभावमा पारेको आलोचना भयो। संवैधानिक परिषद्मा प्रधानमन्त्री, प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष र प्रतिनिधिसभामा प्रमुख प्रतिपक्षी दलका नेता रहने व्यवस्था भएकोमा प्रतिनिधिसभाको विघटनयता प्रतिपक्षी दलका नेता छैनन्। त्यसैगरी राष्ट्रिय सभाका अध्यक्ष पनि छैनन्। यसका अतिरिक्त शाही कदमयता प्रधानमन्त्री नै नरहेको अवस्था छ। यस्तो अवस्थामा संवैधानिक परिषद्को निष्पक्षतामाथि थुप्रै प्रश्नचिन्ह खडा भएका छन्। जसका आधारमा न्यायपालिकामाथि कार्यपालिकाको बढ्दो प्रभावको आँकलन गर्न सकिन्छ।

७.१.८ सूचना र सञ्चारमाथि नियन्त्रण

प्रजातन्त्रका आधारभूत चरित्रहरूमध्ये स्वतन्त्र सञ्चारमाध्यम र विचार तथा अभिव्यक्ति स्वतन्त्रता प्रमुख हुन्। तर, शाही कदमपछि यसमा नियन्त्रण हुनपुग्यो र सरकारले प्रजातान्त्रिक आन्दोलनलाई सहयोग पुग्ने ठानिएका सबैजसो सूचना र सञ्चार माध्यमहरूमाथि हस्तक्षेप गर्‍यो। ०६१ माघ १९ लगत्तै देशका प्रायः सबै छापा तथा विद्युतीय सञ्चारमाध्यमका कार्यालयहरूमा सैनिक उपस्थिति बढाइयो। सैनिकहरूद्वारा सेन्सर गरियो। र, सञ्चारमाध्यममाथि नियन्त्रण गरियो। स्थानीय प्रशासनहरूद्वारा पटक-पटक छुट्टाछुट्टै आदेश जारी गरी सञ्चार माध्यमहरूलाई स्वसेन्सरसीपमा राखियो। पत्रकारहरूको व्यापक गिरफ्तारी र धम्कीले सूचना प्रवाहमा नकारात्मक असर पर्न गयो।

०६२ असोज २३ मा सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन अध्यादेश जारी गरियो, जसबाट सरकारी निकायलाई नेपालमा अन्तर्राष्ट्रिय समाचारका साथै 'आतंककारी' र 'आतंककारी' गतिविधिलाई सहयोग पुग्ने वा उत्साहित गर्ने ठानिएका कुनै पनि सूचना वा समाचार सामग्रीमाथि बन्देज लगाउनसक्ने अधिकार प्रदान गरिएको छ। यसबाट त्यस्तो "सहयोग"को परिभाषा जटिल बन्न पुगेको छ र सरकारी निकायले कानुनको अपव्याख्याका आधारमा सत्ताविरोधीहरूमाथि दमन गर्ने संभावना बढाएको छ।

ऐनहरूमा गरिएको संशोधनले एकातर्फ सक्षम र प्रभावकारी नागरिक समाज एवम् निजी क्षेत्रको अस्तित्वलाई अस्वीकार गरेको छ भने अर्कोतर्फ स्वतन्त्र प्रेसको अवधारणामाथि प्रहार गरेको छ। यस्ता विधिहरूका कारण ०४६ सालमा प्रजातन्त्र पुनर्स्थापनापश्चात् नेपाली सञ्चार क्षेत्रले गरेको विकासमाथि धक्का लाग्न पुगेको छ। निजी सामुदायिक क्षेत्रका सञ्चार माध्यमहरूलाई समाचार र सूचना प्रकाशन एवम् प्रसारणमा रोक लगाउने प्रयासले

सूचनाको हक कुण्ठित गरेको त छ नै, सरकारीस्तरबाट गलत सूचना प्रवाह गर्ने र त्यसको विकल्पविहीनतामा स्वेच्छाचारिता बढाउने उद्देश्य लिएको छ।

प्रजातान्त्रिक मुलुकका सरकारले सञ्चार क्षेत्रको अधिकार, दायित्व, संस्थागत स्वरूप र स्वामित्वका हिसाबले प्रजातान्त्रिक समाज निर्माण एवम् सुदृढीकरणका लागि प्रोत्साहित गर्ने अपेक्षा गरिन्छ। राज्यका विभिन्न अंगहरूको निगरानी, जनआवाजको प्रतिनिधित्व, सूचना सम्प्रेषण र बहसको सुरुवात गर्ने सञ्चार माध्यमहरूको आम भूमिकालाई सामाजिक उत्तरदायित्वसँग अझ बढी गासेर लैजान सरकारले सहजकर्ताको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। तर, अहिलेको नेपाली सरकारले न यस्तो भूमिका निर्वाह गरेको छ न त सञ्चार माध्यमहरूको संरचना परिवर्तनका क्षेत्रमा प्रजातान्त्रिक सम्भावना सुझाउन सकेको छ। बरु, हात-खुट्टा बाँधेर, "दौड्न दिएको छु" भन्नेजस्तो असंगत व्यवहार देखाएको छ।

यसबाट सञ्चार माध्यमहरूमाथिको सामाजिक स्वामित्व र पहुँच कटौती गर्नेमात्र नभई, राजनीतिक संकटको बेलामा स्वतन्त्र एवम् सन्तुलित मञ्चका रूपमा प्रभावकारी भूमिका खेल्ने आधारभूत दायित्वबाट समेत सञ्चार क्षेत्रलाई विमुख बनाउने प्रयास भएको छ। माघ १९ यता नेपाल विश्वमा प्रेस स्वतन्त्रता हनन हुने राष्ट्रहरूको सूचीमा आठौं क्रममा छ,[२९] जहा राज्यका कारण सञ्चार क्षेत्रले गहिरो पीडा खेप्दै आएको छ।

०६१ माघ १९ को शाही कदमलगत्तै टेलिफोन, इन्टरनेट, रेडियो, टेलिभिजन, पत्रपत्रिका आदि सम्पूर्ण सञ्चार तथा सूचना माध्यमहरू बन्द गरी देशलाई सूचना तथा सञ्चार प्रसारबाट टाढा राखियो। यसबीच करिब ४७ ओटा एफएम रेडियोहरूको प्रसारण विथोलिन पुग्यो भने करिब १ हजार पत्रकारले आफ्नो रोजगारी गुमाउनुपर्ने अवस्था सृजना भयो। सूचना तथा सञ्चार मन्त्रालयले सूचना जारी गर्दै माओवादीसम्बन्धी कुनै पनि सूचना सुरक्षा निकायको पूर्वस्वीकृति विना प्रकाशन, प्रसारण नगर्न आदेश दियो। सर्वप्रथम ०६१ माघ २० मा एक सूचना जारी गरी सुरक्षाकर्मीको मनोबल घटाउने या शाही घोषणाको भावना विपरित हुने कुनै पनि सामग्री प्रकाशित नगर्न आदेश दिइएको थियो। यसको उद्देश्य "माओवादीसम्बन्धी सूचना प्रसार गरेको" या "सुरक्षाकर्मीको मनोबल घटाएको" नाममा प्रजातन्त्रका पक्षमा भएका गतिविधि र स्वरहरूमा बन्देज लगाउने र कारबाही अगाडि बढाउँदा "आतंककारी गतिविधिलाई प्रोत्साहन दिने खालका समाचार, सूचना प्रवाह गरेको" आरोप लगाउने स्पष्ट देखिन्छ। यस्ता आदेशहरू सञ्चार माध्यमहरूमा सेन्सरसीप कायम गर्ने प्रमुख कारणहरूमध्ये थिए।

कतिपय एफएम रेडियोहरू सामाजिक सूचना प्रवाह गर्नबाट समेत वञ्चित भए। त्यति मात्र होइन, सरकार सञ्चार संस्थाहरूमाथि प्रत्यक्ष भौतिक आक्रमण गर्ने तहसम्म ओर्लियो। कार्तिक ८ र मंसिर १२ मा क्रमशः कान्तिपुर एफएम र रेडियो सगरमाथा एफएममा भएको सुरक्षाकर्मीको हस्तक्षेप र सञ्चार सामग्रीहरू लुटिएका घटनालाई प्रतिनिधिमूलक मान्न सकिन्छ। अर्कोतर्फ विगत १० वर्षदेखि इन्सेकले रेडियो नेपालमार्फत् निरन्तररूपमा प्रसारण गर्दै आएको "मानवअधिकार शिक्षा रेडियो कार्यक्रम" सरकारी सेन्सरसीपका कारण ०६२ कार्तिक २६ देखि बन्द नै हुन पुग्यो।

नेपाली पत्रकारहरूको छाता संगठन नेपाल पत्रकार महासंघलाई कमजोर बनाउने र यसले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा संचालन गरेको आन्दोलनलाई कमजोर पार्ने उद्देश्यले आर्थिक नाकाबन्दी गरी समानान्तर संरचना स्थापना गरियो। यसक्रममा अघिल्लो सरकारले दिने भनी निर्णय गरिएको पत्रकार कल्याणकारी कोषका लागि सहयोग बन्द गरियो।[30] त्यसैगरी सरकारले सरकारी विज्ञापनहरूमा एकद्वार नीति अवलम्बन गर्‍यो, जसले सरकारी सञ्चार माध्यम र वर्तमान सत्ताको समर्थनमा सूचना, सञ्चार प्रवाह गर्ने संस्थाहरूलाई मात्र विज्ञापन दिने र उक्त विज्ञापन वितरण प्रकृयालाई सूचना तथा सञ्चार मन्त्रालयअन्तर्गतको सूचना विभागमार्फत नियन्त्रित गर्ने गरेको छ। सरकारी विज्ञापनले देशको विज्ञापन बजारमा ३० प्रतिशत भाग ओगट्दछ। एकद्वार विज्ञापन नीतिबाट एकातर्फ नीजि तथा सामुदायिक क्षेत्रका सञ्चारमाध्यमहरू आर्थिकरूपमा कमजोर बन्न पुगे भने अर्कोतर्फ वर्तमान सत्ताको विपक्षका सूचना, समाचारहरू प्रवाहलाई हतोत्साहित गरियो। शाही शासनको समर्थनमा रहेका सञ्चार संस्थाहरूलाई विज्ञापन प्रदान गर्ने र अन्यलाई वञ्चित गर्ने राजनीतिक कदमले सञ्चार क्षेत्रलाई असमान वितरणका आधारमा असन्तुलित गर्ने प्रयत्न भएको छ। यहाँसम्म कि प्रजातन्त्रको समर्थनमा रहेका पत्रपत्रिकाहरूलाई लोक कल्याणअन्तर्गतका विज्ञापनहरूबाट समेत वञ्चित गरिएको छ। स्वतन्त्र र निष्पक्ष प्रेसको

---

२९. रिपोर्टर्स विदआउट बोर्डर्स: वर्ल्डवाइड प्रेस फ्रिडम इन्डेक्स २००५: फ्रान्स: २० अक्टोबर २००५

३०. तत्कालीन शेरबहादुर देउवाको सरकारद्वारा पत्रकारहरू- विशेष गरी द्वन्द्वपीडित पत्रकार तथा तिनका परिवारको कल्याणका लागि उक्त सहयोग प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरिएको र सो रकम निकासा हुने अवस्थामा थियो। तर, राजाको अध्यक्षतामा गठित सरकारले तत्काल यो सहयोग रकम रोक्का गर्‍यो। त्यसैगरी, "राष्ट्रिय पत्रकार महासंघ" नामक पत्रकारहरूको संगठन गठन गरियो, जो वर्तमान शासनद्वारा पोषित भएका र यसमा संगठित पत्रकारहरू राजाको शासनका पक्षपाती भएको आरोप लागेको छ।

अवधारणालाई आर्थिक नाकाबन्दीका माध्यमबाट प्रहार गर्ने यस्तो रणनीतिका कारण सञ्चार क्षेत्रमा आर्थिक चुनौती थपिएको छ।

सरकारले अहिले पनि कम्तिमा ३० वेबसाइटहरू नेपालमा हेर्नबाट बन्देज लगाएको छ। त्यसअघिका सरकारहरूले खासगरी ०६० मा सरकार-माओवादी दोस्रो युद्धविराम भंग भएपछि उनीहरूका सूचना प्रसार गर्ने केही वेबसाइटहरूमा यस्तो बन्देज लगाएका थिए। माघ १९ यता भने प्रजातन्त्रको पक्षमा बढी खुलेर लागेका, माओवादीसम्बन्धी सूचनाहरू प्रस्तुत गर्ने, नेपालको अवस्थाका बारेमा अनलाइन छलफल चलाउने र लेखकहरूको खुलस्त अभिव्यक्ति प्रकाशन गर्ने वेबसाइटहरू नेपालमा हेर्न बन्देज लगाइयो। नेपालीपोष्ट डट कम, गोरखान्यूज डट कम, बीबीसी डट सीओ डट युके स्ल्यास नेपाली जस्ता सञ्चार संस्थाहरू पनि यस्तो कदमको शिकार बने। यसबाट आजको सञ्चार युगमा नेपालको सत्ता जनतालाई शताब्दीयौं पुरानो हस्तक्षेपको अवस्थामा पुर्‍याउन चाहन्छ र स्वत:स्फूर्त सञ्चार प्रवाहलाई जबर्जस्ती बन्द गर्न चाहन्छ भन्ने स्पष्ट भयो। यसको राजनीतिक उद्देश्य प्रजातान्त्रिक आवाजलाई कमजोर बनाउनु र फस्टाउन लागेको इन्टरनेट सञ्चारलाई साँघुरो बनाउनु रहेको देखिन्छ।

७.१.९ नागरिक प्रशासनको ध्वंस

नेपालका सरकारी कर्मचारीहरू माथिल्लो तहद्वारा आफ्नो सहयोगीका रूपमा मात्र हेरिने गर्छन् र त्यस्ता माथिल्लो तहका सहकर्मीका गलत क्रियाकलाप उनीहरूले गोप्य राख्ने गर्दछन्। उनीहरू निजामती सेवा ऐनको गोपनीयतासम्बन्धी व्यवस्थाबाट बाँधिएका छन् र आफ्ना हाकिमहरूले अख्तियारको दुरूपयोग अथवा सरकारी श्रोतको हिनामिना गरे भने पनि सत्य कुरा बाहिर बोल्न र सार्वजनिक गर्न पाउँदैनन्।[३१] नेपालको नागरिक प्रशासन अझै पनि प्रजातान्त्रिक हुन सकेको छैन। पञ्चायती कालको प्रकृया र संरचनामा परिवर्तन हुन नसकेका कारण बहुदलीय व्यवस्था कालमा पनि नागरिक प्रशासन आलोचनामुक्त हुन सकेन। १९ माघ ०६१ यता यो संयन्त्र अझ संकुचित हुन पुगेको छ। नागरिक उत्तरदायित्व, पारदर्शिता, सेवाप्रदायिता, सहभागितामूलक कार्यशैली, अनुगमन तथा मूल्यांकन प्रकृयाहरूमा सुधार हुने सम्भावना हुकुमी शासन र सरकारप्रति हेर्ने त्रम्त दृष्टिकोणका कारण गिर्दो छ। मन्त्रीलाई नरिझाउँदा दुर्गम क्षेत्रमा वा अतिरिक्त समूहमा सरुवा हुनुपर्ने भय कर्मचारीहरूको साझा समस्या हो। कार्यपालिकाको उत्तरदायित्व हुनुपर्ने र विपक्षको आवाजले स्थान पाउने अवस्थाको अभाव नै १९ माघयताको प्रमुख कारण हो, जसले नागरिक प्रशासनलाई शाही कदमको समर्थक र विपक्षका आधारमा असमानताको शिकार बनाउने प्रवृत्तिलाई प्रोत्साहन मिलेको छ।[३२]

सत्ताको संरक्षणका लागि प्रशासनिक मूल्यविपरीत आदेशका आधारमा प्रशासन संयन्त्र परिचालन र राजनीतिक स्वार्थ सिद्धिका लागि सरकारी स्रोत-साधनको दुरूपयोग प्रजातान्त्रिक शासनकालमा नदेखिएका होइनन्। १९ माघपछि यसको स्वरूप अझ बढी अपारदर्शी बन्न पुग्यो। सरकारका नियुक्तिजस्ता कदमहरूले पनि नागरिक प्रशासनमाथिको हस्तक्षेप बढायो। क्षेत्रीय प्रशासकहरूमा गरिएको राजनीतिक नियुक्ति, अञ्चल प्रशासन कार्यालयहरूको स्थापना, वरिष्ठ सरकारी कर्मचारीहरूलाई गरिएको सरुवा, जिल्ला विकास समिति, नगरपालिकाजस्ता जनप्रतिनिधिमूलक स्थानीय निकायका प्रमुख, उपप्रमुखमा गरिएको सरकारी नियुक्ति र निजामति सेवा ऐनमा गरिएको अध्यादेशीय संशोधनलाई उदाहरणको रूपमा लिन सकिन्छ। क्षेत्रीय प्रशासकहरूमा पहिले सरकारी अधिकारीहरू नै हुने गर्दथे।

अञ्चलमा अञ्चल प्रशासकहरू नियुक्त गरिए। तर, यस्ता प्रशासनिक तहहरू क्षेत्राधिकार र अख्तियारीको दोहोरो जिम्मेवारीका कारण पहिल्यैदेखि अस्तित्वमा रहेका निकायहरूसग बाझ्नसक्छन् भन्नेतर्फ ध्यान दिइएन। खासगरी अञ्चल प्रशासकहरूको नियुक्ति पञ्चायती शासन संरचना ब्युँताउने उद्देश्यअनुरूप भएको आलोचना उल्लेख्य रह्यो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३.२ "कार्यपालिका")* अर्धराजनीतिक भूमिका रहने अञ्चल प्रशासकहरू राजाको निर्देशन र शाही सरकारद्वारा जारी गरिएका अध्यादेशहरूको कार्यान्वयनका

---

३१. ढुंगेल, द्वारिकानाथ एण्ड अच्युत वी. राजभण्डारी: पूर्ववत्: पृ. ६४

३२. ०६२ वैशाख २१ मा नेपालका ७५ मध्ये ५२ जना प्रमुख जिल्ला अधिकारीहरूको सरुवा गरियो। त्यसक्रममा निश्चित क्षेत्रमा विशिष्टता हासिल गरेका र मन्त्रालयहरूमा कार्यरत उच्च पदस्थ अधिकारीहरू पनि प्रमुख जिल्ला अधिकारीमा रूपमा सरुवा गरिए। "माथिको आदेश"का भरमा १० जना विशिष्ट श्रेणीका सरकारी अधिकृतहरूलाई अतिरिक्त समूहमा फ्याँकियो भने राजदरबारको पक्षमा रहेका ८ जना सहसचिवलाई कार्यकारी सचिवका रूपमा बढुवा गरियो। अर्कोतर्फ, सरकारद्वारा बेग्लै मिनिमा लोकमान सिंह कार्की, जो विगतदेखि नै पञ्चायती व्यवस्था कालमा राजाको नियुक्तिका आधारमा नेपालको सरकारी ओहदामा पुगेको र माघ १९ पछि पनि राजाको कदमका उग्र समर्थक भएको आरोपमा आलोचित छन्, लाई ०६२ असोज २ देखि लागू हुनेगरी निजामती सेवाको सर्वभन्दा उच्च पद, सरकारको मुख्य सचिवमा नियुक्त गरियो ताकि राजाको प्रत्यक्ष शासनलाई प्रशासन संयन्त्रबाट पूर्ण समर्थन प्राप्त होस्।

राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रतिबद्धताको घोषणा

देश र जनता यतिबेला गम्भीर संकटबाट गुज्रिनु परिरहेको कुरा सबैलाई विदितै छ। मुलुकमा बहुदलीय प्रजातन्त्र स्थापना भएको पाँच वर्ष नपुग्दै नेकपा (माओवादी) ले शुरु गरेको सशस्त्र द्वन्द्वले जन्माएको हिंसा र प्रतिहिंसाको क्रममा अहिलेसम्म १२ हजारभन्दा बढी नेपाली नागरिकहरुको ज्यान गइसकेको छ, सयौं मानिसहरु बेपत्ता भएका छन्, हजारौं मानिसहरु अपांग बनेका छन् र लाखौंको संख्यामा विस्थापित भएका छन्। यो समस्याको राजनीतिक समाधान पहिल्याउनुपर्ने आवश्यकता विपरीत ०६१ माघ १९ मा राजाबाट बलात् शाही घोषणामार्फत् प्रत्यक्षरुपमा सम्पूर्ण सत्ता आफ्नो हातमा लिने काम भयो। त्यसपछि मुलुकको स्थिति झन् द्वन्द्वग्रस्त र जटिल बन्दै गएको छ। देश राजनीतिक रुपमा झन् बढी विभाजित हुँदै गएको छ। जनताका मौलिक हकहरु निलम्बित गरिएका छन्, राजनीतिक दलका नेता र कार्यकर्ताहरु, सञ्चारकर्मीहरु, मानवअधिकारवादीहरु र प्रजातन्त्रको पक्षमा आवाज उठाउनेहरु बन्दी बनाइएका छन्। भ्रष्टाचार नियन्त्रण गर्ने नाममा असंवैधानिक तवरले शाही आयोग गठन गरी राजनीतिक नेता, कार्यकर्तासमेतको तेजोवध गरिने क्रम शुरु भएको छ। प्रेस स्वतन्त्रतामाथि अंकुश लगाइएको छ। नेपाली नागरिकहरु राज्यको अवाञ्छित दबाब र बन्देजबाट पीडित पारिएका छन्। यही कारणले गर्दा नेपालको अन्तर्राष्ट्रिय सम्बन्ध र प्रतिष्ठामा समेत गम्भीर क्षति पुग्न गएको छ। मुलुकमा लगाइएको संकटकाल हाल आएर हटाउन बाध्य भए पनि देशको समग्र स्थितिमा कुनै सुधार भएको छैन।

०५९ असोज १८ को असंवैधानिक र प्रतिगामी शाही घोषणाका विरुद्ध राजनीतिक दलहरु, पेशागत संघसंस्थाहरु, नागरिक समाज र नेपाली जनता आ-आफ्ना ढंगले आन्दोलित रहँदै आएका थिए।

०६१ माघ १९ को शाही घोषणा राजाद्वारा निरंकुश रुपमा प्रत्यक्ष शासन चलाउन गरिएको घोर अप्रजातान्त्रिक, असंवैधानिक र प्रतिगामी कदम हो यसका विरुद्ध सात राजनीतिक दल शान्तिपूर्ण, संयुक्त र सशक्त जनआन्दोलनको आवश्यकतामा सहमत भएका छौं। यसै पृष्ठभूमिमा हामी राजनीतिक दलहरु पूर्ण प्रजातन्त्र एवम् दिगो शान्तिको स्थापना, मानवअधिकारको पूर्ण प्रत्याभूति गर्दै देशलाई अग्रगमनतर्फ डोऱ्याउन निम्नबमोजिमको साझा सहमति र प्रतिबद्धताका आधारमा एकताबद्ध भएको घोषणा गर्दछौं।

विगतको संक्षिप्त मूल्यांकन

०४६ सालको संयुक्त जनआन्दोलनले मुलुकमा ऐतिहासिक परिवर्तन ल्याएको थियो। त्यसले देशमा प्रजातान्त्रिक र राष्ट्रिय विकास प्रक्रियालाई एउटा नयाँ उचाइमा उठाएको थियो। देशमा लोकतान्त्रिक अभ्यासलाई अघि बढाउने, कानुनी राज्यको अवधारणा र विकेन्द्रीकरणको प्रक्रियालाई विस्तार गर्दै लाने, साधनको बाँडफाँड गर्ने परिपाटीमा परिवर्तन ल्याउने, विकासका भौतिक पूर्वाधारहरु निर्माण गर्ने र शिक्षा, स्वास्थ्य, सञ्चार, बिजुली र खानेपानीको विकास र विस्तार गर्ने क्षेत्रमा उल्लेखनीय प्रगति भएका छन्। त्यति हुँदाहुँदै पनि महिला, जनजाति, दलित, मधेसी समुदाय, पिछडिएका क्षेत्र, गरिब र विपन्न वर्गलाई परिवर्तनको व्यापक अनुभूति दिलाउने गरी प्रजातन्त्रलाई अझ गहिरो, व्यापक, उन्नत र समावेशी बनाउने तथा सामाजिक आर्थिक रुपान्तरण गर्ने दिशामा कमीकमजोरी रहन गए। यस अवधिमा संसदद्वारा सुशासन र भ्रष्टाचार नियन्त्रणका दिशामा संस्थागत व्यवस्था गरियो। तर पनि भ्रष्टाचारका समस्या हाम्रो समाजमा विद्यमान रह्यो। हिंसात्मक द्वन्द्वको व्यवस्थापन गर्ने र प्रतिगमनको खतरालाई समयमै महसुस गरेर त्यसका विरुद्ध सजग र सतर्क हुनुपर्ने कुरामा पनि कमी-कमजोरी रहन गए।

आ-आफ्ना कमी-कमजोरीप्रति आत्मालोचित हुने र तिनीहरुलाई फेरि दोहोरिन नदिने संकल्प गरी ०४६ सालको आन्दोलन तथा प्रजातन्त्र पुनर्स्थापनापछिका वर्षहरुको उपलब्धिहरुको रक्षा गर्दै हामी प्रजातन्त्र र राष्ट्रिय विकासको प्रक्रियालाई अझ उन्नत बनाउन संयुक्त प्रयासलाई अघि बढाउने प्रतिबद्धता प्रकट गर्दछौं।

१. अतिवाद छोडन - प्रजातान्त्रिक मार्गको अवलम्बन

यतिबेला नेपाली जनता र राष्ट्र राजाको प्रत्यक्ष शासनबाट शुरु गरिएको दक्षिणपन्थी अतिवाद र नेकपा (माओवादी) ले सञ्चालन गरिरहेको उग्रवामपन्थी अतिवादबाट आक्रान्त बनेका छन्। यी दुवै अतिवादबाट मुलुकलाई मुक्त गरी संवैधानिक र जनप्रतिनिधिमूलक शासन र प्रजातान्त्रिक मार्गतर्फ नलगुन्जेल देश र जनताका कुनै पनि समस्याहरु समाधान गर्न सकिन्न। प्रजातन्त्र र जनप्रतिनिधिमूलक शासन राष्ट्रिय राजनीतिमा कार्यरत सबै शक्तिबीचको राष्ट्रिय सहमतिको मूल आधार हो।

२. राजाको निरंकुश शासनको अन्त्य - आजको आवश्यकता

राजाको प्रत्यक्ष शासनको संविधान र संसदको सर्वोच्चता र जनअधिकारलाई खन्याएर देशलाई निरंकुशतातर्फ डोऱ्याएको छ। एक्काइसौं शताब्दीको नेपालमा पनि निरंकुशताको पुरातन र बर्बर प्रयोग हुनुले नेपाल र नेपाली जनताको राष्ट्रिय प्रतिष्ठालाई विश्व जनमतका साम् गम्भीर रुपमा क्षति पुऱ्याएको छ। त्यसैले मुलुकलाई संवैधानिक र प्रजातान्त्रिक राजनीतिक मार्गतर्फ उन्मुख गराउन सर्वप्रथम सम्पूर्ण राजनीतिक बन्दीहरुलाई रिहाइ, मौलिक हक र प्रेस स्वतन्त्रताको बहाली र सम्पूर्ण राजनीतिक

दलहरुलाई निर्वाध रुपले क्रियाशील हुने उन्मुक्त वातावरणको निर्माण र निरंकुश शासनको अन्त्य गरी संविधानलाई क्रियाशील बनाउने र जनप्रतिनिधि शासनको बहाली गर्दै अग्रगामी दिशातर्फ अघि बढ्नुपर्छ।

मुलुकको शासन अधिकार जनतामा रहनुपर्छ र जनप्रतिनिधि संस्था क्रियाशील नरहेको अवस्थामा नेपालको समग्र परिवर्तन र विकासमा ऐतिहासिक भूमिका पूरा गरेका र जनअनुमोदित राजनीतिक दलहरु नै जनताका प्रतिनिधि हुन् भन्ने वास्तविकतालाई स्वीकार गरिनुपर्छ। वर्तमान परिस्थितिमा जनताको शासन अधिकारको माग गर्ने राजनीतिक दलहरुको यो सहमति र प्रतिवद्धताले जनताको अधिकार र आकांक्षालाई प्रतिनिधित्व गर्छ।

३. जनप्रतिनिधि शासनका लागि प्रतिनिधिसभाको पुनर्स्थापना

देश जनप्रतिनिधिविहीन भएको मौका पारेर अहिले निरंकुशता थोपरिएको छ। राजाको प्रत्यक्ष शासनले समग्र संवैधानिक व्यवस्था र जनअधिकार क्षतविक्षत भएको छ। यसका साथै विद्यमान असुरक्षाको भयावह स्थितिमा जनप्रतिनिधिहरुको स्वतन्त्र, निष्पक्ष र भयमुक्त निर्वाचन हुनसक्ने अवस्था छैन। यस्तो स्थितिबाट मुलुकलाई मुक्त गरी संविधानलाई पूर्णरुपमा क्रियाशील गराउन, अवरुद्ध भएको प्रजातान्त्रिक एवम् विकास प्रक्रियालाई गतिशील बनाउन, हिंसात्मक द्वन्द्वलाई व्यवस्थापन गर्दै स्थायी शान्ति स्थापित गर्न तथा मुलुकलाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अग्रगमनतर्फ लैजाने जस्ता उद्देश्य प्राप्तिका लागि संसदको उपस्थिति र क्रियाशीलता अपरिहार्य भएकाले विघटित प्रतिनिधिसभाको पुनर्स्थापना अहिले देशको साझा माग र अनिवार्य आवश्यकता भएको छ भन्ने कुराप्रति हामी प्रतिवद्धता व्यक्त गर्दछौं।

४. राष्ट्रिय संकट समाधानका लागि केही प्रमुख कार्यसूची

मुलुकको विद्यमान संकट समाधान गर्ने दिशामा पुनर्स्थापित संसदले राजनीतिक दल र नागरिक समाजको व्यापक शक्ति र समर्थन प्राप्त गर्दै निम्नबमोजिमका कार्यसम्पादन गर्नेछ-

(क) संसदप्रति उत्तरदायी सरकार : मुलुकमा विद्यमान सबैखाले द्वन्द्वको समाधान गर्ने, राजनीतिक स्थायित्व र अग्रगामी परिवर्तनलाई अघि बढाउन पुनर्स्थापित प्रतिनिधिसभाद्वारा संसदप्रति उत्तरदायी व्यापक सहमतिको सर्वदलीय सरकारको गठन गरिनेछ।

(ख) हिंसात्मक द्वन्द्वको व्यवस्थापन र दिगो शान्तिको स्थापना : माओवादी सशस्त्र द्वन्द्वको व्यवस्थापन र दिगो शान्तिको स्थापना अहिलेको एउटा प्रमुख राष्ट्रिय आवश्यकता हो। आगामी राजनीतिक निकासद्वारा जनतालाई पूर्णरुपले सार्वभौमिकता सम्पन्न बनाउँदै हिंसात्मक द्वन्द्वको व्यवस्थापन र दिगो शान्तिको स्थापना संसद र सर्वदलीय सरकारको मूल एजेण्डा हुनेछ। मुलुकका विभिन्न राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक प्रश्नहरुको समाधानका लागि प्रजातान्त्रिक निकासको साझा प्रस्ताव निर्माण गरी माओवादीलाई शान्तिपूर्ण प्रक्रियामा सरिक हुन आवश्यक वातावरण सिर्जना गरिनेछ। यस सन्दर्भमा मानवअधिकार आचारसंहिताको निर्माण गरी द्वन्द्वरत सबै पक्ष सहमत हुने र शान्ति प्रक्रियामा क्रियाशील सबै जिम्मेवार राजनीतिक दल र नागरिक समाजले सकारात्मक योगदान गर्न सक्ने वातावरण तयार गरिनेछ।

(ग) अग्रगमनको कार्यक्रमसम्बन्धी प्रतिवद्धता : प्रजातान्त्रिक प्रक्रियामा अघि बढ्दा वा द्वन्द्व व्यवस्थापन र दिगो शान्तिका लागि राजनीतिक समझदारी र प्रवन्धमा जाँदा जनतामा निहित सार्वभौमसत्ता, जनता नै राजकीय शक्तिको स्रोत रहने मान्यताको अक्षुणता, बहुदलीय संसदीय शासन प्रणाली, हिंसा एवम् त्रासबाट मुक्त बहुदलीय प्रतिस्पर्धा, कानुनको शासन तथा न्यायपालिकाको स्वतन्त्रता र निष्पक्षता कहिल्यै अपहरित नहुने गरी पूर्णत: सुनिश्चित गरिनेछन्। यसका साथै राष्ट्रिय महत्वका विषयमा जनमत संग्रहको प्रावधान, सेना जननिर्वाचित सरकारप्रति जवाफदेही हुने व्यवस्था, राज्यको पुनर्संरचना गरी यसलाई थप सहभागितामूलक, प्रतिनिधिमूलक र मुलुकका सामाजिक, सांस्कृतिक, भौगोलिक, जातीय र भाषिक विविधता प्रतिविम्बित हुने गरी समावेशी बनाउने प्रवन्ध, स्थानीय स्वशासन र असल प्रशासनको सुनिश्चितता, पूर्णरुपले पारदर्शी आर्थिक प्रशासनको स्थापना, भ्रष्टाचारको प्रभावकारी नियन्त्रण, महिला, दलित, पिछडिएका जनजाति, मधेशी समुदाय, पिछडिएको क्षेत्र र जनताका निमित्त न्यायपूर्ण आरक्षणको व्यवस्था, उपयुक्त आधार वर्ष तय गरी नागरिकता समस्याको समाधान, समानुपातिक विकासको अवधारणा, प्रगतिशील भूमिसुधार, व्यक्तित्व विकासमा समान अवसर, शिक्षा र स्वास्थ्य सेवाको सुलभ र समुचित बन्दोवस्त, राजनीतिक दलहरुको पारदर्शी, प्रजातान्त्रिक एवम् उत्तरदायीपूर्ण सञ्चालनलगायत्का विषयहरु पनि भावी संवैधानिक संरचनाका विषय बनाउने कुराप्रति हामी प्रतिवद्धता प्रकट गर्दछौं।

(घ) संविधानसम्बन्धी प्रश्नको निरुपण : नेपाल अधिराज्यको संविधान २०४७ ले जनतालाई राज्य शक्तिको स्रोत मान्नुका साथै सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा नै निहित रहेको तथा तिनको प्रयोग संविधानबमोजिम हुने व्यवस्था गरेको छ। ०४६ सालको आन्दोलनको यो मूल उपलब्धि कुनै पनि बहानामा नखोसिने गरी जनतालाई थप सबल तथा पूर्णरुपले सार्वभौमसत्ता सम्पन्न बनाउन र देशलाई अग्रगमनतर्फ लैजान ठोस आधार तयार गर्ने प्रतिवद्धता प्रकट गर्दछौं।

मुलुकका सबै राजनीतिक शक्तिहरुलाई राष्ट्रिय राजनीतिको मूल धारमा ल्याउनका लागि अग्रगमनको साझा कार्यक्रमका आधार संविधानसम्बन्धी प्रश्नको निरुपण गरिनुपर्दछ। मुलुकमा विद्यमान सबै द्वन्द्वलाई समाधान गर्न

संविधानसभालगायत् सबै प्रजातान्त्रिक प्रक्रियालाई अवलम्बन गर्न तयार रहने प्रतिवद्धता व्यक्त गर्दछौं।

५. अग्रगमनको आधार नेपाल अधिराज्यको संविधान २०४७

नेपाल अधिराज्यको संविधान २०४७ लाई आधार मानी मुलुकको राजनीतिक संकटको निकास र अग्रगमनतर्फ अघि बढ्ने प्रतिवद्धता प्रकट गर्दछौं।

६. राष्ट्रिय निर्वाचन कार्य आयोजना

संवैधानिक प्रश्नको निरुपण गर्दै निश्चित अवधिभित्र राष्ट्रिय निर्वाचनको आयोजना गरिनेछ। यस्तो निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष, भयमुक्त र सुव्यवस्थित गर्न अन्तर्राष्ट्रिय अनुगमन र सहयोगसमेत सुनिश्चित गर्न सकिनेछ। साझा सहमति र प्रतिवद्धताको यस प्रक्रियाबाट मुलुकको वर्तमान गम्भीर संकटको निकास निस्कन सक्छ भन्ने हाम्रो विश्वास छ। यो प्रक्रियाबाट मुलुकको संकट समाधान गरी पूर्ण प्रजातन्त्रको स्थापना गर्नु शान्तिपूर्ण जनआन्दोलनको लक्ष्य हो। यस्तो लक्ष्य प्राप्त गर्न हामी निम्नलिखित दलहरु आन्दोलनको साझा कार्यक्रम र आचारसंहिता निर्माण गरी शान्तिपूर्ण आन्दोलनका निम्ति प्रतिवद्ध भएको घोषणा गर्दछौं।

१. नेपाली काँग्रेस - (गिरिजाप्रसाद कोइराला), सभापति
२. नेपाल कम्युनिष्ट पार्टी (एमाले) - (माधवकुमार नेपाल), महासचिव
३. नेपाली काँग्रेस (प्रजातान्त्रिक) - (गोपालमान श्रेष्ठ), का.वा. सभापति
४. जनमोर्चा, नेपाल - (चित्रबहादुर आले), का.वा. अध्यक्ष
५. नेपाल मजदुर किसान पार्टी - (नारायणमान बिजुक्छें), अध्यक्ष
६. नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) - (भोगेन्द्र ठाकुर), नेता
७. संयुक्त वाममोर्चा, नेपाल - (सीपी मैनाली), अध्यक्ष

मितिः ०६२ वैशाख २५

लागि खटाइएका छन्, जसले जिल्ला तहका प्रशासनिक र सुरक्षा निकायहरूको अनुगमन गर्नुका साथै सरकारका राजनीतिक कार्यसूचीहरू स्थानीय निकायद्वारा कार्यान्वयन गरिए नगरिएको निश्चित गर्छन्। यहाँनेर स्मरणीय छ ०४६ अघिको पञ्चायती व्यवस्थामा देशका १४ वटै अञ्चलमा अञ्चलाधीश कार्यालयहरू थिए, जसको प्राथमिक कार्य निरंकुश शासनको नीति निर्णय कार्यान्वयनलाई गति दिनु र राजनीतिक विपक्षीहरूलाई दमन गर्नु रहेको थियो, जुन प्रजातान्त्रिक व्यवस्थाको पुनर्स्थापनापश्चात् खारेज गरिएको थियो।

प्रशासनिक संरचना र मापदण्डहरूलाई निर्देशित गर्ने निजामति सेवा ऐनमा गरिएको संशोधनले कर्मचारीहरूलाई पेशागत संगठनमा संलग्न हुने अधिकारबाट वञ्चित गर्नुका साथै नियुक्ति प्रकृयालाई समेत विसंगत बनाएको छ। यसले कर्मचारीहरूको पेन्सन सुविधा प्राप्त गर्ने व्यवस्थाहरूलाई समेत जटिल बनाएको छ[३३] र प्रशासन संयन्त्र अझ बढी अपारदर्शी र गैरजिम्मेवार बन्ने र सत्ताको फाइदाका लागि प्रयोग हुने खतरा बढाएको छ। ऐनमा गरिएको संशोधनले सरकारी सेवामा महिला, जनजाति र दलितहरूका लागि नाम मात्रको सकारात्मक विभेदलाई अघि सारेको छ।

७.१.१० हिँडडुल, सभा तथा संगठनको स्वतन्त्रतामा व्यापक हस्तक्षेप

सरकारले जनताका आधारभूत स्वतन्त्रताहरूलाई विभिन्न आदेश या प्रायःजसो बिना कुनै सूचना वा कारण, संकुचित गरेको छ। ०६१ माघ १९ को स्थिति फर्केर हेर्ने हो भने त्यसबेला नेपाल एउटा बन्द कोठाजस्तो हुन पुगेको थियो। व्यापक गिरफ्तारी, घरमै नजरबन्द, हिँडडुलमा अवरोध, सञ्चारमाध्यमहरूमाथि नियन्त्रण गरिएको थियो। यहाँसम्म कि एक दिनका लागि अन्तर्राष्ट्रिय विमानस्थल बन्द गरी हवाई उडानहरूसमेत रद्द गरिएको थियो। खासगरी, राजनीतिक नेताहरू, मानवअधिकारकर्मी, सञ्चारकर्मी र कानुन व्यवसायीहरूको हिँडडुल गर्न पाउने आधारभूत अधिकारको व्यापक कटौती गरिएको थियो। काठमाडौंमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र राजमार्गको पश्चिमी सुरक्षा नाका थानकोटबाट बाहिर जानबाट रोकिएको थियो। शाही घोषणापछि ८८ जना राजनीतिक नेता, मानवअधिकारकर्मी, सञ्चारकर्मी र कानुन व्यवसायीहरूलाई काठमाडौंस्थित विमानस्थलबाट हवाई यात्रा गर्नबाट रोकियो, जसमध्ये १८ जनालाई संकटकालको अन्त्यपछि रोकिएको थियो। राष्ट्रिय मानवअधिकार आयोगका तत्कालीन सदस्यद्वय सुशील प्याकुरेल र कपिल श्रेष्ठ, प्रतिनिधिसभाका उपसभामुख चित्रलेखा यादव र सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मणप्रसाद अर्यालसगायतलाई विमानस्थलबाट फिर्ता

---

३३. नेपाल निजामती कर्मचारी संगठनले यो संशोधनको विरोध गर्दै विभिन्न प्रदर्शनहरूको आयोजनासमेत गर्‍यो। संगठनका अनुसार, संशोधनले सरकारी कर्मचारीहरूको उत्साह नष्ट गर्दछ र अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) महासन्धि नं. ८७, ९८, १४४ र १५१, जसले संगठनको स्वतन्त्रता र संगठित हुने अधिकार तथा सामूहिक सौदाबाजीको अधिकारको संरक्षण, र निजामती सेवामा रोजगारीको अवस्था निर्धारणको संरक्षणको प्रत्याभूति गरेका छन्, को उल्लंघन गर्दछ। यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद तीन "कार्यपालिका"; पृ. १०१-१०३

गराइयो। यसबाट प्रजातन्त्र र मानवअधिकारका क्षेत्रमा कार्यरत व्यक्तिहरूलाई देशबाहिर जान बञ्चित गरेर भए पनि उनीहरूको आवाज रोक्न खोजिएको स्पष्ट हुन्छ। हरेक क्षेत्रलाई संकुचन गरेर विरोधी स्वरहरू दबाउने र त्यसको निरन्तरताका आधारमा थप विरोधलाई कम गर्दै जाने रणनीतिमा राज्य संयन्त्र लागेको देखिन्छ।

यस अवधिमा स्थानीय प्रशासनले विभिन्न जिल्लाका शहरी क्षेत्रहरूमा कुनै पनि राजनीतिक गतिविधि तथा शान्तिपूर्ण विरोध ¥याली या अन्य कार्यक्रमहरू गर्न नपाउने आदेश जारी गरे। विभिन्न समय र छुट्टाछुट्टै सूचनामा यस्ता आदेशहरू जारी गरिएका थिए। यसबीच विभिन्न जिल्लाहरूमा कर्फ्यु आदेश जारी गरियो।

७.१.११ शाही आयोग : राजनीतिक प्रतिशोधको साधन

राजाद्वारा ०६१ फागुन ५ मा संविधानको धारा ११५ (७) अन्तर्गत स्थापना गरिएको भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई भ्रष्टाचारसम्बन्धी आरोपको अनुसन्धान गर्ने, तहकिकात गर्ने, आफैसमक्ष मुद्दा दायर गर्ने र त्यस्तो मुद्दा हेरी कारवाही किनारा गर्नेजस्तो अत्यधिक शक्ति प्रदान गरियो, जसले शक्तिको दुरूपयोग र राजनीतिक पूर्वाग्रहका आधारमा हुने कारवाहीहरूलाई प्रोत्साहित ग¥यो। संकटकालको समाप्तिसँगै यो आयोग पनि स्वतः खारेज हुनुपर्नेमा राजाद्वारा संविधानको धारा १२७ प्रयोग गरी निरन्तरता दिइएको थियो।

आयोगद्वारा भएका, राजनीतिक आलोचकहरूलाई हतोत्साहित गर्ने क्रियाकलाप अत्यन्त विरोधाभासपूर्ण र आपत्तिजनक रहे। यसले नागरिक प्रशासनमा विद्यमान विसंगतिहरूको अन्त्यका लागि योगदान गर्नुको सट्टा प्रशासनलाई शासनको भक्त बनाउने र हुकुमी शैलीमा संचालन गर्ने प्रवृत्तिलाई अघि बढाउन खोज्यो। भ्रष्टाचार आफैमा कारवाही गरिनुपर्ने र नेपालका लागि एक प्रमुख चुनौतीका रूपमा रही आएको छ। तर, संवैधानिक अंग अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्याधिकारलाई कमजोर पार्नेगरी राजाद्वारा खडा गरिएको उक्त आयोगले अदालत र कर्मचारी प्रशासनलाई समेत नकारेको स्थिति रह्यो।

भ्रष्टाचार नियन्त्रणका लागि खडा गरिएको भनेर प्रचार गरिएता पनि राजनीतिक उद्देश्यका कारण यसले देशमा व्याप्त भ्रष्टाचार नियन्त्रणका लागि कुनै योगदान दिन नसक्नु स्वाभाविकै थियो। संसदको अनुपस्थिति, निर्वाचनका लागि अनुपयुक्त वातावरण, अदालतद्वारा न्याय प्रदानमा ढिलाई, जारी सशस्त्र द्वन्द्व र सुरक्षाको समस्या, र गहिरिँदो आर्थिक संकटको अवस्थामा चालिएको यो पछिल्लो कदमले संवैधानिक प्रश्नहरू उब्जायो।

तस्करी गरेको वा राजश्व छलेको, अनियमित ठेक्का पट्टा वा कमिशनमा संलग्न भएको, र प्रचलित कानुनबमोजिम भ्रष्टाचार मानिने अन्य कार्य गरेको विषयमा कसैको उजुरी वा अन्य कुनै श्रोतबाट प्राप्त जानकारीको आधारमा कुनै पनि व्यक्तिउपर छानबिन गरी कारवाही गर्ने अधिकार आयोगले राजाबाट पायो। शाही आयोग कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई बयान लिने अधिकार सम्पन्न बन्यो। कुनै व्यक्तिलाई कुनै लिखत पेश गर्न आदेश दिने, प्रमाण बुझ्ने, र कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालत वा संवैधानिक निकायबाट कुनै लिखत वा सोको नक्कल झिकाउने कुरामा प्रचलित कानुन बमोजिम अदालतले पाए सरहको सबै अधिकार दिइएको थियो।

छ सदस्यीय शाही आयोगलाई भ्रष्टाचारसम्बन्धी प्रचलित कानुनबमोजिम अनुसन्धान अधिकारीले प्रयोग गर्ने सबै अधिकार र विशेष अदालत ऐन, २०५९ बमोजिम विशेष अदालतलाई प्राप्त अधिकार दिई दुवै, अख्तियार दुरूपयोग अनुसन्धान आयोग र विशेष अदालतको अधिकार दिइयो। जुन न्याय र शक्तिपृथकीकरणको आधारभूत सिद्धान्तविपरीत छ। त्यतिमात्र होइन, अदालत तथा संवैधानिक निकायका कुनै पदाधिकारीले प्रचलित कानुनबमोजिम भ्रष्टाचार मानिने कार्य गरेको देखिएमा आयोगले राजासमक्ष जाहेर गर्ने अधिकार दिइयो। यसले शाही आयोगलाई कार्यविधिका आधारमा संवैधानिक अंग र सर्वोच्च अदालतभन्दा माथि राख्ने प्रयत्न गर्नुका साथै राजालाई भ्रष्टाचारका मुद्दाहरू हेर्ने अधिकार दिइएको छर्लंग पा¥यो। अन्यथा, राजासमक्ष जाहेर गर्नुको अर्थ के हो ? यहाँसम्म कि आयोगका अध्यक्ष, सदस्य र सचिवले पाउने पारिश्रमिक र सुविधा पनि राजाबाट तोकिएबमोजिम हुने व्यवस्था गरियो।

आयोगले स्थापनादेखि नै राजनीतिक नेताहरू र उच्च पदस्थ सरकारी अधिकारीहरूविरुद्ध मुद्दा दर्ता, अनुसन्धान, फैसला र कारवाही प्रकृया अगाडि बढाएको थियो। त्यसैक्रममा मेलम्ची खानेपानी परियोजनाको ठेक्कापट्टामा आर्थिक अनियमिततामा सामेल भएको आरोपमा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवा, पूर्वमन्त्री प्रकाशमान सिंह, आवास तथा भौतिक परियोजना मन्त्रालयका तत्कालीन सचिव टीकादत्त निरौला र मेलम्ची खानेपानी परियोजनाका कार्यकारी निर्देशक ध्रुवबहादुर श्रेष्ठलाई पक्राउ गरी ०६२ असार २२ मा दुई वर्षको जेल सजाय र प्रत्येकलाई ९ करोड रूपैयाँ जरिवाना तोकियो। त्यसैगरी उक्त परियोजनाका उपकार्यकारी निर्देशक दीपककुमार झा र ठेकदार जीपछिरिङ लामालाई एक-एक वर्षको जेल सजाय र प्रत्येकलाई ४ करोड ५० लाख रूपैयाँ जरिवाना तोकियो। नागरिक समाज, कानुन व्यवसायीहरू, राजनीतिक दल तथा अमेरिका, भारतलगायत्का देशहरूसमेत यस्तो फैसलाको व्यापक

आलोचना गरे। अर्कोतर्फ, मेलम्ची परियोजनाको मुख्य दाता एसियाली विकास बैंकको उच्चस्तरीय छानबिन समितिले भने परियोजनामा अनियमितता भएको नपाइएको निष्कर्ष निकाल्यो[३४], तर शाही आयोगले ०६२ साउन ९ मा "नेश्रो पक्षको दस्तावेजलाई स्वीकार नगर्ने" बताउँदै यसलाई अस्वीकार गर्‍यो।

अर्को एक मुद्दामा शाही आयोगले तात्कालीन देउवा सरकारका पालामा प्रधानमन्त्री राहत कोषको रकम वितरणमा अनियमितता भएको आरोप लगाउँदै ०६१ चैत ८ मा पूर्वमन्त्रीहरू माथि मुद्दा लगायो र धरौटीसमेत माग गर्‍यो। ०६२ असार १३ मा प्रधानमन्त्री राहत कोषको रकम वितरणको निर्णयले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ बमोजिमको भ्रष्टाचार भएको स्थापित हुन नसक्ने बताउँदै आरोपित छ जना पूर्वमन्त्रीहरू र २७ जना राहत प्राप्तकर्ताहरूलाई सफाइ दिइयो। राजनीतिक प्रतिशोधका कारण पूर्वप्रधानमन्त्री र पूर्वमन्त्रीहरूलाई भ्रष्टाचारको आरोप लगाइएको र शाही आयोगलाई दिइएको अत्यधिक शक्तिको परिणामस्वरूप त्यस्तो कदम चालिएको राजनीतिक दलहरू, नागरिक समाज र नेपाल बार एशोसिएसनलगायत्का संस्थाहरूले प्रतिक्रिया जनाएका थिए। त्यसैगरी ०६२ वैशाख ६, ७ र ८ मा आयोगले राजनीतिक दलका नेता र सरकारी अधिकारीहरूसमेत गरी एक सयजनाभन्दा बढी व्यक्तिको आर्थिक विवरण पेस गर्न नेपाल राष्ट्र बैंकलाई आदेश दियो। राजावादीहरूप्रति सहानुभूति राख्ने कुनै पनि व्यक्ति उक्त सूचीमा परेका थिएनन् भनेर सञ्चार माध्यमहरूले उल्लेख गरेका थिए। यसका साथै, संविधानले कुनै पनि न्यायाधीशविरुद्ध कारवाही अगाडि बढाउने अधिकार न्याय परिषद्लाई दिएको भए तापनि शाही आयोगले प्युठानकी जिल्ला न्यायाधीशलाई स्थानीय प्रशासन र प्रहरी प्रयोग गरेर पक्राउ पूर्जी जारी गरी कारवाही प्रकृया अगाडि बढाएको थियो।

७.१.१२ संकटकाल

राजाद्वारा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ (१) प्रयोग गरी ०६१ माघ १९ मै देशभर लागू हुनेगरी संकटकालीन अवस्थाको घोषणा गरियो। वैशाख ०६२ वैशाख १६ मा अन्त्य भएको घोषणा गरियो। त्यसरी जारी गरिएको संकटकालको घोषणा वा आदेश सो घोषणा वा आदेश भएको मितिले तीन महिनाभित्र अनुमोदनको लागि प्रतिनिधिसभाको बैठकमा पेस गरिनुपर्ने संविधानको धारा ११५ (२) ले व्यवस्था गरेको छ। तर, ०५९ सालदेखि नै प्रतिनिधिसभा छैन। यस्तो अवस्थामा उपधारा (२) को प्रयोजनको लागि प्रतिनिधिसभाको अधिकारको प्रयोग राष्ट्रिय सभाले गर्ने कुरा संविधानको धारा ११५ (६) मा छ। प्रतिनिधिसभा विघटनपछि राष्ट्रिय सभा पनि मृतप्राय: भएको छ र एउटा पनि बैठक बस्न सकेको छैन।

नेपालको सार्वभौमसत्ता, अखण्डता एवम् सुरक्षामा गम्भीर संकट उत्पन्न हुन गएकाले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर तत्काल लागू हुनेगरी संकटकालीन अवस्थाको आदेश जारी गरिएको जनाइएको थियो। उक्त उपधारामा नेपाल नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृंखलताको कारणले गम्भीर संकट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सक्ने उल्लेख छ। सोही धाराको उपधारा (८) बमोजिम नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (क) अर्थात् विचार र अभिव्यक्तिको स्वतन्त्रता, (ख) अर्थात् विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता र (घ) अर्थात् अधिराज्यभर आवतजावत र बसोबास गर्ने स्वतन्त्रता, धारा १३ को उपधारा (१) अर्थात् छापाखाना र पत्रपत्रिकासम्बन्धी हक र धारा १५ (निवारक नजरबन्दीविरुद्धको हक), १६ (सूचनाको हक), १७ (सम्पत्तिको हक), २२ (गोपनियताको हक) र २३ अर्थात् संवैधानिक उपचारको हक (बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हकबाहेक) निलम्बन गरियो। तर, श्री ५ बाट गर्ने भनिएका यस्ता घोषणाहरू सिद्धान्तत: प्रधानमन्त्रीको सिफारिसमा हुनु पर्दछ। तर, प्रधानमन्त्री नै नभएको र राजा स्वयम् मन्त्रिपरिषद्को अध्यक्ष बनेको अवस्थामा गरिएको संकटकाल घोषणा आफैंले संवैधानिक प्रश्न नजन्माएको होइन।

देशभर लागू हुने गरी घोषणा गरिएको संकटकाल र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्रको धारा ४ अन्तर्गत सरकारको दायित्व हेर्दा स्पष्ट हुन्छ राजाद्वारा संकटकाल लगाउनुपर्ने भनी अगाडि सारिएका तर्कहरू जायज थिएनन्। माघ १९ मा संकटकाल लगाए पनि ५ फागुनमा मात्र संयुक्त राष्ट्रसंघलाई जानकारी दिइएको थियो, जसमा बहुदलीय प्रजातन्त्रको निरन्तरताका लागि गम्भीर चुनौती खडा भएको, राष्ट्रको सार्वभौमसत्ताका लागि पनि गम्भीर चुनौती देखिएको, आतंककारी गतिविधि बढेकाले जनजीवन निकै कष्टकर भएको र आतंककारीहरूसँग संवाद थाल्न सरकारको गाम्भीर्यताका कारण संकटकाल लगाइएको तर्क गरिएको थियो।

---

३४. एसियन डेभलपमेन्ट बैंक: मेलम्ची वाटर सप्लाई प्रोजेक्ट, नेपाल ब्रिफिङ पेपर अन इन्टेग्रिटी डिभिजन इन्भेस्टिगेसन; मनिला: १५ जुलाई २००५

उल्लेखित तर्कहरू स्वीकार गर्न सक्ने आधार न शाही घोषणामा छ न त संकटकालीन र संकटकालपछि सरकारी क्रियाकलापहरूका आधारमा यो स्वीकार गर्न सकिने अवस्था रह्यो। बरु, प्रजातन्त्रको पुनर्स्थापनाका लागि उठ्ने आवाजहरूलाई दबाउनु उक्त घोषणाको प्रमुख उद्देश्य रहेको तथ्य संकटकालीन अवधिमा जारी गरिएका आदेश, राजनीतिक कार्यकर्ता, नागरिक समाज, मानवअधिकार रक्षकहरू र प्रजातान्त्रिक आन्दोलनका सहभागीहरूमाथि गरिएको दमन, सञ्चार माध्यमहरूमाथिको हस्तक्षेपजस्ता सरकारी क्रियाकलापहरूले स्पष्ट पारे।

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रको धारा ४ (२) मा कुनै पनि देशमा सार्वजनिक संकट घोषणा गरिएको समयमा पनि प्रतिज्ञापत्रको धारा ६, ७, ८ (१ र २), ११, १५, १६ र १८ लाई न्यून गर्न नपाइने व्यवस्था छ।

सरकारले ०६१ माघ २५ मा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा (७) बमोजिम भन्दै नौ बुँदे आदेशसमेत जारी गरेको थियो, जसले आवतजावत, सम्पत्तिको बेचबिखन र बसोबासजस्ता आधारभूत अधिकारहरूमा समेत प्रशासनिक हस्तक्षेपको बाटो खुलाएको थियो। त्यसैगरी शान्तिपूर्ण गोष्ठी, सभा, सम्मेलन वा अन्तरक्रियाजस्ता कार्यक्रमहरू सरकारी अधिकारीको अनिवार्य पूर्वस्वीकृतिविना संचालन गर्न नपाइने तथा सुरक्षा निकायहरूको मनोबलमा प्रतिकूल असर पर्ने गरी उनीहरूको काम कारवाहीलाई लिएर प्रत्यक्ष वा अप्रत्यक्षरूपमा सार्वजनिक टीका-टिप्पणी गर्न नपाइने निर्देशन गरियो। यतिमात्र होइन, सुरक्षाकर्मी, सुरक्षा अधिकारी वा तोकिएको अधिकारीले आवश्यक ठानेमा टेलिफोन, रेडियो, फ्याक्स, टेलिभिजन, ईमेललगायत्का विद्युतीय सञ्चार साधनहरूबाट प्रचार प्रसार गर्न रोक लगाउने, यस्ता साधन र प्रकृयामा अनुगमन गर्नेजस्ता कार्यहरू गर्नसक्ने अधिकारसमेत यही आदेशद्वारा प्रदान गरिएको थियो। यो आदेशका आधारमा, शान्तिपूर्वक भेला, संगठित हुने तथा सभा-सम्मेलन गर्ने स्वतन्त्रता, विचार तथा अभिव्यक्तिको स्वतन्त्रता एवम् सूचनाको हकको व्यापक कटौती गरियो।

७.२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

७.२.१ शैक्षिक क्षेत्रप्रति बेवास्ता

शाही शासनले नेपालको शैक्षिक अवस्थामा सुधार गर्नुको सट्टा विद्यार्थीहरूलाई आफ्नो समर्थनका लागि प्रयोग गर्ने रणनीति अवलम्बन गरेको छ। राजाले शासनसत्ता आफ्नो हातमा लिएको भोलिपल्ट अर्थात् ०६१ माघ २० मा मन्त्रिपरिषद्ले २१ बुँदे कार्यक्रम पारित गरेको थियो। उक्त कार्यक्रमको बुँदा ७ मा सरकारी विद्यालयहरूमा माध्यमिकस्तरसम्मको पठनपाठन गर्ने अपांग, पिछडिएका तथा दलित समुदायका छात्रछात्राहरूलाई निःशुल्क शिक्षा उपलब्ध गराइने उल्लेख गरिएको थियो। तर, यसको कार्यान्वयनमा बेवास्ता गरियो। त्यसैगरी बुँदा ८ मा राष्ट्रवादी जनशक्तिको उत्पादन र रोजगारीमूलक शिक्षा प्रदान गर्न शैक्षिक पाठ्यक्रममा सुधार गरिने र सबैस्तरका पाठ्यपुस्तक एवम् शैक्षिक सामग्री सुपथ मूल्यमा सुलभ तरिकाले उपलब्ध गराइने उल्लेख गरिएको थियो। माघ १९ पछि राजसंस्थाप्रति समर्थन जुटाउन विद्यालय स्तरका हरेक कक्षाका पाठ्यपुस्तकमा राजा-रानी तथा युवराज-युवराज्ञीको ठूला-ठूला तस्वीर छापियो। यतिमात्र नभई विद्यालयस्तरका पाठ्यपुस्तकहरूमा राजसंस्थाको गुणगान गरिएका पाठहरू राखिए। यस्तो कदमले पञ्चायती शासनकालका पाठ्यसामग्रीहरूको सम्झना गराउँछ, जसमा राजसंस्थाको अत्यधिक गुणगान गरिएको हुन्थ्यो।

यसबीच सरकारी सुरक्षाकर्मीहरू विद्यालय र क्याम्पस हाताभित्र जबर्जस्ती प्रवेश गरी विद्यार्थीहरूमाथि कुटपिट र लाठीचार्ज गर्ने, अश्रुग्याँस प्रहार गर्नेजस्ता घटनाहरू प्रशस्त भए। यस्ता हस्तक्षेपका कारण विद्यार्थीहरूको पठनपाठनमा गम्भीर असर पर्नगयो। क्याम्पस प्रमुख वा विद्यालयका प्रधानाध्यापकबाट अनुमति नदिइँदासम्म सुरक्षाकर्मीहरू शैक्षिक क्षेत्रभित्र प्रवेश गर्नु गैरकानुनी ठानिन्छ।

सशस्त्र युद्धका कारण शैक्षिक क्षेत्रले गम्भीर समस्या भोग्नु परेको र लाखौं विद्यार्थीहरू नियमित पठनपाठनबाट वञ्चित हुनु परिरहेको अवस्थामा यस्ता समस्याहरूबाट कसरी मुक्ति पाउने र शैक्षिक क्षेत्रलाई कसरी शान्ति क्षेत्रका रूपमा परिणत गर्ने भन्नेतर्फ ध्यान दिनुपर्ने हो। कसरी पाठ्यसामग्रीहरूलाई व्यवहारिक बनाउँदै लैजाने भन्नेतर्फ अन्य सरोकारवालाहरूसमेतको संलग्नतामा सुधार प्रकृया अगाडि बढाउनुपर्ने हो। तर, सरकारी विद्यालयको शिक्षालाई केवल राजसंस्थाको पुजारीमा परिणत गर्ने प्रयास गरियो, जसले न सशस्त्र द्वन्द्वका कारण उत्पन्न जटिलताहरूको समाधानका लागि विकल्प प्रस्तुत गर्छ न त शिक्षाको वैज्ञानिक सुधारका लागि मार्ग प्रशस्त गर्छ। बरु, समग्र शिक्षा क्षेत्रलाई अझ बढी सामन्तवादी बनाउनुका साथै भइरहेका समस्याहरूको जटिलतालाई टेवा पुऱ्याउँछ।

७.२.२ स्वास्थ्य क्षेत्र : सरकारी कार्यक्रमबाहिर

सरकारको रोडम्यापका रूपमा २१ बुँदे कार्यक्रम सार्वजनिक गरिए पनि त्यसमा जनताको आधारभूत अधिकारको सवाल, स्वास्थ्य क्षेत्रका सवालहरूलाई बेवास्ता गरियो। सशस्त्र द्वन्द्वको अवस्थामा ग्रामीण क्षेत्रका स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रहरू आधारभूत भौतिक अवस्था तथा

पर्याप्त औषधी एवम् स्वास्थ्य कार्यकर्ताको अभाव रहेको अवस्थाप्रति ध्यान नजानु आफैमा दुःखदायी पक्ष हो। शाही कदमपछि यस्ता प्राथमिक क्षेत्रहरूको उपेक्षा गरिएको छ, जसका कारण सर्वसाधारण जनता आधारभूत सेवाहरूबाट वञ्चित भएका छन्।

७.२.३ भूमिको अधिकार : एकांगी प्रयास

सरकारको २१ बुँदे कार्यक्रममा सुकुम्बासी, भूमिहीन किसान र मुक्त कमैयाको गाँस-बासको व्यवस्था गर्न भूमि बैंकको व्यवस्था गरी न्यायोचित ढंगबाट भूमि वितरण गरिने जनाइयो। सामन्ती भूस्वामित्वको अन्त्य गरी जोताहा र वास्तविक किसानलाई जमिनको मालिक बनाउनुपर्छ भन्ने आवाज उठिरहेको अवस्थामा त्यस्तो आवाजलाई मत्थर पार्ने उद्देश्यले भूमि बैंकको अवधारणा अगाडि ल्याइएको देखिन्छ। यसमा विशेष गरी राज्यले जमिन्दारहरूसँग जमिन किन्ने र मध्यपश्चिम तथा सुदूरपश्चिमका भूमिहीनहरूलाई वितरण गर्ने कुरा उल्लेख छ। आर्थिक वर्ष ०६२/६३ को बजेटमा राज्य कोषबाट सरकारद्वारा रु. ७९ करोड ९ लाख भूमिसुधारको क्षेत्रमा कार्यक्रम संचालनका लागि विनियोजन गरियो। सो बजेट भूमि बैंक स्थापना गरी भूमिहीन तथा सुकुम्बासीहरूलाई व्यवस्थित गर्ने कार्यक्रममा खर्च गरिने उल्लेख गरियो। तर, वर्षको अन्त्यसम्मको प्रगति हेर्ने हो भने, केवल बाँके र कैलाली जिल्लामा भूमिसुधार कार्यालयमार्फत् कृषि विकास बैंकले ऋण प्रदान गर्नेगरी कार्यान्वयन सुरु गरिएको भए पनि यसको व्यापक विरोध भएको छ। भूमिहीन तथा सुकुम्बासीहरूको समस्या तथा भूमि व्यवस्थापनका क्षेत्रमा रहेका असमानताहरूको अन्त्यका लागि समग्ररूपमा सम्बोधन हुने खालका कार्यक्रम ल्याउनुको सट्टा भूमि बैंकजस्तो एकांगी कार्यक्रम ल्याएर प्रमुख समस्याहरूको समाधानतर्फ बेवास्ता गरिएको तथा यसमा लक्षित समुदायको पहुँच सहज नभएको अवस्था रह्यो।

७.२.४ अर्थतन्त्र : अधोगतितर्फ तीव्रता

शाही कदमलगत्तै खासगरी काठमाडौं र देशका केही ठूला शहरहरूमा राजाको जयजयकार गर्दै उक्त कदमको स्वागत गरिएका साइनबोर्ड र ब्यानरहरू राखिएका थिए। यस्तो स्वागत सबैभन्दा बढी व्यापारिक संस्थाहरूबाट गरिएको थियो। कतिपय व्यापारीहरूले त व्यक्तिगतरूपमै यस्तो जयजयकारमा लगानी गरेका थिए।

विगतमा अर्थतन्त्रमा अपेक्षित सुधार हुन नसकेको अवस्था, असन्तुलित सरकारी नीतिका कारण सुरक्षित लगानीको अभाव, तथा व्यापारिक क्षेत्र सरकारका कतिपय नीतिहरू जस्तै: मूल्य अभिवृद्धि कर (भ्याट) लगायत्को विपक्षमा रहँदै आएकाले ती क्षेत्रहरूमा आफ्नो अनुकूल कदम चालिने र व्यापारिक क्षेत्रले केही राहत महसुस गर्ने अपेक्षा त्यस्तो स्वागतभित्रका कारक थिए। काठमाडौंका स्थानीय व्यापारिक घरानाहरू र राजपरिवारको पुस्तौंदेखिको व्यापारिक सम्बन्ध पनि अर्को कारण थियो। त्यसैगरी, शाही कदमलगत्तै सरकारद्वारा सार्वजनिक गरिएको २१ बुँदे कार्यक्रममा प्रशासनिक ढिलासुस्ती र भ्रष्टाचारविरुद्धका कार्यसूचीहरूलाई प्राथमिकता दिइएको, घरेलु उद्योग र कलकारखाना तथा पर्यटन उद्योगको विकासका लागि प्रतिबद्धता जाहेर गरिएको, आर्थिक वृद्धिका लागि गति प्रदान गर्न विभिन्न पूर्वाधार निर्माणको योजना ल्याउने जनाइएको र निजी क्षेत्रको विकासका निम्ति नीतिगत सुधार र प्रवर्द्धनका कार्यक्रमहरू ल्याइने उल्लेख गरिएको थियो। भौतिक आधारशिला निर्माणका लागि लगानी गर्न उत्प्रेरित गर्ने गरी सरल कानुनी व्यवस्था मिलाउनुका साथै विभिन्न सहुलियतहरू प्रदान गर्ने व्यवस्था गरिने जनाइएको थियो। यसले पनि व्यापारिक क्षेत्रलाई थप उत्साहित बनाएको थियो।

प्रतिबद्धतामा जनाइएजस्तो शान्ति-सुरक्षा सुनिश्चित गर्न सरकार सक्षम भएन, जसले व्यापारिक र उद्योग क्षेत्रलाई नराम्ररी प्रभावित गर्‍यो। वर्षभरिमा कुनै उल्लेख्य नयाँ लगानी हुन सकेन, बरु कैयौं होटल र कारखानाहरू घाटामा परे। ०४६ सालयताको प्रजातान्त्रिक अवधिमा देखिएको घरेलु लगानीको आत्मविश्वास र विदेशी लगानीको आशावादी स्थिति शाही घोषणायता संकटमा पर्न गयो।

७.२.५ पर्यटन क्षेत्र : असुरक्षासँगै बढ्दो संकट

सरकारद्वारा २१ बुँदे कार्यक्रममा पर्यटन उद्योगको वृहत्तर सम्भावना रहेको उल्लेख गर्दै राष्ट्रिय आम्दानी वृद्धि गर्न, धार्मिक पर्यटनलाई प्रवर्द्धन गर्न, साना-ठूला होटल, व्यवसाय, रिसोर्ट, पर्यटकीयस्थल, पर्यटन उद्यम आदिलाई आवश्यक सहयोग र सुविधा प्रदान गर्न अविलम्ब गुरुयोजना तयार गरी कार्यान्वयन गर्ने उल्लेख गरियो। तर, माघ १९ यता खासगरी सुरक्षा व्यवस्थामा सुधार नआएका कारण पर्यटन क्षेत्र संकटग्रस्त हुने क्रम झनै तीव्र बन्न पुग्यो। दैनिकजसो हुने विरोध कार्यक्रमहरू, सरकारी सुरक्षाकर्मीहरूको व्यापक हस्तक्षेप, नाकाबन्दी र नेपालबन्दजस्ता कार्यक्रमहरूका कारण पर्यटन व्यवसायले नराम्रो धक्का खानुपर्‍यो। शान्तिपूर्ण भेला हुने अधिकारमाथि प्रहरीद्वारा जतातत्तै हस्तक्षेप गरिएका कारण पर्यटकहरू समेत प्रभावित हुन पुगे, जसका कारण माघ १९ यताको अवस्थाले पर्यटन क्षेत्रमा नराम्रो असर पर्न गयो।

७.२.६ चुलिँदो साधारण र सुरक्षा खर्च : विकास बजेट संकटमा

जननिर्वाचित प्रधानमन्त्रीको निस्काशन र राजाको प्रत्यक्ष शासनको शुरुवातपछि देशले केवल राजनीतिक तथा

संसद र राजाको शासनकालमा सरकारी बजेट विनियोजन



स्रोतः उल्लेखित आर्थिक वर्षको बजेट, अर्थ मन्त्रालय

संवैधानिक संकटमात्र झेलेको छैन, विकास निर्माण र सिंगो बजेट संरचनामा पनि नकारात्मक असर परेको छ। संसद विघटन भएयता देश नीति तथा कार्यक्रमविना सञ्चालित छ। त्यसअघि हरेक सरकारले आर्थिक वर्षको सुरुमा संसदसमक्ष आफ्नो नीति तथा कार्यक्रम प्रस्तुत गर्दथे, जुन संसदबाट अनुमोदन हुनुपर्दथ्यो।

०५९ सम्मको साधारण खर्च र विकास खर्च हेर्ने हो भने त्यतिबेलासम्मका बजेटमा विकास खर्च बढी हुन्थ्यो, जुन त्यसयता क्रमशः बढेर साधारण खर्चको तुलनामा कम हुँदै आएको छ। यस्तो अभ्यास ०६१ माघ १९ मा राजाले शासन सत्ता पूर्णरूपमा आफ्नो हातमा लिएपछि निकै बढ्यो। फलस्वरूप, आर्थिक वर्ष ०६२/६३ मा विकासभन्दा साधारण खर्चको लागि छुट्याइएको रकम रु. ३८.६२ अर्बले बढी छ। ठूलो परिणामको रकम विनाशीर्षक बजेटमा राखिएको पाइएको छ तर त्यसको कुनै आधार खुलाइएको छैन। एकातर्फ विकास खर्चभन्दा साधारण खर्चबीचको अन्तर बढ्नु र अर्कातर्फ विनाशीर्षकको खर्च छुट्याइनुले यसको दुरूपयोगको खतरा बढेको छ।

अर्कातर्फ, विकासलाई स्वतन्त्रतासँग गाँसेर हेर्ने हो भने माघ १९ यताको अवस्था निकै चुनौतीपूर्ण रह्यो। प्रजातान्त्रिक प्रणालीको विकास र सबलीकरण विकास प्रकृयाको एक अत्यावश्यक अंग हो। प्रजातन्त्रको महत्व तीन भिन्दाभिन्दै गुणमा निहीत हुन्छ, मूल्य र मान्यताको स्थापनामा यसको अन्तर्निहित महत्व, प्रभावकारी योगदान र रचनात्मक भूमिका। यी प्रत्येक गुणमा ध्यान नदिने हो भने कुनै पनि शासनको प्रजातान्त्रिक स्वरूपको मूल्यांकन पूर्ण हुँदैन।[३५] माघ १९ यताका शाही सम्बोधनहरूमा प्रजातन्त्र र विकासका कार्यसूचीहरू प्रशस्त राखिएका छन्। तर शासनमा कतै प्रजातान्त्रिक शासनको महत्व, यसको योगदान र रचनात्मक भूमिकालाई ग्रहण गरिएको पाइँदैन। विकास भनेको मानव स्वतन्त्रतालाई गहन एवम् विस्तृत तुल्याउने प्रकृया हो, के-कति विकास भयो भनेर लेखाजोखा गर्ने आधार पनि यसैलाई बनाइनुपर्छ।[३६] आजको युगले अपेक्षा गर्ने शासन स्वतन्त्रता र अधिकारमा आधारित हुन्छ, जसले जनताको विकास अभियानलाई मद्दत पुऱ्याउन सकोस्। तर, माघ १९ पछिको अवस्था त्यस्तो देखिएन। संविधानप्रदत्त नागरिक तथा राजनीतिक अधिकार र आधारभूत स्वतन्त्रताहरूमाथि व्यापक बन्देज लगाइयो, जसका कारण आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार प्राप्तिका विकल्पहरू एकपछि अर्को बन्द हुँदै गए। यसले केवल वैदेशिक सहायता मात्र रोकेको छैन, साधन-श्रोत र निर्णय प्रकृयामा जनताको पहुँचलाई समेत खुम्च्याएको छ।

७.२.७ वैदेशिक सहयोग स्थगित

राजाको प्रत्यक्ष शासनको असर वैदेशिक सहयोगका क्षेत्रमा पनि परेको छ, जसका कारण सिंगो अर्थतन्त्रमा समेत प्रभाव परेको छ। १९ माघको एक वर्ष बित्दानबित्दैको अवधिमा देशले करिब रु. ३० अर्ब बराबरको विदेशी अनुदान र ऋण सहयोग गुमाएको देखिन्छ। खासगरी प्रजातन्त्रको अभावमा सरकारको क्षमतामा ह्रास आएको जनाउँदै र माघ

३५. सेन, अमर्त्य: डेभलप्मेन्ट एज फ्रिडम; न्यूयोर्क: एङ्कर बुक्स, १९९९: पृ. १५७-१५८
३६. पूर्ववत्: पृ. ३६

सात राजनीतिक दलद्वारा संयुक्त राष्ट्रसंघसमक्ष ज्ञापन-पत्र

कोफी अन्नान
महासचिव
संयुक्त राष्ट्रसंघ

महामहिमज्यू,

नेपालको राजनीतिक मामिलामा यहाँले लिनुभएको सही र उपयुक्त चासोप्रति हाम्रो हार्दिक अभिवादन छ। नेपालका सात मुख्य राजनीतिक दलका प्रतिनिधिका हैसियतले मुलुकको हालको राजनीतिक अवस्था र राजा ज्ञानेन्द्रको अध्यक्षतामा गठित वर्तमान मन्त्रिपरिषद्का सदस्यहरूले सार्वभौम नेपाली जनताको प्रतिनिधित्व गर्नु कसरी असंवैधानिक छ भन्नेबारे अवगत गराउनु हामीले आफ्नो कर्तव्य ठानेका छौं।

यहाँलाई विदितै छ, राजा ज्ञानेन्द्रले गत १९ माघमा असंवैधानिक रुपमा स्वयम् मन्त्रिपरिषद् अध्यक्ष भई राज्यका सबै कार्यकारी अधिकार हातमा लिए, मुलुकभर संकटकाल घोषणा गरे, ठूलो संख्यामा राजनीतिक दलका नेता, पेशाकर्मी र मानवअधिकारवादी कार्यकर्तालाई गिरफ्तार गरे, नागरिकका मौलिक अधिकार निलम्बन गरे, राजनेता र नागरिक समाजका अगुवामाथि यात्रा प्रतिबन्ध तथा प्रेस स्वतन्त्रतामा बन्देज लगाए। माघ १९ को शाही घोषणा, राजा ज्ञानेन्द्रबाट ०५९ असोज १८ मा निर्वाचित सरकारलाई असंवैधानिक तवरबाट बर्खास्त गरी शुरु गरेको राजनीतिक शक्ति केन्द्रीकृत गर्ने प्रक्रियाको अन्तिम लक्ष्य थियो। विश्व समुदायले उक्त शाही कदम नेपालमा प्रजातन्त्र र संवैधानिक व्यवस्थामा गम्भीर चोट हो भनी वास्तविक निष्कर्ष निकालेको छ।

नेपाल अधिराज्यको संविधान २०४७ ले ०४६ को गौरवपूर्ण जनआन्दोलनको मर्म र उपलब्धिलाई पवित्र तुल्याएको थियो। उक्त जनआन्दोलनले सक्रिय राजतन्त्रले नेतृत्व दिएको सर्वसत्तावादी निरंकुश पञ्चायती सत्तालाई पल्टाएको थियो। संविधानमा सार्वभौमसत्ता जनतामा निहित बहुदलीय प्रजातान्त्रिक पद्धतिलाई प्रत्याभूत गरेको थियो। विश्वका आधुनिक प्रजातान्त्रिक संविधानकै पंक्तिमा रहेर नेपालको संविधानमा पनि सरकारका तीनैवटा अंगलाई शक्ति बाँडफाँड गरिएको छ। प्रेस स्वतन्त्रता, सार्वभौम जनताका आकांक्षा अभिव्यक्त गर्न संसदलाई सर्वोच्च निकायका रुपमा मान्यता दिने लगायत् नागरिकका मौलिक, राजनीतिक र मानवअधिकार प्रत्याभूत गर्न विभिन्न संवैधानिक संयन्त्रको व्यवस्था गरेको छ। र, दललाई राजनीतिक प्रक्रियाका अपरिहार्य र अविभाज्य अंगको रुपमा मान्यता प्रदान गरेको छ। शाही कदम यी सबै सिद्धान्तलाई आत्मसात गर्न पूर्ण असफल भएको छ। अप्रजातान्त्रिक र असंवैधानिक शाही कदमपछि राजा ज्ञानेन्द्रले कठपुतली मन्त्रिपरिषद् गठन गरेका छन्, प्रजातान्त्रिक संयन्त्र र कानुनी राजको सिद्धान्तलाई भत्काएका छन् र आधारभूत नागरिक, राजनीतिक र मानवअधिकारको बन्धन तोडेर कार्यकारी आदेश र अध्यादेश जारी गरेका छन्। राजाले आफ्नो कदमविरुद्ध आवाज बुलन्द गर्ने राजनीतिक दलका नेतालाई प्रतिशोध लिने उद्देश्यले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको समानान्तर मध्ययुगीन असंवैधानिक भ्रष्टाचार निवारण शाही आयोग गठन गरेका छन्। यसैगरी राजाले आफ्नो सक्रिय शासनको पक्षमा समर्थन जुटाउन र प्रजातन्त्र पक्षधरविरुद्ध प्रयोग गर्न क्षेत्रीय तथा अञ्चल प्रशासक नियुक्त गर्ने लगायत् धेरै अवैधानिक अधिकार जन्माएका छन्। उनले आफ्नो स्थान मजबुद बनाउन निर्वाचित प्रतिनिधिहरू रहने जिल्ला विकास समितिका सभापति र उपसभापति पदमा आफूप्रति वफादार पात्रलाई नियुक्त गरेका छन्। आफ्नै अध्यक्षताको मन्त्रिपरिषद्मा राजाले कुख्यात अपराधीका रुपमा तुलना गरिएका, गम्भीर मानवअधिकार उल्लंघनमा दोषी ठहरिएकाहरू र जानीजानी बैंकको ऋण नतिर्नेहरू समावेश गरेका छन्, जो राज्यलाई नै अपमानित गर्ने कुरा हो। मुलुक यतिखेर पूर्णरुपमा शक्तिको कानुनले चलेको छ।

राजा ज्ञानेन्द्र आफ्नो निरंकुश सत्ताको औचित्य पुष्टि गर्न सक्दो असफल प्रयास गरिरहेका छन्। शान्ति र आतंकवादमध्ये एउटा रोज्नेबाहेक नेपालसँग अर्को राजनीतिक विकल्प नभएको चित्रण गर्दै उनी विश्व समुदायसामु यथार्थ मोड्न प्रयासरत देखिन्छन्। उनले एक दशकदेखि जारी माओवादी समस्याको सैनिक समाधान खोज्न चाहिरहेका छन्। माघ १९ पछि शाही क्रियाकलापको श्रृंखलाबाट राजा स्वयम्ले माओवादी द्वन्द्वको शान्तिपूर्ण समाधानको सम्भावनालाई अझै टाढा पुऱ्याएका छन्।

अन्तर्राष्ट्रिय समुदायले विद्रोहीसँग अन्तर्राष्ट्रिय मानवीय कानुनको मान्यतालाई सम्मान गर्न र हिंसाको बाटो त्यागी मुलुकमा दिगो शान्ति स्थापनार्थ वार्ता प्रक्रियामा प्रवेश गर्न आग्रह गरेका छन्। नेपाली जनताले पनि स्पष्टरुपमा यो हिंसात्मक द्वन्द्व शान्तिपूर्ण राजनीतिक तवरबाट समाधान होस् भन्ने धारणा स्पष्ट पारेका छन्। जनताको शान्तिको तीव्र चाहना र विश्व समुदायको विचारणीय दृष्टिकोणलाई सम्मान गर्दै हामीले विद्रोहीसहित सबै राजनीतिक शक्तिमध्येबाट वर्तमान संकटको समाधान पत्ता लगाउन सक्दो प्रयास गरिरहेका छौं। हामी शाही जालमा फस्ने हो भने जिम्मेवार दलका नेताको हैसियतमा आफ्नो कर्तव्य पूरा गर्न असफल हुनेछौं। सात राजनीतिक दलको प्रतिनिधिका रुपमा हामी तेस्रो प्रतिनिधिसभाको पुनर्स्थापना, सर्वदलीय सरकार, माओवादी विद्रोहीसँग शान्तिपूर्ण वार्ता गरी संविधानसभाका लागि स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण निर्वाचन र राज्यको समावेशी पुनर्संरचना

गर्न एउटा साझा एजेण्डामा सहमत भएका छौं। हामी संयुक्त राष्ट्रसंघमा यहाँको प्रशंसनीय नेतृत्वको मुक्तकण्ठले प्रशंसा गर्छौं। विश्व शान्ति, प्रजातन्त्र, संवैधानिकता, कानुनी राज, मानवीय सम्मान, नागरिक, राजनीतिक र मानवअधिकारका सवालमा असीमित उत्साह र सबै मानिसले विश्वलाई सुन्दर ठाउँका रुपमा रुपान्तरण गर्न/गराउन समावेशी बहुलवादी समाजका पक्षपाती तपाईंका आदर्श मनन गरिरहेका छौं। नेपालको इतिहासमा यो संकटपूर्ण घडीमा मुलुकलाई एउटा असफल राष्ट्र बन्नबाट रोक्न हामीलाई विश्व समुदायबाट बढीभन्दा बढी सहयोग र सुझबुझ आवश्यक छ। राजनीतिक रुपमा मात्र होइन, आर्थिक सूचकहरूले पनि मुलुक त्यसैतर्फ अग्रसर छ भन्ने निर्दिष्ट गर्छन्। प्रजातान्त्रिक कालमा सहस्राब्दी विकास लक्ष्यतर्फ मुलुकले प्राप्त गरेका उपलब्धिहरू शाही कदमपछि उल्टिएका छन्। विश्व समुदायले सर्वसत्तावादी र निरंकुश शाही सत्ताद्वारा हुने नेपालको प्रतिनिधित्वलाई अमान्य ठहर गरी नैतिक दायित्व पूरा गर्छ भन्ने हामीले ठूलो आशा राखेका छौं। त्यसैले तल हस्ताक्षर गर्ने हामी सात मुख्य राजनीतिक दलहरू (जसले विघटित प्रतिनिधिसभामा ९५ प्रतिशत जनमतको प्रतिनिधित्व गर्छन्) का प्रतिनिधिहरू यो निवेदन पेश गर्न चाहन्छौं - वर्तमान शाही शासन र यसका राजनीतिक प्रतिनिधिहरूसंग सार्वभौम नेपाली जनताको तर्फबाट बोल्ने र प्रतिनिधित्व गर्ने नैतिक धरातल, अधिकार र वैधता छैन।

धन्यवाद

हस्ताक्षरकर्ताहरू:

गिरिजाप्रसाद कोइराला, सभापति- नेपाली कांग्रेस

माधवकुमार नेपाल, महासचिव- नेकपा (एमाले)

गोपालमान श्रेष्ठ, कार्यवाहक सभापति - नेपाली कांग्रेस (प्रजातान्त्रिक)

अमिक शेरचन, अध्यक्ष - जनमोर्चा, नेपाल

नारायणमान बिजुक्छे, अध्यक्ष - नेपाल मजदुर किसान पार्टी

भरतबिमल यादव, उपाध्यक्ष - नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

सीपी मैनाली, अध्यक्ष - संयुक्त वाममोर्चा नेपाल

मिति: भदौ २१, २०६२

माघ १९ यता रोकिएको विदेशी सहयोग

दाता	रकम (करिब)
विश्व बैंक	रु. १२.५०
डेनमार्क	रु. ५.८४ अर्ब
एसियाली विकास बैंक	रु. ५ अर्ब (मेलम्चीको कार्य अघि नबढेकाले)
नर्वे	रु. २ अर्ब
स्वीडेन	रु. २ अर्ब
स्वीस सरकार	रु. १.५७ अर्ब
क्यानाडा	रु. ०.३५ अर्ब
बेलायत	रु. ०.१८ अर्ब

स्रोत: सम्बन्धित दाताका वेबसाइट र पत्रपत्रिकाहरु

१९ को शाही कदमबाट बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र, मानवअधिकार र द्वन्द्वको शान्तिपूर्ण समाधानलाई राजाबाट पछाडि धकेलिएको जनाउँदै विभिन्न दातृ राष्ट्र तथा विश्व बैंक र एसियाली विकास बैंकजस्ता निकायहरूले सहयोग रोक्का गरे। ऋण सहयोग प्राप्त गर्नसक्ने क्षमता तथा राज्यको प्रकृति र नियतका आधारमा, उपयुक्त वातावरणको अभावका कारण राजाको शासनको एक वर्षमै नेपालले ठूलो परिमाणमा वैदेशिक सहयोग गुमाएको हो।

अधिकांश दाताहरूले मानवीय सहयोगबाहेक अन्य थुप्रै कार्यक्रमहरुबाट हात झिकेका छन्। जसमध्ये कतिपय त सम्झौता भएर बजेटमा समावेश भइसकेका कार्यक्रमसँग सम्बन्धित रकमहरूसमेत परेका छन्। डेनमार्क, स्वीट्जरल्याण्ड, बेलायत, क्यानाडा, नर्वे र स्वीडेनजस्ता राष्ट्रहरूले करोडौंको सहयोग रोक्का गरेपछि ठूलो परिणाममा वैदेशिक सहयोगमा निर्भर नेपालको अर्थतन्त्र मारमा परेको छ।

७.२.८ बढ्दो राजदरबार खर्च

खासगरी संसद विघटन भएपछि र तत्कालीन शेरबहादुर देउवाको सरकारलाई ०५९ असोज १८ मा बर्खास्त गरिएसँगै राजदरबार खर्चमा अनौठो वृद्धि गरिँदै आएको छ। संसद नभएको अवस्थामा अध्यादेशमार्फत् एकपछि अर्को ऐनहरूमा संशोधन गर्ने र यस्तो खर्च बढाउने कार्य भयो। राजदरबार खर्चसम्बन्धी ऐन-२०३१ मा अध्यादेशमार्फत् संशोधन गरियो र राजालाई आफ्नो सुविधा वृद्धि गर्ने स्वेच्छिक अधिकार प्रदान गरियो। आर्थिक वर्ष ०५८/५९ मा संसदले राजदरबारका लागि वार्षिक रु. ११ करोड ६२ लाख छुट्याएको थियो, जुन रकम ०५९/६० मा ५ सय ३२ प्रतिशत वृद्धि गरी रू. ६१ करोड ९० लाख पुऱ्याइयो। राजनीतिक दलहरू र नागरिक समाजबाट व्यापक आलोचना खेप्नु परेको यस्तो खर्च आर्थिक वर्ष ०६०/६१ मा घटाई रू. ३२ करोड ९१ लाख ८५ हजारमा झारियो, जुन ०६१/६२ मा ३३ करोड ७५ हजार पुग्यो। आर्थिक वर्ष ०६२/६३ मा आइपुग्दा यसलाई पुन: बढाएर रू. ३५ करोड ५० लाख ७५ हजार पुऱ्याइयो।[३७] यसबाहेक

---

३७. "राजदरबार बजेट:" nepalmonarchy.gov.np/finance/finance_nepali.php मंसिर २७, ०६२ मा हेरिएको

विभिन्न समयमा राजपरिवारका सदस्यहरूको स्वास्थ्य उपचारलगायत्का खर्चमा समेत राज्यकोषको प्रयोग गर्ने गरिएको छ। ०६१ सालमा देउवा सरकारको पालामा राजपरिवार सदस्य हेलेन शाहलाई उपचारका नाममा एकमुष्ठ करिव रु. २ करोड उपलब्ध गराइएको तथ्य, जुन निकै विवादास्पद र आलोच्य रह्यो। यस्तो रकम कुनै कारण र आवश्यकता नखुलाई खर्च गर्ने गरिएको छ, जसको न त सरकारले कुनै हिसाब नै माग्न सक्छ न लेखा परीक्षणलगायत्का प्रकृयाहरू पूरा गर्नुपर्छ। स्वदेश र विदेशमा हुने राजाको भ्रमणका क्रममा करोडौं रकम खर्च हुने गरेको छ, जसको पारदर्शी आर्थिक-विवरण सार्वजनिक गरिएको पाइदैन। राजाको भ्रमणका क्रममा प्रयोग गरिने हेलिकप्टर तथा हवाइजहाज, आवास व्यवस्थापन, स्वदेशभित्र हुने भ्रमणका क्रममा स्वागतका लागि गरिने रंगरोगन, सर-सजावट, तुल-व्यानर, स्वागतद्वार तथा अतिरिक्त सुरक्षा प्रवन्धका लागि पनि उत्तिकै खर्च हुने गरेको छ।

८. सशस्त्र द्वन्द्व र शान्ति प्रकृया

८.१ माओवादीको एकतर्फी युद्धविराम र सरकारद्वारा गरिएको उपेक्षा

राजाको शासन देशमा ०५२ सालदेखि चलिरहेको सशस्त्र द्वन्द्वलाई शान्तिपूर्ण प्रकृयाद्वारा समाधान गर्न तयार नभएको दृष्टान्तहरूले देखाएका छन्। यस वर्ष नेकपा (माओवादी) ले एकतर्फी युद्धविराम गरेर शान्ति प्रकृयाप्रति लचकता देखाए, जसलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रबाट सकारात्मकरूपमा लिइएको थियो। माओवादीले यस वर्षको अन्त्यसम्म नै एकतर्फी युद्धविराम गरेका थिए। त्यसक्रममा नेपालमा अग्रगामी राजनीतिक निकासरहित शान्ति चाहने देशभित्र र बाहिरका सबै शक्तिहरूलाई नयाँ पहलका लागि उत्प्रेरित गर्ने विश्वास लिदै माओवादीले देशभित्रका राजनीतिक शक्तिदेखि संयुक्त राष्ट्रसंघसम्म समस्या समाधानका लागि सकारात्मक वातावरण बन्ने कुरामा पनि आशावादी भएको उल्लेख गरेको थियो।[३८]

युद्धविरामको अवधि बढाउन राष्ट्रिय अन्तर्राष्ट्रिय समुदायबाट पटकपटक माओवादीलाई आह्वान भएको परिप्रेक्ष्यमा देशको राजनीतिक स्थितिको समग्रता र लोकतन्त्र र शान्तिका पक्षधर देशभित्र र बाहिरका सबै सकारात्मक शक्तिहरूको मागलाई गम्भीरतापूर्वक विचार गरी अर्को एक महिनाका लागि युद्धविरामको अवधि बढाउने निर्णय गरेको[३९] उल्लेख गर्दै ०६२ मंसिर १७ मा थप एक महिनाका लागि एकतर्फी युद्धविराम गरिएको थियो। एकतर्फी युद्धविरामको संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानसमेत[४०] राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट स्वागत गरिएता पनि नेपाल सरकारले भने दुईतर्फी बनाउनेगरी सम्बोधन गरेन। बरु, यस अवधिमा सरकारले व्यापक सैनिक अपरेसन जारी राख्यो।

अर्कोतर्फ शान्ति प्रकृयाका लागि सहयोग पुऱ्याउने उद्देश्यले स्थापित शान्ति सचिवालयजस्ता निकायहरू बेकम्मा बनेका छन्। शाही कदमयता राज्यपक्ष शान्ति प्रकृयातर्फ उन्मुख नहुनु, सिंगो राजनीतिक प्रणाली विषम बन्नु र भएका संयन्त्रहरूप्रति सरकारी बेवास्ता बढ्दै जानुले यस्ता प्रयासहरू पनि क्रमशः प्रभावहीन र अनुत्पादक बन्न पुगेका हुन्। शेरबहादुर देउवाको सरकारका पालामा साउन ०६१ मा उच्चस्तरीय शान्ति समिति बनेको थियो। जसमा सरकारमा सहभागी चार दलका नेताहरू सदस्य रहेका थिए, र मन्त्रिपरिषद् अन्तर्गत शान्ति सचिवालय स्थापना गरिएको थियो। तर, माघ १९ पछि शान्ति समिति स्वतः खारेज हुन पुग्यो भने शान्ति सचिवालय कामविहीन बन्न पुगेको छ।

हुन त माघ १९ को शाही घोषणाले नै राजाको सरकारले सम्वादका माध्यमबाट शान्ति स्थापनाका लागि पहल नगर्ने सन्देश दिएको थियो। "बाटो बिराएर देश र जनताविरुद्ध हतियार उठाएका, शान्ति र प्रजातन्त्रविरुद्ध अपराधिक कार्यमा संलग्न रहेकाहरूलाई हतियार बुझाएर शान्तिपूर्वक राष्ट्रिय राजनीतिको मूल प्रवाहमा समाहित हुन" गरिएको आह्वान र "देश र जनताविरुद्ध आतंककारी गतिविधि कायमै राखेमा जनताले नसहने, कानुनले नछाड्ने" उल्लेख गरिएबाट शान्ति प्रकृयाका लागि अवलम्बन गरिने माध्यम र तरिका शान्तिपूर्ण र समावेशी नहुने स्पष्ट देखिएको थियो। त्यसैगरी राजाद्वारा सार्कको तेह्रौ शिखर सम्मेलन र सूचना समाज निर्माणका लागि विश्व शिखर सम्मेलनमा भाग लिन जानुअघि ०६२ असोजमा दिइएको सन्देशमा "देशको आवश्यकता र जनताको चाहना बुझेर इतिहासप्रतिको दायित्व महसुस गरी राष्ट्रिय राजनीतिको मूल प्रवाहमा समाहित हुन सबैलाई ढोका खुला रहेको" स्पष्ट पारियो भने संविधान दिवसका दिन ०६२ कार्तिक २३ मा दिइएको सन्देशमा "शान्तिविना जननिर्वाचित व्यवस्था सक्रिय हुन नसक्ने, देशभक्तिलाई मिलनबिन्दु नबनाई शान्ति कायम हुन नसक्ने तथा देश र जनताप्रति उत्तरदायी आचरणविना राष्ट्रिय सम्मान र प्रजातन्त्रको रक्षा कायम हुन नसक्ने पाठ देशले चर्को मूल्य तिरेर अब सिकिसकेको" उल्लेख गरियो। तर त्यसबेला पनि जारी माओवादीको एकतर्फी युद्धविरामलाई

---

३८. "क. प्रचण्डको प्रेस विज्ञप्ति", www.cpnm.org ०६२ भदौ १८ मा हेरिएको

३९. पूर्ववत्, ०६२ मंसिर १७

४०. युनाइटेड नेसन्स, "सेक्रेटरी जनरल वेलकम्स सीजफायर एक्स्टेन्सन बाइ नेपाल कम्युनिष्ट पार्टी," प्रेस विज्ञप्ति (एसजी एसएम १०२४३), न्युयोर्क, २ डिसेम्बर २००५

दुईतर्फी बनाउने कार्य भएन। न त देश र जनताप्रतिको उत्तरदायी आचरणको सीमा, विधि र स्वरूप नै स्पष्ट पारियो। यस्ता सन्देश र घोषणाहरूले विषयवस्तुलाई सतहमा अभिव्यक्त गरेका छन् र देशले दिनानुदिन भोगेका समस्याहरूको शान्तिपूर्ण समाधानतर्फ उपेक्षा प्रदर्शन गरेका छन्।

अर्कातर्फ सरकारका उपाध्यक्षद्वय र मन्त्रीहरूले बारम्बार राजनीतिक दलहरू र माओवादीलाई गालीगलौज सिवाय शान्ति प्रकृयाका लागि आफ्नो तहबाट कुनै सकारात्मक तत्परता देखाउन सकेका छैनन्।

८.२ राजनीतिक दलहरू र माओवादीबीचको समझदारी

माघ १९ यता संसदवादी राजनीतिक दलहरू र नेकपा (माओवादी) बीच, खासगरी राजतन्त्रका सम्बन्धमा, क्रमश: समान धारणा विकास हुँदै आएको देखिन्छ। प्राय: राजनीतिक दलहरूले राजतन्त्रलाई हेर्ने लचिलो नीतिमा परिवर्तन गरी, या लोकतान्त्रिक गणतन्त्रात्मक नीति स्पष्ट पारेका छन् या त संवैधानिक राजतन्त्रप्रतिको प्रतिबद्धता त्यागेका छन्।

नेकपा (एमाले) ले बहुदलीय प्रजातन्त्रलाई लोकतान्त्रिक गणतन्त्रमार्फत् पूर्णता दिनुपर्ने आवश्यकता महसुस भएकोले वर्तमान आन्दोलनलाई लोकतान्त्रिक गणतन्त्रको दिशामा अघि बढाउनुपर्नेमा जोड दिएको छ भने स्थापनाकालदेखि संवैधानिक राजतन्त्रको पक्षमा रहेको नेपाली काँग्रेसले आफ्नो विधानको प्रस्तावना र उद्देश्यबाट संवैधानिक राजतन्त्र भन्ने शब्दावली हटाएको छ। नेकपा (एकताकेन्द्र-मसाल) र जनमोर्चा, नेपालले प्रजातन्त्रका लागि चालु आन्दोलनलाई गणतन्त्र स्थापनाको लक्ष्यसम्म अगाडि बढाउनुपर्ने बताएका छन् भने नेपाल मजदुर किसान पार्टीले आफू समाजवादी गणतन्त्रको पक्षमा रहेको उल्लेख गर्दै चालु आन्दोलनलाई समाजवादी गणतन्त्रको प्रचार अभियानको रूपमा प्रयोग गर्दै जाने जनाएको छ। नेपाली काँग्रेस (प्रजातान्त्रिक) ले पनि अर्को वर्ष अर्थात् सन् २००६ को सुरुमा हुने महाधिवेशनबाट पार्टी विधानमा संवैधानिक राजतन्त्र उल्लेख नगर्ने यसका नेताहरूले सार्वजनिक गरे। नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले संवैधानिक राजतन्त्रको विषयमा पार्टीको पूर्वधारणामा पुनर्विचार अपेक्षित भएको जनायो। यस सन्दर्भमा "जनवादी गणतन्त्रात्मक राज्यसत्ता स्थापनार्थ" ०५२ सालदेखि सशस्त्र युद्धमा संलग्न नेकपा (माओवादी) अन्तरिम सरकारको गठन, संविधानसभाको निर्वाचन र लोकतान्त्रिक गणतन्त्रको स्थापनालाई सबैभन्दा वस्तुवादी प्रकृया मानेको उल्लेख गर्दै माघ १९ पछि राजतन्त्रका सम्बन्धमा देखिएको "नयाँ ध्रवीकरणले अनिवार्यरूपमा जनसमुदायलाई सार्वभौम अधिकार सम्पन्न तुल्याउने विश्वास व्यक्त गर्नपुग्यो।

युद्धविरामका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार समुदाय, नेपालका राजनीतिक दलहरू र विभिन्न पेशागत संघ-संगठनहरूको आग्रह बढ्दै गएको र अर्कातर्फ माघ १९ पछि प्रजातान्त्रिक आन्दोलनविरुद्ध राज्यको दमन व्यापक पारिएको, यसविरुद्ध राजनीतिक दलहरूबीच समीकरण बढेको र नागरिक समाज तथा राजनीतिक दलहरू शान्तिपूर्ण सडक आन्दोलनमा उत्रिएको अवस्थामा माओवादीले गरेको एकतर्फी युद्धविरामले राजनीतिक दल र माओवादीहरूलाई राजतन्त्रसम्बन्धी दृष्टिकोणका सवालमा क्रमश: नजिक्याउनुका साथै शान्तिपूर्ण प्रकृयामार्फत् जनपरिचालनका विकल्प चयनका लागि पनि अवसर प्रदान गर्‍यो।

सोही क्रममा आन्दोलनरत सात राजनीतिक दलहरू नेकपा (एमाले), नेपाली काँग्रेस, नेपाली काँग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त वाममोर्चा नेपाल, र नेकपा (माओवादी) बीच ०६२ मंसिर ७ मा १२ बुँदे समझदारीपत्रमा हस्ताक्षर भयो, जसले पूर्णप्रजातन्त्रको स्थापना र राजनीतिक, सामाजिक, आर्थिक, साँस्कृतिक तथा वर्गीय, जातीय र लैंगिक सवालहरूलाई सम्बोधन गर्ने राज्यको पुनर्संरचनाका आधारमा निरंकुश राजतन्त्रको अन्त्यलाई प्रमुख जोड दिएको छ। समझदारीमा माओवादी पक्षले बहुदलीय प्रजातन्त्र, नागरिक स्वतन्त्रता, मानवअधिकार, कानुनी राज्यको अवधारणा, मौलिक हक आदि मूल्य-मान्यताप्रति प्रतिबद्धता जनाउँदै तदनुरूप आफ्ना गतिविधिहरू अघि बढाउने प्रतिबद्धता जनाएको छ। यसका अतिरिक्त, माओवादीले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक दलका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरूको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्बाध ढंगले राजनीतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ। सात राजनीतिक दलहरूले विगतमा संसद र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती कमजोरी नदोहोर्‍याउने प्रतिबद्धता व्यक्त गरेका छन्। त्यसैगरी शान्ति प्रकृयालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारका मूल्य-मान्यताहरूलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने प्रतिबद्धता पनि १२-बुँदे समझदारीपत्रमा व्यक्त गरिएको छ। *(हेर्नुहोस्, समझदारीपत्रको पूर्ण अंश)*

समझदारीलाई संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले स्वागत गर्नुभएको थियो। युरोपेली युनियन र

सात राजनीतिक दलहरू र माओवादी बीचको समझदारी

नेपालमा लामो समयदेखि चल्दै आएको निरंकुश राजतन्त्र र लोकतन्त्र (Democracy) बीचको संघर्ष आज अत्यन्तै गम्भीर र नयाँ मोडमा पुगेको छ। विगत दश वर्षदेखि जारी सशस्त्र द्वन्द्वको अग्रगामी राजनीतिक निकासद्वारा समाधान गर्दै शान्ति स्थापना गर्न आजको आवश्यकता भएको छ। त्यसैले निरंकुश राजतन्त्रको अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्दै राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक सबै क्षेत्रका वर्गीय, जातीय, लिंगीय, क्षेत्रीय आदि समस्याहरूको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यान्वयन गर्न अपरिहार्य आवश्यकता भएको छ। देशमा विद्यमान उक्त परिप्रेक्ष्य र सन्दर्भमा संसदभित्रका सात राजनीतिक दलहरू र ने.क.पा.(माओवादी) बीच विभिन्न ढंगले वार्ता भई निम्न प्रकार समझदारी भएको कुरा सार्वजनिक गर्दछौं।

समझदारी भएका बुँदाहरू

१. आज देशमा लोकतन्त्र, शान्ति, समृद्धि, सामाजिक अग्रगमन तथा स्वतन्त्र सार्वभौम नेपाल आम नेपाली जनताको प्रमुख चाहना हो। त्यसका निम्ति प्रमुख बाधक निरंकुश राजतन्त्र हो भन्ने कुरामा हामी पूर्ण सहमत छौं। निरंकुश राजतन्त्र अन्त्य गरेर पूर्ण लोकतन्त्र स्थापना नगरेसम्म देशमा शान्ति, प्रगति र समृद्धि सम्भव छैन भन्ने हाम्रो स्पष्ट धारणा छ। त्यसैले निरंकुश राजतन्त्रविरोधी सम्पूर्ण शक्तिहरूले निरंकुश राजतन्त्रका विरुद्ध आ–आफ्ना ठाउँबाट प्रहार केन्द्रित गर्दै देशव्यापी लोकतान्त्रिक आन्दोलनको आँधीबेहरी निर्माण गरेर निरंकुश राजतन्त्रलाई अन्त्य गरी पूर्ण लोकतन्त्र स्थापना गर्ने समझदारी भएको छ।

२. आन्दोलनको शक्तिले संसदको पुनर्स्थापन गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत सात राजनीतिक दलहरू पूर्ण प्रतिबद्ध छन्। आन्दोलनरत लोकतान्त्रिक शक्तिहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाई संविधानसभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने नेकपा (माओवादी) को धारणा र प्रतिबद्धता रहेको छ। यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत सात राजनीतिक दल र नेकपा (माओवादी) बीचमा सम्वाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ। उक्त लक्ष्य हासिल गर्न जनआन्दोलनको शक्ति नै एक मात्र विकल्प हो भन्ने कुरामा समझदारी भएको छ।

३. देशले आज सशस्त्र द्वन्द्वको सकारात्मक समाधानका साथ स्थायी शान्ति स्थापनाको माग गरेको छ। त्यसैले हामी निरंकुश राजतन्त्रको अन्त्य र उक्त प्रक्रियागत आधारमा आउने संविधानसभाको निर्वाचन र पूर्ण लोकतन्त्र स्थापनाको अग्रगामी राजनीतिक निकासद्वारा देशमा विद्यमान सशस्त्र द्वन्द्वको अन्त्य गरी स्थायी शान्ति स्थापना गर्न दृढ संकल्पित छौं। यस प्रक्रियाद्वारा शान्तिपूर्ण नयाँ राजनैतिक धारमा अघि बढ्न नेकपा (माओवादी) प्रतिबद्धता व्यक्त गर्दछ। यसै सन्दर्भमा निरंकुश राजतन्त्रको अन्त्यपछि हुने संविधानसभाको निर्वाचनको क्रममा माओवादी सशस्त्र शक्ति र शाही सेनालाई संयुक्त राष्ट्रसंघ वा भरपर्दो अन्तर्राष्ट्रिय सुपरिवेक्षणमा राख्ने, निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष ढंगले सम्पन्न गर्ने र निर्वाचनको परिणामलाई स्वीकार्ने समझदारी भएको छ। वार्ता प्रक्रियामा समेत भरपर्दो अन्तर्राष्ट्रिय समुदायको संलग्नतालाई हामी अपेक्षा गर्दछौं।

४. प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मानवअधिकार, कानुनी राज्यको अवधारणा, मौलिक हक आदि लोकतान्त्रिक मूल्य मान्यताप्रति नेकपा (माओवादी) ले आफ्नो प्रतिबद्धता प्रस्टताका साथ संस्थागत ढंगले सार्वजनिक गर्दै तदनुरुप आफ्ना गतिविधिहरू अघि बढाउने प्रतिबद्धता व्यक्त गरेको छ।

५. नेकपा (माओवादी) ले सशस्त्र द्वन्द्वको क्रममा विस्थापित हुन पुगेका अन्य लोकतान्त्रिक पार्टीका नेता, कार्यकर्ता र जनतालाई यथास्थानमा फर्केर ससम्मान बसोबास गर्ने, उनीहरूको अन्यायपूर्ण तरिकाबाट कब्जा गरिएका घरजग्गा सम्पत्ति फिर्ता गर्ने र उनीहरूलाई निर्बाध ढंगले राजनैतिक गतिविधि गर्न पाउने वातावरण तयार गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

६. विगतका गल्ती कमजोरीहरूको आत्मसमीक्षा र आत्म आलोचना गर्दै भविष्यमा गल्ती कमजोरी हुन नदिन नेकपा (माओवादी) ले प्रतिबद्धता व्यक्त गरेको छ।

७. सात राजनीतिक दलहरूले विगतमा संसद र सरकारमा छँदा भएका गल्ती कमजोरीप्रति आत्मसमीक्षा गर्दै अब त्यस्ता गल्ती कमजोरी नदोहोऱ्याउने प्रतिबद्धता व्यक्त भएको छ।

८. शान्ति प्रक्रियालाई अघि बढाउने सन्दर्भमा मानवअधिकारका मूल्य-मान्यताहरूलाई पूर्ण सम्मान गर्ने र तिनका आधारमा अघि बढ्ने तथा प्रेस स्वतन्त्रताको सम्मान गर्ने कुरा प्रतिबद्धता गरिएको छ।

९. जनता र अन्तर्राष्ट्रिय समुदायलाई भ्रम दिने तथा राजाको निरंकुश र अवैधानिक शासनलाई वैधानिकता प्रदान गर्ने कुत्सित उद्देश्यका लागि अघि सारिएको नगरपालिकाको निर्वाचनको घोषणा र संसदको निर्वाचनको चर्चा एउटा कपटपूर्ण चाल भएकाले त्यसलाई आ–आफ्नो ढंगले सक्रिय बहिष्कार गर्ने घोषणा गर्दै त्यस्तो निर्वाचनलाई असफल बनाउन आम जनतालाई आह्वान गरिएको छ।

१०. जनता र तिनका प्रतिनिधि राजनीतिक दलहरू नै राष्ट्रियताका वास्तविक पहरेदार हुन्। त्यसैले देशको स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा र राष्ट्रिय एकताप्रति हामीहरू पूर्णरुपले प्रतिवद्ध छौं। शान्तिपूर्ण सहअस्तित्वका सिद्धान्तका आधारमा संसारका सबै मुलुकहरूसँग मैत्री सम्बन्ध र छिमेकी मुलुकहरू खासगरी भारत र चीनसँग असल छिमेकीको सम्बन्ध कायम राख्नु हामी सबैको साझा कर्तव्य हो। परन्तु आफ्नो निरंकुश र अवैधानिक शासन टिकाउन र देशभक्त जनतालाई भ्रम दिन राजा र राजावादीहरूले मण्डले राष्ट्रवादको हौवा खडा गर्ने र राजनीतिक दलहरूको देशभक्तिमाथि प्रश्नचिन्ह खडा गर्ने जुन मिथ्या प्रयास गरिरहेका छन्, त्यसबाट सतर्क रहन हामी सम्पूर्ण देशभक्त जनसमुदायलाई आग्रह गर्दछौं र अन्तर्राष्ट्रिय शक्तिहरू र जनसमुदायलाई नेपालको निरंकुश राजतन्त्रविरोधी लोकतान्त्रिक आन्दोलनलाई हरतरहले साथ दिन अपिल गर्दछौं।

११. लोकतन्त्र शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन तथा देशको स्वतन्त्रता, सार्वभौमिकता र स्वाभिमानलाई केन्द्रमा राखेर भएका हाम्रा यी समझदारीका आधारमा संचालित हुने शान्तिपूर्ण जनआन्दोलनमा सक्रिय सहभागिता जनाई आन्दोलनलाई सफल बनाउन हामी नागरिक समाज, पेशागत समुदाय, जनवर्गीय संघ–संगठनहरू सबै जाति र क्षेत्रका जनता, पत्रकार जगत, बुद्धिजीवीहरू र आम नेपाली जनसमुदायमा हार्दिक आह्वान गर्दछौं।

१२. विगतमा दलहरूबीच भएका अनुपयुक्त व्यवहारहरूको सन्दर्भमा दल विशेषले आपत्ति जनाएका र छानबिनको माग गरेका घटनाहरूको सम्बन्धमा छानबिन गर्ने र दोषी पाइएमा दोषीलाई कार्वाही गरी सार्वजनिकरुपमा जानकारी गराउने साझा प्रतिवद्धता व्यक्त भएको छ। अब उप्रान्त दलहरूबीच समस्या उत्पन्न भए सम्बन्धित तह वा नेतृत्व तहमा छलफल गरेर सम्वादको माध्यमबाट समस्याहरूको समाधान गर्ने समझदारी भएको छ।

मिति : ०६२ मंसिर ७ गते

बेलायतले यो कदमले नेपालमा शान्ति प्रकृयाका लागि आधार खडा गर्न सक्ने अपेक्षा गरेका थिए। त्यसैगरी भारतले सम्बन्धित सबै पक्षहरूको उपयुक्त प्रयास र योगदानबाट नेपालमा शान्ति र स्थिरता तथा आर्थिक विकास छिट्टै पुनर्स्थापित हुने आशा गरेको थियो।

यो समझदारीले एकातर्फ १९ माघपछि नेपाली राजनीतिको दुई ध्रुवीय समिकरणको सम्भावनालाई बलियो पाऱ्यो भने अर्कातर्फ सशस्त्र संघर्षरत नेकपा (माओवादी) सँग शान्तिपूर्ण राजनीतिक सम्वादको प्रकृया अघि बढाउन मद्दत गऱ्यो। एकतर्फी युद्धविराम पनि यही राजनीतिक सम्वाद प्रकृयाकै कारण हासिल भएको उपलब्धि थियो, जसका कारण राज्यपक्षमाथि युद्धविरामका माध्यमबाट शान्ति प्रकृयामा लाग्न दवाव सृजना हुन पुगेको थियो, यद्यपि त्यस्तो परिणाम देखिएन।

दल र माओवादीबीच समझदारीको अर्को महत्वपूर्ण पक्ष, प्रजातन्त्र र मानवअधिकारका आधारभूत मान्यताहरूमा राजनीतिक दलहरू र माओवादीको प्रतिवद्धता थियो, जसको कार्यान्वयन पक्षको मूल्यांकन हेर्न अझै बाँकी नै छ। तर पनि, यसबीचका केही घटनाक्रमले १२ बुँदे समझदारीमा जनाइएको प्रतिवद्धता उल्लंघन भएको देखाएका छन्। खासगरी युद्धविरामकै अवधिमा माओवादीद्वारा गरिएका हत्या, अपहरण, धम्की, जबर्जस्ती चन्दा संकलनजस्ता गतिविधिले उनीहरूद्वारा १२ बुँदे समझदारीमा मानवअधिकारप्रति जनाइएको प्रतिवद्धताको उल्लंघन भएको देखियो। अर्कातर्फ, राजनीतिक दलहरू विगतका कमजोरीहरूप्रति आत्मालोचना गर्दै नयाँ दृष्टिकोणका साथ अगाडि आउन र मानवअधिकार, प्रजातन्त्र र सुशासनप्रतिको प्रतिवद्धताका लागि जनतामा विश्वासयोग्य वातावरण सृजना गर्न नसकेको भनी आलोचित अवस्थामा रहे।

८.३ युद्धविरामको अवधिमा मानवअधिकार स्थिति

नेकपा (माओवादी) द्वारा गरिएको एकतर्फी युद्धविरामको अवधिमा उसका तर्फबाट हुने गरेका मानवअधिकार उल्लंघनमा उल्लेख्य कमी आएको तथ्यलाई युद्धविराम अवधिका महत्वपूर्ण उपलब्धिहरूमध्ये एक मान्नुपर्छ।

यद्यपि, राज्य र माओवादी दुवै पक्षले यसबीच मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लंघन गरेका दृष्टान्तहरू प्रशस्त छन्, जो यसै वर्षपुस्तकमा समावेश गरिएका छन्। राज्यद्वारा अवलम्बन गरिएका कडा उपायहरू कारण नागरिकहरूको बाँच्न पाउने अधिकार हनन हुनुका साथै अन्ततः माओवादीको एकतर्फी युद्धविराम भंग हुन पुग्यो। आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशले यस वर्ष पनि निरन्तरता पायो, जसका कारण सरकारी सुरक्षाकर्मीहरूद्वारा गैरन्यायिक हत्या, स्वेच्छाचारी गिरफ्तारी र बलजफ्ती बेपत्ता पारिने घटनाहरू संस्थागत गरिए। माओवादीद्वारा नागरिकहरूको हत्या, अपहरण र कुटपिट गर्ने, जबर्जस्ती चन्दा असुल गर्ने, धम्की दिने क्रियाकलापहरूले निरन्तरता पाएको देखियो।

९. शाही कदम र प्रतिक्रिया

९.१ राष्ट्रिय स्तरमा

९.१.१ राजनीतिक दलहरू

शाही घोषणालगत्तै राजनीतिक दलहरूका अधिकांश नेताहरूलाई थुना वा नजरबन्दमा राखियो। गिरफ्तारीबाट बचेकाहरू भूमिगत भए। नागरिक समाजका प्रतिनिधिहरू, मानवअधिकार रक्षकहरू पनि अर्धभूमिगत रहनुपर्ने अवस्था रह्यो। कतिपय त गिरफ्तार नै गरिए। यस्तो अवस्थामा संगठित ढंगले शाही कदमबारे प्रतिक्रिया जनाउन् र त्यसलाई बाहिर ल्याउन् निकै कठिन थियो। तैपनि माघ १९ कै दिन केही राजनीतिक दलहरूले छुट्टाछुट्टै प्रतिक्रिया व्यक्त गरेका थिए।

नेकपा (एमाले) का महासचिव माधवकुमार नेपालद्वारा ०६१ माघ १९ मा जारी गरिएको प्रेस वक्तव्यमा नेपाल अधिराज्यको संविधान २०४७ तथा बहुदलीय व्यवस्थाको दुहाई दिँदै नेपाली जनताको सार्वभौमसत्ता तथा उनीहरूको त्याग, बलिदानबाट प्राप्त राजनीतिक अधिकारहरूमाथि प्रहार गरी गरिएको शाही घोषणाको तीव्र विरोध र भर्त्सना गरियो। "राजाको यस्तो तानाशाही र स्वेच्छाचारी कदमका विरुद्ध एकजुट हुन नेकपा (एमाले) मुलुकका सम्पूर्ण प्रजातान्त्रिक, प्रगतिशील एवम् देशभक्त राजनीतिक दल तथा जनसमुदायमा हार्दिक आह्वान गर्दछ।" वक्तव्यमा आह्वान गरिएको थियो, "साथै राजाको यस्तो तानाशाही र स्वेच्छाचारी कदमको विरोध र नेपाली जनताको प्रजातान्त्रिक अधिकारको पक्षमा उभिन विश्वका सम्पूर्ण प्रजातान्त्रिक मुलुक र अन्तर्राष्ट्रिय समुदायमा नेकपा (एमाले) हार्दिक आह्वान गर्दछ।"

त्यसैगरी माघ १९ मै जारी गरिएको नेपाली कांग्रेसको प्रेस विज्ञप्तिमा शाही घोषणाबाट सिंगो मुलुक नै स्तब्ध भएको उल्लेख गर्दै बहुदलीय प्रजातन्त्रलाई समाप्त गर्ने यो कदमले राष्ट्रलाई अत्यन्त जटिल अवस्थातिर धकेलिदिएको र यस कदमबाट ०४६ सालको ऐतिहासिक जनआन्दोलनबाट प्राप्त नेपाल अधिराज्यको संविधान २०४७ को ठाडो उल्लंघन, सञ्चार क्षेत्रमा भएको निकृष्ट प्रहार र प्रजातन्त्रविरोधी कदमका रूपमा नेपाली कांग्रेसले लिएको धारणा व्यक्त गरिएको थियो। "राजाले मुलुकलाई पछाडि धकेल्न गरेको दुष्प्रयासको नेपाली कांग्रेस घोर निन्दा र भर्त्सना गर्दछ।" नेपाली कांग्रेस केन्द्रीय कार्यालय सचिव शोभाकर पराजुलीद्वारा हस्ताक्षरित विज्ञप्तिमा भनिएको थियो, "असंवैधानिक, अप्रजातान्त्रिक, निरंकुशता र प्रतिगमनको विरोधमा उत्रिई जनअधिकारको पूर्ण बहालीका लागि पार्टी एवम् यसका भातृ संस्थाका सबै कार्यकर्ताहरूलगायत् प्रजातन्त्रप्रेमी सम्पूर्ण दाजु-भाई तथा दिदीबहिनीहरूमा नेपाली कांग्रेस हार्दिक आह्वान गर्दछ।"

नेकपा (माओवादी) ले माघ १९ मा जारी गरेको प्रेस वक्तव्यमा शाही घोषणामार्फत् राजाद्वारा जनताका विभिन्न तह र तप्काका आवश्यकता र भावनाको प्रतिनिधित्व गर्ने तमाम संसदवादी राजनीतिक दलहरू र नागरिक समाजको मानमर्दन गर्ने तुच्छ कसरत मात्र गरिरहेको नभई, देश र जनताका विरुद्ध क्रुरतासमेत प्रदर्शन भएको उल्लेख गरेको थियो। "भावी दिनमा अन्य सबै जनपक्षीय शक्तिसँग विमर्श गर्दै प्रतिरोधलाई अझ सशक्तरूपमा अघि बढाइने कुरा पनि हामी यसै वक्तव्यमार्फत् स्पष्ट गर्न चाहन्छौं।" माओवादी अध्यक्ष प्रचण्डद्वारा हस्ताक्षरित वक्तव्यमा "नेपालको यो निरंकुशतावादी कदमको विरोध तथा नेपाली जनताको प्रजातान्त्रिक आन्दोलनको पक्षमा आवाज उठाउन विश्वका तमाम जनपक्षीय शक्तिहरूसँग" अनुरोध गरिएको थियो।

०६१ फागुन ५ मा पाँचवटा राजनीतिक दलहरू- नेकपा (एमाले), नेपाली कांग्रेस, नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले संयुक्त वक्तव्यमार्फत् राजाको कदमको तीव्र विरोध गर्दै उक्त असंवैधानिक, अप्रजातान्त्रिक र निरंकुश कदमका विरुद्ध पूर्ण प्रजातन्त्र एवम् दिगो शान्ति स्थापना गर्न, जनतामा सार्वभौमिकता सुनिश्चित गर्न र अग्रगमनको पक्षमा सम्पूर्ण राजनीतिक दलहरू, प्रजातान्त्रिक शक्तिहरू तथा आम जनतालाई एकताबद्ध भएर शान्तिपूर्ण संघर्षमा अघि बढ्न आह्वान गरेका थिए।

राजाको कदमपछि देशमा मानवअधिकारको स्थिति झनै भयावह ढंगले खस्कँदै गएको र आन्तरिक सशस्त्र द्वन्द्वको सन्दर्भमा राज्य तथा माओवादीद्वारा अवलम्बन गरिएका प्रजातन्त्रविरोधी, मानवअधिकार तथा मानवीय कानुन प्रतिकूल शृङ्खलाबद्ध घटनाहरूले कानुनी शासनको मर्मउपर अपूरणीय आघात पुग्न गयो। सोही तथ्यलाई उल्लेख गर्दै ०६१ चैत २५ मा तीन प्रमुख राजनीतिक दलहरूले संयुक्त

राष्ट्रसंघलाई नेपालमा अन्तर्राष्ट्रिय अनुगमन संयन्त्र अविलम्ब स्थापना गर्न आग्रह गरेका थिए। नेपाली काँग्रेसका गिरिजाप्रसाद कोइराला, नेपाली काँग्रेस (प्रजातान्त्रिक) का शेरबहादुर देउवा र नेकपा (एमाले) का झलनाथ खनालद्वारा संयुक्तरूपमा पठाइएको उक्त पत्रमा संक्रमणकालीन राष्ट्रिय प्रतिवेदक नियुक्त गरी मानवअधिकार उल्लङ्घनका घटनाहरूको स्वतन्त्र एवम् निष्पक्ष अनुगमनको विश्वासिलो एवम् सर्वमान्य संयन्त्र अविलम्ब निर्माण गर्न संयुक्त राष्ट्रसंघसमक्ष विशेष आग्रह गरिएको थियो। त्यसैगरी सात राजनीतिक दलहरूले मुलुकको राजनीतिक अवस्था र राजाको अध्यक्षतामा गठित मन्त्रिपरिषद्का सदस्यहरूले सार्वभौम नेपाली जनताको प्रतिनिधित्व गर्नु असंवैधानिक भएको अवगत गराउँदै ०६२ भदौ २१ मा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानसमक्ष संयुक्तरूपमा एक ज्ञापनपत्र प्रस्तुत गरेका थिए। *(हेर्नुहोस् : ज्ञापनपत्रको पूर्ण अंश)*

राजाको कदमले सात राजनीतिक दलहरू- नेपाली काँग्रेस, नेकपा (एमाले), नेपाली काँग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त वाममोर्चालाई एक ठाउँमा ल्यायो र उनीहरू संयुक्त संघर्षमा उत्रिए। संकटकालीन अवधिमा गिरफ्तारीबाट बचेका राजनीतिक नेताहरू योजना बनाउने, दलका धारणाहरू सार्वजनिक गर्नेजस्ता क्रियाकलापमा बढी संलग्न देखिन्थे। ०६२ वैशाख १६ मा संकटकाल समाप्त भएपछि भने दलहरू बढी खुलारूपमा अगाडि आए र ०६२ वैशाख २५ मा उनीहरूले "राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रतिबद्धताको घोषणा" सार्वजनिक गरे। ६-बुँदे घोषणाका रूपमा परिचित उक्त सहमति र प्रतिबद्धतामा पूर्ण प्रजातन्त्र र शान्ति स्थापनाका लागि प्रतिनिधिसभा पुनर्स्थापनादेखि संविधानसभा निर्वाचनसमेतका साझा कार्यसूचीहरू समेटिएको छ। *(हेर्नुहोस् : घोषणाको पूर्ण अंश)* विगतमा प्रतिनिधिसभा पुनर्स्थापना, सर्वदलीय सरकार र निरन्तरको आन्दोलनजस्ता मूलभूत सवालहरूमा सहमत हुन नसकेका दलहरूबीच यो घोषणामा भने प्रतिनिधिसभाको पुनर्स्थापनालाई प्रस्थानविन्दु बनाउने कार्यसूचीमा सहमति हुनपुग्यो। तर, यसका लागि उनीहरूबीच झण्डै एक महिनाको कसरत भएको थियो। यो घोषणा सार्वजनिक हुनुअघि पाँच राजनीतिक दलहरूमा अन्य दुई दलहरू- नेपाल मजदुर किसान पार्टी र संयुक्त वाममोर्चा थप भई सात दलको मोर्चाबन्दी हुन पुग्यो।

६-बुँदे घोषणाले दलहरूको लोकतान्त्रिक गन्तव्य पहिल्याउनुका साथै शान्तिपूर्ण लोकतान्त्रिक शक्ति समिकरणलाई निश्चित स्वरूप प्रदान गऱ्यो। यसले माघ १९ को राजाको कदमलाई अप्रजातान्त्रिक भन्दै आन्दोलनको बाटो तय गऱ्यो र आगामी आन्दोलनको कार्यसूचीसमेत अघि साऱ्यो। घोषणाले वर्तमान समस्या समाधान गर्न राज्यको पुनर्संरचना, समावेशी लोकतन्त्र र संविधानसभाको बाटो तय गरी राजाको शासनको अन्त्य र सशस्त्र द्वन्द्व समाधान गर्ने कार्यसूचीलाई प्रत्यक्ष प्राथमिकता दिएको छ। तर पनि निरंकुशताको अन्त्यका लागि ठोस कार्यक्रम निर्देश गर्न नसकेको, प्रजातान्त्रिक आन्दोलनका लागि स्पष्ट कार्यदिशा दिन नसकेको र पूर्ण प्रजातन्त्रको परिभाषामा अन्योल कायमै रहेकोजस्ता कमजोरी रहे। त्यसैगरी आन्दोलनलाई समयको सुविधाअनुसार संचालन गर्ने र कुनै पनि बेला कुनै पनि सम्झौतामा पुग्न सक्ने अवस्थालाई निराकरण गर्न नसकेको देखिन्छ। यसबाहेक आन्दोलनको स्वरूप, लक्ष्य र सीमाका सम्बन्धमा पनि यो घोषणा अस्पष्ट देखिन्छ।

राजनीतिक दलहरूले घोषणालाई मूर्तरूप दिन संयुक्त ढंगले अघि बढ्ने रणनीति अवलम्बन गरे। त्यसको एक महत्वपूर्ण मोर्चाका रूपमा शाही कदमविरुद्धको आन्दोलन अघि बढाउन केन्द्रीयस्तरमा सातदलहरूको "संयुक्त जनआन्दोलन केन्द्रीय संयोजन समिति" गठन गरियो। स्थानीयस्तरमा पनि यस्तै संयन्त्रहरू निर्माण गरिए। ०६१ माघ १९ देखि ०६२ साउनसम्म विरोधका विभिन्न कार्यक्रमहरू भए। त्यसपछि केही समय रोकिएको दलहरूको आन्दोलन असोज महिनामा केही बढेको थियो। ०६२ मंसिर ७ मा माओवादीसँगको समझदारीपश्चात् भने दलहरू आन्दोलन र जागरणका कार्यक्रमसहित गाउँस्तरसम्म पुगे। त्यसपछिको अवधिमा देशका प्रमुख शहरहरूमा राजनीतिक दलहरूले विशाल आमसभा तथा विरोध ऱ्यालीहरू सम्पन्न गरे। युद्धविरामको अवधिमा दलहरूको आन्दोलनले गति पाएको थियो।

९.१.२ नागरिक समाज र मानवअधिकार समुदाय

माघ १९ पछि सरकारको दोश्रो निशाना नागरिक समाज र मानवअधिकार समुदाय थियो, जसले निरन्तररूपमा प्रजातन्त्र र मानवअधिकारका कार्यसूचीहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रियरूपमा उठाएका थिए। सरकारका ज्यादतिहरूको अभिलेख राख्ने, त्यस्ता सूचनाहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रसार गर्ने र नागरिकहरूलाई जागरुक बनाउने कार्यमा नागरिक समाज र मानवअधिकार रक्षकहरूको भूमिका सरकारका लागि बढी चुनौतीपूर्ण बनेको थियो। तसर्थ, आफ्ना ज्यादतिहरू सार्वजनिक हुने, त्यसविरुद्ध आवाज उठ्ने, अन्तर्राष्ट्रियकरण हुने र बाह्य दवाव थप बढ्ने सम्भावनालाई रोक्न पनि नागरिक समाज र मानवअधिकार समुदायमाथिको दमन तीव्र पारिएको थियो।

०६१ माघ २१ मा १४ मानवअधिकार संस्थाहरूको बैठकपश्चात् संयुक्त प्रेस विज्ञप्ति जारी भयो, जुन माघ १९

पछि नागरिक समाजका तर्फबाट सार्वजनिक गरिएको पहिलो संगठित प्रतिक्रिया थियो, जसमा शाही घोषणामार्फत् मन्त्रिपरिषद् विघटन गरी कार्यकारी अधिकार आफ्नो हातमा लिने र आफ्नै अध्यक्षतामा सरकार गठन गर्ने कार्यले प्रजातन्त्रका आधारभूत मूल्य र मान्यताहरूमाथि ठाडो प्रहार भएको उल्लेख गर्दै राजाको उक्त कदमप्रति खेद व्यक्त गरिएको थियो। मानवअधिकार संस्थाहरू, पेशागत संस्थाहरू र नागरिक समाजका व्यक्तित्वहरूले राज्यद्वारा भएका ज्यादति विरुद्ध तथा प्रजातन्त्र र मानवअधिकारका लागि उठाएका आवाजहरू दबाउन उसले प्रयोग गरेका उपायहरू जस्तै: मानवअधिकार आयोग ऐनको संशोधन, सञ्चारसम्बन्धी ऐनहरूको संशोधन, गैरसरकारी संस्थाहरूविरुद्धका कदम, राजनीतिकर्मी, मानवअधिकार रक्षकहरू, पत्रकार तथा अन्य पेसाकर्मीहरूमाथि गरिएका ज्यादतिहरू आदिको विरोध गर्दै प्रेस वक्तव्य, अपिल, प्रतिवेदन आदि प्रकाशन गर्ने तथा मानवअधिकार हननका जघन्य घटनाहरूको स्थलगत अध्ययन गरी तथ्य सार्वजनिक गर्ने सवालमा नागरिक समाजको उल्लेख्य भूमिका रह्यो।

१९ माघयता नेपाल मानवअधिकारका हिसाबले अत्यन्त जोखिमपूर्ण देश बन्न पुग्यो। प्रजातन्त्रको पुनर्स्थापना, मानवअधिकारको बहाली, सशस्त्र द्वन्द्वको शान्तिपूर्ण समाधानका सवाललाई नागरिक समाजले आधारभूत कार्यसूचीका रूपमा अगाडि सारेका थिए। कानूनी शासनबिना नागरिक स्वतन्त्रताहरूको रक्षा हुन नसक्ने, कानूनी शासनका लागि प्रजातान्त्रिक शासन व्यवस्था अपरिहार्य हुने र प्रजातान्त्रिक व्यवस्था समावेशी र न्यायिक हुन मानवअधिकारका सिद्धान्त र मापदण्डहरूबाट निर्देशित हुनुपर्ने सवाललाई नागरिक समाज तथा मानवअधिकार समुदायले प्रमुखरूपमा उठाए।

प्रजातन्त्रका लागि नागरिक समाज सडक संघर्षमा उत्रन पुग्यो। अधिकारका लागि शान्तिपूर्ण आन्दोलनमा लागेका मानवअधिकार रक्षकहरूविरुद्ध सरकारद्वारा गिरफ्तारी, यातना, लाठीचार्ज, कुटपिट, धम्की, हिँडडुलमा प्रतिबन्ध जस्ता हथकण्डा अपनाइएको पाइयो। तर पनि यो समुदाय १९ माघपछि तुलनात्मकरूपमा एकताबद्ध भएको छ र मानवअधिकारको अनुगमन, राष्ट्रिय सवालहरूको अन्तर्राष्ट्रियकरण तथा वकालत, र उपयुक्त हस्तक्षेपकारी भूमिका निर्वाहमा सक्रिय छ। यस्ता कार्यहरूको प्रभावकारितामा अझ गुणात्मकता अपेक्षित छ।

९.२ अन्तर्राष्ट्रियस्तरमा

अन्तर्राष्ट्रिय समुदायले नेपालको प्रजातन्त्रका पक्षमा जाहेर गरेको मत र मानवअधिकारलाई पहिलो प्राथमिकतामा राखेर अगाडि सारेका तर्कहरू सकारात्मक छन्। केही अपवादलाई छाडेर अधिकांश सरोकारवाला राष्ट्रहरूले शाही कदमको विरोध गरेका छन्।

माघ १९ को शाही कदमलगत्तै सोही दिन संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानले संवैधानिक राजाद्वारा चालिएको यस्तो कदम नेपालका लागि गम्भीर धक्का भएको उल्लेख गर्दै यस्ता कदमले नेपालमा दिगो शान्ति र स्थिरता ल्याउने कुरामा आफूले विश्वास नगरेको बताउनु भएको थियो। तत्काल प्रजातान्त्रिक स्वतन्त्रताहरू र संस्थाहरू पुनर्स्थापित गरिनुपर्ने धारणा अन्नानले व्यक्त गर्नुभएको थियो।[४१] त्यसैगरी राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त लुइस आर्वरद्वारा जारी विज्ञप्तिमा नेपालमा उत्पन्न नयाँ परिस्थितिप्रति सरोकार राख्नुका साथै विभिन्न मानवअधिकार दस्तावेजहरूको पक्षराष्ट्र भएकाले त्यसप्रतिको दायित्व निर्वाह गर्नुपर्ने कुरामा जोड दिइएको थियो।[४२] संयुक्त राष्ट्रसंघले लगातारुपमा नेपालको अवस्थाप्रति चासो व्यक्त गर्दै आएको छ। यसक्रममा ०६१-०६२ मा सम्पन्न राष्ट्रसंघीय मानवअधिकार आयोगको ६१ औं बैठकमा नेपालको मानवअधिकार अवस्थाका विषयमा व्यापक चिन्ता र चासो व्यक्त गर्दै बिग्रँदो स्थितिमा सुधार ल्याउने उद्देश्यले ०६१ चैत २६ का दिन मानवअधिकार उच्चायुक्त र नेपाल सरकारबीच नेपालमा पनि मानवअधिकारसम्बन्धी राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय स्थापना गर्ने सम्बन्धमा सम्झौता सम्पन्न भयो। यसका अतिरिक्त ०६२ बैशाख ७ मा आयोगको विशेष प्रकृयाअन्तर्गत नेपालका सम्बन्धमा प्राविधिक सहयोग तथा सल्लाहकार सेवासम्बन्धी कार्यसूची प्रकार १९ को प्रस्ताव पारित भयो। *(हेर्नुहोस् : कार्यसूची प्रकार १९ को पूर्ण अंश)*

नेपालमा माघ १९ यता संयुक्त राष्ट्रसंघको ध्यान निकै आकर्षित भएको छ। जारी सशस्त्र द्वन्द्व र माघ १९ पछिको जटिलताका कारण गम्भीर मानवअधिकार तथा मानवीय संकट देखिएकाले यस्तो ध्यानाकर्षण भएको हो। ०६२ असार २६ देखि ३१ सम्म नेपालको भ्रमणपछि राष्ट्रसंघका महासचिव कोफी अन्नानका विशेष सल्लाहकार लख्दर ब्राहिमीले सबै राजनीतिक शक्तिहरूलाई संवैधानिक सुव्यवस्था कायमका निम्ति र बहुदलीय प्रजातन्त्र पुनर्स्थापित

---

४१. "सेक्रेटरी-जनरल कल्स फर ईमिडिएट रेस्टोरेसन अफ डेमोक्र्याटिक इन्स्टिच्युसन्स इन नेपाल, अफ्टर कन्स्टिच्युसनल मोनार्की डिजल्भ्स गभर्मेन्ट:" un.org/News/Press/docs/2005/sgsm9701.doc.htm मंसिर २५, ०६२ मा हेरिएको

४२. "हाइ कमिसनर फर ह्युमन राइट्स एक्स्प्रेसेज कन्सर्न ओभर डेभलप्मेन्ट्स इन नेपाल:" unhchr.ch/huricane/huricane.nsf/0/2E6A3150E3954005C1256F9B0058BE14?opendocument मंसिर २७, ०६२ मा हेरिएको

गर्नका लागि सहकार्य गर्न आग्रह गर्नुभएको थियो।[४३] जारी सशस्त्र द्वन्द्वका कारण बढ्दो आन्तरिक विस्थापन समस्यावारे अध्ययन गर्न ०६१ चैत ३१ देखि ०६२ वैशाख ९ सम्म आन्तरिक विस्थापितहरूको मानवअधिकारका सम्बन्धमा संयुक्त राष्ट्रसंघका महासचिव कोफी अन्नानका प्रतिनिधि वाल्टर कलिन नेपाल आउनुभएको थियो। यसका बाहेक संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको यातनासम्बन्धी विशेष समाधिक्षक म्यानफर्ड नवाक यातनासम्बन्धी अवस्था अध्ययन र जाँचबुझ गर्न ०६१ भदौ २५ देखि ०६२ असोज १ सम्म नेपाल आउनु भयो।

युरोपेली युनियनले ०६१ माघ २० मा शाही कदमप्रति प्रतिक्रिया दिँदै नेपालको बहुदलीय सरकारको विघटन गरी कार्यकारी अधिकार आफैं लिने राजाको निर्णयबारे युनियनमा गहिरो चासो पैदा भएको र राजाको कदमबाट बहुदलीय प्रजातन्त्रमा गम्भीर चोट पुगेको बताएको थियो। युरोपेली युनियनले नेपालको बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रको अविचल समर्थन गरिआएको उल्लेख गर्दै वैधतायुक्त प्रजातान्त्रिक शक्तिहरूलाई निर्णय प्रकृयाबाट पाखा लगाएर प्रजातन्त्रको रक्षा गर्न नसकिने कुरामा विशेष जोड दिएको थियो। साथै, नेपाली जनताका अभिलाषाहरू राम्ररी पूरा गर्नका निमित्त नेपालमा बहुदलीय प्रजातन्त्रको शीघ्र पुनःस्थापना गरियोस् भनी आग्रह गरिएको थियो।[४४] युरोपेली युनियनको ट्रोइकाले ०६२ असोज १८ देखि असोज २० मा नेपालको भ्रमण गरी शाही कदमले सशस्त्र द्वन्द्व र राजनीतिक संकट समाधानको सम्भावनालाई अन्धकारतर्फ धकेलेको निष्कर्ष निकाल्दै पूर्णरूपमा बहुदलीय प्रजातन्त्रमा फर्कन श्री ५ को सरकार राजनीतिक दलहरूसमक्ष पुग्नुपर्ने विश्वास व्यक्त गरेको थियो।[४५] युरोपेली युनियनले ०६२ असोज १५ मा नेपालका सम्बन्धमा एक कार्यसूची समेत पारित गरेको थियो, जसमा नागरिक स्वतन्त्रताहरू पुनर्स्थापित गर्न र राजनीतिक दलहरूलाई सत्ता हस्तान्तरण गर्न राजाको सरकारसँग आह्वान गरिएको थियो। यो प्रस्ताव, युनियनद्वारा ०६१ फागुन ३० मा पारित प्रस्तावका बारेमा राजालाई सम्झाउन र त्यसप्रति पुनः ध्यानाकर्षण गर्न पारित गरिएको थियो। तर, नेपालको शासनले यसप्रति सकारात्मक प्रतिक्रिया दिएन।

संयुक्त राज्य अमेरिकाले ०६१ माघ १९ मा जारी गरेको विज्ञप्तिमा नेपालमा विकसित नयाँ घटनाक्रमबाट आफूलाई गम्भीर आघात पुगेको र बहुदलीय सरकारको विघटन, संकटकालको घोषणा र मौलिक संवैधानिक अधिकारहरूको निलम्बन प्रजातन्त्रबाट पछाडि फर्कने कदम भएको उल्लेख गर्दै नेपालले संवैधानिक राजतन्त्रअन्तर्गत बहुदलीय प्रजातान्त्रिक संरचनाहरूको पुनर्स्थापनाका लागि तत्काल कदम अगाडि बढाउनुपर्ने धारणा सार्वजनिक गरेको थियो।[४६] त्यसैगरी बेलायतले पनि माघ १९ मै प्रतिक्रिया व्यक्त गर्दै राजाको कदमले प्रजातन्त्रका संरचनाहरू र संवैधानिक राजतन्त्रको अवमूल्यन गर्दै नेपालमा अस्थिरताको जोखिम बढाउने बताएको थियो।[४७] सोही दिन भारतले जारी गरेको विज्ञप्तिमा नेपालको पछिल्लो राजनीतिक विकासले प्रजातन्त्रलाई पछाडि धकेलेको र भारतको सरोकारको विषय बनेको उल्लेख गर्दै राजाद्वारा आफ्नो अध्यक्षतामा सरकार गठन गर्नुले नेपालको संविधानमा व्यवस्था भएबमोजिमको दुई आधार स्तम्भ र स्थायित्वको सिद्धान्त उल्लंघन भएको प्रतिक्रिया व्यक्त गरेको थियो।[४८] ०६१ माघ १९ मा जापानद्वारा जारी विज्ञप्तिमा नेपालमा प्रधानमन्त्री र मन्त्रिपरिषद् खारेजीसँगै उत्पन्न भयावह अवस्थालाई सतर्कतापूर्वक हेरिरहेको उल्लेख गर्दै यथाशिघ्र राजनीतिक संकट समाधान हुने आशा लिइएको थियो। साथै, नेपालले प्रजातन्त्र जनाउँदै संवैधानिक राजतन्त्रका आधारमा स्थिरता र शान्ति स्थापना गर्ने अपेक्षा गरिएको थियो।[४९]

---

४३. "सिनियर यूएन इन्भोय ब्राहिमी कल्स फर पीसफुल रिटर्न टु कन्स्टिच्युशनल अर्डर इन नेपाल;" un.org/apps/news/story.asp?NewsID=15057&Cr=nepal&Cr1 साउन ५, ०६२ मा हेरिएको

४४. "स्टेटमेन्ट बाइ दि लक्जेम्वर्ग प्रेसिडेन्सी अफ दि काउन्सिल अफ दि युरोपीयन युनियन २००५: डिक्लरेसन अफ दि युरोपीयन युनियन अन दि रोयल टेकओभर इन नेपाल;" eudelindia.org/en/pressandinfo/press_releases_2005/007.htm मंसिर २७, ०६२ मा हेरिएको

४५. ट्रोइका अफ ईयू रिजनल डाइरेक्टर्स; प्रेस स्टेटमेन्ट; काठमाडौं, ६ अक्टोबर २००५

४६. "डिस्मिसल अफ गभर्मेन्ट एण्ड स्टेट अफ इमर्जेन्सी इन नेपाल"; state.gov/r/pa/prs/ps/2005/41457.htm मंसिर २७, ०६२ मा हेरिएको

४७. "ब्रिटेन 'ग्रेभली कन्सर्न्ड' बाइ नेपलीज डेभलप्मेन्ट्स;" fco.gov.uk/servlet/Front?pagename=OpenMarket/Xcelerate/ShowPage&c=Page&cid=1007029391638&a=KArticle&aid=1106750990430 मंसिर २९, ०६२ मा हेरिएको

४८. "स्टेटमेन्ट अन डेभलप्मेन्ट्स इन नेपाल;" meaindia.nic.in/prhome.htm मंसिर २७, ०६२ मा हेरिएको

४९. "स्टेटमेन्ट बाइ दि प्रेस सेक्रेटरी डाइरेक्टर-जनरल फर प्रेस एण्ड पब्लिक रिलेशन्स, मिनिस्ट्री अफ अफेयर्स, अन दि डिस्मिसल अफ दि प्राईमिनिस्टर एण्ड दि डिजोलुशन अफ दि काउन्सिल अफ मिनिस्टर्स इन दि किङडम अफ नेपाल;" mofa.go.jp/announce/announce/2005/2/0202.html मंसिर २७, ०६२ मा हेरिएको

राजाको कदम बहुदलीय प्रजातन्त्रको सिद्धान्तविपरीत भएको प्रतिक्रिया व्यक्त गर्दै अष्ट्रेलियाले बहुदलीय प्रजातन्त्रको तत्काल पुनर्स्थापना र नागरिक स्वतन्त्रता तथा अभिव्यक्ति स्वतन्त्रताको सम्मानलाई समर्थन गर्ने बताएको थियो। ०६१ माघ २२ मा जारी विज्ञप्तिमा निर्वाचित नभएको मन्त्रिपरिषद्को मनोनयन आफ्नो सरोकारको विषय भएको अष्ट्रेलियाले उल्लेख गरेको थियो।[५०] क्यानाडाका विदेशमन्त्रीले ०६१ फागुन ३ मा विज्ञप्ति जारी गर्दै नेपालमा राजाद्वारा सरकारको बर्खास्तगी तथा कार्यकारी शक्ति आफ्नो हातमा लिइएका पछिल्ला घटनाक्रमप्रति गम्भीर सरोकार व्यक्त गरिएको थियो। नेपालमा मानवअधिकार तथा मानवीय अवस्था नाजुक बन्दै गएको र निःशस्त्र जनतामा परेको सशस्त्र द्वन्द्वको असरप्रति गहिरो दुःख प्रकट गरिएको थियो।[५१]

सामान्यतः नयाँ सरकार गठन भएपश्चात् समकक्षीहरूलाई विदेशी राष्ट्रहरूले बधाई तथा शुभकामना सन्देश पठाउने औपचारिक मर्यादा रहिआएको छ। तर, शाही कदमपछि बनेको सरकारलाई यस्तो बधाई तथा शुभकामना सन्देश दिनेहरूको संख्या उल्लेख्य मात्रामा घटेको पाइयो। चीन, पाकिस्तान र सिरियाका विदेशमन्त्रीहरू तथा क्याम्बोडिया, लाओस र कतारका उपप्रधानमन्त्री एवम् विदेशमन्त्रीहरूले परराष्ट्रमन्त्री रमेशनाथ पाण्डेलाई बधाई सन्देश पठाउदै आ-आफ्ना देश र नेपालको सम्बन्ध अझ सुदृढ भएर जाने विश्वास व्यक्त गरेका थिए। यस बाहेक रुस, उत्तर कोरिया र बंगलादेशले पनि राजदूतावासबाट आफ्ना सन्देश पठाएका थिए।

यस वर्षको अन्त्यसम्मका प्रतिक्रियाहरू हेर्दा, संयुक्त राष्ट्रसंघ, युरोपेली युनियन, भारत, अमेरिका, बेलायत, क्यानाडा, डेनमार्क, नर्वे, स्वीट्जरल्याण्डलगायत्को अन्तर्राष्ट्रिय समुदाय शाही कदमका विपक्षमा छ। यो समुदायले खासगरी माओवादी सशस्त्र द्वन्द्वलाई मध्यनजर गर्दै संवैधानिक शक्तिहरू- मूलप्रवाहका संसदवादी राजनीतिक दलहरू र राजाबीच सहकार्य हुनुपर्ने धारणा व्यक्त गर्दै आएको छ। अर्कोतर्फ, चीन, पाकिस्तानलगायत्का केही देशहरू भने "नेपालको आन्तरिक मामला" भन्दै शाही कदमको आलोचना गर्नबाट पन्छिएका छन्। भारत, अमेरिका र बेलायतजस्ता देशहरूले माघ १९ पछि सैन्य सहयोग स्थगन गरे भने चीनले हातहतियार, गोलीगठ्ठासमेतका सामग्रीहरू नेपाल पठायो।[५२]

अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूले नेपालको मानवअधिकार र प्रजातन्त्रको अवस्था अनुगमन गरेका छन्, र यी विषयसँग सम्बन्धित घटना तथा प्रवृत्तिहरूमाथि निरन्तर सरोकार व्यक्त गरेका छन्। यस्ता प्रयासहरूले नेपालको अवस्थालाई अन्तर्राष्ट्रियकरण गर्न र शाही शासनमाथि दवाव सृजना गर्न ठूलो मद्दत मिलेको छ। यसबाहेक, सञ्चारमाध्यम, शान्ति, प्रजातन्त्र, मानवअधिकार, यातना, विस्थापन, मानवअधिकार रक्षक आदि विभिन्न विषयगत क्षेत्रमा कार्यरत अन्तर्राष्ट्रिय संस्थाहरूले नेपालको शाही कदमपश्चात् गहिरिँदो राष्ट्रिय संकटप्रति गम्भीर चासो प्रकट गर्दै पटक-पटक स्थलगत भ्रमण समेत गरेका छन्। यसबाट प्रजातन्त्र र मानवअधिकारमाथि गरिएको प्रहार केवल राष्ट्रिय सीमाभित्र मात्र नभई संसारभरकै सरोकारको विषय बनेको देखिन्छ, जो देशभित्र सञ्चालित प्रजातान्त्रिक र मानवअधिकार आन्दोलनलाई नैतिक बल प्रदान गर्न महत्वपूर्ण छ।

तर, सरकार भने अन्तर्राष्ट्रिय आग्रहविरुद्ध आक्रामक ढंगले अगाडि आएको छ। प्रजातन्त्र, मानवअधिकार र शान्तिका लागि मित्र राष्ट्र र संयुक्त राष्ट्रसंघलगायत्का संगठनहरूद्वारा गरिएको आग्रहलाई बेवास्ता गरिएको छ। प्रजातन्त्रका विषयमा बोलेको आरोपमा विदेशी कूटनीतिक पदाधिकारीहरूसँग स्पष्टीकरण सोध्नेसम्मको कार्यले नेपालको अन्तर्राष्ट्रिय छवि झनै धूमिल हुन पुग्यो। माघ १९ यता बेलायती राजदूत केइथ जर्ज ब्लुमफिल्ड र भारतीय राजदूत शिवशंकर मुखर्जीलाई नेपालको "आन्तरिक मामिला" मा हस्तक्षेप पुग्ने गरी बोलेको भन्दै परराष्ट्र मन्त्रालयले स्पष्टीकरण सोधेको र सरकारका मन्त्रीहरू सार्वजनिकरूपमा जाइलागेका घटनालाई उदाहरण मान्न सकिन्छ। दलहरूको आन्दोलनमा समर्थन गरेकोमा "गम्भीर आपत्ति" जनाउदै अरुको आन्तरिक मामिलामा हस्तक्षेप नगर्न ०६२ जेठ ३ मा युरोपेली संघको अध्यक्षता गरिरहेका बेलायती राजदूत ब्लुमफिल्ड र भारतीय राजदूत मुखर्जीलाई परराष्ट्र मन्त्रालयले मन्त्रालयमा बोलाएर लिखित चेतावनी दिएको थियो। संघ र भारतले सात राजनीतिक दलको साझा कार्यक्रमको स्वागत गर्दै जेठ २ मा विज्ञप्ति जारी गरेका थिए। त्यसैगरी एक सार्वजनिक कार्यक्रममा संविधानमा व्यवस्था नभएको भ्रष्टाचार नियन्त्रण शाही आयोग गठनप्रति आश्चर्य

---

५०. "अष्ट्रेलिया सपोर्ट्स रिटर्न टु मल्टिपार्टी डेमोक्रेसी इन नेपाल:" foreignminister.gov.au/releases/2005/fa017_05.html मंसिर २७, ०६२ मा हेरिएको

५१. "मिनिस्टर पेट्टिग्रिउ एक्स्प्रेसेज कन्सर्न ओभर सिचुएशन इन नेपाल:" w01.international.gc.ca/minpub/Publication.asp?publication_id=382173&Mode=print मंसिर ३०, ०६२ हेरिएको

५२. "चीनबाट सैन्य सामग्री:" कान्तिपुर दैनिक: ०६२ मंसिर २

संकटकालीन अवस्था घोषणा

श्री ५ बाट नेपालको सार्वभौमसत्ता, अखण्डता एवम् सुरक्षामा गम्भीर संकट उत्पन्न हुन गएकाले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर तत्काल लागू हुनेगरी संकटकालीन अवस्थाको आदेश जारी गरिएको छ। उक्त उपधारामा नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा कुनै भागको सुरक्षामा युद्ध, बाह्य आक्रमण, सशस्त्र विद्रोह वा चरम आर्थिक विशृंखलताको कारणले गम्भीर संकट उत्पन्न भएमा श्री ५ बाट नेपाल अधिराज्यभर वा कुनै खास क्षेत्रमा लागू हुने गरी संकटकालीन अवस्थाको घोषणा गर्न वा आदेश जारी गर्न सकिबक्सनेछ भन्ने उल्लेख छ। सोही धाराको उपधारा (८) बमोजिम नेपाल अधिराज्यको संविधान २०४७ को धारा १२ को उपधारा (२) को खण्ड (क), (ख) र (घ), धारा १३ को उपधारा (१) र धारा १५, १६, १७, २२ र २३ (बन्दी प्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हकबाहेक) निलम्बन गरिबक्सेको श्री ५ महाराजाधिराजका संवाद सचिवालयद्वारा ०६१ माघ १९ गते जारी विज्ञप्तिमा जनाइएको छ।

निलम्बित धाराको व्यवस्था

धारा १२: स्वतन्त्रताको हक

उपधारा (२) को खण्ड (क) विचार र अभिव्यक्तिको स्वतन्ता (ख) विना हातहतियार शान्तिपूर्वक भेला हुने स्वतन्त्रता (घ) अधिराज्यभर आवतजावत र बसोबास गर्ने स्वतन्त्रता।

धारा १३: छापाखाना र पत्रपत्रिकासम्बन्धी हक

उपधारा (१) कुनै समाचार, लेख वा अन्य कुनै पाठ्यसामग्री प्रकाशित गर्न पूर्वप्रतिबन्ध लगाइनेछैन। तर, नेपाल अधिराज्यको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जात, जाति वा सम्प्रदायहरुका बीचको सुसम्बन्ध खलल पर्ने वा राजद्रोह, गाली बेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिब प्रतिबन्ध लगाउने गरी कानुन बनाउन रोक लगाएको मानिने छैन।

धारा १५: निवारक नजरबन्द विरुद्धको हक

उपधारा (१) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा सार्वजनिक शान्ति र व्यवस्थामा तत्काल खलल पर्ने पर्याप्त आधार नभई कसैलाई पनि निवारक नजरबन्दमा राखिनेछैन।

उपधारा (२) निवारक नजरबन्द राख्ने अधिकारीले कानुनविपरीत वा बदनियतपूर्वक कसैलाई नजरबन्द राखेमा नजरबन्द रहेको व्यक्तिले कानुनद्वारा तोकिएबमोजिम क्षतिपूर्ति पाउनेछ।

धारा १६: सूचनाको हक

प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर, यस धारामा लेखिएको कुनै पनि कुराले कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई कर लगाइएको मानिनेछैन।

धारा १७: सम्पत्तिको हक

उपधारा (१) सबै नागरिकलाई प्रचलित कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ।

उपधारा (२) सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्ने वा त्यस्तो सम्पत्तिउपर अरु कुनै प्रकारले कुनै अधिकारको सृजना गर्नेछैन।

उपधारा (३) सार्वजनिक हितका लागि राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण वा प्राप्त गर्दा वा त्यस्तो सम्पत्तिउपर कुनै अधिकारको सृजना गर्दा दिनुपर्ने क्षतिपूर्ति, त्यसको आधार र कार्यप्रणाली कानुनद्वारा निर्धारित गरिएबमोजिम हुनेछ।

धारा २२: गोपनियताको हक

कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, पत्राचार वा सूचनाको गोपनियता कानुनद्वारा तोकिएको अवस्थामा बाहेक अनतिक्रम्य हुनेछ।

धारा २३: संवैधानिक उपचारको हक (बन्दी प्रत्यक्षीकरणबाहेक)

यस भागद्वारा प्रदत्त हकको प्रचलनका लागि धारा ८८ मा लेखिएको तरिकाअनुसार कारवाही चलाउन पाउने हक सुरक्षित गरिएको छ।

(प्राची द्वैमासिक, पूर्णाङ्क ५४, फागुन ०६१)

व्यक्त गर्दै वाक्, प्रेस र हिँडडुल स्वतन्त्रता विनाको प्रजातन्त्र "देखावटी" हुने टिप्पणी गरेको आरोपमा बेलायती राजदूत ब्लुमफिल्डसँग मन्त्रालयले मौखिक स्पष्टीकरण लिँदै आन्तरिक मामिलामा नबोल्न र कूटनीतिक मर्यादामा रहन सचेत गराएको थियो।

सरकारका मन्त्रीहरूले राजनीतिक दलहरूलाई विदेशीको इशारामा आन्दोलन गरेको आरोप निरन्तरजसो लगाउँदै आएका छन्। त्यसबाहेक उनीहरू अन्तर्राष्ट्रिय समुदायका विरुद्ध कडारूपमा प्रस्तुत हुने गरेको पाइयो। ०६२ साउन २३ मा तत्कालीन सूचना तथा सञ्चारमन्त्री तथा श्री ५ को सरकारका प्रवक्ता टंक ढकालले बेलायती राजदूत ब्लुमफिल्ड, अमेरिकी सिनेटर प्याट्रिक लेही र पूर्व सिनेटर टमस ड्यासलले नेपालमा प्रजातन्त्र, कानुनको शासन र मानवअधिकारका सम्बन्धमा व्यक्त गरेका सार्वजनिक

अभिव्यक्तिहरूको कडा आलोचना गर्दै "गोगाहरूले मात्र सबै कुरा जान्छन् भन्ठान्नु गलत भएको" बताएका थिए। मन्त्रीहरूका यस्ता अभिव्यक्तिहरू खासगरी माघ १९ पछि नेपालमा प्रजातन्त्र र मानवअधिकारमाथिको आक्रमणका सवालमा अन्तर्राष्ट्रिय समुदायको सरोकार कम गर्ने उद्देश्यबाट निर्देशित देखिन्छन्।

१०. सम्भावना

माघ १९ यताको नेपाल प्रजातन्त्रविहीन र मानवअधिकारका हिसाबले निकै संकटग्रस्त मुलुक बन्न पुगेको छ। शाही घोषणा र सन्देशहरूले जतिसुकै मिठा शब्द संयोजन गरे पनि यथार्थ बेग्लै छ। राजाद्वारा आफ्नै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरिएपछि राजनीतिक तथा नागरिक स्वतन्त्रताहरूको व्यापक हनन, प्रजातान्त्रिक तथा मानवअधिकार संस्थाहरूविरुद्धको आक्रमण र न्यायपालिकाको अवहेलनामा थप वृद्धि भएको छ, र देशमा राजनीतिक तथा संवैधानिक संकट गहिरिएको छ। अर्कोतर्फ नागरिक समाज, राजनीतिक दलहरू र पेसागत संगठनहरू सडक संघर्षमा छन्। यस वर्षको अन्त्यसम्म एकतर्फी युद्धविरामको अवस्था रहे पनि नेकपा (माओवादी) को सशस्त्र द्वन्द्व जारी नै छ। राजनीतिक दल र माओवादीहरूबीचको ध्रुवीकरण बढ्दो छ। यी शक्तिहरू अब संविधानसभाको निर्वाचनका माध्यमबाट नयाँ संविधान निर्माणतर्फ अगाडि बढ्नुपर्ने र देशमा "पूर्ण प्रजातन्त्र" स्थापनाको कार्यसूचीमा समझदारीमा आएका छन्। राजनीतिक दलहरू माओवादीलाई शान्तिपूर्ण राजनीतिको मूलधारमा ल्याउने दिशातर्फ सफलता प्राप्त भइरहेको बताउँदै छन्। माओवादीहरू पनि विगतका तुलनामा शान्तिपूर्ण राजनीतितर्फ लचकता प्रदर्शन गरिरहेका छन्।

निरंकुशता जति लम्बिँदै जान्छ, त्यत्तिकैरूपमा सातदल-माओवादीबीच साझा कार्यसूचीहरू तय हुँदै जाने देखिन्छ।

अधिनायकवादी सत्ताले सापेक्षरूपमा कमजोर कानुनी पद्धति र न्यायिक स्वायत्तताको अभावलाई पनि जनाउँछ, जसले "कानुनको शासन"को सट्टा बढीजसो "शासनको कानुन" निम्त्याउँछ।[५३] हाम्रो परिप्रेक्ष्यमा १९ माघपछि निरंकुश राजतन्त्रको अधिनायकत्वले यस्तै स्थिति देखाएको छ। यस्तो परिप्रेक्ष्यमा राजाको शासन अझ बढी निरंकुश हुने सम्भावनालाई नकार्न सकिँदैन, जो आफूअनुकूलको स्थानीय एवम् प्रतिनिधिसभा निर्वाचनको कार्यसूचीका आधारमा अगाडि बढेको छ।

वर्ष २००५ को अन्त्यसम्म नेपालको राजनीतिक द्वन्द्वको समाधानका निम्ति सात राजनीतिक दलले माओवादीलाई समेत तानेर सानार्थ राजतन्त्रको सवालमा सहमत हुन सक्ने अवस्थामा ल्याएको देखियो। अब समस्याको शान्तिपूर्ण समाधानका निम्ति राजाको अग्रसरता अपेक्षित रहेको छ। सानार्थ राजतन्त्रसम्बन्धी पहिलो सर्त राजाबाट पूरा हुन नसकेको अवस्थामा लोकतान्त्रिक गणतन्त्र को नारा निरन्तर अघि बढ्ने भविष्यवाणी पनि संसदीय दलहरूले गरेका छन्। राजनीतिक दलहरू र माओवादीबीच संसदको पुनर्स्थापना र संविधानसभाको निर्वाचनसम्बन्धी कार्यसूचीमा समझदारी भइसकेको छ। संसद पुनर्स्थापनाका माध्यमबाट सर्वदलीय सरकार र संविधानसभाको निर्वाचन या अन्तरिम सरकार हुँदै संविधानसभाको निर्वाचनका आधारमा लोकतान्त्रिक गणतन्त्रका विकल्पसमेत अगाडि सारिएका छन्। दुवै विकल्पले आन्दोलनलाई नै लक्ष्यप्राप्तिको माध्यम बनाउने घोषणा गरेका छन्।

अन्तर्राष्ट्रिय समुदायले राजा र राजनीतिक दलहरूलाई संवैधानिक कित्तामा राख्दै यिनीहरूलाई नजिक्याउने र माओवादी सशस्त्र द्वन्द्वको समाधानतर्फ अगाडि बढाउने धारणा अगाडि सारेको छ। राजनीतिक दलहरूका लागि सडक संघर्ष वा राजासँग पुनः सम्झौता दुई विकल्पका रूपमा देखिएका छन्। त्यसैगरी, नागरिक स्वतन्त्रता, कानुनको शासन र मानवअधिकारका सिद्धान्तमा आधारित समावेशी लोकतन्त्रका कार्यसूचीहरूमा नागरिक जनमत बढ्दो छ, जसले चेतनायुक्त अभियानमा सहजकरणको भूमिका निर्वाहको स्थान बनाएको छ।

---

५३. अज्जम, फतेह; "रिफ्लेक्सन्स अन ह्युमन राइट्स एप्रोचेज टु इम्प्लिमेन्टिङ दि मिलेनियम डेभलपमेन्ट गोल्स;" एसयुआर - इन्टरनेसनल जर्नल अन ह्युमन राइट्स; इयर २, नम्बर २, २००५; ब्राजिल: एसयुआर - ह्युमन राइट्स युनिभर्सिटी नेटवर्क; पृ. २५

परिच्छेद ३

राज्य र मानवअधिकार

३.१ न्यायपालिका

१. पृष्ठभूमि

व्यवस्थापिका नरहेको र असंवैधानिक सरकारको हातमा कार्यकारी अधिकार रहेको अवस्था भएकाले सन् २००५ मा जनताले प्रथमतः न्यायपालिकालाई नै आशाको दीपस्तम्भ ठान्नु स्वाभाविकै थियो। माघ १९ गते (तदनुसार फेब्रुअरी १ तारिख) को शाही कदमसँगै देशमा देखा परेको अभूतपूर्व संवैधानिक संकटको निराकरणका लागि वैधानिक भूमिका निर्वाह गर्ने अधिकार र कर्तव्य न्यायपालिकाकै भएकाले पनि यसप्रतिको अपेक्षामा वृद्धि भएको थियो। वास्तवमा यो समय नेपाल अधिराज्यको संविधान २०४७ ले कानुनको शासनको अवधारणालाई आत्मसात् गरेअनुरूप न्यायपालिका स्वतन्त्र र सक्षम रूपमा जिम्मेवारी पूरा गर्न सक्ला वा नसक्ला भन्ने परीक्षाको घडी थियो।

राज्य सञ्चालनका नियमहरूको निर्धारण, सरकारको प्रारूप तथा नागरिकहरूको हक र दायित्वको व्यवस्था गरिएको मुलुकको सर्वोच्च अभिलेखका रूपमा संविधान रहेको हुन्छ। नेपाल अधिराज्यको संविधान २०४७ ले आधुनिक संविधानवादको अवधारणा अनुरूप न्याय, स्वतन्त्रता र समानता यी तीन सिद्धान्तलाई प्रत्याभूत गरेको छ।[१] नेपाल अधिराज्यको न्यायसम्बन्धी अधिकार संविधान र अन्य कानुन तथा न्यायका मान्य सिद्धान्तअनुसार अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ[२] भन्ने संवैधानिक प्रावधान रहेको छ। "संविधानले मौलिक हक लागू गराउन र राज्यका निर्देशक सिद्धान्त र नीतिहरूलाई सम्बोधन गर्न सर्वोच्च अदालतलाई असाधारण क्षेत्राधिकार प्रदान गरेको छ। संविधानको धारा ८८ मा प्रदान गरिएको यस्तो अधिकारले सर्वोच्च अदालतलाई संविधानको अभिभावक र निर्णायकको भूमिकामा राखेको देखिन्छ।"[३] संविधान-निर्माता एवं पूर्वप्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको मतमा सर्वोच्च अदालतलाई संविधानले दिएको यो असाधारण अधिकार संकटकालजस्तै असहज परिस्थितिका लागि समेत हो।[४] अर्थात्, संविधानप्रदत्त संरक्षकको भूमिका न्यायपालिकाले जस्तो सुकै परिस्थितिमा पनि पालना गर्ने विश्वास गरिन्छ। सर्वोच्च अदालतले उक्त भूमिकाप्रति न्याय गर्न सकेको वा नसकेको समीक्षा गर्न शाही कदमपछिको असहज परिस्थितिमा यसको क्रियाकलापको विश्लेषण हुनु आवश्यक देखिन्छ।

२. माघ १९ लगत्तैको सर्वोच्च अदालत

राजनीतिक सहमतिका आधारमा बनेको र नेपाली कांग्रेस (प्रजातान्त्रिक) र नेकपा (एमाले) समेत सम्मिलित गरिएको देउवा सरकारलाई २०६१ माघ १९ गते अपदस्थ गरी राजाले सम्पूर्ण राजकीय अधिकार आफ्नो हातमा लिएपछि उक्त अधिनायकवादी दुस्साहसको विरुद्धमा तत्काल आवाजहरू उठे। नेपाल बार एसोसिएसनले "शाही घोषणाले २०४६ सालको जनआन्दोलनबाट प्राप्त प्रजातान्त्रिक अधिकार एवं नेपाल अधिराज्यको संविधान २०४७ को प्रावधान, मर्म र भावनामाथि कुठाराघात भएको" ठहर गर्‍यो।[५]

मुलुकमा संकटकालीन अवस्थाको घोषणा गरी संविधानका केही धारा निलम्बनसमेत गरिएको असहज परिस्थितिमा झन् सशक्त र सक्रिय हुनु पर्ने सर्वोच्च अदालत माघ १९ पछि किंकर्तव्यविमूढ भई अकर्मण्यताको अवस्थामा पुग्यो। संकटकाल र संविधानका केही धारा निलम्बनको जानकारी औपचारिक रूपमा नपाएको भन्ने नितान्त प्राविधिक विषयलाई आधार बनाइएपछि एक हप्तासम्म त सर्वोच्च अदालत रिट दायर गर्ने प्रक्रिया बारे नै अन्योलमा रह्यो।[६] एक हप्ताअघि जारी भएको शाही घोषणा नेपाल राजपत्रमा प्रकाशित भए/नभएको जानकारी लिन सर्वोच्च अदालतबाट दिनको एक पटक मुद्रण विभागमा कर्मचारी खटाइने गरिएको भए तापनि नपाएकाले केही गर्न नसकेको लाचारीपन देखियो।[७]

अन्योल कति हदसम्म रह्यो भने शाही घोषणामा बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक निलम्बन नगरिएको जनाइएको एवं संविधानको धारा ११५ को उपधारा ८ ले नागरिकका अन्य अधिकार निलम्बन भए पनि बन्दीप्रत्यक्षीकरणको हकलाई निलम्बन गरिने छैन भन्ने प्रावधान गरेको अवस्थामा समेत संकटकाल घोषणाको एक सातासम्म सर्वोच्चमा बन्दीप्रत्यक्षीकरणसम्बन्धी रिट पनि दर्ता हुन सकेन।[८]

सर्वोच्चको सो कदम अनपेक्षित थियो। किनभने

---

१. ढुङ्गेल, सूर्य पीएस र अन्य, **कमेन्ट्री अन द नेपालीज् कन्स्टिट्युसन**, काठमाडौं, डेल्फ, सन् १९९८, पृ. ४४८
२. नेपाल अधिराज्यको संविधान २०४७, धारा ८४
३. ढुङ्गेल, सूर्य पीएस र अन्य, पूर्ववत्, पृ. ४७७
४. "सर्वोच्च जान पाउनु पर्छ", कान्तिपुर, ०६१ फागुन २० गते
५. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, **संकटकाल र मानवअधिकार : सिद्धान्त र व्यवहार**, काठमाडौं, ०६२ पृ. २३० मा जस्ताको तस्तै सम्मिलित नेपाल बार एसोसिएसनको २०६१ माघ १९ गतेको प्रेसविज्ञप्ति
६. "संकटकालको जानकारी नपाउँदा अदालत अन्योलमा" नेपाल समाचारपत्र, ०६१ माघ २६ गते
७. पूर्ववत्
८. "साताभर बन्दी मुद्दा परेनन्", कान्तिपुर, ०६१ माघ २६ गते

२०५८ सालमा मुलुकभर संकटकालीन अवस्थाको घोषणा हुँदा सर्वोच्च अदालतका पाँचजना न्यायाधीशको विशेष इजलासले निलम्बन नभएका धाराहरूका मौलिक हक प्रचलनका लागि रिट दायर हुन सक्ने ठहर गरिसकेको थियो।[९] यस पल्ट पनि सोही नजीरबमोजिम हुनु पर्ने माग नेपाल बार एसोसिएसनको रहेको थियो। तर सर्वोच्च अदालतको प्रशासनले रिटलाई लगातार दरपीठ गर्न थालेपछि सर्वोच्च अदालतमाथि औंला ठडिनु अस्वाभाविक थिएन। नेपाल बार एसोसिएसनको कार्यकक्षमा २०६१ फागुन ४ गते बसेको कानुनविद्‌हरूको बृहत् बैठकले "निलम्बित नभएका मौलिक हकसँग सम्बन्धित रिट निवेदनहरूमासमेत सर्वोच्च अदालत अनुदार भएको" टिप्पणी गरेको थियो।[१०]

यसबीचमा तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद शर्माका कम्तीमा पनि दुईओटा अभिव्यक्तिले अनिलम्बित मौलिक हकसँग सम्बन्धित रिट समेत दर्ता नगर्ने कार्य अन्योलकै कारणले मात्र हो भन्ठान्न नसकिने अवस्था आयो। एक त, शर्माले संकटकालीन अवस्थामा निलम्बन नभएका धारामा रहेका मौलिक हक प्रचलनका लागि रिट दायर गर्ने विषय राजनीतिक भएको टिप्पणी गर्नु भयो।[११] अर्को, अस्ट्रेलियाको गोल्डक्वेस्टमा आयोजित एसिया तथा प्रशान्त क्षेत्रका प्रधानन्यायाधीशरूको सम्मेलनमा बोल्दै शर्माले "राजनीतिक दलका सरकारहरूले आतंकवादको समस्या सामना गर्न नसकेपछि राजाबाट माघ १९ गते शाही घोषणा आएको" राजनीतिक भाषण गर्नु भयो। (हेर्नुहोस्- स्ट्रेलियाको गोलकोस्टमा आयोजित एसिया-प्यासिफिकका प्रधानन्यायाधीशहरूको ११ औं सम्मेलनमा ०६१ चैत ७ गते प्रधानन्यायाधीश शर्माद्वारा गरिएको सम्बोधनको पूर्ण पाठ।) यद्यपि, प्रधानन्यायाधीश शर्माले नेपाल बार एसोसिएसनसँग भने उक्त विषयमा जटिल संवैधानिक प्रश्न उठेको भन्दै त्यसबारे बृहत् इजलासमा सुनुवाइ गर्न सहमति जनाउनु भयो। प्रधानन्यायाधीशको यस्तो अभिव्यक्तिको आलोचना हुनु स्वाभाविकै थियो। त्यस्तै, शाही आयोगले न्यायाधीशमाथि गरेको छानबिनलाई प्रधानन्यायाधीश शर्माले समर्थन गरेपछि उहाँ माघ १९ को शाही कदमप्रति व्यक्तिगत रूपमा समर्थनमा उत्रनु भएको देखियो।

जटिल संवैधानिक प्रश्नको निरूपणका लागि तदारुकता नदेखाउनु तत्कालीन प्रधानन्यायाधीशको अर्को उदेकलाग्दो कार्य रह्यो। सर्वोच्च अदालतको प्रशासनले गरेका दरपीठहरूको विरुद्धमा परेको निवेदनमाथि सुनुवाइ गर्दै न्यायाधीश रामनगिना सिंहको एकल इजलासले २०६१ फागुन १९ गते गरेको सिफारिसपछि मात्र बृहत् इजलासको प्रक्रिया अघि बढ्यो। न्यायाधीश सिंहले निलम्बन नभएका मौलिक हक प्रचलनका लागि रिट दायर गर्ने विषयमा गम्भीर संवैधानिक संकट देखा परेको ठहर गर्दै बृहत् इजलासमा छलफल गराउन सिफारिस गर्नु भएको थियो।[१२] यसअनुरूप फागुन २४ गते प्रधानन्यायाधीश शर्मा र न्यायाधिशहरू भैरवप्रसाद लम्साल, मीनबहादुर रायमाझी, अनुपराज शर्मा र बलराम केसीको विशेष इजलासमा सुनुवाइ त भयो तर निर्णय भने चैत १८ गते मात्र सुनाउने गरी त्यस्तो गम्भीर सवाललाई लामो समयसम्म अनिर्णयको अवस्थामा थाती राख्ने काम गरियो।

यस्तो अनिर्णयको अवस्था अन्योलका कारण मात्र उत्पन्न भएको नभई तत्कालीन न्यायिक नेतृत्वले चाहेर नै भएको आशंका गरिएको प्रसंग यहाँनेर उल्लेख्य छ। पूर्वन्यायाधीश लक्ष्मणप्रसाद अर्यालले सर्वोच्च र यस्तै स्वतन्त्र संवैधानिक अङ्गहरूलाई संकटकाल नलाग्ने दाबी गर्दै सर्वोच्च आफैले संकटकाल महसुस गरेको र रिटबारेको अन्योल सर्वोच्च आफैले खडा गरेको सीमांकन भएको बताउनु भएको थियो।[१३] त्यस्तै, सर्वोच्च अदालतले संकटकालमा निलम्बन नभएका मौलिक हकको प्रचलन गराउन सकिने/नसकिने भन्ने विवादमा निर्णयका लागि एक महिनापछिको मिति तोकेको त्यो बीचको समयमा सरकारले संकटकाल हटायो भने निर्णय दिन नपर्ने अवस्था सृजना गर्न हो भन्ने मत पनि अर्यालको थियो।[१४]

सर्वोच्चलाई अनिर्णयको अवस्थाबाट बाहिर ल्याउन नेपाल बार एसोसिएसनले त झक्झक्याइरहेकै थियो। संविधानविद्‌हरूले यस विषयमा आफ्नो रायमार्फत् दिग्दर्शन गराइरहेका थिए। संविधान-निर्माता एवं पूर्वप्रधानन्यायाधीश विश्वनाथ उपाध्यायले अनिलम्बित अधिकार उपभोग जस्तोसुकै असहज परिस्थितिमा पनि पूर्ण रूपमा गर्न पाइने तथा त्यस्ता सबै संवैधानिक तथा कानुनी हकहरू निर्बाध प्रचलन गर्न संविधानले नरोकेको प्रष्ट्याउनु भएको थियो।

---

९. मदन केसी विरुद्ध भूमिसुधार कार्यालय काठमाण्डौ ०५८ सालको रिट नं. ३१७० निर्णय मिति २०५८ मंसिर १४ गते

१०. "सर्वोच्च अदालत अनुदार भएको दावी", राजधानी, ०६१ फागुन ५ गते

११. "मौलिक हकको रिट दायर गर्ने विषय राजनीतिक", नेपाल समाचारपत्र, ०६१ फागुन १० गते

१२. डम्बरसिं गदाल विरुद्ध इलाम नगरपालिकासमेत ०६१ सालको रिट नं. १७९

१३. "सर्वोच्च जान पाउनु पर्छ", कान्तिपुर, ०६१ फागुन २० गते

१४. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, पूर्ववत्, पृ. ३२

उपाध्यायले त अझ अगाडि बढेर निलम्बनमा परेका हककोसमेत वैधानिकता जाँच्ने अधिकार सर्वोच्चलाई भएको बताउनु भएको थियो।[१५] सर्वोच्च अदालतको न्यायिक नेतृत्व भने अपेक्षाअनुरूप सक्रिय (प्रोएक्टिभ) हुनु त कहाँ हो कहाँ, आफ्नै नजीरको पालनामा गर्न समेत अनिच्छुक रह्यो।

पूर्वनिर्धारित मितिमा (०६१ चैत १८ गते) गरिएको फैसलामा अन्ततोगत्वा सर्वोच्च अदालतले संकटकालमा निलम्वनमा नपरेका मौलिक हकको प्रचलनका लागि रिट दर्ता गर्न मिल्ने फैसला गऱ्यो। उक्त फैसलाले माघ १९ देखि अवरुद्ध प्रक्रियालाई सुचारु गराएको भए तापनि त्यस्तो संवेदनशील सवालमा करिव दुई महिनासम्म सर्वोच्च अदालतको निस्क्रियताको रहस्य भने प्रष्टिएन। यसबाट त्यसअवधिमा देशमा कानुनको सर्वोच्चता र न्यायपालिकाको निष्पक्षतामाथि खडा भएको सवाल पनि अनुत्तरित नै रह्यो।

३. न्यायपालिकाको स्वतन्त्रतामा आघात

नेपाल अधिराज्यको संविधान २०४७ ले स्वतन्त्र एवं सक्षम न्याय प्रणालीको व्यवस्था गरी कानुनी राज्यको अवधारणा साकार पार्ने अभीष्ट प्रस्तावनामै व्यक्त गरेको छ। धारा ११६ बमोजिम संविधान संशोधन गर्दा समेत स्वतन्त्र न्यायपालिकाको अधिकार क्षेत्र कटौती गर्न वा कार्यकारिणीले यसमा हस्तक्षेप गर्न नपाउने देखिन्छ। संविधान बहाल रहेसम्म स्वतन्त्र न्यायपालिकाको अधिकार क्षेत्रमा अतिक्रमण गर्ने अधिकार सार्वभौमसत्ताको अधिकार प्रयोग गर्ने जनप्रतिनिधि अर्थात् प्रतिनिधिसभालाई समेत हुँदैन भने अरुलाई हुने प्रश्नै उठ्दैन।

न्यायपालिकाको स्वतन्त्र अधिकारक्षेत्रमाथि अतिक्रमण गर्ने अनेक कार्यहरू सन् २००५ मा भए। माघ १९ को शाही कदमपछि शाही आयोगको गठन हुनु नै न्यायपालिकाको अधिकारक्षेत्रमाथि हस्तक्षेपको ज्वलन्त उदाहरण हो। न्यायपालिकाको स्वतन्त्रताको आधारभूत अवधारणामा के स्वीकार गरिएको पाइन्छ भने न्यायपालिकालाई सबै प्रकारका न्यायिक विवाद हेर्ने अधिकारक्षेत्र हुनु पर्छ, साथै न्यायपालिकाका समक्ष प्रस्तुत कुनै विवाद कानुनबमोजिम उसको अधिकारक्षेत्रभित्र पर्छ कि पर्दैन भन्ने कुराको निर्णय गर्ने अख्तियार पनि न्यायपालिकालाई हुनुपर्छ।[१६] यसमा निहीत दुवै मान्यता शाही आयोगको गठनबाट लत्तिएको छ। (शाही आयोग गठन आदेशको पूर्ण पाठ।)

न्यायिक विवादलाई न्यायालय भन्दा बाहिरबाट हेर्ने उद्देश्यले राजाद्वारा शाही आयोगको गठन भएको देखिन्छ। संसारमै कतै नभएको त्यस्तो निकायलाई अनुसन्धान गर्ने, मुद्दा चलाउने र फैसला गर्नेसमेत सबै अधिकार दिइएको थियो। जस्तोसुकै निकाय वा व्यक्तिहरूको समूहलाई अदालती अधिकार दिने हो भने वास्तविक अदालतको उपहास मात्र हुँदैन, जनतालाई वास्तविक अदालत छुट्याउन गाह्रो हुन्छ। यस सन्दर्भमा नेपाली कानुनविद्हरूद्वारा न्यायिक विवादलाई हेर्नका लागि संविधानले नै तोकेको संरचना भन्दा बाहिरको संरचना खोज्दै जाँदा स्वेच्छाचारी राजाद्वारा सर्वोच्च अदालतको विकल्पसमेत नखोजिएला भन्ने आशंका गर्ने आधार समेत देखिएको धारणा सार्वजनिक भए- "संकटकाल संविधानको संयन्त्र अर्को संयन्त्रको व्यवस्था हुन सक्छ कि सक्दैन भन्ने कुरा अहिले नेपालको सन्दर्भमा मुख्य कुरा हो। सर्वोच्च अदालत जस्तो शाही आयोग आयो। संविधानत: धारा ११(५) (७) बमोजिम अर्को सर्वोच्च अदालत हुन सक्छ कि सक्दैन ? शाही आयोग हुन सक्छ भने अर्को सर्वोच्च अदालत पनि हुन सक्छ। आगामी दिनमा मौलिक हक नियन्त्रित हुन सक्छन्। संवैधानिक प्रावधानहरू नियन्त्रित हुन सक्छन्।"[१७] शाही आयोगको गठनले वास्तविक न्याय र न्यायालयको उपहास हुनुका साथै न्यायपालिकाको स्वतन्त्रताको अवधारणामाथि कुठाराघातसमेत गरेकोले सर्वत्र विरोध गरियो।

अर्कोतिर, शाही आयोगको संवैधानिकताबारे सर्वोच्च अदालतमा मुद्दा परेपछि उक्त आयोगबाट दिइएको धम्की मिश्रित जवाफलाई हेर्ने हो भने पनि आयोग गठनपछाडिको आशय सर्वोच्च अदालतको सर्वोच्चतालाई क्षतिग्रस्त पार्ने नै रहेको छर्लङ्ग हुन्छ। सर्वोच्चमा शाहीआयोगविरुद्ध ०६२ साउन २६ गते दर्ता भएको रिटउपर कारण देखाऊ आदेश जारी हुँदा आयोगले पठाएको लिखित जवाफमा "संविधानको धारा १२७ बमोजिम श्री ५ बाट जारी हुने आदेश संविधानकै अभिन्न अङ्ग हुने भएकाले त्यस्तो आदेश न्यायिक परीक्षणको विषय हुन नसक्ने"[१८] जिकीर गरिएको थियो। न्यायपालिकाका समक्ष प्रस्तुत कुनै विवाद कानुनबमोजिम उसको अधिकारक्षेत्रभित्र पर्छ कि पर्दैन भन्ने कुराको निर्णय गर्ने अख्तियार पनि न्यायपालिकालाई हुनुपर्ने मान्यताको प्रतिकूल उक्त जवाफ दिनुमा आफ्नो प्रतिरक्षा गर्ने मात्र नभई राजेच्छालाई ढाल बनाएर दम्भसमेत देखाउने उद्देश्य देखिन्छ।

---

१५. कान्तिपुर "सर्वोच्च जान पाउनु पर्छ" २०६१ फागुन २० गते

१६. उप्रेती, भरतराज र कनकविक्रम थापा, **नेपालको संवैधानिक कानुन**, काठमाडौं : कानुन अनुसन्धान तथा विकास फोरम (फ्रिडिल), काठमाडौं २०४९ पृ. २८७

१७. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति, पूर्ववत्, पृष्ठ १७ मा समेटिएको नेपाल वार एशोसिएनका अध्यक्ष शम्भु थापाको अभिव्यक्ति

१८. अधिवक्ता सन्तोषकुमार महतो विरुद्ध भ्रष्टाचार नियन्त्रण शाही आयोग २०६२ सालको रिट नं. ५७

तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद शर्माद्वारा अष्ट्रेलियामा अभिव्यक्त विचार

यस सम्मेलनमा निम्त्याएकामा अस्ट्रेलियाका प्रधान न्यायाधीश ग्लिसन एसीलाई सबैभन्दा पहिले धन्यवाद दिन चाहन्छु। मैले तपाईंहरूका निम्ति नेपाली जनता र न्यायपालिकाका सहकर्मीहरूको शुभकामना ल्याएको छु।

माओवादी भनिने उग्र वामपन्थी समूहका गतिविधिका कारण नेपाली न्यायपालिकाले अहिले भोगिरहेका चुनौती र कानुनको शासन तथा न्याय निरूपणका तीव्र गतिमा भइरहेको घटनाक्रमले पारेको असरबारे विचार व्यक्त गर्न दिनुभएकोमा म कृतज्ञ छु। मेरो उद्देश्य तपाईंहरूलाई नेपालकाबारेमा बताइएको भन्दा भिन्न एउटा अन्तरङ्ग जानकार व्यक्तिका रूपमा स्थितिकाबारेमा बताउनु र यसकाबारेमा तपाईंहरू आफैंलाई मूल्यांकन र विश्लेषण गर्ने मौका दिनु हो। म मेरा विचार न्यायपालिकाले भोगेको असाधारण परिस्थितिको सामना गर्ने र कानूनको शासन खस्किनबाट रोक्ने उपायका रूपमा समेत व्यक्त गर्नेछु, जुन मैले गर्दै आएको छु। मेरो विचारमा नेपालले अहिले आतंकवाद, कानुनको शासन र सुशासनमा यसको असर र अरु यस्तै विषयहरूको अध्ययनका लागि रुचिपूर्ण विषय प्रस्तुत गर्छ।

अहिले नेपालमा देखिएका घटनाहरू वर्षौंदेखिका घटनाक्रमको परिणाम भएकाले म तथाकथित माओवादी गतिविधि बढ्नु पछाडिका राजनीतिक सन्दर्भहरू प्रस्तुत गर्नेछु। समस्याको विस्तार र गहिराइबारे बताएपछि श्री ५ बाट हालै भएको शाही घोषणाका सम्बन्धमा जानकारी गराउनेछु। यी घटनाक्रमहरूले कानुनको शासनमा कसरी एकपछि अर्को असर पर्दै गएको छ भन्ने पनि मेरो प्रस्तुतिको पक्ष रहेको छ।

हिमालयको काखमा रहेको, चीन र भारतसंग सीमा जोडिएको नेपाल २ करोड ३० लाख जनताको घर हो। यसले सन् १९९० मा संवैधानिक राजतन्त्र र संसदीय ढाँचाको सरकारसहितको बहुदलीय प्रजातन्त्रलाई अंगीकार गरेको छ। त्यस वर्ष घोषणा भएको संविधानमा मानवअधिकार कानुनको शासन र स्वतन्त्र तथा सक्षम न्याय प्रणाली अपरिवर्तनीय मान्यताहरू रहेका छन्। यसले राष्ट्रिय जीवनका सबै पक्षका जनतालाई आर्थिक, सामाजिक र राजनीतिक न्याय दिने सशक्त लक्ष्यसमेत राखेको छ।

संविधानको घोषणा र आम निर्वाचनपछि सन् १९९१ मा प्रतिनिधिमूलक सरकारको गठन भयो। तर पछिल्ला वर्षहरू राजनीतिक स्थिरता, पारदर्शिता, सुशासनका निम्ति उपलब्धिपूर्ण हुन सकेनन्। भिन्ना राजनीतिक तथा पार्टीगत कारणले एकपछि अर्को सरकार ढाल्ने कामको परिणामस्वरूप प्रत्येक वर्ष सरदर एउटा सरकारका दरले १४ वर्षमा त्यति नै सरकार हेर्न नेपाल बाध्य भयो। यी सबै कारणले पनि यो स्वागतयोग्य पद्धति बन्न सकेन। यही अस्थिर राजनीतिक चरणमा देशमा माओवादी गतिविधि बढ्यो।

सानो उग्र वामपन्थी समूह, नेकपा (माओवादी) ले नेपालमा कम्युनिष्ट शासन स्थापना गर्ने उद्देश्यले सन् १९९६ देखि हिंसात्मक मार्ग अवलम्बन गऱ्यो। त्यसयता यसले सरकारविरुद्ध बल प्रयोग गर्ने उद्देश्यले व्यक्ति र सम्पत्तिमाथि आतंक फैलाउन बाँकी राखेको छैन। बालबालिका, स्वास्थ्य कार्यकर्ता, राजनीतिक विपक्षी, शिक्षक र अन्य निर्दोष नागरिकको हत्या, जबर्जस्ती असुली, स्कूले र अन्य बालबालिकालाई जबर्जस्ती भर्ना, सरकारी संयन्त्र र पुल तथा दूरसञ्चार टावरजस्ता अन्य भौतिक पूर्वाधारहरूको ध्वंश, जबर्जस्ती विद्यालय बन्द र विद्यार्थी, शिक्षक तथा कर्मचारीको अपहरण उनीहरूको कार्यशैली रहँदै आएको छ। यी आतंककारी गतिविधिबाहेक केही होइनन्। मैले "आतंकवादी" शब्द प्रयोग गर्दा हाम्रा घरेलु कानुनले दिएको परिभाषाका साथै अमेरिकी न्याय विभाग, रक्षा विभाग, फेडरल ब्युरो अफ इन्भेस्टिगेसन (एफबीआई) ले यस्तै गतिविधिका सम्बन्धमा दिएका परिभाषा र इन्टरनेसनल ल एसोसिएसनले दिएका परिभाषालाई समेत ध्यानमा राखेको छु। म उनीहरूका गतिविधिलाई "विद्रोह" मान्न सक्दिन, चौथो जेनेभा महासन्धिमा निर्धारित भएको तथाकथित "विद्रोही" को आधारभूत सर्तलाई तथाकथित माओवादीले पूरा गरेको छैनन्। माओवादी गतिविधि "आतंकवाद" भन्दा अरु केही होइन भन्नेमा म जोड दिन्छु।

जारी आतंककारी गतिविधिका कारण १२ हजारभन्दा बढी व्यक्तिको जीवन गइसकेको छ। लाखौं व्यक्तिहरू जीवन गइसकेको छ। लाखौं व्यक्तिहरू जबर्जस्ती विस्थापित गराइएका छन्। उनीहरूको सम्पत्ति जफत गरिएको छ र वस्तुभाउ लुटिएका छन्। उनीहरूले आह्वान गरेका असंख्य बन्द र हड्तालले आम जनजीवन पक्षघातग्रस्त भएको छ। देशमा ध्वंसात्मक तथाकथित माओवादीको गतिविधिबाट अप्रभावित कुनै व्यक्ति छैन : अर्थतन्त्र अवरुद्ध भएको छ, परम्परागत सामाजिक सद्भाव र सहअस्तित्वमाथि गम्भीर

चुनौती उत्पन्न भएको छ, विभाजनकारी शक्तिले टाउको उठाउन थालेका छन्। आतंककारीले एक दर्जनभन्दा बढी अदालत ध्वस्त पारेका छन् र एकजना न्यायाधीशलाई अपहरण गरे, जसलाई पछि मुक्त गरियो।

राजनीतिक पार्टी तथा तत्कालीन सरकारहरूले आतंकवादको समस्याको सामना गर्न सकेनन्। त्यही पृष्ठभूमिमा श्री ५ को शाही घोषणा माघ १९ मा भएको हो। यस घोषणामार्फत् श्री ५ बाटै नियुक्त शेरबहादुर देउवाको सरकार विघटन गरिबक्स्यो र आफ्नै नेतृत्वमा मन्त्रिपरिषद् गठन गरिबक्स्यो।

अहिले देशमा संकटकाल घोषणा भएको छ र केही मौलिक अधिकारहरू निलम्बित भएका छन्। शाही घोषणामा उल्लेख भएअनुसार राजाको कदमको उद्देश्य "शान्ति पुनर्स्थापना र बहुदलीय प्रजातन्त्रको संरक्षण, जनताको मानवअधिकारप्रतिकको सम्मानको सुनिश्चितता र सामाजिक, आर्थिक र राजनीतिक न्याय प्रदान गर्नु" रहेको छ। श्री ५ बाट अगाडि हुकुम भएको छ, मौसुफको नेतृत्वमा गठित मन्त्रिपरिषद्ले "बहुदलीय प्रजातन्त्रलाई पुन: क्रियाशील तुल्याउन" प्राथमिकता दिनेछ। देशमा प्रजातन्त्रको इमान्दार अभ्यास, अर्थपूर्ण बजार अर्थतन्त्र, सुशासन, पारदर्शी र भ्रष्टाचाररहित कानुनको शासनका लागि जनताको भावनालाई प्रतिबिम्बित गर्दै श्री ५ बाट नेपाली जनताले संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रप्रति दर्शाएको आफ्नो विश्वास र प्रतिबद्धतालाई प्रष्ट शब्दमा प्रकट गरिबक्सकेको छ।

नेपालको स्थितिकाबारेमा संक्षिप्त मूल्यांकन प्रस्तुत गर्दै म आतंकवादको सामना गर्न अपनाएका उपाय र कानुनको शासनमा त्यसको असरतर्फ प्रवेश गर्न चाहन्छु। मैले यहाँ यी मुद्दाहरूमा नेपाली न्यायपालिकाको स्थितिबारे उल्लेख गर्दा दक्षिण एसियाली क्षेत्र र अन्य अधिकारक्षेत्रका घटनाक्रमलाई पनि ध्यानमा राखेको छु। सामान्यतया, आतंकवादको सामना गर्न यसको प्रकृति, गहिराइ र किसिम तथा सुरक्षा चुनौती अनुरूप उपाय अवलम्बन गरिएको हुन्छ।

नेपाल र अन्यत्र जहाँसुकै आतंककारी आक्रमणलाई संगठित र योजनाबद्धरूपमा गरिने गम्भीर हिंसात्मक कार्यका रूपमा लिइन्छ। यसको उद्देश्य बलपूर्वक सरकार, समाज वा देशहरूबीचको मैत्रीपूर्ण सम्बन्धमा राजनीतिक वा सैद्धान्तिक उद्देश्यले प्रभावित गर्ने रहेको छ। आतंककारीहरू सरकारको आत्मविश्वासलाई कमजोर पार्न र अन्य निकायहरूबाट पैसा र ध्यानाकर्षण तान्न व्यापक भय र प्रतिक्रिया नागरिकहरूमा भर्न चाहन्छन्। त्यसकारण जनताको मनलाई भयभीत पार्न र भौतिक पूर्वाधारलाई पक्षघातग्रस्त तुल्याउन रणनीतिहरू अवलम्बन गर्छन्।

हिंसाको तात्कालिक लक्ष्य नागरिक भए पनि अन्तिम लक्ष्य भनेको राज्यको अस्तित्वमाथि आक्रमण गर्नु नै हो। कुनै खास समूह वा लक्षित संयन्त्रलाई अहिले चुनौती छ भन्ने थाहा पाउन सधैं सकिन्न। प्रभावकारी कानुन कार्यान्वयनले आतंककारीलाई निरुत्साहित गराउन सक्ने भए पनि कानुन कार्यान्वयन इकाइहरू संरचनागत र प्रकार्यात्मक समस्या वा स्रोतको अभावका कारण कमजोर भएकाले कानुन तथा व्यवस्थासम्बन्धी मोडलले काम गर्दैन। यहाँ आतंककारीको भयले कानुनको कमजोर कार्यान्वयनबाट दण्डहीनताको अवस्था सृजना भई अन्तत: जनतामा कानुनको शासन र न्यायप्रति नै अविश्वास उत्पन्न हुन जान्छ। दोस्रो आतंककारीबाट सम्भावित ठूलो क्षतिलाई रोक्नु अत्यन्त आवश्यक छ। यसका लागि, सायद, धेरै देशहरूले "कारवाही" भन्दा पनि "रोकथाम" लाई जोड दिएका छन् र अनुसन्धान निकायले निगरानी गर्ने भन्दा पनि खोजतलास, जफत र गिरफ्तारीको असाधारण अधिकार पाएका हुन्छन्। आतंकवादको सामना गर्न विशेष कानुन पारित गरिएको छ र कानुन कार्यान्वयन गर्ने अधिकारीहरूलाई आतंकवादीले नोक्सान पुऱ्याउनु अघि नै संक्षिप्त उपाय अपनाउन अनुमति दिएको छ। जहिले र जुनसुकै बेला आवश्यकताअनुसार क्षेत्रगत र राष्ट्रिय संकट घोषणा गरी स्थितिको गम्भीरतालाई ध्यानमा राख्दै अनुसन्धान तथा कानुन कार्यान्वयनकर्ता निकायहरूलाई असाधारण अधिकार दिइएको छ। यस्ता सामान्य उपायहरू दक्षिण एसियाली क्षेत्रलगायतका थुप्रै मुलुकमा अपनाइएको छ। नेपाल यसको अपवाद हुन सक्दैन।

न्यायपालिका, व्यवस्थापिका र कार्यपालिकाबीचको परम्परागत त्रिकोणीय सन्तुलनमा जोड दिइन्छ र संकटलाई सम्बोधन गर्नका लागि कहिलेकाहीं पुन: संयोजित गरिएको हुन्छ। यस्तो असाधारण समयमा न्यायपालिकाको भूमिका के हुनुपर्छ भन्ने प्रश्न रहेको छ। यसको जवाफ सजिलो छैन : तर मेरो विचारमा, यो सावधानीपूर्ण असहमति हुनुपर्छ। न्यायपालिकाको गहनता, संवेदनशीलता वा संकटकाल वा तात्कालिक अवस्था जाँच्ने स्वतन्त्र संरचना नहुने भएकोले कार्यकारीसँग सम्मानपूर्ण असहमति हुनुपर्छ।

यस अवस्थामा लर्ड डिपलकले न्यायपालिकाबारेमा दिएका अभिव्यक्तिलाई सम्झन्छु : "राष्ट्रिय सुरक्षा कार्यकारी सरकारको जिम्मेवारी हो। यसको स्वार्थ रक्षाका निम्ति जे जस्तो कार्य आवश्यक पर्ने हो .... यो विषय उसैको जिम्मेवारीमा रहन्छ, अदालतको यसमा भन्नु केही हुन्न। यो अत्यन्तै उत्कृष्ट गैरन्यायायिक प्रश्न हो। यस्तो समस्यामा न्यायिक प्रक्रिया पूरै अक्षम हुन्छ।" - काउन्सिल अफ

सिभिल सर्भिस युनियन्स भर्सेज मिनिस्टर अफ द सिभिल सर्भिस, एसी ३७४(१९८५)।

लर्ड पार्करले समेत उस्तै किसिमले दिएको अभिव्यक्तिलाई समेत म सम्भन्छु : "राष्ट्रिय सुरक्षाका लागि जिम्मेवारहरू नै राष्ट्रिय सुरक्षाका लागि के आवश्यक छ भन्ने विषयका एक मात्र निर्णायक हुन सक्छन्। यस्तो विषयलाई अदालती कानुनका लागि प्रमाणको विषय बनाउने वा सार्वजनिक रूपमा अन्यथारूपमा छलफल गर्नु उचित हुँदैन।" - दी जामोरा केस (१९१६) २ एसी ७७, एट १०७)

यी धारणा राष्ट्रिय सुरक्षाको अत्यन्त आवश्यकता भएका बेला र न्यायपालिकाले खेल्नुपर्ने भूमिकाका सम्बन्धमा अर्थपूर्ण छन्। तर विषयवस्तु यहीं समाप्त हुँदैन। यस्तो अवस्थामा कार्यकारीका गतिविधिलाई कसरी हेर्ने भनेर उनीहरूले हामीलाई मार्गदर्शन गर्न सक्दैनन। मेरो दृष्टिमा यहाँ पनि संविधानको म्यान्डेटले निर्दिष्ट गरेअनुरूप र अधिकारहरूको रक्षाका लागि बनेका कानुनहरू सम्भावित अधिकारहरूको हननका सम्बन्धमा ध्यानपूर्वक हेरिनुपर्छ। कानुनी बचावहरू उल्लंघन हुन नदिन हेर्नु आवश्यक छ र यस्तो घटना भएको खण्डमा सशक्तरूपमा व्यवहार गरिनुपर्छ। कुनै पनि बहानामा राज्य वा गैरराज्य पक्षबाट हुने दण्डहीनतालाई सहन सकिन्न। राष्ट्रिय संकटजस्तो गम्भीर अवस्थामा कानुनको शासनप्रतिका हाम्रा विश्वास र प्रतिबद्धतालाई गम्भीर पर्यवेक्षण र परीक्षण गरिएको हुन्छ।

सर्वोच्च अदालतको न्यायाधीशका रूपमा असाधारण अधिकारहरूबाट निर्दोषको अधिकार खतरामा पर्न सक्ने अवस्थालाई पनि हामीले बुझेका छौं। त्यसकारण, खोजतलास, जफत र गिरफ्तारी आतंककारीलाई रोक्नका निमित हो, जथाभावी प्रयोग गर्न होइन भन्नेमा ध्यान पुऱ्याउनुपर्छ। शंकास्पद व्यक्तिलाई हिरासतमा लिंदा उसका आधारभूत अधिकारहरूलाई सम्मान गनुपर्छ। मेरो आफ्नो मान्यता के छ भने यस्तो अप्ठ्यारो समयमा अनुसन्धानकर्ता निकायले बढी शक्ति प्रयोग गरेको अवस्थामा सर्वसाधारणको कानुनको शासनप्रतिको विश्वासमा कमी नआओस् भनेर उत्साहपूर्वक रक्षा गर्न खोजेमा राज्यका कानुन कार्यान्वयन निकाय र आतंककारीका अत्याचारबीच समानान्तर खडा गरी अन्ततोगत्वा आतंकवादीलाई नै फाइदा पुग्न जानेछ।

मैले पहिल्यै उल्लेख गरिसकेको छु नेपाल नौ वर्षदेखि आतंकवादबाट पीडित छ। आतंकवादले प्रजातान्त्रिक शासनमा असंख्य समस्या उत्पन्न भएका छन्। यस्तो गम्भीर अवस्थामा पनि हामीले जे गर्दैछौं कानुनको शासनलाई केन्द्रमा राखेर प्रजातान्त्रिक रूपमा नै गर्दैछौं। यद्यपि आतंकवादविरुद्ध लड्नु निकै कठिन कार्य हो, हाम्रो मौलिक कर्तव्य आतंकवादविरुद्ध न्यायिकरूपमा लड्नु हो। हामी यसलाई पन्छाउन सक्दैनौं। कानुनको शासनका आधारभूत मान्यतामा कुनै सम्झौता नगरी समस्या समाधान गर्नु प्रजातान्त्रिक समाजको मूल्य हो।

आतंकवादले प्रजातन्त्रका अत्यावश्यक तत्वहरूबीच धेरै तनाव सृजना गरेकोमा हामी सचेत छौं। प्रजातन्त्रको पहिलो सर्त जनताको शासन हो जसले आतंकवादविरुद्ध लड्न सबै प्रभावकारी कदम चाल्न प्रोत्साहित गर्छ, आतंककारीको मानवअधिकारप्रति समेत ती विचारणीय हुन्छन्। प्रजातन्त्रको अर्को सर्त मानवअधिकारको रक्षा हो, जसले आतंककारीलगायत प्रत्येक व्यक्तिको मानवअधिकार रक्षाका निम्ति प्रोत्साहित गर्छ, यहाँसम्म कि आतंकवादविरुद्धको लडाइँलाई समेत बेवास्ता गर्छ। तनावसँगको संघर्ष आधारभूत रूपमा जनउत्तरदायी व्यवस्थापिका र कार्यपालिकाको काम हो। तर जनताको निर्णयले मात्र प्रजातान्त्रिक जवाफदेहीप्रतिका आवश्यकतालाई सन्तुष्टी दिन सक्दैन।

हामी न्यायाधीशहरूमा आतंकवाद र आतंकवादविरुद्ध राज्यले प्रयोग गर्ने उपाय दुवैबाट प्रजातन्त्र रक्षाको जिम्मेवारी छ। यथार्थमा आमजनताको दैनिक जीवनले न्यायाधीशहरूको संवैधानिक प्रजातन्त्र रक्षाको योग्यतालाई जाँचिरहेको हुन्छ। तथापि न्यायाधीशहरू द्वन्द्व, युद्ध र आतंकवादको बेलामा अन्ततः जाँचिन्छन्। प्रत्येक व्यक्तिको मानवअधिकारको रक्षा शान्ति तथा सुरक्षाको समयमा भन्दा युद्ध तथा आतंकवादको समयमा बढी अप्ठ्यारो काम हो। द्वन्द्व, युद्ध र आतंकवादको समयमा हामी हाम्रो भूमिका निर्वाह गर्नबाट असफल भयौं भने हामीले शान्ति तथा सुरक्षाको समयमा समेत भूमिका निर्वाह गर्न सक्ने छैनौं। सर्वोच्च अदालतको न्यायाधीशका रूपमा यस्तो बेला हामीले कसरी मानवअधिकारलाई रक्षा गर्न सक्छौं ? हामीले शान्ति तथा द्वन्द्व दुवै समयमा मानवअधिकारलाई गम्भीरतापूर्वक लिनुपर्छ। यसबाहेक न्यायपालिकाले द्वन्द्व, युद्ध वा आतंकवादका बेलामा गल्ती गऱ्यो भने त्यो द्वन्द्वका बेलामा व्यवस्थापिका र कार्यपालिकाले गरेको गल्तीभन्दा खराब हुनेछ। तसर्थ हामी न्यायाधीशले निरन्तर कार्य गर्नुपर्छ। द्वन्द्व, युद्ध र आतंकवादका बेलामा लिइएको गल्ति शान्तिको समयमा पनि नजिर बन्न सक्छ र संकट समाधान भएपछि पनि उस्तै गरी लागू हुन सक्छ। मैले माथि नै उल्लेख गरिसकें, नेपाली न्यायपालिका आतंककारीको आक्रमणमा परेको छ। यस्तो गम्भीर अवस्थामा पनि नेपाली न्यायपालिकाले आतंककारीका मुद्दामा समेत निर्भयपूर्वक निर्णय गरिरहेको छ। अझै पनि हामीकहाँ आतंकवादीका मुद्दामा निर्णय गर्दा

अनुहार नदेखाई मुद्दा चलाउन सक्ने कानुनी व्यवस्था छैन। हामी अन्य सामान्य मुद्दामा जस्तै प्रक्रिया र न्यायिक कारवाही सञ्चालन गर्दै आएका छौं। आमजनसमुदायको हितमा कानुनी प्रक्रियालाई पुनरावलोकन र पुनर्मूल्यांकन गर्ने यो उचित अवसर हो। यस्तो अवस्था सामना गर्न कस्तो रणनीति अपनाउनु उचित होला ? एकातिर हामीले राष्ट्रिय सुरक्षाको रक्षा र अर्कोतिर हाम्रो संवैधानिक दायित्वअनुरूप प्रत्येक व्यक्तिको इज्जत र स्वतन्त्रताको रक्षा गर्नु परेको छ। सुरक्षा र स्वतन्त्रताबीचको सन्तुलनमा पुगेको अवरोध हटाउन दुवैमा केही सीमाहरू निर्धारण गर्नुपर्छ। आतंकवादको अस्तित्व नभएका बेलामा झैं मानवअधिकारको पूर्ण रक्षाका निम्ति यथोचित सन्तुलन कायम गर्न सकिंदैन। त्यस्तैगरी मानवअधिकार नै नभएका बेलामा राष्ट्रिय सुरक्षाका निम्ति पूर्ण स्वतन्त्रता चाहिँदासमेत पूर्ण सन्तुलन सम्भव छैन। सन्तुलन कायम गर्नु प्रजातन्त्रको मूल्य हो। बलियो, सुरक्षित र स्थिर प्रजातन्त्रलेमात्र पूर्णरूपमा मानवअधिकार उपभोग र रक्षा गर्न सक्छ। त्यसैगरी मानवअधिकारमा आधारित प्रजातन्त्रले मात्र राष्ट्रिय सुरक्षा प्राप्त गर्न सक्छ। हामीलाई मानवअधिकार र राष्ट्रिय सुरक्षा दुवै चाहिन्छ। यो धेरै अप्ठ्यारोका साथै संवेदनशील भए पनि संवैधानिक निर्देश हो। यो ठिक भए पनि प्रजातान्त्रिक संवैधानिकताका निम्ति अर्थपूर्ण छ।

हाम्रो विकास प्रयासलाई गम्भीर असर पार्ने र हाम्रो न्यून स्रोतबाट सिर्जित भौतिक पूर्वाधारमा आक्रमण गर्ने आतंककारीलाई नियन्त्रण गर्न नेपालमा अहिले अपनाएका उपायहरूकाबारेमा म उल्लेख गर्न चाहन्छु। आतंकवादले आर्थिक विश्रृङ्खलता ल्याएर र भौतिक पूर्वाधारलाई ध्वस्त पारेर आतंककारीहरूले अविकास र गरिबी ल्याउन चाहेको छ। जनताको आधारभूत अधिकार रक्षा निम्ति पनि राज्यले उपाय अवलम्बन गर्नु परेको हो, जुन यसअघि यस स्तरमा कहिल्यै आक्रमणमा परेको थिएन। आतंकवादीहरूलाई बढार्नका निम्ति असाधारण उपायहरू अपनाउनुपर्ने गरी देशको जीवनमा यस्तो अप्ठ्यारो समय आउँछ।

संकटकालीन घोषणाले केही अधिकारहरू निलम्बित भए पनि जनताका आधारभूत मानवअधिकारको रक्षा र प्रजातान्त्रिक शासनका मूल्यहरूको संरक्षणको उद्देश्यले अपनाइएका यी अस्थायी उपाय मात्र हुन्। अधिकारको अस्थायी निलम्बनले सर्वोच्च अदालतलाई नै सहयोग पुऱ्याउने छन्। अन्य अदालतहरूले यथावतरूपमा आफ्नो अधिकार क्षेत्रको प्रयोग गर्दै आएका छन् र पीडित पक्षलाई उपचार दिइरहेका छन्। असाधारण संवेदनशील अवस्था शान्त भएपछि जनजीवन साधारण अवस्थामा आउनेछ भन्ने मेरो विचार छ। सरकारले संविधान र कानुनको शासन, बहुदलीय प्रजातन्त्र र प्रजातान्त्रिक प्रक्रियाको पुनर्स्थापनाप्रतिको प्रतिबद्धतालाई प्रष्ट पारिसकेको छ। प्रजातान्त्रिक प्रक्रियाका लागि शान्ति नभई नहुने हो भने यो कानुनको शासनबाट मात्रै सम्भव छ। कानुनी र वैधानिक बाटोबाट शान्ति पुनर्स्थापना आज देशको प्रमुख लक्ष्य हो। त्यसकारण नेपालजस्तो सानो मुलुकलाई आतंकवादको पञ्जामा पर्नबाट जोगाउन सहयोग गर्नुपर्छ। आलोचना गर्नुभन्दा आतंकवादविरुद्ध गरेको लडाइँलाई सकारात्मक रूपमा हेर्नुपर्छ।

(प्रधानन्यायाधीश शर्माले अस्ट्रेलियाको गोल्डकोस्टमा आयोजित एसिया तथा प्यासिफिकका प्रधान न्यायाधीशहरूको ११ औं सम्मेलनलाई ०६१ चैत ७ गते अंग्रेजी भाषामा गर्नु भएको सम्बोधनको अनौपचारिक अनुवाद)

साभार : कान्तिपुर, २०६१ चैत २५ गते

रहेछ भन्ने तथ्य आयोगको व्यवहारबाटै प्रष्ट हुन बेर लागेन। प्युठान जिल्ला अदालतका न्यायाधीश वीरेन्द्रकुमार कर्णलाई ०६१ चैत १० गते २० हजार रूपैयाँ घुस लिंदालिंदै पक्राउ परेको भन्दै शाही आयोगबाट कारवाही सुरु भएपछि गम्भीर सवाल खडा भयो। जिल्ला अदालतका न्यायाधीशको काम-कारवाही, योग्यता र कार्य सम्पादन, कार्य कुशलता वा आचरणको परीक्षण गर्ने अधिकार संविधान अनुसार केवल प्रधानन्यायाधीशको अध्यक्षतामा रहेको न्यायपरिषद्लाई मात्र हुन्छ। संकटकालमा समेत यस्तो अधिकार निलम्वनमा पर्दैन। घुस खाएको व्यक्ति न्यायाधीश नै रहेछ भने पनि उसले कानुनको दण्डबाट उन्मुक्ति पक्कै पाउँदैन तर त्यसका लागि संवैधानिक तथा कानुनी प्रावधानलाई लत्याउन पटक्कै पाइँदैन। यस प्रकरणमा न्यापरिषद्बाहेक अरुले जिल्ला न्यायाधीशलाई कारवाही गर्नु संविधानप्रतिकूल त हुन्छ नै, कार्यकारिणीबाट निर्भय भएर न्यायसम्पादन गर्नु पर्ने न्यायाधीश कार्यकारिणीबाट भयभीत हुनु पर्ने अवस्था पनि पैदा हुन्छ। संविधानले स्वतन्त्र, सक्षम र अधिकारसम्पन्न बनाएको एवं सबैखाले कार्यकारिणी हस्तक्षेपबाट मुक्त राखेको न्यायपालिका र त्यसमा कार्यरत न्यायाधीश एउटा इन्सपेक्टर, सिडिओ वा असंवैधानिक कार्यकारिणी निकायको अधिनमा रहनु पर्ने अभ्यासलाई संवैधानिक मान्नै सकिदैन। संविधान अन्तर्गत स्थापित न्यायपरिषद् आफ्नो काम गर्न सक्षम र स्वतन्त्र हुँदाहुँदै यसको अधिकारक्षेत्रमा राजनीतिक उद्देश्यले बनाइएको निकायले अतिक्रमण गरेपछि न्यायपालिकाको भविष्यमाथि नै आशंका उब्जनु स्वाभाविकै हो। त्यसमाथि तत्कालीन प्रधानन्यायाधिश हरिप्रसाद शर्माले भ्रष्टाचार नियन्त्रण शाही आयोगले न्यायाधीशमाथि गरेको

शर्माले भ्रष्टाचार नियन्त्रण शाही आयोगले न्यायाधीशमाथि गरेको छानविनलाई समर्थन गर्नु ठूलो विडम्बना रह्यो।

मन्त्रिपरिषद्का उपाध्यक्ष डा. तुलसी गिरीले सर्वोच्च अदालत र न्यायाधीशहरू राजनीतिक दलद्वारा प्रभावित भई निर्णय सुनाउने गरेको आरोप लगाउनु[१९] अदालतलाई सरकारविरुद्ध फैसला लिनबाट हतोत्साही गराउने र शाही कदमको पक्षमा प्रभावित गर्ने प्रयास नै थियो। न्यायपालिकाको स्वतन्त्रतामाथि गिद्धे दृष्टि लगाउँदै आएका यस्ता अभिव्यक्तिबाट सर्वोच्च अदालत अप्रभावित रहन नसकेको त हैन भन्ने आशंका सन् २००५ मा पटक पटक उठ्यो। सरकारी पक्षबाट न्यायपालिकाको अवहेलना भएका सम्बन्धमा परेका मुद्दाहरूमा तदारुकताकासाथ फैसला हुन नसक्नुले पनि यस्तो आशंकालाई नै बल प्रदान गर्‍यो।

सरकारले अदालतलाई मागे भन्दा एकदमै कम बजेट दिएको तथ्य पनि यस सन्दर्भमा उल्लेख्य छ। न्यायपालिकाले आर्थिक वर्ष ०६२/०६३ का लागि रु. १ अर्ब ८३ करोड माग गरेकोमा सरकारले रु. ७६ करोड भन्दा बढी उपलब्ध गराउन नसक्ने भनी लिखित जानकारी गराएको थियो।[२०] न्यायपालिकालाई पर्याप्त बजेट उपलब्ध नगराउनु पनि प्रकारान्तरले उसको स्वतन्त्रतालाई संकुचित पार्नु नै हो भन्ने मान्न सकिन्छ।

त्यसो त, राजाले संकटकाल लगाउँदै प्रत्यक्षतः शासन हातमा लिई संविधान मिच्नु आफैमा न्यायपालिकाको स्वतन्त्रतामाथि हस्तक्षेप थियो। शाही कदमलगत्तै सर्वोच्च अदालत आफ्नो अधिकारको प्रयोग स्वतन्त्रतापूर्वक गर्न हिच्किचाउनुले न्यायपालिकाको स्वतन्त्रता अक्षुण्ण नरहेको पुष्टि गर्‍यो। यद्यपि पछिल्ला दिनहरूमा न्यायपालिका कार्यकारिणीको प्रभावबाट क्रमशः मुक्त हुँदै गएको देखियो।

४. संविधानको मर्मप्रतिकूल प्रधानन्यायाधीश र न्यायाधीश नियुक्ति :

सन् २००५ मा नेपालमा तीनजना प्रधानन्यायाधीशको कार्यकाल रह्यो। वर्ष सुरु हुँदा प्रधानन्यायाधीश केदारनाथ उपाध्याय हुनुहुन्थ्यो। उपाध्यायले ६५ वर्षको उमेर पूरा गरी ०६१ माघ ७ गते अवकाश पाउनु भएकाले संवैधानिक परिषद्को सिफारिसबमोजिम हरिप्रसाद शर्मा प्रधानन्यायाधीशमा नियुक्त हुनु भयो। जुलाइ २९ तारिख (तदनुसार ०६२ साउन १४ गते) सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद शर्माको उमेरको हदले पदावधि सकिएपछि नयाँ प्रधानन्यायाधीशमा सर्वोच्च अदालतका वरिष्ठतम् न्यायाधीश दिलीपकुमार पौडेललाई नियुक्त गरियो।

पौडेलको नियुक्ति अत्यन्त विवादास्पद रह्यो। उहाँको नियुक्तिमा धारा १२७ लाई सक्रिय गराइएको कारणले प्रधानन्यायाधीशको नियुक्ति नै असंवैधानिक भएको भनेर नेपालको न्यायिक इतिहासमा सम्भवतः पहिलोपल्ट सवाल खडा भयो। संवैधानिक प्रावधान अनुसार नयाँ प्रधानन्यायाधीशको नाम प्रधानमन्त्रीको अध्यक्षतामा बस्ने संवैधानिक परिषद्को बैठकले सिफारिस गर्नु पर्छ। तर प्रधानमन्त्रीको अनुपस्थितिमा प्रधानन्यायाधीशले परिषद्को अध्यक्षता गर्न पाउने आदेश श्री ५ बाट जारी भई सोहीअनुरूप बसेको बैठकबाट पौडेलको नाम सिफारिस भएको थियो। यसरी संविधानको धारा १२७ लाई टेकेर संविधानकै संशोधन गरियो।[२१] संविधानको संरक्षण गर्नु पर्ने सर्वोच्च अदालत नै चुप बसेपछि अरुले उठाएका सवालले निकास पाएनन्। नवनियुक्त प्रधानन्यायाधीशको सम्मानमा नेपाल बार एसोसिएसनले पनि ०६२ साउन ३० गते एक औपचारिक समारोह आयोजना गरेपछि त्यस्ता सवाल मौनतामा परिणत भए।

यसैगरी, सन् २००५ को अन्त्यतिर (वि.सं. ०६२ पुस १३ गते) सर्वोच्च अदालतमा अस्थायी न्यायाधीश नियुक्ति प्रकरण पनि असाध्यै विवादित भयो। नियुक्ति सरकारको छनौट बमोजिम न्यायालयको स्वतन्त्रतामा आँच पुऱ्याउने गरी स्वेच्छाचारी रुपमा भएको भन्दै र खासगरी तत्कालीन महान्यायाधिवक्ता पवनकुमार ओझाले शाही आयोगको वैधानिकतासम्बन्धी मुद्दामा बहस गर्ने सन्दर्भमा व्यक्त गर्नु भएका कतिपय कुरालाई लिएर अस्थायी न्यायाधीश पदमा उहाँको नियुक्तिको नेपाल बार एशोसिएन पदाधिकारीहरूद्वारा कडा आलोचना भएको थियो। यस सम्बन्धमा एशोसिएनले उक्त नियुक्तिको घोषणा हुनुभन्दा दुई दिन अगावै न्यायपरिषद् सचिवालयलाई समेत बोधार्थ दिएर एक प्रेस विज्ञप्ति जारी गरेको थियो। विज्ञप्तिमा संवैधानिक सर्वोच्चताको विरुद्धमा क्रियाशील व्यक्तिहरूलाई न्यायाधीशमा नियुक्त गरिए स्वीकार्य नहुने चेतावनी दिइएको थियो।[२२]

५. महत्वपूर्ण मुद्दा पन्छाउने प्रवृत्ति

यस वर्ष पनि महत्वपूर्ण मुद्दालाई पन्छाउने प्रवृत्ति

---

१९. पूर्वाञ्चल विकास क्षेत्रका जिविस सभापति तथा उपसभापतिहरूको भेलामा गरिएको सम्बोधन, विराटनगर, ०६२ असोज ३ गते

२०. नेपाल समाचारपत्र, अदालतलाई मागेभन्दा आधा मात्रै बजेट, २०६२ असार २२ गते

२१. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), **मानवअधिकार स्थिति सूचक**, काठमाण्डौ, वर्ष १३ अङ्क ३, पुस ०६२, पृ. ३

२२. हेर्नुहोस्, नेपाल बार एसोसिएसन महासचिव माधव बास्कोटाद्वारा हस्ताक्षरित ०६२ पुस ११ गतेको प्रेस विज्ञप्ति- "सर्वोच्च अदालत

न्यायपालिकामा स्पष्ट देखियो। संकटकालमा निलम्बन नभएका मौलिक हक प्रचलनका लागि रिट दायर गर्ने विषयमा उठेको सवाललाई लामो समयसम्म अनिर्णयको अवस्थामा राखिएको सन्दर्भमा माथि नै चर्चा गरियो। शाही आयोगसम्बन्धी मुद्दा र प्रतिनिधिसभाको पुनर्स्थापनासम्बन्धी निवेदन विषय थिए, जसकाबारे सर्वोच्च अदालतले गर्ने निर्णयले देशको सारा परिस्थितिमै ठूलो प्रभाव पार्दथ्यो। तर यस्तो ऐतिहासिक भूमिका निर्वाह गर्ने अवसरबाट सर्वोच्च अदालत आफैंले आफूलाई सन् २००५ भरि नै वञ्चित राख्यो।

संविधानको धारा ११५(७) ले दिएको संकटकालीन अधिकार प्रयोग गरेको भन्दै राजाद्वारा ०६१ फागुन ५ गते गठित भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गरिएको थियो। संकटकालको अन्त्यसँगै ०६२ वैशाख १६ गते शाही आयोगलाई धारा १२७ को बाधा अड्काउ फुकाउने आदेश अन्तर्गत निरन्तरता दिइयो।

संविधानको धारा १२७ बमोजिम वैशाख १६ गते शाही आयोगलाई निरन्तरता दिन जारी आदेश खारेज गर्न माग गर्दै अधिवक्ता सन्तोषकुमार महतोले दायर गर्न खोजेको रिट दरपीठ गरियो र सो रिट प्रधानन्यायाधीश हरिप्रसाद शर्माको कार्यकालभर दर्ता हुन सकेन। निवेदकले उठाएको संवैधानिक प्रश्नको निरूपण हुन आवश्यक भएको भन्दै न्यायाधीश मीनबहादुर रायमाझीको एकल इजलासले रिट दर्ताको लागि दिएको आदेश शर्माको कार्यकाल सकिएको १० दिनपछि ०६२ साउन २४ गते आयो। उक्त आदेशपछि रिट दर्ता भई विशेष इजलास गठन गरिएको भए तापनि सन् २००५ मा उक्त मुद्दाको छिनोफानो भएन।

प्रतिनिधिसभासम्बन्धी २०५९ सालदेखिको मुद्दालाई सर्वोच्च अदालतले यस वर्ष पनि अनिर्णित अवस्थामै राख्यो। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले ०५९ जेठ ८ गतेको मध्यरात श्री ५ समक्ष चढाउनु भएको सिफारिसबमोजिम प्रतिनिधिसभा विघटन भएकोविरूद्ध परेको रिट निवेदनलाई खारेज गर्दै सर्वोच्चले विघटन सदर गरेको थियो। सर्वोच्चको उक्त फैसलाले तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीको सिफारिसमा गरिएको प्रतिनिधिसभा विघटनलाई उल्ट्याउने ०५२ भदौ १२ गतेको फैसलाको नजीरलाई उल्लंघन गरेको दावी सहित अधिवक्ताद्वय सुनीलचन्द्र पौडेल र ध्रुव कोइरालाले उत्प्रेषणको माग सहित फैसला पुनरावलोकन गरियोस् भनी ०५९ असोज १० गते निवेदन दिएका थिए। संसद विघटनको ६ महिनासम्म चुनाव हुन नसकेको अवस्थामा संविधानत: संसद पुन:स्थापना हुने तथा ६ महिनाभन्दा बढी संसद अधिवेशनको कार्यकाल रिक्त रहन नसक्ने दावी सहित अर्को पूरक निवेदन समेत सर्वोच्चमा दर्ता भएको छ।

अति महत्वपूर्ण मानिए पनि प्रतिनिधिसभा विघटनविरूद्ध परेको पुनरावलोकन निवेदनबारे प्रधानन्यायाधीश केदारनाथ उपाध्यायको कार्यकालमा एकपटक मात्र छलफल गरिएको थियो भने प्रधानन्यायाधीशद्वयगोविन्दबहादुर श्रेष्ठ र हरिप्रसाद शर्माको कार्यकालमा सुनुवाइका लागि पेसी समेत तोकिएन। प्रधानन्यायाधीश दिलीपकुमार पौडेलको कार्यकालमा ०६२ असोज ९ गते उक्त निवेदनबारे छलफल गरी पौडेलसहित ११ जना न्यायाधीशको वृहत् इजलासले तत्कालीन प्रधानमन्त्रीद्वय गिरिजाप्रसाद कोइराला र मनमोहन अधिकारीको पालामा प्रतिनिधिसभा विघटनसम्बन्धमा भएका फैसला, तथ्य र नजिरहरू एक ठाउँमा संकलन गरी फेहरिस्त बनाई पेस गर्न प्रशासनलाई अह्राएपछि भने उक्त निवेदनले निकास पाउने आशा गरिएको थियो। प्रतिनिधिसभा पुनर्स्थापना मुद्दालाई प्राथमिकता दिनुपर्ने सुझाव नेपाल बार एसोसिएसनले दिएको[२३] तथा प्रधानन्यायाधीश पौडेलले आफ्नो नियुक्तिलगत्तै उक्त निवेदनलाई नियमित प्रक्रिया बमोजिम सुनुवाइ गर्ने बताउनु भएको[२४] भए तापनि वर्षको अन्तिमसम्म कुनै परिणाम निक्लन सकेन।

त्यस्तै, सरकारले सञ्चारसम्बन्धी विभिन्न छओटा ऐनहरूलाई एउटै अध्यादेश- "सञ्चारसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश" ले संशोधन गरेको

र पुनरावेदन अदालतमा लामो समयदेखि रिक्त न्यायाधीशको नियुक्तिका सम्बन्धमा नेपाल बार एसोसिएसनले औपचारिक र अनौपचारिक रूपमा आफ्नो धारणा सार्वजनिक गर्दै आएको सर्वविदितै छ। नेपाल अधिराज्यको संविधान र अन्य प्रचलित कानुनहरूले निर्धारण गरेका मापदण्डका आधारमा पारदर्शी र नेपाल बार एसोसिएसनको सुझाव समेतलाई मध्यनजर राखी न्यायाधीश नियुक्त गरिनु पर्दछ भन्ने हाम्रो दृढ धारणा रही आएको छ।

वर्तमान संविधानले प्रत्याभूत गरेको मौलिक हकहरू नियन्त्रण गर्ने वा संवैधानिक संरचना र स्वतन्त्र न्यायपालिकाको अधिकार क्षेत्र कटौती गर्ने वर्तमान सरकारको काम कारवाही र निर्णयलाई सार्वजनिक रूपमा प्रतिरक्षा गर्ने वा संवैधानिक सर्वोच्चताको विरुद्धमा क्रियाशील रहेका पदाधिकारी वा व्यक्तिहरूलाई न्यायाधीश जस्तो गरिमामय पदमा नियुक्त गरियो भने त्यस्तो नियुक्ति नेपाल बार एसोसिएसनलाई स्वीकार हुन नसक्ने र त्यसको सम्पूर्ण जिम्मेवारी न्यायपरिषद्ले व्यहोर्नु पर्दछ भनी नेपाल बार एसोसिएसन सम्बन्धित सबैको ध्यानाकर्षण गराउन चाहन्छ।"

२३. "अदालत प्रभावित हुँदैन", कान्तिपुर, ०६२ साउन १८ गते

२४. पूर्ववत्

भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन आदेश

(पहिलो आदेश)

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (७) बमोजिम देहायको आदेश जारी गरिबक्सेको छ :–

श्री ५ महाराजाधिराजबाट भ्रष्टाचार नियन्त्रणसम्बन्धी कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्नको लागि देहायबमोजिमको भ्रष्टाचार नियन्त्रण शाही आयोग गठन गरिबक्सी सो आयोगको काम, कर्तव्य र अधिकारसमेत तोकिबक्सेको छ।

१. आयोगको गठन :

(१) भ्रष्टाचार नियन्त्रण शाही आयोग (यसपछि "आयोग" भनिएको) मा देहायका अध्यक्ष तथा सदस्यहरू रहनेछन् :

(क) श्री भक्तबहादुर कोइराला- अध्यक्ष

(ख) श्री शम्भुप्रसाद खनाल- सदस्य

(ग) श्री हरिबाबु चौधरी- सदस्य

(घ) श्री रघुचन्द्रबहादुर सिंह- सदस्य

(ङ) श्री प्रेमबहादुर खाती- सदस्य

(च) न्यायाधीश श्री शम्भुबहादुर खड्का, जिल्ला अदालत, कास्की- सचिव

(२) श्री ५ बाट आवश्यकअनुसार आयोगको सदस्यमा थपघट वा हेरफेर गर्न सकिबक्सनेछ।

(३) आयोगको सचिव तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न श्री ५ बाट एकजना सचिव तोक्न वा नियुक्त गर्न सकिबक्सनेछ।

२. आयोगका काम, कर्तव्य र अधिकार :

(१) आयोगले देहायको विषयमा कसैको उजुरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा कुनै पनि व्यक्तिउपर छानबिन गरी कारवाही गर्नेछ :

(क) तस्करी गरेको वा राजश्व छलेको,

(ख) अनियमित ठेक्का पट्टा वा कमिशनमा संलग्न भएको,

(ग) प्रचलित कानुनबमोजिम भ्रष्टाचार मानिने अन्य कार्य गरेको

(२) आयोगलाई देहायका कुरामा प्रचलित कानुनबमोजिम अदालतले पाएसरहको सबै अधिकार हुनेछ:

(क) कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई बयान लिने,

(ख) कुनै व्यक्तिलाई कुनै लिखत पेस गर्न आदेश दिने,

(ग) प्रमाण बुझ्ने,

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालत वा संवैधानिक निकायबाट कुनै लिखत वा सोको नक्कल झिकाउने।

(३) उपदफा (२) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेस गर्न लगाउन वा कुनै प्रमाण बुझ्न आयोगले उचित सम्झेको म्याद तोक्न सक्नेछ।

(४) आयोगलाई उपरोक्त अधिकारको अतिरिक्त भ्रष्टाचारसम्बन्धी प्रचलित कानुनबमोजिम अनुसन्धान अधिकारीले प्रयोग गर्ने सबै अधिकार र विशेष अदालत ऐन, २०५९ बमोजिम विशेष अदालतलाई प्राप्त अधिकार प्राप्त हुनेछ।

३. आयोगको मुकाम :

आयोगको मुकाम काठमाडौं उपत्यकामा रहनेछ र आवश्यकताअनुसार नेपाल अधिराज्यको जुनसुकै स्थानमा पनि आयोगले आफ्नो मुकाम कायम गर्न सक्नेछ।

४. आयोगलाई सहयोग गर्नुपर्ने :

आयोगको काम कारवाहीमा सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

५. आयोगको अवहेलना :

आयोगले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्नेछ र आयोगको अवहेलना गरेको ठहरिएमा आयागले अभियुक्तलाई १० हजार रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

तर आयोगलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई आयोगले माफी दिन वा सजाय घटाउन सक्नेछ।

६. सजाय र पुनरावेदन:

(१) कुनै व्यक्तिले भ्रष्टाचारसम्बन्धी प्रचलित कानुनबमोजिम कसुर गरेको प्रमाणित भएमा आयोगले निजलाई सोही कानुनबमोजिम सजाय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

७. सम्पत्ति जफत हुने :

कुनै व्यक्तिले प्रचलित कानुनबमोजिम भ्रष्टाचार

गरेको मानिने कुनै कार्य गरी आर्जन गरेको सम्पत्ति र सोबाट बढ बढाएको अन्य सम्पत्तिसमेत आफ्नो वा अरु कसैको नाममा राखेको प्रमाणित भएमा आयोगले त्यस्तो सम्पत्ति जफत गर्न सक्नेछ। त्यसरी जफत गरिएको सम्पत्ति राष्ट्रियकरण गरिनेछ।

८. बाधा विरोध गर्नेलाई सजाय हुने :

यस आदेशअन्तर्गतको छानबिन तथा कारवाहीमा कसैले बाधा विरोध गरेमा निजलाई आयोगले ५ हजार रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

९. आयोगको कर्मचारी :

(१) आयोगलाई आवश्यक पर्ने कर्मचारीहरू आयोग आफैले नियुक्त गर्न वा श्री ५ को सरकारबाट प्राप्त गर्न सक्नेछ।

(२) आयोगबाट नियुक्त कर्मचारीको सेवाको सर्त आयोगले तोकेबमोजिम हुनेछ।

१०. पारिश्रमिक र सुविधा :

(१) आयोगको अध्यक्ष, सदस्य तथा सचिवले पाउने पारिश्रमिक र सुविधा श्री ५ बाट तोकिबक्सेबमोजिम हुनेछ।

(२) आयोगको काममा नियुक्त भएका वा खटिएका कर्मचारीहरूले आयोगले तोकेबमोजिमको पारिश्रमिक र सुविधा पाउने छन्।

११. पुरस्कार :

भ्रष्टाचारसम्बन्धी कसूरको जानकारी दिने तथा सोसम्बन्धी प्रमाण संकलन गर्ने काममा सहयोग पुऱ्याउने व्यक्तिको नाम आयोगले गोप्य राख्नु पर्नेछ। त्यस्तो सहयोग पुऱ्याउने व्यक्तिलाई आयोगले उचित पुरस्कारसमेत दिन सक्नेछ।

१२. कार्यविधि :

यस आदेशमा लेखिएदेखि बाहेकका आयोगको अन्य कार्यविधि आयोग आफैले निर्धारण गरेबमोजिम हुनेछ।

१३. बाधा नपर्ने :

कुनै निकाय वा अधिकारीलाई प्रचलित कानुनबमोजिम प्राप्त भ्रष्टाचारसम्बन्धी कसुरको अनुसन्धान गर्न, तहकिकात गर्न, मुद्दाको दायरी गर्न तथा त्यस्तो मुद्दा हेरी कारवाही किनारा गर्न यस आदेशमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

१४. जाहेर गर्ने :

अदालत तथा संवैधानिक निकायको कुनै पदाधिकारीले प्रचलित कानुनबमोजिम भ्रष्टाचार मानिने कार्य गरेको देखिएमा आयोगले श्री ५ समक्ष जाहेर गर्नेछ।

१५. कार्यविधि :

आयोगको कार्यविधि श्री ५ बाट तोकिबक्सेबमोजिम हुनेछ।

१६. शपथ :

आफूलाई सुम्पिएको कार्यभार सम्हाल्नु अगावै आयोगको अध्यक्षले श्री ५ समक्ष र आयोगका सदस्य तथा सचिवले अध्यक्षसमक्ष अनुसूचीबमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

१७. बचाउ :

यस आदेशमा लेखिएजति कुराको हकमा यसै आदेशबमोजिम र अरुमा प्रचलित कानुनबमोजिम हुनेछ।

(स्रोत : नेपाल राजपत्र, श्री ५ को सरकारद्वारा प्रकाशित, खण्ड ५३ अतिरिक्ताङ्क ५५, काठमाडौं, फागुन ५ गते २०६१ साल)

दोस्रो आदेश :

श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
राजदरबारको सूचना

श्री ५ महाराजाधिराजबाट मिति २०६१।१०।१९ मा जारी गरिबक्सेको संकटकालीन अवस्थाको आदेश आजको मितिबाट फिर्ता लिइबक्सेकोले २०६१ साल फागुन ५ गते गठन गरिबक्सेको भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई निरन्तरता दिन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १२७ बमोजिम देहायको आदेश जारी गरिबक्सेको छ :–

आदेश

१. आयोगको गठन :

(१) भ्रष्टाचार नियन्त्रण शाही आयोग (यसपछि "आयोग" भनिएको) मा देहायका अध्यक्ष तथा सदस्यहरू रहनेछन्।

(२) श्री ५ बाट आवश्यकअनुसार आयोगको सदस्यमा थपघट वा हेरफेर गर्न सकिबक्सनेछ।

(३) आयोगको सचिव तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न श्री ५ बाट एकजना सचिव तोक्न वा नियुक्त गर्न सकिबक्सनेछ।

२. आयोगका काम, कर्तव्य र अधिकार :

(१) आयोगले देहायको विषयमा कसैको उजुरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा कुनै पनि व्यक्तिउपर छानबिन गरी कारवाही गर्नेछ :

(क) तस्करी गरेको वा राजश्व छलेको,

(ख) अनियमित ठेक्का पट्टा वा कमिशनमा संलग्न भएको,

(ग) प्रचलित कानुनबमोजिम भ्रष्टाचार मानिने अन्य कार्य गरेको

(२) **आयोगलाई देहायका कुरामा प्रचलित कानुनबमोजिम अदालतले पाएसरहको सबै अधिकार हुनेछ :**

(क) कुनै व्यक्तिलाई आयोगसमक्ष उपस्थित गराई बयान लिने,

(ख) कुनै व्यक्तिलाई कुनै लिखत पेस गर्न आदेश दिने,

(ग) प्रमाण बुझ्ने,

(घ) कुनै सरकारी वा सार्वजनिक कार्यालय वा अदालत वा संवैधानिक निकायबाट कुनै लिखत वा सोको नक्कल झिकाउने।

(३) उपदफा (२) बमोजिम कुनै व्यक्ति उपस्थित गराउन, कुनै लिखत पेस गर्न लगाउन वा कुनै प्रमाण बुझ्न आयोगले उचित सम्झेको म्याद तोक्न सक्नेछ।

(४) आयोगलाई उपरोक्त अधिकारको अतिरिक्त भ्रष्टाचारसम्बन्धी प्रचलित कानुनबमोजिम अनुसन्धान अधिकारीले प्रयोग गर्ने सबै अधिकार र विशेष अदालत ऐन, २०५९ बमोजिम विशेष अदालतलाई प्राप्त अधिकार प्राप्त हुनेछ।

३. आयोगको मुकाम :

आयोगको मुकाम काठमाडौं उपत्यकामा रहनेछ र आवश्यकताअनुसार नेपाल अधिराज्यको जुनसुकै स्थानमा पनि आयोगले आफ्नो मुकाम कायम गर्न सक्नेछ।

४. आयोगलाई सहयोग गर्नुपर्ने :

आयोगको काम कारवाहीमा सहयोग पुर्‍याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ।

५. आयोगको अवहेलना :

आयोगले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्नेछ र आयोगको अवहेलना गरेको ठहरिएमा आयागले अभियुक्तलाई १० हजार रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

तर आयोगलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा निजलाई आयोगले माफी दिन वा सजाय घटाउन सक्नेछ।

६. सजाय र पुनरावेदन :

(१) कुनै व्यक्तिले भ्रष्टाचारसम्बन्धी प्रचलित कानुनबमोजिम कसुर गरेको प्रमाणित भएमा आयोगले निजलाई सोही कानुनबमोजिम सजाय गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम आयोगले गरेको निर्णयउपर चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र सर्वोच्च अदालतमा पुनरावेदन दिन सक्नेछ।

७. सम्पत्ति जफत हुने :

कुनै व्यक्तिले प्रचलित कानुनबमोजिम भ्रष्टाचार गरेको मानिने कुनै कार्य गरी आर्जन गरेको सम्पत्ति र सोबाट बढ बढाएको अन्य सम्पत्तिसमेत आफ्नो वा अरु कसैको नाममा राखेको प्रमाणित भएमा आयोगले त्यस्तो सम्पत्ति जफत गर्न सक्नेछ। त्यसरी जफत गरिएको सम्पत्ति राष्ट्रियकरण गरिनेछ।

८. बाधा विरोध गर्नेलाई सजाय हुने :

यस आदेशअन्तर्गतको छानबिन तथा कारवाहीमा कसैले बाधा विरोध गरेमा निजलाई आयोगले ५ हजार रूपैयाँसम्म जरिवाना वा छ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्नेछ।

९. आयोगको कर्मचारी :

(१) आयोगलाई आवश्यक पर्ने कर्मचारीहरू आयोग आफैले नियुक्त गर्न वा श्री ५ को सरकारबाट प्राप्त गर्न सक्नेछ।

(२) आयोगबाट नियुक्त कर्मचारीको सेवाको सर्त आयोगले तोकेबमोजिम हुनेछ।

१०. पारिश्रमिक र सुविधा :

(१) आयोगको अध्यक्ष, सदस्य तथा सचिवले पाउने पारिश्रमिक र सुविधा श्री ५ बाट तोकिबक्सेबमोजिम हुनेछ।

(२) आयोगको काममा नियुक्त भएका वा खटिएका कर्मचारीहरूले आयोगले तोकेबमोजिमको पारिश्रमिक र सुविधा पाउने छन्।

११. पुरस्कार :

भ्रष्टाचारसम्बन्धी कसूरको जानकारी दिने तथा सोसम्बन्धी प्रमाण संकलन गर्ने काममा सहयोग पुर्‍याउने व्यक्तिको नाम आयोगले गोप्य राख्नु पर्नेछ। त्यस्तो सहयोग पुर्‍याउने व्यक्तिलाई आयोगले उचित पुरस्कारसमेत दिन सक्नेछ।

१२. कार्यविधि :

यस आदेशमा लेखिएदेखि बाहेकका आयोगको अन्य कार्यविधि आयोग आफैले निर्धारण गरेबमोजिम हुनेछ।

१३. बाधा नपर्ने :

कुनै निकाय वा अधिकारीलाई प्रचलित कानुनबमोजिम प्राप्त भ्रष्टाचारसम्बन्धी कसुरको अनुसन्धान गर्न, तहकिकात गर्न, मुद्दाको दायरी गर्न तथा त्यस्तो मुद्दा

हेरी कारवाही किनारा गर्न यस आदेशमा लेखिएको कुनै कुराले बाधा पुऱ्याएको मानिने छैन।

१४. जाहेर गर्ने :

अदालत तथा संवैधानिक निकायको कुनै पदाधिकारीले प्रचलित कानुनबमोजिम भ्रष्टाचार मानिने कार्य गरेको देखिएमा आयोगले श्री ५ समक्ष जाहेर गर्नेछ।

१५. कार्यावधि :

आयोगको कार्यावधि श्री ५ बाट तोकिबक्सेबमोजिम हुनेछ।

१६. शपथ :

आफूलाई सुम्पिएको कार्यभार सम्हाल्नु अगावै आयोगको अध्यक्षले श्री ५ समक्ष र आयोगका सदस्य तथा सचिवले अध्यक्षसमक्ष अनुसूचीबमोजिमको ढाँचामा पद तथा गोपनीयताको शपथ लिनु पर्नेछ।

१७. बचाउ :

(क) २०६१ साल फागुन ५ गते नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (७) बमोजिम जारी भएको आदेश बमोजिम गठन भएको भ्रष्टाचार नियन्त्रण शाही आयोग यसै आदेश बमोजिम गठन भएको मानिनेछ र सो आदेश बमोजिम नियुक्त आयोगका अध्यक्ष, सदस्य र सचिव यसै आदेशबमोजिम नियुक्त भएका मानिनेछन्।

(ख) खण्ड (क) बमोजिमको आदेश अनुसार भए गरेका काम कारवाहीहरू यसै आदेश बमोजिम भए गरेको मानिनेछ।

(ग) खण्ड (क) बमोजिम गठित आयोगमा दायर भई कारवाही र किनारा हुन बाँकी रहेका मुद्दाहरू यसै आदेशबमोजिम गठित आयोगमा दायर भएको मानिनेछ।

(घ) यस आदेशमा लेखिए जति कुराको हकमा यसै आदेश बमोजिम र अरुमा प्रचलित कानुन बमोजिम हुनेछ।

(स्रोत : नेपाल राजपत्र, श्री ५ को सरकारद्वारा प्रकाशित, खण्ड ५५ अतिरिक्ताङ्क ८, काठमाण्डौ बैशाख १६ गते २०६२ साल)

विरुद्धमा नेपाल पत्रकार महासंघ र नेपाल बार एसोसिएसनसमेत नौओटा संस्थाले ०६२ कार्तिक ६ गते दायर गरेको मुद्दा निरूपण गर्नु पर्ने आवश्यकता औँल्याउँदै अग्राधिकार दिइएको भए तापनि त्यसका लागि मिति तोकिएन भने निवेदकको मागबमोजिम अन्तरिम आदेश पनि दिइएन। वर्षको अन्त्यसम्म उक्त मुद्दाको अन्तिम किनारा लाग्न सकेन। सरकारले उक्त अध्यादेश ०६२ असोज २४ गते जारी गरेको थियो।

सरकारले गैरसरकारी संस्थालाई नियन्त्रण गर्न ल्याएको विवादास्पद आचारसंहिता सम्बन्धमा अन्तर्राष्ट्रिय जगतमासमेत चर्चा पायो। गैरसरकारी संस्था महासंघ सहित नौ संस्थाले २०६२ कात्तिक ९ गते सर्वोच्चमा दायर गरिएको रिटउपर सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीश परमानन्द झाको एकल इजलासले मंसिर १५ गतेसम्म उक्त आचार संहिता कार्यान्वयन नगर्न नगराउन ०६२ मंसिर ८ गते आदेश दिएको थियो। यसैगरी, सोही मुद्दामा अन्तरिम आदेश जारी गर्दै ०६२ पुस ११ गते सर्वोच्च अदालतले सरकारकातर्फबाट लिखित जवाफ पेस नहुँदासम्म आचरसंहिता कार्यान्वियन नगर्न भन्यो। सर्वोच्च अदालतका न्यायाधीशत्रय शारदा श्रेष्ठ, तपबहादुर मगर र हरिजंग सिजापतीको संयुक्त इजलासले उक्त आदेश गरेको हो। सो आदेशपछि गैसस आचारसंहिता निस्कृय भएको छ। सर्वोच्च आफैले अग्राधिकार प्रदान गरेको त्यति सम्वेदनशील मुद्दाको फैसला भने सन् २००५ को अन्त्यसम्म पनि हुन सकेन।

तत्काल महत्वका विषय भएर पनि अदालतले निर्णय दिन ढिलाइ गरेका मुद्दाहरूको फेहरिस्त यत्तिकैमा टुङ्गिदैन। शान्तिपूर्ण रूपमा भेला हुन सरकारले रोक लगाएको र संविधानको धारा १२ ले दिएको शान्तिपूर्ण भेला र हिँडडुल गर्न पाउने अधिकारमा समेत प्रतिवन्ध लगाउने गरी केही स्थानलाई निषेधित क्षेत्र घोषणा गरिएको भन्दै अधिवक्ता धनञ्जय खनालले ०६२ असोज १२ गते दायर गरेको रिट यस्तै अर्को उदाहरण हो। सर्वोच्चले निवेदकको मागबमोजिम के कति कारणले आदेश जारी गर्नु नपर्ने हो स्पष्ट कारण र आधारसहित लिखित जवाफ पेश गर्न आदेश त दियो, तर यति महत्वको विषयमासमेत फैसलाका लागि कुनै तदारुकता देखाएन।

सडक प्रदर्शनका क्रममा अश्रुग्याँसको प्रयोगमा प्रतिवन्ध लगाउन माग गर्दै ०६२ असोज १२ गते अधिवक्ता धनञ्जय खनालद्वारा दायर गरिएको रिटलगायत यसैसम्बन्धी अन्य रिटहरूमा पनि अदालतले कारण देखाऊ आदेश जारी गरे तापनि फैसलामा तदारुकता देखाएन। विषाक्त ग्याँसले जनस्वास्थ्यमा गम्भीर असर पार्ने हुँदा यसको प्रयोग रोक्नु पर्ने, राजधानीमा सरकारले तोकेका निषेधति क्षेत्रलाई बदर गराई बहुदलीय व्यवस्थाको अभ्यास गर्न दिनुपर्ने मागका साथै जुलुस नियन्त्रणका नाममा फोहोर पानीका फोहरा प्रहार नगर्न/नगराउन समेत माग गरिएका ती मुद्दा तत्काल छिनोफानो हुनु पर्ने खालका भए तापनि सर्वोच्च अदालतबाट सन् २००५ मा कुनै निष्कर्ष आएन।

कर्मचारीको संगठित हुने अधिकारमा प्रतिवन्ध लगाउने गरी गरिएको निजामति ऐन संशोधन अध्यादेशविरुद्ध निजामति कर्मचारी संगठनका अध्यक्ष मुरारी भट्टराईले उक्त अध्यादेशमा संविधानसँग बाझिएका दफा अमान्य घोषित गर्न माग गर्दै २०६२ साउन ३१ गते सर्वोच्च अदालतमा दायर गरेको रिट पनि सन् २००५ भर फैसला हुन सकेन। मुद्दाको अन्तिम टुंगो नलागेसम्म संगठनको चल अचल सम्पत्तिमा हस्तक्षेप

नगर्न एवं संगठनको गतिविधिमा कुनै रोक नलगाउन भनी अन्तरिम आदेश जारी गर्न तथा साथै संशोधित प्रावधानका अनुसार जिल्ला प्रशासन कार्यालय काठमाण्डौद्वारा ०६२ साउन १९ गतेको गोरखापत्रमा प्रकाशित कर्मचारी संगठन स्वतः खारेज भएको भन्ने सूचना पनि उत्प्रेषणको आदेशद्वारा बदर गर्न पनि रिटमा माग गरिएको थियो।

६. अध्यादेशीय शासनलाई वैधानिकता :

यस वर्ष पनि देशमा अध्यादेशीय राजले नै निरन्तरता पायो। संविधानले अध्यादेशको प्रावधान राख्दा उक्त अध्यादेश छ महिनाभित्रैमा संसदमा परीक्षण गरिने अवस्थाको मात्र परिकल्पना गरेको छ र अध्यादेशलाई साधारण विधायिकी प्रक्रियाको अपवादको रूपमा मात्र लिनु पर्ने र यसलाई प्रवृतिका रूपमा लिन नहुनेमा संवैधानिक कानुनविद्हरू जोड दिन्छन्।[२५] तर नेपालमा विद्यमान संसदविहीनताको स्थितिले कति समयसम्म निरन्तरता पाउने हो भन्ने प्रष्ट नभएकाले सरकारमा बस्नेहरूमा "जे अध्यादेश जारी गरे पनि कसले अङ्कुश लगाउँछ र !" भन्ने सोच बढेको देखिन्छ।[२६]

यसरी कार्यपालिकाले व्यवस्थापिकाको अधिकारक्षेत्रमासमेत अतिक्रमण गरी संविधानको मर्मविपरित स्वेच्छाचारी ढङ्गले शासन चलाइरहेको अवस्थामा संविधानको संरक्षक सर्वोच्च अदालततर्फ आशाको नजर उठ्नु नै भयो। ०५८ सालमा प्रतिनिधिसभा विघटन भएपछि जथाभावी अध्यादेशमार्फत् कानुन बनाउने कार्य भइरहेकोमा त्यसलाई रोकी पाउन माग गर्दै अधिवक्ताद्वय गोपालकृष्ण घिमिरे र राजाराम ढकालले रिट दायर गरे। उक्त रिटमा संसदको अधिवेशन नचलेको अवस्थामा संविधानको धारा ७२ को अधीनमा रही सशर्त प्रयोग गर्न दिएको अधिकारलाई कार्यपालिकाको अविच्छिन्न र निरपेक्ष अधिकारको रूपमा लिएको दावी गरिएको थियो। रिट निवेदनमा विशेषगरी राजपरिवारको खर्च बढाउने सम्बन्धी, चिकित्सा विधान राष्ट्रिय प्रतिष्ठान, गरिबी निवारण कोष, स्थानीय स्वायत्त शासन, नेपाल सन्धि, आतंककारी तथा विध्वंसात्मक, शिक्षा सम्बन्धी लगायतका दर्जनौं अध्यादेशको सम्बन्धमा आपत्ति व्यक्त गरिएको थियो।

सर्वोच्च अदालतले ०६२ असार २ गते गरेको फैसलाले भने एउटै विषयमा पटक पटक आदेश मार्फत् कानुन बनाउने सरकारी प्रवृत्तिलाई वैधता प्रदान गरेको छ। संसद नभएको अवस्थामा अध्यादेश मार्फत् कानुन बनाउन सक्ने संवैधानिक व्यवस्था भएको उल्लेख गर्दै एउटै विषयमा जतिसुकै पटक अध्यादेश जारी गर्न सक्ने गरी न्यायाधीशहरू दिलीपकुमार पौडेल, चन्द्रप्रसाद पराजुली र मीनबहादुर रायमाझीको विशेष इजलासले निर्णय सुनाएको हो। संसद नभएको अवस्थामा केही गर्न आवश्यक भएमा संवैधानिक व्यवस्था अनुरूप नै अध्यादेश जारी हुन सक्ने र त्यस्तो अध्यादेशको अवधि समाप्त भई निरर्थक हुने भएकाले जुनसुकै विषयमा कानुन बनाउनु संवैधानिक हुने ठहर सर्वोच्च अदालतले गरेको छ।[२७]

७. बन्दीप्रत्यक्षीकरण र अभिव्यक्ति स्वतन्त्रताका पक्षमा आदेश :

सार्वजनिक सुरक्षा ऐनअन्तर्गत थुनामा राखिएका राजनीतिक दलका नेता, कार्यकर्ता र आतंककारी तथा विध्वंसात्मक कार्य नियन्त्रण र सजाय ऐनअन्तर्गत गैरन्यायिक ढंगले थुनिएका व्यक्तिहरू अदालतको आदेशपछि मुक्त भए। बन्दीप्रत्यक्षीकरणसम्बन्धी मुद्दामा यस वर्ष सर्वोच्चले गरेको कामलाई ऐतिहासिक मानिएको छ।

कम्युनिकेसन कर्नर बन्द गराउन श्री ५ को सरकारको ०६२ जेठ १३ गतेको आदेश विरूद्ध जेठ १६ मा सर्वोच्च अदालतमा दायर गरिएको रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले पत्रबमोजिम तत्काल कार्यान्वयन नगर्न सरकारलाई आदेश दिएको थियो। न्यायाधीशद्वय रामप्रसाद श्रेष्ठ र राजेन्द्रकुमार भण्डारीको संयुक्त इजलासको विधिवत रूपमा दर्ता भई सञ्चालनमा आइरहेको संस्था कानुन बमोजिमको प्रक्रिया नअपनाई सञ्चार मन्त्रालयको एउटा शाखा अधिकृतको ठाडो पत्रबाट बन्द गर्न नसक्ने प्रारम्भिक ठहर गरेको थियो।

सर्वोच्च अदालतले कान्तिपुर एफएमको इजाजतपत्र रद्द सम्बन्धी कुनै कारवाही नगर्न ०६२ कार्तिक १० गते सरकारका नाममा अन्तरिम आदेश जारी गरेको थियो। सूचना तथा सञ्चार मन्त्रालयले कान्तिपुर एफएमको इजाजतपत्र रद्द गर्न सूचना तथा सञ्चार मन्त्रालयले काटेको २४ घण्टे चेतावनीपत्रको विरुद्ध दायर निवेदनमा उक्त आदेश दिएको थियो।

त्यस्तै, रेडियो सगरमाथालाई बीबीसीको पुनः प्रसारण नगर्न सरकारले दिएको पत्रमा कुनै कानुनी आधार नरहेको सर्वोच्चले ०६२ मंसिर २२ गते ठहर गऱ्यो। सरकारले बीबीसी नेपाली सेवाको प्रसारण गर्न रोक लगाएपछि सो विरुद्ध परेको मुद्दामा सर्वोच्चका न्यायाधीशद्वय

२५. ढुङ्गेल, सूर्य पीएस र अन्य, पूर्ववत्, काठमाण्डौ, सन् १९९८ पृ. ४०७

२६. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), **नेपाल मानवअधिकार वर्ष पुस्तक २००५**, काठमाण्डौ, सन् २००५ पृ. ८९

२७. अधिवक्ता गोपालकृष्ण घिमिरेसमेत विरुद्ध श्री ५ को सरकार निर्णय मिति २०६२ असार २ गते

खिलराज रेग्मी र दामोदरप्रसाद शर्माको इजलासले रेडियो प्रसारण गर्ने इजाजतपत्र रद्द नभएको अवस्थामा निवेदकले प्रसारण गर्न पाउने हुँदा त्यसमा रोक लगाउन नमिल्ने हुनाले सञ्चार मन्त्रालयबाट जारी पत्रलाई कार्यान्वयन नगर्न आदेश दिएको थियो।

सूचना तथा सञ्चार मन्त्रालयले ०६२ कार्तिक २ गते आदेश जारी गर्दै एफएम रेडियोबाट समाचार प्रसारणमा लगाएको रोक गैरकानुनी भएको ठहर सर्वोच्चले गरेपछि एफएमहरूले पुन: समाचार प्रसारण गर्न पाएका थिए। सर्वोच्चमा अधिवक्ताद्वय माधवकुमार बस्नेत र सुदीप पौडेलले संयुक्त रूपमा ०६२ कार्तिक २ गते रिट दायर गरेको रिटमा संकटकाल फिर्तापछि पनि समाचार प्रसारण रोकिएकाले उपयुक्त आदेश जारी गरी खुला गर्न माग गरिएको थियो। रिटमा बैशाख १६ गतेबाट संकटकाल फिर्ता लिइए पनि समाचार प्रसारण रोकिएको र त्यसपछि बैशाख १९ गते मध्यमाञ्चल क्षेत्रीय प्रशासन कार्यालयले मातहत कार्यालयलाई पत्राचार गरी रोक्नु संविधान र कानुन विपरित भएको दावी गरिएको थियो। राष्ट्रिय प्रसारण ऐन २०४९ तथा नियमावली ०५२ ले क्षेत्रीय प्रशासकलाई यस सम्बन्धी अधिकार नदिएको उल्लेख गर्दै रिटमा गैरकानुनी पत्रका आधारमा समाचार रोक्न नमिल्ने जिकिर लिंदै रिट अन्तिम किनारा नभएसम्म उक्त सूचना कार्यान्वयन नगर्न अन्तरिम आदेशको माग गरिएको थियो। न्यायाधीशद्वय मीनबहादुर रायमाझी र अनुपराज शर्माको संयुक्त इजलासले सोही अनुरूप मन्त्रालयको आदेश कार्यान्वयन नगर्नू/नगराउनू भन्ने अन्तरिम आदेश ०६२ मंसिर १६ गते जारी गरेपछि अभिव्यक्ति स्वतन्त्रतामाथि शाही सरकारले फालेको पासो फुत्केको अनुभव भएको थियो।

सञ्चार अध्यादेशका सन्दर्भमा अन्तरिम आदेश जारी नगरेको कारण असन्तुष्टि भएको भए तापनि शाही कदमलगत्तै समाचार प्रसारण गर्ने अधिकारबाट वञ्चित एफएमहरूले सर्वोच्च अदालतको आदेशले नै समाचार प्रसारण पुन: सुचारु गर्न सकेका हुन् भन्ने तथ्यलाई भुल्न मिल्दैन। समष्टिमा सन् २००५ मा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूतिका लागि न्यायपालिकाले उल्लेख्य भूमिका निर्वाह गऱ्यो।

८. बार र न्यायालयबीचको सम्बन्धमा कटुता र धर्मराएको जनआस्था :

नेपालको ५० वर्षको न्यायिक इतिहासमा बार र बेञ्चबीच सन् २००५ मा अत्यन्त कटुता रह्यो। कटुता कतिसम्म बढ्यो भने बारको केन्द्रीय समितिको ०६२ बैशाख ११ गते बसेको आकस्मिक बैठकले तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद शर्माले तत्काल राजीनामा दिनु पर्ने माग गऱ्यो। शर्माले विदेशमा राजनीतिक अभिव्यक्ति दिएको तथा शाही आयोगले न्यायाधीशमाथि गरेको छानबिनप्रति समर्थन जनाएकाले स्वतन्त्र न्यायपालिकाको गरिमा र मर्यादा बचाउनका लागि उहाँ पदमा बसिरहन उपयुक्त नहुने भन्ने बारले निर्णय गरेको थियो।[३८] त्यस्तै, ०६२ जेठ २० गते बार एसोसिएसनको आयोजित कानुन व्यवसायीहरूको राष्ट्रिय परिषद् भेलाको उद्घाटन कार्यक्रममा पनि प्रधानन्यायाधीश शर्मालाई बोलाइएको थिएन।

प्रधानन्यायाधीश पदमा दिलीपकुमार पौडेलको नियुक्तिपछि केही समय कटुता घटेको जस्तो देखिए तापनि वर्षको उत्तरार्द्धमा बार र न्यायपालिकाको सम्बन्ध पुन: तिक्त नै हुन पुग्यो। स्वतन्त्र प्रेसमाथि अंकुश लगाउन जारी गरिएको सञ्चार अध्यादेश र कान्तिपुर एफएममाथिको आक्रमणविरूद्ध परेका रिटमा सरकारको त्यस्तो काम कारवाही रोक्न अदालतले अन्तरिम आदेश जारी नगरेको विरोधमा ०६२ कात्तिक २७ गते दिउँसो एक घण्टा हात र मुखमा कालो पट्टि बाँधी कानुन व्यवसायीहरूले सर्वोच्च परिसरभित्रै धर्ना दिएका थिए। त्यस्तै, बारले ०६२ मंसिर १ गते मुलुकभर अदालत बहिष्कार गर्ने कार्यक्रमको घोषणासमेत गऱ्यो। बारसँग सम्बन्ध पुन: सामान्य पार्न सर्वोच्चले ०६२ कार्तिक २९ गते छलफलका लागि बोलाई संविधानको सर्वोच्चता, कानुनी शासन एवं मौलिक अधिकारमा आफ्नो सदैव प्रतिबद्धता रहेको जनाएपछि बारले बहिष्कार कार्यक्रम फिर्ता लिएको थियो । सर्वोच्च अदालतमा चारजना अस्थायी न्यायाधीशको नियुक्ति प्रकरणले सन् २००५ का अन्तिम दिनहरूमा बार र बेञ्चबीच सम्बन्ध नै टुट्ने गरी सम्बन्ध बिग्रियो।

विधिशास्त्रले प्रत्येक कानुन व्यवसायीलाई

---

३८. नेपाल बार एसोसिएसनका सचिव माधव बास्कोटाद्वारा ०६२ बैशाख ११ गते जारी गरिएको प्रेस विज्ञप्तिमा भनिएको छ- "सम्माननीय प्रधान न्यायाधीश हरिप्रसाद शर्माज्यूले हालै अस्ट्रेलियामा व्यक्त गर्नु भएको लिखित मन्तव्य र प्युठान जिल्ला अदालतका जिल्ला न्यायाधीश वीरेन्द्रकुमार कर्णलाई शाही आयोगले असंवैधानिक र गैरकानुनी रूपमा गरिएको कारवाहीका सम्बन्धमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पत्रकारसमक्ष दिनु भएको प्रतिक्रियाले स्वतन्त्र न्यायपालिकाको मर्यादा र संवैधानिक सर्वोच्चताको मान्यतामा गम्भीर आघात पुऱ्याएको एवं जनआस्थामा समेत गम्भीर क्षति पुगेकोले स्वतन्त्र न्यायपालिकाको नेतृत्व गरी संविधानको संरक्षण गर्ने दायित्व सम्माननीय प्रधान न्यायाधीशज्यूबाट पूरा हुन नसक्ने भएकोले उहाँले स्वतन्त्र न्यायालयको प्रधानन्यायाधीश पदमा बसिरहन उपयुक्त हुन्न भन्ने नेपाल बार एसोसिएनको निष्कर्ष रहेको छ।"

"न्यायालयका अधिकारी" (कोर्ट अफिसर) को संज्ञा दिएको छ। न्यायाधीशलाई मुद्दा फैसला गर्न सहयोग गर्ने कार्य कानुन व्यवसायीको हो। त्यसको संगठित रूप भनेको बार एसोसिएसन हो। बारलाई अदालतकै महत्वपूर्ण अंगका रूपमा लिइएको पाइन्छ र यसले अदालतलाई सुदृढ गर्ने र अदालतका कमी, कमजोरीहरू औंल्याउने अधिकार राख्दछ भन्ने पनि स्वीकार गरिएको छ। बार र बेञ्च एक-अर्काका परिपूरक भएकाले एकको अनुपस्थितिमा अर्को अधुरो हुन्छ। त्यसैले बेञ्च र बारको सम्बन्ध सदैव सौहार्द्र हुनु पर्नेमा जोड दिइन्छ। त्यसो हुन नसक्दा न अदालत न त बार नै बलियो हुन सक्छ। सन् २००५ मा नेपालमा बार र बेञ्चबीच देखिएको कटुताले देशको न्याय प्रणालीलाई कमजोर तुल्याएको देखिन्छ।

बारसमेत आश्वस्त बन्न नसकेको बेलामा सर्वसाधारण जनताले पनि न्यायपालिकाप्रति पूरापूर आस्था राख्न नसक्नु बुझ्न नसकिने रहस्य होइन। तर माघ १९ को शाही कदमपछि नागरिक अधिकारको प्रत्याभूतिका लागि न्यायपालिका मात्र आशाको दीपस्तंभ रहेको तथ्य पनि भुल्न मिल्दैन।

शाही कदमलगत्तै संविधानको व्याख्यासँग सम्बन्धित एवम् राज्यको गैरसंवैधानिक क्रियाकलापलाई चुनौति दिइएका रिट निवेदनहरूलाई सर्वोच्च अदालत प्रशासनले भटाभट दरपीठ गर्‍यो। संकटकालमा निलम्बन नभएका मौलिक हकको प्रचलन गराउनेसम्बन्धी होस् वा भ्रष्टाचार नियन्त्रण शाही आयोगको संवैधानिकतालाई चुनौती होस्, सुरुमा यी मुद्दामा रजिष्ट्रारद्वारा दरपीठको आदेश दिइयो। त्यस्तै तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद शर्माले शाही कदमलाई अन्तर्राष्ट्रिय मञ्चमा खुलेर समर्थन गर्नु एवं शाही आयोगद्वारा प्युठान जिल्ला न्यायाधीशलाई गरिएको कारवाही उचित ठहर्‍याउनुले सर्वोच्च न्यायालय पनि राजाको असंवैधानिक कदमको पक्षमा गएको हो कि भन्ने आशंकाका साथै अब नागरिक हकको संरक्षण कतैबाट नहुने हो कि भन्ने त्रास जनमानसमा पैदा भएको थियो।

शाही कदमलगत्तै रिटसमेत दर्ता नगर्ने सर्वोच्च अदालतले पछि कतिपय सन्दर्भमा भने सक्रियतापूर्वक न्याय प्रदान गरेको देखिन्छ। बन्दीप्रत्यक्षीकरण तथा प्रेस स्वतन्त्रतासँग जोडिएका मुद्दाहरूमा न्यायालयले गरेका फैसलापछि यसप्रति जनविश्वास बढ्नु स्वाभाविक थियो। शाही आयोगले भ्रष्टाचारको अभियोगमा थुनामा राखेका पूर्वप्रधानमन्त्री शेरबहादुर देउवासमेत न्यायालयको ढोका ढकढक्याउन पुग्नु पनि सर्वोच्चले आर्जेको विश्वासको द्योतक नै थियो।

यसरी सन् २००५ मा न्यायपालिकाप्रतिको जनआस्था वर्षभर एक समान रहन नसकेको देखिन्छ। न्यायालय र यसका अधिकारीहरूको व्यवहार अनुरूप कहिले जनआस्था नै धर्मराएको अवस्थासमेत देखियो भने जनअपेक्षाअनुरूप न्यायसम्पादन बखतमा न्यायपालिकाप्रतिको जनआस्था सुदृढ भएको पनि पाइयो। संविधानको संरक्षक एवं न्यायको परिपालक निकायप्रतिको जनआस्था स्थिर अवस्थामा नरहनु पक्कै पनि सकारात्मक कुरा भने होइन।

९. सरकारी पक्षबाट अदालतको व्यापक अवहेलना :

यस वर्ष न्यायपालिका र संविधानप्रतिकूल शाही कदमपछि बनेको शाही सरकारबीच द्वन्द्व हुनु अनौठो थिएन। एकातिर संविधानको संरक्षण गर्नु पर्ने दायित्व सर्वोच्च अदालतको हो भने अर्कोतिर कानुनको सर्वोच्चतालाई अस्वीकार गर्दै निरङ्कुशतापूर्वक शासन चलाउने सोचबाट शाही कदम चालिएको थियो। त्यसैले शाही सरकार सुरुदेखि नै न्यायपालिकाको गरिमा भञ्जनमा लाग्यो।

सरकारी पक्षबाट अदालतको अटेर एवं अवहेलना सन् २००५ मा जति व्यापक भयो, सम्भवत: त्यो परिमाणमा विगतमा कहिल्यै भएको थिएन। शाही सरकारका उपाध्यक्ष तथा मन्त्रीहरूले न्यायालयविरुद्ध अभिव्यक्ति दिएर तथा न्यायालयका आदेशलाई अटेर गर्दै पटक पटक अदालतको उपेक्षा गरे।

विराटनगरमा २०६२ असोज ३ गते आयोजित पूर्वाञ्चल विकास क्षेत्रका जिविस सभापति तथा उपसभापतिहरूको भेलामा बोल्दै शाही मन्त्रिपरिषद्का उपाध्यक्ष डा. तुलसी गिरीले सर्वोच्च अदालत र न्यायाधीशहरूले राजनीतिक दलद्वारा प्रभावित भई निर्णय सुनाउने गरेको आरोप लगाए। सर्वोच्च अदालतप्रति सरकारका तर्फबाट सार्वजनिक रूपमा अपत्यार र अविश्वास प्रकट भएको यस घटनाले शाही सरकार न्यायपालिकालाई पनि कार्यपालिकाको अधिनमा राख्न चाहन्छ भन्ने देखियो। गिरीद्वारा सर्वोच्चमाथि लाञ्छनाका साथै वर्तमान संविधान नै राजाको कदमका लागि बाधक भएको अभिव्यक्ति आएपछि नेपाल बार एसोसिएसनले संविधानको धारा ८६ (२) र सर्वोच्च अदालत नियमावली ७(१) अनुसार उनीमाथि कारवाही हुनु पर्ने माग गर्‍यो।

न्यायपालिकालाई सरकारको कति हदसम्म हेपेको थियो भन्ने उदाहरणका लागि "अदालतले छाडेका बन्दीलाई पुन: पक्राउ गर्न नहुने भन्ने केही छैन" भन्ने तत्कालीन गृहमन्त्री दानबहादुर शाहीको अभिव्यक्तिलाई लिन सकिन्छ। अदालतले रिहाइका लागि आदेश दिएको लगत्तै बन्दीलाई पुन: गिरफ्तार गर्ने क्रम बढेपछि त्यसो नगर्न र अदालतको आदेश पालना गर्न प्रधानन्यायाधीशले गृहमन्त्री शाहीलाई आफ्नै

कार्यकक्षमा बोलाएर निर्देशन दिनु परेको थियो।[२९] तत्कालीन गृहमन्त्री शाही सर्वोच्च अदालतको अवहेलनाकर्ताका रूपमा यति नाङ्गिए कि सर्वोच्चले उनीबाट आफ्ना विभिन्न आठओटा आदेशहरूको अपहेलना भएको भन्दै व्यक्तिगत रूपमा गम्भीर ध्यानाकर्षण पनि गरेको थियो। साथै, अदालतको आदेशको सरकारबाट कुव्याख्या भएको तथा सरकार मानवअधिकार र कानुनी मर्यादा उल्लंघनकर्ताको रूपमा देखिएकोमा आलोचना गर्दै त्यस्तो नगर्न सर्वोच्चले चेतावनी दिएको थियो।

शाही सरकारका मन्त्री टंक ढकाल पनि अदालतको अवज्ञा गर्नमा पछि परेनन्। उनी सूचना तथा सञ्चारमन्त्री रहँदा सञ्चार मन्त्रालयले पहिलो पटक ०६२ मंसिर १२ गते सगरमाथा एफएमलाई बन्द गर्न निर्देशन दिएकोमा सर्वोच्च अदालतबाट ०६२ मंसिर १४ गते अन्तरिम आदेश जारी भएकै दिनमा अर्को पत्र पठाई प्रसारण बन्द गर्न निर्देशन दिएर उनले अदालतको आदेशको अवज्ञा गरेका थिए।

सरकारले अदालतको आदेश कार्यान्वयन नगर्ने, रिहाइको कागज मात्र बनाई थुनामै राख्ने तथा रिहाइलगत्तै पुन: पक्रने अनेक घटनाहरू सन् २००५ मा भए। उदाहरणका लागि, माओवादी भएको आशंकामा करिब दुई वर्ष पहिले गिरफ्तार गरिएका राजेन्द्र फुँयाललाई कुनै मुद्दा नचलाई लामो समयसम्म थुनामा राख्नु अनुचित भएको ठहर गरी सर्वोच्चले रिहाइका लागि दिएको आदेश पाएकै दिन बन्दीलाई अर्को पूर्जी दिई थुनामा राखियो। सर्वोच्चले फुँयाललाई जिल्ला न्यायाधीशको रोहवरमा सोही दिन रिहा गर्न आदेश दिएकोमा आदेश पाएको पाँच दिनसम्म पनि रिहा नगरिएपछि बन्दीलाई अदालतमै उपस्थित गराउने मागसहित अर्को रिट दायर भयो। रिटमा गृहमन्त्री दानबहादुर शाहीलाई अदालतको अवहेलनामा कारवाही गर्नसमेत माग गरिएको थियो।

अदालतले मुक्त गर्न आदेश दिएका बन्दीलाई अदालत परिसरभित्र सुरक्षाकर्मी प्रवेश गरेर पुन: पक्राउ गर्ने काम पनि सन् २००५ मा भएको थियो। उदाहरणका लागि, अनेरास्ववियुका नेता राजेन्द्र राईलाई सर्वोच्च अदालत परिसरबाटै गिरफ्तार गरिएको घटनालाई लिन सकिन्छ। राईलाई ०६१ माघ १९ गतेदेखि थुनामा राखिएकोमा बन्दीप्रत्यक्षीकरणको रिट परेपछि सर्वोच्चले उनलाई जिल्ला अदालतको रोहवरमा छोड्न ०६२ वैशाख ३० गते आदेश दिएको थियो। राईलाई ०६२ जेठ २ गते काठमाण्डौ जिल्ला अदालतसमक्ष उपस्थित गराई रिहाइको कागजमा हस्ताक्षर गराए तापनि अदालत परिसरबाटै प्रहरीहरूले लाठीचार्जसमेत गरी पुन: पक्राउ गरिएको थियो। सर्वोच्चका न्यायाधीशद्वय केदारप्रसाद गिरी र खिलराज रेग्मीको संयुक्त इजालासले "यस्तो धरपकड र हिरासतलाई गैरकानुनी स्वेच्छाचारी वा मनमानी भन्नु सिवाय अरु केही भन्न सकिँदैन" भन्ने ठहर गरेको थियो।[३०]

सरकारी पक्ष अदालतको अवहेलनामा व्यापक मात्रामा संलग्न रहँदा अदालतले भने दोषीहरूलाई कारवाही गर्नमा तदारुकता नदेखाएको आलोचना भएको छ। आफ्नो अवहेलना भएको कुरामा अदालत स्वयम्ले जानकारी लिएर कारवाही प्रारम्भ गर्नु पर्नेमा बारका तर्फबाट दायर निवेदनमा पनि तदारुकता र गम्भीरताका साथ सुनुवाइ नभएको गुनासो रह्यो।[३१]

१०. न्यायसम्पादन र सुधार :

यसवर्ष नेपाल अधिराज्यका विभिन्न अदालत र न्यायाधीकरणबाट ०६१/०६२मा न्यायसम्पादन सम्बन्धी विवरण निम्नानुसार प्रस्तुत गरिएको छ।[३२]

सर्वोच्च अदालत :

क्र.सं.	मुद्दाका प्रकार	लगत	फछ्र्यौट	फ. प्र.	बाँकी
१	रिट निवेदन	४६१९	२०४३	४४.२३	२५७६
२	पुनरावेदन, साधक र सुरु मुद्दा	१४२२९	३०४२	२१.३८	१११८७
३	पुनरावलोकनको निवेदन	६४३	०	०.००	६४३
४	पुनरावेदनको अनुमति निवेदन	४२४	३९६	९३.४०	२८
५	दहोऱ्याई पाऊँ भन्ने निवेदन	३९२५	२११३	५१.२९	१९१२
	जम्मा	२३८४०	७४९४	३१.४३	१६३४६

२९. सर्वोच्च अदालतको आदेशविपरित राजेन्द्र राईलगायतका बन्दीहरूलाई पुन: पक्राउ गरिएको विषयमा प्रधानन्यायाधीश हरिप्रसाद शर्माले गृहमन्त्री दानबहादुर शाहीलाई २०६२ जेठ ४ गते आफ्नो कार्यकक्षमा नै बोलाई त्यसो नगर्न निर्देशन दिनु भएको थियो।

३०. राजेन्द्र राईको हकमा शम्भु थापा विरुद्ध मन्त्रिपरिषद्का उपाध्यक्ष तुलसी गिरीसमेत २०६२ सालको रिट नं. ५५५ निर्णय मिति २०६२ जेठ ६ गते

३१. नेपाल साप्ताहिक वर्ष ६ अङ्क १३, २०६२ कार्तिक २० गते पृ. ३४ मा कानुनविद् तथा पूर्वन्यायाधीशहरूको टिप्पणी

३२. सर्वोच्च अदालत, **सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन ०६१/०६२**, काठमाडौं, वि.सं.०६२

पुनरावेदन अदालत :

क्र.सं.	मुद्दाका प्रकार	लगत	फछ्र्यौट	फ. प्र.	बाँकी
१	पुनरावेदन	१९०२२	९८१४	५१.५९	९२०८
२	साधक	१००	८२	८२.००	१८
३	सुरु मुद्दा	३७५	१७६	४६.९३	१९९
४	रिट निवेदन	२७९१	२०५९	७३.७७	७३२
	जम्मा	२२२८८	१२१३१	५४.४३	१०१५७

जिल्ला अदालत :

क्र.सं.	मुद्दाका प्रकार	लगत	फछ्र्यौट	फ. प्र.	बाँकी
१	देवानी मुद्दा	३८१८०	२११२७	५५.३४	१७०५३
२	फौजदारी मुद्दा	२०७२२	१२०७६	५८.२८	८६४६
	जम्मा	५८९०२	३३२०३	५६.३७	२५६९९

अन्य अदालत तथा न्यायाधिकरणहरू :

लगत	फछ्र्यौट	फ. प्र.	बाँकी
२३४१	९८७	४२.१६	१३५४

सबै अदालतहरूको जम्मा तथ्याङ्क :

लगत	फछ्र्यौट	फ. प्र.	बाँकी
१०७३७१	५३८१५	५०.१२	५३५५६

सर्वोच्चमा टिपोट प्रणालीको सुरुवात :

सर्वोच्च अदालतले विचाराधीन १४ हजार मुद्दाको टिपोट प्रणाली ०६२ वैशाख ५ गतेदेखि लागू गरेको छ। नागरिकलाई छिटो न्याय दिलाउने उद्देश्यले यसलाई लागू गरिएको हो। न्यायाधीशले मुद्दाको पेसीका दिन मात्र मुद्दाको अध्ययन र सुनुवाइ गर्नुपर्दा न्याय सम्पादन लम्बिने समस्या थियो। पेसी तोकिनु पूर्व टिपोट तयार भएपछि मुद्दा बुझ्न सजिलो हुने र निर्णय प्रक्रियामा छरितोपन आउने विश्वास लिइएको छ।

न्यायपालिकाको पञ्चवर्षीय रणनीतिक योजनामा समेत छरितो न्यायसम्पादनलाई जोड दिइएको छ। सर्वोच्च अदालत नियमावली बनाउँदादेखि नै राखिएको उक्त व्यवस्था तीन महिनाको गृहकार्यपछि यस वर्ष कार्यान्वयनमा ल्याइएको हो। मिसिलमा भएका फिरादपत्र, निवेदनपत्र, प्रतिउत्तर पत्र, बयान, बकपत्र, तल्लो अदालतको आदेश, प्रमाणजस्ता लिखतका सारांश टिपोट हुनुपर्ने व्यवस्था नियमावलीमा छ। त्यस्ता टिपोट मुद्दा सम्बद्ध फाँटवालाले नै खडा गर्ने र त्यसपछि रजिस्ट्रारले टिपोटमा भएका मुद्दालाई मिसिलमा भिडाएर हेर्नु पर्ने प्रावधान छ। उक्त टिपोट उतार्ने फाँटवाला असक्षम भएमा सुनुवाईमा नकारात्मक आउन सक्ने खतरा पनि एकथरी कानून व्यवसायीले औंल्याएका छन्।

अन्य अदालत

विशेष अदालत : पद र प्रतिष्ठाका आधारमा गरिने अपराधका रूपमा रहेको भ्रष्टाचार सम्बन्धी विषयमा अन्य सामान्य अदालतमा सुनुवाइ हुँदा न्यायसम्पादनमा समय लाग्ने र दण्डहीनताको अवस्था देखा पर्न सक्ने भएकाले विशेष अदालतको स्थापना भएको हो। एकै प्रकृतिका मुद्दा हेर्दा न्यायसम्पादन प्रभावकारी तथा छिटो छरितो हुने विश्वाससमेत गरिएको छ ।

राज्य विरूद्धका अपराधका साथै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गरेका निर्णयमा परेका पुनरावेदनमा विशेष अदालतले सुनुवाइ गरिरहेको छ। ०५९ साल भदौ ६ गते सुरू भएको वर्तमान विशेष अदालतमा केही मुद्दामा अढाइ महिनासम्म सुनुवाइ भएको र हिरासतमा राख्ने, म्याद थप गर्ने र थुनछेकका कार्य गर्दा पनि समय बित्ने गरेकाले छ महिनाभित्र मुद्दा फर्स्योट गरिसक्नु पर्ने व्यवस्था पर्याप्त नभएको देखिन्छ।

बाल इजलास

छ वर्षअघि ०५६ चैत ९ गते तत्कालीन सरकारले नेपालका सबै जिल्ला अदालतमा बालबालिकाको मुद्दा हेर्न छुट्टै बाल इजलास गठन गरेको घोषणा गरेतापनि त्यो कार्यान्वयन भएको छैन। बालअधिकार संरक्षण सहयोग केन्द्रले मुलुकका १० जिल्लामा मात्र नमूनाका रूपमा बाल इजलास कार्यान्वयन प्रक्रिया अगाडि बढाएको छ। अन्यथा, सरकारले बाल इजलास गठन गरिएको परिपत्र गरी केही रकम पठाउने बाहेक थप केही भएको छैन।

बाल इजलासको कार्यान्वयन नहुँदा जोखिममा परेका बालबालिकाको अवस्था झन् गम्भीर भएको छ। बालबालिकालाई हत्कडी लगाएर जेल पठाउन नमिल्नेमा फौज्दारी अभियोग लगाएर अपराधीसरह मुद्दा दायर गरिने गरेको छ। बालबालिकाको हक हननविरूद्धका मुद्दा अदालतसम्म आउन सकेका छैनन्। बाल इजलासका लागि चाहिने कार्यविधि नियमावली नभएका कारण प्रहरी प्रशासनले दोषी बालबालिकाको उमेर जबरजस्ती बढाएर अदालतमा मुद्दा चलाउने गरिएको छ।

११. २००५ मा सर्वोच्च अदालतबाट फैसला भएका केही मुद्दाहरू :

११.१. संकटकालमा निलम्बनमा नपरेका मौलिक हकको संवैधानिक उपचार सुरक्षित :

संविधानको धारा ११५ को उपधारा ८ अनुसार

निलम्बन हुनसक्ने मौलिक हक बाहेक संकटकालमा निलम्बनमा नपरेका मौलिक हकको संवैधानिक उपचार सुरक्षित रहने व्याख्या सर्वोच्च अदालतले गरेको छ। प्रधानन्यायाधीश हरिप्रसाद शर्मा र न्यायाधीशहरू भैरवप्रसाद लम्साल, मीनबहादुर रायमाझी, अनुपराज शर्मा र बलराम केसीको सम्मिलित विशेष इजलासले ०६१ चैत १८ गते दिएको निर्णयमा उक्त व्याख्या गरिएको हो।

डम्बरसिंह गदाल विरुद्ध इलाम नगरपालिकासमेतको मुद्दामा संविधानको धारा ११५ अनुसार संटकालीन अवस्था जारी गरी संवैधानिक हक निलम्बन भएको अवस्थामा संविधानतः रिट दर्ता हुन सक्ने/नसक्ने तथा रजिस्ट्रारबाट भएको दरपीठ आदेश मिलेको छ/छैन भन्ने दुई विषयमा केन्द्रित भई सर्वोच्चले निर्णय दिएको थियो। "... संवैधानिक व्यवस्था अनुसार पनि धारा ११५ को उपधारा (८) अनुसार निलम्बन हुन सक्ने मौलिक हक बाहेकको अन्य मौलिकहकहरू प्रचलनका लागि अदालतमा निवेदन दिन सकिने भन्ने अर्थ निस्कन्छ। यसबाट समेत सङ्कटकालको अवस्थामा निलम्वन गर्न सकिने हकको प्रयोजनको लागि मात्र धारा २३ अन्तर्गत संवैधानिक उपचारको हक निलम्वन गरिएको मान्नु पर्ने हुन्छ। त्यस विपरित सङ्कटकालीन अवसथामा निलम्वन नै नगरिएको मौलिक हकको प्रचलनको लागि समेत संवैधानिक उपचारको हक निलम्वन गरिएको भन्ने व्याख्या गर्नु संविधानसम्मत तथा तर्कसंगत हुने देखिंदैन। तसर्थ : संविधानको धारा ११५ अनुसार सङ्कटकालीन अवस्थाको घोषणा गरी धारा ११५ को उपधारा (८) बमोजिम धारा २३ द्वारा व्यवस्थित संवैधानिक उपचारको हक समेत निलम्बन गरिएको अवस्थामा उक्त उपधारा अनुसार निलम्बन नगरिएका अन्य मौलिकहकहरू तथा अन्य प्रभावकारी उपचारको व्यवस्था नभएको कानुनी हकको प्रचलनका लागि संविधानको धारा ८८ (२) अन्तर्गत यस अदालतमा रिट निवेदन दर्ता हुन नसक्ने भन्न मिल्ने देखिन आएन।" फैसलामा भनिएको छ।[३३]

११.२. संकटकालको अनुमोदन राष्ट्रियसभाबाट गराउने सम्बन्धमा परेको मुद्दा

मुलुकमा जारी संकटकाललाई अनुमोदन गर्न राष्ट्रियसभाको बैठक डाक्न परमादेशको माग गर्दै ०६२ बैशाख १४ गते सर्वोच्च अदालतमा दायर भएको रिटलाई सर्वोच्च प्रशासनले दर्ता नगरी दरपीठ गऱ्यो। नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ (६) अनुरूप प्रतिनिधिसभा विघटित भएको अवस्थामा अनुमोदनका लागि राष्ट्रियसभाको बैठक बोलाउनु पर्ने बाध्यात्मक व्यवस्था रहेको प्रश्न उठाउँदै अधिवक्ता दिनेश त्रिपाठीले पेस गरेको रिट निवेदन संकटकालको तीन महिना पुग्ने अवधि बाँकी नै रहेकाले संकटकाल घोषणा अनुमेदनका लागि राष्ट्रिय सभामा पेस गर्नु भनी अदालतबाट आदेश जारी गर्नु पर्ने अवस्था परिनसकेको भनी दरपीठ गरिएको थियो।[३४]

११.३. संसदमा भएको छलफलको विषयमा अदालतमा मुद्दा चलाउन नमिल्ने :

सर्वोच्च अदालतले संसदमा भएको छलफलको विषयमा अदालतमा मुद्दा चलाउन नमिल्ने ठहर गरेको छ। नुवाकोट क्षेत्र नम्बर १ का लागि ०५६ सालमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी विवादमा निर्वाचन विशेष अदालतले गरेको फैसला विरूद्ध टिप्पणी गर्दा सभामुख तारानाथ रानाभाट समेत तत्कालीन केही संसदले अदालतको अवहेलना गरेको भनी अधिवक्ता रविराज भण्डारीले ०५७ असार १५ गते दायर गरेको रिटमा सर्वोच्च अदालतले संयुक्त इजलासले संसदमा भएको छलफलको विषयलाई आधार बनाएर मुद्दा चलाउन नमिल्ने ठहर गरेको हो। यद्यपि संसदले पनि संविधानले लगाएको बन्देज र आफ्नो मर्यादा पालना गर्नु पर्ने तथ्यमा पनि उक्त निर्णयमा जोड दिइएको छ।[३५]

११.४. निर्वाचन प्रणालीलाई पारदर्शी बनाउन निर्देशनात्मक आदेश :

सर्वोच्च अदालतले निर्वाचन प्रणालीलाई पारदर्शी बनाउन, राजनीतिक पार्टीहरूसँग सल्लाह गरेर आवश्यक

न्याय प्रणाली बाहिरको सानो न्यायालय

अदालतमा पैसा धेरै खर्च हुने, समय धेरै लाग्ने, झन्झट हुने, घुस दिनु पर्ने लगायतका विविध कारणले गर्दा अदालतप्रति वितृष्णा पैदा भएकोले आफै गाउँमा सानो अदालत गठन गरी मुद्दा छिनोफानो गर्ने गरेका छन्। खुदुनाबारी-४ का बासिन्दाले स्थापना भएको २ वर्ष भित्र यस अदालतमा करिब ३ सय मुद्दा उजुरी परेको छ। जसमा २ सय ५ वटा मुद्दा मिलाइसकेका छन् भने अन्य ८० वटा मुद्दा इजलासको क्रममा छ। स्थानीय महिला र पुरुषहरूको विशेष सक्रियतामा स्थापना गरिएको सामुदायिक मानवअधिकारका लागि मध्यस्थता कार्यक्रम अन्तर्गतको सानो अदालत अहिले जिल्लाकै नमुना बनेको छ। सो सानो अदालतमा छिमेकी इलाम जिल्लाको समेत मुद्दा आउन थालेको छ।

स्रोत : नेपाल समाचारपत्र, ०६२ असार ७ गते

---

३३. डम्बरसिं गदाल विरुद्ध इलाम नगरपालिका, २०६१ सालको निवेदन नं. १७९ निर्णय मिति २०६१ चैत १८ गते

३४. "रिट अस्वीकृत", गोरखापत्र, ०६२ बैशाख १६ गते

३५. रविराज भण्डारी विरुद्ध सभामुख तारानाथ रानाभाटसमेत ०५७ को निवेदन नं. ७६, निर्णय मिति ०६२ असोज २ गते

श्री प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय,
बबरमहल, काठमाडौं।

विषय : जानकारी गराइएको।

त्यस कार्यालयले मिति २०६२/२/२३ मा ने. बा. ए. का अध्यक्षलाई लेखेको पत्रको सम्बन्धमा मिति २०६२/२/२५ गते बसेको ने. बा. ए. का पूर्व अध्यक्षहरू, महासचिवहरू, वरिष्ठ अधिवक्ता सहितको बैठकले गरेको निर्णयको आधारमा देश भरिका सम्पूर्ण कानुन व्यवसायीहरूको तर्फबाट यो जानकारी गराइएको छ।

१. उल्लेखित मितिको त्यस कार्यालयको पत्र ने. बा. ए. लाई संस्थागत ढंगले लेखिएकोले ने. बा. ए. मा आबद्ध देशभरका ८० वटा एकाई र दशौं हजार कानुन व्यवसायीको तर्फबाट उक्त पत्रमा उल्लेखित विषयमा जानकारी गराइएको व्यहोरा स्मरण गराउन चाहन्छु।

२. नेपाल बार एसोसिएनको आफ्नो स्थापनाकालदेखि नै स्वतन्त्र न्यायपालिका, मानवअधिकार, नागरिक स्वतन्त्रता, संवैधानिक सर्वोच्चता र विधिको शासनको पक्षमा दृढतापूर्वक क्रियाशील रही आएको छ। निरंकुश र स्वेच्छाचारी पञ्चायती शासन व्यवस्था कायम रहेको बखत पनि यसले विधिको शासन र मानवअधिकारको पक्षमा आवाज उठाउँदै बहुदलीय व्यवस्थाको अभावमा प्रजातन्त्र र विधिको शासनको कल्पना गर्न सकिदैन भनी आफ्नो राष्ट्रिय सम्मेलनबाटै बहुदलीय व्यवस्थाको पुनर्स्थापनाको माग राखी क्रियाशील रहेको थियो। त्यस क्रममा हाम्रा सयौं अग्रजहरूले तत्कालीन शासकहरूको यातना र बन्दी जीवन व्यतित गर्नु परेको थियो। अन्ततह प्रतिबन्धित राजनीतिक दलहरु पनि ने. बा. ए. को सोही माग अनुरूप एकताबद्ध भएको परिणाम स्वरूप निरंकुश र स्वेच्छाचारी उक्त व्यवस्थाको अन्त्य भई नेपाल अधिराज्यको संविधान २०४७ को निर्माण भएकोले ने. बा. ए. जुनसुकै प्रकृति र स्वरूपको निरंकुशता र स्वेच्छाचारी शासनको विरुद्धमा रहेकोले आफ्नो त्यो गौरवपूर्ण र ऐतिहासिक विरासतलाई अझ अघि बढाउन यो कार्यसमिति पनि दृढ र उच्च मनोबलका साथ क्रियाशील रही आएको छ। व्यक्तिको सट्टा विधिको र निरंकुशताको सट्टा प्रजातन्त्रको अनि संविधान, कानुन र सार्वभौमसत्ताका मालिक जनताले नचिनेका अपरिभाषित र जनताप्रति उत्तरदायी र जवाफदेही नहुने व्यक्ति, समूह वा पदाधिकारीको शासनको सट्टा जनअनुमोदित र जननिर्वाचित व्यक्ति संस्था वा पदाधिकारीहरूले मात्र जनता माथि शासन गर्ने अधिकार राख्दछन् भन्ने ने. बा. ए. को दृढ धारणा र कृत संकल्प रहेको तथ्य स-गौरव स्मरण गराउन चाहन्छु।

३. यसै सन्दर्भमा प्रत्येक ६/६ महिनामा विधान बमोजिम हुने हाम्रो कार्यकारिणी परिषद्को बैठक तथा वार्षिक साधारणसभा समेत एकैसाथ गर्ने उद्देश्यले गत जेठ २० र २१ गते काठमाडौंमा कार्यकारिणी परिषद्को बैठक तथा वार्षिक साधारणसभा आयोजना गरिएको थियो। उक्त कार्यक्रमको उद्घाटन सत्रमा सर्वोच्च अदालतका पूर्व न्यायाधीशज्यूहरू, पूर्व सभामुख, पूर्व कानुन मन्त्री, वरिष्ठ अधिवक्ता, नेपाल अधिराज्यका महान्यायाधिवक्ता सर्वोच्च अदालतका रजिष्ट्रार र जिल्ला अदालतका न्यायाधीशज्यूहरू एवम् हालैसाले नेपालमा स्थापना भएको संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयोगका नेपालस्थित प्रमुख, विभिन्न कुटनीतिक नियोगका प्रतिनिधिहरू र ल एशियाका महासचिव र अन्य पेशागत संघ संस्थाका प्रतिनिधिहरू समेत उपस्थित हुनुहुन्थ्यो। उक्त अवसरमा शुभकामना मन्तव्य दिने प्राय सबै प्रतिनिधिहरू र मुख्य सत्रमा भाग लिने देशभरका हजारौं कानुन व्यवसायीहरूले मुलुकमा हाल संवैधानिक सर्वोच्चता नरहेको, कानुनी शासनको उपहास गरिएको, मानवअधिकार र नागरिक स्वतन्त्रताको उपयोगमा गैर संवैधानिक नियन्त्रण गरिएको र स्वतन्त्र तथा सक्षम न्यायालयको अधिकार क्षेत्र समेत अतिक्रमण गरिएको भनी विभिन्न सुझाव तथा प्रतिक्रियाहरू व्यक्त गर्नु भएको सन्दर्भमा सामाजिक अभियन्ताहरूको छाता संगठन भएको नाताले उपरोक्त सुझाव र प्रतिक्रियाहरू आम नागरिक र स्वयम् श्री ५ को सरकारलाई पनि प्रभावकारी रूपमा संप्रेषित होस् भन्ने आशयले अघिल्लै दिन स्वयम् महान्यायधिवक्ताज्यूको उपस्थितिमा सार्वजनिक रूपमा घोषणा गरी मिति २०६२/२/२१ गते बिहान ८:३० बजे देखि, संवैधानिक सर्वोच्चता कायम गर, असंवैधानिक शाही आयोग खारेज गर कानुन बनाउने अधिकार संसदलाई मात्र छ, प्रस्तावित स्वेच्छाचारी प्रेस सम्बन्धी संशोधन कानुन फिर्ता गर, सम्पूर्ण आस्थाका बन्दीहरू रिहा गर र स्वतन्त्र न्यायपालिकाको सम्मान गर भन्ने कानुनी शासन, प्रजातन्त्र र मानवअधिकारको परिहार्य र अविभाज्य प्लेकार्ड अंकित मौन रूपमा प्रभात फेरी कार्यक्रम आयोजना गरिएको थियो। डिल्लीबजार कालिकास्थानबाट शुरू भएको हजारौं कानुन व्यवसायीको उक्त प्रभात फेरी डिल्लीबजार, पुतलीसडक बागबजार हुँदै रत्नपार्क छेउ पुगेपछि सुरक्षाकर्मीहरूकै स्कोर्टिङ्गमा हामी रत्नपार्क, पुरानो बसपार्क, भृकुटीमण्डप हुँदै पुनः कालिकास्थान तर्फ लगी प्रभातफेरिको विर्सजन गरी अन्य निर्धारित कार्यक्रम तर्फ लागेका थियौं।

४. उपरोक्त अनुसार नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको मौलिक हकको उपयोग गरी शान्तिपूर्ण प्रभातफेरी कार्यक्रम आयोजना गर्नुलाई हामीले हाम्रो पेशागत धर्म, संस्थागत मान्यता, सामाजिक अभियन्ताको दायित्व र नागरिक समाजको कर्तव्यको रूपमा लिएका छौं।

प्रचलित कानून र नागरिकहकको बारेमा स्वभावैले हामीलाई राम्रो ज्ञान र सचेतना रहेको हुनाले संवैधानिक र कानुनी कर्तव्य हामीलाई कसैले सिकाई रहनु आवश्यक छैन भन्ने हाम्रो अठोट रहेको छ। संविधान र कानुनलाई नियन्त्रणमा लिई असंवैधानिक र गैर कानुनी ढंगले संचालित शासन व्यवथा वा सो बमोजिम जारी गरिएका कानुन वा आदेशहरूले संविधानमा उल्लेखित स्पष्ट प्रावधान र संवैधानिक मर्मलाई किमार्थ पनि न्युनीकरण गर्न वा निश्क्रिय पार्न नसक्ने हुनाले वैधताको अभावमा जारी आदेश वा निर्देशनहरू कानुन सरह मान्य हुँदैनन् र हुनु हुँदैन भन्ने दृढतापूर्वक स्मरण चाहान्छौं।

५. नेपाल पक्ष राष्ट्र भएका संयुक्त राष्ट्रसंघीय मनवअधिकार सम्बन्धी विभिन्न अनुबन्धहरू र विशेषत: नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अनुबन्ध १९६६ ले प्रत्याभूत गरेका न्यूनतम राजनीतिक अधिकारहरू कुनै पनि बहानामा नियन्त्रण हुन सक्दैनन्। यसै तथ्यलाई समेत दृष्टिगत गरी हालसालै संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको सम्मेलनले जेनेभामा पारित गरेको नेपाल सम्बन्धी आइटम नं. १९ ले पनि नागरिक हक वहाल गर्न गरेको अनुरोध समेतलाई दृष्टिगत गरी उक्त कार्यक्रम आयोजना गरिएको हुनाले त्यसबाट संविधान कानुन र नेपालले अन्तर्राष्ट्रिय जगतमा गरेको प्रतिबद्धता अनुरूपको कुनै पनि सीमा उल्लंघन गरेको छैन भन्ने हाम्रो निश्चित धारणा रहेको छ।

६.उल्लेखित तथ्यहरूको पृष्ठभूमिमा यहाँले उल्लेख गर्नु भए बमोजिम हामीले कुनै पनि कानुन वा संविधान र संवैधानिक मर्म र भावना अनुरूप जारी निर्देशनहरूको अवज्ञा गरेका छैनौं। यहाँले पत्रमा उल्लेख गर्नु भएको स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३)(क) उक्त प्रभातफेरी कार्यक्रमको सन्दर्भमा कुनै हालतमा पनि आकर्षित हुन सक्दैन। त्यसैले दफा ६(४) को सजाय गर्ने भन्नु आफैमा स्वेच्छाचारिताको पराकाष्ठ हो भन्ने पनि ठहर छ। त्यसका लागि सोही ऐनले तोकेका बाधयात्मक प्रक्रियाहरूको अक्षरस: पालना गरिनु अनिवार्य हुन्छ। तसर्थ सारवान र कार्यविधिगत दुवै रूपमा उक्त कानुनी दफा उक्त कार्यक्रमको हकमा आकर्षित हुन नसक्ने भएको र दफा ६(३)(क) को आदेशले जुनसुकै स्थान र क्षेत्रलाई स्वेच्छाचारी रुपले निषेधित क्षेत्र घोषणा गरी नेपाल अधिराज्यको संविधान २०४७ को भाग ३ मा उल्लेखित कुनै पनि मौलिक हक एवम् नागरिक स्वतन्त्रतालाई न्यूनीकरण र निश्क्रिय वा निस्प्रभावी बनाउन नसक्ने हुनाले यहाँले उल्लेख गर्नु भएको त्यस कार्यालयको उक्त आदेश जारी भई कायम रहेको भए स्वयम् असंवैधानिक र गैरकानुनी भएकोले उक्त आदेश अविलम्ब खारेज गर्नु पर्ने यसै पत्रद्वारा ध्यानाकर्षण गराउन चाहान्छु। साथै ने. बा. ए. लाई कानुनी शासनको पक्षमा क्रियाशील हुनबाट रोक्ने आशयले उक्त पत्र पठाइएको हाम्रो ठहर भएकोले हामीले देशव्यापी विरोध कार्यक्रम सञ्चालन गर्न लागेको पनि यसै पत्रद्वारा अवगत गराउन चाहन्छु।

७. राज्यका कुनै पनि अंग निकाय तथा सरकार स्वयम्ले कानुन नमान्नु, अनि नेपाल बार एशोसिएसन जस्तो संस्थाले विश्वव्यापी र राष्ट्रिय मान्यता प्राप्त सार्वभौम उद्‌घोषहरूलाई आम रूपमा चेतना वृद्धि गर्न प्रभातफेरीको कार्यक्रम गरेको माथि संविधानमा नभएको पदीय हैसियत ग्रहण गरी सरकारी कर्मचारीहरूको उपस्थितिमा सञ्चार माध्यमबाट यस संगठनको सान ख्याती प्रतिष्ठामा आँच पुगोस् भन्ने दुषित उद्देश्यले अभिव्यक्ति प्रेषित गर्नु र सोही अभिव्यक्तिलाई पूठ दिने हिसाबले राज्यले पत्राचार गर्नु राज्यको संरचना बाहिरको विषयवस्तु हो भन्ने पनि दृढ ठहर छ।

८. राज्यले गैरकानुनी थुनामा राखेका बन्दीहरूको हकमा यस एशोसिएनले बन्दीप्रत्यक्षीकरणको निवेदनबाट कानुनी उपचारको मार्ग प्रशस्त गरी आएकोमा सम्मानित सर्वोच्च अदालतको आदेशलाई अवज्ञा गरी पुन: थुनामा राख्नु जस्तो कार्यको विरुद्धमा एशोसिएन प्रत्यक्षरुले संलग्न भई राज्यका गैरकानुनी पदाधिकारीहरूमाथि मानहानीको मुद्दा दायर गरेको यथार्थ व्यहोरा पनि जानकारी नभएको होइन।

९. विना पूर्व सूचना आवत जावत गर्नबाट रोक लगाउनु त्यसको जानकारी म स्वयम्ले विस्तृतरूपमा माग्दा नदिनुबाट राज्यको चरित्र कानुनलाई खिल्ली उडाउने प्रकारको रहेको आम अभिव्यक्ति तर्फ पनि जानकारी गराइएको छ।

१०. अत: माथि प्रकरण प्रकरणमा उल्लेख गरिए बमोजिम ने. बा. ए. प्रजातन्त्र, मानवअधिकार, विधिको शासन, स्वतन्त्र न्यायपालिका र संवैधानिक सर्वोच्चताप्रति सदासर्वदा क्रियाशील रही आएको हुनाले आफ्नो गौरवमय परम्परा र संवैधानिक दायित्व एवम् पेशागत कर्तव्य निर्वाह गर्ने क्रममा नै उक्त कार्यक्रम आयोजना गरिएको र त्यसले कुनै पनि प्रचलित कानुनको उल्लंघन नगरेको हुनाले यहाँले पठाउनु भएको पत्र स्वयम् गैरकानुनी र विधिको शासनको विरुद्धमा रहेको हुनाले उक्त पत्र स्वयम् औचित्यविहीन, गैरकानुनी र निरंकुश परिपाटीलाई संस्थागत स्वरूप दिने प्रकृतिको भएकोले उक्त पत्रको सम्वन्धमा कुनै पनि कानुनी प्रक्रिया अघि बढ्न नसक्ने स्पष्ट नै छ भन्दै उक्त दिनको साधारणसभााट पारित विशेष प्रस्तावहरू यहाँ मार्फत् श्री ५ को सरकारको धयानाकर्षणको लागि यसै साथ प्रेषित गरेको छु। साथै यस्तो गैरकानुनी पत्र नलेख्न पनि कानुनी जानकारी यसैपत्र साथ दिइएको छ।

(शम्भु थापा)
अध्यक्ष
नेपाल बार एशोसिएसन

कानुन निर्माण गर्नु भनी निर्वाचन आयोग र सरकारलाई ०६२ भदौ १६ गते निर्देशनात्मक आदेश दिएको छ। मिहिरकुमार ठाकुर र रमा पन्त खरेलद्वारा तीन वर्ष अघि दायर गरिएको रिट निवेदनमाथि सुनुवाइ गर्दै दिइएको फैसलामा स्वतन्त्र र निष्पक्ष निर्वाचन सञ्चालनका लागि आवश्यक कार्य गर्नुपर्ने बताउँदै उम्मेदवारको शैक्षिक योग्यता, आर्थिक स्थिति, अनुमानित चुनावको खर्च, व्यक्तिगत अभिलेख राख्न तथा कुनै अपराध गरेको वा सजाय पाएको आदि कुराको जाँच गर्न पनि निर्वाचन आयोगलाई जिम्मेवारी दिइएको छ।[३६]

११.५ शाही नेपाली सेना र नेपाल प्रहरी नियमावली खारेज गर्न आदेश

सैनिक ऐन, ०१६ को दफा १६५ अनुसार बनाइएको केटा (भर्ना तथा सेवा शर्त) नियमहरू २०२८ र प्रहरी ऐन २०१२ को दफा ३९ अनुसार बनाइएको प्रहरी केटा (भर्ना तथा सेवा शर्त) नियमावली २०४२ लाई खारेज गर्न सर्वोच्च अदालतले आदेश दिएको छ। ती नियमावलीहरूमा १३-१८ वर्षसम्मका बालबालिकालाई सेना र प्रहरीमा भर्ती सम्बन्धी व्यवस्था गरिएकोमा सर्वोच्चका न्यायाधीशत्रय मीनबहादुर रायमाझी, बद्रीकुमार बस्नेत र कल्याण श्रेष्ठको विशेष इजलासले ती प्रावधानहरू बालबालिका सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि र अन्तर्राष्ट्रिय श्रम संगठनको बालश्रमको खराब प्रकार सम्बन्धी सन्धिको विपरित भएको ठहर गर्दै खारेजीको लागि आदेश दिएको हो।[३७]

११.६. बन्दी थुनुवाका नाबालकहरूलाई बालगृहको व्यवस्थासम्बन्धी मुद्दा

कारागारमा आफ्ना परिवारसँग बसेका बालबालिकाको लागि बालगृहको व्यवस्था गर्न सरकारको नाममा आदेश जारी गराई पाऊँ भनी दायर गरिएको रिटमाथि सुनुवाइ गर्दै सर्वोच्च अदालतले त्यस्ता बालबालिकाको लागि बालगृहको व्यवस्था गर्न कुनै प्रावधान कारागार ऐनमा नभएको आधारमा उक्त रिट खारेज गरेको छ। सर्वोच्चका न्यायाधीशद्वय दिलीपकुमार पौडेल र हरिजंग सिंजापतिको संयुक्त इजलासको फैसलामा "छुट्टै ऐनद्वारा कारागारमा बसेका बन्दी वा थुनुवाका नाबालकहरूलाई छुट्टै कानुनी व्यवस्था भइरहेकोमा बालबालिका ऐन २०४८ को दफा २१ अनुरूप बालमन्दिर, अनाथालय वा बालगृहहरूमा थुनुवा कैदीका नाबालकहरूलाई पठाइदिनु भन्ने निवेदन माग बमोजिमको आदेश जारी गर्न मिलेन।" भनिएको थियो।[३८]

११.७. अपाङ्ग संरक्षण तथा कल्याण ऐन प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न परमादेश

सर्वोच्च अदालतले अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ बमोजिम अपाङ्गहरूलाई दिनुपर्ने सेवा, सुविधा प्राथमिकताका आधारमा कार्यक्रम बनाई आगामी आर्थिक वर्षभित्र सुरु गर्न विपक्षीहरूका नाममा ०६१ फागुन ४ गते परमादेश जारी गरेको छ। सो ऐन प्रभावकारी ढङ्गले कर्यान्वयन नभएको भनी दृष्टिविहीन बाबुकृष्ण महर्जनले सर्वोच्च अदालत समक्ष दायर गरेको रिट निवेदनमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालय, स्वास्थ्य मन्त्रालय, श्रम तथा यातायात व्यवस्था मन्त्रालय, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय र स्थानीय विकास मन्त्रालयलाई विपक्षी बनाइएको थियो।[३९]

११.८. महिला समानताका सम्बन्धमा भएका फैसला

मुलुकी ऐन बिहेवारीको ९ नं. मा स्वास्नीको शारीरिक र मानसिक अपाङ्गताको आधारमा लोग्नेले अर्को विवाह गर्न पाउने व्यवस्थाबारे अध्ययन छलफल गरी सामाजिक मूल्य/मान्यता अनुरूपको कस्तो कानुनी व्यवस्था हुनु पर्ने हो उपयुक्त कानुन निर्माण, संशोधन वा खारेज गर्ने व्यवस्था गर्नु भनी श्री ५ को सरकार समेतको नाममा २०६१ चैत्र ११ गते निर्देशात्मक आदेश जारी गरेको छ। विद्यमान प्रावधानले लिङ्गको आधारमा भेदभाव भएको र महिलाविरुद्ध हुने सबै किसिमका भेदभाव उन्मुलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिलगायत मानवअधिकारसम्बन्धी सन्धि तथा नेपाल अधिराज्यको संविधानसँग समेत बाझिएकोले मुलुकी ऐनको उक्त व्यवस्थालाई बदर गरी अब उप्रान्त कुनै लोग्ने वा स्वास्नी मानिस दुबैले कानुन बमोजिम सम्बन्ध

---

३६ अधिवक्ता मिहिरकुमार ठाकुर, रमा पन्त खरेल विरुद्ध निर्वाचन आयोगसमेत २०५९ सालको रिट नं. २६६८, २६६९ निर्णय मिति २०६२ भदौ १५ गते

३७. अधिवक्ता सबिन श्रेष्ठ विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत २०६२ सालको विशेष रिट नं. ७१ निर्णय मिति २०६२ मंसिर ३० गते

३८. अधिवक्ता सन्तोषकुमार महतोसमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत २०६१ सालको रिट नं. २००९ निर्णय मिति २०६१ फागुन १८ गते

३९. बाबुकृष्ण महर्जन विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत २०६१ सालको रिट नं. ३६६६ निर्णय मिति २०६१ माघ ५ गते

विच्छेद भएपछि मात्र अर्को विवाह गर्न पाउने गरी उपयुक्त कानुन बनाउन विपक्षीको नाउँमा परमादेशको आदेश जारी गरी पाऊँ भनी दायर गरिएको रिटमा सुनुवाइ गर्दै सर्वोच्चले उक्त आदेश दिएको हो।[४०]

सर्वोच्च अदालतको विशेष इजलासले सम्बन्ध विच्छेद गरेकी महिलालाई पतिले सम्पत्ति दिनुपर्ने कानुनी प्रावधान अमिल्दो देखिएकाले राष्ट्रिय मानवअधिकार आयोगको सचिवको संयोजकत्वमा गठन हुने छानबिन समितिमा सो प्रावधान पनुरावलोकन गर्न सरकारलाई ०६१ माघ २१ गते आदेश दियो। सो समितिमा कानुन मन्त्रालयका सचिव, कानुनशास्त्री, महिला प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधिलाई समावेश गर्न निर्देशनसमेत अदालतबाट भएको छ। अधिवक्ता श्यामकृष्ण मास्केले सम्बन्ध विच्छेद गरेकी महिलाले पतिबाट सम्पत्ति लिन पाउने कानुनी प्रावधान संविधानको धारा ११ ले दिएको समानताको हक विपरित भएको दाबी गरी सर्वोच्च अदालतमा दायर गरेको रिटमाथि सुनुवाइ गर्दै उक्त आदेश दिइएको हो।[४१]

सर्वोच्च अदालतको विशेष इजलासले महिलाहरूले अब उप्रान्त आफ्नो स्वामित्वमा रहेको सम्पत्ति बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न पिता, पति, छोरा र अविवाहिताले पनि कसैको स्वीकृति लिनु नपर्ने निर्णय गरेको छ। न्यायाधीशत्रय मीनबहादुर रायमाझी, बद्रीकुमार बस्नेत र कल्याण श्रेष्ठको विशेष इजलासले "मुलुकी ऐन स्त्री अंशधनको महलको २ नं. को कानुनी प्रावधान नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११(१) र १७ विपरित हुनुको साथै नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र १९६६ को धारा २, ३ र महिला विरुद्धका सबै प्रकारका भेदभावहरू उन्मूलन गर्ने अन्तर्राष्ट्रिय महासन्धि १९७९ को धारा १, २, ३ र १५ अनुकूल रहेको भन्ने नदेखिएको, स्वामित्व र सम्पत्तिसम्बन्धी मान्यसकोसमेत विपरित रहेको र विवादित प्रावधानको निरन्तरताले लैङ्गिक न्यायको प्रवर्द्धनमासमेत प्रतिकूल असर पार्ने देखिएकोले स्त्री अंशधनको २ नं. को उक्त विवादित प्रावधान" अमान्य र बदर घोषित गरेको थियो।[४२]

११.९. अविवाहित आमाबाट जन्मिएकालाई आमाको नामबाट मात्र नागरिकता प्रदान गर्न नमिल्ने

सर्वोच्च अदालतले अविवाहित आमाबाट जन्मिएकालाई आमाको नामबाट मात्र नागरिकता प्रदान गर्न नमिल्ने निर्णय दिएको छ। न्यायाधीशद्वय रामप्रसाद श्रेष्ठ र परमानन्द झाको संयुक्त इजलासले बाबुको ठेगाना नलागे पनि यस्ता आमाबाट जन्मिएकालाई आमाकै नामबाट मात्र नागरिकता प्रदान गर्न नमिल्ने ठहर गर्दै यस सम्बन्धी रिट ०६१ चैत महिनामा खारेज गरेको थियो। सर्वोच्च अदालतले संविधानले कसैलाई पनि नागरिकता बिहिन अवस्थामा नराखेकाले नाबालकलाई पितृत्वको ठेगाना नै नलगाई सदाको लागि नेपाली आमाबाट जन्मेको आधारमा आमाको नामबाट वत: नागरिकता दिन नमिल्ने निर्णय दिएको हो। अधिवक्ता अच्युतप्रसाद खरेलले बाबुको नामबाट मात्र नागरिकता पाउने व्यवस्थाले गर्दा मध्यपश्चिमाञ्चलका वादी महिला र सुदूरपश्चिमाञ्चलका देउकीबाट जन्मिएका नाबालक नागरिकता पाउनबाट वञ्चित रहेको भनी रिट दायर गरेका थिए। साथै रिटमा वंशको आधारमा अविवाहित आमाबाट जन्मिएकालाई पितृत्वको ठेगाना नभए पनि मातृत्वको आधारमा अब नागरिक सरह हैसियत प्रदान गरी उमेर पुगेपछि नागरिकता प्रदान गर्न रिटमा माग गरिएको थियो।[४३]

११.१०. बाबुको ठेगाना नलाग्नेहरूलाई अनिवार्य रूपमा नागरिकता दिन निर्देशनात्मक आदेश

सर्वोच्च अदालतले बाबुको ठेगाना नलानेहरूका लागि अनिवार्य रूपमा नागरिकता प्रदान गर्न ०६२ भदौ १३ गते सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको छ। सर्वोच्च अदालतका न्यायाधीशहरू अनुपराज शर्मा, शारदाप्रसाद पण्डित र अर्जुनप्रसाद सिंहको विशेष इजलासले नागरिकता प्रदान गर्ने सम्बन्धी संविधानले धारा ९(२) मा भएको व्यवस्था पितृत्वको किटान नभएकाहरूका हकमा अनिवार्य रूपमा लागु गर्न भनी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृहमन्त्रालय, सबै जिल्ला प्रशासन कार्यालयको नाममा परमादेश जारी भएको हो। दलित

---

४०. सर्वोच्च अदालत, अधिवक्ता चन्द्रकान्त ज्ञवाली विरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, **सर्वोच्च अदालत बुटेलिन**, वर्ष १४, अङ्क ३, पूर्णाङ्क ३०९, पृष्ठ १

४१. अधिवक्ता श्यामकृष्ण मास्केसमेत विरुद्ध कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयसमेत २०५९ सालको रिट नं. ११४, निर्णय मिति २०६१ माघ २१ गते

४२. लिली थापासमेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ०६१ सालको विशेष रिट नं. ३४ निर्णय मिति ०६२ मंसिर ३० गते

४३. अधिवक्ता अच्युतप्रसाद खरेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत ०६१ सालको रिट नं. ३५०४, निर्णय मिति ०६१ चैत १० गते

गैरसरकारी संस्था महासंघका डिलबहादुर विश्वकर्मा र जनहित संरक्षण मञ्चले छुट्टाछुट्टै दायर गरेको रिटमा विशेष इजलासको बादी महिलाहरूको शोषणको अन्त्य गर्ने लगायत अन्य विषयमा सरकारले गत वर्ष तयार पारेको प्रतिवेदन पनि क्रमश: लागू गर्दै लैजान निर्देशनात्मक आदेश दिएको छ।[४४]

११.११. उमेर पुगेका महिलाले राहदानी पाउन अभिभावकको सहमति लिइरहनु नपर्ने

पैँतीस वर्ष मुनिका महिलाहरूलाई राहदानी जारी गर्दा अभिभावकको स्वीकृति आवश्यक पर्ने भनी मन्त्रिपरिषद्बाट २०५२ पुस १० गते भएको निर्णय सर्वोच्च अदालतले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ। न्यायाधीशद्वय बद्रीकुमार बस्नेत र बलराम केसीको संयुक्त इजलासले उक्त निर्णय संविधानको धारा ११ द्वारा प्रदत्त समानताको हक, धारा १२ द्वारा प्रदत्त स्वतन्त्रताको हक एवं राजनैतिक र नागरिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र (आइसीसीपीआर) को व्यवस्थासमेतको विपरित रहेको ठहर गरेको थियो। "अब उप्रान्त उमेर पुगेका प्रत्येक नेपाली महिलाहरूलाई कानुनको रित पुऱ्याई पुरुषसरह अभिभावकको सहमतिबेगर कानुनबमोजिम राहदानी जारी गर्नका लागि" परमादेशको आदेशसमेत जारी गरिएको थियो।[४५]

११.१२. छाउपडी प्रथा उन्मूलन गर्न निर्देशनात्मक आदेश

सर्वोच्च अदालतले एक महिनाभित्र छाउपडी प्रथालाई कुरीति भएको घोषणा गर्न, चिकित्सकहरूको अध्ययन समिति निर्माण गरी सो प्रथाबाट महिला तथा बालबालिका माथि परेको असरको पहिचान गरिएको प्रतिवेदन पठाउन, सार्वजनिक चेतना जगाउने कार्य गर्न एवं बृहत् अध्ययन गरी आवश्यक परे कानुन निर्माण गर्न सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको छ। छाउपडी प्रथा रोक्नका लागि सरकारले कुनै प्रभावकारी उपाय नअपनाएको भन्दै सर्वोच्चका न्यायाधीशद्वय अनुपराज शर्मा र अर्जुनप्रसाद सिंहको संयुक्त इजलासले उक्त आदेश दिएको हो।

अन्धविश्वास तथा रूढीमा आधारित छाउपडी प्रथाले महिलाको स्वास्थ्यमा विभिन्न भयानक रोगका असरहरू देखा पर्नुका साथै महिलाको जीवनको अधिकार तथा वैयक्तिक स्वतन्त्रता, महिला विरूद्ध हुने सबै किसिमका भेदभाव उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा संविधान तथा संविधान प्रदत्त मौलिक हकहरूबाट समेत वञ्चित हुनु परेकोले छाउपडी प्रथाका कारण महिलामाथि भएका सम्पूर्ण विभेदको अन्त्यको घोषणा लगायतका कायहरू गर्न गराउन विपक्षीको नाउँमा उपयुक्त आदेश जारी गराई पाउँ भनी दायर गरिएको रिट निवेदनसम्बन्धमा सर्वोच्चले उक्त फैसला गरेको हो।[४६]

११.१३. खानेपानीका सार्वजनिक स्रोतहरूमा हुने गरेको भेदभाव हटाउन निर्देशनात्मक आदेश

सर्वोच्च अदालतले सुदूरपश्चिमाञ्चलका तीन जिल्लामा जातीय आधारमा खानेपानीका सार्वजनिक स्रोतहरूमा हुने गरेको भेदभाव हटाउन सरकारलाई निर्देशनात्मक आदेश जारी गरेको छ।

कैलाली, डडेल्धुरा र कञ्चनपुरमा जिविस लगायतका निकायले समेत खानेपानीका धाराहरू निर्माणमा पनि जातीय आधारमा फरक फरक गरिएको र खानेपानीका सार्वजनिक स्रोत, धारा, इनार, कुवाको निर्माण र प्रयोग जातीय आधारमा हुने गरेकोले यस्तो भेदभाव हटाउन माग राखी छुवाछूतविरूद्ध वकिलहरूको राष्ट्रिय अभियानका तर्फबाट अधिवक्ता रत्नबहादुर बागचन्द लगायतले दायर गरेको रिटमा ०६२ वैशाख २० गते निर्णय सुनाउँदै सर्वोच्च अदालतले सरकारका नाउँमा उक्त आदेश दिएको हो।[४७]

११.१४. मनासिब आधार र कारणबिना थुनामा राख्न नपाइने

दोलखा जुगु गाविसका विशाल खड्कालाई सात वर्षदेखि मुद्दा नचलाई पटक पटक सार्वजनिक सुरक्षा ऐन तथा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण र सजाय) अध्यादेशअनुसार पूर्जी थमाई थुनामा राखिएकोमा सर्वोच्च अदालतले उनको रिहाइका लागि आदेश जारी गऱ्यो। सो सम्बन्धमा बन्दीका आफन्त रोशन कार्कीले दायर गरेको रिटउपर ०६२ भदौ १३ गते सुनुवाइ गर्दै सर्वोच्चले खड्कालाई काठमाडौं प्रमुख जिल्ला अधिकारीको गत साउन

---

४४. प्रो-पब्लिकसमेत विरुद्ध मन्त्रिपरिषद् सचिवालय समेत ०६० सालको रिट नं. १२१ निर्णय मिति ०६२ भदौ ३० गते

४५. पुण्यवती पाठक र मन बस्नेत कार्की विरुद्ध श्री ५ को सरकार परराष्ट्र मन्त्रालयसमेत २०६० सालको रिट नं. ३३५५ निर्णय मिति ०६२ मंसिर १३ गते

४६. दलित गैरसरकारी संस्था महासंघसमेत विरुद्ध श्री ५ को सरकार, ०६१ सालको रिट नं. ३३०३ निर्णय मिति ०६२ वैशाख १९ गते

४७. सर्वोच्च अदालत, अधिवक्ता रत्नबहादुर बागचन्द समेत विरुद्ध श्री ५ को सरकार प्रधानमन्त्री एवं मन्त्रिपरिषद्को कार्यालय, **सर्वोच्च अदालत बुटेलिन**, काठमाडौं, वर्ष १४, अंक १, पूर्णाङ्क ३०७, पृष्ठ ४

११ गतेको आदेशमा आतंककारी तथा विध्वंसात्मका कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश, २०६१ को दफा ९ बमोजिम विश्वास गर्न सकिने मनासिब आधार र कारण खुलाइएको नदेखिँदा त्यस्तो आदेशलाई कानुनसम्मत भनी भन्न र मान्न मिल्दैन भनिएको छ।[४८]

११.१५. गैरन्यायिक गिरफ्तारी सम्बन्धी मुद्दा

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट ०६१ फागुन ६ गते गौरी प्रधानलाई गिरफ्तार गरिएको सम्बन्धमा परेको रिट निवेदनमा सर्वोच्च अदालतले संकटकालमा पनि बन्दीको संवैधानिक हक सुरक्षित रहने बताउँदै ०६१ चैत १७ गते थुना मुक्त गर्ने आदेश दिएको थियो। प्रधानलाई थुनामा राख्ने प्रमुख जिल्ला अधिकारीको आदेशमा थुनामा राख्नै पर्ने पर्याप्त र उचित कारण खुलाउन नसकेको ठहर गर्दै बन्दीलाई अदालतबाटै रिहा गर्नु पर्ने आदेश सर्वोच्चले दिएको थियो।[४९] माघ १९ पछिको नागरिक अधिकारहरूको अपहरण गरिएको वातावरणमा परेको यो मुद्दा नै पहिलो थियो। जसमा सर्वोच्च अदालतले बन्दीलाई छाड्ने आदेश दिएको थियो। यो मुद्दाको फैसला पछि अन्य मुद्दामा पनि यस्तै आदेश जारी भएको थियो।

यसअघि नेपाल बार एसोसिएसनका पूर्व अध्यक्ष सिन्धुनाथ प्याकुरेलको गिरफ्तारीका सम्बन्धमा ०६१ माघ २७ गते दायर गरिएको बन्दी प्रत्यक्षीकरणको निवेदनमा उहाँलाई तीन दिनभित्र सर्वोच्च अदालतमा उपस्थित गराउन आदेश दिइएको थियो। तर उहाँलाई सरकारले फागुन ३ गते मात्र रिहा गरेको थियो।

११.१६. मानवअधिकार हनन् सम्बन्धी मुद्दा

नागरिकलाई कानुन विपरित बन्दी बनाई मानवअधिकारको हनन नगर्न २०६२ कात्तिक ५ गते सर्वोच्च अदालतले सरकारलाई आदेश दिएको छ। कानुन विपरित बन्दी बनाएर मानवअधिकारको हनन गर्ने कार्य सर्वोच्च अदालतलाई स्वीकार्य नहुने चेतावनी दिँदै सो अदालतले कुनै पनि नागरिकको हकमा त्यस्तो कार्य नगर्न सरकारलाई आदेश गरेको हो। लामो समयसम्म सर्वोच्च अदालतलाई समेत झुक्याई बन्दी बनाएर राखिएका राजेन्द्र फुयालको हकमा न्यायाधीशहरू मीनबहादुर रायमाझी र बलराम केसीको संयुक्त इजलासले फैसला गर्दै कुनै पनि नागरिकलाई कानुन विपरित थुनामा राख्ने कार्यलाई गम्भीरतापूर्वक लिने चेतावनी मात्र दिएको छैन पटक पटक एउटै अभियोगमा विना कारण थुनामा राख्ने अधिकारीलाई कारवाही गर्न र त्यसको जानकारी अदालतलाई गराउन आदेश दिएर यो मुद्दामा न्यायिक सक्रियताको उच्चतम उदाहरण समेत देखिएको छ। तर सम्बन्धित अधिकारीलाई हालसम्म कारवाही नगरी सरकारले स्वतन्त्र न्यायपालिकाको आदेशको अवज्ञा गर्दै आएको छ। डेढ वर्षअघि काठमाडौंबाट पक्राउ गरिएका फुयाललाई नछाडिए पनि छाडिएको भनी सरकारले सर्वोच्च अदालतलाई ढाँट्दै आएको थियो।[५०]

१२. उपसंहार :

सन् २००५ नेपालको न्यायपालिकाको लागि परीक्षाको घडी थियो। असहज परिस्थितिमा झन् सशक्त र सक्रिय हुनु पर्ने सर्वोच्च अदालत माघ १९ गतेको शाही कदमपछि किंकर्तव्यविमूढ भई अकर्मण्यताको अवस्थामा पुग्यो। शाही कदमले न्यायिक व्याख्याको प्रक्रियालाई समेत अवरुद्ध तुल्यायो। अनिलम्बित मौलिक हकसँग सम्बन्धित रिट समेत दर्ता नगरी आफ्नै नजीरको पालनामा गर्न समेत अनिच्छा देखायो। तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद शर्माका अभिव्यक्तिले सर्वोच्च न्यायालयमाथि नै आशङ्का उब्जियो।

सर्वोच्च अदालत आफ्नो अधिकारको प्रयोग स्वतन्त्रतापूर्वक गर्न हिच्किचाउनु, न्यायाधीशमाथि शाही आयोगले कारवाही गर्दा प्रधानन्यायाधीशले समर्थन गर्नु र सरकारी पक्षबाट न्यायपालिकाको अवहेलना भएका सम्बन्धमा परेका मुद्दाहरूमा तदारुकताकासाथ फैसला हुन नसक्नुले न्यायपालिकाको स्वतन्त्रता अक्षुण्ण नरहेको पुष्टि गर्‍यो। यद्यपि पछिल्ला दिनहरूमा न्यायपालिका कार्यकारिणीको प्रभावबाट क्रमशः मुक्त हुँदै गएको देखियो।

प्रधानन्यायाधीशको नियुक्तिमा धारा १२७ लाई सक्रिय गराइएको कारणले सो नियुक्ति नै असंवैधानिक भएको सवाल खडा भयो। सर्वोच्चमा अस्थायी न्यायाधीश नियुक्ति प्रकरण पनि यस वर्ष असाध्यै विवादित भयो।

महत्वपूर्ण मुद्दालाई पन्छाउने प्रवृत्ति न्यायपालिकामा स्पष्ट देखियो। संकटकालमा निलम्बनमा नपरेका मौलिक हकसँग सम्बन्धित रिट दर्ता गर्नेसम्बन्धी निर्णय ढिलो गरी आउनु र शाही आयोग, संसद पुनर्स्थापना, सञ्चार अध्यादेश

---

४८. विशाल खड्काको हकमा रोशन कार्की विरुद्ध गृह मन्त्रालयसमेत २०६२ सालको रिट नं. ८८ निर्णय मिति २०६२ भदौ १३ गते

४९ गौरी प्रधानको हकमा सुम्निमा प्रधानसमेत विरुद्ध गृहमन्त्रालयसमेत २०६१ सालको रिट नं. २४४ निर्णय मिति २०६१ फागुन १७ गते

५०. राजेन्द्र फुँयालको हकमा खगेन्द्र फुँयाल विरुद्ध गृह मन्त्रालयसमेत २०६२ सालको रिट नं. १६२, २०८ निर्णय मिति २०६२ कार्तिक ९ गते

तथा गैरसरकारी संस्थालाई नियन्त्रण गर्न ल्याएको विवादास्पद आचारसंहितासम्बन्धी लगायतका मुद्दाहरूको वर्षको अन्त्यसम्म नै कुनै छिनोफानो नहुनुले सर्वोच्च अदालतले तत्काल न्याय दिन नसकेको देखियो। एउटै विषयमा जतिसुकै पटक अध्यादेश जारी गर्न सक्ने गरी सर्वोच्च अदालतको फैसला आएपछि देशमा अध्यादेशीय राजले वैधानिकता पायो।

बन्दीप्रत्यक्षीकरण तथा अभिव्यक्ति स्वतन्त्रतासम्बन्धी मुद्दाहरूमा सन् २००५ मा सर्वोच्च अदालतले गरेको कार्य भने प्रशंशनीय रह्यो। शाही कदमलगत्तै समाचार प्रसारण गर्ने अधिकारबाट वञ्चित एफएमहरूले सर्वोच्च अदालतको आदेशले नै समाचार प्रसारण पुनः सुचारु गर्न सके। यद्यपि सञ्चार अध्यादेशका सन्दर्भमा अन्तरिम आदेश जारी नगरेको कारण व्यापक असन्तुष्टि भयो।

बार एसोसिएसनले प्रधानन्यायाधीशको राजीनामा माग्ने तथा सर्वोच्चमा धर्ना दिने हदसम्म बार र बेञ्चबीच यस वर्ष कटुता बढ्यो। सन् २००५ का अन्तिम दिनहरूमा बार र बेञ्चबीच सम्वाद नै टुट्ने गरी सम्बन्ध बिग्रियो। न्यायपालिकाप्रतिको जनआस्था वर्षभर एक समान रहन नसकेको देखिन्छ। न्यायालय र यसका अधिकारीहरूको व्यवहार अनुरूप कहिले जनआस्था नै धर्मराएको अवस्थासमेत देखियो भने जनअपेक्षाअनुरूप न्यायसम्पादन बखतमा न्यायपालिकाप्रतिको जनआस्था सुदृढ भएको पनि पाइयो।

शाही सरकारका उपाध्यक्ष तथा मन्त्रीहरूले न्यायालयविरुद्ध अभिव्यक्ति दिएर तथा न्यायालयका आदेशलाई अटेर गर्दै पटक पटक अदालतको उपेक्षा गरे। अदालतले मुक्त गर्न आदेश दिएका बन्दीलाई अदालत परिसरभित्र सुरक्षाकर्मी प्रवेश गरेर पुनः पक्राउ गर्ने कामसमेत भयो। सरकारी पक्ष अदालतको अवहेलनामा व्यापक मात्रामा संलग्न रहँदा अदालतले भने दोषीहरूलाई कारवाही गर्नमा तदारुकता नदेखाएको गुनासो रह्यो। न्याय प्रशासनलाई व्यवस्थित र सशक्त बनाउने उद्देश्यले गठन गरिएको न्यायिक क्षेत्र समन्वय समितिले न्यायाधीशहरूलाई प्रहरी, कानुन व्यवसायी र नागरिक समाजलाई नजिक्याए तापनि वर्तमान राजनीतिकरण र सैनिकीकरणको वातावरणमा यसको प्रभावकारिता सुनिश्चित छैन। प्रत्युत न्यायकर्मीहरूमाथि नकारात्मक दवाव पर्ने सम्भावनासमेत बढेको छ।

सर्वोच्च अदालतमा टिपोट प्रणालीको सुरुवात हुनु यस वर्षको उल्लेख्य सुधार रह्यो। यसबाट मुद्दा बुझ्न सजिलो हुने र निर्णय प्रक्रियामा छरितोपन आउने विश्वास लिइएको छ। तर बाल इजलासको व्यवस्था भने प्रभावकारी रूपमा लागू हुन सकेन।

देशको न्यायिक क्षेत्रमा ठूलो महत्व राख्ने गरी सन् २००५ मा सर्वोच्च अदालतद्वारा केही मुद्दाहरू फैसला गरिए। संविधानको धारा ११५ को उपधारा ८ अनुसार निलम्बन हुनसक्ने मौलिक हक बाहेक संकटकालमा निलम्बनमा नपरेका मौलिक हकको संवैधानिक उपचार सुरक्षित रहने व्याख्या सर्वोच्च अदालतले गऱ्यो। अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ बमोजिम अपाङ्गहरूलाई दिनुपर्ने सेवा, सुविधा प्राथमिकताका आधारमा कार्यक्रम बनाउन परमादेश जारी गरिनु, महिला समानताका सम्बन्धमा फैसला आउनु, बाबुको ठेगाना नलानेहरूका लागि अनिवार्य रूपमा नागरिकता प्रदान गर्न आदेश हुनु, उमेर पुगेका महिलाले राहदानी पाउन अभिभावकको सहमति लिइरहनु नपर्ने ठहर गरिनु, छाउपडी प्रथा उन्मूलन गर्न तथा खानेपानीका सार्वजनिक स्रोतहरूमा हुने गरेको भेदभाव हटाउन निर्देशनात्मक आदेश यस्तै उदाहरण हुन्।

परिच्छेद ३

राज्य र मानवअधिकार

३.२ कार्यपालिका

१. पृष्ठभूमि

सन् २००५ प्रारम्भ हुँदा देशमा नेपाली कांग्रेस (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवाको प्रधानमन्त्रित्वमा सो पार्टीसहित नेकपा (एमाले), राप्रपा, नेपाल सद्भावना पार्टी तथा नागरिक समाजकातर्फबाट भनी दरबारका प्रतिनिधिहरू सम्मिलित सरकार बहाल थियो। सरकारले वार्तामा आउनका लागि माओवादीलाई दिएको समयसीमा (०६१ सालको पुस मसान्त, तदनुसार सन् २००५ जनवरी दोस्रो हप्ता) पनि त्यतिखेर कायमै थियो। गत वर्ष "शान्ति वार्ताको विकल्प शान्ति वार्ता मात्रै हुनु पर्नेमा सरकार भने वार्ता वा चुनावको अन्यौलमा देखियो। कतिपय अवस्थामा त मन्त्रीहरूले चुनाव गराएरै छाड्ने फुर्तिसमेत गरे। तर, उनीहरूले जुन पार्टीको प्रतिनिधित्व गर्दथे, तिनका अन्य नेताहरू भने चुनाव हुनै सक्दैन भनेर भाषण गर्दै थिए"[१] भनेर मानवअधिकार वर्ष पुस्तक २००५ मा गरिएको टिप्पणीजस्तै अवस्था सन् २००५ को पहिलो एक महिनामा पनि कायमै थियो।

एकातिर माओवादीले "देउवा सरकारको हैसियत पुरानो निरंकुश सामन्ती सत्ताको भरौटे भन्दा बढी नभएको तथ्यले नै वार्ताको औचित्यलाई समाप्त पारेको"[२] भन्ने धारणामा परिवर्तन नगरेको र अर्कोतिर सरकार पनि शान्ति वार्ताका लागि युद्धविरामलगायतका ठोस पहलहरू गर्न चुकेको परिस्थितिमा वार्ताका प्रयासहरू सार्थक बन्न सकेनन्। वर्षको पहिलो दिन (२०६१ पुस १७ गते) नै देशका विभिन्न भूभागमा दोहोरो भिडन्त भई सुरक्षाकर्मी तथा माओवादी मारिएका थिए।[३]

यसरी वर्ष प्रारम्भ नै निराशापूर्ण मान्न सकिए तापनि आशाका केही आधारहरू भने बाँकी नै थिए। विगतमा निर्वाचनमा गई जनमतको कसीमा परिक्षण गरिएका र भविष्यमा पनि जनअनुमोदनका आकांक्षी दलहरू सत्तामा थिए भने देशको दैनिक कार्यसञ्चालन नागरिक प्रशासनबाटै भइरहेको थियो। त्यस्तो अवस्थामा मानवअधिकार र शान्तिका लागि सरकार जसरी पनि उत्तरदायी हुनै पर्ने वस्तुगत परिस्थिति त रहन्थ्यो नै, साथमा सरकारलाई उत्तरदायी बनाउन मानवअधिकार समुदाय एवं नागरिक समाजको भूमिकाका लागि स्थान पनि सुनिश्चित हुन्थ्यो। सन् २००५ को दोश्रो महिनाको पहिलो दिन राजाद्वारा संविधानलाई मिचेर शक्ति पृथकीकरण, कानुनको सर्वोच्चता र शासनमा जनअनुमोदनको सवाललाई पूर्णत: लत्याउँदै सम्पूर्ण राजकीय अधिकार आफ्नो हातमा लिइयो। उक्त घटनापछि भने देशको सारा राजनीतिक परिदृश्य फेरियो।

२. माघ १९ को कदम : "कालनेमी" को बेढङ्गी सिको

शाही कदमका नामले परिचित ०६१ माघ १९ गते तदनुसार सन् २००५ फेब्रुअरी १ तारिखको घटनाको वरिपरि नै पूरा वर्ष केन्द्रित रह्यो। त्यस दिन राजाद्वारा नेपाल अधिराज्यको संविधान २०४७ को धारा २७ प्रयोग गरी सबै कार्यकारी अधिकार आफ्नो हातमा लिइयो। बिहान १०.०० बजे राजाबाट भएको घोषणामा शेरबहादुर देउवाको नेतृत्वको मन्त्रिपरिषद् विघटन गरी अब गठन हुने मन्त्रिपरिषद् आफ्नै अध्यक्षतामा हुने र आगामी तीन वर्षभित्र देशमा शान्ति सुव्यवस्था मिलाई प्रभावकारी सुधारहरू गरेर बहुदलीय प्रजातन्त्रलाई पुन: सक्रिय तुल्याउन अब गठन हुने मन्त्रिपरिषद् प्राथमिकताका साथ लाग्ने बताइएको थियो। *(शाही घोषणाको पूर्ण पाठका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद एक "यस वर्षको उल्लेख्य")*

शाही घोषणालगत्तै श्री ५ महाराजाधिराजका संवाद सचिवालयले विज्ञप्तिमार्फत् श्री ५ बाट नेपालको सार्वभौमसत्ता, अखण्डता एवम् सुरक्षामा गम्भीर संकट उत्पन्न हुन गएकाले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर तत्काल लागू हुनेगरी संकटकालीन अवस्थाको आदेश जारी गरिएको सूचना सार्वजनिक गऱ्यो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद एक "यस वर्षको उल्लेख्य")*

शाही कदमको आशय बुझ्नका लागि सो दिनका घटनाक्रम पनि परिसूचक छन्। उक्त दिन सारा देशभर टेलिफोन सम्पर्क विच्छेद गराइएको थियो, इन्टरनेट सेवा अवरुद्ध पारिएको थियो र रेडियो-टेलिभिजन स्टेसन तथा पत्रपत्रिकाका कार्यालयहरूमा सैनिक तैनाथ गरिएको थियो। बहालवाला प्रधानमन्त्री र देशका शीर्षस्थ नेताहरूसमेत विभिन्न दलका नेता-कार्यकर्ताहरूलाई शाही घोषणा

---

१. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक); **नेपाल मानवअधिकार वर्ष पुस्तक** २००५; काठमाण्डौ, सन् २००५; पृ. ३१

२. "हामी अग्रगामी राजनीतिक निकास दिनसक्ने वार्ताको पक्षमा छौं, अध्यक्ष प्रचण्ड" जनादेश, वर्ष १४, अङ्क ३, ०६१ मंसिर २२ गते

३. जनवरी १ तारिखका दिनमा भएका घटनाका उदाहरणका लागि हेर्नू :
"कोसीको लेउतीखोला भिडन्तमा बाह्र सुरक्षाकर्मीलाई वीरगति", गोरखापत्र; ०६१ पुस १८ गते
"प्रहरी निरीक्षकसहित छको मृत्यु", नेपाल समाचारपत्र; ०६१ पुस १९ गते
"कारवाहीमा तीन माओवादीको मृत्यु", नेपाल समाचारपत्र; ०६१ पुस १९ गते
"फलामेटारमा मारिएका सुरक्षाफौजको संख्या चौध, दुई माओवादी पनि मारिए, नौ घाइते", गोरखापत्र; ०६१ पुस १९ गते

सकिँदा-नसकिँदै गिरफ्तार वा नजरबन्द गरिसकिएको थियो। राजधानीबाट बाहिर जाने र राजधानी भित्रिने यातायातका साधन पनि ठप्प पारिएको थियो। सबै अन्तर्राष्ट्रिय तथा राष्ट्रिय हवाइ उडानहरूसमेत रद्द गराइएका थिए। यसरी राजाले शासनसत्ता आफ्नो हातमा कब्जा गरेपछिको वातावरणका आधारमा सैनिक शासन लागू भए जस्तो सबैले महसुस गर्नु अनौठो थिएन। त्यसैले त, राजाले आफ्नो कदम प्रजातन्त्रको लागि नै भएको भनेर गरेको दावीलाई कसैले पत्याएन। नेपाल पत्रकार महासंघले ०६१ माघ २० गते ठोकुवा गर्‍यो – "संवैधानिक राजतन्त्रको मर्यादालाई समाप्त पारेर हिजो ०६१ माघ १९ मा भएको शाही घोषणा प्रजातन्त्र र नागरिक अधिकार विरुद्धको "कू" हो। यसले प्रजातन्त्रका बचेखुचेका सम्पूर्ण अङ्ग-प्रत्यङ्ग समाप्त त पारेकै छ, आमजनजीवन दिन प्रतिदिन महाकष्टकर हुँदै जाने र राष्ट्रिय अस्तित्व पनि गम्भीर खतरामा पर्ने निश्चित छ।"[४]

संकटकालीन अवस्थाको घोषणासँगै नागरिकका मौलिक अधिकारहरू घोषित र अघोषित दुवै रूपमा खोसिए। एकातिर, बन्दीप्रत्यक्षीकारणको रिट हाल्ने अधिकारबाहेक संविधानको भाग ३ मा मौलिकहक अन्तर्गत रहेका सबै अधिकारहरू संविधानको धारा ११५ को उपधारा (१) बमोजिम निलम्बन गरिएको थियो। अर्कोतिर, व्यवस्थापिकाको अंकुश नरहेको अवस्थामा कार्यपालिकाको सम्पूर्ण अधिकार राजाद्वारा आफ्नो हातमा लिइएपछि त्यस कदमको प्रत्यक्ष असर न्यायपालिकामासमेत परेको देखियो। सुरुवातका दिनहरूमा कार्यपालिकाको दवदवाका कारण अदालतले बन्दीप्रत्यक्षीकरण रिटसमेत अस्वीकार गरेको थियो। सर्वोच्च अदालत संकटकालीन अवस्थामा अनिलम्बित मौलिक हकसँग सम्बन्धित रिट दर्ता गर्ने निर्णयमा पुग्दा चैत महिनाको तेस्रो हप्ता लागिसकेको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद "न्यायापालिका")*

शाही घोषणामा "प्रजातन्त्र जीवनशैली बनोस्, राजनीति प्रजातान्त्रिक मूल्य र मन्यताबमोजिम चलून्, सबैले सबै क्षेत्रमा प्रजातान्त्रिक विचार पद्धतिलाई इमानदारीपूर्वक अनुशरण गरून्" भनिएको भए तापनि कार्यकारी अधिकार लिने व्यक्ति कहिले पनि आलोचना भन्दा बाहिर नहुने भन्ने प्रजातान्त्रिक प्रणालीको मर्मलाई शाही सरकारले पूरै लत्याएको देखियो। संसद नभएको अवस्थामा जनमत प्रकट हुने एक मात्र उपाय सडक प्रदर्शनलाई समेत नसहेर निषेधाज्ञाहरू जारी गरिए। शान्तिपूर्ण राजनीतिमा विश्वास गर्ने संवैधानिक शक्तिका रूपमा रहेका विभिन्न दलका नेता तथा कार्यकर्ताहरूलाई स्वेच्छाचारी रूपमा गिरफ्तार गर्ने तथा नजरबन्दमा राख्ने कार्य भयो। इन्सेकसँग उपलब्ध तथ्याङ्कअनुसार, माघ १९ को कदमपछि ११ महिनाको अवधिमा सरकारले ५ हजार ५ सय ३९ जना नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरिएको थियो भने ३ सय ६० जना मानवअधिकार रक्षकहरूलाई गिरफ्तार गर्‍यो। गिरफ्तार गरिएका नेता तथा कार्यकर्ताहरूलाई सुरुमा आफ्नो परिवारसँग भेट गर्नसमेत दिइएन। घरैमा नजरबन्द नेताहरूलाई टेलिफोन सुविधाबाट बञ्चित तुल्याउनुका साथै पत्रपत्रिका तथा टेलिभिजन हेर्नबाटसमेत बञ्चित गरिएको थियो। पक्राउ परेका नेता तथा कार्यकर्ताहरूलाई सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा लगाइएको थियो। राजनीतिकर्मीका अतिरिक्त केही मानवअधिकारकर्मीहरूलाईसमेत संकटकाल अवधिसम्म देशभित्र तथा बाहिर कतै पनि हिँडडुल गर्न सरकारले रोक लगायो। शान्तिपूर्ण रूपमा सभा सम्मेलन गर्न लगाइएको प्रतिबन्ध र स्वेच्छाचारी रूपमा नेता तथा कार्यकर्ताहरू र मानवअधिकार रक्षकहरूको गिरफ्तारी जस्ता कृयाकलापहरूका कारण सरकारले विश्वभर बदनामी कमायो।

आफू संविधानले परिकल्पना नगरेका पदहरूको जगमा उभिएको हुनाले शाही सरकार संविधान र यसले प्रत्याभूत गरेको प्रजातान्त्रिक पद्धतिलाई आधारभूत रूपमै कसरी समाप्त पार्न सकिन्छ भन्नेमा योजनाबद्ध ढङ्गले लागेको देखियो। संसदद्वारा निर्मित कानुनहरूलाई संविधान र कानुनको मूल मर्म विपरित अध्यादेशका आधारमा संशोधन गरिनु यही तथ्यको प्रमाणका रूपमा देखियो। आफ्नो स्वेच्छाचारी नियन्त्रणलाई कानुनी मुकुण्डो पहिर्‍याउने प्रयत्नमा सरकारले यो वर्ष विभिन्न ४५ ओटा भन्दा बढी ऐनहरू अध्यादेशमार्फत् संशोधन गर्‍यो। अध्यादेशको वैधानिकता जाँच्ने निकाय संसद नभएको अवस्थामा ती सबै हेरफेर नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेका अधिकारहरूको कटौती गर्ने उद्देश्यले गरिएका थिए। जनताप्रति उत्तरदायित्व वहन नगर्ने व्यक्तिहरूको शासनलाई अझ बलियो बनाउन अञ्चल तथा क्षेत्रीय प्रशासकहरूको नियुक्ति र जिविस सदस्यहरूको मनोनयन सरकारबाट गरियो। संवैधानिक रूपमा गठित भ्रष्टाचार दुरूपयोग अनुसन्धान आयोग हुँदाहुँदै राजाबाट राजनीतिक इबी साँध्नका लागि शाही आयोग गठन भयो। त्यसलाई छानबिन गर्ने, मुद्दा चलाउने र फैसला गर्नेसमेत सबै अधिकार दिएर संसारमै नभएको दृष्टान्त यहीं प्रस्तुत गरियो। शाही सरकारका हरेक क्रियाकलाप असंवैधानिक र स्वेच्छाचारी रहे।

सरकार स्वेच्छाचारी हुनुको चरम परिणति कुन रूपमा हुने रहेछ भन्ने उदाहरणको रूपमा ०६२ मंसिर २९ गते (तदनुसार २००५ डिसेम्बर १४ तारेख) को नगरकोटको

---

४. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति; **संकटकाल र मानवअधिकार : सिद्धान्त र व्यवहार**; काठमाडौं; ०६२; पृ. २३१ मा जस्ताको तस्तै समेटिएको नेपाल पत्रकार महासंघको ०६१ माघ २० गतेको प्रेसविज्ञप्ति

नरसंहारलाई लिन सकिन्छ। भक्तपुरको नगरकोटस्थित श्री कालीदेवी मन्दिर परिसरमा लागेको मेलामा भेला भएका स्थानीय सर्वसाधारणमाथि शाही नेपाली सेनाको नगरकोटस्थित शिक्षालयमा कार्यरत सैनिक जवान वासुदेव थापाले अन्धाधुन्ध गोली प्रहार गर्दा भएको नरसंहारले सारा देशलाई स्तब्ध बनायो। सैनिक थापा पनि घटनास्थलमै मारिए। उक्त विभत्स नरसंहारले सारा संसारको ध्यान खिच्यो। नगरकोट नरसंहारले जनआक्रोश निकै चुलियो र देशभर जनताले क्रुद्ध प्रतिक्रिया जनाए। सो घटनाले सेनाभित्रको अनुशासनविहीनता र हतियारको मनपरी उपयोग गर्ने प्रवृत्तिलाई उजागर गरेको थियो । सरकारका पक्षधरहरू भने नगरकोट नरसंहारलाई एउटा व्यक्तिको सनकको भरमा भएको भवितव्यका रूपमा व्याख्या गर्न उद्धत रहेको देखियो। फौजदारी न्यायको आधुनिक अवधारणामा आफ्नो मातहतमा रहेका सैनिक जवानले गरेको सम्पूर्ण क्रियाकलापको जिम्मेवारी सम्वन्धित कमाण्डरले नै वहन गर्नुपर्ने मान्यता भए तापनि सरकार तथा सेना यस तथ्यप्रति गम्भीर बनेको देखिएन। भविष्यमा पनि यस्ता घटना नदोहोरिने प्रत्याभूति जनताले पाएनन् भने दण्डहीनताको अर्को मानक पनि शाही सरकारले पूरा गऱ्यो। यो हदसम्मको गैरजिम्मेवारी, स्वेच्छाचारिता र दण्डहीनता देशमा प्रजातान्त्रिक प्रणाली र मानवअधिकार बहाल नरहेको अवस्थामा मात्र सम्भव हुन्छ। झापामा ०६२ असार १९ गते गरिएको रमा अधिकारीको हत्या पनि यस्तै अर्को एउटा दृष्टान्त थियो।

राजाद्वारा शाही घोषणामा "मानवअधिकारको सम्मान र संरक्षणमा राज्यका सबै अङ्गहरू विशेष रूपमा सतर्क र सजग रहनु पर्छ" भनिए तापनि शाही कदमपछिका दिनहरूमा गरिएका सम्पूर्ण कार्यहरू आजको विश्व समुदायले स्वीकार गरेको मानवअधिकारहरूको मूल्य र मान्यताको विरुद्धमा देखिए। स्पष्टतः शाही कदम नेपाली जनतालाई घोषित र अघोषित रूपमा मानवअधिकारबाट वञ्चित तुल्याउने प्रपञ्च थियो।

प्रजातन्त्र र मानवअधिकारको "मन्त्र" पटक पटक उच्चारण गरिरहने, तर व्यवहारमा सधैं प्रजातन्त्र र मानवअधिकारका मर्महरूलाई नङ्ग्र्याउने शाही चाल रामायणको कुख्यात पात्र कालनेमीको बेढङ्गी सिको मात्र साबित भयो।[५] कालनेमीले केही समयका लागि हनुमानलाई अलमल्याउन सकेको थियो, तर शाही कदमको निहितार्थ प्रजातन्त्र र मानवअधिकारलाई सिध्याउने भन्ने जनता र विश्वसमुदायसामु तत्काल छर्लङ्ग भइसकेको थियो।

३. सम्वादको निषेध

राजनीतिक चुनौतीलाई कसरी समाधान गर्ने भन्नेबारेमा आधारभूत मान्यतामै द्विविधाग्रस्त सोच रहने गरेको र समस्याको समाधानका लागि बन्दुक र वार्तामध्ये के रोज्ने भन्ने सवालमा जहिल्यै दुई मत रहेको नेपाली इतिहास भएको चर्चा नेपाल मानवअधिकार वर्ष पुस्तक २००५ मा गरिएको थियो।[६] त्यस पृष्ठभूमिमा हेर्दा शाही कदम राजनीतिक चुनौतीको समाधान बल प्रयोगबाट मात्र सम्भव छ भन्ने मान्यताबाट ओतप्रोत देखिन्छ।

शान्ति प्रकृयाको थालनीका सम्बन्धमा यस वर्ष राजा वा राजाको सरकारबाट कुनै पहल गरिएन। नेकपा (माओवादी) ले ०६२ भदौ १८ गते तदनुसार सेप्टेम्बर ३ तारिखदेखि सन् २००५ को अन्त्यसम्मै एकतर्फी युद्धविराम गरे। घोषित रूपमा हिंसालाई नै आफ्नो क्रान्तिको साधन मानेको दलले युद्धविराम गरेको, तर राज्यले भने हिंसालाई नै निर्विकल्प मानेको अत्यन्त विडम्बनापूर्ण अवस्था शाही शासनमा देखियो। संयुक्त राष्ट्रसंघ लगायत विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूका साथै राष्ट्रिय स्तरमा काम गर्ने गैरसरकारी संस्थाहरूले सरकारलाई पनि युद्धविराम गरी शान्ति प्रक्रियालाई अगाडि बढाउन आग्रह गरेका थिए। तर जनताको शान्तिप्रतिको चाहनामा सरकारले कुनै चासो देखाएन, प्रत्युत सरकारले हिंसालाई भड्काउने प्रयास गरेको पाइयो। माओवादीको चार महिने एकतर्फी युद्धविरामका समयमा सुरक्षाकर्मीहरूले गाउँ गाउँ भित्र स्वेच्छाचारी गिरफ्तारी र गैरन्यायिक हत्याको श्रृङ्खला अगाडि बढाए।

माओवादीद्वारा घोषित एकतर्फी युद्धविरामलाई सरकारी पक्षले कसरी लिएको थियो भन्नेबारे प्रष्ट हुन पाल्पा जिल्ला बहादुरपुर गाविस, वार्ड नं. ९, ७ र १, दोकानटोलमा ०६२ असोज ८ गते भएको घटनालाई उदाहरणका रूपमा लिन सकिन्छ। मानवअधिकार सन्धि अनुगमन समन्वय समितिले तयार गरेको स्थलगत अध्ययन प्रतिवेदनमा उक्त घटनाका सम्बन्धमा यसप्रकार उल्लेख गरिएको छ।

"दिउँसो १:२० बजे सुरक्षाफौजले चारैतर्फबाट

---

५. कालनेमी रामायणको यस्तो पात्र हो, जसले मृत्युशैयामा रहेका लक्ष्मणको उपचारका लागि सञ्जीवनी बुटी लिन हिंडेका हनुमानलाई अलमल्याउन जिम्मा लिएको थियो। रामायणमा उल्लेख भएअनुसार, कालनेमी मायावी शक्तियुक्त राक्षस थियो । उसले ऋषिको भेष धारण गरेर भगन्नाम सङ्कीर्तनसहित हनुमानलाई भ्रमात्मक उपदेशहरू दिँदै उनको उद्देश्यमा विफल पार्न भरमग्दूर प्रयत्न गरेको थियो। भगवद्भक्त हनुमानलाई केही समय उसका कुराले आकर्षित गरेको भए तापनि रहस्य खुलेपछि हनुमानद्वारा कालनेमीको संहार गर्दै सञ्जीवनी बुटीतर्फको आफ्नो यात्रा अघि बढाइएको थियो। यस प्रसङ्गको पूर्ण जानकारीका लागि हेर्नु होसः, अध्यात्म रामायण, युद्धकाण्ड, सर्ग ६-७

६. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक); **नेपाल मानवअधिकार वर्ष पुस्तक २००५**; काठमाण्डौ, सन् २००५; पृ. १९-३१

माओवादी र सरकार : क्रिया र प्रतिक्रिया

ने क पा (माओवादी)	शाही सरकार
माओवादी अध्यक्ष प्रचण्डको नाममा ०६२ भदौ १८ गते वक्तव्य मार्फत यी शब्दहरूकासाथ युद्धविरामको घोषणा गरियो- "...अत : नेपाली जनताको लोकतान्त्रिक राजनैतिक निकास र शान्तिको आकांक्षाप्रति गहिरो जिम्मेवारीबोध र हाम्रो आन्दोलनबारे कतिपय वृत्तमा रहेको आशंका मेटाउने उद्देश्यका साथ हाम्रो पार्टी, यो वक्तव्य सार्वजनिक भएको मितिदेखि तीन महिनासम्मका लागि आफ्नो तर्फबाट एकपक्षीय युद्धविरामको घोषणा गर्दछ। सो अवधिभर हाम्रो पार्टीको नेतृत्वमा रहेको जनमुक्ति सेना दुश्मन आइलागेमा मात्र प्रतिरोध गर्ने सक्रिय रक्षाको अवस्थामा रहनेछ। जनमुक्ति सेनाले आफ्नो तर्फबाट कुनै आक्रामक कार्यवाही गर्ने छैन।"	सुरूमा सरकारले कुनै वास्ता गरेन। पछि मंसिर १० गते श्री ५ को सरकारका तर्फबाट प्रवक्ताले सात राजनीतिक पार्टी र माओवादी "आतंककारी" बीच भएको सहमतिप्रति सरकारको ध्यानाकर्षण भएको जनाए। प्रवक्ताले सरकार नगरपालिकाको निर्वाचन गराउन कटिबद्ध रहेको जनाए। तर प्रवक्ताको प्रेस विज्ञप्ति माओवादीका तर्फबाट गरिएको एकतर्फी युद्धविरामका सम्बन्धमा मौन रहेको थियो।
०६२ मंसिर ७ गते माओवादी लोकतन्त्रका निम्ति संघर्षरत् सात राजनीतिक दलहरूसँग १२ बुँदे सहमतिमा पुग्यो। ती मध्ये एउटा बुँदा यस्तो रहेको छ- "आन्दोलनको शक्तिले संसदको पुनर्स्थापना गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार, माओवादीसँग वार्ता र सहमतिका आधारमा संविधानसभाको निर्वाचन गरी पूर्ण लोकतन्त्र स्थापना गरेर नै देशमा विद्यमान द्वन्द्वको समाधान गर्न सकिन्छ र सार्वभौमसत्ता र राजकीय सत्ता पूर्णरुपले जनतामा स्थापित गर्न सकिन्छ भन्ने कुरामा आन्दोलनरत् सात राजनीतिक दलहरू पूर्ण प्रतिवद्ध छन्। आन्दोलनरत् लोकतान्त्रिक शक्तिहरूको राष्ट्रिय राजनीतिक सम्मेलन गर्ने र त्यसको निर्णयले अन्तरिम सरकार बनाइ संविधानसभाको निर्वाचन गरेर उल्लेखित लक्ष्य हासिल गर्न सकिन्छ भन्ने नेकपा (माओवादी) को धारणा र प्रतिवद्धता रहेको छ। यो प्रक्रियागत कार्यसूचीको विषयमा आन्दोलनरत् सात राजनीतिक दल र नेकपा (माओवादी) बीचमा सम्वाद चलाउँदै जाने र साझा सहमतिको खोजी गर्ने समझदारी बनेको छ।"	०६२ पुस ५ गते मन्त्रिपरिषद्का उपाध्यक्ष डा. तुलसी गिरीले दल माओवादी समझदारी सरकारले स्वीकार नगर्ने जनाउँदै माओवादीको एकतर्फी युद्धविरामलाई सरकारले सम्वोधन नगर्ने बताउनु भयो। राजधानीमा आयोजित पत्रकार सम्मेलनमा उहाँले माओवादीले गरेको एकतर्फी युद्धविराममा दल र माओवादीले एकअर्कालाई सम्बोधन गरेको तर सरकारलाई एक शब्द पनि नभनेको हुनाले सरकारले पनि त्यसलाई सम्बोधन नगर्ने गिरीले बताउनु भयो। "युद्धविराम दलको सुविधाका लागि गरे। सरकारसँग वार्ता गर्छौं भन्ने एक शब्द छैन। हामीसँग कुरा गर्न नआउने, आओ हामी तयार छौं भन्ने।"
०६२ मंसिर १७ गते माओवादीले एकतर्फी युद्धविरामको अवधि एक महिनाका निम्ति थप गरेको घोषणा गर्‍यो- "निरंकुश सामन्ती तत्वहरूले हामीलाई फौजी प्रतिरोधका लागि बाध्य पारिरहेको उपरोक्त स्थितिका बावजुद देशको राजनीतिक स्थितिको समग्रता र लोकतन्त्र र शान्तिका पक्षधर देशभित्र र बाहिरका सबै सकारात्मक शक्तिहरूको मागलाई गम्भीरतापूर्वक विचार गरी हाम्रो पार्टीले अर्को एक महिनाका लागि युद्धविरामको अवधि बढाउने निर्णय गरेको छ। हाम्रो पार्टी विश्वास गर्दछ कि यो निर्णयले निरंकुश राजतन्त्रका विरुद्ध लोकतन्त्र र शान्तिको आन्दोलन अगाडि बढाउन थप सहयोग पुग्नुका साथै यसले संविधान सभामार्फत राजनीतिक निकास खोज्ने प्रक्रियालाई नयाँ गति प्रदान गर्नेछ।"	सन् २००५ भरि नै राजा वा राजाको सरकारका तर्फबाट यस सम्बन्धमा कुनै प्रतिक्रिया सार्वजनिक गरिएन।

गाउँलाई नै घेरा हाली लगातार एकपक्षीय रूपमा गरेको अन्धाधुन्ध गोली प्रहारबाट रोल्पा कोर्चाबाङ्गका ३८ वर्षीय विलय भनिने देविबहादुर पुन, पाल्पा तानसेन नपा-१२ का ५६ वर्षीय रामप्रसाद घिमिरे, गुल्मी रुरु गाविसका १९ वर्षीय अर्जुन विक, धारादेवी मा.वि.मा कक्षा ९ मा अध्ययनरत विद्यार्थी बहादुरपुर गाविस-९ का १७ वर्षीय मिलन रखाल र अन्य एकजना नाम खुल्न नसकेका व्यक्तिको मृत्यु भयो। वार्ड नं. ७ निवासी मेतबहादुर ढेंगाकी छोरी सात वर्षीया पुनम ढेगा दाहिने आँखा र कानको बीचमा गोली लागी गम्भीर घाइते भइन्। टोपबहादुर ढेंगाका तीन वर्षीय छोरा विपिन

ढेगा दाहिने कोखामा गोली लागी घाइते भए। घाइते मध्ये विपिन ढेगालाई सेनाद्वारा तत्काल दुई हजार भारतीय रूपैया प्रदान गरी छाडिएको पाइयो भने गम्भीर घाइते पुनम ढेगालाई सेनाद्वारा नै उपचारका लागी लगिएको थाहा हुन आयो।

विद्रोही माओवादीतर्फ भएका घाइतेहरूमा २२ वर्षीय विस्फोटको देब्रे घुँडा मुनि दुईओटा, १९ वर्षीय सुमनको दाहिने साँप्रामा तीनओटा र १९ वर्षीय अटलको टाउकोमा एउटा गोली लागेको थाहा भयो। साथै, बालविकास निम्नमाध्यमिक विद्यालयको छात्रावासमा बस्दै आएका शिक्षक ३४ वर्षीय मनोहर ज्ञवाली, ३६ वर्षीय रामबाबु कुशहवा र धारादेवी मा.वि. का शिक्षक ४० वर्षीय रामप्रसाद भुसाललाई घोप्टो पारी घुँडाले भुईंमा टेक्न लगाई लात्तीले हानी यातना दिइएको पाइयो। स्थानीय युवाहरू वार्ड ७ का २५ वर्षीय घनबहादुर ढेगा, वार्ड नं. १ का २४ वर्षीय मीनबहादुर रासकोटी मगर , वार्ड नं. १ कै २५ वर्षीय दिलबहादुर भेडी र वार्ड नं. ९ का २८ वर्षीय जयबहादुर रानालाई पनि लात्तीले हान्दै, घुँडा टेकाई घण्टौं यातना दिइएको थियो। उनीहरूलाई खाल्टो खन्न लगाएर मारिएकाहरूको लास राखी दुई मिनेटमा नपुरे गोली हान्ने धम्की दिएर त्रसित तुल्याइएको थियो। साथै पीडित युवाहरूले

लगाएको चप्पल, शिक्षकको कोठामा रहेको एकथान डिजिटल रेडियो, एउटा छाता, दुई प्याकेट ब्लेडसमेत खोजतलास पछिको समयमा हराएको पाइयो।

बहादुरपुर गविस वार्ड नं. ९, रामपुर किसानवारी निवासी ७६ वर्षीय नगेन्द्र भट्टराई, चितवनका ५२ वर्षीय सुदर्शन पौडेल र उनकी श्रीमती ३८ वर्षीया शारदा पौडेल, पाल्पा कुशइखोलाका २८ वर्षीय यादव राउत र अर्गेली गाविस वार्ड नं. ३ का १२ वर्षीय अनुप विष्टलाई गिरफ्तार गरी हात पछाडि बाँधेर लगिएको पाइयो। त्यस बखत चलाइएको गोली वार्ड नं. १ का कृष्णबहादुर भेडीको भैंसीको अगाडिका दुवै खुट्टामा लागेको थाहा हुन आयो। वार्ड नं. ७ का दिलबहादुर थापाको नयाँ क्यामरा सुरक्षाफौजले लगी फिर्ता नगरेको समेत बताइयो। मारिएकाहरू मध्ये ४ जनाको लास विद्यालयदेखि ५० मिटर पर सुबेदार जसबीर थापाको घरमा रहेको मेडिकल पसलको पछाडि बलेसीमा गाडीएको र अरु त्यसै छाडी हिँडेको पाइयो।

नेकपा (माओवादी) का कार्यकर्ताहरू युद्धविरामको समय भएकाले कुनै आक्रमण होला भन्ने सोच नराखी केही दिनका लागि यत्रतत्र छरिएर रहेको बताइयो। बैठक सुरु हुनुभन्दा अघि उनीहरू पसल, विद्यालय, बाटोमा बसेका थिए भन्ने पनि थाहा हुन आयो। माओवादीको भेला हुने सूचना पाए पश्चात् सुरक्षाकर्मीहरूले पाल्पा ब्यारेकका तर्फबाट बाँसटारी भ‍ुडेवा र बुटवलका तर्फबाट गोठादी हुँदै रहवासमा जम्मा भइ आक्रमण गरेका थिए। त्यस बखत बन्दोवस्तीका सामान रहेका झोलाहरू त्यहीं छाडी हतियार मात्र बोकी घेरा हालिएको थियो। सेनाले गिरफ्तार वा नियन्त्रणमा लिने अन्य कुनै उपाय नअपनाई विना चेतावनी जथाभावि आक्रमण गरेर नेपाल अधिराज्यको संविधान अन्तर्गत निर्धारित न्यूनतम मापदण्ड र जेनेभा महासन्धिको साझा धारा ३ को उल्लंघन गरेको छ।"८

सुरक्षाफौजबाट भएको यस्तो आक्रमणको उद्देश्य एकतर्फी युद्धविराम भङ्ग गर्न माओवादीलाई उक्साउने नै थियो भन्न सकिन्छ।

शाही सरकारले युद्धविरामलाई शान्तिवार्ताको लागि पहल गर्ने अवसरको रूपमा लिनु पर्नेमा झन् हिंसा बढाउने अवसरको रूपमा दुरुपयोग गरेको त्यसबीचमा राज्यपक्ष र माओवादीपक्षबाट भएका हत्याको आँकडाको तुलनात्मक अध्ययनबाट पनि प्रष्ट हुन्छ।

माओवादी हिंसाको प्रतिकारका क्रममा गठित प्रतिकार समूह वा भिजिलान्ते समूहका कारण २००५ मा सशस्त्र द्वन्द्व अझ जटिल बन्यो। देशका विभिन्न भूभागमा गठित प्रतिकार समितिलाई स्वयम् मन्त्रीहरूबाटै प्रत्यक्ष समर्थन र उक्साहट मिलेबाट पनि शाही कदम स्पष्टतः सम्वादको निषेधको दिशामा बढेको प्रमाणित हुन्छ। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : परिच्छेद २, "यस वर्षको उल्लेख्य")*

४. मन्त्रीहरूको चयन र पटक पटकको हेरफेर

श्री ५ ज्ञानेन्द्रबाट आफ्नै अध्यक्षतामा २०६१ माघ २० गते १० सदस्यीय मन्त्रिपरिषद् गठन गरियो। दलहरू पूरै असफल भएको दावी गर्दै र तीन वर्षभित्र आफूले देशमा शान्ति सुव्यस्था मिलाई प्रभावकारी सुधारहरू गर्ने आश्वासनसहित शाही घोषणा भएको थियो। त्यसको भोलिपल्टै सार्वजनिक गरिएको मन्त्रिपरिषद्मा भने राजाले विगतमा असफल भइसकेका, भ्रष्टाचारमा दुर्नामी कमाएका, जनअनुमोदन प्राप्त गर्न नसकेर मिल्किएका वा राजनीतिक परिदृश्यमा कतै नदेखिएकाहरूलाई नै रोजेको देखियो।

मन्त्रिपरिषद् गठन भएको दुईहप्ता पनि नबित्दै राजाद्वारा ०६१ फागुन ३ गते त्यसको पुनर्गठन गरी दुईजना उपाध्यक्षहरू थप गरियो। देशको पहिलो जननिर्वाचित सरकारलाई सैनिक बलले हटाइएको वि.सं. २०१७ साल काण्डका मतियार र निरङ्कुश पञ्चायती व्यवस्थाका हर्ताकर्ताका साथै देशबाटै पलायन भइसकेका डा. तुलसी

---

८. मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको उक्त प्रतिवेदनको पूर्ण पाठ http://inseconline.org/fact/Palpa%20EJE%20Report.pdf मा उपलब्ध छ।

०६१ माघ २० गते गठित मन्त्रिपरिषद्			
क्र.सं.	नाम	पद	कार्यविभाजन
१	रमेशनाथ पाण्डे	मन्त्री	परराष्ट्र
२	राधाकृष्ण मैनाली	मन्त्री	शिक्षा तथा खेलकूद
३	कृष्णलाल थकाली	मन्त्री	सामान्य प्रशासन
४	बुद्धिराज बज्राचार्य	मन्त्री	पर्यटन तथा नागरिक उड्डयन
५	दुर्गा श्रेष्ठ	मन्त्री	महिला, बालबालिका तथा समाजकल्याण
६	टंक ढकाल	मन्त्री	सूचना तथा सञ्चार
७	दानबहादुर शाही	मन्त्री	गृह र कानुन, न्याय तथा संसदीय व्यवस्था
८	खड्गबहादुर जोसी	मन्त्री	स्थानीय विकास
९	रामनारायण सिंह	मन्त्री	श्रम तथा यातायात व्यवस्था
१०	मधुकरशम्शेर जंगबहादुर राणा	मन्त्री	अर्थ

गिरी वरिष्ठ उपाध्यक्ष बनाइए। निर्वाचनमा उठ्दा जमानतसमेत जफत भएका, जीवनमा कहिल्यै जनमत पाउन नसकेका कीर्तिनिधि विष्ट पनि उपाध्यक्ष बनाइए।

०६१ फागुन ३ गते नियुक्त गरिएका उपाध्यक्षहरू			
१	डा. तुलसी गिरी	उपाध्यक्ष	कानुन, न्याय तथा संसदीय व्यवस्था, जलस्रोत, भूमिसुधार तथा व्यवस्था, वन तथा भू-संरक्षण, विज्ञान तथा प्रविधि
२	कीर्तिनिधि विष्ट	उपाध्यक्ष	उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि तथा सहकारी, जनसंख्या तथा वातावरण, भौतिक योजना तथा निर्माण, स्वास्थ्य

पञ्चायती इतिहासका पानामासमेत धूमिल भइसकेका पात्रहरूलाई लिएर राजाद्वारा बनाइएको मन्त्रिपरिषद् निकम्मा हुनु कुनै अनौठो कुरा थिएन। नभन्दै, आफूले सत्ता लिएको छ महिना पनि नपुग्दै पुनः मन्त्रिपरिषद्मा हेरफेर गर्न राजा बाध्य हुनु पर्‍यो।

राजाद्वारा आफ्नो मन्त्रिपरिषद्मा राखिएका व्यक्तिहरूको जति अपयश भयो, त्यस्तो विगतमा कहिल्यै भएको थिएन। पञ्चायतकालमा पटक पटक हालिमुहाली चलाएका डा. तुलसी गिरीले देश छाडेर जाने बेलामा बैङ्कबाट ऋण लिएर गई हालसम्म नतिरेको रहस्य सरकारले जति चाहे पनि लुकाउन सकेन। डा. गिरी जस्तै बैङ्क ऋण नतिर्ने टङ्क ढकाल, सिनेट श्रेष्ठका अलावा विगतमा पत्रकार पदम ठकुराठीलाई ज्यान मार्ने उद्योगमा फौजदारी सजाय पाई जेल जीवन बिताएका जगत गौचन, तथा राजधानीका आपराधिक समूहसँगको सहकार्यले बदनाम नीक्षशमशेर राणा मात्र होइन,

०६२ असार ३० गते बनाइएको मन्त्रिपरिषद्			
क्र.सं.	नाम	पद	कार्यविभाजन
१	डा. तुलसी गिरी	उपाध्यक्ष	जलस्रोत
२	कीर्तिनिधि विष्ट	उपाध्यक्ष	
३	बद्रीप्रसाद मण्डल	मन्त्री	कृषि तथा सहकारी
४	रमेशनाथ पाण्डे	मन्त्री	परराष्ट्र
५	राधाकृष्ण मैनाली	मन्त्री	शिक्षा तथा खेलकुद
६	सलिम मिया अन्सारी	मन्त्री	वन तथा भू-संरक्षण
७	प्रकाश कोइराला	मन्त्री	वातावरण, विज्ञान तथा प्रविधि
८	कृष्णलाल थकाली	मन्त्री	सामान्य प्रशासन
९	बुद्धिराज बज्राचार्य	मन्त्री	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
१०	दुर्गा श्रेष्ठ	मन्त्री	महिला, बालबालिका तथा समाज कल्याण
११	टंक ढकाल	मन्त्री	सूचना तथा सञ्चार
१२	दानबहादुर शाही	मन्त्री	गृह
१३	खड्गबहादुर जोसी	मन्त्री	स्थानीय विकास
१४	रामनारायण सिंह	मन्त्री	श्रम तथा यातायत व्यवस्था
१५	मधुकरशम्शेर जंगबहादुर राणा	मन्त्री	अर्थ
१६	निरञ्जन थापा	मन्त्री	कानुन, न्याय तथा संसदीय व्यवस्था
१७	डा. रूप ज्योति	स. मन्त्री	अर्थ
१८	याङकीला शेर्पा	स. मन्त्री	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
१९	विनोदकुमार शाह	स. मन्त्री	जलस्रोत
२०	छक्कबहादुर लामा	स. मन्त्री	स्थानीय विकास
२१	गोल्छे सार्की	स. मन्त्री	श्रम तथा यातायात व्यवस्था
२२	जगत गौचन	स. मन्त्री	भौतिक योजना तथा निर्माण
२३	नीक्षशमशेर राणा	स. मन्त्री	स्वास्थ्य तथा जनसंख्या
२४	सिनेट श्रेष्ठ	स. मन्त्री	शिक्षा तथा खेलकुद

शाही सरकारका प्राय: सबै मन्त्रीहरूका भ्रष्टाचारका रहस्य खुल्न थाले। सदाचारका कुरा गरेर नथाक्ने राजाका रोजाइमा परेका मानिसहरूले नै राजाका दावीलाई जगहँसाइका विषय बनाइदिए।

यहाँसम्मकि जिविसका मनोनितहरूको पूर्वाञ्चल भेलाका सहभागीले अधिकांश मन्त्री "काम नलाग्ने र घिनलाग्दा" भएकाले मन्त्रिमण्डलबाट अविलम्ब हटाउन माग गरे। अधिकांश मन्त्री नकारात्मक पृष्ठभूमिका भएको चर्चा गाउँ गाउँमा भइरहेकाले शिर निहुराउनु पर्ने स्थिति रहेकामा उनीहरूले ध्यानाकर्षण गरे।[८]

अर्को पाँच महिना बित्दा-नबित्दै शाही सरकारमा फेरि फेरबदल भयो। यस पटक राजा आफ्ना गृहमन्त्रीसमेत फेर्न बाध्य हुनु पऱ्यो। ०६२ मंसिर २२ गते पुन: मन्त्रिपरिषद्मा हेरफेर, थप र कार्यविभाजन गरियो।

राजनीतिक अस्थिरताका लागि दलहरूको आलोचना गर्ने राजाले मन्त्रिपरिषद्मा छोटो अवधिमै पटक पटक हेरफेर गरेपछि राजाको पहिलेको आलोचना व्यर्थ रहेको प्रमाणित भयो।

५. निरुत्साहित नागरिक प्रशासन

शाही कदम सैन्य बलको आधारमा चालिएको हुनाले त्यसको असर राज्य प्रशासनमा पनि नपरिरहन सकेन। शाही सरकारको स्वेच्छाचारी क्रियाकलापले नागरिक प्रशासन मारमा पऱ्यो। प्रशासनिक निकायमा सरकारद्वारा गरिएको स्वेच्छाचारी निर्णय र असंवैधानिक नियुक्तिले उक्त क्षेत्रलाई हतोत्साही बनायो।

शाही सरकारले पञ्चायतकालीन कुख्यात अञ्चलाधीश प्रथालाई ब्यूँताउन स्थानीय प्रशासन ऐन २०२८ लाई अध्यादेशमार्फत् संशोधन गरी पाँच क्षेत्रीय र १४ अञ्चल प्रशासकको व्यवस्था गऱ्यो। ०६१ चैत ११ गते जारी गरिएको स्थानीय प्रशासन (पाँचौं संशोधन) अध्यादेश २०६१ मा क्षेत्रीय प्रशासकलाई सुरक्षा तथा विकासको अनुगमन, निरीक्षण र परिचालनका अधिकार दिइएको छ भने अञ्चल प्रशासकलाई अञ्चल सुरक्षा समितिको अध्यक्षता गर्ने तथा विकास र प्रशासनिक कार्य गर्ने अधिकार दिइएको छ। अध्यादेशमा क्षेत्रीय प्रशासकहरूलाई संवैधानिक अंगको प्रमुख सरहको मर्यादाक्रममा राखिएको छ भने अञ्चल प्रशासक संवैधानिक निकायका सदस्यको हैसियतका हुने व्यवस्था गरिएको छ। अध्यादेशमा उनीहरूको नियुक्तिका लागि कुनै मापदण्ड र योग्यता खुलाइएको छैन भने श्री ५ बाट चाहेको बेला क्षेत्रीय तथा अञ्चल प्रशासकको पदमुक्ति हुने उल्लेख छ। प्रशासकको कार्यविधि पनि स्पष्ट छैन।

नियुक्त गरिएका प्रशासकहरू कोही पनि निजामती

०६२ मंसिर २२ गते बनाइएको मन्त्रिपरिषद्

क्र.सं.	नाम	पद	कार्यविभाजन
१	डा. तुलसी गिरी	उपाध्यक्ष	जलस्रोत
२	कीर्तिनिधि विष्ट	उपाध्यक्ष	
३	बद्रीप्रसाद मण्डल	मन्त्री	सामान्य प्रशासन
४	केशरबहादुर विष्ट	मन्त्री	कृषि तथा सहकारी
५	रमेशनाथ पाण्डे	मन्त्री	परराष्ट्र
६	राधाकृष्ण मैनाली	मन्त्री	शिक्षा तथा खेलकूद
७	कमल थापा	मन्त्री	गृह
८	बुद्धिमान तामाङ्ग	मन्त्री	उद्योग, वाणिज्य तथा आपूर्ति
९	सलिम मिया अन्सारी	मन्त्री	वन तथा भूसंरक्षण
१०	प्रकाश कोइराला	मन्त्री	वातावरण तथा विज्ञान-प्रविधि
११	नारायणसिंह पुन	मन्त्री	भूमिसुधार तथा व्यवस्था
१२	बुद्धिराज बज्राचार्य	मन्त्री	विनाविभागीय
१३	टंक ढकाल	मन्त्री	स्थानीय विकास
१४	निरन्जन थापा	मन्त्री	कानुन, न्याय तथा संसदीय व्यवस्था
१५	रविन्द्र खनाल	राज्यमन्त्री	श्रम तथा यातायान व्यवस्था
१६	डा. रूप ज्योति	राज्यमन्त्री	अर्थ
१७	याङ्गकीला शेर्पा	राज्यमन्त्री	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन
१८	मणि लामा	राज्यमन्त्री	स्वास्थ्य तथा जनसंख्या
१९	ब्रजेशकुमार गुप्ता	राज्यमन्त्री	भौतिक योजना तथा निर्माण
२०	डा. दुर्गा पोखरेल	राज्यमन्त्री	महिला, बालबालिका तथा समाजकल्याण
२१	श्रीश शम्शेर राणा	राज्यमन्त्री	सूचना तथा सञ्चार
२२	हरिशंकर परियार	सहायकमन्त्री	वन तथा भू-संरक्षण
२३	विनोदकुमार शाह	सहायकमन्त्री	जलस्रोत
२४	छक्कबहादुर लामा	सहायकमन्त्री	भौतिक योजना तथा निर्माण
२५	गोल्चे सार्की	सहायकमन्त्री	महिला, बालबालिका तथा समाजकल्याण
२६	नीक्ष शम्शेर राणा	सहायकमन्त्री	स्वास्थ्य तथा जनसंख्या
२७	गोविन्द चौधरी	सहायकमन्त्री	कृषि तथा सहकारी
२८	यज्ञबहादुर बुढाथोकी	सहायकमन्त्री	भूमिसुधार तथा व्यवस्था
२९	तोरणबहादुर गुरुङ्ग	सहायकमन्त्री	सामान्य प्रशासन
३०	रोशन कार्की	सहायकमन्त्री	स्थानीय विकास
३१	भुवन पाठक	सहायकमन्त्री	शिक्षा तथा खेलकूद
३२	राजेशकाजी श्रेष्ठ	सहायकमन्त्री	उद्योग, वाणिज्य तथा आपूर्ति
३३	टेकनारायण राजवंशी	सहायकमन्त्री	श्रम तथा यातायात व्यवस्था
३४	प्रतापराम लोहार	सहायकमन्त्री	वातावरण तथा विज्ञान-प्रविधि
३५	सोनेलाल यादव	सहायकमन्त्री	गृह

८. "घीनलाग्दा मन्त्रीहरू तत्काल हटाउनुपर्छ", कान्तिपुर; ०६२ असोज ६ गते

प्रशासनबाट नभएर राजनीतिक पृष्ठभूमिका रहे।

सरकारले तोकेको स्थानमा रहने व्यवस्था गरिएअनुरूप अञ्चल प्रशासन कार्यालयका लागि चौधवटै अञ्चलमा मुकाम तोकियो।

अध्यादेशले दिएको अधिकारबाहेक सरकारले २०६२ भदौ ६ गते नेपाल राजपत्रमा सूचना प्रकाशन गरेर क्षेत्रीय एवं अञ्चल प्रशासकलाई थप अधिकार प्रदान गर्‍यो। प्रशासकहरूलाई निजामती सेवाका कर्मचारीलाई आफ्नो क्षेत्र वा अञ्चलभित्र सरुवा गर्नेसाथै कर्मचारी उपर विभागीय कारबाही गर्ने अधिकारसमेत दिइयो।[९]

निजामती सेवा ऐन २०४९ अध्यादेशमार्फत् ०६२ असार ३० गते संशोधन गरियो। अध्यादेशले सरकारी कर्मचारीहरूका लागि पेशागत संस्था खोल्न नपाउने, सचिवको पदका लागि तीन पटक सम्म नामहरू सिफारिस गर्न सकिने, सचिवको नियुक्तिका लागि वरिष्ठताको आधार हुनु नपर्ने, तल्लो तहको कर्मचारीकालागि करार अनुसार नियुक्ति गर्ने र त्यस्ता कर्मचारीको पेन्सनसमेत नपाउने व्यवस्था गरेको छ। अध्यादेश मार्फत गरिएको यस व्यवस्थाले सरकारी कर्मचारीहरूलाई हतोत्साही बनाउनुका साथै पेन्सन पाउने व्यवस्था हटाई करार अनुसार नियुक्ति गरिने प्रावधान राखेर उनीहरूको सामाजिक सुरक्षाको व्यवस्थालाई खारेज गर्‍यो।

०६१ चैत २९ गते नियुक्त क्षेत्रीय प्रशासकहरू

क्र.सं.	क्षेत्र	प्रशासक	कैफियत
१	पूर्वाञ्चल	जगदीश लड्का	पूर्वअञ्चलाधीश
२	मध्यमाञ्चल	रवीन्द्र चक्रवर्ती	पूर्वसांसद (राजाद्वारा मनोनित)
३	पश्चिमाञ्चल	छत्रविक्रम शाह	सेनाका पूर्वजर्नेल
४	मध्यपश्चिमाञ्चल	सुरेन्द्रकुमार सिंह यादव	पञ्चायतकालीन सहायकमन्त्री
५	सुदूरपश्चिमाञ्चल	गणेश शेरचन	पञ्चायतकालीन सहायकमन्त्री

नेपाल निजामती कर्मचारी संगठनले उक्त अध्यादेशमा प्रशासनलाई पंगु बनाउने अभिप्रायलाई प्रमुखताका साथ अगाडि सारिएको बतायो। संगठनले अध्यादेश अप्रजातान्त्रिक, निरङ्कुश र घोर अन्यायपूर्ण रहेको जनायो। अध्यादेशले संयुक्त राष्ट्र संघको विश्वव्यापी मानवअधिकार घोषणापत्र, आईएलओका अभिसन्धिहरू तथा नेपाल अधिराज्यको संविधानले प्रत्याभूत गरेको

०६१ चैत २९ गते नियुक्त अञ्चल प्रशासकहरू

क्र.सं.	अञ्चल	प्रशासक	कैफियत
१	मेची	प्रा.डा. श्यामकिशोर सिंह	त्रिविका प्राध्यापक
२	कोशी	रणबहादुर चन्द	प्रहरीका पूर्वडीआईजी
३	सगरमाथा	रामकुमार सुब्बा	इटहरीका पूर्वप्रधानपञ्च
४	जनकपुर	जनक जङ्गली	पञ्चायतकालीन युवक संगठनका नेता
५	नारायणी	प्रजापति कोइराला	पञ्चायतकालीन विद्यार्थी मण्डलका संस्थापक
६	बागमती	प्रा.डा. शङ्कर गुरुङ	त्रिविका प्राध्यापक
७	गण्डकी	कुमारबहादुर कार्की	पूर्वक्याम्पसप्रमुख, धरान नगरपालिकाका मनोनित पूर्वमेयर
८	लुम्बिनी	रामकृष्ण पन्त	पूर्वकर्मचारी
९	धवलागिरी	रामजी विष्ट	शाही कदम समर्थक कानून व्यवसायी
१०	राप्ती	ललितबहादुर थापा मगर	पूर्वकर्मचारी
११	कर्णाली	उत्तर दमाई	शाही कदम समर्थक
१२	भेरी	मीनबहादुर पाल	पञ्चायतकालीन विद्यार्थी मण्डलका नेता
१३	सेती	कर्णबहादुर विमाल	पूर्वरापंस
१४	महाकाली	महेन्द्रमान व्यांथन	एमाले जिल्ला कमिटीका पूर्वसचिव

कर्मचारीहरूको संगठित हुन पाउने स्वतन्त्रतामाथि धावा बोलेको र कर्मचारीको सामूहिक आवाजलाई निस्तेज बनाई आमकर्मचारीलाई दास बनाउने मनसाय राखेको टिप्पणी पनि उक्त संगठनद्वारा गरिएको थियो।[१०]

अध्यादेशले नेपाल पक्षराष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि लगायत अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) महासन्धिहरूका ८७, ९८, १४४ र १५१ धारामा व्यवस्था गरिएका अधिकारहरूको ठाडो उल्लंघन गरेको छ। उक्त अभिसन्धि तथा प्रावधानहरूले स्वतन्त्र रूपमा भेला तथा संगठित हुने अधिकारको प्रत्याभूति गरेका छन्। आईएलओ महासन्धिले सरकारी कर्मचारी संगठन खोल्न पाउने व्यवस्था गरेको छ। निजामती कर्मचारीहरूको विद्यमान संगठनहरूको खारेजीलगायत उनीहरूको संगठन गर्ने स्वतन्त्रमाथि बन्देज लगाएको कुरा अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को संगठन गर्ने

९. श्री ५ को सरकार; **नेपाल राजपत्र**, काठमाण्डौं; खण्ड ५५ संख्या १९, ०६२ भदौ ६ गते

१०. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक); **प्राची द्वैमासिक** पूर्णाङ्क ५५; काठमाण्डौं; ०६२ साउन; पृ. १९ मा जस्ताको तस्तै प्रकाशित नेपाल निजामती कर्मचारी संगठनको अपील

स्वतन्त्रतासम्बन्धी समितिमा उजुरीको विषय बन्यो।[११]

सरकारले सरकारी उच्च पदस्थ अधिकारीहरूलाई अव्यवस्थित तरिकाले सरुवा गरी हतोत्साही बनाउने कार्य गर्‍यो। सरकारले नागरिक प्रशासनका विभिन्न सातजना सचिवहरूलाई अनुपयुक्त समयमा सरुवा गरी अतिरिक्त पदमा तल्लो तहका कर्मचारीलाई निमित्त सचिवका रूपमा कार्य गर्ने जिम्मेवारी दियो। सरकारले सचिव सरुवा-बढुवाको सवालमा संवैधानिक अंग लोक सेवा आयोगकोसमेत परामर्श स्वीकार नगरेर आफ्नो मनमानी ढंगले कार्य गरेको आयोगका प्रतिनिधिहरूले बताए।[१२]

मन्त्रिपरिषद्को २०६१ फागुन १९ गते बसेको बैठकले आठजना सचिवहरूलाई अतिरिक्त समूहमा राखी सहसचिवहरूलाई कायममुकायम बनाएको थियो। सो निर्णयबाट सचिवहरू शशिकान्त मैनाली, टीकादत्त निरौला, भोजराज घिमिरे, नारायणप्रसाद सिलवाल, विजयराज भट्टराई, उमेशकान्त मैनाली, दिनेशचन्द्र प्याकुरेल र लीलाराज शर्मा अतिरिक्त समूहमा पुगेका थिए। यीमध्ये दिनेशचन्द्र प्याकुरेलले ०६२ जेठ २६ गते आत्महत्या गरे। काम दिइएकाहरूको पदावधि भदौ १९ गते सकिएपछि मन्त्रालयहरूको जिम्मेवारी निमित्तमा झर्‍यो। सचिवहरू हुँदाहुँदै सहसचिवलाई निमित्त दिइयो। कर्मचारीलाई पदीय जिम्मेवारी नदिई एक महिना भन्दा बढी अवधिसम्म राख्न नपाइने निजामती सेवा ऐनको प्रावधान[१३] लाई समेत उल्लंघन गर्न शाही सरकार पछि परेन।

सरकारले ७५ जिल्ला मध्ये ५२ जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूलाई ०६२ वैशाख १ गते सरुवा गर्‍यो। जसमध्ये २५ जना विभिन्न मन्त्रालयबाट छनौट गरी प्रमुख जिल्ला अधिकारी बनाइएका थिए। अन्यलाई एक जिल्लाबाट अर्कोमा पठाइएको थियो। विभिन्न सरकारी अधिकारीहरूले यसको विरोध गर्दै यस कार्यलाई पूर्वाग्रहयुक्त र अवैज्ञानिक भएको बताए।

६. स्थानीय निकाय मनोनयन : राजावादीको भर्ती

शाही सरकारले ७५ वटै जिल्लामा जिल्ला अनुगमन समितिको नाममा अपारदर्शी शासन चलाउन खोज्यो। सरकारी सेवा तथा सुविधा प्रभावकारी तुल्याउने निर्देशिका २०६१ अनुसार गठित अनुगमन समितिलाई जिल्लाका विकास निर्माण तथा प्रशासनिक कामको अनुगमन गर्ने अधिकार दिइएको थियो। माओवादीले अनुगमन समितिका कपिलवस्तु संयोजक दानबहादुर श्रीवास्तव, बाँके जिल्ला संयोजक अजयराज सिंह तथा चितवन जिल्ला संयोजक भगवानदास श्रेष्ठको विभिन्न मितिमा हत्या गरेपछि अनुगमन समितिबाट राजीनामा दिने लहर चल्यो।

कुनै ठोस कानुनी आधारबिना बनेको अनुगमन समितिको असफलतापछि सरकारले ०६२ जेठ ३१ गते २५ वटा, ०६२ साउन १७ गते ४७ वटा र ०६२ साउन २६ गते तीन वटा जिल्लाका जिविसहरूमा मनोनयन गर्‍यो। मनोनयनको आधार कुनै योग्यता थिएन। सबैजना शाही कदमलाई समर्थन गरेको भरमा मनोनित भएका थिए।

जिविसका कतिपय पदाधिकारीहरू त अदालतद्वारा दोषी ठहर्‍याई दण्ड पाइसकेकासमेत थिए। उदाहरणका लागि, सरकारद्वारा मनोनित बाँके जिविसका सभापति चेतबहादुर थापालाई पुनरावेदन अदालत बाँकेले उनी कोहलपुर नगरविकास समितिको सभापति हुँदा भ्रष्टाचार गरेको ठहर गरी रु. ३६ लाख जरिवाना गरेको थियो।[१४] त्यस्तै, उदयपुर जिविसका मनोनित उपसभापति रामचन्द्र गुप्तालाई जिल्लाका विभिन्न व्यक्ति र संस्थाका रकम हिनामिना गरेको अभियोगमा सिरहा र उदयपुर जिल्ला अदालतले कैद सजाय सुनाएका थिए। सप्तरी जिविसका मनोनित उपसभापति गंगाप्रसाद यादवलाई कुटपिट, जालसाजीलगायत मुद्दामा अदालतले दोषी ठहर्‍याएको थियो।[१५]

७. शाही आयोग : राजनीतिक इबी साध्ने हतियार

भ्रष्टाचार नियन्त्रण गर्नका लागि संविधानद्वारा व्यवस्थित गरिएको शक्तिशाली अख्तियार दुरुपयोग अनुसन्धान आयोग हुँदाहुँदै राजाद्वारा ०६२ फागुन ५ गते "भ्रष्टाचार नियन्त्रण शाही आयोग" गठन गरियो। सुरुमा संविधानको धारा ११५ को उपधारा (७) अन्तर्गत गठित आयोगलाई संकटकाल समाप्तिपछि धारा १२७ अनुसार निरन्तरता दिइएको थियो। (शाही आयोग गठनसम्बन्धी दुवै आदेशहरूको पूर्ण पाठका लागि यसै पुस्तकको न्यायपालिका परिच्छेद हेर्नु होस्।)

शाही आयोगलाई भ्रष्टाचारसम्बन्धी मुद्दामा अनुसन्धान गर्न र मुद्दा चलाउन अख्तियारले पाएसरहको अधिकारका साथै त्यस्ता मुद्दामा निर्णय लिन विशेष अदालतले पाए सरहको अधिकार प्रयोग गर्न सक्ने व्यवस्था गरियो। भ्रष्टाचारमा संलग्न भएको आशङ्का गरिएको व्यक्तिलाई

---

११. संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल, **संयुक्त राष्ट्रसंघ महासभाको ६० औं अधिवेशनमा प्रस्तुत गरिने प्रतिवेदन**; १९ सेप्टेम्बर २००५

१२. "लोकसेवाको सिफारिस मान्न सरकार बाध्य छैन" कान्तिपुर, ०६२ साउन ४ गते

१३. निजामती सेवा ऐन २०४९, दफा १८(ख)

१४. "टेन एम फाइन फर ल्याण्ड स्क्याम", द काठमाडौं पोष्ट, मे १, २००१

१५. "अदालतका दोषीहरू उपसभापति", कान्तिपुर, ०६२ साउन १९ गते

अनुसन्धानको सिलसिलामा ३० दिनसम्म थुन्ने अधिकारसमेत शाही आयोगलाई दिइयो। जुन व्यवस्था अन्तर्राष्ट्रिय मानवअधिकार कानुन विपरित गरिएको छ। संयुक्त राष्ट्रसंघीय नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्रले कसैलाई पनि पुर्पक्षका लागि अदालत समक्ष उपस्थित नगराई थुन्न नपाउने व्यवस्था गरेको छ।

शाही आयोगको सर्वत्र विरोध भयो। प्रमुख राजनीतिक दलहरू, विभिन्न सामाजिक संस्थाहरू, सञ्चार क्षेत्र, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरू, दातृ निकायहरू र धेरै राष्ट्रहरूले शाही आयोग असंवैधानिक, अनुत्तरदायी र गैरन्यायिक भएको भन्दै भर्त्सना गरे। सबैतिरबाट उक्त आयोगको खारेजीको माग भयो।

शाही आयोगले नेपाली कांग्रेस (प्रजातान्त्रिक) का सभापति एवं पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र पूर्वमन्त्री प्रकाशमान सिंहमाथि गरेको कारवाहीबाट उक्त आयोग राजनीतिक इवी साँध्नका लागि मात्र गठन गरिएको थियो भन्ने छर्लङ्ग भयो। मेलम्ची ठेक्का प्रकरणमा भ्रष्टाचारको अभियोग लगाई शाही आयोगले देउवालाई ०६२ वैशाख १३ गते राति २.०० बजे सादा पोशाकका सुरक्षाकर्मीहरूको प्रयोग गरी घरबाट जबरजस्ती गिरफ्तार गर्‍यो प्रकाशमान सिंहलाई पनि ०६२ वैशाख ८ गते बिहान सवा दश बजे सादा पोशाकमा आएका सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। देउवालाई गिरफ्तार गर्ने क्रममा सुरक्षाकर्मीले मध्यरातमा देउवाको निवास पुग्ने बाटो र घर वरिपरि पूरै घेरी टेलिफोन र बिजुलीसमेत विच्छेद गरेका थिए। सम्मानित पदमा पुगेका व्यक्तिहरूलाई गिरफ्तार गर्न राज्यले जुन शैली अपनायो, त्यो कानुनी शासनको विरुद्धमा थियो। यसअघि, देउवा र सिंहलाई शाही आयोगले बयानका लागि उपस्थित हुन २४ घण्टे म्याद जारी गरेको थियो। उक्त म्याद जारी गरेको एक सातापछि दुवैजनालाई गिरफ्तार गरिएको थियो। यसका अतिरिक्त, सचिव टीकादत्त निरौला र मेलम्ची खानेपानी परियोजनाका निर्देशक ध्रुवबहादुर श्रेष्ठलाई पनि सरकारले स्वेच्छाचारी र गैरन्यायिक रूपमा गिरफ्तार गर्‍यो।

शाही आयोगले ०६२ असार २२ गते चारैजनालाई दुई वर्ष कैद र रु. ९ करोड जरिवाना गर्ने स्वेच्छाचारी फैसला सुनायो र जेल पठायो। यसैगरी सोही आरोपमा परियोजनाका उपनिर्देशक दीपककुमार झा र ठेकेदार जीपछिरिङ्ग लामा दुवैजनालाई ४ करोड ५० लाख जरिमाना तिर्न लगाई एक वर्षको जेलसजाय तोक्यो। मेलम्ची खानेपानी परियोजनाको प्रमुख दाता एसियाली विकास बैंक (एडीबी) को मुख्य कार्यालयले ०६२ असार ३१ गते सार्वजनिक गरेको प्रतिवेदनमा उक्त परियोजनामा देउवा सरकारले निर्णय गर्दा कुनैपनि अनियमितता र भ्रष्टाचार नभएको जनाउँदा जनाउँदै पनि उक्त कारवाही गरिएको थियो।

यसअतिरिक्त शेरबहादुर देउवाले आफ्नो शासनकालमा ०६१ को दशैंमा राहत कोषबाट दशैं खर्चका लागि रकम लिई मन्त्री तथा आफ्ना कार्यकर्ताहरूलाई बाँडेको आरोप पनि शाही आयोगबाट लगाइएको थियो। यसका लागि आयोगले ०६२ वैशाख ६ गते देउवालाई सोधपुछका लागि बोलाएको थियो। देउवासँगै सोधपुछका लागि बोलाइएका तत्कालीन मन्त्रीहरू पूर्णबहादुर खड्का, डा. मोहम्मद मोहसिन, युवराज ज्ञवाली, होमनाथ दाहाल, बद्री मण्डल र जोगमेहर श्रेष्ठलाई आयोगले धरौटीमा रिहा गर्‍यो। दशैं खर्च पाएका २७ जना व्यक्तिहरूसँग पनि आयोगले बयान लियो।

शाही आयोगले पूर्वमन्त्री एवं नेकपा (एमाले) का केन्द्रीय सदस्य भीम रावललाई पनि ०६२ भदौ १४ गते बिहान पौने दश बजे घरैबाट गिरफ्तार गर्‍यो। रावललाई उनी मन्त्री हुँदा चाइना साउथवेस्ट एयरलाइन्ससँग जहाज भाडामा ल्याउँदा भ्रष्टाचार गरेको आरोप लगाएको थियो। शाही आयोगले वन विभागका अधिकृतहरू जमुनाकृष्ण ताम्राकार र भगीराज इन्गनामले भ्रष्टाचार गरेको आरोप लगाउँदै उनीहरूलाई ५० हजार रूपैया जरिवाना गराई तीन महिनाकालागि जेल सजाय तोक्यो। दुवैजनालाई आयोगले ०६१ चैत १८ गते पक्राउ गरेको थियो।

भ्रष्टाचार नियन्त्रण शाही आयोगको संवैधानिकतामाथि प्रश्न उठाउँदै सार्वजनिक सरोकारअन्तर्गत दायर गरिएको मुद्दा सर्वोच्च अदालतमा ०६२ साउन २६ गते दर्ता भयो। यसअघि, शाही आयोगको संवैधानिकता माथि प्रश्न उठाइएको यस मुद्दालाई "राजाद्वारा गरिएको कार्यमा प्रश्न उठाउन नमिल्ने" भनी सर्वोच्च अदालत प्रशासनले दरपीठ गरेको थियो। न्यायाधीश मीनबहादुर रायमाझीको इजलासले ०६२ साउन २४ गते दिएको आदेशअनुसार उक्त मुद्दा दर्ता भएको थियो। अधिवक्ता सन्तोषकुमार महतोद्वारा दायर गरिएको उक्त रिट निवेदनमाथि सुनुवाइ गर्दै ०६२ भदौ १९ गते सर्वोच्च अदालतले शाही आयोगलाई यसको कानुनी हैसियतका सम्बन्धमा जवाफ पठाउन भनेको थियो। ०६२ भदौ २२ गते शाही आयोगले सर्वोच्च अदालतलाई आयोगको कानुनी हैसियतका बारेमा अदालतमा प्रश्न गर्न नमिल्ने र यस्तो अधिकार प्रतिनिधिसभालाई मात्र भएको जवाफ पठाएको थियो। यसैगरी, ०६२ असोज १० गते शाही आयोगले "शाही अधिकार प्रयोग गर्दै राजाबाट गरिएको यो कदम पूर्ण राजनीतिक भएकोले अदालतले प्रश्न उठाउन नमिल्ने" जवाफ सर्वोच्च अदालतलाई दिएको थियो। *(हेर्नुहोस् : शाही आयोगले सर्वोच्चलाई दिएको जवाफको पूर्ण पाठ)* शाही आयोगको कानुनी हैसियतमाथिको प्रश्नका बारेमा सर्वोच्च अदालतले सन् २००५ को अन्त्यसम्म नै फैसला सुनाएन। तथापि, एकातिर आयोगको काम र अर्कोतिर आयोग आफैले दिएको जवाफका आधारमा प्रष्ट भयो, शाही

आयोग राजनीतिक इबी साँध्ने हतियार मात्र थियो।

८. विभिन्न सञ्चार माध्यमहरूमाथि आक्रमण :

शाही घोषणामा "स्वतन्त्र सञ्चारक्षेत्र प्रजातन्त्रको चेतना वृद्धि गर्ने माध्यम हुन्। राष्ट्रिय हितको सम्वर्द्धनमा यसको विशेष भूमिका रहन्छ।" भनिएको भए तापनि शाही कदमको पहिलो शिकार सञ्चार क्षेत्र नै बन्यो। यस क्रममा शाही सरकारले कानुनी र गैरकानुनी दुवै तरिका अपनायो।

कानुनी आधारमा हेर्दा, शाही कदमसँगै देशमा लागू भएको सङ्कटकाली अवस्थाका कारणले आमसञ्चार माध्यमसँग प्रत्यक्ष सरोकार रहेका संविधानका धाराहरू त निलम्बनमा परे नै, साथमा श्री ५ को सरकार, सूचना तथा सञ्चार मन्त्रालयले ०६१ माघ २० गते सूचना प्रकाशन गरी विभिन्न सामग्री प्रकाशनमा छ महिनासम्मका लागि निषेध गऱ्यो। "श्री ५ को सरकारले छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ को दफा १५ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ महाराजाधिराज सरकारबाट मिति २०६१ माघ १९ मा बक्स भएको शाही घोषणाको भावना र मर्म विपरित एवं आतङ्ककारी तथा विध्वंशात्मक र आतङ्कवादलाई प्रत्यक्ष वा परोक्ष रूपमा प्रोत्साहन वा सघाउ पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना, अभिमत वा व्यक्तिगत विचारसमेत प्रकाशन गर्नमा यो सूचना प्रकाशन भएको मितिले छ महिनासम्म निषेध गरिएको छ।"[१६] सूचनामा भनिएको थियो। यस्तै व्यहोराको सूचना राष्ट्रिय प्रसारण ऐन २०४९ को दफा ७ लाई प्रयोग गर्दै प्रसारण माध्यमका लागिसमेत जारी गरिएको थियो।[१७]

श्री ५ महाराजाधिराजको सम्वाद सचिवालयद्वारा ०६१ माघ २५ गते जारी गरिएको सूचनाअनुसार राजाबाट संविधानको धारा ११५ को उपधारा (७) बमोजिम जारी भएकामध्ये केही आदेश प्रेस स्वतन्त्रतामा प्रत्यक्ष असर पुऱ्याउने खालका थिए।[१८] सम्वाद सचिवालयकै नाममा माघ २७ गते जारी एक आदेशअनुसार, देशमा शान्ति सुरक्षा कायम गर्न खटिएका सुरक्षा निकायहरूको मनोबलमा प्रतिकूल असर पर्ने गरी उनीहरूको काम कारवाहीलाई लिएर प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सार्वजनिक टीकाटिप्पणी गर्न नपाइने थियो। सङ्कटकालीन अवस्थामा नेपाल अधिराज्यको शान्ति सुरक्षा कायम गर्न खटिएका सुरक्षाकर्मी, सुरक्षा अधिकारी वा तोकिएका अधिकारीले आवश्यक ठानेमा टेलिफोन, रेडियो, फ्याक्स, टेलिभिजन, इमेललगायतका विद्युतीय सञ्चारका साधनहरूबाट प्रचार प्रसार गर्न रोक लगाउने, यस्ता साधन र प्रक्रियमा अनुगमन गर्ने जस्ता कार्यहरूसमेत गर्न सक्ने अर्को एक आदेशमा जनाइयो। उल्लेखित बन्देजहरू विपरित कार्य गर्ने, आदेशको पालना नगर्ने, असहयोग गर्ने व्यक्तिलाई स्थानीय प्रशासनले तुरुन्त नजरबन्दमा राखी कारवाही गराउन सक्ने कुरा पनि सूचनामा जनाइयो।[१९]

त्यस्तै, सुरक्षा निकायबाट स्रोतसहितको जानकारी प्राप्त नगरी सुरक्षासम्बन्धी कुनै पनि सामग्री प्रचार प्रसार गर्न निषेध गरियो भने सूचना तथा सञ्चार मन्त्रालय, श्रव्यदृश्य तथा प्रसारण शाखाका तर्फबाट एफएमहरूमा पठाइएको निर्देशनमा सङ्कटकालमा रेडियो स्टेसनहरूले विशुद्ध मनोरञ्जनात्मक कार्यक्रम बाहेक अन्य कुनै पनि प्रकारको समाचार, सूचना, लेख, विचार, अभिव्यक्तिलगायतका कुनै कार्यक्रम प्रसारण नगर्न भनिएको थियो। शाही कदमपछि सञ्चार क्षेत्रप्रति सरकारी वक्रदृष्टिका कारण अधिराज्यभरी रहेका ४७ वटा एफएम स्टेसनहरू सञ्चालन हुन अप्ठ्यारो स्थिति खडा भयो। फलस्वरूप, एफएममा काम गर्ने करिब १ हजारजना पत्रकार तथा सञ्चारकर्मीहरू बेरोजगार भए।

यिनका अतिरिक्त स्थानीय स्तरमा प्रशासनद्वारा अनेक आदेश जारी भए। उदाहरणका लागि, जिल्ला प्रशासन कार्यालय, बाँकेले ०६१ माघ २५ गते नेपालगञ्जका पत्रपत्रिका प्रकाशकहरूले अपनाउनुपर्ने सम्बन्धमा एक निर्देशिका जारी गऱ्यो। उक्त निर्देशिकाले राजसंस्था र माघ १९ गतेको शाही घोषणा विरुद्ध कुनैपनि आक्षेप लाग्ने गरी कुनै पनि पत्रिका प्रकाशन गर्न नपाइने, माओवादी र तिनका भातृसंस्थाले गरेको बन्द आह्वान तथा माओवादीद्वारा भएको सुरक्षाफौजको एवम् सरकारी निकायको भौतिक एवम् मानवीय क्षतिबारेको समाचार प्रकाशित नगर्ने लगायतका निर्देशन जारी गरिएको थियो।[२०] ०६१ माघ २२ गते जिल्ला प्रशासन कार्यालय, दाङले गाउँघर साप्ताहिकलाई एक पत्र लेखी वर्तमान स्थितिलाई ध्यानमा राखी अर्को आदेश नभएसम्म उक्त साप्ताहिकले पत्रिका प्रकाशन गर्न नपाउने भनी बन्देज लगाएको थियो।[२१] झापा, इलाम, पाँचथर,

---

१६. श्री ५ को सरकार; **नेपाल राजपत्र**; काठमाण्डौ; खण्ड ५४ अतिरिक्ताङ्क ४८; माघ २० गते २०६१ साल

१७. श्री ५ को सरकार; **नेपाल राजपत्र**; काठमाण्डौ; खण्ड ५४ अतिरिक्ताङ्क ४८; माघ २० गते २०६१ साल

१८. श्री ५ को सरकार; **नेपाल राजपत्र**; काठमाण्डौ; खण्ड ५४ अतिरिक्ताङ्क ५१; माघ २५ गते २०६१ साल

१९. श्री ५ को सरकार; **नेपाल राजपत्र**; काठमाण्डौ; खण्ड ५४ अतिरिक्ताङ्क ५२; माघ २७ गते २०६१ साल

२०. उक्त निर्देशिकाको पूर्ण पाठ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), **प्राची द्वैमासिक** पूर्णाङ्क ५४; काठमाण्डौ; ०६१ फागुन; पृ. २८ मा प्रकाशित छ।

२१. उक्त पत्र पूर्ववत्; पृ. ३० मा जस्ताको तस्तै प्रकाशित छ।

गुल्मीलगायतका जिल्लामा त मौखिक आदेशको भरमै पत्रपत्रिका प्रकाशन बन्द गराइयो।

कानुनी जामा पहिऱ्याएर गरिएका दमन भन्दा डरलाग्दो तरिकाले शाही सरकारले प्रेस स्वतन्त्रताको घाँटी निमोठ्न सैन्यबलसमेत प्रयोग गऱ्यो। माघ १९ गते राजधानी र मोफसलका समेत सबै सञ्चार संस्थाहरूमा हतियारसहित सेना प्रवेश गऱ्यो। पोखरामा शाही घोषणाकै दिन सेनाले एफ.एम तथा पत्रपत्रिकाका कार्यालयहरूलाई ताला लगाई तीन दिनपछि मात्र साँचो फिर्ता गरेको थियो। सो दिन पोखरामा मात्र नभएर पूर्वाञ्चलको इटहरीस्थित सप्तकोशी र विराटनगरको कोसी एफएममा पनि प्रवेश गरी सेनाले समाचार प्रसारण नगर्न आदेश दियो। राजधानीमा पनि सगरमाथा एफएम तथा कान्तिपुर पब्लिकेसनलगायतमा सेना तैनाथ भए। सम्पादन गरिएका समाचार सामग्रीलाई सेनाले जथाभावी काँटछाँट गरे। समाचार प्रकाशन वा प्रसारण गर्ने बेलामा सेनाहरू समाचार कक्षमै अगाडि बसेर कुन समाचार दिने र कुन नदिने भनेर नियन्त्रणसमेत गरे। शाही कदमपछि एक हप्ता भन्दा बढी समयसम्म सञ्चार संस्थाहरू सशस्त्र सैनिकबाट नियन्त्रित हुन बाध्य भए।[३२]

शाही घोषणा सँगसँगै सेना दूरसञ्चार कार्यालयमा प्रवेश गरी सबै किसिमको टेलिफोन सेवा जथाभावी बन्द गरिएको थियो। निश्चित प्रक्रिया अनुसार बन्द गरिनुपर्ने टेलिफोन लाइनहरू शाही नेपाली सेनाका जवानहरूले जबरजस्ती बन्द गरिदिएको र फोन स्वीच अफ गर्ने निश्चित प्रक्रियाको सेनाद्वारा पूरै बेवास्ता गरियो। यससम्बन्धमा नेपाल टेलिकमका कर्मचारीहरूकोसमेत तिक्त अनुभव सार्वजनिक भइसकेको छ।[३३] माघ १९ गते बन्द गरिएको टेलिफोन सेवामध्ये साधारण (ल्याण्डलाइन) सेवा छ दिनपछि ०६१ माघ २५ गते दिउँसो २.०० बजेदेखि सुचारु भएको थियो। फागुन ७ गतेका दिन फेरि देशव्यापी रूपमा फोन काटिएको थियो। युटीएलको ताररहित फोन बन्द गरिएको छ सातापछि ०६१ चैत ५ गते खुल्यो। बन्द गरिएको ठीक तीन महिनापछि ०६२ बैशाख १९ गते सरकारले ३४ हजार पोस्टपेड मोबाइल पुन: सञ्चालनको अनुमति दिएको थियो। र प्रिपेड मोबाइल भदौदेखि मात्र सुचारु गरियो। शाही कदमलगत्तै इन्टरनेट सेवा पनि बन्द गराइएकोमा ०६१ माघ २५ गतेदेखि यो सेवा पनि पुन: सुचारु भयो। सरकारले कुनै पनि कारण नदेखाई विभिन्न २७ वटा वेबसाइटहरू बन्द गरेको थियो।[३४] माघ १९ पछिका सुरुका ४ महिना केही भारतीय च्यानलहरू प्रसारणमा रोक लगाइएको थियो।

शाही सरकारले अधिराज्यका विभिन्न ठाउँमा सम्पादक तथा पत्रकारहरूलाई विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीहरूले जिल्ला प्रशासन कार्यालयमा बोलाएर धम्काउने तथा तर्साउने कार्यहरू गरे। ०६१ माघ २२ गते जिल्ला प्रशासन कार्यालय, दांगले नयाँ युगबोध दैनिकलाई जबरजस्ती बन्द गराएको थियो। अदालतको आदेशबाट उक्त पत्रिका फागुन १६ गतेबाट खुला भयो। बुधवार साप्ताहिकका सम्पादक सूर्य थापालाई सात पटक सम्म जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा बोलाई आफ्नो पत्रिकाले छापेको समाचारबारे जिल्ला प्रशासन कार्यालयमै लिखित र मौखिक बयान लिइयो। चैत १७ गतेको बुधवार साप्ताहिकमा छापिएका सामाग्रीहरू "प्रजातन्त्र कहाँ छ महाराज" र "भुटानमा प्रजातन्त्र : नेपाल अघि कि पछि" भन्ने सम्वाद रहेको कार्टुनको विषयमा थापालाई बयान लिइएको थियो । ०६१ फागुन १२ गते काठमाण्डौ जिल्ला प्रशासन कार्यालयले देशान्तरका कवीर राणा र विमर्शका राजेन्द्र वैध गरी दुईजना सम्पादकहरूसँग सम्पादकीय खाली छाडेको विषयमा स्पष्टीकरण लियो र बोलाएको बेलामा हाजीर हुने सर्तमा छाड्यो। राजनीतिक दलहरूले आयोजना गरेको विरोध कार्यक्रमको समाचार प्रकाशन गरेको कारण कान्तिपुर दैनिकका सम्पादक नारायण वाग्लेलाई जिल्ला प्रहरी कार्यालय, काठमाण्डौ अपराध अनुसन्धान शाखाले ०६१ चैत ४ गते सोधपुछ गरेको थियो।[३५]

माघ १९ को शाही घोषणा लगत्तै सरकारले एफ. एम. रेडियोबाट समाचार र विचारमूलक कार्यक्रममाथि लगाइएको बन्देजका बावजुद नेपाल एफ. एम. ले ०६२ असार २३ गते "राजधानी खबर" नामक बिहान र बेलुका गरेर समचार प्रशारण गर्न शुरू गरेपछि सुचना तथा सञ्चार मन्त्रालयले सरकारको निर्देशनको अवज्ञा गर्दै समाचार प्रशारण गरेको भन्दै साउन १९ गते रेन्वो एफ. एम. प्रालीलाई इजाजत पत्र खारेज गर्ने सम्वन्धमा सात दिने स्पष्टिकरण पत्र पठाएको थियो। सूचना मन्त्रायले इजाजत पत्र

---

३२. यससम्वन्धी थप विवरणका लागि हेर्नुहोस् इन्सेकद्वारा प्रकाशित प्रतिवेदन 'थ्री हन्ड्रेड डेज् अफ् रोयल टेकओभर' । यो प्रतिवेदन http://inseconline.org/report_details.php मा उपलब्ध छ ।

३३. नेपाल टेलिकमका नायव महाप्रवन्धक हरि कर्माचार्यको यस्तो अनुभव, "सुरक्षाकर्मीले विजुलीको स्वीच अफ गरेजस्तै झपाझप अफ गरिदिए", जनधारणा साप्ताहिक; वर्ष १४, अंक १९, ०६२ भदौ २ गते मा प्रकाशित छ ।

३४. यससम्वन्धी थप विवरणका लागि हेर्नुहोस् इन्सेकद्वारा प्रकाशित प्रतिवेदन 'थ्री हन्ड्रेड डेज् अफ् रोयल टेकओभर'। यो प्रतिवेदन http://www.inseconline.org/report_details.php मा उपलब्ध छ ।

३५. अर्याल, कुन्दन; नयाँ दिशातर्फ उन्मुख नेपाली आमसञ्चार र केही सैद्धान्तिक चर्चा; बहा : जर्नल, वर्ष २, अंक २, असार ०६२; पृ. ५३

खारेजीका सम्बन्धमा पठाएको यस पत्रका विरूद्ध नेपाल रेन्बो एफ. एमलेले ०६२ साउन २४ गते सर्वोच्च अदालतमा रिट निवेदन दायर गऱ्यो। रिट निवेदनमा उक्त एफ. एम. ले राष्ट्रिय प्रशारण ऐन, नियमावली र सरकारले दिएको इजजात पत्र अनुसार नै समाचार प्रशारण गरेको हो त्यसकारण सरकारले इजाजत पत्र खारेज गर्न मिल्दैन भन्दै रिट निवेदन दायर गरेको थियो। सर्वोच्च अदालतले ०६२ साउन २६ गते अन्तरिम आदेश जारी गर्दै अन्तिम टुङ्गो नलागेसम्म इजाजतपत्र रद्द गर्ने कुनै पनि कार्य गर्न नगराउनु सूचना तथा सञ्चार मन्त्रालयललाई आदेश जारी गऱ्यो। सर्वोच्चको उक्त आदेशपछि नेपाल एफ. एम. सहित सबै एफ एमहरूले समाचार प्रशारण सुरू गरे। यसैगरी सूचना तथा सञ्चार मन्त्रालयले कम्युनिकेसन कर्नरको सञ्चालन अवैधानिक तरिकाबाट भएको भन्दै समाचारमूलक कार्यक्रमहरू उत्पादन गर्ने उक्त संस्था बन्द गर्न ०६२ जेठ १३ गते निर्देशन दिएको थियो। सरकारको उक्त निर्देशनका विरुद्ध कम्युनिकेसन कर्नरका प्रवन्ध सञ्चालक गोपाल गुरागाईंले ०६२ जेठ १६ गते सर्वोच्च अदालतमा मुद्दा दायर गरेपछि सर्वोच्चको आदेशपछि मात्र सरकार आफ्नो कदम रोक्न बाध्य भएको थियो। सर्वोच्च अदालतले ०६२ जेठ २४ गते सूचना तथा सञ्चार मन्त्रालयको नाममा अन्तरिम आदेश जारी गरी कम्युनिकेशन कर्नरलाई उत्पादन तथा वितरणमा रोक नलगाउन आदेश दिएको थियो। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "न्यायपालिका")।*

शाही सरकारले सञ्चार माध्यमहरूको स्वतन्त्रता हस्तक्षेप गर्ने उद्देश्यले विभिन्न सञ्चारसम्बन्धी ऐन संशोधन गरी ०६२ असोज २३ गते सरकारले सञ्चार अध्यादेश २०६२ जारी गऱ्यो। उक्त अध्ययादेशले अन्तर्राष्ट्रिय समाचारहरूका साथै आतंककारी तथा आतंककारी गतिविधिलाई टेवा पुग्ने खालका कुनैपनि समाचारहरू प्रकाशन वा प्रसारणलाई रोक लगाउन सक्छ। यस अध्यादेश अन्तर्गत एफएम रेडियो स्टेसनहरूले समाचार प्रसारण गर्नुको सट्टा सूचनामूलक सामग्री मात्र प्रसारण गर्न सक्ने प्रावधान छ। अध्यादेशमा उल्लेख गरिए अनुसार, सूचनामूलक समाचार भन्नाले स्वास्थ्य, शिक्षा, खेलकुद, जनसंख्या, वातावण लगायतका विकाससँग सम्बन्धित सामग्रीहरू जस्तै सडक निर्माण र यातायातका सूचनाहरू पर्दछन्। सरकारद्वारा संशोधन गरिएका छवटा छुट्टा छुट्टै ऐनहरूमा कुनैमा बन्देज र नियन्त्रणका व्यवस्थाहरू थपिएका छन भने कुनैमा सजायको मात्रा बढाइएको छ। यस अध्यादेशलाई प्रतिवाद गर्दै नेपाल पत्रकार महासंघ, नेपाल बार एसोसिएसन सहित नौ वटा पेशागत संस्था, कानुन व्यवसायीहरू र कान्तिपुर एफएम प्रालिले संयुक्त रूपमा अध्यादेशका विरुद्ध ०६२ कार्तिक ६ गते सर्वोच्च अदालतमा मुद्दा दर्ता गरे। धेरै पटकको बहसपछि ०६२ मंसिर १५ गते सर्वोच्च अदालतले एफएमद्वारा समाचार प्रसारणमा रोक नलगाउन सरकारका नाममा अन्तरिम आदेश जारी गऱ्यो।[२६]

शाही सरकारले ०६२ कार्तिक ४ गते कान्तिपुर एफएममा र ०६२ मंसिर १२ गते सगरमाथा एफएममा गरेको आक्रमणले सरकारको सञ्चारमाध्यमप्रतिको द्वेषको पराकाष्ठा पनि उदाङ्गो हुन पुग्यो। सूचना तथा सञ्चार मन्त्रालयका दुई जना इन्जीनियरसहित सेनाको एक टोलीले ०६२ कार्तिक ४ गते राति ११.०० बजे कान्तिपुर एफएममा छापा मारी काठमाण्डौ स्टेसनबाट भेडेटार, धनकुटा अपलिंक हुने आठ वटा प्राविधिक सामानहरू लुटेर लग्यो। सामान लिएर जाने समयमा सूचना तथा सञ्चार मन्त्रालयको लेटरहेडमा हतार हतार एफएम स्टेसनमै सोही मन्त्रालयका एकजना शाखा अधिकृतले हातले पत्र लेखेर सही गरेर छोडेका थिए। तर लगिएका सामानहरूको फेहरिस्त भने दिइएन। यसअघि, सोही दिन दिउँसो ४.०० बजे सूचना तथा सञ्चार मन्त्रालयका तीनजना कर्मचारीहरू कान्तिपुर एफएम स्टेसनको कार्यालयमा आएर भेडेटार अपलिंक हटाउन भनेका थिए। तर भेडेटारबाट प्रसारण गर्ने कानुनी अनुमति भएको र उक्त कार्य गर्नका लागि कान्तिपुरले सरकारको आधिकारिक पत्र चाहिने बताएपछि सरकारी कर्मचारीहरू फर्केका थिए। कानुनी सवालको जवाफ सरकारले भने रातको समयमा आक्रमण गरेर दियो। सूचना तथा सञ्चार मन्त्रालयले सेटेलाइट लिंकमा नजाने शर्तमा ०६२ पुस ५ गते कान्तिपुर एफ. एम. का प्रशारण उपकरणहरू फिर्ता गरेको थियो।

यसैगरी, श्री ५ को सरकार सूचना तथा सञ्चार मन्त्रालयका एकजना कर्मचारी सहित ४० देखि ५० को संख्यामा आएका सशस्त्र प्रहरीहरूले सगरमाथा एफएममा ०६२ मंसिर १२ गते राति ९:३० बजे छापा मारी एक प्रसारण प्रविधि लुट्नुकासाथै उक्त रेडियो स्टेसनका पाँचजना पत्रकार तथा प्राविधिकलाई गिरफ्तार गरे। गिरफ्तार हुनेहरूमा पत्रकारहरू दीपकबाबु अर्याल, पुण्य भण्डारी, दीपकराज पाण्डे र दुर्गा भण्डारी र प्राविधिक राजेन्द्र रिजाल थिए। गिरफ्तार दुर्गा भण्डारीलाई सोही राति ११.०० बजे रिहा गरियो भने अन्यलाई भोलिपल्ट रिहा गरियो। सुरक्षा निकायले उनीहरूलाई पक्रनुको कारण भने दिएन। बीबीसी समाचार सेवाबाट प्रचण्ड र शाही नेपाली सेनाका पूर्वप्रधानसेनापति सच्चित शम्शेर राणाको अन्तवार्ता आइरहेको समयमा पहरीले हस्तक्षेप गरी प्रसारण रिसिभर लिएर गएका थिए। त्यसरी लगिएको उक्त रिसिभर बीबीसीले सगरमाथा एफएमलाई उपलब्ध गराएको थियो। रेडियो

२६. "एफएम रेडियोले समाचार प्रसारण गर्न पाउने", http://www.inseconline.org, archive, ०६२ पुस १२ गते हेरिएको

सगरमाथामा नेपाली सेवाको समाचार प्रशारण नरोक्न सर्वोच्च अदालतले ०६२ मंसिर १४ गते सूचना तथा सञ्चार मन्त्रालयलाई आदेश दिएकोमा सोही दिन साँझदेखि रेडियो सगरमाथाबाट उक्त सेवाको समाचार प्रशारण गरियो। प्रहरीद्वारा जफत गरिएको उपकरण ०६२ मंसिर ३० गते मात्र फिर्ता गरियो।

विभिन्न गैरसरकारी संस्थाद्वारा प्रसारण भइआएका मानवअधिकार र चेतना अभिवृद्धि गराउने खालका प्रसारण कार्यक्रमहरूलाई परेको मार पनि सरकारी सेन्सरसीप कति चर्को रहयो भन्ने सन्दर्भमा अर्को उदाहरणका रूपमा हेर्न सकिन्छ। इन्सेकद्वारा विगत १० वर्षदेखि रेडियो नेपालबाट प्रत्येक शनिवार बिहान ८.३० बजेदेखि २५ मिनेटसम्म प्रसारण गर्दै आइरहेको मानवअधिकार शिक्षा कार्यक्रम सरकारी सेन्सरसीपकै कारण बन्द गरियो। उक्त कार्यक्रम पटक पटक रेडियोबाट अनावश्यक रूपमा सेन्सरसीपको मारमा पर्‍यो भने कार्तिक २६ गते शनिवारका दिन प्रसारणका लागि बनाइएको गैसस आचारसंहितासम्बन्धी कार्यक्रमलाई रेडियो नेपालले प्रसारण गर्न पूर्ण रूपमा रोक लगाएपछि इन्सेकले अबदेखि नियन्त्रित भै कार्यक्रम प्रसारण गर्न नसक्ने निर्णयमा पुगी मंसिर ४ गतेबाट कार्यक्रम प्रसारण कार्य बन्द गर्‍यो।

शेरबहादुर देउवाको सरकारले नेपाल पत्रकार महासंघलाई पत्रकारहरूको हितका लागि विशेष गरेर द्वन्द्वबाट पीडित पत्रकार र उनीहरूको परिवारको हितका लागि गर्ने भनिएको सहयोग शाही सरकारले बन्द गर्‍यो। ०६१ फागुन २० गते सूचना विभागका नवनियुक्त महानिर्देशक नारायणगोपाल मलेगोले लोक कल्याणकारी कोष अन्तर्गत दिइदै आएको विज्ञापन सहयोग बन्द भएको घोषणा गरे। उक्त घोषणाले माघ १९ को कदमलाई समर्थन नगर्नेहरूका लागि उक्त नीति अवलम्बन गरेको प्रष्ट पारेको छ। सरकारले निजी क्षेत्रलाई पनि विज्ञापन उपलब्ध गराउदै आएकोमा सरकारी सञ्चार माध्यमलाई मात्र विज्ञापन उपलब्ध गराउने नीति अपनायो। प्रत्येक वर्ष सरकारले झण्डै ५ करोड रूपैयाँ बराबरको विज्ञापन उपलब्ध गराउने गर्दछ। सरकारको उक्त निर्णयले केही पत्रिकाहरूलाई आर्थिक रूपमा कमजोर बनाउनुकासाथै केही पत्रपत्रिकाहरू बन्दसमेत भए।

प्रेस स्वतन्त्रताको आवाजलाई कमजोर बनाउन सरकारले पत्रकारहरूबीचमा फूट ल्याउन भरमग्दूर प्रयास गर्‍यो। यसै प्रयासको फलस्वरूप नेपाल पत्रकार महासंघको विकल्पको रूपमा ०६२ साउन १ गते पी. खरेलको अध्यक्षतामा राष्ट्रिय पत्रकार महासंघ गठन भयो र यसलाई प्रवर्द्धन गर्न मन्त्रीहरू प्रत्यक्ष रूपमा नै लागे। यसैगरी शाही पत्रकारहरू उत्पादन गर्नका लागि कञ्चनपुर जिल्लामा तालिम उपलब्ध गराई माघ १९ को शाही घोषणालाई सहयोग गर्न सपथसमेत गराइएको थियो।

संक्षेपमा भन्नु पर्दा, "वास्तवमा माघ १९ को शाही घोषणासँगै नेपाली प्रेसमा केवल तीन महिनाको लागि सङ्कटकाल र क्षणिक सेन्सरसीपका रूपमा मात्र लिनु हुँदैन। त्यस दिनको घोषणालाई त्यसपछिका दिनमा देखिएको राज्यका संयन्त्रको गतिविधि र सार्वजनिक भएका राज्यका आधिकारिक धारणाका आधारमा विश्लेषण गरिनु पर्छ। त्यसरी विश्लेषण गर्दा माघ १९ को शाही कदम नेपाली आमसञ्चार प्रणालीमा प्रेसका चार सिद्धान्तमध्येको एक "पुरानो अधिनायकवादी-अनुदार सिद्धान्त" लागू गर्ने प्रयासका रूपमा लिनु पर्छ। ... यस कदमले नेपाली प्रेसमाथि अधिनायकवादी सिद्धान्त थोपर्न खोजेको छ र त्यस कदमपछिका गतिविधिबाट राज्यले सूचना प्रवाहमा पूर्णत: नियन्त्रण कायम गर्न खोजेको छ।"[२७]

९. नेपालको मामिलामा राष्ट्रसंघीय सरोकार र विश्व मानवअधिकार समुदायको आँखामा धुलो हाल्ने सरकारी प्रयास :

नेपालको मामिलामा सन् २००५ मा संयुक्त राष्ट्रसंघसहित विश्व समुदायले देखाएको चासो अभूतपूर्व रहे तापनि राष्ट्रसंघीय सरोकारका मामिलामा राज्यको उदासीनता शाही कदमको प्रारम्भदेखि नै देखिन्छ। राज्यले राष्ट्रसंघीय नागरिक तथा राजनीतिक अधिकारहरूसम्बन्धी प्रतिज्ञापत्रको पक्षराष्ट्र भएको नाताले संकटकालको औचित्य पुष्ट हुने गरी संयुक्त राष्ट्रसंघका महासचिवलाई दिनु पर्ने जानकारी १५ दिनपछि मात्र (फेब्रुअरी १४ तारिखमा) दिइएको थियो। काठमाण्डौमा २०६१ फागुन १४ गते आयोजित एक कार्यक्रममा राष्ट्रसंघका वरिष्ठ मानवअधिकार सल्लाहकार डेविड जोन्सनले दिनु भएको जानकारीअनुसार, बहुदलीय प्रजातन्त्र र राष्ट्रिय सार्वभौमसत्तामाथि सङ्कट आइपरेको, आतङ्कवादको समस्याले देश आक्रान्त रहेको र विगतका सरकारले वार्ता गर्न नसकेको कारण सङ्कटकालीन अवस्थाको घोषणा गरिएको जानकारी नेपालले महासचिवलाई पठाएको पत्रमा उल्लेख थियो।[२८]

नेपालमा भैरहेको सशस्त्र द्वन्द्वले आमजनताको मानवअधिकारमाथि ठूलो हस्तक्षेप गरेको सम्बन्धकासाथै शाही सरकारबाट भएको मानवअधिकार उल्लंघनकासम्बन्धमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगको ६१ औं बैठकमा व्यापक बहस भयो। आयोगले

---

२७. अर्याल, कुन्दन; पूर्ववत्; पृ. ७३

२८. मानवअधिकार सन्धि अनुगमन समन्वय समिति; पूर्ववत्; पृ. २१

०६२ वैशाख ७ गते (तदनुसार सन् २००५ अप्रिल २० तारिख) नेपालसम्बन्धी प्राविधिक सहयोग र परामर्श सेवासम्बन्धी आइटम १९ लाई सर्वसम्मतिबाट अनुमोदन गरेको थियो।[२९] ०६२ वैशाख १ गते दर्ता भएको उक्त प्रस्ताव जापान र भारतको समेत समर्थनमा एकमतले पारित गरिएको थियो।

यसअघि, जेनेभामा नेपालको मानवअधिकार उल्लंघनका सम्बन्धमा विशेष प्रतिवेदक नियुक्ति निम्ति राष्ट्रसंघीय विशेष प्रक्रिया अनुसारको एजेन्डा आइटम ९ अन्तर्गत प्रस्तावको तयारी भएको थियो। स्वीटजरल्यान्डको पहलकदमीमा युरोपेली मुलुक, अमेरिकालगायतको सहयोग तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थासमेतको संलग्नतामा प्रस्ताव आउन लागेकै बेला नेपालले संयुक्त राष्ट्रसंघसँग सम्झौता गरेपछि नेपालका सम्बन्धमा एजेन्डा आइटम १९ पारित गर्ने सहमति बन्यो। मानवअधिकार उल्लंघनमा जवाफदेहीता कायम गर्न र थप हिंसात्मक घटना रोक्न अनुगमन संयन्त्र स्थापनाका लागि सम्झौतामा परराष्ट्र मन्त्री रमेशनाथ पाण्डे र संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्त लुइस आर्वरवीच उच्चायुक्त आर्वरले ०६१ चैत २६ गते र परराष्ट्र मन्त्री पाण्डेले चैत २८ गते हस्ताक्षर गर्नु भएको थियो।

सम्झौतामा नेपालमा स्थापना हुने दुई वर्ष समयावधिको आयोगको अनुगमन कार्यालयले हिंसात्मक तथा सशस्त्र द्वन्द्वको स्थितिलाई ध्यानमा राखेर मानवअधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको अनुगमन गर्ने, कुनैपनि पक्षबाट भएको मानवअधिकार उल्लंघनका घटनाको विश्लेषणात्मक प्रतिवेदन संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोग, महासभा र महासचिवलाई आवधिक रूपमा प्रस्तुत गरिनुपर्ने उल्लेख छ। नेपाल र राष्ट्रसंघबीच भएको सम्झौतामा अनुगमनकर्ताहरूले मानवअधिकार उल्लंघनका घटना जहिले र जहाँसुकै भएपनि त्यसलाई अनुसन्धान र प्रतिवेदन गर्नुपर्ने भएकाले सरकार र माओवादी दुवैपक्षवाट उक्त कार्यालयले सहयोग खोज्ने कुरा उल्लेख गरिएको छ। सम्झौतामा आयोगले आफ्ना काम तटस्थ, स्वतन्त्र, उद्देश्यपरक र पारदर्शी रूपमा गर्ने र अनुसन्धान कार्यमा स्थानीय सञ्चार माध्यमकासाथै मानवअधिकार रक्षकसँग निकटमा रहेर काम गर्ने उल्लेख पनि गरिएको छ। कार्यालयले गैरराज्यपक्षलगायत सम्बन्धित सबै पक्षलाई अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको पालनालाई सुनिश्चित गर्नका लागि संलग्न गराउन सक्ने पनि सम्झौताभा उल्लेख छ।[३०] सम्झौता अनुसार गठित संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय (ओएचसीएचआर–नेपाल) को प्रमुखमा इयान मार्टिन नियुक्त हुनु भयो। कार्यालयले ०६२ बैशाख २४ गते (तदनुसार सन् २००५ मे ७ तारिख) बाट नेपालमा विधिवत रूपमा कार्य सञ्चालन गऱ्यो।

कार्यालयको स्थापनालाई नेकपा (माओवादी) ले सार्वजनिक रूपमै तथा ओएचसीएचआर-नेपालका प्रतिनिधिसँगको भेटका क्रममा स्वागत गरेको थियो। सो पार्टीका अध्यक्ष प्रचण्डले ०६२ साउन २७ गते एक विज्ञप्तिमार्फत् उक्त सम्झौतालाई पुन: जोड दिँदै आयोगलाई देशको द्वन्द्व प्रभावित कुनै पनि भागमा घटनाको अनुसन्धान गर्न, पार्टीको नियन्त्रणमा रहेका बन्दीहरूलाई भेट्न तथा आफ्ना पार्टी इकाइ सदस्यहरूसँग अन्तर्वार्ता लिन पाउने आफ्नो पार्टीको नीति रहेको उल्लेख गर्नु भएको थियो।[३१]

ओएचसीएचआर–नेपालले संयुक्त राष्ट्रसंघ महासभाको ६० औं अधिवेशनमा प्रस्तुत गरिने प्रतिवेदन सन् २००५ सेप्टेम्बर १९ तारिखमा सार्वजनिक गऱ्यो। सशस्त्र द्वन्द्वको सञ्चालनमा राज्य अधिकारीद्वारा भएका उल्लंघनसम्बन्धी समाचारहरू एवं गैरन्यायिक हत्या, सर्वसाधारणको हत्या तथा सर्वसाधारणको सुरक्षा गर्न नसक्नु, बेपत्ता पार्नु, जथाभावी धरपकड तथा थुना, यातना, डर धम्की, अभिव्यक्तिको स्वतन्त्रता, भेला हुने स्वतन्त्रता र संगठन गर्ने स्वतन्त्रतालगायतका प्रजातान्त्रिक अधिकारहरूको उल्लंघनका समाचारहरू आयोगले प्राप्त गरेको र माथि उल्लेखित उल्लंघनका चरम प्रकृतिलाई हेर्दा आयोगलाई थाहा भएका केही घटनाहरूमा उल्लंघनका लागि जवाफदेहीता वहन गर्न राज्य अधिकारीहरूद्वारा गरिएको अनुशासनात्मक कारवाही सीमित रहेको प्रतिवेदनमा उल्लेख छ।[३२]

---

२९. नेपालका सम्बन्धमा पारित कार्यसूची प्रकार (एजेण्डाआइटम)–१९ को पूर्ण पाठको नेपाली अनुवादको लागि हेर्नु होस् : मानवअधिकार सन्धि अनुगमन समन्वय समिति; **संयुक्त राष्ट्रसंघ र नेपाल : एजेण्डा आइटम-१९ र सेरोफेरो**; काठमाण्डौं; ०६२; पृ. २९–३५

३०. यो सम्झौताको पूर्ण पाठको नेपाली अनुवादका लागि हेर्नुहोस् : पूर्ववत्, पृ. १३-२८

३१. *संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्चायुक्तको कार्याल, नेपाल;* **संयुक्त राष्ट्रसंघ महासभाको ६० औं अधिवेशनमा प्रस्तुत गरिने प्रतिवेदन**; १९ सेप्टेम्वर २००५

३२. पूर्ववत्

नेपालबारे सन् २००५ मा संयुक्त राष्ट्रसंघीय संयन्त्रले राखेको सरोकार बहुआयामी रह्यो। राष्ट्रसंघीय मानवअधिकार आयोगले आफ्नो प्रस्ताव २००५ ७८ मा सरकारलाई संविधानमा उल्लेखित बहुदलीय प्रजातान्त्रिक संस्थाहरूको अविलम्ब पुनः स्थापना गर्न तथा कानुनी शासनको सम्मान गर्न अनुरोध गर्‍यो। सोही प्रस्तावमार्फत् आयोगले युद्धअपराध र मानवताविरुद्ध अपराधको रूपमा लिन सक्ने नेकपा (माओवादी) का सदस्यहरूले मानवीय कानुनको गम्भीर उल्लंघन गरेकोमा गम्भीर चिन्ता पनि व्यक्त गर्‍यो। यसले नेकपा (माओवादी) लाई अविलम्ब र बिनासर्त हिंसा त्याग्न, हतियार छोड्न र राजनीतिक प्रक्रियामा सामेल हुने वास्तविक इच्छा राखेर वार्तामा संलग्न हुन जोडदार अनुरोध गर्‍यो। यसले नेकपा (माओवादी) का सदस्यहरूले बारम्बार गरेका गैरकानुनी हत्या, बलात्कार, जबर्जस्ती चन्दा असुली, मानिसहरूको बलजफ्ती विस्थापन, आमअपहरण, सर्वसाधारणको जबर्जस्ती भर्ती र श्रम शिविरमा राख्ने, राजनीतिक नेता तथा पार्टी सदस्यहरू, मानवअधिकार रक्षक, पत्रकार, शान्ति कार्यकर्ताहरू तथा अन्य मानिसको जीवन, इमानदारी र सुरक्षाविरुद्ध आक्रमण तथा उत्पीडन एवं ठूलो संख्यामा बालबालिकाको भर्ती र प्रयोगको जोडदार भर्त्सना गर्‍यो। यसले सरकारलाई गैरन्यायिक हत्याहरू, सबै किसिमका यौन हिंसा, बलात् बेपत्ता पारिने कार्य, जथाभावी पक्राउ, गैरकानुनी थुना एवं यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायको अन्त्य गर्न सबै किसिमका कदम चाल्न अनुरोध गर्‍यो।[३३]

संयुक्त राष्ट्रसंघले नेपालमा जारी द्वन्द्व समाधानका लागि भूमिका निर्वाह गर्न देखाएको तत्परता पनि यहाँनेर उल्लेख्य छ। यस क्रममा महासचिवका कोफी अन्नानका विशेष सल्लाहकार लख्दर ब्राहिमीले ०६२ असारको अन्तिम साता छदिने नेपाल भ्रमणसमेत गर्न् भएको थियो। तर सं.रा. संघको सदाशयतालाई राजा तथा शाही सरकारबाट भने बेवास्ता गरियो।

मानवअधिकार संरक्षणका लागि ठोस काम नगरे तापनि शाही सरकारले विश्वसमुदायको आँखामा धूलो हाल्ने प्रयास भने छाडेन। यस क्रममा ०६१ चैत ४ गते सरकारले एक उच्चस्तरीय मानवअधिकार समिति गठन गर्‍यो। तत्कालीन महान्यायाधिवक्ता पवनकुमार ओझाको अध्यक्षतामा गठन गरिएको यस समितिको प्रमुख कार्य सरकारलाई मानवअधिकारको रक्षा र प्रवर्द्धनका लागि सल्लाह दिने भनिएको थियो। स्थापित मानवअधिकार संयन्त्रहरू हुँदाहुँदै नयाँ संयन्त्र स्थापना गरिनुको औचित्य भने सरकारले प्रष्ट गर्न सकेन। बरु, यसबाट राष्ट्रिय मानवअधिकार आयोगको कार्यलाई खुम्च्याउने र कमजोर बनाउने प्रयत्न भएको आशङ्का जन्म्यो। यसैगरी, सन् २००५ अगस्टमा सरकारले आफ्नो मानवअधिकारसम्बन्धी संयन्त्रको पुनर्गठन गरिएको घोषणा गर्‍यो र तीनवटा निकायको स्थापना गरियो। जसअनुसार, परराष्ट्र मन्त्रीको अध्यक्षतामा मानवअधिकार संरक्षण तथा प्रवर्द्धन राष्ट्रिय समन्वय समिति, मुख्य सचिवको अध्यक्षतामा मानवअधिकार निर्देशक उपसमिति र महान्यायाधिवक्ताको अध्यक्षतामा मानवअधिकार सार्वजनिक सम्पर्क समिति गठन गरियो। ती सबै समिति मानवअधिकार संरक्षणकै लागि हो र अन्तर्राष्ट्रिय समुदायलाई देखाउनका लागि मात्र गरिएको होइन भन्नेमा आश्वस्त तुल्याउन सरकार असफल रह्यो।

बेपत्ता र अपहरणको प्रवृत्ति नेपालमा भयावह अवस्थामा पुगिसकेको छ भन्ने तथ्यमा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण भएको यस अवधिमा पनि देखियो। बेपत्ता पारिएकाहरूसम्बन्धी राष्ट्रसंघीय कार्यदल (यूएन वर्किङ्ग ग्रुप अन इन्भोलुन्टरी डिस्एपिएरेन्सेज– डब्लुजीईआईडी) ले ०६२ भदौ १३ गते जारी गरेको एक विज्ञप्तिमा नेपालमा बेपत्ता पार्ने बढ्दो क्रमको आलोचना गरियो। बेपत्ता पारिएकाहरूसम्बन्धी अन्तर्राष्ट्रिय दिवसको अवसरमा प्रकाशित सो विज्ञप्तिमा उक्त कार्यदलद्वारा सन् २००४ मा दिइएका सुझावलाई पूरै लागू गर्न सरकारसँग माग गरिएको थियो।

राज्यद्वारा बेपत्ता पारिएको भनिएका व्यक्तिहरूको स्थिति पत्ता लगाउन गृह मन्त्रालयका सहसचिवको संयोजकत्वमा गठित समितिको विश्वसनीयता भने दिनप्रतिदिन सङ्कटमा पर्दै गएको तथ्य पनि यसबीचमा उजागर भयो। समितिले सार्वजनिक गरेका प्रतिवेदनमा बेपत्ता रहेका व्यक्तिका सम्बन्धमा समितिले सार्वजनिक गरेको स्थिति र सम्बन्धित व्यक्तिको यथार्थ स्थिति फरक परेपछि समितिप्रति पीडित परिवारजनको विश्वास गुमेको हो।

स्मरणीय छ, श्री ५ को सरकारले ०६१ असारमा रक्षा मन्त्रालयका प्रतिनिधिसमेत रहने गरी गृहमन्त्रालयका सहसचिव नारायणगोपाल मलेगोको संयोजकत्वमा उक्त छानबिन समिति गठन गरेको थियो। राज्यले गिरफ्तारीपछि बेपत्ता पार्ने क्रम बढेको भन्दै छानबिनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा दबाब दिइएपछि उक्त समिति गठन भएको थियो। समितिले आफ्नो पहिलो प्रतिवेदन ०६१ साउन २७ गते सार्वजनिक गरेको थियो। राज्यद्वारा बेपत्ता पारिएको भनिएका व्यक्तिहरूको स्थिति पत्ता लगाउन गृहमन्त्रालयका सहसचिव नारायणगोपाल मलेगोको संयोजकत्वमा गठन गरिएको समितिले ०६१ माघ २८ गते पाँचौं प्रतिवेदन सार्वजनिक गर्‍यो। प्रतिवेदनमा सामान्य सोधपुछपछि छाडिएका १३ जना, नजरबन्दमा रहेका ३५ जना,

---

३३. पूर्ववत्

नजरबन्दपछि रिहा भएका १२ जना र आत्मसमर्पण गरेका दुईजना समेत ६२ जनाको स्थितिसम्बन्धी विवरण उल्लेख गरिएको छ। सुरूमा मलेगोको संयोजकत्वमा गठन गरिएको छानबिन समितिको संयोजकमा ०६१ फागुन १७ गतेबाट केशवराज घिमिरे नियुक्त हुनु भयो। मलेगोलाई गृह मन्त्रालयबाट सूचना विभागको महानिर्देशक पदमा सरुवा गरिएपछि घिमिरेलाई कार्यभार दिइएको थियो। सहसचिव घिमिरेको संयोजकत्वमा गठन भएको उक्त समितिले ०६२ चैत २५ गते ६० जना, ०६२ जेठ २० गते ४८ जना र ०६२ साउन ३१ गते ९१ जना गरी यो वर्ष जम्मा दुईसय ६१ जनाको नाम सार्वजनिक गरेको थियो।

सार्वजनिक गरिएका नामहरूमध्ये केहीको नाम पटक पटक दोहेरिएको तथा समितिले रिहा भनेका केही व्यक्तिहरू परिवारको सम्पर्कमा नआएका र उनीहरूको स्थिति अज्ञात रहेको पाइयो। राज्यद्वारा बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको स्थिति पत्ता लगाउन राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दबाबवश छानबिन समिति गठन गरिएको भए तापनि समिति कतै अन्तर्राष्ट्रिय समुदायको आँखामा छारो हाल्नकै लागि मात्र क्रियाशील रहेको त होइन भन्ने आशङ्का समितिकै कामबाट उब्जियो।

१०. नागरिक तथा राजनीतिक अधिकारको अपहरण :

१०.१. राजनीतिक दल तथा नागरिक समाजको प्रदर्शनमाथि प्रतिबन्ध :

शाही सरकारले राजनीतिक दल तथा नागरिक समाजका शान्तिपूर्ण प्रदर्शनमाथि लगभग वर्षभरी नै प्रतिबन्ध लगाइरह्यो। सुरुमा संकटकालीन अवस्थाको घोषणाका कारण त्यस्ता प्रतिबन्ध प्रभावी भए भने पछि स्थानीय प्रशासनलाई परिचालन गरियो र स्थानीय प्रशासन ऐन २०२८ को दफा ७(३) अनुसार सूचना जारी गरी प्रतिबन्ध लगाइयो।

जिल्ला प्रशासन कार्यालय काठमाण्डौले ०६२ वैशाख १७ गतेबाट राजधानीका प्रमुख सार्वजनिक स्थानहरूमा प्रदर्शन कार्यक्रमहरू जस्तै धर्ना, घेराउ, हडताल गर्न प्रतिबन्ध लगायो। माइतीघर चोकदेखि राष्ट्रिय संग्राहलय, सिंहदरवार, पद्मोदय हाइस्कुल, पुतलीसडक चोक, कमलादी घुम्ती, कृष्ण पाउरोटी चोक, हात्तीसार, जयनेपाल हल, नागपोखरी, नागपोखरीदेखि पूर्वी सडक र उत्तरमा राजदरवारदेखि लैनचौर र त्यहाँबाट दक्षिणमा राजदरबारको पश्चिम ढोका, बहादुर भवन, राष्ट्रिय नाचघर, भोटाहिटी, वीर अस्पताल, शाही नेपाल वायु सेवा निगम, नागस्थान र पूर्व शहीद गेट, भद्रकालीदेखि सिंहदरवारसम्म प्रतिवन्ध लगाइएको थियो।

यसैगरी, सरकारले अधिराज्यका अन्य भागहरूमा पनि कुनै पनि प्रकारको सार्वजनिक कार्यक्रम गर्न नदिने गरी प्रतिबन्ध लगाएको थियो। जिल्ला प्रशासन कार्यालय काभ्रेले ०६२ वैशाख १८ गतेबाट पनौती, बनेपा र धुलिखेल नगरपालिकामा कुनै पनि किसिमको प्रदर्शन कार्यक्रम गर्न प्रतिबन्ध लगायो। कैलालीमा भदौ २६ गते अनिश्चित कालका लागि निषेधाज्ञा जारी गरियो। टीकापुरमा नागरिक समाजले आयोजना गरेको कार्यक्रम हुन नदिनका लागि जिल्ला प्रशासन कार्यालयले सो प्रतिबन्ध लगाएको थियो। नागरिक समाजले आयोगना गरेका कार्यक्रम बिथोल्नका लागि झापा जिल्लाको भद्रपुर, चन्द्रगढी, बिर्तामोड र दमकमा पनि ०६२ भदौ २९ गतेदेखि असोज १ गतेसम्म जिल्ला प्रशासन कार्ययलले निषेधाज्ञा जारी गरी धर्ना, प्रदर्शन, ऱ्यालीजस्ता कार्यक्रमहरू गर्न प्रतिबन्ध लगाएको थियो। इलाम जिल्लामा पनि प्रशासनले ०६२ भदौ ३० गतेदेखि असोज ६ गतेसम्म इलाम नगरपालिका र लाकुरी चौतारा क्षेत्रमा पनि कार्यक्रम गर्न प्रतिबन्ध लगाएको थियो। दैलेखमा राजनीतिक दलहरूले शाही घोषणाका विरुद्धमा आयोगना गर्न लागिएको चेतना अभिवृद्धि कार्यक्रम हुन नदिन स्थानीय प्रशासनले दुल्लुलाई ०६२ कार्तिक २३ गते निषेधित क्षेत्र घोषणा गऱ्यो। विराटनगरको सार्वजनिक स्थलमा नेपाली कांग्रेसले आयोजना गरेको कार्यक्रम गर्न नदिन जिल्ला प्रशासन कार्यालयले उक्त क्षेत्रमा ०६२ मंसिर ७ गते निषेधाज्ञा जारी गरेको थियो।

राजनीतिक गतिविधि गर्न रोक लगाउने क्रममा कालिकोट जिल्लाको मान्मामा राजाद्वारा मनोनित जिविस पदाधिकारीलगायतका राजावादीहरूले लोकतान्त्रिक जागरण अभियानको क्रममा गाउँ पसेका सात दलका नेताहरूलाई राजनीतिक गतीविधि सञ्चालन गरेको खण्डमा ज्यान मार्ने धम्कीसमेत दिएका थिए। यसै क्रममा सेनाले ०६२ मंसिर ८ गते सात दलद्वारा सदरमुकाम मान्मामा आयोजित कार्यक्रममा हस्तक्षेप गरी सहभागी नेता तथा सर्वसाधारणलाई घर घरमा पसी कुटपिटसमेत गरेका थिए। सो घटनामा सर्वसाधारण तथा दलका नेता-कार्यकर्ता गरी झण्डै २५ जना घाइते भएका थिए।[३४]

सल्यान जिल्लामा पनि नेकपा (एमाले) द्वारा ०६२ मंसिर १४ गते आयोजित सभालाई बिथोल्न सुरक्षाकर्मीहरूले सभामा सहभागी हुन आएकाहरूलाई विभिन्न स्थानमा अवरोध खडा गरेका थिए। जिल्ला सदरमुकाम खलङ्गामा हुने भनिएको विशाल सभा सुरक्षाकर्मीको अवरोधपछि सदरमुकाम भन्दा झण्डै ६ किलोमिटर वर श्रीनगरमा सारिएको थियो। मंसिर १४ गते बिहानैदेखि सदरमुकामका नाकाहरूमा सुरक्षाकर्मीहरू तैनाथ गरिएको थियो। सदरमुकामको पश्चिममा साउटोल, पूर्वमा लुवापिङ्, पुर्व उत्तरमा झोली पिपल *लगायतका स्थानमा ठूलो सख्यामा रहेका*

३४. श्री हन्ड्रेड डेज् अफ् रोयल टेकओभर, पूर्ववत्, पृ. १८९–१९१

सुरक्षाकर्मीहरूले सदरमुकाम प्रवेश गर्न खोज्ने सबैको एक एक गरेर खानतलासी गर्दै परिचयपत्र हुनेलाई मात्र नाकाबाट प्रवेश दिएका थिए। नेकपा (एमाले) ले ०६२ मंसिर १० गते पोखरामा आयोजना गरेको आमसभा बिथोल्ने प्रयासस्वरूप सुरक्षाकर्मीहरूले कार्यक्रममा भाग लिन स्याङ्जा, तनहुँ र लमजुङ्ग जिल्लाबाट आएका कार्यकर्ताहरूलाई पोखरा आउन रोकेका थिए। सुरक्षाकर्मीहरूले माथिको आदेश छ भन्दै उनीहरूलाई पोखराको आमसभामा सहभागी हुन नदिइ फर्काएपछि दमौली, कोत्रे र दुलेगौंडामा रोकिएका हजारौं कार्यकर्ताहरू तनहुँ फर्केका थिए। कार्यक्रम बिथोल्न अञ्चल प्रशासकको कार्यालयले सोही दिन लोकगीत प्रतियोगिताको आयोजना समेत गरेको थियो।[३५]

यसैगरी, नेकपा (एमाले) ले मंसिर ४ गते बुटवलमा आयोजना गरेको आमसभामा सहभागी हुन विभिन्न जिल्लाबाट आएका एमालेका प्रतिनिधिहरूलाई पनि सुरक्षाकर्मीले सहभागी हुनबाट रोकेको थियो। यसक्रममा अञ्चल प्रशासन कार्यालयले सबै स्थानीय निकायहरूलाई परिचालन गरेको थियो। जिल्ला प्रशासन कार्यालय, रूपन्देहीले कार्तिक २९ गते एक पत्र लेखी जिल्ला स्तरीय सबै सरकारी कार्यालयहरूलाई एमालेले आयोजना गरेको उक्त आमसभाबारे कुनै पनि प्रचार प्रसार नगर्न निर्देशन दिएको थियो। मंसिर ४ गते बुटवलमा आयोजना गरिएको सो आमसभामा सहभागी हुन नवलपरासी, पाल्पा, गुल्मी र अर्घाखाँचीबाट आउँदै गर्दा एमालेका प्रतिनिधिहरू चढेका बसहरूलाई बीच बाटोमै रोकी फर्काइएको थियो।[३६]

१०.२. राजनीतिक नेता-कार्यकर्ता तथा मानवअधिकारकर्मीको व्यापक गिरफ्तारी :

माघ १९ गते राजाद्वारा शेरबहादुर देउवाको सरकार बर्खास्त गरी सम्पूर्ण कार्यकारी अधिकार आफूले लिएपछिका करिब पाँच हप्ताको अवधिमा अधिराज्यभरीबाट कम्तीमा ५ हजार ५ सय ३९ जना विभिन्न राजनीतिक दलका नेता-कार्यकर्ता तथा ३ सय ६० जना मानवअधिकारकर्मीहरूलाई गिरफ्तार गरिएको थियो भने केही राजनीतिक नेताहरूलाई नजरबन्दमा राखिएको थियो। नजरबन्दमा पर्नेहरूमा अपदस्थ प्रधानमन्त्री शेरबहादुर देउवा, नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइराला, नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल, अपदस्थ सरकारका उपप्रधानमन्त्री भरतमोहन अधिकारी, पूर्वप्रधानमन्त्रीद्वय सूर्यबहादुर थापा र लोकेन्द्रबहादुर चन्द, राप्रपाका अध्यक्ष पशुपति शम्शेर जबरा, जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचन, नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छे, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) की अध्यक्ष आनन्दीदेवी सिंहलगायत १९ जनालाई नजरबन्दमा राखिएको थियो। माघ १९ गतेबाट नजरबन्दमा राखिएका नेताहरू सबैलाई ०६२ वैशाख १९ गते भित्रमा नजरबन्दबाट रिहा गरिएको थियो। सबैभन्दा पछि अर्थात वैशाख १९ गते एमालेका महासचिव माधवकुमार नेपाललाई नजरबन्दबाट रिहा गरिएको थियो। नजरबन्दमा राखिएका नेताहरूलाई कसैसँग पनि भेटघाट गर्न नदिनुका साथै टेलिफोन गर्ने, टेलिभिजन हेर्ने आदि सुविधाबाटसमेत वञ्चित गरिएको थियो। सरकारी मुखपत्र गोरखापत्र र राइजिङ्ग नेपालबाहेक अन्य पत्रिका पढ्न दिइएन।

सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूले ०६२ वैशाख १२ गते महिला नेतृ साधना अधिकारीको अन्तिम श्रद्धान्जलीकार्यक्रम पश्चात् एमालेको केन्द्रीय कार्यालय बल्खुमा गुण्डागर्दी शैलीमा हस्तक्षेप गरेको घटनाको दृष्टान्तबाट नेता तथा कार्यकर्ता गिरफ्तार गर्ने नाममा सरकार कति हदसम्म अन्धो भएको थियो भन्ने प्रष्टिन्छ । दलहरूले शाही कदमको विरोधमा प्रदर्शन गर्न थालेपछि त झन् गिरफ्तारीको क्रम निकै बढ्यो। दलका नेता-कार्यकर्ताका अलावा मानवअधिकारकर्मीहरूलाईसमेत व्यापक गिरफ्तार गरियो।

१०.३. राजनीतिक नेता तथा मानवअधिकारकर्मीहरूलाई आवतजावतमा रोक :

माघ १९ को शाही घोषणा लगत्तै सरकारले राजनीतिक नेता-कार्यकर्ताहरूका साथै मानवअधिकार कार्यकर्ताहरू, पत्रकारहरू, बुद्धिजीवीहरूलाई पनि देशभित्र तथा बाहिर आवतजावतमा प्रतिबन्ध लगायो। यसरी रोक लगाइएका मानवअधिकारकर्मी तथा राजनीतिक नेता कार्यकर्ताहरूलाई प्रतिबन्धको कुनैपनि अग्रिम जानकारी नदिई काठमाण्डौको एयरपोर्टबाट फर्काइएको थियो।

राष्ट्रिय मानवअधिकार आयोगका तत्कालीन सदस्य सुशील प्याकुरेललाई ०६१ माघ २५ गते र फागुन २२ गते काठमाण्डौबाट बाहिर जान दिइएन र एयरपोर्टबाटै फर्काइयो। कपिलवस्तु जिल्लामा भएका हिंसात्मक घटनाहरूको अनुगमन तथा जाँचबुझका लागि आयोगका सदस्य डा. गौरीशङ्करलाल दासको नेतृत्वमा सदस्य प्याकुरेल र संरक्षण महाशाखा प्रमुख यज्ञप्रसाद अधिकारीसहितको तीन सदस्यीय टोली फागुन २२ गते अपराह्न भैरहवा जान लागेकोमा प्याकुरेललाई बाहिर जान अनुमति नभएको भनी प्रहरीले विमानस्थलको जाँचबुझ कक्षमा रोकेपछि टोली नै

३५. पूर्ववत्, पृ. १९२–१९४

३६. पूर्ववत्, पृ. १८६–१८८

फिर्ता भएको थियो।[३७] सुशील प्याकुरेललाई उपत्यकाभन्दा वाहिर जान रोक लगाइएको सन्दर्भमा संयुक्त राज्य अमेरिकाका रिपव्लिकन र डेमोक्रेट पार्टीका आठजना सिनेटरद्वारा नेपाल सरकारलाई लेखिएको पत्र र मानवअधिकार उच्चायुक्तको कार्यालयको आमन्त्रण अनि काठमाडौंस्थित अन्तर्राष्ट्रिय समुदायको दवावको कारणवाट उहांलाई २०६१ चैत ७ गते नेपालवाट वाहिर जान दिन सरकार वाध्य भएको थियो।

यसैगरी, इन्सेकका अध्यक्ष सुवोधराज प्याकुरेललाई ०६१ फागुन १५ गते दिउँसो १.३० वजे त्रिभुवन विमानस्थलवाट फर्काइएको थियो। नेपालगञ्जमा फागुन १६ र १७ गते आयोजना हुने "अन्तर्राष्ट्रिय मानवीय कानुन" विषयक कार्यशाला गोष्ठीमा सुरक्षाकर्मीहरूलाई प्रशिक्षण दिन जान लागेको अवस्थामा इन्सेक अध्यक्ष प्याकुरेललाई त्यसरी आवतजावतमा रोक लगाइएको थियो।

पूर्वसभामुख दमननाथ ढुंगानालाई फागुन २७ गते त्रिभुवन विमानस्थलबाट फर्काइयो। ढुंगाना अमेरिकाको क्यालफोर्नियास्थित वर्कले युनिभर्सिटीमा आयोजा हुन लागेको "नेपालको सशस्त्र द्वन्द्व तथा संवैधानिक निकासका सम्भावनाहरू" विषयक छलफल कार्यक्रममा भाग लिन जानलाग्नु भएको थियो। सुरक्षाकर्मीले सर्वोच्च अदालतका पूर्वन्यायाधीश लक्ष्मण अर्याल तथा कानुन व्यवसायीहरूको टोलीलाई ०६२ वैशाख ९ गते एयरपोर्टवाट फिर्ता पठाई भारतको मुम्वईमा अप्रिल २२ र २३, २००५ मा आयोजित महिला अधिकार र वेचविखनविरुद्धको एक कार्यक्रममा भाग लिनवाट वञ्चित गराए।

श्री ५ को सरकारले वैशाख १६ गते संकटकाल फिर्ता लिए पनि हिंडडुल गर्न पाउने अधिकारमा भने प्रतिवन्ध कायमै राखेको थियो। उदाहरणका लागि, नयाँ दिल्लीस्थित इन्डेपेन्डेन्ट कमिसन फर पिपुल्स राइट्स एण्ड डेमोक्रेसीको तत्वावधानमा ०६२ वैशाख २५ र २६ गते आयोजना गरिएको दुई दिने दक्षिण एसियास्तरीय महिला सांसद तथा महिला अधिकारकर्मीको सार्क वर्किंग ग्रुप अन जेन्डर एण्ड पोभर्टी विषयक क्षेत्रीय सम्मेलनमा भाग लिन गइरहेको प्रतिनिधि मण्डललाई वैशाख २४ गते त्रिभुवन अन्त्रराष्ट्रिय विमानस्थलमा रोकिएको थियो। प्रतिनिधि मण्डलमा प्रतिनिधिसभाका उपसभामुख चित्रलेखा यादव र प्रतिनिधिसभाका निवर्तमान सांसद् उर्मिला अर्याल सामेल हुनुहुन्थ्यो।

स्वतन्त्र रूपमा हिंडडुल गर्न पाउने अधिकारमाथिको प्रतिवन्धका कारण सन् २००५ भरिमा विभिन्न राजनीतिक दलका नेता तथा मानवअधिकारकर्मीहरू गरी ४० जनाले काठमाण्डौ उपत्यका र देश वाहिर जान पाएनन्, जसमध्ये १८ जना मानवअधिकारकर्मीहरू थिए। सरकारको यस कार्यले विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकार कानुन र राष्ट्रिय कानुनको उल्लंघन भयो। नेपाल अधिराज्यको संविधान २०४७ को मौलिक हक अन्तर्गत कुनै पनि व्यक्तिलाई देशभित्र तथा वाहिर स्वतन्त्र रूपमा आफूले चाहेको समयमा घुमफिर गर्ने अधिकार प्रदान गरिएको छ। विभिन्न संयुक्त राष्ट्रसंघीय दस्तावेजहरू, मानवअधिकारहरूको विश्वव्यापी घोषणा पत्र सन् १९४८, नागरिक तथा राजनीतिक अधिकार र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्वन्धी महासन्धिहरूले पनि स्वतन्त्र रूपमा आफ्नै देशको सिमाना र देश वाहिर घुमफिर गर्ने अधिकार प्रत्याभूत गरेका छन्।

१०.४. प्रदर्शनमाथि बढ्दो बल प्रयोग :

प्रजातान्त्रिक मान्यताहरूमाथि विश्वास नगर्ने हुनाले आफ्नाविरुद्ध आवाज र प्रदर्शनलाई पनि शाही सरकारले मन नपराउनु बुझ्न सकिने कुरा थियो। विरोधका अभिव्यक्तिलाई रोक्न व्यापक गिरफ्तारी र निषेधाज्ञाको सहायता लिएको सरकारले त्यतिले पनि नपुगेर प्रतिगमनका विरुद्ध निकालिएका शान्तिपूर्ण प्रदर्शनमाथि व्यापक हस्तक्षेप गर्‍यो।

सरकारी दमनको स्वरूप कस्तो थियो भन्ने बुझ्न २०६२ भदौ १९ गतेदेखि भदौ २९ गतेसम्म सात दलद्वारा गरिएको आन्दोलनका क्रममा सुरक्षाकर्मीको रवैयावाट प्रष्ट हुन्छ। सात राजनीतिक दलले प्रजातन्त्र पुनर्स्थापनाको माग राखी तथा सरकारले घोषणा गरेको निषेधित क्षेत्रको अवज्ञा गर्दै ०६२ भदौ १९ गतेदेखि सुरु गरेको शान्तिपूर्ण प्रदर्शनमाथि नियन्त्रण गर्ने नाममा प्रहरीले गैरप्रदर्शनकारीलाईसमेत घरघरमा पसेर कुटपीट गर्ने, अन्धाधुन्ध लाठी प्रहार गर्ने, सैयौं सेल अश्रुग्यासको जथाभावी प्रयोग, दुर्वचन प्रयोग गर्ने, हातपात गर्ने र ढुंगा प्रहार गर्ने कार्य गर्‍यो। यसक्रममा भदौ १९ गतेदेखि २९ गतेसम्म १ हजार ५ सय ६३ जना पक्राउ परे भने प्रदर्शनकारी र प्रहरी गरी २ सय ४८ जना भन्दा वढी घाइते भए। शान्तिपूर्ण प्रदर्शनका क्रममा वालवालिकादेखि वृद्ध, समाचार संकलन गर्न गएका सञ्चारकर्मीहरू, पर्यवेक्षणकालागि गएका मानवअधिकारकर्मीहरूसमेत प्रहरीको अनावश्यक बल प्रयोगको शिकार भए। प्रदर्शनकारीहरूलाई नियन्त्रण गर्ने नाममा सरकारले दूषित पानीको फोहरासमेत प्रयोग गरेको थियो।

---

३७. डा. गौरीशङ्करलाल दासको हस्ताक्षरमा राष्ट्रिय मानवअधिकार आयोगद्वारा ०६१ फागुन २२ गते जारी प्रेस विज्ञप्ति मानवअधिकार सन्धि अनुगमन समन्वय समिति; **संकटकाल र मानवअधिकार : सिद्धान्त र व्यवहार**; काठमाण्डौ; २०६२; पृ. २३३ मा जस्ताको तस्तै प्रकाशित छ ।

इन्सेकले जुलुस प्रदर्शन स्थलमा आफ्ना कार्यकर्ता तथा रिलेकका स्वयंसेवीहरूमार्फत् नियमित पर्यवेक्षणपछि जारी गरेको प्रतिवेदनमा बढ्दो बल प्रयोगको क्रमलाई यसरी प्रस्तुत गरिएको थियो –

यसअघि, यसैगरी ०६२ साउन १० गते नागरिक समाजद्वारा आयोजना गरिएको शान्तिपूर्ण प्रदर्शनमा व्यापक धरपकड गरियो। भोटाहिटिबाट निषेधित क्षेत्र रत्नपार्क जानेक्रममा विभिन्न पेसा व्यवसायकर्मीसहितको ठूलो समूहलाई प्रहरीले बल प्रयोग गर्दा केहीलाई चोटपटकसमेत लागेको थियो। सरकारले उक्त प्रदर्शनबाट मानवअधिकारकर्मी कृष्ण पहाडी, पद्मरत्न तुलाधर, डा. देवेन्द्रराज पाण्डे लगायत २६ जनालाई पक्राउ गरेको थियो। त्यस भन्दा पनि अघि, ०६१ चैत १ गते विभिन्न राजनीतिक दलले आयोजना गरेको देशव्यापी विरोध कार्यक्रमबाट राजनीतिक दलका करिब ७ सय जना कार्यकर्ताहरू तथा पत्रकारहरूमाथि धरपकड गर्दै पक्राउ गरिएको थियो।

यसरी स्वतन्त्रतापूर्वक आफ्नो विचार राख्न पाउने र सभा-सम्मेलन तथा जुलुस-धर्ना गर्न पाउने अधिकार खोसिएको छ र प्रदर्शनकारीहरूमाथि दमन गरिएको छ। सरकारले मानवअधिकार र प्रजातन्त्रप्रति ओठे प्रतिबद्धता व्यक्त गर्न भने नछोडेको भए तापनि माघ १९ को कदमपछि सरकारले नागरिक तथा राजनीतिक अधिकारहरू अपहरण गरेको प्रष्ट देखिन्छ।



११. अदालतको उपेक्षा र पुनः गिरफ्तारी

यस वर्ष न्यायपालिका र संविधानप्रतिकूल शाही कदमपछि बनेको शाही सरकारबीच द्वन्द्व भयो। शाही सरकारबाट सुरुदेखि नै न्यायपालिकाको उपेक्षा भयो। शाही सरकारका उपाध्यक्ष तथा मन्त्रीहरूले न्यायालयविरुद्ध अभिव्यक्ति दिए भने न्यायालयका आदेशलाई पटक पटक अवज्ञा गरियो। अदालतले मुक्त गर्न आदेश दिएका बन्दीलाई अदालत परिसरभित्र सुरक्षाकर्मी प्रवेश गरेर पुनः पक्राउ गर्ने काम पनि भयो। (हेर्नुहोला : न्यायपालिका परिच्छेद)

शाही कदमपछि भएका ८७ वटा पुन गिरफ्तारीका घटनामा ३८ वटा घटना अदालत परिसरबाट भएको थियो।

शाही आयोगले दिएको जवाफ

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २७ को उपधारा (३) मा श्री ५ बाट नेपाल र नेपालीको सर्वोत्तम हित र समुन्नतिका लागि यो संविधानको पालना र संरक्षण गरिबक्सनेछ भन्ने व्यवस्था भएको र देशलाई कुनै कारणबाट पनि बिग्रदो स्थितिबाट बचाउने जिम्मेवारी पनि श्री ५ मा नै रहेकोले नेपाल अधिराज्यको संवैधानिक रीतिस्थिति र मौसूफबाट प्रयोग भई आएको राजकीयसत्ताको प्रयोग गरिबक्सी श्री ५ महाराजाधिराजबाट मिति २०६१/१०/१९ गते राष्ट्रका नाममा शाही घोषणा जारी गरिबक्सी तत्कालीन प्रधानमन्त्री शेर बहादुर देउवाको अध्यक्षतामा गठित मन्त्रिमण्डल विघटन गरी मौसूफकै अध्यक्षतामा मन्त्रिपरिषद् गठन गरिबक्सेको र श्री ५ बाट राष्ट्रका नाममा बक्सेको शाही घोषणामा देशमा निरन्तर झाङ्गिदै गएको भ्रष्टाचारले प्रशासनलाई समेत दूषित बनाई प्रगतितर्फ अग्रसर हुनुपर्ने देशको पाईला पनि अवरुद्ध पारेको परिप्रेक्ष्यमा कानूनप्रति आमजनताको विश्वास धरमराउन थालेको हुँदा जनताको चाहना र सुशासनको प्रमुख आवश्यकता पूरा गर्न भ्रष्टाचार नियन्त्रणका लागि प्रभावकारी कदम अविलम्ब चालिने छ भन्ने घोषणा अनुरुप श्री ५ को सरकारले मिति २०६१/१०/२० मा जारी गरेको नीति तथा कार्यक्रमको बुँदा नं. १ मा नै प्रथम चरणमा अधिकार सम्पन्न शाही आयोग १५ दिन भित्र गठन गरिने छ भन्ने उल्लेख भए अनुसार भ्रष्टाचार नियन्त्रण सम्बन्धी कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि मिति २०६१/११/५ मा यस आयोगको गठन गरिबक्सी काम, कर्तव्य र अधिकार समेत तोकिबक्सेको हो। तदनुरुप गठन पश्चात मिति २०६१/११/१० देखि यस आयोगले आफ्नो कार्य प्रारम्भ गरी गठन आदेश बमोजिमको काम, कर्तव्य र अधिकारको पालन र प्रयोग गर्दै आएको छ।

प्रथमत: रिट निवेदकले नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११५ को उपधारा (७) बमोजिम मिति २०६१/११/५ मा नेपाल राजपत्र खण्ड ५३ अतिरिक्ताङ्क ५५ मा प्रकाशित आदेश अनुसार श्री ५ बाट गठित यस आयोगको वैधानिकतालाई स्वीकार गर्नु भएकै देखिन्छ। संविधानको धारा ११५ को उपधारा (१) बमोजिम नेपाल अधिराज्यभर संकटकालीन स्थिति लागू रहेको अवस्थामा सोही धारा ११५ को उपधारा (७) बमोजिम जारी आदेश अनुरुप गठित यस आयोगले कार्य प्रारम्भ गरी उजूरी लिने, छानवीन र अनुसन्धान गर्ने र आयोगलाई तोकिएको कार्यक्षेत्र अन्तर्गत रही कारवाई किनारा समेत गर्ने कार्य सुचारु रहेकै अवस्थामा संविधानको धारा ११५(११) बमोजिम श्री ५ बाट मिति २०६२/१/१६ मा आदेश जारी गरिबक्सी संकटकालीन अवस्थाको आदेश फिर्ता लिइबक्सेबाट मिति २०६१/११/५ मा गठित यस आयोगले कार्य सञ्चालन गरिसकेको र संविधानको धारा ११५ (७) को क्रियाशीलताबाट सृजित काम कारवाईको निरन्तरताका लागि संविधानको कार्यान्वयनमा पर्न गएको तत्कालीन स्थितिको बाधा अड्काउ फुकाउनका लागि श्री ५ बाट संविधानको धारा १२७ बमोजिम जारी गरिबक्सेको आदेश संविधान सम्मत रहेको प्रष्ट छ।

संविधानको धारा १२७ बमोजिम श्री ५ बाट मिति २०६२/१/१६ मा आदेश जारी गरिबक्सी यस आयोगलाई निरन्तरता बक्सेको तथ्यमा कुनै विवाद छैन। उक्त धारा १२७ को बनौट हेर्दा श्री ५ बाट यो संविधान कार्यान्वित गर्न कुनै बाधा अड्काउ परेमा त्यस्तो बाधा अड्काउ फुकाउन आदेश जारी गरिबक्सनेछ भन्ने देखिन्छ। यसरी संविधानको धारा १२७ बमोजिम जारी हुने आदेश संविधान कै अभिन्न अंग हुने भएकोले त्यस्तो आदेश संविधानको धारा ८८(१) को परिधिभित्रको विषय बन्न सक्दैन। संविधानको धरा १२७ अन्तर्गत जारी हुने आदेश संसद समक्ष राखिने छ भनी सोही धारामा प्रष्ट रुपमा उल्लेख भएबाट पनि यस्तो आदेश न्यायिक परीक्षणको बिषय हुन नसक्ने स्पष्ट छ।

तसर्थ, भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई निरन्तरता दिन श्री ५ महाराजाधिराजबाट मिति २०६२/१/१६ गते धारा १२७ बमोजिम जारी गरिबक्सेको आदेश संविधान सम्मत भई उक्त आदेश नेपाल अधिराज्यको संविधान, २०४७ कै अभिन्न अंग मानिने भएकोले संविधानको धारा ८८(१) ले विधायिकी कानूनको संवैधानिकता मात्र परिक्षण हुन सक्ने व्यवस्था गरेको हुँदा संविधान स्वयंको अंगको रुपमा रहने आदेशको संवैधानिकता धारा ८८(१) बमोजिम परिक्षण हुन सक्ने नदेखिएकोले विपक्षीको रिट निवेदन खारेज गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु।

पुन: गिरफ्तार गरिएकाहरूमा माओवादी कार्यकर्ताहरू मात्र थिएनन्, संविधानभित्रका शक्तिका रूपमा रहेका राजनीतिक दलका नेता-कार्यकर्ता तथा मानवअधिकारकर्मीलाई पनि शाही सरकारले अदालतको आदेशविपरित पुन: गिरफ्तार गऱ्यो। फागुन ६ गते विदेशबाट नेपाल फर्कदा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट गिरफ्तार गरिएका मानवअधिकारकर्मी गौरी प्रधानलाई रिहा गर्ने आदेश दिएकैदिन ०६१ फागुन १७ गते सरकारले पुन पक्राउ गरेको थियो। पुन: पक्राउ गरेको केही घण्टापछि प्रधानलाई रिहा गरिएको थियो। माघ १९ पछि अदालतले रिहा गर्ने आदेश दिएको यो पहिलो घटना थियो। विद्यार्थी नेताद्वय ठाकुर गैरे र प्रदीप पौडेललाई सर्वोच्चको आदेशविपरित प्रहरीद्वारा क्रमश वैशाख ७ गते र वैशाख १३ गते पुन: पक्राउ गरिएको थियो। यसैगरी ०६१ माघ १९ गते गिरफ्तार गरिएका एमाले युवा नेता राजेन्द्र राईलाई सर्वोच्चले रिहा गर्ने आदेश दिएपछि ०६२ जेठ २ गते अदालत परिसरबाटै काठमाण्डौ जिल्ला अदालतका नयायाधिश, नेपाल बार एसोशिएसन र राष्ट्र संघका प्रतिनिधिका अगाडिबाटै हुलहुज्जत गरी जबरजस्ती पुन पक्राउ गरिएको थियो। हुलहुज्जतका क्रममा सुरक्षाफौजले मानवअधिकारकर्मी, पत्रकार एवं वकीलहरुमाथि लाठि प्रहार गरेको थियो। सर्वोच्च अदालतको आदेशबाट ०६२ असार १ गते रिहा भएको केही बेरमै सरकारले जनमोर्चाका महासचिव नवराज सुवेदीलाई पुन गिरफ्तार गऱ्यो। रिहापछि सुन्धारास्थित पार्टी कार्यालय गएका सुवेदीलाई त्यहीं पुगेर प्रहरीले गिरफ्तार गरेको थियो। विद्यार्थी नेता गगन थापालाई सर्वोचच अदालतको दोस्रो आदेशबाट जेठ ११ गते रिहा गरिएको थियो। ०६२ वैशाख ७ गते पक्राउ परेका थापालाई ०६२ वैशाख २१ गते सर्वोच्चको आदेशमा रिहागरे लगत्तै सरकारले अदालत परिसरबाटै पुन पक्राउ गरेको थियो। सर्वोच्चले आफ्नो आदेश नटेरी सरकारले थापालाई थुनामा राखेकोमा कडा टिप्पणी गर्दै जेठ १० गते रिहा गर्ने आदेश दिएको थियो। नेपाल स्थित संयुक्त राष्ट्र संघको कार्यलयका प्रतिनिधिका अगाडि नै सुरक्षाकर्मीले अदालत परिसरबाटै पुनर्गिरफ्तार गरिएका घटनाले राष्ट्रिय अन्तर्राष्ट्रिय समुदायमा नेपालले आफ्नो असंवैधानिक र गैरन्यायिक क्रियाकलपलाई उदांगो पारेको छ।

१२. अध्यादेशीय राज

श्री ५ को सरकारद्वारा अध्यादेशका आधारमा शासन चलाउने विगत केही वर्षको प्रवृत्ति यस वर्ष पनि दोहोरियो। यस वर्ष ४५ ओटाभन्दा बढी अध्यादेशहरू जारी गरिए, जुन अघिल्लो वर्षको तुलनामा ज्यादै धेरै हो। कानून बनाउने संसदको अधिकार नै अध्यादेशका आधारमा देश चलाउन पाउने परिस्थितिका कारण कार्यपालिकाको हातमा पुगेपछि कार्यपालिका निरङ्कुश भयो। त्यसैले शाही सरकारद्वारा जारी गरिएका केही अध्यादेशहरूले देशको प्रजातान्त्रिक पद्धति र मानवअधिकार स्थितिलाई नै चुनौती दिए भने कतिपय अध्यादेशले जनताको सूचनाको हक तथा संगठित हुन पाउने हकमाथि अतिक्रमण गरे। (हेर्नुहोस् : यस वर्षको उल्लेख्य परिच्छेद)

श्री ५ को सरकारले विभिन्न सञ्चारसम्बन्धी ऐनहरू संशोधन गरी ०६२ असोज २३ गते सञ्चार अध्यादेश २०६२ जारी गऱ्यो। स्वतन्त्र रूपमा समाचार संप्रेषण गरिरहेका विभिन्न सञ्चार माध्यमहरूलाई प्रतिबन्धित गर्न तथा अंकुश लगाउन उक्त अध्यादेश जारी गरिएको थियो। संविधान तथा संयुक्त राष्ट्रसंघीय महासन्धिहरूले प्रत्याभूत गरेको सूचनाको हक तथा प्रेस स्वतन्त्रतालाई यसले कुण्ठित बनाउने कार्य गऱ्यो। यसरी संशोधित ऐनले संविधान प्रदत्त प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने मात्र नभई नेपाल राज्य पक्ष रहेका अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी घोषणापत्र तथा अभिसन्धिहरूको उल्लङ्घन भयो।

यसैगरी, राष्ट्रिय मानवअधिकार आयोग ऐन २०५३ लाई पनि अध्यादेश मार्फत् संशोधन गरी राष्ट्रिय मानवअधिकार आयोग (पहिलो संशोधन) अध्यादेश २०६२ जारी गऱ्यो। राष्ट्रिय मानवअधिकार आयोगको नयाँ पदाधिकारीहरूको नाम सिफारिस गर्ने समितिमा ऐनअनुसार प्रधानमन्त्री, प्रधानन्यायाधीश र प्रमुख प्रतिपक्षी दलका नेता रहने व्यवस्था रहेकोमा अध्यादेशमार्फत् संशोधनपछि प्रधानन्यायाधिश अध्यक्ष र सभामुख र परराष्ट्र मन्त्री सदस्य रहने व्यवस्था गरियो। विभिन्न २५ वटा मानवअधिकार संस्थाहरूले नवगठित मानवअधिकार आयोग अप्रजातान्त्रिक भएको भन्दै ०६२ जेठ ८ गते एक संयुक्त प्रेस विज्ञप्ति प्रकाशन गरे।

विज्ञप्तिमा मानवअधिकार समुदायले आयोगको नयाँ कार्य समिति चयन प्रक्रियाको विरोध गरेको थियो। आयोगका अध्यक्ष र नयाँ सदस्यहरूको नियुक्ति प्रक्रिया असंवैधानिक भएको भन्दै आयोग कुनै पनि हालतमा पेरिस सिद्धान्तको मूल्यसँग समाहित नहुने विज्ञप्तिमा बताइएको थियो। विज्ञप्तिमा आयोगका पदाधिकारीहरूको नियुक्ति गर्ने सिफारिस समिति नै अपूर्ण भएको अवस्थामा संयुक्त राष्ट्रसंघको महासभाबाट डिसेम्बर २०, १९९३ मा प्रस्ताव ४८-१३४ अन्तर्गत पेरिस सिद्धान्तहरू को आधारमा आयोगको गठन हुनु पर्नेमा राज्यद्वारा कानुन संशोधनमार्फत सिफारिस समितिमा हेरफेर गरी नयाँ पदाधिकारीहरूको नियुक्ति गरिनु पूर्णत: अप्रजातान्त्रिक तथा गैरकानुनी भएको उल्लेख गरिएको थियो। मानवअधिकार समुदायको सो विज्ञप्तिमा यस कार्यले कानूनको शासनको उल्लघंन गर्दै राज्यमा कानूनको शासनलाई निर्मूल पार्ने प्रमाणित गरेको

वताइएको थियो।[३८]

राजावाट ०६२ जेठ १३ गते आयोगको अध्यक्षमा पुन: नयनवहादुर खत्री र सदस्यहरूमा सुदीप पाठक, गोकुल पोखेल, शिलु सिंह र डा. रामदयाल राकेशलाई नियुक्त गरियो। राष्ट्रिय मानवअधिकार आयोग मानवअधिकारको सम्वर्द्धन र संरक्षणका लागि स्वतन्त्र निकायका रूपमा स्थापना गरिएको थियो। संसद नभएको अवस्थामा तत्कालीन राष्ट्रिय मानवअधिकार आयोगलाई निरन्तरता दिनुको सट्टा सरकारले अध्यादेशमार्फत् ऐन संशोधन गरी नयाँ कार्यसमिति चयन गऱ्यो। आयोगका अध्यक्षको मात्र पुनर्नियुक्तिले थप सवाल पनि निम्त्यायो।

देशमा मानवअधिकार र प्रजातन्त्रको रक्षा र सम्वर्द्धनका लागि कार्यरत स्वतन्त्र गैरसरकारी संस्थाहरूको कार्यलाई सीमित पार्ने उद्देश्यले सरकारले समाज कल्याण परिषद ऐनलाई संशोधन गरी ०६२ असार ३० गते समाज कल्याण परिषद अध्यादेश २०६२ जारी गऱ्यो। त्यसैगरी राष्ट्रिय गैरसरकारी संस्था र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको कार्यलाई नियन्त्रण गर्ने उद्देश्यले सरकारले समाज कल्याण परिषदमार्फत् कार्तिक २४ गते आचार संहिता जारी गऱ्यो। विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था तथा निकायहरूले सरकारलाई उक्त आचार संहिता जारी नगर्न अपील गरेको भए तापनि सरकारले बेवास्ता गऱ्यो। देशका २ हजार ६ सय भन्दा बढी संस्थाहरूको छाता संगठन गैरसरकारी संस्थाहरूको महासंघले आचार संहिताको विरुद्धमा अधिराज्यभरी नै प्रदर्शन गर्नुकासाथै पाँचवटै क्षेत्रमा आचारसंहितालाई जलाएको थियो। स्वतन्त्र रूपमा कार्य गरिरहेका संस्थाहरूलाई नियन्त्रण गरिन ल्याइएको उक्त आचार संहिताको विरोध विभिन्न राष्ट्रियमात्र नभएर विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूलेसमेत गरे। ०६२ कार्तिक २४ गते दक्षिण एसियाली मानवअधिकार आयोग, ०६२ कार्तिक २८ गते ह्युमन राइट्स वाचका साथै एम्नेस्टी इन्टरनेसनल, युरोपियन युनियन र इन्टरनेसनल कमिसन अफ जुरिस्टले छुट्टाछुट्टै विज्ञप्ति प्रकाशन गरी उक्त आचार संहिताको विरोध गरेका थिए।

संसदले बनाएका ऐनको मूल मर्म नै परिवर्तन हुने गरी अध्यादेशमार्फत् संशोधन गर्न नहुने मान्यतालाई शाही सरकारले गरेका संशोधनहरूमा लत्याइएको देखिन्छ। *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३, "न्यायपालिका", र "व्यवस्थापिका")*

१३. विस्थापितहरूमाथि सरकारी ज्यादती :

राज्यले विस्थापितहरूको स्थितिलाई गम्भीरताका साथ लिएको देखिँदैन। माओवादीबाट पीडित भई विस्थापित हुनु परेका नागरिकहरूले काठमाडौंको टुँडिखेलमा पाल टाँगेर धर्ना बसी आफ्नो अधिकारको लागि आवाज उठाउँदा राज्यबाट गरिएको दमन मानवअधिकार विपरित हो। माओवादी विस्थापितहरूले ०६२ जेठमा सञ्चालन गरेको आन्दोलनमा राज्यले व्यापक हस्तक्षेप गरेको थियो। माओवादीको ज्यादतीका कारण विस्थापित भएकाहरूलाई राज्यले विशेष संरक्षण गर्नुको साटो झन् पीडित बनायो। गाँस, बास र कपासको व्यवस्था गर्नुपर्ने, विस्थापितलाई रोजगारीको व्यवस्था गरिनुपर्ने लगायतका माग राख्दै आन्दोलनमा उत्रिएकाहरूमाथि व्यापक धरकपड भयो। उनीहरूले आफूलाई आन्तरिक शरणार्थी घोषणा गर्नुपर्ने माग पनि राखेका थिए। सो क्रममा महिला तथा बालबालिका नभनी सडकमा प्रहरीहरूले उनीहरूलाई लछार-पछार पारे। स-साना बालबबालिकालाईसमेत लछारपछार गर्दै पक्राउ गरियो। शान्तिपूर्ण प्रदर्शनका सहभागीहरूलाई निर्मम कुटपिट गरियो। विरोध प्रदर्शनका क्रममा प्रहरीको लाठी प्रहारबाट घाइते भएका माओवादीपीडित गणबहादुर घर्तीको ०६२ जेठ २० गते मृत्यु भयो।

त्यसैगरी राजधानीस्थित खुल्लामञ्चमा अस्थायी शिविर खडा गरी बसेका माओवादी पीडितका छाप्राहरू सुरक्षाकर्मीले ०६२ जेठ २२ गते राति भत्काइदिए। यसअघिका केही आन्दोलनहरूमासमेत प्रहरीले यस्तै व्यवहार प्रदर्शन गरेको थियो। माओवादी पीडितहरूलाई काठमाडौंबाट ०६२ जेठ २३ देखि ३१ गतेसम्म आन्दोलनका क्रममा गिरफ्तार गरी भक्तपुर जिल्लाको मध्यपुर थिमि नगरपालिका-१ स्थित कृषि विकास तालिम केन्द्रको भवनमा राखिएको थियो। यसैक्रममा नौ दिनसम्म प्रहरीले सबै बन्दीहरूलाई मानसिक यातना दिएर राखेकाले माओवादी पीडित संघमा आबद्ध १७ जनाले त्यसबापत सरकारसँग क्षतिपूर्तिको माग दिलाई पाऊँ भनी जिल्ला अदालत, भक्तपुरमा ०६२ साउन ५ गते फिराद दर्ता गरेका थिए। पीडितहरूले यातनाको क्षतिपूर्ति बापत एक जनाको दिनको रु. २५ सयका दरले १७ जनाको जम्मा ३ लाख ८२ हजार ५ सय रूपैयाँ क्षतिपूर्ति माग गरेका छन्।

माओवादी विस्थापितहरूद्वारा गरिएको आन्दोलन राजनीतिक नभई केवल नागरिकहरूको आधारभूत अधिकार प्राप्तिका लागि गरिएको आन्दोलन हो, संरक्षणको अधिकारको आन्दोलन हो। त्यसकारण उनीहरूलाई कुनै निषेधाज्ञाभित्र बाँध्नु हुँदैनथ्यो। राज्यले उनीहरूमाथि गरेको यसप्रकारको दुर्व्यवहार संयुक्त राष्ट्रसंघीय आन्तरिक विस्थापितहरूको निर्देशक सिद्धान्त लगायत नागरिक तथा राजनतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र, आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अभिसन्धि र नेपाल अधिराज्यको

---

३८. मानवअधिकार जोगाऔं आन्दोलनको प्रेस विज्ञप्ति, ०६२ जेठ ८

मानवअधिकार रक्षकहरूमाथि राज्यको ज्यादती : एक दृष्टान्त

०६१ माघ १९ लगत्तै तत्कालीन राष्ट्रिय मानवअधिकार आयोग राज्यको आँखाको कसिंगर बन्न पुग्यो। आयोगका तत्कालीन सदस्यद्वय सुपरिचित मानवअधिकार रक्षक एवं बहुलवादी राजनीतिका पक्षपाती सुशील प्याकुरेल र कपिल श्रेष्ठउपर वन्देज लगाउन थालियो।

०६१ माघ २६ गते आयोगको पूर्वाञ्चल क्षेत्रीय कार्यालयको उद्घाटन गर्न अध्यक्षका साथ विराटनगरतर्फ प्रस्थान गर्न लाग्नु भएका श्रेष्ठलाई काठमाण्डौ बाहिर जान अनुमति छैन भन्दै त्रिभुवन विमानस्थल विमानस्थलबाटै फिर्ता गरिएको थियो। त्यसैगरी ०६१ फागुन २२ गते प्याकुरेललाई कपिलवस्तु जिल्लामा भएका हिंसात्मक घटनाहरूको अनुगमन तथा जाँचबुझका निम्ति भैरहवा जान लाग्दा रोकिएको थियो।

सन् २००५ मा नेपालका मानवअधिकार रक्षकहरुमाथि राज्यद्वारा भएको ज्यादतीको परिमाण सुशील प्याकुरेलमाथि लगाइएको वन्देजले छर्लङ्ग पार्दछ।

सुशील प्याकुरेलद्वारा ०६२ जेठ ६ गते जारी प्रेस विज्ञप्ति

१९ माघ २०६१ को शाही घोषणापछि राष्ट्रमा उपस्थित भएको परिस्थितिपछि पनि

मानवअधिकार संरक्षणको लागि "मानव अधिकार ऐन-२०५३" ले प्रदान गरेको दायित्व पूरा गर्न संस्थागतरुपमा राष्ट्रिय मानव अधिकार आयोग र व्यक्तिगतरुपमा यसका सदस्यहरु के- कति प्रयत्नशील छन् भन्ने कुरा सबैलाई अवगत छ।

विद्यमान परिस्थितिमा "मानवअधिकारको संरक्षण" गर्न प्रजातान्त्रिक हक-अधिकारको लागि निर्भिकताका साथ उभिनुपर्ने चुनौति हामी सबैको अगाडि उत्पन्न भयो। प्रजातन्त्र नै धरापमा परेको बेलामा प्रजातन्त्रको पक्षमा बोल्नुलाई मैले "राजनीतिक" भनेर उपेक्षा गर्न सकिनँ।

उक्त बेलामा मेरा अगाडि दुईवटा विकल्प थिए। जनताका अक्षुण अधिकारहरुको नियन्त्रणप्रति मौन रहने अथवा आफूले राष्ट्रिय मानव अधिकार आयोगको सदस्यको पद ग्रहण गर्दा लिएको शपथप्रति इमान्दार रहने। मानवअधिकार समुदायको क्रियाशील प्रतिनिधिका नाताले म दोसाँधमा रहन सकिनँ र मैले त्यस अवस्थाको प्रतिरोध गर्ने निधो गरेँ। यसै सन्दर्भमा चैत्र २०६१ मा सम्पन्न हुन गइराखेको संयुक्त राष्ट्रसंघको मानवअधिकार आयोगको बैठकमा भाग लिन जाने र त्यहाँ खुला-खुलस्त राष्ट्रको विद्यमान परिस्थितिबारे जानकारी दिने अनि नेपालको मानवअधिकारको स्वतन्त्र र विश्वसनीय अनुगमनको लागि संयुक्त राष्ट्रसंघ, मानवअधिकार उच्चायुक्तको कार्यालयलाई जिम्मा दिने पक्षमा अन्तर्राष्ट्रिय जनमत तयार पार्नुलाई मैले आफ्नो दायित्व सम्झेँ। त्यसबेला नेपालका कैयौं नागरिक समाजका वरिष्ठ व्यक्तित्वलगायत् मलाई पनि उपत्यकाभन्दा बाहिर जान रोक लगाइएको सन्दर्भमा संयुक्त राज्य अमेरिकाका रिपब्लिकन र डेमोक्रेट पार्टीका ८ जना सिनेटरद्वारा नेपाल सरकारलाई लेखिएको पत्र र मानवअधिकार उच्चायुक्तको कार्यालयको आमन्त्रण अनि काठमाडौंस्थित अन्तर्राष्ट्रिय समुदायको दबाबको कारणबाट म ७ चैत्र २०६१ का दिन नेपालबाट बाहिर आउन सफल भएँ।

नेपाल बाहिर आएपछि नेपालको मानवअधिकार स्थितिमा सुधार ल्याउन र प्रजातन्त्र बहालीको पक्षमा मेरो भूमिका सबैलाई अवगत छ। नेपाली जनमतको जोडदार आवाजपछि जेनेभामा सम्पन्न मानवअधिकार आयोगको बैठकले मानवअधिकार अनुगमनका लागि उच्चायुक्तको कार्यालयलाई जिम्मा दिने परिस्थिति सृजना भएर नेपालमा त्यसको कार्यालयसमेत खुलिसकेको छ। मैले जेनेभा बैठकमा नेपालको अवस्थाबारे खुला र खुलस्त कुरा राख्दा आफ्नै संस्थाका अध्यक्षसित भएको दुःखद् विवादबारे पनि सबैलाई जानकारी छ।

मानवअधिकार उन्मुख नागरिक अधिकार प्राप्तिको संघर्ष मुलुकका सीमानाले छेक्न सक्दैन र यो कुरा सम्पूर्ण मानव जातिकै साझा सवाल हो भन्ने मेरो दृढ विश्वास व्यक्त गर्न चाहन्छु। विदेशमा रही मानवअधिकार र प्रजातन्त्रको पक्षमा लाग्दा पनि आयोगको सदस्यको हैसियतले राष्ट्रभित्र निर्वाह गर्नुपर्ने दायित्वबाट म वञ्चित हुनुपर्ने पीडादायक परिस्थितिमा रहेको छु। हाल म विदामा रहेको छु।

१२ जेष्ठ २०६२ मा आयोगका वर्तमान पदाधिकारीहरुको कार्यकाल समाप्त हुँदैछ। आयोगको निरन्तरताबारे विभिन्न प्रकारका चर्चाहरु सुनिएका छन्। हाम्रो वर्तमान चुनौति भनेकै संविधानको मर्मको संरक्षणको सवाल हो। संविधानको मर्मविपरीतको कुनै पनि कार्यप्रति हामीले सम्झौता गर्नु हुँदैन भन्ने मेरो मान्यता हो। मानव अधिकार आयोगजस्तो स्वतन्त्र र गरिमामय संस्थालाई कुनै पनि कारण जनाई उसको स्वतन्त्रतामाथि आँच आउन दिनु हुँदैन।

राष्ट्रिय संयन्त्र र निकायहरु संसदको माध्यमबाट

जनताप्रति उत्तरदायी हुन्छन्। संसद नरहेको अवस्थामा यस्ता संस्थाका पदाधिकारीहरुको नियुक्तिले प्रजातान्त्रिक मान्यतालाई अस्वीकार गर्दछ। त्यसैले राष्ट्रिय मानव अधिकार आयोगको निरन्तरतामा देखा परेका समस्याको समाधान कुनै पनि स्वार्थको सीमा बाहिर खोज्नु हाम्रो दायित्व हो।

विघटित संसदमा निर्वाचित, सक्रिय एवम् उपस्थित दलहरुको स्वीकृतिमा नियुक्त

पदाधिकारीहरुले मात्र स्वतन्त्रतापूर्वक आफ्नो दायित्व निर्वाह गर्न सक्छन् र यो नै

प्रजातान्त्रिक मान्यता हो। म यो मान्यतामा अडिग छु। देशमा विद्यमान जनप्रतिनिधिविहीन अवस्थाको विकल्प खोज्नु आवश्यक छ। मानव अधिकार आयोगको समस्यालाई प्रजातन्त्रको बहालीभन्दा बाहिर राखेर हेर्नु मानवअधिकारको दायरालाई संकुचित पार्नु हो। अन्त्यमा, आफ्नो दायित्वप्रति मूल्य र मान्यताका आधारमा निर्भिकतासाथ अडिग रहन मलाई प्रेरित गर्ने सबै राजनीतिक दल, मानवअधिकार संस्था, नागरिक समाज, सञ्चारकर्मी र अन्तर्राष्ट्रिय समुदायप्रति हार्दिक धन्यवाद दिन चाहन्छु। र, आयोगमा ५ वर्षसम्म सहकार्यमा संलग्न अध्यक्ष र सदस्यहरु अनि तमाम कर्मचारी साथीहरुप्रति कृतज्ञता ज्ञापन गर्दछु।

मानवअधिकारवाट वञ्चित जनताको आकांक्षा पूरा गर्न नसकेकोमा मलाई अत्यन्त दुःख

लागेको छ। आउँदा दिनमा मानवअधिकारको मर्म र भावनाअनुरुप नेपाली जनताको नागरिक अधिकारको अविच्छिन्न उपभोगको प्राप्तिका लागि निरन्तर क्रियाशील रहने प्रण दोहोऱ्याउन चाहन्छु।

सुशील प्याकुरेल
सदस्य
राष्ट्रिय मानव अधिकार आयोग
नेपाल

संविधान २०४७ को भावना विपरित कार्य हो।

नेपालको आन्तरिक विस्थापितहरूको स्थिति वुझ्न संयुक्त राष्ट्रसंघीय आन्तरिक रूपमा विस्थापनहरूका मानवअधिकार प्रतिनिधि ०६१ चैत ३१ गते नेपाल आउनु भएको थियो। आन्तरिक विस्थापनमा परेका व्यक्तिहरूका लागि सहयोग र संरक्षणको आवश्यकता रहेको संयुक्त राष्ट्रसंघीय महासचिव कोफी अन्नानका आन्तरिक रूपमा विस्थापनहरूका मानवअधिकार प्रतिनिधि प्रा. वाल्टर केलिनले नेपाल भ्रमणका क्रममा वताउनु भएको थियो। सो अवसरमा उहाँले मध्यपश्चिम र पूर्वाञ्चलका केही जिल्लाहरूको भ्रमण गर्नुभएको थियो। अध्ययनपश्चात् ०६२ वैशाख ९ गते काठमाडौंमा प्रेस सम्मेलनको आयोजना गरी माओवादीले प्रयोग गरेको अत्यधिक हिंसा नेपालमा विस्थापनको कारण भएको केलिनले वताउनुभयो। जनसमुदायविरुद्ध गरिने हिंसात्मक वा त्रासदीपूर्ण कार्य, माओवादी सशस्त्र समूहद्वारा हुने गरेका जवर्जस्ती भर्ती तथा अपहरण कार्य, माओवादीलाई अनिच्छापूर्वक खाना वा वास उपलब्ध गराएको भए पनि सहयोग गरेको आरोपमा शाही नेपाली सेनावाट वदला लिने भय र आम असुरक्षाले विस्थापनलाई बढाएको उहाँले वताउनु भएको थियो।

१४. नगर निर्वाचनको तयारी : निरंकुशतालाई संस्थागत गर्ने प्रयास

सन् २००५ मा शाही सरकारले नगर निर्वाचनलाई कार्यसूचीको रूपमा पेस गर्ने र राष्ट्रिय-अन्तर्राष्ट्रि समुदायको ध्यान शाही कदमको विरोधवाट यतातर्फ मोड्ने भरमग्दूर प्रयत्न गरिरह्यो। यद्यपि, सात दलले भने प्रष्ट शव्दमा निर्वाचनको वहिष्कार गर्ने घोषणा गरे। यस विषयमा राजनीतिक पार्टीहरूका अतिरिक्त नागरिक समाजले पनि जोडदार रूपमा आवाज उठायो र औचित्यहीन भएकाले निर्वाचनको अनुगमन नगर्ने घोषणा गऱ्यो।

०४६ सालको जनआन्दोलनका समयमा काठमाण्डौमा प्रमुख जिल्ला अधिकारीको पदमा रही नागरिक तथा राजनीतिक अधिकारहरूको योजनावद्ध उल्लंघनको नेतृत्व गर्ने केशवराज राजभण्डारी प्रमुख निर्वाचन आयुक्त हुनु र अनिर्वाचित सरकारले राजनीतिक विमति राख्नेहरूलाई पन्छाएर चुनाव गराउने हौवा पिटाउनु संयोग मात्र होइन भन्ने धारणा वर्षभरि नै व्याप्त रह्यो। वाटोमा साइकल चढी गइरहेको व्यक्तिको टाउकोमा प्रहरीको गोली लागी मृत्यु भएको अवस्थामासमेत तत्कालीन प्रजिअ राजभण्डारीले रितपूर्वक हवाइ फायरिङ भनी उक्त गैरन्यायिक हत्याको समर्थन गरेको प्रसंग मल्लिक आयोगको प्रतिवेदनमा प्रष्ट लेखिएको छ। तत्कालीन प्रमुख जिल्ला अधिकारी राजभण्डारीले गराएको फायरिङको कार्य स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को प्रतिकूल भएको र राजभण्डारीलगायतका व्यक्तिहरूकै कारण समेत क्षति हुन गएको तथ्य उक्त प्रतिवेदनमा समेटिएको छ।[३९]

मानवअधिकार संस्थाहरूको राष्ट्रव्यापी सञ्जाल मानवअधिकार जोगाऔं आन्दोलन–नेपालले ०६२ कार्तिक ९ गते पत्रकार सम्मेलन मार्फत् सार्वजनिक गरको धारणा यहाँनिर उल्लेख्य छ। विज्ञप्तिमा भनिएको थियो–

"राजाले नगरपालिका तथा प्रतिनिधि सभाको निर्वाचन घोषणा गरी आफ्नो निरंकुशतावादी शासन व्यवस्थालाई निरन्तरता दिन चालिएको कुटील चाल मात्र भएको तथ्य निर्विवाद छ। घोषित निर्वाचन प्रक्रिया अन्ततोगत्वा अन्तर्राष्ट्रिय समुदायको आँखामा छारो हाल्ने कुटिल नाटकको मञ्चन शिवाय

३९. इन्हुरेड इन्टरन्यासनल, **मल्लिक आयोगको प्रतिवेदन र अन्य सामग्रीहरू**, काठमाडौं, ०५१ पुस १६, पृष्ठ २९६

केही हुने छैन। लोकतन्त्रमा विश्वास गर्ने हामी मानवअधिकारकर्मीहरू निर्वाचनको विपक्षमा हुने प्रश्नै उठ्दैन।"

"तर यस निर्वाचनको सान्दर्भिकता केवल हुकुमी शासनलाई निरन्तरता दिने षड्यन्त्र हो। निरंकुश शासन व्यवस्थामा निर्वाचनले नागरिकको मतदानको अधिकारलगायत् स्वतन्त्र तथा निष्पक्ष निर्वाचनका मापदण्डहरूसमेत पूरा गर्दैन। त्यसैले हामी आमनागरिकसमक्ष यस स्वेच्छाचारी शासन व्यवस्थाबाट घोषणा गरिएको निर्वाचन प्रक्रियाको बहिष्कार गर्ने राजनीतिक पार्टीहरूको अनुरोध सान्दर्भिक रहेको जानकारी गराउन चाहन्छौं।"

"माघ १९ को शाही कदमपछिको समय नेपालीहरूका लागि राज्य सञ्चालनमा सहभागिताको हिसाबले अन्धकारमय सिद्ध भएको, लोकतन्त्रका आधारभूत मान्यताहरू खोसिएको र वर्तमान राज्य व्यवस्था भय र त्रास सृजना गरी शक्तिको आडमा निर्वाचनका आधारभूत सिद्धान्तहरू पारदर्शिता, सुरक्षा र जवाफदेहीतालगायत् जनताको सुसूचित हुने हकमा समेत बन्देज लगाइएको अवस्थामा निर्वाचन घोषणा गर्नु आफैमा निरंकुशतावादी शासन व्यवस्थाको पराकाष्ठा मान्न सकिन्छ। जनताको मौलिक अधिकार तथा स्वतन्त्रताको सम्मान नभएमा, स्वस्थ राजनीतिक प्रतिस्पर्धाको अभावमा, राजनीतिक दलहरूको स्वतन्त्रतामा बन्देज रहेसम्म वा निर्वाचनमा सहभागी हुने पदाधिकारीहरूलाई भयरहित अवस्थाको अनुभूति नभएसम्म स्वतन्त्र तथा निष्पक्ष निर्वाचन प्रक्रियाको पूर्व शर्त पूरा भएको मान्न सकिदैन्। निर्वाचन स्वतन्त्र तथा निष्पक्ष रूपमा सम्पन्न गर्नका लागि जनताको संगठनको अधिकार, शान्तिपूर्ण भेलाको अधिकार, स्वतन्त्र आवागमनको अधिकारलगायत् प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताजस्ता मौलिक अधिकारहरूको पूर्ण बहाली नभएसम्म निर्वाचनको ढ्याङ्ग्रो फुक्नु हुकुमी शासनलाई निरन्तरता दिने षड्यन्त्र मात्र मान्न सकिन्छ। डर, त्रास, आतंक तथा बदलाको आशंकाबाट मुक्त भएर मतदाताहरूले आफ्नो मताधिकारको स्वतन्त्रपूर्वक प्रयोग गर्न सक्ने वातावरण तयार हुन सक्छ। उम्मेदवारहरूले स्वतन्त्रतापूर्वक सभा, सम्मेलन, छलफल तथा चुनाव प्रचारमा संलग्न भई मत गणना प्रक्रिया पारदर्शी हुने सुनिश्चितता नभएसम्म वर्तमान राज्य व्यवस्थाले घोषणा गरेको निर्वाचनमा लोकतन्त्रका कुनै मान्यताहरू समेटिएको मान्न सकिदैन। मानवअधिकारको विश्वव्यापी घोषणापत्र एवं नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले सुनिश्चित गरेका आधारभूत व्यवस्था अनुसार निर्वाचन प्रणालीका त्यस्ता मान्यताहरू पूरा गरिएको अवस्थामा मात्र निर्वाचन आयोगमा दर्ता हुन हामी लोकतान्त्रिक राजनीतिक दलहरूलाई आग्रह गर्दछौं। अन्यथा चुनाव बहिष्कार गरी त्यसलाई असफल तुल्याउने जनपरिचालनमूलक कार्यक्रम सञ्चालन गर्न सम्पूर्ण लोकतान्त्रिक राजनीतिक पार्टीहरूसमक्ष अनुरोध गर्दछौं। निर्वाचन लोकतान्त्रिक पद्धतिको आधार भएको विश्वास गर्ने भएकोले हाम्रो प्राथमिकता लोकतान्त्रिक पद्धतिको स्थापना हुनु पर्छ। लोकतान्त्रिक सरकारले मात्र निर्वाचन गर्न सक्ने यथार्थ सार्वजनिक गर्न चाहन्छौं।"

सन् २००५ को अन्तिम दिन तदनुसार २०६२ पुष १६ गते मानवअधिकार जोगाऔं आन्दोलन–नेपालले अर्को प्रेस विज्ञप्ति जारी गर्दै देशका प्रमुख मानवअधिकार संस्थाहरूको धारणा सार्वजनिक गर्‍यो–"कथित नगरपालिकाको निर्वाचन, स्वतन्त्र न्यायपालिकामाथि लादिएको निरंकुशतन्त्र र देशका विभिन्न भागमा सञ्चालन गरिएका सैनिक कारवाहीले देशलाई अझै हिंसात्मक द्वन्द्वतर्फ उन्मुख गर्ने निश्चित छ। यस्ता अवैधानिक कार्यले लोकतन्त्रका संरचनाहरू भत्काई देशमा सैनिकीकरण मार्फत निरंकुशतालाई राज्यमा संस्थागत गर्ने राज्यको षड्यन्त्र भएको हाम्रो ठहर छ।"

व्यापक जनमतलाई प्रतिनिधित्व गर्ने राजनीतिक दलहरूको सहभागिता सुनिश्चित नभएको चुनावले कुनै औचित्य नराख्ने प्रष्ट हुँदाहुँदै पनि शाही सरकारले भने नगरपालिकाको चुनावको रट लगाउन सन् २००५ भरि नै छाडेन। यसबाट पनि सरकार राजनीतिक समझदारी र सहमतिको पक्षमा नरहेको सोझै देखियो। निरंकुशतालाई संस्थागत गर्ने मनसायका साथ निर्वाचनको प्रयोग गर्न खोजिएको तथ्य राज्यका क्रियाकलापहरूबाटै छर्लङ्ग भयो।

१५. सुरक्षा खर्चमा वृद्धि

शान्ति बहालीमा लगानी नारासहित तत्कालीन अर्थमन्त्री मधुकर शम्सेर राणाद्वारा आर्थिक वर्ष ०६२/०६२ को आय व्यय विवरण अध्यादेशमार्फत प्रस्तुत भयो। जसअनुसार, आर्थिक वर्ष ०६२/०६३ को बजेट एक खर्ब २६ अर्ब ८८ करोड ५१ लाख रुपियाँको रह्यो। यस वर्षको बजेट गत वर्षको तुलनामा २५.७१ प्रतिशतले बढी थियो। सरकारले सुरक्षा क्षेत्रका लागि बजेटमा व्यापक वृद्धि गर्‍यो। (यससम्बन्धी चर्चा यस वर्षको उल्लेख्य परिच्छेदमा) सुरक्षा क्षेत्रका लागि गरिएको व्यापक वृद्धिले सरकार सशस्त्र द्वन्द्वको सैन्य समाधानका लागि मात्र इच्छुक रहेको तथ्य अझ स्पष्ट देखियो।

१६. पेट्रोलियम पदार्थको मूल्यवृद्धि :

वर्षको पहिलो महिना सत्तामा रहेको बहुदलीय सरकार र शाही कदमपछि गठित शाही सरकार दुवैले पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरी जनताको ढाड सेक्न कुनै कसर बाँकी राखेनन्। देउवा नेतृत्वको सरकारले ०६१ पुष

गृहमन्त्रालय अन्तर्गतको बेपत्ता पारिएका नागरिक छानबीन समितिद्वारा सार्वजनिक गरिएको नामावली

०६१ माघ २८

सामान्य सोधपुछपछि छाडिएका

अजितमान तामाङ, नुवाकोट, अनार उल मियाँ, बारा, कलाम मिया, बारा, गणेश ढकाल, तेह्रथुम, जनकराज शाह, काठमाडौँ, जुजुभाइ महर्जन, कीर्तिपुर, काठमाडौँ, दुर्गा थापा, प्यूठान, प्रभुराम के.सी. काभ्रे, मधुकुमार चौलागाईं, काभ्रे, राजेश महर्जन, काठमाडौँ, रामप्रसाद मुडभरी, नुवाकोट, रामचन्द्र महर्जन, ललितपुर तथा रामहरि कँडेल, धादिङ छन् ।

नजरबन्दमा रहेका

अशोक मिजार, नुवाकोट, उमा के.सी. प्यूठान, कर्णबहादुर मगर, दोलखा, केशव डङ्गोल, रसुवा, नवीन भनिने खेमबहादुर वि.क., प्यूठान, निमा ग्याल्बोलामा, सिन्धुपाल्चोक, नीलकण्ठ गौतम, काभ्रे, प्रल्हाद वाइबा, काठमाडौँ, पासाङ लामा, सिन्धुपाल्चोक, विवेक भन्ने विशाल खड्का, बुद्धिमान तामाङ, नुवाकोट, मदन लामा, काभ्रे, रामकृष्ण रैला, नुवाकोट, रामजीप्रताप रौनियार, काठमाडौँ, रामबहादुर क्षेत्री, सिन्धुपाल्चोक, सरिता शर्मा पौडेल, पर्वत, उद्धव दुलाल, गोटीखेल, ललितपुर, कृष्ण पुडासैनी, चाउथे नुवाकोट, टेकजित राई, वसाहा, उदयपुर, तिलकबहादुर वस्नेत, घोर्थली, सिन्धुपाल्चोक, पर्शुराम रिमाल, नाम्दु दोलखा, फुञ्जु शेर्पा, मार्मिङ सिन्धुपाल्चोक, बालकुमार देवकोटा, परेवाडाँडा, भोजपुर, वासुदेव दुलाल, ठूलो सिरुबारी, सिन्धुपाल्चोक, विजय थामी, धुस्कुन, सिन्धुपाल्चोक, विश्वनाथ नेउपाने, कुमरी, नुवाकोट, मानबहादुर तामाङ, चुचुरे रामेछाप, माधव थापा, ठैब, ललितपुर, रतिकुमार परियार, जितपुरफेदी-४, काठमाडौँ, रामकुमार भण्डारी, छाप नुवाकोट, राजेन्द्रविक्रम राई, साम्पाङ, भोजपुर, लालकान्छा तामाङ, मानेश्वरा, सिन्धुपाल्चोक, सुनिल तामाङ, सिस्नेरी, मकवानपुर, सुकलाल थामी, धुस्कुन, सिन्धुपाल्चोक तथा सुरेश चौधरी, खैलाड, कैलाली छन् । यस्तै, आत्मसमर्पण गर्ने व्यक्तिको सङ्ख्या दुई रहेकोछ ।

नजरबन्दपछि रिहा

ठोरेप्रसाद यादव, कपिलवस्तु, दुर्गाबहादुर तामाङ, सिन्धुपाल्चोक, दिलबहादुर थापामगर, सिन्धुपाल्चोक, दिवाकर अधिकारी, काठमाडौँ, नक्कली श्रेष्ठ, सिन्धुपाल्चोक, प्रकाश राना, प्यूठान, प्रेमबहादुर पुन, प्यूठान, रामबहादुर थापामगर, रामेछाप, राजन थापा, कपिलवस्तु, रामशरण परियार, नुवाकोट, शान्तिराम भट्टराई, ताप्लेजुङ तथा हरिप्रसाद पौडेल, काठमाडौँ

०६१ चैत २५

सोधपुछ पछि रिहा

उज्जवल शुक्ला, ललितपुर, रिञ्चि भट्टराई, रौतहट, खड्ग बहादुर सुनार, जुम्ला, गोपाल महर्जन, काठमाण्डौ, नविन विभास पुन मगर(किरन पुन), पशुपति ढुंगाना, नुवाकोट, प्रेम बहादुर नेउपाने, रौतहट, बिष्णु थापा, धादिगं, विनास थापा, धादिगं, मधु मण्डल, काठमाण्डौ, राम प्रसाद त्रिपाठी, धादिगं, रेणु आले, ललितपुर, सरोजबाबु कुंवर, गोर्खा, शुभसंकर कंडेल, बागलुगं, सुभास राई, काठमाण्डौ, ज्ञान बहादुर महर्जन, किर्तिपुर।

नजरबन्द पछि रिहा

जगु चौधरी, दागं, तोयानाथ चौलागाईं, सिन्धुली, धर्मराज कंडेल, ललितपुर, बासु पुडासैनी, गोर्खा, महाप्रसाद अमागाईं, गोर्खा, सूर्यमान महर्जन, ललितपुर

पक्राउ नगरिएको

लक्ष्मी पाण्डे, नवलपरासी

नजरबन्दमा रहेका

अमरबहादुर भनीने धिरज लामा, काभ्रे, इब्राहिम खान, बाँके, कमल के.सी., काठमाण्डौ, किरन महर्जन, काठमाण्डौ, कुलविन्द्र फुयाँल, दोलखा, कृष्ण के.सी., बाग्लुगं, चन्द्रलाल गिरी, ओखलढुंगा, चन्द्रलाल प्रसाईं, झापा, झलकमान तामागं, ओखलढुगां, तारा भण्डारी, नुवाकोट, दिनेश लिम्बु, सुनसरी, देभराज प्रधान, झापा, देश बहादुर लिम्बु, झापा, नारायण कुवंर, चितवन, प्रकाश थापा, काठमाण्डौ, विजय थापा मगर, सिराहा, बिजय भट्टराई, काठमाण्डौ, बिना मगर, कंचनपुर, विमला बि.क., काभ्रे, विरेन्द्र बस्नेत, झापा, भाईकाजी घिमीरे, चितवन, राम वहादुर बस्नेत, सिन्धुपाल्चोक, खाम खड्क शाही भनीने राम बहादुर खादी, ललितपुर, रमेश वि.क., सिन्धुपाल्चोक, रेणु भनीने लालमाया तामागं, काभ्रे, लहनुलाल चौधरी, कैलाली, लक्ष्मण खनाल, काठमाण्डौ, सनी पाखीन, मकवानपुर, सागर तामागं, काठमाण्डौ, सुशीला थापा, दागं, सन्तोषी आले, गोर्खा, हिमाल शर्मा, बागलुगं, त्रिभुवन साह, रौतहट।

सुरक्षा घेरा तोडी भागेको

कृष्ण पन्त, गोर्खा, बद्री खड्का, दोलखा, बुद्धि पाण्डे, गोर्खा, राजु क्षेत्री, कास्की

०६२ जेठ २०

सोधपुछ पछि रिहा

कुमार श्रेष्ठ, संखुवासभा, बाबुराम पराजुली, पर्वत, बासुदेव पन्त, लम्जुग, रमेश राई, उदयपुर, रत्न बहादुर परियार, सल्यान, तुलसी गिरी भनिने लक्ष्मी गिरी, पर्वत, शालिग्राम पौडेल, पर्वत सुशील कुमार उपाध्याय, पर्वत, हरी रत्न पुरी, पर्वत।

कैदपछि रिहा

गोपाल थारु, बर्दिया, गिरीराज लामिछाने, गोर्खा, चिरन्जीबि गजुरेल, सिन्धुपाल्चोक, जितमान चौधरी, बर्दिया, दिल बहादुर अधिकारी, चितवन, दुर्गा बहादुर राई, उदयपुर, पुर्ण सिंह लामा, रामेछाप, भालाकाजी तामागं, सिन्धुली, भक्ति बिलाश दाहाल, सिन्धुली, भिम बहादुर थारु, बर्दिया, शिव प्रसाद थारु, बर्दिया।

दोहोरो भिडन्तमा मृत्यु

पदम बहादुर शाही, बाजुरा, प्रेम बहादुर भंडेल, सल्यान, राजन सुबेदी, स्यागंजा, शान्ता राई, संखुवासभा।

कैदमा रहेका

अनन्त घिमिरे, महोत्तरी, ओम कृण श्रेष्ठ, ललितपुर, ओम बहादुर श्रेष्ठ, म्याग्दी, कमलमणी ढकाल, कास्की, जगत गरबुजा, म्याग्दी, झरीलाल यादव, सिराहा, टंक बहादुर थापा, म्याग्दी, थप बहादुर बि.क., म्याग्दी, थम बहादुर श्रेष्ठ, म्याग्दी, नवराज भण्डारी, कास्की, नउ बहादुर गरबुजा, म्याग्दी, प्रेम बहादुर दनुवार, उदयपुर, बिष्णु गोपाल जोशी, मकवानपुर, भरत प्रसाद दाहाल, काठमाण्डौ, मिठु पासवान, मोरगं, मेहर कुमार यादव, सिराहा, रमेश प्याकुरेल, काठमाण्डौ, रामु पासवान, मोरगं, रावत रमन ओझा, झापा, श्याम सुन्दर ढुंगाना, पर्सा, शैलेन्द्र कुमार मास्के, काठमाण्डौ, शान्त बहादुर बुर्जा, म्याग्दी, सावित्री पाण्डे, सिन्धुली, क्षेत्र बहादुर रेग्मी, कास्की।

०६२ साउन ३१ गते

सोधपुछपछि छाडिएका

अर्जुन नगरकोटी, विदुर रेग्मी, प्रकाश पण्डित, वैकुण्ठ भुजेल- धादिङ, इश्वर पाल, कलाबहादुर सिंह, गजतबहादुर सिंह- बझाङ, गोविन्द दुलाल, दीपक माझी, नरेन्द्रराय यादव- रौतहट, मोहम्मद सुसेन मियाँ, रफिक मियाँ- बारा, सन्तोष तिमल्सिना, क्षितिज शर्मा- चितवन, सोममाया लामा- सिन्धुली, रामदयाल गडेरी- धनुषा।

नजरबन्दपछि रिहा

उद्धवकुमार गौतम- काभ्रे, चन्द्रप्रकाश बानियाँ, राजकुमार वाईवा- म्याग्दी, राजकुमार- सिन्धुली, हरिप्रसाद आचार्य- धादिङ, हिमालय पराजुली- कास्की।

नजरबन्दमा

आशा रानामगर, दिलबहादुर रोका- रोल्पा, देवराज लुईंटेल, रामप्रसाद दंगाल, महेश्वर फुँयाल- काठमाडौं, सबिन न्यौपाने, शंकर अधिकारी- धादिङ, कर्णखर गौतम, हरिश्चन्द्र श्रेष्ठ, ग्याम्जो लामा, तीर्थबहादुर व्यन्जन, सोनाम लामा- काभ्रे, ज्ञानबहादुर सापकोटा, लुंका तामाङ, प्रेमबहादुर तामाङ, धनबहादुर थामी, दिनेश दुलाल, रमेश थामी, धनबहादुर थामी, रूद्रनाथ ढकाल, सुजन थापामगर- सिन्धुपाल्चोक, कर्णबहादुर पुनमगर- रूकुम, जगदेव यादव, विन्देश्वर यादव, सियाराम यादव, मलहा दास- धनुषा, भरत सहेनी- पर्सा, भरत साह- महोत्तरी, मोतिप्रसाद सापकोटा, होमराज बास्तोला, भूमिनन्द दवाडी- चितवन, राजनप्रसाद फुंयाल- रौतहट, अर्जुन बुढाथोकी, धनबहादुर बिक, विष्णुप्रसाद पौडेल, सानुकान्छा तामाङ- दोलखा, कामीसिंह तामाङ, रामेश्वर पुडासैनी- नुवाकोट, अमृतप्रसाद तिवारी, विष्णुचन्द्र रोकाया- मुगु, अशोक मण्डल, सूर्यनाथ यादव- सप्तरी, कालिबहादुर- जुम्ला, चन्द्रबहादुर रोकाया, बाँचे विक- हुम्ला, छविलाल कुशवाहा- बारा, तिलक पौडेल- रामेछाप, थलबहादुर पौडेल- ओखलढुंगा, गोपाल ओझा, लक्ष्मण चौधरी, सूर्यकुमार चौधरी, बुधराम चौधरी- कैलाली, देवराज लामा- मकवानपुर, परमानन्द वर्मा- बाँके, नरेश चौधरी- बर्दिया, फिरूलाल चौधरी- बारा, रविन्द्र गिरी- झापा, धनबहादुर घर्ती- सुर्खेत, रामप्रसाद पराजुली- स्याङ्जा, रामबाबु पाठक- गोर्खा, रामकुमार पौडेल, शिरबहादुर जिर्का मगर, हर्कराज बिक- भोजपुर, ललितकुमार थारू- बर्दिया।

भिडन्तमा मृत्यु

घुरन यादव, महेन्द्र महतो- सिरहा, गोपाल कार्की- सर्लाही, रामचरित्र यादव- महोत्तरी।

२६ गते सरकारले पेट्रोलियम पदार्थको मूल्य वृद्धि गरेको थियो। मूल्य वृद्धिपछि तत्कालीन आपूर्ति मन्त्री ईश्वर पोखरेलको हदैसम्म आलोचना भयो।

शाही सरकारले पनि पेट्रोलियम पदार्थको मूल्य वृद्धि गर्न कुनै कसर बाँकी राखेन। श्री ५ को अध्यक्षतामा बसेको मन्त्रिपरिषद्को निर्णयअनुसार नेपाल आयल निगमले पेट्रोलियम पदार्थको खुद्रा मुल्यमा ०६२ भदौ २ गतेदेखि लागू हुनेगरी मूल्य वृद्धि गऱ्यो। नयाँ दरअनुसार पेट्रोल प्रतिलिटर ६७ रूपैयाँ, डिजेल प्रतिलिटर ४६ रूपैया, मट्टीतेल प्रतिलिटर ३९ रूपैया र हवाइ इन्धन ५३ रूपैया बनाइएको थियो। उल्लेखित प्रत्येक पेट्रोलियम पदार्थमा प्रति लिटर पाँच रूपैयाँका दरले वृद्धि गरिएको थियो। पेट्रोलियम पदार्थको अन्तर्राष्ट्रिय मूल्यमा अत्यधिक वृद्धि भएको भन्दै समयानुकुल मूल्य समायोजन हुन नसक्दा नेपाल आयल निगमको सञ्चित नोक्सानी ७ अर्ब १८ करोड रूपैयाँ पुगेको र मासिक नोक्सानी करिव ५५ करोड रूपैयाँ पुगेको जनाइएको थियो। आयल निगमले भारतीय आयल निगमलाई बुझाउने रकम दिन वाणिज्य बैंकहरूले आनाकानी गरेको भन्दै निगमले मूल्यवृद्धि बाध्यता भएको उल्लेख गरेको थियो। सरकारले गरेको यस मूल्यवृद्धिप्रति उपभोक्ताहरूले आक्रोश व्यक्त गरे। मूल्यवृद्धिवाट सर्वसाधारणलाई पर्ने मर्काको विरोधमा अधिराज्यभरीनै व्यापक प्रदर्शन भयो।

१६. सुपुर्दगी र फौजदारी अपराधसम्बन्धी सम्झौताको मस्यौदामा हस्ताक्षर

नेपाल र भारतका गृह सचिवको ०६१ माघ ६ र ७ गते बसेको वैठकमा सुपुर्दगी र फौजदारी अपराधमा आपसी कानुनी सहयोगसम्वन्धी सम्झौताको मस्यौदामा दुवै मुलुकका गृहसचिवले हस्ताक्षर गरे। उक्त सन्धि दुवै देशको अनुकूल समयमा हस्ताक्षर भएपछि अनुमोदन प्रक्रिया सम्पन्न भई तत्सम्बन्धी कागजपत्र दुई देशवीच आदानप्रदान भएपछि लागू हुने गृह मन्त्रालयद्वारा प्रेसविज्ञप्ति मार्फत जानकारी गराइएको थियो।

प्रस्तावित सपुर्दगी सन्धिमा दुवै देशका कानुनले अपराध ठहऱ्याएका कसुरमा एक वर्ष भन्दा वढी सजाय हुने कसुरका सम्वन्धमा यो सन्धि लागू हुने प्रावधान रहेको छ। प्रस्तावित फौजदारी अपराधका आपसी कानुनी सहयोगसम्वन्धी सम्झौतामा दुवै देशले एक अर्को देशमा भएका अमराधका सम्वन्धमा सवुत प्रमाण संकलन गर्ने र संकलित सवुद प्रमाण आदानप्रदान गरी सहयोग पुऱ्याउने प्रावधान समावेश छन्।

१७. राजदूत नियुक्ति :

यस वर्ष सरकारले सातजना राजदुत नियुक्त गऱ्यो। तीमध्ये दुईजना विशुद्ध सैनिक पृष्ठभूमिका रहे।

क्र.सं.	राजदूत	देश	नियुक्ति मिति	कैफियत
१	भिक्ट्रीशम्शेर राणा	म्यान्मार	२०६२ वैशाख ३० गते	पूर्वसैनिक
२	हिरण्यलाल श्रेष्ठ	रसियाली महासंघ	२०६२ वैशाख ३० गते	
३	अवुल्लेस ठकुराई	सउदी अरव	२०६२ जेठ २९ गते	
४	रामभक्त पीवी ठाकुर	इजिप्ट	२०६२ असार २७ गते	
५	दुर्गाप्रसाद भट्टराई	श्रीलङ्का	२०६२ असार २७ गते	
६	मधुरमण आचार्य	संयुक्त राष्ट्रसंघ	२०६२ भदौ २ गते	
७	तारावहादुर थापा	थाइल्याण्ड	२०६२ असोज ७ गते	पूर्वसैनिक

१८. उपसंहार

सन् २००५ को पहिलो एक महिना शेरबहादुर देउवाको नेतृत्वमा दलहरू सम्मिलित सरकार रहेको भए तापनि त्यसले गत वर्षभैं वार्ता र चुनावको द्विविधामै समय वितायो। शान्तिवार्ता सन्दर्भमा आशाका केही आधारहरू पनि उक्त सरकारलाई ०६१ माघ १९ गते बर्खास्त गरी राजाले आफ्नो हातमा शासनसत्ता लिएपछि समाप्त भए।

राजाद्वारा मानवअधिकार र प्रजातन्त्रप्रति प्रतिवद्धता व्यक्त गरिएको थियो। तर वर्षभरी नै उक्त प्रतिबद्धताको उल्टो व्यवहार भएको पाइयो। नेपाल अधिराज्यको संविधान २०४७ का साथै नेपाल पक्ष भएका संयन्त्रहरू विशेष गरेर नागरिक तथा राजनीतिक अधिकार र आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारसम्वन्धी महासन्धिले व्यवस्था गरेका अधिकारहरूका विपरितका कार्यहरू भए। शाही सरकारका हरेक क्रियाकलाप असंवैधानिक र स्वेच्छाचारी रहे। त्यसकारण यस वर्ष सरकारले गरेका सवै कार्यहरू प्रजातन्त्र र मानवअधिकारको सिद्धान्त विपरित छन् भन्न सकिन्छ।

शाही कदमले देशमा वार्ताको आवाजलाई निषेध गरी माओवादी समस्याको समाधान हतियारको बलमा मात्र हुने मान्यता अघि साऱ्यो। विद्रोही पक्षले चार महिनासम्म युद्ध विराम गर्दा त्यसको सदुपयोग गर्नु त कता हो कता, युद्ध सुरु गर्न उक्साउने प्रवृत्ति सरकारको रहयो। सुरक्षा खर्चमा गरिएको व्यापक वृद्धि पनि सैनिकीकरणकै एक पक्षका रूपमा देखियो।

राजाले विगतमा असफल भइसकेका, भ्रष्टाचारमा दुर्नामी कमाएका, जनअनुमोदन प्राप्त गर्न नसकेर मिल्किएका वा राजनीतिक परिदृश्यमा कतै नदेखिएकाहरूलाई नै आफ्नो सरकारका मन्त्रीहरूका रूपमा रोजे। उनीहरूको विरोध राजावादी भन्नेहरूले समेत गरे। राजाले मन्त्रिपरिषद्मा छोटो अवधिमै पटक पटक हेरफेर गरी अस्थिरता प्रदर्शन भयो।

शाही सरकारको स्वेच्छाचारी क्रियाकलापले नागरिक

श्री ५ को सरकार
सूचना तथा सञ्चार मन्त्रालयको
सूचना

श्री ५ को सरकारले राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ७ ले दिएको अधिकार प्रयोग गरी राष्ट्र र राष्ट्रिय हितलाई ध्यानमा राखी श्री ५ महाराजाधिराज सरकारबाट मिति ०६१।१०।१९ मा बक्सभएको शाही घोषणाको भावना र मर्म विपरीत एवं आतङ्ककारी तथा विध्वंसात्मक र आतङ्कवादलाई प्रत्यक्ष वा परोक्षरूपमा प्रोत्साहन वा मद्दत पुग्न जाने प्रकृतिका अन्तर्वार्ता, लेख, समाचार, सूचना अभिमत वा व्यक्तिगत विचारसमेत प्रसारण गर्नमा यो सूचना प्रकाशन भएको मितिले ६ महिनासम्म निषेध गरिएको छ। कसैले यो सूचना उल्लङ्घन गरी निषेधित कुराहरू प्रसारण गरेमा राष्ट्रिय प्रसारण ऐन, २०४९ को व्यवस्था बमोजिम कारबाही गरिने व्यहोरासमेत यसै सूचनाद्वारा जानकारी गराइएको छ।

गोरखापत्र २०६१ माघ २८

प्रशासन मारमा पर्‍यो। प्रशासनिक निकायमा सरकारद्वारा गरिएको स्वेच्छाचारी निर्णय र असंवैधानिक नियुक्तिले उक्त क्षेत्रलाई हतोत्साही बनायो। यस क्रममा लोकसेवा आयोगको परामर्शलाईसमेत बेवास्ता गरियो। सरकारले पहिले त जिल्ला अनुगमन समितिको नाममा अपारदर्शी शासन चलाउन खोज्यो भने पछि स्थानीय निकाय मनोनयनलाई राजावादी कार्यकर्ताहरू भर्ती गर्ने अवसरका रूपमा दुरुपयोग गर्‍यो।

भ्रष्टाचार नियन्त्रण गर्ने नाममा गैरसंवैधानिक रूपमा "भ्रष्टाचार नियन्त्रण शाही आयोग" गठन गरेर एकातिर स्वतन्त्र न्यायपालिकाको सिद्धान्त उल्लंघन गरियो भने अर्कोतिर यसलाई राजनीतिक इवी साँध्ने हतियार पनि बनाइयो।

शाही सरकारले कानुनी र गैरकानुनी दुवै तरिका अपनाएर सञ्चार क्षेत्रमाथि प्रहार गर्‍यो। शाही कदमसँगै नेपाली प्रेसमाथि अधिनायकवादी सिद्धान्त थोपर्न खोजियो र राज्यले सूचना प्रवाहमा पूर्णतः नियन्त्रण कायम गर्न खोज्यो। यस क्रममा सञ्चार क्षेत्रलाई नियन्त्रण गर्न सैन्यबलको प्रयोग गर्नसमेत सरकार हिच्किचाएन।

नेपालको मामिलामा सन् २००५ मा संयुक्त राष्ट्रसंघसहित विश्व समुदायले देखाएको चासो अभूतपूर्व रह्यो। यसै वर्ष संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगले नेपालसम्बन्धी प्राविधिक सहयोग र परामर्श सेवासम्बन्धी आइटम १९ लाई सर्वसम्मतिबाट अनुमोदन गर्‍यो। सरकारचाहिँ मानवअधिकारका सन्दर्भमा इमानदारीपूर्वक काम गर्नुको सट्टामा अन्तर्राष्ट्रिय समुदायको आँखामा छारो हाल्नका लागि प्रयत्नशील देखियो।

शाही सरकारले शान्तिपूर्ण प्रदर्शनमाथि लगभग वर्षभरी नै प्रतिबन्ध लगायो भने राजनीतिक नेता-कार्यकर्ता तथा मानवअधिकारकर्मीहरूलाई व्यापक मात्रामा गिरफ्तार गर्‍यो। राजनीतिक नेता तथा मानवअधिकारकर्मीहरूलाई आवतजावतमा रोक लगाइयो। विरोधका अभिव्यक्तिलाई रोक्न व्यापक गिरफ्तारी र निषेधाज्ञाको सहायता लिएको सरकारले त्यतिले पनि नपुगेर प्रतिगमनका विरुद्ध निकालिएका शान्तिपूर्ण प्रदर्शनमाथि व्यापक दमन गर्‍यो। यसरी नागरिक तथा राजनीतिक अधिकारहरू अपहरणमा शाही सरकार अग्रणी रह्यो।

शाही सरकारबाट सुरुदेखि नै न्यायपालिकाको उपेक्षा भयो। शाही सरकारका उपाध्यक्ष तथा मन्त्रीहरूले न्यायालयविरुद्ध अभिव्यक्ति दिए भने न्यायालयका आदेशलाई पटक पटक अवज्ञा गरियो। शाही कदमपछि भएका ८७ वटा पुन गिरफ्तारीका घटनामा ३८ वटा घटना अदालत परिसरबाट भएको थियो।

अध्यादेशका आधारमा शासन चलाउने प्रवृत्ति यस वर्ष पनि दोहोरियो। कार्यपालिकाले व्यवस्थापिकाको समेत अधिकार प्रयोग गर्ने विडम्बनापूर्ण स्थिति कायमै रह्यो। शाही सरकारद्वारा जारी गरिएका केही अध्यादेशहरूले देशको प्रजातान्त्रिक पद्धति र मानवअधिकार स्थितिलाई नै चुनौती दिए भने कतिपय अध्यादेशले जनताको सूचनाको हक तथा संगठित हुन पाउने हकमाथि अतिक्रमण गरे।

माओवादीको ज्यादतीका कारण विस्थापित भएकाहरूलाई राज्यले विशेष संरक्षण गर्नुको साटो झन् पीडित बनायो। माओवादी विस्थापितहरूद्वारा गरिएको आन्दोलन राजनीतिक नभई केवल नागरिकहरूको आधारभूत अधिकार प्राप्तिका लागि गरिएको आन्दोलन भए तापनि उनीहरूमाथि चरम दुर्व्यवहार भयो।

शाही सरकारले नगर निर्वाचनको तयारीलाई निरंकुशतालाई संस्थागत गर्ने मनसायका साथ अगाडि बढायो। सात दलले प्रष्ट शब्दमा निर्वाचनको बहिष्कार गर्ने घोषणा गरे भने नागरिक समाजले पनि निर्वाचनलाई औचित्यहीन ठहर गर्‍यो।

यसरी सन् २००५ मा निरङ्कुश, स्वेच्छाचारी कार्यपालिकाको कारण देशमा प्रजातान्त्रिक पद्धति र मानवअधिकारको उल्लंघन भयो। विगतदेखिको सशस्त्र द्वन्द्वको समाधानका लागि हतियारलाई नै एक मात्र विकल्पका रूपमा अघि सारेपछि हिंसा अझ तृणमूल स्तरसम्म प्रवर्द्धन हुने खतरा बढ्यो भने संविधानभित्रबाट समाधान खोज्नेहरूलाई पूरै निराश पार्ने काम पनि शाही कदम एवं शाही सरकारबाट भयो।

परिच्छेद ३

राज्य र मानवअधिकार

३.३ व्यवस्थापिका

१. पृष्ठभूमि

संविधानले कल्पना नगरेको भए तापनि देशले अर्को एक वर्ष पनि प्रतिनिधिसभाविहीन अवस्था व्यहोर्नु पर्‍यो। तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाद्वारा ०५९ जेठ ८ गते गरिएको सिफारिसअनुसार प्रतिनिधिसभा विघटन भएपछि राष्ट्रियसभासमेत निष्क्रिय बनेको र देश संसदविहीन अवस्थामा रुमल्लिएको अवस्था सन् २००५ मा पनि कायमै रह्यो। राज्य सञ्चालनार्थ जनताबाट नि:सृत हुनु पर्ने वैधानिकताको मूल मुक्केकाले राज्यका सबै अङ्ग सङ्कटमा त परे नै जनमनको प्रत्यक्षत: प्रतिनिधित्व गर्ने निकायको अनुपस्थितिले जनतामा निहीत सार्वभौमसत्तासमेत शब्दालङ्कारका रूपमा मात्र बाँकी रह्यो।

वर्षको पछिल्लो ११ महिना सत्तासीन शाही सरकारले प्रतिनिधिसभाको पुनर्स्थापना तथा राष्ट्रियसभाको क्रियाशीलताका लागि कुनै प्रयास नगर्नु नबुझिने कुरा थिएन, किनभने माघ १९ गतेको शाही घोषणामै राजाले तीन वर्षपछि मात्र "बहुदलीय प्रजातन्त्रलाई पुन: सक्रिय तुल्याउन" चाहेको बताइएको थियो। *(शाही घोषणाको पूर्ण पाठका लागि हेर्नु होस् यसै पुस्तकको "यस वर्षको उल्लेख्य" परिच्छेद २)* अनौठो कुरा त वर्षको अघिल्लो एक महिना सत्तारुढ रहेको शेरबहादुर देउवाको नेतृत्वको बहुदलीय प्रकृतिको सरकारलेसमेत प्रतिनिधिसभाको पुनर्स्थापना तथा राष्ट्रियसभाको क्रियाशीलताबारे चासो-खाँचो नदेखाउनु रह्यो। यद्यपि, आन्दोलनरत दलहरूले संसद पुनर्स्थापनाको मुद्दालाई सडकबाट वर्षभरि नै प्रमुखतासाथ उठाइरहे। त्यसका लागि प्रक्रिया के-कस्तो हुने भन्ने स्पष्ट खाका नआए पनि सिद्धान्तत: संसदको सर्वोच्चतालाई आन्दोलनरत् कुनै पनि पक्षले अस्वीकार गरेनन्। कम्तीमा पनि, मुलुकमा व्याप्त राजनीतिक गतिरोध समाप्त पार्न संसदको भूमिका अपरिहार्य छ भन्नेमा सबै पक्षको मतैक्य रह्यो।

त्यसो त व्यवस्थापिकाको अधिकारक्षेत्रमा कार्यपालिकाको हलीमली चल्न थालेको ०५९ सालदेखि नै हो। देश संसदविहीन अवस्थामा रुमल्लिएको र संसदविहीनताको स्थितिले संसदीय पद्धति नै मुर्च्छित भएको चर्चा गत वर्षको मानवअधिकार वर्षपुस्तकमै गरिएको थियो।[1] ०५९ असोज १८ गते रोपिएको बीज ०६१ माघ १९ गते तदनुसार सन् २००५ फेब्रुअरी १ तारिखको शाही कदमका रूपमा प्रकट भएपछि भने व्यवस्थापिका मरेतुल्यको अवस्थामा पुग्यो।

२. राष्ट्रियसभा : विलीन हुन लागेको "स्थायी सदन"

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४४ मा श्री ५, प्रतिनिधिसभा र राष्ट्रियसभा गरी दुई सदनसहितको एक व्यवस्थापिका रहने र त्यसलाई संसद भनिने उल्लेखित छ। संविधानअनुसार प्रतिनिधिसभा आवधिक प्रकृतिको छ भने राष्ट्रियसभा स्थायी प्रकृतिको छ। संविधानले बढीमा छ महिनासम्मका लागि मात्र प्रतिनिधिसभाविहीन अवस्थाको कल्पना गरेको छ भने राष्ट्रियसभाविहीन अवस्थाको कल्पनासम्म पनि गरेको छैन। तर राष्ट्रियसभामा दुई-दुई वर्षमा पातलिंदै जाने गरेको सांसद संख्याले के बताउँछ भने आउँदो दुई वर्षको अवधिमा पनि प्रतिनिधिसभा रिक्त रहिरह्यो भने ०६४ असार १२ गते राष्ट्रियसभा शून्य हुने छ।

राष्ट्रियसभाका देहायबमोजिमका १९ जना सदस्यहरूको पदावधि ०६२ असार १२ गते समाप्त भयो।

अम्बिका पन्त (नेपाली कांग्रेस), अमियकुमार यादव (नेकाँ), उत्तमकुमार महत (एमाले), ऋषिबाबु परियार (मनोनित), काशीनाथ अधिकारी (एमाले), केदारप्रसाद न्यौपाने (एमाले), खगेन्द्रराज रेग्मी (नेपाली कांग्रेस), जीतबहादुर पुरी (नेकाँ), तिलकप्रसाद न्यौपाने (नेकाँ), दिलबहादुर घर्ती (नेकाँ), मोहनबहादुर बम (एमाले), मोहनशर्मा चापागाईं (मनोनित), रामचन्द्र भट्टराई (एमाले), रमेशनाथ पाण्डे (मनोनित), लालबहादुर विश्वकर्मा (एमाले), वाचस्पति देवकोटा (एमाले), विश्वेश्वरा दाहाल (एमाले), वीरबहादुर सिंह (एमाले), शुक्रराज शर्मा (नेपाली कांग्रेस)।

०६४ असार १२ गतेसम्मका लागि नेकपा (एमाले) का सातजना, नेपाली कांग्रेसका सातजना, मनोनित तीनजना र राप्रपाका एकजना गरी १९ जनाले राष्ट्रियसभा सदस्यको पद थाम्न पाउने अवस्था सन् २००५ को अन्त्यसम्ममा रह्यो। यो संख्या २० हुनु पर्नेमा २०६४ असारमा पदावधि पूरा हुने मनोनित सांसद दीप्तप्रकाश शाहले राजिनामा दिएकोले ले १९ जना मात्र बाँकी रहेका हुन्।

०६४ असार १२ गते पदावधि सकिने सांसदहरू हुन्:

अकलबहादुर बिष्ट (नेकाँ), अशोक कोइराला (नेकाँ), उर्वादत्त पन्त (एमाले), दीपकबहादुर गुरुङ्ग (नेकाँ), देवनारायण चौधरी (मनोनित), बलबहादुर राई (नेकाँ), वेदुराम भुसाल, (एमाले), महेशमणि दीक्षित, (एमाले), सुश्री मैयादेवी श्रेष्ठ (नेकाँ), श्रीमती याङकीला शेर्पा (मनोनित), राधेश्याम अधिकारी (नेकाँ), रामजीवन सिंह (नेकाँ), रामप्रीत पासवान (एमाले), रंगनाथ जोशी (एमाले), डा रूपज्योति (मनोनित), ललितबहादुर बस्नेत (एमाले), लक्ष्मीदास मानन्धर, (एमाले), लोकबहादुर थापा (एमाले), श्रीमाया थकाली (एमाले)।

१. अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक): नेपाल मानवअधिकार वर्ष पुस्तक २००५; काठमाण्डौ, सन् २००५; पृ. ८२

यदि ०६४ असार १२ गते अगावै प्रतिनिधिसभा अस्तित्वमा आई राष्ट्रियसभामा सांसदहरु निर्वाचित नहुने हो भने राष्ट्रियसभा सदस्यविहीन हुने स्पष्ट छ। अनि श्री ५, प्रतिनिधिसभाका सभामुख र उपसभामुखमा मात्र संसद सीमित हुनेछ र संविधानले "स्थायी सदन" मानेको राष्ट्रियसभासमेत नभएको विडम्बनापूर्ण स्थितिमा देश पुग्नेछ।

३. राष्ट्रियसभाप्रति छलकपट

०५९ असोज १५ देखि नै राष्ट्रियसभाको बैठक बोलाउन पटक पटक माग भएता पनि विगतमाफैं यो वर्ष पनि राष्ट्रियसभाको बैठक बोलाइएन। यद्यपि प्रतिनिधिसभाको अनुपस्थितिमा राष्ट्रियसभाको बैठक बोलाउन नसकिने भन्ने होइन। संविधानको धारा ५४(१) मा श्री ५ बाट संसदको कुनै वा दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्न र त्यसको निमित्त सांसदहरूको उपस्थिति समादेश गर्न सकिबक्सने व्यवस्था छ भने ५४(३) मा भनिएको छ- "श्री ५ बाट संसदको दुवै वा कुनै सदनलाई सन्देश पठाउन सकिबक्सनेछ। त्यस्तो सन्देश प्राप्त गर्ने सदनले सो सन्देशमा उल्लिखित विषयमाथि यथाशीघ्र विचार गरी आफ्नो राय श्री ५ मा चढाउनेछ।" यी प्रावधानले राष्ट्रियसभाको बैठक बोलाएर राजाले राय सल्लाह लिन सक्ने अवसर दिएको छ। यस्तो पृष्ठभूमिमा राष्ट्रियसभाको बैठक बोलाउनेतर्फ पटक्कै ध्यान नदिनु संविधानको भावना प्रतिकूल देखिन्छ।

यसअघि, ०५९ जेठमा प्रतिनिधिसभा विघटन भएको पाँच महिनापछि राष्ट्रियसभाका समितिहरूको बैठक बसेको थियो। तत्कालीन गृहमन्त्री धर्मबहादुर थापा र उपप्रधानमन्त्री बद्रीप्रसाद मण्डललाई समितिका बैठकमा बोलाएर स्पष्टीकरण लिइएको उदाहरण पनि छ। तर राष्ट्रियसभाको बैठक नबोलाइएको कारण समितिहरूको पुनर्गठन हुन सकेन र दुई वर्ष म्याद रहेका ती समितिहरूको ०५९ सालमै अवधि समाप्त भयो।

राजाको असोज १९ गतेको कदमको विरुद्ध आन्दोलनमा उत्रिएका संसदवादी राजनीतिक दलहरूले सडकमा संसदको बैठक बोलाएका मात्र थिएनन्, उनीहरू राष्ट्रियसभा सक्रिय पार्न सहमत पनि भएका थिए। तर, राष्ट्रियसभालाई सक्रिय बनाउन् पर्छ भन्दै आएको नेकपा (एमाले) सम्मिलित देउवा सरकारले पनि राष्ट्रियसभाको बैठक बोलाउन चासो देखाएन। राष्ट्रियसभालाई सक्रिय पार्नु पर्छ भनेर सडकमा आन्दोलन गर्ने एमालेले सरकारमा पुग्नासाथ आफ्नो कार्यसूचीलाई बिर्सेको आरोप पनि लाग्यो।

माघ १८ गते राजाले कार्यकारी अधिकार आफ्नो हातमा लिएपछि राष्ट्रियसभाको बैठक बस्नै पर्ने अर्को प्रसंगमा भने सरकारले धूर्त्याइँ देखायो। सो दिन घोषित संकटकालीन अवस्थाको आदेश तीन महिना पुग्न् दुई दिनपूर्व समाप्त गरिनु उक्त आदेशलाई राष्ट्रियसभामा पेस गर्नु पर्ने संवैधानिक प्रावधानउपर छलकपट गरिनु थियो।

नेपाल अधिराज्यको संविधानको धारा ११५ को उपधारा (२) बमोजिम संकटकालीन अवस्थाको घोषणा वा आदेश भएको मितिले तीनमहिना भित्र अनुमोदनको लागि प्रतिनिधिसभाको बैठकमा पेश गर्नुपर्ने व्याध्यात्मक व्यवस्था गरिएको छ। त्यसरी पेश भएको घोषणा वा आदेश प्रतिनिधिसभामा उपस्थित सदस्यहरूको दुई तिहाई बहुमतले अनुमोदन गरेमा घोषणा वा आदेश भएको मितिले छ महिनासम्म लागु रहने व्यवस्था छ। प्रतिनिधिसभाको दुई तिहाइ बहुमतले अनुमोदन नगरेमा त्यस्तो घोषणा वा आदेश स्वत: निष्क्रिय हुन्छ। सामान्यतया संकटकालीन अवस्थाको आदेश वा घोषणा अनुमोदन गर्ने कुरामा संविधानले राष्ट्रियसभालाई कुनै जिम्मेवारी नदिएको भए तापनि प्रतिनिधिसभा विघटन भएको अवस्थामा धारा ११५ को उपधारा(२) (३) (४) र (५) को प्रयोजनको लागि प्रतिनिधिसभाको अधिकारको प्रयोग राष्ट्रियसभाले गर्न पाउने व्यवस्था छ।

त्यसैले राजाद्वारा ०६१ माघ १९ गते घोषणा भएको संकटकालीन अवस्थाको आदेश प्रतिनिधिसभा नभएको अवस्थामा राष्ट्रियसभामा पेश हुनु संविधानअनुसार आवश्यक थियो। यसरी राष्ट्रियसभाको बैठक बोलाउनै पर्ने बाध्यात्मक परिस्थितिबाट उम्किन ०६२ वैशाख १७ गते संकटकाल समाप्त भएको घोषणा गरियो। त्यतिखेर राष्ट्रियसभाका बहालवाला ३८ सदस्यमध्ये नेपाली कांग्रेसका १४ र नेकपा एमालेका १७ जनाले थिए। प्रजातन्त्र र बहुदलीय व्यवस्थाका हिमायती यी दुवै पार्टीले संकटकालको अनुमोदन नगर्ने बुझेरै तीन महिना पुग्नु दुई अगावै संकटकालीन अवस्थाको आदेश फिर्ता लिइएको सजिलै बुझ्न सकिन्छ।

४. प्रतिनिधिसभा नहुँदाको असर

सार्वभौम जनताको प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा नहुँदा व्यवस्थापिकाका अधिकारक्षेत्रमाथि कति हद नाघेर अतिक्रमण हुने रहेछ भन्ने दृष्टान्तहरूको साक्षीका रूपमा सन् २००५ रह्यो।

४.१. शक्ति केन्द्रीकरण र असन्तुलन

राज्यका कार्यहरूलाई न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकाबीच विभाजन गरी शक्ति पृथकीकरण र शक्ति सन्तुलन गर्ने प्रजातान्त्रिक पद्धति खल्बलिई शक्ति केन्द्रीकरण र असन्तुलनको अवस्था देशमा सृजना भएको छ। व्यवस्थापिकासँग कानून बनाउने, मन्त्रिमण्डल गठन गर्ने,

सरकारमाथि नियन्त्रण गर्ने, कार्यपालिकालाई जनउत्तरदायी बनाउने तथा न्यायपालिकाको निगरानी गर्नेजस्ता अधिकारहरू रहेकोमा प्रतिनिधिसभाको अभावले तीसम्बन्धी प्रावधानहरू कि निरर्थक बनेका छन्, कि त अतिक्रमित भएका छन्।

व्यवस्थापिकाको कानुन बनाउने अधिकार देशमा अध्यादेशीय शासन चलिरहेको अवस्था भएकाले कार्यपालिकाले नै उपभोग गरिरहेको छ। मन्त्रिमण्डल गठन गर्ने, सरकारमाथि नियन्त्रण गर्ने एवं कार्यपालिकालाई जनउत्तरदायी तुल्याउने अधिकार पनि संविधानका धारामै सीमित रहेका छन्। राजाद्वारा ०५९ असोज १८ गते शेरबहादुर देउवालाई बर्खास्त गरिएपछि बनेका सबै सरकार संसदबाहिरबाट बने। लोकेन्द्रबहादुर चन्द, सूर्यबहादुर थापा र पुनः शेरबहादुर देउवालाई राजाद्वारा प्रधानमन्त्री नियुक्त गरिनु व्यवस्थापिकाको अधिकारको अपहरण थियो। ०६१ माघ १९ गते शाही घोषणापछि राजाले नै मन्त्रिपरिषद्को अध्यक्षता ग्रहण गर्ने कार्य नेपाल अधिराज्यको संविधान २०४७ ले कल्पनासम्म पनि गरेको कुरा थिएन। यसरी व्यवस्थापिकाको अभावले देशमा सारा शक्ति राजाको हातमा केन्द्रित भएको र यसबाट शक्तिको घोर असन्तुलन उत्पन्न भएको देखिन्छ।

संवैधानिक पदाधिकारीमा कार्यक्षमताको अभाव देखियो वा आचरण वा इमान्दारीपूर्वक आफ्नो पदीय कर्तव्य पालना नगरेको आधारमा पदमुक्त गर्नु पर्‍यो भने पनि त्यसरी पदमुक्त गर्ने अधिकार संसदलाई रहन्छ। संविधानको धारा ८६(७) अनुसार प्रधानन्यायाधीश तथा सर्वोच्च अदालतका अन्य कुनै न्यायाधीशलाई पदमुक्त गर्ने भनी प्रतिनिधिसभाका कूल सदस्यको दुई तिहाइ बहुमतद्वारा पारित प्रस्तावअनुसार श्री ५ को स्वीकृतिमा पदमुक्त हुने व्यवस्था छ। तर प्रतिनिधिसभा नहुनाले सो धारा क्रियाशील हुने अवस्था छैन। आफूलाई निगरानी गर्ने कोही नभएपछि न्यायपालिकामा पनि स्वेच्छाचारिता बढ्दै जाने हुन्छ। सन् २००५ मा न्यायपालिका र प्रधानन्यायाधीशबारे जति आलोचना तथा असन्तुष्टि रहे *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३.१ "न्यायपालिका")* तिनको निकास पनि प्रतिनिधिसभाले नै दिने थियो। त्यसो हुन नसक्दा कार्यपालिका झैं न्यायपालिका पनि शक्ति असन्तुलनको अवस्थामा रह्यो।

४.२. संवैधानिक परिषद्को प्रावधानमै संशोधन

०६२ साउन १४ गते नेपाल अधिराज्यको संविधान, २०४७ सग थप नयाँ खेलबाड भयो। त्यो दिन तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद शर्माको कार्यकालको अन्तिम दिन थियो। त्यस दिन श्री ५ को आदेशअनुसार प्रधानन्यायाधीश शर्माको अध्यक्षतामा संवैधानिक परिषद्को बैठक बस्यो। संविधानको धारा ११७ अनुसार संवैधानिक परिषद्को अध्यक्ष प्रधानमन्त्री र सदस्यहरू प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभा अध्यक्ष र प्रतिनिधिसभामा विपक्षी दलका नेता हुने व्यवस्था छ। संवैधानिक परिषद्को अध्यक्ष प्रधानमन्त्री हुने स्पष्ट संवैधानिक प्रावधान हुँदाहुँदै पनि श्री ५ को आदेशअनुसार भनी प्रधानन्यायाधीशको अध्यक्षतामा बैठक बस्नु प्रकारान्तरले संविधानकै संशोधन थियो। संसदविहीनताले गर्दा नै संविधानविरुद्ध यस्तो काम हुन सम्भव भएको हो।

संवैधानिक परिषद्को बैठकले नेपाल अधिराज्यका प्रधानन्यायाधीश पदमा दिलीपकुमार पौडेललाई नियुक्त गर्न सिफारिस गर्‍यो। संविधानमा लेखिए भन्दा फरक प्रावधानबाट प्रधानन्यायाधीशको नियुक्ति भएपछि सो नियुक्ति असंवैधानिक भएको भनेर नेपालको न्यायिक इतिहासमा सम्भवतः पहिलोपल्ट सवाल खडा भयो। *(यससम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३.१ "न्यायपालिका")*

संवैधानिक परिषद्मा जनप्रतिनिधिको बहुमत हुनु पर्ने स्पष्ट मान्यता संविधानले बोकेको छ। तर देशमा ०६१ माघ १९ गतेपछि प्रधानमन्त्री छैनन् ०५९ जेठ ८ गते तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले प्रतिनिधिसभा विघटन गरेपछि विपक्षी दलका नेता छैनन् ०६१ असार १२ गते डा. मोहम्मद मोहसिनको पदावधि सकिएदेखि नै राष्ट्रियसभाको अध्यक्ष पद पनि रिक्त भएको छ। प्रतिनिधिसभाको विद्यमानताले मात्र उपर्युक्त तीनै पदमा जनप्रतिनिधि आसीन रहने अवस्था आउँछ र संवैधानिक परिषद् गठनको उद्देश्य पनि त्यतिखेर मात्र सार्थक बन्छ।

४.३. संविधानका विस्मृत धाराहरू

धारा १२७ को त्यान्द्रोमा टेकेर देश चलिरहेको र प्रतिनिधिसभा नभएको हुनाले संविधानका थुप्रै धाराहरू निष्क्रिय बन्न पुगेका छन्। सबै भन्दा पहिले, धारा १२७ अनुसारका आदेश संसदसमक्ष राख्नु पर्ने बाध्यात्मक प्रावधान नै लागू हुन सकेको छैन। जब सारा देश चलाउन प्रयोग भइरहेको धाराकै प्रावधान त अपूरो मात्र सम्भिइएको अवस्था छ भने अन्य धाराको हविगत के होला भन्ने कुरा शब्दातीत छ। कतिपय धारा त संविधानमा छन् भन्ने तथ्य पनि बिर्सिइने अवस्था आइपरेको छ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा ७२(२) ले अध्यादेशलाई अनुमोदनका लागि संसदको दुवै सदनमा प्रस्तुत गनुपर्ने व्यवस्था गरेको छ। संसदविहीनताको अवस्थामा सो प्रावधान लागू हुने कुनै सम्भावना रहेन। संविधान

संशोधन गर्न संसदलाई अधिकार दिइएको धारा ११६ पनि संविधानको पुस्तकमै मात्र सीमित रहेको अवस्था छ।

सन्धि सम्झौताहरू प्रतिनिधिसभाबाट अनुमोदन गराउनुपर्ने प्रावधान रहेको धारा १२६ को सन्दर्भ पनि यहाँ उल्लेख्य छ। देशमा प्रतिनिधिसभाको अस्तित्व नरहेका कारण सन् २००५ मा पनि नेपालमा संयुक्त राष्ट्र संघीय सन्धिहरूको प्रभावकारी कार्यान्वयनमा असर पर्‍यो। यस वर्ष ७ देखि २५ नोभेम्बरसम्म जेनेभामा भएको यातनाविरुद्ध समितिको पैंतीसौं सभाद्वारा नेपालका सम्बन्धमा जारी निष्कर्ष तथा सिफारिशमा महासन्धि कार्यान्वयनमा बाधा पुऱ्याउने तत्व तथा कठिनाइ शीर्षकमा यस विषयमा प्रष्ट उल्लेख गरिएको छ–" समिति मे २००२ देखि संसदको अभावका कारण अन्तराष्ट्रिय महासन्धि कार्यान्वयन गर्ने, त्यसलाई कानुनी मान्यता प्रदान गर्ने, कानुन संशोधन गर्ने र महासन्धिहरू अनुमोदन गर्नेजस्ता राज्य पक्षको कार्यमा प्रतिकूल प्रभाव परेकोमा दुःख व्यक्त गर्दछ।"[२]

संवैधानिक अङ्गका प्रतिवेदन प्रतिनिधिसभामा पेश भई जनप्रतिनिधिहरूको माध्यमबाट जनतासम्म पुग्ने प्रक्रिया बाधित रहेको छ। धारा १०० को उपधारा ६ अनुसार महालेखा परीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन श्री ५ समक्ष चढाउनु पर्छ र त्यस्तो प्रतिवेदन संसदसमक्ष राख्नु पर्ने हुन्छ। यसरी नै धारा ११० को उपधारा ६ अनुसार महान्यायाधिवक्ताले, धारा १०२ को उपधारा ७ अनुसार लोकसेवा आयोगले र धारा ९८ को उपधारा ६ अनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगले श्री ५ समक्ष चढाएका वार्षिक प्रतिवेदनहरू संसदसमक्ष राख्न लगाउने प्रक्रिया पनि प्रतिनिधिसभाको अनुपस्थितिले गर्दा अवरुद्ध हुन पुगेको छ। संविधानका उपर्युक्त धाराहरू संविधानमा भएर पनि नभएको जस्तो अवस्था छ। उल्लिखित धाराहरू त्यतिखेरमात्र क्रियाशील हुन सक्छन्, जब प्रतिनिधसभा अस्तित्वमा आउँछ।

संवैधानिक अङ्गहरूले प्रतिनिधिसभाबाट दिग्दर्शित हुने संसदीय परम्परा पनि देशमा हाल कायम हुन सकेको छैन। संवैधानिक अङ्गहरू लोकसेवा आयोग, अख्तियार दुरूपयोग अनुसन्धान आयोग, महालेखा परीक्षक र महान्यायाधिवक्ताकातर्फबाट श्री ५ समक्ष प्रस्तुत प्रतिवेदनहरूले सन् २००५ मा पनि निकास पाएनन्। प्रतिनिधिसभाको अभावमा त्यस्ता प्रतिवेदनहरू रद्दीको टोकरीमा पुगेको भन्दा अत्युक्ति हुँदैन।

४.४. अध्यादेशको बाढी

प्रजातान्त्रिक शासन व्यवस्थामा कानुनी राज्यको अवधारणा तथा शक्ति पृथकीकरणको सिद्धान्तलाई राज्य सञ्चालनको आधारभूत सिद्धान्तका रूपमा अवलम्बन गरिएको पाइन्छ। कानुनी राज्यको अवधारणाअनुसार प्रजातान्त्रिक शासन व्यवस्था जनताद्वारा निर्वाचित जनप्रतिनिधिद्वारा निर्माण गरिएको कानुनी व्यवस्थाअनुसार सञ्चालन हुन्छ। शक्ति पृथकीकरणको सिद्धान्तअनुसार राज्यको शासकीय अधिकारलाई आधारभूत रूपमा न्यायिक, विधायिकी तथा कार्यकारिणी गरी तीन वर्गमा विभाजन गरी ती अधिकारको प्रयोग अलगअलग रूपमा रहेका छुट्टाछुट्टै निकायहरूबाट हुने गर्दछ। यस सिद्धान्तअनुसार विधायिकी अधिकारको प्रयोग जनताद्वारा जनप्रतिनिधिको रूपमा निर्वाचित विधायकहरू रहेको राज्यको विधि निर्माण गर्ने निकायबाट मात्र गरिनु पर्दछ। कानुन निर्माणको प्रारम्भिक कार्य कार्यपालिका वा न्यायपालिकाबाट नभई विधायिकीद्वारा नै सम्पादन गरिनुपर्दछ। प्रजातान्त्रिक शासन व्यवस्था जनताद्वारा निर्वाचित जनप्रतिनिधिहरूद्वारा सञ्चालन गरिने भएको र यस्तो शासन व्यवस्थामा जनप्रतिनिधिहरू रहने विधायिकाबाट खुला तथा व्यापक रूपमा छलफल गरी जनचाहनाअनुरूपको कानुन निर्माण हुन सक्ने भएकाले विधायिकालाई केही अपवादका विषयमा बाहेक सबै विषयमा कानुन बनाउने अधिकार प्रदान गरिएको हुन्छ। नेपालको संसदको प्रकृति र यसको क्षेत्राधिकारलाई हेर्ने हो भने यहाँको संसदलाई सापेक्षित रूपमा क्षेत्राधिकार परिभाषित नभएको संसदको रूपमा लिन सकिन्छ। यस अनुसार संविधानद्वारा निषेध गरिएका विषयबाहेक अन्य कुनै पनि विषयमा कानुन बनाउने यसको क्षेत्राधिकार रहेको छ।[३]

राज्यका तीन अङ्गहरूमध्ये जनताको सार्वभौमसत्तालाई प्रतिनिधित्व गर्ने सर्वाधिक महत्त्वपूर्ण अङ्गका रूपमा संसदको भूमिका सबैभन्दा बढी हुन्छ। देशको कार्यकारिणी शक्तिमाथि नियन्त्रण राखेर त्यस शक्तिलाई जनताप्रति उत्तरदायी बनाई राख्ने सचेतकको भूमिका पनि संसदले निर्वाह गर्दछ। त्यसैले नेपाल अधिराज्यको संविधान, २०४७ अनुसार गठन हुने संसदले देशको शासन प्रणालीको नीति निर्माण, सुपरिवेक्षण र विधायन कार्यको अभिभारा बोकेको हुन्छ। शक्ति पृथकीकरणको सिद्धान्तको व्याख्या गर्ने जोन लक र मन्टेस्क्युका अनुसार संसदको मूल काम

२. कमिटी अगेन्स्ट् टर्चर; "कन्सिडरेसन अफ् रिपोर्ट्स् सब्मिटेड् बाइ स्टेटस् पार्टीज् अन्डर आर्टिकल १९ अफ् द कन्भेन्सन् : कन्क्लुसजन्स् एण्ड रिकमेन्डेसन्स अफ् द कमिटी अगेन्स्ट् टर्चर, नेपाल"; www.unhcr.ch; मंसिर १८, ०६२ मा हेरिएको

३. उप्रेती, भरतराज र कनकविक्रम थापा (स.); नेपालको संवैधानिक कानुन; काठमाण्डौ : कानुन अनुसन्धान तथा विकास फोरम (फ्रिडिल); वि.सं. २०४९; पृ. १७५

सन् २००५ मा जारी केही अध्यादेशहरू

क्र सं.	अध्यादेश	जारी मिति
१.	गरिबी निवारण कोष अध्यादेश-२०६१	०६१ फागुन ३ गते
२.	पूर्वाधार सरचनाको निर्माण तथा सञ्चालनमा निजी लगानीसम्वन्धी अध्यादेश-२०६१	०६१ फागुन ३ गते
३.	नेपाल राष्ट्र बैक (पहिलो सशोधन) अध्यादेश-२०६१	०६१ फागुन २८ गते
४.	विद्युतीय कारोबार अध्यादेश-२०६१	०६१ फागुन २८ गते
५.	राष्ट्रिय न्यायिक प्रतिष्ठान अध्यादेश-२०६१	०६१ चैत ३ गते
६.	नेपाल सन्धि (पहिलो संशोधन) अध्यादेश-२०६१	०६१ चैत ३ गते
७.	स्थानीय प्रशासन (पाँचौ संशोधन) अध्यादेश-२०६१	०६१ चैत ११ गते
८.	कारागार (दोस्रो संशोधन) अध्यादेश-२०६१	०६१ चैत १८ गते
९.	भूमिसम्वन्धी (छैठौं संशोधन) अध्यादेश-२०६१	०६१ चैत १८ गते
१०.	आतंककारी तथा विध्वसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश-२०६१	०६१ चैत २६ गते
११.	नेपाल खानेपानी संस्थान (तेस्रो संशोधन) अध्यादेश-२०६२	०६२ वैशाख ५ गते
१२.	खानेपानी व्यवस्थापन बोर्ड अध्यादेश-२०६२	०६२ वैशाख ५ गते
१३.	खानेपानी महसुल निर्धारण आयोग अध्यादेश-२०६२	०६२ वैशाख ५ गते
१४.	राजपरिवार खर्च व्यवस्था (पहिलो संशोधन) अध्यादेश-२०६२	०६२ जेठ ५ गते
१५.	चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान अध्यादेश-२०६२	०६२ जेठ ५ गते
१६.	मानवअधिकार आयोग (पहिलो संशोधन) अध्यादेश-२०६२	०६२ जेठ ८ गते
१७.	लुम्बिनी बौद्ध विश्वविद्यालय अध्यादेश-२०६२	०६२ जेठ १३ गते
१८.	सूचना प्रविधि प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश-२०६२	०६२ जेठ ३०गते
१९.	स्थानीय स्वायत्त शासन ऐन (पहिलो संशोधन) अध्यादेश-२०६२	०६२ असार ३० गते
२०.	समाज कल्याण (पहिलो संशोधन) अध्यादेश-२०६२	०६२ असार ३० गते
२१.	निजामती सेवा (दोस्रो संशोधन) अध्यादेश-२०६२	०६२ असार ३० गते
२२.	आर्थिक अध्यादेश-२०६२	०६२ साउन १ गते
२३.	विनियोजन अध्यादेश-२०६२	०६२ साउन १ गते
२४.	ऋण तथा जमानत (पन्धौ संशोधन) अध्यादेश-२०६२	०६२ साउन १ गते
२४.	राष्ट्र ऋण उठाउने अध्यादेश-२०६२	०६२ साउन १ गते
२५.	बैंक तथा वित्तीय संस्था सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश-२०६२	०६२ साउन १७
२६.	शिक्षा ऐन २०२८ लाई संशोधन गर्न बनेको अध्यादेश-२०६२	०६२ साउन १७ गते
२७.	गरीबी निवारण कोषको स्थापना र सञ्चालन गर्न बनेको अध्यादेश-२०६२	०६२ भदौ १
२८.	निर्वाचन सम्बन्धी केही नेपाली ऐनलाई संशोधन गर्न बनेको अध्यादेश-२०६२	०६२ भदौ १७
२९.	गैरआवसीय नेपालीका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश-२०६२	०६२ भदौ १७
३०.	नेपाल राष्ट्र बैंक ऐन, २०५८ लाई संशोधन गर्न बनाइएको अध्यादेश-२०६२	०६२ भदौ २७
३१.	विद्युतीय कारोबार सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश-२०६२	२०६२ भदौ २७
३२.	नेपाल सन्धि ऐन, २०४७ लाई संशोधन गर्न बनेको अध्यादेश-२०६२	०६२ भदौ २७
३३.	राष्ट्रिय न्यायिक प्रतिष्ठान सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश-२०६२	०६२ भदौ २७
३४.	स्थनीय प्रशासन ऐन, २०२८लाई संशोधन गर्न बनेको अध्यादेश	०६२ असोज ७ गते
३५.	दामासाहीको कार्यावधिका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश-२०६२	०६२ असोज ७
३६.	सुरक्षित कारोबारका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश-२०६२	०६२ असोज ७
३७.	धितोपत्र सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश-२०६२	०६२ असोज ७
३८.	निकासी, पैठारी तथा बौद्धिक सम्पत्तिसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश-२०६२	०६२ असोज ७
३९.	राजस्वसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश-२०६२	०६२ असोज १६
४०.	सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश-२०६२	०६२ असोज २३
४१.	कम्पनीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको अध्यादेश २०६२	०६२ असोज २३
४२.	खानेपानी महसुल निर्धारण आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०६२	०६२ कार्तिक ३
४३.	खानेपानी व्यवस्थापन बोर्डको स्थापना र सञ्चालन गर्न बनेको अध्यादेश २०६२	०६२ कार्तिक ३
४४.	नेपाल खानेपानी संस्थान ऐन, २०४६ लाई संशोधन गर्न बनेको अध्यादेश २०६२	०६२ कार्तिक ३
४५.	सूचना प्रविधि प्रतिष्ठानको सम्बन्धमा व्यवस्था गर्न बनेको अध्यादेश २०६२	०६२ मंसिर २२ गते

संविधानबमोजिम ऐनको निर्माण गर्नु हो। नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ६८, ६९, ७१ बमोजिम ऐन बनाउने संसद्को एकलौटी अधिकार रहेको देखिन्छ। यसर्थ संसद्द्वारा विशिष्ट अधिकार प्रयोग गरी तर्जुमा गरिएको सारभूत कानुनहरूलाई अन्यथा आवश्यकता प्रमाणित गर्न सकेको अवस्थामा बाहेक कार्यपालिकाले अध्यादेश वा कुनै पनि आदेशको बहानामा संशोधन, खारेज वा परिवर्तन गर्न सक्दैन।

धारा ७२ को प्रावधान र भावना अनुसार अध्यादेश विशेष परिस्थितिमा तत्काल कुनै कानुनी व्यवस्था गर्न आवश्यक भएमा राज्यको कार्यकारिणी निकायद्वारा विधायिकी अधिकारको प्रयोग गरी जारी गरिने कानुनको रूपमा रहेको हुन्छ। यस्तो भए तापनि कार्यकारिणी अङ्गलाई प्रदान गरिएको अध्यादेश जारी गरिने अधिकार अंकुशरहित भने हुँदैन। कार्यकारिणीद्वारा कानुनको रूपमा जारी गरिएको अध्यादेश स्थायी रूपमा लागू हुने नभई सीमित समयसम्म मात्र लागू हुन सक्छ। सो जारी भएपछि त्यसलाई विधायिकीसमक्ष पेस गरिनुपर्दछ र विधायिकी प्रक्रियाद्वारा अनुमोदन गराउन नसकिएमा वा अध्यादेश क्रियाशील हुन सक्ने अवधि किटान गरिएकोमा सो अवधि समाप्त भएपछि वा कार्यकारिणीको इच्छाअनुसार सो अध्यादेश फिर्ता लिइएमा अध्यादेशको अस्तित्व समाप्त हुन जान्छ। कुनै पनि अध्यादेशले विधायिकी सहमति नलिई अध्यादेशकै रूपमा लामो समयसम्म कानुनी हैसियत कायम राखिरहन सक्दैन। यसका अतिरिक्त संसद् भङ्ग नभएको तर अधिवेशन भने नबसेको अवस्थामा मात्र तत्काल केही गर्न आवश्यक परेमा संविधानमा लेखिएका कुराहरूको प्रतिकूल नहुने गरी अध्यादेश जारी हुन सक्ने व्यवस्था छ। संसद् नभएको अवस्थामा संसद्ले पारित गरेको ऐनलाई संशोधन गर्ने, अस्वीकार गर्ने र खारेज गर्ने अधिकार धारा ७२ ले दिएकै छैन। अध्यादेश कुनै कानुन नबनेको अवस्थामा र संसद्को अधिवेशन नभएको अवस्था मात्र जारी हुने हो। यसरी जारी हुने अध्यादेश संसद्का दुवै सदनले पारित नगरेमा निष्क्रिय हुने र जारी भएको छ

महिनापछि वा दुवै सदनको बैठक बसेको ६० दिनपछि स्वतः निष्क्रिय हुने संवैधानिक प्रावधानले सरकारको धारा ७२ ले प्रदान गरेको विधायिकी शक्ति अस्थायी प्रकृतिको हुन्छ भन्ने प्रमाणित गर्दछन्।

त्यसमा पनि कानूनको शून्यतामा नयाँ कानूनी समस्या समाधान गर्नलाई मात्र अध्यादेश जारी गरिन्छ। साथै संविधानको धारा ३५(२) बमोजिम निर्वाचित सरकारको सिफारिसमा तत्काल आवश्यक पर्ने कानून संसद्को बैठक नबसेको अवधिसम्म श्री ५ ले जारी गर्न सक्ने भएकाले पारित ऐनलाई संशोधन गर्ने, खारेज गर्ने काम अध्यादेशबाट हुनु भनेको प्रजातान्त्रिक मान्यता र नेपाल अधिराज्यको संविधान २०४७ को अवज्ञा गर्नु हो। संविधानमा "श्री ५ बाट संविधान बमोजिम गर्नु पर्ने कार्य तथा अधिकारको प्रयोग कसरी हुने भन्ने विषयमा धारा ३५(२) अनुसार श्री ५बाट मात्र वा स्वविवेकमा वा अन्य कुनै निकाय वा पदाधिकारीको सिफारिसमा गरिबक्सने भनी किटानीसाथ व्यवस्था भएकोमाबाहेक यो संविधानबमोजिम श्री ५ बाट गरिबक्सने सबै कार्यहरू मन्त्रीपरिषद्को सल्लाह र सम्मतिबाट गरिबक्सनेछ" भन्ने उल्लेख छ। संविधानमा उल्लेख भएको मन्त्रीपरिषद् धारा ३६ अनुरूपको हुन्छ। यसबाट के कुरा प्रष्टिन्छ भने अध्यादेश जारी गर्न श्री ५ को स्वविवेकको प्रयोग हुने प्रश्नै उठ्दैन। मन्त्रीपरिषद्को नेतृत्व गर्ने प्रतिनिधिसभाको बहुमतले जसलाई मन्जुरी दिएको हुन्छ, उही प्रधानमन्त्रीको सल्लाह र सम्मतिबिना कुनै अध्यादेश जारी हुन हुँदैन। तर धारा १२७ को आडमा गठित मन्त्रीपरिषद्ले ल्याउने अध्यादेशको बाढी त्यतिन्जेलसम्म मत्थर हुनसक्दैन जबसम्म प्रतिनिधिसभा अस्तित्वमा आउने छैन।

जनप्रतिनिधिको प्रत्यक्ष सहभागितामा कानून बनाउने संसदीय प्रणालीलाई नेपाल अधिराज्यको संविधान २०४७ ले आत्मसात् गरेको भए तापनि वैधानिकता परीक्षण नगरिएका अध्यादेशहरूका भरमा देश चलाउने क्रमले सन् २००५ मा पनि निरन्तरता पायो। यो वर्ष त्यस्ता ४५ ओटा भन्दा बढी अध्यादेश जारी भए। *(हेर्नुहोस् बक्स)*

शाही सरकारले जारी गरेका अध्यादेशमध्ये मानवअधिकार आयोग (पहिलो संशोधन) अध्यादेश २०६२, निजामती सेवा (दोस्रो संशोधन) अध्यादेश २०६२ तथा सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश २०६२ ले विद्यमान संविधानले प्रत्याभूत गरेको हकअधिकारमाथि नै प्रहार गरेका छन्। सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेश २०६२ ले त संसद्बाट पारित छवटा ऐनलाई एकैपटकमा संशोधन गरेको छ।

सञ्चारसम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने अध्यादेशले रेडियो ऐन, ०१४, राष्ट्रिय समाचार समिति ऐन, ०१९, छापाखाना र प्रकाशन सम्बन्धी ऐन, ०४८, प्रेस काउन्सिल ऐन, ०४८, राष्ट्रिय प्रसारण ऐन, ०४९, गाली-बेइज्जती ऐन, ०१६ लाई तत्काल संशोधन गरेको छ। संशोधनका केही बान्की यस्ता छन् –

मूल ऐनको प्रावधान : क) रेडियो ऐन, ०१४ - रेडियो ऐन २०१४ को दफा ३ को प्रतिबन्धात्मक वाक्यांशमा "तर दूरसञ्चार ऐन, ०५३ बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमतिपत्र प्राप्त व्यक्ति वा त्यस्तो व्यक्तिमार्फत दूरसञ्चार सेवासम्बन्धी रेडियो यन्त्र राख्न, बनाउन वा प्रयोग गर्नका लागि यस ऐनबमोजिम लाइसेन्स लिनुपर्ने छैन।"

अध्यादेशको प्रावधान : ...तर दूरसञ्चार ऐन, ०५३ बमोजिम दूरसञ्चार सेवा सञ्चालन गर्न, अनुमतिपत्र प्राप्त व्यक्ति वा त्यस्तो व्यक्तिमार्फत दूरसञ्चार सेवा सञ्चालन गर्न अनुमति प्राप्त व्यक्ति वा त्यस्तो व्यक्तिमार्फत दूरसञ्चार सेवा उपयोग गर्ने ग्राहकले वा राष्ट्रिय प्रसारण ऐन, ०४९ बमोजिम सेटलाइट, केबुल वा अन्य सञ्चारमाध्यमद्वारा कुनै कार्यक्रमको प्रसारण गर्न, फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रणाली स्थापना गरी शिक्षाप्रद, मनोरञ्जनात्मक तथा सूचनामूलक कार्यक्रम प्रसारण गर्न वा भू-उपग्रह प्रसार केन्द्र स्थापना गरी कुनै कार्यक्रम प्रसारण गर्न इजाजतपत्र वा स्वीकृति प्राप्त व्यक्ति वा संगठित संस्था वा त्यस्तो व्यक्ति वा संस्थामार्फत सो प्रसारण उपभोग गर्ने ग्राहकले दूरसञ्चार वा प्रसारणसम्बन्धी रेडियो यन्त्र राख्न, बनाउन वा प्रयोग गर्नका लागि यस ऐनबमोजिम लाइसेन्स लिनुपर्ने छैन।

मूल ऐनको प्रावधान : ख) राष्ट्रिय समाचार समिति ऐन, ०१९ - राष्ट्रिय समाचार समिति ऐन, ०१९ को दफा ३२ "(१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय समाचार समितिहरूले श्री ५ को सरकारको स्वीकृति लिई नेपाल अधिराज्यभित्र बसी समाचार संकलन गर्न र विदेशमा पठाउन सक्नेछन्।"

(२) उपदफा (१) बमोजिम दफा ३२ को उपदफा (२) को स्थापित समाचार समितिहरू वा श्री ५ को सरकारमार्फत मात्र नेपाल अधिराज्यभित्र आफ्नो समाचार बिक्री वितरण गर्न पाउनेछन्।

अध्यादेशको प्रावधान : "दफा ३० को उपदफा (५) पछि देहायको उपदफा ५ (क) थपिएको छ।" "(५) (क) कसैले दफा ३२ विपरित समाचार संकलन वा बिक्री-वितरण गरेमा निजलाई पचास हजार रु.देखि पाँच लाख रु.सम्म जरिवाना हुनेछ।"

(२) उपदफा (१) बमोजिमका समाचार समितिहरूले श्री ५ को सरकारको स्वीकृति लिई नेपाल अधिराज्यभित्र आफ्नो समाचार बिक्री वितरण गर्न सक्ने छन्। तर,

समितिलाई समाचार बिक्री-वितरण गर्दा श्री ५ को सरकारको स्वीकृति लिनुपर्ने छैन।

मूल ऐनको प्रावधान : (ग) छापाखाना र प्रकाशनसम्बन्धी ऐन, ०४८ - छापाखाना र प्रकाशनसम्बन्धी ऐन, ०४८ दफा १४ को खण्ड (क) "श्री ५ को प्रतिष्ठामा आंच आउने" भन्ने शब्दको सट्टा

अध्यादेशको प्रावधान : ...श्री ५ वा राजपरिवारका सदस्यको

- दफा १४ को खण्ड (ग) पछि खण्ड (ग) (१) थपी "प्रचलित कानुनबमोजिम अपराध मानिने काम गर्न दुरुत्साहन दिने"

दफा १६ को उपदफा (१) को खण्ड (घ) को सट्टा खण्ड (घ) थपी "आतंककारी, आतंकवाद वा विध्वंसात्मक गतिविधिलाई मद्दत, टेवा वा प्रोत्साहन पुर्‍याउने"

मूल ऐनको प्रावधान : घ) प्रेस काउन्सिल ऐन, २०४८ - प्रेस काउन्सिल ऐन, २०४८ दफा १२ (२) को खण्ड (घ) मा ...पटकपटक व्यावसायिक आचारसंहिता उल्लंघन गर्ने पत्रकारलाई निजले श्री ५ को सरकारबाट पाउने सहुलियत वा सुविधा तोकिएको अवधिभरका लागि आंशिक वा पूरै रोक लगाउन श्री ५ को सरकारमा सिफारिस गर्ने,

अध्यादेशको प्रावधान : दफा १२ को उपदफा (२) को खण्ड (घ) रहेका "पूरै रोक लगाउन" भन्ने शब्दपछि ...वा निजले पाएको प्रेस प्रतिनिधि प्रमाणपत्र वा अस्थायी प्रेस प्रतिनिधि प्रमाणपत्र रद्द गर्न" भन्ने शब्दहरू थपिएका छन्।

मूल ऐनको प्रावधान : ङ) राष्ट्रिय प्रसारण ऐन, ०४९- राष्ट्रिय प्रसारण ऐन, ०४९, दफा २ को खण्ड (ग) मा "फ्रिक्वेन्सी मोडुलेसन प्रकरण प्रणाली" भन्नाले फ्रिक्वेन्सी मोडुलेसन प्रसारण प्रविधि प्रयोग गरी प्रसारण संस्थाले रेडियो वा टेलिभिजन प्रविधिका लागि तोकिएको च्यानलबाट गरिएको प्रसारण सम्झनुपर्छ।

अध्यादेशको प्रावधान : दफा २ को खण्ड (ग) मा रहेका "टेलिभिजन" भन्ने शब्दहरू झिकिएको छ।

- दफा ५ मा रहेका "समाचारमूलक कार्यक्रम" भन्ने शब्दहरूको सट्टा "सूचनामूलक कार्यक्रम" राखिएको छ।

ए दफाको स्पष्टीकरणमा "सूचनामूलक कार्यक्रम भन्नाले स्वास्थ्य, शिक्षा, खेलकुद, जनसंख्या, वातावरण, मौसम वा सडक यातायातजस्ता विकास निर्माणसम्बन्धी विषयमा जानकारी गराउने वा जनचेतना जगाउने उद्देश्यले तयार गरिएको कार्यक्रमलाई जनाउनेछ" भन्ने थपिएको छ।

राष्ट्रिय प्रसारण ऐनको दफा ६ पछि देहायको दफा ६ क थपिएको छ। जसमा, ६ (क) इजाजतपत्र वा प्रमाणपत्र नदिइने (१) प्रचलित कानुन वा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै पनि व्यक्ति वा संगठित संस्थालाई एकैपटक वा पटकपटक गरी रेडियो, टेलिभिजन र प्रकाशनमध्ये कुनै दुईभन्दा बढीको इजाजतपत्र वा प्रमाणपत्र दिइने छैन। (२) प्रचलित कानुन वा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुअघि कुनै व्यक्ति वा संगठित संस्थाले रेडियो, टेलिभिजन र प्रकाशनको इजाजतपत्र वा प्रमाणपत्र पाएको रहेछ भने त्यस्तो व्यक्ति वा संस्थाले यो दफा प्रारम्भ भएको मितिले एक वर्षभित्र रेडियो, टेलिभिजन र प्रकाशनमध्ये कुनै दुईको प्रसारण वा प्रकाशन गर्ने छनोट गरी बाँकीको हकमा छुट्टै व्यक्ति, संस्था वा व्यवस्थापनद्वारा प्रसारण वा प्रकाशनको व्यवस्था गर्नुपर्ने छ भनिएको छ। यदि उक्त एक वर्षभित्र कुनै इजाजतपत्र वा प्रमाणपत्र प्राप्त व्यक्ति वा संस्थाले रेडियो, टेलिभिजन वा प्रकाशनमध्ये कुनै दुईको प्रसारण वा प्रकाशन गर्ने छनोट नगरेमा वा छुट्टै व्यक्ति वा संस्था वा व्यवस्था नगरेमा श्री ५ को सरकारले निजले रेडियो वा टेलिभिजन प्रसारण गर्न पाएको इजाजतपत्र रद्द गर्नेछ" भन्ने थपिएको छ।

त्यस्तै दफा ११ पछि दफा ११ (क) थपी "कुनै पनि प्रसारण संस्थाले श्री ५ को सरकारको स्वीकृतिमा एक ठाउँबाट प्रसारण भइरहेको कार्यक्रम एकैपटक अन्य ठाउँबाट प्रसारण गर्न पाउने छैन" भनी थपिएको छ। त्यस्तै दफा १५ को सट्टा देहायको दफा १५ राखिएको छ। दफा १५ को प्रसारण गर्न नपाउने गरी खण्ड (क) राजनीतिक दलहरूलाई प्रतिकूल असर पर्ने विषयका कुराहरू, (ख) अश्लील किसिमका सामग्रीहरू, (ग) सरकारलाई हिंसात्मक शक्ति प्रयोग गरी हटाउने उद्देश्यका सामग्री, (घ) जनमानसमा अस्वाभाविक भय तथा आतंक पैदा गर्ने सामग्री भनी उल्लेख गरिएको छ। उल्लिखित काम कुरा भएमा दफा १७ को उपदफा (२) को सट्टा "दस हजारदेखि एक लाख रु.सम्म जरिबाना" भन्ने शब्दहरू राखिएको छ।

गाली बेइज्जती ऐन, ०१६ को दफा ३ मा रहेका "प्रकाशित गरेमा" भन्ने शब्दहरूको सट्टा "प्रसारण वा प्रकाशन" भन्ने शब्दहरू राखिएको छ। त्यस्तै ऐ. ऐनको दफा ५ को सट्टा देहायको दफा ५ राखिएको छ। जसमा ...बेइज्जती गरेमा वा बेइज्जती हुने कुरा प्रसारण वा प्रकाशन गर्दा कसैले अरू कसैको बेइज्जती गरेमा निजलाई पाँच हजार रु.देखि पचास हजार रु.सम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाय हुन सक्नेछ। त्यस्तै उल्लिखित कुरा जुनसुकै लेखिएको भए तापनि कसैले अरू कसैको बेइज्जती हुन जान्छ भन्ने जानाजानी वा विश्वास गर्नुपर्ने मनासिब कारण भई कुनै कुरा विद्युतीय वा अन्य आमसञ्चारको माध्यमबाट प्रसारण वा प्रकाशन गरेमा निजलाई दुई लाख रु.देखि पाँच लाख रु.सम्म जरिवाना वा

छ महिनादेखि दुई वर्षसम्म कैद वा दुवै सजाय हुनेछ।

यसरी ऐनका प्रावधानहरूलाई अध्यादेशको आधारमा संशोधन गरिएको अर्को उदाहरण राष्ट्रिय मानवअधिकार आयोग ऐन, २०५३ लाई संशोधन गरिएको अध्यादेशमा पनि देखिन्छ। ऐनको दफा ४ को उपदफा(२) मा रहेको संशोधित प्रावधान निम्नानुसार राखिएको छ-

"आयोगका अध्यक्ष र सदस्यहरूको नियुक्तिको सिफारिश गर्न देहाय बमोजिमको सिफारिस समिति रहनेछ-

क) प्रधान न्यायाधीश

ख) प्रतिनिधिसभाका सभामुख

ग) परराष्ट मन्त्री"

मानवअधिकार आयोग ऐन, २०५३ मा भने प्रधानमन्त्री, प्रधानन्यायाधीश र प्रतिनिधिसभामा विपक्षी दलका नेता सिफारिश समितिमा रहने व्यवस्था थियो। सरकारले राष्ट्रिय मानवअधिकार आयोग ऐनलाई अध्यादेशमार्फत् संशोधन गरेकोमा मानवअधिकार समुदायले त्यसको घोर विरोध गऱ्यो र आयोगका अध्यक्ष तथा सदस्यहरूको चयन राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा एकदमै विवादास्पद बन्यो।

४.५. सरकार अनुत्तरदायी बन्न पाउने अवस्था

आफ्नो सरकारको वार्षिक नीति र कार्यक्रम संसदबाट अनुमोदन नभएपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ०५१ असार २६ गते श्री ५ को सरकारको नीति तथा कार्यक्रम प्रतिनिधिसभाको बहुमतले विफल पारेको कारण दर्शाई राजिनामा गरेका थिए।[४] कोइरालाले राजीनामा गरेको झण्डै वर्षदिनपछि नेकपा एमालेका अध्यक्षसमेत रहेका तत्कालीन प्रधानमन्त्री मनमोहन अधिकारीले ०५२ जेठ २६ गते आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम प्रस्तुत गर्ने मौकाबाट बञ्चित गर्ने वातावरणको सृजना गराइएको कारण देखाउँदै संसद विघटनको सिफारिस गरेका थिए।[५]

यी प्रसङ्ग किन उठाइएको हो भने ०५९ साल जेठ ९ गते प्रतिनिधिसभा विघटन भएपछिका चन्द सरकार, थापा सरकार, देउवा सरकार र राजाको अध्यक्षतामा बनेको सरकार यस्ता उत्तरदायित्वबोधबाट उन्मुक्त रहे। अघिल्ला तीनओटै सरकार संसदप्रति उत्तरदायी थिएनन्। तर धारा १२७ ले के गर्ने हो भन्ने डरबाट त्रसित हुनु अस्वभाविक थिएन। किनभने जसले दिएको हो उसले खोस्नसक्ने डर न हुने नै भयो। यो वर्षको पहिलो महिनासम्म रहेको नेपाली कांग्रेस (प्रजातान्त्रिक) र नेकपा (एमाले) सम्मिलित संयुक्त सरकारको हविगतले पनि त्यसको पुष्टि गर्दछ। माघ १९ पछिको शाही सरकार भने भयमुक्त छ। गिरिजाप्रसाद र मनमोहनको जस्तो संसदप्रति जवाफदेहीता पनि यसको छैन। न त देउवाको जस्तो धारा १२७ बाट बहाली र पदमुक्त हुने सम्भावना नै छ। नेपालीमा चलेको उखान डाड्यू पन्यौ आफ्नै हातमा भनेजसरी अनुत्तरदायी, निरङ्कुश र स्वेच्छाचारी ढङ्गले सरकार चल्न पाएको संसदविहीनताकै कारणले हो।

तर प्रजातान्त्रिक प्रणाली यसरी कहिल्यै चल्न सक्दैन। प्रजातान्त्रिक सरकार जनताको प्रतिनिधित्वमा बनेको हुन्छ। जनताले तिरेको कर जनताकै काम र विकासमा खर्च हुनु पर्छ। करसम्बन्धी कानून जनताकै प्रतिनिधिले बनाउनु पर्छ। अन्यथा राष्ट्रिय ढुकुटीमाथि अनियमितता हुने अवस्था आइपर्छ। आर्थिक वर्ष ०६२-०६३ को बजेटले त्यस्तै अवस्था रहेको प्रष्ट पार्छ। ०६२- ०६३को कूल बजेट रु. १२६८८ करोडमध्ये साधारण खर्च रु. ७५८५ करोड छुट्याइएको छ भने विकासतर्फ रु. ३७२३ करोडमात्र। ०५८-०५९ को बजेट रु. ९९७९ करोडमध्ये साधारणतर्फ रु. ४९३२ करोड थियो भने विकास बजेट रु. ५०४७ करोड थियो। बजेटमा शीर्षक अनुसार रकम राखिन्छ। राष्ट्रिय योजना आयोगको सचिवालयको नाममा विना शीर्षक राखिएको रु २४ करोड ५८ लाख ५८ हजारलाई महालेखाको प्रतिवेदन ०६१ ले अनियमित काम हो भनी किटेको छ।[६] संसद सक्रिय रहँदा यस्तो मनपरी चल्न नपाउने तथ्य स्मरणीय छ।

संसद सचिवालयको लागि आ.ब. ०५८/५९ देखि ०६१/६२ सम्मको प्रस्तावित कूल बजेट

शीर्षक	आ.व. २०५८/०५९को	आ.व. २०५९/०६० को स्वीकृत	आ.व. २०६०/०६१ को प्रस्तावित	आ.व. २०६१/०६२ को प्रस्तावित
चार पदाधिकारीहरू	४,८१४ हजार	४,८९५ हजार	४,६५३ हजार	४,६७४ हजार
प्रतिनिधि सभा तथा राष्ट्रिय सभा	१४४,५४५ हजार	१२२,१३६ हजार	१४६,९३८ हजार	१४३,२२१ हजार
संसद सचिवालय	३८,८२० हजार	६४,३९८ हजार	६६,४०० हजार	६७,००० हजार
विदेश भ्रमण	८,५०० हजार	८,५०० हजार	१३,५०० हजार	१०,००० हजार

४. यससम्बन्धी चर्चाका लागि हेर्नुहोस् : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक); नेपाल मानवअधिकार वर्ष पुस्तक १९९४ ; काठमाण्डौ; सन् १९९५

५. यससम्बन्धी चर्चाका लागि हेर्नुहोस् : अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक); नेपाल मानवअधिकार वर्ष पुस्तक १९९५, काठमाण्डौ; सन् १९९६

६. महालेखा परीक्षकको विभाग; महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०६१; काठमाण्डौ, वि.सं. २०६१

संसद सचिवालयको प्रस्तावित कूल बजेट आफैले पनि आर्थिक अनुशासनविहीनताको यथार्थ ओकल्छ। आर्थिक वर्ष २०५८- २०५९को प्रतिनिधिसभा तथा राष्ट्रियसभाको लागि १४४,५४५ हजार छुट्ट्याइएको थियो। २०६१-२०६२ को लागि सोही प्रयोजनको लागि १४३,२२१ हजार प्रस्तावित गरिएको थियो। स्मरणीय के छ भने २०५८-२०५९ को बजेट प्रस्तावगर्दा जननिर्वाचित सरकार थियो। र, त्यतिबेला संसद विघटन पनि भएको थिएन। तर २०६१-२०६२ को बजेट प्रस्ताव गर्दा प्रतिनिधिसभामा सभामुख र उपसभामुखमात्र रहेका छन्। २०३ जना प्रतिनिधिसभा सदस्यको पद खाली छ। अब प्रश्न उठ्छ , १४३,२२१ हजार को खर्चको प्रस्ताव किन र कसका लागि ? *(हेर्नुहोस बक्स)* यसको उत्तर त्यतिखेर पाउन सकिन्छ जब सरकारमा जनताले चुनेका प्रतिनिधि हुनेछन्।

५. सडक संसदको अभ्यास

प्रतिनिधिसभा भङ्ग भएको र राष्ट्रियसभा पनि निष्क्रिय तुल्याइएको कारण देश संसदविहीनतामा पुगेको अवस्थामा आन्दोलनरत सात दलले सडक संसदको अभ्यास गरेर जनप्रतिनिधिमूलक पद्धतिप्रतिको प्रतिबद्धतालाई स्मरण गरिरहे। विघटित प्रतिनिधिसभा र राष्ट्रियसभामा प्रतिनिधित्व गर्ने सदस्यहरूको संयुक्त बैठक उपसभामुख चित्रलेखा यादवको अध्यक्षतामा ०६२ जेठ २० गते ललितपुरमा बस्यो। बैठक आन्दोलनरत सातदलको निर्णय अनुसार बोलाइएको थियो। विघटित प्रतिनिधिसभाका सभामुख तारानाथ रानाभाटले सडक संसदको अध्यक्षता नगरेपछि उपसभामुखको अध्यक्षतामा बैठक चलेको थियो।

उक्त बैठकमा प्रतिनिधिसभा पुनर्स्थापनाको माग लगायतको तेह्र बुँदे प्रस्ताव नेपाली कांग्रेसका केन्द्रीय सदस्य एवं विघटित प्रतिनिधिसभाका सदस्य महेश आचार्यद्वारा पेस गरिएको थियो। नेकपा (एमाले) का राजेन्द्र पाण्डेको समर्थनमा प्रस्तुत उक्त तेह्र बुँदे प्रस्तावको पूर्ण पाठका लागि हेर्नुहोस् : बक्स –

तेस्रो प्रतिनिधि सभा र राष्ट्रिय सभा सदस्यहरूको विशेष बैठक, (२०६२, जेठ २०)

प्रस्तावहरू

प्रस्ताव नं. १

यो विशेष बैठक मुलुकमा थप निरंकुशता लाद्नका लागि आएको २०६१ माघ १९ गतेको शाही घोषणाको विरोध तथा भर्त्सना गर्दै निरंकुशतन्त्रका विरुद्ध पूर्ण पजातन्त्र तथा दिगो शान्ति स्थापनाको लागि आन्दोलनरत मुलुकका सातवटा प्रमुख राजनीतिक दलहरू नेपाली कांग्रेस, नेकपा (एमाले) नेपाली कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी, नेपाल सद्भावना पार्टी (आनन्ददेवी) र संयुक्त वाममोर्चा नेपालद्वारा मिति २०६२ बैशाख २५ गते सार्वजनिक गरिएको राष्ट्रिय संकट समाधानका लागि साझा सहमति र प्रबिद्धताको घोषणालाई समर्थन तथा अनुमोदन गर्दछ।

प्रस्तावना नं. २

यो विशेष बैठक देश जनप्रतिनिधिविहिन भएको मौका पारेर राजाको प्रत्यक्ष शासनमार्फत थोपरिएको निरंकुशताले मुलुकको समग्र संवैधानिक व्यवस्था र जनअधिकार क्षतविक्षत भएको अवस्थाप्रति गम्भीर चिन्ता व्यक्त गर्छ। तसर्थ यो विशेष बैठक निरंकुशताको गम्भीर स्थिति र मुलुकमा विद्यमान सशस्त्र द्वन्द्वको कारण उत्पन्न असुरक्षाको कारण जनप्रतिनिधिहरूको स्वतन्त्र, निस्पक्ष र भयमुक्त निर्वाचन हुन सक्ने अवस्था नभएकाले संविधानलाई पूर्णरूपमा क्रियाशील बनाउँदै पूर्ण प्रजातन्त्र एवं दिगो शान्तिको स्थापना मानवअधिकारको पूर्ण प्रत्याभूति र द्वन्द्वरत पक्षबीच वार्ता एवं संवादबाट मुलुकलाई राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अग्रगमनतर्फ लैजाने आधार तयार गर्नका लागि विघटित तेस्रो प्रतिनिधि सभाको पुन:स्थापना गर्नुपर्छ भन्ने ठहर गर्छ।

प्रस्तावना नं. ३

यो विशेष बैठक राज्य शक्तिको स्रोत सार्वभौमसत्ता सम्पन्न नेपाली जनता हुन् भन्ने यथार्थमा जोड दिँदै जनादेश प्राप्त तेस्रो प्रतिनिधि सभाको पुन:स्थापनाबाट क्रियाशील हुने संसद नै मुलुकमा देखिएका द्वन्द्व समाधधानको प्रयोजनार्थ श्री ५, संवैधानिक राजनीतिक दलहरू र माओवादी पक्षसमेत सम्बन्धित सबैको लागि संवाद तथा सहमतिको प्रभावकारी र उपयुक्त थलो हो भन्ने कुरामा जोड दिन चाहन्छ। तसर्थ उल्लिखित आधारमा राष्ट्रिय संकट समाधानका निमित्त पुन:स्थापित संसद वार्ता र सहमतिका लागि क्रियाशील हुनेछ र यसका लागि द्वन्द्वरत सबै पक्षलाई यो विशेष बैठक जोडदार आह्वान गर्छ।

प्रस्तावना नं. ४

यो विशेष बैठक राष्ट्रिय संकट समाधानका लागि प्रतिनिधि सभाको पुन:स्थापना र नेपाल अधिराज्यको संविधान २०४७ लाई प्रस्थना बिन्दु मान्छ र प्रतिनिधि सभाको पुन:स्थापना भई क्रियाशी ल हुने संसदमाफर्त निरंकुशतन्त्रको अन्त्य, पूर्ण प्रजातन्त्र एवं दिगो शान्तिको स्थापना, मानवअधिकारको पूर्ण प्रत्याभूति तथा मुलुकलाई अग्रगमनतर्फ लैजाने प्रतिबद्धता व्यक्त गर्छ। यसका लागि प्रतिनिधि सभाको पुन:स्थापना पश्चात संसदप्रति उत्तरदायी व्यापक सहमतिको सर्वदलीय सरकारको गठन गरी निश्चित अवधिभित्र अग्रगामी राजनीतिक निकासद्वारा जनतालाई पूर्णरूपले सार्वभौमसत्ता सम्पन्न बनाउँदै वार्ता र सहमतिद्वारा सशस्त्र हिंसात्मक द्वन्द्वको व्यवस्थापन एवं दिगो शान्तिको स्थापनालाई मूल एजेण्डा बनाई संसद तथा सर्वदलीय सरकारले काम गर्ने प्रतिबद्धता व्यक्त गर्छ।

अग्रगमनको सन्दर्भमा जनतामा निहित सार्वभौमसत्ता, राज्यशक्तिको स्रोत जनतामा रहने मान्यता, बहुदलीय संसदीय शासन प्रणाली, हिंसा एवं त्रासबाट मुक्त बहुदलीय प्रतिस्पर्धा, कानुनको शासन तथा स्वतन्त्र न्यायपालिका, राष्ट्रिय महत्वको विषयमा जनमत संग्रहको प्रावधान, सेना जननिर्वाचित सरकारप्रति जवाफदेही हुने व्यवस्था, राज्य व्यवस्थासँग सम्बन्धित मामलाहरूमा सबै तह र तप्काका जनसमुदायहरुलाई निर्णय प्रक्रियामा सामेल गर्न राज्इको पुन:संरचना गरी यसलाई थप सहभागितामूलक, प्रतिनिधिमूलक र मुलुकमका सामाजिक, सांस्कृतिक, भौगोलिक, जातीय र भाषिक विविधता प्रतिविम्बित हुने गरी समावेशी बनाउने प्रबन्ध, स्थानीय स्वशासन र असल प्रशासनको सुनिश्चितता, पूर्णरूपले पारदर्शी आर्थिक प्रशासनको स्थापना, भ्रष्टाचारको प्रभावकारी नियन्त्रण, महिला, दलित, जनजाति, मधेशी समुदाय, पिछडिएको क्षेत्र र जनताका निम्ति न्यायपूर्ण आरक्षणको व्यवस्था, उपयुक्त आधार वर्ष तय गरी नागरिकता समस्याको समाधान, समानुपातिक विकासको अवधारणा, प्रगतिशील भूमिसुधार, व्यक्ति विकासमा समान अवसर, शिक्षा र स्वास्थ्य सेवाको सुलभ र समुचित बन्दोवस्त, मानवोचित एवं न्यायपूर्ण जिविकोपार्जन विषयहरुलाई ठोसरूपमा सम्बोधन गरिनेछ भनी यो विशेष बैठक प्रतिबद्धता व्यक्त गर्छ।

२०४६ सालको जनआन्दोलनको उपलब्धिको रक्षा गर्दै आवश्यक विषयहरुलाई संविधानमा समाहित गर्न र जनतालाई थप सबल तथा पूर्णरूपले सार्वभौमसत्ता सम्पन्न बनाउन तथा देशलाई अग्रगमनतर्फ लैजान पेस आधार तयार गर्ने प्रतिबद्धता व्यक्त गर्छ। यसका लागि मुलुकका सबै राजनीतिक शक्तिहरुलाई राष्ट्रिय राजनीतिको मूलधारमा ल्याउन तथा मुलुकमा विद्यमान सबै द्वन्द्व समाधान गर्नका लागि अग्रगमनको साझा कार्यक्रमको आधारमा संविधान सभालगायत कुनै पनि सहमत प्रजातान्त्रिक प्रक्रियालाई अवलम्बन गर्न तयार छौं भनी यो विशेष बैठक आफ्नो प्रतिबद्धता व्यक्त गर्छ।

प्रस्तावना नं. ५

यो विशेष बैठक प्रतिनिधि सभाको पुन:स्थापना पश्चात प्रतिनिधि सभा सदस्यको हैसियतमा विघटित अवधिको पारिश्रमिक, भत्ता तथा सुविधावापत कुनै पनि रकम लिने छैन भनी आफ्नो प्रतिबद्धता व्यक्त गर्छ।

प्रस्तावना नं. ६

यो विशेष बैठक भ्रष्टाचारविरुद्ध संविधानसम्मत तथा कानुनी शासनको अवधारणाबमोजिम सशक्त र प्रभावकारी अभियान सञ्चालन हुनुपर्छ भन्ने आफ्नो अविचलित मान्यतामा पुन:जोड दिंदै संविधानको धारा १२७ लगायतका प्रावधानहरूको विपरीत असंवैधानिक र प्राकृतिक न्याय सिद्धान्तको विरुद्ध स्थापित भई निरंकुश शाही कदम विरोधीहरूप्रति राजनीतिक दुराग्रहको आधारमा क्रियाशील देखिएको कथित भ्रष्टाचार नियन्त्रण शाही आयोगलाई अविलम्ब खारेज गर्नुपर्छ भन्ने माग गर्छ।

प्रस्तावना नं. ७

यो विशेष बैठक स्वतन्त्र सञ्चार माध्यमहरू र सञ्चारकर्मीहरूमाथि भइरहेको दमन, आर्थिक नाकाबन्दी, एफएमहरूलाई समाचार प्रशारण गर्न लगाइएको बन्देज र कम्युनिकेशन कर्नर बन्द गर्न दिएको आदेशको भर्त्सना गर्दै स्वतन्त्र प्रेसमाथि अझ कठोर र स्वेच्छाचारी नियन्त्रण कायम गर्न सञ्चारसम्बन्धी ऐनमा गर्न लागिएको प्रतिगामी संशोधनको तीव्र विरोध गर्छ र प्रेस स्वतन्त्रताको लागि सञ्चार माध्यमहरू र सञ्चारकर्मीहरूले सञ्चालन गरिरहेको आन्दोलनप्रति हार्दिक ऐक्यबद्धता व्यक्त गर्छ।

प्रस्तावना नं. ८

यो विशेष बैठक सुशासनको आधारभूत मान्यताविपरीत कर्मचारीतन्त्रमाथि भइरहेको शाहही हस्तक्षेप र यस क्रममा अध्यादेशमार्फत स्वेच्छाचारी ढंगले संसदद्वारा निर्मित कानुनमा संशोधन गर्ने प्रयासको कडा शब्दमा भर्त्सना गर्छ।

प्रस्तावना नं. ९

यो विशेष बैठक विगत केही वर्षदेखि मुलकमा सञ्चालित माओवादी हिंसात्मक द्वन्द्वका कारण आफ्नो घर गाउँ छोड्न बाध्य भई विस्थापित गाँस, बासविहिन

अवस्थामा कष्टकर जीवन भोगिरहेका र सोका लागि आन्दोलनरत रहेका माओवादी पीडित र विस्थापित नागरिकहरूको आन्दोलनको समर्थन गर्छ तथा संवेदनशीलतापूर्वक आन्दोलनका माग पूरा गर्न जोड दिन्छ।

प्रस्तावना नं. १०

यो विशेष बैठक संसदका पूर्व सदस्यहरू शेरबहादुर देउवा, अमिक शेरचन, रामचन्द्र पौडेल, लीलामणि पोखरेल, नरहरि आचार्य, तारिणीदत्त चटौत, तीर्थराम डंगोल, बालकृष्ण खाँड र बासुदेव भट्ट, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू, मानवअधिकारकर्मी र सञ्चारकर्मीलगायत सम्पूर्ण राजबन्दीलाई तत्काल रिहा गर्न माग गर्छ। साथै बन्दी रिहाइमा भइरहेको विभेदपूर्ण व्यवहारप्रति यो विशेष बैठक खेद व्यक्त गर्छ।

प्रस्तावना नं. ११

यो विशेष बैठक काठमाडौं उपत्यकालगायत मुलुकका विभिन्न भागमा देखिएको खानेपानीको गम्भीर समस्या, आधारभूत उपभोग्य वस्तुहरूमा भएको चर्को मूल्यवृद्धि, ग्रामीण क्षेत्रको टेलिफोन सेवा र देशव्यापी मोबाइल सेवालाई स्वेच्छाचारी ढंगले नियन्त्रण तथा बन्देज गरेबाट उत्पन्न समस्या र दुर्गम क्षेत्रमा खाद्यान्न अभावले भएको भोकमरीको समस्यालाई लिएर गम्भीर चिन्ता व्यक्त गर्छ। साथै आमजनतालाई आक्रान्त बनाउने यी समस्याहरूको सम्बन्धमा राज्यका तर्फबाट देखाइएको उदासिनता तथा हेलचक्र्याईप्रति यो विशेष बैठक क्षोभ व्यक्त गर्छ।

प्रस्तावना नं. १२

यो विशेष बैठक शाही निरंकुशताको विरुद्ध सञ्चालन भइरहेको संयुक्त जनआन्दोलनमा सहभागी हुने, समर्थन गर्ने र अन्य सहयोग पुऱ्याउने जनसमुदायप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आन्दोलनका आगामी कार्यक्रमहरूमा समेत थप सहयोग, समर्थन र सहभागिताका लागि सबैमा आह्वाद गर्छ।

प्रस्तावना नं. १३

यो विशेष बैठक राजाको निरंकुशताविरुद्ध प्रजातन्त्र र संयुक्त जनआन्दोलनको पक्षमा उभिने विभिन्न मित्रराष्ट्र र अन्तर्राष्ट्रिय जनसमर्थनप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै थप समर्थनको अपेक्षा गर्छ।

प्रजातान्त्रिक आन्दोलनकै पर्यायको रूपमा संसद पुर्नस्थापनाको मागलाई राजनीतिक दलहरूले अंगीकार गरेर अघि बढ्ने क्रममा ०६२ साउन ११ गते नयाँबानेश्वस्थित वीरेन्द्र अन्तर्राष्ट्रिय सम्मेलन केन्द्रमा राष्ट्रियसभाका उपाध्यक्ष रामप्रीत पासवानको अध्यक्षतामा विघटित प्रतिनिधिसभा र राष्ट्रियसभाका सांसदहरूको तेस्रो विशेष बैठक बस्यो। बैठकले नेकपा (एमाले) का मंगलसिद्धि मानन्धरद्वारा प्रस्तुत नौ बुँदे प्रस्तावलाई पारित गरेको थियो। *(उक्त प्रस्तावको पूर्ण पाठका लागि हेर्नुहोस् : अनुसूची ५)*

६. प्रतिनिधिसभा पुनर्स्थापनाको प्रसङ्ग

यस वर्षको पहिलो महिनासम्म रहेको एमाले सम्मिलित देउवा सरकार माओवादीसँग वार्ता गर्न असफल भएपछि निर्वाचन सम्पन्न गराउने प्रयत्नशील रहेको उसको अभिव्यक्तिले जनाउँदथ्यो *(यस सम्बन्धमा थप जानकारीका लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद ३.२ "कार्यपालिका")*। नेपाली कांग्रेसलगायतका आन्दोलनरत दलहरू भने विगत वर्षमा झैं प्रतिनिधिसभाको पुनर्स्थापनाको मागमै दृढ रहे। नेपाली कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाको कथन थियो- "सरकारले पुनर्स्थापनाको मागलाई लत्याएर निर्वाचन घोषणा गरेमा मुलुकमा हिंसा तीव्र हुनेछ। यथास्थितिमा चुनाव हुनै सक्दैन। संसद पुनर्स्थापनाले मात्र वर्तमान समस्याको समाधान दिन सक्छ।"[७]

माघ १९ को कदमले भने सबैजसो प्रमुख राजनीतिक दलहरूको आँखा खोलदिने काम गऱ्यो। दलहरूले ०६२ वैशाख २५ गते राष्ट्रिय सङ्कट समाधानका लागि छ बुँदे साझा सहमति र प्रतिबद्धतापत्रको घोषणा गरे। त्यो घोषणापत्रको तेस्रो बुँदामा भनिएको छ

"देश जनप्रतिनिधिविहीन भएको मौका पारेर अहिले निरंकुशता थोपरिएको छ। राजाको प्रत्यक्ष शासनले समग्र संवैधानिक व्यवस्था र जनअधिकार क्षतविक्षत भएको छ। यसका साथै विद्यमान असुरक्षाको भयावह स्थितिमा जनप्रतिनिधिहरूको स्वतन्त्र, निष्पक्ष र भयमुक्त निर्वाचन हुनसक्ने अवस्था छैन। यस्तो स्थितिबाट मुलुकलाई मुक्त गरी संविधानलाई पूर्ण रूपमा क्रियाशील गराउन, अवरुद्ध भएको प्रजातान्त्रिक एवम् विकास प्रक्रियालाई गतिशील बनाउन, हिंसात्मक द्वन्द्वलाई व्यवस्थापन गर्दै स्थायी शान्ति स्थापित गर्न तथा मुलुकलाई राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अग्रगमनतर्फ लैजाने जस्ता उद्देश्य प्राप्तिका लागि संसदको उपस्थिति र क्रियाशीलता अपरिहार्य भएकाले

७. "संसद पुनः स्थापना भए देउवाको नेतृत्व स्वीकार्छु; कान्तिपुर; ०६१ फागुन ४

विघटित प्रतिनिधिसभाको पुनर्स्थापना अहिले देशको साझा माग र अनिवार्य आवश्यकता भएको छ भन्ने कुराप्रति हामी प्रतिबद्धता व्यक्त गर्दछौं।" *(छ बुँदे साझा सहमतिको पूर्ण पाठको लागि हेर्नुहोस् : यसै पुस्तकको परिच्छेद २ "यस वर्षको उल्लेख्य")*

त्यही प्रतिबद्धताअनुरूप दलहरूले आफ्नो आन्दोलन नियमित गर्दै रहे । आन्दोलनकै क्रममा दलहरूले सडकमा संसद अधिवेशसन सञ्चालन गरेर संसदको महत्व प्रदर्शन मात्रै गरेनन् आफूहरूबीचको विश्वासलाई पनि बलियो पार्न सफल भए। यसबीच दरबारसगको दूरी भने दिनानुदिन बढ्दै गयो। वर्षको अन्तिम महिना आइपुग्दा नपुग्दै ०६२ मंसिर ७ गते नेकपा (माओवादी) र सात राजनीतिक दलबीच भएको १२ बुँदे समझदारीको दोश्रो बुँदामा संसद पुनस्थापना गर्ने र त्यसको निर्णयले अधिकार सम्पन्न सर्वदलीय सरकार गठन गर्ने भनिएको छ। माओवादी जसको कारणले ०५८ सालमा घोषित निर्वाचन सम्पन्न हुन असम्भव भनियो उसैसँग मिलेर संसदवादी सात राजनीतिक दलले प्रतिनिधिसभाको पुनस्थापनाको लागि आन्दोलन जारी गर्ने निर्णय गरे।

७. उपसंहार :

सन् २००५ मा पनि देश प्रतिनिधिसभाविहीन अवस्थामा रह्यो भने राष्ट्रियसभा पनि क्रियाशील हुन सकेन। वर्षको अघिल्लो एक महिना सत्तारुढ रहेको शेरबहादुर देउवाको नेतृत्वको बहुदलीय प्रकृतिको सरकारलेसमेत प्रतिनिधिसभाको पुनर्स्थापना तथा राष्ट्रियसभाको क्रियाशीलताबारे चासो देखाएन। माघ १९ को शाही कदमपछि त यस्तो सम्भावनासमेत टऱ्यो। शाही कदमपछि व्यवस्थापिका मरेतुल्यको अवस्थामा पुग्यो।

संविधानअनुसार राष्ट्रियसभा स्थायी सदन भए तापनि आउँदो दुई वर्षको अवधिमा पनि प्रतिनिधिसभा रिक्त रहिरह्यो भने ०६४ असार १२ गते राष्ट्रियसभा शून्य हुने स्थिति रहेको छ। त्यति बेलासम्मका लागि नेकपा (एमाले) का सातजना, नेपाली कांग्रेसका सातजना, मनोनित तीनजना र राप्रपाका एकजना गरी १९ जनाले राष्ट्रियसभा सदस्यको पद थाम्न पाउने अवस्था सन् २००५ को अन्त्यसम्म रह्यो।

प्रतिनिधिसभाको अनुपस्थितिमा पनि राष्ट्रियसभाको बैठक बोलाउन सकिने व्यवस्था संविधानमा रहेको छ। तर वर्षभरि नै उक्त प्रावधनालाई लत्याइयो। सकंटकालीन अवस्थाको आदेश तीन महिना पुग्नु दुई दिनपूर्व समाप्त गरी उक्त आदेशलाई राष्ट्रियसभामा पेस गर्नु पर्ने संवैधानिक प्रावधानउपर छलकपट गरिएको थियो।

सार्वभौम जनताको प्रतिनिधित्व गर्ने प्रतिनिधिसभा नहुँदा व्यवस्थापिकाको अधिकारक्षेत्रमाथि हद नाघेर अतिक्रमण भयो। संवैधानिक परिषद्को प्रावधानमै संशोधन गरिएको, संविधानका कतिपय धाराहरू बिर्सिइएको तथा अध्यादेशको भरमा कार्यपालिकाले असीमित व्यवस्थापकीय अधिकार प्रयोग गरेको स्थिति सन् २००५ मा रह्यो।

वर्तमान राजनीतिक गतिरोधको अन्त्य र सुशासनका लागि प्रतिनिधिसभाको पुनर्स्थापना उपयुक्त विकल्प हो, भन्ने आवाज यस बीचमा उठ्यो। सो मागमा संसदवादी दलहरूबीच त सहमति कायम भयो नै, वर्षको अन्त्यतिर आइपुग्दा नेकपा (माओवादी) ले पनि त्यस मागप्रति समर्थन जनायो। त्यसको लागि कुन विधि अपनाउने भन्नेमा पनि मतैक्य कायम हुने आशा गर्न सकिन्छ। एक अर्को मतमा भने "विघटित प्रतिनिधिसभामा प्रतिनिधित्वप्राप्त व्यक्तिहरूको बहुमत वा सहमतिको आधारमा गठित सरकारको माध्यमबाट तत्काल निर्वाचन सम्पन्न गर्नुबाहेक कुनै प्रभावकारी र लोकप्रिय विकल्प देखिन्न।"[८]

---

८. शर्मा, गणेशराज; "उपेक्षित रहेका हाम्रा मताधिकार र शासनाधिकार"; <u>हिमाल खबर पत्रिका</u> १-१५ वैशाख २०६२; पृ. १४–१६

अनुसूची १

सन् २००५ र मानवअधिकार उल्लंघनका तथ्यहरु

उल्लेख गर्नैपर्ने केही कुरा

- यो वर्षपुस्तकमा सन् २००५ भरिका अर्थात् ०६१ पुस १७ देखि ०६२ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्।
- परिच्छेदहरूमा उद्धरण तथा सन्दर्भ लिंदा सन् ००५ को अवधिसम्म प्रकाशित सामग्रीहरूबाट मात्र लिइएको छ।
- हामीले पुष्टि गर्न नसकेको घटनामा सरकारी स्रोत उल्लेख गरिएको छ। तिनलाई तथ्यांकमा समावेश गरिएको छैन।
- संकलन गरिएका मध्ये विश्वसनीय घटना मात्रै वर्षपुस्तकमा उल्लेख गरिएका छन्। केही घटनालाई विश्वसनीयताको अभावमा प्रकाशन गर्न सकिएन।
- मानवअधिकार उल्लंघनका घटनालाई प्रकाशमा ल्याउने, त्यस्ता घटनाको प्रकाशनद्वारा नागरिकलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने तथा मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मूख गराउने उद्देश्य वर्षपुस्तकले राखेको छ। पुस्तकमा उल्लेखित घटनाबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भए हामी क्षमाप्रार्थी छौं।
- वर्षपुस्तकका निम्ति घटना संकलन गर्न पचहत्तरै जिल्लामा प्रतिनिधिको व्यवस्था गरिएको छ। तर विविध कारणले जिल्ला-जिल्लाका सबै गाउँ र ठाउँमा पुगेर घटना संकलन गर्न सम्भव नभएको हामी स्वीकार्दछौं। सार्वजनिक जानकारीमा नआएका केही घटना हाम्रा लागि अज्ञात नै रहेका पनि हुन सक्छन्। तर विभिन्न सम्भाव्य माध्यमद्वारा पुष्टि गरी हामीले सकेसम्मका घटनाको संकलन भने गरेका छौं।
- पत्रपत्रिका पनि वर्ष पुस्तकका सूचना स्रोत हुन्। तर पत्रपत्रिकामा प्रकाशित सूचनालाई सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरी पुष्टि भएपछि मात्र समावेश गरिएको छ।
- नेपालले अनुमोदन गरेका मानवअधिकार सम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरू मध्ये ठूला छ वटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC / CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा विवरण प्रस्तुत गरिएको छ।
- विस्थापन, संरचना सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।
- राज्य, माओवादी र अन्यबाट भएको हत्या, अपहरण, कुटपिट आदि घटनालाई छुट्टाछुट्टै प्रस्तुत गरेका छौं। बम, गोली, विद्युतीय धराप सम्बन्धी घटनालाई पनि त्यसैगरी प्रस्तुत गरिएको छ। सामान्यत: व्यक्तिगत तवरमा भएका घटनालाई विवरणमा नदिई तथ्यांकमा मात्र समावेश गरिएको छ।
- बेवारिसे बमका कारण भएका घटना र कतिपय विवादास्पद घटनाहरू (पीडकको स्पष्ट पहिचान नभएका) लाई पनि 'अन्यबाट' शीर्षक अन्तर्गत समावेश गरेका छौं।
- जिल्लाको तथ्यांकमा यो पुस्तक प्रकाशित भइसक्दासम्म धेरै फेरबदल भइसकेको हुन सक्छ। जिल्ला प्रतिनिधिद्वारा सम्बन्धित निकायबाट संकलित तथ्यांक नै पुस्तकमा प्रस्तुत गरिएको छ।
- गत वर्षदेखि मानवअधिकार वर्षपुस्तकमा समेटिएका घटनाको अनुगमनलाई "विगतको अनुगमन" शीर्षकमा समेट्ने प्रयास गरेका छौं। गत वर्षको वर्षपुस्तकमा पुष्टि हुन नपाएर नसमेटिएका घटनाहरू पनि आवश्यक अध्ययनपछि त्यसै शीर्षक अन्तर्गत यस वर्ष समावेश गरिएका छन्।
- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।
- नेकपा (माओवादी) बाट अलग भई गठित जनतान्त्रिक तराई मोर्चा र मधेशी टाइगरबाट भएका घटनालाई 'अन्य' शीर्षक अन्तर्गत राखिएको छ। त्यसैगरी माओवादीविरूद्ध प्रतिकार समूहबाट भएका घटनाको तथ्यांक पनि 'अन्य'मै समाविष्ट छन्।
- अभिव्यक्ति भेला हुने र संगठित हुने अधिकार अन्तर्गतका तथ्यांक तत्काल घटनास्थलमा गिरफ्तार गरिएका पीडितहरूको मात्र तथ्यांक हो। तीमध्ये २४ घण्टा भन्दा बढी हिरासतमा वा मुद्दा चलाइएका व्यक्तिहरूको तथ्यांक गिरफ्तारी शीर्षक अन्तर्गत समावेश गरिएको छ।

तथ्यांकका अन्य स्रोत

क. केन्द्रीय तथ्यांक विभागको राष्ट्रिय प्रतिवेदन २००१

ख. युनाइटेड नेसन्स डेभ्लप्मेन्ट प्रोग्राम: नेपाल हयुम्यान डेभ्लप्मेन्ट रिपोर्ट २००४ : इम्पावरमेन्ट एण्ड पोभर्टी रिडक्सन: काठमाडौं, २००४

ग. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

घ. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

ङ. १९९२ देखि २००५ सम्मका मानवअधिकार वर्षपुस्तकहरू

च. इन्फर्मल सेक्टर रिसर्च एण्ड स्टडी सेन्टर: डिस्ट्रिक्ट डेभ्लेप्मेन्ट प्रोफाइल अफ नेपाल २००४: काठमाडौं, २००४

छ. विविध

पूर्वाञ्चल

१.१ झापा
१.२ इलाम
१.३ पाँचथर
१.४ ताप्लेजुङ
१.५ मोरङ
१.६ सुनसरी
१.७ धनकुटा
१.८ तेह्रथुम
१.९ भोजपुर
१.१० संखुवासभा
१.११ सप्तरी
१.१२ सिराहा
१.१३ उदयपुर
१.१४ खोटाङ
१.१५ ओखलढुंगा
१.१६ सोलुखुम्बु

१.१ झापा



जनसंख्या : ७२९७५८
साक्षरता प्रतिशत : ७५.८५
महिला साक्षरता प्रतिशत : ६७.८०
क्षेत्रफल (वर्ग कि. मि.) : १६०६
गाविस/नपा संख्या : ४७/३
निर्वाचन क्षेत्र : ५
विद्यालय : ५७२
क्याम्पस/उच्च मा.वि. : ७/३९
अस्पताल/ स्वास्थ्य चौकी : ७/५६
टेलिफोन लाइन : १२०००
मोटर सडक (कि. मि.) : ५८१
प्रहरी कार्यालय संख्या : ७
हुलाक संख्या : ५५
मानव विकास सूचकांक : ०.४९४
प्रति परिवार सरदर संख्या : ५.३१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

अनारमनी गाविस-३ बुट्टाबारीमा ०६१ चैत ४ गते सुगम पेट्रोल पम्पमा भएको आगलागी हेर्न जम्मा भएका हजारौं व्यक्तिहरूको भीडलाई नियन्त्रण गर्न सुरक्षाकर्मीले गोली चलाउँदा चारपाने गाविस- १ का १७ वर्षीय धनबहादुर राजवंशीको गोली लागी मृत्यु भयो। जिल्ला प्रहरी कार्यालय झापाले लास पोष्टमार्टमपछि परिवारलाई जिम्मा लगायो। पीडित परिवारले जिल्ला प्रशासन कार्यालयबाट क्षतिपूर्ति पाए।

महाभारा गाविस-७ का माओवादी कार्यकर्ता ४१ वर्षीय शम्भु राजवंशीलाई माओवादी भएको आरोपमा ०६१ चैत २१ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरी गोली हानी उनको हत्या गरे। लास परिवारले बुझी सदगत गरे। लासको पोष्टमोर्टम भएन।

शरणामती गाविस- ४ का सर्वसाधारण ३६ वर्षीय भीमप्रसाद पौडेललाई माओवादीको आरोपमा ०६२ असार ११ गते सुरक्षाकर्मीको गस्ती टोलीले बिरामी बुवालाई कुरिराखेको अवस्थामा गिरफ्तार गरी गोली हानी हत्या गरे।

टाघनडुब्वा गाविस-७ कामाटोली बजारकी ३८ वर्षीय रमादेवी अधिकारीलाई ०६२ असार १९ गते बिहान संयुक्त सुरक्षाकर्मीको गस्तीले घरमा सुतिरहेको अवस्थामा बाहिर बोलाई गोली हानी हत्या गरे। लासको पोष्टमार्टम भएन। पीडित परिवारलाई जिल्ला प्रशासन कार्यालय, झापाले एक लाख रूपैयाँ क्षतिपूर्ति दिने निर्णय गऱ्यो।

माओवादीबाट

नेपाल बैक शाखा कार्यालय, बिर्तामोड शनिश्चरे रोडअगाडि गस्तीमा रहेको इलाका प्रहरी कार्यालय बिर्तामोडको भ्यानमाथि ०६१ पुस २१ गते बिहान माओवादीले गोली प्रहार गर्दा मधुवन सुनसरीका प्रहरी हवल्दार ३८ वर्षीय विश्वराज ढकाल र प्रहरी हवल्दार चक्रघट्टी, सुनसरीका ३२ वर्षीय टीका माझीको घटनास्थलमा मृत्यु भयो। त्यसैगरी माओवादीतर्फ सुरक्षाकर्मीको गोलीबाट शान्तिनगर गाविस-४ का माओवादी कार्यकर्ता २५ वर्षीय डिल्लीराम गौतमको पनि घटनास्थलमै मृत्यु भयो। उक्त घटनामा गोली लागी घाइते भएका तेह्रथुमका असई रामनाथ भण्डारी र जवान संखुवासभाका जीतबहादुर रोक्काको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा उपचार गरियो। घटनामा खुदुनाबारीका नेत्र अछामी गोलीको छर्रा लागी घाइते भए। अछामीको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा भयो।

धरमपुर गाविस-८ का ३२ वर्षीय शम्भु चौधरीलाई सुराकीको आरोपमा ०६१ माघ ११ गते माओवादीले आफ्नो घरमा बसिरहेको अवस्था अपहरण गरी स्थानीय कमल खोलाको किनारमा पुऱ्याई गोली हानी हत्या गरे। लासको पोष्टमोर्टम भएन।

शरणामती गाविस- ८ की २० वर्षीय विमला पाठक सुराकी भएको आरोपमा ०६१ माघ १७ गते माओवादीले उनलाई बेलुका घरैबाट अपहरण गरी लगेकोमा भोलिपल्ट बिहान सुरुंगा झापा सडक खण्डको चप्रामरी पुलमा ल्याई कन्चटमा गोली हानी हत्या गरे।

भोजपुर घर भई काँकडभिट्टा राजस्व गस्तीका हवल्दार २८ वर्षीय प्रेमबहादुर खड्कालाई ०६२ साउन ३१ गते दिउँसो ड्युटीमा बसिरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे। लासको पोष्टमोर्टम मेची अञ्चल अस्पतालमा भयो।

पथरिया गाविस-७ का ७० वर्षीय रामबहादुर राईलाई मादक पदार्थ सेवन गरेको आरोपमा ०६२ भदौ ९ गते बिहान माओवादीले केचना गाविस-९ मा कुटपिट गरी हत्या गरे। लासको पोष्टमार्टम भएन। लास परिवारले जिम्मा लिई सदगत गरे।

कुमरखोद गाविस-७ का मानसिक सन्तुलन गुमाएका ३० वर्षीय चुडामणि मैनालीले माओवादीसँग चुरोट खान पैसा मागेको विषयमा भएको विवादलाई लिएर स्थानीय झापा बजारमा माओवादीले ०६२ कार्तिक २१ गते उनलाई गोली हानी हत्या गरे। पोष्टमोर्टमपछि परिवारले लास जिम्मा लिए।

सुरक्षाकर्मीद्वारा मारिएकी रमा अधिकारी

पाडाजुंगी गौरीगञ्ज सडक खण्डअन्तर्गत गौरादह गाविस-५ धिर्माधिमे चोकको फैलचामा ०६२ भदौ १६ गते दिउँसो माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी प्रेसरकुकर बम विस्फोट गराउँदा स्थानीय ६२ वर्षीय यमुनादेवी खतिवडाको घटनास्थलमै मृत्यु भयो भने सोही गाविस-४ की ३५ वर्षीय कमला कार्की गम्भीर घाइते भइन्। उनको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

सुरुंगा गाविसका ३५ वर्षीय श्याम सुवेदीले मादक पदार्थ सेवन गरी ०६२ जेठ ४ गते राति बिर्तामोडमा मोटरसाइकल चलाउँदै गर्दा गस्तीमा रहेका सुरक्षाकर्मीले रोक्न आदेश दिंदा नरोकेपछि पछाडिबाट प्रहार गरेको गोलीबाट उनी सख्त घाइते भए। पीडितको मेची अञ्चल अस्पतालमा उपचार गरियो।

माओवादीबाट

मालपोत कार्यालय, दमकमा ०६१ माघ ७ गते माओवादीले कार्यालय समयमा बम विस्फोट गराउँदा मोहन अधिकारी, तेजु खनाल, मीना बुढाथोकी र होमबहादुर कार्की सामान्य घाइते भए भने कार्यालय भवन आंशिक रूपमा क्षति भयो।

शनिश्चरे गाविस-३ का २७ वर्षीय कुमार उप्रेतीलाई ०६२ जेठ ३ गते माओवादीले गोली हानी सख्त घाइते बनाए। पीडितलगायत् अन्य तीनजना व्यक्तिहरूले ०६० चैत १८ गते दुर्गाकुमार राईलाई कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले समेत खोजिरहेकोमा माओवादीले अपहरण गरी उनलाई लगेका थिए।

इलाका प्रहरी कार्यालय, झिलझिलेका प्रहरी हवल्दार कृष्णबहादुर श्रेष्ठ र इलाका प्रहरी कार्यालय दमकका प्रहरी हवल्दार तिलकबहादुर श्रेष्ठ दमक चोकस्थित होटल हाइवेमा खाजा खाइरहेको अवस्थामा ०६२ साउन २२ गते माओवादीले गोली हानी सख्त घाइते बनाए। उनीहरूको बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा उपचार गरियो।

राजस्व गस्ती काँकडभिट्टामा कार्यरत सशस्त्र प्रहरी जवान शिव खड्का र भारतीय सेनामा कार्यरत जवान चिरञ्जीवी रेग्मीलाई ०६२ साउन ३१ गते माओवादीले गोली

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६	२	३		६	६	६	२		८	६	५	१		६
घाइते	२	२			२	५	१३	१		१४	२	२			२
गिरफ्तारी/यातना											५५	९१	७		९८
कुटपिट	२	२			२	५	९		१	१०	११	१६	३	१	२०
धम्की											१		१		१
भेला/संगठित हुने अधिकार											९	३९	१०	२८	७७
जातीय विभेद	१	४	१		५										
महिलाअधिकार	१३		१४		१४						१		१		१
बालअधिकार	१८	६	१४	१	२१										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार						८	९			९					
अमानवीय व्यवहार	१	१			१	१	१			१					
अपहरण	५	४	१		५	३४	६३	२	६५०	७१५					
जम्मा	४८	२२	३३	१	५६	५९	१०१	५	६५१	७५७	८५	१५३	२३	२९	२०५

हानी गम्भीर घाइते बनाए। पीडितहरूको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा गरियो।

जेल र बन्दीहरू

जेलको कूल बन्दी क्षमता दुईसय जना भए पनि तीनसय ८७ जना बन्दीहरू राखिएको छ। जेलमा चाहिने आधारभूत सुविधाहरू उपलब्ध छैनन्।

यस वर्ष कैद तोकिएका आठ महिला र एकसय ७२ जना पुरुष (विदेशी दुई पुरुष र एक महिलासहित) जम्मा एकसय ८० जना छन् भने कैद नतोकिएका सात महिला र दुई नाबालक गरी जम्मा दुईसय सातजना रहेका छन्। जेलको भौतिक अवस्था अत्यन्तै जीर्ण रहेको छ। औषधि उपचारको व्यवस्था राम्रो नरहेको वन्दीहरुको गुनासो छ। माओवादी आरोपमा सात महिला र ५१ पुरुष गरी जम्मा ५८ जना नजरवन्दमा रहेका छन्। जेलमा सुविधासम्पन्न एक पुस्तकालय छ। नजरवन्दमा माओवादी आरोपितहरूलाई म्याद भुक्तान भई मुक्त हुने वित्तिकै पुन: कारागार परिसरवाटै गिरफ्तार गर्ने र केही दिन प्रहरी हिरासतमा राखी पुन: नजरवन्दमा राख्ने गरिएका घटना प्रशस्त घटना छन्। माओवादी आरोपमा नजरवन्दमा रही मुक्त भएकाहरूलाई सुरक्षाकर्मीद्वारा जेल परिसरवाटै पुन: गिरफ्तार गरी प्रहरी हिरासतमा नै हातहतियार तथा खरखजाना मुद्दा लगाई वन्दी वनाउने गरिएको छ।



माओवादीद्वारा अपहरण गरिएका बलराम थपलिया

बेपत्ता / अपहरण

माओवादीबाट

धरमपुर महेन्द्र राजमार्गवाट ०६१ माघ ९ गते विहान माओवादीले रतुवामाई वृक्षारोपण आयोजनाका कर्मचारीहरू काममा गइरहेको बेला गाडी चालक सर्लाही जिल्ला लालवन्दीका मोहन थापा, खरिदार सप्तरी जिल्लाका प्रल्हाद मण्डल र वनरक्षक तोपगाछी गाविस-७ का रत्नबहादुर घिमिरेलाई कार्यालयको गाडी वा. १ च २६०६ सहित अपहरण गरेकोमा प्रल्हाद मण्डललाई माघ ११ गते मुक्त गरे भने मोहन थापा र रत्नवहादुर घिमिरेलाई माघ १२ गते मुक्त गरे। गाडी भने ०६२ माघ १४ गते महाभारा गाविस-३ कुञ्जीवारीमा पुर्‍याई जलाएर ध्वस्त पारे।



माओवादीद्वारा अपहरण गरिएका सुरुङ्गा गाविस सचिव राजेन्द्र पराजुली

जलथल महेन्द्र माध्यमिक विद्यालयका प्रधानाध्यापक ५२ वर्षीय लाखध्वज कन्दङ्वा र शिक्षक गंगा खरेललाई ०६१ माघ १३ गते माओवादीले विद्यालय परिसरबाटै अपहरण गरी माघ १४ गते मुक्त गरे।

चारपाने गाविस-४ का ३६ वर्षीय खगेन्द्र थपलिया, ३३ वर्षीय राजेन्द्र नेपाल, २६ वर्षीय तुलसी न्यौपाने र २९ वर्षीय राजु सुब्बाले समाजमा विसंगति फैलाएको आरोपमा ०६१ माघ १४ गते उनीहरूलाई माओवादीले अपहरण गरी सोही दिन साँझ मुक्त गरे।

जनआदर्श मावि शिवगञ्ज र त्रिभुवन मावि पाँचगाछीका कक्षा ६ भन्दा माथिका सम्पूर्ण विद्यार्थी र शिक्षकहरूलाई ०६१ माघ १५ गते माओवादीले विद्यालय परिसरवाटै अपहरण गरी एक घण्टा हिंडाएर माईपारी शरणामती गाविसको मदरगाछमा भएको आफ्नो जनसभामा सहभागी गराई बेलुका मुक्त गरे।

शिवजञ्ज गाविस-३ हल्दिवारी घर भई शाही नेपाली सेना वाहिनी अड्डा हिलेमा कार्यरत सेनाका जवान गोपाल घिमिरेलाई ०६१ माघ १५ गते माओवादीले घर आएको बेला अपहरण गरे। पीडित सोही रात माओवादी घेरा तोडी भागे।

चारपाने गाविस-७ का ३८ वर्षीय नगेन्द्र संग्रौलालाई ०६२ माघ १७ गते बेलुकी माओवादीले स्थानीय चोकबाट अपहरण गरी माघ १९ गते मुक्त गरे। पीडितलाई आफ्नो सिद्धान्तको विरोध गरेको आरोप लगाएका थिए।

शिवगञ्ज निवासी नेपाल शिक्षक संगठनका केन्द्रीय सदस्य ५५ वर्षीय खोदनाथ चापागाईं, पाँचगाछी निवासी नेपाली काँग्रेसका जिल्ला सदस्य ४८ वर्षीय भक्ति सिटौलालगायत् विभिन्न राजनीतिक दलका १७ जना अगुवा कार्यकर्तालाई ०६१ फागुन २ गते विहान माओवादीले अपहरण गरी आफ्नो पार्टीको प्रशिक्षण दिई सोही दिन वेलुका मुक्त गरे।

कोरोवारी गाविस-४ का ६५ वर्षीय सोमप्रसाद भण्डारीले शिवालय मन्दिर गौरीगञ्जको नाममा रहेको जग्गाको धान विगतमा हिनामिना गरेको आरोप लगाई ०६१ फागुन ५ गते स्थानीय चोकको एक साइकल पसलबाट माओवादीले उनलाई अपहरण गरी ०६१ फागुन ६ गते वैगुन्धुरावाट मुक्त गरे। पीडितले एकलाख १३ हजार दुईसय रूपैयाँ पार्टीलाई तिर्नुपर्ने कागज गराई उनलाई दुई दिनपछि मुक्त गरे।

सात दलद्वारा आयोजित विरोध कार्यक्रममा गिरफ्तार गरिँदै नेता तथा कार्यकर्ताहरू

सुरुंगा गाविसका सचिव ३८ वर्षीय राजेन्द्रप्रसाद पराजुलीलाई ०६२ साउन ५ गते अपरान्ह माओवादीले कार्यालयबाट अपहरण गरे। उनलाई माओवादीले कुटपिट गरी ०६२ साउन ७ गते बिहान मुक्त गरे।

बुधबारे गाविस-३ का ४१ वर्षीय रुद्र पोखरेल र ४३ वर्षीय बुद्धिकान्त अधिकारीले सामुदायिक वनको कार्य समितिमा रहँदा रकम हिनामिना गरेको आरोपमा ०६१ फागुन ९ गते माओवादीले उनीहरूलाई घरैबाट अपहरण गरी रकम तिर्ने सर्तमा ०६१ फागुन १२ गते मुक्त गरे।

घैलाडुब्बा लक्ष्मीपुरका २९ वर्षीय प्रल्हाद चुडाललाई ०६१ चैत २१ गते राति माओवादीले शाही नेपाली सेनामा जागिर खाएको आरोपमा घरैबाट अपहरण गरी ०६१ चैत २२ गते मुक्त गरे।

महाभारा गाविस-७ का ३० वर्षीय भरत राजवंशीले सुराकी गरेको आरोपमा ०६१ चैत २२ गते माओवादीले उनलाई घरैबाट अपहरण गरी चैत २३ गते मुक्त गरे।

वैगुन्धुरा गाविस-९ का ४० वर्षीय होमनाथ राई र उनको घरमा पाहुना आएका भान्जा शरणामती गाविस-५ का २३ वर्षीय कृष्ण राईले सुराकी गरेको आरोपमा ०६१ चैत २४ गते चिया खाइरहेको बेला माओवादीले उनीहरूलाई घरैबाट अपहरण गरी ०६२ वैशाख ५ गते मुक्त गरे।

बिर्तामोड कन्काईका व्यापारी ३५ वर्षीय प्रदीप मित्तललाई ०६१ चैत ३० गते माओवादीले अपहरण गरी ०६२ वैशाख २ गते मुक्त गरे।

महाभारा गाविसका शिक्षक ३६ वर्षीय शिव मैनालीलाई सुराकीको आरोपमा ०६१ चैत ३१ गते माओवादीले अपहरण गरी ०६२ वैशाख २ गते मुक्त गरे।

महाभारा गाविस-७ घर भई जुरोपानी गाविस-५ स्थित माइतीघरमा बस्दै आएकी २४ वर्षीय अम्बादेवी राजवंशीले आफ्नो पार्टीविरूद्ध सुराकी गरेको आरोपमा ०६२ जेठ १९ गते बेलुका माओवादीले उनलाई माइतीघरबाटै अपहरण गरी हालसम्म बेपत्ता पारेका छन्।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका तेजबहादुर सुब्बा

बालकल्याण मावि महाभाराका शिक्षक ३६ वर्षीय बलराम थपलियालाई ०६२ जेठ २० गते बेलुकी परिवारसंग आफ्नै घरमा बसिरहेको अवस्थामा माओवादीले अपहरण गरी लगेकोमा हालसम्म उनको अवस्था अज्ञात छ।

महाभारा गाविस-४ का १९ वर्षीय सन्तोष सहनीलाई ०६२ जेठ २५ गते माओवादीले घरैबाट अपहरण गरेकोमा हालसम्म उनको अवस्था अज्ञात छ।

शरणामती गाविस-८ का ४२ वर्षीय दीपकप्रसाद भट्टराईले माओवादीको विरुद्ध सुराकी गरेको आरोपमा ०६२ जेठ २९ गते घरनजिकैबाट उनीहरूले अपहरण गरेकोमा हालसम्म पनि उनको अवस्था अज्ञात छ।

पूर्वाञ्चल दैनिक बिर्तामोडका पत्रकार सुव्रत न्यौपाने नेपाल समाचारपत्रका झापा सम्वाददाता टीकाराम नेती र विवेचना दैनिकका पत्रकार मदन खरेललाई ०६२ भदौ ९ गते माओवादीले आफ्नो कार्यक्रमको रिपोर्टिङ् गर्न भनी शनिश्चरे बजारमा बोलाई अपहरण गरे। उनीहरूलाई चार दिनसम्म इलाम र पाँचथरका विभिन्न ठाउँमा घुमाई पाँचथरको रविबाट भदौ १२ गते मुक्त गरियो।

इलाका वन कार्यालय जगुरमुखी बुधबारेका रेन्जरहरू राजेन्द्र कर्ण र रन्जीवकुमार यादवलाई ०६२ भदौ १४ गते कामको सिलसिलामा दाहालटार सामुदायिक वन गएको बेला माओवादीले अपहरण गरी १५ गते मुक्त गरे।

सुरुंगा गाविस-९ का मे १ ख ६१८ को बसका चालक भक्त सेडाईलाई दुधे महाभारा सडकमा बसले किचेर मान्छे मारेको आरोपमा ०६२ भदौ १४ गते माओवादीले अपहरण गरेकोमा असोज ३ गते इलामबाट मुक्त गरे।

दमक नपा-१३ घर भई इलाम जिल्ला चुलाचुलीस्थित जनता माविका शिक्षक दीपक पौडेललाई ०६२ मंसिर २६ गते बिहान माओवादीले विद्यालयमा जाँदै गर्दा अपहरण गरी ०६२ मंसिर ३० गते मुक्त गरे। उनलाई विदेश लगिदिने बहानामा विभिन्न व्यक्तिको पैसा लिएको आरोप माओवादीले लगाएका थिए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट राज्यबाट

कोरोबारी गाविस-५ की २० वर्षीय चन्द्रकला गडतौला, ५० वर्षीय अर्जुन खड्कालगायत आठजनालाई ०६१ चैत १२ गते गौरीगञ्ज आधार शिविरबाट आएका संयुक्त सुरक्षाकर्मीले ठेकीटोल चोकमा कुटपिट गरे।

कुमरखोद गाविस-७ का २२ वर्षीय

रामलाल कर्मकारलाई जवरजंग गण, चारआलीबाट गएको सुरक्षा गस्ती टोलीले ०६२ असार १९ गते विहान इँटामाथि हात राखी इँटाले थिचेर गम्भीर घाइते वनायो। उनको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो।

कान्तिपुर दैनिकको दमक संवाददाता सरस्वती कार्कीले ०६२ भदौ २९ गते दमकको एक होटलमा सेनाले गरेको ज्यादतीसम्वन्धी समाचार प्रकाशन गराएको आरोपमा जवरजंग गणका सेनाका मेजर उत्तम खड्काले ०६२ भदौ ३० गते विहान पटकपटक फोन गरी उनलाई धम्की दिए।

भुटानी शरणार्थी शिविर खुदुनावारीका शरणार्थी २८ वर्षीय गोपाल गिरीले लुटेराहरूलाई कम्व्याट ड्रेस उपलब्ध गराएको आरोपमा ०६२ जेठ २९ गते सुरक्षाकर्मीले उनलाई कुटपिट गरी घाइते वनाए। पीडितको आम्दा अस्पताल, दमकमा उपचार गरियो।

कोवहरा गाविस-६ का ३३ वर्षीय कृष्णप्रसाद दाहाललगायत् कम्तीमा सातजनालाई गौरीगञ्ज आधार शिविरबाट गएको संयुक्त सुरक्षाफौजको गस्ती टोलीले ०६२ साउन २० गते कुटपिट गर्‍यो।

दमक नपा-१० दमक चोकमा रहेको एसियन मार्केटको होटल खाजाघरमा ०६२ भदौ २९ गते अपरान्ह जवरजंग गण, दमकका सुरक्षाकर्मीको गस्ती टोली प्रवेश गरी होटलका सञ्चालक चिरन निरौला, उमेश र कर्मचारी रमेश लिम्वूलाई कुटपिट गरी गम्भीर घाइते वनायो। नजिकैका पसले संजीव पराजुली र वटुवा केशव गौतमलाई पनि कुटपिट गरी घाइते वनाएका थिए।

माओवादीबाट

तोपगाछी गाविस-३ का ६८ वर्षीय गणेश घिमिरेलाई ०६१ चैत ४ गते माओवादीले कुटपिट गरी उनको घरमा भएको धान, चामलसहित अन्य जिन्सी सामानसमेत लिएर गए। पीडित लामो समयपश्चात् स्वस्थ भए। पीडित हाल अन्यत्र वस्दै आएका छन्।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिविरुद्ध प्रदर्शन कार्यक्रमअन्तर्गत विर्तामोडको मुक्ति चोकमा एक घण्टा चक्काजाम गर्ने क्रममा ०६१ माघ २ गते सुरक्षाकर्मीले लाठीचार्ज गर्दा नेविसंघका जिल्ला सदस्य जगत वस्नेत, नवीन विमली, अध्यक्ष मनोज खड्का र केन्द्रीय कमिटी सदस्य गणेश पोखरेल गम्भीर घाइते भए। पीडितहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

पूर्व पराष्ट्रमन्त्री, पूर्व राजदूत तथा नेकाँ केन्द्रीय सदस्य चक्रप्रसाद वास्तोलालाई ०६१ माघ २० गते बिहान विर्तामोडस्थित आफ्नो निवासबाट सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा सोधपुछपश्चात् अपरान्ह रिहा गरे।

दमक नपा-११ का नेकाँका पूर्व सांसद डा. गोपाल कोइरालालाई ०६१ फागुन ७ गते बिहान आफ्नै निवासबाट सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखेकोमा ०६१ फागुन १६ गते रिहा गरे।

नेकाँका जिल्ला सभापति सुधीरकुमार शिवाकोटी, सचिव उद्धव थापा र ट्रेड युनियन काँग्रेसका अध्यक्ष दीपक तामाङलाई ०६१ फागुन ७ गते आ-आफ्नो घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ फागुन १६ गते अब उप्रान्त माघ १९ को शाही कदमको विरोध नगर्ने भनी लेखिएको कागजमा जबरजस्ती सही-छाप गराई रिहा गरे।

सुरक्षाकर्मीद्वारा विद्यालय भित्रैबाट गिरफ्तार गरी नजरबन्दमा राखिएका पुण्यप्रसाद कोइरला

माघ १९ को शाही कदमको विरोधमा ०६१ चैत १ गते काँकडभिट्टामा निस्केको शान्तिपूर्ण जुलुसमा सुरक्षाकर्मीहरूले हस्तक्षेप गरी नेकाँकी नेतृ पूर्व सांसद चेतकुमारी दाहाल, महिला संघ अध्यक्ष सुशीला ढकाल, तरूण दलका अनिलकृष्ण प्रसाईं, नेकाँ (प्रजातान्त्रिक) की हर्षकुमारी थपलिया, गोमा भट्टराई, देवकुमार थेवे, पत्रकार रूपक अधिकारी र एमालेका पूर्व सांसद पुष्पराज पोखरेललाई गिरफ्तार गरी नजरवन्दमा राखेकोमा चेतकुमारी दाहाललाई ०६२ वैशाख ११ गते सुशिला ढकाललाई ०६१ चैत ३१ गते, अनिल प्रसाईंलाई ०६२ वैशाख ७ गते, हर्षकुमारीलाई ०६१ चैत २ गते र पुष्पराज पोखरेललाई अदालतको आदेश अनुसार ०६२ जेठ १७ गते नजरवन्दवाट रिहा गरियो। गोमा र रूपकलाई भने सोही दिन रिहा गरिएको थियो।

माघ १९ को शाही कदमको विरोधमा राजनीतिक दलहरूद्वारा ०६१ चैत १५ गते चन्द्रगढीमा निकालिएको शान्तिपूर्ण जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी नेकाँका क्षेत्रीय प्रतिनिधि सुरुंगा गाविस-३ का ४२ वर्षीय रमेश श्रेष्ठ र पूर्वसांसद पूर्णानन्द दाहाललाई जिल्ला कारागार शाखामा नजरवन्द राखेकोमा ०६२ वैशाख ९ गते रिहा गरियो।

सुरुंगा गाविस-३ का नेकाँ क्षेत्रीय प्रतिनिधि ४२ वर्षीय रमेश श्रेष्ठलाई शाही कदमको विरोधमा ०६१ चैत १५ गते चन्द्रगढीमा भएको जुलुसमा सहभागी भएको अवस्थामा

महेन्द्र राजमार्गको लक्ष्मीपुरमा माओवादीद्वारा आगो लगाई ध्वस्त पारिएको ना.२ ख६६८३ नम्बरको यात्रुबाहक बस

गिरफ्तार गरी जिल्ला कारागार शाखामा नजरबन्दमा राखेकोमा ०६२ वैशाख ९ गते रिहा गरियो।

माघ १९ को शाही कदमको विरोधमा राजनीतिक दलद्वारा ०६१ चैत २६ गते साँझ काँकडभिट्टा बजारमा निकालिएको जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी नेकाँकी उपा गुरुङलाई गिरफ्तार गरी नजरबन्दमा राखेकोमा ०६२ वैशाख ११ गते उनलाई रिहा गरियो।

जिल्ला प्रशासन कार्यालयले शान्ति सुरक्षा कायम राख्ने नाममा ०६२ भदौ २९ गतेदेखि असोज १ गतेसम्म भद्रपुर, चन्द्रगढी, विर्तामोड र दमकमा सभा सम्मेलन जुलुस र धर्ना गर्न नपाउने गरी निषेधित क्षेत्र घोषणा गर्‍यो।

भद्रपुरस्थित मेची वहुमुखी क्याम्पसका विद्यार्थीहरूले शाही कदम र मूल्यवृद्धिको विरोधमा ०६२ भदौ ३० गते अपरान्ह निकालेको जुलुसमा प्रहरीले लाठीचार्ज गर्दा विनोद पोखरेल, गोपाल सापकोटा, कमला शर्मा, विनोद दाहाल, डेन्जनी आचार्य, खगेन्द्र आचार्य र नवीन विमली घाइते भए। उनीहरूको उपचार मेची अञ्चल अस्पताल, भद्रपुरमा भयो।

विराटनगरमा ०६२ मंसिर १८ गते भएको नेकाँको क्षेत्रीय सम्मेलनमा भाग लिन जान लागेका झापाका नेकाँका कार्यकर्ताहरू खगेश्वर उप्रेती, नेत्र चिमरिया, गोपाल प्रसाईं, लय शिवाकोटी, डिल्ली सिटौला र राकेश चुडाललाई संयुक्त सुरक्षाकर्मीको झिलझिलेस्थित आधार शिविरको टोलीले सभामा भाग लिन गएको आरोपमा गिरफ्तार गरे। अन्य सयौं कार्यकर्ताले आधार शिविरअगाडी नारा जुलुस गरेपछि उनीहरूलाई रिहा गरे।

निरंकुशताको विरूद्धमा आन्दोलनरत आठ विद्यार्थी संगठनहरूले गरेको झापा वन्दको क्रममा ०६२ पुस १० गते अनेरास्ववियुका वसन्त वानियाँ, नेविसंघका पर्वत कार्की, अखिलकै भास्कर काफ्लेलगायत् अन्य विद्यार्थीहरू सौरभ पोखरेल, असारूलाल राजवंशीका साथै मोमेन्टो एप्रेल्स प्रा.लि. भद्रपुरका मजदुरहरू रोशनी शिवाकोटी, गंगा तामाङ, मुना वस्नेत, देवी वुढाथोकी, लक्ष्मी डाँगीलगायत् ३८ जनालाई सुरक्षाकर्मीले जुलुसवाट गिरफ्तार गरे। उनीहरूलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा दिनभरि राखी राति रिहा गरियो। यसैगरी सोही दिन अपरान्ह दमकमा नेविसंघ (प्रजातान्त्रिक) का जिल्ला सभापति अर्जुन वुढाथोकीका साथै विद्यार्थीहरू अरूण शिवाकोटी र मिलकुमार महतोलाई सुरक्षाकर्मीले दिनभरि इलाका प्रहरी कार्यालय दमकमा हिरासतमा राखी वेलुकी रिहा गरे।

मन्त्रिपरिषद्का उपाध्यक्ष तुलसी गिरीप्रमुख अतिथि रहेको कार्यक्रमको विरोध जनाउँदै कालो झण्डा देखाउने क्रममा ०६२ पुस १३ गते सुरक्षाकर्मीले हस्तक्षेप गरी अनेरास्ववियुका केन्द्रीय सदस्य शिव ढुंगेल, जिल्ला अध्यक्ष वसन्त वानिया, नेविसंघका नवीन विमली र अन्य विद्यार्थीहरू सौरभ पोखरेल, तोयानाथ भट्टराई, मेघराज पौडयाल, सन्तोष कार्की, गोपाल सापकोटा, विकास वन र टंक पाठकलाई विर्तामोडवाट गिरफ्तार गरे। उनीहरूलाई यातना दिंदै इलाका प्रहरी कार्यालय विर्तामोडको हिरासतमा राखी लाठी र वुटले कुटपिट गरियो र वेलुकी रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष जम्मा चारसय ९८ ओटा विभिन्न प्रकृतिका मुद्दाहरू दर्ता भए। तीमध्ये एकसय ४६ ओटा मुद्दा फैसला भए। जसमा दुईसय ३६ ओटा फौजदारी मुद्दा दर्ता भएकोमा ९० ओटा फैसला भए भने दुईसय ३२ ओटा देवानी मुद्दामा ५६ ओटा फैसला भए।

जिल्ला प्रहरी कार्यालय झापा र जिल्लाभरि रहेका यसका मातहतका निकायहरूवाट यसवर्ष झापा जिल्ला अदालतमा जम्मा चारसय १२ ओटा मुद्दा दर्ता भएका छन्।

माओवादी आरोपमा सुरक्षाकर्मीद्वारा विभिन्न भागवाट गिरफ्तार गरी कारागार शाखा झापामा आतंकारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश ०६१ र ०६२ अन्तर्गत नजरवन्दमा राखिएका माओवादी आरोपितहरूलाई छमहिना तथा तीनमहिना पुग्ने वित्तिकै जिल्ला प्रशासनकै आदेशले रिहा गरिएता पनि पुनः कारागार परिसरवाटै गिरफ्तार गरी पुनः नजरवन्दमा राखिने गरिएको छ भने केही नजरवन्दमा रहेका माओवादी आरोपितहरूलाई नजरवन्दको म्याद भुक्तानी हुने वित्तिकै कारागारवाट वाहिर निकाली केही दिन जिल्ला प्रहरी कार्यालयको प्रहरी हिरासतमा राखी पुनः हातहतियार तथा खरखजना मुद्दा लगाई थुन्ने गरिएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

सुरुंगा गाविस-१ जामुनवारीस्थित शिक्षा तथा खेलकुद मन्त्री राधाकृष्ण मैनालीको दुई तले काठको घर तथा परालको कुन्यु माओवादीले ०६१ फागुन ६ गते वेलुकी आगो

लगाई ध्वस्त पारे। करिब १५० जना जतिको संख्यामा आएका माओवादीले घरमा बसेका व्यक्तिहरूलाई घरबाहिर निस्कन लगाई आगो लगाएका थिए।

बुधवारे गाविसको बुधवारे बजारमा रहेको गजुरमुखी इलाका वन कार्यालयको कम्प्युटर एक थान, मोटरसाइकल एक थान, कूटनीतिक नियोगको नम्बर भएको मोटरसाइकल एक थान र कार्यालयका अन्य महत्वपूर्ण कागजातहरू माओवादीहरूले ०६१ चैत १८ गते साँझ लुटेर लगे। माओवादीले आफ्नो इलाकामा सरकारी कार्यालय राख्न नदिने बताएका थिए। हाल सो कार्यालय बिर्तामोडमा सरेको छ।

तोपगाछी गाविस-३ का ६८ वर्षीय गणेश घिमिरेलाई शोषक र सामन्ती भएको आरोप लगाउँदै माओवादीले ०६१ चैत ४ गते घरमा भएको सबै धानचामल लगी तालाबन्दी गर्नुका साथै उनलाई कुटपिट गरी गम्भीर घाइते बनाए।

राजगढ गाविस-५ का बल्लभमणि मिश्र र भूतपूर्व जिविस उपसभापति खड्गनारायण राजवंशी माओवादीको विरूद्धमा रहेको आरोपमा ०६१ चैत २५ गतेदेखि उनीहरूको तालाबन्दी गरी विस्थापित गराए। बल्लभमणि मिश्र भने ०६२ भदौमा पुनःस्थापित भए।

चारपाने गाविस-३ का मोहन भट्टराई र गंगा भट्टराईको घरमा ०६२ असार १३ गते साँझ माओवादीले घरमा भएका सम्पूर्ण नगद तथा जिन्सी सामान लगी घर कब्जा गरेको कुरा लेखिएको ब्यानर टाँसिदिए।

शान्तिनगर गाविसको इलाम चारआली सडकखण्डको बर्नेमा ०६२ साउन २ गते बन्दको समयमा बस सञ्चालन गरेको आरोपमा माओवादीले इलामबाट बिर्तामोडतर्फ यात्रु लिएर आउँदै गरेको सरस्वती ट्राभल्सको बसमा आगो लगाए।

चारपाने गाविस-१ स्थित प्रोभिडेन्स कलेजका आनन्द बस्नेतको मे. १ प ६७०८ नम्बरको मोटरसाइकल माओवादीले बन्दको समयमा चलाएको आरोपमा ०६२ साउन ४ गते बुधवारे गाविसको खतिवडा चोकमा आगो लगाई ध्वस्त पारे।

ज्यामिरगढी गाविस-५ का पूर्व मनोनित गाविस अध्यक्ष ७० वर्षीय नरप्रसाद लामिछानेको घरमा माओवादीहरूले ०६२ साउन ५ गतेदेखि तालाबन्दी गरे। पीडित सपरिवार हाल काठमाडौंमा बस्दै आएका छन्।

मेचीनगर नपा-१२ महेन्द्र राजमार्गको जोरसिमलमा ०६२ साउन ८ गते साँझ माओवादीले बन्दको समयमा गाडी चलाएको आरोपमा मे. १ ख ८६० नम्बरको मिनिबस आगो लगाई ध्वस्त बनाए।

कृषि विकास बैंक क्षेत्रीय कार्यालयको बा. १ म १३१८ नम्बरको मोटरसाइकल कार्यालयका कर्मचारी कामको सिलसिलामा चकचकी गएको बेला ०६२ भदौ २९ गते माओवादीले कब्जामा लिए।

भद्रपुर बस स्टेण्डमा यात्रीहरूको प्रतिक्षा गरेर बसिरहेको मे. १ ख २६२ नम्बरको ओम शान्ति ट्राभल्स नामको बस ०६२ कार्तिक १ गते बिहान माओवादीले अपहरण गरी लगेकोमा ०६२ कार्तिक २ गते सुरक्षाकर्मीले घेराबारीबाट फिर्ता ल्याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

मेचीनगर नपा-६ का ताराबहादुर दर्जीलाई ०६१ पुस २१ गते सुरक्षाकर्मीले बिर्तामोडमा माओवादीले प्रहरीमाथि गरेको आक्रमणमा सवारी साधन उपलब्ध गराउन सहयोग पुऱ्याएको आरोपमा नजरबन्दमा राखे। उनलाई ०६२ कार्तिक ११ गते रिहा गरियो।

सुरूंगा गाविस-८ का ३२ वर्षीय रूपलाल डाँगीलाई माओवादीको आरोपमा ०६१ पुस २५ गते सुरक्षाकर्मीले उनकै औषधि पसलबाट गिरफ्तार गरेकोमा केही दिन जबरजंग गण चारआलीमा राखी कारागार शाखा झापामा ०६२ वैशाख २९ गतेदेखि नजरबन्दमा राखेकामा ०६२ असोज १४ गते रिहा गरियो।

धाइजनका तेजराज प्रसाईंले माओवादीलाई सवारीसाधन उपलब्ध गराएको आरोपमा ०६१ पुस २२ गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी झापा कारागारमा नजरबन्दमा राखेकोमा ०६२ कार्तिक ११ गते रिहा गरियो।

मेचीनगर नपा-६ का ४९ वर्षीय निधिराम पौड्याललाई जबरजङ्ग गण चारआलीका सादा पोशाकका सुरक्षाकर्मीले ०६१ माघ २ गते धुलाबारीस्थित आफ्नै पसलमा बसी काम गरिरहेको अवस्थामा माओवादीको आरोपमा गिरफ्तार गरे। उनलाई एकमहिना २२ दिनसम्म सैनिक हिरासतमा राखी ०६२ फागुन २४ गतेदेखि कारागारमा राखिएको छ।

भद्रपुरबाट प्रकाशन हुने साप्ताहिक पत्रिका नौलो आवाजका सहसम्पादक मदन पोखरेललाई ०६१ माघ १९ गते सुरक्षाकर्मीले पत्रिकाकै कार्यालयबाट गिरफ्तार गरी लगेकोमा ०६१ फागुन २ गते जबरजंग गण चारआलीबाट रिहा गरे।

भद्रपुरबाट प्रकाशन हुने साप्ताहिक पत्रिका नौलो आवाजका सम्पादक २८ वर्षीय दीपक अधिकारीलाई ०६१ फागुन १ गते जबरजंग गण, चारआलीका सुरक्षाकर्मीले ब्यारेकमा गएको बेला गिरफ्तार गरी हिरासतमा मानसिक तथा शारीरिक यातना दिई फागुन ७ गते तारेखमा रिहा गरियो। पीडित केही दिन अघि गिरफ्तारीमा परी रिहा भएका

सोही पत्रिकाका सह-सम्पादक मदन पोखरेलको बारेमा बुझ्न व्यारेक गएका थिए।

बिर्तामोडबाट प्रकाशित हुने मुक्ति आवाज साप्ताहिकका सम्पादक तथा नेपाल पत्रकार महासंघ जिल्ला शाखाका तत्कालीन कोषाध्यक्ष दिपिन राईलाई ०६१ फागुन १२ गते सादा पोशाकका सुरक्षाकर्मीले शनिश्चरे बजारमा भाइको बिहेको सामान खरिद गर्न गएको बेला गिरफ्तार गरे। उनलाई जबरजंग गण चारआलीमा सात दिनसम्म बंकरमा राखी चरम मानसिक तथा शारीरिक यातना दिई ०६१ फागुन १८ गते रिहा गरियो।

पाँचथर सिदिन गाविस-७ का २४ वर्षीय विक्रम रिजाललाई जबरजंग गण, चारआलीका सुरक्षाकर्मीले ०६१ फागुन २० गते राजमार्ग सुरक्षा जाँचको क्रममा माओवादीको आरोपमा चारआलीबाट गिरफ्तार गरे। उनलाई फागुन २१ गतेदेखि कारागार शाखा, झापामा नजरबन्दमा राखियो।

बुधबारे घर भई आदर्श माध्यमिक विद्यालय जयपुर, बुधबारेमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीय पुण्यप्रसाद कोइरालालाई ०६२ वैशाख २८ गते जबरजंग गण चारआलीका सादा पोशाकका सुरक्षाकर्मीले माओवादीको आरोपमा विद्यालयबाटै गिरफ्तार गरे। उनलाई चार दिनसम्म जबरजंग गणमा राखी जिल्ला कारागार शाखामा नजरबन्दमा राखियो। पीडितलाई ०६२ भदौ २१ गते रिहा गरियो।

पाँचगाछी गाविस बुलुचोकका अन्दाजी ३५ वर्षीय सर्वसाधारण विनोद ढुंगानाले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ जेठ ८ गते सुरक्षाकर्मीले शिवगञ्ज बजारबाट उनलाई गिरफ्तार गरी तीन दिनसम्म जबरजंग गण चारआलीमा यातना दिई रिहा गरे। धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भए पनि पीडित अपांग जस्तै भएका छन्।

चारपाने गाविस-८ का अन्दाजी २५ वर्षीय कैलाश खरेललाई माओवादीको आरोपमा ०६२ असार १ गते राति घरमा सुतिरहेको बेला सुरक्षाकर्मीले गिरफ्तार गरी ०६२ असार ५ गते जबरजंग गण चारआलीबाट रिहा गरियो।

चारपाने गाविस-८ का ३५ वर्षीय डेकेन्द्र न्यौपानेलाई माओवादीको आरोप लगाउँदै ०६२ असार ३ गते सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरे। उनलाई असार ५ गते जबरजंग गण चारआलीबाट रिहा गरियो।

अनारमनी गाविस-३ बिर्तामोड घर भई भद्रपुरमा बिजुलीका सामानको व्यापार गरी बस्ने ३५ वर्षीय तेजबहादुर सुब्बालाई जबरजंग गण चारआलीबाट गएका सादा पोशाकका सुरक्षाकर्मीले माओवादीलाई बिजुलीको तार बेचेको र चन्दा उठाउन सहयोग गरेको आरोप लगाई पसलबाटै ०६२ असार २८ गते गिरफ्तार गरे। उनलाई सैनिक हिरासतमा राखी भोलिपल्ट रिहा गरियो।

मेचीनगर नपा-७ का राजु धिमाललाई माओवादीको आरोपमा ०६२ साउन ३ गते बिहान जबरजंग गण, चारआलीबाट गएको सुरक्षाकर्मीले आफ्नै घरमा सुतिरहेको अवस्थामा गिरफ्तार गरे। उनलाई ०६२ साउन ५ गते रिहा गरियो।

मेचीनगर नपा-६ का कृष्णकौशल ढुंगानालाई माओवादीको आरोपमा ०६२ साउन ३ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई साउन ४ गतेदेखि नजरबन्दमा राखेकोमा ०६२ मंसिर १६ गते रिहा गरियो।

मोरङ जिल्ला हसन्दह गाविस-२ घर भई दमकमा डेरा गरी बस्ने २१ वर्षीय डम्बरबहादुर कार्कीलाई माओवादीको आरोपमा ०६२ साउन ७ गते गिरफ्तार गरेकोमा साउन ९ गतेदेखि उनलाई नजरबन्दमा राखिएको छ।

मेचीनगर नपा-१२ का ५२ वर्षीय सुदर्शन कार्कीलाई जबरजंग गण, चारआलीका सुरक्षाकर्मीले माओवादीको आरोपमा ०६२ साउन ७ गते राति आफ्नै घरमा सुतिरहेको अवस्थामा गिरफ्तार गरे। उनलाई चारआली व्यारेकमा सैनिक हिरासतमा राखी ०६२ साउन १० गते रिहा गरियो।

मेचीनगर नपा- १० का रविरत्न डौलियालाई माओवादीको आरोपमा ०६२ साउन ७ गते राति जबरजंग गण, चारआलीको गस्ती टोलीले आफ्नै घरमा सुतिरहेको अवस्थामा गिरफ्तार गरी ०६२ साउन १० गते रिहा गरे।

ज्यामिरगढी गाविस-६ का १९ वर्षीय विजय राजवंशीलाई सुरक्षाकर्मीले माओवादीको आरोपमा ०६२ साउन ९ गते घरैबाट गिरफ्तार गरेकोमा सोही दिन चारआली व्यारेकबाट रिहा गरियो।

बुधबारे गाविस-२ का तारानाथ अधिकारीलाई ०६२ भदौ २ गते जबरजंग गण चारआलीका सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई ०६२ भदौ ५ गतेदेखि जिल्ला कारगार शाखामा नजरबन्दमा राखियो।

महारानी झोडा गाविस-२ का २३ वर्षीय प्रेमबहादुर कार्कीलाई माओवादीको आरोपमा ०६२ भदौ ९ गते सुरक्षाकर्मीले लखनपुर चोकबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखे। उनलाई ०६२ भदौ २१ गते तारिखमा रिहा गरियो।

इलाम जिल्ला दानाबारी गाविस-७ की २४ वर्षीय सुशीला खवासलाई माओवादीको आरोपमा ०६२ भदौ १२ गते चारआली व्यारेकका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा उनलाई हाल कारागारमा नजरबन्दमा राखियो।

बुधबारे होक्से गाविस-१ का रबीलाल कुईंकेल र सोही गाविस- २ जयपुरकी भीमा खवासलाई सुरक्षाकर्मीले माओवादीको आरोपमा ०६२ भदौ २९ गते गिरफ्तार गरी जिल्ला कारागार शाखामा ०६२ भदौ ३० गतेदेखि

नजरवन्दमा राखेकोमा भीमालाई असोज २० गते मुक्त गरियो भने खीलाललाई थुनामै राखिएको छ।

दमकस्थित उद्योग वाणिज्य संघका इलम प्रशिक्षण इकाइका कार्यालय सहायक २६ वर्षीय वेद गौतमलाई माओवादीको आरोपमा ०६२ कार्तिक ११ गते बिहान सुरक्षाकर्मीले कार्यालयबाटै गिरफ्तार गरी ०६२ कार्तिक १३ गते बिहान जवरजंग गण चारआलीबाट रिहा गरे।

केचना गाविस-३ का माओवादी कार्यकर्ता २४ वर्षीय पूर्ण भण्डारीलाई जबरजङ्ग गण चारआलीबाट गस्तीमा गएका सुरक्षाकर्मीले हल्दीबारी गाविस-९ स्कूल चोकबाट मोटरसाइकलमा गइरहेको अवस्थामा ०६२ कार्तिक १९ गते अपरान्ह गिरफ्तार गरे। उनलाई ०६२ कार्तिक २१ गतेदेखि जिल्ला कारागार शाखामा नजरबन्दमा राखिएको छ।

महाभारा गाविस-६ का २१ वर्षीय घनश्याम श्रेष्ठ र धरमपुर-५ का ३२ वर्षीय सन्त राईलाई गौरीगञ्ज बेस क्याम्पबाट गएको सादापोशाकका सुरक्षाकर्मीले महाभारा कुञ्जीबारी बजारबाट ०६२ कार्तिक २३ गते गिरफ्तार गरे। पीडितहरूलाई कारागार शाखा झापामा नजरबन्दमा राखिएको छ।

वाहुनडाँगी गाविस-३ का इन्द्रबहादुर सुव्वालाई जवरजङ्ग गण चारआलीबाट सुरक्षा गस्तीमा गएका सादा पोशाकका सुरक्षाकर्मीले ०६२ कार्तिक २५ गते अपरान्ह स्थानीय चोकबाट माओवादीको आरोपमा गिरफ्तार गरेकोमा ०६२ कार्तिक २५ गतेदेखि कारागार शाखामा नजरबन्दमा राखिएको छ।

गोल्धाप गाविस-८ घर भई झापा माओवादीका ३ र ४ नं. एरिया इन्चार्ज २७ वर्षीय हिक्मत भनिने डिल्लीराम घिमिरे र माओवादीका जनमिलिसिया कमाण्डर चन्द्र भनिने २८ वर्षीय ढुण्डीराज गुरागाईलाई सुरक्षाकर्मीको गस्ती टोलीले ०६२ मंसिर १३ तोपगाछीको सरङपाडा बजारमा साइकलमा हिँडिरहेको अवस्थामा गिरफ्तार गरे। उनलाई ०६२ मंसिर १८ देखि जिल्ला कारागार शाखामा नजरबन्दमा राखिएको छ।

जुरेपानी गाविस-८ का माओवादी कार्यकर्ता ३३ वर्षीय कमल खरेललाई गौरीगञ्ज आधार शिविरबाट गएको सादा पोसाकका सुरक्षाकर्मीको गस्ती टोलीले ०६२ मंसिर ३० गते बिहान आफ्नै घरमा सुतिरहेको अवस्थामा गिरफ्तार गर्‍यो। उनलाई ०६२ पुस ९ गते चारआली सैनिक व्यारेकबाट रिहा गरियो।

अर्जुनधारा गाविस-२ का ३५ वर्षीय मिलन काफ्लेलाई माओवादीको आरोपमा ०६२ पुस ४ गते राति सुरक्षाकर्मीले घरैमा सुतिरहेको अवस्थामा गिरफ्तार गरे। उनलाई ०६२ पुस ५ गतेदेखि यस वर्षको अन्त्यसम्म कारागारमा नजरबन्दमा राखियो।

चकचकी गाविस-४ घर भई माओवादीका ९ नं. एरिया सेक्रेटरी तथा कोचिला मुक्ति मोर्चाका केन्द्रीय सदस्य ३० वर्षीय लक्ष्मी राजवंशीलाई जवरजङ्ग गण चारआलीका सादा पोशाकका सुरक्षाकर्मीले ०६२ पुस ४ गते अपरान्ह खुदुनावारीबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखे। उनलाई हाल नजरबन्दमा राखिएको छ।

इलाम जिल्ला दानाबारी गाविस-१ का माओवादी कार्यकर्ता २३ वर्षीय संदीप त्रिखत्रीलाई जबरजङ्ग गणबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले ०६२ मंसिर ३० गते बुधवारे सोही गाविस नजिकबाट पेस्तोलसहित गिरफ्तार गर्‍यो। उनलाई जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखेको छ।

पुनः गिरफ्तारी

जलथल गाविस-३ का २९ वर्षीय टंक भट्टराई, पाँचथर जिल्ला मेमेङ गाविस-२ का ३० वर्षीय राधाकृष्ण ढकाल रसराङडाँडा-७ का दीपेन्द्र आङदम्वेलाई ०६१ पुस २५ गते अदालतको रोहवरमा नजरबन्दबाट रिहा हुने बित्तिकै अदालत बाहिरबाट सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी पुन: नजरबन्दमा नै राखिएकोमा टंक भट्टराई ०६२ जेठ २७ गते रिहा भए भने आङदम्वेलाई मोरङ कारागारमा सरुवा गरिएको छ।

शिवगञ्ज गाविस-४ का डिल्लीराम आचार्य, तोपगाछी गाविस-९ का नेत्रबहादुर कार्की, दमकका नरहरि दाहाल, विराटनगरका गणेश दंगाल र पाँचथर जिल्ला सराङडाँडाका अशोक भण्डारीलाई माओवादीको आरोपमा झापाका विभिन्न ठाउँबाट गिरफ्तार गरी कारागार शाखा झापामा राखेकामा ०६१ माघ ६ गते अदालतको आदेशमा रिहा हुने बित्तिकै सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी पुन: नजरबन्दमा राखेकोमा दमकका नरहरि दाहाललाई ०६२ जेठ २७ गते रिहा गरियो भने अशोक भण्डारीलाई असोज २ गते रिहा गरियो।

गौरादह गाविस-७ का पुष्प ढकाल, पाँचगाछी गाविस-१ का याम गिरी, धरमपुरका दीपक बुढाथोकी, नुवाकोट छारपा गाविसका श्याम तामाङ्गलाई माओवादीको आरोपमा विभिन्न ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरी कारागार शाखामा नजरबन्दमा राखेकोमा ०६१ माघ १३ गते अपरान्ह अदालतको आदेशानुसार छाड्ने बित्तिकै सादापोशाकका सुरक्षाकर्मीले अदालत परिसरबाटै गिरफ्तार गरी पुन: नजरबन्दमा राखेकोमा अदालतको आदेशबमोजिम पुष्प ढकाल ०६२ जेठ २७ गते रिहा भए।

दमक नपा-१५ घर भएका माओवादी कार्यकर्ता टंकप्रसाद अधिकारीलाई ०६१ असार १९ गते महारानीझोडाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा

राखेकोमा उनका बुवा कुलचन्द्र अधिकारीले आफ्नो छोरालाई गैरकानुनी रूपमा थुनामा राखेको भन्दै पुनरावेदन अदालत इलाममा रिट निवेदन दिएपछि ०६२ मंसिर १४ गते कारागारबाट मुक्त गर्ने बित्तिकै सुरक्षाकर्मीले पुनः गिरफ्तार गरी हातहतियार तथा खरखजाना मुद्दा दायर गरी पुनः थुनामा राखे।

जिल्ला कारागार शाखामा माओवादीको आरोपमा विभिन्न मितिमा गिरफ्तार गरी नजरबन्दमा रहेका सुरुङ्गा गाविस- ९ का पुरुषोत्तम चुडाल, गोगदह गाविस-५ का प्रेम चापागाई, शान्तिनगरका खगेन्द्रप्रसाद दाहाल, मेचीनगरकी पुष्पा उप्रेती र इलाम जिल्ला लक्ष्मीपुरका हिमबहादुर राना मगरलाई जिल्ला प्रशासन कार्यालयको आदेशानुसार ०६२ कार्तिक १ गते नजरबन्द मुक्त गरियो। उनीहरूलाई रिहा हुनेबित्तिकै सुरक्षाकर्मीले पुनः गिरफ्तार गरी नजरबन्दमा राखिएको छ। पीडितहरूलाई विभिन्न मितिमा एक वर्षअगाडि गिरफ्तार गरिएको थियो।

माओवादीको आरोपमा झापाका विभिन्न स्थानबाट सुरक्षाकर्मीले गिरफ्तार गरी कारागार शाखा झापामा नजरबन्दमा राखिएका राजगढ गाविस- ५ का देवीप्रसाद दाहाल, धरमपुर गाविस-३ का रमेश बुढाथोकी, केरावारी गाविस-७ का गर्गा राजवंशी र सोलुखुम्बु दुध्र गाविस-८ का चन्द्रकुमार राईलाई ०६२ पुस १३ गते अपराह्न नजरबन्दको म्याद भुक्तानी भई मुक्त हुने बित्तिकै कारागारबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी चार दिनसम्म जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखी पुनः कारागारमा राखिएको छ।

बालअधिकार

इलाम जिल्ला घर भई पशुपतिनगर गाविस-८ स्थित माइतीघरमा बस्दै आएकी २७ वर्षीय दुर्गा थापाले अनैतिक सम्बन्धबाट ०६२ साउन २७ गते बच्चा जन्माई तत्काल घाँटी निमोठी हत्या गरिन्। उनलाई हाल कानुनी कारवाही भइरहेको छ।

अर्जुनधारा गाविसकी १२ वर्षीय एक बालिकालाई सोही ठाउका ६४ वर्षीय उदयबहादुर लिम्बुले ०६१ चैत २ गते दिउँसो घाँस काट्न खेतमा गएको बेला बलात्कार गरे। पीडकलाई गाउँलेहरूले प्रहरीको जिम्मा लगाए।

भुटानी शरणार्थी शिविर बेलडाँगी सेक्टर ए ३ छाप्रो नं. ८५ की छ वर्षीय एक बालिकालाई सोही शिविर सेक्टर बी छाप्रो नं. ९५ का १९ वर्षीय नारेन राईले ०६१ चैत ३० गते पीडितकै घरमा बलात्कार गरे। स्थानीय छिमेकीहरूले पीडकलाई प्रहरीको जिम्मा लगाए।

दमक नपा-५ की १३ वर्षीय एक बालिकालाई सोही ठाउँका २६ वर्षीय विनोद बस्नेतले ०६१ चैत २७ गते बिहान साइकल सिकाइदिने भन्दै झाडीमा लगी बलात्कार गरे। स्थानीय छिमेकीहरूले पीडकलाई प्रहरीको जिम्मा लगाए।

भुटानी शरणार्थी शिविर बेलडाँगी २ सेक्टर एच छाप्रो न. ४५ की पाँच वर्षीय एक बालिकालाई सोही शिविरका १६ वर्षीय धनपति न्यौपानेले ०६१ चैत १३ गते बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी कारवाही अगाडि बढायो।

भुटानी शरणार्थी शिविर बेलडाँगीकी एक चार वर्षीय बालिकालाई सोही शिविरका बालकद्वय १० वर्षीय कृष्णबहादुर राई र नौ वर्षीय सुरज विश्वाले ०६२ जेठ १ गते खेल्न गएको बेला रतुवाखोला किनारमा बलात्कार गरे।

दमक नपा-१० का ७१ वर्षीय बलिमान पोर्तेलले सोही वडाकी ११ वर्षीय एक बालिकालाई ०६२ असार २२ गते बलात्कार गरे।

बेलडाँगी शरणार्थी शिविर सेक्टर १,३ की नौ वर्षीय एक बालिकालाई सोही शिविर सेक्टर २ का ३५ वर्षीय बालकुमार गुरुङले ०६२ असार १ गते राति बलात्कार गरे। पीडक हाल थुनामा छन्।

बेलडाँगी शरणार्थी शिविर १ बी छाप्रो नं. ३४३ की १२ वर्षीय एक बालिकालाई सोही शिविर १ सेक्टर बी. ३ छाप्रो नं. २९४ का १६ वर्षीय रघुवीर गुरुङ र सेक्टर बी ३ छाप्रो नं. ३६५ का १८ वर्षीय दिलबहादुर कार्कीले ०६२ जेठ २४ गते बलात्कार गरे। पीडकहरू फरार छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

नुवाकोट जिल्ला घ्याङफेदी गाविस घर भएकी १४ वर्षीय माइली तामाङ र साइँली तामाङलाई ०६२ भदौ ९ गते सोही गाविसका २५ वर्षीय विशाल तामाङले बिक्रीका लागि भारततर्फ लैजाँदै गर्दा इलाका प्रहरी कार्यालय काँकडभिट्टाका सुरक्षाकर्मीले गिरफ्तार गरी युवतीहरूलाई माइती नेपालको जिम्मा लगायो । पीडक हाल थुनामा छन्।

बलात्कार बलात्कार प्रयास

भुटानी शरणार्थी शिविर गोल्धापकी एक युवतीलाई सोही शिविरका ४५ वर्षीय नरध्वज गुरुङले ०६१ चैत ४ गते बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी आवश्यक कारवाही अगाडि बढायो। पीडक हाल थुनामा छन्।

बनियानी गाविस-१ की २५ वर्षीय सुस्त मनस्थितिकी एक युवतीलाई बनियानी गाविस-८ का ३५ वर्षीय धनेन्द्र बस्नेतले ०६२ साउन २९ गते बलात्कार गरे।

मोरङ जिल्ला केरावारी गाविस-३ घर भई दमक पूर्व बस स्टेण्डको रोञ्जन होटलमा कुकको काम गर्ने १७ वर्षीय एक युवतीलाई इलाका प्रहरी कार्यालय दमकका प्रहरी सहायक निरीक्षक जीवन के.सीले ०६२ भदौ १९ गते साँझ पेस्तोल देखाई बलात्कार गरे।

विविध

संरचना सम्पत्ति क्षति

दमक नपा-११ स्थित सूर्योदय बोर्डिङ स्कूलमा ०६२ साउन ७ गते बिहान माओवादीले प्रेसरकुकर बम विष्फोट गराई विद्यालयको फर्निचर र झ्यालढोकामा क्षति पुऱ्याए।

पृथ्वीनगर गाविस सोमबारेस्थित नेपाल ग्रामीण पुनर्वास कम्पनीको भवनमा ०६२ साउन १८ गते माओवादीले बेलुकी बम विस्फोट गराई क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस जिल्लामा यस वर्ष जम्मा १८ महिला र ३२ पुरूष गरी ५० जनाले आत्महत्या गरे। कुटपिटका ३३ ओटा घटना भए। जसमा चारजना पुरुष र चारजना महिला सख्त घाइते भए।

१.२ इलाम



जनसंख्या :	३०७३२०
साक्षरता प्रतिशत :	६६.२३
महिला साक्षरता प्रतिशत :	३९.५
क्षेत्रफल (वर्ग कि. मि.) :	१७०३
गाविस नपा संख्या :	४८/१
निर्वाचन क्षेत्र :	३
विद्यालय :	४७२
क्याम्पस/उच्च मा.वि. :	२/८
अस्पताल/स्वास्थ्य चौकी :	१/४८
टेलिफोन लाइन :	१४३१
मोटर सडक (कि. मि.) :	१२३
प्रहरी कार्यालय संख्या :	७
हुलाक संख्या :	४८
मानव विकास सूचकांक :	०.५२१
प्रति परिवार सरदर संख्या :	६•

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

एकतप्पा गाविस-९ स्थित दोकानडाँडामा चाउचाउ किनेर फर्कने क्रममा जिल्लास्थित सुरक्षाकर्मीको टोलीलाई देखेर भाग्न खोज्दा माओवादी इलाकास्तरकी सृजना भनिने २१ वर्षीय कार्यकर्ताको ०६१ फागुन २ गते बिहान सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो। लास सुरक्षाकर्मीले नै पुरेर फर्किएकोमा माओवादीले दुई दिनपछि सो स्थानमा झण्डा गाडे। पीडितको सनाखत हुन सकेन।

फिक्कल गाविस-६ का माओवादी कार्यकर्ता ३० वर्षीय रूपेन राईको सोयाङ गाविस-३ मा ०६२ वैशाख १९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। स्थानीय पसलमा बसेका तीनजना कार्यकर्ताहरू सुरक्षाकर्मीलाई देखेर भाग्दै गर्दा उनलाई गोली प्रहार गरिएको थियो। पञ्चकन्या गाविस-८ घर भएकी नीशा भनिने तारा राईलाई सुरक्षाकर्मीले घटनास्थलबाटै गिरफ्तार गरे भने अर्का एक कार्यकर्ता भागेका थिए। राईको साथबाट विभिन्न दस्तावेज फेला परेको सुरक्षाकर्मीले जनाए। दुई दिनपछि उनलाई सेनाले कारागार शाखामा पठायो। रूपेनको लास सुरक्षाकर्मीले गाउँले भेला गराई घटनास्थलमा नै पुरेर फर्किएका थिए।

शान्तिपुर गाविस-३ बदमटारमा झापाको चारआलीबाट सर्चमा गएको सुरक्षाकर्मीको समूहलाई सकेट बम प्रहार गरेको आरोपमा माओवादीको समूहलाई लक्षित गरी ०६२ जेठ २२ गते बिहान सुरक्षाकर्मीले गोली प्रहार गर्दा २४ वर्षीय सोनम राई र नाम नखुलेका अन्दाजी २० वर्षीय एक माओवादी कार्यकर्ताको घटनास्थलमै मृत्यु भयो। घटनास्थलबाट एकथान पेस्तोलसमेत बरामद भएको सुरक्षास्रोतले जनायो। माओवादीका दुईजना कार्यकर्ताहरूलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिएको स्थानीय बासिन्दाले बताए। तर सुरक्षाकर्मीले गिरफ्तारीको पुष्टि गरेन।

माओवादीबाट

ठोक्सिला गाविस-२ घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २२ वर्षीय प्रेम श्रेष्ठलाई ०६२ असार १५ गते इलाम नपा-२ स्थित चोक बजारमा बिहान माओवादीले गोली हानी हत्या गरे। तीन गोली लागेका श्रेष्ठको उपचारका क्रममा दुई घण्टापछि मृत्यु भएको थियो। सोही घटनामा खोटाङ जिल्ला घर भई सोही जिल्लामा कार्यरत प्रहरी सहायक निरीक्षक ३७ वर्षीय चन्द्रबहादुर थापा मगर तिघ्रामा एक गोली लागी घाइते भए। श्रेष्ठ ढलेपछि उनको एक थान थ्रीनट थ्री राइफलसमेत माओवादीले लिएर गएका थिए।

दोहोरो भिडन्त

माइपोखरी गाविस-१ स्थित मलातेमा ०६१ माघ ६ गते दिउँसो संयुक्त सुरक्षाकर्मीमाथि माओवादीले आक्रमण गरेपछि दोहोरो भिडन्त हुँदा सेनातर्फ श्री वक्स गुल्मका सहसेनानी उपेन्द्र रानाभाटसहित १७ जना र प्रहरीतर्फ प्रनानि नारायण पराजुलीसहित ६ जना गरी २३ सुरक्षाकर्मीको मृत्यु भयो । घाइते पाँचजनालाई भोलिपल्ट उपचारका लागि वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान लगिएको थियो। भिडन्तमा माओवादीतर्फ ७ नं. विग्रेड कमाण्डर युवराजसहित रोजिना, विद्या र प्रकाश गरी चारजनाको मृत्यु भएको र सुरक्षाकर्मीको धेरै हतियारहरू आफूले कब्जा गरेको माओवादीले दावी गरे। घटनास्थलमा तीनओटा चिहान फेला परे। त्यहाँ कति जना गाडिएको छ थाहा भएन। मृत्यु हुनेमा सैनिकतर्फ सहसेनानी-उपेन्द्र रानाभाट-श्री वक्स गुल्म, हुद्दाहरू बाबुराम के.सी-कालीध्वज गुल्म, विजेन्द्र कार्की-वटुकदल गण, वेगवहादुर भुजेल कालिध्वज गण, कमल नेपाली २१ नं. वाहिनी, नानु माझी भवानी दल गण, अमल्दारहरू-भोजकुमार पण्डित इन्द्रदल गण, बाबुराम नगरकोटी-इन्द्रदल गण, मेघवहादुर सिजाली-बटुकदल गुल्म, रमेश दुलाल-श्री वक्स गुल्म, इन्द्र श्रेष्ठ-वटुकदल गुल्म, शिलबहादुर वस्यौल विष्णुदल गुल्म, प्युठहरू मनोज बानिया जवरजंग गण, विष्णु भुजु वटुक दल गण, धनराज वि.क जवरजंग गण, देवेन्द्र भण्डारी-श्री वक्स गुल्म, जमलदार तोरण बोगटी जवरजंग गण, त्यसैगरी प्रहरीतर्फ सई नारायण पराजुली (मोरङ्ग), प्रहरी हवल्दार सन्त तामाङ्ग (पाँचथर), प्रहरी जवानहरू हरिदेव ठाकुर (झापा), संजीव चौधरी (सुनसरी), यामवहादुर थापा (झापा), छिरिङ्ग दोर्जे शेर्पा (झापा) रहेका छन्। घाइतेहरूमा अमलदार अर्जुन अधिकारी अमलदारहरू धनवहादुर वस्नेत, ज्ञानेन्द्र वस्नेत, प्युठहरू कैलाश श्रेष्ठ, हरि कुमाल रहेका छन्।

मंगलवारे गाविस-९ स्थित क्याबुङ्गमा ०६१ फागन २६ गते दिउँसो ११:३० वजेवाट भएको दोहोरो भिडन्तमा तीनजना माओवादीको मृत्यु भयो भने सुरक्षाफौजतर्फ तीनजना घाइते भए। माओवादीले आफ्नोतर्फ सेक्सन कमाण्डरहरू रक्की, शिव र सदस्य अशोकको मृत्यु भएको र सात जना घाइते भएको जनाए।

आफ्नै बमबाट मृत्यु

मेची राजमार्गको साखेजुङ्ग-७ नेपालटार खण्डमा यातायात वन्द गर्न माओवादी कार्यकर्ताद्वारा वम राख्ने क्रममा ०६१ माघ ३ गते राति सो बम विस्फोट हुँदा चट्टान र संगीना भनिने दुईजना माओवादी कार्यकर्ताको मृत्यु भयो। मृत्यु भएका कार्यकर्तालाई माओवादीले नै केही परको जंगलमा लगेर पुरे।

अन्य

मंगलवारे गाविस-३ तपेवाका ४५ वर्षीय पदमबहादुर साङ्पाङ्गलाई पारिवारिक झगडाको विषयलाई आधार वनाई माओवादी गाजस प्रमुख भानुभक्त लिम्बूको संलग्नतामा गोपाल लिम्वू, कमलसिंह लिम्वू, लालु राई र इन्द्र सुव्वाले ०६२ वैशाख १३ गते राति घरबाट करिव १५० मिटर पर बारीमा लगेर कुटपिट र शरीरका विभिन्न भागमा छुरी प्रहार गरी हत्या गरे। घटनापछि भानुभक्त र इन्द्र सुव्वा फरार भए। बाँकी तीनजनालाई गाउँलेहरूले बाँधेर घटनास्थलमा १५ गते दिउँसोसम्म राखे। सुरक्षाकर्मी घटनास्थल जान चाहेन। माओवादीले जनताको मागअनुसार

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१		१	४	२६	१		२७	५	८	३		११
घाइते					६	११		४	१५	१			८	८
गिरफ्तारी/यातना										२२	३४	८		४२
कुटपिट					५	१०	१		११	१	१०			१०
धम्की					७	७		२	९	२			३	३
भेला/संगठित हुने अधिकार										३	३		१	४
जातीय विभेद	१		१	१										
वालअधिकार					२	४००		१५०००	१५४००					
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					२	२			२					
अपहरण	१	१		१	४२	९०	३		९३					
जम्मा	३	२	१	३	६९	५४६	५	१५००६	१५५५७	३४	५५	११	१२	७८

छानबिन र कारवाही गरिने घोषणा गर्दै बाँधेर राखेका तीनैजना कार्यकर्ताहरूलाई छुटाएर लगे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

चिसापानी गाविस-४ का २४ वर्षीय राजकुमार राई सोही वडाको मानेडाँडामा घाँस काट्न गएकोवेला भीरबाट चिप्लिएर सकेट बममा पर्दा भएको विस्फोटबाट ०६२ वैशाख ५ गते घाइते भए। उनको देब्रे हातको हत्केलो र दाहिने हातको औंलाहरू चुँडिए। घाइतेको इलाम अस्पतालमा उपचार भयो।

फूयतप्पा गाविस-३ स्थित बाटोमा ०६२ जेठ २१ गते दिउँसो भएको भिडन्तमा माओवादीतर्फ सातजना र सुरक्षाकर्मीतर्फ एकजना घाइते भए।

फिक्कल गाविस-६ का ३५ वर्षीय दावा घिसिङ्गलाई ०६२ भदौ ५ गते आफ्नै घर छेऊको एउटा होटल अघिल्तिर साथीहरूसँग उभिएर गफ गरिरहेको अवस्थामा माओवादीले गोली प्रहार गरी घाइते बनाए। उनको धरानस्थित बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। माओवादी बन्दको अवज्ञा गरेको तथा सुराकी गरेको आरोप माओवादीले उनीमाथि लगाए।

जेल र बन्दीहरू

इलाम जिल्लामा रहेको 'घ' श्रेणी अन्तर्गत पर्ने कारागार शाखाको कूल क्षमता ५५ रहे पनि हाल थुनुवा, कैदी र सार्वजानिक सुरक्षा अन्तर्गत एकसय दुईजना बन्दी रहेका छन्। एकजना आश्रित बालिका आमा धर्मशीला चपागाईंसँग जेलमा रहेकी छन्। ०४५ सालको भुकम्पबाट चर्किएको जेलको अगाडिको भाग हालसम्म मर्मत गरिएको छैन। खानेपानी, चर्पी व्यवस्थित गरिएको छ। चर्पीबाट जडान गरिएको ग्याँसद्वारा कैदीहरूले खाना पकाउने गरेका छन्। बन्दीहरूले आयआर्जनको लागि टोपी बुन्ने, मुडा बुन्ने, सजावटका सामग्रीहरू बनाउने गरेका छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

फाकोफोक गाविस-७ का ४१ वर्षीय डम्बरबहादुर थापाले मादक पदार्थ सेवन गरी माओवादी कार्यकर्ताहरूलाई आक्रमणको प्रयास गरेको आरोपमा ०६१ पुस २९ गते बेलुका आफ्नै घरबाट उनलाई माओवादीले अपहरण गरेकोमा माघ २० गते सकुशल मुक्त गरे।

झापा जिल्ला गरामनी गाविस-८ का ४५ वर्षीय विष्णु भेटवालललाई ०६१ माघ ४ गते माओवादीले इलाम जिल्ला दानाबारी गाविस-१ बाट मोटरसाइकलसहित अपहरण गरे। उनी ०६२ जेठ २२ गते माओवादीको नियन्त्रणबाट भागी भारततर्फ गए।

गोदक गाविस-४ स्थित आफ्नै घरबाट ०६१ माघ २४ गते "केही काम छ" भन्दै माओवादीले अपहरण गरेका २८ वर्षीय खड्ग लुङ्गेलीलाई ०६२ वैशाख १३ गते मुक्त गरे। माओवादीले उनलाई पार्टीमा संलग्न हुन दवाव दिएका थिए।

मंगलबारे गाविस-१ का ३२ वर्षीय रमेश चेम्जोङ्ग, ४५ वर्षीय वेदप्रसाद श्रेष्ठ र सूर्योदय शिक्षा सदन मंगलबारेका शिक्षक ४० वर्षीय पदम बास्तोलाले सुराकी गरेको आरोपमा ०६१ चैत ३ गते माओवादीले उनीहरूलाई आ-आफ्नै घरबाट अपहरण गरे। माओवादीले पदम बास्तोला र रमेश चेम्जोङ्गलाई ०६१ चैत ९ गते र वेदप्रसाद श्रेष्ठलाई ११ गते मुक्त गरे।

साखेजुङ्ग गाविस-७ स्थित नेपालटारबाट ०६१ चैत ६ गते नेपाल विद्युत प्राधिकरणमा कार्यरत सातजना कर्मचारीहरूलाई को. १ ज ४९ नं को गाडीसहित विद्युत मर्मतका क्रममा गएको वेला माओवादीले अपहरण गरे। अपहरितमध्ये हेल्पर कुमार दमाई, पाले तिलक श्रेष्ठ, कुल्ली मानबहादुर राई, ड्राइभर रामबहादुर थापा र कुल्ली नगेन्द्र श्रेष्ठलाई माइपोखरी गाविस-२ देउरालीबाट स्थानीय पत्रकारको रोहबरमा ०६१ चैत १३ गते र फोरम्यान मोहन श्रेष्ठ र हेल्पर चकेन्द्रबहादुर थापालाई मानवअधिकारकर्मी र सञ्चारकर्मीहरूको रोहबरमा ०६१ चैत १८ गते मुक्त गरे।

नाम्सालिङ्ग गाविस-३ शुक्रबारेका ४१ वर्षीय वीरबल अग्रवाललाई इलाम आउने क्रममा बा. ९ प २८० नम्बरको मोटरसाइकल र भिडियो क्यामरासहित ०६१ चैत ९ गते अपहरण गरे। पीडित ०६२ वैशाख २० गते भागेर इलाम सदरमुकाम आए। उनलाई माओवादीले सुराकीको आरोप लगाएका थिए।

मंगलबारे गाविस-१ का ६२ वर्षीय आमबोटे अन्तरे भनिने टुलबहादुर श्रेष्ठलाई आफ्नो पार्टी विरूद्ध सुराकीको आरोपमा ०६१ चैत १० गते उनकै घरबाट माओवादीले अपहरण गरे। उनलाई उनीहरूले तीन महिनासम्म स्थानीय बुधबारे क्षेत्रको बाटो नियमित सरसफाइ गर्ने सर्तमा चैत १७ गते मुक्त गरे।

चुलाचुली गाविस-७ पेल्टिमारीका ३५ वर्षीय गजेन्द्र याख्याल मनोनित गाविस अध्यक्ष भएको बखत राजिनामा गर्न नमानेको र द्वन्द्व पीडितको नामबाट सरकारी रकम खाएको आरोपमा ०६१ चैत १५ गते दिउँसो उनलाई माओवादीले गाविस कार्यालयबाट अपहरण गरे। उनलाई स्थानीय मानवअधिकारकर्मीहरूको पहलमा ०६२ वैशाख २२ गते बाँझो गाविस-५ बाट मुक्त गरे।

समाल्वुङ्ग गाविस-४ का स्थानीय विद्यामन्दिर बोर्डिङ्ग स्कूलका शिक्षक २८ वर्षीय दिनेश खत्रीले भाउजु नाता

पर्नेसँग अनैतिक सम्वन्ध राखेको आरोपमा ०६१ चैत २२ गते उनलाई कुटपिट गरी अपहरण गरे। उनकी गर्भवती भाउजुले सोही दिन विषसेवन गरी आत्महत्या गरेकी थिइन् भने मृतकका पति विदेशमा थिए। अपहरित दिनेश खत्रीको अवस्था अज्ञात छ।

चुलाचुली गाविस-३ का ४५ वर्षीय ओमनारायण खनाल र चुलाचुली गाविस-५ का ४८ वर्षीय जनक कोइरालालाई चुलाचुली गाविस-७ बाट अपहरित व्यक्ति गजेन्द्र याख्खालाई मानवअधिकारकर्मीको हैसियतले जिम्मा लिन बाँझो गाविस-५ मा बोलाएर ०६१ चैत २३ गते कब्जामा राखे। माओवादीले उनीहरूलाई मानवअधिकारकर्मी र सञ्चारकर्मीको पहलमा ०६२ वैशाख २२ गते बाँझो गाविस-५ बाटै मुक्त गरे।

झापा जिल्ला सुरूङ्गा गाविस-१ घर भई जिल्ला विकास समिति इलाममा कार्यरत सवओभरसियर ३२ वर्षीय गोविन्द ढकाललाई माओवादीको स्थानीय सत्ताविरूद्ध अभिव्यक्ति दिएको आरोपमा फुयतप्पा गाविसमा पर्ने विष्णु माविको निर्माणाधीन भवनको निरीक्षणमा जाने क्रममा ०६१ चैत २६ गते मंगलवारे गाविस-१ स्थित वजारवाट माओवादीले अपहरण गरी ०६२ वैशाख १६ गते मुक्त गरे।

माओवादीको कुटपिटबाट घाइते भएका विष्णु मुखिया

झापा जिल्ला दमक घर भई इलामको चुलाचुली गाविस-३ स्थित जनता माविमा कार्यरत शिक्षक ३९ वर्षीय उपेन्द्र सापकोटालाई माओवादीले "स्थानीय सत्तामा तपाई विरूद्ध उजुरी परेकोले सम्पर्क गर्नु" भन्ने खवर पठाएर ०६२ वैशाख ६ गते चुलाचुली गाविस-१ को कमलमा बोलाई त्यहींबाट अपहरण गरे। उनी माओवादीको कब्जावाट ०६२ असोज २१ गते भागेर फर्किए। हाल उनी शिक्षण पेशामै छन्।

बरबोटे गाविस-६ का २६ वर्षीय दीपेन्द्र लिम्वूले स्थानीय महिलासँग अनैतिक सम्वन्ध राखेको तथा माओवादीलाई चन्दा दिन अस्वीकार गरेको आरोपमा ०६२ वैशाख ८ गते उनलाई घरवाटै अपहरण गरे। उनलाई माओवादीले आफ्नो समूहमा लिएर घुमाउने क्रममा माइपोखरी गाविस-४ स्थित देउरालीमा सेनाको समूह देखेर माओवादी भागेपछि सुरक्षाकर्मीले लिम्वूलाई मुक्त गरेका थिए।

एकतप्पा गाविस-९ दोकानडाँडावाट ०६२ वैशाख १४ गते विहान सौर्य उर्जा कार्यक्रममा राष्ट्रिय वाणिज्य वैंकले गरेको लगानीवारे अनुगमनका क्रममा गएको आठ जनाको समूहलाई "विनाअनुमति प्रवेश गरेको" भन्दै मे. १ ज ४५९ नम्बरको ट्याक्सीसहित माओवादीले अपहरण गरेकोमा ०६२ वैशाख १७ गते विहान सोही स्थानवाट मुक्त गरे। टोलीमा राष्ट्रिय वाणिज्य वैंक केन्द्रीय कार्यालयका सह-मुख्य अधिकृत गोपालचन्द्र शर्मा र रामचन्द्र सुवेदी, राष्ट्रिय वाणिज्य वैंक क्षेत्रीय कार्यालयका नायव मुख्य अधिकृत सुरेन्द्रकुमार वजिमय, विज्ञान तथा प्रविधि मन्त्रालयका इन्जिनियर सरोज राई, सौर्य उर्जा प्रा.लि.का निर्देशक विमल घिमिरे, विक्रेताहरू इलामका रवीन्द्र कोइराला, तुलसी खड्का र गाडी चालक रमेश परियार थिए।

मंगलवारे गाविस-१ स्थित वजारको डेरावाट माओवादीविरूद्ध समाचार लेखेको, स्थानीय सत्ताको नीतिविरूद्ध गएको भन्ने आरोपमा आँखा साप्ताहिकका स्थानीय सम्वाददाता २९ वर्षीय सोम शर्मालाई ०६२ वैशाख ३० गते माओवादीले अपहरण गरेकोमा पत्रकार महासंघ र मानवअधिकारकर्मीको प्रयासपछि ०६२ असार २५ गते चमैता गाविस-६ बाट विनासर्त मुक्त गरे। सो घटनामा माओवादीको जिल्ला नेतृत्वले आफूहरूले पत्रकारप्रति गरेको व्यवहारप्रति क्षमायाचना गरे।

नयाँवजार गाविस-८ का २७ वर्षीय नरवहादुर न्यौपानेलाई वुवाको वार्षिक श्राद्ध गरिरहेको अवस्थामा ०६२ जेठ २ गते माओवादीले घरवाटै अपहरण गरे। संखुवासभामा कार्यरत सशस्त्र प्रहरीका जवान नरवहादुर वुवाको वार्षिकीको क्रममा दुई घण्टा अघिमात्र घर आइपुगेका थिए।

इलाम र पाँचथरको सीमानामा पर्ने राँके वजारवाट माओवादीले फिदिमको वटुकदल गणमा कार्यरत चार सैनिक जवानलाई ०६२ असार २१ गते निशस्त्र अवस्थामा घर विदामा जाँदै गर्दा वाटैवाट अपहरण गरे। अपहरित सैनिकहरूमा चाँगुनारायण गाविस-१, भक्तपुरका २८ वर्षीय नवराज मगराती, मोहरीया गाविस-४, लम्जुङ्गका २३ वर्षीय चन्द्रबहादुर भुजेल, निर्मलवस्ती, गाविस-१, पर्साका २१ वर्षीय दलवहादुर वुढाक्षेत्री र डाँडीगुरास गाविस-३, सिन्धुलीका २० वर्षीय खड्गबहादुर भुजेल थिए। उनीहरूको तीनजनालाई ०६२ कार्तिक २१ गते इलामको मंगलवारे वजारमा माओवादीद्वारा आयोजित एक कार्यक्रमवाट इन्सेक जिल्ला प्रतिनिधिको रोहवरमा मुक्त गरे। उनीहरूलाई सोही दिन उनीहरूका अभिभावकको जिम्मा वुझाइयो। खड्गवहादुर भुजेल भने माओवादीको घेरावाटै ०६२ साउन ८ गते भागेको माओवादीले जानकारी गराए।

साखेजुङ्ग गाविस-६ का ४८ वर्षीय प्रेमकुमारी सुवेदीलाई ०६२ असार २९ गते विहान खाना खाइरहेको अवस्थावाट माओवादीले अपहरण गरे। स्थानीय व्यापारीवाट छोराले लिएको ४४ हजार रूपैयाँ नतिरेको विषय वनाएर

सुवेदीलाई उनीहरूले अपहरण गरेका थिए। छोराको तत्काल खोजी गरी उनीहरूको सम्पर्कमा पठाउनु पर्ने वा स्थानीय व्यापारी टेकवहादुर वस्नेतको रू. ४४ हजार रकम सातदिन भित्रमा वुझाउनु पर्ने सर्तमा प्रेमकुमारीलाई माओवादीले सोही दिन मुक्त गरे।

कोलवुङ्ग गाविस-२ स्थित भालुभोडामा जिल्ला कृषि कार्यालयद्वारा आयोजित शत्रुजीव व्यवस्थापनसम्वन्धी अभिमुखीकरण कार्यक्रममा गएको अवस्थामा ०६२ असार २९ गते आफ्नो स्वायत्त क्षेत्रमा विना अनुमति कार्यक्रम संचालन गरेको आरोपमा जिल्ला कृषि कार्यालयका चारजना प्रशिक्षक कर्मचारीहरूलाई माओवादीले अपहरण गरे। अपहरित कर्मचारीहरूमा वाली संरक्षण अधिकृत पञ्चकन्या गाविस-७, चितवनका ४५ वर्षीय श्रीकान्त पौडेल, प्राविधिक सहायक तेनुवापट्टी गाविस-२, सिराहाका ४९ वर्षीय महादेव यादव, नायव प्राविधिक सहायक सुन्दरपुर गाविस-८, उदयपुरका ४३ वर्षीय हरिलाल चौधरी र नायव शाखा प्रमुख सोनुकल गाविस-६, महोत्तरीका ४७ वर्षीय विजयकुमार सिंह रहेका थिए। उनीहरूलाई आइन्दा त्यसो नगर्ने सर्तमा भोलिपल्ट विहान घटनास्थलबाटै मुक्त गरे।

माओवादीको कुटपिटबाट घाइते भएका कमल मुखिया

शान्तिडाँडा गाविस-६ का भूतपूर्व सैनिक ४० वर्षीय डम्वरबहादुर राउतलाई ०६२ साउन १ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरे। अपहरित राउतलाई साउन ६ गते साखेजुङ्ग गाविस-७ स्थित नेपालटार बजारवाट सकुशल मुक्त गरे। सैनिक सेवाबाट चार वर्ष पहिले नै स्वेच्छिक अवकास लिएर विराटनगरस्थित नेपाल वाणिज्य वैंक क्षेत्रीय कार्यालयमा सुरक्षागार्डको रूपमा कार्यरत रहेको पुष्टि भएपछि राउतलाई सुरक्षाकर्मी नभएको भन्दै मुक्त गरेका थिए।

कन्याम गाविस-४ तारगाउँबाट माओवादीको स्थानीय सत्ता विरूद्ध वोलेको आरोपमा १३ वर्षीय सीता गड्तौला, ४५ वर्षीय कमल पौडेल, ३२ वर्षीय दुर्गा निरौला र ३५ वर्षीय पदम वस्नेतलाई ०६२ साउन ७ गते माओवादीले अपहरण गरे। उनीहरूलाई जिर्मले गाविस-४ को रम्याङ्गवाट सोही दिन मुक्त गरे।

शान्तिडाँडा गाविस-६ का ५८ वर्षीय पहलमान सुवेदीले स्थानीय सत्ताविरोधी कार्य गरेको आरोपमा ०६२ साउन ११ गते माओवादीले अपहरण गरेकोमा साउन ३१ गते एक हप्तासम्म मंगलबारे नेपालटारको बाटोमा श्रम गर्ने सर्तमा उनकै घरमा ल्याएर मुक्त गरे। अपहरण गरेको समयमा सुवेदीलाई शारीरिक यातना समेत दिए।

कोलवुङ्ग गाविस-२ स्थित लसुने भञ्याङ्गमा आफूहरूको मेची कोशी बन्दलाई सफल पार्न बसेका माओवादीले इलामवाट विराटनगरतर्फ गइरहेको मे. १ ज. ५३३ नं. को माइक्रोवसमा यात्रा गरिहेका स्थानीय विकास अधिकारीलगायत् सातजनाले बन्दको अवज्ञा गरेको आरोपमा ०६२ साउन १५ गते विहान उनीहरूलाई अपहरण गरे। भोलिपल्ट विहान शान्तिपुर गाविस-३ स्थित बरभञ्याङ्गवाट माओवादीको अस्तित्व स्वीकार गर्ने र अब आइन्दा बन्दको अवज्ञा नगर्ने सर्तमा उनीहरूलाई सकुशल मुक्त गरे। अपहरितहरूमा जिविसका स्थानीय विकास अधिकारी पशुपतिनाथ आचार्य, योजना अधिकृत नारायणप्रसाद कोइराला, सब ओभरसियर श्रवण चौधरी, जिल्ला प्राविधिक कार्यालयका ओभरसियर पदम पोखरेल, नगरपालिकाका ओभरसियर दीपक गुरागाईं, विद्युत प्राधिकरणका प्राविधिक योगेन्द्र ठाकुर र वरबोटे गाविस सचिव डिकप्रसाद दहाल थिए।

इलाम नपा-३ का ३९ वर्षीय होम ढकाल, इलाम नपा-४ का चालन भनिने १८ वर्षीय वीरन विष्ट र जोगमाई गाविस-१ निवासी २५ वर्षीय लक्ष्मण राईले वन्दको अवज्ञा गरी सवारी चलाएको आरोपमा ०६२ साउन २४ गते माओवादीले उनीहरूलाई पशुपतिनगरको बौद्धधामबाट अपहरण गरेकोमा आइन्दा त्यसो नगर्ने सर्तमा भोलिपल्ट फिक्कलबाट तीनैजनालाई मुक्त गरे।

एकतप्पा गाविस-५ का ३८ वर्षीय ऋतुकान्त खनालले गाउँमा चोरी गरेको, प्रतिवन्धित अवस्थामा जग्गाको किनवेच गरेको र माओवादीलाई क्षति पुऱ्याउने गरी संगठन तयार गरेको आरोपमा उनलाई ०६२ भदौ २ गते बेलुका आफ्नै घरबाट माओवादीले अपहरण गरे। ०६२ भदौ ५ गतेदेखि एकतप्पा गाविस-५ स्थित सेपेगाउँमा मोटर वाटो खन्न लगाए। ०६२ कार्तिक ५ गतेसम्म सो बाटो खनेपछि "तपाईंको श्रम पूरा भयो" भनी मुक्त गरे।

चमैता गाविस-८ का ३८ वर्षीय भुवानीराम राईले माओवादीले सत्ता विरुद्ध अभिव्यक्ति दिएको आरोपमा उनलाई ०६२ भदौ २९ गते मंगलवारे वजार गएको वेला माओवादीले अपहरण गरेकोमा मानवअधिकार मञ्च, इलामको पहलमा माओवादीले ०६२ असोज ९ गते सकुशल मुक्त गरे।

शान्तिडाँडा गाविस-५ का २० वर्षीय केशव राउतलाई माओवादीले घरवाटै "हामीसँग हिंड्नुहोस्" भन्दै ०६२ असोज १० गते अपहरण गरे। हालसम्म उनको स्थिति अज्ञात छ।

नयाँबजार गाविस-४ लप्सीबोटे घर भएका नेकपा (एमाले) जिल्ला कमिटी सदस्य तथा पूर्व जिविस सदस्य ३४ वर्षीय जीतबहादुर निरौलालाई ०६२ भदौ १३ गते उनकै घरबाट माओवादीले राजनीतिक प्रतिशोधका कारण अपहरण गरेकोमा भदौ १७ गते निरौलालाई उनकै घरमा पुऱ्याई मुक्त गरे।

लक्ष्मीपुर गाविस-५ को दाहालटारमा कार्यालयको कामको सन्दर्भमा गएको बेला झापाको बिर्तामोडस्थित गजुरमुखी इलाका वन कार्यलयका रेन्जर ४१ वर्षीय राजेन्द्रलाल कर्ण र चिसापानी सवरेन्ज पोष्टका रेन्जर ४४ वर्षीय रञ्जीतकुमार यादवलाई माओवादीले आफूहरूको अनुमतिविना आधार क्षेत्रमा प्रवेश गरेको भन्दै ०६२ भदौ १४ गते अपहरण गरे। पीडितहरू दुवैलाई सोधपुछपश्चात् भदौ १६ गते झापाको खुदुनाबारीबाट सकुशल मुक्त गरे।

कोल्वुङ्ग गाविस-४ स्थित लसुनेबाट सामुदायिक वन उपभोक्ता समूहको स्थलगत अनुगमनमा जाने क्रममा जिल्ला वन कार्यालयका वन अधिकृत ४६ वर्षीय रामवृक्ष ठाकुर र कर्मचारी ३४ वर्षीय दीपेन्द्र यादवलाई माओवादीले मेची राजमार्गबाटै सवारी रोकेर ०६२ भदौ १९ गते दिउँसो अपहरण गरे। उनीहरूलाई भोलिपल्ट इलामको शान्तिपुर गाविसबाट मुक्त गरियो।

माइमझुवा गाविस-२ का १३ वर्षीय मनोज गुरूङ्ग, १४ वर्षीय महेश राई र १७ वर्षीय बीरबहादुर राईलाई माइमझुवा गाविस-९ मा आफ्नो कार्यक्रम रहेकोले त्यहाँ जानुपर्छ भन्दै ०६२ असोज १५ गते आ-आफ्नै घरबाट माओवादीले अपहरण गरी लगेकोमा तीन दिनपछि महेश राई र वीरबहादुर भने घर फर्किए तर मनोज गुरूङ्गको अवस्था अझैसम्म अज्ञात रहेको छ।

माबु गाविस-४ का माबुस्थित प्रमोद माविमा कक्षा ६ मा अध्ययनरत १५ वर्षीय विशाल गुरूङ्गलाई ०६२ असोज १७ गते माबु गाविस-९ स्थित तीनकुने चोकबाट माओवादीले अपहरण गरे। हालसम्म उनको अवस्था अज्ञात छ।

बरबोटे गाविस-५ का १९ वर्षीय होम रिजाललाई ०६२ कार्तिक २१ गते माओवादीले इलाम मंगलबारेबाट अपहरण गरे। हालसम्म उनको अवस्था अज्ञात छ। रिजाललाई माओवादीले यस अघि पनि ०६१ चैत २८ गते आफ्नो कार्यक्रम भन्दै अपहरण गरेका थिए। उनलाई ०६२ असार ६ गते सुरक्षाकर्मीले माओवादी भएको आशंकामा गिरफ्तार गरी ०६२ असार १५ गते हिरासत मुक्त गरेको थियो। रिजाल मुक्त भएका छैनन्।

फाकफोक गाविस-९ का ३३ वर्षीय तारानाथ शर्मालाई तपाईको विषयमा पार्टीमा उजुरी परेका कारण सोधपुछ गर्नुपर्ने देखिएकोले हामीसँग हिंड्नुहोस् भन्दै ०६२ मंसिर १४ गते माओवादीले मंगलबारे गाविस-३ स्थित तपेवा प्राविको प्राङ्गणबाट अपहरण गरे। माओवादीले ०६२ मंसिर १७ गते ढुङ्गानालाई सकुशल मुक्त गरे।

साङ्गरूम्वा गाविस-८ का १९ वर्षीय डोमा शेर्पालाई ०६२ मंसिर १९ गते माओवादीले इलाम नपा-२ बाट अपहरण गरे। माओवादी परित्याग गरी केही समयअगाडि सुरक्षाफौजसमक्ष आत्मसमर्पण गरी इलाम सदरमुकाममा बस्दै आएकी डोमा घर जाने क्रममा अपहरणमा परेकी थिइन्।

फाकफोक गाविस-४ का १९ वर्षीय प्रहरी जवान सोमविक्रम बोहोरालाई ०६२ मंसिर २९ गते माओवादीले घर आएको अवस्थामा फुयतप्पा गाविस-१ बाट अपहरण गरे। दुई वर्षदेखि प्रहरी सेवामा कार्यरत बोहोरा सशस्त्र प्रहरी बलको प्रधान कार्यालय हलचोकमा कार्यरत थिए। घरबाट "साथीकोमा जान्छु" भनेर हिंडेको अवस्थाबाट उनलाई माओवादीले अपहरण गरे।

सुलुवुङ्ग गाविस-२ स्थित देउराली बजारबाट कार्यालयको कामको सन्दर्भमा गएका जिल्ला वन कार्यालयका चारजना कर्मचारीहरूलाई सरकारी कर्मचारी भएर विनाअनुमति माओवादीको क्षेत्रमा प्रवेश गरेको भन्दै ०६२ पुस २ गते माओवादीले अपहरण गरेकोमा गाविस-६ बाट ०६२ पुस ५ गते स्थानीय पत्रकारको रोहवरमा आइन्दा सरकारी कामको सन्दर्भमा त्यस क्षेत्रमा प्रवेश नगर्ने सर्तमा मुक्त गरे। अपहरित कर्मचारीहरूमा इलाम नपा-८ का कार्यालय सहायक ४५ वर्षीय अमरदीप राई, इलाम नपा-९ का ३२ वर्षीय अर्जुन कर्णेल, निले गाविस-७, सोलुखुम्बुका २६ वर्षीय हेमकुमार बस्नेत र सुलुवुङ्ग गाविस-३ का २८ वर्षीय सुभाष अधिकारी रहेका थिए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

इलाम नपा-५ स्थित मेची राजमार्गमा विश्वकर्मा पूजाको मूर्ति सेलाएर माइखोलाबाट फर्किएका २० जनाको समूहमाथि ०६२ असोज २ गते दिउँसो सुरक्षाकर्मीसहितको आठजनाको समूहले एक वर्षअघि बरबोटेको फूलपाती महोत्सवमा केटी जिस्काएको निहुँमा त्यहाँका सर्वसाधारणसँग झगडा भएको विषयलाई लिएर कुटपिट गऱ्यो। सो कुटपिटबाट इलाम नपा-८ पहलमान तामाङ्ग, खेतीराम श्रेष्ठ, इलाम नपा-४ का अम्वर बस्नेत, बरबोटे गाविस-८ का सन्तोष राई, सन्तोष लिम्बू, फुर्वा शेर्पा, सुवास राई, राजेन राई र बरबाटे गाविस-१ का सुवास राई र नवीन बस्नेत घाइते भए। पीडितहरूलाई इलाम चोकस्थित ट्राफिक प्रहरी पोष्टमा ५ गते बोलाएर असई दुर्योधन दाहालको रोहवरमा औषधी उपचार खर्च उपलब्ध गराई दिने दोषीहरूको खोजविन र कानुनी कारवाही गरिने भनिए पनि दोषी उपर कुनै कारवाही भएन।

माओवादीबाट

फिक्कल गाविस-२ का मोहन प्रधान गलत क्रियाकलापमा संलग्न भएको भन्दै सात दिनभित्रमा स्थानीय सत्तामा सम्पर्क गर्नुपर्ने भन्दै उनलाई ०६१ माघ १६ गते माओवादी एरिया नं. ९ का सेक्रेटरी प्रभातले एक विज्ञप्तिमार्फत धम्की दिए। विज्ञप्तिमा सम्पर्कमा नआए उनको सम्पूर्ण चलअचल सम्पत्ति कब्जा गरिने व्यहोरा उल्लेख गरिएको थियो।

इलाम नपा-२ का पूर्व मेयर ४५ वर्षीय महेश बस्नेत, ५२ वर्षीय व्यापारी प्रल्हाद चौधरी र ७४ वर्षीय पूर्व मन्त्री प्रेमराज आङदेम्बे कालो धन्दामा संलग्न भएको भन्दै ०६१ माघ १६ गते माओवादी ४ नं. एरिया सेक्रेटरी सन्देशले एक विज्ञप्ति प्रकाशित गरी उनीहरूको सम्पूर्ण जायजेथा कब्जा गरिने धम्की दिए।

माओवादी कार्यकर्ताहरूको एक समूहले माइपोखरी गाविस-१ मा पर्ने जसबीरेका १६ सर्वसाधारणले आफूहरू विरूद्ध प्रतिकार समिति गठन गरेको आरोपमा ०६२ वैशाख ७ गते राति उनीहरूलाई निर्घात कुटपिट गरे। हात पछाडि बाँधेर बाटोमा सुत्न लगाई कुटपिट गरिएका घाइतेहरूलाई उपचारमा कहीं नजान माओवादीले धम्की दिएका थिए। माओवादीले महिलाहरूलाई बाहिर उभ्याएर अत्यन्त अश्लील शब्दमा गालीगलौज गरेका थिए। पीडितमध्ये कमल मुखियाको खुट्टा भाँचिएको थियो भने विष्णु मुखियाको हात भाचिएको थियो।

जमुना गाविस-८ घर भएका रेडियो नेपाल तथा रासस इलामका प्रतिनिधि ३४ वर्षीय उमेश गुरूङलाई १५ दिन भित्र जनअदालतमा सम्पर्क गर्ने सार्वजनिक सूचना माओवादीको गाजसका नामबाट ०६२ जेठ ५ गते प्रकाशित गरे। गुरूङ घर गएको अवस्थामा माओवादीका कार्यकर्ताहरूले दुई महिनाभित्रमा जनयुद्धमा उमेश गुरूङले संलग्न भइसक्नुपर्ने भनाइ राखी स्थान हद गरी ०६२ जेठ १४ गते बाट असार १२ गतेसम्म जमुनामै राखे। पत्रकार महासंघ इलाम शाखाको सक्रियतामा उनलाई सदरमुकाम ल्याइयो। मानवअधिकार मञ्च र पत्रकार महासंघ इलाम शाखाको पहलमा महासंघको केन्द्रीय नेतृत्वसमेतको उपस्थितिमा माओवादी जिल्ला नेतृत्वले ०६२ असार २५ गते उक्त घटनामा संलग्न आफ्ना कार्यकर्ताहरूलाई कारवाही गर्ने प्रतिबद्धतासहित आत्मालोचना गरे।

साङ्रूम्वा गाविस-८ का ३९ वर्षीय शेरबहादुर तामाङले मादक पदार्थ सेवन गरेको आरोपमा ०६२ असार १२ गते राति माओवादीले उनलाई काठको लट्ठीले कुटपिट गरी घाइते बनाए। उपचारमा नजानेसमेत धम्की दिएका कारण पीडित घरेलु उपचार गर्दै घरमै बसे। उनको टाउको र अनुहारमा चोट लागेको थियो।

जीतपुर गाविस-५ का २९ वर्षीय टेकबहादुर सुब्बालाई माओवादीले ०६२ पुस १ गते बेलुका उनकै घरमा कुटपिट गरे। उनलाई सोही दिन दिउँसो माओवादीले नियन्त्रणमा लिएका जीतपुर गाविस-५ का ४४ वर्षीय मंगलसिंह ओदोलाई भगाएको आरोप लगाइएको थियो। घरेलु उपचारपश्चात् सुब्बाको अवस्था हाल सामान्य रहेको छ।

साङ्रूम्वा गाविस-३ का ६३ वर्षीय वेदबहादुर थापा र उनकी छोरी १९ वर्षीय दुर्गा थापालाई ०६२ पुस १० गते राति माओवादीले स्थानीय दलबहादुर रायाको छोरी चन्द्रकला रायासँग दानबहादुरले बिवाह गरेको विषय बनाई कुटपिट गरे।

गजुरमुखी गाविस-९ स्थित इलाम गजुरमुखी मन्दिरका पुजारी ५८ वर्षीय नित्यानन्द नेपाललाई माओवादीले ०६२ पुस १२ गते मन्दिरको गुठीमा रहेको रकम आफूहरूलाई चन्दा नदिए मन्दिरभित्रै गोरूको मासु खुवाउने धम्की दिए।

सिद्धिथुम्का गाविस-३ का ४० वर्षीय ठाकुर घिमिरेलाई दाजुभाइबीचको जग्गासम्बन्धी विवादको निहुँमा ०६२ पुस १३ गते विहान माओवादीले उनकै घरमा आई केही पर बारीमा रहेको खलामा लगेर हिँडडुल गर्न नसक्नेगरी बाँसको डण्डाले कुटपिट गरे। घिमिरेलाई माओवादीले उपचारका क्रममा कहीं गएमा राम्रो नहुने चेतावनी समेत दिए। पीडितको यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), काठमाडौंमा उपचार गरियो।

नेकपा (माओवादी) द्वारा इलामको फुयतप्पा आमचोक, लुम्दे र गजुरमुखी गाविसहरूमा भदौ २९ गतेदेखि नाकाबन्दीको घोषणा गरी कसैलाई रवी बजार नजान धम्की दिए। भदौ २५ गतेदेखि संयुक्त सुरक्षाफौजको एउटा गुल्म रवी बजारमा क्याम्प खडा गरी बसेपछि त्यसको विरोधस्वरूप माओवादीले नाकाबन्दी गरेको जनाए। उनीहरूद्वारा जारी सो सूचनामा बेचबिखन तथा कुनै पनि प्रयोजनको लागि रवी बजार जान सर्वसाधारणलाई रोक लगाइएको कुरा जनाइएको थियो। सो नाकाबन्दीका कारण राँके-रवी र दमक-रवी चल्ने मालबहाक र यात्रुबहाक सवारीका साधनहरूसमेत प्रभावित भए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

संकटकालीन अवस्थामा नारा जुलुस गरेको भन्दै नेकाँ जिल्ला शाखा सभापति इलाम नपा-१ का हिमालय कर्माचार्यलाई ०६१ फागुन १७ गते प्रहरीले गिरफ्तार गरे। आफ्नो जिल्ला अधिवेशन सम्पन्न गरी विजय जुलुस गरिरहेको अवस्थामा उनलाई गिरफ्तार गरिएको थियो। उनलाई तीन महिनाको थुनुवा पूर्जी दिइएको भएपनि प्रहरीले

जिल्ला अदालत इलामको रोहबरमा एक महिनापछि ०६१ चैत १७ गते रिहा भए।

नेपाल पत्रकार महासंघ इलाम शाखाद्वारा इलाम चोक बजारमा ०६२ असार ३० गते एफएमले समाचार भन्नु ठीक या बेठीक भन्ने विषयमा गरेको निर्वाचन कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी कार्यक्रमलाई अवरुद्ध गऱ्यो।

नेपाल पत्रकार महासंघ इलाम शाखाको आयोजनामा ०६२ साउन १६ गते प्रेस स्वतन्त्रताको बहालीको मागसहित जिल्ला प्रशासन कार्यालयमा धर्नामा बसेको करिब एक घण्टापछि प्रहरीले हस्तक्षेप गरे। प्रहरीले बल प्रयोग गरी ब्यानरसमेत खोसेपछि पत्रकारहरूले कोणसभा गरेर सुरक्षाकर्मी, श्री ५ को सरकार र शाही घोषणाको विरोध गरे।

इलाम नपा-२ का तरूणदलका इलाम नगर सभापति ३८ वर्षीय ईश्वर चिपालुलाई ०६२ पुस ६ गते प्रहरीले गिरफ्तार गरे। नेविसंघ र तरूणदलको संयुक्त आयोजनामा नगरकोटमा भएको सैनिक ज्यादतीको विरोधमा बिहान १० बजेसम्म यातायात र बजार बन्दको कार्यक्रमपश्चात् घर फर्कने क्रममा प्रहरीले उनीहरूलाई गिरफ्तार गरेको थियो। मानवअधिकार मञ्च, इलामका अध्यक्ष डि.एन.पराजुलीको रोहबरमा दुवैलाई विनासर्त प्रशासनले सोही दिन रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत, इलाममा गत वर्षबाट दुनियावादी देवानी ६८, सरकारवादी फौजदारी ५६, दुनियावादी फौजदारी ३१ र रिट १३ गरी जम्मा एकसय ६८ ओटा मुद्दा जिम्मेवारी सरेका थिए। यो वर्ष दुनियावादी देवानी ७२, सरकारवादी फौजदारी एकसय चार, दुनियावादी फौजदारी २८ र रिट ३५ गरी जम्मा दुईसय ३९ मुद्दा दर्ता भए। सरेका र परेका गरी जम्मा चारसय सातओटा मुद्दा दर्ता भएकोमा यो वर्ष भरिमा दुनियावादी देवानी ४८, सरकारवादी फौजदारी ७८, दुनियावादी फौजदारी ४३ र रिट २४ गरी जम्मा एकसय ६५ ओटा मुद्दा फैसला भए। यस अदालतमा दुनियावादी देवानी ९२, सरकारवादी फौजदारी ८३, दुनियावादी फौजदारी ४३ र रिट २४ गरी जम्मा दुईसय ४२ मुद्दा फैसला हुन बाँकी छन्। यो वर्ष रिटअन्तर्गत बन्दी प्रत्यक्षीकरण पाँच ओटा दर्ता भएकामा तीन ओटा जारी भए एउटा ओटा खारेज भयो र एउटा फैसला हुन बाँकी छ। यस अदालतमा मुल्तवी रहेकाबाहेक २१ ओटा मुद्दा दुई वर्ष नाघेका छन्। यीमध्ये एउटा मुद्दा माओवादी समस्याको कारणबाट म्याद तामेल हुन नसकी बाँकी रहेको छ भने बाँकी २० ओटा मुद्दा अदालतकै आन्तरिक कारणबाट बाँकी रहेका हुन्।

जिल्ला अदालत इलाममा गत वर्षबाट देवानी ६३ र फौजदारी एकसय एक गरी जम्मा एकसय ६४ ओटा मुद्दा जिम्मेवारी सरेका थिए भने यो वर्ष देवानी २९ र फौजदारी ४५ गरी ७४ ओटा मुद्दा दर्ता भए। सरकारवादी परेका गरी यो वर्ष जम्मा दुईसय ३८ ओटा मुद्दा दर्ता भएकोमा यो वर्ष देवानी ६० र फौजदारी ५३ गरी जम्मा एकसय १३ ओटा मुद्दा फर्स्यौट भए। यस अदालतमा देवानी ३२ र फौजदारी ९३ गरी जम्मा एकसय २५ ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। यस अदालतमा मुल्तवी रहेकाबाहेक २८ ओटा मुद्दा दुई वर्ष नाघेका छन्। दुई वर्षे मुद्दाहरूमा अधिकांश मुद्दा माओवादी समस्याका कारणबाट म्याद तामेल गर्न र नक्सा सर्जमीन गर्न नसकेका कारण बाँकी रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

नेका केन्द्रीय अनुशासन विभाग प्रमुख तथा पूर्वमन्त्री कुलबहादुर गुरूङको दानाबारी गाविस-५ बगैंचास्थित घरबाट माओवादीले ०६१ पुस २९ गते करिब ५०० मन धान लुटे। माओवादीको भातृ संगठन अखिल नेपाल किसान संघ (क्रान्तिकारी) झापा जिल्ला कमिटीको नेतृत्वमा आएको टोलीले उनको ३२ बिगाहा खेत, पाँच बिगाहा चिया बगान र दुईओटा घर कब्जा गरेको घोषणा गर्दै झण्डा गाडे।

माओवादीद्वारा ०६१ फागुन १ गतेबाट गरिएको नेपाल बन्द र सदरमुकाम नाकाबन्दीका कारण यातायातका साधनहरू ठप्प भई इलाम बजारमा खाद्यान्नको संकट भयो। माओवादीले बन्द फिर्ता लिएपछि ०६१ फागुन १६ गते बाट मात्र यातायात सुचारू भयो।

साङरूम्बा गाविस-३ का ५० वर्षीय भीमबहादुर खातीलाई इलामबाट गएको सुरक्षाकर्मीको समूहले पटकपटक छोरो निकाल भनी दिएको धम्कीका कारण परिवार आफ्नो घर बन्द गरी ०६२ असार २३ गतेदेखि सपरिवार विस्थापित भई हाल मंगलबारे गाविस-२ गाग्रे भञ्ज्याङस्थित एक घरमा बस्न थाले। दुई छोरा एक छोरीसहित खातीको चारजनाको परिवारमध्ये जेठोछोरा एक वर्षदेखि माओवादी कार्यकर्ता भएर हिंडेका छन्।

नेकपा (माओवादी) निकट चिया मजदुर संघले ०६२ साउन १ गतेदेखि मेचीकोशी आमहडतालको आह्वानपछि यातायात ठप्प भयो। सबै चिया उद्योगहरू बन्द भएका कारण रोजगारीबाट सयौं मजदुर वञ्चित भए। चिया मजदुरसँग सम्बन्धित १५ बुँदे मागसहित आह्वान भएको बन्द ०६२ साउन ३२ गतेदेखि खुल्यो।

कन्याम गाविस-८ का ४३ वर्षीय तुलसीराम पौडेलसँग माओवादीले हैसियतभन्दा बढी चन्दा मागेपछि

०६२ मंसिर १४ गते अपरान्ह परिवार र माओवादी कार्यकर्ताहरूसँग भएको भनाभनको विषयलाई लिएर माओवादीले घरमा तालाबन्दी गरी परिवारलाई नै विस्थापित बनाए। स्थानीय मानवअधिकारकर्मीहरूको रोहबरमा विस्थापित परिवार र माओवादी कार्यकर्ताहरूबीच भएको छलफलमा दुवै पक्षले आ-आफ्नो गल्ती कमजोरी स्वीकार गरेपश्चात् माओवादीले ०६२ मंसिर २१ गते पौडेलको घरको ताला खुलाएका छन्।

कन्याम गाविस-४ का ४३ वर्षीय रामबहादुर बोहोरासँग माग गरेको एक लाख रूपैयाँ नपाउने भएपछि सबै जनालाई घर बाहिर निकाली घरमा माओवादीले ०६२ मंसिर २३ गतेदेखि तालाबन्दी गरिदिए। माओवादीले मानवअधिकारकर्मीहरूको पहलमा ०६२ पुस १४ गते बिना सर्त बोहोराको घरको तालाबन्दी खुला गरे।

विस्थापित

फिक्कल गाविस-६ का ५० वर्षीय कृष्ण श्रेष्ठको घरमा, चन्दा नदिएको र पार्टीले बोलाउँदा सम्पर्कमा नगएको आरोपमा ०६२ वैशाख ९ गते माओवादीले तालाबन्दी गरेका कारण श्रेष्ठको छजनाको परिवार विस्थापित भयो। दुई महिनाअगाडि श्रेष्ठलाई टेलिफोनमा दुई लाख चन्दा माग गर्दा उनले आफ्नो हैसियत नभएको बताएका थिए। एक महिना २४ दिनपछि ०६२ असार २ गते माओवादीले उनको ताला खोलिदिए।

समाल्वुङ्ग गाविस-३ स्थित शान्तिबजारका १७ वर्षीय सुजन सुब्बालाई स्थानीय क्षेत्रमा भएको बिवाहमा केटी जिस्काएको आरोपमा ०६२ जेठ २६ गते माओवादीले कुटपिट गरे। पुनः कारवाही गरिने जनाएपछि डरका कारण जेठ २८ गते सुब्बा काठमाडौं हिडेपछि २९ गते माओवादीको एक समूह घरमा आएर तत्काल उनलाई नझिकाए सबैलाई कारवाही गर्ने धम्की दिएका कारण असार ६ गते नै सबै परिवार विस्थापित भई काठमाडौंमा आफन्तकहाँ बसेका छन्। शान्तिबजारमा रहेको पीडितको घरमा माओवादीले तालाबन्दी गरे।

नाम्सालिङ्ग गाविस-८ का ६७ वर्षीय नरेन्द्र देवानको घरमा सैनिक छोरा १८ वर्षीय सञ्जयकुमार राईलाई तत्काल फिर्ता बोलाउनु पर्ने अन्यथा कारवाहीका अन्य प्रक्रियाअनुरूप सबै कुरा कब्जा गरी परिवारलाई नै नाम्सालिङ्गबाट विस्थापित गराइदिने धम्कीसहित ०६२ कार्तिक ३१ गते माओवादीले दिउँसो तालाबन्दी गरे। देवान परिवार हाल आफन्तको आश्रयमा बसेका छन्। अर्काको खेती कमाएर खाने देवान परिवारका एक छोरा भर्खरै मात्र सैनिक जवानमा भर्ती भएर इलाममा कार्यरत छन्। माओवादीले उनको खेतीबाट उब्जनी भएको अन्न समेत थन्क्याउन दिएका छैनन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

नयाँबजार गाविस-४ का १५ वर्षीय हुकुमलाल थामीलाई ०६१ फागुन १८ गते विद्यालय कक्षा कोठाबाटै "केही सोधपुछ गर्नु छ" भनी सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई पशुपतिनगरस्थित सैनिक क्याम्पमा राखी एक सातापछि रिहा गरियो। उनी अमर कल्याण मावि नयाँ बजारमा कक्षा ९ मा अध्ययनरत विद्यार्थी हुन्।

फिक्कल गाविस-४ का २० वर्षीय रामबहादुर भण्डारीलाई इलाम बजारबाट घर फर्कने क्रममा माओवादीको आरोपमा ०६२ वैशाख १३ गते पञ्चकन्या-२ आइतवारेस्थित सेनाको चेकपोष्टबाट गिरफ्तार गरे। हाल उनी इलाम कारागारमा रहेका छन्।

झापा जिल्ला बाहुनडाँगी स्थायी घर भएका नेपाल कम्युनिष्ट लिगका केन्द्रीय सदस्य ३५ वर्षीय गोपाल नेपाललाई माओवादीको आशंकामा सुरक्षाकर्मीले इलामबाट झापा जाने क्रममा पञ्चकन्या गाविस-२ को आइतवारे चेक पोष्टबाट ०६२ वैशाख २६ गते गिरफ्तार गरे। उनी मानवअधिकार तथा सञ्चारकर्मीको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट ०६२ वैशाख २९ गते रिहा भए ।

धुसेनी गाविस-६ का २२ वर्षीय टीकाराम योङहाङ्गलाई ०६२ वैशाख २७ गते सुरक्षाकर्मीले मंगलबारे गाविस-१ स्थित बजारबाट गिरफ्तार गरे। उनलाई सादा पोसाकका सुरक्षाकर्मीले माओवादी कार्यकर्ताजस्तो अभिनय गरी झोलासहित गिरफ्तार गरेका थिए। योङहाङ्ग हाल नजरबन्दमा रहेका छन्।

पुवामझुवा गाविस-३ का ४३ वर्षीय पृथ्वसिंह सुनुवारलाई तारिख लिन आएको अवस्थामा जिल्ला प्रहरी कार्यालयबाट विद्युतको गाडी अपहरणमा संलग्न रहेको भन्दै ०६२ वैशाख २७ गते पुनः गिरफ्तार गरियो। एक वर्षअघि गिरफ्तार भएका सुनुवारलाई २८ गते पुनः तारिखमा आउनेगरी मानवअधिकारकर्मीको रोहबरमा रिहा गरे।

सोयाक गाविस-९ का १८ वर्षीय बुद्धिमान जवेगूलाई इलामबाट गएको सुरक्षाकर्मीले माओवादीको आशंकामा ०६२ जेठ ३ गते चिसापानी गाविस-३ बाट गिरफ्तार गर्‍यो। चिसापानीस्थित आफन्तको घरमा आएर फर्कने क्रममा जवेगू गिरफ्तारीमा परेका हुन्। हाल उनलाई कारागार शाखा इलाममा राखिएको छ।

मंगलबारे गाविस-१ का २२ वर्षीय मञ्जु श्रेष्ठ, धुसेनी गाविस-६ का २० वर्षीय गंगामाया फ्याक र धुसेनी गाविस-७ का १९ वर्षीय चन्द्रमाया तामाङ्ग माओवादी कार्यकर्ता भएको आशंकामा ०६२ जेठ ५ गते इलाम नपा-३ गोलाखर्कस्थित डेराबाट उनीहरूलाई सुरक्षाकर्मीले गिरफ्तार

गर्‍यो। भानुभक्त उच्च माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत ती छात्राहरू परीक्षा दिन सदरमुकाममा डेरा गरी बसेका थिए। उनीहरूमध्ये मन्जु जेठ २६ गते र तामाङ्ग र फ्याक जेठ १७ गते साप्ताहिक तारिखमा छुटे।

कन्याम गाविस-१ का १६ वर्षीय चन्द्रकुमार तामाङ्ग र झापा टिमाई शरणार्थी क्याम्पका १८ वर्षीय सन्तकुमार गुरूङ्ग ०६२ साउन ७ गते माओवादी समूह परित्याग गरेर घर फर्कने क्रममा पञ्चकन्या गाविस-२ स्थित आइतबारे चेकपोष्टमा सुरक्षाकर्मीले गिरफ्तार गरे। कन्यामको कृष्णाश्रम माविमा कक्षा ९ का चन्द्रकुमार तामाङ्ग वैशाख १५ गते घरबाट भागेर माओवादी भएका थिए। दुवैलाई सुरक्षाकर्मीले दुईदिन आइतबारे चेकपोष्टमा र दुईदिन जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेर साउन ११ गतेबाट कारागार शाखा इलाममा पठाएको छ।

समाल्बुङ्ग गाविस-८ की आस्था भनिने १७ वर्षीय वीना सुब्बालाई झापाको चारआलीबाट सर्चका क्रममा आएका सुरक्षकर्मीहरूले इरौटार गाविस-७ बाट ०६२ साउन १६ गते गिरफ्तार गरे। एरिया सदस्य रहेकी सुब्बालाई सुरक्षाकर्मीले यात्राका क्रममा फेला पारेको थियो। सुरक्षाकर्मीले सोधपुछपछि १९ गते भद्रपुरस्थित कारागार पठाइयो।

बरबोटे गाविस-३ को अमर मावि कक्षा ७ र ८ मा अध्ययनरत सोही ठाउँका १६ वर्षीय गजिन्द्र शिवा र सोही गाविस-७ का १७ वर्षीय देवराज सुब्बालाई माओवादी आरोपमा ०६२ साउन ३२ गते सुरक्षाफौजले गिरफ्तार गरे। दुवैलाई भदौ १ गतेबाट सुरक्षा समितिले कारागार शाखा पठाएको छ।

मंगलबारे गाविस-७ स्थित असारे गैरीमा सुरक्षाकर्मीसँग भएको जम्काभेटमा ०६२ असोज २ गते धुसेनी गाविस-४ का श्याम भनिने २६ वर्षीय भवानी पोखेल र मंगलबारे गाविस-२ का ३३ वर्षीय कृष्ण रिजाललाई माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। रिजाललाई भोलिपल्ट तारिखमा रिहा गरे। मंगलबारेमा माओवादीद्वारा घोषित गाउँ जनसरकारका प्रमुख पोखेललाई असोज ५ गतेदेखि कारागार शाखा इलाममा पठाइयो।

दानाबारी गाविस-३ का २६ वर्षीय विष्णुप्रसाद रेग्मीले माओवादीलाई औषधी उपचारमा सहयोग गर्ने गरेको आरोपमा ०६२ कार्तिक १४ गते जिल्ला सदरमुकामबाट सर्चमा गएको संयुक्त सुरक्षाफौजले शुक्रबारे बजारस्थित उनको क्लिनिकबाटै उनलाई गिरफ्तार गर्‍यो। जिल्ला प्रहरी कार्यालय इलामले उनलाई मानवअधिकार मञ्च, इलामको रोहबरमा ०६२ कार्तिक १८ गते रिहा गरे।

कोल्बुङ्ग गाविस-९ स्थित किटेनी भन्ने ठाउँमा तिहारको नाचगान गरिरहेका नौजना युवाहरू माओवादी कार्यकर्ता भएको आशंकामा ०६२ कार्तिक १९ गते २१ नं. वाहिनी चारआलीबाट सर्चमा गएका सुरक्षाफौजले गिरफ्तार गरे। पीडितहरूमध्ये सन्तोष राई, मिलन मुखिया, राजकुमार तामाङ र राजु मुखियालाई झापाको चारआली स्थित २१ नं. वाहिनीले कार्तिक २० गते र दिनेश तामाङ्ग, रमेश तामाङ्ग र मणिकुमार राईलाई २१ गते रिहा गरे। मेहबहादुर राई र पूर्णसिंह तामाङ्गलाई माओवादीको आरोपमा ०६२ कार्तिक २२ गते झापा कारागार चलान गरियो।

दानाबारी गाविस-३ का २८ वर्षीय राम राई, २४ वर्षीय चक्र राई र १७ वर्षीय सन्जीव राईलाई ०६२ कार्तिक २० गते दानाबारी गाविस-३ स्थित पखाले खोल्सामा माओवादीको जिल्ला निकासी कर उठाइरहेको अवस्थामा सर्चका क्रममा गएको संयुक्त सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरूलाई ०६२ कार्तिक २६ गते कारागार शाखा पठाइयो।

जिर्मले गाविस-४ का १९ वर्षीय दीपककुमार पौडेल र कोल्बुङ्ग गाविस-९ का २१ वर्षीय बलबहादुर सुनुवारलाई माओवादीको आरोपमा ०६२ मंसिर २ गते दिउँसो कोल्बुङ्ग गाविस-२ स्थित मेची राजमार्गमा यात्रा गरिरहेको अवस्थामा झापाको चारआलीस्थित जबरजंग गणको नेतृत्वमा गएको संयुक्त सुरक्षाफौजले गिरफ्तार गर्‍यो। पीडितहरूलाई ०६२ मंसिर ६ गते भद्रपुर कारागार शाखा पठाइयो।

गोदक गाविस-२ का माओवादीका इलाकास्तरीय कार्यकर्ताहरू २२ वर्षीय श्रद्धा भनिने जमुना गौतम र जोगमाई गाविस-८ की २५ वर्षीय सिर्जना भनिने हिमा बुढाथोकीलाई ०६२ मंसिर ७ गते बिहान नाम्सालिङ्ग गाविस-४ स्थित वर पिपलचोकबाट जिल्ला सदरमुकामबाट सर्चमा गएका सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार दुवैलाई ०६२ मंसिर १० गते इलाम कारागार शाखा पठाइयो।

बालअधिकार

इलाम जिल्लामा रहेका ६७ ओटा निजी तथा आवासीय विद्यालयहरू माओवादीनिकट अनेरास्ववियु (क्रान्तिकारी) ले सञ्चालनमा रोक लगाएको कारण करिब १५ हजार विद्यार्थीहरू र ७ सय शिक्षकहरू प्रत्यक्ष प्रभावित भए। जसले शिक्षाको अधिकार र रोजगारीको अवसरका साथै छनौट र आत्मनिर्णयको अधिकारलाई समेत बेवास्ता गरेको छ। दोहोरो शिक्षा नीति, महंगो शिक्षा, व्यापारीकरण आदि आरोपमा केन्द्रले एक महिना गरेको देशव्यापी हड्ताल सहमतिमा खुले पनि इलाम जिल्लाको हकमा केन्द्रको सहमतिले कुनै असर पारेन। र ०६२ जेठ १ गतेदेखि विद्यालयहरू बन्द नै भए।

नाम्सालिङ्ग गाविस-७ मा स्थित नेपाल ज्योति प्राविलाई माओवादीले समुदाय व्यवस्थापन हस्तान्तरण

सम्झौता भङ्ग नगरेको भन्दै ०६२ मंसिर १७ गते विद्यालयमा तालाबन्दी गरी सो विद्यालयमा अध्ययनरत ४०० बालबालिकाहरू पठन पाठनको अधिकारबाट बञ्चित भए। मानवअधिकार मञ्च, विद्यालय प्रशासन, अभिभावक तथा विद्यालय व्यवस्थापन समितिको सामूहिक प्रयासद्वारा संझौता भंग गर्नका लागि आवश्यक प्रक्रियासहित जिल्ला शिक्षा कार्यालयलाई अनुरोध गर्ने सर्तमा ०६२ पुस १० गते विद्याल्यको ताला खोली पठनपाठन सुचारू गरियो। सो सहमतिबमोजिम १४ ओटा विद्यालयहरूले संझौता भंग गर्नका लागि जिल्ला शिक्षा कार्यालयमा ०६२ पुस १३ गते ज्ञापनपत्र समेत बुझाए।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार, जातीय छुवाछूत समेत

इलाम नपा-९ का २७ वर्षीय गंगामाया शिवालाई सोही वडाका छिमेकी ४५ वर्षीय प्रेम राईले छोरीले पोल सुनाएको निहुँमा ०६२ साउन २४ गते सार्वजनिक धारामा गएर भाटाले कुटपीट गरे। सोही दिन जिल्ला प्रहरी कार्यालय इलाममा पीडित शिवाले दिएको जाहेरीका आधारमा गिरफ्तार भएका राई साउन २७ गते स्थानीय बासिन्दासहितको छलफलबाट स्थानीय तहमा नै नागरिक समाजको अगुवाईमा सामाजिक रूपमा मिल्ने सहमति अनुसार रिहा भएका थिए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

अनेरास्ववियु (क्रान्तिकारी) ले ०६१ माघ १० गतेदेखि सञ्चालन हुने सेन्टअप परीक्षाको समयमा आह्वान गरेको शैक्षिक हड्तालको विरोध गर्दै नेपाल शिक्षक युनियन, सेन्टअप परीक्षा समिति इलाम (सामुदायिक विद्यालय), सेन्टअप परीक्षा समिति (प्याब्सन) ले संयुक्त विज्ञप्ति प्रकाशन गरी हड्ताल फिर्ता लिन आह्वान गरे।

श्री ५ को सरकारद्वारा पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिको विरोध गर्दै ०६१ माघ १६ गते त्रिवि प्राध्यापक संघ, पुनरावेदन अदालत बार एकाइ इलाम, पत्रकार महासंघ इलाम शाखा र मानवअधिकार मञ्च इलामलगायत्का संस्थाहरूले संयुक्त विज्ञप्ति प्रकाशित गरे।

प्रेस स्वतन्त्रताको मागसहित जिल्ला प्रशासन कार्यालयमा ज्ञापनपत्र बुझाउन गएको नेपाल पत्रकार महासंघ इलाम शाखाको टोलीलाई ०६१ चैत ३ गते प्रमुख जिल्ला अधिकारीको निर्देशनमा सुरक्षाकर्मीहरूले दुई सय मिटर परैबाट फर्काए। सो घटनालाई पत्रकार महासंघ इलामले प्रजातान्त्रिक संस्कार विरोधी कार्य भन्दै विरोध गऱ्यो।

माओवादी र त्यसको विद्यार्थी संगठनले ०६२ जेठ १ गतेबाट पूर्णरूपले निजी विद्यालयहरू बन्द गर्ने विभिन्न विद्यालय, सञ्चालक र शिक्षकहरूलाई दिएको धम्कीको विरोध गर्दै विद्यालय सञ्चालनको लागि वातावरण तयार गर्न बालबालिकाको शिक्षाको अधिकारप्रति सम्मान व्यक्त गर्दै प्याब्सन जिल्ला शाखा नागरिक अनुगमन समितिले र मानवअधिकार मञ्च इलामले अलग-अलग अपिल प्रकाशित गरे।

संरचना क्षति

जिल्ला शिक्षा कार्यालयमा ०६१ फागुन ८ गते साँझ माओवादीले दुई ओटा प्रेसरकुकर बम विस्फोट गराए। विस्फोटका कारण भवन तथा फर्निचर र कागजातहरूमा क्षति पुगेको छ।

माओवादीले ०६१ चैत १० गते राति इलाम नगरपालिकाको कार्यालयमा शक्तिशाली बम विस्फोट गराए। जसका कारण कार्यालयको भवनमा सामान्य क्षति पुग्यो।

विगतको वर्षको अनुगमन

धुसेनी गाविस-७ का ०६१ वैशाख २१ गते सुरक्षाकर्मीद्वारा हत्या गरिएका निर्दोष नागरिक २९ वर्षीय सन्तकुमार तामाङको परिवारलाई राज्यद्वारा गल्ती स्वीकार गर्दै श्रीमती फुलमाया तामाङलाई रू. एक लाख क्षतिपूर्ति बापतको रकम जिल्ला प्रशासन कार्यालय इलाममार्फत् ०६२ असोज १३ गते प्रदान गरियो। उनलाई सुरक्षाकर्मीले देउमाई खोलामा माछा मारिरहेको अवस्थामा गोली हानी हत्या गरेका थिए।

चुलाचूली गाविस-९ का ५२ वर्षीय सर्वसाधारण मणिकुमार राईलाई ०६१ कार्तिक २४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरेको विषयमा राज्यका तर्फबाट ०६२ भदौ ३० गते पीडितकी पत्नी दिलकुमारी राईलाई क्षतिपूर्तिबापत एक लाख रूपैयाँ प्रदान गरियो। गाउँमा बढेको चोरीलाई नियन्त्रण गर्न गठित गाउँ सुरक्षा दलले गस्ती गरिरहेको अवस्थामा माओवादीका नाममा सुरक्षाकर्मीले उनको हत्या गरेको थियो।

१.३ पाँचथर



जनसंख्या :	२१३८३४
साक्षरता प्रतिशत :	५५.३१
महिला साक्षरता प्रतिशत :	४४.०३
क्षेत्रफल (वर्ग कि. मि.) :	१२४१
गाविस/नपा संख्या :	४१/०
निर्वाचन क्षेत्र :	२
विद्यालय :	३७१
क्याम्पस/उच्च मा.वि. :	१/१०
अस्पताल/स्वास्थ्य चौकी :	१/४१
टेलिफोन लाइन :	५०२
मोटर सडक (कि. मि.) :	९१
प्रहरी कार्यालय संख्या :	४
हुलाक संख्या :	४६
मानव विकास सूचकांक :	०.४८४
प्रति परिवार सरदर संख्या :	६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

ताप्लेजुङ जिल्ला सिकैचा गाविस-६ का २२ वर्षीय उमेश निरौलालाई माओवादी भएको आरोपमा ०६१ फागुन ८ गते सुरक्षाकर्मीले फिदिम गाविस-९ कान्छी दोकानबाट गिरफ्तार गरी फागुन १४ गते इम्बुङ गाविस-९ मा हत्या गरे। पीडित सुस्त मनस्थिति भएका कारण उपचार गर्न गएको अवस्थामा हत्या गरिएको परिवारजनले बताए। सुरक्षाकर्मीले गस्तीमा गएको अवस्थामा आक्रमण गर्ने माओवादीलाई कारबाही गर्दा उनको मृत्यु भएको जनायो।

लुङरूपा गाविस-६ का ३० वर्षीय श्याम फागोलाई माओवादीको आशंकामा ०६२ असोज ३ गते फिदिम गाविस-९ सिलौतीडाँडामा दूरसञ्चार टावरका सुरक्षाकर्मीले गोली हानी हत्या गरे। फागोलाई फाल्गुनन्दको मन्दिर दर्शन गर्न गएको अवस्थामा गोली हानिएको थियो। पीडितका परिवारलाई राहत उपलब्ध गराइने प्रमुख जिल्ला अधिकारीले सार्वजनिक कार्यक्रममा बताए।

माओवादीबाट

फाक्तेप गाविस-५ का १२ वर्षीय राजेन्द्र र १० वर्षीय पदम चेम्जोङको ०६१ माघ १७ गते माओवादीले छाडेको सकेट बम खेलाउँदा बम विस्फोट भई मृत्यु भयो। विस्फोटबाट चार वर्षीय भीमकुमारी देव्रे आँखा नदेख्ने भएकी छिन्। पीडितहरूकी आमा खिरमायाले बम भेटाएर घरमा ल्याई बच्चालाई खेलाउन दिंदा विस्फोट भएको थियो।

रवी गाविस-६ मुढेगाउँका २६ वर्षीय भूपेन्द्र राईले डाँका गरेको आरोपमा ०६२ असार ४ गते उनलाई माओवादीले अपहरण गरी असार ७ गते कुरूम्वा गाविस र इलामको सीमानामा कुटपिट गरी हत्या गरे। जनताले कुटपिट गर्दा पीडितको मृत्यु भएको माओवादीले जनाए।

गोली / बम / विद्युतीयद्वारा घाइते

माओवादीबाट

भारपा गाविस-६ का एलवी भनिने माओवादीका सोही गाविस इन्चार्ज ३५ वर्षीय लाखबहादुर थवालाई ०६२ मंसिर १० गते राति माओवादीले सोही गाविस-४ मा भरूवा बन्दुकले हानी सख्त घाइते बनाए।

जेल र बन्दीहरू

पाँचथर जेल 'घ' श्रेणीको छ। २५ जना बन्दी क्षमता भएको जेलभित्र ५२ जना बन्दी छन्। तीमध्ये १४ जना नजरबन्दमा छन्। बाकी २८ जना अन्य अपराधमा संलग्न भएका छन्। थुनामा यो वर्ष १८ मध्ये १४ पुरूष र छ महिला छन्। तीमध्ये चार महिला नजरबन्दमा छन्।

जेलमा महिला वार्डको दुई शौचालय र पुरूष वार्डको तीनओटा शौचालयलाई सुधार गर्नु पर्ने देखिन्छ। क्षमताभन्दा बढी बन्दीहरू राखिएको कारणले पानीको अभाव रहेको छ। पुरुष वार्डमा वर्षातको समयमा पानी चुहिने गर्दछ। जेलर रेणुप्रसाद ओझाका अनुसार मर्मतका लागि पटक पटक गृहमन्त्रालयमा लेखापढी गरी अनुरोध गरिएको छ। जेलभित्र इन्सेक, आइसीआरसीले उपलब्ध गराएको मानवअधिकारसम्बन्धी प्रकाशन उपलब्ध छ।

बेपता / अपहरण

माओवादीबाट

सुभाङ्ग गाविस-३ घर भएका एमाले कार्यकर्ता तथा पूर्व गाविस अध्यक्ष ३५ वर्षीय ओमभक्त सेढाईलगायत २० जनालाई ०६१ पुस २३ गते माओवादीले प्रशिक्षण गर्न अपहरण गरी पुस २५ गते मुक्त गरे।

फिदिम गाविस-८ लालीखर्कका ४५ वर्षीय टंक राई, ३६ वर्षीय बलबहादुर राई र सोही गाविस-९ का ५१ वर्षीय मानबहादुर राईले सडकको पैसा हिनामिना गरेको आरोपमा ०६१ माघ १२ गते राति माओवादीले घरमा सुतिरहेको अवस्थामा उनीहरूलाई अपहरण गरी माघ १५ गते मुक्त गरे।

भारपा गाविस-८ घर भएका प्रधानाध्यापक ५१ वर्षीय तीर्थराज तिम्सिना, सुभाङ्ग गाविस-२ का शिक्षक ४२ वर्षीय शिव थापालगायत एकहजार शिक्षक, विद्यार्थी र सर्वसाधारणलाई ०६१ माघ १९ गते माओवादीले राजनीतिक प्रशिक्षणका लागि अपहरण गरी सल्लेरी लक्ष्मीटारमा पुऱ्याई पाँच घण्टापछि मुक्त गरे।

च्याङथापु गाविस-९ घर भएका विष्णु माविका प्रधानाध्यापक मुक्तिनाथ रिमाललगायत् नौजना शिक्षकलाई ०६१ फागुन १३ गते माओवादीले क्रान्तिकारी शिक्षक संगठनको जिल्ला अधिवेशनमा सहभागी गराउन अपहरण गरी फलैंचा गाविस-४ बुद्ध मावि नाम्रेकमा भेला गराई फागुन १८ गते चिलिङदिन गाविसबाट मुक्त गरे।

रानीगाउँ गाविस-४ घर भएका एमाले इलाका सदस्य ४७ वर्षीय गौरीमान सम्बाहाम्फे माओवादीको शहीद कार्यक्रम मनाउन नगएको आरोपमा ०६१ फागुन २५ गते माओवादीले घरबाट केही कुरा सोध्नु छ भनी उनलाई अपहरण गरे। पीडितलाई माओवादीले श्रमशिविरमा राखी ०६२ मंसिर १५ गते अपहरण मुक्त गरे।

थर्पू गाविस-३ का रेडक्रस उपशाखा सभापति ६० वर्षीय पुण्यप्रसाद पोखरेल, सचिव ३६ वर्षीय देवी गौतमलगायत् नौजनालाई ०६१ चैत ५ गते माओवादीले कार्यक्रमका लागि अपहरण गरी एक हप्तापछि मुक्त गरे।

एकतीन गाविस-२ का १६ वर्षीय सन्तोष योक्लिहाङ्ग, १६ वर्षीय पदम विष्ट, १५ वर्षीय पवित्र आङथोपु, १६ वर्षीय किममाया खवासलाई ०६१ चैत ८ गते साँझ माओवादीले उनीहरूलाई घरबाट अपहरण गरे। पीडितहरूमध्ये सन्तोष र पदमलाई मुक्त गरे भने अन्यको अवस्था अज्ञात छ।

संखुवासभा जिल्ला आँखीभुईं गाविस-४ का कान्तिपुर दैनिकका पाँचथर सम्वाददाता २८ वर्षीय उपेन्द्र पोखरेललाई ०६२ वैशाख २० गते माओवादीले अपहरण गरी सराङडाँडा गाविसबाटै पाँच घण्टापछि मुक्त गरे।

भारपा गाविस-८ का २४ वर्षीय दिलीप तामाङलाई ०६२ जेठ १० गते माओवादीले सल्लेरी गाविसबाट शाही नेपाली सेनाको मान्छे भएको आरोप लगाउँदै अपहरण गरी जेठ १७ गते नागी गाविसबाट मुक्त गरे।

रानीगाउँ गाविस-४ का रानीगाउँ प्राविका शिक्षक ३९ वर्षीय नरेन्द्र कार्कीलाई अनुमित नलिई हिँडेको भनी ०६२ जेठ ९ गते माओवादीले अपहरण गरी जेठ ११ गते मुक्त गरे।

फिदिम गाविस-३ डुमाका २० वर्षीय दीपेश सुव्वाले बाटो निर्माण समितिका सदस्य शान्तिराम नेउपानेलाई कुटपिट गरेको आरोपमा ०६२ जेठ २५ गते बिहान माओवादीले सुव्वालाई अपहरण गरी जेठ २८ गते घरैमा ल्याई मुक्त गरे।

सप्तरी जिल्ला फत्तेपुरस्थित वटुकदल गणका पीपा ३० वर्षीय कृष्णबहादुर राईलाई ०६२ जेठ २७ गते माओवादीले राँकेबजारबाट अपहरण गरे। पीडितलाई जागिर छोड्ने सर्तमा मुक्त गरे।

फिदिम गाविस-४ का १६ वर्षीय प्रकाश देवान, लुङ्गरूपा गाविस-४ का १६ वर्षीय दीपेन नेम्वाङ्ग र फाकतेप गाविस-८ की १७ वर्षीय सुशीला राईलाई ०६२ वैशाख ७ गते माओवादीले कार्यक्रम छ भनी अपहरण गरे। पीडितहरूलाई माओवादीले घर फर्कन नदिएपछि भागेर भदौ १९ गते सकेट बमसहित प्रहरीमा आत्मसमर्पण गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	४		४	२	३			३	२	२		२
घाइते	२	२		२	२	१	१		२				
गिरफ्तारी/यातना										१९	२०	३	२३
कुटपिट	४	६		६	१२	१२	५		१७	२	२		२
धम्की	२	२		२	४	५		१	६				
जातीय विभेद					१	१	१		२				
महिलाअधिकार	२		२	२									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१०	१६			१६				
अपहरण					६२	११६	१४	१७६३	१८९३				
जम्मा	१४	१४	२	१६	९३	१५४	२१	१७६४	१९३९	२३	२४	३	२७

अमरपुर गाविस-२ लामाचौकका १६ वर्षीय सरीना भनिने विष्णु तामाङलाई ०६२ असार ८ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई माओवादीले घर फर्कन नदिएपछि भागी साउन २५ गते प्रहरीमा आत्मसमर्पण गरिन्।

नागिन गाविस-३ सेजोपाका ४५ वर्षीय गोपाल न्यौपानेलाई ०६२ असार २३ गते बेलुका सोही गाविस-२ फेवादिनस्थित एक घरबाट माओवादीले अपहरण गरे। पीडित असार २७ गते राति भागे। उनका छोरा १९ वर्षीय उमेश न्यौपानेलाई बाबुलाई खोज्न घटनानस्थलतर्फ जाँदा ०६२ असार २४ गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

ताप्लेजुङ्ग जिल्ला खेवाङ्ग गाविस-४ का १३ वर्षीय राजु दाहाल र सोही ठाउँका १४ वर्षीय चन्द्र सेन्चुरीलाई ०६२ असार २२ र ३० गते माओवादीले घरबाट अपहरण गरे। पीडितले माओवादीले घर फर्कन नदिएपछि रानीटार गाविसमा सेन्ट्री बसेका बेला उनीहरू भागेर ०६२ भदौ ३० गते जिल्ला प्रहरी कार्यालय पाँचथर आई आत्मसमर्पण गरे।

रानीटार गाविस-६ पौवाभञ्ज्याङका ४० वर्षीय तेजबहादुर धमला र १७ वर्षीय राजबहादुर मुखियालाई ०६२ असार २३ गते माओवादीले सानोसुके भन्ने ठाउँमा गोठमा दही लिन गएको अवस्थामा अपहरण गरी असार २५ गते मुक्त गरे।

सुभाङ्ग गाविस-४ तोक्क्रुम्वाकी २२ वर्षीय विष्णुमाया काफ्लेलाई ०६२ साउन ८ गते बिहान घरबाट माओवादीले अपहरण गरे। उनको अवस्था अज्ञात छ।

नवमीडाँडा गाविस-७ का ४५ वर्षीय हर्कबहादुर आङदम्बेले माओवादीको झण्डा च्यातेको आरोपमा ०६२ साउन २८ गते माओवादीले उनलाई अपहरण गरी भदौ २९ गते बालविकास प्राविमा काठ बोक्ने काम गर्ने सर्तमा मुक्त गरे।

सिदिन गाविस-२ का ४० वर्षीय हर्कबीर राई र सोही गाविस-२ का ३४ वर्षीय सूर्यपति राई, सोही गाविस-१ का २६ वर्षीय ज्ञानु राई र दीपक राईले धार्मिक प्रचार गरेको आरोपमा ०६२ भदौ १ गते दिउँसो उनीहरूलाई माओवादीले अपहरण गरे। सबै पीडितहरू भदौ ११ गतेसम्ममा मुक्त भए।

मोरङ जिल्ला विराटनगर पुष्पलाल चोक घर भई जिल्ला अदालत पाँचथरका तामेलदार २५ वर्षीय गुरुप्रसाद पौड्याललाई ०६२ भदौ ६ गते स्याब्रुम्बा गएको अवस्थामा माओवादीले अपहरण गरी नोकरीबाट राजिनामा दिन लगाई भदौ ११ गते मुक्त गरे।

गाईघाट गाविस-७ का २१ वर्षीय रविना बस्नेत, उनकी ११ महिनाकी छोरी एजिला बस्नेत र रविनाका मामा ३५ वर्षीय गोपाल कटुवाललाई ०६२ भदौ ७ गते माओवादीले राँकेबजारबाट अपहरण गरे। रविनाका पति सुरक्षा आधार

पाँचथर कारागारमा ०५८ सालदेखि नजरबन्दमा राखिएका बन्दीहरू

शिविर जोरपोखरीमा कार्यरत रहेकोमा जागिर छाड्न लगाउने सर्तमा उनलाई चार घण्टापछि मुक्त गरे।

झारपा गाविस-९ सीमखर्कका ५७ वर्षीय चैतन्य खनाल र २२ वर्षीय कृष्ण थापाले माओवादीलाई चन्दा नदिएको आरोपमा ०६२ भदौ ८ गते दिउँसो उनीहरूलाई माओवादीले अपहरण गरी भदौ ९ गते बिहान मुक्त गरे।

याङनाम गाविस-६ का ३० वर्षीय नीलादेवी जबेगू बाटोको उपभोक्ता समितिको अध्यक्ष भएका आरोपमा ०६२ भदौ १५ गते माओवादीले उनलाई अपहरण गरी बाटो खन्ने सर्तमा मुक्त गरे।

नवमीडाँडा गाविस-५ का ४० वर्षीय लक्ष्मी बजगाईंगायत् सयौंको संख्यामा सर्वसाधारण र शिक्षकलाई ०६२ भदौ १७ गते कार्यक्रममा सहभागी गराउन माओवादीले अपहरण गरी भदौ १८ गते मुक्त गरे।

नागिन गाविस-३ सेजेपास्थित वन कार्यालयका कर्मचारी ५३ वर्षीय प्रभानन्द श्रेष्ठलाई ०६२ भदौ १६ गते दिउँसो माओवादीले घरबाट अपहरण गरी जागिर छाड्ने सर्तमा भदौ १८ गते मुक्त गरे।

नागिन गाविस-२ कालिका मावि बावुङ्गाका प्रधानाध्यापक ४३ वर्षीय श्रीप्रसाद घिमिरेलगायत् सयौं सर्वसाधारणलाई ०६२ भदौ १९ र २० गते माओवादीले अपहरण गरी भदौ २१ गते मुक्त गरे।

च्याङथापु गाविस-१ नाम्रेक घर भई बुद्ध माविका परिचर २२ वर्षीय धनबहादुर मगरलाई ०६२ भदौ ३१ गते एकछिन काम छ भनी विद्यालय हाताभित्रबाटै माओवादीले अपहरण गरे। पीडित असोज १४ गते माओवादी घेरा तोडी भागे।

सिदिन गाविसको सिंहदेवी माविका शिक्षक लुङरूपा गाविस-१ का २५ वर्षीय गजेन्द्र राईलाई याढलाम गाविस-९ औंसू भञ्ज्याङ माविबाट ०६२ भदौ २३ गते माओवादीले अपहरण गरे। उनकी पत्नी संगीता राईलाई ०६२ असोज ७ गते माओवादीले अपहरण गरेकोमा असोज ११ गते माओवादी

कब्जाबाट भागेर फिदिम सदरमुकाम आइन् भने गजेन्द्र असोज ८ गते सदमुकाम आए। उनीहरूलाई बहुविवाह गरेको आरोप लगाइएको थियो।

फिदिम गाविस-१ का ५३ वर्षीय गोपाल ढुंगानासहित एकसय ५० जना शिक्षक र गाउँका सर्वसाधारणलाई ०६२ भदौ २८ गते माओवादीले आ-आफ्नो विद्यालय र घर-घरबाट प्रशिक्षण र अन्तरक्रिया कार्यक्रमको लागि अपहरण गरी भदौ २९ गते मुक्त गरे।

एकतीन गाविस-४ का ३४ वर्षीय विष्णु गौलीले सुराकी गरेको र पत्नीलाई कुटपिट गरेको आरोपमा ०६२ असोज १ गते माओवादीले उनलाई अपहरण गरे। पीडित बास बसेको ठाउँबाट असोज २ गते भागेर सदरमुकाम आए।

आरूबोटे गाविस-९ का ६० वर्षीय हर्कसिंह जबेगूलाई ०६२ असोज ५ गते माओवादीले घरबाट अपहरण गरे। पीडित माओवादीको घेराबन्दी तोडी असोज ११ गते सुरक्षा आधारशिवर रवीको सम्पर्कमा आए।

फलैंचा गाविस-८ को नारायणी मावि गंगावाका शिक्षक ३८ वर्षीय दुर्गा सुवेदीले गंगावाबाट विस्थापित भएको कागज बनाई जिल्ला सदरमुकाम बसी विद्यालय नफर्किएको आरोपमा ०६२ असोज १० गते माओवादीले अपहरण गरे। पीडित माओवादीको घेरा तोडी असोज २५ गते फर्किए।

स्याबरूम्बा गाविस-३ का ४२ वर्षीय दुर्गा बम्जन र यासोक गाविस-३ का ३५ वर्षीय हरि तामाङलाई ०६२ असोज ११ गते माओवादीले घरबाट राजनीतिक प्रशिक्षण दिनका लागि अपहरण गरे। उनीहरूलाई असोज १६ गते मुक्त गरियो।

भारपा गाविस-७ स्थित सिंहदेवी माविका प्रधानाध्यापक ५१ वर्षीय तीर्थराज तिम्सिनालगायत् ४१ गाविस भित्रका विद्यालयका शिक्षक, शिक्षिका, प्राध्यापक, विद्यार्थी गरी सातसय ५० जनालाई ०६२ असोज १३ गतेदेखि १९ गतेसम्म अखिल नेपाल शिक्षक संगठनको पहिलो जिल्ला सम्मेलनका लागि अपहरण गरे। पीडितहरू नागिन इलाकाबाट असोज २० गते मुक्त भए।

पैवा सार्ताप गाविस-३ का जवमे भनिने ३५ वर्षीय जसमान तामाङले झगडा गरेको आरोपमा ०६२ असोज ३१ गते माओवादीले उनलाई अपहरण गरे। एक हप्तापछि उनी अपहरण मुक्त भए।

लुम्फाबुङ्ग गाविस-३ का ३४ वर्षीय महेन्द्र लुईंटेललगायत् सात गाविसका करिब एकहजार जनालाई ०६२ कार्तिक ३ गते माओवादीले आफ्नो कार्यक्रमको लागि अपहरण गरी कार्तिक ५ गते मुक्त गरे।

अदालतको आदेशबाट रिहा भएपछि पुनः गिरफ्तार गरिएका रविन दवाडी

सुभाङ्ग गाविस-३ का ३३ वर्षीय पुण्यप्रसाद सेढाइँलगायत् सात गाविसभित्रका ५० सर्वसाधारण, राजनीतिक कार्यकर्ता, नागरिक समाजका प्रतिनिधिलाई ०६२ कार्तिक ६ गते विहान आ-आफ्नो घरबाट माओवादीले अपहरण गरी प्रशिक्षणमा संलग्न गराई कार्तिक ९ गते मुक्त गरे।

भारपा गाविस-७ का ३३ वर्षीय गणेश पोखरेललगायत् सुभाङ, पञ्चमी, अमरपुर, नागी, थर्पू, ओयाम गाविसबाट ०६२ कार्तिक १९ गते शिक्षक, किसान, सर्वसाधारणलाई माओवादी क्षेत्रीय भेला र राजनीतिक प्रशिक्षणको लागि अपहरण गरी सिंगापुर बजारबाट कार्तिक २१ गते मुक्त गरे।

रवी गाविस-२ का २० वर्षीय वीरबहादुर तामाङ र १८ वर्षीय सुभाष तामाङलाई ०६२ कार्तिक २० गते पाँचथर र इलामको उत्तरे आमचोकबाट माओवादीले कुटपिट गरी अपहरण गरे। पीडित सेनामा छनोट भई कार्यक्षेत्र बटुक दल गणतर्फ फर्कने क्रममा अपहरणमा परेका थिए।

भारपा गाविस-६ का १८ वर्षीय टंक मिश्र, सोही गाविस-७ का २० वर्षीय नेत्र रिजाल र १८ वर्षीय डिल्ली रिजाललगायत् ११ जनालाई ०६२ कार्तिक २८ गते राति माओवादीले अपहरण गरे। पीडितहरू कार्तिक २९ गते मुक्त भए पनि अपहरणको कारण भने खुल्न सकेन।

रानीगाउँ गाविस-८ घर भई जिल्ला विकास समिति सदस्य ६२ वर्षीय दलबहादुर सम्बाहाम्फेलाई ०६२ मंसिर २३ गते माओवादीले अपहरण गरी राजिनामा दिने सर्तमा मंसिर २६ गते मुक्त गरे।

नागिन गाविस-२ का जिल्ला विकास समिति सदस्य ५८ वर्षीय नरेन्द्र आङ्बोलाई ०६२ पुस ६ गते दिउँसो माओवादीले नागिन गाविस-४ तृतीया भञ्याङ्बाट अपहरण गरे। पीडितलाई राजिनामा दिने सर्तमा पुस ७ गते मुक्त गरे।

जिल्ला विकास समिति पाँचथरका प्राविधिक ओभरसियर ४५ वर्षीय नरेन्द्र वान्तवा, सबओभरसियर ३५ वर्षीय सोतेलाल चौधरी र ४० वर्षीय भैरव लावतीलाई ०६२ पुस ७ गते नागिन गाविस-४ देखि याङनाम जाने बाटोको सर्भेमा गएको अवस्थामा अपहरण गरे। उनीहरूलाई पुस १० गते मुक्त गरे।

एकतीन गाविस-४ का २८ वर्षीय देउकुमार गुरागाईलाई ०६२ पुस ८ गते दिउँसो पाँचथरको राँके बजारबाट माओवादीले अपहरण गरी अज्ञात स्थलतर्फ लगे। गुरागाईं महेन्द्र दल गण, गोरखामा शाही नेपाली सेनामा कार्यरत छन्।

फिदिम गाविस-५ जोरसालका ५२ वर्षीय राजकुमार जोशीलाई ०६२ पुस १० गते माओवादी इन्चार्ज प्रकाशले अपहरण गरे। जिविस सदस्यबाट राजिनामा दिने सर्तमा पुस १२ गते राँके बजारबाट उनलाई मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

फिदिम गाविस-९ पौवाभञ्ज्याङ्ग बजारलाई ०६१ फागुन १ गतेदेखि ३ गतेभित्र खाली गर्नुपर्ने माओवादीको धम्कीले जनजीवन प्रभावित बनेको थियो।

सुभाङ्ग गाविस-८ ओराङफूङकी ४६ वर्षीय बसन्तकुमारी सुहाङ्गले माओवादीलाई चन्दा नदिएको भनी ०६२ भदौ १ गते राति उनलाई माओवादीले कुटपिट गरे। "पैसा छैन वस्तुभाउ बेचेर भए पनि दिन्छौं" भन्दा पनि कुटपिट गरिएको पीडितले बताइन्।

भारपा गाविस-४ का ४९ वर्षीय भवानी खतिवडाको छोरा शाही नेपाली सेनामा भर्ती भएको आरोपमा ०६२ भदौ ३ गते भवानीलाई माओवादीले कुटपिट गरी घरमा ताला लगाइदिए। पीडित ताला खुलेपछि घर फर्किए।

सुभाङ्ग गाविस-३ का ५० वर्षीय नरहरि उप्रेती र ४५ वर्षीय नरप्रसाद उप्रेतीले माओवादीलाई चन्दा नदिएको आरोपमा ०६२ भदौ ४ गते राति माओवादीले उनीहरूलाई कुटपिट गरे।

बेवारिसे बम खेलाउँदा विस्फोट भई देब्रे आँखा गुमाएकी बालिका भिमकुमारी चेम्जोङ

पृथ्वी उच्च मावि यासोकमा १० कक्षामा अध्ययनरत विद्यार्थीहरू १८ वर्षीय लालबहादुर बस्नेत, २० वर्षीय पदम लावती र १९ वर्षीय मनोज खतिवडाले विद्यालयमा माओवादीको विद्यार्थी संगठन गठन गर्न नदिएको आरोपमा ०६२ भदौ १४ गते माओवादीले उनीहरूलाई कुटपिट गरे।

सुभाङ्ग गाविस-८ का २९ वर्षीय गुरूभक्त लुइँटेललाई ०६२ भदौ २० गते एकतीन बजार छेउमा उभिएको अवस्थामा पुलिसको सुराकीको आरोप लगाउँदै माओवादीले कुटपिट गरे।

ओयाम गाविस-२ सामाङखुँका ३२ वर्षीय फिपरानी सेलिङ सुराकी भएको आरोपमा ०६२ कार्तिक २ गते पेन्सन लिएर घर फर्कंदा माओवादीले उनलाई कुटपिट गरे।

सुभाङ्ग गाविस-५ का ६५ वर्षीय नेत्रप्रसाद काफ्लेले माओवादीलाई चन्दा नदिएको आरोपमा ०६२ पुस ८ गते बेलुका माओवादीले उनलाई कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति ४५ वर्षीय भीष्मराज आङ्गदम्बेलाई ०६२ पुस १० गते बिहान फिदिम गाविस-१ गणतन्त्र चोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। नगरकोट हत्याकाण्डको विरोधमा आयोजित विरोध ऱ्यालीलाई सम्बोधन गर्ने क्रममा राजालाई गाली गलौज गरेको आरोपमा उनलाई गिरफ्तार गरिएको थियो। आङदम्बेलाई पुस ११ गते रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा विभिन्न शीर्षकमा दर्ता भएका छओटा मुद्दा छन्। त्यसमध्ये चारओटा फैसला भएको छ भने दुईओटा मुद्दाको फैसला हुन बाँकी छ।

यस वर्ष अदालतमा दुनियावादी देवानी मुद्दा ८१ ओटा दर्ता भएका छन्। त्यसमध्ये १८ ओटा मुद्दा फर्स्यौट भए भने ६३ ओटा फर्स्यौट हुन बाँकी छन्। दुनियावादी फौजदारीतर्फ ५७ ओटा मुद्दा दर्ता भएकोमा १३ ओटा फर्स्यौट भए भने ४४ ओटा फर्स्यौट हुन बाँकी छन्। सरकारवादी फौज्दारीतर्फ १७ ओटा मुद्दा दर्ता भएकोमा एउटा फर्स्यौट भयो भने १६ ओटा फर्स्यौट हुन बाँकी छन्। फर्स्यौट हुन बाँकी मुद्दाको संख्या एकसय २३ ओटा देखिन्छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

फिदिम गाविस-४ गढीका ६२ वर्षीय पद्मसुन्दर लावतीको घरमा ०६१ चैत १२ गते राति माओवादीले आगजनी गरी एकलाख ५० हजार रूपैयाँ बराबरको क्षति पुऱ्याए।

रानीटार गाविस-६ नुनथलाका ५८ वर्षीय विश्वबहादुर गुरूङलगायत् २४ परिवारको घर ०६१ चैत २८ गते आ-आफ्ना छोरा शाही नेपाली सेनामा भर्ती हुन पठाएको आरोपमा माओवादीले तालाबन्दी गरी कब्जामा लिए। जिल्लाको मानवअधिकार संस्था हुकाडेक नेपालको पहलमा मानवअधिकारकर्मीको रोहवरमा ती घरका ताला खोलियो।

अमरपुर गाविस-४ भालुचोकका ४९ वर्षीय हरि सिर्तेलको घरमा ०६२ साउन २८ गते दिउँसो माओवादीले तालाबन्दी गरे। माओवादीद्वारा घोषित गाजस प्रमुख भएर

पनि नीति निर्देशन पालना नगरेको आरोपमा ताला लगाइएपछि पीडित बेपत्ता भए।

नागिन गाविस-३ सेजेपाका ४५ वर्षीय गोपाल न्यौपानेको पानीघट्टलगायत् सम्पूर्ण सम्पत्ति ०६२ साउन ३१ गते राति कब्जामा लिएको सूचना टाँस गरे। पीडितले सुराकी गर्दै हिँडेको र पटकपटक शाही नेपाली सेनाको पोसाक लगाई अनुहारमा कालो पट्टी बाँधी हिँडेको भनी सम्पत्ति कब्जामा लिइएको कुरा सूचनामा उल्लेख थियो।

भारपा गाविस-८ का ६३ वर्षीय रणबहादुर तामाङ, ४६ वर्षीय बलबहादुर श्रेष्ठ, ४६ वर्षीय नरेन्द्र तामाङ, ५८ वर्षीय रायबहादुर तामाङको घरमा माओवादीले ०६२ भदौ ३ गते ताला लगाई विस्थापित गराए। मानवअधिकारकर्मी, गाउँका शिक्षक, नागरिक समाजको पहलमा कार्तिक १९ गते बलबहादुर श्रेष्ठबाहेकको ताला खुलाइयो। बलबहादुरको घरको ताला भने ०६२ पुस ५ गते खोलियो।

सिदिन गावस-९ का ४३ वर्षीय तेजबहादुर आङ्बोले आफ्ना कार्यकर्तालाई आत्मसमर्पण गराएको र जिल्ला सदरमुकाममा बसेर विद्यालय नगई तलब भत्ता खाएको आरोपमा ०६२ भदौ ४ गते माओवादीले उनको घरजग्गा कब्जामा लिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

फिदिम गाविस-७ सामदिनका पत्रकार महासंघका सभापति २८ वर्षीय लवदेव ढुङ्गानालाई ०६१ फागुन २० गते दिउँसो फिदिम बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ५० दिन कारागारमा नजरबन्द राखी ०६२ वैशाख ८ गते रिहा गरियो। राजाको पुत्ला जलाएको आरोपमा पीडितलाई गिरफ्तार गरेको प्रहरीले जनायो।

रानीटार गाविस-८ तमाखेका २१ वर्षीय निलम नेम्वाङ माओवादी भएको आरोपमा ०६२ असार २४ गते साँझ फिदिम गाविस-१ बजारबाट सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी २६ गते रिहा गरे। अलैंची लिएर फिदिम आएको अवस्थामा गिरफ्तार गरिएका पीडितलाई वटुक दल गण व्यारेकमा आँखामा पट्टी र हातखुट्टा बाँधेर पैतालामा र शरीरमा भाटाले हिकाई यातना दिइयो। पीडित निर्दोष रहेको भनी गणले केही औषधी दिएर रिहा गरेको थियो।

अमरपुर गाविस-२ का २२ वर्षीय नरबहादुर राई माओवादी भएको आशंकामा ०६२ भदौ १० गते दिउँसो सुरक्षाकर्मीले फिदिम गाविस-१ बजारस्थित एक पसलबाट उनलाई गिरफ्तार गरे। पीडितलाई भदौ १२ गते रिहा गरियो। पीडित यसअघि माओवादी पार्टी छोडेर झापामा आत्मसमर्पण गरी फिदिमको एक होटलमा काम गरी बसेका थिए।

लुङरूपा गाविस-८ का माओवादी कार्यकर्ताहरू २१ वर्षीय गोपाल गुरूङ र ताप्लेजुङ जिल्ला फुङलिङका २२ वर्षीय पासाङ शेर्पालाई ०६२ भदौ २३ गते थर्पू गाविस-२ मेदिबुङबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार गरेर सदरमुकाम ल्याईदै गर्दा पञ्चमी गाविस-१ अक्ट्यारेमा बम विस्फोट हुँदा पासाङ शेर्पा घाइते भए। गोपाल गुरूङ हाल नजरबन्दमा छन्।

प्राङ्बुङ गाविस-५ का २२ वर्षीय सुरेश केरूङ र अमरपुर गाविस-६ का १४ वर्षीय रवीन दवाडीलाई ०६२ कार्तिक ४ गते सुरक्षाकर्मीले सुरेशको घरबाट गिरफ्तार गरे। उनीहरूलाई कार्तिक ६ गते नजरबन्दमा राखियो। हाल सुरेश नजरबन्दमा छन् भने रवीन नाबालक भएको भनी पुनरावेदन अदालतमा रिट परेपछि तारेखमा रिहा भएका छन्।

एकतीन गाविस-२ का १६ वर्षीय दीपक बिष्ट माओवादी भएको आरोपमा ०६२ मंसिर ६ गते सुरक्षाकर्मीले फिदिम बजारबाट उनलाई गिरफ्तार गरे। उनलाई मंसिर ७ गते रिहा गरियो। पीडित माओवादीको कब्जाबाट भागेर फिदिम आएका थिए।

लुम्पफाङ गाविस-२ का २३ वर्षीय कुमारी लावती, मेमेङ गाविस-७ का १७ वर्षीय गंगा गुरूङ र इलाम जिल्ला नामसालिङ गाविस-६ का १५ वर्षीय शंकर ढुंगानालाई०६२ मंसिर १२ गते बिहान राँकेबजार छेउबाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितहरूमध्ये मंसिर १६ गते २ जनालाई नजरबन्द राखियो भने कुमारी लावती मंसिर १९ गते तारेखमा आउने गरी सैनिक हिरासतबाट रिहा भइन्।

ताप्लेजुङ जिल्ला खेवाङ गाविस-८ का ५४ वर्षीय पदमबहादुर लिम्बूलाई ०६२ मंसिर १७ गते फिदिम बजारबाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडित ०६२ मंसिर १९ गते रिहा भए। पीडितलाई माओवादीले ०६२ भदौ १२ गते माओवादीले जनसरकार प्रमुखमा जबरजस्ती राखेपछि भागेर झापा गए।

नागिन गाविस-३ का २४ वर्षीय माधव नेउपानेलाई ०६२ पुस १४ गते राँके बजारबाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितलाई फिदिमस्थित टेलिफोन टावर सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले नियन्त्रणमा लिएको बताए।

पुनः गिरफ्तार

ओयाम गाविस-४ का २५ वर्षीय वीरेन्द्र योङ्या माओवादी भएको आरोपमा ०६२ कार्तिक २८ गते जिल्ला प्रशासनले थुना मुक्त गर्ने पत्र दिए पनि मुक्त भएपछि तुरून्तै पूर्जी दिएर गिरफ्तार गरियो। ०६० साउनमा ओयाम गाविस-४ बाट माओवादीको आरोपमा गिरफ्तार गरिएका

योङ्यालाई ०६२ कार्तिक २९ गते आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश ०६१ को दफा ९ बमोजिम गिरफ्तार पुर्जी दिएर पुनः गिरफ्तार गरी कारागारमा राखिएको थियो। उनी ०६२ पुस १६ गते तारेखमा रिहा भए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार बलात्कार प्रयास

पाँचथर अस्पतालका स्वास्थ्य सहायक २८ वर्षीय सूर्यनारायण साहले अस्पतालमा बिरामी भई आएका फिदिम गाविस-३ का १८ वर्षीय एक विवाहित महिलालाई ०६२ साउन ७ गते राति बिरामी जाँच गर्ने निहुँमा बलात्कार गर्ने प्रयास गरे। पीडक साहले पछि पीडितको खुट्टा ढोगेर माफी मागे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

आङसराङ्ग गाविस-९ का ५० वर्षीय गोपाल विश्वकर्मा र सोही गाविस-४ की ४० वर्षीय ठूलीमाया तामाङबीच भएको अन्तरजातीय विवाहका कारण ०६२ असार २८ गते उनीहरूलाई माओवादीले गाउँ निकाला गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल पत्रकार महासंघ जिल्ला शाखाले ०६२ जेठ ८ गते एक विज्ञप्ति जारी गरी माओवादीले पत्रकारलाई धम्की दिएको कार्यको विरोध गर्‍यो।

संरचना क्षति

जिल्ला वन कार्यालय भवनमा ०६१ पुस २१ गते राति माओवादीले बम विस्फोट गराए। विस्फोटबाट १० लाख रूपैयाँ बराबरको क्षति भएको कार्यालयले जनायो।

फिदिम गाविस-३ माथिल्लो गाउँमा खानेपानी सरसफाई डिभिजन कार्यालयमा ०६१ माघ १० गते दिउँसो माओवादीले बम विस्फोट गराई १५ लाख रूपैयाँ बराबरको क्षति पुर्‍याए।

फिदिम गाविस-३ वर्दिनस्थित बटुक दल गणको क्वार्टरमा ०६१ फागुन ८ गते राति माओवादीले दुईओटा कुकर बम विस्फोट गराए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

कर्तव्य ज्यानका तीनओटा घटनामा तीनजना पुरुषको मृत्यु भयो भने एकजना महिला घाइते भइन्। आत्महत्याका तीन घटनामा दुईजनाले विष सेवन गरी र एक जनाले झुण्डिएर आत्महत्या गरे। किर्ते दस्तखतको एक र चोरी डकैतीका दुईओटा घटना प्रकाशमा आए।

१.४ ताप्लेजुङ



जनसंख्या :	१४१००२
साक्षरता प्रतिशत :	५२.२१
महिला साक्षरता प्रतिशत :	४१
क्षेत्रफल (वर्ग कि. मि.) :	३६४६
गाविस/नपा संख्या :	५०/०
निर्वाचन क्षेत्र :	२
विद्यालय :	२४४
क्याम्पस/उच्च मा.वि. :	१/८
अस्पताल/स्वास्थ्य चौकी :	१/५१
टेलिफोन लाइन :	५१०
मोटर सडक (कि. मि.) :	४५
प्रहरी कार्यालय संख्या :	२
हुलाक संख्या :	५१
मानव विकास सूचकांक :	०.४६७
प्रति परिवार सरदर संख्या :	५.६९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

पाँचथर र ताप्लेजुङ्गको सीमानामा रहेको काबेली भन्ने ठाउँमा ०६१ फागुन २५ गते गस्तीमा गएका सुरक्षाकर्मीले नाम नखुलेका एक माओवादी कार्यकर्तालाई गोली हानी हत्या गरे। पीडितको लास सुरक्षाकर्मीले घटनास्थलमै खाल्डो खनी गाडे। मृतकको सनाखत हुन सकेन।

हाङ्देवा गाविस-३ मा खाना खान लागेका माओवादी कार्यकर्ता २१ वर्षीय सनबहादुर लिम्बूलाई ०६२ जेठ ७ गते गस्तीमा गएका सुरक्षाकर्मीले घर घेरा हाली गोली हानी हत्या गरे। उनका साथमा रहेका माओवादी कमाण्डरसहित अन्य सातजना भागेका थिए। मृतक सनबहादुरको लास

सुरक्षाकर्मीले जिल्ला अस्पतालसम्म ल्याई बजार छेउमा परेकोमा स्याल-कुकुरले बाहिर निकाली खान थालेपछि पुनः गाउँलेहरुले खाल्डो खनी गाडे।

सुरुम्खिम गाविस-५ का माओवादी कार्यकर्ता २५ वर्षीय माइला तामाङ्गलाई ०६२ जेठ २५ गते गस्तीमा गएको सुरक्षाकर्मीले भाग्दै गरेका बेला फुरुम्बू गाविस-४ मा गोली हानी हत्या गरे। सुरक्षाकर्मी आफैले लास खाल्डो खनी गाडे।

डुम्रीसे गाविस-१ को माखोजा भन्ने ठाउँमा खाना खाइरहेका माओवादी कार्यकर्ताहरू ३० वर्षीय सावा दिन, सोही गाविस-५ का सन्दीप सुब्बा, फावाखोला गाविस-४ का २१ वर्षीय रामबहादुर सुब्बा, सांगु गाविस-१ का २२ वर्षीय अर्जुन लिम्बूलाई ०६२ असार २ गते गस्तीमा गएका सुरक्षाकर्मीले घर घेरा हाली गोली हानी हत्या गरे।

थेचम्बु गाविस-८ खाल्टेका माओवादीका एरिया इन्चार्ज ३२ वर्षीय विष्णु मेयाङ्बोलाई ०६२ मंसिर १ गते घरमै बसिरहेका बेला सुरक्षाकर्मीले घर घेरा हाली गोली हानी हत्या गरे। लासको पोष्टमार्टम भएन। लास सुरक्षाकर्मीले खाल्डो खनेर पुरे। उनको परिवारले लासको सदगत गरे।

थेचम्बू गाविस-८ खाल्टेका माओवादी जिल्ला सदस्य तथा एरिया इन्चार्ज ३० वर्षीय अर्जुन मेयाङ्बोलाई ०६२ मंसिर २ गते बिहान थुम्बेदिन गाविस-७ सान्थाक्रा भन्ने ठाउँमा खाना खाइरहेका बेला गस्तीमा गएका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सुरक्षाकर्मीद्वारा मारिएका माओवादी एरिया इन्चार्ज विष्णु मेयाङ्बो

माओवादीबाट

सांगु गाविस-८ का ५६ वर्षीय फूर्बा शेर्पा र सांगु गाविस-९ का ३७ वर्षीय दारिन्जी शेर्पा भारी बोकेर सदरमुकामबाट घरतिर जाँदै गर्दा दोभान भन्ने ठाउँमा ०६२ मंसिर ८ गते बिहान माओवादीले बिछ्याएको विद्युतीय धरापमा परी उनीहरूको मृत्यु भयो। माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी थापेको धराप भारी बोक्ने मजदुरलाई सैनिक आए भन्ने आशंकामा विस्फोट गराएको सम्बन्धित स्रोतले जनायो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

लिवेप गाविस-९ का ५ वर्षीय निमा शेर्पा घरमै सुतिरहेका बेला ०६२ मंसिर २९ गते हेलिकोप्टरमा गएका सुरक्षाकर्मीले हानेको गोली लागी सख्त घाइते भइन्। पीडितको जिल्ला अस्पतालमा उपचार भयो। परिवारले उपचारका लागि जिल्ला अस्पतालमा अनुरोध गर्दा औषधिको खर्च मात्र व्यहोर्ने जवाफ पाएको पीडितकी आमाले बताइन्।

जेल र बन्दीहरू

यस जेलमा ११ जना बन्दी "आतंककारी"को अभियोगमा रहेका छन् भने १८ जना सार्वजनिक अपराध, डाँका र अन्य मुद्दामा छन्। २५ जनाको मात्र क्षमता भएको यस जेलमा यस वर्ष ४० जनासम्म राखिएको थियो। महिला कारागार नभएकाले महिलाहरूलाई विराटनगर लैजाने गरिएको छ। विभिन्न आरोपमा पक्राउ परेका महिलाहरूलाई विराटनगर लैजान हेलिकप्टर कुर्नुपर्ने, नआउन्जेलसम्म महिलाहरूलाई हिरासतमै राख्न बाध्य हुनु परेको प्रहरी प्रमुखले बताए। विराटनगरमा राखिएका बन्दीका परिवारहरू, गिरफ्तारीमा परेपछि उनीहरूको स्थिति थाहा पाउन धेरै गाह्रो परेको गुनासो गर्दछन्।

बेपत्ता / अपहरण

माओवादीबाट

निगुरादिन गाविस-२ का ४४ वर्षीय गणेशबहादुर पोमु, २७ वर्षीय छविलाल खवास, ३५ वर्षीय दिनेश पोमु र ३० वर्षीय काजिमान सार्कीलाई ०६२ वैशाख १५ गते पाँच वर्षका लागि श्रम कैदमा रहने गरी माओवादीले अपहरण गरे। शिक्षक मोहन डाँगीको हत्यामा संलग्न रहेको आरोपमा अपहरित उनीहरूको अवस्था अज्ञात छ।

हाङ्देवा गाविसलगायत् जिल्लाका विभिन्न गाविसबाट ०६२ भदौ २३ गते माओवादीले सिनाम माविमा गर्ने भनिएको कार्यक्रममा दुईहजार भन्दा बढी व्यक्तिहरूलाई अपहरण गरी कार्यक्रममा सहभागी गराएर भदौ २५ गते मुक्त गरे।

फुरुम्बु गाविस-४ का ४० वर्षीय टेकमान भट्टराई, राजकुमार थापालगायत् छजनालाई सुराकीको आरोपमा ०६२ मंसिर ३ गते माओवादीले घरैबाट अपहरण गरे। पीडितहरूको अवस्था अज्ञात रहेको छ।

जिल्ला विकास समितिद्वारा सञ्चालित गरीबी निवारणका लागि पर्यटन कार्यक्रमका सल्लाहकार रामप्रसाद दाहाललाई ०६२ मंसिर १४ गते फिल्ड अनुगमनको सिलसिलामा गाउँ गएका बेला सिकैचा गाविसबाट माओवादीले अपहरण गरे। उनीसँगै काठमाडौँबाट आएको ७० जनाको एक समूहलाई भने २२ घण्टासम्म एकै ठाउँमा बस्न बाध्य गराई २२ घण्टापछि मात्र त्यहाँबाट हिंड्ने अनुमति दिइयो। रामप्रसादलाई मंसिर २१ गते मानवअधिकारकर्मी र पत्रकारको रोहवरमा मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

थेचम्बु गाविस-९ का ५१ वर्षीय विजय खरेलको

घरमा ०६१ चैत १ गते माओवादीले तालाबन्दी गरे। पीडितका छोरा कैलाश खरेलले माओवादी पार्टीमा आर्थिक हिनामिना गरेको आरोपमा माओवादीले तालाबन्दी गरेका थिए। माओवादीले ०६२ मंसिरमा घरको ताला खोलिदिए।

यस वर्षको एसएलसी परीक्षार्थी र परीक्षा गराउने शिक्षा कार्यालयलाई गाउँमा केन्द्र नसारी सदरमुकाममै गराए परिणाम नराम्रो हुने र जुन विद्यालयमा परीक्षा केन्द्र राखिन्छ त्यो भवन ध्वस्त पारिने धम्की माओवादीले दिए। परीक्षा गराएरै छाड्ने भनी जिल्ला शिक्षा कार्यालय लागेकोले ०६१ चैत १२ गते बेलुका परीक्षा केन्द्र रहेको नवज्योति बोर्डिङ्गको भवनमा माओवादीले आगो लगाई ध्वस्त पारे। दश महिनापछि सहयोग स्वरूप नगद एक लाख रुपैयाँ नवज्योति बोर्डिङ्ग स्कूललाई क्षतिपूर्ति उपलब्ध गराइयो।

ताप्लेजुङ्ग सदरमुकाममा रहेका बोर्डिङ्ग स्कुलहरूलाई ०६२ वैशाख ५ गते माओवादीले पत्र लेखी ०६१ ०६२ बाट बन्द गर्नुपर्ने नत्र हुनसक्ने सम्भावित क्षतिको आफैं जिम्मेवारी लिनुपर्ने भनी पटक-पटक धम्की दिए। बोर्डिङ्गहरूले केही समय विद्यालय बन्द गरेर पुनः सञ्चालन गरे।

हाम्पाङ्ग गाविस-९ का २५ वर्षीय सरीता चुँडाललाई घरमा झगडा गरेको निहुँमा ०६२ भदौ १५ गते माओवादीले घरमै गई उनलाई भाटाले हिर्काए। परिवारका अन्य सदस्यहरूलाई समेत दुर्व्यवहार गरियो।

जिल्ला शिक्षा कार्यालयले सामुदायिक विद्यालयका लागि भनेर गाउँ पठाएको रकममध्ये गणेश मावि खेवाङ्ग र हान्द्रुङ्ग प्राविको नगद सात लाख माओवादीले ०६२ असोज १५ गते लुटेर लगे। प्रशासनले व्यवस्थापन समितिका अध्यक्ष र प्रधानाध्यापकलाई तारिखमा बोलाई घटनाबारे स्पस्टिकरण माग्यो।

खेजेनिम गाविस-३ खेजेनिम उपस्वास्थ्य चौकीकी मासिका मातृशिशु कार्यकर्ता २५ वर्षीय मनकुमारी पौडेललाई ०६२ पुस ५ गते घरायसी विवाद मिलाउने नाममा माओवादीले यातना दिए। उनलाई सार्वजनिक स्थानमा भाटाले पिटिएको थियो। पीडितको उपचार विराटनगरमा भयो।

सुरक्षाकर्मीद्वारा हत्या गरी खाल्डो खनी गाडिएका अर्जुन मेयाङ्बो

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकाँ र एमालेले पाथिभरा क्याम्पसमा आयोजना गरेको प्रशिक्षण कार्यक्रमका सञ्चालकहरू नेकाँ कार्यकर्ता दीपेन्द्र सेन्दाङ्ग, दलबहादुर तामाङ्ग, भीम इम्बुङ्ग, टेकबहादुर खतिवडा, गजेन्द्र तुम्हाम्फे, जंग बस्नेत र एमालेका सुरेन्द्र साम्सहाङ्गलाई शाही कदमको विरोध गरेको आरोपमा ०६१ फागुन २३ गते प्रहरीले गिरफ्तार गरी फागुन २९ गते रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

ताप्लेजुङ्ग जिल्ला अदालतमा यस वर्ष देवानी सात र फौजदारी र संक्षिप्त फौजदारी आठ गरी १५ मुद्दा दर्ता भए। यीमध्ये कुनै पनि मुद्दाको फैसला भएको छैन। एक वर्षसम्म फैसला हुन बाँकी देवानी २६ र फौजदारीसम्बन्धी ३५ गरी जम्मा ६१ मुद्दा परेका छन्। दुई वर्ष नाघेका फैसला हुन बाँकी देवानी १२ र फौज्दारी सात गरी जम्मा १९ मुद्दा छन्। यसरी नै तीन वर्ष नाघेकामा फैसला हुन बाँकी ३१ देवानी र ३० फौजदारी गरी ६१ मुद्दा छन्। हाल अदालतमा देवानी ६९

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित			
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१	१	१	२			२	९	११		११
घाइते	१	१	१						१		१	१
गिरफ्तारी/यातना									३४	३८	४	४२
कुटपिट				२		२		२				
धम्की				३			३	३				
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				२	२			२				
अपहरण				२२	१८		१२२२१	१२२३९				
जम्मा	२	२	२	३०	२२	२	१२२२४	१२२४८	४४	४९	५	५४

माओवादीको विद्युतीय धरापमा परी मारिएका फुर्वा शेर्पा

र फौजदारीसम्बन्धी ७२ गरी जम्मा एकसय ४१ मुद्दा छन्। गत एक वर्षदेखि जिल्ला न्यायाधीशको अनुपस्थितिका कारण हालसम्म मुद्दा दर्ता गर्ने र सामान्य कामबाहेक उक्त कार्यालयबाट कुनै काम भएको छैन। यसरी लामो समयसम्म पनि कुनै पनि मुद्दा फैसला नहुनाले र गाउँबाट सर्वसाधारणलाई माओवादीले अदालत नजाने धम्की दिएकाले अदालतबाट पीडितले न्याय पाउन ढिलासुस्ती भएको छ। अदालतका एक कर्मचारी अनुसार अहिले सदरमुकाम छेउछाउबाहेक अन्य ठाउँबाट मुद्दाहरू आउन छाडेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

फुङलिङ्ग गाविस-१ का युवराज गौतम, तेज भट्टराई कमलप्रसाद पौड्याल, प्रेम गुरागाई, गणेश न्यौपाने, गणेश मादेन र चन्द्र थापालाई माओवादी भएको आरोपमा ०६१ माघ २४ गते आ-आफ्नै घरबाट प्रहरीले गिरफ्तार गरी फागुन ३ गते जेल चलान गरी ०६२ असोज १० गते तारेखमा रिहा गरे।

निगुरादिन गाविस-६ का माओवादी कार्यकर्ता २६ वर्षीय केशव शेर्पालाई ०६१ माघ ७ गते फूबारी गाविसबाट सुरक्षाकर्मीले गिरफ्तारी गरी माघ १५ गते जेल चलान गरे।

साँवा गाविस-४ का ३५ वर्षीय फूर्वाराज साँवा र २७ वर्षीय लाक्पा शेर्पालाई माओवादी भएको आशंकामा ०६१ माघ २७ गते सुरक्षाकर्मीले फुङलिङ बजारबाट गिरफ्तार गरी फागुन १० गते रिहा गरे।

फुङलिङ् गाविस- ४ का ४३ वर्षीय ज्ञानु मिश्र, शान्ति नेपाल, रमेश नेपाल र डिल्लीरमण बरालले माओवादीसँग सम्बन्धित कागजात प्रकाशन गर्न सहयोग गरेको आरोपमा ०६१ फागुन ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी फागुन १२ गते जेल चलान गरे। ज्ञानु, शान्ति र रमेशलाई ०६२ असार २ गते तारेखमा डिल्लीलाई ०६२ भदौ २ गते तारेखमा रिहा गरे।

हाङ्देवा गाविस-२ का १४ वर्षीय मेनुका कार्की र १५ वर्षीय कविता माबोलाई माओवादी भएको आरोपमा ०६२ जेठ ९ गते गस्तीमा गएका सुरक्षाकर्मीले उनीहरूलाई हाङ्देवा गाविसबाट गिरफ्तार गरी जेठ १५ गते विराटनगर महिला कारागार चलान गरे। उनीहरू हालसम्म रिहा भएका छैनन्।

फुरूम्बु गाविस-२ का १९ वर्षीय बुद्धमाया लिम्बू र खेबाङ्ग गाविस-४ की ११ वर्षीय रीता दाहाललाई ०६२ जेठ २६ गते सुरक्षाकर्मीले फुरूम्बु गाविसबाट गिरफ्तार गरे। रितालाई असार ३ गते रिहा गरियो भने बुद्धमाया विराटनगर महिला कारागारबाट असोज ६ गते रिहा भइन्।

थेचम्बु गाविस-२ का माओवादी कार्यकर्ता ३० वर्षीय कुमार दाहाललाई ०६२ जेठ २९ गते सदरमुकाम छेउबाट सुरक्षाकर्मीले गिरफ्तारी गरी असार १० गते आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गतको मुद्दामा छ महिनाका लागि जेलचलान गरियो।

फुरूम्बु गाविस-५ का १५ वर्षीय गोपाल सुब्बा र फावाखोला गाविस-७ का २१ वर्षीय प्रकाश भट्टराईलाई ०६२ असोज १६ गते गस्तीमा गएको सुरक्षाकर्मीले थेम्बु माविबाट गिरफ्तार गरी असोज २५ गते ताप्लेजुङ जेल चलान गर्‍यो।

मेहेले गाविस-४ का माओवादी कार्यकर्ता ४० वर्षीय सुरेन्द्र कार्की, भुटानी शरणार्थी रघुरत्न नेपाल, यामबहादुर लिम्बू, मनकुमार शेर्पा र शिवलाल पौडेललाई ०६२ मंसिर २ गते सुरक्षाकर्मीले थुम्बेदिन र थेचम्बू गाविसबाट गिरफ्तार गरे। सुरेन्द्रलाई मंसिर १३ गते चन्द्रगढी जेल चलान गरियो भने बाँकीलाई ताप्लेजुङ्ग कारागारमै ६ महिनाका लागि जेल चलान गरियो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादीले गरेको बन्दका कारण सर्वसाधारणलाई जीवनयापन गर्न धेरै कठिन भएको उल्लेख गर्दै ताप्लेजुङ्गस्थित शान्ति सञ्जालले तत्काल बन्द फिर्ता गर्न माओवादीलाई

माओवादी विद्युतीय धरापमा मारिएका दारिन्जी शेर्पा

अनुरोध गरी एक प्रेस विज्ञप्ति जारी गर्नुका साथै वार्ताद्वारा बाटो खुलाउने काम गर्‍यो। तीन वर्ष अगाडि बेपत्ता पारिएका विशाल सुनुवारका भाई जंग सुनुवारले आफ्नो दाइको स्थिति सार्वजनिक गर्न पटक-पटक विज्ञप्ति मार्फत अनुरोध गरे।

संरचना क्षति

एसएलसी परीक्षा केन्द्र रहेको नवज्योति बोर्डिङ्ग स्कूलको भवनमा माओवादीले ०६१ चैत १३ गते राती आगो आगो लगाई ध्वस्त पारे। जिल्ला खानेपानी कार्यालयको भवनमा माओवादीले बम विस्फोटन गराए भने कार्यालयको कम्प्युटर लुटेर लगे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ५ महिलाले झुण्डिएर आत्महत्या गरे।

१.५ मोरङ



जनसंख्या : ८,४३,२२०

साक्षरता प्रतिशत : ५६.७

महिला साक्षरता प्रतिशत : ४६.६

क्षेत्रफल (वर्ग कि. मि.) : १८५५

गाविस /नपा संख्या : ६५/ १

निर्वाचन क्षेत्र : ७

विद्यालय : ६८२

क्याम्पस /उच्च मा.वि. : १४/ ३६

अस्पताल /स्वास्थ्य चौकी : ३/ ७३

टेलिफोन लाइन : ९११४

मोटर सडक (कि. मि.) : ९७६

प्रहरी कार्यालय संख्या : ९

हुलाक संख्या : ७०

मानव विकास सूचकांक : ०.५३१

प्रति परिवार सरदर संख्या : ५.४८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

भोगटेनी गाविस-८ गङ्खेखोलामा बिमला भनिने माओवादी कार्यकर्तालाई ०६१ पुस २५ गते सुरक्षाकर्मीले खुट्टामा गोली प्रहार गरी घाइते भएको अवस्थामा थप गोली हानी हत्या गरे। पीडितको लास सुरक्षाकर्मीले घटनास्थलमा खाल्डो खनी पुरेका थिए। उनको नाम ठेगाना खुल्न सकेन।

जाते गाविस-२ मा माओवादी कार्यकर्ता बिमल भनिने जनक लिम्बु र दिनेश भनिने नर्बु तामाङलाई ०६१ फागुन २ गते जाते माविं भवनको पूर्व तेलीखोलाको किनारमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूलाई अघिल्लो दिन सोही गाविसबाट गिरफ्तार गरी रातभर कुटपिट गरिएको थियो। पीडितहरूको ठेगाना खुल्न सकेन।

राजघाट गाविस-२ का कान नसुन्ने र मानसिक रोगी ३९ वर्षीय रङ्गलाल धिमाललाई ०६१ फागुन १० गते केरौन जाँदै गर्दा बयरबन गाविस-९ कानेपोखरीमा सुरक्षाकर्मीले साइकल रोक्न भन्दा नरोकेकोले पछिल्तिरबाट गोली हानी हत्या गरे। पीडितलाई दुई वर्षअघि माओवादीले सुराकीको आरोपमा दायाँ हात र खुट्टा भाँचिदिएका थिए। पीडितका परिवारले पूर्वी पृतना मुख्यालयबाट साइकल फिर्ता पाए। क्षतिपूर्तिको लागि परिवारले जिल्ला प्रशासन कार्यालय र राष्ट्रिय मानव अधिकार आयोगमा निवेदन दिए।

बुधनगर गाविस-१ का माओवादी कार्यकर्ता २६ वर्षीय अरूण साहलाई ०६१ फागुन १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही गाविसमा गोली हानी हत्या गरे। कोशी अञ्चल अस्पतालमा लासको पोष्टमार्टम गरेपछि पीडितका आफन्तले दाहसंस्कारका लागि माग्दा प्रशासनले लास दिएन।

सिसबनी जहदा गाविस-६ का माओवादी कार्यकर्ता ज्वाला भनिने चमरु मण्डल, सोही गाविस-३ का भन्जा भनिने मनोज साह र बृद्धेश्वर मुखियालाई ०६१ फागुन १४ गते सुरक्षाकर्मीले सोही गाविसबाट गिरफ्तार गरी सोही गाविस-२ स्थित रामचौक नहरको डिलमा गोली हानी हत्या गरे। सुरक्षास्रोतले भने पीडितहरूले सकेट बम प्रहार गर्न खोज्दा सुरक्षाकर्मीले प्रतिकार गर्दा मारिएको जनायो।

डायनिया गाविस-४ का माओवादी कार्यकर्ता कमलानन्द मण्डललाई ०६१ फागुन १७ गते सुरक्षाकर्मीले झुर्किया गाविसबाट गिरफ्तार गरी सोही गाविसमा गोली हानी हत्या गरे। पीडितको लास सुरक्षाकर्मीले नै लगे।

बबियानीबिर्ता गाविस-६ का माओवादी कार्यकर्ता राजेन्द्र शर्मा र अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला सदस्य कल्पना भनिने दर्पणा चौधरीलाई ०६१ फागुन २२ गते सुरक्षाकर्मीले बबिया गाविस-६ बाट गिरफ्तार गरी सोही

ठाउँमा गोली हानी हत्या गरे। पीडिनहरूको लास सुरक्षाकर्मीले नै लगे।

कसेनी गाविस लक्ष्मीपुरका माओवादी कार्यकर्ता सुरेश भनिने शिवनारायण चौधरी र सुनिल भनिने तिलक चौधरीलाई ०६१ चैत १६ गते सुरक्षाकर्मीले उनीहरूकै घरबाट गिरफ्तार गरी हरैंचा गाविसस्थित लोहन्द्रा खोला नजिक पुऱ्याई गोली हानी हत्या गरे।

हसन्दह गाविस-१ घर भएका माओवादीद्वारा गठित भर्किया-महदेवा संयुक्त जनसरकार प्रमुख सन्तोष भनिने सन्त कुरुवाङ्ग लिम्बूलाई ०६२ जेठ २७ गते सुरक्षाकर्मीले सिजुवास्थित एक घरबाट गिरफ्तार गरी डोरीले हात बाँधेर दुईसय मिटर पर रहेको बाँसघारीमा पुऱ्याई गोली हानी हत्या गरे।

मझारे गाविसमा माओवादी कार्यकर्ता जयप्रकाश महतलाई ०६२ असार ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन गोली हानी हत्या गरे। पीडितको ठेगाना खुल्न सकेको छैन।

सिजुवा गाविस-५ का २९ वर्षीय मनोज भनिने चन्द्रबहादुर बस्नेत र सोही ठाउँका सन्तोष चम्लागाईलाई ०६२ भदौ ८ गते विराटनगर उपमनपा-१४, बसपार्कस्थित धनकुटा लजबाट राति कारागार शाखा मोरङका सशस्त्र प्रहरी निरीक्षक नरोदीप बस्नेतको नेतृत्वमा रहेको गस्ती टोलीले गिरफ्तार गऱ्यो। गिरफ्तारमध्ये मनोजलाई सोही रात गोली हानी हत्या गरियो भने सन्तोषलाई भोलिपल्ट कारागारमा नजरबन्द गरियो र भदौ २१ गते रिहा गरी भोलिपल्ट काठमाडौं पठाइयो। मनोजका बाबु गोविन्दले जिल्ला प्रहरी कार्यालयमा प्रहरी निरीक्षक नरोदीपका विरुद्ध हत्याको किटानी जाहेरी दिन खोज्दा दर्ता गरिएन। उक्त घटनाको छानबिन गर्न भनी सशस्त्र प्रहरी बल पूर्व क्षेत्रीय मुख्यालय, पकली, सुनसरीका प्रहरी उपरीक्षक खडानन्द चौधरीको एक सदस्यीय छानबिन टोली बनाइयो। तर त्यस समितिले न त प्रतिवेदन सार्वजनिक गऱ्यो न कसैलाई कारबाही गरिएको जानकारी गरायो। पीडितका बाबुलाई किरिया खर्च बापत २० हजार रूपैयाँ र पीडितको सुनको सिक्री, घडी र नगद हराएबापत थप २० हजार रूपैयाँ उपलब्ध गराइयो। सो घटनामा जनपथ प्रहरीको कुटपिटबाट जनपथ प्रहरी हवल्दार दिवस कार्की, साथी यातायातका आशबहादुर गुरुङ्ग र दिलबहादुर तुलाधर, लजका स्टाफ काजी भण्डारी, विष्णु सिंह र लजकी पाहुना निशा भण्डारी घाइते भए।

पथरी गाविस-५ का माओवादी एरिया कमिटी सदस्य २७ वर्षीय विदुर भट्टराई, बेलबारी गाविस-६ तेलकुँडीका सोही पार्टीका एरिया कमिटी सदस्य २८ वर्षीय दुर्गाराज राई, संखुवासभा खाँदबारी नपाका सो पार्टी ४ नं उपब्यूरो सदस्य मोहन खनाल र इन्द्रपुर गाविस, बेलेपुरका माओवादी सुनसरी मोरङ संयुक्त जिल्ला बुद्धिजीवी परिषदका अध्यक्ष ३४ वर्षीय पूर्ण श्रेष्ठलाई ०६२ असोज २९ गते बिहान सादा पोशाकका सुरक्षाकर्मीले नियन्त्रणमा लिई सोही दिन तेलकुँडीमा गोली हानी हत्या गरे। दुर्गालाई आफ्नै घरको कलमा नुहाउन लागेको अवस्थामा चारजना सुरक्षाकर्मीले नियन्त्रणमा लिई गोली हानी हत्या गरे। अरू तीनलाई दुर्गाको मोबाइलबाट "म दुर्गा बोलेको यहाँ सैनिक ढालियो, हतियार लिन आउनु"

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१०	४	६	१०	८	११	१	१२	१४	३०	४		३४
घाइते	१	१		१	१	६		६	२	६	१		७
हिरासत वा थुनामा मृत्यु									१	१			१
गिरफ्तारी/यातना									७२	१४७	१०	१	१५८
बेपत्ता									१३	१४	१	१	१६
कुटपिट	२	५	१	६	९	११	३	१४	२	२			२
भेला/संगठित हुने अधिकार									४	३२		२	३४
जातीय विभेद	१		२	२									
भूमिहीन/सुकुम्वासी समस्या									१	५	१		६
महिलाअधिकार	८		११	११									
बालअधिकार	५	१	४	५									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	६		६	१	१		१					
अपहरण	२	१	१	२	४१	९०	४	९४					
जम्मा	३०	१८	२५	४३	६०	११९	८	१२७	१०९	२२७	१७	४	२४८

भनी बोलाएपश्चात् सोही ठाउँमा आइपुग्नासाथ पूर्णबाहेक दुईलाई तत्काल नियन्त्रणमा लिई र पूर्णलाई खेदेर नियन्त्रणमा लिई धान खेतमा गोली प्रहार गरिएको थियो। सबैको लास सुरक्षाकर्मीले आफ्नै गाडीमा हाली शाही नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरीमा लगे। पछि चारओटै लास मृतकका आफन्तलाई बुझाइयो।



माओवादीद्वारा कुटपिट गरिएका तेजनाथ घिमिरे

माओवादीबाट

मझारे गाविस-२ का मुनिलाल महतो र सोही गाविस-३ का मोहनकृष्ण कामतले सुराकी गरेको आरोपमा ०६१ माघ १४ गते राति माओवादीले उनीहरूकै घरबाट सय मिटर पर पुऱ्याई घाँटी रेटी गोली हानी हत्या गरे।

बाहुनी गाविस-३ की २० वर्षीय सूजा सुब्बा ०६१ फागुन २ गते डाँगीहाटस्थित महेन्द्र राजमार्ग खण्डमा माओवादीले थापेको विद्युतीय धरापमा परी घाइते भएपछि धरानस्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार गर्दागर्दै उनको मृत्यु भयो।

कदमाहा गाविस-७ कमलपुरका लालबिहारी पण्डितले सुराकी गरेको आरोपमा ०६१ फागुन ५ गते राति माओवादीले घरबाट अपहरण गरी धारिलो हतियार प्रयोग गरी उनको हत्या गरे। पीडितको लास फागुन ६ गते बिहान घरभन्दा केही पर फेला परेको थियो।

डाँगीहाट गाविसका प्रकाश तामाङलाई ०६१ फागुन २० गते शनिश्चरेस्थित आफन्तको घरबाट माओवादीले अपहरण गरी फागुन २५ गते राजघाट गाविस-२ स्थित खाइवाचोकमा धारिलो हतियार प्रयोग गरी हत्या गरे।

सिजुवा गाविस-४ का सुनील वागदास (दर्जी) लाई ०६१ फागुन २२ गते राति माओवादीले अपहरण गरी फागुन २३ गते बिहान उर्लाबारी गाविस-६ स्थित मङ्गलबारेमा गोली हानी उनको हत्या गरे। पीडितको दुवै हात बाँधिएको र कञ्चटमा गोली लागेको अवस्थामा लास फेला परेको थियो। शव परीक्षणपश्चात् लास मृतकका आफन्तले लगे।

डग्राहा गाविस-४ का श्रवणकुमार विश्वासेले सुराकी तथा प्रतिकार गरेको आरोपमा ०६२ जेठ १५ गते साँझ माओवादीले उनकै घरबाट अपहरण गरी दुई घण्टापछि केही पर पुऱ्याएर गोली हानी उनको हत्या गरे।

सिजुवा गाविस-१ डाँगीटोल घर भएका अतिरिक्त हुलाक सिजुवाका प्रमुख ध्रुवनारायण ताजपुरियाले सुराकी गरेको आरोपमा ०६२ जेठ ३० गते राति माओवादीले उनकै घरमा गोली हानी उनको हत्या गरे।

दोहोरो भिडन्त

जाँते गाविस भवन र जाँते मावि परिसरमा सुरक्षाकर्मी र माओवादीबीच ०६१ फागुन २ गते भीडन्त हुँदा जाँते माविका छात्रहरू १७ वर्षीय महेन्द्र राई, १६ वर्षीय राजेन्द्र मादी लिम्बू र १३ वर्षीय देवराज अधिकारीको मृत्यु भयो। सोही घटनामा पाँचथर जिल्ला फिदिम गाविस-७ का प्रहरी जवान २६ वर्षीय जय अधिकारी र नाम नखुलाइएका तीन सुरक्षाकर्मीको पनि मृत्यु भयो। घटनामा माओवादीतर्फका कम्पनी उपकमाण्डर समुन्द्र, प्लाटुन कमाण्डर सुषमा र घनिष्ट, राजु र मुस्कान भनिने सेक्सन कमाण्डर, भूमिका भनिने सेक्सन उपकमाण्डर, खेम, तीर्थ, सुजन र सुनिल भनिने सेक्सन सदस्य गरी १० जनाको मृत्यु भयो। भीडन्तमा २० वर्षीय डिकमाया लिम्बू, १७ वर्षीय मनकुमारी लिम्बू, १७ वर्षीय नीशा कुरूवाङ लिम्बू, १६ वर्षीय गङ्गा राई, २७ वर्षीय राजेन्द्र लिम्बू, खड्गमाया लिम्बूलगायत् एक दर्जन घाइते भए। सैनिक जनसम्पर्क निर्देशनालयले भने सो घटनामा दुई सैनिक र एक प्रहरी गरी तीनजना सुरक्षाकर्मी मारिएको र आठ जवान घाइते भएको जनायो। घाइतेहरूको उपचार सरकारले गऱ्यो। मनकुमारीको हड्डी फुटेको ठाउँ छ महिनासम्म ठीक नभएकाले आईसीआरसी विराटनगरले पुनः उपचार गरायो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

केरावारी गाविस-९ भलुवाका वाक्यविहीन ज्ञानबहादुर घिमिरेलाई ०६२ असार १९ गते बिहान सुरक्षाकर्मीले भलुवा खोलाको डिलमा माओवादी भनी गोली प्रहार गरी गम्भीर घाइते तुल्याए। पीडितको देब्रे चाकमा गोलीले हड्डी फुटेको र पिडुलामा छर्रा लागेको थियो। घाइतेलाई सुरक्षाकर्मीको निर्देशनमा स्थानीय बासिन्दाले बोकेर संयुक्त सुरक्षाकर्मीको आधार शिविर लेटाङ पुऱ्याए। त्यहींबाट उपचारार्थ वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा भर्ना गरियो। उनको उपचार खर्च सुरक्षाकर्मीले बेहोरेका पीडितका परिवारले बताए।

माओवादीबाट

इलाका प्रहरी कार्यालय, उर्लाबारीका नायब निरीक्षक सिद्धीविक्रम शाह, सहायक प्रहरी निरीक्षक रामकृष्ण चौधरी र रामकुमार श्रेष्ठ, प्रहरी जवानद्वय ब्रम्हदेव चौधरी र मोति तामाङ र उर्लाबारीका पत्रकार केदार चौहान ०६१

फागुन २८ गते माओवादीद्वारा राजघाट गाविस-२ मा मारिएका प्रकाश तामाङ्गको लास जाँच प्रकृति मुचुल्का उठाउँदा लासमा राखिएको बम विस्फोट भई घाइते भए। घाइतहरूको वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरान र मङ्गलवारे उपस्वास्थ्य केन्द्रमा उपचार गरियो।

जेल र बन्दीहरू

तीनसय बन्दी क्षमताको यस जिल्लाको जेलमा कूल पाँचसय १८ जना बन्दी छन्। दुई बालक र एक बालिका आश्रित छन्। कूल वन्दीमध्ये दुईसय ८१ र ३४ महिला थुनुवा छन्। त्यस्तै एकसय ९३ पुरूष र १० महिला वन्दी कैद तोकिएका छन्।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका तारकेश्वर साह

ती वन्दीहरूमध्ये माओवादी आरोपित ८५ जना नजरवन्दमा छन्। तिनमा पनि ३८ जनालाई मुद्दा चलाइएको छ। मुद्दा चलेकामध्ये सुनसरी जिल्ला, सिंगिया गाविस-६ का जंगवहादुर राउतलाई पुनरावेदन अदालत विराटनगरद्वारा कर्तव्य ज्यानसम्वन्धी २० वर्ष कारावासको सजाय तोकेको छ। त्यस्तै अमरदह गाविस-९ का जुगेश्वर साह र सिजुवा गाविसका प्रकाश पौडेल दुवैलाई लुटपाट र चन्दा संकलन सम्वन्धी मुद्दा लगाई पुनरावेदन अदालत विराटनगरद्वारा ०६२ मंसिर २३ गते पुर्पक्षका लागि कारागारमा राखिएको छ। वाँकी अरू आस्थाका वन्दीहरूलाई पनि हातहतियार खरखजना, डकैती, चोरीलगायतका मुद्दा लगाएर राखिएको छ।

मुद्दा नलगाइएका आस्थाका सबै बन्दीहरूलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत छ महिने पूर्जी दिई राखिएको छ। वन्दीहरूमध्ये दर्वेसा गाविस-८ का माओवादी मेची कोशी सातौ व्रिगेड वटालियन 'सी' कम्पनीका उपकमाण्डर किशोरकुमार राजवंशी ०६२ असोज २१ गते साँझ शौचालयमा मृत अवस्थामा फेला परे। कारागार प्रशासनका जेलर वावुराम खतिवडाले उनको मृत्युवारे प्रतिक्रिया दिँदै झुण्डिएर आत्महत्या गरेको दावी गरे। बन्दीहरूले कारागार प्रशासनले कुटपिट गरी हत्या गरेको वताए। मृतकका परिवारका सदस्यहरूले उजुरी दिएनन् र छानविनको माग पनि गरेनन् तथापि इन्सेक, पत्रकार महासंघ र राष्ट्रिय मानव अधिकार आयोगले छुट्टाछुट्टै जेल निरीक्षण गरी सो घटनावारे जानकारी लिएका थिए। सो घटनालगत्तै जेलर वावुराम काठमाडौ सरूवा भए। त्यस्तै विराटनगर उपमनपा-१८ का फूलेश्वर यादवको ०६२ पुस १ गते मृत्यु भयो। मृतकका भान्जा अर्जुन यादवले समयमा उपचारको प्रवन्ध नमिलाएका कारण मृत्यु भएको दावी गरे। सो दावीलाई निमित्त जेलर कुमार पोखरेलले अस्वीकार गरे। दुई महिनाअघि बुहारीको हत्या गरेको मुद्दामा पुर्पक्षमा रहेका मृतक मधुमेहका रोगी थिए।

आस्थाका वन्दीहरूले आफ्ना नातेदारवाहेक कानुन व्यवसायी, मानवअधिकारकर्मी र पत्रकारसँग भेट्न पाउँदैनन्। भेट्न र कानुनी सल्लाह लिन वा अदालतमा रिट हाल्ने, सामान्यतया: प्रतिवन्ध लगाइएको छ। नातेदारसँग पनि पाँच मिनेटभन्दा वढी कुरा गर्न दिइँदैन। तर गैरआस्थाका वन्दीहरूलाई कुनै कुरामा प्रतिवन्ध लगाइएको छैन। जेलभित्र पनि तीन जनाभन्दा वढी एक ठाउँमा भेला भई कुराकानी गर्न निषेध छ। सरकार समर्थक वा सरकारी पत्रपत्रिका तथा पुस्तकहरू मात्र जेलभित्र लैजान दिइन्छ।

महिला वन्दीगृह पुरूष वन्दीगृहभन्दा वस्नको निमित्त सुविधाजनक छ। औषधी उपचारको लागि वार्षिक दुईलाख ५० हजार रकम सरकारले छुट्याएको पाँच महिनासम्म पनि नपुग्ने गरी न्यून छ। अन्य जिल्लावाट पनि उपचार गर्न अड्डासार गरेका बन्दीहरू आउने हुँदा अझ वढी समस्या सृजना भएको जेलर पोखरेलको गुनासो छ। १ करोड ३३ लाख कूल वार्षिक वजेटमध्ये झण्डै १ लाख रुपैयाँ वन्दीको लत्ताकपडा खरिदमा खर्च हुने उनी वताउँछन्।

जेलमा कर्तव्य ज्यानसम्वन्धी मुद्दाका वन्दी सवैभन्दा वढी झण्डै डेढसय छन्। त्यसपछि डकैती र वलात्कारसम्वन्धी मुद्दाका छन्। भारतीय र भुटानी गरी ३३ जना विदेशी वन्दी पनि छन्। त्यसमा भारतीय वन्दीको संख्या उल्लेख्य छ।

बेपत्ता / अपहरण

राज्यबाट

बवियाविर्ता गाविस-४ का माओवादी कार्यकर्ता सुन्दर भनिने ऋषि देवलाई ०६१ माघ २७ गते सुरक्षाकर्मीले सोही गाविसवाट गिरफ्तार गरे। उनको अवस्था अज्ञात छ।

केरावारी गाविस-९ भलुवाका ३२ वर्षीय इन्द्रवहादुर राईलाई ०६१ फागुन २५ गते उनकै घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

मधुमल्ला गाविस-१ का विनोद दर्नाल, सोही गाविस-५ का जीवन निरौला र सरोज भनिने माओवादी कार्यकर्तालाई ०६२ वैशाख ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई झापा सुरक्षाकर्मीले गिरफ्तार गरेका हुन्। विनोद र जीवनलाई ०६२ वैशाखमा माओवादीमा



सात राजनीतिक दलद्वारा आयोजित जनआन्दोलन दिवसको जुलुसमा प्रहरी हस्तक्षेप

नलाग्ने सर्तको कागज गराई रिहा गरियो भन्ने सरोजको अवस्था अज्ञात छ।

झुकिर्मा गाविस-७ का नगेन्द्र धिमाललाई ०६२ जेठ २४ गते वरङ्गा बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा अवस्था अज्ञात छ।

रमितेखोला गाविस-२ स्थित वैकुण्ठेबाट ०६२ असोज १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकी रोशना भन्ने रोजिना सुब्बाको अवस्था अज्ञात छ। उनको ठेगाना खुल्न सकेको छैन। सुरक्षाकर्मी सर्चमा निस्कदा मुठभेड हुँदा उनी गिरफ्तार भएकी थिइन्।

मझारे गाविसका नेकाका कार्यकर्ता विद्याञ्चल मण्डल र उनकी वहिनीलाई माओवादीको आरोपमा ०६२ असोज २० गते सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरे। पीडितहरूको अवस्था अज्ञात छ।

माओवादी कार्यकर्ता राजेन्द्र रामलाई ०६२ असार ३१ गते सुरक्षाकर्मीले सिमबनी जहदा गाविसबाट गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

सुनसरी जिल्ला, अमरडुवा गाविस-७ का शम्भु शर्मालाई ०६२ मंसिर ४ गते मोरङ जिल्ला झुर्कियां गाविस-२ का सुरेन्द्र शर्माको घरबाट झापा जिल्ला गौरीगञ्जबाट आएका संयुक्त सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरेकोमा उनको अवस्था अज्ञात छ।

माओवादीबाट

इटहरी नपा-२ का गोविन्द अर्यालला‍ई ०६१ पुस १७ गते उर्लाबारी गाविसस्थित मङ्गलबारेमा बसबाट धरानतर्फ जादै गर्दा माओवादीले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

शनिश्चरे गाविस-४ का वीरबहादुर चेम्जोङ, रङ्गेली गाविसका हिरालाल मण्डल र सोही गाविसका अजबलाल सरदारले गाँजा तथा काठ तस्करी गरेको आरोपमा ०६१ पुस २५ गते उनीहरूलाई माओवादीले अपहरण गरे। पीडितहरूबाट १० हजार दुईसय १९ रूपैयाँ लिई पुस २७ गते मुक्त गरे।

गोविन्दपुर गाविस-५ र ६ का एमाले कार्यकर्ताद्वय ४० वर्षीय देवी कार्की र ४[illegible] वर्षीय वेनु बुढाथोकीलाई सुराकीको आरोपमा ०६१ फा[illegible] २८ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई [illegible] दिनपछि मुक्त गरे।

दरवेशा गाविस [illegible] लक्ष्मी खरेललाई ०६१ चैत १० गते उनकै घर[illegible] कही काम छ भनी माओवादीले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

सिजुवा गाविस-८ घर भएका कृषि विकास बैंक, झुर्कियाका उपशाखाका सहायक गणेशप्रसाद खतिवडालाई ०६२ असार ४ गते उनकै घरबाट माओवादीले अपहरण गरे। पीडित दुई दिनपछि मुक्त भए।

शनिश्चरे गाविसस्थित आफ्नो ससुराली घर आएका भारत नागाल्याण्डका सैनिक सुवास तामाङलाई ०६२ साउन १० गते माओवादी सशस्त्र समूहले अपहरण गऱ्यो। पीडितको अवस्था अज्ञात छ।

शनिश्चरे गाविस-१ का लोकबहादुर मगर, अगम नेपाली, सूर्य विक, टेकबहादुर मगर, आइतबहादुर लिम्बू र नाम नखुलेका एक जनाले काठ तस्करी गरेको आरोपमा ०६२ साउन ११ गते माओवादीको सशस्त्र समूहले उनीहरूलाई आ-आफ्नै घरबाट अपरहण गऱ्यो। पीडितहरूलाई कुटपिट गरी साउन १४ गते मुक्त गरे।

शनिश्चरे गाविसका पत्थरमान राई, संखुवासभा जिल्ला, याकू गाविसका एकराज राई र इन्द्रमान राईले सुराकी गरेको आरोपमा ०६२ साउन १३ गते माओवादीको सशस्त्र समूहले शनिश्चरे गाविसस्थित फूलमाया राईको घरबाट अपहरण गऱ्यो। पीडितद्वयलाई साउन २६ गते मुक्त गरियो।

शनिश्चरे गाविस-८ घर भएका राष्ट्रिय सुकुम्वासी तथा जनसुधार वडा समितिका अध्यक्ष समशेरबहादुर राई र सो समितिका सदस्य डिल्लीप्रसाद लिम्बूलाई ०६२ साउन २६ गते माओवादी समूहले सुकुम्वासीसँग रकम उठाई ठगी गरेको आरोपमा दुईहजार पाँचसय ८३ रूपैयाँ र खातापातासहित अपरहण गरे। पीडितद्वयलाई भोलिपल्ट मुक्त गरियो। रकम र खाता फिर्ता दिइएन।

इटहरा गाविस-२ का तीर्णमिलन डाँगीलाई ०६२ साउन २९ गते माओवादीले घरैबाट अपहरण गरे। पीडतलाई साउन ३० गते साँझ मुक्त गरे।

सुनसरी जिल्ला इटहरी नपा-२ का पूर्व प्रहरी दुर्गा पाण्डेले मोटरसाइकल चोरेको आरोपमा ०६२ भदौ १ गते माओवादीले उनलाई पथरी गाविसस्थित पथरीबजारबाट अपहरण गरे। पीडितलाई भदौ १५ गते पथरीकै वुद्धचौकबाट मुक्त गरे।

उर्लाबारी गाविसका नेकपा (एमाले) गाउँ कमिटी सचिव मानबहादुर श्रेष्ठ र सोही पार्टीको भगिनी संगठन अनेमसंघकी कार्यकर्ता लक्ष्मी भण्डारीलाई ०६२ भदौ ७ गते माओवादीले अपहरण गरी भदौ ९ गते मुक्त गरे।

आमगाछी गाविस-५ स्थित पूर्वाञ्चल ग्रामीण विकास बैंक, रंगेली शाखाका फिल्ड सहायक राजेन्द्र मण्डललाई ०६२ भदौ ८ गते माओवादीले टकुवा गाविस-५ स्थित रमनपुरबाट को. १ प ५७९८ नं. को मोटरसाइलसहित अपहरण गरे। डेढ लाख रूपैयाँ दिने सर्तमा पीडितलाई भदौ १२ गते मुक्त गरियो। पीडितको मोटरसाइल फिर्ता दिइएन।

शनिश्चरे गाविसको भागीरथ माविका शिक्षक युवराज भट्टराई र सोही विद्यालयका व्यवस्थापन समितिका अध्यक्ष पर्शुराम कार्कीलाई ०६२ भदौ ८ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। पीडितद्वयलाई भदौ १३ गते मुक्त गरे। विद्यालय प्राङ्गणमा घर बनाई बसेका सुकुम्बासी हटाउनेबारे बुझ्न उनीहरूले ती दुवैलाई अपहरण गरेको बताए।

डाँगीहाट गाविस-५ लक्ष्मीमार्गका गोविन्द घिमिरे र सविता परियारलाई अनैतिक सम्बन्ध राखेको आरोपमा ०६२ भदौ १३ गते माओवादीले अपहरण गरे। पीडितमध्ये सवितालाई भोलिपल्ट र गोविन्दलाई पर्सिपल्ट मुक्त गरियो।

बाहुनी गाविस-९ का केरा व्यापारी ४० वर्षीय खड्गबहादुर दाहाललाई ०६२ भदौ २४ गते साइकलमा चढी केरा बेच्न उर्लाबारी जाँदै गर्दा माओवादीले उर्लाबारी गाविस-६ स्थित मंगलबारेबाट अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

केराबारी गाविसस्थित सतीसालेको सावित्री माविका प्रधानाध्यापक नन्दीकिशोर शर्मा र शिक्षकहरू शिवजी मण्डल र मदन अर्याल, केराबारी गाविसको आहाले डाँगीस्थित सार्वजनिक माविका प्रधानाध्यापक यमनाथ अधिकारी, शिक्षकहरू थीरप्रसाद लुइँटेल र दुर्गा सुवेदी, केराबारी गाविस-८ को मुगु प्राविका शिक्षक कमल काफ्ले, जीतेन्द्र तिम्सिना, गणेश चेम्जोङ्ग, केराबारी गाविस-९ गते भलुवास्थित लक्ष्मी माविका प्रधानाध्यापक खम्बसिंह थापा, सोही माविका शिक्षकहरू झमक लुइँटेल, उपेन्द्र यादव, दुर्गा गौतम, रूद्र घिमिरे, यमनाथ महतारी, चन्द्र श्रेष्ठ, स्थिरप्रसाद चापागाईंलाई ०६२ भदौ ३१ गते माओवादीले विद्यालयबाटै जनवादी शिक्षा तालिमका लागि भनी अपहरण गरे। पीडितहरू असोज २ गते मुक्त भए।

उर्लाबारी गाविस घर भएका टाँडी गाविसस्थित कालिका माविका प्रधानाध्यापक लोकनाथ दाहाल, मधुमल्ला गाविसस्थित मनोहर शारदा उच्च माविका प्राचार्य शारदा नेपाल, सोही गाविसको भगवती माविका प्रधानाध्यापक विजय गुप्तालाई ०६२ असोज ५ गते माओवादीले विद्यालयबाटै प्रशिक्षणमा भनी अपहरण गरे। पीडितहरूलाई सोही दिन राति रमितेखोला गाविसबाट मुक्त गरे।

केराबारी गाविसका पूर्वअध्यक्ष तथा नेकपा (एमाले) कार्यकर्ता नारायण थापामगर, जिविसका पूर्वसदस्य नवीन थापामगर, सोही पार्टीका रोहित कटुवाल, महाप्रसाद कट्टेल, कमल काफ्ले र नेकाँ (प्रजातान्त्रिक) का चुरासिंह विकलाई ०६२ असोज ७ गते माओवादीले सर्वदलीय बैठकमा जाउँ भनी अपहरण गरे। पीडितहरूलाई ०६२ असोज ९ गते धनकुटा जिल्ला मैनाबुदुकबाट मुक्त गरियो।

पथरी गाविसका इन्द्र मरिक, भोगेन्द्र मरिक, करण मरिक र सोलिन्दर मरिकले कपडा चोरेको आरोपमा ०६२ असोज १३ गते माओवादीले उनीहरूलाई अपहरण गरे। पीडितहरू ०६२ असोज १६ गते मुक्त भए।

कसेनी गाविसस्थित धनपाल माविका प्रधानाध्यापक नन्दराज गिरी, लक्ष्मी मावि डाँगीहाटका प्रधानाध्यापक हरिनारायण चौधरी, धीरनाथ सन्फूल, विश्वास मावि डाँगीहाटका प्रधानाध्यापक खगेन्द्र कोइराला, काली मावि डाँगीहाटका प्रधानाध्यापक रामप्रसाद यादव, झोराहाट मावि झोराहाटका प्रधानाध्यापक सरन भई, महेन्द्र मावि मोतिपुरका शिक्षक प्रदीप विश्वास, शिक्षक बीरबहादुर तामाङ्ग र प्रद्युम्न चौधरीलाई ०६२ असोज १७ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। पीडितहरूलाई माओवादीको जनवादी शिक्षाको प्रशिक्षण दिई सोही दिन मुक्त भए।

इन्द्रपुर गाविस घर भएका नेकाँ महासमिति सदस्य मानबहादुर बस्नेत, बेलबारी गाविस-९ का सोही पार्टीका कार्यकर्ता सकेन्डबहादुर बस्नेत, बाहुनी गाविस-९ का नेकपा (एमाले) का कार्यकर्ता इन्द्र गौतम, सोही पार्टीका रोहिणी गौतम, रामप्रसाद नेपाल र मोतिपुर गाविसका पूर्व अध्यक्ष तथा एमाले कार्यकर्ता शिवनारायण चौधरीलाई ०६२ असोज १७ गते "कुराकानी गर्नु छ" भनी माओवादीले अपहरण गरे। पीडितहरू अपहरण गरेकै रात मुक्त भए।



माओवादीद्वारा बम विस्फोट गराई क्षति पुऱ्याइएको जिल्ला निर्वाचन कार्यालय

इटहरा गाविसका श्यामगञ्ज कार्कीलाई ०६२ कार्तिक १५ गते माओवादीले घरैबाट "काम छ" भनी अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

टाँडी गाविस-८ सुन्दरीचोकका ३५ वर्षीय कृष्णप्रसाद घिमिरेलाई ०६२ कार्तिक २२ गते खाना पकाएर नखुवाएको आरोपमा माओवादीले घरैबाट डोरीले बाँधेर कुटपिट गर्दै अपहरण गरे। पीडितलाई भोलिपल्ट मुक्त गरियो। उनी सपरिवार विस्थापित भए।

ब्लाष्ट टाइम्स दैनिकका विराटनगरस्थित सम्वाददाता चन्द्रमणि कट्टेल र धरानका पत्रकार विमलमान श्रेष्ठलाई ०६२ मंसिर ७ गते समाचार संकलन गर्न राजघाट गाविस पुग्नासाथ माओवादीले अनुमतिबिना आफ्नो इलाकामा प्रवेश गरेको भनी अपहरण गरे। इन्सेक क्षेत्रीय कार्यालयको पहलमा पीडितद्वय सोही दिन मुक्त भए।

इटहरा गाविस-स्थित हिमालय निमाविका शिक्षक देवीप्रसाद दाहाललाई ०६२ मंसिर ७ गते माओवादीले आफूहरू विरूद्ध पत्रपत्रिकामा समाचार प्रकाशित गरेको आरोपमा अपहरण गरे। पीडितसँग स्पष्टीकरण लिई सोही दिन मुक्त गरे। पीडितलाई यसअघि ०६२ मंसिर ३ गते माओवादीले अपहरण गरेकोमा भोलिपल्ट बयरवन गाविसबाट मुक्त गरेका थिए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बेलवारी गाविस घर भएका शान्ति तथा विकास समितिका अध्यक्ष दशरथ प्रसाईंलाई ०६२ भदौ २३ गते इलाका प्रहरी कार्यालय बेलबारीका प्रहरी हवल्दार राजेश विश्वकर्माले सो कार्यालयनजिक राजमार्गमा हिँडिरहेको बेला बादविवाद हुँदा मुक्का प्रहार गरी कुटपिट गरे। पीडितले सो कार्यालय र शाही नेपाली सेनाका पूर्वी पृतना मुख्यालय इटहरीमा उजुरी दिए। ती दुवै कार्यालयले कारवाही गरिने बताए पनि के कारवाही भयो, सो सार्वजनिक गरिएन।

सुनसरी जिल्ला दुहवी गाविसका व्यापारी जाकिर मियालाई ०६२ पुस २ गते लेटाङ्ग गाविसको शनिबजारमा सोही ठाउको संयुक्त सुरक्षाकर्मी बेस क्याम्पका नाम नखुलेका एक सुरक्षाकर्मीले तरकारी पसल कुल्चिएपछि त्यसो नगर्न अनुरोध गर्दा लात्ती र मुक्का प्रहार गर्नुकासाथै पसलका सामान तोडफोड गरे। पीडितले आधार शिविरमा मौखिक उजुरी गरे, पीडकलाई कारवाही भएन।

माओवादीबाट

शनिश्चरे गाविसका आज्ञा राईलाई ०६२ साउन १० गते आफूहरूलाई सहयोग नगरेको आरोपमा घरमै माओवादीले कुटपिट गरे। माओवादीले छिमेकीहरूलाई अपहरण गर्दा उनले विरोध गरेकी थिइन्।

टाँडी गाविस-८ का मुखिया तेजनाथ घिमिरेले सुराकी गरेको आरोपमा ०६२ भदौ ३० गते माओवादीले उनलाई बाँसका लाठीले कुटपिट गरे। पीडितको उपचार विराटनगरस्थित विराट नर्सिङ्ग होममा गरियो। पीडितले उपचार खर्च माग गर्दै जिल्ला प्रशासनमा निवेदन दिए पनि निजी अस्पतालमा उपचार गरेको भनी खर्च व्यहोर्न अस्वीकार गरेको पीडितले बताए। उनी कुटपिटपछि सपरिवार विस्थापित भए।

शनिश्चरे गाविसका विक्रम राई, जीवन लिम्बू, विक्रम लिम्बू र दीपक धनानीले सुन चोरेको आरोपमा ०६२ असोज ९ गते माओवादीले उनीहरूलाई लाठीले कुटपिट गरे। पीडीतमध्ये विक्रम, जीवन र विक्रमलाई माइजूको सुन चोरेको र दीपकलाई सुन किनेको भनी कुटपिट गरिएको थियो।

केरौन गाविस-५ सुन्दरबस्तीका घनश्याम कटुवाले बलात्कार गरेको आरोपमा ०६२ कार्तिक ४ गते माओवादीले उनलाई २५ पटक बाँसका भाटाले कुटपिट गरे।

शनिश्चरे गाविस-५ कीर्तिपुरका शिक्षक रोहिणी घिमिरे र शिक्षक हरि ढकालले जुवातास खेलेको आरोपमा ०६२ कार्तिक १५ गते माओवादीले उनीहरूलाई कुटपिट गरे। पीडितमध्ये रोहिणीले लाठीको कुटपिटबाट घाइते भई उपचार गराएका थिए।

हसन्दह गाविस-५ का खड्गबहादुर खड्का र भगमाया कटुवाललाई ०६२ मंसिर २४ गते सो गाविसका माओवादी जनसरकार प्रमुख ममी भनिने र अन्य कार्यकर्ताले स्थानीय दुर्गा प्राविमा पुऱ्याई बाँसका भाटाले कुटपिट गरी गम्भीर घाइते तुल्याए। पीडितहरूको खुट्टा, ढाँड र पैतालामा चोट लागेको थियो। पीडितद्वयले झापा जिल्लाको बिर्तामोड, भद्रपुर भारतको सिलगुडीमा उपचार गराए। पीडित खड्ग र बुहारी कमलबीच पानीको विषयमा विवाद उत्पन्न भएको निहुँमा माओवादीले कुटपिट गरेका थिए। खड्गले ०६२ पुस १४ गते सोही गाविसको मंगलसिंह माविको प्राङ्गणमा पत्रकार सम्मेलन गरी घटना सार्वजनिक गर्दै आफूसँग माओवादीले एक हजार तीनसय पचास रूपैयाँसमेत लिएको बताए।

मधुमल्ला गाविस-२ का हर्कबहादुर बस्नेत र उनको परिवारलाई ०६२ पुस १५ गते स्थानीय माओवादीले युद्धविराम समाप्त हुनुअघि नै शाही नेपाली सेनामा कार्यरत दुई छोरालाई जागिर नछोडाए कारवाही गर्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

महेन्द्र मोरङ्ग क्याम्पसका विद्यार्थीहरू नेविसंघका जिल्ला समितिका सभापति केदार कार्की, क्याम्पस स्ववियु सचिव भीम पराजुली, संघका कार्यकर्ता रवीन राई, योगेन्द्र

यादव, शंकर भट्टराई, तिलक शर्मा, भोगेन्द्र यादवलगायत्का विद्यार्थीहरूलाई ०६१ माघ ३ गते पेट्रोलियम पदार्थको मूल्य वृद्धिको विरोधमा प्रधानमन्त्री शेरबहादुर देउवालाई कालो झण्डा देखाउन खोजेको आरोपमा रोडशेष चोकबाट गिरफ्तार गरी सोही दिन रिहा गरे।

नेकाँ जिल्ला सभापति अशोक कोइराला, उपसभापति दिलिप सापकोटा, सचिव गोपालमानसिंह राजभण्डारी, नेविसंघका पूर्व केन्द्रीय सभापति गुरुराज घिमिरे, नेपाल तरूण दलका केन्द्रीय सदस्य दामोदर कोइराला, सो पार्टीका कार्यकर्ता रूक्मिणा कोइराला, गीता पाठक, अनेरास्ववियु जिल्ला कमिटी अध्यक्ष पारूल क्षेत्री, रामनरेश यादवलगायत्का कार्यकर्तालाई ०६१ माघ १९ गते शाही घोषणाको विरोध गरेको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये पारूल ०६२ वैशाख १४ गते पुनरावेदन अदालतको आदेशले रिहा भए। रूक्मिणा र गीतालाई जिल्ला प्रशासनले ०६१ चैत १९ गते, पारूल ०६२ वैशाख १४ गते र बाँकी सबै सर्वोच्चको आदेशमा ०६२ जेठ ३ गते रिहा भए।

नेकाँ मोरङ्गका कार्यवाहक सभापति सुदनबहादुर कार्कीसमेत नेकाँका १२ जना कार्यकर्तालाई ०६१ चैत ७ गते प्रजातन्त्रको माग राखी जुलुस निकालेको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितमध्ये रामकुमार कोइराला, प्रभाकर सिंह, खड्गनारायण भगत, लोचन सहनी र उदय अधिकारीलाई र ०६२ वैशाख १३ गते सुदन, विश्वनाथ रिजाल, कमल पुडासैनी, रामबहादुर थापा, सत्यनारायण चौधरी, भीम पराजुली र केदार कार्कीलाई सोही दिन रिहा गरे।

झोराहाट गाविसकी नेपाल महिला संघकी केन्द्रीय सदस्य भुटियादेवी खवाससमेत सो संघका कार्यकर्ताहरूलाई ०६१ चैत १७ गते पूर्ण प्रजातन्त्रको माग गर्दै जुलुस निकालेको आरोपमा प्रहरीले लछारपछार गर्दै गिरफ्तार गरे। पीडितहरू सबैलाई सोही दिन राति १० बजे रिहा गरियो।

नेकपा (एमाले) का वैकल्पिक केन्द्रीय सदस्य पूर्व सासद लालबाबु पण्डितसमेत सो पार्टीका जिल्ला उपसचिव खड्गबहादुर बस्नेत, जिल्ला कमिटी सदस्य सत्यनारायण चौधरी, कार्यकर्ताहरू हरि ढुङ्गाना, पारस ओझा, पद्म सुब्बा, बिमला पण्डित, नारायण कार्की, राधेश्याम कट्टेल, नमिता न्यौपाने, राजेन्द्र कार्की, अलका भट्टराई, मुस्कान कार्की, मनोज ढकाल, बद्री अर्याल, नेकाँका दिलिप पोखरेल, शत्रुघ्न पौडेल, नेका (प्रजातान्त्रिक) का हरि भट्टराई र जनमोर्चाका प्रल्हाद राउतलाई ०६१ चैत २६ गते संकटकाल र शाही घोषणा फिर्ता गर्नुपर्ने माग राखी जुलुस निकालेको आरोपमा प्रहरीले गिरफ्तार गरे। पीडितमध्ये नारायण कार्की, राधेश्याम कट्टेल र दिलिप पोखरेललाई सोही दिन रिहा गरियो भने बाँकीलाई ०६१ चैत २८ गते जेल चलान गरियो। पीडितहरूलाई पुनरावेदन अदालत, विराटनगरको आदेशमा ०६२ वैशाख १२ गते रिहा गरियो।

विराटनगरका नेविसंघ मोरङ जिल्ला सभापति केदार कार्की, महेन्द्र मोरङ क्याम्पस स्ववियु सचिव भीम पराजुली, अनेरास्ववियु केन्द्रीय पार्षद नमिता न्यौपाने, अनेरास्ववियु (एकीकृत) का जिल्ला अध्यक्ष भोगन्द्र यादव र अनेरास्ववियुका कार्यकर्ता मुस्कान कार्कीलाई ०६२ साउन २० गते सुरक्षाकर्मीले राष्ट्रवादी शिक्षा नीतिको विरोधमा जुलुस प्रदर्शन गर्दा विराटनगर रोडशेष चोकमा लाठीचार्ज गरी घाइते तुल्याए। पीडितहरूको स्थानीय अस्पतालमा उपचार गरियो।

मन्त्रिपरिषदका उपाध्यक्ष तुलसी गिरीको विरोधमा कालो झण्डा देखाउन रोडशेष चोकमा जुलुस प्रदर्शन गरेको आरोपमा ०६२ असोज ३ गते नेविसंघका कृष्ण कार्की, केशव प्रसाई, रामनरेश यादव, लवकुमार अधिकारी, सुरेश भट्टराई, दिनानाथ आचार्य, अनिल कार्की, उमेश यादव र अनेरास्ववियुका जिल्ला अध्यक्ष पारूल क्षेत्रीलाई सुरक्षाकर्मीले विराटनगरबाट गिरफ्तार गरे। पीडितहरू सबैलाई साँझमा रिहा गरियो।

कोशी अञ्चल अस्पताल चोकमा मन्त्रिपरिषद्का उपाध्यक्ष तुलसी गिरीको विरोधमा प्रदर्शन गरेको आरोपमा अनेरास्ववियु (एकीकृत) विराटनगरका कार्यकर्ताहरू नवीन यादव र सुन्दरकान्त मण्डल, नेविसंघका कार्यकर्ता कृष्ण कार्की, अनेरास्ववियुका सरोबार सहनी, नेकाँ (प्रजातान्त्रिक) का कार्यकर्ता ईश्वरी ढुंगाना र जगत ढकाललाई ०६२ असोज ३ गते प्रहरीले लाठीचार्ज गरी घाइते तुल्यायो। डा. गिरी जिविसका मनोनित सभापति र उपसभापतिको पूर्वाञ्चल भेलालाई सम्बोधन गर्न आएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत विराटनगरमा कूल १८ सय ७२ मुद्दा यस वर्ष दर्ता भए। तीमध्ये तीन सय ८५ फर्स्यौट भई १४ सय ८७ बाँकी रहे।

नौसय ७१ देवानी र पाँचसय ६५ फौजदारीतर्फ रहे। बन्दी प्रत्यक्षीकरणका एकसय ६६ र निषेधाज्ञातर्फ एकसय ३४ छन्। दुईवर्ष नाघेका ४४, दुई वर्ष नपुगेका चार यस ३९ र एक वर्ष पुगेका एक हजार चारसय मुद्दा छन्।

जिल्ला अदालतमा यस वर्ष कूल दुई हजार ६७ ओटा मुद्दा दर्ता भए। तीमध्ये १३ सय ३१ फर्स्यौट भई सातसय ३८ बाँकी रहे। जसमा देवानी १२ सय १८ र फौजदारीतर्फ आठसय ५१ मुद्दा छन्। देवानी सातसय ३४ र फौजदारीतर्फ पाँचसय ९७ मुद्दा फर्स्यौट भए।

यस अदालतमा प्रतिन्यायाधीश ६८९.६६ मुद्दा, प्रतिकर्मचारी २८.७३ मुद्दा रहेकोमा प्रति न्यायाधीश फर्स्यौट अनुपात ४४३.६६ मुद्दा भए। सबैभन्दा बढी लेनदेन विषयका मुद्दा परेका छन्। सबभन्दा पुरानो ०४४ सालको जग्गासम्बन्धी एउटा मुद्दा मुलतवीमा रहेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

टंकीसिनुवारी गाविसका टीकाराम सरदार, हरिचरण भगत, जयप्रकाश सरदार, विनोदकुमार चौधरी, दुखाराम सरदार र सुजितकुमार विश्वासलाई ०६२ साउन १४ गते सोही गाविसका कमला रोलिङ्का व्यवस्थापक जगदीश अग्रवालले युनियन स्थायी दर्ता गर्न निवेदन दिएको आरोपमा निष्काशन गरे। व्यवस्थापक अग्रवाल उद्योगमा कार्यरत अध्यक्ष मजदुरलाई श्रम ऐन अनुसार निष्काशन गरेको बताए।

विराटनगर-२२ का बिमला राई, उत्तम राई, ईश्वर राई, कुलदिप राई, रहमान राई, सागर थापा, कुमार थापालगायत् दर्जन बढी मजदुरहरू ०६२ साउन १२ गते प्रहरीद्वारा लाठी प्रहार गर्दै उनीहरूको घर भत्काउँदा घाइते भए। रघुपति जुटमिलमा काम गर्ने पीडितहरू सो मिलको आसपासमा २० वर्ष अघिदेखि निःशुल्क प्राप्त जग्गामा घरटहरा बनाई बसेका थिए। मिल व्यवस्थापनले नै उनीहरूलाई सो सुविधा प्रदान गरेको थियो। तर, प्रशासनले भने मिल असुरक्षाका कारण सो बस्ती हटाएको बतायो।

सम्पत्ति कब्जा

बयरबन गाविस-६ स्थित प्रहरी उपरीक्षक अजय भट्टराईको अधियामा दिएको तीन बिगाहाको २९ मन धान ०६२ पुस १६ गते माओवादीले कब्जामा लिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

अमरदह गाविसका जनता माविका शिक्षक विष्णुप्रसाद दुलाल माओवादी भएको आरोपमा ०६१ माघ १५ गते स्थानीय चियापसलबाट उनलाई सुरक्षाकर्मीले बिना पुर्जी गिरफ्तार गरे। पीडित दुई दिनपछि नाटकमा रिहा भए।

नेकपा (एमाले) जिल्ला कमिटी सदस्य विनोद ढकाल र महेन्द्र मोरङ क्याम्पसका स्ववियु सभापति सागरकुमार थापालाई ०६१ माघ २१ गते विराटनगर उपमनपा-१५ पाल्चार्लीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितमध्ये सागरलाई तीन दिनपछि रिहा गरियो भने ढकाललाई सर्वोच्च अदालतको आदेशमा ०६२ वैशाख २७ गते रिहा गरियो।

बखियाबिर्ता गाविस-४ का माओवादी कार्यकर्ता सुन्दर राजवंशीलाई ०६१ माघ २७ गते सुरक्षाकर्मीले सोही गाविसबाट गिरफ्तार गरे। उनलाई ०६१ फागुन २० गतेदेखि कारागारमा राखिएकोमा ०६२ मंसिर १२ गते पुनरावेदन अदालत विराटनगरको आदेशमा रिहा भए।

बखियाबिर्ता गाविस-९ का २२ वर्षीय नीतेश थापा, कृष्णबहादुर अधिकारी, कुमार मिश्र, रामकुमार मेहता, ५५ वर्षीय रोहित गिरी, वीरबहादुर अधिकारी, ६० वर्षीय भवनाथ गिरी, ६० वर्षीय डण्डराज दाहाल, ३२ वर्षीय पुष्पराज थापा, माधव बञ्जारा र परशुराम भट्टराईले माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ फागुन २२ गते उनीहरूलाई घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पूर्वी पृतना मुख्यालय र जिल्ला प्रहरी कार्यालयमा उनीहरूलाई बिनापुर्जी राखियो।

लेटाङ गाविस-५ स्थित शिक्षा विकास माविका प्रधानाध्यापक ४५ वर्षीय डिल्ली ओझा र सोही माविका शिक्षक ३८ वर्षीय देवी ओझालाई खेतमा बेवारिसे मोटरसाइकल राख्न दिएको आरोपमा ०६१ चैत १ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई कुटपिट गरी भोलिपल्ट रिहा गरियो। उनीहरूको स्थानीय क्लिनिकमा उपचार गरियो।

बाहुनी गाविस-९ का ३४ वर्षीय भवानी भट्टराईलाई ०६१ चैत २ गते उनकै घरबाट माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी चैतको अन्तिम सातामा रिहा भए।

लेटाङ गाविस-३ का कृषकहरू ३१ वर्षीय कमल पौडेललाई ०६१ चैत ५ गते, ५५ वर्षीय शरणबहादुर तामाङलाई ०६१ चैत ७ गते, सोही गाविस-५ का ३६ वर्षीय कुलबहादुर लिम्बूलाई माओवादीको आरोपमा ०६१ चैत ८ गते उनीहरूकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये लिम्बूलाई दश दिनपछि रिहा गरियो भने बाँकीलाई हप्ता दिनपछि रिहा गरियो। उनीहरूलाई बिना पुर्जी पूर्वी पृतना मुख्यालय इटहरीमा राखिएको थियो।

विराटनगर उपमनपा-४ का नेका ५ नम्बर क्षेत्रीय सदस्य श्रद्धाधन पौडेल र गर्मीनिका क्षेत्रीय प्रतिनिधि प्रेमप्रसाद पराजुलीलाई ०६१ चैत १५ गते साँझ नेताचोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई चैत २६ गते रिहा गरियो।

झोर्किया गाविस-९ का देवेन्द्र मण्डललाई ०६२ वैशाख ८ गते सुरक्षाफौजले माओवादीको आरोपमा घरैबाट गिरफ्तार गरे। पीडित ०६२ असार २३ गते रिहा भए।

थाङ्शीला गाविस-८ का भीम राई माओवादी भएको आरोपमा ०६२ वैशाख १९ गते सुरक्षाकर्मीले उनलाई घरबाट गिरफ्तार गरे। उनलाई पूर्वी पृतना र त्यसपछि ०६२ जेठ ५ गते मोरङ कारागारमा थुनुवा पुर्जी दिई नजरबन्दमा राखिएकोमा पुनरावेदन अदालत विराटनगरको आदेशमा ०६२ कार्तिक १४ गते रिहा गरे।

बबियाबिर्ता गाविस-१ का मोहन बस्नेत, गाविस-८ का दीपक वञ्जारा, सीता डोटेल र वृद्धिबहादुर धिमाल माओवादी भएको आरोपमा ०६२ वैशाख ३१ गते सुरक्षाकर्मीले उनीहरूलाई गिरफ्तार गरे। पीडितहरू ०६२ जेठ २ गते शाही नेपाली सेनाको इटहरीस्थित पूर्व पृतना मुख्यालयबाट तारेखमा रिहा भए।

सिजुवा गाविस-८ का दीपक बस्नेत माओवादी भएको आरोपमा ०६२ जेठ १३ गते परीक्षा दिन विराटनगर आएको बेला सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। पीडितलाई हप्ता दिनपछि तारेखमा रिहा गरे। उनलाई विनापूर्जी पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा राखिएको थियो।

अमरदह गाविस-७ का रिक्साचालक ४० वर्षीय गन्सा राजवंशीलाई माओवादी भएको आरोपमा ०६२ वैशाख २० गते सुरक्षाकर्मीले विराटनगरस्थित गोल्छा चोकबाट गिरफ्तार गरे। ०६२ जेठ ९ गते कारागारमा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशअन्तर्गत नजरबन्द पीडितलाई ०६२ भदौ २९ गते पुनरावेदन अदालत, विराटनगरले रिहा गर्न आदेश गऱ्यो। तर सुरक्षाकर्मीले पुन: गिरफ्तार गर्न अदालत वरिपरी घेरा हालेपछि राष्ट्रिय मानव अधिकार आयोगले आफ्नो कार्यालयमा लगी रातभर राख्यो। स्थानीय प्रशासन तथा सुरक्षा अधिकारीले गिरफ्तार नगर्ने सर्तमा पीडितहरू भोलिपल्ट घर फर्किए।

अमाही बरियती गाविस-९ का पूर्व माओवादी कार्यकर्ता ३५ वर्षीय शारदाप्रसाद मण्डललाई ०६२ जेठ २ गते राति सुतेको अवस्थामा उनकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६१ जेठ ५ गते मोरङ कारागारमा नजरबन्दमा राखियो।

इटहरा गाविस-६ दाम्राभिट्टाका माओवादी कार्यकर्ता ३५ वर्षीय हरिबहादुर श्रेष्ठलाई ०६२ जेठ ५ गते बेलबारी गाविस-८ धरहरामा गाउँलेहरूले समाती सुरक्षाकर्मीलाई बुझाए। पीडितलाई ०६२ असार १५ देखि मोरङ कारागारमा नजरबन्दमा राखियो।

सिसबनी बडहरा गाविस-६ का नगेन्द्र भनिने ४२ वर्षीय नन्दप्रसाद अधिकारी र उनकी भाञ्जी २१ वर्षीय रूपा नेपाललाई ०६२ जेठ १० गते विहान उनीहरूकै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितमध्ये रूपालाई तीन दिनपछि पूर्वी पृतना मुख्यालय इटहरीबाट रिहा गरियो भने नन्दलाई जेठको तेस्रो साता तारेखमा पूर्वी पृतनाबाट रिहा गरियो।

सिसबनी बडहरा गाविस-५ का ३३ वर्षीय नेत्र पौडेलले माओवादीको पत्र ओसार्ने गरेको आरोपमा ०६२ जेठ ११ गते विहान सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। पीडितलाई ०६२ जेठ १३ गते मोरङ कारागारमा नजरबन्द गरिएकोमा ०६२ असोज १४ गते जिल्ला प्रशासन कार्यालयको आदेशमा उनी रिहा भए।

सिजुवा गाविस-८ का कमलबहादुर खड्का, ओमबहादुर पोखरेल, तिलबहादुर खड्का र इन्द्रबहादुर श्रेष्ठ माओवादी भएको आरोपमा ०६२ असार ७ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट उनीहरूलाई गिरफ्तार गरे। पीडितहरूलाई पाँच दिनपछि रिहा गरे।

शनिश्चरे गाविस-६ कुशलचोकका माओवादी गाजस प्रमुख लावबहादुर बलहापाकी मगरलाई ०६२ असार २१ गते सुरक्षाकर्मीले अमरदह गाविस-१ स्थित बजारबाट गिरफ्तार गरे। पीडितलाई असार २४ गते कारागारमा राखिएकोमा पुनरावेदन अदालत विराटनगरले ०६२ मंसिर १३ गते गैरकानुनी थुनामा राखेको भनी रिहा गर्न आदेश गऱ्यो।

केरावारी गाविस आमजुङ्गीका कुमार खड्का माओवादी भएको आरोपमा ०६२ असार २१ गते सुरक्षाकर्मीले गिरफ्तार गऱ्यो। पीडित गैरकानुनी थुनामा राखेको भनी पुनरावेदन अदालत विराटनगरले मुक्त गर्ने आदेश गरेपछि ०६२ कार्तिक ३ गते रिहा भए।

हसन्दह गाविस-७ को अनेमसंघ (क्रान्तिकारी) मोरङ-सुनसरी संयुक्त जिल्ला कमिटी अध्यक्ष सविना भनिने यशोदा खतिवडा, इटहरा गाविस-८ की अनेमसंघ (क्रान्तिकारी) को कार्यकर्ता सिर्जना भनिने भोजकुमारी दाहाल र इटहरा गाविस-८ की माओवादी पूर्णकालीन सदस्य दीपा भनिने यमुना काफ्लेलाई ०६२ असार २२ गते सुरक्षाकर्मीले शनिश्चरे गाविस सम्झनाचोकबाट गिरफ्तार गऱ्यो। पीडितद्वय भोजकुमारी र यमुनालाई असार २४ गते र यशोदालाई भदौ २२ गते नजरबन्दमा राखियो। पुनरावेदन अदालत विराटनगरले थुनामुक्त गर्ने आदेश गरेकोमा भोजकुमारी ०६२ मंसिर २४ गते र यमुना पुस ६ गते रिहा भए।

डुम्राहा गाविसकी माओवादी कार्यकर्ता भावना भनिने भगवती अधिकारी र इन्द्रपुर गाविस-३ का रोहित भनिने गणेश कडरियालाई ०६२ भदौ ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितमध्ये भावनाको अवस्था अज्ञात छ। गणेशलाई भदौ ८ गते आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत कारागारमा नजरबन्द गरियो। उनलाई ०६२ कार्तिक १४ गते पुनरावेदन अदालतले गैरकानुनी थुनामा राखेको भनी रिहा गऱ्यो।

झापा जिल्ला दमक नपा-१४ का माओवादी निकट नेपाल ट्रेड युनियन महासंघ सुनसरी-मोरङ संयुक्त जिल्ला संयोजक वीरन भनिने भानु मैनाली र अर्को नाम नखुलेको माओवादी कार्यकर्तालाई ०६२ भदौ २७ गते सुरक्षाकर्मीले वाहुनी गाविसबाट गिरफ्तार गरे। मैनाली कारागारमा नजरबन्द छन् भने अर्कोको अवस्था अज्ञात छ।

बुधनगर गाविस घर भएका माओवादी निकट अखिल नेपाल मजदुर संघ, सुनसरी-मोरङ संयुक्त जिल्ला समिति संयोजक अविनाश भनिने अशोककुमार साह र सोही संघका जिल्ला सदस्य सिसवनी जहदा गाविसका जीतन भनिने श्रवण राजवंशीलाई ०६२ भदौ २७ गते सुरक्षाकर्मीले बबियाबिर्ता गाविसबाट गिरफ्तार गरे। पीडितद्वय कारागार शाखा मोरङमा नजरबन्दमा छन्।

झापा जिल्ला दमक नपा-१४ स्थायी घर भई मोरङ जिल्ला सुन्दरपुर गाविस-३ मा अस्थायी रूपमा बस्ने नेपाल राष्ट्रिय सुकुम्बासी व्यवस्था जनसुधार समितिका केन्द्रीय सचिव रमेश अधिकारीलाई ०६२ भदौ २७ गते सुरक्षाकर्मीले बाहुनी गाविसबाट गिरफ्तार गरी ०६२ असोज १ गते रिहा गरियो।

भोजपुर जिल्ला देउराली गाविसका सज्जन भनिने टीकाराम श्रेष्ठ, धनकुटा जिल्ला कुरूलेतेनुपा गाविस-१ की सुनसान भनिने जानुका पाण्डे, गोविन्दपुर गाविस-४ का अग्नि भनिने रीतबहादुर राजवंशी र महादेवा गाविस-३ का रमेश भनिने दुलारचन्द यादवलाई ०६२ असोज १ गते सुरक्षाकर्मीले विराटनगर नपा-१३, जहदारोडस्थित वीरेन्द्रकुमार विष्टको न्युरो क्लिनिकबाट गिरफ्तार गरे। पीडितहरू उपचारका लागि सो क्लिनिकमा आएका थिए। पीडितहरूमध्ये रीतबहादुरलाई पुनरावेदन अदालत विराटनगरले गैरकानुनी रूपमा थुनामा राखेका भनी ०६२ असोज १२ गते रिहा गर्न आदेश गरेकोमा सोही दिन रिहा भए। जानुका र दुलारचन्द मोरङ कारागारमा नजरबन्द छन् भने टीकारामको अवस्था अज्ञात छ।

अमरदह गाविस-९ का माओवादी सुनसरी-मोरङ मधेश स्वायत्त प्रादेशिक जिल्ला जनसरकार सदस्य जगत भनिने जुगेश्वर शाह र बुधनगर गाविसका माओवादी कार्यकर्ता ब्रम्हानन्द यादवलाई ०६२ असोज ७ गते बाहुनी गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितद्वय कारागार शाखा, मोरङमा नजरबन्दमा छन्।

इटहरा गाविस-३ की अनेमसंघ (क्रान्तिकारी) धनकुटाकी अध्यक्ष भावना भनिने शान्ता राई र केरावारी गाविस-३ का अनेरास्ववियु धनकुटा जिल्ला कमिटीका सचिव खगेन्द्र सुवेदीलाई ०६२ असोज १२ गते सुरक्षाकर्मीले सिंहदेवी गाविसबाट गिरफ्तार गरे। पीडितमध्ये शान्तालाई ०६२ असोज २४ गते कारागार शाखा मोरङमा नजरबन्दमा राखियो। खगेन्द्रलाई हातहतियार खरखजाना अन्तर्गत मुद्दा लगाई कार्तिकदेखि कारागारमा नजरबन्दमा राखियो।

दादरबैरिया गाविस-८ का देवनारायण राजवंशी माओवादी भएको आरोपमा ०६२ असोज २४ गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी कार्तिक ११ गते शाही नेपाली सेनाको पूर्वी पृतनाबाट रिहा गरे।

बबियाबिर्ता गाविस-५ का ३३ वर्षीय सुख्खाराम खवासलाई माओवादीको आरोपमा ०६२ असोज २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई कार्तिकसम्म शाही नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरीमा राखी त्यसपछि कारागार शाखा मोरङमा जिल्ला प्रशासन कार्यालयको आदेशमा नजरबन्दमा राखियो।

थलाहा गाविसका पूर्वअध्यक्ष एवं नेकपा (एमाले) का पूर्व जिल्ला सदस्य नारायण खतिवडा माओवादी भएको आरोपमा ०६२ कार्तिक ८ गते उनलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई विराटनगर विमानस्थलमा एक रात राखी शाही नेपाली सेनाको पूर्वी पृतना मुख्यालय, इटहरीबाट ०६२ कार्तिक ११ गते रिहा गरियो।

दादरबैरिया गाविस-४ का मन्त्रीदेव भनिने माओवादी कार्यकर्ता २५ वर्षीय दिनेश राजवंशीलाई ०६२ कार्तिक १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित कारागार शाखा, मोरङमा नजरबन्दमा छन्।

पुनः गिरफ्तारी

केरावारी गाविस-९, भलुवाका केशबहादुर गरलाई ०६२ मंसिर १० गते कारागार शाखा, मोरङले रिहा गरेलगत्तै सुरक्षाकर्मीले गिरफ्तार गरे। पुनरावेदन अदालतले मंसिर १५ गते उनलाई उपस्थित गराउन जिल्ला प्रशासन कार्यालयलाई आदेश गर्‍यो। सो आदेशपछि पीडितलाई मंसिर १७ गते अदालतमा उपस्थित गराउँदा थुनामुक्त गर्न आदेश भयो र उनी सोही दिन रिहा भए।

राजघाट गाविस-८ का डिल्ली आपागाईं र झापा जिल्ला गोपगाछी गाविस-९ का मदन चुडाललाई मंसिर १२ गते पुनरावेदन अदालत, विराटनगरले गैरकानुनी थुनामा राखेको भनी रिहा गर्न आदेश गरेको लगत्तै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितद्वय आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत कारागार शाखा, मोरङमा नजरबन्दमा छन्। उनीहरू यसअघि पनि सोही कारागारमा थिए। सोही आदेशमा सुनसरी जिल्ला, धरान नपा-१७ का ३२ वर्षीय जसकुमार राई, बबियाबिर्ता गाविस-६ का सुन्दर राजवंशी र वडा नं. ७ का रामकुमार चौधरी, टाँडी गाविस-४ की २३ वर्षीय मनमाया तामाङ र टाँडी गाविस-८ का अशोक चौधरी रिहा भए।

भोजपुर जिल्ला आँख्रे गाविस-२ का मदन राईलाई पुनरावेदन अदालत, राजविराजले गैरकानुनी थुनामा राखेको भनी ०६२ पुस ४ गते रिहा गर्न आदेश गरेकोमा पुस ७ गते मोरङ कारागारबाट रिहा हुनासाथ प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुस १० गते रिहा गरियो।

जाजरकोट जिल्ला पुन्मा गाविस-३ का बलबहादुर सिंह ठकुरी र लहा गाविस-४ की पार्वती रावललाई ०६२

पुस १५ गते पुनरावेदन अदालत, विराटनगरले थुनामुक्त गर्न आदेश गर्‍यो। रिहा लगत्तै उनीहरूलाई प्रहरीले गिरफ्तार गर्‍यो। पीडितद्वयलाई जिल्ला प्रशासन कार्यालय मोरङले पुस १९ गते पुन: नजरवन्दको पूर्जी दिई कारागारमा राख्यो। सोही दिनको आदेशमा खोटाङ जिल्ला छिनापोखरी गाविस-३ का धनराज तामाङ भने रिहा भए।

सिजुवा गाविस-७ का माओवादी मोरङ सुनसरी संयुक्त जिल्ला कमिटीका प्रचार विभाग प्रमुख तथा अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य प्रकाश पौडेल, सोही पार्टी र कमिटीका ६ नं एरिया कमिटीका सेक्रेटरी वयरवन गाविस-६ का जीवन भट्टराई र याङसिला गाविस-८ का शंकर भनिने पदमवहादुर कार्कीलाई ०६२ साउन २० गते सुन्दरपुर गाविस-२ स्थित गोठगाउँवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये प्रकाशलाई पुनरावेदन अदालतले विराटनगरले ०६२ मंसिर २३ गते पुर्पक्षका लागि थुनामा राख्न आदेश दियो। जीवनलाई पनि सोही अदालतले ०६२ मंसिर २६ गते गैरकानुनी थुनामा राखेका भनी रिहा गर्न आदेश गरेकोमा सुरक्षाकर्मीले रिहा लगत्तै गिरफ्तार गरे। शंकरलाई सोही अदालतले गैरकानुनी थुनामा राखेको भनी रिहा गर्ने आदेश गरेकोमा ०६२ कार्तिकमा रिहा भए।

सल्यान जिल्ला दामाचौर गाविस-३ का पोखर चन्द, जाजरकोट जिल्ला पुन्मा गाविस-६ का वलवहादुर सिंह ठकुरी, खोटाङ जिल्ला चिसापानी गाविस-काहलेका वद्री राई, सोही जिल्ला सिमपानी गाविस-६ का नारायण श्रेष्ठ र सीतापोखरी गाविस-७ का दीपक तमाङ्गलाई ०६२ भदौ १४ गते जिल्ला अदालत मोरङले रिहा गर्न आदेश गरेपछि रिहा गरेलगत्तै उनीहरूलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई भदौ २० गते जिल्ला प्रशासन कार्यालयले पुन: सोही कारागारमा नजरवन्दमा राख्यो। तीमध्ये धनराजलाई ०६२ पुस १० गते पुनरावेदन अदालत विराटनगरले गैरकानुनी थुनामा राखेको भनी रिहा गर्न आदेश गरेपछि रिहा भए।

बालअधिकार

विराटनगर उपमनपा-१५ स्थित वीकेवीएम वोर्डिङ्ग स्कूलका कक्षा चारका छात्र अजित खड्कालाई ०६१ पुस २३ गते शिक्षिका सीता कोइरालाले गृहकार्य नगरेको भनी कुटपिट गरिन्। कुटपिटका कारण पीडितको एउटा हात भाँचियो। पीडितको कोशी अञ्चल अस्पतालमा उपचार गरियो। पीडकलाई कारवाही गरिएन।

मधुमल्ला गाविस-८ की १५ वर्षीय एक वालिकालाई ०६२ वैशाख २५ गते राति उनकै घरवाट वोकेर नजिकको मकैवारीमा पुर्‍याई सोही ठाउँका हिमन तामाङ्ग र उर्लावारी गाविस-३ का जीवन राईले वलात्कार गरे। पीडकद्वय कारागारमा छन्।

विराटनगर उपनपा-१९ की १२ वर्षीय एक वालिकालाई ०६२ जेठ २४ गते सोही ठाउँका ५८ वर्षीय अजमुद्दिन मियाले वलात्कार गरे। पीडकलाई ०६२ असार ५ गते गिरफ्तार गरियो। पीडितको कोशी अञ्चल अस्पतालमा उपचार गरियो। पीडक पुर्पक्षका लागि कारागारमा छन्।

हरैचा गाविस-४ की मानसिक रोगी १३ वर्षीय एक वालिकालाई ०६२ असार १७ गते सोही ठाउँका ६३ वर्षीय रामवहादुर कोइरालाले छुर्पी दिएर घर लगी वलात्कार गरे। पीडितको कोशी अञ्चल अस्पतालमा सिविनको सहयोगमा उपचार गराइयो। पीडक फरार छन्। ०६२ असार २२ गते जनता वाल समूह र नवप्रतिभा वाल समूह दुवैले इलाका प्रहरी कार्यालयमा उजुरी दिएका थिए।

मधुमल्ला गाविस-२ की पाँच वर्षीय एक वालिकालाई ०६२ साउन २१ गते सोही गाविसका केशव भट्टराईले ललाई फकाई वलात्कार गरे। पीडक फरार छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

संखुवासभा जिल्ला धुपू गाविसकी गीता कालाखेती, सिन्धुली जिल्ला टाँडी गाविसकी सावित्री विश्वकर्मा, सुनसरी जिला धरान नपा-११ की तारा कार्की र पथरी गाविस-६ की पवित्रा गुरूङ्गलाई ०६२ साउन ४१ गते सुनसरी जिल्ला इटहरी नपाका मदन अधिकारीले ओमन र कुवेत देशमा काम लगाई दिन्छु भनी विक्री गर्न लादै गर्दा विराटनगर सीमा राखी जोगवनी नाकावाट पीडितहरूलाई प्रहरीले गिरफ्तार गरी एवीसी नेपाल मार्फत् अभिभावकको जिम्मा लगाइयो। पीडक फरार छन्। पीडिक र पीडित गीता नातामा मामा भान्जी पर्दछन्। पीडकले भान्जीसहित पीडितहरूवाट भीसा वनाउन भनी वढीमा ३५ हजार रूपैयाँसम्म असुल गरेको एवीसीकी अध्यक्ष विष्णु शर्माले वताइन्।

पारिवारिक हिंसा

विराटनगर उपमनपा-१८ की १९ वर्षीय जयन्तीदेवी यादवलाई दाइजो नल्याएको निहुँमा ०६२ असोज २७ गते सासू धानकुमारी, ससुरा फुलेश्वर, नन्द सरिता र पति श्यामले विष सेवन गराउँदा मृत्यु भयो। पीडकहरू सवैलाई ०६२ कार्तिक ६ गते प्रहरीले गिरफ्तार गरे। पीडकहरूमध्ये सासू धानकुमारी र ससुरा फुलेश्वर जिल्ला अदालतको आदेशमा ०६२ कार्तिक ५ गते पुर्पक्षमा कारागारमा नजरवन्दमा छन् भने अन्य तीन तारेखमा रिहा गरिए। विहे हुनुअघि १ लाख २१ हजार रूपैयाँ दाइजो दिने सर्त राखिएकोमा विहेमा ७१ हजार दिएको र वाँकी रकम विहेपछि पनि क्रमिक रूपमा दिए पनि चुक्ता भएको थिएन। त्यही निहुँमा जयन्तीलाई कुटपिट गरिन्थ्यो। ०६२ साउनमा

जनैपूर्णिमाको निहुँ पारी जयन्ती माइती डाइनिया गइन् र असोज २६ गते पति श्यामले पुनः कुटपिट नहुने वाचा गरी घर ल्याएका थिए।

कटहरी गाविस-९ की आशा कामतलाई ०६२ कार्तिक ६ गते पति शशी र ससुरा मुसरू कामतले कुटपिट गरेको भनी पीडितले सोही दिन जिल्ला प्रहरी कार्यालयमा विहे खर्च तथा दाइजो रकम फिर्ता गर्न उजुरी दिइन्। सो उजुरीको कार्यान्वयन नभएको पीडितले बताइन्।

विराटनगर उपमनपा-३ की अनिता कार्कीलाई दाइजो नल्याएको निहुँमा ०६२ कार्तिक २८ गते सासू लिलाकुमारी र आमाजु अनिता खड्काले कुटपिट गरी घाइते तुल्याए। पीडितलाई माइती पक्षद्वारा उपचारार्थ कोशी अञ्चल अस्पताल भर्ना गरियो। पीडकद्वयलाई कार्तिक २९ गते प्रहरीले गिरफ्तार गरी पीडितको उपचार खर्च बेहोर्ने शर्तमा सोही दिन रिहा गरे। तर पीडकहरूले उपचार खर्च नव्यहोरेको पीडितका बाबु गोपाल थापाले बताए।

दूर्व्यवहार

हात्तीमुढा गाविसकी किरण साहलाई मोटरसाइकल दाइजो नल्याएको निहुँमा ०६२ भदौ ११ गते पति जनता माविका शिक्षक राजकुमार साहले कुटपिट गरी घाइते तुल्याए। एक छोरीकी आमा पीडितको ०५४ सालमा विहे हुँदा दाइजोवापत भौतिक सामान र नगद गरी एक लाख रूपैयाँ दिएका किरणकी आमा शारदा साहले बताइन्। पीडितले इलाका प्रहरी कार्यालय, बेलबारीमा उजुरी दिइन्, तर पीडकलाई कारवाही गरिएन।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

इन्द्रपुर गाविस-२ का लालबहादुर सार्की, कृष्णमाया सार्की र कृष्ण सार्की क्रमशः पति, पत्नि र छोरालाई ०६२ असोज ९ गते सोही गाविसका मानबहादुर बस्नेत र उनका परिवारले तल्लो जातको भनी रड र लाठीले कुटपिट गरे। कुटपिटबाट लालबहादुरको देब्रे हात भाँचिएको, कृष्णमाया र कृष्ण दुवैको टाउकोमा चोट लागेको थियो। पीडितत्रयको कोशी अञ्चल अस्पताल, विराटनगरमा पीडित आफैंले उपचार गरे। पीडकपक्षले उल्टै आफूहरूलाई कुटपिट गरेको भनी इलाका प्रहरी कार्यालय, बेलबारीमा उजुरी दिए। सो उजुरीका आधारमा पीडितमध्ये कृष्णलाई प्रहरीले गिरफ्तार गरे। पीडितहरूले पनि सोही कार्यालयमा बस्नेत परिवारले कुटपिट गरेको भनी उजुरी दिन जाँदा लिन मानिएन। त्यसपछि त्यस्तै जिल्ला प्रहरी कार्यालयले पनि उजुरी लिन मानेन। उजुरी लिन नमान्नुमा पीडकका नातेदार पूर्व क्षेत्रीय सशस्त्र प्रहरी बल मुख्यालय पकलीका प्रहरी नायव उपरीक्षक सनत बस्नेत भएको र उसैको दवावका कारण ती कार्यालयहरूले पूर्वाग्रह राखेको पीडितहरू बताउँछन्। कृष्णलाई केही सार्वजनिक सुरक्षा ऐनअन्तर्गत नजरबन्दमा राखिएको थियो। हाल उनलाई रिहा गरिएको छ। पीडितहरू पीडकको खेतमा मजदुरी गर्थे। सो छोडेपछि त्यही निहुँमा कुटपिट गरिएको पीडितका परिवार बताउँछन्।

विविध

संरचना क्षति

पथरी गाविसबाट एक किमी पूर्व महेन्द्र राजमार्ग सडक खण्डमा ०६२ वैशाख २६ गते विहान ५ बजे माओवादीले ना. १ ख ८९८२ नं. को कोइला बोकेको र मे. १ ख २८४ नं. को सनपाट बोकेको ट्रक माओवादीले नाकावन्दीको अवज्ञा गरेको भनी कब्जामा लिए।

सोराभाग गाविसको कर्सियास्थित विराटनगर रंगेली सडकखण्डमा ०६२ साउन ७ गते को. १ ख १४९ नं र को. १ ख २३ नं को मिनिवस माओवादीले नाकाबन्दीको अवज्ञा गरेको भनी आगजनी गरी क्षति पुऱ्याए। त्यस्तै सोही दिन वनिगाम गाविसको नेता चोकस्थित विराटनगर बिराटचोक सडकखण्डमा स. १ ख २७० नं को मिनीबस, को. १ ख १५८ नं. र को. १ ख १०८८ नं का दुईओटा ट्रक तथा एउटा नम्बर नखुलेको ट्याक्टर माओवादीले आगजनी तथा तोडफोड गरे।

गुणस्तर तथा नापतौल विभाग, क्षेत्रीय कार्यालय विराटनगर उपमनपा-१५ स्थित जनपथमा ०६२ भदौ १७ गते साँझ माओवादीले बम विस्फोट गरी क्षति पुऱ्याए। सो विस्फोट हुँदा कार्यालय प्रमुख विदुर गोविन्द अमात्य र पियन सीताराम तथा उनकी पत्नी र दुई सन्तान (छोराछोरी) सोही घरमा थिए। कोही घाइते भएनन्। सो तीनतले घरको तीन कोठा बिस्फोटबाट क्षति भयो। ढोका र झ्याल प्रायः सबै ध्वस्त भए। सो घर आसपासका आधादर्जन घरका झ्यालका सिसाहरू फुटेका थिए। सो कार्यालय बसेको घर डा. सुन्दरलाल श्रेष्ठको निजी घर हो। क्षतिको विवरण सार्वजनिक गरिएन।

प्रेस स्वन्त्रताको माग गर्दै मुखमा कालो पट्टि बाँधेर विरोध जनाउँदै पत्रकारहरू

यातना दिएर भोलिपल्ट रिहा गरिएको कुरा पीडितले बताए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

इटहरी नपा-७ घर भएका नेकपा (एमाले) सुनसरीका उपसचिव ४० वर्षीय रेवतीरमण भण्डारी, इनरूवा नपा-९ बलाहाका नेकपा (एमाले) सुनसरीका सदस्यहरू ४४ वर्षीय पोष्टकुमार नेपाल र सिंगिया गाविस-१ का ३६ वर्षीय डम्बर खतिवडाले सरकारको विरोध गरेको आरोपमा सुरक्षाकर्मीले ०६१ माघ २५ गते उनीहरूलाई गिरफ्तार गरे। पीडितहरू पुनरावेदन अदालतको आदेशवाट रिहा भए।

इनरूवा नपा-७ घर भएका नेपाली काँग्रेस सुनसरीका सभापति ५५ वर्षीय रामवहादुर वस्नेतले शाही सरकारको विरोध गरेको आरोपमा ०६१ माघ २५ गते घरमा वसिरहेको अवस्थामा उनलाई सुरक्षाकर्मीले गिरफ्तार गऱ्यो। पीडित अदालतको आदेशबाट तीन महिनापछि रिहा भए।

धरान नपा-८ घर भएका नेकपा (एमाले) का सुनसरी जिल्ला सदस्य ३७ वर्षीय मनोजकुमार म्याङवो, धरान नपा-१५ का नेकपा (एमाले) सुनसरीका जिल्ला सदस्य ३६ वर्षीय मुरारी सुवेदी, प्रजातान्त्रिक राष्ट्रिय युवा संघ धरानका अध्यक्ष २९ वर्षीय राजकुमार राई, नेपाल विद्यार्थी संघका २७ वर्षीय श्याम पोखरेल, नेविसंघका ३१ वर्षीय वसन्त राई र विकास आचार्यलाई०६१ माघ २६ गते सुरक्षाकर्मीले शाही सरकारको विरोध गरेको आरोपमा पक्राउ गरी अदालतको आदेशमा तीन महिनापछि रिहा गरे।

इनरूवा नपा-१ घर भएका अधिवक्ता तथा नेपाली काँग्रेसका कार्यकर्ता ४२ वर्षीय इन्द्र पोखरेललाई शाही सरकारको विरोध गरेको आरोपमा ०६१ फागुन १३ गते सुरक्षाकर्मीले पक्राउ गरी एक महिनापछि रिहा गरे।

अनेरास्ववियु सुनसरीका अध्यक्ष ३० वर्षीय प्रकाश राई, सचिव २४ वर्षीय मन्जु भण्डारी, सदस्य २५ वर्षीय नवराज राई र नेविसंघका २७ वर्षीय निर्मल आचार्यलाई सरकारको विरोध गरेको आरोपमा ०६१ फागुन १४ गते सुरक्षाकर्मीले पक्राउ गरी पाँच दिनपछि रिहा गरे।

जनमोर्चा नेपाल सुनसरीका उपाध्यक्ष ३३ वर्षीय पुष्प ढुंगाना, ३१ वर्षीय जिल्ला सदस्य हरिराज बराल र कार्यकर्ता २२ वर्षीय चिरञ्जीवि भट्टराईलाई ०६२ भदौ १३ गते मसाल जुलुस निकालेको आरोपमा इटहरी नपा-१ वाट सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनपछि रिहा गरे।

नेपाल पत्रकार महासंघ केन्द्रीय उपसभापति सन्जयसन्तोषी राई, सुनसरी सचिव जनकऋषि राई, कोषाध्यक्ष वेदराज पौडेल, ब्लाष्ट टाइम्स दैनिकका प्रधान सम्पादक राजकुमार कार्की, कान्तिपुर दैनिकका उपसम्पादक हर्ष सुब्वा, नेपाल समाचार पत्रका डम्बरकृष्ण श्रेष्ठ, मानवअधिकारकर्मी राजेन्द्र पोखरेललगायत ४५ जनालाई सरकारद्वारा जारी संचार अध्यादेशको विरोध प्रदर्शन गरेको आरोपमा ०६२ कार्तिक १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन राति रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा सरकारवादी दुईसय ५९ र दुनीयाँवादी फौजदारी तीनसय ८२ मुद्दा गरी जम्मा छसय ४१ मुद्दा रहेकोमा तीनसय २१ वटा मुद्दा फर्स्योट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सोनापुर गाविस-१ स्थित बावा बिस्कुट कारखानामा कार्यरत राजु तामाङ्ग लगायत ९३ जना मजदुरलाई ०६२ असार २० गते फ्याक्ट्री मालिक भगवानदास राठीले तलव नदिई कामवाट निष्कासन गरेको पीडितहरूले बताए।

सुनसरीका ७ हजार भूमिहीन र कृषि मजदुरले भूमि अधिकारको माग गर्दै ०६२ असार २१ गते भूमिसुधार कार्यालय, सुनसरीमा धर्ना बसे।

वृद्धा, विधवा, जेष्ठ र अशक्तका लागि १ करोड ६६ लाख ४४ हजार ७५ रूपैयाँ बजेट आएकोमा प्रथम चौमासिकमा ५५ लाख वितरण गरिसकेको जिल्ला विकास समितिले जनायो।

यस जिल्लामा सातहजार मोही किसानले मोही हकको लागि निवेदन दर्ता गराए भने भूमिहीन सुकुम्वासी करिव १५ हजारको संख्यामा रहेकोमा कसैले पनि यस पटक जग्गा धनी प्रमाण पूर्जा पाएनन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

धरान नपा-९ घर भएका नेपाली कांग्रेस (प्रजातान्त्रिक) का क्षेत्रीय सभापतिले सरकारको विरोध गरेको आरोपमा ५५ वर्षीय घनश्याम आचार्यलाई ०६१ फागुन १५ गते सुरक्षाकर्मीले पक्राउ गरी दुई महिनापछि रिहा गरे।

इनरुवा नपा-१ घर भएका एमाले कार्यकर्ता ५५ वर्षीय कालीप्रसाद सुवेदीले राजाको विरोधमा पर्चा छरेको आरोपमा ०६१ फागुन २७ गते सुरक्षाकर्मीले उनीहरूलाई गिरफ्तार गरी दुईमहिना पछि रिहा गरे।

इनरुवा नपा-५ घर भएका अधिवक्ता ४१ वर्षीय उद्धव काफ्लेले शाही कदमको विरोध गरेको आरोपमा ०६१ फागुन २८ गते इनरुवा-३ स्थित आफ्नो ल फर्ममा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी चैत १ गते रिहा गरे।

इनरुवा नपा-७ का नेपाली कांग्रेसका क्षेत्रीय सदस्य २५ वर्षीय विनय बस्नेतले शाही कदमको विरोध गरेको आरोपमा ०६१ चैत ७ गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। पीडित दुई महिनापछि रिहा भए।

धरान नपा-८ का २० वर्षीय नीरज लामा, सोही ठाउँका २२ वर्षीय शिशिर थापामगर र २३ वर्षीय गणेश तामाङ माओवादी भएको आरोपमा ०६१ चैत २५ गते सुरक्षाकर्मीले उनीहरूलाई धरान-१५ बाट गिरफ्तार गरे। हाल उनीहरू थुनामा छन्।

धरान नपा-११ का प्रवेश भनिने ३२ वर्षीय जसकुमार राई, पाँचकन्या गाविस-३ का विवेक भनिने निरकुमार भट्टराई, मोरङ याङ्सिला गाविस-२ का भीम राई र अर्का एक जना नाम नखुलेका माओवादी कार्यकर्तालाई ०६२ वैशाख १९ गते चोक्टी भन्ने ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू थुनामा छन्।

धनकुटा बुढीमोरङ घर भई हाल धरान नपा-१६ बस्ने २५ वर्षीय मानबहादुर लिम्बू र भोजपुर देउराली गाविस-१ घर भई हाल धरान नपा-१६ का २३ वर्षीय सोगेन्द्र गुरुङले माओवादीको नाममा चन्दा उठाउँदै गरेको अवस्थामा ०६२ असार ३० गते धरान नपा-८ बाट उनीहरूलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल उनीहरू थुनामा छन्।

राजगञ्ज सिनुवारी गाविस-१ का रञ्जित भनिने ३० वर्षीय सुरेन्द्र मेहतालाई माओवादीको आरोपमा ०६२ साउन १२ गते चिमडी गाविस-९ अमाहिबेलाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी हाल थुनामा छन्।

धरान नपा-१८ घर भई कृषि तालिम केन्द्र भुम्काका अधिकृत भीम देवानले माओवादीलाई सहयोग गरेको आरोपमा घरमा बसिरहेको अवस्थामा उनलाई ०६२ साउन २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी दुई महिनापछि रिहा गरे।

झापा जिल्ला चकचकी घर भई खनार गाविस-४ स्थित रिलाइन्स स्पीनिङ मिल्समा कार्यरत मजदुर १८ वर्षीय हेम सुवेदी माओवादी भएको आरोपमा ०६२ भदौ ५ गते सादा पोशाकका हतियारधारी सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी भदौ १० गते रिहा गरे।

खनार गाविस-४ स्थित रिलायन्स स्पीनिङ मिल्समा कार्यरत मजदुर २१ वर्षीय मणिराज धिताल र २४ वर्षीय अतुल चौहान माओवादी भएको आरोपमा ०६२ भदौ ७ गते सादा पोशाकका सुरक्षाकर्मीले उनीहरूलाई गिरफ्तार गरी भदौ १९ गते रिहा गरे।

महेन्द्रनगर गाविस-७ पुलाहाका ३५ वर्षीय रामलाल उरांव र सोही ठाउँका ४५ वर्षीय रामु मुसहर माओवादी भएको आरोपमा ०६२ कार्तिक ३ गते सुरक्षाकर्मीले उनीहरूलाई गिरफ्तार गरे। हाल दुवै थुनामा छन्।

महाभारत गाविस-३ का २८ वर्षीय अर्जुन राईलाई धरान १५ बस्ने २५ वर्षीय निराजन बस्ती र प्रकाश मेगालाई सुनसरीबाट गएको सुरक्षाकर्मीको टोलीले ०६२ पुस ५ गते पानमारा इलाकाबाट गिरफ्तार गरे। पीडितलाई सुनसरीस्थित जिल्ला प्रहरी कार्यालयले पक्राउ गरिएको जनाएको छ।

बालअधिकार

इटहरी नपा-१ की एक सात वर्षीय बालिकालाई ०६१ फागुन १३ गते भारत बिहार सीतामढी घर भई हाल इटहरीमा व्यापार गर्ने २८ वर्षीय महेन्द्र साहले बलात्कार गरे। पीडक थुनामा छन्।

इटहरी नपा-५ कि १६ वर्षीय एक किशोरी र उनकी बहिनी १४ वर्षीय एक बालिका तथा इटहरी-४ कि १२ वर्षीय एक बालिकालाई इटहरी-४ का ३२ वर्षीय गायक प्रकाश ओझाले पटक पटक यौन दुराचार गरे। डिजिटल क्यामरामा फोटो समेत खिचेको आरोपमा पक्राउ परेका पीडकलाई ०६१ फागुन २८ गते पुर्पक्षको लागि थुनामा राख्ने आदेश जिल्ला अदालत सुनसरीले दिएको छ।

इटहरी नपा-८ की छ वर्षीय बालिकालाई सोही ठाउँका ८१ वर्षीय हिरालाल डंगोलले ०६२ असार ३० गते बलात्कार गरे। पीडक ०६२ साउन २३ गते १ लाख ५० हजार धरौटीमा अदालतको आदेशमा रिहा भए।

भादगाउँ सिनुवारी गाविस-२ का कक्षा आठमा अध्ययनरत १४ वर्षीय विक्रम बस्नेतले अल्छी गरेको आरोपमा सोही ठाउँमा रहेको विलेन्ट बोर्डिङ स्कूलका शिक्षक मोहन विकले ०६२ भदौ १३ गते उनको गालामा,

कानमा र मुखमा झापड र मुक्काले कुटी बेहोस बनाए। पीडितको धरानस्थित स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो। पीडकलाई विद्यालयबाट निस्कासन गरिएपनि कुनै कानुनी कारवाही भएन।

भरौल गाविस-३ की एक बालिकालाई सोही ठाउँका ६२ वर्षीय श्यामप्रसाद दाहालले ०६२ असोज १६ गते बलात्कार गरे। पीडक थुनामा छन्।

भादगाउँ सिनुवारी गाविस-५ झुम्काका बिलेन्ट बोर्डिङ स्कूलमा कक्षा तीनमा अध्ययनरत आठ वर्षीय सुरज कुमार चौधरीलाई ०६२ मंसिर ६ गते सोही स्कूलका शिक्षक फुलचन चौधरीले शब्दार्थ कण्ठ नगरेको आरोपमा छ सयपटक उठबस गराउँदा बालक बिरामी भए। पीडकलाई कानुनी कारवाही भएन।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

महिला किनबेच

भोक्राहा गाविस-१ की १९ वर्षीय एक युवतीलाई ०६२ बैशाख १६ गते सोही ठाउँका ३० वर्षीय उमर मियाँले भारतको जोगवनीमा लगी ५० हजारमा बिक्री गरेको भारतबाट भागेर आएकी पीडितले बताइन्। पीडकलाई कुनै कानुनी कारवाही भएन।

बलात्कार बलात्कार प्रयास

पश्चिम कुशाहा गाविस-९ की २३ वर्षीय मुस्लिम महिलालाई ०६२ वैशाख ५ गते उनका ससुरा ५५ वर्षीय दुखन अंसारीले डरत्रास देखाई बलात्कार गरे। पीडकलाई हाडनाता करणीअन्तर्गत कारवाही भयो।

धनकुटा जिल्ला छिन्ताङ्ग गाविस-९ का २२ वर्षीय र १४ वर्षीय दुई युवतीलाई ०६२ भदौ २५ गते धरानबाट खोर्सानी बेचेर घर फर्कने क्रममा पाँचकन्या गाविस-९ को आँपगाछी भन्ने ठाउँमा धरान नपा-४ का ३१ वर्षीय नवीन विश्वकर्मा, धरान नपा-१३ का २८ वर्षीय विक्रम शाही, सोही ठाउँका २२ रामकुमार बुढाथोकी, १९ वर्षीय मुकेश श्रेष्ठ र २९ वर्षीय मोटे कामीले सामूहिक बलात्कार गरे। पीडकमध्येका नवीन, विक्रम र रामकुमार पुर्पक्षका लागि थुनामा छन् भने अन्य पीडक फरार छन्।

घुस्की गाविस-२ की २२ वर्षीय महिलालाई ०६२ असोज २९ गते देवानगञ्ज गाविस-६ का ४० वर्षीय इस्राफिल अंसारी, अमाहिबेला गाविस-६ का ३५ वर्षीय दीपककाजी कार्की, देवानगञ्ज गाविस-७ का २२ वर्षीय सबिर अंसारी र सोही गाविस-५ का २३ वर्षीय समीम अंसारीले सामूहिक बलात्कार गरे। पीडक इस्राफिल अंसारी थुनामा छन् भने अन्य पीडक फरार छन्।

चाँदबेला गाविस-६ की २१ वर्षीय अपाङ्ग महिलालाई ०६२ मंसिर १० गते सोही ठाउँका ३६ वर्षीय हर्दीनारायण खवासले खमारमा बसिरहेको अवस्थामा बोकेर एकान्तमा लगी बलात्कार गरे। पीडक थुनामा छन्।

सिंगिया गाविस-२ की ६५ वर्षीय एक महिलालाई ०६२ मंसिर १८ गते सोही ठाउँका ३० वर्षीय सन्तोष चौधरीले इटहरीबाट घर फर्कदै गरेको अवस्थामा एकान्त बाटोमा घेरा हाली लडाएर बलात्कार गर्न लाग्दा पीडितले होहल्ला गर्दै प्रतिकार गरेपछि कुटपिट गरी घाइते बनाई पीडक फरार भए। पीडकलाई कानुनी कारवाही भएन।

महेन्द्रनगर गाविस-९ की ४२ वर्षीय महिलालाई ०६२ मंसिर २४ गते घरमा सुतिरहेको अवस्थामा आफूलाई माओवादी बताउने चारजनाको एक समूहले बलात्कार गरे। पीडितका अनुसार राति आएर ढोका खोल्नुहोस् हामी माओवादी हौं तपाईको छोरासँग काम छ भनी घर भित्र प्रवेश गरेर पेस्तोल देखाई बलात्कार गरे। घटना सार्वजनिक गरेमा ज्यान मार्ने धम्की दिए।

मधेशा गाविस-७ की २५ वर्षीय एक महिलालाई पति घरमा नभएको मौका छोपी ०६२ मंसिर २९ गते राति सोही ठाउँका ३० वर्षीय देवनारायण यादवले घरमा प्रवेश गरी बलात्कार गर्न खोज्दा पीडित चिच्याएर हल्ला गर्न थालेपछि पीडकहरू भागेका थिए। पीडकलाई कानुनी कारवाही भएन।

पारिवारिक हिंसा

गौतमपुर गाविस-८ की २३ वर्षीय कलेशरीदेवी मेहतालाई ०६१ पुस २५ गते उनका पति २६ वर्षीय गंगासागर मेहता, ससुरा ६० वर्षीय बिकु मेहता र जेठाजु ३२ वर्षीय रामसागर मेहताले दाइजोको निहुँमा कुटपिट गरी घरबाट निकाली दिए। दुई वर्षकी छोरीसहित पीडित माइतीमा बसेकी छन्। पीडकलाई कानुनी कारवाही भएन।

राजगञ्ज सिनुवारी गाविस-३ की २८ वर्षीय फूलकुमारी यादवलाई दाइजोको निहुँमा ०६१ माघ १७ गते आफ्नै पति ३२ वर्षीय बीरेन्द्र यादवले कुटपिट गरी घरबाट निकालिदिए। पीडित डेढ वर्षको छोरासहित माइतीको शरणमा बसेकी छन्। पीडकलाई कानूनी कारवाही भएन।

डुम्राहा गाविस-२ की २६ वर्षीय तारादेवी मण्डललाई ०६२ बैशाख ३ गते देवर नाता पर्ने सशस्त्र प्रहरी हवलदार २४ वर्षीय विजय मण्डलले लात्ती र मुक्काले प्रहार गरी घाइते बनाए। पीडकलाई कानुनी कारवाही भएन।

इटहरी नपा-८ की २५ वर्षीय विष्णुकुमारी साहलाई शिक्षक पति ३५ वर्षीय रामकुमार साहले दाइजोमा मोटरसाइकल नल्याएको भनी ०६२ भदौ १२ गते टाउको

छाती र तिघ्रामा नीलडाम हुने गरी कुटपिट गरे। पीडक जनता मावि हात्तिमुडा मोरंगमा अध्यापनरत छन्। पीडकलाई कानुनी कारवाही भएन।

दुर्व्यवहार

पश्चिम कुशाहा गाविस-३ की ७० वर्षीय शहिदिन खातुनलाई बोक्सीको आरोपमा ०६२ वैशाख २० गते सोही ठाउँका ३९ वर्षीय कलिम अन्सारी, ५७ वर्षीय रहमत अन्सारी, ५५ वर्षीय ताहिर अन्सारी, १९ वर्षीय फिरोज, ३१ वर्षीय कलाज अन्सारी र भारत बसमतियाका ५२ वर्षीय धामी सलिम अन्सारीलगायतका गाउँलेले कुटपिट गरेर मलमूत्र खुवाई विष भएको सुई लगाएर मार्न खोजेको पीडितले बताइन्। पीडकहरूलाई सार्वजनिक अपराध ऐनअन्तर्गत कारवाही भयो।

साहेबगञ्ज गाविस-२ की ४८ वर्षीय लिलिया खातुनलाई ०६२ जेठ १७ गते ४५ वर्षीय शेख जाकिर, ४२ वर्षीय निजाउद्धिन शेख र ४० वर्षीय सहिद शेखले बोक्सीको आरोपमा कुटपिट गरे। पीडकहरूलाई कानुनी कारवाही भएन।

डुम्राहा गाविस-६ की ३२ वर्षीय लालसरी मुसहर बोक्सी भएको आरोपमा ०६२ जेठ २४ गते उनलाई सोही ठाउँका ५१ वर्षीय नन्दकुमार चौधरी, ३० वर्षीय पशुपति चौधरी र ४५ वर्षीय धुरनी चौधरीले कुटपिट गरे। पीडकलाई कानुनी कारवाही भएन।

नरसिंह गाविस-२ की ६५ वर्षीय कागती मण्डल बोक्सी भएको आरोपमा ०६२ जेठ २६ गते सोही ठाउँका २३ वर्षीय विजय मण्डल, चिमडी गाविस-७ का धामी ५० वर्षीय खटर मण्डललगायतका मानिसले उनलाई कुटपिट गरे। पीडकलाई कानुनी कारवाही भएन।

डुम्राहा गाविस-८ की विर्पोदेवी उराँव बोक्सी भएको आरोपमा ०६२ असार २० गते सोही ठाउँका ४० वर्षीय राजलाल उराँव, ३५ वर्षीय रून्ची उराँव, ४० वर्षीय संगमलाल उराँवलगायतका गाउँलेहरूले उनलाई कुट्दै भुत्ल्याउँदै टोल घुमाए। पीडकहरूलाई कानुनी कारवाही भएन।

श्रीपुरजव्दी गाविस-९ की २५ वर्षीय कुसुमीदेवी खत्वे बोक्सी भएको आरोपमा ०६२ मंसिर ६ गते सोही ठाउँका ३७ वर्षीय वल्वा खत्वे, ४५ वर्षीय नारायण खत्वेलगायतका केही मान्छेले कुटपिट गरे। पीडकहरूलाई कानुनी कारवाही भएन।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माघ १९ गतेपछि पक्राउ परेका संसदवादी पार्टीका जिल्ला नेताहरूले प्रहरी हिरासतबाट ०६१ चैत २९ गते एक विज्ञप्ति प्रकाशित गरी सम्पूर्ण जनसमुदायलाई शाही सत्ताको विरूद्धमा शान्तिपूर्ण संघर्षको माध्यमबाट लोकतन्त्र स्थापनाका निमित्त लडिरहन आग्रह गरे। यसरी विज्ञप्ति जारी गर्नेहरूमा नेपाली काँग्रेसका जिल्ला सभापति रामबहादुर बस्नेत, नेकपा (एमाले) का सुनसरी उपसचिव रेवतीरमण भण्डारी लगायत ११ जना राजबन्दीहरू थिए।

नेकपा (माओवादी) सुनसरी-मोरङ्ग संयुक्त जिल्ला समिति सदस्य दीपक भनिने चन्द्रमणि गुरागाई र अर्का सदस्य भारद्वाज भनिने वेदराज निरौलाले ०६२ वैशाख ७ गते प्रेस विज्ञप्ति प्रकाशित गरी माओवादीले १४ वर्षीय बालकदेखि ९५ वर्षीय वृद्धा समेतको हत्या गरेको, पार्टीमा भिन्नमत राख्ने कार्यकर्तालाई कारवाही निष्कासन र भौतिक कारवाही समेत गर्ने फाँसिवादी नीति रहेकोले आफूहरूले सो पार्टी परित्याग गरेको जनाए।

सामाजिक सचेतनाको लागि सूचना केन्द्र (सिक्सा), सुनसरीले ०६२ असार १५ गते एक विज्ञप्ति प्रकासित गरी धरानबाट प्रकासित हुने ब्लाष्ट टाइम्स राष्ट्रिय दैनिक र त्यसका सम्दापक/प्रकाशक किशोरकुमार कार्कीलाई भौतिक कारवाही गर्ने माओवादी धम्कीको विरोध गर्दै अभिव्यक्ति स्वतन्त्रतामाथि हस्तक्षेप नगर्न आग्रह गर्‍यो।

संरचना क्षति

खनार गाविस-४ स्थित रिलायन्स स्पीनिङ्ग मिलसमा ०६२ साउन १ गते राति माओवादीले शक्तिशाली बम विस्फोटन गराई क्षति पुर्‍याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा ३६ महिला, ३८ पुरूष, २ नाबालक गरी जम्मा ९४ जनाले झुण्डिएर र विष सेवन गरी आत्महत्या गरे।



भिडन्तमा मारिएका सैनिक हेमबहादुर खड्का

अध्ययनरत विद्यार्थीहरू र सोही स्कूलका शिक्षकहरू गरी करिव ३५ जनालाई विद्यालय परिसरवाट ०६१ माघ १४ गते माओवादीले अपहरण गरी थामडाँडाको चतुर्दशीको मेला लाग्ने ठाउँमा बंकर खन्न लगाई सोही दिन बेलुका मुक्त गरे।

चानुवा गाविस-९ स्थित दमार माविका शिक्षक विद्यार्थीका साथै पूर्व जनप्रतिनिधि तथा स्थानीय बासिन्दा गरी करिव ५० जनालाई ०६१ माघ १७ गते माओवादीले अपहरण गरी डाँडाखर्क भन्ने ठाउँमा बंकर खन्न लगाई सोही ठाउँबाट सोही दिन साँझ मुक्त गरे।

धनकुटा जिल्लाको क्षेत्र नं १ को बुढीमोर गाविस र यसका आसपासका गाविसका पूर्व जनप्रतिनिधि, शिक्षक, विद्यार्थी सर्वसाधारण जनताहरू गरी लगभग एक सयजनालाई ०६१ माघ २९ गते अपहरण गरी कोशी राजमार्गको धरान-धनकुटा मोटरवाटोमा ठाउँ-ठाउँमा ढुङ्गामुढा राख्न लगाई सोही राति मुक्त गरे।

मुर्तिढुङ्गा गाविस-९ स्थित राम मावि गणेशटार र कोलचौर निमाविका केही शिक्षक विद्यार्थीहरूका साथै निगाले वजारका स्थानीयवासीहरू गरी करिव ३० जनालाई ०६१ फागुन २ गते माओवादीका कार्यकर्ताहरूले अपहरण गरी बंकर खन्न लगाई सोही साँझ मुक्त गरे।

परेवादिन गाविस-६ मजुवाका २० वर्षीय भीमबहादुर विष्टलाई ०६१ फागुन ८ गते घरमा बसिरहेको समयमा माओवादीले "काम छ" भन्दै अपहरण गरी फागुन ११ गते परेवादिनवाट मुक्त गरे।

डाँडागाउँ गाविसस्थित नवीन शिक्षा सदन डाँडागाउँ माविका शिक्षकहरू जीवन थापा, पुष्प थापा, शम्भु खनाल र शैलेन्द्र यादवलाई ०६१ फागनु १२ गते माओवादीले अपहरण गरी चानुवा बुधबारेमा एक कार्यक्रममा सहभागी गराई बुधबारे वजारवाट सोही दिन मुक्त गरे।

चानुवा गाविस-५ का १८ वर्षीय कुमार कटुवाल, ख्यानेन्द्र जिसी र सूर्य पौडेललाई ०६१ फागुन १३ गते माओवादीले आफ्नो सेनामा सहभागी गराउन घरबाट अपहरण गरी केही दिन आफूसँग हिँडाएर मुक्त गरे।

बुढीमोरङ्ग गाविस-७ की कक्षा ७ मा पढ्दै गरेकी १६ वर्षीय सुनीता लिम्बूलाई ०६१ फागुन १४ गते माओवादीले गाउँमा आयोजना गरेको कार्यक्रममा सहभागी गराउन घरवाट अपहरण गरे। कार्यक्रमको समाप्तिपछि अन्य गाउँले घर फर्के पनि सुनीतालाई माओवादीले अपहरण गरी आफूहरूसँगै हिँडाए। पीडित दुई महिनापछि माओवादीको कब्जाबाट भागिन्।

अर्खौलेः जितपुर गाविस-१ का १८ वर्षीय सुवास पराजुली, १९ वर्षीय दयाराम श्रेष्ठ र १९ वर्षीय उमेश सुवेदीलाई ०६१ फागुन १४ गते माओवादीले एक कार्यक्रमवाट अपहरण गरे। शुक्रबारे हाट भर्न आएका सवैलाई घेराबन्दी गरी कार्यक्रममा सहभागी गराई मुक्त गरे भने सुवास, दयाराम र उमेशलाई आफ्नै साथ लिएर हिँडे। दुई दिनपश्चात् श्रेष्ठ र उमेश भागेर घर आए। अर्का पीडित सुवास पराजुलीलाई संखुवासभाको मादीबाट १५ दिनपछि मुक्त गरे।

अर्खौले जितपुर गाविस-७ घर भएका २० वर्षीय मानबहादुर थापामगर र १९ वर्षीय निरपण ताम्लीलाई ०६१ फागुन १४ गते माओवादीले जितपुरबाट अपहरण गरी जितपुर मारेकटहरेको कार्यक्रममा सहभागी गराए। पीडित कार्यक्रम सकिएपछि सोही दिन बेलुकी भागेर सदरमुकाम आए।

बुढीमोरङ्ग गाविस-८ की १७ वर्षीय डिल्लीकुमारी लिम्वूलाई ०६१ फागुन १४ गते माओवादीले आफ्नो कार्यक्रममा सहभागी गराएपछि बेपत्ता पारे। पीडित दुई महिनापछि भागेर अन्यत्रै बस्दै आएकी छन्।

जितपुर गाविस-५ का १९ वर्षीय कुलवहादुर श्रेष्ठलाई ०६१ फागुन १४ गते माओवादीले जितपुर वजारवाट अपहरण गरी तीन दिनपश्चात् मारेकटहरे गाविसबाट मुक्त गरे।

लेगुवा गाविस-१ छुम्लिङका २७ वर्षीय इन्द्र पौडेललाई ०६१ फागुन १५ गते माओवादीले जितपुरबाट अपहरण गरी तीन दिन पश्चात लेगुवाबाटै मुक्त गरे।

मारेकटहरे गाविस-१ की रीता पोखरेल र बाबुराम पोखरेललाई ०६१ फागुन १६ गते माओवादीले घरवाट अपहरण गरी विभिन्न गाविसको कार्यक्रममा सहभागी गराई दुई दिनपछि मुक्त गरे।

मारेकटहरे गाविस-१ का १९ वर्षीय भीम पोखरेल, २० वर्षीय खिम पोखरेल, १५ वर्षीय यशोधा पोखेलगायतलाई ०६१ फागुन १६ गते माओवादीले अपहरण गरी आफूहरूसँग हिँडाएर केही दिनपछि मुक्त गरे।

सान्ने गाविस-३ का *अनेरास्ववियु जिल्ला कमिटी* धनकुटाका सचिव २४ वर्षीय शान्तिराम गौतमलाई ०६१ फागुन २० गते "एक घन्टाको लागि गफ गर्नुछ" भनी

माओवादीले अपहरण गरे। उनलाई फागुन २१ गते जितपुरबाट मुक्त गरियो। पीडितलाई योभन्दा अघि ०६१ माघ ३ गते माओवादीले अपहरण गरी ०६१ माघ ५ गते जितपुर गाविस-६ बाट मुक्त गरेका थिए।

धनकुटा क्षेत्र नं. १ अन्तर्गतका चौबीसे इलाकाका करिब २ सयजना पूर्व जनप्रतिनिधिहरू, शिक्षक, विद्यार्थी, व्यापारी, सर्वसाधारणहरूलाई ०६१ फागुन २८ गते माओवादीले लोकतान्त्रिक गणतन्त्रको विषयमा प्रशिक्षणका साथै मोर्चा निर्माणका लागि अपहरण गरी कार्यक्रम सकिएपछि साँझ नाबुधुक गाविसबाट मुक्त गरे।

अर्खौले जितपुर गाविस-१ का करिब ३५ जना पूर्व जनप्रतिनिधिहरू, शिक्षक, विद्यार्थी, कृषक र सर्वसाधारणहरूलाई ०६१ चैत २ गते माओवादीले अपहरण गरी जितपुर गाविस-५ स्थित चौकी भवनमाथि बंकर खन्न लगाई साँझ मुक्त गरे।

जितपुर गाविस-६ आन्द्रुङ्ग भन्ने ठाउँमा ०६१ चैत १३ गते माओवादीले जितपुरका छिमेकी गाविसहरूबाट ४० जनालाई कार्यक्रममा सहभागी गराई कार्यक्रम सकिएपछि सोही दिन सोही स्थानबाट मुक्त गरे।

लेगुवा, मुर्तीढुङ्गा, जितपुरलगायत्का गाविसहरूबाट ०६१ चैत १४ गते पूर्वजनप्रतिनिधि, विभिन्न राजनीतिक दलका कार्यकर्ताहरू, शिक्षक, विद्यार्थी, र सर्वसाधारणहरू गरी एकसय ७५ जनालाई माओवादीले अपहरण गरे। जितपुर गाविस-६ मा आयोजित कार्यक्रममा इलाकास्तरीय लोकतान्त्रिक मोर्चा गठन गरी सबैलाई ०६१ चैत १५ गते सोही स्थानबाट मुक्त गरे।

हात्तिखर्क गाविस-४ का अनेरास्ववियु जिल्ला कमिटी सदस्य २२ वर्षीय भरतमोहन अधिकारीलाई ०६१ चैत २० गते माओवादीले "एक घन्टाको लागि गफ गर्नु छ" भनी घरबाट अपहरण गरी चैत २२ गते लेगुवा गाविस-८ बाट रू. १०० बाटो खर्च दिई मुक्त गरे।

हात्तिखर्क गाविस-४ का २४ वर्षीय चन्द्र सुवेदीलाई ०६१ चैत २० गते माओवादीले आफ्नो नेताले बोलाएको भनी घरबाटै अपहरण गरी चैत २२ गते लेगुवाबाट मुक्त गरे।

हात्तिखर्क गाविस-३ का २४ वर्षीय पुष्प पाण्डेलाई ०६१ चैत २० गते माओवादीले गाविसमा गठन भएको मानवअधिकार स्वयम्सेवक समूहको बैठक निर्णय खातामा माओवादीको गतिविधि उल्लेख गरी सुराकी गर्न लागेको भन्ने आरोप लगाई अपहरण गरे। उनलाई माओवादीले चैत २२ गते लेगुवाबाट मुक्त गरे।

अर्खौलेजितपुर गाविसका नौओटै वडाहरूका जनता, व्यापारी, सर्वसाधारण, शिक्षक, विद्यार्थी गरी ३० जनालाई ०६१ चैत २६ गते माओवादीले अपहरण गरे। जितपुर गाविस-७ स्थित प्राविमा प्रत्येक वडाका पाँचदेखि १० जना व्यक्तिहरूलाई समेटेर लोकतान्त्रिक मोर्चा गठन गरी उनीहरुलाई मुक्त गरे।

हात्तिखर्क, सान्ने, घोर्लीखर्क, मुर्तिढुङ्गा, जितपुर, लेगुवा, चानुवा, मारेकटरे, डाँडागाउँ गरी नौ गाविसका सर्वसाधारण, जनप्रतिनिधि, शिक्षक, विद्यार्थी गरी दुईसय ५० जनालाई माओवादीले ०६२ वैशाख ६ गते जितपुर गाविस-१ याङ्गपाङ्गमा रहेको कालिका बाला प्राविमा लोकतान्त्रिक मोर्चाको छलफल कार्यक्रममा सहभागी गराई सोही दिन बेलुका मुक्त गरे।

मुर्तिढुङ्गा गाविस-६ देउरालीका १९ वर्षीय देवेन्द्र वि.क., २३ वर्षीय टंक विकलगायत् तीन जनालाई "केही काम छ" भन्दै माओवादीले ०६२ वैशाख १३ गते अपहरण गरी तीन दिन आफूसँग हिँडाएर २६ गते मुक्त गरे।

बेलहारा गाविसस्थित उत्तरपानी प्राविधिक शिक्षालयका दोश्रो वर्षमा अध्ययनरत आठ छात्र र १७ छात्रा गरी २५ जनालाई ०६२ जेठ ११ गते माओवादीले अपहरण गरी आफूसँग हिँडाएर भोलिपल्ट मुक्त गरे।

डाँडाबजार, राजारानी र बुधुकलगायत्का स्कूलबाट करिब १ सय ५० जना विद्यार्थी, शिक्षक स्थानीयबासीलाई ०६२ जेठ १८ गते माओवादीले अपहरण गरी आफ्नो कार्यक्रममा सहभागी गराई बेलुका मुक्त गरे।

अर्खौले जितपुर गाविस-५ की २० वर्षीय सरस्वती पौडेल र १७ वर्षीय सुशीला पौडेललाई ०६२ जेठ २२ गते माओवादीले आफ्नो कार्यक्रममा समावेश गराउने उद्देश्यले केही दिनमा फर्काइदिन्छौं भनी अपहरण गरे। उनलाई जेठ २८ गते जीतपुरमै ल्याएर मुक्त गरियो।

अर्खौले जितपुर गाविस-२ का १८ वर्षीय सरोज अधिकारी र सोही गाविस-१ का विनोद ढकाललाई माओवादीले अनेरास्ववियु (क्रान्तिकारी) को कार्यक्रममा सहभागी गराउन ०६२ जेठ २२ गते अपहरण गरी सात दिनपछि जितपुरबाटै मुक्त गरे।

भिडन्तमा मारिएका प्रहरी जवान तुलसीराम खतिवडा

बस्ने व्यापारी रमेश पौडेल र दीपक पौडेलको २४ क्विन्टल मन्सुली चामल ०६२ साउन १६ गते माओवादीले जफत गरे। उक्त कार्यमा सहयोग गरेको आरोपमा धनकुटा नपा-३ का चन्द्रमणि थापालाई सोही दिन माओवादीले रामरिठा वजारमा कुटपिट पनि गरे।

विस्थापन

यसवर्ष माओवादी दवावका कारण मानिसहरू विस्थापित भए। अघिल्लो वर्षमा विभिन्न कारणले विस्थापित जीवन जिउन वाध्य भएकाहरू पनि केही घर फर्किएका छन्। जिल्ला प्रशासन कार्यालयमा विस्थापित विवरण संख्या २२ जना रहेता पनि इन्सेक प्रतिनिधि र हुसाडेकको पहलमा केही व्यक्तिहरू घर फर्केका छन्। हाल विस्थापित जीवन बिताउनेहरूमा वाद्ये गाविस-२ का पदमवहादुर लिम्बू र उनका परिवार, चानुवा गाविसका चन्द्रजंग बुढाथोकी, चुङ्गमाङ्ग गाविस-९ का शरणकुमार राई, वोधे गाविस-७ का दिनेशकुमार भण्डारी, मुगा गाविस-१ का रामप्रसाद देवान, माओवादीले हत्या गरेको मुगा गाविस-४ का रामजी थापाका परिवार, पाखिबास गाविसका हर्कबहादुर राई विस्थापित जीवन बिताइरहेका छन्। लेगुवा गाविस-७ घर भएका १४ वर्षीय कुलचन्द्र मिश्रलाई माओवादीले बारम्बार यातना दिएको कारण उनी गाउँबाट विस्थापित भई भागेर काठमाडौं गए।

माओवादीद्वारा अपहरण गरिएका एमाले जिल्ला सचिव टिकाराम चेम्जोङ

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

वेलाहारा गाविस-४ का भैंसाखाम सामुदायिक वनका अध्यक्ष ५० वर्षीय भीमप्रसाद ढकाललाई माओवादीको आशंकामा ०६१ फागुन १६ गते गस्तीमा रहेको सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

वेलाहारा गाविस-७ बस्ने र जलकन्या सामुदायिक वनका अध्यक्षसमेत रहेका ३७ वर्षीय खगेन्द्र भण्डारी र गोसाईकुण्ड सामुदायिक वनका ३० वर्षीय गजेन्द्र भण्डारीलाई माओवादीको आरोपमा ०६१ फागुन १६ गते गस्तीमा रहेको सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी भोलिपल्ट रिहा भए।

मुगा गाविस-३ का अनेरास्ववियु (एकीकृत) का धनकुटा वहुमुखी क्याम्पस इकाईका अध्यक्ष, गोरखापत्रका धनकुटा संवाददाता तथा पत्रकार महासंघ जिल्ला शाखा धनकुटाका सदस्य २७ वर्षीय गोपाल बराईलीलाई शाही घोषणाको विरूद्धमा गतिविधि गरेको आरोपमा ०६१ माघ १९ गते सादा पोशाकका सुरक्षाकर्मीले धनकुटा नपा-६ मा हिंडिरहेको अवस्थामा ०६१ चैत ५ गते विहान गिरफ्तार गरे। पीडितलाई तीन महिने पूर्जी थमाएर राखिएकोमा ०६२ वैशाख ६ गते सुरक्षा समितिको निर्णय अनुसार रिहा गरियो।

अर्खौले जितपुर गाविस-५ का १८ वर्षीय पुष्प दर्जी र २२ वर्षीय भूपाल दर्जीलाई माओवादीको आरोपमा ०६२ वैशाख २ गते धनकुटा नपा-६ बसपार्कबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी जिल्ला प्रहरी कार्यालयको हिरासतबाट वैशाख ५ गते रिहा भए।

तेह्रथुम आङवुङ्ग गाविस-४ घर बताउने २१ वर्षीय पूजा विश्वकर्मालाई ०६२ साउन १२ गते श्री नं. २ बाहिनी हिले चेकपोष्टका सुरक्षाकर्मीले गिरफ्तार गरे। जिल्ला प्रहरी कार्यालय धनकुटामा राखिएका पीडितलाई ०६२ साउन १६ गते मानवअधिकारकर्मीहरूको रोहबरमा जिल्ला प्रहरी कार्यालयले रिहा गर्‍यो।

हात्तिखर्क गाविस-३ की ३० वर्षीय कमला मगरलाई माओवादीको आरोपमा सुरक्षाकर्मीले ०६२ भदौ ७ गते धनकुटा नपा-१ हिलेबाट गिरफ्तार गरी धनकुटा कारागारमा नजरबन्दमा राखे। उनलाई बन्दी प्रत्यक्षीकरणको रिट निवेदन अनुसार पुनरावेदन अदालतको आदेशमा ०६२ मंसिर २४ गते रिहा गरियो।

भीरगाउँ गाविस-६ का प्रमोद भनिने हरिचन्द्र भुजेललाई माओवादीको आरोपमा ०६२ असोज २२ गते सुरक्षाकर्मीले भीरगाउँबाट गिरफ्तार गरे। उनलाई धनकुटा कारागारमा नजरवन्दमा राखी ०६२ मंसिर २९ गते कारागारवाट रिहा गरियो।

लेगुवा गाविस-१ का २२ वर्षीय योगेन्द्र भण्डारीलाई माओवादीको आरोपमा ०६२ मंसिर ५ गते सुरक्षाकर्मीले धनकुटा नपा-१ हिलेबाट गिरफ्तारी गरी मंसिर १० गतेपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

वोधे गाविस-८ का ३२ वर्षीय खड्गबहादुर जोगीलाई ०६२ मंसिर २२ गते माओवादीको महत्वपूर्ण दस्तावेज गीति क्यासेटसहित फेला पारी धनकुटावाट गएको सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ मंसिर २८ देखि नजरवन्दमा राखिएको छ।

भोजपुर जिल्ला बोखिम गाविस-६ घर बताउने १८ वर्षीय रमेश वान्तवा राईलाई धनकुटा नपा हिलेस्थित सुरक्षाकर्मीले गिरफ्तार गरी ०६२ पुस ४ गते जिल्ला प्रहरी कार्यालयमा बुझाए। उनी ०६२ पुस ५ गते हुराडेक प्रतिनिधिको रोहबरमा रिहा भए।

मोरङ्ग काकुम झोडा गाविस-९ घर बताउने १८

वर्षीय सुप्मा र जमुना भन्ने अप्सरा विश्वकर्मालाई ०६२ मंसिर २३ गते बोधे गाविस-८ बाट माओवादीको ३ पुस्ते लेखिएको डायरी, अन्य अभिलेखसहित धनकुटाबाट गएको सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी हाल इटहरीस्थित पृतना मुख्यालयमा छिन्।

लेगुवा गाविस-२ का १९ वर्षीय रामबहादुर तामाङ्गलाई माओवादीको आरोपमा ०६२ पुस ९ गते हिले बाहिनीले हिलेबाट गिरफ्तारी गरी ०६२ पुस १० देखि जिल्ला प्रहरी कार्यालयमा नजरबन्दमा राखिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

मुगा गाविस-३ की एक युवतीलाई आफ्नै नाता पर्ने मुगा गाविस-३ का हेडम राईले ०६१ फागुन २१ गते बलात्कार गर्ने प्रयास गरेपछि पीडित खेम कुमारीले होहल्ला गरी भाग्न खोज्दा हेडमले खुकुरी प्रहार गरे। हेडमलाई गाउँलेले समातेर प्रहरीलाई बुझाइदिए। पीडकलाई ज्यान मार्ने तथा जबरजस्ती करणी अभियोगमा तीन वर्षको कैद फैसला भएको छ।

धनकुटा नपा-४ की एक १३ वर्षीय बालिकालाई ०६२ साउन ९ गते सोही ठाउँमा डेरा गरी बस्ने महाभारत गाविस-४ का २५ वर्षीय शंकर विश्वकर्माले घरमै बलात्कार गरे। पीडकलाई बालिकाको जाहेरी अनुसार प्रहरीले गिरफ्तार गऱ्यो। पीडकलाई अदालतले सात वर्षको कैद फैसला गरेपश्चात् कारागारमा राखिएको छ।

महिला हिंसा

मारेकटहरे गाविस-४ का १६ वर्षीय रेणुका रायमाझी, तेह्रथुम जिल्ला फुलेक गाविस-६ की २० वर्षीय फुर्वा शेर्पा र फुलेक गाविस-९ की १७ वर्षीय फूलमाया सुब्बालाई झापा जिल्ला सुरुङ्गा गाविस-१ का ३२ वर्षीय सुरेश रायमाझीले शहर घुमाइदिने बहानामा बेच्ने उद्देश्यले लिएर काठमाडौं हिंडेको समयमा स्थानीय अविभावकको सहयोगमा धनकुटा नपा-१ हिले चेकपोष्टबाट ०६२ कार्तिक १९ गते सुरक्षाकर्मीले पक्राउ गरे। पीडकलाई पीडितकै जाहेरी अनुसार जीउ मास्ने बेच्ने अभियोगमा धनकुटा कारागारमा राखिएको छ।

बसन्तटार गाविस- ९ घर भई हाल चुङ्गमाङ्ग गाविस-५ स्थित माइतीमा बस्दै आएकी २९ वर्षीय दुर्गादेवी अधिकारी (चौलागाईं) लाई आफ्नै पति बसन्तटार गाविस-९ का ३१ वर्षीय द्वारिका चौलागाईंले विगत चार वर्षदेखि अंश नदिई विभिन्न प्रकारका यातना दिई अलग्याएपछि माइतीमा बस्दै आएकी थिइन्। पीडितलाई नक्कली माओवादी बनेर हतियार देखाइ ज्यानमार्ने धम्की दिँदै चुङ्गमाङ्गबाटै द्वारिकालगायत् केही व्यक्तिले ०६२ पुस ७ मा अपहरण गरी लुकाई राखेको पीडितका परिवारले बताए।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

मुगा गाविस-६ का कृष्ण कटुवाल र डम्बर भण्डारीकी छोरीको वैवाहिक कार्यक्रममा दलितहरूले टीका लगाएर उपहार दिएको र २७ गते जन्ती भतेर पकाउने ठाउँमा ०६१ माघ २६ र २७ गते खाली चूल्हो छोइदिएको भन्दै मुगा गाविस-६ कै दिनेश थापा, नरबहादुर कटुवाललगायत्ले मानबहादुर विश्वकर्मालाई कुटपिट गरी दलित युवाहरू आशिष विशंखे, नगेन्द्र गहतराज, मानबहादुर गहतराजलाई “दलित” भन्दै अभद्र व्यवहार गरे।

दलित भएर विवाहमा उपहार दिएको र चुल्हो छोएको घटना विकसित हुँदै मुगा गाविस-६ का मानबहादुर विश्वकर्मा, आशिष विसंखे, कमल वि.क., तिलक वि.क., नगेन्द्र वि.क., मानबहादुर वि.क.लगायत्का युवाहरूलाई ०६१ चैत ६ र ७ गते श्रृङ्खलाबद्ध ढंगले मुगा गाविस-५ का बलदेव राई, केशर राई, आह्वान राई, मनकुमार राई, भुदेव राई, देवेन्द्र राई, मनोज राई, दीपक खड्का, मुगाकै दीपक कार्की, राजेन्द्र कटुवाल, कमल कटुवालले धम्क्याउँदै कुटपिट गरेपछि दलित युवाहरू गाउँबाट विस्थापित भए। केही हप्तापछि दलित एकता समाज, स्थानीय बुद्धिजीवी र मानवअधिकारवादीको पहलमा भोलिपल्ट पीडितहरू घर फर्किए।

अर्खौले जितपुर गाविस-५ का सुरज राई, प्रकाश तेयुङ, वीरबहादुर कटुवाल, लेगुवा गाविस-१ का भोगेन्द्र कार्की र बोझबहादुर कुँवरलाई जितपुर बजारको एक घरमा तास खेलिरहेको फेला पारी ०६१ माघ १६ गते माओवादीले सार्वजनिक चौतारामा भेला गराएर मुखमा तास टोक्न लगाई उठबस गराए।

मुर्तिढुङ्गा गाविस-३ का ४० वर्षीय चन्द्रबहादुर मगर र सोही ठाउँकी एक महिलाले अवैध यौन सम्बन्ध गरी विवाह गरेको आरोपमा ०६२ भदौ १४ गते माओवादीले दुवैलाई जुत्ताको माला र मोसो लगाएर सार्वजानिक स्थलमा घुमाए।

विविध

संरचना क्षति

बेलहारा गाविस-७ ढोडेनी अन्तर्गतको धरान-धनकुटास्थित कोशी राजमार्गमा विवाहको जन्ती बोकेको जनसेवा को. १ ख २७७ नं बस र को १ ख ५६८ नं को ट्रक ०६१ माघ २२ गते विहान बन्दको बेला चलाएको भन्दै माओवादीले जलाएर ध्वस्त पारे।

पुनरावेदन सरकारी वकिलको कार्यालयको बा.१ झ. २५०५ नं.को गाडी र धनकुटावाट धरान जाँदै गरेको ना. १ च. ७६८८ नं. को जीपलाई ०६१ चैत १९ गते माओवादीले धनकुटाको गुठीटारमा आगो लगाई ध्वस्त पारे।

विगतको अनुगमन

सुनसरी जिल्ला भरौल गाविस-८ कालाबञ्जारका माओवादी स्काउट कमाण्डर तथा अनेकिसंघ (क्रान्तिकारी) का यादव भनिने हरिप्रसाद दाहाललाई ०६१ वैशाख १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी मुक्त गरे।

अर्खौले जितपुर गाविस-६ का ३० वर्षीय राजेन्द्र भन्ने तेजवहादुर अधिकारीलाई माओवादीको आरोपमा ०६१ वैशाख ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरी ०६२ वैशाख २३ मा रिहा गरे।

खोकु गाविस-४ थलथले बजारवाट ०६१ मंसिर ९ गते सुरक्षाफौजले गिरफ्तार गरेका छिन्ताङ्ग गाविस-४ कुभाङ्गका मनोज राईलाई ०६२ जेठ १७ गते जेलमुक्त गरेको र उनको आफन्तलाई जिम्मा लगाइएको बताइएको छ।

आँखीसल्ला गाविस-६ का जितबहादुर वि.क.लाई सुरक्षाकर्मीले २०६१ मंसिर ४ गते गिरफ्तार गरी कारागारमा राखी ०६२ वैशाख ४ गते रिहा गरे।

मोरङ जिल्ला विराटनगर उपमनपा-२ घर भएकी सीता पौडेल (श्रद्धा) नामकी माओवादी कार्यकर्तालाई मुगा गाविस-८ बाट सुरक्षाकर्मीले ०६१ पुस १० गते गिरफ्तार गरी पुस १५ देखि धनकुटा कारागारमा राखिएको थियो। उनलाई ०६२ पुस १४ गते पुनरावेदन अदालत धनकुटाको आदेश अनुसार जिल्ला प्रहरी कार्यालयले इन्सेक जिल्ला प्रतिनिधि पर्शुराम नेपाल र पत्रकार महासघ धनकुटा शाखाका सभापति विजयसन्तोषी राईको रोहबरमा कारागारवाट रिहा गर्‍यो।

आँखीसल्ला गाविस-७ का १६ वर्षीय खगेन्द्र राईलाई ०६१ भदौ ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०६१ पुस १२ मा कारागारबाट रिहा भए।

१.८ तेह्रथुम



जनसंख्या :	११७४७१
साक्षरता प्रतिशत :	५९.०२
महिला साक्षरता प्रतिशत :	३९.१५
क्षेत्रफल (वर्ग कि. मि.) :	६७९
गाविस/नपा संख्या :	३२/०
निर्वाचन क्षेत्र :	१
विद्यालय :	३६७
क्याम्पस/उच्च मा.वि. :	२/८
अस्पताल/स्वास्थ्य चौकी :	१/३१
टेलिफोन लाइन :	४६४
मोटर सडक (कि. मि.) :	२६
प्रहरी कार्यालय संख्या :	१
हुलाक संख्या :	५१
मानव विकास सूचकांक :	०.५२३
प्रति परिवार सरदर संख्या :	५.६८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सिम्ले गाविस-४ पुत्केमा माओवादी कार्यकर्ता २८ वर्षीय सुन्दरसुशील बुढाथोकीलाई ०६१ फागुन १२ गते दिउँसो भागिरहेको अवस्थामा जिल्ला सदरमुकामबाट गस्तीमा गएको सुरक्षाकर्मीले आम्बुङ गाविस-२ जोरढुङ्गे भन्ने ठाउँमा गोली हानी हत्या गरे।

सिम्ले गावस-९ घर भई पौठाक गाविस-४ लाब्रिका जनज्योति मावि कक्षा ६ मा अध्ययनरत १४ वर्षीय वसन्ती कुरूम्वाङ (लिम्बू) र अर्का नाम ठेगाना खुल्न नसकेका एकजनालाई ०६२ जेठ २३ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई यो भन्दा अघि ०६१ चैत १६ गते माओवादीले अपहरण गरेर वेपत्ता पारेका थिए।

सिम्ले गाविस-२ माझगाउँमा माओवादी

कार्यकर्ताहरू खाम्लालुङ गाविस-७ का अन्दाजी २५ वर्षीय सागरकुमार सार्की र पाँचथर जिल्ला घर भएका अन्दाजी २८ वर्षीय चन्द्रबहादुर लिम्बूलाई ०६२ असोज ९ गते विहान जिल्ला सदरमुकामबाट गस्तीमा गएका सुरक्षाकर्मीले माओवादी भएको आरोपमा गोली हानी हत्या गरे।

माओवादीबाट

सिम्ले गाविस-६ की ५५ वर्षीय जानुकादेवी भण्डारीको माओवादीको भौतिक कारवाहीका कारण ०६२ कार्तिक १५ गते मृत्यु भयो। उनलाई माओवादीले चन्दाको विषयमा अपहरण गरेर दुई दिनसम्म घुमाएको अवस्थादेखि गम्भीर विरामी थिइन्। आफ्नो कारण उनको मृत्यु भएको माओवादीले स्वीकारेनन्।

बेवारिसे बमबाट मृत्यु

श्रीजुङ गाविस-२ बस्ने १३ वर्षीय पासाङ फिपा शेर्पा र ९ वर्षीय तेम्बा शेर्पा श्रीजुङ गाविस-९ सेखिम्वाको जंगलमा कटुस टिप्न जाँदा ०६२ कार्तिक १२ गते बेवारिसे बम विस्फोट हुँदा घटनास्थलमा नै मृत्यु भयो।

जेल र बन्दीहरू

'ख' श्रेणीको तेह्रथुम जेलको क्षमता ३५ जनाको भए पनि हाल १७ जना पुरूष र छजना महिला गरी कूल २३ जना बन्दी छन्। माओवादी गतिविधिमा संलग्न भएको आरोपमा दुईजना महिला र छजना पुरूप गरी कूल आठजनालाई कैद तोकिएको छ। यस जेलमा महिला र पुरूषका लागि छुट्टाछुट्टै भवन छन्। खानेपानी, चर्पीको व्यवस्था गरिएको छ। जेलमा विजुलीको व्यवस्था छ। जेलको भवन ज्यादै पुरानो भई पानी चुहिन थालेको छ। महिला पुरूष बन्दीका लागि भलिबल , चेस, क्यारिमबोर्ड, लुडो आदि खेल सामग्री छन् भने मनोरञ्जनको लागि टेलिभिजनको व्यवस्था छ।

जेलका बन्दीहरू ढाका कपडा र टोपीहरू बुन्दछन्। तयार गरेको ढाका कपडा सस्तो मूल्यमा बिक्री गरिदिने र किन्न पठाएको सामान महंगो मूल्यमा किन्नुपर्ने बन्दीहरूको गुनासो छ।

माओवादी आरोपमा बन्दी भएकालाई हप्ताको एकपटक मात्र प्रमुख जिल्ला अधिकारीको सिफारिशमा आफन्तलाई भेट गर्न दिने गरिएको छ। बन्दीहरूलाई राम्रो गुणस्तरको खाद्यान्न नदिइएको बन्दीको भनाइ छ।

हिरासतमा मृत्यु

बसन्तपुर गाविस-५ का माओवादी जिल्ला जनसरकारका सदस्य ५२ वर्षीय हर्कबहादुर तिवारीलाई ०६२ वैशाख १० गते सुरक्षाकर्मीले सुङनाम गाविसस्थित लसुने बजारबाट गिरफ्तार गरे। पीडितलाई सुरक्षाकर्मीले अनुसन्धानको सन्दर्भमा टुटेदेउराली आधार शिविर पुर्‍याई तेह्रथुम जिल्ला प्रहरी कार्यालयको हिरासतमा वैशाख १३ गतेदेखि कुटपिट गरी घाइते अवस्थामा राखे। पीडितको उपचार जिल्ला अस्पतालमा गराइएता पनि वैशाख २७ गते विहान प्रहरी हिरासतमा उनको मृत्यु भयो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	४	५	१	६	१		१		१	४	५	२	७
घाइते					१	२			२	१	२		२
हिरासत वा थुनामा मृत्यु										२	२		२
गिरफ्तारी/यातना										२४	३१	१४	४५
कुटपिट					२	२			२	८	१४		१४
धम्की					४	३	१		४				
भेला/संगठित हुने अधिकार										२	२		२
महिलाअधिकार	२		२	२									
वालअधिकार	१		१	१									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					२	१		५	६				
अपहरण					२५	२९	३	८७	११९				
जम्मा	७	५	४	९	३५	३७	५	९२	१३४	४१	५६	१६	७२

बेपता / अपहरण

माओवादीबाट

पञ्चकन्या गाविस-३ का पूर्व जिविस सदस्य ४५ वर्षीय घनश्याम थापालाई ०६१ माघ १ गते माओवादीले अपहरण गरी भोलिपल्ट सकुशल मुक्त गरे।

पाक्चामारा गाविस-७ का पूर्व गाविस अध्यक्ष तथा नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ४९ वर्षीय नरेन्द्र निरौलालाई ०६२ माघ २ गते माओवादीले अपहरण गरेर राजनीति नगर्ने सर्तमा भोलिपल्ट मुक्त गरे।

सोल्मा गाविस-६ रत्न मावि कक्षा १० का विद्यार्थी १७ वर्षीय राधाकृष्ण अधिकारीलाई ०६१ माघ ९ गते माओवादीले अपहरण गरे। पीडित भोलिपल्ट भागेर मुक्त भए।

सुङनाम गाविस-३ का १७ वर्षीय प्रकाश विश्वकर्मा र सोही ठाउँका १९ वर्षीय दिलकुमारी विश्वकर्मा, इन्दिरा विश्वकर्मा र गोविन्द विश्वकर्मालाई ०६१ माघ १० गते माओवादीले कार्यकर्ता वनाउन भनी अपहरण गरे। पीडितहरूले सो कुरा अस्वीकार गरेपछि तीन दिनपछि सकुशल मुक्त गरे।

तम्फुला गाविस-६ का जिल्ला वन कार्यालयका पियन ३८ वर्षीय चन्द्रवहादुर लिम्वूलाई ०६१ माघ २२ गते वेलुकी माओवादीले कार्यालयवाटै अपहरण गरेर भोलिपल्ट विनासर्त सकुशल मुक्त गरे। अपहरण गर्नु अघि जिल्ला वन कार्यालयको दुईतले पक्की भवनमा माओवादीले वम विस्फोटन गराएर पूर्ण क्षति पुऱ्याए।

सप्तरी जिल्ला नर्धी गाविस-५ घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २३ वर्षीय दिलीप यादवलाई ०६२ बैशाख ३० गते वेलुकी घर विदावाट तेह्रथुम आउँदै गर्दा साव्ला गाविस-९ पाटी गाउँवाट माओवादीले अपहरण गरे। अपहरितलाई चौध दिनपछि जिरीखिम्ती बजारबाट अभिभावकको जिम्मामा जागिर छोड्ने सर्तमा मुक्त गरे।

सिम्ले गाविस-७ का पूर्व गाविस उपाध्यक्ष तथा नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ४० वर्षीय मनवहादुर श्रेष्ठलाई ०६२ साउन ६ गते माओवादीले विभिन्न आरोपमा अपहरण गरेर इसिवु गाविस पुऱ्याए। उनलाई साउन ९ गते सिम्ले औसी वजारवाट मुक्त गरे।

इसिवु गाविस-६ प्रजायुसंघका जिल्ला सदस्य ३९ वर्षीय वृखवहादुर तामाङ्ग र सोही ठाउँ वस्ने ४७ वर्षीय टेकवहादुर घिसिङ्गलाई ०६२ भदौ १ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई इसिवु सिम्ले गाविसका विभिन्न गाउँमा घुमाएर भदौ ४ गते सकुशल मुक्त गरे ।

सम्दु गाविस-५ का पूर्व गाविस अध्यक्ष ४६ वर्षीय हरिवहादुर चोडवाङ्ग लिम्वूलाई ०६२ भदौ ८ गते माओवादीले विना आरोप अपहरण गरेर तीन दिनसम्म विभिन्न गाविस घुमाई मुक्त गरे।

छातेढुङ्गा गाविस-३ का शिक्षक ४३ वर्षीय राजमणि थपलियालाई ०६२ भदौ ११ गते माओवादीको कार्यक्रममा नवसेको आरोपमा अपहरण गरेर ह्वाकुसम्म पुऱ्याई भोलिपल्ट मुक्त गरे।

गौतम इन्जिनियरिङ प्रा.लि. वुटवलका प्राविधिक हाल इसिवु गाविस-४ नामिन्ता माइको हाइड्रोमा कार्यरत ४८ वर्षीय चेतनारायण पौडेललाई ०६२ भदौ २६ गते माओवादीले गैससको सबै काम वन्द भएका वेला काम गरेर आफ्नो पार्टीको निर्णय उल्लंघन गरेको आरोपमा अपहण गरे। पीडित प्राविधिकलाई १४ दिनसम्म माओवादीहरूले आफूसँग घुमाएर संक्रान्ति वजारवाट सकुशल मुक्त गरे।

मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि छत्रप्रसाद रिमाललाई ०६२ भदौ २९ गते विहान माओवादीले जलजले गाविस-६ बाट विनाकारण अपहरण गरे। अपहरित रिमाललाई जलजले-१ एक्लेपिपलको जंगलमा पुऱ्याएपछि कुटपिट गरी एक हप्तासम्म गाउँमै वस्नु पर्ने धम्की दिए। पूर्वाग्रही ढंगले कारवाही भएको भनी पछि माओवादी पक्षले क्षमायाचना गरे।

थोक्लुङ गाविस-६ वस्ने गाविस कार्यालयका सहायक २९ वर्षीय जीतवहादुर कन्दङ्वालाई ०६२ असोज २ गते पुरानो सत्ताको काम गरेको भन्ने आरोप लगाई माओवादीले अपहरण गरे। उनलाई पदबाट राजिनामा गरी पत्रिकामार्फत् सार्वजनिक गराउने सर्तमा माओवादीले सोही दिन मुक्त गरे।

इसिवु गाविस-३ का २६ वर्षीय चन्द्रवहादुर फम्वो र सोही गाविस-१ का ३० वर्षीय मानवहादुर लिम्वूलाई ०६२ असोज ४ गते माओवादीले अपहरण गरेर एकहप्तापछि इसीवु माविवाट मुक्त गरे।

सिम्ले गाविस-५ की २३ वर्षीय पार्वती भण्डारीलाई ०६२ असोज १३ गते माओवादीले आफ्नो गतिविधिविरूद्ध काम गरेको आरोपमा अपहरण गरे। उनलाई एक हप्ता पछि तारेखमा मुक्त गरियो।

मोराहाङ गाविस-५ का १७ वर्षीय भगीकुमार दमाइलाई ०६२ असोज ३१ गते माओवादीले विनाकारण अपहरण गरे। पीडित एक हप्तापछि माओवादीको कब्जावाट भागेर जिल्ला सदरमुकाम आए। हाल पीडित जिल्ला सदरमुकाममा विस्थापित भएका छन्।

जलजले गाविस-४ का २५ वर्षीय धनकुमार सिंहलाई ०६२ मंसिर ७ गते बहुविवाहको आरोपमा माओवादीले अपहरण गरेर भोलिपल्ट सिम्ले गाविस-५ वाट मुक्त गरे।

ओखे गाविस-२ का जिल्ला विकास समिति

तेह्रथुमका मनोनित सदस्य ४२ वर्षीय थानाहाङ लिम्बूलाई ०६२ मंसिर २७ गते दिउँसो माओवादीले गाउँमा पुरानो सत्ताको गाउँ परिषदको भेला गराएको आरोप लगाई अपहरण गरे। पीडित मंसिर २८ गते बेलुका माओवादीको घेरा तोडेर भागी जिल्ला सदरमुकाम आए। हाल पीडित विस्थापित भएका छन्।

साव्ला गाविस-१ का भूतपूर्व बेलायती सैनिक ४६ वर्षीय दानबहादुर लिम्बूलाई ०६२ पुस २ गते माओवादीले बहुविवाहको आरोपमा अपहरण गरे। पीडितलाई अपहरण गरेको पर्सिपल्ट जिरीखिम्ती बजारबाट मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

जिरीखिम्ती बजारका २६ वर्षीय यादव दाहाल, २७ वर्षीय शेखर सुवेदी, ३० वर्षीय कृष्ण लिम्बू, विनोद यादव लगायत्लाई ०६१ फागुन १२ गते गस्तीमा गएको सुरक्षाकर्मीले माओवादीलाई पालेको आरोपमा कुटपिट गरे।

जलजले गाविस-१ का ३१ वर्षीय गाविस साहायक रामकुमार लिम्बू, सोही गाविस-४ का नरेन्द्र लिम्बू र सोही गाविस-५ का खेमबहादुर लिम्बूलाई ०६२ चैत १६ गते जिल्ला सदरमुकामका सादा पोसाकका सुरक्षाकर्मीले विनाकारण कुटपिट गरे।

हिरासतमा यातना दिइएपछि मृत्यु भएका हर्कबहादुर तिवारी

पाँचथर जिल्ला तुमाफुङ गाविस-२ का २२ वर्षीय विद्यार्थी मणिराज लावती लिम्बूलाई पुस्तक किन्न भनी सदरमुकाम आएको अवस्थामा ०६२ वैशाख ६ गते सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए। पीडितलाई माओवादीको आरोपमा गिरफ्तार गरी कुनै प्रमाण नजुटेपछि सोही दिन तारेखमा रिहा गरे।

वसन्तपुर गाविस-५ का ३१ वर्षीय सोभितमान तिवारीलाई ०६२ वैशाख २६ गते जिल्ला अस्पतालमा आफ्नो बिरामी बाबुलाई भेट्न आउँदा सुरक्षाकर्मीले माओवादीले पठाएको सुराकीको आरोपमा कुटपिट गरे।

म्याङलुङ गाविस-७ घर भई हाल तेह्रथुम कारागार शाखाका पियन ३५ वर्षीय चन्द्रबहादुर तामाङलाई ०६२ भदौ ३० गते राति कारागार शाखाका प्रहरी इन्चार्ज कपुरचन्द्र राई र प्रहरी हवल्दार कृष्णबहादुर चौधरीले गस्तीमा जाऔं भनी बाहिर बजारमा ल्याएर कुटपिट गरी घाइते बनाए। पीडितले बिनाकारण यातना पाएँ भनी जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्दासमेत कुनै कारवाही भएन।

सिम्ले गाविस-३ घर भई हाल औसी बजारमा पसल गरी बस्ने अन्दाजी ६२ वर्षीय अम्मरबहादुर बुढाथोकी माओवादी कार्यकर्ता भएको आरोपमा ०६२ असोज ९ गते गस्तीमा गएको सुरक्षाकर्मीले कुटपिट गरे। पीडितलाई सुरक्षाकर्मीले तारेख दिएको भए पनि माओवादीले तारेख बुझ्न जान दिएनन्।

माओवादीबाट

थोक्लुङ गाविस-५ स्थित असल शासन रेडियो श्रोता क्लबका अध्यक्ष २५ वर्षीय रमेश चम्लागाईंलाई ०६२ जेठ १९ गते माओवादीले आफ्नो विरूद्ध काम गरेको आरोपमा कुटपिट गरे। पीडितलाई दण्डस्वरूप दुई किलोमिटर गोरेटो बाटो खन्न लगाए।

म्याङलुङ गाविस-१ का जिल्ला विकास समितिका पूर्व सदस्य ४५ वर्षीय चिरञ्जीवीमान श्रेष्ठलाई ०६२ भदौ ८ गते माओवादीले एक पत्र लेखी ५० हजार चन्दा दिनुपर्ने धम्की दिए।

सिम्ले गाविस-६ का ३३ वर्षीय पूर्णबहादुर खड्कालाई ०६२ भदौ १० गते माओवादीले राजावादी भएको अभियोग लगाई गाउँबाट विस्थापित गराए। पीडित वैदेशिक रोजगारीमा गए।

मोरङ जिल्ला गोविन्दपुर गाविस-४ घर भई प्रणामी मावि इवाका शिक्षक ३८ वर्षीय वासुदेव गौतमलाई माओवादीले ०६२ भदौ १२ गते तुरून्त विद्यालय छोडेर नहिँडे ज्यानमार्ने धम्की दिए। पीडित शिक्षक हाल पोखरी माविमा कार्यरत छन्।

जलजले गाविस-७ का ३५ वर्षीय दधिराम निरौलालाई ०६२ असोज ३ गते माओवादीले आफ्नो पार्टीको काम नगरे विस्थापित गर्ने धम्की दिए। पीडित हाल जिल्ला सदरमुकाम पसल गरी बसेका छन्।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

शाही घोषणाको विरोधमा सात राजनीतिक दलद्वारा ०६२ असार २६ गते आयोजित जुलुस तथा शान्तिपूर्ण सभामा प्रहरीले हस्तक्षेप गरी जनमोर्चा नेपालका केन्द्रीय सदस्य कालीबहादुर फुदुङलाई राजतन्त्रको विरोधमा बोलेको भनी प्रहरीले गिरफ्तारी गरेर २४ घण्टापछि रिहा गरे।

वसन्तपुर गाविस-४ का सप्तकोशी एफएमका समाचारदाता २९ वर्षीय चन्द्रबहादुर कार्की र एन्टेना फाउन्डेशन नेपाल नामक गैरसरकारी संस्थाकी समाचारदाता २५ वर्षीय कल्पना भट्टराईलाई ०६२ साउन ४ गते

०६२ असारदेखि माओवादी किराँत स्वयात्तता जिल्ला जनसरकारद्वारा विशेष कारण भनी एक वर्षका लागि गैससका सबै काम गर्न अवरोध गरेको निणय फिर्ता गराउन र दातृ संस्था डीएफआइडीद्वारा कार्यक्रम फिर्ता नलैजान भनी पटकपटक प्रेस वक्तव्य जारी गऱ्यो।

जनचेतना अभियान (प्याक) एलाइन्स नेपाल पत्रकार महासंघ, उद्योग वाणिज्य संघ आदिले विभिन्न सर्न्दभमा विज्ञप्ति जारी गरे। सडक निर्माण कार्यमा अवरोध हुँदा विद्रोही पक्ष र दातृ संस्थालाई दवाव सृजना नगर्न र अवरोध खुल्ला गर्नका लागि विभिन्न विरोध ऱ्याली सम्पन्न भए।

संरचना क्षति

खाम्लालुङ गाविस-९ सानथाङका ४८ वर्षीय कमल ढुंगेलको घरमा ०६२ कार्तिक ९ गते माओवादी कार्यकर्ता बास बसिरहेको अवस्थामा उनीहरूले राखेको बम विस्फोट भएर घरमा क्षति पुग्यो।

१.९ भोजपुर



जनसंख्या	:	२०४७२९
साक्षरता प्रतिशत	:	५४.५२
महिला साक्षरता प्रतिशत	:	४३.२
क्षेत्रफल (वर्ग कि. मि.)	:	१५०७
गाविस/नपा संख्या	:	६३
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३६७
क्याम्पस/उच्च मा.वि.	:	१/४
अस्पताल/स्वास्थ्य चौकी	:	१/६३
टेलिफोन लाइन	:	४
मोटर सडक (कि. मि.)	:	०
प्रहरी कार्यालय संख्या	:	१
हुलाक संख्या	:	३६
मानव विकास सूचकांक	:	०.४७२
प्रति परिवार सरदर संख्या	:	५.१८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

माओवादीका कम्पनी सहायक कमाण्डर अशोक भण्डारीलाई संखुवासभाको खाँदवारीबाट गस्तीमा गएका सुरक्षाकर्मीले ०६१ माघ १० गते कुलुङ गाविसको वीरेन्द्र उच्च मावि छेउमा नियन्त्रणमा लिएर गोली हानी हत्या गरे।

खावा गाविस-९ चोलन्ती निवासी पशुपति माविमा अध्ययनरत १८ वर्षीय मनिहाङ राईको ०६१ फागुन १० गते सुरक्षाकर्मीलाई देखेर भाग्न लाग्दा सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी मृत्यु भयो। पीडितलाई माओवादीले साथीको रूपमा ल्याएको अवस्थामा सुरक्षाकर्मीसँग जम्काभेट हुँदा भाग्ने क्रममा गोली लागी मृत्यु भएको थियो।

किमालुङ गाविसस्थित लालीगुँरास प्राविमा चन्दा उठाई रहेका कुदाककाउले गाविस-८ पायखाका माओवादी कार्यकर्ता तीर्थ घिमिरेलाई सुरक्षाकर्मीले ०६१ फागुन २० गते नियन्त्रणमा लिएर चन्द्रसूर्य मावि छेउको खेल मैदानमा हत्या गरे। लास सोही ठाउँमा गाडियो।

मानेभञ्ज्याङ गाविस-४ घर भई बेहेरेश्वर माविमा अध्ययनरत १८ वर्षीय विद्यादेवी चौहानको ०६२ जेठ १५ गते सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भयो। माओवादीसँगसँगै भाग्दै गर्दा उनको मृत्यु भएको हो। विद्यालाई माओवादीले बालविवाह गरेको आरोपमा सोही दिन उनकै घरवाट अपहरण गरेका थिए।

माओवादीबाट

पावला गाविस-७ निवासी २६ वर्षीय चन्द्रकला विश्वकर्मालाई ०६२ जेठ ३० गते सुराकी गरेको आरोपमा अपहरण गरी यूँ गाविसको जंगलमा पुऱ्याई खुकुरी प्रहार गरी हत्या गरे। शिक्षाकन्या मावि देवानटारमा अध्ययनरत उनलाई विनाकारण हत्या गरिएको उनको परिवारले जनायो।

कालिध्वज गण, भोजपुरमा कार्यरत सुर्खेत घर भएका सैनिक जवान रेशम खड्काको ०६२ असार ३१ गते माओवादीले प्रहार गरेको गोली लागी मृत्यु भयो। उनी व्यारेक नजिकै ड्युटीमा जाँदै थिए।

तिम्मा गाविस-७ का २६ वर्षीय जुद्ध सुन्दासले भाइ मारेको आरोपमा माओवादीले ०६२ पुस १ गते छिनामखु गाविस-७ मा उनको हत्या गरे। २१ वर्षीय भाइ श्याम सुन्दासको मंसिर ३० मा अज्ञात समूहले हत्या गरेपछि गाउँलेको उक्साहटमा माओवादी कार्यकर्ता हेमन्तले जुद्धलाई गोली हानेर हत्या गरेका थिए।

दोहोरो भिडन्त

भोजपुर सदरमुकामबाट गस्तीमा गएका सुरक्षाकर्मीलाई साङपाङ गाविसस्थित वैदारभञ्ज्याङमा माओवादीहरूले ०६१ पुस १८ गते आक्रमण गर्दा सेनाका सिपाही खैराङ गाविस घर भएका बलबहादुर राई र नेपाल प्रहरीमा कार्यरत सुरेश राईको मृत्यु भयो।

लेखर्क गाविसस्थित पाँचधारेमा ०६२ असार ८ गते सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा माओवादीको गोलीबाट सातजना सेना र दुईजना प्रहरीको मृत्यु भयो। मारिनेहरूमा शाही सेनाका जवान रामेछापका पृथ्वीबहादुर खत्री, काभ्रे घर भएका सैनिक जवान महेन्द्रराज गिरी, भोजपुरको याङपाङ घर भएका सैनिक जवान रामकुमार राई, धादिङ घर भएका सैनिक जवान जीवन सिंखडा, सैनिक जवान जीवन योगी, लम्जुङका सैनिक जवान अमित रानामगर, सैनिक जवान हरि खड्का, खोटाङ घर भएका सैनिक जवान गणेश थापा र प्रहरी सहायक निरीक्षक नैनसिंह तामाङ रहेका थिए। उक्त घटनामा १० माओवादी छापामारको घटनास्थलमै मृत्यु भयो। सो भिडन्तमा माओवादी कम्पनी कमाण्डर संग्रामसमेत सुरक्षाकर्मीको गोलीबाट मारिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

मानेभञ्ज्याङ गाविस-६ बस्ने १७ वर्षीय जुनुका थापाले बालविवाह गरेको आरोपमा माओवादीले ०६२ जेठ १५ गते उनलाई अपहरण गरी लैजाँदै गरेको अवस्थामा सुरक्षाकर्मीले चलाएको गोली लागी घाइते भइन्। पीडितको सुरक्षाकर्मीले नियन्त्रणमा लिएर सेनाको भोजपुरस्थित विष्णुदल गुल्ममा उपचार गऱ्यो।

माओवादीबाट

भैंसीपंखा गाविसस्थित ढुंगेमा ०६१ फागुन २३ गते माओवादीहरूले विद्युतीय धराप विस्फोट गराउँदा आठ सुरक्षाकर्मीहरू घाइते भए। घाइतेहरूको काठमाडौं तथा धरानमा उपचार गरियो।

टक्सार गाविसको डबलीमा गस्तीमा गएको सुरक्षाकर्मीको टोली ०६२ भदौ १९ गते माओवादी एम्बुसमा पर्दा दुईजना सुरक्षाकर्मी घाइते भए। घाइतेहरूमा प्रहरी जवान रामबहादुर प्रधान र उपेन्द्र बम्नेत थिए। उनीहरूको स्थानीय अस्पतालमा उपचार गरियो।

जेल र बन्दीहरू

'ख' श्रेणीको भोजपुर कारागारको क्षमता २५ जनाको भए पनि हाल २१ जना पुरुष र आठजना महिला गरी कूल २९ जना बन्दी छन्। माओवादी गतिविधिमा संलग्न भएको आरोपमा सातजना महिला र पाँचजना पुरुष गरी कूल १२ जना थुनामा रहेका छन्। त्यसैगरी बन्दीको रूपमा १६ जना पुरुष र एकजना महिला रहेका छन्। यो जेलमा महिला र पुरुषका लागि छुट्टाछुट्टै कोठा बनाइएको छ। जेलमा कैदी बन्दीको लागि दुईओटा खानेपानीको धाराको व्यवस्था गरिएको छ। त्यसैगरी जेलभित्र तीनओटा र बाहिर एउटा गरी जम्मा चारओटा चर्पीको समेत व्यवस्था गरिएको छ। जेलमा बिजुलीको व्यवस्था छैन। भोजपुर बजारकै डाँडागाउँमा निर्मित नयाँ भवन हालसम्म पनि प्रयोगमा आउन सकेको छैन। बन्दीहरूको अवस्था हेरेर कारागारभित्रै तथा अस्पतालमा लगेर उपचार समेत गर्ने गरिएको छ। बन्दीहरूको लागि भलिबल, चेस, क्यारेम्बोर्ड, लुडो आदि खेल सामग्री विभिन्न सहयोगी संस्थाले उपलब्ध गराउँदै आएका छन्। त्यसैगरी कारागारभित्रै पुस्तकालयको समेत व्यवस्था गरिएको छ।

ज्यान मुद्दा तथा अन्य आपराधिक क्रियाकलापमा लागेर बन्दी भएकालाई आफन्तसँग भेट्न दिइए पनि माओवादी आरोपमा थुनिएकाहरूको परिवारलाई भने बन्दीसँग भेट गर्न दिनबाट वञ्चित गरिएको छ। बन्दीहरूलाई 'ख' श्रेणीको सिदा दिने गरिएको छ भने दिनको ३० रुपैयाँका दरले जेल प्रशासनले १५/१५ दिनमा रकम उपलब्ध गराउने गरेको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

धनकुटाको हिलेबाट भोजपुरतर्फ सामान ल्याउँदै गरेका ठूलोदुम्मा र होम्ताङ गाविसका २८ जना भरियाहरूलाई आफूहरूले गरेको युद्धविराम उल्लंघन गरेको आरोपमा माओवादीले ०६१ पुस २० गते अपहरण गरी २४ घण्टापछि मुक्त गरे। उनीहरूले बोकेका उपभोग्य सामान भने फिर्ता दिएनन्।

लेखर्क गाविस-३ बस्ने १६ वर्षीय प्रकाश राई र खोटाङ बाप्लुखा गाविस-९ का धनसेर राईलाई ०६१ माघ ३ गते दिदीको घर बाप्लुखाबाट माओवादीले अपहरण गरे। पीडितहरूलाई एक सातापछि मुक्त गरे।

हेलौंछा गाविस-१ की १२ वर्षीय शर्मिला तामाङलाई ०६१ माघ २२ गते प्याउली गाविसस्थित दिदीको घरमा जाँदै गर्दा माओवादीहरूले अपरण गरे। पीडितलाई १० दिनपछि मुक्त गरे।

मुलपानी-२ का सर्वसाधारण हेमकुमार श्रेष्ठलाई ०६१ माघ २८ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी ०६१ फागुन ५ गते अज्ञातस्थलबाट मुक्त गरे।

कोट गाविस-६ निवासी जनोदय माविको विद्यालय

व्यवस्थापन समितिका अध्यक्ष ५६ वर्षीय हरिकुमार राईलाई माओवादीले ०६१ फागुन २ गते पत्नी घरमा नराखेको आरोपमा अपहरण गरी एक हप्तापछि मुक्त गरे।

खावा गाविस-९ चोलन्तीका २० वर्षीय धर्मराज राई र सोही ठाउँका १३ वर्षीय संजय राईलाई माओवादीले ०६१ फागुन ९ गते राति घरैबाट अपहरण गरे। सिद्धेश्वर गाविसमा पुऱ्याइएका पीडितहरूको सुरक्षाकर्मीसँग ०६२ फागुन १० गते जम्काभेट भएपछि उनीहरूले भागेर ज्यान जोगाए।

जिल्ला शिक्षा कार्यालय भोजपुरका श्रोतव्यक्ति उपेन्द्र नेपाललाई माओवादी सम्बद्ध अखिल (क्रान्तिकारी) को समूहले माग पूरा नगरेको आरोपमा ०६२ जेठ ११ गते अपहरण गरे। पीडित ०६२ जेठ २३ गते मुक्त भए।

बोखिम गाविसका १३ वर्षीय प्रकाश तामाङलाई माओवादीले ०६२ असार ३१ गते घरैबाट अपहरण गरे। उनलाई माओवादीले पूर्णकालीन कार्यकर्ता बनाएको जनाइयो।

लेखर्क गाविसस्थित पाँचधारे बजारबाट ०६२ असार ८ गते जिल्ला प्रहरी कार्यालय भोजपुरमा कार्यरत सातजना प्रहरी र विष्णुदल गुल्म भोजपुरमा कार्यरत पाँचजना सेनाका जवानलाई माओवादीले अपहरण गरे। अपहरितहरूमा बर्दियाका सैनिक जवान तुलसीराम थारु, सोलुखुम्बुका प्रकाश ढुंगाना, लम्जुङका अमृत रायमाझी, चितवनका आशाराम चौधरी, उदयपुरका प्रहरी जवान गोपाल सिलवाल, सुनसरीका प्रहरी जवान देवानसिंह राई, तेह्रथुमका प्रहरी जवान टेकबहादुर रसाईली, प्रहरी जवान रघुनाथ महतो, प्रहरी जवान केवल गुरुङ, प्रहरी जवान बद्रि विश्वकर्मा र सैनिक जवान हुपबहादुर रानामगर रहेका थिए। उनीहरूलाई एक महिनापछि सिन्धुलीबाट मुक्त गरे।

कोट गाविस-८ का १५ वर्षीय खगेन्द्र थापालाई माओवादीले ०६२ असार ३१ गते घरैबाट अपहरण गरे। जनोदय मावि कोटमा अध्ययनरत उनलाई जिल्लाका आधा दर्जन गाविसमा घुमाई ०६२ साउन ९ गते मुक्त गरे।

जरायोटार गाविसको महेन्द्रोदय माविका पाँच शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षलाई पार्टीको नियम उल्लंघन गरेको आरोपमा माओवादीले ०६२ भदौ ५ गते घर तथा विद्यालयबाट अपहरण गरे। अपहरितहरूमा शिक्षकहरू सुरेन्द्र श्रेष्ठ, सोमनाथ भण्डारी, थामबहादुर तामाङ, होमनाथ खत्री र बीरेन्द्र राई र विद्यालय व्यवस्थापन समिति अध्यक्ष नहिन्द्रबहादुर राई रहेका थिए। अपहरित सबै एक हप्तापछि मुक्त भए।

होम्ताङ गाविस-८ गुर्धुमटोलका श्याम राई र विष्णु राईले बहुविवाह गरेको आरोपमा माओवादीले ०६१ जेठ १८ गते उनीहरूलाई घरैबाट अपहरण गरे। ४४ दिनसम्म कब्जामा राखेर बिष्णुलाई मुक्त गरे भने श्यामलाई अनिश्चितकालीन श्रम शिविरमा राखिएको माओवादीले जनाए।

सिद्धेश्वर गाविस-५ का सन्तोष श्रेष्ठले बालविवाह गरेको आरोपमा माओवादीले ०६२ भदौ ५ गते उनलाई घरैबाट अपहरण गरे। स्थानीय पवित्र राईसँग पार्टीको नीति विपरित बिबाह गरेको आरोपमा अपहरित उनलाई १० दिनपछि मुक्त गरे।

खावा गाविस-४ घर भएकी १४ वर्षीय बिष्णुकुमारी राईले बालविवाह गरेको आरोपमा माओवादीले ०६२ मंसिर ८ गते घरैबाट अपहरण गरे। स्थानीय किशोर राईसँग बालविवाह गरेको भन्दै अपहरित उनलाई १० दिनपछि मुक्त गरे।

तिम्मा गाविस-७ का २४ वर्षीय रामकुमार राईलाई भाइको आरोपमा लगाएर माओवादीले ०६२ पुस १ गते छिनामखु गाविस-७ बाट अपहरण गरे। मानवधिकारकर्मीको

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट										
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा		घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या				७	१६	१		१७		७	१६	१		१७
घाइते				३	१२			१२		१		१		१
गिरफ्तारी/यातना										२१	२२	४		२६
कुटपिट	१	४	४	३	३	१		४						
धम्की				३	२		६३	६५						
भेला/संगठित हुने अधिकार										१			१००	१००
अपहरण				२४	३७	६	४३	८६						
जम्मा	१	४	४	४०	७०	८	१०६	१८४		३०	३८	६	१००	१४४

दवावपछि उनलाई माओवादीले ०६२ पुस ७ गते मुक्त गरे।

गुप्तेश्वर गाविस-३ की १५ वर्षीया तारा खड्कालाई माओवादीले ०६२ पुस ३ गते अपहरण गरे। सिद्धेश्वर मावि दावामा कक्षा ८ मा अध्ययनरत उनलाई पाँच दिनपछि दावा बजारबाट मुक्त गरे। पीडितलाई अपहरणको अवधिमा माओवादीले भारी बोकाउने, बारी खन्ने जस्ता काममा संलग्न गराए।

खावा गाविस-७ की २६ वर्षीय रत्ना राईले बहुविवाह गरेको आरोपमा माओवादीले ०६२ पुस ३ गते उनलाई घरबाटै अपहरण गरे। अपहरण गर्नुअघि उनलाई माओवादीले कुटपिट समेत गरे। उनको अवस्था अज्ञात छ।

नागी गाविस-८ की १५ वर्षीय सम्झना सुन्दासलाई गाउँमा यौन अराजकता फैलाएको आरोपमा माओवादीले ०६२ पुस ४ गते घरबाटै अपहरण गरे। उनको अवस्था अज्ञात रहेको छ।

खावा गाविस-७ का १६ वर्षीय मणिराज राईले बालविवाह गरेको तथा यौन अराजकता फैलाएको आरोपमा माओवादीले ०६२ पुस ३ गते अपहरण गरे। उनी हालसम्म माओवादी श्रम कैंदमा छन्।

लेखर्क गाविस-५ चौलागाईं गाउँकी २० वर्षीया खड्गकुमारी चौलागाईंलाई माओवादीले ०६२ पुस १२ गते घरैबाट अपहरण गरे। बहिनी दुर्गादेवी चौलागाईंलाई माओवादी पार्टी छोड्न लगाई सुरक्षाकर्मीसमक्ष आत्मसर्मपण गराएको आरोपमा अपहरित उनलाई दुई दिन श्रमशिविरमा राखी ०६२ पुस १४ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

भोजपुर जिल्लाका ६३ गाविसका सचिवहरूलाई माओवादी जिल्ला जनसरकारले ०६२ जेठ ११ गतेदेखि राजिनामा दिन तीव्र दवाव दिए। राजीनामा नदिए ज्यान लिने धम्कीसमेत दिएपछि जिल्लाका सबै गाविस सचिवले ०६२ साउन २७ गते संयुक्त रूपमा राजिनामा दिए।सचिवहरूको राजीनामा जिल्ला विकास समितिले स्वीकृत गरेन। सचिवहरूले १० दिनपछि काम सुरु गरे।

भोजपुर गाविस-५ का व्यापारी रामचन्द्र श्रेष्ठलाई ०६२ असार २२ गते माओवादीले आफ्ना कार्यकर्ता गिरफ्तार गर्न सुरक्षाकर्मीलाई सघाएको आरोपमा कारवाहीको धम्की दिए।

सुरक्षाकर्मी प्रयोग गरेर हवाईजहाज उडाएको आरोपमा माओवादीले नागरिक उड्डयन प्राधिकरण भोजपुरका प्रमुख बाबुराम घिमिरेलाई ज्यान मार्ने धम्की दिए। ०६२ साउन २२ गते माओवादीले सार्वजानिक रूपमा भौतिक कारवाही गर्ने धम्की दिएपछि भोजपुरको हवाई सेवा समेत केही समय अवरुद्ध भयो। माओवादी धम्कीपछि घिमिरे भोजपुर छोडेर काठमाडौं गए।

नुङगेछा गाविस-१ निगुरेटोलकी ७० वर्षीय चुंडामाया गुरुङलाई माओवादीले ०६२ असोज २३ गते रक्सी बेचेर पार्टीको नियम मिचेको भन्दै शारीरिक यातना दिए। काँचको बोतल, मुक्का र लात्तीले वृद्धालाई जथाभावी कुटपिट गर्दा उनी एक महिनासम्म थला परिन्। उनको उपचार परिवारले गाउँमै गरे।

रानीवास गाविस-४ लङ्गीनका राजेन्द्रकुमार राईलाई माओवादीले ०६२ असोजदेखि श्रम शिविरमा राखे। स्थानीय शान्ति निकेतन प्राविका शिक्षक उनलाई गाउँकै युवालाई बहुविवाह गर्न सघाएको आरोपमा यातना दिई ०६२ असोजदेखि दुई वर्षको लागि श्रम शिविरमा राखिएको माओवादीले बताए।

खैराङ गाविस-१ का भीम राई र पवन राईले जनतालाई माओवादीको नाममा सताएको आरोपमा माओवादीले ०६२ असोज १८ गते अपहरण गरी श्रम कैदमा राखे।

लेखर्क गाविस-५ का ११ वर्षीय बालक प्रकाश चौलागाईंलाई ०६२ पुस १२ गते दिउँसो माओवादीले चरम शारीरिक यातना दिए। स्थानीय सिंहदेवी माविका कक्षा ५ का विद्यार्थी उनलाई स्थानीय बालकलाई दूर्व्यवहार गरेको आरोपमा माओवादीले यातना दिएका थिए। जथाभावी कुटाईपछि उनी घटनास्थलमै बेहोस भएका थिए। त्यसपछि पनि उठाएर उनलाई यातना दिइएको थियो। माओवादी यातनापछि उनी ज्यान बचाउन परिवारसँगै सदरमुकाममा विस्थापित भए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भोजपुर गाविसको स्थानीय शनिवारे हटियामा ०६२ जेठ २१ गते सात राजनीतिक दलद्वारा आयोजित शान्तिपूर्ण जुलुसमा सुरक्षाकर्मीले अवरोध गरी माइक खोस्ने प्रयत्न गरे।

नेपाल पत्रकार महासंघ जिल्ला शाखा भोजपुरले प्रेस स्वतन्त्रता, मानव अधिकार बहाली लेखेर टाँगेको ब्यानर ०६२ जेठ २६ गते सेनाका जवानले च्याते। सुरक्षाकर्मीद्वारा भएको सो कार्यको नेपाल पत्रकार महासंघ भोजपुरले भर्त्सना गर्‍यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत भोजपुरमा गत सालबाट जिम्मेवारी सरेर आएका दुनियावादी देवानी आठ ओटा र यस वर्ष दर्ता भएका दुनियावादी देवानी १० थान गरी जम्मा १८ ओटा मुद्दा रहेका छन्। त्यसैगरी जिम्मेवारी सरेर आएका दुनियावादी फौजदारी तीनओटा र यो वर्ष दर्ता भएका दुनियावादी फौजदारी गरी जम्मा २६ ओटा रहेका छन्।

त्यसैगरी सरकारी फौजदारीतर्फ जिम्मेवारी सरेर आएका तीनओटा र यो वर्ष दर्ता भएका पाँच गरी जम्मा आठओटा रहेका छन्।

०६२ पुस मसान्तसम्म जिल्ला अदालत भोजपुरमा दुनियावादी देवानीतर्फ चारओटा मुद्दा फर्स्योट भए। त्यसैगरी दुनियावादी फौजदारीतर्फ यो वर्ष दुईओटा मुद्दा फर्स्योट भए। त्यसैगरी सरकारवादी फौजदारीतर्फ तीनओटा मात्र मुद्दा फर्स्योट हुन सके।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिल्ला विकास समिति भोजपुरले आर्थिक वर्ष ०६१/०६२ मा दुईहजार पाँचसय वृद्धवृद्धालाई भत्ता वितरण गऱ्यो। त्यसैगरी २ हजार ९ सय ८५ जनालाई विधवा भत्ता तथा ५० जनालाई अपाङ्ग भत्ता वितरण गऱ्यो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

भुल्के गाविस-८ का २५ वर्षीय जगन्नाथ दाहाललाई ०६१ चैत ९ गते आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई हाल नजरबन्दमा राखिएको छ।

देउराली गाविस-९ निवासी महेन्द्रोदय मावि देउरालीका विद्यार्थी नवराज भट्टराईलाई एसएलसी परीक्षामा संलग्न भएकै समयमा ०६१ चैत २४ गते परीक्षा केन्द्रबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई तीनदिन प्रहरी हिरासतमा राखी रिहा गरियो।

साङपाङ्ग गाविस-१ का १९ वर्षीय डेकबहादुर राईलाई संखुवासभाको तुमिलङ्गटारबाट गस्तीमा गएको सुरक्षाकर्मीले माओवादीलाई सहयोग गरेको आरोपमा साङपाङ्गबाट ०६२ वैशाख १८ गते गिरफ्तार गरे। उनलाई खाँदबारी कारागारमा ०६२ साउन २१ गतेसम्म राखेर रिहा गरियो।

बोया गाविस-९ का १९ वर्षीय बमबहादुर राई, २१ वर्षीय सोभित राई र सन्तोष राईलाई ०६२ जेठ ६ गते भोजपुर सदरमुकामको पानीट्याङ्कीबाट विष्णुदल गुल्मका सुरक्षाकर्मीले गिरफ्तार गरे। सन्तोषलाई आतंककारी तथा विध्वंसात्मक (कार्य तथा सजाय) ऐन अन्तर्गत जिल्ला प्रशासन कार्यालयले कारागार शाखामा थुनुवाको रुपमा राख्यो। थुनिएकामध्ये शोभित र बमबहादुर ०६२ भदौ ३१ गते मानवाधिकारकर्मीरूको रोहबरमा रिहा भए भने सन्तोष राई ०६२ मंसिरमा रिहा भए।

मानेभञ्ज्याङ गाविस-६ का २२ वर्षीय दिलबहादुर तामाङलाई ०६२ जेठ १५ गते गस्तीमा गएका सुरक्षाकर्मीले माओवादीसँग भाग्दै गर्दा गिरफ्तार गरे। उनलाई १४ दिन हिरासतमा राखी रिहा गरियो। सोही स्थानमा गिरफ्तार भएकी माओवादीको १ नं. इलाका जनसरकार प्रमुख स्मृति भनिने शिलावती राईलाई भने कारागार शाखा भोजपुरमा नजरबन्दमा राखिएको छ।

साङपाङ्ग गाविस-८ घर भएका सर्वसाधारण २७ वर्षीय सुरेन्द्र राईलाई संखुवासभाको तुम्लिङ्गटारबाट गस्तीमा गएको सुरक्षाकर्मीले घर नजिकैबाट माओवादीको आरोपमा ०६२ जेठ १८ गिरफ्तार गरे। उनलाई जिल्ला प्रहरी कार्यालय संखुवासभामा हिरासतमा राखी ०६२ साउन २१ गते रिहा गरे।

खार्ताम्छा गाविस-५ का १८ वर्षीय प्रेमबहादुर परियारलाई संखुवासभाको तुम्लिङ्गटार सशस्त्र प्रहरी आधार शिविरबाट आएका सुरक्षाकर्मीले माओवादीको आरोपमा ०६२ असार २८ गते दिङ्गलाबाट गिरफ्तार गरे। गिरफ्तार गरी उनलाई संखुवासभाको खाँदबारी लाँदा मुखमा घाँस च्याप्न लगाएर हिँडाइएको थियो।

हेलौंछा गाविसको सिंहजलेस्वरी प्राविका प्रधानाध्यापक तथा मैयूङ साप्ताहिकका समाचारदाता २८ वर्षीय वीरजंग बुताङलाई माओवादीको आरोपमा सुरक्षाकर्मीले ०६२ असार ३ गते सदरमुकाम गएको समयमा गिरफ्तार गरे। उनलाई चार दिनसम्म प्रहरी हिरासतमा राखेर असार ८ गते पञ्चकन्या उच्च मावि च्याङ्ग्रेका शिक्षक मुगाधन राईको रोहबरमा रिहा गरियो।

देउराली गाविस-७ की २० वर्षीया सुमित्रा विक (पात्तली विक) लाई ०६२ साल कार्तिक २० गते संखुवासभाको तुम्लिङटारबाट आएको सशस्त्र प्रहरीको टोलीले गिरफ्तार गऱ्यो। माओवादीको आरोपमा गिरफ्तार उनलाई हाल खाँदबारी जेलमा राखिएको छ।

कुलुङ गाविस-१ की १६ वर्षीय टीका तामाङ र कुलुङ-६ की १७ वर्षीय सरस्वती विश्वकर्मालाई माओवादीको आरोपमा ०६२ मंसिर ७ गते सुरक्षाकर्मीले उनीहरूलाई टक्सार गाविसबाट गिरफ्तार गरे। उनीहरूलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत स्थानीय प्रशासनले कारागार शाखा, भोजपुरमा बन्दी बनाएर राखिएको छ।

दलगाउँ गाविस-३ का ३५ वर्षीय डिल्ली राईलाई माओवादीलाई सघाएको आरोपमा सुरक्षाकर्मीले भोजपुर बजारबाट ०६२ मंसिर ७ गते गिरफ्तार गरे। उपस्वास्थ्य चौकी दलगाउँका ग्रामीण स्वास्थ्य कार्यकर्ता राईलाई १० दिन सम्म प्रहरी हिरासतमा राखेर मंसिर १७ मा रिहा गरियो।

दलगाउँ गाविसका भुवन पोखेललाई सुरक्षाकर्मीले माओवादीको आरोपमा ०६२ पुस १ गते गिरफ्तार गरे। उनलाई डेढ हप्तासम्म हिरासतमा राखेर रिहा गरियो। उनी स्थानीय निमाविका शिक्षक हुन्।

होम्ताङ गाविस-७ का कृषक ४० वर्षीय आशमान राईलाई माओवादीको आरोपमा ०६२ पुस २ गते रानीवासस्थित आधार शिविरका सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई अहिले पनि सोही आधार शिविरमा बन्दी बनाएर राखिएको छ।

भुल्के गाविस-५ का मणिकुमार राई र उनका बाबु रामकुमार राई माओवादी भएको आरोपमा ०६२ पुस १४ गते सुरक्षाकर्मीले गिरफ्तार गऱ्यो। मणि गिरफ्तार भएको दुई दिनपछि मुक्त भए भने राम रिहा भएका छैनन्।

तिम्मा गाविस-२ का २६ वर्षीय नन्दकुमार तामाङलाई माओवादी भएको आरोपमा ०६२ पुस १६ गते भोजपुर बजारको चार भञ्ज्याङबाट उनलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई एक दिन प्रहरी हिरासतमा राखेर पुस १७ गते दिउँसो रिहा गरियो।

१.१० संखुवासभा

जनसंख्या : १६६६५४
साक्षरता प्रतिशत : ६१.५
महिला साक्षरता प्रतिशत : ३४
क्षेत्रफल (वर्ग कि. मि.) : ३४८६.१६
गाविस/नपा संख्या : ३३/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ३५४
क्याम्पस/उच्च मा.वि. : ३/९
अस्पताल/स्वास्थ्य चौकी : २/७
टेलिफोन लाइन : ३३३
मोटर सडक (कि. मि.) : ६३
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : ३६
मानव विकास सूचकांक : ०.४८१
प्रति परिवार सरदर संख्या : ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

ताप्लेजुङ जिल्ला घर भएकाका माओवादीका कार्यकर्ताहरू सामना भनिने कोपिला लिम्बू, प्रभा भनिने संगीता मिश्र र मुस्कान भनिने दीपक तिवारीलाई खाँदबारीबाट गस्तीमा गएको सुरक्षाकर्मीको टोलीले ०६१ माघ २२ गते सित्तलपाटी गाविस-८ लामागाउँको एक घरबाट गिराफ्तार गरी अन्दाजी पाँचसय मिटर जति परको जंगलमा पुऱ्याई गोली हानी हत्या गरे। लासको पोस्टमार्टम नगरी एउटै खाडलमा गाडियो।

खाँदबारीबाट गस्तीमा गएको सुरक्षाकर्मीको टोलीले प्रेम भनिने माओवादीका कार्यकर्तालाई ०६१ फागुन ७ गते सभापोखरी गाविसको स्वाचीमा गोली हानी हत्या गरे। पीडितको थप विवरण प्राप्त हुन सकेन। लास सोही ठाउँमा गाडेर छाडे।

सशस्त्र प्रहरी आधार शिविर चैनपुरबाट गस्तीमा गएका सुरक्षाकर्मीले ०६२ जेठ २३ गते नुनदयाकी गाविसको गुफापोखरीमा सुरक्षाकर्मी आएको देखी भाग्दै गरेका नाम र ठेगाना खुल्न नसकेका दुईजना माओवादी कार्यकर्तालाई गोली हानी हत्या गरे। पीडितहरुको सनाखत हुन सकेन।

सिद्धपोखरी गविस-६ घर भएकाका माओवादी कार्यकर्ता ३५ वर्षीय कुलप्रसाद ढकाललाई ०६२ साउन १० गते सशस्त्र प्रहरी आधार शिविर चैनपुरबाट गस्तीमा गएको सुरक्षाकर्मीको टोलीले सिद्धपोखरी गाविस-६ मा गोली हानी हत्या गऱ्यो। उनको भिडन्त हुँदा मृत्यु भएको सुरक्षाकर्मीले जनाए।

दिदिङ्ग गाविस-६ चिचिलामा खाँदबारीबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले ०६२ मंसिर १७ गते माओवादीकी अञ्जना भनिने एकजना महिला कार्यकर्तालाई बिहान ६ बजे भाग्दै गर्दा गोली हानी हत्या गऱ्यो। मान्छे हिंड्ने मूलबाटोमा स्थानीयवासीलाई खाडल खन्न लगाई उनको लास गाडे। पीडितको सनाखत हुन सकेन।

माओवादीबाट

खाँदबारी नपा-६ का सर्वसाधारण दिनेश नेपालीलाई माओवादीले ०६१ पुस २९ गते उनकै घरबाट अपहरण गरी खाँदबारी नपा-५ को कालिका निमावि नजिकै माघ ७ गते राति खुकुरी प्रहार गरी हत्या गरे।

स्यावुन गाविस-५ घर भएका सर्वसाधारण १७ वर्षीय श्यामकुमार गदाललाई भाउजुसँग अनैतिक सम्बन्ध राखेको आरोपमा ०६२ जेठ १४ गते उनकै घरबाट माओवादीले अपहरण गरी नजिकैको जंगलमा पुऱ्याई गाउँले,

माओवादी र स्थानीयवासीले कुटपिट गरी हत्या गरे। पीडितको मृत्यु भएपछि माओवादीले घटनाको दोषी भनी दिनेश सुब्बालाई अपहरण गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

दिदिङ्ग गाविस-६ चिचिलाका ८ वर्षीय सञ्जीता राई, ६ वर्षीय भूमिका राई र ४ वर्षीय देविका राई ०६२ मंसिर १६ गते खाँदवारीबाट गस्तीमा गएको सुरक्षाकर्मीले माओवादीलाई हानेको गोलीको छर्रा लागी घाइते भए।

जेल र बन्दीहरू

'घ' श्रेणीको खाँदबारी कारागारको क्षमता २५ जनाको भएपनि ८ आठजना महिलासहित ४३ जना कैदी बन्दी र हिरासतमा रहेका छन्। २५ जनाको क्षमता भएको कारागारमा ४३ जना बस्नु परेको कारणले ओढ्नेको अति समस्या भएको पीडितहरू बताउँछन्। जम्मा ४३ जनामध्ये चार महिलासहित १७ जना माओवादी बन्दी छन्।

बेपता / अपहरण

माओवादीबाट

मादी गाविस नजिकैको रामेश्वर उच्च माविबाट ०६१ माघ ७ गते रामचन्द्र पौडेलसहित १५ जना शिक्षक र एकसय २५ जना विद्यार्थीलाई माओवादीले अपहरण गरे। उनीहरूलाई चार घण्टा हिंडाएर एक प्रशिक्षण कार्यक्रममा सहभागी गराई ०६१ माघ ९ गते मुक्त गरे।

स्यावुन गाविस-९ घर भएका सर्वसाधारणहरू गोकर्ण श्रेष्ठ, सुमन लाखे, केशव राई र रूद्र राईलाई विद्यार्थीलाई चीट चोराएको आरोपमा ०६१ माघ २५ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। उनीहरू माघ २६ गते मुक्त भए।

स्यावुन गाविस-९ घर भएका सर्वसाधारणहरू सूर्यबहादुर श्रेष्ठ र लोक्चे रसाईलीलाई जग्गा किनबेच गरेको आरोपमा माओवादीले ०६१ माघ २५ गते उनीहरूकै घरबाट माओवादीले अपहरण गरी कुटपिट गरेर ०६१ माघ २६ गते मुक्त गरे।

खाँदबारी नपा-११ घर भएका जिल्ला शिक्षा कार्यालयका स्रोतव्यक्ति ४५ वर्षीय योगराज गाउँले र खाँदबबारी नपा-३ का शिक्षक ५० वर्षीय ज्ञानबहादुर घिमिरेलाई ०६१ माघ २७ गते शिक्षा कार्यालयको कामको सिलसिलामा सिसुवा गाबिसको बुधबारे बजारमा पुगेको अवस्थामा माओवादीले अपहरण गरे। उनीहरूलाई ०६१ फागुन २ गते सोही स्थानमा ल्याई मुक्त गरे।

दिदिङ्ग गाविस-५ घर भएका सर्वसाधारणहरू २० वर्षीय रिन्जिन शेर्पा र सोही स्थानको अन्तरे शेर्पालाई ०६१ फागुन १२ गते उनकै घरबाट माओवादीले अपहरण गरे। उनीहरूलाई फागुन २६ गते मुक्त भए।

पाँचथर जिल्ला घर भई दिदिङ्ग गाविस-४ चिचिलामा आई मजदुरी गरी जीविका चलाई बसेका सर्वसाधारणहरू बिलेन लिम्बूसहित तीनजनालाई ०६१ फागुन १२ गते माओवादीले चिचिलाबाट अपहरण गरे। उनीहरूलाई ०६१ फागुन २५ गते मुक्त गरे।

सितलपाटी गाविस- ८ का सर्वसाधाारण १९ वर्षीय कर्णसिह गुरूङ्गलाई माओवादीले ०६१ फागुन १५ गते मत्स्यपोखरीबाट आउँदै गर्दा चिचिलाबाट अपहरण गरेकोमा उनी फागुन २१ गते भागेर मुक्त भए।

बाना गविस-२ घर भई बाना मावि, बानाका शिक्षकहरू महेश श्रेष्ठ र बेदनाथ गुरागाईं, मूलखर्कका चन्द्रमणि घिमिरे, मोरङ्गका रामु हुमागाई र सिरहाका विपिन झा, लिलिङ्ग मावि खप्टुवामा कार्यरत शिक्षकहरू बवाना घर भएका प्रकाश पुरी, पर्शुराम खतिवडा, हर्क प्रधान, सरस्वती निमाविका शिक्षकहरू बानाका इन्द्रप्रसाद श्रेष्ठ, शंकर राई र भीमप्रसाद तामाङ्गलाई माओवादीले ०६१ फागुन १८ गते माओवादीले उनीहरुकै विद्यालयबाट अपहरण गरी कार्यक्रममा सहभागी गराई फागुन २३ गते मुक्त गरे।

बाना माध्यमिक विद्यालयमा कार्यरत शिक्षकहरू बानाका महेश श्रेष्ठ, बेदनाथ गुरागाई, मलखर्कका चन्द्रमणि घिमिरे र मोरङ्गका राम हुमागाईलाई ०६१ फागुन १८ गते माओवादीले विद्यालयबाटै अपहरण गरी ०६१ फागुन २३ गते मुक्त गरे।

हिमालय मावि हेदाङ्गनामा कार्यरत शिक्षकहरू पाथिभरा गाविसका देउमान राई, प्रेम राई र वीरेन्द्र राई, रानी प्राथामिक विद्यालयमा कार्यरत शिक्षकहरू पाथिभराका रण पराजुली र जापन राई, रानीढुंगा प्राथामिक विद्यालयमा कार्यरत शिक्षकहरू स्यावुन गाविस-९ का सीता दाहाल र यमनाथ दाहाल, आपुङ्ग प्राथमिक विद्यालयका शिक्षकहरू नुम गाविसका मुकुन्दप्रसाद राई र मानबहादुर राईलाई ०६१ चैत १ गते माओवादीले उनीहरूकै विद्यालयबाट कार्यक्रममा सहभागी गराउनको लागि अपहरण गरी ०६१ चैत ५ गते मुक्त गरे।

श्री पञ्चकन्या प्राथमिक विद्यालयमा कार्यरत शिक्षकहरू नुम गाविसका नरेन्द्र गुरूङ्ग र लीलाबहादुर गुरुङ्गलाई ०६१ चैत १ गते माओवादीले घरबाट शिक्षक भेलामा सहभागी गराउनको लागि अपहरण गरी चैत ५ गते मुक्त गरे।

सभापोखरी गाविस घर भई आपुङ्ग प्राविमा कार्यरत शिक्षक ३५ वर्षीय योगेन्द्र सापकोटा, धुपु गाविस घर भई

फकवा प्राविमा कार्यरत शिक्षक २८ वर्षीय ओमप्रसाद कट्टेल, विद्योदय माविमा कार्यरत शिक्षकहरू भोजपुरका पूर्णबहादुर चौहान, खाँदबारी नपा-८ का रामचन्द्र त्रिताल र अलबहादुर मगर, खाँदबारी नपा-९ का शिव घिमिरे, टेकबहादुर घिमिरे र धुपु गाविस-९ का माघमान गुरागाई, सरस्वती माविमा कार्यरत शिक्षकहरू खाँदबारी नपा-७ माल्टाका ३२ वर्षीय राजेन्द्र नेपाल, मत्स्यपोखरी गाविस-२ घर भएका २७ वर्षीय महेन्द्र राई, सोही ठाउँका चन्द्रप्रसाद निरौला र इन्द्रकुमार घले, केशरबहादुर विश्वकर्मा, महोत्तरीका कौशलकिशोर राय, रामचन्द्र गुप्ता र खाँदबारी नपा-१० का मीनबहादुर आलेलाई ०६१ चैत २ गते माओवादीले आ-आफ्नो विद्यालयबाट अपहरण गरे। उनीहरूलाई बाह्रबीसेमा एक कार्यक्रममा सहभागी गराई चैत ५ गते मुक्त गरियो।

पावाखोला गाविस-९ घर भई पञ्चकन्या प्राविमा कार्यरत शिक्षक जामनसिंह तामाङलाई ०६१ चैत २ गते माओवादीले अपहरण गरी कुटपिट गरेर गोला पुऱ्याई ०६१ चैत ९ गते मुक्त गरे। माओवादीले अपहरणको कारण खुलाएनन्।

शारदा निमाविमा कार्यरत शिक्षकहरू मत्स्यपोखरी गाविस–१ का चन्द्रबहादर गुरूङ, खाँदबारी नपा-८ का रामचन्द्र त्रिताल, धुपु गाविस-५ का अर्जुन नेउपानेलाई ०६२ चैत २ गते माओवादीले विद्यालयबाटै अपहरण गरी कार्यक्रममा सहभागी गराई चैत ५ गते मुक्त गरे।

मत्स्यपोखरी गाविस-६ का पाथिभरा प्राविका शिक्षक ३५ वर्षीय इन्द्रकुमार घलेलाई ०६१ चैत २ गते माओवादीले आफ्नै विद्यालयबाट बाह्रबीसेको च्याप्लेबामा आयोजित शिक्षक भेलामा सहभागी गराउनको लागि अपहरण गरी चैत ५ गते मुक्त गरे।

झापा घर भई स्वाची निमाविका शिक्षकहरू गोपाल जोगी, स्वाचीका छत्रबहादुर गुरूङ, सितलपाटी गाविस-७ घर भई हरेलो प्राविमा कार्यरत शिक्षक वुद्धिबहादुर राईलाई ०६१ चैत ३ गते माओवादीले आ-आफ्नै घरबाट अपहण गरे। उनीहरूलाई बाह्रबीसेको एक कार्यक्रममा सहभागी गराई चैत ५ गते मुक्त गरे।

सरस्वती मावि, माल्टामा कार्यरत शिक्षकहरू खाँदबारी नपा-३ का लीला निरौला र बबलबहादुर घिमिरे, माल्टा गाविस-७ का चूडामणि नेपाल, खाँदबारी नपा-८ का रामप्रसाद लम्साल र मत्स्यपोखरीका चन्द्र राईलाई ०६१ चैत ३ गते माओवादीले आफ्नै विद्यालयबाट अपहरण गरे। उनीहरूलाई बाह्रबीसेको च्याप्लेबाट चैत ५ गते मुक्त गरे।

शिला प्राविमा कार्यरत शिक्षक मत्स्यपोखरी गाविस-२ घर भएका बाधराज पौडेललाई ०६१ चैत ३ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। कार्यक्रममा सहभागी गराएर बाह्रबीसे च्याप्लेबाट ०६२ चैत ३ गते मुक्त गरे।

खराङ गाविस-८ घर भई पञ्चकन्या प्राथमिक विद्यालयमा कार्यरत शिक्षक खिलाराज त्रिताल र सोही विद्यालयका शिक्षक सभापोखरी गाविस-४ का सन्तोष पुलामीलाई ०६१ चैत ३ गते माओवादीले विद्यालयबाट कार्यक्रममा सहभागी गराउनको लागि अपहरण गरी चैत ५ गते मुक्त गरे।

पाथिभरा गाविस-१ का शिक्षक अर्जुन राई र ३५ वर्षीय केशसरी राई, त्रिवेणी मावि बाह्रबीसेका शिक्षकहरू खाँदबारी नपा-७ का ४० वर्षीय शेरबहादुर पुरी, र बाह्रबीसेका ३५ वर्षीय दीपक सुब्बा र र धुपु गाविसका ४० वर्षीय मात्रिकाप्रसाद चापागाईलाई ०६१ चैत ३ गते माओवादीले अपहरण गरे। उनीहरूलाई बाह्रबीसेमा शिक्षकहरूको एक कार्यक्रममा सहभागी गराई चैत ५ गते मुक्त गरे। ०६१ चैत ३ गते माओवादीले अपहरण गरी आफ्नो कार्यक्रममा सहभागी गराई चैत ५ गते मुक्त गरे।

मत्स्यपोखरी गाविस-१ घर भएका नेक प्राथमिक विद्यालयका शिक्षक सुमन राई, सनेलाखानी प्राविमा कार्यरतका शिक्षक सितलपाटी गाविस-८ का ठक्करबहादुर गुरूङ, धर्मदेवी निमाविमा कार्यरत शिक्षकहरू मत्स्यपोखरी गाविसका महानन्द नेउपाने, मणिकुमार राई र लोकमणि

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित			
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१	१	२	२			२	५	५	३	८
घाइते									१	१	२	३
गिरफ्तारी/यातना									२९	२१	९	३०
कुटपिट	१	१	१	१	१			१	४	६		६
अपहरण				८२	१४८	१३	१४०	३०१				
जम्मा	२	२	२	८५	१५१	१३	१४०	३०४	२९	३३	१४	४७

पौडेल, मत्स्यपोखरी गाविस-७ घर भएका धर्मदेवी प्राविमा कार्यरतका शिक्षकहरू लोकबहादुर गुरूङ्ग र लक्ष्मीप्रसाद दाहाल, मत्स्यपोखरी गाविस-६ का भाटभोटेनी प्राविमा कार्यरतका शिक्षकहरू विवश पैजो र वीरेन्द्रकुमार गुरूङ्ग, नुम गाविसका सेती कन्या प्राविका रमारङ्गका शिक्षक २७ वर्षीय प्रकाश अधिकारी, पाथिभरा गाविस-२ का शिक्षक २७ वर्षीय कमलाकुमारी विश्वकर्मालाई ०६१ चैत २ गते माओवादीले विद्यालयबाट शिक्षक भेलामा सहभागी गराउनको लागि अपहरण गरी चैत ५ गते मुक्त गरे।

धुपु गाविस-४ का सर्वसाधारण २२ वर्षीय प्रिती राईलाई ०६१ चैत ११ गते माओवादीले उनकै घरबाट अपहरण गरी चैत १२ गते मुक्त गरे।

पावाखोला गाविस-८ घर भई जनविकास प्रावि वैदेकामा कार्यरत शिक्षकहरू विवन्दु गुरूङ्ग र केशरमान गुरूङ्गलाई ०६१ चैत ३ गते माओवादीले आफ्नै विद्यालयबाट शिक्षक भेलामा सहभागी गराउनको लागि आफ्नै विद्यालयबाट अपहरण गरी चैत ७ गते मुक्त गरे।

स्यावुन गविस- ९ का सर्वसाधारणहरू शुक्रबहादुर राई र टीकाराम कार्कीलाई ०६१ चैत २२ गते माओवादीले उनकै घरबाट अपहरण गरी कुटपिट गरी चैत २३ गते मुक्त गरे।

दिदिङ्ग गाविस-१ का सर्वसाधारणहरू ४० वर्षीय भीमबहादुर राई र २६ वर्षीय थापा विश्वकर्मालाई ०६२ वैशाख १४ गते माओवादीले आफ्नै घरबाट मत्स्यपोखरीमा एक कार्यक्रममा सहभागी गराउनको लागि माओवादीले उनकै घरबाट अपहरण गरी ०६२ वैशाख २० गते मुक्त गरे।

दिदिङ्ग गाविस-२ का सर्वसाधारणहरू ३१ वर्षीय ईश्वर राई र २७ वर्षीय हाइकम राईलाई ०६२ वैशाख १५ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी वैशाख २० गते मुक्त गरे। पीडितहरूलाई चन्दा असुलीको लागि अपहरण गरिएको थियो।

दिदिङ्ग गाविस-२ का सर्वसाधारण ३५ वर्षीय लवकुमार राईलाई ०६२ वैशाख १६ गते माओवादीले आफ्नै घरबाट चन्दा माग गर्दै उनकै घरबाट अपहरण गरी वैशाख २० गते मुक्त गरे।

खाँदवारी नपा-७ का सर्वसाधारण ५० वर्षीय ज्ञानबहादुर घिमिरेलाई रक्सी खाएर होहल्ला गरेको आरोपमा ०६२ जेठ ७ गते माओवादीले रक्सी खाएर हल्ला गरेको आरोपमा आफ्नै घरबाट अपहरण गरी जेठ ८ गते मुक्त गरे।

स्यावुन गाविस-८ का सर्वसाधारणहरू २७ वर्षीय सुमन लाखे, नेपाल श्रेष्ठ र, स्यावुन गाविस-९ का २६ वर्षीय विष्णु पोखरेललाई ०६२ जेठ १६ गते माओवादीले आफ्नै घरबाट अपहरण गरे। पीडितहरूलाई क्रमश: जेठ १९ र २० गते मुक्त गरे। कब्जामा रहँदा उनलाई माओवादीमा लाग्न दबाव दिइएको थियो।

मावदिन गाविस-४ घर भएका सर्वसाधारण २७ वर्षीय विरबहादुर लिम्बूलाई दाजु भाइ घर झगडा गरेको आरोपमा ०६२ जेठ २६ गते उनलाई माओवादीले आफ्नै घरबाट अपहरण गरी जेठ २९ गते मुक्त गरे।

बानेश्वर गाविस-२ का नेपाली नेकाँ कार्यकर्ता ३५ वर्षीय शंकर केसीलाई सुराकी गरेको आरोपमा ०६२ असार २ गते माओवादीले उनकै घरबाट अपहरण गरी असार २७ गते मुक्त गरे।

बवाना गाविस-७ की सर्वसाधारणहरू २० वर्षीय मुना पुरी र १९ वर्षीय गोपी तामाङ्गलाई सुरक्षाकर्मीलाई चिठी लेखेको आरोपमा ०६२ असार १३ गते माओवादीले उनीहरूलाई आ-आफ्नै आफ्नै घरबाट अपहरण गरी ०६२ साउन ३ गते मुक्त गरे।

नुनढ्याकी गाविस- ३ का सर्वसाधारण ३१ वर्षीय मदन लिम्बूलाई दाजुभाइसँग झगडा गरेको आरोपमा ०६२ असार २० गते उनलाई माओवादीले उनकै घरबाट अपहरण गरी असार २४ गते मुक्त गरे।

खाँदवारी नपा-७ का का सर्वसाधारण ४९ वर्षीय तेजबहादुर घिमिरेलाई ०६२ साउन १७ गते माओवादीले उनकै घरबाट केही सोधपुछ गर्नु छ भनी अपहरण गरी साउन १९ गते मुक्त गरे।

याफु गाविस-३ का सर्वसाधारणहरू २१ वर्षीय तारा राई र २३ वर्षीय विष्णु राईलाई ०६२ साउन २७ गते माओवादीले उनकै घरबाट कार्यक्रममा सहभागी गराउनको लागि अपहरण गरी भदौ २० गते मुक्त गरे।

स्यावुन गाविस-२ का सर्वसाधारणहरू १७ वर्षीय विजय राई र १९ वर्षीय विकास राईलाई ०६२ भदौ ४ गते माओवादीले आफ्नै घरबाट छिमेकी महिलालाई हातपात गरेको आरोपमा ०६२ भदौ ४ गते माओवादीले उनीहरूलाई अपहरण गरी भदौ ५ गते मुक्त गरे।

खाँदवारी नपा-७ का सर्वसाधारणहरू ४३ वर्षीय टंकबहादुर तामाङ्ग र ४० वर्षीय भोला घिमिरेलाई ०६२ भदौ १८ गते माओवादीले आफ्नै घरबाट अपहरण गरे। उनीहरूलाई मत्स्यपोखरीमा आफ्नो पार्टीको एक कार्यक्रममा सहभागी गराई भदौ २५ गते मुक्त गरे।

खाँदवारी नपा-८ का सर्वसाधारण ४५ वर्षीय लोकमणि पुरी र ४० वर्षीय टेकबहादुर मगरलाई ०६२ भदौ २३ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी भदौ २५ गते मुक्त गरे।

जनज्योति मावि धुपुमा कार्यरत शिक्षकहरू ३५ वर्षीय कुलबहादुर भट्टराई, ३२ वर्षीय घननाथ दाहाल, ४० वर्षीय नवीन भट्टराई, ३५ वर्षीय रवीन चिमरिया र २४ वर्षीय

उमा पन्तलाई ०६२ भदौ २४ गते माओवादीले आफ्नो कार्यक्रममा सहभागी गराउन विद्यालयबाटै अपहरण गरी भदौ २५ गते मुक्त गरे।

दिदिङ्ग गाविस-५ का २७ वर्षीय कुमार गुरूङ्ग र, खाँदवारी नपा-५ का लक्ष्मण राईलाई ०६२ भदौ २६ गते माओवादीले उनीहरुकै घरबाट अपहरण गरे। पार्टीलाई सहयोग गर्न दबाब दिँदै माओवादीले उनलाई भदौ २८ गते मुक्त गरे।

स्यावुन गाविस-१ घर भई देवकोटा प्राविमा कार्यरत शिक्षक ४० वर्षीय दलमर्दन तिवारीलाई भाई सुरक्षाकर्मी भएको आरोपमा ०६२ मंसिर २ गते साँझ माओवादीले उनलाई उनकै घरबाट अपहरण गरी ०६२ मंसिर ६ गते साँझ मुक्त गरे।

सिसुवा गाविस-७ घर भएकी जनता मावि, चन्दनपुरकी विद्यार्थी २२ वर्षीय विमला राईलाई ०६२ भदौ ५ गते माओवादीले सोही ठाउँबाट अपहरण गरी भदौ १५ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

याफु गाविस-८ घर भएका सर्वसाधारण २८ वर्षीय राजेन्द्र राईलाई माओवादीको आरोपमा ०६२ भदौ २ गते सुरक्षाफौजले खाँदबारी आएको अवस्थामा गिरफ्तार गरी कुटपिट समेत गरेर भोलिपल्ट रिहा गरे।

याफु गाविस-३ घर भएका सर्वसाधारण ३० वर्षीय सुवास राईलाई माओवादीको आरोपमा ०६२ भदौ ११ गते खाँदबारी वजार आएका बेला सुरक्षाकर्मीले आर्मी क्याम्प अघिल्तिरबाट गिरफ्तार गरी कुटपिट गरेर सोही दिन बेलुकी रिहा गरे।

खाँदबारी नपा-१० घर भएका सर्वसाधारणहरू ३० वर्षीय भुपाल मगर, ३३ वर्षीय किशोर श्रेष्ठ र ३२ वर्षीय विष्णु श्रेष्ठलाई ०६२ असोज १५ गते मादा पोसाकमा आएका प्रहरीले गाउँमै कुटपिट गरे।

बानेश्वर गाविस-१ घर भएका शिक्षक ४० वर्षीय पुष्प श्रेष्ठलाई ०६२ असोज १७ गते ताप्लेजुङ्गबाट घर आउँदै गर्दा चैनपुरमा सशस्त्र प्रहरीले गिरफ्तार गरी कुटपिट गरेर घाइते बनाई सोही दिन बेलुकीपख रिहा गरे।

माओवादीबाट

खाँदबारी नपा-१२ का २५ वर्षीय गणेश विश्वकर्मालाई ०६१ पुस २७ गते राति माओवादीले मोटरबाटो थुन्नको लागि आफ्नो बारीको बडरको रूख काटेको सुनेपछि उठेर किन काटेको भनी कराएको कारणले उनकै घरमा आई माओवादीले घरमा गएर कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा यस वर्ष कर्तव्य ज्यान मुद्दा चार, जबरजस्ती दुई, ठगी दुई, जीउमास्ने बेच्ने एक, किर्ते तीन, जालसाजी पाँच, सम्बन्ध विच्छेद तीन, हाडनाता करणी एक, करकाप १२ , अंश आठ गरी जम्मा ५६ मुद्दा परेकोमा १४ वटा मात्र फर्स्यौट भएका छन्, अरू सबै बाँकी रहेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/ र यातना

जलजला गाविस-४ का सर्वसाधारण २३ वर्षीय अमृता राईलाई ०६१ पुस १७ गते खाँदवारी आएको बेला पोखरी बजारबाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी फागुन १२ गते हिरासतमा राखी ०६२ वैशाख १४ गते रिहा गरे।

मकालु गाविस घर भएका माओवादी कार्यकर्ता छविलाल तामाङ्गलाई खाँदवारी बजार आउँदै गर्दा ०६१ पुस २२ गते खाँदववारीबाट गस्तीमा गएको सुरक्षाकर्मीले मानेभञ्ज्याङ्गबाट गिरफ्तार गरे। पीडितलाई खाँदवारी कारागारमा राखिएको छ।

खाँदवारी नपा-१० घर भएका माओवादीका कार्यकर्ता अर्जुन कार्कीलाई ०६१ पुस २२ गते सुरक्षाकर्मीले खाँदवारी नपा-१० निरौला गाउँबाट गिरफ्तार गरे। उनलाई ०६१ माघ २ गते कारागार चलान गरियो।

बानेश्वर गाविस-२ घर भएका माओवादीका कार्यकर्ता २३ वर्षीय डम्बर अधिकारीलाई ०६१ माघ २ गते चैनपुरबाट गस्तीमा गएको सुरक्षाकर्मीको टोलीले उनकै घरबाट गिरफ्तार गरे। उनलाई ०६२ असार ५ गतेसम्म खाँदवारी कारागारमा राखी असार ६ गते विराटनगर चलान गरे।

नुनढाकी गाविस घर भएका २२ वर्षीय सन्तोष खनाललाई माओवादी भएको आरोपमा ०६१ माघ १८ गते चैनपुरबाट गस्तीमा गएको सुरक्षाकर्मीको टोलीले सिद्धकालीबाट गिरफ्तार गरे। उनलाई ०६१ फागुन १२ गते देखि खाँदवारी कारागारमा राखिएको छ।

सिद्धपोखरी गाविस-१ घर भएका माओवादी कार्यकर्ता भोला राईलाई ०६१ चैत १५ गते खाँदवारीबाट गस्तीमा गएको सुरक्षाकर्मीले बाह्रबीसेबाट गिरफ्तार गरे। उनलाई ०६१ चैत २१ गते खाँदवारी कारागार चलान गरियो।

चैनपुर सशस्त्र प्रहरी आधार शिविरबाट गस्तीमा गएको सशस्त्र प्रहरीले नुनढाकी गाविसको गुफापोखरीबाट माओवादीका कार्यकर्ता उमा विष्टलाई ०६२ जेठ २३ गते गिरफ्तार गरे। उनलाई ०६२ असार ६ गतेसम्म खाँदवारी

कारागारमा राखी सोही दिन हेलिकप्टरमा राखी विराटनगर लगियो।

खोटाङ जिल्ला वाप्लुखा गाविस-१ का माओवादीका कार्यकर्ता २५ वर्षीय फूर्पा शेर्पालाई ०६२ असार ७ गते संखुवासभा जिल्ला खाँदवारीको उद्योग वाणिज्य संघको भवन अघिल्तिरवाट भिक्षुको भेष लगाएको अवस्थामा प्रहरीले गिरफ्तार गरी हाल खाँदवारी कारागारमा राखिएको छ। शेर्पाको साथवाट प्रहरीले मोवाइल फोन, क्यामरा, सकेटवम र वारूद वनाउने सोडा वरामद गरेका थिए। उनलाई ०६२ असार ९ गते कारागार चलान गरियो।

जलजला गाविस-७ घर भएका २५ वर्षीय कुशल विश्वकर्मालाई माओवादीको आरोपमा ०६२ साउन ६ गते खाँदवारी आउँदै गर्दा जिल्ला प्रशासन कार्यालय अघिल्तिरवाट प्रहरीले गिरफ्तार गरे।

सिद्धकाली गाविस-६ का ३० वर्षीय भोगेन्द्र राईलाई माओवादी भएको आरोपमा ०६२ साउन ११ गते चैनपुरवाट गस्तीमा गएको सुरक्षाकर्मीले चैनपुर वेस क्यापमा वोलाई उनलाई गिरफ्तार गरे। पीडितलाई खाँदवारी साउन १६ गतेदेखि खाँदवारी कारागारमा राखिएको छ।

सिसुवा गाविस-५ का माओवादीका कार्यकर्ता १८ वर्षीय श्रीगान्धी राईलाई ०६२ साउन १२ गते पार्टी परित्याग गरी आत्मसमर्पण गर्नको लागि खाँदवारी जाँदै गर्दा मानेभञ्ज्याङ्गवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई हाल प्रहरी हिरासतमा राखिएको छ। साउन १५ गतेदेखि खाँदवारी कारागारमा राखिएको छ।

खाँदवारी नपा-३ मानेभञ्ज्याङ घर भएका शिक्षक ४० वर्षीय सोमनाथ पोखरेललाई माओवादी भएको आरोपमा ०६२ साउन २४ गते उनलाई खाँदवारीवाट गस्तीमा गएको सुरक्षाकर्मीले उनकै घरवाट गिरफ्तार गरे। उनी प्रहरी हिरासनवाट ०६२ साउन २६ गते रिहा भए।

याफु गाविस-३ घर भएका ३० वर्षीय सर्वसाधारण सुवास राईलाई ०६२ भदौ ११ गते खाँदवारी वजार आउँदै गर्दा सैनिक क्याम्प अगाडिवाट गिरफ्तार गरी कुटपिट गरेर दिनभरी वजार घुमाई वेलुकी रिहा गरे।

खाँदवारी नपा-१२ घर भएका ४० वर्षीय दुर्गावहादर श्रेष्ठलाई माओवादीको आरोपमा ०६२ असोज १ गते सुरक्षाकर्मीले उनकै घरवाट गिरफ्तार गरे। उनलाई प्रहरी हिरासतमा राखेर ०६२ असोज ५ गते रिहा गरियो।

याफु गाविस- ४ घर भएकी माओवादीका कार्यकर्ता १७ वर्षीय मञ्जना राईलाई ०६२ असार १८ गते खाँदवारी वजार आएको अवस्थामा सुरक्षाकर्मीले खाँदवारीवाट गिरफ्तार गरे। उनलाई प्रहरी हिरासतमा राखेर ०६२ असोजमा तारेखमा रिहा गरे।

सिसवा गाविस घर भएकी शिक्षिका २४ वर्षीय सीता राईलाई माओवादी भएको आरोपमा ०६२ साउन १८ गते विद्यालयको कामले खाँदवारी आउँदै गर्दा उनलाई सुरक्षाकर्मीले खाँदवारीवाट गिरफ्तार गरे। पीडितलाई खाँदवारी कारागारमा राखिएको छ।

ताप्लेजुङ्ग जिल्ला घर भएकी माओवादी कार्यकर्ता २३ वर्षीय शिला निरौलालाई ०६२ भदौ १४ गते खाँदवारीवाट गस्तीमा गएको सुरक्षाकर्मीको टोलीले मानेभञ्ज्याङ्गवाट गिरफ्तार गरे। उनलाई हाल खाँदवारी कारागारमा राखिएको छ।

मकालु गाविस-८ घर भएका माओवादी कार्यकर्ता १९ वर्षीय दलबहादुर राईलाई ०६२ असोज १ गते खाँदवारीबजार आएको वेलामा सुरक्षाकर्मीले वजारवाट गिरफ्तार गरे। राईलाई असोज ३ गतेदेखि खाँदवारी कारागारमा राखिएको छ।

सिसुवा गाविस-५ घर भएकी शितल राईलाई माओवादी भएको आरोपमा ०६२ असोज ८ गते खाँदवारीवाट गस्तीमा गएको सुरक्षाकर्मीले उनलाई मानेभञ्ज्याङ्गवाट गिरफ्तार गरे। उनलाई प्रहरी हिरासतमा राखिएको छ।

पावाखोला गाविस-१ घर भएका सर्वसाधारण ३५ वर्षीय कृष्णवहादुर तामाङ्गलाई माओवादी भएको आरोपमा ०६२ असोज २३ गते खाँदवारी आएको अवस्थामा उनलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई ०६२ असोज २४ गते तारेखमा रिहा गरियो।

भोजपुर जिल्लाको देउराली गाविस-७ घर भएकी माओवादीका कार्यकर्ता कविता भनिने १७ वर्षीय सुमित्रा विश्वकर्मालाई ०६२ कार्तिक १७ गते सशस्त्र प्रहरीले तुम्लिङ्टारवाट गिरफ्तार गरे। उनलाई हाल खाँदवारी कारागारमा राखिएको छ।

मावदिन गाविस-१ घर भएका माओवादीका कार्यकर्ता १७ वर्षीय कैलाश भनिने महेश रोक्कालाई ०६२ कार्तिक २० गते चैनपुरवाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले सिद्धपोखरीवाट गिरफ्तार गरे। उनलाई कार्तिक २८ गतेदेखि खाँदवारी कारागारमा राखिएको छ।

विविध

संरचना क्षति

चैनपुरवजारमा आउने खानेपानीको मुहानमा माओवादीले ट्याङ्की भत्काई छ महिना खानेपानी अवरूद्ध गरे। मानवअधिकारकर्मीले दुई पटक पहल गरेपछि विना सर्त खानेपानी सुचारू गरे।

दिदिङ्ग गाविस-६ स्थित एक प्राथमिक विद्यालयको छानो सुरक्षाकर्मीले माओवादीलाई हानेको गोली लागी क्षतिग्रस्त भयो।

१.११ सप्तरी



जनसंख्या	६१८०१८
साक्षरता प्रतिशत	४९.२८
महिला साक्षरता प्रतिशत	३२
क्षेत्रफल (वर्ग कि. मि.)	१३६३
गाविस/नपा संख्या	११४/१
निर्वाचन क्षेत्र	५
विद्यालय	३१४
क्याम्पस/उच्च मा.वि.	२/९
अस्पताल/स्वास्थ्य चौकी	१/१२१
टेलिफोन लाइन	३४२०
मोटर सडक (कि. मि.)	३३०
प्रहरी कार्यालय संख्या	८
हुलाक संख्या	११६
मानव विकास सूचकांक	०.४५३
प्रति परिवार सरदर संख्या	६.११

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सिरहा जिल्ला महेशपुर पतार गाविस-३ घर भई माओवादी सप्तरी एरिया नं. ५ का इन्चार्ज ३१ वर्षीय डम्मरनारायण यादवलाई ०६१ पुस २८ गते सुरक्षाकर्मीले मलहन्मा गाविस-५ बाट गिरफ्तार गरी नजिकैको खेतमा पुऱ्याई गोली हानी हत्या गरे। पीडितको लासलाई सुरक्षाकर्मीले नजिकैको खोलामा जलाए।

महादेवा गाविस-८ का ४२ वर्षीय बद्रिनारायण मण्डललाई माओवादीको आरोपमा ०६१ फागुन १५ गते सुरक्षाकर्मीले महादेवा गाविस-५ खेतमा लुकेर बसेको अवस्थामा नियन्त्रणमा लिई गोली हानी हत्या गरे। सगरमाथा अञ्चल अस्पतालमा पोष्टमार्टमपछि मण्डलको लास प्रहरीले परिवारको जिम्मा लगाए।

माओवादीबाट

काभ्रे जिल्ला पनौती नपा-३ घर भई संयुक्त सुरक्षा क्याम्प रूपनीमा कार्यरत ३२ वर्षीय सैनिक हवल्दार शम्भु केसीलाई ०६२ माघ १३ गते ड्युटीमा खटिएको समयमा नकटी रायपुर गाविस-८ मा पर्ने रूपनीबजारमा माओवादीले गोली हानी घाइते बनाएकोमा उपचारको लागि अस्पताल लैजादै गर्दा केसीको मृत्यु भयो।

ओखलढुंगा घर भएका सशस्त्र प्रहरी हवल्दार ३२ वर्षीय धनबहादुर राईलाई सुराकीको आरोपमा ०६१ माघ २३ गते आफन्तकोमा गएका समयमा माओवादीले सप्तरी जिल्ला हर्दिया गाविस-५ मा पर्ने हनुमानचोकमा गोली हानी हत्या गरे। लास माओवादीले नै लिएर गएको र खेतमा पुरिदिएको माओवादीले जनाए।

गोइठी गाविस-१ का ४० वर्षीय सोभितलाल मगरैता र गिरोल गाविस- ९ का बिसो बोडागिया मरिकलाई ०६१ माघ २९ गते गोइठी गाविस-१ मा पर्ने खेतमा माओवादीले गोली हानी हत्या गरे। सगरमाथा अञ्चल अस्पतालमा पोष्टमार्टम गराई प्रहरीले परिवारलाई लास जिम्मा लगायो।

रामनगर कोदरकट्टी गाविस-८ घर भएका पूर्व गाविस अध्यक्ष ४८ वर्षीय दनियालाल भन्ने धर्मनाथ यादव र उनका २६ वर्षीय छोरा बिनय यादवलाई ०६१ फागुन १ गते माओवादीले भौवाहा र रामनगरको सीमामा पर्ने खोलामा पुऱ्याई गोली हानी हत्या गरे। ज्यानमार्ने उद्योगअन्तर्गत मुद्दा खेपिरहेका बाबुछोरालाई पुरानो रिसइवीका कारण मारिएको हुनसक्ने प्रहरीले जनायो।

महादेवा गाविस-३ चकलाटोलका ३० वर्षीय जयनारायण रजक लुटपाटमा संलग्न रहेको आरोपमा ०६१ फागुन २७ गते माओवादीले उनको घाँटी रेटेर हत्या गरे। हत्या, लुटपाट र डकैतीका घटनाका आरोपित उनी फरार रहेका थिए।

फुटकी कमलपुर गाविस-२ का २५ वर्षीय हरेराम मण्डललाई सुराकीको आरोपमा ०६१ चैत ६ गते माओवादीले अपहरण गरी फुटकीको कजराधारमा पुऱ्याई घाँटी रेटेर हत्या गरे। प्रहरीले पोष्टमोर्टमपछि लास परिवारलाई बुझायो।

पत्थरगाढा गाविस-२ का ४८ वर्षीय हरेराम साहलाई ०६१ चैत १२ गते माओवादीले अपहरण गरी गाविस नजिकैको पुलमा पुऱ्याई गोली हानी हत्या गरे। प्रहरीले लासको पोष्टमोर्टम गरी परिवारको जिम्मा लगायो।

खोजपुर गाविस-३ का ३५ वर्षीय बुचबुन मण्डललाई स्थानीयस्तरमा भएका डकैती र बलात्कारको घटनामा संलग्न भएको आरोपमा ०६१ चैत १९ गते माओवादीले कल्याणपुर गाविस-३ महेन्द्र राजमार्गमा घाँटी रेटेर हत्या गरे। पोष्टमोर्टम गरी प्रहरीले लास परिवारलाई जिम्मा लगायो।

बेलहीचपेना गाविस-२ का ३७ वर्षीय बिन्दा सदालाई माओवादीले सुराकीको आरोपमा ०६२ जेठ ३ गते घरदेखि एक किलोमिटर पश्चिममा पर्ने खोलामा पुऱ्याई धारिलो हतियार प्रहार गरी हत्या गरे। पोष्टमोर्टमपछि परिवारका सदस्य सम्पर्कमा नआएको भनी लास जलाएको प्रहरीले बतायो।

मोहनपुर गाविस-१ का ४० वर्षीय सिम्रित सरदारलाई ०६२ साउन १९ गते माओवादीले सुराकीको आरोपमा खोम्सा गाविस-७ मा पर्ने खोलामा पुऱ्याई धारिलो हतियारले टाउको छिनाई हत्या गरे। प्रहरीले पोष्टमार्टम गरी लास परिवारलाई बुझायो।

भंगाहा गाविस-८ का २५ वर्षीय दिनेश ठाकुरले सुराकी गरेको आरोपमा ०६२ साउन १९ गते माओवादीले खोम्सर गाविस-६ मा पर्ने उनलाई चुरे पहाडनजिकै कनकपट्टी सामुदायिक वनमा पुऱ्याई धारिलो हतियार प्रहार गरी हत्या गरे। पोष्टमार्टमपछि प्रहरीले लास परिवारलाई बुझायो।

जगतपुर गाविस-४ का ३३ वर्षीय शम्भु चौधरी जगतपुरमा भएको बलात्कारको घटनामा संलग्न भएको आरोपमा माओवादीले ०६२ भदौ ८ गते उनलाई अपहरण गरी बकधुवा गाविस-६ महुली खोलाकिनारमा धारिलो हतियारले प्रहार गरी हत्या गरे। प्रहरीले पोष्टमार्टम गरी लास परिवारलाई बुझायो।

जनतान्त्रिक तराई मोर्चाबाट

जमुनी मधेपुरा गाविस-८ का माओवादी कार्यकर्ता २० वर्षीय इन्द्रदेव माफीलाई लुटपाट र काठ तस्करीमा संलग्न भएको आरोपमा माओवादीबाट अलग भई बनेको जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताहरूले ०६२ वैशाख १ गते नियन्त्रणमा लिई बनैनिया गाविस-४ मा पर्ने मुतनी खोलामा पुऱ्याई गोली हानी हत्या गरे। पोष्टमार्टमपछि प्रहरीले लास परिवारलाई बुझायो।

काचन गाविस-४ बैरियाका माओवादी ४ नं. एरिया सदस्य २९ वर्षीय कमलेश यादव लुटपाटमा संलग्न भएको आरोपमा ०६२ भदौ १३ गते जनतान्त्रिक तराई मोर्चाका सदस्यहरूले उनलाई भुटकी गाविसको कजराधारमा पुऱ्याई धारिलो हतियार प्रहार गरी हत्या गरे। साइफनमा फ्याँकिदिएको कारण लास भेटिएन।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

रायपुर गाविस-२ की २० वर्षीय ममताकुमारी राय आफ्नै घर अगाडि सुरक्षाकर्मीले चलाएको गोली लागी ०६२ चैत ९ गते घाइते भइन्। गस्तीको क्रममा रहेको रूपनी संयुक्त सुरक्षा क्याम्पका सेनाबाट मिस फायरिङ भएको बताइयो। पीडितको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरियो।

फत्तेपुर गाविस-३ का लालबहादुर बिष्टको घरमा संयुक्त सुरक्षा बेस क्याम्प फत्तेपुरका सेनाले ०६२ साउन ११ गते गोली प्रहार गरे। मध्यरातमा प्रहार गरेको गोली बिष्टकी आमा ६५ वर्षीय पम्फादेवी बिष्टको तिघ्रामा लागी सामान्य घाइते भइन्। सेनाले मिस फारिङका कारण घरमा गोली लाग्न पुगेको बतायो।

उदयपुर जिल्ला त्रियुगा नपा-२ का ३३ वर्षीय महेश भगत विद्यार्थीले पेट्रोलियम पदार्थको मूल्य वृद्धि विरुद्ध ०६२ भदौ ८ गते निकालेको जुलुसलाई नियन्त्रण गर्न प्रहरीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	११	१०	२		१२	१३	१५			१५	२	२			२
घाइते						२	३			३	३	१	२		३
हिरासत वा थुनामा मृत्यु											१	१			१
गिरफ्तारी यातना											२८	१०७		११	११८
कुटपिट	१४	१९	४		२३	२	२		१	३	३	७			७
धम्की	३	३			३	१	४	१		५	२	२			२
मेला संगठित हुने अधिकार											१३	७७		२८	१०५
जातीय विभेद	५	६	२	९१	९९										
महिलाअधिकार	७		७		७						१		१		१
बालअधिकार	३	१	२		३	४			१२००	१२००					
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	२	१७			१७	३	५			५					
अपहरण	३	४			४	१९	२८	२	९	३९					
जम्मा	४८	६०	१७	९१	१६८	४४	५७	३	१२१०	१२७०	६३	१९७	३	३९	२३९

राजविराजको नेता चोकमा चलाएको गोली लागी घाइते भए। पत्नीको उपचार गर्न राजविराज अस्पताल आएका भगत खाना खाएर अस्पताल जाँदै गर्दा गोली लागेको थियो।

माओवादीबाट

बेलही गाविस-५ का ४० वर्षीय विजयप्रसाद मिश्रलाई सुराकी गरेको आरोपमा ०६१ पुस २१ गते माओवादीले घरमै गोली हानी घाइते बनाए। पीडितको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरियो।

छिन्नमस्ता गाविसमा पर्ने सखडा भगवती मन्दिर अगाडि बजारमा ०६२ साउन २१ गते माओवादीले अन्धाधुन्द गोली चलाउँदा सोही ठाँउका ३५ वर्षीय बालेश्वर यादव पिठ्युँमा गोली लागी घाइते भए भने ३२ वर्षीय अजय ठाकुरको भागदौडको क्रममा खुट्टा भाँच्चियो। घाइतेहरूको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरियो।

जेल र बन्दीहरू

राजविराज कारागार १२५ जनाको क्षमता भएको 'क' श्रेणीको कारागार हो। कारागारमा दुई महिला ५६ पुरुष गरी ५८ थुनुवा र एक महिला र ७७ पुरुष गरी ७८ बन्दी गरी कूल १३६ जना बन्दी रहेका छन्। यहाँ २७ जना राजनीतिक बन्दी रहेका छन्। अनौपचारिक शिक्षाको व्यवस्था, लाइब्रेरी र पत्रपत्रिका, सीपमूलक तालिमबाट उत्पादित सामानको बजार व्यवस्था हुनुपर्ने माग कैदी बन्दीहरुको रहेको छ। खेल सामग्रीको व्यवस्था बन्दी, कैदी प्रवेश गर्ने वित्तिकै ओढ्ने ओच्छ्याउने व्यवस्था हुनुपर्ने माग उनीहरुको रहेको छ। सूचना प्रविधिको प्रयोगमा आधारित अभिलेख विवरण गर्ने व्यवस्था तथा जीर्ण जेलको समेत सुधार हुनुपर्ने माग कैदीहरूको रहेको छ।

राजविराज नपा-३ बस्ने नेविसंघका केन्द्रीय सदस्य

माओवादीद्वारा हत्या गरिएका शम्भु चौधरी

इर्षाद अन्सारी र राजविराज नपा-८ का नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का जिल्ला नेता महेश यादव जेलमा सुधार गरिनुपर्ने माग राखी ०६२ वैशाख ५ र ६ गते जेलभित्रै अनसन बसे। प्रजिअ आनन्दराज पोखरेलले उनीहरूको माग पूरा गर्ने प्रतिवद्धता व्यक्त गरेपछि अनसन तोडिएको थियो।

राजविराज कारागारका बन्दीहरू रामकुमार चौधरी र जोगेन्द्र मुखियालाई नाइके चयनको विषयमा कुरा उठाएको आरोपमा बन्दीहरू दीपक चुडाल र राजन चुडालले ०६२ वैशाख २० गते कुटपिट गरे। कुटपिटमा संलग्न भएकाहरुलाई जेल सरुवा गरियो।

हिरासतमा मृत्यु

खोटाङ जिल्ला सावाकटहरे गाविस-८ का दीपेन्द्र पोखरेलको संयुक्त सुरक्षा क्याम्प रूपनीको हिरासतमा यातनाका कारण बेहोस भएपछि सगरमाथा अञ्चल अस्पताल राजविराजमा उपचारको क्रममा ०६२ साउन ३२ गते मृत्यु भयो। राजविराज आउने क्रममा उनलाई रूपनीमा ०६२ साउन २८ गते गिरफ्तार गरी सैनिक हिरासतमा राखिएको थियो। लास कसैलाई हेर्न नदिई कुनौली नजिकको खोलामा सैनिक पहरामा जलाइएको थियो।

वेपत्ता / अपहरण

माओवादीबाट

सिरहा जिल्ला मिर्चैयाका ३० वर्षीय विजय पसैलाले चन्दा नदिएको आरोपमा ०६१ पुस २३ गते माओवादीले उनलाई पातो गाविस-१ बाट अपहरण गरे। उनलाई ०६१ पुस ३० गते मुक्त गरियो।

महदेवा गाविस-८ का ४५ वर्षीय कारी अधिकारीलाई माओवादीले ०६१ माघ ३ गते मंसाफर चोकबाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मीको पहलमा माघ १५ गते मुक्त गरियो।

कमलपुर गाविस-६ का २५ वर्षीय गजेन्द्रनारायण यादवलाई सुराकीको आरोपमा ०६१ माघ २९ गते माओवादीले घरबाटै अपहरण गरी पाँच दिनपछि मुक्त गरे।

एसएलसीको परीक्षामा प्रहरीलाई उपस्थित हुन नदिन भगवतपुर मावि भगवतपुरका केन्द्राध्यक्ष भवेन्द्र यादव तथा कल्याणपुर माविका प्रधानाध्यापक एवं केन्द्राध्यक्षलाई ०६२ चैत १२ गते विद्यालयबाटै अखिल (क्रान्तिकारी) का विद्यार्थीले अपहरण गरे। परीक्षामा सुरक्षाकर्मी नराख्ने कागजमा सही गराई भोलिपल्ट राति उनलाई मुक्त गरियो।

पिप्रापश्चिम गाविस-१ का एमाले कार्यकर्ता ५५ वर्षीय डम्मरबहादुर कार्कीले यौनदुराचार गरेको आरोपमा माओवादीले ०६२ जेठ २९ गते उनलाई घरबाट अपहरण गरे। उनलाई आरोप सावित हुन नसकेको भनी दुई दिनपछि मुक्त गरे।

वेल्ही गाविस-५ का ३५ वर्षीय मालाकार यादव र ३० वर्षीय मनोज मण्डललाई सुराकीको आरोपमा ०६२ असार ५ गते माओवादीले अपहरण गरे। उनीहरूलाई असार २० गते मुक्त गरियो।

राजविराज नपा-२ वस्ने जिविस सप्तरीको ढुंगा गिट्टी वालुवाको ठेक्काको कर उठाउन वसेको ठेकेदारका कर्मचारी महेन्द्र चौधरीलाई कर उठाएको आरोपमा ०६२ असार २६ गते माओवादीले कुटपिट गर्दै अपरहण गरी कर नउठाउने सर्तमा सोही साँझ मुक्त गरे।

धरमपुर गाविस-४ का ४५ वर्षीय दीपनारायण साहलाई जग्गा विवादका कारण ०६२ साउन २१ गते माओवादीले घरबाटै अपहरण गरी जग्गा फिर्ता गर्ने सर्तमा २६ गते मुक्त गरे।

सिम्रहा सिङ्गियौन गाविस-८ का २० वर्षीय शिवनारायण माझीलाई ०६२ भदौ ५ गते माओवादीले घर जग्गा विवादमा उजुरी परेको भनी अपहरण गरी भदौ १२ गते मुक्त गरे।

पिप्रापूर्व गाविस-२ का दिनेश सरदार, ललित चौधरी, प्रदीप गुप्ता र जगतपुर गाविस-४ का देवकान्त यादव बलात्कारमा संलग्न भएको आरोपमा ०६२ भदौ ८ गते माओवादीले उनीहरूलाई घरघरबाटै अपहरण गरे। पीडितहरूलाई यातना दिई १८ गते मुक्त गरे।

जिविस सप्तरीमा कार्यरत कर्मचारी खुशीलाल यादवलाई जिविसको कर उठाएको आरोपमा ०६२ भदौ ९ गते माओवादीले भारदह गाविस-९ कोशी व्यारेजबाट अपहरण गरे। उनलाई कर नउठाउने सर्तमा भदौ ११ गते मुक्त गरे।

उदयपुर जिल्लामा रहेको नन्दवक्स गणमा कार्यरत सेनाका सिपाही ढकबहादुर खत्री र गाईघाट नपा-१ उदयपुरका कुलबहादुर कार्कीलाई गाईघाटबाट काँकडभिट्टातर्फ गइरहेको ना. २ ख ४१३७ नम्बरको वसमा चढी लहानतर्फ जाँदै गर्दा ०६२ भदौ १२ गते माओवादीले सप्तरीको पिप्रापश्चिम गाविस-२ बाट अपहरण गरे। अपहरित कुलवहादुर कार्की तत्कालै मुक्त भए पनि सिपाही खत्रीलाई भने आइसीआरसीको रोहवरमा भदौ ३० गते मुक्त गरे।

पिप्रा पश्चिम गाविस-२ घर भई लहानबाट प्रकाशित हुने पत्रिका नवजागृति साप्ताहिकका सहसम्पादकका ३२ वर्षीय रामकुमार राउतले काठ तस्करी गरेको आरोपमा ०६२ भदौ २९ गते माओवादीले उनलाई घरवाट अपहरण गरे। उनी मानवअधिकारकर्मीको पहलमा असोज १२ गते मुक्त भए।

फत्तेपुर गाविस-८ का १५ वर्षीय केशव बाँस्तोला, १५ वर्षीय गणेश श्रेष्ठ, फत्तेपुर गाविस-७ का १२ वर्षीय

माओवादीद्वारा हत्या गरिएका सोभितलाल मगरैता

सरोज चौधरी, वर्ष १५ का रामकुमार चौधरी र १५ वर्षीय सरोज चौधरीसमेत १४ जनालाई अखिल (क्रान्तिकारी) का विद्यार्थीले ०६२ असोज ३ गते ओद्राहा मावि ओद्राहाबाट उनीहरूको कार्यक्रममा सामेल गराउन अपहरण गरी असोज ५ मुक्त गरे।

कञ्चनपुर गाविस-७ का ५८ वर्षीय गिरधारी गुप्तालाई जग्गा विवादको उजुरी परेको भनी ०६२ कार्तिक ७ गते घरबाट माओवादीले अपहरण गरे। गुप्ता कार्तिक ९ गते माओवादीको कब्जावाट भागे।

बरमझिया गाविस-७ का १५ वर्षीय रम्भाकुमारी साहले सुराकी गरेको आरोपमा ०६२ मंसिर २२ गते माओवादीले उनलाई मैनापोखरी गाविस-७ बाट अपहरण गरी लगेकोमा मानवअधिकारकर्मीको पहलमा भोलिपल्ट मुक्त गरे।

वकधुवा गाविस-८ का ४२ वर्षीय राजदेव महतो र ३८ वर्षीय फुलोदेवी महतोलाई जग्गा विवादसम्वन्धी उजुरी परेको भनी ०६२ मंसिर ५ गते माओवादीले घरवाटै अपहरण गरे। उनलाई मंसिर २० गते मुक्त गरियो।

जनतान्त्रिक तराई मोर्चाबाट

बेलही चपेना गाविस-६ वस्ने माओवादी कार्यकर्ता शिवु मण्डललाई जनतान्त्रिक तराई मुक्ति मोर्चाका हतियारधारी समूहले ०६२ वैशाख १ गते घरवाटै अपहरण गरी वैशाख ८ गते मुक्त गरे।

सिरहा भुक्सार गाविसका सिरहा जिल्लाका पूर्व जिल्ला पञ्चायत उपसभापति उचितबहादुर शाही र असनपुर गोलवजारका चन्द्रबहादुर श्रेष्ठलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले सखडा मन्दिर परिसरवाट ०६२ भदौ २१ गते अपहरण गरे। अपहरितलाई १० दिनपछि फिरौती लिएर मुक्त गरे।

राजविराज नपा-६ का निर्माण व्यवसायी संघ, सप्तरीका सदस्य ३५ वर्षीय निरज श्रेष्ठलाई जनतान्त्रिक तराई मुक्ति मोर्चाका सदस्यले ०६२ मंसिर २१ गते मलेकपुर गाविसको घोडदह साइटवाट अपहरण गरी तीन लाख १० हजार रूपैयाँ फिरौती लिई मंसिर २८ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पोर्ताहा गाविस-३ का ४० वर्षीय रामसेवक यादव,

माओवादीद्वारा हत्या गरिएका विश्व कोडगीया

भारदह गाविस-१ का सुरज माली, सीताराम माली र प्रमोद झालाई यात्रुलाई बसमा चढाउन ढिलो गरेको आरोपमा सशस्त्र प्रहरी गण बरमझियाका सादा पोशाकका प्रहरीले भारदह चोकमा ०६१ चैत २० गते कुटपिट गरे। पीडितको धरानमा उपचार गरियो।

रायपुर गाविस-८ का ४० वर्षीय कृष्णदेव यादव र २० वर्षीय राधाकृष्ण यादवलाई ब्यारेकको तारबार छोएको आरोपमा संयुक्त सुरक्षा बेसक्याम्प रुपनीका सुरक्षाकर्मीले ०६२ असार ९ गते कुटपिट गरे। पीडितको सगरमाथा अञ्चल अस्पतालमा उपचार भयो।

राजविराज क्याम्पसका विद्यार्थीहरुले मूल्यवृद्धिको विरोधमा ०६२ भदौ ८ गते निकालेको जुलुसमा प्रहरीले लाठीचार्ज गर्दा क्याम्पस स्ववियु सभापति समीर झा तथा नेविसंघ जिल्ला सचिव धनानन्द यादव घाइते भए। घाइतेहरुको उपचार धरानमा गरियो।

हनुमाननगर इलाका प्रहरी कार्यालयका प्रहरी जवान वीरेन्द्रकिशोर यादवले सेन्ट्रीलाई नउठाएको आरोपमा सशस्त्र प्रहरी निरीक्षक ज्ञानमणि पौडेलले ०६२ भदौ २२ गते ड्युटीमा रहेको समयमा कुटपिट गरे।

माओवादीबाट

स्वयम्भुनाथ गाविसका ३५ वर्षीय भोलाई चौधरी र ३५ वर्षीय गुरुदेव चौधरीलाई भनेको नमानेको आरोपमा ०६२ जेठ २७ गते माओवादीले कुटपिट गरी घाइते तुल्याए। पीडितको स्थानीय स्वास्थ्यचौकीमा उपचार गरियो।

पिप्रापश्चिम गाविस-२ बस्ने विष्णु अधिकारी, गणेश भट्टराई, चिरञ्जीवी गौतम, र रामकुमार राउतलाई माओवादीले ०६२ भदौ ८ गते ज्यानमार्ने धम्की दिई एक महिनासम्म नजरबन्दमा राखे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेका सप्तरी जिल्ला सभापति एवं पूर्व सांसद रामकुमार चौधरी, पूर्व मन्त्री एवं नेका कार्यकर्ता अनिस अन्सारी, राजविराज नपाका पूर्व मेयर जगन्नाथ दास, नेका जिल्ला सचिव सुशील मेवा, नेविसंघ केन्द्रीय सदस्य एर्साद अंसारी, जिल्ला अध्यक्ष अर्जुन साह, पूर्व जिविस सदस्यद्वय पवनकुमार सिंह र विकेश्वर यादव, नेका कार्यकर्ताहरु रामचन्द्र यादव, कपिलेश्वर साह, रामु यादव, नरेन्द्रकुमार सिंह, तरुण दल सप्तरी अध्यक्ष अनिल देव, अर्जुनप्रसाद सिंह र दीपक साहलाई शाही घोषणाको विरुद्ध लाग्ने आशंकामा प्रहरीले ०६१ माघ १९ गते गिरफ्तार गरे। पीडितहरू सार्वजनिक सुरक्षा ऐनअन्तर्गत तीन महिने पूर्जी थमाई कारागारमा राखिए। तीन महिनाभित्र सबै रिहा भए।

अनेरास्ववियु, नेविसंघ, नेविमञ्च लगायतका विद्यार्थी संगठनले ०६१ चैत २४ गते आयोजना गरेको शाही घोषणाविरुद्धको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी राजविराज क्याम्पसका स्ववियु सभापति समीर झा, अनेरास्ववियु जिल्ला कमिटीका सचिव दिनेश दाहाल, नेपाल विद्यार्थी मञ्च (आनन्दीदेवी) का मनोज झा, नेविसंघ (प्रजातान्त्रिक) का राजकुमार भुजेल र नेविसंघका मिथिलेशकुमार साहलाई गिरफ्तार गरी चैत २६ गते रिहा गरे।

शाही घोषणाविरुद्ध ०६१ चैत २६ गते आयोजित शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी नेपाल युवा मञ्चका केन्द्रीय अध्यक्ष गजनारायण साह, केन्द्रीय सदस्य जंगबहादुर सिंह, नेकाका गंगारामलगायत् सातजनालाई गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

शाही घोषणाको विरुद्ध प्रदर्शन गर्न भेला भएको आरोपमा एमाले कार्यकर्ता कञ्चनपुर गाविस-५ का श्याम पोखरेल, घोघनगर-१ का विष्णुदेव चौधरी, जगतपुर गाविस-५ का आनन्द चौधरी र कञ्चनपुर-९ का गोपाल महतोलाई ०६१ चैत २६ गते कञ्चनपुर-६ शिवमन्दिर अगाडिबाट प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

नेविसंघ (प्रजातान्त्रिक) ले सो संगठनको ३५ औं स्थापना दिवसका अवसरमा ०६२ बैशाख ६ गते आयोजना गरेको जुलुसमा प्रहरीले हस्तक्षेप गरी राजविराज क्याम्पस स्ववियु सभापति समीर झा, विद्यार्थी नेता शैलेन्द्र साहलगायत् आठजनालाई गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

शाही घोषणाविरुद्ध जुलुस प्रदर्शन गरेको आरोपमा प्रहरीले ०६२ बैशाख १५ गते राजविराज नपा-३ नेताचोकबाट नेविसंघका जिल्ला अध्यक्ष अर्जुनप्रसाद साह, मविवि क्याम्पस स्ववियु सदस्य मिथिलेस मिश्र, अनेरास्ववियु जिल्ला सचिव लगायतका विद्यार्थीहरुलाई गिरफ्तार गरे। गिरफ्तार गरिएकाहरुलाई तीन दिनपछि रिहा गरियो।

शाही घोषणाविरुद्ध जुलुस प्रदर्शन गरेको आरोपमा राजविराजमा शान्तिपूर्ण जुलुस प्रदर्शन गर्ने नेविसंघका विद्यार्थी नेताहरू धनानन्द यादव, शंकर यादव, जयप्रसाद

यादवलगायत्लाई प्रहरीले ०६२ वैशाख १८ गते जुलुसबाटै गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

शाही घोषणाविरुद्ध प्रदर्शन गरेको आरोपमा अनेरास्ववियुका सचिव देवनारायण प्रमाणी र सदस्य दिनेश दाहाललाई ०६२ वैशाख २३ गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक सुरक्षा ऐन अन्तरगत तीन महिने पूर्जी थमाई नजरबन्दमा राखिएको थियो। उनीहरू पुनरावेदन अदालतको आदेशले १५ दिनपछि रिहा भए।

विद्यार्थी संगठनहरुले राजविराजमा ०६२ वैशाख २५ गते गरेको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी अनेरास्ववियुका तत्कालीन अध्यक्ष केदार यादव, सदस्य लक्ष्मण यादव, नेविसंघ (प्रजातान्त्रिक) जिल्ला अध्यक्ष सबिर आजम, सजिव शैलेन्द्र साह, मविव क्याम्पस स्ववियु सभापति समीर झा, सदस्य मिथिलेश मिश्र र नेविमंच (आनन्दीदेवी) का दीपेश देवलाई गिरफ्तार गरे। गिरफ्तार गरिएकाहरूलाई शान्ति सुरक्षाऐनअन्तर्गत तीन महिने पूर्जी थमाई नजरबन्दमा राखिएको थियो। उनीहरू पक्राउ परेका १० दिनपछि अदालतको आदेशले रिहा भएका थिए।

नेपाल तरुण दलले राजविराजमा आयोजना गरेको पूर्वाञ्चल भेलाको सर्न्दभमा ०६२ असार ४ गते निकालिएको शान्तिपूर्ण प्रदर्शन र सभामा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दै नेकाँका तत्कालीन महामन्त्री सुशीला कोइराला, केन्द्रीय सदस्य डा. रामबरण यादव, तरुण दलका केन्द्रीय सदस्य दामोदर कोइराला, पूर्व सांसद एवम् नेकाँ जिल्ला सभापति राजकुमार चौधरी, नेविसंघ केन्द्रीय सदस्य एर्साद अन्सारी, जिल्ला अध्यक्ष अर्जुन साह, तरुण दल जिल्ला अध्यक्ष अनिल देवलाई गिरफ्तार गरी साँझमा रिहा गरे।

पूर्वप्रधानमन्त्री शेरबहादुर देउवा र पूर्वमन्त्री प्रकाशमान सिंहलाई भ्रष्टाचारको आरोपमा शाही आयोगले कैद तोकेपछि सोको विरुद्धमा प्रदर्शन हुने आशंकामा प्रहरीले नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति दिनेश यादव, उपसभापति फत्ते महमद, मविव क्याम्पस स्ववियु सभापति समीर झासमेत दश जनालाई ०६२ साउन १२ गते घरबाटै गिरफ्तार गरी साँझ रिहा गरे।

शाही घोषणाविरुद्ध राजविराजमा विद्यार्थीहरुले निकालेको शान्तिपूर्ण जलुसमा प्रहरीले ०६२ साउन २१ गते हस्तक्षेप गरी अनेरास्ववियु केन्द्रीय सदस्य दिनेश यादव, नेविमञ्च (आनन्दीदेवी) का केन्द्रीय सदस्य दिनेश यादव, नेविसंघ केन्द्रीय सदस्य एसार्द अंसारी, मविव क्याम्पस राजविराजका स्ववियु सभापति समीर झा, नेविसंघ जिल्ला अध्यक्ष अर्जुन साह, नेविमञ्च (आनन्दीदेवी) जिल्ला संयोजक विनोद मण्डललाई गिरफ्तार गरी साँझ रिहा गरे।

पेट्रोलियम पदार्थको मूल्यवृद्धिका विरोधमा विद्यार्थीहरुले ०६२ भदौ ५ गते निकालेको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा बाटोमा हिंडिरहेका राजविराज नपा-३ का राजदेव ठाकुर तथा अनेरास्ववियुका निरञ्जन झालगायत्का विद्यार्थीहरु घाइते भए।

पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको विरोधमा निकालिएको मशाल जुलसमा सहभागी भएको आरोपमा अनेरास्ववियुका लक्ष्मण यादव, नेविसंघ (प्रजातान्त्रिक) का हेमन्त थापा र कुलेश्वर साहलाई ०६२ भदौ ५ गते प्रहरीले राजविराज नपा-३ नेताचोकबाट गिरफ्तार गरी साँझ रिहा गरे।

प्रतिगमनको पुत्ला जलाएको आरोपमा महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस राजविराजका स्ववियु सभापति समीर झा, उपसभापति बाबुराम पराजुली, सचिव रामचन्द्र यादव, सदस्य अखिलेशकुमार झा र पूर्व सचिव घनानन्द यादवलाई प्रहरीले ०६२ भदौ ५ गते क्याम्पस हाताबाट गिरफ्तार गरी साँझ रिहा गरे।

मूल्यवृद्धिको विरोधमा विद्यार्थीहरूले ०६२ भदौ ८ गते निकालेको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी नेविसंघ जिल्ला अध्यक्ष अर्जुनप्रसाद साह, अनेरास्ववियु जिल्ला सचिव देवनारायण प्रमाणीलगायत आठजना विद्यार्थीलाई गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

शाही कदमको विरोधमा सात दलले ०६२ असोज ११ गते राजविराजमा आयोजना गरेको सभामा प्रहरीले हस्तक्षेप गरी नेकाँ केन्द्रीय प्रतिनिधि चन्द्रप्रकाश भट्टराई, जिल्ला सभापति राजकुमार चौधरी, एमाले जिल्ला सचिव दिवाकर देवकोटा, उपसभापति मानपुर चौधरी, नेविसंघ केन्द्रीय सदस्य एर्साद अन्सारी, अनेरास्ववियु केन्द्रीय सदस्य दिनेश यादव र नेविसंघ जिल्ला अध्यक्ष अर्जुन साह, मविव क्याम्पस स्ववियु सचिव रामचन्द्र यादव, नेकाँ कार्यकर्ता एस्मान मियाँ लगायत ३४ जनालाई गिरफ्तारगऱ्यो। गिरफ्तार गरिएकाहरुमध्ये अर्जुन साह, रामचन्द्र यादव र उस्मान मियाँलाई तीन महिने पूर्जी थमाई, बाँकी सबैलाई भोलिपल्ट रिहा गरियो। तीनजना पनि १० दिनपछि मुक्त गरिए।

दुई विद्यार्थीसहित तीनजनालाई तीनमहिने पूर्जी थमाएको विरोधमा विद्यार्थीले राजविराजमा ०६२ असोज १३ गते निकालेको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी अनेरास्ववियुकी केन्द्रीय सदस्य रामकुमारी झाँक्री, केन्द्रीय सदस्य दिनेश यादव, जिल्ला अध्यक्ष केदार यादव, नेविसंघका केन्द्रीय सदस्य एर्साद अन्सारीसमेत २५ जनालाई गिरफ्तार गरी साँझ रिहा गरे।

गैरसरकारी संस्थालाई नियन्त्रण गर्न ल्याइएको आचारसंहिता खारेजीको माग गर्दै गैरसरकारी संस्था महासंघले ०६२ कार्तिक २५ गते राजविराजमा निकालेको जुलुस तथा कोणसभामा प्रहरीले हस्तक्षेप गरी गैसस महासंघका केन्द्रीय सदस्य दुर्गा थापा, भगवती चौधरी,

हुसेकका सचिव प्रकाश खतिवडा, गेसस सप्तरी शाखा सचिव विनोद देव, सदस्यहरू ध्रुव देव, समीर झालगायतलाई गिरफ्तार गरी साँझ रिहा गरे।

नगरकोटमा भएको घटनाविरुद्ध विद्यार्थीहरुद्वारा राजविराजमा ०६२ पुस १ गते आयोजित विरोध कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी नेविमञ्चका केन्द्रीय सदस्य दिनेशकुमार यादव, अनेरास्ववियु जिल्ला अध्यक्ष केदार यादव, नेविसंघका जिल्ला अध्यक्षलगायत ११ जनालाई गिरफ्तार गरी साँझ रिहा गरे।

विद्यार्थीहरुले राजविराज भ्रमणमा रहेका स्वास्थ्य सहायक मन्त्रीलाई कालो झण्डा प्रदर्शन गरेको आरोपमा ०६२ पुस ११ गते प्रहरीले लाठीचार्ज गर्दा अनेरास्ववियु राष्ट्रिय परिषद् सदस्य केदार यादव सहसचिव अखिलेश झा घाइते भए भने प्रहरीले नेविमंच केन्द्रीय सदस्य दिनेशकुमार यादव, मविव क्याम्पस स्ववियु सभापति समीर झा, अनेरास्ववियु जिल्ला सचिव देवनारायण प्रमाणी तथा घाइतेसहित २४ जनालाई गिरफ्तार गरी साँझ रिहा गरिएको थियो भने घाइतेहरूको सगरमाथा अञ्चल अस्पतालमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

माओवादीको आरोपमा थुनामा रहेकी सिरहा असनपुर गाविस-९ की १९ वर्षीया राधा नायकलाई सुरक्षाकर्मीले गैरकानुनी थुनामा राखेको भनी परेको रिट निवेदनमा पुनरावेदन अदालतका न्यायाधीशद्वय दीपकराज जोशी र कोमलनाथ शर्माको संयुक्त इजलासले ०६२ कार्तिक २८ गते गैरकानुनी थुनामुक्त गर्न आदेश दिएको थियो। नायक सोही दिन अदालतको रोहबरमा थुनामुक्त भइन्।

आर्थिक वर्ष ०६१ ०६२ मा सप्तरी जिल्ला अदालतमा दर्ता भएका संख्या १६५९ गत आर्थिक वर्षबाट जिम्मेवारी सरेर आएका मुद्दा संख्या १८ हजार आठ गरी कुल तीनहजार चारसय ६७ थान मुद्दा रहेकोमा एकहजार छसय ७१ मुद्दा फर्स्यौट भई एकहजार सातसय ९६ बाँकी रहेको देखिन्छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

फुलमाही गाविस-९ सिल्हटप्रसाही टोलमा ५० वर्षीय अगनु सदा, मुखाई सदा, मंगलीदेवी सदालगायतका १८ परिवार सुकुम्वासी मुसहर परिवारलाई ऐलानी जग्गामा बसेको आरोपमा फल्काही-९ का मोहन पाल र सबरी पालको नेतृत्वमा रहेका गैरदलितहरूले ०६२ वैशाख २५ गते बाटोघाटो र खानेपानी नाकाबन्दी गरे। पीडितले जिल्ला प्रशासनमा उजुरी गरेपनि कारवाही नभएको गुनासो गरे। मानवअधिकारकर्मीको पहलमा नाकाबन्दी खुलाइएको थियो।

राष्ट्रिय भूमि अधिकार मञ्च नेपालले सरकार भूमिहीन तथा सुकुम्वासीहरूप्रति अत्यन्त उदासिन रहेको ठहर गर्दै भूमिहीनहरुले भिक्षा मागी ल्याएको चार केजी कोदो, एकसय एक रूपैयाँ नगद ०६२ भदौ २२ गते मालपोत कार्यालयमार्फत भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई ज्ञापनपत्रसहित पठाए।

फलकाही गाविस-६ सिल्हटप्रसाहीका उपेन्द्र सदा समेत १८ परिवार मुसहरलाई ऐलानी जग्गामा तल्लो जातका सुकुम्वासी बसेको भन्दै फुल्काही-८ बस्ने शिवनारायण यादव समेतले ०६२ कार्तिक ५ गते ऐलानी जग्गाबाट उठिवास लगाउने धम्की दिए।

यस वर्ष चारहजार चारसय सातजना सुकुम्बासीले जग्गा पाउन भूमिसुधार कार्यालयमा निवेदन दिए। गत वर्ष दुईसय ४४ सुकुम्वासी र सातसय ७५ अव्यवस्थित बसोवास अन्तर्गत तीनसय ३७ सुकुम्वासी र अन्य व्यक्तिलाई चारसय ९९ जग्गाधनी पूर्जा वितरण गरियो।

जिल्ला शिक्षा कार्यालय सप्तरीबाट प्राप्त तथ्यांक अनुसार प्रावि दुई सय २१, निमावि ४२, मावि ५१ गरी ३१४ विद्यालय रहेको सप्तरी जिल्लामा प्रावितर्फ ४३०९७ छात्रा ५०८४४ छात्र गरी ९३९४१, निमावितर्फ ७९१६ छात्रा १२३०६ छात्र गरी २०२२३ र मावितर्फ ३४३७ छात्र ५६०६ छात्र गरी ९०४३ गरी कुल जम्मा ५४४५१ छात्रा ६८७५६ छात्रा गरी १२३२०७ विद्यार्थी अध्ययनरत छन्, जसमध्ये प्रावितर्फ छात्रवृत्ति पाउनेको संख्या दलित १५५७१ र बालिका ११९२५ रहेका छन् भने मावि र निमावितर्फ पूर्ण छात्रवृत्ति ३३३ जना निःशुल्क छात्रवृत्ति ३३३ जना र अन्य ४० जनाले प्राप्त गरेका छन्।

जिल्ला विकास समिति सप्तरीले जनाए अनुसार आर्थिक वर्ष ०६२ ०६३ मा जेष्ठ नागरिक तीनहजार सातसय ७० जना, असहाय विधुवा सातहजार ३८ जना र अपांग ५० जना रहेका छन्। उस अनुसार यसवर्ष ५७ लाख ४७ हजार पाँचसय गाविसमा र नगरपालिकामा दुई लाख ६६ हजार छसय रूपैयाँ वितरणका लागि निकासा गरिएको जिविस सप्तरीले जनाएको छ।

गत वर्ष सप्तरी जिल्लामा १६ परिवारका ३६ महिला र ४९ पुरुष गरी ८५ जना विस्थापित रहेकोमा यस वर्ष विस्थापितहरु गत वर्षको समेत १४ परिवारका ३५ पुरुष र ३८ महिला गरी ७३ जना रहेका छन्। सप्तरी जिल्लाका विस्थापितहरु प्रायः सदरमुकाम राजविराज र छिमेकी भारतमा बस्दै आएका छन्। विस्थापित हुनेहरूमा राजनीतिक कार्यकर्ता र निवर्तमान जनप्रतिनिधि छन्।

आर्थिक अधिकार

माओवादीबाट

धरमपुर गाविस-४ का नित्यानन्दप्रसाद सिंह, राघवप्रसाद सिंह र पिप्रापूर्व-२ का विन्देश्वरीप्रसाद सिंहको ५ बिगाहा जमिन माओवादीले ०६२ असार ६ गते ज्यान मार्ने धम्की दिई कब्जा गरे।

पिप्रापूर्व-७ मा पर्ने जितेन्द्रविक्रम राणाको १८ बिगाहा जग्गामा माओवादीले ०६२ असार ११ गते भण्डा गाडी ज्यानमार्ने धम्की दिई कब्जा गरे। उक्त जग्गा माओवादीले गाउँलेलाई वितरण गरेका छन्।

जनतान्त्रिक तराई मोर्चा पक्षबाट

पूर्वमन्त्री राजविराज नपा-४ का कुवेरप्रसाद शर्माको नर्घो गाविसमा रहेको सम्पूर्ण घरजग्गा ०६१ चैत २१ गतेदेखि जनतान्त्रिक तराई मुक्ति मोर्चाले कब्जा गरे। जग्गा किनबेच गर्न र र भोगचलन गर्न निषेध गरिएको एक विज्ञप्तिमार्फत् जनाइयो।

राजविराज-६ का गणेशकुमार पोखरेलको नर्घो गाविसमा रहेको सम्पूर्ण घर जग्गा जनतान्त्रिक तराई मुक्ति मोर्चाले ०६१ पुस २७ गतेदेखि कब्जा गरे। उक्त घर जग्गा किनबेच र भोग चलनमासमेत प्रतिबन्ध लगाएको छ।

काठमाडौं जिल्ला कामनपा-३२ स्थायी बसोबास गर्ने अच्युतकृष्ण खरेल, मोहनकृष्ण खरेल र परिवारको नाममा रहेको सप्तरी जिल्ला नर्घो गाविसस्थित जमिन र घर घडेरी ०६२ मंसिर २६ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाले एक विज्ञप्ति जारी गरी कब्जामा लिएको जनाए।

राजविराज नपा-४ घर भई हाल काठमाडौं जिल्ला स्युचाटार गाविस बस्ने बीना अर्यालको छिन्नमस्ता गाविस-४ मा रहेको चार बिगाहामा लगाएको धानबाली "जग्गा धनीलाई नदिनू" भनी ०६२ पुस १२ गते तराई जनतान्त्रिक मुक्ति मोर्चाका कार्यकर्ताले जग्गाको रेखदेख गर्ने बौवालाल साहलाई धम्की दिए।

जनतान्त्रिक तराई मोर्चाका इन्चार्ज लालले ०६२ मंसिर २६ गते एक विज्ञप्ति प्रकाशित गरी महेन्द्रप्रसाद देवकोटा, राजविराज नपा-६ का सूर्यप्रसाद देवकोटा, अनिलप्रसाद उपाध्याय, महेशप्रसाद देवकोटा, विजय श्रेष्ठ, नर्घो गाविसका रामकुमार श्रेष्ठ, शिशु देवकोटा, दीपकराज, बेल्ही गाविसका माधवशमशेर, छिन्नमस्ता गाविसका मोति प्याकुरेल, अविनाश प्याकुरेल, नर्घो गाविसका प्रल्हाद क्षेत्री, जयप्रसाद पोखरेलको जग्गा कब्जामा लिएको जानकारी गराए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

राजविराज नपा-२ का ३१ वर्षीय विष्णुदेव यादव माओवादी भएको आरोपमा ०६१ पुस २३ गते प्रहरीले उनलाई महुली बजारबाट गिरफ्तार गरी तीन दिनपछि रिहा गरे।

एमाले स्थायी कमिटी सदस्य एवं पूर्वमन्त्री ईश्वर पोखरेल, एमाले जिल्ला कमिटी सप्तरी सचिव दिवाकर देवकोटा, पूर्व सासद जगदीशप्रसाद साहलाई प्रहरीले ०६१ माघ १९ गते दिवाकर देवकोटाको घरबाट गिरफ्तार गरे। पक्राउ गरिएकाहरूलाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत तीन महिने पूर्जी थमाइयो। दिवाकर देवकोटा र ईश्वर पोखरेल अदालतको आदेशले तीनमहिनामा रिहा भए भने जगदीश साहलाई दुई महिनामै रिहा गरिएको थियो।

नेपाल सद्भावना पार्टीका पूर्व जिल्ला अध्यक्ष महेश यादव, नेविमञ्च (आनन्दीदेवी) का केन्द्रीय उपाध्यक्ष बसन्त साह, नेविमञ्चका केन्द्रीय सदस्य दिनेशकुमार यादव, नेविमञ्च जिल्ला सचिव किशोरकुमार यादवलाई शाही घोषणाको विरोध गरेको आरोपमा ०६१ माघ १९ गते राजविराज-३ स्थित नेताचोकबाट प्रहरीले गिरफ्तार गरे। गिरफ्तार गरिएकालाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत तीन महिने पूर्जी थमाई जेल चलान गरियो। तीन महिनाभित्र सबै रिहा भए।

नेकाँ कार्यकर्ता उमेश मिश्र, उस्मान मियाँ, हेमनारायण चौधरी, राजेन्द्रप्रसाद गुप्ता, शिवनारायण साह र रामदत्त साहलाई शाही घोषणा विरुद्ध लाग्ने आशंकामा प्रहरीले ०६१ माघ २१ गते राजविराज-१ मा रहेको नेकाँको कार्यालयबाट गिरफ्तार गरी सार्वजनिक सुरक्षा ऐन अन्तर्गत तीनमहिने पूर्जी थमायो। तीन महिनाभित्र सबै रिहा भए।

भारदह-२ का एमाले जिल्ला कमिटी सदस्य जगदीश मण्डल, एक नं. इलाका सचिव लक्ष्मण मण्डल तथा नेकाँ पूर्व बुथ कमिटी अध्यक्ष सुखालाल राउतलाई भारदह-१ मा रहेको स्व. वीरेन्द्रको शालिकको हात भाँचिदिएको आरोपमा प्रहरीले ०६१ माघ २५ गते गिरफ्तार गरी तीनदिनपछि रिहा गरे।

एमाले जिल्ला कमिटी सदस्य एवं पत्रकार मनोहरकुमार पोखरेललाई घरमा बसिरहेको समयमा ०६१ फागुन ७ गते प्रहरीले गिरफ्तार गरी सार्वजनिक सुरक्षा ऐन अन्तर्गत तीनमहिने पूर्जी थमाए। उनलाई दुई महिनापछि पत्रकार महासंघ केन्द्रीय टोलीको पहलमा रिहा गरियो।

प्ररायुसंघ लेखा परीक्षण विभाग प्रमुख हिरण्य गुप्तालाई शाही घोषणाको विरोध गरेको आरोपमा ०६१ फागुन ७ गते प्रहरीले राजविराज नपा-३ नेता चोकबाट

गिरफ्तार गरी सार्वजनिक सुरक्षा ऐन अन्तरगत तीनमहिने पुर्जी थमाई जेल चलान गरे। उनलाई तीन महिनामै रिहा गरियो।

नेका कार्यकर्ता रामकुमार साह, शंकरलाल साह, गंगेश्वर साह, ब्रजकिशोर सिंह, रमानन्द साह, शम्भु सिंह र भोला साहलाई प्रहरीले ०६१ फागुन ७ गते नेका कार्यालय राजविराजबाट गिरफ्तार गरी रामकुमार साह मवुरलाल साह र ब्रजकिशोर सिंहलाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत तीनमहिने पुर्जी थमाई जेल चलान गरियो भने बाँकी सबै भोलिपल्ट रिहा भए।

जगतपुर-५ बस्ने एमाले सप्तरी जिल्ला कमिटी उपसचिव मानपुर चौधरीलाई शाही घोषणाविरुद्ध गतिविधि गरेको आरोपमा प्रहरीले ०६१ चैत १ गते बकधुवा गाविसको महुली बजारबाट गिरफ्तार गरी सार्वजनिक सुरक्षा ऐन अन्तर्गत तीन महिने पुर्जी थमाई जेल चलान गरियो। उनलाई दुई महिनापछि थुनामुक्त गरियो।

फत्तेपुर गाविस-३ का उत्तमकुमार गौतमलाई प्रहरीले ०६१ चैत २ गते आफ्नै पसलमा बसिरहेको समयमा गिरफ्तार गरी तीन महिने पुर्जी थमाई कारागार चलान गरे। एमाले सप्तरी १ नं. क्षेत्र सचिव गौतमलाई दुई महिनाभित्र मुक्त गरियो।

नेपाल सद्भावना पार्टीका केन्द्रीय कोषाध्यक्ष दिलीप सिंह र तत्कालीन जिल्ला अध्यक्ष योगेन्द्र यादवलाई प्रहरीले ०६१ चैत २३ गते गिरफ्तार गरी भोलिपल्ट साँझ रिहा गरे।

राजविराज-५ स्थित डेरावाट अनेरास्ववियु जिल्ला कमिटी सचिव दोमन साह र सहसचिव देवनारायण प्रमाणीलाई ०६१ चैत २६ गते प्रहरीले पक्राउ गरी भोलिपल्ट साँझ रिहा गरे।

डाढा गाविस-९ का २८ वर्षीय भागवत रजकलाई सुरक्षाकर्मीले ०६२ साउन २१ गते घरबाट गिरफ्तार गरे। रजकलाई आतंककारी तथा विध्वंसात्मक कार्य तथा सजाय नियन्त्रण ऐनअन्तर्गत थुनामा राखिएको छ।

खोटाङ जिल्ला सवाकटहरे गाविस-८ बस्ने २० वर्षीय दुर्गाप्रसाद कोइरालालाई विराटनगरबाट राजविराज आउँदै गर्दा रुपनी सुरक्षा जाँचले ०६२ साउन २८ गते गिरफ्तार गर्‍यो। दुर्गा कोइराला एकमहिनापछि रिहा भए।

प्रसवनी गाविस-८ घर भएका माओवादीका सप्तरी जिल्ला जनसरकार सदस्य एवम् अखिल नेपाल किसान संघका (क्रान्तिकारी) केन्द्रीय सदस्य रोहित भनिने दशरथ ठाकुरलाई ०६२ भदौ १६ गते पत्थरगाढा गाविसको सखुवा भन्ने ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत थुनामा राखिएको छ।

डिमन गाविस-१ घर भएका आभाष भनिने शिवराम यादवलाई प्रहरीले ०६२ असोज १५ गते शम्भुनाथ गाविसको कचन्दाहामा गिरफ्तार गरे। माओवादी जिल्ला सेक्रेटरी यादवलाई अदालतको आदेशले पुर्पक्षका लागि थुनामा राख्ने निर्णय भएअनुसार राजविराज कारागारमा राखिएको छ।

बेलहीचपेना गाविस बस्ने माओवादी कार्यकर्ता शिवु मंगललाई बेलहीचपेना गाविस-५ बाट ०६२ कार्तिक ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल उनलाई राजविराज कारागारमा पुर्पक्षका लागि थुनामा राखिएको छ।

फकिरा गाविस-९ बस्ने माओवादीका जिल्ला सदस्य ३५ वर्षीय शेरसिंह भन्ने चन्द्रदेव मण्डललाई सुरक्षाकर्मीले ०६२ मंसिर २ गते नर्घो गाविसबाट गिरफ्तार गरे। उनलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत राजविराज कारागारमा थुनामा राखिएको छ।

पुनः गिरफ्तारी

नेकपा (एमाले) स्थायी कमिटी सदस्य ईश्वर पोखरेललाई सर्वोच्च अदालतको आदेशले जिल्ला अदालतको रोहबरमा रिहा भएलगत्तै प्रहरीले ०६२ जेठ १३ गते अदालत अगाडिबाट गिरफ्तार गरे। सर्वोच्चमा पुनः रिट दायर भएपछि सर्वोच्च अदालतको काठमाडौंमा हाजिर गराउन आदेश भएबमोजिम सर्वोच्चको आदेशमा उनलाई काठमाडौंबाट रिहा गरियो।

सिरहा जिल्ला बिसनपुर गाविस-५ बस्ने सुरक्षा नियन्त्रणमा मोरङ कारागारमा रहेका ५० वर्षीय तेतर मण्डललाई पुनरावेदन अदालत, राजविराजले रिहा गर्ने ओदश दिए लगत्तै ०६२ मंसिर १३ गते अदालत परिसरबाट प्रहरीले गिरफ्तार गरे।

हर्दिया गाविस-५ घर भई विराटनगर कारागारमा राखिएका २८ वर्षीय खेमराज दाहाललाई पुनरावेदन अदालत राजविराजले रिहा गर्ने ओदश गरेलगत्तै प्रहरीले ०६२ मंसीर १९ गते अदालत परिसरबाट गिरफ्तार गरे। उनलाई उदयपुर कारागारमा थुनामा राखिएको जनाइएको छ।

सिराहा जिल्ला महनौर गाविस घर भई मोरङ कारागारमा रहेका ४० वर्षीय तेतरा उराव र सोही गाविस-९ घर भई मोरड कारागारमा रहेका रामजी गठेरीलाई पुनरावेदन अदालत राजविराजले रिहा गर्ने आदेश दिएलगत्तै प्रहरीले ०६२ पुस ५ गते अदालत परिसरबाटै पुनः गिरफ्तार गरे। उनीहरूलाई राजविराज कारागारमा राखिएको छ।

बालअधिकार

धरमपुर गाविस-१ को भृकुटी प्रावि, बमधवा-७ को प्रावि मोहनपुर र हरितहरफर-१ को राप्रानि हरिहरपुरलाई समुदायमा हस्तान्तरण गरेकोमा हस्तान्तरण फिर्ता गर्नुपर्ने

भन्दै माओवादीले ०६२ पुस ५ गतेदेखि विद्यालय प्रशासनमा तालाबन्दी गरे। व्यवस्थापन फिर्ता नगरे व्यवस्थापन समितिलाई कारवाही गरिने र विद्यालय बन्द गर्ने धम्की दिए। बन्दका कारण दुईहजार विद्यार्थीको पठनपाठन प्रभावित भयो।

कुशाहा गाविस-९ को राप्राावि बनिगामालाई समुदायमा हस्तान्तरण गरेकोले हस्तान्तरण फिर्ता गरिनुपर्ने जनाउँदै माओवादीले ०६२ पुस ६ गते विद्यालय प्रशासनमा तालाबन्दी गरे। तालाबन्दीका कारण तीनसय विद्यार्थी प्रभावित भए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

मलहन्मा-१ की एक १२ वर्षीय बालिकालाई सोही ठाउँ बस्ने २२ वर्षीय महेन्द्र यादवले ०६१ माघ १४ गते आफ्नै कोठामा लगी बलात्कार गरे। पीडक फरार भएकाले कारवाही भएन।

जगतपुर गाविस-४ की ३५ वर्षीय एक महिलालाई आफूलाई माओवादी बताउने एक व्यक्तिले ०६२ भदौ २ गते राति घरैमा बलात्कार गरे। सोही ठाउँ बस्ने वर्ष २९ की फूलोदेवी खंग कुशुमीदेवी खंग र सन्तलाल चौधरीकी पत्नीलाई समेत दूर्व्यवहार गरिएको पीडितले बताए। पीडितले पीडकविरुद्ध प्रहरीमा उजुरी गरिन्।

सकरफरा-९ बस्ने ८ दिनकी सुत्केरी २७ वर्षीय एक महिलालाई ड्यूटीमा खटिएका राजविराज नगर प्रहरीका असई सुनिल थापाले ०६२ मंसीर २१ गते राति अस्पतालकै बेडमा गई दूर्व्यवहार गरे। पीडक प्रहरीलाई तत्कालै नियन्त्रणमा लिई कारवाही चलाएको प्रहरीले बतायो।

पारिवारिक हिंसा/बहुविवाह

बडगामा गाविस-२ की २५ वर्षीय पार्वती सुतिहारलाई माइतीबाट दाइजो नल्याएको आरोपमा पति हिरालाल सुतिहार र सासू शारदादेवीले ०६१ माघ १ गते कुटपिट गर्दै शरीरमा मट्टितेल खन्याई आगो लगाउने प्रयास गरी घर निकाला गरे। पीडितले जिल्ला प्रशासनमा उजुरी दिएपनि सुनुवाई नभएको गुनासो गरिन्।

बमनगामाकट्टी गाविस-३ को २६ वर्षीय इनादेवी मण्डललाई दाइजो नल्याएको कारण आफ्नै पति राजवंशी मण्डल तथा ससुरा जुगेश्वरले कुटपिट गरी यातना दिएको पीडितले ०६२ चैत १४ गते जानकारी गराइन्। घटनाका सम्बन्धमा जिल्ला प्रशासनमा उजुरी परेको र छानबिन भइरहेको प्रमुख जिल्ला अधिकारीले जनाए पनि प्रशासनले ध्यान नदिएको दाइजो विरोधी अभियानमा लागेको संस्था सेतु सामुदायिक विकास मञ्चले जनायो।

नर्घो गाविस-८ बस्ने २२ वर्षीया तानु भुजेललाई दाइजो कारण आफ्नै पति पप्पु भुजेल र सासू ईश्वरी भुजेलले ०६२ साउन २५ गते घरमा शरीरमा आगो लगाई हत्या गरेको मृतकका दाजु कैलाश भुजेलले बताए। घटनामा संलग्न भएको आरोपमा प्रहरीले ईश्वरी भुजेललाई पक्राउ गरेकोमा अदालतको आदेशले पुर्पक्षका लागि थुनामा राखिएको छ।

दुर्व्यवहार

बीसहरिया गाविस-९ की ३५ वर्षीय शान्तिदेवी यादवलाई बोक्सी मन्त्र लगाएको आरोपमा छिमेकी महावीर यादव, विशुनदेव यादव, गणेश यादव, दिनेश यादव, दुखी यादव र हजारीदेवी यादवले ०६२ असोज २८ गते कुटपिट गरी घाइते बनाए। घाइतेको आँखामा गम्भीर चोट लागेको कारण उपचारका लागि धरान लगियो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

जिविस सप्तरीका स्थानीय विकास अधिकारी रवीन्द्र बस्तीलाई सरकारी आमसभामा जान पर्याप्त तेल र रकम नदिएको आरोपमा मनोनित जिविस उपसभापति गंगाप्रसाद यादवले ०६२ असोज ३ गते दुर्व्यवहार गरे। सभामा जान जिविसले प्रति साधन पाँचसय रूपैयाँ नगद र ७५ लिटर डिजल दिने निर्णय भए बमोजिम रकम नदिएको आरोपमा गालीगलौज गर्दै निर्णय पुस्तिका समेत खोसे।

कोमधेपुरा-६ का ५८ वर्षीय जलेश्वर सदा, ४५ वर्षीय शिवियादेवी २२ वर्षीय शर्मा सदा, राजकुमार सदा, लागन सदा र इवटरी देवीलाई उनीहरूका छोराछोरीले गैरदलितको बाली उखलेको आरोपमा मधेपुरा-५ का झवर मण्डल, हरिया मण्डल, जीवना मंगलसमेतले ०६१ पुस १९ गते भाला, रड, बन्चरो, फर्साले कुटपिट गरी घाइते बनाए। पीडितको सगरमाथा अञ्चल अस्पतालमा उपचार भयो। पीडकलाई प्रहरीले गिरफ्तार गरी पीडितलाई ४६ हजार क्षतिपूर्ति दिलाई मिलापत्र गराएको थियो।

दलितहरुको मन्दिर प्रवेश कार्यक्रमको अनुगमन गर्न गएका मानवअधिकारकर्मी प्रकाश खतिवडा र दिनेश यादव, कान्तिपुर दैनिकका समाचारदाता जीतेन्द्र खड्का र राजविराज टुडेका सम्पादक व्यासशंकर उपाध्यायलाई दलितहरुलाई मन्दिर प्रवेश गराउन ल्याएको आरोपमा आफूलाई उच्च जातको बताउने मधुपट्टी गाविस-९ का ओमबहादुर खड्का, इन्द्रनारायण चौधरी तथा सोमन यादवसमेतका गाउँलेले ०६१ पुस २६ गते कुटपिट गरी क्यामेरा, रेकर्डर, मोबाइललगायतका समान लुटेर लगे। प्रहरीले पीडकलाई गिरफ्तार गरी पत्रकारको सम्पूर्ण सामान फिर्ता माफी मगाई रिहा गरे।

कुशाहा गाविस-२ श्रीपुरका ४५ वर्षीय रामचन्द्र

विश्वकर्मालाई दलितलाई उक्स्याएर सामाजिक परम्परा तोडेको आरोपमा कुशाहा गाविस-२ का १८ वर्षीय दुर्गा चौधरी र ४८ वर्षीय जंजीर चौधरी समेतले बनाउन दिएको गहना नदिएको बहाना बनाई ०६१ पुस २८ गते घरमै आई कुटपिट गरे। घटनाका सम्बन्धमा जिल्ला प्रशासनमा उजुरी दिए पनि प्रशासनले कुनै कारवाही गरेन।

छिन्नमस्ता गाविस-९ रामपुरका ५० वर्षीय महादेव मुखिया रानुदेवी सदालगायत्का ३० परिवार दलितलाई छिन्नमस्ता गाविसको पूर्व अध्यक्ष सूर्यनारायण मण्डललगायत्का मानिसहरूले पुरानो पोखरीको विवादमा ०६२ वैशाख ७ गते पुनः विस्थापित गराएको पीडितले बताए। ०६१ मंसिरमा पोखरीको विवादमा दलितहरुलाई कुटेर गाउँबाट लखेटेपछि कारवाहीका लागि मुद्दा चलाएकोले मुद्दा फिर्ता लिनुपर्ने भन्दै फेरि कुटपिट गरी विस्थापित गराएका थिए।

सकरफर गाविस-२ बस्ने सात घर चमारले दशैंमा स्थानीय युगतारा मन्दिरमा ढोल नबजाएको आरोपमा पूर्व गाविस अध्यक्षको नेतृत्वमा ०६२ असोज २६ गते बाटोघाटो, बजार, औषधि पसल समेतमा नाकाबन्दी गरे। नाकाबन्दी उल्लंघन गर्नेलाई पाँचसय ५१ रूपैयाँ जरिवाना गर्ने निर्णय सुनाए। घटनाका सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएपछि पीडकलाई पक्राउ गरी मिलापत्र गराइएको प्रशासनले जानकारी गरायो।

दलितहरूले मन्दिर प्रवेश गरेका कारण देउता मन्दिरबाट भागेकोले देउतालाई मन्दिरमा बोलाई चोख्याउन भनी पत्थरगाढा गाविस-३ का बद्री मरिक, लटरराम र दलित सेवा संघका सहजकर्तालाई पत्थरगाढा-३ बस्ने बद्रीनारायण यादवको नेतृत्वमा बसेको गैरदलितको भेलाले ०६२ पुस १० गते कान पकडेर उठबस गराई रु. १५ हजार जरिवाना गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल पत्रकार महासंघले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको बहालीको माग गर्दै विभिन्न चरणको आन्दोलन गर्‍यो।

संरचना क्षति

इलाका प्रहरी कार्यालय, कञ्चनपुरमा माओवादीले ०६१ चैत ५ गते प्रेसरकुकर बम विस्फोट गराई क्षति पुर्‍याए।

जिल्ला अदालत राजबिराजमा माओवादीले ०६१ चैत ६ गते बम विस्फोट गराए। विस्फोटको कारण अदालतको पछिल्लो भागमा सामान्य क्षति पुगेको थियो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष सप्तरी जिल्लामा पाँच व्यक्तिगत कुटपिटका घटनामा १२ पुरुष र दुईमहिला गरी १४ जना पीडित भए। आत्महत्याका १० घटनामा तीन पुरुष र सात महिला गरी १० जनाको मृत्यु भयो। ट्राफिक दुर्घटनाका १४ वटा घटनामा १९ पुरुष र चार महिला गरी २३ जना मरे। डुबेर १० घटनामा नौ पुरुष र एक महिला गरी १० जनाको मृत्यु भयो। आगलागीको आठ घटनामा एकसय १८ परिवार प्रभावित भए।

विगतको अनुगमन

खोक्सरप्रवाह गाविस-७ की २५ वर्षीय एक महिलालाई बलात्कार गर्ने सोही ठाउँ बस्ने बिरानु चौधरीलाई सप्तरी जिल्ला अदालतले ०६२ जेठ १६ गते पाँच वर्ष कैद र आधा अंश दिलाउने फैसला सुनाएको छ। चौधरीले ०६१ मंसीर २४ गते बलात्कार गरेका थिए।

१.१२ सिरहा



जनसंख्या	:	६२३७२४
साक्षरता प्रतिशत	:	४०.३१
महिला साक्षरता प्रतिशत	:	२६.८०
क्षेत्रफल (वर्ग कि. मि.)	:	११८८
गाविस नपा संख्या	:	१०६/२
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३६४
क्याम्पस उच्च मा.वि.	:	३ ६
अस्पताल स्वास्थ्य चौकी	:	२/११२
टेलिफोन लाइन	:	२५००
मोटर सडक (कि. मि.)	:	१४४
प्रहरी कार्यालय संख्या	:	६
हुलाक संख्या	:	९८
मानव विकास सूचकांक	:	०.४२७
प्रति परिवार सरदर संख्या	:	६.२३

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली

राज्यबाट

वैतौना गाविसमा सर्चमा गएका सुरक्षाकर्मीले माओवादी कार्यकर्ता जगवीर गडेरीलाई ०६१ माघ १० गते गोली हानी हत्या गरे। रणसिंह दल गण चोहर्वाले गडेरी माओवादीको जिल्लास्तरीय कार्यकर्ता भएको बताउँदै भिडन्तमा मारिएको जनायो।

महनौर गाविस-३, स्थित बुढियाचाप भन्ने ठाउँका सतना रायलाई ०६१ चैत ६ गते राति सर्चमा गएका सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उनको लास भोलिपल्ट विहान मैनावती खोलामा भेटिएको थियो। सुरक्षास्रोतले दोहोरो भिडन्तमा मारिएको जनायो। लासको पोष्टमार्टम भएन।

माओवादीबाट अलग भएर गठित जनतान्त्रिक तराई मुक्ति मोर्चाको केन्द्रीय नेतृत्वमा रहेका मोहनपुर कमलपुर गाविस-६ का करिब ५० वर्षीय देवनारायण यादवलाई ०६२ जेठ ३१ गते साँझ भारतको लदनियाँबाट मोटरसाइकल चढी सिरहाको बरियारपट्टी चोकनजिक आइपुगेपछि सादा पोशाकमा हतियारसहित रहेका सुरक्षाकर्मीले नियन्त्रणमा लिएर केही टाढा पुऱ्याएर गोली हानी हत्या गरे। रणसिंह दल गण चोहर्वाले दोहोरो भिडन्तमा उनको मृत्यु भएको जनायो। उता जनतान्त्रिक तराई मुक्ति मोर्चाले यादवलाई मोटरसाइकलमै भएको बेला सो स्थानमा नियन्त्रणमा लिई सकेपछि गोली हानी हत्या गरेको सार्वजनिक जानकारी गराउँदै मानवअधिकारकर्मी र सञ्चारकर्मीहरूलाई निष्पक्ष छानबिनको लागि अपिल गरे। सिरहा अस्पतालमा पोस्टमार्टम गरी लास उनको आफन्तलाई बुझाइयो।

माओवादीबाट

सीतापुर गाविसस्थित देबाडीटोलका करीब ४० वर्षीय शिवराम यादवले सुराकी गरेको आरोपमा ०६१ माघ १२ गते दिउँसो उनलाई माओवादीले गोली हानी हत्या गरे।

वल्ही गाविस-२ का करिब ३० वर्षीय विसुनदेव महतोलाई ०६२ जेठ २६ गते राति माओवादीले घरबाट बोलाई खोलानजिक पुऱ्याएर गोली हानी हत्या गरे। माओवादीले घरमै आएर काम छ भनी बोलाएकोले निजी मोटरसाइकल चढी सो स्थानमा पुग्दा हत्या भएको परिवारजनले बताए। उनलाई हत्या गरिनुपर्ने कारण सार्वजनिक भएन।

माओवादी परित्याग गरी जनतान्त्रिक तराई मुक्ति मोर्चामा संलग्न रहेका कल्याणपुर कालाबंजर गाविसका सुरज भनिने विनय महतोलाई ०६२ साउन २ गते साँझ मोटरसाइकलमा आएका माओवादीले अयोध्यानगर गाविस-५ स्थित कसहानजिक गोली हानी हत्या गरे। पीडितको शरीरमा तीन गोली प्रहार भएको प्रहरीले जनायो। लासको लहान अस्पतालमा पोस्टमार्टम गरियो।

असनपुर गाविस-७ स्थित टोडके भन्ने ठाउँमा नाम खुल्न नसकेका एक युवकलाई ०६२ साउन ४ गते राति माओवादीले गोली हानी हत्या गरे। हत्यापछि बाटो अवरूद्ध हुने गरी लास राखिएको प्रत्यक्षदर्शीले बताए। माओवादीले सो घटनाको जिम्मेवारी लिँदै मृतक डकैती र बलात्कारमा संलग्न भएको आरोपमा उनको हत्या गरिएको जनाए।

संयुक्त सुरक्षाफौज चढेको बा. १ ग २००१ नम्बरको ट्रक ०६२ साउन ५ गते विहान असनपुर गाविस-७ स्थित टोडके नजिक माओवादीको विद्युतीय धरापमा परी सेनातर्फका जम्दार सर्वजीत आलेको घटनास्थलमै मृत्यु भयो। उक्त घटनामा आठजना सेना र तीन प्रहरी गरी ११ जना घाइते भए। घाइतेमध्ये सेनातर्फ पियूठ युवराज सापकोटा, राजेश्वर मण्डल र प्रभु राउत, सिपाही झलक बुढाथोकी, केशव विष्ट, देउकुमार लिम्बू, अमल्दार रमेशबहादुर कार्की, केदार कार्की रहेका छन्। त्यसैगरी प्रहरीतर्फ प्रहरी नायब निरीक्षक लक्ष्मण थापा, हवल्दार रामआशिष महतो र प्रहरी जवान वेदबहादुर वस्नेत घाइते भए।

सीतापुर गाविस-७ का अन्दाजी १८ वर्षीय इन्दल खत्वेको माओवादीले ०६२ साउन १० गते राति महादेवा पोर्ताहा गाविस-६ स्थित खोरियानी टोल नजिक घाँटी रेटी हत्या गरे। लासको लहान अस्पतालमा पोस्टमार्टम गरियो। पीडितलाई माओवादी बताउने समूहले घरबाटै अपहरण गरी हत्या गरेको उनकी आमा भालो देवी मण्डलले बताइन्।

दोहोरो भिडन्त

सिरहाको मिर्चैया इलाका प्रहरी कार्यालय र वडहरामाल गाविसको बन्दीपुरमा अवस्थित संयुक्त सुरक्षा पोष्टलगायत धारापानीको सैनिक व्यारेकमा ०६२ वैशाख २६ गते राति माओवादीहरूले आक्रमण गरेपछि भोलिपल्ट विहान ४ बजेसम्म भिडन्त भयो। भिडन्तमा आठजना सर्वसाधारण, तीनजना प्रहरी र दुईजना सेनाको मृत्यु भयो भने ३१ माओवादीको लास फेला परेको सुरक्षा निकायले जनायो। मृत्यु हुने सर्वसाधारणहरूमध्ये शारदादेवी पौडेल, सञ्जय थापा, दुःखी साह, रेखा मुखिया, कौशिल्या चौधरी, उमादेवी महरालगायत रात्री बसमा यात्रा गरिरहेकी एक गर्भवती महिला रहेको जिल्ला प्रशासन कार्यालयले जनायो। यसैगरी मृत्यु हुने तीन प्रहरीमध्ये बन्दीपुरमा कार्यरत प्रहरी सहायक निरीक्षक ज्ञानेन्द्र चापागाई, जवानहरू शम्भु कुमार राई र शिवकुमार यादव थिए। त्यस्तै सेनातर्फ एकको घटनास्थलमै र एकको उपचार गर्दा गर्दै मृत्यु भएको रणसिंह दलगण चोहर्वाले जनायो। उक्त घटनामा अन्य तीन प्रहरी

हवल्दारहरू घाइते भए भने भिडन्तपछि अपहरणमा परेका प्रहरीतर्फका द्रोण खत्री, निलकुमार श्रेष्ठ, तेजबहादुर कटुवाल, सुरेन्द्र राई र रोहित पराजुली, सेनातर्फ मोभिन्द्र कार्की, कमलबहादुर खत्री र सुभबहादुर श्रेष्ठ केही दिनपछि अन्तर्राष्ट्रिय रेडक्रसको रोहवरमा अपहरण मुक्त भए। माओवादीले आक्रमणको क्रममा गोलबजारस्थित गागन खोला नजिक सडकमा एक ट्रक, एक जीप र एक एम्बुलेन्समा समेत आगो लगाई क्षति पुऱ्याएका थिए। त्यस्तै सो घटनामा मिर्चैयास्थित इलाका प्रहरी कार्यालय, राष्ट्रिय वाणिज्य बैंक र दूरसञ्चार कार्यालयमा समेत बम विस्फोट गराई क्षति पुऱ्याए। भिडन्तका क्रममा माओवादीले स्थानीय समुदायलाई नियन्त्रणमा लिई मानवढालका रूपमा प्रयोग गरेको र सेनाले नाइटभिजन हेलिकोप्टरबाट बम प्रहार गरेको कारण सर्वसाधारणतर्फ बढी क्षति भएको स्थानीय बासिन्दाको भनाइ रहेको थियो। घटनामा सर्वसाधारण घाइतेको संख्या करिब २० देखि २५ जना जति रहेका थिए। पीडित सर्वसाधारणले उचित राहत पाउन सकेका छैनन्।

सभ्कौरा गाविस-५ स्थित गाउँमा ०६२ भदौ ९ गते साँझ माओवादी र जनतान्त्रिक तराई मुक्ति मोर्चाबीच भएको भिडन्तमा एक माओवादीको मृत्यु भयो। मृतकको परिचय खुल्न सकेन।

अन्य

महनौर गाविस-७ स्थित नेपाली कांग्रेसका स्थानीय कार्यकर्ता मोम्मद मोमताज मियाँ अन्सारीलाई अज्ञात व्यक्तिहरूको समूहले ०६२ असार ५ गते राति घरबाट बोलाई केही टाढा लगेर धारिलो हतियारद्वारा प्रहार गरी हत्या गरे। पीडितको परिवारका अनुसार छजनाको संख्यामा आएका व्यक्तिहरूले हत्या गरेको जनाउँदै पीडकहरूको पहिचान भएको दावीका साथ जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता गराए। घटनाको भोलिपल्ट माओवादीको स्थानीय नेताको हवाला दिँदै विजय भन्ने व्यक्तिले सञ्चारकर्मीहरूलाई टेलिफोनमार्फत घटनाको जिम्मेवारी लिएको सार्वजनिक गराए। यद्यपि पीडितहरूको किटानी जाहेरीको आधारमा सो गाविसका पूर्व अध्यक्ष गफार मियाँसहित दुई जनालाई पक्राउ गरिएको प्रहरीले जनायो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

लहान नपामा अवस्थित इलाका प्रशासन कार्यालय, लहानमा माओवादीद्वारा ०६१ फागुन १९ गते बिहान बम विष्फोट गराएको कारण भवन पूर्ण क्षति हुनुका साथै कार्यालयका नासु राजन काफ्ले घाइते भए। नागरिकता बनाउने बहानाले पुगेका दुईजना माओवादीले कार्यालय भवनमा प्रेसर कुकर बम विष्फोट गराएको पीडित कर्मचारीले बताए।

जे. एस. मुरारका क्याम्पस लहानमा ०६२ साउन ३२ गते बिहान बी.ए. प्रथम वर्षको परीक्षामा सुरक्षार्थ खटिएका प्रहरीहरू माथि माओवादीले आक्रमण गरे। सो घटनामा प्रहरी जवान रामकुमार यादव गोली लागी घाइते भए। अर्का प्रहरी हवल्दार नारद भारतीलाई माओवादीले अपहरण गरे। अपहरित प्रहरी हवल्दार भारतीलाई ०६२ भदौ ३० गते अन्तर्राष्ट्रिय रेडक्रसका प्रतिनिधिको रोहवरमा मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	९	५	२	२	९	७	१४	६		२०	४	२		३२	३४
घाइते	१०	११	४		१५	३	१५		१	१६					
गिरफ्तारी यातना											१७	५७	४	४१	१०२
बेपत्ता											२	२			२
कुटपिट	३	५	१		६	५	४		४	८	३	३			३
धम्की	३	२		१	३										
भेला, सगठित हुने अधिकार											३	२		२	४
जातीय विभेद	३		१०		१०										
भूमिहीन, सुकुम्बासी समस्या	२	४		१९	२३										
महिलाअधिकार	८		८		८										
बालअधिकार	१	१			१										
आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार	१			७५	७५										
अमानवीय व्यवहार	१		३		३										
अपहरण	१	१			१	४	१०		१	११					
जम्मा	४२	२९	२८	९७	१५४	१९	४३	६	६	५५	२९	६६	४	७५	१४५

बेवारिसे बम विस्फोटबाट घाइते

चन्द्रोदयपुर गाविस-१ स्थित चोहर्वाका ८ वर्षीय शर्मिला सदा र ९ वर्षीय सुनिता सदा ०६२ जेठ १७ गते दिउँसो मिर्चैयाको वन कार्यालयनजिक बाख्रा चराउन जाँदा वेवारिसे अवस्थामा रहेको बम विस्फोट भई घाइते भए। दुवै घाइते बालिकाहरूलाई तत्काल लहान अस्पतालमा पुर्‍याइएता पनि खर्चको अभावले उपचार पाउन नसकेको पीडितका अभिभावकले बताए। इन्सेक वर्ष पुस्तक प्रतिनिधिको सक्रियतामा स्थानीय संस्थाहरूबाट सहयोग स्वरूप तीनहजार पाँचसय संकलन गरी थप उपचारको लागि विराटनगरस्थित सिविनमा पुर्‍याइयो।

इटाटार गाविस-९ स्थित कमलपुरका करीव ६२ वर्षीय रोहिणी यादव ०६२ जेठ २३ गते आफ्नो घर नजिकको खेतमा काम गर्न जाँदा वेवारिसे रूपमा रहेको बम विष्फोट भई घाइते भए। पीडितको सिरहा अस्पतालमा उपचार भयो।

वडहरामाल गाविस-२ स्थित बन्दीपुरका ४२ वर्षीय कारीदेवी मुखिया र १६ वर्षीय अन्जु मुखिया ०६२ असोज १७ गते साँझ वेवारिसे बम विस्फोट भई घाइते भए।

जेल र बन्दीहरू

'घ' श्रेणीको सिरहा जेलको क्षमता एकसय ५० जनाको छ। यसवर्षको अन्त्यमा यस जेलमा कैद नतोकिएका ६४ जना थुनुवाहरू मध्ये ६२ पुरुष र दुई महिलाहरू रहे। त्यसै गरी कैद तोकिएकामध्ये ३२ जना पुरुषहरू मात्र रहेको कारागार शाखाले जनायो। यस वर्षको अवधिमा १६ जनालाई नजरबन्दमा राखिएकोमा सबै रिहा भइसकेका छन्। त्यसैगरी एमाले, नेपाली कांग्रेस र जनमोर्चा पार्टीका २३ जना नेता कार्यकर्ताहरूलाई शान्ति सुरक्षा ऐन अन्तर्गत तीन महिने थुनुवा पुर्जी दिई जेलमा राखिएकोमा सबै रिहा भइसकेको जेलर टेक बहादुर चापागाईले बताए।

जेलमा पिउने पानीको लागि धारो र ट्युवेलको व्यवस्था भएपनि विगत केही महिनादेखि धारामा पानी आउन छोडेको र ट्युवेलको उच्च आईरनयुक्त पानी पिउन बाध्य भएको बन्दीहरू बताउँछन्। अन्तर्राष्ट्रिय रेडक्रस (आईसीआरसी) ले बन्दीहरूलाई पानीको लागी एक थान फिल्टर र एक थान पोली ट्याङ्कसमेत उपलब्ध गराएको बन्दीहरूले बताए।

बन्दीहरूलाई पढ्नको लागि प्राथमिक तहको एक शिक्षकको व्यवस्था भएपनि कापी, कलम र पाठ्य सामग्रीको अभाव रहेको छ।

त्यसैगरी समान्य बिरामीहरूको उपचारका लागि एकजना स्वास्थ्य सहायकको व्यवस्था गरिएको छ। जटिल प्रकृतिका बिरामी भएमा जिल्ला अस्पताल वा अवस्था हेरी बाहिर पठाउने गरिएको स्वास्थ्य सहायक बिन्देश्वर यादवले बताए। यद्यपी कारागारभित्र उपचार गर्न स्वास्थ्यकर्मीको व्यवस्था रहेपनि औषधि बिरामी आफैले किन्नुपर्ने बन्दीहरूको गुनासो रहेको छ।

माओवादीद्वारा हत्या गरिएका जनतान्त्रिक तराई मुक्ति मोर्चाका कमाण्डर सुरज भनिने विनय यादव

जेलमा भवनको भौतिक अवस्था जीर्ण हुदै गएको र वर्षा मौसममा छाना चुहिन थालेको बताईएको छ। महिला र पुरुष बन्दीहरू अलग अलग राखिने गरिएता पनि जेलमै वलात्कृत भई एक बालकको समेत जन्म दिएकी सीता भनिने भगवती कार्कीलाई ०६२ असार ७ गते मोरंग जिल्लाको विराटनगरमा जेल सरुवा गरिएको कारागारले जनाएको छ। पीडित महिलाले आफू तत्कालीन प्रहरी हवलदार प्रदीप साहबाट बलात्कृत भएको आरोप लगाएकोमा जिल्ला अदालत र पुनरावेदन अदालतले समेत नाता कायम गरिसकेको छ।

अन्य सुविधा अन्तर्गत जेलभित्र खेलकुदका सामग्रीहरू नभएको, पत्रपत्रिकाहरूसमेत पाउन नसकिएको, लामखुट्टेबाट बच्न झुल नदिइएको, सीपमूलक तालिमहरूको अभाव भएको बन्दीहरूले जानकारी गराए। यसैगरी बन्दीहरूले जेलमा मुढा र ढाका टोपी बनाउने गरेता पनि बजार व्यवस्थापन हुन नसकेको उनीहरूको भनाई रहेको छ।

बेपत्ता / अपहरण

राज्यबाट

फूल्काहाकट्टी गाविस-७ स्थित जयपुरका वैधनाथ सिंहलाई माओबादीको आरोपमा ०६१ पुस २८ गते साँझ सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। पीडित सिंह जनमोर्चा नेपाल निकट रहेको सो पार्टीले जनायो। उनको अवस्था अज्ञात छ।

महादेवापोर्ताहा गाविस-३ का करिव ३० वर्षीय विकन राम माओबादी भएको आरोपमा सुरक्षाकर्मीले ०६१ फागुन ११ गते लहानस्थित महेन्द्र राजमार्गबाट उनलाई गिरफ्तार गरे। पीडितको अवस्था थाहा हुन सकेको छैन।

पर्यटन राज्यमन्त्री याङ्किला शेर्पालाई कालो झण्डा देखाएको आरोपमा प्रहरीद्वारा गिरफ्तार गरिएका प्ररायुसंघका केन्द्रीय सदस्य सत्यनारायण यादव

माओवादीबाट

इलाका प्रहरी कार्यालय, लहानका हवल्दार नारद भारतीलाई ०६२ साउन ३२ गते विहान जे.एस. मुरारका बहुमुखी क्याम्पसको परीक्षामा सुरक्षार्थ खटिएको बेला माओवादीले अपहरण गरे। पीडित ०६२ भदौ ३० गते अन्तर्राष्ट्रिय रेडक्रसका प्रतिनिधिको रोहबरमा मुक्त भए।

रामनगर मिर्चैया गाविस-६ स्थित कटारी चोकका होटल व्यावसायी करिव ५० वर्षीय भुवन पाललाई ०६२ असोज २६ गते राति माओवादी बताउने व्यक्तिहरूको समूहले होटलबाटै अपहरण गऱ्यो। पीडितलाई ०६२ असोज ३० गते सिन्धुलीस्थित एक अज्ञात स्थलवाट मुक्त गरेको उनका परिवारले वताए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

जिल्ला विकास समिति, सिरहाका तत्कालीन योजना अधिकृत तथा निमित्त स्थानीय विकास अधिकारी केशवप्रसाद विमलीलाई सो कार्यालयको गेस्ट हाउस सरसफाइ नभएको आरोपमा पूर्वाञ्चल क्षेत्रीय प्रशासक जगदीश खड्का र सगरमाथा अञ्चल प्रशासक रामकुमार सुब्बाले ०६२ असार १९ गते विहान कुटपिट गर्दै शौचालयमा थुनेर मानसिक यातना दिए। यातनापछि प्रशासकद्वयले सँगै लिएर गएका विमलीलाई चार दिनसम्म सम्पर्कविहीन अवस्थामा राखिएको पीडितका परिवारले बताए।

रामनगर मिर्चैया गाविस-८ का करीव ३२ वर्षीय रामकली साहलाई ०६२ असार ३० गते दिउँसो नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालय गएको बेला सेनाले सिरहा व्यारेकमा लगेर कुटपिट गरी यातना दिए। माओवादीलाई मोटरसाइकल चढ्न दिएको आरोप लगाएर आफूलाई कुटपिट गरिएको पीडित साहले बताए। आरोप अस्वीकार गर्दा कुटपिट गरिएपछि आफू बेहोस भएको उनले बताए। पीडित सोही दिन साँझ रिहा भए।

लहान नपा-१ स्थित अन्नपूर्ण प्लाइउड कारखानामा मजदुरी काम गर्ने वस्तीपुर गाविस-८ का वालेश्वर यादवलाई ०६२ साउन १५ गते साँझ सेनाले विनाकारण कुटपिट गरे। कुटाइबाट घाइते भएका यादवलाई सोही दिन राति उपचारार्थ लहान अस्पताल भर्ना गरिएकोमा अवस्था गम्भीर भएको कारण धरान स्थित वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान अस्पताल सिफारिस गरियो। पीडित उपचारपछि घर फर्किए। सोही समयमा रिक्सामा यात्रा गरिरहेका लहान नपा-७ का ३५ वर्षीय सत्यनारायण गुप्तालाई समेत सेनाले रिक्सावाट ओराली कुटपिट गरे। प्रत्यक्षदर्शीकाअनुसार सो फैक्ट्रीको छेउमा रहेको सूर्या होटलमा सो दिन दिउँसो दुईजना सेनाका व्यक्तिहरू गई मदिरा सेवन गर्ने क्रममा झगडा भएपछि साँझ ट्रकमा चढेर गएका सेनाले होटललाई नियन्त्रणमा लिनुका साथै जोसुकैलाई कुटपिट र दुर्व्यवहार गरेका थिए।

माओवादीबाट

असनपुर गाविसस्थित गोलवजारका सूर्यनारायण राउतलाई ०६१ फागुन १८ गते दिउँसो मोटरसाइकलमा लहानतर्फ गइरहेको बेला धनगढी गाविसस्थित जिरोमाइल नजिक बन्दमा मोटरसाइकल चलाएको आरोपमा माओवादीहरूले ढुङ्गा प्रहार गरी घाइते बनाए। पीडित राउतको दाँत भाँचिनुको साथै मुखमा गम्भीर चोट लागेको थियो।

धनगढी गाविस-७ स्थित चैनपुरका २६ वर्षीय श्रीप्रसाद साहलाई माओवादीको एक समूहले पकेटमार र बलात्कारी भएको आरोप लगाउँदै ०६२ जेठ १६ गते साँझ उनलाई सोही गाविसको मुसहरनियाँस्थित गिट्टीखानीमा लगेर कुटपिट गरे। पीडितलाई भोलिपल्ट आफन्तले अचेत अवस्थामा फेला पारेका थिए।

फुलकाहाकट्टी गाविस-९ स्थित निमचोकका अन्दाजी २० वर्षीय श्यामसुन्दर साहलाई ०६२ असार २० गते दिउँसो तीनजना माओवादी कार्यकर्ताले घरबाट बोलाएर सोही ठाउँको सन्तनगर प्राविमा पुऱ्याई कुटपिट गरे।

धनगढी गाविस-२ स्थित जिरोमाइलका स्थानीयवासीले ०६२ असार ३१ गते राति डाँकाको आशंकामा समातेका ललन तत्मा, घुरन साह, उपेन्द्र यादव र नाम थाहा नभएका एक व्यक्तिसहित चारजनालाई माओवादीले आफ्नो नियन्त्रणमा लिएर कुटपिट गरे। पीडितहरूको अवस्था थाहा हुन सकेको छैन।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सिरहा क्षेत्र नं. ४ का निवर्तमान सांसद स्व.

हेमनारायण यादवको पहिलो वार्षिक स्मृति सभा मनाउन नेकपा (एमाले) द्वारा ०६१ माघ १९ गते दिउँसो आयोजना गरिएको स्मृति सभामा झण्डा बोकेर गएका एमाले कार्यकर्ताहरूलाई सुरक्षाकर्मीले बाटोबाटै फर्काए।

सिरहाको सदरमुकाम सिरहा बजारमा दलहरूको घोषित कार्यक्रमअनुसार ०६१ चैत १ गते दिउँसो विरोध प्रदर्शन गर्न लाग्दा नेपाली काँग्रेसका १२ जना र जनमोर्चा नेपालका एक गरी १३ जना राजनीतिक कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तार हुनेमा नेपाली काँग्रेस क्षेत्र नं. ३ का क्षेत्रीय अध्यक्ष रामचन्द्र यादव, तरूण दल सिरहाका अध्यक्ष सुनिल कोइराला, नेविसंघका केन्द्रीय सदस्य नरेश यादव, सिरहा क्याम्पसका स्ववियु सभापति रामबाबु यादव लगायत नेकाँका कार्यकर्ताहरू संजयप्रकाश यादव, श्रीचन पासमान, अरूणकुमार यादव, राजकपुर यादव, रामचन्द्र यादव, राकेशकुमार दास, रामपृत यादव, चन्द्रदेव यादव र जनमोर्चा नेपालका कार्यकर्ता जीवछ यादव थिए। पीडितहरूमध्ये जनमोर्चा कार्यकर्ता जीवछ यादवबाहेक अन्यलाई ०६१ चैत १९ गते रिहा गरियो।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका विवेक भनिने रामपृत यादव

पूर्ण प्रजातन्त्रको माग गर्दै आन्दोलनरत पाँच राजनीतिक दलले ०६१ चैत ११ गते सिरहामा विरोध प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरी नेपाली काँग्रेसका जिल्ला उपसचिव जीवछ गुप्ता र सोही पार्टीका कार्यकर्ताहरू कौशल मण्डल, गंगाप्रसाद यादव र शक्तिदेव यादवलाई पक्राउ गरे। पीडितहरूमध्ये कौशल मण्डल, गंगाप्रसाद यादव र शक्तिदेव यादवलाई ०६१ चैत १९ गते र उपसचिव गुप्तालाई ०६२ जेठ १२ गते जिल्ला कारागारबाट रिहा गरियो।

सिरहा सदरमुकाम सिरहामा विभिन्न पाँच राजनीतिक पार्टीद्वारा पूर्ण प्रजातन्त्रको माग गर्दै ०६१ चैत २६ गते आयोजना गरेको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी दश प्रदर्शनकारीहरूलाई गिरफ्तार गरे। गिरफ्तार हुनेहरूमा नेपाली काँग्रेसका जिल्ला सचिव अमर रेग्मी, नेविसंघका जिल्ला अध्यक्ष परमानन्द प्रभाकर, कार्यकर्ताहरू यदुनाथ यादव, रामदेव यादव, भगत ठाकुर, जगदेव महतो, राजकुमार त्यागी, रामचन्द्र यादव, तिर्थराज बन्जारा र सियाराम यादव रहे। पीडितहरूमध्ये रामदेव यादव, भगत ठाकुर, जगदेव महतो र तीर्थराज बंजारालाई सोही दिन, रामचन्द्र यादवलाई ०६२ वैशाख १४ गते र अन्यलाई ०६२ जेठ १२ गते रिहा गरियो।

पूर्ण प्रजातन्त्रको माग गर्दै आन्दोलनरत सात राजनीतिक दलले ०६२ जेठ १३ गते लहानमा विरोध प्रदर्शन गर्दा प्रहरीले हस्तक्षेप गरी जनमोर्चाका कार्यकर्ता नरेन्द्र श्रेष्ठलाई गिरफ्तार गरे। गिरफ्तारीपछि नेकाका अमर रेग्मी, नेकपा (एमाले) का रामचन्द्र यादव, नेकाँ (प्रजातान्त्रिक) का बेचन यादव, जनमोर्चा नेपालका हरिनारायण चौधरी र नेसपा (आनन्दीदेवी) का रामबहादुर महतोले संयुक्तरूपमा प्रेस विज्ञप्ति जारी गरी पक्राउ परेका श्रेष्ठलाई अविलम्ब रिहा गर्न माग गरे। पीडितलाई ०६२ जेठ २२ गते पुनरावेदन अदालतको आदेशपछि रिहा गरियो।

सिरहा नपा-२ स्थित चन्द्र माविमा ०६२ कार्तिक २५ गते एमालेद्वारा पूर्व घोषणा अनुरूप आयोजित आमसभा प्रहरी हस्तक्षेपका कारण निर्धारित स्थानमा हुन सकेन। विद्यालय चौरमा प्रवेश गर्न नदिइएका कारण जिल्ला अदालत नजिक मुख्य सडकमै आमसभा गरिएको सो पार्टीले जनायो।

लहान नपा-स्थित महेन्द्र राजमार्गबाट प्ररायुसंघका केन्द्रीय सदस्य सत्यनारायण यादव, अनेरास्ववियु जिल्ला अध्यक्ष सचिदानन्द चौधरी, लहान क्याम्पसका पूर्व स्ववियू सभापति दीपेन्द्र चौधरी, नेविसंघका जिल्ला सदस्यहरू शैलेन्द्र यादव, सुमन मिश्र, परमेश्वर साहलगायत् नन्दकुमार साह, सरोज न्यौपाने, युवराज श्रेष्ठ र सामाजिक कार्यकर्ता कमल यादवलाई ०६२ पुस ४ गते दिउँसो शिक्षा तथा खेलकुद सहायक मन्त्री भुवन पाठकलाई कालोझण्डा देखाई विरोध प्रदर्शन गरेको आरोपमा उनीहरूलाई प्रहरीले गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन राति एमाले नगर कमिटीका सचिव राजेन्द्र महतोको रोहवरमा रिहा गरिएको प्रहरीले जनायो।

सिरहा सदरमुकामस्थित जिविसको गेट नजिकबाट नेविसंघका जिल्ला अध्यक्ष परमानन्द प्रभाकर, सचिव सञ्जयप्रकाश यादव, सिरहा क्याम्पसका नेविसंघ इकाई अध्यक्ष सुभाष यादवलगायत्का १० जनाले ०६२ पुस १० गते पर्यटन तथा नागरिक उड्ड्यन राज्यमन्त्री याङ्गीला शेर्पालाई कालोझण्डा देखाई विरोध प्रदर्शन गरेको आरोपमा उनीहरूलाई प्रहरीले गिरफ्तार गरे। सोही दिन साँझ मन्त्री शेर्पालाई लहानमासमेत कालोझण्डा देखाई विरोध प्रदर्शन गरेको आरोपमा प्ररायुसंघका केन्द्रीय सदस्य सत्यनारायण यादव र नेविसंघका जिल्ला सदस्य परमेश्वर साहलाई प्रहरीले गिरफ्तार गरे। दुवै ठाउँबाट पक्राउ परेका प्रदर्शनकारीहरूलाई सोही दिन साँझ रिहा गरिएको प्रहरीले जनायो।

माओवादी आक्रमणबाट क्षति पुगेको मिर्चैया स्थित इलाका प्रहरी कार्यालय

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा २ वर्ष सम्म फछ्र्योट नभएका १५ ओटा दुनियावादी देवानी तथा चारओटा दुनीयावादी फौजदारी मुद्दा रहे।

एक वर्ष सम्म फर्स्योट नभएका कूल एकसय १३ ओटा मुद्दाहरुमा दुनियावादी देवानीतर्फ ९८, फौज्दारीतर्फ सात र सरकारवादी फौजदारीतर्फ ८ ओटा छन्।

यसैगरी ६ महिनासम्म फर्स्योट नभएका तीनसय ४० ओटा मुद्दामध्ये दुनियावादी देवानीतर्फ दुईसय ६७, फौज्दारीतर्फ ५५ र सरकारवादी फौजदारीतर्फ १८ ओटा रहेका छन्।

यस अदालतमा २०६२ पुष मसान्तसम्ममा कूल एकहजार चारसय ४३ मुद्दाहरू रहेकोमा पाचसय ३६ फर्स्योट हुन बाँकी छन्। जसमा देवानीतर्फ एक हजार दुईसय ३४ मध्ये चारसय ८१ मुद्दाहरू फर्स्योट भए भने सरकारवादीतर्फ कुल ६० मध्ये ११ फर्स्योट भई ४९ फर्स्योट हुन बाँकी छन्। त्यस्तै फौजदारी तर्फ कुल एकसय ४९ मध्ये ४४ मुद्दाहरू फर्स्योट भई एकसय पाँच बाकी रहे।

हत्याको आरोपमा पक्राउ परेका महनौर गाविसका पूर्व गाविस अध्यक्ष गफार अन्सारी र राप्रपाका कार्यकर्ता ईश्लाम अन्सारीलाई तारेखमा रिहा गर्ने जिल्ला अदालत, सिरहाको आदेशविरुद्ध ०६२ साउन ४ गते साँझ अदालत परिसर बाहिरबाट भीडले ढुङ्गामुढा प्रहार गर्दै नाराबाजी गरेको आरोपमा प्रहरीले लाठीचार्ज गरे। लाठी चार्जबाट महनौर गाविस-७ का मोबारक अन्सारी र तानिम अन्सारीलाई गम्भीर चोट लागेकोले उपचारार्थ सिरहा अस्पतालमा भर्ना भए। अदालतको फैसलापछि गाउँलेले फैसलाको विरोध गर्दै नाराबाजी गरेका थिए। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीद्वारा १० राउण्ड हवाई फायर गरियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

ढोढना गाविस-५ स्थित मोहनपुर भन्ने ठाउँमा ऐलानी जमिनमा बसोबास गर्दै आएका मुसहरहरूको १९ परिवारलाई मुतुनीखोला सामुदायिक वन उपभोक्ता समितिले ०६२ साउन १२ गते ठाउँ खाली गर्न धम्की दिए। उक्त स्थानमा वृक्षारोपण गर्नको लागि ठाउँ खाली गर्न भनेको उपभोक्ता समितिले जनायो।

आर्थिक अधिकार

सिरहास्थित सूर्यनारायण सत्यनारायण मरवैता बहुमुखी क्याम्पसका ७५ जना प्राध्यापकहरूले अतिरिक्त कक्षा पढाएवापत १६ लाख ५० हजार रुपैयाँ पारिश्रमिक रकम नपाएकोले सोको माग गर्दै ०६२ मंसिर १७ गते बिहान ६:३० बजेदेखि साँझ ४:०० बजेसम्म क्याम्पस प्रशासनमा धर्ना दिए। पीडित पक्षले आ.ब. ०५९/०६० मा रू. ५० हजार, ०६०/०६१ मा रू. ३ लाख र ०६१/०६२ मा रू. १३ लाख रूपैयाँ अतिरिक्त पारिश्रमिक पाउन बाँकी रहेको जनाए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

महनौर गाविस-३ घर भई इन्द्रेणी सेवा समाज गोलबजारमा कार्यरत ३० वर्षीय राजकुमार मुखियालाई ०६१ चैत ६ गते राति सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। पीडितलाई चैत ७ गते साझ रणसिंह दल गण चोहर्वाबाट रिहा गरियो।

लहान मालपोत कार्यालयमा लेखापढी व्यवसाय गर्ने अयोध्यानगर गाविसस्थित कसहाका सुरजकुमार यादवलाई ०६१ चैत २९ गते घरबाट साइकलमा लहानतर्फ जान लाग्दा जिल्ला ट्राफिक कार्यालय नजिक राजमार्गबाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई गिरफ्तार गर्नुपर्ने कारण सार्वजनिक गरिएन। उनलाई केही दिनपछि रिहा गरियो।

सिरहाको लालपुर गाविस-३ गुरूधाम टोलकी १४ वर्षीय शान्ति महतोसहित चार जनालाई माओवादी भएको आरोपमा जिल्ला प्रशासन कार्यालयले आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत ०६२ जेठ २५ गते जिल्ला कारागार शाखामा पठायो। पीडित नाबालिका शान्तिको परिवारले उनी ०६१ असार १८ गते घरबाटै हराएको बेला खोजतलासको लागि प्रहरी प्रशासन कार्यालयमा धाएको बताउँदै उनी माओवादी नभएकोले उचित वातावरणमा रहने अवसर प्रदान गर्न आग्रह गरे।

जम्दह गाविस-७ स्थित मुसहर्नियाका करिब ६२ वर्षीय पूर्णबहादुर थिङ (लामा) लाई माओवादीको आशंकामा ०६२ साउन ६ गते विष्णुपुरकट्टी गाविसको उत्तरी क्षेत्रबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारपछि आँखामा पट्टी बाँधेर लगिएका पीडितलाई चार दिनपछि जिल्ला प्रहरी कार्यालयबाट सार्वजनिक गरियो। हाल जिल्ला कारागार

शाखा, सिरहामा नजरबन्द राखिएको पीडितका आफन्तले वताए।

माओवादीका ५ नम्बर एरिया इन्चार्ज विष्णुपुरकट्टी गाविस-२, भोर्लेनी निवासी विवेक भनिने रामपृत रामलाई ०६२ मंसिर १९ गते दिउँसो घरमा आएको बेलामा सुरक्षाकर्मीले घेरा हाली गिरफ्तार गरे। उनलाई गिरफ्तारीको केही दिनपछि जेल चलान गरियो।

बालअधिकार

काठमाडौं मनपा-३ की १५ वर्षीय एक बालिकालाई ०६१ चैत १८ गते विराटनगरस्थित आफ्नो मावलीघरतर्फ ना.२ ख ४१८१ नम्बरको सारथी डिलक्स बसमा जानलाग्दा कर्फ्यूका कारण राति लहानमा रोकिएपछि बसका कन्डक्टर ३४ वर्षीय रामप्रसाद बजगाईले वलात्कार गर्ने प्रयास गरे। सिटमा एक्लै बसेकी बालिकालाई हातपात गरिएको कारण रून-कराउन थालेपछि अन्य यात्रुहरूले संरक्षण दिएर बालिकाको उद्धार गरे। जाहेरीको आधारमा पीडकको खोजी जारी रहेको प्रहरीले जनायो।

मुक्सार गाविस-८ की एक १६ वर्षीय बालिकालाई सोही ठाउँका मनोज चौधरीले ०६२ असोज १८ गते दिउँसो एकान्त चौरमा वलात्कार गरे। पीडित लाटी भएकाले बोल्न कराउन नसकेको आफन्तले वताए। पीडकलाई कारवाही भएन।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

भवानीपुर कालावंजर गाविस-२ की २० वर्षीय एक विवाहित महिलालाई ०६१ चैत २२ गते दिउँसो खेतबाट फर्कन लाग्दा सोही गाविस-५ का ४० वर्षीय विद्यानन्द यादवले एकान्त स्थानमा चक्कु देखाई बलात्कार गरे। पीडितपक्षद्वारा इलाका प्रहरी कार्यालय, लहानमा कारवाहीको लागि निवेदन दिए पनि पीडक फेला पर्न नसकेको प्रहरीले जनायो।

थल्हाकटाहा गाविस-२ का करिब २५ वर्षीय एक महिलालाई सोही ठाउँका २७ वर्षीय धर्मदेव यादवले ०६२ भदौ ९ गते राति घरमा एक्लै भएको बेला वलात्कार गर्ने प्रयास गरे। पीडकलाई भदौ ११ गते पक्राउ गरी आवश्यक कारवाही गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो।

कल्याणपुर कालावंजर गाविस-७ स्थित प्रेमनगरका एक महिलालाई आफूहरूलाई सुरक्षाकर्मी वताउने समूहले ०६२ कार्तिक १४ गते राति बलात्कार गरे। पीडकहरूले जाने बेलामा आफूहरू माओवादी भएको र अरू कसैलाई भनेमा ठीक नहुने भन्दै धम्क्याएर गएको पीडितका पतिले वताए। पीडकहरू मधेशीमूलका भएका र चिन्न नसकिएको पीडितहरूले वताए।

कल्याणपुर कालावंजर गाविस-१ का ८ वर्षीय एक बालिकालाई सोही गाविसका करीब ५९ वर्षीय अर्जुनवीन मलाहाले ०६२ कार्तिक २७ गते दिउँसो बलात्कार गरे। पीडकलाई गाउँलेले समातेर कुटपिट गरेपछि उनलाई माओवादीले नियन्त्रणमा लिएकोमा हाल सम्म स्थिति अज्ञात रहेको छ।

दूर्व्यवहार

भदैया गाविस-८ स्थित शोभापुरका ३९ वर्षीय जुमेदा खातुन, ४२ वर्षीय नैविया खातुन र जैतुन खातुनलाई बोक्सीको आरोपमा स्थानीय गाउँलेहरूले ०६२ कार्तिक ९ गते साँझ कुटपिट गरे। पीडितहरूलाई एकमहिना अघिदेखि उक्त आरोपमा मानसिक यातना दिँदै आएको उनीहरूले वताए। तीनजना महिलालाई सामुहिकरूपमै बोक्सीको आरोपमा यातना दिएको घटना सार्वजनिक भएपछि जिल्लाका १३ ओटा संघसंस्थाले पीडकहरूमाथि कारवाही गर्न माग गरे। इलाका प्रहरी कार्यालय लहानले दुवै पक्षलाई बोलाई पुन: घटना हुन नदिने सर्तमा सहमति गराई घटना मिलाइएको जनायो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

पोखरभिण्डा गाविस-३ का अन्दाजी ४२ वर्षीय रामकुमारी सिंह र उनका ५० वर्षीय पति सूर्यनारायण सिंहलाई सोही ठाउँका अजय सिंह, मनोज सिंह, विन्दादेवी सिंह र सोवरीदेवीले बोक्सीको आरोपमा ०६१ चैत २६ गते राति कुटपिट गरे। पीडकहरूलाई कारवाही नभएको पीडित पक्षले वताए।

जम्दह गाविसका युवक दिनेश यादवले सोही गाविसकी काली परियारलाई विवाहको प्रलोभनमा यौन शोषण गर्दै आएकोमा ०६२ जेठ १८ गते स्थानीयवासीद्वारा पत्नीको रूपमा घर भित्र्याउनु पर्ने दवाव दिएपनि जातीय



माओवादीको विद्युतीय धरापमा परी क्षतिग्रस्त भएको शाही नेपाली सेनाको ट्रक

असमानताको कारण आफ्नै सासूद्वारा पीडित परियार गोठमा बस्न बाध्य भइन्।

भदैया गाविस-१ की सीतादेवी पासवान, दुखनी पासवान, कागतीदेवी पासवान, भालोदेवी पासवान, सितली पासवान, कुमारीदेवी पासवान र कोपिला विक लगायतका परिवारलाई ०६२ असोज १५ गते साँझ स्थानीय डिहीबारको मन्दिरभित्र प्रवेश गरेको आरोपमा चौधरी समुदायले सामाजिक बहिष्कार गरे। पीडित दलित समुदायलाई स्थानीय पसलमा सामान किनबेच गर्न रोक लगाउनुको साथै श्रम गर्नबाट समेत वञ्चित गराए। दुवै पक्ष इलाका प्रहरी कार्यालय, लहानमा बसेर छलफल गरेपनि सहमति हुन सकेन।

अयोध्यानगर गाविस-६ स्थित कसहाका डोम जातिका दुई परिवारलाई ठूला जाति भनिनेहरूले सार्वजनिक इनार र ट्यूबवेलहरूमा पानी पिउनबाट वञ्चित गरे। घटना ०६२ कार्तिक २१ गते सार्वजनिक भयो।

१.१३ उदयपुर



जनसंख्या	: ३१९१६९
साक्षरता प्रतिशत	: ५३
महिला साक्षरता प्रतिशत	: ४०
क्षेत्रफल (वर्ग कि.मी.)	: २०६३
गाविस/नपा संख्या	: ४४/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३५९
क्याम्पस/उच्च मावि	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: १/४५
टेलिफोन लाइन	: ७७८
मोटर सडक (कि.मी.)	: २५०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ४७
मानव विकास सूचकांक	: ०.४८८
प्रति परिवार सरदर संख्या	: ६.१९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सुरक्षाकर्मी र माओवादीबीच लेखगाउँ गाविस-२ चिसापानीमा ०६२ जेठ २ गते भिडन्त हुँदा तीनजना माओवादी महिला कार्यकर्ताको मृत्यु भयो। उनीहरूको शव पोष्टमार्टम नगरी सुरक्षाकर्मीको आदेशमा गाउँलेहरूले गाउँ नजिकै खाल्डो खनी गाडे। मृतकहरूको सनाखत हुन सकेन।

बाराहा गाविस- ९ तीनचोकेका २३ वर्षीय सर्वसाधारण ज्यामी कुलबहादुर दर्लामीको ०६२ जेठ ७ गते सुरक्षाकर्मीले चलाएको गोली लागी घटनास्थलमै मृत्यु भयो। पाँच दिन अघि माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त भएपछि माओवादीले जबरजस्ती उनलाई घाइते बोकाएर हिँडाउँदै गर्दा सुरक्षाकर्मीलाई देखेपछि लुकेका दर्लामीलाई डाँडामा रहेका सुरक्षाकर्मीले गोली हानेका थिए। पीडित दोहोरो भिडन्तमा परेको भन्दै सुरक्षाकर्मी र जिल्ला प्रशासन कार्यालय, उदयपुरले आवश्यक क्षतिपूर्तिको लागि मन्त्रालयमा लिखित अनुरोध गरेको छ।

मैनामैनी गाविस-९ सोमबारे नजिक ०६२ वैशाख ११ गते सुनसरी जिल्लाबाट गस्तीमा गएका सुरक्षाकर्मीले कारवाही गर्दा बराहक्षेत्र गाविस-१ चनराकी शशी भनिने २६ वर्षीय धनकुमारी सुब्बाको घटनास्थलमै मृत्यु भयो। घटनाको बारेमा उदयपुर प्रशासनले अनभिज्ञता प्रकट गर्‍यो।

रौतागाविस-३ गोगन घर भएका १३ वर्षीय डम्बरबहादुर कार्कीको ०६२ जेठ २ गते लेखानी गाविसमा सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो। लासको पोष्टमार्टम गरिएन। सुरक्षा निकायले पीडितको भिडन्तका क्रममा मृत्यु भएको जनाए पनि माओवादी पक्षले भाग्ने क्रममा सुरक्षाकर्मीले गोली हानी हत्या गरेको सार्वजनिक गरे। स्थानीय प्रावि ओपटारमा अध्ययनरत बालकलाई सांस्कृतिक कार्यक्रममा सहभागी गराएर त्यही दिन फर्काइदिने आश्वासन दिँदै माओवादीले तीन महिना अगाडि अपहरण गरेका थिए। घटनापछि २८ औं बटालियनका कम्पनी प्लाटून कमाण्डर पौडेलले छोराको मृत्यु भएको र माओवादीको शहीद बनेको भन्दै पीडितका बुवा दलबहादुर कार्कीलाई पत्र पठाए।

कटुन्जे बबला गाविसको लामीडाँडा भन्ने ठाउँमा सुरक्षाकर्मीले चलाएको गोलीबाट ०६२ मंसिर ११ गते त्रियुगा नपाका माओवादीका चेतन भनिने सेक्सन उपकमान्डरको मृत्यु भयो। चारदिन अघिदेखि त्यस क्षेत्रमा रहेका सुरक्षाकर्मी र माओवादीबीच जम्काभेट हुँदा माओवादीको बन्दोबस्तीको सामग्रीको जिम्मा लिएका पीडितको घटनास्थलमै मृत्यु भएको थियो। पीडितको लासको पोष्टमार्टम गरिएन।

माओवादीबाट

लेखगाउँ गाविस- २ चिसापानीमा ०६२ जेठ २ गते सुरक्षाकर्मी र माओवादीबीच गोली हानाहान हुँदा आठ जना सैनिक र एकजना प्रहरीको घटनास्थलमै मृत्यु भयो। मृतक सैनिकहरूको नाम खुल्न सकेन भने जिल्ला प्रहरी कार्यालय, उदयपुरमा कार्यरत प्रहरी जवान उमेश ढकालको शव पोष्टमार्टमपछि भोलिपल्टै आफन्तलाई वुझाइयो। माओवादीको गोली लागी ढलेका दुईजना सेनालाई माओवादीले टाउकोमा ढुंगा प्रहार गरी हत्या गरेको प्रत्यक्षदर्शीले वताए।

इलाका प्रहरी कार्यालय कटारी, उदयपुरमा कार्यरत प्रहरी हवल्दार गोरखवहादुर राईलाई ०६२ भदौ ६ गते स्थानीय कटारी वजारमा अपहरणपछि माओवादीले गोली हानी हत्या गरे। इलाम घर भएका पीडित राई मोटर साइकलमा हिंडिरहेको बेला छ जना माओवादीले कव्जामा लिएर वीच वजारमा गोली हानी हत्या गरेका थिए। पीडितको लास पोष्टमार्टमपछि आफन्तलाई वुझाइयो।

दोहोरो भिडन्त

वाराहा गाविस- ३ र ५ को वीचमा पर्ने कोलटार पिप्ले र सतिभञ्ज्याङ्ग भन्ने ठाउँमा ०६२ जेठ ७ गते दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोली लागी माओवादीतर्फ चार जनाको घटनास्थलमै मृत्यु भएको माओवादीले सार्वजनिक गरे। नाम खुल्न नसकेका मृतकहरूको शव पोष्टमार्टम नगरी सुरक्षाकर्मीको निर्देशनमा गाउँलेहरूले घटना लगत्तै खाल्डो खनेर पुरे। सो घटनामा १७ जना सुरक्षाकर्मी घाइते भए। वाराहा गाविस- ३ र ५ को वीचमा पर्ने कोलटार पिप्ले र सतिभञ्ज्याङ्ग भन्ने ठाउँमा ०६२ जेठ ७ गते दोहोरो भिडन्त हुँदा माओवादीले प्रहार गरेको गोली लागी नं. १८ वाहिनी उदयपुर भुल्केका उपसेनानीसहित चारजना सैनिकको घटनास्थलमै मृत्यु भयो। नाम खुल्न नसकेका मृतकहरूको लाश हेलिकप्टरवाट सम्वन्धित ठाउँमा पुऱ्याइएको सुरक्षा स्रोतले जनायो।

आफ्नै बमबाट

आफैंले वोकेको बम विस्फोट हुँदा ०६२ वैशाख २६ गते त्रियुगा नपा-१३ भाण्टावारी नजिक दुई जना माओवादी कार्यकर्ताको घटनास्थलमै मृत्यु भयो। उपचारका लागि जिल्ला अस्पताल ल्याइएका अर्का एकजना गंगावहादुर मगरको २७ गते विहान मृत्यु भयो। रातको १० वजे भएको उक्त घटनामा माओवादीका एरिया कमिटी सदस्यहरू प्रचार र परिवर्तनको घटनास्थल मै मृत्यु भएको माओवादीले सार्वजनिक गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

बेवारिसे बम विस्फोटबाट

जाँते गाविस-४ का १४ वर्षीय नावालक भविन्द्र राई सोही ठाउँमा वेवारिसे रूपमा छाडिएको बम विस्फोट हुँदा ०६१ माघ २६ गते सख्त घाइते भए। अनुहार र छातीमा गहिरो घाउ लागेका बालकको हुरेण्डेक, उदयपुरको सिफारिसमा सिभिक्ट, विराटनगरमा उपचार गराइयो। उक्त वेवारिसे वम युद्धरत पक्षले आफ्नो नभएको दावी गरे।

त्रिवेणी गाविस- ४ को वेलसोत जंगलमा राखिएको वेवारिसे वम विस्फोट हुँदा ०६२ जेठ २७ गते सोही गाविसकी २१ वर्षीय प्रेमिका राई सख्त घाइते भइन्। स्थानीय गाउँलेको सहयोगमा राईको काठमाडौंस्थित एक अस्पतालमा उपचार

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२		२	२	४	१३		४	१७	६	८	३		११
घाइते	३	५	३	८	२	१		१६	१७	१	१			१
गिरफ्तारी / यातना										२१	३५	८	१२	५५
कुटपिट	१		१	१	४	७			७					
धम्की					२	३			३	३	२३			२३
भेला / संगठित हुने अधिकार										४	१०	३	६१	७४
जातीय विभेद	१	१		१										
महिलाअधिकार	७		७	७						१		१		१
वालअधिकार	३		३	३										
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार					३	४	१	३	८	३	७			७
अपहरण					२६	४२	१		४३					
जम्मा	१७	६	१६	२२	४१	७०	२	२३	९५	३९	८४	१५	७३	१७२

गराइयो । घटना विवरणअनुसार घास दाउरा गर्न भनी घरबाट निस्केकी राई घास काट्दै जादा आफ्नो अघिल्तिर वल जस्तो डल्लो देखेपछि के रहेछ भनी चलाउने क्रममा उक्त वम विस्फोट भएको थियो। बेवारिसे अवस्थामा छाडिएको उक्त बम सुरक्षा निकायको हो वा माओवादीको भन्ने खुलेको छैन।

जेल र बन्दीहरू

सरकारले उपलब्ध गराएको लत्ता कपडाहरू कारागारका बन्दी र थुनुवाहरूलाई नदिएको भन्दै उदयपुर कारागारका थुनुवा बन्दीले ०६२ जेठ ७ गते विरोध जनाए। कारागारका सातजना थुनुवा र बन्दीले अहिलेसम्म उक्त लत्ता कपडा बहिस्कार गरिरहेका छन्। गर्मीको समयमा दिइने कपडा पाँच मिटर दिनुपर्नेमा तीन मिटर मात्र दिइएको उनीहरूको आरोप छ।

जिल्ला कारागार उदयपुरमा क्षमता भन्दा बढी थुनुवा र बन्दीहरू राखिएपछि बस्ने ठाउ, सुत्ने कोठा र खानेपानीको हाहाकार भयो। कूल ५० जना बन्दी क्षमता रहेको उक्त कारागारमा ०६२ जेठ देखि ७१ जना थुनुवा बन्दी पुगेपछि यस्तो समस्या उत्पन्न भएको हो। यो संख्या विगत नौ वर्षमा सबैभन्दा बढी भएको जेलर चेतबहादुर कार्कीले बताए। महिला बन्दी राख्ने कोठाको अभावमा सुरुङ जस्तै कोठामा उनीहरूलाई राख्दै आएकोमा माओवादी गतिविधिमा संलग्न रहेकामध्ये सात जनालाई ०६२ साउन ४ गते जिल्ला कारागार मोरङमा सारिएको छ।

उदयपुर जेलमा यस वर्ष ८२ जना थुनुवा र बन्दी छन्। हाल यस जेलमा ३९ जना पुरूष कैद नतोकिएका तथा दुई महिला र ४१ पुरूष कैद तोकिएका बन्दी छन्। ४५ वर्षभन्दा माथिका आठ जना पुरूष बन्दी छन्। जेलको भौतिक अवस्था जीर्ण भएपनि भित्र र बाहिर गरी सात ओटा शौचालय र खानेपानीको धारा चालु अवस्थामा छन्। जेलभित्र स्वच्छ हावाको अभाव छ। कम्पाउण्ड साघुरो छ। टोपी, झोला, मुडा, बुन्ने तानहरू टाँगिए पनि त्यस्ता सामग्री वेच्ने बजारको अभाव रहेको बन्दीहरूको गुनासो छ। जेलभित्र जिविस, नपा र सामाजिक संघ-संस्थाहरूको पहलमा टीभी, क्यारेमबोर्ड, चेसजस्ता खेल सामग्री र तीनवटा पत्रपत्रिका उपलब्ध गराइएको छ।

वेपत्ता / अपहरण

माओवादीबाट

रामपुर ठोक्सिला गाविस-७ का भुपू गाविस अध्यक्ष चित्रबहादुर केसीले मनोनित गाविस अध्यक्षको पद स्वीकार गरेको आरोपमा ०६१ माघ १७ गते माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई पाँच दिनसम्म हिडाएर माघ २२ गते मुक्त गरे।

पञ्चावती गाविस-४ का व्यापारी तथा भूतपूर्व प्रहरी हवल्दार ४६ वर्षीय नारायण तामाङ्ले सुरक्षाकर्मीको चामल घरमा राखिदिएको आरोपमा ०६१ माघ ५ गते माओवादीले अपहरण गरी विभिन्न ठाउँमा घुमाएर आठ दिनपछि मुक्त गरे। सेनाको फरवार्ड अपरेशन आधार शिविर, उदयपुरगढीमा ठेकेदारले लादै गरेको चामल ट्रकबाट अनलोड गरी तमाङको पसलमा अघिल्लो दिन मात्र राखिएको चामलसहित उनलाई अपहरण गरेका थिए।

भुट्टार गाविसका अन्दाजी ३५ वर्षीय मानबहादुर अधिकारी गाँजा बिक्री गर्ने कार्यमा संलग्न रहेको आरोपमा ०६१ मंसिर १२ गते माओवादीले उनलाई अपहरण गरे। पीडितलाई ०६१ माघ ५ गते सोही गाविसमा एक कार्यक्रमको आयोजना गरी मुक्त गरे। पीडित अधिकारीलाई अपहरणपछि माओवादीको श्रम शिविरमा राखिएको समेत माओवादीले सार्वजनिक गरेका थिए। उनीसँगै अपहरणमा परेका भरियालाई भने भोलिपल्ट नै मुक्त गरेका थिए।

हडिया गाविस-२ भीमाका भीम सामुदायिक वनका अध्यक्ष ४० वर्षीय हरिनारायण पंजियारलाई आर्थिक हिनामिना गरेको आरोपमा ०६१ माघ ६ गते माओवादीले अपहरण गरी माघ १० गते बेल्टार गाविसको कान्छी बजारबाट मुक्त गरे।

रामपुर ठोक्सिला स्थित- ७ को राकम्नी प्रा.वि.का प्र.अ. राजेन्द्र बिष्टले आफ्नो पार्टी कार्यकर्ताको सुराकी गरेको र विद्यालयमा बसेर नियमित अध्यापन नगराएको आरोपमा ०६१ माघ १८ गते माओवादीले विद्यालय हाताबाटै उनलाई अपहरण गरे। उनीसग ठूलो रकम चन्दा लिएर माघ २२ गते सकुशल मुक्त गरे।

ठानागाउँ गाविस- २ थुम्कीका ३४ वर्षीय ज्ञानेन्द्र ठकुरीले दलितहरूलाई घरमा प्रवेश गर्न नदिएको आरोपमा ०६१ फागुन ३ गते माओवादीले उनलाई अपहरण गरे। माओवादीले ठकुरीलाई सँगै लिएर हिंडेकोमा हालसम्म पीडितको अवस्था अज्ञात रहेको छ।

बेल्टार गाविस-१ का जिविसका पूर्व क्षेत्रीय सदस्य तथा एमाले जिल्ला कमिटीका सल्लाहकार सदस्य ४६ वर्षीय थुसुङ घिसिङ र पूर्व मनोनित गाविस अध्यक्ष ३३ वर्षीय मणिकुमार राईलाई ०६१ फागुन ९ गते माओवादीले "केही बुझ्नु छ" भनी घरैबाट अपहरण गरी तीन दिनपछि मुक्त गरे। ऐलानी जग्गामा विवाद गरेको आरोपमा घिसिङ र गाविसको रकम हिनामिना गरेको आरोपमा राईलाई माओवादीले अपहरण गरेका जनाए।

हडिया गाविस-५ का ५० वर्षीय नैनबहादुर सुवेदीलाई माओवादीले ०६२ असार ३ गते घरैबाट अपहरण गरे। स्थानीय भगवती सामुदायिक वनका अध्यक्ष रहेका सुवेदीलाई "केही बुझ्नु छ" भनी कसैलाई जानकारी नदिन

घरका परिवारलाई धम्की दिँदै साँझ अपहरण गरे। पीडितलाई सामुदायिक वनको रकम हिनामिना गरेको आरोप लगाइएको थियो। पीडितलाई माओवादीले ०६२ असार १० गते बेल्टार गाविसको कान्छी बजारबाट मुक्त गरे।

नेपाल शिक्षक युनियन उदयपुरका अध्यक्ष तथा उच्च मावि बसाहा, उदयपुरका प्राचार्य ५८ वर्षीय कुमारसिंह कार्की, सोही विद्यालयका शिक्षक तथा नेपाल राष्ट्रिय शिक्षक संगठन उदयपुरका सचिव ३६ वर्षीय कुमार खड्का र सोही विद्यालयका शिक्षक रमेश झालाई ०६२ असार २९ गते विद्यालय प्रशासनको काम गरिरहेको बेला विद्यालय हाताबाटै माओवादीले अपहरण गरेर सोही दिन मुक्त गरे।

तपेश्वरी गाविसका एमाले गाउँ कमिटी सचिव ३० वर्षीय जंगबहादुर खड्का र सर्वसाधारण ५७ वर्षीय पर्शुराम कठैतलाई ०६२ भदौ १४ गते माओवादीले "केही बुझ्नु छ" भन्दै घरबाटै अपहरण गरे। उनीहरूलाई भदौ १६ गते रामपुर गाविसबाट मुक्त गरे।

खाँबु गाविस-६ रानीबासका नाम नखुलेका एक नाबालकलाई आरोपमा ०६२ भदौ १९ गते सोही ठाउँका कृष्णकुमारी मगरको घरबाट माओवादीले अपहरण गरी रातभर काम लगाएर धम्की दिँदै भोलिपल्ट मुक्त गरे। सुराकीको आरोपमा पीडितलाई अपहरण गरिएको थियो।

रौता गाविस-९ मुर्कुची बजारका अन्दाजी २३ वर्षीय विदुर परियारलाई ०६२ भदौ २९ गते माओवादीले अपहरण गरे। परियारले मादक पदार्थ सेवन गरी माओवादीको अजात भनिने एक कार्यकर्तामाथि जाईलागेको आरोपमा माओवादीले कब्जामा लिएको जनाए। पीडित हाल माओवादी श्रमशिविरमा छन्।

आँपटार गाविस-९ चिसापानीघर भई ग्रामीण सडक निर्माण उपभोक्ता समितिका सचिव तथा स्थानीय रौता सामुदायिक संस्थाका मेनेजर जीवन राईलाई ०६२ भदौ २४ गते माओवादीले अपहरण गरी गाउँ नछाड्न आदेश दिए। पीडित राईलाई हातहतियारसहित आएका तीनजना माओवादीले अपहरण गरेकोमा चार दिनपछि मुक्त गरे।

रामपुर ठोक्सिला गाविस-७ घर भएका दिगो शान्तिका लागि युवा प्रतिष्ठान नेपाल उदयपुरका सदस्य तथा स्थानीय बजार व्यवस्थापन समितिका अध्यक्ष सामाजिक कार्यकर्ता २३ वर्षीय प्रेम अधिकारीलाई ०६२ असोज १ गते माओवादीले अपहरण गरे। पीडितलाई आउने दिनमा कुनै पनि संघ-संस्थामा बसेर काम नगर्ने सर्तमा कागज समेत गराएर असोज २ गते छिमेकी गाविसबाट मुक्त गरे।

झापा जिल्ला जुरोपानी गाविस घर भई जिल्ला प्रहरी कार्यालय, उदयपुरमा कार्यरत प्रहरी जवान बेनुप्रसाद भेटवाललाई ०६२ कार्तिक ३ गते माओवादीले त्रियुगा नपा-११ स्थित लालपत्ताबाट अपहरण गरी रौता गाविसको मुर्कुची बजारबाट दुई दिनपछि मुक्त गरे। पीडित आँखाको उपचार गराएर लहानबाट जिल्ला प्रहरी कार्यालय उदयपुर फर्कने क्रममा अपहरणमा परेका थिए।

त्रियुगा नपा-७ मोतीगढाका चतुरधन चौधरी र हडिया गाविस-१ का अर्जुन चौधरीलाई ०६२ कार्तिक १६ गते माओवादीले बेल्टार गाविस-१ बाट अपहरण गरी दुई दिनपछि मासिक चन्दा बुझाउने सर्तमा चौदण्डी गाविसबाट मुक्त गरे।

खाँबु गाविसस्थित माध्यमिक विद्यालय खाँबुबाट ०६२ मंसिर १७ गते कक्षा ८ र ९ का सुवास राई, केशव कटुवाल, तिलक खड्का, सलोकचन्द्र राईसहित चारजना विद्यार्थीलाई माओवादीले अपहरण गरी चारदिन पछि मुक्त गरे।

माओवादीको जिल्ला संगठन समिति, उदयपुरले ०६२ मंसिर १७ गते बेल्टार गाविस-९ का भित्ते प्राविका शिक्षक तथा ज्योति उच्च मावि बेल्टारको कक्षा १२ मा अध्ययनरत छात्र कमला सुबेदी, उद्धव सापकोटा, उमेश राई, गोपाल खड्कालाई अपहरण गरी मंसिर २१ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

बेल्टार गाविस-१ का विश्व राई, मिलन राई, दिलिप राईसहित चारजनालाई मादक पदार्थ सेवन गरी फट्याइँ गरेको आरोपमा ०६१ चैत २६ गते माओवादीले बीच बजारमै उनीहरूलाई कुटपिट गरे। पिटाइबाट घाइते भएका मिलन राईको धरानस्थित बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उपचार भयो।

रामपुर ठोक्सिला-७ का स्थानीय सामुदायिक वनका अध्यक्ष ४० वर्षीय रूद्र खतिवडाले उपभोक्ता समूहमा आर्थिक हिनामिना गरेको आरोप लगाई ०६२ वैशाख १८ गते माओवादीले उनलाई मरणासन्न हुने गरी कुटपिट गरे। कुटपिटका कारण थला परेका खतिवडाको भोलिपल्ट गाउँलेको सहयोगमा कोशी अञ्चल अस्पताल विराटनगरमा उपचार भयो। पीडित हाल अन्यत्रै बस्दै आएका छन्।

बेल्टार गाविस- ९ माडिबास घर भई हाल काजमा जिल्ला सदरमुकाममा रहेको त्रियुगा माध्यमिक विद्यालयमा कार्यरत शिक्षक ३७ वर्षीय गोपाल खड्कालाई ०६२ असोज ९ गतेबाट माओवादीले घरबाट बाहिर नजान उर्दी जारी गरे। शिक्षक खड्कालाई माओवादीले आफूलाई घरमा बस्न नदिएको भनेर जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएर काजमा बसेको आरोप माओवादीले लगाएका थिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

शाही घोषणा विरूद्ध ०६१ चैत ८ गते आन्दोलनरत

दलहरूले निकालेको शान्तिपूर्ण जुलुसको अवलोकन गरिरहेका मानवअधिकार कार्यकर्ताहरू कुशलबाबु बस्नेत, राममणि पोखरेल, गीता रेग्मी, माया भण्डारी, बलदेव चौधरी, बिमला ढुंगाना, अधिवक्ता बिदुरबहादुर राउत र युवराज पराजुलीलाई प्रहरीले गिरफ्तार गऱ्यो।

यसैगरी गिरफ्तार हुनेहरूमा एमालेका मणिराज पौडेल, वेदप्रसाद पोखरेल, भीमप्रसाद पराजुली, रामप्रसाद बराल, प्रेम चाम्लिङ्ग, धनपति आचार्य, श्याम ढुंगाना, दिलबहादुर सुर्खेती, राम ओझा, ईश्वरमणि राउत, कैलाश बस्नेत रहेका थिए। नेकां (प्रजातान्त्रिक) का नारायणबहादुर कार्की, बुद्धबहादुर पाँचे, बलबहादुर तामाङ्ग, विजय सिंह, शान्ता राई, बलदेव विक, लक्ष्मी राई, वीरेन्द्र बस्नेत, गणेश राउत थिए। यसैगरी जनमोर्चाका गजेन्द्र चौधरी, नेकांका हिमाल कार्की, विष्णु राउत, माधव दाहाल, जयप्रसाद सुवेदी, विजु नारायण चौधरी, गणेशबहादुर कार्की ढोली, सत्यनारायण चौधरी, सरोज बस्नेत, बिमला सुनुवार, बिमला राई, कुमार मोते, रामविलास राउत, अर्जुन मगर, बलबहादुर दनुवार, ताराकान्त चौधरी र बमबहादुर कटुवाल थिए। जिल्ला प्रहरी कार्यालय, उदयपुरको हिरासतमा राखिएका उनीहरूलाई राति ११ बजेसम्ममा रिहा गरियो।

शान्तिपूर्ण आन्दोलनमा उत्रिएका उदयपुरका एमाले, नेकां (प्रजातान्त्रिक), नेकां र जनमोर्चाका नेता कार्यकर्ताहरूलाई प्रहरीले ०६१ चैत २६ गते गाइघाट बजारमा लाठीचार्ज गरी ३८ जनालाई गिरफ्तार गऱ्यो। जनआन्दोलन दिवसको अवसर पारी पूर्ण प्रजातन्त्रको बहालीको माग गर्दै प्रदर्शन गर्ने क्रममा पक्राउ पर्नेहरूमा एमालेका राममणि पोखरेल, ईश्वरमणि राउत, गीता रेग्मी, राम ओझा, नेकांका हिमाल कार्की, सत्यनारायण चौधरी, नेकां (प्रजातान्त्रिक) का बलबहादुर तामाङ्ग, बलदेव विश्वकर्मा, लक्ष्मी परियार र टीका बुढाथोकीलाई शान्ति सुरक्षामा खलल पुऱ्याएको भन्दै थुनामा राखिएकोमा पाँच दिनपछि मानवअधिकारकर्मीहरूको विरोधका बावजुद रिहा गरियो।

आन्दोलनमा निस्कने तयारी गरेको आशंकामा जिल्ला प्रहरी कार्यालय, उदयपुरको प्रहरी गस्तीले ०६१ चैत २६ गते बिहान ३ बजे घर-घरमा सुतिरहेको अवस्थाबाट नौजना नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गऱ्यो। यसरी गिरफ्तार हुनेहरूमा पर्नेहरूमा एमालेका जिल्ला सचिव मणिराज उपाध्याय, उपसचिव प्रकाश बस्नेत, सदस्य दुर्गाकुमार थापा र कार्यकर्ता परमेश्वर घिमिरे रहेका थिए। यसैगरी नेकांका जिल्ला सभापति नारायणबहादुर कार्की, बिदुर बस्नेत, क्षेत्रीय सभापति बसन्त बस्नेत, जिल्ला सदस्य विनोद बस्नेत र सरोज बस्नेत रहेका थिए। उनीहरूलाई १४ घण्टासम्म नियन्त्रणमा राखी छाडियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला अदालतमा दर्ता भएका तीनसय १९ र गत वर्षको जिम्मेवारी सरेर आएका दुईसय ३१ गरी कूल पाँचसय ६० ओटा मुद्दा रहे। जसमा, देवानी तीनसय २९ ओटा र फौजदारी दुईसय ३१ वटा रहेको अदालतले जनाएको छ।

यस वर्ष जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका गरी तीनसय ५४ वटा मुद्दा फर्स्यौट भए। अदालतमा दुई वर्ष नाघेका चार वटा मुद्दा रहेका छन् भने अन्य सबै मुद्दा एकवर्ष भित्रका छन्।

जिल्ला वन कार्यालयमा वन पैदावर हानी नोक्सानी पुऱ्याएको र वन अतिक्रमण गरेको अभियोगमा चारओटा मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरेर आएका दुईओटा र यस वर्षको दुईओटा फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्वासी समस्या, अशक्त भत्ता आदि आर्थिक अधिकार

यस वर्ष जिल्लामा दुईहजार दुईसय नौजना जेष्ठ नागरिकलाई ४६ लाख ३८ हजार नौ सय रूपैयाँ र अपाङ्ग ४२ जनालाई आठहजार ८८ हजार दुईसय र अशक्त एकल दुईहजार चारसय ५५ जना महिलालाई २४ लाख ८२ हजार पाँच रूपैयाँ गरी कूल ९२ लाख नौ हजार एकसय पाँच रूपैयाँ भत्ता वितरण गरिएको कुरा जिविसले जनायो। द्वन्द्वका कारण कतिपय गाविस सचिवहरू सदरमुकाम बस्नुपरेकाले समयमा यस्तो भत्ता पाउन नसकेको जेष्ठ नागरिक तथा एकल महिलाहरूको गुनासो आएको छ।

बेल्टार गाविस- १ का बेल्टार व्यापार संघका अध्यक्ष योगराज कार्कीको हार्डवेयर पसल, सोही वडा बस्ने दिनेश श्रेष्ठको कपडा पसल, सोही ठाउँ बस्ने गणेशबहादुर राई (खोलाघरे) को सुन र कपडा पसल ०६२ असोज २ गते माओवादीले कालाबजारी गरेको भन्दै सूचना टाँस गरी अर्को सूचना प्रकाशित नहुञ्जेलसम्मका लागि भनी बन्द गराएकोमा ०६२ असोज ८ गतेबाट पसलहरु खुले।

रातापानी रामपुर ठोक्सिला गाविस-२ का चारओटा पसलमा ०६२ असोज २३ गतेबाट माओवादीले तालाबन्दी गरेर तीनदिनपछि खुल्ला गरिदिए। बढी मूल्यमा औषधी बिक्री गर्ने गरेको र म्याद नाघेको औषधी बिक्री गर्ने गरेको भन्दै पसल बन्द गरिएका आरोप माओवादीले लगाएका थिए।

विस्थापित

सेनामा कार्यरत दुई छोरालाई २४ घण्टाभित्र हाजिर नगराए सबै परिवारको एउटै चिहान बनाइदिने माओवादी धम्कीका कारण बसाहा गाविस-९ का ४६ वर्षीय रामबहादुर

बस्नेत, ३७ वर्षीय कृष्णकुमारी बस्नेत, छोरीहरू १६ वर्षीय तारा बस्नेत, १४ वर्षीय चन्दा बस्नेत र १३ वर्षीय शारदा बस्नेत ०६१ पुस २४ गते विस्थापित भए। उनीहरू बसेको घर अघिल्लो वर्ष नै सोही आरोप लगाई माओवादीले नै तालाबन्दी गरिदिएपछि गाई गोठमा बस्दै आएका थिए। हाल सप्तरी जिल्लाको कन्चनपुरमा बस्दै आएका पीडितहरूले घर छाड्नासाथ चौपायासमेत माओवादीले नै लगे भने घरजग्गा कब्जामा लिएका छन्।

यातना तथा अन्य क्रूर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी /यातना

तीन महिना थुनामा परी ०६१ पुस १९ गते तारिखमा छाडिएका बेल्टार गाविस-१ का ३७ वर्षीय दुर्गाबहादुर राईलाई ०६१ माघ ३ गते तारिख बुझ्न आउँदा सेनाको श्री नं. १८ बाहिनी भुल्केमा थुनामा राखियो। पीडित राईलाई वैदेशिक रोजगारीमा जाने सर्तमा एक महिनापछि आत्मसमर्पण गराई रिहा गरियो।

खोटाङ्ग जिल्ला चिसापानी गाविस घर भएकी अन्दाजी १७ वर्षीय क्षमता राई र सोही जिल्ला खार्पा गाविस घर भएका अन्दाजी २७ वर्षीय नौबहादुर राईलाई ०६२ साउन १५ गते जिल्ला प्रहरी कार्यालय, उदयपुरको गस्ती टोलीले त्रियुगा नपा-१२ स्थित चुहाडेबाट पक्राउ गरी थुनामा राख्यो।

नेपाल पत्रकार महासंघ, उदयपुर शाखाका सचिव तथा नेपाल विद्युत प्राधिकरण गाईघाट शाखाका कर्मचारी मधुकर थापालाई ०६१ फागुन ८ गते प्रजातन्त्र दिवसको समाचार बीबीसी नेपाली सेवालाई दिएको आरोपमा जिल्ला प्रहरी कार्यालय उदयपुरले त्रियुगा नपा-११ स्थित मोहनपुरमा रहेको पीडितको घरैबाट पक्राउ गरी १२ घण्टासम्म थुनामा राख्यो। थापासँग सोधपुछ र बयान लिएर कागज गराई पत्रकार महासंघ, उदयपुर शाखालाई जिम्मा लगाएर छाड्यो।

गस्तीमा गएको सुरक्षाकर्मीले ठेगाना खुल्न नसकेका १६ वर्षीय शोभा थापा मगर र चक्रमाया पुलामीलाई माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा ०६१ फागुन १७ गते पञ्चावती गाविस-४ बाट गिरफ्तार गरी अनुसन्धानका क्रममा शारीरिक र मानसिक यातना दिए। माओवादीका २८ औं बटालियनका सदस्य रहेको दावी गरिएका ती दुवै बालिकालाई १० दिनपछि आत्मसमर्पण गराई रिहा गरियो। बालिकाहरू कस्को जिम्मामा, कहाँ छाडियो भन्ने कुरा खुल्न सकेको छैन।

डुम्रे गाविस-७ की दीपा खपाङ्गी मगर र पञ्चावती गाविस-६ की संगीता राईलाई माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा ०६१ फागुन १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। अनुसन्धानका क्रममा यातना दिएको पीडितहरूले बताए। उनीहरूलाई तीन दिनपछि आत्मसमर्पण गराई रिहा गरियो।

जिल्ला प्रहरी कार्यालय र श्री नं. १८ बाहिनी भुल्केबाट गस्तीमा गएका सुरक्षाकर्मीले माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा बेल्टार गाविस-१ बेल्टार बजारका वीरेन्द्र झा, मणिकुमार राई, कृष्ण गेलाललाई ०६२ वैशाख १२ गते राति सुतिरहेकै ठाउँबाट गिरफ्तार गर्‍यो। गैरकानुनी रूपमा गरिएको उक्त गिरफ्तारीको जिल्लास्थित मानवअधिकारकर्मीहरूले विरोध जनाए लगत्तै सोही दिन जिल्ला प्रहरी कार्यालय उदयपुर ल्याइए। पीडितहरूलाई २० घण्टापछि रिहा गरियो।

चोरीको अभियोगमा प्रहरीले पक्राउ गरेका त्रियुगा नपा-८ का बालक १२ वर्षीय जीतबहादुर तामाङ्लाई अनुसन्धानका क्रममा प्रहरी हिरासतमा यातना दिएको पीडितले बताए। ०६२ साउन २ गते पक्राउ परेका उनलाई अनुसन्धान अधिकारीहरूले पैतालामा पाइपले कुटेको बताए। पीडित नाबालकलाई वयस्कसरह १७ दिनसम्म हिरासतमा राखी जिल्ला अदालत उदयपुरको आदेशबाट ०६२ साउन १९ सादा तारेखमा रिहा गरियो।

माओवादी गतिविधिमा संलग्न रहेको आरोपमा पक्राउ परी पुनरावेदन अदालत विराटनगरको आदेशबाट ०६२ मंसिर २२ गते रिहा भएका सप्तरी जिल्ला हर्दिया गाविस-५ का खेमराज दाहाललाई अदालत परिसरबाटै सोहिदिन प्रहरीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय उदयपुरको हिरासतमा राखे। हाल प्रहरीले उनीमाथि त्रियुगा नपा-११ जलजलेमा माओवादीका दस्तावेज बोकेर हिँड्दै गरेको भनी आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत मुद्दा चलाएको छ।

ठानागाउँ गाविस-३ का ज्ञानेन्द्रकुमार ठकुरी, साउने गाविस-६ का कृष्णबहादुर राई, गोपाल राई र जीवन राईलाई ०६२ मंसिर ११ गते सुरक्षाकर्मीले भिडन्तका क्रममा पक्राउ गरी डेढ महिना जिल्ला प्रहरी कार्यालय, उदयपुरमा राखी पुस २५ गते प्रहरीले पीडितका आफन्तहरूलाई बुझाए। माओवादीले विभिन्न आरोपमा चार महिनाअघि अपहरण गरी श्रम शिविरमा राखेका ठानागाउँ गाविस-३ का ज्ञानेन्द्रकुमार ठकुरी स्थानीय प्राविका शिक्षक हुन् भने अन्य तीनजना सर्वसाधारण कृषक हुन्। उनीहरूलाई माओवादीले विभिन्न अवधि तोकेर श्रम शिविरमा राख्दै आएकोमा कटुञ्जे बबलामा भएको घटनाको क्रममा आफूहरू माओवादीको बन्दी भएको भन्दै हात उठाएपछि सुरक्षाकर्मीले उनीहरूलाई पक्राउ गरेका थिए। पीडितहरूले आफूहरू युद्धरत दुवै पक्षहरूको मारमा परेका बताए।

गस्तीमा गएका सुरक्षाकर्मीले उदयपुरको कटुञ्जे बबलाबाट माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा

रामपुर गाविस-२ की ११ वर्षीय सानी परियार र सिरिस गाविस-८ की १४ वर्षीय मन्जु परियारलाई ०६२ मंसिर ११ गते र माओवादीको महिला संगठनमा क्रियाशील अजिता भनिने गीता खड्कालाई मंसिर १२ गते रामपुर गाविस-२ वरगाछीबाट गिरफ्तार गऱ्यो। पीडित अजिता भनिने गीता खड्कालाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तरगत थुनामा राखिएको प्रहरीले जनायो।

त्रियुगा नपा-२ गाईघाटको उषा होटलबाट पञ्चावती गाविस-४ का २२ वर्षीय कृष्णप्रसाद सापकोटालाई माओवादी गतिविधिमा संलग्न रहेको आशंकामा ०६१ मंसिर २७ गते जिल्ला प्रहरी कार्यालयको गस्ती टोलीले उनलाई पक्राउ गरी पाँच दिनपछि रिहा गऱ्यो। हिरासतमा शारीरिक र मानसिक यातना दिइएको पीडितले बताए।

बालअधिकार

अनेरास्ववियु (क्रान्तिकारी) ले ०६२ साउन २० गते देखि भदौ २० गतेसम्म उदयपुरको सदरमुकाम बाहिरका निजी तथा आवासीय विद्यालयहरू एकाएक बन्द गराएपछि जिल्लामा चारहजार विद्यार्थी पठनपाठनबाट वञ्चित भए।

पञ्चावती गाविस-७ का सातवर्षीय एक बालिकालाई सन्तोष विश्वकर्माले ललाइफकाई नजिकैको जंगलमा लगेर बलात्कार गरे। पीडक सन्तोष विश्वकर्मालाई ०६२ मंसिर १० गते स्थानीय गाउँलेहरूले पक्राउ गरी सदरमुकाम ल्याएर प्रहरीलाई बुझाएकोमा एक सातापछि पीडित नाबालक रहेको ठहर गर्दै जिल्ला अदालत उदयपुरको आदेशबाट रिहा भए।

त्रियुगा नपा-६ बस्ने १० वर्षीय एक नाबालिकालाई ललाई फकाई सोही ठाउँ बस्ने १५ वर्षीय दिनेश खडकाले ०६२ साउन १५ गते बलात्कार गरे। घटनापछि पीडितले आवश्यक कारवाही गरी पाऊँ भनी जि.प्र.का. उदयपुरमा दिएको निवेदन बमोजिम प्रहरीले पीडक खड्कालाई पक्राउ गरी कानुनी कारवाही चलाएकोमा जिल्ला अदालत उदयपुरबाट पीडक खड्का नाबालक रहेको पुष्टि भएपछि सामान्य तारेखमा रिहा गरियो।

हडिया गाविस-६ का १६ वर्षीय एक बालिकालाई सोही ठाउँ बस्ने नवीन चौधरीले ०६२ भदौ ३ गते नजिकको जंगलमा लगी बलात्कार गरे। पीडकमाथि प्रहरीले कानुनबमोजिम जबरजस्ती करणी सम्बन्धी मुद्दा चलायो। पीडकलाई हाल पुर्पक्षका लागि जिल्ला कारागार उदयपुरमा राखिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

त्रियुगा नपा-२ की १६ वर्षीय एक महिलालाई छोरो नभएको मौका छोपी ०६१ फागुन २४ गते सुतिरहेकै ठाउँमा उनका ससुरा ४० वर्षीय भीमबहादुर विश्वकर्माले बलात्कार गरे। पीडकले साबिती बयान दिएपछि पुर्पक्षका लागि जिल्ला कारागार उदयपुरमा राखियो।

त्रियुगा नपा-४ असारी कि २० वर्षीय एक महिलालाई सोही ठाउँ बस्ने केटाहरूको एक हुलले ०६२ असार ५ गते गाइघाटबाट घरतर्फ जाँदै गर्दा सामुहिक बलात्कार गरे। पीडितको जाहेरीले असार २२ गते जिल्ला प्रहरी कार्यालय, उदयपुरले पीडितमध्येका २० वर्षीय गणेशबहादुर कार्कीलाई गिरफ्तार गरी आवश्यक अनुसन्धान गरिरहेको छ। पीडितले आफ्नो जाहेरीमा सोही ठाउँका राम विक, राजन कार्की, सुवास राई र जिल्ला कृषि विकास कार्यालय, उदयपुरमा कार्यरत डिकबहादुर परियारको नामसमेत जाहेरीमा किटान गरेकी थिइन्। अन्य पीडकहरूले खोजी भइरहेको प्रहरीले जनाएको छ।

१.१४ खोटाङ



जनसंख्या :	२३७८३८
साक्षरता प्रतिशत :	४९.८७
महिला साक्षरता प्रतिशत :	३८.२९
क्षेत्रफल (वर्ग कि. मि.) :	१५९१
गाविस नपा संख्या :	७६ ०
निर्वाचन क्षेत्र :	२
विद्यालय :	५७१
क्याम्पस उच्च मा.वि. :	१ ११
अस्पताल स्वास्थ्य चौकी :	१ ७१
टेलिफोन लाइन :	२१०
मोटर सडक (कि. मि.) :	०
प्रहरी कार्यालय संख्या :	३
हुलाक संख्या :	७६
मानव विकास सूचकांक :	०.४४२
प्रति परिवार सरदर संख्या :	५.५५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
माओवादीबाट

यम्खा गाविस-६ मा माओवादीले गाउँलेलाई बम देखाउन खोज्दा स्वीच तानिएकोले हतारमा छाडेको बम ०६१ माघ १६ गते बालबालिकाहरू खेलिरहेको ठाउँमा बज्रिन गई विस्फोट हुँदा वाम्राङ गाविस-७ का ३ वर्षीय विष्णु दर्जीको मृत्यु भयो। सोही घटनामा परी यम्खा गाविस-६ की १७ वर्षीय जुना दर्जी, सोही गाविस-९ की चित्रकला कार्की, १२ वर्षीय गीता कार्की सामान्य घाइते भए। विष्णुको लास खोटाङमा ल्याई पोष्टमार्टम गरी अन्तिम संस्कार गरियो। घटनाको माओवादीले गल्ती स्वीकार गरेका छैनन्।

लिच्कीराम्चे गाविस-९ की ३३ वर्षीय निर्मला बस्नेतलाई ०६२ कार्तिक १८ गते माओवादीका छ नं. एरिया इन्चार्ज ज्ञान तामाङ, इलाका जनसरकार प्रमुख इन्द्र दंगाल, हिक्मत आत्मा, अनु, मिलन, पर्वतसहितका दशजनाभन्दा बढी माओवादीले दिनभर यातना दिई हत्या गरे। अघिल्लो रात उनलाई आफ्नै घरबाट माओवादीले राम्चे गाविस-६ का मातिमे भनिने ७४ वर्षीय छविलाल कामीसँग अवैध सम्बन्ध राखेको आरोपमा अपहरण गरेका थिए। हत्या गर्नुपूर्व छविलालसंग उनको विवाह गराएर दिनभर यातना दिइएको थियो। पीडितको लास पूर्व जिविस सभापति पर्शुराम कार्कीको बारीमा गाडेर माओवादी फरार भएका थिए। कार्तिक १९ गते गाउँलेहरूले गाडेको लास निकालेर माओवादी गाजस प्रमुख जीतबहादुर पोखरेलको घरमा लगेर छाडिदिएका थिए। सोही राति ११ बजे मृतकका पति हिक्मत र जीतबहादुरले लास सिमले खोलामा पुऱ्याएर गाडिदिए। सो घटनामा माओवादीको कुटपिटबाट सख्त घाइते भएका छविलाल कामीको अवस्था हालसम्म अज्ञात छ।

डाँडागाउँ गाविस-७ पिपलडाँडा घर भएका पूर्व माओवादी कार्यकर्ता वीरधन राई भनिने दिनेश राईलाई माओवादीले घरबाट "तपाईसँग केही बुझ्नु छ" भनी अपहरण गरी डम्बर्खु शिवालय गाविसको भञ्ज्याङ खर्क भन्ने ठाउँमा पुऱ्याई ०६२ जेठ १ गते हत्या गरे। पीडित माओवादीबाट अलग भएपछि स्वतन्त्र भई बसेकोमा विभिन्न लुटपाट अपहरण कुटपिट बलात्कार गर्ने तथा आफू माओवादी भएको भनी गाउँमा सन्त्रास फैलाउने कार्य गरेकोले दिनेशको हत्या गरिएको माओवादीले जानकारी गराए।

दोहोरो भिडन्त

दिख्वाखोला फेदीमा ०६२ मंसिर ५ गते माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी फायरिङ गरेपछि भएको सुरक्षाकर्मीको कारवाहीमा सोलुखुम्बु घर भएका माओवादी प्लाटुन कमान्डर लोकेश, बाहुनीडाँडा खोटाङ घर भएका प्लाटुन सदस्य रूपेशको मृत्यु भयो भने तीनजना गम्भीर घाइते हुनाका साथै १० जना सामान्य घाइते भएको माओवादीले पुष्टि गरे। सुरक्षाकर्मीतर्फ कुनै क्षति नभएको सुरक्षाकर्मीले बताए। माओवादीले रत्नबहादुर राईको घरमा आड लिई फायरिङ गरेपछि सुरक्षाकर्मीले मोर्टार प्रहार गर्दा कर्णबहादुर कार्कीको घर तथा गोठमा सामान्य क्षति भयो।

इन्द्रध्वज गुल्म मुडे, जिल्ला कारागार र संयुक्त सुरक्षा बेस क्याम्पमाथि ०६२ असार ५ गते राति ११ बजेदेखि बिहान ३ बजेसम्म माओवादीले आक्रमण गर्दा जिल्ला बन कार्यालय, जिल्ला सरकारी वकिल कार्यालय, जिल्ला मालपोत कार्यालय, जिल्ला शिक्षा कार्यालय, जिल्ला विकास समिति, ग्रामीण कार्यालय, जिल्ला प्राविधिक कार्यालय, जिल्ला अनुसन्धान कार्यालय, नेपाल बार एशोसिएसन इकाईका भवनहरू ध्वस्त भए। भिडन्तमा छजना सुरक्षाकर्मी र तीनजना माओवादीको मृत्यु भयो। जिल्ला कारागारबाट ३६ जना कैदी, तीन बालकसहित बन्दीहरूलाई माओवादीले साथैमा लगे भने नौजना सुरक्षाकर्मीलाई अपहरण गरे। कारागारबाट लगिएका थुनुवा कैदीमध्ये पाँचजना तुरुन्तै सम्पर्कमा आए। अपहरण गरिएका जिल्ला कारागारका सुरक्षार्थ खटिएका प्रहरीहरूमा मोरङ जिल्ला इन्द्रपुर गाविसका प्रहरी सहायक निरीक्षक भुवन राउत, सोही जिल्ला हरिबन गाविस-५ का प्रहरी हवल्दार टेकबहादुर भण्डारी, सप्तरी जिल्लाका प्रहरी हवल्दार राजेन्द्र यादव, सिरहा जिल्ला इटहरा गाविस-६ का प्रहरी जवान रामघ्याय यादव, सोही जिल्ला पोखरभिण्डा गाविस-६ का प्रहरी जवान दीपेन्द्र सिंह, संखुवासभा जिल्ला चैनपुर गाविस-६ का प्रहरी जवान देवेन्द्र कार्की, सुनसरी जिल्ला श्रीपुर जदहीका रामानन्द महात्यान, इलाम जिल्ला धुसेनी गाविस-३ का सिपाही जगत लिम्बू र रोशन सुब्बालाई भोलिपल्ट बिहान मुक्त गरे। घटनामा झापा जिल्ला दमकका प्रहरी जवान विपुल थापा, किस्कू गाविसका प्रहरी जवान बुद्धिराज, तोपगाछी गाविसका हेमबहादुर सुवेदी, दिनेश पाण्डेको मृत्यु भयो भने प्रहरी सहायक निरीक्षक गोपाल कार्की, प्रहरी जवान रोशन सुब्बा, प्रहरी जवान शंकर चौधरी र प्रहरी हवल्दार बलबहादुर राउत घाइते भए। अपहरण गरिएका कर्मचारीहरूमा जिल्ला शिक्षा कार्यालयका परिचर प्रेम श्रेष्ठ, जिल्ला विकास समिति परिचर सन्तोष राई, छवि आचार्य, मालपोत परिचर तारा कार्की, अदालत परिचर गोविन्द आचार्य, कृषि प्र. स. शम्भुप्रसाद साह (निमित्त प्रमुख) र कृषि प्रा. सा. हिरालाल साहलाई भोलिपल्ट बिहान दोपर्पा चिउरीडाँडा गाविसबाट खाजा खुवाई खर्च नहुनेलाई खर्च समेत दिई मुक्त गरे। जिल्ला स्वास्थ्य कार्यालय नजिक रहेको नारायण मेडिकल हलको सञ्चालक अर्जुन

माओवादीद्वारा हत्या गरिएकी निर्मला बस्नेत

राउतको ८० हजार रूपैयाँ बराबरको औषधी माओवादीले ताल्चा खोली लगेका थिए। अपहरित सुरक्षाकर्मीलाई आईसीआरसी, पत्रकार, मानवअधिकारकर्मीको रोहवरमा सिन्धुलीबाट मुक्त गरियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

उदयपुर जिल्लाको सीमानामा पर्ने आँपटार गाविसको रसुवाघाट र खोटाङ जिल्लाको लिच्कीराम्चे गाविस-६ र ७ मा ०६२ जेठ ५ गते सुरक्षाकर्मीले बन्दीपुर आक्रमण गरी फर्केका माओवादीको एउटा समूहलाई लक्षित गरी गरेको कारवाहीमा एक महिला माओवादी कार्यकर्ता घाइते भइन्।

बेपत्ता / अपहरण

माओवादीबाट

हलेसी महादेवस्थान दर्शन गर्न जाँदै गर्दा नागरिक उड्डयन प्राधिकरण लामीडाँडा खोटाङमा कार्यरत पर्वत जिल्ला घर भएका २९ वर्षीय योगेन्द्र कुँवर र खोटाङ जिल्ला राजापानी गाविस-१ का २१ वर्षीय दुर्गा खत्रीले सुराकी गरेको आरोपमा ०६१ माघ ४ गते माओवादीले उनीहरूलाई धितुङ गाविसबाट अपहरण गरी माघ ५ गते मुक्त गरे।

छित्सुङ गाविसका पूर्व गाविस अध्यक्ष चुढामणि भट्टराईलाई गाविसको रकम हिनामिना गरेको आरोपमा ०६२ जेठ २१ गते माओवादीले घरबाटै अपहरण गरे।

यम्खा गाविस-९ का २१ वर्षीय देविका श्रेष्ठलगायत् तीनजनालाई ०६२ कार्तिक ११ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितहरूमध्ये दुईजनालाई केही दिनपछि मुक्त गरियो भने देविकाको अवस्था हालसम्म अज्ञात छ।

सुन्तले गाविस-१ सिस्नेरीका २१ वर्षीय युवराज चौलागाईंलाई ०६२ कार्तिक ७ गते माओवादीले "केही कुरा गर्नुछ" भनी अपहरण गरे। पीडितको अवस्था हाल अज्ञात छ।

इलाका हुलाक कार्यालय खोटाङका खरिदार केदारप्रसाद फुयाल र हल्कारा महाप्रसाद फुयाललाई चिठी कब्जा गरेको, जिल्ला हुलाकलाई पत्रद्वारा जानकारी गराएको आरोपमा ०६२ साउन १२ गते बेलुका माओवादीले कार्यालयबाटै अपहरण गरे। पीडितहरूमध्ये महाप्रसादलाई साउन १३ गते बेलुका पुनः हाजिर हुन आउने सर्तमा मुक्त गरे भने केदारप्रसादलाई साउन १४ गते बेलुका ३० हजार रूपैयाँ धरौटीमा र साप्ताहिक तारिखमा मुक्त गरे।

बालकन्या मावि धर्तुङबाट विद्यालयमा अध्ययन अध्यापन भइरहेको अवस्थामा दुई शिक्षकसहित ११ विद्यार्थीलाई ०६२ असोज १२ गते माओवादीले अपहरण गरी कार्यक्रममा सहभागी गराई असोज १४ गते चिसापानी बजारबाट मुक्त गरे।

लिच्की राम्चे र बरगाछीबाट रिलेक नेपाल जिल्ला समिति खोटाङका अध्यक्ष लोकनाथ घिमिरेसहित रिलेकका शिवशंकर राई, नवराज घिमिरे, रमेशकुमार घिमिरे, सुवास ढकाल र प्रकाश पोखेलसमेतलाई ०६२ असोज ७ गते माओवादीले घरबाटै "केही कुरा कुरा गर्नु छ" भनी अपहरण गरे। पीडितहरु पाँच दिनपछि मुक्त भए।

घटनाको प्रकार	माओवादीबाट					राज्य पक्षबाट पीडित				
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	८	१		९	२	३		२	५
घाइते	३	५	३		८	१		१		१
गिरफ्तारी/यातना						२	२			२
कुटपिट	१	१	१		२	१	५			५
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	३	४			४					
अपहरण	११	२५	२	२३	५०					
जम्मा	२२	४३	७	२३	७३	६	१०	१	२	१३

इन्द्रेणी पोखरी गाविस घर भई खोटाङ बजारमा बस्दै आएकी २१ वर्षीय तारा राईलाई ०६२ असोज ७ गते बेलुका खाना खाई सुत्न लागेको अवस्थामा माओवादीले अपहरण गरी दैनिक तारिखमा कार्तिक १ गते मुक्त गरे।

लिच्की राम्चे गाविस मझुवाका ३५ वर्षीय प्रकाश पोखेललाई ०६२ असोज ८ गते माओवादीले अपहरण गरी असोज १० गते सावाकटहरेबाट मुक्त गरे।

सुरक्षाकर्मीको गोलीबाट घाइते भएका प्रेमकुमार थापा

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बुइपा गाविसको हटियाडाँडा पञ्चरदोबाटोमा २५ वर्षीय रवीन राईलाई माओवादीको आशंकामा ०६१ फागुन ९ गते सुरक्षाकर्मीले कुटपिट गरी पछाडि हात बाँधी तीन घण्टासम्म राखे। सर्वसाधारणहरूले रवीन माओवादी नभई सर्वसाधारण मजदुर भएको पुष्टि गरेपछि रिहा गरियो।

माओवादीबाट

बाराहापोखरी गाविस-३ जिमीगाउँमा ०६२ जेठ २१ गते राई जातिहरूले वार्षिक रूपमा मनाउने चाड चण्डिनाच नाच्दै कूल पितृ काज गरिरहेको बेला माओवादीले मादक पदार्थ सेवन गरी पितृ कार्य गर्न कस्ले लगायो ? भन्दै सर्वसाधारणमा विवाद बढ्दै गई आक्रमण भएपछि आरुनो सांस्कृतिक अधिकारमाथिको हस्तक्षेप भएको भन्दै सर्वसाधारणहरूले माओवादीमाथि प्रत्याक्रमण गरेपछि माओवादीका १५ वर्षीय संस्मरण भनिने कार्यकर्ता सख्त घाइते भए। अन्य माओवादी कार्यकर्ता भाग्न सफल भए पनि जेठ २२ गते बिहान माओवादी कार्यकर्ता रूपान्तरणसहितको छजनाको एक समूहले सर्वसाधारण वसन्त राई, भूपाल राई, किन्दरमान राई, धनकर्ण राई, ध्रुव राई, प्रेमकुमार राई र वर्जमान राईसमेतलाई डोरीले हात पछाडि बाँधी विद्यालयको कोठामा थुनी कोदालोको बिँडले कुटपिट गरी घाइते बनाए। सर्वसाधारणहरूले माओवादी तर्फका रूपान्तरण र सुस्मिता समेतलाई कुटपिट गरी सामान्य घाइते बनाए। माओवादीतर्फबाट गल्ती भएको स्वीकार गर्दै जिल्ला सेक्रेटरी अस्मिताले विज्ञप्ति जारी गरी दोषीमाथि कारवाही गर्ने कुरा सार्वजनिक गरिन्।

सावाकटहरे गाविस-९ का ४२ वर्षीय हरिप्रसाद पराजुली र ४ वर्षीय लोचना पराजुलीलाई ०६२ भदौ २५ गते माओवादीले कुटपिट गरी सख्त घाइते बनाए। पीडितहरूलाई उपचारको लागि अन्यत्र जान नदिएको तथा स्थानीय स्वास्थ्य कार्यकर्तालाई समेत उपचार नगर्नु भनी माओवादीले धम्की दिएको पीडितहरुले बताए।

गाउँलेहरूद्वारा कुटपिट

यम्खा गाविस-१ भार्लाङका माओवादी कार्यकर्ता सीताराम खत्रीलाई ०६२ कार्तिक २० गते सिम्पानी गावस-७ तारे भीरबाट सर्वसाधारणले नियन्त्रणमा लिई सामान्य कुटपिट गरी कार्तिक २१ गते सिम्पानी बजारबाट मुक्त गरे।

सिम्पानी र इन्द्रेणी पोखरी गाविसको सिमानामा पर्ने मेर्ला भन्ने स्थानमा दुई माओवादी कार्यकर्तालाई ०६२ कार्तिक २१ गते सर्वसाधारणले माओवादीलाई सिम्पानी र इन्द्रेणी पोखरीमा प्रवेश निषेध गरेको थाहा छैन भनी कुटपिट गर्नुकासाथै माओवादीले बोकेको ग्रिनेट खोसी लखेटे। माओवादीबाट खोसेको ग्रिनेट तीन दिनपछि फिर्ता दिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

घर-जग्गा कब्जा

माओवादीबाट

खापी गाविस-३ का राइटर ६५ वर्षीय नारायणप्रसाद पोखेलको घर ०६२ वैशाख २८ गते माओवादीले घरमा ताला लगाई जेठ ११ गते धान र अन्य सम्पत्ति वितरण गरे। पोखरेलले घर बनाउन राखेको काठ लगेर कुभिन्डेको बीचमा पर्ने खोलामा काठेपुल बनाए।

सप्तेश्वर गाविस-७ का सिद्धेश्वर प्राविका शिक्षक ५६ वर्षीय पदम निरौलाको घरजग्गा ०६२ जेठ २० गते मओवादीले कब्जा गरे।

डाँडागाउँ गाविस घर भएका एमाले जिल्ला परिषद् सदस्य अर्जुन रोक्का र सोही गाविस-७ का पूर्व जिल्ला



माओवादीद्वारा अपहरण गरिएका जिल्ला कृषि कार्यालयका प्रमुख र अन्य कर्मचारीहरू

माओवादी आक्रमणमा ध्वस्त भएको जिल्ला विकास समितिको कार्यालय परिसर

पञ्चायत सदस्य दीपबहादुर राईको घर ०६२ जेठ २१ गते माओवादीले सम्पूर्ण परिवारलाई निकाली पार्टीको झण्डा गाडी कब्जा गरे।

बाक्सिला गाविस-५ का पदम क्षेत्रीको घर ०६२ असार ३ गते माओवादीले तालाबन्दी गरी कब्जा गरेको घोषणा गरे।

बाक्सिला गाविस-५ का ४२ वर्षीय दानबहादुर राईको घर ०६२ असार ७ गते माओवादीले सम्पूर्ण परिवारलाई निकाली कब्जा गरेको घोषणा गरे। दानबहादुर सूर्य मावि‌का प्रधानाध्यापक हुँदा अनियमित रूपमा काठ काटी हिनामिना गरेको, विद्यालयको आर्थिक हिनामिना गरेको र माओवादीलाई खाना खुवाएको आरोपमा १५ दिन ब्यारेकमा सुरक्षाकर्मीको नजरबन्दमा रहँदा माओवादी विरुद्ध सुराकी गरेको आरोपमा तालाबन्दी गरेको माओवादीले सार्वजनिक गरे। पीडित विस्थापित भए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

बुङपा गाविसबाट अखिल (क्रान्तिकारी) का २४ वर्षीय सोमप्रसाद आचार्यलाई ०६१ पुस २१ गते सुरक्षाकर्मीको गस्ती टोलीले गिरफ्तार गऱ्यो।

मानिम गाविस-९ का माओवादीद्वारा घोषित गाजस प्रमुख ३८ वर्षीय भोलानाथ फुयालाई ०६२ कार्तिक २५ गते सुरक्षाकर्मीको गस्ती टोलीले सोही गाविस-९ को खरबारी पाखामा लुकी बसेको अवस्थामा गिरफ्तार गऱ्यो। पीडितलाई आत्मसमर्पण गराई प्रशासनले खोजेको बखत हाजिर हुने सर्तमा कार्तिक ३० गते रिहा गरियो।

१.१५ ओखलढुंगा



जनसंख्या	:	१६४१६९
साक्षरता प्रतिशत	:	४९.१२
महिला साक्षरता प्रतिशत	:	२२.८
क्षेत्रफल (वर्ग कि. मि.)	:	१०७४
गाविस/नपा संख्या	:	५६/०
निर्वाचन क्षेत्र	:	२
विद्यालय	:	३४८
क्याम्पस/उच्च मा.वि.	:	१/५
अस्पताल/स्वास्थ्य चौकी	:	२/५५
टेलिफोन लाइन	:	९२
मोटर सडक (कि. मि.)	:	०
प्रहरी कार्यालय संख्या	:	२
इलाक संख्या	:	५६
मानव विकास सूचकांक	:	०.४८१
प्रति परिवार सदस्य संख्या	:	५.४५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

मुलखर्क गाविसमा माओवादी कार्यकर्ताहरू १९ वर्षीय सुशीला सुनुवार र १८ वर्षीय रञ्जीत पौडेललाई गस्तीमा गएका सुरक्षाकर्मीले ०६१ माघ २६ गते गिरफ्तार गरी गोली हानी हत्या गरे। पीडितहरूको लास सुरक्षाकर्मीले खाल्डो खनी गाडिदिए।

वरुणेश्वर गाविस-१ का २० वर्षीय कैलाश बोगटीलाई ०६१ चैत २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी गोली हानी हत्या गरे। पीडित माओवादी कार्यकर्ता थिए। सुरक्षाकर्मीले लासलाई सोही ठाउँको चौरमा खाल्डो खनी गाडिदिए।

माओवादीबाट

मूलखर्क गाविस-५ का मस्ने तामाङलाई सुरक्षाकर्मीको सुराकी भई माओवादी कार्यकर्ताको हत्यामा संलग्न भएको आरोपमा ०६१ फागुन ८ गते उनकै घरबाट माओवादीले अपहरण गरी ०६१ फागुन १० गते च्यानम गाविसको विद्यालय चौरमा पुऱ्याई कुटपिट गरी हत्या गरे। आफन्तले उनको दाहसंस्कार गरे।

पात्ले गाविस-८ का २४ वर्षीय पदमबहादुर तामाङलाई माओवादीले सुराकीको आरोपमा ०६२ साउन १८ गते बेलुका बरुणेश्वर गाविस-७ र ८ को सीमानामा पर्ने च्यानडाँडा भन्ने ठाउँमा पुऱ्याई हात बाँधी हत्या गरे। पीडितको लास सुरक्षाकर्मीले पोष्टमार्टम गरी गाडिदिए।

दोहोरो भिडन्त

खिजीफलाटेको मेले भन्ने ठाउँमा ०६१ चैत १८ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा चारजना सुरक्षाकर्मीको मृत्यु भयो। मृतक सैनिकहरू रणभीम गण ओखलढुंगामा कार्यरत रहेका भए पनि नाम खुलेन।

खिजीफलाटेको मेले भन्ने ठाउँमा गस्तीमा गएका सुरक्षाकर्मी र माओवादीबीच ०६१ चैत १८ गते दोहोरो भिडन्त हुँदा माओवादी कार्यकर्ता सुदीप भनिने एकजना र अन्य नाम नखुलेका दुई जनाको मृत्यु भयो। एक जनाको लास घटनास्थलमै फेला पऱ्यो भने अरू लास माओवादीले आफैँले लगे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

वर्नालु गाविस-४ का ४५ वर्षीय दलबहादुर राई ०६२ भदौ १८ गते राति जिल्ला प्रहरी कार्यालयको तारबार लगाएको संवेदनशील क्षेत्रमा प्रवेश गर्न लाग्दा ड्युटीमा बसेका प्रहरीले चलाएको गोलीबाट घाइते भए। पीडितलाई उपचारको लागि वीरेन्द्र प्रहरी अस्पताल पठाइयो।

जेल र बन्दीहरू

कूल ३० जना क्षमता भएको ओखलढुंगा जेल शाखा "घ" श्रेणीको हो। हाल यस जेलमा २० जना थुनुवा र बन्दीमा चार महिला र १६ पुरूष रहेका छन्। जसमा कैद तोकिएका पाँचजना पुरूष र एकजना महिला तथा तीन कैद नतोकिएका महिला र ११ जना पुरूष छन्। यस बाहेक एक आश्रित नाबालक छन्। बन्दीहरू जेलभित्र टोपी तथा झोला बुन्ने काम गर्दछन्। सञ्चारको साधनमा गोरखापत्र, कान्तिपुर पत्रिकाकासाथै रेडियो र टिभी उपलब्ध रहेको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

वाक्सा गाविस- का २५ वर्षीय सन्तोष कार्की र सोही ठाउँका २८ वर्षीय सुमन कार्कीलाई सुराकीको आरोपमा ०६१ चैत ३ गते माओवादीले अपहरण गरी चैत ७ गते मुक्त गरे।

ठूलाछाप गाविस-८ का ६५ वर्षीय भक्तलाल कटुवाल, ४४ वर्षीय गौरमाया कटुवाल, २२ वर्षीय शेषराज कटुवाल र सोही गाविस-६ का २७ वर्षीय वासुदेव कोइरालालाई राष्ट्रवादी मिलन केन्द्रको राजनीतिमा सरिक भएको आरोपमा ०६२ साउन १० गते राति माओवादीले अपहरण गरी साउन २२ गते मुक्त गरे।

बिगुटार गाविस-६ का ५० वर्षीय रविलाल दाहाल, ४५ वर्षीय लालबहादुर कार्की, ४२ वर्षीय बलबहादुर कटुवाल र सोही गाविस-७ का देवराज दाहाललाई ०६२ साउन २१ गते माओवादीले घरबाटै अपहरण गरेकोमा बलबहादुर कटुवाललाई साउन २३ गते र अन्यलाई साउन २५ गते मुक्त गरे।

बिगुटार माविका शिक्षक गोरखबहादुर राईलगायत् अन्य शिक्षक, विद्यार्थीसमेत १४ जनालाई ०६२ भदौ १ गते माओवादीले अपहरण गरी कार्यक्रममा सहभागी गराई भोलिपल्ट मुक्त गरे।

गणेश मावि ढुम्केका प्रधानाध्यापक एकराज दाहाललगायत चार शिक्षक र १६ विद्यार्थीहरूलाई ०६२ भदौ १ गते माओवादीले अपहरण गरे। उनीहरूलाई माओवादीले एक कार्यक्रममा सहभागी गराई भदौ २ गते मुक्त गरे।

शहीद उच्च माविका प्रधानाध्यापक शिवप्रसाद नेपाललगायत् १६ शिक्षक र २२ विद्यार्थीहरूलाई ०६२ भदौ १ गते माओवादीले अपहरण गरी भदौ २ गते मुक्त गरे।

खिजीफलाटे घर भई सामुदायिक वन उपभोक्ता महासंघका सदस्य ४७ वर्षीय कोपबहादुर सुनुवारलाई महासंघको बैठकमा आउँदै गर्दा प्राज्वा गाविसबाट माओवादी अनुमतिपत्रबिना सदरमुकाम जान नपाउने भनी माओवादीले ०६२ भदौ १४ गते अपहरण गरी भदौ १८ गते मुक्त गरे।

भगवती मावि मानेभञ्ज्याङका प्रधानाध्यापक शिवकुमार अधिकारीलगायत् १३ शिक्षक र पाँचजना विद्यार्थी, हिमालय मावि निसंखेका प्रधानाध्यापक भरतमणि भट्टराईलगायत् अन्य १० जना शिक्षक र १७ जना विद्यार्थी, भीमसेन मावि केन्तुकेका प्रधानाध्यापक कृष्ण कोइरालालगायत् १२ जना शिक्षक र ३२ जना विद्यार्थीलाई ०६२ भदौ २६ गते माओवादीले अपहरण गरेकोमा भीमसेन माविका विद्यार्थीहरुलाई अभिभावकको अनुरोधमा दुई घण्टापछि मुक्त गरेका थिए भने अन्यलाई भने संगठन निर्माण

गर्न माओवादीले आयोजना गरेको कार्यक्रमपछि भदौ २८ गते मुक्त गरे।

पुण्यमाना मावि बेतिनीका रामप्रसाद धमलालगायत नौजना शिक्षक र १५ जना विद्यार्थी, वरभञ्ज्याङ प्रावि ज्यामिरेका रामकाजी राजभण्डारीलगायत् तीनजना शिक्षक, कुन्ता मावि ज्यामिरेका प्रधानाध्यापक भीमबहादुर खड्कालगायत् सम्पूर्ण शिक्षक र १५ विद्यार्थीलाई ०६२ असोज ३ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

कटुञ्जे मावि कटुञ्जेका प्रधानाध्यापक मित्र दाहाललगायत् सम्पूर्ण शिक्षक र विद्यार्थीहरूलाई ०६२ असोज ६ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

कटुञ्जे मावि कटुञ्जेमा अध्ययनरत १४ वर्षीय दण्डीकुमार गिरी र १५ वर्षीय छविरमण धमलालाई ०६२ असोज ६ गते माओवादीले अपहरण गरी असोज १७ गते मुक्त गरे।

च्यानम गाविस-५ का ४० वर्षीय केशवप्रसाद अधिकारी र ३० वर्षीय ईश्वरा अधिकारीलाई हाडनाता सम्बन्ध राखेको आरोपमा ०६२ कार्तिक २१ गते माओवादीले अपहरण गरे। ईश्वरा अधिकारीको नौ महिनाका छोरा कुमार अधिकारीसमेत अपहरणमा परे। पीडितहरू हालसम्म पनि मुक्त भएका छैनन्।

जन्तरखानीका गाविस सचिव कालबहादुर श्रेष्ठ र राजेश श्रेष्ठसमेत २७ जनालाई ०६२ कार्तिक २९ गते माओवादीले अपहरण गरी मंसिर ३ गते मुक्त गरे।

मोली गाविस-३ का ६२ वर्षीय कुम्भबहादुर बस्नेत, सोही गाविस-५ का ५८ वर्षीय रुद्रबहादुर बस्नेत र ५४ वर्षीय ज्ञानबहादुर बस्नेतलाई ०६२ भदौ २६ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

नारायणस्थान गाविसका २७ वर्षीय फुर्तीमान राई, २३ वर्षीय सञ्चवीर राई, २१ वर्षीय शेर्पा राई र १८ वर्षीय मिलन राईलाई माओवादीको नाममा लुटपाट गरेको आरोपमा ०६२ असोज ११ गते माओवादीले अपहरण गरी कार्तिक ९ गते त्यस्ता क्रियाकलापहरू नदोहोर्‍याउने सर्तमा मुक्त गरे।

मनकामना मावि वाक्साका प्रधानाध्यापक किरण राईसमेत आठ शिक्षक र १० विद्यार्थी, मोली माविका प्रधानाध्यापक शरणजन राईसमेत १० शिक्षक र ८ विद्यार्थीलाई ०६२ भदौ २६ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

कटुञ्जे मावि कक्षा ९ मा अध्ययनरत छात्रा १८ वर्षीय शर्मिला धमला र १५ वर्षीय हिमाल गिरीलाई ०६२ मंसिर २६ गते माओवादीले अपहरण गरेकोमा हिमाल गिरी सोही दिन मुक्त भए भने शर्मिला धमलालाई आफूखुशी माओवादी समूहमा लागेको वक्तव्य निकाल्न लगाए।

कटुञ्जे मावि, कटुञ्जेमा कक्षा १० मा अध्ययनरत १५ वर्षीय निर्मला धमलालाई ०६२ मंसिर ११ गते माओवादीले अपहरण गरे। पीडितले आफू स्वेच्छाले माओवादीमा लागेको भनी वक्तव्य निकाले पनि परिवारले माओवादीको दबावमा वक्तव्य निकालेको दाबी गरे।

कटुञ्जे मावि, कटुञ्जे कक्षा ८ मा अध्ययनरत छात्रा ईश्वरी धमलालाई ०६२ मंसिर २२ गते माओवादीले अपहरण गरे। पीडितलाई माओवादीले स्वेच्छाले माओवादीमा लागेको भनी वक्तव्य निकाल्न लगाएको दाबी परिवारले गरे।

कटुञ्जे मावि, कटुञ्जेका १७ वर्षीय यमुना खनाललाई ०६२ मंसिर २५ गते र १८ वर्षीय टंकरमण अधिकारीलाई ०६२ मंसिर २७ गते माओवादीले अपहरण गरे। पीडितहरूले केही दिनपछि स्वेच्छाले माओवादीसँग हिंडेको वक्तव्य निकाले पनि उनीहरुका आफन्तले अपहरण गरेको बताए।

अनेरास्ववियु जिल्ला कमिटी संयोजक कटुञ्जे गाविसका दानाराम धमलालाई ०६२ मंसिर २६ गते माओवादीले अपहरण गरे। पीडित हालसम्म मुक्त भएका

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट										
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१	१	३	२		४	६	३	१	२	३	६
घाइते									१	१			१
गिरफ्तारी/यातना									७	२७	२		२९
कुटपिट				५	७			७					
धम्की				३	२		१	३					
बालअधिकार				१			४३५१	४३५१					
अपहरण				२९	३४	१०	४६८	५१२					
जम्मा	१	१	१	४१	४५	१०	४८२४	४८७९	११	२९	४	३	३६

छैनन्। परिवारले राजनीतिक प्रतिशोधका कारण अपहरण गरिएको बताए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

कुइभीर माविका प्रधानाध्यापक वीरबहादुर अधिकारीलाई अनुमति बिना सदरमुकाम आउने जाने गरेको आरोपमा ०६२ असार १७ गते बेलुका माओवादीले मरणासन्न हुने गरी कुटपिट गरे। पीडितको हालको स्थिति सामान्य रहेको छ।

मानवअधिकार रेडियो श्रोता क्लव जिल्ला तदर्थ समितिका संयोजक २६ वर्षीय दीर्घबहादुर खत्रीलाई घर तालाबन्दी, निशस्त्र व्यक्तिको हत्या र चन्दा आतंक नमच्चाउन माओवादीलाई आग्रह गर्दै प्रेस विज्ञप्ति प्रकाशित गरेको कारण सुराकीको भूमिका निर्वाह गरेको भनी ०६२ साउन ३२ गते माओवादीले हात बाँधी धम्की दिए।

टारकेराबारी गाविस-२ का ४५ वर्षीय कुलबहादुर पौडेल, ४० वर्षीय पुष्पबहादुर पौडेल र २७ वर्षीय बोटानहरि पौडेललाई यौनदुराचारको आरोपमा ०६२ भदौ १० गते माओवादीले मरणासन्न हुने गरी कुटपिट गरी मोसो लगाई टीन ठटाएर गाउँ घुमाए।

प्राप्चा गाविस-६ का ४५ वर्षीय खड्गबहादुर दर्जीलाई दुई तीन वर्षअघिको रिसइवीका कारण ०६२ कार्तिक ९ गते माओवादीले घरमै गई मरणासन्न हुने गरी कुटपिट गरे।

जाल्पा मावि टारकेराबारीका अस्थायी शिक्षकले माओवादी निकट शिक्षक संगठनको सदस्य नलिए राजिनामा दिनुपर्ने भनी ०६२ कार्तिक १८ गते माओवादीले धम्की दिए।

मोली गाविस-६ का ६८ वर्षीय मलबहादुर बस्नेतलाई सोही ठाउँका कामीविरूद्ध मुद्दा दिएकोमा सो फिर्ता गर्नुपर्ने धम्की दिँदै ०६२ मंसिर १६ गते माओवादीले मरणासन्न हुने गरी कुटपिट गरे।

संयुक्त जनमोर्चा नेपालका जिल्ला कमिटी सदस्य सोमप्रसाद खतिवडालाई राजनीतिक प्रतिशोध लिनका लागि ०६२ पुस १ गते माओवादीले मरणासन्न हुने गरी कुटपिट गरे।

माओवादीद्वारा सुराकीको आरोपमा हात बाँधी धम्की दिइएका दीर्घबहादुर खत्री

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका दुनियावादी देवानी मुद्दा ४६ र यस वर्ष छओटा थप भई ५२ रहेकोमा १३ ओटा फर्स्यौट भई ३९ ओटा बाँकी रहे। दुनियावादी फौजदारी

माओवादीद्वारा हत्या गरिएका पदमबहादुर तामाङ

मुद्दा गत वर्षको जिम्मवारी सरेर आएका २६ ओटा र यस वर्ष दर्ता भई ४५ ओटा रहेकोमा १८ ओटा फर्स्यौट भई २७ ओटा बाँकी रहेका छन्। सरकारवादी फौज्दारी मुद्दा गत वर्षको जिम्मेवारी सरी आएको एक ओटा फर्स्योट हुन बाँकी छ।

जिल्ला प्रशासन कार्यालयमा दुईसय ५० वटा भन्दा बढी निवेदन परेकोमा सम्पूर्ण कारवाही र कार्यान्वयनको लागि सम्बन्धित निकायमा पठाइसकिएको पाइयो भने दुई ओटा हातहतियार खरखजाना र दुईओटा सार्वजनिक अपराध मुद्दा हालसम्म फर्स्यौट नभएको र उक्त फर्स्योट हुन प्रमाण बुझ्न बाँकी रहेको बताइयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

स्वास्थ्यको अधिकारबाट वञ्चित

विगुटार हेल्थपोष्टमा युनाइटेड मिसन टु नेपालले सामुदायिक औषधी कार्यक्रम सञ्चालन गरेकोमा उक्त कार्यक्रमको सम्पूर्ण औषधी माओवादीले ०६२ भदौ १५ गते लुटेर लगेकाले कार्यक्रम नियमित हुन सकेन।

आर्थिक अधिकार

जिल्लामा चारसय २४ जना भूमिहीन सुकुम्बासीहरूले आफ्नो नाम दर्ता गराएकोमा हालसम्म जग्गा वितरण भएको छैन।

जिल्ला शिक्षा शाखा ओखलढुंगाले विद्यालय व्यवस्थापन स्थानान्तरण गरेका २४ वटा प्रावि, मावि र निमावि गरी जम्मा चारहजार तीनसय ५१ र शिक्षक ९८ गरी कूल चारहजार चारसय ४९ जना विद्यार्थी ०६२ मंसिर २९ गतेबाट अध्ययन गर्नबाट वञ्चित भए। विद्यालयको व्यवस्था हस्तान्तरण फिर्ता नलिएसम्म ती विद्यालयहरू पूर्ण रूपमा बन्द रहने माओवादीले बताए।

विस्थापित

कुन्तादेवी गाविस-८ का ४५ वर्षीय तुमबहादुर कार्कीको छोरा सेनामा जागिर खाई सुराकीको भूमिका निर्वाह गरेको

आरोपमा ०६१ माघ ९ गते उनको घरमा तालाबन्दी गरेकाले सपरिवार विस्थापित भए।

कुन्तादेवी गाविस-६ का ४५ वर्षीय गणेशमाया बम्जनको छोरा सेनामा भर्ना भई सुराकीको भूमिका निर्वाह गरेको आरोपमा ०६१ माघ ९ गते माओवादीले उनको घरमा तालाबन्दी गरेकाले सपरिवार विस्थापित भए।

कुन्तादेवी गाविस-६ का पृथ्वीबहादुर खड्काको छोरा सेनामा जागिर खाई सुराकीको काम गरेको भनी ०६१ माघ ९ गते माओवादीले उनको घरमा तालाबन्दी गरी विस्थापित गराए।

पाल्ले गाविस-७ का ४५ वर्षीय गणेशबहादुर तामाङलाई सुराकीको आरोप लगाई माओवादीले ०६१ फागुन १२ गते सात जनाको परिवारलाई विस्थापित गराए।

च्यानम गाविस-५ का ६२ वर्षीय गणेशबहादुर कटुवालले छोरालाई सेनामा नोकरी खुवाई सुराकी गराएको भनी माओवादीले ०६१ चैत १४ गते सपरिवार विस्थापित गराए।

च्यानम गाविस-७ का ५३ वर्षीय मेघनाथ अधिकारीको छोरा सेनामा भर्ना गरी सुराकी गरेको आरोपमा माओवादीले ०६१ चैत २५ गते उनको घरमा ताला लगाई विस्थापित गराए।

ज्यामिरे गाविस-८ का ५५ वर्षीय प्रेमबहादुर मगरले छोरालाई सेनामा भर्ती गराई सुराकी गराएको आरोपमा ०६२ असोज १० गते माओवादीले घरमा तालाबन्दी गरी सम्पत्ति कब्जा गरी विस्थापित गराए।

ज्यामिरे गाविस-२ का ६२ वर्षीय पुष्पबहादुर बानियाले छोरा सेनामा भर्ती गराई सुराकी गरेको आरोपमा माओवादीले ०६२ असोज १० गते उनको घरमा ताला लगाई विस्थापित गराए।

ज्यामिरे गाविस-१ का ५० वर्षीय लोकबहादुर भजेलको छोरालाई सेनामा जागिर लगाएको आरोपमा माओवादीले ०६२ असोज १० गते उनको घरमा ताला लगाई सपरिवार विस्थापित गराए।

ज्यामिरे गाविस-४ का ५४ वर्षीय ताराबहादुर खड्काको घरमा छोरालाई सैनिकमा जागिर खान पठाएको आरोपमा माओवादीले ०६२ असोज १० गते ताला लगाई सम्पत्ति कब्जा गरी घरबाट विस्थापित गराए।

कटुन्जे गाविस-८ का ४० वर्षीय रमेश सुवेदीको छोराले प्रेमविवाह गरेको आरोप लगाई ०६२ मंसिर १४ गते माओवादीले उनको घरमा ताला लगाई विस्थापित गराए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

बनखु गाविस-७ घर भई उपस्वास्थ्य चौकी बनखुमा कार्यरत ४२ वर्षीय कनमाया गिरीलाई माओवादीलाई सघाएको आरोपमा ०६१ फागुन ८ गते सुरक्षाकर्मीले तालिममा रूम्जाटार गएको अवस्थामा गिरफ्तार गरी फागुन ११ गते रिहा गरे।

बनखु गाविस-७ घर भई शिवदत्त प्राविका शिक्षक ५० वर्षीय पशुपति गिरीले माओवादीलाई सघाएको आरोपमा ०६१ फागुन १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी फागुन १९ गते रिहा गरे।

जिल्ला विकास समितिका लेखापाल २७ वर्षीय रामकुमार थापालाई माओवादीलाई सघाएको आरोपमा ०६१ फागुन १८ गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। उनलाई फागुन २१ गते रिहा गरे।

बिगुटार गाविसस्थित बिगुटार माविका ५० वर्षीय विकेन्द्र राई एसएलसी परीक्षा दिन आएको बखत माओवादी कार्यकर्ता भएको आशंकामा ०६२ वैशाख १६ गते सुरक्षाकर्मीले रमाइलोडाँडामा हिँड्दै गर्दा उनलाई गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि रिहा गरे।

पाल्ले गाविस-७ घर भई बिगुटार माविका प्रधानाध्यापक टुमबहादुर कार्कीलाई विभिन्न कागजात फोटोकपी गरी माओवादीलाई सहयोग पुऱ्याएको आरोपमा ०६२ जेठ १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखी साउन २८ गते रिहा गरे।

सोलुखुम्बु जिल्ला गर्पाटिङ गाविस-३ का १४ वर्षीय फुर्वा शेर्पालाई माओवादीको आशंकामा ०६२ भदौ १५ गते सुरक्षाकर्मीले ओखलढुंगा बजारको रमाइलो डाँडामा गिरफ्तार गरी कुटपिट र सोधपुछपश्चात् भदौ १८ गते रिहा गरे।

सामुदायिक वन महासंघका भावना श्रेष्ठ, मणि भट्टराई, माओवादी कार्यकर्ता सुमन भनिने रमेश खत्री र छत्रबहादुर दर्जीलाई ०६२ कार्तिक ७ गते सुरक्षकर्मीको गस्ती टोलीले च्यानम गाविसबाट गिरफ्तार गरे। भावना र मणिलाई भोलिपल्ट रिहा गरियो भने रमेश र छत्र हाल नजरबन्दमा छन्।

विविध

संरचना क्षति

ओखलढुंगा गाविस-८ सोर्गुस्थित इङ्लिश बोर्डिङ स्कूलको कार्यालयमा ०६२ साउन २९ गते माओवादीले मट्टितेल छर्की आगजनी गरी क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यसवर्ष सवारी दुर्घटनामा परी एकजना र भीरबाट लडेर दुईजनाको मृत्यु भयो। व्यक्तिगत कुटपिटका घटनाहरू १२ ओटा रहे।

१.१८ सोलुखुम्बु



जनसंख्या	: ११२१४७
साक्षरता प्रतिशत	: ४५.८१
महिला साक्षरता प्रतिशत	: ३५.४१
क्षेत्रफल (वर्ग कि.मी.)	: ३३११
गाविस/नपा संख्या	: ३४/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २४८
क्याम्पस/उच्च मावि	: २/६
अस्पताल/स्वास्थ्य चौकी	: ३/३६
टेलिफोन लाइन	: ३९१
मोटर सडक (कि.मी.)	: ०
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ३६
मानव विकास सूचकांक	: ०.४७९
प्रति परिवार सरदर संख्या	: ५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सल्लेरीबाट गएका सुरक्षाफौज र माओवादीबीच ०६१ फागुन १७ गते सल्यान गाविसमा भिडन्त हुँदा उत्सव भनिने एकजना माओवादी कार्यकर्ताको मृत्यु भयो ।

सल्लेरीबाट गस्तीमा गएको सुरक्षाफौज र माओवादीबीच ०६१ फागुन २७ गते जुमिङ गाविसमा भिडन्त हुँदा एकजना माओवादीको मृत्यु भयो ।

०६२ साल साउन ४ गते सल्लेरीबाट गएको सुरक्षाफौज र माओवादीबीच नेले गाविसको आले भन्ने ठाउँमा भिडन्त हुँदा माओवादीका महिला छापामारको मृत्यु भयो भने एक अर्की महिला छापामार गोली लागी घाइते भइन् ।

माओवादीद्वारा अपहरण गरिएका गुरूप्रसाद कोइराला

दोहोरो भिडन्त

सल्लेरी गाविस-७ दोर्पूमा ०६१ फागुन १६ गते सल्लेरीबाट गस्तीमा गएको सुरक्षाफौज र माओवादीबीच दोहोरो भिडन्त हुँदा प्रहरी जवान ध्रुव कटुवाल र नाम नखुलेका अर्का एक सैनिकको मृत्यु भयो ।

जेल र बन्दीहरू

यस जिल्लाको पुरानो कारागार ०५८ मंसिर २ गते माओवादीले आक्रमण गर्दा क्षतिग्रस्त भएपछि हालसम्म भवन भाडामा सञ्चालन भइरहेको छ। क्षमता भन्दा बढी बन्दी राख्नु परेको कारण उनीहरुलाई अति नै कठिनाई भएको छ। हाल भाडामा लिएको कारागारमा पाँच महिला, एकजना आश्रित बालिका र २३ जना पुरुष गरेर २९ जना रहेका छन्।

नयाँ कारागार भवन निर्माण भइरहेको अन्तिम चरणमा रहेको उक्त नयाँ कारागारमा १९ जना पुरुष र ११ जना महिला रहनसक्ने क्षमता छ भने उक्त भवनमा खेलकुदलगायत अन्य सुविधा समेत हुने बताइएको छ।

बेपता/अपहरण

माओवादीबाट

मकवानपुर जिल्ला घर भएका प्रहरी हवल्दार गुरूप्रसाद कोइरालालाई ०६१ फागुन १६ गते दोर्पु बजारबाट माओवादीले अपहरण गरे। उनी ०६२ जेठ १ गते मुक्त भए।

घटनाको प्रकार	माओवादीबाट			राज्य पक्षबाट पीडित			
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	२	२	३	२	१	३
घाइते				१		१	१
अपहरण	१	१	१				
जम्मा	२	३	३	४	२	२	४

मध्यमाञ्चल

२.१ धनुषा
२.२ महोत्तरी
२.३ सर्लाही
२.४ सिन्धुली
२.५ रामेछाप
२.६ दोलखा
२.७ रौतहट
२.८ बारा
२.९ पर्सा
२.१० चितवन
२.११ मकवानपुर
२.१२ ललितपुर
२.१३ काभ्रे
२.१४ भक्तपुर
२.१५ काठमाडौं
२.१६ धादिङ
२.१७ सिन्धुपाल्चोक
२.१८ नुवाकोट
२.१९ रसुवा

२.१ धनुषा



जनसंख्या	:	७२९८४६
साक्षरता प्रतिशत	:	४८.७३
महिला साक्षरता प्रतिशत	:	२६.०३
क्षेत्रफल (वर्ग कि. मि.)	:	११८०
गाविस/नपा संख्या	:	१०१/१
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३५६
क्याम्पस/उच्च मा.वि.	:	२/१८
अस्पताल/स्वास्थ्य चौकी	:	३/१०२
टेलिफोन लाइन	:	१०४००
मोटर सडक (कि. मि.)	:	५९७
प्रहरी कार्यालय संख्या	:	१२
हुलाक संख्या	:	८९
मानव विकास सूचकांक	:	०.४४९
प्रति परिवार सरदर संख्या	:	६.२२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

धनुपाधाम गाविस-४ का ३५ वर्षीय रसुल धामीलाई माओवादीको आरोपमा ०६१ माघ १५ गते सुरक्षाकर्मीले घर नजिकैबाट गिरफ्तार गरी बलुवाखोलामा पुऱ्याई गोली हानी हत्या गरे।

सुगामधुकरी गाविस-२ का ३५ वर्षीय राजकुमार मण्डललाई माओवादीको आरोपमा ०६१ फागुन ४ गते सुरक्षाकर्मीले घर नजिकै गोली हानी हत्या गरे।

भुतहीपटेर्वा गाविस-९ का ३५ वर्षीय नथुनी कापर र सोही गाविस-६ का ३० वर्षीय श्रवणकुमार मण्डललाई माओवादीको आरोपमा ०६१ फागुन ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरी वेङ्गाशिवपुर गाविसमा गोली हानी हत्या गरे। पीडितहरुमध्ये नथुनीलाई धनुषाधाम गाविसबाट र श्रवणलाई भुतहीपटेर्वा गाविसबाट गिरफ्तार गरिएको थियो।

नक्टाझिज गाविस-९ का २२ वर्षीय देवकुमार महतोलाई माओवादीको आरोपमा ०६२ जेठ २८ गते सुरक्षाकर्मीले उनकै घरबाट गिरफ्तार गरी सोही रात सखुवा महेन्द्रनगर गाविस-६ मा गोली हानी हत्या गरे।

उमाप्रेमपुर गाविस-६ का २८ वर्षीय विशुन यादवलाई माओवादीको आरोपमा ०६२ असार ३ गते सुरक्षाकर्मीले घर नजिकैबाट गिरफ्तार गरी ठेराकचुरी गाविस-८ मा पुऱ्याई गोली हानी हत्या गरे।

ठाडीझिझा गाविस-३ का २५ वर्षीय उस्मान साह फकिरलाई माओवादीको आरोपमा ०६२ असार १७ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी ठाडीझिझा गाविस-७ मा गोली हानी हत्या गरे।

माचीझिटकैया गाविस-८ का ३५ वर्षीय लक्ष्मण मण्डललाई माओवादीको आरोपमा ०६२ असार १७ गते सुरक्षकर्मीले घरबाट गिरफ्तार गरी ठाडीझिझा गाविस-७ मा गोली हानी हत्या गरे।

बलहाकठाल गाविस-३ का ५० वर्षीय ठकाई सदालाई माओवादीको आरोपमा ०६२ असार १९ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी देउरी परवाहामा गोली हानी हत्या गरे।

रघुनाथपुर गाविस-३ का ४२ वर्षीय लक्ष्मी यादव, ४५ वर्षीय हरिप्रसाद यादव, ४२ वर्षीय कारी कापर र बरमझिया गाविस-६ का ३२ वर्षीय कारी साहलाई माओवादीको आरोपमा ०६२ असार २२ गते सुरक्षाकर्मीले रघुनाथपुर गाविस-३ स्थित ढोलबजार टोलबाट गिरफ्तार गरी निर्मम यातना दिई अन्तिममा बरमझिया गाविस-१ स्थित चारनाथ खोलामा पुऱ्याई गोली हानी हत्या गरे। पीडितहरुलाई गिरफ्तारपछि गाला, हात, खुट्टा र पेटको छाला ताछेर यातना दिइएको थियो। पीडितहरूको लास प्रहरीले जलाए।

माओवादीद्वारा हत्या गरिएका राष्ट्रिय अनुसन्धान विभागका डिएसपी विष्णुप्रसाद पोखरेल

बम विस्फोटमा परी मृत्यु भएका बालकहरू अशोक यादव र महेश यादव

पोडेश्वर गाविस-५ का ४५ वर्षीय झौली सहनी मलाहालाई माओवादीको आरोपमा ०६२ असार २६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी मानसिङ्पट्टी गाविस-५ मा पुऱ्याई गोली हानी हत्या गरे। पीडितको लास प्रहरीले गाडे।

रघुनाथपुर गाविस-२ का ४० वर्षीय रामउद्गार कापरलाई माओवादीको आरोपमा ०६२ साउन ७ गते सुरक्षाकर्मीले घर नजिकैबाट गिरफ्तार गरी यातना दिई बरमझिया गाविस-१ मा गोली हानी हत्या गरे। पीडितलाई गिरफ्तारपछि ब्लेडले चिरेर यातना दिइएको थियो। पीडितको लास प्रहरीले गाडे।

दुवरकोट हठलेटवा गाविस-७ का ३५ वर्षीय रामसेवक ठाकुर र माचीझिटकैया गाविस-४ का ४५ वर्षीय गंगाराम यादवलाई माओवादीको आरोपमा ०६२ साउन ७ गते सुरक्षाकर्मीले पर्सा टोलबाट गिरफ्तार गरी ठाडीझिझा गाविस-९ मा गोली हानी हत्या गरे। पीडितको लास प्रहरीले गाडे।

मिथिलेश्वर मौवाही गाविस-३ घर भई माओवादी जिल्ला जनसरकार प्रमुख ४५ वर्षीय चन्द्रेश्वर मण्डललाई ०६२ भदौ १ गते सुरक्षाकर्मीले भाग्दै गर्दा वघचौडा गाविस-३ मा गोली हानी हत्या गरे। लासलाई प्रहरीले गाडे।

माओवादीबाट

जनकपुर नपा-१४ का १३ वर्षीय अशोक यादव, ९ वर्षीय सरोज यादव, ८ वर्षीय महेश यादवको घर नजिकै रहेको बम खेलाउँदा विस्फोट भई ०६१ चैत १४ गते मृत्यु भयो। सोही घटनामा परी जनकपुर नपा-१४ कै ४५ वर्षीय रामतुलादेवी यादव, ३५ वर्षीय तुलादेवी यादव र १८ वर्षीय विनोद यादव घाइते भए। प्रहरीले माओवादीद्वारा छाडेको बम खेलाउँदा घटना भएको बतायो भने माओवादीले सो घटनामा आफ्नो संलग्नता नरहेको जनायो।

सप्तरी जिल्ला राजविराज-६ घर भएका राष्ट्रिय अनुसन्धान विभागका नायव उपरीक्षक ५६ वर्षीय विष्णुप्रसाद पोखरेललाई जनकपुर नपा-१० मा ०६२ वैशाख ५ गते माओवादीले गोली हानी हत्या गरे।

सिनुरजोडा गाविस-३ का विजय राउत, सिरहा जिल्ला लक्ष्मीपुर गाविस-२ घर भएका ४७ वर्षीय प्रहरी निरीक्षक अजयकुमार सिंह, चितवन जिल्ला रत्ननगर गाविस-३ घर भएका प्रहरी हवल्दार ३२ वर्षीय राजेन्द्रराज श्रेष्ठ, धादिङ्ग जिल्ला गजुरी गाविस-४ घर भएका प्रहरी जवान २३ वर्षीय रविन्द्रकुमार परियारको माओवादीले राखेको बम विस्फोट भई ०६२ वैशाख ७ गते जनकपुर नपा-१४ मा मृत्यु भयो। मृतकमध्ये प्रहरी निरीक्षक अजयकुमार सिंहको अञ्चल अस्पताल जनकपुरमा उपचारको क्रममा मृत्यु भयो। सोही घटनामा प्रहरी सहायक निरीक्षक शिवेन्द्रप्रसाद यादव, प्रहरी हवल्दार झम्पे विक, बलबहादुर थापा, प्रहरी जवान पूर्ण

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१७	१२	६	१८	१०	१६		१६	१५	२०			२०
घाइते	४	४		४	७	२२	२	२४	१	१			१
गिरफ्तारी/यातना									३३	९३	२		९५
कुटपिट									१	२			२
धम्की					२	३		३	१	१			१
भेला/संगठित हुने अधिकार									७	२३		६२५	६४८
महिलाअधिकार	२९		२९	२९									
बालअधिकार	१		१	१									
अपहरण					९	११		११					
जम्मा	५१	१६	३६	५२	२८	५२	२	५४	५८	१४०	२	६२५	७६७

तामाङ्ग, मनोजकुमार यादव र मुनीलाल यादव घाइते भए।

उमाप्रेमपुर गाविस-५ का ३३ वर्षीय रामआशिष महतोलाई सुराकीको आरोपमा ०६२ वैशाख ९ गते माओवादीले घरमै गोली हानी हत्या गरे।

काभ्रे जिल्ला पनौती नपा-१२ घर भएका सैनिक जवान २० वर्षीय नारायण नगरकोटीको माओवादीले बाटो अवरुद्ध गरी राखेको बम हटाउने क्रममा ०६२ वैशाख १० गते नक्टाझिझ गाविस-१ स्थित सडकमा सो बम विस्फोट भई मृत्यु भयो।

भुतहीपटेर्वा गाविस-२ घर भएका एमाले कार्यकर्ता ४७ वर्षीय जगतनारायण साहलाई सुराकीको आरोपमा ०६२ वैशाख २४ गते माओवादीले घरबाटै अपहरण गरी घरभन्दा एक किलोमिटर उत्तरपूर्वमा लगी कुटपिट गरी गोली हानी हत्या गरे।

धनुषाधाम गाविस-८ का ४० वर्षीय चुल्हाई यादवलाई चोरी गरेको आरोमा ०६२ जेठ ६ गते माओवादीले अपहरण गरी खुकुरीले हात, खुट्टा र टाउको काटेर हत्या गरे। उनको लास भरतपुर गाविस-९ मा फेला पर्‍यो।

दोहोरो भिडन्त

माओवादी र सेनाबीच ०६१ माघ १७ गते गोदार गाविस-२ स्थित दमार एरियामा भिडन्त हुँदा सैनिक जवान २३ वर्षीय उमेश खनाल मारिए। भिडन्तमा माओवादीका मणि र मनिष भनिने कार्यकर्ता मारिए। घटनामा परी सेनाका अमर जीवन थापा, रामस्वरुप थारु रामशरण श्रेष्ठ र गोकुल घिसिङ घाइते भए भने घाइते माओवादीको अवस्था खुल्न सकेन।

इलाका प्रहरी कार्यालय सखुवा महेन्द्रनगरमा ०६१ फागुन ८ गते माओवादीले आक्रमण गरेपछि भएको दोहरो भिडन्तमा उदयपुर सोरुङ् छबीसे घर भएका प्रहरी जवान २७ वर्षीय प्रमोद राउत मारिए। घटनामा परेर केशव कार्की, फत्तेबहादुर तामाङ्ग, रामबहादुर थापा, बुद्धि ज्ञवाली र गोपाल श्रेष्ठ घाइते भए। घाइते माओवादीको अवस्था खुलेन।

आफ्नै बम विस्फोटबाट मृत्यु

नाम र ठेगाना नखुलेका जागरण र नारायण उपनामका माओवादी कार्यकर्ताको ०६२ वैशाख २६ गते खरियानी गाविस-६ स्थित हौवाही टोल नजिक विद्युतीय धराप थाप्दै गर्दा धराप विस्फोट भई मृत्यु भयो।

माओवादीद्वारा हत्या गरिएका रामआशिष महतो

गोली / बम / एम्बुसद्वारा घाइते

राज्यबाट

ठाडीझिझा गाविस-८ का २६ वर्षीय सञ्जय पासवान गस्तीलाई देखेर भागेकोले ०६२ वैशाख २५ गते सुरक्षाकर्मीले हानेको गोलीबाट घाइते भए। उनलाई हातहतियार तथा खरखजाना सम्बन्धी मुद्दा लगाई २४ हजार रुपैयाँ धरौटीमा असार ७ गते रिहा गरियो।

माओवादीबाट

झटियाही गाविस-२ का १९ वर्षीय रमेशकुमार मण्डल, जनकपुर नपा-१६ का रविन्द्रकुमार मण्डल र ११ वर्षीय लाल साह ०६१ चैत २८ गते माओवादीले जनकपुर नपा-१ मा राखेको बम विस्फोटमा परी घाइते भए।

चोराकोयलपुर गाविस-६ का ६० वर्षीय रामचरित्र यादवलाई ०६२ वैशाख ९ गते माओवादीले अपहरण गरी गोली हानी घाइते पारे। उनी विस्थापित भई जनकपुरमा बस्दै आएका छन्।

लवटोली गाविस-३ का २० वर्षीय प्रदीप यादव बेवारिसे बम चलाउँदा ०६२ वैशाख ३ गते विस्फोटमा परी घाइते भए। प्रहरीले माओवादीले छोडेको बम खेलाउँदा सो घटना भएको बताए भने माओवादीले सो घटनाप्रति कुनै प्रतिक्रिया दिएको छैन।

बेवारिसे बमबाट घाइते

लवटोली गाविस-३ का ६ वर्षीय ललित यादव, ७ वर्षीय अजित यादव, ६ वर्षीय राजाराम यादव र ४ वर्षीय सञ्जय यादव ०६२ मंसिर ७ गते बेवारिसे बम खेलाउँदा विस्फोट भई घाइते भए। उनीहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार भयो। प्रहरीले माओवादीले छोडेको बम खेलाउँदा विस्फोट भई घाइते भएको बताए पनि स्थानीय बासिन्दाले सो क्षेत्रमा डाँकाहरूको गतिविधि रहेकोले उनीहरूले नै छोडेको हुन सक्ने बताए।

बेपत्ता / अपहरण

माओवादीबाट

धनुषाधाम गाविस-४ का ५२ वर्षीय माधो पाण्डेलाई आफ्नो पार्टीको स्वीकृतिविना स्थानीय विद्यालयको पोखरी ठेक्का लगाएको आरोपमा ०६१ माघ ३ गते माओवादीले धनुषाधाम गाविस-१ बाट अपहरण गरी चार दिनपछि मुक्त गरे।

चोराकोयलपुर गाविस-७ का ५७ वर्षीय गोवर्धन यादवलाई ०६२ वैशाख १९ गते माओवादीले अपहरणपछि कुटपिट गरी भोलिपल्ट मुक्त गरे।

कजरारमौल गाविस-२ का ६० वर्षीय रामआशिश यादव र ५८ वर्षीय धनीलाल यादवलाई ०६२ जेठ २४ गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

वसैया गाविस-८ का ६३ वर्षीय भैरवानन्द लाल, सिरहा जिल्ला घर भएका अमिन ४६ वर्षीय महेशलाल यादव र उदयपुर कटारी घर भएका डिट्ठा ४२ वर्षीय ऋषिकुमार वराललाई अनुमतिविना गाउँ प्रवेश गरेको आरोपमा ०६२ जेठ २७ गते माओवादीले मिथिलेश्वर मौवाहीवाट अपहरण गरे। पीडितहरूलाई मानवअधिकारकर्मी नवराज वस्नेत, पत्रकार वृजकुमार यादव, पत्रकार प्रवीण साह र एक कर्मचारीको रोहबरमा जेठ २९ गते मुक्त गरे। उनीहरू जिल्ला अदालत धनुषामा कार्यरत छन्।

वरमझिया गाविस-७ का ३२ वर्षीय लटल यादवलाई घरायसी विवादको कारण ०६२ असार ६ गते माओवादीले मखनाह गाविसवाट अपहरण गरी भोलिपल्ट सोही ठाउँबाट मुक्त गरे।

तारापट्टी सिर्सिया गाविस-१ का २५ वर्षीय प्रहरी जवान हरेशिव यादवलाई ०६२ मंसिर ५ गते माओवादीले मिथिलेश्वर मौवाही गाविसवाट अपहरण गरे। पीडितलाई मानवअधिकारकर्मी नवराज वस्नेत, इन्सेक प्रतिनिधि रोशनदीप ढकाल र पत्रकार प्रवीण साहको रोहवरमा भोलिपल्ट सुगानिकास गाविसबाट मुक्त गरे। उनको साथमा रहेका केही हातहतियार तथा मोबाइल सेट भने माओवादीले फिर्ता गरेनन्।

तारापट्टीसिर्सिया गाविस-१ का ३८ वर्षीय सुरेशप्रसाद यादवलाई रोक्का गरिएको खेत जोतेको आरोपमा ०६२ पुस १ गते माओवादीले घरवाट अपहरण गरी कुटपिट गरे। पीडित सोही दिन मुक्त भई हाल जनकपुरमा विस्थापित जीवन विताइरहेका छन्।

गोपालपुर गाविस-३ का ३६ वर्षीय काशीनाथ यादव बुहारीको हत्यामा संलग्न रहेको आरोपमा ०६२ पुस ५ गते माओवादीले उनलाई घरवाट अपहरण गरी यातना दिई सोही राति तारापट्टी सिर्सिया गाविसबाट मुक्त गरे। पीडित एमाले कार्यकर्ता हुन्।



सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिँदै डा. रामवरण यादव

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

जनकपुर नपा-१० घर भएका मानवअधिकारकर्मी २१ वर्षीय राजीवकुमार कर्णलाई प्रहरीले समाज उत्थान केन्द्रमा काम छोड्नु पर्ने र माओवादीको वारेमा सुराकी गर्नु पर्ने भन्दै ०६२ असार १ गते जनकपुर नपास्थित बाह्रविघाबाट गिरफ्तार गरी ज्यानमार्ने धम्की दिए। उनलाई सोही राति रिहा गरियो। हाल उनी जनकपुरमा विस्थापित जीवन विताइरहेका छन्।

माओवादीबाट

सुगामधुकरही गाविस-६ का ६० वर्षीय लक्ष्मण राउत गडेरीलाई ०६२ कार्तिक १ गते सोही ठाउँका ६५ वर्षीय नथुनी यादवलाई ०६२ भदौ ७ गते र उमाप्रेमपुर गाविस-४ का ३५ वर्षीय सुशील यादवलाई ०६२ भदौ ७ गते माओवादीले ज्यानमार्ने धम्की दिए। हाल उनीहरू जनकपुरमा विस्थापित जीवन विताइरहेका छन्।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार (राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

शाही घोषणाको विरुद्ध पाँच राजनीतिक दलले ०६२ फागुन ७ गते जनकपुरमा गरेको शान्तिपूर्ण विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी नेकाँका ४९ जना, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का ६ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गरी सोही साँझ रिहा गरे।

शाही घोषणाको विरुद्धमा पाँच राजनीतिक दलले ०६२ फागुन २५ गते जनकपुरमा आयोजना गरेको शान्तिपूर्ण विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी नेकाँका ८६ जना, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का पाँचजना नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरी सोही साँझ रिहा गरे। गिरफ्तार गरिएकामध्ये एमालेका रामचरित्र साह, नेकाँका आनन्दप्रसाद ढुंगाना, रामकृष्ण यादव, जनमोर्चाका लक्ष्मण सिंहलाई घर-घरवाट गिरफ्तार गरिएको थियो।

शाही घोषणाको विरुद्धमा पाँच राजनीतिक दलले ०६२ चैत १ गते जनकपुरमा आयोजना गरेको शान्तिपूर्ण विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी तीनसय ४८ जनालाई गिरफ्तार गयो। गिरफ्तार गरिएकामध्ये नेकाँका एकसय ५६ जना, एमालेका ९६ जना, नेकाँ (प्रजातान्त्रिक) का ७० जना, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का १३ जना, जनमोर्चाका छजना रहेका थिए।

शान्ति र लोकतन्त्रको माग गर्दै जनकपुरमा निकालिएको जुलुसबाट प्रहरीले ०६१ चैत १ गते गिरफ्तार

गरी चैत १९ गते रिहा गरिएकाहरूमा नेकाँका मोहन माथेमा, भोला चौधरी, राजनन्दन मण्डल, ललन चौधरी र रामकृष्ण यादव, नेकपा (एमाले) का कृष्णकुमार झा, श्रीकृष्ण यादव, रामचरित्र साह, मनोज खड्का, नेकाँ (प्रजातान्त्रिक) का युगेश्वर कापडी, सञ्जयकुमार यादव, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का रामगोविन्द यादव, रञ्जीतकुमार झा र जनमोर्चा नेपालका असर्फी भिनवार, लक्ष्मण सिंह रहेका छन्। सोही दिन गिरफ्तार गरिएकामध्ये नेकाँका भोला पंजियार, शम्भुनाथ झा, श्रवन कुसियत, परमेश्वर साह, दिनेश परसोल, श्यामचन्द्र यादव र वृषेशचन्द्र यादव, एमालेका लक्ष्मीनारायण यादव, गजाधार यादव, रामचन्द्र पण्डित, रामरतन यादव, विशेश्वर यादव, हरिनारायण महतो, सनत सुवेदी, जिवछप्रसाद यादव, टंक बराल, नेकाँ (प्रजातान्त्रिक) का हरिशंकर साह, मिथिलेशकुमार कर्ण, प्रफुल्लराज घिमिरे, प्रवेशकुमार चौधरी र अरविन्द चौधरी नेसपा (आनन्दीदेवी) का राजदेव महतो, जनमोर्चा नेपालका सीताराम ठाकुर र बौएलाल महतो चैत १४ गते रिहा भए। सोही दिन गिरफ्तार गरिएका अनेरास्ववियुका सुधीरप्रसाद साह, नेविसंघका नवलकिशोर यादव र नेसपा (आनन्दीदेवी) विजयकुमार यादवलाई वैशाख १६ गते रिहा गरियो। सोही दिन गिरफ्तार गरिएका नेकाँका शिवधारी यादव, एमालेका योगनारायण यादव, रत्नेश्वर गोइत र दिनकर यादवलाई ०६२ जेठ १ गते रिहा गरिएको थियो भने नेकाँका आनन्दप्रसाद ढुंगाना र स्मृतिनारायण चौधरी तथा एमालेका महेन्द्र यादवलाई ०६२ जेठ १० गते रिहा गरियो।

शाही घोषणाको विरोधमा जनकपुरमा आयोजित प्रदर्शनवाट प्रहरीले ०६१ चैत ७ गते गिरफ्तार गरी ०६२ चैत १९ गते रिहा गरिएकाहरूमा नेकाँका राजकुमार भारती र पुष्पलता लामा रहेका छन् भने सोही दिन गिरफ्तार गरिएकी नेकाँकी तुलसा आचार्यलाई ०६२ जेठ १ गते रिहा गरियो।

जनकपुरमा आयोजित विरोध प्रदर्शनवाट प्रहरीले ०६१ चैत २६ गते गिरफ्तार गरी ०६२ जेठ १० गते रिहा गरिएकाहरूमा नेकाँका डा. रामवरण यादव र रामकृष्ण यादव रहेका छन्।

पूर्ण प्रजातन्त्रको माग गर्दै जनकपुरमा आठ विद्यार्थी संगठनले प्रतिगमनको विरुद्ध पुत्ला दहन गर्ने तयारी गरिरहेको वेला प्रहरीले ०६२ असार २३ गते विद्यार्थी नेताहरू हरिनारायण यादव, नवलकिशोर यादव, रञ्जीत झा, सञ्जय यादव, नरेश यादव र जगत यादवलाई पक्राउ गऱ्यो। उनीहरू असार २४ गते रिहा भए।

पूर्ण प्रजातन्त्रको माग गर्दै नेविसंघ (प्रजातान्त्रिक) धनुषाले ०६२ असोज १७ गते दिउँसो जनकपुर नपावाट निकालेको जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा



बम विस्फोटमा घाइते तुलादेवी

विधार्थीहरू प्रवेश चौधरी, कल्याण गुरुङ्ग, सुरेश कोइराला, कन्हैयालाल कर्ण र जितेन्द्र मिश्रलाई पक्राउ गऱ्यो। उनीहरूलाई १९ गते रिहा गरियो।

नगरकोट हत्याकाण्डको विरोधमा जनकपुरमा आठ विद्यार्थी संगठनले गरेको विरोध प्रदर्शनको क्रममा प्रहरीले ०६२ पुस १ गते विद्यार्थी नेता भरत राय, हरिनारायण यादव, प्रवेश चौधरी, दिनेश साह, धिरेन्द्र यादव र रामदयाल यादवलाई कुटपिट गर्दै पक्राउ गऱ्यो। उनीहरू पुस २ गते रिहा भए।

नगरकोट हत्याकाण्डको विरोधमा विधार्थीहरूले ०६२ पुस २ गते जनकपुर बन्द गर्ने क्रममा प्रहरीले हस्तक्षेप गरी नवलकिशोर यादव, शम्भु यादव, सुधीरप्रसाद साहलगायत आठजनालाई गिरफ्तार गरी भोलिपल्ट रिहा गऱ्यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानीतर्फ एक हजार चारसय ६ फौजदारीतर्फ छसय ३० र सरकारवादीतर्फ एकसय १२ मुद्दा दर्ता भए। जसमा देवानीतर्फ एक हजार एकसय २४, फौजदारीतर्फ दुईसय १७, सरकारवादीतर्फ ७६ मुद्दा फर्स्यौट भए। देवानी दुईसय ८२ फौजदारी चारसय १३ र सरकारवादी फौजदारी ३६ बाँकी रहे। जसमा जिम्मवारी सरी आएका देवानीतर्फ नौसय ८१ मध्ये तीनसय ९० फर्स्यौट भई पाँचसय ९१ बाँकी रहे फौजदारीतर्फ दुईसय २५ मध्ये ६८ फर्स्यौट भई तीनसय ५७ बाँकी छन् भने सरकारवादी फौजदारीतर्फ ७५ मध्ये २३ फर्स्यौट भई ५२ ओटा मुद्दा बाँकी रहे।

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा खुनडाँका छ, कर्तव्य ज्यान २३, ज्यान मार्ने उधोग चार, भवितव्य ज्यान ३९, फुटकर ज्यान आठ, विष सेवन गरी आत्महत्या १९, झुण्डिएर आत्महत्या १०, डाँका १७, चोरी नौ, खोटाचलन पाँच, लागु औषध तीन, सरकारी छाप दस्तखत किर्ते एक, केही सार्वजानिक अपराध २२, नागरिकता दुई, जर्वजस्ती करणी दुई, सवारी ज्यान २२, हातहतियार खरखजाना तीन, आगलागी दुई, सवारी अंगभंग एक गरी जम्मा एकसय ९९ ओटा जाहेरी दर्ता भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
आर्थिक अधिकार
विस्थापित

रघुनाथपुर गाविस-५ का रामभक्त महतोको जग्गा माओवादीले जोत्न दिएका छैनन्। उनी जनकपुरमा विस्थापित जीवन बिताइरहेका छन्।

गोविन्दपुर गाविस-५ का २१ वर्षीय भुषणकुमार यादव, ४५ वर्षीय राजाराम यादव, ४२ वर्षीय दाताराम यादव, ४० वर्षीय धनिराम यादव र ३६ वर्षीय रामानन्द यादवको जग्गा माओवादीले कब्जा गरे। उनीहरू एक वर्ष अघिदेखि विस्थापित भई जनकपुरमा बस्दै आएका छन्।

सुरक्षाकर्मीको लाठीचार्जबाट घाइते भएका परमेश्वर साह

यसैगरी रामआशिष यादव, फुलगेन यादव, विरोश्वर राउत, लक्ष्मण राउत, नथुनी यादव, किशोर यादव, गंगाई महतो र सुशील यादवलाई माओवादीले ज्यान मार्ने धम्की दिएका कारण जनकपुरमा विस्थापित जीवन बिताइरहेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड
गिरफ्तारी/यातना

बालावाखर गाविस-१ का २९ वर्षीय भक्ति मण्डललाई ०६१ माघ १० गते गिरफ्तार गरी फागुन ५ गते, वरमझिया गाविस-६ का १८ वर्षीय रामखेलावन यादवलाई ०६१ फागुन २ गते गिरफ्तार गरी फागुन ९ गते, पौडेश्वर गाविस-३ का ४० वर्षीय रामनाथ यादवलाई ०६२ वैशाख २ गते गिरफ्तार गरी वैशाख ९ गते, भुतहीपटेर्वा गाविस-५ का २५ वर्षीय हरिनारायण दास र सोही गाविस-२ का ५२ वर्षीय चन्दर मण्डललाई ०६२ वैशाख ९ गते गिरफ्तार गरी वैशाख १५ गते, बालावाखर गाविस-१ का ६५ वर्षीय सियाराम यादवलाई ०६२ वैशाख १७ गते गिरफ्तार गरी वैशाख २१ गते, नौवाखोरपर्साही गाविस-९ का ७० वर्षीय मलहादास र सोही गाविस-६ का ४२ वर्षीय विन्देश्वर दासलाई ०६२ वैशाख २० गते गिरफ्तार गरी वैशाख २६ गते, देवपुरा रुपैठा गाविस-३ का २० वर्षीय रामरतन पासवानलाई ०६२ जेठ १२ गते गिरफ्तार गरी जेठ २० गते, धनुषा गोविन्दपुर गाविस-६ का ४५ वर्षीय वेचन ठाकुरलाई ०६२ असार २ गते गिरफ्तार गरी असार ७ गते, उमाप्रेमपुर गाविस-५ का २२ वर्षीय राजकुमार सदालाई ०६२ असार १२ गते गिरफ्तार गरी भदौ ६ गते, बालाबाखर गाविस-६ का ५५ वर्षीय जगदेव यादवलाई ०६२ असार १८ गते गिरफ्तार गरी असार २० गते, सबैला गाविस-२ का ४१ वर्षीय बलि यादवलाई ०६२ असार १६ गते गिरफ्तार गरी असार २१ गते, सोनिगामा गाविस-३ का ४५ वर्षीय रामकृष्ण यादवलाई ०६२ साउन १० गते गिरफ्तार गरी साउन १४ गते, धनुषागोविन्दपुर गाविस-६ का २१ वर्षीय पुरन मण्डललाई ०६२ साउन १७ गते गिरफ्तार गरी भदौ २ गते, बालाबाखर गाविस-१ का ४० वर्षीय नथुनी यादवलाई ०६२ साउन २० गते गिरफ्तार गरी सोही दिन, रघुनाथपुर गाविसका ४० वर्षीय अव्दुल शेखलाई ०६२ भदौ १ गते गिरफ्तार गरी भदौ ५ गते, खरियानी गाविस-९ का ४८ वर्षीय ब्रहमदेव राउतलाई ०६२ भदौ २ गते गिरफ्तार गरी सोही दिन, विसरभोरा गाविस-१ का ४८ वर्षीय रामसोभित यादवलाई ०६२ भदौ ११ गते गिरफ्तार गरी भदौ १४ गते, बफै गाविस-६ का २५ वर्षीय सूर्यदेव दासलाई ०६२ कार्तिक २७ गते गिरफ्तार गरी मंसिर ८ गते, खरियानी गाविस-९ का २८ वर्षीय रामभिखारी रायलाई ०६२ मंसिर १६ गते गिरफ्तार, मिथिलेश्वर मौवाही गाविस-३ का ३६ वर्षीय रामअगुन मण्डललाई ०६२ मंसिर ६ गते गिरफ्तार गरी मंसिर ८ गते, माचीझिटकैया गाविस-९ का ५० वर्षीय रुदल महतोलाई ०६२ मंसिर ५ गते गिरफ्तार गरी मंसिर ८ गते, सिडयाहीमडान गाविस-१ का ६२ वर्षीय असर्फी पासवानलाई ०६२ मंसिर २४ गते गिरफ्तार गरी मंसिर ३० गते पूर्जी थमाइयो। जिल्ला प्रसाशन कार्यालयले उनीहरूलाई नजरबन्दमा रहने गरी जलेश्वर कारागार पठाएको छ। उनीहरूलाई पटक पटक छुट पूर्जी थमाउँदै पुनः नयाँ पूर्जी थामाई जलेश्वर जेलमा राखेको छ।

सुरक्षाकर्मीको लाठीचार्जबाट घाइते रामगोविन्द यादव

भरतपुर गाविस-३ का ३२ वर्षीय महावीर यादवलाई ०६१ पुस २७ गते, बरमझीया गाविस-९ का २५ वर्षीय रामअवतार मुखियालाई ०६१ माघ ९ गते, सिरहा जिल्ला लहान नपाका २७ वर्षीय शैलेन्द्र वस्नेतलाई ०६१ फागुन १२ गते, सतोखर गाविस-९ का ४२ वर्षीय माधव यादवलाई ०६२ वैशाख ८ गते, मिथिलेश्वर निकास गाविस-९ का ४८ वर्षीय रामदपार गडेरीलाई ०६२ वैशाख १९ गते, लवटोली गाविस-७ का ३८ वर्षीय विहारी गोइतमान यादव र बरमझीया गाविस-४ का ३६ वर्षीय राधाकृष्ण ठाकुरलाई ०६२ जेठ १० गते, पौडेश्वर गाविस-६ का २७ वर्षीय

चन्देश्वर यादवलाई ०६२ असार २५ गते, उमाप्रेमपुर गाविस-६ का ५० वर्षीय नारायण दासलाई ०६२ साउन ४ गते सुरक्षाकर्मीले माओवादी आशंकामा गिरफ्तार गरी रिहा गरे।

बालअधिकार

सिन्धुली जिल्ला अरुणठाकुर गाविस-१ की १२ वर्षीय बालिकालाई जनकपुर नपा-४ का ४२ वर्षीय हरिनारायण मानन्धरले ०६२ साउन १८ गते अश्लील फिल्म देखाई यौन दुर्व्यवहार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी जबर्जस्ती करणी उद्योग मुद्दा चलाएकोमा अदालतले पुर्पक्षको लागी जलेश्वर कारागार पठायो। पीडित बालिका पीडककै घरमा काम गर्ने घरेलु कामदार थिइन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

यज्ञभूमि गाविस-८ की ३० वर्षीय एक महिलालाई सोही ठाउँका ३२ वर्षीय लोला यादव, ३० वर्षीय बन्डुल यादव, ३२ वर्षीय देवन यादव, ३० वर्षीय शिवकुमार यादव, २६ वर्षीय मन्जे यादव र २६ वर्षीय कारी यादवले ०६१ चैत २२ गते बलात्कार गरे। पीडकहरुलाई प्रमाण नपुगेको भनी प्रहरीले सार्वजनिक मुद्दा लगाई धरौटी राखी तारेखमा रिहा गरियो।

सखुवा महेन्द्रनगर गाविस-१ का २१ वर्षीय एक महिलालाई यज्ञभूमि गाविस-७ का ३५ वर्षीय विश्वेश्वर यादव र ३७ वर्षीय रामनारायण यादवले ०६१ चैत १५ गते यज्ञभूमि गाविस-७ मा बलात्कार गरे। पीडक विशेश्वर यादवलाई प्रहरीले गिरफ्तार गरी पुर्पक्षको लागि ०६२ जेठ ३१ गते जेल चलान गरियो।

सिनुरजोडा गाविस-८ की ३५ वर्षीय एक महिलालाई सोही गाविस-७ का ४० वर्षीय सोनफी कवारीले ०६२ असोज २० गते बलात्कार गर्ने प्रयास गरे। पीडक २३ हजार धरौटीमा अदालतबाट तारिखमा रिहा भए।

पारिवारिक हिंसा

सखुवा महेन्द्रनगर गाविस-६ का ३२ वर्षीय भरत यादवले ०६१ माघ २३ गते २१ वर्षीय रेखाकुमारी यादवसँग बहुविवाह गरे।

बरमझिया गाविस-३ की ३५ वर्षीय झपोदेवी साहलाई उनकी काकी ३० वर्षीय रजौलियादेवी साहले बोक्सीको आरोपमा ०६२ वैशाख २६ गते कुटपिट गरिन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

पाँच राजनीतिक दलले प्रजातन्त्र, मानवअधिकार र शान्तिको माग गर्दै ०६१ चैत १ गते आयोजना गरेको शान्तिपूर्ण विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेको विरोधमा इन्सेक प्रतिनिधि रोशनदिप ढकाल र मानवअधिकारकर्मी नवराज बस्नेतले विज्ञप्ति जारी गर्दै विरोध जनाए।

पाँच राजनीतिक दलले प्रजातन्त्र, मानवअधिकार र शान्तिको माग गर्दै ०६१ चैत २६ गते आयोजना गरेको शान्तिपूर्ण विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी लाठी चार्ज गरी गिरफ्तार गरेको विरोधमा इन्सेक जिल्ला प्रतिनिधि रोशनदिप ढकाल, मानवअधिकारकर्मी नवराज बस्नेत र नेपाल बुद्धिजीवी परिषद् धनुषाका सचिव गोपाल अर्यालले विज्ञप्ति जारी गर्दै विरोध जनाए।

भुतही पटेर्वा गाविसका एमाले कार्यकर्ता तथा पूर्व गाविस अध्यक्ष जगतनारायण साहलाई माओवादीले ०६२ वैशाख २४ गते घरबाट अपहरण गरी हत्या गरेको घटनाको विरोध गर्दै नेकपा (एमाले) धनुषाका संयोजक डा. भोलाप्रसाद साहले ०६२ वैशाख २६ गते प्रेस विज्ञप्ति जारी गरे। विज्ञप्तिमा दोषीलाई कडा कारवाहीको माग गरिएको थियो।

०६० असोज २१ गते जनकपुर नपा-४ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारिएका सन्जीव कुमार कर्ण, दुर्गेश लाभ, जितेन्द्र झा, सैलेन्द्र यादव र प्रमोदनारायण मण्डलको स्थिति सार्वजनिक गर्न माग गर्दै मानवअधिकारकर्मीहरु नवराज बस्नेत, थिरबहादुर कार्की, श्यामकुमार मिश्र, गोपाल अर्याल, बी.एम.खनाल, तुलसा दहाल, रोशनदिप ढकाल, राजनप्रसाद दहाल र दिपककुमार कार्कीले ०६२ भदौ ३० गते संयुक्त विज्ञप्ति जारी गरे।

नेपाल पत्रकार महासंघका केन्द्रीय पार्षद तथा तरुण साप्ताहिकका सम्वाददाता रामभरत साहलाई “जनकपुरका अंचल प्रशासक मालामाल” भन्ने शीर्षक अन्तर्गत समाचार लेखेका कारण प्रहरी खटाई मानसिक यातना दिइएको घटनाको विरोध गर्दै नेपाल पत्रकार महासंघ धनुषाका सभापति अशोक रौनियार तथा सचिव राजेशकुमार कर्णले ०६२ पुस ७ गते संयुक्त विज्ञप्ति प्रकाशित गरी सो घटनाको भर्त्सना गरे।

संरचना क्षति

माओवादीले लबटोली गाविस भवनमा ०६१ फागुन ५ गते र एभरेस्ट पेपर मिलमा ०६१ चैत २४ गते बम विस्फोट गराई २ लाख ३५ हजारको क्षति पुर्‍याए। माओवादीले ०६१ माघ २० गते सडक विभागको टिपरमा आगो लगाई क्षति पुर्‍याए।

अतिरिक्त जानकारीहरु

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष विष सेवन गरी १० जना पुरुष, ७ महिला र झुण्डिएर ३ जना महिला र २ जना पुरुषले आत्महत्या गरे। त्यसैगरी सवारी दुर्घटनामा परी १५ जना पुरुष र १ जना महिलाको मृत्यु भयो।

विगतको अनुगमन

जनकपुर नपा- ९ का मनोज दत्त र नगराइन- १ का रामचन्द्र लाल कर्णलाई सुरक्षाकर्मीले ०६० असोज २५ गते जनपा- ९ बाट माओवादीको आरोपमा गिरफ्तार गरी बेपत्ता बनाएकोमा राष्ट्रिय मानवअधिकार आयोगले सेनाको मानवअधिकार सेललाई उधृत गर्दै उनीहरु गिरफ्तार गरिएकै दिन भिडन्तमा मारिएको सार्वजनिक गऱ्यो।

२.२ महोत्तरी



जनसंख्या	:	६१६८०४
साक्षरता प्रतिशत	:	३४.७
महिला साक्षरता प्रतिशत	:	२२.४
क्षेत्रफल (वर्ग कि. मि.)	:	१००२
गाविस नपा संख्या	:	७६ १
निर्वाचन क्षेत्र	:	४
विद्यालय	:	२५३
क्याम्पस उच्च मा.वि.	:	२ ५
अस्पताल स्वास्थ्य चौकी	:	१ ८१
टेलिफोन लाइन	:	७९६
मोटर सडक (कि. मि.)	:	२३८
प्रहरी कार्यालय संख्या	:	५
हुलाक संख्या	:	७४
मानव विकास सूचकांक	:	०.४०७
प्रति परिवार सरदर संख्या	:	६.४३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सीनापुर भंगहा गाविस-४ घर भएका माओवादी कार्यकर्ता ५५ वर्षीय भक्तबहादुर निरौलालाई ०६२ वैशाख ३० गते सुरक्षाकर्मीले नियन्त्रणमा लिई सोही गाविस-८ स्थित भुत्ताहा खोलाको बगरमा गोली हानी हत्या गरे।

सरपल्लो गाविस-९ घर भएका माओवादी कार्यकर्ता २९ वर्षीय गोपाल भनिने देवेन्द्र सहनी र सर्वसाधारण २५ वर्षीय नागेश्वर सहनीलाई ०६२ असार १ गते सुरक्षाकर्मीले साइकलमा बलवा बजारमा जाँदै गर्दा बलवा बजारबाट गिरफ्तार गरी सरपल्लो गाविस-१ स्थित बाँसघारी पुऱ्याई गोली हानी हत्या गरे।

माओवादीबाट

गौशाला गाविस-३ का ३५ वर्षीय कारी सदा मुसहरको ०६१ चैत ३ गते सोही गाविसको निगौल चोकमा माओवादीले गाडेको झण्डा उखेल्दा बम विस्फोट भई मृत्यु भयो।

गोली / बम / एम्बुसद्वारा घाइते

माओवादीबाट

हाथिलेट गाविस-७ का ३२ वर्षीय डम्बरबहादुर मेसुरलाई काठ तस्करको आरोपमा ०६२ असोज १६ गते माओवादीले गोली हानी घाइते पारे। पीडितको धरानस्थित बी. पी. कोइराला अस्पतालमा उपचार गरियो।

जेल र बन्दीहरु

"ख" श्रेणीको जलेश्वर कारागारको बन्दी क्षमता एकसय ३५ रहेको छ। क्षमताभन्दा बढी कैदी हुने यस कारागारको भौतिक अवस्था जिर्ण रहेको छ। हाल दुईसय ६२ जना कैदी रहेका छन्। सो संख्यामध्ये एक महिलासहित ४५ जना आंतककारी तथा विध्वंशात्मक अपराध (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत नजरबन्दमा छन्। अन्य कैदीमा ७ जना महिला सहित ७७ जना कैद तोकेका र बाँकी विभिन्न अभियोगमा पुर्पक्षका लागि राखिएका छन्।

करिब ५ कट्ठा क्षेत्रफलको गोलाकार पर्खालभित्र रहेको जेललाई बीचमा पर्खाल लगाएर महिला र पुरुषका लागि दुई भागमा बाँडिएको छ। पुरुषतर्फ क्षमताभन्दा दोब्बर कैदी भएका कारण प्रतिव्यक्ति एक हात ठाउँ सुत्न छुट्याइएको छ। पुरुषतर्फको जेलमा यस वर्ष नयाँ थपी एक हल निर्माण गरिए पनि त्यसले कुनै फरक पारेको छैन।

कारागारभित्र खानेपानीका लागि पुरुषतर्फ चारओटा चापाकल छन् भने महिलातर्फ एउटा मात्र रहेको

छ। पुरुषतर्फ छ ओटा शौचालय र महिलातर्फ दुईओटा शौचालय छन्। पुरुष कैदी स्वयंले खरिद गरेका तीनओटा श्याम स्वेत टीभी छन् भने महिलाका लागि छैन। महिलाहरूले कारागारले उपलब्ध गराउने पत्रपत्रिका पनि पढ्न पाउँदैनन्।

जेल सुधार, क्षमता वृद्धि र जेल प्रशासनले कैदीहरूलाई गरेको शोषणका विरुद्ध माओवादी आरोपित कैदीले आवाज उठाई ३८ सूत्रीय माग राखी प्रशासनलाई ज्ञापनपत्र बुझाए। सो ज्ञापनपत्रमा उल्लेखित माँग पूरा गर्नुको सट्टा प्रशासनले उल्टै माओवादी नेता भरत साहलाई झुक्याएर ०६२ पुस ६ गते प्रहरी हिरासत र पछि काठमाडौंस्थित भद्र बन्दी गृह सरुवा गऱ्यो। सोही दिनदेखि १३ जना बन्दी आमरण अनसन बसेका थिए। अनसनकारीको स्वास्थ्य स्थिति गम्भीर हुँदै गएपछि इन्सेक प्रतिनिधिको रोहबरमा अनसनको ११ औं दिनमा जेल प्रशासन र कैदीबीच लिखित सहमति भई अनसन तोडियो।

बेपता / अपहरण

माओवादीबाट

लोहारपट्टी गाविस-६ का नेपाली कांग्रेस (प्रजातान्त्रिक) का कार्यकर्ता तथा पूर्व गाविस अध्यक्ष ५५ वर्षीय रामचन्द्र साहलाई ०६१ पुस २० गते माओवादीले अपहरण गरी दश महिनापछि मुक्त गरे।

परौल गाविस-४ का २८ वर्षीय गोविन्द झालाई बलात्कारी भएको आरोपमा ०६१ माघ ७ गते माओवादीले अपहरण गरे। पीडित माघ १२ गते आफ्नो कब्जाबाट भागेको माओवादीले बताए।

झापा जिल्ला तोपगाछी गाविस-६ घर भई जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत प्रहरी हवल्दार ३५ वर्षीय ओमबहादुर श्रेष्ठलाई ०६१ माघ १६ गते माओवादीले ससुराली घर महोत्तरी सरपल्लो गाविस-१ बाट अपहरण गरे। पीडित माओवादी कब्जाबाट भागी माघ १७ गते परिवारको सम्पर्कमा आए।

खयरमारा गाविस-३ का ३५ वर्षीय कृष्णमणि ढकाललाई ०६२ वैशाख २२ गते माओवादीले सुराकीको आरोपमा अपहरण गरी माघ २५ गते मुक्त गरे।

खैरवन्नी गाविस-८ का ४३ वर्षीय शिवजी यादवलाई जनअदालतमा उजुरी परेको छ भन्दै ०६२ असोज ६ गते माओवादीले अपहरण गरी असोज १४ गते तारेखमा मुक्त गरे।

महदैया तपनपुर गाविस-८ का ४० वर्षीय धनवीर यादवलाई आफ्नै काकासँगको जमिनसम्बन्धी विवाद गरेको आरोपमा ०६२ असोज २३ गते माओवादीले अपहरण गरी १९ दिनपछि साप्ताहिक तारेखमा मुक्त गरे। पीडित विस्थापित भई जनकपुरमा बसेका छन्।

सहसौला गाविस-८ का ३८ वर्षीय कोदाई चौधरीलाई ०६२ कार्तिक १५ गते माओवादीले डकैतीको आरोपमा अपहरण गरे। अपहरणपछि चौधरी माओवादी बने।

राम गोपालपुर गाविस-१ का २७ वर्षीय जयकाबुल शेख र २८ वर्षीय लोचन बिनलाई डाँकाको आरोपमा ०६२ कार्तिक १६ गते माओवादीले अपहरण गरी लगेकोमा उनीहरूको स्थिति अज्ञात छ।

बगडा गाविस-९, मध्येपुर घर भई जलेश्वर नपा-२ मा व्यापार गरी बस्ने २६ वर्षीय जुगेश्वर साहलाई

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा
हत्या	१३	११	२	१३	१	१	१	२	३		३
घाइते	३	३	२	५	१	१	१				
गिरफ्तारी/यातना								१८	३९		३९
कुटपिट	२	२		२				१	६		६
भेला/संगठित हुने अधिकार								२	१	२७	२८
जातीय विभेद	१		१	१							
महिलाअधिकार	४९		४९	४९							
बालअधिकार	१०	४३	६	४९							
अमानवीय व्यवहार	२	२		२							
अपहरण					१०	११	११				
जम्मा	८०	६१	६०	१२१	१२	१३	१३	२३	४९	२७	७६

सुराकीको आरोप लगाउँदै ०६२ मंसिर ९ गते पडौल गाविस-८ तिलगढीस्थित मामाघरबाट माओवादीले अपहरण गरे। यानतावाट शरीरभरि नीलडामका साथै हात भाँचिदिएका साह मंसिर १६ गते माओवादी कब्जाबाट भाग्न सफल भई परिवारको सम्पर्कमा आएका थिए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

हर्पाही गाविस-९ का रिलेक जिल्ला शाखा सिन्धुलीका अध्यक्ष युवराज भण्डारी, सोही ठाउँका वेदराज काफ्ले लगायत चारजनालाई माओवादीको आशंकामा ०६२ साउन १८ गते महोत्तरीको जलेश्वर जादा बाटोमा जलेश्वर ब्याङ्कका सुरक्षाकर्मीले चार घण्टासम्म सोधपुछ गरी मानसिक यातना दिए।

जलेश्वर नपा-२ र ४ को पोखरी किनारामा ०६२ कार्तिक २१ गते राति छठ पर्व मनाइरहेका ब्रताल् र भक्तजनलाई गोरख बक्स गण प्रकौलीका मादक पदार्थ सेवन गरेका सादा पोसाकका सेनाको समूहले जथाभावी कुटपिट गरे। कुटपिटबाट घाइते भएका जलेश्वर ४ का ३२ वर्षीय वीरेन्द्र मण्डल तत्काल एम्बुलेन्सद्वारा धरान लगी उपचार गरियो।

अन्यबाट

हाथिलेट गाविस-९ का ५१ वर्षीय पूर्व गाविस अध्यक्ष निर्मल श्रेष्ठलाई बलात्कारको आरोपमा वर्दिवास गाविस-९ का महिलाहरूले ०६२ वैशाख ९ गते अनुहारमा चुन, मोसो दली गलामा जुत्ता चप्पलको माला भुण्डयाएर झ्याली पिट्दै गाउँ घुमाए।

वेला एकडारा गाविस-८ का ७५ वर्षीय रामआश्रय यादवलाई बोक्साको आरोपमा ०६२ कार्तिक २६ गते सोही ठाउँका ३५ वर्षीय रतन विन, उनकी पत्नी ३१ वर्षीय उक्छीदेवी विन, ४० वर्षीय रामदयाल विन, २९ वर्षीय सोन्फी विन, २७ वर्षीय रतिया विनले कुटपिट गरी मलमूत्र कोच्याए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

०६१ माघ १९ को शाही घोषणाको विरोध गर्दै राजनीतिक दलले पहिलो पटक संयुक्त रुपमा ०६१ चैत १ गते सदरमुकाममा प्रदर्शन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गरी ४० जनालाई गिरफ्तार गरे। गिरफ्तार भएकामध्ये डाम्हीमडै गाविसका नेकांका केन्द्रीय सदस्य ६५ वर्षीय महेश्वरप्रसाद सिंह, सोही पार्टीका महोत्तरी जिल्ला सभापति श्रीपुर गाविसका ५५ वर्षीय महेन्द्रकुमार राय र सदस्यहरू खुट्टा पिपराढी गाविसका महेन्द्र यादव, सुगा गाविसका कामेश्वर पाण्डे, डाम्हीमडैका सुरेन्द्रप्रसाद सिंह, महोडवा गाविसका हरिनारायण यादव, पर्साप‌तैली गाविसका बजरंग नेपाली, जलेश्वर नपाका अशोक साह, भ्रमरपुरा गाविसका रजी हैदर तथा तरुण दलका जिल्ला अध्यक्ष मटिहानी गाविसका उपेन्द्र चौधरी, पर्साप‌तैली गाविसका एमालेका जनकपुर अञ्चल सदस्य गणेश नेपाली, जिल्ला कमिटी सदस्य कालिचन्द्र साह र अनेकिसंघ महोत्तरीका अध्यक्ष दिपनारायण साह, जिल्ला सदस्य चन्देश्वर वामपन्थी र नेमपा (आनन्दीदेवी) का जिल्ला अध्यक्ष सुनिल रोहित रहेका छन्। उनीहरूलाई जलेश्वरको महेन्द्रचोकबाट सुरक्षाकर्मीले निर्धात कुटपिट गर्दै गिरफ्तार गरे। गिरफ्तार गरिएकाहरू १६ जनालाई शान्ति सुरक्षा अन्तर्गत पूर्जी दिई नजरबन्दमा राखियो भने अन्यलाई इन्सेक प्रतिनिधिको रोहवरमा रिहा गरियो। पूर्जी पाएकाहरू पुनरावेदन अदालत जनकपुरको बन्दी प्रत्यक्षीकरण आदेशबाट जेठको पहिलो हप्ता रिहा भए।

नेकांका जिल्ला सदस्य सीताराम भण्डारी, ललनकुमार राय, शम्भुनारायण पाठक, रामआधार कापर र सोही पार्टीका क्षे.नं.४ का सदस्य राजाराम महतोलाई शान्तिपूर्ण प्रदर्शनको क्रममा ०६१ चैत ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। शान्ति सुरक्षा खल्बल्याएको आरोपमा तीन महिनाको पुर्जी थमाई जलेश्वर जेलमा राखिएका पीडितमध्ये शम्भु पाठक चैत ९ गते रिहा भए भने बाँकी ०६२ जेठ ६ गते पुनरावेदन अदालत जनकपुरको बन्दी प्रत्क्षीकरण आदेशबाट रिहा भए।

पिपरा गाविस-७ घर भएका नेकां (प्रजातान्त्रिक) का केन्द्रीय सदस्य ६२ वर्षीय हरिशंकर मिश्र, जलेश्वर नपा-६ घर भएका नेकां (प्रजातान्त्रिक) का जिल्ला कमिटी सदस्य ४८ वर्षीय श्यामसुन्दर प्रताप साह, एमाले जिल्ला कमिटी सदस्यहरू महमौला गाविस-५ का ४५ वर्षीय राजकिशोर यादव, अनकार गाविस-५ का ४० वर्षीय रामप्रगास मण्डल र जनमोर्चा नेपालका जिल्ला सदस्य ३२ वर्षीय विष्णु लामालाई शान्तिपूर्ण प्रदर्शनका क्रममा ०६१ चैत २६ गते गिरफ्तार गरिएकोमा पुनरावेदन अदालत जनकपुरको बन्दीप्रत्क्षीकरण आदेशबाट ०६२ जेठ ५ गते रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत महोत्तरीमा गत वर्षको जिम्मेवारी सरेर आएको देवानी मुद्दा संख्या आठसय ९३ मध्ये तीनसय १७ फर्स्यौट भई पाचसय ७६ बाँकी रहे। त्यसैगरी जिम्मेवारी सरेको दुनियावादी फौजदारी मुद्दा एकसय ७३ मध्ये ४९ फर्स्यौट भई एकसय २४ बाँकी रहे।

त्यसैगरी सरकारवादी फौजदारी तर्फ जिम्मेवारी सरेका ६० मुद्दामध्ये नौओटा फर्स्यौट भई ५१ बाँकी रहे।

यस वर्ष दर्ता भएका दुनियावादी देवानी पाचसय

५२ मध्ये ३८ फर्स्योट भई पाँचसय १४ बाँकी रहे भने दुनियावादी फौजदारीतर्फ एकसय दुई दर्ता भएकोमा सात फर्स्योट भई ९५ बाँकी रहे।

सरकारवादी फौजदारीतर्फ दर्ता भएका २२ मुद्दामध्ये एउटा मात्र फर्स्योट भई २१ बाँकी रहे। यस अदालतमा सरकारवादी देवानी मुद्दा परेको छैन।

यस आर्थिक वर्षको शुरुमा यस अदालतमा जम्मा मुद्दा एकहजार आठसय दुई रहेकोमा पुस मसान्तसम्म चारसय ७२ वटा फर्स्योट भई एकहजार तीनसय ८१ विचाराधिन रहेको छ। जुन संख्या गत वर्षको भन्दा तीनसयले बढी हो। जसमा दुई वर्ष नाघेका एकसय ३३ मुद्दा छन्।

तीन न्यायाधीशको दरवन्दी रहेको महोत्तरी जिल्ला अदालतमा प्रमुख न्यायाधीशको पदावधि सकिएकाले चार महिनादेखि दुई न्यायाधीश मात्र रहेका छन्। यसबाट मुद्दाको चाप बढेको छ।

अदालतले मुद्दा किनारा लगाई जरिवाना वा कैदको आदेश दिए पनि जरिवाना तिर्नु पर्नेले नतिर्दा र कैद बस्नुपर्ने व्यक्ति कैद नवस्दा अदालतको बक्यौता र कैद लागत वर्षेनी बढ्दै गएको छ। आदेशानुसार दण्ड जरिवाना संकलन नहुँदा अदालतको बक्यौता बढेर ८८ लाख ९० हजार दुईसय ५८ रुपैया ४४ पैसा पुगेको छ। अदालतबाट दण्ड बापत कैद बस्नु पर्ने अपराधी कैद नवस्दा कैद लागतसमेत वर्षेनी बढ्दै जाँदा एक हजार पाँचसय ११ वर्ष चार महिना आठ दिन पुगेको छ। द्वन्द्वका कारण अदालतको डोर गाउँ जान नसक्दा यसरी बक्यौता चुलिएको हो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

विस्थापित

हरिनमरी गाविस-७ का नेपाली काँग्रेस (प्रजातान्त्रिक) का जिल्ला सदस्य ४५ वर्षीय लालबाबु यादवको घरमा ०६१ माघ १ गते घरमा भएका सबैलाई बाहिर निकाली माओवादीले तालाबन्दी गरे। सो घटनापछि यादव परिवारसहित विस्थापित भई जनकपुर बस्दै आएका छन्।

अघिल्लो वर्ष विस्थापित भएकामध्ये नेपाली काँग्रेस र एमालेसँग सम्बन्धित परिवार घर फर्के पनि राप्रपासँग सम्बन्ध रहेका तथा स्वतन्त्र व्यक्ति र तिनका परिवार अझै घर फर्कन सकेका छैनन्।



सुरक्षाकर्मीद्वारा मारिएका नागेश्वर सहनी

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

लक्ष्मीनिया गाविस-५ का २८ वर्षीय लक्ष्मी महतोलाई माओवादीको आरोपमा ०६१ पुस २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी जलेश्वर कारागारमा राखियो।

बेलगाछी गाविस-६ का २६ वर्षीय रामविलास महतोलाई माओवादीको आरोपमा ०६१ पुस २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी जलेश्वर कारागारमा राखियो। जलेश्वर नपा-१३ का शिक्षक ३५ वर्षीय देवेन्द्र चौधरीलाई माओवादी आशंकामा ०६१ माघ १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार भएको १० दिनमा हिरासतमै पुर्जी थमाई पीडितलाई जलेश्वर जेलमा राखिएको छ।

भरतपुर गाविस-३ का ४५ वर्षीय रामशरण मुखिया बिनलाई माओवादीको आशंकामा ०६१ फागुन २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा चैत ५ गते रिहा गरियो।

लोहारपट्टी गाविस-६ का २३ वर्षीय नरेश महतो मण्डललाई माओवादीको आरोपमा ०६१ फागुन २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ६ महिनापछि जलेश्वर कारागारबाट रिहा गरियो।

भरतपुर गाविस-६ का ३० वर्षीय सोनेलाल मुखियालाई माओवादीको आरोपमा ०६१ चैत २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई चैत १२ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

सर्लाही जिल्ला धानीकौल गाविस-२ घर भई फुलकाहा गाविस-१ स्थित ससुराली आएका ३१ वर्षीय सुरेन्द्र साहलाई ०६१ चैत ३ गते माओवादी आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित जलेश्वर कारागारमा रहेका छन्।

फुलकाहा गाविस-१ का २९ वर्षीय राधे साहलाई माओवादीको आरोपमा ०६१ चैत ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जलेश्वर कारागारमा राखियो।

एकरहिया गाविस-७ का ४० वर्षीय कृष्णदेव यादवलाई ०६२ भदौ २ गते पिपरा गाविसको बजारबाट घर फर्कदै गर्दा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई खोटा चलन अन्तर्गत मुद्दा चलाइएको छ।

मेघनाथ गोरहन्ना गाविस-२ का ५३ वर्षीय दिनेश गिरीलाई माओवादीको आरोपमा ०६१ चैत २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जलेश्वर कारागारमा राखियो।

मेघनाथ गोरहन्ना गाविस-२ का २५ वर्षीय राजकुमार विश्वकर्मालाई माओवादीको आशंकामा ०६१ चैत १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी चैत २५ गते जिल्ला

भारतको मुम्बईबाट उद्धार गरी नेपाल फर्काइएका महोत्तरीका बालबालिकाहरू

प्रहरी कार्यालयबाट इन्सेक जिल्ला प्रतिनिधिको रोहवरमा रिहा गरियो।

मनरा गाविस-४ का ६० वर्षीय विष्णु उपाध्यायलाई छोराले ठगी गरेको आरोपमा ०६२ वैशाख ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी वैशाख २६ गते जलेश्वर कारागारबाट रिहा गरियो।

मनरा गाविस-३ का २० वर्षीय महेश्वरप्रसाद साहलाई माओवादीको आरोपमा ०६२ वैशाख ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जेठ १८ गते जलेश्वर कारागारबाट रिहा गरे।

पुनः गिरफ्तार

खैरबन्नी गाविस -२ का ४१ वर्षीय जोगेन्द्रराय यादवलाई माओवादीको आरोपमा ०६२ वैशाख २१ गते गिरफ्तार गरेकोमा पुनरावेदन अदालत जनकपुरको आदेशले ०६२ जेठ १ गते रिहा गरे पनि अदालत परिसर बाहिरबाट सोही दिन पुनः पक्राउ गरी जेठ ७ गते रिहा गरियो।

बालअधिकार

लोहारपट्टी गाविस-८ का ९ वर्षीय राजेश मल्लिक डोम र सिंग्याही गाविस-४ की ७ वर्षीय रिना मल्लीक डोमबीच ०६२ वैशाख २७ गते बालविवाह भयो।

लोहारपट्टी गाविस-८ का अरुण मल्लीक डोम र भ्रमरपुरा गाविस-६ की ४ वर्षीय बबिता डोमबीच ०६२ जेठ १६ गते बालविवाह भयो।

धमौरा गाविस-१ का ११ वर्षीय रंजित कुमार र १२ वर्षीय सफुद्दिन शेप, सोही गाविस-७ का १० वर्षीय नदिमबुल शेप, १२ वर्षीय रोहित कवारी, ९ वर्षीय समसुल शेप, ९ वर्षीय हमिद कवाडी, मो. नवारक शेप, १२ वर्षीय सिकीन्दर यादव, १२ वर्षीय अनसारुल शेप, १३ वर्षीय तौफिक शेप, १२ वर्षीय आतिक शेप, १२ वर्षीय कलामुद्दिन शेप, मदाम हुसेन, आविद शेप, विजय यादव, ८ वर्षीय गुलाम नदाफ, १३ वर्षीय अकवर मंसुर, ११ वर्षीय नदाफ, १० वर्षीय रजुवा साह, १२ वर्षीय श्रवण चौधरी, ८ वर्षीय सकिल शेप, सिराजुल कवडिया, खुट्टा पिपराढी-३ का १० वर्षीय रजाकुल नदाफ, वर्सापिट्टी गाविस-९ का ११ वर्षीय मो. निद खान, सरपल्लो गाविस-५ का संजित कुमार, निगौल गाविस-९ का १२ वर्षीय श्याम राय, ११ वर्षीय शत्रुधन महतो, १३ वर्षीय मुन्नी महतो, फुल्काहा गाविस-३ का १२ वर्षीय सुरेशकुमार यादव सोही गाविस-५ का १३ वर्षीय संजिवकुमार साह तथा सर्लाही जिल्ला वयलवास खैराका १० वर्षीय रामपुकार राम, सर्लाही जिल्ला, धनकौल गाविस, डुमरियाका १० वर्षीय रामरतन राम र रौटहट जिल्ला वंजरा टोलका १० वर्षीय जुबेर खानलाई भारतको मुम्वई शहरको विभिन्न ठाउँबाट यातनासहित बालश्रममा लगाइएकोमा सामाजिक संघसंस्थाको सहयोगले भारतीय प्रहरीद्वारा उद्दार गरी ०६२ जेठ १८ गते महोत्तरी जिल्ला प्रशासन कार्यालयलाई बुझाइयो। पीडित बालकलाई तिनका अभिभावकले जिम्मा लिए।

धमौरा गाविस-१ की ९ वर्षीय रानी खातुनको सोही गाविस-१ का २५ वर्षीय नेक महम्मद शेषसँग ०६२ साउन ५ गते बालविवाह भयो।

पिपरा गाविस ३ की १२ वर्षीय जुही चमारसँग ०६२ भदौ २५ गते सोही ठाउँका १८ वर्षीय जटनिया सदाले बाल विवाह गरे।

डाम्हीमडै गाविस-७ का १३ वर्षीय रामबाबु दार र सोही ठाउँका १० वर्षीय इलियास नदाफलाई बालश्रमका लागि भारतको मुम्वईततर्फ लाँदा ०६२ असोज ७ गते सीमा प्रहरी भिट्ठामोरले उद्धार गर्‍यो।

गौरीवास गाविस-१ का १३ वर्षीय सुजन खत्रीलाई आफ्नै सौतेनी आमा २२ वर्षीय कमला खत्रीले झीर तताएर पोल्ने, तातो पुन्यूले डाम्ने र निर्घात पिटी यातना दिएको कुरा ०६२ असोज १ गते सार्वजनिक भयो।

विजलपुरा गाविस-२ का १० वर्षीय नवाव अंसारी, १२ वर्षीय मो. फारुख शेप, १३ वर्षीय सद्दाम अंसारी, ११ वर्षीय रसुल साह, १२ वर्षीय सौकी साह, १० वर्षीय मुलजिम अंसारी, १३ वर्षीय विजय कापर, १३ वर्षीय जैकी सदालाई ०६२ मंसिर १६ गते सोही ठाउँका २२ वर्षीय मुस्तकिम अंसारीले बालश्रमका लागि भारत लाँदै गर्दा सीमा प्रहरी भिट्ठामोरले उद्धार गरी अभिभावकको जिम्मा लगायो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

नैन्ही गाविस-७ की १४ वर्षीय बालिका गनीता ठाकुरलाई ०५५ सालमा भारतमा लगेर बेची फरार भएकी नैन्ही गाविस-७ कै ४० वर्षीय इन्दिरादेवी ठाकुरलाई ०६१

फागुन २८ गते प्रहरीले गिरफ्तार गरे। पीडकलाई जिल्ला अदालत महोत्तरीको आदेशले जलेश्वर कारागारमा राखियो।

धनुषा जिल्ला ढल्केवर गाविस-६ की १७ वर्षीय मुना लामालाई ०६२ कार्तिक २३ गते धनुषा जिल्ला कुम्हरौरा गाविस-७ का २१ वर्षीय प्रमोद मिश्राले फकाएर भारततर्फ लादै गर्दा सीमा प्रहरी भिट्ठामोरले उद्धार गऱ्यो।

बलात्कार बलात्कार प्रयास

मटिहानी गाविस-१ की २५ वर्षीय एक महिलालाई ०६१ माघ ४ गते सोही गाविस-४ का २८ वर्षीय सञ्जय यादव र २७ वर्षीय अजय मण्डलले बलात्कार गरे। प्रहरीले पीडितले दिएको उजुरी लिन नमान्दा पीडकलाई कारवाही भएन।

नैन्ही गाविस-२ की ३१ वर्षीय एक महिलालाई ०६१ जेठ ३१ गते सोही ठाउँका ४५ वर्षीय मोती साह फकिरले बलात्कार गरे। पीडक पुर्पक्षका लागि अदालतको आदेशले थुनामा छन्।

दुर्व्यवहार

पर्सादेवाड गाविस-६ की ६२ वर्षीय जुमैदा खातुनलाई बोक्सीको आरोपमा ०६२ जेठ २९ गते सोही ठाउँका ४५ वर्षीय कासिम शेख र ४२ वर्षीय समिम शेखले कुटपिट गरी मलमुत्र ख्वाउन खोज्दा गाउँलेले रोके।

हरिहरपुर हरिणमरी गाविस-५ की ५५ वर्षीय सीयादेवी साहलाई बोक्सीको आरोपमा ०६२ असोज २ गते सोही ठाउँका १८ वर्षीय इन्नर बाँतर, २८ वर्षीय रामजी बाँतर ३० वर्षीय राजकुमार बाँतरले कुटपिट गरी लडाएर मानव मलमुत्र मुखमा कोच्याई दिए। पीडक फरार छन्। यस घटना सम्बन्धमा जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराध मुद्दा विचाराधिन रहेको छ।

सरपल्लो गाविस-३ की ७२ वर्षीय धर्नेश्वरीदेवी यादवलाई बोक्सीको आरोपमा ०६२ मंसिर १७ गते आफ्नै भनिजाहरू ४० वर्षीय मुनेश्वर यादव, ३८ वर्षीय रामतपेश्वर यादव, ३६ वर्षीय विश्वेश्वर यादवले कुटपिट गरी देवताको कोठा खनेर देवतासमेत फाली दिए। दाजुभाइ बीचको झगडा अड्डा अदालत नलान आफन्तले दवाव दिई गाउँमै मिलापत्र गराइयो।

पारिवारिक हिंसा

पर्सादेवाड गाविस-६ की ४५ वर्षीय फरिदा खातुनलाई उनका पति ५१ वर्षीय शेष फरुखले ०६१ माघ २० गते तलाक दिंदै कुटपिट गरी घर निकाला गरे। भारतको सितामढी जिल्ला शिम्वा गाउँस्थित माईती घरमा वस्दै आएकी पीडितले नाता कायम गरी अंशको माग गर्दै जिल्ला अदालतमा फागुन १४ गते मुद्दा दिइन्।

धमौरा गाविस-६ की २५ वर्षीय महमुदा खातुनलाई पति ३५ वर्षीय अकवर नदाफले दोश्रो विवाह गरी ०६२ जेठ २६ गते तलाक दिई घर निकाला गरे। पीडितले पीडक विरुद्ध बहुविवाह मुद्दा दिएकी छिन्।

पिगौना गाविस-८ की ३५ वर्षीय किरण मिश्रलाई पति विदेश गएको वेला ०६२ जेठ २१ गते उनकी जेठाजु ४१ वर्षीय रामप्रताप मिश्रले कुटपिट गरी घरबाट निकाले।

डाम्हीमडै गाविस-४ की २७ वर्षीय सीता चौधरीलाई ससूरा ४५ वर्षीय उदय मिश्रले ०६२ जेठ २३ गते कुटपिट गरी घर निकाला गरे।

बथनाहा गाविस-७ की २६ वर्षीय मानतीदेवीलाई पति विदेश गएका वेला ०६२ जेठ २८ गते ससूरा ४२ वर्षीय सीताराम पासवान, सासू ३५ वर्षीया कलादेवीले कुटपिट गरी घर निकाला गरे।

पिपरा गाविस-४ की ४० वर्षीय वेचनीदेवी मुखियालाई पति ४५ वर्षीय रामहित मुखियाले ०६२ असार ९ गते कुटपिट गरी घरबाट निकाले।

सरपल्लो गाविस-५ की ३१ वर्षीय सुलेखा ठाकुरलाई आफ्नै सासू इन्दुदेवी ठाकुर र जेठाजु ४५ वर्षीय श्यामकिशोर ठाकुरले ०६२ असार २९ गते कुटपिट गरी घर निकाला गरे।

जलेश्वर नपा-१३ की २० वर्षीय नासिरा खातुनलाई ०६२ असार ३१ गते आफ्नै पति ३० वर्षीय सौकी धोबी, ससुरा ५५ वर्षीय सोन्फी धोवी र सासू ४५ वर्षीय मेलुन खातुनले कुटपिट गरी घर निकाल गरे।

पर्सापतैली गाविस-९ की २२ वर्षीय पर्मिलादेवी कापरलाई ०६२ साउन १३ गते पति ३० वर्षीय नन्ददेव कापरले कुटपिट गरी घर निकाला गरे।

अन्कार गाविस-९ की ४० वर्षीय देवकली देवीलाई आफ्नै परिवारका ५५ वर्षीय ललन कापर, ३५ वर्षीय चन्देश्वर कापर, २० वर्षीय मालती कापर, ३० वर्षीय रीनादेवी कापरले बोक्सी लागेर विरामी भएकी भन्दै ०६२ साउन १७ गते निर्घात कुटपिट गरे।

जलेश्वर नपा-१० की २१ वर्षीय रविना खातुनलाई ०६२ कार्तिक १५ गते उनका पति २८ वर्षीय सलिम अंसारीले यो मेरी पत्नी होइन भन्दै कुटपिट गरे।

नैन्ही गाविस-९ की ७५ वर्षीय वृन्दादेवी चौधरीलाई उनका छोरा ४५ वर्षीय रामबाबु चौधरी र बुहारी ४१ वर्षीय गम्भीरादेवी चौधरीले ०६२ मंसिर ३० गते खान लाउन नदिई घर निकाला गरे।

जलेश्वर नपा-५ की २१ वर्षीय अन्जिलाकुमारी साहलाई विवाह गरेको एक वर्षपछिमात्र माइतीबाट थप

दाइजो मोटरसाइकल ल्याएको आरोपमा उनका पति २५ वर्षीय संजय साह, ससुरा ५१ वर्षीय विश्वनाथ साह र सासु ४५ वर्षीय कलसियादेवी साहले ०६२ पुस ६ गते कुटपिट गरी घरबाट निकाले।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

धमौरा गाविस-४ की १८ वर्षीय रीना सदा मुसहरलाई मुसलमान केटासँग प्रेम गरेको आरोपमा ०६२ साउन १६ गते सोही ठाउँका १९ वर्षीय सबना सदा, २० वर्षीय सोगारथ सदा, २५ वर्षीय राजकुमार सदाले निर्घात कुटपिट गरे। १५ दिनसम्म घरमै उपचार गरी निको भएकी पीडितले जातीय दबाबका कारण कतै उजुरी गर्न सकिनन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

सरपल्लो गाविस-९ का माओवादी कार्यकर्ता देवेन्द्र सहनी र सर्वसाधारण नागेश्वर सहनीलाई ०६२ असार १ गते सुरक्षाकर्मीले गिरफ्तार गरी गैरन्यायिक हत्या गरेकोमा सात राजनीतिक दलले विरोध जनाउँदै दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिको माग गर्दै जिल्ला प्रशासन कार्यालयमा १५ दिने अल्टिमेटमसहितको ज्ञापनपत्र बुझाएको प्रेस वक्तव्यमार्फत् जानकारी गराए। जिल्ला सुरक्षा समितिले छानबिन समिति गठन गरी नागेश्वर निर्दोष भएको ठहर गर्दै क्षतिपूर्तिका लागि गृहमन्त्रालयमा सिफारिस गऱ्यो।

संरचना क्षति

जलेश्वर नपा-५ स्थित जिल्ला सरकारी वकिलको कार्यालयमा ०६१ पुस १९ गते माओवादीले बम विस्फोट गराउँदा सो भवनको झ्यालका सिसा फुटी क्षति भयो।

जलेश्वर नपास्थित जिल्ला कृषि विकास कार्यालय र सँगै रहेको कृषि विकास बैंक जिल्ला शाखामा ०६१ चैत १९ गते राति माओवादीले एकै साथ, बम विस्फोट गराउँदा कृषि विकास कार्यालयको भऱ्याङ, कोठा र सम्पूर्ण झ्याल ढोकाको सिसा फुटी क्षति भयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष विष सेवन गरी पाँच महिलासहित १६ जना, झुण्डिएर एक बालक, एक पुरुष, एक महिलासहित सातजना र पानीमा डुबेर ३ बालिकासहित सात बालबालिकाको मृत्यु भयो।

२.३ सर्लाही



जनसंख्या	:	६३५७०१
साक्षरता प्रतिशत	:	४२.१३
महिला साक्षरता प्रतिशत	:	३३.०६
क्षेत्रफल (वर्ग कि. मि.)	:	१२५९
गाविस/नपा संख्या	:	९९/१
निर्वाचन क्षेत्र	:	५
विद्यालय	:	३२१
क्याम्पस/उच्च मा.वि.	:	३/७
अस्पताल/स्वास्थ्य चौकी	:	१/१०३
टेलिफोन लाइन	:	२३१७
मोटर सडक (कि. मि.)	:	२१५
प्रहरी कार्यालय संख्या	:	७
हुलाक संख्या	:	८९
मानव विकास सूचकांक	:	०.४०८
प्रति परिवार सरदर संख्या	:	६.३३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

पिपरिया गाविस-४ घर भएका माओवादी कार्यकर्ता ४२ वर्षीय रफाखत शेखलाई ०६१ फागुन ८ गते दिउँसो मोटरसाइकलमा गइरहेको अवस्थामा पिपरिया गाविस-७ स्थित नहर छेउमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितको लास पोष्टमार्टमपछि परिवारको जिम्मा लगाइयो।

गैतहट जिल्ला घर भएका ३५ वर्षीय रामचन्द्रदास तत्मालाई माओवादीको आरोपमा मानपुर गाविस-४ स्थित एक घरमा सुतिरहेको अवस्थामा ०६१ चैत २० गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। माओवादीले पीडित आफ्नो पार्टीको नभएको बताए।

हर्जरिया गाविस-३ घर भएका माओवादी जिल्ला

सचिवालय सदस्य ४५ वर्षीय अर्जुन भनिने विष्णु पाण्डेलाई ०६१ चैत २० गते फरहदवा गाविस-९ स्थित खेतमा सुरक्षाकर्मीले नियन्त्रणमा लिई गोली हानी हत्या गरे। लास परिवारको जिम्मा लगाइयो।

पर्डारिया गाविस-४ घर भएका माओवादी कार्यकर्ता ५५ वर्षीय सतलाल चौधरीलाई ०६२ जेठ २ गते सुरक्षाकर्मीले नियन्त्रणमा लिई घर नजिकै सडकमा जम्मा गरी गाउँलेहरूकै अघिल्तिर गोली हानी हत्या गरे।

हजरिया गाविस-५ घर भएका माओवादी कार्यकर्ता हिमाल भनिने ४० वर्षीय छतिलाल कुस्वार माझी, भवानीपुर गाविस-८ का ३२ वर्षीय रामलोचन बिन मुखिया र लौकट गाविस-९ का २७ वर्षीय चन्द्रेबिन मुखियालाई ०६२ जेठ १५ गते बिहान हजारिया गाविस-५ स्थित खोरकट्टी टोलमा सुरक्षाकर्मीले खेतमा भाग्दै गर्दा गोली हानी हत्या गरे।

हजरिया गाविस-३ का ३० वर्षीय ओकील सहनी घर नजिकै बाँसको झ्याङमा आराम गरिरहेको बेला ०६२ जेठ १७ गते दिउँसो सुरक्षाकर्मीले गोली हानी उनको हत्या गरे। सोही घटनामा २५ वर्षीय प्रेमलाल सहनी गोली लागी सख्त घाइते भए। पीडित दुवै निर्दोष थिए। पीडितपक्षका लागि क्षतिपूर्तिको माग गरिएको सुरक्षास्रोतले बतायो।

मलंगवा नपा-१० का ३० वर्षीय बिनोद रायले चोरी डकैती गरेको आरोपमा ०६२ असार १८ गते उनलाई ब्रम्हपुरीमा गाविस-७ स्थित उखुबारीमा प्रहरीले गोली हानी हत्या गरे।

हथिऔल गाविस-२ का ३५ वर्षीय लक्ष्मी राउत कुर्मी र २५ वर्षीय बबन सहनीले चोरी/डकैती गरेको आरोपमा ०६२ साउन २२ गते दिउँसो सुरक्षाकर्मीले उखुँबारीमा गोली हानी गरी उनीहरूको हत्या गरे।

कर्मैया गाविस-१ घर भएका माओवादीका जिल्ला कमिटीका सञ्चार प्रमुख ३५ वर्षीय लोकरोशन प्रधानलाई ०६२ भदौ ११ गते बिहान सुरक्षाकर्मीले हरिऔन गाविस-१ डाँडाटोलबाट लखेटी ढुङग्रेखोला गाविस-३ स्थित सेतीभिरको धानखेतमा पुर्‍याई गोली हानी हत्या गरे। सोही घटनामा सुरक्षाकर्मीको गोली लागेका अर्का एकजना माओवादीको भोलिपल्ट मृत्यु भएको थियो भने अन्य तीनजना सख्त घाइते भए। सुरक्षास्रोतले भने दोहोरो भिडन्तमा सो घटना भएको जनायो। पीडितको लास पोष्टमार्टमपछि परिवारको जिम्मा लगाइएको थियो।

बरहथवा गाविस-५ घर भएका माओवादी कार्यकर्ता २८ वर्षीय राकेशकुमार गुप्ता र जानकीनगर गाविस-९ चोर्वाटोलका ३० वर्षीय सुरज रायलाई ०६२ भदौ १७ गते राति मुर्तिया गाविस-३ सोतीपुल नजिकैबाट सुरक्षाकर्मीले गिरफ्तार गरी आधा घण्टापछि बरहथवा गाविस-४ स्थित इलाका प्रहरी कार्यालय अघिल्तिर सडकमा गोली हानी हत्या गरे। सुरक्षास्रोतले भने लुकेर बसेका माओवादीले ती दुईलाई भगाउने उद्देश्यकासाथ फायरिङ्ग गर्नेक्रममा उनीहरूकै गोली लागी मारिएको बताए। पीडित दुवैको लास पोष्टमार्टमपछि परिवारको जिम्मा लगाइएको थियो।

माओवादीबाट

हरिपुर गाविस-९ स्थित इलाका प्रहरी कार्यालयमा ०६१ माघ ११ गते माओवादीले आक्रमण गर्दा लालबन्दी गाविस-२ का ३१ वर्षीय श्रीप्रसाद गुरुङ, मोरङ जिल्ला अमरदह गाविस-५ का ३७ वर्षीय उमेश कार्की र नवलपरासी जिल्ला रुचाङ चाँपाडाँडा गाविस-३ का ३१ वर्षीय खड्गबहादुर फालको मृत्यु भयो। सोही घटनामा प्रहरी असई

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१४	१२	३	१५	७	९			९	१०	१४			१४
घाइते	८	१६		१६	८	१२		११	२३	४	५			५
गिरफ्तारी/यातना										४९	५२	१		५३
कुटपिट	१	१		१						४	८	२	५२	६२
धम्की										१	१			१
भेला/संगठित हुने अधिकार										७	३६	७	२२२	२६५
जातीय विभेद	१		१	१										
महिलाअधिकार	८		८	८	१		१		१					
बालअधिकार	४		६	६										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	२	१८	९७	११५										
अपहरण					१७	१८	१		१९					
जम्मा	३८	४७	११५	१६२	३३	३९	२	११	५२	७५	११६	१०	२८४	४१०

प्रमोदराज दाहाल, रुद्रबहादुर कार्की र प्रहरी जवानहरू भक्तबहादुर विश्वकर्मा, मोतीलाल यादव, शम्भु यादव गम्भीर घाइते भए भने प्रहरी जवानहरू शम्भु मिश्रा, राजकुमार झा र सिकिन्दरप्रसाद यादव सामान्य घाइते भए।

सलेमपुर गाविस-१ का २८ वर्षीय येनी ठाकुर ०६१ माघ १२ गते बिहान कविलासी गाविस-१ स्थित अगर्वा सडकमा माओवादीले राखेको बम विस्फोटमा परी सख्त घाइते भएकोमा उपचारको क्रममा वीरगञ्ज लैजादै गर्दा बाटोमा मृत्यु भयो। पीडित सर्वसाधारण थिए।

हर्जरिया गाविस-२ का पूर्व प्रहरी २३ वर्षीय लक्ष्मी महतोलाई ०६१ फागुन ४ गते राति घरबाट माओवादीले अपहरण गरी राजघाट गाविस-३ स्थित सडकमा गोली हानी हत्या गरे।

लक्ष्मीपुरकोदाह गाविस-७ का ४३ वर्षीय इस्लाम समरिया ०६१ फागुन १४ गते राति हरिपुर गाविस-९ स्थित सडकमा माओवादीले राखेको अवरोध हटाउने प्रयास गर्दा बम विस्फोटमा परी सख्त घाइते भएकोमा उनको मृत्यु भयो।

हरिपूर्वा गाविस-७ का ४५ वर्षीय रामआशिष साहले रक्सी भट्टी चलाएको आरोपमा ०६१ चैत ६ गते माओवादीले उनलाई घरभित्रै निर्घात रुपमा कुटपिट गरे। पीडितको उपचार गराउंदा गराउंदै भोलिपल्ट जनकपुर अञ्चल अस्पतालमा मृत्यु भयो।

बबरगञ्ज गाविस-४ का ३५ वर्षीय विद्यासागर महतोलाई माओवादी विरुद्ध लागेको आरोपमा ०६१ चैत २६ गते राति माओवादीले घरबाट अपहरण गरी निर्ममतापूर्वक कुटपिट गरी गोली हानी हत्या गरे। पीडित निर्दोष थिए।

सोहडवा गाविस-३ का ५५ वर्षीय रामआधार ठाकुरलाई सुराकीको आरोपमा ०६२ साउन ५ गते माओवादीले घरबाट अपहरण गरी ०६२ साउन ८ गते लौकट गाविसको पोखरीया टोलमा गोली हानी हत्या गरे।

गोली / बम / एम्बुसद्वारा घाइते

राज्यबाट

कालिन्जोर गाविस-६ का ४५ वर्षीय टलकबहादुर पुलामीलाई ०६२ बैशाख १४ गते राति सुरक्षाकर्मीले पोखरी नजिकै गोली प्रहार गरी घाइते पारे। सुरक्षास्रोतले भने रातको समयमा सर्चको क्रममा शंकास्पद स्थिति देखिएकोले सो घटना हुन पुगेकोमा दुःख व्यक्त गर्‍यो।

खैर्वा गाविस-९ का ३१ वर्षीय ओमप्रकाश यादव, २७ वर्षीय रामाज्ञराय यादव र ३२ वर्षीय हंशराज यादवलाई ०६२ असोज ११ गते राति प्रहरी हवलदार रामईश्वर महतो, प्रहरी जवान रामनरेश साह, राजेश कर्णलगायत् १५/१६ जनाको एक समूहले करिब ३६ ओटा घरमा लुटपाट गर्नुका साथै गोली प्रहार गरी पीडितहरूलाई घाइते पारे। पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिए पनि प्रहरीले सो घटनामा आफूहरूको संलग्नता नभएको बतायो।

माओवादीबाट

नौकेलवा गाविस-१ सखुवाटोलका ३१ वर्षीय सुरेश रायलाई ०६१ पुस १६ गते राति माओवादीले घरमा बसिरहेको अवस्थामा बम प्रहार गरी घाइते पारे। पीडितको स्थानीय अस्पतालमा उपचार भयो।

रौतहट जिल्ला औरही गाविस-२ घर भएका प्रहरी जवान २७ वर्षीय रामदिनेश शर्मालाई ०६१ पुस १९ गते राति बरहथवा गाविस-४ स्थित इलाका प्रहरी कार्यालय नजिक माओवादीले बम प्रहार गरी घाइते पारे।

हरकठवा गाविस-१ का सन्तोषकुमार सिंह र अशोककुमार महतोलाई ०६१ पुस २२ गते माओवादीले बम प्रहार गरी घाइते पारे।

कविलासी गाविस-१ का ३५ वर्षीय कैलाश राय, सलेमपुर गाविस-१ का ३० वर्षीय वीरेन्द्र राय, २४ वर्षीय काशी राय, र १७ वर्षीय सृजन राय ०६१ माघ १२ गते बिहान कविलासी- अगर्वा सडकमा माओवादीले राखेको बम विस्फोटमा परी सख्त घाइते भए। पीडित सबैको जिल्ला अस्पतालमा उपचार भयो।

भारतीय नागरिकद्वय प्रहरी इन्सपेक्टर दिनेशकुमार र आर.के. नायर ०६१ फागुन १४ गते दिउंसो माओवादीले राखेको अवरोध हटाउने प्रयास गर्दा सलेमपुर गाविस-७ स्थित सडकमा बम विस्फोटमा परी सख्त घाइते भए। पीडित दुवैलाई उपचारको लागि भारतको सितामढी लगिएको थियो।

इलाका प्रहरी कार्यालय गडहियामा कार्यरत प्रहरी जवान ३१ वर्षीय रामबली साह ०६१ फागुन १४ गते साँझ रामवन गाविसस्थित सडकमा माओवादीले राखेको विद्युतीय धरापमा परी घाइते भए।

भारत सुपौल जिल्लाका व्यापारीद्वय ३५ वर्षीय मधुरी राय र ३६ वर्षीय सनही साह ०६१ चैत १९ गते राति बरहथवा गाविस-४ स्थित टेलिफोन एक्स्चेन्जमा माओवादीले रखेको बम विस्फोटमा परी सख्त घाइते भए।

नेत्रगञ्ज गाविस-६ का १० वर्षीय अरुण महतो ०६१ चैत २२ गते खेतमा भैंसी चराउदै गर्दा माओवादीले छाडेको बेवारिसे बम विस्फोट भई नेत्रगञ्ज गाविस-७ स्थित खेतमा घाइते भए।

जेल र बन्दीहरू

"ग" श्रेणीको जिल्ला कारागार शाखामा एकसय जना बन्दी क्षमता रहेकोमा कैद तोकिएका १३ पुरुष र छ महिला तथा कैद नतोकिएका एकसय चार पुरुष र तीन

महिला गरी एकसय २६ जना छन्। माओवादी गतिविधिमा संलग्न भएको आरोपमा २४ जना पुरुष र एक महिला नजरवन्दमा राखिएको छ। जेलमा खानेपानी र चर्पीको व्यवस्था छ। रेडक्रसको अन्तर्राष्ट्रिय समितिले खानेपानी ट्यांकी, पाइपनाला, सिलाई मेशिन, ५० थान फुल र केही पुस्तकहरू प्रदान गरेको छ। त्यसैगरी इन्सेक सहकर्मी संस्था ग्रामीण विकास संस्थाले पंखा तथा मानवअधिकारसम्बन्धी पुस्तकहरू उपलब्ध गराएको छ। बन्दीहरूको प्राथमिक उपचार जेलभित्रै र त्यसपछि स्थानीय अस्पतालमा गरिने र नहुने भएमा विभागमा जानकारी गराई जेल सरुवा गरिने व्यवस्था रहेको जेलर अनिलकुमार आचार्यले बताए।

पुरानो र जीर्ण रहेको सर्लाही जेलमा क्षमताभन्दा बढी बन्दीहरू राखिएको कारण समस्या देखिन्छ। जेलका कोठाहरू साँघुरा र ओसिला देखिन्छन्। जेलमा टी.भी., क्यारमबोर्ड, लुँडो, पुस्तकालय र सिलाउने मेशिन रहका छन्। पर्याप्त मात्रामा पत्र-पत्रिका अध्ययन गर्नबाट वञ्चित भएको र प्रशासनले पूर्जी नदिएर गैरकानूनी ढंगले बन्दी बनाएको गुनासो केही बन्दीहरूको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

हरकठवा गाविस-१ का ३८ वर्षीय चन्दन सिंहलाई ०६१ पुस २८ गते साँझ धनकौल गाविसबाट माओवादीले अपहरण गरी माघ १ गते मुक्त गरे।

बसन्तपुर गाविस-५ का ६५ वर्षीय गगनदेवप्रसाद यादव सुदखोर भएको आरोपमा ०६१ फागुन ९ गते दिउँसो घरबाट माओवादीले उनलाई अपहरण गरी फागुन १४ गते मुक्त गरे।

बवरगञ्ज गाविस-४ का २० वर्षीय सुनिल महतोलाई ०६१ चैत २१ गते बिहान माओवादीले घरबाट अपहरण गरे। पीडित त्यही दिन राति माओवादीको कब्जाबाट भागे।

हरिऔन गाविस-९ का ५५ वर्षीय महेन्द्र चौधरीलाई सुदखोर भएको आरोपमा ०६१ चैत २४ गते माओवादीले उनलाई घरबाट अपहरण गरे। पीडितलाई ०६१ चैत २६ गते हरिवन गाविस-१ बाट मुक्त गरे।

बरहथवा गाविस-४ का ५५ वर्षीय जगदीश रायलाई ०६२ जेठ ८ गते घरबाट माओवादीले अपहरण गरे। पीडितलाई निर्ममतापूर्वक कुटपिट गरी दुई दिनपछि मुक्त गरे।

हरिऔन गाविस-९ का ५० वर्षीय मुनेश्वर साहलाई ०६२ जेठ १९ गते सुदखोर भएको आरोपमा घरबाट माओवादीले अपहरण गरी जेठ २४ गते मुक्त गरे।



सुरक्षाकर्मीको कारवाहीमा मारिएका माओवादी कार्यकर्ता कर्मैया गाविसका लोकरोशन प्रधान

लमजुङ जिल्ला बाङग्रे गाविस-३ का सैनिक जवान २३ वर्षीय मनबहादुर रानाभाट र सुर्खेत जिल्ला लेखफर्सा गाविस-६ का २२ वर्षीय युवराज पौडेललाई ०६२ असार १९ गते साँझ हरिवन गाविस-९ स्थित कृष्णचोक बजारमा सामानहरू किनमेल गर्दा माओवादीले अपहरण गरे। पशुपतिप्रसाद गुल्म कर्मैयामा कार्यरत पीडित दुवैलाई इन्सेक प्रतिनिधि र पत्रकारहरूको रोहवरमा ०६२ साउन १७ गते नारायणखोला गाविस-३ पर्तोटोलबाट एक समारोहबीच मुक्त गरियो।

हरिपुर गाविस-९ का २५ वर्षीय मनोज रायलाई चन्दा नदिएको आरोपमा ०६२ असार २२ गते बिहान घरबाट माओवादीले अपहरण गरेकोमा भोलिपल्ट मुक्त गरे।

ढुंग्रेखोला गाविस-३ का ३० वर्षीय माधव नेपाललाई सोही ठाउँकी एक विवाहित महिलालाई बलात्कार गरेको आरोपमा ०६२ असार २७ गते माओवादीले अपहरण गरे। पीडितलाई कब्जामा लिई कुटपिट गरेकोमा पिसाव फेर्ने वहानामा भागे। पीडित पक्षले निर्दोष व्यक्तिलाई रिसइवीका कारण फसाइएको आरोप लगाए।

ढुंग्रेखोला गाविस-३ कोठीखोलाका ७० वर्षीय टेकबहादुर नेपाल र २५ वर्षीय नरबहादुर नेपाललाई ०६२ साउन २४ गते खेतमा काम गरिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडित नरबहादुरलाई सोही दिन साँझ मुक्त गरे भने टेकबहादुरलाई ०६२ साउन २७ गते मुक्त गरे। पति र छोरालाई भेट्न गएकी टेकहादुरकी पत्नी ६० वर्षीय महिलालाई माओवादीले गालीगलौज गरी कुटपिट गरेका थिए।

हजरिया गाविस-४ की २६ वर्षीय अम्बिका रायमाझीलाई खेतमा घाँस काटिरहेको अवस्थामा ०६२ असोज ६ गते माओवादीले अपरहरण गरेकोमा राति कब्जावाट भागी बरहथवास्थित सुरक्षा निकायसमक्ष पुगेकी थिइन्। माओवादीले भने सो घटनामा आफ्नो संलग्नता नभएको बतायो।

खैर्वा गाविस-८ का शिक्षक ४५ वर्षीय देवकान्त मिश्रलाई ०६२ कार्तिक २७ गते वसबरिया ब्यारेज नजिकै

सुरक्षाकर्मीको कारवाहीमा मारिएका हजरिया गाविस-३ का माओवादी कार्यकर्ता अर्जुन भनिने विष्णु पाण्डे

खेतवाट माओवादीले अपहरण गरे। पीडितलाई ०६२ मंसिर ४ गते मुक्त गरे।

बसन्तपुर गाविस-८ का ३२ वर्षीय वालवोध रायलाई ०६२ मंसिर ३० गते माओवादीले घरबाट अपहरण गरी पुस ४ गते मुक्त गरे।

बसन्तपुर गाविस-५ का ३५ वर्षीय रामएकवाल रायलाई ०६२ पुस २ गते माओवादीले घरवाट अपहरण गरी पुस ५ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पडरिया गाविस-७ की २३ वर्षीय गीतादेवी राय, सलेमपुर गाविस-३ का उमेश रायसहित १० जना हेमपुर गाविस-६ का जयनारायण महरासहित १५ जना, १० वर्षीय छोरी अमृताकुमारी राय, मदनपुर गाविसका शिक्षक रामपदारथ साह, वेल्ही, पडरिया र सिसौटिया गाविसका करिब ३० जना सर्वसाधारणलाई ०६२ जेठ १२ गते सुरक्षाकर्मीले घरमा गई तथानाम गालीगलौज गरी अन्धाधुन्ध कुटपिट गरे। पीडकहरुमाथि यस वर्षको अन्त्यसम्म कुनै कारबाही भएन।

वत्रौल गाविस-१ का कपिलेश्वर राय, सिसौटिया गाविस-१ का गंगाधर र गोडैता गाविसका राजा रायलाई सुरक्षाकर्मी विरुद्ध नाराजुलुस गरेको आरोपमा ०६२ साउन २४ गते बाटोमा हिँड्दाहिँड्दै सुरक्षाकर्मीले गालीगलौज गरी कुटपिट गरे।

कौडेना गाविसका स्थानीय जनतालाई ०६२ साउन १८ गते सादा पोशाकका सुरक्षाकर्मीले अभद्र व्यवहार गरी महिलालाई जिस्काउने, पसलेहरूसँग जर्वजस्ती रकम असुली, कुटपिट समेत गरेका थिए। पीडितहरूले प्रहरी ज्यादतीको विरुद्ध सदरमुकाममा नारा-जुलुस गर्दै पीडकको पहिचान गरी कारवाही गर्नु पर्ने वताए। प्रहरीले भने सो घटनाको छानविनगर्ने वताए तापनि यस वर्षको अन्तसम्म कुनै कारवाही भएन।

हरिऔन गाविस-१ का नवपरिचर्चा साप्ताहिकका पत्रकार २५ वर्षीय टंकबहादुर क्षेत्रीलाई ०६२ साउन १९ गते बिहान सर्चमा गएका सुरक्षाकर्मीले तथानाम गालीगलौज गरी बुटले प्रहार गरे।

गम्हरिया गाविस-४ का ४० वर्षीय सुरेन्द्र सिंहलाई नहर छेउमा खेती हेर्न गएको समयमा ०६२ असोज २९ गते घुमुवा प्रहरी टोलीले विनाकारण कुटपिट गऱ्यो।

हरिऔन गाविस-२ का नवपरिचर्चा साप्ताहिकका सम्पादक ३५ वर्षीय चुडामणि वाग्लेलाई ०६२ कार्तिक ७ गते कारागारका एकजना वन्दीको फोटो खिचेको आरोपमा घरमै प्रहरी गई गिरफ्तार गर्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

शाही कदमको विरुद्धमा ०६१ चैत १ गते सदरमुकाम मलंगवामा जुलुश प्रदर्शन गर्दा नेकाँका वासुदेवशरण कोइराला, वेनीवहादुर कार्की, सुशीला कार्की, सुशील शर्मा, जुगल साह, प्रमोद वराल, सिताराम दहाल, दिनेश मिश्र, अजित सिंह, रामप्रताप राय, श्यामवहादुर कार्की, योगनारायण चौधरी र राजकिशोर सिंहलाई प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। पीडितहरू सबैलाई साँझ रिहा गरियो।

शाही घोषणाको विरुद्धमा पूर्ण प्रजातन्त्रको माग गर्दै जनआन्दोलन दिवसको उपलक्ष्यमा ०६१ चैत २६ गते सदरमुकाम मलंगवामा प्रदर्शन गरिएको जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी एकसय २१ जना नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये ९५ जनालाई गाडीमा हाली १० कि. मी. पश्चिम फुलपरासी गाविसमा लगी छाडियो। प्रदर्शनमा घाइते भएका तरुणदलका जिल्ला अध्यक्ष कौशलकिशोर सिंह र नरहरि गौतमलाई उपचार गराइएको थियो। प्रदर्शनकारीमध्ये एमालेका ध्रुव गौतम, बेचुराज तिमल्सिना, नेमकिपाका गोविन्द महत, नेकाका सियाराम राय र सदभावनाका रामअयोधी महतोलाई भोलिपल्ट रिहा गरियो।

शाही कदमको विरुद्धमा सात राजनीतिक पार्टीले ०६२ असार २६ गते आयोजना गरेको विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी नेकाँका वासुदेवशरण कोइराला, मीना पाण्डे, लक्ष्मण राय, सुशिला कार्की, निर्मला हमाल, रामप्रसाद राय, निरमुनी मैनाली, विनोद खनाल, एमालेका मो. रिजमान अंसारी, लक्ष्मण पौडेल, गोविन्द अधिकारी, रेवती पन्त, खड्गबहादुर उप्रेती, सुरेश कार्की, जनमोर्चाका प्रल्हाद बुढाथोकी, ध्रुव कार्की, सद्भावनाका रामनरेश राय र नेकाँ (प्रजातान्त्रिक) का रमेश वराललाई गिरफ्तार गरे। पीडितमध्ये १४ जना सोही दिन साँझ रिहा भए भने निरमुनी

मैनाली, विनोद खनाल र सुरेश कार्कीलाई ०६२ असार २७ गते रिहा गरियो।

कौडेना गाविस-२ का ४५ वर्षीय राजनन्दन सहनीलाई प्रहरीको विरुद्धमा नाराजुलुस गरेको आरोपमा ०६२ साउन १९ गते प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

शाही कदमको विरुद्धमा सात राजनीतिक दलले ०६२ असोज ११ गते दिउँसो मलंगवामा गरेको प्रदर्शनमाथि प्रहरीले हस्तक्षेप गरी नेकाँका विनोद खनाल, लक्ष्मण राय, अशोक खनाल, देवी सिंह, गजेन्द्रप्रसाद सिंह, नेकाँ (प्रजातान्त्रिक) का भिखारी मंसुर र एमालेका राजकुमार उप्रेतीलाई गिरफ्तार गरे। पीडित सबैलाई सोही साँझ रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएकासमेत जम्मा मुद्दा संख्या नौसय ४८ छन्। जसमध्ये देवानी एक हजार दुईसय ५४ र फौजदारी छसय ५६ छन्। यस वर्ष देवानी सातसय ८६, दुनियावादी फौजदारी एकसय ३५ र सरकारीवादी फौजदारी ३१ समेत नौसय ५२ मुद्दा फर्स्योट भए। यस जिल्ला अदालतमा देवानी चारसय ६८, दुनियावादी फौजदारी दुईसय ७७ र सरकारवादी फौजदारी दुईसय १३ मुद्दा फर्स्योट हुन बाँकी छन्। त्यसैगरी जिल्ला प्रशासन कार्यालयमा यस वर्ष १९ ओटा जाहेरी दायर भएकोमा आठओटा फर्स्योट भई ११ ओटा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

हेमपुर गाविस-६ का १८ जना पुरुष र सातजना महिलाले नहर मर्मतसम्भार कार्य गरे बापत पाउनु पर्ने पारिश्रमिक ०६२ असोज २३ गते पाएनन्। यस वर्षको अन्तसम्ममा पीडितहरूले पारिश्रमिक पाएनन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

कविलासी गाविस-५ का ३७ वर्षीय भाग्यनारायण पासवानलाई माओवादीको आरोपमा ०६१ फागुन १ गते साँझ बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६१ फागुन २० गतेदेखि नजरबन्दमा राखियो।

जानकीनगर गाविस-१ का ३२ वर्षीय शत्रुघन महतोलाई माओवादीको आरोपमा ०६१ फागुन ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी फागुन ११ गते रिहा गरे।

जानकीनगर गाविस-१ का ५२ वर्षीय शमशेरबहादुर भण्डारीलाई माओवादीको आरोपमा ०६१ फागुन ८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

किसनपुर गाविस-१ का ३० वर्षीय राजकिशोर महतोलाई माओवादीको आरोपमा ०६१ फागुन १७ गते बिहान घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ चैत ९ गतेदेखि नजरबन्दमा राखियो।

किसनपुर गाविस-४ का ३२ वर्षीय जोगनारायण रायलाई माओवादीको आरोपमा ०६१ फागुन १८ गते बिहान घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६१ फागुन २० गतेदेखि नजरबन्दमा राखिएकोमा ०६२ असार २९ गते रिहा भए।

किसनपुर गाविस-४ का २१ वर्षीय वीरेन्द्र ठाकुरलाई माओवादीको आरोपमा ०६१ फागुन १८ गते बिहान घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६१ फागुन २० गतेदेखि नजरबन्दमा राखिएकोमा ०६२ जेठ १२ गते रिहा गरियो।

किसनपुर गाविस-६ का ४४ वर्षीय सत्यनारायण यादवलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ फागुन १८ गते घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६१ फागुन २० गतेदेखि नजरबन्दमा राखिएकोमा ०६२ जेठ ८ गते तारेखमा रिहा गरे।

सुन्दरपुर चुहडवा गाविस-९ का ३४ वर्षीय बुद्धबहादुर कार्कीलाई माओवादीको आरोपमा ०६१ फागुन २३ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी चैत १ गते रिहा गरे।

सुन्दरपुर चुहडवा गाविस-२ का ४१ वर्षीय पलधारीराय यादवलाई माओवादीको आरोपमा ०६१ फागुन २३ गतेसुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई केही समय सैनिक हिरासतमा राखिएकोमा चैत ५ गते रिहा गरियो।

सुन्दरपुर चूहड्वा गाविस-२ का ३२ वर्षीय केशवबहादुर विश्वकर्मालाई माओवादीलाई सहयोग गरेको

सुरक्षाकर्मीको कारवाहीमा मारिएका रफाखत शेष

माओवादी आक्रमणमा मारिएका प्रहरी हवल्दार प्रहरी हवल्दार खड्गबहादुर फाल र उमेश कार्की

रोपमा ०६१ फागुन २३ गते सुरक्षाकर्मीले उनलाई घरबाट गिरफ्तार गरी चैत १ गते रिहा गरे।

सुन्दरपुर चहड्वा गाविस-९ का ५५ वर्षीय राम साद उप्रेतीलाई म ओवादीको आरोपमा ०६१ फागुन २३ गते रक्षाकर्मीले घरब गिरफ्तार गरे। पीडितलाई ०६१ चैत गतेदेखि नजरबन्दमा राखिएकोमा ०६२ असार २९ गत गरियो।

सुन्दरपुर चहडवा गाविस-९ बेलटोलका ४८ वर्षीय विष्णुप्रस कोइरालालाइ माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ फागुन २५ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी साझ रिहा र।

बरगञ्ज गाविस का २७ वर्षीय सचिन्द्र झालाई माओवादीको आरोपमा ०६ फागुन २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित ०६ चैत १ गतेदेखि नजरबन्दमा रहेकोमा ०६२ असार २९ रिहा भए।

चितवन जिल्ला घर भई पत्थरकोट गाविस-९ स्थित सेतीभिर प्राविमा कार्यरत अक ३५ वर्षीय विजय गुरुङले माओवादीलाई सहयोग गरे आरोपमा ०६१ फागुन ३० गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी चैत २ गते रिहा गरे।

बरहथवा गाविस-४ का ३२ वर्षीय रामबाबु चौधरीलाई माओवादीको आरोपमा ०६१ चैत २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ वैशाख २ गते तारेखमा रिहा गरियो।

बारा जिल्ला सुखीपथरा गाविस-८ का २४ वर्षीय जोखु चौधरीलाई माओवादीको आरोपमा ०६१ चैत २३ गते हथिऔल गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित ०६१ वैशाख ७ गतेदेखि कारागारमा नजरबन्दमा रहेकोमा ०६२ असोज ३ गते रिहा भए।

लालबन्दी गाविस-४ का २५ वर्षीय बीरेन्द्रकुमार भण्डारीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ चैत २४ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई ०६१ चैत २९ गते तारेखमा रिहा गरियो।

लालबन्दी गाविस-४ का २५ वर्षीय प्रेमबहादुर कार्कीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ चैत २४ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई ०६१ चैत २९ गते तारेखमा रिहा गरियो।

लालबन्दी गाविस-४ का २४ वर्षीय विक्रम भट्टराईलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ चैत २५ गते बिहान सैनिक क्याम्प नवलपुर गएको अवस्थामा सेनाले गिरफ्तार गरी चैत २७ गते रिहा गरे।

ईश्वरपुर गाविस-२ का २८ वर्षीय सरोज मैनालीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ वैशाख ६ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित ०६२ वैशाख ८ गतेदेखि नजरबन्दमा रहेकोमा ०६२ जेठ ८ गते रिहा भए।

ईश्वरपुर गाविस-२ का ४५ वर्षीय ध्रुव साहलाई माओवादीको आरोपमा ०६२ वैशाख ६ गते औषधि पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ वैशाख ८ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६२ कार्तिक ७ गते रिहा गरियो।

ईश्वरपुर गाविस २ का ४० वर्षीय रामबाबु साहलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ वैशाख ६ गते कपडा पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ वैशाख ७ गते तारेखमा रिहा गरियो।

ईश्वरपुर गाविस-९ का ३२ वर्षीय सुवास मैनालीलाई माओवादीलाई पत्र-पत्रिका बिक्री वितरण गरेको आरोपमा ०६२ वैशाख ७ गते ईश्वरपुर गाविस-२ स्थित पसलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ वैशाख १० गते रिहा गरियो।

ईश्वरपुर गाविस-२ का १६ वर्षीय बीरेन्द्र साहलाई सैनिकको जस्तो कपडा बिक्री गरेको आरोपमा ०६२ वैशाख ९ गते पसलबाट गिरफ्तार गरे। पीडितलाई ०६२ वैशाख १० गते रिहा गरियो।

अत्रौली गाविस-३ का शिक्षक ४३ वर्षीय हरिशचन्द्र बस्नेतलाई माओवादीको आरोपमा ०६२ वैशाख १२ गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी वैशाख १३ गते साँझ रिहा गरे।

घर्कौली गाविस २ का २३ वर्षीय मदनबहादुर स्याङतानलाई माओवादीको आरोपमा ०६२ वैशाख १९ गते सदरमुकाम मलंगवाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी वैशाख २१ गते रिहा गरे ।

सिसौटिया गाविस-७ घर भएका माओवादी कार्यकर्ता ४० वर्षीय रामेश्वर महतोलाई ०६२ वैशाख २० गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ जेठ ३ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६२ मंसीर ३ गते रिहा गरियो।

सोहड्वा गाविस-५ का ४५ वर्षीय रामप्रताप रायलाई माओवादीको आरोपमा ०६२ वैशाख २० गते घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ वैशाख २३ गते रिहा गरियो।

हेमपुर गाविस-६ का ३२ वर्षीय जयनारायण राम चमारलाई माओवादीको आरोपमा ०६२ वैशाख ३० गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई ०६२ जेठ ३ गते रिहा गरियो।

पगवानीपुर गाविस-२ का ६० वर्षीय दोर्जेथिङ लामालाई माओवादीको आरोपमा ०६२ जेठ ३ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितलाई ०६२ जेठ ६ गते रिहा गरियो।

पग्वानीपुर गाविस-३ का ४७ वर्षीय खुदिलविक्रम बस्नेतलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ जेठ ४ गते घरबाट सुरक्षकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ जेठ ६ गते तारेखमा रिहा गरियो।

रामेछाप जिल्ला मागुटार गाविसका २८ वर्षीय युवराज ढकाललाई माओवादीको आरोपमा ०६२ जेठ ८ गते सैनिक क्याम्प नवलपुर गएको बेला सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ जेठ ११ गते रिहा गरियो।

भवानीपुर गाविस-६ का ५१ वर्षीय शुभकरण रायलाई माओवादीको आरोपमा ०६२ जेठ १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ जेठ १९ गतेदेखि नजरबन्दमा राखियो।

मानपुर गाविस-६ घर भएका ४० वर्षीय उपेन्द्र चौधरी, हर्जारिया गाविस-५ का ५५ वर्षीय रामबहादुर कुम्वार र सोही स्थानका २० वर्षीय रमेश कुम्वार मार्झीलाई माओवादीको आरोपमा ०६२ जेठ १५ गते हर्जरिया गाविस-५ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितमध्ये रमेशलाई भोलिपल्ट रिहा गरे भने उपेन्द्रलाई ०६२ मंसिर २२ देखि नजरबन्दमा राखी रामबहादुरलाई ०६२ असोज ३ गते रिहा गरियो।

बेला गाविस-२ खैराका ५० वर्षीय आनन्दविहारी चौधरीलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ असार १३ गते घर नजिकैको सडकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ असार १५ गते तारेखमा रिहा गरे।

राजघाट गाविस-२ घर भएका माओवादी कार्यकर्ता ३५ वर्षीय राजकुमार घिमिरेलाई ०६२ भदौ १४ गते दिउँसो सुरक्षाकर्मीले हर्जरिया गाविस-८ बाट गिरफ्तार गरे। पीडितलाई ०६२ भदौ १६ गतेदेखि नजरबन्दमा राखियो।

माओवादीद्वारा मारिएका प्रहरी श्रीप्रसाद गुरूङ

हरिपुर गाविस-३ घर भएका माओवादी कार्यकर्ता ३५ वर्षीय शिवविहारी चौधरीलाई ०६२ भदौ १५ गते घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ भदौ १७ गतेदेखि नजरबन्दमा राखियो।

महोत्तरी जिल्ला फुलकाहा गाविस-३ का २५ वर्षीय विजयकुमार साह र सुन्दरपुर गाविस-९ का २२ वर्षीय नविन महतोलाई माओवादीको आरोपमा ०६२ भदौ १७ गते भक्तिपुर गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित दुवैलाई ०६२ भदौ २१ गतेदेखि नजरबन्दमा राखियो।

गौरीशंकर गाविस-१ का ३५ वर्षीय रामनारायण साहलाई माओवादीको आरोपमा ०६२ भदौ १९ गते बसनियाटोलबाट सुरक्षकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ भदौ २१ गते रिहा गरियो।

बबरगञ्ज गाविस-२ घर भएका माओवादी कार्यकर्ता ४० वर्षीय शंकर चौधरीलाई ०६२ असोज ७ गते ब्रम्हपुरी गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ असोज ९ गतेदेखि नजरबन्दमा राखियो।

हरिवन गाविस-१ बेतालीका २५ वर्षीय बद्री भनिने टेकबहादुर थापा र २३ वर्षीय प्रदीपनारायण श्रेष्ठलाई माओवादीको आरोपमा ०६२ असोज २८ गते दिउँसो हरिवन गाविस-९ कृष्णचौकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित दुवैलाई ०६२ कार्तिक १ गतेदेखि नजरबन्दमा राखियो।

पडरिया गाविस-५ घर भएका पूर्व माओवादी कार्यकर्ता ३० वर्षीय बिकाउ चौधरीलाई ०६२ कार्तिक २४ गते राति घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ कार्तिक २६ गते तारेखमा रिहा गरियो।

ईश्वरपुर गाविस-६ घर भएका ४० वर्षीय जनकराय यादवलाई माओवादीको आरोपमा ०६२ कार्तिक २५ गते बिहान घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी कार्तिक २६ गते रिहा गरियो।

कविलासी गाविस-७ का माओवादी कार्यकर्ता ३५ वर्षीय लक्ष्मण साहलाई ०६२ कार्तिक २८ गते बिहान धनकौल गाविस-८ स्थित डुमरिया टोलको एक घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ मंसिर १ गतेदेखि कारागारमा नजरबन्दमा राखियो।

महोत्तरी जिल्ला खयरमारा गाविस-५ घर भएकी माओवादी कार्यकर्ता ३२ वर्षीय रचना भनिने खासीडमाया लामालाई ०६२ मंसिर ७ गते राजघाट गाविस-१ स्थित बागमती नदी किनारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ मंसिर १२ गतेदेखि जिल्ला कारागार शाखामा

माओवादीले राखेको बम विस्फोटमा परी मृत्यु भएका बेनी ठाकुर

नजरवन्दमा राखियो। माओवादीले रचना आफ्नो कार्यकर्ता नभएको बताए।

भवानीपुर गाविस-८ का ३२ वर्षीय शिवप्रसाद साहलाई ०६२ मंसिर १३ गते प्रहरीले बिना कारण गिरफ्तार गरे।

हजरिया गाविस-३ घर भएका माओवादी कार्यकर्ता मुहन सहनीलाई ०६२ पुस ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ पुस ८ गतेदेखि नजरवन्दमा राखियो।

हजरिया गाविस-४ का ६५ वर्षीय औतार सहनीलाई माओवादीको आरोपमा ०६२ पुस ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ पुस १३ गतेदेखि कारागार शाखामा नजरवन्दमा राखियो।

बालअधिकार

गम्हरिया गाविस-३ की ७ वर्षीय एक वालिकालाई ०६१ माघ २५ गते छिमेकी १८ वर्षीय सुरेन्द्र लोहारले वलात्कार गरे। पीडक फरार छन्।

हरिऔन गाविस-३ की एक १० वर्षीय वालिकालाई ०६२ जेठ ३० गते सोही गाविस-१ का ४० वर्षीय रुद्रवहादुर विश्वकर्माले बलात्कार गर्ने प्रयास गरे। पीडक फरार छन् भने पीडित पक्षले जिल्ला अदालतमा पीडकलाई कानुनी कारवाहीको लागि किटानी जाहेरी दिएका छन्। पीडकलाई गाउँलेले बाँधेकोमा बलबहादुर विकले भगाएको आरोपमा विकलाई कारागारमा राखियो।

लालवन्दी गाविस-५ की १३ वर्षीय लक्ष्मी विक, १२ वर्षीय पार्वती आले र १३ वर्षीय जानकी विकलाई ०६२ साउन ५ गते सोही गाविस-५ की ३५ वर्षीय मालती विकले जागिर लगाई दिने प्रलोभनमा भारतमा बिक्री गर्न लागेकी थिइन्। प्रहरीले मालतीलाई सोधपुछका लागि हिरासतमा लियो र बालिकाहरूलाई अभिभावकको जिम्मा लगाइयो। मालतीले भने जागीरको लागि भारत लान लागेको बताइन्।

मलंगवा नपा-९ की १४ वर्षीय एक वालिकालाई सोही ठाउँका ३५ वर्षीय शेराजुल धोवी र सोही गाविस-२ का ४० वर्षीय उजैन वरहीले ०६२ असोज ८ गते धानवारीमा वलात्कार गरे। पीडकमध्ये धोवीलाई प्रहरीले नियन्त्रणमा लिई कारवाही अगाडि बढायो भने बरही फरार रहे। पीडित पक्षले जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दिएका छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार बलात्कार प्रयास

पडरिया गाविस-४ की २८ वर्षीय एक महिलालाई ०६१ चैत १ गते सोही स्थानमा घर भएका माओवादी कार्यकर्ता ५४ वर्षीय सतलाल चौधरीले पेस्तोल देखाएर राति घरभित्रै बलात्कार गरे।

ढुंग्रेखोला गाविस-३ कोठीखोलाकी एक विवाहित महिलालाई सोही गाविस-३ का ३० वर्षीय माधव नेपालले ०६२ असार १५ गते घरमा बलात्कार गरे। ६ दिनकी सुत्केरी पीडितलाई अनुचित कार्य गरेको आरोपमा पीडकलाई माओवादीले कब्जामा लिई कुटपिट गरेका थिए। हाल पीडक फरार छन्।

हजरिया गाविस-४ की २४ वर्षीय एक विवाहित महिलालाई ०६२ पुस १ गते राति सोही स्थानका ३२ वर्षीय राजवंशी सहनीले बलात्कार गरे। पीडकलाई इलाका प्रहरी कार्यालय वरहथवामा स्थानीय जनताको सहमतिमा सामाजिक जरिवाना स्वरूप ५ हजार रूपैयाँ तिराएर छाडियो।

पारिवारिक हिंसा

मुसैली गाविस-६ की ५४ वर्षीय सुरजीदेवी महतोलाई पति ४५ वर्षीय गजेन्द्र महतोले ०६१ चैत १ गते कुटपिट गर्दै घरबाट निकालिदिए। पीडितले न्यायको लागि जिल्ला प्रशासन कार्यालयमा उजुरी दिइन्।

पिपरिया गाविस-७ की १५ वर्षीय सुशीलादेवी मण्डललाई पति २२ वर्षीय असर्फी मण्डल र ससुरा ५० वर्षीय यसोधन मण्डलले ०६२ साउन १२ गतेदेखि २७ गतेसम्म घरभित्र फलामको सिक्रीले गोडामा बाँधी यातना दिए। पीडकलाई प्रहरी हिरासतमा राखियो।

हरिवन गाविस-६ ताइवानटोलकी १८ वर्षीय मनियादेवी खातुनले छोरी जन्माएको कारण पति २५ वर्षीय अलियाससहित सासु र नन्दले ०६२ साउन १६ गते कुटपिट गर्दै ४ दिनकी नावालिकालाई घर नजिकै खाल्डोमा बेवारिसे अवस्थामा फ्याँकिदिए। प्रहरीले पीडकलाई पक्राउ गरी पीडित र बच्चालाई माइती नेपालमा जिम्मा लगायो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

पत्थरकोट गाविस-८ हिरापुरकी २१ वर्षीय रेनु विश्वकर्माले सार्वजनिक इनारमा पानी भरिरहेको अवस्थामा

सोही ठाउँकी ३७ वर्षीय शीला मण्डलले पानी छोएको आरोपमा ०६२ वैशाख २५ गते रेनुलाई तथानाम गाली गरी शरीरमा पानी छ्यापिदिइन्। यसै विषयलाई लिएर दुवै पक्षबीच जिल्ला प्रहरी कार्यालयमा पुन: जातीय विभेद नगर्ने सहमति भयो।

हरिवन गाविस-९ का १६ वर्षीय उत्तम परियारलाई ०६२ जेठ २९ गते लालबन्दी गाविस-७ का १६ वर्षीय विकल लामा र १९ वर्षीय गोरे आलेले छुवाछूत विरुद्धको र्‍यालीमाथि आक्रमण गरी धारिलो हतियार प्रयोग गरी घाइते पारे। पीडकहरूले गल्ती स्वीकार गरेपछि समस्या सुल्झेको थियो।

हेमपुर गाविस-५ की ४२ वर्षीय छठियादेवी रायलाई ०६२ मंसिर १८ गते सोही स्थानका २५ वर्षीय जयराम रायले आफ्नो वहिनी अमृतालाई तन्त्रमन्त्र गरी बिरामी बनाएको आरोपमा कुटपिट गर्दै मलमुत्र ख्वाउने प्रयास गरे। यस विषयमा दुवै पक्षबीच छलफल भई पीडकले पुन: कसैलाई बोक्सीको आरोप लगाए २५ हजार रुपैयाँ जरिवाना तिर्नुपर्ने सहमति जिल्ला प्रहरी कार्यालय मलंगवामा भयो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

मानवअधिकार सञ्जाल, सर्लाहीका संयोजक तथा इन्सेक प्रतिनिधि विदुरकुमार प्याकुरेलले ०६२ असार १९ गते हरिऔन गाविस-९ स्थित कृष्णचोक वजारबाट सादा पोशाकमा रहेका दुई सुरक्षाकर्मी मनवहादुर रानाभाट र युवराज पौडेललाई माओवादीले अपहरण गरेकोमा जीवन रक्षा तथा सकुशल रिहाइको लागि प्रेस विज्ञप्ति जारी गरे।

इन्सेक सहकर्मी ग्रामीण विकास संस्था तथा मानवअधिकार सञ्जाल सर्लाहीले एक प्रेस विज्ञप्ति जारी गरी ०६२ भदौ १७ गते राति बरहथवा गाविस-४ मा दुईजना माओवादी राकेश गुप्ता र सुरज रायलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई गोली हानी हत्या गरेको घटनाप्रति गम्भीर आपत्ति प्रकट गर्दै जेनेभा महासन्धिको साझा धारा ३ पूर्णरूपमा पालना गर्नु अनुरोध गर्दै घटनाको निष्पक्ष छानविनको लागि सम्वन्धित मानवअधिकार संघसंस्थालाई आग्रह गर्‍यो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष कर्तव्यज्यान पाँच, खुनडाँका दुई, ज्यान मार्ने उद्योग चार, भवितव्य ज्यान नौ, फुटकर ज्यान एक, विष सेवन गरी आत्महत्या १२, झुण्डिएर आत्महत्या सात, डाँका १०, चोरी १५, जबर्जस्ती करणी तीन, सवारी दुर्घटना नौ र केही सार्वजनिक अपराधका १६ ओटा घटनाहरू भए।

माओवादीद्वारा अपहरण गरिएका युवराज पौडेल र मनबहादुर रानाभाट

विगतको अनुगमन

जमुनिया गाविस-५ मदनपुरका २९ वर्षीय रामविश्वास राय र २१ वर्षीय सुनिल रायलाई माओवादीको आरोपमा ०६१ असार १० गते सुरक्षाकर्मीले गिरफ्तार गरी असार १३ गतेदेखि नजरवन्दमा राखेकोमा ०६२ जेठ १२ गते रिहा गरे।

सलेमपुर गाविस-२ का २० वर्षीय सुजयकुमार ठाकुरलाई माओवादीको आरोपमा ०६१ असार १० गते सुरक्षाकर्मीले गिरफ्तार गरी असार २२ गतेदेखि नजरवन्दमा राखेकोमा ०६२ असार २० गते उनलाई रिहा गरियो।

रामनगर वाहर्वा गाविस-२ का ३० वर्षीय पुनित मण्डललाई ०६१ साउन २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ३० गतेदेखि नजरवन्दमा राखेकोमा ०६२ वैशाख ३० गते रिहा गरे।

अजौली गाविस-५ घर भएका माओवादी कार्यकर्ता नागेन्द्र भनिने ३० वर्षीय रामपुकार महतोलाई ०६१ साउन ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी अर्जुन वाण गुल्म नवलपुरमा राखेकोमा ०६१ फागुन १७ गतेदेखि नजरवन्दमा राखे।

जानकीनगर गाविस-३ का १९ वर्षीय डिल्लीराम न्यौपानेलाई माओवादीको आरोपमा ०६१ मंसिर २१ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी अर्जुन वाण गुल्म नवलपुरमा राखिएकोमा ०६१ फागुन १७ गतेदेखि नजरवन्दमा राखियो। पीडितलाई सर्वोच्च अदालतको आदेश अनुसार ०६२ भदौ १३ गते रिहा गरियो।

नौकेल्वा गाविस-५ मोहनगञ्जका १७ वर्षीय दीपेन्द्रकुमार महतोलाई माओवादीको आरोपमा ०६१ मंसिर २४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ पुस १५ गतेदेखि नजरवन्दमा राखिएकोमा ०६१ चैत ८ गते रिहा गरियो।

२.४ सिन्धुली



जनसंख्या	:	२९,४८१३
साक्षरता प्रतिशत	:	३९.२८
महिला साक्षरता प्रतिशत	:	२६.४
क्षेत्रफल (वर्ग कि. मि.)	:	२४९१
गाविस/नपा संख्या	:	५३/१
निर्वाचन क्षेत्र	:	३
विद्यालय	:	४७८
क्याम्पस/उच्च मा.वि.	:	२/१२४
अस्पताल/स्वास्थ्य चौकी	:	१/५५
टेलिफोन लाइन	:	५६२
मोटर सडक कि. मि.	:	१५०
प्रहरी कार्यालय संख्या	:	२
इलाका संख्या	:	६
मानव विकास सूचकांक	:	०.४६९
प्रति परिवार सदस्य संख्या	:	५.३४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

अमले गाविस-३ घर भएका माओवादी कार्यकर्ता ५९ वर्षीय खड्गबहादुर देवकोटाको ०६१ चैत ८ गते महादेवडाडा गाविसमा सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

भीमस्थान गाविस-५ तिलडेमा गीता भनिने एक माओवादीको ०६१ चैत १० गते सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

कल्पबृक्ष गाविस-६ घर भएका माओवादी कार्यकर्ता तथा गाउँ जनसरकार प्रमुख ४२ वर्षीय पदमबहादुर मिजारको ०६२ वैशाख २ गते आफ्नै घरमा रहेको अवस्थामा सुरक्षाकर्मीको गोलीबाट हत्या भयो। कल्पबृक्ष इलाकामा सुरक्षाकर्मीको खोजतलासको कारवाहीमा मिजारको मृत्यु भएको सैनिक जनसम्पर्क निर्देशनालयले जनायो।

माओवादीबाट

पीपलमाडी गाविस-९ बन्चरेका ५० वर्षीय रत्नबहादुर बाइबा ०६१ माघ ९ गते माओवादीले सोही गाविसमा थापेको विद्युतीय धरापमा परी मारिए। उक्त घटनामा तीनजना सुरक्षाकर्मी घाइते भएको स्थानीय बासिन्दाले जनाए।

बालाजोर गाविस-७ घर भई कमलामाई नपा-७ मा बस्दै आएका ४५ वर्षीय प्रेमबहादुर श्रेष्ठलाई ०६१ फागुन २६ गते माओवादीले आफ्नो घर हिंडेको अवस्थामा जरायोटार गाविसको मझुवा दोभानबाट अपहरण गरे। चैत १७ गते कमलामाई नपा-१५ अर्गीडाँडामा श्रेष्ठको टाउको बिनाको लास फेला पर्‍यो। पीडकहरूले अपहरणपछि हत्या गरेको प्रहरीले जनायो।

कमलामाई नपा-९ हुर्पेबासका सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष ६३ वर्षीय नारायणकुमार श्रेष्ठलाई ०६१ चैत १८ गते साझ माओवादीले आफ्नै पसलमा बसिरहेको अवस्थामा गोली हानी हत्या गरे। २-३ जनाको संख्यामा आएका माओवादीले चाउचाउ किन्ने बहानामा पीडितलाई नजिकैबाट दाया कन्चटमा एक गोली हानी भागेको निमित्त प्रमुख जिल्ला अधिकारी उमेश पाण्डेले बताए। पीडितको घटनास्थलमा नै मृत्यु भएको थियो।

दोहोरो भिडन्त

सिर्थौली गाविस-१ डकाहामा ०६१ फागुन १० गते बिहान सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा प्रभात भनिने एक माओवादी कार्यकर्ताको मृत्यु भयो।

जरायोटार गाविस-५ सान्धानेमा ०६२ जेठ १ गते दिउँसो सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा तीनजना सैनिक र एकजना प्रहरी गरी चारजनाको मृत्यु भयो। घटनास्थलमा माओवादीका छओटा लास फेला परेको जिल्लास्थित सुरक्षा निकायले जनायो। भिडन्तमा घाइते भएका चारजना सुरक्षाकर्मीलाई उपचारका लागि काठमाडौं लगियो। माओवादीले उक्त भिडन्तमा सातजना सुरक्षाकर्मी र तीनजना माओवादीको मृत्यु भएको जनायो।

जरायोटार गाविसको मझुवा दोभानमा ०६२ जेठ ३ गते माओवादीले थापेको विद्युतीय धरापमा परी दुईजना सुरक्षाकर्मी मारिए। विद्युतीय धराप विस्फोटपछि भएको भिडन्तमा एकजना माओवादी र एक जना पूर्व माओवादी कार्यकर्ता कृष्णबहादुर कार्कीको मृत्यु भएको सुरक्षा निकायले जनायो। अरू पीडितहरूको विवरण खुल्न सकेन। घटनामा दुईजना सुरक्षाकर्मी घाइते भएको सुरक्षा निकायले जनायो। मारिनुअघि कृष्णबहादुर कार्की आत्मसमर्पण गरी सुरक्षाकर्मीसँगै रहेका थिए।

गोली / बम / एम्बुसद्वारा घाइते

राज्यबाट

कमलामाई नपा-६ स्थित पशुपतिप्रसाद गणमा ०६२ असार १५ गते सैनिक अभ्यास भइरहेको अवस्थामा ग्रिनेट विस्फोट भई दुईजना सुरक्षाकर्मी घाइते भए। घाइतेहरूको उपचार काठमाडौंमा गरियो।

माओवादीबाट

हर्पाही गाविसको जगाडीमा ०६२ भदौ ३ गते माओवादी-माओवादीबीच गोली हानाहान हुँदा दुई माओवादी कार्यकर्ता घाइते भएको संस्था निकायले जनायो।

जेल र बन्दीहरू

सिन्धुली कारागारको क्षमता २५ जनाको भए पनि हाल ३८ जना बन्दी राखिएको छ। बन्दीहरूमध्ये कैद नतोकिएका आठजना तथा कैद तोकिएका ३० जना छन्। यस जेलमा माओवादीमा लागेको आरोपमा दुईजना पुरुष र एकजना महिलालाई नजरबन्दमा राखिएको छ। जेलमा महिला बन्दी तीनजना र पुरुष बन्दी ३५ जना रहेका छन्।

जेलमा पानी, शौचालय र औषधी उपचारको मुख्य समस्या रहेको छ। बन्दीहरूलाई नियमित स्वास्थ्य परीक्षणको व्यवस्था छैन। सामान्य बिरामी पर्दासमेत मोलिसिने भन्ने गरिएको र सिकिस्त भएपछिमात्र अस्पताल लैजाने गरेको बताए तथा बन्दीहरू बताउछन्। कर्तव्य ज्यानअन्तर्गत रहेका महादेवस्थान गाविस-२ का बन्दी अम्बरबहादुर गोले मगोला दुख्ने रोगबाट पीडित छन्। उनलाई उपचारका लागि जिल्ला अस्पतालले अञ्चल अस्पताल जनकपुरमा रिफर गर्दासमेत कारागार प्रशासनले वास्ता नगरेको गुनासो उनको छ। त्यस्तै अर्को बन्दी जलकन्या गाविस-६ का वीरबहादुर स्याङ्वा पनि दुई वर्षदेखि बिरामी छन्। उनको उपचारमा कारागार प्रशासनले चासो नदेखाएको बताइएको छ।

जेलभित्र पानी पर्याप्त छैन। स्थानीय खोल्साको पानी मोटर लगाएर तान्ने गरिएको र सो पानीबाट खान पनि धौधौ हुने, नुहाउन र लुगा धुन समस्या हुने गरेको बन्दीहरूले बताए। पुरुष बन्दीतर्फको चार नम्बर वार्डमा रहेकाचार ओटा शौचालयमध्ये तीन ओटा बिग्रिएको एक वर्ष बित्यो। एउटा शौचालय फुटेको कारण दुर्गन्ध आउने गरेको गुनासो बन्दीहरूको छ। पुरुषतर्फको भान्सा र टोपी बुन्ने भाग लगाएको टाउमा छानाको टायल फुटेर पानी चुहिने गरेको छ। रेडक्रसको अन्तर्राष्ट्रिय समितिको पहलमा स्थापित पुस्तकालय सञ्चालनमा रहेको तर इन्सेकले उपलब्ध गराएको मानवअधिकार वर्ष पुस्तक कारागार प्रशासनले बन्दीहरूलाई नदिएको बताइयो। बन्दीहरूले आफ्नो पहलमा मुढा, ढाकाको टोपी, पर्स, स्वीटर, बासबाट बन्ने घडी, पेनदानी बनाउने गरेका तर बजारको अभावका कारण ती सामग्री बिक्री नभएको बन्दी तथा धुनुवाहरूले बताए।

बन्दीहरूले जेल सरुवाको लागि मात्र बिरामी भएको बाहाना गरेको, उनीहरूको सामान्य उपचार जिल्ला अस्पतालमा गरिने र सिकिस्त भएपछि जेल सरुवा गर्ने गरिएको, नियमानुसार उनीहरूले पाउने सबै सुविधा दिएको, बजेट न्यून भएको र कारागारको सुधारको लागि विभागमा सिफारिश पठाउँदा सुनवाई नभएको जेलर काशीनाथ काफ्लेले बताए।

बेपता / अपहरण

माओवादीबाट

कमलामाई नपा-१० करकरेका झलकबहादुर खड्का, धनुषा जिल्लामा कार्यरत प्रहरीहरू हर्कबहादुर तामाङ, कुमार तामाङलगायत नौजनालाई ०६१ माघ ४ गते

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना सख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या					५	९			९	६	११	१		१२
घाइते					४	९		२	११	१			२	२
गिरफ्तारी यातना										२०	२५	२		२७
कुटपिट	३	१	२	३	९	१२	१		१३	१	१			१
धम्की										१	२			२
भेला संगठित हुने अधिकार										१			१५	१५
जातीय विभेद	२	२	२	४										
महिलाअधिकार	१८		१८	१८										
बालअधिकार	२		२	२										
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	१	१		१	१	१			१					
अमानवीय व्यवहार	४	२	२	४	२	८२			८२					
अपहरण					३१	५७	५	११४	१७६					
जम्मा	३०	६	२६	३२	५२	१७०	६	११६	२९२	३०	३९	३	१७	५९

सिन्धुलीबाट सर्लाहीतर्फ जादा रेन्बो ट्राभल्समा यात्रा गरिरहेको अवस्थामा कमलामाई नपा-१० को माईस्थान मन्दिर अगाडिबाट माओवादीले अपहरण गरे। पीडितहरूलाई सोही नपा-३ को पातीपरान पुऱ्याएर गणतन्त्रको बारेमा सोधपुछ गरी सोही दिन राति मुक्त गरे।

बर्दिबासबाट सिन्धुलीतर्फ जादै गरेको ना. २ ख. ६१५६ नम्बरको न्यु सागर ट्राभल्स नामक यात्रुवाहक बसमा यात्रा गरिरहेका पाचजना यात्रीहरूलाई कमलामाई नपा-१० ककरेमा ०६१ माघ १० गते दिउसो बसबाट ओराली माओवादीले अपहरण गरे। सोही दिन कमलामाई नपा-४ स्थित माईस्थान मन्दिरमा एकाहा लगाउन गएका १६ जना पुरेतहरूलाई पनि माओवादीले अपहरण गरी लगेका थिए। पीडितहरूलाई सोही दिन राति रानीचुरी गाविसको रामपुरबाट मुक्त गरे।

निपाने गाविस-६ खुट्टेपानीका ३५ वर्षीय पद्मप्रसाद बराल, ४५ वर्षीय ज्ञानप्रसाद पौडेल, ३० वर्षीय रामचन्द्र कटुवाल, ५० वर्षीय युवराज पौडेल र १७ वर्षीय जनकबहादुर खत्रीलाई ०६१ चैत २ गते माओवादीले आ-आफ्नै घरबाट अपहरण गरे। पीडितहरूलाई गत वर्ष लडेर मृत्यु भएका स्थानीय खगेन्द्र कटुवालको हत्यामा संलग्न भएको आरोपमा माओवादीले अपहरण गरेको स्थानीय बासिन्दाले बताए। पीडितहरूलाई १६ दिनपछि मासिक तारेखमा मुक्त गरियो। पीडितहरूमध्ये ज्ञानप्रसाद पौडेललाई अपहरण गरेको पाच दिनपछि लात्ती, लाठीले कुट्दै "खाल्डो खनेको छ तेरो अन्तिम इच्छा के छ" भनी सोधिएको थियो। उनलाई अध्यारो ठाउँमा लगी कुटपिट गरी काधमा बन्दुक राखी पड्काएको पीडितले बताए। रामचन्द्र कटुवाललाई अपहरण गरेको दुई दिनपछि माओवादीले कुटपिट गरेका थिए।

पुरानो झागाझोली गाविस-४ पल्धुरेका ४६ वर्षीय अच्युतप्रसाद दाहाल र उनका भाइ इन्द्रप्रसाद दाहाललाई ०६२ असार २८ गते उनकै घरबाट माओवादीले अपहरण गरे। पीडित अच्युतलाई माओवादीको निर्णय नमानेको आरोप लगाइएको थियो। अपहरणपछि इन्द्र दाहाललाई सोही दिन रातमाटा बजारबाट र अच्युतलाई १७ दिनसम्म काभ्रेका विभिन्न गाउहरूमा भारी बोकाएर घुमाई साउन १४ गते मुक्त गरे।

झागाझोली रातामाटा गाविस-१ का ५० वर्षीय विश्वनाथ सूर्यवंशी, ४८ वर्षीय भरत राजवंशी, ५८ वर्षीय राजशरण शाक्य, ४० वर्षीय बद्रीनाथ सूर्यवंशी र २९ वर्षीय कर्णाकिशोर श्रेष्ठलगायत छजनालाई ०६२ साउन १८ गते माओवादीले अपहरण गरे। सो गाविसमा माओवादीको जनसरकार चलाउन दबाब दिई सोही राति मुक्त गरेको पीडितहरूले बताए।

लाम्पानटार गाविस-६ का ५० वर्षीय पूर्णबहादुर तामाङलाई ०६२ साउन २३ गते उनकै घरबाट माओवादीले अपहरण गरे। माओवादीमा हिडेकी छोरीलाई छुटाएको र छोरालाई बाहिर पठाएको आरोप पीडितलाई लगाइएको थियो। केही समय बेपत्ता पारी करिब एक महिनापछि पीडितलाई तारेखमा मुक्त गरेको पूर्वजिविस उपसभापति हेमबहादुर लामाले बताए।

बाहुनतिल्पुङ गाविस-९ की २६ वर्षीय अमला भनिने देवका अधिकारीलाई ०६२ साउन ३० गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। माओवादीको सूचना सुरक्षाकर्मीलाई दिएको आरोप पीडितलाई लगाइएको थियो। पीडितलाई चार महिनासम्म गाउँ नछाड्ने सर्तमा ०६२ भदौ २१ गते मुक्त गरे।

बाहुनतिल्पुङ गाविस-२ का करिब ४५ वर्षीय मुकुन्द भण्डारी, रामप्रसाद अधिकारी, सोही गाविसस्थित वैंकटेश्वर उच्चमाविमा अध्ययनरत विद्यार्थीहरू अप्सरा कार्की, कमला आले, लक्ष्मी अधिकारीलगायत आठजनालाई ०६२ साउन ३१ गते माओवादीले अपहरण गरे। मुकुन्दलाई गाविसको रकम हिनामिना गरेको र रामप्रसादलाई सुरक्षाकर्मीसग पत्राचार गरेको आरोप लगाइएको थियो। उनीहरूलाई भोलिपल्ट र पांचजना विद्यार्थीहरूलाई पाच दिनपछि मुक्त गरियो। अप्सरा कार्कीले मंसिर २८ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरिन्।

खोल्लागाउ गाविस-९ रातमाटाका २२ वर्षीय तुलसीराम पहाडीलाई ०६२ भदौ ८ गते माओवादीले अपहरण गरे। पीडितलाई भदौ १२ गते मुक्त गरियो।

फिकल मावि सोल्पाठाना, सुनकोसी मावि खाङसाङ, रत्नावती मावि रत्नावतीका विद्यालहरूबाट करिब दुई दर्जन विद्यार्थीहरूलाई ०६२ भदौ १६ गते माओवादीले अपहरण गरे। अपहरित विद्यार्थीहरूलाई आफ्नो कार्यक्रममा सहभागी गराएर चार दिनपछि मुक्त गरे।

श्री उच्च मावि कपिलाकोट, जनज्योति मावि बखफर लगायत मरिण क्षेत्रमा रहेका पीपलमाढी, महेन्द्रझयाडी, क्यानेश्वर र हरिहरपुरगढी गाविसका विद्यालयका करिब तीन दर्जन शिक्षकहरूलाई ०६२ भदौ २५ गते र कुशेश्वर दुम्जा गाविसका विद्यालयका करिब दुई दर्जन शिक्षकहरूलाई भदौ ३० गते माओवादीले उनीहरूको कार्यक्रममा लगे। युद्धविराम र माओवादीको शैक्षिक नीतिको बारेमा प्रशिक्षण दिएर सोही दिन राति मुक्त गरियो।

लाम्पानटार गाविस-४ की चमेली लुङ्गेलीलाई ०६२ कार्तिक तीन गते माओवादीले माइती घर चकमकेमा आएको अवस्थामा अपहरण गरे। पीडितलाई केही दिनपछि मुक्त गरेको स्थानीय बासिन्दाले बताए।

झागाझोली रातामाटा गाविस-१ का राष्ट्रिय वाणिज्य बैंक, सिन्धुलीमा कार्यरत कर्मचारी ४२ वर्षीय

दीर्घबहादुर बैद्यले सुराकी गरेको आरोपमा ०६२ कार्तिक १५ गते माओवादीले आफ्नै घरबाट कुटपिट गर्दै अपहरण गरे। उनलाई सार्वजनिक स्थलमा चार-पाँच जनाले कुटपिट गरेको पीडितले बताए। पीडितलाई हात बाँधेर कुटपिट गरी कार्तिक १७ गते मासिक तारेखमा मुक्त गरे।

पुरानो झाँगाझोली गाविस-४ पल्धुरीका ४५ वर्षीय लवदेव खड्का र भुवनेश्वरी गाविस-२ ग्वालटारका २६ वर्षीय रमेश थापालाई ०६२ कार्तिक १६ गते माओवादीले आ-आफ्नै घरबाट अपहरण गरे। खड्काले विद्यालयको छात्रवृत्ति रकम हिनामिना गरेको र थापाले माओवादीसँग विवाद गरेको आरोप लगाइएको थियो। खड्कालाई छात्रवृत्तिको रकम फिर्ता गर्ने सर्तमा सोही दिन राति र थापालाई भोलिपल्ट मुक्त गरे।

पुरानो झाँगाझोली गाविस-४ परेवाडाँडाका पूर्व गाविस अध्यक्ष ५२ वर्षीय बद्रिबहादुर दाहाल र उनकी छोरी २० वर्षीय कान्ता दाहाललाई ०६२ कार्तिक १६ गते माओवादीले घरबाटै अपहरण गरे। बुवालाई अपहरण गर्न आएका माओवादीसँग आमा सिकिस्त बिरामी भएकोले केही कुरा भए घरमै भन्न अनुरोध गर्दा कान्तालाई कुटपिट गरी घिसार्दै अपहरण गरेको पीडितले बताइन्। बद्रीबहादुरलाई गाविसको सम्पूर्ण हिसाब देखाउने सर्तमा सोही दिन रातिमुक्त गरे भने कान्तालाई माओवादीको तीनओटा संगठन निर्माण गर्नुपर्ने र गाउँ जनसरकारको निर्देशन पालना गर्नुपर्ने सर्तमा कार्तिक १९ गते मुक्त गरे।

सुरक्षाकर्मीद्वारा मारिएका खड्गबहादुर देवकोटा

पुरानो झाँगाझोली गाविस-१ लिट्टेभञ्ज्याङका २२ वर्षीय विनोद नेपाली र सोही गाविस-३ सिम्लेखोलाका १७ वर्षीय कान्छा सार्कीलाई ०६२ कार्तिक १६ गते साँझ काठमाडौंबाट घर फर्कँदै गर्दा झाँगाझोली गुठबजारबाट माओवादीले अपहरण गरे। पीडितले माओवादीलाई परिचय नदिएको र विवाद गरेको भन्दै अपहरण गरेका थिए। पीडितहरूमध्ये सार्की १० दिनपछि नुहाउने बहानामा काभ्रेको मंगलटारबाट भागे भने दमाईलाई ११ दिनसम्म काभ्रेका गाउँहरू घुमाई माओवादीको संगठनमा बस्नु पर्ने र माओवादीलाई सहयोग गर्ने सर्तमा मुक्त गरे।

जलकन्या गाविस-२ चपौलीकी ३५ वर्षीय राधिका अधिकारीलाई ०६२ कार्तिक १९ गते खेतमा धान काटिरहेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई चौतारो बनाउने सर्तमा करिब एक महिनापछि मुक्त गरे।

पीपलमाढी गाविस-९ का ३२ वर्षीय इन्द्रजंग राईलाई ०६२ मंसिर २० गते राँगा-भैंसी किन्न गएको अवस्थामा माओवादीले अपहरण गरे। माओवादीले पीडितसँग यसअघि उनले बिक्री गरेको राँगाको कर मागेका र आफूले उक्त रकम तिर्न नसक्ने बताएपछि अपहरण गरेको पीडितले बताए। उनी मंसिर २९ गते हरिहरपुरगढी गाविसको जितपुरगढी गाउँबाट माओवादीलाई झुक्याएर भागी जिल्ला सदरमुकाम आए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कमलामाई नगरपालिका-७ का एमालेनिकट अनेरास्ववियूका जिल्ला अध्यक्ष महेन्द्रदेव श्रेष्ठलाई ०६२ असोज १६ गते राष्ट्रिय वाणिज्य बैंकमा पैसा झिक्न गएको बेला बैंकको सुरक्षार्थ खटिएका प्रहरी असई बजरङ्गबलीले कुटपिट गरे। बैंकमा आएका सर्वसाधारणमाथि प्रहरीले गरेको दुर्व्यवहारको विरोध गर्दा बैंक लुटन आएको भनी प्रहरीले कुटपिट गरी सिध्याइदिने धम्की दिइएको थियो। पीडक प्रहरी असईलाई तत्कालै त्यहाँ उपस्थित नागरिक समाजले माफी माग्न लगाएको थियो।

कमलामाई नपा-४ मधुटार घर भएका पत्रकार द्वारिका काफ्ले र सोही नपा-७ घर भएका मानवअधिकारकर्मी कृष्णहरि घिमिरेलाई ०६२ मंसिर १९ गते जिल्लास्थित प्रशासनिक ततथा सुरक्षा निकायका अधिकारीहरूले धम्की दिए। जिल्लामा आयोजना गरिएको नागरिकसभामा बोलेको विषयलाई लिएर धम्की दिएपछि पीडितहरू काठमाडौंमा विस्थापित भए।

माओवादीबाट

पीपलमाढी गाविस-६ का शिक्षक ४३ वर्षीय श्रीबहादुर श्रेष्ठलाई गाउँ परिषदको बैठक पुस्तिकामा सही गरेको आरोपमा ०६१ फागुन २८ गते आफ्नै घरमा बसेको अवस्थामा माओवादीले कुटपिट गरे। पीडितलाई गाउँ परिषदको उक्त बैठक पुस्तिका लैजानुपर्ने, गत वर्षको आयव्ययको विवरण र सकेसम्म गाविस सचिवलाई नै माओवादीसमक्ष उपस्थित गराउनु पर्ने अन्यथा ठूलो कारवाही गरिने धम्की दिए।

बाहुननिल्पुङ्ग गाविस-९ का करिब ४० वर्षीय जयप्रसाद घिमिरेलाई ०६१ चैत १७ गते आफ्नै घरमा बसेको अवस्थामा माओवादीहरू सैनिक भेषमा आई माओवादी सम्बन्धी सोधपुछ गरी कुटपिट गरे। पीडकहरूले सोधखोज गर्दा पीडितले बताएपछि घरबाट बाँधेर सोही गाविस-३ स्थित



माओवादीद्वारा मारिएका उद्योगवाणिज्य संघका अध्यक्ष नारायणकुमार श्रेष्ठ

शिवालयमा पुऱ्याई कुटपिट गरी छाडेका थिए।

वाहुनतिल्पुङ्ग गाविस-९ का २४ वर्षीय टंकनाथ अधिकारी र सोही गाविस-३ का २५ वर्षीय शंकर अधिकारीलाई आफूहरूको विरोध गरेको भनी ०६२ वैशाख १ गते माओवादीले डोरीले बाँधेर कुटपिट गरे।

हत्पते गाविस-८ काकरभिट्टाका ३८ वर्षीय प्रेमवहादुर भुजेललाई सुराकीको आरोपमा ०६२ जेठ १ गते माओवादीले लाम्पानटार गाविसको स्याडती आकाशेवाट अपहरण गरी महादेवडाँडा गाविस-४ दमाग्मा पुऱ्याई कुटपिट गरे।

भाँगाभोली रातमाटा गाविस-३ का ४० वर्षीय जयप्रकाश वैद्य र उनका भाइ ३५ वर्षीय पुण्यप्रकाश वैद्यलाई ०६२ असोज १५ गते माओवादीले कुटपिट गरे।

पुरानो भाँगाभोली गाविस-६ नागेडाँडाका ठेटराज दाहालकी पत्नी ३० वर्षीय कान्छी दाहाललाई ०६२ पुस २ गते सोही ठाउँका माओवादी कार्यकर्ता विष्णु गिरीले पतिलाई काठमाडौंवाट नफिकाएको र विवाद गरी पार्टीको निर्देशन नमानेको आरोपमा कुटपिट गरे। ०६२ असोजमा पीडक गिरीले ठेटराजले एक लाख रूपैयाँ उनका दाजु कृष्णवहादुर दाहाललाई दिनु पर्ने निर्णय गरेका थिए। उक्त रकम नपाएपछि गिरीले नातामा भाउजी वुहारी पर्ने कान्छी दाहाललाई कुटपिट गरेका थिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेपाल पत्रकार महासंघले ०६२ असार ८ गते पूर्ण प्रेस स्वतन्त्रताको माग गर्दै सदरमुकाम सिन्धुलीमाढीमा निकालेको जुलुसमा प्रहरीले हस्तक्षेप गरे। जुलुसपछि जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना बस्न खोज्दा प्रहरीले व्यानर र कालोपट्टी खोसे। पत्रकार महासंघ सिन्धुलीका सभापति राजकुमार कार्की, उपसभापति रेखराज दाहाल, सचिव श्यामहरि अधिकारी, कोषाध्यक्ष सुमन लुईटेल, सदस्यहरू द्वारिका काफ्ले, कृष्णहरि घिमिरे, मीनकुमार दाहाल, प्रमोदचन्द्र गजुरेल, शेषराज दाहाल लगायत १५ जनालाई धर्ना बस्न दिइएन। जुलुसको अनुगमन गर्न गएका इन्सेक प्रतिनिधिलाईसमेत हातपात गरिएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा यस वर्ष देवानी ५२, दुनियाँवादी फौजदारी १७, सरकारी फौजदारी १६, संक्षिप्त फौजदारी एक र विशेष अदालतमा पाँच गरी कूल ९१ ओटा मुद्दा दर्ता भए। जसमा देवानी १५, दुनियावादी फौजदारी पाँच, सरकारवादी फौजदारी दुई गरी जम्मा २२ वटा मुद्दा फर्स्यौट भई ६९ ओटा बाँकी रहे। यस अदालतमा दुई वर्ष नाघेका दुई, एक वर्ष नाघेका २६ र छ महिना नाघेका ११ ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। यस जिल्लामा म्याद तामेलीको समस्या देखिएको छ। यस वर्ष जिल्ला प्रहरी कार्यालयमा १५ प्रकारका ४६ ओटा जाहेरी परेकोमा १६ ओटा फर्स्यौट भई ३० ओटा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस वर्ष वृद्ध, असहाय र अपाङ्ग गरी पाँच हजार दुई सय नौ जनाले भत्ता प्राप्त गरे। यसरी भत्ता प्राप्त गर्नेहरूमा वृद्ध दुई हजार सातसय ३८ जना, विधवा तथा असहाय दुई हजार नौ सय २४ जना र अपाङ्ग अशक्त ४७ जना रहेका छन्। समयमा नै उक्त भत्ता पाउन नसकेको गुनासो वृद्धहरूको रहेको छ।

आर्थिक अधिकार

वर्दिवासवाट सिन्धुली जाँदै गरेको ना. २ ख ६१५६ नम्वरको न्यू सागर ट्राभल्स नामक यात्रुवाहक वसमा यात्रा गरिरहेका सम्पूर्ण यात्रीहरूलाई ०६१ माघ १० गते दिउँसो कमलामाई नपा-१० करकरेमा जवरजस्ती वसवाट ओराली माओवादीले वस जलाए।

काकडभिट्टावाट सिन्धुली आउँदै गरेको ना. २ ख १५६ नम्वरको सिद्धकाली ट्राभल्सलाई ०६१ माघ १२ गते रानीचुरी गाविस-१ जोशीमोडमा रोकी माओवादीले सम्पूर्ण यात्रीलाई ओराली वस जलाए। आगजनीवाट वसमा ल्याइएको चामल, दाल लगायतका खाद्य सामग्री जलेर नष्ट भयो।

वाहुनतिल्पुङ्ग गाविस-२ घर भई जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा कार्यरत प्रहरी २५ वर्षीय कुशहरी भण्डारीको तिल्पुङमा रहेको घर जग्गा ०६१ फागुन ४ गते माओवादीले कब्जा गरी घरमा तालावन्दी गरे।

महोत्तरी जिल्लाको वर्दिवासका सुरेश अग्रवालको ना.१ ख ६७३१ नं को मालवाहक ट्रक सिमेन्ट लिएर

सिन्धुली आउँदै गर्दा कमलामाई नपा-१० बाघमारामा ०६१ चैत १८ गते माओवादीले जलाए।

कपिलाकोट गाविस-९ का २३ वर्षीय भोलाप्रसाद अधिकारीलाई कमलामाई नपा-६ का ठेकेदार दिवाकर प्रधानले ०६२ वैशाख १० देखि २९ सम्म जिल्ला अस्पतालको हाउस वाइरिङ्गको काम गर्न लगाए। तर, उनलाई ज्याला दिएनन्। पीडितले सामुदायिक सेवा केन्द्रमा साउन २५ गते उजुरी गरेपछि सातसय मात्र दिई बाँकी ज्याला नदिएको सो केन्द्रले जनायो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

कमलामाई नपा-५ साङ्घवालेका ५५ वर्षीय फटकबहादुर दाहाललाई माओवादीको आरोपमा ०६१ पुस २३ गते बजारमा आएको बेला सोही नपा-६ बाट प्रहरीले गिरफ्तार गरे। पीडितलाई पुस २९ गते साप्ताहिक तारेखमा रिहा गरियो।

कमलामाई नपा-६ रातमाटाका ४० वर्षीय राजन थापालाई ०६१ पुस २९ गते ब्यारेकमा बोलाएर त्यहीं राखियो। उनलाई हिरासतमा माओवादी गतिविधिको बारेमा सोधपुछ गरी आँखामा पट्टी बाँधेर कुटपिट गरिएको पीडितले बताए। पीडितलाई माघ ४ गते दुई दिनको तारेखमा रिहा गरियो।

भद्रकाली गाविस-३ चियाबारीका करिब ३९ वर्षीय भूपू जमदार गुणबहादुर थापालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ माघ ४ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई १० दिन हिरासतमा राखी ०६१ माघ १४ गते तारेखमा रिहा गरियो।

कमलामाई नपा-९ ढुंग्रेवासकी शिक्षिका ४७ वर्षीय सावित्री श्रेष्ठलाई माओवादीको आरोपमा ०६१ माघ १० गते राति सुतेको ठाउँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित केही दिनअघि शिक्षकको व्यक्तिगत फाइल बुझाउन सिन्धुली आएकी थिइन्। पटक-पटक जेल बस्दै आएकी श्रेष्ठ पछिल्लो पटक ०५९ चैत ३० गते रिहा भई अध्ययन विदा लिएर काठमाडौंमा बसेकी थिइन्। पीडितलाई माघ १६ गते हेलिकप्टरमा राखी काठमाडौं लगी केन्द्रीय कारागारमा राखिएकोमा ०६२ साउनमा काठमाडौंबाट रिहा गरियो।

महादेवडाँडा गाविस घर भई कमलामाई नपा-७ माझिटारमा बस्दै आएका एमाले जिल्ला कमिटी सदस्य खडगबहादुर सुनुवारलाई ०६१ माघ २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई माघ २४ गते रिहा गरियो।

कमलामाई नपा-४ मधुटारका एमाले जिल्ला कमिटी सदस्य प्रल्हाद पोखरेललाई ०६१ माघ २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। आफूलाई पाँच घण्टा आँखामा पट्टी लगाएको, तथा शाही घोषणाको विरोधमा बजारको भित्तामा लेखिएका नाराको बारेमा सोधपुछ गरी २२ घण्टा राखी तारेखमा रिहा गरिएको पीडितले बताए।

कमलामाई नपा-६ गैरीबजारका एमाले कार्यकर्ता विनोद खड्कालाई ०६१ माघ २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। सात दलद्वारा सञ्चालित आन्दोलनका बारेमा सोधपुछ गरी पीडितलाई ०६१ फागुन ३ गते दैनिक तारेखमा रिहा गरियो।

भद्रकाली गाविस-२ चियाबारीका करिब ५५ वर्षीय मानबहादुर जर्गा मगरलाई कर्फ्यू उल्लंघन गरेको आरोपमा ०६१ फागुन ४ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई आठ दिन हिरासतमा राखी तारेखमा रिहा गरियो।

महादेवडाँडा गाविस-५ का ३५ वर्षीय खगेन्द्र विश्वकर्मालाई ०६१ फागुन ८ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितलाई ०६१ चैत १४ गतेदेखि नजरबन्दमा राखिएकोमा ०६२ असोज ८ गते रिहा गरियो।

हत्पते गाविस-८ का १८ वर्षीय उद्धव पहाडीलाई ०६१ फागुन १० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६१ फागुन २१ गतेबाट नजरबन्दमा राखिएको छ।

कमलामाई नपा-४ मधुटारका ५५ वर्षीय रूपलाल शाहीलाई ०६१ फागुन १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दुई दिनपछि रिहा गरियो।

बेलघारी गाविस-२ का ५७ वर्षीय रामप्रसाद घिमिरेलाई माओवादीको आरोपमा ०६१ चैत २ गते सदरमुकाम आएको बेला कमलामाई नपा-६ दुई नम्बर बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी खानेपानी उपभोक्ता समितिका अध्यक्ष भएकोले गाविसको रकम निकासाका लागि सदरमुकाम आउँदा गिरफ्तार गरी हिरासतमा कुटपिट गरेको बताइयो। पीडितलाई चैत १० गते तारेखमा रिहा गरियो। सैनिक जनसम्पर्क निर्देशनालयको



माओवादीद्वारा अपहरण गरिएका देवका अधिकारी, दीर्घबहादुर वैद्य, कान्ता दाहाल

चैत १२ गतेको विज्ञप्तिमा पीडितले माओवादी त्यागी आत्मसमर्पण गरेको उल्लेख छ।

क्यानेश्वर गाविस-७ का छविलाल गोले र सोही गाविस-६ का मनराज मोक्तानलाई माओवादीको आशंकामा ०६१ चैत १८ गते सदरमुकाम पासपोर्ट बनाउन आउँदा कमलामाई नपा-६ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ०६२ वैशाख ७ गतेबाट नजरबन्दमा राखिएकोमा ०६२ कार्तिक ७ गते रिहा गरियो।

महोत्तरी खयरमारा गाविस-२ की १७ वर्षीया इन्दिरा गौतमलाई माओवादीको आशंकामा ०६१ चैत १८ गते भीमानबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ वैशाख ७ गतेबाट नजरबन्दमा राखिएको छ।

लाम्पानटार गाविस-१ का दानबहादुर थापामगर, सोही गाविस-६ का कुलबहादुर तामाङ, अर्जुनबहादुर तामाङ, रीतबहादुर तामाङ, टेकबहादुर तामाङ, तेजबहादुर लामिछाने र चक्रबहादुर लामिछानेलाई ०६२ कार्तिक ७ गते सदरमुकाममा नागरिकता र पासपोर्ट बनाउन आएको बेला प्रहरीले जिल्ला प्रशासन कार्यालय अगाडिबाट गिरफ्तार गरे। पीडितहरूमध्ये पाँच जनालाई सोही दिन तथा दानबहादुर थापामगर र कुलबहादुर तामाङलाई दुई दिनपछि तारेखमा रिहा गरियो।

बितीजोर गाविस-५ का ३५ वर्षीय वीरबहादुर भुजेल र रतनचुरा गाविस-९, हिर्दीडका २८ वर्षीय चन्द्रबहादुर भुजेललाई ०६२ कार्तिक १३ गते डुडभञ्ज्याङ गाविसमा कुवामा पानी खाँदै गर्दा रामेछापबाट गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरूलाई रामेछाप कारागारमा नजरबन्दमा राखिएको छ।

सिपापोखरे गाविस-८ सिन्धुपाल्चोकका माओवादी प्लाटून कमान्डर करिब २२ वर्षीय छत्रबहादुर तामाङलाई ०६२ मंसिर ६ गते काठमाडौंबाट रात बसमा सिन्धुली आउँदै गर्दा कमलामाई नपा-११ भीमानस्थित सुरक्षा चेकपोस्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई ०६२ मंसिर १४ गतेबाट नजरबन्दमा राखियो।



राज्यद्वारा मार्ने धम्की दिइएका पत्रकार द्वारिका काफ्ले र मानवअधिकारकर्मी कृष्णहरि घिमिरे

बालअधिकार

भद्रकाली गाविस-६ गोरदलका १५ वर्षीय प्रताप विश्वकर्मालाई ०६२ जेठ २५ गते सोही ठाउँकी ४२ वर्षीय फूलमाया थिङले आफ्नो घरभित्र पसी पैसा चोरेको आरोपमा कुटपिट गरिन्। पीडितलाई एक हजार नगद र तीनसय ५० पर्ने सुनको फूली चोरेको आरोपमा कुटपिट गरिएको थियो। प्रहरीले सोधपुछ गर्दा उक्त नगद र गहना पीडकका आफ्नै छोराले लुकाएको रहस्य खुलेको थियो। पीडकलाई कुनै कारवाही भएन।

जिनखु गाविस-३ की एक १५ वर्षीया बालिकालाई ०६२ कार्तिक १७ गते साँझ हर्षाही गाविस-९ भनाहीका २४ वर्षीय भीमबहादुर रानामगरले फकाएर बलात्कार गरे। पीडकलाई माओवादीले अपहरण गरी कार्तिक २७ गते स्थानीय समाजसमक्ष क्षमा माग्न लगाई गाउँमा प्रतीक्षालयको निर्माण गर्नुपर्ने सजाय सुनाए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

कमलामाई नपा-५ सातपत्रेकी २० वर्षीय मञ्जु पाँखरेललाई ०६२ कार्तिक २३ गते सोही ठाउँको ३९ वर्षीय वीरबहादुर सार्की, उनकी पत्नी ५० वर्षीय मिश्रा सार्की र २० वर्षीय जगतबहादुर योन्जनले बिक्री गर्ने उद्देश्यले फकाएर काठमाडौं लैजाँदै गर्दा बसपार्कबाट पक्राउ गरे। पीडकहरूमध्ये योन्जन फरार छन् भने सार्की दम्पतीलाई ०६२ मंसिर १५ गतेदेखि पुर्पक्षको लागि थुनामा राखियो।

बलात्कार बलात्कार प्रयास

धनुषा जिल्ला धारापानी गाविस-३ तीन नलेकी मानसिक सन्तुलन ठीक नभएकी एक युवतीलाई रानीचुरी गाविस-७ बुधनेका १५ वर्षीय विनोद पाखिन र रोल्पा जिल्ला हारजाङ्ग गाविस-४ घर भई स्थानीय धुरा बजारमा मजदुरी गरी बस्ने १८ वर्षीय राजेश पुन मगरले ०६२ भदौ २० गते कमलामाई नपा-६ को रवाङ्ग खोलाको बगरमा रहेको छाप्रोमा लगी बलात्कार गरे। पीडकहरूलाई ०६२ असोज १३ गतेदेखि पुर्पक्षको लागि थुनामा राखिएको छ।

पारिवारिक हिंसा

रानीचुरी गाविस-६ धमिलेका २५ वर्षीय सोमबहादुर रस्तेलले ०६१ फागुन १ गते सोही ठाउँकी २२ वर्षीय कुमारी वर्मा शाखासँग बहुविवाह गरे। पीडक फरार भएकोले कारवाही भएन। पीडितले कारवाहीको लागि जिल्ला प्रहरी कार्यालय सिन्धुलीमा उजुरी दिइन्।

कमलामाई नपा-९ केराबारीका २४ वर्षीय मीनबहादुर लोले ०६२ असार ७ गते रानीचुरी गाविस-१ का ज्ञानबहादुर मोक्तानकी छोरीसँग बहुविवाह गरे। पीडक फरार छन्।

रानीचुरी गाविस-७ बुधुनेखोलाकी २६ वर्षीय अमृतामाया विश्वकर्मालाई पति सूर्यबहादुर विश्वकर्मा, ससुरा टेकबहादुर विश्वकर्मा र सासुले ०६२ कार्तिक ३ गते कुटपिट गरी घरबाट निकाले। पीडकहरूले पीडितको गर्भमा रहेको बच्चा अर्काको भएको आरोप लगाउँदै "घरबाट निस्कर जा" भनी दुर्व्यवहार गरेको पीडितले बताइन्।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार (जातीय छुवाछूत समेत

खोलागाउँ गाविस-३ का ४५ वर्षीय गोपिप्रसाद काफ्ले र बाहुनतिल्पुङ गाविस-२ का ६५ वर्षीय जट्ठ भण्डारीलाई ०६१ चैत २८ गते गाउँका दलितले पकाएको खानेकुरा खान नमान्दा माओवादीले पशुलाई जस्तै बाँधेर घाँस हालिदिए।

जातीय छुवाछूत

कमलामाई नपा-७ माझीटारका ३८ वर्षीय अब्जनाथ सार्की, सोही नपा-६ पानीट्याकी लक्ष्मी नेपाली र सीता नेपालीलाई ०६२ जेठ ८ गते सोही नपा-९ ढुंग्रेबासका होटलवाला नीलकुमार श्रेष्ठले होटलभित्र खाना खाइरहेको अवस्थामा होटलबाट निकाली दिए। श्रेष्ठले होटल बाहिर निकालेपछि पीडितले बाँकी खाना होटल बाहिरै खाए। पीडकलाई कारवाहीको लागि दलित सेवा संघले जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेको जनायो।

सितलपाटी गाविस-५ बक्सेडाँडाका २३ वर्षीय राजु दमाईले ०६२ असार १ गते पुरानो झाँगाझोली गाविस-६ खहरेगाउँकी १५ वर्षीया लक्ष्मी दाहालसँग अन्तरजातीय विवाह गरेका कारण गाउँबाट विस्थापित भए। केटी पक्षका अभिभावकको दबाबका कारण अन्तरजातीय दम्पतीले गाउँ छाडेको बताइयो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

कमलामाई नपा-९ ढुंग्रेबास निवासी सिन्धुली उद्योग वाणिज्य संघका अध्यक्ष नारायणकुमार श्रेष्ठलाई ०६१ चैत १८ गते माओवादीले हत्या गरेकोमा हयुरेन्सका उपाध्यक्ष द्वारिका काफ्ले र इन्सेक जिल्ला प्रतिनिधि आनन्द दाहालले संयुक्त प्रेस विज्ञप्ति प्रकाशित गरी विरोध जनाए। विज्ञप्तिमा श्रेष्ठको हत्या निन्दनीय भएको जनाउँदै युद्धरत पक्षलाई जेनेभा महासन्धिको पालना गर्न आग्रह गरियो।

माओवादीनिकट विद्यार्थी संगठन अखिल क्रान्तिकारीले जिल्लामा सञ्चालित निजी तथा आवासीय विद्यालयहरू बन्द गर्न र बन्द नगरेमा भौतिक कारवाही गरिने धम्की दिएको विरोधमा संस्थागत विद्यालय संगठन सिन्धुली र हयुरेन्सका सचिव प्रबोध सिन्धुलीयले क्रमश: ०६२ साउन १५ र १६ गते छुट्टाछुट्टै विज्ञप्ति प्रकाशित गरे। विज्ञप्तिमा बालबालिकाको नैसर्गिक अधिकारमाथि प्रहार नगरी वार्ता र सम्वादबाट समस्याको समाधान गर्न अखिल (क्रान्तिकारी) सँग अपिल गरिएको थियो।

माओवादीका जिल्ला जनसरकार प्रमुख धनबहादुर मगरले साउनको दोस्रो साता जिल्लाका सम्पूर्ण गाविसमा कार्यरत सचिवहरूलाई एक महिनाभित्र राजिनामा दिन अल्टिमेटम दिएको विरोधमा ०६२ भदौ ८ गते सम्पूर्ण गाविस सचिवहरूले एक संयुक्त विज्ञप्ति प्रकाशित गरे। विज्ञप्तिमा आफूहरूले पेशाबाटै विमुख हुनु पर्ने गरी कुनै कार्य नगरेकोले राजीनामाको आह्वानमा पुनर्बिचार गर्न माओवादीसँग आग्रह गरिएको थियो।

पत्रकार महासंघ, सिन्धुलीले चरणबद्धरूपमा विरोधका कार्यक्रमहरू सञ्चालन गर्‍यो। महासंघले ०६२ कार्तिक ४ गते सञ्चार अध्यादेशको पुतला जलाएको थियो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष जिल्लामा चार महिला र चार पुरूष गरी आठजनाले झुण्डिएर तथा दुई महिला र एक पुरूष गरी तीनजनाले विष सेवन गरी आत्महत्या गरे। भीरबाट हामफालेर एक महिलाको मृत्यु भयो। भवितव्यका छओटा घटनामा चार महिला र दुई पुरूषको मृत्यु भयो। आगलागीका कारण दुई घर नष्ट भए भने एक बालिकाको मृत्यु भयो। चोरीका दुईओटा घटना भए । व्यक्तिगत कुटपिटबाट तीनजनाको अङ्गभङ्ग भयो।

विगतको अनुगमन

माओवादीको आरोपमा ०६१ असोज १७ गते गिरफ्तार गरी कार्तिक २ गतेदेखि जेलमा राखिएकी कमलामाई नपा-६ की अमृता देवकोटा र ०६१ असोज २० गते गिरफ्तार गरी कार्तिक २ गतेदेखि जेलमा राखिएकी कल्पवृक्ष गाविस-१ की लाङग्रीमाया तामाङलाई ०६१ चैत ३१ गते रिहा गरियो।

भीमेश्वर गाविस-२ खुर्कोटका भोजबहादुर देवकोटालाई माओवादीको आरोपमा ०६१ असार १७ गते गिरफ्तार गरी रामेछाप जेलमा राखिएकोमा यस वर्ष रिहा गरियो।

२५ रामेछाप

जनसंख्या	: २२२९,३५
साक्षरता प्रतिशत	: ४६
महिला साक्षरता प्रतिशत	: २९.७१
क्षेत्रफल (वर्ग कि. मि.)	: १५४६
गाविस नपा संख्या	: ५५/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ४११
क्याम्पस उच्च मा.वि.	: २/७
अस्पताल स्वास्थ्य चौकी	: ३/५३
टेलिफोन लाइन	: १८९
मोटर सडक (कि. मि.)	: २००
प्रहरी कार्यालय संख्या	: ३
इलाका संख्या	: ५५
मानव विकास सूचकांक	: ०.४३४
प्रति परिवार सदस्य संख्या	: ५.५२

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

फलामी गाविस-६ का ६२ वर्षीय धावा लामालाई ०६१ फागुन १५ गते गाई चराइरहेको बेला किर्नेटार ब्यारेकबाट गस्तीमा गएका सुरक्षाफौजले गोली हानी हत्या गरे। सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले सो ठाउँमा बम विस्फोट गराएपछि सेनाले चलाएको गोली लागी लामा मारिएका थिए।

दुरागाउँ गाविस-७ का २८ वर्षीय माधव भुजेललाई ०६१ चैत १६ गते सैपु गाविस-१ पोकमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

रामेछापस्थित नारायण दल गणको गस्ती टोलीले ०६२ साउन १३ गते ओखेनी गाविसको च्याल्कु भञ्ज्याङमा गरेको कारबाहीमा एक माओवादी कार्यकर्ता मारिएको ०६२ साउन १८ गते सुरक्षासूत्रले सार्वजनिक गरेको थियो। माओवादीले घटनामा आफ्ना कुनै पनि कार्यकर्ता नमारिएको जनाए।

माओवादीबाट

दोरम्बा गाविस-४ का ३५ वर्षीय विक्रम योन्जनलाई सुराकीको आरोप लगाउँदै ०६१ माघ १६ गते साँझ माओवादीले घरैमा गई गोली हानी हत्या गरे। योन्जन खाद्यान्नका व्यापारी थिए।

दुरागाउँ गाविस १ घर भएका माओवादी कार्यकर्ता नवराज थापा ०६१ माघ २९ गते दोरम्बा गाविसस्थित माओवादीको क्याम्पमै मारिए। उनी किन मारिए भन्नेबारे माओवादीले केही सार्वजनिक गरेनन्।

रकाथुम गाविस-२ की २५ वर्षीय पुण्य लामालाई ०६२ असार ३ गते माओवादीले खोरनीघाटमा लगेर हत्या गरे। उनलाई हत्या गरेको कुरा माओवादीले स्वीकारेका छैनन्।

नागदह गाविस-९ का ३२ वर्षीय इमानसिङ तामाङलाई ०६२ साउन ३० गते माओवादीले सालु गाविस-८ बाट अपहरण गरी ३१ गते कठजोर गाविस-४ पाल्लेमा पुऱ्याई ढुङ्गाले किचेर हत्या गरे। उनको लासलाई त्यही नजिक खोल्सामा गाडेर छोडेकोमा पछि गाउलेले निकालेर लगे।

दोरम्बाबाट किर्नेतार्फ गएको सुरक्षाफौजको टोलीलाई ०६२ भदौ २० गते डडुवा गाविस-३ मा माओवादीले विद्युतीय धरापमा पार्दा प्रहरी जवान रामलखन चौधरीको मृत्यु भयो।

गुम्देल गाविस-३ का कक्षा दुईमा अध्ययनरत ११ वर्षीय जाङ्बु शेर्पाको ०६२ मंसिर २६ गते माओवादीले छाडेको बम विस्फोट हुँदा आफ्नै घरको आँगनमा मृत्यु भयो।

दोहोरो भिडन्त

दोरम्बा गाविसस्थित सैनिक क्याम्पमा ०६१ माघ २९ गते सुरक्षाफौज र माओवादीबीच भएको दोहोरो भिडन्तमा एक माओवादी कार्यकर्ता मारिए। उनको नाम खुलेन।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते
राज्यबाट

मन्थली गाविस-७ की २ वर्षीय चन्द्रमाया कार्की ०६२ असोज ७ गते मन्थली गाविस-६ स्थित सुरक्षाकर्मीको सुरक्षा घेरा नजिकै घास काट्न लाग्दा भएको विस्फोटनमा परी घाइते भइन्। गोडा भाँचिएकी पीडितलाई उपचारको

लागि सैनिक हेलिकप्टरबाट काठमाडौं लगियो। उनी उपचारपछि घर फर्किएकी छिन्।

माओवादीबाट

दोलखाको किर्नेटार ब्यारेकबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीलाई ०६१ फागुन १५ गते माओवादीले फुलासी गाविस-१ मा विद्युतीय धरापमा पार्दा केही सैनिकहरू घाइते भए। पीडितहरूलाई उपचारका लागि तत्काल काठमाडौं लगियो।

सदरमुकाम मन्थलीस्थित विमानस्थलमा ०६२ साउन १२ गते माओवादीले ग्रिनेट फ्याकेर आक्रमण गर्दा ड्युटीमा बसेका पाले सामान्य घाइते भए। विस्फोटबाट कार्यालयको झ्यालका फुटे।

बेथान गाविस-६ भलवाडीका १० वर्षीय कान्छा तामाङ ०६२ कार्तिक ३ गते माओवादीले राखेको बम विस्फोटनमा परी घाइते भए। पीडितको कान्ति बाल अस्पताल, काठमाडौंमा उपचार गरियो।

जेल र बन्दीहरू

जिल्लाको पुरानो सदरमुकाम रामेछाप बजारमा रहेका जेलमा ११ जना बन्दीहरू रहेका छन्। जसमा चारजना महिला र सातजना पुरुषहरू रहेका छन्। जेलमा रहेका बन्दीहरूमध्ये थुनुवाको रुपमा दुई पुरुष र एकजना महिला तथा कैद तोकिएका पाचजना पुरुष र तीनजना महिलाहरू रहेका छन्। पुरानो र कच्ची गारोबाट बनाइएको जेलको भवनमा बाहिरबाट सिमेन्ट दलिएको छ। जेल दिनदिनै जीर्ण बन्दै गएको छ। कम्पाउण्डवालसमेत पटक-पटक भत्कने गरेकोले जेलको पुनर्निर्माण गर्नु जरुरी छ।

बेपत्ता / अपहरण

माओवादीबाट

सर्लाही जिल्ला घर भई रामेछापको खिम्ती धोवी रुटमा ट्याक्टर चलाउने २६ वर्षीय विजयकुमार सिंहले खलासीलाई ट्याक्टरले कुल्चिएर मारेको भनी ०६१ पुस २६ गते तिल्पुङ गाविसबाट उनलाई माओवादीले अपहरण गरी ३५ दिनपछि मुक्त गरे।

पकरबास गाविस-७ का ५५ वर्षीय ठाकुरदास श्रेष्ठले रक्सी बेचेको आरोपमा ०६१ माघ ३ गते माओवादीले उनलाई घरैबाट अपहरण गरी साँझ मुक्त गरे।

गागल गाविस-९ का तारा भण्डारी, रमिता भण्डारी, अमृता भण्डारी तथा प्रमोद भण्डारीलाई ०६१ माघ २ गते माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे। उनीहरूलाई माओवादीले आफ्नो संगठनमा लगाउन खोजेको बताइयो।

बेथान गाविस-१ को मावि डहुका प्रधानाध्यापक ३६ वर्षीय दलबहादुर दोङ तथा सो विद्यालयका विद्यार्थीहरूलाई ०६१ माघ ४ गते माओवादीले गुन्सी गाविसको एउटा शैक्षिक कार्यक्रममा सहभागी भइरहेको बेला अपहरण गरी माघ ७ गते मुक्त गरे।

सैपु दुरागाउँ गाविसका सबै विद्यालयका शिक्षक तथा विद्यार्थीहरूलाई ०६१ माघ ४ गते माओवादीले अपहरण गरी उनीहरूको कार्यक्रममा सहभागी गराएर बेलुका मुक्त गरे।

सेतीदेवी मावि सालुका प्रधानाध्यापक हरिबहादुर मोक्तानलगायत् सातजना शिक्षक कर्मचारी र ५० जना छात्रछात्रालाई ०६१ माघ ६ गते माओवादीले विद्यालयबाटै अपहरण गरी ओखलढुङ्गा पुऱ्याएर भोलिपल्ट मुक्त गरे। सोही दिन जनकल्याण सेवा समितिका अध्यक्ष जगतबहादुर तामाङ,

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	६	३	३	६	६	६			६	४	४		४
घाइते					३	६			६	१		१	१
गिरफ्तारी, यातना										८	१४	१	१५
कुटपिट	३	२	१	३	१५	२०	४		२४	४	४		४
धम्की					५	३८		२	४०				
भेला संगठित हुने अधिकार										२	५		५
महिलाअधिकार	२		२	२									
बालअधिकार	१		१	१	२			२०८	२०८				
आर्थिक सामाजिक सांस्कृतिक अधिकार					९	९	१		१०				
अपहरण					३४	४४	३३	८५०	९२७				
जम्मा	१२	५	७	१२	७४	१२३	३८	१०६०	१२२१	१९	२७	२	२९

सो संस्थाका दुईजना कर्मचारीहरू तथा यजमान गरी घर फर्किएका सालु-१ का रामप्रसाद काफ्लेलाईसमेत उनीहरूले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

देउराली गाविस-९ का १४ वर्षीय विनय केसीलाई ०६१ फागुन १२ गते माओवादीले घरैवाट अपहरण गरी दुई दिनपछि मुक्त गरे। उनी सेनाद्वारा हत्या गरिएका पत्रकार राजकुमार केसीका छोरा हुन्।

खिम्ती गाविस-५ का सैनिक परिवारका २० जना महिलाहरूलाई ०६१ फागुन ३० गते माओवादीले घर घरवाट अपहरण गरे। पीडितहरूलाई दुई दिनपछि मुक्त गरे। पीडितहरूलाई सेनाको जागिर छाड्न दवाव दिन अपहरण गरेका थिए।

सालु गाविस-१ का १८ वर्षीय रामवावु काफ्लेलाई ०६२ वैशाख ४ गते माओवादीले घरैवाट अपहरण गरी माओवादी कार्यकर्ता बनाएकोमा ०६२ जेठ १७ गते उनले सुरक्षाकर्मीसमक्ष आत्मसमर्पण गरे। पीडितलाई स्थानीय प्रशासनले तीन महिना नजरवन्दमा राखी ०६२ मंसिर १९ गते वकिल, पत्रकार र इन्सेक जिल्ला प्रतिनिधिको रोहवरमा रिहा गरे।

पकरवास गाविस-६ का ४० वर्षीय वलवहादुर विश्वकर्मालाई ०६२ वैशाख २६ गते माओवादीले घरैवाट अपहरण गरी भोलिपल्ट मुक्त गरे।

फुलासी गाविस-५ का १६ वर्षीय अविज्वल काफ्लेलाई ०६२ वैशाख १६ गते माओवादीले गाउँवाट अपहरण गरे भने सोही दिन फुलासी गविस-४ का १६ वर्षीय टीकावहादुर घिसिङ, २२ वर्षीय च्याङवा लामा, १६ वर्षीय प्रकाश चौहान, १८ वर्षीय नवराज चौहान र २२ वर्षीय जुना चौहानलाई पनि अपहरण गरी केही दिनपछि मुक्त गरे।

पिङ्सुरी गाविस घर भई प्रयागेश्वर मावि पकरवासका शिक्षक ३५ वर्षीय टलकवहादुर भण्डारीलाई ०६२ जेठ १ गते माओवादीले विद्यालयवाट अपहरण गरी जेठ ५ गते मुक्त गरे।

टोकरपुर गाविस-४ घर भएका एमाले कार्यकर्ता ५० वर्षीय जीतबहादुर थापामगरलाई ०६२ जेठ ३ गते माओवादीले गाउँवाट अपहरण गरी जेठ ५ गते गुन्सी गाविसको धारापानीवाट मुक्त गरे।

खिम्ती गाविस-१ का एमाले जिल्ला कमिटी सदस्य ४४ वर्षीय भोजराज कडरिया, तामाकोशी जनजागृती उच्च मावि खिम्तीका प्रधानाध्यापक ४६ वर्षीय पवनराज पौडेल र खिम्ती गाविस-१ का भरत दाहाललाई ०६२ साउन २ गते माओवादीले घरैवाट अपहरण गरी भोलिपल्ट विजुलीकोट गाविसको रातमाटामा पुऱ्याएर मुक्त गरे।

गागल गाविस-४ की २० वर्षीय शर्मिला घिसिङलाई ०६२ भदौ ६ गते माओवादीले अपहरण गरे। पीडित तीन हप्तापछि भागेर आइन्। पीडितलाई आफन्तहरूले राखेका छन्।

प्रेस स्वतन्त्रताको माग गर्दै विरोध प्रदर्शनमा पत्रकारहरू

रामपुर गाविसका सचिव ४५ वर्षीय गहेन्द्र दर्लामीलाई ०६२ भदौ ८ गते माओवादीले ओखेनी गाविस-६ स्थित आफ्नै घरवाट अपरहण गरी ०६३ को असार मसान्तवाट गाविस सचिवको जागिर छाड्ने कागज गराई तीन दिनपछि मुक्त गरे।

विजुलीकोट गाविसका पूर्व गाविस अध्यक्ष कमलवहदुर खड्कालाई ०६२ भदौ १३ गते माओवादीले 'केही कुरा गर्नु छ' भनी घरैवाट अपहरण गरी बेलुका मुक्त गरे। उनलाई माओवादीले आफ्नो पार्टी विरुद्ध मानिसहरू उचालेको आरोप लगाएका थिए।

माकादुम गाविस-६ का १८ वर्षीय राजेन्द्रवहादुर कार्कीलाई सेनामा जागिर खानको लागि आवेदन दिएको आरोपमा मन्थलीवाट घर फर्कदै गर्दा ०६२ भदौ २६ गते माओवादीले भटौली गाविसको साठीमुरेवाट अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

तिल्पुङ गाविसका सबै विद्यालयका शिक्षकहरूलाई विद्यालयमा पठनपाठन गराइरहेको वेला ०६२ भदौ २८ गते माओवादीले विद्यालयहरूमा गई अपहरण गरी मावि कटहरेमा भेला गराए। उनीहरूलाई माओवादीको शिक्षक संगठनको पदमा राखी साँझ मुक्त गरे।

खिम्ती गाविसका सबै विद्यालयका शिक्षकहरूलाई पढाइरहेको वेला ०६२ असोज ३ गते माओवादीले अपहरण गरी सोही गाविसको एक ठाउँका भेला गराई रातभरि भाषण सुनाएर भोलिपल्ट विहान मुक्त गरे।

कठजोर गाविस-६ घर भई खिम्तीमा अध्यापन गर्ने शिक्षक संगठनका सदस्य नवराज अधिकारीलाई ०६२ असोज १४ गते माओवादीले हात बाँधेर गाउँ घुमाई असोज १८ गते मुक्त गरे। उनलाई माओवादीले आफ्नो संगठनले भनेको नमानेको आरोप लगाए।

विजुलीकोट गाविस-१ का १५ वर्षीय रामकाजी

खड्कालाई ०६२ असोज ३१ गते माओवादीले घरैबाट अपहरण गरे। १० कक्षामा अध्ययनरत खड्का कार्तिक ११ गते सालु गाविस-८ बाट भागेर सदरमुकाम मन्थलीमा बस्दै आएका छन्।

तिल्पुङ गाविस-५ का कक्षा १० मा अध्ययनरत १५ वर्षीय सरोज आलेलाई ०६२ कार्तिक १ गते माओवादीले घरैबाट अपहरण गरी कार्तिक ६ गते देउराली गाविसबाट मुक्त गरे।

कठजोर गाविस-४ का २८ वर्षीय नारायण बुढाथोकी र उनकी कान्छी पत्नीलाई ०६२ कार्तिक ५ गते माओवादीले बुढाथोकीकी जेठी पत्नी मेनुका बुढाथोकीको हत्या गरेको आरोपमा घरैबाट अपहरण गरे। अपहरणमा परेकामध्ये पत्नीलाई कार्तिक १० गते तारेखमा मुक्त गरे भने नारायणलाई अहिलेसम्म मुक्त गरेका छैनन्। सोही घटनाको बारेमा बुझ्न माओवादीले अपहरण गरेका साहिँलो चौहान र उनका भाइ भने कार्तिक १० गते मुक्त भए।

गेलू गाविस घर भई उपस्वास्थ्य चौकी लखनपुरमा ग्रामीण स्वास्थ्य कार्यकर्ता पदमा कार्यरत् ३२ वर्षीय अशोक मगर र लखनपुर गाविस-३ की २५ वर्षीय सुनीता तिवारीले अवैध यौन सम्पर्क राखेको भनी ०६२ कार्तिक १२ गते माओवादीले क्रमश: एक वर्ष र आठ महिनाको कारावासको सजाय सुनाई अपहरण गरे। उनीहरू माओवादीकै नियन्त्रणमा छन्।

जनहित संरक्षण मञ्च, सैपूका अध्यक्ष गणेश पौडेल, सोही संस्थाका सदस्यहरू अमर थापा, ध्रुव पौडेल र विष्णु पौडेललाई ०६२ कार्तिक १२ गते माओवादीको सत्तामा संस्था दर्ता नगराई काम गरेको भनी अपहरण गरे। पीडितलाई दुई दिनपछि कुटपिट गरी मुक्त गरे।

गुन्सी गाविस-८ का ३७ वर्षीय अशोक विक र उनका एकजना साथीलाई ०६२ कार्तिक १३ गते अशोककी पत्नीको हत्या गरेको अभियोगमा माओवादीले क्रमश: १० वर्ष र दुई वर्षको कारवासको सजाय सुनाई अपरहण गरे। उनीहरू माओवादी नियन्त्रणमा छन्।

गागल गाविस-८ का शिक्षक जंगबहादुर तामाङ, भीमबहादुर तामाङ र रामलाल तामाङलाई ०६२ कार्तिक १९ गते माओवादीले अपहरण गरी कार्तिक २१ गते मुक्त गरे।

शिक्षक युनियन रामेछापकी उपाध्यक्ष खिम्ती गाविस-१ की ३८ वर्षीय प्रमिला सापकोटालाई ०६२ मंसिर २ गते देउराली डाँडा प्रावि ज्यामिरेमा पढाइरहेको बेला माओवादीले अपहरण गरी युनियनबाट राजिनामा नदिएसम्म विद्यालय नआउने सर्तमा भोलिपल्ट धोबीबाट मुक्त गरे।

हिमगंगा गाविस-४ की १७ वर्षीय तारा श्रेष्ठ, सोही गाविस-५ की १७ वर्षीय सविता क्षेत्री र २० वर्षीय उर्मिला घिमिरेलाई सेनासँग विवाहको कुरा चलाएको आरोप लगाउदै ०६२ पुस १ गते माओवादी कार्यकर्ताले अपहरण गरी पुस ९ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सुनारपानी गाविसका सचिव ५० वर्षीय पहलमान कार्कीलाई ०६१ फागुन १ गते यूनिफाइड कमाण्डका दुईजना जवानले मन्थली-४ स्थित सागर होटलमा विनाकारण कुटपिट गरे। पीडकउपर कुनै कारवाही भएन।

रामपुर गाविस-६ का ४५ वर्षीय शिक्षक यमलाल श्रेष्ठलाई ०६२ असोज १२ गते रामेछापबाट गस्तीमा गएको सुरक्षाकर्मीले माओवादीलाई खाना खुवाएको आरोपमा कुटपिट गरे।

मन्थली-देउराली सडकमा चल्ने अरनिको यातायातका मजदुरहरूलाई यात्री चढाउने विषयमा विवाद भएपछि ०६२ मंसिर २५ गते मन्थलीस्थित सैनिक क्याम्पका सुरक्षाकर्मीहरूले कुटपिट गरे।

माओवादीबाट

चुचुरे गाविस-४ का २५ वर्षीय राजु कार्कीलाई ०६१ माघ १३ गते माओवादीले नियन्त्रणमा लिई कुटपिट गरे। पशु स्वास्थ्य कार्यकर्ता राजु माओवादी धम्कीका कारण गाउँ छाडी काठमाडौं गए।

मन्थलीबाट काठमाडौं गएका अरनिको यातायातका दुईओटा बसका मजदुरहरूलाई ०६१ माघ २० गते माओवादीले तिल्पुङ गाविसको तिल्पुङ खोलामा रोकी कुटपिट गरे। माओवादीले गाडीको साँचोसमेत खोसी भोलिपल्ट साँचो फिर्ता दिएपछि माघ २३ गतेबाट यातायातका साधन सञ्चालनमा आए।

देउराली गाविस-१ की ४५ वर्षीय चिनू बस्नेतलाई ०६२ साउन ३ गते माओवादीले सौता सौताबीचको झगडाको विषयलाई लिएर थला पर्ने गरी कुटपिट गरे।



बोक्सीको आरोपमा कुटपिट गरी खुट्टा भाँचिएकी भलुवाजोर गाविस-२ की गोरीमाया माझी

खिम्ती गाविस-५ का ६२ वर्षीय कीर्तिबहादुर घरुवालको घरमा रहेका परिवारका सबै सदस्यहरूलाई ०६२ साउन ११ गते माओवादीले कुटपिट गरी पीडितको घरमा ताला लगाए। माओवादीले पीडितको घरका सामानहरू लुटेर गाउँलेलाई बाँड्न लाग्दा गाउँलेले लिन अस्वीकार गरेपछि छाडेर हिँडे। घरमा लगाएको ताला दुई दिनपछि माओवादीले नै खोली दिए।

तिल्पुङ गाविस-७ का ३६ वर्षीय पासाङ तामाङ र २५ वर्षीय कान्छा तामाङलाई ०६२ साउन १४ गते माओवादीले बिनाकारण कुटपिट गरे। पीडित गम्भीर घाइते भए। उनीहरूलाई उपचार गर्न अस्पताल जान दिइएन।

तिल्पुङ गाविस-७ की ४२ वर्षीय डोल्मा तामाङलाई ०६२ साउन १४ गते माओवादीले छोरो आर्मीमा जागिरे भएको भनी कुटपिट गरेर घरबाट निकाले। माओवादीले पीडितको घरमा रहेका सम्पूर्ण सामान तथा वस्तु भाउसमेत लुटेर लगे। सोही दिन उनका ससुरा ८४ वर्षीय जीतमान तामाङको घर पनि माओवादीले लुटे। उनीहरूले तामाङकी ८४ वर्षीय पत्नी पदममाया तामाङलाईसमेत मारी दिने धम्की दिए।

टोकरपुर गाविस-२ का ३० वर्षीय राजुराम पाठकलाई ०६२ साउन २८ गते काठमाडौंबाट घर फर्कँदै गर्दा गौश्वारा गाविसको कुकुवावनमा माओवादीले बिना कारण कुटपिट गरी बेहोस बनाएर छाडिदिए। पीडितलाई गाउँलेले बोकेर घर पुऱ्याइएका थिए। उनको टोकरपुर गाविसमा उपचार भयो।

हिमगंगा गाविस-१ की इन्द्रमाया थापालाई ०६२ असोज १८ गते माओवादीले घरमा नै गई कोदो कुट्ने मुग्राले हिर्काएर घाइते पारे। पीडितलाई रामेछाप अस्पतालमा तीन दिन राखी उपचार गराइयो।

गुप्तेश्वर गाविस-३ का ३० वर्षीय राजेन्द्र थापालाई ०६२ कार्तिक २ गते माओवादीले कुटपिट गरे। पीडितलाई यसअघि माओवादीको गाजसमा राखिएको थियो।

कठजोर गाविस-९ का ४२ वर्षीय कृष्णबहादुर विकलाई गैससले बनाएको समूहमा बसेको आरोपमा ०६२ कार्तिक ४ गते माओवादीले घरभन्दा केही टाढा लगी कुटपिट गरे। उनी चारघरे सेवा समितिले बनाएको बाख्रा पालन कृषक समूहको अध्यक्ष हुन्।

बिजुलीकोट गाविस-१ की ९६ वर्षीय चन्द्रमाया खड्कालाई ०६२ कार्तिक २७ गते माओवादीले घरको माथिल्लो तलाबाट तल खसाली भुल्याउँदै घरबाट बाहिर निकालेर उनको घरमा ताला लगाई दिए। उनी अढाई महिनासम्म घरको दलानमा बस्न बाध्य भइन्।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

अनेरास्ववियु रामेछापका सचिव २० वर्षीय मनोज कार्कीलाई ०६२ असोज ३ गते मन्थली बजारमा अनेरास्ववियुले निकालेको जुलुसमा सहभागी भइरहेको बेला प्रहरीले हस्तक्षेप गऱ्यो।

नेपाल किसान संघका केन्द्रीय सदस्य लवश्री न्यौपानेलाई ०६२ असोज ११ गते सदरमुकाम मन्थली बजारमा सात दलले निकालेको विरोध जुलुसमा प्रहरीले हातपात गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत रामेछापमा यस वर्षको अन्तसम्म कूल २७ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहे। अदालतमा यस वर्ष २८ ओटा फौजदारी र ३१ ओटा देवानी मुद्दा दर्ता भए। यस वर्ष जिम्मेवारी सरेर आएका ३६ ओटा देवानी र २५ ओटा फौजदारी मुद्दाहरू रहेका छन्। यस वर्ष ४० ओटा फौजदारी र ५३ ओटा देवानी मुद्दाहरू फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

जिल्लाका बिभिन्न गाविसका ३४ जना गाविस सचिवहरूले ०६१ माघ १० गते माओवादीको धम्कीको कारण देखाई स्थानीय विकास अधिकारीसमक्ष राजिनामा दिए। माघ १९ गतेको शाही घोषणापछि सबै गाविस सचिव पुनः काममा फर्किए। ०६२ भदौ १० गते पनि माओवादीले गाविस सचिवहरूलाई जागिर छाड्नको लागि विज्ञप्ति जारी गरेका थिए।

रामेछाप जिल्लामा कार्यरत सम्पूर्ण राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको नाममा ०६१ माघ १५ गते माओवादीको रामेछाप-काभ्रे जनसरकार प्रमुख धावा लामाले एक विज्ञप्ति प्रकाशित गरी आफ्नो अनुमतिबेगर कुनै पनि काम नगर्न चेतावनी दिए।

तिलपुङ गाविस-१ की २५ वर्षीय संगीता बुढाथोकीलाई ०६१ फागुन १४ गते माओवादीले घरबाट निकाली उनको घरका सबै सामान लुटेर लगे। माओवादीकै कारण उनका परिवारका अन्य सदस्यहरू विस्थापित भए। त्यस्तै सोही गाविस-३ की ४५ वर्षीय सीता मगरलाई पनि ०६१ फागुन १४ गते माओबदीहरूले घरबाट निकाली घरका सामान लुटेर लगे।

कठजोर गाविस-३ का गाविस सचिव तारिणशंकर अधिकारीको घर ०६१ फागुन १७ गते माओवादीले लुटे। घरका सामान र वस्तुभाउसमेत लगी घरमा ताला लगाई दिए। सोही दिन शिक्षक रामचन्द्र अधिकारीको घरमा समेत उनीहरूले ताला लगाए। अधिकारीको घरको सामान केही

महिनापछि लुटेर लगे। ती सामानहरू माओवादीद्वारा घोषित युद्धविरामको समयमा लगिएको थियो।

बिजुलीकोट गाविस-१ का ४० वर्षीय केदार निर्मल्पिनाको घर तथा पसल ०६१ फागुन १९ गते माओवादीले लुटेर सबै सामानहरू लगे। ०६१ फागुन २१ गते तिल्पुङ गाविस-४ का ६० वर्षीय काजी पाण्डेको घर पनि माओवादीले लुटेर घरमा ताला लगाई दिए। यसैगरी देउराली गाविस-८ का भूपू जमदार टहलबहादुर कार्कीको घर पनि ०६१ चैत ३ गते माओवादीले लुटेर घरमा ताला बन्दी गरे।

काठमाडौंबाट मन्थली आएका अर्गनिको यातायातको ना. २ ख २०४२ नं. र ना. २ ख १९७२ नम्बरको बस तथा मन्थलीबाट काठमाडौं जान लागेको बा १ ख ६७७ नम्बरको बसलाई ०६२ साउन १३ गते माओवादीले तिल्पुङ गाविस-९ मा रोकी आगो लगाएर जलाई दिए।

सैपु गाविसका पूर्व गाविस उपाध्यक्ष ४० वर्षीय वेदबहादुर पौडेलको सैपु गाविस-७ स्थित घर जग्गा ०६२ साउन १४ गते माओवादीले कब्जामा लिई घरमा ताला लगाइ दिए।

तिल्पुङ गाविस-७ का ८४ वर्षीय जीतमान तामाङको घर ०६२ साउन १४ गते माओवादीले लुटी उनका घरका सबै सामान र बस्तुभाउसमेत लगे। पीडितका सामान माओवादीले फिर्ता गरेका छैनन्।

दुरागाउँ गाविस-८ का नारायणप्रसाद पौडेल र सोमप्रसाद पौडेलको घरमा ०६२ साउन २४ गते माओवादीले छोराहरू सेनामा जागिर खाएको भनी ताला लगाइदिए। सोही आरोपमा दुरागाउँ गाविस-५ का ५६ वर्षीय फत्तबहादुर सुनुवारको घरमा ०६२ भदौ १३ गते र दुरागाउँ-७ का सेते दमाईको घरमा भदौ १४ गते उनीहरूले ताला लगाइ दिए। उनीहरूको घरको ताला ०६२ मंसिर ८ गते माओवादी आफै आई खोले।

ओखेनी गाविस-२ का ७२ वर्षीय कर्मराज तामाङको घरमा रहेको सामान तथा बस्तुभाउसमेत ०६२ भदौ ३० गते माओवादीले लुटेर लगे। यस्तै तिल्पुङ गाविस-७ का ८४ वर्षीय जीतमान तामाङको घर पनि ०६२ साउन १४ गते माओवादीले लुटी सबै सामान लगे। माओवादीले पीडितका सामानहरू फिर्ता गरेका छैनन्।

बिजुलीकोट गाविस-१ का ६६ वर्षीय वीरबहादुर खड्का, ५२ वर्षीय उत्तबहादुर खड्का र ५५ वर्षीय दुर्गाबहादुर खड्काका छोराहरू सेनामा जागिरे भएको भनी ०६२ कार्तिक २७ गते माओवादीले घरका सबै सामान लुटेर उनीहरूको घरमा माओवादीले तालाबन्दी गरे।

कठजोर गाविस-६ की ३५ वर्षीय सरीता अधिकारी आफ्नो खेतमा धान काट्न जाँदा ०६२ मंसिर ७ गते माओवादीले रोक लगाई उनको खेतको धान आफैंले लुटे।

सैपु गाविस-४ का ५५ वर्षीय लालप्रसाद पौडेलको छोरा सेनामा जागिरे भएको आरोपमा ०६२ मंसिर १३ गते माओवादीले उनको जग्गा कब्जा गर्ने घोषणा गरे।

हिमगंगा गाविस-३ का ४६ वर्षीय यमबहादुर जोगीको छोरा प्रहरीमा जागिरे भएको आरोपमा ०६२ मंसिर १३ गते माओवादीले उनको घरमा रहेको सबै सामान लुटी ताला लगाई दिए। पीडित छोरीको घरमा बसेका छन्।

तिल्पुङ गाविस-३ का ५२ वर्षीय तेजबहादुर बुढाथोकीको घरमा ०६२ मंसिर २२ गते, कठजोर गाविस-५ का ५२ वर्षीय तिलकबहादुर थापाको घरमा ०६२ मंसिर २४ गते, कठजोर गाविस-६ का सैनिक एकनारायण श्रेष्ठको घरमा मंसिर २७ गते, सालु गाविस-६ का ४५ वर्षीय श्याम खड्काका छोरा सेना र प्रहरीमा जागिरे भएको आरोपमा ०६२ पुस १ गते माओवादीले घरमा ताला लगाइदिए। त्यसैगरी खिम्ती गाविस-८ की ४५ वर्षीय फूलमाया श्रेष्ठको घरमा ०६२ मंसिर २९ गते, सोही गाविस-३ का खड्गबहादुर बुढाथोकी र गंगाबहादुर बुढाथोकीको घरमा ०६२ मंसिर २९ गते ताला लगाई दिए। ओखेनी गाविस-६ का गाविस सचिव गेहेन्द्र दर्लामीको घरका सबै सामान ०६२ मंसिर २६ गते माओवादीले लुटे। यसरी ताला लगाइएकामध्ये खिम्ती गाविसका दुईओटा घर स्थानीय जनताले खोली दिए भने अन्य घरका मानिसहरू घरबारविहीन भए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

देउराली गाविसको सिरुबारीका २२ वर्षीय हरिबहादुर कार्कीसहित दुईजनालाई ०६२ जेठ १२ गते सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरी केही दिनपछि रिहा गरे।

नेपाल पत्रकार महासंघका सभापति २८ वर्षीय हिमाल ढुङ्गेल र इन्सेकका जिल्ला प्रतिनिधि नवराज पथिक ०६२ जेठ १३ गते माओवादी प्रभावित क्षेत्र घुमेर आएको भनी सेनाले दुवैको घर, कोठा र कार्यालयमा छापा मारी केही समय नियन्त्रणमा लिएर रिहा गरे।

फर्पू गाविस-४ का २२ वर्षीय सुग्रीव सुनुवारलाई ०६२ असार ९ गते प्रहरीले माओवादीको आशंकामा मन्थलीबाट पक्राउ गरी असार १३ गते रिहा गरे।

अनेरास्ववियु जिल्ला अध्यक्ष प्रकाश कार्की, नेविसंघका सभापति कुमार श्रेष्ठ, नेविसंघका कोषाध्यक्ष रामहरि पौडेल तथा नेविसंघ (प्रजातान्त्रिक) का सदस्य अप्रिल अधिकारीलाई ०६२ असार २३ गते प्रहरीले राजा विरोधी नारा लगाएको आरोपमा मन्थलीबाट गिरफ्तार गरी साँझ रिहा गरे।



माओवादीद्वारा जलाइएका अरनिको यातायातको बस

हिमगंगा गाविस-९ की १६ वर्षीय सुप्मा तामाङलाई ०६२ असोज २२ गते गस्तीमा गएका सुरक्षाकर्मीले ओखेनी गाविसबाट गिरफ्तार गरे। पीडितलाई माओवादी क्रियाकलापमा संलग्न भएको अभियोगमा नजरबन्दमा राखिएकोमा तीन महिनापछि इन्सेक जिल्ला प्रतिनिधि, पत्रकार तथा वकिलहरूको रोहबरमा छाडियो।

बालअधिकार

नवज्योति प्रावि रुव्देखानी टोकरपुरका १८ जना छात्राले ०६१ फागुनबाट नियमित रूपमा पाइरहेको खाने तेल विद्यालयका स्रोत व्यक्तिले नाम छुटाइ दिएको कारण केही महिना पाएनन्।

नवज्योति प्रावि टोकरपुर-६ का प्रअ ४० वर्षीय निरबहादुर थापा मगरले शैक्षिक सत्र ०६१ को लागि विद्यालयका ३४ जना छात्र छात्राहरूको लागि गएको छात्रवृत्तीको रकम विद्यार्थीलाई नवाँडी आफैंले मासे। जिल्ला शिक्षा कार्यालयले उनलाई लिएको रकम फिर्ता गर्ने कागज गरायो।

भीमेश्वर प्रावि सालु-७ मा ०६२ कार्तिक २० गतेदेखि माओवादीको दवाबको कारण वन्द भयो। विद्यालयमा ८३ जना विद्यार्थी अध्ययनरत थिए। समुदायद्वारा सञ्चालित सो विद्यालय अझै खुलेको छैन। त्यस्तै समुदायद्वारा सञ्चालित कठजोर गाविस-२ को प्रावि भदौरे र कठजोर-३ को प्रावि अर्चले ०६२ मंसिर २३ गतेबाट तथा सामथान प्रावि सालू ०६२ पुस १५ गतेदेखि माओवादीले वन्द गराए। माओवादीले विद्यालय खोल्न नदिएपछि शिक्षकहरूले चौरमा नै पढाउन थाले।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा

पकरवास गाविस-३ की ३० वर्षीय चेलीमाया माझीलाई ०६१ माघ ५ गते पति ३७ वर्षीय लाटो माझीले छोरी जन्मिएको चार दिनभित्रै मृत्यु भएपछि सोही रिसमा ७ दिनको सुत्केरी अवस्थामा कुटपिट गरे। पिटाईबाट घाइते माझीलाई मन्थली ल्याई उपचार गरे। पीडकलाई कारवाही भएन।

भलुवाजोर गाविस-२ की ४० वर्षीय गोरीमाया माझीलाई बोक्सीको आरोपमा ०६२ साउन ६ गते सोही स्थानका ३५ वर्षीय धनमाया माझी, ४० वर्षीय जुनकिरी माझी र १७ वर्षीय मानबहादुर माझीले कुटपिट गरी दुईओटै गोडा भाँचिदिए। पीडित काठमाडौंमा उपचार गरियो। उपचार खर्च पीडकहरूले व्यहोरी मुद्दा मिलाइयो।

गुन्सी गाविस-८ का ३७ वर्षीय अशोक विकले पारिवारिक झगडाको कारण ०६२ कार्तिक ३ गते पत्नीलाई मुङ्ग्राले हिर्काएर हत्या गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

काठमाडौंबाट मन्थली गएको अरनिको यातायातको एउटा वसलाई ०६२ बैशाख ४ गते माओवादीले खिम्ती गाविसको तिल्पुङ पहरोमा रोकी यातायात आवागमनमा अवरोध सृजना गराएको कारण चार दिनसम्म यातायात साधन चलेनन्।

२.६ दोलखा



जनसंख्या	: २१८०४५
साक्षरता प्रतिशत	: ५४.१
महिला साक्षरता प्रतिशत	: ३३.४७
क्षेत्रफल (वर्ग कि. मि.)	: २१९१
गाविस /नपा संख्या	: ५१/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३७६
क्याम्पस उच्च मा.वि.	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: १/५४
टेलिफोन लाइन	: ४७६
मोटर सडक (कि. मि.)	: १४९.७
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५४
मानव विकास सूचकांक	: ०.४५०
प्रति परिवार सरदर संख्या	: ५.०५

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
माओवादीबाट

जफे गाविस-८ शेरगणमा कार्यरत तीनजना सुरक्षाकर्मीलाई ०६१ चैत १३ गते माओवादीले अपहरणपछि सोही दिन हत्या गरे। मस्यान गाविस-३ पाल्पाका २२ वर्षीय देवबहादुर थापा, देउराली गाविस-८ रामेछापका २५ वर्षीय कृष्ण खड्का र हेलौछा गाविस-८ भोजपुरका २६ वर्षीय धनप्रसाद आचार्यलाई कीर्ने गुल्मबाट चरिकोट आउने क्रममा जफे गाविस-७ बाह्रबीसे बजारमा बसबाट ओरालेर जफे गाविस-८ को जङ्गलमा लगी चुप्पी र ढुङ्गा प्रहार गरी हत्या गरे।

भीमेश्वर नपा-१ र १० मा पर्ने जिल्ला सदरमुकाम चरिकोटमा ०६१ साल चैत २७ गते माओवादीले गरेको आक्रमणमा परी जिल्ला कारागारमा कार्यरत सई देव खरेल तथा प्रहरी जवान तेजबहादुर विश्वकर्मा मारिए भने चिलंखा घर भई चरिकोटमा काम गर्दै आएकी जयन्ती खड्का पिंडुलामा गोली लागी घाइते भइन्। पीडितको काठमाडौंमा उपचार गरियो। आक्रमणपछि माओवादीले जिल्ला कारागारमा रहेका २८ जना कैदी तथा थुनुवा लगे।

आलम्पु गाविस-७ स्थायी घर भई भीमेश्वर नपा-१ ओली गाउँमा बस्दै आएका ५२ वर्षीय दलमान थामीलाई सुराकीको आरोपमा ०६२ वैशाख ६ गते माओवादीले गोली तथा खुकुरी प्रहार गरी हत्या गरे। उनलाई साँझ आँगनमा रेडियो सुनेर बसेको अवस्थामा टाउकोमा गोली लागेको थियो। माओवादीले उनको नाक काटेका थिए। उनी राप्रपा निकट किसान संगठनका जिल्ला अध्यक्ष थिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते
माओवादीबाट

भीरकोट गाविस-१ का २१ वर्षीय विकास भुजेल, २४ वर्षीय प्रकाश भुजेल र १८ वर्षीय अरूणा भुजेल, सोही स्थानको सडकमा ०६१ पुस १७ गते माओवादीले थापेको विद्युतीय धरापमा परी घाइते भए। घाइतेहरूमध्ये विकास र प्रकाश सामान्य उपचारपछि घर फर्के भने अरूणा काठमाडौंमा उपचार गरी घर फर्किइन्। उनले एउटा आँखा समेत गुमाइन्।

भीरकोट गाविस-९ मा माओवादीले थापेको विद्युतीय धराप विस्फोट हुँदा ०६१ असार १९ गते बसमा यात्रा गरिरहेका दुईजना घाइते भए। घाइते हुनेहरूमा रामेछाप जिल्लाका १७ वर्षीय दीपक थापा र ३६ वर्षीय मीना कार्की रहेका छन्। घाइतेहरू खिम्ती जलविद्युत आयोजना, किर्नेको स्वास्थ्य केन्द्रमा उपचार गरी फर्किए।

काब्रे गाविस-४ मैनापोखरी बजार नजिक ०६२ कार्तिक २७ गते माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा तीनजना सुरक्षाकर्मी घाइते भए। घाइतेहरू उपचारपछि फर्किए।

बेपत्ता / अपहरण
माओवादीबाट

दुधपोखरी गाविस-३ का २४ वर्षीय टामेशकुमार घिसिङलाई ०६१ माघ २ गते माओवादीले काटाकुटी गाविस-९ बाट अपहरण गरे। घरबाट काठमाडौं हिंडेका पीडितलाई माओवादीले बङ्कर खन्न भनेकोमा नमान्दा अपहरण गरे। उनलाई ११ दिनपछि मुक्त गरियो।

गैरीमुदी गाविस-१ का २१ वर्षीय भैरवबहादुर तामाङलाई ०६१ माघ १२ गते मिर्गे गाविस-७ बाट माओवादीले अपहरण गरे। कामको सिलसिलामा छिमेकी गाउँ गएका पीडितलाई बाटोबाटै अपहरण गरी ०६१ फागुन ८ गते परिवारलाई जिम्मा लगाइयो।

सुनखानी गाविस-९ का ५२ वर्षीय ढालबहादुर शिवाकोटीलाई ०६१ फागुन २२ गते सुनखानी गाविस-२ बाट माओवादीले अपहरण गरे। पीडितलाई प्रष्ट बोल्न नसक्ने छिमेकी युवकको विवाह लापीलाङ गाविस-७ की २१ वर्षीय कमला बस्नेतसँग गराएको भनी अपहरण गरेको छिमेकीले बताए। पीडित ०६१ फागुन २८ गते मुक्त भए।

खारे गाविस-७ का ३४ वर्षीय गौतम श्रेष्ठलाई ०६१ चैत १० गते माओवादीले लामीडाँडा गाविस-६ सिँगटीबजारबाट अपहरण गरे। अपहरणअघि चंखु गाविसको एक प्राविमा कार्यरत शिक्षक बेतलबी बिदामा जडीबुटी तथा काठको ठेक्का गर्दै थिए। पीडितलाई माओवादीले ०६१ चैत १६ गते जुंगु गाविसको जङ्गलबाट मुक्त गरे।

लाँकुरीडाँडा गाविस-९ का २८ वर्षीय गणेशबहादुर श्रेष्ठलाई ०६१ चैत १८ गते माओवादीले सुस्पा गाविस-९ बाट अपहरण गरे। सो ठाउँमा रहेको धर्मिगरे तेल उत्पादन कारखानामा कार्यरत पीडितलाई काम गरिरहेको बेला बिहान माओवादीले अपहरण गरेको पीडितले बताए। कारखाना चलाएको आरोपमा अपहरण गरिएका पीडितलाई कारखाना बन्द गर्ने शर्तमा भोलिपल्ट मुक्त गरियो।

रामेछाप जिल्ला घर भएका राजेन्द्र श्रेष्ठलाई जफे गाविस-७ डुँडेबजारबाट ०६२ जेठ १५ गते माओवादीले अपहरण गरे। २ नं. गण महाराजगञ्जमा प्रहरी जवान पदमा कार्यरत पीडितलाई काठमाडौंबाट रामेछापस्थित घर जाने क्रममा ट्रक रोकी माओवादीले खानतलासी गर्दा उनको साथमा प्रहरी परिचयपत्र भेटेपछि अपहरण गरिएकोमा सात दिनपछि घरमै लगी पीडितलाई परिवारको जिम्मा लगाइयो।

झुले गाविस-९ का ३० वर्षीय रामबहादुर श्रेष्ठलाई ०६२ जेठ २३ गते माओवादीले घरबाट अपहरण गरे। नेपाल प्रहरीमा कार्यरत पीडितलाई नोकरी छोड्ने सर्तमा ०६२ जेठ २६ गते स्थानीय अमर माध्यमिक विद्यालयमा गरिएको एक कार्यक्रमबाट मुक्त गरे।

खहरे गाविस-६ का ३० वर्षीय राजकुमार श्रेष्ठलाई ०६२ जेठ २६ गते माओवादीले घरबाट अपहरण गरे। पीडितले जनजागृति निमाविमा अध्ययनरत १५ वर्षीय मन्जु श्रेष्ठलाई दोस्रो विवाह गर्न फकाएको आरोपमा अपहरणमा गरिएको छिमेकीले बताए। उनलाई माओवादीले ०६२ सालको दशैंका लागि घर जान छाडे। त्यसपछि उनी गाउँ छाडी विस्थापित भए।

नाम्दु गाविस-८ का ४५ वर्षीय सार्कीमान तामाङलाई ०६२ असार १५ गते माओवादीले घरबाट अपहरण गरे। वन क्षेत्रमा आगलागी गराएको भनी अपहरण गरिएकोमा तीन दिनपछि मुक्त गरियो।

लामिडाँडा गाविस-५ की १० वर्षीय सरिता शिवाकोटीलाई ०६२ असार ३१ गते माओवादीले घरबाट अपहरण गरे। स्थानीय विद्यालयमा कक्षा ५ मा अध्ययनरत पीडितका पिता केदारनाथ शिवाकोटीले विज्ञप्ति जारी गरी उनको सकुशल रिहाइको अपिल गरे। पीडितलाई एकहप्तापछि मुक्त गरियो।

चिलंखा गाविस-६ की १३ वर्षीय जोम्मा नेपालीलाई ०६२ साउन ९ गते माओवादीले अपहरण गरे। निखातल प्राथमिक विद्यालय दोलखामा कक्षा ४ मा अध्ययनरत पीडित मुक्त भएकी छिन्। पीडितकी आमा नेत्रहीन र बुवा अपाङ्ग छन्।

लामीडाँडा गाविस-६ का ३४ वर्षीय कुमार शिवाकोटीलाई ०६२ साउन १० गते माओवादीले लापीलाङबाट अपहरण गरे। लापीलाङ प्रस्तावित माध्यमिक विद्यालयका शिक्षक शिवाकोटी ०६२ कार्तिक १२ गते माओवादी कब्जाबाट उम्किए।

झ्याकु गाविस-२ की १७ वर्षीय डोमा शेर्पालाई ०६२ भदौ २० गते माओवादीले घरबाट अपहरण गरे। माओवादीले डोमा आफू खुशी माओवादीमा हिँडेको र अपहरण नगरिएको बताए। पीडितका परिवारले अपहरणको आरोप लगाए। डोमा माओवादी कब्जामा नै रहेकी छिन्।

मार्बु गाविस-८ की २३ वर्षीय विमला श्रेष्ठलाई ०६२ असोज १२ गते माओवादीले अपहरण गरे। १० कक्षा उत्तीर्ण गरी स्थानीय सरस्वती प्राविको शिक्षिका श्रेष्ठलाई विद्यालयमा पढाइरहेकै अवस्थामा अपहरण गरियो। अपहरणपछि उनलाई छुटाउन विद्यार्थीहरूले नारा-जुलुस गरे। पीडितलाई एक हप्तापछि मुक्त गरियो।

मार्बु गाविस-४ की १७ वर्षीय धनकुमारी खत्रीलाई ०६२ असोज १२ गते माओवादीले अपहरण गरे। माओवादीको सेनामा भर्ना गर्न अपहरण गरिएकोमा ०६२ मंसिर महिनामा पीडित माओवादी कब्जाबाट भागिन्।

सुनखानी गाविस-३ का २२ वर्षीय विकास खड्कालाई ०६२ असोज २७ गते र २५ वर्षीय दिनेश शिवाकोटीलाई ०६२ कार्तिक १ गते माओवादीले घरबाट अपहरण गरे। अपहरितहरूमध्ये विकास खड्का कार्तिक १३ गते र दिनेश शिवाकोटी ०६२ मंसिर २२ गते माओवादी कब्जाबाट भागे।

लापीलाङ गाविस-१ की २२ वर्षीय शान्ता कार्की र सोही ठाउँका २३ वर्षीय सुन्दर बस्नेतलाई ०६२ असोज २७ गते माओवादीले गाउँबाटै अपहरण गरे। लापीलाङ माविमा शिक्षिका रहेकी कार्की र बस्नेतबीच अवैध यौन सम्बन्ध भएको आरोपमा अपहरण गरिएको बताइयो। शान्ता कार्की ०६२ मंसिर महिनामा मुक्त भई विद्यालयमा अध्यापन गराइरहेकी छिन्। कार्की माओवादी कब्जामा नै छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१	३	६			६				
घाइते					३	८			८				
गिरफ्तारी यातना										३३	३३	५	३८
कुटपिट					४	३	१		४	४	१०		१०
धम्की					१			१२	१२				
बालअधिकार	१		१	१									
आर्थिक सामाजिक सांस्कृतिक अधिकार					१	१			१				
अपहरण					२३	२०	९		२९				
जम्मा	२	१	१	२	३५	३८	१०	१२	६०	३७	३३	५	३८

लादुक गाविस-९ का २८ वर्षीय कृष्ण गिरीलाई ०६२ कार्तिक १८ गते माओवादीले लामीडाँडा गाविसस्थित सिंगटीबजारबाट अपहरण गरेकोमा २ दिनपछि मुक्त गरियो।

भुपाफेदा गाविस-४ बाट ३२ वर्षीय मीता के.सी., ४८ वर्षीय अकवीर तामाङ र अर्को एकजनालाई ०६२ मंसिर ७ गते दिउँसो माओवादीले अपहरण गरे। सामुदायिक वन उपभोक्ता समूहको अनुगमन सञ्चालन गरिरहेको अवस्थामा सोधपुछका लागि भनी लगिएकोमा पीडितहरूलाई ०६२ मंसिर १० गते मुक्त गरियो।

अन्यबाट

जिरी गाविस-८ की मिना विकलाई ०६२ मंसिर २३ गते जुगुँ गाविस-८ को गैरीको जङ्गलबाट अपहरणमा परिन्। उनलाई जिरीबाट माइतीघर लामीडाँडातर्फ जाने क्रममा चौतारोमा बसेको बेला पाँचजनाको संख्यामा आएका सादा पोशाकका हतियारधारीले उनको अपहरण गरे। विकले भाइटीकाका लागि लगेको कोशेली खोसी उनीसँगै रहेका पति मेजबहादुर विकलाई पनि कुटपिट गरे। मीनाको पतिले उनको जीवन रक्षाका लागि अपिल गरे। यस वर्षको अन्त्यसम्म उनी फेला परेनन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

जफे गाविस-२ का २८ वर्षीय प्रदीप पोखरेललाई ०६१ फागुन २१ गते कीर्नेटारमा सुरक्षाकर्मीले कुटपिट गरी घाइते पारे। जफे ७ बाह्रबीसेस्थित बजारमा व्यापार गरी बसेका पीडितलाई फागुन १९ गते रामेछाप जिल्ला खानेपानी कार्यालयको पाइप माओवादीले बजारमा खसाली राख्न लगाएकोमा सोही आरोपमा कुटपिट गरी घाइते पारेको पीडितले बताए। पीडित पोखरेलसहित जफे गाविस-८ का कुमार कार्की र दुर्गा काफ्ले तथा जफे गाविस-९ का शिव रानालाई चरिकोटमा भोलिपल्ट हाजिर हुने मौखिक तारिख दिइयो।

जफे गाविसमा ०६१ चैत १४ गते सुरक्षाकर्मीले स्थानीय बासिन्दालाई कुटपिट गरी घाइते पारे।

०६१ चैत १३ गते माओवादीले अपहरण गरी ३ जना सुरक्षाकर्मीको हत्या गरेकोमा किर्नेटार गुल्म, पलती गुल्म, चरिकोट गण तथा जिरी गुल्मबाट आएका सुरक्षाकर्मीले स्थानीय बासिन्दाहरूलाई माओवादीको मतियार भन्दै कुटपिट गरेको पीडितहरूले बताए। पीडितहरूमा जफे गाविस-७ घर भई कालिपोखरी प्राविका शिक्षक ३३ वर्षीय राजेन्द्र काफ्ले, ३४ वर्षीय राजु काफ्ले, जफे गाविस-८ का ३२ वर्षीय भक्तबहादुर सार्की, जफे गाविस-४ का ३५ वर्षीय काइलो दर्जी, जफे गाविस-८ का ५७ वर्षीय नवराज काफ्ले, फुले गाविस-५ का ४५ वर्षीय उपेन्द्र के.सी. तथा ठूलो सिरूवारी गाविस-६ सिन्धुपाल्चोकका ३८ वर्षीय सुनील रानामगर रहेका छन्।

माओवादीबाट

नाम्दु गाविस-२ की ४५ वर्षीय माइली तामाङलाई ०६२ बैशाख ८ गते माओवादीले घरैमा कुटपिट गरी घाइते पारे। खानेपानीको पाइप काटेको र पानीको मुहान बिगारेको आरोपमा तामाङलाई कुटिएकोमा पीडित उपचारपछि घर फर्किइन्।

जफे गाविस-२ का ३७ वर्षीय ढालबहादुर भण्डारीलाई ०६२ असार २१ गते माओवादीले कुटपिट गरे। उनले ०६२ असार २० गते आफ्नै दाजु झपडबहादुर भण्डारीलाई कुटपिट गरी टाउको फुटाई सख्त घाइते पारेका कारण माओवादीले कुटपिट गरको प्रत्यक्षदर्शीले बताए।

श्यामा गाविस-५ का २१ वर्षीय लाक्पातेन्जी शेर्पालाई ०६२ साउन ३ गते माओवादीले नजिकैको जंगलमा कुटपिट गरी घाइते पारे। उनलाई माओवादी आत्मसमर्पण गरी सुराकी गरेकोले कुटपिट गरिएको बताए। माओवादीले दुवै खुट्टा ढुङ्गाको अचानोमाथि राखी लाठी र मुङग्राले हिर्काएर दाहिने खुट्टाको पिँडुला फुटाइदिए। घाइतेको जिरी अस्पतालमा उपचार हुन नसकेपछि काठमाडौंमा उपचार गरियो। पूर्व माओवादी कार्यकर्ता शेर्पाले ०६२ असार २८ गते आत्मसमर्पण गरेका थिए।

सुनखानी गाविस-३ का ३८ वर्षीय भरतसिंह शिवाकोटी र उनका छोरा २३ वर्षीय उमेश शिवाकोटीलाई माओवादीले २०६२ कार्तिक १६ गतेदेखि घर नछाडेमा कारवाही गर्ने धम्की दिएपछि विस्थापित भए। पीडितले घर फर्किने वातावरण बनाई दिन मानवअधिकारकर्मी र पत्रकारसमक्ष आग्रह गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नाम्दु गाविस-२ का किरण लामा र भीमेश्वर नपा-१० का प्रदीप मानन्धरलाई ०६१ चैत ७ गते सुरक्षाकर्मीले चरिकोट बजारबाट गिरफ्तार गरे। संकटकाल फिर्ता, प्रेस स्वतन्त्रता, थुनामा राखिएका राजनीतिक नेता तथा कार्यकर्ताको रिहाइको मागसहित जुलुस निकालेको आरोपमा पीडितलाई गिरफ्तार गरिएको बताइयो। पीडित मानन्धरलाई नेका पार्टी कार्यालयबाट र किरणलाई सातदोबाटोबाट गिरफ्तार गरिएको थियो। पीडितहरूमध्ये प्रदीप नेका जिल्ला कार्य समितिका उपाध्यक्ष र किरण नेबिसंघका केन्द्रीय सदस्य हुन्। प्रदीपलाई भोलिपल्ट र किरणलाई ०६१ चैत १९ गते रिहा गरियो।



माओवादीद्वारा मारिएका दलमान थामी

राजनीतिक दलहरूद्वारा ०६२ जेठ ८ गते गरिएको विरोध जुलुसलाई सुरक्षाकर्मीले भालुखोलामा रोकी विरोध प्रदर्शनमाथि रोक लगाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा गत वर्षको जिम्मेवारी सरेर आएका देवानी ३२ र फौजदारी २९ गरी जम्मा ६१ मुद्दा रहेका छन्। यस वर्ष दर्ता भएका देवानी २९ र फौजदारी १६ गरी जम्मा ४५ मुद्दा गरी कुल एकसय ६ भएकोमा यस वर्ष १५ देवानी र २२ फौजदारी फर्स्यौट भएर देवानीतर्फ ४६ र फौजदारीतर्फ २३ मुद्दा बाँकी रहे। यसमा महिला अधिकारसंग सम्बन्धित १० ओटा अंशबण्डा, छओटा सम्बन्ध विच्छेद बटा र बालबालिका अंश सम्बन्धी एउटा रहेका छन् भने दुई वर्ष अवधि नाघेको एउटा फौजदारी मुद्दा जिल्ला अदालतमा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जेष्ठ नागरिक, अपाङ्ग र विधवाका लागि वार्षिक १ करोड २८ लाख ६४ हजार ६ सय वितरण हुनेमा हालसम्म (आर्थिक वर्ष २०६२/२०६३ मा ४ हजार ७६ जना जेष्ठ नागरिकका लागि वार्षिक भत्ता रू. २८ लाख ५३ हजार २ सय, ५० जना अपाङ्गका लागि वार्षिक भत्ता रू. ३५ हजार र २ हजार ९ सय ५१ विधवाका लागि रू. १३ लाख ९८ हजार १० गरी जम्मा रू. ४२ लाख ८६ हजार २ सय दश वितरण भयो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

बावरे गाविस-९ की १८ वर्षीय सृजना बुढाथोकीलाई ०६२ वैशाख १ गते सुरक्षाकर्मीले चरिकोटमा गिरफ्तार गरे। माओवादीको आरोपमा उनलाई गिरफ्तार गरी कारागारमा राखेका थिए। माओवादीले ०६१ चैत २७ गते चरिकोट जेल ब्रेक गर्दा सृजना भागिन्। उपचारको लागि काठमाडौं जान लाग्दा सुरक्षाकर्मीले बस चेक गर्ने क्रममा पुनः गिरफ्तार भएकी सृजनालाई काठमाडौंमा नजरबन्दमा राखिएको छ।

बिगु गाविस-१ का २१ वर्षीय लाक्पा ठिलीङ तामाङलाई ०६२ असार १३ गते सुरक्षाकर्मीले चरिकोटबाट गिरफ्तार गरे। माओवादीको आरोपमा गिरफ्तार भएका पीडितलाई ०६२ पुस १० गते रिहा गरियो।

गैरीमुदी गाविस-४ का २४ वर्षीय गणेश लामालाई माओवादी आशंकामा ०६२ असार १६ गते सुरक्षाकर्मीले चरिकोटबाट गिरफ्तार गरे। पीडितलाई ०६२ असोज १६ गते रिहा गरियो।

ठूलोपातल गाविस-१ का लालमान तामाङलाई माओवादीको आशंकामा ०६२ असार २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई २०६२ असोज २० गते रिहा गरियो।

मरिनखोला गाविस-१ सिन्धुली जिल्लाकी १६ वर्षीय कान्छीमाया तामाङलाई ०६२ साउन ९ गते दोलाखको सुनखानी गाविस-१ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई गस्तीमा गएको बेला सकेट बम प्रहार गर्न लागेको अवस्थामा गिरफ्तार गरिएको सुरक्षा निकायले जनायो। पीडित नजरबन्दमा रहेकी छिन्।

भीमेश्वर नपा-१३ का १९ वर्षीय रामबहादुर भनिने अर्जुन तमाङलाई माओवादीको आशंकामा ०६२ साउन ९ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। तामाङ ०६२ मंसिर ८ गते रिहा भए।

धुस्कुन गाविस-६ सिन्धुपाल्चोकका २० वर्षीय देवेन्द्र भनिने जयराम न्यौपानेलाई ०६२ साउन २० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित नजरबन्दमा रहेका छन्।

खारे गाविस-७ का २४ वर्षीय ओमछिरी शेर्पालाई ०६२ साउन २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित नजरबन्दमा रहेका छन्।

कालिन्चोक गाविस-१ का ४० वर्षीय कर्णबहादुर थामीलाई माओवादी भएको आरोपमा ०६२ साउन २८ गते सुरक्षाकर्मीले चरिकोटमा गिरफ्तार गरे। घरायसी कामका सिलसिलामा चरिकोट आएका बेला गिरफ्तारमा परेका थामी थुनामा रहेका छन्।

खाडादेवी गाविस-९, रामेछापका १५ वर्षीय राजकुमार मोक्तानलाई ०६२ साउन ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित थुनामा छन्।

सिद्धेश्वर गाविस-८ भोजपुरकी ३० वर्षीय सुनिता भनिने जानुका खड्का र सोही जिल्लाको दोभाने गाविस-८ की २२ वर्षीय सम्झना भनिने इराना राईलाई ०६२ भदौ २ गते सुरक्षाकर्मीले जिरीबाट गिरफ्तार गरे। बसबाट काठमाडौं

जान लाग्दा पीडितहरूलाई गिरफ्तार गरिएकोमा हाल थुनामा राखिएको छ।

पवटी गाविस-५ का ६५ वर्षीय उज्वलमणि उप्रेतीलाई माओवादी गतिविधिलाई सहयोग पुऱ्याएको आंशकामा ०६२ भदौ ९ गते सुरक्षाकर्मीले चरिकोट बजारबाट गिरफ्तार गरे। घरायसी कामको सिलसिलामा चरिकोट आएको बेलामा गिरफ्तार गरिएका उप्रेतीलाई हिरासतमा लिएको सुरक्षा स्रोतले जनायो। उनी आठ दिनपछि रिहा भए।

जुँगु गाविस-७ का ३५ वर्षीय रोशन कार्की र ३४ वर्षीय ढालबहादुर खड्कालाई ०६२ भदौ २० गते सुरक्षाकर्मीले लाँकुरीडाँडा गाविसको खरीढुङ्गाबाट गिरफ्तार गरे। काठमाडौंबाट घर फर्कने क्रममा बस चेक गर्दा पीडितहरूलाई गिरफ्तार गरियो। माओवादी आशंकामा अनुसन्धानको क्रममा नजरवन्दमा राखिएका पीडितहरूलाई ०६२ असोज २० गते रिहा गरियो।

शैलुङ्गेश्वर गाविस-४ की १७ वर्षीय विमला विश्वकर्मालाई ०६२ असोज १ गते सुरक्षाकर्मीले भीमेश्वर नपा-८ वाट गिरफ्तार गरे। माओवादीको आरोपमा नजरवन्दमा राखिएकी विश्वकर्मा ०६१ चैत २७ गते माओवादीले चरिकोट जेल ब्रेक गरी थुनुवा तथा कैदीलाई मुक्त गर्दा भागेकी भएपनि पुन: गिरफ्तार भइन्। पीडितलाई ०६२ मंसिर महिनामा रिहा गरिएको छ।

माओवादीको कुटपिटबाट घाइते भएका लाक्पातेन्जी शेर्पा

शैलुङ्गेश्वर गाविस-९ का २६ वर्षीय रामकुमार भनिने झिल्के तामाङ र फस्कु गाविस ९ का २४ वर्षीय सुब्बा तामाङलाई ०६२ असोज ५ गते बेलुकी सुरक्षाकर्मीले चरिकोटबाट गिरफ्तार गरे। माओवादीको आशंकामा गिरफ्तार गरिएकाहरूमध्ये झिल्के तामाङलाई २ दिनपछि र सुब्बा तामाङलाई १९ दिनपछि रिहा गरियो।

शैलुङ्गेश्वर गाविस-१ का ३२ वर्षीय वैदार तामाङलाई ०६२ असोज ५ गते अपरान्ह सुरक्षाकर्मीले गिरफ्तार गरे। चरिकोटवाट घर जाने क्रममा खरीढुङ्गामा वस चेक गर्ने क्रममा गिरफ्तार गरिएका पीडित १९ दिनपछि रिहा भए।

विगु गाविस-३ का २२ वर्षीय राजकुमार श्रेष्ठलाई माओवादी भएको आरोपमा ०६२ असोज ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। श्रेष्ठ ०६२ कार्तिक १२ गते रिहा गरियो।

दोरम्वा गाविस-८ रामेछापका २२ वर्षीय धनलाल योञ्जनलाई माओवादी भएको आशंकामा ०६२ असोज ८ गते अपरान्ह ३ बजे चरिकोटबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। नेपाल विद्युत प्राधिकरण, दोलखा शाखामा कार्यरत पीडितलाई कुटपिटपछि भोलिपल्ट रिहा गरियो। उनलाई स्थानीय च्छो-रोल्पा पोलिक्लिनिकमा उपचारार्थ सुरक्षाकर्मीले नै भर्ना गरे। पीडित उपचारपछि घर फर्किए।

मागापौवा गाविस-१ का २३ वर्षीय दिपेश श्रेष्ठलाई माओवादी आरोपमा ०६२ असोज १० गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई ०६२ कार्तिक १३ गते रिहा गरियो।

जफे गाविस-४ का २८ वर्षीय भक्तकुमार कार्कीलाई माओवादी गतिविधिलाई सहयोग गरेको आरोपमा ०६२ कार्तिक ६ गते सुरक्षाकर्मीले चरिकोटस्थित नयाँबसपार्कबाट गिरफ्तार गरे। पीडित भोलिपल्ट तारेखमा रिहा गरिए।

ओराङ गाविस-६ का २४ वर्षीय जीतकुमार आचार्यलाई ०६२ पुस ११ गते अपरान्ह सुरक्षाकर्मीले चरिकोट सदरमुकामबाट गिरफ्तार गरे। पीडितलाई माओवादी आशंकामा सोधपुछका क्रममा हिरासतमा लिएको सुरक्षाकर्मीले बताए। पीडित तारेखमा रिहा भए।

मागापौवा गाविस-२ का १८ वर्षीय भुपेन्द्रराजकुमार श्रेष्ठलाई माओवादीको आरोपमा ०६२ पुस ११ गते चरिकोट बजारवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। दोलखा महोत्सव हेर्न चरिकोट आएका बेला गिरफ्तार गरिएकोमा ८ दिनपछि रिहा गरियो।

तिल्पुङ गाविस रामेछापका ४१ वर्षीय बुद्धिबहादुर दर्लामीलाई ०६२ पुस ११ गते सुरक्षाकर्मीले चरिकोट सातदोबाटेबाट गिरफ्तार गरे। माओवादीको आरोपमा गिरफ्तार गरिएका उनलाई २ दिनपछि रिहा गरियो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

संयुक्त जनआन्दोलन समिति दोलखाले ०६२ मंसिर २५ गते चरिकोटमा आयोजना गरेको निरंकुशता विरुद्धको विरोधसभामा कर्मचारीलाई उपस्थित नहुन स्थानीय प्रशासनले कडा निर्देशन दिएको विरूद्धमा संयुक्त जनआन्दोलन समिति दोलखाले सो कार्यको तीव्र भर्त्सना र घोर निन्दा गर्दै प्रेस विज्ञप्ति जारी गऱ्यो।

संरचना सम्पत्ति क्षति

काब्रे गाविस-३ स्थित मैनापोखरी बजारमा ०६२ कार्तिक १४ गते १२ हजार लिटर मट्टितेल माओवादीले नष्ट गरे। स्थानीय टीकाराम चौलागाईंले बेच्न ल्याएको मट्टितेल ट्याङ्कर खोली सडकमा पोखेका थिए। यसबाट ६ लाख १३ हजार रुपैयाँ बराबरको क्षति भयो।

जफे गाविस-६ वाह्रबिसे बजारमा ०६२ माघ २८ गते माओवादीले जनकपुर चुरोट कारखानाको ल्याण्डक्रुजर जीप जलाए। जसबाट ६ लाख ५० हजार रुपैयाँ बराबरको क्षति भयो।

जफे गाविस-६ मा ०६१ फागुन १९ गते माओवादीले रामेछाप जिल्ला खानेपानी कार्यालयले काठमाडौंबाट खरिद गरी ल्याएको करिब आठ लाख रुपैयाँ बराबरको पाइप र फिटिङ्का सामानहरू दोलखा जिल्लाको भीरकोट र जफे गाविसको विभिन्न भागमा ट्रकबाट खसाली गाउमा लगे। जिल्ला प्रहरी कार्यालयका अनुसार एक लाख ५० हजार रुपैयाँ बराबरको क्षति भयो।

भीमेश्वर नपा-१ र १० स्थितका कार्यालय तथा निजी सम्पत्तिमा ०६१ चैत २७ गते राति माओवादीले गरेको आक्रमणबाट सानदोबाटे प्रहरी चौकीको ८२ लाख ८८ हजार सात सय ७५ रुपैया बराबर क्षति भयो। अन्य सरकारी कार्यालयको दुई करोड ८१ लाख ११ हजार ७ सय ९४ रुपैयाँ, श्रीराम थापाको पसलको २२ लाख नौ सय ५३ रुपैयाँ बराबर क्षति भयो। ध्रुव श्रेष्ठको पसल तथा भाडामा दिइएको डिभिजन सहकारी कार्यालय रहेको घर ध्वस्त भएको छ।

काब्रे गाविस-६ का भीमप्रसाद दाहाल, जीवन दाहाल, पुष्कर दाहाल, रुद्रप्रसाद दाहाल, यज्ञराज ढुङ्गेल, रघुनाथ दाहाल, हनुमन्तेश्वर उच्च माविका शिक्षक नागप्रसाद पन्त, काब्रे गाविस-४ का प्रेमकुमारी चौलागाईं, कुमार चौलागाईं, टीकाराम दाहाल, काब्रे गाविस-७ का परशुराम चौलागाई र काब्रे गाविस-९ का पुष्पराज भट्टराई एक महिनाभित्र जन अदालतमा हाजिर हुने भन्ने सूचना ०६२ कार्तिक १८ गते माओवादीले ढोका तथा सार्वजनिक स्थानमा टाँस गरेपछि उनीहरू सबै विस्थापित भई काठमाडौं र चरिकोट सदरमुकाम बस्न बाध्य भए। राजनीतिक पार्टी, मानवअधिकारकर्मी, पत्रकार, नागरिक समाजको पहलमा माओवादीले कारवाही फिर्ता लिई हाल सबै घर फर्केका छन्।

यस वर्ष जिल्ला शिक्षा कार्यालयले द्वन्द्व पीडित बालबालिकाको छात्रवृत्तिमा १४ हजार रुपैया र विद्यालय फर्निचरमा २६ हजार रुपैया सहयोग उपलब्ध गराएको छ।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष भुण्डिएर पाँच महिला र सात पुरुष, सवारी दुर्घटनाबाट दुई महिला र दुई पुरुष, आगलागीबाट तीन पुरुष, कर्तव्य ज्यानबाट तीन पुरुष, विष सेवनबाट दुई महिला र एक पुरुष गरी जम्मा २४ जनाको मृत्यु भयो।

विगतको अनुगमन

मकवानपुर जिल्ला हेटौंडा नपा-८ विन्दवासिनी टोल घर भई गुरु गोरख गुल्म सोलुखुम्बु जिल्ला सल्लेरीमा कार्यरत शाही नेपाली सेनाका हवल्दार गुरुप्रसाद कोइरालालाई ०६२ जेठ १ गते माओवादीबाट पत्रकार तथा मानवअधिकारकर्मीले बुझी परिवारलाई जिम्मा लगाए। सल्लेरी सदरमुकाम सुरक्षार्थ खटिएका पीडितलाई ०६१ फागुन १६ गते माओवादीले अपहरण गरी लगेका थिए।

२.७ रौतहट

जनसंख्या : ५४५१३२
साक्षरता प्रतिशत : ३३.४
महिला साक्षरता प्रतिशत : २१.६६
क्षेत्रफल (वर्ग कि. मि.) : ११२६
गाविस नपा संख्या : ९६ १
निर्वाचन क्षेत्र : ४
विद्यालय : ३९९
क्याम्पस उच्च मा.वि. : ३ ५
अस्पताल स्वास्थ्य चौकी : १ ९३
टेलिफोन लाइन : १२६५
मोटर सडक (कि. मि.) : १३८०
प्रहरी कार्यालय संख्या : ३
इलाका संख्या : ८५
मानव विकास सूचकांक : ०.४०९
प्रति परिवार सरदर संख्या : ६.८९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

पौराई गाविस-२ का ३५ वर्षीय रामलाल महतोलाई ०६१ पुस २० गते राति प्रहरीले महेन्द्र राजमार्गको लमाहा जंगलमा गोली हानी हत्या गरे। लमाहा जंगलमा सवारी साधन रोकी लुटपाट गरिरहेको अवस्थामा गस्तीमा गएका प्रहरीले गोली हानेका थिए। लासको पोष्टमार्टम गरी परिवारको जिम्मा लगाइयो।

गौर नपा -१० का ३८ वर्षीय मखन साहलाई ०६१ पुस २१ गते सुरक्षाकर्मीले बागमती नदीको किनारामा गोली हानी हत्या गरे। सर्चमा गएका सुरक्षाकर्मीलाई देखी सकेट बम प्रहार गरेर भाग्न लाग्दा गोली हानेको सुरक्षास्रोतले जानकारी दियो। पीडितको लास पोष्टमार्टम नगरी त्यहीं गाडियो।

संग्रामपुर गाविस–४ का ३८ वर्षीय जुगेश्वर साहलाई ०६१ माघ २६ गते राति सुरक्षाकर्मीले समनपुर-९ टोकार टोलमा गोली हानी हत्या गरे। समनपुर-६ मा डाँकाहरूले लुटपाट मच्चाइरहेको थाहा पाएर सुरक्षाकर्मी र डाकाहरूबीच भिडन्त हुँदा सुरक्षाकर्मीले गोली हानेका थिए।

इनर्वा गाविस-८ का सूर्यलाल भन्ने श्रीनारायण राउत कुर्मीलाई ०६१ फागुन २१ गते सुरक्षाकर्मीले फतुहा हर्पाहा गाविसमा गोली हानी हत्या गरे। पीडित दोहोरो भिडन्तमा मारिएको सुरक्षाश्रोतले जनायो। पीडितको लास त्यहीं गाडियो।

जुडिवेला गाविस-१ फूलबारीका २० वर्षीय मंगलसिंह घलानलाई ०६१ चैत १९ गते सुरक्षाकर्मीले चन्द्रनिगाहपुर बजारभन्दा ६ किलोमिटर पूर्व लच्कामा गोली हानी हत्या गरे। वीरगञ्जबाट पूर्वतर्फ गइरहेको एक यात्रुवाहक बसलाई रोकी जलाउन लाग्दा सर्चमा गएका सुरक्षाकर्मीले गोली चलाएका थिए।

अजगैवी गाविस-२ बौधा टोलका बिदुर व्यास भन्ने रामबहादुर बैठा र पासपत महतो कोइरीलाई ०६१ चैत २१ गते सुरक्षाकर्मीले कनकपुर- ८ जंगलसहियामा गोली हानी हत्या गरे। सर्चमा गएका सुरक्षाकर्मीलाई सकेट बम प्रहार गरी भाग्न खोज्ने माओवादीमाथि सुरक्षाकर्मीले कारवाही गर्दा दुईजना माओवादी मारिएको सुरक्षास्रोतले जनायो। मारिनेमध्ये रामबहादुर बैठा माओवादीनिकट जन साँस्कृतिक फाँट रौतहटको जिल्ला अध्यक्ष र पासपत महतो छापामार रहेको सुरक्षास्रोतले जनायो। लासको पोष्टमार्टम नगरी त्यहीं गाडियो।

डुमरिया मटिऔन गाविस-७ का २२ वर्षीय त्रिलोचन पौडेललाई ०६१ चैत २५ गते सुरक्षाकर्मीले लक्ष्मीनिया गाविस-९ भैंसही टोलमा गोली हानी हत्या गरे। एक घरमा खानाखाइरहेको अवस्थामा गस्तीमा गएका सुरक्षाकर्मीले नियन्त्रणमा लिई गोली हानी हत्या गरेको मानव अधिकार सन्धि अनुगमन समितिको स्थलगत अध्ययनबाट सार्वजनिक गरियो। पीडितको लासलाई भोलिपल्ट परिवारले दाहसंस्कार गरे।

भसेडवा गाविस -६ ढोलबाजाखोरमा ०६२ वैशाख ३० गते सुरक्षाकर्मीले गरेको कारवाहीमा परी नाम खुल्न नसकेका एकजना माओवादी मारिएको सुरक्षास्रोतले जनायो।

गर्म्हरिया पर्सा गाविस लक्ष्मीपुर टोलका ४० वर्षीय सेख इन्जामुलको ०६२ जेठ १० गते राति सुरक्षाकर्मीको

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२३	२२	५	२७	६	९	१		१०	११	१३			१३
घाइते	९	११		११	९	१३		२४	३७	१	३			३
हिरासत वा थुनामा मृत्यु										१	१			१
गिरफ्तारी यातना										१६	२६			२६
कुटपिट	६	१३	४	१७						१	५	१		६
धम्की	१	१		१	१			९६	९६					
भेला संगठित हुने अधिकार										६	३७		३४	७१
महिलाअधिकार	२		२	२										
बालअधिकार	५	२	७	९										
आर्थिक सामाजिक सांस्कृतिक अधिकार					१	४	७		११					
अमानवीय व्यवहार					२	३			३					
अपहरण					१७	२२		३००	३२२					
जम्मा	४६	४९	१८	६७	३६	५१	८	४२०	४७९	३६	८५	१	३४	१२०

गोलीद्वारा मृत्यु भयो। डकैती गरिरहेको अवस्थामा सर्चमा गएका सुरक्षाकर्मीले गोली प्रहार गरेका थिए।

जुडीबेला गाविस-५ फलबारीका ६० वर्षीय शंकरमान लामालाई ०६२ जेठ ११ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सर्चमा गएको सुरक्षाकर्मीलाई देखी माओवादीलाई भगाउन खोजेको र आफू पनि भागेकाले गोली प्रहार गरिएको सुरक्षास्रोतले जनायो। तर, पीडितका परिवारले भने सुरक्षाकर्मीले नियन्त्रणमा लिई खाल्डो खन्न लगाई गोली हानी हत्या गरेर खाल्डोमा पुरेको बताए।

रघुनाथपुर गाविस-३ का २५ वर्षीय गजाधर महतो र सोही ठाउँका १८ वर्षीय कैल भन्ने मुनित महतोलाई ०६२ जेठ १५ गते राति सुरक्षाकर्मीले बगही गाविस-७ मा लगी गोली हानी हत्या गरे। गाउमा विवाह भएकोले जन्तीलाई खाना खुवाइरहेको अवस्थामा सुरक्षाकर्मीले नियन्त्रणमा लिई गोली हानी हत्या गरेको पीडितका परिवार तथा स्थानीय बासिन्दाले बताए। इन्सेक मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधि, हिमराइटस् रौतहट र नेपाल बार एसोसियसनले घटनाको स्थलगत अध्ययन गरी पीडितलाई नियन्त्रणमा लिई हत्या गरिएको विवरण सार्वजनिक गरे।

माओवादीबाट

पौराइ गाविस-६ का ३५ वर्षीय कृष्णबहादुर ठाडा मगरलाई ०६१ माघ २३ गते माओवादीले घाँटी रेटी हत्या गरे। उनको लास पूर्व-पश्चिम राजमार्गको लमाहा जंगलमा फ्याँके। पीडितको हत्या किन गरियो भन्नेबारे माओवादीले केही बताएनन्।

खेसरहिया गाविस-४ का २२ वर्षीय जयप्रकाश राय यादवलाई ०६१ फागुन ३ गते माओवादीले गोली हानी हत्या गरी खेसरहिया गाविस-२ स्थित उप-स्वास्थ्य चौकी अगाडि लास फ्याँकिदिए। माओवादीले घटनाको बारेमा केही जनाएनन्।

मिठुअवा गाविस-६ का २९ वर्षीय शिवमंगल साहलाई ०६१ फागुन १३ गते माओवादीले घरबाट अपहरण गरी गाउँभन्दा दक्षिणतर्फ मिठुअवा गाविस-७ को फूलाबारीमा लगी गोली हानी हत्या गरे। सुराकी गरेको र गाउमा गुण्डागर्दी गरेको आरोपमा हत्या गरिएको भनी माओवादीले पर्चा छरेको स्थानीय बासिन्दाले बताए।

गम्हरिया गाविस-७ की १० वर्षीय बालिका हसनारा खातुन, भुनखुनुवा गाविसका सहाद मिया, भारतका २५ वर्षीय मुकेशकुमार साह, महोत्तरी जिल्ला सुगा गाविस घर भई जिल्ला प्रहरी कार्यालय रौतहटमा कार्यरत प्रहरी जवान रमेश गिरीसमेत पाँचजनाको ०६१ चैत २७ गते दिउँसो माओवादीले राखेको विद्युतीय धराप विस्फोटमा परी मृत्यु भयो। पीडितहरू चढेको बसलाई माओवादीले धरापमा पारेका थिए। विस्फोटमा परी २५ जना घाइते भए। गौरबाट काठमाडौंतर्फ यात्रु लिएर गईरहेको मकालु यातायातको ना. २ ख ३८१३ नं. को यात्रुबाहक बस सखुअवा गाविसमा विस्फोटमा परेको थियो।

काठमाडौं जिल्ला घर भई ईलाका प्रहरी कार्यालय गरूडामा कार्यरत सशस्त्र प्रहरी जवान २२ वर्षीय कुमार बस्नेतलाई ०६२ जेठ १५ गते माओवादीले सन्तपुर मटिऔन गाविसबाट निःशस्त्र अवस्थामा अपहरण गरी कनकपुर गाविसको सिम्री जंगलमा पुऱ्याई हत्या गरे। पीडितको लास गाडेको अवस्थामा जेठ २२ गते सुरक्षाकर्मीले फेला पारे।

मधेशी टाइगरबाट

समनपुर गाविस-७ का २२ वर्षीय हरिनारायणराय यादव र हर्दिया पल्टुवा गाविस-८ का २७ वर्षीय रामनारायणराय यादवलाई ०६१ पुस १७ गते मधेशी टाइगरका कार्यकर्ताले घाँटी रेटी हत्या गरी समनपुर गाउँभन्दा पूर्व बागमती नदी किनारामा लास फ्याँके। नेका कार्यकर्ता रहेका दुवैजनालाई पुस १२ गते अपहरण गरिएको थियो।

जेठरहीया गाविस-३ का १५ वर्षीय कैलाश महतोलाई ०६१ पुस १७ गते राति मधेशी टाइगरका कार्यकर्ताले गोली हानी हत्या गरे। पीडित महतो माओवादीको जनमिलिशिया भएकाले उनको हत्या गरिएको मधेशी टाइगरले जनायो। माओवादीले भने पीडितको माओवादीसंग कुनै सम्बन्ध नरहेको जनायो।

जेठरहिया गाविस-८ घर भएका माओवादीका एरिया सदस्य २८ वर्षीय मकैया भनिने उपेन्द्र पटेललाई ०६१ पुस २४ गते बिहान मधेशी टाइगरका कार्यकर्ताले उनकै घरमा गोली हानी हत्या गरे।

महमदपुर गाविस-६ लक्ष्मीपुरका ३४ वर्षीय रामविश्वास साहलाई ०६१ फागुन १९ गते राति मधेशी टाइगरका कार्यकर्ताले उनकै घरमा गोली हानी हत्या गरे। पीडितका भाइ विपीन (उपनाम) माओवादीको जिल्ला स्तरीय कार्यकर्ता भएकाले टाइगरले उनको हत्या गरेको पीडितका परिवारले जनाए।

विश्रामपुर गाविस-१ का किशोरी साह बानिया र सोही ठाउंका दुःखा राउत पटेललाई ०६२ जेठ १५ गते राति मधेशी टाइगरका कार्यकर्ताले गोली हानी हत्या गरी विश्रामपुर बजारमा लास राखिदिए। मधेशी टाइगरका पूर्व कार्यकर्ता रहेका दुवैजनालाई जंगलबाट काठ ल्याइरहेको अवस्थामा गोली हानी हत्या गरी काठसहितको गाडामा लास राखिदिएको स्थानीय बासिन्दाले बताए।

अन्यबाट

समनपुर गाविस-८ का लक्ष्मीराय यादवलाई ०६२ असोज १७ गते जनतान्त्रिक तराई मुक्ति मोर्चाका कार्यकर्ताले समनपुर बजारस्थित शंकर मावि समनपुर अगाडि गोली हानी हत्या गरे। जनतान्त्रिक तराई मुक्ति मोर्चा छाडी सुरक्षाकर्मीसमक्ष आत्मसर्मपण गरेका पीडितलाई मोर्चाको हिसाव फर्स्यौट नगरेकोले हत्या गरिएको जनाइयो।

पतौरा गाविस घर भएका अजय भनिने शम्भु राय यादव र जेठरहीया गाविस घर भएका राजु मिश्रलाई ०६२ बैशाख १० गते राति अज्ञात समूहले गोली हानी हत्या गरी मुडवलवा गाविसको पूर्वपट्टी वाग्मती नदीको किनारामा लास फ्याँके। पीडितको लास दुई दिनपछि सुरक्षाकर्मीले फेला पारे। माओवादी छाडेर मधेशी टाइगर खोली त्यसको अध्यक्ष रही माओवादीविरूद्ध हिंसात्मक गतिविधि सञ्चालन गर्दै आइरहेका अजय यादव ०६२ वैशाख महिनादेखि जनतान्त्रिक तराई मुक्ति मोर्चाको केन्द्रीय सदस्य र राजु मिश्र मोर्चाको क्षेत्रीय ब्यूरो सदस्य रहेका थिए। भारतीय सुरक्षाकर्मीले पक्राउ गरी नेपाली सुरक्षाकर्मीलाई बुझाएकोमा सुरक्षाकर्मीले उनीहरूको हत्या गरेको जनतान्त्रिक तराई मुक्ति मोर्चाले जनायो।

इनरवारी गाविस-८ का ५५ वर्षीय भोलाराय यादवलाई ०६२ भदौ ३० गते बिहान अज्ञात समूहले घरमै गोली हानी हत्या गरे। पीडितका परिवारले उनको हत्या माओवादीले गरेको जनाए पनि माओवादीले हत्यामा कुनै संलग्नता नरहेको जनायो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

गौर नपा-११ स्थित बराह दल गुल्ममा कार्यरत शाही नेपाली सेनाका नायक विष्णु पौडेलले सोही गुल्ममा कार्यरत सिपाही महेश सिंह र गणेश मगरलाई गोली हानी घाइते पारे। सेन्ट्रीमा बसेका अर्का सिपाहीले नायक विष्णु पौडेललाई पनि गोली हानी घाइते पारे।

माओवादीबाट

विश्रामपुर गाविस घर भई श्रीराम सुगर मिल्स गरूडामा कार्यरत चालक ३५ वर्षीय रामविनोद पटेल र इलाका प्रहरी कार्यालय गरूडामा कार्यरत तीनजना सुरक्षाकर्मी ०६१ माघ ३ गते माओवादीले सखुवा गाविसमा विद्युतीय धराप विस्फोट गराउँदा घाइते भए। घाइतेहरूलाई नारायणी उपक्षेत्रीय अस्पताल बीरगञ्जमा उपचार गरियो। घाइते सुरक्षाकर्मीहरूको नाम सार्वजनिक गर्न नमिल्ने जनाइयो।

सखुअवा धमौरा गाविस-४ का ३० वर्षीय अनत

सुरक्षाकर्मीद्वारा मारिएका कैल भनिने सुवित सहनी

चौधरी ०६१ माघ २० गते चन्द्रनिगाहपुर-८ स्थित गौर चन्द्रनिगाहपुर सडकमा माओवादीले थापेको विद्युतीय धराप विस्फोट हुँदा घाइते भए। पीडितको नारायणी उप-क्षेत्रीय अस्पताल बीरगञ्जमा उपचार गरियो।

धरमपुर गाविस-९ पकाहा टोलका ३२ वर्षीय किशोरीराय यादवलाई ०६१ चैत १८ गते माओवादीले वाग्मती नदी किनारामा गोली हानी घाइते पारे। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो।

चन्द्रनिगाहपुर गाविस-१ का ६० वर्षीय विपीन घिमिरे ०६१ चैत २१ गते माओवादीले उनकै होटलभित्र बम विस्फोट गराउँदा घाइते भए। पीडितको स्थानीय क्लिनिकमा उपचार गरियो।

मिठुअवा गाविस-६ का जगदेव भगत, गम्हरिया गाविसकी नइमा खातुन, सहाना खातुन, सेख इब्राहिम, जिल्ला प्रहरी कार्यालय रौतहटमा कार्यरत प्रहरी जवान जयप्रसाद भट्टराई, धनबहादुर महरा, दवाङ्ग लामा, सिन्धुली जिल्लाका राजेश उप्रेती, भारतका हंसलाल, शम्भुप्रसाद, राजीव मिश्र, जगदिश प्रसाद, रौतहट जटहरा गाविसका रहमान खातुन, सुवना खातुन, सेख इमरान, नसिर अहमद, तन्जिला खातुन, सर्लाही खैर्वाका रामदरेश ठाकुर, रामविनय ठाकुर, रामएकवाल ठाकुर, भारत मोतिहारीका उमाशंकर महतो, जगरनाथ महतो, प्रमोद महतो, निरसन साह र चन्दनकुमार ठाकुरसमेत २५ जना व्यक्तिहरूलाई ०६१ चैत २७ गते माओवादीले सखुअवा गाविसमा मकालु यातायात सेवाको वसमा एम्वुस विस्फोट गराई घाइते पारे। घाइतेमध्येका १२ जना काठमाडौं र अरूको गौर अस्पतालमा उपचार गरियो। घाइतेहरूमा पुरुष २१ र महिला ४ जना रहेका थिए।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा कार्यरत प्रहरी जवान ०६२ वैशाख ३१ गते सन्तपुर मटिऔन गाविस-४ बसन्तपुरमा माओवादीले राखेको विद्युतीय धराप हटाउने क्रममा विस्फोट भई घाइते भए। घाइते प्रहरीको नाम खुलाइएन। घाइतेको स्थानीय क्लिनिकमा उपचार गरियो।

इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरमा कार्यरत

प्रहरी सहायक निरीक्षक रत्नबहादुर विश्वकर्मालाई ०६२ जेठ २६ गते माओवादीले चन्द्रनिगाहपुर-१ स्थित महेन्द्र राजमार्गमा गोली हानी घाइते बनाए। पीडित वीरगञ्ज अस्पतालमा उपचारपछि फर्किए।

भसेडवा गाविस-२ का हृदयनारायण दासलाई ०६२ भदौ २२ गते राति माओवादीले कनकपुर गाविसमा गोली हानी घाइते बनाए। जंगलबाट काठ ल्याइरहेको अवस्थामा माओवादीले रोक्न खोज्दा बन्चरो प्रहार गरेकाले आत्मरक्षाको लागि गोली चलाइएको माओवादीले बताए।

संयुक्त सुरक्षा बेसक्याम्प गरूडामा कार्यरत सैनिक जवान लालबहादुर पन्त, रोशन रानाभाट र प्रहरी हवल्दार रमेशचन्द्र चौधरी ०६२ कार्तिक १० गते माओवादीले प्रतापपुर पल्टुवा गाविसको परसवा चोकमा विद्युतीय धराप विस्फोट गराउँदा घाइते भए। पीडितहरूलाई सोही दिन उपचारको लागि हेलिकप्टरबाट काठमाडौं लगियो।

सुरक्षाकर्मीद्वारा मारिएका गजाधर सहनी

जेल र बन्दीहरू

'ग' श्रेणीको रौतहट जिल्लाको कारागारको कूल बन्दी क्षमता ७५ जनाको भए पनि यस जेलमा ०६२ मंसिर मसान्तसम्म ८७ जना बन्दीहरू रहेका छन्। यसमध्ये थुनुवा एक महिला र ३५ पुरूषसमेत ३६ जना र कैद तोकिएका १ महिला र २८ पुरूषसमेत २९ जना र माओवादी आरोपमा २२ जना पुरूषहरू नजरबन्दमा रहेका छन्।

यस कारागारमा पुरूष र महिलाका छुट्टाछुट्टै बन्दी गृह रहेका छन्। बाँसको मुढा बनाउने, फूलदानी बनाउने र फर्निचर बनाउने व्यवसाय कारागारभित्र सञ्चालन गरिएको छ। मनोरञ्जनका साधनमा सरकारी टेलिभिजन २ वटा, व्यक्तिगत १ वटा, क्यारेमबोर्ड, लुँडो, चेस र गोरखापत्र लगायत स्थानीय पत्रपत्रिका पढ्न दिइएको छ। कारागारभित्रै सरकारद्वारा सञ्चालित प्राथमिक विद्यालय रहेकोमा २५ जना बन्दीहरूले अध्ययन गरिरहेका छन्। पुरूष बन्दीगृहतर्फ २ तले भवनमा १० कोठा रहे पनि भवन जीर्ण भएकाले माथिल्लो तलामा बन्दीहरूलाई जान दिइएको छैन। कारागारमा स्थानीय समाजसेवी सुष्मा मुडभरीले स्थापना गरेको पुस्तकालय र रेडक्रसको अन्तर्राष्ट्रिय समितिले उपलब्ध गराएका पुस्तकहरू रहेका छन्।

कारागारमा रौतहट वैरिया गाविस-३ घर भएका माओवादी आरोपका बन्दी ४५ वर्षीय सेख सलाउद्दिनको ०६१ पुस २६ गते पेट दुख्ने रोगको कारण मृत्यु भएको कारागार प्रशासनले जनायो।

बेपत्ता / अपहरण

माओवादीबाट

चन्द्रनिगाहपुर गाविस-२ का ४० वर्षीय विष्णु महतो कुष्वाहालाई ०६१ पुस २१ गते साँझ माओवादीले चन्द्रनिगाहपुर बजारबाट अपहरण गरी माघ ३ गते मुक्त गरे।

चन्द्रनिगाहपुरभन्दा ७ किलोमिटर पश्चिम लमाहा जंगलमा ०६१ पुस २५ गते बिहान माओवादीले सातवटा यात्रु वाहक बसका करिब तीनसय यात्रुलाई अपहरण गरी कब्जामा लिए। इन्सेक प्रतिनिधि, सञ्चारकर्मीहरूको पहलमा कब्जामा लिइएका यात्रुहरूलाई छ घण्टापछि मुक्त गराइएको थियो। कब्जामा लिइएका यात्रुहरूलाई जंगलभित्र लगेर एक घण्टा प्रशिक्षण दिइएको यात्रुहरूले बताए।

प्रेमपुर गोनाही गाविस-५ का ४० वर्षीय लखु पटेललाई ०६१ माघ ३ गते साँझ माओवादीले घरबाटै अपहरण गरी माघ १६ गते मुक्त गरे। पीडित १२ वर्षसम्म कारागारमा रही छुटेका थिए।

पौराई गाविस-६ का नेकाँका कार्यकर्ता ३५ वर्षीय श्रीराम न्यौपानेलाई ०६१ माघ १६ गते राति माओवादीले घरबाट अपहरण गरे। पीडितलाई स्थानीय राजनीतिक कार्यकर्ताको रोहबरमा माघ १८ गते मुक्त गरियो।

सन्तपुर मटिऔन गाविस-६ का ३० वर्षीय हर्गेन मुखिया र सोही ठाउँका ३५ वर्षीय बालकिशोर मुखिया बिनलाई ०६१ माघ १९ गते राति माओवादीले अपहरण गरी हर्गेन मुखियालाई सोही राति जंगलमा लगेर मुक्त गरे भने बालकिशोर मुखियालाई माघ २३ गते मुक्त गरे।

मिठुअवा गाविस-४ का १८ वर्षीय रवीन्द्र पासवानलाई ०६१ फागुन १३ गते माओवादीले घरबाट अपहरण गरी चार दिनपछि मुक्त गरे।

सोनरनिया गाविसका गणेश राउत कुर्मीलाई ०६१ फागुन १५ गते राति माओवादीले अपहरण गरी घरका सामान समेत लुटपाट गरेको स्थानीय बासिन्दाले बताए। पीडितलाई तीन दिनपछि मुक्त गरे।

पौराई गाविस-९ का ४५ वर्षीय खड्गराज उप्रेतीलाई ०६१ फागुन १५ गते माओवादीले अपहरण गरी निर्ममतापूर्वक कुटपिट गरी भोलिपल्ट छाडिएको पीडितले बताए। पीडित पूर्व गाविस उपाध्यक्ष तथा नेकपा (एमाले) गाउँ कमिटीका सचिव हुन्।

विश्रामपुर गाविस-५ का गणेश सहनीलाई ०६१ फागुन १६ गते माओवादीले अपहरण गरी फागुन २१ गते

मुक्त गरे। पीडितलाई डकैतीहरूमा संलग्न भएको आरोपमा अपहरण गरिएको माओवादीले बतायो।

जुडिवेला गाविस-२ का सशस्त्र प्रहरी जवान २२ वर्षीय उमेश चौधरीलाई घर विदामा आएका वेला ०६२ वैशाख १६ गते माओवादीले अपहरण गरी वैशाख १८ गते जागिर छाड्ने सर्तमा मुक्त गरे।

पौराई गाविस-४ का ३६ वर्षीय अमरवहादुर क्यापछाकी मगरलाई ०६२ जेठ १० गते विहान माओवादीले घरवाट अपहरण गरे। पीडितलाई जुडिवेला गाविसको फूलबारी टोलमा पुऱ्याएपछि ०६२ जेठ ११ गते बिहान सर्चमा गएका सुरक्षाकर्मीलाई देखी माओवादी भागेकाले पीडित माओवादी कव्जाबाट मुक्त भए।

पौराई गाविस-९ का ४० वर्षीय खड्गराज उप्रेतीलाई ०६२ साउन १८ गते विहान माओवादीले घरवाट अपहरण गरी दुवै हात बाँधी जंगलतर्फ लगे। पीडितलाई इन्सेक प्रतिनिधिसहितको टोलीले मुक्त गर्न दबाब दिएपछि साउन १९ गते मुक्त गरे। पीडितलाई यसअघि ०६१ फागुन १५ गते पनि अपहरण गरिएको थियो।

सोनरनिया गाविस घर भएका दुईजना सर्वसाधारणलाई ०६२ असोज ८ गते माओवादीले अपहरण गरी ४ दिनपछि मुक्त गरे। सोही गाविस घर भएका माओवादी कार्यकर्ताको घरमा आगो लगाएको आरोपमा माओवादीले उनीहरूलाई अपहरण गरेको जनाए।

सन्तपुर दोस्तीया गाविस-३ का राजेन्द्रप्रसाद यादवलाई ०६२ कार्तिक २८ गते माओवादीले अपहरण गरे। कार्तिक २७ गते आफनै पत्नीको हत्या गरेको अभियोगमा उनलाई अपहरण गरिएको माओवादीले जनायो। पीडित अपहरणको भोलिपल्ट माओवादी कव्जावाट भागेको जानकारी दिइयो।

गरूडा गाविस-८ का ६० वर्षीय कासी साहलाई ०६२ मंसिर २ गते माओवादीले जुडिवेला गाविसमा सामुदायिक वनको काठ लिन आउँदा अपहरण गरी मंसिर ४ गते मुक्त गरे।

चन्द्रनिगाहपुर गाविस-३ गैंडाटारका ३८ वर्षीय डिल्लीप्रसाद तिमिल्सिना, ३४ वर्षीय वच्चु तिमिल्सिना र ३० वर्षीय शिवप्रसाद फुयाललाई माओवादीले ०६२ मंसिर ८ गते अपहरण गरी बेपत्ता पारे। दुई वर्षअघि माओवादी कार्यकर्ता दीपक, फिरोज र पुनित धामीको हत्या गरेको आरोपमा माओवादीले मृत्युदण्ड दिने घोषणा गरेकोले उनीहरू विस्थापित भएका थिए। ०६१ चैत ५ गतेदेखि उनीहरूका परिवारलाई घर निकाला गरेकोले माओवादीले उनीहरूलाई घर फर्कन आह्वान गरेपछि घर आउँदा अपहरण गरिएको थियो। अपहरितमध्ये डिल्लीप्रसाद तिमिल्सिना मंसिर २४ गते माओवादीको कब्जाबाट भागेका र अन्य दुईजना उनीहरूकै कव्जामा रहेको माओवादीले जनायो।

वारा जिल्ला निजगढ गाविस-५ का कुशवहादुर थापा, निजगढ वजारका कुमार आचार्य र वारा भरतगंज सिंगौलका श्यामकुमार सिंहलाई ०६२ मंसिर १५ गते माओवादीले चन्द्रनिगाहपुर-३ गैंडाटारवाट कव्जामा लिई मंसिर १७ गते मुक्त गरे। उनीहरूलाई आफनो इलाकामा अनुमतिविना प्रवेश गरेको भनी कव्जामा लिएको माओवादीले जनाए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

लक्ष्मीनिया गाविस-९ भैंसही टोलका ५० वर्षीय ब्रम्हनारायण पटेल, ६० वर्षीय फुलवादेवी पटेल, १४ वर्षीय विनोदकुमार पटेल, १५ वर्षीय सिकन्दर दास, बारा जिल्ला सपही गाविसका ३६ वर्षीय सहदेव मैनाली, ३० वर्षीय विदुर सुवेदीलाई ०६१ चैत २५ गते सुरक्षाकर्मीले कुटपिट गरी घाइते पारे। सर्चमा गएका सुरक्षाकर्मीले डुमरिया (म.) गाविस-७ का त्रिलोचन पौडेललाई नियन्त्रणमा लिई हत्या गरेपछि खेतमा काम गरिरहेका र काम विशेषले त्यहाँ पुगेका व्यक्तिहरूलाई निर्घात कुटपिट गरेको पीडितले बताए।

माओवादीबाट

पौराई गाविस-८ का २५ वर्षीय डल्ले मगर र सोही ठाउँका दीपक मगरलाई ०६१ पुस २३ गते माओवादीले मोसो दली गाउँ घुमाए। गाउँघरका साइकल चोरी गरेकाले चोरीको साइकल सहित पक्राउ गरी चोरी नगर्ने सर्तमा पीडितलाई कारवाही गरिएको माओवादीले वताए।

रौतहट जिल्लाका ९६ गाविसका सचिवहरूलाई ०६२ साउन १५ गतेदेखि माओवादीले कामकाज गर्न प्रतिबन्ध लगाए। ती गाविस सचिवहरूमध्ये केहीलाई फोन, केहीलाई पत्रमार्फत र केहीलाई भेटेर कामकाज नगर्न दवाव दिएको सचिवहरूले बताए। माओवादी धम्कीपछि सचिवहरूले गाविसको काम अन्यत्रै बसेर गरिरहेका छन्।

मर्यादपुर गाविस घर भएका ललन झालाई ०६२ भदौ १४ गते माओवादीले कालो मोसो दलेर स्थानीय श्रीनगर

सुरक्षाकर्मीद्वारा मारिएका त्रिलोचन पौडेल

बजार घुमाए। माओवादीबाट आत्मसर्मपण गरी घर बसेका उनलाई माओवादीको नाममा ३० हजार चन्दा लिएकाले कारवाही गरिएको माओवादी एरिया सेक्रेटरी लक्ष्मणले बताए।

मधेशी टाइगरबाट

कनकपुर गाविस-८ का २५ वर्षीया सावित्रा पोखरेल, भसेडवा गाविस-६ का ७६ वर्षीय गंगाबहादुर धिमाल, उनका ५० वर्षीय अपाङ्ग छोरा गणेशबहादुर धिमाल र १४ वर्षीय छोरी संगिता धिमाललाई ०६१ पुस २० गते राति मधेशी टाइगरका कार्यकर्ताले कुटपिट गरी घरमा लुटपाट गर्नुका साथै ज्यान मार्ने धम्की दिए। सो समूहले माओवादी जिल्ला सेक्रेटरी चित्रको घर आगो लगाए।

विश्रामपुर गाविस -८ घर भएका माओवादी जिल्ला सदस्य देवेन्द्र पटेल, माओवादी कार्यकर्ता राकेश, पूर्व गाविस उपाध्यक्ष रामसिंहासन साह, रमौली बैरिया गाविसका पूर्व उपाध्यक्ष नागेन्द्र पटेललाई ०६१ फागुन २० गते राति मधेशी टाइगरका कार्यकर्ताले कुटपिट गरी घर तथा ट्याक्टरमा आगो लगाए। सो समूहले माओवादी जिल्ला सदस्य देवेन्द्रकी पत्नीलाई सात दिनभित्र पतिलाई उपस्थित नगराए ज्यान मार्ने धम्की दिए।

दीपही गाविस -७ का शिक्षक नागेन्द्रप्रसाद यादव र सोही ठाउँका सर्वसाधारण दयाराम महतोलाई ०६१ फागुन २३ गते राति मधेशी टाइगरका कार्यकर्ताले कुटपिट गरी घाइते पारे। पीडितहरू गौर अस्पतालमा उपचार गराई घर फर्किए।

दिपही गाविस -५ घर भएका माओवादी जिल्ला सदस्य भोला यादवकी पत्नी ३५ वर्षीय इन्द्रकलादेवी यादव र सोही ठाउँका माओवादी कार्यकर्ता रामविकेशराय यादवको पत्नी समेत दुईजनालाई ०६१ फागुन २३ गते राति मधेशी टाइगरका कार्यकर्ताले कुटपिट गरी घाइते पारे। पीडितको कपाल काटेर चारपाटा मुडे। पीडितहरू गौर अस्पतालमा उपचारपछि घर फर्किए।

सुरक्षाकर्मीद्वारा मारिएका रामलाल सहनी

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकाँका जिल्ला सभापति तथा पूर्वमन्त्री महमद अफताव आलम, नेकाँ जिल्ला कार्य समिति सदस्य दिनेश केसरी, विन्दा सहनी, हृदयनारायण यादव, नेविसंघका जिल्ला सभापति अशोककुमार कुशवाहालगायत् ३७ जना नेकाँका कार्यकर्ताहरूलाई ०६१ फागुन ८ गते प्रजातन्त्र दिवसको अवसरमा जुलुस निकाल्ने तयारी गरिरहेको अवस्थामा प्रहरीले गौरबाट गिरफ्तार गरी सोही साँझ रिहा गर्‍यो।

नेकपा (एमाले) का जिल्ला कमिटी सदस्य अब्दुलकलाम आजाद, निवर्तमान सभापति राजेन्द्र पटेल र नेकाँका जिल्ला कार्य समितिका उपसभापति गम्भीरप्रसाद निरालालाई ०६१ फागुन ६ गते बिहान सेनाले गौरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय गौरमा राखे। गिरफ्तार गरिएकामध्ये अबदुलकलाम आजाद र राजेन्द्र पटेललाई साँझ रिहा गरियो भने गम्भीरप्रसाद निरालालाई फागुन ७ गते साँझ रिहा गरियो।

जनमोर्चा नेपालका जिल्ला सचिव अमित श्रेष्ठ र नेकाँका देवप्रसाद तिमलसिनालाई ०६१ फागुन ७ गते प्रहरीले घरबाटै गिरफ्तार गरी साँझ रिहा गरे।

नेकपा (एमाले) का कार्यालय सचिव तुलसीराज गिरी, जिल्ला कमिटी सदस्य रेवन्त झा, श्यामसुन्दर पटेल, भूतपूर्व जिविस सभापति राजेन्द्र पटेल, नेपाली कांग्रेसका जिल्ला सभापति तथा पूर्वमन्त्री महमद अफताव आलम, जिल्ला सदस्यहरू दिनेश केसरी, बिन्दा सहनी, अशोककुमार कुशवाहा, अशोककुमार यादव, कमलेश चन्द्रवंशी, विनोद यादव, प्रमोद साह, रामश्रेष्ठ साह, हृदयनारायण यादव, नेकाँ (प्रजातान्त्रिक) का नारद सिंह, जनमोर्चा नेपालका उपेन्द्र साह र अमित श्रेष्ठ लगायत १९ जनालाई ०६१ फागुन २९ गते गौरमा शाही घोषणाको विरूद्धमा जुलुस प्रर्दशन गर्ने क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरुलाई गौरस्थित सैनिक ब्यारेकमा राखियो। गिरफ्तार गरिएकामध्ये दिनेश केसरी, अशोककुमार कुशवाहा, अशोककुमार यादव लगायत १० जनालाई फागुन ३० गते रिहा गरियो भने सुदामा चौधरी र अमित श्रेष्ठलाई चैत ३ गते रिहा गरियो। नेकपा (एमाले) का रेवन्त झा, राजेन्द्र पटेल, श्यामसुन्दर पटेल तथा नेकाँका महमद अफताव आलम, देवप्रसाद तिमलसिना र विन्दा सहनीलाई ३ महिनाको थुनुवा पूर्जी दिई चैत ३ गते गौर कारागार चलान गरियो। नजरबन्दमा रहेकामध्ये देवप्रसाद तिमलसिनालाई बिरामी परेका कारण चैत ७ गते रिहा गरियो भने बाँकी चार जनालाई चैत ३१ गते छाडियो।।

नेकपा (संयुक्त) का केन्द्रीय सदस्य उदयनारायण झा, जिल्ला सचिव हेमचन्द्र साह, जिल्ला सदस्यहरू राजाराम साह, गुल्टेन राय यादव, रामनारायण सिंह, माधव गौतम,

चुल्हाइ राम र रामअश्रे राउतलाई शाही घोषणाको विरोधमा ०६१ चैत १९ गते गौरमा जुलुश प्रर्दशन गर्ने क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरी गौरस्थित सैनिक व्यारेकमा राखी चैत २१ गते रिहा गरियो।

नेकपा (एमाले) का कार्यालय सचिव तुलसीराज गिरी, सोही पार्टीका कमल राय यादव, धर्मेन्द्र पटेल, रामबाबु पटेल, राजु ठाकुर, नेकाँका गम्भीरप्रसाद निराला, हृदयनारायण यादव, श्यामकिशोर झा, मनोज शर्मा, रामकृपाल यादव, जनमोर्चा नेपालका सहिद मिंया, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का श्यामबाबु यादव, उमेश तिवारी, रामविनोद सिंह, हरिनारायण सिंह, पवनकिशोर सिंह, शंकर सिंहलगायत १९ जनालाई जनआन्दोलन दिवस मनाउन लाग्दा ०६१ चैत २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी चैत २७ गते रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

रौतहट जिल्ला अदालतमा ०६२ मंसिर मसान्तसम्मको अभिलेख अनुसार, गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्षको समेत दुनियाँवादी देवानी मुद्दा संख्या एक हजार दुईसय १०, र फौजदारी गत वर्षका समेत तीनसय, र बिगोतर्फ गत वर्षकोसमेत गरी चारसय तीन मुद्दा रहेको छन्। दुनियावादी देवानीमा गत वर्षका छसय ६० र यस वर्षको पाँचसय ५०, फौजदारी गत वर्षको एकसय ६१ र यस वर्षका एकसय ३९ र विगो तर्फ गत वर्षको दुईसय ७७ र यस वर्षका एकसय २६ रहेका छन। फौजदारी मुद्दामा दुनियावादी फौजदारी दुईसय ३४ र सरकारवादी फौजदारी ६६ ओटा रहेका छन्।

यस अदालतमा ०६२ मंसिर मसान्तसम्म देवानी चारसय ३१, सरकारवादी फौजदारी २०, दुनियावादी फौजदारी ७०, बिगो दुईसय ७७ समेत जम्मा सातसय ९८ मुद्दा फर्स्यौट भए।

सुरक्षाकर्मीद्वारा कुटपिट गरिएका ब्रम्हनारायण पटेल

अदालतमा दुई वर्ष नाघेका छ ओटा मुद्दामा दुनियाँवादी फौजदारी दुई ओटा र देवानी चार ओटा रहेका छन भने दुई वर्ष नाघेका विगो पाँचओटा छन्। त्यसैगरी दुई वर्षसम्मको मुद्दामा सरकारवादी फौजदारी एक, दुनियाँवादी फौजदारी सात गरी जम्मा आठओटा र देवानी मुद्दा ३० ओटा रहेका छन्। अदालतको स्थापना भएदेखि ०६२ मंसिर मसान्तसम्मको जरिवाना बक्यौता असुली एक करोड दुई लाख २२ हजार नौ सय १७ रूपैयाँ रहेको छ भने कैद भुक्तानी हुन एक हजार पाँच सय ९४ वर्ष ११ महिना २५ दिन २६ घण्टा बाँकी रहेको अदालतले जनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

चन्द्रनिगाहपुर गाविस-३ गैंडाटारका ५० वर्षीय पवित्रा तिमल्सिना, ११ वर्षीय सरीता तिमल्सिना, १८ वर्षीय गोपिनी तिमल्सिना, ३० वर्षीय सीता तिम्लिसना, १६ वर्षीय विन्दा तिमल्सिना, ११ वर्षीय सन्जय तिमल्सिना, ७ वर्षीय प्रदिप तिमल्सिना, ५ वर्षीय पवन तिमल्सिना, ६८ वर्षीय चन्द्रहरि फुँयाल, ६५ वर्षीय देवकन्या फुँयाल, २८ वर्षीय चन्द्रकुमारी फुँयाल, ६ वर्षीय सावित्री कुमारी र १ महिनाको बालिकासमेत १७ जनालाई ०६१ चैत ५ गते माओवादीले गाई, भैंसीसमेत घरका सम्पूर्ण सामान, लगी घर निकाला गरे। पीडितमध्ये चन्द्रहरि फुँयाल परिवारका छजनालाई इन्सेक प्रतिनिधिको पहलमा डेढ महिनापछि घर फर्काइयो भने बाँकी परिवारलाई हालसम्म घर जान दिइएको छैन।

जिल्ला शिक्षा कार्यालय रौतहटबाट सञ्चालित अनौपचारिक शिक्षा कार्यक्रमका तीनसय ४७ जना सहयोगी कार्यकर्ताले आर्थिक वर्ष ०६१/०६२ को मासिक पारिश्रमिक भुक्तानी पाएनन्। जिल्ला शिक्षा कार्यालयको लापरवाहीका कारणले निकासा भएको रकम फ्रिज भएकाले भुक्तानी पाउन नसकेको पीडितले बताए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

बारा जिल्ला निजगढ गाविसका खर्चबहादुर तामाङ र सोही ठाउँका कीर्तिलाल तामाङलाई ०६१ चैत ३ गते सुरक्षाकर्मीले माओवादीको आशंकामा रंगपुर गाविसबाट गिरफ्तार गरी चैत १० गते रिहा गरे।

डुमरिया मटिऔन गाविस -७ का ५० वर्षीय बद्रिप्रसाद उपाध्यायलाई ०६१ चैत २५ गते सुरक्षाकर्मीले लक्ष्मीनियाँ गाविसबाट गिरफ्तार गरी चैत २८ गते रिहा गरे।

लक्ष्मीपुर गाविस-४ का ३३ वर्षीय रामशंकरप्रसाद यादवलाई ०६२ वैशाख २ गते राति घुमुवा प्रहरीले घरभित्र प्रवेश गरी गिरफ्तार गरे। पीडितलाई बराह दल गुल्ममा कसैसँग भेटघाट गर्न नदिई राखियो। उनी वैशाख २० गते जिल्ला प्रहरी कार्यालय गौरबाट रिहा भए।

डुमरिया मटिऔन गाविस -७ का २५ वर्षीय राजन

माओवादीद्वारा ध्वस्त पारिएको मकालु यातायातको बस

फुयाललाई ०६२ वैशाख ७ गते सुरक्षाकर्मीले सन्तपुर गाविस-८ मरधर टोलमा गोली हानी घाइते पारेर गिरफ्तार गरे। पीडितलाई वैशाख ११ गते जिल्ला कारागारमा नजरबन्दमा राखियो।

मडवलवा गाविस -३ का ५० वर्षीय भिखारी राय यादवलाई ०६२ वैशाख १३ गते जिल्ला प्रहरी कार्यालय गौरमा गएका वेला प्रहरीले गिरफ्तार गरी वैशाख २० गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

पौराई गाविस -८ का २९ वर्षीय गोविन्द दुलाल र २१ वर्षीय दीपक कुस्वारलाई ०६२ वैशाख १९ गते सर्चमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी वैशाख २० गते बराहदल गुल्म, गौरबाट रिहा गरे।

पतौरा गाविस -८ का २१ वर्षीय चन्दन भनिने चन्द्रप्रकाश साहलाई ०६२ साउन १२ गते सुरक्षाकर्मीले हथियाही गाविसको जर्मनिया बजारबाट गिरफ्तार गरे। माओवादीका जिल्ला सदस्य रहेका उनलाई १० दिनपछि साउन २१ गते जिल्ला कारागारमा नजरबन्दमा राखियो।

समनपुर गाविस -८ का ३५ वर्षीय लक्ष्मीराय यादव, हर्दिया पल्टुवा गाविस-८ का रामदरेशप्रमाद यादव र रमौली बैरिया गाविस-३ का रामसोगारथ सहनीलाई ०६२ साउन २५ गते आत्मसमर्पण गर्न गएका वेला बराह दल गुल्म गौरले गिरफ्तार गरी हिरासतमा राखे। उनलाई ०६२ साउन २८ गते पत्रकार सम्मेलन गरी रिहा गरियो। माओवादी छाडेर मधेसी टाइगर हुँदै जनतान्त्रिक तराई मुक्ति मोर्चामा रहेका पीडितहरूलाई सुरक्षाको कारणले हिरासतमा राखिएको जानकारी दिइयो।

सन्तपुर मटिऔन गाविस-८ का ३५ वर्षीय नागप्रसाद गौतमलाई ०६२ साउन २५ गते सुरक्षाकर्मीले माओवादीको आशंकामा खेतमा काम गरिरहेको अवस्थामा गिरफ्तार गरी साउन २७ गते संयुक्त सुरक्षा वेस क्याम्प, चन्द्रनिगाहपुरबाट रिहा गरे।

राजपुर फरहदवा गाविस घर भएका मनोज साह बानियालाई ०६२ असोज १ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी असोज ५ गते जिल्ला कारागारमा नजरबन्दमा राखियो।

कनकपुर गाविस-५ सिम्रीका ३५ वर्षीय रिनु माझीलाई ०६२ असोज ६ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा घरबाटै गिरफ्तार गरी असोज ११ गते नजरबन्दमा राख्न कारागार पठाए। पीडितलाई तीन महिनापछि पुस ५ गते नजरबन्दबाट रिहा गरियो।

चन्द्रनिगाहपुर गाविस-३ गैडाटारका २७ वर्षीय सुबलाल गुरुंलाई माओवादीको आरोपमा ०६२ असोज १० गते सुरक्षाकर्मीले चन्द्रनिगाहपुरबाट गिरफ्तार गरी बराहदल गुल्म गौरबाट असोज १५ गते रिहा गरे। पीडितलाई हिरासतमा यातना दिइएको राष्ट्रिय मानव अधिकार आयोगको टोलीले सार्वजनिक गरेको थियो।

मिठुअवा गाविस घर भएका माओवादी कार्यकर्ता सुकिन पासवानलाई ०६२ असोज १७ गते गाउँलेहरूले पक्राउ गरी सुरक्षाफौजसमक्ष बुझाए। पिप्रा रजवाडा गाविस घर भएका एमाले कार्यकर्ता नन्दलाल राय यादवलाई अपहरण गर्न आएका पासवानलाई गाउँलेले प्रतिकार गरी सुरक्षाफौजसमक्ष बुझाएका थिए। उनलाई असोज २१ गतेदेखि जिल्ला कारागारमा नजरबन्दमा राखियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

बरियारपुर गाविस-६ की २० वर्षीय रामकलीदेवी सहनीलाई सोही ठाउँका रामकिसुन सहनी, जुलुम सहनी, गंगा सहनी, रामप्रवेश सहनी, गान्धीदेवी सहनीले ०६२ साउन २५ गते भारतको पन्जाब शहरमा पुऱ्याई बिक्री गरे। पीडकहरूउपर मुद्दा दर्ता गर्न प्रहरीले अस्वीकार गरेको र हुलाकबाट जाहेरी दिंदासमेत दर्ता नगरिएको पीडित महिलाका पतिले बताए।

बलात्कार बलात्कार प्रयास

चन्द्रनिगाहपुर गाविस -५ की ७ वर्षीय एक बालिकालाई ०६१ फागुन २६ गते दिउँसो सोही ठाउँका २२ वर्षीय पदमबहादुर विश्वकर्माले बोलाई बलात्कार गरे। पीडित बालिकाकी आमा जंगल गएका बेला बालिकालाई आफ्नै घरमा बोलाई बलात्कार गरेको पीडकले बताए। पीडकलाई प्रहरीले सोही दिन पक्राउ गरी पुर्पक्षको लागी थुनामा राखियो।

देवाही गाविस -८ की १० वर्षीय एक बालिकालाई सोही ठाउँका रामविश्वास राय यादव, जयनारायण राय यादव

र विगनराय यादवले ०६२ साउन २८ गते बलात्कार गरे। पीडित बालिका खेतमा घाँस काट्न गएको समयमा तीनजना उखुवारीमा लगी बलात्कार गरेको पीडित बालिकाले बताइन्। पीडकहरूमध्ये रामविश्वासराय यादवलाई पक्राउ गरिएको र पुर्पक्षको लागि थुनामा राखियो।

पारिवारिक हिंसा/बहुविवाह

पिप्रा रजवाडा गाविस-२ का बच्चेलाल साहले मिठुअवा-४ की राधिका देवीलाई ०६२ वैशाख महिनामा बहुविवाह गरेको ०६२ साउन २३ गते सार्वजनिक भयो। तीन वर्ष अघि पिप्रा रजवाडा गाविस-३ की २१ वर्षीय रीमादेवी तेलीनसँग विवाह गरेका बच्चेलाल साहले जेठी पत्नीलाई थाहा नदिई अर्को विवाह गरेका थिए। पीडकलाई प्रहरीले पक्राउ गरी तारेखमा रिहा गरे।

खेसरहिया गाविस-८ की ४० वर्षीय शीलादेवी सहनी र उनकी डेढ वर्षीय छोरी पूजा सहनीलाई पीडितकै पति बाबु कमल सहनीले ०६२ जेठ १ गते राति मट्टितेल खन्याएर आगो लगाई हत्या गरी फरार भए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

रौतहट जिल्लामा टेष्ट परीक्षा सञ्चालन भइरहेको अवस्थामा ०६१ माघ २२ गते माओवादीले मावि सिम्राभवानीपुर, कालीका मावि वनवहुअरीबाट प्रश्नपत्र लुट्नुका साथै जनज्योति उच्च मावि चन्द्रनिगाहपुर, दूर्गा मावि ठाडाटोल र वाग्मती मावि पौराईको परीक्षा स्थगित गराए। स्थगित परीक्षा पुन: माघ २९ गते सञ्चालन गरिएको जानकारी दिइयो।

माओवादी निकट अनेरास्ववियू क्रान्तिकारीले रौतहट जिल्लाका सबै सरकारी विद्यालयहरूमा अनिवार्य गरिएको नैतिक शिक्षा र कक्षा ९ मा अध्यापन हुने नेपाली विषयको वालकृष्ण समको इच्छा कविता र कक्षा १० को नेपाली विषयकै भानुभक्त आर्चायको देह आत्मा कविता ०६२ भदौ महिनादेखि पढाउन रोक लगाए।

माओवादी निकट अनेरास्ववियु (क्रान्तिकारी) ले रौतहट जिल्लाका सामुदायिक विद्यालयहरूमध्ये जुडिबेला मावि र दुधिअवा माविलाई ०६२ भदौ महिनादेखि अनिश्चितकालीन बन्द गराए। बन्द विद्यालय असोज १ गतेदेखि जिल्लास्थित मानवअधिकार संस्था, नागरिक समाज, व्यवस्थापन समितिको पहलमा खोलियो।

माओवादीले ०६१ चैत २७ गते सखुअवा गाविसमा यात्रु वाहक बस विद्युतीय धराप विस्फोटमा परी ५ जना सर्वसाधारणको ज्यान लिए भने २५ जना अङ्गभङ्ग र घाइते तुल्याए। इन्सेक जिल्ला प्रतिनिधि विपीन गौतम, नेपाल बार एसोसियसन रौतहटका अध्यक्ष महमद साविर हुसैन, सचिव अनन्त अधिकारी, नेपाल बार एसोसियसन मानव अधिकार परियोजनाका संयोजक दिलीप कोइरालाले ०६१ चैत २७ गते संयुक्त विज्ञप्ति प्रकाशित गरी सो कार्यको निन्दा एवं भर्त्सना गरे।

संरचना/सम्पत्ति क्षति

माओवादीले ०६१ माघ २० गते राति चन्द्रनिगाहपुर गाविस भवनमा वम विस्फोट गराई करिब आठ लाख बराबरको क्षति पुऱ्याए।

माओवादीले ०६१ माघ २० गते राति सन्तपुर मटिऔन-७ बैजनाथपुरस्थित गौर-चन्द्रनिगाहपुर सडक खण्डको कल्भर्टमा वम विस्फोट गराई क्षति पुऱ्याए।

माओवादीले ०६१ माघ २० गते राति गरूडा गाविस भवनमा बम विस्फोट गराई पाँच लाख बराबरको क्षति पुऱ्याए।

माओवादीले ०६१ माघ २२ गते दिउँसो रमौलीवैरिया र विश्रामपुर गाविस भवनका सम्पूर्ण कागजपत्र जलाएर नष्ट गरे।

माओवादीले ०६१ माघ २२ गते राति चन्द्रनिगाहपुरमा रहेको कृषि विकास बैंक भवनमा वम विस्फोट गराई १० लाख बराबरको क्षति पुऱ्याए।

माओवादीले ०६१ माघ २३ गते डुमरिया मटिऔन गाविसका कागजपत्र आगो लगाएर नष्ट गरे।

माओवादीले सन्तपुर मटिऔन गाविसमा रहेको साना किसान विकास आयोजना र साना किसान सहकारी संस्थाबाट १० हजार लुटपाट गर्नुका साथै कार्यालयमा तालाबन्दी गरे। स्थानीय नागरिक समाज र इन्सेक प्रतिनिधिको पहलमा ०६१ फागुन १० गते ताला खुलाइयो।

विश्रामपुर गाविसका भूतपूर्व अध्यक्ष राजेन्द्रराय यादवको घरमा ०६१ फागुन ४ गते राति माओवादीले लुटपाट गरी परिवारका सदस्यलाई घर निकाला गरे।

माओवादीद्वारा बम विस्फोट गराई ध्वस्त पारिएको इलाका प्रशासन कार्यालय

पीडित हाल सदरमुकाममा विस्थापित जीवन बिताइरहेका छन्।

माओवादीले ०६१ फागन १५ गते चन्द्रनिगाहपुर गाविस-६ मा रहेको कृषि सामग्री संस्थानको भवनमा बम विस्फोट गराई ७ लाख बराबरको क्षति पुऱ्याए।

विश्रामपुर गाविस-९ का लक्ष्मण भण्डारीको घरमा ०६१ चैत ७ गते राति मधेशी टाइगरका कार्यकर्ताले लुटपाट गर्नुका साथै घर, ट्याक्टर र करिब २ सय मन धानमा आगजनी गरे।

गौर नपा-८ स्थित वीपी चोकस्थित गुप्ता आयल स्टोर्समा ०६१ चैत २० गते राति माओवादीले बम विस्फोट गराई करिब १२ लाख बराबरको क्षति पुऱ्याए।

चन्द्रनिगाहपुर गाविस-१ मा रहेको इलाका प्रशासन कार्यालयमा ०६२ वैशाख ६ गते माओवादीले बम विस्फोट गराई ध्वस्त पारे। विष्फोटका कारण १९ गाविसका ५० हजारभन्दा बढी जनता प्रभावित भएको कार्यालयले जनायो।

माओवादीले ०६२ वैशाख २७ गते सन्तपुर मटिऔन गाविस-७ वैजनाथपुर चोकमा मकालु यातायात सेवाको यात्रुवाहक बस आगो लगाई ध्वस्त बनाए।

माओवादीले ०६२ वैशाख २७ गते साफ महेन्द्र राजमार्गको लमाहा जंगलमा चारओटा मालवाहक ट्रक आगो लगाई ध्वस्त बनाए।

माओवादीले ०६२ भदौ ६ गते बिहान गौर-चन्द्रनिगाहपुर सडक अन्तर्गत सरुअठा चोकमा बम राखी चार घण्टा सडक अवरुद्ध गरे।

माओवादीले ०६२ भदौ १५ गते जिल्ला वन कार्यालयको भवनमा आगो लगाउनुका साथै एक थान कम्प्युटर र प्रिन्टर लुटेर लगे। आगजनीबाट फर्निचर, कागज पत्र जलेर नष्ट हुँदा करिब पाँच लाख बराबरको सम्पत्ति नष्ट भएको सो कार्यालयले जनायो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

पौराई गाविस-३ स्थित बागमती नदीको पुलमुनि ०६२ भदौ ३० गते बिहान टाउको र खुट्टा नभएको अज्ञात व्यक्तिको लास भेटियो।

गंगापिप्रा गाविस-४ की ४ वर्षीय बबिताकुमारी मरिक र २ वर्षीय सविताकुमारी मरिकको ०६१ चैत ६ गते क्रमशः गौर नपा-५ का विजय मरिक डोम र सखुअवा धमौराका पाँच वर्षीय अजय मरिक डोमसँग बालविवाह भयो।

विगतको अनुगमन

चन्द्रनिगाहपुर गाविस-९ का ३० वर्षीय रमेशकुमार वर्म्नेतलाई हत्या गरेको ०६१ पुस १७ गते माओवादीले एक विज्ञप्ति प्रकाशित गरी स्वीकार गरे। माओवादी छापामार रहेका वर्म्नेतलाई कहिले र कहाँ हत्या गरियो भन्ने सम्बन्धमा माओवादीले केही बताएनन्। उनलाई ०६१ पुस १० गते अपहरण गरिएको थियो।

समनपुर गाविस-७ का २२ वर्षीय हरिनारायण राय यादव र हर्दिया पल्टुवा-८ का २७ वर्षीय रामनारायण राय यादवलाई ०६१ पुस १७ गते मधेशी टाइगरका कार्यकर्ताले घाँटी रेटी हत्या गरी समनपुर गाउँभन्दा पूर्व बागमती नदी किनारामा लास फ्याके। नेकाका कार्यकर्ता रहेका दुवैजनालाई पुस १२ गते अपहरण गरिएको थियो।

२.८ बारा



जनसंख्या : ५५९१३५
साक्षरता प्रतिशत : ४२.३५
महिला साक्षरता प्रतिशत : २८.९८
क्षेत्रफल (वर्ग कि. मि.) : ११९०
गाविस/नपा संख्या : ९८/१
निर्वाचन क्षेत्र : ४
विद्यालय : २९१
क्याम्पस/उच्च मा.वि. : २/५
अस्पताल/स्वास्थ्य चौकी : १/९८
टेलिफोन लाइन : २५००
मोटर सडक (कि. मि.) : १३७
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ३७
मानव विकास सूचकांक : ०.३०९
प्रति परिवार सरदर संख्या : ६.३८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

बढ्नपुर्वा गाविस-८ अधनवा घर भएका माओवादी कार्यकर्ता २६ वर्षीय मद्दाम हुसेनलाई ०६१ पुस १७ गते सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरी गोली हानी हत्या गरे।

बरियापुर गाविस-७ मा निर्पित भनिने एक माओवादी कार्यकर्ताको ०६१ पुस १८ गते सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो।

इनर्वामाल गाविस-६ का ३२ वर्षीय रामविनय यादवलाई ०६१ फागुन १७ गते घरैमा बसिरहेको बेला सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी स्थानीय च्युटाही कुलोमा पुऱ्याई गोली हानी हत्या गरे।

रतनपुरी गाविस-७ मा ०६१ चैत ३ गते पहिचान हुन नसकेका तीन माओवादीको सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो।

माओवादीबाट

करैया गाविस-७ का ३५ वर्षीय गोरख साह कानु, वीरगञ्ज उपनपा-१९ का ४५ वर्षीय मोहनराज देवान र दर्हियार गाविस-३ का ३५ वर्षीय अंगद पण्डितको ०६१ माघ १ गते माओवादीले गञ्जभवानीपुर गाविसस्थित बाटोमा राखेको बम विस्फोट भई मृत्यु भयो।

गञ्जभवानीपुर गाविस-३ मा व्यस्त सडकमा माओवादीले राखेको बम विस्फोटबाट तीन सर्वसाधारणको मृत्यु भएको घटनाको स्थलगत निरीक्षण गर्ने क्रममा अर्को बम विस्फोट हुँदा ०६१ माघ १ गते एक सैनिकको मृत्यु भयो।

पर्टेवा गाविस-४ का गाविस सचिव ४० वर्षीय नागेन्द्रप्रसाद जयसवाललाई ०६१ माघ ६ गते आफ्नै घरमा सुतिरहेको बेला माओवादीले गोली हानी हत्या गरे।

कलैया नपा-६ का २५ वर्षीय पूर्व प्रहरी मोहन साहको ०६१ माघ १७ गते माओवादीले कलैया नपा-१२ मा राखेको बम विस्फोट हुँदा मृत्यु भयो।

मधुरीजव्दी गाविस-९ का पूर्व गाविस अध्यक्ष ५५ वर्षीय रामअधीनप्रसाद यादवलाई ०६१ चैत २ गते घरमा गएको बेला माओवादीले गोली हानी हत्या गरे। उनी माओवादीकै कारण करिब तीन वर्षदेखि सदरमुकाम कलैयामा डेरामा बस्दै आएका थिए। गाँउमा थालिएको पूजामा सहभागी हुन गएकै दिन उनको हत्या भएको थियो।

निजगढ बजारको संगमचोकस्थित सैलुनमा ०६२ साउन २७ गते साँझ प्रहरीहरूलाई चारजना माओवादीले गोली प्रहार गरे। माओवादीको गोलीबाट सैलुन नजिक रहेका असई भीमबहादुर थापा, प्रहरी पुनम सिलो र सैलुनका हजाम राजकुमार ठाकुर घाइते भए। घाइतेमध्ये असई थापाको उपचारका क्रममा ०६२ साउन ३१ गते मृत्यु भयो भने अन्य पीडितहरूको काठमाडौंमा उपचार गरियो।

गाउँलेबाट

टेढाकट्टी गाविस-२ का ३५ वर्षीय माओवादी कार्यकर्ता मोतीलाल बरै चौरसियाको ०६२ असोज १ गते स्थानीय बासिन्दाको कुटाइबाट मृत्यु भयो। बढ्नपुर्वा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१३	११		२	१३	७	९	९	४	६			६
घाइते	५	९			९	१	३	३	१	१			१
गिरफ्तारी / यातना									९	२४	५	१२७	१५६
बेपत्ता									३	५			५
कुटपिट	१	४			४	२	४	४	२	१	१		२
भेला / संगठित हुने अधिकार									५	२०		६	२८
जातीय विभेद	१			१२०	१२०								
महिलाअधिकार	१		१		१								
बालअधिकार	४		४		४								
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार						१	१	१					
अमानवीय व्यवहार	१		१		१								
अपहरण	७	७			७								
जम्मा	३३	३१	६	१२२	१५९	११	१७	१७	२४	५७	६	१३३	१९६

गाविस-५ का गणेशी चौधरीसंग व्यक्तिगत विवाद बारेको छलफलमा चौरसियासहित तीनजना माओवादी कार्यकर्ता आएका थिए। चौरसियाले गणेशी चौधरीको पत्नीलाई कुटपिट गरी हात भाँचिदिएको र कान्छो छोरालाई अपहरण गरी लैजान खोजेका कारण गाउलेले कुटपिट गर्दा चौरसियाको मृत्यु भएको थियो। माओवादीको एक समूहले चौरसियाको लास लगी अन्तिम संस्कार गरेका थिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

कलैया नपा-१२ का २६ वर्षीय प्रमोद कुशवाहा, २९ वर्षीय कपिलदेव ठाकुर र महेशपुर गाविस गाविस-७ का ३३ वर्षीय शम्भु बैठा ०६१ माघ १७ गते माओवादीले कलैया नपा-१२ मा राखेको बम विस्फोट भई घाइते भए।

बेपत्ता / अपहरण

राज्यबाट

प्रसौना गाविस-२ का ३५ वर्षीय नन्दकिशोर चौधरी र पतरहट्टी गाविस-२ का ३६ वर्षीय छविलालप्रसाद कुशवाहालाई ०६१ पुस १८ गते सुरक्षाकर्मीले प्रसौना गाविसबाट गिरफ्तार गरी बेपत्ता पारे।

डुमरवाना गाविस-७ टाँगीयबस्तीका २५ वर्षीय झरी मोक्तान र ३५ वर्षीय खड्गबहादुर थिङलाई ०६१ पुस १८ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले घरबाटै बिहान गिरफ्तार गरी बेपत्ता पारे।

रत्नपुरी गाविस-६ का १६ वर्षीय चन्द्रबहादुर स्याङ्बोलाई ०६२ वैशाख २६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी बेपत्ता पारे।

मकवानपुर, फापरबारी गाविस-६ का स्वास्थ्यकर्मी २४ वर्षीय मानबबहादुर योन्जनलाई बजारमा औषधि खरिद गर्न जादा ०६२ भदौ २८ गते बिहान संयुक्त सुरक्षाकर्मीको गस्ती टोलीले गिरफ्तार गर्‍यो। गाउमा औषधि पसल सञ्चालन गरी बसेका योन्जनलाई निजगढ गाविस-९ स्थित भवरा खोला नजिक यात्रुवाहक बसबाट गिरफ्तार गरिएको पीडितका दाजु धनबहादुर योन्जनले बताए। सुरक्षाकर्मीको टोलीले योन्जनलाई औषधि र उपचार उपकरणसहित पक्राउ गरेको थियो। सुरक्षाकर्मीले पीडितलाई रिहा गरिसकेको बताए पनि हालसम्म पीडितको स्थिति थाहा हुन सकेको छैन।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

निजगढ गाविस-३ का १८ वर्षीय दिलबहादुर कुश्वारलाई ०६१ माघ ७ गते गाउमा गस्तीको क्रममा आएका सुरक्षाकर्मीले सोधेको जवाफ नदिएको भन्दै निर्घात कुटपिट गरे।

नेपाल पत्रकार महासंघको विरोध प्रदर्शनको अनुगमन गरिरहेकी मानवअधिकारकर्मी सुशीला चौधरीलाई ०६२ जेठ २६ गते प्रहरीले कलैया बजारमा कुटपिट गरे।

माओवादीबाट

निजगढ गाविस-२ का ४२ वर्षीय पदमबहादुर नेपाललाई बहुविवाह गरेको आरोपमा ०६१ माघ २ गते माओवादीले कुटपिट गरे।

कोल्हवी नजिकको जगलमा दाउरा लिन गएका बटुलियाका शंकर चौधरी लगायत पाँचजना र कोल्हवीका वासुदेव चौधरी, टेटाहा लगायत तीनजनालाई ०६२ भदौ ९ गते राति माओवादीले निर्घात कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पूर्ण प्रजातन्त्रको माग गर्दै नेकाले ०६१ चैत ७ गते कलैयामा आयोजना गरेको शान्तिपूर्ण विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गरी नेकाका केन्द्रीय सदस्य फरमुल्ला मन्सुर, जिल्ला सभापति लालबाबु सिंह, जिल्ला सदस्य कृष्णप्रसाद खरेल, हरि थपलिया, जयचन्द्र चौरसिया, प्रभात चौरसिया दिलिप तिमिल्सेना, दिनेश पाण्डे सहित १३ जनालाई गिरफ्तार गरे। उनीहरूलाई चैत १४ गते जिल्ला प्रहरी कार्यालय बाराबाट रिहा गरियो।

पूर्ण प्रजातन्त्रको माग गर्दै आन्दोलनरत सात दलको आयोजनामा ०६१ चैत २६ गते कलैयामा भएको शान्तिपूर्ण विरोध प्रदर्शनमाथि प्रहरीले हस्तक्षेप गरी नेकाका केन्द्रीय सदस्य फरमुल्ला मन्सुर, नेकपा (एमाले) का कृष्ण पौडेल, विभा कार्की, नारायण देवकोटा, मनोज पौडेल, ज्ञानु के.सी., अनेमसंघकी विजया घिमिरे, महिला संघकी केन्द्रीय सदस्य मधु शाही, जिल्ला अध्यक्ष मीना लामा, अनेरास्ववियुका पप्पुकुमार सिंहलगायत् एकसय ३२ जनालाई गिरफ्तार गर्‍यो। उनीहरूलाई ०६२ जेठ २८ गते वीरगञ्ज कारागारबाट रिहा गरियो।

पूर्ण प्रेस स्वतन्त्रताको माग गर्दै नेपाल पत्रकार महासंघले ०६२ जेठ २६ गते आयोजना गरेको शान्तिपूर्ण विरोध प्रदर्शनमाथि प्रहरीले लाठीचार्ज गर्दा पत्रकार महासंघ बाराका सभापति विनोद प्याकुरेल, उपसभापति रमेश सुवेदी, प्रेस चौतारी बाराका अध्यक्ष वीरेन्द्र साह, चमिना भट्टराई, गुरुप्रसाद गौतम, लक्ष्मी साह, रामदेव दास, सिकेन्द्र पासवान, बृजमोहन कुशवाहालगायतका पत्रकारहरू घाइते भए।

पूर्ण प्रजातन्त्रको माग गर्दै अनेरास्ववियुले ०६२ जेठ १० गते निजगढमा आयोजना गरेको शान्तिपूर्ण विरोध प्रदर्शनमाथि प्रहरीले हस्तक्षेप गरी एमाले जिल्ला कमिटी सदस्यहरू एकबहादुर श्रेष्ठ, गोविन्द पौडेल, इलाका कमिटी

सचिव रामजीप्रसाद बजगाई, बासु तिमिल्सिना र अनेराम्वबियु बाराका अध्यक्ष दुर्गा गौतमलाई गिरफ्तार गरे। उनीहरूलाई जेठ १५ गते जिल्ला प्रहरी कार्यालय बाराबाट रिहा गरियो।

जलश्रोत सहायकमन्त्री विनोद शाह ०६२ असोज ८ गते कलैया आउँदा अनेराम्वबियुका कार्यकर्ताले कालो झन्डा देखाई विरोध जनाए। प्रहरीले अनेराम्वबियुका जवाहिर अन्सारी, पप्पु सिंह, पंकज पाण्डे, विद्यानन्द यादव, फरमुल्लाह मन्सुरलाई सोही दिन दिउँसो गिरफ्तार गरी अपरान्ह छोडेको थियो।

नेविसंघ (प्रजातान्त्रिक) ले ०६२ असोज १० गते कलैयामा निरङ्कुशता र पेट्रोलियम पदार्थको मूल्य वृद्धिको विरोधमा मशाल जुलुस प्रदर्शन गरेको थियो। कलैया भरत चोकमा प्रहरी र प्रदर्शनकारीबीच झडप हुँदा दिपेन्द्रप्रसाद पटेल, राकेशकुमार पाण्डे, गोपाल गुप्ता, कासिम अंसारी, भोला मिश्रा, निरज पाण्डे, राजु यादव लगायत १० जना सामान्य घाइते भएको नेविसंघ (प्रजातान्त्रिक) ले जनायो।

आन्दोलनरत सात राजनीतिक दलका युवा तथा विद्यार्थीहरूले ०६२ असोज १४ गते साँझ प्रतिगमनको पुतला जलाए। पुतला जलाउने क्रममा प्रहरी र युवा-विद्यार्थीबीच तानातान हुँदा जवाहिर अन्सारी, पप्पु सिंह र पंकज पाण्डे सामान्य घाइते भए।

गृहमन्त्री कमल थापालाई ०६२ पुस १६ गते सिमरा विमानस्थलबाट वीरगञ्जतर्फ आउँदै गर्दा आन्दोलनरत सात दलका कार्यकर्ताले कालो झण्डा देखाउँदै विरोध जनाए। विरोधमा प्रहरीले गरेको हस्तक्षेपका कारण नेकपा (एमाले) का नवराज खतिवडा घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष अदालतमा जिम्मेवारी सरेर आएका र नयाँ दर्ता भएका एक हजार दुईसय २० ओटा देवानी मुद्दामध्ये तीनसय ९५ ओटा फर्स्यौट भए। दुईसय ७४ ओटा दुनियावादी फौजदारी मुद्दामध्ये ७७ ओटा फर्स्यौट भए भने सरकारवादी फौजदारी मुद्दा एकसय ७२ मध्ये ३५ फर्स्यौट भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

माओवादीका एरिया इन्चार्ज दीप भनिने देवेन्द्र पराजुलीको हरैया गाविसको मधुबन नयाँबस्तीस्थित घर ०६२ भदौ ५ गते माओवादीले कब्जामा लिए। माओवादीले पराजुलीकी पत्नी शान्ती, एक छोरा र एक छोरीलाई घरबाट निकालेर घर कब्जा गरे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

पतरहट्टी गाविस-३ का ३४ वर्षीय गनी मोहम्मद अन्सारीलाई ०६१ पुस १७ गते सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरे।

कलैया नपा-४ घर भएका नेकपा (एमाले) बाराका जिल्ला सचिव अच्युत मैनालीलाई ०६१ चैत २५ गते सुरक्षाकर्मीहरूले घरैबाट गिरफ्तार गरे। मैनालीलाई ०६२ जेठ ८ गते वीरगञ्ज कारागारबाट रिहा गरियो।

पतरहट्टी गाविस-१ का ३८ वर्षीय जोखप्रसाद कुशवाहलाई ०६२ असोज १४ गते बसेको सुरक्षा समितिको बैठकको निर्णय अनुसार नजरबन्दमा राखिएको छ। उनलाई असोज १३ गते सोही स्थानबाट माओवादीका लेटरप्याड, चन्दा संकलन रसिदसहित सुरक्षाकर्मीले गिरफ्तार गरेको बताइयो।

हरैया गाविस-१ घर भएका माओवादी कार्यकर्ता २४ वर्षीय टुकबहादुर अधिकारीलाई ०६२ कार्तिक ९ गते निजगढ बजारमा किनमेल गरिरहेको अवस्थामा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरियो। अधिकारीलाई सर्वोच्च अदालतको आदेशमा ०६२ पुस १९ गते रिहा गरियो।

पुनः गिरफ्तार

०६२ कार्तिक २४ गते बारा जिल्ला अदालतको फैसलाबाट साधारण तारिखमा रिहा गर्न भनिएका इनरवामाल गाविस-९ का २२ वर्षीय राकेशकुमार यादवलाई पुनः गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय बारामा राखिएको छ। यादवलाई पहिलो पटक ०६१ कार्तिक २५ गते गिरफ्तार गरी नजरबन्दमा राखिएको थियो। उनलाई ०६२ कार्तिक २३ गते पुर्जी दिएकोमा जिल्ला प्रहरी कार्यालय बाराले पीडितलाई डाँका र आगजनी मुद्दामा लगाई जिल्ला अदालत बारामा कार्तिक २४ गते उपस्थित गराएको थियो। अदालतको सोही दिनको आदेशमा उनलाई साधारण तारेखमा छाड्ने आदेश गरिए पनि अदालत परिसरबाट सादा पोशाकका प्रहरीले पुनः पक्राउ गरी नजरबन्दमा वीरगञ्ज कारागारमा राखिएको छ।

बालअधिकार

निजगढ गाविस-१ का ३५ वर्षीय तीर्थ सुनारले ०६२ असार २७ गते आफ्नै १० वर्षीय छोरीलाई बलात्कार गरे। पीडक सुनारलाई कारागार चलान गरियो।

फत्तेपुर गाविस-७ की ६ वर्षीय एक बालिकालाई ०६२ असार २८ गते सोही ठाउँका १८ वर्षीय राजकुमार थारूले बलात्कार गरे। पीडकलाई साधारण तारेखमा राखी अनुसन्धान गरिएको प्रहरीले जनायो।

पिप्रासिमरा गाविसका १२ वर्षीय एक बालिकालाई ०६२ असोज ६ गते सोही ठाउँका काशीनरेश कुर्मी पटेलले बलात्कार गरे। पीडितका आमा मानमाया ढकालले दिएकोमा जाहेरीका आधारमा अभियुक्त पटेललाई पक्राउ गरी जेल चलान गरिएको बारा प्रहरी कार्यालयले जनायो।

नुवाकोट जिल्ला घ्याङफेदी गाविस-५ का ११ वर्षीय कान्छीमाया तामाङ र सोही ठाउँकी १० वर्षीय कान्छी तामाङलाई ०६२ मंसिर ३ गते घ्याङफेदी गाविस-१ का कुमार तामाङ, रामबहादुर तामाङ, कोइगुन तामाङ, वीरबहादुर तामाङले बेच्नका लागि भारत लैजान लाग्दा बाराको आधाभारस्थित सैनिक जाँचमा पीडकहरूलाई पक्राउ गरी ०६२ मंसिर २३ गते वीरगञ्ज जेल चलान गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

नुवाकोट जिल्ला घ्याङफेदी गाविस-३ का १५ वर्षीय संगीता तामाङ, १७ वर्षीय कमला तामाङ र १५ वर्षीय माया तामाङलाई सिन्धुपाल्चोक हेलम्बु गाविस-४ का ३९ वर्षीय पूर्णबहादुर तामाङले भारततर्फ लैजाने क्रममा बाराको आधाभार सैनिक चेकपोष्टमा काठमाडौंबाट वीरगञ्ज आउँदै गरेको बसबाट गिरफ्तार गर्‍यो। पक्राउ परेकाहरूलाई अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय बारामा ल्याइयो। युवतीहरूलाई भने बयानपछि एबीसी नेपालको जिम्मा लगाइयो।

बलात्कार बलात्कार प्रयास

निजगढ गाविस-१ का ९ वर्षीय एक बालिकालाई ०६२ असार २७ गते सोही ठाउँका ४४ का सेखबहादुर पुलामीले बलात्कार गरे। पीडक पुलामीलाई जेल चलान गरिएको प्रहरीले जनायो।

सपही गाविस-१ (ख) हनुमानगञ्जका पुष्कर लामा ठोकरले सोही स्थानकी एक महिलालाई ०६२ भदौ १ गते राति बलात्कार गर्ने प्रयास गरे। उनलाई सो गल्तीमा समाजले माफी मगाउनुका साथै १५ हजार जरिवाना गरायो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछुत समेत

कलैया नपा-५ स्थित कुष्टरोगी पुर्नस्थापना केन्द्र सुन्दर बस्तीका रोगी र तिनका परिवारले ०६२ कार्तिक २२ गते टेगरहर खोलामा सामूहिक रूपमा छठ पर्व मनाउन पाएनन्। कुष्टरोग सर्ने डरका कारण उनीहरूलाई उक्त स्थानमा छठ मनाउन नदिइएको बताइयो।

पिप्रा बिर्ता गाविस-२ बलुवाका ३० घर दलितहरूलाई ०६२ वैशाख २६ गते गाउँमा आयोजना गरिएको विष्णु महापुराणमा सहभागी हुन सोही गाउँका माथिल्लो जातिका यादवहरूले दिएनन्। विष्णुपुराण शुरू हुनु अगावै सबै दलितहरूसँग आर्थिक सहयोग संकलन गरिनुका साथै पूजा समितिमा समेत राखिएको थियो। दलितहरूले पूजामा सहभागी गराईदिन जिल्ला प्रशासन कार्यालय बारामा उजुरी दिए।

विगतको अनुगमन

माओवादीको आरोपमा पक्राउ परेकी अजिता पराजुली (बस्नेत) लाई ०६२ मंसिर २८ गते पुनरावेदन अदालत हेटौंडाले रिहा गर्ने आदेश दियो। उनी वीरगञ्ज कारागारबाट कानून व्यवसायी, मानवअधिकारवादी, पत्रकारहरूको रोहबरमा मंसिर २९ गते रिहा भइन्।

२.९ पर्सा



जनसंख्या : ५५७२३८
साक्षरता प्रतिशत : ४२.४
महिला साक्षरता प्रतिशत : २६.००
क्षेत्रफल वर्ग कि. मि. : १३५३
गाविस नपा संख्या : ८२ १
निर्वाचन क्षेत्र : ४
विद्यालय : २९१
क्याम्पस उच्च मा वि. : ३ १०
अस्पताल स्वास्थ्य चौकी : २ ३८
टेलिफोन लाइन : १५०००
मोटर सडक (कि. मि.) : १७९
प्रहरी कार्यालय संख्या : १०
इलाका संख्या : १०२
मानव विकास सूचकांक : ०.४४८
प्रति परिवार सरदर संख्या : ७.०२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

माओवादी कार्यकर्ता ३५ वर्षीय भोला मियालाई ०६२ भदौ २ गते मधुवनी बजारबाट पक्राउ गरी सुरक्षाकर्मीले बजारभन्दा केही अगाडि एकान्त ठाउँमा गोली हानी हत्या गरे।

माओवादी एरिया सेक्रेटरी ३० वर्षीय एकनाथ सुवेदीलाई ०६२ भदौ १० गते नागरदाह गाविस-२ स्थित विनोद साहको घरबाट सुरक्षाकर्मीले पक्राउ गरी केहुनिया चोक नजिकै गोली हानी हत्या गरे।

माओवादीबाट

मधुवन मथौल गाविस-३ का २४ वर्षीय जितु सिंहलाई ०६१ पुस २१ गते माओवादीले नक्कली माओवादी बनेर चन्दा उठाएको आरोपमा घरबाट अपहरण गरी बेलवा गाविसको भेडाहा खोलामा लगेर गोली हानी हत्या गरे।

विश्रामपुर गाविस-९ का ४० वर्षीय गौरीशंकर गिरीलाई ०६१ पुस २२ गते माओवादीले चोरी, डकैती र अपहरणमा संलग्न रहेको आरोपमा घरबाट अपहरण गरी विन्दवासिनी गाविस-८ विन्दवासिनी चोकमा ल्याएर दुङ्गाले टाउकोमा हिर्काउँदै गोली हानी हत्या गरे।

महुवन गाविस-१ का २४ वर्षीय जयराम गिरीलाई हत्या र डकैतीको आरोपमा ०६१ माघ ८ गते माओवादीले घरबाट अपहरण गरी महुवन बजारमा पुऱ्याई गोली हानी हत्या गरे।

अमरपट्टी गाविस- ६ ईटियाही टोलका ४५ वर्षीय प्रहरी असई नरेशप्रसाद चौरसियालाई ०६१ माघ १० गते माओवादीले आमाको किरिया बसेको अवस्थामा घरबाट २० मिटर पर लगी गोली हानी हत्या गरे। जिल्ला प्रहरी कार्यालय झापामा कार्यरत पीडित दुई दिनअघि आमाको किरिया गर्न घर आएका थिए।

पिडारीगुठी गाविस-३ विष्णुपुर्वाका ३६ वर्षीय जुगलराम र महादेवपट्टी गाविस-४ पिपरडाँडी टोलका ३० वर्षीय बकील मियालाई पक्राउ गराउने कार्यमा संलग्न रहेको आरोपमा ०६१ माघ १५ गते माओवादीले हरपुरको दक्षिणतर्फ नहरको पुल मुनी गोली हानी हत्या गरे।

अन्यबाट

जिल्ला प्रहरी कार्यालय पर्साका हवल्दार ३५ वर्षीय राजकिशोर जैसवाललाई वीरगञ्ज उमनपा-१२ घण्टाघरको ब्लु डाईमण्ड रेष्टुरेन्ट अघि ०६१ फागुन १२ गते अज्ञात समूहले छाती र कन्चटमा गोली प्रहार गरी हत्या गरे।

वैरियाविर्ता गाविस-४ का ३५ वर्षीय गिर्जाघर मुखिया बीन र ४० वर्षीय राजदेव कुर्मीलाई ०६१ चैत २६ गते घरबाट अपहरण गरी भोलिपल्ट अज्ञात समूहले जितपुर परसवामा लगी छाती र कन्चटमा गोली हानी हत्या गरे। पीडकहरू चारओटा मोटर साइकलमा आएका थिए। प्रहरीले उनीहरू माओवादी भएको बताएको छ।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

पिडारीगुठी गाविस-३ का पूर्व गाविस अध्यक्ष ४२ वर्षीय मोहीचन राउत ०६२ असार १ गते बिहान माओवादीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१४	१५		१५	५	५			५	२	२			२
घाइते	८	९	१	१०	१	१			१					
गिरफ्तारी यातना										१९	४८		२	५०
बेपत्ता										३	५			५
कुटपिट	१		१	१						२	३			३
धम्की					१			१	१					
भेला संगठित हुने अधिकार										१२	३०	९	१८३	२२२
महिलाअधिकार	५		६	६										
बालअधिकार	३	१	४	५										
अपहरण	२०	२२		२२	८	६	१		८					
जम्मा	५१	४७	१३	६०	१५	१३	१	१	१५	३८	८८	९	१८५	२८२

सेढवाबाट घर फर्कँदै गर्दा उनलाई गोली प्रहार गर्दा घाइते भए। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो।

अन्यबाट

मिर्जापुर गाविस-२ का ३३ वर्षीय असई शेष र ३७ वर्षीय शंकर पटेल ०६२ असोज १२ गते भारतीय प्रहरीहरूले गरेको गोली प्रहारबाट घाइते भए। भारतीय प्रहरीहरू १० १२ को संख्यामा गाउँ प्रवेश गरी अपराधी खोज्ने निहुँमा आतंक मच्चाउन थालेपछि स्थानीय बासिन्दाले प्रतिकार गर्दा भारतीय प्रहरीले गोली चलाए। जनताले कमाण्डर जिपमा आगो लगाई ध्वस्त पारेपछि भारतीय प्रहरीहरू नेपाली भू-भाग छोडेर भारततर्फ भागे। पीडितहरूको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो।

जेल र बन्दीहरू

यस जिल्लामा एक हजार पाचसय बन्दी क्षमताको जेल छ। यो जेल अति नै जीर्ण भइसकेको छ। केही भवनहरू काम नलाग्ने अवस्थामा पुगेका छन्। यस जेलमा हाल कैद नतोकिएका दुईसय ४५ पुरूष र १८ महिला तथा कैद तोकिएका दुईसय ९६ पुरूष र १२ महिला गरी पाँचसय ७१ बन्दीहरू छन्। यस वर्ष चारजना बन्दीहरूको मृत्यु भयो। कास्की जिल्ला अदालतले लागू औषध कारोबार सम्बन्धी मुद्दा मा १० वर्ष कैद र ७५ हजार जरिवाना तोकेर यस जेलमा आएकी २५ वर्षीय हकिमा खातनले ०६२ मंसिर ९ गते महिला जेलभित्र रहेको काबरको रूखमा भुण्डिएर आत्महत्या गरिन्। माओवादी कार्यकर्ताहरूले ०६२ पुस ९ गतेदेखि ३० सूत्रीय माग राखी यो वर्षको अन्तिमसम्म आमरण अनसनमा बसेका थिए।

बेपत्ता / अपहरण

राज्यबाट

लालपर्सा गाविस-१ का ३५ वर्षीय राजेश महतोलाई ०६२ साउन १७ गते सादा पोशाकका सुरक्षाकर्मीले माओवादीको आशंकामा घरबाट पक्राउ गरी बेपत्ता पारे। पीडितका परिवारले उनीहरू राजनीतिमा सक्रिय नरहेको उल्लेख गर्दै जीवन रक्षा र सकुशल रिहाइको माग गरे।

मधुवन मथौल गाविस-३ मधुवनी बजारबाट माओवादी कार्यकर्ता राजेन्द्र महतोलाई ०६२ भदौ २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनको स्थिति अज्ञात छ।

माओवादीबाट

लिपनीविर्ता गाविस-२ स्थित जगदम्बा केमिकल्सका मेनेजर ३४ वर्षीय रमेश कटारूकालाई ०६१ चैत १९ गते माओवादीले उद्योगभित्रबाट नै अपहरण गरी मानवअधिकारकर्मी र पत्रकारको प्रयासमा १५ दिनपछि मुक्त गरे।

बिरूवागुठी गाविस-३ की ३२ वर्षीय दुर्गाकुमारी बस्नेतलाई ०६२ वैशाख २३ गते माओवादीले घरबाट नै अपहरण गरी बेपत्ता पारे।

पोखरीया गाविस-१ नकटुवाका ३० वर्षीय दीपेन्द्र गिरीलाई ०६२ जेठ १६ गते माओवादीले जानकीटोलबाट अपहरण गरी बेपत्ता पारे। क्षेत्रीय प्रहरी इकाई कार्यालय सुर्खेतमा कार्यरत प्रहरी जवान गिरी आफन्तको बिवाहमा घर आएका थिए।

वीरगञ्ज चिनी कारखानास्थित इलाका प्रहरी कार्यालयका हवल्दार जगानन्द साह सोनारलाई ०६२ भदौ १६ गते माओवादीले परवानीपुरबाट अपहरण गरे। मानव अधिकारकर्मीको प्रयासमा पीडित सात दिनपछि बारा जिल्लाबाट मुक्त भए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

वीरगञ्ज उमनपा-१८ लक्ष्मणवास्थित अनवर मोटर साईकल वर्कशपका सञ्चालक २६ वर्षीय नेकमहम्मद अन्सारी र २७ वर्षीय नुरमहम्मद अन्सारीलाई ०६२ वैशाख ३१ गते दिउँसो सशस्त्र प्रहरी भन्सारका सुरक्षाकर्मीले गाडीको नट कस्ने रेन्च माग्दा नदिएको भनी निर्घात कुटपिट गरे। पीडितलाई घटना बारे कसैलाई नभन्ने सर्तमा ४ घण्टापछि छोडियो।

माओवादीबाट

माओवादीनिकट अखिल नेपाल मजदुर संघ बारा-पर्साका अध्यक्ष राजदेव पासवान र गोपाल कुर्मीले ०६२ साउन २६ गते संयुक्त विज्ञप्ति प्रकाशित गरी संघले राखेका माग ०६२ भदौ १० गतेभित्र पूरा नगरे कडा आन्दोलनमा उत्रने तथा वीरगञ्ज उद्योग वाणिज्य संघका सम्पूर्ण पदाधिकारीलाई राजीनामा गर्न धम्की दिए।

माओवादीले ०६२ भदौ १ गते परवानीपुरस्थित ज्योति स्पीनिङ्ग मिल्समा शक्तिशाली बम विस्फोट गराई करोडौंको क्षति पुऱ्याए।

माओवादीनिकट अखिल नेपाल मजदुर संघले ०६२ असोज १६ गते विज्ञप्ति प्रकाशित गरी कलकारखानामा ज्याला, करार र ठेक्कामा काम गर्ने मजदुरलाई दशैं खर्चबापत पाँच हजार रुपैयाँ उपलब्ध नगराए व्यवस्थापकमाथि कारवाही गर्ने धम्की दिइयो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वीरगञ्ज उमनपा-११ माइस्थानमा नेपाल विद्यार्थी संघ र तरूण दलका युवा विद्यार्थीहरूले माघ १९ को शाही घोषणाविरूद्ध ०६१ फागुन १६ गते गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी १२ जना युवा विद्यार्थीलाई गिरफ्तार गरे। उनीहरूलाई ३० दिनको थुनुवा पुर्जी दिई जेल चलान गरियो।

वीरगञ्ज उमनपा-१३ आदर्शनगरमा नेविसंघका कार्यकर्ताले पूर्ण प्रजातन्त्रको माग गर्दै निकालेको जुलुसमा ०६१ फागुन १७ गते प्रहरीले हस्तक्षेप गरी भुलन दाहाल र अभिनन्दन सिंहलाई गिरफ्तार गरे। पीडितहरूलाई तीन दिनपछि रिहा गरियो।

वीरगञ्ज उमनपा-११ माइस्थानमा नेकाँले पूर्ण प्रजातन्त्रको माग गर्दै निकालेको जुलुसमा ०६१ चैत ७ गते प्रहरीले हस्तक्षेप गरी काँग्रेस जिल्ला सभापति राजेन्द्रबहादुर अमात्यसहित २८ जनालाई गिरफ्तार गरे। पीडितहरूलाई भोलिपल्ट बिहान रिहा गरियो।

वीरगञ्ज उमनपा-१२ स्थित घण्टाघरमा नेकाँले आयोजना गरेको सत्याग्रह कार्यक्रममा ०६१ चैत ८ गते प्रहरीले हस्तक्षेप गरी २९ जनालाई गिरफ्तार गरे। पीडितहरू मध्ये २१ जनालाई बेलुका र ५ जनालाई भोलिपल्ट दिउँसो रिहा गरियो। काँग्रेसका जिल्ला सभापति राजेन्द्रबहादुर अमात्य, दिनाप्रसाद गुप्ता, अजय चौरसिया, विजय कर्ण र प्रेम चन्द्र दुबेलाई शान्ति सुरक्षा ऐन अन्तरगत तीन महिने थुनुवा पुर्जी दिई जेल चलान गरियो।

वीरगञ्ज उमनपा-८ महावीर गल्लीमा नेपाली काँग्रेस समर्थक महिलाहरूले पूर्ण प्रजातन्त्रको माग गर्दै निकालेको जुलुसमाथि ०६१ चैत १५ गते प्रहरीले हस्तक्षेप गरी मन्जु खरेल, उत्तमा उपाध्यायसहित पाँचजना महिलाहरूलाई गिरफ्तार गरे। पीडितहरूलाई साँझ रिहा गरियो।

वीरगञ्ज उमनपा-११ माइस्थानमा नेकाँ (प्रजातान्त्रिक) समर्थक तरूण दलले पूर्ण प्रजातन्त्रको माग गर्दै निकालेको जुलुसमाथि ०६१ चैत १६ गते प्रहरीले हस्तक्षेप गरी पाँचजना युवालाई गिरफ्तार गरे। पीडितहरू मध्ये तरूण दलका केन्द्रीय सदस्य राधेश्याम चौरसिया र जिल्ला सभापति सहरूम गद्दीलाई तीन महिने नजरबन्दको पूर्जी दिई जेल चलान गरियो भने दुई जनालाई चैत १९ गते रिहा गरियो।

वीरगञ्ज उमनपा-८ मेनरोडमा नेकाँका कार्यकर्ताले पूर्ण प्रजातन्त्रको माग गर्दै निकालेको जुलुसमा ०६१ चैत १७ गते प्रहरीले हस्तक्षेप गरी दिननाथ साह, अरूणा सिंहसहित सातजनालाई गिरफ्तार गरे। पीडितहरूलाई बेलुका रिहा गरियो।

वीरगञ्ज उमनपा-११ माईस्थानमा पाँच राजनीतिक दलले पूर्ण प्रजातन्त्रको माग गर्दै निकालेको जुलुसमा ०६१ चैत २६ गते प्रहरीले हस्तक्षेप गरी एकसय २६ जनालाई गिरफ्तार गरे। पीडितहरूमध्ये ७२ जनालाई सोही दिन र ४४ जनालाई भोलिपल्ट रिहा गरियो। एमालेका चिरञ्जीवी आचार्य, आत्मदेव उपाध्याय, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति अजय द्विवेदी, राकेश सिंह, श्याम पटेल, रामनारायण कुर्मी, बृहस्पति श्रेष्ठ र नेकाँका रामचन्द्र कुशवाह, रमेशमान सिंह र मुकेश श्रीवास्तवलाई शान्ति सुरक्षा अन्तर्गत तीन महिने थुनुवा पूर्जी दिई जेल पठाइयो।

वीरगञ्ज उमनपा-१२ रानीघाटमा नेविसंघ (प्रजातान्त्रिक) र तरूण दलले पूर्ण प्रजातन्त्रकोको माग गर्दै निकालेको जुलुसमा ०६१ चैत २९ गते प्रहरीले हस्तक्षेप गरी रवि चौरसिया र ज्ञानेन्द्र मिश्रलाई गिरफ्तार गरे। पीडितहरूलाई दुई दिनपछि रिहा गरियो।

वीरगञ्ज उमनपा-१२ घण्टाघरमा अखिल नेपाल महिला संघ र नेपाल महिला संघले पूर्ण प्रजातन्त्र र शान्ति बहालीको माग गर्दै आयोजना गरेको विरोध कार्यक्रममा ०६१ चैत ३० गते प्रहरीले हस्तक्षेप गरी निर्मला देवकोटा, उत्तमा उपाध्याय, प्रभा खड्कासहित सातजना महिलालाई गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन रिहा गरियो।

वीरगञ्ज उमनपा-१२ घण्टाघरमा नेकाँले माघ १९ गतेको शाही घोषणा विरूद्ध आयोजना गरेको कार्यक्रममा ०६२ वैशाख १५ गते प्रहरीले हस्तक्षेप गरी नेपाली काँग्रेस पर्साका सचिव बाबुवाल कुम्हालसहित सात जनालाई गिरफ्तार गरे। पीडितहरूलाई भोलिपल्ट रिहा गरियो।

वीरगञ्ज उमनपा-८ महावीरस्थानबाट नेपाल विद्यार्थ संघले शाही घोषणाको विरोध गर्दै निकालेको जुलुसमा ०६२ जेठ १० गते प्रहरीले हस्तक्षेप गरी नेपाल विद्यार्थी संघ पर्साका अध्यक्ष विजय सर्राफ, रोशन लामिछाने, ठाकुरराम बहुमुखी क्याम्पस स्वबियू सभापति मनोज यादव र सहाबुद्दिन अन्सारीलाई गिरफ्तार गरे। पीडितहरूलाई सातदिनपछि रिहा गरियो।

वीरगञ्ज उमनपा-५ बिर्तामा नेकाँ (प्रजातान्त्रिक) ले शाही आयोगको खारेजी तथा पार्टी सभापति शेरबहादुर देउवा र पूर्वमन्त्री प्रकाशमान सिंहको रिहाइको माग गर्दै निकालेको जुलुसमाथि ०६२ साउन १२ गते प्रहरीले हस्तक्षेप र लाठीचार्ज गर्दा तीनजना घाइते भए। जिल्ला सभापति अजय द्विवेदीसहित १२ जनालाई गिरफ्तार गरे। पीडितहरूलाई सोही दिन रिहा गरियो।

सात विद्यार्थी संगठनहरूले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिका विरुद्ध ०६२ भदौ ५ गते वीरगञ्ज उमनपा-११ माइस्थानमा निकालेको जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा अनेरास्ववियुका तारा कार्की, सृजित यादव, राकेश यादव र सरोज यादव घाइते भए। सोही घटनामा प्रहरीले विद्यार्थीहरू सन्तोष गुप्ता, धर्मेन्द्र सिंहसहित ४ जनालाई गिरफ्तार गरी राति रिहा गरियो।

वीरगञ्ज उमनपा-१२ घण्टाघरमा संयुक्त युवा विद्यार्थी आन्दोलन संयोजन समितिले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिको विरुद्ध निकालेको जुलुसमाथि ०६२ भदौ ८ गते प्रहरीले हस्तक्षेप गरी अनेरास्ववियुका मनोज चौधरी, ठाकुरराम बहुमुखी क्याम्पसका स्ववियुका सचिव जीतेन्द्र यादव, नेविसंघ (प्रजातान्त्रिक) का वैकुण्ठ श्रीवास्तव र तरूण दल (प्रजातान्त्रिक) का मनलवार मन्टुलाई गिरफ्तार गरे। पीडितहरूलाई बेलुका रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी एकहजार दुईसय ३९ र फौजदारी एकहजार आठसय १३ गरी कुल तीनहजार चारसय आठओटा मुद्दा दर्ता भए। यस वर्ष एकहजार पाचसय ५७ ओटा देवानी र सातसय पाच फौजदारी गरी दुईहजार दुईसय ६२ ओटा मुद्दा फर्स्यौट भए। देवानीतर्फ आठसय १२ र फौजदारी तीनसय ३४ गरी एकहजार एकसय ४६ मुद्दा फैसला हुन बाकी छन्। एक वर्षभित्रका देवानी छसय ५३ र फौजदारी दुईसय ७२ गरी नौसय ७५ ओटा, एक वर्षदेखि दुई वर्षसम्मका देवानी एकसय १८ र फौजदारी ४९ गरी एकसय ६७ ओटा, दुई वर्ष नाघेका देवानी ४१ फौजदारी १३ गरी कुल एकहजार एकसय ४६ ओटा मुद्दा फैसला हुन बाकी रहेका छन्। गत वर्षको जिम्मवारी सरेर आएका एकहजार पाच सय ९५ मुद्दा थिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

धार्मिक अधिकार

अमरपट्टी गाविस-७ स्थित रामअवतार मठको १२ बिगाह जग्गाको संरक्षण गर्न अगुवाइ गरिरहेका स्थानीय राजेन्द्रप्रसाद बरैलाई ०६२ मंसिर ५ गते सुरक्षाकर्मीले जिल्ला प्रशासन कार्यालयबाट गिरफ्तार गरी ८ दिन हिरासतमा राखे। सुरक्षाकर्मीले सो जग्गा हडप्न खोज्ने सतन राउत बरैले दिएको सूचनाको आधारमा पीडितलाई हिरासतमा राखे। स्थानीय बासिन्दाहरूले ०६२ मंसिर १२ गते जिल्ला प्रशासन कार्यालय घेराउ गरेपछि पीडितलाई भोलिपल्ट रिहा गरियो। रामअवतार मठको जग्गा विवादबारे सर्वोच्च अदालतमा मुद्दा चलिरहेको छ।

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लाको उत्तर बिरुवागुठी, हरपुर, मधुवन मथौल सहित छओटा गाविस र पश्चिम टाँगी, निर्मलबस्ती, जानकीटोला, भीखमपुर गाविस र वीरगञ्ज उमनपाको १, २, १७, १८, १९ वडा नं. मा गरी १५ हजार भन्दा बढी सुकुम्बासीहरू छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

वीरगञ्ज उमनपा-१० पानीट्याङ्कीबाट नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का जिल्ला अध्यक्ष ४४ वर्षीय नैजामुद्दिन समानीलाई ०६१ चैत २५ गते सुरक्षाकर्मीले बिना पूर्जी घरबाट गिरफ्तार गरे। पीडितलाई तीन दिनपछि रिहा गरियो।

वीरगञ्ज उमनपा-१३ आदर्शनगरका ६१ वर्षीय श्याम टिबडेवाललाई ०६२ असार ७ गते शाही आयोगको निर्देशनमा प्रहरीले गिरफ्तार गरी एक दिन हिरासतमा राखी भोलिपल्ट रिहा गरियो।

वीरगञ्ज उमनपा-१० रहबाबाट प्रकाशित ग्रामीण समाचार पाक्षिकका प्रकाशक सम्पादक भद्रनाथ अधिकारीलाई ०६२ असार २५ गते प्रहरीले क्षेत्रीय प्रशासक रवीन्द्र चक्रवर्तीले घुस खाए भन्ने समाचार प्रकाशित गरेको आरोपमा घरबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय मकवानपुरको हिरासतमा एक दिन राखियो। पीडितलाई आइन्दा यस्तो समाचार प्रकाशित नगर्नु भन्ने धम्कीसहित भोलिपल्ट रिहा गरियो।

गम्हरिया गाविस-३ का २१ वर्षीय सन्तोष साहलाई ०६२ साउन ३१ गते सुरक्षाकर्मीले माओवादीको आशंकामा वीरगञ्जस्थित नेपाल समता पार्टीको कार्यालयबाट गिरफ्तार गरे। पीडितलाई २ दिन हिरासतमा राखी रिहा गरियो।

नगरदाह गाविस-२ का २३ वर्षीय अमोदप्रसाद साहलाई ०६२ भदौ १० गते सादा पोशाकका सुरक्षाकर्मीले घर नजिकैको औषधी पसलबाट गिरफ्तार गरी एक महिना बेपत्ता परे। पीडित वीरगञ्ज जेलमा छन्।

माओवादी कार्यकर्ताहरू मिरहस, सन्तोष, गोपाल र बिगा चौधरीलाई ०६२ भदौ १० गते सुरक्षाकर्मीले नगरदाह गाविस-२ बाट गिरफ्तार गरी एक महिना बेपत्ता पारे। पीडितहरू वीरगञ्ज जेलमा छन्।

जिल्ला अदालतले वीरगञ्ज जेलमा नजरबन्दमा राखिएका माओवादी कार्यकर्ता पर्सा बिरुवागुठी गाविस-१ का श्यामसुन्दर ढुङ्गाना, मकवानपुर जिल्ला हाडीखोला गाविस-४ का सुकराज तामाङ र मकवानपुर जिल्ला हर्नामाडी गाविस-२ का भोला थापालाई रिहा गर्न दिएको आदेशको

अवज्ञा गर्दै ०६२ मंसिर १२ गते सुरक्षाकर्मीले अदालत गेटबाट नै गिरफ्तार गरी चार दिनसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी एकजनालाई पुन: जेल पठाई दुईजनालाई रिहा गरियो।

पुन: गिरफ्तार

वीरगञ्ज जेलमा सार्वजनिक सुरक्षा ऐन अन्तर्गत ९० दिनको नजरबन्दको म्याद समाप्त भई रिहा गरिएका माओवादी कार्यकर्ता सर्लाहीका हैदर अली, भीमकुमार सापकोटा र वीरेन्द्र महत्तोलाई ०६१ माघ ५ गते सुरक्षाकर्मीले जेलको गेटबाट पुन: गिरफ्तार गरे।

वीरगञ्ज जेलमा सार्वजनिक सुरक्षा ऐनअन्तर्गत पटक-पटक गरी एकक वर्षको नजरबन्दको म्याद समाप्त भई रिहा गरिएका माओवादी कार्यकर्ता गजाधर पटेललाई ०६२ मंसिर २ गते सुरक्षाकर्मीले पुन: जेलको गेटबाट गिरफ्तार गरे।

बालअधिकार

वीरगञ्ज उमनपा-२ इनरुवा चेकपोष्टले धनुषा ढल्केवर गाविस-२ का ९ वर्षीय रवी लामा, १३ वर्षीय अनिल लामा, १२ वर्षीय सर्वजीत महतो, १३ वर्षीय दिनेश दास र १४ वर्षीय विजय महतोलाई ०६१ पुस २० गते रन्जित महतो, श्याम कुशवाहा र दीलिप साहले जागिर लगाई दिने भनी भारततर्फ लगिरहेको अवस्थामा शंकराचार्य गेटमा पक्राउ गऱ्यो। पीडितहरूलाई अभिभावकको जिम्मा लगाई घर फर्काइयो।

मकवानपुर जिल्ला मनोहरी गाविस सुनाचरीकी १८ वर्षीय मेनु लामा, २२ वर्षीय माया तामाङ र २५ वर्षीय फुलमाया मुक्तानलाई ०६२ मंसिर १ गते स्थानीय उर्गेल लामा र शोमलाल गोलेले कुवेतमा जागिर लगाई दिने लोभ देखाएर भारततर्फ लैजादै गर्दा वीरगञ्ज उमनपा-२ इनरुवा चेकपोष्टले गिरफ्तार गऱ्यो। पीडक मध्ये उर्गेल लामा फरार भए। पीडितहरूलाई परिवारको जिम्मा लगाइयो।

वीरगञ्ज उमनपा-२ इनरुवा चेकपोष्टले मकवानपुर जिल्ला मनोहरी गाविस सुनचरीकी १५ वर्षीय कुमारी तामाङ, १५ वर्षीय रेणु लामा र १७ वर्षीय आशा लामालाई ०६२ मंसिर १ गते स्थानीय उर्गेल लामा र सोमलाल गोलेले कुवेतमा जागिर लगाउने आश्वासनमा भारततर्फ लगिरहेको बेला शंकराचार्य गेट अगाडि पक्राउ गऱ्यो। पीडकमध्येका सोमलाल गोलेलाई हिरासतमा राखी कारवाही गरियो। अर्का पीडक फरार भए। पीडितहरूलाई अभिभावकको जिम्मा लगाइयो।

भीखमपुर गाविस-५ घोडादौडाका १२ वर्षीय बन्धु साहलाई ०६१ सालदेखि माओवादीले जग्गा उपलब्ध गराई दिने, ठूलो मान्छे बनाउने आश्वासनमा बाल सैन्यका रूपमा प्रयोग गरे। पीडितले ०६२ मंसिर १० गते संयुक्त बेस क्याम्प पोखरीयामा आत्मसमर्पण गरे।

वीरगञ्ज उमनपा-१९ नगवाका ४ वर्षीय राजेशकुमार पटेललाई ०६२ पुस ३ गते भारत आदापुर घर भई हाल वीरगञ्ज नगवामा डेरा गरी बस्ने रासपती देवीले अपहरण गरिन्। पीडकसहित पीडितलाई भोलिपल्ट प्रहरीले रक्सौलको परेउवा गाउँमा फेला पाऱ्यो। वडा प्रहरी कार्यालयको हिरासतमा राखिएकी पीडित भोलिपल्ट हिरासतबाट भागिन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

सिन्धुपाल्चोक जिल्ला दोभानकी १८ वर्षीय सुमित्रा राईलाई ०६२ बैशाख ६ गते सन्दोर्जे तामाङ र रमेश तामाङले जागिर लगाई दिने प्रलोभनमा पारी भारततर्फ लैजादै गर्दा वीरगञ्ज उमनपा-२ इनरुवा चेकपोष्टले गिरफ्तार गऱ्यो। पीडकहरूमाथि कानूनी कारवाही गरियो भने पीडितलाई परिवारको जिम्मा लगाइयो।

बलात्कार/बलात्कारको प्रयास

वीरगञ्ज उमनपा-१९ नगवास्थित टाउन टप रेष्टुरेन्टमा कार्यरत १७ वर्षीय एक युवतीलाई ०६२ बैशाख २६ गते अलि हुसेन र राजेन्द्र महतोले डेरामा कोठातर्फ आउँदै बाटोमा समातेर नगवा स्कुलमा पुऱ्याई बलात्कार गरे। विद्वत परिषदका नेताहरूको दवावमा प्रहरीले पीडकहरूलाई सात दिनपछि धरौटीमा रिहा गऱ्यो।

पारिवारिक हिंसा

कौवावनकटैया गाविस-१ की २२ वर्षीय सोना देवीलाई ०६१ फागुन २६ गते आफ्नै पति सोहन पटेलले गम्भीर घाइते हुने गरी कुटपिट गर्दै ज्यान मार्ने धम्की दिए। स्थानीय प्यारालिगल कमिटीको सहयोगमा पीडितले श्रीपुर बेस क्याम्पमा कानुनी कारवाही र ज्यानको सुरक्षाको निम्ति निवेदन दिएकोमा बेस क्याम्पले पीडकलाई दुई दिन थुनामा राखी पुन: गल्ती नगर्ने कागज गराई छाड्यो।

पोखरीया गाविस-४ की २३ वर्षीय हरियादेवी महतोलाई ०६२ जेठ १० गते देवर दुर्योधन महतोले घरायसी विवादका कारण कुटपिट गरी सख्त घाइते पारे। पीडकलाई संयुक्त सुरक्षा बेस क्याम्प पोखरीयाले पक्राउ गरी कारवाही गऱ्यो।

निचुटा गाविस- १ की २५ वर्षीय सुनीतादेवीलाई ०६२ असार १८ गते पति सुनिल मिश्रले दाइजोको विषयलाई लिएर तीन महिने दूधे बालक समेतलाई आफ्नो कब्जामा

राखी कुटपिट गरी घरबाट निकाले। संयुक्त सुरक्षा बेसक्याम्प पोखरियाले पीडकलाई पक्राउ गरी बच्चा आमालाई दिलाएर पुन: गल्ती नगर्ने कागज गराएर छाडियो।

विश्रामपुर गाविस-६ की १६ वर्षीय शिव दुलारीलाई ०६२ कार्तिक १२ गते सौतेनी भाउजु रामदुलारी देवीले हसियाले टाउकोमा हिर्काई घाइते पारिन्। पीडितको नारायणी उपक्षेत्रीय अस्पतालमा उपचार गरियो। प्रहरीद्वारा पीडकलाई पुन: गल्ती नदोहोऱ्याउने सर्तमा रिहा गरियो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

वीरगन्ज उद्योग वाणिज्य संघको ०६२ भदौ २ गते बसेको आकस्मिक बैठकले परवानीपुरस्थित ज्योति स्पिनिङ्ग मिल्समा ०६२ भदौ १ गते राति माओवादीले गराएको बम विस्फोट र आगजनी घटनाको घोर निन्दा र भर्त्सना गर्दै प्रेस विज्ञप्ति प्रकाशित गऱ्यो।

नेपाल उद्योग वाणिज्य महासंघले ०६२ भदौ १४ गते सरकार र माओवादीलाई औद्योगिक क्षेत्रलाई शान्ति क्षेत्र घोषणा आह्वान गर्दै बृहत शान्ति ऱ्यालीको आयोजना गऱ्यो। ऱ्यालीमा उद्योगी व्यवसायी, मजदुर, पत्रकार, मानवअधिकारकर्मी, नागरिक समाजलगायत् हजारौंको सहभागिता थियो।

नेपाल पत्रकार महासंघ पर्सा र प्रेस इन्स्टिच्यूट क्षेत्रीय सञ्चार श्रोत केन्द्र, बुटवलद्वारा ०६२ असोज २० गते प्रेस स्वतन्त्रताको माग गर्दै जुलुस प्रदर्शन र शान्ति तथा पूर्ण प्रजातन्त्रका लागि प्रेस स्वतन्त्रता विषयक गोष्ठीको आयोजना गऱ्यो।

नेपाल पत्रकार मञ्च, पर्साले ०६२ कार्तिक २४ गते सञ्चार अध्यादेश खारेजीको माग गर्दै जुलुस प्रदर्शन गऱ्यो। जुलुसमा पत्रकार महासंघ, प्रेस युनियन, प्रेस चौतारीलगायत्का सहभागी थिए।

गैरसरकारी संस्था महासघ, पर्साले ०६२ मंसिर १८ गते सामाजिक संघसंस्थाहरुमाथि सरकारले ल्याएको आचारसंहिताको विरोधमा अन्तर्क्रिया आयोजना गऱ्यो।

संरचना सम्पत्ति क्षति

चोर्नी गाविस-१ परवानीपुरस्थित ज्योति स्पिनिङ्ग मिल्समा ०६२ भदौ १ गते माओवादीले बम विस्फोट र आगजनी गरे। उद्योगका दुईओटा गोदाम, तीनओटा कार्डिङ्ग मेशिन कच्चा पदार्थ र तयारी धागो गरी १० करोडको क्षति भएको जनाइयो। १२ सय मजदुर र कर्मचारीले काम गर्ने सो मिल्स १८ दिनपछि आंशिकरूपमा सञ्चालनमा आयो।

२.१० चितवन



जनसंख्या	:	५२८४११
साक्षरता प्रतिशत	:	७०.७६
महिला साक्षरता प्रतिशत	:	५२
क्षेत्रफल (वर्ग कि. मि.)	:	२२१८
गाविस नपा संख्या	:	३६ २
निर्वाचन क्षेत्र	:	४
विद्यालय	:	४८३
क्याम्पस उच्च मा.वि.	:	११ ३२
अस्पताल स्वास्थ्य चौकी	:	५ ४२
टेलिफोन लाइन	:	१६१५७
मोटर सडक (कि. मि.)	:	५७७.४२
प्रहरी कार्यालय संख्या	:	५
हुलाक संख्या	:	४०
मानव विकास सूचकांक	:	०.५१८
प्रति परिवार सरदर संख्या	:	५.६९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

अयोध्यापुरी गाविस-६ को जीवनपुरमा नीरज भनिने माओवादी कार्यकर्तालाई ०६१ पुस २२ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीले आत्मसमर्पण गर्न भनेको नमानेपछि गोली हानेको बताइयो।

गुञ्जनगर गाविस-३ का ३० वर्षीय कुलप्रसाद रेग्मीलाई ०६१ माघ १३ गते सुरक्षाकर्मीले रत्ननगर नपा-११ मा गोली हानी हत्या गरे। उनको लासलाई सुरक्षाकर्मीले लिएर गए।

कोराक गाविस-७ का मानबहादुर तामाङ र कपिलवस्तु जिल्लाका गोविन्द दुधराजलाई ०६१ माघ २९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। भरतपुर नपा-११

को भोजाड इलाकामा विद्युतीय धराप थापिरहेको अवस्थामा गोली हानिएको सुरक्षाकर्मीले बताए। माओवादीले ती कार्यकर्तालाई नियन्त्रणमा लिएर हत्या गरेको भन्दै छानविनको लागि मानवअधिकारकर्मी, पत्रकार र नागरिक समाजसमक्ष आग्रह गरे।

पदमपुर गाविस-६ की १६ वर्षीय प्रतिमा गिरीलाई ०६१ फागुन ९ गते सुरक्षाकर्मीले घरबाट बाहिर निस्कन लाग्दा गोली हानी हत्या गरे। उनका आफन्तलाई लास जिम्मा लगाइयो। क्षतिपूर्तिका लागि सिफारिस गरिएको प्रमुख जिल्ला अधिकारी नरेन्द्रराज पौडेलले बताए। तर हालसम्म क्षतिपूर्ति नपाएको पीडितका बाबु घनश्याम गिरीले बताए।

भरतपुर नपा-१२ मा नाम नखुलेका २८ वर्षीय एक माओवादी कार्यकर्तालाई ०६२ जेठ २२ गते सुरक्षाकर्मीले गोली हाने। गोली लागी घाइते भएका उनलाई घिसार्दै झण्डै पचास मिटर पर पुऱ्याई अर्को गोली हानियो। सुरक्षाकर्मीहरूले उनलाई गाडीमा राखेर लगेको प्रत्यक्षदर्शीले बताए। सुरक्षास्रोतले उनको मृत्यु भएको जनायो।

मेघौली गाविस-५ सुकुम्बासी टोलका ५२ वर्षीय मोतीलाल परियारलाई ०६२ पुस ७ गते शाही चितवन राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीले बन क्षेत्रभित्र गोली हानी हत्या गरे। काठ काटिरहेको अवस्थामा सुरक्षाकर्मीले देखेपछि भाग्न लाग्दा उनको टाउको, घाँटी र कोखामा गोली हानियो। निकुञ्ज प्रशासनले मृतकको लास भोलिपल्ट उनका परिवारलाई बुझायो।

माओवादीबाट

सप्तगण्डकी बहुमुखी क्याम्पसमा स्नातक तह तेस्रो वर्षमा अध्ययनरत २३ वर्षीय पारस पौडेललाई ०६१ पुस १९ गते बिहान माओवादीले क्याम्पसको गेटबाट बिहान अपहरण गरी भरतपुर नपा-९ बेणीचोकमा लगी गोली हानेर हत्या गरे। माओवादीले पौडेल सुराकी भएको आरोप लगाए भने सुरक्षा निकायले सर्वसाधारण भएको बताएको थियो।

पिठुवा गाविस-७ माधवपुर घर भएका एमाले कार्यकर्ता ४६ वर्षीय डम्बरबहादुर धरेललाई रत्ननगर नपा-२ को टाँडीचोकमा ०६१ माघ १६ गते साँझ माओवादीले टाउकोमा गोली हानी हत्या गरे।

खैरहनी गाविस-७ तुलसीपुरस्थित महेन्द्र राजमार्गको लदरी पुल नजिक रहेको प्रतीक्षालयमा ०६१ चैत १९ गते दिउँसो माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा एक जना सशस्त्र प्रहरी गम्भीर घाइते भए। उनको उपचारको क्रममा मेडिकल कलेज शिक्षण अस्पताल भरतपुर चैत २० गते मृत्यु भयो।

भरतपुर नपा-१ ठिमुरा घर भई जिल्ला प्रहरी कार्यालय चितवनमा कार्यरत प्रहरी जवान २४ वर्षीय खेम पौडेललाई माओवादीले भरतपुर नपा-२ नारायणगढको लायन्सचोकमा ०६१ चैत २३ गते गोली हानी हत्या गरे।

शक्तिखोर गाविस-७ भर्लाघारी घर भएका सैनिक जवान टीकाराम जोशीलाई ०६२ वैशाख १६ गते माओवादीले दिउँसो अपहरण गरी खैरहनी गाविस-४ चौबीस कोठीमा सोही दिन साँझ हत्या गरे। अपहरण गर्न लाग्दा नमानेपछि माओवादीले पीडितको दुवै हात भाँचेका थिए।

भरतपुर नपा-४ नारायणगढ घर भएका जिल्ला अनुगमन समितिका संयोजक ५५ वर्षीय भगवानदास श्रेष्ठलाई ०६२ वैशाख २६ गते शहीदचोकमा पत्रिका पढिरहेका बेला माओवादीले गोली हानी हत्या गरे। उनलाई माओवादीले पदबाट राजीनामा दिन पटक पटक धम्की दिएका थिए।

माडीको बगाईबाट बनकट्टातर्फ हिँडेको ना. २ ख ४५३२ नम्बरको बस ०६२ जेठ २३ गते कल्याणपुर

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	४		४	११	२८	१९		४७	७	७	२		९
घाइते	१	४		४	४	३	३	६४	७०	१	२			२
गिरफ्तारी/यातना										३९	६३	१४	४	८१
बेपत्ता										१		१		१
कुटपिट										२		१	१५	१६
धम्की					२	२		२७	२९					
भेला/संगठित हुने अधिकार										८	२५	७	८५	११७
महिलाअधिकार	२७		२७	२७										
अपहरण					४	४			४					
जम्मा	३०	८	२७	३५	२१	३७	२२	९१	१५०	५८	९७	२५	१०४	२२६

नगरकोट हत्याकाण्डको विरोधमा निकालिएको जुलुस प्रदर्शनमा प्रहरीले लाठी प्रहार गर्दा घाइते भएका विद्यार्थीहरू

गाविस-१ र ४ को बीचमा पर्ने बाँदरमूढे खोलामा माओवादीले थापेको विद्युतीय धरापमा पर्दा सात बालबालिका, १८ महिला र १५ पुरुष गरी ३९ जनाको ज्यान गयो। मारिनेमा बगाइपोष्टबाट सोही बसमा चढेका १५ जना सैनिकमध्ये तीन थिए। एक बालकको उपचारकै क्रममा मेडिकल कलेज शिक्षण अस्पताल भरतपुरमा केही दिनपछि मृत्यु भएको थियो। विहान एकसय ७० जना यात्रु लिएर सो ठाउँमा आई पुगेको बस विहान सात बजेर पचास मिनेट जाँदा धरापमा परेको थियो। बगाईबाट सैनिकहरू चढेको थाहा पाएपछि माओवादीले विद्युतीय धराप विस्फोट गराएका थिए। विस्फोटमा परी मृत्यु हुनेहरूमा मीठु कार्कीका २ वर्षीय छोरा, कल्याणपुर गाविस किर्तनपुरका ४ वर्षीय रामचन्द्र सुवेदी, करिब ४ वर्षीय नाम नखुलेको एक बालक, कल्याणपुरकी ५ वर्षीय रती तिवारी, निर्मल सापकोटाका ५ वर्षीय छोरा, झापाका एकै परिवारका ४ वर्षीय अञ्जन लम्साल, ८ वर्षीय दीपा लम्साल र ९ वर्षकी दीपिका लम्साल, तनहुँ जिल्ला थर्पुका ४५ वर्षीय चन्द्रबहादुर विष्ट, झापाका ३० वर्षीय दिनेश लम्साल र उनकी पत्नी २५ वर्षीय गंगा लम्साल, नवलपरासी जिल्ला गैंडाकोटका नव घिमिरेकी ४५ वर्षीय सानीआमा, देवेन्द्रपुरका ३६ वर्षीय सुमन सेन ठकुरी, सोही जिल्लाकी ४० वर्षीय खुमादेवी पौडेल र एकनारायण पौडेल, कास्की, पोखराकी ४० वर्षीय मीठु कार्की र रेणुका बराइली रहेका छन्। चितवन जिल्ला कल्याणपुर गाविस कीर्तनपुरकी ४० वर्षीय सेती तिवारी, डम्बरकुमारी तिवारी, डिलबहादुर सुनार, लक्ष्मी सापकोटा र ३० वर्षीय मीना भण्डारी, स्याउलीवासकी ३० वर्षीय जानुका तिवारी, रवीन तिवारी र जमुना तिवारी, अयोध्यापुरी गाविस सुन्दर बस्तीका ४५ वर्षीय विष्णुमाया दुरा र फुर्के प्रजा, ३४ वर्षीय आत्माराम सुवेदी, खरकट्टाका ३६ वर्षीय रमेश श्रेष्ठ, कृष्णनगरकी ३५ वर्षीय सानुमाया बोटे र २८ वर्षीय मीना बोटे, कान्तिपुर टोलकी मीना प्रजा, सोही गाविस घर भई नारायणगढमा बस्ने ३५ वर्षीय चामुनारायण श्रेष्ठ, जीवनपुरकी ४० वर्षीय मीनु गुरुङ, सीता न्यौपाने र ३० वर्षीय दुर्गा, शिवघाटका ३५ वर्षीय रवीन्द्र महतो, लक्ष्मी सापकोटाको छोरा, गोपालनगरका ३० वर्षीय विष्णु घिमिरे रहेका छन्। विस्फोटमा परी मृत्यु हुने सुरक्षाकर्मीहरूमा सिपाहीहरू टंकबहादुर थापामगर, धनबहादुर आलेमगर र पदमबहादुर घर्ती मगर रहेका छन्।

दोहोरो भिडन्त

रत्ननगर नपा-२ स्थित टाँडीचोकबाट सुरक्षाकर्मीलाई लक्षित गरी ०६२ जेठ ३ गते माओवादीले गोली चलाएपछि भएको दोहोरो फायरिङमा सुरक्षाकर्मीको गोली लागी एक महिलासमेत दुई माओवादी मारिए। माओवादी आफैंले मृतक तथा घाइतेहरूलाई लगेका थिए। उनीहरूको लासलाई माओवादीले चैनपुर गाविस-६ र ९ मा गाडे।

आफ्नै बम विस्फोटबाट

धादिङ जिल्ला घर भएका माओवादी कार्यकर्ता राजन भण्डारीको ०६१ माघ १७ गते आफैंले बोकेको बम भरतपुर नपा-४ कमलनगरमा विष्फोट हुँदा मृत्यु भयो। उनको लासलाई सुरक्षाकर्मीले लगे।

भरतपुर नपा-१२ स्थित जागृति टोलमा हिमाल भनिने २५ वर्षीय एकजना माओवादी कार्यकर्ताको ०६२ वैशाख १९ गते आफैंले बोकेको बम विस्फोट भई मृत्यु भयो। उनको लासलाई सुरक्षाकर्मीले लगे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

मेघौली गाविस-१ गोलाघाटका ३४ वर्षीय घनश्याम कुमाल र उनका भाइ चोकबहादुर कुमाललाई ०६२ असोज ११ गते शाही चितवन राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीले निकुञ्जभित्रको वनमा गोली हानी गम्भीर घाइते पारे। घनश्यामको कोखामा र चोकबहादुरको तिघ्रामा गोली लागेको थियो। घाइतेमध्ये घनश्यामको स्थिति अज्ञात छ भने चोकबहादुर उपचारपछि घर फर्किए।

माओवादीबाट

विश्वप्रकाश उच्च माविका छात्राहरू सुनीता थापा क्षेत्री र शान्ता बानियाँ ०६१ चैत १ गते विहान भरतपुर नपा-६ लंकु जाने ओरालोमा माओवादीको विद्युतीय धराप विस्फोटमा परी बेहोस भए। सुरक्षाकर्मीको गाडीलाई लक्षित गरी माओवादीले विद्युतीय धराप विस्फोट गराएको थियो। पीडितहरूलाई उपचारार्थ मेडिकल कलेज, भरतपुरमा लगियो।

खैरहनी गाविस-७ स्थित प्रतिक्षालयमा ०६१ चैत १९

गते माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा सोही ठाउँका अलिमिया हुसेन गम्भीर घाइते भए। खैरहनी गाविस-७ का ३८ वर्षीय अकवर हुसेनलाई मेडिकल कलेज शिक्षण अस्पताल, महेन्द्र आदर्श चिकित्सालय भरतपुर र भारतको पटनाको नर्सिङ होममा दुई महिनाभन्दा बढी उपचार गरे पनि गम्भीर विरामी नै छन्। घटनामा एक जना प्रहरी र दुईजना विद्यार्थी घाइते भएकोमा प्रहरीको मेडिकल कलेज र विद्यार्थीको भरतपुरमा उपचार भयो। अन्य दुईजना विद्यार्थीको स्थानीय मेडिकलमा उपचार भयो।

दोहोरो भिडन्त

जनजागृति उच्चमावि पिठुवामा अध्ययनरत सोही गाविस-९ का वालमान श्रेष्ठ ०६२ जेठ ३ गते रत्ननगर नपा–३ मा माओवादी र सुरक्षाकर्मीवीच भएको दोहोरो भीडन्तमा पर्दा घाइते भए। घाइतेको भरतपुर र टाँडीमा उपचार भयो माओवादीका तीनजना कार्यकर्ता घाइते भएको प्रत्यक्षदर्शीले वताए। घटनामा परी एक असई र दुई जना सैनिक घाइते भए।

जेल र बन्दीहरू

९५ जनाको क्षमता भएको जिल्ला कारागार भरतपुरमा दुईसय छजना वन्दीहरू रहेका छन्। जसमा कैद तोकिएका महिला पाँच र पुरुष ५० गरी ५५ जना तथा कैद नतोकिएका महिला १८ र पुरुष २ मय ११ गरी दुईसय २९ जना रहेका छन्। कारागारमा एक जना आश्रित नावालक र एक जना आश्रित नावालिका गरी दुईजना छन् भने माओवादीको अभियोगमा १३ महिला सहित ५५ जना रहेका छन्। कारागारको महिला कक्षको क्षमता विस्तार गरिएपछि महिला वन्दीहरूले घाम ताप्न पाएका छन्। कारागार भवनको क्षमता विस्तार गरिए पनि वन्दीको चापका कारण सवैलाई पुगेको छैन।

बेपत्ता / अपहरण

राज्यबाट

धुपा गाविस-२ का डोरबहादुर रेग्मीलाई माओवादीको आरोपमा ०६२ कार्तिक २२ गते चितवनको शक्ति खोरवाट सुरक्षाफौजले पक्राउ गरी वेपत्ता पारे। माओवादीका स्थानीय कार्यकर्ता रेग्मी शिक्षक अपहरण गर्ने कार्यमा संलग्न रहेको सुरक्षास्रोतको आरोप छ।

माओवादी जिल्ला कमिटी सदस्य गोरखाकी भगवती तिवारीलाई ०६२ पुस १३ गते शक्तिखोर गाविस-५ वाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितको स्थिति अज्ञात छ।

माओवादीबाट

नेकपा (एमाले) नारायणी अञ्चल समन्वय कमिटीका सदस्य एवं जिविस चितवनका पूर्व उपसभापति जगन्नाथ थपलियालाई ०६१ माघ १८ गते माओवादीले उनको घरैवाट अपहरण गरे। उनलाई सिद्धी गाविसको कान्द्राङगढी नजिकको एक घरमा पुर्‍याएर माओवादीले माघ २० गते मुक्त गरे।

वीरेन्द्रनगर गाविस-३ घर भएका वीरेन्द्रनगर आदर्श माविमा कक्षा ७ मा अध्ययरत १७ वर्षीय शंकर भण्डारीलाई ०६२ वैशाख २९ गते माओवादीले सोही गाविस-४ स्थित वडाहरामाथिको चौरवाट अपहरण गरे। सुस्त मनस्थितिका पीडितलाई माओवादीले जेठ २ गते मुक्त गरे।

खैरहनी गाविस-४ पर्सामा बस्ने ३५ वर्षीय जोगी कृष्णप्रसाद न्यौपानेलाई ०६२ असोज १० गते बिहान माओवादीले खैरहनी गाविस-२ सिमलटाँडीस्थित चात्रा खोलावाट अपहरण गरे। उनको स्थिति अज्ञात छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

शक्तिखोर गाविस-५ शक्तिखोर वजारमा १५ जनाभन्दा बढीलाई ०६२ जेठ २० गते सर्चमा गएका सुरक्षाकर्मीले अन्धाधुन्ध कुटपिट गरे। पिटिएकाहरूको स्थानीय मेडिकलमा उपचार गरियो।

माओवादीबाट

माडीको स्मारक निर्माण समितिलाई ०६२ असार २५ गते माओवादीले स्मारक नवनाउन धम्की दिए। माडी घटनामा मारिएकाहरूको सम्झनामा सो स्मारक बनाउने निर्णय गरी चन्दा संकलन गरिएको थियो तर माओवादी धम्कीपछि सो अभियान रोकिएको वताइयो।

जिल्ला विकास समितिका सभापति तेजप्रसाद वर्तौलालाई राजीनामा दिन खैरहनी गाविस-७ स्थित उनको घरको भित्तामा ०६२ साउन २८ गते राति माओवादीले पत्र टाँसे। पत्रमा राजिनामा नदिए घर-जग्गा कव्जा गर्ने धम्की

बाँदरमुढेमा माओवादीले थापेको विद्युतीय धराप विस्फोट हुँदा क्षति भएको गाडी

दिइएको थियो। माओवादी धम्कीपछि बर्तौला भरतपुरस्थित जिविसको आवासमा बसेका छन्।

जिल्लाका सबै गाविसका सचिवहरूलाई ०६२ भदौको पहिलो साता माओवादीले पदबाट राजिनामा गर्न धम्की दिए। माओवादीको क्रान्तिकारी जनपरिषद्का प्रमुख डण्डपाणि पौडेलद्वारा हस्ताक्षरित पत्रमा राजिनामा दिनुपर्ने धम्की आएपछि गाविस सचिवहरूले भदौ १३ देखि १५ गतेसम्म काम गरेनन्।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकपा (एमाले) चितवनको आयोजनामा माघ १९ को कदम विरुद्धको प्रदर्शनबाट भरतपुर नपाका पूर्व उपप्रमुख देवीप्रसाद ज्ञवाली, नेपाल राष्ट्रिय शिक्षक संगठनका पूर्व महासचिव रमाकान्त सापकोटा, एमालेका जिल्ला सदस्य रामसिंह विश्वकर्मा र नेपाल मानवअधिकार संगठनका जिल्ला सचिव बालकृष्ण पौडेललाई ०६१ माघ १९ गते नारायणगढबाट प्रहरीले गिरफ्तार गर्‍यो। सापकोटा र पौडेल जुलुसको पर्यवेक्षण गर्न गएका थिए। दुवैजनालाई ०६१ फागुन २८ गते परिवारको जिम्मामा छोडियो। देवी ज्ञवाली र रामसिंह विश्वकर्मालाई भने दुई महिनापछि छोडियो।

पत्रकार नारायण अधिकारी र बसन्त पराजुलीलाई ०६१ फागुन २ गते सोधपुछका लागि भनी जिल्ला प्रहरी कार्यालयमा राखियो। दुवैलाई फागुन १८ गते रिहा गरियो।

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका अवसरमा आयोजना गरिएको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी ०६१ फागुन २५ गते पूर्व सहायकमन्त्री सावित्री बोगटी पाठक, प्रभा बराल, अजिता ढकाल, महादेवी खतिवडा, सुशीला अधिकारी, सावित्री वाग्लेलगायत् २८ जनालाई गिरफ्तार गर्‍यो। उनीहरूमध्ये १७ जनालाई सोही दिन बेलुका रिहा गरियो। बाँकीलाई मध्य क्षेत्र प्रहरी तालिम केन्द्रबाट ०६२ जेठ २ गते रिहा गरियो।

पूर्व सांसद जागृतप्रसाद भेटवाल, नेकांका कार्यकर्ता सुकवीर पोखरेल र रामशरण कुँवरलाई ०६१ चैत १ गते भरतपुर नपा-४ स्थित शहीद चोकबाट प्रहरीले गिरफ्तार गर्‍यो। शाही कदमको विरोधमा आयोजित विरोध प्रदर्शनको क्रममा उनीहरूलाई गिरफ्तार गरिएको हो। पीडितलाई मध्ये क्षेत्र प्रहरी तालिम केन्द्रमा राखिएकोमा दुई जनालाई चैत २ गते रिहा गरियो भने जागृतप्रसाद भेटवाल अदालतको आदेशमा जेठ ४ गते रिहा गरिए।

दिव्यनगर गाविस-४ ज्योतिनगरकी ७५ वर्षीय इन्द्रकुमारी अधिकारी, शिवनगरकी शारदा गुरुङ, गीतानगरकी भृकुटी पौडेल, चैनपुर गाविस-९ की सुशीला रावल, भरतपुर नपा-५ की रमा सापकोटा, भरतपुर नपा-६ लंकुकी सुनिता अर्याल र भरतपुर नपा-४ की इन्दु पण्डितलाई ०६१ चैत ७ गते प्रहरीले नारायणगढबाट गिरफ्तार गरे। उनीहरूलाई सोही दिन साँझ जिल्ला प्रहरी कार्यालय चितवनबाट रिहा गरियो।

भरतपुर नपा-१० का ईश्वरी पौडेल, जुटपानी गाविस-२ का श्रवण शर्मा र भरतपुर नपा-५ का सूर्यप्रसाद श्रेष्ठलाई शाही कदमको विरोधमा प्रमुख जिल्ला अधिकारीको कार्यालयमा धर्ना दिन लाग्दा ०६१ चैत १० गते भरतपुर नपा-३, पुल्चोकबाट प्रहरीले गिरफ्तार गर्‍यो। उनलाई चैत ११ गते रिहा गरियो।

भरतपुर नपा-३ का विनोद ढकाल, गौतम गुरुङ, अनुपचन्द्र सुवेदी, चैनपुरका रामचन्द्र न्यौपाने र बालकृष्ण बानियालाई शाही कदम विरुद्ध आयोजना गरेको विरोध प्रर्दशनबाट ०६१ चैत १७ गते प्रहरीले गिरफ्तार गर्‍यो। दिउँसो उनीहरूलाई चैत १८ गते दिउँसो रिहा गरियो।

कान्तिपुर सम्वाददाता प्रभाकर घिमिरे, नारायण शर्मा र खुमानसिंह तामाङलाई ०६१ चैत २२ गते स्थानीय प्रशासनले मौखिक बयान गरायो। चैत २१ गतेको कान्तिपुर दैनिकमा गाडी जलाइएको समाचार सम्प्रेषण गरेको आरोपमा जिल्ला प्रशासन कार्यालयमा दुई घण्टा र जिल्ला प्रहरी कार्यालयमा ४५ मिनेट मौखिक बयान गराइएको थियो। उनीहरूलाई जिल्ला प्रहरी कार्यालयमा लिखित बयान दिने सर्तमा चैत २३ गते छाडियो।

नेकाँ सभापति टेकप्रसाद गुरुङ, एमालेका उपसचिव कृष्णप्रसाद खनाल र नेकाँ (प्रजातान्त्रिक) का उपसभापति ऋषिराज पाण्डेलगायत् केशव रेग्मी, अरुण भण्डारी, धर्मराज प्रसाई, प्रकाश अधिकारी, टीकाराम न्यौपाने, बी.पी. चौधरी, राजेन्द्र चौधरी, शारदा गुरुङ, शेरबहादुर लामा, शारदा पोखेल, सुनीता अर्याल, चन्द्रकान्त न्यौपाने, भक्ति तिमिल्सिना, यदु पोखरेल, भगवान आर्चाय, सुरज तिवारी, चिजकुमार श्रेष्ठ, विमला तिवारी, टंकनाथ पौडेल, इश्वरी तिमिल्सिना, सविन बराल, कृष्ण श्रेष्ठ, भृकुटी पौडेल, डोलनाथ रेग्मी, राजेश्वर खनाल, राममाया पिया, रामचन्द्र अधिकारी, कर्णबहादुर गुरुङ, सञ्जीव गुरुङ, मीनु गुरुङ, तारा पण्डित र सुशीला उप्रेतीसमेत ६० जनालाई ०६१ चैत २६ गते प्रहरीले नारायणगढमा विरोध प्रदर्शनको क्रममा गिरफ्तार गर्‍यो। नेकाँ सभापति, एमाले उपसचिव समेत ९ जनालाई चैत २८ गते रिहा गरियो भने अन्यलाई सोही दिन साँझ रिहा गरियो।

चैनपुर गाविस-१ का विष्णु भुसाल, ३ का छविध्वज बुढाथोकी, सोही गाविस-७ की देवजी न्यौपाने, सोही गाविस-९ का रामेश्वर बस्नेत र रामर्मण न्यौपाने र नारायणगढका झलक गुरुङलाई ०६१ चैत १५ गते प्रहरीले नारायणगढबाट गिरफ्तार गर्‍यो। उनीहरूलाई चैत १६ गते रिहा गरियो।

अनेगास्ववियुका केन्द्रीय सदस्य घनश्याम कँडेल, जिल्ला अध्यक्ष उत्तम अधिकारी, कार्यकर्ताहरू सञ्जय भण्डारी, निरज भट्ट, प्रकाश बराल, रामचन्द्र न्यौपाने, रवीन्द्र पौडेल र केशव आचार्यलाई ०६२ भदौ २४ गते दिउँसो सुरक्षाकर्मीले सभामा हस्तक्षेप गरी कुटपिट गरे। घनश्याम, उत्तम र सञ्जयलाई बन्दुकको कुन्दा र लाठीले हिर्काएर घाइते पारियो।

युवा तथा विद्यार्थीहरूले नगरकोट हत्याकाण्डको विरोधमा भरतपुरको नारायणगढमा आयोजना गरेको विरोध प्रदर्शनमा प्रहरीसँग भएको झडपमा ०६२ मंसिर ३० र पुस १ गते १० विद्यार्थी तथा १५ भन्दा बढी प्रहरी सामान्य घाइते भए। दुई विद्यार्थी र एक प्रहरी गम्भीर घाइते भए। उनीहरूको मेडिकल कलेज भरतपुरमा उपचार भयो। झडपबाट गिरफ्तार गरिएका २५ जनालाई १ गते साँझ छोडियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा चारसय ४९ देवानी र पाँचसय ६४ फौजदारी गरी एक हजार १३ मुद्दा परे। गत वर्ष बाँकी रहेका चारसय ६२ देवानी र छसय ७८ फौजदारी गरी एक हजार एकसय ४० समेत गरी कूल दुई हजार एकसय ५३ मध्ये यस वर्ष चारसय ४४ देवानी र छसय पाँच गरी एक हजार ४९ फौजदारी मुद्दा फैसला भए। यस अदालतमा पाँचसय ६७ देवानी र सातसय २० फौजदारी गरी एक हजार दुईसय ८७ मुद्दाहरू फैसला हुन बाँकी छन्। फैसला हुन बाँकी मुद्दाहरूमा एक वर्ष नाघेका ८४ देवानी र ९७ गरी एक सय एक फौजदारी र दुई वर्ष नाघेका सात देवानी र ११ फौजदारी गरी १८ छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

गीतानगर गाविस–२ चम्पानगरका ४४ वर्षीय कृष्णप्रसाद चापागाईंलाई माओवादीको आशंकामा ०६१ माघ ११ गते सादा पोसाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। जस्केला युवा क्लब र जनविश्वास मानवअधिकार शिक्षा रेडियो श्रोता क्लबका सदस्य रहेका पीडितलाई सोही राति रिहा गरियो।

माओवादी कार्यकर्ताहरू सिन्धुपाल्चोकको फूलमाया तामाङ, कपिलवस्तुकी निलम भनिने बुढामगर थरकी एक महिला, रोल्पाका उपहार उपनामका एक जना, बीरेन्द्रनगर गाविस-४ की पार्वती भट्टराई र रत्ननगर नपा-१२ भीमबहादुर चोकका निलम भुजेललाई ०६१ माघ १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरूलाई माघ १७ गतेदेखि जिल्ला कारागार भरतपुरमा नजरबन्द राखिएको छ।

भरतपुर नपा-८ का शालिकराम सुवेदीलाई माओवादी भएको आशकांमा ०६१ माघ १७ गते सादा पोसाकका सुरक्षाकर्मीले उनलाई घरैबाट गिरफ्तार गरे। उनलाई माघ २४ गते छोडियो।

पदमपुर गाविस-८ की दीपा पुरी, तुलसी चापागाई र सोही गाविस-२ का युवराज अधिकारीलाई माओवादीको आरोपमा ०६१ फागुन १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरूलाई फागुन १९ गते रिहा गरियो।

पदमपुर गाविस-३ का ईश्वरी ढकाललाई माओवादीको आरोपमा ०६१ माघ २६ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। उनलाई पाँच दिन हिरासतमा राखी छोडिएकोमा पुन: फागुन १३ गते गिरफ्तार गरी फागुन १६ गतेदेखि जिल्ला कारागार, भरतपुरमा नजरबन्दमा राखिएको छ।

भरतपुर नपा-११ भोजाडका ३३ वर्षीय माधव दुवाडी र देवघाट गाविस-२ तनहुँका ३४ वर्षीय सञ्जीवकुमार गिरीलाई माओवादीको आरोपमा ०६१ चैत ३ गते सुरक्षाकर्मीले नारायणगढबाट गिरफ्तार गरे। पीडितहरूलाई चैत १० गते रिहा गरियो।

गीतानगर गाविस-४ का चन्द्रकान्त न्यौपाने, लमजुङ धमिलीकुवाका युवराज चिलुवाल, बछ्यौली गाविस-९ का निराजन रिजाल, दिव्यनगर गाविस-१ का राजु पाण्डे, दमेकका राजु रिजाल र लमजुङका डम्बर सुनुवारलाई ०६१ चैत ९ गते प्रहरीले भरतपुर नपा-४ नारायणगढबाट गिरफ्तार गर्‍यो। उनीहरूलाई सोही दिन रिहा गरियो।

गीतानगर गाविस-३ पृथ्वीनगरकी २३ वर्षीय निशा न्यौपाने, रत्ननगर नपा-८ बैरीयाकी १८ वर्षीय रश्मी वर्षीय रिजाल र जगतपुर गाविसका प्रेमबहादुर बम्जनलाई ०६१ चैत १८ गते सुरक्षाकर्मीले गीतानगर गाविस-३ भीमनगरबाट गिरफ्तार गरे। उनीहरूमध्ये न्यौपाने र रिजाललाई चैत २६ देखि भरतपुर कारागारमा राखिएकोमा ०६२ भदौ १८ गते केन्द्रीय कारागार चलान गरियो भने प्रेमबहादुर बम्जनलाई नख्खु कारागार चलान गरियो।

रत्ननगर नपा-७ का महाप्रसाद बगाले र मणिप्रकाश खतिवडालाई ०६१ चैत १८ गते प्रहरीले भरतपुर नपा-३ नारायणगढबाट गिरफ्तार गर्‍यो। उनीहरू चैत १९ गते दिउँसो रिहा भए।

सप्तगण्डकी बहुमुखी क्याम्पस भरतपुरका उपप्राध्यापक नन्दलाल पौडेल र सहप्राध्यापक टीकाराम देवकोटालाई ०६१ चैत २३ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। उनीहरूमध्ये नन्दलाई चैत २५ गते र देवकोटालाई ०६२ वैशाख ३ गते तारेखमा रिहा गरियो।

भरतपुर नपा-१४ कैलाशनगरका ३४ वर्षीय

रुद्रप्रसाद सापकोटालाई ०६१ चैत २७ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गर्‍यो। पीडित चैत ३० गते रिहा भए।

मंगलपुर गाविस-१ का २१ वर्षीय विक्रम परियारलाई ०६२ वैशाख ७ गते बिहान सादा पोसाकका सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। सुरक्षाकर्मीहरू पीडितका बाबु बाबुराम परियारलाई खोज्दै त्यहाँ गएका थिए। उनलाई ०६२ वैशाख ८ गतेदेखि भरतपुर कारागारमा राखियो।

चैनपुर गाविस-२ ज्यामिरेका ४२ वर्षीय पुष्पराज ओझा र रत्ननगर नपा घर भई ज्यामिरेमा होटल गरी बसेका ३८ वर्षीय अशोक पौडेललाई ०६१ वैशाख ३० गते माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितमध्ये अशोकलाई भोलिपल्ट र पुष्पराजलाई जेठ २ गते भरतपुर ब्यारेकबाट रिहा गरियो।

भरतपुर नपा-११ का १३ वर्षीय प्रमोद दुवाडी, १६ वर्षीय सुरज भट्टराई, बासु दुवाडी र १९ वर्षीय क्षितिज शर्मालाई ०६२ जेठ २ गते र चैनपुर गाविस-८ का २० वर्षीय सन्तोष तिमिल्सिनालाई ०६२ जेठ ३ गते माओवादीको आरोपमा घरबाटै गिरफ्तार गरियो। उनीहरूलाई जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरेपछि जेठ १० गते भरतपुर ब्यारेकबाट रिहा गरियो।

कठार गाविस-६ बडागाउँका ३३ वर्षीय शिवराम उप्रेतीलाई माओवादीको आरोपमा ०६२ जेठ ६ गते सादा पोशाकका सुरक्षाकर्मीले घरमा सुतिरहेको बेला गिरफ्तार गरे। उनलाई सोही दिन बेलुका छाडियो।

रत्ननगर नपा-८ का रुद्रप्रसाद आचार्यलाई माओवादीको आरोपमा ०६२ जेठ ६ गते सुरक्षाकर्मीले रत्ननगर नपा-१ बकुलहर चोकबाट गिरफ्तार गरी संयुक्त सुरक्षा बेसक्याम्प बकुलहरमा राखे। उनलाई जेठ १२ देखि जिल्ला कारागार भरतपुरमा नजरबन्दमा राखिएकोमा ०६२ कार्तिक १ गते रिहा गरियो।

रत्ननगर नपा-८ बैरियाका लावण्यराज पन्तलाई माओवादीको आरोपमा ०६२ जेठ ७ गते बिहान सादा पोशाकका सुरक्षाकर्मीले रत्ननगर नपा-१२ अमिलियाबाट पक्राउ गरे। उनलाई खेतमा काम गर्न गएको बेला "केही सोधपुछ गर्नु छ" भनी बिहान गिरफ्तार गरी भरतपुर ब्यारेकमा लागिएकोमा भोलिपल्ट रिहा गरे।

शक्तिखोर गाविस-५ का २७ वर्षीय माधव बस्नेत, मंगलपुर गाविस-५ का सनम तामाङ र धादिङ जिल्लाको धुसा गविस-२ का कुमार रेग्मीलाई ०६२ जेठ ८ गते सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरी जेठ १२ देखि जिल्ला कारागार भरतपुरमा राखियो ।

कठार गाविस-५ सौनपुरका २५ वर्षीय विष्णु भण्डारीलाई ०६२ जेठ ९ गते सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। माओवादीले उनको पसलको टेलिफोन प्रयोग गरेको आरोपमा गिरफ्तार गरिएको सशस्त्र प्रहरी गण भण्डारा गणपति ऋषदेव भट्टराइले बताए। पीडितलाई जेठ १० गते रिहा गरियो।

पिठुवा गाविस-९ का २ वर्षीय आनन्द लामिछानेलाई माओवादीको आरोपमा ०६२ जेठ १० गते सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। उनलाई सैनिक हिरासतमा राखी जेठ १७ गते रिहा गरियो।

भरतपुर नपा-१० स्याउली बजारका ४७ वर्षीय टीका चापागाईलाई माओवादीको आरोपमा ०६२ असार ११ गते सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई असार १२ गते रिहा गरियो।

भरतपुर नपा-१२ घर भएका अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्य रामचन्द्र अधिकारी, बघौडा गाविस-१ घर भएकी सोही संगठनका जिल्ला कोषाध्यक्ष तारा तिवारी र भरतपुर नपा-८ घर भएका रामपुर क्याम्पसका विद्यार्थी सन्तोष मरहट्टालाई ०६२ साउन १८ गते सुरक्षाकर्मीले अमर उच्च मावि पटिहानीबाट गिरफ्तार गरे। उनीहरूलाई एक हप्ता पुरानो गोरख गण कसरामा राखी हाल जिल्ला कारागार भरतपुरमा राखिएको छ।

कठार गाविस-५ का नारायण ढुंगाना, पिपले गाविस-४ का रामजी कंडेल र गोरखा जिल्ला अरुणपोखरी गाविस-८ का ऋषिराम खनालल्लाई ०६२ साउन १८ गते पदमपुर गाविस-८ नयाँ बस्तीबाट गिरफ्तार गरे। सबैलाई साउन २५ देखि कारागारमा नजरबन्दमा राखिएको छ।

पदमपुर गाविस-५ का ३२ वर्षीय जनकबहादुर मगरलाई ०६२ भदौ २८ गते सुरक्षाकर्मीले कविलास गाविस-९ हाडीगाउँबाट गिरफ्तार गरे। उनलाई भदौ २४ गतेदेखि भरततपुर कारागारमा नजरबन्द गरिएको छ।

माओवादीका जिल्ला सचिवालय सदस्य सुबोध भनिने राजकुमार हुमागाई, अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला कोषाध्यक्ष तीर्थमाया पौडेल र कार्यकर्ता लक्ष्मी चौधरीलाई ०६२ भदौ ३१ गते जुटपानी गाविस-४ क्लब चोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरूलाई एकहप्ता सैनिक हिरासतमा राखी भदौ ७ गतेदेखि जिल्ला कारागार भरतपुरमा राखियो।

जनमोर्चा नेपाल जिल्ला समितिका सदस्य हरि कुल्लाह खालाई ०६२ पुस १२ गते सुरक्षाकर्मीले होटलमा खाना खाँदै गरिरहेको अवस्थामा गिरफ्तार गरे। उनको मोबाइल खोसेर नियन्त्रणमा लिएपछि गिरफ्तार गरेकोमा सोही दिन दिउँसो रिहा गरियो।

बालअधिकार

भरतपुर नपा-१ रामनगरकी ८ वर्षीय एक बालिकालाई ०६२ पुस ३ गते सोही ठाउँका गोविन्द कार्कीले नजिकै जंगलमा लगी बलात्कार गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी सोही दिन हिरासतमा लिएकोमा हाल पुर्पक्षको लागि जिल्ला कारागारमा राखिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा

दाहखानी गाविस-६ की सुन्तली विश्वकर्मालाई ०६२ मंसिर १० गते देवघाट गाविस-१ ननहुं घर भएका उनका पति धनराज विश्वकर्माले कुटपिट गरे। ज्यान लिन खोजेको भन्दै उनकी आमा सीतामाया विकले पुस ६ गते अदालतमा मुद्दा दायर गरिन्। पीडक तारेखमा रिहा भए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

निजी शिक्षण संस्था बन्द गर्ने अनेरास्ववियु (क्रान्तिकारी) को धम्कीको विरोधमा प्याब्सन चितवनले ०६१ चैत १७ गते भरतपुरमा पत्रकार सम्मेलन गरी विद्यालय सञ्चालनमा अवरोध नगर्न माओवादीसमक्ष आग्रह गऱ्यो ।

जिल्लाका छ राजनीतिक पार्टीहरूले ०६२ जेठ २९ गते माओवादीद्वारा चितवनको बांदरमुढेमा गरिएको विद्युतीय धराप विस्फोटको विरोधमा घटनास्थलनजिक विरोध सभाको आयोजना गरे।

नेपाल पत्रकार महासंघ चितवनको आयोजनामा पत्रकारहरूलाई स्वतन्त्रतापूर्वक बच्न र लेख्न देऊ भन्दै ०६२ असार १९ गते नारायणगढमा विरोध ऱ्यालीको आयोजना गरे।

संरचना सम्पति क्षति

मेघौली विमानस्थलमा ०६१ माघ २ गते माओवादीले बम विस्फोट गराउँदा सञ्चार सम्पर्क टावर र सुरक्षाजांच भवन ध्वस्त भयो।

भरतपुर नपा-६ स्थित मेजर प्रकाशराज पौडेलको एक तले घरमा ०६१ माघ १२ गते बेलुका माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

मकालु यातायातको ना २ ख ७४६५ नं. को बस र ना. १ ख ८९७५ नं. को ट्याटरलाई ०६१ चैत १५ गते माओवादीले चैनपुर गाविस-२ ज्यामिरे पुलमा आगजनी गरे। माओवादीले बसका चालक कृष्ण श्रेष्ठलाई कुटपिट समेत गरे।

चितवन ०६२ जेठ २२ गते माओवादीले पूर्वी चितवनको चैनपुर गाविस-२ स्थित ज्यामिरे पुलमा ०६२ जेठ २२ गते आइतवार विहान एक यात्रुवाहक बस र एक मालवाहक ट्रकलाई रोकी आगजनी गरे।

भरतपुर नपा-१० स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयमा ०६२ असार ५ गते दिउँसो माओवादीले प्रेसरकुकर बम विस्फोट गराउने प्रयास गरे। बम पूर्ण रूपमा विस्फोट नभएपछि एउटा कोठामा सामान्य क्षति भयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

रत्ननगर नपा-१० भोजनारायण श्रेष्ठ र सीताराम नेपालीको घरमा ०६२ असार २० गते राति सशस्त्र डाँकाहरूले बन्दुक र खुकुरी देखाएर करिब २० हजार नगद र १५ हजार रूपैयाँ बराबरको धनमाल लुटे।

२.११ मकवानपुर



जनसंख्या	: ४२८६४५
साक्षरता प्रतिशत	: ६३.४
महिला साक्षरता प्रतिशत	: ५३.७
क्षेत्रफल (वर्ग कि. मि.)	: २४२६
गाविस/नपा संख्या	: ४३/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४४६
क्याम्पस/उच्च मा.वि.	: २/११
अस्पताल/स्वास्थ्य चौकी	: १/४४
टेलिफोन लाइन	: ४६९३
मोटर सडक (कि. मि.)	: ३५०
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ४४
मानव विकास सूचकांक	: ०.४७९
प्रति परिवार सरदर सख्या	: ६.०३

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

रक्सिराङ गाविस-८ चैनपुरमा प्रकाश भनिने माओवादी कार्यकर्तालाई ०६१ फागुन ७ गते राति सर्चमा गएको सुरक्षाकर्मीले पीडित बसेको घर घेरी गोली हानी हत्या गरे। सुरक्षाकर्मीको घेरा तोडेर भाग्न खोज्दा गोली प्रहार गरेको सुरक्षाकर्मीले जनायो।

फापरबारी गाविस-६ ठोटरीका २२ वर्षीय एलन लामालाई माओवादीको आरोपमा ०६२ वैशाख २२ गते दिउँसो सुरक्षाकर्मीले गोली हानेर हत्या गरे। उनलाई घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले माओवादीको आरोपमा पक्राउ गरी हत्या गरिएको थियो। स्थानीयवासीले उनी माओवादी कार्यकर्ता नभएको दाबी गरे।

बसामाडी गाविस–४ कुवापानीका ५६ वर्षीय जगतबहादुर थिङको ०६२ भदौ १४ गते दिउँसो सुरक्षाकर्मीले चलाएको गोली लागेर मृत्यु भयो। सुरक्षाकर्मी र माओवादीबीच दोहोरो फायरिङ हुँदा विद्यालय व्यवस्थापन समितिको बैठक सकेर बाहिर निस्कने क्रममा थिङलाई सुरक्षाकर्मीको गोली लागेको स्थानीयवासीले बताए। सुरक्षास्रोतले भने माओवादीले हानेको गोली लागेको दाबी गऱ्यो।

माओवादीबाट

डकैती गरेको आरोपमा माओवादीले तीन युवकलाई ०६२ असार २० गते हत्या गरेर बसामाडी गाविसस्थित महेन्द्र राजमार्गमा फालिदिए। मंगोलियन अनुहारका ती तीन युवकहरूको पहिचान हुन सकेन।

हाँडीखोला गाविस-४ का २५ वर्षीय देव स्याङ्वोलाई ०६२ असार २७ गते राति माओवादीले हत्या गरेर सो गाविसको सिद्धकालीमा फाले। स्याङ्वोलाई माओवादीले दुई दिनअघि अपहरण गरेर लगेका थिए। हत्याको कारण भने सार्वजनिक भएन।

सरिखेत गाविस-३ का २२ वर्षीय दिनेश लामालाई ०६२ असार २८ गते राति माओवादीले हत्या गरेर पदमपोखरी गाविस-२ मा फालिदिए। पीडित लामालाई माओवादीले तीन दिनअघि घरबाट अपहरण गरेका थिए।

गोगने गाविस-७ दुम्मीखर्कका एमाले कार्यकर्ता ३० वर्षीय प्रेमबहादुर घलेको ०६२ भदौ ९ गते माओवादीले अपहरण गरी हत्या गरे। राज्यलाई सहयोग गरेको आरोपमा उनको हत्या गरेको माओवादीले जनाए।

आफ्नै बमबाट

आमभञ्ज्याङ गाविस-१ का १५ वर्षीय माओवादी कार्यकर्ता चिन्तामणि तिमल्सिनाले ०६१ चैत २३ गते बेलुका हेटौंडा नपा-३ स्थित बजारमा बम राख्न खोज्दा बम विस्फोट भएर उनको घटनास्थलमै मृत्यु भयो।

गाउँलेबाट

आग्रा गाविस-९ भकुण्डेमा स्पष्ट ठेगाना नखुलेका दुई माओवादी कार्यकर्ताहरू सामना भनिने २४ वर्षीय सावित्री घिमिरे र ३८ वर्षीय रामजी वाग्लेको ०६२ साउन ७ गते धादिङ किराञ्चोकतर्फबाट हतियारसहित आएको एक समूहले हत्या गरे। लासलाई हत्यापश्चात् खाल्डो खनेर गाडे। माओवादीले उक्त हत्या राज्य गरेको दाबी गऱ्यो। सुरक्षास्रोतले प्रतिकारमा उत्रेका जनताले ती दुईको हत्या गरेको दाबी गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते
आफ्नै बमबाट

शिखरपुर गाविस-३ का माओवादी कार्यकर्ता २८ वर्षीय जयबहादुर थिङले ०६१ चैत २७ गते दिउँसो हेटौंडा नपा-८ कमानेमा यात्रु कुरेर बसिरहेको टेम्पोमा बम विस्फोट गराउन खोज्दा विस्फोटबाट आफैं घाइते भए। विस्फोटमा परी उनले दुवै हात र आखा गुमाए।

जेल र बन्दीहरू

जिल्लाको पूर्वसदरमुकाममा रहेको 'घ' श्रेणीको भीमफेदी जेलको क्षमता ४१ जनाको रहे पनि अहिले दुई महिलासहित ५९ जना बन्दी रहेका छन्। चार जनाको क्षमता भएको महिला वार्डमा एक चेलीबेटी बेचबिखन र अर्को लागु औषध ओसार पसारको अभियोगमा थुनामा रहेका दुई महिला छन्। हेटौंडाबाट करिब २३ किलोमिटर टाढा रहेको यस जेलमा राजनीतिक बन्दीहरू छैनन्। जेलमा रहेकामध्ये २३ जना कैद तोकिएका र ३६ जना नतोकिएका छन्। जेलमा कर्तव्य ज्यान सम्बन्धी १०, डाका आठ, जबर्जस्ती करणी आठ, लागु औषध १३, जीउमास्ने बेच्ने सात, किर्ते मुद्दा एक, सवारी ज्यानमा चार, आगजनी तीन र चोरीमा पाचजना बन्दी छन्। जेलमा दैनिक एवं साप्ताहिक पत्रपत्रिकाहरू सहजरूपमा उपलब्ध हुँदैनन् भने मुद्दा पेशीको दिन हेटौंडास्थित अदालतमा उपस्थित हुन पाउने अधिकारबाट उनीहरू बञ्चित छन्। असुरक्षाका कारण देखाएर जेल प्रशासनले मुद्दा पेशीका बेला बन्दीहरूलाई अदालतमा उपस्थित गराउँदैन। बन्दीहरूले मुद्दा पेशीका दिन अदालतमा लैजान माग गर्दै आएका छन्। जेलमा बसेर पढ्ने र परीक्षा दिने व्यवस्था नभएकाले बन्दीहरू चिन्तित देखिन्छन्। करिब डेढ कट्ठा जमिनमा रहेको उक्त कारागारको क्षेत्र सानो भएकाले बन्दीहरूलाई घुमफिर गर्न, खेल्न र सीपमूलक तालिमहरू गर्न समस्या भएको बताइएको छ। गृह प्रशासन भीमफेदीबाट कारागार हटाउने सोचमा रहेको छ। असुरक्षाका

कारण वन्दी ल्याउन र लान समस्या हुने भएकाले भीमफेदी कारागारमा वन्दीहरूलाई क्रमश: लान छाडिएको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

हेटौंडा नपा-५ का २८ वर्षीय दशरथ ज्ञानियाँलाई सुराकीको आरोपमा ०६१ पुस १७ गते हाँडीखोला गाविस-४ बाट माओवादीले अपहरण गरी चार दिनपछि मुक्त गरे।

चुरियामाई गाविस-२ का ४६ वर्षीय भूतपूर्व सैनिक रामबहादुर वस्नेतलाई ०६१ चैत २५ गते बेलुका माओवादीले अपरहण गरी दुई दिनपछि मुक्त गरे।

दामन गाविस-१ का ४० वर्षीय शिक्षक सानोभाई कार्की, ४८ वर्षीय विमल विष्ट, ३५ वर्षीय कुमार नेगी लगायत् उक्त क्षेत्रका ५० जना शिक्षकहरूलाई ०६२ वैशाख १४ गते माओवादीले अपहरण गरी एक रात राखेर मुक्त गरे।

गोगने गाविस-३ का २६ वर्षीय हरेराम विष्ट र आग्रा गाविस ९ का २८ वर्षीय पुष्प कार्कीलाई ०६२ साउन २५ गते माओवादीले अपहरण गरी एक सातासम्म बेपत्ता पारेर छाडे। ती युवकलाई माओवादीको प्रतिकारमा हिँडेको आरोपमा अपहरण गरिएको बताइयो।

मकवानपुर गढी गाविस-६ का २२ वर्षीय सुरेश मुडभरीलाई ०६२ असोज १५ गते माओवादीले अपहरण गरी पाँच दिनपछि छोडे। सेना जागिर खान लागेको आरोपमा उनलाई माओवादीले अपहरण गरेका थिए।

निजगढ गाविस-४ घर भएका सेनाका लेसनायक नवराज अधिकारी र सुर्खेत जिल्ला लाटीकोइली गाविस-७ घर भएका सिपाही अम्मर शाहलाई ०६२ असोज १८ गते माओवादीले डाँडाखर्क गाविसवाट अपहरण गरे। सुरक्षाकर्मी र माओवादीवीचको दोहोरो भिडन्तका क्रममा माओवादीले उनीहरूलाई अपहरण गरेर लगेका थिए। उनीहरू पुस १५ गतेसम्म मुक्त भएका छैनन्।

हेटौंडा नपा-८ कमानेका २६ वर्षीय शिवमान कार्की र १२ हजार लिटर मट्टितेल भएको ट्याङ्कर माओवादीले ०६२ कार्तिक १४ गते बेलुका अपहरण गरी लगे। मट्टितेल आफ्नो कब्जामा लिएर दुई दिनपछि कार्की र ट्याङ्करलाई मुक्त गरे। मट्टितेल गाउँलेहरूलाई बाँडेको बताइयो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

दामन गाविस-४ का २९ वर्षीय इसरालफिल ओस्ता, दामन गाविस-४ का २१ वर्षीय नरवहादुर विष्ट, २३ वर्षीय सुरेन्द्र लामा र २५ वर्षीय नरोत्तम आचार्यलाई ०६१ पुस २२ गते दिउँसो दामन गाविस-४ स्थित शिखरकोटमा रहेको सुरक्षाकर्मीको वेस क्याम्पका तीनजना सुरक्षाकर्मीले निर्घात कुटपिट गरे। सुरक्षाकर्मीद्वारा कुटपिट गरेपछि पीडितहरूले शिखरकोट बजार बन्द गरेर दोषीलाई कारवाहीको माग गरेका थिए।

अन्यबाट

हेटौंडा नपा-३ स्थित हेटौंडा सन्देश दैनिकका सम्पादक सन्तोष न्यौपानेलाई ०६२ मंसिर २० गते बेलुका क्षेत्रीय प्रशासक विरूद्ध समाचार नलेख्न अज्ञात व्यक्तिहरूले टेलिफोनमार्फत् धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निषक्ष चुनावसमेत)

०६१ माघ १९ को शाही कदम विरूद्ध आन्दोलनको क्रममा ०६१ चैत १ गते शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी हेटौंडा नपा-४ का पूर्वसासंद विरोध खतिवडा, नेकाँ

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	७	५	३	८	५	७			७	५	७			७
घाइते	५	७	१	८	१	१			१					
गिरफ्तारी यातना										१०	१४	२		१६
कुटपिट										१	४			४
धम्की					१			१	१					
भेला संगठित हुने अधिकार										६	३८		१०२	१४०
महिलाअधिकार	४		४	४										
बालअधिकार	६		६	६										
आर्थिक सामाजिक सांस्कृतिक अधिकार					१	१			१					
अपहरण					७	१०	१	४७	५८					
जम्मा	२२	१२	१४	२६	१५	१९	१	४८	६८	२२	६३	२	१०२	१६७

(प्रजातान्त्रिक) का सभापति माइकल रामचन्द्र अर्याल, नेपाली कांग्रेस मकवानपुरका भवसागर श्रेष्ठ, हेटौंडा नपा-११ का डोरमणी पौडेल, अमृता थापा लगायत १५ जनालाई हेटौंडा बजारबाट पक्राउ गरी भोलिपल्ट रिहा गरियो।

नेकाका जिल्ला सभापति नरेन्द्र मिश्र, रघुरमण न्यौपाने, रोशन शर्मा, धर्म लामिछानेसहित १० जनालाई ०६१ चैत १५ गते हेटौंडा बजारमा शाही कदमको विरुद्धमा शान्तिपूर्ण आन्दोलन गर्न खोज्दा पक्राउ गरियो। उनीहरूलाई दुई दिनपछि मुक्त गरियो।

राष्ट्रिय सभाका सदस्य तथा एमालेका नेता ललितकुमार बस्नेत, जनमोर्चाका अध्यक्ष बलराम बल, सचिव गोविन्द ढुङ्गाना, एमालेका हर्कमाया रूम्बा र बार एशोसिएसन हेटौंडाका अध्यक्ष ध्रुव चौलागाईंलगायत ८४ जनालाई ०६१ चैत २६ गते पक्राउ गरियो। उनीहरू सबैलाई भोलिपल्ट रिहा गरियो।

एमालेका केन्द्रीय सदस्य केदार न्यौपाने, अञ्चल सचिव अनन्त पौडेल, भूतपूर्व जिविस सभापति रामेश्वर राना, नेका (प्रजातान्त्रिक) का सभापति माइकल रामचन्द्र अर्याल, एमाले मकवानपुरका सचिव कृष्णप्रसाद दाहाल, राजकुमार कायस्थलगायत् २८ जनालाई ०६२ जेठ ८ गते हेटौंडा बजारमा जुलुस निकाल्न लाग्दा प्रहरीले हस्तक्षेप गरी पक्राउ गर्‍यो। पक्राउ परेकाहरूलाई त्यही दिन बेलुका रिहा गरियो।

हेटौंडा नपा-२ का ईश्वर पण्डितलाई ०६२ साउन १९ गते हेटौंडा बजारमा मसाल जुलुस निकाल्न खोज्दा प्रहरीले हस्तक्षेप गरी पक्राउ गर्‍यो। प्रहरीको लाठीचार्जबाट १२ जना विद्यार्थी घाइते भए। विद्यार्थी नेता पण्डितलाई सोही दिन बेलुका छाडियो।

हेटौंडा नपा-२ विद्यार्थी नेता महेश बर्तौला र हेटौंडा नपा-९ का ज्योति शर्मालगायत २४ जना विद्यार्थीहरू ०६२ भदौ ६ गते दिउँसो हेटौंडा बजारमा मशाल जुलुस निकाल्ने क्रममा प्रहरीले हस्तक्षेप गरी लाठीचार्ज गर्दा घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन र जिल्ला गरी दुईओटा अदालत रहेका छन्। पुनरावेदन अदालतमा गत वर्ष जिम्मेवारी सरेर आएका आठसय ९० र यस वर्ष दर्ता भएका एक हजार छसय १० गरी दुई हजार पाचसय ओटा मुद्दा छन्। जसमध्ये एक हजार पाचसय ७६ अर्थात ६१ दशमलव आठ प्रतिशत मुद्दा फर्स्यौट भएर आठसय ५४ मुद्दा बाकी रहे। तीमध्ये दुई वर्ष नाघेका पाचओटामात्र मुद्दा छन्।

जिल्ला अदालतमा जिम्मेवारी सरेर आएका एकसय ५० र यस वर्ष दर्ता हुन आएका दुईसय १६ गरी तीनसय ६६ ओटा मुद्दा रहेका थिए। त्यसमध्ये दुईसय २० ओटा मुद्दा फर्स्यौट भए। एकसय ४६ ओटामात्र मुद्दा बाकी छन्। एक वर्षदेखि फर्स्यौट नभएका ८० ओटा मुद्दा छन् भने छ महिनादेखि फर्स्यौट नभएका ४० ओटा छन्। दुई वर्ष नाघेको एउटामात्र मुद्दा बाकी रहेको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

दैवी प्रकोपको कारण मकवानपुर जिल्लामा वर्सेनी तीनसय ६१ परिवार सुकुम्बासी बन्ने गरेका छन्। दुई वर्षअघि सरकारले गरेको एक सर्भेक्षण अनुसार जिल्लाको ९.४ प्रतिशत भू-भाग जोखिममा रहेकाले वर्सेनी आउने बाढीपहिरोबाट थप तीनसय ६१ परिवार विस्थापित हुने क्रम छ। चार वर्षअघि सुकुम्बासी आयोगले दुई हजार आठसय परिवार सुकुम्बासी रहेको जनाएको थियो। त्यो संख्या अहिले बढेर करिब पाच हजार रहेको अनुमान गरिएको छ। ०५९ र ०६० मा आएको भीषण बाढी पहिरोले आठ परिवार घरबारविहीन भए। उक्त परिवारका करिब पांचहजार मानिस सुकुम्बासी बने। गत वर्ष खासै वर्षा नभएकाले बाढी त गएन। तर, पहिरोले बगाएर १२ परिवार सुकुम्बासी बने। मकवानपुरमा घरबारविहीन सुकुम्बासी संख्या करिब १० हजारको हाराहारीमा रहेको छ। ती सुकुम्बासीहरू अहिले मनहरी गाविस-३ रमनटारको जंगल फाडेर बसेका छन्। त्यसअघि उनीहरू मनहरी खोलाको छेउमा छाप्रो बनाएर बसेका थिए। वन्यजन्तु आरक्षले उक्त जमिनबाट उठाएपछि उनीहरू बाध्य भएर रमनटारको जंगल फाडेर बसेका छन्। त्यहांबाट पनि उठन उनीहरूलाई वन कार्यालयले दबाव दिइरहेको छ। यसैगरी विगत पाच वर्षदेखि हेटौंडा नपा-११ स्थित राप्ती बगरमा छाप्रो हालेर करिब तीनसय सुकुम्बासीहरू बसेका छन्।

हेटौंडा नपाका विधवालाई गत आव ०६१/०६२ मा तीन महिनाको विधवा भत्ता वितरण गरिएन। स्थानीय विकास मन्त्रालयले एक चौमासिकको रकम नपठाएकाले वितरण नगरेको नगरपालिकाले जनायो। नगरपालिकाले पाचसय ८६ जना विधवालाई भत्ता वितरण गर्दै आएको थियो।

जिल्लाको पूर्व सदरमुकाम भीमफेदीमा नेपाल बाल संगठनद्वारा सञ्चालित बालगृह छ। उक्त बालगृहमा १४ जना बालिकासहित ३५ जना अनाथ बालबालिका रहेका छन्।

आर्थिक अधिकार

सरिखेत गाविस-७ कालिखापका ५६ वर्षीय ललितबहादुर शाहको घरमा ०६२ साउन २६ गते माओवादीले तालाबन्दी गरेर उनका १२ जना परिवारलाई घरबाट निकाले। पाच महिनापछि शाह बाहेक परिवारका

अन्य सदस्यलाई ताला खोलेर घरमा बस्न दिए।

हेटौंडा औद्योगिक क्षेत्रमा रहेको कोल्गेट पाल्मोलिभले टुथपेष्ट प्लान्ट बन्द गरेर भारतमा स्थानान्तरण गरेपछि यहाका करिब तीनसय जना मजदुर र कर्मचारीहरू प्रभावित भए। यसबाट तीनओटा प्याकेजिङ उद्योग तथा कोल्गेट पाल्मोलिभका कर्मचारी र कामदारहरूले जागिरबाट हात धुनु परेको थियो।

बसामाडी गाविस-५ स्थित युनिलिभर लिमिटेड माओवादीको धम्कीका कारण १७ दिन बन्द भयो। माओवादीनिकट मजदुर संगठनले उद्योग व्यवस्थापनसमक्ष १५ सूत्रीय माग प्रस्तुत गरे। ती मागहरू ०६२ साउन ३२ गतेसम्म पूरा नगरे उद्योग भदौ १ गतेदेखि हडताल गर्ने धम्की दिएपछि १७ दिन बन्द भयो। उद्योगको बन्द भएका कारण युनिलिभर र त्यसका सहायक उद्योगका गरी एक हजार कामदार र कर्मचारी प्रभावित भए। उद्योग व्यवस्थापन र मजदुर संगठनबीच सहमति भएपछि ०६२ भदौ १७ गतेदेखि उद्योग सञ्चालन भयो। सो उद्योग बन्द भएका कारण करिब नौ करोड रूपैयाँ नोक्सानी व्यहोर्नु परेको बताइयो।

हेटौंडाको सबैभन्दा पुरानो वनस्पति शान्ति घ्यू उद्योगका लगानीकर्ताहरूले उद्योग बन्द गरेर ७० जना कामदार एवं कर्मचारीहरूलाई अवकाश दिए।

चुरियामाई गाविसस्थित महेन्द्र राजमार्गमा हेटौंडा नपा-९ का रमेशविक्रम शाह, ट्रक चालक राजेश केसी र ना. १ ख ५११० नम्बरको साढे १० टन चामल बोकेको ट्रकलाई ०६२ मंसिर ९ गते माओवादीले कब्जामा लिए। चालक केसी र शाहसहित खाली ट्रक दुई दिनपछि मुक्त भए। तर चामल भने सबै उनीहरूले लिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार र दण्ड

गिरफ्तारी यातना

मनहरी गाविस-४ का २७ वर्षीय दिलबहादुर तामाङलाई सुरक्षाकर्मीले ०६१ फागुन २७ गते दिउँसो घरबाट गिरफ्तार गरी दुई दिन राखेर रिहा गरियो।

राक्सिराङ गाविस-८ का ४२ वर्षीय भरतलाल मुक्तान, रेखा, पार्वती र विष्णुबहादुर पौडेललाई माओवादीको आरोपमा ०६१ चैत ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक सातापछि थुनामा राख्न वीरगञ्ज कारागार चलान गऱ्यो।

हेटौंडा नपा-९ मा पसल थापेर बस्ने २४ वर्षीय माधव घिमिरेलाई माओवादीको आरोपमा ०६२ जेठ २० गते दिउँसो सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी सैनिक हिरासतमा करिब एक महिना राखी मुक्त गरे।

आमभञ्ज्याङ गाविस-७ का १७ वर्षीय रवीन्द्र चौलागाईंलाई ०६२ साउन ८ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले हेटौंडाबाट गिरफ्तार गरे। उनलाई सैनिक हिरासतमा चार दिन राखेर रिहा गरियो।

हाडीखोला गाविस-१ का ३० वर्षीय हिराबहादुर रानामगरलाई माओवादीको आरोपमा ०६२ साउन २२ गते दिउँसो हेटौंडास्थित बसपार्कमा सुरक्षाकर्मीले गिरफ्तार गरे। सैनिक हिरासतमा चार दिन राखेर रानालाई छाडियो।

माओवादीनिकट दनुवार-राई राष्ट्रिय मुक्ति मोर्चाका केन्द्रीय सदस्य ४० वर्षीय रूद्रकुमार राईलाई ०६२ भदौ १० गते दिउँसो सुरक्षाकर्मीले हर्नामाडी गाविसबाट गिरफ्तार गरेका थिए। सैनिक र प्रहरी हिरासतमा दुई साता राखेर उनलाई वीरगञ्ज कारागारमा थुनामा राखियो।

मकवानपुरगढी गाविस शिखरकटेरीमा माओवादीको मकवानपुर-ललितपुर जिल्ला कमिटी सदस्य गणेश भनिने २५ वर्षीय योगेन्द्र घिसिङलाई ०६२ असोज १६ गते सर्चमा गएको सुरक्षाकर्मीको गोली प्रहार गरी घाइते पारी गिरफ्तार गरे। उनको उपचार सुरक्षाकर्मीले काठमाडौं लगेर गऱ्यो। सुरक्षाकर्मीले उनीसँगै १६ वर्षीय माओवादी कार्यकर्ता नवराज चौरेललाई पनि गिरफ्तार गरी जेल पठायो।

सरिखेत गाविस-९ का २५ वर्षीय रामशरण भारतीलाई माओवादीको आरोपमा ०६२ कार्तिक २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक साता सैनिक हिरासतमा राखी वीरगञ्ज कारागारमा थुनामा राखियो।

चुरियामाई गाविस-१ का ३६ वर्षीय कामीसिंह मोक्तानलाई माओवादीको आरोपमा ०६२ पुस ५ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरी दुई दिन सैनिक हिरासतमा राखेर जेल पठाइयो।

पुनः गिरफ्तार

माओवादीको आरोपमा वीरगञ्ज कारागारमा राखिएका हर्नामाडी गाविस-८ का भोला थापा, हाडीखोला गाविस-४ का सुकराम लामा र पर्सा बिरूवागुठीका श्यामसुन्दर दुङ्गानालाई पुनरावेदन अदालत हेटौंडाले ०६२ मंसिर ९ गते रिहा गर्न आदेश गरे पनि अदालतबाटै प्रहरीले पुनः गिरफ्तार गरेर जेल पठायो।

बालअधिकार

जिल्लाका होटल, भट्टी, वर्कशपहरूमा एक हजार पाचसय भन्दाबढी बालबालिका कार्यरत छन्। हेटौंडा नगरपालिका, चुरियामाई गाविस र पदमपोखरी गाविसका गरी करिब एक हजार दुईसय ५० बालबालिका गिट्टी कुट्दैआएका छन। उनीहरूलाई विद्यालयमा ल्याउन उद्योग बाणिज्य संघ, बालकल्याण संस्था, बाल कल्याण समाजले बालश्रम उन्मूलन कार्यक्रम सञ्चालन गरियो।

मनहरी गाविस-१ खरङ्खाकी १८ वर्षीय सानुमाया

थिङलाई ०६१ माघ २८ गते वीरगञ्ज घुमाउन लाने भनेर भारतमा बिक्री गर्न लगिरहेको अवस्थामा कुमार डिमडुङ्गलाई प्रहरीले गिरफ्तार गरे। हेटौंडास्थित बसपार्कमा पक्राउ गरिएका डिमडुङ्ग पुर्पक्षका लागि थुनामा छन्।

हेटौंडा नपा-५ सानोपोखराकी ११ वर्षीय घरेलु कामदार बालिकालाई सोही ठाउँ बस्ने ५८ वर्षीय त्रिरत्न चित्रकारले ०६१ चैत १४ गते बलात्कार प्रयास गरे। पीडक हाल पुर्पक्षका लागि थुनामा छन्।

बसामाडी गाविस-५ की १० वर्षीय बालिका कोपिला मोक्तानलाई ०६१ चैत १८ गते भारतस्थित सर्कसमा लगेर बिक्री गरेको आरोपमा बसामाडी गाविस-५ का २८ वर्षीय लालबहादुर दोङ, ४४ वर्षीय ज्ञानीमाया लामा र भारतीय नागरिक मिलन सिंहलाई प्रहरीले हेटौंडास्थित बस पार्क पक्राउ गरेको थियो। तीनैजना पुर्पक्षका लागि थुनामा छन्।

चुरियामाई गाविस-१ बदेलथापकी १४ वर्षीय एक बालिकालाई ०६२ बैशाख ७ गते दिउँसो घरमा कोही नभएको मौका छोपी सोही ठाउँका ४४ वर्षीय इमानसिंह गोम्वाले बलात्कार गरे। पीडक पुर्पक्षका लागि थुनामा छन्।

हेटौंडा नपा-१० स्थित बसपार्ककी ५ वर्षीय बालिकालाई ०६२ कार्तिक २१ गते बेलुका सोही ठाउँका १७ वर्षीय सन्तोष श्रेष्ठले बलात्कार प्रयास गरेको आरोपमा प्रहरीले पक्राउ गर्‍यो। सन्तोष अहिले थुनामा छन्।

काकडा गाविस-८ का सन्तराम चेपाङले ११ वर्षीय छोरीलाई गाउँको १३ वर्षीय केटालाई ०६२ मंसिर १७ गते बालविवाह गरिदिए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

महिला किनबेच

बसमाडी गाविस-५ का १० वर्षीय बालिकालाई ०६१ चैत १६ गते दिउँसो वीरगञ्जतर्फ लगिरहेको अवस्थामा बिरुवागढी गाविसका गणेश पारियारलाई हटौंडा नपा-९ स्थित इलाका प्रहरी कार्यालय पशुपतिनगरले पक्राउ गरेको थियो। पीडक अहिले थुनामा छन्।

बलात्कार बलात्कार प्रयास

कालिकाटार गाविस-९ की ३५ वर्षीय एक महिलालाई ०६२ बैशाख २४ गते मानो गाविस-८ का २४ वर्षीय सोमबहादुर चेपाङले बलात्कार गरे। पीडकलाई कारवाही गरिएको छैन। बलात्कारको पीडाले पीडितले एक सातापछि आत्महत्या गरिन्।

पारिवारिक हिंसा बहुविवाह

पदमपोखरी गाविस-१ की ३८ वर्षीय सन्तलीमाया थोकरलाई ०६२ असार २९ गते राति छोरीमात्र जन्माएको आरोपमा पति सीताराम तामाङले दाँतमा हिर्काए। गाउँलेहरुको सहयोगमा पीडितलाई हेटौंडा अस्पतालमा उपचार गरियो।

हटिया गाविस-९ का ३७ वर्षीय ठाकुर चौलागाईंले ०६२ साउन ८ गते बहुविवाह गरे। जेठी पत्नीको उजुरी परेपछि ठाकुर र कान्छी पत्नी हिरामायालाई प्रहरीले गिरफ्तार गर्‍यो। अदालतले दुवैजनालाई एक/एक महिना थुना राख्ने फैसला गर्‍यो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

छतिवन गाविस-३ की १७ वर्षीय बिश्वकर्मा थरकी एक युवतीलाई ०६२ भदौ १६ गते पदमपोखरी गाविस-१ का २० वर्षीय विजय लामाले अन्तरजातीय बिवाह गरे। लामाले अभिभावकहरूको दवाबमा बिश्वकर्मालाई छाडे। लामाका अभिभावकले युवती कथित तल्लो जातको भएकाले छाड्न दवाव दिएका थिए। अहिले उनी माइतीमै छिन्।

विविध

संरचना क्षति

चुरियामाई गाविस-३ रातामाटेस्थित क्षेत्रीय प्रहरी तालिम केन्द्रका पाँचओटा भवनहरूमा ०६१ चैत ११ गते राति माओवादीले बम बिस्फोट गराई क्षति पुर्‍याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष व्यक्तिगत कारणले भएका १३ ओटा कुटपिटका घटनामा १७ जना पुरुषसहित छजना महिलाहरू पीडित भए। सेनाका एक सिपाही र एक प्रहरी हवल्दारले आफैसग भएको राइफल पड्काएर आत्महत्या गरे। यसैगरी जिल्लाको ४३ गाविस र एक नगरपालिकामा ३६ पुरुषसहित ५५ जनाले आत्महत्या गरे। सडक दुर्घटनामा १६ जनाको मृत्यु भयो भने ७६ जना घाइते भए। बाढी पहिरोबाट यस वर्ष दुईजनाको ज्यान गयो। चट्याङबाट एकजनाको मृत्यु र दुईजना घाइते भए भने करेन्ट लागेर दुईजना मरे। सनाखत हुन नसकेका पाँचओटा लास फेला परे।

विगतको अनुगमन

सिम्नेरी गाविस-३ का तत्कालीन मनोनित गाविस अध्यक्ष ५५ वर्षीय कृष्णप्रसाद पुरीलाई ०६१ जेठ १५ गते माओवादीले अपहरण गरी बेपत्ता पारे। अहिलेसम्म उनी बेपत्ता नै छन्।

मकवानपुरगढी गाविस-३ का ३६ वर्षीय सन्तबहादुर बाइबालाई माओवादीको आशंकामा ०६० कार्तिक १८ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएकोमा हालसम्म उनी बेपत्ता छन्।

२.१२ ललितपुर

जनसंख्या : ३७६२०९
साक्षरता प्रतिशत : ७०.७७
महिला साक्षरता प्रतिशत : ६०.२६
क्षेत्रफल (वर्ग कि.मी.) : ३८५
गाविस/नपा संख्या : ४१/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : ४१५
क्याम्पस/उच्च मावि : ११/१३
अस्पताल/स्वास्थ्य चौकी : ४/३५
टेलिफोन लाइन : ३४००८
मोटर सडक (कि.मी.) : ३८५
प्रहरी कार्यालय संख्या : २५
हुलाक संख्या : ४६
मानव विकास सूचकांक : ०.५८८
प्रति परिवार सरदर संख्या : ५.४६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

माओवादीबाट

इकुडोल गाविस-३ का गणेशबहादुर दाहाललाई ०६१ माघ ३ गते माओवादीले अपहरण गरेकोमा ०६१ माघ ४ गते आश्राङ गाविस-४ मा उनको लास भेटियो।

आफ्नै बमबाट

कालेश्वर गाविस-७ घर भएका माओवादी कार्यकर्ता जंग भनिने दीपकप्रसाद घिमिरेको ०६१ माघ २२ गते राति आफैले बोकेको बम विस्फोट भई भट्टेडाँडा गाविस-५ को छपेलीमा मृत्यु भयो।

जेल र बन्दीहरू

यस वर्ष ललितपुरको नख्खु कारागारमा रहेका ९४ कैद तोकिएका र एक सय ७९ कैद नतोकिएकासमेत दुई सय ७३ जना बन्दीहरू रहेको नख्खु कारागार प्रशासनले जनायो। कारागारमा राज्यविरुद्धको अपराधमा ७१ जना बन्दी र अन्य अपराधमा दुईसय दुईजना बन्दीहरू रहेका छन्। यस कारागारमा माओवादी नेताहरू मातृका यादव, सुरेश आले मगर, गणेश रेग्मी, कृष्ण केसी र हिमाल शर्मा रहेका छन्। बन्दीहरूले नख्खु कारागार सुधारका लागि विभिन्न माग राखेर आन्दोलन गरेका थिए।

यस कारागारमा राज्यविरुद्ध तीन, हातहतियार खरखजाना एक, हातहतियार खरखजाना (माओवादी) दुई ज्यानमार्ने उद्योग सात, कर्तव्य ज्यान ५१, कर्तव्य ज्यान (माओवादी) दुई, सवारी ज्यान दुई, डाँका २६, चोरी ३४, जीउ मास्ने बेच्ने सात, लागू औषध ४३, जबरजस्ती करणी १०, ठगी १०, कैदी भागे-भगाएको एक, खोटा चलन दुई, केही सार्वजनिक अपराध दुई, नजरबन्द एक, आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश ६३, अप्राकृतिक मैथुन एक, आगो लगाउने दुई, सरकारी दस्तखत छाप किर्ते दुई, लेनदेन एक गरी दुईसय ७३ जना कैदी तथा बन्दी रहेका छन्।

बेपत्ता / अपहरण

राज्यबाट

नुवाकोट जिल्ला काउले गाविस-१ घर भई मंगलबजार डेरा गरी बस्ने २९ वर्षीय गोविन्द पौडेललाई ०६१ फागुन २२ गते सादा पोसाकमा रहेका सुरक्षाकर्मीले मंगलबजारबाट गिरफ्तार गरे। सुरक्षाकर्मीले पीडितलाई ललितपुर जिल्लाको कुपण्डोल जाने क्रममा बाटोबाटै गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

गिम्दी गाविस-३ का पूर्व गाविस अध्यक्ष ४२ वर्षीय काजीबहादुर घलान र उनका छोरा १९ वर्षीय बुद्धिबहादुर घलानलाई ०६१ चैत १९ गते माओवादीले अपहरण गरेका थिए। माओवादीले अपहरण गरेका काजीबहादुर घलान एक हप्तापछि माओवादी कब्जाबाट भागे भने घलानको स्थिति अज्ञात छ।

अन्यबाट

ललितपुर उमनपा-१३ कुसुन्ती घर भई पुल्चोक क्याम्पसमा अध्ययन गर्ने २२ वर्षीय मधु कोइराला ०६१ फागुन १९ गतेदेखि हराए। उनको खोजीका लागि परिवारका सदस्यहरूले मानवअधिकार संघसंस्थामा अपिल गरे। उनको स्थिति अझै अज्ञात छ।

राज्यद्वारा बेपत्ता पारिएका परिवारहरूले राष्ट्रिय मानव अधिकार आयोगको कार्यालयमा तालाबन्दी गर्दै

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

ललितपुर उमनपा पाटनढोकास्थित पाटन संयुक्त क्याम्पसका स्ववियु सदस्यद्वय २६ वर्षीय यज्ञराज पन्त र २५ वर्षीय मनोज ढुंगेल तथा नेपाल विद्यार्थी संघका २४ वर्षीय लाबोस राईलाई ०६१ माघ २७ गते पाटन क्याम्पसबाट सुरक्षाकर्मीले नियन्त्रणमा लिएका थिए। उनीहरूलाई प्रहरीले भोलिपल्ट रिहा गर्‍यो।

ललितपुर उपमनपा-८ घर भएका नेका जिल्ला उपसभापति ५१ वर्षीय चन्द्र महर्जनलाई ०६१ फागुन ६ गते प्रहरीले गिरफ्तार गरी सोही दिन राति सशस्त्र प्रहरी २ नं. गण महाराजगञ्जबाट रिहा गरियो।

ललितपुर उमनपा-८ घर भएकी नेकाकी कार्यकर्ता तथा महिला दबाब समूहकी जिल्ला अध्यक्ष ५४ वर्षीय चन्द्रमाया महर्जनलाई ०६१ फागुन १४ गते प्रहरीले मंगलबजारबाट गिरफ्तार गरे। उनलाई ०६१ फागुन १६ गते रिहा गरियो।

हिमाल खबरपत्रिकाका प्रकाशक तथा हिमाल साउथ एसियाका सम्पादक कनकमणि दीक्षितलाई ०६१ फागुन २४ गते सुरक्षाकर्मीले नियन्त्रणमा लिएर सोही दिन राति ललितपुर जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे। दीक्षितलाई पाटनढोकास्थित निवासबाट नियन्त्रणमा लिएको थियो।

नेकपा (एमाले) का जिल्ला कमिटी सदस्य सुरेन्द्रमोहन शर्मा तथा अनेरास्ववियुका केन्द्रीय सदस्य पुरुषोत्तम आचार्यलाई ०६२ वैशाख ६ गते पाटनढोकाबाट विरोध प्रदर्शनका क्रममा प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई शान्ति सुरक्षा ऐनअन्तर्गत जिल्ला प्रहरी कार्यालय ललितपुरमा राखी ०६२ वैशाख २९ गते रिहा गरियो।

ललितपुरको कुपण्डोलस्थित कम्युनिकेशन कर्नरलाई सूचना तथा सञ्चार मन्त्रालयले पत्र काटी ०६२ जेठ १३ गतेदेखि समाचार उत्पादन तथा वितरणमा रोक लगायो। सञ्चार मन्त्रालयको यस कार्यको विरुद्धमा कम्युनिकेशन कर्नरले ०६२ जेठ १६ गते सर्वोच्च अदालतमा मुद्दा दर्ता गरेको थियो। सर्वोच्च अदालतका न्यायाधीशद्वय रामप्रसाद श्रेष्ठ र राजेन्द्रकुमार भण्डारीको इजलाशले ०६२ जेठ २४ गते सूचना तथा सञ्चार मन्त्रालयका नाममा अन्तरिम आदेश जारी गरी कम्युनिकेशन कर्नरलाई समाचार उत्पादन तथा वितरणमा रोक नलगाउन आदेश दियो।

पुल्चोकस्थित कान्तिपुर एफएमको कार्यालयबाट ०६२ कार्तिक ४ गते शुक्रबार राति सुरक्षाकर्मीले सञ्चार उपकरण लुटे। सरकारले चार भ्यान प्रहरी पठाई रेडियो स्टेशन तोडफोड गरी उपकरण लुटेको थियो। सूचना तथा सञ्चार मन्त्रालयले सेटेलाइट लिंकमा नजाने सर्तमा ०६२ पुस ५ गते कान्तिपुर एफएमका प्रसारण उपकरणहरू फिर्ता गरेको थियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित						राज्य पक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट							
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या				२	२	२					
गिरफ्तारी यातना							१६	२२	१		२३
बेपत्ता							१	१			१
भेला संगठित हुने अधिकार							१			१३	१३
महिलाअधिकार	२	२	२								
बालअधिकार	२	२	२								
अपहरण				१	२	२					
जम्मा	४	४	४	३	४	४	१८	२३	१	१३	३७

पुल्चोकस्थित दक्षिण एसियाकै पहिलो सामुदायिक रेडियोको रुपमा परिचित सगरमाथा एफएम १०२.४ मेगाहर्जको प्रसारण ०६२ मंसिर १२ गते रातिबाट सरकारले उपकरण जफत गर्दै बन्द गऱ्यो। माओवादी अध्यक्ष प्रचण्डको बीबीसी नेपाली सेवाबाट प्रशारण हुने अन्तवार्ता रेडियो सगरमाथाबाट प्रसारण हुनु ठीकअघि उक्त रेडियोको कार्यालयमा सुरक्षाकर्मी प्रवेश गरी उपकरण कब्जामा लिएका थिए। त्यस क्रममा त्यहाँ कार्यरत पाँचजना पत्रकार तथा प्राविधिकलाई गिरफ्तार गरियो। गिरफ्तार गरिएकाहरूमा दुर्गा कार्की, पुण्य भण्डारी, दीपकबाबु अर्याल, दीपकराज पाण्डे र प्राविधिक राजेन्द्र रिजाल थिए। उनीहरूलाई विना पूर्जी गिरफ्तार गरिएको थियो। पत्रकार दुर्गा कार्कीलाई सोही दिन राति रिहा गरियो। अन्य चारजना सञ्चारकर्मीलाई ०६२ मंसिर १३ गते रिहा गरियो। रेडियो सगरमाथामा बीबीसी नेपाली सेवाको समाचार प्रसारण नरोक्न सर्वोच्च अदालतले ०६२ मंसिर १४ गते सूचना तथा सञ्चार मन्त्रालयलाई आदेश दिएकोमा सोही दिन साँझदेखि रेडियो सगरमाथाबाट उक्त सेवाको समाचार प्रसारण गरियो। प्रहरीद्वारा जफत गरिएको उपकरण ०६२ मंसिर ३० गते फिर्ता गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

ललितपुर जिल्ला अदालतमा दुनियावादी देवानी, दुनियावादी फौजदारी र सरकारवादी फौजदारी मुद्दा गत वर्षको बाँकी र यस वर्ष दर्ता भएका एकहजार आठसय चारओटा मुद्दा रहेका छन्। एकहजार आठसय चारओटा मुद्दा मध्ये सातसय ८४ ओटा फर्स्यौट भई एकहजार २० ओटा मुद्दा बाँकी रहेको अदालतले जनायो।

यस वर्ष जिल्ला प्रशासन कार्यालय ललितपुरमा केही सार्वजनिक अपराध मुद्दा एकसय २५ ओटा, हातहतियार खरखजाना मुद्दा एक ओटा, भ्रष्टाचार मुद्दा एकओटा, विविध विषयका मुद्दा सात ओटा गरी एकसय ३४ ओटा मुद्दा दर्ता भएकोमा ८० ओटा मुद्दा फर्स्यौट भए भने ५४ ओटा बाँकी रहेका छन्।

यस वर्ष जिल्ला प्रहरी कार्यालय ललितपुरबाट दुई सय ४८ ओटा मुद्दा जिल्ला न्यायाधिवक्ताको कार्यालय ललितपुरमा पेश गरिएको जानकारी जिल्ला न्यायाधिवक्ताको कार्यालय ललितपुरले दियो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

घुसेल गाविस-७ घर भई छप्पीदेवी माविमा कक्षा १० मा अध्ययनरत १९ वर्षीय विनोद थापा, सोही ठाउँका विश्वनाथ न्यौपाने र रमेश नगरकोटीलाई ०६१ पुस २७ गते सशस्त्र प्रहरीले गिरफ्तार गरी चापागाउँ इलाका प्रहरी कार्यालयमा लगे। उनीहरूलाई पुस २९ गते रिहा गरियो।



सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिँदै नेकाँका नेता अर्जुननरसिंह के.सी.

ललितपुर जिल्लाको सानेपास्थित नेकाँ केन्द्रीय कार्यालयबाट नेकाँ केन्द्रीय सदस्य अर्जुननरसिंह केसी र केन्द्रीय सदस्य मीना पाण्डेलाई ०६१ फागुन ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पाण्डेलाई सोही दिन साँझ रिहा गरियो भने केसीलाई तीन महिना १३ दिनपछि रिहा गरियो।

ललितपुर उपमनपा-६ घर भएका नेकाँका जिल्ला सभापति ६५ वर्षीय जगतलाल शाक्यलाई ०६१ फागुन ६ गते घरबाट प्रहरीले गिरफ्तार गरेको थियो। उनलाई १९ दिनपछि सशस्त्र प्रहरी २ नं. गण महाराजगञ्जबाट रिहा गरियो।

इमाडोल गाविस-५ घर भएका नेकाँका ५६ वर्षीय प्रदीप मर्हजनलाई ०६१ फागुन १४ गते प्रहरीले गिरफ्तार गऱ्यो। उनलाई भक्तपुरको दुवाकोटस्थित गुह्येश्वरी सशस्त्र प्रहरी गणबाट ०६१ फागुन २१ गते रिहा गरियो।

ललितपुर उमनपा-१० घर भएका नेकाँका ४६ वर्षीय राजीव पौडेललाई ०६१ फागुन १४ गते प्रहरीले मंगलबजारबाट गिरफ्तार गरेको थियो। उनलाई भक्तपुरको दुवाकोटस्थित गुह्येश्वरी सशस्त्र प्रहरी गणबाट ०६१ फागुन २१ गते रिहा गरियो।

ललितपुर उमनपा-१६ घर भएका नेकाँका ६९ वर्षीय टीकारत्न ध्वाख्वालाई ०६१ फागुन १४ गते प्रहरीले मंगलबजारबाट गिरफ्तार गरेको थियो। उनलाई भक्तपुरको दुवाकोटस्थित गुह्येश्वरी सशस्त्र प्रहरी गणबाट फागुन २२ गते रिहा गरियो।

खोटाङ जिल्लाका जनमोर्चाका कार्यकर्ता २५ वर्षीय वीरेन्द्र राईलाई ०६१ फागुन ३० गते प्रहरीले मंगलबजारबाट गिरफ्तार गरी महेन्द्र युवालयमा राखेको थियो। उहाँलाई ०६२ वैशाख २ गते भक्तपुर जिल्लाको खरिपाटीमा राखिएकोमा ४५ दिनपछि सशस्त्र प्रहरी बल गुह्येश्वरी गण दुवाकोटले रिहा गऱ्यो।

सरकारद्वारा उपकरण लुटिएको कान्तिपुर एफएमको कार्यालय

अनेरास्ववियुका कार्यकर्ता उमेश बजगाईँलाई ०६१ चैत १८ गते ललितपुर उमनपाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी ०६२ वैशाख २० गते रिहा गरे।

ललितपुर उमनपाको च्यासलमा बस्ने एमाले जिल्ला सदस्य हरिकृष्ण महर्जनलाई ०६१ चैत २४ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई ०६२ वैशाख १४ गते जिल्ला अदालत ललितपुरको रोहबरमा इन्सेक प्रतिनिधि र कानुन व्यवसायीको उपस्थितिमा रिहा गरियो।

नेपाल मजदुर किसान पार्टीको आयोजनामा ललितपुर उमनपाको सुन्धाराबाट विरोध जुलुस निकाल्ने क्रममा प्रहरीले १८ जना प्रदर्शनकारीलाई ०६१ चैत १८ गते प्रहरीले गिरफ्तार गरी महेन्द्र युवालयमा राखे। गिरफ्तारमध्ये चार जनालाई तीन महिने पूर्जी दिएको थियो। अन्य १३ जनालाई सोही दिन छाडियो। गिरफ्तार पर्नेहरूमा नेपाल क्रान्तिकारी किसान संघ भक्तपुर जिल्ला अध्यक्ष गोविन्द दुवाल, नेपाल क्रान्तिकारी युवा संघका केन्द्रीय सचिव रामेश्वर बोहरा, संघका भक्तपुर नगर सदस्य दीपक माक रहेका थिए। थुनामा रहेका नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य बुद्धिकुमार गोसाई, गोविन्द दुवाल, रामेश्वर बोहरा, दीपक माकलाई ०६२ जेठ १३ गते रिहा गरियो।

बालअधिकार

ललितपुर उमनपा-६ की ७ वर्षीय एक बालिकालाई ०६२ जेठ २५ गते सोही उमनपा-६ का ४० वर्षीय रवीन्द्र महर्जनले आफ्नो कोठामा लगी बलात्कार प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलायो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

गोरखा जिल्ला सिमनुङ गाविस-३ घर भई इमाडोल गाविस-६ मा डेरा गरी बस्ने १८ वर्षीय पीप्रा लामालाई ०६१ पुस २७ गते ललितपुर जिल्ला चापागाउँ गाविस-७ माइती घरमा बस्ने २२ वर्षीय संगीता लामा र सवीना रम्तेलसमेत तीनजनाले भारतको आगराकोठीमा लगेर बिक्री गरे। उक्त घटनामा संलग्न पीडकहरू नुवाकोट जिल्लाको सुन्दरादेवी गाविस-९ तामेसतारका ३५ वर्षीय राजन नेपाली र ठेगाना नखुलेका राजेश परियारले पीडित महिला पीप्रा लामालाई भारतमा लगेर वेचेको आरोपमा ललितपुर प्रहरीले मुद्दा चलायो। पीडित पीप्रा लामा भारतको आगराकोठीवाट भागी मोरङ जिल्ला प्रहरी कार्यालयमा आइन्। उनलाई मोरङ जिल्ला प्रहरी कार्यालयले ०६२ वैशाख ५ गते काठमाडौं पठाएको थियो।

पारिवारिक हिंसा/वहुविवाह

ललितपुर उपमनपा-२१ पिंवहाल बस्ने ४४ वर्षीय द्रवेश श्रेष्ठले ०६१ फागुन २ गते काठमाडौं मनपाको जैसीदेवल डेरा गरी बस्ने ३७ वर्षीय रमा श्रेष्ठसँग बहुविवाह गरे। जेठी पत्नी सुनिताले आफ्ना पतिले वहुविवाह गरेको विरुद्धमा जिल्ला प्रहरी कार्यालय ललितपुरमा उजुरी दिएकी थिइन्। प्रहरीले दुवैजनालाई गिरफ्तार गरी कारवाही चलाएकोमा जिल्ला अदालत ललितपुरको आदेशले द्रवेश र रमालाई क्रमश: ५५ हजार र ४० हजार रुपैयाँ धरौटीमा रिहा गरियो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माओवादी पीडित संघको आयोजनामा माओवादी पीडितहरूले ०६२ जेठ १० गते ललितपुर जिल्लाको पुल्चोकमा रहेको संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयमा धर्ना दिए। आफूहरूलाई आन्तरिक शरणार्थीको मान्यता दिनुपर्ने लगायत् १२ सूत्रीय माग राखी एक घण्टा धर्ना दिइएको थियो।

राज्यद्वारा वेपत्ता पारिएका नागरिकहरूका परिवारले ०६२ पुस १४ गते राष्ट्रिय मानव अधिकार आयोगमा तालाबन्दी गरे। वेपत्ता पारिएकाहरूका परिवारको राष्ट्रिय भेलामा आएका आफन्तहरूले वेपत्ता व्यक्तिका बारेमा जानकारी नलिई नफर्कने बताउँदै आयोगमा धर्ना बसेका थिए। वेपत्ता पारिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्न गठित सरकारी आयोग केही समयदेखि निस्क्रिय भएकाले

त्यसलाई ब्युँताउन आयोगले दवाब दिनुपर्ने माग धर्नाकारीहरूको रहेको थियो यसअघि राज्यद्वारा बेपत्ता पारिएका नागरिक परिवार समाजले सरकारसँग "कि लास कि सास ले" भन्ने मागसहित ०६२ कार्तिक १३ गते राजधानीमा राष्ट्रिय भेला सम्पन्न गरेको थियो। राज्यले सोधपुछका लागि लगेकामध्ये आठसय ८० जनाको स्थिति सार्वजनिक गरे पनि परिवारद्वारा आफन्तहरूको खोजी गर्न आउनेहरू मध्येका धेरैजनाको अवस्थाबारे सरकारले अनभिज्ञता देखाएको समाजको ठहर छ।

संरचना क्षति

ललितपुर उमनपा-२२ को वडा कार्यालयमा ०६२ जेठ १५ गते बिहान माओवादीले बम विस्फोट गराए। बम विस्फोटबाट भवन चर्किएको र झ्याल तथा ढोकाका सीसाहरू फुटे। वडा कार्यालयमा रहेका कागजात र फर्निचरमा क्षति पुगेको थियो।

विगतको अनुगमन

सिन्धुपाल्चोक जिल्ला सानो सिरूवारी गाविस-६ का ३५ वर्षीय जीवनाथ दुलाललाई ०६१ पुस २० गते सुरक्षाकर्मीले जिल्ला अदालत ललितपुरको रोहवरमा रिहा गरे। पीडितलाई माओवादीको आरोपमा ०६१ वैशाख २५ गते ललितपुर उमनपा-१३ कुसुन्तीस्थित आफ्नै कोठाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी राजदल गण लगनखेलमा राखिएको थियो। राजदल गण लगनखेलबाट पीडित दुलाललाई ०६१ असोज १ गते सुन्दरीजल कारागारमा लगिएको थियो।

ललितपुर जिल्लाको ठूलादुर्लुङ गाविस-७ मा ०५५ असार ३० गते सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा तीनजनाको मृत्यु भएको थियो। सोही घटनामा परी तीन जना सख्त घाइते भएका थिए। उक्त घटनामा सुरक्षाकर्मीले ११ जनालाई गिरफ्तार गरेको थियो। माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तपछि फेला परेका ११ जना र फरार भएका नौजनासमेत २० जनालाई राज्य विरुद्धको अपराध ऐन अर्न्तगत ज्यान मारेको अभियोगमा प्रहरीले मुद्दा चलाएको



सरकारद्वारा प्रशारणमा रोक लगाइएको रेडियो सगरमाथाको कार्यालय

थियो। जसमा आठजनालाई जनही १० वर्ष कैद सजायको फैसला जिल्ला अदालत ललितपुरले ०६२ साउन १८ गते गरेको थियो। माओवादीले गरेको उक्त आक्रमणमा तीन जनाको हत्या गरेको आरोपमा गिरफ्तारमा परी ज्यान मुद्दामा थुनामा परेका सानोमाया वाइबा, सुनिता भन्ने सरीता लामा, ललिता भन्ने डोल्मा गोले, टीडकाङ भन्ने कुन्साङ सिंहताङ लामा, सुजन भन्ने लालबहादुर दोङ, प्रविण थापा भन्ने शंकर अधिकारी, दीपक भन्ने लोकबहादुर पुलामी, आस्मीनकुमार दाहाललाई जनही १० वर्षको कैद सजाय भएको छ। सोही घटनामा संलग्न अन्य तीन जनालाई सफाई दिएको छ र बाँकी नौजना पीडकहरू फरार भएकोले उनीहरूको बारेमा मुद्दा मुल्तवी राखिएको छ।

२.१३ काभ्रे



जनसंख्या : ४१३०६१
साक्षरता प्रतिशत : ६३.७५
महिला साक्षरता प्रतिशत : ५२.५३
क्षेत्रफल (वर्ग कि.मि.) : १३९६
गाविस नपा संख्या : ८७ ३
निर्वाचन क्षेत्र : ३
विद्यालय : ६४२
क्याम्पस उच्च मावि : ८ १६
अस्पताल स्वास्थ्य चौकी : ७ ९४
टेलिफोन लाइन : ४३५०
मोटर सडक (कि.मी.) : ८०२
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ८२
मानव विकास सूचकांक : ०.५४३
प्रति परिवार सरदर संख्या : ५.३८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

पाँचखाल गाविस-८ काफलेडिहीका २३ वर्षीय दीपक मिजारलाई ०६१ चैत २१ गते राति सुरक्षाकर्मीले माओवादीको आशंकामा गोली हाने। कोखामा गोली लागी घाइते भएका मिजारलाई सुरक्षाकर्मीले नै वीरेन्द्र सैनिक अस्पताल छाउनीमा लगी उपचार गर्दागर्दै ०६१ चैत २४ गते उनको मृत्यु भयो।

देवभूमि बाल्वा गाविस-८ घर भएका माओवादी कार्यकर्ता २५ वर्षीय केदार आचार्य र खनालथोक गाविस चरङ्गेफेदी घर भएका सरोज भनिने २२ वर्षीय कृष्ण न्यौपानेलाई ०६२ वैशाख ३० गते बिहान मङ्गलटार गाविस-८ ठूलोचौर इलाकामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। माओवादी निकट अखिल नेपाल जनवादी सांस्कृतिक संघका कोषाध्यक्ष आचार्यलाई सुरक्षाकर्मीले गिरफ्तारपछि हत्या गरेका थिए।

खहरेपाग गाविसका माओवादी जनसरकार उपप्रमुख अक्कले थोकर तामाङलाई ०६२ जेठ १ गते सिपालीचिलाउने गाविसस्थित खोलामा प्रेसरकुकर बम बिच्छ्याउँदै गर्दा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

रामेछापको थेगान गाविस-६ का माओवादीको रामेछाप-काभ्रे संयुक्त जिल्ला जनसरकार प्रमुख विश्व भनिने धावा लामालाई ०६२ जेठ १८ गते चौबास गाविस-५ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। दोलालघाटबाट चौबास हुँदै मादनतर्फ जाँदै गरेको मिनिबसमा खानतलासी गर्ने क्रममा उनलाई पेस्तोलसहित फेला पारेपछि भाग्न लगाएर गोली हानिएको थियो।

माओवादीबाट

दोलालघाटनजिकै ०६१ पुस २७ गते माओवादीले थापेको विद्युतीय धरापमा परेर घाइते भएका गोरखबक्स गणका गुल्म प्रबन्ध हुद्दा ऋषिराज पाण्डेको अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको स्थानीय प्रशासनले जनायो। यस घटनामा श्यामबहादुर थानिया घाइते भएकाले उपचार गरियो।

भीमखोरी गाविस-५ का ४३ वर्षीय गोपालबहादुर रायमाझीलाई माओवादीले ०६१ फागुन २५ गते बेलुकी अपहरण गरी नजिकैको पिप्लेटोलमा लगी गोली हानेर हत्या गरे। माओवादीले सदरमुकाममा लास ल्याउन नदिएका कारण फागुन २६ गते बेलुका साँझ गाउँमा जलाइयो। उनलाई राजावादीसँग हेलमेल बढाएको भनी माओवादीले हत्या गरेका थिए।

रवीओपी गाविस-९ घर भएका सैनिक हुद्दा ३३ वर्षीय लोकदर्शन थापालाई ०६१ चैत १ गते बिहान माओवादीले घरमा सुतेको अवस्थामा आठओटा गोली हानेर तथा बञ्चरोले टाउको काटी हत्या गरे। माओवादीले हानेको गोली लागेर पीडितकी छोरी १७ वर्षीय महालक्ष्मी थापा घाइते भइन्। घाइतेको वीरेन्द्र सैनिक अस्पताल काठमाडौंमा उपचार गरियो।

रवीओपी गाविस-७ ओपीको गड्गादेवी माविका शिक्षक ५१ वर्षीय शम्भुबहादुर थापालाई ०६२ जेठ ४ गते बेलुका माओवादीले गोली हानी हत्या गरे। माओवादीले कञ्चट र निधारमा दुई गोली हानेर उनको हत्या गरेका थिए। जिल्ला सुरक्षा समितिले ०६२ वैशाख २९ गते गरेको घुम्ती शिविरलाई सघाएको र माओवादीले स्रोत केन्द्रमा लगाएको ताला खोलेको आरोपमा उनको हत्या गरिएको जनाइयो।

भक्तपुर जिल्ला सुडाल गाविस-८ का ३२ वर्षीय राजन पुरीले सुराकी गरेको आरोपमा दोलालघाट गाविस-१ स्थित दोलालघाट पुलमा ०६२ जेठ ५ गते राति माओवादीले उनलाई खुकुरी प्रहार गरी हत्या गरे।

बनेपा नपा-१ भीमसेनस्थानस्थित राजु श्रेष्ठको पसलमा चिया खाइरहेका माओवादीले बोकेको बम ०६२ साउन १७ गते साँझ विस्फोट हुँदा पसलधनी २६ वर्षीय सन्तु श्रेष्ठको मृत्यु भयो। घटनामा परी बनेपा नपा-१ बस्ने ३२ वर्षीय लक्ष्मी बानिया घाइते भइन्। उनको काठमाडौंमा उपचार भयो। श्रेष्ठको काठमाडौंस्थित शिक्षण अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भएको थियो। मृतकका आफन्त कान्छा पतुवाऱ्ले ०६२ असोज ३० गते राज्यबाट एक लाख ५० हजार क्षतिपूर्ति लिए। विस्फोटमा छर्रा लागेर धरानकी २३ वर्षीय बिजेता काफ्ले सामान्य घाइते भइन्।

बनेपा नपा-१० को त्रिभुवन सालिकसँगै रहेको प्रहरीबिटमा ड्युटीमा रहेका काठमाडौं कपनका प्रहरी असई ३५ वर्षीय युवराज पौडेल, काभ्रे जिल्ला सर्प्यूखर्क गाविस-३ घर भएका प्रहरी जवान २४ वर्षीय टीकाराम त्रिपाठी र सिन्धुपाल्चोक जिल्ला फुल्पिङकोट गाविस-९ घर भएका प्रहरी जवान २३ वर्षीय यमबहादुर खत्री ०६२ साउन २३ गते माओवादी आक्रमणमा मारिए। त्रिपाठी र खत्रीको सोही दिन तथा असई पौडेलको वीरेन्द्र प्रहरी अस्पताल काठमाडौंमा उपचार हुँदाहुँदै ०६२ साउन ३० गते मृत्यु भएको थियो। घटनामा परी प्रहरी हवल्दार सुनील झा, जवानहरू दिलबहादुर भारती, मञ्जुल अन्सारी र कनकबहादुर गोले गम्भीर घाइते भए।

उग्रचण्डी नाला गाविस-४ का ३६ वर्षीय लक्ष्मीलाल पोडेललाई ०६२ कार्तिक १५ गते बेलुका माओवादीले गोली हानी हत्या गरे। मृतकको राति नै बनेपाको शीर मेमोरियल अस्पतालमा पोस्टमार्टम गरियो।

गोकुले गाविस-८ जोगीडाँडामा ०६२ कार्तिक २९ गते बिहान माओवादीले थापेको विद्युतीय धरापमा परी सेनाका जमदार मोहन थापाको मृत्यु भयो भने अर्का एक जना गम्भीर घाइते भए। घाइतेहरूलाई उपचारका लागि सैनिक अस्पताल लगियो।

घर्तिछाप गाविस-३ स्थित सोला भञ्ज्याङमा ०६२ कार्तिक २९ गते माओवादीले थापेको विद्युतीय धरापमा परी एकजना सेनाको मृत्यु भयो भने दुईजना घाइते भए। मृत्यु भएका सैनिकको नाम सार्वजनिक भएको छैन।

दोहोरो भिडन्त

मङ्गलटार गाविस-९ मा पर्ने बनेपा-बर्दिवास सडकको नार्केबजार नजिकैको घुम्तीमा ०६२ जेठ २७ गते बेलुका सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा सेनाका सातजना, सर्वसाधारण दुईजना र माओवादी एकजना गरी १० जनाको मृत्यु भयो। भिडन्तमा २२ जना सेना, एकजना प्रहरी, दुईजना सर्वसाधारण र माओवादीका तीनजना गरी २८ जना घाइते भए। घटनामा परी भक्तपुर चित्तापोल गाविस-६ घर भएका सिपाही २५ वर्षीय दिलीपकुमार खत्री, चितवन दिव्यनगर गाविस-३ घर भएका हुद्दा ३५ वर्षीय चुडामणि कँडेल, रामेछाप जिल्ला पकरवास गाविस-९ का अमलदार युक्तमान श्रेष्ठ, कैलाली जिल्ला धनगढी चटकपुर गाविसका

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	७	४	३	७	१६	३४	१		३५	७	१२	४		१६
घाइते					७	१७	५	३३	५५	२	१		१३	१४
गिरफ्तारी, यातना										३३	५१	५	४	६०
बेपत्ता										३	११	१		१२
कुटपिट	१	२		२						२	६			६
धम्की					३	२		१	३					
भेला, संगठित हुने अधिकार										४	३८		२३	६१
महिलाअधिकार	९		९	९										
अपहरण					१७	२०	३	१००	१२३					
जम्मा	१७	६	१२	१८	४३	७३	९	१३४	२१६	५१	११९	१०	४०	१६९

माओवादीद्वारा मारिएका उग्रचण्डीनालाका लक्ष्मीलाल पोडे

हुद्दा ३० वर्षीय नरेन्द्र खनाल, दोलखा नगरोयुक्त गाविस घर भएका सिपाही २० वर्षीय विष्णु दर्जी, पर्वत जिल्ला वराही गाविस-६ घर भएका जमदार ३१ वर्षीय तिलक भुसाल, स्याङ्जा जिल्ला भाटखोला गाविस-२ का अमरवहादुर रानाभाटको मृत्यु भयो। घटनामा परी नुवाकोट ककनी गाविस-३ रानीपौवा घर भएका खलासी २० वर्षीय रामवहादुर तामाङ र रामेछाप वेथान गाविस-६ का सर्वसाधारण ३८ वर्षीय काइला तामाङको पनि मृत्यु भयो। घटनामा परी घाइते भएका अमरवहादुर रानाभाटको अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भएको थियो। घटनामा सिपाही रवीन वस्नेत, अमल्दार प्रेमवहादुर वस्नेत, हुद्दा कर्णवहादुर सार्की, सुवेदार सन्तवहादुर थापा, हुद्दा नेत्रप्रसाद घिमिरे, हुद्दा गेरूलाल धिमाल, हुद्दा रामचन्द्र खड्का, हुद्दा रामबहादुर गुरूङ, अमल्दार राजेश कुवँर, अमल्दार कुलवहादुर थापा, अमल्दार भोजवहादुर पोखरेल, अमल्दार सरोज भण्डारी, प्युठ विष्णु वस्नेत, हुद्धा कृष्ण शर्मा, हुद्दा रूद्धवहादुर श्रेष्ठ, प्युठ नयनवहादुर खत्री, सिपाही मनोज तामाङ र प्युठ कृष्णबहादुर खड्का गम्भीर घाइते भएकाले वीरेन्द्र सैनिक अस्पतालमा उपचार गरियो। घटनामा प्युठ अर्जुन घिमिरे, हुद्दा नर्रासं वडाल, सिपाही नवराज वस्नेत, हुद्दा पूर्णवहादुर विश्वकर्मा र प्रहरी जवान नेपालीकुमार पण्डित सामान्य घाइते भए। घटनामा परी अन्य दुईजना सर्वसाधारण घाइते भएकोमा उनीहरूको नाम, ठेगाना खुल्न सकेन। सो घटनामा आफ्नोतर्फ भीम नामका एकजनाको मृत्यु तथा धर्ती र विनोदसहित तीनजना घाइते भएको माओवादीले जनाए। सार्वजनिक यातायातको साधन सुरक्षाकर्मीले प्रयोग गरेका कारण सो घटना भएकोले सैनिक अदालतले घटनामा दोषी ठहरिएका कमान्डरलाई सहसेनानीवाट उपसेनानी दर्जामा र सहायक कमान्डर उपसेनानीलाई एकवर्ष वढुवा रोक्काको फैसला गरेको सैनिक जनसम्पर्क निर्देशनालयले जनायो।

घर्तीछाप गाविस-७ र ८ को वीचमा रहेको मैनडाँडामा ०६२ जेठ २९ गते सुरक्षाकर्मी र माओवादीवीच भएको भिडन्तमा छ सैनिक, दुई प्रहरी र सात माओवादीको मृत्यु भयो। मृत्यु हुनेहरूमा दीक्षित भनिने माओवादी कम्पनी सहकमिसार मेच्छे गाविस-९ का वुद्धिवहादुर तामाङ, प्लाटुन कमान्डर प्रविणा भनिने वनखु गाविस-१ गोलटार वस्ने २१ वर्षीय ठकुरानी वजु, प्लाटुन सहकमान्डर नरेश, सेक्सन कमान्डर विश्वराज, सेक्सन कमान्डर मञ्जु, सेक्सन सहकमान्डर दीपा र सदस्य रूपालगायत सात जना माओवादी रहे। घर्तीछाप गाविस-३ घर भएका पूर्णबहादुर जर्गा मगरलगायत् ११ माओवादी घाइते भए।

छत्रेबाँफ गाविस-१ दाप्चाका ४८ वर्षीय अर्जुन लामाको अपहरित अवस्थामा सुरक्षाकर्मी र माओवादीवीच भएको भिडन्तमा परी ०६२ जेठ २९ गते राति मृत्यु भएको माओवादी नेतृत्वले वतायो। माओवादी कार्यकर्ता यादव पौडेल, भोला अर्याल र श्याम गौतमले ०६२ वैशाख १६ गते दिउँसो कृष्ण मावि दाप्चावाट उनलाई अपहरण गरेका थिए। घर्तीछापको मैनडाँडामा सुरक्षाकर्मीले नाइटभिजनवाट छाडेको दुईओटा गोली लागी उनको मृत्यु भएको र सुरक्षार्थ खटिएका माओवादी कार्यकर्ता नोर्वु मोक्तान र सेक्सन कमान्डर भीषण घाइते भएको माओवादी जिल्ला जनसरकार प्रमुख लालध्वज लामाले वताए। लालध्वजले उनको सुरक्षा गर्नेक्रममै माओवादी कार्यकर्ता केदार आचार्यले ज्यान गुमाएको उल्लेख गरे।

फलामेटार गाविस-६ सोलाभञ्ज्याङमा ०६२ मंसिर ३ गते सुरक्षाकर्मी र माओवादीवीच भएको भिडन्तमा एक जना सेना र माओवादीका वेथान स्मृति १३ औं वटालियन "ए" कम्पनीका सेकेन्ड कमान्डर सिन्धुपाल्चोकका निकास र रामेछापका प्रशान्त मारिए। माओवादीले घटनामा परी एक जना माओवादी घाइते भएको जनायो। सेनाले घटनालाई विद्युतीय धराप विस्फोट र माओवादीले भिडन्त भनेको छ।

आफ्नै बमबाट

मकवानपुर जिल्ला कालीकाटार गाविस-७ स्यास्सीराङका २२ वर्षीय ठाकुर गोले र माओवादीका रामेछाप जिल्ला सदस्य आयुत भनिने काभ्रे सापिङ गाविस रिठेका कृष्ण पराजुलीको दोलालघाट गाविस-८ स्थित ५६ किलोमा ०६२ जेठ १० गते विद्युतीय धराप राख्न लाग्दा पड्किएर मृत्यु भयो। प्रहरीका अनुसार डायरी र केही दस्तावेजसहित उनीहरूको लास वालुवाले पुरेको अवस्थामा फेला परेको थियो।

चौवास गाविसको ओर्खेस्थित खोलामा ०६२ जेठ १८ गते विहान सानो वाङ्थली गाविस-५ वस्ने २८ वर्षीय माओवादीका गाजस प्रमुख हरिशरण गजुरेल र नाग्रेगँगर्चे गाविस-३ वाँफखेत वस्ने १८ वर्षीय माओवादी कार्यकर्ता

सञ्जीव लामाको सुरक्षाकर्मीलाई लक्षित गरी विद्युतीय धराप राख्दाराख्दै विस्फोटमा परी मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

होक्से गाविस-५ स्थित ५२ किलो भन्ने स्थानमा ०६१ फागुन ५ गते माओवादीले ना. १ ख ९४९८ नम्बरको यात्रुवाहक बसमा सिलिन्डर बम विस्फोट गराउँदा सातजना यात्रुहरू घाइते भए। विस्फोटमा अनैकोट गाविस-५ का २८ वर्षीय भिमान नामाङ, कात्तिके देउराली गाविसकी ४३ वर्षीय जुना पन्त, सिन्धुपाल्चोक ठूलोसिरूवारी गाविस-५ का २८ वर्षीय देवकी दुलाल, ४५ वर्षीय हरिबहादुर दुलाल, ठेगाना नखुलेका २८ वर्षका कृष्णबहादुर मगर, सिन्धुपाल्चोक जिल्लाका ४५ वर्षीय चेतबहादुर श्रेष्ठ, सिन्धुपाल्चोक मानेश्वरा गाविस-१ का २१ वर्षीय विकास खड्का घाइते भएकोमा विकास र देवकीबाहेकका पाँचजनाको वीरेन्द्र सैनिक अस्पतालमा उपचार गरियो।

दोलालघाट गाविस-८ स्थित ५६ किलो भन्ने स्थानमा ०६१ चैत १६ गते दिउँसो काठमाडौंबाट जलविरेतर्फ जाँदै गरेको बा. १ ख ४०४० नम्बरको यात्रुवाहक बस माओवादीले राखेको विद्युतीय धरापमा पर्दा नौजना यात्रुहरू घाइते भए। विस्फोटमा धुलिखेल नपा-७ बस्ने वर्ष ३१ की देवकी श्रेष्ठ, सिन्धुपाल्चोक जिल्ला जलवीरे गाविस-१ का १४ वर्षीय रमेश थापा, खोटाङ जिल्ला दुरछिम गाविस-७ का १८ वर्षीय ज्ञानेन्द्रकुमार राई, दोलालघाट गाविस-९ की ३६ वर्षीय रीता बुढाथोकी गम्भीर घाइते भए। घाइतेहरूको धुलिखेल अस्पतालमा उपचार गरियो। घटनामा परी घाइते हुने सिन्धुपाल्चोक जिल्ला जलवीरे गाविस-८ का ८ वर्षीय रोहन थापा र नाम, थर नखुलेकी ३५/३६ वर्षीय एक महिलालाई शिक्षण अस्पताल काठमाडौंमा उपचार गरियो। घटनामा घाइते भएका नाम, थर नखुलेका तीनजना सैनिकलाई हेलिकोप्टरद्वारा सैनिक अस्पताल छाउनीमा लगियो। विस्फोटबाट भक्तपुर नंखेल गाविस-१ का बसधनी गोकुल खत्रीको पाँच लाख रूपैयाँ बराबरको क्षति भएको बताइयो।

पनौती नपा-५ मा ०६२ वैशाख ३० गते दिउँसो माओवादीले राखेको दुईओटा छुट्टाछुट्टै बम विस्फोट हुँदा आठ जना सर्वसाधारण घाइते भए। विस्फोटमा परी काफल बेचिरहेका च्यासिङ्खर्क गाविस-८ का ११ वर्षीय रौनक खुलाल, भरिया कृष्णप्रसाद तिमल्सिना, परिचालक दीपेन्द्र श्रेष्ठ, बस चालक रामप्रसाद पुतुवार, नरबहादुर श्रेष्ठ, शिक्षक सोमप्रसाद काफ्ले, कृपासागर लामा र तीर्थराम मानन्धर घाइते भए। घाइतेहरूलाई बनेपास्थित शीर मेमोरियल अस्पतालमा उपचार गरियो।

च्यासिङ्खर्क गाविसको कामीडाँडामा ०६२ मंसिर ४ गते दिउँसो माओवादीले राखेको विद्युतीय धराप विस्फोट हुँदा गस्तीमा रहेका पाँचजना सेना घाइते भए। घाइतेको वीरेन्द्र सैनिक अस्पताल, छाउनीमा उपचार गरियो। सेनाले घाइतेको नाम सार्वजनिक गरेन।

घर्तीछाप गाविस-८ मैनडाँडाका १७ वर्षीय छविलाल घ्लानको ०६२ मंसिर ८ गते बिहान माओवादीले छाडेको बेवारिसे बम विस्फोट हुँदा हातका दुईओटा औंला छिन्नुका साथै पैतालामा गम्भीर चोट लाग्यो। घाइतेलाई गोकुले गाविस-३ स्थित उपस्वास्थ्य चौकीमा उपचार गरियो।

जेल र बन्दीहरू

यस जिल्लाको कारागार "घ" श्रेणीमा पर्दछ। बन्दी क्षमता ६१ जना रहेको यस कारागारले तीन रोपनी आठ आना तीन पैसा क्षेत्रफल ओगटेको छ। हाल कैदी ५० जनासहित ९१ जना बन्दी रहेका छन्।

जेलका कूल १७ वटा कोठामध्ये १५ ओटा साना छन्। बन्दीहरूका लागि सातओटा चर्पीको व्यवस्था छ। बाहिर र भित्र गरी चारओटा धारा छन्। कारागार शौचालय र भवन मर्मत गर्न जरूरी छ।

यस जेलमा कर्तव्य ज्यान मुद्दामा सजाय भोगिरहेका जनागाल गाविस-९ का ७१ वर्षीय कृष्णबहादुर खड्काको ०६२ जेठ ९ गते मृत्यु भयो। जेलर मेघराज घिमिरेका अनुसार, जेलको मर्मत र सुधार हुन बाँकी छ। जेलमा मानसिक असन्तुलन भएका ३६ जना बन्दी छन्।

बेपत्ता / अपहरण

राज्यबाट

पाँचखाल गाविस-९ तीनपिप्लेका विकास श्रेष्ठ र सूर्य श्रेष्ठलाई ०६२ पुस १४ गते धुलिखेल आएका बेला सुरक्षाकर्मीले गिरफ्तार गरेकाले उनीहरूको जीवन रक्षाका लागि सम्बन्धित परिवारले अपिल गरे। विकास श्रेष्ठ हाल धुलिखेल जेलमा छन्।

माओवादीबाट

शिखरआम्बोटे गाविस-३ का २० वर्षीय विपलाल लामालाई ०६१ माघ १ गते माओवादीले अपहरण गरेकोमा

माओवादीद्वारा हत्या गरिएका भिमखोरी गाविसका गोपालबहादुर रायमाझी

माओवादीद्वारा गोली हानी मारिएका शिक्षक शम्भुबहादुर थापा

हाल मुक्त भएका छन्।

सानोवाङ्थली गाविस-५ को सूर्योदय प्रस्तावित निमाविका शिक्षक दीपक उप्रेतीलाई ०६१ माघ २ गते माओवादीले अपहरण गरेकोमा माघ ८ गते मुक्त गरे। सुरक्षाकर्मीलाई माओवादीले लुकाएर राखेको छ बोरा चामल बरामद गर्न सहयोग गरेको आरोपमा उनलाई माओवादीले अपहरण गरेका थिए।

शिखरआम्बोटे गाविस-३ का ३४ वर्षीय धनजीत लामा र महादेवटार गाविस-३ का २४ वर्षीय मिलन लामालाई माओवादीले ०६१ माघ ४ गते अपहरण गरे। उनीहरूलाई माघ ७ गते मुक्त गरेको माओवादीले जनाए।

माओवादीले ०६१ माघ ४ गते दिउँसो कोशीपारी क्षेत्रका तीन विद्यालयमा अध्ययन गर्ने करिब सयजना विद्यार्थीलाई कार्यक्रममा सहभागी बनाउन अज्ञातस्थलतर्फ लगे। प्रभा मावि कात्तिके देउराली, जागृति मावि पोखरीचौरीबाट दिलीप गौतम, प्रवीणविक्रम चौलागाईं, बद्री गौतम र श्याम गौतम भागेर आएको र महेन्द्र मावि मादनकुँडारीका ती विद्यार्थीलाई प्रशिक्षणपछि माघ ७ गते मुक्त गरेको माओवादीले जनाए।

सानोवाङ्थली गाविस-३ का पूर्व गाविस अध्यक्ष डम्बरबहादुर उप्रेतीलाई ०६१ माघ ४ गते माओवादीले अपहरण गरेकोमा माघ ८ गते मुक्त गरे। सुरक्षाकर्मीलाई माओवादीले लुकाएर राखेको छ बोरा चामल बरामद गर्न सहयोग गरेको आरोपमा उनलाई माओवादीले अपहरण गरेका थिए।

खहरेपाँगु गाविसस्थित चेतना निमाविका शिक्षक राजन गौतमलाई ०६१ माघ १३ गते माओवादीले अपहरण गरेकोमा माघ १६ गते मुक्त गरे।

दोलालघाट गाविस-१ का समाजसेवी ३५ वर्षीय तेजकाजी श्रेष्ठलाई ०६१ चैत १४ गते बिहान माओवादीले घर नजिकैको पुलबाट अपहरण गरेकोमा एक हप्तापछि मुक्त गरे।

मङ्गलटार गाविस-९ का ५५ वर्षीय कुलदास लामालाई ०६२ जेठ ५ गते माओवादीले अपहरण गरे। उनलाई माओवादीले हात खुट्टा बाँधेर परेड खेल्न लगाउने, लात्ती र मुक्काले हान्ने, बङ्कर खन्न लगाउने, ढुङ्गा छाप्न लगाउने, चिनी र चामलका बोरा बोकाउने, घाइते माओवादी बोक्न लगाउने तथा खाना पकाउन लगाउने गरेको बताइयो।

मङ्गलटार गाविस-९ मा पर्ने बनेपा-बर्दिबास सडकको नार्केबजार नजिकैबाट ०६२ जेठ २७ गते बा. १ ख ८९३६ को बसका खलासी १८ वर्षीय राजकुमार प्रधानलाई माओवादीले अपहरण गरी लगेकोमा जेठ २९ गते सिपालीको डाँडाबाट मुक्त गरे।

साल्मेचाकल तालढुङ्गा गाविस-८ असनचुली बस्ने पूर्णबहादुर तिमल्सिना, सोही गाविस-५ का अग्नी लामा, रामबाबु नेपाली र बाबु स्याङतानलाई चन्दा नदिएको आरोपमा ०६२ भदौ ११ गते माओवादीले अपहरण गरेकोमा बाबु स्याङतान बाहेकलाई भदौ १९ गते मुक्त गरियो भने बाबु माओवादी कब्जामै छन्।

जैशीथोक गाविस-९ का ३५ वर्षीय मिनबहादुर अधिकारीलाई ०६२ कार्तिक १७ गते दिउँसो माओवादीले घरबाटै अपहरण गरी लगेको स्थानीयबासीले बताए। अघिल्लो वर्ष स्थानीय व्यक्तिहरूको १० हजार रूपैयाँ लिएर फरार भएको र तिहारमा लागुपदार्थ खाएर हल्ला गरेको आरोप लगाएर महादेवस्थानका जनताले समाएर हप्काउदै गर्दा माओवादीले अपहरण गरेका थिए। उनलाई माओवादीले अनुसन्धानमा राखेको बतायो।

पाँचखाल गाविस-६ का स्थानीय व्यापारी ४५ वर्षीय ध्रुव श्रेष्ठलाई माओवादीले ०६२ मंसिर २८ गते अपहरण गरेकोमा पुस २ गते मुक्त गरे। स्थानीय एक महिलालाई उनका १८ वर्षीय छोरा प्रवीण श्रेष्ठले गर्भ बोकाएको आरोपमा माओवादीले उनलाई अपहरण गरेका थिए।

नार्के भिडन्तमा मारिएका रामबहादुर तामाङ

भिमखोरी गाविस-७ केराबारीका ३५ वर्षीय ज्ञानबहादुर स्याङतानलाई ०६१ चैत १५ गते बिहान पाँचजना माओवादीले घरबाटै अपहरण गरी लामो समय बेपत्ता पारे। माओवादीद्वारा ज्यानको सजाय सुनाइएका उनी सफाया गर्ने भनिएको दिन ०६२ असार २८ गते नै भागेर सदरमुकाम आई उपचार गराए। माओवादी कार्यकर्ता डि. बी. तामाङलाई मार्न सहयोग पुर्याएको आरोप लगाएर उनलाई अपहरण गरिएको थियो। माओवादीले यातना

दिएका कारण एक महिनासम्म बिरामी परेका उनलाई काठमाडौँको शिक्षण अस्पतालमा उपचार गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

घर्तीछाप गाविस-८ का ४८ वर्षीय चन्द्रमान मोक्तान र उनका छोरा २५ वर्षीय भुमसाङ लामालाई माओवादी खोई भनेर सोध्दा उत्तर नदिएको भनी ०६२ जेठ २९ गते सुरक्षाकर्मीले बेहोस हुने गरी कुटे। सुरक्षाकर्मीले यही घटनामा ४२ वर्षीय रितबहादुर रानामगरलाई "माओवादी वाहिर निकाल नत्र घरमा आगो लगाइदिन्छौँ" भनेर घर घेरा हालेका थिए। घर्तीछाप गाविस-५ का ३० वर्षीय खुसबहादुर आलेलाई ०६२ जेठ ३० गते बिहान धारामा पानी लिनआएका बेला सुरक्षाकर्मीले माओवादी पाल्ने भनेर गालामा थप्पड दिए।

माओवादीबाट

उग्रचण्डी नाला गाविस-७ का नयाँगाउँ देउपुरका गाविस सचिव कृष्णप्रसाद दाहालले माओवादी धम्कीका कारण ०६२ भदौ २६ गते सचिव पदबाट राजिनामा दिए।

पात्लेखेत गाविसका इन्द्रमणि न्यौपानेलाई ०६२ मंसिर २३ गते माओवादीका नाममा तीन लाख ५० हजार चन्दाको माग गरी पत्र आएपछि उनी आत्तिएर गाउँको घरमा ताला लगाई बनेपामा बसे। इन्सेक प्रतिनिधिको पहलमा उनलाई घरजाने वातावरण मिलाइयो।

बनेपा नपा-४ का नेकाँका स्थानीय नेता ७७ वर्षीय गोपालदास वादे श्रेष्ठको घरमा ०६१ फागुन ४ गते साँझ माओवादीले परिवारका सदस्यहरूलाई कुटपिट गरी करिब चारलाख रूपैयाँ वराबरको नगद र ३० तोला सुन र चाँदीको गहना, पुरानो पैसा पाँच किलो, भित्ते घडी र भीसीडी डेक लुटे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्लाबाट प्रकाशित एक दैनिक र छ साप्ताहिक पत्रिका संकटकाल घोषणा भएको भोलिपल्टदेखि नै प्रकाशन भएनन्। स्थानीय प्रशासनले "पत्रिका प्रकाशन भए राम्रो हुँदैन" भनेर पत्रकारहरूलाई धम्क्याएका कारण पत्रिका प्रकाशन भएन।

पूर्ण प्रजातन्त्र बहालीको माग राख्दै आठ विद्यार्थी संगठनले ०६२ भदौ ५ गते बनेपामा जुलुस प्रदर्शन गर्दा प्रहरीले गरेको लाठी प्रहारवाट अनेरास्ववियुका जिल्ला अध्यक्ष दीपक गौतम सामान्य घाइते भए।

अव्यवस्थित पार्किङ गरेको भन्दै ३५ वर्षीय चालक विश्वलाल मानन्धरमाथि प्रहरीले दुर्व्यवहार गरेको आरोपमा ०६१ माघ १३ गते यातायात मजदुरहरूले बनेपामा छ घन्टा यातायात अवरूद्ध गरे।

"शान्ति र प्रजातन्त्रका लागि पूर्ण प्रेस स्वतन्त्रता' को माग गर्दै नेपाल पत्रकार महासंघ काभ्रेले ०६२ जेठ ३० गते बनेपा नपा-८ मा आयोजना गरेको सञ्चारकर्मीहरूको र्‍यालीमा प्रहरीले हस्तक्षेप गरी २३ जना पत्रकारलाई गिरफ्तार गरी छ घन्टा हिरासतमा राख्यो। गिरफ्तार गरिएकाहरूमा भोजराज तिमल्सिना, ईश्वरी ओभा, मधु आचार्य, आर.एल. श्रमजीवी, खगेन्द्र भण्डारी, सुरेश हुमागाईं, मानकाजी सुवाल, कृष्णचन्द्र आचार्य, टी.पी शर्मा, शेषव गौतम, कञ्चन अधिकारी, राजकुमार पराजुली, बद्री तिमल्सिना, क्षितिज लामा, विनोद पौडेल, मनोजकुमार न्यौपाने, दीपक अधिकारी, महेश पौडेल, पूर्णचन्द्र सिग्देल, दिनेश लामा, आत्महरी पौडेल, जीवन खड्गी र मोतिराम तिमल्सिना थिए।

संयुक्त जनआन्दोलन समिति काभ्रेले पूर्ण प्रजातन्त्रको माग गर्दै ०६२ असार १५ गते बनेपामा निकालेको विरोधर्‍यालीमा प्रहरीले हस्तक्षेप गरी नेकाँ काभ्रेका सचिव रामकुमार मुल्मी, नेकपा (एमाले) धादिङका सचिव कृष्ण अर्याल र नेकाँ कञ्चनपुरका नेता प्रेम विष्टलाई गिरफ्तार गरी केही समय पछि रिहा गर्‍यो। प्रहरीले इन्सेक प्रतिनिधिको क्यामरा खोसेर बेलुका फिर्ता गर्‍यो। प्रहरीसँगको झडपमा परी पनौती नपाका पूर्व प्रमुख सप्तकाजी बुद्धाचार्य, अखिल पाचौँका जिल्ला अध्यक्ष दीपक गौतम, सदस्य भक्तकुमारी लामा र अनेरास्ववियु (एकीकृत) का जिल्ला उपाध्यक्ष क्षितिज लामा सामान्य घाइते भए। प्रहरीको धरपकडपछि आक्रोशित प्रदर्शनकारीले प्रहरी इन्स्पेक्टर रामप्रसाद घर्तीमगरलाई लछारपछार पार्दा घाइते पारे। घाइतेको बनेपास्थित शीर मेमोरियल अस्पतालमा उपचार गरियो।

सात राजनीतिक दलले ०६२ असोज ११ गते बनेपा

माओवादीले बोकेको बम विस्फोटमा परी घाइते भएकी बनेपाकी लक्ष्मी बानिया

चारदोबाटोमा निषेधाज्ञा तोड्ने क्रममा ती दलका ३० जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गरी छ घन्टापछि रिहा गरियो। सो क्रममा एमाले स्थायी कमिटीका सदस्य केशव बडाल, कृष्णप्रसाद सापकोटा, अशोक व्याञ्जु, अरविन तिमल्सिना, हरिप्रसाद अधिकारी, कुमार तिमल्सिना, केदार खड्का र टीकाराम लामा, नेकाका जिल्ला सभापति शिव हुमागाई, दिपकप्रसाद पौडेल, राजकुमार दाहाल, भोला नेपाल, कुमार लामिछाने, बद्रीप्रसाद सापकोटा, बबुबहानराज गिरी, विदुर वन्जारा, अच्युतप्रसाद पौडेल, सुदर्शन अधिकारी, चन्द्रलक्ष्मी ताम्राकार, सावित्री लामिछाने, सुन्दरमणि आचार्य, माधवप्रसाद ढकाल, दीर्घसिं लामा र प्रकाश गौतम, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति इन्द्रमणि अधिकारी, तीर्थ पसखलः, हरि अधिकारी र रघुनाथ गौतम, नेमकिपाका जिल्ला अध्यक्ष धर्मलाल मानन्धर र जनमोर्चाका प्रदीप अस्तानीमगरसमेत ३० जनालाई गिरफ्तार गरी बनेपास्थित इलाका प्रहरीकार्यालयमा राखियो।

सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएका धुलिखेलका सगुन श्रेष्ठ

शाही घोषणाको विरोध गर्दै ०६१ चैत २५ गते नेमकिपाले बनेपामा निकालेको विरोध जुलुसका सहभागीमध्ये नौ जनालाई सुरक्षाकर्मीले गिरफ्तार गरी ९० दिनको पूर्जी दिएर धुलिखेल कारागारमा नजरबन्दमा राखियो। नजरबन्दमा रहेकामध्ये नाल्दुम गाविस-१ का कृष्णबहादुर तामाङ वैशाख ७ गते रिहा भए भने भक्तपुर नपा-४ का लक्ष्मीप्रसाद ध्यौमिखा, भक्तपुर नपा-४ का उद्धव कोन्डा, भक्तपुर नपा-४ का राजु सुवाल, नयाँगाउँ गाविस-३ का चमारसिंह तामाङ, अनैकोट गाविस-९ का बद्री रसाइली, बनेपा नपा-६ का रामप्रसाद मानन्धर र भक्तपुर नपा-२ का कृष्ण प्रजापती वैशाख ११ गते र भक्तपुर नपा-१७ का ज्ञानबहादुर न्याइचाई वैशाख १२ गते रिहा गरिए। प्रहरीले गिरफ्तार गरेका मजदुर दैनिकका पत्रकार ईश्वर खाइजु र सुमन घिसिङलाई सोही दिन रिहा गरियो। गिरफ्तारमध्ये ज्ञानबहादुर न्याइचाईलाई भ्यानबाट ओराल्ने क्रममा प्रहरीले लात्तीले हान्दा घाइते भएकाले बनेपास्थित शीर मेमोरियल अस्पतालमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

काभ्रे जिल्ला अदालतमा ०६१ पुसदेखि ०६२ मंसिरसम्म देवानी एक सय ७१ र फौजदारी एकसय ३१ गरी तीनसय दुईओटा मुद्दा परे। यस अवधिमा देवानी एकसय ७५ थान र फौजदारी एकसय ३४ गरी तीनसय नौओटा मुद्दा फर्स्यौट भए। यस अदालतमा ०५५ ०५६ सालको एकओटा, ०५६ ०५७ को एक, ०५७ ०५८ को १४, ०५८ ०५९ सालको ३७, ०५९ ०६० को ८१ र ०६१ मंसिरसम्मको ४५ ओटा गरी एकसय ७९ ओटा मुद्दाहरू फैसला गर्न बाँकी रहेका छन्। अदालतमा दुई वर्षभित्रका एकसय ५६ र एक वर्ष भित्रका दुईसय ७२ गरी जम्मा छसय सातओटा मुद्दा चालु छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

चापाखोरी गाविस-३ कुरूवासका ६० वर्षीय विष्णुप्रसाद मैनालीको घरमा माओवादीले एक वर्षअघि तालाबन्दी गरेका कारण उनका ८० वर्षीय बाबु जगन्नाथ मैनाली, ५५ वर्षीय पत्नी भागरथी मैनाली, छोराहरू रामप्रसाद मैनाली, कुमारप्रसाद मैनाली, सुर्दशन मैनाली, सात वर्षीय अच्युत मैनाली, ७२ वर्षीय फुपू मैया त्रिपाठी, बुहारी गिता मैनाली र एक वर्षीय नातिनी पार्वती मैनाली समेत १० जना विस्थापित भए । घर निकालापछि पनि माओवादीले ०६२ असोज २९ गते उनको घरका सम्पूर्ण अन्नपात लगेका थिए।

पोखरीचौरी गाविस-७ का रामचन्द्र चौलागाईंका २० वर्षीय छोरा गोविन्द चौलागाई सेनामा भर्ती भएका कारण माओवादीले उनलाई ०६२ जेठबाट विस्थापित गराए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

पोखरीचौरी गाविस-७ घर भएका श्याम भनिने ३७ वर्षीय माओवादी जिल्ला कमिटी सचिवालय सदस्य कर्णाखर गौतम र शिखरआम्बोटे गाविस-३ का ३५ वर्षीय एरिया सदस्य केशव तामाङलाई सुरक्षाकर्मीले ०६२ जेठ १ गते सिपाली चिलाउने गाविसस्थित खोलाबाट गिरफ्तार गरे। ०६२ असार २ गतेदेखि उनीहरूलाई धुलिखेल कारागार राखिएकोमा पछि छानबिन तथा अनुसन्धान केन्द्र सुन्दरीजल, काठमाडौं पठाइयो।

खरेलथोक गाविस-७ का कुमार श्रेष्ठ, सानो वाङ्थली गाविस-५ का १८ वर्षीय नकुल उप्रेती र रामेछाप खनियापानी-७ का प्रदीप खड्कालाई सुरक्षाकर्मीले ०६२ जेठ १८ गते चौबास गाविस-५ बाट गिरफ्तार गरेको थियो। तीनै जनालाई ०६२ जेठ २० गते धुलिखेल जेलचलान गरियो। कुमार श्रेष्ठ भने साउन ५ गते रिहा भए।

पोखरीचौरी गाविस-९ घर भएका माओवादी काठमाडौंका संयोजक २८ वर्षीय नवीनप्रकाश र आदित्य

भनिने प्रकाश गौतम र रमेश श्रेष्ठलाई सुरक्षाकर्मीले ०६१ पुस २२ गते मोटरसाइकलमा काठमाडौंतर्फ गइरहेको अवस्थामा नलिनचोक चेकपोष्टवाट गिरफ्तार गरे। उनीहरूलाई नख्खु कारागारमा राखियो। उनीहरूसँगै धुसेनी शिवालय गाविस-४ घर भएका चन्दाजी २६ वर्षीय भागवतप्रसाद गौतमलाई पनि सुरक्षाकर्मीले गिरफ्तार गरी केन्द्रीय कारागार चलान गऱ्यो।

सिन्धुपाल्चोक जिल्ला ठोकर्पा गाविस-४ घर भएका ना. १ ख ३९३ नम्बरको मालवाहक ट्रकका चालक २३ वर्षीय कैलाश न्यौपाने र गाडी धनी हुक्तनाथ न्यौपानेलाई ०६१ पुस २९ गते सुरक्षाकर्मीले वाङ्थली गाविस-३ लहुरे देउरालीबाट गिरफ्तार गरे। उनीहरूलाई स्थानीय प्रशासनले तारेखमा छाडेको छ।

च्याम्राङवेसी गाविस-५ घर भएका ४२ वर्षीय यज्ञप्रसाद दाहाल र ३६ वर्षीय भीष्मप्रसाद दाहाललाई ०६१ माघ १४ गते बेलुका सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरेकोमा ०६१ फागुन ६ गते भक्तपुरको सिंहनाथ गणबाट तारेखमा रिहा भए। उनीहरूलाई सुरक्षाकर्मीले कुटपिट गरेको पीडितको दाबी छ।

सापिङ गाविस-४ का सेतीदेवी माविका शिक्षक ४८ वर्षीय टंकराज अधिकारीलाई माओवादीको आशङ्कामा जिल्ला शिक्षा कार्यालयमा आएको बेला ०६१ चैत १७ गते गिरफ्तार गरी नजरवन्दमा लिएकोमा ०६२ वैशाख १८ गते इन्सेक प्रतिनिधिको रोहवरमा तारेखमा रिहा भए।

काठमाडौं भीमढुङ्गा गाविस-६ घर भएका माओवादी देवराज लुइँटेल र काभ्रे घर्तीछाप गविस-८ का अर्का २० वर्षीय खेलवहादुर अस्तानीलाई ०६२ वैशाख २९ गते मंगलटार गाविस-८ रजवासवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। लुइँटेललाई साउन ३१ गते सुन्दरीजल र अस्तानीलाई जेठ ५ गते धुलिखेल कारागार चलान गरियो। अस्तानी ०६२ पुस १० गते धरौटीमा रिहा भए।

महादेवटार गाविस-१ का ४५ वर्षीय हरिश्चन्द्र श्रेष्ठलाई ०६२ असार १ गते भकुन्डेवेसीस्थित नयाँ रणभीम गुल्मले गिरफ्तार गरी धुलिखेल जेलमा नजरवन्दमा राखेकोमा ०६२ भदौ २९ गते इन्सेक प्रतिनिधिको रोहवरमा रिहा भए।

सालधारा गाविस-६ घर भएकी माओवादी १८ वर्षीय सुन्तली रानामगरलाई नार्के घटनामा संलग्न भएको आरोपमा शिखरआम्वोटे गाविसको किल्पुबाट ०६२ असार ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई पुन: प्रहरीले गिरफ्तार गरी तारेखमा राख्यो। उनलाई केन्द्रीय महिला कारागारमा राखेकोमा सर्वोच्च अदालतको आदेशमा ०६२ पुस १३ गते रिहा गरियो। पीडितलाई ११ दिनसम्म सैनिक हिरासतमा राखेर महिला कारागार पठाइएको थियो।

माओवादीद्वारा अपहरण गरिएका अर्जुन लामा

सिन्धुपाल्चोक जिल्ला साँगाचोक गाविस-८ का २८ वर्षीय अविरल भनिने विमलराज गिरी र युवराज भनिने भीमटार गाविस-९ सिन्धुपाल्चोकका ज्ञानवहादुर माझीलाई ०६२ असार २१ गते माओवादीको आरोपमा सादा पोसाकका सुरक्षाकर्मीले दोलालघाटवाट गिरफ्तार गरे। उनलाई जिल्ला प्रहरी कार्यालयको हिरासत राखियो। गिरफ्तारमध्ये ज्ञानबहादुर माझीलाई असोज १६ गते अदालतको आदेशमा रिहा गरियो। विमलराज गिरीलाई धुलिखेल कारागारमा राखिएको छ।

रवीओपी गाविस-८ का ३० वर्षीय भैरवकुमार अधिकारीलाई माओवादीलाई सघाएको आरोपमा ०६२ असार २१ गते गिरफ्तार गरी धुलिखेल कारागारमा राखिएकोमा आत्मसमर्पण गर्न लगाई ०६२ साउन ५ गते रिहा गरियो। अहिले उनी तारेखमा छन्।

बनेपा नपा-७ का चन्द्रबहादुर दोङको कोठामा ७४ थान डेटोनेटर भेटिएको आरोपमा ०६२ असार २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई हातहतियार खरखजना मुद्दा चलाएकोमा धरौटीमा रिहा गरियो।

दोलखा जिल्ला लामिडाँडा गाविस-६ साउनेपानीका १५ वर्षीय राजन शिवाकोटीलाई सकेट वमसहित ०६२ साउन ३ गते धुलिखेलस्थित सुरक्षा जाँचटोलीले गिरफ्तार गरी भदौ २ गतेदेखि धुलिखेल कारागारमा राख्यो। ६ कक्षामा पढ्दापढ्दै माओवादीमा हिँडेका उनलाई तीनओटा सकेट बमसहित गिरफ्तार गरिएको थियो।

अनैकोट गाविस-१ को सिर्जना प्राविका प्रधानाध्यापक सोही गाविस-७ घर भएका ३३ वर्षीय इन्द्रबहादुर तामाङ र अनैकोट गाविस-१ का ४२ वर्षीय ज्ञानेश्वरी प्राविका शिक्षक मोहनबहादुर केसीलाई ०६२ साउन २४ गते विद्यालय परिसरबाटै प्रहरीले गिरफ्तार गरेकोमा ०६२ साउन ३१ गते इलाका प्रहरी कार्यालय बनेपावाट रिहा गरियो।

सालधारा गाविस-७ का विक्रम भनिने सन्तोष नेपालीलाई माओवादी आरोपमा ०६२ भदौ ९ गते सुरक्षाकर्मीले बनेपावाट गिरफ्तार गऱ्यो। उनलाई शत्रुमर्दन गुल्ममा राखी असोज २ गतेदेखि धुलिखेल जेल चलान गरियो।

देवीटार गाविस-७ का २२ वर्षीय राजु भनिने ग्याम्सो लामालाई ०६२ भदौ ९ गते गिरफ्तार गरेकोमा असोज २ गतेदेखि धुलिखेल जेलमा नजरवन्दमा राखियो।



सात दलको प्रदर्शनमा नेताहरूलाई गिरफ्तार गरी ट्रकमा राख्दै सुरक्षाकर्मी

ढुङ्खर्क गाविस-६ चोरन्डेका २६ वर्षीय अर्जुनप्रसाद तिमल्सिना र सोही गाविस-७ हाँकेडाँडाका २५ वर्षीय दिनेश तिमल्सिनालाई ०६२ भदौ १० गते राति बनेपा नपा-१० स्थित एक घरवाट सुरक्षाकर्मीले गिरफ्तार गरी भदौ १७ गते रिहा गरे।

वाल्टिङ गाविस-५ का २२ वर्षीय पत्रकार दिनेश लामालाई ०६२ भदौ २१ गते बिहान बनेपास्थित कोठाबाट सादा पोसाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी छ घन्टापछि धुलिखेलस्थित शत्रुमर्दन गुल्मबाट रिहा गरे।

पोखरीचौरी गाविस-९ का २३ वर्षीय चन्द्रकुमार ढकाललाई ०६२ असोज १६ गते सुरक्षाकर्मीले काठमाडौं बानेश्वरबाट गिरफ्तार गरी बेपत्ता पारेको पीडित परिवारले बताए।

सालधारा गाविस-६ का १८ वर्षीय हेमलाल रानामगर र सिन्धुली जिल्ला हरिहरपुरगढी गाविस-९ का २० वर्षीय सानुकान्छा तामाङलाई ०६२ मंसिर १७ गते बिहान काठमाडौं जाँदै गर्दा भक्तपुर नलिनचोकबाट माओवादीको आशङ्कामा गिरफ्तार गरिएकोमा इन्सेक प्रतिनिधिको पहलमा मंसिर २० गते जिल्ला प्रहरी कार्यालयले रिहा गऱ्यो।

पाँचखाल गाविस-१ का रमेश तिमल्सिनालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६२ मंसिर ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई हातहतियार खरखजना मुद्दामा कारागारमा राखियो।

बालअधिकार

पोखरीचौरी गाविस-६ स्थित जागृति माविमा माओवादीले ०६२ जेठ ५ गते दिउँसो जनवादी शिक्षाका नाममा पाठ्यक्रममा भएका राजा-रानीको तस्वीर र पाठहरू च्यात्न लाग्दा विद्यार्थीहरू भागे। त्यस क्रममा केही विद्यार्थी सामान्य घाइते भए।

माओवादी निकट अनेरास्ववियु (क्रान्तिकारी) ले दबाब दिएका कारण शिशाखानी र कटुञ्जेका दुईओटा निजी विद्यालय ०६२ साउन २४ गतेदेखि बन्द भए। बन्द हुने विद्यालयमा फ्याफुल्ला एकेडेमी शिशाखानी र प्रगतिकिरण बोर्डिङ् स्कुल, कटुञ्जे रहेका छन्।

मङ्गलटार गाविस-१ मा रहेको सनसाइन इङ्लिश बोर्डिङ स्कूल ०६२ भदौ १ गतेदेखि बन्द भयो। माओवादीद्वारा आफ्नो आधार क्षेत्रमा निजी विद्यालय सञ्चालन नगर्न दबाब दिएकाले यो विद्यालय बन्द भयो। ०६२ वैशाख ६ गतेबाट विद्यालय खुल्नुपर्नेमा सिपालीचिलाउने र भुम्लुटारका थप दुईओटा बोर्डिङ हालसम्म पनि खुलेका छैनन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

बनेपा नपा-१० मा काभ्रे गाविस-६ घर भएकी ३५ वर्षीय एक महिलालाई ०६२ असार ८ गते राति सामूहिक बलात्कार गरेको आरोपमा दुईजनालाई पुर्पक्षका लागि थुनामा राखिएको छ। बारा जिल्ला सिवर्वा गाविस-९ का १८ वर्षीय साबिर अन्सारी र सोही जिल्ला हरिपुर गाविस-१० का २२ वर्षीय अहिर यादव थुनामा छन्। घटनामा संलग्न भनिएका बनेपा नपा-१० का २७ वर्षीय हिमाल शाह भने फरार छन्। पीडितले रातभरी बलात्कार गरेको भनी ०६२ असार ९ गते मुद्दा हालिन।

पोखरीचौरी गाविस-२ का ठाकबहादुर गौतमका छोरा १६ वर्षीय केशव गौतमले सोही ठाउँका कृष्णबहादुर गौतमकी पत्नी ३० वर्षीया गंगा गौतमसँग ०६२ असार १० गते अवैध यौन सम्पर्क गरी गर्भ रहेको भनी माओवादीले ०६२ पुस ७ गते केटाको घरमा गर्भवती महिलालाई भित्र्याए। सो घटनापछि घरमा रहेकी ८४ वर्षीय हिरामाया गौतम, ३६ वर्षीय अम्बिका गौतम, उनका भाई १२ वर्षको नारायण गौतम घर छाडेर आफन्तकोमा पुगे। केशव गौतमले सहमतिमा यौन सम्पर्क गरेको बताएपछि माओवादीको स्थानीय नेतृत्वले केटाको अंशको दुई भाग र पहिलाको पतिको अंशको एक भाग दिलाएर गंगा गौतमलाई अन्यत्र सार्ने निर्णय गऱ्यो।

दूर्व्यवहार

धुलिखेल नपा-७ बखुण्डोलकी २६ वर्षीया शोभा रायले ०६१ माघ ७ गते पारिवारिक झगडापछि पति कमल राय तथा ससुरा मिनबहादुर रायले कुटेर आफूलाई रातको समयमा घरबाट बोक्सी भन्दै निकालेको आरोप लगाइन्। आफूसँग विवाह गरेको दुई वर्ष नबित्दै पतिले अर्की पत्नी ल्याएकाले पारिवारिक कलहपछि शोभाले जिल्ला प्रशासन कार्यालयमा जहेरी दिई अंश लिएर छुट्टै बसिन्।

पारिवारिक हिंसा/बहुविवाह

वनेपा नपा-३ बस्ने नेपाल बैंक लिमिटेड पनौती शाखाका कर्मचारी कल्याण बादे श्रेष्ठले ०६१ फागुन २८ गते विहान आफ्नै पत्नी ३० वर्षीय यमुना बादे श्रेष्ठलाई उम्लेको चिया शरीरमा खन्याउँदा गम्भीर घाइते भएर बनेपास्थित शीर मेमोरियल अस्पतालमा उपचार गरियो। पीडकविरूद्ध स्थानीय प्रशासनमा जाहेरी परेकोमा प्रशासनले हाजिर हुन आउनु भनेर पत्र काटे पनि उनी हाजिर भएनन्।

पाल्लेखेत गाविस-५ डाँडागाउँकी २३ वर्षीय रूपा बडाललाई उनका पति शिवप्रसाद बडालले मुखमा अगुल्टो कोचिदिएका कारण गम्भीर घाइते भई बनेपा शीर मेमोरियल अस्पतालमा वैशाख २१ गते भर्ना गरियो। घटनाको छानबिन गरी दोषीमाथि कारवाही माग गरी जिल्ला प्रहरी कार्यालयमा निवेदन पऱ्यो।

उग्रतारा जनागाल गाविस-९ का २६ वर्षीय रामसुन्दर कुवँरले बहुविवाह गरेको भनी उनकी पत्नी उर्मिला भट्टराईले ०६१ चैत ९ गते मुद्दा दायर गरिन्। मोरङ-९ घर भएकी उर्मिलासँग ०५७ फागुन २७ गते विवाह भएकोमा राम सुन्दरले ०६० भदौ २० गते २५ वर्षीय शीखा गुरूङसँग अर्को विवाह गरे। वहुविवाह गर्ने दम्पती धरौटीमा रिहा भए।

मङ्गलटार गाविस-४ को मंगल जनविजय मावि मङ्गलटारका शिक्षक मादनकुँडारी गाविस-६ घर भएका अप्ट लामाले सोही विद्यालयबाट एसएलसी दिएर बसेकी चापाखोरी गाविस-१ की १७ वर्षीया राधा भनिने लयुल लामासँग वहुविवाह गरेको भनी माओवादीले दुवैलाई अपहरण गरेकोमा लयुल घर्तिछाप भिडन्तका क्रममा ०६२ जेठ २९ गते भागेर काठमाडौं आइन्। शिक्षक लामालाई माओवादीले एक वर्षसम्म पढाएको रकम सोही विद्यालयलाई दिनु पर्ने सर्त राखे।

टुकुचा नाला गाविस-२ का २२ वर्षीय हरेराम थापाले ०६२ वैशाख ५ गते बहुविवाह गरेको भनी जेठी पत्नी अन्जुले वैशाख २० गते मुद्दा हालिन। पनौती नपा-१ गैरीगाउँकी २० वर्षीया अन्जु थापा हुँदाहुँदै हरेरामले नाल्दुम गाविस-६ की २० वर्षीया गोमा भनिने मुना पण्डितसँग बहुविवाह गरे। अन्जुका अनुसार ०६१ चैत ३१ गते घर जाँदा पतिले भित्र पस्न नदिएकाले अहिले उनी माइतीमा छन्। वहुविवाहका जोडी धरौटीमा रिहा भए।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

कानपुर गाविस-८ बोहोरेका लक्ष्मण विश्वकर्माले दलित भएकै कारण ०६२ भदौबाट स्थानीय खुवा केन्द्रमा दूध बेच्न पाएनन्। स्थानीय लक्ष्मण श्रेष्ठ र नारायण श्रेष्ठको खुवा केन्द्रमा दूध बेच्न नपाएका उनीहरूले दलितहरूले आफ्नो उत्पादनले छ महिनाभन्दा वढी खान नपुग्ने र बाँकी छ महिना गैरदलितमाथि आश्रित हुनुपर्ने वताए।

विविध

प्रेस वक्तव्य/टिप्पणी र विरोध कार्यक्रम आदि

जनमोर्चा नेपाल केन्द्रीय समितिले ०६२ जेठ २७ गते एक विज्ञप्ति जारी गरी श्रीकृष्ण मावि दाप्चाका प्रधानाध्यापक गणेश श्रेष्ठसँग माओवादीले एक लाख ५० हजार रूपैयाँ चन्दा माग गरी पटक-पटक मानसिक तनाब दिएकोमा विरोध जनाए। जेठ २८ गते बनेपामा जनमोर्चा काभ्रेले पत्रकार सम्मेलन गरी माओवादीलाई यस्तो क्रियाकलाप नगर्न अनुरोध गरे।

संरचना/सम्पत्ति क्षति

पाँचखाल गाविस-२ केराघारीका बालकृष्ण सापकोटाको बा. १ ख ३३४७ नम्बरको स्कूल बसलाई माओवादीले ०६१ माघ १३ गते राति पाँचखाल गाविस-८ तीनपिप्ले वजारमा आगो लगाई क्षति पुऱ्याए। माओवादीले वससँगै रहेको ९३६४ नम्बरको ट्रकको सीसा पनि फुटाए।

ढुंखर्क गाविस-८ को गेल्डुङमा माओवादीले ०६१ माघ २४ गते दिउँसो विरामी भेट्न गएका राजकुमार श्रेष्ठको मोटरसाइकल खोलामा लगेर जलाए।

पाँचखाल गाविस-२ स्थित ३५ किलोमा माओवादीले ०६१ फागुन २ गते साँझ गोबरग्यास तथा कृषि यन्त्र प्रा. लि. को बा. २ प ६९६२ को मोटरसाइकल, बेहुला-वेहुली लिएर गएको बा. ४ च ५२१६ नम्बरको कार र अर्को एउटा जिप्सी कार आगो लगाएर जलाए। माओवादीले आह्वान गरेको नाकाबन्दीको अवज्ञा गरी सवारी साधन चलाएको भनी उनीहरूले ती सवारी साधनमा यात्रा गरेका यात्रुलाई ओरालेर आगो लगाएका थिए।

पाँचखाल गाविस-२ स्थित ३५ किलोमा ०६१ फागुन

प्रेस स्वतन्त्रताको माग गर्दै बनेपामा निकालिएको विरोध जुलुसबाट गिरफ्तार गरिँदै इन्सेक प्रतिनिधि भोजराज तिमल्सिना र पत्रकार महासंघका सभापति ईश्वरी ओझा

२ गते साँझ जन्ती पुऱ्याएर फर्केको बा.४ च ५२१६ नम्बरको बनेपा नपा-११ बुडोलका कृष्णबुद्ध बजगाईंको कारलाई माओवादीले आगो लगाए। माओवादीले आह्वान गरेको नाकाबन्दीको अवज्ञा गरेको आरोपमा माओवादीले सो कार जलाए।

महादेवस्थान गाविस-२ मेलम्ची जाने सडकमा ०६१ फागुन १४ गते साँझ माओवादीले बा. १ ख ९४८१ नम्बरको मिनीबसमा आगो लगाई १० लाख बराबरको क्षति पुऱ्याए।

पनौती नपा-८ र ९ को वडा कार्यालय भवनमा माओवादीले ०६१ फागुन २५ गते प्रेसरकुकर बम विस्फोट गरी करिब चार लाख बराबरको क्षति पुऱ्याए।

महेन्द्रज्योति गाविस-२ का पूर्व वडाध्यक्ष ४२ वर्षीय पदमबहादुर केसीको बा.१ क ४३३५ को ट्रकलाई ०६१ चैत २५ गते बिहान नाकाबन्दीको अवज्ञा गरेको भनी सोही गाविस-४ को सेतोपैरोमा यात्रुहरु ओरालेर माओवादीले जलाए। यसबाट ८० हजार बराबरको क्षति पुगेको बताइयो।

नाइटभिजनबाट ०६२ जेठ २९ गते राति सुरक्षाकर्मीले जथाभावी बम खसाल्दा घर्तीछाप गाविस-७ मैनडाडाका ३४ वर्षीय चूडेन्द्रबहादुर वाइबाको घरको धुरी प्वाल पर्‍यो। घर्तीछाप गाविस-६ मगर टोलका ३८ वर्षीय भीमबहादुर एस्मालीको घरको आठ हजार जाने भैंसीको घाटीमा तथा घर्तीछाप गाविस-८ का कृष्णबहादुर पुलामीको गोरु पेटमा गोली लागेर मरे।

घर्तीछाप गाविस-८ का दिलबहादुर आलेको घरको थाम र झ्यालमा, शन्तबहादुर दर्लामी, सुब्बासिं वाइबा, रामबहादुर विक, दुर्गाबहादुर वाइबा, बौद्धमान वाइबा र शेरबहादुर पुलामीको घरको गारो ०६२ जेठ ३० गते सेनाद्वारा चलाइएको गोलीद्वारा प्वाल पर्‍यो। घर्तीछापको गाविसबाट सेनाले र पूर्वतर्फको विद्यालयमाथि डाडाबाट माओवादीले गोली चलाएका थिए। गोली लागेर दर्लामीको घरमा प्वाल पर्‍यो भने कोल्बोटका गम्भीर विश्वकर्माको बाख्रा मर्‍यो। २८ वर्षीय इन्द्रबहादुर आलेको पसल फुटाएर सुरक्षाकर्मीले चाउचाउ २० प्याकेट, ग्लुकोज २० प्याकेट, जिरा एक किलो र तेल छ किलो लगेको र त्यसको पैसा शेरमान अस्मानीलाई दिएको भने पनि हालसम्म उनले पैसा नपाएको बताए।

पाचखाल गाविस-१ स्थित पैनीस क्लिोमा ०६२ भदौ १७ गते राति बा. १ ख ३७९४ नम्बरको मालवाहक ट्रकमा आगजनी भयो।

बनेपा नपा-१० स्थित राजा त्रिभुवनको सालिकमा ०६१ माघ २९ गते माओवादीले साँझ बम राखी विस्फोट गराई क्षतिग्रस्त पारे। सुरक्षा निकायले रातारात सालिकको मर्मत गरी फागुन ७ गतेको प्रजातन्त्र दिवस मनाए।

बनेपा नपा-६ स्थित बनेपा नपाको भवनमा ०६१ फागुन ५ गते साँझ माओवादीले विस्फोट गरी ४० हजार बराबरको नोक्सान पुऱ्याए।

बालुवापाटी देउपुर गाविस-८ का धर्मभक्त श्रेष्ठको घरलाई ०६२ वैशाख २६ गते राति माओवादीले बम विस्फोट गराई ध्वस्त पारे। विस्फोटबाट ३० हजार रुपैयाँ बराबरको क्षति भयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष पनौती नपा-४ का मंगले तामाङ, रवीओपी गाविस-७ मा मखमली खत्री, चलाल गणेशस्थान गाविस-३ का कृष्णबहादुर तामाङ, धुलिखेल नपा-७ की सुन्तली विश्वकर्माको कुटपिटका कारण मृत्यु भयो।

आत्महत्याका ४३ घटनामा २२ महिलासहित ४६ जनाले आत्महत्या गरे। जसमा झुन्डिएर १७, विषसेवनबाट २६ र नदीमा हामफालेर तीनजना रहेका छन्। च्यामिङखर्क गाविस-८ की पवित्रा निर्मल्सिनले मन नपरेको केटासँग विवाहको कुरो भएकाले, रवीओपी गाविस-४ की बाटुली विश्वकर्माले बाघले सुगुर खायो भन्ने चिन्तामा, खोपासीमा टीकाकुमारी पाण्डेको आमा-छोरा तीनजना नदीमा हामफालेर र काठमाडौं विश्वविद्यालयमा अध्ययनरत विवेक भट्ट लागु औषध सेवन गरी मरे। सवारी साधन दुर्घटनाका २० घटनामा पाँच महिलासहित ३० जनाको मृत्यु भयो। पाल्लेखेतमा सेनाको ट्रक दुर्घटनामा नौजना सेनासहित अन्य घटनामा ४४ जना घाइते भए।

चोरीका १० ओटा घटना सार्वजनिक जानकारीमा आए। चट्याङबाट सातजनाको मृत्युभयो। चट्याङकै कारण २३ जना घाइते भए। सडक खन्दा, घाँस काट्न जादा र भीरबाट चिप्लेर छजनाको मृत्यु भयो। सातजना पुरुषको बेवारिसे लास फेला पर्‍यो। केहीको मृत्यु अत्यधिक रक्सी सेवनबाट भएको पाइयो। साउन-भदौमा परेको अविरल वर्षाका कारण सातजनालाई बाढीले बगायो।

यस अवधिमा १० जना पानीमा डुबेर मरे। करेन्ट लागेर र माटोको डिस्कोले किचेर एक एकजनाको मृत्यु भयो। होक्से गाविस-५ बाङ्गेदहमा ०६२ साउन १ गते आमा किरिता खत्री र छोरा मणिक खत्री पानीमा डुबेर मृत्यु भयो। पास भएको खुशीमा दोलालघाटमा रमाइलो गर्न गएका भक्तपुरका तीनजना युवकको पौडीखेल्दा डुबेर मृत्यु भयो। ज्ञानेन्द्र सापकोटा र हर्षबहादुर घर्ती मगरको पनि दोलालघाट इन्द्रावतीमा पौडी खेल्दा ज्यान गयो।

विगतको अनुगमन

बेपत्ता

धुलिखेल नपा-३ का २७ वर्षीय सगुन श्रेष्ठ ०६१ पुस १५ गते दिउँसो धुलिखेलस्थित घरबाट बेपत्ता भए। ०६१ पुस २२ गते मध्यरातमा उनलाई सँगै लिएर सेनाले काठमाडौं, ललितपुर र मानेपास्थित आफन्तको घरमा सर्च गरेका थिए। पीडितको अवस्थाबारे सुरक्षा निकायले परिवारलाई कुनै जानकारी दिएको छैन। पीडितका परिवारले उनको खोजीका लागि संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय, रेडक्रसको अन्तर्राष्ट्रिय समिति, राष्ट्रिय मानवअधिकार आयोग, एमनेस्टी इन्टरनेसनल र इन्सेकमा अनुरोध गरे। उनको गिरफ्तारीका विषयमा "केही थाहा नभएको" स्थानीय प्रशासनले बतायो।

माओवादी जिल्ला नेतृत्वले काभ्रेका १५ जनालाई राज्यले बेपत्ता पारेकाले उनीहरूको खोजी गरिदिन मानवअधिकारकर्मीलाई अनुरोध गरे। माओवादीका अनुसार काभ्रेका पाल्साङ लामा, नवीन गौतम, कमला शर्मा, तारामान तामाङ, बाबुकाजी श्रेष्ठ, केनामसिं तामाङ, लालकुमार तामाङ, दावा लामा, खड्गबहादुर तामाङ, प्रकाश गौतम, वृद्धिबहादुर तामाङ, चन्द्रकुमार ढकाल, उमेश सेढाई र बखतबहादुर ब्लोन हालसम्म बेपत्ता छन्।

फूलबारी गाविस-८ लकाइनेका ३५ वर्षीय हरी बोलखेको स्थितिका विषयमा ०६१ चैत २९ गते पीडितका भाइ प्रेमप्रसादले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरेकोमा स्थानीय प्रशासनले अदालतलाई रिहा गरिसकेको उत्तर दिएकाले रिट खारेज भयो। गृह मन्त्रालयले ०६१ असोज २५ गते सार्वजनिक गरेको एक सय २६ जनाको नाममा फूलबारी गाविस-८ का हरिप्रसाद बोलखे वैशाख ८ गते छुटेकोमा मासिक तारेखमा नआएकाले ०६० पुस २४ गते समातिएको उल्लेख छ।

अपहरण

माओवादी जिल्ला नेतृत्वले अपहरणपछि उनीहरूको कब्जामा रहेका केही व्यक्ति रूपान्तरण भई माओवादीमा लागेको सार्वजनिक गरे। माओवादीद्वारा ०६२ पुस २ गते मंगलटारको पिन्थलीमा आयोजित पत्रकार सम्मेलनमा च्याम्राङवेशीका बुद्धबहादुर लामा, भुमेडाँडाका लोकप्रसाद बजगाई, नाग्रेगर्चेका सूर्यमान तामाङ, बिर्तादेउरालीका मिलन भुजेल र मङ्गलटारका कुलदास लामा माओवादीमा लागेको माओवादी दाबी छ।

गिरफ्तारी

खरेलथोक गाविस-६ स्थित भगवती मावि खरेलथोकको कक्षा-९ मा अध्ययनरत १५ वर्षीय छात्रा मैना सुनुवारलाई ०६० फागुन ५ गते घरबाटै गिरफ्तार गरी हत्या गरेको अभियोगमा कर्णेल बबी खत्री, सहसेनानीद्वय सुरेन्द्र अधिकारी र अमित पुनलाई सैनिक अदालतले दोषी ठहर गरी छ महिना कैद सजाय दियो। हत्याको नियत नदेखिए पनि अनुसन्धान र मृत्युपछिको प्रकृति र प्रक्रिया गलत भएको ठहर गर्दै सैनिक अदालतले महासेनानी बबी खत्रीलाई दुई वर्ष तथा सहसेनानीहरू सुरेन्द्र अधिकारी र अमित पुनलाई एक-एक वर्ष बढुवा रोक्का गर्‍यो। सैनिक अदालतले मैनाको परिवारलाई खत्रीबाट ५० हजार र सहसेनानीद्वयबाट २५-२५ हजार रूपैयाँका दरले क्षतिपूर्ति भराउने निर्णय गर्‍यो। सैनिक अदालतले पीडित परिवारलाई एक लाख ५० हजार रूपैयाँ दिन सरकारलाई सिफारिस गर्‍यो। सैनिक अदालतको फैसला पारदर्शी नभएको भन्दै मैनाकी आमा देवी सुनुवारले ०६२ कार्तिक २७ गते जिल्ला प्रशासन कार्यालय मार्फत् जिल्ला प्रहरी कार्यालयमा मुद्दा दर्ता गरिन्।

२.१४ भक्तपुर



जनसंख्या	: २५०२२७
साक्षरता प्रतिशत	: ७०.००
महिला साक्षरता प्रतिशत	: ५५.००
क्षेत्रफल (वर्ग कि.मी.)	: ११९
गाविस/नपा संख्या	: १६/२
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३००
क्याम्पस/उच्च मावि	: ९/६
अस्पताल/स्वास्थ्य चौकी	: ५/२६
टेलिफोन लाइन	: ८९००
मोटर सडक (कि.मी.)	: १३४
प्रहरी कार्यालय संख्या	: १६
हुलाक संख्या	: २२
मानव विकास सूचकांक	: ०.५९५
प्रति परिवार सरदर संख्या	: ६.०७

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

नगरकोट गाविस-६ चन्देवी मन्दिरमा बत्ती बालेर जाग्राम बसेका ११ जना सर्वसाधारण भक्तजनलाई ०६२ मंसिर २९ गते राति सेनाको नगरकोट प्राविधिक शिक्षालयमा कार्यरत २४ वर्षीय सैनिक जवान वासुदेव थापाले अन्धाधुन्ध गोली प्रहार गरी हत्या गरे। उक्त घटनामा परी १९ जना सख्त घाइते र चारजना सामान्य घाइते भए। घटनामा मारिनेहरुमा नगरकोट गाविस-७ का ३५ वर्षीय आइते तामाङ, ४० वर्षीय रामलाल नगरकोटी, २० वर्षीय नीरु तामाङ, १६ वर्षीय नानु नगरकोटी, २० वर्षीय माया तामाङ, नगरकोट गाविस-९ का ३० वर्षीय काले तामाङ, नगरकोट गाविस-४ का धमइ तामाङ, नगरकोट गाविस-५ का १८ वर्षीय दीपक तामाङ, तनहुँ जिल्ला घर भएका २३ वर्षीय सृजन श्रेष्ठ, गुल्मी जिल्ला दिगाम गाविस घर भएका ३५ वर्षीय रामप्रसाद पन्थ रहेका छन्। नुवाकोट जिल्ला पञ्चकन्या गाविस-९ मानथोक घर भई भक्तपुर जिल्लाको नगरकोट गाविसस्थित खरिपाटी ब्यारेकमा कार्यरत पीडक वासुदेव पनि ०६२ मंसिर २९ गते राति गोली लागी मारिए। मृतक सैनिक जवान वासुदेवले नगरकोट गाविस-६ स्थित कालीमन्दिरमा जात्रा हेर्न जादा दिउँसो भक्तजनसँग झगडा गरेका थिए। थापाको लासको पोस्टमार्टम भक्तपुर अस्पतालमा भएको थियो। घटनामा परी घाइते हुनेहरुमा काभ्रे जिल्ला नाल्दुम गाविस-६ का १३ वर्षीय निरज तामाङ, नगरकोट गाविस-९ का १८ वर्षीय भीमबहादुर तामाङ, फुच्ची वाइबा, ४० वर्षीय कृष्णबहादुर तामाङ, १८ वर्षीय झपटे तामाङ, १८ वर्षीय रामभक्त नगरकोटी, ४० वर्षीय सुकुलाल नगरकोटी, सोही गाविस-४ का ३० वर्षीय भालु तामाङ, सोही गाविस-५ की सपना तामाङ, काभ्रे जिल्ला नाल्दुम गाविस-७ का बिजय तामाङ, २० वर्षीय प्रवीन शाह, सोही गाविस-१ का १८ वर्षीय राजु तामाङ, नगरकोट गाविस-७ का १४ वर्षीय रामकुमार नगरकोटी, काभ्रे जिल्ला पनौती नपा-१२ का ३८ वर्षीय गोपाल पहाडी, सोही नपाकी ३७ वर्षीय राममाया पहाडी रहेका छन्। उनीहरुको वीरेन्द्र सैनिक अस्पताल छाउनीमा उपचार गरियो। साथै नगरकोट गाविस-७ का रामकुमार नगरकोटी, नीरज नगरकोटी, लक्ष्मी नगरकोटी, राममाया तामाङ सामान्य घाइते भए। उनीहरुको भक्तपुर अस्पताल र वीरेन्द्र सैनिक अस्पताल, छाउनी, काठमाडौंमा उपचार गरियो। घटनाको छानबिनका लागि सरकारले ०६२ पुस १ गते सर्वोच्च अदालतका पूर्व न्यायाधीश टोपबहादुर सिंहको अध्यक्षतामा आयोग गठन गरेको थियो। रक्षा मन्त्रालयले पनि छानबिन गर्न सैनिक जनसम्पर्क निर्देशनालयका सहायक रथीको अध्यक्षतामा टोली गठन गर्‍यो। टोलीका प्रतिवेदनहरू सार्वजनिक भए।

जेल र बन्दीहरू
हिरासतमा मृत्यु

काभ्रे जिल्लाको पनौती नपा-३ घर भएका असीम भनिने माओवादी कार्यकर्ता २४ वर्षीय दीपेन्द्र रायमाझीको लास ०६२ असार १२ गते भक्तपुर जिल्लाको सूर्यविनायकस्थित सिद्धनाथ गणको भऱ्याङमुनि मृत अवस्थामा भेटियो। मृतकको घाँटीमा डाम थियो। बिजुलीको तारले झुण्डिएर रायमाझीको मृत्यु भएको बताउँदै सेन्ट्रीमा बसेको सैनिक जवानले तार काटेको बताइयो। बिजुलीको तारको एक टुक्रा घटनास्थलमै पाइएको र अर्को टुक्रा बाहिर फालेको अवस्थामा थियो। मृतकले ०६२ जेठ ८ गते छाउनी ब्यारेकमा आत्मसमर्पण गरेको बताइयो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट
राज्यबाट

भक्तपुर नपा-१२ का ३५ वर्षीय कृष्णबहादुर जोशीलाई ०६२ पुस १ गते साँझ भक्तपुर नपा-१२ को सडकमा हिँडिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरी कुटपिट गरे। पीडित जोशी नेकाका १२ वडाका सभापति हुन्। जोशीलाई आन्दोलनरत सात राजनीतिक दलले आयोजना गरेको उपत्यका बन्दमा प्रहरीलाई ढुंगामुढा गरेको आरोपमा कुटपिट गरिएको स्थानीयवासीले बताए।

भक्तपुर नपा-१७ का ४० वर्षीय नारायणसुन्दर सिन्ताकलको चारजना परिवारलाई ०६२ पुस १ गते दिउँसो प्रहरीले घरभित्र पसेर कुटपिट गरे। कुटपिटबाट २४ वर्षीय सज्जनप्रकाश सिन्ताकल, १६ वर्षीय चन्दन सिन्ताकल, १४ वर्षीय पविका सिन्ताकल घाइते भए। घाइतेहरुको भक्तपुर अस्पतालमा उपचार गरियो।

भक्तपुर नपा-१५ इताछें टोलका ३६ वर्षीय कृष्णप्रसाद देशेमरुलाई ०६२ पुस १ गते प्रहरीले गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई आन्दोलनरत सात राजनीतिक दलले आयोजना गरेको उपत्यका बन्दमा प्रहरीलाई ढुंगामुढा गरेको आरोपमा गिरफ्तार गरी कुटेर दुई दिनपछि छाडिएको पीडितले बताए। प्रहरीद्वारा कुटिएका पीडित देशेमरु भक्तपुर अस्पतालमा पुगेपछि होशमा आएका थिए।

भक्तपुर नपा- १६ घर भएका नेकाँ (प्रजातान्त्रिक)का भक्तपुर जिल्ला कमिटी सदस्य ४५ वर्षीय ओमप्रकाश भुजुलाई ०६२ पुस १ गते साँझ प्रहरीले कुटपिट गरी आठओटा दाँत झारी दिए। आन्दोलनरत सात राजनीतिक दलले आयोजना गरेको उपत्यका बन्दमा प्रहरीलाई ढुंगामुढा गरेको आरोपमा प्रहरीले कुटपिट गरेको पीडितले बताए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

भक्तपुर नपा-६ बाट प्रकाशित हुने मजदुर दैनिक पत्रिका ०६१ माघ २० गतेदेखि २२ गतेसम्म प्रहरीले प्रकाशन गर्न रोक लगायो। राजाको ०६१ माघ १९ गतेको शाही कदमको विरोध गरेका कारण पत्रिका प्रकाशनमा रोक लगाएको जनाइयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष भक्तपुर जिल्ला अदालतमा गत वर्षको बाँकी र यस वर्ष दर्ता भएका दुनियाँवादी देवानी, दुनियावादी फौजदारी र सरकारवादी फौजदारी मुद्दा एकहजार छसय २६ मुद्दा थिए। एकहजार छसय २६ ओटा मुद्दा मध्ये छसय ७८ ओटा मुद्दा फर्स्यौट भई नौसय ४८ ओटा मुद्दा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

माओवादी पीडितहरुले क्षतिपुर्तिको माग राखेर ०६२ असार ४ गते जिल्ला अदालत भक्तपुरमा मुद्दा दर्ता गरेका थिए। आन्दोलन गरिरहेका माओवादी पीडितहरुलाई ०६२ जेठ २२ गते काठमाडौंको रत्नपार्कबाट प्रहरीले गिरफ्तार गरी ०६२ जेठ ३१ गतेसम्म थुनामा राखेको थियो। आफूलाई थुनामा राखी यातना दिएको भनी माओवादी पीडित संघका केन्द्रीय सदस्य तुलबहादुर खत्रीसमेत १७ जनाले क्षतिपुर्तिको माग गर्दै जिल्ला अदालत भक्तपुरमा मुद्दा दायर गरेका थिए। उक्त निवेदनमा एक जनाको एक दिनको २५ हजार रुपैयाँका दरले १७ जनाको तीनलाख ८२ हजार पाँचसय रुपैयाँ रकम क्षतिपूर्तिको माग गरिएको थियो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

दधिकोट गाविस-३ घर भई नेकाँका पूर्व जिल्ला सभापति लेखनाथ न्यौपानेलाई ०६१ माघ १९ गते प्रहरीले गिरफ्तार गरे। उनलाई चैत १९ गते सशस्त्र प्रहरी बल गुह्येश्वरी गणबाट रिहा गरियो।

चाँगुनारायण गाविस-३ घर भएका नेविसंघ (प्रजातान्त्रिक) का कार्यकर्ता २४ वर्षीय रोशन पौडेललाई ०६१ फागुन ५ गते प्रहरीले गिरफ्तार गरे। उनलाई ०६२ वैशाख १९ गते रिहा गरियो।

भक्तपुर नपा-८ घर भई नेकाँ भक्तपुरका भूतपूर्व सभापति ६० वर्षीय तिलकप्रकाश कायस्थलाई ०६१ फागुन ११ गते प्रहरीले घरबाट गिरफ्तार गरेको थियो। पीडितलाई ०६१ फागुन १२ गते रिहा गरियो।

छालिङ गाविस-५ घर भएका नेकाँ जिल्ला उपसभापति ५० वर्षीय प्रवीण वनलाई ०६१ फागुन २६ गते प्रहरीले पार्टी कार्यालयबाटै गिरफ्तार गरे। उनलाई भक्तपुर नगरपालिका १७ स्थित नेकाँको पार्टी कार्यालय परिसरबाट सादा पोसाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई १० दिनपछि रिहा गरिएको थियो।

भक्तपुर नपा-७ गोलमढी घर भएका नेपाल मजदुर किसान पार्टीका कार्यकर्ता २८ वर्षीय हरिरत्न गोरखालीलाई ०६१ चैत १५ गते प्रहरीले गिरफ्तार गरे। पीडितलाई राजाको विरोध गरी लेखिएको पर्चा छरेको आरोपमा गिरफ्तार गरिएकोमा ०६२ जेठ १६ गते रिहा गरियो।

मध्यपुर थिमी नपा-१५ घर भई नेकपा (एमाले) भक्तपुर जिल्ला कमिटी सदस्य ३० वर्षीय वचन देउजा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित (अन्यबाट)				राज्य पक्षबाट पीडित				
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	२	१	३	१	९	३		१२
घाइते	१	१	१	२	१	१४	५	४	२३
गिरफ्तारी/यातना					१२	१५		७	२२
वेपत्ता					१	१			१
कुटपिट	२	२		२	५	८			८
धम्की					१			१	१
भेला/संगठित हुने अधिकार					१	१		२२	२३
वालअधिकार	१		१	१					
जम्मा	७	५	३	८	२२	४८	८	३४	९०

नगरकोटमा मारिएका जनसाधारणहरू

लगायत चारजनालाई ०६२ कार्तिक ११ गते प्रहरीले जुलुसका क्रममा गिरफ्तार गरे। सोही समयमा गिरफ्तार भएका विद्यार्थी नेता श्यामसुन्दर वस्नेत, नरेन्द्र ढकाल, रोशन पौडेललाई पनि प्रहरीले गिरफ्तार गरी सोही दिन राति रिहा गरियो।

काभ्रे जिल्ला सालधारा गाविस-६ का १८ वर्षीय हेमलाल रानामगरलाई ०६२ मंसिर १७ गते बिहान काठमाडौं आउँदै गर्दा भक्तपुर जिल्लाको नंखेल गाविस-१ को सुरक्षा जाँचका क्रममा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई काभ्रे जिल्लाको जिल्ला प्रहरी कार्यालयले चारदिनपछि रिहा गरेको थियो। पीडितलाई नेकपा (एमाले) को ०६२ मंसिर १८ गते हुन लागेको वृहत् जनसभामा भाग लिनका लागि काठमाडौं आउँदा गिरफ्तार गरिएको भयो।

भक्तपुर नपा-१७ का २६ वर्षीय अर्जुन भैल, ३० वर्षीय कृष्ण कर्माचार्यसमेत आठजनालाई ०६२ मंसिर ३० गते प्रहरीले ढुंगामुढा गरेको आरोपमा गिरफ्तार गरे। नगरकोट हत्याकाण्डको विरोधमा आक्रोशित समूहले भक्तपुर खानेपानी कार्यालय, नेपाल विद्युत प्राधिकरण शाखा कार्यालय, हुलाक कार्यालय, नेपाल दूरसञ्चार संस्थान शाखा कार्यालय, सरकारी वकिलको कार्यालय, भक्तपुर नगरपालिकाको १७ र १६ वडाका टिकट काउण्टरमा तोडफोड तथा आगजनी गरी क्षति पुऱ्याए।

भक्तपुर नपा-१३ का ३० वर्षीय कृष्णप्रसाद शिल्पकारसमेत २२ जनालाई ०६२ पुस १ गते प्रहरीले गिरफ्तार गरे। आन्दोलनरत सात राजनीतिक दलले आयोजना गरेको उपत्यकाबन्दमा प्रहरीलाई ढुंगामुढा गरेको आरोपमा उनीहरूलाई प्रहरीले गिरफ्तार गरिएकोमा सबैलाई सोही दिन राति रिहा गरियो।

गृह नजरबन्द

बालकोट गाविस-९ घर भएका नेकपा (एमाले) स्थायी कमिटीका सदस्य ५५ वर्षीय खड्गप्रसाद ओलीलाई ०६१ माघ १९ गते प्रहरीले घरमा नजरबन्दमा राख्यो। ०६१ माघ १९ गतेको राजाको कदमको विरोध हुने भएका कारण उनलाई नजरबन्दमा राखिएको बताइयो। ओलीलाई ०६१ फागुन ३ गते गृह नजरबन्दबाट मुक्त गरिएको थियो।

मध्यपुर थिमी नपा-१६ लौहकिल्थली घर भई राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता तथा पूर्व प्रधानमन्त्री लोकेन्द्रबहादुर चन्दलाई ०६१ माघ १९ गते प्रहरीले घरमा नजरबन्दमा राख्यो। ०६१ माघ १९ गतेको राजाको शाही कदमपछि राजनीतिक दलका नेता तथा कार्यकर्तालाई गिरफ्तार तथा धरपकड गर्ने क्रममा चन्दलाई नजरबन्दमा राखियो। चन्दलाई ०६१ माघ २७ गते गृह नजरबन्दबाट मुक्त गरियो।

भक्तपुर नपा-८ घर भई नेपाल मजदुर किसान पार्टीका केन्द्रीय अध्यक्ष ५८ वर्षीय नारायणमान बिजुक्छेलाई ०६१ माघ १९ गते प्रहरीले गृहनजरबन्दमा राख्यो। नेता बिजुक्छेलाई ०६१ माघ २७ गते गृह नजरबन्दबाट मुक्त गरियो।

बालअधिकार

सिन्धुपाल्चोक जिल्ला घर भई भक्तपुर नपा-४ बस्ने ५ वर्षीय एक बालिकालाई ०६२ जेठ २५ गते भक्तपुर नपा-४ का ४१ वर्षीय रामकृष्ण सैजुँले बलात्कार प्रयास गरे। पीडकलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलायो। पीडितका बाबुले आफ्नी छोरीलाई बलात्कार गर्न खोजेकोले पीडकलाई कारबाहीको माग गर्दै जिल्ला प्रहरी कार्यालय भक्तपुरमा उजुरी गरे।

विविध

संरचना क्षति

नगरकोट गाविस-७ स्थितप्रहरी चौकीमा ०६२ जेठ २९ गते राति माओवादीले आक्रमण गरी बम विस्फोट गराए। बम विस्फोटबाट भवनमा क्षति पुगेको छ।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष भक्तपुर जिल्लामा व्यक्तिगत कुटपिटका चारओटा घटनामा चार पुरुष र दुई महिला पीडित भए।

२.१५ काठमाडौं



जनसंख्या	: १३००५२२
साक्षरता प्रतिशत	: ७७.७
महिला साक्षरता प्रतिशत	: ६०
क्षेत्रफल (वर्ग कि. मि.)	: ३९५
गाविस/नपा संख्या	: ५७/२
निर्वाचन क्षेत्र	: ७
विद्यालय	: ९४५
क्याम्पस/उच्च मा.वि.	: ६३/१११
अस्पताल/स्वास्थ्य चौकी	: ३७/६८
टेलिफोन लाइन	: ३३५०००
मोटर सडक (कि. मि.)	: ८१०
प्रहरी कार्यालय संख्या	: १९
हुलाक संख्या	: ७१
मानव विकास सूचकांक	: ०.६०३
प्रति परिवार सरदर संख्या	: ६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

दैलेख जिल्ला कालिका गाविस घर भई कामनपा-१ नक्सालस्थित एक होटलमा कार्यरत २० वर्षीय जंगबहादुर पुलामी मगरलाई ०६१ पुस १८ गते बेलुका कामनपा-४ विशालनगर चण्डौलमा चन्दा उठाउन गएको आरोपमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। तर माओवादीका काठमाडौं उपत्यका इन्चार्ज आदित्यले उनी माओवादी नभएको जनाए। सुरक्षास्रोतले भने राति तीन युवकले एक डाक्टरसँग एकलाख चन्दा मागिरहेका बेला सादा पोशाकका सैनिकले गोली चलाउँदा पुलामीको मृत्यु भएको जनायो।

मनमैजु गाविसस्थित लामबगरका मट्टितेल डिपो सञ्चालक ३० वर्षीय अर्जुनप्रसाद लामिछानेलाई ०६१ चैत ११ गते राति मोटरसाइकल चढी आएका खरिपाटीस्थित सैनिक तालिम केन्द्रका अमल्दार गोविन्दबहादुर कार्कीले गोली प्रहार गरी हत्या गरे।

कामनपा-३४ नयाँबानेश्वरमा भोजपुर जिल्ला घर भएका रमेश भनिने माओवादी कार्यकर्ता रुद्र चापागाईको ०६२ वैशाख ७ गते सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भएको जनाइयो। सुरक्षाकर्मीले चलाएको गोली लागी घाइते भएकोले उपचारका क्रममा उनको मृत्यु भएको बताइयो।

कामनपा-१५ ताहाचलस्थित विष्णुमती खोलाको पुलमा गस्तीमा रहेका प्रहरीलाई ०६२ मंसिर ८ गते बेलुका स्थानीय युवा र प्रहरीबीच सामान्य विवाद हुँदा प्रहरीले चलाएको गोली लागी गोपाल महर्जनको मृत्यु भयो। घटनामा वडा प्रहरी कार्यालय कालिमाटीका प्रहरी जवान गजेन्द्र यादव घाइते भए। सोही घटनामा संलग्न उज्वल राजभण्डारी र राजकुमार तामाङलाई प्रहरीले गिरफ्तार गरेकोमा दुवैजना रिहा भए।

माओवादीबाट

जाजरकोट जिल्ला खलंगा घर भई थानकोटमा बस्दै आएका ४२ वर्षीय जयबहादुर रावलको ०६१ पुस १९ गते साँझ माओवादीले कामनपा-१७ स्थित बागेमुढामा गोली हानी हत्या गरे। टाउकोमा दुई गोली लागी घाइते भएका पीडितको उपचारार्थ वीर अस्पताल लैजानासाथ मृत्यु भएको थियो। जाजरकोट जिल्लामा शिक्षक रहेका रावललाई माओवादीले दुईपटक अपहरण गरेका थिए। माओवादी विशेष संगठन समिति काठमाडौंका संयोजक आदित्यले माओवादीका नामबाट चन्दा उठाई माओवादीको बदनाम गरेको आरोपमा कारवाही गरिएको जनाए।

भक्तपुर जिल्ला सुडाल घर भई गोकर्ण प्रहरी चौकीमा कार्यरत प्रहरी हवल्दार रघुवीर पण्डितलाई ०६२ भदौ १ गते माओवादीले गोकर्णस्थित चियापसलमा गोली प्रहार गरी हत्या गरे। पण्डितको घाँटी र टाउकोमा तीन गोली लागेपछि शिक्षण अस्पतालमा उपचारार्थ भर्ना गरिएको थियो।

अन्यबाट

कामनपा-६ सामुदायिक सेवा समिति तथा सामुदायिक प्रहरी सेवा बौद्धको कार्यालयमा ०६२ साउन ३० गते अज्ञात समूहले महिला प्रहरी जवान संगिता मोक्तानको गोली हानी हत्या गर्‍यो। घटनामा समितिका अध्यक्ष जयमंगल लामा घाइते भए। अध्यक्ष लामा भने उपचारपछि घर फर्किए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

कामनपा-३५ कोटेश्वरमा सीपीसीएस नामक गैरसरकारी संस्थामा कार्यरत काभ्रेपलाञ्चोक सुनखानी घर भएका कुमार रोक्का ०६२ वैशाख १० गते राति

सुरक्षाकर्मीको गोली लागि घाइते भए। घाइते कुमारको वीर अस्पतालमा उपचार भयो।

जेल र बन्दीहरू

एक शताब्दीपूर्व निर्मित चारखाल अड्डास्थित सदरखोर जेलको बन्दी क्षमता एकसय ५० रहे पनि हाल तीनसय चारजना बन्दी छन्। यी बन्दीमध्ये ३९ जना कैद तोकिएका र दुईसय ३५ जना कैद नतोकिएका छन्। जेलमा १८ जना बिदेशी रहेका छन् भने ३७ जना महिला बन्दी छन्। राणाकालमा निर्मित जीर्ण अवस्थामा रहेको यस जेलको यस वर्ष धेरै सुधार भएको छ। बन्दी भेटघाट गर्ने स्थानको निर्माण भएको जेलर राजुराज कडेरियाले बताए। यसै वर्ष जेलभित्र पाचओटा र बाहिर दुईओटा गरी सातओटा शौचालयको निर्माण भए। खानेपानीको लागि ट्याङ्करबाट ल्याइने व्यवस्था गरिएको छ। स्वास्थ्य उपचारको लागि बन्दीहरूलाई आवश्यकता अनुसार उपचार व्यवस्था मिलाइएको छ।

यस जेलमा फागुन १३ गते माओवादीको आरोपमा सुरेशकुमार लिङदेल, रामकैलाश यादव, प्रसाद तामाङ, लोकप्रसाद भुर्तेल, टीकाराम विश्वकर्मा, दीपक देवकोटा, रामप्रसाद निर्मलसिना, प्रतिमा भनिने बिमला अधिकारी, सोमु भनिने सोममाया तामाङ, रोशनी भनिने भगवती श्रेष्ठ, शंकर अधिकारी र सत्यनारायण भगत रहेका छन्।

देशकै सबैभन्दा बढी क्षमता र सुविधा सम्पन्न मानिने केन्द्रीय कारागारको बन्दी क्षमता सातसय जनाको रहे पनि हाल सातसय २० जना बन्दी छन्। बन्दीहरूमध्ये कैद तोकिएका चारसय २४ र कैद नतोकिएका तीनसय ९६ जना छन्। जसमध्ये, ५१ जना बन्दी बिदेशी छन्। यस जेलमा दुई जना नाबालक पनि अभिभावकसगै छन्। केन्द्रीय कारागार अन्तर्गत ७५ जना बन्दी क्षमता रहेको महिला कारागारमा जम्मा ९६ महिला बन्दी छन्। यसमा ५७ जना कैद तोकिएका र ३९ जना कैद नतोकिएका छन्। जसमध्ये तीनजना विदेशी महिला बन्दी छन् भने छजना नाबालक पनि अभिभावकसँगै रहेका छन्।

भद्रबन्दी गृहमा भने दुईसय ८९ जना कैद तोकिएका र एकसय ५८ जना कैद नतोकिएका गरी कुल चारसय ४७ जना बन्दी छन्। भद्रबन्दी गृहको बन्दी क्षमता चारसय जनाको छ। यसमा रहेकाहरूमध्ये ३१ जना बिदेशी छन्।

हिरासतमा मृत्यु

काठमाडौंको सिंहदरबारस्थित श्रीजंग गणमा अनुसन्धानका लागि राखिएका एक माओवादी कार्यकर्ताले ०६२ जेठ १३ गते जुत्ताको तुनाले घाटीमा पासो लगाई आत्महत्या गरेको घटना सार्वजनिक भयो। मृतक शेर्पा थर भएका माओवादी कार्यकर्तालाई ०६२ जेठ १२ गते श्रीजंग गणका सेनाले अनुसन्धानको लागि सिंहदरबारस्थित सैनिक हिरासतमा राखेका थिए।

बेपत्ता / अपहरण

राज्यबाट

नाङ्लेभारे गाविस-४ की १९ वर्षीय कौशीला दाहाललाई ०६१ पुस १८ गते शाही नेपाली सेनाको १ नं. बाहिनी बालाजुबाट गएका सुरक्षाकर्मीले काभनपा-१६ सोह्रखुट्टेबाट गिरफ्तार गरी बेपत्ता पारे। उनको स्थिति थाहा हुन सकेन।

काभ्रे जिल्ला गैरीबिसौना गाविस-७ का २६ वर्षीय युवराज ढकालपाई ०६१ पुस २२ गते जोरपाटी गाविस-१ स्थित आफ्नै कोठाबाट गिरफ्तार गरी बेपत्ता पारेकोमा एक महिनापछि रिहा गरियो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	४	१	५	२	२	२	४	४			४
घाइते	४	४		४				१	१			१
हिरासत वा थुनामा मृत्यु								१	१			१
गिरफ्तारी/यातना								३६	१७९	३	२०	२०२
बेपत्ता								२०	२०	२		२१
कुटपिट								१	१८			१८
भेला/संगठित हुने अधिकार								३६	३२५	४०	१६९०	२०५५
अपहरण	१	१५	५	२०								
जम्मा	९	२३	६	२९	२	२	२	९९	५४८	४५	१७१०	२३०२

नुवाकोट जिल्ला कुमारी गाविस-४ का ३५ वर्षीय रामेश्वर मुडभरी माओवादी भएको आरोपमा ०६१ पुस २३ गते सुरक्षाकर्मीले कौशलटारबाट गिरफ्तार गरी बेपत्ता पारे। उनको अवस्था अज्ञात रहेको छ।

दोलखा जिल्ला जफे गाविस-१ घर भई कामनपा-३५ महादेवस्थानमा डेरा गरी बस्ने निराजनप्रसाद काफ्लेलाई ०६१ माघ १ गते बिहान सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। निराजनकी पत्नी १८ वर्षीय सृजना काफ्लेले ०६१ माघ ११ गते आफ्नो पतिलाई माओवादीको आरोपमा बेपत्ता पारिएपछि झुण्डिएर आत्महत्या गरिन्।

गुल्मी जिल्ला जैसीथोक गाविस-४ घर भई मध्यबानेश्वरमा कम्युनिकेशन संचालन गरी बसेका २५ वर्षीय प्रकाश घिमिरेलाई ०६१ माघ १ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। सादा पोशाकमा आएका सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका घिमिरेको स्थिति अज्ञात छ।

मकवानपुर हटिया गविस-४ स्थायी घर भई हाल कामनपा- ३४ नयाँ बानेश्वरमा प्रेस सञ्चालन गर्दै आएका २५ वर्षीय भीमसेन ढकाललाई ०६१ माघ ८ गते सादा पोसाकका सुरक्षाकर्मीले प्रेसबाट गिरफ्तार गरे। उनको स्थिति अज्ञात रहेको पीडितका भाइ गोपाल ढकालले जनाए।

नाङ्लेभारे गाविस-४ का २६ वर्षीय भरतप्रसाद दाहाल, ३० वर्षीय मधुसुदन दाहाल र २० वर्षीय रमेशप्रसाद प्याकुरेललाई ०६२ फागुन ३ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे। लप्सेफेदी गाविसको अस्थाई सैनिक व्यारेकमा छ दिनसम्म राखेर फागुन ८ गते सुरक्षाकर्मीको गाडीमा राखी हात बाँधेर तथा आँखा छोपेर अज्ञात स्थलतर्फ लगियो।

काभ्रे जिल्ला पोखरीचौरी गाविस-७ घर भई कामनपा-५ सुकेधारामा डेरा गरी बस्ने ३० वर्षीय कुमार चौलागाईंलाई ०६१ फागुन २६ गते दिउँसो सुरक्षाकर्मीले कामनपा-९ गौशालास्थित पोद्रेज कारखानामा काम गरिरहेको अवस्थामा गिरफ्तार गरी बेपत्ता पारे।

प्युठान जिल्लाको खवाङ्ग गाविस-२ घर भएका एमाले कार्यकर्ता ३५ वर्षीय बेगमबहादुर विश्वकर्मालाई ०६१ फागुन २७ गते काठमाडौं आउँदै गर्दा थानकोट चेकपोष्टका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

अर्घाखाँची जिल्ला घर भई मदन भण्डारी मेमोरियल कलेज, ज्ञानेश्वरमा मानविकी संकायमा कक्षा १२ मा अध्ययनरत माधव पोखरेललाई ०६१ चैत १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारिएकोमा उनको स्थिति अज्ञात रहेको छ।

इलाम जिल्ला आमचो गाविस-१ घर भएका २३ वर्षीय पुष्पलाल दाहाललाई ०६१ चैत २४ गते कामनपा-३५ सुविधानगरबाट आफ्नै डेराबाट सुतिरहेको अवस्थामा सादा पोशाकका सैनिकले गिरफ्तार गरी बेपत्ता पारे। पीडितलाई जगदल गण छाउनीबाट वैशाख २७ गते रिहा गरियो।



सुरक्षाकर्मीद्वारा गोली हानी मारिएका अर्जुनप्रसाद लामिछाने

चितवन जिल्ला कल्याणपुर गाविस-९ घर भई भक्तपुर जिल्ला मध्यपुर नपा ठिमीस्थित नयाँ वस्तीमा डेरा गरी बस्ने ३७ वर्षीय ओमप्रकाश वाग्ले र सोही ठाउँ घर भई कामनपा-१६ बस्ने ऋषि सापकोटालाई ०६२ जेठ ६ गते कामनपा-१६ बालाजुस्थित माछापोखरीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे।

नुवाकोट जिल्ला गणेशस्थान गाविस घर भई मनमैजु गाविस-८ बस्ने युवराज ढुंगानालाई ०६२ जेठ २२ गते सादा पोशाकका सुरक्षाकर्मीले कामनपा-१६ बालाजुस्थित माछापोखरीबाट गिरफ्तार गरे। उनको अवस्था अज्ञात छ।

दोलखा जिल्ला जंगु गाविस-६ घर भई गोठाटारमा डेरा गरी बस्ने २८ वर्षीय प्रभात भनिने गणेशबहादुर कार्कीलाई ०६२ असोज ३ गते सादा पोशाकमा ६०२२ नम्बर मात्र लेखेको मोटरसाइकलमा आएका सुरक्षाकर्मीले ०६२ असोज ३ गते बिहान गोठाटारबाट गिरफ्तार गरे। उनको अवस्था हालसम्म अज्ञात रहेको छ।

रामेछाप जिल्ला लखनपुर गाविस-३ घर भई नरदेवी डेरा गरी बस्ने २४ वर्षीय टंककुमार तामाङलाई ०६२ असार २१ गते सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। उनलाई एक महिनापछि रिहा गरियो।

नवलपरासी जिल्लाको कल्हुवा गाविस-९ ब्रम्हस्थानका २८ वर्षीय नारायणप्रसाद अर्याललाई ०६२ मंसिर १४ गते सेनाले कीर्तिपुरबाट गिरफ्तार गरी बेपत्ता पारे। उनको स्थिति अज्ञात रहेको छ।

मार्पाक गाविसकी शोभा भनिने दुर्गा अधिकारीलाई माओवादीको आरोपमा ०६२ कार्तिक ८ गते काठमाडौंको मनमैजुबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। अनेमसंघ (क्रान्तिकारी) की कार्यकर्ता अधिकारीलाई सादा पोशाकका सुरक्षाकर्मीले पक्राउपछि बेपत्ता पारेको पीडितका परिवारले जनाए। उनको स्थिति अज्ञात छ।

शाही घोषणापछि घरमै नजरबन्दमा राखिएका नेकाँका सभापति गिरिजाप्रसाद कोइराला र नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

प्युठान जिल्ला घर भएका राजीव विष्टलाई ०६१ फागुन १५ गते राष्ट्रिय अनुसन्धान विभागमा कार्यरत कर्मचारीले आपसी विवादमा कुटपिट गरी वडा प्रहरी कार्यालय सुविधानगरमा एक हप्ता थुनामा राखी जिल्ला प्रशासन कार्यालयमार्फत तारेखमा छाडे।

कामनपा-१४ वल्खुस्थित नेकपा (एमाले) को केन्द्रीय कार्यालयमा ०६२ वैशाख १२ गते दिउँसो सादा पोशाकका ३० जना सुरक्षाकर्मी प्रवेश गरी तोडफोड गर्नुकासाथै त्यहाँ रहेका नेता तथा कार्यकर्तामाथि अमानवीय व्यवहार गरे। पूर्वप्रधानमन्त्री मनमोहन अधिकारीकी पत्नी तथा कम्युनिष्ट आन्दोलनकी अग्रणी महिला साधना अधिकारीको श्रद्धाञ्जली समारोहको वेला उक्त घटना भएको थियो। सुरक्षाकर्मी र एमाले कार्यकर्ताबीच भएको झडपमा झपट रावल सामान्य घाइते भएका थिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

काठमाडौंमा नेकाँ, जनमोर्चा नेपाल, नेपाल मजदुर किसान पार्टी र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) ले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिको विरोधमा आयोजना गरेको उपत्यका वन्दको क्रममा ०६१ माघ ४ गते विहान पुतलीसडकवाट नेपाल विद्यार्थी संघका अध्यक्ष केशव सिंह, कोषाध्यक्ष वद्री अर्याल, वानेश्वरवाट नारायण भारती र चावहिलबाट पशुपति वहुमुखी क्याम्पसका स्ववियु सभापति कुन्दन काफ्लेसहित २१ जनालाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तार गरिएकाहरुलाई पटकपटक गरेर रिहा गरियो।

काठमाडौंवाट वाहिर जाने सार्वजनिक यातायातका साधनहरूलाई ०६१ माघ १९ गते थानकोटवाट सुरक्षाकर्मीले फिर्ता गरे। अन्तर्राष्ट्रिय एवं आन्तरिक उडानसमेत वन्द गरियो।

०६१ माघ २० गते एफ. एम. समाचार तथा वीबीसी नेपाली सेवाको प्रसारणमा रोक लगाइयो।

काठमाडौंवाट राष्ट्रिय मानवअधिकार आयोगका तत्कालीन सदस्य कपिल श्रेष्ठलाई विराटनगरमा आयोगको क्षेत्रीय कार्यालय उद्घाटन कार्यक्रममा जान लाग्दा ०६१ माघ २५ गते दिउँसो त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सुरक्षाकर्मीहरुले फर्काए। श्रेष्ठलाई उपत्यका बाहिर जान माथिको आदेश चाहिने बताएर सुरक्षाकर्मीले फर्काएका थिए।

काठमाडौंमा प्रजातन्त्रको माग गर्दै गरिएको विरोध प्रदर्शनबाट ०६१ फागुन ७ गते प्रहरीले अनेरास्ववियुकी रामकुमारी झाँक्री, नेपाल महिला संघकी अध्यक्ष मीना पाण्डे, नेपाल प्राध्यापक संघका पूर्वअध्यक्ष खगेन्द्र भट्टराई, केशव पौडेल, हरिभक्त अधिकारी, प्रदीप खड्का, गोपाल सुवेदी, वालचन्द्र शर्मा, मानवहादुर विश्वकर्मा, मुक्ति पण्डित र गीता पाठकलगायत थिए। गिरफ्तार सवैलाई सोही दिन साँझ रिहा गरियो ।

काठमाडौं जिल्ला प्रशासन कार्यालयको आदेश अनुसार देशान्तर, साँघु, विमर्श, प्रकाश र हाँक साप्ताहिकका सम्पादकहरूलाई विभिन्न मितिमा वयानको लागि जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराइयो। जिल्ला प्रहरी कार्यालय अन्तर्गतको अपराध अनुसन्धान शाखाले ०६१ फागुन १२ गते पत्र थमाउनुका साथै मौखिकरुपमा समेत सम्पादकहरूलाई उपस्थितिको लागि वलाइएको थियो।

नेपाल आदिवासी जनजाती महासंघका महासचिव डा. ओम गुरुङलाई ०६१ फागुन १२ गते सुरक्षाकर्मीले भारतको कलकत्ता जान लाग्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलवाट फर्काइयो। गुरुङलाई आदिवासी जनजाति सम्बन्धी संयुक्त राष्ट्र संघीय स्थायी मञ्चको न्यूयोर्कमा हुने कार्यक्रमको तयारीका लागि भारतको सिलोङमा र गोहाटीमा हुने सम्मेलनमा भाग लिन जाने क्रममा फर्काइएको थियो।

समाचार लेखेबापत पटक-पटक बयान लिइएका बुधबार साप्ताहिकका सम्पादक सूर्य थापा

नेपालगञ्ज जानेक्रममा मानवअधिकारकर्मी तथा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुवोधराज प्याकुरेलाई ०६१ फागुन १५ गते दिउँसो सुरक्षाकर्मीले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलवाट फर्काए । इन्सेक, मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय,

माघ १९ पछि गिरफ्तार गरिएका मानवअधिकारकर्मी तथा बुद्धिजीवीहरू क्रमश: निलाम्बर आचार्य, कृष्ण पहाडी, गौरी प्रधान, सिन्धुनाथ प्याकुरेल, विष्णु निष्ठुरी, खगेन्द्र भट्टराई र प्रा. डा.लोकराज बराल

नेपालगञ्जको आयोजना र शाही नेपाली सेनाको मध्यपश्चिम पृतनासमेतको सहयोगमा सुरक्षा अधिकारीहरूलाई दिइने "मानवअधिकार र मानवीय कानून" विषयक दुई दिने तालिममा स्रोत व्यक्तिको रूपमा सहभागी हुन जाने क्रममा उहाँलाई फर्काइएको थियो।

काठमाडौंवाट भैरहवा जाने क्रममा त्रिभुवन विमानस्थलवाट राष्ट्रिय मानव अधिकार आयोगका सदस्य सुशील प्याकुरेल, डा. गौरीशंकरलाल दास र संरक्षण महाशाखा प्रमुख यज्ञप्रसाद अधिकारीलाई ०६२ फागुन २२ गते अपरान्ह सुरक्षाकर्मीले फर्काए।

काठमाडौंवाट प्रकाशन हुने वुधवार साप्ताहिकका सम्पादक सूर्य थापालाई समाचारको विषयमा ०६१ फागुन २४ गते जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराई वयान लिइयो। थापालाई फागुन २३ गते पनि जिल्ला प्रशासनले वयान लिई पुन: फागुन २४ गते बिहान १० बजेको लागि वोलाएको थियो। बिहान १० बजे वोलाइएका थापालाई पुन अपरान्ह ४.३० बजे कार्यालयमा उपस्थित हुन आदेश दिइएको थियो। थापालाई प्रशासनले बोलाएको वेला उपस्थित हुने शर्तमा लिखित कागजमा सही गराईयो।

पूर्वसभामुख दमननाथ ढुंगानालाई अमेरिकामा आयोजना हुन लागेको नेपाल सम्वन्धी एक कार्यक्रममा स्रोत व्यक्तिको रूपमा सहभागी हुन जानलाग्दा ०६१ फागुन २७ गते दिउँसो त्रिभुवन विमानस्थलवाट सुरक्षाकर्मीले फर्काए। उहाँले सरकारले आफूलाई आवतजावतमा रोक लगाएको भन्दै सर्वोच्च अदालतमा रिट दायर गर्नु भएकोमा त्यसको फैसला भएन।

कामनपा-१७ चाक्सीबारीस्थित निवासवाट नेकाँ (प्रजातान्त्रिक) का केन्द्रीय सदस्य तथा पूर्वमन्त्री प्रकाशमान सिंहलाई ०६२ वैशाख ८ गते प्रहरीले गिरफ्तार गरे। प्रहरीले सिंहलाई नयाँवानेश्वरस्थित शाही आयोगको कार्यालयमा वयानको लागि लगे। भ्रष्टाचार नियन्त्रण गर्न गठित शाही आयोगले पूर्वमन्त्री सिंहलाई मेलम्ची खानेपानी आयोजनाको ठेकेदार छनोटमा अनियमितता भएको आशंकामा वयानका लागि २४ घण्टे पुर्जी काटेको थियो। तर, सिंहले पुर्जी अस्वीकार गरेपछि आयोगका कर्मचारीले उहाँको निवासमै पुर्जी टाँसेका थिए। शाही आयोगका अध्यक्ष भक्तवहादुर कोइरालाको अध्यक्षतामा ०६१ वैशाख ६ गते वसेको बैठकले पूर्जी उहाँलाई गिरफ्तार गर्ने निर्णय गरेको थियो।

नेपाल बार एसोसिएसनका पूर्व अध्यक्ष तथा अधिवक्ता हरिहर दाहाललाई ०६२ वैशाख १० गते पोखरामा जाने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलवाट सुरक्षाकर्मीले फर्काए।

माओवादी पीडित संघले ०६२ जेठ १२ गते काठमाडौमा गरेको विरोध प्रदर्शनवाट प्रहरीले कार्यबाहक अध्यक्ष धर्मराज न्यौपाने समेत १ सय ५० जनालाई सुरक्षाकर्मीले कुटपिट गरी ४० जनाभन्दा बढीलाई घाइते पारे। उनीहरूलाई दुवाकोटस्थित सशस्त्र प्रहरी गणमा राखी पटकपटक गरी रिहा गरियो।

सर्वोच्च अदालतका पूर्व न्यायाधीश लक्ष्मण अर्याल, नेपाल बार एशोसियसनका अध्यक्ष शम्भु थापा र अधिवक्ता भीमार्जुन आचार्यलाई ०६२ वैशाख ९ गते भारतको नयाँदिल्ली जाने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलवाट सुरक्षाकर्मीले फर्काए।

नेकपा (एमाले) स्थायी कमिटीका सदस्य झलनाथ खनाललाई ०६२ वैशाख १० गते नयाँदिल्ली जाने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा सुरक्षाकर्मीहरुले रोक लगाए।

रत्नपार्कस्थित खुलामञ्चमा अस्थायी शिविर खडा गरी बसेका माओवादी पीडित संघका प्रवक्ता भोजराज तिमल्सिना, केन्द्रीय सदस्य उपेन्द्र अर्याल, शंकर बुढाथोकी, कपिल कार्की पदमराज कँडेल, तुलसीबहादुर महत

विघटित सांसदको वैठकमा प्रहरी हस्तक्षेप भएपछि सात दलका वरिष्ठ नेताहरू

लगायतलाई ०६२ जेठ २२ गते प्रहरीले गिरफ्तार गरे। प्रहरीको हस्तक्षेपबाट ४० जना घाइते भए। भक्तपुरको बोडेस्थित कृषि विकास तालिम केन्द्रमा थुनामा राखिएका पीडितहरूलाई ०६२ जेठ ३१ गते रिहा गरियो।

प्रेसमाथि राज्यद्वारा गरिएको नियन्त्रणका विरुद्ध नेपाल पत्रकार महासंघले ०६२ जेठ २५ गते भृकुटीमण्डपबाट निकालेको विरोध र्‍यालीमा प्रहरीले हस्तक्षेप गरी महासंघका सभापति विष्णु निष्ठुरी, उपसभापति शिव गाउँले, महासचिव महेन्द्र विष्टसहित ५१ जना सञ्चारकर्मीलाई गिरफ्तार गरे। गिरफ्तार गरिएका सबै पत्रकार ०६२ जेठ २६ गते बिहान रिहा भए।

कामनपा-१० मध्यबानेश्वरस्थित रत्नराज्य स्कूलअगाडि आठ विद्यार्थी संगठनले ०६२ असार ३० गते गरेको विरोध प्रदर्शनबाट प्रहरीले अनेरास्ववियुका महासचिव ठाकुर गैरे, नेविसंघका उपाध्यक्ष प्रदीप पौडेल, त्रिचन्द्र क्याम्पसका स्ववियु सभापति सरोज थापा, नेविसंघ कैलालीका अध्यक्ष पुष्पकुमार शाही, नेविसंघका नारायण भारती र बीपी रेग्मीलाई गिरफ्तार गरे। गिरफ्तार गरिएकाहरुलाई सोही दिन साँझ रिहा गरियो।

तेस्रो प्रतिनिधिसभाका सदस्यहरूको ०६२ साउन ४ मध्यान्ह बस्ने भनिएको विशेष बैठक सरकारी हस्तक्षेपका कारण स्थगन भयो। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानमा बैठक आयोजना गर्न अग्रिम स्वीकृत लिइएको भएपनि जिल्ला प्रशासन कार्यालय काठमाडौंको आदेशमा विघटित प्रतिनिधिसभाका सदस्यहरूलाई प्रहरीले बैठक स्थलमा प्रवेश गर्न रोक लगायो।

राजधानीका विभिन्न स्थानमा नेकाँ (प्रजातान्त्रिक) समर्थित नेपाल विद्यार्थी संघका कार्यकर्ताहरूले गरेको विरोध प्रदर्शनमा ०६२ साउन १३ गते प्रहरीले लाठी चार्ज गर्दा ४५ जना विद्यार्थी घाइते भए।

कामनपा-३१ पुतलीसडकस्थित शङ्करदेव क्याम्पस नजिक ०६२ साउन १७ गते बिहान सुरक्षाकर्मी र विद्यार्थीबीच भएको झडपमा चन्द्र सिलवाल, रमेश कुँवर, शुभराम बस्नेत, मनोहर श्रेष्ठ र जीवन खड्का घाइते भए। घाइते सिलवालले हातको औंला गुमाए।

आन्दोलनरत विद्यार्थी संगठनले ०६२ साउन २० गते काठमाडौंमा गरेको विरोध प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी ४० जना भन्दा बढी विद्यार्थीलाई गिरफ्तार गरे। प्रदर्शनका क्रममा प्रहरीले गरेको प्रहारबाट सुरेन्द्र राई र सन्तोष भट्ट घाइते भए।

पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिको विरोधमा आन्दोलनरत विद्यार्थी संगठनहरू र प्रहरीबीच ०६२ भदौ ५ गते झडप हुँदा विद्यार्थीहरू निरञ्जन सेढाई, सुरजमान बैजु, रञ्जीत सापकोटा, सुमन महत, मधुसुदन लुईंटेल र राजीव चौधरी गम्भीर घाइते भए। घटनामा परी गम्भीर घाइते भएका महेश विश्वकर्मा र प्रकाश पोखेलको मोडेल अस्पतालमा उपचार गरियो। विद्यार्थीहरूले गरेको ढुङ्गा प्रहारबाट छजना प्रहरी घाइते भए। प्रहरीको लाठी चार्जबाट लावस राई, यज्ञराज पन्त, अजित श्रेष्ठ, सुरेश पन्थी, प्रभुराम थापा मगर र दीपक दाहाल सामान्य घाइते भए।

कामनपा-३१ प्रदर्शनीमार्गस्थित विश्वभाषा क्याम्पसमा नेविसंघ (प्रजातान्त्रिक) ले ०६२ भदौ ६ गते गरेको प्रदर्शनबाट प्रहरीले कल्याण गुरुङ, रामबहादुर बोहरा र मानबहादुर थापालगायतका विद्यार्थीलाई गिरफ्तार गरे। उनीहरुलाई भोलिपल्ट सिंहदरबार वडा प्रहरी कार्यालयबाट रिहा गरियो।

पूर्ण प्रजातन्त्रको माग गर्दै सात दलको आयोजनामा ०६२ भदौ १९ गते दिउँसो बसन्तपुरबाट निकालिएको र्‍यालीमाथि प्रहरीले हस्तक्षेप गरी ६० जना भन्दा बढीलाई नेता गिरफ्तार गरे। प्रहरी हस्तक्षेपका कारण नेकाँ सभापति गिरिजाप्रसाद कोइराला, राष्ट्रिय सभा सांसद रंगबहादुर शाही, पूर्वसांसद चक्रबहादुर शाही, नेविसंघका केन्द्रीय सदस्य इर्शाद अन्सारी घाइते भए। सभापति कोइराला प्रहरीको लछारपछारमा परी बेहोस हुनु भएको थियो। प्रहरीले प्रदर्शनबाट नेकाँ नेता रामचन्द्र पौडेल, डा. रामशरण महत, अर्जुननरसिंह केसी, बलबहादुर राई, सुशील कोइराला, खुमबहादुर खड्का, नेकपा (एमाले) का बामदेव गौतम, झलनाथ खनाल, ईश्वर पोखरेल, विष्णु पौडेल, नेकाँ (प्रजातान्त्रिक) का चिरञ्जीवी वाग्ले, वामपन्थी नेता सीपी मैनाली लगायतका

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका युवराज ढकाल, अकुरप्रसाद गौतम र पुष्पलाल दाहाल

गिरफ्तार गरिएका नेताहरुलाई पटकपटक गरेर हप्ता दिन भित्र रिहा गरियो ।

सात राजनीतिक दलले निषेधाज्ञाको अवज्ञा गर्दै ०६२ भदौ २० गते अपरान्ह राजधानीको रत्नपार्क, नयाँसडक र भोटाहिटीमा आयोजना गरेको शान्तिपूर्ण विरोध प्रदर्शनमा प्रहरीले अन्धाधुन्ध लाठी चार्ज र अश्रुग्याँस प्रहार गर्दा राजेन्द्रराज पन्त, खेमराज भट्ट मायालु, रामेश्वर फुँयाल, तप्तबहादुर विष्ट, मन्जु खाँड, नरेन्द्रसिंह धामी, वासुराम कँडेल, बद्री अर्याल, सत्यराम पराजुली घाइते भए। घाइतेहरूलाई वीर अस्पतालको आकस्मिक उपचार कक्षमा उपाचार गरियो । प्रहरीले हातपात गर्दा पत्रकार गगन विष्ट घाइते भए भने प्रहरीले चुली सन्देश साप्ताहिकका प्रधान सम्पादक भरत शाहीको रेकर्डर जफत गऱ्यो। अन्धाधुन्ध अश्रुग्याँस प्रहार गर्दा खिचापोखरीकी महिला हीरादेवी श्रेष्ठ गम्भीर घाइते भएकोमा उनको वीर अस्पातालमा उपचार गरियो। प्रदर्शनबाट प्रहरीले नेकाँका नेताहरू रामचन्द्र पौडेल, रामशरण महत, अर्जुननरसिंह केसी, शेखर कोइराला, देवेन्द्रराज कँडेल तथा एमालेका नेताहरू अमृत बोहरा, भरतमोहन अधिकारी, मुकुन्द न्यौपाने, राजेन्द्र पाण्डे लगायत एक सयभन्दा वढीलाई गिरफ्तार गऱ्यो। गिरफ्तार सबैलाई सोही दिन रिहा गरियो ।

नयाँसडकको विभिन्न गल्लीबाट ०६२ भदौ २२ गते दिउँसो सुरु भएको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गर्दा एकसय जना भन्दा बढी आन्दोलनकारी घाइते भए भने एकसय ५० जना भन्दा बढीलाई गिरफ्तार गरियो। प्रहरीले लाठीचार्ज गर्दा राष्ट्रियसभा सदस्य एवं नेकाँ (प्र) का नेता अकलबहादुर विष्ट, जनमोर्चा नेपालका केन्द्रीय सदस्य एंव पूर्वसांसद कमानसिंह लामा, नेकाका खिमप्रसाद भुसाल, अर्जुन प्रसाई, मंगलबहादुर शाही, तरुण दलका उपेन्द्र पोखरेल, नेविसंघका अध्यक्ष केशव सिंहलगायत अनेरास्ववियुका डम्मरसिंह बोहोरा, नेवि संघका उत्तम रोकाय, १२ वर्षे बालक मनोज घिमिरे, राजकुमार राई र प्रहरीहरू जवान मनोज थापा र कृष्ण क्षेत्री घाइते भए।

सात राजनीतिक दलले ०६२ असोज ३ गते काठमाडौंमा गरेको विरोध प्रदर्शनबाट प्रहरीले नेकाँका सुशील कोइराला, महन्थ ठाकुर, डा. रामशरण महत, अर्जुननरसिंह केसी, तारणीदत्त चटौत, हृदयराम थानी, शुक्रराज शर्मा, नेकपा (एमाले) का राजेन्द्र श्रेष्ठ, कृष्णप्रसाद अधिकारी, रूपनारायण श्रेष्ठ, विष्णुप्रसाद मिश्र, नेकाँ (प्रजातान्त्रिक) का महेन्द्रकुमार मिश्र, एनपी साउद, नेविसंघका केशव सिंह, वासु कोइराला, प्रदीप पौडेल, नेविसंघ (प्रजातान्त्रिक) का किरण पौडेल, भरत शाही, अधिवक्ताहरू हरिहर दाहाल, अग्नी खरेल र पुष्पा भुसाल तथा रामपुर कृषि क्याम्पसका उपप्रध्यापक आशा वस्ती, बिनु

विरोध प्रदर्शनका क्रममा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिँदै नेकपा (एमाले)का नेता केशव बडाल

वाग्ले, तुलसी पनेरु, टेकनारायण शर्मालगायत् एक सय ५० भन्दा बढीलाई प्रहरीले गिरफ्तार गरे। प्रदर्शनमा प्रहरीले विद्यार्थी ओमकार कुँवरलाई कुटपिट गरे। सोही दिन साँझ रिहा गरियो ।

लोकतान्त्रिक स्रष्टाहरूको संयुक्त मञ्चले भोटाहिटीबाट ०६२ भदौ २४ गते दिउँसो गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी नेकपा (एमाले) का मोदनाथ प्रश्रित, विद्या भण्डारी, गोमा देवकोटा, सुशीला नेपाल, यशोदा अधिकारी, सीता पौडेल, नेकाँका खुमबहादुर खड्का, बलदेव मजगैया, महन्थ ठाकुर, सुजाता कोइराला, मीना पाण्डे, तीर्थराम डंगोल, देउडा गायक नन्दकृष्ण जोशी, साहित्यकारहरू वैरागी काइँला, डा. बेन्जु शर्मा, प्रगतिशील लेखक संघका आनन्ददेव भट्ट र अमर गिरी, चलचित्रकर्मी तीर्थ थापा लगायतलाई गिरफ्तार गऱ्यो। प्रहरीले काभ्रे घर भई कुलेश्वरमा जुत्ता पसल गरी बस्ने १३ वर्षका कृष्ण मगर, कीर्तिपुरका किरण विष्ट, पासाङ शेर्पा र लक्की शाह समेत गरी सातजनालाई ढुंगा हानेको आरोपमा गिरफ्तार गऱ्यो। उनीहरुलाई सोही दिन साँझ रिहा गरियो ।

सात राजनीतिक दलले काठमाडौंमा निकालेको जुलसमाथि ०६२ भदौ २६ गते प्रहरीले हस्तक्षेप गर्दा चौवीस जना भन्दा बढी घाइते भए भने दुईसय भन्दा बढी कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो। जुलस तितरवितर पार्न प्रहरीले पानीको फोहरा र अश्रु ग्याँसको प्रयोग गरेका कारण रामेछापका पद्मबहादुर थापामगर घाइते भए। उपचारार्थ वीर अस्पताल पुऱ्याइएका थापाको निधारमा ११ टाँका लगाइयो अश्रुग्याँसको सेल लागी नेविसंघका नेता गगन थापाको छातीमा र नेकपा (माले) का नेता टंक राईको पाखुरामा गम्भीर चोट लाग्यो। प्रहरीको लाठीचार्जबाट नेकाँ कार्यकर्ता वाराका मकबूल आलम, नेकपा (एमाले) कार्यकर्ता वैकुण्ठ रिजाल, बटुवाहरु ओखलढुगा जिल्ला फेदीगुठ गाविसका चेतबहादुर कार्की र बारा जिल्ला घर भएका सैनिक जवान रामशरण खत्री घाइते भए। प्रहरीले नेकाँका

अर्जुननरसिंह केसी , छायादेवी पराजुली, सुरेन्द्र चौधरी, भीमकुमारी बुढा, मनोज खड्का, श्याम पोखरेललगायत नेका (प्रजातान्त्रिक) का केन्द्रीय सदस्य बालकृष्ण खाँड, मञ्जु खाँड, नेविसंघ (प्रजातान्त्रिक) का महामन्त्री किरण पौडेल, जेन्टिल गौतम, अम्बिका न्यौपाने र तरुण दलका महासचिव सुरेन्द्र पाण्डेलाई गिरफ्तार गरेको थियो। गिरफ्तार गरिएकाहरूलाई सोही दिन रिहा गरियो ।

सात दलले ०६२ भदौ २८ गते गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी पाँच सयजना भन्दा बढीलाई गिरफ्तार गर्‍यो । प्रहरीले नेकपा (एमाले) का महासचिव माधवकुमार नेपाल तथा नेताहरू वामदेव गौतम, अमृत बोहरा, ईश्वर पोखरेल, राजेन्द्र श्रेष्ठ, कृष्णगोपाल श्रेष्ठ, गोकर्ण विष्ट, नेकाका नेताहरू सुशील कोइराला, महन्थ ठाकुर, रामचन्द्र पौडेल, डा. रामशरण महत, खुमबहादुर खड्का, नेका (प्रजातान्त्रिक) कार्यवाहक सभापति गोपालमान श्रेष्ठ, नेताहरू होमनाथ दाहाल, अमरराज कैनी, जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचन, नेकपा (माले) का महासचिव सीपी मैनाली, नेसपा (आनन्दीदेवी) का नेता अनिलकुमार झालगायतलाई गिरफ्तार गरेको थियो। महासचिव नेपाललाई सोही दिन उहाँकै निवासमा लगेर छोडिएको थियो। प्रहरीको लाठी प्रहारबाट पत्रकारहरू तिलक महत, रूपक अधिकारी, सुमन मल्ल घाइते भई अस्पताल भर्ना भए। आन्दोलनको पर्यवेक्षण गरिरहेका रूपेश नेपाल र गोपीकृष्ण भट्टराई लगायतका मानवअधिकारकर्मीलाई प्रहरीले दुर्व्यवहार गरेको थियो।

पूर्ण प्रजातन्त्रको लागि सात राजनीतिक पार्टीका महिला संगठनहरूद्वारा डिल्लीबजार तथा रत्नपार्कबाट ०६२ असोज ४ गते निकालिएको जुलुसबाट प्रहरीले नेकाका सुशील कोइराला, महन्थ ठाकुर, केन्द्रीय सदस्य मीना पाण्डे, सुजाता कोइराला, सुशीला स्वार, छायादेवी पराजुली, नेकपा एमालेका अमृत बोहरा, सुवास नेम्वाङ, अष्टलक्ष्मी शाक्य, शान्ता मानवी, सीता खड्का, नेका (प्रजातान्त्रिक) का

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिदै अनेरास्ववियुका महासचिव ठाकुर गैरे

बालकृष्ण खाँड लगायत एकसय भन्दा बढीलाई गिरफ्तार गरे। त्यस क्रममा डिल्ली भण्डारी प्रहरीको लाठी चार्जबाट घाइते भए। सबैलाई भोलिपल्टसम्मा रिहा गरियो। आन्दोलनको अनुगमन मानवअधिकारकर्मीहरू इन्सेकका विमलचन्द्र शर्मा र कोक्यापका विजय श्रेष्ठ सामान्य घाइते भए। प्रहरीले च्यानल नेपालका फोटो पत्रकार न्हुच्छेमान डंगोलमाथि पनि लाठी प्रहार गरे। आन्दोलनकारी र प्रहरीबीच झडप हुदा दुईजना प्रहरी समेत घाइते भए। प्रहरीले नेकाका रामशरण महत, महन्थ ठाकुर, बलबहादुर राई, देवेन्द्रराज कँडेल, नेकपा (एमाले) का ईश्वर पोखरेल, रघुजी पन्त, युवराज ज्ञवाली, सुरेन्द्र पाण्डे, रूपनारायण श्रेष्ठ, माधव पौडेल, सिद्धिलाल सिंह, नेका (प्रजातान्त्रिक) का मिनेन्द्र रिजाल तथा नेविसंघका अध्यक्ष केशव सिंहलगायत् एकसय ५० जना भन्दा बढीलाई गिरफ्तार गरे।

सन्ताउन्नौं विश्व मानवअधिकार दिवसको अवसरमा ०६२ मंसिर २५ गते निक्लेको जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल, मानवअधिकारकर्मीहरू डा. देवेन्द्रराज पाण्डे, शक्ति लम्साल, कृष्ण पहाडी, मल्ल के.सुन्दर, गैरसरकारी संस्था महासंघका केन्द्रीय अध्यक्ष अर्जुन कार्की, सिविनका अध्यक्ष गौरी प्रधान, दलित सेवा संघ धादिङ जिल्ला अध्यक्ष गोपाल विश्वकर्मा लगायत ९७ जनालाई गिरफ्तार गरेको थियो। पीडितहरू सबैलाई साँझमा रिहा गरियो।

लोकतन्त्र र शान्ति लागि नागरिक आन्दोलन संयोजन समितिले भोटाहिटीमा ०६२ साउन १० गते साँझ निरंकुशताको विरोधमा आयोजना गरेको शान्तिपूर्ण प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरी २६ जना मानवअधिकारकर्मी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरूलाई गिरफ्तार गरेको थियो। सो प्रदर्शनमा प्रहरीले लाठीचार्ज गर्दा रेडियो पत्रकार सचिन घिमिरेको टाउको फुटेको थियो। गिरफ्तार गरिएकाहरूमा पूर्वमन्त्री देवेन्द्रराज पाण्डे, मानवअधिकार तथा शान्ति समाजका अध्यक्ष कृष्ण पहाडी, हिमाल साउथ एसियाका सम्पादक कनकमणि दीक्षित, मानवअधिकारकर्मी मल्लके सुन्दर, डा. भरत प्रधान, पत्रकार श्याम श्रेष्ठ, प्रगतिशील लेखक संघका अध्यक्ष आनन्ददेव भट्ट, साहित्यकार निनु चापागाईं, दलित नेता पद्मलाल विश्वकर्मा, पत्रकार महासंघका केन्द्रीय सदस्य पूर्ण बस्नेत, डा. अरुणा उप्रेती, पत्रकार सञ्जयसन्तोषी राई, प्रो पब्लिकका केदार खड्का, बद्री खनाल, अर्जुन अधिकारी, नेपाल मानवअधिकार संगठनका अध्यक्ष चरण प्रसाई, प्रभा घिमिरे, सुवासकुमार पोखेल, नारायण बस्नेत, विकास खनिया, मनीष सिजापती, अशोक कार्की लगायत थिए। गिरफ्तार गरिएकाहरूलाई महेन्द्र पुलिस क्लब प्रदर्शनीमार्गमा राखिएकोमा उनीहरूलाई भोलिपल्ट रिहा गरियो।

आन्दोलनरत विद्यार्थी संगठनले ०६२ पुस ४ गते काठमाडौंमा गरेको विरोध प्रदर्शनमा प्रहरीले बल प्रयोग गर आठ जना विद्यार्थीलाई घाइते पारे। प्रदर्शनबाट १९ जना विद्यार्थीलाई गिरफ्तार गरिएकोमा साँझमा रिहा गरियो।

सेनाद्वारा नगरकोटमा भएको नरसंहारको विरोधमा ०६२ पुस १ गते बसन्तपुरमा प्रहरी र प्रदर्शनकारीहरूबीच झडप हुँदा नवलपरासीका विद्यार्थी शम्भुराम सुवेदी, अमृत साइन्स क्याम्पसमा आइएस्सी दोस्रो वर्षमा अध्ययनरत कृष्णप्रसाद भट्टराई, कक्षा ८ मा अध्ययनरत बाग्लुङ्गका चेत छन्त्याल र दाङ्गका मानवहादुर तामाङ्गको टाउकोमा गम्भीर चोट लागी घाइते भए। घाइतेहरूलाई इन्सेक र सिविनको सहायतामा वीर अस्पतालमा उपचार गरियो। बानेश्वरको प्रदर्शनबाट प्रहरीले पवन प्रसाईं लगायत तीनजनालाई गिरफ्तार गरे। प्रहरीले घरमा चेस खेलिरहेका महेश कार्कीलाई बन्दुकको कुन्दाले हानेर घाइते पारे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालत काठमाडौंमा देवानी तर्फको गत वर्षको मुद्दा र यस वर्ष परेको मुद्दा समेत चार हजार सातसय १८ ओटा मुद्दामध्ये आठसय ४१ फर्स्यौट भई तीनहजार नौसय २७ ओटा बाँकी रहेको र फौजदारीतर्फ गत वर्षको बाँकी मुद्दा र यस वर्ष परेको तीनहजार छसय ७५ ओटा मुद्दामध्ये नौसय ५८ ओटा फर्स्यौट भई दुईहजार सातसय १७ ओटा मुद्दा बाँकी रहेको जिल्ला अदालत काडमाडौंले जानकारी दियो।

यस आर्थिक वर्षको पुस मसान्तसम्ममा कूल मुद्दा आठहजार चारसय ४३ ओटा रहेकोमा एकहजार सातसय ९९ ओटा मुद्दा फर्स्यौट भई छहजार छसय ४८ ओटा मुद्दा बाँकी रहेको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

काठमाडौंमा सुकुम्वासी समस्या समाधान आयोग नरहेको ६ वर्षभन्दा बढी भइसकेको छ। पहिले बनेका आयोगहरूले पनि भूमिहीन सुकुम्बासीको लगत राख्न सकेका छैनन्। सुकुम्बासीहरूको पहलमा सुकुम्वासी सम्वन्धी काम गर्ने संघ-संगठनहरूले सरकार र नगरपालिकासमक्ष आफ्ना माग राख्दै आएका छन्। यो वर्ष काठमाडौं मनपा-३४ शान्तिनगर, बागमती नदी किनारका सुकुम्बासी वस्तीहरूलाई हटाइयो।

यस जिल्लामा पर्ने बल्खुखोला, धोबीखोला, विष्णुमति बागमती किनारका सरकारी जग्गा अतिक्रमण गरी अस्थायी घर, टहरा, झुप्रा बनाई बस्ने भूमिहीन, सुकुम्बासीहरूको संख्या ६० हजार रहेको अनुमान गरिएको छ। तर यस

सर्वोच्च अदालतको आदेशपछि रिहा भएका अनेरास्ववियुका महासचिव ठाकुर गैरे र नेविसंघका उपसभापति प्रदीप पौडेल

सम्बन्धी आधिकारिक तथ्यांक छैन। काम र रोजगारीका कारण शहरी क्षेत्रमा यसरी बसोबास गर्ने सुकुम्वासीहरूको बाहुल्यता रहेको छ। ग्रामीण क्षेत्रमा यो समस्या न्यून देखिन्छ। सुकुम्बासीका नाममा बसोबास गर्नेहरूमा सुकुम्बासी भन्दा पनि राजधानी बाहिरबाट आएका तथा भारतीय नागरिकहरूको बाहुल्यता रहेको अनुमान छ।

यो वर्ष यस जिल्लामा बृद्ध, विधवा र अशक्त भत्ता समयमा बजेट निकासा हुन नसक्दा सम्बन्धित व्यक्तिहरूले समय भक्ता पाएनन्। तर नगरपालिकाले सूचना प्रकाशन गरी बेलाबेलामा सामाजिक भत्ता वितरण गरेको थियो। गाविस सचिवहरुले बजेट प्राप्त भएपछि पनि सामाजिक भत्ताहरू उपलब्ध गराउन चासो देखाएनन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

काभ्रे जिल्ला गोठपानी गाविस-९ घर भई हाल कामनपा ३३ मैतीदेवीमा डेरा गरी बस्ने पेन्टर काम गर्दै आएका २९ वर्षीय खिलप्रसाद चौलागाईंलाई ०६१ पुस २० गते राति सादा पोशाकमा आएका सुरक्षाकर्मीले कुटपिट गर्दै गिरफ्तार गरी बेपत्ता पारे। पीडित चौलागाईलाई ०६२ जेठ २६ गते रिहा गरियो।

काभ्रे जिल्ला कात्तिकेदेउराली गाविस-६ का अकुरप्रसाद गौतम र फार्मेसीमा काम गर्ने एक जना कामदारलाई ०६१ पुस २१ गते दिउँसो सुरक्षाकर्मीले बानेश्वरस्थित सत्य भाम फार्मेसीमा औषधि किनिरहेको अवस्थामा गिरफ्तार गरेकोमा दश महिनापछि रिहा गरियो।

नेपाल आयल निगमद्वारा पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरिएपछि अनेरास्ववियु, नेविसंघलगायत्का विद्यार्थी संगठनहरूले ०६१ पुस २७ गतेको विरोध प्रदर्शनबाट प्रहरीले नेविसंघका अध्यक्ष केशव सिंह, महामन्त्री वासुदेव कोइराला, बानेश्वरबाट नेविसंघ काभ्रे जिल्ला अध्यक्ष प्रदीप पौडेल, बद्री

आचार्यसहित एक दर्जन प्रदर्शनकारीलाई प्रहरीले गिरफ्तार गरी महेन्द्र पुलिस क्लब प्रदर्शनीमार्गमा राख्यो। प्रदर्शनका क्रममा विद्यार्थीहरु सुन्दरमणी आचार्यसहित केही घाइते भए।

पूर्ण प्रजातन्त्रको माग गर्दै सात दलद्वारा ०६१ पुस २९ गते आयोजित शान्तिपूर्ण आन्दोलनबाट प्रहरीले नेकाँका महन्थ ठाकुर, खुमबहादुर खड्का, छायादेवी पराजुली, नेकाँ (प्रजातान्त्रिक) का होमनाथ दाहाल, खेमराज मायालुलगायत् दुईसय ३२ जना नेता तथा कार्यकर्तालाई सुरक्षाकर्मीले गिरफ्तार गरे भने एक दर्जनभन्दा बढी घाइते भए। घाइते भएकाहरूमा बुद्धिवीर लामा, देवी पाण्डे, मेदनी सिटौला, यम बराल, माधव तिमल्सिना, लक्ष्मण उप्रेती, महेश्वरी कुँवर, राजन तमु (बटुवा), मोहम्मद अन्सारी, पूर्ण पौडेल, बलराम चौलागाई, बसन्त के.सी. र सन्तोष के.सी, बुद्धिवीर लामा थिए । उनीहरुलाई पटकपटक गरेर रिहा गरियो ।

ओखलढुंगा जिल्ला कुइभीर गाविसका २३ वर्षीय रमेश राई, १८ वर्षीय कमला कटुवाल र १९ वर्षीय शम्भु बाँस्तोलालाई ०६१ माघ १३ गते बिहान कामनपा-३५ कोटेश्वरस्थित नरेफाँटबाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। उनीहरूलाई एकहप्ता पछि तारेखमा रिहा गरियो।

कामनपा-१५ डल्लुबाट ट्याक्सीचालक दिलबहादुर थिङ र सोही ट्याक्सीमा यात्रा गरिरहेका दाङ जिल्लाका थमन वलीलाई सुरक्षाकर्मीमाथि गोली प्रहार गरेको आरोपमा ०६१ माघ ८ गते राति सेनाले गिरफ्तार गरे। सेनाले पेस्तोलसहित उनीहरूलाई गिरफ्तार गरेको थियो। बा १ ज ५२९३ नम्बरको ट्याक्सीमा पाँच जनाको समूहमा आएका उनीहरूले सवारी साधन चेक गरी रहेका सुरक्षाकर्मी देखेपछि गोली चलाएका थिए। गोली चलाउने मध्येका तीन जना भागेका थिए।

कामनपा-३२ अनामनगरस्थित आफ्नै घरबाट नेपाल पत्रकार महासंघका महासचिव विष्णु निष्ठुरीलाई ०६१ माघ २२ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरे। महासचिव निष्ठुरीलाई फागुन १४ गते सर्वोच्च अदालतको आदेशमा रिहा गरियो।

सुरक्षाकर्मीद्वारा मानवअधिकारकर्मीहरूलाई गिरफ्तार गरिँदै

काठमाडौंमा राजा ज्ञानेन्द्रद्वारा ०६१ माघ १९ गते सत्ता समालेपछि नेकाँका नेताहरूमा गिरिजाप्रसाद कोइराला, रामचन्द्र पौडेल, सुशील कोइराला, नरहरि आचार्य, गोविन्दराज जोशी, चक्र बास्तोला, लक्ष्मण घिमिरे, सुरेन्द्रप्रसाद चौधरी, तारणीदत्त चटौत, आमोद उपाध्याय, रामनाथ अधिकारी, नेकपा (एमाले) का नेताहरू माधवकुमार नेपाल, अमृत बोहरा, भरतमोहन अधिकारी, बामदेव गौतम, साहना प्रधान, प्रदिप नेपाल, ईश्वर पोखरेल, महेन्द्र पाण्डे, कृष्णगोपाल श्रेष्ठ, नेकपा मालेका सी.पी. मैनाली, नन्दकुमार प्रसाईं, जनमोर्चा नेपालका अमिक शेरचन, लिलामणि पोखरेल, निलाम्बर आचायलाई नजरबन्द तथा गिरफ्तार गरियो। नेकाँ (प्रजातन्त्रिक) का शेरबहादुर देउवा, पूर्णबहादुर खड्का, विजयकुमार गच्छेदार, गोपाल राई, हरिबोल भट्टराई, बालकृष्ण खाँड, राप्रपाका पशुपति शमशेर जबरा, सूर्यबहादुर थापा, लोकेन्द्रबहादुर चन्द र सद्भावना पार्टीका बद्रीप्रसाद मण्डल, विद्यार्थी नेताहरु राजेन्द्र राई, रुपनारायण श्रेष्ठ, कुन्दनराज काफ्ले, लेखनाथ न्यौपाने, शिवकुमार बस्नेत, किशोर सिंह राठोर, देवी ज्ञवाली, यज्ञ सुनुवार, गुरु घिमिरे, कल्याण गुरुङ, केशव सिंह, सागर थापा र विनोद ढकाललाई गिरफ्तार गरियो। नजरबन्दमा राखिएका पूर्व प्रधानमन्त्री सूर्यबहादुर थापालाई ०६१ फागुन ३ गते नजरबन्द मुक्तबाट गरियो भने नेकाँका संस्थापक नेता तथा पूर्वप्रधानमन्त्री कृष्णप्रसाद भट्टराई, एमालेका स्थायी समिति सदस्य सहाना प्रधान, राप्रपा अध्यक्ष पशुपतिसम्शेर जबरा, नेपाल सद्भावना पार्टीका अध्यक्ष बद्रीप्रसाद मण्डल र नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) का अध्यक्ष आनन्दीदेवी सिंहलाई ०६१ माघ २७ गते राति रिहा गरियो।

यसैगरी एमालेको कार्यालयबाट एमाले नेता प्रदीप नेपाल र रूपनारायण श्रेष्ठलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। विद्यार्थी नेता गगन थापा, कुन्दनराज काफ्ले र आरआर क्याम्पसबाट विरोध प्रदर्शनको क्रममा १३ जना विद्यार्थीलाई गिरफ्तार गरियो। सोही दिन नेकाँका नेता नरहरि आचार्यलाई गिरफ्तार गरियो। एमालेका महासचिव माधवकुमार नेपाल, बामदेव गौतम, केपी ओली, अमृत बोहरा, नेकाँका सभापति गिरिजाप्रसाद कोइरालालाई घरमै नजरबन्दमा राखियो। नेपाल बार एशोसिएशनका अध्यक्ष सिन्धुनाथ प्याकुरेललाई पनि सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये सिन्धुनाथ प्याकुरेललाई ०६१ फागुन ३ गते भक्तपुरको दुवाकोटबाट रिहा गरियो। एमालेका महासचिवलाई वैशाख १८ गते नजरबन्द मुक्त गरियो।

मानवअधिकार तथा शान्ति समाजका उपाध्यक्ष

सुरेशचन्द्र पोखरेल, जयराम बस्नेत, वासु देवकोटा, शान्ति समाजकी लक्ष्मी परियार, बलराम आचार्य, सुमन श्रेष्ठलगायत् १३ जना मानवअधिकारकर्मीलाई ०६१ माघ २८ गते दिउँसो पुतलीसडकबाट प्रहरीको गिरफ्तार गरे। गिरफ्तार गरिएका सबैलाई फागुन ३ गते रिहा गरियो।

कामनपा-३० असनबाट ताहाचल क्याम्पसका विद्यार्थी अजय अर्याल, एमालेका सदस्य विदुर खड्का र भक्तपुर जिल्ला कमिटीका सदस्य महेश बस्नेतलाई ०६१ माघ २९ गते शान्ति र प्रजातन्त्र बहालीको माग गर्दै विरोध प्रदर्शन गरिरहेको अवस्थामा प्रहरीले गिरफ्तार गरे। उनीहरु सबैलाई एक हप्तापछि रिहा गरियो।

कामनपा-३० भोटाहिटीस्थित सिटी टाइम्स सन्ध्याकालीन दैनिकका सम्पादक सुजीव वज्राचार्यलाई ०६१ फागुन ५ गते प्रहरीले गिरफ्तार गरे। कार्यालयमा रहेका तीनओटा कम्प्युटर र फागुन ५ गते प्रकाशित सिटी टाइम्स दैनिक पत्रिकासमेत सुरक्षाकर्मीले लगेका थिए। उनलाई दुईदिनपछि रिहा गरियो।

सिविनका अध्यक्ष गौरी प्रधानलाई युरोपबाट फर्किने क्रममा ०६१ फागुन ६ गते दिउँसो अन्तर्राष्ट्रिय विमानस्थलबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। प्रधानलाई ०६१ फागुन १७ गते सर्वोच्च अदालतको आदेशमा रिहा गरियो।

नेकाँका युवा नेता मनमोहन भट्टराईलाई ०६१ फागुन ६ गते दिउँसो बानेश्वरस्थित उहाँको निवासबाट सुरक्षाकर्मीले गिरफ्तार गरे।

कामनपा-३५ स्थित नेपाल कमर्स क्याम्पस मीनभवन विद्यार्थी संघका इकाइ सभापति युवराज सिंह र नेपाल विद्यार्थी संघ काठमाडौं जिल्ला समितिका पूर्वअध्यक्ष दीपेन्द्र श्रेष्ठलाई ०६१ फागुन २२ गते प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई एकहप्तापछि रिहा गरियो।

नेपाल विद्यार्थी संघका केन्द्रीय सदस्य अष्टकुमार शाही र सरस्वती क्याम्पसका स्ववियु सभापति गोविन्द गौतम, क्याम्पस इकाइका अध्यक्ष इन्दु शर्मा र मधु मिश्र जनालाई ०६१ फागुन २३ गते प्रहरीले गिरफ्तार गरे । उनीहरुलाई तीन महिने थुनुवा पूर्जी दिएर हिरासतमा राखे पनि सरकारले पटकपटक गरी रिहा गरेको थियो।

कामनपा-३२ कालिकास्थानस्थित मानवअधिकार तथा शान्ति समाजका पूर्व अध्यक्ष कृष्ण पहाडीलाई ०६१ माघ २७ गते अपरान्ह सुरक्षाकर्मीले कार्यालयबाट गिरफ्तार गरे। पहाडीलाई महाराजगञ्जस्थित प्रहरी प्रशिक्षण केन्द्रमा पाँच महिनाभन्दा बढी हिरासतमा राखी ०६२ असार २० गते रिहा गरियो।

सोलुखुम्बु जिल्ला टापटीङ गाविस-७ का २१ वर्षीय कर्णबहादुर तामाङ र लाक्पा रिन्जी शेर्पा तामाङलाई ०६१

शाही आयोगद्वारा मध्यरातमा गिरफ्तार गरिएका नेकाँ (प्रजातान्त्रिक)का सभापति शेरबहादुर देउवा र महामन्त्री प्रकाशनमान सिंह

फागुन ४ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। उनीहरूलाई जिल्ला प्रशासन कार्यालय काठमाडौंमा नजरबन्दमा राखिएकोमा ०६१ चैत ३१ गते केन्द्रीय कारागारबाट रिहा गरियो।

कामनपा-३१ प्रदर्शनीमार्गस्थित रत्नराज्य क्याम्पसबाट ०६१ चैत १४ गते प्रहरीले उर्मिला कार्की, देवी बस्नेत, भवनाथ घिमिरे, रचना खड्का, अजय खनाल, राजेश प्रसाई तथा सुवास थापालाई गिरफ्तार गरे। उनीहरूलाई भोलिपल्ट रिहा गरियो।

अनेमसंघको विरोध प्रदर्शनबाट नेकपा (एमाले) केन्द्रीय सदस्य तथा अनेमसंघकी अध्यक्ष विद्या भण्डारी, मिना काफ्ले, विष्णु भुषाल, नेकपा (एमाले) वाचस्पति देवकोटा, नेकाँका चन्द्र भण्डारी, रुद्र भण्डारी, गोविन्द कँडेल, अभियकुमार यादव र फणिन्द्र पुडासैनी नेकाँ (प्रजातान्त्रिक) की भीमकुमारी बुढा, सुशीला स्वाँर, उमा अधिकारी, डम्बरकुमारी भट्ट, खेमराज भट्ट मायालु, टेकबहादुर चोख्याल, कृष्णकिशोर घिमिरे रुद्रमणी शर्मा, दीर्घराज भाट, गणेश शाही र बद्री चौलागाईं, जनमोर्चा नेपालको भातृ संगठन अनेमसंघ अध्यक्ष सूर्या थापा र केन्द्रय सदस्य गंगा बेल्बासे सहित चार दर्जन भन्दा बढी महिलालाई ०६१ फागुन २५ गते प्रहरीले असन र बाङ्गेमुढाबाट गिरफ्तार गरियो। उनीहरुलाई प्रहरी प्रशिक्षण केन्द्र महाराजगञ्जमा राखिएकोमा भोलिपल्ट साँझ रिहा गरियो।

एमालेको भातृ संगठन नेरास्वबियुका पूर्व केन्द्रीय अध्यक्ष हिक्मत कार्कीलाई ०६१ फागुन २७ गते दिउँसो दरबारमार्गबाट प्रहरीले गिरफ्तार गरे।

काठमाडौंमा प्रजातन्त्रको माग गर्दै ०६२ चैत ४ गते गरिएको विरोध प्रदर्शनबाट शम्भु अधिकारी, लक्ष्मी केसी, रमेश भण्डारी, हरिबहादुर राई, हेराकाजी महर्जन, कमल यादव, नारायण आचार्य, राजकुमार लामालगायत् १९ जनालाई प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई तीनमहिने पूर्जी

दिई थुनामा राखियो। उनीहरुलाई पटकपटक गरी रिहा गरियो।

शाही घोषणाको विरोध गर्दै जुलुस प्रदर्शन गर्ने क्रममा रत्नपार्कबाट ०६१ चैत १४ गते प्रहरीले नेकाँका महादेव गुरुङ, पुष्करनाथ ओझा, चित्रबहादुर कार्की, दानबहादुर बानियाँ, जगतप्रसाद जोशी, बलबहादुर कुँवर, पूर्णबहादुर ढकालसहित १४ जनालाई गिरफ्तार गरे । गिरफ्तार सबैलाई सोही दिन साँझ रिहा गरियो।

काठमाडौंमा शाही घोषणाको विरोध गर्दै विरोध प्रदर्शनमा उत्रिएका नेकाँका सुरेश मल्ल र चिरञ्जीवी निधि तिवारीसहित एक दर्जन कार्यकर्तालाई ०६१ चैत ७ गते प्रहरीले गिरफ्तार गरे। उनीहरुलाई भोलिपल्ट रिहा गरियो।

काठमाडौंमा संयुक्त वाममोर्चा नेपालले ०६१ चैत १९ गते गणबहालबाट निकालेको विरोध प्रदर्शनबाट प्रहरीले संयुक्त वाममोर्चाका नेता टंक राई, नन्दकुमार प्रसाई, ऋषि कट्टेल, डम्बर श्रेष्ठ, नरेन्द्र बस्नेत, गोपालमणि गौतम, महेन्द्र कतिला, हेमन्त विसी, सुनील मानन्धर, मोहम्मद सेख अब्बास, सीताराम तामाङ, दानबहादुर महर्जन, धीरेन्द्र नेम्वागं, सत्यराज पराजुली, तिलक न्यौपानेलगायत् १५ जनालाई गिरफ्तार गरे। गिरफ्तार सबैलाई तीनमहिनाको थुनुवा पूर्जी दिइएकोमा १५ दिनपछि पटक पटक गरेर सबैलाई रिहा गरियो।

इलाम जिल्ला आमचोक गाविस-१ घर भई कामनपा-३५ तीनकुनेमा बस्ने २३ वर्षीय पुष्पलाल दहाललाई ०६१ चैत २४ गते सैनिक पोशाकमा आएका १० जना सेनाले सोधपुछका लागि भनी गिरफ्तार गरे। उनलाई एक हप्तापछि रिहा गरियो।

काठमाडौंमा शाही घोषणाको विरोधमा ०६१ चैत

राजद्रोहको आरोपमा गिरफ्तार गरिएका विद्यार्थी नेता गगन थापा

२६ गते गरिएको प्रदर्शनबाट प्रहरीले नेकाँ (प्रजातान्त्रिक) का धर्म भण्डारी र ध्रुवप्रसाद सापकोटा, कृष्ण परियारसहित ११ जनालाई गिरफ्तार गरे। उनीहरूलाई ०६२ वैशाख ९ गते रिहा गरियो।

कामनपा-२९ स्थित लैनचौरबाट नेविसंघका पूर्व महामन्त्री गगन थापा, सन्देश अधिकारी र सुबोधराज आचार्यलाई ०६२ वैशाख १३ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे। नेविसंघका पूर्व महामन्त्री गगन थापा ०६२ जेठ ११ गते सर्वोच्च अदालतको आदेशमा जिल्ला अदालत भक्तपुरको रोहवरमा रिहा भए। थापालाई जेठ १० गते सर्वोच्च अदालतले दोस्रोपल्ट रिहा गर्ने आदेश दिएको थियो।

नेकाँका केन्द्रीय सदस्य रामशरण महत, चक्रप्रसाद बास्तोला, दिलबहादर घर्तीमगर तथा नेकपा एमालेका केन्द्रीय सदस्य सुवास नेम्वाङ र रघुजी पन्तलाई ०६२ वैशाख १४ गते बेलुका ५ बजे दरबारमार्गस्थित होटेल डेल अन्नपूर्णबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार गरिएकाहरुलाई भोलिपल्ट रिहा गरियो।

बुढानिलकण्ठस्थित आफ्नै निवासबाट पूर्वप्रधानमन्त्री तथा नेकाँ (प्रजातान्त्रिक) का सभापति शेरबहादुर देउवालाई ०६२ वैशाख १४ गते राति मेलम्ची खानेपानी आयोजनामा भएको ठेक्का प्रकरणमा अनियमितताको आरोपमा प्रहरीले गिरफ्तार गरे।

नेकाँ (प्रजातान्त्रिक) का केन्द्रीय सभापति शेरबहादुर देउवाको गिरफ्तारको विरोधमा शाही आयोग परिसर बानेश्वरमा प्रदर्शनमा उत्रिएका नेविसंघका केन्द्रीय सदस्य ऋषिकेशजंग शाह, राजीव ढुंगाना, सभापति सरोज थापा, गणेश शाही, टेकराज जोशी, दुर्लभ थापा, जीतजंग बस्नेत, पुरुषोत्तम लुइँटेल, रोशनकुमार पौडेल, झक्कुप्रसाद घर्ती, सुरेश शाही, दिवस वाइवा र रेशम बस्नेतलगायत्लाई ०६२ वैशाख १४ गते दिउँसो प्रहरीले गिरफ्तार गरे। उनीहरुलाई सोही दिन साँझ रिहा गरियो ।

नुवाकोट जिल्लाको कुमरी गाविस-७ का ४६ वर्षीय रामेश्वर पुडासैनी, शिक्षक अर्जुन पुडासैनी, बिमा संस्थानका कर्मचारी शम्भु थपलियालगायत् तीनजनालाई ०६२ जेठ ७ गते कामनपा बालाजुस्थित माईपोखरीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। सादा पोशाकमा आएका सुरक्षाकर्मीहरूले शिक्षक अर्जुन पुडासैनी, मकवानपुर जिल्लाको हेटौंडास्थित बीमा संस्थानमा कार्यरत कर्मचारी शम्भु थपलियालाई गिरफ्तार गरी सोही दिन छाडेका थिए। सोही घटनामा गिरफ्तार गरिएका रामेश्वर पुडासैनीको स्थिति अज्ञात छ।

कामनपा-१६ नयाँ बजारबाट ०६२ साउन ११ गते

माओवादी पीडित संघद्वारा निकालिएको मसाल जुलुस

सञ्चार अध्यादेशको विरोध गर्दै नेपाल पत्रकार महासंघका पदाधिकारीहरू

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरेर सैनिक कब्जामा लिइएकी धादिङ जिल्ला बसेरी गाविस-८ की २२ वर्षीया कोपिला खनाललाई सिंहदरबारस्थित श्रीजंग गणमा राखियो। पछि उनलाई रिहा गरियो।

कामनपा-१० स्थित मध्यबानेश्वरस्थित रत्नराज्य स्कूलअगाडि विद्यार्थी संगठनले गरेको विरोध प्रदर्शनमा ०६२ असार ३० गते प्रहरीले हस्तक्षेप गरी अनेरास्ववियुका महासचिव ठाकुर गैरे, नेविसंघका उपाध्यक्ष प्रदीप पौडेल, त्रिचन्द्र स्ववियु सभापति सरोज थापा, नेविसंघ कैलालीका अध्यक्ष पुष्पकुमार शाही, नेविसंघका नारायण भारती र वीपी रेग्मीलाई गिरफ्तार गरे। उनीहरूलाई सर्वोच्च अदालतको आदेशबाट ०६२ साउन २५ गते जिल्ला कारागार शाखा जगन्नाथ देवलबाट रिहा गरियो।

नेपाल विद्यार्थी संघका पूर्व महामन्त्री गगन थापालाई ०६२ साउन १२ गते बुधवार बिहान प्रहरीले अनामनगरबाट गिरफ्तार गरे। थापालाई तीनकुने वडा प्रहरी कार्यालयमा राखियो। सरकारद्वारा राजद्रोहको अभियोग लगाएर थुनिएका थापा ०६२ साउन ३० गते बेलुका विशेष अदालतको आदेशमा रिहा भए।

नेका (प्रजातान्त्रिक) समर्थित नेविसंघको आयोजनामा ०६२ साउन २८ गते साझ भएको ब्ल्याकआउटको बेला प्रहरीले विश्वभाषा क्याम्पसका स्ववियु सभापति सन्तोष भट्ट, त्रिचन्द्र क्याम्पसका स्ववियु सभापति सरोज थापा, नेविसंघ (प्रजातान्त्रिक) का केन्द्रीय सदस्य ऋषिकेशजंग शाह लगायत २५ जना विद्यार्थीहरूलाई गिरफ्तार गरे। उनीहरुलाई सोही दिनसाझ रिहा गरियो।

मैतीदेवी, डिल्लीबजार, बागबजार तथा रत्नपार्कबाट ०६२ भदौ ३१ गते गरिएको विरोध प्रदर्शनबाट प्रहरीले नेकाका सुशील कोइराला, गोविन्दराज जोशी, हृदयराम थानी, अजय चौरसिया, रामहरि खतिवडा, नेका (प्रजातान्त्रिक) का बालकृष्ण खाण, नेकपा (एमाले) का गोकर्ण बिष्ट, नेविसंघका किरण पौडेल, बद्री पाण्डे, कुन्दन काफ्ले, बिमला खनाल, हरिप्रिया ढुङ्गेल, प्ररायुसंघका बिमला मानन्धर, सोमराज पाण्डे, उर्मिला पन्त, सीता मिजार, दीपा शिवाकोटी, निर्मला विश्वकर्मा, बिनिता अधिकारी, चन्दा अधिकारी, कृष्णप्रसाद अधिकारी, अनेरास्ववियुका खिमलाल भट्टराई, माधव ढुंगेल ठाकुर गैरे, प्ररायुसंघका अजम्बर काङवाङ, करिब दुईसय ५० जनालाई प्रहरीले गिरफ्तार गरे। प्रहरीले डिल्लीबजारमा घरभित्रै पसेर राधाकृष्ण बुढाथोकीमाथि कुटपिट गर्दा उनको खुट्टाको नली हाड भाँचियो। बाटोमा हिँडिरहेका हेमन्त बुढाथोकी प्रहरीको पिटाइबाट बेहोस भएपछि उनलाई मानवअधिकारकर्मीहरूले उद्धार गरी मोडल अस्पतालमा पुर्‍याए। प्रहरीले फोटो पत्रकार देवेन्द्रमान सिंहमाथि पनि लाठी प्रहार गरेको थियो। गिरफ्तार गरिएकाहरुलाई पटकपटक गरेर रिहा गरियो।

काठमाडौंबाट सात राजनीतिक दलको आयोजनामा भएको प्रदर्शनबाट प्रहरीले ०६२ असोज ३ गते नेकाका सुशील कोइराला, महन्थ ठाकुर, डा. रामशरण महत, अर्जुननरसिंह केसी, तारणीदत्त चटौत, हृदयराम थानी, शुक्रराज शर्मा, एनपी साउद, नेकपा (एमाले) का राजेन्द्र श्रेष्ठ, कृष्णप्रसाद अधिकारी, रूपनारायण श्रेष्ठ, विष्णुप्रसाद मिश्र, नेका (प्रजातान्त्रिक) का महेन्द्रकुमार मिश्र, नेविसंघका केशव सिंह, वासु कोइराला, प्रदीप पौडेल, नेविसंघ (प्रजातान्त्रिक) का किरण पौडेल, भरत शाही, अधिवक्ताहरू हरिहर दाहाल, अग्नी खरेल र पुष्पा भुसाल तथा रामपुर कृषि क्याम्पसका उपप्रध्यापक आशा बस्ती, बिनु बाग्ले, तुलसी पनेरु, टेकनारायण शर्मालगायत् डेढ सयजना भन्दा बढीलाई गिरफ्तार गरे। गिरफ्तार गरिएकाहरुलाई पटक-पटक गरेर रिहा गरियो।

कामनपा-३१ स्थित रत्नपार्कमा प्रेस चौतारी नेपालले सरकारले जारी गरेको सञ्चारसम्बन्धी अध्यादेश ०६२ का विरुद्ध ०६२ कार्तिक १२ गते दिउसो आयोजना गरेको विरोध प्रदर्शनपछि प्रहरीले हस्तक्षेप गरी प्रेस चौतारी नेपालका अध्यक्ष बालकृष्ण चापागाईंसहित पत्रकारहरू किशोर श्रेष्ठ, भरत पोखरेल, गोकुल बास्कोटा, गगन बिष्ट, देवराज रिमाल, भीमसेन राजवाहक, रोहित दाहाल, राजेन्द्र अर्याल, गोपाल खनाल, प्रकाश चिलवाल, विश्वमणि सुवेदी, गोविन्द

चौलागाईं, जनमदेव जैसी, रामहरि मिलवालसहित १६ जना प्रहरीले गिरफ्तार गरी महेन्द्र पुलिस क्लव प्रदर्शनीमार्गमा राखिएकोमा साँझ रिहा गरियो।

सञ्चार अध्यादेशविरुद्ध सात राजनीतिक दलले गरेको उपत्यका वन्दको क्रममा प्रहरीले ०६२ कार्तिक ११ सुरक्षाकर्मीले एमाले केन्द्रीय सदस्य सिद्धिलाल सिंह, उपत्यका समन्वय कमिटीका सचिव योगेश भट्टराई, पूर्व सांसदद्वय कृष्णलाल महर्जन, सुशीला नेपाल, अनेरास्ववियुका अध्यक्ष खिमलाल भट्टराई, रुपनारायण श्रेष्ठ, यज्ञराज सुनुवार, भक्तपुर जिल्लाका अनेरास्ववियु जिल्ला अध्यक्ष श्यामसुन्दर वस्नेत, वचन देउजा तथा नेकाँका नेता दिलेन्द्रप्रसाद वडु, वासु कोइराला, भीमसेनदास प्रधान, पत्रकारद्वय चन्द्र पन्त र राजेन्द्र वानियाँलाई गिरफ्तार गरे। गिरफ्तार गरिएकाहरुलाई सोही दिन साँझ रिहा गरियो।

युवराज पारस चढेको गाढीमा ढुङ्गा प्रहार गरेको आरोपमा वालक, विद्यार्थीसहित १८ जनालाई मीनभवनवाट ०६२ मंसिर १७ गते गिरफ्तार गरियो। गिरफ्तार गरेका मध्ये कैलाली जिल्ला धनगढी नपा-८ का १५ वर्षीय सूर्यप्रकाश भट्ट, कञ्चनपुर जिल्लाका २० वर्षीय विनय अर्याल, नुवाकोट जिल्लाका १९ वर्षीय सुमन भेटवाल, काठमाडौं जिल्ला कोटेश्वरका २६ वर्षीय नवराज थपलिया र धादिङ जिल्लाका १९ वर्षीय राजकुमार श्रेष्ठलाई सार्वजनिक अपराधको मुद्दामा जिल्ला प्रहरी कार्यालय हनुमान ढोकाको हिरासतमा राखियो। अन्यलाई वडा प्रहरी कार्यालयवाट दुईदिनपछि रिहा गरियो।

काठमाडौंका मीनभवन, पुतलीसडक, प्रदर्शनीमार्ग, घण्टाघर, वागवजार, लैनचौरमा आन्दोलनरत विद्यार्थी संगठनहरूले ०६२ पुस ४ गते प्रहरीले वल प्रयोगका कारण राजधानीका रत्नराज्य र त्रिचन्द्र क्याम्पसका गरी आठजना विद्यार्थीहरू घाइते भए। प्रदर्शनमा भाग लिइरहेका मीनभवन र त्रिभुवन विश्वविद्यालयका गरी करिव १९ जना

विरोध प्रदर्शनका क्रममा सुरक्षाकर्मीले हस्तक्षेप गर्दा बेहोस भएका नेकाँका सभापति गिरिजाप्रसाद कोइराला

विद्यार्थीहरूलाई प्रहरीले गिरफ्तार गरे। उनीहरूलाई साँझमा रिहा गरियो।

पुनः गिरफ्तार

काभ्रे जिल्ला नयाँगाउँ गाविस-८ का २४ वर्षीय रामप्रसाद तिमिल्सिना जिल्ला अदालत पाटनको आदेशमा रिहा भएलगतै ०६१ पुस २८ गते पुनः सादा पोशाकमा तैनाथ सुरक्षाकर्मीले अदालतको मूलढोकावाटै गिरफ्तार गरे। तिमिल्सिनालाई ०६२ असार १४ गते लगनखेलवाट सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी ८१ दिन राजदल गणमा राखिएकोमा पछि सुन्दरीजल जेल चलान गरियो।

काठमाडौंवाट अनेरास्ववियुका केन्द्रीय महासचिव ठाकुर गैरेलाई ०६१ फागुन १९ गते प्रहरीले गिरफ्तार गरे। गैरेलाई भक्तपुरको वागेश्वरी गाविस-२ स्थित विद्युत प्राधिकरणको तालिम केन्द्रमा हिरासतमा राखिएको थियो। महासचिव गैरेलाई ०६२ वैशाख ७ गते गैरकानुनी रुपमा थुनामा राखिएको भनी रिहा गर्न सर्वोच्च अदालतले आदेशमा दिई रिहा भएको लगत्तै काठमाडौंको कोटेश्वरवाट प्रहरीले पुनः गिरफ्तार गरे। महासचिव ठाकुर गैरेलाई ०६२ जेठ १२ गते सर्वोच्च अदालतको आदेशमा प्रहरी हिरासतवाट रिहा भए।

काठमाडौंमा विरोध प्रदर्शनको क्रममा नेविसंघका पूर्वमहामन्त्री चन्द्र भण्डारीलाई भने ०६१ फागुन २५ गते प्रहरीले गिरफ्तार गरेकोमा सर्वोच्च अदालतको आदेशमा वैशाख १४ गते रिहा गरिएकोमा सोही दिन पुनः गिरफ्तार गरे। भण्डारीलाई सर्वोच्च अदालतको आदेशमा जेठ १२ गते रिहा गरियो।

कामनपा-३ महाराजगञ्जवाट नेविसंघका केन्द्रीय उपाध्यक्ष प्रदीप पौडेल र अर्घाखाँची जिल्लाका नेविसंघका कार्यकर्ता धर्म खनाललाई ०६१ चैत २२ गते प्रहरीले गिरफ्तार गरे। धर्म खनाल भोलिपल्ट रिहा भए। पौडेललाई वैशाख १४ गते सर्वोच्च अदालतको आदेशमा भक्तपुर जिल्ला अदालतवाट रिहा गरिएकोमा पुनः गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय ललितपुरमा राखियो। पौडेल ०६२ जेठ १२ गते सर्वोच्च अदालतको दोस्रो आदेशमा रिहा भए।

सोलुखुम्वुको ताप्तिंग गाविस-८ का भलाकाजी तामाङलाई ०६१ चैत १८ गते सर्वोच्च अदालतको आदेशमा रिहा भएलगत्तै सुरक्षाकर्मीले पुनः गिरफ्तार गरे। जाउलाखेलवाट माघ २९ गते सुरक्षाकर्मीले गिरफ्तार गरेका उनलाई फागुन ४ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंले छ महिनाका लागि नजरवन्दमा राख्ने निर्णय गरेकोमा वन्दीप्रत्यक्षीकरण आदेशमा चैत १८ गते साँझ रिहा गरियो। तर, लगत्तै सादा पोसाकका सुरक्षाकर्मीले गिरफ्तार गरे।

अनेरास्ववियुका पूर्व अध्यक्ष राजेन्द्र राईलाई ०६२ जेठ २ गते सर्वोच्च अदालत रिहा गर्ने आदेश दिएकोमा सुरक्षाकर्मीले अदालत परिसर बाहिरबाट पुन: गिरफ्तार गरे। राजेन्द्र राई ०६२ जेठ ६ गते सर्वोच्च अदालतको दोस्रो आदेशमा रिहा गरियो।

काठमाडौंमा जनमोर्चा नेपालका महासचिव नवराज सुवेदीलाई ०६२ असार १ गते प्रहरीले पुन: गिरफ्तार गरे। महासचिव सुवेदीलाई ०६२ जेठ १ गते दक्षिण एसियाली स्वतन्त्र सञ्चार संस्था (साफ्मा) द्वारा पाकिस्तानको इस्लामावादमा आयोजित सार्कस्तरीय सम्मेलनमा जान लाग्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट प्रहरीले गिरफ्तार गरेको थियो। उक्त गिरफ्तारीलाई गैरकानुनी भन्दै महासचिव सुवेदीकी पत्नीले सर्वोच्च अदालतमा हालेको बन्दी प्रत्यक्षीकरणको मुद्दामा सर्वोच्च आदालतले जेठ ३१ गते जिल्ला अदालतको रोहवरमा महासचिव सुवेदीलाई रिहा गर्ने आदेश दिएको थियो। यसैवीच जनमोर्चा नेपालका अध्यक्ष अमिक शेरचन र उपाध्यक्ष लिलामणि पोखरेललाई भने असार १ गते साँझ ६.४५ बजे जिल्ला अदालतको रोहवरमा हिरासत मुक्त गरिएको छ। अध्यक्ष शेरचन र उपाध्यक्ष पोखरेलाई माघ १९ को शाही घोषणसँगै गिरफ्तार गरी हिरासतमा राखिएको थियो। जनमोर्चा नेपालका नेताहरुलाई काठमाडौं जिल्ला अदालतमा रिहाइको लागि ल्याइँदा मानवअधिकारकर्मी, सञ्चारकर्मी, नेपाल वार एसोसिएसनका प्रतिनिधिहरुको उल्लेख्यमात्रामा उपस्थिति थियो। पीडित नवराज ०६२ असार १० गते रिहा भए। सर्वोच्च अदालतले सुवेदीको रिहाइको आदेश दोस्रो पटक दिएपछि रिहा गरिएको थियो।

रामेछाप जिल्ला बेथान गाविस-१ घर भएका गोविन्द घिमिरेलाई ०६२ असार ८ गते सर्वोच्च अदालतको आदेशमा काठमाडौं जिल्ला अदालतको रोहबरमा मुक्त गर्नासाथ अदालत परिसरवाटै पक्राउ गरियो। उनलाई केन्द्रीय कारागार सुन्धारामा राखियो। घिमिरेलाई पहिलो पटक ०६० भदौ १३ गते काठमाडौं चावहिल बुलबुलेस्थित डेराबाट नुहाइरहेको अवस्थामा सादा पोसाकका सुरक्षाकर्मीहरूले पक्राउ गरेका थिए।

अनेरास्ववियु (क्रान्तिकारी) का उपाध्यक्ष कृष्ण के. सी. लाई ०६२ असोज ६ गते सर्वोच्च अदालतले रिहा गर्ने आदेश दिएकोमा पुन: गिरफ्तार गरियो। के.सी.लाई नख्खु कारागारमा राखियो।

अनेरास्ववियु (क्रान्तिकारी) का नेता हिमाल शर्मालाई प्रहरीले ०६२ पुस ४ गते सर्वोच्च अदालतको गेटबाट पुन: गिरफ्तार गरे। शर्मालाई सर्वोच्च अदालतको आदेशमा गोर्खास्थित सैनिक हिरासतवाट काठमाडौं ल्याई सर्वोच्च अदालतका रजिष्ट्रारको रोहवरमा रिहा गरिएको थियो। शर्मालाई यसअघि सुरक्षाकर्मीले ०६० कार्तिक ४ गते असनबाट गिरफ्तार गरेका थिए।

देउवाको गिरफ्तारीको विरोधमा निकालिएको जुलुसमाथि प्रहरीद्वारा भएको हस्तक्षेप

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार / बलात्कार प्रयास

कामनपा-३५ कोटेश्वरको झुप्रा वस्तीमा एकजना ४२ वर्षीय महिलालाई ०६१ माघ २८ गते राति सो बस्तीमा छिरेर दुई युवाहरूले बलात्कार गरे। अधवैंसे महिलालाई बलात्कार गर्ने दुई युवकमध्ये एकलाई प्रहरीले गिरफ्तार गरे। २१ वर्षीय विनोद मगर र ४० वर्षीय शिवराम थापा मगरले पीडित महिलाको उजुरीका आधारमा कोटेश्वर प्रहरीले शिवराम थापा मगरलाई गिरफ्तार गरियो भने विनोद फरार भए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

रुकुम जिल्ला रुंघा गाविस ७ का राजधानी राष्ट्रिय दैनिकका संवाददाता शक्तिकुमार पुनलाई खलंगास्थित सेनाले पक्राउ गरी यातना दिएको तथा गोरखापत्रका संवाददाता भुपेन्द्र शाही र इन्सेकका प्रतिनिधि नमनकुमार शाहीलाई प्रहरी जवानले कुटपिट गरेको साथै नवलपरासीमा मानवअधिकार संगठनका सभापति कैलाश ठाकुरलगायत धन शर्मा, नसखल्ल अन्सारीलाई सुरक्षाकर्मीद्वारा पक्राउ गरी यातना दिएको घटनाको सम्वन्धमा राष्ट्रिय मानव अधिकार आयोगले ०६१ पुस १९ गते एक विज्ञप्ति जारी गरी निन्दा एवं भर्त्सना गरेको छ।

नेकपा (माओवादी) द्वारा अर्घाखाँची जिल्ला सदरमुकामबाट ०६१ माघ ३ गते अपहरित कामु प्रमुख जिल्ला अधिकारी वीरेन्द्रनाथ शर्मा र स्थानीय विकास अधिकारी सुदर्शनप्रसाद ढकाललाई आजसम्म मुक्त नगरिएकोमा गम्भिर ध्यानाकर्षण भएको भन्दै अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले ०६१ माघ २६ गते एक विज्ञप्ति जारी गरी अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना गर्दै

अपहरितहरुलाई सकुशल, तत्काल मुक्त गर्न नेकपा (माओवादी) पक्षलाई आह्वान गरे।

माओवादीको किराँत स्वायत्त गाउँ जनसरकारका नामबाट इलाम जिल्लाका सबै भूभागमा पत्रकार तथा मानव अधिकारकर्मीहरुलाई प्रवेश निषेध गर्दै प्रवेश गरेमा कारवाहीसमेत गरिने चेतनापूर्ण जारी अपिलप्रति गम्भीर ध्यानाकर्षण भएको जनाउँदै नेपाल पत्रकार महासंघले ०६१ माघ १२ गते एक विज्ञप्ति जारी गऱ्यो।

सर्वोच्च अदालतले रिहा गर्ने आदेश दिएपश्चात् पुनः गिरफ्तार गरिएका विद्यार्थी नेता राजेन्द्र राई

सुरक्षा नियन्त्रणमा लिएका मानवअधिकार तथा शान्ति समाजका संस्थापक सभापति कृष्ण पहाडी र पत्रकार नेपाल पत्रकार महासंघका पूर्व सभापति तारानाथ दाहालले ०६१ माघ २० गते एक प्रेस विज्ञप्ति जारी गरी राजाद्वारा गरिएको माघ १९ गते घोषणाप्रति विरोध तथा असहमति जनाउँदै भविष्यप्रतिको जिम्मेवारी र कर्तव्यप्रति निष्ठापूर्ण समर्पणका साथ जनअधिकारको पक्षमा लड्ने घोषणा गरे।

महासंघका महासचिव विष्णु निष्ठुरीको अविलम्व रिहाइको माग गर्दै ०६१ फागुन ५ गते इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल, सेहुर्डेसका शोभाकर बुढाथोकी, इन्हुरेड इन्टरनेशनलका गोपालकृष्ण सिवाकोटी, आरआरएनका ऋषि अधिकारी र हिमराइटस्की अन्जना शाक्यले संयुक्त विज्ञप्ति जारी गरे। पत्रकार निष्ठुरीलाई माघ २२ गते र पहाडीलाई माघ २७ गते सुरक्षाकर्मीले नियन्त्रणमा लिएका थिए।

इन्हुरेड इन्टरनेशनलका डा. गोपाल कृष्ण सिवाकोटी र सेहुर्डेसका शोभाकर बुढाथोकीले ०६१ फागुन १५ गते एक प्रेस विज्ञप्ति जारी गरी मानवअधिकारकर्मी, इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेललाई नेपालगञ्ज जाने क्रममा त्रिभुवन विमानस्थलबाट सुरक्षाकर्मीले फर्काएको घटना आपत्तिजनक भएको बताए ।

काठमाडौंमा माघ १९ गते शाही कदमले नागरिक स्वतन्त्रताको हरण गरिएकोमा विरोध तथा आपत्ति प्रकट गर्दै ०६१ फागुन २६ गते विभिन्न मानवअधिकारकर्मीले एक विज्ञप्ति जारी गरे। सुबोधराज प्याकुरेल, डा. गोपालकृष्ण सिवाकोटी, डा. ऋषीराज अधिकारी र शोभाकर बुढाथोकीद्वारा हस्ताक्षरित विज्ञप्तिमा राजाको माघ १९ को कदमपछि राज्यबाट भएको दमनकारी कार्यले मानवअधिकारको आधारभूत सर्वमान्य सिद्धान्तको गम्भीर उल्लंघन भएको भन्दै नियन्त्रणमा लिइएका समस्त राजनीतिक वन्दी, मानवअधिकारकर्मी र पत्रकारको रिहाइ गर्न राज्यसँग जोडदार माग गरियो।

विरोध प्रदर्शनका क्रममा प्रहरीद्वारा अश्रुग्याँस प्रहार

काठमाडौंमा प्रेस स्वतन्त्रताको माग राख्दै नेपाल पत्रकार महासंघले ०६२ जेठ ३० गते अपरान्ह रत्नपार्कमा आयोजना गरको विरोधबाट पत्रकार महासंघका सभापति विष्णु निष्ठुरी ४७ जना पत्रकारहरूलाई प्रहरीले गिरफ्तार गरेकोमा इन्सेकलगायत्का मानवअधिकार संस्थाहरूले विज्ञप्ति प्रकाशित गरी शान्तिपूर्ण विरोधमाथि व्यापक धरपकड गरिएको घटनाको घोर भर्त्सना गरे। गिरफ्तार गरिएकाहरुलाई जेठ ३१ गते रिहा गरियो।

वर्तमान अवस्थामा राजधानीलगायत् देशका विभिन्न स्थानहरुमा राजनीतिक दलका नेता तथा कार्यकर्ताहरु, मानवअधिकारकर्मी र पत्रकारहरुको गिरफ्तारी, निरन्तर नजरबन्दमा राख्नेलगायत् समाचार प्रकाशन गरेबापत सोधपुछ गर्ने र हतोत्साही गर्ने घटनाप्रति आपत्ति जनाउँदै १६ वटा मानवअधिकार संस्थाहरुको तर्फबाट इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल, हिमराइट्सका महासचिव डा. गोपालकृष्ण सिवाकोटी र सेहुर्डेसका महासचिव शोभाकर बुढाथोकीले ०६१ चैत २ गते एक विज्ञप्ति जारी गरे।

काठमाडौंमा मानवअधिकार तथा प्रजातान्त्रिक अध्ययन केन्द्र (सेहुर्डेस) ले ०६१ चैत ४ गते विज्ञप्ति जारी गरी कान्तिपुर दैनिकका सम्पादक नारायण वाग्लेसँग जिल्ला प्रहरी कार्यालयले बयान लिएको घटनाको भर्त्सना गरे।

राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) को नेपालस्थित कार्यालयले शान्तिपूर्ण प्रदर्शनहरूमाथि प्रहरीद्वारा भइरहेको अत्यधिक बल प्रयोगको सम्बन्धमा चासो प्रकट गऱ्यो। कार्यालयका तर्फबाट ०६२ असोज ४ गते जारी विज्ञप्तिमा उक्त चासो प्रकट गरिएको थियो।

प्रदर्शनकारीहरू घाइते हुने गरी ढुङ्गा प्रहार गरिएको, प्रदर्शनकारीहरूलाई लक्ष्य गरेर तथा विद्यालय र अस्पतालभित्र समेत पुग्नेगरी अश्रुग्याँस प्रहार गरिएको, प्रदर्शनका क्रममा स्पष्ट कानुनी आधारबिन गिरफ्तार

गरिएको तथा गिरफ्तार गर्ने क्रममा अत्यधिक बल प्रयोग गरिएको, घाइते प्रदर्शनकारीको उपचारको समुचित व्यवस्था नमिलाइएको सूचना ओएचसीएचआरलाई प्राप्त भएको विज्ञप्तिमा उल्लेख गरिएको छ। यसैगरी, प्रदर्शनको पर्यवेक्षण तथा अनुगमन गरिरहेका पत्रकार र मानवअधिकारकर्मीमाथि धम्की र उनीहरू घाइते भएकोप्रति पनि कार्यालयले चासो प्रकट गरेको थियो।

भदौ ६ गते पुत्ला दहन र मशाल जुलस प्रदर्शनलाई प्रहरीले दमन गर्दा पत्रकारहरू विमल गौतम, अजय सिवाकोटी र नरेन्द्र श्रेष्ठ घाइते भए। यसैबीच नेकपा एमाले उपत्यका समन्वय कमिटीकातर्फबाट इन्चार्ज ईश्वर पोखरेलले ०६२ कार्तिक ११ गते एक विज्ञप्ति गरी बन्द आह्वानलाई शान्तिपूर्णरुपमा सफल बनाउन सहयोग गर्ने सबैप्रति आभार व्यक्त गर्दै शान्तिपूर्ण बन्द कार्यक्रमबाट गिरफ्तार गरिएका आफ्ना पार्टीका केन्द्रीय कमिटी सदस्य सिद्धिलाल सिंहलगायत् सम्पूर्ण नेता तथा कार्यकर्ताको विनासर्त र अविलम्ब रिहाइका लागि सरकारसँग माग गरे।

काठमाडौमा मुलुकमा हिंसात्मक द्वन्द्वका कारण विस्थापित हुन पुगेका हजारौं नागरिकहरुलाई आन्तरिक शरणार्थीको मान्यता दिई राज्यले उनीहरुको मानवअधिकारको संरक्षण गर्नु पर्ने माग राखी ०६२ वैशाख ३० गते राजधानीमा आयोजना गरिएको प्रदर्शनका क्रममा सुरक्षाकर्मीबाट बालबालिका तथा महिलामाथि निर्घात कुटपिट गर्दै करिब चार दर्जन प्रर्दशनकारीलाई गिरफ्तार गएिको घटनाप्रति २५ वटा मानवअधिकार संघसंस्थाको प्रतिनिधित्व गर्दै इन्सेकका अध्यक्ष सुबोधराज प्याकुरेल, हिमराइट्स लाइफलाइनका महासचिव डा. गोपाल कृष्ण सिवाकोटी र शोभाकर बुढाथोकीले ०६२ वैशाख ३१ गते एक विज्ञप्ति जारी गरी विरोध जनाए। विज्ञप्तिमा, मानवअधिकार तथा मानवीय कानुनको सम्मान गरी यस प्रक्रितिका क्रुर तथा अमानवीय कार्य तत्काल बन्द गर्न राज्यसंग आव्हान गर्नुका साथै गिरफ्तारीमा परेका सम्पूर्ण नागरिकहरुको तत्काल बिनाशर्त रिहा गर्न र सुरक्षाकर्मीको निर्घात कुटपिटबाट घाइते हुन पुगेकाहरुको सम्पूर्ण उपचारको व्यवस्था गर्न तथा घटनाका दोषी उपर कारवाही गर्न राज्यसँग जोडदार माग गरिएको थियो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), मानवअधिकार तथा शान्ति समाज, नेपाल मानवअधिकार संगठन लगायतको मानवअधिकार संघसंस्थाले ०६२ कार्तिक ५ गते एक संयुक्त विज्ञप्ति प्रकाशन गरी कान्तिपुर एफ्एम्मा सुरक्षाकर्मीद्वारा मध्यरातमा हस्तक्षेप र लुटपाट गरेको घटनाको घोर भर्त्सना र निन्दा गर्दै सरकारले जनताको

विरोध प्रदर्शनका क्रममा पुरुष प्रहरीद्वारा गिरफ्तार गरिदै महिला राजनीतिक कार्यकर्ता

सूसुचित हुने अधिकार र अभिव्यक्ति स्वतन्त्रतामाथि नाङ्गो प्रहार गरेको बताए।

संरचना/सम्पत्ति क्षति

कामनपा-३५ कोटेश्वरस्थित जनमोर्चा नेपालका केन्द्रीय उपाध्यक्ष लिलामणी पोखेलको घरमा ०६१ माघ ६ गते बुधवार विहान वम बिस्फोट भयो। उक्त वम बिस्फोटबाट पोखेलको घरका झ्यालका शिशा फुट्नुका साथै नजिकका तीन ओटा घरका केही झ्यालका शिशा समेत फुटे। माओवादीका उपत्यका इन्चार्ज प्रभाकिरणले आफ्नो पार्टी पोखेलको घरमा बम विस्फोटन नगराएको जनाए।

कीर्तिपुरस्थित इलाका प्रहरी कार्यालय नजिकै ०६२ जेठ २६ गते मध्यरातमा माओवादीले एक बम विस्फोट गराए। घटनामा कुनै मानवीय क्षति भने नभएको जनायो।

कामनपा-३५ नयाँ वानेश्वरस्थित राष्ट्रिय चिया तथा कफी विकास बोर्डको कार्यालयमा ०६२ जेठ १३ गते राति माओवादीले वम विस्फोट गराए। बम विस्फोटले कार्यालयमा सामान्य क्षति पुग्यो।

माओवादीले तीनाथाना गाविस भवनमा ०६२ भदौ १३ गते विहान वम विस्फोट गराउँदा गाविस भवनमा क्षति पुग्यो। सो दिन विहान ४:३० वजे भएको विस्फोटबाट गाविस भवनमा सामान्य क्षति पुग्यो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

काठमाडौंमा माओवादी पीडित २५ वर्षीय गणबहादुर घर्तीको ०६२ जेठ २० गते मृत्यु भयो। विरोध प्रदर्शनको क्रममा प्रहरीको लाठी प्रहारबाट एक हप्ता पहिले घाइते भएका घर्तीको उपचार नपाएर आफ्नै कोठमा मृत्यु भएको माओवादी पीडित संघले जनायो। घर्तीको लासलाई प्रहरीले पोप्टमार्टमका लागि त्रिवि शिक्षण अस्पताल महाराजगञ्ज लगेको थियो।

२.१६ धादिङ

जनसंख्या : ३३६१४३
साक्षरता प्रतिशत : ४३.४८
महिला साक्षरता प्रतिशत : ३३.८१
क्षेत्रफल (वर्ग कि. मि.) : १९२४.६
गाविस नपा संख्या : ५० ०
निर्वाचन क्षेत्र : ३
विद्यालय : ५३९
क्याम्पस उच्च मा.वि. : १ ७
अस्पताल स्वास्थ्य चौकी : १ ४९
टेलिफोन लाइन : ५५१
मोटर सडक कि. मि. : ४८५
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : ५०
मानव विकास सूचकांक : ०.४१०
प्रति परिवार सदस्य संख्या : ५.८४

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

थाक्रे गाविस–८ का ४९ वर्षीय वेदकुमार रेग्मीलाई माओवादीको आरोपमा ०६१ चैत २९ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। धारामा नुहाउन लागेको बेला सकेट बम हान्न लागेको भन्दै सडकबाट अन्धाधुन्द गोली हानी उनको हत्या गरिएको थियो। कान नसुन्ने र वाक्यविहीन रेग्मीको हत्या भएपछि स्थानीय बासिन्दा लास लिन प्रहरी कार्यालय घेराउ गर्न पुगेका थिए। मृतकका पत्नी र आमा मात्र छन्। उनको परिवारलाई लास दिइएन।

सत्यदेवी गाविसको किन्नाङफेदीमा माओवादी सेक्सन कमाण्डर संगम भनिने कुमार तामाङ ०६२ वैशाख २७ गते सुरक्षाकर्मीको गोलीबाट मारिए। उनलाई पछ्याउँदै गएको गस्ती टोलीले गोली हानेको थियो।

गुम्दी गाविस–८ घर भई पञ्चकन्या प्राविका शिक्षक २८ वर्षीय कृष्णप्रसाद सिम्खडालाई माओवादीको आरोपमा ०६२ वैशाख २७ गते बिहान घरबाट सुरक्षाफौजले गिरफ्तार गरी फुलखर्क गाविसको भन्टारी जंगलमा पुऱ्याई गोली हानी हत्या गरे। सिम्खडाको लास भोलिपल्ट फेला पऱ्यो। उनको शरीरमा चार ठाउँ गोली लागेको थियो। लास खाडल खनी पुरिएको थियो। रेडक्रसका कार्यकर्तासमेत रहेका सिम्खडालाई निशस्त्र अवस्थामा पक्री गाउँ घुमाउँदै जंगलमा लगेर गोली हानी हानिएको थियो। वैशाख ३० गते कर्णेल जगदीश पोखरेलले सिम्खडा मारिएको बताए। मानवअधिकार आयोगले उनको परिवारलाई क्षतिपूर्ति दिन सरकारलाई प्रतिवेदन दिए पनि अझैसम्म क्षतिपूर्ति दिइएको छैन।

माओवादीबाट

बेनीघाट गाविस-१ मलेखु पुलमा नाम नखुलेको एक युवकलाई ०६१ माघ ११ गते बेलुका माओवादीले हत्या गरे। माओवादीले पुल नजिकै हात बाँधेर कुटपिटसमेत गरेको बताइयो। उनलाई गाउँबाट माओवादीले अपहरण गरी ल्याएर खुकुरीले शरीर भरी प्रहार गरेर हत्या गरेका थिए। उनको लास मलेखु पुलनजिक फेला परेको थियो।

जोगीमारा गाविसको मौवा खोलामा सुरक्षाकर्मीलाई लक्षित गरी ०६१ माघ २५ गते माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा तीनजना सैनिकको घटनास्थलमै मृत्यु भयो भने सातजना घाइते भए। घाइतेहरूको उपचार काठमाडौंमा गरियो। सुरक्षा निकायले मृतकहरूको नामावली दिएन।

बेनीघाट गाविस-७ स्थित राजमार्गको जंगलमा ग १ ख १६०७ को माछापुच्छ्रे यातायातको बसमा र एउटा भारतीय ट्रकमा ०६१ फागुन ९ गते माओवादीले गोली प्रहार गर्दा उक्त ट्रक चालक मारिए। बसका चालक विजयकुमार थापा, यात्रु टेकबहादुर विश्वकर्मा र माया विश्वकर्मा घाइते भएकाले काठमाडौंमा उपचार गरियो। बन्दको बेला सवारी साधन चलाएपछि जंगलमा लुकेर बसेका माओवादीले अन्धाधुन्द गोली प्रहार गरेका थिए।

नलाङ गाविस-६ बुडचडकी ४५ वर्षीय सन्तली दर्जी दमाईको दाउरा लिन जाँदा ०६१ फागुन १० गते बेलुका माओवादीले थापेको विद्युतीय धराप विस्फोट हुँदा मृत्यु भयो। बन्दको बेला कालु पाण्डे मार्ग अवरुद्ध पार्दै राखिएको सो बम सडक छेउमा राखिएको अवस्थामा विस्फोट भएको थियो। माओवादीले उक्त सडकको सात किलोमिटर बाटो ढुङ्गा, रुख र बम राखेर अवरुद्ध पारेका थिए।

मापांक गाविस-९ मा एक अपरिचित युवकलाई सुराकीको आरोपमा ०६१ चैत १ गते माओवादीले कुटपिट गरी हत्या गरे। मृतकको परिचय अझै खुल्न सकेको छैन।

जीवनपुर गाविस-६ घर भएका साना किसान

सहकारी संस्था जीवनपुरका अध्यक्ष ४२ वर्षीय माधव सेढाईलाई माओवादीको घेरा तोडेर भाग्न लागेको आरोपमा ०६१ चैत १० गते माओवादीले अपहरण गरी जीवनपुर गाविस-८ को गुर्जुको जंगलमा पुऱ्याई हत्या गरे। अघिल्लो दिन अपहरण गर्न खोज्दा भागेका सेढाईलाई भोलिपल्ट बिहान घरैबाट अपहरण गरी हात खुट्टा बाँधी कुटेर मारेका थिए। उनको लास जंगलमा परेर छाडिएको थियो।

त्रिपुरेश्वर गाविसस्थित खहरेमा सेनाका जमदार मानबहादुर सिंजाली मगरको ०६२ वैशाख २६ गते माओवादीले गराएको विद्युतीय धराप विस्फोटमा परी मृत्यु भयो। सो घटनामा परी एकजना घाइते भएकोमा उपचारका लागि काठमाडौं लगियो। घटनापछि सुरक्षाकर्मीले खहरेबजारका केही मानिसलाई कुटपिट गरी घाइते पारे।

गर्त्तीमा गएको सुरक्षाकर्मीलाई लक्षित गरी ०६२ वैशाख ३० गते मार्पाक गाविस–७ मा माओवादीले एम्बुस विस्फोट गराउँदा एक सुरक्षाकर्मीको मृत्यु भयो। मारिनेको नाम खुलाइएन।

बेनीघाट गाविस पशुपति मन्दिर परिसरमा ०६२ जेठ १३ गते दिउँसो माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा एक सैनिकको घटनास्थलमै मृत्यु भयो भने चार सैनिक गम्भीर घाइते भए। घाइतेहरूको काठमाडौंमा उपचार गरियो। घटनापछि सुरक्षाफौजले धुषा गाविसको चरौंदी बजारका स्थानीय बासिन्दालाई तीन दिनसम्म कुटपिट गरे। कुटपिट गरिनेहरूमा नरेन्द्र पाठक, नवीन सिलवाल, उमेश रुवाली, नारायण सिलवाल, राजु रिजाल, हरिशरण थपलिया, कृष्ण थपलिया, सेतु मियाँ, जमिल मियाँ, तरकारी विक्रेता सानु थापा मगर, रामबाबु श्रेष्ठ, रामचन्द्र थपलिया, दीपक त्रिपाठीलगायत चौबीसजना बढी रहेका थिए।

पाँचथर जिल्ला रानीटार गाविस–६ घर भएका २२ वर्षीय सिपाही दीलिप मुखिया र कञ्चनपुर जिल्ला परासन गाविस–९ घर भएका २३ वर्षीय सुनीलकुमार तामाङले नक्कली माओवादी बनी लुटपाट र अनैतिक कार्य गरेको आरोपमा ०६२ असार ४ गते बिहान उनीहरू सल्यानटार गाविस–८ विशालनगरको कपडा पसलमा कपडा किन्न लागेको बेला माओवादीले उनीहरूलाई गोली हानी हत्या गरे। निशस्त्र अवस्थामा रहेको बेला गोली हानेपछि मुखियाको घटनास्थलमै र तामाङको उपचारको क्रममा मृत्यु भयो। घटनापछि माओवादी पालेको भन्दै सुरक्षाकर्मीले सोही दिनदेखि असार ९ गतेसम्म स्थानीय बासिन्दालाई कुटपिट गर्दा उदय श्रेष्ठ, वीरबहादुर लामा, टेकबहादुर श्रेष्ठ, सीताराम पाण्डे गम्भीर घाइते भए। घाइतेको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा भयो। असार ४ गतेदेखि १३ गतेसम्म बजार पूर्णरूपमा बन्द भयो। ११ गतेसम्म विद्युत बन्द गरियो। मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको टोलीले स्थलगत अध्ययन गरी प्रतिवेदन सार्वजनिक गऱ्यो। असार १३ गतेदेखि २० गतेसम्म बिहान नौबजेदेखि दिउँसो दुईबजेसम्ममात्र पसल खोल्न दिइएको थियो।

मकवानपुर जिल्ला गोगने गाविस-७ दुम्सीखर्क घर भएका एमाले कार्यकर्ता ३० वर्षीय प्रेमबहादुर घलेले प्रतिकार गरेको आरोपमा ०६२ भदौ १० गते दिउँसो माओवादीले उनलाई घरबाट अपहरण गरी लाठी र खुकुरी प्रहार गरी उनको हत्या गरे। अपहरणपछि उनको हात बाँधेर किराञ्चोक गाउँ घुमाएर गाउँलेलाई पनि चेतावनी दिए।

गाउँलेहरूबाट

भुमेस्थान गाविस-२ का माओवादी कार्यकर्ता २५

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	४	१	५	११	१३	१		१४	३	३			३
घाइते					५	१७			१७	१		१		१
गिरफ्तारी यातना										१८	४०	८		४८
बेपत्ता										४	१०			१०
कुटपिट	२	२		२	८	३२	५		३७	५	७७			७७
धम्की					४	७	१		८					
भेला सगठित हुने अधिकार										१	३		१०	१३
जातीय विभेद	१	४		४										
महिलाअधिकार	३		४	४										
बालअधिकार	२		२	२										
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	१	१		१										
अपहरण	१	३		३	१८	१५	४	११६५	११८४					
जम्मा	१४	१४	७	२१	४६	८४	११	११६५	१२६०	३२	१३३	९	१०	१५२



सुरक्षाकर्मीद्वारा गिरफ्तारपछि हत्या गरिएका शिक्षक कृष्णप्रसाद सिम्खडा

वर्षीय हिमाल भनिने किशोरजंग बस्नेतले जनतालाई दुःख दिएको आरोपमा ०६२ साउन ५ गते किराञ्चोक गाविस -२ सल्लेको एउटा घरमा स्थानीय बासिन्दाले उनलाई समातेर सोही गाविस-२ अल्छीढुङ्गा नजिकै हत्या गरे। सशस्त्र समूहले उनलाई समातेर भाला रोपेका थिए। निर्घात कुटपछि आधा घण्टाको उकालो बाटो हिंडाएर बाटोदेखि केही टाढा खोल्सामा लगी गोली, खुकुरी र खुडा प्रहार गरिएको थियो। मानवअधिकार टोलीलाई घटनास्थल देखाइएन।

प्रतिकार समूहबाट

महादेवस्थान गाविस-६ सुन्दरनाङ्गीमा माओवादी कार्यकर्ता कमल ढकाल र कमल भनिने रामकुमार बरालले जनतालाई यातना दिएको आरोपमा ०६२ साउन ६ गते प्रतिकार समूहले कुटपिट गरी उनीहरूको हत्या गरे। उनीहरूलाई गाउँलेले घेरा हाली खुकुरी तथा तरवारले काटेर मारेका थिए। लास त्यहीं पुरिएको थियो। मृतकहरूले ज्यान जोगाउन सकेट बम र गोली हानेका थिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

नीलकण्ठ गाविस–५ की २६ वर्षीय हेमकुमारी भण्डारीलाई ०६२ वैशाख २२ गते प्रहरी असई राजेश शाक्यले गोली हानी घाइते पारे। छिमेकीले घाइतेलाई उपचारको लागि काठमाडौं पुऱ्याए। जिल्ला प्रहरी कार्यालयले पीडकबाट पीडितलाई ३० हजार रूपैयां दिलायो।

माओवादीबाट

त्रिपुरेश्वर गाविस–६ मा सैनिक सन्तबहादुर तामाङ ०६२ वैशाख २६ गते माओवादीले थापेको विद्युतीय धरापमा परी सख्त घाइते भए। उनलाई उपचारको लागि काठमाडौं लगियो। उपचारपछि उनी काममा फर्किए।

त्रिपुरेश्वर गाविस-३ का शिक्षक ४० वर्षीय देवराज धरेल र खहरेस्थित सुरक्षा बेसक्याम्पका एक सुरक्षाकर्मी ०६२ साउन ३२ गते सोही गाविस-६ स्थित सुरक्षा बेसक्याम्प छेउमा माओवादीले एम्बुस विस्फोट गराउँदा घाइते भए।

जेल र बन्दीहरू

जिल्ला कारागार शाखा धादिङमा सर्वस्वसहित आजीवन कारावासको सजाय पाएका जीवनपुर गाविस-९ का ५० वर्षीय बलबहादुर सुनार ०६२ भदौ २६ गतेदेखि एक हप्तासम्म जेल सरुवाको माग राखी आमरण अनसन बसे। आमरण अनसनपछि प्रजिअले जेल सरूवा गर्ने प्रतिवद्धता जनाएपछि मानवअधिकारकर्मीको आग्रहमा अनसन तोडियो। तीन महिनापछि उनको काठमाडौं सरूवा गरियो।

२५ जनाको क्षमता रहेको यस कारागार 'ङ' श्रेणीमा पर्दछ। तर, यहां प्रत्येक वर्ष क्षमताभन्दा बढी बन्दी बस्नु पर्ने बाध्यता छ। यस वर्षको अन्त्यमा ४५ जना बन्दी कष्टपूर्ण रूपमा कारागारमा बस्न बाध्य भए। ०३८ सालमा निमार्ण भएको यो कारागारमा अदालतबाट मुद्दा फैसला भई कैद तोकिएका कर्तव्य ज्यान नौजना, जबरजस्ती करणी छजना, जीउमास्ने बेच्ने एकजना, चोरी छजना, लागु औषध तीनजना र डाँका एकजना गरी एक महिलासहित २६ जना कैदी रहेका छन्। यस वर्ष दुईजना पुरुष रिहा भए।

कैद फैसला नभई पुर्पक्षका लागि थुनामा परेका दुई महिलासहित १९ जना थुनुवाहरू जेल जीवन बिताइरहेका छन् भने आठजना पुरुष थुनुवाहरूलाई मुक्त गरिएको जेलर बलिराम साहले बताए। यस कारागारमा चोरी डाँकाको तीनजना, सवारी ज्यान चारजना, ज्यानमार्ने उद्योग पाँचजना, केही सार्वजनिक अपराधमा एकजना माओवादी आरोपित पाँचजना थुनुवाहरू छन्, जसमध्ये माओवादी आरोपमा दुई महिला रहेका छन्। १० रोपनी क्षेत्रफलमा रहेको कारागारको भवन जीर्ण बनेको छ। भवन ढल्न लागेको भए पनि यसको निर्माणमा कसैको चासो गएको छैन। जेलभित्र ढलको समस्याले दुर्गन्ध फैलिएको छ। क्षमताभन्दा बढी बन्दी भएकोले पुरुष कक्षमा पालैपालो सुत्नु पर्ने स्थिति छ। जेल प्रशासनले यसमा चासो देखाएको छैन।

चिठी-पत्र पठाउन र भित्र लैजान जेलरको स्वीकृति लिनु पर्ने र सरकार नियन्त्रित पत्रिकामात्र पढ्न दिइएको छ। गत वर्ष कैदीलाई ल्याएको चामल किरा लागेको र नराम्रो भएकोले बन्दीहरूले विरोध जनाए।

बेपत्ता / अपहरण

राज्यबाट

थाक्रे गाविस-३ स्थित सेतीदेवी प्राविबाट छजना माओवादीलाई ०६१ फागुन १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। विद्यालयमा लुकेको अवस्थामा सेनाको गस्ती टोलीले

गिरफ्तार गरेको थियो। गिरफ्तार माओवादीको नाम ठेगाना खुल्न सकेको छैन। उनीहरूको अवस्था अज्ञात छ।

जीवनपुर गाविस-१ का ५० वर्षीय कृष्णबहादुर मिजारलाई माओवादीलाई सघाएको आरोपमा ०६१ चैत १७ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी बेपत्ता पारे। गम्तीमा गएको सादा पोशाकका सैनिकहरूले 'केही कुरा गर्नु छ' भनी धार्के बजारबाट उनलाई गाडीमा हालेर लगेका थिए।

माओवादीबाट

किराञ्चोक गाविस-४ का ३५ वर्षीय सेते तामाङलाई सुराकीको आरोपमा कुम्पुर गाविस-६ आदामटारबाट ०६१ पुस १७ गते माओवादीले अपहरण गरे। नातेदारको घरमा बसेको बेला अपहरण गरेपछि कुटपिट गर्दै गाउँमा भकारो सोर्ने, भारी बोक्ने, भाँडा माझ्ने काम लगाउँदै गाउँ घुमाइएको थियो। एक वर्षअघि मकवानपुर जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरी ढकालटार बसेका तामाङ त्यहाँबाट फर्के लगत्तै माओवादीले अपहरण गरेका थिए।

केवलपुर गाविस-२ पण्डितपौवाका ३६ वर्षीय प्रकाश पण्डितलाई माओवादी विरुद्ध लागेको आरोपमा ०६१ पुस २२ गते राति माओवादीले घरबाट अपहरण गरे। माओवादीको समर्थन र माओवादीले लगाएका काम गर्नु पर्ने सर्तमा उनलाई दुई दिनपछि मुक्त गरियो।

मूलपानी गाविस-२ मुर्चोकका ३५ वर्षीय शम्भु थापालाई माओवादीविरुद्ध लागेको आरोपमा ०६१ पुस २९ गते माओवादीले घरबाट अपहरण गरे। पूर्व गाविस अध्यक्ष एवं एमालेको वैकल्पिक जिल्ला कमिटी सदस्य रहेका थापालाई अपहरणपछि ५-६ दिनसम्म माओवादी नेतालाई भेटाउन भनी हिडाएका थिए। उनलाई माघ ७ गते माओवादी विरुद्ध नलाग्ने सर्तमा मुक्त गरियो।

नीलकण्ठ गाविस-६ स्थित महेन्द्र मावि साँखुका शिक्षक र विद्यार्थी गरी दुईसयभन्दा बढीलाई ०६१ पुस २९ गते माओवादीले विद्यालय परिसरबाट अपहरण गरे। उनीहरूलाई माओवादीले शिक्षा नीति सम्बन्धी प्रशिक्षण दिएर सोही दिन बेलुका मुक्त गरे।

कुम्पुर गाविस- ६ स्थित सत्यवती उच्च माविका आठजना शिक्षक र एकसय ७५ जना विद्यार्थीलाई ०६१ माघ ३ गते माओवादीले विद्यालयबाट अपहरण गरी भोलिपल्ट मुक्त गरे। कक्षा ८, ९ र १० का विद्यार्थीलाई विद्यालय परिसरबाट अपहरण गरिएको थियो। माओवादीले उनीहरूलाई जाडो समयमा चिसो डाँडा खाल्टेको गैरीबसामा लगी रातभर सुत्न समेत नदिई राखेका थिए।

रीगाउँ गाविसस्थित नमस्ते एभेन्यु नेपाल अन्तर्गतका

माओवादीद्वारा अपहरणपछि हत्या गरिएका माधव सेढाईं

वडा नं ४ का २६ वर्षीय राजु तामाङ, कोषाध्यक्ष गणेश तामाङ र रीगाउँ मावि सहायता कार्यक्रम हिमालयन हेल्थका को-अर्डिनेटर कुलमान गिरीलाई ०६१ माघ ६ गते माओवादीले अपहरण गरे। अनुमति नलिई कार्यक्रम गरेको आरोप लगाइएको थियो। उनीहरूलाई माघ १३ गते छाडियो।

रीगाउँस्थित रीगाउँ माविमा अध्ययनरत दुईसय ४० जना विद्यार्थी र १० जना शिक्षकलाई ०६१ माघ ७ गते माओवादीले अपहरण गरे। माओवादीले विद्यालय परिसरमा आई सबैलाई आफूहरूसँग जान बाध्य पारेका थिए। अत्यन्तै चिसो सो गाउँमा रातभरी माओवादीले एउटा कोठामा राखी प्रशिक्षण दिएर भोलिपल्ट मुक्त गरे।

कटुन्जे गाविसस्थित महेन्द्रोदय माविका शिक्षक र विद्यार्थीलाई ०६१ माघ ८ गते माओवादीले अपहरण गरे। अपहरित विद्यार्थी र शिक्षक दुईसयजना थिए। उनीहरूलाई माओवादीले विद्यालयबाटै अपहरण गरी भोलिपल्ट छाडेका थिए। माओवादीको जनवादी शिक्षा नीतिसम्बन्धी प्रशिक्षण दिएर छाडिएका शिक्षक तथा विद्यार्थीलाई माओवादी शिक्षाको प्रचार प्रसार गर्न भनियो।

मैदी, चैनपुर र मुरलीभञ्ज्याङ गाविसबाट करिब दुईसय सर्वसाधारण र किसानलाई ०६१ माघ ११ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे। माओवादीले गाउँमा गई "एक घर एक व्यक्ति अनिवार्य सहभागी गराऊ" भनेर अपहरण गरेका थिए। माओवादी शिक्षा नीतिबारे प्रशिक्षण दिएर सबैलाई मुक्त गरियो।

मैदी गाविसस्थित समिभञ्ज्याङ उच्च माविका पाँचजना शिक्षक र ७८ जना विद्यार्थीलाई ०६१ माघ १२ गते बिहान माओवादीले विद्यालय परिसरबाट अपहरण गरी भोलिपल्ट छाडे।

धुवाकोट गाविसस्थित सरस्वती माविका आठजना शिक्षक, तमेरातमाटे निमाविका आठजना शिक्षक, बालविकास प्राविका एकजना शिक्षक, स्वास्थ्य चौकीका पियन र प्राविधिक सहायक एक गरी १९ जनालाई ०६१ माघ १३ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका क्रमश: एमाले जिल्ला सचिव गुरूप्रसाद बुर्लाकोटी, अहेव जनक अधिकारी र पत्रकार फणिन्द्र सिलवाल

अपहरणपछि ५/६ दिनसम्म गाउँभन्दा टाढा पुर्‍याइएको थियो। उनीहरूलाई माओवादीले प्रशिक्षण दिएर मुक्त गरेको थियो।

आगिनचोक गाविस-४ का ४२ वर्षीय भीमबहादुर खाँण र कृष्णवहादुर नेपालीले यौन शोषण गरेको आरोपमा ०६२ असार ६ गते माओवादीले उनीहरूलाई घरवाट अपहरण गरे। उनीहरूलाई श्रम शिविरमा राखिएको बताइयो। खाँणलाई कार्तिकको तेश्रो सातामा छाडियो भने नेपालीलाई पुससम्म छाडिएको छैन।

त्रिपुरेश्वर गाविस-३ घर भएका साना किसान सहकारी संस्थाका व्यवस्थापक ४२ वर्षीय शरदचन्द्र दनै र सोही गाविस-१ का महिला कार्यकर्ता ३२ वर्षीय भगवती धरेलले माओवादीको विरोध गरेको भन्दै ०६२ भदौ २ गते दिउँसो उनीहरूलाई माओवादीले कार्यालयवाटै अपहरण गरे। उनीहरूलाई दुई दिनपछि सो संस्थाको काम नगर्ने सर्तमा सोही गाविसवाट छाडियो।

मार्पाक गाविस-९ घर भई कक्षा ८ मा अध्ययनरत १६ वर्षीय राजवीर गुरुङ र कक्षा १० का १८ वर्षीय काजी तामाङलाई ०६२ कार्तिक १ गते दिउँसो माओवादीले विद्यालयबाट घर फर्कदै गर्दा सोही गाविस-९ नाङ्गेडाँडावाट अपहरण गरे। उनीहरूलाई एक महिनापछि मुक्त गरियो।

रीगाउँ गाविस-४ का ३६ वर्षीय मानवहादुर तामाङलाई माओवादी विरुद्ध लागेको आरोपमा ०६२ मंसिर १० गते माओवादीले अपहरण गरे। हिमालय प्राविका शिक्षकसमेत रहेका तामाङको घरमा ताल्चा लगाइयो। घरमा ताल्चा लगाएपछि वावु ६२ वर्षीय खारवहादुर, आमा ७२ वर्षीय डोल्चन, पत्नी ३६ वर्षीय कान्छीमाया, वहिनी ३२ वर्षीय तीरमाया विस्थापित भए। दुई हप्तासम्म छिमेकीको घरमा वस्दा पनि ताल्चा नखुलेपछि उनीहरू सदरमुकाम विस्थापित भए। अपहरित तामाङ एकहप्तापछि माओवादीवाट भागेर सदरमुकाम आइपुगे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

त्रिपुरेश्वर गाविस–३ स्थित खहरेका व्यापारीहरू गोविन्दकुमार श्रेष्ठ, राजु लामिछाने, कुलमान बज्राचार्य, कुमार कार्की, गोविन्द अधिकारी, भीमसेन खड्का, तुलसीनारायण श्रेष्ठ, सर्वसाधारण राजेश धरेल, हरि सापकोटा र रामवहादुर श्रेष्ठलाई ०६२ वैशाख २६ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा कुटपिट गरे। सोही दिन विहान व्यारेक नजिकै पुलमा माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा एक सैनिकको मृत्यु भएपछि अन्धाधुन्द लाठीचार्ज गरी वजार आतंकित पारियो। घटनापछि व्यापारी गोविन्दकुमार श्रेष्ठ पसल छाडेर विस्थापित भए।

मार्पाक गाविस–७ का ४२ वर्षीय ईश्वर अधिकारीलाई माओवादीलाई सघाएको भन्दै ०६२ वैशाख ३० गते खहरेवाट गस्तीमा गएको सुरक्षाफौजले कुटपिट गरी सख्त घाइते पारे। सोही विहान माओवादीले घर नजिकै विद्युतीय धराप विस्फोट गराएपछि गाउँमा पसेर अन्धाधुन्द कुटपिट गर्ने क्रममा ईश्वर अधिकारीको घरमा "माओवादी चिरफार" नामक पुस्तक भेटिएको जनाइयो। उनको उपचार धादिङ र काठमाडौंमा दुई महिनासम्म गरियो।

साङकोप गाविस–१ घर भई ड्राइभरका रूपमा कार्यरत ४८ वर्षीय टेकवहादुर थापालाई रोकेको गाडी हटाउन नमानेको भन्दै ०६२ जेठ १० गते सादा पोसाकमा रहेका सेनाले निलकण्ठ गाविस–५ पुछारवजारमा कुटपिट गरी घाइते पारे। घटनाको विरोधमा भोलिपल्ट यातायात वन्द गरियो। सेनाले पुन: गल्ती नहुने भनेपछि यातायात सञ्चालनमा आयो।

माओवादीबाट

धुवाँकोट गाविस-४ का ४० वर्षीय सुखपाल तामाङलाई ०६१ पुस १७ गते माओवादीले अपहरण गरी दुवै खुट्टा काटे। ०४६ साल पुस १६ गते साङकोप गाविस-६ का श्यामप्रसाद नेपालको हत्या गरेको आरोपमा तामाङका खुट्टा काटिएको माओवादीले जनाए। पीडितको उपचार काठमाडौंमा गरियो।

जीवनपुर गाविस–१ जिम्वालगाउँ घर भएका पत्रकार सोहम सुवेदीको घरमा ०६२ वैशाख १ गते माओवादीले विस्फोट गराई ज्यानमार्ने धम्की दिए। पत्रकार सुवेदीका दाजु सेनामा कार्यरत रहेकोले माओवादीले धम्की दिएको वताइयो। धम्कीपछि सुवेदीको परिवार विस्थापित भई काठमाडौंमा बसे।

जीवनपुर गाविस-६ निवासी ५० वर्षीय ध्रुवप्रसाद कँडेल, २६ वर्षीय शिक्षक रमेश कँडेल, २२ वर्षीय उमेश कँडेल, २४ वर्षीय सरला कँडेल र २० वर्षीय दिनेश

कँडेललाई ०६२ वैशाख १५ गते सुराकीको आरोपमा माओवादीले ज्यानमार्ने धम्की दिए। धम्कीपछि पीडित परिवार विस्थापित भई काठमाडौंमा बसेर दुई महिनापछि घर फर्किए।

वेनीघाट गाविस-५ का ५० वर्षीय पदमराज कँडेललाई वाटो खन्दा अनुमति नलिएको आरोपमा ०६२ असार ५ गते माओवादीले कुटपिट गरी घाइते पारे। कन्चट र हातमा लाठी र मुक्काले हानेर घाइते पारेपछि पाँचसय रुपैयाँ उपचार खर्च दिई घटना सार्वजनिक नगर्न भनियो। पीडितको उपचार काठमाडौंमा भयो।

किराञ्चोक गाविस-५ का ५० वर्षीय टंकवहादुर तामाङ, ४५ वर्षीय जुठी तामाङ, ४० वर्षीय अन्तरी तामाङ र ८५ वर्षीय जीतबहादुर तामाङलाई बारीको गाँजा नकाटेको आरोपमा ०६२ असार १६ गते दिउँसो दुईजना माओवादीले कुटपिट गरी घाइते वनाए। कुटपिटका कारण टंकबहादुरको खुट्टा भाँचियो। घाइतेहरूको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा गरियो।

किराञ्चोक गाविस-६ पेटारेका ४० वर्षीय सन्यवहादुर थोक्रा, ५५ वर्षीय जयलाल तामाङ, ५८ वर्षीय जीतवहादुर तामाङ, ५५ वर्षीय सोमबहादुर तामाङ, ३० वर्षीय भीमवहादुर तामाङ, ३८ वर्षीय होमबहादुर तामाङ, ८३ वर्षीय दुलीमाया तामाङ, ४५ वर्षीय वमबहादुर तामाङ, ५२ वर्षीय केमुमाया तामाङ, ७० वर्षीय जीवालाल तामाङ, ६९ वर्षीय कान्छीमाया तामाङ, ८५ वर्षीय जीतलाल तामाङ, ५५ वर्षीय टेकवहादुर तामाङ, उनकी पत्नी ३५ वर्षीय वुद्धिमाया तामाङ, २५ वर्षीय जीतवहादुर तामाङ, ४३ वर्षीय प्रतापसिंह तामाङ, १४ वर्षीय वीरवहादुर तामाङ, १२ वर्षीय वीरवहादुर पाखीन, ७५ वर्षीय मानवहादुर पाखिनलाई आफूहरूलाई नसघाएको आरोपमा ०६२ असार ३० गते माओवादीले लाठी, वन्दुकको कुन्दा र वुटले कुटपिट गरी घाइते पारे। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

सुरक्षाकर्मीद्वारा लाठी प्रहार गरी घाइते पारिएका एमाले जिल्ला उपसचिव मनराज कँडेल

किराञ्चोक गाविस- ५ का ५६ वर्षीय शेरवहादुर स्याङतान, २० वर्षीय सूर्यवहादुर थिंङ, २१ वर्षीय घनवहादुर डिमडुङ, ४७ वर्षीय कान्छा थिंङ, ५९ वर्षीय कृष्णवहादुर स्याङतान, ५ वर्षीय वालक वीरवहादुर घलान, ५३ वर्षीय वीरवहादुर घलान र ५७ वर्षीय ठूलीमाया घलानलाई ०६२ असार ३० गते माओवादीले आफ्नो पार्टीलाई सहयोग नगरेको आरोपमा लाठी, वन्दुकको कुन्दा र वुटले कुटपिट गरी घाइते वनाए। घाइतेहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

महादेवस्थान गाविस-९ की ३० वर्षीय ठूलीमाया तामाङलाई ०६२ असार ३० गते खाना नखुवाएको आरोपमा माओवादीले कुटपिट गरी घाइते पारे। तीन दिनकी सुत्केरी तामाङलाई लाठी र वन्दुकको कुन्दाले हानेर गम्भीर घाइते वनाए। घाइतेको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

महादेवस्थान गाविस-६ सुन्दरनाङ्गीका चन्द्रबहादुर लामा, अन्तरे भनिने सूर्यमान तामाङ, सञ्जयबहादुर सिं तामाङ, कूलबहादुर तामाङ र बिन्दू तामाङलाई ०६२ असोज १० गते माओवादीले धम्की दिएका कारण घर छाडेर गजुरी गाविस-१ गजुरीमा विस्थापित भए।

मैदी गाविस-७ स्थित संस्कृत माविका प्रधानाध्यापक भवानीशंकर त्रिपाठीलाई ०६२ मंसिर ४ गते माओवादी विरोधी शिक्षा पढाएको आरोपमा माओवादीले राजीनामा गर्न धम्की दिए।

रीगाउँ गाविस-४ की ७२ वर्षीय डोल्चन तामाङ र ३२ वर्षीय तीरमाया तामाङलाई ०६२ मंसिर १० गते आफूलाई नसघाएको आरोपमा माओवादीले कुटपिट गरी घाइते पारे। पीडितको उपचार काठमाडौंमा गरियो। अहिले उनीहरू गजुरीमा छन्।

वैरेनी गाविस-८ का २८ वर्षीय पूर्णध्वज श्रेष्ठले यौन दुराचार गरेको आरोपमा ०६२ भदौ १ देखि उनलाई माओवादीले सत्यदेवी गाविस नछाड्न धम्की दिए। माओवादीले अनुमति नदिएका कारण पुस महिनासम्म उनी सदरमुकाम जान पाएनन्। सत्यदेवी स्वास्थ्य चौकीका अहेव श्रेष्ठलाई माओवादीले सार्वजनिक कार्यक्रममा सहभागी हुन बन्देज लगाए।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र निष्पक्ष चुनावसमेत)

प्रतिगमनविरुद्ध संघर्षरत सात राजनीतिक दलले निलकण्ठ गाविस-५ धादिङबेंशीमा आयोजना गरेको मशाल जुलुस प्रदर्शनमा नेकाँका सभापति रामनाथ अधिकारी, नेकपा (एमाले) का कृष्ण अर्याल, गोपाल ढकाल, अनेरास्ववियुका नवराज छत्कुलीसहित १३ जनालाई ०६२ कार्तिक ११ गते बेलुका प्रहरीले हस्तक्षेप गरी लाठी प्रहार गर्दा घाइते भए। उनीहरूको स्थानीय स्वास्थ्य केन्द्रमा उपचार गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

धादिङ जिल्ला अदालतमा परेका मुद्दामध्ये १ सय २४ ओटा फैसला हुन बाँकी छन्। जसमध्ये आ.ब

०५९/०६० का दुईओटा, ०६०/०६१ को छओटा, ०६१/०६२ का ५७ ओटा र ०६२/०६३ का ५९ ओटा मुद्दा फैसला हुन बाँकी रहेको अदालतको जनायो। ६८ ओटा देवानी मुद्दामध्ये नौओटा, ३४ वटा सरकारी फौजदारी मुद्दामध्ये सातओटा र ५० ओटा दुनियावादी फौजदारी मुद्दामध्ये १२ ओटा फैसला भई एकसय २४ ओटा मुद्दा फैसला हुन बाँकी रहे।

धादिङ बार एशोसिएसनका अध्यक्ष विश्वराज अधिकारी र सचिव टंककुमार श्रेष्ठका अनुसार, तीन वर्षभन्दा पुराना सातओटा मुद्दाहरू अझै फैसला भएका छैनन्। अदालतले पुराना मुद्दाहरूलाई तामेलीमा राखी नयाँ मुद्दा भनेको छ। बारले यस वर्ष चारओटा मुद्दामा निशुल्क कानुनी सेवा दियो भने सातओटा चालु छन्।

जिल्ला प्रशासन कार्यालय धादिङमा १८ ओटा केही सार्वजनिक अपराधका जाहेरी परेकोमा दुईओटा फैसला भए। यस वर्ष भ्रष्टाचार सम्बन्धी ३० ओटा मुद्दाहरू परे पनि फैसला भएन। गत वर्ष तीन वर्ष पुराना तीनओटा मुद्दा केही सार्वजनिक अपराध अन्तर्गत रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

तरकारी पुऱ्याएर काठमाडौंबाट फर्केको ना. १ ख ५२५२ नम्बरको टकलाई सलाङ गाविस–८ बुङचुङमा ०६२ वैशाख २९ गते बेलुका माओवादीले जलाएर ध्वस्त पारे।

किरान्चोक, पीडा र महादेवस्थान गाविसको माथिल्लो भागमा ०६२ असारदेखि गागा, भैंसी, बोका बिक्री गर्दा ५०-५० रुपैयाँका दरले र कुखुरा बिक्री गर्दा पाँच रुपैयाका दरले माओवादीलाई कर तिर्नु पर्ने व्यवस्था उनीहरूले लागू गरे।

बैरेनी गाविस ९ र ७ मा सञ्चालित वालुवा खानी र बासिङखानीहरू बन्द गर्न ०६२ पुस ८ गते जिल्ला प्रशासन कार्यालयले निर्देशन दियो। यसबाट दुईहजार मजदुरहरू अलपत्र परे।

गजुरी गाविसमा पर्ने केउरिनी प्राथमिक विद्यालयका शिक्षक रमेश हमालको ०६२ साउनसम्मको तलब प्रध्यानाध्यापक दिव्यशोभा भण्डारीले नदिई आफैले लिइन्। शुरुदेखि एक हजार रूपैयाँ पारिश्रमिक पढाउँदै आएका हमालको गत वर्ष माघदेखि तलबमा बृद्धि गराई दुईहजार एकसय रुपैया बनाइएको थियो। प्रअ भण्डारीले तलब दिने बेलामा एक हजार रूपैयाँको मात्र चेक काटी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष नेत्रप्रसाद खनाललाई हस्ताक्षर गराउन लागेपछि विगत सात महिनादेखि पाउनुपर्ने रकम नपाएको खुल्न आएको हो। सरकारी दरबन्दी नभएको उक्त प्राविमा जिल्ला शिक्षा कार्यालयमार्फत प्राप्त ५३ हजार तीनसय रुपैयाँसमेत मैले मिलाएको छु भन्दै अनियमितता गरेको आरोप स्थानीय अभिभावकले लगाए। व्यवस्थापन समितिले गरेको निर्णय प्रअले नमानेपछि व्यवस्थापन समितिका सदस्यहरूले राजीनामा दिई प्रअलाई कारवाहीको माग गरे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

केवलपुर गाविस-४ का २६ वर्षीय कमलप्रसाद ढकालले सघाएको आरोपमा ०६१ पुस २२ गते बिहान सोही गाविस- ७ स्थित वाराही प्राविबाट सुरक्षाकर्मीले माओवादीलाई गिरफ्तार गरी बेपत्ता पारे। शिक्षक ढकाललाई पढाइरहेकै अवस्थामा गिरफ्तार गरी लगिएको थियो। गिरफ्तारपछि उनलाई छ महिनापछि रिहा गरियो।

चैनपुर गाविस-३ का ४८ वर्षीय धर्मराज छत्कुलीले तार बोकेको आरोपमा ०६१ फागुन ६ गते निलकण्ठ गाविस-५ पुछारबजारबाट उनलाई सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

त्रिपुरेश्वर गाविस-३ स्थित अचने उमावि खहरेका शिक्षक बालकृष्ण तिमल्सिना, रवीदत्त सापकोटा, राजलाल राय, हरि अधिकारी, हरिलाल श्रेष्ठ, जयराम सिम्खडा, राजन गौली, वासु सेढाई, कविन्द्र बुर्लाकोटी, सावित्री अधिकारी, देवराज घरेल, बलराम गौली, कृष्ण थापा र हरी ढौनियार, विद्यार्थीहरू गीता सापकोटा, नीता अधिकारी, सुशीलजंग पन्त, कल्पना विष्ट र ऋषि अधिकारीलाई ०६१ चैत १० गते सुरक्षाफौजले विद्यालयमा आगो लगाएको आरोपमा विद्यालयबाट गिरफ्तार गरी खहरे ब्यारेकमा लगेर कुटपिट गरे। उनीहरूलाई चैत १५ गते रिहा गरियो।

बेनीघाट गाविस ७ का सञ्चारकर्मी २३ वर्षीय फणिन्द्र सिलवालले निषेधित क्षेत्रमा हिंडेको आरोपमा ०६१ चैत ३० गते नौबिसे गाविस-७ खानीखोलाबाट प्रहरीले गिरफ्तार गरी एक दिनपछि छाडे। काठमाडौंबाट घरतर्फ जादै गरेका सिलवाललाई खानीखोलास्थित सुरक्षा जाँचचौकीमा गिरफ्तार गरिएको थियो।

जोगीमारा गाविस–२ स्थित जबङ प्राविका शिक्षक २२ वर्षीय बालकृष्ण गुरुङ र बाबु मानकाजी गुरुङलाई माओवादीको आरोपमा ०६१ चैत २० गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। बालकृष्णलाई ०६२ वैशाख २ गते र मानकाजीलाई चैत २४ गते छाडियो। बालकृष्णलाई खुट्टाको हाड फुटाएर फजिमटार ब्यारेकबाट रिहा गरिएको हो। उनको उपचार काठमाडौंमा गरियो।

मूलपानी गाविस-७ स्थित महेन्द्रोदय माविका प्रधानाध्यापक ४५ वर्षीय अमिर अधिकारी, शाकम्बरी

प्राविका शिक्षक ४० वर्षीय रमेश अधिकारी र स्थानीय कृषक ५८ वर्षीय कृष्णवहादुर बुढाथोकीलाई माओवादीलाई सघाएको आरोपमा ०६२ वैशाख ३ गते सुरक्षाफौजले घरबाट गिरफ्तार गरी ब्यारेकमा लगे। उनीहरूलाई एक हप्तापछि तारेखमा रिहा गरियो।

बेनीघाट गाविस-५ लामीडाँडाका ४६ वर्षीय रत्नबहादुर उप्रेतीलाई माओवादीको आरोपमा ०६२ वैशाख १६ गते विहान सुरक्षाकर्मीले बारीमा मकै छरिरहेको ठाउँबाट गिरफ्तार गरे। उनलाई लाठी र बन्दुकको कुन्दाले कुटिएको थियो। वैशाख २९ गते पीडितलाई बैरेनी ब्यारेकबाट तारेखमा छाडियो। अहिले पनि तारेख जारी छ।

मुलपानी गाविस-२ मुर्चोक घर भएका कमलादेवी प्रस्तावित निमाविका शिक्षक ४१ वर्षीय भीमकुमार थापालाई माओवादीको आरोपमा ०६२ वैशाख २७ गते सेनाले घरबाट गिरफ्तार गरे। माओवादी कार्यकर्ता सरला भनिने कल्पना बोगटीलाई पनि गिरफ्तार गरी बेपत्ता पारियो। थापालाई जेठ २ गते आरुघाट ब्यारेकबाट तारेखमा रिहा गरियो।

वसेरी गाविस-५ का गाविस प्राविधिक सहायक ३५ वर्षीय नारायण कार्की र गोरखा आरुचनौटेका महालक्ष्मी माविका प्रध्यानाध्यापक ४० वर्षीय नेत्र श्रेष्ठलाई ०६२ वैशाख २८ गते विद्यालय परिसरमा सुरक्षाकर्मीले कुटपिट गरी घाइते बनाए। कार्कीलाई आँखामा पट्टी बाँधेर कुटपिट गरियो। पीडितको उपचार काठमाडौंमा गरियो।

मार्पाक गाविस-२ का उपस्वास्थ्य चौकीका अहेब २८ वर्षीय जनक अधिकारीलाई माओवादीलाई उपचार गरेको भन्दै ०६२ जेठ २० गते खहरेबाट गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिए। उनलाई दुई दिनपछि ब्यारेकबाट कुटपिट गर्दै सदरमुकाम लगिएपछि जेल चलान गरियो।

वसेरी गाविस-५ घर भएका नेविसंघका धादिङ जिल्ला कोषाध्यक्ष २० वर्षीय कमल अधिकारीलाई ०६२ भदौ २९ गते बेलुका निलकण्ठ गाविस-५ बाट प्रहरीले सरकारको विरोध गरेको आरोपमा गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

गुम्दी गाविस-२ का सूर्यबहादुर गुरुङ र सोही गाविस-१ का बुद्धिमान गुरुङलाई माओवादीको आरोपमा ०६२ भदौ ३१ गते सुरक्षाफौजले निलकण्ठ गाविस-५ धादिङवेशीबाट गिरफ्तार गरी सामुदायिक हलमा बाँधेर कुटपिट गरी चार दिनपछि रिहा गरे।

रीगाउँ गाविस-४ का जंगबहादुर तामाङ, काइसार्की तामाङ र सोही गाविस-८ का मानबहादुर तामाङलाई माओवादीको आरोपमा ०६२ भदौ ३१ गते निलकण्ठ गाविस-५ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरेर २ दिनपछि रिहा गरे।

चैनपुर गाविस-४ घर भएका अनेरास्ववियुका



माओवादीद्वारा जलाइएको गाडी

जिल्ला अध्यक्ष नवराज छत्कुली, गजुरी गाविस-१ घर भएका उपाध्यक्ष माधव भण्डारी, सुनौलाबजार गाविस-७ घर भएका सचिव शैलेन्द्र अधिकारी र खरी गाविस घर भएका सदस्य हरि थापाले ०६२ कार्तिक १० गते राजतन्त्रको विरोधमा गतिविधि गरेको आरोपमा सुरक्षाकर्मीले त्रिपुरेश्वर गाविस-३ अचने उमावि खहरेबाट उनलाई गिरफ्तार गरी एक दिन ब्यारेकमा राखेर रिहा गरे।

ज्यामरुङ गाविस-७ का १८ वर्षीय शिरीश भन्ने सुवास बसेललाई माओवादीको आरोपमा सुरक्षाकर्मीले ०६२ कार्तिक २२ गते त्रिपुरेश्वर गाविस-६ चरङगेखोलाबाट गिरफ्तार गरे। हाल उनी नजरबन्दमा छन्।

नुवाकोट जिल्ला नर्जामण्डप गाविसकी १८ वर्षीय गंगा तामाङ र रोल्पा जिल्ला कोटगाउँ गाविसकी २० वर्षीय शोभा बुढामगरलाई ०६२ कार्तिक २३ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। दुवैजना नजरबन्दमा छन्।

एमाले जिल्ला कमिटी सचिव गुरुप्रसाद बुर्लाकोटी र सदस्य खेम लोहनीलाई ०६२ पुस १६ गते आफूहरूलाई नसोधी कार्यक्रम गरेको भन्दै सुरक्षाकर्मीले त्रिपुरेश्वर गाविसको खहरेबजारबाट गिरफ्तार गरे। उनीहरूलाई एक दिन राखेर रिहा गरियो।

बालअधिकार

जोगीमारा गाविस-१ जबाङका १२ वर्षीय धनबहादुर परियार, १४ वर्षीय गौतम घले र १४ वर्षीय रुदल परियारलाई ०६१ फागुन ९ गते अज्ञात समूहले अपहरण गरी बेपत्ता पारे।

सुनौलाबजार गाविस-७ स्थित कर्णेश्वर माविमा कक्षा ८ मा अध्ययनरत १४ वर्षीय रञ्जीला अधिकारी, राधिका कोइराला, अनिला पोखरेल र कक्षा ९ की अम्बिका बर्देवालाई ०६१ फागुन २८ गते माओवादीले विद्यालयबाट अपहरण गरी लगे। उनीहरूलाई पुससम्म मुक्त गरिएको छैन।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

मैदी गाविस-८ का २० वर्षीय दुई युवतीलाई काम लगाइदिने प्रलोभन देखाई ०६२ मंसिर २० गते सोही गाविस-८ काफलस्वांरका २५ वर्षीय रामबहादुर श्रेष्ठले बिक्री गर्ने प्रयास गरे। गाविस प्राविधिक साहायक कृष्ण गिरीको नेतृत्वमा उनीहरूलाई श्रेष्ठसहित सुनौली जान लागेको बसको टिकटसहित गिरफ्तार गरिएकोमा गाउलेहरूले जुत्ताको माला र मोसो दली गाउँ घुमाए।

दूर्व्यवहार

मकवानपुर जिल्ला दामन गाविस-५ की २१ वर्षीय राधिका विश्वकर्मा बोक्सी भएको आरोपमा ०६२ असार १० गते नौबिसे गविस-७ खानीखोलाकी दुर्गा श्रेष्ठ र अर्की एक महिलाले उनलाई कुटपिट गरी सख्त घाइते पारे। उनको उपचार दामनको स्वास्थ्य केन्द्रमा गरियो।

बेनीघाट गाविस-८ की ४० वर्षीय एक महिलालाई ०६२ असोज २२ गते अज्ञात समूहले बलात्कारपछि हत्या गरे। तर लासलाई पोष्टमार्टम गर्नु पर्दैन भनी त्यसै दिन अन्तिम संस्कार गर्न लगाइयो। रक्सी सेवन गरेर मरेको भन्दै प्रहरीले अन्तिम संस्कार गर्न लगाएको स्थानीय बासिन्दाले बताए।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

सुनौलाबजार गाविसका ३६ वर्षीय नारायण विश्वकर्मा, ४० वर्षीय बीरबहादुर विश्वकर्मा, २० वर्षीय गोपी विश्वकर्मा र ३६ वर्षीय बाबुराम परियारलाई छुवाछुतको आधारमा ०६१ फागुन २ गते स्थानीय ठाडामगरसहित कथित उपल्ला जाति भनिएकाले कुटपिट गरी घाइते पारे। नारायण विश्वकर्मा गम्भीर घाइते भएकाले उनको जिल्ला अस्पतालमा उपचार गरियो। अरु सामान्य घाइते भए। कुटपिट गर्नेहरूमा ३९ वर्षीय मोतिराज ठाडामगर, ५५ वर्षीय यमबहादुर ठाडामगर, १८ वर्षीय जुठे मगर, ४६ वर्षीय बीरबहादुर, ३३ वर्षीय लालबहादुर, ५० वर्षीय पानबहादुर ठाडामगर, ४० वर्षीय कृष्णबहादुर लामिछाने मगर, ३७ वर्षीय लिलाबहादुर लामिछाने मगर लगायत् २० जना थिए। फागुन १० गते जिल्ला अदालतमा मुद्दा दायर गरी फिर्ता लिइसकिएको छ।

विविध

संरचना सम्पत्ति क्षति

बेनीघाट गाविस-७ स्थित पृथ्वी राजमार्गमा १४ ओटा सवारी साधन ०६१ माघ २० गते माओवादीले जलाएर ध्वस्त पारे। माओवादीको बन्दमा गाडी चलाएको आरोपमा मट्टितेल र पेट्रोल छर्केर गाडीमा आगो लगाइएको थियो।

पृथ्वी राजमार्गको नौबिसे-मुग्लिङ सडक खण्ड अन्तर्गत जोगीमारा गाविस-१ जवाडमा १४ ओटा सवारी साधन र ५४ ओटा भैंसी ०६१ फागुन ६ गते राति माओवादीले जलाए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यो जिल्लामा दुर्घटनामा ६५ जनाको मृत्यु भयो।

यसवर्षमा ३० जनाले आत्महत्या गरे। जसमा झुण्डेर नौ महिला र १० पुरुष, विष सेवन गरेर एक महिला र सात पुरुष, खोलामा डुबेर एक महिला र दुई पुरुष मरे।

विगतको अनुगमन

मुरलीभञ्ज्याङ गाविस-२ का १८ वर्षीय रामे कुमाललाई ०५९ चैत १० गते कामबाट घर फर्कन लागेको बेला मलेखु क्षेत्रबाट सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारे। उनलाई ०६१ चैतको अन्तिम साता आरुघाट ब्यारेकमा भाडा माझिरहेको अवस्थामा देखेको स्थानीय बासिन्दाले बताए।

जीवनपुर गाविस-१ छापगाउँकी १६ वर्षीय सरला सापकोटालाई माओवादीको आरोपमा ०६१ असार ३ गते राति घरमा बसिरहेको बेला सादा पोसाकका सुरक्षाकर्मीले पक्राउ गरी बेपत्ता पारे। उनको स्थिति अज्ञात छ।

सेमजोङ गाविस-२ गैराका बेबहादुर तामाङलाई ०६१ असार १९ गते काठमाडौं कीर्तिपुरबाट अज्ञात समूहले अपहरण गरी बेपत्ता पारे। इलाका प्रहरी कार्यालय, कीर्तिपुरमा परिचरको पदमा कार्यरत तामाङ उक्त दिन लुगा धुन ठीक पारेर बाहिर निस्केपछि अपहरणमा परी कुनै खबर प्राप्त नभएको पत्नी सुनीता तामाङले बताइन्।

किराञ्चोक गाविस-५ का ३४ वर्षीय मानबहादुर तामाङ र २९ वर्षीय बालकृष्ण घलानले माओवादीलाई नसघाएको आरोपमा ०६१ मंसिर २९ गते उनलाई माओवादीले घरबाट अपहरण गरी बेपत्ता पारे। छिमेकीको घरमा किरिया बसेको अवस्थामा अपहरण गरेपछि लाठी र बुटले कुटपिट गर्दै जंगलतिर लगेर बेपत्ता पारियो। बालकृष्ण घलानकी पत्नी चमेलीमायाले एकवर्षपछि पनि खोजीदिन आग्रह गरिन्।

लापा गाविस-४ का पूर्व गाविस अध्यक्ष तथा राप्रपाका कार्यकर्ता ४३ वर्षीय सिंहबहादुर तामाङलाई ०६१ मंसिर ८ गते माओवादीले अपहरण गरी लगेकोमा सुराकी नगर्ने सर्तमा ०६१ पुसको अन्तिम साता छाडियो।

दार्खा गाविस-७ का गाविस सचिव ४२ वर्षीय

तेजसिंह तामाङ र सोही गाविस-६ का प्रेमबहादुर तामाङलाई ०६१ पुस ७ गते माओवादीले अपहरण गरी लगेकोमा सुराकी नगर्ने सर्तमा ०६१ माघको पहिले सातामा मुक्त गरे।

त्रिपुरेश्वर गाविस-६ का ४० वर्षीय गोपाल सिम्खडालाई ०६१ पुस ११ गते माओवादीले अपहरण गरी लगेकोमा माओवादी विरुद्ध नलाग्ने सर्तमा ०६१ माघको अन्तिममा साता मुक्त गरे।

सल्यानकोट गाविस-२ का कार्कीगाउँ प्रमाविका प्रधानाध्यापक अर्जुन नगरकोटी र सोही गाविस-२ का अचने उमाविं खहरेका शिक्षक राजलाल रायलाई ०६१ पुस १२ गते माओवादीले अपहरण गरी लगेकोमा सुराकी नगर्ने सर्तमा ०६१ पुसको अन्तिम सातामा मुक्त गरे।

(गतवर्ष बेपत्ता पारिएको भनी पेज नं. ३९३ मा छापिएको अर्जुन लम्साल भन्ने फोटो शिव सापकोटाको हुनु पर्ने गरी सच्याइएको छ।)

२.१७ सिन्धुपाल्चोक



जनसंख्या	: ३२५७७८
साक्षरता प्रतिशत	: ४१
महिला साक्षरता प्रतिशत	: ३०
क्षेत्रफल (वर्ग कि. मि.)	: २५४२
गाविस नपा संख्या	: ७९ ०
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४९६
क्याम्पस उच्च मा.वि.	: ३ ८
अस्पताल स्वास्थ्य चौकी	: १ ७८
टेलिफोन लाइन	: ३००
मोटर सडक (कि. मि.)	: २५०.५
प्रहरी कार्यालय संख्या	: ३
हलाक संख्या	: ७९
मानव विकास सूचकांक	: ०.४१४
प्रति परिवार सरदर संख्या	: ५.३९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

बाह्रबीसे गाविस-४ धार्पाका २६ वर्षीय दिलबहादुर तामाङलाई माओवादीको आरोपमा ०६२ बैशाख १५ गते दिउँसो आफ्नै घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सानोसिरुवारी गाविस-९ घर भएका माओवादी कार्यकर्ता अर्जुन भनिने ४५ वर्षीय झम्कनाथ दुलाललाई माओवादीको आरोपमा ०६२ असोज १४ गते दिउँसो सुरक्षाकर्मीले घोर्थली गाविस-९ मा लखेटेर गोली हानी हत्या गरे।

माओवादीबाट

चौतारा गाविस-८ का ५० वर्षीय शारदाप्रसाद ढुंगेललाई शाही घोषणाको समर्थन गरेको आरोपमा ०६१ चैत १९ गते दिउँसो माओवादीले पसलमा बसिरहेको बेला गोली हानी हत्या गरे।

पिपलडाँडा गाविस-३ का २५ वर्षीय सुरेन्द्र बस्नेत, ४२ वर्षीय शंकर भण्डारी र ४४ वर्षीय श्रीराम चौहानलाई ०६२ बैशाख १४ गते राति माओवादीले आ-आफ्नै घरमा बसिरहेको बेला गाउँ घेरा हाली सुरेन्द्र बस्नेत र शंकर भण्डारीलाई स्थानीय दक्षिणकाली प्राविमा र श्रीराम चौहानलाई घर नजिकै लगी गोली र खुकुरी प्रहार गरी हत्या गरे। उनीहरूलाई प्रतिकार समितिमा बसेको आरोप लगाइयो।

अरनिको राजमार्गअन्तर्गत बाह्रबीसे-तातोपानी खण्डको बीचमा पर्ने गाती गाविसस्थित सखुवाबजारमा ढुंगा र गिटी लिएर आउँदै गरेको ट्रकमाथि ०६२ बैशाख २२ गते माओवादीले बम प्रहार गरी ट्रकका चालक काभ्रे जिल्ला सापिङ गाविस-३ का ३२ वर्षीय राजेन्द्र गिरीको हत्या गरे।

सागाचोक गाविस-७ स्थित हर्रेडाडामा गस्तीमा रहेका सुरक्षाकर्मीमाथि ०६२ मंसिर १७ गते विहान माओवादीले बम प्रहार गर्दा एकजना सुरक्षाकर्मीको घटनास्थलमै मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते
राज्यबाट

क्विण्डे गाविस-७ का ३० वर्षीय रवीन्द्र सापकोटालाई माओवादीको आरोपमा ०६२ असोज १४ गते सुरक्षाकर्मीले घोर्थली गाविस-७ मा गोली हानी घाइते पारे। सुरक्षाकर्मीको घेरा तोडेर भाग्न खोज्दा गोली प्रहार गरिएको सुरक्षास्रोतले बतायो।

माओवादीबाट

चौतारा गाविस-२ स्थित पौवा खोल्सा नजिक माओवादीले राखेको तीनओटा बम बिष्फोट हुँदा ०६१ माघ १५ गते दिउँसो ३ जना सुरक्षाकर्मी घाइते भए। पीडितहरुलाई उपचारको लागि काठमाडौं लगियो।

चौतारा गाविस-५ स्थित मुल सडकमा माओवादीले ०६१ फागुन २६ गते दिउँसो बम प्रहार गरी एक सुरक्षाकर्मीलाई घाइते पारे। पीडितलाई उपचारको लागि काठमाडौं लगियो।

राम्चे गाविसस्थित लामोसाँघु बजारमा तरकारी किन्न हिँडेका एक सुरक्षाकर्मीलाई ०६२ असोज ११ गते माओवादीले गोली हानी घाइते पारे। पीडितलाई उपचारको लागि काठमाडौं लगियो।

साँगाचोक गाविस-७ स्थित हर्रेडाँडामा माओवादीले ०६२ मंसिर १७ गते विहान गस्तीमा रहेका सुरक्षाकर्मीमाथि बम प्रहार गरी पाँच जना सुरक्षाकर्मीलाई घाइते पारे। पीडितहरूलाई उपचारको लागि काठमाडौं लगियो।

जेल र बन्दीहरू

जिल्ला सदरमुकामस्थित चौतारा जेलमा ४४ जना वन्दीहरु रहेका छन्। जसमध्ये आठजना पुरुष पुर्पक्षको लागि र एक महिलासहित ३६ जना कैद तोकिएका वन्दीहरु छन्।

बेपता / अपहरण

माओवादीबाट

सानोसिरुवारी र ईर्खु गाविसका २३ जना किसानलाई नाकावन्दी उल्लंघन गरेको आरोपमा ०६१ फागुन १० गते माओवादीले मेलचौरबाट अपहरण गरे। पीडितलाई सोही दिन राति फुल्पिङकोट गाविसबाट मुक्त गरियो।

पिपलडाँडा गाविस-२ का ४० वर्षीय कृष्णबहादुर बस्नेतलाई नाकावन्दी उल्लंघन गरेको आरोपमा ०६१ फागुन १३ गते दिउँसो काठमाडौं जान लागिरहेको बेला साँगाचोक भञ्ज्याङबाट माओवादीले अपहरण गरी बेपत्ता पारे। पीडित बहालवाला असई थिए।

मांखा गाविस-६ घर भएका एकीकृत ग्रामीण सामुदायिक विकास मञ्च, अँधेरीका अध्यक्ष ३६ वर्षीय भरत पराजुली र सोही संस्थाका तेजबहादुर पराजुलीलाई अनुमति विना गाउँ प्रवेश गरेको आरोपमा ०६१ चैत ७ गते संस्थाको कामको लागि गाती गाविस-९ मान्द्रा पुग्दा माओवादीले अपहरण गरे। पीडितहरूमध्ये तेजबहादुरलाई चैत १० गते र भरतलाई चैत १२ गते घोर्थली गाविसबाट मुक्त गरे।

डिप्रोस-नेपाल, बाह्रबीसेमा कार्यरत भरत गिरीलाई अनुमति विना गाउँ प्रवेश गरेको आरोपमा ०६१ चैत ७ गते संस्थाको काम गर्न जाँदा माओवादीले बाह्रबीसे गाविसको पलाँतीबाट अपहरण गरे। पीडितलाई चैत १० गते घोर्थली गाविसबाट मुक्त गरे।

टुकी संघ थुम्पाखरमा कार्यरत कर्मचारीहरु गंगाबहादुर गुरुङ, खड्गबहादुर श्रेष्ठ र अप्सरा श्रेष्ठलाई अनुमति विना गाउँ प्रवेश गरेको आरोपमा ०६१ चैत ८ गते फुल्पिङकट्टी गाविस जादा माओवादीले अपहरण गरे। पीडितलाई दुई दिनपछि घोर्थली गाविसबाट मुक्त गरे।

जिल्ला वन कार्यालय र नेपाल अष्ट्रेलियन वन परियोजनामा कार्यरत कर्मचारीहरु निर्मल घले, शिव भण्डारी, कृष्णबहादुर श्रेष्ठ, लेखनाथ श्रेष्ठ र सुमन राईलाई ०६२ वैशाख २७ गते राति माओवादीले कार्यालयबाट अपहरण गरे। पीडितलाई सानोसिरुबारी गाविस पुर्‍याई भोलिपल्ट मुक्त गरे।

उर्जा विकास कार्यालयमा कार्यरत नवलपुर गाविस-४ का ३४ वर्षीय गोविन्द कोइराला, लमजुङ जिल्ला

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	३	१	४	४	६			६	२	२			२
घाइते					५	१७	६	४	२७	१	१			१
गिरफ्तारी/यातना										३	५	३		८
कुटपिट					७	७	७	२३	३७	४	६	१	१०	१७
धम्की					१	१			१	१			१	१
जातीय विभेद	१	१		१										
महिलाअधिकार	५		५	५										
बालअधिकार	१		१	१										
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					२	३		२४	२७					
अपहरण					१९	५३	३	२४	८०					
जम्मा	११	४	७	११	३८	८७	१६	७५	१७८	११	१४	४	११	२९

घर भएका २८ वर्षीय कमल अधिकारी, चितवन जिल्ला घर भएका ३० वर्षीय सूरज लामिछाने र २६ वर्षीय शिव पौडेललाई आफ्नो नीति नियमभित्र नरहेको आरोपमा ०६२ जेठ १७ गते गुम्बा गाविस-७ मा लघु जलविद्युत परियोजनाको सर्वे गर्न जाँदा माओवादीले अपहरण गरे। पीडितलाई गुम्बा गाविस-१ गुण्डेगाउँबाट जेठ २० गते बिहान मुक्त गरे।

कुबिण्डे गाविस-९ सिपानीका २५ वर्षीय छविराम सुवेदीलाई गाउँकी विवाहित महिलासँग अवैध यौन सम्पर्क गरेको आरोपमा ०६२ जेठ २१ गते आफ्नै घरमा बसिरहेको वेला माओवादीले अपहरण गरे। पीडितलाई केही समय श्रम शिविरमा राखी मुक्त गरे।

जेठल गाविस-८ का ४३ वर्षीय घ्याम्चो लामालाई सुराकीको आरोपमा ०६२ असार ३ गते माओवादीले आफ्नै घरमा बसिरहेको बेला अपहरण गरे। पीडितलाई दोलखा जिल्लाको सैलुङबाट असार २१ गते मुक्त गरे।

पेट्कु गाविस-६ का ४७ वर्षीय रामबहादुर खड्कालाई व्यक्ति हत्यामा संलग्न भएको आरोपमा ०६२ असार २२ गते माओवादीले घरबाट अपहरण गरे। पीडितलाई दैनिक तारेखमा दुई दिनपछि मुक्त गरिएकोमा असार २७ गते पुनः अपहरण गरी बेपत्ता पारे।

साँगाचोक गाविस-१ का २६ वर्षीय राजेन्द्र खत्रीलाई ०६२ साउन २६ गते माओवादीले बेलुका स्थानीय एक चिया पसलबाट अपहरण गरे। पीडितलाई तीन दिनपछि कदमबासबाट मुक्त गरे।

कुबिण्डे गाविस-८ का ५६ वर्षीय चेतप्रसाद नेपाल, २० वर्षीया लक्ष्मी नेपाल र उनका नौ महिने छोरालाई सुराकी गरेको आरोपमा ०६२ भदौ ९ गते माओवादीले घरमा बसिरहेको बेला अपहरण गरे। माओवादीले पीडितहरुमध्ये नौ महिने बालक र लक्ष्मी नेपाललाई केही दिनपछि र चेतप्रसाद नेपाललाई असोज २२ गते बराम्चे गाविसबाट मुक्त गरे।

स्याउले गाविसस्थित सेतीदेवी माविमा अध्ययनरत २४ जना विद्यार्थीहरुलाई ०६२ भदौ १५ गते दिउँसो माओवादीले विद्यालयबाट अपहरण गरी दुई दिनपछि विद्यालयमा ल्याई मुक्त गरे।

शिखरपुर गाविस-२ का ३० वर्षीय पोडे सुनुवारलाई ०६२ असोज २७ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित केही दिनपछि भागेर काठमाडौं पुगे।

कुबिण्डे गाविस-९ घर भई ललितपुर जिल्ला पुल्चोकस्थित प्रहरीपोष्टमा कार्यरत प्रहरी जवान २९ वर्षीय देवेन्द्र सापकोटालाई ०६२ कार्तिक २६ गते घरतर्फ आउँदै गर्दा माओवादीले साँगाचोक भञ्ज्याङबाट अपहरण गरे। पीडितलाई जलबीरे बजारबाट मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा मंसिर ३ गते मुक्त गरियो।

सर्लाही जिल्ला हरिऔन गाविस घर भई थुम्पाखर गाविसका सचिव ५२ वर्षीय राजेन्द्रप्रसाद सहनीलाई ०६२ मंसिर ७ गते वृद्ध भत्ता वितरण गर्न जाँदा माओवादीले अपहरण गरे। पीडितलाई लिसंखुस्थित बाफलबाट मंसिर २२ गते पत्रकारको रोहबरमा मुक्त गरियो।

टुकी संघ थुम्पाखरमा कार्यरत अप्सरा खड्कालाई ०६२ मंसिर ११ गते माओवादीले टेकानपुरबाट अपहरण गरी पेट्कु गाविसमा पुऱ्याई भोलिपल्ट मुक्त गरे।

कालिका गाविस-२ घर भई टुकी संघमा कार्यरत कृष्णप्रसाद पराजुली र थुम्पाखर गाविस-६ घर भई सोही संस्थामा कार्यरत सुरज पाखिनलाई ०६२ मंसिर १३ गते संस्थाको काम लिएर महेन्द्र कान्ति मावि कालिका पुग्दा माओवादीले अपहरण गरी मंसिर १७ गते लिसंखु गाविसस्थित बाफल भञ्ज्याङबाट मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सानोसिरुबारी गाविस-२ का ३९ वर्षीय नेत्रबहादुर श्रेष्ठलाई माओवादीलाई खान दिएको आरोपमा ०६१ माघ १५ गते सुरक्षाकर्मीले घरमा बसिरहेको बेला लात्ती, मुक्का र बन्दुकको कुन्दाले हानी घाइते पारे।

टेकानपुर गाविस-६ घर भई नेपाल विद्युत प्राधिकरण उत्पादन प्रशाखा ड्यामसाइडका कर्मचारी ४६ वर्षीय कृष्णबहादुर बोहरालाई ०६२ असोज २ गते प्राधिकरणको सुरक्षार्थ खटिएका प्रहरी हवल्दार महेश चौधरीले कार्यालय नजिक कुटपिट गरी घाइते पारे। पीडितले जिल्ला प्रशासन कार्यालय समक्ष कारबाहीको माग गरे। तर पीडकलाई कारबाही भएन।

घोर्थली गाविस-७ का ७५ वर्षीय विर्खबहादुर थामी, २५ वर्षीय कुमार थामी, ५५ वर्षीय चाँचे थामीलाई माओवादी आएको सूचना नगरेको आरोपमा ०६२ असोज १४ गते दिउँसो सुरक्षाकर्मीले निर्घात कुटपिट गरे। पीडितहरुको उपचार भएन।

साँगाचोक गाविस-२ का ६४ वर्षीय बुद्धिबहादुर श्रेष्ठ, सोही ठाउँका ४ वर्षीय सरस्वती श्रेष्ठ, २० वर्षीय रुपलाल श्रेष्ठ, ५५ वर्षीय मानबहादुर श्रेष्ठ, २३ वर्षीय रामबहादुर तामाङ, १९ वर्षीया सुनीता श्रेष्ठ, २० वर्षीय निर्मला श्रेष्ठ, नोर्बु तामाङ, २९ वर्षीय सोममाया तामाङ र १८ वर्षीय वीनामाया तामाङलाई माओवादी नदेखाएको आरोपमा ०६२ मंसिर १७ गते सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

सानोसिरुबारी गाविसका १३ जना किसानलाई ०६१ फागुन ३ गते बिहान दूध र तरकारी बेच्न सदरमुकाम चौतारातर्फ जान लाग्दा माओवादीले नाकाबन्दीको बेवास्ता

गरेको भन्दै कुटपिट गरी मार्ने धम्की दिए।

सानोसिरुवारी गाविस-९ का ३४ वर्षीय मुरलीप्रसाद दुलाललाई ०६१ चैत २४ गते माओवादीले बन्दको बेला दूध बेचेको आरोपमा ४ घन्टा कब्जामा लिई कुटपिट गरे।

फटकसिला गाविस-६ घर भई जाल्पादेवी मावि बाहुनेपाटीका प्रधानाध्यापक ४८ वर्षीय राजेन्द्रप्रसाद भट्टराईलाई ०६२ वैशाख ७ गते माओवादीले आफ्नै घरमा बसिरहेको अवस्थामा चन्दा नदिएको आरोपमा कुटपिट गरी मार्ने धम्की दिए।

पिपलडाँडा गाविस-३ का ७३ वर्षीय दलबहादुर चौहान, चौतारा गाविस-८ घर भई स्थानीय मिलका कामदार २४ वर्षीय चन्द्रबहादुर तामाङ, पिपलडाडा गाविस-३ की अप्सरा बस्नेत, राधिका बस्नेत, धनकुमारी बस्नेत, काली भण्डारी, दीपक बस्नेत, शारदा बस्नेत, सुन्तली चौहान, लोकेश बस्नेत, कुमार भण्डारी, बलराम चौहान र रमेश बस्नेतलाई ०६२ वैशाख १४ गते राति माओवादीले आक्रमण गरी कुटपिट गरी घाइते पारे। पीडितहरुको स्थानीय बासिन्दाको सहयोगमा चौतारा अस्पतालमा उपचार गरियो।

थाडपालधाप गाविस-४ का ४२ वर्षीय मोतीकृष्ण श्रेष्ठ र ३२ वर्षीय राधे श्रेष्ठलाई ०६२ जेठ १४ गते माओवादीले घरमा बसिरहेको बेला गाउमा मान्छे झुण्डिएर मरेको खबर प्रहरीलाई पुर्‍याएको आरोपमा स्थानीय थाडपालधाप प्राविमा लगी बेहोस हुने गरी कुटपिट गरे। पीडितहरुलाई उपचारको लागि कसैले पहल गरे मार्ने धम्की दिइयो।

सिपापोखरे गाविस-२ का २८ वर्षीय हर्कबहादुर तामाङलाई ०६२ जेठ २५ गते घरमा बसिरहेको बेला माओवादीले सुराकी गरेको आरोपमा मार्ने धम्की दिए।

बाँडेगाउ गाविस-४ का ३२ वर्षीय कुमार आचार्य, ३४ वर्षीय लक्ष्मण आचार्य र सोही गाविस-६ का ३० वर्षीय प्रेमबहादुर तामाङलाई सुराकी गरेको आरोपमा ०६२ साउन ६ गते दिउँसो सिपाघाट बजारमा बिजुलीको तार जडान गरिरहेको बेला माओवादी कार्यकर्ता सुरेन्द्र दनुवारले कुटपिट गरी मार्ने धम्की दिए। मानवअधिकारकर्मी, पत्रकार र सामाजिक कार्यकर्ताले घटनाको विरोध गर्दै कडा आपत्ति जनाएपछि माओवादी जिल्ला नेतृत्वले पीडितहरुसँग क्षमायाचना गर्दै आठहजार रुपैयाँ क्षतिपूर्ति दिने र घटनामा संलग्न स्थानीय कार्यकर्तालाई कारवाही गर्ने जनाए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा जम्मा एकसय ३३ ओटा मुद्दा विचाराधीन छन्। जसमध्ये दुनियावादी देवानी ६९, फौजदारी ३४, सरकारवादी २० र संक्षिप्त कार्यविधि अन्तर्गतको फौजदारी १३ ओटा छन्। यस वर्ष ५४ ओटा मुद्दा दर्ता भए भने पाँच नयाँ र ३३ पुराना गरी ३८ ओटा मुद्दा फर्स्यौट भए। दुई वर्ष पुराना पाचओटा मुद्दा विचाराधीन रहेको जिल्ला अदालतको रेकर्डले देखायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

घुम्थाङ गाविस-७ का २२ वर्षीय रामकुमार मगरलाई ०६२ साउन २८ गते गाउँका कथित उपल्ला जातिहरुले विश्वकर्माकी छोरी विवाह गर्न खोजेको आरोपमा आफ्नो बाबुको काजकिरिया गर्न दिएनन्।

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि आर्थिक अधिकार

बाडेगाउं गाविस-४ का बुद्धिप्रसाद नेपाल, रुद्रप्रसाद आचार्य र विश्वनाथ आचार्यका परिवारले विगत २२ वर्ष अघिदेखि मोहीको रुपमा खनजोत गर्दै आएका सोही ठाउँका रामबहादुर पौडेलको जग्गा २०६२ मंसिर १७ गते माओवादीले उनीहरुले जग्गा नपाउने निर्णय सुनाए। माओवादीको निर्णयपछि सरकारी नियम अनुसारको आधा जमिन पाउनबाट पीडित किसान बञ्चित भए।

विस्थापित

पाङताङ गाविस-७ स्थित घुंगामा ०६२ साउन २३ गते माओवादीले छोरा सेनामा जागिरे भएको आरोपमा तीन घरमा तालाबन्दी गरी घर निकाला गरे। तीन परिवारका २४ जना सदरमुकाम चौतारामा विस्थापित भई रहेकोमा मानवअधिकारकर्मी र सञ्चारकर्मीहरुको पहलपछि भदौ २८ गते पीडितका घरको ताला खोलियो र पुनर्स्थापित भए।

भोटेचौर गाविस-१ का भरत चौलागाईं र नवराज चौलागाईंलाई ०६२ मंसिर १५ गतेदेखि जर्सिङ पौवा सैनिक व्यारेकमा दैनिक तारेख लिन जानुपर्ने सुरक्षाकर्मीले बताएपछि पीडितहरु घर छाडी काठमाडौं गए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

ठूलोसिरुवारी गाविसका सिन्धु भनिने ३३ वर्षीय दिनेश दुलाल, जलबिरे गाविसकी रोशनी भनिने १९ वर्षीय भगवती श्रेष्ठ, बलासे गाविसकी सोमु भनिने १५ वर्षीय सोममाया तामाङ, भीमटार गाविसकी प्रतिमा भनिने १७ वर्षीय विमला अधिकारी र नवलपरका अग्रीम भनिने प्रेमबहादुर तामाङलाई ०६२ वैशाख ३ गते दिउँसो पिपलडाडा गाविस-३ का स्थानीय गाउँलेहरुले जनविरोधी काम गरेको भन्दै पिपलडाडा गाविस-३ बाट समातेर हात बाँधी प्रशासनलाई बुझाए। उनीहरुलाई प्रशासनले हात हतियार खरखजाना मुद्दा लगाई छ महिने नजरबन्दको पूर्जी दिई २५ दिन चौतारा प्रहरी हिरासतमा राखी काठमाडौं चलान गरे।

साँगाचोक गाविस-८ का २४ वर्षीय विमल गिरी र भीमटार गाविस-९ का ज्ञानबहादुर माझीलाई ०६२ असार २१ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा दोलालघाट बजारबाट गिरफ्तार गरी पाँचखाल सैनिक ब्यारेक लगे। पीडितलाई धुलिखेल जेलमा राखिएको पीडितका परिवारले बताए।

भोटेचौर गाविस-१ का केशव चौलागाईंलाई ०६२ मंसिर ७ गते सुरक्षाकर्मीले घरैबाट माओवादीको आरोपमा गिरफ्तार गरी दैनिक तारेखमा भोलिपल्ट रिहा गरे।

बालअधिकार

कुन्चोक गाविस-४ घर भई महेन्द्र मावि कुन्चोकमा अध्ययनरत १४ वर्षीय जीवन बाँनिया, १४ वर्षीय विकास गिरी र सिम्पालकाभ्रे गाविस घर भई सोही विद्यालयमा अध्ययनरत १४ वर्षीय भीम अधिकारीलाई ०६२ मंसिर १३ गते दिउँसो माओवादीले विद्यालयबाट अपहरण गरे। पीडितहरुलाई मंसिर २४ गते साँगाचोकबाट आफन्तको जिम्मा लगाई मुक्त गरियो।

महिला अधिकार

दुर्व्यवहार

बाँडेगाउँ गाविस-२ की ३५ वर्षीय दुर्गा कोइरालालाई २०६२ असोज ५ गते स्थानीय गाउँलेहरुले युरिया मल खुवाएर चार भैंसी मारेको आरोपमा सामाजिक बहिष्कार गरे। गाउँलेहरुले सामाजिक बहिष्कार गरेपछि पीडितले भोलिपल्ट ईन्द्रावती खोलामा हाम्फालेर आत्महत्या गरिन्।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

साँगाचोक गाविसकी २८ वर्षीय सीता गिरीलाई ०६२ मंसिर १२ गते आफ्नै पति शंकर गिरीले दलितको घरमा चिया खाएको आरोपमा कुटपिट गरी घर निकाला गरे। पीडित माईतीघर कुन्चोकमा बसेकी छिन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जिल्लामा सामाजिक क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुको कार्यक्रममा राज्य र माओवादीले बाधा व्यवधान उत्पन्न गराएको भन्दै गैरसरकारी संस्था महासंघ-नेपाल, जिल्ला शाखा सिन्धुपाल्चोकले ०६१ पुस १३ गते प्रेस विज्ञप्तिमार्फत् सामाजिक संघसंस्थाहरुको कामलाई बाधा अवरोध नपुर्‍याउन युद्धरत दुवै पक्षलाई अनुरोध गर्‍यो।

जनमोर्चा नेपालका अध्यक्ष टंकप्रसाद ढुङ्गेलले ०६१ माघ ३ गते प्रेस विज्ञप्ति जारी गरी ठोकर्पा गाविसका आफ्ना चारजना कार्यकर्ताहरुलाई सुरक्षाकर्मीले विनाकारण गिरफ्तार गरेको भन्दै रिहाईको माग गरे।

बाँडेगाउँ गाविस-१ सल्लेका राजेश मल्ल ठकुरीले आफ्नो घरमा माओवादीले बम राखी तालाबन्दी गरेकोमा पुर्नस्थापनामा सहयोग पुर्‍याउन मानवअधिकारकर्मीहरुलाई ०६१ माघ ५ गते अपिल गरे।

माओवादी दबावका कारण जिल्लाका ७९ गाविसका सचिवहरुले सामुहिक राजिनामा गरेपछि जनतासँग प्रत्यक्ष सरोकार राख्ने सम्पूर्ण कामहरु ठप्प भएको भन्दै मानवअधिकारकर्मी, नागरिक समाजका अगुवा व्यक्तिहरुले ०६१ माघ ६ गते प्रेस विज्ञप्तिमार्फत माओवादी नेतृत्वसमक्ष गाविस सचिवहरुको राजिनामा माग गर्नुको कारण माग गरे।

माओवादीले पिपलडाँडा गाविस-३ लाई ०६२ वैशाख १४ गते राति वरिपरिबाट घेराउ गरी तीन स्थानीय बासिन्दाको हत्या, बालबालिका र महिलासहित १७ जनालाई घाइते, घरहरु विस्फोट र आगो लगाई पूरै गाउँलाई त्रसित र भयभित बनाएको भन्दै जिल्लाका ११ जना मानवअधिकारकर्मीहरुले ०६२ वैशाख १६ गते संयुक्त प्रेस विज्ञप्ति जारी गरी घटनाको विरोध गरे।

पिपलडाँडामा ०६२ वैशाख १४ गते राति माओवादीद्वारा गरिएको आक्रमण पश्चात त्यस गाउँबाट विस्थापित भएकाले आ-आफ्नै घरमा फर्काउनका लागि छ ओटा मानवअधिकार संस्थाहरुले अनुकूल वातावरण तयार गर्न र आगामी दिनमा यस्ता घटना नदोहोरिने प्रतिबद्धता जाहेर गर्न ०६२ वैशाख २७ गते माओवादीलाई अपिलमार्फत अनुरोध गरे।

माओवादीले महेन्द्र मावि कुन्चोकमा पढिरहेका तीन जना विद्यार्थीलाई विद्यालयबाटै र थुम्पाखर गाविस सचिवलाई गाविसबाटै अपहरण गरी लगेको जनाउँदै राष्ट्रिय मानव अधिकार तथा सामाजिक न्याय मञ्चका जिल्ला अध्यक्ष कृष्णराज श्रेष्ठ र इन्सेक जिल्ला प्रतिनिधि नातीबाबु धितालले ०६२ मंसिर १८ गते संयुक्त प्रेस विज्ञप्ति जारी गर्दै घटनाको विरोध गरे।

संरचना क्षति

अरनिको राजमार्ग अन्तर्गत जलवीरे-काठमाडौं खण्डमा सञ्चालन हुने बा. अ ख ६५६७ नम्बरको यात्रुवाहक बस ०६१ चैत ११ गते दिउँसो माओवादीले जलवीरे बजारमा आगो लगाए।

पिपलडाँडा गाविस-३ की बालकुमारी चौहानको पक्की घर र सोही ठाउँका भक्तबहादुर बस्नेतको पक्की घर तथा मिलमा ०६२ वैशाख १४ गते राति माओवादीले बम विस्फोट गराउनुका साथै आगो लगाई क्षति पुर्‍याए।

जिल्ला वन कार्यालय र नेपाल अष्ट्रेलियन वन परियोजनामा ०६२ वैशाख २७ गते माओवादीले आक्रमण गरी छ कम्प्युटर र एक फ्याक्स लुटेर लानुका साथै कार्यालयमा आगो लगाई क्षति पुर्‍याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा झुण्डिएर ११ जना र नदीमा डुबेर पाँच जनाले आत्महत्या गरे भने एक जनाले शरीरमा आफैंले आगो लगाई आत्महत्या गरे। ११ जनाको सवारी दुर्घटनामा परी, दुईजनाको करेन्ट लागेर, दुईजना पहिरोमा परेर र तीनजना भीरबाट लडेर मृत्यु भयो।

विगतको अनुगमन

सानोसिरुवारी गाविस-९ का १९ वर्षीय भरत दुलाल र बाँसवारी गाविसका ज्ञानबहादुर सापकोटालाई २०६१ असार ३० गते सुरक्षाकर्मीले नवलपुर गाविसबाट गिरफ्तार गरी ०६१ माघदेखि पुर्नस्थापना केन्द्र ढकालटारमा राखिएको थाहा भएको पीडितका परिवारले बताए।

२.१८ नुवाकोट



जनसंख्या	: ३०७६३१
साक्षरता प्रतिशत	: ५१.७
महिला साक्षरता प्रतिशत	: ४०.७
क्षेत्रफल (वर्ग कि. मि.)	: ११२१
गाविस तथा नपा संख्या	: ६१/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५०१
क्याम्पस/ उच्च मा.वि.	: १/६
अस्पताल/ स्वास्थ्य चौकी	: १/६६
टेलिफोन लाइन	: ११००
मोटर सडक (कि. मि.)	: २३८
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ६४
मानव विकास सूचकांक	: ०.४६३
प्रति परिवार सरदर संख्या	: ५.३९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

चौघडा गाविस-३ घर भएका माओवादी कार्यकर्ता दीपेश भनिने सुमन तामाङ्गलाई ०६१ पुस २१ गते थानसिङ गाविसमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

सुन्दरादेवी गाविस-७ का माओवादी कार्यकर्ता प्रभात भनिने कुमार पाण्डेलाई ०६१ चैत ६ गते सुरक्षाकर्मीसँग जम्काभेट भई भाग्न खोज्दा सल्मे गाविसमा सुरक्षकर्मीले गोली हानी हत्या गरे।

कुमरी गाविसका माओवादी कार्यकर्ता दावा भनिने रामबहादुर तामाङ्गलाई ०६२ जेठ २० गते सुरक्षाकर्मीसँग जम्काभेट हुँदा भाग्ने क्रममा बेलकोट गाविसमा सुरक्षकर्मीले गोली हानी हत्या गरे।

लिखु गाविसका माओवादी कार्यकर्ता अविष्कार भनिने रामकुमार भण्डारीको ०६२ असार ५ गते सुरक्षा कारवाहीमा भाल्चे गाविसमा मृत्यु भयो।

रातमाटे गाविस-२ घर भएका माओवादी गाउँ जनसरकार प्रमुख विवेक भनिने रमेश लामिछानेलाई ०६२ असार ९ गते सुरक्षाकर्मीले फिकुरी गाविस-४ को सातदोबाटोमा गोली हानी हत्या गरे।

गाउँखर्क गाविस-९ लिखर्कमा माओवादी कार्यकर्ता वसन्त भनिने नवीन पुडासैनीलाई ०६२ साउन ६ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

बागेश्वरी गाविस-६ घर भएका सैनिक जवान २० वर्षीय उत्तम अधिकारीलाई ०६१ चैत ९ गते माओवादीले खुकुरी प्रहार गरी हत्या गरे। पीडितलाई ०६१ चैत ८ गते घरैबाट अपहरण गरी लगेका थिए। पीडित श्रीजंग गण अन्तर्गत मूलपानी चेकपोष्टमा कार्यरत थिए।

तारादल गण देवीघाटमा कार्यरत सैनिक जवान गणेश कार्की खगतीटार इलाकामा ०६२ जेठ ५ गते माओवादीले थापेको विद्युतीय धरापमा परे। उनको उपचार गर्न काठमाडौं लैजादै गर्दा बाटामै मृत्यु भयो ।

बालकुमारी गाविस-३ घर भई सोही गाविस-८ मा अवस्थित धौलागिरी प्राविका शिक्षक हिराबहादुर थापालाई ०६२ असार ३ गते माओवादीले गाउँखर्क गाविस-६ बोलगाउँमा कुटपिट तथा खुकुरी प्रहार गरी हत्या गरे। सुराकी तथा चेलीबेटी बेचबिखन गरेको आरोप लगाई पीडितलाई असार १ गते माओवादीले आफ्नै घरबाट अपहरण गरेका थिए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

नुवाकोट आदर्श बहुमुखी क्याम्पसमा विद्यार्थीहरूले पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि विरुद्ध मशाल जुलुस प्रदर्शन गरिरहेको अवस्थामा ०६२ भदौ १३ गते प्रहरीले जुलुसमाथि अन्धाधुन्ध गोली चलाउँदा बाटोमा हिँडिरहेका विदुर नपा-४ का सर्वसाधारण ३५ वर्षीय बद्री तिवारी र ४० वर्षीय अर्जुन कोइराला गोली लागी घाइते भए। क्याम्पसभित्र प्रहरी प्रवेश गरी अन्धाधुन्ध लाठी चार्ज गर्दा विद्यार्थीहरू नवीन प्रधान, विष्णु कोइराला, विष्णु चित्रकार, द्वारिकाचन्द्र खनाल, अन्जान श्रेष्ठ, पुरुषोत्तम लामिछाने गम्भीर घाइते भए। सोही घटनाबाट विद्यार्थी श्यामबहादुर विश्वकर्मालाई गिरफ्तार गरिएकोमा बेलुका रिहा गरियो। घटनामा प्रहरी जवानहरू महरराय यादव र दिलिप राई घाइते भए। घटनाको राष्ट्रिय मानवअधिकार आयोग र स्थानीय मानवअधिकारकर्मीहरूको टोलीले अनुसन्धान गऱ्यो।

जेल र बन्दीहरू

नुवाकोट जिल्लाको विदुर नपा-२ नुवाकोटमा रहेको कारागार ०५९ सालदेखि विदुर नपा-३ स्थित जिल्ला सहकारी संघको घर भाडा लिई सारिएको छ। जेलमा माओवादी आरोपमा एक महिला सहित आठजना, जीउ मास्ने बेच्ने आरोपमा चारजना, प्रहरी ऐनमा एकजना, चोरीमा एकजना, डकैतीमा चारजना, जबरजस्ती करणीमा एकजना, कर्तव्य ज्यानमा दुई महिला सहित आठजना गरी महिला तीन र पुरुष २४ जना छन्। कैद तोकेका एकमहिला सहित १६ जना र कैद नतोकेका दुईमहिला सहित ११ जना रहेका छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

गणेशस्थान गाविस-४ माछापोखरीका ६३ वर्षीय नवलसिंह बस्नेतलाई ०६१ माघ १२ गते माओवादीले आफ्नै घरबाट अपहरण गरेका थिए। अपहरणपछि माघ १४ गते रसुवा जिल्लाको पैरीबेसीमा उनको लास फेला पऱ्यो। पीडितका छोराहरू सैनिक सेवामा भएको कारण माओवादीले अपहरण गरेको बताइयो। माओवादीले पीडित चिप्लिएर लड्दा मृत्यु भएको विज्ञप्तिमा जनायो।

देउराली गाविसस्थित भूमिदेवी माविका एकसय ५० जना र बुङताङ गाविसस्थित सरस्वती माविका दुईसय समेत गरी तीनसय ५० जना विद्यार्थीहरूलाई ०६१ फागुन १३ गते माओवादीले अपहरण गरी आफ्नो कार्यक्रममा सहभागी गराए। अपहरितलाई माओवादीले सोही दिन किउताङ गाविसबाट मुक्त गरेका थिए।

बेलकोट गाविस-३ का ३५ वर्षीय राजु पन्त र ३३ वर्षीय उद्धव पन्तलाई ०६१ फागुन १५ गते राति माओवादीले अपहरण गरे। पीडितहरूलाई आफ्नै घरबाट माओवादीले अपहरण गरी तीनदिनपछि बेलकोट गाविस-६ बाट मुक्त गरे।

साल्मे गाविस-९ का सर्वसाधारण केरसिङ तामाङ, सोही गाविस-४ का सर्वसाधारण मइन तामाङ, मान्जी तामाङलाई ०६२ बैशाख ८ गते माओवादीले अपहरण गरे। माओवादीले पीडितहरूलाई केही सोधपुछ गर्नु छ भनी अपहरण गरेका थिए। अपहरितलाई पाँच दिनपछि सोही गाविसबाट मुक्त गरियो।

गणेशस्थान गाविस-४ का गणेश माविका प्रधानाध्यापक ४२ वर्षीय पुरेन्द्र ढकाललाई ०६२ बैशाख २५ गते घरबाटै माओवादीले अपहरण गरे। पीडितलाई सात दिनपछि घरमै ल्याई मुक्त गरे।

सूर्यमती गाविस-२ का ४३ वर्षीय कृष्णप्रसाद थपलियालाई ०६२ असार १ गते सोही ठाउँबाट माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे। पीडित सूर्यमती थानसिंह गोरेटो बाटो निर्माण समितिका अध्यक्ष रहेका थिए। पीडितलाई गोरेटो बाटो निर्माण सम्बन्धी केही बुझ्नु छ भनी अपहरण गरिएको पीडितले बताए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्य पक्षबाट पीडित			
	अन्यबाट			माओवादीबाट							
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या				३	३		३	६	६		६
घाइते	२	४	४					१	८		८
गिरफ्तारी / यातना								५	४	१	५
भेला / संगठित हुने अधिकार								२	७		७
अपहरण				६	८	३५०	३५८				
जम्मा	२	४	४	९	११	३५०	३६१	१४	२५	१	२६

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

विदुर नपा-४ स्थित नुवाकोट आदर्श बहुमुखी क्याम्पसबाट शाही घोषणाको विरोधमा जुलुस निकालेको आरोपमा सो क्याम्पसका स्वतन्त्र विद्यार्थी युनियनका सचिव अर्जुन रिमाल र विद्यार्थी मधु घिमिरेलाई ०६१ चैत ९ गते प्रहरीले क्याम्पस गेटबाट गिरफ्तार गरे। घिमिरेलाई सोही दिन र रिमाललाई ०६१ चैत १० गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

नेपाल पत्रकार महासंघ नुवाकोट शाखाले ५० औं स्थापना दिवसको अवसरमा प्रेस स्वतन्त्रताको माग गर्दै ०६१ चैत १६ गते निकालेको जुलुसमा प्रहरीले हस्तक्षेप गरी पत्रकार महासंघ नुवाकोटका सभापति विश्वमित्र खनाल, उपसभापति प्रकाशकुमार अधिकारी, सचिव ध्रुवकुमार रावल, पत्रकार लक्ष्मण श्रेष्ठ, स्थानीय संवाददाता कपिलदेव खनाललाई गिरफ्तार गर्‍यो। गिरफ्तार गरिएकाहरूलाई सोही दिन रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यसवर्ष अघिल्लो वर्षदेखि जिम्मेवारी सरी आएको सरकारवादी आठओटा, फौजदारी र संक्षिप्त फौजदारी छओटा र देवानी ३५ ओटा मुद्दा रहेका छन् र यस वर्ष सरकारवादी १०, फौजदारी र संक्षिप्त फौजदारी २५ र देवानी २७ ओटा गरी जम्मा एकसय ११ मुद्दा रहेकोमा सरकारवादी एक, फौजदारी र संक्षिप्त फौजदारी दुई र देवानी तीनओटा गरी जम्मा छओटा मुद्दा फैसला भए। अब सरकारवादी १७, फौजदारी र संक्षिप्त फौजदारी २९ र देवानी ५९ गरी जम्मा एकसय पाँच मुद्दाको फैसला हुन बाकी छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

थानापती गाविस-५ स्थित जनज्ञान माध्यमिक विद्यालयकी शिक्षिका ४५ वर्षीय सुशीला थापालाई ०६१ पुस २४ गते दिउँसो विदुर नपा-३ विदुरबाट सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। पीडितलाई ०६१ माघ ८ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

नेपाल शिक्षक युनियन नुवाकोटका अध्यक्ष रामेश्वर उप्रेतीलाई विदुर नपा-५, माझीटारस्थित च्वाडी मार्फतबाट प्रहरीले ०६२ असार ३ गते गिरफ्तार गरी ०६२ असार ६ गते रिहा गरे। पीडितलाई शिक्षा सेवा आयोगको परीक्षा बहिष्कार गरेका कारण गिरफ्तार गरिएको पीडितले बताए।

गोम्याङ गाविस-८ स्थित नील सरस्वती प्राथमिक विद्यालयका प्रधानाध्यापक ३४ वर्षीय ललितमान तामाङलाई ०६२ भदौ १७ गते बिहान घरबाट सुरक्षाकर्मीले कुटपिट गरी गिरफ्तार गरे। पीडितलाई ०६२ भदौ १८ गते नागदल गण देवीघाटबाट रिहा गरे।

बेलकोट गाविस-६ घर भई स्थानीय कालिका प्राथमिक विद्यालयका प्रधानध्यापक ४० वर्षीय रामचन्द्र गजुरेललाई सेनाले ०६२ भदौ ५ गते घरबाटै गिरफ्तार गरी नागदल गण देवीघाटबाट ०६२ भदौ ७ गते तारेखमा रिहा गरे।

विविध

संरचना क्षति

ककनी गाविस-३ स्थित जाइटी नेपालको कार्यालयमा ०६१ माघ १६ गते माओवादीले बम विस्फोट गराई कार्यालय भवनमा सामान्य क्षति पुर्‍याए। सो संस्थाले तरकारी तथा फलफूलका बिरुवा उत्पादन गर्ने र गाउलेलाई तालिम दिने गरेको थियो। बम विस्फोटपछि जाइटी नेपालले सो कार्यक्रम बन्द गर्‍यो।

विदुर नपा-५ रातटीस्थित नेपाल विद्युत प्राधिकरणको ट्रान्सफर्मरमा ०६२ वैशाख ३० गते राति माओवादीले प्रेसरकुकर बम विस्फोट गराई क्षति पुर्‍याए। उक्त ट्रान्सफर्मरमा ०६२ असार ४ गते पुनः शक्तिशाली प्रेसरकुकर बम विस्फोट गराई क्षति पुर्‍याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष पाँच महिला सहित आठजनाले झुण्डिएर, तीन महिला सहित चारजनाले विष सेवन र खोलामा हाम फालेर १ पुरुषले आत्महत्या गरे। यस वर्ष पहिरोमा पाँचजना, नहरमा डुबी एकजना, खोलाले बगाएर दुईजना, सडक दुर्घटनामा दुईजना र सैनिक तालिमको क्रममा एकजनाको मृत्यु भएको छ।

२.१९ रसुवा



जनसंख्या : ४९,३०१
साक्षरता प्रतिशत : ३४
महिला साक्षरता प्रतिशत : २४
क्षेत्रफल (वर्ग कि. मि.) : १५१४
गाविस/नपा संख्या : १८/०
निर्वाचन क्षेत्र : १
विद्यालय : १०७
क्याम्पस/उच्च मा.वि. : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१९
टेलिफोन लाइन : भिस्याट ६
मोटर सडक (कि. मि.) : १७०
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : १८
मानव विकास सूचकांक : ०.३९४
प्रति परिवार सरदर संख्या : ५.५६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

धैबुङ तथा भोर्ले गाविसमा पर्ने सीमानाको जीवजीवेमा सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा तीनजना माओवादीको मृत्यु भएको सुरक्षा निकायले बताए। प्रत्यक्षदर्शी तथा माओवादीले उक्त घटना दोहोरो भिडन्त नभई माओवादी कार्यकर्ता दीपक ठकुरी "विवश", गणेश मगर "नविन", सुनिल तामाङ "असिम" लाई ०६२ कार्तिक २२ गते भोर्ले गाविस-१ जीवजीवेको एक पसलमा खाजा खाइरहेको अवस्थामा सुरक्षाकर्मीले नियन्त्रणमा लिएर गोली हानी हत्या गरेको बताए।

जेल र बन्दीहरू

१५ जना बन्दी क्षमता रहेको रसुवाको कारागार भवन जीर्ण बनेको छ। यस कारागारमा विभिन्न अभियोगमा कैद तोकिएका एक महिलासहित ११ जना र कैद नतोकिएका आठजना गरी जम्मा १९ जना बन्दी जीवन बिताइरहेका छन्। दैनिक ३० रुपैयाँ र सातसय ग्राम चामल बन्दीहरूलाई दिने व्यवस्था छ। सीपमूलक तालिम र उत्पादित सामानको लागि बजारको समस्या र अध्ययनको व्यवस्था नभएकोमा बन्दीहरूले गुनासो गरेका छन्। बन्दीहरू सबैलाई एउटै कोठामा राखिएको र जेलमा सीप सिक्ने व्यवस्था छैन।

बेपत्ता / अपहरण

माओवादीबाट

सरमथली गाविसस्थित गौरी शंकर प्राविका शिक्षक गम्भीरमान डंगोललाई ०६२ कार्तिक २० गते माओवादीले बहुविवाहको आरोपमा अपहरण गरी ५० दिनसम्म श्रम शिविरमा राखी सरमथली गाविसबाट पुस ११ गते मुक्त गरे। उनीसँगै नुवाकोटका कृष्ण गौतमलाई पनि मुक्त गरियो।

भोर्ले गाविस-१ का २१ वर्षीय कालिका हिमालय उच्च माविमा अध्ययनरत मीनबहादुर पुडासैनीलाई सुराकीको आरोपमा ०६२ कार्तिक २९ गते माओवादीले घरबाटै अपहरण गरी बेपत्ता पारे। उनको स्थिति अज्ञात छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

मनोनित जिविस सभापति खेसमबहादुर मगरले रसुवास्थित इन्सेक प्रतिनिधिलाई आफ्नो पक्षमा समाचार सम्प्रेषण नगरेको आरोपमा धम्की दिए। सुरक्षाकर्मीबाट माओवादी कार्यकर्ता मारिएकोमा सभापतिको हात रहेको माओवादीले आरोप लगाएपछि ०६२ मंसिर ७ गते इन्सेक प्रतिनिधिसँग अनावश्यक सोधपुछ गरी धम्की दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्ला अदालतमा कमै मात्रामा मुद्दाहरू पर्ने गर्छन्। यस वर्ष कर्तव्य ज्यानसम्बन्धी दुई, जीउ मास्ने बेच्ने उद्योग दुई, कुटपिट दुई, अंशसम्बन्धी एक, फैसला बदर एक, लुटपाट एक, करकापमा कागजात एक गरी कूल १० ओटा मुद्दाहरू परे। ती मुद्दाहरू फर्स्योट हुन बाँकी रहेका छन्।

त्यसैगरी गत वर्ष र यस वर्ष दर्ता भएकामध्ये खर्च विवाद, अंश, कर्तव्य ज्यान, मूर्तिचोरी, कुटपिट लगायत्का १० वटा मुद्दा फर्स्योट भए। गत वर्षका तुलनामा मुद्दा मिलापत्र संख्या बढेको छ। जिल्ला प्रहरी कार्यालयमा यस वर्ष भवितव्य ज्यान, जीउ मास्ने बेच्ने गरी कूल १३ वटा जाहेरी दर्ता भए भने जिल्ला प्रशासन कार्यालयमा बाघको छाला र हड्डी चोरी निकासी सम्बन्धी एउटा बाहेक जाहेरी परेनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

धैबुङ गाविस-५ कालिकास्थानमा रहेका १० घर परिवार वर्षौदेखि सुकुम्बासी छन्। उनीहरूलाई हालसम्म सरकारले लालपुर्जा वितरण गरेको छैन।

रसुवाको हाकु गाविसका तीनसय ८५ घर परिवार भूमिहीन अवस्था छन्। उनीहरूको सम्पूर्ण जमिन स्वयम्भूनाथको गुठीका नाममा रहेका कारण धितो राखी ऋण लिन, किनबेच गर्न, घरमा विद्युतीकरण गर्नबाट वञ्चित छन्। जग्गाधनी प्रमाण पुर्जाको अभावमा आर्थिक तथा भूमि अधिकारबाट उनीहरू वर्षौदेखि वञ्चित भएका छन्।

आर्थिक अधिकार

चिलिमे जल विद्युत आयोजना स्याफ्रुबेंसीमा कार्यरत ३३ जना कर्मचारीहरूलाई आयोजना अवधि सकिएपछि सेवा सुविधामा आधा कटौती गरेका कारण पूरा सुविधा उपलब्ध गराउन र स्थायी गर्नका लागि पीडित कर्मचारीले हड्ताल गर्ने आह्वान दिए।

तारा हिमालय स्प्रिङ मिनरल वाटर कम्पनी धुन्चेमा कार्यरत २३ जना कर्मचारीले एक वर्षदेखि तलब पाएका छैनन्। आयोजना रुग्ण अवस्थामा पुगेकाले कम्पनीले तलब दिन नसकेपछि कतिपय कर्मचारीले जागिर छाडेका छन् भने केहीले बाँकी तलब मागका गरेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

धैबुङ गाविस-९ जीवजीवेका ३७ वर्षीय हरिबहादुर परियारलाई माओबादीको आशंकामा ०६२ कार्तिक २२ गते सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरे। पीडितलाई अनुसन्धानपछि कार्तिक २५ गते निर्दोष ठहर गरी रिहा गरियो।

बालअधिकार

०६२ मंसिर २६ देखि ३० गतेसम्म अनेरास्ववियू (क्रान्तिकारी) ले आयोजना गरेको शैक्षिक संस्था हड्तालले जिल्लाका सम्पूर्ण विद्यालयहरू बन्द रहे। यसका कारण १२ हजार विद्यार्थीहरू प्रभावित भए। अभिभावक तथा बालबालिकामा गरिबी तथा चेतनाको अभावका कारण विद्यालय जाने उमेरका सयौं बालबालिका गोठालो जान, गिट्टी कुट्न, घास दाउरा गर्न र होटलमा काम गर्न बाध्य भएका छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव दुर्व्यवहार

महिला किनबेच

धुन्चे गाविस-७ का सुकुमाया विश्वकर्माले छिमेकी कैली विश्वकर्मालाई चार वर्षअघि भारतको मुम्बई लगी बिक्री गरेको आरोपमा ०६२ भदौ १४ गते प्रहरीले गिरफ्तार गरी पुर्पक्षका लागि थुनामा राखेको छ।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

सरमथली गाविस-१ का ४२ वर्षीय कृष्णबहादुर डंगोल र उनका परिवारलाई बोक्सीको आरोपमा ०६२ असोज २९ गते स्थानीय मिल्के भन्ने लोकमान झाँक्री र छिमेकी टंकबहादुरले कुटपिट गरी गाउँ छाड्ने धम्की दिए। पटक-पटक यातना पाएका पीडित डंगोलले न्यायका लागि प्रशासनसमक्ष निवेदन दिँदा पनि कुनै कारबाही भएन।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या									१	३	३
गिरफ्तारी/यातना									३	३	३
धम्की									१	१	१
महिलाअधिकार	१		१	१							
बालअधिकार					१		१२०००	१२०००			
अमानवीय व्यवहार	१	१		१							
अपहरण					२	२		२			
जम्मा	२	१	१	२	३	२	१२०००	१२००२	५	७	७

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

समरथली गाविसस्थित गौरी शंकर प्राविका शिक्षक गम्भीरमान डंगोललाई ०६२ कार्तिक २० गते र भोर्ले गाविस-१ जीवजीवेका मीनवहादुर पुडासैनीलाई ०६२ कार्तिक २९ गते माओवादीहरूले अपहरण गरेकोमा सकुशल मुक्त गर्न माग गर्दै नेपाल पत्रकार महासंघ, रसुवा नुवाकोट शाखा, इन्सेक प्रतिनिधि र गैरसरकारी संस्था महासंघ रसुवाले संयुक्त प्रेस विज्ञप्ति जारी गरे।

संरचना क्षति

माओवादीले ०६२ जेठ २२ गते लाङटाङ राष्ट्रिय निकुञ्जको भोर्ले गाविस-१ लोकील पोष्टको भवन तोडफोड गर्दा लगभग ६० हजार रुपैयाँको क्षति भयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

प्रवेशिका परीक्षामा असफल भएका कारण धैवुङ गाविस-६ का १७ वर्षीय सुमित्रा न्यौपानेले ०६२ जेठ ६ गते भुण्डिएर आत्महत्या गरिन। भोर्ले गाविस-४ खाल्चेतका २८ वर्षीय सीताराम पौडेलले ०६२ असोज ११ गते घर नजिकैको रुखमा भुण्डिएर आत्महत्या गरे।

धैवुङ गाविस-३ घर भएका धारापानी माओवादी कार्यकर्ता सीता तामाङले ०६२ भदौ २२ गते जिल्ला प्रशासनमा आत्मसमर्पण गरेकी छन्।

विगतको अनुगमन

वुढाथुम गाविस-६ धादिङका कृष्ण वस्नाकोटी र खाल्टे गाविस-६ की फूलमाया श्रेष्ठलाई गत वर्ष शान्ति सुरक्षा ऐनअन्तर्गत नजरवन्दमा राखिएकोमा ०६१ फागुन ७ गते रिहा गरियो। माओवादीले जिल्लाका आठओटा गाविस भवन, चारओटा प्रहरी चौकी, तीनओटा वन कार्यालय र रेञ्जपोष्ट जलाएर ध्वस्त पारे। माओवादीले १ झोलुङ्गे पुल र दुईओटा लाङटाङ राष्ट्रिय निकुञ्जपोष्टमा आगजनी गरे।

लहरेपौवा गाविस-२ माझगाउँकी सरिता आचार्यलाई उनका पति, सासू-ससुरासहित परिवारले गत वर्ष कुटपिट गरी घर निकाला गरेपछि उनी सदरमुकामको एक आवासीय विद्यालयमा नावालक छोरीसहित मजदुरी गर्न वाध्य भइन्।

गत वर्ष माओवादीले अपहरण गरेका धैवुङ गाविस-४ धारापानीका १८ वर्षीय उद्धव विकलाई उनीहरूले मुक्त गरेका छैनन्। अपहरितलाई माओवादीले आफ्नो पार्टीमा समाहित गराएको वताइयो।

पश्चिमाञ्चल

३.१ तनहुँ

३.२ गोरखा

३.३ लमजुङ

३.४ स्याङ्जा

३.५ कास्की

३.६ मनाङ

३.७ नवलपरासी

३.८ रुपन्देही

३.९ पाल्पा

३.१० कपिलवस्तु

३.११ अर्घाखाँची

३.१२ गुल्मी

३.१३ वाग्लुङ

३.१४ पर्वत

३.१५ म्याग्दी

३.१६ मुस्ताङ

३.१ तनहुँ



जनसंख्या : ३३६१६६

साक्षरता प्रतिशत : ६१.६८

महिला साक्षरता प्रतिशत : ५५.६

क्षेत्रफल (वर्ग कि. मि.) : १५४६

गाविस/नपा संख्या : ४६/१

निर्वाचन क्षेत्र : ३

विद्यालय : ५३४

क्याम्पस/उच्च मावि : ४/१६

अस्पताल/स्वास्थ्य चौकी : २/४६

टेलिफोन लाइन : २५९५

मोटर सडक (कि. मि.) : ६८४

प्रहरी कार्यालय संख्या : ९

हुलाक संख्या : ५२

मानव विकास सूचकांक : ०.५२४

प्रति परिवार सरदर संख्या : ५.३४

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

देउराली गाविस-७ निवासी ११ वर्षीय सुरेन्द्र गुरुङको सोही ठाँउमा रहेको जाल भञ्ज्याङ टेलिफोन रिपिटर टावरको सुरक्षार्थ बसेका सुरक्षाकर्मीको ब्यारेकभित्र भैंसी चराउन जाँदा बारुदी धराप विस्फोटमा परी ०६१ चैत २५ गते मृत्यु भयो।

कोटदरबार गाविस- ५ पुरानथोक हटियाका माओवादी कार्यकर्ता २६ वर्षीय नारायणप्रसाद श्रेष्ठलाई ०६२ जेठ ६ गते दिउँसो सुरक्षाकर्मीले राम्जाकोट गाविस-१ भटारेमा गिरफ्तार गरी सोही ठाउँमा गोली हानी हत्या गरे। गस्तीमा गएको सुरक्षाकर्मीसँग जम्काभेट भएपछि भाग्ने क्रममा गिरफ्तार भएका श्रेष्ठलाई सुरक्षाकर्मीले हत्यापश्चात् सोही ठाउँमा खाल्डो खनी गाडे।

कोटदरबार गाविस-४ आपथोक घर भएका माओवादी कोटदरबार गाउँ जनसरकार प्रमुख ३० वर्षीय कीर्तीमान थापालाई ०६२ जेठ ८ गते बिहान उनको आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी रिसिङ रानीपोखरी गाविस-४ को अजम्बरगढीमा पुऱ्याई गोली हानी हत्या गरे। हत्यापश्चात् उनलाई सोही ठाउँको खोल्सामा फ्याकी गए।

घिरिङ सुन्धारा गाविस-१ का २२ वर्षीय मनबहादुर कुमाललाई सुरक्षाकर्मीले ०६२ असार २ गते बिहान सो गाविसको गड्यौलीटारबाट गिरफ्तार गरी सोही ठाउको डाँडाथोकमा पुऱ्याई गोली हानी हत्या गरे। हत्यापश्चात् लासलाई सोही ठाउँमा खाल्डो खनी गाडे।

माओवादीबाट

जामुने गाविस-७ किल्चोक घर भएका १० वर्षीय बालक हिरा खाँड ठकुरीको ०६२ वैशाख ८ गते माओवादीले बेवारिसे छोडेको बम विस्फोट हुँदा घाइते भएकोमा पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार गर्दागर्दै उनको वैशाख ११ गते मृत्यु भयो। सो घटनामा परी सोही ठाउँकी ४५ वर्षीय तीजकुमारी खाँड, १३ वर्षीय कोपिला खाँड, ५ वर्षीय कुशल खाँड, ७ वर्षीय देवेन्द्र खाँड, १२ वर्षीय सुदीप शाही र १२ वर्षीय उर्मीला श्रेष्ठ घाइते भए। उनीहरूको पनि पोखरामा उपचार गरियो। घाइतेमध्ये कोपिला खाडको आँखामा चोट परेको कारण उनको हिमालय आँखा अस्पतालमा आखाको अप्रेशनसमेत गरियो। करेसामा छाडिएको बम केटाकेटीले आगनमा ल्याउँदा विस्फोट भएको थियो।

बैतडी जिल्ला दुर्गास्थान गाविस-६ घर भई जिल्ला प्रहरी कार्यालय, तनहुँमा कार्यरत प्रहरी हवल्दार ३३ वर्षीय नवराज बडु, गोरखा जिल्ला नारेश्वर गाविस-७ घर भई सोही कार्यालयमा कार्यरत प्रहरी जवान २१ वर्षीय टीकाराम अधिकारी र पर्वत जिल्ला घर भई मनकामना सशस्त्र प्रहरी गण भानुअन्तर्गत संयुक्त सुरक्षाकर्मी दमौलीमा कार्यरत सशस्त्र प्रहरी सहायक हवल्दार २४ वर्षीय रुद्रबहादुर मल्ललाई ०६२ वैशाख ३० गते दिउँसो माओवादीले दमौली बजारमा गोली हानी हत्या गरे। सो घटनामा परी सशस्त्र प्रहरीका जवान रमेश रोका घाइते भए। उनको वीरेन्द्र सैनिक अस्पताल, काठमाडौंमा उपचार भयो। दमौली बजारको सुरक्षार्थ सुरक्षा सेन्ट्रीमा बसेका ती सुरक्षाकर्मीलाई सातजनाको संख्यामा आएका माओवादीले पछाडिबाट आक्रमण गरेका थिए। सो घटनाबाट माओवादीले सुरक्षाकर्मीले प्रयोग गर्दै आएको दुई थान एसएलआर र दुई थान थ्रीनटथ्री राइफल लुटी लगे।

भीमाद गाविस-३ भागरका ३१ वर्षीय राजु शर्मा क्षेत्रीलाई ०६२ साउन ६ गते माओवादीले भिमाद गाविस-२ सिस्नेरी भन्ने ठाँउमा गोली हानी हत्या गरे। सोही ठाउँको एनी ठाँटी भन्ने ठाउबाट ०६२ साउन २ गते अपहरण गरी लगिएका राजु ०६२ साउन ५ गते माभकोट गाविस-८ को जलौदीबाट माओवादीको कब्जाबाट भागेका थिए। त्यसपछि उनलाई पिछा गर्दै गएका माओवादीले भेट्टाई ०६२ साउन ६ गते गोली प्रहार गरेका थिए। गोली प्रहारपश्चात् उनको ढुङ्गाले थिची हत्या गरियो।

जेल र बन्दीहरू

कूल २५ जनाको क्षमता रहेको दमौली कारागारमा यो वर्षको अन्तसम्ममा ४१ जना बन्दीहरू रहेका छन्। जेलको भौतिक अवस्था जीर्ण रहे पनि बन्दीहरूलाई सबै प्रकारका सुविधाहरू दिइएको छ। बन्दीहरूमा कर्तव्य ज्यान मुद्दामा कैद तोकिएका पाँचजना, कैद नतोकिएका तीनजना गरी आठजना, डाँकाचोरीमा कैद तोकिएका छजना र नतोकिएका चारजना गरी दशजना, जवर्जस्ती चोरी कैद तोकिएका छजना, नकावजनी चोरीमा कैद तोकिएका चारजना, जबरजस्ती करणीमा कैद तोकिएका तीन जना र नतोकिएका चारजना गरी सातजना, सार्वजनिक अपराध मुद्दामा कैद नतोकिएका दुईजना, सवारी ज्यान मुद्दामा कैद नतोकिएका एकजना, हातहतियार खरखजनामा कैद नतोकिएका एक जना र लागूऔषध मुद्दामा कैद नतोकिएका दुईजना गरी कैद तोकिएका २४ जना र कैद नतोकिएका १७ जना गरी ४१ जना रहेका छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

राम्जाकोट गाविस-५ घर भई महेन्द्रोदय मावि राम्जाकोटका शिक्षक ५५ वर्षीय कृष्णचन्द्र बस्नाकोटीलाई ०६१ माघ ५ गते माओवादीले उनकै घरबाट अपहरण गरे। उनलाई बहारीसगका अवैध सम्बन्ध रहेका कारण छानविनको लागि आफूहरूको नियन्त्रणमा राखेको माओवादी स्रोतले जनायो। उनलाई गर्म्तीमा गएको सुरक्षाकर्मीले ०६२ असोज ७ गते घिरिङ सन्धारावाट मुक्त गरी परिवारको जिम्मा लगाए।

काठमाडौं घर भएका वैदेशिक रोजगार व्यवसायी जीवन गुरुङलाई माओवादीले ०६१ माघ ९ गते कोटा गाविसबाट अपहरण गरी ०६१ माघ ११ गते सोही ठाउबाट मुक्त गरे। माओवादीले उनलाई सम्पूर्णली गएको समयमा अपहरण गरेका थिए।

देवघाट गाविस घर भई छिमेक विकास वैङ्क दमौली शाखामा मेनेजरका रूपमा कार्यरत २५ वर्षीय गोविन्द पन्थलाई ०६१ फागुन १२ गते बिहान माओवादीले घाँसीकुवा-८ को छिर्केनेबाट अपहरण गरी फागुन १७ गते सोही ठाउँमा ल्याई मुक्त गरे। आफ्नो अनुमतिविना गाउमा आई बैङ्कको काम गरेको आरोपमा माओवादीले उनलाई अपहरण गरेका थिए।

घाँसीकुवा गाविस-३ छिर्केने बस्ने ३२ वर्षीय कृष्णबहादुर थापा मगरलाई ०६१ फागुन २५ गते माओवादीले सोही ठाउबाट अपहरण गरी हालसम्म मुक्त गरेका छैनन्। उनले आफ्नो साथीको हत्या गरेको आरोपमा छानविनको लागि नियन्त्रणमा लिएको माओवादी स्रोतले जनायो।

किहूँ गाविस-३ घर भई हाल पोखरा उपमनपा-४ रामकृष्णटोल बस्ने २५ वर्षीय भरतराज सिग्देललाई ०६१ चैत २८ गते काम विशेषले किहूँ जादा माओवादीले किहूँ गाविस-३ बाट अपहरण गरी शारीरिक तथा मानसिक यातना दिए। ०६२ वैशाख ९ गते गर्म्तीमा गएको सुरक्षाकर्मीसित

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	३	१	४	३	५		५	४	४			४
घाइते					२	४	३	७					
गिरफ्तारी यातना									१८	३५	३	१३	५१
कुटपिट	१	१		१	४	५		५	२	२			२
भेला / संगठित हुने अधिकार									२	१०		२४	३४
महिलाअधिकार	१		१	१									
बालअधिकार	२		२	२									
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार					१०	९	१	१०					
अपहरण					१५	२२	४	२६					
जम्मा	८	४	४	८	३४	४५	८	५३	२६	५१	३	३७	९१

जम्काभेट भएपछि माओवादीको कब्जाबाट उम्केर भरत सुरक्षाकर्मीको सम्पर्कमा आए।

छाङ्ग गाविस-३, थर्पूवजार घर भई जिल्ला शिक्षा कार्यालय तनहुँमा स्रोत व्यक्तिको रूपमा कार्यरत ४० वर्षीय हूतमणि अधिकारीलाई ०६२ वैशाख ९ गते माओवादीले भीमाद गाविसको जनज्योति उच्च माविवाट अपहरण गरी ०६२ वैशाख ११ गते भिमादवाटै मुक्त गरे। संयुक्त राष्ट्रसंघीय बालकोष (युनिसेफ) को सहयोगमा सञ्चालित विद्यालय स्वागत तथा विद्यार्थी भर्ना अभियानअन्तर्गत तालिम सञ्चालन गर्न उक्त विद्यालयमा पुगेका अधिकारीलाई विद्यालय परिसरवाटै माओवादीले अपहरण गरेका थिए।

कोटदरबार गाविस-४ गैराथोक घर भई मोती प्रा.वि सामुङ भगवतीपुरका शिक्षक ३२ वर्षीय झुलवहादुर थापालाई ०६२ जेठ २५ गते सामुङ गाविस-४ मोहरियास्थित आफ्नै डेरावाट माओवादीले अपहरण गरी ०६२ जेठ २५ गते भीरकोट गाविसबाट ५० हजार रुपैयाँ लिई मुक्त गरे।

कोटदरवार गाविस-५ पुरानोथोक हटिया घर भई अमर प्रावि कोटदरवारका शिक्षक ३५ वर्षीय सोमकुमार श्रेष्ठलाई माओवादीले ०६२ जेठ ३१ गते उनकै घरबाट अपहरण गरी ०६२ असार २ गते भीरकोटवाट मुक्त गरे।

स्याम्घा गाविस-८ काफ्लेफाँट घर भई जिल्ला विकास समितिको महिला तथा बालबालिकाका लागि विकेन्द्रित कार्य योजना (डकाव) का छिपछिपे गाउँ विकास समिति सहजकर्ता ३१ वर्षीय अनिरुद्र काफ्लेलाई माओवादीले छिपछिपे गाविसको छिपछिपे भञ्ज्याङ्गबाट ०६२ भदौ ३१ गते अपहरण गरी असोज ४ गते बैदी गाविसवाट मुक्त गरे। सयुक्त राष्ट्रसंघीय बालकोषको सहयोगमा सञ्चालित उक्त कार्यक्रम सो गाविसमा सञ्चालन गर्न गएका काफ्लेलाई आफ्नो पार्टीको अनुमतिविना गाउँमा आई कार्यक्रम सञ्चालन गरेको भनी अपहरण गरेका थिए। माओवादी कब्जामा रहेको वखत विरामी परेका काफ्लेलाई माओवादीले उपचार नगराई ५० किलो भन्दा वढीको भारी बोकाई दैनिक पाँच घण्टा हिंडाएका थिए।

किहूँ गाविस-९ हुकाका सर्वसाधारण ३६ वर्षीय माधव लम्साललाई माओवादीले ०६२ असोज १२ गते उनकै घरवाट अपहरण गरी ०६२ कार्तिक १३ गते किहुँको वडहर भञ्ज्याङ्गवाट मुक्त गरे। स्थानीय एक वालिकालाई वेच्न लागेको आरोपमा माओवादीले अनुसन्धानको लागि उनलाई घरवाट अपहरण गरी लगेका थिए। अनुसन्धानको क्रममा माधव निर्दोष देखेपछि माओवादीले उनलाई मुक्त गरेका थिए।

माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका होमबहादुर थापा

नेकाँ जिल्ला कार्यसमिति तनहुँका सदस्य ऋषिराम पोखेल, कृष्णहरि वाग्ले, क्षेत्रीय सभापति डिल्लीराम अधिकारी, तरुणदल दुलेगौंडा इकाइका अध्यक्ष हरि भण्डारी, क्रियाशील सदस्य जुक्तराज वाग्ले र प्रभात आलेलाई ०६२ मंसिर ३ गते माओवादीले घिरिङ्ग गाविसस्थित चन्द्रज्योति माविको प्राङ्गणबाट अपहरण गरी २७ घण्टापछि सोही ठाउँबाट मंसिर ४ गते मुक्त गरे। नेकाँको लोकजागरण अन्तर्गत कार्यक्रम गर्न गएका उनीहरूलाई आफ्नो अनुमतिविना गाउँमा आई कार्यक्रम गरेको भनी माओवादीले अपहरण गरेका थिए।

अरूणोदय गाविस-६ मैदीखोला बस्ने सर्वसाधारण ४५ वर्षीय धनबहादुर कुमाल, सोही ठाउँकी सुकमाया कुमाल र च्यामसरा कुमाललाई ०६२ मंसिर ४ गते माओवादीले साभुङ्ग मानपुरवाट अपहरण गरी शारीरिक तथा मानसिक यातना दिई ०६२ मंसिर ७ गते सोही ठाउँवाट मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

व्यास नगरपालिका-२ का नेकाँका महासमिति सदस्य ५० वर्षीय रामचन्द्र पोखेललाई ०६१ चैत २६ गते प्रहरीले दमौली वजारमा कुटपिट गरी गम्भीर घाइते वनाए। उनलाई तत्कालै दमौली अस्पतालमा उपचारको लागि भर्ना गरियो। सात राजनीतिक दलहरूद्वारा जनआन्दोलन दिवसको सन्दर्भमा आयोजित शान्तिपूर्ण प्रदर्शनमा हस्तक्षेप गरी प्रहरीले पोखेललाई कुटपिट गरेको थियो। सो क्रममा एमालेका तिलप्रसाद दवाडी, अनेरास्ववियुका विष्णुभक्त सिग्देल, प्रमोद पण्डित र अधिवक्ता नवराज नागिला घाइते भएका थिए।

कोटदरवार गाविस-८ लुम्फेस घर भएका ३२ वर्षीय जमानसिं आलेलाई ०६२ जेठ ८ गते संयुक्त सुरक्षाकर्मीले आफ्नै घरको आगनमा वन्दुकको कुन्दा र लाठीले कुटपिट गरे। कुटपिटको कारण उनी वेहोस भए। उनलाई घरमै प्राथमिक उपचार गरियो।

दमौली बजारबाट एमालेका तनहुँ जिल्ला उपसचिव चित्र थापालाई गिरफ्तार गर्दै प्रहरीरू

कोटदरवार गाविस-५ पुरानथोक हटिया घर भएका ३० वर्षीय पूर्णबहादुर थापालाई ०६२ जेठ ८ गते संयुक्त सुरक्षाकर्मीले आफ्नै घरको आँगनमा वन्दुकको कुन्दा र लाठीले कुटपिट गरे। कुटपिटको कारण उनी वेहोस भए। उनलाई घरमै प्राथमिक उपचार गरियो।

माओवादीबाट

भीरकोट गाविस-२ पालिडटार घर भएका ४८ वर्षीय विष्णुबहादुर रानाभाटलाई ०६१ पुस २१ गते माओवादीले बाल विकास मावि भीरकोटको प्राङ्गणमा कुटपिट गरी घाइते बनाए। सोही विद्यालयका शिक्षकसँग सामान्य झगडा भएपछि त्यहाँ रहेका माओवादीले उनलाई विद्यालय पछाडि विद्यार्थीहरूले दिशा पिसाव गर्ने ठाउँमा लगी कुटपिट गरेका थिए। उनको दमौलीमा सामान्य उपचार गरियो।

घिरिङ्ग सुन्धारा गाविस-८ घर भएका नेकपा (एमाले) जिल्ला कमिटी सदस्य एवं सो गाविसका निवर्तमान अध्यक्ष ४५ वर्षीय होमबहादुर थापालाई ०६१ माघ ९ गते माओवादीले आफ्नै घरको आँगनमा कुटपिट गरी सख्त घाईते बनाए। आफूलाई घरमा वसिरहेको समयमा घरवाट वाहिर निकाली धारिलो हतियार र रडले प्रहार गरेको पीडितले वताए। उनको दुवै खुट्टा र दाहिने हात भाँचिएको थियो। उनको तत्कालै पश्चिमाञ्चल अस्पताल, पोखरामा उपचार गरी माघ १३ गते काठमाडौं लगी शिक्षण अस्पतालमा उपचार गरियो।

कोटा गाविस-३ घर भएका नेकपा (एमाले) जिल्ला कमिटी सदस्य एवं निवर्तमान जिल्ला विकास समिति सदस्य ४५ वर्षीय कर्णवहादुर गुरुङ्ग र सोही ठाउँ घर भएका सोही गाविसका निवर्तमान अध्यक्ष आशवहादुर गुरुङ्गलाई ०६१ माघ १२ गते सोही ठाउँमा माओवादीले कुटपिट गरी सख्त घाइते बनाए। खाना खाएर आ-आफ्नो घरमा वसिरहेका पीडितहरूलाई माओवादी कार्यकर्ताहरूले रातको समयमा केही सल्लाह गर्नु छ भनी घरवाट केही पर पुर्‍याई भालाले कुटपिट गरेका थिए। घाइते कर्णवहादुरको स्थिति गम्भीर भएका कारण गाउँलेहरूले माघ १३ गते भरतपुर अस्पतालमा ल्याई उपचार गरे। त्यसपछि उनलाई माघ १५ गते उपचारको लागि शिक्षण अस्पताल काठमाडौं लगियो।

रिसिङ्गरानीपोखरी गाविस-४ घर भएका नेकपा (एमाले) इलाका नं. ८ का सचिव ४६ वर्षीय शिववहादुर क्षेत्रीलाई ०६१ चैत २९ गते माओवादीले कुटपिट गरी घाइते वनाए। उनको दमौलीमा उपचार गरियो। स्थानीय महिलालाई कुटपिट गरेको झुटो आरोपमा आफूलाई कुटपिट गरेको पीडितले वताए। उनको टाउकोमा गम्भीर चोट लागेको थियो।

अन्यबाट

घाँसीकुवा गाविस-६ घर भएका अनेरास्ववियू जिल्ला कमिटीका सचिव २२ वर्षीय रमेशप्रसाद आचार्यलाई ०६२ मंसिर २१ गते विहान नेपाल विद्यार्थी संघका विद्यार्थीहरूले आदिकवि भानुभक्त वहुमुखी क्याम्पस, दमौलीको हाताभित्र कुटपिट गरी घाइते वनाए। उनलाई दमौली अस्पतालमा उपचारका लागि भर्ना गरियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकाँका सहमहामन्त्री गोविन्दराज जोशीलाई ०६१ माघ १९ गते दिउँसो व्यास नपा-२ मा रहेको आफ्नै घरवाट प्रहरीले गिरफ्तार गरी ०६१ माघ २३ गते रिहा गरे। गिरफ्तारपछि उनलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको थियो।

नेकाँका केन्द्रीय सदस्य रामचन्द्र पौडेललाई ०६१ माघ १९ गते दिउँसो व्यास नपा-२ मा रहेको आफ्नै घरवाट प्रहरीले गिरफ्तार गरे। पौडेललाई सर्वोच्च अदालतको आदेशमा ०६२ असार २८ गते रिहा गरियो।

व्यास नपा-२ का नेकाँका महासमिति सदस्य रामचन्द्र पोखेललाई ०६१ फागुन ७ गते विहान दमौली वजारवाट प्रहरीले गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे। प्रजातन्त्र दिवसको दिन नेकाँले शान्तिपूर्ण प्रदर्शन गर्न तयारी गरिरहेको समयमा पोखेललाई गिरफ्तार गरिएको थियो।

व्यास नपा-२ दमौलीका नेकाँ जिल्ला कार्य समिति तनहुँका सभापति रघुनाथ पौडेल र व्यास नपा-१० निवासी नेकाँ जिल्ला सदस्य पुरुषोत्तम काफ्लेलाई प्रहरीले ०६१ फागुन १६ गते विहान दमौली वजारवाट गिरफ्तार गरे। शाही घोषणाको विरुद्ध नेकाँ तनहुँले आयोजना गरेको विरोध र्‍यालीको क्रममा उनीहरूलाई गिरफ्तार गरिएको थियो। पीडित दुवैजनालाई सोही दिन साँझ जिल्ला प्रहरी कार्यालयवाट रिहा गरियो।

व्यास नपा-१, दमौली घर भई नेकपा (एमाले) जिल्ला कमिटी सचिव प्रतापलाल श्रेष्ठ, सोही पार्टीका जिल्ला कमिटी सदस्य राजेश्वर ढकाल र कार्यालय सहायक निर्मल पण्डितलाई ०६१ फागुन १८ गते दिउँसो प्रहरीले दमौली बजारबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखी सोही दिन साँझ रिहा गऱ्यो।

दुलेगौंडा घर भएका नेकपा एमाले केन्द्रीय सल्लाहकार समिति सदस्य शेषमणि आचार्य, सो पार्टीका जिल्ला सदस्यहरू श्रीप्रसाद श्रेष्ठ, दीपकराज शाही, भगवती न्यौपाने, सीताराम बजगाई, कार्यालय सहायक निर्मल पण्डित, नेकांका महासमिति सदस्य कृष्ण गौतम, विष्णु मल्ल, सो पार्टीका जिल्ला सदस्यहरू गोविन्द सिलवाल, ओजराज पौडेल, नेकां (प्रजातान्त्रिक) का जिल्ला सभापति ध्रुव वाग्ले, जिल्ला सहसचिव समुन्द्र गोदार, जिल्ला सदस्य दोबाटे वि.क र रामचन्द्र न्यौपाने, जनमोर्चा नेपालका गण्डकी नारायणी क्षेत्रीय सदस्य मीना गौतम, अनेरास्ववियु (एकीकृत) का भानुभक्त पोखेल, अनुगमन गर्न गएका इन्सेक प्रतिनिधि प्रकाशचन्द्र भट्टराई र पत्रकार ऋषिराम पोखेल लगायत ३४ जनालाई प्रहरीले ०६१ फागुन २५ गते अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको दिन दमौली बजारबाट गिरफ्तार गरे। श्रमिक महिला दिवसको अवसरमा पाँच पार्टीले दमौली बजारमा निकालेको विरोध ऱ्यालीबाट उनीहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो। गिरफ्तार गरिएका सबैलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको थियो। गिरफ्तारमा परेकामध्ये शेषमणि आचार्य, ध्रुव वाग्ले र कृष्ण गौतम बाहेक ३१ जनालाई सोही दिन साँझ रिहा गरियो भने ध्रुव वाग्ले चैत १७ गते, शेषमणि आचार्य चैत १९ गते र कृष्ण गौतम सर्वोच्च अदालतको आदेशमा ०६२ जेठ २ गते रिहा भए।

नेकां (प्रजातान्त्रिक) का आमन्त्रित केन्द्रीय सदस्य बलबहादुर आले, नेकपा (एमाले) जिल्ला कमिटी तनहुँका उपसचिव चित्र थापा, नेकांका महासमिति सदय रामचन्द्र अधिकारी र क्रियाशील सदस्य सूर्यभक्त भण्डारीलाई प्रहरीले ०६१ चैत १ गते शाही घोषणाको विरुद्धमा पाँच पार्टीले दमौली बजारमा निकालेको विरोध ऱ्यालीबाट गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये रामचन्द्र अधिकारी र सूर्यभक्त भण्डारीलाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत थुनामा राखी ०६१ चैत २ गते रिहा गरे। बलबहादुर आलेलाई ०६१ चैत १९ गते रिहा गरे भने एमालेका चित्र थापालाई पुनरावेदन अदालत, पोखराको आदेशमा ०६२ वैशाख १९ गते रिहा गरियो ।

नेकपा (एमाले) का जिल्ला सचिवालय सदस्य एकबहादुर राना, नेकांका महासमिति सदस्य उदयराज गौली, नेकांका जिल्ला सदस्य परमेश्वर भट्टराई, तरुण दलका सचिव शिवशरण वाग्ले, सदस्य बलबहादुर दुरालाई प्रहरीले ०६१ चैत ८ गते दमौली बजारबाट जुलुश प्रदर्शनको क्रममा गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये एमालेका एकबहादुर राना र नेकांका उदयराज गौली बाहेक चारजनालाई प्रहरीले सोही दिन साँझ रिहा गरे भने अन्यलाई सार्वजनिक सुरक्षा ऐनअन्तर्गत थुनामा राखी उदयराज गौलीलाई ०६१ चैत १७ गते रिहा गरियो। एमालेका एकबहादुर राना पुनरावेदन अदालतको आदेशमा ०६१ वैशाख १९ गते रिहा भए।

नेकांका जिल्ला सभापति रघुनाथ पौडेल, जिल्ला सदस्यहरू किरण पौडेल, हरिप्रसाद वाग्ले, ध्रुवकुमार श्रेष्ठ र प्राध्यापक विद्युतकेशरी न्यौपानेलगायत १८ जनालाई प्रहरीले ०६१ चैत १५ गते नेकांले दमौली बजारमा आयोजना गरेको विरोध प्रदर्शनको क्रममा गिरफ्तार गऱ्यो। गिरफ्तारपछि उनीहरू सबैलाई जिल्ला प्रहरी कार्यलयमा राख्यो र पाँचजना बाहेक बाँकी १३ जनालाई ०६१ चैत १७ गते रिहा गऱ्यो भने हरिप्रसाद वाग्लेलाई चैत २२ गते रिहा गऱ्यो। पुनरावेदन अदालत पोखराको आदेशबाट नेकांका सभापति रघुनाथ पौडेल र सदस्य किरण पौडेललाई ०६२ जेठ ३ गते प्रहरीले पुनरावेदन अदालत पोखराको आदेशमा रिहा गऱ्यो।

नेकपा (एमाले) का जिल्ला कमिटी सचिव प्रतापलाल श्रेष्ठ, जिल्ला सदस्य रामबहादुर अधिकारी, पत्रकार रविन पौडेललगायत् १२ जनालाई ०६१ चैत २६ गते प्रहरीले जनआन्दोलन दिवसको दिन पाँच दलले दमौली बजारमा प्रदर्शन गरेको ऱ्यालीको क्रममा गिरफ्तार गऱ्यो। गिरफ्तारमध्ये प्रतापलाल श्रेष्ठ, रामबहादुर अधिकारी, रविन पौडेल र विष्णुप्रसाद श्रेष्ठबाहेक आठजनालाई ०६१ चैत २८ गते रिहा गऱ्यो भने पत्रकार रविन पौडेल र काँग्रेसका विष्णुप्रसाद श्रेष्ठलाई चैत्र ३१ गते रिहा गऱ्यो। त्यसैगरी एमालेका प्रतापलाल श्रेष्ठ र रामबहादुर अधिकारी पुनरावेदन अदालत पोखराको, आदेशबाट ०६२ वैशाख १९ गते रिहा भए।

०६२ मंसिर १० गते नेकपा (एमाले) ले पोखरामा आयोजना गरेको आमसभामा सहभागी हुन पोखरा जान लागेका एमालेका कार्यकर्ताहरूलाई सुरक्षाकर्मीले अवरोध पुऱ्याई पोखरा जान दिएनन्। सो दिन तनहुँबाट दुईहजार जति एमाले कार्यकर्ताहरू पोखरा जानबाट वञ्चित भए। सो दिन दमौलीमा टेलिफोन र मोबाइल लाइनसमेत काटिएको थियो। सुरक्षाकर्मीले डुम्रे, खैरनीटार, कोत्रे र दमौलीको कण्टारमा अवरोध पुऱ्याएका थिए।

नेकांले पोखरामा ०६२ मंसिर २४ गते आयोजना गरेको आमसभामा पोखरा जान लागेका नेकांका कार्यकर्ताहरूलाई सुरक्षाकर्मीले अवरोध पुऱ्याई पोखरा जान दिएनन्। सो दिन दमौलीका सम्पूर्ण टेलिफोन लाइन र मोबाइल फोनको लाइनसमेत काटिएको थियो।

०६२ पुस १६ गते नेकपा एमाले, ननहँले आयोजना गरेको जनसभामा सहभागी हुन तनहुँको दक्षिण पश्चिम भेगबाट आएका हजारौं कार्यकर्ताहरूलाई सुरक्षाकर्मीले मनपाङ्ग गाविसको सेरा बजारमा सुरक्षा जाचको नाममा अवरोध पुऱ्याए।

माओवादीद्वारा अवरोध

नेकाले गरेको लोकजागरण अभियानको कार्यक्रममा ०६२ कार्तिक १० गते किहुँ, मंसिर १ गते भिमाद र मंसिर ३ गते घिरिङ्ग सुन्धारामा माओवादीले अवरोध पुऱ्याए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा देवानी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका एकसय ४४ थान र यस वर्ष दर्ता भएका ४४ थान मध्ये ५३ थान मुद्दा फर्स्यौट भई एकसय ४२ थान बाँकी रहेका छन्। सरकारवादी फौजदारी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका २३ थान मुद्दा र यस वर्ष दर्ता भएका १६ थान मुद्दामध्ये १२ थान मुद्दा फर्स्यौट भई ३२ थान मुद्दा बाँकी रहेका छन्। दुनियावादी फौजदारी मुद्दा अघिल्लो वर्षको जिम्मेवारी सरेर आएका ७० थान र यस वर्ष दर्ता भएका ४९ थान मुद्दामध्ये १८ वटा फर्स्यौट भई एकसय एक थान बाँकी रहेका छन्। अदालतमा यस वर्ष दर्ता भएका एकसय २१ थान मुद्दा मध्ये ८३ थान फर्स्यौट भई ३८ थान मुद्दा बाँकी रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

दुलेगौंडा गाविसको दुलेगौंडा बजारमा रहेको रोयल को-अपरेटिभ सहकारी संस्थाबाट ०६२ जेठ १५ गते माओवादीले लुटपाट गरी दुई लाख ९३ हजार ८५ रुपैयाँ लुटी लगे। कार्यालयमा कार्यरत कर्मचारीहरूलाई नियन्त्रणमा लिई सो लुटपाट भएको थियो।

कोटदरबार गाविस-८, ढुङ्गागाडेका ५५ वर्षीय जुन बहादुर रानाभाट, सोही ठाउँका ५२ वर्षीय देवबहादुर रानाभाट र भीरकोट गाविस-१ तारुकाका बालकृष्ण रानाभाटको घरमा ०६२ जेठ २७ गते माओवादीले तालाबन्दी गरी ०६२ साउन ३ गते ताला खोलिदिए। आफ्ना छोराहरूलाई सुरक्षाफौजमा भर्ना गराएको आरोपमा उनीहरूका घरमा माओवादीले तालबन्दी गरिदिएका थिए।

राम्जाकोट गाविस-२ रुपटारका ६० वर्षीय शिवराज पुरी, ५० वर्षीय देव कुमारी गिरी, ७२ वर्षीय विष्णु गिरी, ४५ वर्षीय केशवराज गिरी र राम्जाकोट गाविस-५ का ३६ वर्षीय रोहिणी अधिकारीको घरमा ०६२ असार १२ गते माओवादीले तालाबन्दी गरिदिए। आफ्नो छोराहरूलाई सेना र प्रहरीमा भर्ना गराएको आरोपमा माओवादीले उनीहरूका घरमा तालाबन्दी गरिदिएका थिए।

किहुँ गाविस-८ चाम्बोटका ६० वर्षीय रामप्रसाद सिग्देलको सोही ठाउँमा रहेको खेतको करिब २० मुरी धान ०६२ कार्तिक २५ गते माओवादीले खेतबाट लुटेर लगे। धान लुट्नुअघि दुईसयको संख्यामा आएका माओवादीले खेतको डिलमा रहेको रुखमा पार्टीको झण्डा र व्यानर टाँगी कार्यक्रमसमेत गरेका थिए।

पृथ्वी राजमार्गमा पर्ने छाङको मनहरिमा ०६१ फागुन १४ गते माओवादीले नारायणगढबाट पोखरा गइरहेको ग. १ ख ७१३ नम्बरको यात्रुवाहक बस रोकी यात्रुहरू ओराली पेट्रोल छर्किएर आगो लगाए। आगलागीका कारण बस क्षति भएको थियो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

भक्तपुर जिल्ला घर भई कान्तिपुर दैनिकका तनहुँ प्रतिनिधि पत्रकार घनश्याम खड्कालाई ०६१ चैत २७ गते प्रहरीले व्यास नपा–१० मा रहेको आफ्नै निवासबाट पक्राउ गरी सोही दिन साँझ रिहा गरे। चैत २७ गते कान्तिपुर दैनिकमा प्रकाशित समाचार र तस्वीरका कारण उनलाई गिरफ्तार गरिएको पीडितले बताए।

अरनिको मावि ठूलढुङ्गा मिर्लुङमा अध्यापनरत शिक्षक ५० वर्षीय सुरेशचन्द्र तिमिल्सेनालाई ०६१ वैशाख १३ गते सुरक्षाकर्मीले विद्यालय परिसरबाटै गिरफ्तार गरे। गिरफ्तारपछि लमजुङस्थित सुरक्षाफौजको कार्यालयमा हिरासतमा राखिएका तिमिल्सिनालाई पुनरावेदन अदालत, पोखराको आदेशमा ०६२ असार १५ गते लमजुङबाट रिहा गरियो।

व्यास नपा-१ घर भई नेपाल टेलिभिजन र आदर्श समाज राष्ट्रिय दैनिकका संवाददाता रहेका डम्बर अधिकारीलाई ०६१ वैशाख ३० गते दिउँसो प्रहरीले दमौली बजारबाट गिरफ्तार गरी सोही दिन साँझ रिहा गऱ्यो। माओवादीले दमौली बजारमा तीन प्रहरीको हत्या गरेपछि मृतक प्रहरीहरूको तस्वीर खिचेको आरोपमा आफूलाई गिरफ्तार गरेको पीडित पत्रकारले बताए।

अनेमसंघ (क्रान्तिकारी) का केन्द्रीय सदस्य जामुने घर भएकी सरला भनिने आशा खनाललाई ०६१ जेठ ४ गते संयुक्त सुरक्षाकर्मीले साभुङ भगवतीपुरको गवडाडा भन्ने ठाउँबाट गिरफ्तार गऱ्यो। गिरफ्तार गर्ने क्रममा भाग्न खोज्दा सुरक्षाकर्मीले उनीमाथि गोली प्रहार गरेको थियो। गोली लागी घाइते भएकी खनाललाई सेनाको हेलिकोप्टर पोखरा लगी

केही समय पोखरा राखी उपचार पश्चात् केही समय जिल्ला प्रहरी कार्यालय तनहुँमा राखिएको थियो। हाल उनलाई कास्की कारागारमा राखिएको छ।

बन्दीपुर घर भएका माओवादीका कार्यकर्ता भूमि भनिने भूविनन्दन लामिछाने, रञ्जीत भनिने टीका बूढा र उजीर भनिने माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीले ०६२ जेठ ५ गते बन्दिपुर गाविस-८ को थुम्का भञ्ज्याङबाट गिरफ्तार गरी केही समय ढकालटारस्थित सुरक्षाकर्मीको कार्यालयमा राखिएकोमा हाल उनलाई कास्की कारागारमा राखिएको छ।

भीरकोट घर भएका जीतबहादुर रानाभाटलाई प्रहरीले ०६२ असार ३ गते जामुने गाविसबाट गिरफ्तार गरे। आफन्तको घरमा आएका उनलाई भीरकोट कोटदरबार इलाकामा सुरक्षाकर्मीको परिवारको घरमा तालाबन्दी गर्ने काममा संलग्न भएको आरोपमा गिरफ्तार गरेको सुरक्षास्रोतले जनायो। उनलाई कारागार शाखा दमौलीमा राखी ०६२ असोज ६ गते रिहा गरियो।

काहूँ शिवपुर गाविस-८ निवासी माओवादी कार्यकर्ता संगीता भनिने १७ वर्षीय बिनीता बराइलीलाई सुरक्षाकर्मीले ०६२ असोज ३ गते घिरिङ सुन्धारा-५ को हटिया बजारबाट गिरफ्तार गरी केही दिन सरमसुर गुल्म दमौलीमा राखी असोज १४ गते रिहा गरे। उनले प्रशासन समक्ष आत्मसमर्पण गरेकी थिइन्।

साभुङ्ग भगवतीपुर गाविस-१ सिप्लुङ्ग घर भएका २० वर्षीय टीकाराम थापालाई ०६२ असोज ११ गते सुरक्षाकर्मीले साभुङ्ग गाविस-१ बाट गिरफ्तार गरी ०६२ असोज १६ गते रिहा गरे। पोखराबाट गस्तीमा गएको खेतमा पानी लगाउन गएका बखतमा माओवादीको आशंकामा थापालाई सुरक्षाकर्मीले गिरफ्तार गरेको थियो।

बालअधिकार

जामुने गाविस-८ बडहरेकी एक तीन वर्षीय बालिकालाई सोही ठाउँ घर भएका २५ वर्षीय सन्तोष कुसलेले ०६२ साउन ७ गते बालिकाको घरमा नै बलात्कार गरे। पीडकलाई हाल कारागार शाखा दमौलीमा राखिएको छ।

गोरखा जिल्ला घर भई व्यास नपा-२ मा बस्ने एक ३ वर्षीय बालिकालाई ०६२ साउन १४ गते दमौली बजारमा रहेको बाराही आवासीय माविको कक्षा कोठामा सोही विद्यालयका पियन ३५ वर्षीय शुक्रबहादुर कुमालले बलात्कार गरे। पीडकलाई हाल कारागार शाखा, दमौलीमा हिरासतमा राखिएको छ।

अरुणोदय गाविस-३ मैदीखोलाका बालकद्वय १४ वर्षीय झक्कबहादुर कुमाल र १२ वर्षीय नेत्रबहादुर कुमाललाई ०६२ मंसिर १ गते माओवादीले साभुङ्ग भगवतीपुर गाविसको मानपुरबाट अपहरण गरी हात खुट्टा बाँधी कोठामा थुनेर राखी शारीरिक तथा मानसिक यातनासमेत दिई ०६२ मंसिर ७ गते सोही ठाउँबाट मुक्त गरे। सेनाको निर्देशनमा सुराकी गर्न आएको आरोप लगाई माओवादीले ती बालकहरूलाई अपहरण गरेका थिए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा/बहुविवाह

घाँसीकुवा गाविस-४ घर भएकी २२ वर्षीय मुना पन्तले ०६२ वैशाख २ गते जिल्ला प्रहरी कार्यालयमा आफ्ना पति २५ वर्षीय विनोद पन्तले सोही ठाउँकी २० वर्षीय सोभिता पन्तसँग दोस्रो विवाह गरेको भनी विनोद र सोभितालाई कारवाही गरी पाउँ भनी एक निवेदन दर्ता गरिन्। त्यसपछि उनका पति विनोद हाल नोकरीको सिलसिलामा भारत गएकाले कास्की प्रहरीले सोभिता पन्तलाई पक्राउ गरी अनुसन्धानको लागि थुनामा राखेको छ।

दूर्व्यवहार

देवघाट गाविस-४ पिपलटार बस्ने ४६ वर्षीय तारादेवी सापकोटालाई ०६२ असार ३ गते बिहान घर नजिकै रहेको सार्वजनिक धारामा पानी भर्न जाँदा सोही ठाउँमा घर भएका ६३ वर्षीय केशरबहादुर विक, उनकी पत्नी ५८ वर्षीय सुकमाया विक र निजको छोरी ३५ वर्षीय तारा विकले "डंकिनी" र "बोक्सी"जस्ता अपशब्द प्रयोग गरी गाली गरेर मुडकीले हानी घाइते बनाए। पीडक केशरबहादुरले पीडितलाई गाली गरी "तेरो यहाँ केही पनि छैन तुरुन्त गइहाल" भनी धपाए। दलितहरूको बाहुल्यता रहेको सो ठाउँमा पीडित समूहले ०६२ असार ६ गते जिल्ला प्रहरी कार्यालय, तनहुँमा पीडक उपर कारवाही गरिपाउँ भनी निवेदन दर्ता गरे।

व्यास नपा-५ घर भएकी २० वर्षीय भुवानी माया अधिकारीलाई झुक्याई दोस्रो विवाह गर्न खोज्ने कास्की जिल्ला किस्नी नाच्नेचौर गाविस-२ घर भएका २६ वर्षीय बुद्धिराज सुवेदीलाई ०६२ असार २५ गते प्रहरीले व्यास नपा-१० मा रहेको शिवपञ्चायन मन्दिरबाट गिरफ्तार गऱ्यो। बुद्धिराजकी जेठी पत्नी राधिका गिरी सुवेदीले प्रहरीमा उजुरी गरेपछि प्रहरीले उनलाई गिरफ्तार गरेको थियो। क्षतिपूर्ति दिने सर्तमा सुवेदीलाई ०६२ असार २७ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेकपा (एमाले) जिल्ला कमिटी तनहुँले ०६१ माघ

१० गते र माघ १३ गते छुट्टा-छुट्टै प्रेस विज्ञप्ति जारी गरी माओवादीद्वारा आफ्ना नेता तथा कार्यकर्तामाथि भएको कुटपिट र आक्रमणको घोर भर्त्सना गरेको छ। तनहुँका चार राजनीतिक दलले ०६१ फागुन २५ गते अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस र ०६१ चैत २६ गते जनआन्दोलन दिवसको दिन प्रेस विज्ञप्ति जारी गरी ती दिनहरूमा शान्तिपूर्ण प्रदर्शनमाथि भएको प्रहरी हस्तक्षेपको विरोध गरे।

नेपाल पत्रकार महासंघ तनहुँ शाखा र रिपोटर्स क्लव तनहुँ शाखाले ०६१ चैत २७ गते छुट्टा छुट्टै प्रेस विज्ञप्ति प्रकाशन गरी पत्रकार घनश्याम खड्कालाई आफ्नै निवासबाट प्रहरीले पक्राउ गरेकोमा विरोध गरे।

मानव अधिकार सञ्जाल, तनहुँले ०६१ चैत २६ गते एक प्रेस विज्ञप्ति जारी गरी शान्तिपूर्ण प्रर्दशनमाथि भएको प्रहरी हस्तक्षेप र पत्रकार गिरफ्तारीको विरोध गरे। सञ्जालले पनि ०६१ जेठ २७ गते एक प्रेस वक्तव्य जारी गरी माओवादीले कोटदरवारबाट शिक्षक फुलवहादुर थापालाई गरेको अपहरणको विरोध गर्दै तत्काल उनको सकुशल मुक्तिको लागि अनुरोध गऱ्यो।

सरकारले आत्मसमर्पण गरेका माओवादी कार्यकर्तालाई राख्नको लागि खडा गरेको पुनर्स्थापना केन्द्र ढकालटारमा यो वर्षको अन्तसम्ममा ३४ जना पूर्व माओवादीहरू रहेका छन्। जसमध्ये १८ पुरुष, १३ महिला र तीन वालवालिका रहेका छन्। उनीहरूले पटकपटक विभिन्न मागहरू स्थानीय प्रशासनसमक्ष पेश गर्दै आन्दोलनसमेत गरे।

संरचना क्षति

आँबुखैरेनी र गोरखाको देउराली गाविस जोड्ने पक्की पुलमा माओवादीले ०६१ फागुन १२ गते कुकर वम विस्फोट गराई क्षति पुऱ्याए। सो घटनाको कारण केही दिन गोरखा जाने यातायात अवरुद्ध भयो

खैरेनीटार गाविस-९ स्थित पश्चिमाञ्चल क्षेत्रीय कृषि तालिम केन्द्रमा ०६१ फागुन १७ गते राति र ०६२ वैशाख ११ गते विहान गरी दुईपटक माओवादीले प्रेसर कुकर वम विस्फोट गराई क्षति पुऱ्याए। माओवादीले त्यहाँ रहेका दुईओटा मोटरसाइकल, तीनओटा कम्प्युटर, दुईओटा फोटोकपी मेसिन, फ्याक्स टेलिफोन सेटसमेत लगे। हाल सो केन्द्रमा इलाका प्रहरी कार्यालय स्थापना गरिएको छ।

३.२ गोरखा



जनसंख्या	: ३०३६५१
साक्षरता प्रतिशत	: ५३.८५
महिला साक्षरता प्रतिशत	: ५३.२४
क्षेत्रफल (वर्ग कि. मि.)	: ३६१०
गाविस/नपा संख्या	: ६६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४९६
क्याम्पस उच्च मावि	: ३/५
अस्पताल/स्वास्थ्य चौकी	: २/७४
टेलिफोन लाइन	: १२००
मोटर सडक (कि. मि.)	: २४
प्रहरी कार्यालय संख्या	: ७
हुलाक संख्या	: ६९
मानव विकास सूचकांक	: ०.४५४
प्रति परिवार सरदर संख्या	: ५.१५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

थुमी गाविस-५ कोखेटारमा ०६१ फागुन ५ गते सुरक्षाकर्मीले कारवाही गर्दा वियोगी भनिने एक माओवादी कार्यकर्ताको मृत्यु भयो। लासको पोष्टमार्टम भएन।

पन्द्रुङ गाविस-३ अम्बोटमा सुरक्षाकर्मीको कारवाहीमा ०६१ फागुन १५ गते विद्रोही भनिने एक माओवादी कार्यकर्ता मारिए। लासको पोष्टमार्टम भएन।

गाँखु गाविस-८ सानोटारमा ०६२ भदौ १६ गते सुरक्षाकर्मीको गस्तीसंग जम्काभेट हुँदा सुरक्षाकर्मीले चलाएको गोलीबाट मुच्चोक घर भएका अन्दाजी वर्ष १९ की रमा

भनिने सुनिता रम्तेलको मृत्यु भयो। माओवादी जिल्ला समिति सदस्यसमेत रहेकी रम्तेलबाट एउटा सकेट बमसहित दस्तावेजहरू पनि बरामद गरेको सुरक्षा श्रोतले बतायो। सोही घटनामा अर्को एकजना महिला माओवादी कार्यकर्ता भागेको मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको स्थलगत अध्ययन प्रतिवेदनमा उल्लेख छ।

पन्द्रङ्ग गाविस-८ तीनखण्डेमा ०६२ भदौ ३० गते राति सुरक्षाकर्मीले गोली चलाउँदा तान्द्राङ्ग गाविस-९ घर भएका अनेमसंघ (क्रान्तिकारी) गोरखाका उपाध्यक्ष विनिता भनिने ३३ वर्षीय बिजुला बन्जरा र तान्द्राङ्ग गाविस-९ कै अनेरास्ववियु (क्रान्तिकारी) गोरखाका कोषाध्यक्ष अपेक्षा भनिने १९ वर्षीय कल्पना बन्जरा मारिए। सोही दिन उनीहरू दुवैजना पन्द्रङ्ग गाविस-९ राम्चेस्थित बिजुला बन्जराको माइतबाट घरजान हिंडेका थिए। सोही दिन सुरक्षाकर्मी पन्द्रङ्ग गाविस-८ तीनखण्डेमा गस्तीमा गएको र सोही क्रममा सुरक्षाकर्मीले चुडामणि धिताल र लोकप्रसाद भट्टको घरमा पुगी खानतलासी गरेका थिए। चुडामणि धिताल मृतक कल्पना बन्जराका मामा भएको मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको स्थलगत अध्ययन प्रतिवेदनमा उल्लेख छ।

घ्याच्चोक गाविसको दमारामा ०६२ भदौ ३१ गते बारपाकबाट लमजुङ्गतर्फ जान लागेका माओवादीहरू दमारास्थित भेंडीगोठमा दही खाइरहेको अवस्थामा सुरक्षाकर्मीको गस्ती टोली पुगेपछि उनीहरू भाग्न लाग्दा सुरक्षाकर्मीले गोली चलाएपछि लमजुङ्ग तीनपिप्लेका माओवादी वासुस्मृति चौथो ब्रिगेडअन्तर्गतका प्लाटून कमाण्डर सुरज भनिने २२ वर्षीय बिलबहादुर कुमाल र हर्मी गाविस-९ का माओवदी जनमुक्ति सेनाका साधारण सदस्य सन्तोष भनिने २० वर्षीय शम्भु परियार मारिए। सोही घटनामा तेज भनिने एकजना माओवादी कार्यकर्ता घाइते भई भाग्न सफल भएको प्रत्यक्षदर्शीले बताए। उनीहरूबाट सुरक्षाकर्मीले दस्तावेज तथा बन्दोवस्तीको सामानहरू बरामद गरेको सुरक्षा श्रोतले जनायो। सो घटनामा सुरक्षाकर्मीले उनीहरूलाई सहजै समात्न सक्ने स्थिति हुँदाहुँदै गोली चलाउँदा मृत्यु भएको बुझिन आएको मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको स्थलगत अध्ययन प्रतिवेदनमा उल्लेख छ।

धुँवाकोट गाविस-७, रातमाटेमा ०६२ मंसिर २० गते सुरक्षाकर्मीसँग जम्काभेट हुँदा सुरक्षाकर्मीको कारवाहीमा धुँवाकोट घर भएका माओवादी जिल्ला कमिटी सदस्य काशी भनिने शिव काराखेती र हर्मी घर भएका माओवादीका एरिया सेक्रेटरी विराज भनिने प्रकाश पोखरेल मारिए।

माओवादीबाट

खैरेनी राजमार्ग खण्डको देउराली गाविस-५ सिमलगैरीमा ०६१ चैत २० गते माओवादीले थापेको विद्युतीय धरापमा परी सोही ठाउँ बस्ने ५५ वर्षीय रामबहादुर गुरुङ्गको मृत्यु भयो।

अन्यबाट

गोरखा दरवारको सुरक्षार्थ खटिएका प्रहरीले आफ्नो हातहतियार सफा गर्ने क्रममा ०६२ साउन २६ गते प्रहरी हवल्दारद्वय फूलमान चौधरी र शेरबहादुर पुनको प्वाइन्ट ट्वान्टी टु राइफल एक आपसमा साटासाट गरी सफा गर्दा एक्कासी शेरबहादुर पुनले लिएको राइफल पड्कँदा रुपन्देही मधौलिया-८ घर भएका प्रहरी हवल्दार ३८ वर्षीय फूलमान चौधरीको गोली लागी मृत्यु भयो। अर्को हवल्दार पुनलाई कानुनी कारवाही गरेको जिल्ला प्रहरी कार्यालय गोरखाले जनायो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्य पक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	२	२	१	१		१	६	६	३		९
घाइते	१	१	१	२	२		२	१	१			१
गिरफ्तारी/यातना								४	४	१		५
कुटपिट								३	८	२	१	११
धम्की								२	२			२
भेला/संगठित हुने अधिकार								३	१२		९	२१
बालअधिकार	१	१	१									
अपहरण				४	२	३५०	३५२					
जम्मा	४	४	४	७	५	३५०	३५५	१९	३३	६	१०	४९

जौबारी गाविस-४ पानले खेतमा ०६२ भदौ २६ गते सोही ठाउँ बस्ने नवराज थपलियाको हत्या भयो। पीडित पक्षको सोही ठाउँ बस्ने ५० वर्षीय श्रीकृष्ण थपलियासँग वर्षौंदेखि जग्गासम्बन्धी मुद्दा चलेको थियो। श्रीकृष्ण थपलियाका काइँला छोरा ईश्वर थपलिया विगत केही वर्षदेखि माओवादीका भूमिगत कार्यकर्ता रहेको हुँदा व्यक्तिगत रिसिबीको घटना भएता पनि घटनामा माओवादीको संलग्नता रहेको मानवअधिकार सन्धि अनुगमन समन्वय समितिको प्रतिवेदनमा उल्लेख छ। साथै, घटनापछि माओवादीको एकतर्फी युद्धविरामको अवधिमा घर बिदामा आएका माओवादी कार्यकर्ता ईश्वरलाई पार्टीले घटनाबारे छानबिन गर्न नियन्त्रणमा लिइसकेको माओवादीले सार्वजनिक गरे। मानव अधिकार संरक्षण मञ्च नेपालका सदस्यसमेत रहेका मृतक नवराजलाई गत वर्ष पनि माओवादीले दुईपटक अपहरण गरेका थिए। नवराज थपलियाको हत्याको आरोपमा जौबारी गाविस-४ बस्ने वर्ष ५० का श्रीकृष्ण थपलियालाई ०६२ असोज १८ गते गाउँलेहरूले समातेर ल्याई असोज १९ गते प्रहरीलाई बुझाए। हाल उनी कर्तव्य ज्यानअन्तर्गत पुर्पक्षका लागि थुनामा रहेका छन्।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

पालुङटारस्थित सुरक्षा बेस क्याम्पबाट हर्मीतर्फ जाँदै गरेको संयुक्त सुरक्षा फौजको गस्ती टोली ०६२ असार १४ गते पालुङटारमा माओवादीले थापेको विद्युतीय धरापमा पर्दा सैनिक जवान वेदबहादुर गुरुङ घाइते भए।

थुमी गाविस-८ बयाकमा ०६२ साउन १९ गते माओवादीले थापेको विद्युतीय धरापमा पर्दा स्थानीय सर्वसाधारण पूर्व शाही नेपाली सैनिक ५० वर्षीय रुद्रबहादुर सारु मगर घाइते भए।

अन्यबाट

पालुङटार गाविस-७ मा ०६२ असार १९ गते अज्ञात समूहले हर्मी घर भएका स्थानीय भरिया २४ वर्षीय रामबहादुर नेपालीलाई गोली हानी घाइते बनाए। यस घटनाको जिम्मेवारी राज्य र माओवादी कसैले पनि नलिएको स्थानीय बासिन्दाले बताए।

जेल र बन्दीहरू

कुल ५५ जना बन्दी क्षमता रहेको 'घ' श्रेणीको गोरखा जेलमा हाल ३१ जना बन्दी छन्। जसमा जम्मा २१ जना पुरुष र १० जना महिला छन्। कुल बन्दीमध्ये १४ कैदी र सात थुनुवा गरी २१ जना पुरुष छन् भने नौ कैदी र एक थुनुवा गरी १० जना महिला रहेका छन्। ३१ बन्दीमा चारजना बन्दी आतङ्ककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गतका रहेका छन्। कर्तव्य ज्यान अन्तर्गतका बन्दी स्याङ्जाकी बिमला भट्टसँग एक तीन वर्षीय आश्रित नाबालक पनि रहेका छन्। खानेपानी समस्या रहेको यस जेलमा बन्दीहरूका लागि पत्रपत्रिका र दुईओटा टेलिभिजन, रेडियो उपलब्ध छ। प्रतिदिन प्रतिबन्दी ३० रुपैयाँ र सातसय ग्राम चामल प्रदान गरिनुका साथै आवश्यकता अनुसार बन्दीहरूका स्वास्थ्य उपचारको व्यवस्था रहेको छ। यस वर्ष गोरखा जेलमा घरेलु तथा साना उद्योग विकास समिति, गोरखाको आयोजनामा महिला बन्दीका लागि होजियारी तालिम र लायन्स क्लब अफ गोरखाको आयोजनामा एकदिने आँखा शिविर सम्पन्न भयो।

बेपत्ता / अपहरण

माओवादीबाट

कृषि सेवा उपकेन्द्र, आरुघाटका नायब प्राविधिक सहायक धावा गाविस-५ का रामप्रसाद शाक्यलाई माओवादीले ०६१ पुस १८ गते घरबाट कार्यक्षेत्रतर्फ जाँदै गर्दा अपहरण गरे। उनलाई माओवादीले ०६१ पुस २४ गते सकुशल मुक्त गरे।

माओवादीले घ्याल्चोकस्थित विभिन्न विद्यालयका शिक्षक र विद्यार्थी गरी लगभग दुईसयजनालाई ०६२ जेठ १६ गते नियन्त्रणमा लिई आफ्नो कार्यक्रममा सहभागी गराई दुई दिनपछि सकुशल मुक्त गरे।

विजयभवानी मावि मर्कैसिङ, दलभञ्ज्याङ प्रा.वि. नाइलीचोक, भगवती मावि दर्वुङ, भैरवाश्रम मा.वि. फुजेल र जनशक्ति मा.वि. नाम्जुङलगायतका विद्यालयबाट ०६२ असोज १२ गते एकसय ५० शिक्षकहरूलाई माओवादीले अपहरण गरी दर्वुङस्थित एक विद्यालयमा लगेका थिए। सो कार्यक्रममा माओवादीले शिक्षकलाई दशैं पेश्कीबाट चन्दा दिनका लागि दबाब दिएको शिक्षकहरूले बताए। माओवादीले अपहरित शिक्षकहरूलाई ०६२ असोज १३ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

घ्याल्चोक गाविस-९, माथिल्लोटारमा धादिङ बेनीघाटबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले ०६१ चैत ९ गते सोही ठाउँका ३८ वर्षीय लालबहादुर कँडेल र उनकी पत्नी ३३ वर्षीय सानुमाया कँडेललाई कुटपिट गरे।

आरुचनौटे गाविस-१ र २ स्थित आरुघाट बजारमा ०६२ असार ४ गते सुरक्षाकर्मीले तोडफोड गर्नुकासाथै औषधि पसल सञ्चालन गरी बसेका स्थानीय ३२ वर्षीय उदय श्रेष्ठलाई निर्मम तरिकाले कुटपिट गरे। सो क्रममा

विद्यालयका पियन ६१ वर्षीय ज्ञानप्रसाद श्रेष्ठ, गण्डकी निमावि थुमीका शिक्षक ध्रुव दाहाल, थुमीका व्यापारी अम्मदिन मियाँ, आरुघाट बजारका कमला अमात्य, रमेश श्रेष्ठ र विद्यार्थी कृति श्रेष्ठलाई पनि सुरक्षाकर्मीले कुटपिट गरे।

खरीवोट गाविस-१ बस्ने खरीवोट उपस्वास्थ्य चौकीका पियन ३३ वर्षीय कृष्णप्रसाद भट्टलाई ०६२ असोज २ गते दिउँसो भच्चेकस्थित संयुक्त सुरक्षाकर्मीको क्याम्पमा बोलाई सुरक्षाकर्मीले निर्मम तरिकाले कुटपिट गरे। उनीसँग गएकी सोही उपस्वास्थ्य चौकीकी मातृशिशु कार्यकर्ता जमुना श्रेष्ठलाई पनि गाली गलौज गर्नुका साथै कुटपिट गरे। उनीहरूलाई पत्र पठाई बोलाइएको थियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

मानवअधिकार वर्ष पुस्तक गोरखा जिल्ला प्रतिनिधि भीमलाल श्रेष्ठलाई सुरक्षाकर्मीको संयुक्त टोलीले ०६१ फागुन ६ गते राति कोठाबाट गिरफ्तार गर्ने प्रयास गरे। उनको सदरमुकामको हरमटारीस्थित कोठामा सुरक्षा टोली पुगी उनी कोठामा नभएको बेला उनको पत्नी रेनु श्रेष्ठसँग सैनिकहरूले विभिन्न कुराहरू सोधपुछ गरे। पत्नी श्रेष्ठले उनी गएको ठाउँ देखाएपछि श्रेष्ठलाई भेटेर सुरक्षाकर्मीले ब्यारेकमा जानुपर्ने बताए। लामो कुराकानीपछि मात्र सहमति भई सैनिकहरू इन्सेक सहकर्मी संस्थाका अध्यक्ष रामशरण बस्नेतको घरमा नै श्रेष्ठलाई छाडेर फर्किएका थिए।

इन्सेकको सहकर्मी संस्था ग्रामीण सुदृढीकरण केन्द्रका अध्यक्ष रामशरण बस्नेतलाई ०६१ फागुन ७ गते सुरक्षाकर्मीले गोरखा ब्यारेकमा बोलाई विभिन्न प्रश्नहरू सोधेका थिए।

नेकपा (एमाले) गोरखाले ०६१ चैत २६ गते दिउँसो जनआन्दोलन दिवसको अवसर पारेर सदरमुकाममा निकालेको जुलुसमा प्रहरीले हस्तक्षेप गरी एमाले जिल्ला कमिटी गोरखाका सचिव बाबुराम थापा, उपसचिव सुरेन्द्र थापा, जिल्ला कमिटी सदस्यहरू प्रेम गुरुङ्ग, विश्वेश्वर कट्टेल, बुद्धिप्रसाद दवाडी र एमाले कार्यकर्ताहरू विपिनचन्द्र ढकाल, गणेश गिरी, दीपक पाण्डे र भोला श्रेष्ठलाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तार सबैलाई सार्वजनिक सुरक्षा ऐन, २०२८ बमोजिम गोरखा जेलमा राखेकोमा सातजनालाई क्रमश: रिहा गरेता पनि एमाले जिल्ला कमिटीका सचिव बाबुराम थापा र उपसचिव सुरेन्द्र थापा भने दायर रिटउपर पुनरावेदन अदालतले फैसला गरेपछि एक महिनापछि मात्र रिहा भए।

मे दिवसको अवसर पारेर नेकपा (एमाले) जिल्ला

एमाले जिल्ला सचिव बाबुराम थापालगायतलाई प्रहरीद्वारा गिरफ्तार गरिँदै

कमिटी गोरखाले ०६२ वैशाख १८ गते सदरमुकाममा निकालेको जुलुसमा सादा पोशाकमा रहेको प्रहरीले हस्तक्षेप गरी एमाले जिल्ला कमिटीका सदस्यद्वय हरिप्रसाद काफ्ले र यादवबहादुर बस्नेतलाई पक्राउ गर्‍यो। दुवैजनालाई भोलिपल्ट रिहा गरियो।

सात राजनीतिक दलको विरोध जुलुसपछि सदरमुकामको हरमटारी चोकमा आयोजित कोणसभामा ०६२ असोज ११ गते मन्तव्यको क्रम चलिरहँदा प्रहरीले हस्तक्षेप गरेपछि आन्दोलनकारी र प्रहरीबीच ढुङ्गा हानाहान भयो। सो क्रममा डिएसपि कुलप्रसाद पौडेल, प्रहरी हवल्दार खेमबहादुर श्रेष्ठ र प्रहरी जवान हर्कबहादुर खत्री तथा दलका केही कार्यकर्ता घाइते भए। सो क्रममा एमाले गोरखाका सचिव बाबुराम थापा, नेकाँका महासमिति सदस्य निर्मल पोखरेल, तरुण दल (प्रजातान्त्रिक) का केन्द्रीय महामन्त्री सुरेन्द्र पाण्डेलगायत् एक दर्जन नेता तथा कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तार भएका सबैलाई सोही दिन रिहा गरियो।

पोखरामा आयोजित एमालेको सभामा सहभागी हुन रिजर्भ बस लिएर गएका एमाले, गोरखाका कार्यकर्ताहरूलाई ०६२ मंसिर १० गते २४ किमि गोरखा-खैरेनी सडक खण्डको तीन स्थानमा सुरक्षाकर्मी बसी पोखरा जान लागेका कार्यकर्ताहरूलाई चेकजाँच गर्दै तीनपुस्ते सोधिएको पीडितहरूले बताए।

नेकपा (एमाले) गोरखाले ०६२ पुस १२ गते आयोजना गरेको जनसभाको प्रचारको क्रममा सदरमुकाम लगायत् जिल्लाका विभिन्न स्थानमा टाँसिएका पोष्टरहरूमध्ये सदरमुकाममा टाँसेका सयौ पोष्टरहरू ०६२ पुस ८ गते सुरक्षाकर्मीहरूले राति च्यातिदिए। सो पोष्टर सरकारी निकायले कार्यक्रम भाँड्ने उद्देश्यले च्यातेको भन्ने कुरा भोलिपल्टै एमाले गोरखाले प्रेस विज्ञप्तिमार्फत् सार्वजनिक गर्‍यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा विगत वर्षको जिम्मेवारी सरेर आएको र यस वर्ष दर्ता भएको गरी कुल एकसय ६० मुद्दा रहेकोमा ९६ फर्स्योट भई ६४ बाँकी रहेका छन्। फर्स्योट भएकोमा ५१ देवानी र ४५ फौजदारी मुद्दा रहेका छन् भने ४१ देवानी र २३ फौजदारी मुद्दा फर्स्योट हुन बाँकी छन्। यसबाहेक दुई वर्ष पुगेको मुद्दा ११ ओटा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

नेपाल खाद्य संस्थान, गोरखा शाखाबाट केही वर्ष यता विविध कारणले उत्तरी गोरखामा चामलको ढुवानी हुन नसक्दा यस वर्षपनि सो क्षेत्रमा अधिकांश समय खाद्यान्नको संकट रह्यो। सदरमुकाम देखि ५२ कोस टाढा चीनको सिमानासँग जोडिएको उत्तरी गोरखाका दुर्गम गाविसहरूमा बाह्रै महिना हिमपात हुने हुदा सो क्षेत्रमा धान उत्पादन नहुनाले खाद्यान्न संकट हुने गर्दछ। यसरी खाद्यान्नको संकट टार्न त्यहाँका बासिन्दाहरू तिब्बतबाट चामल ढुवानी गरी महंगो चामल खान बाध्य रहेको स्थानीय बासिन्दाको भनाइ छ।

यस जिल्लामा भूमिहीनहरूको लागि सरकारको तर्फबाट कुनै पनि पहल भएको छैन। सामाजिक सुरक्षा अन्तर्गत वितरण गर्दै आएको वृद्ध, विधवा र अशक्त भत्ता गाविस सचिवहरू सदरमुकाम बस्ने हुदा समयमा पाउन नसकेको जनगुनासो रहेको छ।



सादा पोसाकका प्रहरीद्वारा गिरफ्तार गरिएका यादवबहादुर बस्नेत

विस्थापित

विभिन्न कारणले विस्थापन भई ४३ जना विस्थापितहरू सदरमुकाममा डेरा गरेर र आफन्तकहाँ बसोबास गरेका छन्। सरकारबाट विस्थापितहरूलाई कुनै पनि व्यवस्था भएको छैन।

माओवादी धम्कीका कारण ०६१ पुस १६ गते मुच्चेक गाविस-२ चनौटे बजारका ३० घरपरिवार इन्सेकको पहलमा सोही ठाउँमा फर्किएका छन्। उनीहरू विस्थापित भएको एक महिनापछि नै फर्किएका थिए।

छोराले शाही नेपाली सेनामा जागिर खाएको आरोपमा ०६१ मंसीर १९ गते माओवादीले गाउँ निकाला गरेका गाखु गाविस-६, चिलाउनेका ५२ वर्षीय सिताराम भट्ट र उनकी पत्नी सेतीमाया भट्ट पुन गाउँमै बसोबास गर्न थाले। उनीहरू विस्थापित भएपछि सदरमुकाम बस्दै आएका थिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

पन्द्रुङ्ग गाविस-८ तीनखण्डे बस्ने २६ वर्षीय रेशम धितालनलाई ०६२ भदौ ३० गते राति सुरक्षाकर्मीको गस्ती टोलीले पक्राउ गरी तीन दिन पछि रिहा गरे।

आरुपोखरी गाविस-८ घर भएका एमाले समर्थित अनेरास्ववियुका जिल्ला सचिव २१ वर्षीय द्रोणाचार्य तिमल्सिनालाई सादा पोशाकका सुरक्षाकर्मीले सदरमुकामस्थित तिमल्सिनाको डेराबाट ०६२ असोज १७ गते बिहान गिरफ्तार गरी पोखरीथोक ब्यारेकमा लगी आँखामा पट्टी बाँधेर "माओवादी हो" भन्दै मानसिक यातना दिई सोही दिन बिहान रिहा गरियो।

पुनः गिरफ्तार

अनेमसंघ (क्रान्तिकारी) काठमाडौंका पूर्व अध्यक्ष २१ वर्षीय बीना मगरलाई सर्वोच्च अदालतले ०६२ जेठ १९ गते रिहाई गर्न आदेश दिए पनि उनलाई पुन हिरासतमै राखिएको थियो। उनको रिहाइको आदेश लिएर आएका आफन्तहरू, पत्रकार महासंघका केन्दीय सचिव बलराम बानियाँलगायत् इन्सेक प्रतिनिधिसहित स्थानीय मानव अधिकारकर्मीहरूले जिल्ला अदालत परिसरमा मगरलाई भेट गरे पनि उनको सुरक्षाको कारण देखाई पुनः हिरासतमा राखिएको थियो। सर्वोच्च अदालतको आदेशले बीना मगर ०६२ मंसिर १९ गते काठमाडौंबाट रिहा भइन्।

बालअधिकार

गोरखा सदरमुकामस्थित दि ओल्ड क्यापिटल बोर्डिङ्ग स्कूलमा अध्ययनरत छात्र १२ वर्षीय अश्विन कट्टेललाई ०६१

फागुन ३ गते कक्षा शिक्षक हरिशचन्द्र खनालले कुटपिट गरी बेहोस बनाए। पृथ्वीनारायण नपा बस्ने कक्षा ५ मा अध्ययनरत छात्र कट्टेललाई दैनिक डायरी नल्याएको भनी पाँचसयपटक उठबस गर्न भनेपछि दुईसय ५४ पटक गरेपछि उनी बेहोस भएका थिए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल पत्रकार महासंघ जिल्ला शाखाले ०६२ साउन ३ गते पूर्ण प्रेस स्वतन्त्रताको माग गर्दै गोरखा हरमटारी चोकमा पाँच मिनेट घण्टी बजाएर विरोध जनायो।

माओवादीद्वारा गरिएको एकतर्फी युद्धविरामकै अवधिमा आफ्नो कार्यकर्ताको हत्याको विरोधमा माओवादीले ०६२ असोज ७ गते गोरखा बन्दको आयोजना गरे।

संरचना/सम्पत्ति क्षति

आबुखैरेनी सडक खण्डको देउराली गाविसको पाँच किलोमा विराटनगरबाट गोरखातर्फ आउँदै गरेको को १ ख ४१० नम्बरको मालवाहक मिनी ट्रकमा ०६२ जेठ १८ गते दिउँसो माओवादीले आगजनी गरी क्षति पुऱ्याए।

आबुखैरेनीबाट गोरखातर्फ आउँदै गरेको ग १ ज ७४४७ नम्बरको मिनि बस र गोरखकाली रबर उद्योग स्टाफ बसमा देउराली अबुवा पुलमा ०६२ जेठ २१ गते माओवादीहरूले आगजनी गरे।

आत्मसमर्पण

मिरकोट गाविस-४ घर भएका १८ वर्षीय रामेश्वर घौरालीले ०६२ भदौ २ गते जिल्ला प्रशासन कार्यालय गोरखासमक्ष आत्मसमर्पण गरे। उनी माओवादी निकट युथ कम्युनिष्ट लिगको सदस्य रहेको स्थानीय प्रशासनले जनायो।

सुरक्षाकर्मीद्वारा कुटपिट गरिएका स्वास्थ्यकर्मी उदय श्रेष्ठ

मुच्चोक गाविस-२, घर भएका १७ वर्षीय गिरीराज देवकोटाले ०६२ कार्तिक ६ गते स्थानीय प्रशासनसमक्ष एक ग्रिनेडसहित आत्मसमर्पण गरे। उनी ०६१ सालदेखि माओवादी पार्टीमा भूमिगत थिए।

रोल्पा जेद्वाङ्ग गाविस-४ घर भएका माओवादी कार्यकर्ता २० वर्षीय गणेश विकले ०६२ कार्तिक १४ गते स्थानीय प्रशासनसमक्ष आत्मसमर्पण गरे।

देउरालीकोट गाविस-३ बभाङ्ग घर भएका माओवादी कार्यकर्ता दिलिप भनिने २२ वर्षीय नरेशबहादुर खड्काले ०६२ मंसिर १ गते आत्मसमर्पण गरे। उनी ०६२ जेठ १७ देखि माओवादी पार्टीमा लागेका थिए।

हर्मी गाविस-९ घर भएका पूर्व माओवादी कार्यकर्ता दम्पत्ती शम्भू ढकाल र इन्दिरा ढकालले ०६२ मंसिर १७ गते स्थानीय प्रशासनसमक्ष आत्मसमर्पण गरे। ०५८ साल जेठ १ गतेदेखि नै उनीहरूले पार्टी छाडी सामान्य जीवन यापन गर्दै आएको बताइयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष ११ पुरुष र आठ महिला गरी १९ जनाले आत्महत्या गरे। जसमा १० जना पुरुषले झुण्डिएर, एकजना पुरुष विष खाएर र आठजना महिलाले झुण्डिएर आत्महत्या गरे। सवारी दुर्घटनामा परी पाँच पुरुष र एक महिलाको मृत्यु भयो। हिउँ पहिरोमा तीन महिलाको ज्यान गयो। यस वर्ष चोरीका दुईओटा घटना भए।

विगतको अनुगमन

गत वर्षको बेपत्ता र अपहरण शीर्षकमा माओवादीले अपहरण गरेका सौरपानी गाविस-८ का दिदी बहिनी आशमाया गुरुङ्ग र जसमाया गुरुङ्गमध्ये बहिनी जसमायालाई यस वर्ष माओवादीले मुक्त गरे। यसैगरी छोरो खोज्न जाँदा माओवादीले ०६१ पुस ४ गते अपहरण गरेका मुच्चेक गाविस-२ का रामबहादुर गुरुङ्गलाई यस वर्ष माओवादीले मुक्त गरे।

गतवर्षको बेपत्ता र अपहरण शीर्षकमै माओवादी द्वारा अपहरित पन्द्रुङ्ग गाविस का निवर्तमान अध्यक्ष समिनबहादुर गुरुङ्ग हुनुपर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ। साथै उनलाई पनि माओवादीहरूले यस वर्ष मुक्त गरे।

३.३ लमजुङ



जनसंख्या : १९५३९०
साक्षरता प्रतिशत : ५६.६१
महिला साक्षरता प्रतिशत : ४६
क्षेत्रफल (वर्ग कि. मि.) : १६९२
गाविस/नपा संख्या : ६१/०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३८०
क्याम्पस/उच्च मावि : ५/१५
अस्पताल/स्वास्थ्य चौकी : १/६१
टेलिफोन लाइन : १७
मोटर सडक (कि. मि.) : ११९
प्रहरी कार्यालय संख्या : ८
हुलाक संख्या : ३१
मानव विकास सूचकांक : ०.४९२
प्रति परिवार सरदर संख्या : ५.१३

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
माओवादीबाट

इशानेश्वर गाविस-३ चिसंकु भन्ने ठाउँमा ०६१ माघ १ गते बिहान माओवादीले थापेको एम्बुसमा परी सशस्त्र प्रहरी जवान पूर्णबहादुर गुरुङको मृत्यु भयो।

पर्रवाडाँडा गाविस-३ निवासी नेकपा (एमाले) जिल्ला कमिटी सचिवालय सदस्य ४१ वर्षीय तिलकराज पाण्डेले माओवादी विरुद्ध सुराकी र गुण्डागर्दी गरेको आरोपमा उनलाई माओवादीले ०६२ माघ १६ गते बिहान घरबाट अपहरण गरी तार्कु गाविसका विभिन्न ठाउँमा घुमाई दिउँसो घर नजिक पर्रवाडाँडा गाविस-१ सोह्रहजारे भन्ने ठाउँमा पुऱ्याई टाउकोमा दुई गोली हानी हत्या गरे। हत्याको विरोधमा नेकपा एमाले जिल्ला कमिटी, लमजुङले भर्त्सना गर्दै विरोध र्‍याली र विज्ञप्ति निकाल्यो।

उदीपुर गाविसमा पर्ने मोटर बाटोमा ०६१ माघ २० गते माओवादीद्वारा थापिएको विद्युतीय धरापमा परी चुरोट बेच्न हिँडेको गाडीमा रहेका चारजना सर्वसाधारणको गाडी भित्र नै मृत्यु भयो। मृत्यु हुनेहरूमा इशानेश्वर गाविस-८ घर भएका ३३ वर्षीय सूर्य घिमिरे, तनहुँ जिल्ला व्यास नपा घर भएका ३७ वर्षीय कृष्ण गिरी, तनहुँ जिल्ला भन्सार घर भएका १८ वर्षीय मोटे डल्ले, रुपन्देही जिल्ला बुटवल घर भएका २२ वर्षीय बादल गुरुङ थिए। सोही घटनामा साथमा रहेको ग्रिनेट पड्कदा शक्ति भनिने माओवादी बटालियन सहायक कमाण्डर इलाम पोखरी गाविस-५ घर भएका आसलाल तमु, प्रलय भनिने सेक्सन उपकमाण्डर गरी तीनजना माओवादीको मृत्यु भएको माओवादीले जनाए।

उदीपुर गाविस-६ नजिक पर्ने मोटर बाटो छेउमा ०६२ वैशाख १७ गते सुरक्षाकर्मीलाई लक्षित गरी थापिएको एम्बुसमा एक सर्वसाधारणसहित तीन सुरक्षाकर्मीको मृत्यु भयो। मृत्यु हुनेहरूमा उदीपुर गाविस-६ घर भएका पूर्व शिक्षक ५४ वर्षीय लोकराज अधिकारी, पर्वत जिल्ला घर भएका प्रहरी जवान गोपाल परियार, सुनसरी जिल्ला घर भएका प्रहरी जवान यज्ञराज मगर र कालीकोट जिल्ला घर भएका प्रहरी जवान नारायण खड्का रहेका थिए।

आफ्नै बमबाट

पर्रवाडाँडा गाविस-१ हाडेटारमा ०६२ वैशाख १८ गते सुरक्षाकर्मीलाई लक्षित गरी विद्युतीय धराप थाप्न लाग्दा धराप विस्फोट भई माओवादी कार्यकर्ता सागर भनिने मंगल श्रेष्ठको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते
माओवादीबाट

उदीपुर गाविस-६ स्थित मोटरबाटो नजिक ०६२ वैशाख १७ गते माओवादीले थापेको विद्युतीय धरापमा परी उदीपुर गाविस-४ घर भएका सर्वसाधारण कृष्णबहादुर परियार, झापा घर भएका प्रहरी जवान कबजटङ सतार, गोरखा जिल्ला घर भएका सैनिक जवान जीतबहादुर लामा गम्भीर घाइते भए।

बेवारिसे बमबाट

भोटेओडार गाविस-४ भोटेओडार बजारमा ०६२ चैत २२ गते एक बम विस्फोटन हुँदा १३ वर्षीय संगम गाई घाइते भइन्। सो बम कसले र किन छाड्यो थाहा हुन सकेन।

जेल र बन्दीहरू

लमजुङ जेल 'घ' श्रेणीको हो। यसको क्षमता २५ जनाको मात्र छ। अहिले यस जेलमा २१ जना मात्र छन्। जस

मध्ये कर्तव्य ज्यानमा कैदी सातजना, थुनुवा दुईजना गरी नौजना छन्। सार्वजनिक अपराधमा थुनुवा दुईजना मात्र छन्। डाका चोरीमा नौजना छन्। जबरजस्ती चोरीमा एकजना छन्। जेलभित्र टिभी, रेडियो उपलब्ध छ।

बेपत्ता / अपहरण

माओवादीबाट

तनहुँ जिल्ला बन्दीपुर गाविस घर भएका सुन्तला व्यापारी ३२ वर्षीय श्रीराम श्रेष्ठले ठगी गरेको आरोपमा उनलाई माओवादीले ०६१ पुस १७ गते चिती गाविसबाट अपहरण गरी ०६१ पुस २१ गते तिलाहारबाट मुक्त गरे।

चिती गाविस घर भई नवलपरासी जिल्लामा कार्यरत असई रामचन्द्र पाण्डेलाई घर आउँदा मञ्ज्याङ्ग गाविसको बगर भन्ने ठाउँबाट माओवादीले ०६१ पुस १८ गते अपहरण गरे। उनलाई जागिर छोड्नु पर्ने सर्तमा ०६१ पुस २१ गते चिती गाविसको तिलाहारबाट मुक्त गरे।

गुल्मी जिल्ला खड्ककोट गाविस-३ घर भएका प्रहरी जवान २६ वर्षीय यदुनाथ ढकाललाई घरबाट मनाङ्ग जाने क्रममा बाहुनडाँडा गाविसबाट ०६१ फागुन १ गते माओवादीले अपहरण गरे। उनको रिहाइको माग गर्दै इन्सेक प्रतिनिधि र उनका दाजुले प्रेस विज्ञप्ति जारी गरेपछि उनलाई छोडिएको माओवादीले जनायो। तर कहिले र कहाँबाट भन्ने थाहा हुन सकेन।

कुन्छा गाविस-७ घर भई शाही नेपाली सेनामा कार्यरत २६ वर्षीय रामबहादुर शाहीलाई बिदामा घर आएको बेला ०६२ जेठ ८ गते माओवादीले अपहरण गरे। उनलाई जागिर छाड्नु पर्ने सर्तमा जेठ ९ गते मुक्त गरियो।

ढोडेनी गाविस-२ घर भएका राप्रपाका कार्यकर्ता ४२ वर्षीय मेघराज गुरुङ्गले जनसत्ता विरुद्ध काम गरेको आरोपमा उनलाई माओवादीले ०६२ साउन ४ गते अपहरण गरे। उनलाई भदौ ६ गते छोडिएको र छोडेपछि परिवार सबै विस्थापित हुनु परेको उनले बताए। हाल उनी जिल्ला सदरमुकाम बेंशीशहरमा छन्।

ढोडेनी गाविस-२ घर भएका ४४ वर्षीय पूर्णबहादुर गुरुङ्ग राजावादी भएको आरोपमा ०६२ साउन १४ गते माओवादीले उनलाई अपहरण गरे। उनलाई केही समयको एरिया नजरबन्द पछि मुक्त गरियो।

ढोडेनी गाविस-२ घर भएका ४५ वर्षीय भक्तबहादुर गुरुङ्ग राप्रपा र राजावादी भएको आरोपमा ०६२ साउन १६ गते उनलाई माओवादीले अपहरण गरे। उनी भदौ ३ गते मुक्त भए। माओवादी कब्जाबाट मुक्त भएपछि विस्थापित हुनु परेको उनका दाजु गजबहादुर गुरुङ्गले बताए।

गाउँसहर गाविस-८ घर भएका अर्चलबोट गाविस सचिव ५४ वर्षीय अमृतबहादुर थापालाई ०६२ कार्तिक ७ गते अर्चलबोट गाविस अलैचेबाटमा वृद्ध भत्ता बाड्दै गर्दा माओवादीले अपहरण गरे। उनलाई जागिर छाड्ने सर्तमा ०६२ कार्तिक १४ गते रिहा गरे।

चिती गाविस-९ निवासी राप्रपा कार्यकर्ता एवम् जिल्ला विकास समिति इलाका नं. ८ का मनोनित जिविस सदस्य ५५ वर्षीय श्यामबाबु तिवारीलाई सुराकी गरेको र राजतन्त्रलाई सहयोग गरेको आरोपमा ०६२ मंसिर ३० गते माओवादीले अपहरण गरे। उनको रिहाइको लागि इन्सेक प्रतिनिधि कृष्णप्रसाद अधिकारी र श्यामबाबुकी पत्नी निलकुमारी तिवारीले प्रेस विज्ञप्ति जारी गरे। उनको स्थिति यस वर्षको अन्त्यसम्म सार्वजनिक भएको छैन।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

सिम्पानी गाविस घर भएका ६१ वर्षीय मीनबहादुर भण्डारीलाई ०६१ चैत २२ गते उनकै घरमा माओवादी आइ

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या					५	१४	१४					
घाइते	१	१		१	१	३	३					
गिरफ्तारी, यातना								९	२८	२	३०	६०
कुटपिट					२	२	२					
धम्की					२	२	२					
भेला, संगठित हुने अधिकार								१			१७	१७
महिलाअधिकार	१		१	१								
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					२	२	२					
अपहरण					९	९	९					
जम्मा	२	१	१	२	२१	३३	३३	१०	२८	२	४७	७७



माओवादीद्वारा हत्या गरिएका नेकपा (एमाले) लमजुङका जिल्ला कमिटी सचिवालय सदस्य तिलकराज पाण्डे

'तिम्रो ज्वाईलाई जागिर छाड्न लगाउँछौ कि तिमीलाई कारवाही गरौं' भनेर ज्वाईलाई शाही नेपाली सेनाको जागिर छाड्न नलाए उनलाई नै कारवाही गर्ने धम्की दिए।

चन्द्रेश्वर गाविस-३ घर भई सोही गाविसका सचिव महेन्द्र अधिकारीलाई सरकारको काम गर्दै हिंडेको र आफूले भनेको नमानेको आरोपमा माओवादीले ०६२ वैशाख २ गते कुटपिट गरी माओवादीले आगामी दिनमा भनेको नमाने उनलाई कारवाही गर्ने धम्की दिए।

चिती गाविस-३ घर भएका राप्रपा कार्यकर्ता ३५ वर्षीय राजाराम थापाले सेनालाई सहयोग गरेको आरोपमा ०६२ वैशाख २५ गते माओवादीले उनलाई कुटपिट गरे।

उदीपुर गाविस-४ घर भई मध्यमर्स्याङ्दी परियोजनामा काम गर्ने २६ वर्षीय तीर्थराज अधिकारीलाई ०६२ जेठ ८ गते उनको ससुराली मञ्ज्याङ जान लाग्दा बाटोबाटै माओवादीले सुराकी गर्न आएको भन्ने आरोपमा अपहरण गरी कुटपिट गरे। उनी सोही दिन दुई घण्टापछि मुक्त भए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बेशीशहरमा नेकाँले सत्याग्रहको आन्दोलन शुरु गरेको बेला अनुगन गर्दै फोटो खिच्दै गरेका नेपाल पत्रकार महासंघ जिल्ला शाखाका सभापति कृष्ण केसी र रासस प्रतिनिधि कृष्णराज ओलियालाई ०६१ फागुन ७ गते प्रहरीले गिरफ्तार गरे। खिचेको फोटो, क्यामेरा र रिल (फिल्म) समेत प्रहरीले जफत गऱ्यो। उनीहरू दुवैजना सोही दिन रिहा भए।

पूर्ण प्रजातन्त्रको माग गर्दै नेकां जिल्ला कार्य समितिद्वारा आयोजना गरिएको सत्याग्रहको कार्यक्रममा ०६१ फागुन ७ गते जिल्ला प्रशासन कार्यालयमा धर्ना दिइरहेको बेला नेकाँका २१ जना कार्यकर्तालाई प्रहरीले गिरफ्तार गरे। गिरफ्तार हुनेहरूमा पूर्व राज्यमन्त्री रामबहादुर गुरुङ्ग, पूर्वसांसद हरिभक्त अधिकारी, जिल्ला सभापति शंकरकान्त जोशी, जिल्ला सचिव कृष्ण कोइराला, अन्य कार्यकर्ताहरूमा दिनेश कोइराला, चन्द्रबहादुर कुवँर, शुभनाथ मिश्र, श्रीकान्त घिमिरे, गोपाल खानी, सिना अधिकारी, नारायण पौडेल, आनन्द घिमिरे, नारायण घिमिरे, गणेश नेउपाने, नारायण सुयल, दामोदर अधिकारी, अर्जुन पराजुली, डिकेन्द्र कँडेल, हरि बराल, मानबहादुर विक र सुकलाल तामाङ रहेकोमा तीमध्ये रामबहादुर गुरुङ्ग, हरिभक्त अधिकारी, शंकरकान्त जोशी, कृष्ण कोइराला र आनन्द घिमिरेलाई फागुन ८ गते जेल चलान गरी फागुन १९ गते मुक्त भए भने अन्य सबै सोही दिन राति रिहा भए।

नेपाल पत्रकार महासंघ, जिल्ला शाखाले पूर्ण प्रेस स्वतन्त्रताको माग गर्दै स्थानीय जिल्ला प्रशासन कार्यालयमा ०६१ चैत ३ गते ज्ञापनपत्र बुझाउन जाँदा प्रजिअ चन्द्रप्रसाद पन्तले ज्ञापनपत्र लिन अस्वीकार गरेपछि हुलाकमार्फत् ज्ञापनपत्र बुझाएको महासंघले जनायो।

सात पार्टीको संयुक्त आन्दोलन अन्तर्गत ०६१ चैत २६ गते बेशीशहरमा गरिएको आन्दोलनबाट नेकाँका जिल्ला सचिव कृष्ण कोइराला, कार्यकर्ता नारायण सुयल र महिला कार्यकर्ता रीना थापालाई प्रहरीले गिरफ्तार गरे। रीना थापा चैत २७ गते रिहा भइन् भने कृष्ण कोइराला र नारायण सुयल चैत २९ गते मात्र रिहा भए।

सुन्दरबजार गाविस घर भई नेपाल टेलिभिजनका लमजुङ संवाददाता परमेश्वर अधिकारीको दुईओटा भिडियो क्यामेरा सरकारी समाचार माध्यममा काम गरी निरंकुश सरकारलाई सहयोग गरेको आरोपमा माओवादीले ०६२ साउन २० गते कब्जा गरे। नेपाल टेलिभिजन छाड्नुपर्ने सर्तमा इन्सेक प्रतिनिधि र नेपाल पत्रकार महासंघको रोहवरमा ०६२ मंसिर ७ गते सो भिडियो क्यामेरा माओवादीले फिर्ता गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा ४३ ओटा मुद्दा परे। गत वर्षबाट सरी आएका मुद्दा ६० गरी एकसय ३ मुद्दा, जसमध्ये ३३ मुद्दा फैसला भए भने ७० मुद्दा बाँकी रहे। देवानीतर्फ ६० मुद्दा फर्स्यौट भई ४५ बाँकी रहे। फौजदारी सरकारवादी मुद्दा ४३ वटा दर्ता भए १८ ओटा बाँकी रहे। जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराधअन्तर्गत पाँचओटा मुद्दा परे, दुईओटा फैसला भए, तीनओटा बाँकी रहे। त्यस्तै जिल्ला वन कार्यालयमा दुईओटा मुद्दा परेकोमा दुईओटा मुद्दा नै बाँकी रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

द्वन्द्वका कारण यस जिल्लामा थुप्रै मानिसहरू

विस्थापित भए। जिल्ला प्रशासन कार्यालयमा ७८ घर परिवारको विस्थापित भएको तथ्यांक छ। आफ्ना २७ घर परिवार कार्यकर्ता विस्थापित भएको नेकाले जनाएको छ। राप्रपाले आफ्ना १३ कार्यकर्ता परिवार विस्थापित हुनु परेको जनाएको छ। एमालेले ११ घर परिवार विस्थापित हुनु परेको जनाएको छ। उनीहरू बेंशीशहर, पोखरा, चितवन र काठमाडौंमा बस्दै आएका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी र यातना

भलभले गाविस घर भएका जिल्ला विकास समितिका पूर्व सभापति जमीन्द्रमान घले र मानवअधिकार संस्था सफरका कार्यवाहक अध्यक्ष ४३ वर्षीय वामदेव अधिकारीले ०६१ माघ १९ गतेको शाही घोषणाको विरोध गर्दै बजारमा पर्चा छरेको आरोपमा प्रहरीले उनीहरूलाई ०६१ माघ २२ गते गिरफ्तार गरे। जमीन्द्रमान घलेलाई फागुन ७ गते प्रहरी हिरासतमा राखेर फागुन ८ गते जेल चलान गरी फागुन १९ गते रिहा गरे। अधिकारीलाई ०६२ माघ २७ गतेसम्म प्रहरी हिरासतमा राखी तारेखमा रिहा गरिएकोमा फागुन १५ गतेबाट तारेख छुटाइयो।

रिम्नी गाविस-४ तनहुं घर भएका अर्गनिको माविका शिक्षक ५० वर्षीय सुरेशचन्द्र तिर्मिल्सिनालाई माओवादीको आरोपमा ०६२ वैशाख १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी वैशाख १९ गते जेल चलान गरे। ०६२ असार १० गते पुनरावेदन अदालत, पोखराले जेल मुक्त गर्ने आदेश दियो। असार १३ गते जेल मुक्त गर्नासाथ प्रहरीले पुनः गिरफ्तार गर्‍यो। तिर्मिल्सिनालाई दुई दिन प्रहरी हिरासतमा राखी असार १५ गते तारेखमा रिहा गरियो।

बागेश्वरी मावि बिचौरका कक्षा ८, ९ र १० का आठजना छात्रा र २२ जना छात्र गरी जम्मा ३० जना विद्यार्थीहरूलाई अनेरास्ववियु (क्रान्तिकारी) मा संगठित भएको आरोपमा ०६२ साउन १९ गते गोरखास्थित सुरक्षाकर्मीले गिरफ्तार गरे। शिक्षक, अभिभावक संघका अध्यक्ष र शिक्षकहरूको जिम्मामा सबै विद्यार्थीहरूलाई २० गते रिहा गरियो।

दुधपोखरी गाविस घर भई ज्ञानज्योति माविमा कक्षा ९ मा अध्ययनरत विद्यार्थी १४ वर्षीय पुष्पकला भट्टराईलाई माओवादीमा लागेको आरोपमा ०६२ साउन २० गते गोरखा भच्चेकस्थित सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी २१ गते तारेखमा रिहा भएकोमा भदौ ११ गते तारेख छुटेको कुरा उनले बताइन्।

चिती गाविस-९ घर भएका शेषनिधि तिवारी, रामु तिवारी, प्रकाश तिवारी, सांही गाविस-२ घर भएका भगवती पन्त, कृष्णकान्त पन्त र शान्ता पन्तले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ असोज ८ गते उनीहरूलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरू सबै असोज ९ गते तारेखमा रिहा भए। पीडितहरू सबैको तीन पटकको तारेखपछि तारेख छुटेको पीडितले बताए।

उदीपुर गाविस र चिती गाविसका सोजना युवाहरूले मध्यमर्स्याङ्दी परियोजनामा आतंक मच्चाएको आरोपमा ०६२ पुस २ गते प्रहरीले गिरफ्तार गरे। गिरफ्तार हुनेहरूमा लिलाबहादुर तामाङ, चन्द्रबहादुर तामाङ, भिम बहादुर तामाङ, यमबहादुर तामाङ, अच्युत तिवारी, मेघनाथ सिलवाल, विष्णु प्रसाद घिमिरे, लिलाराज जोशी र यमबहादुर सिलवाल रहेका थिए। उनीहरू सबै पुस ३ गते पत्रकार महासंघ र इन्सेक प्रतिनिधिको रोहवरमा रिहा भए।

बालअधिकार

यस जिल्लाभित्र रहेको निजी बोर्डिङ्ग विद्यालय अनेरास्ववियु (क्रान्तिकारी) ले बन्द गराएपछि यस जिल्लामा रहेका ११ ओटा बोर्डिङ्गमध्ये चारओटा बोर्डिङ्ग अन्यौलमा चलेका छन् भने सातओटा बोर्डिङ्ग बन्द भइसकेका छन्। सरकारी विद्यालयमा चाप बढेको छ। एक कक्षा कोठामा एउटा सेक्सनमा एकसय १० जनासम्म विद्यार्थी बस्न बाध्य छन्। यस्तो अवस्था सुन्दरबजार, भोटेओडार र बेंशीशहरमा रहेको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार बलात्कार प्रयास

बाङ्खेत गाविस-१ खासरबेंशी घर भएकी ५३ वर्षीया महिलालाई ०६२ कार्तिक २८ गते दिउँसो उनको आफ्नै घरमा बसिरहेको बेला एक अज्ञात व्यक्ति आई बलात्कार गर्ने प्रयास गरे। उनले प्रतिकार गर्न खोज्दा कुटपिट समेत गरी भागेको पीडित महिलाले बताइन्। प्रहरीले पीडक पत्ता नलागेको बताएको छ।

विविध

संरचना क्षति

भोटेवडार गाविसमा रहेको भूपू सैनिक आवासीय विद्यालयमा ०६२ जेठ ५ गते माओवादीले बम विस्फोट गराएर भवनको दुईओटा कोठामा क्षति पुर्‍याए। उक्त विद्यालय केही समय बन्द भएपछि हाल खुलेको छ।

बेंशीशहरस्थित बालमन्दिर प्राथमिक विद्यालयमा ०६२ जेठ २८ गते माओवादीले बम विस्फोट गराई क्षति पुर्‍याए।

उदीपुर गाविसस्थित पुनःनिर्माण गरिँदै गरेको टेलिफोन टावर ०६२ असार २६ गते माओवादीले ध्वस्त बनाए। ०५८ साल माघमा माओवादीले उक्त टेलिफोन टावर ध्वस्त बनाएपछि लमजुङवासीहरू पूरै सञ्चार विहीन बन्न पुगे। उक्त घटनाको जिल्लास्थित मानवअधिकारकर्मी र सञ्चारकर्मीले विरोध गर्दै प्रेस विज्ञप्ति जारी गरे। माओवादीले भने सुरक्षाकर्मी नराख्ने सर्तमा टेलिफोन टावर मर्मत गर्न दिने बताए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष चारजनाले झुण्डिएर आत्महत्या गरे। विष सेवन गरी दुईजनाले आत्महत्या गरे। जसमध्ये चार पुरुष र दुई महिला थिए।

३.४ स्याङ्जा



जनसंख्या	: ४२२००१
साक्षरता प्रतिशत	: ७२
महिला साक्षरता प्रतिशत	: ५७.३
क्षेत्रफल (वर्ग कि. मि.)	: ११६४
गाविस नपा संख्या	: ६० २
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ८०९
क्याम्पस उच्च मावि	: ४ ३४
अस्पताल स्वास्थ्य चौकी	: १ ६०
टेलिफोन लाइन	: १०००
मोटर सडक (कि. मि.)	: ३७५
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ६६
मानव विकास सूचकांक	: ०.५३५
प्रति परिवार सरदर संख्या	: ४.९६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

वालिङ नपा-९ घर भएका माओवादी नेता ओमप्रकाश शर्मा र पकवादी गाविस-१ का इन्द्रप्रसाद खनाललाई रामपुरबाट गएको सुरक्षाकर्मीको टोलीले ०६२ जेठ २६ गते रत्नपुर गाविस-३ ग्रिठेखोलामा गोली हानी हत्या गर्‍यो।

जेल र बन्दीहरू

यस जिल्लामा ३५ जना बन्दी क्षमता रहेको 'ङ' श्रेणीको जेल छ। विभिन्न पाचओटा मुद्दामा ३४ जना बन्दी तथा कैदी रहेका छन्। जसमध्ये १४ जना डाका, चारजना कर्तव्य ज्यानमा, नौजना ज्यानमार्ने उद्योगमा एकजना जबरजस्ती करणीमा र चारजना थुनामा छन्। त्यसैगरी एकजना चोरी आरोपमा र एकजना जन्मकैदमा छन्। बालबालिका तथा महिलाको लागि यस जेलमा ठाउँ छैन।

बेपत्ता / अपहरण

माओवादीबाट

स्वरेक गाविस-७ ज्यामिरेका जनप्रिय निमाविका शिक्षक २१ वर्षीय ईश्वरीप्रसाद अर्याल र मोही ठाउका नारायण अर्याललाई माओवादीले ०६२ साउन ११ गते वयरघारी भन्ने स्थानबाट अपहरण गरेकोमा ०६२ साउन १८ गते द्वापुक गाविस-७ सिमलभञ्ज्याङबाट मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधि निर्मला तिवारीलाई ०६२ असार १५ गते पुतलीबजार नपा-३, देवीथान सुरक्षा पोष्टमा जाचमा रहेका भैरवीदल गुल्मका सुरक्षाकर्मीले उनको ब्याग मागी कालो रंगको गोली झोलामा राखेर चेकपोष्टमा जान भने। उनले आफू मानवअधिकारकर्मी भएको र गोली बोकी सुरक्षा जाचमा नजाने बताएपछि "जा भने पछि जा" भनेर धम्की दिए।

माओवादीबाट

पुतलीबजार नपा-११ का जिल्ला विकास समितिका पूर्व सभापति ४८ वर्षीय रामबहादुर थापालाई ०६१ माघ १० गते राति माओवादीले घरदेखि केही पर लगेर बञ्चरो र फलामे छडले हानी खुट्टा भाँचिदिए।

चिन्नेवास गाविस-३ निवासी जनजागृति प्राथमिक विद्यालयका प्रधानाध्यापक ४० वर्षीय मुरारी लम्सालले

प्रतिकार समिति गठन गरेको आरोपमा उनलाई माओवादीले ०६१ माघ १४ गते राति घरमा आई कुटपिट गर्नुका साथै समिति गठन गरे पुनः कारवाही गर्ने धम्की दिए।

चिन्नेवास गाविस-३ घर भई जनजागृति प्राथमिक विद्यालयका शिक्षक ५४ वर्षीय शैलेशराज लम्सालले माओवादीलाई लेवी नदिएको आरोपमा माओवादीले उनलाई ०६१ चैत २५ गते विद्यालयमा गई कुटपिट गरी चैत २६ गतेदेखि स्कूलमा हाजिर नहुन धम्की दिए।

वालिङ नपा-७ निवासी पूर्व वडाध्यक्ष ४२ वर्षीय कमल काफ्ले र सोही ठाउका लक्ष्मीवीच अनैतिक सम्वन्ध भएको आरोपमा ०६२ जेठ १७ गते उनीहरूलाई माओवादीले अपहरण गरी जेठ १९ गते रत्नेदोभानमा एक सभाको आयोजना गरी मोसो लगाई दुवैजनालाई दुई वर्षको श्रम कैद सुनाए। दुवैजना जेठ २२ गते माओवादी कब्जावाट भागी हाल वुटवलमा वसेको जनाइएको छ।

खिलुङदेउराली गाविस-८ का ३२ वर्षीय गिरधारी सिग्देलले आफ्नी पत्नीलाई हेला गरेको आरोपमा ०६२ भदौ ४ गते राती माओवादीले उनलाई घरदेखि पर लगेर कुटपिट गरी नजिकैको घरमा लगेर थुनिदिए। भोलिपल्ट ५ गते छिमेकीले ढोका खोलेपछि हाल उनी घरमै छन्।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकाले ०६१ चैत १९ गते सदरमुकाम पुतलीवजारमा निकालेको विरोध जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी १८ जनालाई गिरफ्तार गरे। गिरफ्तार हुनेमा खिलुङदेउरादली गाविस-९ का खगेन्द्रराज रेग्मी, वालिङ नपा-७ का सूर्यप्रसाद रेग्मी, पुतलीवजार नपा-३ का दुर्गाप्रसाद पौड्याल, वालिङ नपा-३ का सरस्वती तिवारी, प्रेमकुमारी रेग्मी, पुतलीवजार नपा-१२ का जगतवन्धु अर्याल, शिवकुमार अधिकारी, मल्याङकोट गाविस-५ का शिवकुमार गिरी, वालिङ नपा-६ का पीतप्रसाद लम्साल, पुतलीवजार नपा-५ का कृष्णप्रसाद अर्याल, अर्जुनचौपारीकी चन्द्रकला पौडेल, आरुखर्कका अम्विका पौडेल, मनप्रसाद गुरुङ, पुतलीवजार नपा-१२ का वखतवहादुर गुरुङ, पञ्चमूलका गोपाल ढकाल, वहाकोटका देववहादुर ठकुरी र वालिङ नपा-७ का केदार काफ्ले रहेकोमा सवैलाई ०६२ चैत २७ गते रिहा गरियो।

शाही घोषणाको विरोधमा नेकपा (एमाले) र नेकाँद्वारा ०६१ चैत २७ गते सदरमुकाम पुतलीवजारमा जुलुस प्रदर्शनका क्रममा सुरक्षाकर्मीले हस्तक्षेप गरी ३० जनालाई गिरफ्तार गरे। गिरफ्तार हुनेमा नेकाँका तुलसी गिरी, कमल खडका, शिव गिरी, गोविन्द रानाभाट, शेषकान्त अर्याल, नारायण रेग्मी, मुन्ना शेख, अम्विका पौडेल, नन्दकली पौडेल, विष्णुप्रसाद भण्डारी, नारायणप्रसाद ढकाल, दुर्गाप्रसाद पौडेल, हिरामणि ढकाल, रणवहादुर थापा, दशरथ अर्याल र नेकपा (एमाले) का चक्रवहादुर पराजुली, पुण्य भुषाल, ध्रुवराज अधिकारी, मोहन रेग्मी, महेन्द्र थापा, कृष्ण खाँड, उदय श्रेष्ठ, लोकराज शर्मा, विष्णु उपाध्याय, हेम आले, मदमा अर्याल, दामोदर तिवारी, मुक्ति पाठक, कृष्ण ढकाल, इशल मियाँ रहेकोमा उनीहरूमध्ये तीनजनालाई सोही दिन र अन्य सवैलाई ०६१ चैत २८ गते रिहा गरियो।

नेपाल वार एशोसिएशनद्वारा आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा ०६२ भदौ २८ गते सुरक्षाकर्मीले हस्तक्षेप गरी जिल्ला वारका अध्यक्ष रामेश्वर रेग्मीलाई सुरक्षाकर्मीले हलवाटै गिरफ्तार गरेकोमा भदौ २९ गते रिहा गरे।

नेकपा (एमाले) ले ०६२ मंसिर १० गते पोखरामा आयोजना गरेको विरोध कार्यक्रममा स्याङ्जाका विभिन्न ठाउँवाट कार्यक्रममा भाग लिन निस्केका एमालेका नेता तथा कार्यकर्तालाई स्याङ्जाका सुरक्षाकर्मीले वालिङ, रामवाच्छा, वयरघारी, वरजा, नागडाँडा र कुभिण्डेमा नाम, ठेगाना लेख्ने, पोखरामा कर्फ्यू लागेको छ जानुहुन्न भनी अवरोध खडा गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१		१	१					१	२		२
गिरफ्तारी यातना									३	१७	२	१९
कुटपिट	२	१	१	२	३	३		३				
धम्की					१	१		१	१	१		१
भेला संगठित हुने अधिकार									२	२७	४	३१
महिलाअधिकार	२		४	४								
वालअधिकार	१		१	१								
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार					१	१		१				
अपहरण					२	३	१	४				
जम्मा	६	१	७	८	७	८	१	९	७	४७	६	५३

माओवादीद्वारा गोली हानी घाइते बनाइएका स्याङ्जाका पूर्व जिविस सभापति रामबहादुर थापा

नेकाँको आयोजनामा पोखरामा आयोजित कार्यक्रममा जान जिल्लाका विभिन्न ठाउँबाट निस्केका नेता तथा कार्यकर्तालाई सुरक्षाकर्मीले ०६२ मंसिर २४ गते सुरक्षा अवरोध खडा गरे। वालिङ्ग, वयरघारी, बरजा र वाडखोलामा सुरक्षा जाँच गरिएको थियो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा बसोवास गर्ने माझी जातिको भूमि छैन। वालिङ्ग नपा-८ मा बसोवास गर्ने आठ माझी परिवारको भूमि छैन। उनीहरू अर्काको जमिनमा कच्ची घर बनाएर बसेका छन्। जीविकोपार्जनका लागि परम्परागत पेशा माछा मार्ने गर्छन्।

बाँके, वर्दिया, दाङ जिल्ला घर बनाउन मुक्त कमैया वेला-वेलामा यस जिल्लामा आउँछन्। खोलाको किनारमा पाल टाँगेर एक महिना १५ दिन बसोबास गरेपछि पुनः खोलाको किनार छाडेर परिवारसहित हिंड्ने गर्दछन्।

आर्थिक अधिकार

जिल्लामा महिला र पुरुषलाई समान कामको ज्याला दिइएको छैन। निर्माण काममा पुरुषलाई रुपैयाँ १७० र महिलालाई १४० रूपैयाँ तथा खेतवारीको काममा महिलालाई ८० रुपैयाँ र पुरुषलाई १०० रूपैयाँ दिइन्छ।

बालअधिकार

आरुचौर गाविस-७ का २० वर्षीय टेकवहादुर क्षेत्रीले ०६१ माघ १७ गते पुतलीवजार नपा-११ की एक आठ वर्षीय वालिकालाई वनमा पात लिन गएको वेला बलात्कार गरे। पीडक हाल जिल्ला कारागारमा थुनामा छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

वालिङ नपा-८ निवासी ४२ वर्षीय मैमून मियाँले महिलालाई बिक्री गर्ने उद्देश्यले बिना नागरिकता र पासपोर्ट विदेश पठाइदिन्छु भनी ०६१ फागुन ३० गते भारततर्फ लैजाने क्रममा वालिङ नपा-२ का अनन्तराज गैहेले माल्ुङ्गावाट फर्काएर इलाका प्रहरी कार्यलयमा वुझाएपछि पेलाकोट गाविस-४ की २८ वर्षीय हेममाया थापा, मनकामना १ की २८ वर्षीय विष्णु गुरुङ र सिर्सेकोट गाविस-४ की २८ वर्षीय वालकुमारी गुरुङलाई आफन्तको जिम्मामा पठाइएको छ भने पीडक मियाँलाई ज्यान मास्ने उद्योगमा कास्की कारागारमा राखिएको छ।

पारिवारिक हिंसा

फापरथुम गाविस-३ का २८ वर्षीय चन्द्रप्रकाश ढकालले पत्नी २३ वर्षीय कौशिला ढकालले दाइजो नल्याएको भनी २५ वर्षीय तारा ढकालसँग ०६२ साउन २३ गते दोस्रो विवाह गरेपछि कौशिलाले जिल्ला अदालतमा ०६२ कार्तिक २० गते बहुविवाहको मुद्दा दिएकी छन्।

विविध

संरचना क्षति

दरौं सिरुवारी गाविस-३ स्थित उपस्वास्थ्य चौकीको भवन ०६२ पुस ४ गते राति अज्ञात समूहले तोडफोड गरेको छ। मातृशिशु कार्यकर्ता गीता सापकोटाका अनुसार त्यहाँ भएको औषधी, स्वास्थ्य परीक्षणका सवै उपकरण तोडफोड भएको थियो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष यस जिल्लामा खोलामा डुवेर चारजना, विष सेवनवाट पाँचजना, झुण्डिएर चारजना र सवारी दुर्घटनावाट छ जना गरी जम्मा १९ जनाले ज्यान गुमाएका छन्।

विगतको अनुगमन

चिन्नेवास गाविस-३ निवासी पूर्व सांसद ५२ वर्षीय ध्रुवराज लम्सालको घरमा माओवादीले ०६१ माघ १४ गते लगाएको ताला ०६२ जेठ २५ गते स्थानीय जनताको पहलमा खोलिएको छ। हाल लम्सालको परिवार आफ्नै घरमा छन्।

निवुवाखर्क गाविस-३ निवासी कालिका प्राविका प्रधानाध्यापक ४९ वर्षीय रामचन्द्र ढकालको घरमा ०६१ साउन २८ गते माओवादीले लगाइदिएको ताला ०६२ पुस १८ गतेसम्म खोलिएको छैन। ढकालको परिवार मिर्मी बजारमा बसेका छन्।

पकवादी गाविस-४ निवासी जानकी मावि‌का शिक्षक हरिप्रसाद खनाललाई ०५९ असार २९ गते सुरक्षाकर्मीले खनालको घरबाटै बिहान गिरफ्तार गरेकोमा ०६२ पुस १५ गतेसम्म कुनै जानकारी छैन।

माओवादीको आरोपमा ०६१ वैशाख १६ गिरफ्तार गरि कारागारमा राखिएका पकवादी गाविस-२ निवासी ज्ञानोदय निमाविका शिक्षक ३८ वर्षीय टंकप्रसाद खनाल २१ महिनापछि ०६२ पुस ४ गते कारागार शाखा स्याङ्जाबाट रिहा भएका छन्।

माओवादीको आरोपमा ०६१ वैशाख ९ गते गिरफ्तार भएका रत्नपुर गाविस-४ निवासी ३५ वर्षीय तीर्थ बराललाई ०६२ पुस १२ गते नजरबन्दबाट रिहा गरिएको छ। हाल उनी घरमै छन्।

३.५ कास्की



जनसंख्या : ४,२२,४९९
साक्षरता प्रतिशत : ७१.९
महिला साक्षरता प्रतिशत : ६१.५
क्षेत्रफल (वर्ग कि. मि.) : २०१७
गाविस नपा संख्या : ४३ २
निर्वाचन क्षेत्र : ३
विद्यालय : ५५९
क्याम्पस उच्च मावि : १३ ४८
अस्पताल स्वास्थ्य चौकी : ५ ५०
टेलिफोन लाइन : २२५५६
मोटर सडक (कि. मि.) : ४०५
प्रहरी कार्यालय संख्या : ११
हुलाक संख्या : ५१
मानव विकास सूचकांक : ०.५५०
प्रति परिवार सरदर संख्या : ४.९६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

पोखरा उपमनपा-८ सिमलचौर निवासी माओवादी कास्की-पर्वत सेक्रेटरी विश्वास भनिने २७ वर्षीय विजय ढकालला‌ई ०६१ पुस २९ गते दिउँसो ११ बजे सुरक्षाकर्मीले निर्मलपोखरी गाविस-१ मा गोली हानी हत्या गरे।

अखिल नेपाल मजदुर संगठन (क्रान्तिकारी) का सदस्य डासु पौडेल र राजाराम कुमालको ०६१ फागुन ११ गते भरतपोखरी गाविस-४ गैरागाउँमा भएको सुरक्षा कारबाहीमा मृत्यु भयो।

ठेगाना खुल्न नसकेका प्रशान्त गुरुङ नाम गरेका एक व्यक्तिको ०६१ फागुन २२ गते पोखरा उमनपा-५ मालेपाटनमा सुरक्षाकर्मीले प्रहार गरेको गोली लागी घटनास्थलमै मृत्यु भयो। मृतक माओवादी भएको सुरक्षास्रोतले दावी गरेको छ।

कास्कीको थुमाकोडाँडा गाविस घर भएकी १४ वर्षीया सासा भनिने अस्मीता विकलाई सर्चमा गएका सुरक्षाकर्मीको टोलीले ०६२ भदौ २१ गते कास्कीको ल्वाङघलेल-७ कुइवाङ भन्ने स्थानमा नियन्त्रणमा लिई हत्या गरे। निशस्त्र अवस्थामा रहेकी अस्मितालाई सुरक्षाकर्मीले नियन्त्रणमा लिइसकेपछि गोली हानी हत्या गरेको स्थानीय प्रत्यक्षदर्शीले बताए। उनी विगत छ महिनादेखि माओवादीमा संलग्न रहँदै आएकी थिइन्। उनको लासलाई सुरक्षाकर्मीले नै स्थानीय मर्दी खोलामा जलाएका थिए।

कैलाली जिल्ला टीकापुर नपा-७ घर भई माओवादी परिवर्तन स्मृति नवौं ब्रिगेड कमाण्डर २२ वर्षीय छोटेलाल चौधरीलाई ०६२ कार्तिक १२ गते सुरक्षाकर्मीले नियन्त्रणमा लिई लेखनाथ नपा-१५ फेदीमा गोली हानी हत्या गरे। स्थानीय प्रत्यक्षदर्शीका अनुसार सादा पोशाकका दुईजना सुरक्षाकर्मीले चौधरीलाई नियन्त्रणमा लिई घर पछाडि लगेर गोली हानी हत्या गरेका थिए।

माओवादीबाट

मिजुरेडाडा गाविस-४ पाखुरीकोट बस्ने भारतीय गोर्खा सैनिकका अवकाश प्राप्त सुबेदार ६० वर्षीय रतनसिंह गुरुङलाई ०६१ माघ १२ गते राति माओवादीले घरमै गई धारिलो हतियार प्रयोग गरी हत्या गरे।

पोखरा उपमनपा-१५ रामबजार घर भई राष्ट्रिय अनुसन्धान विभाग पश्चिमाञ्चल कार्यालय पोखरामा कार्यरत डिएसपी ४९ वर्षीय महेश केसीलाई ०६१ चैत १७ गते माओवादीले आफ्नै निवास अगाडि गोली हानी हत्या गरे।

म्याग्दी जिल्ला लार्चाङ गाविस-९ घर भई

जनप्रकाश मावि कक्षा १० मा अध्ययनरत १९ वर्षीय केशवबहादुर राम्जालीको पोखरा उमनपा-९ स्थित ओपन हाउसमा माओवादीले गराएको बम विस्फोटमा परी ०६१ चैत २१ गते मृत्यु भयो। सोही घटनामा परी धादिङ जिल्ला घर भएका १९ वर्षीय सीमा थापामगर, स्याङ्जा जिल्ला माझकोट घर भएका २३ वर्षीय ओमबहादुर गुरुङ, कास्की जिल्ला धान्दुक घर भएका २१ वर्षीय लक्ष्मण आले घाइते भए।

पोखरा उमनपा-९ नागढुङ्गा घर भई जनप्रिय बहुमुखी क्याम्पसका प्रमुख ६३ वर्षीय गणेशमान पालिखे, उनका अंगरक्षक तनहुँ जामुने घर भएका प्रहरी हवल्दार चिनबहादुर कुमाल र दोलखा घर भएका सशस्त्र प्रहरी जवान सुरज उदास सुनारलाई ०६२ जेठ २९ गते साँझ तीनओटा मोटरसाइकलमा आएका छ जना माओवादीको एक समूहले पालिखेको घर अगाडि ग १ च २००१ नम्बरको गाडीबाट ओर्लँदै गर्दा गोली हानी हत्या गऱ्यो।

पोखरा उमनपा-१८ छिनेडाँडा घर भई राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला अध्यक्ष ४४ वर्षीय क्षेत्रबहादुर केसीलाई ०६२ जेठ २६ गते बिहान सोही ठाउँको मनकामनाटोलमा माओवादीले गोली प्रहार गरी घाइते बनाएकोमा ०६२ जेठ २९ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचार गर्दा गर्दै मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

स्याङ्जा सेतीदोभान गाविस-४ घर भई पृथ्वीनारायण क्याम्पस प्रमाणपत्र तह दोस्रो वर्षमा अध्ययनरत १९ वर्षीया गीता केसी ०६१ माघ १९ गते शाही घोषणा लगत्तैको विरोध प्रदर्शनका क्रममा सुरक्षाकर्मीले प्रहार गरेको गोली लागि घाइते भइन्। उनको दायाँ तिघ्रामा गोली लागेकोमा मणिपाल शिक्षण अस्पतालमा उपचार भयो।

पोखरा उमनपा-१ बगर बस्ने विष्णु सार्की ०६२ वैशाख १४ गते राति सुरक्षाकर्मीले माओवादीको आशंकामा चलाएको गोली लागि घाइते भइन्। उनको सुरक्षाकर्मीले नै उपचार गरे।

कास्की जिल्ला ल्वाङ्घलेल गाविस-४ निवासी पदमबहादुर तामाङ्गको ३४ वर्षीय छोरा खड्गबहादुर तामाङ्ग ०६२ पुस ९ गते सेनाले चलाएको गोली लागी गम्भीर घाइते भए। माइक्रोबसमा बाग्लुङ्गबाट पोखरातर्फ आइरहेको बेला पोखरा-बाग्लुङ्ग राजमार्ग अन्तर्गतको पोखरा उमनपा-१ सिमपानीस्थित सुरक्षा चेकपोष्टमा खटिएका सेनाले चेकजाँचको क्रममा खड्गबहादुरलाई गोली हानेको स्थानीय प्रत्यक्षदर्शीले बताएका छन्। उनलाई पश्चिमाञ्चल क्षेत्रीय अस्पताल पोखरामा उपचारका लागि लगिएकोमा ०६२ पुस ११ गते सेनाको हेलिकप्टरमार्फत् काठमाडौंस्थित छाउनी अस्पतालमा उपचार गर्न लगियो।

माओवादीबाट

पोखरा उमनपा-१ बगर निवासी ६८ वर्षीय पूर्व राज्यमन्त्री लक्षबहादुर गुरुङ्गलाई ०६१ माघ २७ गते माओवादीले गोली प्रहार गर्दा घाइते भए। उनको गर्धन र दाहिने पाखुरामा गोली लागी घाइते भएकोमा मणिपाल शिक्षण अस्पतालमा उपचार भयो।

पोखरा उमनपा-८ स्थित चिप्लेढुङ्गामा माओवादीले ०६१ चैत २९ गते साँझ विस्फोट गराउँदा रमेश नेपाली, सुनिल नेपाली, सन्तोष बगल, गौतम गुरुङ, निर्मल आले, रविमोहन बाँस्तोला, अमर सापकोटा, धिरेन्द्र केसी, महेन्द्र न्यौपाने, लक्ष्मी दाहाल, भेषबहादुर थापा, सुरेन्द्र मैनाली र

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या					५	७			७	५	५	१		६
घाइते					६	२३	२	५	३०	४	३	१		४
हिरासत वा थुनामा मृत्यु										१	१			१
गिरफ्तारी यातना										५३	१७४	२५	६४	२६३
कुटपिट	१	१		१						३	४			४
धम्की					५	४		१	५					
भेला संगठित हुने अधिकार										९	३५		५३	८८
जातीय विभेद	१		१	१										
बालअधिकार	१		१	१										
आर्थिक सामाजिक सांस्कृतिक अधिकार					९	९	२		११					
अपहरण					६	१४	७	५५	७६					
जम्मा	३	१	२	३	३१	५७	११	६१	१२९	७५	२२२	२७	११७	३६६

प्रल्लाद सिलवाल घाइते भए। घाइतेहरूको मणिपाल शिक्षण अस्पतालमा उपचार भयो।

लाहाचोक गाविस-४ घर भई हेम्जा गाविस-९ मिलनचोकमा पसल गरी बस्ने २८ वर्षीय सन्तोष जिसी माओवादीले ०६२ वैशाख ३ गते शाही नेपाली सेनाका क्याप्टेन टेकवहादुर कुँवरको घरमा विस्फोट गराउँदा घाइते भए। उनले सोही घरमा पसल गर्दै आएका थिए।

पोखरा उमनपा-६ वैदाममा रहेको गार्डेन रेष्टुरेन्टमा माओवादीले ०६२ जेठ ६ गते विष्फोट गराउँदा कुक हेल्पर दुर्गाबहादुर गुरुङ र वेटर यामबहादुर जिसी घाइते भए। उनीहरूको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो।

कास्कीकोट गाविस की २२ वर्षीया मनिषा रानाभाट, पुम्दी भुम्दी गाविस का भगवान वास्तोला, नेवी ट्रेर्डसका बलराम सुवेदी , ज्योति किचनका भीम सुवेदी र श्रेष्ठ ब्रर्दसका गजेन्द्र श्रेष्ठ ०६२ जेठ १० गते माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी पृथ्वीचोकमा विस्फोट गराउँदा घाइते भए। घाइतेहरूको फेवा सिटी अस्पतालमा उपचार गरियो।

जेल र बन्दीहरू

कास्की जिल्लाको कारागार 'ग' श्रेणीमा पर्दछ। महिला २० र पुरुष ४० गरी कूल ६० जना बन्दी क्षमता भएको कास्की कारागारमा यस वर्षको अन्त्य सम्ममा एकसय ७९ बन्दी रहेका छन्। जसमध्ये ३० महिला र एकसय ४९ पुरुष रहेका छन् भने तीनजना विदेशी र एकजना आश्रित नावालक समेत रहेका छन्। जसमध्ये आतंककारीको आरोपमा १८ महिला, एक विदेशीसहित ४० जना पुरुष गरी जम्मा ५९ जना रहेका छन्।

कारागारमा मृत्यु

माओवादीको अभियोगमा कास्कीको ल्वाङ्घलेल गाविसको खोराकोमुख भन्ने स्थानवाट ०६० पुस १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बन्दी जीवन बिताइरहेका पत्रकार महेश्वर पहारीको समयमै उपचार नपाई ०६२ असोज १८ गते कारागारमा नै मृत्यु भयो। कारागारमा बन्दी जीवन विताइरहेका पहारीलाई रोगले च्याप्दै गएपछि समयमै उपचार नपाई उनको मृत्यु भएको वताइएको छ।

बेपत्ता / अपहरण

राज्यबाट

लेखनाथ नपा-४ राखीडाँडा घर भई पोखरा उमनपा-१० औद्योगिक क्षेत्रमा वर्कसप सञ्चालन गरी वस्ने ४१ वर्षीय देवराज वस्ताकोटीलाई ०६१ माघ २३ गते माओवादीको आशंकामा सादा पोशाकका सुरक्षाकर्मीले वर्कसपबाटै गिरफ्तार गरे। यस वर्षको अत्यसम्म उनको अवस्था अज्ञात छ।

सुरक्षाकर्मीद्वारा मारिएका विश्वास भनिने विजय ढकाल

माओवादीबाट

पुरनचौर गाविस घर भएका एमाले जिल्ला कमिटी सदस्य ५४ वर्षीय मीनराज पौडेल र उनका छोरा २२ वर्षीय नारायण पौडेललाई ०६१ माघ १८ गते माओवादीले उनकै घरवाट अपहरण गरेकोमा ०६१ माघ २१ गते मुक्त गरे।

लेखनाथ नपा-१ भण्डारढिक सुकुम्वासी नयाँवस्ती घर भई सोही वडामा रहेको जनप्रभात उच्च माविमा कक्षा ९ मा अध्ययनरत १७ वर्षीय मनवहादुर तामाङ्ग र १५ वर्षीय नवीन गुरुङलाई ०६१ पुस २३ गते माओवादीले नक्कली माओवादी वनी पैसा उठाएको अभियोगमा अपहरण गरेकोमा ०६१ माघ ७ गते थुमाकोडाँडा गाविसवाट मुक्त गरे।

लेखनाथ नपा-८ शिशुवा घर भई कास्कीका पूर्व जिल्ला शिक्षा अधिकारी वलराज पौडेल र भीवालय मावि थुम्कीका पूर्व प्रधानाध्यापक तीर्थ न्यौपानेलाई ०६२ जेठ २ गते माओवादीले अपहरण गरेकोमा सोही दिन राती ११ वजे मुक्त गरे।

भरतपोखरी गाविस-२ आपुभञ्ज्याङ्गस्थित कालिका माध्यमिक विद्यालयमा अध्ययनरत शर्मिला बानिया, मञ्जु बानिया, भगवती क्षेत्री, डिल्लीराम भट्टराई, नवराज बानिया, दिनेश बानिया, केशव गिरी, शर्मिला बस्नेत, सरीता बानिया, अनीता बानिया र वसन्त ढकाललाई माओवादीले ०६२ जेठ ८ गते सोही ठाउँको सालघारी भन्ने स्थानवाट अपहरण गरे। उनीहरूलाई माओवादीले ०६२ असार २३ गते इन्सेक पश्चिमाञ्चल क्षेत्रीय कार्यालय पोखराको रोहवरमा आफन्तको जिम्मा लगाई मुक्त गरे।

रूपाकोट गाविस-४ घर भई लेखनाथ नपा-१४ सातमुहानेमा वस्दै आएका भारतीय गोर्खा सैनिकका हवल्दार २९ वर्षीय निर्मलकुमार खड्कालाई ०६२ जेठ १२ गते माओवादीले लेखनाथ नपा-१२ गगनगौंडावाट अपहरण गरे। यस बर्षको अत्यसम्म उनको अवस्था अज्ञात छ।

थुमाकोडाँडा गाविसस्थित ध्रुव माविका शिक्षक वृहस्पति अधिकारीसहित २३ जना विद्यार्थी र सीताराम मावि याङ्जाकोटका शिक्षक सुरेन्द्र बरालसहित २३ जना विद्यार्थी गरी ४६ जना विद्यार्थीहरूलाई ०६२ कार्तिक २९ विद्यालयबाटै माओवादीले अपहरण गरे। अपहरणमा परेका विद्यार्थीहरूलाई अनेरास्ववियु (क्रान्तिकारी) का १६ औं कास्की जिल्ला सम्मेलनमा सहभागी गराई ०६२ मंसिर २ गते मुक्त गरियो।



उपचार नपाई कारागारमा मृत्यु भएका पत्रकार महेश पहारी

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पोखरा उमनपा-१६ बाटुलेचौर निवासी पूर्व सैनिक सुरज कुँवरलाई ०६२ साउन १० गते विवाद मिलाउन खोज्दा सुरक्षाकर्मीले कुटपिट गरे। बिहान हिँडाइका क्रममा युवतीलाई जिस्काउँदै पिछा गर्दै हिँडेका सुरक्षाकर्मीलाई रोक्न गएका रेशम थापा र खगेन्द्र कुँवरसग भएको विवाद मिलाउन खोज्दा सुरजलाई सुरक्षाकर्मीले कुटपिट गरेका थिए।

लेखनाथ नपा-१२ खुदी निवासी अनेरास्ववियु कास्कीका सचिव २४ वर्षीय दिलीप न्यौपाने सुरक्षाकर्मीसँगको मुठभेडमा ०६२ भदौ ६ गते घाइते भए। पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धिको विरोधमा भएको मशाल जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा उनी घाइते भई फेवा सिटी अस्पतालमा उपचार भयो।

माओवादीबाट

पुरनचौर गाविस-६ घर भई भारतीभवन माविका सहायक प्रधानाध्यापक ५० वर्षीय दीपक पौडेललाई ०६२ जेठ ४ गते माओवादी निकट शिक्षक संगठन कास्कीले पत्रमार्फत राजीनामा गर्नु पर्ने धम्की दिए। पौडेलले राजिनामा दिएनन्।

पोखरा उमनपा-९ नयाँबजार निवासी विष्णुप्रसाद श्रेष्ठले जालसाझी गरी सार्वजनिक जग्गा हडपेको आरोपमा उनलाई माओवादीले ०६२ साउन १ गते जनअदालतमा उपस्थित हुनुपर्ने धम्की दिए। माओवादी कास्कीका प्रमुख थमन परियारले १५ दिनभित्रमा उपस्थित नभए जनकारवाही गर्ने धम्की पर्चामार्फत् दिएका थिए।

पोखरा उमनपा-१२ माटेपानी घर भई जिल्ला विकास समिति कास्कीका मनोनित सदस्य ६७ वर्षीय गंगाबहादुर गुरुङलाई माओवादीले ०६२ भदौ २ गते राजिनामा गर्न धम्की दिएपछि उनले ०६२ भदौ ९ गते राजिनामा गरे।

पोखरा उमनपा-४ स्थित कुमुदिनी होम्सका सञ्चालक अशोक पालिखेलाई ०६२ भदौ १७ गते माओवादीले विज्ञप्तिमार्फत कारवाहीको धम्की दिए। माओवादी कास्कीका सेक्रेटरी सन्देशले उक्त विद्यालयका पूर्व सञ्चालक योगेन्द्र शर्मा र पालिखेबीच भएको विवाद तत्काल मिलाउनु पर्ने एवं आफ्ना दुईजना कार्यकर्तालाई सुराकी गरी पक्राउ गराएको आरोपमा धम्की दिएको विज्ञप्तिमा उल्लेख छ।

कास्कीको लुम्ले गाविस-७ सीचकमा निर्माणाधीन सिचक लघु जलविद्युत आयोजना माओवादी धम्कीका कारण बन्द भएकोमा ०६२ पुस ११ गते देखि पुन सञ्चालनमा आएको छ। माओवादीले आफ्नो पार्टीको स्वीकृति बिना आयोजना सञ्चालन गरेको भनी ०६२ भदौ ४ गते निर्माण समितिलाई पत्रमार्फत बन्द गर्न धम्की दिएपछि आयोजनाको निर्माण कार्य ठप्प भएको थियो। निर्माण समिति, उपभोक्ता समिति र माओवादी इन्चार्ज प्रभातसहितका जिल्ला स्तरीय कार्यकर्ताबीच ०६२ पुस १० गते भएको छलफल र सहमति पछि बिनासर्त आयोजना पुन सञ्चालन भई काम शुरु भएको निर्माण समितिका अध्यक्ष प्रेमबहादुर गुरुङले जानकारी दिए।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत विद्यार्थीहरूद्वारा ०६१ माघ १९ गतेको शाही घोषणाको विरोधमा प्रर्दशन गर्दा सोही दिन क्याम्पसका ६७ जना विद्यार्थीहरूलाई सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार हुनेहरूमा पदम गिरी, दिलिप न्यौपाने, खगनाथ गैरे, रामु पौडेल, रमेश क्षेत्री, श्रीधर पराजुली, नारायण सापकोटा, इन्द्र प्रसाद लामिछाने, सुरज हमाल, गणेश रेग्मी, कृष्ण केसी, भोजराज बराल, सन्तोष पौडेल, लक्ष्मण बिष्ट, सरोज न्यौपाने, रामेश्वर परियार, युवराज गौतम, बिनोद पौडेल, सन्तोष खत्री, शालिकराम शाही, जीत गुरुङ, दामोदर ज्ञवाली, कमलराज पौडेल, देवराज तिवारी, रामचन्द्र काफ्ले, कृष्ण सुवेदी, नरेन्द्र कार्की, रामी लामा, झलकमान बराल, सुखबहादुर विक, मोहन पाठक, गुराम मानन्धर श्रेष्ठ, सानुबाबु पौडेल, मनोज विक, नारायण श्रेष्ठ, सूर्यप्रसाद ढकाल, किसन केसी, उपेन्द्र गौतम, अशोक बराल, दिपक गैरे, रमेश आचार्य सुवास पौडेल, श्रीकृष्ण पौडेल, सन्तोषराज पौडेल, दीपेन्द्र भण्डारी, सन्तोष गिरी, विवेक गुरुङ, रामप्रसाद

विक, रामचन्द्र रेग्मी, दिपेन्द्र पौडेल, केशव पौडेल, गजेन्द्रवहादुर थापा, प्रकाश तिवारी, अनिल शाही, लक्ष्मण वि.क., शर्मिला अधिकारी, दिलु गुरुङ, प्रकाश कार्की, रामवहादुर वाइवा, सूर्य वहादुर के.सी., सन्तोष वुढा, हरिकृष्ण पाण्डे, जगदीश अधिकारी, नेपाल के.सी., पुरन थापा, दीपक पौडेल र वेलवहादुर पूर्जा रहेका छन्। गिरफ्तार सवैलाई ०६१ माघ २१ गते क्याम्पस प्रमुख डा. दिलवहादुर क्षेत्रीको जिम्मामा रिहा गरियो।

पोखरा उमनपा-९ का नेकाँ महासमिति सदस्य शुक्रराज शर्मा, महासमिति सदस्य नरेशशंकर पालिखे, क्षेत्र नं. २ का सभापति निर्मलप्रसाद कर्माचार्य, नेपाल महिला संघ केन्द्रीय सदस्य शारदा पौडेल, जिल्ला समिति सदस्य नवीनवावु पौडेल, क्षेत्र नं ३ का उपसभापति शम्सेरबहादुर थापा, क्षेत्र नं १ का कोषाध्यक्ष कोपिला रानाभाट, क्षेत्रीय सदस्यहरू ऋषिराम काफ्ले, गोपालप्रसाद पौडेल, राजेन्द्रमणि लामिछाने, खेमकुमारी वराल, पोखरा नगर समिति सभापति विष्णुहरि वराल, सदस्य वर्षाकेशव पराजुली र क्रियाशील सदस्य कमलबहादुर गुरुङलाई ०६१ फागुन ७ गते जुलुस प्रदर्शनका क्रममा महेन्द्रपुलवाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा शुक्रराज शर्मा ०६२ वैशाख २९ गते, नरेशशंकर पालिखे वैशाख १५ गते, निर्मलप्रसाद कर्माचार्य वैशाख २७ गते, शारदा पौडेल वैशाख १८ गते र राजेन्द्रमणि लामिछाने वैशाख २३ गते वन्दी प्रत्यक्षिकरणको रिटमा पुनरावेदन अदालत पोखरावाट रिहा भए। अन्य सवै जनालाई सोही दिन साँझ रिहा गरिएको थियो।

सल्यान गाविस-६ घर भएका नेपाली काँग्रेसका सचिव पोपनाथ शर्मा, पोखरा उमनपा-१३ निवासी जिल्ला सदस्य जमुना श्रेष्ठ, क्षेत्रीय सदस्य खेम कुमारी वराल, भवानी प्रसाद पौडेल, गंगावहादुर खत्री, काँग्रेस कार्यकर्ता चन्द्रकान्त पौडेल, नेविसंघ कास्कीका सदस्य वसन्त राज भट्टराई, संघका सस्थापक सदस्य नन्दप्रसाद पौडेल र कमल आचार्यलाई सुरक्षाकर्मीहरूले ०६१ फागुन ९ गते महेन्द्रपुलबाट गिरफ्तार गरेकोमा सोही दिन साँझ रिहा गरियो।

कालिका गाविस घर भएका नेकाँ क्षेत्र नं १ का सभापति कृष्ण केसी, थुम्की गाविसका नेकाँ सदस्य प्रकाशमोहन खनाल, नार्माजुङ गाविसका काँग्रेस सदस्य वृजमान गुरुङ, क्षेत्र नं १ का सहसचिव मुरारी कोइराला, सिद्ध गाविसका क्षेत्रीय सदस्य गेहेन्द्र कोइराला, थुमाकोडाँडा गाविसका क्षेत्रीय सदस्य गौरी सापकोटा, पार्चे गाविसका क्षेत्रीय सदस्य रुद्रवहादुर गुरुङ, हंसपुर गाविसका क्षेत्रीय सदस्य आनन्द सुवेदी, लेखनाथ नपा-५ का क्षेत्रीय सदस्य रतनवहादुर खत्री, लेखनाथ नगर समितिका कोषाध्यक्ष भोला भण्डारी, लेखनाथ नपा-८ का नगर सदस्य हेमवहादुर वञ्जरा, नेकाँका क्रियाशील सदस्य वसन्तराज भट्टराईलाई ०६१ फागुन ११ गते जुलुस प्रदर्शनका क्रममा गिरफ्तार गरिएकोमा फागुन १२ गते रिहा गरियो।

माओवादीद्वारा गोली हानी हत्या गरिएका जनप्रिय बहुमुखी क्याम्पसका प्रमुख गणेशमान पालिखे

नेकाँ कास्कीका सदस्य गणेश पौडेल , लेखनाथनगर सभापति चक्रपाणि पौडेल, नगर सदस्य हेमवहादुर वञ्जारा, पोखरा उमनपा-६ का इकाइ सभापति नेत्रपाणि न्यौपाने, नेकाँका क्षेत्रीय सदस्य रामेश्वर मल्ल, नेविसंघका दीपक न्यौपाने, नेकाँका क्रियाशील सदस्य भवानी पौडेल र जनक श्रेष्ठलाई जुलुस प्रदर्शनका क्रममा ०६१ चैत २६ गते सभागृहचोकवाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा उनीहरू ०६१ चैत २७ गते स्थानीय प्रसाशनको आदेशमा रिहा भए।

स्याङ्जा जिल्ला साँखर घर भई पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत स्ववियु सभापति सोभियत ढकाल र तनहुँ घर भई पृथ्वीनारायण क्याम्पसमा अध्ययनरत एवं अनेरास्ववियूका सदस्य कृष्ण लम्सालालाई मशाल जुलुस प्रदर्शन गरिरहेको वेला ०६२ भदौ ६ गते पालिखेचोकवाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धि विरुद्धको मशाल जुलुस प्रदर्शनका क्रममा गिरफ्तार गरिएका दुवै जनालाई सोही दिन साँझ रिहा गरियो।

पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको विरोध तथा मन्त्रिपरिषदका उपाध्यक्ष कीर्तिनिधि विष्टलाई विरोधस्वरूप कालो झण्डा देखाउने क्रममा ०६२ भदौ ३० गते सुरक्षाकर्मीले पोखराको सभागृहचोकवाट २१ जना विद्यार्थीलाई गिरफ्तार गरे। गिरफ्तार सवै विद्यार्थीहरूलाई सोही दिन साँझ स्ववियु सभापति सोभियत ढकालको जिम्मामा रिहा गरियो।

पृथ्वीनारायण क्याम्पसमा स्नातक तहमा अध्ययनरत २४ वर्षीय ऋषिराम न्यौपानेलाई माइक्रोवसले ठक्कर दिई घाइते वनाएकोमा विरोध गर्दै चालकलाई कारवाहीको माग

गर्दै प्रदर्शन गरेका १९ जना विद्यार्थीलाई ०६२ असोज १३ गते सुरक्षाकर्मीले पृथ्वीचोकबाट गिरफ्तार गरे। उनीहरू सबैलाई सोही दिन साँझ सामान्य तारेखमा रिहा गरियो।

नेपाल शिक्षक संघ कास्कीले संविधानको क्रियाशीलताको माग गर्दै प्रदर्शन गरेको शान्तिपूर्ण जुलुसमा ०६२ कार्तिक २३ गते सभागृहचोकमा प्रहरीले हस्तक्षेप गरी ११ शिक्षकलाई गिरफ्तार गर्‍यो। उनीहरू सबैलाई ०६२ कार्तिक २४ गते रिहा गरियो।

शिक्षामन्त्री राधाकृष्ण मैनालीलाई कालो झण्डा देखाएको आरोपमा ०६२ मंसिर ३ गते नेविसंघका कमलमणि ढकाल, मोहन पण्डित , सूर्य घिमिरे र ताराप्रसाद अधिकारीलाई प्रहरीले सभागृहचोकबाट गिरफ्तार गरे। गिरफ्तार विद्यार्थीहरूलाई ०६२ मंसिर ४ गते सामान्य तारेखमा रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

कास्की जिल्ला अदालतमा गत वर्ष जिम्मेवारी सरेर आएका तीनसय ५० देवानी मुद्दा तथा यस वर्ष दर्ता भएका दुईसय चार गरी पाँचसय ५४ मध्ये एकसय ९४ फर्स्यौट भई तीनसय ५९ मुद्दा बाँकी रहेका छन्। त्यस्तै फौजदारीतर्फ जिम्मेवारी सरेर आएका दुईसय १६ र यसवर्षका नयाँ दर्ता दुईसय २८ गरी चारसय ४४ मुद्दा रहेकोमा एकसय ६४ फर्स्यौट भई दुईसय ८० मुद्दा बाँकी रहे। गतवर्ष जिम्मेवारी सरेर आएका पाँचसय ६६ र नयाँ दर्ता चारसय ३२ गरी नौसय ९२ मुद्दामध्ये तीनसय ५८ फर्स्यौट भई छसय ३४ बाँकी रहेका छन्।

पुनरावेदन अदालत, पोखरामा गत वर्ष जिम्मेवारी सरेर आएका देवानी तर्फका एकसय ८८, फौजदारीतर्फ एकसय २९ र विविध रिटका ७४ गरी जम्मा तीनसय ९१ मुद्दा रहेका थिए। यस वर्ष देवानीतर्फ दर्ता भएका ९२, फौजदारीका छ र विविध रिटका तीन गरी जम्मा दुईसय १६

माओवादीद्वारा हत्या गरिएका राष्ट्रिय अनुसन्धान विभागका प्रहरी उपरीक्षक महेश के.सी.

मुद्दा रहेकोमा जिम्मेवारी सरेका सहित देवानीतर्फ ६५ मुद्दा फर्स्यौट भएका छन् भने दुईसय १५ ओटा मुद्दा बाँकी रहेका छन्। त्यसैगरी फौजदारीतर्फ जिम्मेवारी सरेका सहित ६४ मुद्दा फर्स्यौट भई एकसय ५१ मुद्दा बाँकी रहेका छन् भने विविधतर्फ जिम्मेवारी सरेका सहित ३२ मुद्दा फर्स्यौट भई ८० मुद्दा बाँकी रहे। पुनरावेदन अदालतमा दर्ता भएका कूल छसय सात मुद्दा मध्ये एकसय ६१ फर्स्यौट भई चारसय ४६ मुद्दा बाँकी रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

राज्यबाट

पोखरा उमनपा-१२ रानीपौवामा पसल गरी बस्ने ३७ वर्षीय कमला कार्कीको पसलमा फूलबारी ब्यारेकमा बस्ने सैनिकले ०६२ भदौ २३ गते राति अन्धाधुन्द गोली चलाउँदा क्षति पुगेको छ। गोली लागेर पसलमा रहेका ड्रम र सटरमा क्षति पुगेको छ।

माओवादीबाट

कास्कीको घान्द्रुक गाविसका ४५ वर्षीय नारायण गुरुङको सोही ठाउँमा रहेको होटल ट्रेकर्स इन माओवादीले ०६१ वैशाख २८ गते देखि बन्द गराएकोमा ०६२ भदौ ४ गतेदेखि ताला खोली माओवादीले नै सञ्चालन गर्न दिए।

पोखरा उमनपा-१ नयाँ गल्ली घर भई पश्चिम क्षेत्रीय प्रहरी कार्यालयमा कार्यरत प्रहरी उपरीक्षक श्रीबहादुर घलेको घरमा ०६१ पुस २७ गते माओवादीले बम विस्फोट गराई क्षति पुर्‍याए।

पोखरा उमनपा-११ रानीपौवास्थित भारतीय गोरखा पूर्व सैनिक हर्कबहादुर गुरुङको घरमा ०६१ माघ २ गते माओवादीले बम विस्फोटन गराई क्षति पुर्‍याए।

पोखरा उमनपा-१ बगर निवासी पूर्व राज्यमन्त्री लक्ष्यबहादुर गुरुङको अर्मला गाविसमा रहेको पुर्ख्यौली घरमा ०६१ माघ ४ गते दिउँसो माओवादीले बम विस्फोट गराई क्षति पुर्‍याए।

आर्वा गाविस-६ गाइपानीस्थित देवीमायाँ बरालको घरमा ०६१ माघ ४ गते साँझ माओवादीले बम विस्फोटन गराई क्षति पुर्‍याए।

पोखरा उमनपा-८ स्थित नेपाल खाद्य संस्थाको भवनमा ०६१ माघ २५ गते साँझ माओवादीले बम विस्फोट गराई क्षति पुर्‍याए।

पोखरा उमनपा-५ मालेपाटनमा रहेको वडा कार्यालयमा ०६१ माघ २९ गते माओवादीले बम विस्फोटन गराई भवनमा क्षति पुर्‍याए।

निर्मलपोखरी गाविस-५ निवासी एमालेका पूर्व अध्यक्ष पदमलाल भण्डारी, सोही वडा दिलमाया भण्डारी र

सोही गाविसका भुवनेश्वर आचार्यको घरमा ०६१ फागुन २१ गते बेलुकी माओवादीको एक समूहले ताला लगाइदिए। पदमलाल र दिलमायाको छोराले सेना तथा प्रहरीबाट राजीनामा नदिएको भनी माओवादीले तालाबन्दी गरिदिएको बताइयो।

पोखरा उमनपा-८ सिमलचौर प्रतिभामार्गस्थित लोकराज शर्मा पौडेलको घरमा ०६१ चैत १८ गते साँझ सात बजे माओवादीले बम विस्फोट गराई क्षति पुर्‍याए।

हेम्जा गाविस-९ मिलनचोक निवासी वीरेन्द्र अस्पताल छाउनीमा दरबन्दी भई कल्याणकारी औषधि विभाग महाकालमा कार्यरत क्याप्टेन टेकबहादुर गुरुङको घरमा ०६२ वैशाख ३ गते साँझ माओवादीले बम विस्फोट गराई क्षति पुर्‍याए।

पोखरा उमनपा-४ गैरापाटनमा रहेको कुमुदिनी होम्सको लेखा शाखामा ०६२ वैशाख ७ गते बिहान पौने दश बजे माओवादीले बम विस्फोट गराई क्षति पुर्‍याए।

लेखनाथ नपा-१३ राजाकोचौतारामा रहेको युनिर्भसल बोर्डिङ स्कूलमा ०६२ वैशाख १२ गते माओवादीले आगो लगाई क्षति पुर्‍याए।

सुदुरपश्चिमाञ्चलका क्षेत्रीय प्रशासक गणेश शेरचनको पोखरा उमनपा-२ अर्चलबोटमा रहेको घरमा ०६२ वैशाख २० गते माओवादीले बम विस्फोट गराई क्षति पुर्‍याए।

पोखरा उमनपा-७ मासबारमा रहेको मदरल्याण्ड अवासीय माविमा ०६२ जेठ १३ गते माओवादीले बम विस्फोटन गराई क्षति पुर्‍याए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी, यातना

रिभान गाविस-१ घडेरी घर भई महेन्द्र मावि, लाहाचोकमा कक्षा ९ मा अध्ययनरत १६ वर्षीय सम्झना विकलाई ०६१ पुस २७ गते माओवादीको आरोपमा पोखरा उमनपा-१ सिम्पानीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई ०६२ वैशाख १२ गतेदेखि कास्की कारागारमा राखिएको छ।

कालिका गाविस-८ घर भई नेपाल विद्यार्थी संघ पृथ्वीनारायण क्याम्पस इकाइ सभापति २४ वर्षीय कमलमणि ढकाललाई ०६१ फागुन ११ गते गिरफ्तार गरी नजरबन्दमा राखिएकोमा उनी ०६२ वैशाख ६ गते रिहा भए।

माझठाना गाविस-८ घर भई पोखरा उमनपा-९ पृथ्वीचोकमा बस्दै आएका २७ वर्षीय राजु परियारलाई ०६१ फागुन ११ गते सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएकोमा उनलाई फागुन १२ गते रिहा गरियो।

सुरक्षाकर्मीद्वारा कुटपिटपछि गोली प्रहार गरी घाइते बनाइएका खड्गबहादुर तामाङ

लेखनाथ नपा घर भई नेकाँ महाधिवेशन प्रतिनिधि बिन्दु सुवेदी,नेपाल महिला संघ कास्कीका सहसचिव बिन्दु भण्डारी, नेकाँ कास्कीका क्षेत्रीय सदस्यद्वय कोपिला रानाभाट, शकुन्तला कोइराला, नेकाँका क्रियाशील सदस्यहरू लक्ष्मी भण्डारी, सरस्वती पौडेल, उर्मिला थापा र गौरीमोहन शर्मालाई ०६१ फागुन १३ गते जुलुस प्रदर्शनका क्रममा प्रहरीले गिरफ्तार गरेकोमा उनीहरू ०६२ वैशाख १४ गते रिहा भए।

नेकाँ क्षेत्र नं ३ का उपसभापति आइबहादुर गुरुङ, जिल्ला सदस्य खड्गबहादुर शाही, महाधिवेशन प्रतिनिधि रामबहादुर थापा, क्षेत्र नं ३ का सचिव माधवशरण बाँस्तोला, क्षेत्रीय सदस्य मोतिप्रसाद ढुङ्गाना, नेकाँका क्रियाशील सदस्य दुर्गादत्त भट्टराई, नेविसंघका पूर्व उपसभापति मुकुन्द बास्तोला, इन्जिनियरिङ्ग अध्ययन सस्थान का स्ववियु सचिव राजु पौडेल ०६१ फागुन १५ गते जुलुस प्रर्दशनका क्रममा गिरफ्तार भएकोमा ०६२ वैशाख ११ गते रिहा भए।

एमाले गण्डकी अञ्चल समन्वय कमिटी कार्यालय सचिव भीम कार्की, आर्वाका एमाले उपसचिव श्रीनाथ बराल, एमाले कास्कीका सचिवालय सदस्य मानबहादुर जिसी, सचिवालय सदस्य रवीन्द्र अधिकारी, जिल्ला सदस्य सृजना शर्मा, सदस्य ज्योति ढुङ्गाना, जिल्ला सदस्य राजीव पहारी, नवराज चालिसे, प्रकाश सिग्देल, कृष्ण लम्साल, जगत विक, वैनबहादुर क्षेत्री, राजेन्द्रप्रसाद अधिकारी, पदम गिरी, गुप्तबहादुर कार्की, गोविन्दकुमार श्रेष्ठ, लोकबहादुर कार्की, मीना गुरुङ, मित्रलाल बराल, बसन्त तिमिल्सिना, चित्रप्रसाद लामिछाने, इमानराज पौडेल, जानुका अधिकारी, जनक बोहोरा, राजेन्द्र पौडेल, नारायण रेग्मी, मधु पुन, खगेन्द्र साउद, दामोदर तिमिल्सिना, पुण्य बराल र त्रिलोचन बराललाई ०६१ फागुन १८ गते जुलुस प्रदर्शनका क्रममा गिरफ्तार गरिएकोमा फागुन २७ गते रिहा गरियो।

पोखरा उमनपा-७ मासबारका नेकाँ नगर समिति सभापति विष्णुहरि बराललाई ०६१ फागुन २० गते सादा

पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०६२ वैशाख १५ गते रिहा भए।

लेखनाथ नपा-५ विजयपुर घर भई नेकाँ कास्कीका सभापति यज्ञबहादुर थापा, सदस्य विष्णुप्रसाद पौडेल, क्षेत्रीय प्रतिनिधिहरू रघुनाथ पराजुली, विजया रेग्मी, भरतबहादुर थापा, नेपाल दलित संघ कास्कीका उपसभापति भवे सार्की, नेपाल ट्रेड युनियन काँग्रेस कास्कीका अध्यक्ष मुरारी शर्मा, नेपाल महिला संघ कास्कीका सदस्य खेमकुमारी बराल, अनीता तिमिल्सिना, नेविसंघ पृथ्वीनारायण क्याम्पस इकाई उपसभापति योगराज लामिछाने, नेविसंघ कास्कीका उपसभापति मुकुन्द बास्तोला र काँग्रेसका क्रियाशील सदस्य पुण्डरीप्रसाद बराललाई ०६१ फागुन २१ गते प्रजातन्त्र बहालीको माग गर्दै शान्तिपूर्ण जुलुश प्रदर्शन गर्दा प्रहरीले महेन्द्रपुलबाट गिरफ्तार गरेकोमा ०६१ चैत १९ गते सबैलाई रिहा गरियो।

धम्पुस गाविस-३ घर भई पृथ्वीनारायण क्याम्पसमा प्रमाणपत्र तहमा अध्ययनरत तथा अनेरास्ववियु (क्रान्तिकारी) का निरज भनिने नवराज भण्डारीलाई ०६१ फागुन २४ गते सुरक्षाकर्मीले पोखरा उमनपा-८ मा रहेको जनप्रिय क्याम्पसबाट गिरफ्तार गरे। गिरफ्तारीपछि कास्की कारागारमा नजरबन्दमा राखिएका भण्डारीलाई ०६२ कार्तिक १९ गते सुन्दरीजल जेल काठमाडौंमा सारिएको छ।

पोखरा उमनपा-८ सिमलचौर निवासी नेकाँ (प्रजातान्त्रिक) का सचिव सोभियतबहादुर अधिकारी, क्षेत्र नं ३ का सभापति दुर्गाप्रसाद तिमिल्सिना, जिल्ला सदस्य वीरेन्द्रनारायण विजुक्छे, क्षेत्र नं. ३ सचिव अर्जुनप्रसाद पौडेल, प्रजातान्त्रिक ट्रेड युनियन काँग्रेस कास्कीका सदस्य भवानीप्रसाद भारती, नेकाँ (प्रजातान्त्रिक) का क्रियाशील सदस्य लक्षुकुमार गुरुङ र ऋषिराम पौडेललाई ०६१ फागुन २५ गते जुलुस प्रदर्शनका क्रममा गिरफ्तार गरिएकोमा ०६२ वैशाख ११ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

पोखरा उमनपा-७ राष्ट्रबैंकचोक घर भई नेकपा

माओवादीद्वारा अपहरित कालिका माविका विद्यार्थीहरू अपहरण मुक्त भएपछि मानवअधिकारकर्मीसँग

सुरक्षाकर्मीद्वारा गोली प्रहार गरी घाइते पारिएकी गीता के.सी.

(एमाले) जिल्ला कमिटी सदस्य सृजना शर्मा, सदस्य कृष्णबहादुर नेपाली, इलाका नं. ४ का सचिव बैनबहादुर क्षेत्री, नगर कमिटी सदस्य मीना गुरुङ, लेखनाथ नगर कमिटी सदस्य दामोदर तिमिल्सिना, अनेरास्ववियु कास्कीका सहसचिव इमानराज पौडेल, प्रगयुसंघ कास्कीका सदस्य राजु भुजेल, इलाका नं. ९ का सदस्य वेदहरि सुवेदी, एमाले लेखनाथ नगर कमिटी सदस्य हरिशचन्द्र देवकोटा र जनमोर्चा नेपाल कास्कीका सदस्य रविमोहन ढकाललाई ०६१ फागुन २५ गते जुलुश प्रदर्शन गर्दा पृथ्वीचोकबाट गिरफ्तार गरिएकोमा उनीहरू ०६२ वैशाख ११ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

नेकाँ कास्कीका सदस्य नवीनबाबु पौडेल, लेखनाथ नगर समिति सदस्य हेमबहादुर वञ्जारा, मानबहादुर भुजेल, दलित संघ कास्कीका सदस्य भक्तबहादुर परियार, नेकाँका क्रियाशील सदस्य राममणि लामिछाने, बसन्त भट्टराई र तारापति अधिकारीलाई ०६१ फागुन २५ गते जुलुश प्रदर्शनका क्रममा पृथ्वीचोकबाट गिरफ्तार गरिएकोमा ०६१ चैत १९ गते रिहा गरियो।

पुम्दीभुम्दी गाविस घर भएका नेकाँ (प्रजातान्त्रिक) का सभापति खेमराज पौडेललाई ०६१ फागुन २५ गते सभागृहचोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०६२ वैशाख २० गते रिहा भए।

पुम्दीभुम्दी गाविस-२ घर भएका जनमोर्चा नेपाल गण्डकी-नारायणी क्षेत्रीय सदस्य ४५ वर्षीय शंकर बराललाई ०६१ फागुन २५ गते सभागृहचोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा उनी ०६२ वैशाख ८ गते रिहा भए।

पोखरा उमनपा-६ बैदाम निवासी नेपाल ट्रेड युनियन काँग्रेसका केन्द्रीय उपाध्यक्ष रामजी कुँवर, नेपाल विद्यार्थी संघ कास्कीका सभापति सन्तोष पहारी, नेकाँका क्षेत्रीय प्रतिनिधि कमलमान गुरुङलाई ०६१ चैत ७ गते शहीदचोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०६२ वैशाख २२ गते रिहा भए।

एमाले कास्की इलाका नं १३ का सचिव बलराम आचार्य, पोखरा उमनपा-१ घर भई एमाले नगर कमिटी १ का सचिव मनबहादुर गुरुङ, मोही ठाउँ निवासी एवम् वडा कमिटी सदस्य साहरा प्रधान, एमाले संगठित सदस्य लिला केसी, माया वज्राचार्य र हरि लम्सालललाई ०६१ चैत ८ गते पोखरा उमनपा-२ विन्ध्यवासिनीबाट प्रहरीले गिरफ्तार गरेकोमा उनीहरू चैत ९ गते रिहा भए।

निर्मलपोखरी गाविस-१ लेवार निवासी २१ वर्षीय मीनादेवी विकलाई ०६१ चैत ७ गते शाही सेनाका मेजर शंकरकुमार श्रेष्ठको नेतृत्वमा गएको टोलीले गिरफ्तार गरेकोमा ०६१ चैत ११ गते श्री ३ नम्बर वाहिनी विजयपुरबाट बाबुको जिम्मामा रिहा भइन्।

धादिङ्ग जिल्ला घर भई नेपाल विद्यार्थी संघ पृथ्वीनारायण क्याम्पस इकाईका कार्यबाहक सभापति २४ वर्षीय रामप्रसाद अधिकारीलाई ०६१ चैत २४ गते पोखरा उमनपा-४ गैरापाटनस्थित डेराबाट सुरक्षाकर्मीले गिरफ्तार गरी नजरबन्दमा राखिएकोमा ०६२ वैशाख ११ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

ओखलढुङ्गा घर भई पोखरा उमनपा-९ न्यूरोड बस्ने २३ वर्षीय बालकुमार खड्कालाई सुरक्षाकर्मीले ०६१ चैत १९ गते डेराबाटै गिरफ्तार गरेकोमा उनी चैत २० गते रिहा भए।

रूपाकोट गाविस निवासी एमाले गाउँ कमिटी सदस्य वैकुण्ठ अधिकारीलाई ०६१ चैत २२ गते माओवादीका बारेमा सोधपुछ गर्न भनी सुरक्षाकर्मीले घरैबाट गिरफ्तार गरेकोमा उनी ०६२ वैशाख ५ गते रिहा भए।

नेकपा (एमाले) गण्डकी अञ्चल समन्वय कमिटी सचिव खगराज अधिकारी सदस्य सीता गिरी, जिल्ला कमिटी सचिवालय सदस्य पुण्य पौडेल, जिल्ला कमिटी सदस्यहरू सृजना शर्मा, मित्रकुमारी सुवेदी, पुष्पज्योति ढुङ्गाना, अनेरास्ववियुका केन्द्रीय सदस्य किशोरविक्रम मल्ल, प्रकाश सिग्देल, एमाले इलाका नं ९ का सचिव राजेन्द्र अधिकारी, लेखनाथनगर कमिटी सदस्य केदारनाथ अधिकारी, अनेरास्ववियु कास्कीका सदस्यद्वय खगराज पौडेल, सूर्य भण्डारी, अनेमसंघ पोखरा नगर कमिटी सदस्य गीता शर्मा, पोखरा उमनपा-१५ की नगर कमिटी सदस्य कृष्णमणि लामिछाने, नगर कमिटी सदस्य दामोदर तिमिल्सेना, इलाका नं १० का सदस्य सुमित्रा चौधरी, अनेरास्ववियु पोखरा नगर कमिटीका कोषाध्यक्ष किरण गिरी, एमालेका कार्यकर्ताहरू उमानाथ न्यौपाने, तारा गिरी, प्रेमराज भण्डारी र राजेन्द्र पौडेललाई जुलुस प्रदर्शनबाट सुरक्षाकर्मीले ०६१ चैत २६ गते गिरफ्तार गरेकोमा उनीहरू ०६२ वैशाख १५ गते अदालतको आदेशमा रिहा भए।

नेविसंघ, कास्कीका सदस्य रामु पौडेल, पृथ्वीनारायण क्याम्पस इकाई सदस्य चुडामणि खनाल र धादिङ्ग जिल्ला घर भएका नेविसंघ धादिङ्ग-पोखरा सम्पर्क समितिका सचिव मोहन पण्डितलाई ०६१ फागुन २२ गते प्रहरीले पोखरा उमनपा-९ नयाँबजारबाट गिरफ्तार गरेकोमा ०६१ चैत १९ गते रिहा भए।

एमाले पोखरा नगर कमिटी १५ का सचिव प्रकाश पौडेल, एमाले जिल्ला कमिटी कास्कीका सहायक धनबहादुर नेपाली, एमाले लेखनाथ नगर कमिटी सदस्य केदार अधिकारी, नेकाँ कास्कीका सदस्य तेजप्रसाद दाहाल, क्षेत्र नं. २ का सदस्य ऋषिराज काफ्ले, पोखरा उमनपा इकाई १५ का सभापति खगराज बराल, इकाई सचिव सुशीलराज पराजुली, नेकाँ लेखनाथ नगर सचिव सुरेन्द्र अधिकारी, नेकाँ (प्रजातान्त्रिक) का कार्यालय सचिव मोहन गिरी र सर्वसाधारण तिलकशाली अधिकारीलाई ०६१ चैत १ गते प्रहरीले गिरफ्तार गरेकोमा ०६२ वैशाख १५ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

स्याङ्जा घर भएका नेविसंघ कास्कीका सदस्य टंकप्रसाद गैरे, संघका पृथ्वीनारायण क्याम्पस इकाई समितिका सदस्यद्वय गोविन्दप्रसाद सापकोटा, भानु पराजुली र नेविसंघ विन्ध्यवासिनी संस्कृत क्याम्पसका इकाई सदस्य ठाकुर बस्ताकोटीलाई ०६१ फागुन २३ गते प्रहरीले चिप्लेढुङ्गाबाट गिरफ्तार गरेकोमा उनीहरू ०६१ फागुन २४ गते रिहा भए।

नेकाँका कार्यकर्ता ८४ वर्षीय मणिलाल गुरुङ, नेकाँ महासमितिका सदस्य रामचन्द्र त्रिपाठी र क्रियाशील सदस्य टंकबहादुर केसीलाई ०६१ चैत १५ गते प्रहरीले गिरफ्तार गरेकोमा उनीहरू ०६२ वैशाख २० गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

अनेरास्ववियु कास्कीका अध्यक्ष रश्मी आचार्य, अनेरास्ववियुका कार्यकर्ताहरू दिलिप थापा र सोमनाथ पौडेललाई ०६२ वैशाख २ गते सुरक्षाकर्मीले जुलुस प्रदर्शन गरेको अभियोगमा पृथ्वीचोकबाट गिरफ्तार गरेकोमा ०६२ वैशाख १५ गते रिहा भए।

कालिका गाविस-८ निवासी नेपाल विद्यार्थी संघ पृथ्वीनारायण क्याम्पस इकाईका सभापति २४ वर्षीय कमलमणि ढकाल, अनेरास्ववियु कास्कीका कोषाध्यक्ष सुशील बस्नेत र अनेरास्ववियु लेखनाथनगर कमिटीका सचिव सुमन ढुङ्गानालाई ०६२ वैशाख २९ गते जुलुस निकालेको आरोपमा प्रहरीले पालिखेचोकबाट गिरफ्तार गरेकोमा सबैलाई ०६२ वैशाख ३१ गते रिहा गरियो।

पुरञ्चौर गाविस-१ कुसिम निवासी हिमालय प्रावि व्यवस्थापन समितिका अध्यक्ष ४२ वर्षीय केशव गौतम, सादीखोला गाविस-१ माछापुच्छ्रे मावि कक्षा १० मा अध्ययनरत २० वर्षीय दामोदर गौतम, कक्षा ८ मा अध्ययनरत १५ वर्षीय प्रकाश केसी,२० वर्षीय पुष्पराज गौतम

र २० वर्षीय यमप्रसाद गौतमलाई ०६२ साउन १३ गते सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादीको आरोपमा गिरफ्तार गरिएकामध्ये प्रकाश केसी, दामोदर गौतम र यमप्रसाद गौतम ०६२ भदौ २४ गते तारेखमा रिहा भए भने केशव गौतम र पुष्पराज गौतमलाई यसवर्षको अन्त्यसम्म कारागारमा राखिएको छ।

पोखरा उमनपा-९ घर भई अनेरास्ववियुका केन्द्रीय सदस्य २७ वर्षीय शिवजी गुरुङलाई ०६२ साउन २२ गते प्रतिगमनको पुत्ला जलाउँदै गर्दा सुरक्षाकर्मीले निर्घात कुटपिट गरी गिरफ्तार गरे। उनलाई ०६२ साउन २३ गते रिहा गरियो भने उनको उपचार फेवासिटी अस्पतालमा भयो।

बाग्लुङ जिल्ला पाला गाविस-६ घर भई पोखरा उमनपा-८ सिमलचौरमा डेरा गरी बस्ने कान्तिपुर दैनिकका वितरक २० वर्षीय रमाकान्त गौतमलाई ०६२ साउन २५ गते सुरक्षाकर्मीले महेन्द्रपुलबाट गिरफ्तार गरे। उनलाई सेनाको फूलबारीस्थित व्यारेकमा राखिएकोमा ०६२ साउन २६ गते जिल्ला प्रहरी कार्यालयबाट उनी रिहा भए।

कास्की जिल्लाको लेखनाथ नपा-३ अर्घौ निवासी २१ वर्षीय कपिल थापामगर र २३ वर्षीय कविन्द्र थापामगरलाई लेखनाथ नपा-३ अर्घौमा सुरक्षाकर्मीले निर्घात कुटपिट गरी गिरफ्तार गरे। आफ्नो हतियार छोएको आरोपमा सुरक्षाकर्मीद्वारा कुटपिट गरी गिरफ्तार गरिएका ती दुई दाजुभाईलाई ०६२ साउन ३१ गते परिवारको जिम्मा लगाई रिहा गरिएको थियो।

लेखनाथ नपा-१३ तल्लो गगनगौंडा निवासी प्रकाश चन्द्र पागले माओवादीलाई मोबाइल फोन दिएको आरोपमा ०६२ भदौ ६ गते साँझ सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। पागललाई ०६२ कार्तिक ४ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

चितवन जिल्लाको भण्डारा गाविस-१ घर भई माओवादी परिवर्तन स्मृति नवौं ब्रिगेड कमाण्डर २७ वर्षीय उमानसिंह गुरुङ भनिने सशक्तराज लामा र पाल्पा जिल्ला देउराली गाविस-५ घर भई माओवादी स्पेशल टाक्सफोर्सका सदस्य २८ वर्षीय जीवन राना भनिने धनबहादुर रानालाई ०६२ भदौ ७ गते पोखरा उमनपा-८ नयाँबजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार गरी सेनाको पोखरास्थित फूलबारी व्यारेकमा राखिएका ती दुईमध्ये जीवन राना भनिने धनबहादुर राना ०६२ भदौ २३ गते फूलबारी व्यारेकबाट राती भागे भने सशक्तराज लामालाई ०६२ भदौ २९ गतेदेखि जिल्ला कारागार, कास्कीमा थुनामा राखिएको छ।

भदौरे गाविस-५ घर भई पोखरा उमनपा-५ मा डेरा गरी बस्ने २७ वर्षीय जनकराज पराजुलीले माओवादीलाई मोबाइल फोन दिई सहयोग गरेको आरोपमा सुरक्षाकर्मीले उनलाई ०६२ भदौ ८ गते जिरो किमि भन्ने स्थानबाट गिरफ्तार गरे। पराजुलीलाई छानबिनपछि ०६२ कार्तिक ४ गते तारेखमा रिहा गरियो।

पोखरा उमनपा-१८ बस्ने २२ वर्षीय गर्वाकिरण पराजुलीले माओवादीलाई मोबाइल फोन दिई सहयोग गरेको आरोपमा सुरक्षाकर्मीले उनलाई ०६२ भदौ १४ गते पोखरा उमनपा-१० अमरसिंहचोकबाट गिरफ्तार गरे। गिरफ्तारपछि जिल्ला कारागारमा राखिएका पराजुलीलाई छानबिनपछि ०६२ कार्तिक ४ गते तारेखमा रिहा गरियो।

लेखनाथ नपा-११ पचभैया निवासी २५ वर्षीय शोभाकान्त पौडेललाई ०६२ भदौ २१ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा ल्वाङघलेल गाविस-७ कुइवाङबाट गिरफ्तार गरे। उनलाई शाही नेपाली सेनाको पश्चिम पृतना फूलबारी पोखरामा राखिएकोमा ०६२ भदौ २८ गते देखि जिल्ला कारागार कास्कीमा नजरबन्दमा राखिएको छ।

प्रतिगमनको बिरोधमा पोखराको सृजनाचोकमा पुत्ला जलाएको अभियोगमा नेविसंघ पृथ्वीनारायण क्याम्पस इकाइ सभापति कमलमणि ढकाललाई ०६२ असोज २१ गते सुरक्षाकर्मीले चिप्लेढुङ्गाबाट गिरफ्तार गरे। ढकाललाई ०६२ कार्तिक २ गते तारेखमा रिहा गरियो।

प्रतिगमनको पुत्ला जलाएको अभियोगमा गिरफ्तार परेका कमलमणि ढकाललाई भेट गर्न गएका नेविसंघ क्षेत्र नं १ कास्कीका सचिव भानुभक्त ढकाल र नेविसंघ धादिङ-पोखरा सम्पर्क समितिका सचिव मोहन पण्डितलाई ०६२ असोज २२ गते जिल्ला प्रहरी कार्यालय, कास्की परिसरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। दुवैजनालाई पुनरावेदन अदालत पोखराको आदेशबाट ०६२ कार्तिक २ गते रिहा गरियो।

कालिका गाविस-२ ध्रुवपुर घर भई पोखरा उमनपा-९ पृथ्वीचोकमा पसल गरी बस्ने २३ वर्षीय प्रकाश त्रिपाठीले माओवादीलाई मोटरसाइकल दिई सहयोग गरेको आरोपमा सादा पोशाकका सुरक्षाकर्मीले उनलाई ०६२ कार्तिक २३ गते बिहान पसलबाटै गिरफ्तार गरे। उनलाई ग. १ प ९७८९ नं को मोटर साइकलसहित गिरफ्तार गरिएकोमा सेनाको फूलबारी व्यारेकमा राखेर सोधपुछपछि ०६२ कार्तिक २६ गते तारेखमा रिहा गरियो भने उनको मोटरसाइकल कार्तिक २९ गते फिर्ता गरियो।

सिन्धुली जिल्ला लदाभीर घर भएका २४ वर्षीय युवराज भनिने सेखबहादुर पौडेललाई ०६२ पुस ५ गते पोखराको कुँडहर भन्ने स्थानबाट शाही नेपाली सेनाले माओवादीको आरोपमा गिरफ्तार गरेकोमा उनी ०६२ पुस १० गते जिल्ला प्रहरी कार्यालय कास्कीबाट इन्सेकको रोहबरमा रिहा भएका छन्।

पुनः गिरफ्तार

अदालतको आदेशमा रिहा भए लगत्तै बाग्लुङ जिल्ला अमलाचौर गाविस-७ निवासी २३ वर्षीय निशान विकलाई ०६२ साउन ९ गते पुनरावेदन अदालत परिसरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार लगत्तै बाग्लुङ कारागारमा नजरबन्दमा राखिएका विकलाई केही समय पश्चात पुनरावेदन अदालत बाग्लुङको आदेशमा तारेखमा रिहा गरियो।

लमजुङ जिल्ला चिति गाविस-९ का २८ वर्षीय सुगरे नेपालीलाई पुनरावेदन अदालत पोखराको आदेशमा ०६२ कार्तिक ९ गते रिहा भए लगत्तै प्रहरीले अदालत परिसरबाटै पुनः गिरफ्तार गरे। उनलाई ०६२ कार्तिक १० गते एड्भोकेसी फोरम पोखराको रोहवरमा रिहा गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार / बलात्कार प्रयास

पोखरा उमनपा-१० रामबजार निवासी १५ वर्षीय एक गुरुङ थरकी बालिकालाई ०६२ कार्तिक ११ गते पोखरा उमनपा-१५ का नौ जना युवाहरूले एसओएस बालग्राम नजिक लगी बलात्कार गरे। बलात्कारी नौ जना मध्ये किरण गुरुङ, सुनिल गुरुङ, निरु गुरुङ, डोगेन गुरुङ , सुनिल गुरुङ र बुद्ध गुरुङलाई प्रहरीले गिरफ्तार गर्‍यो भन्ने अन्य फरार रहेका छन्। गिरफ्तार छ जनालाई जबरजस्ती करणीको मुद्दा चलाइएकोमा ०६२ मंसिर १९ गते तीन जनालाई जनही एक लाख र तीन जनालाई जनही एक लाख २५ हजार धरौटीमा जिल्ला अदालतको आदेशमा रिहा भए। पीडितपक्षले अदालतको आदेश बदर गरी पाउँ भनी पुनरावेदन अदालतमा रिट जाहेर गरेपछि जिल्ला अदालतको आदेशलाई पुनरावेदन अदालतले बदर गर्न आदेश दिएको थियो। पीडकहरू हाल रिहा भएपछि फरार छन् भने पीडितको पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा उपचार भयो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

लाहाचोक गाविस-४ बस्ने १८ वर्षीय समीना सुनारले सार्वजनिक धारामा पानी छोएको आरोपमा ०६२ वैशाख ३० गते सोही ठाउँका ५५ वर्षीय हेमन्त शाही लगायतले सामूहिक रुपमा कुटपिट गरे। छिमेकी मनीषा शाहीले पानी भर्न खोज्दा समिताले छोइदिएको कारण उनलाई हेमन्तकी पत्नी ५२ वर्षीय हेमा शाही, ३२ वर्षीय छोरा गंगाबहादुर शाही, २७ वर्षीया बुहारी देवी शाही र २१ वर्षीय छोरी मुना शाहीले कुटपिट गरेका थिए।

विविध

संरचना / सम्पत्ति क्षति

लेखनाथ नपा-१३ लामिआहालस्थित पृथ्वीराजमार्ग खण्डमा ०६१ फागुन ६ गते दिउँसो माओवादीले नाकाबन्दीको उल्लंघन गरेको भन्दै ग. १ ज १४७४ नं. को सवारी साधन, ग. १ ज २८७० नम्बरको ट्याक्सी, ग. १ ख ११६७ नम्बरको यात्रुवाहक बस र ग. १ ख १७६० नम्बरको ट्यांकरमा आगो लगाई क्षति पुर्‍याएका छन्।

पोखरा उमनपा-८ शिवालय चोकमा रोकी राखेको ग. १ ख १६९४ नं को माइक्रो बस, लेखनाथ नपा-१२ गगनगौडामा ग. १ ख २३४६ नं. को माइक्रो बस र हेम्जा गाविसमा ना. १ ज ९२११ नं को यात्रुवाहक बसमा माओवादीले ०६१ चैत २८ गते बन्दको अवज्ञा गरी चलाएको भन्दै आगजानी गरे।

विगतको अनुगमन

कास्की जिल्ला ल्वाङ्घलेल गाविस-४ लुम्रेका १७ वर्षीय टीकाबहादुर तामाङ र गुल्मी जिल्ला वाङ्ला गाविस-१ का ५७ वर्षीय झवीन्द्र भण्डारी ०६२ पुस १२ गते पुनरावेदन अदालत पोखराको आदेशमा रिहा भएका छन्। माओवादीको आरोपमा ०६१ मंसिर १८ गते पोखरा उमनपा-१६ के आई सिंहपुलबाट पक्राउ परेका तामाङ र ०६० पुस १८ गते गुल्मीस्थित आफ्नै निवासबाट पक्राउ परेका भण्डारीलाई पुनरावेदन अदालत पोखराको आदेशपछि अदालतबाटै रिहा गरिएको हो।

कास्कीकोट गाविस-२ देउराली दोपहरे निवासी ३० वर्षीय हरिप्रसाद पौडेललाई ०५८ मंसिर २६ गते चापाकोट पामेबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म उनको अवस्था अज्ञात छ।

लेखनाथ नपा-२ निवासी शिवप्रसाद पराजुलीलाई ०५८ पुस १८ गते पुम्दीभुम्दी गाविसबाट सादा पोशाकका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा उनको स्थिति अज्ञात रहेको छ।

लेखनाथ नपा-१३ राजाकाचौतारा निवासी २७ वर्षीय सोमबहादुर विकलाई ०५९ असार २६ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखराबाट सेनाले गिरफ्तार गरेकोमा हालसम्म उनको अवस्था अज्ञात रहेको छ।

स्याङ्जा जिल्लाको किचनास गाविस खैरीकोट घर भई लेखनाथ नपा-१३ सुकुम्वासी टोलमा बसोवास गर्ने ३२ वर्षीय टंक शर्मालाई ०५८ माघ ९ गते गगनगौडाबाट भैरव गण पोखराका सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म उनको अवस्था अज्ञात छ।

३.६ मनाङ



जनसंख्या : ९,४९५
साक्षरता प्रतिशत : ४७.१
महिला साक्षरता प्रतिशत : ३०.१
क्षेत्रफल (वर्ग कि. मि.) : २२४६
गाविस/नपा संख्या : १३/०
निर्वाचन क्षेत्र : १
विद्यालय : २९
क्याम्पस/उच्च मावि : ०/२
अस्पताल/स्वास्थ्य चौकी : १/१३
टेलिफोन लाइन : ५९
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : ४
हुलाक संख्या : १४
मानव विकास सूचकांक : ०.५०२
प्रति परिवार सरदर संख्या : ६.७७

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

अन्यबाट

मनाङ गाविस-७ को जङ्गलमा गोरखा जिल्ला घ्याचोक गाविस-४ का ४५ वर्षीय मनबहादुर गुरुङ्गलाई ०६२ असार ९ गते मनाङ गाविस-७ मनाङका एक युवकले गोली प्रहार गरी घाइते बनाए। जिल्ला प्रहरी कार्यालयको रोहवरमा दुवैपक्ष बीच सम्झौता भयो।

जेल र बन्दीहरू

यस जिल्लाको जेल भाडामा लिइएको छ। जेल जीर्ण अवस्थाको भवनमा भएकोले बन्दीलाई छिमेकी जिल्लाको जेलमा पुऱ्याउनु पर्ने बाध्यता छ। यस वर्ष छोटो अवधिको लागि पाँचजनालाई जिल्ला प्रहरी कार्यालयमा राखिएको थियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

अन्यबाट

पर्वत जिल्लाको बाच्छ्वहदी गाविस-४ स्थायी घर भई हाल जिल्ला शिक्षा कार्यालय, मनाङमा विद्यालय निरीक्षक पदमा कार्यरत ३७ वर्षीय तिलकप्रसाद सिलवाललाई ०६२ वैशाख १६ गते चामे गाविस-५ मा सोही गाविसका तीन युवाहरूले लाइट र पेटीले टाउकोमा गम्भीर चोट पुग्ने गरी कुटपिट गरी घाइते बनाए। दुवै पक्षबीच सोही दिन मिलापत्र भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा चोरी मुद्दा र गौवध मुद्दा गरी जम्मा दुईओटा मुद्दा दर्ता भएकोमा यो वर्ष फैसला हुन सकेनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

उपल्लो मनाङमा स्थानीय व्यक्तिबाहेक अरु कसैले जग्गा जमिन खरिद बिक्री, व्यापार, होटल, उद्योग धन्दा स्थायीरूपले सञ्चालन गर्न नपाइने मनाङवासीहरू बताउँछन्।

खेतीबाली पाकेर झर्ने अवस्था हुँदा पनि गाउँलेको निर्णय बिना किसानहरु आफूखुशी अन्न बाली थन्क्याउने र भित्र्याउन नपाउने हुँदा सम्बन्धित किसानहरू पीडित भएका छन्।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यो वर्ष यस जिल्लामा धारापानी गाविस-५ धारापानीका ३४ वर्षीय सोममाया गुरुङ्गको मर्स्याङ्दी नदीले बगाएर मृत्यु भयो।

०६२ कार्तिक ३ गतेदेखि परेको भिषण हिमपातबाट कागरु हिमालमा विदेशी पर्यटक सातजना र नेपाली १४ जना गरी २१ जनाको हिम पहिरोमा परी मृत्यु भयो।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित		
	अन्यबाट		
	घटना संख्या	पुरुष	जम्मा
घाइते	१	१	१
कुटपिट	१	१	१
जम्मा	२	२	२

३.७ नवलपरासी



जनसंख्या	६२२५१६
साक्षरता प्रतिशत	६२.२
महिला साक्षरता प्रतिशत	३०
क्षेत्रफल (वर्ग कि. मि.)	२१६२.२
गाविस/नपा संख्या	७३/१
निर्वाचन क्षेत्र	४
विद्यालय	५४१
क्याम्पस/उच्च मावि	७/१८
अस्पताल/स्वास्थ्य चौकी	३/८२
टेलिफोन लाइन	४५३७
मोटर सडक (कि. मि.)	३९०.६
प्रहरी कार्यालय संख्या	४
हुलाक संख्या	७४
मानव विकास सूचकांक	०.४८२
प्रति परिवार सरदर संख्या	५.९९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

हकुइ गाविस-८ का मल्लु भनिने ताजबुन अन्सारी, सोही ठाउका पप्पु भनिने २४ वर्षीय अशोक पाण्डे र रुपन्देही जिल्ला बोधबारे गाविस-४ का २६ वर्षीय प्रदीप भनिने देवेन्द्र चौधरीलाई ०६१ फागुन २३ गते हकुइ गाविस-५ लैनाहाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी यातना दिँदै अम्रोट गाविस-८ पन्थरदेवा भन्ने स्थानमा पुऱ्याई गोली हानी हत्या गरे। पीडित तीनैजना माओवादी कार्यकर्ता थिए।

सुनवल गाविस-४ धरमपुर चौराहामा ठेगाना नखुलेका शम्शेर खान भनिने अन्दाजी २६ वर्षीय युवराज थापासहित नाम ठेगाना नखुलेका तीन जनालाई ०६१ फागुन २३ गते सैनिक गस्ती टोलीले गोली हानी हत्या गरे।

रामनगर गाविस-२ मा नाम ठेगाना नखुलेका माओवादीका जिल्ला स्तरीय कार्यकर्ता २४ वर्षीय सुनरसलाई ०६२ वैशाख ११ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितलाई वडेरामा एकजना सैनिकलाई गोली हानी घाइते बनाएको आरोप लगाइएको थियो।

रामनगर गाविस- ९ स्थित सार्वजनिक बाटोमा आइरहेको बेला ठेगाना नखुलेका सन्दीप भनिने दिलिप चौधरीलाई ०६२ जेठ १३ गते सुरक्षाकर्मीले गस्ती क्रममा गोली हानी हत्या गरे। पीडितको सनाखत हुन सकेन।

स्याङ्जा जिल्ला वालिङ नपा-९ का सृजन भनिने माओवादी एरिया कमाण्डर २९ वर्षीय चुडामणि पराजुली, ठेगाना नखुलेका नवलपरासी जिल्लामा कार्यरत कम्पनी कमाण्डर सावन भनिने लालबहादुर बुढा मगर, ठेगाना नखुलेका एरिया कमाण्डर कैलाश भनिने २७ वर्षीय जीतबहादुर मगरलाई ०६२ जेठ १९ गते तीनजना एउटै मोटरसाइकलमा निशस्त्र अवस्थामा आइरहेको बेला सुनवल गाविस-५ गैडाखालबाट गिरफ्तार गरी जबरजस्ती हात भाँचेर पछाडि बाँधी आँखामा पट्टी बाँधेर चरम यातना दिँदै सोही गाविस-४ को रमवापुर भन्ने स्थानको जंगलमा पुऱ्याई सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितहरूमध्ये चुडामणिको लास पोष्टमार्टमपछि आफन्तलाई दिइयो भने अरूको सनाखत हुन सकेन।

तमसरिया गाविस-४ चोरमारा बजारमा जिल्ला तनहुँ घर भई नवलपरासी जिल्लाका माओवादी कमाण्डर विकल्प भनिने ३० वर्षीय खगराज पन्त र दिव्यपुरीका अनमोल भनिने २१ वर्षीय रामबहादुर थापालाई ०६२ कार्तिक ४ गते साँझ कावासोतीबाट आएको गस्ती टोलीका सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडितमध्ये रामबहादुर थापालाई बाग्ले मिष्ठानको अगाडि भाग्ने प्रयास गर्दागर्दै र खगराजलाई भाग्दा भाग्दै बजार नजिकको खोलामा गोली हानी हत्या गरेका थिए।

माओवादीबाट

सोमनी गाविस-२ का २२ वर्षीय सञ्जय चौधरीलाई ०६१ पुस १७ गते माओवादी गतिविधिको विरोध गरेको र प्रतिकार समितिलाई सघाएको आरोपमा माओवादीले आफ्नै निवासबाट अपहरण गरी घरदेखि केही टाढा पुऱ्याई गोली हानी हत्या गरे।

भुजहवा गाविस-२ का निवर्तमान गाविस अध्यक्ष ५१ वर्षीय रामकृपाल गुप्ताले माओवादीका कार्यकर्तालाई गिरफ्तार गराउने, हत्या गराउने र गाविसमा रहँदा आर्थिक अनियमितता गरेको आरोप लगाउँदै माओवादीले उनलाई ०६१ माघ ३ गते राति सुत्ने तयारी गरिरहेको बेला घरमै गोली हानी हत्या गरे।

रामग्राम नपा-७ उजैनीका ७० वर्षीय भुलन पासीलाई ०६१ माघ १८ गते सुराकी गरेको आरोपमा

माओवादीले उनकै घरमा गोली हानी हत्या गरे।

त्रिवेणी सुस्ता गाविस-७ रानीनगर घर भई जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा कार्यरत प्रहरी हवल्दार ३३ वर्षीय दिलिप श्रेष्ठलाई ०६१ फागुन ११ गते घरदेखि भैरहवातर्फ जाँदै गर्दा रामनगर-२ वडेरामा गोली हानी हत्या गरी मोटरसाइकलसमेत लुटेर लगे।

शिवमन्दिर गाविस-३ का बालकद्वय १४ वर्षीय भगवान पराजुली र १२ वर्षीय भगिरथ न्यौपानेले ०६१ फागुन २५ गते सोही ठाउँको शिवालय मन्दिर परिसरमा माओवादीले छोडेको बम खेलाउँदा विस्फोट भई दुवै घाइते भएकोमा भगवान पराजुलीको उपचार हुँदाहुँदै भोलिपल्ट मृत्यु भयो भने भागिरथ उपचार भएपछि घर फर्किए।

कञ्चनपुर जिल्ला ददई गाविस-७ घर भई सशस्त्र प्रहरी युक्ति तालिम महाविद्यालय वर्दघाट, नवलपरासीमा कार्यरत प्रहरी हवल्दार २५ वर्षीय मोहनबहादुर खडकालाई ०६१ फागुन ३० गते माकर गाविस-२ चिसापानीमा माओवादीले गोली हानी हत्या गरे।

जिल्ला पर्वत घर भई बुटवलस्थित सैनिक क्याम्पमा कार्यरत सैनिक प्युठ ३० वर्षीय चन्द्रबहादुर परियारलाई माओवादीले ०६२ चैत १६ गते रामनगर गाविस-२ वडेराबाट अपहरण गरी मोटरसाइकलमा राखी सुनवल गाविस-१ स्थित सुनवल-परासी गेडमा पुर्‍याई गोली हानी हत्या गरे।

नमर्सरिया गाविस-३ घर भई धनुषा जिल्ला जलेश्वरस्थित सैनिक क्याम्पमा कार्यरत सैनिक क्याप्टेन ४२ वर्षीय अर्जुन पालपालीलाई ०६१ चैत १७ गते कावासोती गाविस-५ सभापतिचोकस्थित नापी शाखा कार्यालय अगाडि माओवादीले गोली हानी हत्या गरे।

तिलकपुर गाविस-६ वामावसही घर भई शाही राष्ट्रिय निकुञ्ज वर्दियाको ठाकुरद्वारामा कार्यरत शाही नेपाली सेनाका सिपाही २२ वर्षीय दिलबहादुर कमाललाई ०६१ चैत २८ गते माओवादीले आफ्नै घरबाट अपहरण गरेकोमा ०६२ वैशाख १० गते रामनगर गाविस-५ स्थित जंगलमा आँखा भिकेर निर्मम यातना दिई हत्या गरे।

सोमनी गाविस-७ बर्गदवाका सर्वसाधारण २१ वर्षीय दिनेश चौधरी, २७ वर्षीय दीपेन्द्र चौधरी, २२ वर्षीय भरत भनिने जीतेन्द्र यादव, ३७ वर्षीय चन्द्रभान बरेठा, सोही ठाउँकै १७ वर्षीय कमलेश यादव, १४ वर्षीय हृदयश यादव, १८ वर्षीय अभिमन्यु चौधरी, ४० वर्षीय विजय कुहार, २२ वर्षीय दिनेश कुहार, १६ वर्षीय राजेन्द्र चौधरीसमेत १० जनालाई माओवादी प्रतिकार समितिमा बसेको आशंकामा ०६२ वैशाख २ गते राति माओवादीले आक्रमण गरी हत्या गरे। उक्त घटनामा घाइते भएका वैदौली-३ का हिरालाल साहनीको भारतमा उपचार भयो भने ४२ वर्षीय कमल धोबीको रुपन्देही जिल्लास्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार हुँदाहुँदै वैशाख १२ गते मृत्यु भयो।

दोहोरो भिडन्त

नमर्सरिया गाविस-५ गंडार खोलास्थित पूर्व-पश्चिम राजमार्गको सडकमा ०६२ साउन २५ गते राति माओवादीले अवरुद्ध गरेको राजमार्ग खुलाउन साउन २७ गते आएको सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले विद्युतीय धराप विस्फोट गराएपछि भएको दोहोरो भीडन्तमा नाम ठेगाना

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	९	८	१		९	१२	२४			२४	७	१८	३		२१
घाइते	४	४			४	४	६		७	१३					
गिरफ्तारी यातना											३७	५२	२		५४
बेपत्ता											६	६	२		८
कुटपिट	१९	३४	१	३	३८	३	२	१	४	७	३	५			५
धम्की	३	६			६	१	२			२					
भेला संगठित हुने अधिकार											२	९		१००	१०९
जातीय विभेद	१	१	१		२										
महिलाअधिकार	८		१०		१०										
बालअधिकार	३	२	१		३										
आर्थिक सामाजिक सांस्कृतिक अधिकार						४	१६			१६					
अपहरण						१२	१८	२		२०					
जम्मा	४७	५५	१४	३	७२	३६	६८	३	११	८२	५५	९०	७	१००	१९७

नखुलेका माओवादी बटालियन कमाण्डर बलराम रेग्मी, सेक्सन कमाण्डर कुमारी तामाङ्ग, छापामार कुमार वि.क., गोविन्द, विवेक, अस्मिता, विपना उपनाम भएका र रोल्पा लिबाङ्गका ओम प्रकाश बाठामगरको मृत्यु भयो। पीडितमध्ये अरु सातजनाको घटनास्थलमै र बाठामगरको उपचारको लागि बुटवलतर्फ लैजादै गर्दा दुम्कवास गाविस-५ दाउन्नेदेवी बजारबाट पक्राउ परेकोमा उपचारको क्रममा काठमाडौंस्थित सैनिक अस्पतालमा मृत्यु भयो। उक्त घटनामा नाम ठेगाना नखुलेका एकजना सैनिक जवानको पनि मृत्यु भएको थियो।

माओवादी प्रतिकार समितिबाट

नाम, ठेगाना नखुलेका अन्दाजी ३० वर्षीय माओवादी कार्यकर्तालाई ०६१ पुस २५ गते जिल्लाको भारतीय सीमा क्षेत्रमा बनेको माओवादी प्रतिकार समितिको समूहले वैदौली गाविस-२ स्थित भारतीय नहर नजिक निर्मम यातना दिएपछि गोली हानी हत्या गरे।

सोमनी गाविस-७ वर्गदवाका ४५ वर्षीय राम किशुन हरिजनलाई ०६१ फागुन ११ गते पीडितकै घरबाट २०-२५ जनाको प्रतिकार समितिले घरबाट समाती ट्याक्टरमा राखी यातना दिँदै लगेर हातको औंला काटी पोलेर जबरजस्ती पीडितलाई खुवाई वैदौली गाविस-२ स्थित भारतीय नहर नजिक पुर्‍याई गोली हानी हत्या गरे। हत्यापश्चात् उनको लास भारतीय नहरमा खसालिएको थियो।

जेल र बन्दीहरू

यस जिल्लाको कारागार अत्यन्त जीर्ण अवस्थामा रहेकोले बन्दीहरू डर र त्रासमा बाँच्न बाध्य छन्। यो वर्ष छ महिला र ६३ पुरुष गरी जम्मा ६९ जना आएका छन् भने एक महिला र २३ पुरुष गरी २४ जनालाई पाल्पा कारागारमा पठाएकोसमेत ६७ पुरुष र पाँच महिला गरी ७२ जना कारागारबाट गएका छन्। यो वर्ष ०६२ चैत २३ गते कर्तव्य ज्यानअन्तर्गत बन्दी जीवन बिताइरहेका ७० वर्षीय शिवप्रसाद यादवको जिल्ला अस्पताल परासीमा उपचार गराउँदा-गराउँदै मृत्यु भएको छ। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएका १० जना पुरुष र फैसला नभएका पाँच महिला, ४२ पुरुष गरी जम्मा ४७ जना रहेका छन्। यस कारागारमा प्रत्येक वर्ष क्षमता भन्दा दोब्बर बन्दी हुने गरेकोमा त्यसको तुलनामा यो वर्ष कम भएको जेल-प्रशासनले जनाएको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

रामपुर खडौना गाविसका निवर्तमान गाविस अध्यक्ष ३८ वर्षीय सुभान अलि अन्सारीलाई ०६१ माघ ९ गते घरबाट माओवादीले आर्थिक अनियमिततालगायत्का आरोपमा अपहरण गरेकोमा माघ १४ गते मुक्त गरे।

दिव्यपुरी गाविसमा रहेको गंगादेवी चौधरी उद्योगका महाप्रबन्धक जयन्त चुंडाल, सोही उद्योगका प्रशासक ३५ वर्षीय सुरेन्द्र अधिकारीलाई ०६१ फागुन ७ गते माओवादीले उद्योग हाताभित्रबाटै अपहरण गरेकोमा अधिकारीलाई सोही दिन मुक्त गरे भने चुंडाल फागुन २२ गते मुक्त भए।

स्याङजा जिल्ला फापरथुम गाविस-३ घर भई सशस्त्र प्रहरी बेस क्याम्पमा कार्यरत सशस्त्र प्रहरी हवल्दार २७ वर्षीय राजेन्द्र ढकाललाई ०६१ फागुन २८ गते रामनगर गाविस-१ भुमहीबाट माओवादीले अपहरण गरी बेपत्ता पारे।

स्वाँठी गाविस-६ घर भई सोही ठाउँमा रहेको विद्यालय निर्माण समितिका अध्यक्ष काँशीराम यादवलाई कमसल सामग्री प्रयोग गरी नाफा कमाउने प्रयास गरेको आरोपमा ०६१ चैत ३ गते उनकै घरबाट माओवादीले अपहरण गरी यातना दिई चैत ४ गते मुक्त गरे।

रुपौलिया-५ का माओवादी प्रतिकार समितिका सदस्य शंकर मल्लाहाका छोरा २२ वर्षीय राजदेव मल्लाहालाई ०६१ चैत ३ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित सोही राति माओवादीको कब्जाबाट भाग्न सफल भए।

रामग्राम नपा-११ रानीपाकडका २८ वर्षीय श्रवणकुमार चौधरीलाई रामनगर गाविस-१ भुमहीबाट ०६१ चैत २९ गते माओवादीले अपहरण गरेकोमा पीडितको अवस्था अहिलेसम्म अज्ञात छ।

प्रगतिनगर गाविसमा रहेको विश्वज्योति आवासीय माध्यमिक विद्यालयका प्रिन्सिपल ४२ वर्षीय कृष्णप्रसाद वास्तोलालाई ०६२ वैशाख २३ गते माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

रामनगर गाविस-५ का निवर्तमान वडाध्यक्ष ३८ वर्षीय थिरलाल न्यौपाने, सोही वडाकी महिला सदस्य ३३ वर्षीय सरस्वती सुवेदी, नेकपा (एमाले) का कार्यकर्ता ३२ वर्षीय चोलाकान्त भण्डारी, ३२ वर्षीय थानेश्वर न्यौपाने र ३२ वर्षकै भूपराज भट्टराईलाई ०६२ जेठ २० गते राति सुराकी गरेको आरोपमा माओवादीले अपहरण गरी मानसिक र शारीरिक यातना दिई जेठ २७ गते मुक्त गरे।

प्रसौनी गाविस-४ का ३५ वर्षीय भक्तबहादुर कुमाललाई ०६२ असार ३ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई असार ५ गते मुक्त गरियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

रामनगर गाविस-२ वडेराका २० वर्षीय श्याम परियार र सोही ठाउँका २२ वर्षीय मधु रानालाई ०६१ फागुन ६ गते घर नजिकै एम्बुस पड्काएको आरोप लगाएर सुरक्षाकर्मीले कुटपिट गरे।

तपसरिया गाविस-२ का ६५ वर्षीय बृद्ध डि.बी. गुरुङले घरबाट तार जोड्न दिएर माओवादीलाई विस्फोट गराउन सहयोग गरेको आरोपमा ०६२ जेठ ४ गते सुरक्षाकर्मीको गस्ती टोलीले बन्दुकको कुन्दा र मुक्काले प्रहार गरी कुटपिट गरे।

माकर गाविस-१ पुनरवास बस्ने ४५ वर्षीय भवानीप्रसाद भण्डारीकी साली माओवादी भएको र उनलाई भण्डारीले लुकाउने गरेको आरोपमा ०६२ साउन १३ गते राति सुरक्षाकर्मीले घर घेरा हाली गिरफ्तार गरी घरदेखि केही टाढा पुऱ्याई बन्दुकका कुन्दा र लाठीले कुटपिट गर्दै गोली हानी हत्या गर्ने धम्की दिएर तीन घण्टापछि छाडे।

माओवादीबाट

तपसरिया गाविस-२ बसन्तपुरका २७ वर्षीय हिमाल विक्रम सिंह ठकुरीले आफ्नो विरुद्ध सुराकी गरेको आरोपमा माओवादीले ०६२ जेठ ६ गते अपहरण गरी घरदेखि केही टाढा गड्यौलीखोला भन्ने स्थानमा लगि खुट्टामा ढुङ्गाले किची अपाङ्ग बनाए।

भुजहवा गाविस घर भई सामुदायिक पशुपति बोर्डिङ्ग स्कूलका प्रिन्सिपल ४० वर्षीय सर्व सकुमार स्वर्णकारलाई ०६२ जेठ ९ गते माओवादीले दाउन्नेदेवी गाविस-५ मा रहेको बोर्डिङ्ग स्कूलबाट अपहरण गरी केही पर रहेको खोलामा पुऱ्याई कुटपिट गरे।

जहदा गाविस-७ धनेवाका ४२ वर्षीय शैलेन्द्र गोंदारलाई ०६२ जेठ १४ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी केही टाढा शिर्शनिया भन्ने स्थानमा लगि गोलीगांठा नजिकको नशा काटी हिंड्न नमिल्ने गराएर छाडे। पीडितको काठमाडौंमा उपचार भयो।

माओवादी प्रतिकार समितिबाट

पक्लिहवा गाविस-१ का ५० वर्षीय माहात्मा हरिजन माओवादी भएको आरोपमा ०६१ माघ २२ गते माओवादी प्रतिकार समितिले घरमा आई कुटपिट गरे। पीडित एमाले कार्यकर्ता हुन्।

पक्लिहवा गाविस-५ का रामलखन हरिजन र नेकपा (एमाले) का संगठित सदस्य ३५ वर्षीय रामलाल हरिजनलाई ०६१ माघ २८ गते माओवादी प्रतिकार समितिले घरमै आई कुटपिट गरे।

सोमनी गाविस-७ का ३२ वर्षीय रामु हरिजनलाई ०६१ फागुन ११ गते माओवादी प्रतिकार समितिका सदस्यहरूको टोली घरमा आई बाहिर निकालेर बन्दुकको कुन्दा, लाठी र मुक्काले कुटपिट गरी सख्त घाइते बनाएका छन्। पीडितलाई उपचारको लागि भारतको गोरखपुर लगियो।

रामग्राम नपा-३ मा कपडा पसल गरी बस्ने उद्योग वाणिज्य संघका सदस्य ४५ वर्षीय राधेश्याम अग्रहरीलाई ०६१ फागुन २२ गते त्रिवेणी सुस्ता गाविसको ठोकर भन्ने स्थानबाट प्रतिकार समितिले समाति कुटपिट गरी त्रिवेणी व्यारेकमा बुझाए। पीडितलाई त्रिवेणी व्यारेकबाट उद्योग वाणिज्य संघको पहलमा फागुन २३ गते रिहा गरियो।

बडहरा दुबौलिया गाविस-७ घर भई नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ३५ वर्षीय रामलखन हरिजनलाई ०६१ फागुन २४ गते कुश्मा गाविस-७ बाट प्रतिकार समितिले माओवादीको आरोप लगाई ट्याक्टरमा राखी आँखामा पट्टी बाँधेर चुरोट खाँदै चुरोटको ठुटोले शरीरका विभिन्न भागमा पोल्दै कुटपिट गर्दै लगेर त्रिवेणी व्यारेकमा बुझाए। पीडितलाई घाइते अवस्थामा नेकपा (एमाले)को पहलमा फागुन २७ गते रिहा भए।

हरपुर गाविस-४ घर भई नेकाँ जिल्ला कार्यसमिति सदस्य ३७ वर्षीय हिरालाल गुप्तालाई ०६१ चैत ६ गते माओवादी भएको आरोप लगाउँदै प्रतिकार समितिले घरबाट समाति सुरक्षाकर्मीलाई बुझाएका थिए। पीडितलाई तीन दिनपछि रिहा गरियो।

माकर गाविस-४ बर्दघाटका ३८ वर्षीय पदमबहादुर पुनलाई ०६१ चैत ७ गते कुडिया गाविस-३ बाट समाति माओवादी प्रतिकार समितिले कुटपिट गरी त्रिवेणी व्यारेकमा बुझाएकोमा अनुसन्धानपछि चैत ११ गते रिहा गरियो।

बडहरा दुबौलिया-३, ललितपुरका ३५ वर्षीय रामनरेश यादव माओवादी भएको आरोपमा ०६१ चैत ७ गते प्रतिकार समितिले लाठी र मुक्का प्रहार गरी घाइते बनाए। पीडितको स्थानिय अस्पतालमा उपचार भयो।

सोमनी गाविस-४ का ५० वर्षीय शक्तिदेव धरादिवेदी गाविस-४ का शम्भुप्रसाद प्रजापती र सोही ठाउँका ६० वर्षीय राम अवधर द्विवेदी, ४८ वर्षीय राधेश्याम यादव र ३५ वर्षीय रामलाल यादवलाई ०६१ चैत १८ गते माओवादी प्रतिकार समितिका ३५ वर्षीय बेचई यादव र राधेश्याम मुखिया समेतका मान्छेहरूको समूहले लाठी मुक्का र बन्दुकको कुन्दाले प्रहार गरी सख्त घाइते बनाए। पीडितको परासीस्थित जिल्ला अस्पतालमा उपचार भयो।

सुकौली गाविस-१ का ३५ वर्षीय रामलगन केवट, एमाले कार्यकर्ता ४० वर्षीय वसिद मिया र ३८ वर्षीय रामसुवण केवटलाई काम विशेषले परासी आएको बेला माओवादीको आरोपमा ०६१ चैत २५ गते रामग्राम नपा-५ जिल्ला प्रहरी कार्यालय अर्गाडिबाट प्रतिकार समितिले समाती सैनिक क्याम्पमा बुझाएकोमा सबैलाई चैत ३० गते रिहा गरिएको थियो।

बडहरा दुबौलिया गाविस-१ का ४५ वर्षीय मुवारक खाँलाई ०६१ चैत २९ गते माओवादी भएको आरोपमा माओवादी प्रतिकार समितिले पीडितको घरमा आई लाठी र

मुक्का प्रहार गरी घाइते बनाए। पीडितको स्थानीय मेडिकलमा उपचार भयो। वडहरा दुवौलिया गाविस-३ ललितपुरका ५० वर्षीय कुशमान कुजडा सोही ठाउँका ५२ वर्षीय साद्धिक कुजडा र ६० वर्षीय कमल विश्वकर्मालाई ०६१ चैत २९ गते माओवादी प्रतिकार समितिले घरमा आई आफूहरूसँगसँगै हिँड्न भनेकोमा हिँड्न नमान्दा घरमै कुटपिट गरे।

भुजहवा गाविस-६ का ४० वर्षीय अदालत भरलाई ०६१ चैत २९ गते करिब १२ जनाको संख्यामा आएको माओवादी प्रतिकार समितिको समूहले घरमा नै आई माओवादीको आरोपमा कुटपिट गरे।

रामग्राम नपा-६ घर भई नेपाल पत्रकार महासंघका निवर्तमान जिल्ला सभापति कृष्णबहादुर कार्कीलाई ०६२ वैशाख ५ गते माओवादी प्रतिकार समितिले उनका सन्तानलाई ध्वस्त पार्ने धम्की फोनबाट दिए। त्यसैगरी माओवादी जिल्ला जनसरकार प्रमुख चिनक कुर्मी र माओवादी कार्यकर्ता राजु हरिजनको घर र साखा सन्तानलाई ध्वस्त पार्ने धम्की दिए।

सोमनी गाविसमा रहेको महेन्द्र माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक ५५ वर्षीय भागिरथी हरिजनलाई ०६२ वैशाख २७ गते विद्यालयतर्फ जाँदै गर्दा बाटोबाट प्रतिकार समितिले समाती माओवादी भन्दै कुटपिट गरी सुरक्षाकर्मीलाई बुझाएकोमा उनलाई जेठ १ गते रिहा गरियो।

भुजहवा गाविस-७ का पूर्णमासी हरिजनका ३० वर्षीय छोरालाई ०६२ जेठ २५ गते गोवरी यादव र रक्षा कन्वकरसहित २५ जनाको माओवादी प्रतिकार समूहले कुटपिट गर्‍यो।

भुजहवा गाविस घर भई हाल जहदा गाविस-१ बस्ने ३७ वर्षीय लक्ष्मण हरिजनलाई भारततर्फबाट बाँस लिएर आउँदै गर्दा ०६२ जेठ २८ गते हरिजन भएकोले माओवादी नै होस भन्दै भुजहवा गाविसको भटौली भन्ने ठाउँमा माओवादी प्रतिकार समूहका व्यक्तिहरूले कुटपिट गरे।

वडहरा दुवौलिया गाविस-१ घर भई राप्रपा गाउँ इकाई का अध्यक्ष एवं जिल्ला विकास समितिका निवर्तमान सदस्य ४२ वर्षीय मुवारक खाँ, उनका बाबु ७५ वर्षीय सिद्धिक खाँ, आमा ६५ वर्षीय जलेखा खाँ, भाई २८ वर्षीय अकवर खाँ तथा ८ र ६ वर्षीय छोराछोरीलाई ०६२ साउन २८ गते माओवादी प्रतिकार समूहले घरमै कुटपिट गरे ।

रामपुरवा गाविस-६ महेशपुरका ३६ वर्षीय प्रकाश बानियालाई ०६२ साउन २८ गते माओवादी प्रतिकार समूहले आफ्नो समितिमा बस्न नमानेको आरोपमा घरमै कुटपिट गरे। सो समूहले पीडितको चार वर्षीय छोरालाईसमेत बाबुलाई पिटेको देखि चिच्याउँदा कुटपिट गरेका थिए।

सरावल गाविस-९ का ५० वर्षीय सविर अलि दर्जी र सोही ठाउँकी ५५ वर्षीय सुनरी यादवलाई माओवादी प्रतिकार समूहले ०६२ साउन २८ गते घरमै आई कुटपिट गरे।

वडहरा दुवौलिया गाविस-३ का ५० वर्षीय कुशमान कुजाडा, दुवौलिया १ का १८ वर्षीय अन्नान खाँ र सोही ठाँउका ३२ वर्षीय आलम खाँलाई माओवादी प्रतिकार समूहले ०६२ साउन २८ गते कुटपिट गरे। पीडितहरू उपचारपछि घर फर्के।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

रामग्राम नपा-५ घर भई नेकाँ जिल्ला कार्य समितिका सभापति ५६ वर्षीय कृष्णचन्द्र नेपाली, सोही ठाउँका नेकाँ क्षेत्र ४ का क्षेत्रीय सभापति ४५ वर्षीय दिनेश उपाध्याय, दाउन्नेदेवी गाविस घर भई ३ नं. क्षेत्रीय सभापति ४२ वर्षीय लालबहादुर गुरुङ, अमरापुरी घर भई १ नं. क्षेत्रीय सदस्य ५५ वर्षीय पुष्पराज पौडेल, सनही गाविस घर भई नेकाँ महासमिति सदस्य राजेन्द्रकुमार साहानीलगायत् नेकाँका २४ जना नेता तथा कार्यकर्तालाई ०६१ चैत ७ गते शाही घोषणाको विरोधमा शान्तिपूर्ण र्‍याली निकाल्दै गर्दा रामग्राम नपा-५ बुद्धचोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितमध्ये १९ जनालाई सोही दिन, दिनेश उपाध्याय, पुष्पलाल पौडेल र राजेन्द्रकुमार साहानीलाई चैत १० गते र जिल्ला सभापति कृष्णचन्द्र नेपालीलाई चैत १९ गते रिहा गरियो।

सुक्रौली गाविस-२ घर भई नेकाँ जिल्ला कार्य समितिका उपसभापति ५३ वर्षीय महादेव गुप्ता, अम्रौट गाविस-१ घर भई महासमितिका केन्द्रीय सदस्य केशरमणि पोखरेल, रामग्राम नपा-५ का नेकाँ जिल्ला कार्यसमिति सदस्य ३८ वर्षीय अनिल शर्मा र नेपाल सद्भावना पार्टी आनन्दीदेवीका केन्द्रीय सहमहामन्त्री ४२ वर्षीय गोविन्द चौधरीलाई ०६१ चैत २७ गते रामग्राम नपा-५ परासीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू सबैलाई चैत ३० गते रिहा गरियो।

नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति ६० वर्षीय सत्यनारायण खनाल, राष्ट्रियसभाकी पूर्व सांसद ४८ वर्षीय दुर्गा भट्टराईलगायत्का जिल्लास्तरीय नेता कार्यकर्तालाई ०६२ वैशाख ६ गते शाही घोषणाको विरोधमा शान्तिपूर्ण आन्दोलनमा सहभागी भएको आरोपमा रामग्राम नपा-५ परासीस्थित जिल्ला प्रशासनको गेट अगाडिबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई ०६२ वैशाख ८ गते कारागार पठाएकोमा वैशाख १५ गते रिहा गरियो।

०६२ भदौ १२ गते बिहान शिवमन्दिर गाविस-३ कावासोती बजारमा पेट्रोलियम पदार्थको मुल्यवृद्धिको

विरोधमा सात दल समर्थित विद्यार्थीहरूले आयोजना गरेको चक्काजाम कार्यक्रममा प्रहरीले हस्तक्षेप गरी अनेरास्ववियुका जिल्ला अध्यक्ष भिमलाल कंडेल, नेपाल विद्यार्थी संघका सभापति नरेश भण्डारी, कार्यकर्ता रामचन्द्र भट्टराई, राजेश पौडेल र जीतकुमार श्रेष्ठलाई गिरफ्तार गरेकोमा सोही दिन बेलुका रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा १६ ओटा मुद्दा दर्ता भए। गत वर्षका १३ ओटा मुद्दा सहित २९ मुद्दा रहेकोमा १२ ओटा फैसला भई १७ ओटा बाकी रहेका छन्। तीमध्ये अधिकांश सार्वजनिक अपराध र हातहतियारसम्बन्धी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

पश्चिम गण्डक नहर निर्माण गर्ने क्रममा ०२५/२६ सालमा पाँचसय बिगाहा जग्गा अधिकरण भएकोमा त्रिवेणीसुस्ता, रुपौलिया, प्रतापुर, जहदा जमुनिया, गुठिसुर्यपुरा, गुठिप्रसौनीलगायत्का १९ गाविसका कृषकहरूमध्ये पाँच गाविसले मुआब्जा प्राप्त गरेको भए पनि १४ गाविसका कृषकहरूले ३६/३७ वर्ष बित्दा पनि मुआब्जा प्राप्त गर्न नसकेको गुनासो कृषकहरूको छ।

माओवादीबाट

नयाँ बेलहानी गाविस-८ अरुणखोलामा ०६१ माघ १ गते भारतीय नम्बर प्लेटका तीनओटा खुर्सानी, लसुन लिएर आइरहेका मिनिट्रकमा माओवादीले आगो लगाएर ध्वस्त बनाए।

दिव्यपुरी गाविसस्थित पूर्व-पश्चिम महेन्द्र राजमार्गमा ०६१ माघ १४ गते बुटवलबाट नारायणघाटतर्फ जादै गरेको ट्रकमा बम विस्फोट गराइ ध्वस्त बनाए।

बुलिङटार गाविसमा रहेको निवर्तमान सांसद दामोदर बस्ताकोटीको १४ रोपनी जग्गा र घर ०६१ माघ १६ गते माओवादीले आफ्नो कब्जामा लिई बिक्री वितरण गर्न समेत रोक लगाए।

तिलकपुर गाविस-६ बासा स्थित पूर्व-पश्चिम राजमार्गमा भारतीय नं. प्लेटको मिनी ट्रकमा यात्रुहरूलाई उतारी ०६१ माघ १९ गते माओवादीले आगो लगाए।

रजहर गाविस-७ का नेका कार्यकर्ता शिवबहादुर खड्काको घर जग्गा ०६१ माघ २२ गते माओवादी कार्यकर्ताहरूले आफ्नो नियन्त्रणमा लिएको दाबी गरे। सोही ठाउँका प्राध्यापक बमबहादुर अधिकारीको घर जग्गा पनि आफ्नो नियन्त्रणमा लिएको दाबी गरे।

सोमनी गाविस-७ बर्गदवामा माओवादी प्रतिकार समितिका सदस्यहरू बसेको आशंकामा सोही ठाउँका इन्द्र कमल चौधरी, विजय चौधरी, दिवाकर चौधरी, हरिशचन्द्र चौहान, भगवान चौधरीलगायत्का पाँचओटा पक्की घरमा ०६२ वैशाख २ गते राती माओवादीले बम विस्फोट गराई ध्वस्त बनाए भने जितबहादुर चौधरी, कमल धोबी, शिव गौण, लक्ष्मण यादव, गर्व चौधरी, राजाराम चौधरी, रुमाली भरलगायत् ११ जनाका कच्ची घरहरूमा माओवादीले आगो लगाई ध्वस्त पारे।

सुनवल गाविसमा रहेको लुम्बिनी चिनी मिलमा भण्डार गरी राखिएको तीन ट्याक्टर गन्धक ०६२ वैशाख ८ गते राती माओवादीले उक्त मिलका गार्डलाई आफ्नो नियन्त्रणमा लिई लुटेर लगे।

गैंडाकोट गाविस-२ मा रहेको नमुना आवासीय बोर्डिङ स्कूलमा ०६२ वैशाख ९ गते बन्द आह्वान गरेको बेला सञ्चालन गरेको आरोपमा माओवादीले बम विस्फोट गराएर ध्वस्त बनाए।

कावासोती गाविस-५ सभापतिचोकमा रहेको शाही नेपाली सेनाका सहायकरथी तथा तत्कालीन सैनिक प्रवक्ता दीपक गुरुङको घर माओवादीले ०६२ वैशाख १७ गते बम विस्फोट गराई ध्वस्त बनाए।

माओवादी प्रतिकार समितिबाट

जहदा गाविस-१ का बृजदेव पाण्डेको घरमा ०६१ चैत ५ गते प्रतिकार समितिले लुटपाट गर्नुको साथै उनकी पत्नीलाई समेत कुटपिट गरे। सोही दिन जहदा गाविस-१ का छेदी चौधरीको घर माओवादी प्रतिकार समितिले भत्काई दिए।

रुपौलिया गाविस-५ का बिमा ढकालको घरमा रहेका कुखुरा, घरयासी सामान, टिभीसमेत ०६१ चैत १४ गते माओवादी प्रतिकार समितिले लुटेर लगे र सोही ठाउँका एकजना बिकको घर समेत भत्काइ दिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

रामनगर गाविस-२ बडेराकी २३ वर्षीय मनु गुरुङ र ४५ वर्षीय उनकी आमालाई ०६१ फागुन ६ गते घरबाट तार जोडी एम्बुस विस्फोट गराउन सहयोग गरेको आरोपमा सैनिक गस्ती टोलीले गिरफ्तार गरी फागुन ९ गते रिहा गरियो।

रामनगर गाविस-७ भंडरी निवासी २१ वर्षीय महेन्द्र यादव र सोही ठाउँ बस्ने १६ वर्षीय जीतेन्द्र खवासलाई ०६१ फागुन ९ गते खेल्दै गरेको बेला माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी शारीरिक र मानसिक यातना दिएर फागुन १० गते रिहा गरे।

बुलिङटार स्थाई घर भई मैनाघाट गाविस-६ मा

औषधि पसल सञ्चालन गरी बस्ने २५ वर्षीय ऋषिराम वस्ताकोटी र कलुवा गाविस-४ का नारायण अर्याललाई प्रगतिनगर गाविस-३ बाट ०६१ फागुन २४ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितमध्ये नारायण अर्याललाई ०६१ चैत ३ गते रिहा गरियो भने वस्ताकोटीलाई लामो समयसम्म हिरासतमा राखी नजरबन्दमा पठाइयो। पीडित ०६२ मंसिर १० गते पुनरावेदन अदालतको आदेश र प्रशासनसमक्ष आत्मसमर्पण गरेपछि रिहा भए।

माकर गाविस-९ पाल्डाँडामा भैंसी चराएर बस्ने माझी भनिने १९ वर्षीय रुद्रबहादुर मुसहर र दाङ जिल्ला सिसनिया घर भई बीरबल भनिने १५ वर्षीय रमेश चौधरीलाई माओवादी गतिविधिमा संलग्न भई हिँडेको आरोपमा ०६२ वैशाख ११ गते रामनगर गाविस-९ बडेराबाट सैनिकको गस्ती टोलीले गिरफ्तार गऱ्यो। हाल दुवै जनालाई परासी कारागारमा नजरबन्दमा राखिएको छ।

धुर्कोट गाविस-१ निवासी ३६ वर्षीय सुनबहादुर वि.क.लाई ०६२ वैशाख १३ गते दुम्कीबास गाविस-२ टाँडी स्थित आफ्नो ससुरालीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल परासी कारागारमा नजरबन्दमा रहेका छन्।

जिल्ला गोर्खा घर भई प्रगतिनगर गाविस-७ स्थित आफ्नी दिदीको घरमा आएका अर्जुन भनिने विनोद नेपालीलाई ०६२ वैशाख २३ गते दिदीको घर नजिकैबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक महिनापछि सार्वजनिक गरी परासी कारागारमा पठाइयो।

प्रगतिनगर गाविस-७ गैडीका २३ वर्षीय शिव विष्टलाई ०६२ वैशाख २३ गते माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी कारागारमा नजरबन्दमा राखिएकोमा ०६२ कार्तिक २५ गते पुनरावेदन अदालत बुटवलको आदेशमा रिहा भएकोमा सोही दिन राती सुरक्षाकर्मीले गिरफ्तार गरी २७ गते आत्मसमर्पण गराई रिहा गरे।

जिल्ला तनहुँ भिरकोट गाविस-५ घर भएका माओवादी कार्यकर्ता २० वर्षीय केशव रानाभाटलाई ०६२ जेठ ७ गते बुलिङटार गाविसको हाँसी भन्ने स्थानबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई आतंककारी तथा विध्वंसकारी कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत कारागारमा नजरबन्दमा राखिएको छ।

रकुवा गाविस गाविस-९ घर भई माओवादी जिल्ला जनसरकार सदस्य ४२ वर्षीय तारा रुचाललाई ०६२ जेठ ९ गते बिहान आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई लामो समयसम्म सैनिक हिरासतमा राखी यातना दिएर हाल कास्की कारागारमा राखिएको छ।

माकर गाविस-४ बाढीपीडित घर भई सुनवल गाविस-८ मा सेनेटरी उद्योग खोली बस्ने २६ वर्षीय रामु पाण्डेलाई उद्योग हाताबाट ०६२ जेठ ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जेठ १७ गते रिहा गरे।

प्रसौनी गाविस-४ का १७ वर्षीय खड्कबहादुर चौधरी र सोही ठाउँका २० वर्षीय मुन्ना भनिने करण चौधरीलाई ०६२ जेठ २४ गते माओवादीको आरोपमा घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल पीडितलाई परासी कारागारमा नजरबन्दमा राखिएको छ।

शिवमन्दिर गाविस-६ हसौराका ४० वर्षीय राजबहादुर महत्तोलाई ०६२ जेठ २५ गते माओवादीको आरोपमा घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल परासी कारागारमा नजरबन्दमा रहेका छन्।

रुपौलिया गाविस-५ का ३६ वर्षीय गणेश पौडेललाई माओवादीलाई सघाएको आरोपमा ०६२ असार ३ गते माओवादी प्रतिकार समितिको एक समूहले घरबाट समाती यातना दिएपछि सुरक्षाकर्मीको जिम्मा लगाएकोमा पीडितलाई चार दिनसम्म प्रहरी हिरासतमा राखी असार ७ गते रिहा गरियो।

रुपौलिया गाविस-५ का २८ वर्षीय हरिनारायण चौधरीलाई ०६२ असार ५ गते माओवादी बस्ने खाने गरेको ठाउँको जानकारी नगराएको भन्दै प्रतिकार समूहले सुरक्षाकर्मीलाई बुझाएकोमा अनुसन्धानपश्चात् असार ८ गते रिहा गरियो।

अग्यौली गाविस-९ घर भएका माओवादी कार्यकर्ता पवन भनिने २३ वर्षीय बलराम घर्तिलाई ०६२ साउन ८ गते सुनवल गाविस-२ मछेडमारा भन्ने स्थानबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हाल परासी कारागारमा नजरबन्दमा राखिएको छ।

जिल्ला रोल्पा लिवाङ गाविस घर भई माओवादीका सेक्सन कमाण्डर १९ वर्षीय ओम प्रकाश बाठामगर र केरवानी गाविस-४ की १७ वर्षीय सोमरथी नेपालीलाई उपचारको लागि बुटवलतर्फ जाँदा दुम्कीवास गाविस-५ दाउन्नेबाट ०६२ साउन २९ का दिन सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा बाठामगरको उपचारको क्रममा मृत्यु भयो भने सोममायाँलाई परासी कारागारमा नजरबन्दमा राखिएको छ।

जिल्ला रोल्पा भवाङ गाविस-८ घर भई माओवादी कार्यकर्ता १९ वर्षीय तेजेन्द्र बुढामगरलाई ०६२ भदौ ४ गते नयाँ बेलहानी गाविस-८ अरुणखोलाबाट दाउन्ने टावरमा कार्यरत सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई आँखामा पट्टी र हात बाँधेर लगियो। उनी हाल परासी कारागारमा नजरबन्दमा छन्।

सोमनी गाविस-७ वर्गदवाका ३८ वर्षीय हितू चमारलाई ०६२ भदौ ५ गते खेतमा रासायनिक मल छरेर घरतर्फ फर्कदै गर्दा सोही ठाउँको बाटोबाट सेमरीमा कार्यरत

सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा ०६२ पुस ४ गते पुनरावेदन अदालतको आदेशमा रिहा गरियो।

प्रगतिनगर गाविस-७ गैडीका २३ वर्षीय शिव विष्टलाई ०६२ कार्तिक २५ गते पुनरावेदन अदालतको आदेश र मानवअधिकारकर्मीको रोहवरमा रिहा गरेकोमा रामग्राम नपा-५ स्थित दुर्गा होटलमा बास बसिरहेको बेला राति होटलबाटै प्रहरीले गिरफ्तार गरे। पीडितलाई कार्तिक २८ गते आत्मसमर्पण गराई रिहा गरियो।

प्रसौनी गाविस-१ का ४५ वर्षीय विक्रम सुवेदीलाई ०६२ मंसिर ८ गते करिब दुई सयको संख्यामा आएका सैनिकको गस्ती टोलीले माओवादीको आरोपमा घरबाट गिरफ्तार गरे। पीडितलाई कावासोतीस्थित संयुक्त सुरक्षा क्याम्पमा राखी अनुसन्धानपछि मंसिर ११ गते रिहा गरियो।

देउराली गाविस-६ का २५ वर्षीय केशबहादुर मल्ललाई ०६२ मंसिर १४ गते एकजना प्रहरीसँगको व्यक्तिगत रिसइवीका कारण माओवादी भई गोला-बारुद्ध बनाउने गरेको आरोप लगाई घरबाटै गिरफ्तार गरे। पीडितलाई तीन दिनसम्म हिरासतमा राखी यातना दिएर मंसिर १७ गते रिहा गरियो।

पुनः गिरफ्तार

जिल्ला चितवन घर भई माओवादीको आरोपमा नवलपरासी कारागारमा बन्दी जीवन बिताइरहेका रोशन सापकोटालाई ०६१ पुस १७ गते ९० दिनपछि रिहा गरेकोमा रामग्राम नपा-५ परासीबाट पुनः गिरफ्तार गरेका छन्। पीडितलाई हाल परासी कारागारमा थुनामा राखिएको छ।

जिल्ला चितवन गीतानगर गाविस-२ घर भई माओवादी आरोपमा बन्दी जीवन बिताइरहेका २० वर्षीय रोशन सापकोटा ०६२ कार्तिक १३ गते धरौटीमा रिहा भएकोमा मोटरसाइकल चढि घरतर्फ जाँदै गर्दा स्वाँठी गाविस-४ स्थित परासी सुनवल सडकबाट सोही दिन सुरक्षाकर्मीले गिरफ्तार गरी परासी कारागारमा पुनः नजरबन्दमा राखिएको छ।

बालअधिकार

पर्वत जिल्ला बाछा गाविस-३ घर भई सुनवल गाविस-४ मा मासु काट्ने व्यवसाय गरेर बसेका ३० वर्षीय यामबहादुर क्षेत्रीले सोही ठाउँकी १४ वर्षीय एक बालिकालाई सोही ठाउँमा विभिन्न प्रलोभन देखाई ०६२ भदौ २९ गते बलात्कार गरे। पीडक धरौटी राखि तारिखमा छुटेका छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

नुवाकोट जिल्ला विदुर नपा-५ की १६ वर्षीय कान्छीमाया तामाङ, सोही ठाउकी १९ वर्षीय सानुमाया तामाङ र १९ वर्षीय फुलमाया तामाङलाई ०६१ चैत ७ गते नुवाकोट जिल्ला धेडफेदीकी ४० वर्षीय उषा जिकेलगायत् तीनजनाले भारततर्फ बिक्रीको लागि लैजाँदै गर्दा माकर गाविस-४ स्थित एक होटलमा राखेको बेला नवलपरासीस्थित माइती नेपालको प्रयासमा पीडितहरूलाई रोकी माइती नेपालमा राखियो। पीडकहरू फरार छन्।

अमरौट गाविस-२ की २५ वर्षीय राधा चौधरी र रामग्राम नपा-१ की २६ वर्षीय रीता हरिजनलाई अमरौट गाविस-४ की आशा भनिने २५ वर्षीय प्रेमकुमारी चौधरीले ०६२ असोज १५ गते माकर-४ बर्दघाटमा त्रिनेत्र नेपाल बर्दघाटले एड्स सम्बन्धी तालिममा जान भनी लिएर गएकोमा अहिलेसम्म फर्केका छैनन्। पीडितहरूलाई भारतको इलाहावादमा लगि बिक्री गरेकोमा राधा चौधरी फर्किन सफल भएकी छन्। पीडकहरूमा पञ्चनगर गाविस-१ भुताहका गिरिधारी सुवेदी, सीता सुवेदी र दुम्कीबास गाविस-५ दाउन्नेका भुवन गुरुङ फरार रहेका छन् भने आशा भनिने प्रेम कुमारीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

बलात्कार बलात्कार प्रयास

रामपुर खडौना गाविसकी एक महिलालाई ०६१ फागुन महिनाको अन्त्यतिर माओवादी प्रतिकार समितिका व्यक्तिहरूले बलात्कार गरे। पीडितले डरका कारण उजुरी गरिनन्।

दाउन्नेदेवी गाविस-१ शितलबस्ती बस्ने चार छोराछोरीकी आमा चार महिनाकी गर्भवती एक महिलालाई ०६२ साउन १७ गते राती सोही गाविस-२ का हुम्बा भनिने २३ वर्षीय हुमबहादुर गुरुङ, सोही ठाँउको १५ वर्षीय रामबहादुर गिरी, सोही गाविस-७ बस्ने २२ वर्षीय अरविन परियार, १९ वर्षीय पदम सापकोटा र जसबहादुर रोका क्षेत्री समेतले जबर्जस्ती घर भित्र पसी बलात्कार गर्न लागेकोमा पीडितले प्रतिकार गर्न खोज्दा निजलाई खुकुरी प्रहार गरी रगताम्मेपारी घरबाट बाहिर निकाली जबर्जस्ती बोकेर घर नजिकको धान खेतमा लगि सामूहिक बलात्कार गरेर बेहोस बनाए। पीडितको उपचार बुटवल अञ्चल अस्पतालमा भयो भने पीडकमध्ये जसबहादुर रोक्का क्षेत्री पुर्पक्षका लागि थुनामा छन्। अरू सबै फरार रहेका छन्।

दूर्व्यवहार

अम्रौट गाविस-५ की ४२ वर्षीय जगरानी चौधरीलाई ०६२ वैशाख २५ गते सोही ठाउं बस्ने रिता चौधरी, बैजनाथ चौधरी, निर्मल चौधरीलगायत्का ४ ५ जनाको समूहले टुनामुना गरी बोक्सी लागेको आरोपमा कुटपिट गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

पञ्चनगर गाविस-२ बस्ने ४८ वर्षीय मीना शर्मा गौलीले गाउँमा आसामी लगाई चर्को ब्याज लिई ऋण लगाएको आरोपमा माओवादीका चारजना महिला छापामारले उनलाई ०६२ असार २१ गते घरबाटै अपहरण गरी पञ्चनगर गाविस-३ भुताहामा शम्भू हार्डवेयर पसलको अगाडि काँटा भुण्ड्याउने खम्बामा बाँधी चारपाटा मुडेर कालोमोसो दलेर छाडे। पीडित घरमा बस्न नसकी काठमाडौं गएर बसेकी छन्।

विगतको अनुगमन

देउराली गाविस-२ कोलियाका ३० वर्षीय दुर्गाराज गौतमलाई ०६० फागुन ८ गते राती उनको घर खानतलासी गरी सैनिक गस्ती टोलीले गिरफ्तार गरी लगेकोमा हालसम्म बेपत्ता बनाएका छन्।

३.८ रूपन्देही



जनसंख्या : ७९८८८१
साक्षरता प्रतिशत : ६६
महिला साक्षरता प्रतिशत : ४६
क्षेत्रफल (वर्ग कि. मि.) : १४०१
गाविस/नपा संख्या : ६९/२
निर्वाचन क्षेत्र : ५
विद्यालय : ४९८
क्याम्पस/उच्च मावि : ३/३०
अस्पताल/स्वास्थ्य चौकी : ६/६९
टेलिफोन लाइन : २२७९९
मोटर सडक (कि. मि.) : ११००
प्रहरी कार्यालय संख्या : १३
हुलाक संख्या : ४५
मानव विकास सूचकांक : ०.५००
प्रति परिवार सरदर संख्या : ६.७८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

बेतकुइया गाविस-२ का २८ वर्षीय सुरेश लोध र थुमुवा पिप्रहवा गाविस-१ का ३० वर्षीय राजकुमार सिंह माओवादी भएको आरोपमा ०६२ वैशाख ३ गते बेतकुइया गाविस-२ मा सुरक्षाकर्मीले उनीहरूको हत्या गरे।

सूर्यपुरा गाविस-७ का चौथी भनिने २५ वर्षीय धोढी लोध माओवादी भएको आरोपमा सुरक्षाकर्मीले उनलाई ०६२ वैशाख २३ गते गिरफ्तार गरी गोनाहा गाविस-७ मा पुऱ्याई सोही दिन गोली हानी हत्या गरे।

मक्रहर गाविस-८ मा नाम ठेगाना नखुलेका माओवादी कार्यकर्ताको ०६२ जेठ १३ गते सुरक्षा कारवाहीमा मृत्यु भयो। मृतकको सनाखत हुन सकेन।

सौराह फर्साटिकर गाविस-२ का माओवादी कार्यकर्ता रमेश भनिने ३८ वर्षीय रामेश्वर यादवलाई ०६२ असार १५ गते सिद्धार्थनगर नपा-२ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

बोगडी गाविस-५ मा असुरैनाका ३५ वर्षीय उमाशंकर यादव, रायपुर गाविसकी ३० वर्षीय गंगादेवी तिवारीलाई माओवादीको आरोपमा ०६२ साउन २६ गते सुरक्षाकर्मीले सोही ठाउँमा गोली हानी हत्या गरे।

माओवादीबाट

रोहिणीहवा गाविस-९ का ३० वर्षीय रामेश्वर लोधले विभिन्न चोरीमा संलग्न भई पार्टीको बदनाम गरेको आरोपमा ०६१ माघ २ गते माओवादीले उनलाई सोही ठाउँमा गोली हानी हत्या गरे।

आनन्दवन गाविस-७ का ३० वर्षीय रामबहादुर कुँवरले चोरी गरेको आरोपमा ०६१ माघ ६ गते शंकरनगर गाविस-७ मा माओवादीले उनलाई गोली हानी घाइते बनाए। पीडितलाई उपचारको लागि बुटवल अञ्चल अस्पतालमा लगिएकोमा उपचार गर्दागर्दै ०६१ माघ ९ गते मृत्यु भयो।

बोदवार गाविस-७ का २८ वर्षीय जोखू चमार, सोही ठाउँका ३० वर्षीय रामधनी अहिरले माओवादी विरुद्ध सुराकी गरेको आरोपमा उनीहरूलाई ०६१ माघ ६ गते माओवादीले घरमै कुटपिट गरे। उपचारको क्रममा जोखू चमारको माघ ७ गते र रामधनीको माघ ८ गते मृत्यु भयो।

धरमपानी गाविस-६ घर भएका प्रहरी जवान पदम अधिकारीलाई ०६१ माघ ८ गते माओवादीले बुटवल नपा-१० मिलनचोकमा ड्युटीमा रहेको अवस्थामा गोली हानी हत्या गरे। उक्त घटनामा रुपन्देही जिल्लाका प्रहरी जवान जीतबहादुर खत्री, दार्चुला जिल्लाका खगेन्द्र कार्की,

नवलपरासी जिल्लाका भुवन कुमाल र रुकुम जिल्लाका शाकिन्द्र शाह घाइते भए।

मसिना गाविस-८ का एकै घरका ५० वर्षीय जम्मल फकिर, ४५ वर्षीय नामदार फकिर र ४० वर्षीय शलिम फकिर प्रतिकार समितिमा बसेको आरोपमा माओवादीले उनीहरूलाई ०६१ फागुन १५ गते घरमै गोली हानी हत्या गरे।

काठमाडौं जिल्ला घर भई रुपन्देहीमा कार्यरत ट्राफिक डीएसपी विक्रम चन्द र गुल्मी जिल्ला तम्घास गाविस-९ का प्रहरी हवल्दार डिल्लीराज पन्थीलाई ०६१ फागुन १६ गते माओवादीले बुटवल नपा-८ मा ड्युटीमा हिंड्नै लागेको अवस्थामा गोली हानी हत्या गरे।

तेनुहवा गाविस-६ का ५० वर्षीय वारिशअली मुसलमान प्रतिकार समितिमा बसेको आरोपमा ०६१ फागुन १७ गते माओवादीले घर नजिकै लगी उनको गोली हानी हत्या गरे।

बुटवल नपा-५ का ६७ वर्षीय पदमचन्द्र श्रेष्ठले राजाको कदमलाई स्वागत गरेको आरोपमा ०६१ फागुन २० गते माओवादीले उनलाई मोही ठाउँमै गोली हानी हत्या गरे।

बुटवल नपा-७ का ६० वर्षीय बृजमान श्रेष्ठले राजाको कदमलाई स्वागत गरेको आरोपमा ०६१ फागुन २२ गते माओवादीले उनलाई घरमै गोली हानी घाइते बनाए। पीडितलाई उपचारको लागि काठमाडौं लगिएकोमा उपचार गर्दागर्दै ०६२ वैशाख ४ गते मृत्यु भयो।

बेनकुइया गाविस-२ का ५५ वर्षीय द्वारिका लोध र ३५ वर्षीय प्रल्हाद लोधले सुराकी गरेको आरोपमा ०६२ वैशाख १० गते माओवादीले उनीहरूलाई घर छेउमा लगी कुटपिट गरी हत्या गरे।

सेमरा गाविस-१ घर भई नेकांका कार्यकर्ताहरू ५२ वर्षीय जर्नादन यादव, रायपुर गाविस-८ का लक्ष्मण मोर्याले सुराकी गरेको आरोपमा ०६२ वैशाख १० गते माओवादीले उनीहरूलाई रायपुर गाविस-५ मा लगी कुटपिट गरी उनको हत्या गरे।

करैता गाविस-५ का नेकांका कार्यकर्ताहरू ५२ वर्षीय जैम महोम्मद मुसलमानले सुराकी गरेको आरोपमा ०६२ वैशाख १० गते माओवादीले कुटपिट गरी हत्या गरे।

मधौलिया गाविस-५ की ३० वर्षीय माया श्रेष्ठलाई सुराकीको आरोपमा ०६२ वैशाख १९ गते माओवादीले घरबाट केही पर सिद्धार्थ राजमार्गमा पुर्‍याई हत्या गरे।

काठमाडौं घर भएका ४९ वर्षीय वाचन शिरोमणी नारायणप्रसाद पोखरेललाई ०६२ वैशाख २३ गते माओवादीले क्याम्पस निर्माणको लागि सप्ताह यज्ञ गरिरहेको अवस्थामा दुधराक्ष गाविस-५ मा गोली हानी हत्या गरे।

तेनुहवा गाविस-७ का ५१ वर्षीय एकाउल्लाह मुसलमानले सुराकी गरेको आरोपमा माओवादीले उनलाई ०६२ जेठ २२ गते अपहरण गरी घरदेखि केही पर लगी जेठ २३ गते हत्या गरे।

आफ्नै कार्यकर्ताहरू पाचुराम यादव र सच्चाराम यादवले पार्टी नीति विपरीत कार्यगरेको आरोपमा ०६२ असार २ गते माओवादीले उनीहरूलाई आमा गाविस-७ मा गोली हानी हत्या गरे।

आनन्दवन गाविस-१ मणिग्रामस्थित राममणि क्याम्पसमा परीक्षा चलिरहेको बेला सुरक्षाका लागि प्रहरी जाँदै गर्दा क्याम्पस नजिकै ०६२ भदौ ६ गते माओवादीले थापेको विद्युतीय धरापमा परी गुल्मी जिल्ला स्यालपोखरी गाविस-८ घर भएका असई ३६ वर्षीय गीरबहादुर सेन ओली,

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	११	१२	१	१३	१७	२९	१		३०	६	७	१	८
घाइते	४	५		५	६	९	७	४	२०				
गिरफ्तारी/यातना										९	९		९
बेपत्ता										२	३		३
कुटपिट	१	२		२	२	२			२				
धम्की										२	२		२
भेला/संगठित हुने अधिकार										५	४१	१	४२
महिलाअधिकार	३		३	३									
बालअधिकार	३	१	२	३									
जम्मा	२२	२०	६	२६	२५	४०	८	४	५२	२४	६२	२	६४

बुटवल नपा-१३ का प्रहरी हवल्दार ४३ वर्षीय शम्भू ज्ञवाली, कास्की जिल्ला ढिकुरपोखरी गाविस-४ का २५ वर्षीय महेन्द्र केर्म र रामेछाप जिल्ला मन्थली गाविस-९ का प्रहरी जवान २५ वर्षीय जनक थापाको मृत्यु भयो। घटनामा गोरखा जिल्लाका पदमबहादुर राना, पर्वत जिल्लाका रामलाल सापकोटा र गोरखा जिल्लाका विकास गुरुङ घाइते भए।

दोहोरो भिडन्त

सिद्धार्थ नपा-८ मा प्रहरी हवल्दार शिवबहादुर थापा, प्रहरी जवानहरू कर्णबहादुर ढेंगा र ओमप्रकाश चौधरीलाई ०६२ जेठ १३ गते माओवादीले सोही ठाउँमा गोली हानी हत्या गरे। उक्त घटनामा सनाखत हुन नसकेको एक जना माओवादीको पनि मृत्यु भयो। सोही घटनामा प्रहरी जवान टेकनारायण पराजुली र पोखरभिण्डी गाविस-९ की सर्वसाधारण महिला २१ वर्षीय अनीता यादव घाइते भइन्। घाइते प्रहरीको उपचार काठमाडौंमा गरियो भने सर्वसाधारणको भीम अस्पतालमा उपचार गरियो।

माओवादीद्वारा मारिएका वाचन शिरोमणि नारायण पोखरेल

प्रतिकार समूहबाट

रायपुर गाविस-७ का एमाले कार्यकर्ता ३३ वर्षीय ब्रम्हानन्द वरुणले माओवादीलाई सघाएको आरोपमा ०६२ असोज ३० गते सेमरा गाविस-८ मा पुऱ्याई माओवादी प्रतिकार समूहले उनलाई गोली हानी हत्या गरे।

आमा गाविस-४ का माओवादी पूर्व कार्यकर्ता ३२ वर्षीय बिजुली लोधलाई ०६२ असोज ३१ गते करौतामा लगी माओवादी प्रतिकार समूहले माओवादीको आरोपमा गोली हानी हत्या गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

बुटवल नपा-१० का २८ वर्षीय गाडी चालक महेन्द्र शाहीले बन्दको बेला गाडी चलाएको आरोपमा ०६१ फागुन ११ गते माओवादीले उनलाई आनन्दवन गाविस-३ मा गोली हानी घाइते बनाए। पीडितको लुम्बिनी अञ्चल अस्पतालमा उपचार गरियो।

बुटवल नपा-१० की ३१ वर्षीय मिनु श्रिस, ७ वर्षीय निरुता श्रिस, ३३ वर्षीय आशा पुन, २८ वर्षीय अनिल केसरी, कपिलवस्तुका ६५ वर्षीय भगरु गुप्ता, मर्चवारका ५० वर्षीय लाल बिहारी, पाल्पा जिल्ला दोभान गाविसका ५५ वर्षीय जमानसिंह गुरुङ, ४५ वर्षीय खिममाया गुरुङ र ५ वर्षीय पृथ्वी गुरुङ ०६१ चैत १६ गते बुटवल नपा-७ स्थित तारा लक्ष्मी स्टोरमा माओवादीले बम विस्फोट गराउँदा घाइते भए। घाइतेहरूको लुम्बिनी अञ्चल अस्पतालमा उपचार गरियो।

कमर्हरिया गाविस-८ की २० वर्षीय कमला पंगेनीले बन्दको बेला गाडी चलाएको आरोपमा ०६१ चैत २७ गते पडसरी गाविस-८ मा माओवादीले उनलाई गोली हाली घाइते बनाए। पीडितको काठमाण्डौमा उपचार गरियो।

जेल र बन्दीहरू

यस जिल्लामा ६० जना बन्दी क्षमता भएको 'ख' श्रेणीको जेल छ। हाल यहाँ एकसय ९८ जना बन्दी छन् जसमध्ये ९० जना कैद तोकिएका र एकसय आठजना कैद नतोकिएका छन्।

बेपत्ता / अपहरण

राज्यबाट

बोधवार गाविस-७ का ४५ वर्षीय घनश्याम यादव माओवादी भएको आरोपमा ०६२ असार २ गते सुरक्षाकर्मीले उनलाई घरबाटै गिरफ्तार गरे। हाल उनको अवस्था अज्ञात छ।

मसिना गाविस-४ का ५० वर्षीय गंगाराम यादव र साडी गाविस-९ का २७ वर्षीय तौलन भनिने हरिराम लोधलाई ०६२ कार्तिक २९ गते सादा पोसाकका प्रहरीले अदालत परिसरबाट तारेखमा रिहा भएलगत्तै पुनः गिरफ्तार गरी बेपत्ता पारे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

बर्दिया जिल्ला ठाकुरद्वारा गाविस-५ घर भई बुटवल नपा-११ बस्ने कान्तिपुर पब्लिकेशनका समाचारदाता २३ वर्षीय दीपेन्द्र वडुवालले समाचार लेखेको आरोपमा उनलाई ०६२ असार ३१ गते सुरक्षाकर्मीले फोनबाट धम्की दिए।

बुटवल नपा-१० निवासी च्यानल नेपालका संवाददाता २७ वर्षीय रामराज पोखरेललाई ०६२ भदौ ११ गते सुरक्षाकर्मीले घरमा खानतलास गरी अभद्र व्यवहार गरी धम्की दिए।

माओवादीबाट

छिपागढ गाविस-३ निवासी एमाले कार्यकर्ता ३०

वर्षीय सञ्जय गुप्ताले माओवादीको विरोध गरेको आरोपमा ०६२ वैशाख २४ गते माओवादीले उनलाई सिक्टहन गाविस-७ मा लगी कुटपिट गरे।

गोनाह गाविस-६ का ४० वर्षीय देवमणि त्रिपाठीले चन्दा माग्दा नदिएको भनी ०६२ जेठ २१ गते माओवादीले उनलाई घरमा नै कुटपिट गरे। पीडितको भारतको गोरखपुरमा उपचार गरियो।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

बुटवल नपा-८ मा शाही घोषणाको विरोधमा बुटवल क्याम्पसका विद्यार्थीहरूले जुलुस प्रदर्शन गर्न लाग्दा ०६२ वैशाख १९ गते प्रहरीले गिरफ्तार गरी थुनामा राखेकोमा वैशाख २० गते रिहा गरियो। गिरफ्तार हुनेमा पुष्कर सापकोटा, यमलाल आचार्य, बाबुराम पन्थी, राजेन्द्र ढकाल, प्रकाश राना, प्रजापाल गिरी, रवि खनाल, किशन ज्ञवाली, ओमप्रकाश अर्याल थिए।

बुटवल बहुमुखी क्याम्पसका विद्यार्थीहरूले प्रतिगमनको पुतला जलाएको आरोपमा राजेन्द्र ढकाल, रामराज घिमिरे, बाबुराम पन्थी, केशव भण्डारी, बसन्त अर्याल, हेमन्त घिमिरे, प्रकाश राना, ओमप्रकाश अर्याल, प्रजापाल गिरी, मुक्ति पौडेल, गणेश केसी, कृष्ण पोखरेल, दलबहादुर भण्डारीलाई ०६२ असार ११ गते प्रहरीले बुटवल नपा-८ बाट गिरफ्तार गऱ्यो। पीडितहरू ०६२ असार १२ गते रिहा भए।

बुटवल बहुमुखी क्याम्पसका विद्यार्थीहरूले मूल्य वृद्धिको विरोधमा जुलुस प्रदर्शन गर्दा किसन ज्ञवाली, युवक घर्ती, नीमबहादुर थापा, दीपक पाण्डे र माधव न्यौपानेलाई सुरक्षाकर्मीले ०६२ भदौ १५ गते बुटवल नपा-८ बाट गिरफ्तार गरे। पीडित ०६२ भदौ १६ गते रिहा भए। बुटवल बहुमुखी क्याम्पसका विद्यार्थीहरूले मूल्य वृद्धिको विरोधमा जुलुस निकाल्दा गिरफ्तार भएका साथीहरूको रिहाइका माग गर्दै प्रदर्शन गर्दा यमलाल आचार्य, राजेन्द्र ढकाल, दलबहादुर भण्डारी, अस्मिता बीसी, प्रजापाल गिरी, प्रदीप भट्टराई, बसन्त न्यौपाने, केशव पाण्डे, किसन ज्ञवाली र विनोद खनाललाई ०६२ भदौ ३१ गते बुटवल नपा-८ बाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडितहरूलाई असोज १ गते रिहा गरियो।

नेकपा (एमाले) को आयोजनामा ०६२ मंसिर ४ गते बुटवलमा आयोजित जनसभा बिथोल्न अञ्चल प्रशासन कार्यालयले मातहतका कार्यालयहरूलाई निर्देशन दियो। मंसिर ३ गते योगीकुटी, भलवारी, कोटीहवा, बुद्धचोकलगायत्का ठाउँहरूमा कडा सुरक्षा जाँच गरिएको थियो। बजारमा नागरिक समाजको नामबाट विरोध सभामा नजान पम्फलेट पनि छरियो।

माओवादीद्वारा हत्या गरिएका प्रहरी डिल्लीराम पन्थी

सुगम र निष्पक्ष न्यायिक अधिकार

पुनरावेदन अदालत, बुटवलमा गत वर्षबाट जिम्मेवारी सरी आएका आठसय सातओटा र यस वर्ष दर्ता भएका पाँचसय ५५ गरी एक हजार चार सय ६६ मुद्दा रहे। हाल दुईसय २६ फैसला भई एकहजार दुईसय ४० बाँकी रहेका छन्।

रुपन्देही जिल्ला अदालतमा गत वर्ष जिम्मेवारी सरी आएका चारसय ३५, यो वर्ष दर्ता तीनसय ८८ मध्ये दुईसय एक फर्स्यौट भई छसय २२ चालु रहेका छन्।

जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा यो वर्ष ९५ मुद्दा परी ३० ओटा फैसला भई ६४ मुद्दा चालु रहेका छन्।

जिल्ला प्रहरी कार्यालय रुपन्देहीमा ०६१ पुस १५ गतेदेखि ०६२ पुस १६ गतेसम्म सडक दुर्घटना ३३, आत्महत्या ४७ गरी जम्मा ८० घटनामा महिला आठ र पुरुष ६८, नाबालक चारजना पीडित भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

विस्थापित

टिकुलीगढ गाविस-९ चिल्हियाका कृष्णविक्रम शाह र दीपकविक्रम शाह ०६० चैत ५ गते माओवादीले घर जग्गा कब्जा गरी विस्फोट गराएपछि काठमाडौंमा बसोबास गर्दै आएका छन्।

असुरैना गाविस-७ का योगेन्द्रनाथ शुक्ला ०६० माघ २६ गते माओवादीले घर जग्गा कब्जा गरी बिस्फोट गराएपछि गोरखपुरमा बसोबास गर्दै आएका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

शंकरनगर गाविस-१ निवासी एमाले जिल्ला सचिव ४८ वर्षीय लीला गिरीले शाही घोषणाको विरोध गरेको आरोपमा ०६१ माघ २७ गते प्रहरीले उनलाई गिरफ्तार गरे। पीडित ०६२ वैशाख २८ गते सर्वोच्च अदालतको आदेशले रिहा भए।

सिद्धार्थ नपा-७ का एमाले नगर कमिटी सचिव ३० वर्षीय हितराज पन्थीले

शाही घोषणाको विरोध गरेको आरोपमा ०६१ फागुन ३० गते प्रहरीले उनलाई गिरफ्तार गरी थुनामा राख्यो। पीडित ०६२ वैशाख २८ गते सर्वोच्च अदालतको आदेशमा रिहा भए।

गंगोलिया गाविस-१ का १८ वर्षीय सिपाही यादव माओवादी भएको आरोपमा ०६२ जेठ ७ गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। पीडित हाल थुनामा रहेका छन्।

मक्रहर गाविस-६ का ३५ वर्षीय राजु पन्त माओवादी भएको आरोपमा ०६२ साउन १३ गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गऱ्यो। पीडित साउन २० गते रिहा भए।

मक्रहर गाविस-९ का नेकपा (माले) का कार्यकर्ता ४५ वर्षीय देवराज थारू माओवादी भएको आरोपमा ०६२ साउन १५ गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गऱ्यो। पीडितलाई ०६२ साउन १९ गते रिहा गरियो।

दूधराक्ष गाविस-३ का एमाले पूर्व जिल्ला सचिव ४२ वर्षीय डा. विजय पौडेललाई ०६२ असोज १७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी असोज १८ गते रिहा गरे।

बालअधिकार

मधौलिया गाविस-५ की एक बालिकालाई ०६२ असार ६ गते सोही ठाउँका २१ वर्षीय राजन चौधरीले बलात्कार प्रयास गरे। हाल पीडक फरार छन्।

सिद्धार्थ नपा-६ की एक ४ वर्षीय बालिकालाई ०६२ भदौ २६ गते सोही ठाउँका १४ वर्षीय वीरेन्द्र चौरासियाले बलात्कार प्रयास गरे। हाल पीडक फरार छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

महिला किनबेच

सिन्धुपाल्चोक जिल्ला कदमबास गाविस-५ की २२ वर्षीय दिलकुमारी विकलाई ०६१ चैत ११ गते नुवाकोट जिल्ला काफलडाँडा गाविस-९ का ४० वर्षीय रामबहादुर मगरले भारतमा बिक्री गर्ने उद्देश्यले लैजान लाग्दा सिद्धार्थनगर नपा-१ बेलैयाबाट प्रहरीले पक्राउ परी थुनामा राखेको छ। पीडितलाई माइती नेपालको सहयोगमा घर फर्काइयो।

बलात्कार/बलात्कार प्रयास

स्याङ्जा चिन्नेबास गाविस-३ लामाचौरकी १८ वर्षीय एक युवती ०६२ भदौ २ गते रुपन्देही जिल्ला सिद्धार्थ नपा-३ नातेदार कँहा आएको बेला "माओवादी हौं" भन्दै उनलाई मकवानपुर जिल्ला कमानी गाविस-४ का १७ वर्षीय बिमल आले र मोरङ्ग जिल्ला उर्लाबारी गाविस-४ का गोविन्द न्यौपानेले लुटपाट गर्दै बलात्कार गरे। पीडकहरू थुनामा छन्।

विविध

संरचना/सम्पत्ति क्षति

सूर्यपुरा गाविस-५ का गंगाराम यादव, रुद्रपुरका असई अमर वि.क. र मसिना गाविसका कमलेश्वरी पुरीको घरमा ०६१ पुस १७ गते तथा बुटवल नपा-१३ को वडा कार्यालयमा माओवादीले पुस १८ गते बम विस्फोट गरी क्षति पुऱ्याए। ग्रामीण विकास बैंक शाखा विष्णुपुराबाट पुस २३ गते रुपैयाँ दुईहजार एकसय २२ माओवादीले कब्जामा लिए।

माओवादीले ०६२ वैशाख १३ गते सिद्धार्थ नपा-७ स्थित कोष तथा लेखा नियन्त्रण कार्यालयमा रहेको पूर्व भूमिसुधार व्यवस्था सहायकमन्त्री प्रकाश चित्रकारको घरमा बम विस्फोट गराई क्षति पुऱ्याए।

माओवादीले ०६२ वैशाख १३ गते बुटवल नपा-८ मा रहेको कुलबहादुर भारी मल्ल को घरमा बम विस्फोट गराई क्षति पुऱ्याए।

माओवादीको एक समूहले ०६२ वैशाख १८ सिद्धार्थ नपा-८ स्थित सन साइन उच्च माविमा बम विस्फोट गराई क्षति पुऱ्याए।

०६२ वैशाख २० बुटवल नपा-१५ मा ना.१ ख. ५३६३ नं. को कोकाकोला कम्पनीको ट्रक माओवादीले आगो लगाई क्षति पुऱ्याए।

०६२ असार २९ गते बुटवल नपा-९ को वडा कार्यालयमा माओवादीले गरेको बम विस्फोटबाट क्षति पुग्यो।

विगतको अनुगमन

पर्रोहा गाविस-९, शेरुवाकी १४ वर्षीय पवित्रा थापालाई ०६० फागुन १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखेकोमा ०६१ असार १३ गते उनलाई रिहा गरियो।

जोगडा गाविस-४ का २८ वर्षीय अयोध्या पासी र विष्णुपुरा गाविस-९ का २६ वर्षीय ओमप्रकाश लोध ०६१ भदौ ४ गते गिरफ्तार भई बेपत्ता भएकोमा हाल कारागारमा थुनामा रहेका छन्।

स्याङ्जा जिल्ला घर भई हाल सिद्धार्थ नपा-८ बस्ने लक्ष्मीप्रसाद अर्याललाई ०६१ असोज २० गते गिरफ्तार गरी थुनामा राखेकोमा ०६२ जेठ २५ गते रिहा गरियो।

३.९ पाल्पा



जनसंख्या : २८२५७४
साक्षरता प्रतिशत : ६५.९६
महिला साक्षरता प्रतिशत : ४१
क्षेत्रफल (वर्ग कि. मि.) : १३६६
गाविस/नपा संख्या : ६५/१
निर्वाचन क्षेत्र : २
विद्यालय : ४५६
क्याम्पस/उच्च मावि : ५/२१
अस्पताल/स्वास्थ्य चौकी : २/६५
टेलिफोन लाइन : ३३४०
मोटर सडक (कि. मि.) : ४८१
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ६६
मानव विकास सूचकांक : ०.४८६
प्रति परिवार सरदर संख्या : ५.६६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

कोलडाडा गाविस-८ का २२ वर्षीय सोम थापा र अर्गली गाविस-४ का सुशील भनिने १९ वर्षीय मधुसुदन पाण्डे माओवादी भएको आशंकामा उनीहरूलाई ०६१ माघ २६ गते चिदीपानी गाविस-३ भञ्जेङपोखराबाट सुरक्षाकर्मीले गिरफ्तार गरी हुमिन गाविस-२ हटियामा पुऱ्याई पुन: चिदीपानी गाविस-३ मा लगी आगो लगाई हत्या गरे।

पोखराथोक गाविस-४ का १९ वर्षीय रवी नेपाली माओवादी भएको आशंकामा ०६१ फागुन ३ गते सर्चको लागि पाल्पाको पूर्वतर्फ जादै गरेका सुरक्षाकर्मीले उनलाई चिदीपानी गाविस-७ वृद्धिकोटमा मोटरसाइकल चढेर गइरहेको अवस्थामा गोली हानी हत्या गरे।

चिदीपानी गाविस-१ लामडाडामा ०६१ चैत ९ गते साँझ विद्यालयबाट बिदा भई साथीहरूसँग फागु खेल्दै गरेको अवस्थामा सुरक्षाकर्मीले सोधपुछ नै नगरी गाडीबाटै गोली चलाउँदा सिद्धी माविमा कक्षा ९ मा अध्ययनरत खानीछाप गाविस-६ का १७ वर्षीय नारायणबहादुर कनौजे, सोही विद्यालयका कक्षा ९ मा अध्ययनरत खानीछाप गाविस-६ का १५ वर्षीय टेकबहादुर गाहा र हिमालय निमाविको कक्षा ६ मा अध्ययनरत खानीछाप गाविस-८ का १५ वर्षीय दलबहादुर दर्लामीको मृत्यु भयो।

रामपुर गाविस-९ समानसिडमा ०६२ जेठ ८ गते सुरक्षाकर्मीहरूले माओवादीको आशंकामा नाम ठेगाना खुल्न नसकेका दुईजना व्यक्तिलाई गोली हानी हत्या गरे। पीडितहरूको लास गाउँमै छाडिएकोमा लासको पोष्टमार्टम भएन।

खालीवन गाविस-८ जबगादीमा ०६२ जेठ २३ गते सुरक्षाकर्मीले दिवाकर भनिने व्यक्तिको गोली हानी हत्या गरे। लासको पोष्टमार्टम भएन।

दर्छा गाविस-७ देवीस्थानका ३२ वर्षीय दुर्गाबहादुर राना ०६२ जेठ ३० गते माछा मार्न निस्तीखोला गई फर्किंदा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित वर्षौंदेखि निस्तीखोलामा माछा मार्ने र त्यसबाट जीविका चलाउँदै आएका थिए।

गोठादी गाविस-४ जगानमा माओवादीको आशंकामा ०६२ असार १ गते सुरक्षाकर्मीले ठेगाना नखुलेकी १९ वर्षीय कमला नेपालीलाई गिरफ्तार गरी गोठादी गाविस-७ मा पुऱ्याई ०६२ असार ४ गते हिरासतभित्रै हत्या गरे।

गोठादी गाविस-१ सातपोखरीका १६ वर्षीय सन्तोष वि.क. माओवादी भएको आशंकामा ०६२ असार २८ गते गोठादी गाविस-१ सातपोखरीमा घरमै बसिरहेको अवस्थामा सुरक्षाकर्मीले हेलिकप्टरबाट हानेको गोली लागी उनको मृत्यु भयो।

बहादुरपुर गाविस-७ बाहुनटोल, वाड नं. १ र ९ मा ०६२ असोज ८ गते सुरक्षाकर्मीले चारैतर्फबाट गाउँलाई नै घेरा हाली लगातार अन्धाधुन्द गोली प्रहार गर्दा माओवादी कार्यकर्ताहरू रोल्पा जिल्ला कोर्चावाङ गाविसका बिलय भनिने ३८ वर्षीय देवीबहादुर पुन, पाल्पा जिल्ला तानसेन नपा-१२ का ५६ वर्षीय रामप्रसाद घिमिरे, गुल्मी जिल्ला रुरु गाविसका १९ वर्षीय अर्जुन विक तथा सर्वसाधारण बहादुरपुर गाविस-९ की धारादेवी मावि कक्षा ९ मा अध्ययनरत विद्यार्थी १७ वर्षीय मिलन रखाल र दुईजना नाम खुल्न नसकेका व्यक्तिको मृत्यु भयो। सोही घटनामा बहादुरपुर गाविस-७ का सेतबहादुर ढेंगाकी छोरी कक्षा १ मा अध्ययनरत ७ वर्षीय पुनव ढेंगा र बहादुरपुर गाविसका टोपबहादुर ढेंगाको छोरा ३ वर्षीय विपिन ढेंगा गोली लागी घाइते भए।

गुल्मी जिल्ला रुरू गाविसका २१ वर्षीय भीमबहादुर थापालाई माओवादीको आशंकामा ०६२ असोज १० गते भिरुवास गाविस-१ धर्केसिडमा बसिरहेको अवस्थामा गम्भीमा

गएको सुरक्षाकर्मीले गोली हानी हत्या गरे। हत्यापछि लासलाई सुरक्षाकर्मीले त्यहीं पुरे।

दोहोरो भिडन्त

गोठादी गाविस-३ सातपोखरी, मैदान र जगात लगायत्का स्थानमा ०६२ असार २८ गते सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा बुटवल रण शार्दूल गुल्मबाट खटिएका नाम ठेगाना खुल्न नसकेका सैनिक जवान एक र माओवादीतर्फ कपिलवस्तु जिल्लाकी सपना भनिने महिला एक, तनहुँ जिल्लाका सशस्त्र समूह २६ नम्बर बटालियनका निराजन भनिने व्यक्तिको मृत्यु भयो। मृतकहरूमध्ये सैनिक जवानको लासलाई हेलिकप्टरबाट कञ्चनपुर पुऱ्याई घर परिवारलाई बुझाइयो भने माओवादीतर्फका लास गोठादी गाविस-३ मैदानमा सुरक्षाकर्मीले छुट्टाछुट्टै खाल्टो खनी गाडे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

गैडाकोट गाविस-४ का २४ वर्षीय जितबहादुर थापा माओवादी भएको आरोपमा ०६२ जेठ २ गते सुरक्षाकर्मीले उनलाई रामपुरबाट गिरफ्तार गरी रणबम गुल्म ब्यारेक, तानसेनमा थुनामा राखिएको अवस्थामा ०६२ असार १८ गते ट्वाइलेट गएको अवस्थामा भाग्न खोजेको भनी सुरक्षाकर्मीले ४-५ राउण्ड गोली प्रहार गरे। गोलीबाट पीडितको दुवै खुट्टा र पिठ्यूँमासमेत गोली लागेकोले पाल्पा मिसन अस्पतालमा प्रारम्भिक उपचार गरी ०६२ असार २५ गते हेलिकप्टरबाट वीरेन्द्र सैनिक अस्पताल छाउनी, काठमाडौं लगियो।

माओवादीबाट

दोभान गाविस सिद्धबाबा थान नजिकै ०६१ माघ २६ गते साँझ माओवादीले थापेको विद्युतीय धरापमा बुटवलदेखि पाल्पातर्फ आउँदै गरेको सुरक्षाकर्मीको गाडी पर्न गई गाडीभित्र रहेका १२ जना सैनिक जवानहरू घाइते भए। घाइतेमध्ये चारजनाको काठमाडौंमा र आठजनाको बुटवलस्थित लुम्बिनी अञ्चल अस्पतालमा उपचार भयो।

हुमिन गाविस-२ हटियाको बस्ती नजिकै ०६२ असार २४ गते सैनिक हेलिकप्टरलाई माओवादीले गोली प्रहार गर्दा चालक दलका सदस्य २८ वर्षीय ध्रुवेन्द्र विष्ट हेलिकप्टरभित्रै गोली लागी घाइते भए। पीडितको प्रारम्भिक उपचार पाल्पा मिसन अस्पताल गराई असार २५ गते उपचारका लागि काठमाडौं लगियो।

दर्छा गाविस-४ अमराई अँधेरीखोलामा ०६२ भदौ ६ गते माओवादीले थापेको विद्युतीय धराप विस्फोट हुँदा गस्तीमा गएका रामपुर बेस क्याम्पका दुईजना सुरक्षाकर्मीहरू घाइते भए। घाइतेलाई तत्कालै उपचारका लागि हेलिकप्टरबाट काठमाडौं लगियो।

जेल र बन्दीहरू

कूल तीनसय ५० जना बन्दी क्षमता रहेको पाल्पा कारागारमा हाल एकसय ३० जना बन्दीहरू रहेका छन्। जसमध्ये महिला १९ र पुरुष एकसय ११ रहेका छन्। कारागारमा थुनुवा १०, कैदी एकसय २०, नाबालक दुई, ७० वर्ष भन्दा माथिको कैदी एक, विदेशी नागरिक र चारजना राजनीतिक बन्दीहरू नजरबन्दमा रहेका छन्।

हिरासतमा मृत्यु

कारागार शाखा पाल्पामा कैदी जीवन बिताइरहेका

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट									
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१	१	१	१			१	१०	१९	२		३१
घाइते				४	१६			१६	२	१		७	८
हिरासत वा थुनामा मृत्यु									१	१			१
गिरफ्तारी / यातना									१०	१९	१	११	३१
बेपत्ता									३	४	२		६
कुटपिट				२	२			२	२	३		१	४
धम्की	१	२	२	१	१			१	२	२			२
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार				१	२			२					
अपहरण				१३	१७	१६	५०३	५३६					
जम्मा	२	३	३	२२	३९	१६	५०३	५५८	३०	४९	५	१९	७३

सुरक्षाकर्मीद्वारा मारिएका सर्वसाधारण १७ वर्षीय मिलन रखाल

बाकामलाङ गाविस-८, डमराफाटका ५२ वर्षीय देवीलाल कार्कीको उपचारको अभावमा ०६२ असार १ गते मृत्यु भयो।

बेपत्ता / अपहरण

राज्यबाट

जुठापौवा गाविस-२ खुर्सानीका १८ वर्षीय माया परियार र अर्गली गाविस-८ की १९ वर्षीय इन्दिरा गैरे माओवादी भएको आरोपमा ०६२ जेठ १४ गते सुरक्षाकर्मीले पश्चिम पाल्पा सर्च अपरेसन गर्ने क्रममा उनीहरूलाई गिरफ्तार गरे। पीडितहरूमध्ये इन्दिरा गैरेलाई नजरबन्दमा राखिएको छ भने माया परियारलाई बेपत्ता पारिएको छ।

माओवादीबाट

गल्धा गाविस-५ ढुङ्गानावेसीमा ०६१ पुस २६ गते नेकपा (एमाले) गाउँ पार्टी अधिवेशनका लागि उपस्थित भएका अतिथि तथा प्रतिनिधिहरूलाई माओवादीका सशस्त्र समूहले घेरा हाली रामपुर गाविस-८ किसनवारी निवासी एमाले जिल्ला कमिटी सदस्यहरू ४५ वर्षीय बुद्धिराज गौतम, ५० वर्षीय निर्मला वशिष्ट, ५१ वर्षीय युवराज खनाल, इलाका कमिटी-२ का सचिव ४० वर्षीय तेजप्रसाद घिमिरे र गल्धा गाविस-पार्टी कमिटीका सचिव ५२ वर्षीय मेहरसिंह थापा मगरलाई अपहरण गरे। पीडितहरूलाई माओवादीले ०६१ माघ १ गते मानवअधिकारकर्मी तथा पत्रकारहरूको जिम्मामा मुक्त गरे।

सिद्धेश्वर गाविस-२ का ४९ वर्षीय पदमबहादुर पुन मगरलाई पूर्व गाविस-उपाध्यक्ष भएको भनी ०६१ माघ ६ गते माओवादीले अपहरण गरे। अपहरण पश्चात् "गाविस-उपाध्यक्ष हुँदा गरेका विकास निर्माणका योजना तथा बजेट सम्पूर्णरुपमा माओवादीलाई बुझाउन नसेकेको भन्दै छ महिना माओवादीको श्रम शिविरमा रहनु पर्ने सर्तमा ०६१ माघ १० गते मुक्त गरे।

माओवादीले बाकामलाङ गाविस-२ बाकामलाङ स्थित उपस्वास्थ्य चौकी इन्चार्ज २७ वर्षीय मणिराम अधिकारीलाई ०६२ वैशाख २ गते हेल्थपोष्टबाटै अपहरण गरे। उनलाई १५/१५ दिनमा माओवादीको अदालतसमक्ष उपस्थित हुने सर्तमा ०६२ वैशाख ४ गते मुक्त गरियो।

खालीवन गाविस-२ का वन उपभोक्ता समूह परिचालक ४५ वर्षीय लोकनाथ अर्याललाई ०६२ वैशाख ७ गते माओवादीले खालीवन गाविसका वन उपभोक्तालाई भेला गराई मिटिङ्ग गरिरहेकै बेला "शाही बजेट प्रयोग गरेको र स्वीकृत बेगर समूह परिचालन गरेको" आरोप लगाउँदै अपहरण गरे। उनलाई ०६२ वैशाख ८ गते घर नजिकैबाट मुक्त गरियो।

दोभान गाविस-७ घर भएका जनमोर्चा नेपाल पाल्पाका जिल्ला सचिव २६ वर्षीय चक्रव्यूह थापा क्षेत्रीले सुराकी गरेको आरोपमा ०६२ वैशाख ३१ गते माओवादीले आफ्नै घरबाट उनलाई अपहरण गरे। पीडितलाई ०६२ जेठ २७ गते उनकै घर नजिकै लगी केही मान्छे भेला गरी मुक्त गरियो।

सिद्धेश्वर गाविसस्थित अर्चले मावि कक्षा ९ मा अध्ययनरत १८ वर्षीय रेखा ज्ञवाली, १७ वर्षीय खिमकला कुमाल, कक्षा १० मा अध्ययनरत १९ वर्षीय यमकुमारी कुमाल र सोमादीस्थित माविमा कक्षा ८ मा अध्ययनरत १६ वर्षीय भूपेन्द्र कुमाल र १७ वर्षीय प्रेमकला कुमाललगायत् ११ जनालाई ०६२ जेठ १ गते अनेरास्ववियु (क्रान्तिकारी) ले अपहरण गरे। पीडितहरूमध्ये छजना जेठ ४ गते भागेर फर्किए भने अन्यलाई यो वर्षको अन्त्यसम्म पनि मुक्त गरिएको छैन।

दोभान गाविस-७ का २२ वर्षीय पुरन केसीले माओवादीको कार्यकर्ताको रूपमा हिँडेकी एक महिलालाई माओवादीबाट छुटाई तानसेनस्थित प्रहरीसँग विवाह गराइदिएको भन्ने आरोपमा ०६२ जेठ २ गते माओवादीले उनकलाई घरबाट अपहरण गरे। पीडितलाई छुटाउनको लागि परिवारबाट आग्रह भै आएकाले इन्सेक प्रतिनिधि, पत्रकार महासंघको जिल्ला अध्यक्ष झपेन्द्र गैरे, मानवअधिकार संरक्षण मञ्च जिल्ला अध्यक्ष मेघराज शर्मासमेतले माओवादी नेताहरूसँग तानसेनदेखि ६० कि.मी. पूर्व गई छलफल गरेपश्चात् छाड्ने सहमति भएअनुसार पीडितको घर दोभानमा पुर्‍याई जेठ २७ गते मुक्त गरियो।

गुल्मी जिल्ला धुर्कोट गाविसका २२ वर्षीय गोकर्ण पौडेललाई ०६२ जेठ २२ गते माओवादीले रामपुर गाविस-८ किसनवारीबाट अपहरण गरे। पीडितलाई क्रिप्टल भिजन कार्यक्रमको सञ्चालनको क्रममा रामपुर पुग्दा माओवादीले अवैध रूपमा पुरानो सत्तालेसमेत ब्यान्ड गरेको जुवाजस्तो खेल खेलाउन अनुमति छैन भन्दै अपहरण गरेका थिए। पीडितलाई क्रिप्टल भिजन कार्यक्रम नचलाउने सर्तमा जेठ २४ गते मुक्त गरियो।

रिग्नेरह गाविसस्थित उद्बबुद्ध उच्च मा.वि. को कक्षा १० मा अध्ययनरत १७ वर्षीय लक्ष्मी खनालसमेत आठ जनालाई ०६२ असार १३ गते माओवादीले विद्यार्थी अभियानमा सहभागी बनाउन लगेकोमा अन्य सातजना असार १७ गते र लक्ष्मी खनाल असोज १७ गते भागेर फर्किए। पीडितहरू हाल अर्कै विद्यालयमा अध्ययनरत छन्।

दोभान गाविस-९ बसन्तपुरस्थित चुरे सामुदायिक वन क्षेत्रमा उपभोक्ता समितिको आह्वानमा वन कटानी फडानी गर्न गएकी २२ वर्षीय सीता श्रेष्ठलगायत् ११ जनालाई ०६२ साउन १६ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई खोज्न जाने क्रममा सोही गाविसका ३९ वर्षीय जीतेन्द्र लिगललगायत् २७ जनालाई साउन १७ गते चुरे सामुदायिक वन क्षेत्रबाट माओवादीले अपहरण गरे। अपहरित सबैलाई साउन २० गते दोभान गाविसबाटै मुक्त गरियो।

अर्गलीस्थित त्रिभुवन उच्च मा.वि. कक्षा १० मा अध्ययनरत विद्यार्थीहरू १७ वर्षीय राजु गरजा, १७ वर्षीय सुशीला गरजा, कक्षा ७ की १३ वर्षीय कविता काफ्लेलगायत् सिद्धेश्वर, सोमादी, ख्याहा गाविसस्थित विद्यालयबाट १७ जना विद्यार्थी र तीनजना शिक्षकलाई ०६२ मंसिर २ गते माओवादीले अपहरण गरी गुल्मी जिल्लाको रुरु गाविसमा पुऱ्याई कार्यक्रममा सहभागी गराई मंसिर ८ गते मुक्त गरे।

सत्यवती गाविस-२ का २२ वर्षीय धनसिंह घिमिरे प्रहरीमा भर्ती हुन गएको आरोपमा ०६२ पुस ७ गते माओवादीले उनलाई सोही गाविस-३ बाट अपहरण गरे। पीडितको अवस्था यो वर्षको अन्त्यसम्म पनि अज्ञात रहेको छ।

देवीनगर गाविसस्थित देवीनगरमा अनेरास्ववियु (क्रान्तिकारी) पाल्पाले ०६२ पुस १४, १५ र १६ गते जिल्ला सम्मेलन गर्ने क्रममा पुस १३ गतेदेखि जिल्लाका त्रिभुवन उच्च मावि, श्रीनगर उच्च मावि, तानसेन, मिलेनियम उच्च मावि, तानसेन बहुमुखी क्याम्पस, त्रिभुवन बहुमुखी क्याम्पस पाल्पालगायत् जिल्लाका अधिकांश क्याम्पस, उच्च मावि, मावि, निमावि समेतबाट ४५० जनाभन्दा बढी विद्यार्थी र ३० भन्दा बढी शिक्षकलाई अपहरण गरे। यस वर्षको अन्त्यसम्ममा पीडितहरूलाई मुक्त गरिएको छैन।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

तानसेन नपा-६ बसन्तपुरमा रेडियो श्रीनगरका स्टेशन मेनेजर ४१ वर्षीय जगदीश भट्टराईलाई रेडियो स्टेशनबाट घरतर्फ फर्किरहेको अवस्थामा ०६१ फागुन ११ गते गस्तीको क्रममा हिंडिरहेका सुरक्षाकर्मीले अभद्र ढंगले गाली-गलौज गर्दै धम्की दिए।

तानसेन नपा-४ सडकमा पसल गरी बस्ने २४ वर्षीय शैलेन्द्र भट्टराईलाई ०६२ वैशाख १३ गते सुरक्षाकर्मीले कुटपिट गरे। कुटपिट गर्ने सिपाहीले रक्सी सेवन गरी बढी नै मातेको अवस्था भएकाले पीडित उम्किन सफल भए।

माओवादीबाट

सोमादी गाविस-३ सर्देवा घर भई गंगा मा.वि. तानसिंगलका शिक्षक ४८ वर्षीय हुमनाथ पोखरेललाई ०६१ माघ १६ गते माओवादीले "तपाई प्रतिगामी सरकारमा रहेको एमालेको इलाका सचिव भएकाले जनकारवाही गर्ने निर्णय भएको छ" भन्दै घरबाट करिव एकसय मिटर पर लगी ढुङ्गाले थिची दाँया खुट्टाको घुँडाको हड्डी फुट्याएर छाडे। पीडितलाई गाउँलेको सहयोगमा पाल्पा मिसन अस्पताल पुऱ्याई उपचार गरियो।

वल्ढेकगढी गाविस-५ गहते घर भई गहते निमाविका प्रधानाध्यापक ५४ वर्षीय झपेन्द्र खड्कालाई ०६२ वैशाख २९ गते दिउँसो चारजना अज्ञात व्यक्ति विद्यालयमा आई विद्यालय वाहिर एक सय मिटर पर शरीरभरी लाठीले पिटेर वेहोस पारी छाडे। उनको घर जग्गा माओवादीले कब्जा गरेको घोषणा गरेको हुनाले विस्थापित भई सपरिवार तानसेनमा डेरा गरी बसेका छन्।

देवीनगर गाविस-८ स्थित मातृभूमि मावि, लेमलेडमा ०६२ जेठ ११ गते विद्यालयमा अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थी नेताहरूले देवीनगर गाविस-८ का विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ५६ वर्षीय डोलेन्द्र गहतराज र प्रधानाध्यापक ४२ वर्षीय केशव केसीलाई २० गते भित्र मित्याल गाविसस्थित माओवादीको अदालतसमक्ष उपस्थित हुन भने। हाल दुवैजना पीडित त्यहाँबाट विस्थापित भएका छन्।

अर्चले गाविसका निवर्तमान अध्यक्ष ५६ वर्षीय भूमबहादुर राना, सोही गाविसका उपाध्यक्ष ४६ वर्षीय श्यामबहादुर बैम्बू, सोही गाविस-९ का ४८ वर्षीय

सुरक्षाकर्मीद्वारा मारिएका दलबहादुर दर्लामी

टोलबहादुर राई मगरलाई ०६२ असार २ गते माओवादीका तीनजना कार्यकर्ता आई २१ ओटा बुँदामा स्पष्टीकरण मागी असार १५ गते माओवादी अदालतसमक्ष हाजिर हुन र आनाकानी गरेमा जुनसुकै कारवाही हुने धम्की दिइयो। धम्की पछि तीनैजना विस्थापित भए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

तानसेन नपा-८ भगवती टोलबाट ०६१ फागुन १६ गते शाही कदमको विरोधमा निकालिएको शान्तिपूर्ण जुलुसबाट गेजा गाविस-२ का ४८ वर्षीय कृष्णप्रसाद अधिकारीलाई गिरफ्तार गरी फागुन १७ गते स्थानीय प्रशासनले शान्ति सुरक्षा खल्वलाएको आरोपसहित तीन महिने थुनुवा पुर्जी थमाई जेल चलान गरियो। पीडित चैत १९ गते जेलबाट रिहा भए।

तानसेन नपा-२ स्थित जिल्ला प्रशासन कार्यालय पाल्पा अगाडि ०६१ फागुन २१ गते शाही कदमको विरोधमा प्रदर्शन गर्ने क्रममा अगाडि जाँदै गरेको जुलुसबाट नेकाँ पाल्पाका सभापति ४४ वर्षीय राजनप्रसाद पन्त र तानसेन नपा-९ का ४३ वर्षीय विधान श्रेष्ठलाई सुरक्षाकर्मीले गिरफ्तार गरी जेल चलान गरे। जेलमा बस्दा राजनप्रसाद पन्तको कान पाक्ने रोगले ग्रस्त भई पटक-पटक उपचारको माग गर्दा पनि उचित उपचार नगराई ०६२ जेठ १२ गते रिहा गरियो।

तानसेन नपा-८ भगवतीटोलबाट ०६१ चैत १ गते सित्तलपाटीतर्फ अगाडि बढिरहेको शाही कदम विरोधी जुलुसबाट रामपुर गाविस-२ का एमाले जिल्ला सचिवालय सदस्य ५३ वर्षीय लेखनाथ पोखरेल, रामपुर गाविस-८ का नेकाँ महासमिति सदस्य ५० वर्षीय देवराज ढकाल, ठिमुरी गाविसका एमाले जिल्ला कमिटी सदस्य ४६ वर्षीय नारायण जिसी, चापानी गाविसका एमाले जिल्ला कमिटी सदस्य ३२ वर्षीय मोहन ढकाल, जनमोर्चा नेपाल पाल्पाका सदस्य ३२

सुरक्षाकर्मीद्वारा मारिएका नारायणबहादुर कनौजे

वर्षीय रामबहादुर बुढामगरलाई सुरक्षाकर्मीले गिरफ्तार गरी जेल चलान गर्‍यो। नारायण जिसी, मोहन ढकाल र रामबहादुर बुढालाई पुनरावेदन अदालतमा उपस्थित गराउन आदेश हुनासाथ रिहा गरियो भने देवराज ढकाललाई ०६२ जेठ १२ गते रिहा गरियो। लेखनाथ पोखरेललाई पुनरावेदन अदालत बुटवलको आदेशले जेठ १७ गते रिहा गरियो।

खालिना गाविस-७ का ३१ वर्षीय ज्ञानबहादुर गाहा, गुल्मी जिल्ला हर्मीचौर गाविस-२ का २३ वर्षीय बाबुराम पाण्डे, अर्घाखाँची जिल्ला चिदीपानी गाविस-२ का २१ वर्षीय सागर गौतम र रामपुर गाविस-१ का २१ वर्षीय ओमप्रसाद बस्याललाई ०६१ चैत २६ गते तानसेन नपाबाट शाही कदमको विरुद्धमा आयोजित विरोध प्रदर्शनबाट प्रहरीले गिरफ्तार गरी चारदिनको थुनापछि चैत २९ गते रिहा गरे।

तानसेन नपा-४ लहरेपिपलस्थित त्रिभुवन बहुमुखी क्याम्पसका विद्यार्थीहरूले ०६२ भदौ १२ गते क्याम्पस अगाडि सडकमा आयोजना गरेको एक घण्टाको चक्काजामको कार्यक्रमको क्रममा प्रहरीले १२ राउण्ड अश्रुग्यास, गोली र लाठीचार्ज गर्दा २८ वर्षीय पत्रकार रामप्रसाद न्यौपानेको टाउको फुट्यो भने २१ वर्षीय विद्यार्थी विष्णु आचार्यको देब्रे हात भाँचिएको थियो। घाइतेहरू मिसन अस्पतालमा उपचार भयो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा विगत वर्षबाट जिम्मेवारी सरेर आएका र यो वर्ष दर्ता भएका एकसय ४ मध्ये ४९ ओटा फर्स्यौट भई ५५ ओटा बाँकी रहेका छन्। दुई वर्ष नाघेको मुद्दा र थुनुवा मुद्दा छैनन्।

जिल्ला प्रशासन कार्यालयमा जिम्मेवारी सरेर आएका र यसवर्ष दर्ता भएका गरी कूल सातओटा मुद्दा रहेका छन्।

जिल्ला वन कार्यालयमा गत वर्षबाट जिम्मेवारी सरेर आएको वन फडानीसम्बन्धी एउटा मुद्दा यस वर्ष फैसला भएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

रामपुर, दर्छा, कसेनी, अर्गली, बन्दीपोखरा, चिर्तुङ्धारा गाविस र तानसेन नगरपालिकाका विभिन्न वडाहरूमा पाँचसयभन्दा बढी सुकुम्बासीहरू बसोबास गरेका छन्। जिल्लाका जेष्ठ नागरिकहरू चारहजार चारसय ५५, असहाय चारहजार दुईसय २१ र अपाङ्ग ७५ लाई भत्ता उपलब्ध गराइएको छ।

सुरक्षाकर्मीद्वारा कुटपिट गरी घाइते बनाइएका पत्रकार रामप्रसाद न्यौपाने

विस्थापित

आन्तरिक द्वन्द्व सुरु भएदेखि हालसम्म जिल्लाका विभिन्न गाविसका ४३ परिवारका ८७ पुरुष र ३१ महिला विस्थापित भएका छन्। साथै अन्य जिल्लाबाट विस्थापनमा परी तानसेनस्थित विद्यालयमा अध्ययन गर्नेहरूको संख्या ४७ जना रहेको जिल्ला बाल संरक्षण समितिले जनाएको छ।

गौडाकोट गाविस-८ कागतीडाँडाका ३० वर्षीय खड्कबहादुर खड्का आफ्नो भाई सैनिक सेवामा रहेको भनी ०६२ असार २८ गते दिउँसो माओवादीले उनलाई घरबाट बाहिर बोलाई घरमा ताला लगाए। हाल पीडितका परिवार विस्थापित भई बुटवलमा डेरा गरी बसेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

रहबास गाविस-१ खोर्पेलुङकी २२ वर्षीय माया थापालाई ०६२ जेठ २३ गते खालीबन गाविस-८ जबगादीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी हाल कास्की जिल्ला कारागारमा राखिएको छ।

देवीनगर गाविस-९ का ३५ वर्षीय लुमबहादुर सारुलाई ०६२ असार २७ गते देवीनगर चोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित कुनै राजनीतिक पार्टीसँग सम्बन्ध नभएको बुझियो।

देवचुली गाविस-६ का २२ वर्षीय जगन्नाथ अर्याल माओवादी भएको आरोपमा ०६२ पुस ५ गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे।

विविध

संरचना क्षति

यस वर्ष माओवादीले कृषि सामग्री संस्थानको भवन, वन कार्यालयको भवन, जिल्ला सिँचाई कार्यालयको भवन र सडक कार्यालयको भवनमा बम विस्फोट गराई क्षति पुऱ्याए।

३.१० कपिलवस्तु



जनसंख्या	: ५३४०९१
साक्षरता प्रतिशत	: ४१.५
महिला साक्षरता प्रतिशत	: २९.३
क्षेत्रफल (वर्ग कि. मि.)	: १७३८
गाविस/नपा संख्या	: ७७/१
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ३५५
क्याम्पस/उच्च मावि	: २/८
अस्पताल/स्वास्थ्य चौकी	: ३/७८
टेलिफोन लाइन	: १७३६
मोटर सडक (कि. मि.)	: १५०७
प्रहरी कार्यालय संख्या	: ६४
हुलाक संख्या	: ७४
मानव विकास सूचकांक	: ०.४३७
प्रति परिवार सरदर संख्या	: ७.३२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

पकडी गाविस-६ सिम्रौटीका १९ वर्षीय विपिन रैदासको दुई ओटा ग्रिनेट फालेर भाग्दै गर्दा ०६१ चैत १ गते तौलिहवाबाट सर्चमा गएको सुरक्षाकर्मीले चलाएको गोली लागी घटनास्थलमै मृत्यु भयो।

पथ्थरदैया गाविसका ३४ वर्षीय मोहम्मद हसनको ०६१ चैत ८ गते सर्चमा गएका सुरक्षाकर्मी र प्रतिकार समूहको कारवाहीमा मृत्यु भयो।

शिर्शिहवा गाविसका माओवादीका जिल्ला स्तरीय कार्यकर्ता हेमन्तको ०६१ चैत १९ गते सुरक्षाकर्मीको कारवाहीमा गुगौली गाविसमा मृत्यु भयो। प्रतिकार समूहका व्यक्तिले हेमन्त गाउँमा आएको खबर गरेपछि सुरक्षाकर्मी त्यहाँ पुगी गोली हानी हत्या गरेका थिए।

सिर्सिहवा गाविस-५ का ३५ वर्षीय सन्तन पासीको ०६१ चैत २६ गते सर्चमा गएको सुरक्षाकर्मीले कारवाही गर्दा सोही ठाउँमा मृत्यु भयो। सुरक्षास्रोतका अनुसार खोजतलासको क्रममा सुरक्षाकर्मीलाई देखी भाग्न खोज्दा सुरक्षाकर्मीले चलाएको गोली लागी उनको घटनास्थलमै मृत्यु भयो।

बलारामपुर गाविसका ३५ वर्षीय राधेश्याम कुर्मी, माहाराजगञ्ज गाविस-९ का एकै घरका ३५ वर्षीय मैन्टूल पासी र ३३ वर्षीय चिग्गल पासी माओवादी भएको आरोपमा ०६१ चैत २७ गते सर्चमा गएको सुरक्षाकर्मीले उनीहरूलाई बलारामपुर गाविस-८ बनगाइमा गोली हानी हत्या गरे।

महराजगञ्ज गाविस-९ का ४२ वर्षीय छेदी यादवलाई ०६२ जेठ १७ गते सुरक्षाकर्मी र प्रतिकार समूहका व्यक्तिहरूले खोजतलासको क्रममा घर नजिकै गोली हानी हत्या गरे।

मोतिपुर गाविस-१ का २६ वर्षीय चन्द्रमणि पाण्डेलाई ०६२ जेठ ३० गते बिहान माओवादी जिल्ला जनसरकारको पम्प्लेट टाँस्दै गरेको अवस्थामा सर्चमा गएको सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

भालुवाङ गाविस र मोतीपुर गाविसको सीमानामा शिवदल गण गोरुसिंगेबाट गएको सुरक्षाकर्मीले गोली चलाउँदा ०६२ साउन ७ गते दुईजना माओवादी छापामार मारिए। माओवादीले भेला गरेको थाहा पाई सर्चमा गएका सुरक्षाकर्मीले माओवादी बसेको स्थानमा चारैतिर घेरा हालेपछि गोली प्रहार गरेका थिए। मृतकहरूको सनाखत हुन सकेन।

माओवादीबाट

लवनी गाविसका ४५ वर्षीय घरभरन तेली प्रतिकार समूहमा हिडेको आरोपमा ०६१ फागुन १४ गते राति माओवादीले उनलाई लवनी चोकमा गोली हानी हत्या गरे।

जहदी गाविस-७ निवासी ४० वर्षीय बेदुल्ला जुलाहा र १८ वर्षीय मक्सुद आलम माओवादी विरुद्धको प्रतिकार समूहमा बसेको आरोपमा उनीहरूलाई माओवादीले ०६१ फागुन १५ गते उनीहरूकै घरको आगनमा गोली हानी हत्या गरे।

जहदी गाविस-६ निवासी ३५ वर्षीय मोहम्मद हकिम माओवादीले विरुद्धको प्रतिकार समूहमा बसेको आरोपमा उनलाई माओवादीले ०६१ फागुन १६ गते घरमै गोली हानी हत्या गरे।

जहदा गाविस-३ निवासी ५७ वर्षीय तोलेश्वरनाथ कुर्मीलाई ०६१ फागुन १९ गते माओवादीले गोली हानी हत्या गरे।

लालपुर गाविस-८ निवासी ४० वर्षीय श्यामबहादुर रायमाझी प्रतिकार समूहमा बसेको आरोपमा उनलाई माओवादीले ०६१ फागुन २० गते घरमै गोली हानी हत्या गरे।

पतेरिया गाविस-७ निवासी सोही गाविसका पूर्व अध्यक्ष ४५ वर्षीय गोपाल लम्सालले प्रतिकार समूहको अगुवाई गरेको आरोपमा उनलाई माओवादीले ०६१ फागुन २१ गते हत्या गरे।

बासखोर गाविस-८ बेलभरियाका ४५ वर्षीय कासिराम लोनिया, ५५ वर्षीय सीताराम लोनिया र ३५ वर्षीय केसवराम यादव प्रतिकार समूहमा संलग्न भएको आरोपमा ०६१ फागुन २३ गते राति माओवादीले उनीहरूलाई गोली हानी हत्या गरे।

हदौना गाविस-६ का नेकपा (एमाले) का इलाका कमिटी सदस्य ५२ वर्षीय राजाराम पासी छिमेकीको मलामी गएको अवस्थामा मोटरसाइकलमा आएका दुईजना माओवादीले ०६१ फागुन २७ गते दिउँसो काम छ भनी केही पर पुर्‍याई गोली हानी हत्या गरे।

खुरहुरिया गाविस-४ का ४५ वर्षीय रामपृत चाई प्रतिकार समूहमा लागेको आरोपमा ०६१ फागुन २७ गते माओवादीले उनलाई अपहरण गरी फागुन २८ गते घर नजिकै गोली हानी हत्या गरे।

पर्सौहिया गाविस-७ का ४५ वर्षीय भगवानदास पासी प्रतिकार समितिमा बसेको आरोपमा ०६१ फागुन २७ गते माओवादीले उनलाई अपहरण गरी फागुन २९ गते पर्सौहियाचोकमा धारिलो हतियार प्रयोग गरी हत्या गरे।

महाराजगञ्ज गाविस-६ का ५५ वर्षीय पिंगलप्रसाद कुर्मीलाई ०६१ फागुन ३० गते माओवादीले घर नजिकै धारिलो हतियार प्रयोग गरी हत्या गरे।

गगौली गाविस-२ का ५२ वर्षीय बुधराम गडौरियालाई ०६२ वैशाख १२ गते माओवादीले गाउँले सँगको दोहोरो भिडन्तमा गोली हानी हत्या गरे भने १६ जना गाउँलेहरू घाइते भए।

बसन्तपुर गाविस-६ घर भएका जिल्ला अनुगमन समितिका संयोजक तथा राष्ट्रवादी मिलन केन्द्रका केन्द्रीय सदस्य ७८ वर्षीय दानबहादुर श्रीवास्तवलाई ०६२ वैशाख १६ गते माओवादीले घरबाट अपहरण गरेकोमा वैशाख १७ गते बसन्तपुर गाविस-९ मा लास फेला पर्‍यो।

चनई गाविस-२ का निवर्तमान गाविस अध्यक्ष तथा नेकपा (एमाले) का कार्यकर्ता ४० वर्षीय बकिल मुसलमानलाई ०६२ वैशाख २६ गते राति माओवादीले खैरेन्द्रपुर बजारबाट घर फर्कदा घर नजिकै बाटोमा समाती कुटपिट गरी हत्या गरे।

बुडढी गाविस-५ का ३८ वर्षीय लालबहादुर बेलबासेलाई ०६२ वैशाख २७ गते घरमै टीभी हेरिरहेको अवस्थामा तीनजनाको संख्यामा आएका माओवादीले "केही काम छ" भनी बाहिर बोलाई साइकलमा राखी २ किमि दक्षिण गजपुर गाविस-३ स्थित चौरमा पुऱ्याई सडक किनारामै गोली हानी हत्या गरे।

कुसहवा गाविस-९ का ४० वर्षीय अयोध्याप्रसाद यादवलाई ०६२ वैशाख २७ गते माओवादीले छिमेकीको विवाहमा जन्ती लिएर बिठुवा गाविसमा गएको बेला अपहरण गरी डुमरा गाविस-१ को मिसरहनिया पुलमा पुऱ्याई घाँटीमा गोली हानी हत्या गरे।

बाखोर गाविस-२ का ६० वर्षीय लड्डन मुसलमानलाई ०६२ जेठ ७ गते दिउँसो मोटरसाइकलमा आएका माओवादीले घरमै बसिरहेको अवस्थामा अपहरण गरी घरदेखि पाँचसय मिटर पर लगी गोली हानी हत्या गरे।

गोटिहवा गाविस-१ घर भई कपिलवस्तु नपा-८ बर्गदवामा सेलर मिल सञ्चालन गर्दै आएका पूर्व गाविस अध्यक्ष ४० वर्षीय सन्तरीप्रधान भनिने सोफी मोहम्मदलाई ०६२ जेठ १२ गते मोटरसाइकलमा रम्वापुर जादै गर्दा माओवादीले गोली हानी हत्या गरे।

पिपरा गाविस-६ का २६ वर्षीय शंकर पाठक प्रतिकार समितिमा बसेको आरोपमा ०६२ जेठ २४ गते आफ्नो इँटा भट्टामा बसेको बेला दिउँसो मोटरसाइकलमा आएका माओवादीले उनलाई अपहरण गरी छसय मिटर पर पुऱ्याई गोली हानी हत्या गरे।

पर्वत जिल्ला घर भई कपिलबस्तु जिल्लास्थित युनिफाइड कमाण्ड तौलिहवामा कार्यरत २९ वर्षीय सूर्यप्रसाद लामिछानेलाई ०६२ भदौ १४ गते सादा पोसाकमा गएको अवस्थामा माओवादीले अभिराव गाविस-४ चाकर चौडामा गोली हानी हत्या गरे। मृतकको अन्त्येष्टी बाणगंगा नदीमा गरी बुवा र दाजुभाइले तौलिहवा ब्यारेकभित्रै काजकिरिया गरेका थिए।

चनई गाविस-५ खैरेन्दपुरमा माओवादीले स्वागत गेट बनाई त्यसमा राखेको विद्युतीय धराप हटाउन आउने क्रममा ०६२ असार १९ गते दिउँसो सशस्त्र प्रहरी गण चनौटाका प्रहरी जवान दिनेश पराजुलीको घटनास्थलमै मृत्यु भयो भने विस्फोटबाट सशस्त्र प्रहरी गणका डीएसपी ३५ वर्षीय बसन्त बोगटी, ३५ वर्षीय इन्सपेक्टर अजय ढुंगाना र २८ वर्षीय जम्दार लक्ष्मी ढुंगाना घाइते भए। घाइतेलाई तत्काल हेलिकप्टरमार्फत् उपचारका लागि काठमाडौं लगिएको थियो।

खुरहुरिया गाविस-४ स्थित ४ नं. चौराहामा माओवादीले थापेको विद्युतीय धरापमा परी ०६२ असार २४ गते गणेशपुर बेसक्याम्पका सशस्त्र प्रहरी अमलदार २७ वर्षीय मीन लामा, प्रहरी जवान २६ वर्षीय देव थापा, ट्याक्टर चालक राकेश चौधरीको घटनास्थलमै मृत्यु भयो। विद्युतीय धराप विस्फोटपछि सुरक्षाकर्मीले चलाएको गोली लागी खुरहुरिया गाविस-४ की ५३ वर्षीय मथुरादेवी पन्थीलाई धारामा पानी भरिरहेको बेला गोली लागी मृत्यु भएको थियो। त्यसैगरी खुमबहादुर गन्धर्व खुट्टामा गोली लागी घाइते भए। विस्फोटबाट अन्य पाँचजना सुरक्षाकर्मी घाइते भएका थिए। घाइतेलाई हेलिकप्टरमार्फत् काठमाडौं उपचारको लागि लगिएको थियो। घटनापछि घटनास्थल नजिकै साइकल बनाइरहेका बलबहादुर खड्कालाई विद्युतीय धराप बिच्छ्याएको देखेर नभनेको भन्दै सुरक्षाकर्मीले कुटपिट गर्दा उनको टाउको फुटेको र मुख सुन्निएको थियो। उनको उपचार सुरक्षाकर्मीले गरेका थिए।

महेन्द्र राजमार्गको बरकलपुर गाविस-६ चम्फापुरमा माओवादीले थापेको विद्युतीय धराप विष्फोटन हुँदा ०६२ भदौ १० गते शिवदल गण गोरुसिंङ्गेबाट गएका बैतडी जिल्लाका

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१८	३५			३५	२४	४०	१		४१	८	११			११
घाइते	१	४	१		५	८	१९		५	२४	१	१			१
गिरफ्तारी यातना											३३	६६	१०	५	८१
बेपत्ता											३	१	२		३
कुटपिट	२	७	२		९	१	१			१	२	२			२
महिलाअधिकार	३		६		६										
बालअधिकार	१		१		१										
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	३	११	४	५००	५१५										
अपहरण						१५	१६	३	१५	३४					
जम्मा	२८	५७	१४	५००	५७१	४८	७६	४	२०	१००	४७	८१	१२	५	९८

प्यूठ ३० वर्षीय डम्मरसिंह खत्री, सोलुखुम्वु जिल्लाका सिपाही २८ वर्षीय चन्द्रबहादुर बस्नेत, बैतडी जिल्ला निवासी सिपाही २५ वर्षीय गणेश चन्द्र, कन्चनपुर जिल्लाका २७ ध्रुववहादुर पौडेल, बैतडी जिल्ला निवासी सिपाही २६ वर्षीय प्रकाश चन्दको घटनास्थलमै मृत्यु भयो। सोही घटनामा वीरवहादुर चौधरी र लक्ष्मण शाही घाइते भएका थिए।

शिवपुर गाविस-१ बनकसवामा ०६२ भदौ ११ गते माओवादीले थापेको विद्युतीय धराप काठमाडौंवाट महेन्द्रनगरका लागी हिंडेको यात्रुवाहक वसका यात्रुले सडक अवरोध हटाउने क्रममा विस्फोट हुंदा कैलाली जिल्ला वीरपुर माझगाउँका ना. २ ख ५६८९ नम्वरका गाडीका कण्डक्टर २६ वर्षीय सुरेश चौधरी, कैलाली जिल्ला धनगढी वसपार्कका २० वर्षीय दिल्लीराज फलरा, राप्ती अञ्चल जिल्ला नखुलेका २० वर्षीय इन्द्रवहादुर खत्री, गोरखा जिल्लाका २२ वर्षीय दीपक लामिछाने र डडेल्धुरा जिल्लाका करणसिंह अहिरको मृत्यु भयो। सोही घटनामा सातजना गम्भीर घाइते भएका थिए। सोही घटनामा दाङ जिल्ला गठवा गाविसका २१ वर्षीय द्रोण क्षेत्री, दाङ जिल्ला त्रिभुवन नपा-७ का १७ वर्षीय उपेन्द्र वुढाथोकी, कैलाली जिल्ला श्रीपुर गाविस-६ का २८ वर्षीय करण वोगरी, कञ्चनपुर जिल्ला महेन्द्रनगर नपा-४ का २१ वर्षीय थर नखुलेका विक्की, रामेछाप जिल्ला प्रिती गाविस-५ का २१ वर्षीय प्रकाश आचार्य र भारत गोरखपुरका २१ वर्षीय दीपक विश्वकर्मा घाइते भए।

दोहोरो भिडन्त

वीरपुर गाविस-४ कुदरवेटवामा ०६१ फागुन २३ गते राति स्थानीयवासी र माओवादीवीच पाँचघण्टा दोहोरो भिडन्त हुँदा गाउँलेतर्फ ३२ वर्षीय फजलुर रहमान र ४५ वर्षीय खालिम खानको मृत्यु भयो। घटनापछि माओवादीले घरमा वम विस्फोट गराउँदा डा.मञ्जुल खान र अताउ रहमान खानको घर पूर्णरूपमा ध्वस्त भएको थियो। त्यस्तै गोठमा रहेका १८ ओटा भैंसी गोठमै जलेर मरे।

माओवादीद्वारा हत्या गरिएका लालबहादुर बेलवासे

प्रतिकार समूहबाट

माओवादी विरुद्ध वनेको प्रतिकार समूहका व्यक्तिहरूले ०६१ फागुन ६ गते गणेशपुर इलाकाका गाउँमै इटाढुंगा, भाला र लाठा प्रयोग गरी गणेशपुर गाविसका २९ वर्षीय वावुराम उपाध्याय, ३३ वर्षीय सुन्दर मौर्य, वरइपुर गाविस-१ का ३३ वर्षीय वेकारु पासी, सिर्सिहवा गाविस-२ का शिवराम गुप्ता, २९ वर्षीय रामचलित्र पासी, सिर्सिहवा गाविस-४ का ३५ वर्षीय रामवली मौर्य, सिर्सिहवा गाविस-५ का ३४ वर्षीय अवधराम केवट, सोही गाविस-१ का ३६ वर्षीय शिवढ कहार, भगवानपुर गाविसका २८ वर्षीय गोवरे कोरी, ३६ वर्षीय पादु पासी, ३५ वर्षीय सोमइ पासीको हत्या गरे। सोही दिन गणेशपुरवाट प्रतिकार समूहले समातेर सुरक्षाकर्मीलाई वुझाएका माओवादी जिल्ला जनसरकारका सदस्य कपिलवस्तु नपा-२ का २९ वर्षीय अली अख्तर मुसलमानलगायतका तीनजनालाई सुरक्षाकर्मीबाट फिर्ता मागी सुरक्षाकर्मीकै अघिल्तिर हत्या गरे।

रामनगर गाविस-१ का ४० वर्षीय दुखीराम चमार, पत्थरदैया गाविस-४ का ३५ वर्षीय रामवरण वरई, खुरहुरीया गाविसका ३६ वर्षीय फक्कड अहिर र पत्थरदैया गाविसका ३६ वर्षीय इनायतुल्लाह मुसलमानलाई ०६१ फागुन ७ गते प्रतिकार समूहले कुटपिट गरी हत्या गरे।

माओवादी विरुद्धको प्रतिकार समूहले ०६१ फागुन ८ गते सिर्सिहवा गाविस-९ का ३६ वर्षीय रमजान मुसलमान, चनई गाविस- ५ का माओवादी निकट मजदुर युनियनकाका अध्यक्ष विष्णु पन्थी, ३५ वर्षीय यमवहादुर डाले मगर र ३६ वर्षीय झन्किन यादवलाई उखुवारीमा लगी कुटपिट गरी हत्या गरे।

वरइपुर गाविस-९ का ३५ वर्षीय सकुर पासी, ३७ वर्षीय रामवली पासी र ३४ वर्षीय अंगत यादवलाई ०६१ फागुन ९ गते प्रतिकार समूहका व्यक्तिहरूले घरमै पक्राउ गरी कुटपिट गरी गाउँको पूर्वतर्फको खेतमा लगी आगो लगाई हत्या गरे।

चनई गाविस-९ मदवाका ३६ वर्षीय तिलकराम भण्डारीलाई ०६१ फागुन ९ गते प्रतिकार समूहका व्यक्तिहरूले वनकट्टा भन्ने ठाउँमा वजार गर्न हिँडेको बेला बाटोमा समाति कुटपिट गरी हत्या गरे। मृतकका छोराले प्रतिकार समूहको डरका कारणले किरियासमेत गर्न पाएनन्।

शिवपुर गाविस-५ हल्लानगरका ४९ वर्षीय प्रेमवहादुर रास्कोटीलाई ०६१ फागुन ९ गते प्रतिकार समूहले

घरमै बसिरहेको अवस्थामा बन्चरोले टाउकोमा प्रहार गरी घाइते बनाएकोमा उपचारको लागि बहादुरगञ्ज अस्पतालमा फागुन १० गते मृत्यु भयो। फागुन ९ गते नै सोही समूहले हल्लानगरका तीनसय छओटा घरमा लुटपाट तथा आगजनी गरी ठूलो क्षति पुऱ्याएका थिए।

हर्दौना गाविस- १ का ३६ वर्षीय नाचन चौहान र ३८ वर्षीय लौटू चौहानलाई ०६१ फागुन १० गते प्रतिकार समूहले घरमै कुटपिट गरी हत्या गरे। लासको पोष्टमार्टम भएन।

नन्दनगर गाविस-६ का ३६ वर्षीय नेत्रलाल भट्टराईलाई ०६१ फागुन १२ गते लवनीमा किनमेल गर्न गएको अवस्थामा प्रतिकार समूहका व्यक्तिहरूले कुटपिट गरी हत्या गरे।

सिंहखोर गाविसका ५० वर्षीय सन्तराम पासीलाई ०६१ फागुन १३ गते बैदौली गाविसमा आफन्तको घरमा गएका अवस्थामा प्रतिकार समूहले कुटपिट गरी हत्या गऱ्यो।

अभिराव गाविसका ३५ वर्षीय हसन नाउ र ३८ वर्षीय समूज पासीलाई ०६१ फागुन ११ गते प्रतिकार समूहले घरमै कुटपिट गरी हत्या गरे।

वीरपुर गाविस-९ का २९ वर्षीय किरण पौडेललाई ०६२ वैशाख ३० गते राति घरको कोठामा टिभी हेरिरहेको अवस्थामा प्रतिकार समूहका व्यक्तिहरूले घरको दक्षिणतर्फको झ्यालबाट पाँच राउण्ड गोली हानी गम्भीर घाइते बनाएकोमा उपचार गर्न बुटवल अस्पतालमा लैजाँदै गर्दा बाटैमा मृत्यु भयो।

सिर्सिहवा गाविस-४ जीतपुरका मानपुर प्राविका प्रधानाध्यापक ३८ वर्षीय जैस मोहमदलाई ०६२ वैशाख ३१ गते विवाहमा जाने क्रममा भलवारी गाविस नजिक प्रतिकार समूहका व्यक्तिहरूले गोली हानी हत्या गरे।

कुसहवा गाविस-९ का ४० वर्षीय ग्रासका लल्लन शुक्लाले प्रतिकार समूहलाई सहयोग नगरेको आरोपमा ०६२ असार ५ गते बिहान प्रतिकार समूहका व्यक्तिहरूले उनलाई कुटपिट गरी हत्या गरे।

खुरहुरिया गाविस-४ का २८ वर्षीय जीवन घिमिरेलाई ०६२ साउन ३० गते प्रतिकार समूहले कुटपिट गरी हत्या गरे। पीडित घरमा आएको थाहा पाएपछि प्रतिकार समूहका व्यक्तिहरूले चारैतिरबाट घर घेरा हाली नियन्त्रणमा लिएर हत्या गरे।

माओवादीद्वारा अपहरण गरी घाइते पारिएका नेपाल सद्भावना पार्टीका जिल्ला सहसचिव केदारप्रसाद चौधरी

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

जयनगर गाविस-७ की १० वर्षीय बालिका तुलसी परियार ०६२ वैशाख २६ गते बिहान गोरुसिङ्गे ब्यारेकको तारभित्र पसी दाउरा खोज्ने क्रममा विद्युतीय धराप विस्फोट हुँदा अंगभंग भई घाइते भइन्। एउटा खुट्टा गुमाउन पुगेकी परियारको आईसीआरसीले हालै कृत्रिम खुट्टा राखिदिएको छ।

माओवादीबाट

तौलिहवा ४ नं. जितपुर सडकको हथौसा गाविस र देउवापार भन्ने स्थानमा माओवादीले ढुंगा थुपारेर बम राखेको र ४/५ दिनबाट बाटो अवरुद्ध भएपछि बाटो खुलाउन ०६२ साउन २५ गते सुरक्षाकर्मीको डिस्पोजल टोली घटनास्थलमा पुगी अवरुद्ध पारिएको ढुंगा हटाई दुईओटा गाग्री बम डिस्पोज गरी फर्किने क्रममा हथौसा गाविस र निग्लीहवा गाविसको बीचमा पर्ने मोथीचोकमा माओवादीले बम विस्फोट हुँदा शाही नेपाली सेनाको बख्तरबन्द सेतो गाडीमा रहेका प्रहरी जवान राजु चौधरी र सैनिक जवान शेरबहादुर साही लगायत नौजना घाइते भए। घाइतेहरूलाई पी.वी अस्पताल तौलिहवामा उपचार गरिएको थियो।

जेल र बन्दीहरू

कूल एकसय जना बन्दी क्षमता भएको 'ड' श्रेणीको कपिलवस्तु जेलमा यस वर्षको अन्त्यसम्ममा कैद तोकिएका ४२ जना पुरुष र तीन महिला गरी ४५ तथा कैद नतोकिएका ४५ जना पुरुष र १० जना महिला गरी एकसय एकजना रहेका छन्। जेलमा रहेका बन्दीहरूमध्ये धेरैजसो हत्या, लागू औषध, चोरी डकैती, बलात्कार र चेलिबेटी बेचबिखन मुद्दामा बन्दी बनाइएका छन्। अहिले माओवादीको आरोपमा छजना बन्दी रहेका छन्। एकजना नाबालक रहेका छन्।

बेपत्ता / अपहरण

राज्यबाट

पतेरिया गाविसकी २२ वर्षीय उमा चौधरीलाई माओवादीको आरोपमा ०६१ माघ ९ गते आफन्तको घरमा जाने क्रममा गोरूसिंहिया चेक पोष्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। चौधरीको अवस्था अज्ञात छ।

माओवादीद्वारा अपहरण गरी घाइते बनाइएका पन्नुलाल यादव

माओवादीबाट

शिवगढी गाविसस्थित प्रकाश मावि सुन्दरीडाँडाका प्रधानाध्यापक ४२ वर्षीय पर्शुराम सुवेदीले विद्यालयको आर्थिक हिसाव सार्वजनिक नगरेको आरोपमा ०६१ माघ ७ गते माओवादीले विद्यालयबाट उनलाई अपहरण गरे। सुवेदीलाई इन्सेकलगायत्का मानवअधिकारवादी संस्थाहरूको पहलमा माघ २२ गते मुक्त गरियो।

थुनिया गाविस-४ का नेपाल सद्भावना पार्टीका जिल्ला सहसचिव ६१ वर्षीय केदारप्रसाद चौधरीलाई ०६१ माघ ७ गते माओवादीले अपहरण गरी माघ १४ गते राती माहाराजगञ्ज गाविस-४ चौराहामा लगी बायाँ हात र दायाँ खुट्टामा इँटाले थिचेर मरणासन्न अवस्थामा छाडेका थिए। उनलाई भोलिपल्ट विहान सुरक्षाकर्मीले उपचारका लागि अस्पताल पुऱ्याएका थिए। हाल उनी निको भएको भए पनि घर फर्केका छैनन्।

गोटिहवा गाविस-८ श्रीरामपुरका ५२ वर्षीय पन्नु यादवलाई ०६१ माघ १६ गते माओवादीले अपहरण गरी माघ १७ गते कपिलवस्तु नपा-८ मैहरिया गाउँमा लगी दायाँ खुट्टामा घनले थिची अचेत अवस्थामा छाडेका थिए। उनलाई माघ १८ गते विहान उपचारका लागि जिल्ला अस्पताल लगियो।

गणेशपुर गाविस-२ का ४० वर्षीय भुपू सैनिक इन्द्रबहादुर भुजेल र ५६ वर्षीय दुखद तेलीलाई ०६१ फागुन ५ गते माओवादीले अपहरण गरे। पीडितलाई गाउँलेहरूले खोजतलासको क्रममा लालपुर भन्ने गाउँमा भेट्टाई फागुन ६ गते मुक्त गरे।

दुविया गाविस-७ स्थित रनगाई माविमा कक्षा ८ र ९ मा अध्ययनरत १५ जना विद्यार्थीहरूलाई ०६१ फागुन ७ गते माओवादीले अपहरण गरे। विद्यार्थीहरूलाई प्रशिक्षण दिन अपहरण गरिएको भनी फागुन १० गते मुक्त गरे।

वाणगंगा गाविस-६ घर भई हाल धनुषा जिल्लाको सशस्त्र प्रहरी क्याम्पमा कार्यरत २७ वर्षीय हरिनारायण चौधरीलाई ०६२ जेठ २० गते घर विदामा आएको बेला माओवादीले अपहरण गरे। चौधरीलाई जेठ २७ गते वाणगंगा गाविसबाट मुक्त गरे। उनको जीवन रक्षा र सकुशल रिहाइका लागि इन्सेक जिल्ला प्रतिनिधि र मासमले संयुक्त प्रेस विज्ञप्ति जारी गरे।

मोतीपुर गाविस-३ का रुकबहादुर भुसाललाई जग्गा सम्वन्धी आरोप लगाउँदै ०६२ असार ३ गते माओवादीले अपहरण गरेकोमा असार ९ गते इन्सेक प्रतिनिधि र मासम अध्यक्षको रोहवरमा भलवाड गाविसबाट मुक्त गरे। सोही दिन तिलौराकोट गाविस-४ घर भई कोपवा गाविसका सचिव ४० वर्षीय रुद्रमणि गिरीलाई गाउँ परिषद् सञ्चालन गरेको आरोपमा अपहरण गरेकोमा सोही दिन मोतिपुर गाविसबाट मुक्त गरे।

कृष्णनगर गाविस-१ का ४० वर्षीय विनोदकुमार श्रीवास्तवलाई ०६२ भदौ ३० गते माओवादीले घरबाटै अपहरण गरी भदौ ३१ गते सकुशल मुक्त गरे।

अर्घाखाँची जिल्ला घर भई बुटवलमा शाही सेनामा कार्यरत ३० वर्षीय सुनिलकुमार सारुमगरलाई ०६२ असोज २० गते माओवादीले वाणगंगाबाट अपहरण गरेकोमा असोज २१ गते सोही ठाउँबाट सकुशल मुक्त गरे।

प्रसोहिया गाविस-८ का ४५ वर्षीय मोहम्मद सइद मुसलमानलाई ०६२ मंसिर १९ गते र सोही गाविसका ३५ वर्षीय अख्तर हुसेनलाई मंसिर २१ गते माओवादीले अपहरण गरेकोमा दुवैजनालाई मंसिर २५ गते घरमै पुऱ्याई मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

दोहनी गाविसको डुम्रा चोकमा ०६२ असार २८ गते लवनीका सुरक्षाकर्मीले ट्याक्टरले बाटो नछाडेको आरोपमा ट्रेक्टर ड्राइभरलाई कुटपिट गरे। असार २९ गते लवनी बेस क्याम्पबाट आएका सुरक्षाकर्मीले डुम्रा चोकका सर्वसाधारण १५ वर्षीय उमाशंकर पाण्डे, ४५ वर्षीय फूलचन्द गुप्ता, १५ वर्षीय अनिलकुमार पाण्डे, ४० वर्षीय पडसरी चमार लगायत्लाई कुटपिट गरी घाइते तुल्याएका थिए।

प्रतिकार समूहद्वारा लुटपाट

माओवादी विरुद्ध गठन गरिएको भनिएको प्रतिकार समूहले यस वर्ष जिल्लाको ४४ ओटा गाविसमा गरी सातसय आठ घरमा आगजनी, तोडफोड र लुटपाट गरे।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्ला सदरमुकाम तौलिहवामा माघ १९ को शाही कदमको विरुद्ध आन्दोलनरत पाँच राजनीतिक दलले

आयोजना गरेको शान्तिपूर्ण विरोध जुलुसमाथि ०६१ चैत २६ गते प्रहरीले २६ जना नेता तथा कार्यकर्तालाई गिरफ्तार गरे। गिरफ्तार हुनेहरूमा पूर्व सांसद दानबहादुर चौधरी, निवर्तमान जिविस सभापति रमेश शर्मा, नेकाँ जिल्ला सभापति धाकर पाण्डे, सचिव ललितसिंह बास्कोटा, एमाले जिल्ला कमिटी सदस्य टीकाराम अर्याल, सहसराम यादव, नगर कमिटीका सचिव आजाद अहमद दर्जी, नेका (प्रजातान्त्रिक) का जिल्ला सचिव सुरेश शर्मा, सदस्य प्रकाश गैरे, माधुरी श्रेष्ठ, नेकाँ सदस्य विश्वराज पाण्डे, प्रभाकर ज्ञवाली, गंगा विष्ट, पदम खनाल, महेन्द्र कार्की, सिवरतन थारू, वीरेन्द शुक्ला, रामधनी चौधरी, नेविसंघका केन्द्रीय सदस्य राजेश ज्ञवाली, अनेरास्ववियुका रापस लालबहादुर भण्डारी, नेविसंघ जिल्ला अध्यक्ष सोहरत तेली, रमेश शुक्ला, महिला सघंकी अध्यक्ष सुमित्रा पौडेल रहेका थिए। सोही दिन चन्द्रौटाबाट हरि पोखरेल, भुवन पौडेल, विनोद नेपाललगायत् गिरफ्तार भएकोमा सोही दिन १० जना, चैत २८ गते १२ जना र चैत ३० गते ८ जना गरी रिहा भएका थिए।

कपिलवस्तु सदरमुकाम तौलिहवामा ०६१ चैत २६ गते पाँच राजनीतिक पार्टीले सञ्चालन गरेको शान्तिपूर्ण विरोध जलुसको अनुगमन गरिरहेका इन्सेक जिल्ला प्रतिनिधि नन्दराम पौडेललाई प्रहरीले अभद्र व्यवहार गरी गिरफ्तार गरे। सुरक्षाकर्मीले अनुगमनको क्रममा फोटो खिच्दा पौडेलले प्रयोग गरेको क्यामरा खोसी रील च्यातेर फालिदिएका थिए। उनलाई पाँच घण्टा प्रहरी हिरासतमा राखी सोही दिन रिहा गरियो।

गोरूसिङ्गेस्थित शिवदल गण ब्यारेकभित्र पसेको बाखो निकाल्न जाँदा एम्बुस विस्फोट भई एउटा खुट्टा गुमाएकी ९ वर्षीय तुलसी परियार

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

शिवपुर गाविस-५ बालापुरका कृषि मजदुरहरूले जिल्ला विकास समितिले तोकेको न्यूनतम ज्याला पाउनु पर्छ भनी आन्दोलनमा लागेका कृषि मजदुरहरूलाई कुनै वास्ता नगरी अन्य जिल्लाबाट मजदुर बोलाई काममा लगाउन लागेका वीरपुर गाविस-४ कुदरबेटवाका जमिन्दारसँग छलफल गरिरहेको बेला जमिन्दार मोहित खाँका कारिन्दा तथा बाहिरबाट ल्याइएका मजदुरहरूले ०६२ असार २३ गते स्थानीय मजदुरलाई कुटपिट गर्दा शिवपुर गाविस-५ का ३० वर्षीय नैनाकुमारी चौधरी, २५ वर्षीय श्रीप्रसाद चौधरी, २८ वर्षीय शिवप्रसाद चौधरी, ३२ वर्षीय लाट चौधरी, ३५ वर्षीय महावीर चौधरी, ३० वर्षीय श्रीमा चौधरी, ३५ वर्षीय सुनिराम चौधरी र ३३ वर्षीय फागुराम चौधरी घाइते भए।

आर्थिक अधिकार

न्यूनतम एकसयरूपैयाँ ज्याला पाउनुपर्छ भनी आन्दोलनमा उत्रिएका कृषि मजदुरले ०६२ साउन २० गते चन्द्रौटामा र्‍याली निकाले। आन्दोलनपछि केही जमिन्दारले न्यूनतम एकसय रूपैयाँ ज्याला दिन थालेको स्थानीय संस्था सरद समाजले जनायो।

यहाँका मजदुरहरूले अधिकारको लागि संगठित हुन कृषि मजदुर तथा भूमि अधिकार सरोकार मञ्च गठन गरी चरणबद्ध आन्दोलन गरिरहेका छन्। आन्दोलनप्रति मानवअधिकारकर्मी र गैससले समेत साथ दिएका छन्।

कपिलवस्तु जिल्लामा एक हजार व्यक्ति उखडा पीडित छन्।

विस्थापित

राजपुर गाविस-५ का महमद वलीलाई ०६१ फागुन १८ गते र राजपुर गाविसका दयाराम लोनियालाई फागुन २४ गते हथिहवा कासिवराज धोबी, मोहम्मद आलमलाई फागुन १४ गते बलरामपुर गाविस-५ का फागु श्रीवाश्तवलाई प्रतिकारमा लागेको आरोपमा फागुन ३० गते माओवादीले कुटपिट गरी घाइते तुल्याए। श्रीवास्तवको परिवार हाल विस्थापित भएको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

माहाराजगञ्ज गाविस-३ का ४८ वर्षीय मन्नु चौधरी, कञ्चहवा गाविसका निवर्तमान गाविस अध्यक्ष ५५ वर्षीय भिन्कनप्रसाद तिवारी, माहाराजगञ्ज गाविसका पूर्व गाविस अध्यक्ष ५० वर्षीय काँग्रेस चौधरीलाई माओवादीको आरोपमा ०६१ माघ २७ सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा फागुन ४ गते जिल्ला प्रशासनबाट रिहा गरियो।

गणेशपुर गाविस-६ की ३० वर्षीय राधिका भुसाल, उनका छोरा १४ वर्षीय ईश्वर भुसाल, १० वर्षीय छोरी सपना भुसाल र ७ वर्षीय उमेश भुसाललाई ०६१ फागुन १० गते गणेशपुरमा मन्त्रीहरू आएको दिन प्रमुख जिल्ला अधिकारी समक्ष सोही दिन आत्मसमर्पण गरेकोमा राधिका भुसाललाई

प्रतिकार समूहद्वारा आगजनी गरिएका धुनिया गाविसको भदैखर्क बस्ती

छोराछोरीसहित तीन महिनाको लागि जेल चलान गरियो। पछि उनको पति १५ दिनपछि आई छोराछोरी जिम्मा लिई लगे। राधिकालाई ०६२ वैशाख २० गते रिहा गरियो।

वीरपुर गाविस-९ घर भई चन्द्रौटामा औषधी पसल गर्दै आएका ३६ वर्षीय प्रकाश पौडेलले माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ फागुन ३१ गते सुरक्षाकर्मीले उनलाई घरबाटै गिरफ्तार गरे। उनलाई सातदिनसम्म प्रहरी हिरासतमा राखी चैत ८ गते शान्ति सुरक्षा ऐन अन्तर्गत छ महिनाको पूर्जी दिई जेलचलान गरिएकोमा ०६२ वैशाख २० गते कारागारवाट तारेखमा रिहा गरियो। उनी हाल प्रतिकार समूहका डरका कारण सपरिवार विस्थापित भए।

वीरपुर गाविस-९ चन्द्रौटामा पीसीओ सञ्चालन गरी बसेका ४० वर्षीय वावुराम सापकोटालाई ०६१ चैत २० गते घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई १५ दिन गोरुसिंहिया व्यारेकमा राखी शान्तिसुरक्षा ऐनअन्तर्गत छ महिनाको लागि ०६२ वैशाख ५ गते कारागार चलान गरियो। उनलाई वैशाख २२ गते तारेखमा रिहा गरियो।

चनई गाविस-१ का ४० वर्षीय करम हुसेन, माहाराजगञ्ज गाविसका ३५ वर्षीय रामसमारे चौधरी, सिसहवा गाविसका ३६ वर्षीय तुफेल अहमद र महुवा गाविसका ४० वर्षीय राहिला यादवलाई ०६२ वैशाख १ गते सुरक्षाकर्मीले महुवावाट गिरफ्तार गरेकोमा पुनरावेदन अदालत वुटवलमा वन्दी प्रत्यक्षिकरणको रिट दायर भई अदालतको आदेशमा रामसमारे चौधरीलाई ०६२ कार्तिक २९ गते रिहा गरियो भने चन्द्रवहादुर यादवलाई ०६२ मंसिर १ गते जिल्ला अदालतवाट मानवअधिकारकर्मीको रोहवरमा रिहा गरियो। तुफेल अहमदलाई ०६२ मंसिर ५ गते अदालतवाट रिहा भएलगतै पुन: सुरक्षाकर्मीले गिरफ्तार गरे। करम हुसेनलाई ०६२ मंसिर २३ गते रिहा भए लगतै सादा पोसाकमा आएका प्रहरीले पुन: गिरफ्तार गरे। तीमध्ये तुफेल अहमदलाई ज्यान मुद्दा लगाई प्रहरी हिरासतमा राखिएको छ। करम हुसेनलाई जेलमा राखिएको छ।

शिवपुर गाविस- १ का ३२ वर्षीय जनकवहादुर राउतलाई ०६२ वैशाख २ गते विहान घरमा पुगेका सुरक्षाकर्मीले दिसा गर्न वसेको वेला गिरफ्तार गरी सशस्त्र प्रहरी तालिम केन्द्र, चन्द्रौटामा दुई दिन हिरासतमा राखी यातना दिए। खानामा माटो मिलाएर दिएको र यातनावाट वेहोससमेत भएको पीडितले वताए। उनलाई १७ दिन व्यारेकमा राखेर एक एक हप्ताको तारेखमा ०६२ वैशाख १७ गते रिहा गरियो।

गुगौली गाविसका २२ वर्षीय देववहादुर क्षेत्री र ३० वर्षीय प्रितमवहादुर विष्टलाई ०६२ वैशाख २० गते प्रतिकार समूहले कुटपिट गरिरहेको वेला सुरक्षाकर्मीले आफ्नो नियन्त्रणमा लिएकोमा ०६२ जेठ ७ गते कृष्णनगर इलाका प्रहरी कार्यालयवाट रिहा भए भने देववहादुरलाई जेठ ८ गते कारागार चलान गरिएकोमा पुनरावेदन अदालत बुटवलको आदेशमा उनी ०६२ मसिर १ गते मानवअधिकारकर्मी र पत्रकारको रोहवरमा रिहा भए।

चनई गाविस-१ का ३५ वर्षीय अमिन मियार र २५ वर्षीय जाकिर हुसेनलाई माओवादीको आरोपमा ०६२ असार २२ गते दिउँसो चनई गाविस-५ बसन्तपुरबाट बजार गएको अवस्थामा सशस्त्र प्रहरी गण चन्द्रौटाले गिरफ्तार गऱ्यो। उनीहरूलाई ०६२ असार २७ गते कारागार चलान गरिएकोमा पुनरावेदन अदालतको आदेशमा कार्तिक ५ गते रिहा गरियो।

राजपुर गाविस-३ का ४२ वर्षीय राजअली मुसलमानलाई ०६२ असार २५ गते मलवास्थित वेस क्याम्पबाट आएको सुरक्षाकर्मीले वन उपभोक्ता समितिको बैठकमा गएको वेला गिरफ्तार गरी मलवा वेस क्याम्पमा हिरासतमा राखियो। मुसलमानलाई ६ महिनाको लागि कारागार चलान गरियो।

माहाराजगन्ज गाविस-६ का ३८ वर्षीय पूजेरी पासीलाई ०६२ कार्तिक १४ गते गस्तीमा गएको सुरक्षाकर्मीले गिरफ्तार गरी ६ महिनाको लागि थुनामा राखिएको छ।

खुरहुरिया गाविस- ४ का २७ वर्षीय गुरुप्रसाद पासीलाई ०६२ मसिर ७ गते प्रतिकार समूहले कृष्णनगर बजारवाट समाती प्रहरीमा वुझाएकोमा मंसिर ११ गते कारागार चलान गरियो।

पुनः गिरफ्तार

पुनरावेदन अदालतमा परेको वन्दी प्रत्यक्षिकरणको निवेदनको आधारमा अदालतको आदेशबाट रिहा भएका बन्दीहरूलाई सुरक्षाकर्मीहरूले ०६२ भदौ १९ गते अदालतको गेट वाहिरवाट पुन: गिरफ्तार गरे। अदालतवाट रिहा भएका

अर्घाखाची जिल्ला पाली गाविस-६ की १५ वर्षीय गीता नेपाली, वागी गाविस-३ की शारदा खड्का, मैदान गाविस-८ की १५ वर्षीय गोमा घिमिरे, खिदिम गाविस-३ की १५ वर्षीय राधा भुसालमध्ये गीता नेपाली र राधा भुसाललाई प्रहरी सहायक निरीक्षक रेशमराज आचार्यको नेतृत्वमा सादा पोशाकमा आएको सुरक्षाकर्मीले अभद्र व्यवहार गर्दै पुनः गिरफ्तार गरे।

शिवगढी गाविस-९ की ३५ वर्षीय शान्ता बुढा शाही र लमजुङ जिल्ला कन्छा गाविस-७ की ४४ वर्षीय सुमित्रा विकलाई पुनरावेदन अदालतको आदेशमा रिहा भए लगत्तै जिल्ला प्रहरी कार्यालयबाट सादा पोसाकका प्रहरीले लु. १ च २१३ नं. को गाडीमा राखी ०६२ मंसिर २० गते पुनः गिरफ्तार गरी जेल चलान गरे।

बालअधिकार

चनइ गाविस-९ की ११ वर्षीय एक बालिकालाई ०६१ फागुन ९ गते प्रतिकार समूहका तीनजना व्यक्तिहरूले घरमा अभिभावक नभएको बेला घरमै बलात्कार गरे। पीडकहरूलाई कारवाही भएन ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा

कोपवा गाविस-७ की २७ वर्षीय मन्जु सुवेदीलाई ०६२ असार २८ गते उनकै पति टेकबहादुर सुवेदी, देवर बसन्त सुवेदी, लालबहादुर सुवेदी सारु र दिलकुमारी सुवेदी मिलेर घाटी थिचेर हत्या गरेको प्रहरीसँगको बयानमा बताए। हाल पीडकहरूलाई पुर्पक्षको लागि कपिलवस्तु कारागारमा राखिएको छ।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

शिवपुर गाविस-४ हरहवाकी ७० वर्षीय लादी चौधरी, ४५ वर्षीय तारावती चौधरी, ४२ वर्षीय पार्वती चौधरी, ४० वर्षीय बुधनी चौधरी, ३५ वर्षीय भागिराम चौधरी लगायत् एकै परिवारका सदस्यलाई बोक्सीको आरोपमा ०६२ कार्तिक १४ गते गाउँलेहरूले मान्छेको मलमूत्र खुवाई कुटपिट गरे। पीडकहरूलाई कुनै कारवाही भएन।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

अनेरास्ववियु (क्रान्तिकारी) ले ०६१ चैत १५ देखि निजी विद्यालयहरू बन्द गरेको र बालबालिकाको पढ्न पाउने अधिकार हनन भएकोले बन्दको कार्यक्रम फिर्ता लिन संयुक्त विज्ञप्ति प्रकाशन गरिएको थियो। इन्सेक प्रतिनिधि, हुर्लेस्क, मासम, मानवअधिकार तथा शान्ति समाज, मानवअधिकार संगठन लगायत्ले सो सम्बन्धमा दुईपटक संयुक्त विज्ञप्ति प्रकाशन गरेका थिए।

मानवअधिकार उल्लंघनका संवेदनशील घटनामा पटक पटक विज्ञप्तिहरू जारी भए। यस वर्ष विभिन्न संघ सस्था, राजनीतिक पार्टी, मानवअधिकारकर्मीहरू लगायत्ले ३० पटकभन्दा बढी विज्ञप्ति जारी गरे।

रूपन्देही र नवलपरासी जिल्लाका लुटेराहरूलाई करिब १० दिनसम्म इलाका प्रहरी कार्यालय बुटवलमा राखी कपिलवस्तु जिल्ला प्रहरी कार्यालयमा पठाइएकोमा प्रहरीले छाडेपछि अभियुक्तलाई कारवाहीको माग गर्दै प्रमण्डल मानवअधिकारकर्मी, नागरिक समाज, व्यापार व्यवसायी समितिका प्रतिनिधिहरूलाई प्रहरी उपरीक्षकले दूर्व्यवहार गरेकोमा एक संयुक्त प्रेस विज्ञप्ति जारी गरी घटनाप्रति दुःख व्यक्त गरे। विज्ञप्ति जारी गर्ने संस्थाहरूमा इन्सेक जिल्ला प्रतिनिधि नन्दराम पौडेल, नागरिक समाजका अध्यक्ष द्रोणराज सुवेदी, कपिलवस्तु व्यापार व्यवसायी संघका अध्यक्ष राजेन्द्र पौडेल, जेसिसका पूर्व अध्यक्ष उमानाथ पौडेल, पीडित शालिकराम पौडेल लगायत् थिए।

संरचना क्षति

जिल्ला पशु कार्यालय र बाणगंगा सिंचाई जल उपभोक्ताको कार्यालयमा ०६१ माघ २९ गते माओवादीले बम विस्फोट गरी क्षति पुऱ्याए।

३.११ अर्घाखाँची



जनसंख्या : २२०४८२
साक्षरता प्रतिशत : ५६
महिला साक्षरता प्रतिशत : ४०
क्षेत्रफल (वर्ग कि. मि.) : ११९.३
गाविस नपा संख्या : ४२ ०
निर्वाचन क्षेत्र : २
विद्यालय : ४२४
क्याम्पस उच्च मावि : २ ८
अस्पताल स्वास्थ्य चौकी : १ ४१
टेलिफोन लाइन : १८४
मोटर सडक (कि. मि.) : ५८
प्रहरी कार्यालय संख्या : २
इलाक संख्या : ४२
मानव विकास सूचकांक : ०.४७१
प्रति परिवार सदस्य संख्या : ५.४०

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सिमलपानी गाविस-४ धारापानीमा नाम र ठेगाना नखुलेका प्रतिक्षा र सृजना भनिने दुईजना माओवादी कार्यकर्ताहरूलाई माओवादीको आरोपमा ०६१ माघ २७ गते ठाडा इलाका प्रहरी कार्यालयबाट गएका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

डिभर्ना गाविस-७ का ५१ वर्षीय ज्ञानबहादुर श्रेष्ठ, खनदह गाविस-३ की कामना भनिने मीना विक, अर्घातोष गाविस-१ की हिमाल भनिने १८ वर्षीय कमला भुसाल र गोल्पा जिल्ला घर भई अर्घाखाँचीमा कार्यरत माओवादी कार्यकर्ता विद्रोहीलाई सन्धिखर्कबाट गएका सुरक्षाकर्मीले ०६१ फागुन १० गते बाँगी गाविस-५ को निजु गैरगमा गोली हानी हत्या गरे। लासको पोष्टमार्टम नगरी सुरक्षाकर्मीले सोही ठाउँमा खाल्डो खनी गाडे।

बल्कोट गाविस-७ का ३८ वर्षीय शक्ति भनिने रजरदिन मिया माओवादी भएको आरोपमा ०६१ फागुन १८ गते सन्धिखर्कबाट गएको सुरक्षाकर्मीले उनलाई बल्कोट र चिदिका गाविसको सिमाना खन्नेवासमा गोली हानी हत्या गरे। लासको पोष्टमार्टम भएन।

मैदान गाविस-९ वरथानका २४ वर्षीय विष्णु घिमिरे, सोही ठाउँका २६ वर्षीय डिल्लबहादुर गेका, प्युठान जिल्लाका २६ वर्षीय आक्रोश भनिने ओविराम गुरुङ र तनहुँ जिल्लाका जीवन विकलाई माओवादीको आरोपमा ०६१ चैत ३१ गते दिउँसो ठाडा इलाका प्रहरी कार्यालयबाट गएको सुरक्षाकर्मीले सुवर्णखाल गाविस-८ बाउन्दीमा गोली हानी हत्या गरे। लासको पोष्टमार्टम भएन।

बाँगी गाविस-५ आँपाचउरका ३८ वर्षीय गोविन्द पाण्डे र सिंजु भनिने माओवादी कार्यकर्तालाई ठाडाबाट गएका सुरक्षाकर्मीले मैदान गाविस-९ नेटापोखरामा ०६२ वैशाख १४ गते गोली हानी हत्या गरे। लासको पोष्टमार्टम भएन।

जलुके गाविस-३ रातामाटा निवासी अनेरास्ववियु (क्रान्तिकारी) का जिल्ला अध्यक्ष २६ वर्षीय केशवराज शर्मालाई ०६२ वैशाख २७ गते सन्धिखर्कबाट गएको सुरक्षाकर्मीले खनको लटीपोखरीमा सुरक्षाकर्मीकै गोली लागी घाइते भई भागेका शर्मालाई बाँगी गाविस-१ तल्लो कर्नमारेमा खोल्सामा लुकी बसेको अवस्थामा गोली हानी हत्या गरे।

सिद्धारा गाविस-५ लिसीकुना निवासी मन्दिरा र निश्चल भनिने तथा कपिलवस्तु जिल्ला घर भई नाम र ठेगाना नखुलेका दुई जना पुरुष गरी चारजना माओवादी कार्यकर्तालाई ०६२ जेठ ८ गते सुरक्षाकर्मीले जलुके गाविस-३ रातामाटामा गोली हानी हत्या गरे। लासको पोष्टमार्टम भएन।

माओवादीबाट

गोखुङ्गा गाविस-९ गोखुङ्गाका नेकपा (एमाले) गाउँ कमिटी सदस्य ३५ वर्षीय नेत्रप्रसाद खनाललाई ०६१ पुस २७ गते आफ्नै घरबाट माओवादीले अपहरण गरी हसपुर गाविस-६ टिमुरेमा लगी सुराकीको आरोपमा ०६१ पुस २९ गते गोली हानी हत्या गरे। मृतकको चार दिनपछि दाहसंस्कार गरियो।

सुवर्णखाल गाविस-३ का पूर्व गाविस अध्यक्ष तथा एमाले कार्यकर्ता ५५ वर्षीय यज्ञप्रसाद बेल्वासे र सोही ठाउँका सोही गाविसका सचिव ४५ वर्षीय मीनप्रसाद बेल्वासेलाई सुराकीको आरोपमा ०६२ वैशाख १३ गते साँझ माओवादीले घरबाट बाहिर निकाली केही पर पुऱ्याई गोली हानी हत्या गरे।

डिभर्ना गाविस-७ डिभर्नाका २७ वर्षीय डिलकुमार श्रेष्ठको ०६२ साउन १७ गते खानेपानीको मुहानमा माओवादीले राखेको बम विस्फोटन हुँदा मृत्यु भयो। विस्फोटमा परी डिभर्ना गाविस-७ का ३० वर्षीय गोपाल श्रेष्ठ, डिभर्ना गाविस-६ का २५ वर्षीय पदम श्रेष्ठ, ३४ वर्षीय सूर्यलाल श्रेष्ठ, ४८ वर्षीय रामप्रसाद श्रेष्ठ र मोती श्रेष्ठ घाइते भए।

दोहोरो भिडन्त

खन गाविस-९ देउराली इलाकामा सन्धिखर्कबाट गएको संयुक्त सुरक्षाकर्मी र माओवादीबीच ०६२ असार ११ गते बिहान साढे दश बजेदेखि भएको दोहोरो भिडन्तमा १२ जना सुरक्षाकर्मी र दुईजना माओवादीको मृत्यु भयो। मृत्यु हुने प्रहरीहरूमा कपिलवस्तु जिल्ला सिसिहवा गाविस-५ का पदारथ यादव, नवलपरासी जिल्ला रामग्राम गाविस-७ का रामपृत ठाकुर, सोही जिल्ला हकुई गाविस-९ का वीरेन्द्र यादव, गोरखा जिल्ला नागेश्वर गाविस-४ का रामशरण परियार, धनुषा जिल्ला तल्लोगोदार गाविस-७ का धनबहादुर गौतम, ताप्लेजुङ्ग जिल्ला इखाबु गाविस-३ का जगेश्वर लिम्बू र शाही नेपाली सेनातर्फ सुर्खेत जिल्ला छिन्चू गाविस-७ का यज्ञबहादुर कठायत, रामेछाप जिल्ला डाँडास्वाँर गाविस-२ का मोहन खड्का, रुकुम जिल्ला विजेश्वरी गाविस-३ का पूर्णबहादुर बिष्ट, मैनापोखर वर्दियाका रामनारायण चौधरी, रामेछाप जिल्ला मझुवरी गाविस-२ का मीनबहादुर श्रेष्ठ र बैतडी जिल्ला मालगडी गाविस-५ का हेमराज लोहार रहेका छन्। त्यसैगरी माओवादीतर्फ जोहार र जनक भनिने माओवादीको मृत्यु भयो। सोही भिडन्तमा परी प्रहरी निरीक्षक फणिन्द्र प्रसाईसहित २६ जना सुरक्षाकर्मी घाइते भए। माओवादीतर्फ ६ जना घाइते भएको र घाइतेमध्ये एक जनाको स्थिति चिन्ताजनक रहेको माओवादीले जनाए।

जलुके गाविस-२ जुवाकोटमा ०६२ साउन ५ गते दिउँसो ११ बजे ठाडा इलाका प्रहरी कार्यालयबाट गस्तीमा गएका सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा चार जना माओवादीको मृत्यु भयो।

बेवारिसे बमबाट

मिद्धारा गाविस-५ ढुङ्गेस्वाराका १३ वर्षीय बसन्ता रजली र १९ वर्षीय सुमित्रा रजलीको ०६२ असार ४ गते बेवारिसे अवस्थामा झोलामा रहेको बम विस्फोट हुँदा ठाडा गाविस-५ बेलपटीको जंगलमा बाख्रा चराउन गएको अवस्थामा मृत्यु भयो। उक्त घटनामा परी मिद्धारा गाविस-५ ढुङ्गेशराकी २५ वर्षीय उमकली रजली, १० वर्षीय जानका सुनार र १४ वर्षीय भोजकुमारी रजली घाइते भए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

दोहोरो भिडन्त

काठमाडौं जिल्ला कामनपा-१ घर भई हाल सन्धिखर्कमा बस्दै गरेकी २६ वर्षीय रीता ताम्राकार ०६१ फागुन २० गते राती माओवादी र सुरक्षाकर्मीबीच भएको दोहोरो भिडन्तमा कोठाभित्र गोली लागी घाइते भइन्। उनको काठमाडौंमा उपचार गरियो।

बेपत्ता / अपहरण

माओवादीबाट

हंसपुर गाविस-५ बाँझपाटा घर भएका एमाले हंसपुर गाउँ कमिटी सचिव ३५ वर्षीय खडक भुसाललाई ०६१ माघ १ गते साँझ माओवादीले हंसपुर गाविस-३ को टिमुरेबाट राजनीतिक कारण देखाई अपहरण गरे। पीडितलाई ०६१ माघ ५ गते घरमै ल्याई मुक्त गरे।

बाँगी गाविस-६ घर भई गोखुङ्गा हेल्थपोष्टका इन्चार्ज तिलक मिश्रलाई ०६१ पुस २७ गते माओवादीले

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	३	२	२	४	४	१६			१६	९	१९	५	२४
घाइते	१		३	३	३	३१	१		३२	१	६		६
गिरफ्तारी/यातना										९	१४	१०	२४
धम्की					१			१	१				
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					२	२			२				
अपहरण					७	९			९				
जम्मा	४	२	५	७	१७	५८	१	१	६०	१९	३९	१५	५४



माओवादीद्वारा हत्या गरिएका मीनप्रसाद बेल्वासे

राष्ट्रिय दादुरा खोप कार्यक्रम ०६१ मा खटिएकै अवस्थामा माओवादीलाई सहयोग नगरेको आरोपमा अपहरण गरी तीन दिनपछि मुक्त गरे।

काठमाडौ जिल्ला घर भई जिल्ला प्रशासन कार्यालयका का.मु. प्रमुख जिल्ला अधिकारी ५१ वर्षीय वीरेन्द्रनाथ शर्मा र महोत्तरी जिल्ला घर भई जिल्ला विकास समितिका स्थानीय विकास अधिकारी सुदर्शनप्रसाद ढकाललाई ०६१ माघ ३ गते साँझ माओवादीले सन्धिखर्क गाविस-६ बाट अपहरण गरे। पीडित दुवैजना एकसय चार दिनपछि रोल्पाबाट मुक्त भए।

बाँगी गाविस-३ आल्सामारीका ३६ वर्षीय जुद्धवहादुर खड्कालाई ०६१ माघ १८ गते माओवादीले उनकै घरबाट अपहरण गरे। पीडितलाई ०६१ माघ २० गते अग्लाटारीबाट मुक्त गरियो।

सीतापुर गाविस-१ सीतापुरका ५० वर्षीय टेकवहादुर बस्नेतले आफूहरू विरुद्ध काम गरेको आरोपमा ०६१ फागनु २ गते साँझ माओवादीले उनलाई आफ्नै घरबाट अपहरण गरी पाँच दिनपछि मुक्त गरे।

खनदह गाविस-२ कार्वनेटाका २० वर्षीय कमल वि.क. र २५ वर्षीय पवी विकले चोरी गरेको आरोपमा ०६२ कार्तिक २२ गते उनीहरूलाई माओवादीले अपहरण गरे। पीडितहरूलाई १७ गते दिनपछि मुक्त गरियो।

अड्गुरी गाविस-७ ढाकेंथासका ३२ वर्षीय शिक्षक कृष्णप्रसाद पोखरेलले सुराकी गरेको आरोपमा ०६२ मंसिर २९ गते विहान माओवादीले उनलाई आफ्नै घरबाट अपरहण गरे। पीडितलाई सोही दिन खिदिम गाविस-३ को दुर्गाटारीबाट मुक्त गरे। माओवादीले भने उनलाई अपहरण गरेको नभई नेकपा (एमाले) गाउँ कमिटीले छलफलका लागि पठाएको दावी गरेको छ भने पीडित र एमालेले अपहरण गरिएको वताए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

मरेङ्ग गाविस-९ अमिलेस्थित वीरेन्द्र उच्च माविको नाम परिर्वतन गर्नुपर्ने र त्यसो नगरेमा विद्यालय प्रशासन र व्यवस्थापन समितिले जस्तोसुकै कारवाहीको भागी वन्नुपर्ने भन्दै ०६२ असोज ७ गते माओवादीले ज्यानमार्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सन्धिखर्क गाविस-६ मा नेकपा (एमाले) द्वारा सञ्चालित जागरण कार्यक्रमअन्तर्गत ०६२ मंसिर ४ गते वुटवलको जनसभामा जान थालेका १० ओटा बसलाई जिल्ला प्रशासनले माथिको आदेश भनी वुटवल जानवाट रोके। त्यसको विरोधमा एमालेले सन्धिखर्कमा विरोध प्रर्दशन गर्‍यो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा गत वर्षको जिम्मेवारी सरी आएका देवानी ४८ ओटा र यस वर्षका ३३ गरी ८१ ओटा मुद्दामध्ये गत वर्पका छओटा र यस वर्षका १३ ओटा गरी जम्मा १९ ओटा मुद्दा फर्स्यौट भए भने ६२ ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। त्यसैगरी फौज्दारी गत वर्षका जिम्मेवारी सरी आएका २३ ओटा र यस वर्षका १५ गरी जम्मा ३८ ओटा मुद्दामध्ये गत वर्पका छओटा र यस वर्षका एकओटा गरी जम्मा सात ओटा मुद्दा फर्स्यौट भए भने ३१ थान मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। देवानी मुद्दातर्फ एक वर्ष भित्रका ५० ओटा र दुई वर्ष भित्रका १२ ओटा मुद्दा बाँकी छन् भने फौजदारीतर्फ एक वर्ष भित्रका २७ र दुई वर्ष भित्रका चार मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। थुनुवा मुद्दा गत वर्षका आठओटामध्ये सवै फर्स्यौट भएका छन्। यस वर्षको एकओटा मुद्दा फर्स्यौट हुन बाँकी छ। यस जिल्ला अदालतमा देवानी र फौजदारी गरी जम्मा ९३ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

आर्थिक अधिकार

बाँगी गाविस-९ अल्लाटारीका ३७ वर्षीय हुमवहादुर महतले सुराकी गरेको आरोपमा ०६१ माघ १८ गते माओवादीले उनको पसल कब्जा गरी तालावन्दी गरे।

धारापानी गाविस-७ ठूलाखर्कका ७० वर्षीय रुमानसिं पाण्डेको छोराहरू प्रहरीमा रहेको र जागीर नछाडेको आरोपमा ०६२ वैशाख १९ गते माओवादीले सम्पत्ति कब्जाको घोषणा गरी तालावन्दी गरे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

अर्घा गाविस-४ रासीचौरका १६ वर्षीय प्रभा रायमाझी माओवादी भएको आरोपमा ०६१ फागुन ९ गते सन्धिखर्कवाट गएको सुरक्षाकर्मीले उनलाई धनचौर गाविस-८ पाकुवाट गिरफ्तार गरे। पीडितलाई १५ दिनपछि म्यालपोखरी व्यारेकवाट रिहा गरियो।

अर्घा गाविस-४ का १७ वर्षीय यागेन्द्र चौहान र १६ वर्षीय गिरवहादुर विक माओवादी भएको आरोपमा ०६१ फागुन १० गते सुरक्षाकर्मीले उनीहरूलाई बाँगी गाविस-५

आरुखोरबाट गिरफ्तार गरे। साथै सोही दिन खनदह गाविस-८ का विष्णु खनाल र अर्घा गाविस-४ का रामबहादुर थापालाई अर्घा गाविस-४ बाट गिरफ्तार गरे। पीडित विष्णु खनाल र रामबहादुर थापालाई भोलिपल्ट रिहा गरे। गिरबहादुर विक र योगेन्द्र चौहानलाई पाँच महिनापछि रिहा गरे।

सल्यान जिल्ला कोटगाउँ गाविस-५ नाउलेका १८ वर्षीय मनकला चन्द विक, मैदान गाविस-९ वरथानकी १६ वर्षीय गोमा घिमिरे, खिदिम गाविस-३ साजन वुटाकी १७ वर्षीय राधा विक, बाँगी गाविस-५ आल्सामारीकी १५ वर्षीय शारदा खड्का, पणेना गाविस-३ का २७ वर्षीय भीष्म अर्याल माओवादी भएको आरोपमा ०६२ वैशाख १४ गते ठाडा इलाका प्रहरी कार्यालयबाट गएको सुरक्षाकर्मीले उनीहरूलाई मैदान गाविस-९ नेटापोखराबाट गिरफ्तार गरे। पीडितमध्ये भीष्म अर्याललाई पाँच दिनपछि रिहा गरे भने गोमा घिमिरे र शारदा खड्कालाई अदालतको आदेशमा ०६२ भदौ ७ गते कपिलवस्तु जिल्लाको तौलिहवा कारागारबाट रिहा गरे। राधा विकलाई सर्वोच्च अदालतको आदेशमा ०६२ कार्तिक ८ गते रिहा गरे।

मैदान गाविस-३ मयरथुपका २६ वर्षीय जीवन घिमिरे, सुवर्णखाल गाविस-९ की २० वर्षीय जोगमाया सारू, स्याङ्जा जिल्ला फेदीखोला गाविस-३ देउरालीका २३ वर्षीय सन्तोष विक, रोल्पा जिल्ला घर भएका ठेगाना नखुलेका विचार भनिने व्यक्तिहरू माओवादी भएको आरोपमा ०६२ वैशाख २१ गते सुरक्षाकर्मीले उनीहरूलाई मैदान गाविस-९ बाट गिरफ्तार गरे। पीडितहरूमध्ये जीवन घिमिरे र जोगमाया सारूलाई तीन महिनापछि तौलिहवा कारागारबाट रिहा गरे भने अरू तौलिहवा कारागारमा नै छन्।

पाली गाविस-६ वरपोखराकी १५ वर्षीय गीता नेपाली, रुकुम जिल्ला झुला गाविस-६ फेरा घर भई अर्घाखाँची माओवादी पार्टीमा कार्यरत रस्मिला भनिने १८ वर्षीय तारा बुढामगर माओवादी भएको आरोपमा ०६२ वैशाख २७ गते सन्धिखर्कबाट गएको सुरक्षाकर्मीले उनीहरूलाई खन गाविस-१ लुटीपोखरीबाट गिरफ्तार गरे। पीडित गीता नेपाली सर्वोच्च अदालतको आदेशमा ०६२ कार्तिक ८ गते रिहा भईन् भने तारा बुढामगर कपिलवस्तु कारागारमा छिन्।

सुरक्षाकर्मीद्वारा माओवादी आरोपमा गिरफ्तार गरिएकी राधा विक

सिमलपानी गाविस-१ बढेनीका माओवादी जनसरकार उपप्रमुख ३२ वर्षीय धनबहादुर पुनलाई ०६२ जेठ १६ गते ठाडाबाट गएको सुरक्षाकर्मीले आफ्नै घरबाट गिरफ्तार गरे। उनले सुरक्षाकर्मीसमक्ष आत्मसमर्पण गरे पछि

सुराकीको आरोपमा माओवादीद्वारा हत्या गरिएका यज्ञप्रसाद बेल्वासे

सुरक्षा समितिको निर्णयअनुसार इन्सेक प्रतिनिधिको रोहबरमा ०६२ जेठ २० गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

अड्गुरी गाविस-६ भज्याङ्गका २६ वर्षीय कृष्णप्रसाद भट्टराईलाई माओवादीको आरोपमा ०६२ जेठ २० गते गस्तीमा गएको सुरक्षाकर्मीले अड्गुरी गाविस-१ घुम्तीबाट गिरफ्तार गरी जेठ २१ गते तारेखमा सन्धिखर्कबाट रिहा गरे।

सिमलपानी गाविस-४ का ३८ वर्षीय डालीराम विष्ट, सोही गाउँका कमान सिंह विक र डिलबहादुर सूर्यवंशीलाई माओवादीको अरोपमा ०६२ असार २३ गते ठाडाबाट गएको सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू हाल रुपन्देहीको भैरहवा कारागारमा छन्।

सिमलपानी गाविस-९ का माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख २८ वर्षीय कृष्णबहादुर दर्लामी, सोही ठाउँका २१ वर्षीय आशा ठेडीमगर र दाङ जिल्ला गोवर्डिहा गाविस-१ घर भई अर्घाखाँचीमा कार्यरत कल्पना भनिने शर्मिला कुमाल माओवादी भएको आरोपमा ०६२ असोज १४ गते इलाका प्रहरी कार्यालय ठाडाबाट गएको सुरक्षाकर्मीले उनीहरूलाई सिमलपानी गाविस-९ सुखौराबाट गिरफ्तार गरे। हाल उनीहरूलाई रुपन्देहीको भैरहवा कारागारमा राखिएको छ।

बालअधिकार

पोखराथोक गाविस-१ स्थित हरिहर उच्च माविमा ०६२ कार्तिक २२ गते माओवादीले विद्यालय प्रशासनले आय-व्यय विवरण दिन नसकेको आरोपमा प्रशासन र लेखा कक्षामा तालाबन्दी गरे। प्रशासन कक्षको ताला एक महिनापछि खोले।

विविध

संरचना सम्पत्ति क्षति

सन्धिखर्क आक्रमण गर्ने उद्देश्यका साथ आएका माओवादीहरूले ०६१ फागुन २० गते राति सदरमुकामस्थित सम्पूर्ण कार्यालय आगो

लगाई ध्वस्त बनाए। सन्धिखर्कस्थित गोरखदल गुल्मलाई माओवादीले चारैतिरबाट घेरी आक्रमण गरेका थिए भने अर्को टोलीले सबै सरकारी कार्यालयमा आगो लगाउँदै हिँडेका थिए। आगलागीबाट सदरमुकाममा विद्युतको कार्यालय रहेको गुणनिधि भुसालको पाँचतल्ले घर पूर्णरुपमा क्षति भएको छ भने मालपोत, नापी, घरेलु, अदालत, वन कार्यालय, सभागृह, जिल्ला प्रहरी कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालय, भूसंरक्षण कार्यालय पूर्णरुपमा क्षति भए। सिञ्चाइ, जिविस, प्रशासन, कृषि विकास बैंक, वाणिज्य बैंक पनि क्षतिग्रस्त भए। खानेपानी र शिक्षा कार्यालय सामान्य क्षति भयो।

सन्धिखर्क गाविस-९, शखेटारी घर भएका रापप्रपा जिल्ला अध्यक्ष तथा सरकारद्वारा गठित जिल्ला अनुगमन समितिका अध्यक्ष ३६ वर्षीय खेमराज भुसालको घरमा ०६२ जेठ ५ गते साँझ माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

३.१२ गुल्मी



जनसंख्या	: ३०९६७९
साक्षरता प्रतिशत	: ५७.४८
महिला साक्षरता प्रतिशत	: ५४.५
क्षेत्रफल (वर्ग कि. मि.)	: ११४९
गाविस /नपा संख्या	: ७९/ ०
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ५४५
क्याम्पस /उच्च मावि	: २/ १६
अस्पताल /स्वास्थ्य चौकी	: १/ १६
टेलिफोन लाइन	: १८४
मोटर सडक (कि. मि.)	: ५१
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ७२
मानव विकास सूचकांक	: ०.४६७
प्रति परिवार सरदर संख्या	: ५.२३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

रोल्पा जिल्ला घर भई गुल्मीमा कार्यरत माओवादी एरिया नं. ८ का सदस्य ४३ वर्षीय घर्षण भनिने धनबहादुर ओलीलाई ०६१ फागुन १७ गते दिउँसो बडागाउँ गाविस-५ को निर्दीखोलामा शाही नेपाली सेनासँग जम्काभेट हुँदा सेनाले गोली हानी हत्या गरे। सेनाले उनको साथमा रहेका सकेटबम एकओटा, डेटोनेटर एकओटा, चन्दा सहयोग रसिद तीनओटा, वर्ग किटान गरिएको चन्दादाताको नामावली, पाँच हजारदेखि दुईलाख रुपैयाँसम्म चन्दा असुल गरेको रसिदको अधकट्टी बरामद गरेको थियो। उनको लास घटनास्थलमै सेनाले खाल्डो खनी गाडिदियो।

रुकुम जिल्ला रुघा गाविस-१ घर भई गुल्मी जिल्लामा कार्यरत सिर्जे कान्छा भनिने माओवादी एरिया सेक्रेटरी २४ वर्षीय सुनिल ओलीलाई ०६१ चैत ९ गते बिहान ईश्मारजस्थल गाविस-१ हुलाकेमा भैरवप्रसाद गुल्मबाट गएको सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उनको लास घटनास्थलमै सेनाले पुरेर छाडेको थियो।

बस्तु गाविस-१ निवासी माओवादी कार्यकर्ता ३८ वर्षीय जेदराम भण्डारीलाई ०६१ चैत ९ गते दिउँसो अर्जे गाविस-३ को ठाँटीमा भैरवप्रसाद गुल्म तम्घासबाट गएका सुरक्षाकर्मीले गोली हानी हत्या गरे। उनको लास तीन दिनसम्म घटनास्थलमै रहेपछि माओवादीले स्थानीय जनतालाई अन्तिम संस्कार गर्न लगाएका थिए।

आपचौर गाविस-६ को इन्द्रेगौँडामा ०६२ पुस २ गते राति सुरक्षाकर्मीले २३ वर्षीय रचना केसी नाम गरेकी एक माओवादी छापामारको गोली हानी हत्या गऱ्यो। यस घटनामा सेनाले दोहोरो भिडन्त भएको बताए पनि माओवादी पक्षले भिडन्त नभई सेनाले तीनतिरबाट घेरामा पारी गोली चलाएको जनायो।

माओवादीबाट

हवाइदी गाविस-३ निवासी मरनडाँडा प्रा.वि.का शिक्षक ४० वर्षीय दधिलाल घिमिरेले माओवादीको प्रतिकार गरेको आरोपमा ०६१ माघ ८ गते माओवादीले उनको हत्या गरे। उनलाई माओवादीले ०६१ माघ ७ गते राति घरबाट अपहरण गरी अज्ञात स्थलतर्फ लगेकोमा ०६१ माघ ९ गते उनको घरमा आएर परिवारलाई जिल्ला पार्टीको निर्णय अनुसार भौतिक सफाया गरिएको जानकारी गराए। मानवअधिकारकर्मीहरूले उनको लास परिवारलाई उपलब्ध गराउन माओवादी पक्षसँग आग्रह गर्दा अन्य जिल्लामा भएकोले उपलब्ध गराउन नसकिने कुरा जनाए।

दोहोली गाविस-७ चैयाँका ३८ वर्षीय डम्बरबहादुर बस्नेतले सुराकी गरेको आरोपमा ०६१ चैत २४ गते राति ३ ४ जनाको संख्यामा आएका माओवादीले "हामी शाही सेनाका मान्छे हौं, पौदीअमराई जाने बाटो देखाई दिनुहोस्" भनी घरबाट नुनथला भन्ने बाटोमा पुऱ्याई उनको हत्या गरे। माओवादीले उनको दायाँ काँध, कन्चट, हातका पाखुरा, टाउको र घाँटीमा खुकुरीले काटेका थिए। पीडितको लासको भोलिपल्ट सुरक्षाकर्मी र स्थानीय जनताले दाहसंस्कार गरे।

विशुखर्क गाविस-५ का पूर्व गाविस अध्यक्ष ६० वर्षीय जीतबहादुर श्रीस मगरलाई ०६२ असार १६ गते राति माओवादीले घरबाट अपहरण गरी शान्तिपुर गाविस-१ को चाकाबारीमा पुऱ्याई दाहिने खुट्टाको तिघ्रामा धारिलो हतियार प्रहार गरी हत्या गरे। पीडितको लासलाई गाउँले र घरपरिवारले ०६२ असार १७ गते दाहसंस्कार गरेका थिए।

ओखलढुङ्गा जिल्ला घर भई गुल्मी ईश्मा सुरक्षा बेसक्याम्पमा कार्यरत सैनिक जवान ३० वर्षीय मानबहादुर दर्जीको ०६२ साउन १६ गते बिहान गस्तीमा जाँदै गर्दा ईश्मारजस्थल गाविस-८ बेसक्याम्प नजिकै माओवादीले राखेको विद्युतीय धरापमा परी घटनास्थलमै मृत्यु भयो। पीडितको लास हेलिकप्टरबाट सम्बन्धित जिल्लामा पठाइएको थियो।

विशुखर्क गाविस-८ भञ्ज्याङकी ३७ वर्षीय पदमा सुवेदीको ०६२ कार्तिक १२ गते साँझ छिमेकी कमल सुवेदीको घरमा माओवादी कार्यकर्ताले राखेको बन्दुक पड्कन गई मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

वडागाउँ गाविस-६ स्थित पृथ्वी मा.वि., मुसिकोट मैदानको प्राङ्गणमा शारीरिक व्यायाम गरिरहेका सोही विद्यालयमा कक्षा ७ मा अध्ययनरत वडागाउँ गाविस-६ का १२ वर्षीय सुजन थापा, सोही ठाउँका कक्षा ८ मा अध्ययनरत १३ वर्षीय सुदीप सिंह, १५ वर्षीय सागर सिंह, १३ वर्षीय सुमन घिमिरे, १४ वर्षीय सुनिल सुनार, कक्षा १० मा अध्ययनरत सोही गाविस-३ का १७ वर्षीय कृष्ण बमरेल, १७ वर्षीय रमेश वगाले, १६ वर्षीय गौतम कुँवर, १७ वर्षीय नरबहादुर तनामी, १७ वर्षीय इन्द्रबहादुर वगाले र सोही गाविस-४ का १६ वर्षीय मेघबहादुर घिमिरेसहित ११ जना विद्यार्थीहरूलाई लक्षित गरी संयुक्त सुरक्षा बेसक्याम्प, वामीटक्सारबाट गस्तीमा सुरक्षाकर्मीले ०६२ मंसिर २० गते बिहान गोली चलाउँदा विद्यार्थीहरू दायाँ बायाँ भागेर बाँच्न सफल भए। सुरक्षाकर्मीले निरन्तर गोली चलाइरहेकै अवस्थामा सोही ठाउँकी राधिका सिंहले घरबाहिर निस्केर हात खडा गरी यी विद्यार्थीहरू हाम्रा छोराहरू हुन्, यिनीहरू सधैं बिहानमा यहाँ आएर व्यायाम गर्ने गर्दछन्, गोली नचलाउनुहोस् भनेपछि सुरक्षाकर्मीले गोली चलाउन रोकेका थिए। सुरक्षाकर्मीले चलाएको गोली लागेर पृथ्वी मावि भवनको भित्तामा दुई ठाउँ र स्थानीय पार्वती जि.सी.को घरको भित्तामा तीन ठाउमा प्वाल परेको छ।

माओवादीबाट

सिन्धुपाल्चोक जिल्ला घर भई भैरवप्रसाद गणमा कार्यरत सैनिक जवान २० वर्षीय नरबहादुर नगरकोटी र काभ्रेपलाञ्चोक जिल्ला घर भई सोही गणमा कार्यरत सैनिक जवान १९ वर्षीय विक्रम शाही ०६२ साउन १३ गते बिहान तम्घास गाविस-३ देउरालीको सुरक्षा चेकपोष्टमा माओवादीले राखेको टाइमबम विस्फोट हुँदा घाइते भए। उनीहरू बिहान ७ बजे पोष्टमा पुग्नासाथ बम विस्फोट भएको थियो। घाइते दुवैजनालाई तम्घास अस्पतालमा सामान्य उपचार गराई काठमाडौं पठाइयो।

जेल र बन्दीहरू

२५ जना बन्दीहरूको क्षमता भएको तम्घास जेलमा हाल कैद तोकिएका १९ पुरूष र दुई महिलासहित २१ जना र कैद नतोकिएका दुईजना पुरूष गरी जम्मा २३ जना बन्दीहरू छन्। जसमध्ये कर्तव्य ज्यानका १८, डाँकाचोरीका दुई, जवर्जस्ती करणी, नकावजनी चोरी र आगलागीका एक एकजना रहेका छन्। जेलमा राजनीतिक बन्दीहरू छैनन्।

बेपत्ता / अपहरण

माओवादीबाट

जिल्ला शिक्षा कार्यालयका विद्यालय निरीक्षक हस्तिचौर गाविस-८ का ४८ वर्षीय बिनबहादुर गौतम र पशुपति प्रावि दजाकोटका प्रध्यानाध्यापक वडागाउ गाविस-१ का ४१ वर्षीय हरिप्रसाद छन्तेललाई ०६१ पुस २३ गते दिउँसो ३ बजे चारजनाको समूहमा आएका माओवादीले पृथ्वी मावि वडागाउँ गाविस-७ बाट अपहरण गरे। स्रोतकेन्द्र स्तरीय प्रधानाध्यापकहरूको बैठकबाट घरतर्फ फर्कन लागेका पीडितहरूलाई माओवादीले अपहरण गरी ०६१ पुस २५ गते ईश्मारजस्थल गाविसबाट मुक्त गरे। पीडितहरूमध्ये गौतम स्रोतकेन्द्रका स्रोत व्यक्ति र छन्तेल नेकपा (एमाले) इलाका कमिटी-९ का सचिव हुन्।

बस्तु गाविस-८ का २१ वर्षीय राजन भण्डारीलाई पारिवारिक विवादका कारण ०६१ माघ ५ गते माओवादीले घरबाट अपहरण गरी ०६१ माघ ७ गते बाग्ला गाविस-८, द्वानेटाबाट तारेखमा मुक्त गरे।

कोरेङ्ग प्रावि खड्गकोटका प्रधानाध्यापक खड्गकोट गाविस-२ का ५० वर्षीय बालकृष्ण ढकालले भ्रष्टाचार गरेको र माओवादी कार्यकर्तालाई पार्टी परित्याग गर्न लगाएको

आरोपमा ०६१ माघ १३ गते माओवादीले उनलाई घरबाट अपहरण गरे। माओवादीको श्रम शिविरमा रहेका पीडित ढकाल ०६१ फागुन ४ गते माओवादीको कब्जाबाट भागेर हाल पीडित काठमाडौंमा बस्दै आएका छन्।

धुर्कोटरजस्थल गाविस-७ का देवीस्थान प्राथि धुर्कोटका शिक्षक ३४ वर्षीय रामकृष्ण केसीले आफ्नी पत्नीलाई कुटपिट गरेको आरोपमा माओवादीले उनलाई ०६१ माघ १३ गते अपहरण गरी १५ दिनपछि मुक्त गरे।

मरभुङ्ग गाविस-१ सिमलटारी निवासी नेकपा (एमाले) का कार्यकर्ताहरू ४१ वर्षीय टीकाबहादुर जिसी र ४२ वर्षीय सूर्यबहादुर जिसीलाई ०६१ माघ १५ गते माओवादीले राजनीतिक छलफल गर्न भनी घरबाट अपहरण गरी टीकालाई माघ १६ गते र सूर्यलाई माघ १७ गते मुक्त गरे।

हर्राचौर गाविस-५ का ५१ वर्षीय भोजबहादुर थापाले मदिरा सेवन गरेको आरोपमा ०६१ माघ १८ गते माओवादीले उनलाई घरबाट अपहरण गरे। भारतीय सेनाबाट अवकाश प्राप्त थापालाई माओवादीले श्रम शिविरमा राखी एक महिनापछि मुक्त गरे।

जुहाङ्ग गाविस-१ की १७ वर्षीया कमला ढकाललाई ०६१ फागुन ३ गते बिहान पढ्न गएको अवस्थामा माओवादीले चोरकाटे माविबाट अपहरण गरी एक हप्तापछि मुक्त गरे।

दरबारदेवीस्थान गाविस-५, बाफकटेरीका ६१ वर्षीय उमानाथ घिमिरेले सुरकी गरेको आरोपमा ०६१ फागुन १२ गते माओवादीले उनलाई घरबाट अपहरण गरी १८ दिनपछि मुक्त गरे।

धुर्कोटरजस्थल गाविस-९ का ४६ वर्षीय रामप्रसाद पन्थीले सौतेनी आमा फत्ताकुमारी पन्थीलाई मारेर बेपत्ता पारेको आरोपमा माओवादीले उनलाई ०६२ वैशाख १८ गते घरबाटै अपहरण गरे। माओवादीले ०६२ वैशाख २१ गते बाग्लामा आमसभाको आयोजना गरी बिरामी भएका कारण उपचारको लागि आफ्नो निगरानीमा रहने गरी मुक्त गरेका थिए।

डिब्रुङ्ग गाविस-३ का भारतीय भूपू सुबेदार ५२ वर्षीय प्रेम पुनलाई ०६२ वैशाख २० गते बिहान माओवादीले घरबाट अपहरण गरी भार्से गाविसमा आयोजित उनीहरूको कार्यक्रममा सहभागी गराई वैशाख २१ गते मुक्त गरे।

तुराङ्ग गाविसका कार्यालय सहायक तुराङ्ग-१ रामपुर निवासी २८ वर्षीय प्रेम पराजुलीलाई गाविसको काम गरेको भनी ०६२ जेठ १ गते माओवादीले अपहरण गरी ०६२ वैशाख ९ गते मुक्त गरे।

तुराङ्ग गाविस सचिव जुमुङ्ग गाविस-८ का ३६ वर्षीय चिरञ्जीवी गौतमलाई गाविसको कामकाज गरेको आरोपमा ०६२ जेठ ४ गते माओवादीले तुराङ्ग गाविस-१ मजुवाबाट अपहरण गरी बिरामी भएका कारण ०६२ जेठ ९ गते घरमै लगेर मुक्त गरे।

नेपाल राष्ट्रिय सर्वोदय मावि, पौदीअमराईका कक्षा ९ र १० मा अध्ययनरत ९० जना विद्यार्थीहरूलाई ०६२ जेठ ८ गते माओवादीले आफ्नो कार्यक्रममा सहभागी गराउनका लागि विद्यालयबाट अपहरण गरी दुई दिनपछि नेटा गाविसबाट मुक्त गरे।

विशुखर्क गाविस-७ का शारदा मावि डिभ्रुङका प्रधानाध्यापक ४५ वर्षीय चन्द्रकान्त खरेलले विद्यालयको

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	५	५	१	६	५	४	१		५	४	३	१	४
घाइते					१	२			२				
गिरफ्तारी/यातना										२७	३४	८	४२
कुटपिट	४	३	१	४	१०	१५			१५				
धम्की	१		१	१	४	२	२	७३	७७				
जातीय विभेद	१		१	१									
महिलाअधिकार	७		७	७									
बालअधिकार	१		१	१									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					४	३	१		४				
अपहरण					३६	२८३	६	६४०	९२९				
जम्मा	१९	८	१२	२०	६०	३०९	१०	७१३	१०३२	३१	३७	९	४६

रकम हिनामिना गरेको आरोपमा माओवादीले उनलाई ०६२ जेठ १० गते विद्यालयबाट अपहरण गरी २० दिनपछि मुक्त गरे।

तुराङ्ग गाविस सचिव जुभुङ्ग गाविस-८ का ३६ वर्षीय चिरञ्जीवी गौतम र सोही गाविसका कार्यालय सहायक २८ वर्षीय प्रेम पराजुलीलाई ०६२ जेठ १२ गते माओवादीले मजुवाबाट अपहरण गरे। पीडितहरूलाई माओवादीले मानवअधिकारकर्मी र सञ्चारकर्मीको पहल र रोहवरमा ०६२ जेठ १७ गते मुक्त गरे।

पौदीअमराई गाविस-१ अरेवाका पूर्व गाविस अध्यक्ष ५५ वर्षीय हिरा गिरीलाई विकास निर्माणका काममा अनियमितता गरेको आरोपमा ०६२ जेठ १५ गते माओवादीले घरबाट अपहरण गरे। नेकपा (एमाले)का सक्रिय कार्यकर्तासमेत रहेका गिरीलाई माओवादीले बाँसको बेलनाले खुट्टामा बेलेर यातना दिएका कारण उनी ०६२ असार ७ गते माओवादीको कब्जाबाट भागेर अज्ञात ठाउँमा गएर बसेका थिए। हाल उनी आफ्नै घरमा गएर बसेका छन्।

शान्तिपुर, हर्राचौर, ग्वाघा, हरेवा, फोक्सिङ्ग, भुर्तुङ्ग, खड्गकोट र रूपाकोट गाविसका करिब दुईसय ५० जना युवाहरूलाई ०६२ असार १ गते माओवादीले शान्तिपुरमा जम्मा गरी जनमिलिसियाको प्रशिक्षणमा सहभागी गराउन भनी अपहरण गरी ०६२ असार ४ गते जुनियाबाट मुक्त गरे।

पिपलधारा गाविस-८ अँगारका ६५ वर्षीय प्रेमबहादुर खड्काले जनविरोधी क्रियाकलाप गरेको आरोपमा माओवादीले उनलाई ०६२ असार ४ गते अपहरण गरी कबुलियत कागज गराई छोरा अम्बरबहादुर खड्काको जिम्मामा माओवादीको निगरानीमा रहने गरी ०६२ असार ५ गते मुक्त गरे।

नयाँगाउँ गाविस-१ अरौंदीका सोही गाविस सचिव ५३ वर्षीय ठाकुरप्रसाद पोखरेलले गाविसको काम गरेको आरोपमा ०६२ असार ५ गते माओवादीले उनलाई पिपलधारा गाविस-७ बाट अपहरण गरी ०६२ असार ८ गते मुक्त गरे। माओवादीले पीडितको घरमा तालाबन्दी गरी भेट हुन बोलाएकाले भेट गर्न जाँदा त्यहींबाट अपहरण गरेका थिए।

पौदीअमराई गाविस-४ निवासी नेकपा (एमाले) का इलाका सचिव ५६ वर्षीय गोपाल गिरीले मोटरबाटोमा आर्थिक अनियमितता गरेको आरोपमा माओवादीले उनलाई ०६२ असार ६ गते राति घरबाट अपहरण गरी नेटा गाविसको थाममा लगी कुटपिट गरेर रू. ८० हजार दिने सर्तमा भोलिपल्ट मुक्त गरे।

आँपचौर गाविस-६ इन्द्रेगौंडा निवासी नेपाल राष्ट्रिय शिक्षक युनियन गुल्मीका सदस्य ५० वर्षीय नरबहादुर अधिकारीले विद्यालयमा अनियमितता गरेको आरोपमा माओवादीले उनलाई ०६२ असार १४ गते विद्यालयबाट

माओवादीद्वारा हत्या गरिएका डम्बरबहादुर बस्नेत

अपहरण गरी पाँच दिनपछि मुक्त गरे। नेपाल शिक्षक युनियन, गुल्मीले उनको सकुशल रिहाइका लागि विज्ञप्ति प्रकाशन गरेको थियो।

भनभने गाविस-५ का ४५ वर्षीय टीकाराम पन्थीले सरसफाई कार्यक्रमको अध्यक्ष भई आर्थिक अनियमितता गरेको आरोपमा माओवादीले उनलाई ०६२ असार २३ गते घरबाट अपहरण गरी हरहिसाब बुझाउने सर्तमा छदिनपछि मुक्त गरे।

डिभुङ्ग गाविस-६ का ५५ वर्षीय केशव अर्याल र शारदा माविका प्रधानाध्यापक विशुखर्क गाविस-७ का ४५ वर्षीय चन्द्रकान्त खरेललाई विद्यालयको रकम हिनामिना गरेको आरोपमा ०६२ असार २५ गते माओवादीले उनलाई विद्यालयबाट अपहरण गरे। माओवादीले केशवलाई भोलिपल्ट र चन्द्रकान्तलाई प्रधानाध्यापकबाट राजिनामा गर्ने सर्तमा चार दिनपछि मुक्त गरेका थिए। चन्द्रकान्त खरेलले ०६२ साउन १ गते जिल्ला शिक्षा कार्यालयमा आई प्रधानाध्यापकबाट राजिनामा गरे।

गैंडाकोट गाविस-१ नवलपरासी घर भई जिल्ला प्रहरी कार्यालय, गुल्मीका लेखापाल ४३ वर्षीय अम्बिका भण्डारीलाई ०६२ असार २६ गते माओवादीले बसमा घरतर्फ जाँदै गर्दा थानपति गाविस-४ बाट अपहरण गरी सोही दिन पाल्पा जिल्लाको बतासे डाँडाबाट मुक्त गरे।

दोहली गाविस-७ की १६ वर्षीय माया श्रीस र दर्लिङ गाविस-४ दुनामकी १८ वर्षीय हिमा विकलाई ०६२ साउन ३ गते माओवादी कार्यकर्ता चन्द्रबहादुर घर्ती र मेहर सिंहले घरबाटै अपहरण गरे। पीडितहरू ०६२ कार्तिक ९ गते दर्लिङ गाविस-९ को पासे भन्ने ठाउँबाट भागेर सदरमुकाम तम्घासमा आई होटलमा काम गरेर बसेका छन्।

अर्बेनी गाविस-४ का १८ वर्षीय जीतबहादुर विकलाई उनका दाजुहरू भारतीय सैनिकमा भएको र चन्दा नदिएको आरोपमा ०६२ साउन ८ गते माओवादीले घरबाट अपहरण गरे। उनलाई यो वर्षको अन्तसम्म मुक्त गरिएको छैन्।

आँपचौर गाविस-६ निवासी नेपाल राष्ट्रिय इन्द्रेगौडाका प्रधानाध्यापक ५० वर्षीय नरबहादुर अधिकारीले विद्यालयलाई दिन भनी लिखत गरिदिएको जग्गा नदिएको

आरोपमा माओवादीले उनलाई ०६२ साउन ११ गते विद्यालयबाट दोस्रो पटक अपहरण गरे। पीडितलाई सो जग्गा विद्यालयलाई उपलब्ध गराउने सर्तमा १० दिनपछि विशुखर्क गाविस-३ को वलिवाङवाट मुक्त गरे।

धुर्कोट गाविस-९ चौर घर भई दीपक मावि भनभनेमा कक्षा १० मा अध्ययनरत १६ वर्षीय सरीता भण्डारी र १५ वर्षीय कमला भण्डारीलाई ०६२ साउन २० गते माओवादीले घरवाट अपहरण गरी माओवादी कार्यकर्ता बन्नका लागि दबाव दिए। उनीहरू ०६२ भदौ २० गते भागेर घरमा आएका थिए।

म्यालपोखरी गाविस-५ का पूर्व प्रहरी (असई) ५१ वर्षीय कृष्णवहादुर कुँवरले प्रहरी र सेनामा भर्ती भएका छिमेकीहरूबाट चन्दा नउठाएको, मासिक एक हजार लेवी नतिरेको, छोरीलाई माओवादीबाट छुटाएको र माओवादीको सुराकी गरेको आरोपमा म्यालपोखरी गाविसका माओवादी गाजस प्रमुखको नेतृत्वमा आएको एक समूहले उनलाई ०६२ साउन ३२ गते अपहरण गरे। आफूलाई माओवादीले मलायगिरी, बाँझकटेरी, अग्लुङ, अर्खवाङ र सिर्सेनी गाविसहरूमा श्रम शिविरमा राखी कुटपिटसमेत गरेको र ०६२ भदौ ११ गते सिर्सेनी गाविसको फेंदीबाट भागेर जिल्ला सदरमुकाम आई हालसम्म विस्थापित भई बसेको बताएका छन्। साथै पीडितले ०६२ पुस ११ गते इन्सेक मानवअधिकार वर्ष पुस्तक प्रतिनिधिको कार्यालयमा आई आफूलाई घर फर्किने वातावरण मिलाई दिनका लागि अपिल गरेका छन्।

अमरअर्वाथोक गाविस-२ गैरीपोखराका ४१ वर्षीय हुपबहादुर तङनामी मगरले जेठी पत्नीलाई अंश नदिएको आरोपमा माओवादीले उनलाई ०६२ साउन ३० गते घरबाट अपहरण गरी अंश दिने सर्तमा सोही दिन मुक्त गरे।

धुर्कोटरजस्थल गाविस-७ घर भई हिमालय उच्च मावि वस्तुमा अध्ययनरत १५ वर्षीय कमल कार्कीलाई ०६२ भदौ ८ गते माओवादीले घरबाट स्कूलतर्फ जान लाग्दा अपहरण गरे। पीडितलाई तीन महिनासम्म माओवादीको विद्यार्थी अभियानमा सामेल गराई मुक्त गरे।

रून्खादह उच्च मावि वीरवासबाट माओवादीले ०६२ भदौ १३ गते विहान विद्यालयमा प्राथना गरिरहेको अवस्थामा कक्षा ९ र १० का करिव दुईसयजना विद्यार्थीहरूलाई आफ्नो कार्यक्रममा सहभागी वनाउन अपहरण गरी पूर्वतर्फ लगेर भदौ १४ गते मुक्त गरे।

दीपक मावि भनभनेमा कक्षा १० मा अध्ययनरत धुर्कोट गाविस-९ की १५ वर्षीय कमला भण्डारीलाई माओवादी कार्यकर्ता वन्न मञ्जुर नभएको आरोपमा ०६२ भदौ ३० गते माओवादीले पुन: घरवाट अपहरण गरी हालसम्म मुक्त गरेका छैनन्।

खड्गकोट गाविस-४ घर भई देउराली मावि खड्गकोटका प्रधानाध्यापक ४२ वर्षीय कृष्ण ज्ञवालीले चन्दा नदिएको आरोपमा माओवादीले उनलाई ०६२ कार्तिक २ गते उनकै घरबाट अपहरण गरी कार्तिक ५ गते मुक्त गरे।

बिसुखर्क गाविस-८ का १८ वर्षीय कमल सुवेदी सहित शान्तिपुर, विसुखर्क, टुराङ, दिब्रुङ र आँपचौरका ३५० जना युवाहरूलाई ०६२ कार्तिक १० गते माओवादीले घरैबाट अपहरण गरी दिभ्रुङ गाविस-४ को लामदासीमा लगी सुरुङ खन्ने काममा लगाए। उनीहरूलाई ०६२ कार्तिक १२ गते साँझ मात्र मुक्त गरिएको थियो। पीडित कमल घरमा आइपुग्दा माओवादीको गोली लागी आमाको मृत्यु भएको थियो।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

मुसिकोट गाविस-५ का २९ वर्षीय मदन जि.सी.ले सुराकी गरेको र माओवादीलाई चन्दा नदिएको आरोपमा ०६१ पुस १७ गते माओवादी गाजस प्रमुख अर्जुन भनिने बोमबहादुर कार्कीले मुसिकोट गाविस-५ निस्दी खोलामा उनलाई नाम्लाले बाँधेर सालको लाठाले टाउको, छाती र पेटमा हानी घाइते वनाए। उनको तम्घास अस्पतालमा प्राथमिक उपचार गरेर काठमाडौंमा उपचार गरिएको थियो।

अर्खले गाविस-५ का ६६ वर्षीय मानवहादुर थापा राजा ज्ञानेन्द्रको अभिनन्दन समारोह समितिमा वसेको आरोपमा ०६१ पुस २६ गते राती तीन जनाको संख्यामा आएका माओवादीले उनलाई घर वाहिर निकाली लट्ठीले हिर्काउने काम गरे। उनको देब्रे खुट्टा भाँचिएको र देब्रे हातमा चोट लागेको थियो। पीडितलाई तम्घासमा प्राथमिक उपचार गरी थप उपचारका लागि काठमाडौं लगियो।

माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका शम्भु ज्ञवाली

उपस्वास्थ्य चौकी दर्लिङ्का पियन ह्वाङ्दी गाविस-३ निवासी ४२ वर्षीय भीमलाल घिमिरेले प्रतिकार गरेको आरोपमा ०६१ पुस २८ गते माओवादीले उनलाई दर्लिङ गाविस-७ को उपस्वास्थ्य चौकी नजिक लगेर कुटपिट गरे। कुटपिटका कारण उनको दाहिने घुँडा भाँचिएको छ। घाइते भीमलाल घस्रँदै घस्रँदै घरमा आएर उपचार गर्न लैजान भन्दा माओवादीको

डरका कारण छिमेकीहरूले नमानेकाले उनी ०६१ माघ २३ गते मात्र घस्रेर मोटरबाटो भएको ठाउँ घमिरमा पुगी गाडीमा चढेर जिल्ला अस्पताल तम्घासमा आई उपचार गराए।

ह्वाङ्दी गाविस-६ का २५ वर्षीय गोविन्द खड्का, उनकी पत्नी २१ वर्षीय नर्मदा खड्का, ६२ वर्षीय धनबहादुर खड्का, सोही गाविस-४ का ५१ वर्षीय बोमबहादुर घर्ती र सोही गाविस-३ का ४५ वर्षीय जाले विक र ४८ वर्षीय काले विक प्रतिकार समितिमा वसेको आरोपमा ०६१ माघ २ गते माओवादीले उनीहरूलाई घरबाट अर्खवाङ्ग गाविसमा पुऱ्याई कुटपिट गरे। पीडितका अनुसार उनीहरूलाई माओवादीले खुट्टामा बाँसको घारो राखेर बेलेका थिए।

दरबारदेवीस्थान गाविस-५ बाँझाबारीका ६१ वर्षीय उमानाथ घिमिरेले सुराकी गरेको आरोपमा ०६१ फागुन ३ गते माओवादीले उनलाई घरबाट समातेर ईश्वरी माविमा लगी कुटपिट गरी मार्ने धम्की दिए। माओवादीले उनलाई मार्ने धम्की दिँदा उक्त माविका शिक्षक तथा स्थानीय जनताले नगर्न अनुरोध गरेपछि सोही दिन मुक्त गरे।

पौंदीअमराई गाविस-१ की ५५ वर्षीय कमला गिरी र उनकी सौता बहिनी ४९ वर्षीय सुमित्रा गिरीले ०६२ असार २५ गतेसम्म उनीहरूले पति हिरा गिरीलाई उपस्थित नगराए एक लाख ७० हजार नगद बुझाउनु पर्ने, रकम र मान्छे दुवै नबुझाएमा घरमा ताला लगाउने भनी ०६२ असार २० गते घरमा आएका माओवादीले धम्की दिएर घरमा सूचना टाँस गरे। माओवादीबाट अपहरित उनीहरूका पति हिरा गिरी माओवादीको कब्जावाट केही समय पहिले भागेका थिए।

दरबारदेवीस्थान गाविस-६ का ४१ वर्षीय अशोक श्रेष्ठ जिल्ला विकास समितिको उपसभापति पदमा मनोनित भएको कारण ०६२ भदौ २० गते माओवादीले दरबार देवीस्थानमा उनको नाममा रहेको टेलिफोन र सोही ठाउँमा उनकी आमाको नाममा सञ्चालित पूर्णिमा प्राविलाई बन्द गराए। साथै माओवादीले सोही गाविसको ईश्वरी माविमा निर्माण भइरहेको कम्पाउण्ड वालको निर्माण कार्य पनि रोके। माओवादी धम्कीका कारण बन्द भएको पूर्णिमा प्राविलाई सञ्चालक समितिले १० दिनपछि ताला खोली सञ्चालन गरेका छन् भने टेलिफोन र कम्पाउण्ड निर्माणकार्य लामो समय बन्द रहेको थियो।

दोहली गाविस-७ का ५२ वर्षीय धनबहादुर वस्नेत ०६२ असोज ४ गते इन्सेक मानवअधिकार वर्ष पुस्तक प्रतिनिधिको कार्यालयमा आई आफूलाई घर फर्केर शान्तिपूर्वक जीवन यापन गर्न पाउने वातावरणका लागि अपिल गरे। पीडितका अनुसार ०६१ चैत १९ गते उनको घरमा आएको एक माओवादीले चन्दा नदिएको आरोपमा ज्यान मार्ने धम्की दिएका थिए। उनको छोरा डम्बरबहादुर वस्नेत नेपाल सशस्त्र प्रहरी बल गोरखामा कार्यरत रहँदा माओवादीसँगको भिडन्तमा मृत्यु भएकाले क्षतिपूर्तिबापत् पाएको रकममध्ये रू. १ लाख माओवादीले चन्दा मागेका थिए। माओवादी धम्कीका कारण आफू चार महिनासम्म सुरक्षा बेसक्याम्पमा वसेको र आठजना परिवार पनि विस्थापित भएर आफन्तकोमा वस्नु परेको उनले बताए।

दोहली गाविसका निवर्तमान उपाध्यक्ष दोहली गाविस-६ का ७३ वर्षीय क्याप्टेन विनबहादुर थापा ०६२ असोज ४ गते काठमाडौंबाट तम्घास आई इन्सेक प्रतिनिधिको कार्यालयमा आफूलाई घर फर्केर शान्तिपूर्वक जीवन यापन गर्न पाउने वातावरणका लागि अपिल गरेका थिए। पीडितका अनुसार ०६२ वैशाख १ गते दुईसय जनाको समूहमा आएका माओवादीले उनलाई छोराहरू शाही सेनाबाट नछुटाएको आरोपमा घरमा भएका सम्पूर्ण सामनहरू लुटी घरमा वम विस्फोट गराएका थिए। त्यसपछि उनका २१ जना परिवारहरू विस्थापित भई १४ जना काठमाडौंमा, चार जना तम्घासमा र तीन जना गाउँमा रहेका छन्।

ठूलोलुम्पेक गाविस-७ निवासी जनमोर्चा नेपालका जिल्ला सदस्य ३३ वर्षीय गोपीराम थापालाई ०६२ असोज २७ गते फोक्सिङ गाविसको लितुङकोटमा माओवादी एरिया स्तरका कलाकार राजुको नेतृत्वमा आएका तीन जनाको एक समूहले कुटपिट गरी अपहरण गरे। उनलाई माओवादीले दोस्रो पटक कुटपिट गरी अपहरण गरेका हुन्। उनले सो ठाउँमा दशैं मेला लाग्ने भएकाले व्यापार गर्न गएका थिए। माओवादीले उनलाई मेलावाटै आफ्नो कब्जामा लिएर कुटपिट गरी असोज २८ गते पूर्तिघाट गाविसको जोरपाटीमा लगेर मुक्त गरे।

दिगाम गाविस-६ का ४० वर्षीय शम्भु ज्ञवालीले वोहा प्राविमा लगेर चन्दा नदिएको र माओवादीको विरोध गरेको आरोपमा ०६२ कार्तिक १३ गते विहान माओवादीका तीन जना कार्यकर्ताहरूले घरवाट नजिकैको आँखामा पट्टी र हातहरू डोरीले बाँधेर कुटपिट गरे। पीडितको घरमा आएका सचिन, माइकल र अर्का नचिनिएका माओवादीले उनलाई माओवादी एरिया सेक्रेटरी मुक्ति ज्ञवालीले बोलाएको भनेर स्कूलमा लगी कोठामा थुनेर लात्ती, लाठी र नाइनस्टिकले कुटपिट गरेका थिए। माओवादीले तीन दिन पहिले एक

माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका भिमलाल घिमिरे

माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका मदन जी.सी.

अन्तरक्रिया कार्यक्रममा बोलाएर गणतान्त्रिक मोर्चा बनाउन प्रस्ताव गरेकोमा त्यसलाई अस्वीकार गरेको गरेको कारण आफूलाई आक्रमण गरिएको पीडितले जनाए। पीडित नेकपा (एमाले) का पूर्व जिल्ला कमिटीका सदस्य र नेपाल शिक्षक युनियन, गुल्मीका सदस्य हुन्।

दर्लिङ गाविस-६ का ५३ वर्षीय मुक्तवहादुर घर्ती मगरलाई दुई छोराहरू सेनामा भर्ति भएका कारण ०६२ कार्तिक ८ गते माओवादीले धम्की दिएकाले विस्थापित भई सदरमुकाममा वसेका छन्।

तुराङ गाविस-९ किसिकोटका ५० वर्षीय लालवहादुर बुढाथोकी र सोही ठाउँका ३५ वर्षीय डिलवहादुर गाहा मगरलाई ०६२ कार्तिक २९ गते हतियारसहित ४० ५० जनाको संख्यामा आएका माओवादीले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकाँ गुल्मीको तम्घास क्याम्पस रोडमा रहेको जिल्ला पार्टी कार्यालयमा ०६१ फागुन ७ गते विहानैदेखि प्रहरीले घेराउ गरे। उक्त दिन सो पार्टीका कार्यकर्ताहरू शाही कदमका विरोधमा कार्यक्रम गर्न पार्टी कार्यालयमा भेला हुने तयारी गरेको थाहा पाई प्रहरीहरू कार्यालय घेराउ गर्न पुगेका थिए। कार्यालय घेराउ भएपछि नेकाँका कार्यकर्ताहरूले तम्घास गाविस-१ को भगवती मन्दिरमा गएर कालो झण्डा गाडेर विरोध जनाएका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

गुल्मी जिल्ला अदालतमा एक वर्षभन्दा वढी समयसम्म नछिनिएका मुद्दाहरूको संख्या १५ रहेको छ भने छ महिनाभन्दा वढी समयसम्म नछिनिएका मुद्दाहरूको संख्या ५५ रहेको छ। यस वर्ष ५७ ओटा मुद्दा दर्ता भएकोमा १४ ओटा फर्स्यौट भएका छन्। जिल्ला प्रशासन कार्यालयमा यस वर्ष आवश्यक वस्तु संरक्षण ऐनअन्तर्गत एकओटा मुद्दा दर्ता भई फर्स्यौट भएको छैन। जिल्ला प्रहरी कार्यालयमा ४२ ओटा मुद्दा दर्ता भएकोमा ११ ओटा फर्स्योट भएका छन्। जिल्ला वन कार्यालयमा वन पैदावार हानी नोक्सानीका ०६० सालका दुईओटा मुद्दा र वन क्षेत्र अतिक्रमण सम्वन्धी ०४७ सालदेखिको एक ओटा मुद्दा फर्स्यौट हुन वाँकी रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

माओवादी धम्कीका कारण यस जिल्लाका ७३ जना गाविस सचिवहरूले ०६१ पुस २५ गते जिविसको कार्यालयमार्फत् स्थानीय विकास मन्त्रालयमा राजिनामा पठाए। राजिनामा दिनु पूर्व उनीहरूले ०६१ पुस ४ गते पत्रकार सम्मेलनको आयोजना गरी गाउँमा गएर काम गरेर खान र वाँच्न पाउने वातावरण मिलाई दिनका लागि मानवअधिकारकर्मी, राजनीतिक दल र पत्रकारहरूसमक्ष अपिल गरेका थिए। राजिनामा नगरे कारवाही गर्ने माओवादीले अल्टिमेटम दिएपछि उनीहरूले संयुक्त राजिनामा दिएकोमा एक महिनापछि मन्त्रालयवाट काम नगरे कारवाही गर्ने निर्देशन दिइएपश्चात उनीहरू जिल्ला विकास समितिको कार्यालयमा हाजिर भई कामकाज गर्न थाले।

वाग्ला गाविस-८ द्रानेटाका ५२ वर्षीय रामलाल श्रेष्ठको घरमा रहेकी वृद्ध आमालाई सामन्त भएको आरोपमा ०६१ पुस २८ गते माओवादीले घर वाहिर निकाली ताला लगाइदिए। माओवादीले परिवारसहित बुटवलमा रहेका रामलालको घर आफ्नो कव्जामा रहेको वताए।

पौदीअमराई गाविस-४ सिवालयटोलका ५० वर्षीय गोपाल गिरीको घरमा ०६१ फागुन ६ गते माओवादीले वोलाएको समयमा उपस्थित नभएको आरोपमा तालावन्दी गरे। उक्त समयमा पीडित गिरी काठमाडौंमा रहेका थिए। घरमा तालावन्दी भएपछि उनकी पत्नी, छोरा र बुहारीहरू छिमेकी वाग्लुङ जिल्लामा डेरा गरी वसेका थिए। नेकपा (एमाले) का इलाका सचिव रहेका पीडित माओवादीसमक्ष उपस्थित भएपछि ०६२ जेठ ८ गते माओवादीले घरको ताला खोलिदिए।

भार्से गाविस-३ निवासी पूर्व प्रतिनिधि सभा सदस्य ४९ वर्षीय झगवहादुर पुनका घरमा उनका भाइ प्रहरी अधिकृत भएको आरोपमा ०६१ फागुन १० गते माओवादीले तालावन्दी गरे। नेकाँका जिल्ला सदस्य रहेका पीडित र उनको परिवार काठमाडौंमा रहेका र त्यस घरमा रहेकी उनकी दिदीलाई सोही घरको एउटा कोठामा वस्न दिएर माओवादीले घरमा तालावन्दी गरेका थिए। पीडितका भाईले प्रहरी अधिकृतवाट राजीनामा दिएपछि मात्र माओवादीले उनको घरको ताला खोलिदिएका थिए।

अग्लुङ्ग गाविस-३ का ६५ वर्षीय बैकुण्ठबहादुर चन्दको घरमा ०६१ चैत २१ गते साँझ १५/१६ जनाको समूहमा आएका माओवादीले उक्त घरको रेखदेख गर्न बसेका सोही ठाउँका ५० वर्षीय कृष्णबहादुर बोहरालाई घरबाट निकाली सम्पूर्ण लत्ताकपडा, खाद्यान्न र भाँडाकुँडाहरू लिएर गए। साथै उनीहरूले अर्को दिन बिहान आएर गोठमा रहेका चारओटा भैंसीसमेत लगे। पटक/पटक जिल्ला पञ्चायतको सभापति र राष्ट्रिय पञ्चायतको सदस्य समेत भइसकेका पीडित राजपरिषद् सदस्य हुन्। त्यतिबेला उनी काठमाडौंमा थिए।

नयाँगाउँ गाविसका सचिव नयाँगाउँ गाविस-१ अरौंदीका ५३ वर्षीय ठाकुरप्रसाद पोखरेलको घरमा ०६२ असार ४ गते साँझ माओवादी देखेर भागेको आरोपमा माओवादीले तालाबन्दी गरी गाउँलेलाई पोखरेल आएपछि उनीहरूसँग भेट गर्न पठाई दिन भनेर हिँडे। अर्को दिन उनी माओवादीलाई भेट्न पिपलधारा पुगेपछि माओवादीले पोखरेललाई कब्जामा लिई सँगै गएका छिमेकीलाई साँचो दिएर ताला खोल्न पठाए।

हाडहाडे गाविस-१ की ४५ वर्षीय यमकुमारी कुँवरले ०६२ कार्तिक १ गते रेसुङ्गा मानवअधिकार सचेतन संस्था र इन्सेक प्रतिनिधि समक्ष अपिल गरी माओवादीले ०६१ जेठ १८ गतेदेखि आफ्नो घरमा ताला लगाएको र जग्गा जमिन कब्जा गरेको बताइन्। उनले आफ्नो परिवार विस्थापित भएर सदरमुकाममा बसेकोले घर फर्किने वातावरण सिर्जना गरिदिन अनुरोध गरिन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

नयाँगाउँ गाविस-७ की २२ वर्षीय मीना नेपालीलाई माओवादीको आरोपमा ०६१ फागुन २३ गते बिहान भैरवप्रसाद गुल्म, तम्घासबाट गएको सादा पोशाकका सैनिकले माओवादीको आरोपमा घरबाट गिरफ्तार गरे। उनलाई सात दिनसम्म सैनिक हिरासतमा राखी फागुन ३० गते रिहा गरियो।

अर्खले गाविस-४ भुवनपानीका २७ वर्षीय बाबुराम पौड्याललाई माओवादीका फोटाहरूको रिल सफा गरेको आरोपमा ०६१ फागुन २३ गते बिहान प्रहरीले तम्घास-१ पुतलीबजारको उनकै पसलबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा लगेर सोधपुछ गरी सोही दिन रिहा गरे।

माओवादीद्वारा कुटपिट गरी घाइते बनाइएका मानबहादुर थापा

अर्जै गाविस-३ निवासी अर्जै उच्च मावि कक्षा ९ मा अध्ययनरत १६ वर्षीय बाबुराम घिमिरेलाई माओवादीको आशंकामा ०६१ चैत ९ गते दिउँसो भैरवप्रसाद गुल्म तम्घासबाट गएको सुरक्षाकर्मीको गस्तीले दाउरा बोकेर घरतर्फ आइरहेको अवस्थामा गिरफ्तार गर्‍यो। पीडितलाई ०६१ चैत १४ गते रिहा गरियो।

दोहली गाविस-५ घर भई माओवादी १४ नं. एरिया कमिटी सदस्य १९ वर्षीय बबिता भनिने गीता रिजाल, सोही गाविस-७ का ४८ वर्षीय भुवन कुँवर, ६० वर्षीय दुर्गाबहादुर कार्की, ४० वर्षीय निरचन्द बस्नेत र ३६ वर्षीय खिमादेवी बस्नेतलाई ०६१ चैत १९ गते दोहोली गाविस-७ का जनताहरूले समातेर शाही नेपाली सेनाको भैरवप्रसाद गुल्म, तम्घासमा बुझाए। उक्त दिन माओवादीले सोही ठाउँको देउराली प्राविमा स्थानीय जनताहरूलाई भेला गरी प्रत्येक घरबाट एक/एक जना माओवादीमा लाग्नुपर्ने कुरा गरेपछि जनताले उनीहरूलाई समातेका थिए। उनीहरूमध्ये चारजनालाई चार दिनसम्म सैनिक हिरासतमा राखी कारागार शाखा तम्घासमा थुनेर र गीतालाई सैनिक हिरासतबाटै ०६२ वैशाख २० गते पोखरा कारागार चलान गरे।

छापहिले गाविस-६ घर भई माओवादी इलाका नं. ५ का सदस्य असिम भनिने २६ वर्षीय बोमबहादुर कार्कीलाई ०६१ चैत १९ गते मुसिकोट गाविस-५ को निस्दी खोलामा दोहोली गाविस-७ का जनताले समातेर कुटपिट गर्दै राति भैरवप्रसाद गुल्ममा बुझाए। उक्त दिन उनले दोहोली गाविस-७ का जनताहरूले समातेर ल्याएका माओवादीलाई बाटोमा रोकी छुटाउन खोजेको र नछोडेमा बम विस्फोट गराउँछु भनी धम्की दिएका कारण जनताले उनलाई समातेर भैरवप्रसाद गुल्ममा बुझाएका थिए। उनलाई सैनिक हिरासतबाटै ०६२ वैशाख २० गते कास्की कारागार चलान गरियो।

तुराङ्ग गाविस-१ मजुवाका २७ वर्षीय गुनबहादुर दर्जीलाई माओवादीको आरोपमा ०६२ वैशाख १२ गते बिहान बामिटक्सार सुरक्षा बेसक्याम्पबाट सादा पोसाकमा आएका सुरक्षाकर्मीले सोही गाविस-७ को कुमालगाउँबाट गिरफ्तार गर्‍यो। उनलाई कारागार शाखा तम्घासमा राखेर ०६२ कार्तिक २६ गते रिहा गरियो।

अर्जै गाविस-९ घर भएका पत्रकार २० वर्षीय ईश्वर अर्याललाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६२ जेठ १३ गते साँझ सादा पोशाकका सुरक्षाकर्मीले तम्घास गाविस-४

बसपार्कस्थित डेराबाट गिरफ्तार गरी मोटर साइकलमा राखी भैरवप्रसाद गुल्ममा लगि दुई घण्टापछि रिहा गरे। पीडित स्थानीय साझा बिचार साप्ताहिकका सम्पादक र प्रजातान्त्रिक राष्ट्रिय युवा संघ, गुल्मीका सदस्य हुन्।

अर्जै गाविस-९ घर भई माओवादी अमरपुर गाजस प्रमुख ३७ वर्षीय वालु गिरीलाई ०६२ साउन २३ गते विहान उनको घरवाट इश्मा वेसक्याम्पवाट गएको सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारपछि उनलाई सुरक्षाकर्मीले ईश्मा वेसक्याम्पमा राखी ०६२ साउन २५ गते भैरवप्रसाद गण, तम्घासमा ल्याएको थियो। उनलाई ०६२ साउन ३० गते सो गणले कारागार शाखा कास्कीमा नजरवन्दमा पठाएको छ।

अमरपुर गाविस-३ निवासी ओमप्रसाद मावि अमरपुरका सहायक प्रधानाध्यापक ४५ वर्षीय मोतिवहादुर गौतमलाई माओवादीको आशंकामा ०६२ साउन २४ गते बिहान ईश्मा वेसक्याम्पवाट आएका सुरक्षाकर्मीले अर्जै गाविस-९ मजुवावाट गिरफ्तार गरे। उनलाई इन्सेक जिल्ला प्रतिनिधि र रेसुङ्गा मानवअधिकार सचेतन संस्थाका सचिवको पहल र रोहवरमा ०६२ साउन २६ गते रिहा गरियो।

घमिर गाविस-१ का २४ वर्षीय जुद्धवहादुर खत्री, उनका भाई १९ वर्षीय रूमवहादुर खत्री र भान्जा १९ वर्षीय लोकेश लम्साललाई माओवादीको आशंकामा ०६२ साउन २४ गते बिहान ईश्मा वेसक्याम्पवाट गएका सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरे। पीडितहरूलाई इन्सेक जिल्ला प्रतिनिधि दिलशोभा पुन र रेसुङ्गा मानवअधिकार सचेतन संस्थाका सचिव हरिप्रसाद पोखरेलको पहल र रोहवरमा ०६२ साउन ३० गते मासिक तारेखमा रिहा गरियो।

दरवारदेवीस्थान गाविस-८ अमराईका ७३ वर्षीय टेकबहादुर टण्डनलाई ०६२ भदौ १ गते तम्घास गाविस-४ स्थित आफन्तको घरवाट भैरवप्रसाद गणका सैनिकहरूले गिरफ्तार गरे। उनलाई इन्सेक वर्ष पुस्तक प्रतिनिधि दिलशोभा पुनले रिहाइका लागि पहल गरेपछि सुरक्षाकर्मीले ०६२ भदौ ९ गते तारेखमा रिहा गरे।

नयाँगाउँ गाविस-३ निवासी ४० वर्षीय पवित्रा पोखरेललाई ०६२ भदौ ७ गते विहान भैरवप्रसाद गण तम्घासका सैनिकहरूले तम्घास गाविस-१ पुतलीवजारमा रहेको उनको होटलबाट गिरफ्तार गरे। उनलाई भैरवप्रसाद



स्थानीय जनताद्वारा समातेर शाही नेपाली सेनासमक्ष बुझाइएका माओवादी कार्यकर्ताहरू

गणका गणपति भरत खड्काले सोधपुछ गरी सोही दिन दिउँसो रिहा गरे।

बाँझकटेरी गाविस-९ की १७ वर्षीय ज्ञानुमाया घर्ती र सिर्सेनी गाविस-६ वाटाचौरकी १६ वर्षीय कृष्ण अर्याललाई माओवादीको आशंकामा ०६२ भदौ १५ गते प्रहरीले तम्घास गाविस-४ को बसपार्कबाट गिरफ्तार गरे। उनीहरूलाई ०६२ भदौ २३ गते आत्मसमर्पण गराई हालसम्म भैरवप्रसाद गणमा राखिएको छ।

जिल्ला प्रशासन कार्यालय, गुल्मीका नायव सुव्वा अर्खले गाविस-७ निवासी ५२ वर्षीय यमवहादुर थापालाई ०६२ भदौ ३० गते दिउँसो भैरवप्रसाद गणका दुईजना सादा पोसाकका सैनिकले जिल्ला प्रशासन कार्यालयवाटै गिरफ्तार गरे। पीडितकाअनुसार उनलाई माओवादीसँग सम्पर्क भएको शंका गरिएको र सोधपुछपछि ०६२ भदौ ३१ गते दिउँसो पत्नी लक्ष्मी थापाको जिम्मामा रिहा गरे।

नेपाल बार एसोशिएसन गुल्मीका सचिव तम्घास गाविस-४ का ४७ वर्षीय वेदप्रसाद कुँवरलाई ०६२ भदौ ३० गते दिउँसो भैरवप्रसाद गणवाट सादा पोसाकमा आएका दुईजना सैनिकले उनकै घरवाट गिरफ्तार गरे। पीडितका अनुसार उनलाई माओवादीसँग सम्पर्क भएको शंका गरिएको र सोधपुछपछि ०६२ भदौ ३१ गते दिउँसो पत्नी तुलसीको जिम्मामा रिहा गरिएको थियो।

पौंदीअमराई गाविस-७ का ४५ वर्षीय तिलवहादुर वस्नेत, २७ वर्षीय मीनवहादुर घर्ती, ४० वर्षीय हिरावहादुर खत्री, २० वर्षीय जीवन थापा र सोही गाविस-८ का ३० वर्षीय गोपाल पाठक र दोहोली गाविसका २४ वर्षीय वलवहादुर विकलाई माओवादीको शंकामा ०६२ असोज ७ गते ईश्मा वेसक्याम्पवाट गस्तीमा गएको सुरक्षाकर्मीले उनीहरूकै घरवाट गिरफ्तार गरी ०६२ असौज ९ गते भैरवप्रसाद गण तम्घास ल्याई सोधपुछ गरेर ०६२ असोज ११ गते रिहा गरे।

दोहोली गाविसका २४ वर्षीय बलवहादुर विकलाई माओवादीको आशंकामा ०६२ असोज ७ गते ईश्मा वेसक्याम्पवाट गस्तीमा गएको सुरक्षाकर्मीले उनको घरवाट गिरफ्तार गरी ०६२ असौज ९ गते भैरवप्रसाद गण तम्घास ल्याई सोधपुछ गरेर ०६२ असोज ११ गते रिहा गरेको थियो।

जैसिथोक गाविस-५ का माओवादी गाउँ जनसरकार प्रमुख ४५ वर्षीय मोतिलाल पोखरेललाई ०६२ कार्तिक २४ गते विहान भैरवप्रसाद गण तम्घासवाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले गिरफ्तार गऱ्यो। उनलाई आत्मसमर्पण गराई ०६२ मंसिर १२ गते इन्सेक वर्ष पुस्तक प्रतिनिधि पुन र रेसुंगा मानवअधिकार सचेतन संस्थाका कार्यक्रम संयोजकको रोहवरमा १५/१५ दिनको तारेखमा रिहा गरे।

नयाँगाउँ गाविस-१ का पूर्व माओवादी गाउँ जन

सरकार प्रमुख अडान भनिने ३८ वर्षीय धनवहादुर खड्कालाई ०६२ कार्तिक २८ गते विहान भैरवप्रसाद गण तम्घासवाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले गिरफ्तार गर्‍यो। उनलाई आत्मसमर्पण गराई ०६२ मंसिर १२ गते १५ १५ दिनको तारेखमा रिहा गरे।

अर्जै गाविस-४ का माओवादी कार्यकर्ता २५ वर्षीय खिमप्रसाद अर्याललाई ०६२ मंसिर ६ गते दिउँसो घमिर गाविसको ठाँटीवाट ईश्मा वेसक्याम्पको सुरक्षा गस्ती टोलीले गिरफ्तार गर्‍यो। हाल उनलाई कारागार शाखा कास्कीमा राखिएको छ।

दोहली गाविस-७ भुमिचौरकी १६ वर्षीय माया श्रीस र दर्लिङ गाविस-४ दुनामकी १८ वर्षीय हिमा विकलाई ०६२ मंसिर ७ गते भैरवप्रसाद गणका सैनिकले तम्घास गाविस-४ वसपार्कवाट गिरफ्तार गरे। पीडितहरूलाई ०६२ मंसिर १२ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गराई १५/१५ दिनको तारेखमा रिहा गरे।

वाग्ला गाविस-८ दुवानेटाका माओवादी कार्यकर्ता २३ वर्षीय मोहन थापालाई ०६२ मंसिर १२ गते विहान ईश्मा वेसक्याम्पवाट सादा पोसाकमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल उनलाई कारागार शाखा, कास्कीमा राखिएको छ।

वाग्ला गाविस-५ गुफाका ४६ वर्षीय मंगलवहादुर नेपाली र सोही गाविस-७ का ३८ वर्षीय रुद्रप्रसाद खनाललाई ०६२ मंसिर १२ गते ईश्मा सुरक्षा वेसक्याम्पवाट गएको गस्तीले माओवादी भएको नाटक गरी घरवाट गिरफ्तार गर्‍यो। उनीहरूलाई मरभुङ गाविसको फूलवारीमा पुर्‍याई सेनाले कुटपिट गरी ईश्मा वेसक्याम्पमा तारेखमा आउने सर्तमा सोही दिन रिहा गरे।

अर्खले गाविस-५ सेउवाका ६० वर्षीय तुल्सीराम पन्थीलाई ०६२ पुस २ गते राती भैरवप्रसाद गण तम्घासवाट खटिएका सुरक्षाकर्मीले घर घेरा हाली गिरफ्तार गरे। उनका दुई छोराहरू माओवादीको कार्यकर्ता भएका कारण सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी ०६२ पुस २ गते तारेखमा रिहा गरे।

पुनः गिरफ्तार

रोल्पा जिल्ला कोटगाउँ गाविस-३ का ५३ वर्षीय जव्वरसिंह घर्ती र हरेवा गाविस-४ का २३ वर्षीय सूर्य वस्याललाई ०६१ माघ १२ गते प्रहरीले कारागार शाखा तम्घासवाट गिरफ्तार गर्‍यो। उनीहरूलाई उक्त दिन जेलवाट रिहा गरेको पूर्जी दिएको लगत्तै गिरफ्तार गरी ०६१ माघ १७ गतेसम्म प्रहरी हिरासतमा राखी पुनः पक्राउ पूर्जी दिएर कारागारमा पठायो।

बालअधिकार

माओवादी निकट अनेरास्ववियु (क्रान्तिकारी) को दवावका कारण ०६२ जेठ ३० गतेदेखि ०६२ असार ११ गतेसम्म जिल्ला सदरमुकाम तम्घासका सम्पूर्ण सार्वजनिक तथा निजी शिक्षण संस्थाहरू वन्द भए। सदरमुकामका शिक्षण संस्थाहरू अनिवार्य रूपमा वन्द गर्न सम्वन्धित संस्थाहरूलाई दवावमूलक पत्र पठाएको र फोनवाट धम्की दिएकाले व्यवस्थापनले विद्यालयहरू वन्द गर्ने निर्णय गरेको वताए।

रानीवास उच्च मावि वम्घामा ०६२ कार्तिक २ गतेदेखि शैक्षिक जनशक्ति विकास केन्द्रद्वारा सञ्चालित प्राविम्नरको शिक्षक तालिम ०६२ कार्तिक ११ गतेदेखि माओवादीले रोक्न भनेपछि रोकियो।

वामी गाविस-५ की ४ वर्षीय एक वालिकालाई ०६१ चैत २ गते विहान रिघा गाविस-९ वाग्लुङका २९ वर्षीय भुजे कुमालले उनकै घरको दलानमा वलात्कार गरे। वलात्कारपछि सोही दिन पीडितको घरपरिवारले पीडकलाई समातेर वामीटक्सारस्थित सुरक्षा वेसक्याम्पमा बुझाए। पीडकलाई जिल्ला प्रहरी कार्यालय, तम्घासमा राखी कारवाही प्रक्रिया अगाडि वढायो। पीडकलाई गुल्मी जिल्ला अदालतले १० वर्षको कैद सजाय तोकेको छ। हाल उनी कारागार शाखा तम्घासमा रहेका छन्।

विविध

संरचना क्षति

ईश्मारजस्थल, दोहोली र दर्लामचौर गाविसका जनताहरूले उपभोग गर्ने ईश्मा खानेपानी आयोजनाको छापहिलेको भुल्के मुहानमा ०६१ चैत २२ गते माओवादीले वम विस्फोट गराई खानेपानीको ट्याङ्की र पाइप नष्ट गरिदिए। चैत १९ गते दोहोली गाविस-७ का जनताले छ जना माओवादीलाई समातेर शाही सेनाको गुल्ममा बुझाएको र चैत २० गतेदेखि ईश्मा मैदानमा सुरक्षाकर्मीको वेसक्याम्प वसेको कारण माओवादीले सुरक्षाकर्मीलाई खानेपानी वन्द गर्न उक्त मुहानमा वम विस्फोट गराएको वताइयो। जसवाट तीन दिनसम्म सुरक्षाकर्मीसहित करिव तीन हजार जनता खानेपानी सुविधावाट वञ्चित भएका थिए। त्यसपछि सुरक्षाकर्मी र स्थानीय जनताले मर्मत गरी खानेपानी सञ्चालन गरेका थिए।

आत्मसमर्पण

यस वर्ष जिल्ला प्रशासन कार्यालयको तथ्यांक अनुसार ९१ महिलासहित पाँचसय दुईजनाले माओवादी गतिविधि परित्याग गरी आत्मसमर्पण गरे। जसमध्ये २४ जना महिलासहित दुईसय तीनजना माओवादीले एकतर्फी युद्धविराम गरेको अवधिमा आत्मसमर्पण गरेका थिए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्वन्धित)

तुराङ गाविस-९ किसिकोटका ४७ वर्षीय टेकवहादुर श्रीनेटले माओवादी धम्कीका कारण ०६२ मंसिर ५ गते राति

गौंडाकोट गाविस-८ को बजारमा सलबन्दीको पासो लगाई रुखमा झुण्डिएर आत्महत्या गरे। त्यसैगरी उनकी पत्नी ४५ वर्षीय विष्णु श्रीनेटले पतिको दाहसंस्कार गरी घरमा गई ०६२ मंसिर ७ गते रातो घर नजिकैको गोवानको रुखमा झुण्डिएर आत्महत्या गरिन्। ०६२ कार्तिक १२ गते माओवादीको गोलीबाट बिशखर्क गाविस-८ भञ्ज्याङकी ३७ वर्षीय पदमा सवेदीको मृत्युपछि माओवादीको विरोध र कार्यकर्तालाई कुटपिट गरेको आरोपमा माओवादीले कारबाही गर्ने धम्की दिएको हुँदा उनीहरूले आत्महत्या गरेको बताइयो।

विगतको अनुगमन

वर्ष पुस्तक २००५ मा माओवादीद्वारा मारिएका गणेश सापकोटाको फोटो यसै जिल्ला अन्तर्गत प्रकाशन हुन पर्नेमा अन्यथा भएकोमा सच्याइएको जानकारी गराउँछौं।

३.१३ बाग्लुङ



जनसंख्या	: २८४९९०
साक्षरता प्रतिशत	: ६१.४
महिला साक्षरता प्रतिशत	: ४६.२५
क्षेत्रफल (वर्ग कि. मि.)	: १७८४
गाविस नपा संख्या	: ५९, १
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४९३
क्याम्पस उच्च मावि	: १ १९
अस्पताल स्वास्थ्य चौकी	: ३ ६६
टेलिफोन लाइन	: १०६०
मोटर सडक (कि. मि.)	: ३५
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ६२
मानव विकास सूचकांक	: ०.४९२
प्रति परिवार सरदर संख्या	: ५.३२

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली

राज्यबाट

बाग्लुङ नपा- ४ घर भई माओवादी जिल्ला जनसरकार उपप्रमुख पकार भनिने ५० वर्षीय डिल्लीप्रसाद सापकोटालाई ०६१ माघ २६ गते बिहान प्रहरी निरीक्षक विनोद घिमिरेको नेतृत्वमा गएका सुरक्षाकर्मीले पाल्ला गाविस-९, दारनबिसौना डाडको छहरामा कब्जामा लिई सोधपुछपछि दिउँसो गोली हानी हत्या गरे। पीडितका परिवारले २७ गते लास जिम्मा लिई बाग्लुङ अस्पतालमा पोष्टमार्टम गराई २८ गते दाहसंस्कार गरे। उक्त घटनाको विरोधमा माओवादीले फागुन १० र ११ गते बाग्लुङ बन्द गरे। पीडितकी पत्नी सरस्वती शर्माले न्यायिक छानबिन गरिपाउँ भनी राष्ट्रिय मानव अधिकार आयोगमा निवेदन दिइन्।

बाग्लुङ नपा-४ सुल्डाडाका ३७ वर्षीय सुरेन्द्रकुमार श्रेष्ठलाई ०६१ फागुन १३ गते २३ नं. वाहिनीबाट गएका सुरक्षाकर्मीले सोही ठाउँमा गोली हानी हत्या गरे। क्षतिपूर्तिका लागि जिल्ला प्रशासन कार्यालयबाट सिफारिस भएकोमा एक लाख रुपैयाँ पीडितपक्षले क्षतिपूर्ति प्राप्त गरे।

माओवादी मंगलसेन ब्रिगेड स्पेशल टास्कफोर्स (एसटीएफ) बटालियन सी कम्पनी सेक्सन कमाण्डर पुष्कर भनिने इतिहास पुन मगरलाई ०६२ असार १६ गते सुरक्षाकर्मीमाथि सकेट बम प्रहार गर्न खोज्दा अमरभूमि गाविस-९, माझखर्कमा सुरक्षा कारबाहीमा मारिएको २३ नं. वाहिनी बाग्लुङले जनायो। माओवादीपक्षले भने पीडितलाई असार ५ गते नै हरिचौर गाविसको भैंसेस्थित गिरचौरबाट गिरफ्तार गरी असार ५ गते चरम यातना दिई हत्या गरिएको दावी गर्‍यो।

माओवादीबाट

बिनामारे गाविस-२ का २१ वर्षीय देवनारायण पौडेललाई ०६२ कार्तिक २४ गते साँझ माओवादीले अपहरण गरेकोमा पौडेलको लास जैदी र छिस्ती गाविसको बीचमा पर्ने हर्देवा ढुङ्गाखानी पाखोमा ०६२ पुस ३ गते भेटियो। उक्त लासको पोष्टमार्टम पुस ९ गते बाग्लुङ अस्पतालमा गरियो।

जेल र बन्दीहरू

१९ जना पुरुष र छ जना महिला गरी २५ जना बन्दी क्षमता भएको 'घ' श्रेणीको बाग्लुङ जेलमा ०६२ पुस १५ गतेसम्म ४७ जना थुनुवा तथा बन्दीहरू छन्। जसमा २७ जना थुनुवा र २० जना बन्दीहरू छन्। थुनुवामा २२ पुरुष र पाँच महिला छन्। महिला थुनुवामध्ये डाँका, चोरीमा थुनुवा रहेकी मिनु सापकोटाका साथमा छोरीहरू ३ वर्षीय रक्षा

सापकोटा र ४ वर्षीय सुरक्षा सापकोटा रहेका छन्। वन्दीहरुमा १७ पुरुष र तीन महिला छन्। क्षमताभन्दा दुई गुणा बढीको संख्यामा वस्नुपर्दा कष्टकर भएको गुनासो वन्दीहरुको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

अधिकारीचौर गाविस-९ मस्नी घर भएका सोही गाविसका सचिव ४३ वर्षीय लोकवहादुर कुवँरलाई ०६१ पुस २२ गते माओवादीले अपहरण गरे। उनलाई सकुशल रिहाइको माग गर्दै निजामती कर्मचारी संगठन, वाग्लुङले एक विज्ञप्ति जारी गर्‍यो। पीडितलाई जागिरवाट राजिनामा दिने सर्त राखी पुस २९ गते मुक्त गरियो। पीडित जागिर नछोडी वाग्लुङ वजारमा विस्थापित भए।

धम्जा गाविस-१ ओखलेका मदन विक, वलवहादुर विक र टेकवहादुर विकलाई ०६१ माघ १४ गते माओवादीले जवरजस्ती दलित मुक्तिमोर्चाको कार्यक्रममा लगे। पीडितहरुलाई माघ २७ गते मुक्त गरियो।

पाला गाविस-५ सरस्वती प्रावि करिनाका शिक्षक ३० वर्षीय गोरे विकले जेठी पत्नी जुना विक र दुईजना छोरी हुँदाहुँदै सोही ठाउँकी २० वर्षीय फूलमती चर्मकारसँग दोस्रो विवाह गरेको आरोपमा उनलाई ०६१ माघ २० गते विकीरणको नेतृत्वमा आएका माओवादीले अपहरण गरे। पीडितलाई १० दिन श्रम कैद अन्तर्गत बाटो खनाएर फागुन १५ गते मुक्त गरे।

पाला गाविस-३ का २५ वर्षीय कृष्ण केसी र भीमपोखरा गाविस-८ का २२ वर्षीय सन्तवहादुर थापाले झगडा तथा कुटपिट गरेको आरोपमा उनीहरूलाई ०६१ माघ २० गते एरिया नं. १० का सदस्य आजादको नेतृत्वमा आएका माओवादीले अपहरण गरी १० दिन बाटो खनाएर फागुन १५ गते मुक्त गरे।

विहु गाविस-६ का ३३ वर्षीय घनसिंह पुन, ३४ वर्षीय हितराज कँडेल र ३९ वर्षीय पूर्ववहादुर दर्जीलाई ०६१ माघ २२ गते रिज्यालचोकवाट माओवादीले अपहरण गरे। पीडितहरूको सकुशल रिहाईको माग गर्दै नेकपा (एमाले), नेपाल मानवअधिकार संगठन र इन्सेक प्रतिनिधिले विज्ञप्ति प्रकाशन गरे। पीडितहरूलाई फागुन २१ गते घरमा ल्याई मुक्त गरियो। पीडितहरूले आफूलाई रोल्पा जिल्ला पुर्‍याई १० दिन बाटो खनाएको वताए।

वुर्तिवाङ गाविस-७ सामत निवासी जनमोर्चा नेपालका वुर्तिवाङ एरिया अध्यक्ष ३५ वर्षीय गौरीश्वर पाण्डेले सुराकी गरेको आरोपमा ०६१ फागुन ११ गते वुर्तिवाङ बजारवाट विज्ञानको नेतृत्वमा आएका माओवादीले उनलाई अपहरण गरे। पीडित ०६२ साउन ५ गते राती जनमिलिसियाले निदाएको अवसर पारी घेरा तोडी भागेर सदरमुकाम आए। यातनाका कारण आफू पटक-पटक बेहोस भएको उनले वताए ।

तग्राम गाविस-४ का ३६ वर्षीय राजन विकले २१ वर्षीय कमला विकसँग वहुविवाह गरेको आरोपमा ०६१ फागुन १४ गते माओवादी दुवैलाई अपहरण गरे। उनीहरूलाई दुई महिनापछि मुक्त गरियो।

पैयुपाटा गाविस-९ रोकापालाका पूर्व डिएसपी ५५ वर्षीय दिलसिंह रोकाले चन्दा नदिएको आरोपमा ०६२ वैशाख ८ गते राति उनलाई माओवादीले अपहरण गरी भोलिपल्ट ५० हजार रुपैयाँ चन्दा दिने सर्तमा मुक्त गरे।

दमेक गाविस-२ चैरायकी ७ कक्षामा अध्ययनरत १८ वर्षीय गंगा क्षेत्रीले ०६२ साउन १८ गते स्थानीय विद्यालयका शिक्षक रणवहादुर क्षेत्रीसँग सम्वन्ध राखेको आरोपमा दुवैलाई अपहरण गरेकोमा गंगा क्षेत्रीलाई आठ महिनाका लागि श्रम शिविर पठाए भने रणवहादुरलाई एक वर्षसम्मको तलव विद्यालयलाई वुझाई विनातलव पढाउने सर्तमा मुक्त गरे।

अधिकारीचौर गाविस-८ का १९ वर्षीय ढालेन्द्र पुन र १८ वर्षीय कल्पना पुनले वहुविवाह गरेको भनी ०६२ भदौ ८ गते विहान माओवादीले उनीहरूलाई घरवाट अपहरण गरे। भदौ ९ गते ज्ञानोदय मावि वोवाङमा विद्यार्थीलाई आफ्नो अभियानमा संलग्न गराउनको लागि लाने विषयमा विवाद भएको मौका पारी पीडितहरू भागी हाल वाग्लुङ वजारमा विस्थापित भई वसेका छन्।

पैयुथन्थाप गाविस-७ घर भई दमेक गाविस-३ की ३५ वर्षीय एक महिला माइतीमा रहँदा माइती गाउँका कमल दर्जीसँग सम्पर्क गरेको आरोपमा ०६२ भदौ १५ गते माओवादीले अपहरण गरी भदौ १८ गते एक वर्षका लागि रोल्पामा श्रमशिविरमा पठाए।

दमेक गाविस-५ घर भई वाग्लुङ जिविस इलाका नं. ६ का मनोनित सदस्य ३१ वर्षीय विष्णुप्रसाद सापकोटालाई दशैंमा टीका लगाउन घरमा गएको अवस्थामा कुश्मिसेरा गाविसको फेदीवाट माओवादीले ०६२ असोज २६ गते दिउँसो अपहरण गरे। पीडितलाई १५ दिनभित्र जिविस सदस्यवाट राजिनामा दिने सर्तमा २५ हजार रुपैयाँ लिई असोज २९ गते मुक्त गरियो।

जैदी गाविस-२ घर भई इलाका नं. ७ का मनोनित जिविस सदस्य मेघवहादुर केसीलाई ०६२ असोज २७ गते दशैंमा घर गएको अवस्थामा माओवादीले अपहरण गरे। उनलाई असोज २९ गते १५ दिनभित्र राजिनामा दिनुपर्ने सर्तमा २५ हजार रुपैयाँ लिई मुक्त गरियो।

अधिकारीचौर गाविस-९ मस्नी घर भई खुङ्गा गाविसका सचिव कर्णवहादुर कुँवरलाई ०६२ कार्तिक ११ गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

अमलाचौर गाविस-५ पाल्लखेतका २१ वर्षीय राजेन्द्र पुलामीको ०६२ कार्तिक १८ गते दाजु विष्णु पुलामीसग तिहारको दिन झगडा भएको विषयमा बुझ्न भनी खेतमा धान काटिरहेको अवस्थामा माओवादीले उनलाई अपहरण गरे। कार्तिक २५ गते पीडितका बाबु शिव पुलामीले एक विज्ञप्तिमार्फत मुक्तिको लागि पहल गरिदिन माग गरे। पीडितलाई कार्तिक २७ गते मुक्त गरियो।

अमलाचौर गाविस-२ स्थित पृथ्वी उच्च माविकी शिक्षिका गंगादेवी पौडेलले ०६२ कार्तिक २३ गते बहुविवाह गरेको आरोपमा उनलाई पाचजना माओवादीले अपहरण गरे। पीडितका भाई कृष्ण पौडेलले मंसिर १३ गते एक विज्ञप्ति जारी गरी मानवअधिकारकर्मी तथा पत्रकारसमक्ष सकुशल रिहाईको पहल गरिदिन अनुरोध गरे।

खुन्नी गाविस-९ का ३६ वर्षीय कुलबहादुर छन्त्यालाई ०६२ कार्तिक २९ गते खड्खानी उपस्वास्थ्य चौकीबाट माओवादीले अपहरण गरी बेपत्ता पारे। पीडितको मुक्तिका लागि जनमोर्चा नेपालले एक विज्ञप्ति जारी गर्‍यो। यस घटनाका सम्बन्धमा माओवादीले अपहरण नगरी मुद्दाको छानबिनको क्रममा लिई मुक्त गरेको बतायो।

दुदिलाभाटी गाविस-७ का जंगबहादुर कुवर, भूमिराज खड्का, श्याम शर्मा र प्रेम कुवरलाई दमेक गाविसस्थित गाजाकोटहमा ०६२ मंसिर ३ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई चार दिनपछि मुक्त गरियो।

धम्जा गाविस-८ माझकटेराका ४२ वर्षीय भद्रबहादुर खड्काले सामाजिक अपराध गरेको आरोपमा ०६२ मंसिर १० गते माओवादीले उनलाई अपहरण गरे। पीडितलाई श्रम शिविर अन्तरगत अमरभूमि-तारा जोड्ने "शहीद मार्ग" नामको मोटर बाटो खनाउन लगेकोमा ०६२ माघ १ गते राति तारा गाविसबाट भागी भोलिपल्ट बाग्लुङ बजारस्थित सुरक्षा सम्पर्कमा गए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सात विद्यार्थी संगठनको तर्फबाट ०६२ असोज १४ गते तत्कालीन गृहमन्त्री दानबहादुर शाहीलाई कालो झण्डा देखाउँदा प्रहरीले झण्डा खोस्यो। सोही अवस्थामा विरोध गर्ने र कालो झण्डा देखाउने कार्य गर्नेलाई मनोनित जिविस सभापति सुरेन्द्र खड्काले मानिस लगाएर पिटाउने धम्की दिए।

माओवादीबाट

बुर्तिबाङ गाविस-१ का जनवादी युवा संघ बुर्ती एरिया सदस्य ३८ वर्षीय धनबहादुर खत्रीलाई ०६२ भदौ ९ बिहान माओवादीले दुवै हात बाँधी घरबाट सडकमा ल्याई कुटपिट गरे। सोही अवस्थामा पीडितका दाजु ४४ वर्षीय हिराबहादुर खत्री समेतलाई आधा घण्टा कुटपिट गरी सर्वस्वहरण गर्ने धम्की दिए।

बुर्तिबाङ गाविस-४ का २८ वर्षीय दिलबहादुर कुमालले माओवादीको विरोध गरेको आरोपमा उनलाई ०६२ कार्तिक १८ गते कुटपिट गरेको जनमोर्चा नेपालले बतायो। माओवादी पक्षले भने कुनै प्रतिक्रिया दिएन।

पाला गाविस-६ बाटुलेका ४५ वर्षीय महादेव निउरेले पत्नीसँग झगडा गरेको आरोपमा माओवादीले उनलाई ०६२ कार्तिक २८ गते दिउँसो कुटपिट गरे। कुटपिटबाट पीडितको कानमा असर परेकोले बाग्लुङ अस्पतालमा उपचार गरियो।

बुङ्गादोभान गाविस निवासी ३९ वर्षीय चन्द्रकुमारी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२	१	३	१	१			१	३	३		३
घाइते										१	२		२
गिरफ्तारी / यातना										१७	८१	६	८७
कुटपिट	२	७		७	५	६			६	२	३		३
धम्की	१	३		३	२	५	४		९				
भेला / संगठित हुने अधिकार										७	३६	२	३८
बालअधिकार	१		१	१									
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार					४	२	१	१	४				
अपहरण				·	२०	२६	५		३१				
जम्मा	६	१२	२	१४	३२	४०	१०	१	५१	३०	१२५	८	१३३

विकको घरमा ०६२ मंसिर ८ गते स्थानीय माओवादीले उनको छोरा थमबहादुर विक माओवादी विद्यार्थी अभियानबाट अन्य साथीहरूसहित भागेको आरोपमा १८ वर्षीय कालिका विक, ११ वर्षीय राजु विक, ९ वर्षीय सन्तु विक, ५ वर्षीय अञ्जु विक र ३ वर्षीय विशाल विकलाई कुटपिट गरी घरमा तालाबन्दी गरे।

अन्यबाट

माओवादीका कार्यकर्ता राम, रमेश र विशाललाई ०६२ पुस २ गते राङखानी गाविसको नाम्दुकमा जनमोर्चाका कार्यकर्ता रेखे श्रीस, पुष्प श्रीस, हरि पुनको नेतृत्वमा रहेको समूहले कुटपिट गरी २२ हजार ५ सय रुपैयाँ लुटेको माओवादी एरिया १० सेक्रेटरी उज्जवलले एक विज्ञप्तिमार्फत् जनाए। जनमोर्चा बाग्लुङले दुई पक्षबीच झडप भएको तर कुटपिट र नगद भने नलुटेको जनायो।

अभिव्यक्ति/भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेपाल पत्रकार महासंघ धौलागिरी शाखाका सभापति ३६ वर्षीय राजेशचन्द्र राजभण्डारी र सचिव ३२ वर्षीय हरिनारायण गौतमलाई ०६१ चैत ७ गते दिउँसो बाग्लुङ नपा-४ स्थित विद्यामन्दिर पुस्तकालयबाट शाखाको आयोजनामा हुन लागेको शान्ति र प्रजातन्त्रका लागि पूर्ण प्रेस स्वतन्त्रता विषयक अन्तरक्रिया कार्यक्रम सञ्चालन भइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई तीन घण्टापछि रिहा गरे।

बाग्लुङ नपा-२ बैंक चोकबाट नेकपा (एमाले) जिल्ला कमिटी उपसचिव इन्द्रलाल सापकोटा, कार्यालय सचिव कृष्ण पाठक, सदस्यहरू नरबहादुर थापा, गोविन्द नेपाली, खगेन्द्र पौडेल तथा नगर कमिटी उपसचिव रामबहादुर जिसी, इलाका नं. ५ का सचिव गुरुदत्त पाठक र विद्यार्थीहरू भक्तबहादुर हमाल, दीपेन्द्र पाठक, याम केसी, मनोज विक, गणेश खडका र म्याग्दी सिंगा गाविसका पूर्व अध्यक्ष देवबहादुर घलेलगायत् १२ जना, जनमोर्चा नेपालका कार्यालय इन्चार्ज सर्कुवालगायत् गाविस-६ निवासी कृष्ण थापालगायत पाँच जनालाई आ-आफ्नो पार्टीद्वारा आयोजित विरोध र्‍यालीबाट ०६२ जेठ १३ गते दिउँसो ३ बजे प्रहरीले गिरफ्तार गरी सोही दिन बेलुकी रिहा गरे।

नेकपा (एमाले) जिल्ला कमिटी सदस्य ३६ वर्षीय जनक पौडेल, जिल्ला कमिटी सदस्य ५५ वर्षीय खेमप्रकाश पाठक, नगर कमिटी उपसचिव ३४ वर्षीय रामबहादुर जिसी, मालिका गाउँ कमिटी सदस्य २८ वर्षीय वेदनारायण शर्मा लगायत् १४ जनालाई संकटकालमा जनआन्दोलन दिवस मनाई शाही घोषणाको विरोध गरेको भनी ०६१ चैत २६ गते जिल्ला प्रहरी कार्यालय बाग्लुङका प्रहरी निरीक्षक लोकनाथ तिमिल्सिनाको नेतृत्वमा आएको प्रहरीले बाग्लुङ नपा-२ एस्पीचोकबाट गिरफ्तार गरे। चैत २८ गते १२ जनालाई रिहा गरियो भने जनक पौडेल र खेमप्रकाश पाठकलाई सोही दिन जेल चलान गरिएकोमा पीडितकी पत्नी र छोरीले दायर गरेको बन्दी प्रत्यक्षीकरणको निवेदनबाट ०६२ जेठ ११ गते अदालतको आदेशमा रिहा गरियो।

०६२ जेठ १ गते दिउँसो अनेरास्ववियु केन्द्रीय सदस्य २९ वर्षीय गोविन्द नेपाली, जिल्ला अध्यक्ष २२ वर्षीय भूपाल चालिसे र विद्यार्थीहरू माझफाट गाविस-४ पर्वतका २१ वर्षीय रामकृष्ण सुवेदी, नरेठाटी गाविस-९ छापका १९ वर्षीय सुमन निष्ठुरी, रत्नेचौर गाविस- ९ अर्जम म्याग्दीका १९ वर्षीय झिल्के नेपाली, पाङग्राङ गाविस-३ पर्वतकी १९ वर्षीय निर्मला पाठक, जैदी गाविस-४ की १९ वर्षीय लक्ष्मी शर्मा, बाग्लुङ नपा-७ का २० वर्षीय दीपकप्रसाद गैरे, बाग्लुङ नपा-८ का १८ वर्षीय किरण सापकोटा र जैदी गाविस-९ का २१ वर्षीय विष्णु पौडेललाई शाही घोषणा विरुद्ध र्‍याली निकालिरहेको समयमा प्रहरीले गिरफ्तार गरे। पीडित सबैलाई सोही दिन बेलुकी ६ बजे इन्सेक प्रतिनिधि र पत्रकारहरूको रोहबरमा रिहा गरियो।

माघ १९ गतेको शाही घोषणाको विरोधमा सात दलद्वारा संयुक्तरूपमा आयोजित जुलुसले बाग्लुङ बजार परिक्रमापछि बाग्लुङ नपा-२ स्थित लालीगुराँसचोकमा कोणसभा गर्ने क्रममा ०६२ असार ३ गते दिउँसो प्रहरीले २९ जनालाई गिरफ्तार गर्‍यो। गिरफ्तार गरिएकामध्ये असार ४ गते लक्ष्मी बास्कोटालाई र असार ५ गते अन्य २२ जनालाई रिहा गरियो भन्ने नेकपा (एमाले) का श्रीप्रसाद शर्मा र इन्द्रलाल सापकोटा, नेकाँका प्रकाश शर्मा र कृष्ण निउरे र जनमोर्चाका कृष्ण थापा र डम्मर छन्त्याललाई ९० दिनको पूर्जी दिई जेल चलान गरियो। पीडितहरूको परिवारबाट असार ७ गते बन्दी प्रत्यक्षीकरणको रिट पुनरावेदन अदालत बाग्लुङमा दिएपछि सुनुवाई हुँदा अदालतको आदेशअनुसार असार १५ गते रिहा भए।

अनेरास्ववियु बाग्लुङ जिल्ला अध्यक्ष २२ वर्षीय भुपाल चालिसे, नेविसंघ सदस्य तथा महेन्द्र बहुमुखी क्याम्पस बाग्लुङका स्ववियु उपसभापति २४ वर्षीय कमल अधिकारी, अखिल (एकीकृत) जिल्ला सचिव तथा महेन्द्र बहुमुखी क्याम्पस बाग्लुङका स्ववियु कोषाध्यक्ष २० वर्षीय भीमसेन वन, नेविसंघ जिल्ला कोषाध्यक्ष भुवानन्द गैरे, नेविसंघ जिल्ला सदस्य चिरञ्जीवी गौतम र पत्रकार दीपकराज भण्डारीलाई ०६२ साउन ५ गते दिउँसो बाग्लुङ नपा-२ लालीगुराँसचोकमा कक्षा १ देखि १० सम्मका पुस्तकमा राखिएको राजपरिवारको फोटो विरोध स्वरुप च्यात्ने कार्य गरेको भनी प्रहरीले गिरफ्तार गरे। पत्रकार दीपकराज भण्डारीलाई साउन ५ गते र अन्यलाई साउन ७ गते रिहा गरियो।

अनेरास्ववियु केन्द्रीय सदस्य एवं महेन्द्र बहुमुखी

क्याम्पस बाग्लुङका स्ववियु सभापति गोविन्द नेपाली र नेविसंघ जिल्ला सहसचिव हरिहर शर्मालाई पेट्रोलियम पदार्थमा भएको मुल्यवृद्धिको विरोध गर्ने क्रममा राजालाई गाली गरेको आरोपमा ०६२ भदौ ७ गते कार्यक्रम सकिएको एक घण्टापछि प्रहरीले गिरफ्तार गरे। भदौ ९ गते हरिहरलाई रिहा गरी गोविन्द नेपालीलाई राजद्रोहको मुद्दामा विशेष अदालत काठमाडौंमा लगी १० दिनको म्याद थप गरी हनुमान ढोकामा राखियो। भदौ १९ गते विशेष अदालतबाट पाँच हजार रूपैयाँ धरौटी र एक महिने तारेखमा उनी रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्षको अन्त्यमा बाग्लुङ जिल्ला अदालतमा सरकारवादी फौजदारी जिम्मेवारी सरी आएका नौओटा र यस वर्ष परेका १२ गरी २१ ओटामध्ये तीन फर्स्यौट भई १८ ओटा बाँकी छन्। त्यस्तै दुनियावादीतर्फ जिम्मेवारी सरेका ७५ र हाल परेका ६४ गरी एकसय ३९ देवानी मुद्दामध्ये ४१ फैसला भई ८७ ओटा म्याद भित्रका र ११ ओटा म्याद नाघेका गरी ९८ ओटा देवानी मुद्दा बाँकी छन्। दुनियावादी फौजदारीमा जिम्मेवारी सरी आएका १९ र हाल परेका २३ गरी ४२ मुद्दामा २० फैसला भई २२ ओटा बाँकी छन्। तीमध्ये दुईओटा मुद्दाको म्याद नाघेको छ। थुनुवा भएका ११ ओटा मुद्दामा १९ जना थुनुवा रहेका छन्। यसरी यस वर्षको अन्त्यसम्ममा एकसय ३८ ओटा मुद्दा बाँकी देखिन्छन्।

यस वर्षको अन्त्यमा सरकारवादी फौजदारी मुद्दामा १४ ओटा र जिम्मेवारी सरी आएका १३ गरी २७ मध्ये १४ ओटा फर्स्यौट भई नौ थान म्याद भित्रका र चारओटा म्याद नाघेका गरी १३ थान बाँकी छन्। दुनियावादी देवानीतर्फ जिम्मेवारी सरी आएका २८ र यस वर्ष परेका १२ गरी ४० ओटा मध्ये २१ थान फर्स्यौट भई १९ ओटा बाँकी छन्। त्यस्तै दुनियावादी फौजदारीतर्फ जिम्मेवारी सरी आएका सात र हाल परेका दुई गरी नौमध्ये चार फैसला भई पाँचओटा बाँकी छन्। यसरी जम्मा मुद्दा ३७ ओटा रहेका छन् भने थुनुवा भएका १२ मुद्दामा १२ जना नै थुनुवा छन्।

ग्रामीण भेगका मुद्दामा माओवादीले हस्तक्षेप गरी जनअदालतबाट टुङ्गो लगाउने गरेकोले मुद्दाको संख्यामा कमी आएको छ। मुद्दा हेर्ने नाममा माओवादीले अपहरण गरी मोटो रकम लिने गरेको अपहरणबाट मुक्त भएका पीडितहरू बताउछन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

अमलाचौर गाविस-३ काउले निवासी नेकपा (एमाले) का कार्यालय सचिव कृष्ण पाठक, जिल्ला कमिटी सदस्य खेमप्रकाश पाठक, इलाका नं ५ का सचिव गुरुदत्त पाठकको "खेत नरोप्नु" भन्ने माओवादी सोनी कान्छाको धम्किको विरोधमा नेकपा (एमाले) जिल्ला कमिटीले एक विज्ञप्ती मार्फत अपिल गर्दै खेत रोप्ने वातावरण बनाउन आग्रह गरे। सो सम्बन्धमा मानवअधिकार संगठन र इन्सेकले छुट्टाछुट्टै विज्ञप्ति जारी गरे। पीडितका माइला दाजुलाई मात्र खेत रोप्न रोक लगाएको माओवादी पक्षले बतायो।

अमलाचौर गाविस-७ स्थित भैरवस्थान मन्दिरमा माओवादी नगर जनसमितिलाई कर नबुझाएको आरोपमा ०६२ भदौ ७ गते माओवादीले तालाबन्दी गरे। उक्त ताला खुलाइदिने वातावरणका लागि पुजारी विष्णु पुलामीले नागरिक समाज, पत्रकार र मानवअधिकारकर्मीसमक्ष अनुरोध गरे। कर तिर्ने सर्तमा पछि ताला खोलियो।

ग्वालीचौर गाविस-८ का कमल घिमिरेको घर जग्गा ०६१ माघ ३ गते देखि माओवादी ग्वालीचौर गाजस प्रमुख रामबहादुर कुंवरले आफ्नो पार्टीले कब्जा गरेको विज्ञप्तिमार्फत् जनाए। घिमिरेले स्थानीय थानपति निमाविको करिब दुई लाख रुपैयाँ हिनामिना गरी फरार रहेकोले उनको घरजग्गा कब्जामा लिनु परेको माओवादीले जनायो।

पाला गाविस-६ बाटुलेका ५६ वर्षीय चक्रपाणि उपाध्यायको घरमा ०६१ माघ ११ गते उनकी भाउजु कूलकुमारी शर्मासँगको जग्गासम्बन्धी विवादमा माओवादी एरिया नं. १० का इन्चार्ज विकिरणको नेतृत्वमा आएका माओवादीले तालाबन्दी गरे। उक्त विवादका सम्बन्धमा पत्रकार र इन्सेक प्रतिनिधिको टोलीले स्थलगतरूपमा सहमति गराई ०६१ फागुन ८ गते ताला खुलाइयो।

निसी गाविस-२ का चीनबहादुर घर्तीको घरमा ०६१ माघ १२ गते माओवादीले लुटपाट गरी नगद, कपडा र सामान गरी करिब २० हजार रुपैयाँ बराबरको नोक्सानी पुऱ्याएको पीडितले बताए।

विस्थापित

माओवादीले जबर्जस्ती प्रत्येक परिवारको माग्ने र जान नमान्दा कुटपिट गर्ने कार्यले यो वर्ष तीव्रता पाएकोले अधिकारीचौर, बोवाङबाट विस्थापित हुने क्रम रहेकै बेला बुङ्गादोभ गाविस-२ स्याउलाबाट ११ दलित घर परिवारका ४९ जना विस्थापित भए। तीमध्ये २० जना बालबालिका थिए।

माओवादीले एक घर एकजना पूर्णकालीन भनेपछि अधिकारीचौर गाविस-८ र ९, बोवाङ गाविस-८ र ९ का ७३ घर परिवारहरू विस्थापित हुँदा ३८ जना बालबालिका विस्थापित भए। ती मध्ये ४५ जना घरमा फिर्ता भए भने अन्य बाग्लुङ बजारमा रहेका छन्। खाद्य गोदाममा तीन परिवारका १२ जना बस्दै आएका छन्।

जनमोर्चा नेपालका कारण ०६२ वैशाखदेखि विस्थापित भएका नेकपा (एमाले) जिल्ला कमिटीका सदस्य

राङगानी गाविस-५ चिन्नीका खगेन्द्र पौडेललाई ०६२ असार १५ गते इन्सेक प्रतिनिधि, पत्रकार महासंघका जिल्ला सभापति, सचिव हरिनारायण गौतम र पत्रकारको टोलीले पुनर्स्थापित गऱ्यो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

पाला गाविस-७ तितौरका ३८ वर्षीय जितबहादुर कार्कीले माओवादी नदेखाएको आरोपमा ०६१ माघ २६ गते २३ नं. वाहिनीबाट गएको सुरक्षाकर्मीले सोही ठाउँको छहरापाखामा ढुङ्गा फोर्न लागेको अवस्थामा विहान नियन्त्रणमा लिई यातना दिए। गाउँलेको अनुरोधमा उनलाई सोही दिन डेढ बजे रिहा गरियो।

बाग्लुङ नपा-२ श्रीनगरटोल निवासी नेकपा (एमाले) जिल्ला कमिटी उपसचिव ३६ वर्षीय इन्द्रलाल सापकोटाले शाही घोषणाको विरोधमा विज्ञप्ति निकालेको भनी ०६१ फागुन ५ गते विहान सोही नपा-२ शिवधाराचोकस्थित एक पसलबाट प्रहरीले गिरफ्तार गरी ४५ दिनपछि रिहा गरे।

दमेक गाविस-१ का ३१ वर्षीय माओवादी गाजस प्रमुख शालिकराम पाठकलाई ०६१ भदौ ३१ गते विहान घरबाट वीरदल गणको कमाण्डमा गएको सर्च टोलीका सुरक्षाकर्मीले गिरफ्तार गरे। सोही क्रममा उनका भाई ऋषिराम पाठकलाई पनि गिरफ्तार गरी सोधपुछपछि कुश्मीसेराबाट सोही दिन रिहा गरियो। पीडितलाई असोज ३ गते २३ नं. वाहिनीपति नरबहादुर कँडेलले पत्रकार एवं मानवअधिकारकर्मीको रोहवरमा सार्वजनिक गरे। पीडितलाई अदालतमा लगी ३० दिनको अनुसन्धानपछि आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत थुनामा राखी मुद्दा चलाइएको छ।

पुनः गिरफ्तार

अमलाचौर गाविस-७ का निसान विकलाई ०६२ साउन ९ गते पुनरावेदन अदालत कास्कीले रिहा गरेपछि सुरक्षाकर्मीले पुनः गिरफ्तार गरी बाग्लुङ ल्याई सन् २००३ मा माओवादीद्वारा हत्या गरिएकामध्ये कृष्ण थापाको हत्याको आरोपमा मुद्दा चलाइयो। उनी बाग्लुङ जिल्ला अदालतबाट ०६२ भदौ १४ गते १० हजार धरौटी राखी पुर्पक्षका लागि तारेखमा रिहा भए। उनी डेढ वर्ष अघिदेखि माओवादीको आरोपमा पोखरामा थुनामा थिए।

तारा गाविस-७ बार्दुलीका ४१ वर्षीय गुनाराम दर्जी र उनका छोरा २१ वर्षीय चन्द्रलाल दर्जीलाई ०६१ चैत ३ गते राती २३ नं. वाहिनीबाट आएका सुरक्षाकर्मीले हिमाल होटलबाट गिरफ्तार गरे। पीडितकोतर्फबाट बन्दी प्रत्यक्षीकरण रिटउपर पुनरावेदन अदालतमा सुनुवाई हुँदा रिहा गरिएकोमा गुनारामलाई ०६२ साउन १७ गते अदालतको गेटबाट पुनः गिरफ्तार गरी कर्तव्य ज्यान मुद्दामा थुनामा राखियो।

बालअधिकार

बोहोरागाउँ गाविसस्थित प्रभा मावि बोहोरागाउँमा अध्ययनरत विद्यार्थीहरू प्रतिभा आचार्य, लक्ष्मी चन्द्र, पानकुमारी चन्द, टीकाकुमारी कँडेल, किमान शाही र भुमिराज नेपालीलाई ०६२ असोज २ गते प्रथम त्रैमासिक परीक्षा दिइरहेको अवस्थामा अखिल (क्रान्तिकारी) को अभियानमा नहिँडेको भनी स्पष्टिकरण माग्दा नदिएको आरोपमा माओवादीले परीक्षाबाट निष्काशन गऱ्यो। सोको विरोधमा विद्यालयले परीक्षासमेत स्थगन गरेकोमा ३ गते पुनः सोही समूह आई धम्की दिएपछि परीक्षा ४ गतेबाट सञ्चालन भयो। गत साउनमा माओवादीले उक्त विद्यालयबाट १५ जना विद्यार्थी क्रान्तिकारीको अभियानमा जान उर्दी गरेकोमा नगएका कारण स्पष्टिकरण सोधिएको थियो। स्पष्टिकरण दिने नौजनालाई मुक्त गरिए पनि स्पष्टिकरण नदिने बाँकी छजनालाई परीक्षाबाट वञ्चित गराइएको थियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

हटिया गाविस-९ नुवाकोट घर भई गहकोट उच्च माविमा अध्ययनरत १७ वर्षीय एक युवतीलाई सोही गाविस-६ का केशर (अर्जुन) मल्ल र नरेठाटी गाविस-४ मौरप्पाका २१ वर्षीय गोर खत्रीले ०६२ भदौ २ गते साँझ बलात्कार प्रयास गरे। भदौ ५ गते पूर्व वडाअध्यक्ष चन्द्रबहादुर खड्काको रोहवरमा चार हजार आठसय रुपैयाँ जरिवाना र पीडितको खुट्टा ढोग्न लगाई माफी माग्न लगाएर मिलापत्र भयो।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

बाग्लुङ नपा-८ स्थित शिव मन्दिरमा दलितहरूलाई प्रवेश नदिएपछि ०६१ माघ १० गते बाग्लुङ नपा-८ र ९ का दलितहरूले मन्दिरको ताला तोडी मन्दिर प्रवेश गरे। सो विरुद्धमा गैरदलितहरूले जिल्ला प्रशासन कार्यालयमा तोडफोड गरेको आरोप लगाउँदै उजुर गरेपछि दुवै पक्षबीच पूजारीबाहेक मन्दिरभित्र कोही पनि प्रवेश नगर्ने सर्तमा दलित सशक्तिकरण केन्द्र र जिल्ला प्रशासन कार्यालयको रोहवरमा मिलापत्र भयो।

३.१४ पर्वत

जनसंख्या	१६३९०९
साक्षरता प्रतिशत	६७
महिला साक्षरता प्रतिशत	५६
क्षेत्रफल (वर्ग कि. मि.)	४९४
गाविस/नपा संख्या	५५/०
निर्वाचन क्षेत्र	२
विद्यालय	३२७
क्याम्पस/उच्च मावि	३/१२
अस्पताल/स्वास्थ्य चौकी	२/५३
टेलिफोन लाइन	५३०
मोटर सडक (कि. मि.)	२३५
प्रहरी कार्यालय संख्या	४
हुलाक संख्या	५६
मानव विकास सूचकांक	०.५०४
प्रति परिवार सरदर संख्या	५.०१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

माओवादीबाट

भुकनाइले गाविस-६ भुकका ५२ वर्षीय भीमबहादुर परियारले माओवादी विरुद्ध सुराकी गरेको आरोपमा ०६१ माघ २ गते राती माओवादीले उनलाई घरबाट अपहरण गरी भुक माध्यमिक विद्यालय नजिकै पुऱ्याई गोली हानी हत्या गरे।

पर्वत वाच्छा गाविस-७ घुमाउने डाँडाकी मानसिक सन्तुलन गुमाएकी ३५ वर्षीय सरस्वती पराजुली बुहारीलाई मार्ने योजनाकार भएको आरोपमा ०६२ असोज १८ गते माओवादीले उनलाई अपहरण गरे। सरस्वतीलाई अपहरण गरी सरौंखोला गाविस-४ मुसुरबारी लगिएकोमा सोधपुछको क्रममा मानसिक यातना दिएका कारण असोज २० गते राति माओवादी कब्जामै मृत्यु भयो। उनको लास माओवादीले घर परिवारलाई दिएनन्। माओवादीले सरस्वतीको मृत्यु "होपलेस" भएर भएको जनाए।

कुश्माबाट डिमुवातर्फ गइरहेको संयुक्त सुरक्षाफौजको गाडी बाजुङ्ग गाविस पातिचौर नजिकै माओवादीले थापेको विद्युतीय धरापमा पार्दा ०६१ माघ १३ गते दुर्गादल गुल्मका सेनानी काठमाडौं मनपा-१ नक्सालका रविसिंह गड्तौला, नवलपरासी पञ्चनगर गाविस-६ घर भएका प्रहरी निरीक्षक चन्द्रज्योति चौधरी, भक्तपुर जिल्ला सुडाल गाविस-२ घर भएका सैनिक जवान पुष्कर थापा, धादिङ्ग जिल्ला सेमजुङ गाविस-२ का मलाङदुङ तामाङ्ग, स्याङ्जा जिल्ला सेतीदोभान गाविस-९ का सञ्जय शर्मा, ओखलढुङ्गा जिल्ला पोडली गाविस-५ का महेशकुमार तामाङ्ग, तनहुँ जिल्ला राम्जाकोट गाविस-२ का प्रहरी जवान भेषबहादुर दराई, म्याग्दी जिल्ला शिख गाविस-५ का ट्याक्सी ड्राइभर खिमबहादुर पुनको मृत्यु भयो। सोही घटनामा परी सैनिक जवान लोकबहादुर राना र गणेशकुमार क्षेत्री घाइते भए। घाइते हुने सर्वसाधारणहरुमा कास्की जिल्ला सल्यान गाविस-२ का ५० वर्षीय श्यामबहादुर केसी, लुंख गाविस-६ का लालबहादुर उच्चै, बिष्णु हमाल, भीमबहादुर मल्ल, इन्द्रबहादुर थापा, रोशनसिंह ठकुरी र हितबहादुर खड्का थिए।

आफ्नै बमबाट

चण्डिका सशस्त्र प्रहरी गण कुश्मामा बिच्छ्याइएको विद्युतीय धराप जाँच गर्ने क्रममा ०६२ असोज १० गते विस्फोट हुँदा पाल्पा जिल्ला चिनीपानी गाविस-५ घर भएका सशस्त्र प्रहरी हवल्दार २४ वर्षीय झपेन्द्र निर्मिल्सिना र फिनाम गाविस-७ गोरखाका २२ वर्षीय सिपाही गणेश भुर्तेलको मृत्यु भयो।

जेल र बन्दीहरू

पर्वत जिल्ला कारागार शाखा "घ" श्रेणीको कारागार हो। यो कारागार २५ जना बन्दी क्षमताको छ। हाल यहाँ म्याग्दी जेलमा रहेका बन्दीहरूसमेत गरी ३२ जना बन्दी रहेका छन्। जसमध्ये नौजना थुनुवा रहेका छन्। जसमा तीन जना महिला र क्षमता भन्दा बढी पुरुष बन्दीहरू रहेका छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

बर्राचौर गाविस-७ का २० वर्षीय लोकराज गिरीले सोही ठाउँका गंगाराम गिरीलाई कुटपिट गरेको आरोपमा ०६१ माघ ७ गते माओवादीले लोकराजलाई अपहरण गरे। उनी ०६१ चैत २७ मुक्त भएकोमा माओवादीले ०६२ वैशाख ११ गते पुनः अपहरण गरी कुटपिट गरी वैशाख २७ गते मुक्त गरे। भोक्सिङ्ग गाविस-३ का महेन्द्रोदय मावि कक्षा ७ का छात्र १४ वर्षीय सुष्मा विकलाई ०६२ वैशाख १५ गते

माओवादीले अपहरण गरेकोमा उनी जेठ १४ गते माओवादी कब्जाबाट भागेर आइन्।

आर्थर गाविस-१ शेराबजारका ४५ वर्षीय शेरबहादुर केमीले माओवादीले टाँगेको ब्यानर झिकेको आरोपमा माओवादीले उनलाई ०६१ चैत १३ गते अपहरण गरे। माओवादीले चैत २६ गते पीडितलाई मुक्त गरे।

बहाकीठाँटी गाविस-५ का २० वर्षीय रमेश भुसाल र सोही गाविसकी १९ वर्षीय रुपा भुसाल न्यौपानेलाई माओवादीले ०६२ जेठ १७ गते अपहण गरी लगेकोमा रमेशलाई भदौ १४ मुक्त गरे। रुपा हालसम्म माओवादी कब्जामै रहेकी छिन् ।

जनमोर्चा नेपालका सदस्य बर्राचौर गाविस-७ निवासी ४० वर्षीय धनबहादुर क्षेत्रीलाई ०६२ जेठ १९ गते माओवादीले अपहरण गरी जेठ २८ गते मुक्त गरे।

लेखफाँट गाविस-४ का २० वर्षीय लिलिन पुनले बहुविवाह गरेको आरोपमा ०६२ असार ७ गते माओवादीले उनलाई अपहरण गरे। उनलाई स्थानीय तहमा मिलापत्र गराई असार २० गते मुक्त गरियो।

दाङ जिल्ला श्रीगाउँ गाविस-२ घर भई जिविस पर्वतको प्राविधिक कार्यालयका सबओभरसियर ३७ वर्षीय प्रेमसिंह विकले कार्कीनेटा-फलेबास मोटरबाटोको सर्वेक्षणको क्रममा अनुमति नलिई आएको भनी माओवादीले उनलाई ०६२ असार २१ गते अपहरण गरी कार्कीनेटाबाट आइन्दा अनुमति लिएरमात्र काम गर्ने सर्तमा असार २७ गते मुक्त गरे।

भोक्सिङ्ग गाविस-३ का ४१ वर्षीय डिलबहादुर गुरुङ्ग, २१ वर्षीय मेघनाथ गुरुङ्ग, २० वर्षीय महेश गुरुङ्ग, महेन्द्रोदय मावि कक्षा ७ मा पढ्ने १७ वर्षीय अन्तिम गुरुङ्ग र १९ वर्षीय यामबहादुर गुरुङ्गले जंगलमा लुकाई राखेका हतियार चोरी गरी कालिज मारी खाँदै गरेको र गोली खर्च गरेको आरोपमा माओवादीले उनलाई ०६२ असार १८ गते अपहरण गरे। अपहरित सबैलाई प्रति गोली पाँच सय रुपैयाँका दरले १६ गोली खर्च गरेको हुनाले गाउँमा भेला राखी आठहजार रूपैयाँ तिराई ०६२ साउन २३ गते मुक्त गरे।

पिपलटारी गाविस-५ गहतेपोखराका २९ वर्षीय कृष्णप्रसाद भुसालले ठूलीपोखरी गाविस-४ का शिव सुवेदीलाई हतियार प्रहार गरी घाइते बनाएको भनी माओवादीले उनलाई ०६२ असार २९ गते अपहरण गरी साउन २१ गते मुक्त गरे। माओवादीले भुसाललाई साउन २६ गतेबाट एक महिना माओवादीको श्रम शिविरमा राखेका थिए।

माओवादीले लिमिठाना गाविस-९ स्थित लिमिठाना माविमा कक्षा ८ मा अध्ययनरत १४ वर्षीय विद्यार्थी नरबहादुर भण्डारी र देवीस्थान प्रा.वि.का १० वर्षीय रामु थापालाई ०६२ भदौ १३ गते अपहरण गरे। माओवादीले रामुलाई भदौ १४ गते र नरबहादुरलाई १६ गते लुंखुबाट मुक्त गरे।

तिलाहार गाविस-६ डिमुवाका २६ वर्षीय दीपेन्द्रजंग लामिछानेलाई ०६२ भदौ १३ गते रक्सी खाएर हिँडेको अवस्थामा माओवादीले अपहरण गरी भदौ २० गते नवजागृत उच्च माविका शिक्षकको जिम्मा लगाई मुक्त गरे।

बेउलीबास गाविस-३ का २३ वर्षीय दीपक सारु मगरलाई घरबाटै ०६२ कार्तिक १८ गते माओवादीले अपहरण गरे। पीडित हाल माओवादीको कब्जामा छन्।

बाच्छा गाविस-२ का २८ वर्षीय किसान परियारले विद्यालयमा चोरी गरेको आरोपमा ०६२ असोज २ गते माओवादीले उनलाई अपहरण गरे। असोज ३१ गते भागेर घरमा आएका बखत कार्तिक १ गते पुन अपहरण गरी पीडितलाई माओवादीले यातना र श्रम शिविरमा राखी पुस

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	२	१	१	२	३	९	१	१०	१	२	२
गिरफ्तारी/यातना									८	८	८
कुटपिट	२	१	१	२	२	२		२	१	४	४
धम्की					३	३	१	४			
भेला/संगठित हुने अधिकार									१	६	६
महिलाअधिकार	६		६	६							
बालअधिकार	१		१	१							
अपहरण					२०	२४	३	२७			
जम्मा	११	२	९	११	२८	३८	५	४३	११	२०	२०

३ गते जनविकास माध्यमिक विद्यालयमा एक सार्वजनिक कार्यक्रम गरी मुक्त गरे ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

लिमिठाना गाविस-२ निवासी पूर्व शिक्षक ५० वर्षीय पूर्णप्रसाद पन्तले माओवादीको विरुद्ध प्रतिकार समिति बनाएको आरोपमा माओवादीले उनलाई ०६१ माघ १८ गते गर्नी दाहिने खुट्टा भाँची ज्यानमार्ने धम्की समेत दिएका थिए।

माओवादी कब्जामा मृत्यु भएकी सरस्वती पराजुली

कुर्घा गाविस-५ का शिक्षक ५६ वर्षीय खडगबहादुर पौडेलले माओवादी विरुद्ध प्रतिकार समिति बनाएको आरोपमा माओवादीले उनलाई ०६१ माघ १८ गते घरबाट अपहरण गरी कुर्घा गाविस-९ नुवाखर्कमा पुऱ्याई कुटपिट गरी एमालेको जिल्ला कमिटी सदस्य छोड्ने सर्तमा सोही दिन मुक्त गरेका थिए ।

खानीगाउँ गाविस-२ भनपाखरमा हेल्पिङ ह्याण्ड्सद्वारा सञ्चालित सामुदायिक स्वास्थ्य क्लिनिक "नयाँ जनसत्ताको अनुमति बिना सञ्चालन गरेको" भनी ०६१ चैत २६ गतेबाट माओवादीद्वारा बन्द गराइयो। उक्त क्लिनिक सात महिनापछि माओवादी आफैले ताला खोली सञ्चालनमा आएको छ।

पूर्णेश्वर उच्च मा.वि. का शिक्षक भूपू प्राचार्य कटुवाचौपारी गाविस-२ का ५५ वर्षीय प्रेमनारायण शर्मालाई माओवादीले ०६१ चैत ३० गते प्राचार्य तथा शिक्षक समेतबाट राजिनामा दिन भनी धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

शाही कदमको विरुद्धमा संयुक्त जनआन्दोलन समिति पर्वतको आह्वानमा ०६२ भदौ ९ गते निकालिएको विरोध जुलुसबाट नेकपा (एमाले) का जिल्ला सचिव शान्तीप्रसाद पौडेल र जनमोर्चा नेपालका जिल्ला सचिव कृष्ण विकलाई गिरफ्तार गरी सोही बेलुकी नागरिक समाजका प्रतिनिधिको रोहबरमा मुक्त गरेका थिए। सुरक्षाकर्मीले सोही दिन पत्रकार दुर्गाप्रसाद शर्मा, लालप्रसाद शर्मा, ओमप्रसाद घायल र प्रगतिसंघ अञ्चल सदस्य देवेन्द्रराज पाण्डेलाई कुटपिट र लछारपछार गरी पत्रकार दुर्गाप्रसाद शर्माको क्यामरा खोसेकोमा पछि फिर्ता गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

मालपोत कार्यालय पर्वतबाट यस आर्थिक वर्षमा गत वर्षको जिम्मेवारी सरी आएको एक र यस वर्षको १८ ओटा गरी १९ ओटामा १८ ओटा मुद्दा फर्स्यौट भए। नामसारी तर्फ गत वर्षको एक र यस वर्षको ९६ मा ९१ फर्स्यौट भएका छन्। हक सफातर्फ गत वर्षको तीनओटा र यस वर्षका चारओटामा तीनओटा फर्स्यौट भएका छन्। नाम संशोधनतर्फ गत वर्ष एकओटा र यस वर्ष ४३ ओटामा ३४ ओटा फर्स्यौट भएका छन्।

पर्वत जिल्ला अदालतबाट गत वर्षको जिम्मेवारी सरी आएका देवानी, फौजदारी र संक्षिप्त देवानी फौजदारी गरी ६३ ओटा मुद्दा र यस वर्षका ३६ गरी ९९ ओटा मुद्दा दर्ता भएकोमा ३७ ओटा मुद्दा फर्स्यौट भई ६२ ओटा बाँकी रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

लुंखुदेउराली गाविस-९ का ४० वर्षीय एकबहादुर हमालको पसलबाट माओवादीले ०६२ माघ १२ गते राति रूपैयाँ २५ लाख बराबरको नगद र जिन्सी लुटपाट गरे। पीडित नेकपा (एमाले) लुंखु गाउँ कमिटीका सचिव समेतबाट राजिनामा गरी कारवाही हुने डरले सुरक्षित ठाउँमा बसेका थिए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

तिलाहार गाविस-८ दगाकका ३६ वर्षीय तुलसी गिरीले माओवादीलाई सहयोग गरेको आरोपमा उनलाई ०६१ पुस १७ गते सुरक्षाकर्मीले बिहान घरबाट गिरफ्तार गरी पुस १८ गते रिहा गरे।

तिलाहार गाविस-८ कै ५६ वर्षीय हरिदत्त पुरीले माओवादीलाई सहयोग गरेको आरोपमा सुरक्षाकर्मीले उनलाई शिवालय गाविस-४ शिवालयचोकबाट ०६१ पुस १७ गते गिरफ्तार गरी १८ गते रिहा गरे।

तिलाहार गाविस-८ निवासी महेन्द्र प्रा.वि.का प्रधानाध्यापक ५० वर्षीय बाबुराम पराजुलीले माओवादीलाई सहयोग गरेको आरोपमा सुरक्षाकर्मीले ०६१ पुस १७ गते बिहान घरबाटै गिरफ्तार गरी १८ गते रिहा गरे।

खानीगाउँ गाविस-२ निवासी एमाले जिल्ला कमिटीका उपसचिव ३७ वर्षीय विकास लम्साललाई सुरक्षाकर्मीले डेराबाटै ०६१ माघ २६ गते गिरफ्तार गरी चैत १९ गते रिहा गरे।

बालअधिकार

मल्लाज माझफाँट गाविस-३ की ११ वर्षीय एक वालिकालाई ०६१ फागुन ८ गते मुस्ताङ्ग जिल्ला टुकुचे गाविस-८ का ४० वर्षीय भीमवहादुर परियारले ललाई, फकाई वलात्कार गरे। पीडक भीमवहादुर परियारलाई जिल्ला अदालतवाट १० वर्ष कैद गर्ने फैसला भएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

वाच्छा गाविस-७ की २२ वर्षीय दुर्गाकुमारी पराजुलीलाई ०६२ भदौ ३१ गते राती वाच्छा गाविस-३ का २३ वर्षीय लक्ष्मण गुरुङ्ग र बागलुङ छिस्ती गाविस घर भई वाच्छामा बस्दै आएका ३० वर्षीय गुमाने दर्जीले वलात्कार गरी उनको हत्या गरे। पीडित पक्षले प्रहरीमा उजुरी गरेनन्। गाउँलेहरूले खोजी गरेर पीडकहरूलाई घटनास्थलमा ल्याई सोधपुछ गरिरहेको अवस्थामा माओवादी आई असोज २ गते घटनास्थलवाट पीडकहरूलाई आफ्नो कब्जामा लिए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

सञ्चार सम्वन्धी केही संशोधन अध्यादेश विरुद्ध प्रेस चौतारी र प्रेस यूनियनले ०६२ कार्तिक ८ गते अध्यादेश जलाउने कार्यक्रममा प्रहरीले हस्तक्षेप विरुद्ध प्रेस विज्ञप्ति प्रकाशन गरे।

आत्मसमर्पण

पर्वत जिल्ला उरामपोखरा गाविस-४ घर भई माओवादीको परिवर्तन स्मृति नवौं ब्रिगेडअन्तर्गत सी कम्पनीका प्लाटुन भाईस कमान्डर "धरान" भनिने २२ वर्षीय धनबहादुर क्षेत्री आत्मसमर्पण गर्न आउँदा सुरक्षाकर्मीले ०६२ कार्तिक ९ गते गिरफ्तार गरी हिरासतमा राखिएकोमा उनले ११ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरे।

लेकफाँट गाविस-४ का ३० वर्षीय जीतवहादुर पुनले माओवादी क्रियाकलाप परित्याग गरी ०६२ असार १८ अञ्चल प्रशासकसमक्ष आत्मसमर्पण गरे। उनले माओवादीको मगरात मुक्तिमोर्चाको जिल्ला अध्यक्ष रही काम गरेका थिए।

३.१५ म्याग्दी



जनसंख्या	: १२०४८८
साक्षरता प्रतिशत	: ५६
महिला साक्षरता प्रतिशत	: ३९.८२
क्षेत्रफल (वर्ग कि. मि.)	: २,२९७
गाविस/नपा संख्या	: ४०/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २०६
क्याम्पस/उच्च मावि	: १/४
अस्पताल/स्वास्थ्य चौकी	: १/४२
टेलिफोन लाइन	: ५१०
मोटर सडक (कि. मि.)	: ४५
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ३८
मानव विकास सूचकांक	: ०.४९८
प्रति परिवार सरदर संख्या	: ४.९३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

माओवादीद्वारा घोषित दाना गाविसका गाउँ जनसरकार प्रमुख पूर्णबहादुर फगामीको ०६१ चैत २० गते मृत्यु भएको रक्षा मन्त्रालयको विज्ञप्तिमा जनाइयो। फगामीको कुन सुरक्षा कारवाहीमा मृत्यु भएको भने पुष्टी हुन सकेको छैन।

पुलाचौर गाविस-५ गाज्ने भन्ने ठाउँमा माओवादीको गाउँ जनसरकार गठन कार्यक्रममा ०६२ असार १५ गते खड्गदल गुल्मवाट गएका सुरक्षाकर्मीले कारवाही गर्दा वावियाचौर गाविस- ८ रणबाङ्गकी माओवादी कार्यकर्ता तारा पौडेलको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

शिख गाविस-३ किन्दूको एक घरमा बसेका करिव

पाँचजनाको संख्यामा रहेका माओवादीमाथि ०६२ मंसिर २८ गते पर्वत जिल्लाको कुश्माबाट गएको सैनिक गस्ती टोलीले गोली प्रहार गर्दा नाम ठेगाना खुल्न नसकेका एक माओवादी घाइते भए।

माओवादीबाट

माओवादीले ०६२ भदौ १० गते सदरमुकाम बेनी स्थित मंगलाघाट चेकपोष्टमा विस्फोट गराउँदा प्रहरी कृष्णबहादुर क्षेत्री र सशस्त्र प्रहरी हवल्दार सुमन श्रेष्ठ घाइते भए। घाइते क्षेत्रीको दायाँ खुट्टा चुँडिएको छ भने श्रेष्ठको कुममा चोट लागेको छ। घाइतेहरू मणिपाल शिक्षण अस्पताल, पोखरामा उपचारपछि घर फर्के।

जेल र बन्दीहरू

कुल २५ जना बन्दी क्षमता भएको म्याग्दी जेलमा हाल बन्दी छैनन्। अघिल्लो वर्षको चैतमा माओवादीले म्याग्दी सदरमुकाम आक्रमणपछि जेलमा रहेका सबै बन्दी भगाएको र जेलमा क्षति पुऱ्याएकोले जेल खाली भएको हो। क्षतिग्रस्त जेलको मर्मत सम्भार भइसक्दासमेत सुरक्षाको कारण देखाई जेल सञ्चालन गरिएको छैन।

बेपत्ता / अपहरण

माओवादीबाट

शिख गाविस-४ का ६१ वर्षीय टीकाबहादुर पुनलाई सुराकीको आरोपमा ०६१ पुस १८ गते माओवादीले उनकै घरबाट अपहरण गरे। पीडितलाई चार दिनपछि २० हजार रुपैयाँ लिएर सोही ठाउँबाट मुक्त गरियो।

राम्चे गाविस-३ का सइबहादुर गर्बुजा, पिप्ले गाविस-३ का २२ वर्षीय सन्दीप मल्ल, पाखापानी गाविस-२ की २७ वर्षीय बीना पाइजा र मराङ गाविस-९ की २३ वर्षीय तारा पुनलाई सामुदायिक वन सहजीकरण सम्बन्धी काम गर्न चिमखोला पुगेको अवस्थामा ०६१ फागुन २ गते माओवादीले अपहरण गरे। उनीहरूलाई चैत १५ गते पाखापानीबाट मुक्त गरियो।

जिविस लघुउद्यम विकास कार्यक्रमका सामुदायिक परिचालक नाकम गाविस-२ की २४ वर्षीय होमदेवी खत्री र दरबाङ गाविस-५ की २३ वर्षीय खरमया बिटालुलाई ०६१ फागुन १२ गते माओवादीले अर्मन गाविसको पोकबाट अपहरण गरे। उनीहरूलाई फागुन २६ गते दरबाङबाट मुक्त गरे।

सदरमुकाम रहेको अर्थुङ्गे गाविसका सचिव ज्यामरुककोट गाविस-१ बगरफाँटका ४१ वर्षीय कृष्णबहादुर कार्कीलाई ०६२ जेठ ३१ गते घरबाट माओवादीले अपहरण गरी असार १० गते बाबियाचौरबाट मुक्त गरे।

माओवादी समर्थित विद्यार्थी संगठनको सम्मेलनमा सहभागी गराउन सदरमुकाम क्षेत्रबाहेक जिल्लाका ३२ माध्यमिक विद्यालयमा कक्षा आठदेखि दशसम्म अध्ययनरत करिब दुईहजार विद्यार्थीलाई ०६२ वैशाख २८ गते माओवादीले अपहरण गरे। सबै विद्यार्थीहरूलाई जेठ ६ गते नाकमबाट मुक्त गरे।

रत्नेचौर गाविस-३ स्थित ठूलोसल्लेरी सामुदायिक वन उपभोक्ता समूहमा बास निगालो सम्बन्धी ज्यालादारीमा काम गर्न गएका घतान गाविस-७ का बलबहादुर थापालाई ०६२ जेठ १५ गते माओवादीले अपहरण गरी असार ९ गते ज्यामरुककोटबाट मुक्त गरे।

दरबाङ गाविस-६ का ४६ वर्षीय भीमेन्द्र गौचनलाई ०६२ जेठ २३ गते सुराकी तथा ठगी गरेको आरोपमा उनकै घरबाट अपहरण गरे। माओवादीले बिरामी परेपछि उनलाई असार १२ गते नाकमबाट मुक्त गरे।

जिविस स्थानीय विकास कोषमा कार्यरत पुलाचौर गाविस-७ का ३२ वर्षीय प्रेमबहादुर बानियालाई ०६२ असार १ गते सिङ्गा गाविस-६ सिङ्गाबाट माओवादीले अपहरण गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	२	३	५						२	१	१		२
घाइते					१	२			२	१			१	१
गिरफ्तारी/यातना										२	२			२
कुटपिट					१	१			१	१	१			१
धम्की										१			९	९
भेला/संगठित हुने अधिकार										१	३	२		५
बालअधिकार	१		१	१										
अपहरण					१४	१२	८	२१००	२१२०					
जम्मा	४	२	४	६	१६	१५	८	२१००	२१२३	८	७	३	१०	२०

उनलाई असार १० गते बाबियाचौरबाट मुक्त गरियो।

अर्मन गाविस- ६ घर भई वन कार्यक्रमअन्तर्गत स्थानीय मिलन नामक संस्थामा कार्यरत ३४ वर्षीय मिठू आचार्य, भिंं गाविस-३ की २८ वर्षीय चुमाया थजाली र पाल्लेखेल गाविस-१ की २५ वर्षीय बबीकुमारी मल्ललाई ०६२ साउन १६ गते फिल्ड गएका वेला माओवादीले भिंं गाविसबाट अपहरण गरी साउन २० गते चिमखोलाबाट मुक्त गरे।

जनप्रिय मावि दरवाङ्ग, किसानी मावि विम, राष्ट्रिय मावि रुमलगायत्का विद्यालयमा अध्ययनरत करिव एकसय विद्यार्थीलाई ०६२ भदौ २६ गते माओवादीले कक्षा कोठाबाटै अपहरण गरे। उनीहरूलाई विभिन्न कार्यक्रममा सहभागी गराई असोज ३ गते मुक्त गरियो।

गलेश्वर कृषि सेवा केन्द्रका पियन रत्नबहादुर कार्कीलाई माओवादीले ०६२ असोज ६ गते सिंचाई कुलोसम्वन्धी काम गर्न घतान गाविस-७ नेप्नेचौरमा गएको अवस्थामा साथमा रहेका नोटवुक, फितालगायत्का सामान लुटेर एक घण्टापछि मुक्त गरे।

पाल्लेखेत गाविस-४ घर भई स्थानीय दीपक निम्न माध्यमिक विद्यालयमा कक्षा सातमा अध्ययनरत १३ वर्षीय गोविन्द रखाल र १५ वर्षीय बलबहादुर गर्वुजालाई ०६२ असोज २८ गते माओवादीले विद्यालयको कक्षाकोठाबाट अपहरण गरे। अपहरितमध्ये गोविन्द रखाललाई कार्तिक १३ गते मुक्त गरे भने बलबहादुर यो वर्षको अन्त्यसम्म माओवादी कव्जामै छन्।

ग्रामीण कृषि सडकको सर्वे गर्न गएका सडक उपभोक्ता समूहका अध्यक्ष दुर्गाबहादुर मल्ल र जिविस ओभरसियर वीरेन्द्र चौधरीलाई ०६२ मंसिर ८ गते माओवादीले कव्जामा लिई काम नगर्न भन्दै फिर्ता पठाए।

शिख गाविस-९ घर भएका यामबहादुर खड्काले छिमेकी ओमबहादुर बरुवालको घरमा आगो लगाएको आरोपमा खड्कालाई माओवादीले ०६२ मंसिर २४ गते घरबाटै अपहरण गरे। खड्का यो वर्षको अन्त्यसम्म मुक्त भएका छैनन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

नेकाँका जिल्ला उपसभापति रेशमबहादुर वानियाँलाई ०६२ असोज १५ गते दिउँसो सदरमुकाम वेनीको न्यूरोडमा हिडिरहेको अवस्थामा खड्गदल गुल्मका सुरक्षाकर्मीले कुटपिट गरे। मदिरा सेवन गरेका ती सुरक्षाकर्मीले लघुउद्यम विकास कार्यक्रम अधिकृत शंकर सुवेदीलाई हातपात गर्न लाग्दा बानियाँले छुटाउन खोजेका थिए। सुरक्षाकर्मीले गरेको ज्यादतीको विरोधमा नेकाँ, एमाले, जनमोर्चालगायतका राजनीतिक दलहरू र मानवअधिकार



खड्गदल गुल्ममा कार्यरत सुरक्षाकर्मीहरूले नेकाँका उपभासपति रेशमबहादुर बानियामाथि गरेको भौतिक आक्रमणका सम्बन्धमा सार्वजनिकरूपमा माफी माग्दै प्रमुख जिल्ला अधिकारी गंगासागर ढकाल

संस्थाहरूले पनि विज्ञप्ति जारी गरे। घटनाको चर्को विरोध भएपछि मेजर आनसिं विष्ट र प्रमुख जिल्ला अधिकारीले सार्वजनिक रुपमा माफी मागेका थिए।

जिल्ला प्रशासन कार्यालय, म्याग्दीले ०६२ मंसिर २३ गते पत्र लेखी इन्सेक जिल्ला प्रतिनिधि घनश्याम खड्का, पत्रकारहरू सुरज केसी, रेखा रेग्मीलगायत्लाई आफूले प्राप्त गरेको इजाजतपत्रसहित अञ्चल प्रशासन कार्यालयमा उपस्थित हुन निर्देशन दियो। प्रशासनको पत्रलाई गैरकानुनी भन्दै धौलागिरीका पत्रकारले निर्देशनको सामूहिक अवज्ञा गरे। अञ्चल प्रशासक रामजी विष्टको निर्देशनमा प्रमुख जिल्ला अधिकारी गंगासागर ढकालले समाचार लेख्ने विषय तथा श्रोतका बारेमा छलफल गर्नुपर्ने भएको व्यहोराको पत्र लेखी मंसिर ३० गते अञ्चल प्रशासन कार्यालयमा उपस्थित हुन निर्देशन दिएका थिए।

माओवादीबाट

रेडक्रस शिख उपशाखा प्रमुखसमेत रहेका शिख गाविस- १ खिवाङ्गका ४८ वर्षीय मनबहादुर गर्वुजा मगरलाई ०६१ पुस १७ गते सुराकीको आरोपमा माओवादीले उनकै घरमा कुटपिट गरे। गर्वुजालाई माओवादीले कुटपिटपछि उपचार गर्न प्रतिवन्ध लगाउनुका साथै उनको घरवाट करिब दुई लाख रूपैयाँ बराबरको धनमाल समेत लुटे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

विद्यार्थी दिवस मनाउने क्रममा ०६२ जेठ १ गते प्रहरीले अनेरास्ववियु केन्द्रीय सदस्य पार्वती भण्डारी, वैकल्पिक केन्द्रीय सदस्य खुमबहादुर वानिया, जिल्ला कोषाध्यक्ष इन्दू वानियाँ, सदस्यहरू राजकुमार थापा, भीम क्षेत्री र सन्तोष शर्मालाई वीरेन्द्रचोकबाट पक्राउ गऱ्यो।

पक्राउ परेका सबैलाई पाँच घण्टा हिरासतमा राखी बेलुकी रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

समान सुविधाको माग गर्दै सदरमुकामको शैक्षिक जनशक्ति तालिम केन्द्रमा सञ्चालित आधारभूत प्राथमिक शिक्षक सेवाकालीन तालिममा सहभागी ३० शिक्षक-शिक्षिकाले ०६२ मंसिर ५ गते तालिम बहिष्कार गरे।

सरकारले तालिममा सहभागीहरूलाई दिँदै आएको निर्वाह तथा खाजा खर्चमा कटौती गरेको विरोधमा तालिम बहिष्कार गरिएकोमा जिल्ला शिक्षा कार्यालयले समस्या समाधान गर्न पहल गर्ने आश्वासन दिएपछि मंसिर ७ गतेदेखि तालिम सुरु भयो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

दरवाङ्ग गाविस-५ का जिल्ला विकास समितिका पूर्व सदस्य भीमेन्द्र गौचनको रानोढुङ्गास्थित खेतमा लगाई राखेको धानबाली माओवादीले ०६२ कार्तिक २५ गते आफैं काटेर लगे। गौचन अहिले राजधानीमा बस्दै आएका छन्। माओवादीका इलाका सदस्य मनबहादुर पुनले गौचनको खेतमा लगाएको भण्डै २० मुरी धान खेतबाटै उठाइएको सार्वजनिक गरे।

किसानी प्राथमिक विद्यालय सिकुंस अर्मनमा स्थायी दरबन्दी भई जामुनाखर्क माध्यमिक विद्यालय अर्थुङ्गेमा प्रध्यानाध्यापक रहेका सोमनाथ ढुङ्गाना र सल्लेरी प्राथमिक विद्यालय घनानमा कार्यरत शिक्षक मनोज पौडेललाई जिल्ला शिक्षा कार्यालयले ०६२ वैशाख २९ गते देखि सेवाबाट बर्खास्त गऱ्यो। जिल्ला सुरक्षा समितिको सिफारिसमा शिक्षक सेवा आयोगले कार्यालयलाई बर्खास्त गर्न निर्देशन गरेका थियो। दुवै शिक्षकले ०६१ जेठ ४ गते स्थायी नियुक्ति लिएका थिए। नियुक्तिपछिको एक वर्ष परीक्षणकाल मानिन्छ। पीडित शिक्षकहरूले कार्यालयको निर्णय विरुद्ध सर्वोच्च अदालतमा उजुरी गरे। सर्वोच्चले विपक्षीका नाममा कारण देखाउ आदेश जारी गरेको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

सिङ्गा गाविस-६ घर भई सामुदायिक वन उपभोक्ता महासंघ म्याग्दीका अध्यक्ष ४२ वर्षीय देवबहादुर घलेलाई जिल्ला सुरक्षा समितिले माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ फागुन १० गिरफ्तार गरी फागुन २८ गतेदेखि नजरबन्दमा राख्यो। आफ्ना कर्मचारीलाई माओवादीले अपहरण गरेको जानकारी गराउन सुरक्षाकर्मीकहाँ पुगेका घलेलाई उल्टै माओवादीको आरोप लगाइएको थियो। घलेकर्मी ०६२ जेठ ४ गतेको सर्वोच्च अदालतको आदेशबाट रिहा भए।

हिस्तान गाविस-१ घराम्दीका अन्दाजी ३१ वर्षीय गोबिन्द गर्बुजालाई माओवादीको आरोपमा ०६२ साउन १८ गतेदेखि नजरबन्दमा राखियो। जिल्ला सुरक्षा समितिले उनी माओवादीको इलाका सदस्य भएको बताएको छ। गर्बुजालाई कहिले र कहाबाट पक्राउ गरिएको समितिले खुल्न सकेन।

बालअधिकार

भगवती गाविस-६ की १३ वर्षीय एक बालिकालाई ०६१ चैत २८ गते बाख्रा चराउन निम्नीखर्क भन्ने ठाउँमा गएका बेला सोही ठाउँका रुकुमबहादुर दर्जीले बलात्कार गरे। पीडकलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा राख्ने आदेश गरेको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

भगवती गाविस-७ धुपिचौरकी ६५ वर्षीय यामकुमारी भण्डारीलाई भगवती गाविस-८ का २२ वर्षीय राजाराम भण्डारीले बलात्कारपछि हत्या गरे। हत्यापछि भण्डारीले बृद्धालाई नजिकैको चुहिनेपानीको खोल्सामा फालेका थिए। जिल्ला अदालतले पीडक भण्डारीलाई पुर्पक्षका लागि थुनामा राखी कारबाही चलाउन आदेश दिएको छ।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल पत्रकार महासंघले मनोनित क्षेत्रीय तथा अञ्चल प्रशासकहरूलाई सञ्चारकर्मीलाई धम्क्याउने, थुनछेक गर्ने, पूर्जी काटेर बयानका लागि बोलाउने काम बन्द गर्न प्रशासकहरूलाई चेतावनी दिँदै सम्पूर्ण सञ्चारकर्मीलाई व्यवसायिक दायित्व एवम् पूर्ण प्रेस स्वतन्त्रताको आन्दोलनमा लाग्न आह्वान गऱ्यो।

संरचना/सम्पत्ति क्षति

माओवादीले सदरमुकाम बेनीस्थित लोकदीप आवासीय मावि र न्यु बेष्ट प्वाइन्ट आवासीय उच्च माविमा ०६२ असार २ गते बम विस्फोट गराए। माओवादीले यस अघि पटक-पटक पत्र पठाई बोर्डिङ्ग स्कूलहरू बन्द नगराए भौतिक कारवाही गर्ने धम्की दिँदै आएका थिए। विस्फोटमा मानवीय क्षति नभएपनि विस्फोटको बेला ती विद्यालयमा करिब एकसय ५० जना शिक्षक विद्यार्थीहरू भवनको माथिल्लो तल्लामा बसेका थिए।

माओवादीले सदरमुकाम बेनीबाट तीन किलोमिटर उत्तरमा रहेको गलेश्वर आदर्श बोर्डिङ्ग स्कूलमा ०६२ असार ३ गते बम विस्फोट गराए। विस्फोटमा मानवीय क्षति

नभएपनि विस्फोटको बेला विद्यालयमा शिक्षक र विद्यार्थी गरी २५ जना रहेका थिए।

विगतको अनुगमन

बेपत्ता

लुलाङ्ग गाविस-६ घर भई परुवा गाविस-४ मुर्गियामा बसोवास गर्ने ३८ वर्षीय रणबहादुर पूर्जालाई ०६० चैत १० गते सुरक्षाकर्मीले सदरमुकाम वेनीमा पक्राउ गरी बेपत्ता पारेको पीडितका परिवारले बताए।

पीडित रणबहादुर पुर्जाका बावु नरवहादुर पूर्जाले ०६१ वैशाख १६ गते प्रमुख जिल्ला अधिकारीलाई दिएको उजुरीमा आफ्नो माइलो छोरा रणवहादुरको मृत्यु सुरक्षाकर्मीको गोलीबाट ०६० चैत १० गते कालीप्रसाद गणको मूल गेटनेर मृत्यु भएको जिकिर गर्दै उजुरीमा क्षतिपूर्तिको माग गरेका छन्। प्रशासनले अहिलेसम्म पनि रणवहादुर पूर्जाको मृत्यु भएको वा पक्राउ गरेको स्वीकार गरेको छैन।

३.१६ मुस्ताङ



जनसंख्या	: १५२६५
साक्षरता प्रतिशत	: ५६
महिला साक्षरता प्रतिशत	: ५०
क्षेत्रफल (वर्ग कि. मि.)	: ३५७३
गाविस/नपा संख्या	: १६। ०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ६५
क्याम्पस/उच्च मावि	: ० / १
अस्पताल/स्वास्थ्य चौकी	: २/१७
टेलिफोन लाइन	: १८०
मोटर सडक (कि. मि.)	: २५
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: १६
मानव विकास सूचकांक	: ०.४८२
प्रति परिवार सरदर संख्या	: ४.७१

जेल र बन्दीहरू

जिल्ला सदरमुकाम जोमसोमसँग जोडिएको मार्फा गाविस-५ जोमसोमस्थित जेलको क्षेत्रफल छ रोपनी, दुई आना र एकपैसा छ। जेलमा साना-ठूला गरी आठओटा कोठा छन्। कोठाहरू होचा, अध्याँरा र साँघुरा छन्। जेलमा हाल वन्दी छैनन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष जिल्ला प्रशासन कार्यालयमा दर्ता हुन आएका आठओटा ठाडो उजुरीहरूलाई पीडित र पीडकबीच मिलापत्र गराई टुंग्याइएको छ। जिल्ला अदालतमा मुद्दा दर्ता संख्या शून्य अवस्थामा रहेको छ भने गत वर्ष श्रीमती मन शेरचनद्वारा पति देवेन्द्र शेरचन विरुद्ध दायर गरिएको अंश दावी मुद्दालाई वारेसको उपस्थितिमा अंश छुट्याई पाँच भागमा फैसला सुनाईएको छ। जिल्ला प्रहरी कार्यालयमा भवितव्य मृत्युका थोरै घटनाहरूमात्र दर्तामा उल्लेख गरिएका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

विगत केही वर्ष यता यस जिल्लामा सरकारी विद्यालय तथा कार्यालयहरूमा कार्यरत सयौंजना स्थानीय शिक्षक तथा कर्मचारीहरूलाई सरकारबाट प्राप्त हुने सेवा सुविधाहरूमध्ये स्थानीय दुर्गम भत्तामा स्थानीय शिक्षक तथा कर्मचारीका तुलनामा पचास प्रतिशत नै कटौति गरिएकोवाट उनीहरूलाई ठूलो मर्का परिरहेको महसुस गरिएको छ। समान काममा समान पारिश्रमिक पाउनुपर्ने आर्थिक अधिकारवाट वञ्चित स्थानीय शिक्षक तथा कर्मचारीहरूले यो वर्ष पटक-पटक सम्वन्धित निकायलाई समस्या व्यक्त गरेता पनि हालसम्म त्यसको कुनै सुनुवाई भएको छैन।

बालअधिकार

जिल्ला वाहिरवाट जिल्ला भित्र विभिन्न कामको खोजीमा आएका विशेषत: द्वन्द्व पीडित आमा-बुवासँगै रहेका छोराछोरीहरू अधिकांश वालअधिकारबाट विमुख रहेका छन्। पर्यटक होटल, लज तथा सम्पन्न घर परिवारहरूमा वालश्रमिकको संख्यामा वृद्धि भएको छ। उनीहरूको भविष्य दयनीय र असुरक्षित देखिएको छ। वाल अधिकारवाट वञ्चित यी वालवालिकाहरूका लागि सम्वन्धित संघ-संस्थाहरूवाट वालहितका पक्षमा ठोस सामाजिक कार्यहरू हुन सकिरहेका छैनन।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

जिल्लामा तुलनात्मकरूपमा पुरुषहरूभन्दा महिलाहरू घरेलु कामकाजमा वढी सलंग्न भएकोबाट केही

शारीरिक श्रमको शोषण देखिएता पनि आर्थिक क्षेत्रमा उनीहरू स्वतन्त्र छन्। धेरैजसो समय जुवा-तास खेलेर बिताउन खोज्ने पुरुषहरू विरुद्ध महिला आमा समूहहरूबाट विशेष चाड पर्वहरूमा बाहेक अन्य दिन जुवा-तास खेल्न प्रतिबन्ध गरिएको छ। जोमसोमदेखि माथिका कतिपय गाउँ बस्तीहरूमा माहिली छोरी भुमा बनी आजीवन अविवाहित रहनु पर्ने सांस्कृतिक परम्परा बिस्तारै समाजबाट विस्थापित हुँदै गइरहेको छ। बहुपति विवाह प्रथा नयाँ पिँढीमा करिब अमान्य र अस्वीकार्य भइसकेको छ।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

मोरङ जिल्लाका देवेन्द्र सार्कीको कोवाड-खन्नीमा कृषि मोटर सडक खन्ने सिलसिलामा ०६२ भदौ १५ गतेका दिन भीरबाट खसेर मृत्यु भयो।

ठिनी मुस्ताङ निवासी छ्याडमो थकालीले ०६२ असोज १४ गते कालीगण्डकीमा हाम फाली आत्महत्या गरिन्।

रसुवा जिल्ला निवासी अन्दाजी ३५ वर्षका थाच्याँ शेर्पाको ०६२ कार्तिक १२ गते कालीगण्डकीले बगाई मृत्यु भयो।

मध्यपश्चिमाञ्चल

४.१ दाङ

४.२ प्युठान

४.३ रोल्पा

४.४ सल्यान

४.५ रुकुम

४.६ बाँके

४.७ बर्दिया

४.८ सुर्खेत

४.९ जाजरकोट

४.१० दैलेख

४.११ डोल्पा

४.१२ जुम्ला

४.१३ कालिकोट

४.१४ मुगु

४.१५ हुम्ला

४.१ दाङ



जनसंख्या	: ५१३५७५
साक्षरता प्रतिशत	: ५७.७
महिला साक्षरता प्रतिशत	: ४६.९
क्षेत्रफल (वर्ग कि. मि.)	: २९५५
गाविस/नपा संख्या	: ३९/२
निर्वाचन क्षेत्र	: ४
विद्यालय	: ४२३
क्याम्पस/उच्च मा.वि.	: ५/११
अस्पताल/स्वास्थ्य चौकी	: ५/४०
टेलिफोन लाइन	: ४९५२
मोटर सडक (कि. मि.)	: ६३०
प्रहरी कार्यालय संख्या	: ४
हुलाक संख्या	: ४५
मानव विकास सूचकांक	: ०.४०९
प्रति परिवार सरदर संख्या	: ६.२२

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

पवननगर गाविस-३ भमकेका ४६ वर्षीय धनीराम कँडेललाई माओवादीको आरोपमा ०६१ माघ ८ गते राति सुरक्षाकर्मीले घरमा घेरा हाली सुतिरहेको अवस्थामा गोली हानी हत्या गरे।

सौडियार गाविस-७ की १८ वर्षीय हिमली चौधरीलाई माओवादीको आरोपमा ०६१ फागुन ८ गते सोही गाविसको लोखरमा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीका महिला कार्यकर्ताहरू आशा, कमला र मीना विष्टको रामपुर गाविसको वुका क्षेत्रमा ०६१ फागुन २४ गते सुरक्षा कारवाहीमा मृत्यु भएको सुरक्षास्रोतले बतायो।

माओवादी कार्यकर्ता मानपुर गाविस-४ घर भएकी २४ वर्षीय मेहानु चौधरी, विजौरी गाविस-९ स्यालापानीका ३० वर्षीय शिवराज रोका, सोही गाविस-२ कुटेचौरका ३२ वर्षीय मोहन भनिने डिल्लीवहादुर नेपाली र सोही गाविस-३ का ४५ वर्षीय डिकवहादुर सार्कीको ०६१ चैत १९ गते घोराही-तुल्सीपुर सडकखण्डमा पर्ने विजौरीस्थित पेट्रोल पम्पनजिक सडकमा सुरक्षा कारवाहीमा मृत्यु भयो। चैत २० गतेदेखि माओवादीद्वारा गरिने भनिएको वन्दको क्रममा सडकमा अवरोध सृजना गर्न लाग्दा सुरक्षाकर्मीले उनीहरूलाई गोली हानेका थिए।

माओवादी कार्यकर्ता पासवान र नाम ठेगाना नखुलेका अर्का एकजनाको ०६२ चैत २१ गते ट्याउ खोलामा सुरक्षा कारवाहीमा मृत्यु भयो।

माओवादी जिल्ला कमिटी सदस्य राहुल भनिने अर्जुन चौधरी, पूर्णकालीन कार्यकर्ता विजय चौधरी र श्याम चौधरी भनिने इन्द्रबहादुरको त्रिभुवननगर नपा-३ ओखरामा ०६१ चैत २५ गते सुरक्षा कारवाहीमा मृत्यु भयो।

फूलबारी गाविसमा ०६२ साउन ८ गते सर्चमा गएका सुरक्षाकर्मीको कारवाहीमा दुई माओवादी कार्यकर्ता मारिए। त्यसरी मारिनेमा माओवादीका जिल्लास्तरीय नेता भरत नेपाली र नेता महतरा रहेको सुरक्षास्रोतले बतायो।

माओवादी कार्यकर्ता सृष्टि गुरुङ्को ०६२ साउन १७ गते सैघा गाविसको दुईखोलीमा गस्तीमा गएको सुरक्षाकर्मीको कारवाहीमा मृत्यु भयो।

माओवादीबाट

तुल्सीपुर नपा-६ राजापुरका १९ वर्षीय कलमप्रसाद भण्डारी र श्रीगाउँ गाविस-३ की ३६ वर्षीय मञ्जू कुवँरको ०६१ पुस २१ गते तुल्सीपुर-अमिलिया सडकखण्डमा माओवादीले राखेको अवरोध हटाउने क्रममा वम विष्फोटमा परी मृत्यु भयो। सो विस्फोटमा परी मानपुर गाविस-४ की यमकुमारी केसी, सोही ठाउँका १५ वर्षीय गेहेन्द्र बस्नेत, रिहारका ३३ वर्षीय शिवशंकर साह, सल्यान जिल्ला वडागाउँका गंगाराम ओली, तुल्सीपुर नपा-४ का लक्ष्मण गौतम, टरिगाउँकी भगवती चौधरी र सुर्खेत जिल्ला मैनतडाका २२ वर्षीय रणवहादुर घाइते भए। घाइतेहरूको उपचार नेपालगञ्जमा गरियो।

ढिकपुर गाविस-१ सेवार घर भई १९ नं. वाहिनी तुल्सीपुरमा कार्यरत सैनिक जवान २५ वर्षीय रामप्रसाद चौधरीलाई ०६१ माघ ४ गते राति माओवादीले नारायणपुर गाविस सौडिकुलामा निशस्त्र अवस्थामै गोली हानी हत्या गरे। पीडितलाई सोही दिन नारायणपुर बजारवाट अपहरण गरिएको थियो।

वेला गाविस-१ मटिरियाका १९ वर्षीय शोभाराम यादवले सुराकी गरेको आरोपमा ०६२ वैशाख २५ गते राति माओवादीले उनको घाँटी रेटेर हत्या गरे। पीडितलाई सोही दिन साँझ अपरहण गरिएको थियो।

हापुर गाविस-४ बिजौरी घर भएका निघुवार मावि‌का शिक्षक तथा सामुदायिक वनका अध्यक्ष ५८ वर्षीय नरेन्द्र न्यौपानेलाई ०६२ जेठ ४ गते माओवादीले अपहरण गरी घरदेखि १ कि.मि. पर बिजौरी मावि नजिक पुऱ्याई टाउको छिनाई हत्या गरे।

दोहोरो भिडन्त

गोलटाकुरी गाविस-६ को कमलखोलामा ०६२ साउन ७ गते सुरक्षाकर्मी र माओवादीबीच भएको दोहोरो भिडन्तमा छ सुरक्षाकर्मीको घटनास्थलमा र एकको उपचारको क्रममा अस्पताल लैजाँदै गर्दा मृत्यु भयो। पीडितहरूको नाम ठेगाना खुलेन।

लालमटिया गाविस-३ भालुबाङस्थित सशस्त्र प्रहरी बल ज्वालामाई गणमा ०६२ भदौ ९ गते राति माओवादी र सशस्त्र प्रहरीबीच दोहोरो फायरिङ्ग हुँदा एकजना शंकास्पद माओवादीको मृत्यु भयो।

आफ्नै बमबाट

तुल्सीपुर नपा-११ अश्वागमा सडकमा विच्छ्याइएको बम निकाल्न खोज्दा विस्फोट भई नाम, ठेगाना नखुलेका एक माओवादीको ०६१ माघ २७ गते राति मृत्यु भयो। ०६१ पुस २० गते दाङ बन्द सफल पार्न बाटोमुनी राखिएको बम निकाल्न खोज्दा ती माओवादीको मृत्यु भएको थियो। विस्फोटमा परी मृत्यु भएका व्यक्तिको गिदी, दाँत र खप्परको भाग बाटोभरी छरिएको थियो भने पीडितको नाम खुल्न सकेको छैन।

अन्यबाट

त्रिभुवन नपा-११ स्थित गोर्खा इन्टरनेशनल बोर्डिङ्ग स्कूल घोराहीका सुपरिटेन्डेन्ट कृष्ण घर्ती र एकाउन्टेन्ट दामोदर धामीलाई ०६२ कार्तिक ४ गते राति अज्ञात व्यक्तिले विद्यालयको कोठामा हत्या गरे। घटना रहस्यमय रहेको प्रहरीले जनायो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

अन्यबाट

चैलाही गाविस-२ लमहीका ३० वर्षीय कपला पुन ०६१ फागुन २९ गते दिउँसो सशस्त्र प्रहरी बेस क्याम्प अर्जुनखोलाको तारबार नजिक बाख्रा चराउन गएको अवस्थामा बम विस्फोट भई गम्भीर घाइते भइन्। घाइतेको स्थानीय चौकीमा प्राथमिक उपचारपछि नेपालगञ्जमा उपचार गरियो।

तुल्सीपुर नपा-८ राजपुरका ८ वर्षीय बसन्त थापा ०६२ असोज २४ गते पवननगर गाविस-९ मनिकापुरस्थित मामा घरमा गएको बेला घर भित्रै रहेको बेवारिसे बम विस्फोट हुँदा घाइते भए। विस्फोटबाट बालकको दाहिने हातका दुई औंला खस्नुका साथै हातखुट्टामा गम्भीर चोट लागेको थियो। पीडितलाई तत्काले नेपालगञ्ज लगी उपचार गरियो।

जेल र बन्दीहरू

राप्ती अञ्चलको सदरमुकाम तुल्सीपुरमा रहेको अञ्चल स्तरीय "घ" श्रेणीको कारागारमा हाल एकसय २८ जना बन्दी रहेका छन्। एकसयजना क्षमता रहेको उक्त कारागारमा ५५ पुरुष र १६ महिला बन्दी रहेका छन् भने कैदीतर्फ ५२ पुरुष र पाँच महिला गरी ५७ जना रहेका छन्।

हाल कारागारमा बन्दीहरू विरामी भइरहने गरेको

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	९	८	२	१०	६	१२	१		१३	१०	१४	५		१९
घाइते	५	५	२	७	१	६	१		७					
गिरफ्तारी यातना										२५	४३	३	१	४७
बेपत्ता										२	१	१		२
कुटपिट	१	२		२	१	१			१					
भेला संगठित हुने अधिकार										५	३३	१	२५	५९
महिलाअधिकार	१		२	२										
बालअधिकार	१	१		१										
आर्थिक सामाजिक सांस्कृतिक अधिकार					२	२			२					
अपहरण					२४	३९	१	२	४२					
जम्मा	१७	१६	६	२२	३४	६०	३	२	६५	४२	९१	१०	२६	१२७

बताइएको छ भने खानेपानी, नुहाउन, लुगा धुनसमेत पानीको अभाव रहेको बन्दीहरूले बताएका छन्। कारागारभित्र टोपी बुन्नलाई ५० ओटा तानहरू रहेका छन् भने सल बुन्नलाई दुईओटा तान रहेकोमा एक तान प्रयोगमा नआएको बताइएको छ।

दैनिक सरदर ७० ओटा टोपी बनाउने गरेको भएपनि बजारमा उत्पादित माल नगएपछि बुनाई बन्द हुने गरेको बन्दीहरूको गुनासो रहेको छ। कारागारभित्र पसल, होटल सञ्चालित छन् भने ब्रम्ह कुमारी विश्वविद्यालय पनि एउटा सानो कोठामा सञ्चालित भएको र त्यहाँ प्रवचन, भजन चल्ने गरेको छ। कारागार भवनभित्र तुल्सीपुर उद्योग बाणिज्य संघले टेबलटेनिस बोर्ड भखरै बनाइदिएको र समाजसेवी एवम् व्यापारी उत्तमकुमार श्रेष्ठले एउटा चौतारी निर्माण गरीदिनु भएको छ।



सुरक्षाकर्मीद्वारा मारिएका धनीराम कँडेल

बन्दीहरूले खेल्न पढनको लागि पुस्तक तथा खेलकुदका सामग्री उपलब्ध गराइदिन इन्सेकसँग आग्रह गरेका छन् भने पानीको अभाव भएको कारण सम्बन्धित पक्षसमक्ष उक्त कुरा पुऱ्याइदिन आग्रह गरिएको छ।

घोराही कारागारमा ०५८ सालमा माओवादीले आक्रमण गरी कारागार ध्वस्त बनाएपछि भवनको ०६२ सालमा मात्र निर्माण पूरा भयो। यस कारागारलाई श्री ५ को सरकारले छानबिन तथा अनुसन्धान केन्द्र भनेर नामाकरण गऱ्यो। ०६२ असार २९ गतेदेखि कारागारमा ३३ जना बन्दीहरू रहेका छन्। कारागारको श्रेणी छुट्याइएको छैन। बन्दीहरूलाई खेलकूदका सामग्री तथा पत्रपत्रिका उपलब्ध गराइएको छ।

बेपत्ता / अपहरण

राज्यबाट

तुल्सीपुर नपा-९ दोघेरेका जनताले माओवादीको नाममा चन्दा संकलन गर्दै हिंडेकी एक महिलालाई ०६२ साउन २४ गते पक्राउ गरी इलाका प्रहरी कार्यालय तुल्सीपुरमा बुझाए। अन्दाजी २३ वर्षीय नाम ठेगाना खुल्न नसकेकी उक्त महिलाको बारेमा प्रहरीले केही बताउन चाहेन। हाल उनको अवस्था अज्ञात रहेको छ।

रोल्पा जिल्ला राङ्कोट गाविस-९ जुमाराङ्सीका रञ्जन बुढामगरलाई ०६२ असोज १९ गते सुरक्षाकर्मीले त्रिभुवननगर नपा-१० घोराही बजारबाट गिरफ्तार गरी बेपत्ता पारे।

माओवादीबाट

गढवा गाविस-९ का रामबहादुर चौधरी, रमेश चौधरी, रामबहादुर चौधरी र उदयराम चौधरी र सोनपुर गाविस-५ का गौरीशंकर चौधरीले अवैध रूपमा काठ तस्करी गरेको आरोपमा ०६१ पुस १८ गते माओवादीको भातृ संगठन थारूवान मुक्तिमोर्चाले उनीहरूलाई सोनपुरबाट अपहरण गरी पुस २७ गते मुक्त गरे। पीडितहरूलाई आर्थिक जरिवाना गरिएको थियो।

धर्ना गाविस-१ स्थित गनारीका प्राविका शिक्षक ताराबहादुर ओलीलाई ०६१ माघ १२ गते माओवादीले अपहरण गरी भोलिपल्ट धर्नाबाट मुक्त गरे।

बेला गाविस-६ खदरीयाका रामबरण यादव र सम्मर यादवलाई ०६२ वैशाख १६ गते माओवादीले घरबाटै अपहरण गरी आफ्नो कार्यक्रममा लगेकोमा एक हप्तापछि घरमा ल्याई मुक्त गरे।

हापुर गाविस-१ पेदाका २२ वर्षीय रोबरबहादुर बुढा, सोही ठाउँका २० वर्षीय मानबहादुर रोका र १९ वर्षीय दुर्गाबहादुर बाठालाई ०६२ वैशाख १६ गते माओवादीले घरबाटै अपहरण गरेकोमा एक हप्तापछि गाउँमा ल्याई मुक्त गरे।

सोनपुर गाविस-४ नर्ती घर भएका स्वान संस्थाका अध्यक्ष ३५ वर्षीय कृष्णकुमार चौधरीलाई ०६२ वैशाख २० गते राति माओवादीले अपहरण गरी कुटपिटपछि चार दिनपछि गाउँमै ल्याई मुक्त गरे। उनको उपचार सिभिक्टको सहयोगमा काठमाडौंमा गरियो।

त्रिभुवननगर नपा-३ का पूर्व वडाध्यक्ष ३५ वर्षीय मोहन चौधरी, सोही ठाउँकी १७ वर्षीय सुष्मा चौधरी र ३३ वर्षीय सुनील घिमिरेले सुराकी गरेको आरोपमा ०६२ वैशाख २७ गते राति माओवादीले उनीहरूलाई सोही नपा-३ ओखराबाट अपहरण गरे। पीडितहरूमध्ये मोहन चौधरी र सुनील घिमिरेलाई इन्सेकको पहलमा वैशाख ३० गते मुक्त गरियो भने सुष्मा माओवादीकै कब्जामा छिन्।

लक्ष्मीपुर गोग्लीका ५० वर्षीय शंकर सुवेदीले यौन दूर्व्यवहार गरेको आरोपमा ०६२ जेठ ३ गते राति माओवादीले उनलाई अपहरण गरे। उनलाई गम्भीर घाइते हुने गरी कुटपिट गरी मुक्त गरे। माओवादीको खुकुरी प्रहारबाट पीडितको दुवै खुट्टा भाचिएको थियो। पीडितको काठमाडौंमा उपचार गरियो।

गोल्टाकुरी गाविस-६ घर भएका प्रहरी जवान २७ वर्षीय घनश्याम विक बाबुलाई घर भेट्न गएको बेला ०६२ जेठ १२ गते राति माओवादीले अपहरण गरेकोमा उनी राति

अज्ञात समूहद्वारा हत्या गरिएका गोर्खा इन्टरनेशनल बोर्डिङ स्कूलका कृष्ण घर्ती र दामोदर धामी

नै माओवादी कब्जाबाट भागेर क्षेत्रीय प्रहरी कार्यालय तुल्सीपुरमा फर्किए। उनलाई बाँकेबाट सरुवा भई रोल्पा जाने क्रममा घर पसेको बेला अपहरण गरिएको थियो।

ढिकपुर गाविस-६ घर भई सोही गाविसका कार्यालय सचिव ४८ वर्षीय गिरीराज शर्मालाई ०६२ जेठ १५ गते राति माओवादीले अस्पतालबाट अपहरण गरी गाविस सचिव पदबाट राजीनामा गर्ने सर्तमा जेठ १७ गते राति मुक्त गरे।

चौलाही गाविस-९ वनगाउँका २९ वर्षीय खोजीराम कुमालले बलात्कार गरेको आरोपमा ०६२ जेठ २० गते माओवादीले उनलाई अपहरण गरी जेठ २३ गते चौलाही गाविसबाट मुक्त गरे।

बिजौरी गाविस-५ घर भएका दीपेन्द्र मावि मानपुरका शिक्षक ५५ वर्षीय वामदेव शर्मालाई ०६२ जेठ २९ गते बिहान पढाउन जान लागेको अवस्थामा माओवादीले अपहरण गरेकोमा उनी इन्सेक जिल्ला प्रतिनिधिको पहलमा भोलिपल्ट मुक्त भए।

राजपुर गाविस-४ गगदी निवासी गगदी माविका प्रधानाध्यापक ४५ वर्षीय पुरन चौधरीले आर्थिक अनियमितता गरेको आरोपमा ०६२ असार १ गते माओवादीले उनलाई अपहरण गरेकोमा असार ८ गते सोही गाउँबाट मुक्त गरे।

हापुर गाविस-३ बटोलपुरका २३ वर्षीय धर्मराज पन्थीलाई पत्नीसँग झगडा गरेको आरोपमा ०६२ असार १७ गते माओवादीले घरबाटै अपहरण गरी असार २३ गते सोही स्थानमा पुऱ्याई मुक्त गरे।

लक्ष्मीपुर गाविस-६ मानपुरका ३० वर्षीय कुलराज बुढाथोकीले सुराकी गरेको आरोपमा ०६२ साउन १२ गते माओवादीले उनलाई अपहरण गरेकोमा एक महिनापछि मुक्त गरे।

त्रिभुवननगर नपा-५ घोराडीगाका २९ वर्षीय दुर्गाबहादुर रोका, सोही गाउँका २० वर्षीय गोविन्द पुन, स्यूजा गाविस-२ खाराका २२ वर्षीय मङ्गल गिरी, २७ वर्षीय वासुदेव मल्ल, ३५ वर्षीय तारावहादुर पुन, ३० वर्षीय कविराज घर्ती, १९ वर्षीय तारावहादुर पुन, १९ वर्षीय रमेश पुन र सैघा गाविस-७ वाम्लाका ३८ वर्षीय गोपाल घर्तीले स्यूजा गाविसको सुनछहरी सामुदायिक बनको काठ चोरी तस्करी गरेको आरोपमा ०६२ साउन २० गते माओवादीले उनीहरूलाई अपहरण गरी एक हप्तापछि सोही स्थानबाट मुक्त गरे।

ढिकपुर गाविसका कार्यालय सचिव राजेशकुमार गुप्ताले सरकारी बजेट गाउँमा प्रयोग गर्न खोजेको आरोपमा ०६२ भदौ ८ गते स्वास्थ्य समितिको बैठक बस्न ढिकपुर गएको बेला माओवादीले अपहरण गरी सचिव पदबाट राजीनामा गर्ने सर्तमा भदौ ११ गते मुक्त गरे।

गोल्टाकुरी गाविस-८ कलमखोला घर भएका प्रहरी जवान ३५ वर्षीय कृपाराम बिकलाई हापुर गाविस-८ स्थित ससुरालीमा गएको अवस्थामा ०६२ भदौ २० गते माओवादीले अपहरण गरी भदौ २२ गते मुक्त गरे। पीडित जिल्ला प्रहरी कार्यालय बर्दियामा दरबन्दीमा रही वडा प्रहरी कार्यालय नेपालगञ्जमा कार्यरत छन्।

त्रिभुवननगर नपा-११ भरतपुरका १४ वर्षीय दानु छिन्तालले स्थानीय युवतीसँग यौन सर्म्पक गरेको आरोपमा ०६२ भदौ २६ गते माओवादीले उनलाई अपहरण गरी १४ हजार रूपैया दिने सर्तमा तीन दिनपछि मुक्त गरे।

बिजौरी गाविस-७ वासडवरा भई १९ नं. वाहिनी तुल्सीपुरका सैनिक जवान १९ वर्षीय विकास खत्रीलाई ०६२ असोज १३ गते दिउँसो घर आएका बेला माओवादीले मानपुर बजारबाट अपहरण गरी भोलिपल्ट साँझ मानपुर बजारबाट पीडितको परिवारलाई जिम्मामा मुक्त गरे।

पुरन्धारा गाविस-६ लक्ष्मणपुर निवासी हँसपुर माविका शिक्षक कपलासिंह केसीले महिलासँग अवैध सर्म्पक राखेको आरोपमा ०६२ असोज १५ गते माओवादीले उनलाई अपहरण गरी एक हप्तापछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

गोबरडिहा गाविस-४ का ६० वर्षीय गुरूवचन यादवलाई ०६२ साउन १० गते राति घरैमा दाजु भाइको झगडा चलिरहेको अवस्थामा माओवादीले गम्भीर घाइते हुनेगरी कुटपिट गरे। पीडितलाई रातभरी ट्वाइलेटमा थुनेको गाउँलेहरूले बताए। उनलाई बिहान स्थानीय माओवादी कार्यकर्ताले गाउँलेको रोहवरमा मुक्त गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

दाङ जिल्लाबाट प्रकाशन हुने युगबोध दैनिकलाई ०६१ माघ २२ गते जिल्ला प्रशासन कार्यालय दाङले एक पत्र पठाई अर्को आदेश नभएसम्म भन्दै पत्रिका प्रकाशनमा बन्देज लगाएकोमा ०६१ फागुन १७ गतेको पुनरावेदन अदालत

दाङको अन्तरिम आदेशपछि सो पत्रिकाले आफ्नो प्रकाशन आरम्भ गऱ्यो।

प्रतिगमन विरुद्ध आन्दोलनरत सात दलको आयोजनामा घोराहीको दामोदर चोकबाट जुलुस प्रदर्शनको क्रममा पत्रकार शरद अधिकारी, अनेरास्ववियु केन्द्रीय सदस्य मेटमणि चौधरी, एमाले संगठन विभाग प्रमुख शम्भु गौतम, नेकाँ (प्रजातान्त्रिक) तरूण दल दाङका सहसचिव हेमन्त केसी र नेविसंघ दाङका अध्यक्ष निर्मल न्यौपानेलाई ०६१ चैत १ गते प्रहरीले गिरफ्तार गरे। प्रशासन कार्यालय दाङले सार्वजनिक सुरक्षा ऐन अन्तर्गत ९० दिनको लागि जेल चलान गरेकोमा पत्रकार शरद अधिकारीबाहेक चारजना चैत २० गते र पत्रकार अधिकारी चैत २६ गते जिल्ला प्रशासन कार्यालयको आदेशमा रिहा भए।

शाही कदम विरुद्ध आन्दोलनको क्रममा ०६१ चैत ७ गते घोराहीको भानुचोकबाट सुरक्षाकर्मीले ट्रेड युनियन काँग्रेसका केन्द्रीय उपाध्यक्ष बमबहादुर डिसीलगायत नेकाँका ११ जना नेता कार्यकर्ताहरूलाई गिरफ्तार गरी केहीलाई सोही दिन र बाँकीलाई भोलिपल्ट रिहा गरे।

जिल्लाका चार राजनीतिक दलहरूले पूर्ण प्रजातन्त्रको माग गर्दै ०६१ चैत ८ गते दाङको घोराहीमा सडक आन्दोलन गरिरहेको बेला सुरक्षाकर्मीले हस्तक्षेप गर्दै नेकाँ क्षेत्र नं. ४ का सभापति तेजबहादुर बस्नेत र सचिव टोपबहादुर केसीसहित ३५ नेता तथा कार्यकर्ताहरूलाई गिरफ्तार गरी साँझ रिहा गरे।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी रिहा गरिएका कृष्णप्रसाद गौतम

नेकाँ दाङ जिल्ला जनआन्दोलन संयोजन समिति र नेकपा (एमाले) दाङले ०६१ चैत १५ गते जिल्लाका विभिन्न स्थानमा विरोध पर्दशन गर्दा २५ जना भन्दाबढी नेता कार्यकर्ताहरूलाई सुरक्षाकर्मीले गिरफ्तार गरी सबैलाई सोही दिन रिहा गरे।

शाही कदम विरुद्ध विरोध प्रर्दशन गर्ने तयारीमा रहेका बेला ०६१ चैत १६ गते सुरक्षाकर्मीले नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सचिव मोहन वली, क्षेत्र नं. २ का सचिव कमल किशोर घिमिरे, क्षेत्रीय सदस्य दामोदर केसी, कार्यकर्ता चन्दुमणि आचार्य, विश्वेश्वर रेग्मी, तरुण दलका जिल्ला अध्यक्ष सूर्यप्रकाश राना, नेविसंघ जिल्ला अध्यक्ष एम.वि. केसी, जिल्ला सचिव शरद बस्नेत र कार्यकर्ता देवीराम बुढाथोकीलाई पार्टी कार्यालयबाट गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

नेकाँ (प्रजातान्त्रिक) निकट नेविसंघका जिल्ला अध्यक्ष एम. वि. केसी र जिल्ला सदस्य राजकुमार धितालला‌ई ०६१ चैत २५ गते विहान घोराहीमा प्रजातन्त्रको पक्षमा आयोजना गर्न लागिएको कार्यक्रमबाट सुरक्षाकर्मीले गिरफ्तार गरी साँझ रिहा गरे।

शाही घोषणाको फिर्ता र पूर्ण प्रजातन्त्रको माग गर्दै आन्दोलनरत पाँच पार्टीहरूले ०६२ असार ३ गते तुल्सीपुरमा निकालेको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा २० नेता कार्यकर्ता घाइते भए। प्रहरीले प्रदर्शनकारीमाथि लाठी र बन्दुकको कून्दाले प्रहार गर्दा नेकपा (एमाले) केन्द्रीय कमिटीका वैकल्पिक सदस्य प्रकाश ज्वाला, राप्ती अञ्चल सचिव छविलाल वली र जिल्ला सचिव रेवतीरमण शर्मा, नेकाँ दाङका सभापति वीरकेश्वरी गौतम, उक्त पार्टीका सल्लाहकार भागवत रेग्मी, जनमोर्चा दाङका भरत भण्डारी, काशिनाथ पोखेल, खिमप्रसाद भुषाल, सुषमा परियार, नेकाँ क्षेत्र नं. ४ का सभापति तेजबहादुर बस्नेत, अनेरास्ववियुका अध्यक्ष विवेक श्रेष्ठ र नेविसंघ (प्रजातान्त्रिक) का अध्यक्ष एम.वि. केसी घाइते भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

दाङ देउखुरी जिल्ला अदालतमा यस वर्ष व्यक्तिवादी देवानी एकसय ६९, व्यक्तिवादी फौजदारी एकसय आठ, सरकारवादी फौजदारी ४३ गरी जम्मा तीनसय २० मुद्दा दर्ता भए। गत वर्षको जिम्मेवारी सरेर आएका व्यक्तिवादी देवानी दुईसय आठ, व्यक्तिवादी फौज्दारी एकसय दुई, सरकारवादी फौजदारी ७३ गरी तीनसय ८३ मुद्दा रहेका छन्। यस वर्ष व्यक्तिवादी देवानी ४४, व्यक्तिवादी फौजदारी ५६, सरकारवादी फौजदारी छ गरी एकसय छ मुद्दा फर्स्यौट भएका छन्। गत वर्षको जिम्मेवारी सरेर आएका मध्येबाट व्यक्तिवादी देवानी एकसय ७१, व्यक्तिवादी फौजदारी एकसय १६ र सरकारवादी फौजदारी ४६ गरी तीनसय ४३ मुद्दा फर्स्यौट भए। त्यसैगरी गत वर्षको जिम्मेवारी सरेर आएका र यस वर्ष दर्ता भएका मुद्दाहरूमा देवानी दुईसय २५ मध्ये एकसय ७८, व्यक्तिवादी फौजदारी एकसय ४० मध्ये ८८, सरकारवादी फौजदारी ६९ मध्ये ६० गरी तीनसय ३६ मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्।

यस वर्ष पुनरावेदन अदालत, तुल्सीपुरमा देवानीतर्फ ६६, दुनियावादी फौजदारी २३, सरकारवादी फौजदारी ४३, विविध देवानी १६, विविध फौजदारी तीन, साधक जाहेरी तीन र बन्दीप्रत्यक्षीकरण छ गरी जम्मा एकसय ५९ ओटा मुद्दा दर्ता भए। जस्मा देवानीतर्फ छ, दुनियावादी फौजदारीतर्फ तीन, सरकारवादी फौजदारीतर्फ १३, विविध देवानीतर्फ नौ, साधक उजुरीतर्फ दुई र बन्दी प्रत्यक्षीकरणतर्फ छओटा मुद्दा फर्स्यौट भए।

आन्दोलनको क्रममा सुरक्षाकर्मीको लाठी चार्जबाट घाइते भएका एमाले दाङ जिल्ला कमिटी सचिव रेवतीरमण शर्मा

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

पवननगर गाविस-८ भमकेका ३५ वर्षीय विनोद शर्माको घरबाट ०६१ चैत २८ गते माओवादीले करिब छलाख रूपैयाँ बराबर धनमाल लुटपाट गरे।

टरिगाउँ गाविस-२ रफेना घर भएका सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश हरिप्रसाद शर्माको घरमा ०६२ जेठ ९ गते राति माओवादीले आगो लगाई क्षति पुऱ्याए। आगलागीबाट शर्माको घरमा सामान्य क्षति पुग्यो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

बिजौरी गाविस-८ बासँगढीका ४२ वर्षीय सुशीला थापालाई ०६१ माघ २ गते हलवार गाविसको बतासे भन्ने स्थानबाट सुरक्षाकर्मीले गिरफ्तार गरी सार्वजनिक सुरक्षा ऐन अन्तर्गत तुल्सीपुर कारागारमा जेल चलान गरिएकोमा उनी ०६२ मंसिर २२ गते रिहा भइन्।

हलवार गाविस-२ बम्नैका ३५ वर्षीय दसू चौधरीलाई माओवादीको आशंकामा ०६१ माघ ११ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी सर्वजनिक सुरक्षा ऐनअन्तर्गत तुल्सीपुर कारागारमा राखिएकोमा हाल घोराही कारागारमा स्थानान्तरण गरिएको छ।

लक्ष्मीपुर गाविस-३ गोर्गीका ३० वर्षीय बसन्त अधिकारी र उनकी पत्नी सुशीला अधिकारीलाई माओवादीको आशंकामा ०६१ माघ १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी शन्तिसुरक्षा ऐनअन्तर्गत कारागार शाखा तुल्सीपुरमा जेल चलान गरे। पीडितहरूमध्ये सुशीलालाई मंसिर ११ गते रिहा गरियो भने बसन्तलाई घोराही कारागारमा स्थानान्तरण गरियो।

जनमोर्चा नेपालका कार्यकर्ता नारायण योगीलाई ०६२ वैशाख ११ गते दिउँसो ईलाका प्रहरी कार्यालयका सुरक्षाकर्मीले गिरफ्तार गरी बेलुका तारेखमा रिहा गरे।

पुरन्धारा गाविस-३ हापुरेका २९ वर्षीय डम्बरबहादुर सिंह खड्कालाई माओवादीको आंशकामा ०६२ जेठ २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सामान्य सोधपुछपछि रिहा गरे।

तुल्सीपुर नपा-११ अश्वाराका २३ वर्षीय नेपबहादुर डाँगी र १७ वर्षीय नारायण केसीले चन्दा उठाइरहेको बेला माओवादीको आशंकामा उनीहरूलाई ०६२ असार २ गते सुरक्षाकर्मीले तुल्सीपुर नपा-११ बाट गिरफ्तार गरी असार ५ गते १९ नं. वाहिनी तुल्सीपुरबाट रिहा गरे।

हेकुली गाविस-९ सुकदेवाका ३० वर्षीय शरण चौधरी, २५ वर्षीय कृष्ण चौधरी र २३ वर्षीय रमेश चौधरीलाई ०६२ असार ५ गते गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये रमेश चौधरीलाई तुल्सीपुर कारागारमा राखियो भने अन्यलाई १९ नं. वाहिनीबाट एक महिनापछि रिहा गरियो।

तुल्सीपुर नपा-११ धनुगतार अश्वाराका ३५ वर्षीय पुनाराम चौधरीलाई माओवादीको आशंकामा ०६२ साउन ४ गते घरैमा काम गरिरहेको अवस्थामा सर्चमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी भदौ २७ गते घोराहीस्थित व्यारेकबाट रिहा गरे।

मानपुर गाविस-१ मानपुरकी १६ वर्षीय कमला बस्नेतलाई माओवादीको आरोपमा ०६२ साउन ३१ गते विहान सुरक्षाकर्मीले गिरफ्तार गरी ०६२ भदौ ५ गते परिवारको रोहवरमा तुल्सीपुरस्थित १९ नं. वाहिनीबाट रिहा गरे।

रोल्पा जिल्ला दुबिडाँडा गाविस-१ सैबाङ्ग घर भई दाङ जिल्ला त्रिभुवननगर नपा-१० घोराहीमा बस्दै आएका १८ वर्षीय दीपेन्द्र बस्नेतलाई माओवादीको आरोपमा ०६२ भदौ २९ गते सुरक्षाकर्मीले घोराही बजारबाट गिरफ्तार गरे। पीडितलाई भदौ ३१ गते बाबु लीला बस्नेतको रोहवरमा रिहा गरे।

हलवार गाविस-८ खाद्रेका शंकर भट्टराई, हापुर गाविस-२ का बमबहादुर खौकला, त्रिभुवननगर नपा-५ घोरदौराका विशाल थापा, लक्ष्मीपुर गाविस-८ सुनपुरकी १७ वर्षीय बसन्ती चौधरी र त्रिभुवननगर नपा-३ की पुष्पा चौधरीलाई माओवादीको आरोपमा ०६२ साउन २७ गते सर्चमा गएका सुरक्षाकर्मीले रामपुर गाविसबाट गिरफ्तार गरे। भट्टराई घोराही कारागार र अन्य तुल्सीपुर कारागारमा छन्।

तुल्सीपुर नपा-८ घर भएका पूर्व माओवादी कार्यकर्ता कविराम खड्का र नरेश ठकुरीलाई ०६२ असोज १२ गते गस्तीमा गएका सुरक्षाकर्मीले तुल्सीपुर नपा-८ कटकुहयाबाट गिरफ्तार गरे। ठकुरी पाँच दिनपछि रिहा भए

भने खड्कालाई तुल्सीपुर कारागारमा राखिएको छ।

फुलबारी गाविस-८ सिमलखुट्टीकी १३ वर्षीय रीमा केसीलाई ०६२ असोज १४ गते सर्चमा गएका सुरक्षाकर्मीले बाटो देखाई दिन भनी सिमलखुट्टीबाट लगेकोमा भोलिपल्टमात्र तुल्सीपुर वाहिनीबाट स्थानीय शिक्षकको रोहबरमा रिहा गरे।

बेला गाविस-१ मटेरिया घर भएका माओवादी कार्यकर्ता पृथ्वी भनिने पतिराम यादवलाई ०६२ असोज २३ गते राजपुर गाविस-४ हतिवा खोलाबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा एक हप्तापछि गढवा बेस क्याम्पबाट रिहा गरे।

त्रिभुवननगर नपा-२ मिवासीका सोही नपाका कार्यकारी अधिकृत ४७ वर्षीय कृष्णप्रसाद गौतमले माओवादीलाई चन्दा दिएको आरोपमा ०६२ कार्तिक १९ गते जिल्ला प्रहरी कार्यालयका सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी थुनामा राखेकोमा पुरावेदन अदालत तुल्सीपुरको आदेशबाट मंसिर १३ गते रिहा भए।

सोनपुर गाविस-८ सुनडवरी घर भएका माओवादी जिल्ला कमिटी सदस्य २४ वर्षीय विश्वराज आचार्यलाई ०६२ कार्तिक ८ गते दिउँसो सादा पोसाकमा रहेका सुरक्षाकर्मीले नारायणपुर बजारबाट गिरफ्तार गरे। उनी हालसम्म सैनिक व्यारेक घोराहीमा छन्।

विजौरी गाविस-९ छिल्लीकोट घर भई तीनखोला प्राविका विद्यालय सञ्चालक समितिका अध्यक्ष ३३ वर्षीय नरबहादुर ओलीलाई माओवादीको आशंकामा ०६२ कार्तिक २२ गते घरबाट घोराही आएको बेला सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई घोराही व्यारेकमा राखी एक हप्तापछि तुल्सीपुर वाहिनीबाट रिहा गरियो।

लोहारपानी गाविस-९ घर भएका माओवादी मिलिसिया कमाण्डर गुमासिंह विक र सैघा गाविस-१ घर भएका माओवादी मिलिसिया सदस्य तुलाराम विकलाई ०६२ मंसिर २० गते सर्चमा गएका सुरक्षाकर्मीले काभ्रे गाविस-४ गहतेराबाट गिरफ्तार गरे। उनी हाल घोराही व्यारेकमा छन्।

पुनः गिरफ्तार

डुरूवा गाविस-५ पहरूवा मनोहरपुरका ३५ वर्षीय अमर चौधरीलाई माओवादीको आशंकामा ०६० मंसिर २७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी तुल्सीपुर कारागरमा राखेकोमा इन्सेकको पहलमा ०६२ असार २० गते पीडितकी पत्नी गुलेरी चौधरीले पुनरावेदन अदालत तुल्सीपुरमा बन्दी प्रत्यक्षीकरणको मुद्दा दायर गरी ०६२ असार २७ गते पुनरावेदन अदालतका न्यायाधीश उद्धवप्रसाद बास्कोटा र न्यायाधीश ओमप्रसाद सुवेदीको संयुक्त इजलासले रिहा गर्ने आदेश जारी गरी ०६२ असार २७ गते रिहा भएलगतै प्रहरीले उनलाई अदालत परिसरबाट गिरफ्तार गरी १४ दिन बेपत्ता पारे। हाल उनी तुल्सीपुर कारागारमा छन्।

विविध

आत्मसमर्पण

हापुर गाविस-९ रतनपुरका तिलक नेपालीले ०६२ साउन २४ गते सुरक्षाकर्मीसमक्ष सकेट बमसहित आत्मसमपर्ण गरे। उनी स्थानीय माओवादी कार्यकर्ता रहेको सुरक्षाकर्मीले बताए।

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जिल्ला प्रशासन कार्यालय दाङले ०६१ माघ २२ गते नयाँ युगबोध दैनिकलाई प्रकाशनमा लगाएको बन्देज एक महिनापछि पुनरावेदन अदालतको आदेशपछि प्रकाशन आरम्भ भएपछि सम्पादक नारायणप्रसाद शर्माले एक प्रेस विज्ञप्ति जारी गरी न्यायपालिकाले कानुनी राज्यको स्थापनामा महत्वपूर्ण योगदान पुऱ्याएको टिप्पणी गर्दै अदालत तथा माननीय न्यायाधीशहरूप्रति हार्दिक आभार व्यक्त गर्नुभयो। यसैगरी कानुनी प्रक्रियामा सहयोग पुऱ्याउने कानुनविद् एवं व्यवसायीहरूप्रति कृतज्ञता प्रकट गर्दै युगबोध एवं सिङ्गो पत्रकारिता जगतको पक्षमा आवाज उठाउने संसारभरका सञ्चार संस्था तथा पत्रकारहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो।

शाही घोषणाको फिर्ता र पूर्ण प्रजातन्त्रको माग गर्दै आन्दोलनरत पाँच पार्टीहरूले ०६२ असार ३ गते तुल्सीपुरमा निकालेको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गर्दा झण्डै २० नेता कार्यकर्ता घाइते भएको घटनाको आन्दोलनरत राजनीतिक दलहरूकोतर्फबाट नेकाँका शंकर गिरी, एमालेका लक्ष्मण आचार्य, नेकाँ (प्रजातान्त्रिक)का हरिप्रसाद रजौरीका, जनमोर्चाका भरत भण्डारी, र वाममोर्चाका गणेश के.के.ले ०६२ असार ३ गते संयुक्त विज्ञप्ति प्रकाशन गर्दै प्रहरी हस्तक्षेपको घोर निन्दा एवम् भर्त्सना गरे।

आन्दोलनको क्रममा प्रहरीले लाठी चार्ज गरी घाइते बनाएका एमाले वैकल्पिक केन्द्रीय सदस्य प्रकाश ज्वाला

सूचना संकलन गर्न हिंडेका प्रकाश साप्ताहिकका दाङ संवाददाता पृथ्वीबहादुर पौडेलले प्रहरीलाई परिचयपत्र देखाउँदा देखाउँदै ०६२ असार ३ गते कुटेको घटनाप्रति पत्रकार महासंघ दाङ शाखाका सभापति के.बी.मसाल र प्रेस चौतारी नेपालका केन्द्रीय उपाध्यक्ष शरद अधिकारीले असार ३ गते छुट्टाछुट्टै विज्ञप्ति प्रकाशन गरी विरोध जनाए।

संरचना क्षति

त्रिभुवननगर नपास्थित दीपशिखा आवासीय उच्च माविमा ०६२ जेठ २६ गते माओवादीले विद्यालय भवनमा बम विस्फोट गराए। विस्फोटबाट विद्यालयको एउटा कोठामा क्षति पुग्यो भने कुनै मानवीय क्षति भएन।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

त्रिभुवननगर नपा-१० घोराही बजारमा ०६२ साउन १९ गते अन्दाजी ३५ वर्षीय एक महिलाको लास फेला पर्‍यो। सोही दिन महेन्द्र अस्पताल घोराहीमा उनको पोष्टमार्टम गरिएको प्रहरीले बतायो।

टरिगाउँ गाविस-३ हरिपौरा स्कूल नजिक ०६२ जेठ २ गते दिउँसो एक अज्ञात व्यक्तिको लास फेला पर्‍यो।

३ नं. प्रहरी गुल्म तुल्सीपुरमा कार्यरत प्रहरी जवान सत्यप्रकाश पगरीले ०६२ असोज २७ गते साँझ ड्युटी बसेलगत्तै आफ्नै साथमा रहेको राइफलले कन्चटमा गोली हानी आत्महत्या गरे। बांके घर भएका गिरीको लगत्तै मृत्यु भएको राप्ती अञ्चल प्रहरी कार्यालय, तुल्सीपुरले जनायो।

विगतको अनुगमन

खानेपानी कार्यक्रम सञ्चालनका लागि तरूण क्लब दाङका सामाजिक कार्यकर्ता दलबहादुर बस्नेत र आशा विकलाई माओवादी जनसत्ताको अनुमति नलिई काम गरेको आरोपमा ०६१ पुस १६ गते माओवादीले काभ्रे गाविसबाट अपहरण गरी पुस १९ गते मुक्त गरे।

सिसहनिया गाविस-५ कालापानीका मनीराम चौधरी, धनीराम चौधरी र भगतराम चौधरीलाई ०६१ पुस १६ गते कालापानीबाट माओवादीले अपहरण गरी पुस १९ गते कालापानीबाटै मुक्त गरे। पीडितहरूलाई अंशबण्डा सम्बन्धी मुद्दा मिलाउन नियन्त्रणमा लिएको माओवादीले जनाए।

४.२ प्युठान



जनसंख्या	: २२९१८९
साक्षरता प्रतिशत	: ४६.५७
महिला साक्षरता प्रतिशत	: ४०
क्षेत्रफल (वर्ग कि. मि.)	: १३०९
गाविस / नपा संख्या	: ४९ / ०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३०१
क्याम्पस / उच्च मा.वि.	: १ / ३
अस्पताल / स्वास्थ्य चौकी	: १ / ११
टेलिफोन लाइन	: ४०८
मोटर सडक (कि. मि.)	: १५०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: १ / ५०
मानव विकास सूचकांक	: ०.४१६
प्रति परिवार सरदर संख्या	: ५.७१

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

मरन्ठाना गाविस-२ मजुवा घर भएकी अनेमसंघ (क्रान्तिकारी) की जिल्ला अध्यक्ष २८ वर्षीय कल्पना गिरीको ०६१ माघ २४ गते मजुवा माविमा माओवादीको कार्यक्रम भइरहेको अवस्थामा सुरक्षाकर्मीले गोली चलाउँदा मृत्यु भयो। सुरक्षाकर्मीले लास मृतकका बुवा मोहन गिरीको जिम्मा लगाए।

माओवादीबाट

ढुंङ्गेगढी गाविस-३ बड्डाँडा घर भई जिल्ला प्रहरी कार्यालय प्युठानमा कार्यरत प्रहरी हवल्दार रघुनाथ सुनारलाई ०६२ जेठ ११ गते बसबाट प्युठानतर्फ गइरहेको अवस्थामा माओवादीले अपहरण गरी नौ दिनपछि गोली हानी हत्या गरे। माओवादीले लास नयाँगाउँ गाविस-५ लामाचौर

व्यारेक नजिक वाटोमा फालेका थिए। लासको २० गते लामाचौर व्यारेकमा पोष्टमार्टम गरियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

विजुवार वजार क्षेत्रमा ०६१ फागुन २४ गते विहान सुरक्षाकर्मी र माओवादीवीच एक घण्टासम्म दोहोरो फायरिङ्ग हुँदा विजुवार गाविस-१ टिकुरीस्थित डेरी कार्यालयमा काम गर्ने मरन्ठानाका नुमवहादुर केसी कार्यालय भित्रै गोली लागी घाइते भए। पीडित सुरक्षाकर्मीको गोलीवाट घाइते भएको स्थानीय जनताले वताए। पीडितलाई उपचारका लागि सोही दिन नेपालगञ्ज पुऱ्याइएको थियो। पीडित उपचारपछि घर फर्किएका छन्।

माओवादीबाट

खवाङ गाविस-५ का ८ वर्षीय कुमार विक ०६१ चैत २२ गते माओवादीले उनकै घरको आँगनमा छाडेको सकेट वम खेलाउँदा एक्कासी विस्फोट भई घाइते भए। घाइतेको प्युठान अस्पताल विजुवारमा उपचार गरियो।

जेल र बन्दीहरू

जिल्ला कारागार शाखा 'घ' श्रेणीको हो र यो राणाकालमा घोडा वाँध्न वनेको तवेला हो। तवेलामा वन्दी र थुनुवा राख्ने गरी कारागार वनाइएको छ। २५ जनाको क्षमता भएको कारागारमा हाल २८ जना कैदी र थुनुवा छन्। जसमध्ये कैदीतर्फ १९ जना र थुनुवातर्फ नौजना रहेका छन्।

कारागारभित्र सवै पुरूष मात्र रहेका छन्। कारागारभित्र कैदी र थुनुवाहरूको लागि टिभी र रेडियोको व्यवस्था गरिएको छ। कारागारभित्र नै धारा, चर्पी र विजुलीको सुविधा छ। कैदी र थुनुवाहरूलाई निम्नस्तरको सिदा उपलव्ध गराइएको छ। साथै पाउनुपर्ने रकम दिनको ३० रूपैयाँको दरले १०-१० दिनमा भुक्तानी दिने गरिएको छ। कैदी र थुनुवाहरूको स्वास्थ्य उपचारको लागि सदरमुकामस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा लगिन्छ। कारागारभित्र कैदी र थुनुवाहरूले टोपी, गलवन्दी, चोलो र नाम्लो आदि वुन्छन्। हप्ताको दुईपटक आइतवार र विहीवार आफन्तसँग भेट्न दिइन्छ।

बेपत्ता / अपहरण

माओवादीबाट

विजुवार गाविस-२ का रामचन्द्र थापालाई वहुविवाहको आरोपमा ०६१ माघ २ गते माओवादीले उनकै गाउँबाट अपहरण गरी एक हप्तापछि मुक्त गरे। पीडितलाई माओवादीले ०६० फागुन १८ गते पनि अपहरण गरी एक महिनापछि मुक्त गरेका थिए।

विजुवार गाविस-६ घर भएका स्वर्गद्वारी क्याम्पस प्युठानका प्रमुख रामेश्वरप्रसाद सुवेदीलाई प्रजातन्त्र दिवसको दिन खलंगा सदरमुकाममा आयोजित कार्यक्रममा भाषण गरेको आरोपमा ०६१ फागुन १६ गते साँझ विजुवार वजारको मित्रमणिचोकवाट आफ्नो कव्जामा लिएको घोषणा गरी माओवादीले अज्ञातस्थलतर्फ लगे। माओवादीले पीडितलाई फागुन २० गते साँझ धर्मावती गाविस-१ वाग्दुला पुल्चोकवाट मुक्त गरे।

विजुवार गाविस-६ घर भएका प्युठान उद्योग वाणिज्य संघका अध्यक्ष ४५ वर्षीय राजकुमार कक्षपतीलाई शाही घोषणापछि ०६१ चैत ६ गते विहान प्युठान सदरमुकाम खलंगामा शान्ति ऱ्यालीको आयोजना गरेको आरोपमा वुट्वलवाट घरतर्फ आउँदै गर्दा ०६१ फागुन २४ गते माओवादीले प्युठानको ढुङ्गेगढी गाविस-३ वड्डाँडावाट अपहरण गरे। पीडितलाई चैत १५ गते तिरामको थक्लेनीवाट इन्सेक प्रतिनिधि, प्युठान उद्योग वाणिज्य संघका महासचिव र कान्तिपुर सम्वाददाताको रोहवरमा मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्य पक्षबाट पीडित			
	अन्यबाट			माओवादीबाट							
	घटना संख्या	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या				१	१		१	१		१	१
घाइते				१	१		१	१	१		१
गिरफ्तारी / यातना								७	७		७
कुटपिट	१	१	१								
आर्थिक / सामाजिक / सांस्कृतिक अधिकार				१	१		१				
अपहरण				३३	३२	२	३४				
जम्मा	१	१	१	३६	३५	२	३७	९	८	१	९

धर्मावती गाविस-१ वाग्दुला घर भएका वेगमबहादुर केसीलाई एसएलसी परीक्षाको केन्द्राध्यक्ष भएको आरोपमा ०६१ चैत २० गते विहान माओवादीले उनकै घरबाट अपहरण गरी परीक्षा सकिएपछि चैत २३ गते मुक्त गरे।

लिवाङ गाविस-८ त्रिनीकोट पाखाखर्क घर भई सशस्त्र प्रहरी गण नौवस्ता बाँकेमा कार्यरत वरिष्ठ हवल्दार २४ वर्षीय लेखराज केसीलाई बाँकेबाट घर आउँदै गर्दा प्युठान जिल्ला भिङ्ग्री गाविसबाट ०६२ वैशाख ३ गते माओवादीले अपहरण गरे। पीडितलाई इन्सेक वर्ष पुस्तक प्रतिनिधि र मानवअधिकार सचेतन केन्द्रको पहलमा असार २६ गते होमा गाविस-३ गर्पाबाट मुक्त गरे।

विजुवार गाविस-४ घर भएका लिघा गाविसका कार्यालय सचिव भीमकान्त पोखरेललाई ०६२ जेठ १ गते उनकै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई माओवादीले लिघा गाविस पुऱ्याई सामान्य सोधपुछपछि जेठ ४ गते मुक्त गरे।

माओवादीद्वारा अपहरण गरिएका प्रहरी हवल्दार लेखराज केसी

चुँजा गाविस चुँजाठाँटीका २६ वर्षीय यामबहादुर केसी र उनकी कान्छी पत्नी १८ वर्षीय जुन केसीलाई बहुविवाहको आरोपमा ०६२ जेठ २ गते घरबाटै माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

मरन्ठाना गाविस-६ का ७२ वर्षीय मानबहादुर केसीलाई घरायसी मुद्दाका कारण ०६२ जेठ ३ गते आफ्नै घरबाट माओवादीले अपहरण गरे। पीडितलाई माओवादीले मुद्दा मिलाई जेठ १९ गते मुक्त गरे।

विजुवार गाविस-६ घर भएका चुंजा गाविसका कार्यालय सचिव ४५ वर्षीय हरिकुमार श्रेष्ठलाई ०६२ जेठ ७ गते विजुवार बजारस्थित उनकै पसलबाट माओवादीले अपहरण गरे। पीडितलाई चुँजा गाविसको बजेट निकासा प्रक्रिया बुझ्नका लागि अपहरण गरिएको माओवादीले जनाए। पीडितलाई इन्सेक प्रतिनिधि, उद्योग वाणिज्य महासंघका महासचिव, पीडितका छोराको जिम्मामा जेठ १९ गते मुक्त गरियो। माओवादीले श्रेष्ठसमक्ष गाविस सचिवबाट राजिनामा गनुपर्ने सर्त राखेका थिए।

रम्पुरकोट गाविस-७ का ५५ वर्षीय गोपालराज शर्मा, रम्पुरकोट गाविस-६ का ४२ वर्षीय धनप्रसाद पौडेल र धरमपानी गाविस-३ का ४० वर्षीय गिरबहादुर श्रेष्ठ र ६० वर्षीय तिलकबहादुर श्रेष्ठले माओवादी कार्यकर्तालाई सुरक्षाकर्मीसमक्ष बुझाएको आरोपमा उनीहरूलाई ०६२ साउन ५ गते राति माओवादीले उनीहरूकै घरबाट अपहरण गरे। पीडितहरू भदौ २३ गते नयाँगाउँको देवीस्थानबाट तारेखमा मुक्त भए।

दाखाक्वाडी गाविस-४ का २० वर्षीय स्टार पौडेलले राष्ट्रिय अनुसन्धान विभागमा नोकरी र पार्टीको सुराकी गरेको आरोपमा ०६२ साउन ७ गते माओवादीले उनलाई उनकै घरबाट अपहरण गरी बुवा र सानो बुवाको जिम्मा लगाई ०६२ भदौ १ गते तारेखमा मुक्त गरे।

विजुवार गाविस-६ घर भएका प्युठान उद्योग वाणिज्य संघका सदस्य ३५ वर्षीय बालाजुप्रसाद राजभण्डारी र १८ वर्षीय महेन्द्र गुप्ताले सुराकी गरेको आरोपमा ०६२ साउन ८ गते साँझ आफ्नै घरबाट माओवादीले उनीहरूलाई अपहरण गरे। पीडितहरूमध्ये बालाजुलाई पाँच वर्ष श्रम कैद र महेन्द्रलाई छ वर्ष श्रम कैद तोकी माओवादीले असोज १ गते सार्वजनिक स्थलमा उनीहरूको फैसला सार्वजनिक गरे। बालाजु कार्तिक २४ गते मुक्त भए भने महेन्द्र मंसिर १५ गते माओवादीको कब्जाबाट भागी खलंगामा सुरक्षाकर्मीको सम्पर्कमा आए।

तोरवाङ्ग गाविस-१ गुरीगाउँका ४५ वर्षीय विजया केसीले सुराकी गरेको आरोपमा ०६२ साउन ८ गते साँझ माओवादीले उनलाई घरबाट अपहरण गरे। पीडित असोज २३ गते तारेखमा बहाने क्षेत्रबाट मुक्त भइन्।

धरमपानी गाविस-३ का ४० वर्षीय खिमबहादुर श्रेष्ठले आफ्ना कार्यकर्तालाई सुरक्षाकर्मीसमक्ष बुझाएको आरोपमा ०६२ साउन २५ गते उनलाई घरबाटै माओवादीले अपहरण गरी भदौ २३ गते नयाँगाउँको देवीस्थानबाट तारेखमा मुक्त गरे।

विजयनगर गाविस-४ घर भएका उदयपुर गाविसका कार्यालय सचिव ५० वर्षीय शारदाराज शर्मालाई सदरमुकाममा बसेको आरोपमा ०६२ साउन २६ गते माओवादीले अपहरण गरी एक हप्तापछि मुक्त गरे।

रम्पुरकोट गाविस-६ का ३० वर्षीय दुर्गा थापा र २८ वर्षीय यमबहादुर पाण्डेलाई ०६२ भदौ १८ गते उनीहरूकै घरबाट माओवादीले अपहरण गरी भदौ १९ गते मुक्त गरे।

मरन्ठाना गाविस-८ गहतेर घर भई रामवाण गुल्म स्याङ्जा जिल्लामा कार्यरत सनत खड्कालाई ०६२ असोज ११ गते विहान गाडीमा यात्रा गरिरहेको अवस्थामा ढुङ्गेगढी गाविस-३ बड्डाँडाबाट माओवादीले अपहरण गरे। स्याङजाबाट घरतर्फ आउँदै गर्दा माओवादीको अपहरणमा परे। पीडितलाई असोज १६ गते तिरामको थक्लेनीबाट आफन्तजनको जिम्मा लगाए।

माँफकोट गाविस-६ खोलीगाउँ घर भएका एमाले माँफकोट गाउँ कमिटी उप-सचिव धनवहादुर थापालाई ०६२ असोज १२ गते विहान घरबाट माओवादीले अपहरण गरे। पीडितलाई असोज १५ गते मुक्त गरियो।

खलंगा गाविस-४ घर भएका रुस्पुरकोट गाविसका कार्यालय सचिव ५० वर्षीय कविराज अधिकारीलाई सदरमुकाममा बसेको आरोपमा ०६२ कार्तिक १२ गते माओवादीले विजुवारको फाँटवाट अपहरण गरेकोमा सामान्य सोधपुछपछि कार्तिक १३ गते मुक्त गरे।

हंसपुर गाविस-६ का ३२ वर्षीय मर्सदिन मिया, २५ वर्षीय असगर मिया, ३० वर्षीय हलिम मिया, सोही गाविस-८ का ३५ वर्षीय विष्णुवहादुर सुनार, ४० वर्षीय गम्भीरसिंह सुनार, ४० वर्षीय चुमानसिंह सुनार, २४ वर्षीय विक्रम सुनार, ३० वर्षीय जोदवहादुर सुनारले माओवादी कार्यकर्ताहरूलाई कुटपिट गरेको आरोपमा ०६२ कार्तिक १९ गते माओवादीले उनीहरूलाई आ-आफ्नै घरवाट अपहरण गरे। माओवादीले मर्सदिनलाई ४० हजार, बिष्णुलाई २० हजार, गम्भीरसिंलाई सातहजार, चुमान सिंलाई आठ हजार, हलिमलाई १५ हजार, विक्रमलाई चारहजार, जोदवहादुरलाई चार हजार र असगरलाई चारहजार जरिवाना गरी कार्तिक २१ गते सोही ठाउँबाट मुक्त गरे। पीडितहरूले कार्तिक १८ गते गाउँमा जुवातास खेलिरहेको अवस्थामा माओवादी कार्यकर्ता हुरी भनिनेलाई हातपात गरेपछि माओवादीले उनीहरूलाई अपहरण गरेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा दुनियावादी देवानी ८४ ओटा मुद्दामा ४३ ओटा फर्स्योट भयो। दुनियावादी फौजदारीतर्फ २७ मुद्दामा १३ फर्स्योट भए। दुनिया देवानीतर्फ ४१ मुद्दा र फौजदारीतर्फ १४ मुद्दा अझै फर्स्योट हुन बाँकी छन्। यसैगरी सरकारवादी फौजदारीतर्फ ४९ मुद्दामा ३८ फर्स्योट भएका छन् भने ११ बाँकी रहेका छन्। संक्षिप्त फौजदारी ११ मुद्दामा सात फर्स्योट भई चार बाँकी रहेका छन्। विशेष फौजदारी सात मुद्दामा पाँच फर्स्योट भई बाँकी मुद्दा दुई रहेका छन्। हालसम्म यस जिल्लामा देवानी मुद्दा तीनहजार आठसय ७० र फौजदारीतर्फ तीनहजार तीनसय तीन रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

विजुवार गाविस-६ का ४५ वर्षीय गणपति खनालको स्टील फर्निचरको पसलमा ०६२ असोज २ गते माओवादीले तालाबन्दी गरे। पीडितको छोरा धनेश्वर खनालले माओवादीको सुराकी गरेको हुनाले १५ दिनभित्र छोरा बोलाउनु पर्ने भन्दै नबोलाएसम्म माओवादी कब्जामा रहने गरी तालाबन्दी गरेका थिए। ०६२ असोज ११ गते बिहानै धनेश्वर खनाल माओवादी सम्पर्कमा हाजिर हुन पुगेपछि सोही दिन ११ गते माओवादी कार्यकर्ताहरू आई गणपति खनालको दोकानको ताला खोली दिएका थिए। हाल धनेश्वर खनाल माओवादी कब्जामै रहेका छन् र माओवादीले धनेश्वर खनाललाई छ वर्षको श्रमकैद तोकेको जनाए।

माओवादीद्वारा अपहरण गरिएका क्रमशः बालाजुप्रसाद राजभण्डारी, विजया के.सी. र महेन्द्र गुप्ता

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

माओवादी कार्यकर्ता १९ वर्षीय नवीन भनिने विप्लव केसीलाई ०६१ माघ ६ गते बिहान सदरमुकामबाट खटिएको सुरक्षाकर्मीले मरन्ठाना गाविस-१ गुरीगाउँबाट गिरफ्तार गरे। पीडितसँगै रहेका अन्य माओवादीहरू भने झोला छाडेर भागेका थिए। उक्त झोलामा विभिन्न कार्यालय/व्यक्तिहरूले चन्दा बुझाएको रेकर्ड, नगद रू एकलाख ७८ हजार सातसय ६० रूपैयाँसमेत र केही कागजपत्र भेटिएको सुरक्षास्रोतले जनायो। पीडित हाल जिल्ला कारागार प्युठानमा थुनामा रहेका छन्।

विजुवार गाविस-६ घर भएका ना.१ ख वस नं. ८७२६ वसका कन्डक्टर २१ वर्षीय दिनेश थपलियालाई ०६१ माघ १४ गते प्युठानको ओखरकोट मच्छीबाट दाङको भालुवाङतर्फ आउँदा सुरक्षाकर्मीले देवीस्थानमा गाडी चेक गर्ने क्रममा गिरफ्तार गरी भोलिपल्ट सदरमुकाम खलंगावाट रिहा गरे।

माओवादी कार्यकर्ता गोपाल नेपालीलाई ०६१ माघ २० गते सदरमुकाम खलंगावाट खटिएको सुरक्षाकर्मीले विजुवार गाविस-२ पुण्यखोलावाट गिरफ्तार गरे। पीडित जिल्ला कारागार प्युठानमा थुनामा रहेका छन्।

दाखाक्वाडी गाविस-१ का १४ वर्षीय मुक्ति पोखरेललाई ०६१ चैत २४ गते सुरक्षाकर्मीले सदरमुकाम खलंगावाट एसएलसी परीक्षा सकेर निस्केको अवस्थामा

गिरफ्तार गरे। उनका बुबा, मानवअधिकारकर्मी र पत्रकारको पहलमा ०६२ वैशाख ५ गते पीडित तारेखमा रिहा भए।

खैरा गाविस–८ घर भएका माओवादीका १३ नं. एरीया प्युठानका सेक्रेटरी विपिन पोखरेललाई ०६२ मंसिर २९ गते राति चन्दा उठाउन हिड्दै गरेको अवस्थामा खलंगास्थित चण्डीप्रसाद गणबाट गएका सुरक्षाकर्मीले बिजुवारक्षेत्रबाट गिरफ्तार गरे। पीडित जिल्ला प्रहरी कार्यालय खलंगामा हिरासतमा छन्। पोखरेल अनेरास्ववियु (क्रान्तिकारी) का पूर्व जिल्ला उपाध्यक्ष हुन्।

बिजुवार गाविस–६ घर भएका सुमन होटलका मालिक बाबुराम श्रेष्ठले माओवादी लुकाएको आरोपमा ०६२ पुस १२ गते साँझ खलंगा सदरमुकामबाट खटिएको सुरक्षाकर्मीले उनलाई घरबाट गिरफ्तार गरे। पीडितलाई भोलिपल्ट बिहानै खलंगा सदरमुकामस्थित सेनाको ब्यारेकबाट एमालेका अञ्चल कमिटी सदस्य रमेशप्रसाद राजभण्डारीको रोहबरमा रिहा गरियो।

मरन्ठाना गाविस–५ टाकुरा घर भएका माओवादीका जिल्ला जनसरकार सदस्य २८ वर्षीय ध्रुव केसीलाई ०६२ पुस १२ गते साँझ बिजुवार गाविस–६ स्थित बजारक्षेत्रबाट चण्डीप्रसाद गणका सुरक्षाकर्मीले गिरफ्तार गरे। केसीको साथबाट एकथान पेस्तोलसहित अन्य बन्दोवस्तीको सामान पनि फेला पारेको सुरक्षास्रोतले बतायो। पीडितसँगै रहेका अर्का माओवादी कार्यकर्ता भने सुरक्षाकर्मीको घेरा तोडी भागेका थिए। हाल केसीलाई जिल्ला प्रहरी कार्यालय प्युठानमा राखिएको छ।

विविध

संरचना क्षति

बिजुवार बजारस्थित जिल्ला सिंचाई कार्यालय, जिल्ला खानेपानी कार्यालय, महिला विकास कार्यालय र नेपाल विद्युत प्राधिकरण कार्यालयका सरसामान कार्यालय भवनबाट बाहिर ल्याई ०६१ फागुन २३ गते राति माओवादीले तोडफोड गर्नुका साथै आगो लगाई सम्पूर्ण कागजपत्रहरू नष्ट गरे। माओवादीले सिंचाई कार्यालयको एक थान कम्प्युटर, विद्युत प्राधिकरणको दुई कम्प्युटर, महिला विकास कार्यालयको एक कम्प्युटर र अन्य सामानसमेत आफूसँगै लिएर गए।

४.३ रोल्पा



जनसंख्या	२२३४१८
साक्षरता प्रतिशत	३७.२५
महिला साक्षरता प्रतिशत	२२.८८
क्षेत्रफल (वर्ग कि. मि.)	१८७९
गाविस/नपा संख्या	५१/०
निर्वाचन क्षेत्र	२
विद्यालय	३०१
क्याम्पस/उच्च मा.वि.	१/२
अस्पताल/स्वास्थ्य चौकी	१/५१
टेलिफोन लाइन	६
मोटर सडक (कि. मि.)	८५
प्रहरी कार्यालय संख्या	२
हुलाक संख्या	२
मानव विकास सूचकांक	०.३८४
प्रति परिवार सरदर संख्या	५.४५

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

लिवाङ गाविस–७ सेवाङ्गकी ३८ वर्षीय निलकुमारी कुँवर, लिवाङ गाविस–६ देउपुजेस्थित नयाँ गोरखगणको कम्पाउण्डदेखि करिब आठसय मिटर टाढा सेवाङको खरबारीमा घाँस काट्दै गर्दा सुरक्षाकर्मीले राखेको बम विस्फोट हुँदा ०६२ साउन १४ गते घाइते भएकोमा पीडितलाई जिल्ला अस्पताल, लिवाङमा प्राथमिक उपचार गरी भोलिपल्ट उपचारका लागि शाही नेपाली सेनाको हेलिकप्टरबाट नेपालगञ्ज लगिएकोमा उपचारकै क्रममा साउन १७ गते भेरी अञ्चल अस्पतालमा मृत्यु भयो। हालसम्म पीडितको परिवारले कुनै क्षतिपूर्ति पाएको छैन।

दाङ जिल्ला घर भएका माओवादी कार्यकर्ता दीपेन्द्र चौधरी र सल्यान जिल्ला घर भएका दीपेन्द्र भण्डारीलाई दाङबाट गएका सुरक्षाकर्मीले ०६२ कार्तिक ३ गते फेनाम

गाविस-६ को कुर्जमा घेरा हाली गोली हानी हत्या गरे। सो स्थानबाटै सुरक्षाकर्मीले एकजनालाई गिरफ्तार गरेका थिए। गिरफ्तार हुनेको नाम ठेगाना खुल्न सकेको छैन।

गजुल गाविस-२ घर भएका माओवादीको सातौं ब्रिगेड कम्पनी कमाण्डर ४८ वर्षीय सुनिल भनिने किमबहादुर थापा र सल्यान जिल्लाको कालागाउँ गाविस-७ घर भएका माओवादी जनसेनाका बटालियन सहायक कमाण्डर निर्मम भनिने झक्कूप्रसाद पुनको जिनाबाङ गाविस-४ मुनिमारेमा ०६२ मंसिर १४ गते बिहान माओवादीले जनसैन्य प्रशिक्षण कार्यक्रम सञ्चालन गरिरहेको समयमा सुरक्षाकर्मीले हवाई आक्रमण गर्दा मृत्यु भयो। सोही दिन बिहान हवाई गस्तीमा रहेका सुरक्षाफौजको हेलिकप्टरलाई माओवादीले गोली प्रहार गरी क्षति पुऱ्याएका थिए।

माओवादीबाट

बर्दिया जिल्लाको सानोश्री गाविस ताराताल घर भई जिल्ला प्रहरी कार्यालय रोल्पामा कार्यरत प्रहरी जवान २३ वर्षीय मोहन शर्माको लिबाङ गाविस-५ सवलधारास्थित प्रहरी पोष्टमा ड्युटी गर्न गइरहेको समयमा माओवादीले राखेको बम विस्फोट हुँदा ०६२ साउन १५ गते बिहान घटनास्थलमै मृत्यु भयो।

दोहोरो भिडन्त

रोल्पा जिल्ला र रुकुम जिल्लाको सीमानामा पर्ने रोल्पा जिल्लाको पाखापानी गाविस-१ दलसिंगेमा माओवादी र सुरक्षाकर्मीबीच ०६१ चैत २७ गते दोहोरो भिडन्त हुँदा माओवादीतर्फ चारजना र सुरक्षाकर्मीतर्फ एकजनाको मृत्यु भयो। तर सो घटनाको सम्बन्धमा माओवादीले कुनै प्रतिक्रिया सार्वजनिक गरेनन्।

कोटगाउँ गाविस-५ रिमसक र सोही गाविस-८ जंघामा माओवादी र सुरक्षाकर्मीबीच ०६२ वैशाख ६ गते भिडन्त हुँदा सुरक्षाकर्मीतर्फ तीनजना र माओवादीतर्फ चारजनाको मृत्यु भयो। दुवैतर्फको मृतकको नाम खुल्न सकेन। माओवादीले आफ्नोतर्फ चारजनाको मृत्यु भएको पुष्टि गरे। तर सुरक्षाकर्मीतर्फ तीनजना र माओवादीतर्फ २२ जनाको मृत्यु भएको ०६२ वैशाख ७ गते रेडियो नेपालबाट प्रसारण गरियो। दोहोरो भिडन्त हुँदा रिमसकका ५६ वर्षीय गणबहादुर घर्तीको दुई तल्ले घरमा आगलागी भयो भने सोही गाविस-८ जंघाका ३५ वर्षीय समासिंह घर्तीको भैंसी मऱ्यो।

नयाँ गोरख गण रोल्पाबाट लिबाङ गाविस-७ मा ०६२ मंसिर १८ गते बेलुका ७ बजे संयुक्त सुरक्षाकर्मीको टोली गस्ती गएर फर्कने क्रममा सुरक्षाकर्मी र माओवादीबीच भिडन्तको क्रममा सोही गणमा कार्यरत २१ वर्षीय देवबहादुर चन्दको मृत्यु भयो।

गैरीगाउँ गाविस-४ पूर्णगाउँमा ०६२ पुस ११ गते माओवादी र सुरक्षाकर्मीबीच भिडन्त हुँदा सुरक्षाकर्मीतर्फ चारजना मारिएको र ११ जना घाइते भएको तथा माओवादीतर्फ एकजना मारिएको र तीनजना घाइते भएको स्थानीय वासिन्दाहरूले बताए। मृतक र घाइतेहरूको नाम ठेगाना खुल्न सकेन। माओवादीले सो घटनामा आफूतर्फ एकजना जनसेनाको मृत्यु भएको र तीनजना घाइते भएको साथै सुरक्षाकर्मीतर्फ छजनाको मृत्यु भएको र १६ जना घाइते भएको दावी गरे।

गैरीगाउँ गाविस-३ दुम्ला पैयाचौरमा ०६२ पुस ११ गते दिउँसो १२ बजेदेखि साँझ ६ बजेसम्म सुरक्षाकर्मीले हवाई आक्रमण गरे। हवाई आक्रमणबाट माओवादीतर्फ चारजना मारिएको र सातजना घाइते भएको स्थानीय वासिन्दाहरूले बताए। मृतक र घाइतेहरूको नाम ठेगाना खुल्न सकेको छैन। सोही गाविस-३ पूर्णगाउँमा बिहान १०

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	३	३	६	३	९		९	७	१७	१		१८
घाइते	२	४	२	६	१	११		११	६	२०		९	२९
हिरासत वा थुनामा मृत्यु									१	१			१
गिरफ्तारी/यातना									५	११			११
कुटपिट					१	१		१					
भेला/संगठित हुने अधिकार									२	८	१		९
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					४	२९	३	३२	२	२			२
अपहरण	१	१		१	१४	२१	३	२४					
जम्मा	५	८	५	१३	२३	७१	६	७७	२३	५९	२	९	७०

बजे भिडन्तपछि सुरक्षाकर्मीले हवाई आक्रमण गरेका थिए।

बेवारिसे बमबाट

पाखापानी गाविस-१ दलसिङ्केका ७ वर्षीय तीर्थराज वली, ७ वर्षीय शेरबहादुर वली, १३ वर्षीय विष्णुकुमारी वली, १३ वर्षीय जगंबहादुर वली, ८ वर्षीय जयबहादुर वलीको ०६२ बैशाख १० गते बिहान सोही गाविसको पानीधारा नजिक बेवारिसे अवस्थामा फेला परेको बम खेलाउँदा विस्फोट भई मृत्यु भयो। सो घटनामा ३ वर्षीय रत्नबहादुर वली, १२ वर्षीय अमृतबहादुर वली, १३ वर्षीय फौदबहादुर वली, ७ वर्षीय लली वली, ५ वर्षीय जयकली वली घाइते भए। घाइतेहरू रुकूम जिल्ला अस्पताल सल्लेमा सामान्य उपचार गराई घर फर्किए। घाइतेहरूको बाहिरको घाउ सन्चो भएतापनि घाउ भएको ठाँउमा गिर्खा परेको हुँदा शल्यक्रिया गर्नुपर्ने अवस्थामा रहेको छ।

अन्यबाट

दाङ जिल्लाको मानपुर गाविस-४ टिक्रा लहलौरा घर भई जिल्ला प्रहरी कार्यालय रोल्पाअन्तर्गत सेनामुख बेसक्याम्प लिवाङमा कार्यरत प्रहरी जवान २२ वर्षीय लक्ष्मीबहादुर वलीको ०६२ कार्तिक ११ गते होमा गाविस-८ होमामा एउटा हात र टाउको नभएको गाडेको अवस्थामा लाश फेला पर्‍यो। पीडितलाई माओवादीले हत्या गरेर गाडेको हुन सक्ने पीडितका बाबुले बताए। उक्त घटना सम्बन्धमा आफूहरूलाई केही थाहा नभएको, सो घटनाप्रति अनुसन्धान गरी रहेको माओवादी जिल्ला सेक्रेटरी ध्रुवले सार्वजनिक जानकारी गराए। एक थान थ्रीनट थ्री राइफल र गोलीसहित उनी सोही दिन क्याम्पबाट भागेका थिए। उनी भागेको दिन रातभरि सदरमुकाम लिवाङमा फायरिङ्ग भएको थियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

कुरेली गाविस-२ खर्िबोटमा माओवादी जनयुद्धको वार्षिक उत्सवको उपलक्ष्यमा मेला लागिरहेको समयमा ०६१ फागुन १ गते दिउँसो मेलास्थल र वरिपरि हेलिकप्टरबाट सुरक्षाकर्मीले बमबारी गरे। हवाई आक्रमणबाट राङकोट गाविस-१ मौलाबोटका ४६ वर्षीय पूर्णबहादुर रोका, कुरेली गाविस-२ डालीमका ५१ वर्षीय जमान श्री घर्ती, सोही गाविस-९ सर्सुवारीका प्रवीन बुढा र अन्य पाँचजना घाइते भए। घाइतेहरूको उपचार माओवादीले गरे।

सुरक्षाकर्मीद्वारा हेलिकप्टरबाट प्रहार गरिएको बमबाट मारिएका माओवादी सातौं ब्रिगेड कमाण्डर सुनिल भनिने किमबहादुर थापा

राङकोट गाविस-३ गुडिचौरमा माओवादी जनयुद्धको वार्षिक उत्सवको उपलक्ष्यमा मेला लागिरहेको समयमा ०६१ फागुन १ गते हेलिकप्टरबाट सुरक्षाकर्मीले मेलास्थलमा बमबारी गरे। मेलामा रहेका सोही गाविस-७ जैपाका ४६ वर्षीय रणबहादुर पुन, सोही गाविस-२ पोखाडांडाका १५ वर्षीय लक्ष्मण विक, सोही गाविस-१ सेनालेखको ६१ वर्षीय नौसरा घर्ती र अन्य चारजना घाइते भए। घाइतेहरूको उपचार माओवादीले गरे।

रुकुम जिल्ला खलंगा गाविस-४ थर्पूका १४ वर्षीय चुडामणि गौतम माओवादीद्वारा निर्माणाधीन नुवागाउँ थवाफ मोटरबाटो अन्तर्गत गैरीगाउँ तिलाखण्ड मोटरबाटो खनेर घर फर्कंदै गर्दा ०६२ वैशाख १ गते पाछ्ावाफ गाविस-९ तातोपानी लेकमा सुरक्षाकर्मीले हेलिकप्टरबाट गरेको गोली खुट्टामा लागी घाइते भए। पीडितको उपचार नेपालगञ्जमा भयो।

अन्यबाट

खुङ्ग्री गाविस-९ हरिगाउँ घर भई माओवादीका गाजस प्रमुख ४५ वर्षीय रामचन्द्र थापालाई सोही गाविस-३ धारापानीका ७१ वर्षीय लालीबाबु भनिने मेगेन्द्र सिंहले ०६२ असोज ८ गते स्थानीय वासुदेव सुवेदीको घरमा खुकुरी प्रहार गरी सख्त घाइते बनाए। खुकुरी प्रहार गरेपछि पीडक मेगेन्द्र सदरमुकाम लिवाङ भागेर गए। पीडितको उपचार माओवादीले गराए। माओवादीले ०६२ असोज १९ गते बेलुका मेगेन्द्र सिंहको घरमा भएको सम्पूर्ण सामान कब्जा गरी एउटा घर र एउटा गोठमा आगो लगाए।

जेल र बन्दीहरू

रोल्पा जिल्लाको जेल 'घ' श्रेणीको हो। यसको क्षमता ५० जनाको छ। यस वर्ष यो जेलमा मुद्दा फर्स्यौट भई कैद तोकिएका महिला दुईजना र पुरुष तीनजना, मुद्दा फर्स्यौट नभएका पुरुष एकजना तथा माओवादी गतिविधिमा संलग्न भएको आरोपमा पुरुष एकजना गरी जम्मा सातजना बन्दी रहेका छन्। यस वर्ष १० जना पुरुष थुनामा परे भने १० जना पुरुष रिहा भए। ०४२ सालमा निर्माण भएको यो जेल जीर्ण अवस्थामा रहेको छ। महिला र पुरुष बन्दीको बीचमा अग्लो गाह्रो भएको हुंदा हिउँदमा घाम नपस्ने भएकोले चिसो हुने गरेको महिला बन्दीहरू बताउँछन्।

बेपत्ता / अपहरण

माओवादीबाट

वडाचौर गाविस-२ ठूलो नम्जाका ६७ वर्षीय चन्द्रकान्त पोखरेल, ५६ वर्षीय वृद्धिराम पोखरेल, सोही गाविस- ३ का ५२ वर्षीय प्रजित खड्का, ६२ वर्षीय पतै विक र २५ वर्षीय मिनसरी खड्काले माओवादीको विरोध गरेको आरोपमा ०६१ पुस ९ गते बिहान आ-आफ्नै घरवाट माओवादीले उनीहरूलाई अपहरण गरे। हाल सबैजना मुक्त भैसके।

राङ्सी गाविस-९ भनभनेका ३४ वर्षीय विजयकुमार घर्तीले हवाई आक्रमण गर्नका लागि सुराकी गरेको आरोप लगाउँदै ०६१ चैत १३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी ०६२ जेठमा सोही ठाउँबाट मुक्त गरे।

लिवाङ गाविस-९ सल्लीवोटकी ३६ वर्षीय सुनमाली विकले परपुरुषसँग अवैध यौन सर्म्पक गरी गर्भ बोकी गर्भ तुहाएको आरोपमा ०६१ चैत १५ गते माओवादीले उनलाई घरवाट अपहरण गरे। यसैगरी विकसँग अवैध सर्म्पक गरेको आरोपमा सोही गाउँस्थित निमाविका शिक्षक ४६ वर्षीय भक्तराम पुन र उपस्वास्थ्य चौकी जेदवाङ्गका पियन ३९ वर्षीय पहलमान घर्तीलाई ०६२ वैशाख १५ गते आ-आफ्नो घरवाट माओवादीले अपहरण गरे। विकवाट २० हजार रुपैयाँ, पुनवाट २० हजार रुपैयाँ र घर्तीबाट २० हजार रुपैयाँ लिएर माओवादीले जेठ १८ गते मुक्त गरे।

लिवाङ गाविस-३ रेउघा पाछ्रावाङ्ग घर भई हुलाक कार्यालयका हुलाकी ४५ वर्षीय दलवहादुर वलीलाई सदरमुकाम लिवाङबाट कोर्चावाङ गाविस-५ निम्रीमा पत्र पुर्‍याई फर्कँदा ०६१ चैत ३१ गते जंकोट गाविस-१ मडिचौरवाट माओवादीले अपहरण गरे। सदरमुकाममा नाकावन्दी गरेको समयमा हुलाक ल्याएको र पीडितको छोरा शाही नेपाली सेनामा भर्ती भएको आरोपमा माओवादीले उनलाई अपहरण गरेको बताइयो। ०६२ वैशाख ४ गते ५८ हजार रूपैयाँ तिरेर पीडित सोही ठाउँबाट मुक्त भए।

लिवाङ गाविस-३ रेउघा बरवाङ्गका ४० वर्षीय आसबहादुर थापालाई उनका छोरा शाही नेपाली सेनामा भर्ती भएको आरोपमा ०६२ वैशाख १४ गते माओवादीले अपहरण गरे। पीडित ६६ हजार रुपैयाँ बुझाएर वैशाख २० गते मुक्त भए। सैनिकमा भर्ती भएका छोरालाई फिर्ता ल्याएमा आफूहरूले लिएको रकम फिर्ता गर्ने सर्तमा माओवादीले आफूलाई मुक्त गरेको पीडितले वताए।

लिवाङ गाविस-३ रेउघासिक्नाका ५५ वर्षीय दलबहादुर पुनलाई उनको छोरा शाही नेपाली सेनामा भर्ती भएको आरोपमा ०६२ वैशाख १९ गते उनकै घरवाट माओवादीले अपहरण गरे। पीडित ५० हजार रुपैयाँ तिरेर वैशाख २६ गते मुक्त भए।

लिवाङ गाविस-३ सिवाङ्गका ५१ वर्षीय गोविन्दबहादुर घर्तीका छोरा शाही नेपाली सेनामा भर्ती भएको आरोपमा ०६२ वैशाख २४ गते बेलुका घरबाटै माओवादीले गोविन्दलाई अपहरण गरे। पीडित ६३ हजार रुपैयाँ बुझाई वैशाख २७ गते मुक्त भए। सैनिकमा भर्ती भएका छोरालाई फिर्ता ल्याएमा आफूहरूले लिएको रकम फिर्ता गर्ने आश्वासन माओवादीले दिएको पीडितले बताए।

जंकोट गाविस-७ भाङ्चौर घर भई लिवाङ गाविस-५ वीचवजारमा पसल गरी बस्ने ४५ वर्षीय झुपलसिंह डाँगीलाई ०६२ जेठ २४ गते विहान घर गएको बेला माओवादीले अपहरण गरी तीन महिनापछि सोही गाउँबाट मुक्त गरे।

राफकोट गाविस-२ राफकोटका २५ वर्षीय झक्कुप्रसाद घर्तीलाई लिवाङबाट घर जान लाग्दा ०६२ साउन १० गते जंकोट गाविस-१ माडीचौरबाट माओवादीले अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

कोचवाङ्ग गाविस-९ पन्तीवाफ्काका ५२ वर्षीय आशवीर बाँठाले सुराकी गरेको आरोपमा ०६२ साउन १२ गते माओवादीले उनलाई अपहरण गरी सोही गाविस-३ घापाम लगे। सोही दिन दिउँसो माओवादीले कुटपिट गरी गाई बाँध्ने गोठमा राखेकोमा उनी साउन १७ गते भागेर सदरमुकाम लिवाङ आए।

लिवाङ गाविस-८ रुल्टवाङ्गका २३ वर्षीय शशीधर आचार्य र सोही गाविस-८ तित्रीकोट की २१ वर्षीय देवीसरा विष्टले अवैध यौन सम्पर्क गरेको आरोपमा ०६२ भदौ १६ गते माओवादीले उनीहरूलाई आफ्नै गाउँबाट अपहरण गरी असोज १९ गते मुक्त गरे।

इरिवाङ गाविस वागमाराका ३७ वर्षीय चन्द्रबहादुर केसीलाई रक्सी खाएर माओवादीको विरुद्धमा वोलेको आरोपमा ०६२ भदौ २ गते माओवादीले घरबाटै अपहरण

माओवादीको बम विस्फोटमा परी मृत्यु भएका प्रहरी जवान मोहन शर्मा

दुम्ला घटनामा मारिएका माओवादीको बेवारिसे अवस्थामा पुरिएको लास

गरी तीन महिनासम्म आफ्नो गाउँवाहेक अन्यत्र कतै नजाने सर्तमा भदौ २२ गते तारेखमा सोही गाउँवाट मुक्त गरे।

रुपन्देही जिल्ला वुटवल नगरपालिका घर भई बृटिश गोर्खा वेयलफेयर स्कीम शाखा वुटवलमा कार्यरत सहायक अधिकृत ५६ वर्षीय कुलबहादुर थापा र रोल्पा जिल्ला पाफ गाविस-३ ऐपे घर भई सोही शाखाका पियन ३९ वर्षीय पकबहादुर घर्तीलाई ०६२ कार्तिक ७ गते थवाङ्गबाट ७ गते माओवादीले अपहरण गरे। पीडितहरू कार्तिक २४ गते थवाङवाट मुक्त भए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

कोटगाउँ गाविस-४ कोटगाउँ घर भई नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा रोल्पामा प्रकोप पूर्व तयारी तथा सहयोग कार्यक्रमका कार्यक्रम सहायक २५ वर्षीय बलवहादुर घर्तीलाई ०६१ चैत २१ गते माओवादीले जेदवाङ गाविस-८ रुल्टीमा कुटपिट गरे। नेपालगञ्जवाट तालिम लिएर दाङहुँदै सदरमुकाम लिवाङ आउँदै गर्दा घर्तीलाई नाकाबन्दी गरेको समयमा सदरमुकाम जान नदिने भनी कुटपिट गरेको वताइयो। जुन वाटो आएको हो त्यही वाटो फर्किने अन्यत्र गएमा ज्यान जाने छ भनी धम्की दिएर माओवादीले पीडितलाई दाङ घोराही फर्काएका थिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

लिवाङ गाविस-६ लिवाङ घर भएका रोल्पा क्षेत्र नं. १ का निवर्तमान सांसद लेखनाथ आचार्य, सोही गाउँका नेकाँ जिल्ला समिति सभापति माधवप्रसाद आर्चाय, ट्रेड यूनियन नेकाँ जिल्ला समिति अध्यक्ष दामोदर आचार्य , नेकाँ जिल्ला समिति सहसचिव मालवहादुर रोका, नेकाँ जिल्ला समितिका सदस्य भीमकान्त आचार्य, आदिवासी जनजाति संघका अध्यक्ष दिल पुन, तरुण दल जिल्ला कार्यसमिति अध्यक्ष रामकृष्ण पुन, तरुण दल जिल्ला सचिव दिलबहादुर बाँठा, तरुणदल जिल्ला समिति सदस्य श्रीकुमारी घर्ती, किसान संघ जिल्ला समितिका भूपू अध्यक्ष नन्दु गिरी, ताराप्रसाद आचार्य, होमा गाविस-१ कर्तमका गंजसिंह खत्री र रुपी पुनलाई माघ १९ को शाही घोपणाको विरोधमा ०६१ चैत १५ गते नेकाँको कार्यालयवाट निकालिएको विरोध जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी गिरफ्तार गरे। पीडितहरूलाई जिल्ला प्रहरी कार्यालयमा राखियो। भीमकान्त आचार्य, ताराप्रसाद आचार्य, नन्दु गिरी, श्रीकुमारी घर्ती र रुपी पुनलाई भोलिपल्ट मानवअधिकारकर्मी र पत्रकारको रोहवरमा रिहा गरियो भने अन्य बाँकीलाई शान्ति सुरक्षा ऐन अन्तर्गत नजरवन्दका लागि जिल्ला प्रहरी कार्यालयमा थुनामा राखिएको थियो। दामोदर आचार्य, रामाकृष्ण पुन, मालबहादुर रोका र दिलमन पुनहरूलाई ०६१ चैत १९ गते र लेखनाथ आचार्य, माधवप्रसाद आचार्य र दिलबहादुर बाँठालाई ०६२ वैशाख ९ गते रिहा गरियो।

शाही घोपणाको विरुद्धमा सात राजनीतिक पार्टीको आह्वानमा लिवाङ गाविस-६ टुँडिखेलमा ०६२ जेठ २६ गते नेकाँका जिल्ला सभापति माधवप्रसाद आचार्य, तरुण दलका जिल्ला अध्यक्ष रामकृष्ण पुन, जनमोर्चाका जिल्ला सचिव राजकुमार कक्षपतिलगायत्को नेतृत्वमा भित्ते लेखन गर्दागर्दै प्रहरीले हस्तक्षेप गरी भित्ते लेखन गर्न दिएन। भित्तेलेखन गर्ने सम्पूर्ण सामग्री सुरक्षाकर्मीले जफत गरी जिल्ला प्रहरी कार्यालयमा लगेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतमा सरकारवादी फौजदारी मुद्दा १२ वर्षसम्म फर्स्यौट नभएका छओटा, ११ वर्षसम्मका तीनओटा, १० वर्षसम्मका पाँचओटा नौ वर्षसम्मका २२ ओटा, आठ वर्षसम्मका ११ ओटा, सात वर्षसम्मका छओटा, छ वर्षसम्मका एकओटा, पाँच वर्षसम्मका सातओटा, चार वर्षसम्मका एकओटा तीन वर्षसम्मका एकओटा, दुई वर्षसम्मका एकओटा, एक वर्षसम्मका १० ओटा गरी जम्मा ६६ ओटा मुद्दा फर्स्यौट गर्न बाँकी छन्।

देवानी मुद्दा दुई वर्षसम्म फैसला नभएका एउटा, एक वर्षसम्मका दुईओटा र छ महिनासम्मका छओटा गरी जम्मा नौओटा, साधारण फौजदारी मुद्दा दुई वर्षसम्म फर्स्यौट नभएका दुईओटा, एक वर्षसम्मका एउटा, छ महिनासम्मका एउटा गरी जम्मा चारओटा, संक्षिप्त फौजदारी मुद्दा एक वर्षसम्म फर्स्यौट नभएका मुद्दा एक गरी जम्माजम्मी ८० ओटा मुद्दा फैसला हुँन बाँकी छन्।

यस वर्ष सरकारवादी फौज्दारी मुद्दा एउटा, देवानी आठओटा, साधारण फौजदारी मुद्दा दुईओटा र संक्षिप्त फौजदारी एउटा गरी जम्मा १२ मुद्दा दर्ता भए भने

सरकारवादी फौजदारी एउटा र साधारण फौजदारी छओटा गरी जम्मा सातओटा मुद्दा फर्स्यौट भए।

यस जिल्लामा धेरैजसो मुद्दा माओवादीसम्बन्धी छन्। कतिपय मुद्दा ०५० सालदेखि फर्स्यौट नभएका छन्। गाउँमा म्याद तामेल गर्न नसकेका कारण मुद्दा फर्स्यौट हुन सकेका छैनन्।

जिल्ला प्रशासन कार्यालयमा केही सार्वजनिक अपराध मुद्दा १२ वर्षसम्म फर्स्यौट नभएका छओटा, ११ वर्ष सम्मका छओटा, १० वर्षसम्मका १० ओटा, वर्षसम्मका सातओटा, सात वर्षसम्मका एकओटा, पाँच वर्षसम्मका एकओटा, एक वर्षसम्मका एकओटा गरी जम्मा ३५ ओटा मुद्दा छन्। भ्ष्टाचार मुद्दा १३ वर्ष सम्मका दुईओटा, १२ वर्षसम्मका एकओटा, १० वर्षसम्मका र नौओटा, आठ वर्षसम्मका एकओटा गरी छओटा, विस्फोटक पदार्थ मुद्दा १० वर्षसम्मका पाँचओटा, नौ वर्षसम्मका एकओटा सात वर्षसम्मका एकओटा पाँच वर्षसम्मका एउटा गरी जम्मा आठओटा, हातहतियार खरखजाना मुद्दा १० वर्षसम्का दुईओटा, नौ वर्षसम्मका पाँचओटा, आठ वर्षसम्मका तीनओटा, सात वर्षसम्मका तीनओटा, छ वर्षसम्मका एउटा गरी जम्मा १४ ओटा छन्। जम्मा जम्मी ६३ ओटा मुद्दा फर्स्यौट हुँन बाँकी छन्। यस वर्ष केही सार्वजनिक अपराध मुद्दा एउटा दर्ता भयो मुद्दा एकओटा फैसला भयो भने अधिकांश मुद्दा माओवादी गतिविधि सम्बन्धी र ०५२ साल अगाडि संयुक्त जनमोर्चा र अन्य वामपन्थी पार्टीमा संलग्न व्यक्तिहरूलाई लगाइएका मुद्दा छन्। माओवादी जनयुद्धमा संलग्न रहेका व्यक्तिहरू फरार भएका र तारेखमा नआएको हुँदा अन्य वामपन्थी पार्टीमा लागेका व्यक्तिहरूको मुद्दा स्थगित भई फैसला नभएको देखिन्छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

यस जिल्लामा नौसय ६५ जनाले वृद्ध भत्ता, एकहजार नौसय ४७ जनाले विधवा भत्ता तथा ४९ जनाले अपाङ्ग भत्ता पाउनु पर्ने भएता पनि गाविस सचिवहरू सदरमुकाम लिवाङमा बस्ने र गाउँमा जाननसक्ने तथा गाउँबाट वृद्ध, विधवा र अपाङ्गहरू सदरमुकाम आउन कठिन भएको कारण भत्ता वितरण भएको छैन।

आर्थिक अधिकार

राज्यबाट

पाखापानी गाविस-१ गैरानेटाका २८ वर्षीय टोवबहादुर डाँगीको घरबाट घरमा जडान गरेको सोलार माओवादीले प्रयोग गरेको आरोपमा ०६२ साउन ५ गते बिहान रुकुम जिल्ला खारा सतीपोल क्याम्पबाट गएका सुरक्षाकर्मीले लगे।

पाखापानी गाविस-९ डाँडागाउँका २६ वर्षीय नन्दबहादुर खत्रीको सोही वडाको डोटाचौरमा रहेको पसलमा माओवादीको सहकारी पसल भएको आरोपमा ०६२ साउन ५ गते रुकुम जिल्ला खारा सतीपोले क्याम्पवाट गएका सुरक्षाकर्मीले पसलमा भएको सामान सातओटा खच्चरमा हाली लगे।

माओवादीबाट

लिवाङ गाविस-५ पिपलचौतारा नजिक रहेको प्रहरी पोष्टमा ०६१ माघ २९ गते राति माओवादीले शक्तिशाली बम विस्फोट गराउँदा सोही गाउँका भीमकान्त आचार्य, नन्दकुमार आचार्य, सनतकुमार अचार्य, लोकराज आचार्य र तिलक केसीको घरमा क्षति पुग्यो।

खुङ्ग्री गाविस-२ लाल्टीवा घर भई प्रहरीमा कार्यरत ३२ वर्षीय केशव रेग्मी, शाही नेपाली सेनामा कार्यरत २७ वर्षीय जगन्नाथ रेग्मी, भारती टोल घर भई प्रहरीमा कार्यरत २२ वर्षीय सुरेश भारती, शाही नेपाली सेनामा कार्यरत ३२ वर्षीय सन्तोष विक, चौकी टोल घर भई शाही नेपाली सेनामा कार्यरत ३० वर्षीय शसीरामा गिरी, एकै घरका प्रहरी जवान टीकाराम घर्ती र शाही नेपाली सेनामा कार्यरत ३५ वर्षीय मीनाराम घर्ती, एकै घरका चार भाई प्रहरीमा कार्यरत ३५ वर्षीय पुरन सिंह, ३० वर्षीय नरेन्द्र सिंह, २४ वर्षीय विष्णु सिंह, शाही नेपाली सेनामा कार्यरत २५ वर्षीय हुकुम सिंह, गैराटोल घर भई प्रहरीमा कार्यरत २४ वर्षीय मोहन गिरी, मुख्य टोल घर भई शाही नेपाली सेनामा कार्यरत ३० वर्षीय टेकु गिरी, सोही गाविस-३ धारापानी घर भई एकै घरका शाही नेपाली सेनामा कार्यरत ३३ वर्षीय रामबहादुर भूसाल र प्रहरीमा कार्यरत ३० वर्षीय टंकबहादुर भुसाल, शाही नेपाली सेनामा कार्यरत ३२ वर्षीय हिमबहादुर बिष्ट, २७ वर्षीय जीवन बिष्ट, ३० वर्षीय नेत्रबहादुर बिष्ट,

बेवारिसे बम विस्फोटमा परी घाइते भएका बालक अमृतबहादुर ओली

बेवारिसे बम विस्फोटमा परी घाइते भएका फउदबहादुर ओली

सोही गाविस- ५ ठाकुर टोल घर भई शाही नेपाली सेनामा कार्यरत २२ वर्षीय जीवन सिंह, २० वर्षीय पुष्करसिंह प्रहरीमा कार्यरत डम्मर गिरी, गौरीशंकर डाँगी, शान्तराज भारती, भीमु गिरी, तल्लोटोल घर भई एकै घरका प्रहरीमा कार्यरत ४२ वर्षीय रिखु गिरी र राजु गिरी, २३ वर्षीय राजु गिरी, ठाकुर टोल घर भई शाही नेपाली सेनामा कार्यरत कविराज गिरीले जागीर नछोडेको तथा आर्थिक सहयोग नगरेको आरोप लगाउँदै माओवादीले ०६२ वैशाख २५ गते घरका परिवारलाई निकालेर तालावन्दी गरे। पीडितहरूका घर इन्सेक सहकर्मी संस्था मानवअधिकार सचतेन केन्द्र र इन्सेक वर्ष पुस्तक प्रतिनिधिको पहलमा ०६२ जेठ ८, ९ र २९ गते गरी माओवादीले विभिन्न मितिमा ताला खोले।

वडाचौर गाविस-४ गर्मी घर भई मिझिङ्ग गाविस-७ सुलीचौरमा पसल गरी बस्ने ५५ वर्षीय अम्बरवहादुर थापाले माओवादी पार्टी विरुद्ध गतिविधि गरेको आरोप लगाउँदै ०६२ जेठ २६ गते बेलुका माओवादीले उनको सुलीचौरस्थित घरबाट परिवारजनलाई बाहिर निकाली घर र पसलको सम्पूर्ण सामान लगे। पीडित सपरिवार हाल नेपालगञ्जमा बसेका छन्।

बडाचौर गाविस-४ वलालेकी ४० वर्षीय भ्यूमति पुनलाई उनकी छोरी १५ वर्षीय लीला पुन ०६२ असार २१ गते सदरमुकाम लिवाङ गएर बसेको र माओवादीले घर फर्काउन दवाव दिँदा आफू पनि सदरमुकाम गएर बसेको आरोपमा ०६२ साउन १२ गते माओवादीले घरमा तालावन्दी गरे। पीडित दुई छोरा र दुई छोरीसहित सदरमुकाम लिवाङमा बसेकी छन्। उनका पति विदेश गएका छन्।

विस्थापित

रोल्पा जिल्लामा माओवादी जनयुद्धका कारण गाउँमा बस्न नसकी तीनसय सात घर परिवारका १२ सय ४४ जना व्यक्तिहरू विस्थापित भएका छन्। जिल्ला सदरमुकाम लिवाङमा दुई सय ५१ घर परिवारका नौसय ९७ जना, दाङ जिल्लामा २२ घर परिवारका ९३ जना, काठमाडौंमा २५ घर परिवारका ८७ जना, बाँके जिल्लामा दुई घर परिवारका १० जना, कपिलवस्तुमा तीन घर परिवारका १२ जना, गुल्मी जिल्लामाा एक घर परिवारका पाँचजना, अर्घाखाँची जिल्लामा एक घर परिवारका एकजना, वर्दिया जिल्लामा एक घर परिवारका एकजना, चितवन जिल्लामा दुई घर परिवारका १० जनालगायत् विभिन्न देशहरूमा अन्य २८ जना विस्थापित भएका छन्। जिल्ला सदरमुकाम बसेका अधिकांश विस्थापितहरू मजदुरी गरेर जीवन गुजारा गरिरहेका छन्। केही व्यापार गरेर बसेका छन् भने केही आफ्नै घर बनाएर बसेका छन्। विस्थापितहरू सात दल र माओवादीको बाह्र बुँदे सम्झौतापछि केही घर फर्केका छन्। माथि उल्लेखित विस्थापितहरूको तथ्यांक जिल्ला प्रशासन कार्यालयमा दर्ता भई जिल्ला प्रशासनले मान्यता दिएको तथ्याङ्क हो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

जेवाङ्ग गाविस-६ रुलवाङ्गका ३० वर्षीय शुकराज पुनलाई माओवादीको आरोपमा ०६२ वैशाख २२ गते तीदोवाटा क्याम्पवाट गएका सुरक्षाकर्मीले फगाम गाविसको राङकोटबाट गिरफ्तार गरी सदरमुकाम लिवाङ ल्याए। पीडितलाई ०६२ वैशाख २७ गते टाडा ऐन अन्तरगत जिल्ला कारागार चलान गरियो। पीडित हाल रोल्पा कारागारमा थुनामा रहेका छन्।

डुविडाँडा गाविस-१ सैवाङ्गका २१ वर्षीय गोरे वोहरालाई माओवादीको आरोपमा ०६२ जेठ ४ गते मसिना गाविस-२ र ५ को सीमानामा पर्ने सुर्पाल नेटाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी प्युठान जिल्लाको स्वर्गद्वारी क्याम्पमा राखे। पीडितलाई दुई महिनापछि रिहा गरियो। पीडितलाई भाले चोरेको आरोपमा माओवादीले अपहरण गरेर लगेकोमा सुरक्षाकर्मी आएपछि माओवादी भागेकाले पीडित माओवादीको झोलासहित पक्राउ परेका थिए। पीडितलाई घटनास्थलमा सुरक्षाकर्मीले निर्मम कुटपिट गरी घाइते बनाए।

अरेस गाविस-४ अरेसका डिभानसिंह पुनलाई माओवादीको आरोपमा ०६२ कार्तिक ७ गते हेलिकोप्टरमा गएका सुरक्षाकर्मीले नुवगाउँ गाविस-५ राईवाङबाट गिरफ्तार गरी हेलिकप्टरबाटै नेपालगञ्ज लगे। पीडितलाई ०६१

बेवारिसे बम विस्फोटमा परी घाइते भएका रत्नबहादुर ओली

असोजमा माओवादीले अपहरण गरेर श्रमशिविरमा राखेका थिए।

पाछावाङ गाविस-१ कोप्रेका प्रेम केसीलाई माओवादीको आरोपमा ०६२ पुस १३ गते सोही गाविस-२ सल्लाबोटबाट सुरक्षाकर्मीले गिरफ्तार गरी रुकुम खारा लगे। आफ्नो भाउजुसँग अवैध सम्पर्क राखेर बच्चा जन्माएको आरोपमा एक वर्ष अघि माओवादीले अपहरण गरी श्रमशिविरमा राखेको अवस्थामै पीडित गिरफ्तार भएका थिए।

माओवादीद्वारा अपहरण गरिएका झुपलसिंह डाँगी

बालअधिकार

लिवाङ गाविस-५ थलिवाङस्थित जलजला क्याम्पस र बालकल्याण उच्च मावि लिवाङमा ०६२ जेठ २५ गते राति अनेरास्ववियु (क्रान्तिकारी) ले तालाबन्दी गरेकोमा २६ गते बिहान प्रहरीले तालाबन्दी खोलेका थिए। तालाबन्दीका साथै अनिश्चितकालसम्म विद्यालय सञ्चालन नगर्न र सञ्चालन गरेमा भौतिक आक्रमण गर्ने धम्कीपूर्ण पत्र छोडेको हुँदा तत्काल विद्यालय व्यवस्थापन समिति तथा शिक्षकहरूको बैठक बसी जेठ २५ गतेदेखि असार ६ गतेसम्म क्याम्पस र विद्यालय बन्द गर्ने निणर्य गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव/दूर्व्यवहार

पारिवारिक हिंसा

मसिना गाविस-५ मैचनीकी २१ वर्षीय पशुपतिचन्द सेनलाई उनका पति २१ वर्षीय सुन्दर सेनले ०६१ माघ १२ गते बेलुका सोही गाविस-४ जुरमसिनास्थित माईती घरमा बन्चरोले टाउकोमा हानी हत्या गरे। पीडकलाई ०६२ वैशाख ८ गते हेलिकप्टरबाट जिल्ला प्रहरी कार्यालय रोल्पामा ल्याइएकोमा पछि जेठ २ गते बिहान जिल्ला प्रहरी कार्यालयको हिरासतभित्र स्लीपिङ्ग व्याग च्यातेर डोरी बनाएर दलिनमा झुण्डिएर आत्महत्या गरे।

विविध

माघ १९ को शाही घोषणा भएलगत्तै खुङ्ग्री गाविस र मिझिङ गाविस सुलीचौरमा रहेका टेलिफोन लाइन सुरक्षाको कारण देखाएर बन्द गरिएकोमा हालसम्म खुलाइएको छैन।

संरचना/सम्पत्ति क्षति

राज्यबाट

कोर्चाबाङ गाविस–४ छाप्रामा माओवादी र सुरक्षाकर्मीबीच ०६२ वैशाख ९ गते राति भिडन्त हुँदा सोही गाउँका जोखवीर बुढाको एक तल्ले गोठमा आगलागी भयो। पीडितले हालसम्म क्षतिपूर्ति पाएका छैनन्।

थवाङ्गमा माओवादीले बनाएको क्षेत्रीय कृषि कार्यालय भवन, माओवादीले सञ्चालन गरेको कुरेली गाविस-२ खरीबोटमा रहेको सहकारी पसलको सामान, इरिवाङ, गाविस-९ वागमाराको सहकारी पसलको सामान, एरिवाङ गाविस-१ नाफेमा राखेको औषधी, चामल भाँडाकुँडा, र सोलार बत्तीको एकसेट, राँक गाविसमा रहेको सहकारी पसल ०६२ पुस ९ देखि यस वर्षको अन्त्यसम्म सुरक्षाकर्मीले सञ्चालन गरेको अपरेसनको क्रममा जलाएर नष्ट गरीदिए।

गैरीगाउँ गाविस-३ दुम्लामा माओवादीले राखेको राजनीतिक दर्शन, शब्दकोष जस्ता किताबहरू, सयौं थान झोला, लगाउने लुगा, स्लिपिङ व्याग, कम्मल, खाना पकाउने भाँडाहरू तथा सोही वडा दर्भेडाँडामा माओवादीले बनाएको राजनीतिक प्रशिक्षण गर्ने हल भएको तीनओटा गोठहरू ०६२ पुस १२ गते कपुरकोट सल्यानबाट अपरेसनमा आएका सुरक्षाकर्मीले जलाएर नष्ट गरे।

माओवादीबाट

लिवाङ गाविस-५ पिपलचौतारामा रहेको प्रहरी बीटमा ०६१ माघ २९ गते राति माओवादीले बम विस्फोट गराउँदा प्रहरी बीट क्षतिगस्त भयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष विष सेवन गरेर एक पुरुष, झुण्डिएर एक पुरुष र एक महिलाले आत्महत्या गरे। यस वर्षमा ३० ओटा घरमा आगलागी भयो। झाडापखालाबाट आठ जनाको मृत्यु भएको, बसले किचेर एक पुरुषको मृत्यु भएको र सुत्केरी हुँदा उपचार नपाई दुईजना महिलाको मृत्यु भएको जानकारीमा आयो।

४.४ सल्यान



जनसंख्या : २२३५८५
साक्षरता प्रतिशत : ४८.१५
महिला साक्षरता प्रतिशत : ४०.७७
क्षेत्रफल (वर्ग कि. मि.) : १९५१
गाविस नपा संख्या : ४७ ०
निर्वाचन क्षेत्र : २
विद्यालय : ३६१
क्याम्पस उच्च मा.वि. : १ ३
अस्पताल स्वास्थ्य चौकी : २ ४७
टेलिफोन लाइन : २६८
मोटर सडक (कि. मि.) : १२५
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ४४
मानव विकास सूचकांक : ०.३९९
प्रति परिवार सरदर संख्या : ५.९८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

धनवाङ गाविस-१ स्थित रिपिटर टावरको पेरिमिटर नजिकै एकजना नाम ठेगाना नखुलेका व्यक्तिलाई ०६१ माघ २५ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पीडित माओवादी भएको र घिस्रँदै पेरिमिटरभित्र पस्न लागेको हुँदा बाध्य भएर गोली चलाउनु परेको कुरा सुरक्षास्रोतले जनायो।

रुकुम जिल्ला खारा गाविस घर भएका माओवादी जिल्ला कमिटी सदस्य ५२ वर्षीय सुरवीर भनिने सर्वजीत खड्का र माओवादी कार्यकर्ता ध्रुव क्षेत्रीले बाटोमा विद्युतीय धराप बिच्छ्याउँदै गरेको अवस्थामा ०६२ जेठ २३ गते बिहान बाफुखोला गाविस-१ पान्दलडाँडामा सुरक्षाकर्मीले गोली प्रहार गर्दा सर्वजीतको घटनास्थलमा नै मृत्यु भयो भने ध्रुव क्षेत्री घाइते अवस्थामै भागे।

आफ्नै बमबाट

नाम नखुलेका दुई माओवादीको बाफुखोला गाविस-३ मा ०६१ फागुन ३ गते आफैँले बोकेको बम विस्फोट हुँदा मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

कालिमाटी रामपुर गाविस-८ का ३७ वर्षीय नरबहादुर थापाले माओवादीले बेवारिसे अवस्थामा बाटोमा फालेको बम उठाएर हेर्दा विस्फोट भई उनी ०६२ जेठ ७ गते सख्त घाइते भए। पीडितको उपचार नेपालगञ्जमा भयो।

धनवाङ गाविस-१ कपुरकोटस्थित श्री सबुज गण रिपिटर टावर सुरक्षा बेस क्याम्प नजिक ०६२ साउन ९ गते बिहान माओवादीले थापेको विद्युतीय धराप विस्फोट हुँदा सो क्याम्पमा कार्यरत काठमाडौं जिल्ला फर्पिङ घर भएका सहसेनानी २५ वर्षीय सदीप बानियाँ, स्याङ्जा जिल्ला खलंगा गाविस-९ टक्सारका सिपाही २२ वर्षीय तिलकराम पोखरेल क्षेत्री र नुवाकोट जिल्ला बिदुर नपा-३ का २१ वर्षीय रवीन्द्र थापा मगर घाइते भए। विस्फोटबाट तिलकरामले एउटा खुट्टा गुमाए।

जेल र बन्दीहरू

यस जिल्लामा 'घ' श्रेणीको जेल छ। यो जेलको बन्दी क्षमता २० जनाको छ। जेलमा कैद तोकिएका एक महिला र नौ पुरुष छन् भने कैद नतोकिएका एक महिला, तीन पुरुष र एक नाबालिका गरी १५ जना बन्दीहरू छन्। आतंककारी गतिविधि कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशअन्तर्गत एक महिला र दुई पुरुषलाई छ महिने पुर्जी दिएर नजरबन्दमा राखिएको छ।

जेलका बन्दीहरूलाई दैनिक सातसय ग्रामका दरले चामल, छ महिनामा एकपटक लगाउने कपडा र दुई वर्षमा एकपटक ओढ्ने ओछ्याउने कपडा दिइन्छ। खानेपानी र शौचालयको पनि व्यवस्था छ। त्यसका साथसाथै बन्दीहरूले घरमा पत्र आदानप्रदान गर्ने, सीप सिक्ने र मनोरञ्जन गर्ने जस्ता सबै सुविधा पाएका छन्। जीर्ण अवस्थामा रहेको जेलको भौतिक सुधार यस वर्ष हुन लागिरहेको छ। जेलका बन्दी, जेल प्रशासन र सुरक्षाकर्मीबीच राम्रो सम्बन्ध रहेको पाइएको छ।

बेपता / अपहरण

माओवादीबाट

दोलखा जिल्लाका ३७ वर्षीय एकराज ठकुरी, २७ वर्षीय रमेश शाही, जाजरकोट जिल्लाका २८ वर्षीय

भीमप्रकाश रोकाया, सुर्खेत जिल्लाका ५८ वर्षीय जयबहादुर पुन र ३२ वर्षीय मानबहादुर विक, घाँजरीपिपल गाविस-५ का ३७ वर्षीय दलबहादुर बुढा र माझकाँडा गाविसका २९ वर्षीय बुद्धिराज पुनलाई ०६१ माघ १० गते माओवादीले मूलखोला गाविस गर्चेबाट अपहरण गरी झण्डै तीन महिनापछि मुक्त गरे।

काँरागिठी गाविस-३ का ३० वर्षीय भीउसेन नेपालीलाई ०६१ माघ १० गते माओवादीले उनकै घरबाट अपहरण गरी माघ २४ गते मुक्त गरे।

कजेरी गाविस-६ का ६५ वर्षीय लोकबहादुर बुढाथोकी र उनकी १७ वर्षीय पत्नी पार्वती बुढाथोकीलाई अनमेल विवाह गरेको आरोपमा ०६१ माघ १९ गते माओवादीले केही काम छ भनी बोलाई सिद्धेश्वर गाविसको ढोरचौरबाट उनीहरूलाई अपहरण गरी माघ २१ गते मुक्त गरे।

डाँडागाउँ गाविस-६ का ६० वर्षीय मणिराम नेपाली र ४० वर्षीय नीमबहादुर नेपालीले विनाअनुमति राँगा खरिद गरेको आरोपमा ०६१ माघ २१ गते माओवादीले उनीहरूलाई रूकुमको नुवागाउँ र सल्यानको दार्माकोटको सिमानाबाट अपहरण गरे। पीडितहरूबाट माघ २७ गते १६ हजार रूपैयाँ असुल गरी मुक्त गरे।

सिन्धुली जिल्ला घर भई धनवाङ गाविस-१ कपुरकोटस्थित श्री सबुज गणमा कार्यरत ३० वर्षीय सैनिक जवान हरिकाजी कार्कीलाई ०६१ फागुन १ गते माओवादीले अपहरण गरे। पीडित फागुन ३ गते माओवादी कब्जाबाट भागेर फर्किए।

खलंगा गाविस-९ का ३८ वर्षीय शिवप्रसाद गन्धर्वले सुराकी गरेको आरोपमा ०६१ फागुन १६ गते माओवादीले उनलाई कालिमाटी रामपुरबाट अपहरण गरे। पीडित फागुन २९ गते काल्चे गाविसबाट मुक्त भए।

धनवाङ गाविस-१ किमुचौरका १८ वर्षीय रूपलाल बुढालाई ०६१ फागुन १९ गते माओवादीले उनकै घरबाट अपहरण गरी ७५ दिनपछि मुक्त गरे।

सप्तरी जिल्ला घर भई जिल्ला सिँचाई कार्यालयमा कार्यरत ओभरसियर ४२ वर्षीय अनिल मिश्र र सिरहा जिल्ला घर भएका सबओभरसियर ३५ वर्षीय भवानीप्रसाद सिंह र खलंगा गाविस-२ घर भएका ठेकेदार ५५ वर्षीय रूपलाल भण्डारीले अनुमति नलिई आफ्नो क्षेत्रमा प्रवेश गरेको आरोपमा ०६१ फागुन २५ गते माओवादीले उनीहरूलाई काल्चे गाविस-४ बालुवाबाट अपहरण गरे। पीडितहरू सोही ठाउँबाट ०६१ फागुन २९ गते मुक्त भए।

खलंगा गाविस-४ का २५ वर्षीय रामकुमार बस्नेत र उनकी पत्नी पार्वती बस्नेतले अनुमतिविना आफ्नो क्षेत्रमा कार्यक्रम सञ्चालन गरेको आरोपमा ०६१ फागुन २७ गते माओवादीले उनीहरूलाई काल्चे गाविसको अमुरेलीबाट अपहरण गरी फागुन २९ गते मुक्त गरे।

माझकाँडा गाविस-५ का ८४ वर्षीय सेते पुरीले माओवादीको विरोध गरेको आरोपमा ०६१ चैत १ गते माओवादीले उनलाई आफ्नै घरबाट अपहरण गरी सोही दिन पाँच घण्टापछि मुक्त गरे।

थारमारे गाविस-९ खालीका २४ वर्षीय हिमराज पुन आफ्नो पार्टीको काममा नलागेको र अरुसँग झगडा गरेको आरोपमा उनलाई ०६१ चैत ३ गते थारमारे गाविस-५ खरिबोटस्थित उनकै पसलबाट माओवादीले अहरण गरी २५ दिन श्रमकैद र बाँकी दिन आफ्नै नियन्त्रणमा राखी ०६२ वैशाख १० गते मुक्त गरे।

थारमारे गाविस-४ का २६ वर्षीय गणेश घर्तीले सुरक्षाकर्मीमा जागिर खाएको आरोपमा ०६१ चैत ९ गते माओवादीले उनलाई घरबाट अपहरण गरी एक हप्तापछि मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१			१	१	२			२	२	३			३
घाइते	१	१			१	२	४			४					
गिरफ्तारी यातना											१४	१७			१७
कुटपिट	२	२			२						३	१	२		३
धम्की						२	२			२					
भेला संगठित हुने अधिकार											२	४		१	५
महिलाअधिकार	१४		५८		५८										
बालअधिकार	१			८०	८०										
आर्थिक सामाजिक सांस्कृतिक अधिकार						२	१		१	२					
अपहरण						३३	४९	९	१७	७५					
जम्मा	१९	४	५८	८०	१४२	४०	५८	९	१८	८५	२१	२५	२	१	२८

काल्चे गाविस-७ की १७ वर्षीय चित्रकली तारमसहित पाँच युवतीहरूलाई सास्कृतिक कार्यक्रम देखाउने बाहानामा ०६१ चैत १२ गते माओवादीले घरबाट अपहरण गरे। चित्रकली तारम एक महिनापछि मुक्त भइन् भने अन्य चारजना दुई महिनापछि माओवादीको कब्जाबाट भागेर आ-आफ्नै घर फर्किए।

थारमारे गाविस-४ का ४९ वर्षीय गोरख केसीले सदरमुकाममा बसेर सुराकी गर्नुका साथै अन्य धेरै गल्ती गरेको आरोपमा ०६२ वैशाख ४ गते माओवादीले उनलाई अपहरण गरी चार महिनापछि मुक्त गरे।

सुर्खेत जिल्ला जर्बुटा गाविस घर भएका श्री कृष्ण मावि संग्रहीका प्रधानाध्यापक ३६ वर्षीय मित्रमणि पोखेललले बहुविवाह गरेको आरोपमा ०६२ वैशाख २५ गते माओवादीले उनलाई विद्यालयबाट अपहरण गरे। पीडितलाई अझै मुक्त गरिएको छैन।

काभ्रा गाविस-३ का १८ वर्षीय केवलसिंह थापा र काँरागिठी गाविस-३ का १९ वर्षीय रूद्रवीर पुन सेनामा भर्ना हुन लागेको आरोपमा ०६२ जेठ १० गते काभ्रा गाविस-७ स्थित मावि रिठाचौरबाट उनीहरूलाई माओवादीले अपहरण गरे। पीडित जेठ ३० गते मुक्त भए।

निगाल्चुला गाविस-२ बस्नेउराका ५३ वर्षीय जोगबहादुर विक, ४५ वर्षीय जहरसिंह विक, ५३ वर्षीय चञ्चल घर्ती, ५५ वर्षीय तेजबहादुर घर्ती र २२ वर्षीय शशीकला घर्तीले गाउँलेहरूलाई भड्काएको आरोपमा ०६२ असार ९ गते राति माओवादीले उनीहरूलाई आ-आफ्नै घरबाट अपहरण गरे। माओवादीले अपहरण गरेर लगिसकेपछि लाठीले शरीरमा कुटपिट गरेको र खुट्टामा बेलनासमेत लगाएको कुरा पीडित जोगबहादुर विकले बताए। पीडितहरू फरक फरक समयमा गरी ०६२ असार २६ गतेसम्म भागेर जिल्ला सदरमुकाम आए।

डाँडागाउँ गाविस-६ का ५६ वर्षीय चोकबहादुर खत्रीले अनुमतिबिना सिँचाई कुलो निर्माण गरेको आरोपमा ०६२ असार २५ गते राति माओवादीले उनलाई आफ्नै घरबाट अपहरण गरे। माओवादीले पीडितसग पाँचहजार रूपैयाँ असुल गरी ०६२ साउन २ गते सोही ठाउँबाट मुक्त गरे।

काल्चे गाविस-७ का ५२ वर्षीय टोपबहादुर खड्का र सोही गाविस-८ का ४२ वर्षीय इन्द्रलाल कठायतले माओवादीको नीति विपरीत कार्य गरेको आरोपमा ०६२ साउन ८ गते माओवादीले उनीहरूलाई आ-आफ्नै घरबाट अपहरण गरे। अपहरणपछि पीडितहरूलाई शरीर चलाउन नसक्ने गरी कुटपिट गरेको स्थानीय बासिन्दाले बताए। पीडित टोपबहादुर खड्का एक हप्तापछि मुक्त भए भने इन्द्रलाललाई माओवादीले ०६२ मंसिरमा तारेखमा मुक्त गरे।

निगाल्चुला गाविस-६ दुरुमखोलाका २४ वर्षीय कोपबहादुर खड्कालाई ०६२ साउन २५ गते माओवादीले सदरमुकामबाट अपहरण गरे। पीडितसँग २० हजार रूपैयाँ असुल गरी एक हप्तापछि मुक्त गरे।

फालबाङ गाविस-५ पैयाँचौर घर भई हाल खलंगा गाविस-५ मा विस्थापित जीवन बिताइरहेका ५२ वर्षीय हुकुमबहादुर भण्डारीले सेनाको खाद्यान्न आपूर्ति गरेको आरोपमा ०६२ साउन ३१ गते साँझ ५ बजे माओवादीले उनलाई खलंगा गाविस-५ बसपार्कबाट अपहरण गरे। पीडितलाई अपहरण गरी सोही स्थानको जंगलमा पुऱ्याई कुटपिट गर्नुका साथै तिघ्रामा बेलनाले पेली बायाँ तिघ्रा छुरीले चिरिदिए। पीडितको साथमा रहेको २० हजार तीन सय ७२ रूपैयाँसमेत माओवादीले लुटेर लगे।

काँरागिठी गाविस-४ का ५५ वर्षीय हाउलो पुनलाई मनोनित गाविस अध्यक्ष भएको आरोपमा ०६२ भदौ १ गते माओवादीले उनलाई घरबाट अपहरण गरे। पीडितलाई राजनीति नगर्ने सर्तमा भदौ २३ गते मुक्त गरे।

छायाँक्षेत्र गाविस-५ राउतगाउँका १९ वर्षीय डम्बरबहादुर थापा सुरक्षाकर्मी भएको आरोपमा ०६२ भदौ ६ गते माओवादीले उनलाई घरमा आएको अवस्थामा अपहरण गरी पीडितसग १० हजार रूपैयाँ असुल गरी जागिरमा नफर्कने सर्तमा भदौ १० गते मुक्त गरे।

कुपिन्डे गाविस-५ का कलौटो पुनले मदिरा सेवन गरेको र माओवादी क्रियाकलापको विरोध गरेको आरोपमा ०६२ भदौ १२ गते माओवादीले उनलाई स्थानीय मेलाबाट अपहरण गरे। पीडितलाई १५ दिन श्रमशिविरमा राखी पाँचहजार रूपैयाँ असुल गरी भदौ २७ गते सोही ठाउँबाट मुक्त गरे।

लक्ष्मीपुर गाविस-१ का १८ वर्षीय टेकबहादुर केसीले माओवादीका कागजातहरू र सकेट बम प्रहरीलाई बुझाएको र ठगी गरेको आरोपमा ०६२ भदौ १८ गते माओवादीले उनलाई घरतर्फ जाँदै गरेको अवस्थामा सोही गाविस-२ बाट अपहरण गरे। पीडित २० दिनसम्म माओवादीको यातना भोगी कब्जाबाट भागेर मुक्त भएको छिमेकीले बताए।

थारमारे गाविस-९ का २८ वर्षीय भीमप्रकाश भण्डारी, ४० वर्षीय भक्तबहादुर भण्डारी र २४ वर्षीय केशव केसीले बोक्सीको आशंकामा गाउँका ४५ जना महिलाहरूका जिब्रा डाम्न झाँक्रीलाई सहयोग गरेको आरोपमा ०६२ कार्तिक १० गते माओवादीले उनीहरूलाई अपहरण गरे। पीडितहरूलाई एक महिना श्रमशिविरमा राखी ०६२ मंसिर १२ गते सोही ठाउँबाट मुक्त गरे।

कालिमाटी रामपुर गाविस-३ का ४३ वर्षीय कुलप्रसाद भण्डारीले अनुमतिबिना जिल्ला कृषि विकास

कार्यालयबाट माना सिँचाई योजना लगी कुलो निर्माण गरेको आरोपमा ०६२ कार्तिक १७ गते माओवादीले उनलाई घरबाट अपहरण गरे। समूहको २८ हजार पाँचसय रूपैयाँ र निजी ११ हजार पाँचसय रूपैयाँ दिने सर्तमा कार्तिक १९ गते नारेखमा मुक्त भए।

दाङ जिल्लाको लक्ष्मीपुर गाविस-४ घर भएका डोजर चालक ३३ वर्षीय गोपाल कुवँरलाई सेनाको सहयोगमा डोजर चलाएको आरोपमा ०६२ कार्तिक २७ गते त्रिवेणी गाविसको शंखमूलबाट माओवादीले डोजरसहित अपहरण गरे। पीडितलाई ०६२ कार्तिक २९ गते मानवअधिकारकर्मी र पत्रकारको रोहवरमा मुक्त गरे। सो डोजर मंसिर ५ गते सुरक्षाकर्मीले फिर्ता गराए।

कुपिण्डे गाविसस्थित छओटा विद्यालयका एक-एकजना शिक्षक/शिक्षिका र व्यवस्थापन समितिका पाँचजना अध्यक्षहरूलाई विद्यालयमा अनियमितता गरेको आरोपमा ०६२ मंसिर १९ गते विद्यालयबाटै माओवादीले अपहरण गरे। पीडितहरूलाई तीन दिनसम्म आफ्नो नियन्त्रणमा राखी ०६२ मंसिर २२ गते मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

खलंगा गाविस-७ खलंगा बजारका ३० वर्षीय धीरेन्द्र श्रेष्ठ र सेजवालटाकुरा गाविस-८ का ४६ वर्षीय माधवसिंह ठकुरीसहित २०/२५ जना कर्मचारी, व्यापारी र बजारमा सामान किन्न गाउँबाट आएका सर्वसाधारण व्यक्तिहरूलाई ०६२ वैशाख १ गते सुरक्षाकर्मीले कुटपिट र अभद्र व्यवहार गरे।

बाँफुखोला गाविस-४ का १९ वर्षीय सावित्री वलीलाई जिल्ला प्रशासन कार्यालयमा आई आत्मसमर्पण गरेको पाँच दिनपछि माओवादीको आरोपमा ०६२ भदौ १७ गते दिउँसो खलंगा गाविस-५ बस पार्कमा सादा पोसाकका प्रहरीले अभद्र व्यवहार गरी त्यसै ठाउँमा फेरि देखा परेमा काटेर फालिदिने धम्की दिए।

दमाचौर गाविस-९ का २६ वर्षीय इन्द्रबहादुर वस्नेतलाई ०६२ पुस १३ गते र रोल्पा जिल्ला जिनाबाङ गाविस-५ घर भई दमाचौरस्थित स्थानीय बजारमा व्यापार गरी बसेका २९ वर्षीय कृतिबहादुर ओलीलाई माओवादीको आरोपमा ०६२ पुस ११ गते सुरक्षाकर्मीले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

खलंगा गाविस-९ का हरिशरण आचार्य र टोपबहादुर थापा, काल्चे गाविस-७ का पुरुषोत्तम भट्टराई र खलंगा गाविस-२ का प्रेमबहादुर डाँगीलाई ०६१ माघ १९ गतेको शाही घोषणाको विरोधमा नारा जुलुस गरेको आरोपमा ०६१ चैत २६ गते प्रहरीले गिरफ्तार गरी तीन घण्टापछि रिहा गरे।

नेकपा (एमाले) को आयोजनामा ०६२ मंसिर १४ गते जिल्ला सदरमुकाममा हुने भएको आमसभामा भागलिन आउने सर्वसाधारण जनतालाई रोक्नका लागि स्थानीय प्रशासनले सदरमुकामका चारैतिरका नाकाहरूमा ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरी सभामा आउनेहरूमाथि बन्देज लगाए। जसकाकारण उक्त आमसभा सदरमुकाममा सम्पन्न हुन नसकी पाँच कि.मि. तलको श्रीनगर बजारमा सम्पन्न भयो। आमसभामा भाग लिन आएका जनतालाई सुरक्षाकर्मीले नाका नाकामा अनावश्यक खानतलासी गर्दै दुःख दिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी २१, सरकारवादी फौजदारी नौ र दुनियावादी फौजदारी ११ गरी जम्मा ४१ ओटा मुद्दाहरू दर्ता भए भने देवानी ३०, सरकारवादी फौजदारी नौ र दुनियावादी फौजदारी १२ गरी जम्मा ५१ ओटा मुद्दा फर्स्यौट भए। जसमध्ये यस वर्ष दर्ता भएका मुद्दाहरू देवानी १९, सरकारवादी फौजदारी सात र दुनियावादी फौजदारी छ गरी जम्मा ३२ ओटा फर्स्यौट भए भने बाँकी १९ ओटा पुराना मुद्दाहरू फर्स्यौट भए।

हाल यस अदालतमा देवानी १६, सरकारवादी फौजदारी सात र दुनियावादी फौजदारी चार गरी जम्मा २७ ओटा मुद्दा फर्स्यौट हुन बाँकी छन्। जसमध्ये तीन वर्ष नाघेका सरकारवादी फौजदारी एक, दुई वर्ष नाघेका सरकारवादी फौजदारी एक, एक वर्ष नाघेका देवानी दुई, सरकारवादी फौजदारी तीन र दुनियावादी फौजदारी दुई र छमहिना नाघेका देवानी १४, सरकारवादी फौजदारी दुई र दुनियावादी फौजदारी दुईओटा रहेका छन्।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा एउटा सार्वजनिक मुद्दा दर्ता भयो र उक्त मुद्दा ०६२ भदौ ९ गते फैसला भयो। तर सो मुद्दाका प्रतिवादी सेजवालटाकुरा गाविस-९ का कलासे बस्नेतले धरौटी स्वरुप जिल्ला प्रशासन कार्यालयमा जम्मा गरेको १० हजार रूपैयाँ भने चार महिनासम्म धाउँदा पनि फिर्ता पाएनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

धार्मिक स्वतन्त्रता

कुपिण्डे गाविस-८ शेराका ४० वर्षीय गोपिलाल बुढाथोकी, मार्के गाविस-३ का ३६ वर्षीय भीमबहादुर सुनार

र सोही गाविस- ४ का ६२ वर्षीय टोपबहादुर विकलाई ०६२ भदौ १८ गते कुपिण्डे गाविस-९ स्थित चर्चबाट मादल, खैंजडी र वाइवलसहित माओवादीले अपहरण गरे। पीडितहरूमध्ये मार्केका दुवैजना क्रिश्चियन धर्म प्रचारक (पाष्टर) हुन् भने अर्को समर्थक हुन्। पीडितहरूमध्ये गोपिलाल भोलिपल्ट माओवादीको कब्जाबाट भागे भने अन्य दुईजना भदौ २५ गते मुक्त भए।

आर्थिक अधिकार

स्यानीखाल गाविस-३ घर भएका राप्रपा जिल्ला कार्यसमितिका अध्यक्ष ७६ वर्षीय केशरसिंह घर्तीका तीनओटा घरमा ०६१ चैत ११ गते माओवादीले तालाबन्दी गरे। पीडितले हालसम्म घरमा भएको कुनै सामानहरू भोगचलन गर्न पाएका छैनन्।

निगाल्चुला गाविस-२ का ३० वर्षीय गमबहादुर घर्तीलाई माओवादीले दुईलाख ५० हजार रूपैयाँ चन्दा नदिएको आरोपमा ०६२ असार १४ गते कडा कारवाही गर्ने धम्की दिए। पीडित माओवादी धम्कीका कारण चारजनाको परिवारसहित भागेर जिल्ला सदरमुकाम गए। उनीहरू घर छोडेर गइसकेपछि उनको घरमा माओवादी आई सम्पूर्ण सम्पत्ति कब्जा गरी लगे। पीडितहरू दशैं मान्न घर फर्केका छन्। तर माओवादीले लगेको सम्पत्ति भने फिर्ता पाएका छैनन्।

माओवादीद्वारा अपहरण गरी यातना दिइएका हिमराज पुन

हिवल्चा गाविस-४, ८ र ९ मा जिटीजेडको आरपीएन कार्यक्रमअनुसार सहभागितामूलक सिकाइ कक्षा अनुमति नलिएर सञ्चालन गरेको आरोपमा ०६२ असार १६ गतेदेखि तीनओटा कक्षा माओवादीले बन्द गरिदिए। जसका कारण तीनओटा कक्षाका ७५ जना निरक्षर महिलाहरू सिक्ने तथा बुझ्ने अवसरबाट वञ्चित भए। माओवादीले कक्षा बन्द गरी सम्पूर्ण समानहरू लुटेर लगे।

दमाचौर गाविस-४ घर भई कुपिण्डे गाविस-५ स्थित नवज्योति प्राविका शिक्षक २६ वर्षीय टोपप्रसाद शर्मा ०६२ जेठमा सरुवा भई आफ्नै गाविसस्थित भानुभक्त मावि दमाचौरमा गएकोमा त्यहाँका माओवादीले ०६२ जेठ १७ गते एक पत्र लेखी विद्यालय हाताभित्र प्रवेश निषेध गरे। त्यसपछि शर्माले काज मिलाई कुपिण्डे गाविस-९ स्थित प्रतिभा प्राविमा हाजिर भई पढाउन लागेकोमा माओवादीले ०६२ साउन २८ गतेदेखि लागू हुने गरी अवकास पत्र पठाए। त्यसपछि पीडित अलपत्र परेका छन्।

विस्थापित

थारमारे गाविस-९ का २४ वर्षीय हिमराज पुनले सुराकी गरेको आरोपमा ०६२ असार ६ गते सोही गाविसस्थित उनको पसलबाट ६० हजार रूपैयाँ बराबरको सामान माओवादीले लुट्नुको साथै जहाँ देख्यो त्यहीं गोली हान्ने धम्की दिए। पीडित विस्थापित भई सदरमुकाममा बसेका छन्।

जिल्लामा नौ घरका २७ जना विस्थापित भएकोमा नौजना घर फर्के तर १८ जना अझै पनि विस्थापित जीवन बिताइरहेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

कुपिन्डे गाविस-५ का ५८ वर्षीय लोकबहादुर पुनलाई माओवादीको आरोपमा ०६१ पुस २६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी हिरासतमा राखेर पुस २८ गते रिहा गरे।

फालावाङ गाविस-४ का ५६ वर्षीय दलबहादुर बुढाथोकीलाई माओवादीको आरोपमा ०६१ फागुन १ गते सुरक्षाकर्मीले सोही गाविसको थरकोटबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला कारागारमा राखी ०६२ भदौ ८ गते रिहा गरे।

सिनवाङ गाविस-३ का दिनेश भनिने ३० वर्षीय ढोलबहादुर बलीलाई एसएलसी परीक्षाको गार्ड बस्न गएको अवस्थामा ०६१ चैत १४ गते सुरक्षाकर्मीले माओवादीको केन्द्रीय सदस्य भएको आशंकामा धनवाङ गाविस-१ स्थित मावि किमुचौरको परीक्षा केन्द्रबाट गिरफ्तार गरे। पीडितलाई कपुरकोटस्थित रिपिटर टावर सुरक्षादल गुल्ममा राखी ०६२ वैशाख २६ गते रिहा गरे।

कजेरी गाविस-२ का २३ वर्षीय नेत्रबहादुर बस्नेत र पिपलनेटा गाविस-६ का २० वर्षीय कृष्णकुमार खड्कालाई माओवादीको आरोपमा ०६२ वैशाख २३ गते सुरक्षाकर्मीले खलंगा गाविस-५ लुहापिङ्गस्थित क्याम्पस प्राङ्गणबाट गिरफ्तार गरी खलंगा ब्यारेकमा राखी असार १ गते रिहा गरे।

झिम्पे गाविस-२ घर भई सोही गाविस-४ स्थित श्रीकृष्ण प्रस्तावित माविका शिक्षक ४४ वर्षीय रेशम बलीलाई माओवादी निकट शिक्षक संगठनको जिल्ला

कमिटीको सदस्य भएको आरोपमा ०६२ जेठ २ गते सुरक्षाकर्मीले खलंगा गाविस-२ श्रीनगरबाट गिरफ्तार गरे। पीडितलाई खलंगा गुल्ममा राखी असार १ गते रिहा गरे।

झिम्पे गाविस-७ का अम्मर भनिने २१ वर्षीय खुमबहादुर खड्कालाई माओवादी निकट विद्यार्थी संगठनमा लागेको आरोपमा ०६२ जेठ ३ गते सुरक्षाकर्मीले खलंगा गाविस-५ स्थित क्याम्पस प्राङ्गणबाट गिरफ्तार गरे। पीडितलाई खलंगा गुल्ममा राखी ०६२ असार १ गते रिहा गरे।

जाजरकोट जिल्लाको गर्खाकोट गाविस-९ रिजुवालाका प्रतिसोध भनिने ४० वर्षीय रामबहादुर थापा, जलजला भनिने ३६ वर्षीय वीरबहादुर रोकाय र २२ वर्षीय चक्रबहादुर रोकायालाई माओवादीको आरोपमा ०६२ जेठ २८ गते सुरक्षाकर्मीले देवस्थल गाविस-७ सल्लीबजारबाट गिरफ्तार गरे। पीडितहरूमध्ये रामबहादुर र बीरबहादुरलाई शान्ति सुरक्षा ऐन अन्तर्गत छ महिनाका लागि साउन ७ गते जिल्ला कारागारमा राखियो भने चक्रबहादुरलाई ७ गते नै पत्रकार र इन्सेक प्रतिनिधिको रोहबरमा रिहा गरियो। कारागार राखिएका दुवैजना छ महिनापछि ०६२ मंसिर २८ गते रिहा भए।

थारमारे गाविस-६ थाराचौरका ३६ वर्षीय बालाराम डाँगीलाई माओवादीको आरोपमा ०६२ असार ३ गते सुरक्षाकर्मीले खलंगा गाविस-५ बाट गिरफ्तार गरी असार ८ गते रिहा गरे।

दाङ जिल्लाको तुल्सीपुर घर भएका व्यापारी २८ वर्षीय किशोर बस्नेतलाई माओवादीको आरोपमा ०६२ असार ३ गते थारमारे गाविस-५ खरिबोटबाट सुरक्षाकर्मीले गिरफ्तार गरी असार ५ गते खलंगा व्यारेकबाट रिहा गरे।

खलंगा गाविस-५ घर भएका कृषि विकास बैंक सल्यानका सुब्बा ५५ वर्षीय अनिल हमाललाई आफूहरूप्रति दुर्वचन बोलेको आरोपमा ०६२ असार २२ गते साँझ आफ्नै घर अगाडिबाट सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गर्नुका साथै बोल्नसमेत नदिई खलंगा व्यारेकमा लगे। पीडित सोही दिन राति रिहा भए।

थारमारे गाविस-२ का २१ वर्षीय ठाकुरप्रसाद बुढाथोकीलाई माओवादीको आरोपमा ०६२ साउन ३ गते सुरक्षाकर्मीले खलंगा गाविस-२ श्रीनगरबाट गिरफ्तार गरे। पीडितलाई साउन ९ गते खलंगा व्यारेकबाट पत्रकार र इन्सेक प्रतिनिधिको रोहबरमा रिहा गरियो।

अछाम जिल्ला कुईका गाविस-३ की १८ वर्षीय कल्पना निमिल्सिनालाई माओवादीको आरोपमा ०६२ साउन ११ गते धनबाङ गाविस-१ कपुरकोटबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई साउन १५ गतेसम्म कपुरकोटस्थित रिपिटर टावर सुरक्षा बेस क्याम्पमा राखियो। उक्त बेसक्याम्पमा राख्दा तीन दिनसम्म लाठी र सिस्नोले हानेको कुरा पीडितले बताइन्। पीडित साउन १६ गतेदेखि शान्ति सुरक्षा ऐनअन्तर्गत छ महिनाका लागि जिल्ला कारागारमा छिन्।

माँझकाँडा गाविसका मसिन भनिने ५२ वर्षीय नन्दे दमाईलाई माओवादी भई चन्दा असुल्दै गरेको अवस्थामा ०६२ मंसिर २ गते सुरक्षाकर्मीले सोही गाविस-७ रैकरबाट गिरफ्तार गरे। पीडितलाई मंसिर १३ गतेसम्म सुरक्षा बेस क्याम्प सल्लीबजारमा, १४ गते श्री सबुज गण सीमखर्क र १५ गते सदरमुकाम सुरक्षा बेसक्याम्प खलंगाको हिरासतमा राखियो भने मंसिर १६ गतेदेखि शान्ति सुरक्षा ऐन अन्तर्गत ६ महिनाको लागि जिल्ला कारागार चलान गरियो। श्रीसबुज गणका गणपति दिलिपबहादुर बिष्टका अनुसार दमाईले व्यापारीहरूबाट उठाएको जिन्सी समान बरामद गरी व्यापारीहरूलाई नै फिर्ता दिइयो।

दैलेख जिल्ला कट्टी गाविसका २२ वर्षीय मानबहादुर शाहीलाई माओवादीको आरोपमा ०६२ कार्तिक २४ गते सुरक्षाकर्मीले सुर्खेत र सल्यानको सीमानामा पर्ने गोजीबजारबाट गिरफ्तार गरे। पीडित ०६२ मंसिर ८ गतेसम्म सुरक्षा बेस क्याम्प सल्लीबजार र ९ गते सुरक्षा बेस क्याम्प खलंगामा राखिए भने मंसिर १० गतेदेखि शान्ति सुरक्षा ऐनअन्तर्गत ६ महिनाका लागि जिल्ला कारागारमा छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा

हिवल्चा गाविस-७ की ३० वर्षीय लोककुमारी थापालाई दाइजो नल्याएको आरोपमा ०५३ सालदेखि उनका पति ३४ वर्षीय तेजबहादुर थापा, सासू ५३ वर्षीय मैश्वरी थापा र २६ वर्षीय नन्ददेवीकुमारी थापाले घरबाट गोठमा लखेटेकोमा त्यसबाट पनि सन्तुष्ट नभई ०६२ जेठ २७ गते कुटपिट गरी त्यही गोठबाट पनि निकाली दिए। पीडित १० वर्षीय छोरा लिएर माईती घरमा बसेकी छन्।

दूर्व्यवहार

सेजवालटाकुरा गाविस-९ की ५० वर्षीय साउनी बस्नेतलाई आफ्नै छोरा २७ वर्षीय खोपीराम बस्नेतले बोक्सीको आरोपमा ०६२ कार्तिक २९ गते कुटपिट गरी घरबाट निकाले। पीडित कजेरी गाविस-५ स्थित छोरीको घरमा गई बसेकी छन्।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष एक जनाको बसले किचेर मृत्यु भयो भने दुईओटा घर जलेर नष्ट भए।

यस अवधिमा माओवादीले दुईपटक जिल्ला सदरमुकाम बन्द तथा नाकाबन्दी गरे भने एक विद्यालय, एक निजी विद्यालयमा माओवादीले बम बिस्फोट गराए। माओवादीले मोटरबाटोको एउटा कल्भर्ट नष्ट गरेर भौतिक संरचना क्षति पुऱ्याए।

विगतको अनुगमन

राज्यबाट

घाजरीपिपल गाविस-७ का धारपाने भनिने ७१ वर्षीय मनवीर दमाई, ३२ वर्षीय लोकबहादुर कुँवर र बन्चरे भनिने मुमे कुँवरलाई माओवादीको आरोपमा ०६१ असार २१ गते सोही गाविसको विभिन्न ठाउँबाट सेनाले गिरफ्तार गरेकोमा एक वर्षसम्म जिल्ला कारागारमा राखी ०६२ साउन ४ गते रिहा गरे।

मुलखोला गाविस-४ का ३८ वर्षीय हस्तबहादुर सुनारलाई ०६१ कार्तिक १७ गते आफ्नै गाउँबाट सेनाले गिरफ्तार गरेकोमा छ महिनासम्म जिल्ला कारागारमा राखी ०६२ वैशाख २५ गते रिहा गरे।

माओवादीबाट

कोटबारा गाविस-६ का ३२ वर्षीय डिल्लीबहादुर वली, सोही गाविस-१ का २४ वर्षीय ओमकार वली र सोही गाविस-८ का २८ वर्षीय पदम केर्मीलाई ०६१ भदौ ७ गते एक महिलासग अवैध सम्बन्ध राखेको आरोपमा आ-आफ्नै घरबाट माओवादीले अपहरण गरेकोमा एक वर्षसम्म श्रमकैदमा राखी मुक्त गरे।

डाँडागाउँ गाविस-८ का २२ वर्षीय दीपक धितालाई एक युवतीको हत्या गरेको आरोपमा ०६१ पुस १३ गते माओवादीले अपहरण गरेकोमा यो वर्षको अन्त्यसम्म पनि मुक्त गरेका छैनन्।

४.५ रुकुम



जनसंख्या	: २०३३३२
साक्षरता प्रतिशत	: ३९.७५
महिला साक्षरता प्रतिशत	: २८.६०
क्षेत्रफल (वर्ग कि. मि.)	: २८७७
गाविस नपा संख्या	: ४३ ०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३१०
क्याम्पस उच्च मा.वि.	: १ ५
अस्पताल स्वास्थ्य चौकी	: १ ४४
टेलिफोन लाइन	: १५
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ४३
मानव विकास सुचकांक	: ०.३८६
प्रति परिवार सरदर संख्या	: ६.०३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

माओवादीका कार्यकर्ताहरू राजेन्द्र बुढा र विश्वमिस्टर केसीको ०६१ माघ १७ गते रम्तीमा गएका सुरक्षाकर्मीलाई देखेर भाग्ने क्रममा चौखाबाङ्ग गाविसमा सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भयो।

खारा गाविस-८ का माओवादीद्वारा घोषित गाजस प्रमुख ४६ वर्षीय सुरवीर खड्का ०६२ जेठ २४ गते सल्यानबाट रुकुमतिर आउँदै सुरक्षाकर्मीलाई देखी भाग्न खोज्दा सुरक्षाकर्मीले चलाएको गोली लागी उनको मृत्यु भयो।

विजयश्वरी गाविस घर भएका अखिल (क्रान्तिकारी) का जिल्ला कमिटी सदस्य २५ वर्षीय सुर्यप्रकाश शर्मा, उनकी पत्नी २२ वर्षीय गीता ओली र नुवाकोट गाविसकी २३ वर्षीय दुर्गा पुनलाई ०६२ साउन ६ गते पुर्तिमकाँडा गाविस-१ मा

पूर्व माओवादी कार्यकर्ता अपिलको घरमा बसिरहेको अवस्थामा सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

शोभा गाविस-९ रूमालबारामा हिँडिरहेका माओवादीलाई लक्षित गरी ०६२ पुस १० गते सुरक्षाकर्मीले हेलिकप्टरबाट गोली हान्दा एकजना नाम ठेगाना नखुलेका माओवादी महिला छापामारको घटनास्थलमै मृत्यु भयो भने दुईजना पुरुषहरू घाइते भए। पीडितहरूको नाम थाहा हुन सकेन।

माओवादीबाट

गस्तीमा गएका सुरक्षाकर्मीलाई साख गाविस-७ रम्भाखोलामा ०६२ असार ५ गते माओवादीले विद्युतीय धरापमा पार्दा एकजना सैनिक जवानको घटनास्थलमै मृत्यु भयो। मृतकको नाम ठेगाना खुलेन।

छिवाङ गाविस-३ घर भएका पूर्व सैनिक जवान २४ वर्षीय धनबहादुर चन्दलाई ०६२ साउन २० गते पुर्तिमकाँडा र खोलागाँउको सीमानामा रहेको दहँपोखरा मेलामा सामान्य विवाद भएपछि माओवादीले तीन राउण्ड गोली प्रहार गरी हत्या गरे।

विजयेश्वरी गाविसमा ०६२ भदौ १३ गते माओवादीद्वारा बिच्छ्याइएको विद्युतीय धराप बिस्फोट हुँदा दैलेख जिल्ला घर भएका प्रहरी जवान गोविन्द थापाको मृत्यु भयो। माओवादीले पानीको पाइप काटेपछि उक्त पाइप जोड्न जाँदा माओवादीले बिस्फोट गराएका थिए। पीडितको नाम ठेगाना खुल्न सकेन।

दोहोरो भिडन्त

खारा गाविसस्थित सनीपोले सैनिक आधार शिविरमा ०६१ चैत २५ गते माओवादीले आक्रमण गर्दा दुई सैनिक र एक प्रहरीको मृत्यु भयो भने माओवादीतर्फ ६० जनाको मृत्यु भयो। सुरक्षाकर्मीतर्फ १७ जना घाइते भए। घाइतेहरूको उपचार नेपालगञ्ज र काठमाडौंमा गरियो।

खलंगाबाट खारातर्फ गइरहेका सुरक्षाकर्मीको गस्ती टोलीलाई ०६१ चैत २६ गते मलाक्चा गाविस-४ मा माओवादीले आक्रमण गरेपछि भएको भिडन्तमा तीनजना माओवादी र एक सर्वसाधारण महिला लीला वलीको सुरक्षाकर्मीको गोली लागी मृत्यु भयो। सोही घटनामा परी एक सैनिक घाइते भए। सुरक्षाकर्मीको गोलीबाट रोल्पा जिल्ला पाछावाङ्ग गाविस-५ का २७ वर्षीय व्यापारी धनिप बुढाको देब्रेहात छुट्टियो। घाइतेहरूको उपचार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भयो।

गस्तीमा गएका सुरक्षाकर्मीलाई खारा गाविसमा पर्ने डर्लासिङ्गेमा ०६१ चैत ३१ गते माओवादीले आक्रमण गर्दा दुई सैनिकको मृत्यु भयो भने चार सैनिक घाइते भए। उक्त घटनामा माओवादीतर्फ ६० जना मारिएको कुरा सरकारी स्रोतले जनाएपनि माओवादीले आधिकारिक संख्या सार्वजनिक गरेनन्। माओवादीले आफ्नोतर्फ चारजना मात्र मारिएको स्वीकार गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

खलंगा गाविस-४ का १४ वर्षीय चुडामणि गौतम माओवादीद्वारा निर्माणाधीन बाटो खनेर फर्कँदै गर्दा ०६२ वैशाख १ गते रोल्पा-रुकुमको सीमानामा पर्ने तातोपानी लेकमा सेनाको हेलिकप्टरबाट प्रहार गरिएको गोली खुट्टामा लागी घाइते भए। पीडितको उपचार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भयो।

विजयश्वरी गाविस घर भएका एक वादी थरका माओवादी कार्यकर्ता ०६२ कार्तिक १ गते सुरक्षाकर्मीको गस्ती टोलीलाई देखी भाग्न खोज्दा सुरक्षाकर्मीको गोली लागी सोही गाविसमा घाइते भए। पीडितको उपचार जीवननदी मिसन अस्पताल चौरजहारीमा भयो।

माओवादीबाट

खारा गाविस-४ का १३ वर्षीय कमला खड्का, ११ वर्षीय लालसरी वली र १० वर्षीय कमल ओली ०६२ वैशाख २ गते माओवादीले विद्यालयमा छोडेको बम बिस्फोट हुँदा घाइते भए। पीडितहरूमध्ये कमलाको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा भयो भने अन्यको रुकुममै उपचार भयो।

शोभा गाविस-७ की ११ वर्षीय किरण केसी ०६२ पुस १० गते बिहान घरबाट विद्यालय जाँदै गर्दा सोही गाविसको मारीपाखा भन्ने ठाउँमा माओवादीद्वारा प्रहार गरिएको बम बिस्फोट हुँदा खुट्टामा बमको छर्रा लागेर घाइते भइन्। पीडितको उपचार सदरमुकाममा गरिए पनि छर्रा निकालिएन।

बेवारिसे बमबाट

खलंगा गाविस-२ सल्लेका ६५ वर्षीय भीउराम थापा ०६१ चैत १ गते घाँस काट्न गएको अवस्थामा बेवारिसे अवस्थामा छोडेको बम बिस्फोट हुँदा घाइते भए। पीडितको उपचार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भयो।

मुरु गाविस-३ का ३२ वर्षीय आइती ओली र २७ वर्षीय हिमा ओली ०६२ वैशाख १ गते बेवारिसे बम बिस्फोटमा परी घाइते भए। पीडितको उपचार सुरक्षाकर्मीले दाङमा गरे।

जेल र बन्दीहरू

सुरक्षाका कारण चार वर्षअघि रुकुम जेलका बन्दीहरूलाई

तुल्सीपुर कारागार स्थानान्तरण गरिएपछि अहिले रुकुम जेल खाली छ।

बेपत्ता / अपहरण

माओवादीबाट

बाँफिकोट गाविस-५ का २० वर्षीय परशुराम वि.क र १५ वर्षीय काले विटालुले रक्सी खाएको आरोपमा ०६१ माघ २ गते माओवादीले उनीहरूलाई अपहरण गरी तीन महिनाको श्रमकैद तोकेकोमा विकलाई माओवादीको युद्ध सामग्री (विद्युतीय धराप बनाउने जी आइ पाइप) बोकेर गइरहेको अवस्थामा बाँफिकोट गाविस-८ भार्लेबाट सेनाले ०६१ माघ ३ गते गिरफ्तार गरी दुइ दिनपछि रिहा गरे भने विटालुलाई माओवादीले १७ दिनपछि बाँफिकोटबाट मुक्त गरे।

बाँफिकोट गाविस-४ घर भएका शिक्षक ३४ वर्षीय भीमबहादुर ओली विद्यालयमा हाजिर नभएको आरोपमा ०६१ फागुन १ गते माओवादीले उनलाई अपहरण गरे। पीडितलाई ०६२ वैशाखमा मुक्त गरे।

शोभा गाविस-३ का ४८ वर्षीय तुलबहादुर थापाले बहुविवाह गरेको आरोपमा ०६१ फागुन १८ गते माओवादीले उनलाई अपहरण गरे। पीडित एक हप्तापछि माओवादीको कब्जाबाट भागेर भारत गएको स्थानीय बासिन्दाहरूले बताए।

खोलागाउँ गाविस-९ घर भई जिविस रुकुमका सबओभरसियर २७ वर्षीय कृष्ण केसी र मुगु जिल्ला घर भएका सोही कार्यालयका सोही पदमा कार्यरत जगत मल्ललाई अनुमतिबिना सरकारी काममा गाउँ पसेको आरोपमा ०६१ चैत ४ गते माओवादीले खोलागाउँबाटै अपहरण गरे। पीडितहरूलाई एक महिनापछि चारलाख रुपैयाँ बराबरको जग्गा धितो राख्न लगाएर सोही ठाउँबाट मुक्त गरे।

काठमाडौं जिल्ला कीर्तिपुर भन्केपाटीका १७ वर्षीय मीना केसीले सुराकी गरेको आरोपमा ०६१ चैत २७ गते माओवादीले उनलाई पीपल गाविसबाट अपहरण गरे। उनी वैशाख ६ गते माओवादीको कब्जाबाट भागी सदरमुकाम फर्किइन्।

आठबीस डाँडागाउँ गाविस-१ का ३२ वर्षीय इन्द्रबहादुर सुनारले सुराकी गरेको आरोपमा ०६२ वैशाख ६ गते आफ्नै घरबाट माओवादीले उनलाई अपहरण गरी वैशाख २५ गते सोही स्थानबाट मुक्त गरे।

बाँफिकोट गाविस-२ का २९ वर्षीय इन्दिरा केसी र उनका छोरा ५ वर्षीय मदन के.सीलाई ०६२ वैशाख १६ गते माओवादीले घरबाटै अपहरण गरी वैशाख १७ गते दिउँसो सोही गाविसबाट मुक्त गरे। माओवादीले धेरै सर्तहरू राखेपछि पीडितहरू गाउँमा बस्न नसकी भागेर सदरमुकाम गएका छन्।

श्री वीरेन्द्र उच्च मावि बाँफिकोट, श्रीजनता मावि पोखरा र श्री रुक्मणि उच्च मावि रुकुमको कक्षा ८, ९, १० का विद्यार्थी र केही शिक्षकहरू गरी करिब छसयलाई विशेष शैक्षिक अभियान भनेर ०६२ वैशाख २६ र २७ गते माओवादीले अपहरण गरी एक सातापछि मुक्त गरे।

यसैगरी भालाक्चा गाविसस्थित श्रीजनकल्याण निमावि भालाक्चाका ६, ७ र ८ कक्षामा र अन्नबीसकोट गाविसस्थित श्री बालकल्याण मावि आठबिसकोटका कक्षा ८, ९, १० का करिब दुईसय विद्यार्थीहरूलाई ०६२ वैशाख २७ गते माओवादीले विशेष शैक्षिक अभियान भनी अपहरण गरे। पीडितहरूलाई जेठ ४ गते गेल्पाबाट मुक्त गरे।

आठबीस डाँडागाउँ गाविस-१ का २१ वर्षीय चन्द्रबहादुर विश्वकर्मा र २६ वर्षीय अमर रानालाई सदरमुकाम गएको आरोपमा ०६२ वैशाख ४ गते माओवादीले अपहरण गरी आइन्दा सदरमुकाम नजाने सर्तमा

घटना को प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	६	२	८	५	८			८	७	६६	५	४	७५
घाइते	२	४	१	५	५	५८	५		६३	४	२		२	४
गिरफ्तारी यातना										३५	६०	१		६१
कुटपिट	२	२		२	२	२			२	२	१		१	२
धम्की					२	२			२					
भेला, संगठित हुने अधिकार										५	१६		१	१७
महिलाअधिकार	३		३	३										
आर्थिक सामाजिक सांस्कृतिक अधिकार					५	८			८	१	१			१
अपहरण					३५	४९	९	१४९९	१५५७					
जम्मा	११	१२	६	१८	५४	१२७	१४	१४९९	१६४०	५४	१४६	६	८	१६०

चन्द्रबहादुरलाई वैशाख २६ र अमर रानालाई २५ गते सोही गाविसबाट मुक्त गरे।

बिजयश्वरी गाविस-३ स्थित आदर्श मावि घेत्माका शिक्षक ३२ वर्षीय अमृतप्रसाद लामिछानेले आफ्नो भाईलाई आत्मसमर्पण गर्न लगाएको आरोपमा ०६२ वैशाख २७ गते माओवादीले अपहरण गरी हतकडीसमेत लगाएर राखे। पीडितलाई दुई दिनसम्म कुटपिट गरिएको थियो। पीडित जेठ २३ गते पीपल गाविसबाट हत्कडीसहित माओवादी कब्जाबाट भागेर सदरमुकाम फर्किए। पीडितलाई जेठ २३ गते नै सोधपुछका लागि भनेर सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

रुघा गाविास-२ का व्यापारीहरू बलबहादुर शाही, तुलवीर बिष्ट, मोतीराम घर्ती, चित्रबहादुर बुढाथोकी र प्रेम घर्तीलाई बजार व्यवस्थापन समिति भंग गरेको र माओवादीको आचारसंहिता पालना नगरेको आरोपमा ०६२ वैशाख २८ गते माओवादीले अपहरण गरे। साथै सोही स्थानका सम्पूर्ण पसलहरू पनि अनिश्चितकालका लागि भनेर बन्द गराए। सोही दिन रोल्पा जिल्ला गाम गाविसका ठेकेदार खगेन्द्र बुढाको ट्याक्टर आगो लगाएर जलाए। पीडितहरूलाई तीन दिनपछि सोही गाविसबाट मुक्त गरियो भने बजार आठ दिनपछि खोल्न अनुमति दिए।

भलाक्चा गाविस-५ का शिक्षक ३५ वर्षीय रामप्रसाद ओलीले अनुमतिबिना गाउँमा कार्यक्रम ल्याएको आरोपमा ०६२ जेठ २ गते उनलाई माओवादीले अपहरण गरे। पीडित हाल मुक्त भइसकेका छन्।

छिवाङ गाविस-९ का १९ वर्षीय खिमा ओली र अर्की नाम थाहा नभएकी एक महिलाले सदरमुकामबाट दिगो कृषि विकास कार्यक्रमको योजना ल्याई कसैलाई जानकारी नदिई रकम हिनामिना गरेको आरोपमा ०६२ साउन २ गते माओवादीले उनीहरूलाई अपहरण गरी उक्त रकम फिर्ता गर्ने सर्तमा १५ दिनपछि सोही ठाउँबाट मुक्त गरे।

कोटजहारी गाविस-५ का ६० वर्षीय लीलबहादुर बुढाथोकी र पत्नी ५५ वर्षीय पदमी बुढाथोकीले छोरालाई आत्मसमर्पण गराएको आरोपमा ०६२ साउन १३ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। पीडितहरू साउन २३ गते खोलागाउँ गाविस-४ चौफाबाट माओवादी कब्जाबाट भागेर चौरजहारी पुगे।

खारा गाविस-४ का २५ वर्षीय बागसिंह ओलीले जागीर खाएर माओवादीलाई चन्दा नबुझाएको आरोपमा ०६२ भदौ १९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी एक सातापछि सोही गाविसबाट १० हजार तीनसय ७५ रूपैयाँ जरिवाना गरी मुक्त गरे।

खारा गाविस-४ का ३५ वर्षीय देवबहादुर ओलीलाई सरकारी योजना गाउँमा ल्याएको आरोपमा ०६२ भदौ २५

माओवादीको बम विस्फोटमा परी घाइते भएकी कमला खड्का

गते माओवादीले घरबाटै अपहरण गरी योजनाको सम्पूर्ण पैसा आफूहरूलाई बुझाउनु पर्ने सर्तमा एक हप्तापछि सोही गाउँबाट मुक्त गरे।

खारा गाविस-४ का २२ वर्षीय लालबहादुर ओलीलाई सरकारी जागीर खाएको आरोपमा ०६२ असोज १ गते माओवादीले घरबाटै अपहरण गरी सोही गाउँबाट मुक्त गरे।

जिल्लाका माध्यमिक तहका करिब ७ सय विद्यार्थीहरूलाई ०६२ असोज ६ गते माओवादीले अपहरण गरे। पीडितहरूलाई आफ्नो कार्यक्रममा सरिक गराई बाँफिकोट गाविस र शोभा गाविसबाट एक हप्तापछि मुक्त गरे।

सल्यान जिल्ला सुइकोट गाविस-१ घर भई रूकुम जिल्लामा कार्यरत गाविस सचिव २६ वर्षीय अमर बुढाथोकीलाई ०६२ असोज ७ गते रूकुमबाट सल्यान जाँदै गर्दा रूकुम जिल्लाको पेउघा गाविस-८ रातामाटाबाट माओवादीले अपहरण गरे। पीडितलाई असोज ११ गते सल्यानको माओवादी पार्टीलाई बुझाएको माओवादीले जनाए। उनी मुक्त भए।

पोखरा गाविस-९ घर भएका एमाले जिल्ला कमिटीका सदस्य ४८ वर्षीय बलबहादुर केसीलाई ०६२ कार्तिक १२ गते लोकतान्त्रिक जागरण कार्यक्रम अन्तर्गत पोखरा गाविस-१ मा जनसभाको सभापतित्व गरिरहेको अवस्थामा माओवादीले मञ्चमै प्रवेश गरी अपहरण गरे। उनी २१ घण्टापछि स्यालापाखा गाविसको चिसापानीबाट मुक्त भए।

मुरू गाविस-३ का शिक्षक २६ वर्षीय यज्ञबहादुर ओलीले आर्मी ब्यारेक नजिकै टेलिफोन राखेको आरोपमा ०६२ कार्तिक २० गते माओवादीले उनलाई खारा गाविसबाट अपहरण गरी ५१ हजार रूपैयाँ बुझाउने सर्तमा मंसिर ९ गते खारा गाविसबाट मुक्त गरे।

दुली गाविस-५ निवासी नेका (प्रजातान्त्रिक) का जिल्ला सल्लाहकार तथा पूर्व गाविस अध्यक्ष ५७ वर्षीय सेत् खत्रीलाई ०६२ कार्तिक २१ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित माओवादीको कब्जाबाट ०६२ मंसिर ११ गते स्यालाखदी गाविसबाट भागेर सदरमुकाम फर्किए।

माओवादीद्वारा अपहरण गरिएका अमृतप्रसाद लामिछाने

खारा गाविस-१ का २८ वर्षीय चन्द्रबहादुर खड्काले स्थानीय विकास कोषको रकम हिनामिना गरेको आरोपमा ०६२ कार्तिक २२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितलाई उक्त रकम फिर्ता गर्ने सर्तमा १० दिनपछि सोही ठाउँबाट मुक्त गरे।

मग्मा गाविस-८ का ४० वर्षीय शेरबहादुर केसीले सुराकी गरी आफ्ना बन्दीहरू भगाएको आरोपमा ०६२ कार्तिक २३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सात दिनपछि सोही ठाउँबाट मुक्त गरे।

मग्मा गाविस-४ का ४० वर्षीय तेजबहादुर पुनले परस्त्रीसग लसपस गरेको आरोपमा ०६२ कार्तिक २७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि सोही ठाउँबाट मुक्त गरे।

झुला गाविस-७ निवासी नेका (प्रजातान्त्रिक) का जिल्ला समिति सदस्य तथा महाधिवेशन प्रतिनिधि ४० वर्षीय प्रजित बुढाले सुराकी गरेको आरोपमा ०६२ कार्तिक २८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित स्यालाखदी गाविसबाट माओवादी कब्जाबाट मंसिर ११ गते भागेर सदरमुकाम फर्किए।

मग्मा गाविस-१ का ४२ वर्षीय दत्तबहादुर कुसारीले सुराकी गरेको आरोपमा ०६२ मंसिर १ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित मंसिर ११ गते माओवादीको कब्जाबाट स्यालाखदी गाविसबाट भागेर सदरमुकाम पुगे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

माओवादीबाट

बाँफिकोट गाविसस्थित श्री वीरेन्द्र उच्च मावि बाँफिकोटमा कक्षा १० मा अध्ययनरत १७ वर्षीय टीकाराम बुढा, १७ वर्षीय तुलसा मल्ल, १६ वर्षीय महेन्द्र केसी र १५ वर्षीय डिलाराम दाहाललाई अनेरास्ववियु (क्रान्तिकारी) को जिम्मेवार पदमा बस्न इन्कार गरेको आरोपमा ०६२ जेठ २० गते अनेरास्ववियु (क्रान्तिकारी) का विद्यार्थीहरूले विद्यालयबाट निकाला गरे। पीडितहरू चार दिनपछि विद्यालय आएपछि उनीहरूलाई किन आउन दिएको भनी शिक्षकहरूलाईसमेत धम्की पत्र पठाए।

बाँफिकोट गाविस-४ का २९ वर्षीय बिर्खबहादुर दाहाललाई जिल्ला बन्दको समयमा हिँडडुल गरेको आरोपमा ०६२ साउन १० गते बहिनीको घरबाट फर्कंदै गर्दा माओवादीले खलंगा र झुला गाविसको सीमानामा पर्ने गांगघाटमा कुटपिट गरे।

गाउँलेबाट

बाँफिकोट गाविस-९ घर भएका माओवादीद्वारा घोषित वडा जनसरकार प्रमुख २४ वर्षीय मुगलाल केसी र बाँफिकोट गाविस-१ का माओवादीद्वारा घोषित वडा जनसरकार प्रमुख ५१ वर्षीय वीरबहादुर भुसालले गाउँलेहरूलाई अनावश्यक दुःख दिएको आरोपमा उनीहरूलाई ०६२ वैशाख ३१ गते गाउँलेहरूले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

माघ १९ को शाही घोषणाको विरोधमा जिल्लास्थित चार राजनीतिक पार्टीले ०६२ असार ३ गते आयोजना गरेको संयुक्त विरोध प्रदर्शनको क्रममा प्रहरीले हस्तक्षेप गरी एमाले जिल्ला सचिव शेरबहादुर केसी, राप्ती अञ्चल सदस्य खेममान खड्का, जिल्ला कमिटी सदस्य बलबहादुर केसी, नेका जिल्ला समिति सदस्यहरू नन्द बिष्ट, मानबहादुर नेपाली, जनक चन्द, नेविसंघ रुकुमका अध्यक्ष खडक डाँगी, नेका (प्रजातान्त्रिक) का जिल्ला सचिव कृष्ण रोकाय र जनमोर्चा नेपालका जिल्ला अध्यक्ष रामप्रकाश पुरीलाई गिरफ्तार गरे। विरोध प्रदर्शनको अनुगमनमा हिँडेका मानवअधिकार वर्ष पुस्तक प्रतिनिधि जीवन खड्काको क्यामरासमेत प्रहरीले खोसे। राजनीतिक कार्यकर्ताहरूलाई छ घण्टापछि इन्सेकको रोहबरमा रिहा गरे र खोसिएका क्यामेरा पनि प्रहरीले फिर्ता गरे।

नेका जिल्ला समिति सदस्य ३५ वर्षीय नन्द बिष्ट, ३२ वर्षीय मानबहादुर नेपाली र नेविसंघ रुकुमका अध्यक्ष २९ वर्षीय खडकबहादुर डाँगीलाई राजाको पुत्ला जलाएको आरोपमा ०६२ असार ३२ गते प्रहरीले खलंगाबाटै उनीहरूलाई गिरफ्तार गरी नन्द र मानबहादुरलाई सोही दिन राति इन्सेक प्रतिनिधिको रोहबरमा रिहा गरियो भने खड्कबहादुरलाई भोलिपल्ट रिहा गरियो।

रुकुम उद्योग वाणिज्य संघका पदाधिकारीहरूले माओवादीसँग अवैध सम्झौता गरेको आरोपमा ०६२ जेठ ३१ गते जिल्ला प्रशासन कार्यालय रुकुमले अर्को आदेश नभएसम्मका लागि भनेर रुकुम उद्योग वाणिज्य संघको कार्यालयमा तालाबन्दी गरे। उक्त ताल्चा ०६२ भदौ १८ गते जिल्ला प्रशासनले खोल्यो।

पेउघा गाविस-८ घर भएका अनेरास्ववियु जिल्ला कमिटी रुकुमका अध्यक्ष २१ वर्षीय धनराज खड्का र सोही ठाउँका २६ वर्षीय प्रेम ओलीलाई एमालेको लोकतान्त्रिक जागरणको पर्चा बोकेर माइकिङ गर्दै गाउँतिर गइरहेको अवस्थामा ०६२ कार्तिक ३ गते खलंगा गाविस-३ बाट सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

नेकपा (एमाले) द्वारा ०६२ मंसिर १७ गते रुकुम सदरमुकाम खलंगा बजारमा आयोजित जनसभालाई स्थानीय प्रशासनले निषेधित क्षेत्र घोषणा गरी तोकिएको स्थानमा कार्यक्रम गर्न दिएनन्। निषेधित क्षेत्रबाहिरको कार्यक्रमलाई पनि प्रशासनले विथोल्न सदरमुकाम प्रवेश गर्ने नाकामा व्यापक सुरक्षाकर्मी तैनाथ गरायो। साँख गाविसबाट आएका सहभागीलाई परिचयपत्र र नागरिकताविना सदरमुकाम प्रवेश गर्न दिइएन्। पीपलनेटामा सुरक्षाकर्मीले दुईजना एमाले कार्यकर्ताको दाह्री काटे र दुईजनाको कपाल काटे। त्यस नाकाबाट आउनेहरूलाई धम्क्याएर आतंकित पार्ने काम धेरै भएको सुनेर इन्सेक प्रतिनिधि त्यहाँ पुग्दा त्यस नाकामा खटिएका सेनाका कमाण्डरले "जीउँदो हुनुहुन्छ, जिउँदै रहने प्रयास गर्नुस्" भनेर धम्क्याए।

दुली गाविस-३ घर भई निमावि मग्मामा कक्षा-९ मा अध्ययनरत १५ वर्षीय हरिबोध भारतीले राजतन्त्र विरोधी नारा लगाएको आरोपमा ०६२ मंसिर १७ गते विहान सदरमुकाम खलंगाबाटै प्रहरीले गिरफ्तार गरी छ घण्टापछि रिहा गरे।

माओवादीद्वारा अपहरण गरिएका प्रजित बुढा

सुगम र निष्पक्ष न्यायिक अधिकार

रुकुम जिल्ला अदालतमा पाँच वर्षसम्म फर्स्यौट हुन नसकेका मुद्दा पाँचओटा, चार वर्षसम्मका एउटा, दुई वर्षसम्मका दुईओटा र एक वर्षसम्मका नौओटा मुद्दाहरू छन्। यस वर्ष १६ ओटा मुद्दाहरू दर्ता भए भने आठ ओटा मुद्दाहरू फर्स्यौट भए। हाल यस अदालतमा ३३ ओटा मुद्दाहरू फर्स्यौट हुन बाँकी छन्। पुराना केही मुद्दाहरू अंग नपुगेका कारण र केही मुद्दाहरू नापी नक्सा हुन नसकेका कारण बाँकी रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

राज्यबाट

खलंगा गाविस-१ स्थित माओवादी जिल्ला जनसरकार उपप्रमुख नरेन्द्र बुढाको घर ०६१ फागुन २० गते स्थानीय प्रशासनले खाली गराई तालाबन्दी गरे। उक्त ताल्चा हालसम्म खोलिएको छैन।

माओवादीबाट

बाँफिकोट गाविस-५ का कर्णबहादुर चन्द, नरबहादुर पुन, बालकृष्ण रिजाल र बाँके विनौनाका प्रेम केसीले अनुमतिविना प्राथमिक शिक्षक तालिम लिएको आरोपमा ०६१ माघ २९ गते उनीहरूलाई माओवादीले १५ हजार रूपैयाँ जरिवाना गरे।

बाँफिकोट गाविस-९ स्थित कालिका मन्दिर र साइकुमारी मन्दिरलाई ०६१ फागुन ११ गते माओवादीले भत्काउनुका साथै त्यहाँ रहेका सम्पूर्ण सामानहरू तोडफोड गरे।

प्वाङ गाविस-८ का ३१ वर्षीय नरहरि खड्काले खच्चड लडाएर मारेको आरोपमा ०६१ चैत २५ गते उनलाई माओवादीले १५ हजार रूपैयाँ जरिवाना गरे।

खारा गाविस-२ का ३४ वर्षीय चन्द्रबहादुर ओलीलाई ०६१ चैत २५ मा भएको खारा भिडन्तमा घाइते भएका माओवादीलाई दुर्व्यवहार गरेको आरोपमा ०६२ वैशाख २८ गते माओवादीले ५२ हजार रूपैयाँ जरिवाना गरे।

खारा गाविस-२ का ४२ वर्षीय रेजो दमाईले खारा घटनापछि घाइते माओवादीलाई मार्न सुराकी गरेको आरोपमा ०६२ जेठ २ गते माओवादीले उनलाई २५ हजार रूपैयाँ जरिवाना गरे।

रुकुमको सदरमुकाम खलंगामा आपूर्ति हुने स्यार्पूदहको विद्युत लाइन ०६२ भदौ १६ गतेदेखि माओवादीले अनिश्चित कालका लागि भनेर बन्द गरी पुस १५ गते पुनः खुल्ला गरे।

शोभा गाविस-५ घर भएका शिक्षक युनियन रुकुमका जिल्ला सचिव संगम केसी सदरमुकाम बसेको आरोपमा ०६२ भदौ १६ गते माओवादीले उनको घरमा तालाबन्दी गरे।

शोभा गाविसका विभिन्न वडाहरूमा तीजको अवसरमा नाचगान गर्न भेला भएका सयौं महिलाहरूलाई ०६२ भदौ २१ गते माओवादीले नाचगान रोक्नका लागि मादल खोसेर तितर वितर पारे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

माग्मा गाविस-१ का ४२ वर्षीय दत्तबहादुर कुसारीले माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ फागुन २२ गते खलंगा गाविस-१ बाट प्रहरीले उनलाई गिरफ्तार गरी पाँच दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

शोभा गाविस-५ का ४५ वर्षीय हरिकृष्ण गौतमले माओवादीलाई औषधि र खाद्यान्न पुऱ्याएको आरोपमा ०६१

आन्दोलनको क्रममा प्रहरीद्वारा गिरफ्तार गरिएका एमाले राप्ती अञ्चल सदस्य खेममान खड्का

फागुन २४ गते प्रहरीले उनलाई खलंगा गाविस-१ बाट गिरफ्तार गरी दुई दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

खलंगा गाविस-७ का ४९ वर्षीय नरवहादुर बुढाथोकी र ५५ वर्षीय भीउराम बोहरालाई माओवादीको आरोपमा ०६१ फागुन २८ गते प्रहरीले गिरफ्तार गरी तीन दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरेको घोषणा गरे।

साँख गाविस-४ का २९ वर्षीय मेघराम बुढालाई माओवादीको आरोपमा ०६१ चैत १३ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी १५ दिनपछि जिल्ला प्रहरी कार्यालयबाट तारेखमा रिहा गरे। उनी गाउँ फर्कने वित्तिकै माओवादीले उनलाई गाउँमै नजरवन्द गरे।

आठवीसकोट गाविस-१ का २४ वर्षीय दलबहादुर परियार, रोल्पा जिल्ला उवा गविसका २० वर्षीय पदम बुढा र मग्मा गाविस-१ का २१ वर्षीय तारक कुसारीलाई माओवादीको आरोपमा ०६१ चैत २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी दुई दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

साँख गाविस-९ का अनेरास्ववियु (क्रान्तिकारी) का १५ वर्षीय कमल रावललाई ०६१ चैत २५ गते सुरक्षाकर्मीले विजयश्वरी गाविसबाट गिरफ्तार गरे। पीडितलाई जेठ ७ गते तुल्सीपुर जेल चलान गरियो।

नुवाकोट गाविस-१ का माओवादीद्वारा घोपित पेउघा गाजस प्रमुख ३८ वर्षीय भरत पुनलाई माओवादीको आरोपमा ०६२ वैशाख १३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ जेठ ७ गते कारागार चलान गरियो।

साँख गाविस-९ का ५१ वर्षीय जयलाल बोहरा, खलंगा गाविस-३ का ४२ वर्षीय गोविन्द बुढाथोकी र २१ वर्षीय सागर मल्लले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ जेठ १ गते सुरक्षाकर्मीले उनलाई घरबाट गिरफ्तार गरी गोविन्द र जयलाललाई दुई दिनपछि र सागरलाई तीन दिनपछि भैरवी दल गणबाट रिहा गरे।

रूकुम उद्योग वाणिज्य संघका अध्यक्ष ३९ वर्षीय प्रेमजंङ्ग मल्ल, उपाध्यक्ष ४२ वर्षीय नवराज पाण्डे, सदस्यहरू ३२ वर्षीय नरवहादुर खड्का, ४७ वर्षीय हिरालाल सुनार, साधारण सदस्यहरू २६ वर्षीय कर्णवहादुर वि.क, ३२ वर्षीय मोहवीर खड्कालाई माओवादीसँग अवैधरूपमा लिखित सम्झौता गरेको आरोपमा ०६२ जेठ ३ गते प्रहरीले जिल्ला प्रहरी कार्यालय रूकुममा बोलाएर गिरफ्तार गरे। पीडितहरूमध्ये कर्ण विक र मोहवीर खड्कालाई तीन दिने तारिख लगाई रिहा गरे भने बाँकी सबैलाई दुई महिनाको थुनुवापूर्जी दिएर असार ४ गते तुल्सीपुर जेल चलान गरियो। सबैलाई दुई महिनापछि तुलसीपुर कारागारबाट रिहा गरियो।

खलंगा गाविस-३ घर भएका माओवादी कार्यकर्ता २१ वर्षीय गेदलाल नेपाली आत्मसमपर्ण गर्न सदरमुकाम आएको अवस्थामा ०६२ जेठ १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक सातापछि तुल्सीपुर जेल चलान गरे।

खलंगा गाविस-१ का ४४ वर्षीय मिश्रीप्रसाद शर्माले माओवादीसँग लिखित सम्झौता गरेको आरोपमा ०६२ असार १ गते प्रहरीले उनलाई गिरफ्तार गरी दुई महिनाको थुनुवा पूर्जी दिएर असार ४ गते तुल्सीपुर जेल चलान गरे। पीडित दुई महिनापछि तुल्सीपुर कारागारबाट रिहा भए।

श्री पशुपति मावि रातामाटाका शिक्षक राजदेव यादवले माओवादीका पत्रहरू आदान प्रदान गरेको आरोपमा ०६२ असार ३ गते स्थायी अध्यापन अनुमतिपत्रका लागि लिइएको परीक्षा हलबाटै प्रहरीले उनलाई गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

खलंगा गाविस-१ का ४८ वर्षीय हेमराज श्रेष्ठले माओवादीसँग लिखित सम्झौता गरेको आरोपमा ०६२ असार ५ गते प्रहरीले उनलाई खलंगाबाट गिरफ्तार गरी दुई महिने पुर्जी दिएर जिल्ला प्रहरी कार्यालय, रूकुमको प्रहरी हिरासतमा राखी दुई महिनापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

खलंगा गाविस-३ घर भएका जिटिजेडका ओभरसियर ४० वर्षीय पहल पुन र सोही गाविस-५ का जिल्ला सिंचाई कार्यालय रूकुमका खरिदार ४८ वर्षीय गोरखबहादुर केसीले माओवादीलाई चन्दा दिएको आरोपमा ०६२ असार ५ गते प्रहरीले उनीहरूलाई गिरफ्तार गरी ८ गतेसम्म प्रत्येक दिन बोलाएर दिनभरि कार्यालयमा राखी साँझ रिहा गर्ने गरे।

सल्यान जिल्ला दार्माकोट गाविस-१ का २९ वर्षीय पुष्प केसी र सोही गाविस-८ का २४ वर्षीय केशव शाहलाई माओवादीको आरोपमा औषधिसहित ०६२ जेठ ३१ गते भलाक्चा गाविसबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये पुष्प ०६२ असार ७ गते र केशव असार ११

गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

खोलागाँउ गाविस-९ का शिक्षक ३८ वर्षीय उदीराम केसीलाई माओवादीको आरोपमा ०६२ असार २६ गते घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी तीन दिनपछि जाजरकोटबाट रिहा गरे।

साँख गाविस-१ का २२ वर्षीय नरसिङ घर्तीलाई माओवादीको आरोपमा ०६२ मंसिर ६ गते प्रहरीले खलंगाबाट गिरफ्तार गरी मंसिर २० गते नेपालगञ्ज जेल चलान गरे।

साँख गाविस-९ का २७ वर्षीय तुलानरसिंह बुढालाई माओवादीको आरोपमा ०६२ मंसिर ८ गते प्रहरीले खलंगाबाट गिरफ्तार गरी पुस २२ गते तारेखमा रिहा गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा

जाङ्ग गाविस-८ घर भई खलंगा गाविस-२ सल्लेमा डेरा गरी बस्ने ३५ वर्षीय सीता विश्वकर्मालाई पति ३८ वर्षीय लीलाप्रसाद विश्वकर्माले ०६२ वैशाख १३ गते कुटपिट गरी गम्भीर घाइते बनाए। पीडितको उपचार स्थानीय स्वास्थ्य केन्द्रमा गरियो।

पेउघा गाविस-६ का ३५ वर्षीय टीका नेपालीलाई सोही ठाउँका ५८ वर्षीय भीमबहादुर खड्काले गर्भवती बनाई ०६१ वैशाख २५ गते खुकुरीले घाँटी रेटी हत्या गरी आफू पनि रूखमा झुण्डिएर आत्महत्या गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

०६१ माघ १९ पछि विभिन्न राजनीतिक पार्टीहरू, नागरिक समाज, मानवअधिकारकर्मीहरू र नेपाल पत्रकार महासंघ रूकुमले विभिन्न समयमा सभा जुलुस गर्नुका साथै जनअधिकार वहालीको माग गर्दै प्रेस विज्ञप्तिहरू निकाले।

माओवादीद्वारा अपहरण गरिएका पार्टी कार्यकर्ताहरूको मुक्तिको अपिल गर्दै नेकपा एमाले, नेकाँ, नेकाँ (प्रजातान्त्रिक) र जनमोर्चा नेपालले ०६२ मंसिर ४ गते संयुक्त प्रेस विज्ञप्ति निकाले।

संरचना क्षति

खलंगा गाविस-६ स्थित श्री बालकल्याण मावि सोलावाङ, सोही गाविस-८ स्थित श्री पशुपति मावि रातामाटा, सोही गाविस-१ स्थित श्री डाङ्गडुङ्गे प्रावि, सोही गाविस-४ स्थित श्री शाहकुमारी निमावि, सोही गाविस-७ स्थित श्री भगवती प्रावि र स्यालापाखा गाविस-४ स्थित साझेतरा प्रावि विद्यालयहरू बन्दको समयमा खोलेको आरोपमा ०६१ माघ २८ गते एकै समयमा आगजनी र बम विस्फोट गराए। विस्फोटका कारण विद्यालयको भवनमा क्षति पुग्यो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

खलंगा गाविस-७ का जिल्ला पशु सेवा कार्यालय रूकुमका पियन ३८ वर्षीय कृष्णबहादुर ओलीको लास ०६१ माघ २२ गते सोही वडाको साँझेभीरमा भेटियो। पीडितको शरीरमा घाउहरू भएको र एउटा आँखा फुटेको थियो। हत्या कसले र किन गरेको थाहा हुन सकेन।

विगतको अनुगमन

प्वाङ गाविस-४ घर भई नेपाल राष्ट्रिय शिक्षक संगठन रूकुमका पूर्व अध्यक्ष ३५ वर्षीय पञ्चबहादुर केसीलाई ०६१ साउन ११ गते माओवादीले अपहरण गरेकोमा ०६१ फागुन २१ गते रूकुमकोटबाट मुक्त गरे।

रुघाँ गाविस-७ घर भएका शिक्षकहरू ३० वर्षीय लालबहादुर घर्ती र ३२ वर्षीय डिल्लीबहादुर चन्दलाई ०६१ कार्तिक ३ गते माओवादीले अपहरण गरेकोमा ०६२ वैशाख १६ गते मोरावाङ गाविसबाट मुक्त गरे।

रूगा गाविस-३ का ३८ वर्षीय भीमबहादुर चन्दलाई ०६१ कार्तिक १० गते माओवादीले अपहरण गरेकोमा ०६१ माघ ३ गते महत गाविसबाट मुक्त गरे।

माओवादीद्वारा आगजनी गरिएको मुसिकोट स्थित श्री प्राथमिक विद्यालय

बिस्थापित

माओवादीद्वारा ०६१ वैशाख २१ गते विस्थापन गरिएको झुल्नेटा बजार दश महिनापछि आंशिकरूपमा खुल्यो।

माओवादीद्वारा ०६१ मंसिर १३ गते विस्थापन गरिएको बैरागीठांटी बजार ०६२ पुस १ गते पुनर्स्थापना गरियो।

माओवादीद्वारा ०६१ मंसिर २८ गते विस्थापन गरिएको सीम्रुत् बजार तीन महिनापछि पुनर्स्थापना गरियो।

माओवादीद्वारा ०६१ मंसिर ३० गते विस्थापन गरिएको खौलाबजार एक महिनापछि पुनर्स्थापना गरियो।

तालाबन्दी

शोभा गाविस-५ का नन्दलाल शर्माको घर ०६१ साउन २५ गते माओवादीले तालाबन्दी गरेकोमा ०६२ असोज ३ गतेदेखि खुल्ला गरे।

नुवाकोट गाविस-६ की टेका गनाको घर ०६१ असोज ९ गते माओवादीले तालाबन्दी गरेकोमा चैत २४ गते घरधनी आफैंले ताला खोलिन।

अन्य

खलंगामा आपूर्तिहुने विद्युत ०६१ पुस ३ गतेदेखि माओवादीले बन्द गरेकोमा ०६१ चैत १६ गते खुल्ला गरे।

गिरफ्तारी

रूघां गाविस-७ घर भएका राजधानी दैनिकका सम्वाददाता २३ वर्षीय शक्तिकुमार पुनलाई माओवादीले अपहरण गरेको अवस्थामा ०६१ मंसिर २८ गते सुरक्षाकर्मीले मक्मा गाविसबाट गिरफ्तार गरे। उनी ०६१ पुस २८ गते जिल्ला प्रहरी कार्यालय, रूकुमबाट रिहा भए।

बाँफिकोट गाविस-३ घर भई जिल्ला प्रहरी कार्यालय, रूकुममा कार्यरत प्रहरी जवान २४ वर्षीय यज्ञबहादुर केसीलाई जागिर छोडी माओवादीमा लागेको आरोपमा ०६१ मंसिर ३० गते सुरक्षाकर्मीले गिरफ्तार गरी ०६१ पुस महिनामा नेपालगञ्ज जेल चलान गरे।

०६१ भदौ ११ गते सुरक्षाफौद्वारा गिरफ्तार गरिएका माओवादी जिल्ला कमिटी सदस्य बालकृष्ण केसी, रूघा गाजस प्रमुख ओमप्रकास बी सी र एरिया सेक्रेटरी खडकबहादुर घर्ती नेपालगञ्ज जेलमा रहेका छन्।

४.६ बाँके



जनसंख्या	: ४३४४३५
साक्षरता प्रतिशत	: ५७.३६
महिला साक्षरता प्रतिशत	: ४८.३६
क्षेत्रफल (वर्ग कि. मि.)	: २३३७
गाविस/नपा संख्या	: ४६/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: २७२
क्याम्पस/उच्च मा.वि.	: ७/१२
अस्पताल/स्वास्थ्य चौकी	: ३/३६
टेलिफोन लाइन	: १००००
मोटर सडक (कि. मि.)	: ४८०
प्रहरी कार्यालय संख्या	: ७
हुलाक संख्या	: ४७
मानव विकास सूचकांक	: ०.४७९
प्रति परिवार सरदर संख्या	: ६.४६

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

नेपालगञ्ज नपा-३ सुर्खेतरोडका ४० वर्षीय अर्जुनबहादुर बिष्टको ०६१ माघ २३ गते बिहान नेपालगञ्ज नपाको त्रिभुवन चोकमा सुरक्षाकर्मीले चलाएको गोलीबाट मृत्यु भयो साथै सोही घटनामा १३ सर्वसाधारण घाइते भए। सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले बम प्रहार गरेपछि सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाएका थिए।

नेपालगञ्ज नपास्थित त्रिभुवन चोकमा रहेका सुरक्षाकर्मीलाई लक्षित गरी माओवादीले सकेट बम प्रहार गरेर भागेपछि सुरक्षाकर्मीले अन्धाधुन्ध गोली चलाउँदा ०६१ चैत १९ गते बहराइच जिल्ला घर भएका रिक्सा चालक ३० वर्षीय मेहर अली तेलीको गोली लागी मृत्यु भयो। साथै सो

घटनामा नेपालगञ्ज नपा-१४ का धिरज जयसवाल, रामचन्द्र जयसवाल, २७ वर्षीय नाजमा राही, १४ वर्षीय नुसरत खाँ, १९ वर्षीय हसरत खां, बर्दिया वगनहा गाविस-८ का बी.आर शर्मा, महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जका उपप्राध्यापक लक्ष्मण पराजुली, २४ वर्षीय मोहन बली, २८ वर्षीय मीना धमाला घाइते भए। घाइतेहरूको उपचार भेरी अञ्चल अस्पताल र नेपालगञ्ज शिक्षण अस्पतालमा भयो।

गंगापुर गाविस घर भएका माओवादी कार्यकर्ता प्रमोद गोंडिया र नरैनापुर गाविसका ४० वर्षीय अर्जुन भनिने डम्बर पण्डितलाई संयुक्त सुरक्षा बेस क्याम्प सोनबर्षाका सुरक्षाकर्मीले ०६२ बैशाख ८ गते घरबाटै गिरफ्तार गरी सोही दिन गोली हानी हत्या गरे। माओवादी धम्कीका कारण भारतमा बस्दै आइरहेका स्थानीय मगरे पठान र रमानन्द शर्माले सुरक्षाकर्मीलाई बोलाई उनीहरूको हत्या गराएका थिए।

शाही बर्दिया राष्ट्रिय निकुञ्जको सुरक्षार्थ बाँकेको चिसापानीमा रहेको शाही नेपाली सेनाको क्याम्पभित्र ०६२ असार २४ गते राति नाम, ठेगाना नखुलेका एक व्यक्ति प्रवेश गर्न खोज्दा सेनाले चलाएको गोलीबाट मृत्यु भयो।

रामेछाप जिल्ला घर भई कोहलपुर सशस्त्र प्रहरीका वरिष्ठ हवल्दार दीपक अधिकारीको कोहलपुर चोकमा ०६२ साउन ७ गते सेनाको गोली लागी मृत्यु भयो।

माओवादीबाट

नेपालगञ्ज नपा-१५ कोरियनपुरमा डेरा गरी बस्ने ३८ वर्षीय सुरेशजंग शाहलाई सुर्खेतरोडस्थित भेरी प्राविधिक शिक्षालयको मोडमा ०६२ बैशाख १ गते साइकलमा आएका माओवादीले गोली प्रहार गरी हत्या गरे। पीडित शाही नेपाली सेनाका राशन ठेकेदार थिए।

हिर्रमिनिया गाविस-७ लोहनियापुरका दिलीपकुमार वर्मा घरमा सुतिरहेको समयमा ०६२ बैशाख २ गते राति माओवादीले बम बिस्फोट गराउँदा बर्माको मृत्यु भयो। माओवादीले पीडितका परिवारलाई घर बाहिर निकाली बर्मालाई घरमा थुनेर बम बिस्फोट गराएका थिए। बिस्फोटबाट गम्भीर घाइते भएका बर्मालाई अस्पताल ल्याएको लगत्तै मृत्यु भएको थियो।

सुर्खेत रोडस्थित स्वागत रेष्टुरेन्टकी सञ्चालिका बागेश्वरी गाविस खजुरा 'बी' गाउँकी ४० वर्षीय बसन्ती लामालाई नेपालगञ्ज नपा-२ धम्बोजीस्थित विनायक गेष्ट हाउसको हाताभित्र ०६२ बैशाख ८ गते साँझ माओवादीले गोली हानी हत्या गरे।

खजुरा गाविसको किरननाला भन्ने स्थानमा ०६२ साउन ५ गते माओवादीले नाम, ठेगाना खुल्न नसकेको करिब २७ वर्षीय युवकको हत्या गरे।

कम्दी गाविस-७ का ३५ वर्षीय माधवराम यादवलाई माओवादीका केन्द्रीय नेता मारेको आरोपमा ०६२ साउन १७ गते बिहान माओवादी कार्यकर्ता महेश खटिकको नेतृत्वमा रहेका माओवादीले अपहरण गरी सोही दिन एक घण्टापश्चात् हत्या गरे। मृतकको सबलाई राप्ती नदीमा छोडेर गएका थिए।

बाँके जिल्ला अनुगमन समितिका संयोजक नेपालगञ्ज नपा-२ घरबारी टोलका ५४ वर्षीय अजयराज सिंहलाई ०६२ भदौ ८ गते दिउँसो माओवादीले कार्यालयमा बसिरहेको समयमा गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

नेपालगञ्जस्थित महेन्द्र बहुमुखी क्याम्पस चौलिक्का बाबाचोकमा ०६१ माघ १८ गते साँझ सुरक्षाकर्मी र माओवादीबीच भिडन्त हुँदा तीन सुरक्षाकर्मी र एक माओवादीको मृत्यु हुनका साथै एक बालकसहित १९ सर्वसाधारण घाइते भए।

नेपालगञ्जस्थित त्रिभुवन चोकदेखि करिब ३०-३५ मिटर उत्तरतर्फ रामजानकी मन्दिरको छेउमा ०६२ असार ९ गते राति सुरक्षाकर्मीको गस्ती टोलीलाई लक्षित गरी तीनजनाको समूहमा आएका माओवादीले सकेट बम प्रहार गरेपछि भएको दोहोरो फायरिङ्गको क्रममा गोली लागी ५ वर्षीय बालिका नेहा गडरियाको मृत्यु भयो। भारतको कानपुर घर भएका नेहाका बाबु ३८ वर्षीय मेवालाल गडरियाका ३४ वर्षीय तुलधारी गडरिया र भुरीगाँउ बर्दियाका १९ वर्षीय भवानी कँडेल घाइते भए। घाइतेको उपचार भेरी अञ्चल अस्पतालमा भएको थियो।

आफ्नै बमबाट

माओवादी कार्यकर्ता शितल उपनामका चित्रबहादुर चौधरीको नेपालगञ्ज नपा-१३ स्थित श्री शारदा निमाविमा ०६२ जेठ १६ गते राति आफैंले बोकेको बम विस्फोटन हुँदा घटनास्थलमै मृत्यु भयो।

अन्यबाट

बेलभार गाविस घर भएका पूर्व प्रहरी जवान २५ वर्षीय सोनु भन्ने भुवनेश्वर मिश्रलाई ०६१ फागुन २९ गते साँझ हतियारधारी अज्ञात व्यक्तिहरूले गोली हानी हत्या गरे। पीडित विगत पाँच महिनादेखि जागिर छोडेर बाँके गाउँमा सिडी पसल गरेर बसेका थिए।

बेतहनी गाविस-९ का ३२ वर्षीय तुलसीराम चमार र २९ वर्षीय घनश्याम कोरीलाई माओवादीको नाममा लुटपाट गर्ने गरेको भन्दै ०६१ चैत ६ गते राति हिरमिनिया गाविस-६ का स्थानीय बासिन्दाले नियन्त्रणमा लिई कुटपिट

गर्दा मृत्यु भयो भने रामगोपाल कोरीलाई गाउँलेले पक्रेर प्रहरी समक्ष बुझाए।

मनिकापुर गाविस माइगाउँका ३१ वर्षीय माओवादी कार्यकर्ता अनिरुद्ध शर्मालाई चन्दा उठाइरहेको अवस्थामा ०६२ वैशाख ११ गते कारकादो गाविस-१ भुजईगाउँका स्थानीय गाउँलेहरूले नियन्त्रणमा लिई कुटपिट गरेपछि उनको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

बैजापुर गाविस-४ नयाँबस्ती गाउँमा ०६१ माघ १६ गते बिहान माओवादीद्वारा राखिएको ग्रिनेट विस्फोट हुँदा १५ वर्षीय मानबहादुर खड्का घाइते भए। घाइतेको उपचार भेरी अञ्चल अस्पतालमा भएको थियो।

नेपालगञ्ज सुर्खेतरोडस्थित नेपाल औद्योगिक विकास निगममा ०६१ माघ २९ गते दिउँसो माओवादीले बम विस्फोट गराउँदा कार्यालय प्रमुख दिनेश बिष्ट, खरिदार राजेश मिश्र र परिचर घनश्याम थापा घाइते भए। घाइतेहरूको उपचार नेपालगञ्ज मेडिकल कलेजमा भयो।

नेपालगञ्जस्थित वाणिज्य कार्यालयमा ०६१ फागुन २ गते दिउँसो माओवादीले प्रहार गरेको सकेट बम विस्फोट हुँदा उक्त कार्यालयका कर्मचारी लक्ष्मण शाही, कल्पना दलाल, झपीन्द्र शाही र उत्तम शर्मा सामान्य घाइते भए।

नेपालगञ्ज नपा-५ गणेशपुरमा पार्किङ्ग गरिएको एक बसमा ०६१ फागुन ८ गते साँझ माओवादीले बम विस्फोट गराउँदा उक्त बसका कर्मचारी रझेना गाविस-४ का १६ वर्षीय प्रेम पौडेल र सोही स्थानमा डेरा गरी बस्ने सोडारी गाविस-६ कैलालीकी २७ वर्षीय गोमा बोहरा घाइते भए।

नेपालगञ्ज नपा सुर्खेतरोडस्थित नेपालगञ्ज शिक्षण अस्पताल अगाडि ०६१ फागुन ९ गते माओवादीले बम विस्फोट गराउँदा भेरी प्राविधिक शिक्षालयमा कार्यरत २८ वर्षीय भाष्कर रेग्मी, ३० वर्षीय प्रकाश निरौला र सिँचाई कार्यालयका कर्मचारी ३५ वर्षीय रवीन्द्र निरौला घाइते भए। घाइतेहरूको उपचार नेपालगञ्ज शिक्षण अस्पतालमा भएको थियो।

नेपालगञ्जस्थित विद्युत प्राधिकरण कार्यालयमा ०६१ फागुन २५ गते साँझ माओवादीले बम विस्फोट गराउँदा नेपालगञ्ज नपा बाके गाउँका ३५ वर्षीय अच्युत पराजुली, पुरैनी गाविस-२ का ३० वर्षीय पञ्चमा गोडिया, बेलभार गाविसका ३५ वर्षीय बाबु कहार र बनकटुवाका २१ वर्षीय राजु सिंह घाइते भए। घाइतेहरूको उपचार भेरी अञ्चल अस्पतालमा गरियो।

नेपालगञ्जको त्रिवेणी चोकमा ०६१ चैत २४ गते माओवादीले गराएको बम विस्फोटमा परी जिल्ला प्रहरी कार्यालय बाँकेका सहायक प्रहरी निरीक्षक मीनबहादुर केसी तथा जवानहरू महेन्द्र थापा, शमशेर थापा, चक्रबहादुर खत्री र सर्वसाधारणतर्फ नेपालगञ्ज नपा-५ का ६० वर्षीय भुरे सलमानी, विक्रम मानन्धर, मुकारक राही, पप्पु तमोली, रवि गुप्ता, इन्द्रिस राही, अब्दुल रहीम, नेपालगञ्ज नपा-४ का सञ्जय कौशल, नन्द किशोर, गोविन्द गुप्त, नेपालगञ्ज नपा-२ का श्रीदेवी श्रेष्ठ, नेपालगञ्ज नपा-३ का सलाम सिद्धीकी, पुरैना गाविस-१ का मुस्तकिम रहीम र परसपुर गाविस-९ का आदेश सोनीसहित २५ जना घाइते भए।

नेपालगञ्ज विद्युत प्राधिकरणमा ०६१ चैत ३१ गते

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	४	५			५	९	१०	२		१२	६	७			७
घाइते	२		१	१	२	१२	६६		२३	८९	४	२९	२	२२	५३
गिरफ्तारी यातना											४५	८९	१०		९९
बेपत्ता											२	२			२
कुटपिट											२	३			३
धम्की	१	१			१						१	१			१
भेला संगठन हुने अधिकार											१४	६७	२	५६	१२५
महिलाअधिकार	१		२		२										
बालअधिकार	१		१		१										
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	१	२			२										
अपहरण	१	१			१	२७	३५	८		४३					
जम्मा	११	९	४	१	१४	४८	१११	१०	२३	१४४	७४	१९८	१४	७८	२९०

माओवादीले कुकर वम विस्फोट गराउँदा कार्यालयका इन्जिनियर बैतडी घर भएका ३७ वर्षीय जंगबहादुर चन्द सामान्य घाइते भए। साथै विस्फोटबाट विद्युत प्राधिकरणको गेष्टरुम क्षतिग्रस्त भयो।

नेपालगञ्ज नपा-१२ मा रहेको मालपोत कार्यालय परिसरभित्र ०६२ वैशाख ७ गते माओवादीले गराएको वम विस्फोटबाट राधापुर गाविस-२ का किशोर थापा, चिसापानीका कमल थापा, फुल्टेकाका शंकर विसी, बुलबुलियाका १७ वर्षीय संजयकुमार चौधरी, वागेश्वरी गाउँका प्रकाशसिंह सिजापति, घरवारी टोलका जमबहादुर सुनार, नेपालगञ्ज नपा-१७ का गणेश सिंह, नेपालगञ्ज नपा-२ का श्यामकुमार श्रेष्ठ, नेपालगञ्ज नपा-८ निवासी अधिवक्ता जगत सेन, भवानीपुरका लालप्रकाश धोवी, पुरैनी गाविस-३ का कलवा कुर्मी, चन्द्रीप्रकाश गुप्ता, नेपालगञ्ज नपा-६ का रामचन्द्र जयसवाल, काँरकादोका हिरालाल सापकोटा, पत्रकार गोपी बुढा, नेपालगञ्ज नपा-१२ बाँकेगाउँका प्रकाशजंग सिजापति र धम्बोजीका राजेशप्रताप सिंह घाइते भए भने सोही स्थानमा राखिएको अर्को बम सेनाको टोलीले डिस्पोज गऱ्यो।

नेपालगञ्ज कोहलपुर राजमार्गको पार्वतीपुरमा ०६२ असार २३ गते बिहान माओवादीले सुरक्षाकर्मीको गाडीलाई लक्षित गरी बम विस्फोट गराँउदा सशस्त्र प्रहरी बल त्रिपुरागण कोहलपुरमा कार्यरत सुरक्षाकर्मीहरू दोलबहादुर नेपाली, कृष्ण थापा, प्रेम विक, प्रेम शाही, झविन्द्र शाही, खन बिष्ट, तीर्थराज जैरी, राजकुमार गुरुङ्ग, रेशमबहादुर शाही, धर्मबहादुर राई र सर्वसाधारण १० वर्षीय सेती रलवार, ६० वर्षीय शान्ति न्यौपाने घाइते भए। घाइतेहरूको उपचार नेपालगञ्ज मेडिकल कलेजमा भएको थियो।

नेपालगञ्ज मेडिकल कलेज अगाडि ०६२ असार १४ गते साँझ माओवादीले शाही नेपाली सेनाको गाडीलाई लक्षित गरी दुईओटा सकेट बम प्रहार गर्दा बम बिजुलीको खम्बामा ठोक्किन गई विस्फोट भए पश्चात् जैतन पठान, खलोल मुसलमान, भगवानदीन चौधरी, रसुल अहमद, निशान खाँ, गोपाल चौधरी, रदिन कबडिया, निजामुदिन पठान, शोभा वानु, खलील अहमद, जानमती कश्यपलगायत् १५ सर्वसाधारण घाइते भए। घाइतेको उपचार नेपालगञ्ज नर्सिङ्ग होममा भएको थियो।

नेपालगञ्जस्थित २ नं. नापी गोश्वार कार्यलयमा ०६२ असार २३ गते बिहान माओवादीले बम विस्फोट गराउँदा सोही कार्यालयका पियन जीतबहादुर घर्ती र ३३ वर्षीय पत्नी निर्मला घर्ती सामान्य घाइते भए।

अन्यबाट

कोहलपुर गाविस-९ झण्डहवाकी ३५ वर्षीय शान्ति यादव घर नजिकैको जङ्गलमा ०६१ चैत १२ गते दिउँसो बेवारिसे बम विस्फोट हुँदा घाइते भइन्। पीडितको भेरी अञ्चल अस्पतालमा उपचार भयो।

सुरक्षाकर्मीद्वारा मारिएका सर्वसाधारण अर्जुन विष्ट

उढारपपुर गाविस-७ की ७ वर्षीय दिनेश मगन्ता ०६२ पुस १६ गते दिउँसो उढापुरस्थित पुरानो एयरर्पोट क्षेत्रमा खेल्न गएको बेला बेवारिसे बम खेलाउँदा विस्फोटमा परी घाइते भए। उनको उपचार भेरी अञ्चल अस्पतालमा भएको थियो।

जेल र बन्दीहरू

जेलको बन्दी क्षमता पुरुषतर्फ एकसय ५० र महिलातर्फ ५० रहेको छ। जेलमा पुरुषतर्फ दुईसय ३० जना र महिलातर्फ २३ जना गरी जम्मा दुईसय ५३ जना थुनुवा कैदी रहेका छन्। साथै जेलमा कैदीतर्फ पुरुष एकसय ४० र महिला १३, थुनुवातर्फ ९० पुरुष र १० जना महिला रहेका छन्। जेलमा आश्रित (काखका बच्चा) नावालक चारजना रहेका छन्। जसमा दुईजना बालक र दुईजना बालिका रहेका छन्। जेलमा रहेको थुनुवाहरूमध्ये माओवादीको आरोपमा गिरफ्तार भई नजरबन्दमा आठजना पुरुष र दुईजना महिला रहेका छन् भने, आतंककारी तथा विध्वंसात्मक अपराधतर्फ २४ जना पुरुष र तीनजना महिला रहेका छन्।

बाहिरी जिल्लाका जेलमा बिरामी भएका थुनुवा कैदी र जेलभित्र वदमासी गर्ने थुनुवा कैदीलाई बाँके कारागारमा सरूवा गर्ने हुनाले यस जेलमा ०६१ साउनदेखि बन्दी क्षमता भन्दा बढी बन्दी भएको जेलरले बताउनु भयो। बन्दी क्षमता बढी भएको कारण गर्मी महिनामा सुत्ने समस्या, ट्वाइलेट, खानेपानी र खाजा पकाउने ठाउँको समस्याहरू जेलमा रहेको छ।

जेलभित्र आफ्नै लगानीमा ३० जना बन्दीहरूले ढाका टोपीको तान राखेका छन् भने एकजना बन्दीले लुगा बुन्ने तान (उनीको सल) बनाउने काम भइरहेका छन्। जेलमा वर्षमा दुईपटक कार्तिक र चैतमा लगाउने कपडा वितरण गरिन्छ भने दुई वर्षमा एकपटक ओढ्ने, ओछ्याउने दिने

माओवादीद्वारा हत्या गरिएका जिल्ला अनुगमन समिति संयोजक विजयराज सिंह

गरिन्छ। जेलमा पुस्तकालयको व्यवस्था पनि छ। पत्रपत्रिका केही कार्यालयबाट किनेर पढ्न दिइन्छ भने केहीले किनेर पढ्ने गरेका छन्। फोनको सुविधा पनि यस जेलमा रहेको छ। हप्तामा एकपटक फोन गर्न दिइने जेलरले बताउनु भयो।

बेपत्ता / अपहरण

राज्यबाट

रनियापुर गाविस-१ बालीपुरका १९ वर्षीय रामबहादुर चौधरी भनिने करम चौधरी अध्ययनको सिलसिलामा बाँकेको बकसपुर गाउँमा आफ्नो साथीको घरमा बसिरहेको अवस्थामा ०६१ फागुन १८ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। उनी हालसम्म बेपत्ता छन्। चौधरीको मुद्दा पुनरावेदन अदालत नेपालगञ्जबाट खारेज भई हाल सर्वोच्च अदालतमा विचाराधीन छ।

फत्तेपुर गाविस-८ मोहनपुरकी सिद्धेश्वर मावि कक्षा ८ मा अध्ययनरत १७ वर्षीय बविता केसरालाई माओवादीको आशंकामा ०६२ वैशाख १९ गते प्रहरीले नेपालगञ्ज बजारबाट गिरफ्तार गरे। पीडितको अवस्था हाल अज्ञात छ।

माओवादीबाट

जिल्ला वन कार्यालय लखना रेन्जपोष्टमा कार्यरत रेञ्जर भरत थापा र वन कार्यालयका सहायक मानबहादुर घलेलाई ०६१ पुस २० गते कोहलपुर गाविस-९ स्थित उपा हरियाली सामुदायिक वन उपभोक्ता समूहको वैठकको सिलसिलामा जाँदै गर्दा माओवादीले अपहरण गरे। हाल दुवै मुक्त भैसकेका छन्।

नरैनापुर गाविस-३ का ५० वर्षीय सागर अलीलाई माओवादीले ०६१ पुस २३ गते अपहरण गरे। पीडित हाल माओवादी कब्जामा रहेका छन्।

रझेना गाविस-३ स्वतन्त्रनगरका १५ वर्षीय कृष्ण रेग्मी जैसी, १७ वर्षीय दिवाकर चौधरी र रामलौटन चौधरी, रझेना गाविस-२ का १५ वर्षीय कैलाश चौधरीलाई ०६१ पुस २४ गते माओवादीले अपहरण गरे। पीडितहरू हाल मुक्त भैसकेका छन्।

श्री कुश्मेश्वर मावि कुसुममा कक्षा १० मा अध्ययनरत खासकुश्मा गाविस-४ सिक्टा गाउँ बस्ने १५ वर्षीय धनकुमारी डाँगीलाई ०६१ फागुन २७ गते माओवादीले राति अपहरण गरे। पीडित हालसम्म माओवादी कब्जामा रहेकी छन्।

खासकुश्मा गाविस-६ की १९ वर्षीय वेतकुमारी कार्की र १९ वर्षीय रममाली घर्तीलाई ०६१ चैत १५ गते माओवादीले केही सोध्नु छ भनी घरबाटै अपहरण गरी जेठ २३ गते मुक्त गरे।

बाजुरा जिल्ला रूगिल गाविस-१ घर भएका १९ वर्षीय सिंहबहादुर मल्ललाई ०६२ वैशाख १ गते नेपालगञ्ज प्रहरी तालिम केन्द्रमा तालिमको सिलसिलामा रहेका बेला तालिम केन्द्रबाट चारघण्टाको लागि विदा लिई कोहलपुर आफन्तकोमा जाँदै गर्दा माओवादीले अपहरण गरे। पीडित माओवादी कब्जाबाट उम्कन सफल भई नेपालञ्जमा रहेका छन्।

खासकुश्मा गाविस-५ भम्का घर भई कुश्मेश्वर मावि वैरियामा कक्षा ८ मा अध्ययनरत १५ वर्षीय गंगा के.सी र गायत्री के.सीलाई ०६२ वैशाख १८ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितहरू सोही दिन माओवादी कब्जाबाट भागेर घर आए।

कम्दी गाविस-९ डलैपुरवाका ३६ वर्षीय खड्क चन्दलाई ०६२ वैशाख १८ गते विहान पाँचजनाको संख्यामा आएका माओवादीले घर नजिकै रहेको ज्ञानदीप माविबाट मिटिङ्गमा जानु पर्‍यो भनेर अपहरण गरे। पीडित हाल मुक्त भैसकेका छन्।

बेतहनी गाविस-१ निवासी भुतपूर्व प्रहरी सहायक निरीक्षक कालिकाप्रसाद बर्मालाई ०६२ जेठ १५ गते माओवादीले घरबाटै अपहरण गरी साउन २३ गते फत्तेपुरबाट मुक्त गरे।

जिल्ला भूमिसुधार कार्यालय नेपालगञ्जमा खरिदार पदमा कार्यरत होलिया गाविस-८ खेडैश्चाका परशुराम शुक्लालाई ०६२ साउन ४ गते नेपालगञ्जबाट आफ्नो घर गइरहेको बेला बेतहनीबाट माओवादीले अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

बिनौना गाविस-८ धाँचरफर्काका ३९ वर्षीय कुरकेट थारू, ३५ वर्षीय सुकरानी थारू, ३० वर्षीय जुगरानी थारू, बैजापुर गाविस-१ भगवनीपुरका राजाराम थारूलाई ०६२ साउन ८ गते माओवादीले अपहरण गरे। पीडितहरूमध्ये जुगरानी, सुकरानी र कुरकट थारूलाई माओवादीले

भोलिपल्ट मुक्त गरे भने राजाराम थारूलाई साउन १६ गते १८ हजार धरौटीमा मुक्त गरे।

कचनापुर गाविसको मघुस्थित उच्च माविका प्राचार्य ३८ वर्षीय रुद्रबहादुर डाँगीलाई माओवादीले ०६२ साउन १४ गते श्रोत केन्द्र चलाएको आरोपमा अपहरण गरी साउन १८ गते मुक्त गरे।

नौवस्ता गाविस-९ तिलकमुरका २२ वर्षीय पृथ्वीपाल थारू, ३५ वर्षीय सोलारी थारू र २० वर्षीय ईश्वर थारूले माओवादीको नाउँमा लुटपाट गरेको आरोपमा ०६२ साउन १८ गते माओवादीले उनीहरूलाई रझेना गाविसबाट अपहरण गरे। हाल पीडितहरू मुक्त भइसकेका छन्।

नौबस्ता गाविस-९ तिलरपुरका २२ वर्षीय पृथ्वीपाल थारू, ३५ वर्षीय सोलारी थारू, २० वर्षीय ईश्वर थारूलाई ०६२ साउन १८ गते माओवादीले रझेना गाविस विरामपुर भन्ने स्थानबाट अपहरण गरे। पीडितहरू मुक्त भइसकेका छन्।

वैजापुर गाविस-६ का १८ वर्षीय मोहन बस्नेतलाई बलात्कार गरेको आरोपमा ०६२ साउन १८ गते माआवादीले उनलाई घरबाटै अपहरण गरे। उनी हाल माओवादी श्रमशिविरमा छन्।

कोहलपुर गाविस-२ स्थित त्रिभुवन माविका प्रधानाध्यापक बलराम यादव र शिक्षक हेमकुमार रावतलाई माओवादीले सोधपुछ गर्नु छ भन्दै ०६२ साउन १९ गते साँझ अपहरण गरी सोही दिन राति मुक्त गरे।

कुटकुइयाँ गाविस-५ का रसिक खाँलाई ०६२ साउन २६ गते माओवादीले घरबाटै अपहरण गरी केही समयपछि मुक्त गरे।

गंगापुर गाविस-७ कोहलाका ४९ वर्षीय रामसिंह खत्रीलाई ०६२ भदौ १० गते माओवादीले गंगापुर गाविस-७ बाट अपहरण गरी भदौ १७ गते तारेखमा मुक्त गरे।

पुरैना गाविस-८ का १६ वर्षीय कलामुद्दीन खाँलाई ०६२ भदौ २२ गते गाउँलेले घरायसी झगडाको कारण माओवादीमा बुझाएकोमा उनलाई माओवादीले भदौ २६ गते मानवअधिकारकर्मीको रोहवरमा बेतहनीवाट मुक्त गरे।

भवानीपुर गाविस-८ उढउपुरवाका ललन लोनीयालाई ०६२ असोज ६ गते माओवादीले घरबाटै अपहरण गरे। हाल उनी मुक्त भइसकेका छन्।

बिनौना गाविस-४ चिलहीयाका नवीन बुढामगर र प्रतीक्षा बुढामगरलाई ०६२ असोज १० गते माओवादीले अपहरण गरी श्रमशिविरमा राखे। पीडितहरू हाल माओवादीको श्रमशिविरबाट भागेर नेपालगञ्ज आइपुगेका छन्।

फत्तेपुर गाविस-७ पहाडीपुरका ३५ वर्षीय रमेश जयसवाल र २० वर्षीय पधु जयसवाललाई ०६२ असोज १६ गते माओवादीले घरबाटै अपहरण गरे। हाल दुवै मुक्त भैसकेका छन्।

बेतहनी गाविस-४ का ४० वर्षीय कामनाप्रसाद यादवलाई पैसा हिनामिना गरेको आरोपमा ०६२ कार्तिक १० गते घरबाटै माओवादीले अपहरण गरी केही दिनपछि मुक्त गरे।

बासुदेवपुर गाविस-१ का ३३ वर्षीय नसिर खाँलाई ०६२ कार्तिक ११ गते माओवादीले केही काम छ भन्दै घरबाटै अपहरण गरे। पीडितलाई माओवादीले अहिले मुक्त गरिसकेका छन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

नेपालगञ्जबाट कोहलपुरतर्फ गइरहेको दुई माईक्रोबसका चालकमाथि ०६२ पुस ७ गते बिहान सशस्त्र प्रहरीले हातपात गरे। भे. १ ख. ७९७ का चालक ईश्वर पोखरेल र ना २ ख ५६१७ का दीपक शाहीलाई राँझा चेकपोष्टका सुरक्षाकर्मीले गाडी स्पिडमा चलाई धुलो उडाएको भन्दै कुटपिट गरेका थिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकाँका महामन्त्री सुशील कोइरालालाई ०६१ माघ २० गते सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखे। कोइराला पुनरावेदन अदालतको आदेशमा ०६२ जेठ १२ गते रिहा भए।

नेपालगञ्जस्थित बीबीसीका संवाददाता नेत्र केसीलाई शाही सम्बोधनको विरुद्धमा समाचार सम्प्रेषण गरेको आरोपमा ०६१ माघ २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

महेन्द्र बहुमुखी क्याम्पस स्वतन्त्र विद्यार्थी युनियनका सचिव २८ वर्षीय खगेन्द्र खनाललाई ०६१ फागुन ४ गते नेपालगञ्ज सुर्खेतरोडस्थित नर्सिङ्गहोमबाट सुरक्षाकर्मीले

माओवादीद्वारा मालपोत कार्यालयमा गराइएको बम विस्फोटमा परी घाइते भएका प्रकाश सिंह सिजापति

गिरफ्तार गरे। उनलाई शाही घोषणा र राजा विरोधी पर्चा छरेको आरोपमा गिरफ्तार गरी कारागार चलान गरिएको थियो। उनलाई जिल्ला अदालत बाँकेको आदेशमा वैशाख ५ गते रिहा गरियो।

शाही घोषणाको विरोधमा आन्दोलन गरेको भन्दै नेकाँ वडा नं १३ र नेपालगञ्ज वडा समितिको सभापति ५६ वर्षीय अरुण कोइरालालाई ०६१ फागुन ९ गते साँझ सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी कारागार चलान गरे। कोइराला पुनरावेदन अदालत नेपालगञ्जको आदेशमा रिहा भए।

शाही घोषणाको विरुद्धमा अभिव्यक्ति दिएको अभियोगमा राष्ट्रिय सभाका सांसद तिलक न्यौपाने र नेकाँ मध्यपश्चिम क्षेत्रीय सचिव शिवप्रसाद पाण्डेलाई ०६१ फागुन २६ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे। दुवै रिहा भैसकेका छन्।

शाही घोषणाको विरुद्ध विरोध प्रर्दशन गर्नेक्रममा नेकाँ, नेकपा एमाले, नेकाँ (प्रजातान्त्रिक), जनमोर्चा नेपाल र नेपाल सदभावना पार्टी (आनन्दीदेवी का नेता कार्यकर्ताहरूलाइ ०६१ चैत १ गते सुरक्षाकर्मीले नेपालगञ्जबाट गिरफ्तार गरे। त्यसरी गिरफ्तार पर्नेहरूमा नेकाँ क्षेत्र नं. १ का सभापति नारायणप्रसाद गौडेल, महिला प्रतिनिधि धनकुमारी खत्री, नेपाल तरुण दल कोहलपुरका अध्यक्ष यदुराज बराल, रफ्नेनाका क्षेत्रीय प्रतिनिधि पदमराज पराजुली, कोहलपुरका शिवराज गिरी, नेपालगञ्ज नपा-१६ की तीला परियार, नेपालगञ्ज नपा- १ की सीता काफ्ले, नेपालगञ्ज नपा-१४ का सभापति शिवप्रसाद पाण्डे, नेविसंघ हुम्लाका अध्यक्ष मोहनविक्रम सिंह, प्युठानका छन्द जिएम, तीर्थराज गौतम, नेकपा (एमाले) निकट अनेरास्ववियुका नैनी रोकाय, चक्रबहादुर के.सी, सन्तवीर सुनार रहेका छन्। यसैगरी प्रदर्शनका क्रममा गिरफ्तार गरिएका नेकाँका शिवराज जोशी, अरुण कोइराला, तीलकप्रसाद न्यौपाने, सुरेन्द्र सापकोटा, दीलबहादुर बानिया, धनश्याम शर्मा, गोविन्द शर्मा, शिवप्रसाद पाण्डे, नारायणप्रसाद गौडेल, यदुराज शर्मा, छन्द जिएमलाई ०६१ चैत १ गते ९० दिनको पुर्जी थमाएर कारागार चलान गरियो। ०६१ चैत १८ गते जिल्ला प्रशासन कार्यालयको आदेशमा गोविन्द शर्मा, दिलबहादुर बानिया, घनश्याम शर्मा, यदुराज बाग्ले, शिवप्रसाद पाण्डे, सुरेन्द्र सापकोटा, खिमप्रसाद दहाल, छन्द जिएम तथा मोहन हमाल रिहा भए। अन्य बाँकी सबै पुनरावेदन अदालतको आदेशमा रिहा भए।



माओवादीद्वारा मालपोत कार्यालयमा गराइएको बम विस्फोटमा परी घाइते भएका कलुवा कुर्मी

शाही घोषणाको विरुद्ध विरोध प्रदर्शन गर्ने क्रममा सुरक्षाकर्मीले नेपालगञ्ज त्रिवेणी मोडबाट ०६१ चैत ८ गते नेकाँका कार्यकर्ता सुरेन्द्र सापकोटा, रफिक बागवान, तीला परियार, सीता काफ्ले, साबिर अली जसगढ, बेलमता तमोली तथा नेकपा (एमाले) का कार्यकर्ता देवप्रसाद बुढामगर, दिनेश बर्मा, सोहरत खाँ, झकबहादुर पौडेल, माधव शाही, सर्वहारी खत्री, मनकुमारी चन्द, चन्द्रप्रकाश पौडेल, प्रेमबहादुर खत्री, राजु हलवाई, गोविन्द शर्मा, दीपा शर्मा र घनश्याम अधिकारीलाई गिरफ्तार गरी सोही दिन सबैलाई रिहा गरियो।

नेकाँद्वारा बाँके प्रशासन कार्यालयमा ०६१ चैत १५ गते आयोजित धर्ना कार्यक्रम तथा प्रर्दशनको क्रममा धर्नामा बसेका नेता कार्यकर्ताहरू अकिमन बागवान, इस्लामा बागवान, गुन्जा पठानीन, आयशा बेहना, एमाशु मिया, जागतुल्ला पठानीन, बेलमता तमौली, शाबिरअलि जसगढ, खिमप्रसाद दहाललाई प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

आन्दोलनरत सात पार्टीहरूले जनअन्दोलन दिवसको अवसर पारेर ०६१ चैत २६ गते नेपालगञ्जमा निकालेको विरोध जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी नेकपा (एमाले) का जिल्ला सचिव देवराज भारलगायत् ४७ जनालाई गिरफ्तार गरे। अन्यलाई सोही दिन रिहा गरिएको थियो भने राम थापा र भारलाई फुल्टेक्रास्थित प्रहरी कार्यालयमा राखिएको थियो। दुवैजना पुनरावेदन अदालत नेपालगञ्जको आदेशमा रिहा भए।

प्रतिगमन विरुद्ध जुलुश प्रदर्शन गर्ने विभिन्न चार दलका १० जना कार्यकर्ताहरूलाई ०६२ वैशाख ९ गते सुरक्षाकर्मीले नेपालगञ्जको बीपी चोकबाट गिरफ्तार गरे। गिरफ्तार हुनेहरूमा महेन्द्र बहुमुखी क्याम्पसका विद्यार्थी नेता पुष्प अधिकारी, नेविसंघ प्युठानका सभापति जेन्टिल गौतम, नेविसंघ रुकुमका सभापति खड्कबहादुर डाँगी , हुम्लाका पूर्व सभापति मोहनबहादुर सिंह, साबिरअली जसगढ, एमालेका रामु थापा, कर्णबहादुर खत्री, डिल्लीप्रसाद आचार्य, शुकबहादुर पौडेल र प्रदीप वैश्य रहेका थिए। जसमध्ये प्रदीप वैश्य, कर्णबहादुर खत्री , साबिरअली जसगढ, डिल्लीप्रसाद आचार्य, शुखबहादुर पौडेल सोही दिन रिहा भए भने अन्य बाँकीलाई भोलिपल्ट रिहा गरिएको थियो।

शाही घोषणा विरुद्ध संयुक्त संघर्षमा उत्रिएका सात राजनीतिक पार्टीले विरोध प्रर्दशन गर्ने क्रममा राजतन्त्र विरोधी चर्को नारा लगाएको आरोपमा ०६२ जेठ ३ गते सुरक्षाकर्मीले नेपालगञ्जबाट नेविसंघ बाँकेका अध्यक्ष टेकनारायण भुपाल, प्युठान जिल्ला अध्यक्ष जेन्टिल गौतमलाई गिरफ्तार गरी दुई घण्टापश्चात् रिहा गरे।

जनमोर्चा निकट विद्यार्थी संगठन अनेरास्ववियु (एकीकृत) का केन्द्रीय सदस्य कृष्णराज पाण्डेलाई ०६२ जेठ १३ गते प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

नेपालगञ्जस्थित पुष्पलाल चोकबाट नेकाँका प्रवक्ता तथा केन्द्रीय सदस्य अर्जुननरसिंह केसीसहित पार्टीका छजना नेता तथा कार्यकर्ताहरूलाई ०६२ असार ६ गते प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे। गिरफ्तार हुनेहरूमा नेकाँ बाँकेका कार्यवाहक सभापति बादशाह कुर्मी, केन्द्रीय सल्लाकार डा. अरुण कोइराला, पूर्व सासंद कैलाशनाथ गुप्ता, तरुणदलका महासचिव हुर्मत न्यौपाने, नेकाँ बाँके क्षेत्र नं. १ का सभापति नारायणप्रसाद गौडेल रहेका थिए।

माओवादीद्वारा मालपोत कार्यालयमा गराइएको बम विस्फोटमा परी घाइते भएका सञ्जयकुमार चौधरी

आठ विद्यार्थी संगठनद्वारा नेपालगञ्ज महेन्द्र बहुमखी क्याम्पसमा ०६२ साउन २१ गते विरोध प्रर्दशन गर्ने क्रममा बिद्यार्थी र प्रहरीबीच ढुङ्गा हानाहान हुँदा अछाम घर भएका अनेरास्ववियुका जिल्ला सहसचिव २३ वर्षीय गिरेन्द्र बोगटी, सदस्य सविन्द्र शाह र पदम चौलागाई घाइते भए। त्यसैगरी जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी हवल्दार श्यामकुमारी पाइप्पामगर पनि घाइते भइन्। घाइते विद्यार्थीहरूको उपचार नेपालगञ्ज नर्सिङ्ग होममा भएको थियो।

पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धिको विरोधमा महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जका आठ विद्यार्थी संगठनले ०६२ भदौ ११ गते दिउँसो निकालेको मशाल जुलुश प्रर्दशनको क्रममा प्रहरीले हस्तक्षेप गरी खगेन्द्र खनाल, कृष्ण पाण्डे र खडक शाहीलाई गिरफ्तार गरी वडा प्रहरी कार्यलयमा राखी सोही दिन साँझ रिहा गरे।

नेपालगञ्ज नपा क्षेत्रमा ०६२ असोज ११ गते सात राजनीतिक पार्टीद्वारा निकालिएको विरोध जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गर्दा एमाले नेता देवराज भारलगायत नौ जना कार्यकर्ता घाइते भए।

०६२ मंसिर २९ गते नगरकोटमा भएको हत्याको विरोधमा ०६२ पुस १ गते नेपालगञ्जमा भएको प्रर्दशनमाथि सुरक्षाकर्मीले हस्तक्षेप गर्दा भएको दोहोरो झडपमा प्रर्दशनकारीतर्फ चार र सुरक्षाकर्मीतर्फ सातजना घाइते भए भने आठजनालाई सुरक्षाकर्मीले गिरफ्तार गरी केही समयपछि रिहा गरे। नगरकोट घटनाको विरोध र निरंकुश राजतन्त्रको विरोधमा नेपालगञ्जस्थित महेन्द्र बहुमुखी क्याम्पस अगाडिको सडकमा टायर बाल्दै नाराबाजी गरिरहेका विद्यार्थीमाथि सुरक्षाकर्मीले एक्कासी हस्तक्षेप गरेपछि लामो समयसम्म दोहोरो झडप भएको थियो। सुरक्षाकर्मीले केही प्रर्दशनकारी विद्यार्थीलाई नियन्त्रणमा लिईसकेपछि निर्ममतापूर्वक कुटपिट गरेका थिए। सोही क्रममा सुरक्षाकर्मीको लाठीबाट विद्यार्थी नेताहरू पदम वीसी, पुष्प शर्मा र खगेन्द्र खनाल घाइते भएका थिए। घाइतेहरूको भेरी अञ्चल अस्पतालमा उपचार भएको थियो। यसैबीच दोहोरो भिडन्तको क्रममा सुरक्षाकर्मीले महेन्द्र बहुमुखी क्याम्पसका स्ववियु सभापति रत्न खत्री, उपसभापति प्रशान्त बिष्ट तथा विद्यार्थी नेताहरू हस्त खडका, तपेन्द्र शाही, काशीराम शर्मा, दिनेश केसी र तपेन्द्र शाहीलाई गिरफ्तार गरी केही समयपछि छाडेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष पुनरावेदन अदालतमा देवानीतर्फ एकसय ५३ मुद्दा दर्ता भए भने ४१ ओटा फर्स्योट भए। फौजदारीतर्फ ९० मुद्दामा १४ ओटा फर्स्योट भए। दुई वर्ष नाघेका देवानी मुद्दा छओटा रहेका छन्। यर्ष वर्ष बन्दीप्रत्यक्षिकरण ६२ ओटा मुद्दा दर्ता भए भने ५८ फर्स्योट भए। यस अदालतमा रहेका कूल एकहजार ७६ मध्ये एकसय ४८ फर्स्योट भई नौसय २४ ओटा बाँकी रहे।

जिल्ला अदालतमा यस वर्ष देवानीतर्फ तीनसय ८२ मुद्दा दर्ता भए। गत वर्षको पाँचसय ५१ समेत गरी नौसय ३३ मुद्दामध्ये दुईसय ९५ फर्स्योट भई छसय ३८ बाँकी रहे। फौजदारीतर्फ यस वर्ष दर्ता भएका दुईसय ३७ मुद्दा र गत वर्षको जिम्मेवारी सरेर आएका दुईसय ६३ गरी पाँच सयमध्ये एकसय ६३ फर्स्योट भई तीनसय ३७ बाँकी रहे। दुईवर्ष नाघेको देवानी २७ र फौजदारी सात गरी ३४ मुद्दा छन्। जिल्ला अदालतमा रहेका कूल एकहजार चारसय ३३ मध्ये चारसय ५७ मुद्दा फर्स्योट भई नौसय ७४ मुद्दा फर्स्योट गर्न बाँकी रहेका छन्।

यस वर्ष सरकारी वकिलको कार्यालयमा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशअन्तर्गत सातओटा मुद्दा दर्ता भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

नेपालगञ्ज जिल्ला अदालतमा पार्किङ्ग गरी राखेको भे.१ भ्र १४७ नं.को सेतो प्लेटको जीपमा ०६१ पुस १७ गते साँझ माओवादीले आगो लगाए।

राप्ती सेवा संघ दाङ्गद्वारा सञ्चालित रा. १ च २८४ नं. को एम्बुलेन्समा ०६१ फागुन १ गते साँझ माओवादीले आगो लगाइदिए। चारजना यात्रु लिएर नेपालगञ्जबाट दाङ्गतर्फ गइरहेको बेला कोहलपुर-लमही सडकखण्डको पूर्व चप्परगौडीको प्रगतिनगरमा रोकी आगो लगाएका थिए।

नेपाल टेलिभिजन क्षेत्रीय प्रसारण केन्द्र कोहलपुरमा ०६१ फागुन १३ गते राति माओवादीले लुटपाट गरे। कार्यालय प्रमुखका अनुसार कार्यालय परिशरभित्र ४० जनाको संख्यामा आएका माओवादीले टेलिफोन लाइन काटेर एउटा भीएचएफसहित सातओटा भिडियो क्यामरा, एक मोटरसाइकल, एकमोवाइल सेट, दुईसाइकल र केही मोनिटर लुटेर लग्नुका साथै प्रशासनिक फाँट, ग्राफिक्स रूम र कन्ट्रोल रुममा माओवादी आगजनी गरेका थिए।

नेपाल विद्युत प्राधिकरण वितरण केन्द्र नेपालगञ्जको करिब छलाख रकमको साथै बैंक अफ काठमाडौंको बा. ३ च. ६७३७ नम्बरको टाटा सुमो गाडी नेपालगञ्जबाट ०६२ असार ५ गते माओवादीले लुटेर लगे। सो गाडी सेनाले सर्चको क्रममा बर्दियाको सोरहवामा फेलापारी फिर्ता गरायो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

कोहलपुर गाविस-४ चपरगौडीका फलफूल व्यापारी २२ वर्षीय जीवन बास्तोला र १८ वर्षीय नारायण बास्तोलालाई माओवादीको आरोपमा ०६१ पुस १९ गते

माओवादीद्वारा अपहरण गरिएका खडक चन्द र प्रहरी जवान सिंहबहादुर मल्ल

सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

नेपालगञ्जस्थित सुस्मा कोइराला मेमोरियल ट्रष्ट सी.एम.ए. क्याम्पसका प्रमुख मैकुलाल वाल्मीकिलाई माओवादीसँग संलग्नता रहेको आरोपमा सादा पोशाकका सुरक्षाकर्मीले ०६१ पुस २० गते गिरफ्तार गरी सामान्य सोधपुछपछि २२ गते मध्यपश्चिम पृतनाबाट रिहा गरे।

रनियापुर गाविस-३ घर भएका पूर्व गाविस अध्यक्ष जमिल अहमद खाँलाई माओवादीको आशंकामा ०६१ पुस २६ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल रिहा भइसकेका छन्।

शमशेरगञ्ज गाविस-८ का ३१ वर्षीय कृषक रमेश सुनारलाई ०६१ फागुन १२ गते राति सुतिरहेको अवस्थामा घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल नेपालगञ्ज कारागारमा रहेका छन्। उनको मुद्दा सर्वोच्च अदालतमा विचाराधीन अवस्थामा छ।

नेपाल समाचारपत्र तथा कर्णाली सन्देश साप्ताहिकका समाचारदाता जुम्ला जिल्लाको आँकु गाविस-१ गौतमवाँडाका ३८ वर्षीय के.वी जुम्लीलाई माओवादीको आशंकामा नेपालगञ्जबाट जुम्ला फर्कने क्रममा एयरपोर्टबाट ०६१ फागुन १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी रिहा भइसकेका छन्।

गुरुवागाउँ गाविस-२ बेलहरीका १४ वर्षीय घनश्याम हरिजनलाई माओवादीको आरोपमा ०६१ फागुन १९ गते सादा पोशाकका प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा राखेर विद्युतीय करेन्ट लगाउने, फलामको बेलनाले र बुटले कुटेर यातना दिए। उनी ०६१ फागुन २७ गते साँझ रिहा भए।

वनकटुवा गाविस-७ र ८ का सर्वसाधारण २२ वर्षीय दीपेन्द्र खडका, २३ वर्षीय बलिदान चौधरी, २३ वर्षीय कल्पे चौधरी र नाम नखुलेको एक ड्राइभरलाई माओवादीको आशंकामा ०६१ फागुन २७ गते साँझ सुरक्षाकर्मीले गिरफ्तार गरे। ड्राइभरलाई ०६१ फागुन २९ गते रिहा गरियो भने अन्य केही समयपछि रिहा भए।

उढरापुर गाविस-२ गिजराका ३२ वर्षीय मोहन थारूलाई नेपालगञ्जस्थित मालपोत कार्यालयमा मोही छुटाउन आएको समयमा ०६१ फागुन २८ गते सादा पोशाकमा आएका सुरक्षाकर्मीले कार्यालयबाटै गिरफ्तार गरी मध्यपश्चिम पृतनामा राखी चैत १० गते रिहा गरे।

बर्दिया जिल्लाको सोरहवा गाविस-२ की १७ वर्षीय विमला सापकोटा र शमशेरगञ्ज गाविस-६ का २२ वर्षीय जीतवहादुर चौधरीलाई माओवादीको आशंकामा ०६१ चैत ४ गते सुरक्षाकर्मीले खजुराको पेडारी भन्ने स्थानबाट गिरफ्तार गरी मध्यपश्चिम पृतनामा राखे। पीडितहरूलाई ०६१ चैत

११ गते कारागार चलान गरियो। चौधरी घोराही कारागारमा छन् भने सापकोटा रिहा भइसके।

नेपालगञ्जस्थित महेन्द्र बहुमुखी क्याम्पसमा अध्ययनरत भरत सिजापती र जनकविक्रम शाहलाई माओवादीको आशंकामा ०६१ चैत ५ गते प्रहरीले क्याम्पसको परीक्षा हलबाट गिरफ्तार गरी सोधपुछपश्चात् रिहा गरे।

शमशेरगञ्ज गाविस-२ अकलघरुवाकी १८ वर्षीय अमृता ठाकुरलाई माओवादीको आशंकामा ०६२ चैत ६ गते गस्तीमा गएका सुरक्षाकर्मीले टिटहरिया गाविस-४ गुरुदयालपुरबाट गिरफ्तार गरी कारागार चलान गरेकोमा सर्वोच्च अदालतको आदेशमा रिहा भइन्।

बेतहनी गाविस-४ बाबा गाउँका जनमोर्चा नेपालका कार्यकर्ता टीपराम बर्मा र दाताराम खटिकलाई माओवादीको आशंकामा ०६१ चैत ११ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी चार दिनपश्चात् रिहा गरे।

कोहलपुर गाविस-५ भरैयाका ३० वर्षीय शिवबहादुर थारू आफ्नो मिल मर्मतको लागि सामग्री खरिद गर्न ०६१ चैत २४ गते बिहान घरबाट भारततर्फ हिडेको अवस्थामा भारतीय सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरी ०६२ वैशाख १० गते रिहा गरे।

जुम्ला जिल्लाको दुवारी गाविस-१ घर भई नेपालगञ्ज गनापुर गाविस-७ पिप्रहवामा विस्थापित ५० वर्षीय खडकबहादुर शाहीलाई ०६२ वैशाख २ गते सुरक्षाकर्मीले गिरफ्तार गरेर मध्यपश्चिम पृतनामा राखी वैशाख १५ गते रिहा गरे।

बेलभार गाविस-४ बनकटुवाका २५ वर्षीय कृष्णकुमार शर्मा, सोही गाविस-२ का ५० वर्षीय हजारीप्रसाद शर्मा, वडा नं. १ का ३० वर्षीय देशराज काँधु, वडा नं. २ का ४५ वर्षीय वर्षादी कुर्मीलाई माओवादीको आरोपमा ०६२ वैशाख १४ गते प्रहरीले गिरफ्तार गरी ०६२ वैशाख १८ गते रिहा गरे।

जाजरकोट जिल्लाको दशेरा गाविस-३ का २४ वर्षीय हरिबहादुर थापालाई माओवादीको आशंकामा ०६२ वैशाख १५ गते कोहलपुर बसपार्कबाट कोहलपुर इलाका प्रहरी कार्यालयका प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

बेलहरी गाविस-८ गुरुवागाउँका ३२ वर्षीय कृषक आशाराम कुर्मी र बेलहरी गाविस-२ का २४ वर्षीय भुरे भनिने खेमराज कुर्मीलाई माओवादीको आशंकामा ०६२ वैशाख २१ गते प्रहरीले गिरफ्तार गरे। आशाराम कुर्मीलाई वैशाख २३ गते

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका कुलबहादुर दमाई

माओवादीद्वारा अपहरण गरिएका पूर्व असई कालिकाप्रसाद बर्मा र मुनित मनिहार

जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो। खेमराज पनि हाल रिहा भइसकेका छन्।

शमशेरगञ्ज गाविस-८ का २३ वर्षीय रविचन्द्र न्यौपानेलाई माओवादीको आरोपमा ०६२ वैशाख २४ गते प्रहरीले गिरफ्तार गरी वडा प्रहरी कार्यालय नेपालगञ्जमा राखे। पीडित हाल रिहा भइसकेका छन्।

मटेहिया गाविसका चार स्थानीय बासिन्दाहरूलाई माओवादीको आरोपमा ०६२ जेठ २ गते दिउँसो सुरक्षाकर्मीले कुटपिट गर्नुका साथै चुन्नीलाल गोडियालाई गिरफ्तार गरी संयुक्त सुरक्षा बेस क्याम्प सोनवर्षामा राखी जेठ ६ गते रिहा गरे।

बर्दिया जिल्लाको मैनापोखर गाविस-६ का २८ वर्षीय जंगबहादुर चौधरीलाई नेपालगञ्ज मेडिकल कलेजमा उपचार गराइरहेको अवस्थामा ०६२ जेठ ५ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरे। चौधरीलाई जेठ १२ गते नेपालगञ्ज कारागार चलान गरियो।

बिनौना गाविस-८ चाचरफर्काका २० वर्षीय कुलबहादुर दमाई र २६ वर्षीय रामबहादुर नेपालीलाई माओवादीको आरोपमा ०६२ जेठ ७ गते सुरक्षाकर्मीले औषधी किन्न आउने क्रममा नेपालगञ्ज नपा-६ फुल्टेक्राबाट गिरफ्तार गरे। पीडितहरू जेठ ९ गते इन्सेकको पहलमा रिहा भए।

नेपालगञ्ज नपा-७ का ५० वर्षीय हलिम खाँलाई माओवादीको आरोपमा०६२ जेठ २२ गते वडा प्रहरी कार्यालयका प्रहरीले मेटहिया गाविसबाट गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

बेलभार गाविस-४ वनकटुवाका २६ वर्षीय कृष्णकुमार शर्मालाई नेपालगञ्ज नगरपालिका त्रिभुवन चोकमा ०६२ असार २३ गते बिहान सुरक्षाकर्मीले कुटपिट गरी गिरफ्तार गरे। शर्मा आफ्नो पत्नीलाई उपचार गराउन

माओवादीद्वारा बम विस्फोट गराई क्षति पुऱ्याइएको नेपाल टेलिभिजन क्षेत्रीय प्रशारण केन्द्र कोहलपुर

आएको बखत उनलाई कुटेका थिए। उनलाई कुटपिट गरी जिल्ला प्रहरी कार्यालयको जिम्मा लगाइएको थियो। उनी ०६२ वैशाख महिनामा रिहा भए।

कालिकोट जिल्ला दाहा गाविस-८ बस्ने १९ वर्षीय अलीबहादुर कार्कीलाई माओवादीको आशंकामा ०६२ असार २७ गते दिउँसो आफ्नो मित बुवाको घर बाँके कोहलपुर जाँदै गर्दा कोहरपुरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी कुटपिट गरी जिल्ला प्रहरी कार्यालयमा राखे। पीडित भदौ १२ गते कारागार चलान भए।

रझेना गाविस-३ का २३ वर्षीय साविरअली जागालाई ०६२ साउन १२ गते कोहलपुर इलाका प्रहरीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा बुझाए। पीडितलाई साउन १७ गते बिहान रिहा गरियो।

वर्दिया मनाऊ गाविस-१ घर भई ना.३ ख ७६६ नं को मिनि बसमा खलासी काम गर्ने १९ वर्षीय सुरेन्द्रबहादुर थापालाई ०६२ साउन २७ गते नेपालगञ्ज राँझा चोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई साउन ३० गते कारागार चलान गरिएकोमा उनी पुनरावेदन अदालत नेपालगञ्जको आदेशमा कार्तिक २९ गते रिहा भए।

गदरैया लमीफटाँकी १८ वर्षीय सरीता चौधरी, फुलवाडी गाविस-७ का जीप ड्राइभर गोपाल पाण्डे र तारा शर्मा, जीप मालिक इन्द्रबहादुर तथा पथरैया गाविस-१ का २४ वर्षीय सुमन चौधरीलाई कैलालीको धनगढीवाट जीपमा नेपालगञ्ज औषधी गराउन आउने क्रममा बाँकेको कोहलपुरमा सशस्त्र प्रहरीले ०६२ भदौ ६ गते गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयसमक्ष बुझाए। जसमध्ये गोपाल पाण्डे, तारा शर्मा र इन्द्रबहादुर वरेललाई ०६२ भदौ ९ गते तारेखमा रिहा गरियो भने सुमन चौधरीलाई भदौ २७ रिहा गरियो। सरीता चौधरीलाई ०६२ भदौ २४ गते कारागार चलान गरिएकोमा उनी कार्तिक ३ गते रिहा भइन्।

शमशेरगञ्ज गाविस-२ का दयाराम अहिरलाई माओवादीको आशंकामा ०६२ भदौ १४ गते नेपालगञ्जबाट घर फर्किरहेको अवस्थामा गनापुर गाविस-२ कोहलपुरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भदौ १६ गते रिहा गरे।

माओवादी कार्यकर्ताहरू गोरखबहादुर रावत र नन्दबहादुर कामीलाई ०६२ भदौ १८ गते सुरक्षाकर्मीले कोहलपुर गाविस-५ खडकवारबाट गिरफ्तार गरी भदौ २४ गते कारागार चलान गरे। पुनरावेदन अदालतको आदेशमा कार्की मंसिर ७ गते र रावत मंसिर १३ गते रिहा भए।

माओवादी कार्यकर्ता मेनका चौधरी र जुनकुमारी चौधरीलाई ०६२ भदौ २५ गते सुरक्षाकर्मीले नेपालगञ्ज वीपी चोकबाट गिरफ्तार गरी भदौ २६ गते कारागार चलान गरे। पुनरावेदन अदालत नेपालगञ्जको आदेशमा मंसिर ६ गते दुवै रिहा भए।

बागेश्वरी गाविस-१ बस्ने व्यापारी ३२ वर्षीय नेत्र रानाभाटलाई माओवादीको आशंकामा ०६२ भदौ २८ गते जिल्ला प्रहरी कार्यालय बाँकेका प्रहरीले गिरफ्तार गरी सोही दिन साँझ रिहा गरे।

रझेना गाविस-२ मदचोकका ३५ वर्षीय चेतनकुमार तिमिल्सेनालाई माओवादीको आरोपमा ०६२ असोज १३ गते रझेना गाविसबाट प्रहरीले गिरफ्तार गरी नेपालगञ्ज कारागार चलान गरे।

पुरैनी गाविस-२ नहरपुरका ४३ वर्षीय राजेन्द्र बदियार र सोही ठाउँका ४४ वर्षीय महाराज दिनलाई माओवादीलाई सहयोग गरेको आशंकामा ०६२ कार्तिक १२ गते राति घरबाटै सुरक्षाकर्मीले गिरफ्तार गरे। उनीहरू हाल नेपालगञ्ज कारागारमा रहेका छन्।

कालिकोट जिल्लाको कोटवाडा गाविस-४ घर भएका २२ वर्षीय पदम बिष्ट, उनकी पत्नी २१ वर्षीय जमुना बिष्ट र एक वर्षीय छोरा दीक्षित बिष्टलाई माओवादीको आशंकामा नेपाली रुपैयाँ ७० हजारसहित ०६२ असोज १८ गते प्रहरीले बेलासपुरबाट गिरफ्तार गरे। इन्सेक नेपालगञ्जका क्षेत्रीय संयोजक भोला महत र मासम बाँकेका अध्यक्ष शालिकराम सापकोटाको पहलमा पदमकी पत्नी र छोरा ०६२ कात्तिक ५ गते साँझ रिहा भए भने पदम बिष्टलाई नेपालगञ्ज कारागारमा राखी केही समयपछि कालिकोट पुऱ्याइएको सुरक्षास्रोतले बतायो।

होलिया गाविस-८ घर भएका जनमोर्चा नेपालका कार्यकर्ता रामचन्द्र कोरीलाई माओवादीको आरोपमा ०६२

मंसिर ३० गते सुरक्षाकर्मीले हिरिमिनियास्थित नातेदारको घरमा गएको समय गिरफ्तार गरी केही दिनपछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

बर्दिया जिल्लाको बबई क्याम्पसमा अध्ययनरत धधवार गाविस-८ की १७ वर्षीय इन्दु चौधरीलाई माओवादीको आशंकामा ०६२ पुस १० गते नेपालगञ्जबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। नेकपा एमालेद्वारा ुस १० गते नेपालगञ्जमा आयोजना गरेको जनप्रदर्शनमा सहभागी भै घर फर्कंदै गर्दा प्रहरीले गिरफ्तार गरे। पीडितलाई मानवअधिकारकर्मीको रोहबरमा जिल्ला प्रहरी कार्यालयबाट भोलिपल्ट रिहा गरियो ।

बालअधिकार

हिरिमिनिया गाविस-६ की १४ वर्षीय एक बालिकालाई ०६२ असार २ गते उनकै गाउँका केही व्यक्तिहरूले भारतको अलीगढमा फकाएर बेचे। बेचिएकी बालिकालाई साथी नामक संस्था बाँके र भारतीय प्रहरीको संयुक्त सहयोगमा ०६२ असोज ८ गते उद्धार गरी नेपालगञ्ज ल्याइयो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

कुटकुइया गाविसका एकै घरका दुई महिलालाई ०६२ साउन २३ गते राति हतियारसहितको अज्ञात समूहले बलात्कार गरे।

विविध

संरचना क्षति

विद्युत प्राधिकरणको कोहलपुरस्थित विद्युत सव स्टेशनमा ०६१ फागुन ९ गते राति माओवादीले कर्मचारीलाई नियन्त्रणमा लिई विद्युतको लाइन काट्न लगाई बम विस्फोट गराए। विस्फोटबाट सव स्टेशन पूर्ण रुपमा क्षतिग्रस्त भयो।

जिल्ला शिक्षा कार्यालय नेपालगञ्जमा ०६१ चैत ४ गते राति माओवादीले बम विस्फोट गराउँदा कार्यालयको बा १. ब ६२२२ नम्बर जीप र ग्यारेज ध्वस्त भयो। विस्फोटबाट मानवीय क्षति भने भएन।

रझेना गाविस-४ स्थित गोर्खा बोर्डिङ्ग स्कूलमा ०६१ चैत १९ गते राति माओवादीले बम विस्फोट गराउँदा बोर्डिङ्ग

माओवादीद्वारा बम विस्फोट गराई ध्वस्त पारिएको बाँके स्थिति जिल्ला शिक्षा कार्यालय

स्कूलको कार्यालय क्षतिग्रस्त भयो। क्षतिको एकिन विवरण आएन।

सुर्खेतरोडस्थित जयवागेश्वरी उच्च माविमा ०६२ वैशाख ४ गते माओवादीले गराएको बम विस्फोटबाट विद्यालयको कम्प्युटर ल्याब क्षतिग्रस्त भयो। यसैगरी ०६२ वैशाख ५ गते साँझ एवीसी बोर्डिङ्ग स्कूलको भवनलाई लक्षित गरी गराएको विस्फोटबाट विद्यालयको मूल गेटमा सामान्य क्षति भयो। यसैगरी सोही दिन सुर्खेतरोडस्थित सेन्ट थोमस बोर्डिङ्ग स्कूलमा बम प्रहार गर्दा सामान्य भौतिक क्षति भयो।

कोहलपुरस्थित रझेना वन परियोजना कार्यालय भवनमा ०६२ जेठ १ गते साँझ माओवादीले बम विस्फोटन गराई कार्यालय भवन ध्वस्त पारे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

लक्ष्मणपुर गाविस-८ मियापुरवामा केटाकेटीहरूले चना पोल्दा अचानक आगलागी भएको हुँदा ३७ जनाको ५५ घर खरानी भयो। उक्त आगलागीमा परी सोही गाविसकी ३५ वर्षीय मुन्नी खाँको मृत्यु भयो।

४.७ बर्दिया



जनसंख्या : ४२६६७५
साक्षरता प्रतिशत : ४५.४१
महिला साक्षरता प्रतिशत : ३५.६४
क्षेत्रफल (वर्ग कि. मि.) : २०२५
गाविस/नपा संख्या : ३१/१
निर्वाचन क्षेत्र : ३
विद्यालय : २४४
क्याम्पस/उच्च मा.वि. : १/५
अस्पताल/स्वास्थ्य चौकी : १/३३
टेलिफोन लाइन : ११३२
मोटर सडक (कि. मि.) : १८३
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : ३३
मानव विकास सूचकाक : ०.४२९
प्रति परिवार सरदर संख्या : ७.१६

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

राजापुर गाविस-४ मा दुई माओवादी कार्यकर्तालाई ०६१ माघ २८ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षाकर्मीले दुवैको लास घटनास्थल नजिकै बाटो छेउमा गाडे। मृतकहरूको नाम ठेगाना खुलेन।

माओवादीबाट

गुलरिया नपा-४ का २२ वर्षीय धनेश बञ्जारालाई ०६१ पुस २५ गते साँझ घर नजिक घुम्टी पसलबाट माओवादीले अपहरण गरी हत्या गरे। घटनाका सम्बन्धमा माओवादी निकट मधेशी राष्ट्रिय मुक्ति मोर्चा बाँके र बर्दियाकातर्फबाट नन्कौ गोडियाले ०६१ माघ ३ गते एक प्रेस विज्ञप्ति प्रकाशन गरी अपहरितको हत्या गरिएको जनाए। पीडितको लास आफन्तले पाएनन्। माओवादीले धनेश बञ्जारासँगै धनेशका बाबु ४८ वर्षीय पन्नालाल बञ्जारा र सोही ठाउँका १९ वर्षीय अजयनारायण यादवलाई पनि अपहरण गरेका थिए। दुवैजनालाई माघ १ गते राति सानोश्री गाविसस्थित लालीबजारबाट मुक्त गरेका थिए।

सुर्खेत जिल्लाको वीरेन्द्रनगर नपा-७ घर भई जिल्ला प्रशासन कार्यालय बर्दियाका प्रशासकीय अधिकृत ३५ वर्षीय बालानन्द काफ्लेलाई ०६१ चैत २९ गते साँझ कार्यालयबाट निवासतर्फ गइरहेको अवस्थामा माओवादीले गोली हानी हत्या गरे। काफ्लेको टाउकोमा दुई गोली र घाँटीमा एक गोली लागेको थियो। लासको जिल्ला अस्पताल गुलरियामा पोष्टमार्टम गरियो।

सूर्यपट्वा गाविस-४ का ५८ वर्षीय चक्रबहादुर स्वाँरलाई ०६२ वैशाख ६ गते साँझ घरमा बसेको अवस्थामा माओवादीले एकछिन काम छ भनी बोलाएर घरदेखि करिब एकसय मिटर टाढा दक्षिणस्थित चौरमा पुर्‍याई गोली हानी हत्या गरे। लासको पोष्टमार्टम वैशाख ७ गते जिल्ला अस्पताल गुलरियामा गरियो।

भैरहवा घर भई सुरक्षा बेस क्याम्प राजापुरमा कार्यरत सशस्त्र प्रहरी निरीक्षक निर्मल गुरुङ र काठमाडौं घर भई सोही बेस क्याम्पमा कार्यरत शाही नेपाली सेनाका लेफ्टीनेन्ट राजेन्द्र केसीलाई ०६२ वैशाख २४ गते दिउँसो मोटरसाइकल चढी क्याम्पबाट राजापुर बजारतिर गइरहेको बेला राजापुर गाविस-१ मा माओवादीले गोली हानी हत्या गरे। उक्त घटनामा माओवादीको गोली लागेर सर्वसाधारण राजपुर गाविस-२ का रामचन्द्र थारू र १० वर्षीय विकास थारू घाइते भए। घाइतेहरूको उपचार नेपालगञ्जमा गरियो।

बगनाह गाविस-३ का बुद्धिखर न्यौपानेको घरमा ०६२ जेठ २७ गते माओवादीको बम विष्फोट हुँदा दुई माओवादीको मृत्यु भयो भने दुई माओवादी र पाँच सर्वसाधरण घाइते भए। बिस्फोटबाट घर मालिक ७५ वर्षीय बुद्धिखर न्यौपाने, ५० वर्षीय धौली न्यौपाने, विधान न्यौपाने, सुकी न्यौपाने र धनसरा न्यौपाने घाइते भए। मृतक र घाइते माओवादीको नाम ठेगाना खुलेन। घाइते सर्वसाधारणको उपचार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भयो। उक्त बिस्फोटमा बुद्धिखर न्यौपानेको ६ कोठाको पक्की भवन ध्वस्त भयो। १५/१६ जनाको संख्यामा आएका माओवादीले थकाइ लागेको छ, एक छिन घरमा आराम गर्न दिनुस् भनी घरभित्र पसेको झण्डै एक घण्टापछि बम बिस्फोट भएको थियो।

गुलरिया नपा-६ घर भई पशु क्वारेन्टाईन कार्यालयमा कार्यरत ४२ वर्षीय डा. जनार्दन आचार्य, गुलरिया नपा-११ घर भई सोही कार्यालयका पियन ५०

वर्षीय माधवप्रसाद शर्मा र भारत लखिमपुरका राँगा व्यापारी ४५ वर्षीय अनवर खाँलाई ०६२ असार १७ गते विहान पशु वजारमा पशुहरूको स्वास्थ्य परीक्षण गरिरहेको अवस्थामा गुलरिया नपा-१० कोठियाचोकमा माओवादीले गोली हानी हत्या गरे। सो घटनामा भारत तिकुनियाका राँगा व्यापारी मजहर खाँ घाइते भए। मजहरको घाँटीमा गोली लागेको थियो। प्रहरीलाई निशाना बनाउँदा अन्यलाई लागेको भन्दै माओवादीले यस घटनामा संलग्न कार्यकर्तालाई कारवाही गरिने प्रेस विज्ञप्तिमार्फत् सार्वजनिक गरेका थिए। घाइतेको उपचार भारतको लखनउमा गरियो।

दोहोरो भिडन्त

महम्मदपुर गाविस-१ मा सुरक्षाकर्मी र माओवादीबीच ०६१ फागुन १७ गते भएको भिडन्तमा सर्वसाधारणतर्फ कालिका गाविस-६ का ५६ वर्षीय नरवहादुर जिसी, महम्मदपुर गाविस-६ उचवा लालपुरका ३४ वर्षीय अव्दुल गफार तेली, सोरहवा गाविस-६ गोब्रेपुरका २१ वर्षीय लाल खटिक र महम्मदपुर गाविस-१ की ५० वर्षीय चौरासिया यादवको मृत्यु भयो। उक्त घटनामा सुरक्षाकर्मीतर्फ दुई प्रहरी र दुई सेनाको मृत्यु भयो, छप्रहरी र छसेना घाइते भए। भिडन्तमा माओवादीतर्फ सतवरिया बिग्रेडियर कमाण्डर जीतसहित ४५ जना मारिए। भिडन्तमा सर्वसाधारणतर्फ महम्मदपुर गाविस-४ का एकै घरका विजयराज यादव, रेखा यादव, जानुन्ती यादव, मायावती यादव र केतकी यादव र सोही ठाउँ निवासी सावित्री खटिक गोली लागी घाइते भए। सो घटनामा सोही गाविसस्थित दुध्धाका रामप्रसाद थारू र छेदन लोध पनि घाइते भएका थिए। भिडन्तका कारण मनिराम यादवको घरमा सयौं गोली लागेको थियो। माओवादीले ०६१ पुस २९ गतेदेखि बाटो अवरूद्ध गर्न महम्मदपुर गाविस-१ गणेशपुरमा रूख ढालेपछि अवरोध हटाउन गएको सुरक्षाकर्मीको टोलीमाथि माओवादीले गोली प्रहार गरेपछि दिउँसो चार बजेदेखि तीन घण्टासम्म भिडन्त भएको थियो।

मगरागाडी गाविस-८ रम्मापुरस्थित सयुंक्त सुरक्षा वेस क्याम्पमा ०६२ असार १० गते साँझ नौ घण्टासम्म माओवादी र सुरक्षाकर्मीबीच भएको भिडन्तमा सात माओवादी र एक सैनिक झक्कु वलीको मृत्यु भयो भने सोही गाविस-८ रम्मापुरका सर्वसाधारण ३० वर्षीय पृथ्वी मल्ल घरभित्र बसेको वेला बमको छर्रा लागी घाइते भए। सो घटनामा २९ सुरक्षाकर्मी र माओवादीतर्फ ४० जनाभन्दा वढी घाइते भए।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

डेउढाकला गाविस-६ का २२ वर्षीय आशाराम थारू र सोही ठाउँकी २५ वर्षीय रजनी चौधरी ०६१ माघ १७ गते दिउँसो सुरक्षाकर्मीले गाउँमा माओवादी भएको आशंकामा गोली चलाउँदा घरभित्र रहेका दुवैजना घाइते भए। घाइते आशारामको दाहिने हातमा र रजनीको फिलामा गोली लागेको थियो।

माओवादीबाट

चितवन जिल्ला घर भई हाल राजापुरस्थित संयुक्त सुरक्षा वेस क्याम्पमा कार्यरत २५ वर्षीय रूद्र रानाभाटलाई ०६१ पुस २० गते गस्तीमा हिँडेको वेला राजापुर गाविस-१ स्थित राजापुर वजारमा माओवादीको एक समूहले गोली हानी

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३		३	८	१५		१५	३	५७	१		५८
घाइते	२	४	१	५	६	५३	३	५६	३	३		४७	५०
गिरफ्तारी/यातना									३६	६७	३		७०
बेपत्ता									१	१			१
कुटपिट	१	१		१	३	६	१	७	२	३	२		५
धम्की	१	१		१	१	१		१					
भेला संगठित हुने अधिकार									४	८	९	५५	७२
भूमिहीन/सुकुम्बासी समस्या									४	८			८
महिलाअधिकार	५		५	५									
बालअधिकार	३	१	२	३									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					२	२		२					
अमानवीय व्यवहार					१	१		१					
अपहरण	१		१	१	३७	४९	२	५१					
जम्मा	१६	१०	९	१९	५८	१२७	६	१३३	५३	१४७	१५	१०२	२६४

महम्मदपुर गाविस-१ मा सुरक्षाकर्मी र माओवादी बीच भएको भिडन्तमा मारिएका माओवादीहरू

घाइते बनायो। हातमा गोली लागेका रानाभाटको उपचार भेरी अञ्चल अस्पताल नेपालगञ्जमा भयो।

दोहोरो भिडन्त

गुलरिया नपा-८ पेट्रोल पम्पनजिक ०६१ फागुन ११ गते राति जिपमा चढेर गस्तीमा गएका सुरक्षाकर्मी र माओवादीबीच एक घण्टासम्म भिडन्त हुँदा सुरक्षाकर्मीतर्फ धधवार गाविस-१ घर भई जिल्ला प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान २४ वर्षीय कृष्ण भण्डारी, गुल्मी जिल्ला घर भई सोही कार्यालयमा कार्यरत २५ वर्षीय रामबहादुर कार्की र सैनिक विनोद श्रेष्ठ गोली लागेर घाइते भए। घाइतेहरूको उपचार जिल्ला अस्पताल गुलरियामा गरियो।

बेवारिसे बमबाट

ठाकुरद्वार गाविस-४ का २६ वर्षीय रत्तु थारू सोही ठाउँका २१ वर्षीय पहलु थारू र ३६ वर्षीय काशीराम थारू ०६१ फागुन २३ गते सोही ठाउँका यमलाल शर्माको घरमा ज्यालादारीमा काम गरिरहेको बेला घर नजिकै बेवारिसे बम बिस्फोट हुँदा घाइते भए। घाइतेहरूको उपचार भेरी अञ्चल अस्पताल, नेपालगञ्जमा गरियो।

गुलरिया नपा-१० का १२ वर्षीय राजेन्द्र भुजुवा र उनकी बहिनी ७ वर्षीय सीता भुजुवा ०६२ असार २ गते घरदेखि करिब दुई सय मिटर पूर्वमा रहेको पोखरीको डिलमा बाख्रा चराइरहेको बेला बेवारिसे अवस्थामा रहेको बम विस्फोट हुँदा घाइते भए। घाइते राजेन्द्र बाख्रा चराउन गएको बेला बाख्रालाई हान्न प्रयोग गरेको ढुङ्गा बममा ठोक्किएपछि बिस्फोट भएको थियो। घाइते दुवैको उपचार जिल्ला अस्पताल गुलरियामा भयो।

सुरक्षाकर्मीद्वारा मारिएका अपिल विष्ट

जेल र बन्दीहरू

बन्दी क्षमता एक सयजनाको रहेको कारागार शाखा तुलापुर बर्दियामा हाल ६३ जना बन्दी रहेका छन्। जसमा कैद नतोकिएकातर्फ १८ जना पुरुष छन् भने कैद तोकिएकातर्फ ४२ जनापुरुष, तीन महिला गरी ४५ जना रहेका छन्। 'घ' श्रेणीको यस कारागार शाखामा खानेपानी, शौचालय तथा औषधि उपचारको व्यवस्था रहेको छ। यस कारागारमा १५ देखी ४५ वर्षसम्मका १५ जना थुनुवा र ३१ जना बन्दी गरी ४६ जना रहेका छन्। ४५ वर्ष भन्दामाथि यस कारागारमा थुनुवातर्फ तीन र बन्दीतर्फ १४ गरी १७ जना रहेका छन्। ०३४ सालमा निमार्ण भएको यस कारागार पुरानो भएका कारण जेलमा समस्या रहेको छ। यस सम्वन्धमा जेलर रोहित श्रेष्ठले बजेट प्रयाप्त नभएको कारण मर्मत सम्भार गर्न नसकेकोले यो समस्याबाट तीनओटा कोठा १,८ र ९ का बन्दीहरूलाई समस्या परेको बताए। त्यस्तै कारागार कार्यालय भवन एक कोठामा मात्र भएको कोठा अपुग भएको जेलर श्रेष्ठले बताए।

बेपत्ता / अपहरण

माओवादीबाट

ताराताल गाविस-७ का २८ वर्षीय भीमबहादुर गायकले सोही ठाउँका रुवीन तामाङ्गलाई कुटपिट गरेको आरोपमा ०६१ पुस १९ गते बेलुका सोही गाविस-६ का सेते दमाईको घरबाट माओवादीले तामाङ्गलाई अपहरण गरी पुस २८ गते मुक्त गरे।

कालिका गाविस-४ का १९ वर्षीय सुर्खेती कान्छाले चोरी गरेको आरोपमा ०६१ पुस २४ गते दिउँसो घरबाट उनलाई माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

मनाउ गाविस-५ घर भएका एमाले कार्यकर्ता २२ वर्षीय हुर्मत चौधरीलाई ०६१ पुस २४ गते विहान माओवादीले घरवाटै अपहरण गरे। अपहरित चौधरी पाताभार गाविसको ढकुनियावाट भागेर माघ २ गते घर आए। पीडित केही समयसम्म विस्थापित भई हाल घर फर्किएका छन्।

बाँके जिल्ला घर भई ना २ ख ५४२२ नम्वरको वस चालक २० वर्षीय उमेश चौधरीलाई ०६१ माघ १२ गते बिहान मानपुरटपरा गाविस-१ वाट माओवादीले अपहरण गरी माघ १५ गते राजापुर क्षेत्रवाट मुक्त गरे।

दोहोरो भिडन्तमा मारिएका सर्वसाधारण अब्दुल गफार तेली

डेउढाकला गाविस-३ घर भएका राप्रपा कार्यकर्ता ३६ वर्षीय राजेन्द्रजंग शाहलाई ०६१ माघ १३ गते दिउँसो मगरागाडी गाविसस्थित जयनगरवाट नक्कली माओवादी बनेको आरोपमा माओवादीले अपहरण गरी पाँच दिन श्रम सजाय गर्नु पर्ने सर्तमा माघ २७ गते घरैमा पुऱ्याई मुक्त गरे।

मगरागाडी गाविस-८ का २१ वर्षीय केशववहादुर केसीलाई ०६१ माघ २६ गते राति घरमा सुतेको अवस्थामा माओवादीले अपहरण गरे। पीडितलाई ०६१ फागुन ९ गते सोही गाविसस्थित जयनगरवाट मुक्त गरे।

नेउलापुर गाविस-६ घर भई संयुक्त सुरक्षा वेस क्याम्प रम्मापुरमा कार्यरत २४ वर्षीय प्रहरी जवान प्रेमलाल चौधरीलाई ०६१ फागुन १२ गते बिहान दूध लिन क्याम्पवाहिर गएको अवस्थामा मगरागाडी गाविस-८ रम्मापुरवाट माओवादीले अपहरण गरे। अपहरित प्रहरी जवान मुक्त भएका छन्।

दाङ जिल्ला घर भई जिल्ला विकास समिति वर्दियामा कार्यरत ५० वर्षीय ओभरसियर पुष्कर वीसीलाई ०६१ फागुन १७ गते दिउँसो कार्यालयको काममा वगनाह गाविस-७ मा गएको वेला माओवादीले अपहरण गरे। पीडितलाई आइन्दा कार्यालयको काम लिएर गाउँ नआउने सर्तमा फागुन १९ गते सोही ठाउँमा पुऱ्याई मुक्त गरे।

स्याङ्जा जिल्लाको चिलाउनेबास गाविस-२ बसेवारीका १९ वर्षीय भीमवहादुर विश्वकर्मालाई ०६१ चैत २२ गते गुलरिया नपा-६ स्थित ससुराली घर आएको वेला माओवादीले सुरक्षाकर्मीको आशंकामा अपहरण गरे। अपहरितको अवस्था अज्ञात छ। पीडितको सकुशल रिहाइका लागि पहल गरिदिन पीडितका आफन्तले इन्सेक, आइसीआरसी र मानवअधिकार आयोगमा निवेदन दिएका छन्।

दौलतपुर गाविस-५ का ६२ वर्षीय दलवहादुर शाहीलाई ०६१ चैत २४ गते राति घरमा सुतेको अवस्थामा माओवादीले अपहरण गरे। माओवादीले घरका अन्य सदस्यहरूलाई घर वाहिरवाट चुकुल लगाएर घरभित्र थुनी शाहीलाई अपहरण गरेका थिए। पीडितलाई ०६२ पुस ३ गते कैलालीबाट मुक्त गरे।

सानोश्री गाविस-२ घर भई मध्यपश्चिम प्रहरी गण नेपालगञ्जमा कार्यरत प्रहरी जवानद्वय २७ वर्षीय खुमवहादुर वली र सोही ठाउँका पूर्वप्रहरी २५ वर्षीय प्रेम वलीलाई ०६२ वैशाख ५ गते गुलरियावाट नेपालगञ्जतर्फ जिपमा गइरहेको वेला मैनापोखर गाविस-१ वाट माओवादीले जीप रोकी अपहरण गरे। अपहरितलाई जागिर छोड्ने सर्तमा माओवादीले वैशाख १० गते मुक्त गरे।

डेउढाकला गाविस-३ घर भई बाँके जिल्लाको कोहलपुरस्थित सशस्त्र प्रहरी कार्यालयमा कार्यरत प्रहरी जवान १९ वर्षीय प्रकाश पाठकलाई ०६२ वैशाख ११ गते घर बिदामा आएका वेला राति माओवादीले केही सोधपुछ गर्नुछ भनी अपहरण गरे। अपहरित जवान मुक्त भएका छन्।

सप्तरी जिल्ला घर भई जिल्ला शिक्षा कार्यालय, वर्दियामा कार्यरत ओभरसियर वद्रिलाल दासलाई ०६२ वैशाख २९ गते कार्यालयको कामको सिलसिलामा सोरहवा गाविस जाँदै गर्दा माओवादीले मैनापोखरवाट एकछिन काम छ भन्दै अपहरण गरे। पीडतलाई माओवादीले अब आइन्दा सरकारी काम लिएर गाउँ नआउने सर्तमा वैशाख ३० गते मुक्त गरे।

मगरागाडी गाविस-८ घर भई मध्यपश्चिम पृतना इमाननगर, राँझा नेपालगञ्जमा कार्यरत १८ वर्षीय भुपाल मल्ल र सोही ठाउँका सोही व्यारेकमा कार्यरत १९ वर्षीय खेमराज ढकाललाई ०६२ जेठ २ गते ना २ ख ७१९०

रम्मापुर क्याम्पमा सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा मारिएका माओवादी कार्यकर्ता

नम्बरको गाडी चढी नेपालगञ्जतर्फ जाँदै गर्दा डेउढाकला गाविस-९ ककौराबाट साँझ माओवादीले गाडी रोकेर अपहरण गरे। पीडितहरू हाल मुक्त भइसकेका छन्।

डेउढाकला गाविस-३ का १८ वर्षीय युद्ध गुरूङ्गलाई ०६२ जेठ ६ गते नेपालगञ्जबाट घर फर्कंदै गर्दा मैनापोखरबाट माओवादीले अपहरण गरे। गुरूङ्ग शाही नेपाली सेनामा भर्खरै भर्ती भई राँझा नेपालगञ्जमा तालिम लिइरहेका थिए। पीडितलाई ३० दिनपछि उनका बाबुको जिम्मामा माओवादीले मुक्त गरे।

सोरहवा गाविस–८ का ३८ वर्षीय चुँडाबहादुर कार्कीलाई बाँकेको खजुराबाट आफ्नो घर जाँदै गरेको अवस्थामा बर्दियाको भोलागौडीबाट ०६२ जेठ २३ गते माओवादीले अपहरण गरे। पीडित जेठ २७ गते मुक्त भए।

सोरहवा गाविस-८ घर भई नेका (प्रजातान्त्रिक) निकट तरूण दलका ३५ वर्षीय चुडाबहादुर कार्कीलाई ०६२ जेठ २३ गते साँझ सोही गाविसस्थित भोलागौडी बजारबाट माओवादीले अपहरण गरे। पीडित हाल मुक्त भैसकेका छन्।

दोहोरो भिडन्तमा घाइते भएकी महम्मदपुर गाविस-१ की सावित्री खटिक

ठाकुरद्वारा गाविसस्थित ताल कार्यालयका सह-आयोजना प्रमुख ४१ वर्षीय तिलक ढकालंलाई ०६२ साउन ३० गते दिउँसो नेउलापुर गाविस-७ भुरीगाँउ बजारबाट माओवादीले केही सोधपुछ गर्नुपर्छ भनी अपहरण गरी भदौ ११ गते सानोश्रीबाट मुक्त गरे।

डेउढाकला गाविस-३ का १५ वर्षीय नारायणबहादुर रावतलाई ०६२ भदौ ६ गते मोतिपुर गाविस-८ बासँगढी बजारबाट माओवादीले नक्कली माओवादी भएको आरोपमा अपहरण गरे। पीडितलाई माओवादीले दुईमहिना श्रमशिविरमा राख्ने निर्णय गरेकोमा उनी भदौ १८ गते माओवादी कब्जाबाट भागे।

कञ्चनपुर जिल्लाको गुलरिया गाविस-८ घर भई चिसापानीस्थित संयुक्त सुरक्षाकर्मीमा कार्यरत करण भट्टराईलाई ०६२ भदौ ६ गते नेउलापुर गविस-६ बाट माओवादीले अपहरण गरे। अपहरित भट्टराईलाई माओवादीले भदौ १३ गते इन्सेक प्रतिनिधि र अन्य मानवअधिकारकर्मीको रोहबरमा मुक्त गरे।

गुलरिया नपा-९ का ३२ वर्षीय रामबाबु यादवलाई ०६२ जेठ २४ गते सोही नगरपालिका खैरापुरबाट माओवादीले जग्गा सम्बन्धी विषयमा छलफल गर्न भनी अपहरण गरी सोही दिन साँझ तारातालबाट मुक्त गरे।

मोतिपुर गाविस-७ का २७ वर्षीय नारायण अधिकारीले बलात्कार गरेको आरोपमा ०६२ जेठ ३१ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। अपहरित अपहरण हुनु दुईदिन अघि डेउढाकला गाविस-९ बमनपुर गाउँमा माओवादी हुँ भनी एकजना महिलालाई बलात्कार गरेको माओवादीले आरोप लगाए। पीडित हाल मुक्त भएका छन्।

धधवार गाविस-३ का १५ वर्षीय लोकबहादुर भण्डारीले बलात्कार गरेको आरोपमा ०६२ जेठ ३१ गते राति माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

नेउलापुर गाविस-५ का २६ वर्षीय परशुराम चौधरीलाई ०६२ असार १ गते सोही गाविस-७ भुरीगाउँ बजारमा रहेको उनकै सिलाई कटाई पसलबाट माओवादीले अपहरण गरे। पीडित हाल मुक्त भएका छन्।

सोरहवा गाविस-१ का २३ वर्षीय गम्मन विश्वकर्मालाई ०६२ भदौ ७ गते माओवादीले चार वर्षअघि एक महिलासँग यौन सम्पर्क गरेको आरोपमा घरबाट अपहरण गरी मंसिर १५ गते मुक्त गरे।

मोतीपुर गाविस-८ घर भई सोही गाविसका कार्यालय सचिव ४० वर्षीय ठाकुरप्रसाद पौडेललाई जनता विरूद्ध काम गरेको आरोपमा ०६२ भदौ १३ गते माओवादीले अपहरण गरे। पीडितलाई सोही दिन बासँगढी बजारमा आयोजित सार्वजनिक कार्यक्रममा ३० हजार रुपैयाँ जरिवाना गरी मुक्त गरे।

महम्मदपुर गाविस-६ का २८ वर्षीय रियाज शेख र सोही ठाँउका ४० वर्षीय शाहबुद्दिन शेखलाई ०६२ भदौ १४ गते माओवादीले दिउँसो घरबाटै अपहरण गरे। अपहरित दुवैलाई तीन दिनपछि मुक्त गरे।

जमुनी गाविस-८ का ५३ वर्षीय अमृत खत्री र उनकी ३७ वर्षीय पत्नी वीरमा खत्रीलाई ज्यान मुद्दाको आरोपमा ०६२ भदौ ३१ गते माओवादीले घरबाट अपहरण गरे। माओवादीले दुवैलाई सोही ठाउँका मानबहादुर ओलीको हत्या गरेको आरोपमा मंसिर १६ गते उनीहरूलाई पाँच वर्ष श्रमकैदमा राख्ने फैसला सार्वजनिक गरे। माओवादीले सोही

दिन अमृतका छोरा गोपाल खत्रीलाई पनि अपहरण गरेका थिए। गोपाललाई असोज २ गते मुक्त गरे।

ठाकुरद्वारा गाविस-५ घर भई प्युठान जिल्लास्थित शाही नेपाली सेनामा कार्यरत २८ वर्षीय कविराज उपाध्यायलाई ०६२ असोज १ गते बिदामा घर आएको बेला नेउलापुर गाविस-७ भुरीगाउँ बजारबाट माओवादीले अपहरण गरे। अपहरित अवस्थामा माओवादीले शरीरभरी नीलडाम बस्ने गरी कुटपिट गरे। पीडितलाई माओवादीले मानवअधिकारकर्मीको रोहबरमा असोज २५ गते मुक्त गरे।

गोला गाविस-७ का ३६ वर्षीय धनीराम थारूले माओवादीको कार्यक्रममा मान्छे नजुटाएको आरोपमा ०६२ असोज १५ गते साँझ गणेशपुरबाट माओवादीले उनलाई अपहरण गरी कुटपिट गरे। पीडितलाई भोलिपल्ट पशुपतिनगर गाविसबाट माओवादीले मुक्त गरे।

राजापुर गाविस-५ का ३५ वर्षीय मिठान थारू, ३२ वर्षीय किसिम थारू, ३६ वर्षीय तेजराम थारू, ३७ वर्षीय सुखराज थारू, २८ वर्षीय निमबहादुर थारू, ३७ वर्षीय तेजबहादुर थारू, २५ वर्षीय भलुवा थारू, ३३ वर्षीय मंसराम थारू र ३४ वर्षीय शिवनारायण थारूलाई ०६२ मंसिर १३ गते राति आ-आफ्नो घरबाट माओवादीले दुई गाँउबीच झगडा गरेको आरोपमा अनुसन्धानका लागि भनी अपहरण गरे। माओवादीले पीडितहरूलाई सजायस्वरूप भन्दै कोठियाघाटमा बाटो खन्ने काममा लगाई मंसिर २१ गते मुक्त गरे।

कालिका गाविस-२ निवासी बर्दिया जिविसका मनोनित सदस्य ४१ वर्षीय गोविन्द चौधरी र थारू कल्याणकारी सभाका कोषाध्यक्ष मैनापोखर गाविस-८ का ४० वर्षीय परशुराम थारूलाई ०६२ मंसिर १४ गते थारू कल्याण कारिणीको जिल्ला सभाको पत्रचार गरिरहेको समयमा सोरहवा गाविस-३ बाट माओवादीले अपहरण गरे। अपहरितमध्ये परशुरामलाई ०६२ मंसिर १५ गते र गोविन्दलाई मंसिर १६ गते इन्सेक नेपालगञ्जका अधिकृत मधु पन्थी र सुशील चौधरी, फोर्स नेपालका सि.पि.सिंह र अन्य मानवअधिकारकर्मीको पहलमा मुक्त गरियो।

भीम्मापुर गाविस-८ की ३७ वर्षीय द्रौपदी परियारलाई ०६२ मंसिर २६ गते दिउँसो माओवादीले ज्यान मुद्दाको आंशकामा अनुसन्धान गर्न भनी घरबाटै अपहरण गरे। अपहरित परियार पुस ९ गते माओवादीको कब्जाबाट भागेर फर्किन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

ठाकुरद्वारा गाविस-२ का ३२ वर्षीय गणेश थारू र मानपुरटपरा गाविस-१ का २२ वर्षीय नवीन चौधरीलाई



सुरक्षाकर्मीको हवाई आक्रमणबाट घाइते भएका देउडाकला गाविस-६ का आशाराम थारू

०६२ जेठ २८ गते दिउँसो सुरक्षाकर्मीले नक्कली माओवादी बनेर नाम सोधेर कुटपिट गरे। सो समयमा ठाकुरद्वारा गाविस सचिवलाई पनि सुरक्षाकर्मीले धम्की दिए।

मैनापोखर गाविस-१ का ३० वर्षीय सावीर खान, २० वर्षीय जगिरून खान र २२ वर्षीय मोमिन खानलाई ०६२ असोज ३ गते राति घरमा सुतेको अवस्थामा सुरक्षाकर्मीले घरबाट बाहिर ल्याई माओवादी आउँछन् कि आउँदैनन् भनी सोध्दै साविरलाई आखाँमा पट्टि बाधी मुक्का र बन्दुकको कून्दाले हिर्काए भने अन्य दुईलाई मुम्काले कुटपिट गरे। पीडित सबैले आफ्नै खर्चमा स्थानीय औषधी पसलमा उपचार गरे।

माओवादीबाट

दैलेख जिल्लाको गौरी गाविस-१ का २६ वर्षीय शक्तबहादुर केसीलाई ०६१ माघ १४ गते काकाको घरमा आएको बेला डेउढाकला गाविस-३ बाट माओवादीले दाउराले नीलडाम हुनेगरी कुटपिट गरी नगद भारू ४० हजार लुटपाट गरे।

पाताभार गाविस-३ निवासी एमाले कार्यकर्ता ३० वर्षीय बमबहादुर रावललाई ०६१ माघ १७ गते माओवादीले काठ हिनामिना गरेको आरोपमा सात दिनभित्र पार्टीको सम्पर्कमा आउने र सम्पर्कमा नआए देश निकाला गरी सर्वस्वहरण गरिने धम्की दिए।

मगरागाडी गाविस-५ का ४८ वर्षीय तुलसा थारूलाई ०६१ चैत २० गते राति घरमा सुतेको अवस्थामा माओवादीले ढोका खोल्न लगाई घरभित्र पसेर थारूलाई बाहिर निकाली बाटोमा पुऱ्याई लाठ्ठीले कुटेर दुवै खुट्टा भाँचिदिए। पीडितको टाउँकोमा पनि चोट लागेको थियो। माओवादीले अन्य परिवारका सदस्यलाई घरभित्र बन्द गरेका थिए। पीडितको उपचार कोहलपुर मेडिकल कलेजमा गरिएको थियो।

धधवार गाविस-६ का ४४ वर्षीय नरबहादुर खत्री,

२१ वर्षीय राधा पौडेल, ५० वर्षीय खडकबहादुर ओली, ४५ वर्षीय मानसिंह कुमाललाई ०६२ साउन १० गते राति घरमा सुतेको अवस्थामा माओवादीले घरबाट बाहिर निकाली घरदेखि ७ किमी पूर्व उत्तर नर्सरीमा लगी बन्दुकको कुन्दा र लाट्ठीले हिर्काए। माओवादीले सबैजनालाई भोलिपल्ट घरमा पुऱ्याई मुक्त गरे

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेकाँ बर्दियाका जिल्ला सभापति संजय गौतमसहित सो पार्टीका भरतबहादुर सापकोटा, यदुनाथ पौडेल, हरिहर गौतम, परशुराम थारू, मिश्रीलाल यादव, राधादेवी शर्मा, श्रीबहादुर गिरी, छविलाल सापकोटा, घनश्याम घिमिरे, चण्डी थारू, प्रेमबहादुर सुनार, टिके रानाभाट र कुलबहादुर शाहीलाई ०६१ चैत ७ गते पूर्ण प्रजातन्त्र र शान्तिको पक्षमा पार्टीको झण्डासहित गुलरिया नपा-८ मा निस्केको जुलुसबाट प्रहरीले गिरफ्तार गरी कार्यक्रम गर्न दिएनन्। गिरफ्तार संजय, हरिहर र भरतलाई भोलिपल्ट जेल पठाइयो र तीन महिनापछि रिहा गरियो भने अन्य तीनजनालाई एक हप्तापछि छोडिएको थियो।

गुलरिया नपा-८ राधाकृष्ण चोकमा ०६१ चैत २६ गते निरंकुश राजतन्त्रको विरोध गर्दै पूर्ण प्रजातन्त्र जिन्दावाद भन्ने मूल नाराका साथ निस्केको विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गरी नेकपा (एमाले)का कार्यकर्ता खगराज शर्मा, गोविन्द पाण्डे, सोम खड्कासहित २५ जना, नेकाँका यदुनाथ पौडेल, राधा शर्मासहित १५ जना, नेकाँ (प्रजातान्त्रिक) का विद्याप्रसाद खनालसहित नौं र सद्भावनाका बिन्दु श्रीवास्तवलाई गिरफ्तार गरे। गिरफ्तार भएकामध्ये खगराज, गोविन्द, विद्याप्रसाद, यदुनाथ र महेन्द्रलाई चैत २८ गते रिहा गरियो भने अन्यलाई सोही दिन रिहा गरियो।

शान्ति र प्रजातन्त्रको पक्षमा आन्दोलनरत सात राजनीतिक पार्टीको आयोजनामा ०६२ असोज ११ गते गुलरिया नपा–८ राधाकृष्ण चोकमा निकालिएको जुलुसलाई सुरक्षाकर्मीले हस्तक्षेप गर्दा एमाले कार्यकर्ता हरि ज्ञवाली र सोम खड्का, जनमोर्चाका केशव पौडेल, नेकाँका चक्रपाणि पौडेल घाइते भए भने नेकाँका सञ्जय गौतम, एमालेका लक्ष्मणराज ज्ञवाली, जनमोर्चाका महेश अधिकारीलगायत १० जनालाई सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार सबैलाई सोही दिन साँझ रिहा गरियो। सो समयमा सुरक्षाकर्मीले शंकर होटलमा बसेका धधवार गाविस–६ का ३५ वर्षीय जनकबहादुर केसीलाई होटल बाहिर ल्याई कुटेका थिए। घाइतेहरूको उपचार जिल्ला अस्पतालमा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

बर्दिया जिल्ला अदालतमा दुई वर्ष नाघेका आठओटा मुद्दाहरू रहेका छन्। जसमा दुनियावाही देवानी छ र सरकारवादी फौजदारी दुईओटा रहेका छन्। यस अदालतमा जिम्मेवारी सरेर आएका तीनसय १९ र यसैवर्ष दर्ता भएका दुईसय सात गरी जम्मा पाँचसय २६ मुद्दा रहेका छन्। जिम्मेवारी सरेर आएका मुद्दबाट यस वर्ष दुईसय ५१ मुद्दा र यसैवर्ष दर्ता भएकाबाट ८१ मुद्दा गरी जम्मा तीनसय ३२ यस वर्ष फैसला भएको छ। फैसला हुन बाँकी रहेका मुद्दाहरूमा जिम्मेवारीमध्ये ६८ र यसैवर्षको दर्तामध्ये एकसय २६ गरी जम्मा एकसय ९४ मुद्दा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

गुलरिया नपा-१० का २६ वर्षीय मुक्त कमैया भुरे थारू, सोही ठाउँका २६ वर्षीय तिर्थबहादुर थारूलगायत १८ मुक्त कमैयाका घरमा ०६२ असार १५ गते सामुदायिक वन उपभोक्ता समूहको सक्रियतामा आगो लगाइयो। कमैयाहरूलाई सरकारले मुक्त गरेपछि परिचय-पत्र मात्र उपलब्ध गराएको तर जमिन नपाएको कारण ती कमैयाहरू सो ठाउँमा बसेका थिए। आगो लगाइएको समयमा सुरक्षाकर्मीपनि उपस्थित थिए।

मनाउ गाविस-३ का मुक्त कमैया ३४ वर्षीय पतिराम थारूलाई सरकारले मुक्त गरेको पाँच वर्षसम्म रातो परिचय-पत्र नं. १०६ दिएको छ तर ०६२ भदौ ६ गतेसम्म जमिन पाएका छैनन्। पतिराम ०५७ सालसम्म सरकारले कमैया मुक्त गर्नुअघि मनाउ गाविस-३ का महेश देवकोटाको घरमा कमैया बसेका थिए। पीडित हाल मुक्तकमैया अस्थायी शिविर गुलरियामा नपा-२ मा बसेका छन्।

माओवादीद्वारा अपहरण गरिएकाहरू क्रमश: वीरमा खत्री, भिमबहादुर विक र दलबहादुर शाही

धधवार गाविस-४ का २५ वर्षीय प्रेमप्रसाद थारूलाई ०६२ भदौ १३ गतेसम्म सरकारले जमिन उपलव्ध गराएको छैन्। मुक्त भएको पाँच वर्षमा सरकारले प्रेमलाई रातो परिचय-पत्र नं. १६३२ उपलव्ध गराएको छ। सरकारले मुक्त गर्नु अघि प्रेमप्रसाद वानियाभार गाविस-३ का लालमणि थारूको घरमा कमैया वसेका थिए।

नेउलापुर गाविस-१ का सुकुम्वासी ४९ वर्षीय कृष्णप्रसाद पोखरेल, ४८ वर्षीय पहलसिंह सुनार , मुक्तकमैया २७ वर्षीय तेजवहादुर चौधरीलगायत मुक्त कमैया र सुकुम्वासीका दुईसय ५५ घर ०६२ पुस ६ गते विहान शाही बर्दिया राष्ट्रिय निकुञ्जले मध्यवर्ती क्षेत्रमा बस्न पाइँदैन भन्दै चारओटा हात्ती लगाई भत्काई दिए। ०५० सालदेखि सुकुम्वासी र ०६२ भदौदेखि मुक्तकमैयाहरू उक्त फाँटमा वस्दथे। सुकुम्वासी र मुक्त कमैयाको भनाई अनुसार उक्त २४ विगाहा जमिन ७ नम्वर ऐलानीमा दर्ता रहेको छ।

आर्थिक अधिकार

गुलरिया नपा-६ स्थित कृषि विकास बैंकका कर्मचारीलाई नियन्त्रणमा लिई ०६१ माघ १२ गते दिउँसो माओवादीले कार्यालयबाट नगद ६१ हजार रूपैयाँ र कार्यालयको भे १ अ १२०८ र बा १ अ १६६३ नम्बरको दुईओटा मोटरसाइकल लुटपाट गरे।

गुलरिया नपा-९ का राधा न्यौपानेको घरमा भाडा लिई बसेको नगरपालिकाको कार्यालयमा ०६२ जेठ ४ गते राति, माओवादीले वम बिस्फोट गराउँदा कार्यालय रहेको दुई तल्ले भवनको १२ कोठा पूर्ण रूपमा क्षति भयो भने कार्यालयको फर्निचर, कम्प्यूटर, फोटोकपी, फ्याक्स मेसिन गरी करिव पाँच लाख ५० हजार बरावरको क्षति भएको जनाइएको छ।

मनाउ गाविस-५ निवासी एमाले कार्यकर्ता तथा पूर्व गाविस अध्यक्ष ५३ वर्षीय गोपाल सिलवालको नाममा रहेको करिव १० विगाहा जमिन ०६२ जेठ २१ गते माओवादीले कव्जा गरी सोही गाविसमा बसोबास गर्ने जनताहरूलाई ५ देखि १० कट्ठाका दरले वितरण गरे। माओवादीले गोपाल सिलवालको काठको घर पनि भत्काइ दिए। हाल पीडित विस्थापित भई काठमाडौंमा बस्दै आएका छन्।

गुलरिया नपाको स्वामित्वमा रहेको दमकल ०६२ जेठ २५ गते सोरहवा गाविसवाट गुलरियातर्फ फर्कदै गर्दा मैनापोखर गाविस-१ वाट माओवादीले कव्जामा लिए। उक्त दमकल माओवादीले ०६२ असार १० गते रम्मापुरमा सुरक्षाकर्मीसँग भएको दोहरो भिडन्तका क्रममा प्रयोग गरे। दमकलमा माओवादीले पेट्रोलियम पदार्थ हालेर आक्रमणमा प्रयोग गरेका कारण दमकल ध्वस्त भयो।

कृषि विकास बैंक शाखा कार्यालय बर्दियामा ०६२ जेठ २६ गते दिउँसो माओवादीले कार्यालयवाट नगद तीनलाख ९८ हजार दुईसय ४६ रूपैया र बा. १ प १६६४ नम्बरको मोटरसाइकल समेत लुटेर लगे।

विस्थापित

गुलरिया नपा-४ का ३६ वर्षीय प्रमोद यादव ०६१ माघ २१ गतेदेखि माओवादीको डरका कारण गाउँ छोडी गुलरिया वजार क्षेत्रमा विस्थापित भए। पीडितलाई माघ २१ गते विहान खेतमा काम गर्न गएको बेला माओवादीले गोली प्रहार गरेका थिए। गोली प्रहारपछि त्रासका कारण पीडितले गाउँ छाडेका हुन्।

मोतिपुर गाविस-७ का ३७ वर्षीय खिमबहादुर खत्रीले माओवादीको जनसत्ता विरोधी कार्य गरेको आरोपमा माओवादीले उनलाई ०६२ वैशाख १ गते गाँउ छोड्न धम्की दिए। त्यस दिनदेखि खत्रीका परिवार नेपालगञ्ज नपा-५ गणेशपुरमा डेरा गरी वसेका छन्। खत्रीको १० कट्ठा जमिनमा माओवादीले नै खेती लगाएका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/ यातना

गुलरिया नपा-१२ का ४० वर्षीय खेलावन पासी,



सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएकाहरूमा क्रमश: मेवालाल गौतम, पच्चु थारू, रामनारायण राउ र सुवराम थारू

सोही ठाउँका २६ वर्षीय बाबु बामन र गुलरिया नपा-१४ का ३५ वर्षीय मन्सा बलीलाई ०६१ माघ २९ गते बिहान सादा पोसाकमा आएका सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरे। उनीहरू बाँके कारागारमा रहेका छन्।

बाजुरा जिल्ला घर भएका २५ वर्षीय सुवधन रोकाय मगरलाई ०६१ फागुन ४ गते गुलरिया नपा-४ बाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडित ०६२ असोज ९ गते रिहा भए।

दैलेख जिल्लाको सिस्नेचौर गाविस-३ का दानबहादुर सिँजाली मगरलाई माओवादीको आशंकामा ०६१ फागुन ८ गते मगरागडी गाविस-८ रम्मापुरबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। जिल्ला प्रहरी कार्यालयका अनुसार दानबहादुरलाई हाल काठमाडौंस्थित सुन्दरीजलमा राखिएको छ।

सुर्खेत जिल्ला छिन्चु गाविस-१ का २३ वर्षीय धनबहादुर घर्तीलाई ०६१ फागुन १२ गते गुलरिया नपा-५ तुल्सीपुरबाट माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई फागुन १३ गते बर्दिया कारागार लगियो। पीडितलाई ०६२ वैशाख २० गतेदेखि अनुसन्धानका लागि काठमाडौं सुन्दरीजल लगिएको कुरा जिल्ला प्रहरी कार्यालय बर्दियाले जनायो।

सोरहवा गाविस-२ का ३० वर्षीय पच्चु थारूलाई माओवादीको आशंकामा ०६१ फागुन १४ गते दिउँसो बेलवा गाविसस्थित राझाँबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित हाल ०६१ फागुन २१ देखि बाँके जिल्लाको नेपालगञ्जस्थित कारागारमा रहेका छन्।

सोरहवा गाविस-३ का १८ वर्षीय नरेश चौधरी, जुम्ला जिल्लाको बडकी गाविस-९ का १७ वर्षीय नैनसिंह नेपालीलाई ०६१ फागुन २१ गते दिउँसो ठाकुरद्वारा गाविसस्थित मन्दिर चोकबाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडित नेपालीलाई ०६२ साउन ३२ गते रिहा गरियो भने चौधरीलाई बाँके जिल्लाको नेपालगञ्जस्थित कारागारमा राखियो।



आन्दोलनको क्रममा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिदै सात दल समर्थित नेता तथा कार्यकर्ताहरू

हुम्ला जिल्लाको मेलछाम गाविस-६ का १७ वर्षीय मनकुमारी परियार, सुर्खेत जिल्लाको गढी गाविस-७ का १७ वर्षीय दिलकुमारी घर्ती र हुम्ला श्रीनगर गाविस-८ का २० वर्षीय रामदत्त वि.कलाई ०६१ फागुन २१ गते नेउलापुर गाविस-७ भुरीगाउँ बजारबाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। गिरफ्तार भएका मध्ये परियार ०६२ साउन ३१ गते रिहा भइन् भने अन्य दुईजना ०६२ साउन ३२ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा भए।

बाजुरा जिल्लाको बादु गाविस-२ का निर्मल भनिने गिन्डे सुनारलाई माओवादीको आशंकामा ०६१ फागुन २५ गते गुलरिया नपा-६ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई ०६२ भदौ २६ गते गुलरियास्थित जिल्ला प्रहरी कार्यालायबाट रिहा गरियो।

नेउलापुर गाविस-५ का १५ वर्षीय बलबहादुर विश्वकर्मालाई माओवादीको आरोपमा बगनाह गाविसस्थित सैनबार गाउँबाट ०६१ फागुन २५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। सुरक्षाकर्मीले विकलाई सकेट बमसहित गिरफ्तार गरेका थिए। पीडित ०६२ भदौ २३ गते रिहा भए।

कालिकोट जिल्लाको कुमाल गाविस-८ का २१ वर्षीय नरबहादुर बुढालाई माओवादीको आरोपमा ०६२ वैशाख ८ गते गुलरिया नपा-८ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हाल बाँके जिल्लाको नेपालगञ्जस्थित कारागारमा नजरबन्दमा राखिएको छ।

महम्मदपुर गाविस-१ का २० वर्षीय नैमुद्दिन शेखलाई ०६२ असार १ गते गुलरिया नपा-१० बाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडित मंसिर ९ गते पुनरावेदन अदालत नेपालगञ्जको आदेशबाट रिहा भए।

पाताभार गाविस-३ घर भई हाल धधवार गाविस-८ मा बसोबास गर्ने मुक्त कमैया २१ वर्षीय धनबहादुर थारूलाई ०६२ असार ५ गते घरायसी काममा गुलरिया नपा-८ गएको बेला माओवादीको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित ०६२ भदौ २३ गते रिहा भए।

जमुनी गाविस-८का २२ वर्षीय हरि शर्मालाई ०६२ असार ५ गते साँझ सोरहवा गाविस-६ सतपतिया नजिक रहेको नर्सरी हुँदै गुलरियाबाट साइकल चढी घर गइरहेको बेला सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडित असार ८ गते रिहा भए।

सोरहवा गाविस-२ का सुव्वाराम थारूलाई ०६२ असार ९ गते बगनाहा गाविस-६ बाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितलाई भुरिगाउँस्थित संयुक्त सुरक्षा क्याम्पमा राखिएको छ।

ताराताल गाविस-६ वर्षीय खडकबहादुर क्षेत्री र

सोही ठाँउका ४० वर्षीय तुलबहादुर खड्कालाई ०६२ असार ३१ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा घरवाटै गिरफ्तार गरे। पीडितहरूलाई १० दिनसम्म सुरक्षाकर्मीले सिद्धिवक्स गुल्म गुलरियामा आँखामा पट्टि बाँधी राखेको र फलामको पाइपले पैतालामा पिटेको पीडितले बताए। खड्कालाई कार्तिक १४ गते र क्षेत्रीलाई मंसिर २ गते गुलरिया कारागारबाट रिहा गरियो।

माओवादी कार्यकर्ता अन्दाजी २६ वर्षीय मुक्ति भनिनेलाई ०६२ साउन २४ गते गुलरिया नपा-९ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई हाल सिद्धिबक्स गुल्म गुलरियामा राखिएको छ। मुक्तिसँगै सुरक्षाकर्मीले अन्य तीनजनालाई पनि गिरफ्तार गरी उनीहरूलाई सामान्य सोधपुछपछि सोही दिन रिहा गरेका थिए।

महम्मदपुर गाविस-३ घर भई हाल सोही गाविसको कार्यालयका पियन ३० वर्षीय रामनारायण राढलाई माओवादीको आशंकामा ०६२ भदौ १३ गते दिउँसो सुरक्षाकर्मीले कार्यालयबाट गिरफ्तार गरे। पीडितलाई शरीरमा नीलडाम देखिने गरी सुरक्षाकर्मीले कुटपिट गरे। पीडित तारिखमा गुल्ममा हाजिर हुने सर्तमा सिद्धिबक्स गुल्मबाट भदौ ३१ गते रिहा भए।

पाताभार गाविस-५ का २१ वर्षीय जीउलखन चौधरीलाई माओवादीको आशंकामा ०६२ भदौ १३ गते गुलरिया नपा-६ बाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई सिद्धिवक्स गुल्मबाट भदौ १५ गते रिहा गरे।

सोरहवा गाविस-६ का ३२ वर्षीय रामनरेश यादव ०६२ भदौ २२ गते जग्गाको काममा गुलरिया नपास्थित नापी कार्यालयमा गएको बेला सुरक्षाकर्मीले माओवादीको आशंकामा सोही कार्यालयबाट गिरफ्तार गरी भदौ २३ गते सिद्धिबक्स गुल्मबाट रिहा गरे।

महम्मदपुर गाविस-३ का २४ वर्षीय कलिमअली साइ, गुलरिया नपा-३ का २३ वर्षीय मोती यादव र गुलरिया नपा-१२ का फुजुल बेहना र १८ वर्षीय सियानान बनियालाई माओवादी भएको आशंकामा ०६२ भदौ २२ गते सुरक्षाकर्मीले महम्मदपुर गाविस-३ लालपुरबाट गिरफ्तार गरे। पीडितहरूलाई अनुसन्धानको क्रममा जिल्ला प्रहरी कार्यालयबाट ०६२ असोज २६ गते रिहा गरियो।

वगनाहा गाविस-७ का २७ वर्षीय पतिराम थारू र सोही गाविस-७ का २६ वर्षीय अम्मर थापालाई ०६२ असोज ४ गते ठाकुरद्वाराबाट गएका सुरक्षाकर्मीले पतिरामलाई सोही गाविस-९ गिदरपुरबाट र थापालाई आफ्नै घरवाट माओवादीको आरोपमा गिरफ्तार गरे। थापालाई सामान्य सोधपुछपछि भोलिपल्ट रिहा गरियो भने पतिरामलाई ठाकुरद्वारास्थित सुरक्षा वेस क्याम्पमा राखेर जिल्ला प्रहरी कार्यालयमा आत्मसमर्पण गरेपछि रिहा गरे।

रम्मापुर क्याम्प आक्रमणको क्रममा माओवादीले प्रयोग गरेको दमकल

बाँके जिल्लाको रझेना गाविस-२ का ३४ वर्षीय चेतन तिमिल्सिना र सानोश्री गाविस-५ का २९ वर्षीय मेवालाल गौतमलाई ०६२ असोज १३ गते ढोढरी गाविस-१ बेलवा चोकबाट माओवादीको आशंकामा सुरक्षाकर्मीले माइक, डायरीसहित गिरफ्तार गरे। उनीहरू नेपालगञ्ज कारागारमा छन्।

कैलाली जिल्लाको हसुलिया गाविस-४ निवासी माओवादी कार्यकर्ता २९ वर्षीय सुरेन्द्र चौधरीलाई ०६२ कार्तिक २० गते दिउँसो मानपुरटपरा गाविस-५ बाट राजापुरस्थित संयुक्त बेस क्याम्पका सुरक्षाकर्मीले गिरफ्तार गरे। हाल चौधरी नेपालगञ्जस्थित केन्द्रीय कारागार बाँकेमा छन्।

सोरहवा गाविस-१ का २३ वर्षीय प्रदीप बाग्ले र सोही ठाउँका २९ वर्षीय बद्रि ढकाललाई ०६२ मंसिर २ गते दिउँसो गुलरिया नपा-८ बाट सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरे। गिरफ्तार प्रदीपलाई मंसिर ३ गते रिहा गरियो भने बद्रि मंसिर ७ गते रिहा भए। विद्यालयको रकम बैंकमा जम्मा गर्न दुवैजना सो दिन गुलरिया गएका थिए।

मैनापोखर गाविस-६ का ३० वर्षीय हिमाल त्रिपाठीलाई ०६२ पुस १४ गते सोही गाविस-१ बाट सिद्धिवक्स गुल्मबाट गस्तीमा गएको सुरक्षाकर्मीले माओवादीको आशंकामा गिरफ्तार गरे। पीडित पुस १५ गते रिहा भए।

बालअधिकार

गुलरिया नपा-९ का १३ वर्षीय बालिकालाई ०६२ असार २५ गते साँझ घरदेखि दुईसय मिटर पश्चिम मकै बारीमा दिसा गर्न गएको बेला सोही ठाउँका १८ वर्षीय सुल्खे यादवले बलात्कार गर्न खोजे। पीडित चिच्याएपछि गाउँका मानिस आएको देखेर पीडक भागेको पीडितले बताइन्। पीडकलाई कुनै कारवाही भएन।

जिल्लाका तीन सय २१ विद्यालयका एक लाख १८ हजार बालबालिकाहरू ०६२ भदौ १० गतेदेखि १२ गतेसम्म राजा ज्ञानेन्द्रको मध्यपश्चिमाञ्चल भ्रमणको विरूद्धमा माओवादीले बाँके तथा बर्दिया जिल्लामा आह्वान गरेको बन्दका कारण बालबालिकाले पढ्न पाएनन्।

शिवपुर गाविस-५ का १२ वर्षीय बालिकालाई ०६२ भदौ १७ गते राति घरमा सुतेको बेला कैलाली जिल्लाको चिसापानी गाविसका अन्दाजी २५ वर्षीय गोविन्द खड्काले घरबाट खेतमा लगी बलात्कार गरे। पीडितले भदौ २४ गते जिल्ला प्रहरी कार्यालयमा पीडकलाई कारवाहीको लागि निवेदन गरिन्। पीडक फरार छन्।

जिल्लास्थित सरकारी विद्यालयमा अध्ययनरत बालबालिकाहरू ०६२ मंसिर २६ र २७ गते माओवादी निकट शिक्षक संगठनले आह्वान गरेको शैक्षिक संस्था बन्दका कारण विद्यालयमा पढ्न जान पाएनन्। शिक्षासम्बन्धी विभिन्न माग गर्दै सो संगठनले मंसिर २६ देखि ३० गते सम्ममा शिक्षण संस्थाहरू बन्दको आह्वान गरेको थियो।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार बलात्कार प्रयास

जमुनी गाविस-८ का २५ वर्षीय एक महिलालाई ०६२ असार १० गते राति घरमा सुतेको अवस्थामा सोही ठाउका २८ वर्षीय भक्तबहादुर चन्दले घरभित्र पसी बलात्कार गर्ने प्रयास गरे। ढोका नभएको घर र पति जागिरको सिलसिलामा अन्य जिल्ला गएकोले चन्द सहजै घरमा पसी खटिया मुनि लुकेर बलात्कार गर्ने प्रयास गर्दा महिलाले हल्ला गरेपछि पीडक भागेका थिए।

जमुनी गाविस-८ का ३८ वर्षीय एक महिलालाई ०६२ साउन ३२ गते राति सोही ठाउका ३१ वर्षीय सुरेन्द्रबहादुर चन्दले मादक पदार्थ सेवन गरी घरनजिक बाटोमा हिँडिरहेको बेला हातले मुख थुनेर लतार्दै घरदेखि दुईसय मिटर उत्तर मकैबारीमा लगी बलात्कार गर्ने प्रयास गरे। पीडकलाई माओवादीले अपहरण गरी पाँच दिनसम्म राखेका थिए। पीडक गाउबाट फरार भएका छन्।

पारिवारिक हिंसा

कालिका गाविस-४ का ३५ वर्षीय श्रीराम थारूले ०६१ माघ १ गते घरमा जेठी पत्नी र छोरा छोरी हुँदाहुँदै घर परिवारलाई थाहै नदिई सोही ठाउकी ३५ वर्षीय गोल्मा सुनारसग बहुविवाह गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

मोतीपुर गाविस-७ का २६ वर्षीय राजु विक र उनको पत्नीलाई ०६२ असार १ गते बहुविवाह गरेको आरोपमा माओवादीले कपाल चार पाटा मुडेर गाउँ घुमाए।

विगतको अनुगमन

धधवार गाविस-९ बैदाका बलबहादुर स्वाँरको घर र जग्गा माओवादीले ५ वर्षदेखि कब्जा गरेका कारण ०६२ पुस १० गतेसम्म विस्थापित जिवन बिताउँदै आइरहेका छन्। ०६२ पुस ११ गते बलबहादुरले अन्यायपूर्ण प्रकारले कब्जा भएको घर जग्गा उपभोग गर्न पाउने र घरमा बस्न र आवतजावत गर्ने वातावरण तयार गरी पाउँ भनी इन्सेक नेपालगञ्जमा निवेदन दिए। उक्त निवेदनमा पीडितले आफ्नो घर जग्गा माओवादीले ०५७ सालदेखी कब्जा गरेको बताएका छन्।

४.८ सुर्खेत



जनसंख्या	: ३१७८५९
साक्षरता प्रतिशत	: ६२.४८
महिला साक्षरता प्रतिशत	: ५०.१०
क्षेत्रफल (वर्ग कि. मि.)	: २४५१
गाविस नपा संख्या	: ५०/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ४९७
क्याम्पस उच्च मा.वि.	: २/६
अस्पताल स्वास्थ्य चौकी	: १/५०
टेलिफोन लाइन	: २८७०
मोटर सडक (कि मि.)	: ३०८
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५१
मानव विकास सूचकांक	: ०.४८६
प्रति परिवार सरदर संख्या	: ५.८८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

घाटगाउँ गाविस घर भएका माओवादी कार्यकर्ता किरण भनिने ३५ वर्षीय आनन्द विष्टलाई ०६१ पुस २१ गते सुरक्षाकर्मीले साटाखानी गाविस-७ बाट नियन्त्रणमा लिई गोली हानी हत्या गरे।

अवलचीङ गाविस-४ की ५५ वर्षीय सुशीला रानाको ०६१ पुस २६ गते माओवादीको कार्यक्रमलाई लक्ष्य गरी सेनाले गरेको हवाई फायरिङ्गमा परी मृत्यु भयो। घटनामा एकजना नावालकसहित पाँचजना सर्वसाधारण घाइते भए।

जुम्ला जिल्ला घर भएका माओवादी कार्यकर्ता २७ वर्षीय हेमवहादुर शाहीलाई ०६१ माघ ७ गते सुरक्षाकर्मीले मैनतडा गाविस-१ धारीवन नजिकैको जंगलमा नियन्त्रणमा लिई हत्या गरे। सुरक्षाकर्मीले भने उनी दोहोरो भिडन्तमा मारिएको जनाए।

गस्तीमा गएका सुरक्षाकर्मीले ०६१ चैत ८ गते कल्याण गाविसवाट नियन्त्रणमा लिएका माओवादी कार्यकर्ता कल्पनासहित तीनजनालाई कल्याणकै जंगलमा गोली हानी हत्या गरे। सो घटनाको सम्वन्धमा सेनाले उनीहरू सुरक्षा कारवाहीमा मारिएको जनायो।

लेखफर्सा गाविसको गुएलाधारी नजिकैको जंगलमा ०६१ चैत ९ गते गस्तीमा गएका सुरक्षाकर्मीले नाम ठेगाना नखुलेका दुई माओवादी कार्यकर्तालाई नियन्त्रणमा लिई गोली हानी हत्या गरे। पीडितहरूको सुरक्षा कारवाहीमा मृत्यु भएको सुरक्षाकर्मीले जनाए।

छाप्रे गाविसमा ०६१ चैत १७ गते माओवादीको कार्यक्रमलाई लक्ष्य गरी सेनाले गरेको हवाई फायरिङ्गमा परी अनेरास्ववियु (क्रान्तिकारी) का चार कार्यकर्ताको घटनास्थलमा नै मृत्यु भयो। सो घटनामा अन्य छजना घाइते भएका थिए।

वीरेन्द्रनगर नपा-५ चिसापानीका १६ वर्षीय दिनेश पुरीलाई ०६२ कार्तिक २५ गते कारागार शाखा सुर्खेतमा सुरक्षार्थ खटिएका प्रहरी जवान गणेश कुम्भकारले घरमै गई गोली हानी हत्या गरे। कुम्भकारले पुरीलाई सोदिन विहान ओछ्यानबाटै कब्जामा लिई कन्चटमा र कोखामा गोली हानी हत्या गरेका थिए। पीडकले पुरीका बाबु गोपाल पुरीलाई समेत गोली हानी घाइते बनाए। हाल पीडक प्रहरीको हिरासतमा रहेका छन्।

माओवादीबाट

कैलाली जिल्ला घर भई सुर्खेत जिल्ला लाटीकोइली गाविस-९ वुलवुले गेटमा डेरा गरी बस्ने विश्व हिन्दू महासंघका केन्द्रीय सदस्य ४८ वर्षीय चन्द्रप्रताप सिंह ठकुरीलाई राजसंस्थाको पक्षपोषणमा लागेको आरोपमा ०६१ फागुन १३ गते माओवादीले गोली हानी हत्या गरे।

हरिहर गाविस-४ रानीघाटमा नाम ठेगाना नखुलेका अन्दाजी ४० वर्षीय व्यक्तिलाई ०६१ चैत १ गते माओवादीले सेनाको जासुस भनी कुटपिट गरी हत्या गरे। उनलाई हत्या गरेपछि भेरी नदीमा वगाइदिएका थिए।

वावियाचौर गाविस-२ का ९ वर्षीय रामवहादुर तारमीको माओवादीले वेवारिसे अवस्थामा छोडेको बम खेलाउँदा विस्फोट भई ०६१ चैत १७ गते घटनास्थलमै मृत्यु भयो।

उत्तरगंगा गाविस-९ घर भई राप्रपाका केन्द्रीय पार्षद एवं सुर्खेत उपत्यका नगरविकास समितिका अध्यक्ष ४६

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित				
	अन्यबाट			माओवादीबाट									
	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	१	१	१०	१०	२		१२	८	१९	१	२	२२
घाइते				६	६	३		१०	५	४		११	१५
गिरफ्तारी/यातना									६८	१०१	३	५४	१५८
बेपत्ता									११	११	१		१२
कुटपिट				२१	३०	५		३५	३४	४६	२	४	५२
धम्की				१९	२०	२	१२	३४	१५	१८	२		२०
भेला संगठित हुने अधिकार									५	१२		१००	११२
आर्थिक सामाजिक सांस्कृतिक अधिकार				१	१			१					
अमानवीय व्यवहार				१		२		२					
अपहरण				१८२	२५५	२२	५३	३३०					
जम्मा	१	१	१	२४१	३२३	३६	६५	४२४	१५६	२११	९	१६१	३९१

वर्षीय भरतदेव भारतीलाई राजावादी भएको आरोपमा ०६१ चैत २७ गते माओवादीले घरमै कन्चट, छाती र कोखामा गोली हानी हत्या गरे।

लाटीकोइली गाविस-८ का १० वर्षीय बमबहादुर कार्कीको ०६१ चैत २८ गते घर नजिकैको खेतमा गाई चराउन गएको समयमा माओवादीले बेवारिसे अवस्थामा छाडेको सकेट बम विस्फोट भई घाइते भए। उपचारको लागि सुर्खेत अस्पताल ल्याउदा-ल्याउदै उनको बाटोमै मृत्यु भयो।

लेखगाउं गाविस-१ घर भई भारतीय पूर्व सैनिक ४८ वर्षीय रामबहादुर शाहले चन्दा नदिएको आरोपमा ०६१ चैत ३० गते माओवादीले उनलाई घर नजिकैको जंगलमा पुऱ्याई कुटपिट गरी हत्या गरे। सो घटनाको सम्बन्धमा माओवादीले पीडित आफै भिरबाट लडेर मृत्यु भएको बताए।

हरिहरपुर गाविस-७ पारमाका एकै परिवारका तीन वर्षीय दीपक नेपाली र ११ वर्षीय सुकमाया नेपालीको ०६२ जेठ २१ गते नजिकैको खेतबारीमा बाख्रा चराउन जाँदा माओवादीले बेवारिसे अवस्थामा छाडेको सकेट बम विस्फोट भई घटनास्थलमै मृत्यु भयो। विस्फोटमा परी दिपककी दिदी वृद्धिखरा नेपाली सख्त घाइते भइन्। घाइतेको उपचार सुर्खेत अस्पतालमा गरियो।

दोहोरो भिडन्त

सुरक्षाकर्मी र माओवादीबीच ०६१ माघ ९ गते लाटीकोइली गाविस-१ भेरीपुल नजिकै भएको दोहोरो भिडन्तमा दैलेख जिल्लास्थित खानेपानी संस्थानमा कार्यरत ३७ वर्षीय योगेन्द्रराज बजगाईंसहित १० जनाको घटनास्थलमै मृत्यु भयो। घटनामा सुरक्षाकर्मीतर्फ सहायक सेनानी शेखर खड्का र माओवादीका आठजना कार्यकर्ता मारिएका थिए।

आफ्नै बमबाट

दशरथपुर गाविस-४ मा ०६१ पुस २७ गते सेना गाउमा आइपुगेको खबर थाहापाई भाग्न खोज्दा नाम नखुलेको एकजना माओवादीको आफ्नै बम विस्फोटनमा परी मृत्यु भयो। सो घटनामा अन्य दुईजना महिला छापामार घाइते भए। यसबारेमा माओवादीको कुनै प्रतिक्रिया सार्वजनिक गरेनन्।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

जिल्ला प्रहरी कार्यालय सुर्खेतमा कार्यरत प्रहरी हवल्दार ३२ वर्षीय परमेश्वर चौधरी र जवान २६ वर्षीय हरिबहादुर खत्री ०६१ माघ ४ गते वीरेन्द्र नपा-१० नजिकै माओवादीले बिछ्याएको विद्युतीय धरापमा परी घाइते भए। घाइतेहरूको सुर्खेत अस्पतालमा उपचार गरियो।

कुनाथरी गाविस-३ की ७ वर्षीय कल्पना वि.क ०६१ चैत १ गते घर नजिकैको जंगलमा बाख्रा चराउन गएको समयमा माओवादीले बेवारिसे अवस्थामा छोडेको बम खेलाउँदा विस्फोट भई घाइते भइन्। घाइतेको नेपालगञ्ज अस्पतालमा उपचार गरियो।

वीरेन्द्रनगर नपा-६ की ३६ वर्षीय साबा खातुन र सोही नपा-८ का व्यापारी ४८ वर्षीय शिवप्रसाद गौतम ०६२ जेठ २२ गते क्षेत्रीय हुलाक निर्देशनालय, सुर्खेतको वीरेन्द्रनगर बीच बजारस्थित डाकसेवा भवनमा माओवादीले गराएको बम विस्फोटमा परी घाइते भए।

लेखपराजुल गाविस-६ का १२ वर्षीय चन्द्रबहादुर रावल ०६२ कार्तिक १४ गते माओवादीले बेवारिसे अवस्थामा छोडेको बम खेलाउँदा विस्फोट भई सख्त घाइते भए। उनको सुर्खेत अस्पतालमा उपचार गरिएको थियो।

आफ्नै बमबाट

छिन्चु गाविस-७ स्थित सुरक्षा बेस क्याम्पमा कार्यरत सैनिक जवान २२ वर्षीय बमबहादुर डाँगी र सशस्त्र जवान २३ वर्षीय झपेन्द्र चपाई ०६२ जेठ १० गते आफ्नै बम विस्फोटमा परी घाइते भए। विस्फोटबाट दुवैजनाको हात चुँडिनुको साथै शरीर भरिनै बमको छर्रा लागेको थियो। दुवैजनालाई उपचारको लागि काठमाडौं लगियो।

जेल र बन्दीहरू

कुल २५ जना बन्दी क्षमता रहेको जेलमा हाल ५२ जना बन्दीहरू छन्। जसमध्ये कैद तोकिएका २९ र कैद नतोकिएका २३ जना छन्। ०५७ सालमा गिरफ्तार गरिएका राधिका चन्दलाई राज्यविरुद्धको र ०५८ सालमा गिरफ्तार गरिएका रेश्मा विष्ट, विष्णा बिकलगायत् तीनजना माओवादी कार्यकर्तालाई कर्तव्य ज्यान मुद्दामा राखिएको भएपनि उनीहरूको मुद्दाको बारेमा हालसम्म कुनै टुङ्गो लागेको छैन।

माओवादीका कार्यकर्ताहरू गौरी वि.क, मनरुप खत्री, भीमबहादुर विक, अनेरास्ववियु (क्रान्तिकारी) का नरेन्द्र कार्की र चन्द्रबहादुर धरालालगायतका १९ जनालाई आस्थाको आधारमा नजरबन्दमा राखिएको छ। जेलर बस्ने निवास छैन। तीन दशकअघि बनेको वीरेन्द्रनगर नपा- ५ चिसापानीस्थित जेल भवन जीर्ण बन्दै गएको र वर्षेनी कैदीहरूको चाप बढ्दै जानाले कैदी तथा थुनुवाहरूले खानेपानी र सुत्ने स्थान अभावले पिरोलित् परेको छ। ०५८ माघ २ गते ३० जना माओवादी बन्दीहरूले सुरुङ्ग खनेर भागेपछि भौतिक अवस्थामा केही परिवर्तन गरिएको भएपनि सुरक्षाकर्मी बस्ने आवासको भने व्यवस्था गर्न नसकिएको

जेलर सहदेव खड्काले बताए। हाल सुर्खेत कारागारका बन्दीहरूलाई विभिन्न संघसंस्थाहरूले मनोरञ्जनका साधन र पत्रपत्रिका उपलव्ध गराउँदै आएका छन्।

बेपत्ता / अपहरण

राज्यबाट

दैलेख जिल्ला रानीवनका शाही थरका एक र दैलेख नौमुलेका मंगोलियन मुलका एक नाम नखुलेका माओवादीलाई ०६१ माघ १८ गते सुरक्षाकर्मीले रामघाटवाट गिरफ्तार गरे। पीडितहरूको स्थिति हालसम्म पनि सार्वजनिक गरिएको छैन।

कल्याण गाविस-५ का २८ वर्षीय होमवहादुर सिंजालीलाई माओवादीको आरोपमा ०६१ चैत ६ गते सुरक्षाकर्मीले वीरेन्द्रनगर नपा-११ बाट गिरफ्तार गरी वेपत्ता पारे।

माओवादीबाट

घुमखहरे गाविस-४ का ६० वर्षीय रगवीर खत्रीका छोरा सुरक्षाकर्मीमा भएको आरोपमा ०६१ पुस १७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। तोकिएको चन्दा दिने सर्तमा पीडितलाई सोही दिन मुक्त गरियो।

घुमखहरे गाविस-३ का ४१ वर्षीय दिलबहादुर वीसीले चन्दा नदिएको आरोपमा ०६१ पुस १८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

दहचौर गाविस-२ का ४० वर्षीय मदन चन्दले सुराकी गरेको आरोपमा ०६१ पुस १९ गते माओवादीले उनलाई घरवाटै अपहरण गरी दुई दिनपछि सोही ठाउँवाट मुक्त गरे।

घुमखहरे गाविस-१ की ३५ वर्षीय रूपकली खत्रीको छोरा सुरक्षाकर्मी भएको आरोपमा ०६१ पुस २० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तोकिएको चन्दा दिने सर्तमा दुई दिनपछि मुक्त गरे।

जर्वुटा गाविस-१ धुलियाविटका व्यापारी ५६ वर्षीय गंगाप्रसाद आचार्यले सुराकी गरेको आरोपमा ०६१ पुस २४ गते माओवादीले उनलाई घरवाटै अपहरण गरे। आचार्य इन्सेकको पहलमा तीन दिनपछि मुक्त भए।

कुनाथरी गाविस-९ का ६० वर्षीय जसवहादुर रानाले सुराकी गरेको आरोपमा ०६१ पुस २५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

जर्वुटा गाविस-१ का शिक्षक ३५ वर्षीय डम्वर ढकाल, २५ वर्षीय शिक्षक तिलक गौतम, सोही गाविस- ७ का १८ वर्षीय टंकबहादुर सल्यानी र २० वर्षीय ललित घर्ती,

भिडन्तको क्रममा मारिएका सहसेनानी शेखर खड्का

जर्बुटा गाविस-६ का ३६ वर्षीय विष्णुप्रसाद देवकोटा, ३९ वर्षीय मोतीलाल वि.क र ३२ वर्षीय माधव पोखरेल, जर्बुटा गाविस-६ का ३२ वर्षीय विष्णुप्रसाद आचार्य, ३४ वर्षीय सहवीर गाहा, ४० वर्षीय धनवहादुर दर्लामी, शिक्षक ३६ वर्षीय कृष्णदेव थापा, २८ वर्षीय चन्द्रलाल आचार्य, ३९ वर्षीय कृष्णप्रसाद उपाध्याय र ३५ वर्षीय कृष्णराज आचार्यलाई माओवादीले ०६१ पुस २५ गतेदेखि २७ गतेको अवधिमा आफ्नो कार्यक्रममा सहभागी गराई तीन दिनदेखि पाँच दिनभित्र मुक्त गरे।

जर्वुटा गाविस-५ का शिक्षक २४ वर्षीय मोतीलाल शाहले चन्दा नदिएको कारण ०६१ पुस २९ गते माओवादीले उनलाई अपहरण गरी दुई दिनपछि मुक्त गरे।

घुमखहरे गाविस-५ का ३७ वर्षीय नयनबहादुर खत्रीले सुराकी गरेको आरोपमा ०६१ माघ ५ गते माओवादीले उनलाई घरवाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे भने दहचौर गाविस-४ का ४० वर्षीय श्यामबहादुर थापाले चन्दा नदिएको कारण ०६१ माघ ६ गते माओवादीले उनलाई घरवाटै अपहरण गरी तीन दिनपछि सोही गाविस-२ सुभाघाटवाट मुक्त गरे।

गुटु गाविस-५ का ४१ वर्षीय जीवन वयकले चन्दा नदिएको आरोपमा ०६१ माघ ७ गते माओवादीले उनलाई घरवाटै अपहरण गरी सात दिनपछि मुक्त गरे।

दहचौर गाविस-३ का ३८ वर्षीय भीमबहादुर गंरजालाई जनअभियानमा संलग्न गराउन भन्दै माओवादीले ०६१ माघ १४ गते घरबाटै अपहरण गरी तीन दिनपछि गुमी गाविसबाट मुक्त गरे।

गुमी गाविस-५ का ४२ वर्षीय खडकबहादुर घर्तीलाई जनअभियानमा संलग्न गराउन भनी माओवादीले ०६१ माघ १७ गते माओवादीले अपहरण गरे। पीडित तीन दिनपछि मुक्त भए।

विद्युत प्राधिकरण सुर्खेत शाखामा कार्यरत प्राविधिक ३४ वर्षीय सन्तोष श्रेष्ठसहित पाँच कर्मचारीले माओवादीको जनसत्ताको अनुमतिविना विद्युत मर्मत गर्न खोजेको आरोपमा

भिडन्तको क्रममा मारिएका माओवादी कार्यकर्ता

०६१ माघ २६ गते माओवादीले उनीहरूलाई साटाखानी गाविसको बढीपाटी जंगलबाट अपहरण गरे। एकलाख रुपैयाँ मूल्य बराबरको सामान कब्जामा लिई सन्तोषसहित सबैजनालाई दुई दिनपछि मुक्त गरे। हाल माओवादीले सामान फिर्ता गरिसकेका छन्।

दैलेख जिल्ला रूम गाविस-७ का २१ वर्षीय खेमराज जैसी सशस्त्र प्रहरीमा भर्ना हुन खोजेको आरोप लगाउँदै ०६१ फागुन १६ गते माओवादीले उनलाई सुर्खेतको उत्तरगंगा गाविसबाट अपहरण गरी दुई दिनपछि मुक्त गरे।

मेहलकुना गाविस-७ का ३५ वर्षीय निमराज भण्डारीलाई जनअभियानमा संलग्न गराउन भन्दै माओवादीले ०६१ फागुन २० गते घरबाटै अपहरण गरी मालारानी गाविसमा लगेकोमा पाच दिनपछि सोही ठाउबाट मुक्त गरे।

छिन्चु गाविस-७ घर भएका यातायात व्यावसायी ३२ वर्षीय नारायण महत्तरा र ३० वर्षीय जीवन कार्कीलाई सीट क्षमता भन्दा बढी यात्रु बोकेको आरोपमा ०६१ फागुन २८ गते माओवादीले बोटेचौर बजारबाट अपहरण गरी तीन दिनपछि मुक्त गरे।

कुनाथरी गाविस-५ का ४३ वर्षीय व्यापारी जयप्रसाद शर्माले चन्दा नदिएको आरोपमा ०६१ चैत ३ गते माओवादीले उनलाई अपहरण गरे। शर्माले तोकिए बमोजिम चन्दा तिर्न मन्जुर गरेपछि तीन दिनपछि मुक्त भए।

छिन्चु गाविस-७ का विद्यार्थी १२ वर्षीय डिलबहादुर सिंहले सुराकी गरेको आरोपमा ०६१ चैत ९ गते माओवादीले उनलाई सहारे गाविसको बोटेचौर बजारबाट अपहरण गरे। पीडितलाई ०६२ जेठ २८ गते इन्सेकको पहलमा मुक्त गरियो।

दहचौर गाविस-२ का ५३ वर्षीय केशरबहादुर गुरूङ्गलाई छोरा सेनामा भएको आरोपमा ०६१ चैत १२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

मेहेलकुना गाविस-१ का २६ वर्षीय मोहन केसीले कालोबजारी गरेको आरोपमा ०६१ चैत १३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। के.सीलाई माओवादीले सात दिनसम्म कुटपिट गरी मुक्त गरे।

मेहलकुना गाविस-१ घर भएका पूर्व सशस्त्र प्रहरी २० वर्षीय खिमबहादुर थापालाई जागीर छोडेर घर गएको समयमा जासुसी गर्न आएको भन्ने आरोप लगाउँदै ०६१ चैत १४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित साहारे गाविसबाट पाच दिनपछि मुक्त भए।

वीरेन्द्रनगर नपा-४ घर भएका एम्बुलेन्स चालक ३५ वर्षीय शुकदेव बस्यालले माओवादीको बन्दको समयमा एम्बुलेन्स चलाएको आरोप लगाउँदै ०६१ चैत १९ गते माओवादीले लेखपराजुल गाविस-२ बाट दुई घण्टासम्म रूखमा बाँधी दुःख दिए भने सो एम्बुलेन्स माओवादीले जलाई नष्ट पारे।

साटाखानी गाविस-७ का ४१ वर्षीय अम्मरबहादुर ढकालले सुराकी गरेको तथा चन्दा नदिएको आरोप लगाउँदै ०६१ चैत २० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चार दिनपछि मुक्त गरे। ढकाल माओवादीद्वारा जबरजस्ती गाजस प्रमुख बनाइएका व्यक्ति हुन्।

गुमी गाविस-५ का ३७ वर्षीय रेशमबहादुर गुरूङ्गले चन्दा नदिएको आरोपमा ०६१ चैत २३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

मेहलकुना गाविस-५ निवासी नेकाका कार्यकर्ता ५६ वर्षीय थलबहादुर खत्रीले सुराकी गरेको तथा चन्दा नदिएको आरोप लगाउँदै ०६१ चैत २४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

मालारानी गाविस-५ का ५२ वर्षीय टोपबहादुर सलामीले चन्दा नदिएको आरोपमा ०६१ चैत २९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

घुमखहरे गाविस-२ का कृषक ३२ वर्षीय धनबहादुर खत्रीले चन्दा नदिएको तथा सुराकी गरेको आरोपमा ०६१ चैत ३० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चार दिनपश्चात् मुक्त गरे।

लाटीकोइली गाविस-४ निवासी सैनिक जवान २४ वर्षीय लालबहादुर चौधरी घर बिदामा आएको समयमा ०६२ वैशाख ४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी जागिर छोड्ने सर्तमा दुई दिनपछि मुक्त गरे।

साटाखानी गाविस-५ घर भएका शिक्षक ३६ वर्षीय मित्रप्रसाद पौडेल र सल्यान जिल्ला कालिमाटीकी २२ वर्षीय असिना शाहले बहुविवाह गरेको आरोपमा ०६२ वैशाख ६ गते माओवादीले साटाखानीबाट अपहरण गरे। अपहरित पौडेल सोही दिन मुक्त भए भने शाह हालसम्म माओवादी कब्जामा रहेकी छन्।

कुनाथरी गाविस-५ का ४१ वर्षीय नन्दराम थापा र

४० वर्षीय नरबहादुर पौडेलका छोरा सुरक्षाकर्मी भएको आरोपमा ०६२ वैशाख ७ गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। पीडितहरू दुई दिनपछि मुक्त भए।

रतु गाविस-४ का ४२ वर्षीय श्यामलाल आचार्यले चन्दा नदिएको र सामुदायिक वनको रकम हिनामिना गरेको आरोपमा ०६२ वैशाख ९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी नौ दिनपछि मुक्त गरे।

गर्पन गाविस-३ का ३२ वर्षीय यामलाल ढकाल र ३५ वर्षीय श्यामलाल आचार्य भारतीय सेनाको हत्यामा संलग्न भएको आरोप लगाउँदै ०६२ वैशाख १० गते माओवादीले उनीहरूलाई घरबाटै अपहरण गरे। पीडितहरू हालसम्म मुक्त भएका छैनन्।

कुनाथरी गाविस-५ का ४८ वर्षीय हरिलाल पाण्डेले चन्दा नदिएको र उनका छोरा सुरक्षाकर्मी भएको कारण देखाउँदै माओवादीले ०६२ वैशाख १२ गते घरबाटै अपहरण गरी तोकिएको चन्दा बुझाउने सर्तमा दुई दिनपछि मुक्त गरे।

हरिहरपुर गाविस-६ का ४५ वर्षीय खड्कबहादुर वलीले सुराकी गरेको आरोपमा ०६२ वैशाख १५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी आफ्नो श्रमशिविरमा राखी जेठ १८ गते मुक्त गरे।

गर्पन गाविस-३ का २८ वर्षीय नरहरि ढकालले चन्दा नदिएको र सुराकी गरेको आरोपमा ०६२ वैशाख १६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

दहचौर गाविस-१ राइके घर भएका शिक्षक ४० वर्षीय गंगाबहादुर घर्तीले चन्दा नदिएको आरोपमा ०६२ वैशाख १७ गते माओवादीले घरबाटै अपहरण गरी सोही दिन मुक्त गरे।

हरिहरपुर गाविस-६ निवासी ५५ वर्षीय फ्याउली राना मगरले सुराकी गरेको आरोपमा ०६२ वैशाख १८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित जेठ २० गते मुक्त भए।

गुमी गाविस-४ घर भएका शिक्षक ५७ वर्षीय कविराम गुरुङसहित छजना शिक्षकलाई जनवादी शिक्षा सञ्चालन गर्ने बारेमा छलफल गर्न भनी ०६२ वैशाख २० गते माओवादीले आनन्द उच्च माविबाट अपहरण गरे। पीडितहरूलाई तीन दिनपछि लेखफर्सा माविबाट मुक्त गरियो।

मेहलुना गाविस-१ का व्यापारी ३२ वर्षीय भरत महर्जनले चन्दा नदिएको आरोपमा ०६२ वैशाख २२ गते माओवादीले उनलाई अपहरण गरी दुई दिनपछि मुक्त गरे।

गुमी गाविस-४ स्थित आनन्द उच्च माविका शिक्षक ४२ वर्षीय गोपाल यादवले चन्दा नदिएको आरोपमा ०६२ वैशाख २४ गते माओवादीले उनलाई विद्यालयबाटै अपहरण गरी डाँडाखाली गाविसबाट आठ दिनपछि मुक्त गरे।

गुमी गाविस-२ का २८ वर्षीय टेकबहादुर गुरुङलाई अभियानमा संलग्न गराउन भनी ०६२ वैशाख २८ गते माओवादीले घरबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

घुमखहरे गाविस-५ का ३५ वर्षीय टोपबहादुर खत्रीलाई जनसैन्य अभियानमा संलग्न गराउन भनी ०६२ वैशाख २९ गते माओवादीले घरबाटै अपहरण गरे। खत्री सोही दिन माओवादी कब्जाबाट भागे।

रामघाट गाविस-७ का २६ वर्षीय रामबहादुर वलीसहित पाँचजना युवाहरूलाई जनसैन्य अभियानमा संलग्न गराउन भन्दै ०६२ वैशाख २९ गते माओवादीले घरबाट अपहरण गरी दुई दिनपछि मुक्त गरे।

गढी गाविस-४ निवासी शिक्षक ४० वर्षीय हरिलाल दर्लामी, गढीस्थित नेपाल राष्ट्रिय प्राविको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष ५० वर्षीय दण्डप्रसाद चालिसे र चार विद्यार्थीहरूलाई ०६२ जेठ ४ गते माओवादीले आफ्नो प्रशिक्षणमा अनिवार्यरूपमा जानुपर्ने भनी विद्यालयबाटै अपहरण गरे। पीडितहरूलाई दुई दिनपछि मुक्त गरे।

साटाखानी गाविस-४ बढीपाटीका ६२ वर्षीय नन्दराम आचार्य तथा नेपाल राष्ट्रिय प्रस्तावित निमावि बढीपाटीका चार विद्यार्थीलाई ०६२ जेठ ५ गते माओवादीले कार्यक्रममा जानुपर्ने भनी विद्यालयबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

साटाखानी गाविस-७ चोरासेस्थित खाँडादेवी प्राविका विद्यार्थी १२ वर्षीय राजु पौडेल, १४ वर्षीय मणिराम पौडेल र १६ वर्षीय मणिराम चपाईंलाई ०६२ जेठ ५ गते माओवादीले आफ्नो कार्यक्रममा अनिवार्यरूपमा जानुपर्ने भनी विद्यालयबाट अपहरण गरी दुई दिनपछि मुक्त गरे।

गर्पन गाविस-३ का ३५ वर्षीय मोतीप्रसाद ढकाललाई भारतीय सेनाको हत्यामा संलग्न भएको आरोपमा ०६२ जेठ ८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे।

आन्दोलनको क्रममा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिँदै सात दलका नेता तथा कार्यकर्ताहरू



माओवादीले सदरमुकाम नाकाबन्दीको क्रममा भेरी पुलमा गरेको अवरोध

पीडित हालसम्म मुक्त भएका छैनन्।

बेतान गाविस-६ का ३८ वर्षीय खिमबहादुर रानाले चन्दा नदिएको र सुराकी गरेको आरोपमा ०६२ जेठ ११ गते माओवादीले उनलाई अपहरण गरी चरम यातना दिई नौ दिनपछि मुक्त गरे।

गुटु गाविस-४ घर भएका राप्रपाका कार्यकर्ता ३५ वर्षीय श्यामबहादुर वयकले सुराकी गरेको आरोपमा ०६२ जेठ १२ गते माओवादीले उनलाई घरबाट अपहरण गरी आठ दिनपछि मुक्त गरे।

रतु गाविसका पूर्व अध्यक्ष ३८ वर्षीय पुनबहादुर पुलामीलाई रतु र गर्पन गाविस जोड्ने पुल निर्माणमा अनियमितता गरेको आरोपमा ०६२ जेठ १६ गते अपहरण गरे। उनी हाल माओवादी श्रमशिविरमा छन्।

बर्दिया जिल्ला शिवपुरी गाविस-६ का ४० वर्षीय भीमबहादुर थापाले बहुविवाह गरेको आरोपमा ०६२ जेठ २१ गते माओवादीले आफन्तको घर जाने क्रममा सुर्खेत जिल्ला हरिहरपुर गाविस-४ रानीघाटबाट उनलाई अपहरण गरी सोही ठाउँबाट एक महिनापछि मुक्त गरे।

जाजरकोट जिल्ला खलंगा गाविस-९ घर भएका निर्माण व्यवसायी ३९ वर्षीय खिमबहादुर बटालालाई रतु र गर्पन गाविस जोड्ने पुल निर्माण गर्न जनसत्ताको अनुमति नलिएको भनी ०६२ जेठ २५ गते माओवादीले रतु गाविसबाट अपहरण गरे। पीडित हालसम्म मुक्त भएका छैनन्।

घोरेटा गाविस-२ गान्द्रास्थित नेपाल राष्ट्रिय प्राविका शिक्षक ४८ वर्षीय भोजेन्द्र हमाललाई ०६२ जेठ २९ गते माओवादीले अपहरण गरे। पीडितलाई १५ दिनपछि रजेना गाविसबाट मुक्त गरे।

हरिहरपुर गाविस-६ की ४२ वर्षीय भद्रकला थापाले बहुविवाह गरेको आरोपमा ०६२ जेठ ३० गते माओवादीले उनलाई हरिहरपुरबाट अपहरण गरी दुई दिनपछि मुक्त गरे।

गुटु गाविस-४ का ४२ वर्षीय काला वयकले सुराकी गरेको आरोपमा ०६२ जेठ ३१ गते माओवादीले उनलाई घरबाट अपहरण गरी सात दिनपछि मुक्त गरे।

तातोपानी गाविस-१ का ५१ वर्षीय बीरबहादुर शाहीले सुराकी गरेको र चन्दा नदिएको आरोपमा ०६२ असार १ गते माओवादीले उनलाई कर्णाली चिसापानी बजारबाट अपहरण गरे। पीडित मुक्त भएका छैनन्।

हरिहरपुर गाविस-६ पाग्माका २८ वर्षीय लोकेन्द्र खड्का, २६ वर्षीय गणेश वली र १८ वर्षीय पूर्णबहादुर दमाईलाई जनसैन्य अभियानमा संलग्न गराउन भनी ०६२ असार ५ गते माओवादीले घरबाट अपहरण गरी तीन दिनपछि तरंगा गाविसबाट मुक्त गरे।

साटाखानी गाविस-८ स्थित कुइनेपानी अपाङ्ग बाल केन्द्रमा अध्ययनरत अपाङ्ग १० वर्षीय हुमबहादुर गेलाङ्ग र जाजरकोट जिल्लाका ११ वर्षीय कर्णबहादुर शाहीलाई ०६२ असार ८ गते माओवादीले केन्द्रबाटै अपहरण गरे। पीडितहरूलाई १५ दिनपछि मुक्त गरियो।

धारापानी गाविस-२ का २२ वर्षीय विष्णु वलीले सुराकी गरेको आरोपमा ०६२ असार ३१ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि सोही ठाउँबाट मुक्त गरे।

काप्रिचौर गाविस-२ का ४२ वर्षीय डम्बरबहादुर शाहीले सुराकी गरेको आरोपमा ०६२ साउन १ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी खानेखोला गाविसबाट आठ दिनपछि मुक्त गरे।

दहचौर गाविस-२ घर भएका पूर्व माओवादी कार्यकर्ता १६ वर्षीय लालबहादुर घर्तीले पार्टी छाडी सुराकी गरेको आरोपमा ०६२ साउन ९ गते माओवादीले उनलाई अपहरण गरी सोही दिन मुक्त गरे।

छाप्रे गाविस-२ का २९ वर्षीय शेरबहादुर कामीले सुराकी गरेको आरोपमा ०६२ साउन २१ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कुटपिट गरे। उनी सालकोट गाविसबाट १० दिनपछि मुक्त भए।

सालकोट गाविस-५ का उद्धव रानाले चन्दा नदिएको र माओवादी विरुद्ध लागेको भनी ०६२ साउन २५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कुटपिट गरे। पीडित तीन दिनपछि सोही ठाउँबाट मुक्त भए।

लेखफर्सा गाविस-३ का ३७ वर्षीय दिलबहादुर मिढुनले सुराकी गरेको आरोपमा ०६२ साउन ३१ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी गुयलाघारीबाट दुई दिनपछि मुक्त गरे।

दहचौर गाविस-२ सुवाघाटका सर्वसाधारण ५० वर्षीय बलबहादुर खत्रीले सुरक्षाकर्मीमा भर्ती भएका छोरालाई घरमा बोलाउनुपर्ने वा तोकेबमोजिमको चन्दा दिनुपर्ने भनी उनलाई ०६२ साउन ३२ गते माओवादीले घरबाटै अपहरण गरे। माओवादीले तोकिएको चन्दादिने सर्तमा उनी दुई दिनपछि मुक्त भए।

डाँडाखाली गाविस-५ का ४६ वर्षीय जितबहादुर मल्लले सुराकी गरेको र चन्दा नदिएको आरोपमा ०६२ भदौ १ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित सोही ठाउँबाट पाँच दिनपछि मुक्त भए।

पोखरीकाँडा गाविस-५ का ४० वर्षीय लालबहादुर खड्काले चन्दा नदिएको आरोपमा ०६२ भदौ ४ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित सोही ठाउँबाट तीन दिनपछि मुक्त भए।

गुटु गाविस-५ का ३८ वर्षीय श्यामलाल वयकले सुराकी गरेको आरोपमा ०६२ भदौ ८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कुटपिट गरे। पीडित छाप्रे गाविसबाट पाँच दिनपछि मुक्त भए।

तातापानी गाविस-२ का ५० वर्षीय भद्रबहादुर शाहीका छोरा सुरक्षाकर्मीमा भर्ती भएको र चन्दा नदिएको आरोपमा ०६२ भदौ ७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित सोही ठाउँबाट तीन दिनपछि मुक्त गरिए।

राकम गाविस-६ का ३२ वर्षीय लक्ष्मण सिंले सुराकी गरेको र चन्दा नदिएको आरोपमा ०६२ भदौ १० गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित ज्यामिरेचौर बजारबाट चार दिनपछि मुक्त भए।

उत्तरगंगा गाविस-२ घर भएका पूर्व माओवादी कार्यकर्ता ३५ वर्षीय जंगबहादुर सुनारले सुराकी गरेको आरोपमा ०६२ भदौ १२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। सुनारको अवस्था अज्ञात छ।

घाटगाउँ गाविस-६ का ३२ वर्षीय शेरबहादुर शाहीले चन्दा नदिएको आरोपमा ०६२ भदौ १५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडित छ दिनपछि मुक्त भए।

बेतान गाविस-३ घर भएका पूर्व भारतीय सेना ४२ वर्षीय खड्कबहादुर रानाले चन्दा नदिएको आरोपमा ०६२ भदौ १९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। माओवादीले तोकेको चन्दा दिने सर्तमा पीडित तीन दिनपछि मुक्त भए।

दहचौर गाविस-५ पिप्लेका ३९ वर्षीय नरबहादुर चन्दले चन्दा नदिएको आरोपमा ०६२ भदौ २९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। माओवादीले तोकेको चन्दा दिने सर्तमा उनी पाँच दिनपछि मुक्त भए।

घुमखहरे गाविस-२ आँपगैराका ५२ वर्षीय खड्कवहादुर वलीलाई सुरक्षाकर्मी रहेका छोरालाई घरमा बोलाउनु पर्ने अथवा तोकिएको चन्दा दिनुपर्ने भन्दै ०६२ भदौ ३१ गते माओवादीले घरबाटै अपहरण गरेकोमा दुई दिनपछि मुक्त भए।

दहचौर गाविस-२ सुवाघाटका ५२ वर्षीय भीमबहादुर खत्रीले चन्दा नदिएको आरोपमा ०६२ असोज १ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। माओवादीले तोकेको चन्दा दिने सर्तमा खत्री सोहीदिन मुक्त भए।

मेहेलकुना गाविस-५ का २६ वर्षीय वीरबहादुर डांगीले सुराकी गरेको आरोपमा ०६२ असोज २ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कुटपिट गरी तीन दिनपछि मुक्त गरे।

दहचौर गाविस-३ का २८ वर्षीय मनबहादुर थापाले जिल्ला विकास समितिको रकम हिनामिना गरेको आरोपमा ०६२ असोज २ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी गुमी गाविसबाट दुई दिनपछि मुक्त गरे।

गुमी गाविस-२ सेराका ४३ वर्षीय हरिलाल गुरुङ्गलाई सुरक्षाकर्मीमा भर्ती भएका छोरालाई घरमा बोलाउनुपर्ने भनी ०६२ असोज ३ गते माओवादीले घरबाटै अपहरण गरेकोमा उनी दुई दिनपछि मुक्त भए।

दहचौर गाविस-३ का ५२ वर्षीय गजेन्द्र घर्ती र ३८ वर्षीय भीमबहादुर गरंजाले जिविसको रकम हिनामिना गरेको आरोपमा ०६२ असोज ५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

काफलकोट गाविस-४ घर भएका नेकाँका कार्यकर्ता २२ वर्षीय टेकबहादुर सिंले सुराकी तथा माओवादी विरोधी क्रियाकलाप गरेको आरोपमा ०६२ असोज ७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरेकोमा १५ दिनपछि रानीबास गाविसबाट मुक्त गरे।

गुमी गाविस-५ का शिक्षक ५२ वर्षीय भीमबहादुर रानासहित एकदर्जन शिक्षकहरूलाई जनवादी शिक्षा कार्यक्रममा सहभागी बनाउन भनी ०६२ असोज ७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

दशरथपुर गाविस-२ का ५२ वर्षीय रामबहादुर खत्रीले चन्दा नदिएको आरोपमा ०६२ असोज ८ गते



माओवादीले रत्न राजमार्गको आङधारी नजिकैको जंगलमा आगो लगाई क्षतिग्रस्त पारेको आयल निगमको ट्याङ्कर

माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन मुक्त गरे।

मैनतडा गाविस-५ घर भई एमाले कार्यकर्ता ४० वर्षीय जयबहादुर वलीले सुराकी गरेको आरोपमा ०६२ असोज ९ गते माओवादीले घरबाटै अपहरण गरी पाँच दिनपछि मुक्त गरे।

मटेला गाविस-४ घर भएका पूर्व माओवादी कार्यकर्ता ३० वर्षीय अम्मर चन्दले सुराकी गरेको आरोपमा ०६२ असोज १० गते माओवादीले उनलाई वीरेन्द्रनगरबाट अपहरण गरे। उनी माओवादीकै कब्जामा रहेको माओवादीले जनाएका छन्।

रानीबास गाविस-५ स्थित रानीबास मावि‌का १७ विद्यार्थीहरूलाई जनवादी शिक्षा बारे जानकारी दिने भन्दै माओवादीले ०६२ असोज ११ गते विद्यालयबाट अपहरण गरे। उनीहरू सबैजना पाँच दिनपछि मुक्त भए।

अवलचीड गाविस-४ स्थित अवलचीड माविका १५ जना विद्यार्थीहरूलाई ०६२ असोज ११ गते जनअभियानमा संलग्न गराउन भन्दै माओवादीले विद्यालयबाटै अपहरण गरे। उनीहरू सबैजना चार दिनपछि मुक्त भए।

रजेना गाविस-३ स्थित रजेना माविका १९ जना विद्यार्थीहरूलाई ०६२ असोज १२ गते जनवादी शिक्षाबारे छलफलमा भाग लिन जानुपर्ने भनी माओवादीले विद्यालयबाटै अपहरण गरे। उनीहरू सबैजना चार दिनपछि मुक्त भए।

लेखफर्सा गाविस-३ स्थित लेखफर्सा माविका १२ जना विद्यार्थीहरूलाई जनअभियानमा संलग्न गराउन ०६२ असोज १३ गते माओवादीले विद्यालयबाटै अपहरण गरे। उनीहरू दुई दिनपछि मुक्त गरे।

दहचौर गाविस-६ का ५३ वर्षीय बलबहादुर वलीले सुराकी गरेको आरोपमा ०६२ असोज १७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी मरणासन्न हुनेगरी कुटपिट गरे। उनी तीन दिनपछि मुक्त भए।

घुमखहरे गाविस-८ का ३२ वर्षीय निरक वलीले सुराकी गरेको आरोपमा ०६२ असोज १८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी आठ दिनपछि मुक्त गरे।

दहचौर गाविस-५ का ४९ वर्षीय सेते मल्लले चन्दा नदिएको आरोपमा ०६२ असोज २० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी मरणासन्न हुनेगरी कुटपिट गरे। पीडित सोही दिन मुक्त भए।

रामघाट गाविस-४ घर भएका ४६ वर्षीय एमाले कार्यकर्ता दत्ते कामीलाई रामघाटको ध्वस्त पुन पुन: निर्माण पहल समितिमा बसेको आरोपमा ०६२ असोज २६ गते माओवादीले घरबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

दशरथपुर गाविस-५ का ४२ वर्षीय कृषक आनन्दलाल ज्ञवालीले माओवादीको विरुद्ध क्रियाकलाप गरेको आरोपमा ०६२ असोज २७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन मुक्त गरे।

वीरेन्द्रनगर नपा-११ का १६ वर्षीय महेश शाही र १६ वर्षीय कृष्णा गुरुङलाई ०६२ असोज २९ गते विवाह गर्न हिँडेको समयमा माओवादीले साटाखानीको जंगलबाट अपहरण गरे। शाही दुई दिनपछि मुक्त भएपनि गुरुङको अवस्था अज्ञात छ।

घाटगाउँ गाविस-५ का २० वर्षीय रामबहादुर राजीलाई ०६२ असोज ३० गते माओवादीले घरबाटै अपहरण गरी २० दिनपछि मुक्त गरे।

घुमखहरे गाविस-५ का ४७ वर्षीय व्यापारी मानबहादुर खत्री र मेहेलकुना गाविस-१ का ५५ वर्षीय शिक्षक चुडामणि शर्मालाई ०६२ असोज ३१ गते माओवादीले बुद्धिजीवी परिषदको भेलामा जानुपर्ने भनी मेहेलकुनाबाट अपहरण गरे। तीन दिनपछि दुवै मुक्त भए।

कल्याण गाविस-४ का शिक्षक ३२ वर्षीय पर्सबहादुर थापालाई जनसत्ताविरुद्ध क्रियाकलाप गरेको आरोपमा ०६२ असोज ३१ गते माओवादीले घरबाटै अपहरण गरी सोहीदिन मुक्त गरे।

मेहेलकुना गाविस-६ का शिक्षक ४८ वर्षीय चित्रबहादुर रेग्मीलाई ०६२ कार्तिक १ गते माओवादीले बुद्धिजीवी परिषद्को भेलामा सहभागी गराउन भन्दै घरबाटै अपहरण गरे। पीडित दुई दिनपछि मुक्त भए।

दहचौर गाविस-२ का ३१ वर्षीय चुर्मी राजीले जनसत्ताको अनुमति नलिई डुङ्गा चलाएको आरोपमा ०६२ कार्तिक ३ गते माओवादीले उनलाई अपहरण गरी कुटपिट गरे। उनी सोही दिन मुक्त भइन्।

लेखगाउँ गाविस-५ का ३२ वर्षीय हरि थापालाई जबरजस्ती पार्टीको कार्यक्रममा संलग्न गराउन ०६२ कार्तिक ६ गते माओवादीले घरबाटै अपहरण गरी छ दिनपछि मुक्त गरे।

पोखरीकाँडा गाविस-६का २५ वर्षीय हिक्मत राजीलाई जबरजस्ती पार्टीको कार्यक्रममा संलग्न गराउन ०६२ कार्तिक ७ गते माओवादीले घरबाटै अपहरण गरे। राजी २० दिनपछि मुक्त भए।

घुमखहरे गाविस-३ का २७ वर्षीय टेकबहादुर खत्रीले सुराकी गरेको र चन्दा नदिएको आरोपमा ०६२ कार्तिक १० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कुटपिट गरी १५ दिनपछि मुक्त गरे।

नेटा गाविस-६ का ३८ वर्षीय रामबहादुर सिंजालीले सुराकी गरेको आरोपमा ०६२ कार्तिक १० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सोही दिन मुक्त गरे।

मेहेलकुना गाविस-६ गैलेका २६ वर्षीय जयबहादुर वलीलाई पार्टीको कार्यक्रममा संलग्न गराउन भन्दै ०६२

कार्तिक १४ गते माओवादीले घरबाटै अपहरण गरे। उनी २५ दिनपछि मुक्त भए।

तरगा गाविस-५ का ४० वर्षीय भीमबहादुर खत्रीले सुराकी गरेको आरोपमा ०६२ कार्तिक १५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी पाँच दिनपछि मुक्त गरे।

गुमी गाविस-९ का ४२ वर्षीय चित्रबहादुर रानाले चन्दा नदिएको आरोपमा ०६२ कार्तिक २० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

गुमी गाविस-६ का ३२ वर्षीय देवबहादुर बुढाले सुराकी गरेको र चन्दा नदिएको आरोपमा ०६२ कार्तिक २१ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कुटपिट गरे। पीडित नेटा गाविसबाट २५ दिनपछि मुक्त भए।

गुमी गाविस-६ का २४ वर्षीय बलबहादुर बुचाले सुराकी गरेको आरोपमा ०६२ कार्तिक २१ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी सात दिनपछि मुक्त गरे।

मैनतडा गाविस-२ ठूलोजात्रीका २० वर्षीय जयबहादुर कामीले सुराकी गरेको आरोपमा ०६२ कार्तिक २३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कुटपिट गरी दश दिनपछि मुक्त गरे।

तातोपानी गाविस-५ का २७ वर्षीय शिव रावतले सुराकी गरेको आरोपमा ०६२ कार्तिक २३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

छाप्रे गाविस-१ का २२ वर्षीय विद्यार्थी धनबहादुर केसीलाई पार्टीमा संलग्न गराउन ०६२ कार्तिक २५ गते माओवादीले घरबाटै अपहरण गरी छ दिनपछि मुक्त गरे।

धारापानी गाविस-१ का ३१ वर्षीय रणबहादुर खड्काले चन्दा नदिएको आरोपमा ०६२ कार्तिक २६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी छ दिनपछि मुक्त गरे।

राकम गाविस-६ पुलजीपमा ५८ वर्षीय जयधन कामीले सुराकी गरेको आरोपमा ०६२ कार्तिक २७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी पाँच दिनपछि मुक्त गरे।

बेनान गाविस-५ का ५० वर्षीय हर्कबहादुर पंगालीले सुराकी गरेको तथा चन्दा नदिएको आरोपमा ०६२ कार्तिक २८ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी कुटपिट गरी तीन दिनपछि मुक्त गरे।

आग्रीगाउँ गाविस-५ का ५० वर्षीय हस्तबहादुर बुढाले चन्दा नदिएको आरोपमा ०६२ कार्तिक २९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि बजेडीचौरबाट मुक्त गरे।

लेखपराजुल गाविस-१ मनमकाँडाका २६ वर्षीय खिमबहादुर गुरुङलाई माओवादी जनसत्ता विरोधी क्रियाकलापमा उत्रेको आरोपमा ०६२ मंसिर १ गते माओवादीले घरबाटै अपहरण गरी कुटपिट गरे। पीडित दुई दिनपछि मुक्त भए।

पाँखरीकाँडा गाविस-४ बुटीका ५० वर्षीय शक्ति विक, उनकी पत्नी र छोरालाई ०६२ मंसिर ४ गते माओवादीले घरबाटै अपहरण गरी पाँच दिनपछि मुक्त गरे। उनीहरूलाई बाबियाचौर गाविस-१ का मानसिं सुनारको हत्या गरेको आरोपमा अपहरण गरेको माओवादीले जनाए।

पाँखरीकाँडा गाविस-४ बुटीका २५ वर्षीय केशव थापा, २८ वर्षीय रत्नबहादुर कठायत र २१ वर्षीय कबी राजीलाई ०६२ मंसिर ५ गते माओवादीले घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे। उनीहरूलाई माओवादीले मुशलले पेलेर यातना दिएका थिए। माओवादीले उनीहरूलाई बाबियाचौरका मानसिं सुनारको हत्यामा संलग्न भएको आरोपमा अपहरण गरेको जनाए।

पाँखरीकाँडा गाविस-४ बुटीका १५ वर्षीय लालबहादुर थापाले सुराकी गरेको आरोपमा ०६२ मंसिर ६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

काफलकोट गाविस-४ का ४८ वर्षीय गोपालसिं ठकुरीले सुराकी गरेको आरोपमा ०६२ मंसिर १२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी भोलिपल्ट मुक्त गरे।

घुमखहरे गाविस-३ का ४२ वर्षीय हरिबहादुर विकका छोरा सेनामा भएको आरोपमा माओवादीले उनलाई ०६१ मंसिर १६ गते घरबाटै अपहरण गरे। पीडित माओवादीले तोकेबमोजिमको चन्दा दिने सर्तमा सोही दिन मुक्त भए।

मैनतडा गाविस-३ का २८ वर्षीय काशीराम विकलगायत छ युवाहरूलाई जनअभियानमा संलग्न गराउन भनी ०६२ मंसिर १७ गते माओवादीले घरबाटै अपहरण गरे। सबैजना दुई दिनपछि मुक्त भए।

आग्रीगाउँ गाविस-२ का २८ वर्षीय नारायण खत्रीलाई जनसत्ता विरोधी क्रियाकलापमा उत्रेको आरोपमा ०६२ मंसिर १८ गते माओवादीले घरबाटै अपहरण गरी सात दिनपछि सोही ठाउँबाट मुक्त गरे।

लेखफर्सा गाविस-२ का ४० वर्षीय व्यापारी जनकप्रसाद पौडेलले चन्दा नदिएको आरोपमा ०६२ मंसिर २० गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। तोकिएको चन्दा दिने सर्तमा पौडेल दुई दिनपछि मुक्त भए।

दहचौर गाविस-७ का ५० वर्षीय हर्कबहादुर तारमले सुराकी गरेको आरोपमा ०६२ मंसिर २२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

मटेला गाविस-८ का ४० वर्षीय हर्कबहादुर चन्दले चन्दा नदिएको र सुराकी गरेको आरोपमा ०६२ मंसिर २३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

रकम गाविस-६ पल्लीपका ४३ वर्षीय कर्णबहादुर शाहीले सुराकी गरेको आरोपमा ०६२ मंसिर २६ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

गुमी गाविस-९ का ३८ वर्षीय चित्रबहादुर गुरुङलाई जनसत्ता विरोधी क्रियाकलापमा उत्रेको आरोपमा ०६२ मंसिर २७ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

रजेना गाविस-३ का ३७ वर्षीय व्यापारी चेनमान गुरुङलाई जनअभियानमा संलग्न नगराउन भन्दै माओवादीले ०६२ मंसिर २८ गते घरबाटै अपहरण गरे। पीडित तीन दिनपछि मुक्त भए।

मेहेलकुना गाविस-५ गैलेका २६ वर्षीय अम्मरबहादुर पुनले चन्दा नदिएको आरोपमा ०६२ मंसिर २९ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। तोकिएको चन्दा दिने सर्तमा पुन सोही दिन मुक्त भए।

घुमखहरे गाविस-६ का ३६ वर्षीय कुलबहादुर गरंजाले सुराकी गरेको आरोपमा ०६२ पुस १ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। गरंजा दुई दिनपछि मुक्त भए।

घुमखहरे गाविस-५ भिरिखोलाका ३६ वर्षीय टोपबहादुर खत्रीलाई जनसत्ता विरोधी क्रियाकलापमा उत्रेको आरोपमा ०६२ पुस २ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित तीन दिनपछि मुक्त भए।

लेखगाउ गाविस-३ का ५२ वर्षीय रामबहादुर पुनले चन्दा नदिएको आरोपमा ०६२ पुस ६ गते माओवादीले उनलाई गाउबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

लेखगाउ गाविस-२ का २० वर्षीय हरिबहादुर खत्रीले सुराकी गरेको आरोपमा ०६२ पुस १० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चार दिनपछि मुक्त गरे।

काप्रीचौर गाविस-३ का ३२ वर्षीय नरेन्द्र पुनले सुराकी गरेको आरोपमा ०६२ पुस १२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

मैनतडा गाविस-१ का ३६ वर्षीय तुलाराम सार्कीले चन्दा नदिएको आरोपमा ०६२ पुस १३ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

छिन्चु गाविस-४ सुर्लीखोलाका ४८ वर्षीय हर्कबहादुर खड्काले सुराकी गरेको आरोपमा ०६२ पुस १५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। पीडितको स्थिति अज्ञात छ।

बाबियाचौर गाविस-९ चनालीका ४० वर्षीय कान्ता धिताल ३५ वर्षीय गंगालाल न्यौपाने,४५ वर्षीय धनराज धिताल, २५ वर्षीय अर्जुन कंडेल र ४२ वर्षीय देवीराम पाण्डेलाई छिमेकीको हत्यामा संलग्न भएको आरोपमा ०६२ पुस १६ गते माओवादीले घरबाटै अपहरण गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

गुमी गाविस-५ का २४ वर्षीय जीतबहादुर घर्ती र २२ वर्षीय हरिबहादुर पुनलाई माओवादीको आशंकामा ०६१ पुस २० गते सुरक्षाकर्मीले कुटपिट गरे।

गढी गाविस-८ का ३० वर्षीय प्रेमबहादुर हमाल र ३१ वर्षीय कमल पौडेललाइ माओवादीको आरोपमा ०६१ फागुन ५ गते सुरक्षाकर्मीले घरमै आई कुटपिट गरे। पौडेललाई माओवादीले छ महिनासम्म श्रमशिविरमा राखेका थिए।

उत्तरगंगा गाविस-९ का ४२ वर्षीय टीकाराम गिरी, मानकुमारी शाही र पदमबहादुर खत्रीलाई ०६१ चैत २७ गते माओवादी खोजतलासको क्रममा गएका सुरक्षाकर्मीले घरमै कुटपिट गरे।

उत्तरगंगा गाविस-७ का ५५ वर्षीय बलबहादुर बुढालाई ०६२ वैशाख ५ गते सुरक्षाकर्मीले ज्यानमार्ने धम्की दिए। तीनजनाको संख्यामा आएका सेनाले "हामी माओवादी हौं, आठजनालाई खाना बनाउनु नबनाए जे पनि हुन्छ" भनेर धम्काएका थिए।

गुटु गाविस-३ का ४० वर्षीय भक्तबहादुर राना र ३५ वर्षीय लक्ष्मीराम विश्वकर्मालाई माओवादी जनसत्ताको निर्देशनमा पुल निर्माण गरेको भनी ०६२ साउन ६ गते सुरक्षाकर्मीले घरमा गई नियन्त्रणमा लिई कुटपिट गरे।

जाजरकोट जिल्ला डाँडागाउं गाविस-६ टट्टाका शिक्षक २५ वर्षीय चन्द्रबहादुर बुढा, १८ वर्षीय मजदुर खड्कबहादुर विश्वकर्मा र १३ वर्षीय दलबहादुर परियारलाई माओवादीको आरोपमा ०६२ साउन ७ गते सुरक्षाकर्मीले वीरेन्द्रनगर नपा-११ एयरपोर्ट चोकमा नियन्त्रणमा लिई कुटपिट गरे।

जर्बुटा गाविस घर भई हाल वीरेन्द्रनगरमा विस्थापित जीवन बिताइरहेका ३८ वर्षीय अमृता घर्तीलाई माओवादीको आरोपमा ०६२ साउन १५ गते सुरक्षाकर्मीले उनकै डेरामा गई ज्यानमार्ने धम्की दिए।

वीरेन्द्रनगर नपा-६ घर भई फरकबाटो साप्ताहिकका सम्पादक २४ वर्षीय धीरबहादुर शाहीलाई राजसंस्था र सेनाको विरुद्ध समाचार लेखेको आरोपमा ०६२ साउन १९ गते सुरक्षाकर्मीले जिल्ला प्रशासन कार्यालय सुर्खेतमा बोलाई राजसंस्था र सेनासम्बन्धी समाचार नलेख्न धम्की दिए।

लाटीकोइली गाविस-१ भेरीपुलका ३६ वर्षीय शान्ति थापालाई माओवादीलाई आश्रय दिएको आरोपमा ०६२ साउन ३० गते सुरक्षाकर्मीले नियन्त्रणमा लिई ज्यानमार्ने धम्की दिए।

साटाखानी गाविस-५ का २९ वर्षीय मानबहादुर सन्नार्मीले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ असोज ४ गते सुरक्षा गस्तीमा खटिएका सुरक्षाकर्मीले उनलाई नियन्त्रणमा लिई कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए।

उत्तरगंगा गाविस-५ ठाँगीका ५० वर्षीय खड्कबहादुर सुनारलाई माओवादीको आशंकामा ०६२ असोज २६ गते सेनाले घरमै गई ज्यानमार्ने धम्की दिए।

जाजरकोट जिल्ला सुवानाउली गाविसका शिक्षक ३६ वर्षीय दिलबहादुर खड्कालाई माओवादीको आरोपमा ०६२ असोज २७ गते सुरक्षाकर्मीले छिन्चुबाट गिरफ्तार गरी कुटपिट गरे।

उत्तरगंगा गाविस-६ दौलतपुरका ५२ वर्षीय शंकर चौधरीलाई माओवादीको आरोपमा ०६२ कार्तिक ८ गते सुरक्षाकर्मीले घरमै गई कुटपिट गर्नुका साथै ज्यानमार्ने धम्की दिए। पीडितका अनुसार यसअघि पनि सुरक्षाकर्मीले पटक-पटक यसरी नै कुटपिट गर्ने गरेका थिए।

कालिकोट जिल्लाको मान्मा गाविस-४ का विद्यार्थी २० वर्षीय जीवन शाहीलाई माओवादीको आरोपमा ०६२ कार्तिक १६ गते सुरक्षाकर्मीले वाङ्गेसिमलबाट नियन्त्रणमा लिई कुटपिट गरे।

वीरेन्द्रनगर नपा-६ घर भएका व्यापारी ३९ वर्षीय जयबहादुर बीसीलाई ०६२ कार्तिक १७ गते प्रहरीले वीरेन्द्रनगरबाट नियन्त्रणमा लिई कुटपिट गरे।

बाबियाचौर गाविस-६ का ४० वर्षीय नरबहादुर बुढा क्षेत्रीलाई माओवादीको आरोपमा ०६२ मंसिर १४ गते सुरक्षागस्तीमा खटिएका सुरक्षाकर्मीले बाबियाचौर बजारमा कुटपिट गरे।

जाजरकोट जिल्ला घर भई वीरेन्द्रनगर नपा-६ मा डेरा गरी बस्ने विद्यार्थी २५ वर्षीय वीर्खबहादुर रोकायलाई माओवादीसग साठगाँठ भएको आरोपमा ०६२ मंसिर २४ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरमा नियन्त्रणमा लिई कुटपिट गरे।

दैलेख जिल्ला कालभैरव गाविस–२ का व्यापारी २९ वर्षीय शिखर भण्डारीलाई माओवादीको आरोपमा ०६२ मंसिर २६ गते गढी रातनाङ्लामा सुरक्षाकर्मीले नियन्त्रणमा लिई कुटपिट गरे।

जुम्ला जिल्ला महत गाविसका विद्यार्थी २० वर्षीय रामबहादुर महतलाई माओवादीको आरोपमा ०६२ मंसिर २८ गते सुरक्षाकर्मीले सुर्खेतबाट वीरेन्द्रनगरमा नियन्त्रणमा लिई कुटपिट गरे।

सल्यान जिल्ला देवस्थल गाविस-२ का विद्यार्थी ३० वर्षीय काशीराम बलीलाई माओवादीको आरोपमा ०६२ मंसिर ३० गते एअरपोर्ट चेकपोष्टमा खटिएका सुरक्षाकर्मीले नियन्त्रणमा लिई कुटपिट गरे।

माओवादीबाट

लाटीकोइली गाविस-१ का ४२ वर्षीय झम्म माया रम्जाली, ३१ वर्षीय दलबहादुर बुढा र ३५ वर्षीय लक्ष्मी बटालालगायत ३० घरका परिवारलाई तत्काल घर पसल छोडेर जानु भनी ०६१ माघ १२ गते माओवादीले धम्की दिए।

छिन्चु गाविस-७ का ५२ वर्षीय धर्मराज बढाले चन्दा नदिएको आरोप लगाउँदै ०६१ फागुन ३ गते माओवादीले उनलाई एक पत्र पठाई ज्यान मार्ने धम्की दिए।

वीरेन्द्रनगर नपा-६ घर भएका यातायात व्यवसायी ३२ वर्षीय क्षेत्रमणि गिरी, ३४ वर्षीय चन्द्रदेव पुरी र वीरेन्द्रनगर नपा-३ का प्रोफेसर ४८ वर्षीय महेन्द्रप्रसाद गिरीलाई बन्दको समयमा गाडी सञ्चालन गरेको भनी ०६१ चैत २५ गते माओवादीले लाटीकोइली गाविस-१ व्लेनी नजिकैको जगलमा ज्यानमार्ने धम्की दिए। माओवादीले प्रोफेसर गिरीबाट आठहजार नगद रकम लुटपाट गरे।

लाटीकोइली गाविस-१ भेरीपुलका व्यापारी ४० वर्षीय गणेश बटालालाई सुराकीको आरोपमा ०६२ वैशाख २२ गते माओवादीले घरमै आई ज्यानमार्ने धम्की दिए।

लाटीकोइली गाविस-८ तातोपानी घर भएका शिक्षक एव प्याब्सन सुर्खेतका अध्यक्ष ४६ वर्षीय सिताराम कार्कीलाई निजी विद्यालय बन्द गर्नुपर्ने भनी ०६२ जेठ २ गते माओवादीले एक पत्रमार्फत धम्की दिए।

लेखपराजुल गाविस-४ स्थित नेपाल राष्ट्रिय प्राविका शिक्षक ३९ वर्षीय जयनारायण चौधरीले विद्यालय खोलेको आरोप लगाउँदै ०६२ जेठ ४ गते माओवादीले उनलाई विद्यालयबाटै कब्जामा लिई कुटपिट गरे। माओवादीको कुटपिटबाट चौधरीको दाय हात भाँचिएको थियो। पीडितको उपचार सुर्खेत अस्पतालमा गरियो।

हरिहरपुर गाविस-७ का ३२ वर्षीय भीमबहादुर खत्रीलाई विवाह भोज मनाइरहेको समयमा ०६२ असार ३ गते माओवादीले कुटपिट गरे।

साहारे गाविस-८ बोटेचौर बजारका २९ वर्षीय गोरे बलीलाई निजको नाच हेर्ने बारेमा सामान्य विवाद हुँदा ०६२ भदौ १२ गते माओवादीले गाउँबाट नियन्त्रणमा लिई मरणासन्न हुनेगरी कुटपिट गरे। पीडितको स्थानीय स्वास्थ्य केन्द्रमा उनको उपचार गरिएको थियो।

गढी गाविस-८ दर्नाकोटका २५ वर्षीय इन्द्रबहादुर राम्जालीलाई माओवादी पार्टीमा प्रवेश गर्न इन्कार गरेको कारण ०६२ कार्तिक १३ गते माओवादीले घरमा गई मरणासन्न हुनेगरी कुटपिट गरे। सो घटनापछि राम्जालीको

पाँचजनाको परिवार वीरेन्द्रनगरमा विस्थापित भएका छन्।

वीरेन्द्रनगर नपा-७ इत्राम घर भएका व्यापारी ४४ वर्षीय दीपक खड्कालाई नाकाबन्दीको समयमा ट्रक चलाएको भन्दै ०६२ साउन १० गते माओवादीले सल्याकुनाबाट नियन्त्रणमा लिई ज्यान मार्ने धम्की दिए। माओवादीले उनको मालवाहक ट्रकलाई आगो लगाई ध्वस्त पारिदिए।

मेहेलकुना गाविस-१ का यातायात व्यावसायी २२ वर्षीय मदन केसीलाई माओवादी जनसत्ताको निर्देशनमा मात्र सवारी साधन चलाउनु पर्ने भनी ०६२ साउन ११ गते माओवादीले साहारे गाविसको बोटेचौर बजारमा धम्की दिए।

लाटीकोइली गाविस-१ भुप्राखोलाका २६ वर्षीय खिम बादीले सुराकी गरेको आरोपमा ०६२ साउन १४ गते माओवादीले नियन्त्रणमा लिई कुटपिट गरे।

घुमखहरे गाविस-९ भेडाबारी घर भएका एमाले कार्यकर्ता ३८ वर्षीय कृष्णबहादुर फौजालाई माओवादी जनसत्ता विरोधी क्रियाकलापमा लागेको भनी ०६२ साउन २८ गते माओवादीले घरमा गई कुटपिट गरे।

छिन्चु गाविस-८ का ४२ वर्षीय लालबहादुर सुनारलाई ०६२ भदौ ५ गते माओवादीले घरमा गई नियन्त्रणमा लिई ज्यानमार्ने धम्की दिए।

साटाखानी गाविस-५ स्थित खाँडादेवी मावि चौरासेका प्रधानाध्यापक ४२ वर्षीय शिवप्रसाद उपाध्यायलाई जनवादी शिक्षा लागु गर्न र तोकिएको चन्दा दिनुपर्ने भनी ०६२ भदौ २२ गते माओवादीले पत्र पठाई धम्की दिए।

तातोपानी गाविस-३ का ३४ वर्षीय रामबहादुर शाहीले सुराकी गरेको आरोपमा ०६२ असोज १९ गते माओवादीले उनलई घरमा गई कुटपिट गरे।

उत्तरगंगा गाविस-७ घर भएका प्रहरी जवान २२ वर्षीय श्यामप्रसाद शर्मालाई ०६२ असोज २८ गते माओवादीले घरमा गई ज्यान मार्ने धम्की दिए। शर्मा युद्धविराम भएको बेला दशैं मनाउन घरबिदामा घर आएका थिए।

कल्याण गाविस-४ घर भएका एमाले कार्यकर्ता ५२ वर्षीय डण्डपाणि आचार्यलाई मओवादी जनसत्ता विरुद्ध उत्रेको आरोपमा ०६२ कार्तिक ४ गते माओवादीले घरमै गई ज्यानमार्ने धम्की दिए।

क्षेत्रीय स्वास्थ्य निर्देशनालय सुर्खेतका ड्राइभर ३९ वर्षीय हरिस शेखलाई सरकारी मोटरसाइकल सञ्चालन गरेको भनी ०६२ असार ९ गते माओवादीले नियन्त्रणमा लिई ज्यान मार्ने धम्की दिए। माओवादीले मोटरसाइकललाई आगो लगाई ध्वस्त बनाईदिएका थिए।

गर्पन गाविस-७ का ३६ वर्षीय लोकेन्द्र बली र ३० वर्षीय खड्कबहादुर खड्कालाई माओवादीको आरोपमा ०६२ पुस ८ गते सुरक्षाकर्मीले घरमा गई कुटपिट गरे।

बाबियाचौर गाविस-५ का माओवादी कार्यकर्ता ४३ वर्षीय जमानसिं सार्कीलाई आफ्नो आदेश पालना नगरेको भनी माओवादीले ०६२ पुस १६ गते नियन्त्रणमा लिई मरणासन्न हुने गरी कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

वीरेन्द्रनगर नपा-१ निवासी नेमकिपाका केन्द्रीय सदस्य ४२ वर्षीय नमराज कोइराला र नेकाका कार्यकर्ता ५२ वर्षीय पदमदेव गिरीलाई राजसंस्था विरोधी क्रियाकलापमा संलग्न भएको आरोपमा ०६१ माघ १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये गिरी सोही दिन रिहा भए भने कोइराला फागुन २८ गते रिहा भए।

वीरेन्द्रनगर नपा-८ घर भएका पूर्व राष्ट्रिय सभाका सांसद ५८ वर्षीय दुर्गा केशर खनाललाई राजसंस्था विरोधी क्रियाकलापमा संलग्न भएको आरोपमा ०६१ फागुन २ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। पीडित सोही दिन रिहा भए।

प्रतिगमनका विरुद्ध आन्दोलनको क्रममा ०६१ माघ २९ गते अनेरास्ववियुका तेजविक्रम बस्नेत र चतुर्थज शाहीलाई, चैत १६ गते नेकाका कमलराज रेग्मीसहित सो पार्टीका पाँचजनालाई चैत १८ गते, नेमकिपाका गणेश खड्का र लोमन बढ्वाललाई, चैत २६ गते पूर्वसांसद यामलाल कँडेल र एमालेका नवराज रावत, धीरबहादुर शाही लगायत् ३२ जनालाई, चैत ३१ गते एमालेकै गगनसिं सुनारसहित छ जनालाई, जेठ १ गते अनेरास्ववियु सुर्खेतका अध्यक्ष धनश्याम पाण्डेसहित १० जनालाई प्रहरीले गिरफ्तार गरे। ती मध्ये पूर्वसांसद कँडेल, नवराज रावत, नेकाका कमलराज रेग्मी, नेका (प्रजातान्त्रिक) का टोपबहादुर रावतलाई स्थानीय प्रशासनले जेल चलान समेत गरेको थियो।

नेमकिपाका ४२ वर्षीय शेरबहादुर विष्ट, २८ वर्षीय जनक सुनारसहित पाँचजनालाई प्रतिगमनविरूद्ध आन्दोलनमा उत्रेको आरोपमा ०६१ चैत २५ गते वीरेन्द्रनगरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

वीरेन्द्रनगर नपा-६ का एमाले सुर्खेतका सचिव ४४ वर्षीय ऋषिप्रसाद शर्मा, नेका (प्रजातान्त्रिक) सुर्खेतका कार्यवाहक सभापति ४६ वर्षीय धर्मप्रसाद आचार्य, नेमकिपा सुर्खेतका अध्यक्ष ५० वर्षीय बमबहादुर शाही र जनमोर्चा नेपाल सुर्खेतका उपाध्यक्ष ३८ वर्षीय रत्नविक्रम प्यासीसहित २९ जनालाई प्रहरीले ०६२ वैशाख ८ गते वीरेन्द्रनगरबाट गिरफ्तार गरी सोही दिन रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

मध्यपश्चिमाञ्चलको क्षेत्रीय सदरमुकाम सुर्खेतमा रहेको पुनरावेदन अदालतमा जिम्मेवारी सरेर आएका र यस वर्ष परेकासमेत विविध देवानी ३२, फौजदारी सरकारवादी २६, फौजदारी व्यक्तिवादी १३, निषेधाज्ञा पाँच, परमादेश एक, साधक चार, र बन्दीको २० ओटा मुद्दा रहेका छन्। तीमध्ये जिम्मेवारी सरेर आएकासहित विविध देवानी सात, फौजदारी सरकारवादी आठ, फौजदारी व्यक्तिवादी पाँच, निषेधाज्ञा चार र बन्दी प्रत्यक्षीकरणको सबै मुद्दा फर्स्यौट भइसकेका छन्। जिम्मेवारी सरेर आएकासहित यस वर्ष विविध देवानी २५, फौजदारी सरकारवादी १८, फौजदारी व्यक्तिवादी आठ, निषेधाज्ञा एक, परमादेश एक र साधक चार गरी ५७ ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। तीनजना न्यायाधीशको दरबन्दी रहेको सो अदालतमा हाल दुईजना मात्र न्यायाधीश रहेकोले मुद्दा फर्स्यौटमा कठिनाई आएपनि अदालतमा म्याद नाघेका मुद्दाहरू भने नरहेको अदालतले जनायो।

यस्तै जिल्ला अदालतमा सुर्खेतमा विगत वर्षको जिम्मेवारी सरेर आएको र यस वर्षसमेत गरी सरकारवादी फौजदारी ५६, विशेष फौजदारी १३ साधारण देवानी एकसय २३, दुनियावादी फौजदारी ५१, र संक्षिप्त फौजदारी २३ ओटा मुद्दा पर्न आएकोमा क्रमशः ३३, ६, ३३, ११, र १४ ओटा मुद्दा फर्स्यौट भएका छन्। बढ्दो असुरक्षा आदी जस्ता कारण साधारण देवानीतर्फको ९० सरकारवादी २३, विशेष फौजदारी सात, दुनीयावादी फौजदारी ४१ र संक्षिप्त फौजदारी नौ, गरी कूल एकसय ७० ओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेको तर म्याद मुद्दा भने नरहेको अदालतले जनाएको छ। असुरक्षाका कारण म्याद तामिल गर्न अवरोध पुग्नु एवम् मुद्दा अंग नपुग्नुले मुद्दा फर्स्यौटले केही कठिनाई भएको र विगतका वर्षमा भन्दा क्रमशः मुद्दाको चाप घट्दै गएको पनि अदालतले जनाएको छ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

सुर्खेत जिल्लामा ५२ हजारभन्दा बढी भूमिहीन छन्। ती भूमिहीनहरूलाई यस वर्ष कहीं पनि जग्गा वितरण गरिएको छैन। यस वर्ष माओवादी अवरोधका कारण विधवा, अपाङ्ग, वृद्व तथा अशक्तले पाउने मासिक भत्ता लिन आउनुपरेको र भत्ता नै कटौति गरेको भनी त्यस्ता पीडितहरूले नियमित र आफूले पाउनुपर्ने सबै भत्ता नपाएको गुनासो गरे।

आर्थिक अधिकार

गुटु गाविस-४ घर भएका राप्रपाका कार्यकर्ता ४६ वर्षीय रामलाल बयकले सुराकी गरेको आरोपमा ०६२ जेठ ३० गते माओवादीले उनलाई घरमा गई नियन्त्रणमा लिई यातना दिए। साथै माओवादीले बयकको घर आगो लगाई ध्वस्त बनाईदिए।

विस्थापित

माओवादी द्वन्दका कारण राजनीतिक दलका कार्यकर्ता, जनप्रतिनिधि र सुरक्षाकर्मीका परिवारका गरी एकदर्जन भन्दा बढीको माओवादीले यसवर्ष सर्वस्वहरण गरे। यसवर्ष र विगतका वर्षहरूमा सर्वस्वहरण गरिएकामध्ये अधिकांशको माओवादीले कारवाही फिर्ता गरेपछि उनीहरू गाउँमै फर्किसकेका छन्। तर कारवाही फिर्ता गरिएपनि तातापानी गाविसका तप्तबहादुर विष्ट, बाबियाचौरका छविलाल सिग्देल र घुमखहरे गाविस-६ का धर्मप्रसाद आचार्य, इन्द्रबहादुर थापालगायत्का तीन दर्जनभन्दा बढी विस्थापित परिवारहरू हाल वीरेन्द्रनगरमा विस्थापित जीवन बिताउन बाध्य भएका छन्।

माओवादी गतिविधिबाट त्रसित भएर विस्थापन हुनेको संख्या यसवर्ष विगतको वर्षमा भन्दा कम भयो। जुम्लाबाट विस्थापित भएकाहरूलाई इन्सेकको पहलमा आफ्नै घरमा फर्काइएपछि क्रमश विस्थापन हुनेको संख्या घटेको हो। तरपनि विगत चार वर्षयता विस्थापित भएर आएका जुम्ला जिल्लाको ३२, मुगुको १२, कालिकोटको ४३, दैलेखको ५७, जाजरकोटको पाँच तथा सल्यानको दुई घरपरिवारका गरी करिब एकहजार भन्दा बढीले सुर्खेतमा विस्थापित जीवन बिताउँदै आएका छन्। दुईसय ६० आन्तरिक र एकसय ५१ घरपरिवार बाह्य गरी दुईहजार चारसय भन्दा बढी विस्थापितहरू हाल सुर्खेतमा बसोबास गर्दै आएका छन्। यसवर्ष जिल्ला प्रशासन कार्यालय सुर्खेतले विस्थापित परिवारलाई कुनै पनि राहत वितरण गरेन।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तार / यातना

कुनाथरी गाविस-९ निवासी एमाले कार्यकर्ता ३० वर्षीय लालबहादुर शाहीलाई माओवादी भएको आरोपमा ०६१ पुस २० गते सुरक्षाकर्मीले उनलाई वीरेन्द्रनगरबाट गिरफ्तार गरे। पीडितलाई इन्सेकको पहलमा भोलिपल्ट रिहा गरियो।

दैलेख जिल्ला पिलाडी गाविस-७ का २९ वर्षीय शिवराम बीसीलाई माओवादीको आरोपमा ०६१ पुस २३ गते प्रहरीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

कुनाथरी गाविस-९ का २१ वर्षीय सोभिन्द्र शाहीलाई माओवादीको आशंकामा ०६१ पुस २६ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी यातनापश्चात् रिहा गरे।

वीरेन्द्रनगर नपा-६ घर भएका कानून व्यवसायी ३६ वर्षीय नन्द भण्डारी र सोही नपा-३ घर भई नागरिक समाजका अध्यक्ष ७२ वर्षीय लोकप्रसाद पन्तलाई माओवादीको आरोपमा ०६१ माघ २१ गते प्रहरीले घरबाटै गिरफ्तार गरेकोमा भण्डारी फागुन १७ गते र पन्त ०६२ असोज १४ गते रिहा भए।

कालिकोट जिल्ला गेला गाबिसका २६ वर्षीय हेमराज शाही र २८ वर्षीय नमराज शाहीलाई माओवादीको आरोपमा ०६१ फागुन ९ गते छिन्चुस्थित सुरक्षा बेस क्याम्पसका सुरक्षाकर्मीले छिन्चु बजारबाट गिरफ्तार गरे। पीडितहरू सुर्खेत कारागारमा रहेका छन्।

वीरेन्द्रनगर नपा-१ का २० वर्षीय रेशमबहादुर थापासहित तीनजनालाई माओवादीको आशंकामा ०६१ फागुन २९ गते प्रहरीले घरबाटै गिरफ्तार गरे। उनीहरू सबैजना तीन दिनपछि रिहा भए।

कल्याण गाबिस-४ का १६ वर्षीय प्रेमबहादुर बुढा र २४ वर्षीय डिलबहादुर बगाललाई माओवादीको आरोपमा ०६१ चैत ८ गते सुरक्षाकर्मीले साटाखानी गाबिसको वर्दीपाटीबाट गिरफ्तार गरे। हाल उनीहरू रिहा भइसकेका छन्।

हरिहरपुर गाबिस-६ घर भएका पूर्व माओवादी कार्यकर्ता ३२ वर्षीय डिलबहादुर नेपालीलाई ०६१ चैत २१ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। हाल नेपाली सुर्खेत कारागारमा छन्।

दैलेख जिल्ला लालीकाडा गाबिस निवासी माओवादी कार्यकर्ता २३ वर्षीय रवीन्द्र थापालाई ०६१ चैत २७ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। पीडित हाल सुर्खेत कारागारमा छन्।

दैलेख जिल्ला कुसापानीका विद्यार्थी २३ वर्षीय दुर्गा अधिकारी र शिक्षक ३२ वर्षीय ध्रुवप्रसाद अधिकारीलाई माओवादीको आरोपमा ०६१ चैत २८ गते सुरक्षाकर्मीले वीरेन्द्रनगर नपा-१ देउखालीबाट गिरफ्तार गरी इन्सेक प्रतिनिधिको पहलमा दुई दिनपछि रिहा गरे।

जुम्ला जिल्ला विराट गाबिस-२ का २२ वर्षीय लोकेन्द्र बुढा र २० वर्षीय रामचन्द्र बुढालाई माओवादीको आरोपमा ०६२ वैशाख २ गते सुरक्षाकर्मीले वीरेन्द्रनगर नपा-९ बाट गिरफ्तार गरे। पीडितहरू तीन दिनपछि रिहा भए। पीडितहरू वीरेन्द्रनगरमा विस्थापित जीवन बिताइरहेकोमा इन्सेकको पहलमा ०६२ जेठ १४ गते आ-आफ्नो घरमा फर्किए।

उत्तरगंगा गाबिस-२ घर भएका पूर्व माओवादी कार्यकर्ता ३६ वर्षीय गजबहादुर सुनार र ४० वर्षीय शेरबहादुर कामीलाई ०६२ वैशाख १३ गते सुरक्षाकर्मीले घरबाट नै गिरफ्तार गरे। पीडितहरूमध्ये कामी दुई दिनपछि रिहा भए भने सुनार हालसम्म सुर्खेत जिल्ला कारागारमा छन्।

जाजरकोट जिल्ला घर भएका शिक्षक २८ वर्षीय वीरबहादुर सिंह ठकुरीलाई माओवादीको आरोपमा ०६२ वैशाख २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। सिंह हाल सुर्खेत कारागारमा छन्।

कुनाथरी गाबिस-५ का ३३ वर्षीय हेमन्त भण्डारीलाई माओवादीको आरोपमा ०६२ वैशाख २३ गते प्रहरीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। शाही हाल सुर्खेत कारागारमा छन्।

वीरेन्द्रनगर नपा-८ का १८ वर्षीय उज्ज्वलसिंह ठाडालाई माओवादीको आरोपमा ०६२ जेठ २४ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी तीन दिनपछि रिहा गरे।

लेखगाउँ गाबिस-४ का २१ वर्षीय लोकबहादुर वि.क लाई माओवादीको आरोपमा ०६२ वैशाख ६ गते सुरक्षाकर्मीले पीपरा चोकबाट गिरफ्तार गरे। पीडित पुनरावेदन अदालत सुर्खेतको आदेशमा जेठ २२ गते रिहा भए।

लेखपराजुल गाबिस-५ घर भएका पूर्व माओवादी कार्यकर्ता २५ वर्षीय दीपा शाहीलाई ०६२ साउन २ गते छिन्चुस्थित सुरक्षाकर्मीले छिन्चुबाट गिरफ्तार गरी तीन दिनपछि इन्सेकको पहलमा रिहा गरियो।

दैलेख जिल्ला पादुका गाबिस घर भएका पूर्व माओवादी कार्यकर्ता २८ वर्षीय धीरज अधिकारीलाई ०६२ साउन ६ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरेकोमा उनीहरूको आत्मसमर्पणपश्चात् दुई दिनपछि रिहा गरे।

जर्बुटा गाबिस-५ का विद्यार्थी २२ वर्षीय शैलेन्द्र शर्मालाई माओवादीको आरोपमा ०६२ साउन १६ गते सुरक्षाकर्मीले जर्बुटाकै करेखोलाबाट गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

अनेरास्ववियु (क्रान्तिकारी) जुम्लाका १८ वर्षीय चन्द्रबहादुर धराला (वि.सी.)लाई ०६२ साउन २१ गते सुरक्षाकर्मीले लाटीकोइली गाबिस-४ घुम्साबाट गिरफ्तार गरे। पीडित सुर्खेत कारागारमा छन्।

कालिकोट जिल्लाका जुबिथा गाबिस-७ का शिक्षक २७ वर्षीय मोहन शाहीलाई माओवादीको आरोपमा ०६२ भदौ ६ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। पीडित दुई दिनपछि रिहा भए।

दैलेख जिल्ला चामुण्डा गाबिस-८ का ३९ वर्षीय गोपी शाहीलाई माओवादीको आरोपमा ०६२ भदौ २७ गते छिन्चुस्थित सुरक्षा बेसक्याम्पका सुरक्षाकर्मीले छिन्चुबाट गिरफ्तार गरी छ दिनपछि छिन्चुबाट रिहा गरे।

दशरथपुर गाविस–३ का १५ वर्षीय पदमबहादुर गना मगरलाई माओवादीको आरोपमा ०६२ असोज ७ गते छिन्चुस्थित सुरक्षा बेस क्याम्पका सुरक्षाकर्मीले छिन्चुबाट गिरफ्तार गरी मरणासन्न हुनेगरी कुटपिट गरे। पीडित दुई दिनपछि रिहा भए। यसअघि गनालाई माओवादीले ०६२ असार २० गते अपहरण गरेका थिए।

रामघाट गाविस–५ का पूर्व प्रहरी २६ वर्षीय जयबहादुर नेपालीलाई माओवादीसँग मिलेमतो गरेको आरोपमा ०६२ असोज २८ गते सुरक्षाकर्मीले छिन्चुबाट गिरफ्तार गरी कुटपिट गरे। पीडित जिल्ला प्रहरी कार्यालयबाट १२ दिनपछि रिहा भए।

कालिकोट जिल्ला ओदानु गाविस–५ का विद्यार्थी २० वर्षीय रामबहादुर सिंहलाई माओवादीको आरोपमा ०६२ कार्तिक १ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी तीन दिनपछि रिहा गरे।

जाजरकोट जिल्ला थालारैकर गाविस–५ का ३१ वर्षीय सुरेन्द्र विकलाई माओवादीको आरोपमा ०६२ कार्तिक १५ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरे। पीडित दुई दिनपछि रिहा भए।

जुम्ला जिल्लाको गर्जेनकोट गाविस–७ का ३० वर्षीय शिव रोकायलाई माओवादीको आरोपमा ०६२ कार्तिक २७ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी चार दिनपछि रिहा गरे।

बझाङ जिल्ला घर भई वीरेन्द्रनगर नपा-६ निवासी माओवादी कार्यकर्ता २१ वर्षीय नारायण रोकायलाई ०६२ कार्तिक २९ गते सुरक्षाकर्मीले गर्पणबाट गिरफ्तार गरे। पीडितलाई गिरफ्तारपछि चरम यातना दिई जेल चलान गरिएकोमा पीडितले ६ महिनाअघि आत्मसमर्पण गरी पुनः सेनाको हतियार लिई भागे।

जाजरकोट जिल्ला पजारू गाविस–४ रेलकोट घर भई पूर्व माओवादी कार्यकर्ता २१ वर्षीय बहादुर नेपालीलाई माओवादीको आरोपमा ०६२ मंसिर ३ गते सुरक्षाकर्मीले छिन्चुबाट गिरफ्तार गरे। पीडित इन्सेकको पहलमा चार दिनपछि जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट रिहा भए।

लेखपराजुल गाविस–८ डुङ्गीखोलाका ५३ वर्षीय मनबहादुर खत्रीलाई माओवादीको आरोपमा ०६२ मंसिर १६ गते सुरक्षाकर्मीले छिन्चुबाट गिरफ्तार गरी कुटपिट गरे। पीडित तीन दिनपछि रिहा भए।

लेखपराजुल गाविस–८ डुङ्गीखोलाका वीरबहादुर खत्रीलाई माओवादीको आरोपमा ०६२ मंसिर १९ गते प्रहरीले छिन्चुबाट गिरफ्तार गरी पाच दिनपछि रिहा गरे।

दैलेख जिल्लाका जम्मुकाँध गाविस-२ का विद्यार्थी २२ वर्षीय शिवराज शाहीलाई माओवादीको आरोपमा ०६२ मंसिर २२ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी कुटपिट गरे। पीडित दुई दिनपछि रिहा भए।

कालिकोट जिल्ला राचुली गाविस–५ का २८ वर्षीय देवबहादुर शाहीलाई माओवादीको आरोपमा ०६२ मंसिर २७ गते सुरक्षाकर्मीले सुर्खेत जिल्ला वीरेन्द्रनगरबाट गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

जाजरकोट जिल्ला थालारैकर गाविस-८ घर भएका व्यापारी २९ वर्षीय शिव खत्रीलाई माओवादीको आशंकामा ०६२ पुस ४ गते सुरक्षाकर्मीले वीरेन्द्रनगरबाट गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

पुनः गिरफ्तार

वीरेन्द्रनगर नपा-३ का ४२ वर्षीय लोकप्रसाद पन्तलाई माओवादीको आरोपमा ०६१ फागुन २५ गते प्रहरीले अदालत परिसरबाट सुरक्षाकर्मीले पुनः गिरफ्तार गरे। पुनरावेदन अदालत सुर्खेतको बन्दी प्रत्यक्षीकरण निवेदनउपर बहस भई रिहा गर्न आदेश दिइएका पन्त तत्काले गिरफ्तारीमा परेका थिए। पीडित ०६२ असोज १४ गते रिहा भए।

बालअधिकार

जनअभियानमा संलग्न गराउन ०६२ जेठ ५ गते साटाखानी गाविस-५ का १४ वर्षीय मणिराम पौडेल, १२ वर्षीय राजु पौडेल, १६ वर्षीय चुडामणि चपाई, ०६२ असोज ११ मा अवलचौङका १५ वर्षीय भक्तबहादुर राना, ०६२ असोज १३ गते लेखफर्साका १६ वर्षीय पदम पौडेल लगायत्का दुईसय ५० भन्दा बढी विद्यार्थीहरूलाई माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

माघ १९ पछि राजाको प्रत्यक्ष शासनमा रहेको सरकारले विभिन्न बहानामा पत्रकार, मानवअधिकारकर्मी र कानुन व्यवसायीहरूलाई यातना, गिरफ्तार गर्ने क्रममा कानुन व्यवसायी नन्द भण्डारी र नागरिक समाज सुर्खेतका अध्यक्ष लोकप्रसाद पन्तलाई गिरफ्तार गरेको तथा पुनरावेदन अदालतको आदेशपछि मुक्त भएका अनेरास्ववियु (क्रान्तिकारी) का नरेन्द्र कार्की र नागरिक समाज सुर्खेतका संयोजक लोकप्रसाद पन्तलाई पुनः गिरफ्तारी गरेको, ०६२ जेठ १ गते शान्तिपूर्ण जुलुसलाई हस्तक्षेप गरी १० जना विद्यार्थीहरूलाई गिरफ्तार गरी जेल हाल्न खोजेकोमा विरोध गर्दै तथा माओवादीले लास बोकेर वीरेन्द्रनगरतर्फ आइरहेको एक निजी ट्रकलाई ब्युरेनीको जंगलमा आगो लगाई ध्वस्त पारेकोलगायत् दुवैपक्षबाट भएका मानवअधिकार उल्लंघनका घटनाको विरोधमा जिल्ला स्थित विभिन्न मानवअधिकार

संघ-संस्था, पत्रकार महासंघ, राजनैतिक दल र अन्य सामाजिक संस्थाहरुले विज्ञप्ती जारी गरे।

सञ्चार अध्यादेशको विरोधमा नेपाल पत्रकार महासंघ सुर्खेत शाखाले ०६२ असार ५ गते सुर्खेतमा विरोध सभा गर्नुको साथै सो महिना अवधिभर विरोध स्वरुप चक्काजाम, कालोपट्टी बाँधेर हिड्ने लगायतका कार्यक्रम गर्‍यो। त्यस्तै प्रतिगमनका विरुद्ध राजनीतिक दलहरुले ०६१ चैत २६ गते र विभिन्न समयमा प्रतिगमनको पुत्ला दहन लगायतका विरोध कार्यक्रम गरे।

संरचना क्षति

माओवादीले ०६१ फागुन २९ गते नेपालगञ्जबाट हवाईइन्धन लिएर आएको मे १ ख ५७३ र यू.पी. ३२ टी ८५०६ नम्बरको गाडी, चैत २५ गते लाश बोकेर वीरेन्द्रनगरतर्फ आइरहेको ट्रक, चैत १९ गते बिरामी लिएर आउँदै गरेको थापा मेडिकलको एम्बुलेन्सलाई रत्न राजमार्गको छिन्चु-सुर्खेत खण्डमा आगो लगाई र ०६२ जेठ २२ गते र विभिन्न समयमा गरी तीनपटक क्षेत्रीय हुलाक कार्यालय सुर्खेतको वीरेन्द्रनगर बजारको बीच भागमा रहेको डाँक सेवा भवन तथा वीरेन्द्रनगर नपा भवन कार्यालयमा बम विस्फोट गरे। यसबाट करोडौं रुपैयाँ मुल्य बराबरको क्षति भएको जनाइयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यसवर्ष झुण्डिएर आठजना महिला सहित ११ जनाले र विष सेवन गरी छजना महिलासहित १० जनाले आत्महत्या गरे।

विगतको अनुगमन

बेपत्ता अपहरण

राज्यबाट

सुरक्षाकर्मीले ०६१ पुस १५ गते गिरफ्तारपछि बेपत्ता पारिएका बाबियाचौरगाविस-६ का व्यापारी ४० वर्षीय लोकबहादुर शाही मंगलगढी व्यारेकबाट दुई महिनापछि रिहा भए।

०६१ पुस १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारिएका माओवादी कार्यकर्ता विक्रम भनिने रवीन्द्र थापा हाल सुर्खेत कारागारमा छन्।

माओवादीको आरोपमा ०६० चैत १ गते गिरफ्तार गरी बेपत्ता पारिएका वीरेन्द्रनगर नपा-५ का २० वर्षीय तुलबहादुर राम्जाली, ०६० चैत ३ गते मुम्रा गाविस-७ कालिकोटका २२ वर्षीय दीर्घबहादुर बुढा, दाङ जिल्ला हेकुली गाविस-४ का १९ वर्षीय राहुल डि.सी, ०६१ मंसिर ६ गते बाबियाचौर गाविस-५ का ४२ वर्षीय चन्द्रबहादुर सार्की र विभिन्न समयमा वीरेन्द्रनगरबाट गिरफ्तार गरिएका नाम नखुलेका चारजना माओवादी कार्यकर्ताको स्थिति अज्ञात छ।

सुरक्षाकर्मीले ०६१ जेठ २२ गते गिरफ्तार गरी बेपत्ता पारिएका काप्रिचौर गाविस-१ का ३६ वर्षीय पूर्णसिंह खत्री र ०६१ भदौ १४ गते गिरफ्तार गरिएका लेखपराजुल गाविस-१ का ४५ वर्षीय परबहादुर बुढा ०६१ माघ महिना १२ गते सुर्खेत कारागारबाट रिहा भए।

माओवादी पक्षबाट

०६१ जेठ ३ गते माओवादीले अपहरण गरेका गढी गाविस-४ का ३० वर्षीय कमल पौडेल छ महिनापछि मुक्त भए भने उनीसँगै बेपत्ता बनाइएका २२ वर्षीय सुशीला ढुंगानाको स्थिति भने अज्ञात छ।

माओवादीले ०६१ जेठ २५ गते अपहरण गरेका रामघाट गाविस-५ का ५५ वर्षीय भीमबहादुर शाही र जेठ २७ गते अपहरण गरिएका ४८ वर्षीय हर्कबहादुर थापा नौ महिनापछि मुक्त भए।

माओवादीले ०६१ साउन ७ गते अपहरण गरी बेपत्ता पारेका अवलचौड गाविस-९ का चेतबहादुर खत्री ०६१ माघ २२ गते माओवादीको श्रमशिविरबाट मुक्त भए।

माओवादीले ०६१ साउन १३ गते अपहरण गरी बेपत्ता गरेका राकम गाविस-६ का ६१ वर्षीय इमानसिंह ठकुरी ०६१ माघ २२ गते र सोही गाउँका ५२ वर्षीय नरबहादुर शाही, ०६१ असोज ७ गते मुक्त भए।

माओवादीले ०६१ असोज १८ गते अपहरण गरेका दहचौर गाविस-३ का २५ वर्षीय देवबहादुर नेपाली तीन महिनापछि माओवादीको पन्जाबाट मुक्त भई भारततर्फ गए। त्यस्तै ०६१ असोज २९ गते बेपत्ता बनाइएका लेखगाउँ गाविस-४ का ३१ वर्षीय शिक्षक रामबहादुर थापा र सोही गाउँकी १८ वर्षीय सावित्री कार्की सात महिनापछि मुक्त भए।

माओवादीले ०६१ असोज ३० गते बेपत्ता बनाइएका मेहलकुना गाविस-१ की २१ वर्षीय बीणा वादीको स्थिति अज्ञात छ।

४.९ जाजरकोट



जनसंख्या : १४४१६२
साक्षरता प्रतिशत : ३९.३६
महिला साक्षरता प्रतिशत : २८.९३
क्षेत्रफल (वर्ग कि. मि.) : २२३०
गाविस नपा संख्या : ३०/०
निर्वाचन क्षेत्र : २
विद्यालय : २३८
क्याम्पस उच्च मा.वि. : १/१
अस्पताल/स्वास्थ्य चौकी : २ ३२
टेलिफोन लाइन : २
मोटर सडक (कि. मि.) : १०७
प्रहरी कार्यालय संख्या : १
हुलाक संख्या : १
मानव विकास सूचकांक : ०.३४३
प्रति परिवार सरदर संख्या : ५.९८

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

पुन्मा गाविस-५ भेरे घर भएका माओवादी कार्यकर्ता २५ वर्षीय कालिबहादुर बलीलाई ०६२ साउन १७ गते निसस्त्र अवस्थामा घरमा बसिरहेको बेला सदरमुकाम खलंगाबाट गएका सुरक्षाकर्मीले कब्जामा लिई सोही ठाउँको ओखलपानी पुऱ्याई हत्या गरे।

पुन्मा गाविस-३ गंगटीया घर भएका माओवादी कार्यकर्ता चट्याङ भनिने टेकबहादुर शाहीलाई ०६२ कार्तिक २१ गते बिहान पुन्मा गाविस-७ खलटाकुरामा सादा पोसाकका सुरक्षाकर्मीले गोली हानी हत्या गरे। स्थानीय गाउँलेहरूले पीडित भाग्न लागेको अवस्थामा सुरक्षाकर्मीले गोली चलाउँदा घाइते भएको र घाइते अवस्थामा कब्जामा लिई सोही ठाउँमा हत्या गरेको बताए।

माओवादी कार्यकर्ता फोटी रोकायलाई ०६२ मंसिर १८ गते पुन्मा गाविस-७ मालटाकुरामा सुरक्षाकर्मीले कब्जामा लिई सोही ठाउँको जंगलमा पुऱ्याई गोली हानी हत्या गरे।

माओवादीबाट

धनुषा जिल्ला घर भई नरसिंह दलगण जाजरकोटमा कार्यरत सिपाही सन्तोष यादवको ०६१ फागुन २ गते खलंगा गाविस-२ ठाँटीमा माओवादीले बिछ्याएको बम विस्फोट हुँदा मृत्यु भयो।

नरसिंह दलगण जाजरकोटमा कार्यरत सिपाही दीपक गुरुङको ०६१ फागुन २० गते दिउँसो खलंगा गाविस-२ तल्लो थाप्लेमा माओवादीले गराएको बम विस्फोटमा परी मृत्यु भयो।

कोर्ताङ्ग गाविस-८ सीर्पाका २५ वर्षीय बहादुर नेपालीको ०६२ साउन २ गते सोही ठाउँमा माओवादीले छोडेर गएको बम विस्फोट हुँदा मृत्यु भयो भने अर्का एक स्थानीय प्रेमबहादुर नेपाली घाइते भए। घाइतेको स्थानीय स्वास्थ्य चौकीमा उपचार गरियो।

दोहोरो भिडन्त

खलंगा गाविस-२ ठाँटीमा ०६२ साउन २६ गते राति माओवादी र सुरक्षाकर्मीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको गोलीबाट माओवादी छापामार हिमालीको मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते
राज्यबाट

जिल्ला कारागार जाजरकोटमा कार्यरत प्रहरी जवान किशोर सिंह ०६२ असार २७ गते सोही ठाउँमा कार्यरत प्रहरी जवान रामबहादुरले प्रहार गरेको गोली लागी घाइते भए। पीडितको उपचार जिल्ला अस्पतालमा भएको थियो। कारागार सुरक्षा निकायले हतियार तानिएर आफैँ पड्किएको बताए।

झाप्रा गाविस-१ फुम्नाका ३१ वर्षीय ससे महरा ०६२ भदौ १९ गते सर्चमा गएका सुरक्षाकर्मीले चलाएको गोली लागी घाइते भए। घाइतेको स्थानीय मेडिकलमा उपचार भयो।

ढिमे गाविस-१ पाँचकटियामा ०६२ भदौ २२ गते शाही नेपाली सेनाको गस्ती टोलीले गोली चलाउँदा माओवादी कार्यकर्ता मिसन घाइते भए। घाइतेको माओवादीले उपचार गरे।

माओवादीबाट

सदरमुकामको सुरक्षार्थ खटिएका नरसिंह दलगण जाजरकोटमा कार्यरत प्युठानका मीनबहादुर जिसी र सिपाही केसर थापा ०६२ वैशाख १७ गते खलंगा गाविस- २ थाप्लेमा माओवादीले बिछ्याएको बम विस्फोट हुँदा घाइते भए।

जगतीपुर गाविस-३ का हिरे लुहारको घरमा ०६२ वैशाख २० गते माओवादीले बम विस्फोट गराउँदा एकै घरका आठजना घाइते भए।

सुर्खेत जिल्ला घर भई मालपोत कार्यालय जाजरकोटमा कार्यरत खरिदार चन्द्रलाल न्यौपाने र दाङ जिल्ला रामपुर गाविस-८ घर भई सोही कार्यालयमा कार्यरत पियन हरिप्रसाद रेग्मी ०६२ वैशाख ३१ गते बिहान खलंगा गाविस-२ तल्लो थाप्लेमा माओवादीले बिछ्याएको बम विस्फोट हुँदा घाइते भए। पीडितहरूको उपचार जाजरकोट जिल्ला अस्पतालमा भयो।

बुटवल घर भई जिल्ला प्रहरी कार्यालय जाजरकोटमा कार्यरत प्रहरी हवल्दार शान्त प्रसाई र बाँके जिल्ला घर भई सोही कार्यालयमा कार्यरत यमबहादुर थापा, खलंगा गाविस-२ ठाटीस्थित रहेको सुरक्षाजाच चेकपोष्टमा ०६२ साउन २४ गते बिहान माओवादीले राखेको बम विस्फोट हुँदा घाइते भए। घाइतेहरूलाई उपचारका लागि नेपालगञ्ज लगियो।

दोहोरो भिडन्त

खलंगा गाविस-२ ठाटीमा ०६२ साउन २६ गते राति भएको भिडन्तका क्रममा रोकाया गाविस-८ सेरी घर भई सदरमुकाम खलंगा गाविस-२ ठाटी बस्ने ३३ वर्षीय देउवा घर्ती हातमा गोली लागी घाइते भइन्। पीडितको जिल्ला अस्पतालमा उपचार गरियो।

बेवारिसे बमबाट

खलंगा गाविस-६ रिमाङ्गका २१ वर्षीय दीपलाल पुन खलंगा गाविस-१ कोटखोला जंगलमा बेवारिसे अवस्थामा रहेको बम ०६२ साउन ७ गते दिउँसो विस्फोट हुँदा घाइते भए। पीडितको उपचार जिल्ला अस्पतालमा गरियो।

जेल र बन्दीहरू

सदरमुकाम खलंगामा २५ जना बन्दी क्षमता रहेको यस जिल्लाको एकमात्र 'घ' श्रेणीको जेल हो। हाल यस जेलमा तीन पुरुष कैदी छन्। केही महिना अगाडि आठ पुरुष बन्दी कारागार शाखा दाङ र तीन महिला बन्दी र एक पुरुष बन्दी गरी चार बन्दीलाई केन्द्रीय कारागार शाखा नेपालगञ्जमा सरुवा गरेको कारागार शाखाले जनायो।

जेलको बाहिरी कम्पाउण्ड घेरिएको भए पनि त्यति फराकिलो छैन। जेलभित्र पुस्तकालय र खेलकुदका आवश्यक सामग्री छैनन्।

बेपत्ता / अपहरण

माओवादीबाट

टालगाउ गाविस-१ घर भई स्थानीय विकास कोष जाजरकोटमा कार्यरत सामाजिक कार्यकर्ता कृष्णबहादुर सिंहलाई ०६१ पुस १८ गते माओवादीले घरबाटै अपहरण गरी छ महिनापछि आफ्नै घर पुऱ्याई मुक्त गरे।

नायकवाडा गाविस-१ का ५५ वर्षीय कालिबहादुर सिंह, नायकवाडा गाविस-६ तोलखानाका २८ वर्षीय घमण्डबहादुर शाह, रोकायागाउ गाविस-९ लिम्साका २२

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	१	१	२	३	३			३	४	४		४
घाइते	१	१		१	६	८	१	८	१७	३	३		३
गिरफ्तारी यातना										९	१०		१०
कुटपिट					२	१	१		२	५	७		७
धम्की					८	९	२		११	१	१		१
महिलाअधिकार	३		३	३									
बालअधिकार	११	१७	१	१८						६	११	१	१२
आर्थिक सामाजिक सांस्कृतिक अधिकार					६	३१			३१				
अपहरण					७३	१८८	९	१५०	३४७				
जम्मा	१७	१९	५	२४	९८	२४०	१३	१५८	४११	२८	३६	१	३७

वर्षीय कविराज पुन ०६१ माघ १६ गते राति, रोकायागाउँ गाविस-९ लिम्साका २९ वर्षीय झलकप्रकाश घर्तीले माओवादीलाई असहयोग गरेको आरोपमा ०६१ माघ १७ गते राति र रोकायगाउ गाविस-९ लिम्साका ३९ वर्षीय भक्तबहादुर रोकायले माओवादी विरुद्ध भ्रम सृजना गरेको आरोपमा ०६१ माघ १७ गते राति माओवादीले उनीहरूलाई आ-आफ्नै घरबाट अपहरण गरी माघ २१ गते मुक्त गरे।

रोकायगाउँ गाविस-९ लिम्साका जिविसका पूर्व सदस्य विष्णु पुनलाई ०६१ माघ १९ गते माओवादीले घरबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

रोकायगाउँ गाविस-९ लिम्साका २७ वर्षीय तीर्थराज पुन, सुवानाउली गाविस-२ का २५ वर्षीय बिर्खबहादुर खड्का, सुवानाउली गाविस-२ का २४ वर्षीय लालबीर चढारा, रोकायागाउँ गाविस-९ रोकायागाउँका तिलकबहादुर सिंह, २२ वर्षीय कविराज पुन, २७ वर्षीय मानबहादुर रोकायालाई खाना नखुवाएको, पार्टी विरुद्ध प्रचार प्रसार गरेको आरोपमा ०६१ माघ २९ गते माओवादीले आ-आफ्नै घरबाट अपहरण गरी तीनदेखि नौ दिनसम्म आफ्नो नियन्त्रणमा राखी मुक्त गरे।



माओवादीद्वारा पटक-पटक अपहरण गरिएका कृष्णबहादुर खत्री

जिल्ला विकास मर्मत जाजरकोटमा कार्यरत ओभरसियर मायाराम शर्मा र सोही कार्यालयका पियन दीपबहादुर डाँगीलाई अनुमति पत्र नलिएको आरोपमा ०६१ फागुन ५ गते माओवादीले खलंगा गाविस-६ बाहुनथानबाट अपहरण गरी फागुन १० गते मुक्त गरे।

खलंगा गाविस-५ का चन्द्रावली र सोही गाविस-२ स्यालाकी ललिता बली, पन्मा गाविसका मोहनप्रकाश बिक र डाडागाउँ गाविसका दीपक रोकायालाई ०६१ फागुन ५ गते सोही गाविसबाट माओवादीले अपहरण गरी तीन घण्टापछि मुक्त गरे। पीडितहरूलाई माओवादीले शिक्षक तालिम अन्तर्गत शिव प्राविमा गएको बेला अपहरण गरेका थिए।

खलंगा गाविस-३ का १६ वर्षीय निर्वाचन कार्कीलाई केही सोध्नु छ भनी ०६१ फागुन ७ गते माओवादीले खलंगा गाविस-८ बाट अपहरण गरी फागुन १२ गते मुक्त गरे।

मान्नेढुङ्गा मावि टालेगाउँका शिक्षक बाल्मिकीप्रसाद शर्माले भ्रष्टाचार गरेको आरोपमा ०६१ फागुन ९ गते माओवादीले विद्यालयबाट अपहरण गरी ०६२ असार ५ गते सोही विद्यालयमै ल्याई मुक्त गरे।

गर्खाकोट गाविस-२ का १९ वर्षीय धर्मराज शाहीले माओवादीलाई असहयोग गरेको आरोपमा ०६१ फागुन १५ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी फागुन २४ गते मुक्त गरे।

नायकवाडा गाविस-४ नायकवाडाका लालमाया सिंह र नायकवाडा गाविस-७ साखापानीका १६ वर्षीय अन्दाकुमारी सिंहलाई माओवादीले आ-आफ्नै घरबाट ०६१ फागुन २२ गते अपहरण गरी एक महिनापछि मुक्त गरे।

ढिमे गाविस-८ विसमाइलास्थित जनता प्रावि विसमाइलाका शिक्षक योगेन्द्रनाथ चौबेले विद्यालयको पैसा हिनामिना गरेको आरोपमा ०६१ फागुन २४ गते माओवादीले उनलाई अपहरण गरी वैशाख १० गते मुक्त गरे।

खलंगा गाविस-८ कालेगाउँ घर भई नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा जाजरकोटका सदस्य वीरबहादुर बस्नेतले चन्दा नदिएको आरोपमा ०६१ फागुन ३० गते माओवादीले उनलाई घरबाटै अपहरण गरी चैत २ गते मुक्त गरे।

रामीडाँडा गाविस-७ सिल्पाचौरका ५५ वर्षीय मानबहादुर बुढालाई ०६१ चैत ५ गते माओवादीले अपहरण गरी चैत ३० गते मुक्त गरे।

पैक गाविसअर्न्तगत जनता मावि पैकका शिक्षक तुलसीप्रसाद चौधरीलाई माओवादीको अनुमतिविना परीक्षा शुल्क लिएको आरोपमा ०६१ चैत ७ गते माओवादीले विद्यायबाटै अपहरण गरी चैत ९ गते मुक्त गरे।

खलंगा गाविस-९ रावतगाउँका ३१ वर्षीय रीमबहादुर खड्कालाई माओवादीको अनुमतिविना कार्यक्रम सञ्चालन गरेको आरोपमा ०६१ चैत १३ गते माओवादीले अपहरण गरी चैत ३० गते मुक्त गरे।

झाप्रा गाविस-२ झाप्राका ३८ वर्षीय देवबहादुर बस्नेतलाई अनुमतिविना सदरमुकाम गएको आरोपमा ०६१ चैत १५ गते माओवादीले घरबाटै अपहरण गरी एक दिन भरी ढुङ्गा बोक्न लगाई राति मुक्त गरे।

झाप्रा गाविस-१ का लोकबहादुर खत्रीलाई अनुमतिविना सदरमुकाम गएको आरोपमा ०६१ चैत १६ गते माओवादीले घरबाटै अपहरण गरी भोलिपल्ट मुक्त गरे।

झाप्रा गाविस-३ झाप्राका ४५ वर्षीय वीरमान रावतलाई अनुमतिविना गाउँ पसेको आरोपमा ०६१ चैत १९ गते माओवादीले घरबाटै अपहरण गरी श्रमशिविरमा राखेर भोलिपल्ट मुक्त गरे।

ढिमे गाविस-९ का ६१ वर्षीय प्रेमबहादुर शाहीले गाउँलेको जग्गाको अधिग्रहण गरेको आरोपमा ०६२ वैशाख

२ गते माओवादीले उनलाई घरबाटै अपहरण गरी एक महिनापछि मुक्त गरे।

खलंगा गाविस-९ रावतगाउँका पृथ्वीबहादुर रावतले सुराकी गरेको आरोपमा ०६२ वैशाख १४ गते माओवादीले उनलाई अपहरण गरी एक हप्तापछि मुक्त गरे।

खलंगा गाविस-२ स्यालाका २१ वर्षीय धनमाया विकलाई ०६२ वैशाख १३ गते राति माओवादीले घरमै रहेको अवस्थामा अपहरण गरी वैशाख २२ गते मुक्त गरे।

खलंगा गाविस-२ स्यालाका महेशजंग शाहलाई ०६२ वैशाख १६ गते माओवादीले घरबाटै अपहरण गरी १८ गते मुक्त गरे।

जिल्ला हुलाक कार्यालय जाजरकोटमा कार्यरत हलखरा ज्ञानबहादुर मल्ल, मणिनाथ योंथी, प्रसाद गिरी, मालबहादुर शाही, सोही कार्यालयमा कार्यरत हुलाकी जनकलाल सार्की, दिलबहादुर कार्की, खिमबहादुर सिंह र डण्डे रानालाई ०६२ वैशाख २२ गते माओवादीले अपहरण गरी दुई दिनपछि पाँचहजार रुपैयाँ दिने सर्तमा मुक्त गरे।

खलंगा गाविस-२ कल्याणपपुरका ३६ वर्षीय निमबहादुर खड्कालाई ०६२ जेठ २ गते राति माओवादीले घरमै रहेको अवस्थामा अपहरण गरी असार ४ गते मुक्त गरे।

खलंगा गाविस-२ स्यालाका २६ वर्षीय प्रसिद्धजंग शाहलाई ०६२ जेठ २ गते राति माओवादीले घरमै बसिरहेको अवस्थामा अपहरण गरी असार ४ गते सोही ठाउँबाट मुक्त गरे।

ढिमे गाविस-२ ढिमेका २३ वर्षीय लालबहादुर बुढालाई वनमा आगजनी गरेको आरोपमा ०६२ जेठ २१ गते माओवादीले घरमै रहको अवस्थामा अपहरण गरी केही दिनपछि मुक्त गरे।

खलंगा गाविस-६ बाहुनथानस्थित शंकरमान माविमा कार्यरत शिक्षक उपेन्द्र कार्की र थलबहादुर खड्कासहित एकमय ५० विद्यार्थीलाई अभियानमा भन्दै ०६२ जेठ २४ गते

माओवादीद्वारा बम विस्फोट गराई ध्वस्त पारिएको ठाँटी बजारस्थित इलाका वन कार्यालय

माओवादीले उनीहरूलाई विद्यालयबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

खलंगा गाविस-९ कालेगाउँका २१ वर्षीय टेकबहादुर बस्नेत र २२ वर्षीय रवीन्द्र बस्नेतलाई सेनामा भर्ती हुन गएको आरोपमा ०६२ जेठ ३० गते माओवादीले घरबाटै अपहरण गरी टेकबहादुर बस्नेतलाई तीन महिनापछि मुक्त गरे भने रविन्द्र बस्नेतलाई हालसम्म आफ्नै कब्जामा राखेका छन्।

नायकवाडा गाविस-३ तोलखानाका ३० वर्षीय दलबहादुर सिंह र २८ वर्षीय खुमबहादुर सिंहलाई अनुमति विना काम गरेको आरोपमा ०६२ जेठ ३० गते माओवादीले अपहरण गरी २५ हजार रुपैयाँ धरौटी लिई असार २ गते मुक्त गरे।

खलंगा गाविस-८ पिपेका ३८ वर्षीय भेजी रानालाई ०६२ असार ११ गते घरमै रहेको अवस्थामा माओवादीले अपहरण गरी असार १८ गते २० हजार रुपैयाँ धरौटी लिई सोही ठाउँबाट मुक्त गरे।

खलंगा गाविस-९ रावतगाउँका २७ वर्षीय नरबहादुर रावतलाई ०६२ असार ११ गते माओवादीले घरमै बसिरहेको अवस्थामा अपहरण गरी असार २५ गते सोही गाविसबाट मुक्त गरे।

खलंगा गाविस-९ कालेगाउँका २३ वर्षीय अरुण बस्नेतलाई ०६२ असार १२ गते राति माओवादीले घरमै बसिरहेको अवस्थामा अपहरण गरी असार १३ गते सोही ठाउँबाट मुक्त गरे।

जगतीपुर गाविस-२ भनारी गाउँका ऐभाने सुनारलाई ०६२ असार १८ गते माओवादीले आफ्नै घरबाट अपहरण गरी एक महिनासम्म श्रमशिविरमा राखी मुक्त गरे।

खलंगा गाविस-९ रावतगाउँका २१ वर्षीय सेतु रावललाई आफ्नै पतिलाई हत्या गरेको आरोपमा ०६२ असार २१ गते माओवादीले अपहरण गरी १० वर्ष लामो श्रमशिविरमा राख्ने फैसला गरे।

खलंगा गाविस-९ कालेगाउँ निवासी एवम् शिव प्रावि कालेगाउँका शिक्षक ललितबहादुर बस्नेतलाई ०६२ असार २२ गते माओवादीले घरबाट अपहरण गरी दुई घण्टासम्म यातना दिई सोही ठाउँबाट मुक्त गरे।

पैंक गाविस-४ घर भई दीपेन्द्र प्रावि घरङ्गामा कार्यरत शिक्षक सुरेश आ.सी.लाई ०६२ साउन १० गते माओवादीले विद्यालयबाट अपहरण गरी ४० हजार रुपैयाँ जरिवाना गरी साउन २८ गते ढिमे बजारबाट मुक्त गरे।

पुन्मा गाविस-१ पुन्माका ४३ वर्षीय नरु चन्दलाई ०६२ साउन २२ गते माओवादीले अपहरण गरी साउन २५ गते मुक्त गरे।

पुन्मा गाविस-१ चन्द्राकुमारी शाहीलाई ०६२ साउन

२३ गते माओवादीले घरबाट अपहरण गरी साउन २६ गते सोही ठाउँबाट मुक्त गरे।

पुन्मा गाविस-१ पुन्माका बिर्खु शाहीलाई ०६२ साउन २४ गते राति माओवादीले घरबाट अपहरण गरी साउन २८ गते सोही ठाउँबाट मुक्त गरे।

झाप्रा गाविस-६ खलटाकुराका २४ वर्षीय दलबहादुर खड्कालाई ०६२ साउन २६ गते बिहान माओवादीले पुन्मा गाविस-५ ओखलपानीबाट अपहरण गरी साउन २७ गते झाप्रा गाविस-२ मिल बजारबाट २० हजार रुपैयाँ जरिवाना गरी मुक्त गरे।

कार्कीगाउँ गाविस-५ कोराका २० वर्षीय यज्ञबहादुर अधिकारीलाई ०६२ साउन २६ गते बिहान माओवादीले सदरमुकामतर्फ आइरहेको समयमा पुन्मा गाविस-५ ओखलपानीबाट अपहरण गरी कुटपिट गरी साउन २८ गते झाप्रा गाविस-२ दुङ्गिल बजारबाट मुक्त गरे।

खलंगा गाविस-९ कालेगाउँका कृष्णबहादुर खत्रीलाई ०६२ भदौ ४ गते माओवादीले घरबाटै अपहरण गरी भदौ ७ गते सोही गाविसबाट मुक्त गरे।

खलंगा गाविस-९ रावतगाउँका मधु वादीलाई ०६२ भदौ ४ गते माओवादीले अपहरण गरी एक हप्तासम्म श्रमशिविरमा राखी साउन १० गते सोही गाविस-८ बाट मुक्त गरे।

खलंगा गाविस-२ स्यालाका ३१ वर्षीय डण्डवीर नेपालीलाई ०६२ भदौ ५ गते माओवादीले पुन्मा गाविस-५ खर्कबाट अनुमतिबिना सदरमुकाम जान लागेको आरोपमा अपहरण गरी भदौ ७ गते पुन्मा गाविस-१ बाट मुक्त गरे।

खलंगा गाविस-५ निवासी महेन्द्र मावि राङ्सीका प्रधानाध्यापक यज्ञबहादुर शाहलाई ०६२ भदौ ६ गते माओवादीले अपहरण गरी भदौ १३ गते मुक्त गरे।

पुन्मा गाविस-१ का १९ वर्षीय चन्द्रबहादुर शाहीलाई ०६२ भदौ १० गते माओवादीले रक्सी खाएर होहल्ला गरेको आरोपमा अपहरण गरी भदौ १३ गते मदिरा सेवन नगर्ने सर्तमा मुक्त गरे।

पुन्मा गाविस-१ का चन्द्रबहादुर शाहीलाई ०६२ भदौ १० गते माओवादीले घरबाट अपहरण गरी तीन दिनपछि मुक्त गरे।

रामीडाँडा गाविस-८ रामीडाँडाका ४० वर्षीय कालु जोतिलाई ०६२ भदौ १४ गते माओवादीले घरबाट अपहरण गरी भदौ १८ गते मुक्त गरे।

खलंगा गाविस-९ कालेगाउँका ३७ वर्षीय गणेश बटालालाई ०६२ असोज २ गते राति माओवादीले घरबाट अपहरण गरी असोज ४ गते बिहान सोही गाविस-९ रिम्नाबाट मुक्त गरे।

पुन्मा गाविस-१ पुन्मा निवासी एवम् सरस्वती मावि पुन्मामा कार्यरत शिक्षक दीपबहादुर शाहीलगायत् एकसय सातजनालाई गाउँमा जुवातास खेलेको आरोपमा ०६२ असोज ८ गते माओवादीले गाउँबाटै अपहरण गरी दुई दिनपछि सोही ठाउँबाट मुक्त गरे।

पुन्मा गाविस-१ का २८ वर्षीय मंगले वादीलाई ०६२ असोज ८ गते माओवादीले घरबाटै अपहरण गरी असोज ११ गते सोही ठाउँबाट मुक्त गरे।

पुन्मा गाविस-१ का २८ वर्षीय कृष्णबहादुर शाहीलाई ०६२ असोज ९ गते माओवादीले घरबाट अपहरण गरी तीन दिनपछि मुक्त गरे।

पुन्मा गाविस-९ दोकानाका बहादुर नेपालीलाई ०६२ असोज ९ गते माओवादीले घरबाट अपहरण गरी असोज १३ गते मुक्त गरे।

पुन्मा गाविस-१ का २२ वर्षीय नरेश विकलाई ०६२ असोज १० गते माओवादीले घरबाट अपहरण गरी तीन दिनपछि मुक्त गरे।

पुन्मा गाविस-१ का डिलबहादुर शाहीलाई ०६२ असोज ११ गते दिउँसो माओवादीले घरबाट अपहरण गरी असोज १४ गते सोही ठाउँबाट मुक्त गरे।

सक्ला गाविस-३ निवासी एवं सोही ठाउँको स्वास्थ्य चौकीमा कार्यरत अहेब विराज सिंहलाई जुवातास खेलेको आरोपमा ०६२ कार्तिक १२ गते माओवादीले घरबाट अपहरण गरी दैनिक तारेखमा राखी एक हप्तापछि सोही ठाउँबाट मुक्त गरे।

सक्ला गाविस-३ का शिक्षक दिलबहादुर नेपालीलाई जुवातास खेलेको आरोपमा ०६२ कार्तिक १३ गते माओवादीले घरबाट अपहरण गरी कार्तिक १५ गते मुक्त गरे।

नायकवाडा गाविस-७ जिरीका १३ वर्षीय बीजा सार्कीले स्थानीय एक युवकसँग बालविवाह गरेको आरोपमा ०६२ कार्तिक १५ गते माओवादीले अपहरण गरे। पीडित हालसम्म माओवादीकै कब्जामा छिन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

खलंगा गाविस-२ का २४ वर्षीय कृष्णजंग साहलाई नरसिंह दल गणबाट खटिएको गस्ती टोलीका सुरक्षाकर्मीले ०६२ साउन ७ गते सोही ठाउँको ठाटीमा कुटपिट गरे।

ढिमे गाविस-१ पाँचकाटीयाका २९ वर्षीय कमल पुन, सोही ठाउँका ६० वर्षीय धनबहादुर खत्री, खलंगा गाविस-७ तिर्मिलेका हरिबहादुर थापा, सोही ठाउँका चन्द्रबहादुर शाहीलाई ०६२ भदौ २२ गते सदरमुकाम खलंगाबाट गएका सुरक्षाकर्मीले माओवादीको आशंकामा जथाभावी कुटपिट गरे।

माओवादीबाट

खलंगा गाविस-७ का मीना वलीलाई माओवादीको अनुमतिविना गाउँ पसेको आरोपमा ०६१ वैशाख २ गते माओवादीले खलंगा गाविस-२ बाट कब्जामा लिई कुटपिट गरे।

डाडागाउँ गाविस-६ का अमृतबहादुर बोहरा र उनकी पत्नी पवी बोहरालाई माओवादी विरुद्ध गतिविधि गरेको आरोपमा ०६२ वैशाख १५ गते देखि माओवादीले घरमै नजरबन्दमा राखी केही दिनदेखि नजरबन्द फुकुवा गरे।

डाडागाउँ गाविस-६ छेप्काका कोशीबहादुर खड्काले माओवादी विरुद्ध कार्य गरेको आरोपमा ०६२ वैशाख १५ गतेदेखि वैशाख २० गतेसम्म माओवादीले आफ्नै घरमा नजरबन्दमा राखेकोमा सबैलाई भदौ १८ गतेदेखि सो नजरबन्द फुकुवा गरे।

डाडागाउँ गाविस-५ का टीकाराम जैसीलाई माओवादी विरुद्ध कार्य गरेको आरोपमा ०६२ वैशाख २७ गते माओवादीले घरमै अनिश्चितकालका लागि नजरबन्दमा राखे। पीडितको नजरबन्द भदौ १८ गते फुकुवा गरे।

डाडागाउँ गाविस-८ का चन्द्रबहादुर थापाले स्थानीयवासीहरूलाई माओवादी विरुद्ध भ्रम सृजना गराएको आरोपमा ०६२ वैशाख २८ गते देखि भदौ १८ गतेसम्म माओवादीले घरमै नजरबन्दमा राखे।

डाडागाउँ गाविस-६ छेप्काका ३८ वर्षीय लक्ष्मीप्रसाद शर्माले गाउँमा माओवादी विरुद्ध भ्रम सृजना गराएको आरोपमा ०६२ वैशाख ३० गतेदेखि भदौ १८ गतेसम्म माओवादीले घरमै नजरबन्दमा राखे।

रुगा गाविस-२ बस्ने कर्णवीर परियारलाई ०६२ भदौ २ गते माओवादीले घरमै कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

प्रजातान्त्रिक राष्ट्रिय युवा संघ नेपालका केन्द्रीय सदस्य निरज आचार्यलाई ०६२ कार्तिक २ गते शाही नेपाली सेनाले खलंगा गाविस-१ भगवती टोलबाट लोकजागरण अभियानअन्तर्गत भित्ते लेखन गरेको आरोपमा गिरफ्तार गरी प्रहरी हिरासतमा राखी कार्तिक ३ गते बिहान रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यसवर्ष पाँच देवानी मुद्दामध्ये दुईओटा फर्स्यौट भए। सरकारवादी फौजदारी तीनमध्ये दुईओटा फर्स्यौट भए भने दुनियावादी चार मुद्दामध्ये दुईओटा फर्स्यौट भई दुईओटा फर्स्यौट हुन बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

रुकुम जिल्ला घर भई खलंगा गाविस-२ टार्टीमा बस्दै आएका खड्कबहादुर परियारको ०६१ माघ २२ गते माओवादीले समान लुटपाट गरे।

खलंगा गाविस-६ ग्याङ्गका कृषकहरूको कृषिजन्य वस्तुहरू माओवादीद्वारा गरिएको सदरमुकाम नाकाबन्दीको घोषणा उल्लंघन गरेको आरोप लगाउँदै ०६१ माघ २९ गते माओवादीले लुटपाट गरे।

खलंगा गाविस-२ थाप्लेका पूर्व सहायकमन्त्री तेजविक्रम शाहको ०६१ फागुन २७ चल अचल सम्पत्ति माओवादीले लुटपाट गर्नुका साथै घरमा आगो लगाई क्षति पुऱ्याए।

पुन्मा गाविस-४ इबरका तप्तबहादुर शाहीलाई ०६१ फागुन २७ गतेदेखि माओवादीले घर निकाला गरे। पीडित ०६२ असार २५ गतेदेखि पुन: घरमै फर्किए।

डाँडागाविस-३ का सिद्धि पुनको घर-जग्गा ०६१ पुस १९ गते माओवादीले कब्जामा लिई ०६२ असार ३ गते फिर्ता गरे।

भाप्रा गाविस-६ खलटाकुराका दुर्गाबहादुर पुनले गाउँमा माओवादी विरोधी गतिविधि सञ्चालन गरेको आरोपमा ०६२ असार ५ गतेदेखि माओवादीले उनलाई घर निकाला गरे।

खलंगा गाविस-३ जानकीटोलस्थित दलित उत्थान विकास प्रतिष्ठानमा कार्यरत कर्मचारी भीमबहादुर टमाटा, शिवलाल उपाध्याय, खम्बबहादुर रावल, धनबहादुर खड्का, रमेश विकलगायत २९ जना कर्मचारीहरू दुई वर्षदेखि आफ्नो पारिश्रमिक पाउनबाट वञ्चित भए।

खलंगा गाविस-६ ग्याङ्गका स्थानीय कृषकहरूको उत्पादित कृषिजन्य वस्तुहरू माओवादीले ०६२ भदौ २ गते लुटपाट गरे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

खलंगा गाविस-६ ग्याङ्गका १९ वर्षीय दलबहादुर खड्कालाई माओवादीको आरोपमा ०६२ असार ५ गते सदरमुकामको सुरक्षार्थ खटाएका सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

खलंगा गाविस-४ बोहरा गाउँका २४ वर्षीय भोजेन्द्र मल्ललाई माओवादीको पत्र ओसार पसार गरेको आरोपमा ०६२ असार २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी नौ

दिनसम्म गैरकानुनी रुपमा थुनामा राखी साउन ६ गते तारेखमा रिहा गरे।

खलंगा गाविस-२ कल्याणपुरका ३६ वर्षीय नीमबहादुर खड्कालाई सोही ठाउँको बाटो निर्माण समितिको रकम माओवादीलाई बुझाएको आरोपमा ०६२ साउन २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखी साउन ३ गते रिहा गरे।

खलंगा गाविस-९ कालेगाउँका २२ वर्षीय प्रेमबहादुर बस्नेतलाई ०६२ भदौ ३ गते बिहान सादा पोशाकमा आएका सुरक्षाकर्मीले सोही गाविस-२ तल्लोथाप्लेबाट गिरफ्तार गरी भदौ ४ गते प्रत्येक दिनको तारेखमा आउने गरी रिहा गरे।

झाप्रा गाविस-१ फुम्नाका ग्रामीण समाज विकास केन्द्रका कोषाध्यक्ष भीमबहादुर टमाटा र सोही ठाउँका केशव टमाटालाई माओवादीको आरोपमा ०६२ भदौ १९ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी भदौ २५ गते नरसिंह दल गणबाट रिहा गरे।

खलंगा गाविस-२ थाप्ले निवासी अंकित शाहलाई ०६२ भदौ १९ गते सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा कुटपिट गरे।

गर्खाकोट गाविसस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत अहेव बलबहादुर शाहीलाई माओवादीको आरोपमा ०६२ असोज १३ गते खलंगा गाविस-२ थाप्लेबाट प्रहरीले गिरफ्तार गरी २९ दिनसम्म हिरासतमा राखी कार्तिक १० गते रिहा गरे।

ढिमे गाविस-खुर्पास्थित लक्ष्मी प्राप्ति माविका छात्र १५ वर्षीय लालबहादुर सिंहलाई ०६२ कार्तिक ९ गते सुरक्षाकर्मीले कामको सिलसिलामा खलंगातर्फ आइरहेको अवस्थामा खलंगा गाविस-२ ठाँटीबाट गिरफ्तार गरी आठ दिनसम्म हिरासतमा राखी कार्तिक १६ गते रिहा गरे।

बालअधिकार

खलंगा गाविस-८ पिपेका १३ वर्षीय कोइलोवादी रानालाई ०६२ जेठ ५ गतेदेखि जिल्ला विकास समितिले ढुङ्गा बोक्ने कार्यमा संलग्न गराई बालश्रममा लगाए।

खगेनकोट गाविस-१ दल्लीका १२ वर्षीय जयधन गिरी र १२ वर्षीय अनराम घर्तीलाई ०६२ साउन ११ गतेदेखि खलंगा डोल्पा मोटरबाटो खन्ने कार्यमा संलग्न गराई बालश्रममा लगाए।

पुन्मा गाविस-३ गंगटीयाका १३ वर्षीय जयबहादुर नेपाली र सोही ठाउँका १३ वर्षीय भीमबहादुर नेपालीलाई जिल्ला विकास समितिले ढुङ्गा बोक्ने कार्यमा संलग्न गराई बालश्रममा लगाए।

खलंगा गाविस-८ का १४ वर्षीय कर्णबहादुर थापा, १३ वर्षीय कालिबहादुर थापालाई भेरी ज्ञानोदय क्याम्पस भवन निर्माण समितिद्वारा ०६२ भदौ १९ गते देखि ढुङ्गा बोक्ने काममा लगाई बालश्रममा लगाए।

पुन्मा गाविस-५ भैरेखर्कका १३ वर्षीय दलबहादुर नेपालीलाई ०६२ भदौ २३ गते मञ्च निर्माण समितिद्वारा ढुङ्गा बोक्ने कार्यमा संलग्न गराई बालश्रममा लगाए।

डाँडागाउँ गाविस-२ कल्पनका १४ वर्षीय कर्णवीर नेपाली, १२ वर्षीय दलबहादुर नेपाली, १३ वर्षीय मानबहादुर नेपालीलाई त्रिभुवन उच्च मावि भवन निर्माण समितिद्वारा ०६२ भदौ २६ गतेदेखि ढुङ्गा बोक्ने कार्यमा संलग्न गराई बालश्रममा लगाए।

पुन्मा गाविस-५ भैरेका १३ वर्षीय लालबहादुर घर्ती र सोही ठाउँका १२ वर्षीय विष्णुप्रसाद घर्तीलाई ०६२ असोज ३ गतेदेखि खलंगा गाविस-१ स्थित मञ्च निर्माण समितिद्वारा श्रममा संलग्न गराई बालश्रममा लगाए।

रूकुम जिल्ला घेत्मा गाविसका १३ वर्षीय तस्वीर पुनलाई जिल्ला विकास समितिद्वारा ०६२ असोज ४ गतेदेखि श्रममा संलग्न गराई बालश्रममा लगाए।

पुन्मा गाविस-५ भैरेका १३ वर्षीय धनबहादुर नेपालीलाई, १४ वर्षीय कालिबहादुर घर्ती, १३ वर्षीय धनबहादुर नेपालीलाई ०६२ असोज १७ गतेदेखि छिन्चु जाजरकोट मोटरबाटो निर्माण समितिद्वारा ०६२ असोज १७ गतेदेखि श्रममा संलग्न गराई बालश्रममा लगाए।

रूकुम जिल्ला घेत्मा गाविस-१ का १४ वर्षीय कर्णबहादुर नेपाली र १५ वर्षीय वीरमान नेपालीलाई ०६२ कार्तिक १८ गतेदेखि जिल्ला विकास समितिद्वारा श्रममा संलग्न गराई बालश्रममा लगाए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा बहुविवाह

जगतीपुर गाविस-२ भनारी गाउँका माओवादी कार्यकर्ता २३ वर्षीय मोते सुनारले ०६२ साउन ६ गते राति आफ्नै पत्नी २० वर्षीय बसन्ती सुनारको हत्या गरे। हत्या गर्ने ती कार्यकर्तालाई माओवादीले आफ्नो कब्जामा लिए।

विविध

संरचना क्षति

खलंगा गाविस-२ ठाँटीबजारस्थित जिल्ला हुलाक कार्यालयमा ०६१ माघ १४ गते राति माओवादीले बम विस्फोट गराउँदा कार्यालय भवन क्षतिग्रस्त भयो।

खलंगा गाविस-२ ठाँटीमा रहेको खलंगा इलाका रेन्जपोष्टको कार्यालय भवनमा ०६१ माघ २२ गते राति

माओवादीले बम विस्फोट गराई कार्यालय भवन ध्वस्त पारे।

खलंगा गाविस-२ थाप्लेस्थित सुरक्षाकर्मीहरुको चेकपोष्टमा ०६१ माघ २१ गते राति माओवादीले बम विस्फोट गराई पूर्ण क्षति गराए।

खलंगा गाविस-१ बुधबुधियामा रहेको खानेपानी ट्याङ्कीको मुहानमा ०६१ वैशाख ९ गते माओवादीले बम विस्फोट गराई ट्याङ्की पूर्ण रुपमा क्षति गराए।

खलंगा गाविस-२ ठाँटीस्थित जिल्ला रेडक्रस शाखा भवनमा ०६२ असार २ गते माओवादीले बम विस्फोट गराई क्षति पुर्‍याए।

खलंगा गाविस-२ गणेशटोलस्थित जिल्ला शिक्षा कार्यालयमा ०६२ असार ३ गते माओवादीले गराएको बम विस्फोटबाट कार्यालय भवनको दुई कोठा क्षति भए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

माओवादीद्वारा ०६१ फागुन ३ गतेदेखि शैक्षिक हड्ताल आह्वान गरी जिल्लामा रहेको दुईसय ३५ भन्दाबढी विद्यालय बन्द भए। उक्त संस्थाहरु चैत १५ गतेदेखि खुले।

सदरमुकाम खलंगामा रहेको त्रिभुवन उच्च मावि र भेरी ज्ञानोदय क्याम्पस ०६२ वैशाख २० गतेदेखि माओवादीले बन्द गराएकोमा वैशाख ३० गतेदेखि खुलेका थिए।

माओवादीद्वारा जिल्लाको सदरमुकाम खलंगामा ०६१ चैत २० गते देखि १० दिनसम्म नाकाबन्दी गरी चैत ३० गते फुकुवा गरे। नाकाबन्दीका कारण सदरमुकामको जनजीवन पूर्णरुपमा प्रभावित भयो।

खलंगा गाविस-१,२,३ लाई लक्षित गर्दै ०६२ वैशाख २० गतेदेखि माओवादीले अनिश्चितकालीन नाकाबन्दी गरेकोमा वैशाख ३० गते फुकुवा गरे।

स्थानीय प्रशासनद्वारा सदरमुकाम खलंगामा सञ्चालित टेलिफोन सेवाहरु ०६१ फागुन १ गते अनिश्चित कालसम्मका लागि बन्द गरिदिएकोमा फागुन ११ गते देखि सञ्चालन भयो।

४.१० दैलेख



जनसंख्या	: २४२२३९
साक्षरता प्रतिशत	: ४७.४
महिला साक्षरता प्रतिशत	: ३१.८
क्षेत्रफल (वर्ग कि. मि.)	: १५०२
गाविस/नपा संख्या	: ५५/१
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३५५
क्याम्पस/उच्च मा.वि.	: २/५
अस्पताल/स्वास्थ्य चौकी	: १/६२
टेलिफोन लाइन	: २००
मोटर सडक (कि. मि.)	: १६८
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ५६
मानव विकास सूचकांक	: ०.३८१
प्रति परिवार सरदर संख्या	: ५.८८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

डाँडापराजुल गाविसस्थित डुङ्गेश्वर बजारमा ०६१ पुस २४ गते सुरक्षाकर्मीले गरेको कारवाहीमा तीन माओवादी कार्यकर्ताको मृत्यु भयो। उक्त कारवाहीमा माओवादीले आफ्ना कार्यकर्तालाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई हत्या गरेको जानकारी दिए। मृतकहरुको नाम ठेगाना खुल्न सकेन।

रानीवन गाविस-९ गीताचौरमा ०६१ पुस २९ गते सुरक्षाकर्मीले माओवादीका दुई कार्यकर्तालाई नियन्त्रणमा लिई हत्या गरे। मृतकहरूको नाम र ठेगाना खुलेन।

सदरमुकामस्थित भवानी बक्स गण र जिल्ला प्रहरी कार्यालयबाट गस्तीमा गएका सुरक्षाकर्मीले ०६१ चैत ३ गते

बेलपाटा गाविसस्थित भोटेलामा गरेको कारबाहीमा नाम नखुलेका दुई महिला माओवादी कार्यकर्ताको मृत्यु भयो।

सल्लेरी गाविस-५ का १५ वर्षीय भक्तबहादुर बस्नेत र नाम नखुलेका एक माओवादी कार्यकर्ताको नौमुले गाविसको नौमुले बजारमा ०६१ चैत ३० गते सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो।

सल्लेरी गाविस-९ मा ०६२ वैशाख १९ गते सुरक्षाकर्मीको कारबाहीमा नाम नखुलेका एकजना माओवादीको मृत्यु भयो।

डाँडापराजुल गाविसस्थित डुङ्गेश्वर बजारमा भवानी बक्स गणबाट गएका सादा पोसाकका सुरक्षाकर्मीले ०६२ जेठ १४ गते गरेको गोली प्रहारबाट डोल्पा जिल्ला घर भएकी एक महिला र एक पुरुष माओवादीको मृत्यु भयो।

रानीवन गाविस घर भएका माओवादी कार्यकर्ता पदमबहादुर रानाको ०६२ असार २६ गते भवानी गाविसमा भवानी बक्स गणबाट गस्तीमा गएका सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भयो।

नारायण नपा-३ का माओवादीका नगर इन्चार्ज उत्तम हमाल भनिने उदय रेग्मी र रानीवन गाविस निवासी माओवादी जिल्ला जनसरकार सदस्य मुकुल सिंहलाई ०६२ भदौ २० गते नारायण नपा-३ कालिमाटीस्थित एक घरमा बसिरहेको अवस्थामा अज्ञात समूहले नियन्त्रण लिई हत्या गरे। घटनाको जिम्मेवारी शाही नेपाली सेनाले लियो।

सल्लेरी गाविस-४ का दैलेख जिल्ला माओवादीका पूर्व सेक्रेटरी रणजीत नेपाली भनिने छविलाल शाही र पग्नाथ गाविस-३ निवासी माओवादी एरिया इन्चार्ज नवीन भनिने क्षेत्रबहादुर थापाको ०६२ पुस १४ गते मेहेलनोली गाविसको मेतलपाटा भन्नेठाउँमा हिँडिरहेको अवस्थामा सुरक्षाकर्मीले हानेको गोली लागी मृत्यु भयो। सो हत्या शाही नेपाली सेनाद्वारा परिचालित टाइगर ग्रुपले गरेको माओवादीले जनाए।

माओवादीबाट

सल्लेरी गाविस-४ निवासी पूर्व जिविस सदस्य एवम् नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य ५० वर्षीय दिलबहादुर रानालाई ०६१ पुस १८ गते दैलेख बजारस्थित बालमन्दिर नजिक माओवादीले गोली हानी हत्या गरे।

दोहोरो भिडन्त

कट्टी गाविस-५ र जाजरकोट जिल्लाको सिमानामा ०६२ वैशाख ३१ गते माओवादी र सुरक्षाकर्मीबीच भएको भिडन्तमा नाम नखुलेका तीन माओवादी कार्यकर्ताको मृत्यु भयो।

कट्टी गाविसमा ०६२ जेठ २० गते सुरक्षाकर्मी र माओवादीबीच भएको भिडन्तमा एक माओवादी कार्यकर्ताको मृत्यु भयो। पीडितको नाम ठेगाना खुलेन।

भवानीबक्स गणबाट गएका सुरक्षाकर्मी र माओवादीबीच सल्लेरी गाविस-९ देउलीडाँडामा ०६२ भदौ १ गते भएको दोहोरो भिडन्तमा नाम नखुलेका छ माओवादी कार्यकर्ताको मृत्यु भयो भने दुई सैनिकहरू घाइते भए।

आफ्नै बमबाट

नारायण नपा-५ मा ०६१ माघ २५ गते आफैंले बोकेको बम विस्फोट भई उदय भनिने र अर्को एक नाम नखुलेका गरी दुईजना माओवादीको मृत्यु भयो।

नेपा गाविस-३ का माओबादी जिल्ला कमिटी, दैलेखका सदस्य डम्बरबहादुर कार्की र पादुका गाविस-४ घर भएका माओवादी कार्यकर्ता सुरत रोकाको आफैंले बोकेको बम विस्फोट हुँदा ०६२ वैशाख ११ गते मृत्यु भयो।

जेल र बन्दीहरू

कूल १६ जना बन्दी क्षमता भएको यस जिल्लाको जेल 'घ' श्रेणीको हो। हाल १० जना बन्दीहरूमा नौजना कर्तव्य ज्यान मुद्दाका र एकजना लागू औषध मुद्दाका बन्दी छन्। १०० वर्ष पुरानो यस जेलमा ०६१ माघ ११ गते माओवादीले बम विस्फोट गराएका थिए। यस जेलका बन्दीहरूलाई दिउँसो मात्र कारागारमा राख्ने र राति जिल्ला प्रहरी कार्यालयमा राख्ने गरिन्छ।

बेपत्ता / अपहरण

राज्यबाट

सल्लेरी गाविस-४ का २० वर्षीय कर्ण गुरूङ्गलाई माओवादीको आरोपमा ०६१ पुस २१ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। उनको हालको स्थिति अज्ञात छ।

माओवादीबाट

छिउडीपुसाकोट गाविस-४ घर भएका ४० वर्षीय बलबहादुर खड्का र शान्ति च्यालीका संयोजक जग्मा भण्डारीलाई पार्टी नीति विपरीत काम गरेको आरोपमा ०६१ पुस १७ गते माओवादीले घरबाटै अपहरण गरी माघ २ गते खड्गवाडा गाविसबाट मुक्त गरे।

खरीगैरा गाविस-१ का ७० वर्षीय शिवप्रसाद उपाध्याय र ५५ वर्षीय धनकुमारी मल्लले पार्टीविरुद्ध गतिविधि गरेको आरोपमा ०६१ पुस २२ गते माओवादीले उनीहरूलाई अपहरण गरी माघ ३ गते भवानी गाविसको छान्ना बजारबाट मुक्त गरे।

पादुका गाविस-८ का २१ वर्षीय पुष्पा शाही, २५ वर्षीय लोकबहादुर भण्डारी र नाम नखुलेका चारजनालाई

प्रतिकार समितिमा बसेको आरोपमा ०६१ माघ ४ गते माओवादीले पादुका गाविसबाट अपहरण गरी माघ २५ गते नेपा गाविसबाट मुक्त गरे।

छिउडीपुसाकोट गाविस-२ का २२ वर्षीय सावित्री खड्का, २० वर्षीय सीता खड्का, ३२ वर्षीय उदयराम खड्का र खरिगैरा गाविस-३ का ३० वर्षीय कर्णबहादुर बयकले माओवादीको नीति विपरीत काम गरेको आरोपमा ०६१ माघ १० गते उनीहरूलाई घरबाटै अपहरण गरी माघ २२ गते सोही गाविसबाट मुक्त गरे।

पादुका गाविस-८ का ४० वर्षीय गोपाल भण्डारी माओवादी विरूद्ध प्रतिकार समूहमा संलग्न भएको आरोपमा ०६१ माघ १३ गते माओवादीले उनलाई आफ्नो घरबाटै अपहरण गरी माघ २५ गते पादुका गाविसबाट मुक्त गरे।

पादुका गाविस-२ का ३० वर्षीय लालबहादुर सुनार र चौराठा गाविस-९ का धनबहादुर बस्नेतले माओवादी विरुद्ध गतिविधि सञ्चालन गरेको आरोपमा ०६१ माघ १६ गते माओवादीले उनीहरूलाई अपहरण गरी माघ २० गते मुक्त गरे।

वडलम्जी गाविस-४ का ३० वर्षीय राजेन्द्र अधिकारी र धीरजवन सन्यासी, रावनकोट गाविस-४ का ३१ वर्षीय हरिबहादुर थापा र भैरवकाली गाविस-१ का ४० वर्षीय मन्दी शाही, सोही गाविस-३ का ३७ वर्षीय विष्णु शाहीलाई माओवादी विरुद्ध प्रतिकार समितिमा लागेको आरोपमा ०६१ माघ २० गते माओवादीले घरबाटै अपहरण गरी माघ २४ गते मुक्त गरे।

गमौडी गाविस-५ का ३३ वर्षीय दानबहादुर शाही, वडलम्जी गाविस-३ का ३५ वर्षीय भीमलाल आचार्य, सोही गाविस-५ का ३० वर्षीय जीतबहादुर नेपालीलाई माओवादी विरूद्ध प्रतिकार समितिमा लागेको आरोपमा ०६१ माघ २१ गते माओवादीले उनीहरूलाई आ-आफ्नै घरबाट अपहरण गरी माघ २५ गते आ-आफ्नै गाविसमा पुऱ्याई मुक्त गरे।

खरीगैरा गाविस-८ का ४० वर्षीय सकीराम शर्मा र सोही ठाउँका ३५ वर्षीय तुलबहादुर थापालाई ०६१ फागुन १७ गते माओवादीले आ-आफ्नै घरबाट अपहरण गरी फागुन ३० गते भवानी गाविसबाट मुक्त गरे।

जम्बुकाँध गाविस-३ का ३० वर्षीय डिल्लीबहादुर नेपालीलाई पारिवारिक झगडाको कारण ०६१ चैत २८ गते माओवादीले घरबाट अपहरण गरी ०६२ वैशाख २ गते सोही गाविस-४ बाट मुक्त गरे।

लाकुरी गाविस-३ घर भएका प्रहरी जवान महेन्द्र विष्टले सुराकी गरेको आरोपमा ०६२ जेठ ८ गते माओवादीले वेलपाटा गाविस-५ चुप्रा बजारबाट उनलाई अपहरण गरी जेठ १५ गते नौमुलेबाट मुक्त गरे।

नारायण नपा-७ सालखर्क घर भएका शाही नेपाली सेनाका जवान हिक्मतबहादुर थापालाई ०६२ जेठ १९ गते माओवादीले वेलपाटा गाविस-५ चुप्रा बजारबाट अपहरण गरी असार १ गते खरीगैराबाट मुक्त गरे।

सल्लेरी गाविस-४ का ४५ वर्षीय वीरबहादुर चन्दले सुराकी गरेको आरोपमा ०६२ साउन २० गते माओवादीले उनलाई घरबाट अपहरण गरी एक महिनापछि सल्लेरीको खालडाँडाबाट मुक्त गरे।

सल्लेरी गाविस-४ का लक्ष्मान सिंहले सुराकी गरेको आशंकामा ०६२ साउन २० गते माओवादीले अपहरण गरेकोमा उनी भदौ ३ गते माओवादीको कब्जाबाट भाग्न सफल भए।

सल्लेरी गाविस-४ का ४८ वर्षीय तुलक्षा सिंहले सुराकी गरेको आरोपमा ०६२ साउन २९ गते माओवादीले उनलाई अपहरण गरे। बस्नेतको अवस्था हालसम्म अज्ञात छ।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३	३	१	४	३	५			५	१४	२७	३		३०
घाइते					२	३	१		४					
हिरासत वा थुनामा मृत्यु										१	१			१
गिरफ्तारी यातना										४१	४८	३	८	५९
बेपत्ता										१	१			१
कुटपिट	२	२		२	३	३	१		४	१५	१६	२		१८
धम्की					२	३			३					
भेला संगठित हुने अधिकार										६	२८		२६	५४
आर्थिक सामाजिक सांस्कृतिक अधिकार										१	१			१
अपहरण					२७	४०	६	४	५०					
जम्मा	५	५	१	६	३७	५४	८	४	६६	७९	१२२	८	३४	१६४

सल्लेरी गाविस-२ का ५० वर्षीय जमुना बस्नेतले छोरालाई माओवादी विरुद्ध गतिविधि गर्न लगाएको आरोपमा ०६२ साउन ३० गते माओवादीले उनलाई घरबाटै अपहरण गरे। उनको अवस्था हालसम्म अज्ञात छ।

नौमुले गाविस-६ का जयबहादुर नामजाली, नौमुले गाविस-४ का कृष्णबहादुर सिंजाली, बलबहादुर रेगामी, सोही गाविस-५ का रणबहादुर सुनार, नौमुले गाविस-८ का पदमबहादुर रेगामी, सोही गाविसका बलबहादुर नामजाली, चन्द्रबहादुर बच्चा, सल्लेरी गाविस-४ का नरबहादुर सिंहलाई माओवादीको नीति विपरीत काम गरेको आरोपमा ०६२ साउन ३० गते माओवादीले अपहरण गरी भदौ ५ गते मुक्त गरे।

कट्टी गाविस-६ का बमबहादुर सिंह, प्रेमबहादुर सिंह, कर्णबहादुर सिंह, चन्द्रबहादुर सिंह र टोपबहादुर सिंहलाई माओवादीले ०६२ कार्तिक १७ गते अपहरण गरे। माओवादीले उनीहरूलाई शेखरबहादुर रोकायाको हत्या गरेको आरोपमा अपहरण गरेको जनाए। पीडितहरूको अवस्था हालसम्म अज्ञात छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

गोरखापत्र दैनिक दैलेखका संवाददाता एवम पत्रकार महासंघ दैलेख शाखाका सभापति उपेन्द्र शाहीलाई ०६१ पुस १८ गते फोटो खिच्दै गरेको अवस्थामा सुरक्षाकर्मीले कुटपिट गरे।

सल्लेरी गाविस-२ खाल्डाँडाका २१ वर्षीय दुर्गा चन्दलाई माओवादीको आरोपमा ०६१ चैत १ गते सुरक्षाकर्मीले घरमै गई कुटपिट गरे।

चामुण्डा गाविस-५ का १५ वर्षीय जगदीश शाही र सोही ठाउँका २१ वर्षीय कर्णबहादुर शाहीलाई ०६१ चैत २१ गते सुरक्षाकर्मीले दुल्लू गाविसस्थित पटाङ्गिनी भन्ने ठाउँमा कुटपिट गरे।

चामुण्डा गाविस-५ का १८ वर्षीय गोरखबहादुर शाहीलाई ०६१ चैत १९ गते सुरक्षाकर्मीले दुल्लूस्थित कीर्तिखम्ब भन्ने ठाउँमा बिनाकारण कुटपिट गरे।

नारायण नपा-१ घर भएका रेडियो नेपालका दैलेख समाचारदाता २४ वर्षीय यज्ञराज थापालाई ०६१ वैशाख १४ गते राति सादा पोशाकका सुरक्षाकर्मीले घरमा आई कुटपिट गरे।

लाकुरी गाविस-६ हुमाका १९ वर्षीय टीकाराम विकलाई ०६२ जेठ २ गते बिहान सादा पोशाकका सुरक्षाकर्मीले नारायण नपा-६ किमुगाउँमा घरबाट सदरमुकाम आउँदै गर्दा कुटपिट गरे।

दुल्लु गाविस-२ मेहलपानीका ५० वर्षीय नामबहादुर

माओवादीद्वारा हत्या गरिएका नेकाँ (प्रजातान्त्रिक) का दैलेख जिल्ला सदस्य दिलबहादुर राना

विष्ट र सोही गाविस-५ भण्डारी गाउँका ५५ वर्षीय बालसरा थापालाई ०६२ जेठ ७ गते सुरक्षाकर्मीले घरमै सिस्नुपानी लगाई कुटपिट गरे।

नारायण नपाका-६ घर भई नेपाल पत्रकार महासघंका सदस्य १८ वर्षीय जनक न्यौपानेलाई नारायण नपास्थित काँडाचौरमा हिँडिरहेको बेला ०६२ असोज २८ गते शाही नेपाली सेनाका हबल्दारले कुटपिट गरे।

बडलम्जी गाविस-१ का १८ वर्षीय मधु उपाध्याय र नारायण नपा-६ भुर्तीका २३ वर्षीय भक्ति उपाध्यायलाई माओवादीको आरोपमा ०६२ कार्तिक १७ गते बडलम्जी गाविसको चगत्रा बजारमा मदिरा सेवन गरी मोटरसाइकालमा आएका सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

कट्टी गाविस-६ का ५० वर्षीय शेरबहादुर चन्द र उनकी छोरी १८ वर्षीय हीराकुमारी चन्दलाई ०६१ माघ १२ गते माओवादीले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेमकिपाले ०६१ चैत १८ गते दैलेख नयाँबजारस्थित बालमन्दिर अगाडिबाट शाही कदमको विरोधमा निकालेको विरोध र्‍यालीमा सुरक्षाकर्मीले हस्तक्षेप गरी पार्टीका वैकल्पिक केन्द्रीय सदस्य जंगबहादुर शाहीलगायत् २७ जनालाई गिरफ्तार गरी सोही दिन रिहा गरे।

नारायण नपास्थित त्रिभुवन उच्च मावि नजिकको पिपल चौताराबाट ०६१ चैत २६ गते जनआन्दोलन दिवसको अवसर पारेर शाही कदमको विरोध एमाले, नेकाँ, नेकाँ(प्रजातान्त्रिक) र जनमोर्चाले निकालेको विरोध जुलुसमाथि सुरक्षाकर्मीले हस्तक्षेप गरी एमाले जिल्ला कमिटी सदस्य लक्ष्मीप्रसाद पोखरेल र सूर्यबहादुर शाही, अनेरास्ववियु जिल्ला कमिटी सदस्य धर्मबहादुर बोहरा, आशाराम शर्मा, सीताराम

जैसी र नेविसंघ (प्रजातान्त्रिक) का पूर्व जिल्ला अध्यक्ष प्रेमप्रकाश शाही, पूर्व गाविस अध्यक्ष खड्कबहादुर खड्का र पूर्व नगर कमिटी अध्यक्ष चन्द्रप्रकाश उपाध्यायलगायतलाई कुटपिट गरे।

सोही जुलुसमा प्रहरीले हस्तक्षेप गरी कुटपिट गर्दै एमाले जिल्ला कमिटी सदस्य लक्ष्मीप्रसाद पोखेल र सूर्यबहादुर शाही, अनेरास्ववियुका धर्मबहादुर बोहरा र आशाराम आचार्य, नेविसंघ पूर्व जिल्ला कमिटी अध्यक्ष प्रेमप्रकाश शाही, गणेशबहादुर शाही, भूपेन्द्र महत नेपाली र मधुरविक्रम खनाललाई गिरफ्तार गरी चैत २८ गते रिहा गरे।

एमालेले आयोजना गरेको लोकतान्त्रिक प्रदर्शनका लागि ०६२ कार्तिक २२ गते दुल्लु पुगेका एमालेका नेता तथा कार्यकर्ताहरूलाई कार्यक्रममा भाग लिनबाट इलाका प्रशासन कार्यालय दुल्लुले रोक लगाउँदै उक्त कार्यक्रममा भाग लिन गएका एमाले केन्द्रीय सल्लाहकार रामचन्द्र अधिकारी, अञ्चल कमिटी सदस्य अमरबहादुर थापा, जिल्ला कमिटी सचिव तेजबहादुर चन्द, उपसचिव राजबहादुर बुढा, जिल्ला कमिटी सदस्यहरू लक्ष्मीप्रसाद पोखेल, सूर्यबहादुर शाही, धीरबहादुर शाही र बरुनाथ योगीलाई कार्तिक २२ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरी चार घण्टापछि रिहा गरे।

दैलेख सदरमुकाम पुरानो बजारस्थित टुडिखेल छेउबाट शाही घोषणाको विरोधमा ०६२ कार्तिक २५ गते निकालिएको शान्तिपूर्ण विरोध जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गर्दा एमाले कार्यकर्ता र सुरक्षाकर्मीबीच दोहोरो झडप भयो। सुरक्षाकर्मीले उक्त कार्यक्रममाथि रोक लगाउनुका साथै एमाले अञ्चल कमिटी सदस्य अमरबहादुर थापा, उपसचिव राजबहादुर बुढा, जिल्ला कमिटी सदस्यहरू लक्ष्मीप्रसाद पोखरेल, ललितजंग शाह, अनेरास्ववियु जिल्ला कमिटी अध्यक्ष आशाराम आचार्य र सचिव धर्मबहादुर बोहोरालाई गिरफ्तार गरी जिल्ला कारागारबाट एक घण्टापछि रिहा गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

सन् २००५ को अवधिमा दैलेख जिल्ला अदालतमा फौजदारीतर्फ ३७ ओटा मुद्दा दायर भएकोमा १२ ओटा फर्स्यौट भई २५ ओटा मुद्दाको अङ्क नपुगी फर्स्यौट हुन बाँकी रहेको र देवानीतर्फ २५ ओटा मुद्दा दायर भएकोमा १५ ओटा फर्स्यौट भई १० ओटा मुद्दा अग पुर्‍याई फर्स्यौट गर्ने काम तदारुकताका साथ भइरहेको पाइयो। दुई वर्ष नाघेका कुनैपनि मुद्दाहरू फर्स्यौट हुन बाँकी नरहेको र एक वर्ष नाघेका पाँच ओटा मुद्दाहरू अङ्क नपुगी फर्स्यौट हुन बाँकी रहेका छन्। ०६१ चैत र ०६२ कार्तिकसम्म जिल्ला न्यायधीस सर्वोच्च अदालतमा काजमा रहनु भएको अवस्थामा मुद्दा मामिलामा फर्स्यौट हुने ढिलाई हुन पुग्यो। साथै देवानी र फौजदारी मुद्दा संख्या ६२ मध्ये फौजदारीतर्फ तीनओटा कर्तव्य ज्यान मुद्दामा दैलेख जिल्ला अदालतले वैतनिक वकिलको प्रतिनिधित्वको व्यवस्था मिलाई प्रतीरक्षाका लागि कानूनी सहायता उपलब्ध गराएको पाइन्छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

रानीवन गाविस-१ गुर्जेनीगाउँका लालबहादुर शाहीलाई ०६१ पुस २८ गते खरमेलामा खर काटिरहेको बेला माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडित १५ दिनपछि रिहा भए।

पादुका गाविस-३ का ४० वर्षीय चुडामणिनाथ योगीलाई माओवादीको आरोपमा ०६१ माघ २० गते भवानी बक्स गण दैलेख दुल्लु बेस क्याम्पबाट गएका सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी माघ २२ गते रिहा गरे।

खरीगैरा गाविस-४ का ४० वर्षीय सिंहबहादुर बोगटीलाई ०६१ माघ २८ गते सुरक्षाकर्मीले उनकै घरबाट गिरफ्तार गरी ०६१ फागुन १२ गते भवानी बक्स गणबाट रिहा गरे।

नारायण नपा-१ घर भएका जिविस दैलेखका ओभरसियर हिरासिंह थापाले माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ फागुन ११ गते बिहान सादा पोशाकमा आएका शाही नेपाली सेनाका दुईजना मेजरले थापालाई कार्यालयबाट गिरफ्तार गरी पदबाट राजीनामा गर्न भन्दै सैनिक हिरासतमा राखे। पीडितका परिवारले बन्दीप्रत्यक्षीकरणको मुद्दा दायर गरेपछि भएको अदालतको आदेशबाट थापा रिहा भए।

नारायण नपा-३ भूर्तिका ४५ वर्षीय डिल्लीप्रसाद उपाध्यायलाई ०६१ फागुन १५ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी फागुन २७ गते रिहा गरे।

सिगौडी गाविस-३ का २८ वर्षीय भक्त जैसीलाई माओवादीको आरोपमा ०६१ फागुन १७ गते सुरक्षाकर्मीले दैलेख सदरमुकामस्थित पुरानो बजारबाट गिरफ्तार गरी फागुन १९ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

नारायण नपा-१ का ३० वर्षीय पुष्कर शर्मालाई ०६१ फागुन १८ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी ०६१ फागुन १९ गते भवानी बक्स गणबाट रिहा गरे।

सल्लेरी गाविस-२ का ४५ वर्षीय गोरीकला रावतले माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ चैत १ गते सुरक्षाकर्मीले रावतलाई घरबाट गिरफ्तार गरी ०६१ चैत ३ गते भवानी बक्स गणबाट रिहा गरे।

रानीवन गाविस-४ का ५५ वर्षीय नौलासिङ्ग रावत

र सोही गाविस-५ का २७ वर्षीय डिलबहादुर शाहीलाई माओवादीको आरोपमा ०६१ चैत ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये रावतलाई आफ्नै घरबाट र शाहीलाई सदरमुकाममा अध्यापन अनुमति लिन आएको बेला गिरफ्तार गरिएको थियो। पीडित एक महिनापछि जिल्ला प्रहरी कार्यालय, दैलेखबाट रिहा भए।

रानीवन गाविस-३ का ४० वर्षीय रामबहादुर सिंहलाई माओवादीको आरोपमा ०६१ चैत ६ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी एक हप्तापछि दुल्लू बेस क्याम्पबाट रिहा गरे।

छिउडी गाविस-४ का ३० वर्षीय चन्द्रबहादुर खड्कालाई ०६१ चैत १४ गते दुल्लु बेशक्याम्पबाट गएका सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी एक हप्तापछि रिहा गरे।

नेपा गाविस-९ का २५ वर्षीय तेजबहादुर कार्कीलाई ०६२ वैशाख १२ गते आत्मसमर्पण गर्न दुल्लू बेस क्याम्पमा आएको बेला शाही नेपाली सेनाले गिरफ्तार गरे। हाल उनी जिल्ला कारागारमा छन्।

नेपा गाविस-९ का ३६ वर्षीय शक्ति कार्कीलाई ०६२ वैशाख १३ गते आत्मसमर्पण गर्न आएको बेला दुल्लुबाट शाही नेपाली सेनाले गिरफ्तार गरे। पीडित एकहप्तापछि रिहा भए।

लयाटीविन्द्रसेनी गाविस-३ का ४० वर्षीय बमबहादुर शाहीलाई माओवादीको आरोपमा ०६२ वैशाख २२ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी वैशाख २६ गते दुल्लूबाट रिहा गरे।

दुल्लु गाविस-४ घर भई हिमालय मावि डाँडीमाडीका प्रधानाध्यापक ४६ वर्षीय रूपलाल महतलाई माओवादीको आरोपमा ०६२ वैशाख २४ गते राति घरमा सुतिरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरी सैनिक हिरासतमा राखी एक महिनापछि भवानी बक्स गणबाट रिहा गरे।

लयाटीविन्द्रसैनी गाविस-७ डौसुरका ३६ वर्षीय विष्णुबहादुर शाही, २७ वर्षीय प्रिया खड्का र सोही ठाउँका केवले रावललाई ०६२ जेठ १४ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी तीन दिनपछि दुल्लू बेस क्याम्पबाट रिहा गरे।

नारायण नपा-३ भुर्तिका ५५ वर्षीय मयाराम कटुवालले माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ भदौ २१ गते सुरक्षाकर्मीले कटुवाललाई गिरफ्तार गरी सोही दिन तारेखमा रिहा गरे।

कान्तिपुर राष्ट्रिय दैनिकका उपसम्पादक तथा नेपाल पत्रकार महासंघ जिल्ला शाखा दैलेखका सभापति हरिहरसिंह राठौरलाई माओवादी क्रियाकलापमा संलग्न भएको र माओवादीबाट मासिक तलब लिने गरेको आरोपमा ०६२ असोज ३ गते सादा पोसाकमा आएका एक प्रहरीले घरबाटै गिरफ्तार गरे। गिरफ्तार गरिएको २४ घण्टासम्म पीडितलाई विनापूर्जी प्रहरी हिरासतमा राखिएको थियो। २४ घण्टापछि मात्र पीडितलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत पूर्जी दिई हिरासतमा राखियो। पीडितलाई नेपाल पत्रकार महासंघका केन्द्रीय महासचिव महेन्द्र बिस्ट, केन्द्रीय सदस्य पूर्ण बस्नेत, कान्तिपुर राष्ट्रिय दैनिकका सम्पादक नारायण वाग्ले, काठमाण्डौ पोस्टका सम्पादक प्रतिक प्रधान र इन्सेक मध्यपश्चिम क्षेत्रीय संयोजक भोला महतसहितको टोलीले सुरक्षानिकायसँग छलफल गरेपश्चात् ०६२ असोज ५ गते रिहा गरियो।

लाँकुरी गाविस-६ घर भएका माओवादी कम्पनी कमाण्डर यमबहादुर विष्टलाई ०६२ असोज २९ गते आत्मसर्मपणपछि सुरक्षाकर्मीले गिरफ्तार गरे। उनी ०६२ कार्तिक २३ गते संविधान दिवसको अवसरमा रिहा भए।

बेलपाटा गाविस-५ चुप्राबजारमा व्यापार गरी बस्ने २२ वर्षीय शखिल चुनाराले माओवादीलाई चन्दा दिएको आरोपमा ०६२ कार्तिक ३ गते सुरक्षाकर्मीले उनलाई बजारबाटै गिरफ्तार गरी ०६२ कार्तिक ५ गते जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

सुर्खेत जिल्ला गर्पन गाविस-३ घर भएका माओवादी गर्पन एरियाका गाजस प्रमुख ३४ वर्षीय लक्ष्मीप्रसाद आचार्यलाई ०६२ पुस ८ गते लालीकाँडास्थित निगालापानी धरमपोखरा भन्ने ठाउँबाट माओवादीको कार्यक्रममा जाँदै गर्दा सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई दैलेखस्थित भवानी बक्स गणमा राखिएको सुरक्षाकर्मीले जानकारी दिए।

विविध

संरचना क्षति

दैलेख सदरमुकामस्थित पुरानो बजारमा रहेको एकसय वर्ष पुरानो जिल्ला कारागारमा ०६१ माघ ११ गते राति माओवादीले बम विस्फोट गराई भवनमा क्षति पुऱ्याए।

जिल्ला प्रशासन कार्यालयमा ०६१ माघ २१ गते राति माओवादीले तीनओटा प्रेसर कुकर बम विस्फोट गराई कार्यालय भवनमा क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

कञ्चनपुर जिल्ला घर बताउने माओवादीका कार्यकर्ता रक्तिम भनिने गणेश वोहोरालाई ०६२ साउन ३१ गते स्थानीय युवाहरूले गमौडी गाविस-७ बाट कुटपिट गरी बाँधेर दुल्लुस्थित संयुक्त सुरक्षा बेस क्याम्पमा बुझाए। दुल्लुस्थित सुरक्षानिकायसँग पीडितकोस्थिति बारे बुझ्दा स्थानीय युवाहरूको चोटका कारण उपचार गराउँदा गराउँदै सोही दिन साँझ पीडितको मृत्यु भएको जानकारी दिए।

४.११ डोल्पा



जनसंख्या	: ३१५६९
साक्षरता प्रतिशत	: ३४.६६
महिला साक्षरता प्रतिशत	: १९.६१
क्षेत्रफल (वर्ग कि. मि.)	: ७८८९
गाविस/नपा संख्या	: २३/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: ११३
क्याम्पस/उच्च मा.वि.	: १/२
अस्पताल/स्वास्थ्य चौकी	: ०/२४
टेलिफोन लाइन	: १५२
मोटर सडक (कि. मि.)	: २
प्रहरी कार्यालय संख्या	: २
इलाक संख्या	: १८
मानव विकास सूचकांक	: ०.३७९
प्रति परिवार सरदर संख्या	: ५.४३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

नर्कु गाविस-३ घर भएका माओवादी कार्यकर्ता २२ वर्षीय धनराम सिंह, कालिका गाविस-१ का १८ वर्षीय पूर्णबहादुर बुढा र नाम थाहा नभएका अन्दाजी १९ वर्षीय एक युवकलाई ०६१ माघ १७ गते सु गाविसको जिउँमा सुरक्षाकर्मीले घेरा हाली लखेटेर भीर भएको खोलातिर पुऱ्याई गोली हानी हत्या गरे। पीडितहरूले भीरबाट आफैं हामफाली मरेको सुरक्षाकर्मीले जनाए।

माओवादीबाट

सर्मी गाविस-३ की ४६ वर्षीय गम्भीरा बुढाको ०६२ वैशाख ११ गते बिहान माओवादीले उनकै घरको छतमा राखेको बम विस्फोट हुँदा घटनास्थलमै मृत्यु भयो।

दोहोरो भिडन्त

जुफाल गाविस-१ मा पर्ने विमानस्थलमा रहेको सुरक्षा बेस क्याम्पमाथि ०६२ असार १ गते बिहान माओवादीले बम विस्फोट गराउनुका साथै फायरिङ गरे। सुरक्षाकर्मीले पनि फायरिङ गरेपछि केहीबेर दोहोरो फायरिङ भयो तर दुवैतर्फ कुनै मानवीय क्षति भएन।

जुफाल विमानस्थलबाट त्रिपुराकोटतर्फ गस्तीमा गइरहेको संयुक्त सुरक्षाफौजलाई लक्षित गरी ०६२ असार ५ गते बिहान माओवादीले लुकेर बम विस्फोट गराई फायरिङ गरेपछि सो स्थानमा केहीबेर दोहोरो फायरिङ भयो तर मानवीय क्षति भएन।

त्रिपुराकोट गाविस-८ मा पर्ने डाँडामा सुरक्षाकर्मीलाई लक्षित गरी ०६२ भदौ १९ गते माओवादीले एक शक्तिशाली बम विष्फोट गराए। विष्फोटपछि दुई पक्षबीच केहीबेर फायरिङ भयो।

जेल र बन्दीहरू

माओवादी आक्रमणबाट ध्वस्त भएको डोल्पा जिल्लाको जेलको पुनर्निमार्ण कार्य पूरा भएपनि जेल गार्डको व्यवस्था हालसम्म नभएका कारण थुनुवाका रूपमा रहेका तीनजना थुनुवाहरूलाई जिल्ला प्रहरी कार्यालय डोल्पाको हिरासत कक्षमा राखिएको जेलर मानदत्त न्यौपानेले बताउनु भयो। थुनुवाहरू प्रहरी हिरासतमा राख्नु परेको कारण बन्दीहरूले पाउनु पर्ने न्यूनतम सुविधाबाट बञ्चित छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

त्रिपुराकोट गाविस-२ घर भएका छर्लस्थित मष्टाभवानी मन्दिरका पुजारी ३७ वर्षीय यज्ञप्रसाद उपाध्यायलाई पुजारी भएको आरोपमा ०६१ फागुन २३ गते राति घरबाट माओवादीले अपहरण गरे। उनलाई २६ दिनपछि उनकै घरमा पुऱ्याई मुक्त गरे।

त्रिपुराकोट गाविस-३ का ५६ वर्षीय धनवीर परियार र त्रिपुराकोट गाविस-३ रल्ली कै ५४ वर्षीय भ्याऱ्या कुलालले छोराहरूलाई सदरमुकाम पठाएको आरोपमा ०६१ चैत २६ गते साँझ माओवादीले उनीहरूलाई काम गरिरहेको बेला घरमै आएर अपहरण गरी १५ दिनपछि मुक्त गरे।

त्रिपुराकोट गाविस-३ का ३९ वर्षीय कालिबहादुर शाहीलाई ०६२ वैशाख ४ गते रामनवमीका दिन गोठालाबाट आउँदै गरेको बेला माओवादीले अपहरण गरे। पीडित तीन दिनपछि माओवादीको कब्जाबाट भागी दुनैमा विस्थापित भई बसेका छन्।

नर्कु गाविस–१ का २३ वर्षीय पञ्चबहादुर ठकुल्लालाई माओवादी छाडेर घर बसेको आरोपमा ०६२

भदौ १२ गते माओवादीले ज्यान मार्ने धम्की दिँदै कुटपिट गरी अपहरण गरे। पीडित हाल माओवादीको श्रमशिविरमा छन्।

जिल्लाका जनप्रभा उच्च मावि लिकु, कालिका मावि कालिका, मालिका निमावि नर्कु, अन्नपूर्ण निमावि सर्मीलगायतका विद्यालयहरूबाट करिब ६० जना विद्यार्थीहरूलाई ०६२ भदौ २६ गते माओवादीले आफ्नो कार्यक्रममा सहभागी गराए। अनेरास्ववियु (क्रान्तिकारी)को जिल्ला सम्मेलनमा सहभागी गराई चार दिनपछि त्रिपुरा माविबाट सबैलाई घर फर्काए।

सर्मी गाविस–२ का २१ वर्षीय दन्ते नेपालीलाई माओवादी छोडी घर बसेको आरोपमा ०६२ असोज १७ गते माओवादीले पुन:माओवादी पार्टीमा नगए ज्यान मार्ने धम्की दिँदै अपहरण गरे। पीडित हाल माओवादीको श्रम शिविरमा रहेका छन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सुर्खेत जिल्लाको लाटीकोइली गाविस घर भई हाल दुनै गाविस–१ मा होटल व्यवसाय गरी बस्ने ३५ वर्षीय कौशीला गुप्तालाई ०६२ पुस १२ गते साँझ ६ चन्दननाथ गण (क) गुल्म दुनैका सुरक्षाकर्मी राजु कार्कीले रक्सी सेवन गरि बिनाकारण बुटले छातीमा हानी कुटपिट गरे। पीडितको पुस १६ गतेसम्म जिल्ला अस्पताल दुनैमा उपचार भइरहेको छ।

अन्य

त्रिपुराकोट गाविस-३ का ५६ वर्षीय धनवीर परियार र त्रिपुराकोट गाविस-३ रल्लीकै ५४ वर्षीय भ्याऱ्या कुलाललाई ०६१ चैत २६ गते माओवादीले अपहरण गरे। भोलिपल्ट पुन: उनीहरूका अरू सदस्यहरूलाई अपहरण गर्न माओवादीहरू गाउँमा आएपछि गाउँलेहरूले अपहरण गर्न नदिने भनेपछि माओवादी र गाउँलेहरूबीच ०६१ चैत २७ गते बिहान झडप भयो। झडपमा छ गाउँलेहरू साधारण घाइते भए। माओवादी कार्यकर्ता साउने सार्की र जनक सार्कीलाई गाउँलेहरूले समाई सुरक्षाकर्मीसमक्ष बुझाए। त्यसका कारण त्रिपुराकोट गाविस-३ रल्लीका ५९ घरपरिवार विस्थापित भएपछि मानवअधिकारकर्मीहरूको पहलमा अरु सबै गाउँ फर्केका छन् भने टोपबहादुर शाही र लोकबहादुर शाहीका परिवार हालपनि विस्थापित भएर सदरमुकाम मै बसेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यसवर्ष जिल्ला अदालत डोल्पामा फौजदारी ११ र देवानी दुई गरी १३ ओटा मुद्दा दर्ता भए। गत वर्षबाट जिम्मेवारी सरेर फौजदारी १६ र देवानी नौ गरी २५ ओटा आएका थिए। यस वर्ष (सन् २००५ मा) जिल्ला अदालत डोल्पाबाट फौजदारी २२ र देवानी तीन गरी २५ ओटा मुद्दा वर्षको शुरुमा किनारा भए भने तीन वर्ष पुराना दुईओटा फौजदारी मुद्दालाई अदालती बन्दोबस्तीको एकसय ९० बमोजिम मुलतवीमा राखिएको छ। गत छ महिना अघिदेखि जिल्ला अदालत डोल्पामा न्यायधीशको अनुपस्थितिले ६ महिनायता मुद्दा फैसला वा किनाराको कुनै पनि काम हुन सकेको छैन। यस अदालतमा यस वर्ष फौजदारी १७ र देवानी आठ गरी जम्मा २५ ओटा मुद्दा बाँकी रहेका छन्। मुलतवीमा रहेका बाहेक अरु दुई वर्ष नाघेका मुद्दा छैनन्। एक वर्ष नाघेका १२ ओटा मुद्दा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

सर्मी गाविस-७ का ४४ वर्षीय टेकबहादुर बुढाले माओवादीलाई बन्दुक नदिएको आरोपमा ०६२ वैशाख १२ गते माओवादीले उनको सर्वश्वहरण गरे। पीडित विस्थापित भई दुनैमा बसेका छन्।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित माओवादीबाट				राज्य पक्षबाट पीडित			
	घटना संख्या	पुरुष	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१		१	१	३		३
गिरफ्तारी/यातना					४	३	१	४
कुटपिट	१	२		२	३	२	१	३
अपहरण	६	६	६०	६६				
जम्मा	८	९	६०	६९	८	८	२	१०

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

ल्हा गाविस-८ घर भएकी माओवादी कार्यकर्ता १६ वर्षीय जनकुमारी चलाउनेलाई ०६१ पुस २९ गते सुरक्षाकर्मीले माँझफाल गाविसको माझफाल गाउँबाट हतियारसहित गिरफ्तार गरे। उनलाई विमानस्थल सुरक्षा बेस क्याम्प जुफालमा राखी माघ १४ गते आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखियो। पीडित तीन महिनापछि आत्मसमर्पण गरी चैत २६ गते रिहा भइन्।

ल्हा गाविस-७ घर भएकी माओवादी कार्यकर्ता १५ वर्षीय हिरा विश्वकर्मालाई ०६१ फागुन २७ गते पार्टीको कामको लागी आएको बेला सं गाविसको फोइबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखी जेठ १५ गते आत्मसमर्पण गराएर रिहा गरियो।

काईगाउ गाविस–७ घर भई सुगाउँ विकास समिति कार्यालयका सचिव ७४ वर्षीय बुद्धि बीसीलाई माओवादीको आरोपमा ०६२ मंसिर २ गते डेराबाट प्रहरीले गिरफ्तार गरे। पीडित सात दिनपछि तारेखमा रिहा भए।

त्रिपुराकोट गाविस–८ घर भएका ३१ वर्षीय शिक्षक शेरबहादुर बुढाले झगडा गरेको आरोपमा ०६२ मंसिर ६ गते क्याम्पसका कर्मचारीको हैसियतले वार्षिकोत्सव समारोहमा भाग लिइरहेकै बेला प्रहरीले उनलाई विनापूर्जी लछारपछार गर्दै गिरफ्तार गरे। पीडितलाई एक घण्टापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

विविध

संरचना क्षति

जुफाल गाविस-२ म निर्मित खानेपानी ट्याङ्की ०६२ असार ४ गते राति माओवादीले बम विस्फोट गराई ध्वस्त पारे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

दुनै गाविस-५ को नाङ्डाडामा ०६२ असार २६ गते बिहान माओवादीले एक शक्तिशाली र अन्य दुईओटा सानातिना बम विस्फोट गराए। विस्फोटबाट कुनै मानवीय क्षति भएन।

लिकु गाविस–३ चूँ डाँडाको खुलास्थानमा ०६२ साउन १५ गते दिउँसो, सूँ गाविस-४ मा पर्ने डाँडामा ०६२ साउन २९ गते र दुनै गाविस-५ मा पर्ने डाँडाबाट सदरमुकाम दुनैलाई लक्षित गरी ०६२ असोज २ गते दिउँसो माओवादीले बम विस्फोट गराए।

विगतको अनुगमन

विगतका मानवअधिकार वर्ष पुस्तकको अनुगमन गर्दा राज्यबाट बेपत्ता भनिएका नन्दप्रसाद न्यौपाने, प्रसाद बुढा र विश्वचन्द्र बुढाको अवस्था हालसम्मपनि अज्ञात नै छ। सन् २००४ मा यस जिल्लाको विभिन्न गाविसबाट अभियान भनी माओवादीले लगेका ८०-९० जना विद्यार्थी र शिक्षकसहित सर्वसाधरणहरूलाई सकुशल घर फर्काए।

४.१२ जुम्ला



जनसंख्या	: ९५४२७
साक्षरता प्रतिशत	: ३४.४५
महिला साक्षरता प्रतिशत	:१८.२०
क्षेत्रफल (वर्ग कि. मि.)	: २५३१
गाविस नपा संख्या	: ३०/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: १२७
क्याम्पस उच्च मा.वि.	: १/०
अस्पताल स्वास्थ्य चौकी	: १/३८
टेलिफोन लाइन	: ३
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: ३
हुलाक संख्या	: ३१
मानव विकास सूचकांक	: ०.३४८
प्रति परिवार सरदर संख्या	: ६.०२

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

बाँके जिल्ला घर भएका माओवादी कार्यकर्ता २३ वर्षीय सोनाम शाहीको तातोपानी गाविस-२ राँकामा ०६१ चैत ७ गते सुरक्षाकर्मीले चलाएको गोलीबाट मृत्यु भयो। पीडित माओवादी पार्टीको सञ्चार क्षेत्रमा काम गर्ने गर्दथे।

तातोपानी गाविस-२ की ८ वर्षीय सिर्जना नेपालीको घरभित्र बसिरहेको अवस्थामा ०६२ जेठ ५ गते सर्चमा गएका सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भयो। सुरक्षाकर्मीले माओवादीलाई लक्षित गरी हानेको गोली बालिकालाई लागेको थियो। स्थानीय बासिन्दाहरूले गोली सेनाले नै चलाएको हो भनेर बताए।

जिल्ला सदरमुकामबाट गएका सुरक्षाकर्मीले तातोपानी गाविस-२ राँकामा चारैतिर घेरा हाली फायरिङ्ग सुरू गरेपछि गाउँमा रहेका माओवादी भाग्न लाग्दा सुरक्षाकर्मीले चलाएको गोलीबाट माओवादी कार्यकर्ता आशा, निसानसहित अन्य दुईजना नाम नखुलेका माओवादी र सोही गाउँका सर्वसाधारण ९ वर्षीय पार्वती सार्कीको ०६२ जेठ १५ गते मृत्यु भयो। सोही घटनामा साहसी र निर्मल भनिने दुई माओवादी गोली लागी गम्भीर घाइते भए।

जिल्ला सदरमुकाबाट गएका सुरक्षाकर्मीले कुडारी गाविस-२ कुडारीगाउँमा घेरा हाल्दा भाग्न खोजेपछि कालिकोट जिल्लाका मुस्कान, मुगु जिल्लाका सेक्रेटरी, जनअदालत न्यायालय प्रमुख गरी तीनजनाको ०६२ जेठ १५ गते सुरक्षाकर्मीले चलाएको गोली लागी मृत्यु भयो। पीडितहरू माओवादी पार्टीसँग आवद्ध रहेका व्यक्तिहरू भएको बुझियो। पीडितहरूको नाम खुल्न सकेन।

माओवादीबाट

महत गाविस-९ मिचाका ३२ वर्षीय माइली नेपालीको ०६१ माघ १७ गते माओवादीले थापेको विद्युतीय धरापमा परी मृत्यु भयो। खेतमा मल हाल्नको लागि गइरहेको अवस्थामा बाटोमा व्यानरसहित राखिएको बम विस्फोट भएको थियो।

दोहोरो भिडन्त

चन्दननाथ गाविस-१ दानसागु भन्ने स्थानमा माओवादी र सुरक्षाकर्मीबीच ०६१ फागुन ४ गते राति भिडन्त हुँदा बाँके जिल्ला घर भएका प्रहरी सहायक निरीक्षक कमल गुरूङ्गको मृत्यु भयो भने पाँच सुरक्षाकर्मी घाइते भए। घाइते सुरक्षाकर्मीहरूलाई उपचारको लागि सोही दिन काठमाडौं लगियो भने मृतक गुरूङ्गको लास बाँकेको राँझास्थित उनका आफन्तहरूलाई जिम्मा लगाइयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

महत गाविस-९ मचिमा २४ नं. वाहिनी जुम्लामा कार्यरत २८ वर्षीय वेदबहादुर कुँवर ०६१ माघ १७ गते माओवादीले राखेको विद्युतीय धराप निष्कृय बनाउँदा एक्कासी विस्फोट भई घाइते भए। घाइतेलाई सोही दिन उपचारको लागि काठमाडौ लगियो।

तलिहुम गाविस-१ श्रीठुस्काको उठिल्या तीला नदीको नजिक बाटोमा ०६२ वैशाख २६ गते माओवादीले राखेको विद्युतीय धरापमा परी चन्दननाथ गणका एक सैनिक जवान घाइते भए। घाइतेलाई उपचारको लागि काठमाडौं लगिएको थियो। घाइतेको नाम खुलेन ।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित — माओवादीबाट					राज्य पक्षबाट पीडित				
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	१	१		२	४	६	४		१०
घाइते	४	३		५	८	१	२			२
गिरफ्तारी/यातना						३	४		२	६
कुटपिट	५	४	१		५	६	५	१		६
धम्की	१	१			१	३	२	१		३
भेला/संगठित हुने अधिकार						१	५		२	७
अपहरण	१	१			१					
जम्मा	१३	१०	२	५	१७	१८	२४	६	४	३४

महत गाविस-८ मीचा गाउँको खोलाचौरमा माओवादीले बिछ्याएको बम निष्क्रिय गर्ने क्रममा विस्फोट हुँदा चन्दननाथ गणका एक सैनिक जवान ०६२ जेठ १९ गते घाइते भए। घाइतेलाई सोही दिन उपचारको लागि काठमाडौं लगियो। माओवादीले विद्युतीय ध्रुवपद्वारा बाटो अवरुद्ध पारेपछि सदरमुकामबाट सुरक्षाकर्मी गई बम निष्क्रिय पार्ने क्रममा एक्कासी विस्फोट भई उनी घाइते भएका थिए। घाइतेको नाम खुलेन ।

जेल र बन्दीहरू

जुम्ला जिल्लामा अहिले जेल छैन। ०५९ कार्तिक २८ गते माओवादीले ध्वस्त पारेको जुम्ला जेल 'घ' श्रेणीको जेल हो। तीन वर्ष बितिसक्दा पनि जेल निर्माण हुन सकेको छैन। तसर्थ जुम्लामा कुनै पनि थुनुवा र कैदीहरू छैनन्। जुम्ला जेलमा रहेका कैदीहरूलाई ०५९ सालमै सुर्खेत तथा नेपालगञ्ज जेलमा स्थानान्तरण गरी ल्याइएको थियो। हालपनि सोही प्रक्रिया चलिरहेको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

बिराट गाविस-८ का ४१ वर्षीय नरबहादुर खत्रीले जिल्ला सदरमुकामबाट गएको सुरक्षाकर्मीलाई खानाको व्यवस्था गरेको आरोप लगाई ०६२ भदौ १३ गते माओवादीले उनलाई अपहरण गरी सात दिनपछि इन्सेक जिल्ला प्रतिनिधि राजेन्द्र महतको पहलमा मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

गर्जाङ्कोट गाविस-६ का २३ का नोरते सार्कीले माओवादीलाई लुकाउने काम गरेको आरोपमा ०६२ जेठ ११ गते सुरक्षाकर्मीले उनलाई सख्त घाइते हुनेगरी कुटपिट गरे।

गर्जाङ्कोट गाविस-६ का ४४ वर्षीय कृष्णदत्त न्यौपानेले माओवादीलाई खान, बस्न दिएको आरोपमा ०६२ जेठ १२ गते सुरक्षाकर्मीले उनलाई कुटपिट गरे। पीडितको उपचार जिल्ला अस्पतालमा गरियो।

चन्दननाथ गाविस-८ का ३५ वर्षीय गौरी कठायतले फोनबाट विभिन्न सूचनाहरू बाहिर पठाउने गरेको भनी ०६२ जेठ १४ गते आफ्नै पीसीओमा आएर सुरक्षाकर्मीले "अबदेखि होस गरेर फोन गर्न दिन" भनी धम्की दिए। उक्त टेलिफोन नेपाल पत्रकार महासंघ जिल्ला शाखाले सञ्चालन गरेको थियो।

महत गाविस-६ का ४१ वर्षीय नरमबहादुर महतलाई काठमाडौंबाट प्रकाशित हुने जनआस्था साप्ताहिकमा सुरक्षाकर्मी विरोधी समाचार प्रकाशित भएको र सरकारी कर्मचारी भएर पत्रकारको काम गरी आफ्नो पदीय दायित्वभन्दा बाहिर गएको भनी ०६२ असार १४ गते जुम्लास्थित २४ नं. वाहिनीका वाहिनीपति राजप्रताप केसीले अबदेखि यस्तो काम नगर्न धम्की दिए।

गुठीचौर गाविसका ३२ वर्षीय धर्मजीत बस्नेतले सुराकी गरेको आरोपमा ०६२ असार २ गते सुरक्षाकर्मीले उनलाई घरमा गई कुटपिट गरे। कुटपिटबाट घाइते भएका बस्नेतको उपचार जुम्लामा गरियो।

कर्णाली एकीकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्रका कर्मचारी २६ वर्षीय नेशनल विक्रम शाहीलाई समय साप्ताहिकमा "सरकार अन्धो छ" भन्ने समाचार प्रकाशन किन गरेको भनी ०६२ कार्तिक ९ गते २४ नं. वाहिनीपतिले समाचार सच्याउन धम्की दिए।

चन्दननाथ गाविस-८ की १७ वर्षीय प्रियका लामालाई ०६२ पुस ३ गते राति जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी हवल्दारले मादक पदार्थ सेवन गरी लाम्सा होटलमा कुटपिट गरे। पीडितलाई प्रहरीले बुटले कुटपिट गर्दा संवेदनशील अंगमा चोट लागेको थियो। पीडितको जिल्ला अस्पताल जुम्लामा उपचार हुन नसकी नेपालगञ्ज भेरी अञ्चलस्थित अस्पतालमा उपचार गरियो।

माओवादीबाट

डिल्लीचौर गाविस-३ का ४५ वर्षीय मुनबहादुर बुढालाई ०६२ मंसिर ३ गते सोही ठाउँका ६१ वर्षीय उदयराम बुढालाई मंसिर ४ गते, ४० वर्षीय लालसोभा बुढालाई मंसिर ५ गते, परमरा गाविस-४ का ४० वर्षीय दल बुढा थापालाई मदिरा उत्पादन गरी बिक्री वितरण र सेवन गरेको भनी माओवादीले कुटपिट गरे।

चन्दनाथ गाविस-५ घर भएका पत्रकार ४३ वर्षीय विष्णुप्रसाद निर्मलिसनाले "बेवारिसे बम विस्फोट हुँदा बालक घाइते" भन्ने शीर्षकको समाचार कर्णाली सन्देश साप्ताहिकमा छापी आफ्नो पार्टीलाई बदनाम गरेको भनी ०६२ मंसिर १५ गते माओवादीले धम्की दिए। माओवादीले पीडितलाई अबदेखि यस्ता समाचार प्रकाशित भएमा नराम्रो हुने चेतावनीसमेत दिएका थिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

प्रतिगमन विरुद्ध भन्दै नेमकिपाले जिल्ला सदरमुकाम खलंगामा ०६१ चैत ३० गते निकालेको जुलुसमा सुरक्षाकर्मीले हस्तक्षेप गरी केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेलगायत अन्य सात कार्यकर्ताहरूलाई गिरफ्तार गरे। गिरफ्तारमा हुनेहरूमा नेमकिपाका जिल्ला अध्यक्ष जयबहादुर शाही, उपाध्यक्ष अमरसिंह बुढथापा, सचिव राजेश्वर

देवकोटा, सदस्य यज्ञबहादुर बुढथापा र अन्य दुई नाम नखुलेकाहरू रहेका थिए। सबैलाई सोही दिन साँझ रिहा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यसवर्ष जिल्ला अदालत जुम्लामा सरकारवादी, फौजदारी १७ र देवानी १४ गरी जम्मा ३१ ओटा मुद्दा दर्ता भए। जसमध्ये सरकारवादी एक र देवानी एक गरी दुईओटा मुद्दाको फैसला भए भने अरू मुद्दाहरू फर्स्यौट भएका छैनन्। तीन न्यायाधीशको दरबन्दी भएता पनि जिल्लामा एकजना न्यायाधीश मात्र बस्दछन्।

यस वर्ष पुनरावेदन अदालत जुम्लामा दुनियावादी, देवानी १० ओटा दुनियादारी फौजदारी एउटा, सरकारवादी ११ ओटा, परमादेश पाँचओटा र निषेधाज्ञा एउटा गरी जम्मा २७ ओटा मुद्दा दर्ता भएका छन्। जसमध्ये सरकारवादी एक र दुनियादरी फौजदारी मुद्दा एक गरी जम्मा दुईओटा मुद्दा मात्र फर्स्यौट भएका छन्। पुनरावेदन अदालत जुम्लामा कर्णाली अञ्चलका पाँचओटै जिल्लाबाट मुद्दाहरू आउने गर्दछन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

नातोपानी गाविस-३ घर भएका माओवादी कार्यकर्ता जगत शाही र अन्य नाम नखुलेका दुईजनालाई ०६१ चैत ३० गते पटमारा गाविस-२ घोडेसिममा खाना खाइरहेको बेला सुरक्षाकर्मीले घेरा हाली गिरफ्तार गरे। पीडितहरू हाल रिहा भइसकेका छन् र अहिले विस्थापित भएर बजारमा बसेका छन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जिल्ला खाद्य व्यवस्थापन समितिले जिल्लामा कार्यरत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैससहरूमा कार्यरत कर्मचारीहरूले नियमित पाउँदै आएको चामलकोटा १५ केजी कटौती गरेको विरोधमा जिल्ला खाद्य व्यवस्थापन समिति विरुद्ध गैसस महासंघ जिल्ला शाखाले एक प्रेस वक्तव्य प्रकाशित गऱ्यो। शाखाका अध्यक्ष कर्मा बुढाले हस्ताक्षर गरेको उक्त प्रेस वक्तव्यमा यथाशीघ्र निर्णय फिर्ता लिनुपर्ने व्यहोरा उल्लेख गरिएको थियो।

स्वतन्त्र विद्यार्थी युनियनले जुम्ला बहुमुखी क्याम्पसको विकास निर्माण र शिक्षक भर्ना प्रक्रियामा क्याम्पस प्रमुखले लापरवाही गरेको भनी ०६२ भदौ ४ गते एक विरोध ऱ्यालीपछि हस्ताक्षरित प्रेस वक्तव्यमार्फत क्याम्पस प्रमुखलाई यथाशीघ्र सच्चिन आह्वान गरे।

युद्धविरामको माग गर्दै द्वन्द्वरत पक्षलाई सम्बोधन गरी नागरिक सञ्जाल जुम्लाले ०६२ पुस ७ गते एक प्रेस विज्ञप्ति प्रकाशन गऱ्यो। सो वक्तव्यमा माओवादी र सरकारलाई स्थायी शान्तिको बाटोमा जान सम्वाद जरूरी भएको उल्लेख गरिएको थियो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष पारिवारिक झगडाका एक घटनामा एक महिलाले आत्महत्या गरिन् भने नदी तर्न खोज्दा चिप्लिएर एकजना महिलाको मृत्यु भयो।

४.१३ कालिकोट



जनसंख्या	: ११३०७८
साक्षरता प्रतिशत	: ३७.५
महिला साक्षरता प्रतिशत	: १६.९६
क्षेत्रफल (वर्ग कि. मि.)	: १७४१
गाविस नपा संख्या	: ३० ०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २५६
क्याम्पस उच्च मा.वि.	: ० २
अस्पताल स्वास्थ्य चौकी	: १
टेलिफोन लाइन	: ७
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: १
मानव विकास सूचकांक	: ०.३२२
प्रति परिवार सरदर संख्या	: ६.१२

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली

राज्यबाट

दाहा गाविस-९ का ३२ वर्षीय कृष्णबहादुर मल्ललाई माओवादीको आशंकामा ०६१ पुस १९ गते सदरमुकाम मान्माबाट गएका सुरक्षाकर्मीले गोली प्रहार गर्दा मृत्यु भयो।

दाहा गाविस-९ का ३५ वर्षीय दलसर शाही दाहा गाविसस्थित पिली इलाकामा माओवादी कार्यक्रममा संलग्न भइरहेको अवस्थामा ०६१ पुस १९ गते सदरमुकामबाट गएका सुरक्षाकर्मीको गोलीबाट उनको मृत्यु भयो।

दाहा गाविस-१ का ४५ वर्षीय मानबहादुर शाहीलाई माओवादीको आरोपमा ०६१ फागुन २४ गते सदरमुकाम मान्माबाट सादा पोसाकमा गएका सुरक्षाकर्मीले सोही गाविसको राताडाब इलाकाबाट कब्जामा लिई पिपलडाडा इलाकामा पुर्‍याई गोली हानी हत्या गरे।

दाहा गाविस-४ का २१ वर्षीय नरेश शाही, मान्मा खाडाचक्र गाविसका १९ वर्षीय कमल विक, सुक्कटिया गाविस-४ का २७ वर्षीय मनप्रसाद अधिकारीलाई ०६१ चैत २४ गते भर्ता गाविसको हाम्री इलाकामा खाना खान लागिरहेको अवस्थामा सदरमुकाम मान्माबाट गएको सुरक्षाकर्मीले गाउँमा घेरा हाली पीडितहरू भाग्न खोज्दा नियन्त्रणमा लिई हत्या गरे। पीडितहरू माओवादीको भातृ सगठनका कार्यकर्ता हुन्।

गेला गाविस-४ का किसान ५५ वर्षीय करे खत्रीलाई आफ्नै घर आँगनमा गाईलाई घास हाल्न गएको बेला ०६२ असार २३ गते पिली बेसक्याम्पका सुरक्षाकर्मीले माओवादीको आशंकामा क्याम्प भित्रबाट गोली हानी हत्या गरे।

रकु गाविस-२ का सर्वसाधारण ३५ वर्षीय चन्द्रमणि जैसीलाई माओवादीको आरोपमा ०६२ साउन २३ गते पिली क्याम्प नजिकैको गाउ दाहामा आफन्तको घरमा गएको बेला सदरमुकाम पिली बेस क्याम्पबाट गएका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

माओवादीबाट

दाहा गाविस-८ घर भएका सेनाका रासन ठेकेदार ५५ वर्षीय शक्ति मल्लले सेनाको क्याम्पमा बसी सुराकी गरेको आरोपमा ०६२ साउन २३ गते माओवादीले उनलाई खुकुरी प्रहार गरी हत्या गरे।

माओवादीले गरेको पिली आक्रमणपछि सुरक्षा कारबाहीका लागि जुम्ला जिल्लास्थित २४ नम्बर बाहिनीबाट गएका सुरक्षाकर्मीलाई लक्षित गरी ०६२ साउन २८ गते जुबिथा गाविसको खल्लागाडा इलाकमा माओवादीले विद्युतीय धराप विस्फोट गराउदा चार सैनिक जवानको मृत्यु हुनुकासाथै एकजना गम्भीर घाइते भए। घाइतेको उपचार नेपालगञ्जमा गरियो।

दोहोरो भिडन्त

पिली बेस क्याम्पमा ०६२ साउन २३ गते माओवादी र सुरक्षाकर्मीबीच भिडन्त हुँदा ६३ सुरक्षाकर्मी र बैतडी जिल्ला घर भई माओवादीका तेस्रो ब्रिग्रेड कमिसार ३१ वर्षीय सरोज अवस्थी, जुबिथा गाविस-५ का २२ वर्षीय बाँचे शाहीसहित २६ माओवादीको मृत्यु भयो। उक्त घटनामा ५५ जना माओवादी र ४५ जना सुरक्षाकर्मी घाइते भए। घाइतेमध्ये माओवादी कार्यकर्ता बिनु शाही र २५ वर्षीय हरियालीको ०६२ साउन २४ गते उपचारकै क्रममा मृत्यु भयो। सैनिक जवानहरू नुवाकोट जिल्लाका जीतबहादुर तामाङ, मेमबहादुर तामाङ र कृष्णबहादुर कुँवर, गुल्मी जिल्लाका श्याम बास्तोला, सिन्धुपाल्चोक जिल्लाका सामबहादुर तामाङ, रामबहादुर तामाङ, दोलखा जिल्लाका टंकबहादुर आले र केशब फुयाल, कास्की जिल्लाका उपर कुँवर, धादिङ जिल्लाका शिव कार्की, काठमाडौं जिल्लाका

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२	२	२	४	३	६८		६८	८	१०	२	२८	४०
घाइते					४	४८		४८	३	२		५७	५९
गिरफ्तारी यातना									७	१०	१		११
कुटपिट					५	५	२	७	११	११	१		१२
भेला/संगठित हुने अधिकार									१	९		१६	२५
अपहरण					८	६६	१	६७					
जम्मा	२	२	२	४	२०	१८७	३	१९०	३०	४२	४	१०१	१४७

जीवन तामाङ, गोर्खा जिल्लाका तीर्थ धिताल, ललितपुर जिल्लाका झिल्के तामाङसहित ६० जनालाई सुरक्षा बेस क्याम्प पिली भिडन्तपछि ०६२ साउन २३ गते माओवादीले अपहरण गरे। पीडितहरूमध्ये ५२ जनालाई साउन २३ गते बेलुका पिली क्याम्पबाट र २८ जनालाई साउन २५ गते अपहरण गरी लगेका थिए। पीडितहरू केही घाइते अवस्थामा रहेको र घाइते अवस्थामा रहेकाहरूलाई माओवादीले उपचार गरी ०६२ भदौ २८ गते जाजरकोट जिल्लाको लामिडाँडा इलाकाबाट रेडक्रसको अन्तर्राष्ट्रिय समितिको रोहबरमा सकुशल मुक्त गरे।

पिली आक्रमणको क्रममा सुरक्षाकर्मीद्वारा मारिएका माओवादी कार्यकर्ताको सिम्लेगाड खोलामा फालिएको लास

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

भर्ता गाविस-१ का ८ वर्षीय पलमबहादुर शाही ०६१ चैत २४ गते सदरमुकाम मान्माबाट गएका सुरक्षाकर्मीले चलाएको गोली लागी सोही गाविसकै हाम्री इलाकामा सख्त घाइते भए। पीडितको दायाँ पाखुरामा गोली लागेको थियो। पीडितको उपचार जिल्ला बाल कल्याण समिति र किर्डाकको सहयोगमा नेपालगञ्जमा गरियो।

सुरक्षाकर्मीद्वारा मारिएका अनेरास्ववियु (क्रान्तिकारी) का नरेशबहादुर शाही

माओवादीबाट सञ्चालित काजु (कालीकोट+जुम्ला) विद्यालयको कक्षा तीनमा अध्ययनरत ११ वर्षीय निर्माण विकलाई ०६२ साउन २४ गते पिली आक्रमणको बेला सर्चमा गएका सुरक्षाकर्मीले गोली प्रहार गरी सख्त घाइते बनाए। पीडितलाई उपचारका लागि माओवादीकै अस्पतालमा लगियो।

माओवादीबाट

दाङ जिल्ला घर भई जिल्ला प्रहरी कार्यालय कालिकोटमा कार्यरत २८ वर्षीय जीवराज डाँगीले सदरमुकाम प्रवेश गर्दा माओवादीको अनुमति पत्र नदेखाएको आरोपमा ०६१ माघ १ गते माओवादीले खाँडाचक्र गाविसको नाव इलाकामा उनीमाथि गोली चलाउँदा घाइते भए। पीडितको उपचार नेपालगञ्जमा गरियो।

जेल र बन्दीहरू

यस जिल्लामा असुरक्षाका कारण ०५७ सालबाट कारागारमा रहेका सम्पूर्ण बन्दीहरू नेपालगञ्ज तथा सुर्खेत कारागारमा सारेपछि हाल जिल्लामा रहेको कारागार खाली छ। यस वर्ष जिल्ला अदालतको आदेशले सिदा खर्च खान पाउने गरी थुनामा राख्न आएका कर्तव्य ज्यानका चारजना थुनुवाहरूलाई कारागार शाखा सुर्खेतमा स्थानान्तरण गरिएको छ।

बेपता / अपहरण

माओवादीबाट

दाँहा गाविस-२ स्थित कालिका प्रावि पिलीमा कार्यरत शिक्षक हंसबहादुर शाहीले सुराकी गरेको आरोपमा ०६१ माघ १० गते माओवादीले उनलाई कुटपिट गर्दै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

रकु गाविस-४ का ३२ वर्षीय दीर्घबहादुर नेपालीले सुराकी गरेको आरोपमा ०६२ असार १० गते माओवादीले उनलाई अपहरण गरी मेहेलमुडीबाट छ दिनपछि मुक्त गरे।

लालु गाविस-५ का २३ वर्षीय केवल बिष्टले जनसत्ता विपरीत कार्य गरेको आरोपमा ०६२ साउन ३ गते माओवादीले उनलाई अपहरण गरी पाँच दिनपछि धरौटीमा मुक्त गरे।

दोलखा जिल्ला लामिडाँडा गाविस-५ घर भई कर्णाली राजमार्ग पिलीका ठेकेदार ५५ वर्षीय कृष्णप्रसाद न्यौपानेले पार्टीको नीति विपरीत कार्य गरेको आरोपमा ०६२ साउन १९ गते माओवादीले उनलाई दाँहा गाविसबाट अपहरण गरे। पीडितलाई तीन दिनपछि मुक्त गरे।

रूप्सा गाविस-७ का २३ वर्षीय जगतबहादुर बोगटी, नानीकोट गाविस-४ का २१ वर्षीय नवराज सन्यालले समता

माओवादीद्वारा खुकुरी प्रहार गरी मारिएका शक्ति मल्ल

पार्टीमा रही भ्रष्टाचार गरेको आरोपमा ०६२ भदौ १ गते माओवादीले उनीहरूलाई आफ्नै घरबाट अपहरण गरे। पीडितहरू १५ दिनपछि १५ हजार रुपैयाँ बुझाई मुक्त भए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

दाँहा गाविस-२ का ६५ वर्षीय श्रीचन्द्र चौलागाईंलाई माओवादीको आरोपमा ०६१ फागुन २४ गते सदरमुकाम मान्माबाट महिलाको पोसाक लगाई सर्चमा गएका सुरक्षाकर्मीले सोही गाविसको राताडाबबाट नियन्त्रणमा लिई कुटपिट गरे।

भर्ता गाविस-८ का २५ वर्षीय कटके वि.कलाई माओवादीको आरोपमा ०६१ चैत २४ गते सोही गाविसको हाम्रीस्थानमा खेत खन्न लागिरहेको बेला सुरक्षाकर्मीले कुटपिट गरे।

मान्मा खाडाचक्र गाविस-९ का ८ वर्षीय मुनप्रसाद पाण्डेलाई माओवादीको आरोपमा ०६२ जेठ २ गते जिल्ला प्रहरी कार्यालय कालिकोटका प्रहरी जवानले खाडाचक्र बजारमै कुटपिट गरे।

छाप्रे गाविस-६ का २३ वर्षीय शान्त शाहीले आफूहरूलाई नटेरेको आरोपमा ०६२ जेठ ३१ गते भवानी बक्स गण ताडीका सुरक्षाकर्मीले उनलाई कुटपिट गरे।

जुविथा गाविस-५ का ३१ वर्षीय लालबहादुर शाहीलाई गाउँमा रहेका माओवादीलाई नदेखाएको आरोपमा

पिली आक्रमणपछि माओवादीले कब्जामा लिएका सुरक्षाकर्मीहरू

०६२ साउन २८ गते नेपालगञ्जबाट सर्चमा गएको सुरक्षाकर्मीले उनलाई घरमा गई कुटपिट गरे।

भर्ता गाविस-२ का ३६ वर्षीय टंकबहादुर शाहीले सुरक्षाकर्मीलाई असहयोग गरेको भन्दै ०६२ भदौ ५ गते राति सैनिक बेस क्याम्प सेरीघाटबाट आएका सुरक्षाकर्मीले कुटपिट गर्नुका साथै ज्यान मार्ने धम्की दिए। पीडित सोही दिन रातभर जंगलमा बास बसेका थिए।

दाँहा गाविस-५ का २३ वर्षीय राजेन्द्र शाहीले सुरक्षाकर्मीलाई सहयोग नगरेको आरोपमा ०६२ भदौ ११ गते सैनिक बेस क्याम्प सेरी घाटबाट आएका सुरक्षाकर्मीले खाडाचक्र मान्मा बजारमा कुटपिट गरी सख्त घाइते बनाए।

फोइमहादेव गाविस-७ का २७ वर्षीय भीमबहादुर शाहीलाई माओवादीको आरोपमा ०६२ पुस १४ गते सैनिक बेस क्याम्पमा पिलीबाट आएका सुरक्षाकर्मीले सत्यदेवी मावि जुविथा विद्यालयमा कुटपिट गरी सख्त घाइते बनाए। पीडित सोही स्कूलमा शिक्षकको लागि दरखास्त दिन आएका थिए। पीडितसँग रहेका आवश्यक कागजात सुरक्षाकर्मीले खोसेका थिए।

माओवादीबाट

सुक्काटिया गाविस-२ घर भएका जिटिजेडका कर्मचारीहरू २९ वर्षीय कर्णप्रसाद चौलागाईं र सोही गाविस-७ की १९ वर्षीय देवकला आचार्यले माओवादी विरोधी काम गरेको आरोपमा ०६१ चैत १३ गते माओवादीले उनीहरूलाई कुटपिट गरे। पीडितहरूमध्ये आचार्यको नेपालगञ्जमा र चौलागाईंको स्थानीय मेडिकलमा उपचार गरियो।

सुक्काटिया गाविस-१ का ४६ वर्षीय जन्तबहादुर शाही र उनकी पत्नी ३६ वर्षीय नानीकोइला शाहीले सुराकी गरेको आरोपमा ०६१ चैत २३ गते माओवादीले उनीहरूलाई कुटपिट गरे।

राचुली गाविस-४ का २५ वर्षीय कृष्णबहादुर शाहीले आफूलाई नटेरेको आरोपमा ०६२ जेठ ८ गते माओवादीले उनीहरूलाई आफ्नै पसलमा कुटपिट गरे। पीडितलाई माओवादी आफैले उपचार गरे।

दाँहा गाविस-१ का ३० वर्षीय हंश सुनारले सुरक्षाकर्मीलाई देखाइदिएको आरोपमा ०६२ साउन २२ गते सुरक्षाकर्मीको पोसाकमा आएका माओवादीले कुटपिट गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

आन्दोलनरत सात राजनीतिक दलद्वारा ०६२ मंसिर ८ गते जिल्ला सदरमुकाम मान्मामा आयोजित विरोध सभामा सुरक्षाकर्मीले लाठीचार्ज गर्दा जनमोर्चाका जिल्ला अध्यक्ष ६०

वर्षीय जयकृष्ण सञ्ज्याल, एमालेका जिल्ला सदस्य ६१ वर्षीय जगदीश शाही, काँग्रेसका अम्मवहादुर शाही, हर्ष वम, एमालेका धीरवहादुर वम, धना थापा, ७० वर्षीय ज्योतिसरा बराल, ६० वर्षीय पुल्तीसरा बराल, नेविसंघका भुपेन्द्र जंग शाहीसहित २५ जना घाइते भए। घाइतेहरूमध्ये जयकृष्ण सञ्ज्याल र धना थापा सख्त घाइते भएका थिए। घाइतेहरूको स्थानीय महत मेडिकलमा उपचार गरियो। सोही दिन सुरक्षाकर्मीले पत्रकार जे पाण्डेको क्यामराको रील खोसेका थिए। सात राजनीतिक पार्टीले आयोजना गरेको सो आमसभा हुन नदिन स्थानीय प्रशासनले ०६२ मंसिर ९ गते मान्मा बजारमा निषेधाज्ञा जारी गरेको थियो।

माओवादीद्वारा अपहरण गरिएका शिक्षक युनियनका अध्यक्ष देशबहादुर शाही

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी मुद्दा १४, सरकारवादी १६, दुनियावादी फौजदारी १७ गरी ४७ ओटा मुद्दा दर्ता भएका छन्। जसमध्ये देवानी चार, सरकारवादी १०, दुनियावादी फौजदारी छओटा मुद्दा फर्स्यौट भएका छन्।

सुरक्षाकर्मीद्वारा एसएलसी परीक्षा केन्द्रबाट गिरफ्तार गरिएका विनोद चौलागाई

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

दाँहा गाविस-४ घर भएका माओवादी कार्यकर्ता जनकबहादुर शाहीको घर ०६१ फागुन २४ गते सदरमुकाम मान्माबाट गएका सुरक्षाकर्मीले तोडफोड गरे। पीडित हाल आफन्तकोमा बसिरहेका छन्।

दाँहा गाविस-८ का धनमल मल्लको घर ०६२ साउन २३ गते राति सुरक्षाकर्मीले गरेको हवाई आक्रमणवाट क्षतिग्रस्त भयो। पीडितको घरमा रहेको सबै अनाज ध्वस्त हुनुका साथै लुगासमेत जलेर नष्ट भयो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

बदालकोट गाविस-५ का २५ वर्षीय विर्ख खड्का र सोही गाविसका धनराम रोकायालाई माआवादीसँग हिडेको आरोपमा ०६१ माघ १ गते सुरक्षाकर्मीले सदरमुकामको नाव भन्ने स्थानबाट गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

रूकु गाविस-९ घर भएकी गर्भवती महिला १९ वर्षीय मेनका पाण्डेलाई माओवादीको आरोपमा ०६१ फागनु २८ गते सदरमुकामबाटै सुरक्षाकर्मीले गिरफ्तार गरी तीन महिनापछि रिहा गरे।

पञ्चदेवल मावि मान्मामा एसएलसी परीक्षा दिइरहेका पाखा गाविस-४ का १५ वर्षीय विनोद चौलागाई र थिर्पू गाविस-२ का १६ वर्षीय प्रेम बमलाई ०६१ चैत २० गते सुरक्षाकर्मीले परीक्षा हलवाटै गिरफ्तार गरी तीन दिनपछि रिहा गरे।

मातकोट गाविस-३ का ३६ वर्षीय रामवहादुर शाहीलाई माओवादीको आरोपमा ०६२ असार ६ गते रणदल गुल्म कालिकोटका सेनाले गिरफ्तार गरी छ महिनासम्म बेपत्ता बनाई मंसिर ११ गते रणदल गुल्मबाट रिहा गरे।

भर्ता गाविस-१ का १६ वर्षीय धर्म विकलाई माओवादीको आरोपमा ०६२ साउन ४ गते सैनिक बेस क्याम्प सेरीघाटका सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता पारी पाँच दिनपछि जिल्ला प्रहरी कार्यलयबाट तारिखमा मुक्त गरे।

कोटवाडा गाविस-१ का २१ वर्षीय घनराज विष्टलाई माओवादीको आरोपमा ०६२ साउन १३ गते कोटवाडा विमानस्थलबाट गस्तीमा आएका सुरक्षाकर्मीले गिरफ्तार गरी दुई दिनपछि रिहा गरे।

दाँहा गाविस-८ का २२ वर्षीय नन्दवहादुर मल्ल र उनकी पत्नी १९ वर्षीय गौरा मल्लले पिली भिडन्तको वेला माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ साउन २६ गते पिली बेस क्याम्पका सुरक्षाकर्मीले उनीहरूलाई गिरफ्तार गरी कुटपिट गरे। उनलाई एक दिन क्याम्पभित्र राखी रिहा गरे।

विविध

संरचना क्षति

राज्यबाट

माओवादी र स्थानीय जनताले निर्माण गरेको करिब दुई सयजना अट्ने

सुरक्षाकर्मीद्वारा कुटपिट गरिएका नन्दबहादुर शाही र राजेन्द्र शाही

क्षमताको फोइमहादेव गाविसमा अवस्थित एक सभा हल ०६२ साउन २६ गते पिली भीडन्तपछि जुम्लाबाट आएका सुरक्षाकर्मीले आगो लगाई ध्वस्त पार्नुका साथै माओवादीद्वारा निर्मित सात सैयाको अस्पताल भवन र चार कोठे स्कूलसमेत क्षतिग्रस्त पारे।

माओवादीबाट

भर्ता गाविस र मान्मा गाविसबीचमा रहेको झोलुङ्गे पुल ०६२ बैशाख ३ गते माओवादीले आधा भाग क्षतिग्रस्त बनाए। दुई दिनपछि पुलको मर्मत गरियो।

विगतको अनुगमन

कालिकोटका शिक्षकहरू भद्रबहादुर बोगटी, निर्मल बोगटी, गणेशबहादुर शाही र विद्यार्थी रगुजन शाही ०५८ सालदेखि हालसम्म बेपत्ता छन्। पीडितहरूलाई भैरव गुल्म गण कालिकोटमा लगिएको थियो।

४.१४ मुगु



जनसंख्या	: ४७३५४
साक्षरता प्रतिशत	: २७.७९
महिला साक्षरता प्रतिशत	: ९.१९
क्षेत्रफल (वर्ग कि. मि.)	: ३५३५
गाविस नपा संख्या	: २४ ०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: १२४
क्याम्पस उच्च मा.वि.	: ० २
अस्पताल स्वास्थ्य चौकी	: १ २५
टेलिफोन लाइन	: १३
मोटर सडक (कि. मि.)	: ०
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: २
मानव विकास सूचकाङ्क	: ०.३०४
प्रति परिवार सरदर संख्या	: ५.७३

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रुपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

धैना गाविस-२ घर भएका २१ वर्षीय माओवादीका सञ्चार सहायक रमेश धामीलाई ०६१ फागुन ४ गते सुरक्षाकर्मीले रूगा गाविसको थार्प गाउँमा घरभित्र बसिरहेको अवस्थामा गोली हानी हत्या गरे।

धैना गाविस घर भएका २१ वर्षीय माओवादीका एरिया कमिटी सदस्य एकता भनिने रत्नबहादुर शाहीलाई ०६१ चैत २२ गते सुरक्षाकर्मीले सेरी गाविसको सेरी गाउँबाट गिरफ्तार गरी एक घण्टापछि बाउपानी भन्ने ठाउँमा पुर्‍याई गोली हानी हत्या गरे।

आफ्नै बमबाट

खमाले गाविस-७ घर भएकी १६ वर्षीय माओवादी कार्यकर्ता मैना बुढाको आफैले बोकेको बम विष्फोट हुँदा ०६२ साउन महिनामा गम्था गाविसको सैनाचौरमा मृत्यु भयो। माओवादीले सो घटनाको बारेमा केही सार्वजनिक गरेनन्।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते
राज्यबाट

रोवा गाविस-५ का ३७ वर्षीय लक्ष्मण विश्वकर्मा ०६२ भदौ ११ गते सुरक्षाकर्मीले चलाएको गोली लागी घाइते भए। पीडित सुरक्षाकर्मीलाई देखेर भागेपछि उनीमाथि गोली चलाइएको थियो। देब्रे खुट्टामा गोली लागी घाइते भएपछि बन्दुकको कुन्दा र लातीले मरणासन्न हुनेगरी सुरक्षाकर्मीले कुटपिट गरे। दुई दिनपछि उपचारका लागि सदरमुकाम गमगढी ल्याइएका पीडितलाई इन्सेक प्रतिनिधिको अनुरोधमा सुरक्षाकर्मीले नगद रु एकहजार सातसय ५० र खाद्यान्न उपलब्ध गराए।

माओवादीबाट

जिल्ला प्रहरी कार्यालय मुगुमा कार्यरत प्रहरी जवान नवीन राना र कालीदत्त गुल्मका सिपाही कमानसिंह साहु ०६१ फागुन १ गते श्रीनगर गाविस-५ को ठिनी गाउँमा माओवादीले झण्डाभित्र राखेको बम विस्फोट हुँदा घाइते भए। सो झण्डा निकाल्न खोज्दा बम विस्फोट भई उनीहरू घाइते भएका हुन्।

आफ्नै बमबाट

जिल्ला प्रहरी कार्यालय मुगुमा कार्यरत प्रहरी जवान पर्शु खड्का आफैले बोकेको सकेट बम विस्फोट भई ०६२ वैशाख २४ गते सामान्य घाइते भए।

जेल र बन्दीहरू

कूल १५ जना क्षमता भएको "घ" श्रेणीको जेल हाल वन्दीविहीन छ। कारागारको आफ्नो भवन नभएकाले दुई वर्षदेखि सिंचाई कार्यालयलाई जेल वनाइएको छ। कारागारका जेलर जिल्ला प्रशासन कार्यालयमा हाजिर गर्छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

श्रीनगर गाविस-५ का २४ वर्षीय कृष्णा हमाल, २० वर्षीय कुशल मल्ल र धौलागिरी सोलार कम्पनीका २६ वर्षीय टीकावहादुर कार्कीले सुराकी गरेको आरोपमा खत्याडवाट ०६१ फागुन १४ गते माओवादीले उनीहरूलाई अपहरण गरे। उनीहरूलाई माओवादीले फागुन २१ गते मुक्त गरे।

फोतु गाविस-८ का २१ वर्षीय धनवहादुर शाहीलाई जिल्ला सदरमुकाम गमगढीमा वसी विस्थापितको नाममा द्वन्द्व पीडित भनी रकम खाएको आरोपमा ०६२ भदौ ६ गते माओवादीले घरवाटै अपहरण गरी भदौ ९ गते नाथर्बु गाविसवाट मुक्त गरे।

कार्कीवाडा गाविस-१ घर भएका एमालेबाट निर्वाचित जिविस उपसभापति ५२ वर्षीय दर्जवहादुर भामलाई आफ्नै घरमा सुतिरहेको वेला शाही घोषणाको स्वागत गरेको आरोपमा ०६१ चैत ११ गते राति माओवादीले अपहरण गरे भने घरमा रहेको सम्पूर्ण धनमाल लुटपाट गरी घरमा आगो लगाई दिए। पीडित मानवअधिकारकर्मीको रोहवरमा ०६२ जेठ ३ गते सेरी गाविसवाट मुक्त भए।

पिना गाविस-२ की १८ वर्षीय संगीता मल्लले माओवादी पार्टीवाट आत्मसमर्पण गरेको आरोपमा ०६१ चैत १६ गते माओवादीले उनलाई आफ्नै घरमा सुतिरहेको अवस्थामा अपहरण गरी ०६१ चैत १९ गते रूगा गाविसको रूगा गाउँबाट मुक्त गरे।

खत्याड र सोरू भेगका ५० विद्यार्थीलाई सात महिने अभियानका लागि भनेर ०६२ साउन ९ गते माओवादीले अपहरण गरी गम भेग र करान भेगवाट दुई हप्तापछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

धैना गाविसका ३२ वर्षीय देवीलाल मल्ललाई ०६२ जेठ १८ गते खाद्य संस्थानमा खाद्यान्न लिन गएका वेला सादा पोसाकमा रहेका एक प्रहरीले कुटपिट गरी ज्यान मार्ने धम्की दिँदै जिल्ला प्रहरी कार्यालयमा लगी एक घण्टापछि रिहा गरे।

श्रीनगर गाविस-५ की १६ वर्षीय धनलक्ष्मी शाहीलाई ट्यूसन पढेर घर फर्कंदै गरेको वेला शाही नेपाली सेनाका उपसेनानी धीरेन्द्र कार्कीले गमगढी वजारमा ०६२ भदौ २३ गते वाटोमा रोकी आफूले जे पनि गर्न सक्ने भनी अपशव्द प्रयोग गर्दै धम्की दिए।

किम्री गाविस-६ का ४२ वर्षीय तोर्चे तामाङलाई मदिरा सेवन गरी आफूसँग टाँसिएको भनी वजार गस्तीमा रहेका सुरक्षाकर्मीले ०६२ मंसिर ९ गते गमगढी वजारमा कुटपिट गरे।

माओवादीबाट

रूगा गाविस तीर्प गाउँका २७ वर्षीय जयवहादुर रोकाया र २९ वर्षीय विर्ख वोहराले सप्रोस नामक संस्थाले अनुदान दिएको चामल आफ्नो अनुमतिविना गाउँमा ल्याएको

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित			
	अन्यबाट			माओवादीबाट								
	घटना संख्या	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या				१		१		१	२	२		२
घाइते				१	२			२	२	२		२
गिरफ्तारी/यातना									१३	१९	१०	२९
कुटपिट				८	१०	१		११	२	२		२
धम्की									१	१		१
महिलाअधिकार	२	२	२									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार				१	१			१				
अपहरण				५	५	१	५०	५६				
जम्मा	२	२	२	१६	१८	३	५०	७१	२०	२६	१०	३६

आरोपमा ०६१ माघ ९ गते माओवादीले उनीहरूलाई कुटपिट गरे।

पीना गाविस-७ का खच्चड व्यापारी २२ वर्षीय पृथ्वीबहादुर भाम ०६२ जेठ १० गते खच्चड चढी सामान ढुवानी गर्न जुम्ला जाने क्रममा घर्त्ची लेकमा माओवादीले आफ्नो पार्टीको चामल बोक्न कर लगाएपछि लिन नमान्दा उनलाई कुटपिट गरी १० दिनसम्म बिनाज्याला चामल बोक्न लगाए।

पीना गाविस-१ का ३५ वर्षीय बाच्या भामलाई मदिरा खाई हल्ला गरेको आरोपमा ०६२ साउन ८ गते माओवादीले बालै गाउँमा कुटपिट गरे।

श्रीनगर गाविस-४ का ४० वर्षीय रत्नादेवी मल्ललाई छिमेकीसंग झगडा गरेको आरोपमा ०६२ साउन १० गते माओवादीले रञ्जनबालैमा कुटपिट गरे।

फोतु गाविस-८ का २३ वर्षीय बमबहादुर शाही, ३५ वर्षीय विर्खबहादर शाही र सोही गाविस-९ का ३३ वर्षीय कीर्तिसिंह बुढालाई द्वन्द्व पीडितको नाममा रकम खाएको आरोपमा ०६२ साउन २१ गते माओवादीले गाउँमै कुटपिट गरे।

रोवा गाविस-९ का २० वर्षीय पूर्ण बुढालाई अर्काको पत्नीसंग बिबाह गरेको र बिबाह गर्दा माओवादी पार्टीसंग नसोधेको भनी ०६२ भदौ २१ गते माओवादीले आफ्नै गाउँमा कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालतका न्यायाधीश दुई वर्षदेखि जिल्ला बाहिर बसेका कारण गत वर्षका आठ र यो वर्षका देवानी १५ फौजदारी गरी २३ मुद्दा फर्स्यौट हुन बाँकी छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

जिल्लाका २४ गाविसका चारसय ७० जना वृद्ध, छसय २८ बिधवा र ६६ जना अपाङ्गमध्ये जिल्ला सदरमुकाम नजिकका गाविसबाहेक अन्य गाविसकाले ०६१-०६२ मा सामाजिक सुरक्षा भत्ता पाएनन्।

आर्थिक अधिकार

रोवा गाविस-१ का वीरबहादुर सेजुवाल र गोर्ख सेजुवालका छोराहरू माओवादी कब्जाबाट भागेर गएको आरोपमा ०६१ चैत २६ गते माओवादीले उनीहरूको घरमा रहेको धनमाल लुटपाट गरी लगे।

विस्थापित

श्रीनगर गाविस-२ का एमालेका जिल्ला उपसचिव ५२ वर्षीय प्रेम मल्ललाई शाही घोषणाको स्वागत गरेको आरोपमा माओवादीले अपहरण गर्न खोज्दा मल्ल भाग्न सफल भएपछि पीडितकी २२ वर्षीय छोरी सकुन्तला मल्ललाई ०६१ चैत ११ गते माओवादीले कुटपिट गरी घरमा आगो लगाई क्षति पुर्‍याउनुका साथै सम्पूर्ण धनमाल लुटपाट गरी लगे। पीडितको सम्पूर्ण परिवार विस्थापित भएका छन्।

धैना गाविस-२ का ४० वर्षीय पूर्णबहादुर मल्लका दुई छोरीहरूलाई माओवादीले आफ्नो सैन्य कम्पनीमा जबरजस्ती भर्ना गर्ने भनेपछि छोरीहरु जान नमानेपछि माओवादीले पीडितको घरमा ताला लगाउनुका साथै पीडितलाई ०६२ असोज १० गते कुटपिट गरी घर छाड्न धम्की दिए। पीडितहरु बाँकेको किरणनालामा विस्थापित जीवन बिताइरहेका छन्।

यो वर्ष २४ गाविसका १२ घरका ३८ परिवार र गत वर्षका ९६ परिवार मुगु सदरमुकाम गमगढी र बाँकेको किरणनालामा विस्थापित भई बसेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

रोवा गाविस-३ का २३ वर्षीय धनचन्द्र बुढा सदरमुकाम गमगढी आएको बेला माओवादीको आरोपमा ०६१ चैत ५ गते सुरक्षाकर्मीले सदरमुकाम गमगढीबाट गिरफ्तार गरी चार दिनपछि रिहा गरे।

सेरी गाविसका २४ वर्षीय नरबहादुर बुढालाई मांग्री गाविसको छायला गाउबाट ०६१ चैत १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई इन्सेक प्रतिनिधि जीवन सेजुवालको रोहवरमा असोज १४ गते रिहा गरे।

फोतु गाविस-६ का २१ वर्षीय पृथ्वीबहादुर मल्ललाई माओवादीको आरोपमा गमगढीबाट ०६२ जेठ ३१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी मंसिर २९ गते रिहा गरे।

धैना गाविस-५ का २० वर्षीय शैलेन्द्र मल्लले राजाको जन्मोत्सवको जुलुसमा फोटो खिचेको आरोपमा ०६२ असार २२ गते सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। सुरक्षाकर्मीले पीडितको क्यामराको रीलसमेत जफत गरी ६ घण्टापछि रिहा गरे।

श्रीकोट गाविस-२ घर भएका शिक्षक २८ वर्षीय ज्ञानबहादुर शाहीलाई माओवादीको आरोपमा ०६२ साउन ५ गते सुरक्षाकर्मीले गिरफ्तार गरी साउन ९ गते गमगढीबाट रिहा गरे।

रोवा गाविस-७ का २३ वर्षीय परेवालाल बुढा र सोही गाविस-५ का १९ वर्षीय ज्ञानबहादुर नेपालीलाई माओवादीको आरोपमा ०६२ भदौ ११ गते सुरक्षाकर्मीले

आफ्नो घरमै बसेको अवस्थामा घर नजिकको स्कूलमा बोलाई कुटपिट गरी गिरफ्तार गरे। पीडितहरू दुई दिनपछि इन्सेक प्रतिनिधिको रोहबरमा रिहा भए।

गेवा गाविस-९ का २१ वर्षीय ध्रुव बुढालाई ०६२ भदौ १४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी छ घण्टापछि रिहा गरे। पीडितलाई नौ महिना अगाडि पनि माओवादीको आरोपमा लामो समयसम्म नजरबन्दमा राखिएको थियो।

श्रीनगर गाविस-४ घर भएका साल्ट ट्रेडिङ्ग कर्पोरेशनका खरिदार मनबहादुर शाहीले मनोनित जिविस पदाधिकारीलाई "टीके" भनेको आरोपमा ०६२ मंसिर १५ गते सुरक्षाकर्मीले शाहीलाई गमगढी बजारबाट गिरफ्तार गरे। पीडितलाई मदिरा सेवन गरेको झुट्टा आरोप लगाई ३३ घण्टापछि एक हजार रूपैयाँ जरिवाना गरी जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

माओवादीका कार्यकर्ताहरु श्रीकोट गाविस-५ का २१ वर्षीय दीपबहादुर थापा, सोही गाविस-६ का २३ वर्षीय सूर्य थापा, श्रीकोट गाविस-८ का २० वर्षीय नन्द रोकाया, १८ वर्षीय जयबहादुर रावल, कालै गाविस-५ का २० वर्षीय भक्तिप्रसाद चौलागाई, सेरी गाविस-८ का नन्दबहादुर रोकाया र खमाले गाविस-५ का हरिबहादुर थापालाई ०६२ पुस ६ गते सुरक्षाकर्मीले सेरी गाविसबाट गिरफ्तार गरी ६ महिनाका लागि शाही नेपाली सेनाको कालिदत्त गुल्म रारामा नजरबन्दमा राखे। सोही समयमा गिरफ्तार भएका अन्य १० महिला माओवादी कार्यकर्ता खमाले-५ की १४ वर्षीय पदमकली बुढा, १३ वर्षीय बाली बुढा,१२ वर्षीय झुप्री बुढा,१३ वर्षीय जनकली बुढा, श्रीकोट-७ की १५ वर्षीय साउडा रोकाय, १६ वर्षीय जौकला रोकाया, १२ वर्षीय मनका रावल, गम्था गाविस-६ की १५ वर्षीय शान्ति बानिया र धैन गाविस-३ की १३ वर्षीय बनौरी जैशी ०६२ पुस ११ गते रिहा भए।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

जिल्ला शिक्षा कार्यालय, मुगुले ५२ जना शिक्षकलाई अनियमित तरिकाले सरुवा गरेको भनी मुगु जिल्लाका खत्याड र सोरू भेगका विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र शिक्षकद्वारा भदौ महिनामा २३ बुँदे मागसहित शिक्षा कार्यालय घेराउ गरे।

संरचना क्षति

कार्कीबाडा गाविस-१ का प्रवेश भामको घर शिक्षा कार्यालयलाई भाडामा दिएको आरोपमा ०६१ चैत ६ गते माओवादीले आगो लगाई भवनमा क्षति पुऱ्याए।

जिल्ला विकास समिति, मुगुको मानव विकास सूचना केन्द्रको भवनमा माओवादीले ०६२ साउन १४ गते कुकर बम विस्फोट गराई क्षति पुऱ्याए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

नाथर्वु गाविस-५ का ४० वर्षीय बुधे शाही सदरमुकाम गमगढी नुन ल्याउन आउने क्रममा ०६२ वैशाख २३ गते रूगास्थित तुइनबाट खसेर मृत्यु भयो। उक्त ठाउँमा भएको पुल माओवादीले ०५८ सालमा काटेका थिए।

श्रीनगर-७ का १६ वर्षीय यज्ञ रावलको ०६१ माघ ८ गते रारा तालमा पौडी खेल्दा डुबेर मृत्यु भयो।

४.१५ हुम्ला



जनसंख्या	:४३७८६
साक्षरता प्रतिशत	:२६.६२
महिला साक्षरता प्रतिशत	:११.५२
क्षेत्रफल (वर्ग कि. मि.)	:५६५५
गाविस/नपा संख्या	:२७
निर्वाचन क्षेत्र	:१
विद्यालय	:११२
क्याम्पस/उच्च मा.वि.	:०/१
अस्पताल/स्वास्थ्य चौकी	:१/२६
टेलिफोन लाइन	:१५०
मोटर सडक (कि. मि.)	:०
प्रहरी कार्यालय संख्या	:१
हुलाक संख्या	:१
मानव विकास सूचकांक	:०.३६७
प्रति परिवार सरदर संख्या	:६.३०

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

खार्पुनाथ गाविस घर भएका माओवादी कार्यकर्ता २५ वर्षीय जगन भन्ने रामचन्द्र नेपालीलाई ०६२ मंसीर १४ गते सदरमुकाम सिमिकोटबाट गएका सुरक्षाकर्मीले ठेहे गाविसमा गाउँ घेरा हाली गोली हानी हत्या गरे। सो घटनामा चुनौति भन्ने र अर्को नाम नखुलेका एकजना घाइते भए। सो घटनालाई सुरक्षास्रोतले दोहोरो भिडन्त भएको जनायो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते
माओवादीबाट

वीरभद्र जंग गुल्मको नजिकै पर्ने सदरमुकाम प्रवेश नाकास्थित लाग्ना भन्ने ठाउँमा ०६१ फागुन १० गते माओवादीले विद्युतीय धराप विस्फोट गराउँदा एक सुरक्षाकर्मी घाइते भए। पीडितको उपचार नेपालगञ्जमा गरियो।

आफ्नै बमबाट

सदरमुकामस्थित नेपाल ट्रस्ट नामक गैरसरकारी संस्थाको कार्यालय नजिकै ०६१ चैत १३ गते आफैले बोकेको बम विस्फोट हुँदा अट्ट भन्ने माओवादी कार्यकर्ता घाइते भए। विस्फोटका कारण पीडितले दुवै हातको पञ्जा गुमाए।

जेल र बन्दीहरू

हुम्ला जिल्लाको जेल "घ" श्रेणीको हो। यो जिल्ला प्रहरी कार्यालय भित्रै रहेको छ। जेलको बन्दी क्षमता २० जनाको छ। हाल जीर्ण अवस्थामा रहेको यस जेलमा यस वर्षको अन्तमा माओवादीका चार कार्यकर्ता सुरक्षाकर्मीबाट विभिन्न समयमा गिरफ्तार गरी नजरबन्दमा रहेका छन्। सम्पूर्ण बन्दीहरू राजबन्दी भएकाले भेटघाट गर्न दिइएको छैन। बन्दीलाई पत्रपत्रिका, रेडियो र टिभीको सुविधा छैन।

बेपत्ता / अपहरण
माओवादीबाट

हेप्का गाविस-७ का २१ वर्षीय छिरिङ्ग सन्दुप लामालाई ०६१ माघ १ गते राति माओवादीले घरबाटै अपहरण गरेकोमा उनी बाटोबाटै भागेर भारत गए।

हेप्का गाविस-७ का २५ वर्षीय कुगा लामालाई जबरजस्ती माओवादी पार्टीमा लगाउन ०६१ माघ ७ गते माओवादीले अपहरण गरेकोमा पीडित बाटोबाटै भागेर भारत गए।

ठेहे गाविस-२ घर भई जिल्ला प्रशासन कार्यालय, हुम्लाका पियन ४५ वर्षीय गोपाल बोहरालाई ०६१ चैत १७ गते घरबाट माओवादीले अपहरण गरी १५ दिनपछि मुक्त गरे।

गोठी गाविस-३ का शिक्षक ३२ वर्षीय राजबहादुर बुढालाई ०६१ चैत २० गते माओवादीले अपहरण गरेकोमा उनीसँग १२ सय चन्दा लिई तीन दिनपछि मुक्त गरे।

दार्मा गाविस-४ का २८ वर्षीय नेत्रबहादुर शाहीलाई ०६२ वैशाख ५ गते घरबाट माओवादीले अपहरण गरे। पीडित एक महिनासम्म घर नछाड्ने सर्तमा मुक्त भए।

मदना गाविस-२ का २८ वर्षीय पूर्णप्रसाद ढकालले गाविस अनुदान गाउँमा ल्याएको र गाउँलेबाट थप रकम असुल गरेको आरोपमा ०६२ जेठ १६ गते माओवादीले उनलाई अपहरण गरे। पीडित मंसिर २५ गते मुक्त भए।

लाली गाविस-४ की २५ वर्षीय विजौरा ऐडी र सोही गाविस-५ का जयबहादुर शाहीलाई बहुविवाह गरेको आरोपमा माओवादीले ०६२ जेठ २४ गते अपहरण गरी आफ्नो श्रमशिविरमा राखे। पीडित दुवैलाई माओवादीले असार २५ गते मुक्त गरे।

मैला गाविस-४ का ४५ वर्षीय देउचे सार्की, २५ वर्षीय धनसिंह सार्की र ४७ वर्षीय खड्ग सार्कीले गाउँकै एक बहुला बालक मार्न अन्य सर्वसाधारणलाई उक्साएको आरोपमा ०६२ जेठ २८ गते माओवादीले उनीहरूलाई अपहरण गरे। पीडितहरू दुई महिनापछि मुक्त भए।

जैर गाविस-५ घर भई खाद्यान्न कार्यक्रम अन्तर्गत कवाडी सरीसल्ला ग्रामीण सडकका सामाजिक परिचालक ३० वर्षीय भीमबहादुर रावलले वन्यजन्तुको अवैध व्यापार गरेको आरोपमा ०६२ असार २८ गते माओवादीले उनलाई अपहरण गरे। पीडित साउन १५ गते मुक्त भए।

जिल्लाका मध्य तथा दक्षिणी भागमा पर्ने मावि र निमाविका शिक्षक र विद्यार्थी गरी करिब एकहजारलाई ०६२ साउन १ गते माओवादीले देशको राजनीतिक र शैक्षिक स्थितिबारे अन्तर्क्रिया कार्यक्रमको लागि भनेर अपहरण गरे। पीडित शिक्षकलाई मौखिक र लिखित परीक्षामा सामेल गराए भने विद्यार्थीलाई अनेरास्ववियु (क्रान्तिकारी) का केन्द्रीय सदस्यबाट प्रशिक्षण लिन लगाई साउन ४ गते सबैलाई मुक्त गरे।

सिमिकोट गाविस-५ का २१ वर्षीय सुन्दर रावललाई पीसीओ सञ्चालन गरेको आरोपमा ०६२ साउन १३ गते राति माओवादीले घरमा गई टेलिफोन सेटसहित अपहरण गरी लगेकोमा बीच बाटोमा माओवादीले बोकेको बम विस्फोट भएपछि रावलबीच बाटोबाट घर फर्के। माओवादीले टेलिफोन सेट हालसम्म फिर्ता गरेको छैन।

ठेहे गाविस-४ घर भएका २७ वर्षीय उजीर बोहरालाई जिविस उपसभापतिको पिए भएको आरोपमा ०६२ कार्तिक १९ गते घरबाटै माओवादीले अपहरण गरे। पीडितलाई सदरमुकाम नजाने सर्तमा कार्तिक २२ गते मुक्त गरे।

रोडीकोट गाविस-५ का ३५ वर्षीय हर्कबहादुर शाही र ३० वर्षीय मानबहादुर शाहीले मनोनित जिविस सदस्यको घरजग्गा कब्जा गर्दा धनसम्पत्ति लुकाएको आरोपमा ०६२ मंसिर १ गते माओवादीले अपहरण गरे। पीडित मानबहादुरलाई पर्सीपल्ट मुक्त गरे भने हर्कबहादुरलाई निगरानीमा रहने गरी एक महिनापछि मुक्त गरे।

दार्म गाविस-८ का ५० वर्षीय रछाने बोहराले अर्काकी पत्नीसँग यौन सम्पर्क गरेको आरोपमा ०६२ मंसिर १५ गते माओवादीले उनलाई अपहरण गरे। केही महिना श्रमशिविरमा रहेपछि उनी मुक्त भए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

सिमिकोट गाविस तल्लो र माथिल्लो गाउँका युवा युवतीलाई कर्फ्यूको समयमा दोहोरी गाइरहेको भन्दै ०६२ साउन ८ गते सुरक्षाकर्मीले कुटपिट गरे। भोलिपल्ट महिला समूहले कुटपिट र गिरफ्तारीको विरुद्ध जिल्ला प्रहरी कार्यालयमा ज्ञापनपत्र बुझाए।

माओवादीबाट

शान्ति वार्ता गर्नका लागि सरकारलाई दबाब दिन भनी माओवादीले जबरजस्ती शिक्षक, कर्मचारी, सर्वसाधारण सबैलाई ०६१ चैत २७ गते सदरमुकाम पठाएकोमा पछि सुरक्षाकर्मीले सबैलाई घर फर्काए।

जिल्ला अनुगमन समितिका सबै पदाधिकारीलाई ०६२ साउन १० गते माओवादीले २४ घण्टाभित्र राजिनामा नदिए भौतिक कारवाही गरिने चेतावनीसहितको धम्की पत्र पठाए।

सिमिकोट गाविस-३ घर भएका पत्रकार ३० वर्षीय कर्णबहादुर रोकायलाई बैंकमा रकम अपुग भएको भन्ने समाचार नलेख्न जिल्ला प्रहरी कार्यालयका प्रहरीले ०६२ साउन २७ गते घरमा गई धम्की दिए।

सिमिकोट बजारमा बेलुकी बाटोमा हिंड्ने सबैलाई ०६२ कार्तिक १७ गते भाई टीकाको दिनमा सेनाका जवानले कुटपिट गरे। कुटपिटबाट निल शाही र रमेश रावल सख्त घाइते भए। घटनाको भोलिपल्ट स्थानीयबासीले जिल्ला प्रशासन कार्यालय हुम्लामा विरोध जनाए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

सिमिकोट गाविस-१,२ र ३ का २५ जना सर्वसाधारणलाई हुम्लाको सिमिकोट विमानस्थलमा निजी विमान सेवाका जहाजलाई अवतरण गर्न नदिने गरी घेरा हालेको आरोपमा ०६२ असोज २ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। दुई घण्टापछि सबैलाई रिहा गरियो। निजी विमान सेवाले खाद्यान्न ढुवानी नगरी व्यापारी एवं पर्यटक मात्र ओसारेको विरोधमा सो घेराउ गरिएको थियो।

नेकपा (माले) का मानबहादुर थापा, एमालेका कर्णप्रसाद जैसी र नेकां (प्रजातान्त्रिक) का जयपति रोकायलाई गाउँमा गएको आरोपमा ०६२ असोज ७ गते सादा पोशाकका सुरक्षाकर्मीले सोधपुछसहित जिल्ला सदरमुकाम बाहिर नजानु भनी धम्की दिए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

स्याडा गाविस-२ घर भई डाँडाफया गाविस कार्यालयका सचिव ४१ वर्षीय पूर्णसिंह बुढाले माओवादीलाई

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१	२		२						१	१			१
घाइते					२			२	२	१	२			२
गिरफ्तारी/यातना										१६	२२	१		२३
कुटपिट										१			३	३
धम्की					१	७			७	३	६			६
भेला/संगठित हुने अधिकार										१	२५			२५
महिलाअधिकार	१		१	१										
अपहरण					१४	१५	२	१००१	१०१८					
जम्मा	२	२	१	३	१७	२२	२	१००३	१०२७	२३	५६	१	३	६०

सहयोग गरेको आरोपमा ०६२ वैशाख महिनादेखि कार्यालयमा हाजिर हुन नदिई प्रशासनले उनको तलब रोक्का गर्‍यो। पीडित गत वर्ष माओवादीले घरमै नजरबन्द गरेपछि चैत महिनामा हुम्ला पुगेका थिए। विभागीय मुद्दा जितेपछि उनले तलब पाए।

आर्थिक अधिकार

दार्मा गाविस-१ का नोबसंघका २९ वर्षीय ब्यारीलाल शाहीको घर जग्गा ०६१ माघ १५ गते माओवादीले कब्जा गरे।

अन्तर्राष्ट्रिय एलर्ट नामका संस्थाका दुई प्रतिनिधिको मोबाइल र क्यामेरा माओवादीले ०६२ वैशाख १९ गते ठेहे गाविसबाट लुटेर लगे। ०६२ वैशाख २२ गते इन्सेक प्रतिनिधि मार्फत् उक्त सामग्रीहरू फिर्ता गरियो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

दार्मा गाविस-७ घर भएकी माओवादी कार्यकर्ता १७ वर्षीय नन्ददेवी चौलागाईंलाई ०६१ पुस २४ गते सुरक्षाकर्मीले डाँडाफया गाविस डाँडागाउँबाट गिरफ्तार गरे। पीडित दैनिक हाजिरमा उपस्थित हुने सर्तमा रिहा गरे।

बभाङ्ग जिल्ला दोलाचौर गाविस-७ का २५ वर्षीय प्रेमबहादुर रोकायालाई माओवादीको आशंकामा ०६१ माघ ११ गते दिउँसो सुरक्षाकर्मीले सदरमुकाम नजिकै गाउँबाट गिरफ्तार गरे। पीडितलाई जिल्ला प्रहरी कार्यालयलबाट ०६१ माघ १३ गते इन्सेक प्रतिनिधिको रोहबरमा रिहा गरे।

ठेहे गाविस-५ का १८ वर्षीय शालिमान भण्डारीलाई ०६१ माघ १७ गते सदरमुकाम सिमिकोट आउँदै गर्दा प्रहरीले गिरफ्तार गरे। पीडित चार दिनपछि मानवअधिकारकर्मीको रोहबरमा रिहा भए।

हेप्का गाविस-३ घर भई सुनखानी प्रावि तिललिमीका शिक्षक ३६ वर्षीय छवि लामाले माओवादीलाई सहयोग गरेको आरोपमा ०६१ चैत ३० गते सदरमुकाम सिमीकोटबाट प्रहरीले उनलाई गिरफ्तार गरे। पीडित लामा दैनिक हाजिरीमा उपस्थित हुने गरी एक हप्तापछि रिहा भए। उनी हाल जिल्ला शिक्षा कार्यालय हुम्लामा काजमा छन्।

ठेहे गाविस १ का १८ वर्षीय कालिबहादुर सुनार लाली गाविस-७ का भवाङसे सुनार माओवादी पार्टी परित्याग गरी सदरमुकाम आउँदै गर्दा ०६२ वैशाख १५ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई एक हप्तापछि मानवअधिकारकर्मीको रोहबरमा रिहा गरियो।

बरगाउँ गाविस-९का १८ वर्षीय छिरिङ्ग सुन्छु लामालाई माओवादी पार्टीबाट भागेर सदरमुकाम आई बसेको अवस्थामा सुरक्षाकर्मीले सम्पर्कमा नआएको भनी ०६२ भदौ १५ गते गिरफ्तार गरे। पीडित दैनिक हाजिर हुने गरी भदौ १८ गते रिहा भए।

मालिका मावि लालीका प्रधानाध्यापक ४३ वर्षीय छविलाल पन्थीलाई ०६२ असोज ६ गते जिल्ला शिक्षा कार्यालय हुम्लाको परिसरबाटै सादा पोसाकका सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय हुम्लामा लगी सोधपुछपछि सोही दिन रिहा गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार बलात्कार प्रयास

माओवादी कार्यकर्ता २४ वर्षीय एक युवतीलाई अर्रानको प्रावि मच्चयारीका एक शिक्षक राजबहादुर बुढाले ०६२ भदौ २६ गते राति बलात्कार प्रयास गरे। पीडितले होहल्ला र कुटपिट गरेपछि पीडक विद्यालयबाट भागी हाल सदरमुकाममा बसेका छन्।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

नेपाल पत्रकार महासंघ, जिल्ला शाखा हुम्लाले सञ्चार अध्यादेश विरुद्ध कालो झण्डा प्रदर्शन गर्‍यो। कालो झण्डा महासंघको कार्यालय अगाडि गाड्ने क्रममा सादा पोसाकका सुरक्षाकर्मीले थुतेर लगे।

संसदवादी राजनीतिक दल र माओवादीबीच जिल्लामा एक समन्वयसहित ०६२ असोजमा सहमति कायम भयो। ०६२ साउन १० गते चार राजनीतिक दलले सदरमुकाममा पूर्ण प्रजातन्त्रको माग गर्दै विरोध कार्यक्रम गरे। जिल्लाका गाउँ गाउँमा लोकजागरण कार्यक्रम ०६२ मंसिर २३ देखि दलहरूले संचालन गरे।

संरचना क्षति

माओवादीले ०६१ चैत १२ गते कोष तथा लेखा नियन्त्रण कार्यालयमा बम विस्फोट गराई ९२ हजार रुपैयाँ बराबरको क्षति गराए।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

शाही घोषणा भए लगत्तै ०६२ माघ १९ गते जिल्ला सदरमुकामका १५० लाइन टेलिफोन सेवा काटिए। बन्द गरिएका टेलिफोनहरू फागुन २० गते मात्र खुलेका थिए।

१८ ओटा गाविस जोड्ने खार्पुनाथ तुइनबाट खसेर एकजनाको मृत्यु भयो।

०६२ मंसिर १० गते दूरसञ्चार कार्यालय हुम्लाको सुरक्षामा खटिएका प्रहरी जवानले आफ्नै हतियारले गोली हानी आत्महत्या गरे।

सुदूरपश्चिमाञ्चल

५.१ कैलाली

५.२ अछाम

५.३ डोटी

५.४ बाजुरा

५.५ बझाङ

५.६ कञ्चनपुर

५.७ डडेलधुरा

५.८ बैतडी

५.९ दार्चुला

५.१ कैलाली



जनसंख्या : ७१६४६७
साक्षरता प्रतिशत : ५२
महिला साक्षरता प्रतिशत : ३६
क्षेत्रफल (वर्ग कि. मि.) : ३२३५
गाविस/नपा संख्या : ४२/२
निर्वाचन क्षेत्र : ५
विद्यालय : ६३५
क्याम्पस/उच्च मा.वि. : ३/४
अस्पताल/स्वास्थ्य चौकी : २/४९
टेलिफोन लाइन : २५३६
मोटर सडक (कि. मि.) : ३५०
प्रहरी कार्यालय संख्या : २९
हुलाक संख्या : ५७
मानव विकास सूचकांक : ०.४१३
प्रति परिवार सरदर संख्या : ७.५९

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सुरक्षाकर्मीको खोजतलासका क्रममा ०६१ माघ २९ गते कैलालीको आमखैया सडकखण्डमा एकजना माओवादीको मृत्यु भयो। मृतकको नाम ठेगाना खुल्न सकेन। खोजतलासको क्रममा आमखैया जंगलबाट माओवादीका दुई मोटरसाइकल र माओवादीका दस्तावेजसमेत बरामद गरेको पृतनाले जनायो।

धनगढी नपा कार्यालयनजिक चिया पसल गर्दै आएका भवानीसिंह चौसीरकी छोरी ८ वर्षीय पूजा चौसीरको आफ्नो घरमा सुतिरहेको बेला नपा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीले गोली चलाउँदा ०६२ जेठ ७ गते राति गोली लागी मृत्यु भयो। सुरक्षाकर्मीले दोहोरो भिडन्तमा माओवादीले चलाएको गोलीबाट बालिकाको मृत्यु भएको दावी गरेपनि सो क्षेत्रमा कुनै दोहोरो भिडन्त नभएको पीडितका परिवारले बताए।

जिल्ला प्रहरी कार्यालय धनगढीको हाताभित्र प्रवेश गर्न खोजेको आरोपमा अन्दाजी ३२ वर्षीय एक युवकको ०६२ बैशाख १८ गते प्रहरीले चलाएको गोली लागी मृत्यु भयो। मृतकको सनाखत हुन सकेन।

फूलबारी गाविस-२ जेगाउँका ३६ वर्षीय जनकबहादुर सिंहलाई ०६१ माघ १९ गते सर्चमा गएका सुरक्षाकर्मीले धनगढी नपा-७ स्थित बेली जंगलबाट माओवादीको आरोपमा नियन्त्रणमा लिई सोही जंगलमा गोली हानी हत्या गरे। पीडितको परिवार र प्रत्यक्षदर्शीको भनाइ अनुसार, पीडितको मानसिक सन्तुलन ठीक नभएकोले उपचारका लागि धनगढी ल्याइरहेको अवस्थामा बेली जंगलमा माओवादीले बाटो अवरुद्ध गरेका कारण बस रोकिन गएको र सोही समयमा सिंह बसबाट हामफाली भागेको अवस्थामा सुरक्षाकर्मीले नियन्त्रणमा लिएका थिए।

मसुरिया गाविस, मसुरिया बजारमा माओवादीका कैलाली जिल्ला कमिटी सदस्य यात्रु भनिने २८ वर्षीय शिवराज ज्ञवालीलाई ०६२ भदौ १६ गते सर्चमा गएको सुरक्षाकर्मीले गोली हानी हत्या गरे। सुरक्षास्रोतले सर्चमा गएको सुरक्षाकर्मीलाई देखेर भाग्न खोज्दा चलाएको गोली लागी मृत्यु भएको बतायो भने माओवादीले नियन्त्रणमा लिएर हत्या गरिएको जनाए।

माओवादीबाट

धनगढी नपा-८ स्थित क्याम्पस रोडमा गस्तीमा गएको प्रहरी टोलीमाथि माओवादीले ०६१ पुस २३ गते गोली चलाउँदा जिल्ला प्रहरी कार्यालय कैलालीमा कार्यरत प्रहरी जवान तारा रोक्काको गोली लागी मृत्यु भयो।

पण्डौन गाविस खिमडीका २३ वर्षीय तीलबहादुर बुचामगरलाई माओवादीले साडेपानीस्थित ससुराली घरमा गएको समयमा ०६१ माघ ८ गते दिउँसो अपहरण गरी चैत ९ गते कैलालीकै बसन्ता जंगलमा पुऱ्याई घाँटी रेटी हत्या गरे।

बैतडी जिल्ला ढुँगाड घर भई जिल्ला प्रहरी कार्यालय कैलालीमा कार्यरत ३५ वर्षीय प्रहरी हवल्दार कृष्ण साउदलाई आफ्नो डेरातर्फ गइरहेको समयमा ०६१ चैत १६ गते साँझ धनगढी नपा फूलबारी बसपार्क नजिकै माओवादीले गोली हानी हत्या गरे।

कञ्चनपुर जिल्ला घर भई भालुबाङ्ग सशस्त्र प्रहरी गण भालुबाङ्गमा प्रहरी सहायक निरीक्षक पदमा कार्यरत २३ वर्षीय यज्ञराज भट्टलाई कैलाली जिल्लाको पहलमानपुर बजार नजिकै ०६२ बैशाख १३ गते माओवादीले गोली हानी हत्या गरे। यज्ञराज भट्ट र उनका बाबु गणेश भट्टलाई घरतर्फ

सुरक्षाकर्मीको गोलीद्वारा मारिएकी बालिका पूजा चौसीर

आइरहेको समयमा माओवादीले कैलाली जिल्लाको मसुरिया वजारवाट ०६२ वैशाख १२ गते अपहरण गरेका थिए । अपहरण गरिएका वावु गणेश भट्टलाई एक घण्टापछि मुक्त गरिएको थियो भने छोरा यज्ञराजको लास भोलिपल्ट एक जना अज्ञात व्यक्तिको लाससँगै फेला परेको थियो।

धनगढी नपा-३ वीरेन्द्रचोक घर भएका सैनिक जवान २९ वर्षीय शंकर सार्की घर विदामा आफ्नो घरमा बसिरहेको अवस्थामा माओवादीले ०६२ जेठ २ गते अपहरण गरी घरदेखि दुई किलोमिटर पर पुऱ्याई गोली हानी हत्या गरे।

साडेपानी गाविस-८ को वेलार मुक्त कमैया शिविरकी ३५ वर्षीय रामपति चौधरीको माओवादीले वेवारिसे अवस्थामा छोडेको वम विस्फोटमा परी ०६२ जेठ १२ गते विहान मृत्यु भयो भने उनका आठ वर्षीय छोरा रामवहादुर चौधरी गम्भीर घाइते भए। पीडितको परिवारका अनुसार रामवहादुरले खेलौना सम्झी वम हातमा लिएर आएको देखेपछि आमा रामपति चौधरीले फ्याँक्न खोज्दा उक्त घटना भएको थियो। वालकको उपचार सेती अञ्चल अस्पताल, धनगढीमा गरियो।

धनगढी नपा-३ चौराहस्थित एक घरमा डेरा गरी वस्ने तथा धनगढीस्थित त्रिनगर प्रहरी कार्यालयमा कार्यरत ३६ वर्षीय प्रहरी हवल्दार कौशल्या माझी र उनका चार वर्षीय छोरा किरण चौधरीलाई आफ्नो कोठामा वसिरहेको अवस्थामा माओवादीले ०६२ जेठ १४ गते राति गोली हानी हत्या गरे। हत्या भएको भोलिपल्ट विहान माओवादीले हवल्दार माझीको सफाया गरिएको जनाए।

मालाखेनी गाविसका २३ वर्षीय मान सुनारलाई ०६२ असोज ३ गते माओवादीले अपहरण गरी ०६२ असोज ४ गते हत्या गरे। पीडितलाई दुर्गालक्ष्मी उच्च माविमा माओवादीको नाममा आगजनी गरेको आरोपमा माओवादीले अपहरण गरेका थिए। सोही आरोपमा अपहरणमा परेका मालखेती गाविसका १८ वर्षीय विवेक खड्का, बीरवहादुर महरा र दीपेन्द्र सुनार भने माओवादी नियन्त्रणबाट भागे।

मालाखेती गाविस अत्तरियाका अन्दाजी २८ वर्षीय अमरसिंह ऐरलाई ०६२ असोज १२ गते माओवादीले सुराकीको आरोपमा हत्या गरे। हत्यापछि उनको स्वामित्वमा रहेको से.१.प. १३५० नम्वरको मोटरसाइकल समेत माओवादीले लिएर गए।

दोहोरो भिडन्त

मसुरिया गाविसमा पर्ने वनखेत जंगलमा ०६१ पुस २१ गते दिउँसो माओवादी र सुरक्षाकर्मीबीच करिव चार घण्टासम्म भिडन्त हुँदा १८ जना माओवादी र एकजना

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित: अन्यबाट				गैर राज्यपक्षबाट पीडित: माओवादीबाट					राज्य पक्षबाट पीडित			
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	११	१२	६	१८	१५	३२	३	१	३६	१०	२९	७	३६
घाइते	५	६	२	८	११	२८	६		३४	२	१३		१३
गिरफ्तारी/यातना										४३	८०	६	८६
बेपत्ता										५	६		६
कुटपिट	११	११	३	१४	५	११	१		१२	७	८	१	९
धम्की	१		१	१	४	५			५	५	८		८
भेला/संगठित हुने अधिकार										२	४		४
जातीय विभेद	२	२	१	३									
महिलाअधिकार	९		९	९									
वालअधिकार	२		२	२									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१०	१२			१२	१	१		१
अपहरण	४	२	२	४	४३	७२	५		७७				
जम्मा	४५	३३	२६	५९	८८	१६०	१५	१	१७६	७५	१४९	१४	१६३

सुरक्षाकर्मीको मृत्यु भयो। सुरक्षाकर्मीले घटनामा माओवादीतर्फ ४१ जनाको मृत्यु भएको दावी गऱ्यो भने माओवादीले उक्त घटनामा सुरक्षाकर्मीतर्फ २२ जनाको मृत्यु भएको दाबी गरे । सोही घटनामा सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएकी वसौटी गाविस-७ लुहारगाउँकी २५ वर्षीय राजकुमारी चौधरीलाई निर्दोष भएको भन्दै इन्सेकको रोहोवरमा ०६२ माघ १४ गते तेघरी व्यारेकबाट रिहा गरे।

धनगढी नपा-३ स्थित ट्राफिक चोकमा रहेका प्रहरीमाथि ०६१ माघ १५ गते साँझ माओवादीले आक्रमण गर्दा भएको भिडन्तमा परी प्रहरी हवल्दार धनसिंह नागरी, सर्वसाधारण मनोद्दिन साह, शिवकुमार कार्की र भारतीय नागरिक परदेशी गोली लागी घाइते भए। घाइतेको उपचार सेती अञ्चल अस्पताल, धनगढीमा भयो।

जिल्ला कारागारमा माओवादीले ०६१ माघ २७ गते राति आक्रमण गर्दा कारागार सुरक्षार्थ खटिएका प्रहरी हवल्दार गणेशबहादुर सिंह, जयदत्त पैतोला, प्रहरी जवान आनसिंह धामी, रघुवीर बोहोरा र गणेश सिंहको घटनास्थलमा नै मृत्यु भयो भने प्रहरी जवान पूर्ण चौधरी, वीरवहादुर विश्वकर्मा घाइते भए। घटनामा नाम नखुलेका एकजना माओवादीको मृत्यु भयो। घाइतेहरूलाई हेलिकप्टरबाट काठमाडौं लगी उपचार गरियो।

दुर्गौली गाविसअन्तरगत पर्ने तोरैयापुरमा ०६१ फागुन १७ गते सुरक्षाकर्मी र माओवादीबीच दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मी र माओवादीतर्फ एक-एक जनाको मृत्यु भएको सुरक्षाकर्मीले जनाए। तर मृतकहरूको नाम खुल्न सकेन। सोही घटनामा पथरैया गाविस-१ की ६५ वर्षीय सर्वसाधारण मातादेवी ओझा गोली लागेर घाइते भइन्।

चिसापानी क्षेत्रमा माओवादीले राजमार्ग अवरुद्ध गराएपछि राजमार्ग खुलाउन गएको सुरक्षाकर्मी र माओवादीबीच ०६१ फागुन १५ गते दोहोरो भिडन्त हुँदा वैतडीकी यशोदा भट्ट, पदम नेपाली र एक जना गाडी चालक गोली लागी घाइते भए। सुरक्षाकर्मीले भिडन्तको क्रममा ठूलो संख्यामा माओवादीहरू हताहत भएको दावी गरे पनि माओवादीले आफूतिर कुनै क्षति नभएको जनाए। घाइतेहरूको उपचार नेपालगञ्जमा गरियो।

उर्मा गाविसअन्तरगत पर्ने उर्मी गाउँ नजिकैको जंगलमा सुरक्षाकर्मी र माओवादीबीच ०६२ वैशाख १९ गते दिउँसो भिडन्त हुँदा एकजना सुरक्षाकर्मी घाइते भए। सुरक्षाकर्मीले एक दर्जन माओवादी हताहत भएको दावी गरे पनि मृत्यु संख्याका वारेमा पुष्टि हुन सकेन।

धनगढी नपा-७ देवरीयामा सुरक्षाकर्मी र माओवादीबीच ०६२ वैशाख २४ गते साँझ दोहोरो भिडन्त हुँदा सुरक्षाकर्मीको कारवाहीमा अन्दाजी ३२ वर्षीय समीर भनिने माओवादीको मृत्यु भयो। लासको पोष्टमार्टम जिल्ला अस्पताल, धनगढीमा गरियो।

मसुरिया गाविसको शंकरपुर जंगलमा ०६२ जेठ २३ गते माओवादी र सुरक्षाकर्मीबीच भिडन्त हुँदा १४ सुरक्षाकर्मी, १० माओवादी र एकजना सर्वसाधारणको मृत्यु भयो। सुरक्षाकर्मी र माओवादीको नाम, ठेगाना खुल्न सकेन। सोही घटनामा रा. २ ख ५६२९ नं. को यात्रुवाहक बस भिडन्तमा पर्दा दाङ जिल्ला ढिकपुर गाविस-९ की लीला आचार्यको घटनास्थलमै मृत्यु भयो। बसका चालक मोहन बुढाथोकी, खलासी पूर्णबहादुर केसी तथा यात्रुहरू केशव अधिकारी, तिलक केसी, सुरेश आचार्य, रमा बस्नेत, पदम पाण्डे, शिला अधिकारी, सीता लम्साल गोली लागी घाइते भए।

अन्य

चौमाला गाविसस्थित बनबेहडा सशस्त्र प्रहरी गणमा कार्यरत सशस्त्र प्रहरीका परिवार तथा महेन्द्रनगर नपा-२ कन्चनपुरकी २१ वर्षीय लक्ष्मी शाह, उनको १ वर्षीय छोरा दीपेन्द्र शाह, अमरगढी नपा- १ डडेल्धुराकी १६ वर्षीय दर्गा देवी ऐर, तोलेनी गाविस डोटीकी १९ वर्षीय राधादेवी सिंह, हुती गाविस-८ दार्चुलाका १८ वर्षीय गणेशवहादुर विश्वकर्मा र छापारी गाविस-६ दार्चुलाका १८ वर्षीय प्रेम भूललाई ०६२ जेठ ३० गते राति एक दर्जनको संख्यामा आएका अज्ञात सशस्त्र समूहले कैलाली जिल्लाकै बनबेहडास्थित डेराबाट अपहरण गरी सोही राति कैलाली जिल्लाको चौमाला गाविस वनबेहडा स्थित चैनी खोला नजिकैको ग्वासी सामुदायिक वनमा पुऱ्याई हत्या गरे। मारिनेहरू सशस्त्र प्रहरीका परिवार तथा आफन्त थिए।

अज्ञात समूहद्वारा अपहरणपश्चात बनबेहडामा हत्या गरिएका सुरक्षाकर्मीका परिवारहरू

माओवादीद्वारा कोठामा गोली प्रहार गरी हत्या गरिएकी प्रहरी हवल्दार कौशल्या माझी र उनका छोरा किरण चौधरी

यसअघि सोही रातको १२.०० बजेको समयमा आठ-दशजना हतियारधारीहरूको समूह चौमालास्थित सशस्त्र प्रहरी बल वनबेहडाको दक्षिणपट्टी झण्डै डेढ सय मिटर दूरीमा रहेको बस्तीमा आएको थियो। हतियारधारीहरूले ढोका ढक्ढक्याएपछि ढोका खोलेका महिलाहरूलाई "तिमीहरूका श्रीमान कहाँ छन् ? के गर्छन् ? उनीहरूको फोटो कहाँ छ ?" भनी सोधपुछ गर्दै करिव एक घण्टासम्म कोठाको खानतलासी समेत लिए। जाने वेलामा ठूलो स्वरमा "प्रहरीहरूलाई खुटिया पठाइदिनू, हामी त्यहीं हुन्छौं" भन्दै छजनालाई अपहरण गरिएको वताइन्छ। अपहरण भएको झण्डै पाँच घण्टापछि मात्र सुरक्षाकर्मीले घटनावारे खवर पाएका थिए। खवर पश्चात ०६२ जेठ ३१ गते सुरक्षाकर्मीले नजिकैको जङ्गल र खुटिया खोला वरिपरि खोजतलास गरे तापनि अपहरितहरूलाई फेला पार्न सकेनन्। सोही दिन दिउँसो सामुदायिक वनका पालेले वनमा लास भएको खवर पाए। खोजविनमा एक महिला र एक वालकको लास देखिसकेपछि उनीहरूले स्थानीय वासिन्दालाई भेला गराई आवश्यक परामर्श लिएर सुरक्षाकर्मीलाई जानकारी दिए। पालेले खवर गरेको डेढ घण्टापछि (४:०० वजे) सुरक्षाकर्मीको गणदेखि झण्डै २० मिनेटको दूरीमा रहेको घटनास्थलमा सुरक्षाकर्मीहरू पुगी शवहरू गण परिसरभित्र ल्याए। हत्यास्थलको रूपमा रहेको सामुदायिक वन अपहरणस्थलवाट अन्दाजी डेढ कि.मी. पूर्वपट्टि रहेको छ। दूधे वालक वाहेक मारिनेहरू सवैका हात वाँधिएका, घाँटी रेटिएका थिए। शरीरका ठाउँ ठाउँमा धारिलो हतियारले रोपिएका थिए। एक वर्षीय वालक दीपेन्द्रको आन्द्राभुँडी छरपस्ट अवस्थामा थियो। प्रत्यक्षदर्शीहरूका अनुसार, मृतक महिलाहरूका शरीरका तल्ला अङ्गका कपडाहरू च्यातिएको अवस्थामा रहेका थिए। हत्याकाण्डको आरोप माओवादीमाथि लागेको, तर उक्त पक्षले अस्वीकार गरेको पृष्ठभूमिमा घटना रहस्यमय वनेको मानवअधिकार सन्धि अनुगमन समन्वय समिति (एचआरटिएमसीसी) का तर्फवाट इन्सेकका अध्यक्ष सुवोधराज प्याकुरेल र सिविनका अध्यक्ष गौरी प्रधानको नेतृत्वमा मध्यपश्चिम तथा सुदूरपश्चिमका मानवअधिकारवादीहरू संलग्न एक टोली घटनास्थल पुगी गरेको स्थलगत अध्ययन प्रतिवेदनमा उल्लेख छ। टोलीले ०६२ जेठ ३१ गतेदेखि ०६२ असार ३ गतेसम्म अध्ययनका क्रममा घटनाका प्रत्यक्षदर्शी, उद्धारकार्यमा संलग्न व्यक्तिहरू, मृतकका परिवार तथा आफन्तहरू, सुरक्षा निकाय, नागरिक समाज, माओवादी र राजनीतिक दलका प्रतिनिधि तथा स्थानीय मानवअधिकार संघ-संस्थाका प्रतिनिधिहरूसँग घटनाका सम्वन्धमा सोधपुछ तथा छलफल गरेको थियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

टीकापुर नपा-१ का अन्दाजी ३० वर्षीय श्यामसुन्दर चौधरी ०६२ चैत २ गते आफ्नै घरमा बसिरहेको समयमा खुट्टामा गोली लागेर घाइते भए। प्रत्यक्षदर्शीले पीडितको घर नजिकै रहेको सशस्त्र प्रहरी वेस क्याम्प, टीकापुरमा तालिम लिने क्रममा सुरक्षाकर्मीले गोली चलाएको वताएपनि सुरक्षाकर्मीले उक्त घटनाको जिम्मेवारी लिएनन्। पीडितको उपचार सेती अञ्चल अस्पताल, धनगढीमा गरियो।

माओवादीबाट

टीकापुर नपा-९ का १० वर्षीय सुशान्त आचार्य र सोही ठाउँका २३ वर्षीय खुशीराम चौधरी ०६१ माघ १५ गते माओवादीले चलाएको गोली लागी घाइते भए। घाइतेमध्ये चौधरीको उपचार स्थानीय अस्पतालमा भयो भने आचार्यलाई उपचारका लागि नेपालगञ्ज लगियो।

पहलमानपुर गाविस-१ की ५५ वर्षीय कलधरी विश्वकर्मा ०६२ असार ६ गते उनकै घरमा छोडिएको वम विस्फोटमा परी घाइते भइन्। वम विस्फोटका कारण पीडितको टाउकोमा गम्भीर चोट लाग्यो भने उनका हातका औंलाहरू झरेका थिए। घाइतेको उपचार सेती अञ्चल अस्पताल, धनगढीमा भयो।

पहलमानपुर गाविस-१ का १४ वर्षीय सन्तोष गौडेल र १४ वर्षीय मोहन न्यौपानेको ०६२ असार २७ गते दिउँसो पहलमानपुर-१ आमखैया जंगलमा बम बिस्फोटनमा परी मृत्यु भयो भने १४ वर्षीय रमेशसिंह सख्त घाइते भए। पीडितहरूले भैंसी चराउन गएको अवस्थामा जंगलमा भेटिएको सकेट बम् चलाउँदा घटना भएको थियो।

जेल र बन्दीहरू

वि सं १९९७ सालमा स्थापना भएको 'ग' श्रेणीको कैलाली कारागार हाल जीर्ण अवस्थामा रहेको छ। ७० जना वन्दीहरूको क्षमता भएको यस जेलमा यस वर्ष ८६ जना वन्दीहरूलाई राखिएको छ। जसमध्ये ८१ जना पुरुष रं पाँचजना महिला वन्दीहरू छन्। बन्दीहरूमध्ये पनि पुरुष १५ जना र महिला तीनजना गरी जम्मा १८ जना कैदीहरू रहेका छन्। थुनुवातर्फ ६६ जना पुरुष र दुईजना महिला गरी जम्मा ६८ जना रहेका छन्। आस्थाका वन्दी अन्तर्गत माओवादीमध्ये आठ पुरुष र दुई महिला गरी जम्मा १० जना थुनुवाहरू रहेका छन् र अन्य अभियोगमा ३३ जना थुनुवा रहेका छन्।

कारागार नियमावलीअनुसार वन्दीहरूलाई दैनिक ३० रूपैयाँ र सातसय ग्राम चामल दिइन्छ। खेलकुदका लागि जेलभित्र क्यारेमवोर्ड, ब्याडमिन्टन र चेसको व्यवस्था गरिएको छ। खानेपानीको सुविधा र स्वास्थ्य उपचारको पनि व्यवस्था गरिएको छ। बन्दीहरूलाई छ महिनामा एकपटक एकजोर कपडा दिने व्यवस्था छ।

बेपता / अपहरण

राज्यबाट

चुहा गाविस-१ का २४ वर्षीय निर्मल देउवालाई गस्तीमा गएको सुरक्षाकर्मीले ०६१ पुस १७ गते माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

वलिया गाविस-५ का २२ वर्षीय माओवादी कार्यकर्ता भुपेन्द्र मल्ललाई गस्तीमा गएका सुरक्षाकर्मीले माइलीवजारबाट ०६१ फागुन १६ गते गिरफ्तार गरे। पीडितको अवस्था अज्ञात छ।

डोटी जिल्ला डौडा गाविस-६ स्वाडीका १७ वर्षीय केशवराज उपाध्याय आफ्नो नातेदारको विवाहमा धनगढीस्थित बोडाडाडीमा आएको वेला ०६२ जेठ ६ गते बोडाडाडीको मैदा मिल नजिकबाट माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरे। उनको स्थिति हालसम्म सार्वजनिक भएको छैन

उर्मा गाविस-१ उर्मीका १८ वर्षीय दुख्नु रानालाई ०६२ मंसिर २९ गते सादापोशाकमा गएका सुरक्षाकर्मीले माओवादीको आरोपमा उर्मीबाट गिरफ्तार गरे। पीडितको स्थिति अज्ञात रहेको छ। सुरक्षा निकायले रानालाई गिरफ्तार नगरेको जनायो।

माओवादीबाट

कैलाली जिल्ला मसुरिया गाविस-९ सिमलडाँडाका गंगाराम सापकोटा र रामवहादुर चौधरीलाई ०६१ पुस १७ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीहरूले अपहरण गरी पाँच दिनपछि मुक्त गरे।

पर्वत जिल्ला थानमेल गाविस-६ घर भएका ३१ वर्षीय अर्जुनकुमार क्षेत्री, तनहुँ जिल्ला धुलेगौरा गाविस-३ का ३० वर्षीय छिरिङ्ग दोर्जे र गुल्मी जिल्ला वडागाउँ गाविस-३ डाँडाथोकका ३५ वर्षीय दुर्गावहादुर सिंह भारतको ९ जि.आर. गोर्खा राइफलमेन कार्यक्षेत्रवाट घर विदामा आइरहेको समयमा कैलाली जिल्लाको चुहाबाट ०६१ पुस २० गते माओवादीले अपहरण गरी तीन दिनपछि इन्सेकको रोहबरमा मुक्त गरे।

भारतको उत्तराञ्चल पिथौरागढ जिल्लाको धार्चुलामा गोर्खा रेजिमेन्ट १ एरिहर बटालियनमा कार्यरत दाङ जिल्ला हापुरे गाविस-२ गर्जेका ३७ वर्षीय एनवहादुर विष्ट, नुवाकोट जिलला देउराली गाविस-५ का कर्णबहादुर गरुङ्ग, कास्की जिल्ला धिताल भिडाभाडी गाविस-१ का इन्द्रराज दवाडी, अर्घाखाँची जिल्ला नरपानी गाविस-५ का नन्दबहादुर खत्री, स्याङजा जिल्ला पञ्चमुल गाविस-८ का हर्कबहादुर क्षेत्री, कास्की जिल्ला धम्पुस गाविस-३ का राजकुमार भण्डारी, नवलपरासी जिल्ला देउराली गाविस-२ कोलीयाका कमल क्षेत्री, वाग्लुङ्ग जिल्ला वलेवाचौर गाविस-६ का खगेश्वर सुवेदी, अर्घाखाँची जिल्ला छत्रगञ्ज गाविस-३ का पुष्कर श्रेष्ठ, गुल्मी जिल्ला जोहाङ्ग गाविस-५ का सुरेशकुमार श्रेप्ठ, वीरवास गाविस-४ का कृष्णवहादुर सोमै, अर्घाखाँची जिल्ला छत्रगञ्ज गाविस-६ रानीजाका गोपाल आचार्य, स्याङजा जिल्ला चण्डीभञ्ज्याङ गाविस-८ का वीरेन्द्र थापा र तनहुँ जिल्ला भीरकोट गाविस-९ काफलडाँडाका

माओवादीद्वारा पहलमानपुर गाविसमा मारिएका नाम ठेगाना नखुलेका व्यक्ति

तुलाराम राना घर विदामा घरतर्फ जाने क्रममा कैलालीको वलियावाट ०६१ माघ १ गते माओवादीले अपहरण गरी ०६१ माघ ३ गते इन्सेकको रोहवरमा कैलालीकै वलिया क्षेत्रवाट मुक्त गरे।

दार्चुला जिल्ला धारीवाग गाविस-४ का काठमाडौं वौद्धमा कार्यरत ३४ वर्षीय प्रहरी हवल्दार प्रेमसिंह कुँवरलाई आफ्नो कार्यक्षेत्र गइरहेको अवस्थामा माओवादीले ०६१ माघ १३ गते कैलालीको मसुरियावाट अपहरण गरी ०६१ चैत २१ गते डोटीको वीपी नगरवाट इन्सेकको रोहवरमा मुक्त गरे।

कञ्चनपुर जिल्ला श्रीपुर गाविस-२ का तर्कराज गिरी , सैनिक जवान देवीलाल चौधरी , नेपाल वैंक लिमिटेड शाखा टीकापुरका कर्मचारी वद्रिप्रसाद पराजुली , डिल्लीराज पौडेल तथा सोही वैंकका सुरक्षागार्ड प्रेम थापामगरलाई ०६१ माघ १५ गते माओवादीले लम्की वजारवाट अपहरण गरी सोही दिन लम्की वजारवाट मुक्त गरे।

अछाम जिल्ला तिमिल्सैन गाविस-४ का ३४ वर्षीय प्रहरी नायव निरीक्षक नेत्र वोहरा विदा सकेर कार्यक्षेत्र जिल्ला प्रहरी कार्यालय वैतडीतर्फ जाने क्रममा माओवादीले ०६१ माघ १३ गते कैलालीको वहुनीयावाट अपहरण गरी चैत २१ गते इन्सेकको रोहवरमा डोटीको वीपी नगरवाट मुक्त गरे।

सुर्खेत जिल्ला लाटीकोइली गाविस-७ का २२ वर्षीय अनवहादुर रोकाय र २० वर्षीय सनवहादुर तारामी शाही सेनाको जवानमा छनौट भई तालिम लिन भनी दिपायलतर्फ जाँदै गरेको अवस्थामा माओवादीले ०६१ माघ १३ गते लम्कीबाट अपहरण गरी दुई हप्तापछि वलियावाट मुक्त गरे।

धनगढी नपा-६ मटेरीका ४० वर्षीय धर्मानन्द भट्टलाई आफ्नो कार्यक्षेत्र जिल्ला कारागार शाखा, डडेल्धुरा गइरहेको अवस्थामा माओवादीले कैलाली जिल्लाको सहजपुरबाट ०६१ फागुन २९ गते अपहरण गरी ०६१ चैत २१ गते डोटीको वीपी नगरवाट इन्सेकको रोहवरमा मुक्त गरे।

माओवादीले बेवारिसे अवस्थामा छाडेको बम विस्फोटमा परी घाइते भएका बालक रामबहादुर चौधरी

मालाखेती गाविस-८ घर भएका उदयपुरको गाइघाट १८ नं. वाहिनीमा कार्यरत २९ वर्षीय सैनिक जमदार गोपाल तामाङलाई विदामा घर आइरहेको समयमा माओवादीले ०६१ चैत ३ गते कैलालीको लम्की वजारवाट अपहरण गरी वैशाख १३ गते कैलालीको मसुरियाबाट मुक्त गरे।

कञ्चनपुर जिल्ला दैजी घर भई जिल्ला प्रहरी कार्यालय जुम्लामा कार्यरत २६ वर्षीय प्रहरी जवान विक्रम भट्टलाई आफ्नो कार्यक्षेत्र जुम्ला गइरहेको अवस्थामा कैलाली जिल्लाको मसुरिया वजारवाट ०६१ चैत ४ गते माओवादीले अपहरण गरी दुई हप्तापछि मसुरिया बजारवाटै मुक्त गरे।

कञ्चनपुर जिल्ला झलारी घर भई काभ्रेमा कार्यरत प्रहरी जवान मानवहादुर विष्ट , जुम्लामा कार्यरत सैनिक जवान दीपक तिवारी र सुर्खेतका २८ वर्षीय सर्वसाधारण टीकाराम विश्वकर्मालाई ०६१ चैत ६ गते माओवादीले कैलाली जिल्लाको मसुरिया वजारवाट अपहरण गरी ०६२ वैशाख ३ गते इन्सेकको रोहवरमा मसुरिया बजारवाटै मुक्त गरे।

टीकापुर नपा-९ का ३५ वर्षीय पूर्व प्रहरी सहायक निरीक्षक मानवहादुर साउद र उनकी ३० वर्षीय पत्नी शारदा साउदलाई ०६१ चैत ९ गते उनीहरूकै घरवाट माओवादीले अपहरण गरी दुई हप्तापछि मुक्त गरे।

टीकापुर नपा-९ घर भई शाही बर्दिया राष्ट्रिय निकुञ्जमा कार्यरत २८ वर्षीय सैनिक जवान चन्द्रप्रकाश चौधरी आफ्नो घरतर्फ आइरहेको समयमा उनलाई माओवादीले ०६१ चैत १३ गते कैलाली जिल्ला वलिया गाविसको लम्की वजारवाट अपहरण गरी तीन हप्तापछि मुक्त गरे।

टीकापुर नपास्थित उग्रतारा सशस्त्र प्रहरी गणमा कार्यरत ३० वर्षीय प्रहरी जवान दीपक तिवारीलाई ०६१ चैत १५ गते टीकापुर वजारको चौराहावाट माओवादीले अपहरण गरे।

धनगढी नपा-१ कटानका २२ वर्षीय प्रहरी जवान गम्भीरसिंह विश्वकर्मा आफ्नो कार्यक्षेत्र सीमास्तम्भ गण वर्दिवासवाट विदा लिई आफ्नो घरतर्फ आइरहेको अवस्थामा ०६१ चैत १९ गते माओवादीले उनलाई वलिया गाविसको लम्की वजारवाट अपहरण गरी एक महिनापछि इन्सेकको रोहवरमा डोटीको वीपी नगरवाट मुक्त गरे।

फूलवारी गाविस-६ की २२ वर्षीय मीना कार्की र सोही ठाउँ वस्ने भद्र वस्यालवीच शारीरिक सम्वन्ध हुन गएको कारण मीना कार्की गर्भवती हुन पुगेको कुरा सार्वजनिक भएपछि मीना कार्की र भद्र वस्याल समाजका कलंक भएको आरोप लगाँउदै ०६१ चैत २० गते माओवादीले उनीहरूलाई अपहरण गरी ३ महिना श्रमशिविरको सजाय

सुनाए। पीडितद्वय माओवादी श्रम शिविरबाट भागेको जनाइए पनि कुन मितिमा भागेको खुल्न सकेन।

टीकापुर नपा-९ का ६२ वर्षीय दलबहादुर शाहीलाई ०६२ चैत २४ गते कैलाली जिल्ला दौलतपुरबाट माओवादीले अपहरण गरी एक हप्तापछि मुक्त गरे।

धनगढी नपा-१ कटानका ४६ वर्षीय उदयसिंह धामी घरको काठ किन्न घुइयाघाट गएको अवस्थामा माओवादीले सुराकीको आरोपमा ०६२ वैशाख ३ गते अपहरण गरी एक महिनापछि मुक्त गरे।

पहलमानपुर गाविसका सचिव भोजराज जोशी, मनुवा गाविसका सचिव नन्द उपाध्याय, थापापुर गाविसका सचिव रघुनाथ अवस्थी, गोदावरी गाविसका सचिव रामबहादुर सिंह, जिल्ला विकास कैलालीका जयराज भण्डारी र बैंक कर्मचारी हरिचन्दलाई धनगढीबाट पोखरा भ्रमणको क्रममा गइरहेको अवस्थामा माओवादीले कैलालीको मसुरिया बजारबाट ०६२ वैशाख १० गते अपहरण गरी तीन दिनपछि मुक्त गरे।

दार्चुला जिल्ला दत्तु गाविसका १९ वर्षीय प्रहरी जवान इन्द्रसिंह भाटलाई आफ्नो कार्यक्षेत्र बुडोर बेश क्याम्पतर्फ गइरहेको समयमा माओवादीले ०६२ वैशाख १७ गते कैलालीको सहजपुर क्षेत्रबाट अपहरण गरी तीन हप्तापछि डोटीको वीपी नगरबाट मुक्त गरे।

जनमोर्चा नेपालका केन्द्रीय उपाध्यक्ष ४१ वर्षीय मनोज भट्टलाई ०६२ वैशाख १३ गते माओवादीले कैलाली जिल्ला निगाली गाविसको श्रीनगरबाट अपहरण गरी तीन घण्टापछि मुक्त गरे।

हर्सुलिया गाविसस्थित बेस कार्यालयका सामाजिक परिचालक २४वर्षीय कृष्णकुमारी चौधरीलाई ०६२ साउन ७ गते बिहान माओवादीले कार्यालय परिसरबाटै अपहरण गरी दुई दिनपछि सोही स्थानबाट मुक्त गरे।

कञ्चनपुर जिल्ला कृष्णपुर गाविस-५ का १६ वर्षीय महेश भट्टलाई माओवादीले ०६२ साउन १४ गते दिउँसो कैलाली जिल्लाको मसुरिया क्षेत्रबाट अपहरण गरे। उनी सेनामा कार्यरत आफ्ना दाजुलाई भेट्न गएको अवस्थामा अपहरणमा परेका भट्ट एक हप्तापछि मुक्त भए।

कञ्चनपुर जिल्ला सुडा गाविस घर भई डोल्पा केवलजंग गुल्ममा कार्यरत सैनिक जवान कर्णसिंह कार्की र बैतडीका २८ वर्षीय सैनिक जवान उदयबहादुर चन्दलाई ०६२ साउन १४ गते माओवादीले कैलालीको मसुरियाबाट अपहरण गरे। अपहरित सैनिकहरू ०६२ साउन १९ गते माओवादी नियन्त्रबाट भागे।

उर्मा गाविस-३ कनरीका २९ वर्षीय रामचन्द्र ओझालाई सुराकी गरेको आरोपमा ०६२ साउन २५ गते दिउँसो माओवादीले धनगढी नपा क्याम्पस रोडबाट अपहरण गरे। पीडित ओझा ०६२ साउन २५ गते साँझ माओवादी नियन्त्रणबाट भागे।

साडेपानी गाविस-४ का ३० वर्षीय कमलप्रसाद कुँवरलाई ०६२ भदौ ४ गते साँझ माओवादीले दुर्गौली गाविसस्थित जगतपुर कमैया शिविरमा ज्यादती गरेको आरोपमा अपहरण गरी एक हप्तापछि मुक्त गरे ।

लखिमपुर भारत तिकुनीया घर भई धनसिंहपुरस्थित चामल मिलका मालिक ४५ वर्षीय सुन्दर अग्रवाललाई ०६२ भदौ १४ गते माओवादीले उनकै मिलबाट अपहरण गरे। उनलाई एक हप्तापछि मुक्त गरे।

बैतडी जिल्ला घर भई डोल्पास्थित केवलजंग गुल्ममा कार्यरत २७ वर्षीय सैनिक जवान उद्धव चन्दलाई ०६२ भदौ १४ गते माओवादीले कैलालीको मसुरियाबाट अपहरण गरे। चन्द महेन्द्रनगरबाट नेपालगञ्जतर्फ गइरहेको अवस्थामा अपहरणमा परेका थिए।

चुहा गाविसस्थित बासुलिङ्ग चिनी मिलका कार्यकारी निर्देशक अरुण चन्दले किसानहरूको रकम भुक्तानी नगरेको आरोपमा ०६२ कार्तिक १० गते राति उनलाई माओवादीले अपहरण गरे। चन्द ०६२ कार्तिक २२ गते इन्सेक र अन्य मानवअधिकार संघ संस्थाको रोहबरमा किसानहरूको रकम फिर्ता गर्ने सर्तमा मसुरिया बजारबाट मुक्त भए।

मालाखेती-२ का २९ वर्षीय विवेक खड्कालाई ०६२ असोज २ गते माओवादीको नाममा लुटपाट गरेको आरोपमा माओवादीले अपहरण गरे। अपहरित खड्का माओवादीको नियन्त्रणबाट ०६२ मंसिर १७ गते भागेर सुरक्षा बेस क्याम्प, लम्कीमा आए। उनलाई सेनाले ०६२ पुस ९ गते तेघरी ब्यारेकमा मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा परिवारको जिम्मा लगायो।

उर्मा गाविस-४ की १७ वर्षीय सुनार नेपाली र सोही ठाउँका २५ वर्षीय लोके नेपालीलाई ०६२ पुस ९ गते राति माओवादीले घरबाटै अपहरण गरे। लोके नेपालीले १७ वर्षीय सुनार नेपालीको सिउँदोमा जबरजस्ती सिन्दुर हालेपछि होहल्ला हुँदा माओवादीहरू आई दुवैजनालाई अपहरण गरेका थिए। अपहरित दुवै माओवादी नियन्त्रणमा छन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

मसुरिया गाविस-७ भवनपुरकी २१ वर्षीय डम्बरकुमारी ताडीलाई ०६१ पुस २१ गते बिहान सर्चमा गएका सुरक्षाकर्मीहरूले माओवादीलाई लुकाएर राखेको आरोपमा लात्ती र बन्दुकको कुन्दाले प्रहार गरी घाइते बनाए। पीडितको स्थानीय स्वास्थ्य संस्थामा उपचार भयो।

अनेरास्ववियु (एकीकृत) कैलालीका जिल्ला अध्यक्ष लक्ष्मीराम आचार्य, सदस्य बाबुराम आचार्य र जगतप्रसाद



माओवादीको गोली लागी घाइते भएका कैलाली जिल्ला विकास समितिका मनोनित सभापति छेदालाल चौधरी

जोशी प्रतिगमन र माओवादी ज्यादती विरुद्ध भित्तेलेखन कार्य गर्दै धनगढीवाट चौमालातर्फ गइरहेको अवस्थामा अत्तरियास्थित सशस्त्र प्रहरी वलका सुरक्षाकर्मीले ०६१ फागुन ४ गते गिरफ्तार गरी दुर्व्यवहार गर्दै भित्तेलेखन नगर्न धम्की दिए।

धनगढी नपा देहवरीयामा साइकल पसल गर्दै आएका २५ वर्षीय प्रकाश चौधरी र उनकै पसलमा काम गर्ने २० वर्षीय सुखराम चौधरीले माओवादीलाई संरक्षण दिएको आरोपमा ०६२ जेठ ४ गते दिउँसो सुरक्षाकर्मीले उनीहरूलाई कुटपिट गर्नुकासाथै उनको स्वामित्वमा रहेको से. १ प ८९० नम्वरको मोटरसाइकलसमेत आफ्नो नियन्त्रणमा लिए। पीडित चौधरीको मोटरसाइकल एक दिनपछि सुरक्षा निकायले फिर्ता गर्‍यो।

धनगढी नपा-८ शिक्षानगरका ३० वर्षीय चक्रबहादुर बमलाई धनगढी वजारवाट आफ्नो घरतर्फ आइरहेको समयमा ड्युटीमा रहेका सुरक्षाकर्मीहरूले ०६२ असार २ गते माओवादीको पत्रकार भएको आरोपमा अमानवीय व्यवहार गर्नुकासाथै ज्यानमार्ने धम्की दिए।

धनगढी नपा-१२ जुगेडाका अन्दाजी ३० वर्षीय डिल्लीसिंह थापालाई ०६२ वैशाख १७ गते सुरक्षाकर्मीले लाठी प्रहार गर्दा थापाको दाहिने हात भाँचियो। सात राजनीतिक दलले आयोजना गरेको विरोध जुलसमा प्रहरीले हस्तक्षेप गरी लाठी चार्ज गर्दा थापाको दाहिने हातको हड्डी फुटेको थियो। उनको हालसम्म उपचार हुन सकेको छैन्।

यात्रु लिएर नेपालको सीमा क्षेत्र अर्न्तगत पर्ने गौरीफन्टा वजारतर्फ गइरहेका २३ वर्षीय रिक्सा चालक राजु डगौरालाई ०६२ भदौ ६ गते सुरक्षाकर्मीले कुटपिट गरे। आफूहरूलाई वाटो नदिएको भन्दै सुरक्षाकर्मीले कुटपिट गरेको पीडित चौधरीले वताए।

गोदावरी गाविस ओलानीका २८ वर्षीय तेजवहादुर बडैला र सोही ठाँउ वस्ने २९ वर्षीय देववहादुर सिंह माओवादी भएको आरोपमा ०६२ असोज २ गते सुरक्षाकर्मीले उनीहरूलाई ज्यान मार्ने धम्की दिए।

कैलाली जिल्ला धनगढी-५ स्थित एयरपोर्ट कमैया शिविरका ३० वर्षीय जंगवहादुर चौधरीलाई ०६२ पुस १५ गते विहान जिल्ला प्रशासन कार्यलयको गेट अगाडि सुरक्षाकर्मीले कुटपिट गरे। कमैयाहरूले विभिन्न माग राख्दै जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना दिइरहेको अवस्थामा प्रमुख जिल्ला अधिकारीलाई कार्यालयको गेट वाहिर आउन नदिएको आरोपमा सुरक्षाकर्मीले कुटपिट गरेका थिए।

माओवादीबाट

स्थानीय विकास अधिकारी गोपीकृष्ण अधिकारीसहित जिल्ला विकास समितिका सम्पूर्ण कर्मचारीहरूलाई एक हप्ताभित्र राजीनामा दिन ०६१ माघ १३ गते माओवादीले विज्ञप्तिमार्फत् धम्की दिए। एक हप्ताभित्र राजिनामा नदिए भविष्यमा हुन जाने क्षति र कष्टको जवाफदेही आफैं हुनुपर्ने कुरा विज्ञप्तिमा उल्लेख गरिएको थियो।

माओवादीले सुदूरपश्चिमाञ्चल क्षेत्रमा संचालन भइरहेका निजी विद्यालयहरूलाई शैक्षिक क्षेत्र ०६२ सालबाट पूर्णरूपमा बन्द गर्न ०६१ चैत १ गते एक प्रेस विज्ञप्तिमार्फत धम्की दिए। उक्त धम्कीका कारण कैलाली जिल्लामा सञ्चालित सैयौं निजी विद्यालयहरू अनिश्चितकालका लागि बन्द भए। विभिन्न मानवअधिकार संघ-सस्था, प्याब्सन लगायत नागरिक समाजको पहल र अनुरोधमा ०६२ वैशाख २१ गतेदेखि मात्र निजी विद्यालयहरू सञ्चालन भए।

मसुरिया गाविस-४ का २० वर्षीय भक्तबहादुर कलेल र सोही ठाउँका १८ वर्षीय तीलक कलेललाई ०६२ वैशाख १ गते दिउँसो माओवादीले आफ्नो नियन्त्रणमा लिई समाजमा विकृति फैलाएको अरोपमा कुटपिट गरी घाइते पारे। घाइतेको उपचार स्थानीय स्वास्थ्य संस्थामा भयो।

टीकापुर नपा-६ कटानपुरका ३५ वर्षीय रतन श्रीपाइलीलाई ०६२ कार्तिक १९ गते माओवादीले कुटपिट गरे। उनलाई माओवादीले गरेको निर्णय नमानेको आरोपमा कुटपिट गरिएको जनायो।

फूलवारी गाविस-६ का ४८ वर्षीय रतनबहादुर पुनमगरलाई ०६२ कार्तिक १५ गते आफ्नो पार्टीको निर्णय नमानेको भन्दै माओवादीले कारवाही गर्ने धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

पेट्रोलियम पदार्थमा भएको मूल्यवृद्धिको विरोधमा ०६२ भदौ ९ गते निकालिएको जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी लाठी प्रहार गर्दा रामसिखर झाला-८ का २३ वर्षीय

बाबुराम आचार्य र पहलमानपुर-२ का २२ वर्षीय जगत जोशी घाइते भए। घटनामा अन्य विद्यार्थीहरू समेत सामान्य घाइते भएका थिए। घाइतेहरूको उपचार सेती अञ्चल अस्पतालमा भएको थियो।

जनमोर्चा नेपालका केन्द्रीय सदस्य नन्दराज भट्टलाई राजसंस्थाको विरोध गरेको आरोपमा ०६१ माघ २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जेल चलान गरे। पीडित ०६२ जेठ २४ गते जिल्ला अदालतको रोहवरमा रिहा भए।

माओवादीद्वारा अपहरण गरिएका अरूण चन्द

शाही घोषणाकोविरुद्धमा आन्दोलनमा रहेका नेपाली काँग्रेसका केन्द्रीय सदस्य सुनील भण्डारी, जिल्ला विकास समितिका पूर्व सभापति नारायणदत्त मिश्र, नेपाली काँग्रेस कैलालीका सहसचिव प्रेमराज जोशीलगायत छजनालाई ०६१ फागुन ७ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जेल चलान गरे। पीडितहरूलाई ०६२ जेठ २४ गते जिल्ला अदालतको रोहवरमा रिहा गरियो।

नेकाँ कैलाली महाधिवेशन प्रतिनिधि तथा ट्रेड युनियन काँग्रेसका केन्द्रीय उपाध्यक्ष ५० वर्षीय भक्तबहादुर कार्कीलाई शाही घोषणाको विरोध गरेको आरोपमा ०६१ फागुन ७ गते धनगढीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला कारागार चलान गरे। पीडितलाई ०६२ असार ३ गते रिहा गरियो।

नेकाँ बाजुरा जिल्ला महासमिति सदस्य रामसिंह रावल, कैलाली जिल्ला कार्यसमिति सदस्य हरिहर गिरी, जंगबहादुर साउद, नेकपा (एमाले) सेती अञ्चल कमिटी सदस्य शारदा भट्ट र इलाका सदस्य लक्ष्मीप्रसाद ओझा, जनमोर्चाका केन्द्रीय सदस्य तीलकबहादुर सिंह र नेकाँ (प्रजातान्त्रिक) का नृप ओडलाई शाही घोषणाको विरोध गरेको आरोपमा ०६१ फागुन २५ गते धनगढीको एलएनचोकबाट सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला कारागार चलान गरे। पीडितहरूलाई ०६२ जेठ २३ गते रिहा गरियो।

शाही घोषणाकाविरुद्धमा जुलुस प्रर्दशन गरिरहेको अवस्थामा नेपाल तरुण दलका जिल्ला अध्यक्ष नरनारायण शाह, नेकाँ (प्रजातान्त्रिक) जिल्ला कमिटीका सदस्य मानबहादुर विष्ट, जनमोर्चा नेपालकी चन्द्रवदन श्रेष्ठलाई ०६१ चैत १ गते धनगढीको एलएनचौकबाट सुरक्षाकर्मीले गिरफ्तार गरी जेल चलान गरे। पीडितहरूलाई एक महिनापछि जिल्ला कारागार, कैलालीबाट रिहा गरियो।

शाही घोषणाका विरुद्धमा जुलुस प्रर्दशन गरिरहेको अवस्थामा नेकाँ, कैलालीका सभापति चन्द्रसिंह भट्ट, पुर्व सांसद गंगाबहादुर कुँवर, दीर्घराज भट्ट र आनन्द जोशीलाई ०६१ फागुन १६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जेल चलान गरे। पीडितहरूलाई ०६२ जेठ ३१ गते जिल्ला अदालतको रोहवरमा रिहा गरियो।

शाही घोषणाको विरुद्धमा जुलुस प्रर्दशन गरिरहेको समयमा अनेरास्ववियूका केन्द्रीय सदस्य यज्ञराज ढुङ्गाना, कैलाली बहुमुखी क्याम्पस स्ववियु सचिव पूर्ण कुँवर, नेविसंघ (प्रजातान्त्रिक) का जिल्ला अध्यक्ष पुष्पकुमार शाही, कैलाली बहुमुखी क्याम्पस इकाइ समिति अध्यक्ष लक्ष्मण शाही र कृष्ण रावतलाई ०६१ चैत ४ गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक महिनापछि रिहा गरे।

अनेरास्ववियु एकिकृतका जिल्ला अध्यक्ष लक्षीराम आचार्य र जनमोर्चा नेपालका कार्यालय सचिव दानबहादुर चौधरीलाई राजतन्त्रको विरुद्धमा नारा लगाएको आरोपमा ०६१ चैत २४ गते धनगढीबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू एक महिनापछि जिल्ला अदालतको रोहवरमा रिहा भए।

शाही घोषणाको विरुद्धमा शान्तिपूर्ण जुलुस प्रदर्शन गरिरहेका नेकाँ क्षेत्रीय कमिटीका सचिव गोविन्दराज जोशी, कैलाली क्षेत्र न. ५ का सभापति शेरसिंह प्रताव, दलित नेता मनिराम देवल, नेकाँ महाअधिवेशन प्रतिनिधि धर्मराज भट्ट, प्रेमलाल चौधरी, नेकपा (एमाले) जिल्ला कमिटी सदस्य झलकप्रसाद चौधरीलाई ०६१ चैत २६ गते सुरक्षाकर्मीहरूले गिरफ्तार गरी जेल चलान गरे। पीडितहरू ४५ दिनपछि रिहा भए।

शाही घोषणाको विरुद्धमा जुलुस प्रर्दशन गरिरहेका नेकाँ कैलालीका सहसचिव प्रेमराज जोशी र ट्रेड यूनियन कांग्रेसका केन्द्रीय उपाध्यक्ष भक्तबहादुर कार्कीलाई ०६२ जेठ ६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जेल चलान गरे। पीडितहरूलाई ०६२ साउन ३ गते जिल्ला कारागार कैलालीबाट रिहा गरीयो।

माओवादीद्वारा अपहरित गोर्खा राइफलमेनमा कार्यरत गुल्मीका दुर्गाबहादुर सिह, तनहुँका छिरङ्ग दोर्जे र पर्वतका अर्जुनकुमार श्रेष्ठ

सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला अदालत कैलालीमा ०६१ माघदेखि ०६२ पुस १६ गतेसम्म विभिन्न प्रकृतिका गरी जम्मा पाँचसय १७ ओटा मुद्दा दर्ता भए। जसमध्ये एकसय ८१ ओटा मुद्दाको फैसला भएको छ भने तीनसय ७६ ओटा मुद्दाहरू फैसला हुन बाँकी रहेका छन्। जसमा दुनियाबादी फौजदारी मुद्दा अन्तर्गत ३६, सम्बन्ध विच्छेद सम्बन्धी नौ, विशेष अदालत सम्बन्धी दुई, वन सम्बन्धी १९, दुनियाबादी सम्बन्धी ७९, साधारण देवानी सम्बन्धी दुईसय ४४ र सरकारवादी सम्बन्धी एकसय २८ ओटा मुद्दा दर्ता भएका थिए ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

नेको मनुवा गाविसका सभापति प्रजापति उपाध्यायको घरमा ०६१ माघ ३ गते माओवादीले लुटपाट गरे। माओवादीले उपाध्यायको घरबाट नगद र जिन्सी करिब २ लाख बराबरको सामान लुटेर लगेको पीडितले बताए।

थापापुर गाविस गौंचर र खैरगाका रामध्वज चन्दको पाँच बिगाह जमिनमा सर्वसाधारणद्वारा रोपिएको धान र अन्नबाली ०६२ कार्तिक ३ गते सुरक्षाकर्मीले काटेर लगे। चन्दको जग्गा माओवादीले कब्जा गरी सर्वसाधारणलाई खेती लगाउन दिएका थिए।

धनगढी नपा-२ क्याम्पसरोड निवासी ३२ वर्षीय गणेशप्रसाद तिवारीको घरमा सुरक्षाकर्मीलाई सेन्ट्री बस्न दिएको आरोप लगाई माओवादीले ०६१ फागुन २९ गते बिहान उनको घरमा बम विस्फोटन गराई घर क्षतिग्रस्त बनाए। विस्फोटबाट पीडित तिवारीकै घरसग जोडिएको विर्खबहादुर सिंहको घरसमेत क्षतिग्रस्त भयो। यसैगरी पीडित विर्खबहादुर सिंहको घरमा भाडामा पसल गरी बसेका फुलबारी निवासी नमप्रसाद शर्माको १० लाख बराबरको सामान नष्ट पनि भयो।

रामसिखरझाला-७ का दानबहादुर शाहीको घरमा ०६१ माघ २५ गते माओवादीहरूले लुटपाट र आगजनी गरे। माओवादीहरूले शाहीको ट्र्याक्टर र धान पनि लुटेर लगे।

धनगढी नपा भन्सार रोडस्थित दीपेन्द्र प्रहरी बोर्डिङ स्कूलको भवनमा ०६२ वैशाख १३ गते राति माओवादीले बम विस्फोट गराए। उक्त विस्फोटबाट पाँच लाख रकम बराबरको क्षति भएको प्रहरीले जानकारी दियो।

धनगढी नपा-५ हसनपुरस्थित ऐश्वर्य विद्या निकेतन उच्च माविले आफ्नो पार्टीले निर्णय गरेको अनिश्चितकालीन शैक्षिक हडतालको अवज्ञा गरेको आरोप लगाई ०६२ वैशाख १५ गते राति माओवादीले विद्यालय भवनमा बम विस्फोट गराई विद्यालय भवनमा क्षति पुऱ्याए। बम विस्फोटबाट विद्यालयको आठओटा कोठामा क्षति पुग्यो।

धनगढी नपा-५ हसनपुरस्थित जेसिज एभरेष्ट इङ्गलिस बोर्डिङ स्कूलले आफ्नो पार्टीले गरेको शैक्षिक हडतालको अवज्ञा गरी विद्यालय सञ्चालन गरेको आरोप लगाई माओवादीले ०६२ वैशाख १६ गते राति बम विस्फोट गराए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

धनगढी नपा-७ का २८ वर्षीय रघुवीर चौधरी भारतको पलियाबाट आफ्नो घरतर्फ आइरहेको अवस्थामा माओवादीको आरोपमा धनगढीको फुलबारी बसपार्क नजिकैबाट ०६१ माघ ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। उनलाई माघ १० गते जिल्ला कारागार चलान गरियो।

सुरक्षाकर्मीद्वारा कुटपिट गरिएकी डम्बराकुमारी ताडी

हुम्ला जिल्ला गोठी गाविस-८ का २२ वर्षीय कमलजंग शाहीलाई ०६२ जेठ ६ गते कैलालीको बनबेहडाबाट सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरे। पीडितको परिवारका अनुसार शाही विगत एकवर्षअघि माओवादी गतिविधिमा लागेको भएपनि हाल माओवादी गतिविधि त्यागी सामान्य जीवनयापनका लागि भारततर्फ गइरहेको अवस्थामा सुरक्षाकर्मीले गिरफ्तार गरेको बताए।

ताहामती-७ जुम्लाका २१ वर्षीय धनबहादुर रावत र १९ वर्षीय डल्ली रावतलाई माओवादीको आरोपमा ०६२ असार ५ गते बनबेहडाबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। माओवादी गतिविधि त्यागी सामान्य जीवनयापन गर्ने उद्देश्यले भारततर्फ गइरहेको अवस्थामा गिरफ्तार गरिएको पीडितहरूले बताए। हाल दुवैजनालाई कञ्चनपुर जिल्ला कारागारमा राखिएको छ।

बलिया गाविस-८ भुरुवाका २२ वर्षीय नरेन्द्रप्रसाद उपाध्यायलाई ०६२ साउन ४ गते सेती अञ्चल अस्पतालको परिसरबाट सुरक्षाकर्मीले गिरफ्तार गरी जेल चलान गरे। पीडितलाई दुईजना महिला माओवादीलाई उपचार गर्न ल्याएको आरोपमा गिरफ्तार गरिएको थियो।

जाजरकोट जिल्ला पुन्म गाविस-२ सिथ्याग्रा घर भई भे.१.ख ७८६ नम्बर बसका खलासी २० वर्षीय शेरबहादुर अधिकारी र सोही बसका कन्डक्टर यादव न्यौपानेलाई ०६२ साउन १९ गते माओवादीको आशंकामा बनबेहडा सशस्त्र

प्रहरी गण चेकपोष्टबाट सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये न्यौपानेलाई भोलिपल्ट रिहा गरियो भने अधिकारीलाई कञ्चनपुर कारागार चलान गरियो।

मसुरिया गाविस-३ अण्डैयाका १९ वर्षीय लालबहादुर विश्वकर्मालाई माओवादीको आशंकामा ०६२ साउन २३ गते सुरक्षकर्मीले सेती अञ्चल अस्पतालको परिसरबाट गिरफ्तार गरे। आफ्नी आमाको उपचारमा संलग्न भएको अवस्थामा गिरफ्तार गरिएका पीडितलाई असोज १२ गते कैलाली जिल्ला कारागारबाट रिहा गरियो।

गर्दारया गाविस धर्मापुरका ३० वर्षीय धनबहादुर चौधरीलाई हर्सुलियाबाट सर्चमा गएको सुरक्षाकर्मीले माओवादीको आरोपमा ०६२ साउन २८ गते दिउँसो घरबाटै गिरफ्तार गरी एक हप्तापछि हर्सुलिया बेसक्याम्पबाट रिहा गरे।

बलिया गाविस-८ का २० वर्षीय रमेश बिष्ट र १९ वर्षीय विमल क्षेत्रीलाई ०६२ साउन ३० गते सर्चमा गएको सुरक्षाकर्मीको टोलीले कैलालीको मसुरियाबाट माओवादीको आरोपमा गिरफ्तार गरी साउन ३२ गते मानवअधिकारकर्मीको रोहबरमा रिहा गरे।

सुतार गाविस-३ चाफागाउँकी २३ वर्षीय लक्ष्मी रावललाई भारतबाट उपचार गरी फर्कने क्रममा ०६२ भदौ २ गते सुरक्षाकर्मीले टीकापुर क्षेत्रबाट गिरफ्तार गरे। रावल माओवादीद्वारा संचालित एफएमको कार्यक्रम संचालकका‌रूपमा काम गर्दै आएकी थिइन्। पीडितलाई २२ दिनसम्म हिरासनमा राखी भदौ २४ गते जिल्ला कारागार कैलाली चलान गरियो।

गदरिया गाविस-१ धर्मापुरका ३० वर्षीय चुन्नु चौधरीलाई सर्चमा गएको सुरक्षाकर्मीले माओवादीको आरोपमा ०६२ भदौ ९ गते बिहान फूलबारी गाविस-४ स्थित पच्चीस घरबाट गिरफ्तार गरी हाल जिल्ला कारागारमा राखिएको छ।

हर्सुलिया गाविस-२ बर्कामुडाका ३५ वर्षीय रामबहादुर चौधरी र सोही गाविस-१ भितरियाका ५१ वर्षीय लक्ष्मण चौधरीलाई माओवादीको आशंकामा ०६२ भदौ १४ गते सर्चमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी दुई हप्तापछि तेघरी ब्यारेकबाट रिहा गरे।

हर्सुलिया गाविस-२ बड्कामुडाका ३४ वर्षीय भोला चौधरीलाई माओवादीको आरोपमा ०६२ भदौ १५ गते हर्सुलिया बेसक्याम्पका सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तार गरिएका आफन्तहरू रामबहादुर चौधरी र लक्ष्मण चौधरीलाई भेट्न गएको अवस्थामा पीडितलाई गिरफ्तार गरिएको थियो। उनी एक महिनापछि तेघरी ब्यारेकबाट रिहा गरियो।

बर्दिया जिल्ला बदालपुर गाविस-६ का फिरुलाल चौधरी र सोही जिल्लाको बनीमारा गाविस-४ का श्यामबहादुर चौधरीलाई माओवादीको आरोपमा ०६२ भदौ २४ गते दिउँसो सर्चमा गएको सुरक्षाकर्मीले बलिया गाविसको बलचौरबाट गिरफ्तार गरे। पीडितहरूलाई दुई महिना हिरासतमा राखी कार्तिक २३ गतदेखि जिल्ला कारागार कैलालीमा राखिएको छ।

टीकापुर नपा-१ मौवाका २२ वर्षीय खडकबहादुर चौधरीलाई ०६२ पुस ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई स्थानीय व्यापारी ओमनारायण श्रेष्ठको पसलमा माओवादीको नाममा चन्दा असुल गरिरहेको अवस्थामा टीकापुर इलाका प्रहरी कार्यालयका सुरक्षाकर्मीले गिरफ्तार गरेका थिए। पीडितलाई अनुसन्धानमा राखिएको छ।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरिएका लौटन चौधरी

बसौटी गाविस-९ का २३ वर्षीय लौटन चौधरीलाई सर्चमा गएको सुरक्षाकर्मीले सुराकीको आरोपमा ०६२ कार्तिक १६ गते बिहान घरबाटै गिरफ्तार गरे। पीडितलाई ०६२ पुस ६ गते तेघरी ब्यारेकले मानवअधिकारकर्मी र पत्रकारको रोहबरमा आफन्तको जिम्मा लगायो।

धनगढी नपा-१ कटानका २२ वर्षीय भरत कुँवरलाई ०६२ पुस १० गते दिउँसो माओवादीको आरोपमा सादा पोसाकका सुरक्षाकर्मीले धनगढी क्याम्पस रोडबाट गिरफ्तार गरे। पीडितलाई पुस १३ गतेदेखि जिल्ला कारागारमा राखिएको छ।

बलिया गाविसको लम्की बजारका ३१ वर्षीय चुडामणि भण्डारीलाई माओवादीलाई चन्दा दिएको आरोपमा आफ्नै पसलबाट ०६२ पुस १५ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरे।

बालअधिकार

धनगढी नपा-८ शिक्षानगरकी १४ वर्षीय बालिकालाई सोही घरमा डेरा गरी बस्ने भारतीय नागरिक २८ वर्षीय नरसद अलीले ०६२ असोज २७ गते डेरामा नै बलात्कार गरे। पीडक अलीलाई अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालयमा राखिएको छ।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार बलात्कार प्रयास

श्रीपुर गाविस-३ मगरटोलकी २२ वर्षीय एक महिलालाई मालाखेती गाविस खैरानीका २५ वर्षीय जगुवा चौधरीले ०६२ जेठ २ गते जंगलमा दाउरा काट्न गएको बेला बलात्कार गरे। बलात्कार गरिएको थाहा पाएपछि उनका पतिले पीडितलाई घरबाट निकाले। पीडकलाई कारवाही भएन।

बोक्सीको आरोपमा दूर्व्यवहार गरिएकी भुक्नी चौधरी

धनगढी नपा-१२ जुगेडाकी १९ वर्षीय एक युवतीलाई सोही ठाउ बस्ने २५ वर्षीय भीमबहादुर सिंहले ०६२ कार्तिक १५ गते गाईवस्तु चराउन जंगल गएको अवस्थामा बलात्कार गर्ने प्रयास गरे । पीडकले माफी मागेपछि घटना साम्य भएको थियो।

दूर्व्यवहार

श्रीपुर गाविस-४ की ४५ वर्षीय आसारानी चौधरीलाई उनकै देवर नाता पर्ने ३५ वर्षीय विष्णु चौधरीले बोक्सीको आरोपमा ०६२ वैशाख ३ गते कुटपिट गर्नुको साथै दिसा पिसाब समेत खुवाए। स्थानीय प्रत्यक्षदर्शी तपराज पन्त र पीडित चौधरीकाअनुसार बोक्सी भएको र गाई, भैंसी र बच्चा बच्चीलाई बिरामी पार्दै आएको आरोपमा पीडक बिष्णु चौधरीले दिसा पिसाब ख्वाएको र कुटपिट गरिएको थियो। पीडकलाई कुनै कारवाही भएन।

उर्मा गाविस-७ धुर्जन्नास्थित कमैया शिविर की ५५ वर्षीय भुक्नी चौधरीलाई सोही ठाउँ बस्ने २८ वर्षीय प्रेमसागर चौधरीले आफ्नी पत्नीलाई बोक्सी लगाएर बिरामी बनाएको अरोप लगाई ०६२ मंसिर १९ गते कुटपिट गर्नुकासाथै दिसा खुवाएर जुत्ताको माला लगाइ गाउँ घुमाए। पीडित चौधरीको कपालसमेत काटिएको थियो। पीडकलाई कुनै कारवाही भएन।

सात राजनीतिक दलद्वारा निकालिएको जुलुसमाथि प्रहरीद्वारा भएको हस्तक्षेप

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार 'जातीय छुवाछूत समेत

कैलाली जिल्ला चौमाला गाविस-७ का ४५ वर्षीय चक्रबहादुर रसाईलीले बेच्न ल्याएको दूध, चौमाला गाविस-५ मंगलपुरका दूध व्यापारी ४० वर्षीय पिताम्बर पोखरेलले नकिन्ने भनी ०६२ जेठ ८ गते बिहान बहिष्कार गरे। पीडक दूध व्यापारी पोखरेल विगत एक वर्षदेखि चौमाला गाविस भरी दूध संकलन गरी धनगढी मस्जिद रोडस्थित आमा डेरीमा ल्याइ बिक्री गर्ने गर्दथे।

मालाखेती गाविस-४ चौकीडाडाका २८ वर्षीय पदमबहादुर नेपाली कालो चस्मा लगाएर हिँडिरहेको अवस्थामा सोही ठाउँ बस्ने वर्ष २६ का गणेशबहादुर बोगटीले तल्लो जातकाले पनि आँखामा कालो चस्मा लगाएर हाम्रो अगाडि हिंडेर अपमान गर्ने भन्दै ०६१ चैत २६ गते कुटपिट गरी घाइते बनाए।

फूलबारी गाविस-५ डिफोबजार की २० वर्षीय अमृता दर्जीलाई सोही ठाउँकी बाहुनी बजै नामले चिनिने महिलाले ०६२ आसोज २४ गते व्यापारीले बेच्न ल्याएको अचार छोएको अरोपमा अमानवीय व्यवहार गरिन्।

क्षेत्रीय दलित नेटवर्क कैलालीका अध्यक्ष गणेश विके र यज्ञराज रसाइलीलाई धनगढी नपा-१२ जुगेडाका ३२ वर्षीय पदमबहादुर सिंहलगायतका गैरदलितहरूले ०६२ असोज २६ गते दिउँसो हातपात गर्नुकासाथै गालीगलौज गरे। दशैंको उपलक्ष्यमा क्षेत्रीय दलित नेटवर्क कैलालीले आयोजना गरेको मिलन कार्यक्रम पीडक सिंहलगायत अन्य गैरदलित व्यक्तिहरू आई डुमहरूले पनि ठूला भएर, जान्ने भएर, हाम्रो ठाउँमा कार्यक्रम गर्ने भन्दै हातपात र गालीगलौज गरेका थिए। पीडितहरूले कार्यक्रममा हस्तक्षेप गरी ब्यानर,पर्दा र माइकको तारसमेत काटेका थिए। पीडित सिंहलगायत अन्य व्यक्तिहरूको नाममा जिल्ला अदालत, कैलालीमा मुद्धा दायर गरिएको क्षेत्रीय दलित नेटवर्कले जनाएको छ।

विविध

संरचना क्षति

श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरबाट बा.१.ख. ९४२१ नम्बरको ट्रकमा डोटी जिल्लाको दिपायलतर्फ लगिँदै गरिएका तालिम पुस्तिका र तालिम सम्बन्धी क्यासेटमा ०६१



शाही कदमको विरूद्धमा सात राजनीतिक दलद्वारा निकालिएको विरोध जुलुस

माघ १७ गते माओवादीले मसुरियामा आगो लगाई दिए।

जिल्ला अदालत कैलालीको भवनमा ०६१ फागुन ६ गते राति माओवादीले एक बम विस्फोट गराए। उक्त बम विस्फोटनबाट दुई लाख बराबरको क्षति भएको कुरा जिल्ला प्रशासन कार्यालयले जनायो।

धनगढी नपा-३ स्थित त्रिनगर प्रहरी चौकी भवनमा ०६१ फागुन ९ गते राति माओवादीले बम विस्फोट गराइ भवन क्षतिग्रस्त बनाए। विस्फोटनबाट तीन लाख बराबरको क्षति भएको सुरक्षास्रोतले जनायो।

जिल्ला मालपोत कार्यालयको भवनमा ०६१ फागुन २३ गते दिउँसो माओवादीले बम विस्फोट गराई कार्यालय भवन पूर्णरूपमा ध्वस्त पारे। उक्त विस्फोटमा परी मालपोत कार्यालयका पियन डिल्लीबहादुर रावत र एकजना सुरक्षाकर्मी सामान्य घाइते भए। विस्फोटका कारण आठलाख रूपैयाँ बराबरको क्षति भयो।

धनगढी नपा-३ स्थित भन्सार कार्यालय भवनको तल्लो तला, यात्रु शाखा, ब्यारियर चेकपोष्ट र भन्सार चौकीमा ०६१ चैत ४ गते बिहान माओवादीले एकै समयमा बम विस्फोटन गराए। उक्त विस्फोटबाट कुनै मानवीय क्षति नभए पनि भवनहरू पूर्णरूपमा क्षतिग्रस्त भए।

मालाखेती गाविसअन्तरगत पर्ने अत्तरिया बजारमा वेस संस्थाले सञ्चालन गर्दै आएको घोडाघोडी सामुदायिक एफएममा ०६२ जेठ ५ गते राति माओवादीले लुटपाट गरी एफ.एमका सम्पूर्ण सामग्रीहरू लुटेर लगे। माओवादीले १० लाख २७ हजार ४४ हजार बराबरको सामान लुटेर लगेको एफएमका कर्मचारीहरूले जनाए।

धनगढी नपा-३ भन्सार रोडस्थित विद्युत प्राधिकरणको कार्यालयमा ०६२ जेठ १९ गते राति माओवादीले कार्यालयमा रहेका दुईजना कर्मचारीलाई आफ्नो नियन्त्रणमा लिई बम विस्फोट गराई क्षतिग्रस्त बनाए। विस्फोटबाट ३५ लाख रूपैयाँ बराबरको क्षति भएको सो कार्यालयका प्रमुखले बताए।

५.२ अछाम



जनसंख्या	: २४५८६५
साक्षरता प्रतिशत	: ३८
महिला साक्षरता प्रतिशत	: १९
क्षेत्रफल (वर्ग कि. मि.)	: १६८०
गाविस/नपा संख्या	: ७५/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३७७
क्याम्पस/उच्च मा.वि.	: २/४
अस्पताल/स्वास्थ्य चौकी	: २/७६
टेलिफोन लाइन	: २३
मोटर सडक (कि. मि.)	: ८६
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ७९
मानव विकास सूचकांक	: ०.३५०
प्रति परिवार सरदर संख्या	: ५.५९

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

बुढाकोट गाविसमा ०६१ माघ २५ गते सुरक्षाकर्मीले नाम खुल्न नसकेका एक व्यक्तिको गोली हानी हत्या गरे। माओवादीले उनीहरूको अभियानका लागि अपहरण गरेका पीडितलाई सुरक्षाकर्मीले मार्कू गाविसबाट गिरफ्तार गरेका थिए।

मंगलसेन गाविसकी माओवादी कार्यकर्ता २१ वर्षीय राधा नेपालीलाई ०६१ फागुन १ गते गस्तीमा गएका सुरक्षाकर्मीले तिमिल्सेन गाविसको सुकीबागमा नियन्त्रणमा लिई गोली हानी हत्या गरे।

नन्देगडा गाविस मौमेरीका ७० वर्षीय लालसिंह साउदको ०६१ फागुन १६ गते आफ्नै चिया पसलमा बसिरहेको अवस्थामा साँफेबगर बेस क्याम्पबाट गस्तीमा

गएको सुरक्षाकर्मीले बजार क्षेत्रमा अन्धाधुन्द प्रहार गरेको गोली लागी मृत्यु भयो। बजार क्षेत्रमा माओवादी रहेको जानकारी पाएपछि सुरक्षाकर्मीले घरको छानामा चढी अन्धाधुन्द गोली चलाएका थिए। मृतकका परिवारले क्षतिपूर्तिको लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिए पनि हालसम्म पनि कुनै कारवाही नभएको बताए।

दोहोरो भिडन्त

मंगलसेन सदरमुकाम कार्यालयहरूमा ०६१ माघ ११ गते राति माओवादीले आक्रमण गर्दा दोहोरो भिडन्त भयो। भिडन्तमा परी नाम ठेगाना नखुलेका दुई माओवादी कार्यकर्ताको मृत्यु भयो। माओवादीले आक्रमण गरी क्षति पुऱ्याएका कार्यालयहरूमा जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, जिल्ला वन कार्यालय, कृषि, जिल्ला प्राविधिक कार्यालय रहेका छन्।

वीरपथ गाविसको ढाटीखाद खानडाँडा जंगलमा ०६२ साउन ४ गते माओवादी र सुरक्षाकर्मीबीच भिडन्त हुँदा भिषण भनिने माओवादी कार्यकर्ताको मृत्यु भयो। बिहान ७ बजेदेखि दुई घण्टासम्म भएको भिडन्तमा सुरक्षाकर्मीतर्फबाट हेलिकोप्टरबाट हवाई फायरिङ भएपछि मात्र भिडन्त रोकिएको थियो। मंगलसेन ज्वाला दल गणबाट सर्चमा गएको सुरक्षाकर्मीलाई माओवादीले जंगलबाट आक्रमण गरेका थिए।

जेल र बन्दीहरू

कूल २५ जना बन्दी क्षमता भएको अछाम जेल 'घ' श्रेणीको हो। माओवादी आक्रमणका कारण भत्किएको भवन हाल जीर्ण अवस्थामा छ भने नया जेल घर निर्माणको लागि पहल भइरहेको छ। शान्ति सुरक्षाका कारण बन्दीहरूलाई बंकरमा राख्ने गरिएको छ। यहा कैदी नौजना जसमा एक महिला र आठ पुरुष, कर्तव्य ज्यान मुद्दामा आठ र जबरजस्ती करणी मुद्दामा एक छन् भने नजरबन्द थुनुवा पाँचजना छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

कञ्चनपुर जिल्ला रामपुर विलासपुर गाविस घर भई दैलेख जिल्लामा कार्यरत प्रहरी जवान २२ वर्षीय कर्णबहादुर ऐरलाई ०६२ वैशाख २ गते तल्लो डुंगेश्वरबाट माओवादीले अपहरण गरे। पीडितलाई भदौ १२ गते कालिका गाविस वीरखम्मबाट इन्सेक प्रतिनिधिको रोहवरमा मुक्त गरे।

मंगलसेन गाविस-५ घर भएका जनालीबंडाली गाविसका सचिव ५० वर्षीय देवराज ठुंगना (जैशी) लाई माओवादीले ०६२ जेठ २ गते जनालीबडालीस्थित गंगा निमाविको प्रांगणमा विद्यालय व्यवस्थापन समितिको बैठकबाटै अपहरण गरे। पीडितका बारेमा इन्सेक प्रतिनिधि र मानवअधिकार संस्थाले प्रेस विज्ञप्ति प्रकाशित गरेपछि जेठ २३ गते कालागाउँ गाविसबाट उनलाई मुक्त गरे।

चण्डिका गाविस-३ का ललितबहादुर कुँवरलाई स्थानीय सडक निर्माणमा भ्रष्टाचार गरेको उजुरी माओवादीमा परेको भनी ०६२ साउन २४ गते उनलाई माओवादीले उनकै घरबाट अपहरण गरे। पीडितलाई असोज ५ गते मुक्त गरे।

सेरा गाविस-१ का प्रगतिसंघ जिल्ला कमिटीका अध्यक्ष लक्ष्मीप्रसाद अधिकारी, सोही गाविस-५ का निवर्तमान गाविस उपाध्यक्ष रतन उखेडा र बाल्नातोली गाविस-९ घर भएका एमाले इलाका नं. ८ का उपसचिव २७ वर्षीय तपेन्द्र रावललाई ०६२ भदौ २ गते माओवादीले उनीहरूको आ-आफ्नै घरबाट अपहरण गरे। पीडितहरूलाई असोज ५ गते धरौटीमा भाटाकाटीया गाविसबाट मुक्त गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या									५	५	१		६
गिरफ्तारी/यातना									२०	२९	२	६	३७
कुटपिट					१	१		१	४	१८			१८
धम्की					३	२	१	३	२	३			३
महिलाअधिकार	३		३	३									
बालअधिकार									१		१		१
अमानवीय व्यवहार					२	२	२	४					
अपहरण	१	१		१	९	११		११					
जम्मा	४	१	३	४	१५	१६	३	१९	३२	५५	४	६	६५

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

विनायक गाविस-४ की १८ वर्षीय जानकी धामीलाई उनका पति माओवादी भएको आरोपमा ०६१ पुस २९ गते सुरक्षाकर्मीले घरमा बसिरहेको अवस्थामा ज्यान मार्ने धम्की दिई घरमा भएको सबै प्रकारका खाद्यान्न एकै ठाउँमा मिसाई दिए।

विनायक गाविस-१ का ३५ वर्षीय कढे न्यौपाने र ३५ वर्षीय अम्मरे धामी माओवादी भएको आरोपमा ०६१ माघ १ गते सुरक्षाकर्मीले उनीहरूलाई कुटपिट गरे।

विनायक गाविसका २८ वर्षीय पदमराज बजगाईं, २४ वर्षीय परू बजगाई, ३५ वर्षीय कुस्माखर बजगाई, ३७ वर्षीय चक्रप्रसाद तिमल्सिना, ४९ वर्षीय प्रभुनाथ अधिकारी, २५ वर्षीय सत्यराज अधिकारी, ४८ वर्षीय देउमनी अधिकारी, ५८ वर्षीय धनीराम अधिकारी, २४ वर्षीय मयराम अधिकारी, ५० वर्षीय विजय अधिकारी, ५६ वर्षीय लक्ष्मी अधिकारी, १८ वर्षीय युवराज सन्ज्याल, २८ वर्षीय पहल रावत, ३२ वर्षीय दल विकलाई विनाआरोप ०६१ माघ २ गते मंगलसेनबाट गएका सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

भाग्यश्वर गाविस-७ का ५५ वर्षीय दानबहादुर बोहराले छहजार रूपैयाँ चन्दा नदिएको आरोपमा ०६२ असार ९ गते माओवादीले सर्वस्वहरण र जीवनको ग्यारेन्टी नभएको धम्की दिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

नेपाल पत्रकार महासंघ जिल्ला शाखा अछामले ०६२ कार्तिक २४ गते वर्तमान सरकारले ल्याएको सञ्चार अध्यादेश जलाई विरोध जनायो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा एउटा पनि मुद्दा दर्ता भएनन्। पुराना दर्ता भएका मुद्दाहरूमा जम्मा पाँचओटा छन् डाँका चोरी दुई, गर्भपतन एक, लागू औषध एक, देवानी एक मुद्दाहरू अदालतमा न्यायाधीशको उपस्थिति हुन नसकेकाले फैसला भएका छैनन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

कालागाउँ गाविसका जयबहादुर सोडारीले आफ्नो औषधि पसलका लागि लैजाँदै गरेको औषधि ०६२ असार ३० गते जयगढ बजारबाट सुरक्षाकर्मीले मंगलसेन फिर्ता पठाए। नौओटा खच्चरमा ढुवानी गरिएको सम्पूर्ण औषधि माओवादीले प्रयोग गर्छन् भन्ने आरोपमा सुरक्षाकर्मीले फिर्ता पठाएका थिए। साँफेबगरबाट औषधि ढुवानी गर्दा स्थानीय प्रशासनको स्वीकृति लिनुपर्ने व्यवस्था गरिएको छ।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी / यातना

सेरा गाविस-५ का २५ वर्षीय अम्मरे दमाई, २१ वर्षीय पपू उखेडा, २० वर्षीय पदम विष्ट, १८ वर्षीय रतन विष्ट, १९ वर्षीय कमल भाट र मलालीकोट गाविस तालिका मानबहादुर विकलाई माओवादीलाई सघाएको आरोपमा ०६१ पुस २८ गते सुरक्षाकर्मीले उनीहरूकै घरबाट गिरफ्तार गरे। गिरफ्तार गरिएका सबैलाई केही दिनपछि रिहा गरियो।

विनायक गाविस-६ का २८ वर्षीय उजीरसिंह रोकाया माओवादीको चिठ्ठी पुऱ्याउन गएको आरोपमा ०६१ माघ ३ गते सुरक्षाकर्मीले उनलाई बाटोबाटै गिरफ्तार गरे। पीडित हाल रिहा भइसकेका छन्।

साँफेबगर रुट चल्ने ११७१ नं. बसका खलासी सुरेश जोशीलाई ०६२ जेठ १७ गते सशस्त्र प्रहरीको कुकुरलाई

सदरमुकामस्थित कृषि कार्यालयमा माओवादीले बम विस्फोट गराउँन लाग्दा आफ्नै बम पड्किएर मृत्यु भएका माओवादी कार्यकर्ताहरू

किचेर मारेको आरोपमा सशस्त्र प्रहरीले ५० मिटरसम्म हातको कुहिनाले पक्की सडकमा हिंड्न लगाए। प्रभाली गाड पुल नजिक भएको घटनाका पीडितको उपचार खप्तड मेडिकलमा भयो। हिंडाएका कारण जोशीको कुहिनो रक्ताम्मे भएको थियो।

कुसकोट गाविस-६ का २० वर्षीय लक्ष्मण साउदलाई माओवादीको आरोपमा ०६२ असार २३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई हिरासतमा विद्युत प्रवाह गरिएको बाल्टिनमा टाउको डुबाउन लगाइएको थियो। पीडित साउन १ गते रिहा भए।

सुरक्षाकर्मीद्वारा गिरफ्तार गरी यातना दिइएका लक्ष्मण साउद

दैलेख जिल्ला घर भई कमलबजारका व्यापारी कमल रावत, कइका गाविस कुइकाका शिक्षक आत्माराम उपाध्याय, ढुंगा चाल्ना गाविसकी निर्मला चलाउने र माओवादी कार्यकर्ताहरू निराजन, योद्धा, धर्ती भनिनेलाई ०६२ असार २८ गते सुरक्षाकर्मीले बेग्लाबेग्लै ठाउँबाट गिरफ्तार गरे। पीडितहरूमध्ये निराजन र योद्धा सुरक्षाकर्मीको नियन्त्रणमा रहेका छन् भने अन्य सबै रिहा भइसकेका छन्।

तिमिल्सेन गाविसका २२ वर्षीय किरण खत्रीलाई ०६२ असार ३० गते सुरक्षाकर्मीले माओवादीको आरोपमा मंगलसेनबाट गिरफ्तार गरे। पीडिलाई सोधपुछपछि ०६२ असार ३१ गते रिहा गरियो।

कालागाउँ गाविस-३ का अशोक भण्डारी, अनिल बान्नातोली गाविसका लोचन रावल र चाफामाण्डा गाविसका वृख मिजारलाई माओवादीको आरोपमा ०६२ कार्तिक २ गते विहान सुरक्षाकर्मीले कालागाउँ गाविसबाट गिरफ्तार गरे। पीडितहरूलाई नजरबन्दमा राखिएको छ।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

बढदेवी गाविस-४ की १७ वर्षीय एक युवतीलाई ०६२ जेठ ५ गते नन्देगडा गाविसका चेतमान साउदले रिठागाउँ गोठी वन खोलामा गहुँ पिधेर घर आइरहेको अवस्थामा बलात्कार गर्ने प्रयास गरे।

विगतको अनुगमन

जनालीबढाली गाविसका २४ वर्षीय हरिकला भण्डारीलाई सुराकीको आरोपमा ०६१ असोज ५ गते जनाली वडाली गाविसको ठूलासैन बजारबाट माओवादीले अपहरण गरेकोमा पीडित हाल मुक्त भइसकेकी छन्।

भागेश्वर गाविस-७ घर भई महेन्द्र माध्यमिक विद्यालयमा अध्ययनरत १७ वर्षीय दीपेन्द्र बोहरालाई ०६० असोज १५ गते नागरिकता बनाउन जिल्ला प्रशासन कार्यालयमा जाँदा मंगलसेन बजारबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म पनि स्थिति अज्ञात रहेको छ। पीडितको बारेमा बेला बेलामा जानकारी गराउँदा पनि कुनै वास्ता नगरेको पीडितको आमाले बनाइन्।

ठाटी गाविस-२ का शैलेन्द्र शाहलाई ०६० भदौ १९ गते र बीरपथ गाविस-५ का छत्रबहादुर शाही र सांही गाविस-६ का भीमबहादुर शाहीलाई ०६० असोज ९ गते आ-आफ्नै घरबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा हालसम्म पनि उनीहरूको स्थिति अज्ञात रहेको छ। पीडितका परिवारले खोजबिन गर्दा सुरक्षाकर्मीले गिरफ्तार नगरेको बताए।

५.३ डोटी



जनसंख्या	: २२५३६८
साक्षरता प्रतिशत	: ४३
महिला साक्षरता प्रतिशत	: २०
क्षेत्रफल (वर्ग कि. मि.)	: २०२५
गाविस नपा संख्या	: ५० १
निर्वाचन क्षेत्र	: २
विद्यालय	: ३२६
क्याम्पस उच्च मा.वि.	: १ ६
अस्पताल स्वास्थ्य चौकी	: ४ ५१
टेलिफोन लाइन	: ५००
मोटर सडक (कि. मि.)	: २३५
प्रहरी कार्यालय संख्या	: ५
हुलाक संख्या	: ५३
मानव विकास सूचकांक	: ०.४२०
प्रति परिवार सरदर संख्या	: ६.१८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सानागाउँ गाविसको कुन्जेणीमा सुरक्षाकर्मीको गोलीबाट ०६१ चैत १६ गते माओवादी कार्यकर्ता संघर्ष भनिने तेजबहादुर खड्काको मृत्यु भयो।

गोली / बम / विधुतीय धरापद्वारा घाइते

राज्यबाट

वन्लेक गाविसको रोडबाट माओवादीले लुटेर लगेको सामान सुरक्षाकर्मीले फिर्ता गराउने क्रममा ०६१ चैत १६ गते स्थानीय वासिन्दा मानबहादुर धामी सुरक्षाकर्मीको गोलीबाट घाइते भए।

जेल र बन्दीहरू

जेलको बन्दी क्षमता एकसय जनाको रहेको छ। यस वर्ष जेलमा कारागारमा शान्ति सुरक्षा ऐन अन्तर्गत १२ जना, ज्यान मार्ने उद्योगमा तीन, कर्तव्य ज्यानमा चार, डाँका एक, माओवादी पाँच, सैनिक ऐन अन्तर्गत दुईजनालाई राखिएको छ।

बेपत्ता / अपहरण

माओवादीबाट

वन्लेक गाविस-१ का ५० वर्षीय शेरबहादुर भट्टराईले खाना नखुवाएको आरोपमा ०६२ असार ११ गते राति माओवादीले उनलाई अपहरण गरी भोलिपल्ट मुक्त गरे।

काडामाण्डौ गाविस-५ धनुकाडाका २८ वर्षीय ठेउके धानुकलाई ०६२ भदौ १२ गते राति माओवादीले उनकै घरबाट अपहरण गरेकोमा दुई दिनपछि घाडल गाविसबाट मुक्त गरे।

काडामाण्डौ गाविस-४ का ३४ वर्षीय उदयसिं बटालालाई ०६२ भदौ १३ गते राति माओवादीले तपाईसँग केही सोध्नु छ भनी उनकै घरबाट अपहरण गरे। पीडितको अवस्था हालसम्म अज्ञात छ।

काडामाण्डौ गाविस-४ का ६० वर्षीय प्रेमसिं धानुकलाई ०६२ भदौ १३ गते राति माओवादीले घरबाटै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

मान्नाकापडी गाविसस्थित श्री विष्णु निमावि बरालगाउँका शिक्षक २९ वर्षीय चक्रबहादुर जोशीले राजतन्त्र विरोधी नारा लगाएको आरोपमा ०६२ मंसिर १२ गते सुरक्षाकर्मीले उनको परिचयपत्र खोसी जागिर खाइदिन्छु भनी हातपात गरे। पीडितसँग जिल्ला शिक्षा कार्यालयले केही दिनपछि स्पष्टिकरण माग गरी परिचयपत्र फिर्ता दियो।

दीपायल शिलगढी नपा-१ शैलेश्वरी टोलका ३८ वर्षीय वरुण महत, २४ वर्षीय नरेन्द्र नायक र २४ वर्षीय विजय विष्टलाई ०६२ पुस १५ गते मादक पदार्थ खाएका तीन जना प्रहरीले कुटपिट गरे।

माओवादीबाट

वन्लेक गाविस-१ र २ का श्यामबहादुर बलायर, हर्कबहादुर बलायर, चेतबहादुर बलायर, कृष्ण बलायर र विक्रम बलायरलाई ०६१ चैत ११ गते माओवादीले कुटपिट गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित							राज्य पक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट					
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या								१	१	१
घाइते								१	१	१
गिरफ्तारी यातना								८	१५	१५
कुटपिट	६	५	१	६	२	६	६	१	३	३
धम्की	१		१५०	१५०	१	१	१	१	१	१
महिलाअधिकार	५		५	५						
आर्थिक सामाजिक मांस्कृतिक अधिकार					१	१	१			
अमानवीय व्यवहार	१	१		१						
अपहरण					७	८	८			
जम्मा	१३	६	१५६	१६२	११	१६	१६	१२	२१	२१

महादेवस्थान गाविस-९ झुणाका ५१ वर्षीय मानबहादुर मल्ललाई ०६२ जेठ ४ गते माओवादीले कुटपिट गरे। पीडितकी पत्नीलाई पनि माओवादीले कुटपिट गर्न लाग्दा झ्यालबाट हामफाली सदरमुकाममा विस्थापित भएकी छन्।

काडामाडौं गाविस-४ का ६० वर्षीय गगनसिंह बटालालाई सोही गाविसमा भएको घटनाको नेतृत्व गरेको आरोपमा ०६२ कार्तिक २३ गते माओवादीले ज्यान मार्ने धम्की दिए। पीडित हाल सपरिवार विस्थापित भएका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी र फौजदारी गरी २९ मुद्दा दायर भएकोमा २० ओटा फर्स्यौट भई नौओटा बाँकी रहेका छन्। फर्स्यौट भएका मुद्दामा देवानी २१ मा ११ फर्स्यौट भई १० बाँकी, फौजदारी ३२ मा १९ फर्स्यौट भई १३ बाँकी रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

लडागडा गाविस-४ का ७२ वर्षीय भगी साउदको घर ०६१ माघ ११ गते माओवादीले लुटपाट गर्दा २५ लाख रुपैया बराबरको नोक्सानी भएको पीडितले बताए।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

कालिकास्थान गाविस-८ का २४ वर्षीय महादेव साउदलाई ०६१ पुस १६ गते दिपायल एयरपोर्टबाट घर फर्किरहेको अवस्थामा माओवादीको आरोपमा सुरक्षाकर्मीले गिरफ्तार गरी प्रहरी कार्यालयमा राखी मानवअधिकारकर्मीको रोहबरमा पुस १८ गते रिहा गरे।

सानागाउँ गाविसका २४ वर्षीय अर्जुन खड्कालाई ०६१ चैत १९ गते सुरक्षाकर्मीले माओवादीको आरोपमा गिरफ्तार गरी तीन दिनपछि रिहा गरे।

काडामाण्डौ गाविस-९ चइकोटका १६ वर्षीय खेमबहादुर कठायतले चन्दा उठाएको आरोपमा ०६२ असार २५ गते सुरक्षाकर्मीले दिपायलको पिपल्ला बजारबाट उनलाई गिरफ्तार गरे। सिलगढी ब्यारेकमा राखिएका पीडित चार दिनपछि रिहा भए।

महादेवस्थान गाविस-६ काणीका २८ वर्षीय दीर्घबहादुर रोकायालाई माओवादी गतिविधिमा संलग्न भएको आरोपमा ०६२ असार ३१ गते भीमदल गुल्मका सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट गोपघाट इलाकाबाट तारेखमा आउने गरी रिहा गरे। छानबिनपछि पीडितको तारेख हटाइयो।

महादेवस्थान गाविस-८ काणीका शिक्षक ४४ वर्षीय टेकबहादुर रोकायालाई माओवादी भएको आरोपमा ०६२ साउन ४ गते श्री प्रभात उमावि देहीमाण्डौबाट सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरी केही दिन सैनिक ब्यारेकमा राखी तारेखमा रिहा गरे।

गिरचौडा गाविस-७ सिल्लका २३ वर्षीय भक्तबहादुर अधिकारीलाई माओवादीको आरोपमा ०६२ साउन १६ गते सदरमुकामस्थित पदम पब्लिक स्कूलबाट सुरक्षाकर्मीले गिरफ्तार गरी भीमदल गुल्ममा १५ दिन तारेखमा राखी रिहा गरे।

बाजुरा जिल्ला बिच्छेया गाविस-१ का २० वर्षीय जनक थापा, बाजुरा पाण्वा गाविसकै १७ वर्षीय चनकुणा भण्डारी र सोही गाविसकै १८ वर्षीय प्रेमा कार्कीलाई माओवादीको आरोपमा ०६२ पुस १३ गते कामको खोजीमा भारत जान लाग्दा दिपायलको रेडियो नेपाल क्षेत्रीय कार्यालय सुरक्षार्थ रहेका सुरक्षाकर्मीले गिरफ्तार गरे।

विविध

संरचना सम्पत्ति क्षति

वन्लेक गाविसको इलाका हुलाक कार्यालयमा ०६१ चैत ३ गते राति माओवादीले आगो लगाई झण्डै एकलाख ५० हजार रुपैया बराबरको क्षति गराए।

दिपायल शिलगढी नपामा रहेको खानेपानी ट्याङ्कीमा ०६१ चैत ५ गते माओवादीले बम विस्फोट गराए। विस्फोटबाट लामो समयसम्म खानेपानीको अभाव भयो।

वन्लेक गाविस कार्यलयको भवन र सिद्धेश्वरी युवा क्लबमा ०६१ चैत ११ गते माओवादीले आगो लगाए।

डौंड गाविसको ग्रामीण प्रशिक्षण केन्द्रको केन्द्रीय कार्यालयबाट ०६१ चैत १२ गते माओवादीले कागजात र फर्निचरहरू लुटे। लुटिएका सामानहरू हालसम्म पनि फिर्ता गरिएको छैन।

कैलाली जिल्ला धनगढीबाट दिपायलस्थित आफ्नो पसलको लागि सामान ल्याइरहेका पिल्लाका व्यापारी खगेन्द्र पाठकको ना २ ख ८५४० नम्बरको ट्रकमा रहेको सामान ०६१ चैत १२ गते माओवादीले वन्लेक गाविसबाट लुटे। माओवादीले लुटेका सामान सोही गाविसबाट सुरक्षाकर्मीले बरामद गरे।

दिपायल सिलगढी नपास्थित जिल्ला शिक्षा कार्यालयको भवनमा ०६२ वैशाख १२ गते माओवादीले बम विस्फोट गराई झण्डै चारलाख २५ हजार रुपैयाँ बराबरको क्षति गराए।

लाटामाण्डौ गाविसको स्थानीय बजारमा रहेको इलाका रेन्जपोष्टमा ०६२ असार १६ गते माओवादीले कागजात र लुगाहरू लुटे।

५.४ बाजुरा



जनसंख्या : ११७७५१
साक्षरता प्रतिशत : ३५
महिला साक्षरता प्रतिशत : १९
क्षेत्रफल (वर्ग कि. मि.) : २११८
गाविस/नपा संख्या : २७/०
निर्वाचन क्षेत्र : १
विद्यालय : २०१
क्याम्पस/उच्च मा.वि. : १/३
अस्पताल/स्वास्थ्य चौकी : १/२७
टेलिफोन लाइन : १२९
मोटर सडक (कि. मि.) : ०
प्रहरी कार्यालय संख्या : २
हुलाक संख्या : २
मानव विकास सूचकांक : ०.३१०
प्रति परिवार सरदर संख्या : ५.७१

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

ब्रम्तोला गाविस नडाङ घर भएका माओवादी कार्यकर्ता २२ वर्षीय गौतम लुहारलाई ०६१ पुस २७ गते मार्तडीस्थित सुरक्षा क्याम्पबाट गएका सुरक्षाकर्मीले आटिचौर गाविसको दानीगाउँबाट गिरफ्तार गरी सोही गाविस-६ मा पर्ने मैतोलामा पुऱ्याई गोली हानी हत्या गरे।

मानकोट गाविस-४ का माओवादी कार्यकर्ता २२ वर्षीय निरन्तर सिंहको ०६१ फागुन ८ गते सुरक्षाकर्मीले मानकोटमा गरेको कारवाहीबाट मृत्यु भयो। सदरमुकामबाट गम्तीमा गएको सुरक्षाकर्मीले गरेको खोजतलासका क्रममा उनको मृत्यु भएको कुरा सुरक्षा निकायले बतायो। पीडित त्यस वेला निशस्त्र थिए।

माओवादीबाट

मानाकोट गाविस-५ तुडीधाराका जहरे कामीको घरमा ०६२ साउन १८ गते माओवादीले सकेट बम विस्फोट गराउँदा उनका एक छोरा र एक छोरी घाइते भए। घाइतेहरूमध्ये चार वर्षीय छोरा लोकेन्द्र कामीको उपचार गराउँदा गराउँदै सोही दिन राति मार्तडी अस्पतालमा मृत्यु भयो भने ११ वर्षीय छोरी शान्ति कामीलाई उपचारको लागि नेपालगञ्ज लगियो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते
माओवादीबाट

कैलाशमाण्डौ गाविसको नाटेश्वरी नजिक ०६२ असार ३ गते माओवादीले बिद्युतीय धराप विस्फोट गराउँदा बुद्धि शाहीलगायतका तीनजना सैनिक घाइते भए। घाइतेहरूलाई उपचारको लागि नेपालगञ्ज लगियो।

जेल र बन्दीहरू

२५ जना क्षमता भएको बाजुराको मार्तडीस्थित कारागारको अवस्था जीर्ण छ। हाल यस कारागारमा चारजना ज्यान सम्वन्धी मुद्दा, जवरजस्ती करणीको एक, हातहतियार खरखजाना सम्वन्धी मुद्दामा एक र आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत पाँचजना गरी जम्मा ११ जना बन्दीहरू रहेका छन्।

बेपत्ता / अपहरण
माओवादीबाट

साप्पाटा गाविस-२ जोरुका २८ वर्षीय जनकवहादुर रोकायाले सदरमुकाममा वसेका विस्थापित भाइलाई भेटेको आरोपमा ०६२ वैशाख २ गते माओवादीले उनलाई घरवाटै अपहरण गरी असार १६ गते मुक्त गरे।

बुढीगंगा गाविस-७ का १६ वर्षीय धर्म बढुवाललगायत सो गाविसका सबै वडाबाट गरी ९६ जनालाई ०६२ वैशाख ७ गते राति माओवादीले घर-घरबाटै जबरजस्ती आफ्नो अभियानमा लगी पाँच दिनपछि मुक्त गरे। पीडितहरूमध्ये १६ जना स्थानीय विद्यालयका विद्यार्थीहरू थिए।

बुढीगंगा गाविस-८ कोर्दका २४ वर्षीय कविन्द्र बोहरालगायत १८ जनालाई ०६२ वैशाख १६ गते माओवादीले जबरजस्ती आफ्नो अभियानमा लगी सात दिनपछि मुक्त गरे।

कुल्देवमाण्डौ गाविस-९ कोटवाडाका ३५ वर्षीय केशव जैसीलाई उनकी पत्नीको हत्या प्रकरणको छानविन गर्न भनी ०६२ वैशाख २१ गते माओवादीले अपहरण गरी जेठ ४ गते मुक्त गरे।

भण्डारीलाई ०६२ साउन २० गते माओवादीले अभियानको लागी अपहरण गरी भोलिपल्ट मुक्त गरे।

बाह्रबीस गाविस-५ कापिनोला घर भएका खरिदार अशोक शाहलाई ०६२ साउन २२ गते आफ्नी दिदीलाई घरबाट अन्यत्र पठाएको आरोपमा माओवादीले घरबाटै अपहरण गरी तीन दिनपछि मुक्त गरे।

पाण्डुसैन गाविस-५ पिरेकोटका ३७ वर्षीय जयबहादुर सिंहलाई विभिन्न आरोपमा ०६२ साउन २३ गते माओवादीले भैंसी गोठबाटै कुटपिट गरी अपहरण गरे। सिंह २५ गते आफैंलाई मारी पुर्न खाल्डो खनाउने क्रममा माओवादीको कब्जाबाट भागी विस्थापित भए।

बाँधु गाविस-७ का ३५ वर्षीय गोकर्ण अधिकारीलाई ०६२ साउन ३१ गते माओवादीले प्रहरी सेवामा कार्यरत रहेको आरोपमा कुल्देवमाण्डौको मौरेबाट अपहरण गरे। पीडित सेवा निवृत्त भइसकेका प्रहरी हवल्दार हुन्। पीडित मानवअधिकारकर्मीको अपिलपछि भदौ ९ गते मुक्त भए।

कैलाशमाण्डौ गाविस-३ खिरपाटाका १६ वर्षीय पाल मिजारलाई ०६२ भदौ ७ गते माओवादीले अभियानमा संलग्न गराई भदौ ३१ गते मुक्त गरे। पीडित हाल सांफेमा मजदुरी गरिरहेका छन्।

जुगाडा गाविस-२ माझीगाउँका २४ वर्षीय प्रेम ग्यालगायत चारजनालाई ०६२ भदौ ९ गते माओवादीले अभियानको नाममा अपहरण गरी दुई दिनपछि मुक्त गरे। पीडितलाई गनागत चारघण्टा टाढा पर्ने आटीचौरको लम्गाउँमा पुर्‍याइएको थियो।

नौबीसस्थित भानुदय उच्च माविमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका एकसय २४ जना विद्यार्थीहरूलाई ०६२ भदौ ११ गते माओवादीले जबरजस्ती आफ्नो अभियानमा लगी १० दिनपछि मुक्त गरे।

कुल्देवमाण्डौ गाविस-४ नवाँघरका २६ वर्षीय टीका विश्वकर्मालगायत २८ जनालाई ०६२ जेठ ५ गते माओवादीले जबरजस्ती आफ्नो अभियानमा लगी तीन दिनपछि मुक्त गरे।

कैलाशमाण्डौ गाविस-८ बागापाटा घर भएका गाविस सचिव ४२ वर्षीय खगेन्द्रबहादुर साउदलाई ०६२ जेठ १८ गते राति माओवादीले उनकै घरबाट अपहरण गरी असार १२ गते मुक्त गरे।

छतारा गाविस-८ सिम्लाका १७ वर्षीय देवराज जोशीलगायत ९० जनालाई ०६२ असार २७ गते माओवादीले अभियानको नाममा अपहरण गरी साउन १२ गते मुक्त गरे। तोली र छतारा गाविसका प्रत्येक वडाबाट पाँच-पाँचजनाका दरले अभियानमा संलग्न गराइएको थियो।

गोत्री गाविस-१ पाल्नेबाडी घर भएका सबओभरसियर ३४ वर्षीय हंश नेपालीलाई ०६२ साउन १३ गते माओवादीले दोस्रो विवाह गरेको आरोपमा बाह्रबीसको देवलसैनबाट अपहरण गरी चार दिनपछि मुक्त गरे।

कुल्देवमाण्डौ गाविस-७ गायलका २३ वर्षीय मदन नेपालीलाई ०६२ साउन १६ गते माओवादीले अभियानमा संलग्न गराउन अपहरण गरी तीन दिनपछि मुक्त गरे।

डोगडी गाविस-५ डोगडी घर भई मार्तडीस्थित तथ्याङ्क कार्यालयका खरिदार ४० वर्षीय वीर्खे रावतलाई ०६२ साउन १६ गते माओवादीले जुगाडामा अपहरण गरे। पीडितले चारहजार रुपैयाँ माओवादीलाई बुझाएपछि उनी मुक्त भए।

मानाकोट गाविस-३ की १६ वर्षीय जमुना रोकायालाई ०६२ साउन १८ गते माओवादीले घरबाटै जबरजस्ती आफ्नो अभियानमा लगी तीन दिनपछि मुक्त गरे।

ब्रम्तोला गाविस-८ गैलेटोलका १९ वर्षीय देवराज

घटना को प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	१	१	१	२	१	१			१	२	२		२
घाइते					२	३	१		४				
गिरफ्तारी यातना										११	१२	१	१३
कुटपिट	२	७		७	७	८			८	९	९		९
धम्की	१	१		१	२२	२१		१	२२	६	७		७
भेला संगठित हुने अधिकार										२	२		२
जातीय विभेद	४	४		४									
महिलाअधिकार	४		४	४						१		१	१
आर्थिक सामाजिक सांस्कृतिक अधिकार					४०	३९	१		४०				
अपहरण					५७	२८१	५५	५८१	९१७				
जम्मा	१३	१३	५	१८	१२९	३५३	५७	५८२	९९२	३१	३२	२	३४

जुगाडा गाविस-३ की जाल्पादेवी माविमा कक्षा ८ मा अध्ययरत १७ वर्षीय माया पण्डितलाई सेनालाई सूचना दिएको भनी ०६२ भदौ १२ गते माओवादीले विद्यालयबाटै अपहरण गरी भदौ १५ गते मुक्त गरे।

बुढीगंगा गाविसस्थित नेरा माविका प्रधानाध्यापक एम शर्मालगायत पाचजना शिक्षकलाई ०६२ भदौ १८ गते माओवादीले आफ्नो अभियानमा संलग्न गराई दुई दिनपछि मुक्त गरे।

गुदुरवाती गाविस-५ पुडाबालाका १७ वर्षीय शेर रावतलगायत १३ जना विद्यार्थीलाई ०६२ भदौ २० गते विद्यालयबाटै माओवादीले अपहरण गरी १० दिनपछि मुक्त गरे। भानुदय उच्च माविमा अध्ययनरत १० कक्षाका सबै विद्यार्थीलाई अपहरण गरिएपछि विद्यालयको पढाइ पूरै अवरुद्ध भयो।

तोली गाविस-३ पुर्वुताका २६ वर्षीय अम्बर साउदलाई ०६२ भदौ २० गते माओवादीले आफ्नो अभियानमा संलग्न गराई ०६२ असोज १ गते मुक्त गरे।

बुढीगंगा गाविस-८ कोर्दका २८ वर्षीय वीरबहादुर खड्का सहित ११ जनालाई ०६२ भदौ २३ गते माओवादीले घरबाटै जबरजस्ती आफ्नो अभियानमा लगी ०६२ भदौ २५ गते मुक्त गरे।

मार्तडी गाविस-४ राप्कका ४० वर्षीय लालबहादुर रावललगायत ११ जनालाई ०६२ भदौ २९ गते माओवादीले घरबाटै आफ्नो अभियानमा संलग्न गराई भोलिपल्ट मुक्त गरे।

कुल्देवमाण्डौ गाविस-७ सायलका १६ वर्षीय सुभाष थापालगायत भानुदय उच्च माविमा अध्ययनरत चारजना विद्यार्थीलाई ०६२ भदौ ३० गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

कुल्देवमाण्डौ गाविस-५ बानेगाउँका ५१ वर्षीय भोटे सार्कीसहित ११ जनालाई ०६२ असोज १ गते घरबाटै माओवादीले अभियानमा संलग्न गराई असोज ८ गते मुक्त गरे।

नौवीसस्थित भानुदय उच्च माध्यमिक विद्यालयका कक्षा नौ का २४ जना विद्यार्थीलाई ०६२ असोज १ गतेदेखि असोज ९ गतेसम्म, गुदुखानी गाविसस्थित भवानी निमाविका १२ जना विद्यार्थीलाई ०६२ असोज २ गतेदेखि असोज ७ गतेसम्म, श्री मष्टदेश्वरी मावि डोगडीका कक्षा ६ देखि १० सम्मका ४० जना विद्यार्थीलाई ०६२ असोज १४ गतेदेखि २३ गतेसम्म र तोली गाविस-पर्वुताका २६ वर्षीय महावीर साउदलगायत् २८ जनालाई ०६२ मंसिर ३ गते माओवादीले जबरजस्ती आफ्नो अभियानमा लगी १६ दिनपछि मुक्त गरे।

दहकोट गाविस-४ की १६ वर्षीय सीता रोकाया र सोही गाविस-५ की वीना रोकायालाई ०६२ मंसिर ७ गते माओवादीले गाउँकै डल्काँडाको एक जात्राबाट अपहरण गरे। पीडितहरू बालविकास मावि कक्षा १० मा अध्ययरत थिए।

श्रीनोलीदेवल मावि तोलीमा अध्ययनरत कक्षा ६ देखि १० सम्मका ५१ जना विद्यार्थीलाई ०६२ मंसिर १९ गते माओवादीले विद्यालयबाटै जबरजस्ती आफ्नो कार्यक्रममा लगी भोलिपल्ट छताराको चाल्नेगडाबाट मुक्त गरे।

तोली गाविस-२ पुर्वुताका २४ वर्षीय लालबहादुर साउद लगायत सोही गाविसका विभिन्न वडाका २४ जनालाई ०६२ मंसिर १९ गते माओवादीले जबरजस्ती अभियानमा लगी तीन दिनपछि मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कैलाशमाण्डौ गाविस-६ कालापानीका १७ वर्षीय डिल्लीराज गिरीले झुट्टो बोलेको अरोपमा ०६१ माघ १० गते प्रहरी हवल्दार शेरबहादुर बोगटीले उनलाई कुटपिट गरे।

जिल्लाभरिका सम्पूर्ण पत्रकारहरूलाई विद्यालयमा ब्यारेक राखेको समाचार प्रकाशित गरेको आरोपमा ०६२ साउन १९ गते उनीहरूलाई सादा पोसाकका सुरक्षाकर्मीले ज्यान मार्ने धम्की दिए।

इन्सेक वर्ष पुस्तक जिल्ला प्रतिनिधि तथा कान्तिपुर सम्वाददाता अर्जुन शाहलाई ०६२ साउन १८ गते प्रमुख जिल्ला अधिकारी डुल्लूराज बस्नेतले कान्तिपुर दैनिकमा प्रकाशित विद्यालयमा बेस क्याम्प बसेकोबारे प्रकाशित समाचारको खण्डन छाप्न दवाव दिए।

नेपाल समाचारपत्र दैनिकका बाजुरा सम्वाददाता हरिनायारण सञ्ज्याललाई ०६२ साउन ३२ गते मार्तडीस्थित बाउली चेकपोष्टका सुरक्षाकर्मीले गाली बेइज्जती गर्दै ज्यान मार्ने धम्की दिए।

मार्तडी गाविस-२ जिल्ली घर भएका रेडियो नेपालका बाजुरा प्रतिनिधि तथा नेपाल पत्रकार महासंघका जिल्ला सभापति २८ वर्षीय दयाराम पण्डितलाई गाउँमा भएको हत्या काण्डका सन्दर्भमा ०६२ साउन ३२ गते सुरक्षाकर्मीले गाली बेइज्जती गरी कुटपिट गर्ने धम्की दिए।

कुल्देवमाण्डौ गाविस-५ बानेगाउँ घर भई मार्तडीस्थित मालिका उच्च माविका शिक्षक एवं नेपाल मानवअधिकार संगठनका उपसभापति ३२ वर्षीय वीरबहादुर कटुवाललाई ०६२ साउन ३२ गते मार्तडी गाविस-२ को खड्कामा सैनिक जवानले "बन्दुक चिनेको छस्" भनी धम्क्याए।

मार्तडी गाविस-५ का दृष्टि साप्ताहिकका बाजुरा सम्वाददाता २६ वर्षीय रामबहादुर रावललाई ०६२ कार्तिक ११ गते मार्तडीको खुल्ला मञ्चमा देउडा प्रतियोगिताको रिपोर्टिङ गरिहेको बेला सादा पोसाकका सुरक्षाकर्मीले लात र

मुक्काले हानी काँडेतारमा फालेका थिए। सुरक्षाकर्मीको कुटपिटबाट गम्भीर घाइते भएका रावललाई उपचारको लागि अस्पताल लगियो। घटनाको विरोधमा भोलिपल्ट मार्तडी बजार बन्द भयो। ज्वालादल गुल्म मार्तडीका मेजरले पीडितलाई तीनहजार उपचार खर्च दिई यस्ता घटना नदोहोरिने प्रतिबद्धता व्यक्त गरे।

कैलाली जिल्ला फुलबारी घर भई बाजुरा जिल्लास्थित जयबागेश्वरी उपस्वास्थ्य चौकीमा कार्यरत ग्रामीण स्वास्थ्य कार्यकर्ता सन्तोष बम्नेनले माओवादीलाई सघाएको आरोपमा ०६२ मंसिर १० गते खप्तडबाट आएको सुरक्षाकर्मीले उनलाई जय बागेश्वरीकै गराजमा कुटपिट गरी घाइते पारे।

पाण्डुसैन गाविस-८ पीरेकोटका ३३ वर्षीय रतनप्रसाद देवकोटालाई ०६२ मंसिर १२ गते मार्तडीबाट गएको सुरक्षाकर्मीको गस्ती टोलीले आफ्नै पसलमा बसिरहेको बेला "माओवादी कहाँ छन्" भनी कुटपिट गरे।

बाँध गाविस-८ का ३० वर्षीय काशी गिरी, सोही ठाउँका ३१ वर्षीय दत्त गिरी र ३१ वर्षीय खड्क गिरीलाई ०६२ पुस ४ गते कोल्टी ब्यारेकका सैनिक हरिचन्द्र विष्टले सोही गाविस-९ पिपलाडीमा कुटपिट गरे।

माओवादीबाट

जिल्लाको दक्षिणी क्षेत्रमा पर्ने कुल्देवमाण्डौ, बाह्रबीस, तोली, कैलाशमाण्डौ र छतरा गाविसका बासिन्दाहरूलाई ०६१ चैत ८ देखि १३ गतेसम्म माओवादीले सदरमुकाम मार्तडी आउन रोक लगाए।

गुदुखाती गाविस-६ टमटानका ४६ वर्षीय पदम खड्काले माओवादीलाई गाली गरेको आरोपमा ०६१ चैत १५ गते माओवादीले उनलाई ज्यान मार्ने धम्की दिए।

सदरमुकाम मार्तडीमा ०६१ चैत २५ गतेदेखि एक हप्तासम्म सञ्चालन भएको विशेषज्ञ स्वास्थ्य शिविरमा जिल्लाको दक्षिणी क्षेत्रका बासिन्दालाई माओवादीले तीन दिनसम्म आउन दिएनन्।

जुगाडा गाविस-४ का ६४ वर्षीय वीरबहादुर हमाल शाही घोषणाको समर्थनमा निकालिएको जुलुसमा सहभागी भएको आरोपमा ०६२ वैशाख ४ गते माओवादीले उनको घरमा लुटपाट गरी क्षति पुऱ्याए।

गुदुखाती गाविस-९ खातीगाउँका शिक्षक जंग धामी र उनका भाइ मीनबहादुर धामीलाई ०६२ वैशाख ३० गते माओवादीले आर्थिक तथा भौतिक कारवाही गर्ने धम्की दिएपछि विस्थापित भएकोमा २९ दिनपछि घर फर्के।

कैलाशमाण्डौ गाविस-६ कालापानीका शिक्षक ५१ वर्षीय कृष्ण गिरीलाई ०६२ जेठ २ गते माओवादीले एक पत्र पठाई ३० हजार रुपैयाँ नपठाए कडा कारवाही गर्ने धम्की दिए। पीडित विगत दुई वर्षदेखि विस्थापित भई सदरमुकाममा बस्दै आएका छन्।

कुल्देवमाण्डौ गाविस-७ बेलकाटियाका शिक्षक रमेशचन्द्र पाध्यालाई विद्यालयको काम गर्दा आफूहरूसँग नसोधेको आरोपमा ०६२ असार ५ गते माओवादीले कुटपिट गरे।

छतारा गाविस-८ सिम्लाका ६० वर्षीय नन्दराम जैशीले ०६२ असार १५ गते आफ्नो घरमा आएका माओवादीकी एक महिलालाई "किन माओवादीमा लागेको" भनी सोध्दा माओवादी कार्यकर्ता प्रकाश भनिनेले उनलाई कुटपिट गरे।

कुल्देवमाण्डौ गाविस-५ बानगाउँका शिक्षक ३३ वर्षीय वीरबहादुर कटुवाललाई ०६२ साउन १२ गते घरबाट सदरमुकाम आइरहेको अवस्थामा ब्रम्हतोला गाविसको सेरामा माओवादीले कुटपिट गर्ने धम्की दिँदै दुर्व्यवहार गरे।

मानाकोट गाविस-२ मानाकोटका ३२ वर्षीय वीरेन्द्र रोकायालाई ०६२ साउन १४ गते माओवादीले ४० हजार रुपैयाँ चन्दा दिन धम्कीपत्र पठाए।

गुदुखाती गाविस-५ घर्तीलाका २३ वर्षीय कर्ण रावल माओवादीको कार्यक्रम जान इन्कार गरेको आरोपमा ०६२ असोज ११ गते उनलाई माओवादीले घरमै कुटपिट गरे।

जुगाडा गाविस-९ सटेडाका ४० वर्षीय अर्जुन रोकायालाई ०६२ मंसिर १६ गते माओवादीले १ लाख रुपैयाँ चन्दा दिनु पर्छ भनी धम्की दिए। पीडित विस्थापित भए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

ब्रम्हतोला गाविस-८ ताप्राका ४४ वर्षीय जहरसिंह थापालाई ०६१ फागुन ७ गते प्रजातन्त्र दिवसमा आयोजित कार्यक्रममा नबोलेको आरोपमा कारवाही गरिने कुरा प्रशासनले जनायो। प्रजातन्त्र दिवस समारोह मनाइरहेको बेला रेडक्रस जिल्ला सभापतिसमेत रहेका थापालाई उद्घोषकले बोल्न भनेपछि उनले अहिले संकटकाल लागेको र बोल्ने स्वतन्त्रता आफूमा नरहेको भन्दा उनीमाथि तत्कालै डीएसपी सुदीप आचार्यले कारवाही गरिने बताएका थिए। घटनाको सात दिनपछि शिक्षक पेशामा संलग्न थापालाई माओवादी प्रभावित क्षेत्रमा सरुवा गरियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा नौओटा मुद्दा परे। गत वर्ष समेतका गरी हालसम्म फैसला हुन बाँकी मुद्दा संख्या २४ रहेका छन्। एक वर्ष अघिदेखि जिल्ला न्यायाधीशविहीन भएको यो अदालतमा मुद्दा हाल्नेहरू तारेख धाउँदा धाउँदा दिक्क भएका छन्। उनीहरू न्यायाधीशको प्रतीक्षामा छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

भूमिहीन तथा सुकुम्बासी समस्या, अशक्त भत्ता आदि

आर्थिक अधिकार

यस वर्ष माओवादीद्वारा जबरजस्ती चन्दा माग्ने ३५ ओटा घटना जानकारीमा आयो। जसबाट दुईसयभन्दा बढी प्रभावित भए।

मानाकोट गाविस-६ मानाकोटका २९ वर्षीय रामबहादुर रोकायालाई गाउँमा पसल गरे बापत ०६२ मंसिर १ गते माओवादीले पाँचहजार चन्दा लिए। पीडितको आर्थिक अवस्था कमजोर भएका कारण जग्गा बेचेर पाँच हजार रूपैयाँ चन्दा माओवादीलाई बुझाए।

माओवादीले जिल्लाका शिक्षकहरूबाट नियमित रूपमा तलबको पाँच प्रतिशत रकम चन्दा भनेर लिँदै आएका छन्। यस वर्ष यहाँका शिक्षकहरूबाट उनीहरूले २२ लाख रुपैयाँ भन्दा बढी पैसा लिए। त्यसैगरी उनीहरूले यहाँ पसल गरी बस्ने व्यापारीहरूबाट पनि सामान ल्याएबापत आठ प्रतिशत युद्ध कर लिँदै आएका छन्। यो वर्ष मार्तडीकै व्यापारीहरूले पाँच लाख भन्दा बढी रकम माओवादीलाई दिनु पऱ्यो।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

गुढुखाती गाविस-६ धनाल्तका २६ वर्षीय भीमबहादुर रावन माओवादी भएको आशंकामा ०६१ माघ ३ गते मार्तडी बाउलीस्थित चेकपोष्टका सुरक्षाकर्मीले उनलाई गिरफ्तार गरे। पीडितलाई ०६१ मंसिर २८ गते घरबाटै माओवादीले तीन महिने अभियानमा हुम्ला पुऱ्याएका थिए। पीडित माओवादीको कब्जाबाट भागेर आउने क्रममा गिरफ्तारीमा परेका थिए। पीडितलाई हाल कारागारमा राखिएको छ।

मुगु जिल्ला नाथरपु गाविस-८ का २२ वर्षीय मेलबहादुर मल्ल, सर्जन नेपाली र १७ वर्षीय ऐसा धामीलाई माओवादीको आरोपमा ०६२ वैशाख २२ गते मार्तडीस्थित सुरक्षा चेकपोष्टका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू मध्ये धामी र नेपालीलाई सोधपुछपछि भोलिपल्ट रिहा गरियो भने मल्ललाई कारागारमा राखिएको छ।

दैलेख जिल्ला मलासी घर बताउने माओवादी कार्यकर्ता २७ वर्षीय दीपक बीसीलाई ०६२ साउन १२ गते प्रहरीले भीरबाट खसालेर घाइते भएको अवस्थामा मार्तडीस्थित सेलाघाटबाट गिरफ्तार गरे। पीडित हाल जिल्लामा कारागारमा छन्।

वाई गाविस-५ का माओवादी कार्यकर्ता जयकर्ण नेपालीलाई ०६२ भदौ ४ गते कोल्टीस्थित चेक पोष्टका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितलाई भदौ ७ गतेदेखि जिल्ला कारागारमा राखिएको छ।

बाह्रबीस गाविस-४ सिगाडाका माओवादी कार्यकर्ता १८ वर्षीय हर्क गन्धर्वलाई ०६२ मंसिर १० गते खप्तड ब्यारेकका सुरक्षाकर्मीले जयवागेश्वरी गाविस-४ गाज्राबाट गिरफ्तार गरे।

बालअधिकार

बाजुराको सदरमुकाम मार्तडीस्थित मालिका उच्च माविमा ०६२ साउन १४ गतेदेखि सेनाले बेसक्याम्प स्थापना गर्न सुरू गरेपछि साउन १८ गतेसम्म विद्यालयको पठन पाठन अवरुद्ध भयो। सुरक्षाका कारण त्यहाँ ब्यारेक बनाउनु पर्ने भनिए पनि विद्यालयको वैकल्पिक व्यवस्था नभएकाले त्यहाँ अवरोध आयो। जनताले व्यापक विरोध गरेपछि ०६२ साउन १८ गते त्यहाँ निर्माण गरिएका सबै संरचना भत्काएर सेना फर्किए।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

दुर्व्यवहार

कैलाशमाण्डौ गाविस-६ का कालापानीकी माओवादी कार्यकर्ता २० वर्षीय सरोज गिरीको ३/४ महिनाको गर्भ रहेपछि माओवादीले गर्भपतन गराउने औषधी खुवाएका कारण ०६२ पुस ५ गते छताराको चाल्नेगडा भन्ने ठाउँमा मृत्यु भयो। गिरी पहिलेदेखि कमलपित्तकी बिरामी भएकाले मृत्यु हुन गएको माओवादीले दावी गरे। तर गाउँलेहरूले उक्त कुरा स्वीकार गरेका छैनन्।

जगन्नाथ गाविस-९ साउने गाउँकी ३६ वर्षीय पूर्वा विकलाई बोक्सीको आरोपमा ०६२ साउन ४ गते उनकै नाता पर्ने नरराम विकले कुटपिट गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार, जातीय छुवाछूत समेत

बुढीगंगा गाविस-४ का १९ वर्षीय गोरख विकलाई सोही गाउँको बाल्की रावलले 'डूम' मुखामुख गर्दछस् भनी कुटपिट गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

वर्षभरि नै यहाँका पत्रकारहरू प्रशासनको तारो बनिरहे। पत्रकार र मानवअधिकारकर्मीहरूको संयुक्त पहलमा दुई पटक शान्ति ऱ्यालीको आयोजना गरियो। त्यस्तै उनीहरूले द्वन्द्वरत पक्ष समक्ष शान्तिका लागि विभिन्न समयमा अपिल एवं प्रेस विज्ञप्तिहरू जारी गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

मार्तडी गाविस-२ का ३५ वर्षीय काँसी साउदले आफूमा देवता आएको भनी ०६२ साउन ३० गते सोही गाउँका ४७ वर्षीय कलादेवी पण्डित (खत्री) र ५९ वर्षीय

नन्दलाल पण्डितको हत्या गरे। ६ महिला सहित सो गाउँका केही पुरुषहरू केही सातादेखि देवता आएको भनी काँप्दै आएका थिए। सोही दिन पण्डितहरूमा राक्षस आएको र उनीहरूलाई धपाउने भन्दै कामीले ३० गते कलालाई उनकै घरको कोठामा थुनी कुटपिट गरी हत्या गरिसकेका थिए। उनले कसैलाई पनि त्यस कोठाभित्र जान नदिई गाउँलेलाई पूजापाठ गर्न भनेका थिए। गाउँलेहरूले पनि त्यसै गरेका थिए। दोस्रो दिन जबरजस्ती नन्दलाल त्यस कोठाभित्र पसेपछि उनलाई पनि थुनी उनको टाउको काटी हत्या गरेका थिए। गाउँलेहरूलाई आफूले राक्षसलाई काटेको बताउँदै कामीले उनीहरू २४ घण्टाभित्र ब्युँताउने बताउँदै पूजापाठ गर्न भनेका थिए। गाउँलेले पनि त्यसै गरे। समय बितेपछि केही युवाहरूले विश्वास नमानी साउन ३२ गते सुरक्षाकर्मीलाई खबर गरेका थिए। हाल साउद प्रहरी हिरासतमा छन्।

५.५ बझाङ



जनसंख्या	:१३९,५२९
साक्षरता प्रतिशत	: ३५
महिला साक्षरता प्रतिशत	: २०
क्षेत्रफल (वर्ग कि. मि.)	: ३४२२
गाविस/नपा संख्या	: ४७/०
निर्वाचन क्षेत्र	: २
विद्यालय	: २८८
क्याम्पस/उच्च मा.वि.	:१/६
अस्पताल/स्वास्थ्य चौकी	:१/४५
टेलिफोन लाइन	:१२६
मोटर सडक (कि. मि.)	: ६०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	:१५
मानव विकास सूचकांक	: ०.३४३
प्रति परिवार सरदर संख्या	: ६.२८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

सुनकुडा गाविस-४ घर भई नेपाल दलित मुक्ति मोर्चा बझाङका जिल्ला सचिव ज्वलन्त भनिने ३३ वर्षीय धर्मराज बिक र सोही मोर्चाका जिल्ला कोषाध्यक्ष २८ वर्षीय कर्णबहादुर बिकलाई ०६२ वैशाख १६ गते दिउँसो सुरक्षाकर्मीले पौवागढी गाविसको पानी हाल्ने मन्दिर अर्घाल्तिर पहिले संगीनले रेटी र पछि गोली हानी हत्या गरे। पीडितहरूलाई सोही दिन बिहान लामातोला गाविस-४ फूलबारी गाउँको एक पसलमा चिया खाइरहेको अवस्थामा सुरक्षाकर्मीले नियन्त्रणमा लिएका थिए।

रिठापाटा गाविस-३ सेलाखेतका माओवादी कार्यकर्ता १९ वर्षीय गणेश धामीलाई ०६१ साउन ४ गते बिहान सुरक्षाकर्मीले मालुमेला गाविसको तमैल बगरमा गोली हानी हत्या गरे।

बाँफ गाविस-५ घर भएका माओवादी कार्यकर्ता २२ वर्षीय मदन भण्डारीलाई ०६२ साउन १८ गते बिहान दुर्गाभञ्ज्याङ ब्यारेकबाट गस्तीमा गएका सुरक्षाकर्मीले भाँडेबगरमा सेन्ट्री बसेको अवस्थामा गोली हानी हत्या गरे।

आफ्नै बमबाट

दोलोला गाविस-३ धामीगाउँका १९ वर्षीय ऐनबहादुर धामी र गाठीगाउँका १५ वर्षीय डम्बरबहादुर जेठाराको ०६१ माघ ७ गते माओवादीले सुरक्षाकर्मीलाई लक्षित गरी विद्युतीय धराप थाप्दै गर्दा विस्फोट भई मृत्यु भयो। थुनामा रहेका माओवादी ल्याई सनाखत गराउँदा मृतकहरू दुवैजना माओवादी कार्यकर्ता भएको पुष्टि भएको थियो। पोष्टमार्टमपश्चात् सुरक्षाकर्मी, मानवअधिकारकर्मी तथा गाउँले मिलेर लासको सद्गत गरे।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

कालीजंग गुल्म र सशस्त्र प्रहरी बलको संयुक्त गस्ती तल्लकोट गाविसको सेरुपोइल भन्ने ठाउँमा ०६१ फागुन १ गते माओवादीले थापेको विद्युतीय धरापमा पर्दा नाम ठेगाना नखुलेका दुईजना सुरक्षाकर्मी घाइते भए। सो घटनामा अन्धाधुन्ध गोली चलाउँदा घास काटिरहेकी एक महिला खुट्टामा गोली लागी घाइते भइन्।

जेल र बन्दीहरू

'ङ' श्रेणीको बझाङ जेलको कूल बन्दी क्षमता २५ जनाको रहेको छ। जेलमा जम्मा ११ जना बन्दीहरू रहेका

छन्। ११ जना बन्दीहरूमध्ये सात पुरुष र चार महिला रहेका छन्। जेलमा भित्र र बाहिर गरी जम्मा तीनओटा शौचालयको व्यवस्था गरिएको छ। जाडो र गर्मी मौसममा गरी दुईपटक कुर्था सुरुवाल र दुई वर्षमा एकपटक जाडो मौसममा कम्मल, पाखी र तन्ना तथा तीन-तीन वर्षमा एकपटक जाडो मौसममा सुकुल दिइने व्यवस्था छ। जेलबाट दैनिक ३० रुपैयाँ र मानमय ग्रामका दरले चामल दिइने गरेको छ। बन्दीको स्वास्थ्य उपचारको व्यवस्था गरिएको छ। जेलमा उपचार हुन नसक्ने देखिएमा अन्यत्र लागि सिफारिस गरिने व्यवस्था गरिएको छ। कार्यालय समयभित्र सार्वजनिक विदाको दिन बाहेक अन्य सबै दिन बन्दीहरूलाई भेट्न दिइन्छ।

बेपता / अपहरण

माओवादीबाट

रिठापाटा गाविस-५ पानीपाटाका २० वर्षीय डम्बरबहादुर सार्की ०६१ पुस २४ गते आफ्नो विवाहको सरसामान किन्न भनी बजार गएको अवस्थामा माओवादीले सुराकीको आरोपमा कुटपिट गर्नुकासाथै अपहरण गरी दुई दिनपछि मुक्त गरे।

जिल्लाका सबै विद्यालयहरूबाट दुई जना विद्यार्थीका दरले आफ्नो कार्यक्रमका लागि ०६१ फागुन ४ गते माओवादीले अपहरण गरी एक हप्तापछि मुक्त गरे।

जयपृथ्वी क्याम्पसमा परीक्षा सञ्चालन गर्न परीक्षा नियन्त्रण कार्यालयबाट खटिएका भरत न्यौपाने, पदमराज र मेघराज जोशीलाई ०६१ चैत २३ गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

लयाटा गाविस-२ घर भएका गाविस सचिव ३८ वर्षीय ध्रुवराज जोशीले सदरमुकाममा गाविसको कार्यालय सञ्चालन गरेको आरोपमा उनलाई ०६२ जेठ २ गते माओवादीले अपहरण गरी दुई दिनपछि मुक्त गरे।

रिठापाटा गाविस-७ का ३६ वर्षीय नन्दलाल कोइराला र सोही ठाउँका ४२ वर्षीय कृष्णराज कोइरालालाई ०६२ जेठ १८ गते गाउँमा बाख्रा किन्न जाँदा सुराकीको आरोपमा माओवादीले अपहरण गरी दुई दिनपछि भामचौर गाविसको खुगलबाट मुक्त गरे।

कोटदेवल गाविस-२ साडाका १९ वर्षीय रमेशबहादुर भण्डारी र सोही गाविसका रामचन्द्र खड्कालाई शाही सेनामा भर्ती भएको आरोपमा ०६२ जेठ २० गते माओवादीले अपहरण गरी सात दिनपछि मुक्त गरे।

सुनकुडा गाविस-३ जालिडका विजयराज अवस्थी सेनामा भर्ना भएको आरोपमा उनका बाबु आमा, पत्नी र भिनाजुलाई ०६२ मंसिर २१ गते माओवादीले अपहरण गरे। अपहरितहरू यो वर्षको अन्त्यसम्म मुक्त भएका छैनन्।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

कोटभैरव गाविस-६ का २९ वर्षीय महेशबहादुर भट्टराईलाई ०६२ जेठ ५ गते सुरक्षाकर्मीले बजारमा कपडा बेचिरहेको अवस्थामा सदरमुकामको बीच चौबाटोमा कुटपिट गरे।

हेमन्तवाडा गाविस-५ पडेश घर भएका मानवअधिकार मञ्चका अध्यक्ष ३० वर्षीय अफिलाल ओंखेडालाई ०६२ भदौ ८ गते पानकोट चेकपोष्टमा बसेका सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

मालुमेला गाविस-८ का भुवा अप्लावगरका ३० वर्षीय अमर विष्टलाई सुराकीको आरोपमा ०६२ साउन १० गते माओवादीले सोही ठाउँमा कुटपिट गरे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित		
	अन्यबाट					माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	१	१			१	१	३			३	३	४	४
घाइते						१	३			२	१	२	२
गिरफ्तारी यातना											२	२	२
कुटपिट	४	२	१	१	४	२	२			२	४	४	४
जातीय विभेद	३	३			३								
महिलाअधिकार	१		१		१								
बालअधिकार	१		१		१								
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	१	३	३		६								
अपहरण						१०	१३	१	५४८	५५९			
जम्मा	११	९	६	१	१६	१४	१८	१	५४६	५६५	१०	१२	१२

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा जिम्मेवारी सरी आएका ३१ ओटा र यस वर्ष नया दर्ता भएका सात गरी जम्मा ३८ ओटा मुद्दा रहेका छन्। फर्स्यौट हुन बाँकी ३८ ओटा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

चौधारी गाविसका भुवन भण्डारी, जनक मिश्र, कैलाश गाविसका बसन्तप्रताप सिंह, हेमन्तबाडाकी सुशीला खड्का, भातेखोलाकी उमा जोशी र ल्याटा गाविसकी गीता दर्जीलाई ०६२ असोज १९ गते साइपाल एफएमका अध्यक्ष मीनबहादुर सिंहले एक वर्षको तलब नदिई निस्कासन गरे। पीडितहरूले न्याय पाउँ भनी जिल्ला अदालतमा मुद्दा दायर गरेका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

उदयपुर गाविस-४ बैनडीका माओवादी कार्यकर्ता २१ वर्षीय केशवसिंह साउदलाई ०६२ साउन २९ गते गस्तीमा गएका सुरक्षाकर्मीले मटेला गाविसको भौंडे बगरमा सेन्ट्री बसेको अवस्थामा गिरफ्तार गरे। पीडितलाई हाल कारागारमा राखिएको छ।

सैनपसेला गाविस-९ घर भएका माओवादी कार्यकर्ता २४ वर्षीय युवराज जप्रेललाई ०६२ कार्तिक १९ गते सुरक्षाकर्मीले मार्भीगाउँ गाविसको छान्ना इलाकामा चन्दा संकलन गरिरहेका अवस्थामा गिरफ्तार गरे। पीडितलाई हाल कारागारमा राखिएको छ।

बालअधिकार

पाराकाट्ने गाविस-७ की एक बालिकालाई ०६२ असार ३१ गते दिउँसो सोही ठाउँका २० वर्षीय भवराज नेपालीले बलात्कार गरे। पीडकलाई माओवादीले आफ्ना कब्जामा लिई पीडितलाई स्वास्थ्य चौकीमा उपचारको लागि भर्ना गराए। पीडक हालसम्म माओवादीकै कब्जामा रहेका छन्।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

सुखेडा गाविस-९ की १९ वर्षीय एक युवतीलाई आफ्नी आमा अस्पतालमा भर्ना भएको अवस्थामा स्याहार सुसार गर्नका अस्पतालमा बस्दा जिल्ला अस्पतालकै पियन ३५ वर्षीय हंसबहादुर रोकायले ०६२ जेठ ३ गते शरीरमा हातपात गरी बलात्कारको प्रयास गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार/जातीय छुवाछूत समेत

चैनपुर गाविस-१ का ३२ वर्षीय मंगल विकलाई ०६१ माघ २५ गते श्री सत्यवादी माविको व्यवस्थापन समितिमा अध्यक्षको लागि उम्मेदवारी दिंदा त्यहाँका ठूला जात भनिने सबै एक भई विकको उम्मेदवारी फिर्ता लिन लगाए।

कडेल गाविस-८ का शिव सार्कीले आफ्नी पत्नीलाई महिला स्वास्थ्य स्वयमसेविका बन्नका लागि निवेदन दर्ता गर्न लगाएको आरोपमा ०६२ साउन १८ गते सोही ठाउँका सेते मण्डल, प्रदेशी मण्डल, कुनि मण्डल र विक्रम मण्डलले तल्लो जातकोले पनि त्यस्तो पदमा निवेदन दिने भनी कुटपिट गरे। पीडित पक्षले उजुरी गरेतापनि पीडकहरू उपर कुनै कारवाही भएन।

दौलीचौर गाविसका ४३ वर्षीय कलकबहादुर विकलाई ०६२ पुस १३ गते रिलु गाविस-२ का ३३ वर्षीय हिराबहादुर जेठाराले आफ्नै होटलमा सधैं खाना खाएपछि पैसा दिन ढिला गरेको भन्दै "डुम" भनी अपशब्द प्रयोग गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

दौलीचौर गाविस-७ की २३ वर्षीय कुनीदेवी बोहोराको परिवारले घरमा बस्न नदिएका कारण ०६१ चैत २३ गते ७ महिनाकी छोरीसहित उनले रुखमा झुन्डिएर आत्महत्या गरिन्।

५.६ कञ्चनपुर



जनसंख्या	: ४३९०३६
साक्षरता प्रतिशत	: ६०
महिला साक्षरता प्रतिशत	: ४५
क्षेत्रफल (वर्ग कि. मि.)	: १६१०
गाविस/नपा संख्या	: १९/१
निर्वाचन क्षेत्र	: ३
विद्यालय	: ३१४
क्याम्पस/उच्च मा.वि.	: ८/१७
अस्पताल/स्वास्थ्य चौकी	: २/२१
टेलिफोन लाइन	: ४०००
मोटर सडक (कि. मि.)	: २१५
प्रहरी कार्यालय संख्या	: १४
हुलाक संख्या	: २३
मानव विकास सूचकांक	: ०.४६३
प्रति परिवार सरदर संख्या	: ७.३०

नागरिक तथा राजनीतिक अधिकार
सम्मानित रूपले बाँच्ने अधिकार
हत्या / गोली
राज्यबाट

सुडा गाविस-७ गणेश सामुदायिक वनभित्र रहेको सत्संग भवनमा माओवादीको ब्यानर लेखिरहेका तीनजनासमेत चारजनालाई ०६१ फागुन ११ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। हत्या गरिएकामध्ये आजाद आफ्नो पार्टीको जिल्ला सदस्य भएको माओवादीले स्वीकार गरे। माओवादीकाअनुसार घटनामा मारिने पृत विष्ट भेटघाटको सिलसिलामा त्यहाँ आएका र डडेल्धुराको जोगबुढा-७ का वीरभद्र बोहरा अत्याधिक मदिरा सेवन गरेका कारण पार्टीको श्रम शिविरमा राखिएका थिए। त्यस्तै उक्त घटना मारिएका जोगबुढाकै जयबहादुर धामी जग्गा किन्ने कामले सुडा आएर घर फर्किने बेला मारिएको स्थानीय बासिन्दाले बताए। सुरक्षा निकायले भने उनीहरू चारैजना माओवादी कायकर्ता भएको प्रमाण पाएको दावी गर्‍यो।

कैलालीको पहलमानपुर घर भएकी १९ वर्षीय बिमला जोशीलाई शाही नेपाली सेनाको देवी बक्स गुल्म अर्जुनीमा ०६२ वैशाख २ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। मानसिक सन्तुलन ठीक नभएकी पीडितलाई त्यसैदिन झलारीको कलुवापुरबाट माओवादीको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा राखेका थिए। सुरक्षाको घेरा तोडेर भाग्न खोज्दा सेन्ट्रीले चलाएको गोलीबाट उनको मृत्यु भएको सुरक्षास्रोतले जनायो।

कृष्णपुर गाविस नैला भन्ने ठाउँमा ०६२ जेठ १० गते सुरक्षाकर्मीले गरेको कारवाहीमा एक महिलासहित छजना माओवादी कार्यकर्ता मारिए। मारिनेहरूमा उपकार चौधरी, मनोज राना, बहादुर चौधरी, निर्मला राना, वीरेन्द्र र नाम नखुलेका अन्य एकजना रहेको सुरक्षा निकायले जनायो। घटनाका सम्बन्धमा माओवादीको प्रतिक्रिया सार्वजनिक भएन।

महेन्द्रनगर नपा-९ का माओवादीका एरिया सदस्य तेजसिंह कार्कीलाई ०६२ जेठ १३ गते दोधारा गाविस-७ मा सुरक्षाकर्मीले गोली हानी हत्या गरे। पूर्व प्रहरी कार्की ०६१ भदौ २० गते ड्युटीमा रहेका बेला कञ्चनपुर कारागारबाट माओवादीसँगै भागेका थिए।

पिपलाडी गाविस घर भएका माओवादी कार्यकर्ता लक्ष्मण दहित ०६२ असोज ११ गते सुरक्षाकर्मीलाई देखी भाग्न खोज्दा सुरक्षाकर्मीले कृष्णपुर गाविसको गुलरियामा गोली हानी उनको हत्या गरे। माओवादीले भने उक्त घटनालाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई हत्या गरेको दावी गरे।

त्रिभुवनबस्ती गाविसका माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख जयबहादुर धामीलाई ०६२ कार्तिक २४ गते सुरक्षाकर्मीलाई देखेर भाग्दा सुरक्षाकर्मीले पारासन गाविस-८ मा गोली हानी हत्या गरे। सोही घटनामा माओवादीका जिल्ला सदस्य बीरबहादुर थापा, कार्यकर्ता गगन विश्वकर्मा र लक्ष्मण कुमाललाई सुरक्षाकर्मीले गिरफ्तार गरी कारागारमा थुनामा राखेको छ।

माओवादीबाट

महेन्द्रनगर नगरपालिका-५ सुकासाल भन्ने ठाउँमा ०६१ पुस १८ गते महेन्द्रनगरबाट गड्डाचौकी जाँदै गरेको प्रहरी टोलीमाथि माओवादीले आक्रमण गर्दा छजना प्रहरीको मृत्यु भयो। घटनामा नवलपरासी घर भएका प्रहरी निरीक्षक सुदीपकुमार यादव, कञ्चनपुर पिपलाडी घर भएका प्रहरी जवान बासुदेव भट्ट, कञ्चनपुर दैजी घर भएका पुरन साउद, महेन्द्रनगर नगरपालिका-९ घर भएका प्रहरी जवान सुरेश कार्की, अछाम घर भएका प्रहरी जवान गगन कुमाल र प्रहरी जवान खगेन्द्र रावलको मृत्यु भयो। घटनामा परी असई श्यामसिंह साउद, जवान कृष्णबहादुर बम, प्रजापति ठकुरी, गोकर्ण भट्ट र जगत विष्ट घाइते भए। आक्रमणपछि

माओवादीले अपहरण गरी लगेका सई नरबहादुर चन्द, असई खड्कसिंह माझी, विक्रम चन्द र हवल्दार राधेश्याम रानालाई घाइते अवस्थामा नै सुरक्षाकर्मीले मुक्त गराए।

महेन्द्रनगर नगरपालिका-१९ घर भएका पूर्व माओवादी कार्यकर्ता २६ वर्षीय रघुवीर जोशीलाई ०६२ वैशाख ३ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरी उल्टाखाममा पुऱ्याई घाटी र हात खुट्टा रेटी हत्या गरे। सरकार माओवादी दोस्रो युद्धविराम भएको बेला उनले माओवादी परित्याग गरेका थिए।

चाँदनी गाविस-७ का ५२ वर्षीय अन्तराम भट्टलाई ०६२ असार ५ गते सुराकीको आरोपमा माओवादीले घरबाटै अपहरण गरी भोलिपल्ट दोधारा गाविस-४ को बाबाथान बजारमा पुऱ्याई हात, खुट्टा र घाटी रेटी हत्या गरे। उनको शरीरलाई छ टुक्रा पारिएको थियो। पीडितलाई माओवादी कार्यकर्ता तेजसिंह कार्कीको हत्या गराउन सुराकी गरेको आरोप माओवादीले लगाएका थिए।

कैलाली जिल्लास्थित अत्तरियामा होटल व्यवसाय गरी बस्ने २२ वर्षीय अमरसिंह ऐरलाई सुराकीको आरोपमा ०६२ असोज १२ गते कृष्णपुर गाविसको गुर्लारियामा माओवादीले कुटपिट गरी उनको हत्या गरे।

दोहोरो भिडन्त

कृष्णपुर गाविस-१ मा ०६१ माघ १६ गते भएको दोहोरो भिडन्तमा छजना माओवादी कार्यकर्ताहरू मारिए। भिडन्तका क्रममा स्थानीय ११ वर्षीय बालिका जगत्रा विष्ट खुट्टामा गोलीको छर्रा लागी घाइते भइन्। सो घटनामा माओवादीका सेक्सन कमाण्डर डाफे, बन्दना, संगीना, अशोक र नाम नखुलेका अर्को एक कार्यकर्ता मारिएको माओवादीले स्वीकार गरे। माओवादीले आफ्ना कार्यकर्तालाई बेल्डाँडीबाट नियन्त्रणमा लिई पारिफाँट लगेर हत्या गरेको दावी गरे।

महेन्द्रनगर नगरपालिका-१० स्थित गड्डाचौकी भन्सार सुरक्षार्थ खटिएका प्रहरीलाई ०६२ जेठ १२ गते माओवादीले आक्रमण गरेपछि भएको दोहोरो भिडन्तमा सशस्त्र प्रहरी जवान कलकबहादुर बोहरा र एक माओवादी कार्यकर्ता मारिए। मारिएका समीर भनिने माओवादी लिस्नेग्राम नेस्रो बटालियन अन्तर्गतका भएको सुरक्षाकर्मीको दावी छ। सुरक्षास्रोतले उक्त घटनामा थप पाँच माओवादी मारिएको दावी गरेको छ।

कञ्चनपुर कारागारमा ०६२ असोज २५ गते कारागार सुरक्षार्थ खटिएका सशस्त्र प्रहरी र शाही नेपाली सेनाबीच भएको भिडन्तमा सूर्यदल गुल्म भगतपुरमा कार्यरत सैनिक जवान रामबहादुर चौधरी, ठाकुरराम चौधरी र टेकबहादुर शाहीको मृत्यु भयो। घटनामा सहसेनानी उदय लामिछाने, जवानहरू टोपराज केसी, पदम ओली, खगेश्वर श्रेष्ठ, प्रेमसिंह धामी र टोपेन्द्र मल्ल घाइते भए। शाही नेपाली सेना र सशस्त्र प्रहरीबीच दिउँसो भएको सामान्य विवादको विषयलाई लिएर सेनाको टोली कारागार पुग्दा सेन्ट्री बसेका सशस्त्र प्रहरीले गोली चलाएपछि दोहोरो भिडन्त भएको प्रत्यक्षदर्शीले बताए। घटनाको दुवै पक्षले छानविन गर्न अलग-अलग टोली गठन गरे पनि प्रतिवेदन सार्वजनिक गरिएन।

अन्य

चाँदनी गाविस-३ का मानसिंह ठगुन्ना र सोही गाविस-३ का धौले भण्डारीलाई माओवादीको नाममा अपराधिक क्रियाकलापमा संलग्न रहेको आरोपमा ०६२ भदौ १९ गते स्थानीय बासिन्दाले कुटपिट गरी हत्या गरे। सोही घटनामा चाँदनी गाविसका मोहन वडुवाल र वीरे नेपालीलाई स्थानीय बासिन्दाले नियन्त्रणमा लिई सुरक्षाकर्मीलाई बुझाए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	५	५		५	५	१०		१०	९	१९	५		२४
घाइते	१		१	१	३	१०		१०	४	१०	१		११
गिरफ्तारी/यातना									४३	१२७	५	१	१३३
कुटपिट					२	२		२	५	११	१		१२
धम्की									२	६			६
भेला/संगठित हुने अधिकार									३	८			८
महिलाअधिकार	२		२	२									
बालअधिकार	१	१		१									
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					१	१		१					
अपहरण					३३	५२	९	६१					
जम्मा	९	६	३	९	४४	७५	९	८४	६६	१८१	१२	१	१९४

माओवादीले अपहरण गरी दोधाराको बाबाथान बजारमा छ टुक्रा पारी हत्या गरिएका अन्तराम भट्ट

पीडितहरू हाल कञ्चनपुर कारागारमा माओवादीको आरोपमा थुनामा रहेका छन्।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

राज्यबाट

महेन्द्रनगरको जनज्योति क्याम्पसमा ०६२ वैशाख १६ गते सांगठनिक गतिविधि गरिरहेको बेला सुरक्षाकर्मीले घेराहाली फायर गरेपछि भाग्न खोजेका अनेरास्ववियुका केन्द्रीय सदस्य नरबहादुर धामी, जिल्ला सहसचिव महेश पन्त र किरण क्षेत्रीलाई सुरक्षाकर्मीले नियन्त्रणमा लिई क्याम्पसभन्दा तीनसय मिटर टाढा गोली प्रहार गरी घाइते पारे। सोही क्रममा नियन्त्रणमा लिइएका अनेरास्ववियुका जिल्ला अध्यक्ष वचनबहादुर सिहंलाई सुरक्षाकर्मीले यातना दिए। यातनाबाट घाइते भएका सिंहलाई पर्सिपल्ट रिहा गरियो। घाइतेहरूको वीरेन्द्र सैनिक अस्पताल, काठमाडौंमा दुई महिनासम्म उपचार गर्नुपर्‍यो।

माओवादीबाट

झलारी गाविस-४ पारीफाँटामा ०६१ माघ ५ गते माओवादीले सडकमा छाडेको बम विस्फोटमा परी सोही ठाउँका आठ वर्षीय अनिल ठगुन्ना र १० वर्षीय नरेन्द्र ठगुन्ना घाइते भए। घाइतेहरूको महाकाली अञ्चल अस्पतालमा उपचार गरियो।

कृष्णपुर गाविस-३ मालुमेलाको ग्वासी प्राविमा कक्षा तीनमा अध्ययनरत ११ वर्षीय अर्जुन भाट र १० वर्षीय मोहन रावल ०६२ जेठ ११ गते बाटोमा भेटिएको बेवारिसे गोली टिपेर खेलाउँदा विस्फोट भई घाइते भए। घाइतेहरूमध्ये अर्जुनको औंलामा र मोहनको बायाँ आँखामा चोट लाग्यो।

जेल र बन्दीहरू

'ग' श्रेणीको ७५ जना क्षमता भएको जेलमा ७८ थुनुवा र ४९ कैदी गरी जम्मा एकसय २७ जना बन्दी छन्। जसमा १० जना महिला छन्। आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐनअन्तर्गत एक महिलासहित २२, हातहतियार तथा खरखजाना ऐनअन्तर्गत दुई महिलासहित १० र नजरबन्दमा छ महिलासहित ३० गरी जम्मा ६२ जना माओवादी बन्दी रहेका छन्।

बेपत्ता / अपहरण

माओवादीबाट

दोधारा गाविस-८ घर भई इलाका प्रहरी कार्यालय दोधाराका प्रहरी जवान दिलबहादुर सुनारलाई ०६१ पुस २७ गते घरबिदामा गएको बेला सुराकीको आरोपमा माओवादीले अपहरण गरी ०६१ माघ १० गते मुक्त गरे।

सुडा गाविस-६ घर भई इलाका प्रहरी कार्यालय गोकुलेश्वरमा कार्यरत प्रहरी जवान राजेन्द्रप्रसाद भट्टलाई ०६१ माघ ४ गते महेन्द्रनगर नपा-१ भाँसीबाट सुराकीको आरोपमा माओवादीले अपहरण गरी छ दिनपछि सूडा गाविसबाट मुक्त गरे।

महेन्द्रनगर नगरपालिका-६ घर भई राष्ट्रिय प्रजातन्त्र पार्टीका नगर अध्यक्ष मोहन आग्रीलाई ०६१ चैत १ गते बाबुको किरियामा बसेका बेला माओवादीले घरबाटै अपहरण गरे। अपहरित आग्री ४२ दिनपछि माओवादीको कब्जाबाट भागे।

महेन्द्रनगर नगरपालिका-१ का चक्र बिष्टलाई छिमेकीसँगको जग्गाको सीमाना विवादको विषयलाई लिएर ०६२ वैशाख १ गते माओवादीले घरबाटै अपहरण गरी वैशाख ५ गते मुक्त गरे।

महेन्द्रनगर नगरपालिका-९ की २२ वर्षीय रूपाकुमारी शेरालाई ०६२ वैशाख ५ गते सुराकीको आरोपमा माओवादीले अपहरण गरे। सुरक्षाकर्मीको गस्ती टोलीले ०६२ वैशाख ७ गते उनलाई दैजीको बैतोडाबाट गिरफ्तार गरी १० गते सेनाको देवीबक्स गुल्म अर्जुनीबाट रिहा गरे।

महेन्द्रनगर नगरपालिका-१९ घर भई कराँतेकी राष्ट्रिय खेलाडी २३ वर्षीय लीला सिंहलाई ०६२ वैशाख १५ गते माओवादीले उल्टाखामबाट अपहरण गरे। सिंहले २०५८ सालमा महेन्द्रनगर नगरपालिका-१९ बागफाँटामा मारिएका छजना माओवादी कार्यकर्ताका बारेमा प्रहरीलाई सुराकी गरेको आरोप माओवादीले लगाएका छन्। सिंहले सुराकी गरेको स्वीकार गरेकी भन्दै माओवादीले हालसम्म श्रम कैदमा राखेका छन्।

श्रीपुर गाविस-४ घर भएका नेकाँ (प्रजातान्त्रिक) का क्षेत्रीय सभापति बलदेव बुडाल र स्थानीय व्यापारी प्रेम भण्डारीलाई ०६२ वैशाख १७ गते सोही ठाउँका चन्द्रबहादुर शाहीको हत्यामा संलग्न रहेको भन्दै माओवादीले अपहरण गरे। चन्द्रवहादुर शाहीको लास ०६२ वैशाख १२ गते आफ्नै घरमा झुण्डिएको अवस्थामा फेला परेपछि उनको हत्या भएको आशकामा माओवादीले छानविन शुरु गरेको थियो। छानविनकै लागि भन्दै माओवादीले ०६२ जेठ ७ गते श्रीपुर गाविस-४ का वीर उदयजंग भण्डारी, मृतककी पत्नी उमा शाही र नारद भट्टलाई अपहरण गरेका थिए। अपहरित भट्ट

माओवादी कब्जाबाट भागिसकेका छन्। चारजनाले हत्यामा संलग्नता स्वीकारेको भन्दै माओवादीले श्रम कैद तोकेको जनाए। तर अपहरितका आफन्तहरू उनीहरू निर्दोष भएको बताउछन्।

दार्चुलाको जोलजीवी घर भई डडेल्धुरामा कार्यरत प्रहरी जवान मानसिंह धामीलाई ०६२ जेठ ८ गते विवाहको लागि सुडा गाविस-८ फुपुको घरमा गएको बेला सुराकीको आरोपमा माओवादीले अपहरण गरी जेठ ११ गते सोही ठाँउबाट मुक्त गरे।

धटाल माध्यमिक विद्यालयका प्रधानाध्यापक नरेन्द्रसिंह भण्डारीलाई ०६२ असार २ गते शिक्षण संस्था बन्दको कार्यक्रम अवज्ञा गरेको आरोपमा विद्यालयबाटै माओवादीले अपहरण गरी भोलिपल्ट श्रीपुरको बेलौरीबाट मुक्त गरे।

गैरसरकारी संस्था महासंघका जिल्ला सदस्य उपेन्द्र खड्कालाई ०६२ असार २ गते महेन्द्रनगर नपा-६ स्थित उनकै घरबाट माओवादीले अपहरण गरी भोलिपल्ट रिहा गरे।

सिद्धनाथ विज्ञान क्याम्पस महेन्द्रनगरका प्रमुख धरणिधर जोशीलाई ०६२ असार ३ गते महेन्द्रनगर नगरपालिका-६ स्थित घरबाट माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

श्रीपुर गाविस-४ बजारका व्यापारीहरू रामकृष्ण श्रेष्ठ, अशोक श्रेष्ठ र गजेन्द्र श्रेष्ठलाई सुराकीको आरोपमा ०६२ असार २८ गते माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

रामपुर बिलासीपुर गाविस-७ का २८ वर्षीय दीपेन्द्र रायले जेठी पत्नीलाई यातना दिएको आरोपमा ०६२ असार ३१ गते माओवादीले उनको परिवारलाई श्रमकैद गरे। माओवादीको जनअदालतले दीपेन्द्रका बाबु ६२ वर्षीय लालबहादुर रावतलाई २२ दिन, आमा ४० वर्षीय शकुन्तलालाई २ दिन, दीपेन्द्रलाई २७ दिन र भाइ सलेन्द्रलाई १२ दिन श्रम कैद तोकेका थिए। उनको परिवार हाल विस्थापित भई सदरमुकाममा बसेका छन्।

क्षेत्रीय प्रहरी इकाइ कार्यालय महेन्द्रनगरमा कार्यरत प्रहरी हवल्दार करन चन्दलाई सुराकीको आरोपमा ०६२ साउन ८ गते माओवादीले सुडा गाविस-९ आमथला घर बिदामा गएको अवस्थामा अपहरण गरी भोलिपल्ट सोही ठाउबाट मुक्त गरे।

जिल्ला अदालत कञ्चनपुरका तामेलदार खड्गसिंह ऐडीलाई ०६२ साउन २० गते सुराकीको आरोपमा म्याद तामेलीमा गएको अवस्थामा माओवादीले देखलभूली गाविस-६ जाइबाट अपहरण गरी चार दिनपछि सोही ठाउबाट मुक्त गरे।

महेन्द्रनगर नपा-३ का ५८ वर्षीय वीरबहादुर विष्टलाई सामुदायिक वनमा भ्रष्टाचार गरेको आरोपमा ०६२ साउन २६ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितलाई ३५ दिनपछि मुक्त गरे।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरमा कार्यरत असई चन्द्रबहादुर चन्दलाई सुराकीको आरोपमा ०६२ भदौ १० गते माओवादीले कैलाली जिल्ला धनगढीबाट फर्कने क्रममा कृष्णपुर गाविसको बाणीबाट अपहरण गरे। पीडित करिब चार महिनापछि जिल्ला प्रहरी कार्यालयको सम्पर्कमा आए।

बाईसीबिचवा गाविस-१ घर भएका कञ्चनपुर जिल्ला विकास समितिका मनोनित सदस्य यज्ञराज जोशीलाई मनोनित सदस्य भएको आरोपमा ०६२ कार्तिक १ गते माओवादीले अपहरण गरी एक महिनापछि मुक्त गरे।

कालिका गाविस-५ सोनीबस्ती घर भई शाही नेपाली सेनाको सूर्यदल गुल्म भगतपुरमा कार्यरत सैनिक जवान प्रकाश चन्दलाई सुराकीको आरोपमा ०६२ कार्तिक १ गते माओवादीले अपहरण गरी भोलिपल्ट मुक्त गरे।

कैलाली जिल्ला धनगढी नपा-५ का १४ वर्षीय खगेन्द्र सिंह र १७ वर्षीय भीम कुवरलाई चोरीको आरोपमा ०६२ कार्तिक १७ गते माओवादीले कञ्चनपुर जिल्ला कृष्णपुर गाविसबाट अपहरण गरी ८० दिन श्रमकैदमा राखी डडेल्धुरा जिल्लाको जोगबुढा गाविसबाट मुक्त गरे।

लक्ष्मीपुर गाविस-९ का ३५ वर्षीय वीरबहादुर विष्टलाई सामुदायिक वनमा भ्रष्टाचार गरेको आरोपमा ०६२ मंसिर ७ गते माओवादीले अपहरण गरी तीन हप्तापछि मुक्त गरे।

सुडा गाविस-४ नयागाउका १९ वर्षीय प्रेमबहादुर रावललाई शाही नेपाली सेनामा भर्ती हुन खोजेको आरोपमा ०६२ मंसिर १७ गते माओवादीले अपहरण गरी तीन दिनपछि मुक्त गरे।

सुडा गाविस-३ धरमपुरकी १४ वर्षीय ज्योति ओड र १७ वर्षीय अनीता कोलीलाई ०६२ पुस ९ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितहरूको अवस्था अज्ञात छ।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

पुनर्वास बेस क्याम्पबाट गस्तीमा गएका सुरक्षाकर्मीले ०६२ असार ४ गते श्रीपुर गाविस-४ का सर्वसाधारण जगत चौधरी, ज्ञानबहादुर चौधरी, रमेश चौधरी, शेरबहादुर चौधरी, बुद्धिराम चौधरी र बन्धु रानालाई सुरक्षाकर्मीलाई सकेट बम प्रहार गर्ने माओवादीलाई नसमातेको आरोपमा कुटपिट गरे।

महेन्द्रनगरमा रिक्सा चलाउने मजदुरहरु पदमबहादुर कामी, गजेन्द्र शाही, हरिप्रसाद चौधरी,

इन्द्रबहादुर डगौरा र प्रकाश चौधरीलाई ०६२ असार ५ गते जिल्ला प्रहरी कार्यालयबाट खटिएका प्रहरीले बजारबाट गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा ल्याई सादा कागजमा जबर्जस्ती सही गर्न लगाए। उनीहरूले सही गरेको कागजमा असार ३० गते पक्राउ परेका राजनीतिक कार्यकर्ताहरूका विरुद्ध झुट्टा बयान लेखिएको थियो।

झलारी गाविस-४ का रतन चौधरी र यज्ञराज चौधरीलगायत पाँचजनालाई ०६२ असार ३० गते सुरक्षाकर्मीको गस्ती टोलीले जंगलमा दाउरा काट्न गएको अवस्थामा बञ्चरोले हानमा हिर्काए। पीडितहरूको महाकाली अञ्चल अस्पतालमा उपचार गरियो।

महेन्द्रनगरको गल्ली नं. २ मा रहेको ग्रिस्मा भिडियो पसलमा ०६२ भदौ २१ गते तीजका गीतको क्यासेट नदिएको भनी त्यहाँ कार्यरत महेश पौडेल र प्रकाश चौधरीलाई सशस्त्र इन्स्पेक्टर भीमबहादुर चन्द र नरेन्द्र घिमिरेले कुटपिट गरी ज्यान मार्ने धम्की दिए। पीडकहरूलाई विभागीय कारबाही गरिएको प्रहरीले जनायो।

माओवादीबाट

महाकाली सेती बस तथा मिनीबस व्यवसायी समितिका सदस्य गोविन्द धामीको सुडास्थित घरमा ०६१ चैत ३० गते माओवादीले लुटपाट गरे। घरमा रहेको खाद्यान्न, गहना नगद र नाशख ५८९० नम्बरको बस समेत माओवादीले कब्जामा लिएकोमा सुरक्षाकर्मीले दुई महिनापछि बस फिर्ता गराए।

जिल्ला भन्सार कार्यालयको सुरक्षार्थ खटिएका सशस्त्र प्रहरी बेस क्याम्पका हवल्दार अनन्त पौडेललाई ०६२ साउन २८ गते माओवादीले कुटपिट गरे। पीडितलाई लक्षित गरी फ्याँकिएको सकेट बम विस्फोट नभएपछि माओवादीले कुटपिट गरेका थिए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार
(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

महेन्द्रनगरबाट प्रकाशित हुने अभियान दैनिकका सम्पादक खेम भण्डारीलाई ०६१ फागुन ५ गते माघ १९ को शाही घोषणाको प्रतिकूल हुने गरी समाचार सम्प्रेषण गरेको आरोपमा प्रहरीले गिरफ्तार गरी आठदिन हिरासतमा राखे। जिल्ला प्रशासन कार्यालयले भण्डारीबाट पाँचहजार रुपैयाँ जरिवाना लिई रिहा गऱ्यो।

नेकाँको केन्द्रीय कार्यक्रमअनुसार ०६१ फागुन ७ गते महेन्द्रनगरमा पार्टीको झण्डा लिएर निस्किएका पूर्व सांसद बासुदेव भट्ट र तरुण दलका केन्द्रीय सदस्य सुरेन्द्र विष्टलाई प्रहरीले गिरफ्तार गरी भोलिपल्ट शान्ति सुरक्षा ऐन अर्न्तगत कारागार चलान गरिएकोमा ०६२ जेठ १२ गते पुनरावेदन अदालतले रिहा गर्ने आदेश दियो।

महेन्द्रनगर बजारमा हिँडिरहेको अवस्थामा अनेरास्ववियुका केन्द्रीय सदस्य नरबहादुर धामीलाई ०६१ फागुन ६ गते प्रहरीले गिरफ्तार गरी फागुन ९ गतेदेखि शान्ति सुरक्षा ऐन अन्तर्गत थुनामा राखिएकोमा चैत १७ गते पुनरावेदन अदालतले रिहा गर्ने आदेश दियो।

माघ १९ को शाही घोषणाको विरोधमा ०६१ चैत १ गते जुलुश प्रर्दशन गर्दा नेपाली काँग्रेसका महाधिवेशन प्रतिनिधि भोजराज बोहरा, नेपाल दलित संघका केन्द्रीय सदस्य घनश्याम लुहार र जनमोर्चा नेपालका अर्जुन धानुकलाई प्रहरीले गिरफ्तार गरी भोलिपल्ट शान्ति सुरक्षा ऐन अन्तर्गत थुनामा पठाएकोमा चैत १९ गते जिल्ला प्रशासन कार्यालयले रिहा गऱ्यो।

नेकाँको सत्याग्रह कार्यक्रमअनुसार ०६१ चैत ७ गते पार्टी झण्डा बोकी महेन्द्रनगर बजारबाट निस्केका नेकाँ कार्यकर्ता रामबहादुर नेपालीलाई प्रहरीले गिरफ्तार गरी शान्ति सुरक्षा ऐन अर्न्तगत कारागार पठाएकोमा चैत १९ गते जिल्ला प्रशासन कार्यालयले रिहा गऱ्यो ।

महेन्द्रनगर नगरपालिका-१८ का नेपाल ट्रेड युनियन महासघंका महाकाली अञ्चल अध्यक्ष धर्मानन्द पन्तलाई ०६१ चैत १२ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। गिरफ्तारीपछि सीमा क्षेत्रमा बसी शान्ति सुव्यवस्थामा खलल पुऱ्याएको भन्दै शान्ति सुरक्षा ऐन अन्तर्गत उनलाई थुनामा पठाइएकोमा ०६२ चैत २४ गते पुनरावेदन अदालतले रिहा गर्ने आदेश दियो।

नेकाँका जिल्ला सदस्य प्रेम विष्टलाई ०६१ चैत २५ गते बाटोमा हिँडिरहेको बेला बसपार्क नजिक पर्चा छरेको आरोपमा प्रहरीले गिरफ्तार गरी भोलिपल्ट शान्ति सुरक्षा ऐन अर्न्तगत थुनामा पठाएकोमा २०६२ वैशाख २९ गते पुनरावेदन अदालत महेन्द्रनगरले रिहा गर्ने आदेश दियो।

माघ १९ को शाही घोषणको विरोधमा महेन्द्रनगरमा निकालिएको विरोध जुलुसमा ०६१ चैत २६ गते प्रहरीले हस्तक्षेप गरी नेकाँका जिल्ला उपसभापति गोपाल भण्डारी कार्यकर्ताहरू सिद्धराज पन्त, शेरबहादुर खडायत र एमालेका जगत भण्डारीलाई गिरफ्तार गरी भोलिपल्ट शान्ति सुरक्षा ऐन अर्न्तगत थुनामा पठाएकोमा ०६२ वैशाख २९ गते पुनरावेदन अदालतको आदेशमा रिहा भए।

जनज्योति क्याम्पसमा भएको गोली काण्डको विरोध गर्दै ०६२ वैशाख १७ गते महेन्द्रनगरमा निकालिएको शान्तिपूर्ण जुलुसमा प्रहरीले हस्तक्षेप गरी एमाले जिल्ला सचिव राजेन्द्रसिंह रावल इलाका कमिटी सचिव पदमराज पन्त, प्ररायुसघंका जिल्ला सदस्य रामसिंह धामी र अनेरास्ववियुका राष्ट्रिय परिषद् सदस्य खेमराज ऐरीलाई मदनचोकबाट प्रहरीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

सात दलको केन्द्रीय कार्यक्रम अनुसार महेन्द्रनगरमा विरोध जुलुस प्रदर्शन गर्ने १७ जना राजनीतिक कार्यकर्ताहरूलाई ०६२ असार ३ गते जुलुश प्रदर्शनपछि मदनचोकमा कोण सभा गर्दा प्रहरीले गिरफ्तार गरी तिन दिनपछि शान्ति सुरक्षा ऐन अन्तर्गत कारागार पठाएकोमा पुनरावेदन अदालत महेन्द्रनगरले गैरकानूनी थुना भन्दै असार १३ गते जिल्ला अदालतको रोहवरमा रिहा गर्ने आदेश दियो। अदालतको आदेशमा रिहा हुनेहरूमा असार ३ गते गिरफ्तार भएका नेकाँका जिल्ला सभापति गगादत्त जोशी, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति बहादुरसिंह थापा, भीमराज भट्ट र रमेश दियाल, एमाले जिल्ला सदस्य इश्वरीप्रसाद खरेल, जनमोर्चाका सहसचिव खगेन्द्र जोशी, नेपाली काँग्रेसकै रुद्रराज चटौत, घनश्याम लुहार, मातृकाप्रसाद जोशी, तर्कराज भट्ट, आशिष खत्री, एमालेका खेमराज ऐरी, लालबहादुर चुनारा, अक्कल विष्ट, बीरबहादुर सिहं, लोकेन्द्र पन्त र आनन्द पन्त रहेका थिए।

माघ १९ को शाही कदमका विरुद्ध महेन्द्रनगरमा प्रदर्शन गर्न खोज्ने पूर्वमन्त्री तारिणीदत्त चटौत, नेकाँका जिल्ला सभापति गगांदत्त जोशी, कोषाध्यक्ष भैरव ऐर, सदस्यहरू यज्ञराज जोशी, प्रेम विष्ट, कार्यकर्ताहरू नारायणदत्त पन्त, गोविन्द विष्ट, रुद्रराज चटौत, तर्कराज भट्ट, धनिराम बोहरा, मदन चन्द, दोजबहादुर रावल, धर्मानन्द भट्ट, नरायणदत्त अवस्थी, करनसिंह साउद, नैनसिंह गुरुङ, अम्बादत्त जोशी, रामसिंह ऐर, विष्णु मिश्रा, तरुण दलका जिल्ला उपाध्यक्ष पदम पण्डित र नेविसंघका जिल्ला अध्यक्ष गोपी उपाध्यायलाई प्रहरीले गिरफ्तार गरी चार दिनपछि शान्ति सुरक्षा ऐन अन्तर्गत थुनामा पठाए। जसमध्ये धर्मानन्द भट्ट, दोजबहादुर रावल, धनिराम बोहरा र रामसिंह ऐरलाई फागुन ४ गते जिल्ला प्रशासन कार्यलयले रिहा गर्‍यो। प्रेम विष्ट, मदन चन्द र अम्बादत्त जोशीलाई चैत १७ गते पुनरावेदन अदालतको आदेशमा र विष्णु मिश्रा, नैनसिंह गुरुङ, करनसिंह साउद, तारादत्त अवस्थी, तर्कराज भट्ट, रुद्रराज चटौत र नारायणदत्त पन्तलाई चैत १९ गते जिल्ला प्रशासन कार्यालयले रिहा गर्‍यो। गोपी उपाध्याय, पदम पण्डित र भैरव ऐरलाई चैत २१ गते पुनरावेदन अदालतले रिहा गर्ने आदेश दियो। ९० दिनको थुनुवा पुर्जीको म्याद सकिएका पूर्वमन्त्री तारिणीदत्त चटौत, जिल्ला सभापति गगादत्त जोशी, यज्ञराज जोशी र गोविन्द विष्टलाई गृहमन्त्रालयको आदेश भन्दै थुनामै राखिएकोमा ०६२ जेठ ३१ गते पुनरावेदन अदालतले रिहा गर्न आदेश दियो।

शाही घोषणाको विरोधमा प्रदर्शन गरिरहेका जनमोर्चा नेपालका केन्द्रीय उपाध्यक्ष मनोज भट्ट, केन्द्रीय सदस्य डिलाराम आचार्य, लोकेन्द्र लम्साल, जिल्ला सहसचिव खगेन्द्र जोशी र विद्यार्थी जनक धामीलाई ०६२ भदौ २४ गते महेन्द्रनगर बजारबाट प्रहरीले गिरफ्तार गरी ९० दिनको थुनुवा पुर्जी दियो। पीडितहरू पुनरावेदन अदालतको आदेशमा १३ दिनपछि रिहा भए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा देवानी र फौजदारी गरी तीनसय ४६ मुद्दा रहे। त्यसमा देवानीतर्फ सरेर आएका एक सय ३७, यस वर्षका ४८ गरी एकसय ५८ तथा फौजदारीतर्फ जिम्मेवारी सरेर आएका एक सय आठ र यो वर्षका ५३ गरी एकसय ६१ मुद्दा फर्स्यौट हुन बाकी छन्। गत ६ महिनामा देवानीतर्फ ३७ र फौजदारीतर्फ ५० मुद्दा फर्स्यौट भए।

पुनरावेदन अदालत महेन्द्रनगरमा बन्दी प्रत्यक्षिकरणका १९ रिट परे जसमध्ये १४ रिटमा निवेदकहरूको पक्षमा आदेश भयो। पाचओटा रिट आदेश हुनु अघि नै बन्दीलाई रिहा गरिएका कारण खारेज भए।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

महेन्द्रनगर नगरपालिका-५ का दिवान आग्रीको घरमा ०६१ चैत १ गते माओवादीले बम विष्फोट गराए। विस्फोटबाट भवन र त्यसमा रहेका समान गरी करिव १६ लाख रुपैयाँ बराबरको क्षति भएको प्रहरीले जनायो। माघ १९ को शाही घोषणाको समर्थन र सार्वजनिक बाटोलाई ज्ञानेन्द्र मार्ग नामाकरण गरेको आरोपमा उनको घरमा विस्फोट गराइएको माओवादीले जनाए।

त्रिभुवनबस्ती गाविस-१ प्रतिभा नगरका व्यापारी बिन्दु श्रेष्ठको घरमा सुरक्षाकर्मीलाई सहयोग गरेको आरोपमा ०६२ साउन ५ गते माओवादीले बम विस्फोट गराए। विस्फोटबाट घरका तीन कोठामा क्षति पुर्‍यो। सोही क्रममा माओवादीले एकथान मोटरसाइकल र १४ तोला सुनसमेत लुटेर लगे।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

महेन्द्रनगर नगरपालिका-१ मा रहेको फोल्ड नामक गैरसरकारी संस्थामा रेडियो कार्यक्रम सम्पादन गर्ने स्टुडियोका प्रवन्धक गम्भीरलाल उराव, सम्वाददाता विष्णु अवस्थी र कृष्णमुरारी चटौतलाई ०६१ पुस २० गते राति सुरक्षाकर्मीले माओवादीको आरोपमा कार्यालयबाटै गिरफ्तार गरी भोलिपल्ट सूर्यदल गुल्मबाट रिहा गरे।

लक्ष्मीपुर गाविस-३ का अन्दाजी २२ वर्षका मंगल रानालाई ०६१ माघ ८ गते त्रिभुवनबस्ती गाविस-३ मा खेल हेरिरहेको वेला माओवादीको आशंकामा सुरक्षाकर्मीले गिरफ्तार गरी ०६२ कार्तिक महिनासम्म सेनाको पुनर्वास क्याम

क्याम्पमा राखी हाल कञ्चनपुर कारागारमा नजरबन्द गरिएको छ।

महेन्द्रनगर नपा-९ का ७० वर्षीय जयबहादुर कार्की र उनका छोरा ३६ वर्षीय कृष्णबहादुर कार्कीलाई ०६१ फागुन २८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी एक रात सैनिक हिरासतमा राखेर सूर्यदल गुल्म, भगतपुरबाट भोलिपल्ट रिहा गरे। माओवादीमा रहेका जयबहादुरका छोरा तेजसिंहका बारेमा बुझ्न उनीहरूलाई गिरफ्तार गरिएको सेनाले जनायो।

महेन्द्रनगर नपा-१९ का १९ वर्षीय जग्गू चौधरीलाई माओवादीको आशंकामा ०६२ वैशाख १३ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी पाँच दिनपछि सेनाको सूर्यदल गुल्म, भगतपुरबाट रिहा गरे।

झलारी गाविस-४ की २६ वर्षीय बेलमती धामीलाई माओवादीको आरोपमा ०६२ असार ३ गते दैजी गाविसको बैतोडाबाट सुरक्षाकर्मीले गिरफ्तार गरेकोमा १७ दिनपछि देवी बक्स गुल्म अर्जुनीबाट रिहा गरे।

दैजी गाविस-३ स्थित मुक्त कमैया शिविरका ३८ वर्षीय बिप्टा चौधरीलाई माओवादीको आशंकामा ०६२ असार ११ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। घरबाट गोलीसहितको झोला फेला परेको कारण गिरफ्तार गरिएका पीडित शाही सेनाको सूर्यदल गुल्म, भगतपुरबाट साउन १८ गते रिहा भए।

कृष्णपुर गाविस-२ बाणीस्थित मुक्त कमैया शिविरका २१ वर्षीय लौटन डगौरालाई माओवादीको आशंकामा ०६२ साउन ४ गते बाणी चौराहाबाट सुरक्षाकर्मीले गिरफ्तार गरी १० दिनपछि देवीबक्स गुल्म, अर्जुनीबाट रिहा गरे।

देखतभुली गाविस-९ का माचिन डगौरालाई माओवादीको आशंकामा ०६२ साउन २१ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी हालसम्म थुनामा राखिएको छ। पीडित माओवादीको जिल्ला स्तरीय नेता भएको दावी सुरक्षाकर्मीले गरे। पीडितका आफन्त र माओवादीले उनी माओवादी नभएको बताए।

महेन्द्रनगर नपा-१५ की १४ वर्षीय जयन्ती दमाईलाई माओवादीको आशंकामा ०६२ साउन ६ गते सुरक्षाकर्मीले सुडा गाविस-५ सुन्दरपुरबाट गिरफ्तार गरी २१ दिनपछि शाही नेपाली सेनाको सूर्यदल गुल्म, भगतपुर ब्यारेकबाट रिहा गरे।

कृष्णपुर गाविस-४ स्थित मुक्त कमैया शिविरका पल्टू चौधरी, राधेराम राना, रत्नीलाल चौधरी, माओवादी कार्यकर्ता मृत्यु चौधरी, सफल र किरण भनिनेलाई ०६२ भदौ ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरू मध्ये पल्टू, राधेराम र रत्नीलाललाई भदौ १७ गते देवीबक्स गुल्म अर्जुनीबाट रिहा गरियो भने अन्यलाई थुनामा राखिएको छ।

दैजी गाविस-६ का २८ वर्षीय देशराज चौधरी, २६ वर्षीय बाबुराम चौधरी र सुडा गाविस-७ का ४५ वर्षीय खेमराज भट्टलाई माओवादीको आशंकामा ०६२ भदौ १७ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। पीडितहरूलाई हाल थुनामा राखिएको छ।

दैजी गासिव-४ का २२ वर्षीय कमलसिंह धामीलाई माओवादीको आशंकामा ०६२ भदौ १७ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरी शाही नेपाली सेनाको सूर्यदल गुल्म भगतपुरबाट पाँच दिनपछि रिहा गरे।

चाँदनी गाविस-६ का २८ वर्षीय हरिशचन्द्र ठगुन्नालाई माओवादीको आशंकामा ०६२ भदौ १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी १२ दिन शाही सेनाको मझगाउँ गणमा हिरासतमा राखी तारेखमा रिहा गरे।

चाँदनी गाविस-३ की १६ वर्षीय पार्वती महतलाई ०६२ भदौ २२ गते भारतको चक्करपुरबाट प्रहरीले गिरफ्तार गरी हातहतियार खरखजाना ऐनअन्तर्गत थुनामा राखिएकोमा दुई महिनापछि कञ्चनपुर कारागारबाट रिहा गरियो।

सुडा गाविस-६ गाउजीमा सेल्टर लिई बसेका माओवादी नगर इन्चार्ज धर्मसिंह नेगी, माओवादीद्वारा घोषित नगर जनसरकार प्रमुख अशोक चन्द र माओवादी कार्यकर्ता गोमती धामीलाई ०६२ असोज ४ गते सुरक्षाकर्मीले सोही ठाउँबाट गिरफ्तार गरे। पीडितहरूलाई सैनिक हिरासतमा राख्दा यातना दिइएको थियो। पीडितहरूलाई हाल आतंककारी विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत कारागारमा राखिएको छ।

महेन्द्रनगर नपा-१९ बागफाँटाका ४४ वर्षीय गणेश सुवेदीलाई ज्ञानेन्द्र मार्गको बोर्ड उखेलेको आरोपमा ०६२ असोज १७ गते सुरक्षाकर्मीले महेन्द्रनगरको मदनचोकबाट गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई सार्वजनिक अपराध ऐन अन्तर्गत थुनामा राखिएकोमा १२ दिनपछि तारेखमा रिहा गरियो।

देखलभुली गाविसका माओवादीद्वारा घोषित गाउँ जनसरकार प्रमुख दीपेन्द्र चौधरी, माओवादी जिल्ला सदस्य रामबहादुर राना, सर्वसाधारण जानकी ऐर र सरस्वती धानुकलाई ०६२ कार्तिक ३ गते सोही गाविस-९ बाट गस्तीमा रहेका सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूमध्ये जानकी र सरस्वतीलाई शाही नेपाली सेनाको देवी बक्स गुल्मबाट एक हप्तापछि रिहा गरियो भने अन्यलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) ऐन अन्तर्गत कारागारमा थुनामा राखिएको छ।

दैजी गाविस-९ का ३८ वर्षीय करवीर साहुलाई ०६२ कार्तिक २२ र २७ गते शाही शुक्लाफाँटा वन्यजन्तु आरक्षको हिरासतमा रहेको अवस्थामा रेन्जर अशोक शाह र खरिदार लक्ष्मीदत्त पन्तले यातना दिए। यातनाबाट साहुको तीनवटा करङ र दायाँ हात भाँचिएको छ। पीडितलाई घाइते

अवस्थामै मंसिर १० गते तारेखमा रिहा गरियो। पीडितको शिक्षण अस्पताल, कोहलपुरमा उपचार गरियो। पीडितले क्षतिपूर्तिको माग गर्दै जिल्ला अदालतमा मुद्दा दायर गरे।

महेन्द्रनगर नपा-२ का २३ वर्षीय टेकराज भट्टलाई माओवादीको आरोपमा ०६२ कार्तिक १४ गते सुरक्षाकर्मीले पिपलाडी गाविसको वन समितिबाट गिरफ्तार गरी हिरासतमा राखे। पीडितलाई प्रहरी निरीक्षक दीपक रेग्मीलाई गाली गरेको आरोपमा ०६२ मंसिर १ गते सार्वजनिक मुद्दा चलाइयो। पीडितलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा रहँदा बिरामी भएकोले उपचारको लागि तारेखमा रिहा गरियो।

रामपुर बिलासीपुर गाविस-३ का वीरबहादुर सिंहलाई माओवादीको आशंकामा ०६२ मंसिर १४ गते गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी शाही शुक्लाफाँटा आरक्षको सिंहपुर पोष्टबाट तीन दिनपछि रिहा गरे।

महेन्द्रनगर नपा-७ हल्दुखालका २८ वर्षीय महादेव भट्ट र २७ वर्षीय हरि खड्कायतलाई माओवादीको आरोपमा ०६२ मंसिर २८ गते राति सुरक्षाकर्मीले गिरफ्तार गरे। पीडितहरूलाई आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत थुनामा राखियो।

पुनः गिरफ्तार

डडेल्धुरा जिल्ला जोगबुढा गाविसका बलबहादुर डाँगी, प्रेमबहादुर ओली, टेकबहादुर खत्री, मानबहादुर विष्ट, पदम साकी, वीरभान साकी, तप्तबहादुर गिरी, वीरबहादुर कार्की, पदमबहादुर बुढा, गगनसिंह कुँवर, धमवलसिंह बोहरा र उज्जलसिंह धामीलाई माओवादीको आरोपमा ०६१ भदौ १ गते कञ्चनपुर जिल्लाको निगालीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी थुनामा राखेकोमा ०६२ असोज ३ गते सर्वोच्च अदालतको आदेशमा जिल्ला अदालतको रोहबरमा रिहा भएपछि पुनः अदालत परिसरबाटै गिरफ्तार गरियो। पुनरावेदन अदालत महेन्द्रनगरले ०६२ वैशाख २९ र असार ३१ गते थुनाबाट रिहा गर्न आदेश दिए पनि पीडितहरूलाई पुनः थुनामा राखिएको थियो। पीडितहरूमध्ये नौजनालाई विभिन्न मितिमा रिहा गरिए पनि जोगबुढा गाविस-९ का तप्तबहादुर गिरी, गगन सिंह कुँवर र सोही गाविस-३ का धौले बोहरा थुनामै रहेका थिए।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव / दुर्व्यवहार

बलात्कार/बलात्कार प्रयास

सुडा गाविस-४ की २९ वर्षीय एक महिलालाई ०६२ भदौ ८ गते सोही ठाउँका २४ वर्षीय मदन खड्का र २६ वर्षीय खगेन्द्र चन्दले बलात्कार गर्ने प्रयास गरे। पीडकहरूलाई स्थानीय बासिन्दाले भोलिपल्ट चारपाटा मुडेर कुटपिट गर्दै जिल्ला प्रहरी कार्यालयमा पुऱ्याए। जिल्ला प्रहरी कार्यालयको रोहबरमा भदौ १० गते दुवै पक्षबीच मिलापत्र गराइयो।

विविध

संरचना क्षति

जिल्ला मालपोत कार्यालयमा ०६२ असार ३ गते, जिल्ला कृषि विकास बैंकमा वैशाख १ गते, क्षेत्रीय कृषि तालिम केन्द्र सुडामा ०६१ चैत १६ गते, प्रस्तावित महेन्द्रनगर मेडिकल कलेजमा ०६१ फागुन २८ गते माओवादीले बम विस्फोट गराई क्षति पुऱ्याए।

कञ्चनपुर उद्योग वाणिज्य संघ बेलौरी शाखाको कागजात ०६१ फागुन ५ गते माओवादीले जलाई नष्ट गरे।

५.७ डडेल्धुरा



जनसंख्या	: १३५८६७
साक्षरता प्रतिशत	: ५१.६२
महिला साक्षरता प्रतिशत	: ३३.०६
क्षेत्रफल (वर्ग कि. मि.)	: १५३८
गाविस/नपा संख्या	: २०/१
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २२६
क्याम्पस/उच्च मा.वि.	: १/७
अस्पताल/स्वास्थ्य चौकी	: २/२५
टेलिफोन लाइन	: ३७०
मोटर सडक (कि. मि.)	: २१०
प्रहरी कार्यालय संख्या	: २
हुलाक संख्या	: ३०
मानव विकास सूचकांक	: ०.४३४
प्रति परिवार सरदर संख्या	: ६.१८

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

आलीताल गाविस-६ सुनखोलामा नाम नखुलेका एकजना माओवादीलाई ०६१ फागुन ४ गते सुरक्षाकर्मीले गोली हानी हत्या गरे। केही दिन अघि सुरक्षाकर्मीले गिरफ्तार गरी बडर व्यारेकमा थुनामा राखेको अवस्थामा पीडितलाई सो दिन गस्तीमा गएको संयुक्त सुरक्षाकर्मीलेसँगै लिएर गई हत्या गरेको स्थानीय बासिन्दा बताउँछन्।

शीर्ष गाविस-९ बसगैराका अन्दाजी २७ वर्षीय बले सार्कीलाई गस्तीमा गएको सुरक्षाकर्मीले माओवादीको जनमिलिसिया भएको आरोपमा घरबाटै नियन्त्रणमा लिई सोही ठाउँमा ०६२ असार २९ गते गोली हानी हत्या गरे।

माओवादीबाट

जोगबुडा गाविस-१ पुन्तुराका ६३ वर्षीय मानसिंह धामीको बाख्रा चराउँदै गरेको अवस्थामा ०६१ माघ १२ गते दिउँसो माओवादीले राखेको बम विस्फोट हुँदा पुन्तुरा जंगलमा मृत्यु भयो।

अमरगढी नपा-६ भालुमाडेका ५ वर्षीय लोकराज भट्टराईको ०६२ जेठ ६ गते बेवारिसे बम विस्फोटमा परी मृत्यु भयो।

आलीताल गाविस-५ स्याल्चौडीका ४५ वर्षीय चेतबहादुर वडायरलाई एक सर्वसाधारणलाई मारेको आरोपमा सोही गाविस-४ को चौरमा ०६२ असार ११ गते माओवादीले कुटपिट गरी हत्या गरे।

जेल र बन्दीहरू

कूल २५ जना क्षमता भएको 'घ' श्रेणीको डडेल्धुरा जेलमा कैद तोकिएका १२ जना र कैद नतोकिएका थुनुवा १७ जना गरी कूल २९ जना पुरुष बन्दीहरू रहेका छन्। २९ जनामध्ये १३ जना कर्तव्य ज्यान, माओवादी आरोपमा आठजना, लागू औषधमा छजना, सवारी ज्यान एकजना, सैनिक ऐनअन्तर्गत एकजना रहेका छन्।

अमरगढी नपा-४ मध्लो खलङ्गास्थित जिल्ला प्रशासन कार्यालय अगाडि भाडामा सञ्चालित कारागार भवनमा कूल छओटा कोठा छन्, जसमध्ये तीनओटा कोठामा बन्दी राख्ने गरिएको छ। शौचालय एउटा मात्र छ तर घरभन्दा बाहिर भएकोले साँझ सुत्ने कोठामा ताला लाग्ने गरेका कारण बन्दीहरूले ठूलो समस्या भोग्नु परेको छ। एउटै साँघुरो कोठामा आठ, १० जना बन्दीहरू सुत्नुपर्ने बाध्यता एकातिर छ भने अर्कातर्फ कर्तव्यज्यान अन्तर्गत तीनजना पागलहरूलाई पनि सँगै राखेका कारण उनीहरूले फोहोर गर्ने र जथाभावी क्रियाकलाप गर्ने गरेका कारण अरु सबैले समस्या भोग्न परिरहेको बन्दीहरू बताउँछन्। जेलमा एउटा टीभी छ। बन्दीहरूले पत्र-पत्रिका किनेर पढ्ने गरेका छन्। जेलभित्र कुनै पनि सीपमूलक तालिमको व्यवस्था छैन। बन्दीहरूले हप्ताको दुई दिन बाहिर चिठी पठाउने व्यवस्था छ। बन्दीका आफन्तले भेट्न चाहेमा पाँचमिनेट मात्र कुराकानी गर्न दिने व्यवस्था गरिएको छ।

बेपता / अपहरण

माओवादीबाट

गाङखेत गाविस-९ थगलाडीका ४२ वर्षीय पुरन ऐरलाई सशस्त्र प्रहरीमा कार्यरत उनका भाइलाई घर नबोलएको आरोपमा ०६१ फागुन १३ गते साँझ माओवादीले घरबाटै अपहरण गरी एक हप्तापछि मुक्त गरे।

घटाल मावि नुवाकोटका ५२ जना विद्यार्थीहरूलाई परीक्षा चलिरहेको बेला ०६१ फागुन २३ गते माओवादीले जबर्जस्ती अभियानमा लगी दुई दिनपछि बगरकोट गाविसबाट मुक्त गरे। यसै क्रममा कक्षा ९ मा अध्ययनरत छात्रा १५ वर्षीय सीता भण्डारी बेहोस भई करिब पाँचदिनको उपचारपछि ठीक भएकी थिईन।

अमरगढी नपास्थित घटाल मावि नुवाकोटका प्रधानाध्यापक ४५ वर्षीय महेश्वर भण्डारीले एसएलसी परीक्षामा केन्द्राध्यक्ष भई काम गरेको आरोपमा उनलाई ०६१ चैत २० गते राति माओवादीले घरबाटै अपहरण गरी पाँच दिनपछि बगरकोट गाविसबाट मुक्त गरे।

आलीताल गाविस-७ कोइरालीका ३५ वर्षीय हरिसिंह बिष्ट र उनकी कान्छी पत्नी २१ वर्षीय सुनीता बिष्टलाई बहुबिबाहको आरोपमा ०६१ चैत २२ गते माओवादीले घरबाटै अपहरण गरी तीन दिनपछि आलीताल गाविस-९ दोबाटोबाट मुक्त गरे।

अजयमेरु गाविस-४,टुणाला घर भएका भद्रपुर गाविसका सचिव ३५ वर्षीय बीरबहादुर ऐरलाई ०६२ जेठ १४ गते माओवादीले घरबाट अपहरण गरी सचिव पदबाट राजिनामा दिने सर्तमा ११ दिनपछि चिपुरबाट मुक्त गरे।

अजयमेरु गाविस-४ कोइराला घर भएका चिपुर गाविसका सचिव अन्दाजी ४२ वर्षीय कृष्णबहादुर ऐरलाई ०६२ जेठ १५ गते दिउँसो माओवादीले घरबाट अपहरण गरी सचिव पदबाट राजिनामा दिने सर्तमा ११ दिनपछि चिपुरबाट मुक्त गरे।

जोगबुडा गाविस-१ खजुरानी घर भई भागेश्वर मावि कटालमा अध्ययनरत छात्रा १६ वर्षीय मीना घर्ती मगर र १७ वर्षीय डलशरी घर्ती मगरलाई ०६२ जेठ १५ गते साँझ माओवादीले घरबाटै अपहरण गरी भदौ ६ गते शीर्ष गाविसबाट मुक्त गरे।

वेलापुर गाविसका सचिव ५२ वर्षीय गगनबहादुर विष्टलाई ०६२ जेठ २१ गते माओवादीले घरबाट अपहरण गरी पदबाट राजिनामा दिने सर्तमा एक हप्तापछि चिपुरबाट मुक्त गरे।

अमरगढी गाविस–७ दमडा घर भएकी महिला मुक्ति समाज डडेल्धुराकी सहजकर्ता २३ वर्षीय कल्पना भट्टलाई अनुमति विना गाउँ प्रवेश गरेको आरोपमा चिपुरबाट ०६२ जेठ २९ गते माओवादीले अपहरण गरी सात दिनपछि सोही ठाउँबाट मुक्त गरे ।

जोगबुडा गाविस–३ स्थित श्री सिद्धनाथ मावि चन्दनीका १५ जना विद्यार्थीहरूलाई ०६२ असार १० गते माओवादीले जिल्ला सम्मेलनका लागि अपहरण गरी १० दिनपछि सोही ठाउँबाट मुक्त गरे। अपहरण गरिएका विद्यार्थीहरूमा देवकी धामी, सुरेन्द्र साउद, राजेन्द्र बिष्ट, राजमती जोशी, पदम भण्डारी र राजेन्द्र साउँद लगायत १५ जना रहेका थिए।

आलीताल गाविस–४ डोलाका ग्रामीण वातावरण विकास केन्द्रका कार्यसमिति सदस्य एवम् सामाजिक परिचालक २५ वर्षीय लालबहादुर डालालाई अनुमतिविना कार्यक्रम सञ्चालन गरेको आरोपमा ०६२ असार २१ गते माओवादीले अपहरण गरी नौ दिनपछि सोही गाविसबाट मुक्त गरे।

कोटेली गाविस–१ नुवाघर घर भएका तरुण दलका जिल्ला अध्यक्ष शेरबहादुर साउदलाई स्थानीय स्वास्थ्य संस्थाको भवन निर्माणमा भ्रष्टाचार गरेको आरोपमा ०६२ साउन २ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित भोलिपल्ट मणिलेक गाविस फिन्देउबाट माओवादीको कब्जाबाट भागी सदरमुकाम आए।

आलीताल गाविस–३ जहल घर भई सोही गाउँस्थित अतिरिक्त हुलाक कार्यालयमा कार्यरत हुलाकी ३० वर्षीय बालकृष्ण खत्रीलाई डाँक बोकेको आरोपमा ०६२ साउन २६ गतेदेखि माओवादीले दुई दिनसम्म तारेखमा बोलाई मुक्त गरे।

आलीताल गाविस–३ हिरीशैनका हुलाकीहरू ३५ वर्षीय देवराज जोशी, ३२ वर्षीय मनिराज जोशी, ४० वर्षीय कल्यानदत्त जोशीलाई डाँक बोकेको आरोपमा माओवादीले ०६२ भदौ ४ गतेदेखि तीन दिनसम्म तारेखमा बोलाई मुक्त गरे।

दुर्गा मावि, आलीतालमा अध्ययनरत छात्रा १५ वर्षीय चित्रा मडै, १६ वर्षीय नविना गनालाई माओवादीले ०६२ भदौ ६ गते जबर्जस्ती सांस्कृतिक कार्यक्रममा लगी भोलिपल्ट सोही ठाउँबाट मुक्त गरे।

मणिलेक मावि चिपुरका, ९ जना विद्यार्थीलाई ०६२ भदौ २४ माओवादीले आफ्नो जिल्ला सम्मेलनका लागि लिएर गएकोमा अभिभावकको अनुरोधमा माओवादीले एक हप्तापछि मुक्त गरे। मुक्त गरिएकाहरूमा १६ वर्षीय मोहनसिंह भाट, १६ वर्षीय धर्मसिंह बिष्ट, १६ वर्षीय दिनेश भाट, १४ वर्षीय भीमबहादुर भाट, १४ वर्षीय बागेश भट्ट, १६ वर्षीय टेकबहादुर बिष्ट, कक्षा ७ मा अध्ययनरत १५ वर्षीय गणेश सार्की लगायत् ९ जना रहेका छन्। सोही दिन गाड्खेत उणीकोट मावि गाड्खेतबाट पनि २१ जना विद्यार्थीहरूलाई अभियानकालागि माओवादीले लगेका थिए जसमध्ये छजना छात्रा र १४ जना छात्र थिए। यसैगरी भदौ २३ गते भुवनेश्वरी मावि कैलपालमाण्डौ विद्यालयबाट २४ जना विद्यार्थीलाई माओवादीले सोही कार्यक्रममा सहभागी गराई चार दिनपछि भोगेश्वर गाविसबाट मुक्त गरे ।

आलीताल गाविस–८ भावर घर भएका जनमोर्चा नेपालका गाउँ कमिटी सदस्य ४० वर्षीय शेरबहादुर बुढाले वहुविवाह गरेको आरोपमा उनलाई ०६२ भदौ २६ गते

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट								
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
हत्या	२	२		२	३	३			३	२	२		२
गिरफ्तारी/यातना										८	९	१	१०
कुटपिट					६	८	१		९	१	१		१
धम्की					४	६	१	१८	२५	२	२		२
भेला/संगठित हुने अधिकार										९	४२		४२
महिलाअधिकार	३		३	३									
बालअधिकार	१	१		१	१		१		१				
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार					४	४			४				
अपहरण					५०	१३८	६०	२८२	४८०				
जम्मा	६	३	३	६	६८	१५९	६३	३००	५२२	२२	५६	१	५७

माओवादीले अपहरण गरी एक हप्तापछि सोही ठाउँबाट मुक्त गरे।

जोगबुडा गाविस-५ जमरेनीका ६० वर्षीय गगनबहादुर नेगी र ४० वर्षीय कर्णबहादुर विष्टलाई माओवादी विरुद्ध गतिविधि गरेको आरोपमा ०६२ असोज ३ गते माओवादीले अपहरण गरी भोलिपल्ट सोही ठाउँबाट मुक्त गरे।

जोगबुडा गाविस-५ जमरेनीका ३५ वर्षीय गणेश नेगी र ४० वर्षीय खडक नेगीलाई प्रतिकार समिति बनाई सुराकी गरेको आरोपमा ०६२ असोज ४ गते माओवादीले घरबाटै अपहरण गरी तीन महिनासम्म श्रम शिविरमा राखी सोही ठाउँबाट मुक्त गरे। पीडित गणेश नेगीलाई सोही आरोपमा यसअघि वैशाख २ गते पनि माओवादीले घरबाट अपहरण गरी एक महिनापछि सोही गाविसबाट मुक्त गरेका थिए।

चिपुर गाविस-१ चिपुरका माओवादी गाजस प्रमुख जयबहादुर विष्टलाई पार्टी नीति विपरीत कार्य गरेको आरोपमा ०६२ असोज २० गते माओवादीले अपहरण गरी तीन महिनापछि सोही ठाउँबाट मुक्त गरे।



माओवादीद्वारा अपहरण गरिएका धनबहादुर खाती

जोगबुडा गाविस-१ पुल ठक्करकी १६ वर्षीय दुर्गा बोहरासँग अवैध यौन सम्बन्ध राखेको आरोपमा उनीसहित शीर्ष गाविस-८ का ३० वर्षीय लालबहादुर बोहरा, १६ वर्षीय तेज बोहरा, १८ वर्षीय चक्र बोहरा, १६ वर्षीय दान बोहरा, ७५ वर्षीय धनवीर धामी, ७० वर्षीय धर्मसिंह बोहरा लगायत सातजनालाई ०६२ असोज २७ गते दुर्गा बोहरालाई र अन्यलाई असोज ३० गते अपहरण गरी कुटपिट गरे। पीडित दुर्गालाई मानवअधिकारकर्मीको पहलमा पुस १२ गते मुक्त गरे भने अन्य माओवादीको कब्जाबाट एक हप्तापछि भागेर भारत गए।

जोगबुडा गाविस-६ कुयापानीका १६ वर्षीय धनबहादुर खातीलाई माओवादीको अभियानबाट भागेको आरोपमा ०६२ असोज १९ गते माओवादीले घरैबाट अपहरण गरे। पीडितलाई हालसम्म मुक्त गरिएको छैन।

चिपुर गाविस-८ चिपुरका २० वर्षीय रमेश रैकाल र १९ वर्षीय दीपक रैकाललाई भारतबाट पैसा चोरी गरेर ल्याएको आरोपमा ०६२ असोज २९ गते माओवादीले घरबाटै अपहरण गरे। पीडित हालसम्म पनि माओवादीको श्रम शिविरमा छन्।

वेलापुर गाविस-१ खुनीका १६ वर्षीय करी बोहरा, १६ वर्षीय भोज दमाई, १९ वर्षीय बमबहादुर बोहरालाई स्थानीय एक महिलासँग अवैध यौन सम्बन्ध राखेको आरोपमा ०६२ कार्तिक १ गते माओवादीले अपहरण गरी तीन महिनाका लागि श्रम शिविरमा राखे।

अजयमेरु गाविस-९ बोओराका २५ वर्षीय उमाकान्त भट्टले १३ वर्षीय एक बालिकासँग अवैध सम्बन्ध राखेको आरोपमा ०६२ कार्तिक ३ गते माओवादीले अपहरण गरी श्रम शिविरमा राखेका छन्। भट्टले उक्त कुरा माओवादीसमक्ष स्वीकारेका छन्।

देवल गाविस-१ कलाउमा पसल गरी बस्ने सोही ठाउँका २७ वर्षीय लोकेन्द्र खड्कालाई समान किन्दा थोरै सामानको धेरै मूल्य राखेको आरोपमा ०६२ कार्तिक २१ गते माओवादीले अपहरण गरी तीन महिनाका लागि श्रम शिविरमा राखे।

जोगबुडा गाविस-३ कुणाबाट नेपाल समाचारपत्र दैनिक तथा नेपाल टेलिभिजनका सम्वाददाता राम धामीलाई माओवादी विरुद्ध समाचार लेखेको आरोपमा ०६२ कार्तिक १८ गते माओवादीले अपहरण गरी दुई दिनपछि जोगबुढा-४ लामीगडाबाट मुक्त गरे।

बगरकोट गाविस-५ सिराडका १८ वर्षीय हिकमत सार्कीले अवैध यौन सम्बन्ध राखेको आरोपमा ०६२ कार्तिक १८ गते माओवादीले उनलाई घरैबाट अपहरण गरी श्रम शिविरमा राखे।

शीर्ष गाविस-९ परीगाउँकी १४ वर्षीय डम्बरी भट्टराई, १६ वर्षीय शान्ति भट्टराई, १७ वर्षीय धना भट्टराई, १८ वर्षीय पशुपति थापा, १७ वर्षीय चन्द्रा लुहारले वेश्यावृत्ति गरेको आरोपमा ०६२ मंसिर ५ गते माओवादीले उनलाई अपहरण गरी चन्द्रलाई मंसिर ६ गते, पशुपति थापालाई मंसिर १८ गते र डम्बरीलाई मंसिर ३० गते मुक्त गरे भने शान्ति र धना घर फर्कन नचाहेको माओवादीले जनाए।

जोगबुडा गाविस-४ सादनीका २३ वर्षीय जनक चुनाराले पैसा चोरेको आरोपमा माओवादीले ०६२ मंसिर ७ गते उनलाई अपहरण गरी कुटपिट गरे। पीडित भोलिपल्ट माओवादीको कब्जाबाट भागी भारततिर गए।

चितवन घर भएका डडेल्धुरा दह व्यारेकमा कार्यरत सैनिक जवान २२ वर्षीय दिल्ली गौतम र २३ वर्षीय सुधीर विश्वकर्मालाई ०६२ मंसिर ७ गते माओवादीले अपहरण गरी दुई दिनपछि इन्सेकका डडेल्धुराका प्रतिनिधि केशव बोहरा, इन्सेक आवद्ध संस्था हरमशका प्रेम साउद, पत्रकारहरू डी.आर. पन्त, राजेन्द्र नाथ र छत्र साउदको पहलमा डोटी जिल्लाको जोरायलबाट मुक्त गरे।



जिल्ला प्रशासन कार्यालय अगाडि ११ सूत्रीय माग राखी धर्ना दिँदै हलियाहरू

कोटेली गाविस-७ बकालका ३१ वर्षीय शंकर भूल, २६ वर्षीय बाजी भूल, बेलापुर गाविस-३ सुबाकोटका २८ वर्षीय शेरबहादुर ऐर, कोटेली गाविस-५, सुनकोटका ३१ वर्षीय डम्बर भूललाई भाग्नमा ज्यान मारेर पैसा चोरी गरी ल्याएको आरोपमा ०६२ मंसिर ८ गते माओवादीले घरबाट अपहरण गरी श्रम शिविरमा राखे। उनीहरूलाई मुक्त गरिएको छैन।

भागेश्वर निमावि सलौनका कक्षा ७ र ८ का ९० जना विद्यार्थीहरूलाई ०६२ मंसिर १० गते माओवादीले अभियानमा लगी भोलिपल्ट सोही ठाउमा ल्याई मुक्त गरे। पीडितहरूमध्ये ५३ जना छात्र र ३७ जना छात्रा रहेका थिए।

शीर्ष गाविस-८ सलौनकी १५ वर्षीय नीरा बोहरालाई वेश्यावृत्ति गरेको आरोपमा ०६२ मंसिर १० गते माओवादीले अपहरण गरी २० दिनपछि सोही गाविसको कोलखानबाट मुक्त गरे।

शीर्ष गाविस-८, सलौनकी १७ वर्षीय सुशीला विक र १८ वर्षीय लालबहादुर विकबीच अवैध यौन सम्बन्ध रहेको आरोपमा माओवादीले दुवै जनालाई ०६२ मंसिर १० गते अपहरण गरी मंसिर ३० गते सोही गाविसको कोलखानबाट मुक्त गरे।

शीर्ष गाविस-९, पर्गी गाउँस्थित भुवनेश्वरी माविका प्रधानाध्यापक डम्बर ख्वाल र सोही विद्यालयका शिक्षक नरेन्द्र शाहीलाई प्रमाणपत्र दिई विद्यार्थीलाई सैनिकमा भर्ती गराएको आरोपमा र सोही गाविसस्थित भीमराज प्राविका शिक्षक खडक भट्टराईलाई माओवादीलाई सहयोग नगरेको आरोपमा ०६२ मंसिर १२ गते माओवादीले अपहरण गरी तीन दिनपछि सोही गाविसबाट मुक्त गरे।

कोटेली गाविस-७ एरोडाका ३८ वर्षीय केशवसिंह ऐर र ३४ वर्षीय भोजबहादुर ऐरलाई रक्सी पिएर माओवादी कार्यकर्तालाई गाली गरेको आरोपमा ०६२ पुस २ गते माओवादीले घरबाट अपहरण गरी सात दिनपछि सोही ठाउबाट मुक्त गरे।

आलीताल गाविस-५ स्यालचौडीका ५० वर्षीय महावीरनाथलाई सुराकीका आरोपमा माओवादीले ०६२ पुस ५ गते घरबाटै अपहरण गरे। उनलाई मुक्त गरिएको छैन।

शीर्ष गाविस-८ पाथीका २५ वर्षीय गंगासिंह ठगुन्ना र उनकी कान्छी आमा ३५ वर्षीय हरिनादेवी ठगुन्नाबीच अवैध यौन सम्बन्ध रहेको आरोपमा दुवैजनालाई ०६२ पुस ७ गते माओवादीले अपहरण गरी श्रम शिविरमा राखे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

आलीताल गाविस-३ धिमडामा पसल गरी बस्ने ३६ वर्षीय टेकबहादुर साउदलाई गाउमा आएका माओवादीका बारेमा नबताएको आरोपमा ०६२ जेठ ३ गते सुरक्षाकर्मीले मरणासन्न हुने गरी कुटपिट गरे। पीडितको बुडरबजारस्थित एम मेडिकलमा उपचार गरियो।

आलीताल गाविस-५ मदननगरमा पसल गरी बसेका २३ वर्षीय हरिप्रसाद जोशीले माओवादीको सूचना आदान प्रदान गरेको आरोपमा ०६२ पुस ३ गते सुरक्षाकर्मीले उनलाई मार्ने धम्की दिए।

आलीताल गाविस-५ मौरीमिलका ३५ वर्षीय रमेश कुँवरलाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ पुस ६ गते सुरक्षाकर्मीले मार्ने धम्की दिए।

माओवादीबाट

०६१ चैत १ गते डडेल्धुराको गाङखेत गाविस-२ गैरामा बन्दको अवज्ञा गरेको आरोपमा ट्रकका चालक महानन्द भट्टलाई गाडी रोकी कुटपिट गरे। कुटपिटबाट घाइते भएका पीडितको टीम अस्पताल, डडेल्धुरामा उपचार गरियो।

आलीताल गाविस-५ मदननगरमा रहेको अतिरिक्त हुलाक कार्यालयमा कार्यरत वहिदार ४० वर्षीय बलदेव जोशीलाई निर्देशन विपरीत हुलाक चलाएको भन्दै ०६१ फागुन १५ गते माओवादीले मार्ने धम्की दिनुका साथै हुलाकका कागजात समेत जलाए।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

डडेल्धुरा बागबजारबाट माघ १९ को शाही कदम विरुद्ध पर्चा पम्फलेट वितरण गरेको आरोपमा नेका (प्रजातान्त्रिक) का जिल्ला सभापति रघुवर भट्ट, नेविसंघका पूर्व जिल्ला अध्यक्ष लोकराज भट्ट , तरुण दल केन्द्रीय सदस्य गणेशप्रसाद भट्ट ,पत्रकार महासंघका केन्द्रीय उपसभापति डी.आर पन्तलाई सुरक्षाकर्मीले ०६१ फागुन ४ गते दिउँसो गिरफ्तार गरी तीन महिनाको थुना पुर्जी दिई दुई महिनापछि रिहा गरियो।

डडेल्धुरा बागबजारका सातजना व्यापारीहरूलाई शाही कदम विरुद्ध पर्चा पम्फलेट छपाएको आशंकामा ०६१

फागुन ५ गते प्रहरीले गिरफ्तार गरी सोही दिन रिहा गरे। गिरफ्तार गरिएकाहरूमा २६ वर्षीय पुष्प खडायत, ३२ वर्षीय शान्ति पनेरु, ३२ वर्षीय मनोरथ जोशी, ३२ वर्षीय मणिकराज भट्ट, २७ वर्षीय छत्र साउद लगायत सातजना रहेका छन्।

माघ १९ को शाही कदम विरुद्ध आन्दोलनरत नेकाँ जिल्ला कार्यसमिति डडेल्धुराका सभापति ३५ वर्षीय शेरबहादुर ढाट, महासमिति सदस्य रामचन्द्र चटौत, जिल्ला कार्यसमिति सदस्य हिक्मत ऐर, नगर सभापति उपेन्द्र जोशीलाई कार्यालय आइरहेको बेला तुफानडाँडा बाटोबाटै ०६१ फागुन ७ गते बिहान सुरक्षाकर्मीले गिरफ्तार गरी भोलिपल्ट रिहा गरे।

माघ १९ को शाही घोषणा विरुद्ध विरोध प्रदर्शन गर्ने क्रममा नेकाँ डडेल्धुराका जिल्ला सभापति शेरबहादुर ढाट लगायत सात जनालाई ०६१ चैत १० गते प्रहरीले गिरफ्तार गरे। गिरफ्तार गरिएकामध्ये नेकाँ जिल्ला कार्यसमिति सदस्य गुणाकर चटौत, लोकराज भट्ट, तरुण दल कोषाध्यक्ष तारक खड्का, शिक्षक गणेश महर र एमालेका पदम महरलाई तीन दिन थुनामा राखी रिहा गरियो भने सभापति ढाट र महासमिति सदस्य रामचन्द्र चटौतलाई तीन महिने पूर्जी दिई थुनामा राखेर दुई महिनापछि रिहा गरियो।

अनेरास्ववियु (एकीकृत) का जिल्ला कमिटी सदस्य २३ वर्षीय कुसुम भट्टलाई शाही घोषणाविरुद्ध पर्चा पम्पलेट वितरण गरेको आरोपमा तुफाँनडाँडास्थित कोठाबाटै ०६१ चैत १५ गते प्रहरीले गिरफ्तार गरी १५ दिनपछि जिल्ला कारागारबाट रिहा गरे।

सात विद्यार्थी संगठनद्वारा निकालिएको सिठी जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी अेरास्ववियुका जिल्ला अध्यक्ष डम्बर साउद, नेविसंघ जिल्ला सचिव प्रेम महर, नेविसंघका पूर्व जिल्ला अध्यक्ष उमेश अवस्थी, तरुण दलका जिल्ला अध्यक्ष कैलाश पाण्डेय, एमालेका जिल्ला कमिटी सदस्य शेरबहादुर साउद, रविन्द्रकुमार पनेरु, योगेश भट्टराई, खेमराज भट्टलगायत आठजनालाई ०६२ साउन २५ गते गिरफ्तार गरी भोलिपल्ट जिल्ला प्रहरी कार्यालयबाट रिहा गरियो।

नेकाँ (प्रजातान्त्रिक) डडेल्धुराले शाही आयोगद्वारा पूर्व प्रधानमन्त्री एवम् पार्टी सभापति शेरबहादुर देउवा र अर्का नेता प्रकाशमान सिंहलाई भ्रष्टाचारको आरोपमा जेल तोकेको विरोधमा जुलुस प्रदर्शन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गरी पार्टीका जिल्ला कार्यसमित सदस्य जयराज पनेरु, हरिप्रसाद भट्ट, नेविसंघ (प्रजातान्त्रिक) का जिल्ला अध्यक्ष सुरेन्द्र माली र केशव भट्टराईलाई ०६२ साउन १२ गते गिरफ्तार गरी भोलिपल्ट रिहा गरे ।

अमरगढी नपा-५, बागबजारमा सात विद्यार्थी संगठनद्वारा शाही घोषणा विरुद्ध जुलुस प्रदर्शन गर्ने क्रममा प्रहरीले हस्तक्षेप गरी अनेरास्ववियुका केन्द्रीय सदस्य केशव बोहरा, अनेरास्ववियुका जिल्ला अध्यक्ष डम्बर साउद, एमाले जिल्ला कमिटी सदस्य तारा जोशी, नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सदस्य जयराज पनेरु, नेविसंघका विनोद खडायतलाई ०६२ साउन २७ गते गिरफ्तार गरी सोही दिन बेलुका रिहा गरियो।

गैरसरकारी संस्था आचारसंहिता विरुद्ध गैसस महासंघ डडेल्धुरा शाखाद्वारा डडेल्धुरा बागबजारमा विरोध जुलुसमा प्रहरीले हस्तक्षेप गरी झण्डा र ब्यानर खोस्नुका साथै पाँचजनालाई ०६२ मंसिर १७ गते गिरफ्तार गरी भोलिपल्ट रिहा गरे। गिरफ्तार गरिएकाहरूमा गैसस महासंघ डडेल्धुरा शाखाका सचिव पदम पाल, कार्यालय सहायक अरुण पाठक, बहुउद्देश्य समाजका प्रेम महर, बलबहादुर ठकुराठी र ग्रामीण सुधार मञ्चका भोजराज भट्ट रहेका थिए।

सुगम र निष्पक्ष न्यायिक अधिकार

डडेल्धुरा जिल्ला अदालतमा यस वर्ष देवानी मुद्दा २४ ओटा, व्यक्तिगत फौजदारी छओटा र सरकारवादी मुद्दा चार गरी जम्मा ३४ ओटा मुद्दा दर्ता भए। जसमध्ये २५ ओटा मुद्दा फर्स्यौट भए भने नौओटा बाँकी रहे।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

गाड्खेत गाविस-९ निकानीका ३५ वर्षीय बलबहादुर गुरुङको घरमा ०६१ माघ ५ गते राति माओवादीले लुटपाट गरे। माओवादीलाई एकलाख ५० हजार चन्दा नदिएका कारण पीडितको घर लुटिएको थियो।

बगरकोट गाविस-२ बुडिचारस्थित नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सभापति रघुवर भट्टको घरमा माओवादीले ०६१ माघ ५ गते राति लुटपाट गरे।

गाड्खेत गाविस-१ उणीकोट घर भएका नेकपा (एमाले) कार्यकर्ता इन्द्रबहादुर भण्डारीलाई आफूलाई असहयोग गरेको आरोपमा माओवादीले ०६१ माघ ५ गते धम्की दिई घर जग्गा कब्जा गरे। धम्कीपछि पीडित कञ्चनपुर जिल्लामा विस्थापित भए।

अमरगढी नपा-२ घर भएका नेकाँ (प्रजातान्त्रिक) का कार्यकर्ता ३३ वर्षीय तारक बुढा ऐरको घरमा ०६१ माघ ५ गते राति माओवादीले लुटपाट गरे।

भद्रपुर गाविस-४ गुनपालका २३ वर्षीय तेजबहादुर साउदलाई पार्टी छोडी माओवादी विरोधी गातिविधिमा लागेको आरोपमा ०६२ वैशाख १ गते माओवादीले कुटपिट गरे।

आलीताल गाविस-३ जहलस्थित समैजी सामुदायिक विकास संस्थाको ३१ हजार पाँचसय रुपैयाँ ०६२ साउन २४ गते माओवादीले लुटेर लगे।

आलीताल गाविस-३, बाहिरीसैनस्थित गणेश सामुदायिक विकास संस्थाको २१ हजार रुपैयाँ ०६२ साउन २५ गते माओवादीले लुटेर लगे।

विस्थापित

गाड्खेत गाविस-३, किमाडकी ४० वर्षीय पूर्व वडा सदस्य देवीसरा थापालाई माओवादीको विरोध गरेको आरोपमा ०६१ माघ २५ गते माओवादीले मार्ने धम्की दिएपछि पाँचजनाको परिवारसहित डडेल्धुरा सदरमुकाम विस्थापित भए।

गड्खेत गाविस-३, किमाडका ४३ वर्षीय गोपाल थापालाई प्रतिकार समिति बनाएको आरोपमा ०६१ माघ २५ गते माओवादीले धम्की दिएपछि डडेल्धुरा सदरमुकाम विस्थापित भए।

आलीताल गाविसस्थित सिद्धकेदार प्राविका शिक्षक ३५ वर्षीय तेजबहादुर कुँवरले बहुविवाह गरेको आरोपमा ०६२ जेठ २० गते माओवादीले कारवाही गर्ने धम्की दिएपछि उनी विस्थापित भई छ महिनासम्म बुडरबजार बसे। पीडित हाल घरमै छन्।

गाड्खेत गाविस-९, हर्नोलाका ३० वर्षीय मीनबहादुर बोगटीलाई माओवादीको विरोध गरेको आरोपमा ०६२ असोज २४ गते माओवादीले घर जग्गा कब्जा गरे। पीडित हाल सदरमुकाममा बागबजारमा विस्थापित भई बसेका छन्।

जोगबुडा गाविस-५ सुनखोला घर भएका जनमोर्चा नेपालका कार्यकर्ता २५ वर्षीय धनबहादुर बोहराबाट माओवादीले ०६२ मंसिर ८ गते जबरजस्ती कर असुले।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी यातना

गाड्खेत गाविस-८ भकाका १८ वर्षीय प्रेम कामीलाई डडेल्धुरा सदरमुकाम बागबजारबाट माओवादीको आरोपमा ०६१ माघ २१ गते सुरक्षाकर्मीले गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालयमा हिरासतमा राखी माघ २४ गतेदेखि डडेल्धुरा कारागारमा राखियो।

अमरगढी नपा ५ भर्कालीका २२ वर्षीय गोविन्द साहु र २२ वर्षीय करवीर साहलाई सेनामा भर्ती भई अधुरो तालिम लिई छोडेको आरोपमा ०६१ फागुन २६ गते सुरक्षाकर्मीले गिरफ्तार गरी दुई हप्ता प्रहरी हिरासतमा राखी रिहा गरियो।

डडेल्धुरा बागबजारका फोटोकपी पसले तथा नेपाल पत्रकार महासंघ डडेल्धुराका सभापति छत्र साउद र हिमालयन टाइम्स दैनिकका सम्वाददाता उमेश भट्टलाई शाही घोषणा विरुद्ध आन्दोलनकारी दलका पम्पलेट छपाएको आरोपमा ०६१ फागुन ३ गते सुरक्षाकर्मीले गिरफ्तार गरी सोही दिन रिहा गरे।

अमरगढी नपा-५ बागबजारमा तरकारी पसल गरेर बसेका अन्दाजी २० वर्षीय बीरबहादुर बोहरालाई माओवादीको आशंकामा ०६१ चैत २ गते सुरक्षाकर्मीले बजारबाट गिरफ्तार गरी भोलिपल्ट जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

जोगबुडा गाविस-६ जफती घर भएका माओवादी कार्यकर्ता ४० वर्षीय जयलाल खडायतलाई सोही गाविसबाट ०६२ कार्तिक ९ गते सुरक्षाकर्मीले गिरफ्तार गरे।

शीर्ष गाविस-९ परीगाउँ बसगैराका २९ वर्षीय देवबहादुर पुनलाई माओवादीको आशंकामा ०६२ असार १९ गते गस्तीमा गएका सुरक्षाकर्मीले गिरफ्तार गरी डडेल्धुरा कारागारमा राखे। पीडितलाई एक महिनासम्म जोगबुडा सैनिक ब्यारेकमा राखी साउन १८ गते देखि डडेल्धुरा कारागारमा राखियो।

शीर्ष गाविस घर भएका जौखेतका माओवादीका जिल्ला सञ्चार सदस्य २६ वर्षीय डम्बरनाथलाई ०६२ मंसिर २२ गते आलीताल गाविस-५ मौरीबाट सुरक्षाकर्मीले गिरफ्तार गरी जोगबुढा बेसक्याम्प र दह ब्यारेकमा हिरासतमा राखी पुस ९ गतेदेखि डडेल्धुरा कारागारमा राखे।

डोटी जिल्ला बाजकनी गाविस-२, पाइका १९ वर्षीय पदम विश्वकर्मालाई डडेल्धुरा दह ब्यारेकको चेकपोष्टबाट माओवादीको आशंकामा ०६२ जेठ १८ गते सुरक्षाकर्मीले गिरफ्तार गरी असार ५ गतेदेखि डडेल्धुरा कारागारमा राखे।

बालअधिकार

जोगबुडा गाविस-१ खजुरानीकी १६ वर्षीय बालिकालाई धाराबाट पानी लिएर घर आएका बेला शीर्ष गाविस कटौजीका २० वर्षीय लालबहादुर बोहराले ०६२ कार्तिक १० गते बलात्कार प्रयास गरे।

शीर्ष गाविस-९ परीगाउँकी ५ वर्षीय एक बालिकालाई सोही ठाउँका २० वर्षीय जनक साउदले ०६२ मंसिर १० गते फकाएर आफ्नै घरभित्र लगी बलात्कार गरे।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार बलात्कार प्रयास

घण्टेश्वर गाविस-२ गैराकी २१ वर्षीय युवतीलाई अमरगढी नपा-१ मालुमका ३५ वर्षीय भक्तबहादुर दियालले असीग्राम गाविस मेलखर्कमा ०६२ कार्तिक ११ गते बलात्कार प्रयास गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

कैलपालमाण्डौ गाविस-७ कुलेडीका १६ परिवार दलितहरूका आठ पुस्तादेखि कमाउँदै आएको जमिन स्थानीय गैर-दलितहरूले ०६२ कार्तिक १० गते कब्जा गर्ने धम्की दिए।

विविध

संरचना क्षति

जोगबुडा गाविस-१ पुन्तुरामा माओवादी र सुरक्षाकर्मीबीच ०६२ जेठ १५ गते दिउँसो ३ बजे दोहोरो फायरिङ्ग हुँदा सुरक्षाकर्मीले गरेको अत्याधुनिक हतियारको प्रयोगबाट सोही ठाउँस्थित ४० वर्षीय भगुवा साउदको घर जलेर पूर्ण रूपमा क्षति भयो।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस वर्ष १० ओटा घटनामा छ पुरुष र पाँच महिला गरी जम्मा ११ जनाले आत्महत्या गरे। व्यक्तिगत रिसइवीका कारण पाँचओटा घटनामा पाँचजना पुरुषको हत्या भयो। दुई जनाको बेवारिसे लास फेला पऱ्यो।

५.८ बैतडी



जनसंख्या : २४९२९३
साक्षरता प्रतिशत : ५१.५५
महिला साक्षरता प्रतिशत : ३३.४३
क्षेत्रफल (वर्ग कि. मि.) : १५१९
गाविस नपा संख्या : ६२ १
निर्वाचन क्षेत्र : २
विद्यालय : ३७५
क्याम्पस उच्च मा.वि. : २ ८
अस्पताल स्वास्थ्य चौकी : १ ७०
टेलिफोन लाइन : १९७
मोटर सडक (कि. मि.) : १५५
प्रहरी कार्यालय संख्या : ३
हुलाक संख्या : १३
मानव विकास सूचकांक : ०.३९१
प्रति परिवार सरदर संख्या : ६.१७

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रुपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

दुर्गा भवानी गाविस-२ वरकुरालीमा विशाल भनिने र अर्का एकजना नाम नखुलेका माओवादी कार्यकर्ताहरूलाई ०६१ फागुन १ गते सादापोशाकमा गएका सुरक्षाकर्मीले गोली हानी हत्या गरे।

शंकरपुर गाविस-१ मा सशस्त्र प्रहरी बल बेस क्याम्प, खोड्पेबाट गस्तीमा गएको सुरक्षाफौज र निशस्त्र अवस्थामा रहेका माओवादीबीच जम्काभेट हुँदा ०६१ फागुन ३ गते सुरक्षफौजको गोलीबाट बबिता , मोहना, रेखा, किस्न र कृष्ण भनिने तथा नाम खुल्न नसकेका अर्का एक गरी चारमहिला र दुईपुरुष माओवादीको मृत्यु भयो।

शिखरपुर गाविस-८ को गद्धदीविसा इलाकामा सशस्त्र प्रहरी बेस क्याम्प खोडपेबाट गएको सुरक्षाकर्मीको गस्ती टोली र माओवादीबीच जम्काभेट हुँदा ०६१ फागुन ५ गते सुरक्षाकर्मीको गोली लागी नाम नखुलेका दुई जना माओवादीको मृत्यु भयो।

सशस्त्र प्रहरी बल बेस क्याम्प, खोडपेबाट गस्तीमा गएको सुरक्षाकर्मीको टोली र माओवादीबीच ०६२ साउन २६ गते चौखाम गाविसस्थित बचपानीमा जम्काभेट हुँदा सरस्वती, प्रविण, विशाल, जीवन र अर्का एकजना नाम नखुलेका माओवादी कार्यकर्ताको सुरक्षाकर्मीको गोलीद्वारा मृत्यु भयो।

सशस्त्र प्रहरी बल बेस क्याम्प, खोडपेबाट गस्तीमा गएको सुरक्षाकर्मी र माओवादीबीच सकार गाविस-३ मेल्चौरामा जम्काभेट हुँदा नाम नखुलेका भट्टराई थर भएका एकजना र शितल भनिने चिन्तामणि भट्ट नाम भएका माओवादी कार्यकर्ताहरूको ०६२ भदौ १७ गते सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो।

जिल्ला सदरमुकाम बैतडीबाट गस्तीमा गएको सुरक्षाकर्मी र माओवादीबीच ०६२ असोज ४ गते श्रीकोट गाविस-३ खोचल्लेक बजारमा जम्काभेट हुँदा माओवादी कार्यकर्ता आन्दोलन भनिने ३२ वर्षीय वीरबहादुरको सुरक्षाकर्मीको गोलीबाट मृत्यु भयो। माओवादीद्वारा घोषित एकतर्फी युद्धविरामको समयमा भएको उक्त घटनाको इन्सेक जिल्ला प्रतिनिधि शेरबहादुर चन्द, इन्सेक सहकर्मी संस्था हुसेकका नारदसिंह विष्ट र कान्तिपुर दैनिकका सम्वाददाता राजेन्द्र नाथको एक टोलीद्वारा स्थलगत अध्ययन गरी पीडितको लास सुरक्षाकर्मीले श्रीकोट गाविस-५को मुनाकोटको भीरमा फ्याली बेवारिसे अवस्थामा छोडेको तथ्य सार्वजनिक गरिएको थियो।

आफ्नै बमबाट

सित्तङ गाविस घर भएका अनेरास्ववियु। कालिकोटका जिल्ला स्तरीय कार्यकर्ता २१ वर्षीय दीपक जोशीको ०६२ जेठ २ गते श्रीकेदार गाविस-९ ढुंगेपानी इलाकामा सुरक्षाकर्मी आएको आशंकामा भाग्दा लड्न गई आफैले बोकेको ग्रिनेट विस्फोट हुँदा मृत्यु भयो।

गोली / बम / विद्युतीय धरापद्वारा घाइते

माओवादीबाट

दशरथचन्द्र नपा-८ पुजारा गाउका ३८ वर्षीय राजेश थापा, उनकी पत्नी २६ वर्षीय सपना थापा र छोरी ३ वर्षीय आरती थापाको ०६२ साउन ३१ गते राति घरमा सुतिरहेको अवस्थामा माओवादीले घरमा बम विस्फोट गराउँदा घाइते भए। उक्त घर जिल्ला अनुगमन समिति संयोजक मोहनी थापाको थियो। घाइतेहरूको उपचार जिल्ला अस्पतालमा गरियो।

जेल र बन्दीहरू

'घ' श्रेणीको बैतडी कारागारको कूल २५ जना बन्दीको क्षमता रहेको छ। कारागारमा एकजना महिलासहित जम्मा २६ जना बन्दीहरू रहेका छन्। माओवादीको आरोपमा १० जनालाई छ महिनाको लागि कारागारमा थुनामा राखिएको छ। प्रति व्यक्ति सातसय ग्राम मोटो चामल र दैनिक ३० रुपैयाका दरले कैदीहरूलाई दिइन्छ । बन्दीहरूलाई दुई वर्षमा एक पटक ओढ्ने ओछ्याउने र छमहिनामा एकपटक लगाउने लुगा दिने गरिएको छ। बन्दीहरूसंग जुनसुकै बेलामा पनि भेटघाट गर्न दिइन्छ। कारागारमा सिलाइ बुनाई तालिम पनि उपलब्ध गराइएको छ। जेलभित्र रहेका बन्दीहरूलाई परिवारसंग चिठीपत्रसमेत आदान प्रदान गर्न दिइन्छ। सुरक्षाकर्मी र बन्दीहरूको सम्बन्ध सामान्य रहेको छ भने बिरामी भएका बन्दीहरूलाई जिल्ला स्वास्थ्य कार्यालयमा लगी उपचार गर्ने गरिएको छ। जेलमा एकजनामात्र महिला बन्दी रहेकोले छुट्टै राख्ने व्यवस्था गरिएको छ।

हिरासतमा मृत्यु

श्रीकोट गाविस-९ भण्डारीगाउँका अन्दाजी ४६ वर्षीय लक्ष्मणसिंह भण्डारीलाई माओवादीको आरोपमा ०६२ मंसिर २५ गते सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। पीडित दमको रोगी भएका कारण जिल्ला जनस्वास्थ्य कार्यालयमा उपचारको लागि सुरक्षाकर्मीले लगेकामा उपचारकै क्रममा मंसिर २७ गते मृत्यु भयो। घटनाको बारेमा माओवादीले एक वक्तव्य जारी गरी सुरक्षाकर्मीले यातना दिएका कारण मृत्यु भएको जनाए। सुरक्षाकर्मीले पीडितको रोगका कारणले मृत्यु भएको बताए।

बेपत्ता / अपहरण

माओवादीबाट

गौलेश्वर गाविस-२ स्थित स्थानीय विद्यालयमा मा अध्ययनरत १८ वर्षीय सुशीला मडैलाई ०६१ फागुन १३ गते राति माओवादीले घरबाटै अपहरण गरी आफ्नो कार्यकर्ता बनाएको पीडितको परिवारले बताए।

रुद्रेश्वर गाविस-३ बगेडीकी १७ वर्षीय शारदा बोहरा र १७ वर्षीय अम्बिका बोहरालाई ०६१ फागुन २६ गते माओवादीले घरबाटै अपहरण गरे। पीडितहरू २६ दिनपछि माओवादीको कब्जाबाट भागी तराईतिर विस्थापित भए।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित									राज्य पक्षबाट पीडित				
	अन्यबाट				माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१		१	१	१	१			१	६	१३	५		१८
घाइते					१	१	२		३					
हिरासत वा थुनामा मृत्यु										१	१			१
गिरफ्तारी यातना										१६	२५		१०	३५
कुटपिट	३	३		३	१४	१६	२	४	२२	४	८		१	९
धम्की					१५	१४	१	२३५०	२३६५	१	१			१
भेला संगठित हुने अधिकार										१			१२००	१२००
जातीय विभेद	१	२		२										
महिलाअधिकार	१		१	१	१		१		१					
आर्थिक सामाजिक सांस्कृतिक अधिकार					२	२			२					
अमानवीय व्यवहार	१		१	१	१	१			१					
अपहरण					१६	२१	२	४१	६४					
जम्मा	७	५	३	८	५१	५६	८	२२९५	२४५९	२९	४८	५	१२११	१२६४

रौलेश्वर गाविस-९ नाडिकका ३८ वर्षीय रामबहादुर बिष्टलाई ०६१ सालको एसएलसी परीक्षामा केन्द्राध्यक्ष किन भएको भन्दै माओवादीले ०६१ चैत २ गते घरबाटै अपहरण गरी दुई हप्तापछि मुक्त गरे।

उदयदेव गाविस-२ कपाडी घर भएका ५८ वर्षीय शिक्षक कृष्णबहादुर चन्दलाई प्रतिकार समिति गठन गरेको आरोपमा ०६२ जेठ २४ गते माओवादीले घरबाट अपहरण गरी चार दिनपछि मेलौली गाविसबाट मुक्त गरे।

शिवनाथ गाविस-९ का खगेन्द्र ओझा र मेलौली गाविस-२ का गौरी भाटलाई माओवादीले ०६२ जेठ १४ गते घरबाट अपहरण गरे। पीडितहरूलाई छ महिनासम्म श्रमशिविरमा राखी मंसिर ८ गते कुवाकोट गाविसबाट इन्सेक सहकर्मी संस्था हुसेकका नारदसिंह बिष्टको रोहवरमा मुक्त गरे।

जिल्ला वन उपभोक्ता महासंघ, बैतडीका कर्मचारीहरू ३५ वर्षीय भुवन शर्मा, २६ वर्षीय शेरसिंह बिष्ट, २५ वर्षीय राजकुमारी के.सी., २१ वर्षीय तुलसा अवस्थी र २५ वर्षीय जगदीश बिष्टलाई आफूहरूको अनुमतिबिना कार्यक्रम सञ्चालन गरेको आरोपमा माओवादीले ०६२ असार १९ गते गाजरी गाविसबाट अपहरण गरी चार दिनपछि कुवाकोट गाविसबाट मुक्त गरे।

नगार्जुन गाविस-१ बठ्ठाका २८ वर्षीय गोपाल चन्दलाई ०६२ साउन १३ गते साँझ माओवादीले उनकै घरबाट अपहरण गरे। पीडितलाई १५ दिनपछि इन्सेक प्रतिनिधि शेरबहादुर चन्द र कान्तिपुर सम्वाददाता राजेन्द्रनाथको पहलमा मेलौली गाविसबाट मुक्त गरे।

शर्माली र उदयदेव गाविसका सचिव ४५ वर्षीय गोकुलसिंह भट्टलाई बिनाअनुमति वृद्ध भत्ता वितरण गरेको आरोपमा माओवादीले ०६२ भदौ ४ गते घरबाटै अपहरण गरी १ महिनापछि घरमै ल्याई मुक्त गरे। पीडित हाल विस्थापित भई सदरमुकाममा बसेका छन्।

उदयदेव गाविस घर भएका जिल्ला विकास समिति बैतडीका पियन २९ वर्षीय रघुवीरसिंह महतालाई कार्यालयको काम विशेषले गाउँमा गएको अवस्थामा गिरेगाडा गाविसबाट ०६२ भदौ ५ गते माओवादीले अपहरण गरी एक महिनापछि उदयदेव गाविसबाट मुक्त गरे।

शर्माली गाविस-१, घनाघाटका ३१ वर्षीय राजुराम निरुवा, २८ वर्षीय करनसिंह साउद र ३३ वर्षीय हरिसिंह बिष्टलाई आफूहरूको अनुमतिबिना काम गरेको आरोपमा माओवादीले ०६२ भदौ १७ गते उनीहरूकै घरबाट अपहरण गरे। पीडितहरूलाई दश दिनसम्म विभिन्न ठाउँमा घुमाइ साउद र बिष्टलाई भदौ २७ गते मुक्त गरे भने भदौ २७ गतेदेखि मंसिर ४ गतेसम्म राजुरामलाई घरमै नजरबन्दमा राखेकोमा इन्सेक वर्षपुस्तक प्रतिनिधि शेरबहादुर चन्दको पहलमा दुई महिनापछि मुक्त गरे।

कुलाउ गाविस-५, कलउटीका ३४ वर्षीय नरेन्द्रप्रसाद भट्टले चन्दा नदिएको भनी ०६२ असोज १३ गते माओवादीले उनलाई घरबाट अपहरण गरे। दुई दिनसम्म भोकभोकै आफूहरूसँगै घुमाइ १५ हजार रुपैयाँ लिई असोज १५ गते शर्माली गाविसबाट मुक्त गरे। पीडितलाई चन्दा नदिएसम्म घर जग्गा समेत कब्जा गर्ने धम्की माओवादीले दिएका थिए। पीडित हाल विस्थापित भई महेन्द्रनगरमा बसेका छन्।

गिरेगाडा गाविस-२ का २० वर्षीय शुक्रबहादुर चन्द र सोही ठाउँका २१ वर्षीय राजबहादुर चन्दलाई ०६२ असोज ११ गते शाही नेपाली सेनामा भर्ना भई तालिमको लागि बाहिर जानु अघि घरपरिवारलाई भेट्न आएको अवस्थामा माओवादीले कुटपिट गरी एक हप्तासम्मसँगै घुमाई घरैमा ल्याई मुक्त गरे। पीडित सेनामा भर्ती हुन गएनन्।

न्वाली गाविस-६, सलसेनाका अन्दाजी ४२ वर्षीय कम्मानसिंह कार्कीले सरकारी योजना गाउँमा ल्याएको आरोपमा ०६२ मंसिर ६ गते माओवादीले अपहरण गरे। पीडितसँग रहेको ६० हजार रुपैयाँसमेत लुटी एक महिना श्रमशिविरमा राखेर घरमा पुऱ्याई मुक्त गरे।

नेकाँ (प्रजातान्त्रिक) का जिल्ला सहसचिव एवं तरुण दलका जिल्ला अध्यक्ष अन्दाजी ३१ वर्षीय घनश्याम भट्ट र जिल्ला सदस्य पूर्णबहादुर बोहरालाई ०६२ मंसिर २७ गते माओवादीले श्रीकोट गाविसबाट अपहरण गरे। पीडितहरूमध्ये पूर्णबहादुरलाई सोही दिन र घनश्यामलाई दुई दिनपछि सित्तड गाविसबाट मुक्त गरे।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

श्रीकोट गाविस-३, सिल्लेगडाका रमेश पाण्डे, परिराम भुल, जयराज भट्ट, हरिसिंह ऐर, देवीराम भुल र कालुराम भुललाई माओवादीलाई सहयोग गरेको आरोपमा गस्तीमा गएको सुरक्षाकर्मीले ०६२ असोज ४ गते कुटपिट गरे।

माओवादीबाट

कोटपेटरा-४, गन्ना छेपहाका २१ वर्षीय माधवी बोहराले आफ्नो पतिलाई पार्टीको अनुमतिबिना भारत पठाएको भन्दै माओवादीले ०६१ माघ २ गते उनलाई घरमै गई कुटपिट गरे। पीडितका पति मोहनसिंह बोहरालाई माओवादीले जबरजस्ती वडा जनसरकार सदस्य बनाएपछि भागेर भारत गएका थिए।

श्रीकोट उच्च माध्यमिक विद्यालयका शिक्षक ४६ वर्षीय जयदेव जोशीले माओवादी विरुद्ध बोल्दै पार्टीको

बदनाम गरेको आरोपमा उनलाई माओवादीले ०६१ चैत ११ गते कुटपिट गरी कालो मोसो दली गाउँ घुमाए।

रौलेश्वर गाविस-२ घर भएका व्यापारी ३४ वर्षीय परमानन्द भट्टले सुराकी गरेको आरोपमा माओवादीले ०६१ चैत १२ गते कुटपिट गरे। कुटपिटका कारण पीडित महिना दिनसम्म थला पर्नुपर्ने माओवादीले उपचार गर्न बाहिर जान नदिएको पीडितले बताए।

महारुद्र गाविस-१, खलीगाडका ४४ वर्षीय रगी पुजारालाई माओवादीले ०६१ चैत १८ गते घरमा आई कुटपिट गरे। पीडित पूर्व शिक्षक तथा माओवादीमै संलग्न रहेका थिए। पीडितलाई कुटपिट गर्नाको कारण भने माओवादीले सार्वजनिक गरेनन्।

श्रीकोट गाविस-३, रिखालीका ५७ वर्षीय नन्दराज भट्टराईले नेपाल प्रहरीमा कार्यरत छोरालाई राजिनामा गर्न लगाएर घरमा बोलाउनु पर्ने, नभए परिवारको एक जना सदस्य माओवादीमा लाग्नु पर्ने त्यो पनि नभए घर छाडी विस्थापित हुनुपर्छ भन्दै माओवादीले ०६१ चैत २१ गते घरमै गई धम्की दिए। पीडित सपरिवार सदरमुकाममा विस्थापित भएका छन्।

गिरेगाडा गाविस-१, धिरमडाका ६० वर्षीय वीरभान चन्दलाई ०६१ चैत २३ गते माओवादीले उनका २१ वर्षीय छोरा भरतबहादुर चन्दलाई सशस्त्र प्रहरीमा किन भर्ना गराएको भन्दै छोरालाई घर फिर्ता बोलाउनु पर्ने, नबोलाएमा घरजग्गा कब्जा गर्ने धम्की दिए।

रिम गाविस-९ का गगनसिहं भण्डारीलाई सेना र प्रहरीमा कार्यरत रहेका आफ्ना छोराहरूलाई घर बोलाउन ०६२ जेठ २३ गते माओवादीले धम्की दिए। धम्कीका कारण पीडित सपरिवार विस्थापित भए।

श्रीकेदार गाविस-५ खमतोलाका ३० वर्षीय परशुराम भट्टलाई ०६२ असार २ गते माओवादीले सुराकी गरेको आरोपमा कुटपिट तथा अमानवीय व्यवहार गरे। पीडित भट्ट माओवादी धम्की कारण विस्थापित भई सदरमुकाममा बसेका छन्।

कुलाऊ गाविस-७ का ४२ वर्षीय तारा चन्दले माओवादीलाई सहयोग नगरेको आरोपमा ०६२ असार २० गते माओवादीले उनलाई घर नजिक कुटपिट गरे। पीडितको पञ्चेश्वरमा रहेको पसलसमेत सोही दिन माओवादीले लुटपाट गरेको स्थानीय बासिन्दाले बताए।

कोटपेटरा गाविस-१ का ३४ वर्षीय दलबहादुर राना, सोही ठाँउका ४५ वर्षीय बिसनसिंह राना र ४२ वर्षीय बहादुरसिंह रानालाई ०६२ साउन १७ गते माओवादीले सुरक्षाकर्मी भएका छोरा र भाइहरूलाई घर फिर्ता नबोलाएमा उनीहरूको घर जग्गा कब्जा गर्ने धम्की दिए।

नागार्जुन गाविस-२ बरतोलीका ४६ वर्षीय धनीराम कोलीलाई सुराकीको आरोपमा ०६२ भदौ १६ गते माओवादीले घरमा आई कुटपिट गरे। पीडित हाल विस्थापित भई भारतमा बसेका छन्।

शिवनाथ गाविस-३ घर भई उदयदेव गाविसस्थित पिपलकोट माविका प्राधानाध्यापक ३३ वर्षीय रमेशदत्त ओझाले सरकारी तथा गैरसरकारी योजना गाउँमा ल्याई मनोमानी गरेको आरोपमा माओवादीले उनलाई ०६२ भदौ १६ गते धम्की दिए। धम्कीका कारण पीडित हाल परिवार विस्थापित भएर सदरमुकाम बसेका छन्।

सेना र प्रहरीमा भर्ना भएका जिल्ला भरिका घरपरिवारका करिब ४ सय अभिभावकलाई जिल्लाका विभिन्न ठाउँमा जम्मा गरी सेना र प्रहरीमा रहेका आफना परिवारलाई राजिनामा दिन लगाई घर बोलाउन भन्दै नमान्नेको घरमा ताला लगाई विस्थापित गराउने ०६२ असोज २९ गते माओवादीले धम्की दिए। धम्कीका कारण धेरै परिवारहरू विस्थापित भए।

महाकाली गाविस-३ बस्कुका शिक्षक ४० वर्षीय कृतिबहादुर चन्द र सोही ठाँउका २५ वर्षीय कृष्णबहादुर चन्दलगायत् नाम नखुलेका अन्य चारजना स्थानीय व्यक्तिहरूलाई गाउँमा प्रतिकार समिति गठन गरेको आरोपमा ०६२ असोज ३० गते माओवादीले उनीहरूलाई कुटपिट गरे। कुटपिटबाट घाइते भएका कृतबहादुर चन्दलाई माओवादीले उपचारको लागि बाहिर जान समेत दिएनन्।

आमचौर गाविस-२ लडाका ५० वर्षीय परमानन्द तिवारीलाई ०६२ मंसिर २२ गते माओवादीले घरमै गएर सशस्त्र प्रहरीमा इन्सपेक्टर भएका छोरालाई फिर्ता नबोलाएमा ५० हजार रुपैयाँ चन्दा दिनु पर्ने, नदिए घर जग्गा सबै कब्जा गर्ने धम्की दिए।

न्वाली गाविस-४, न्वालीका ४८ वर्षीय बीसराम कार्कीलाई पार्टी बिरोधी गतिविधि गरेको आरोपमा माओवादीले ०६२ मंसिर २२ गते राति घरदेखि अलिपर पुऱ्याई कुटपिट गरे। पीडित विस्थापित भई हाल सदरमुकामा डेरा गरी बसेका छन्।

न्वाली गाविसस्थित श्री भूमिराज प्राविका शिक्षक ३८ वर्षीय धनबहादुर बिष्टलाई ०६२ मंसिर २२ गते सुरक्षाकर्मीमा रहेका उनका छोरा भतिजालाई फिर्ता नबोलाए घरजग्गासमेत कब्जा गर्ने धम्की दिए। माओवादीले त्यसरी धम्की दिएपछि पीडित हाल विस्थापित भई सदरमुकाममा बसेका छन्।

नेकाँका केन्द्रीय सदस्य विनयध्वज चन्द, सोही पार्टीका जिल्ला अध्यक्ष नरेन्द्र बिष्टलगायत नेकाँका अन्य जिल्ला स्तरीय नेता तथा कार्यकर्ताहरूलाई ०६२ मंसिर २२ गते माओवादीले मेलौली गाविसबाट कब्जामा लिई कार्यक्रमसमेत गर्न नदिई अमानवीय व्यवहार गरी अपहरण

गरे। पीडितहरूलाई सोही ठाउँबाट मंसिर २३ गते आफूले गल्ती गरेको हो भन्ने कागज गराई मुक्त गरे।

अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

(राजनीतिक स्वतन्त्रता, स्वतन्त्र र निष्पक्ष चुनावसमेत)

जिल्लाका ६९ विद्यालयका शिक्षक, विद्यार्थी र अभिभावकलगायत करिव एक हजार दुई सय जनालाई ०६२ मंसिर ७ गते सरकारसँग युद्धविराम गर्न तथा अन्य पेशागत हकहितको माग राख्न सदरमुकाम आउँदा सुरक्षाकर्मीले सदरमुकाम प्रवेश गर्ने मुख्य नाका देहीमाण्डौबाट मंसिर ८ गते प्रवेश गर्न दिएनन्। मनोनित जिविस सभापति उत्तरबहादुर ऐरीले अभियानमा आउने सबै माओवादी भएको आरोप लगाए। गाउँबाट सदरमुकाम गएका व्यक्तिहरूलाई सदरमुकाम पस्न नदिई बाटोबाटै फिर्ता पठाइएको थियो। अभियानमा संलग्न शिक्षकहरूलाई पदबाट राजीनामा गर्नुपर्ने नत्र कारवाही गर्ने धम्की जिविस सभापतिले दिएका थिए।

नेपाल राष्ट्रिय शिक्षक युनियनका जिल्ला अध्यक्ष ४२ वर्षीय गोरखबहादुर चन्दलाई माओवादीको भाषामा प्रेस विज्ञप्ति प्रकाशन गरेको आरोपमा ०६२ मंसिर १३ गते जिल्ला विकास समितिका मनोनित सभापति उत्तरबहादुर ऐरले कारवाही गर्ने धम्की दिए। पीडितलाई सोही दिन साँझ दशरथचन्द नपा-१ गोठलापानी क्याम्पसरोडस्थित घरमा सादा पोसाकमा आएका सुरक्षाकर्मीले जथाभावी बोलेको र लेखेको भनी कुटपिट गर्ने धम्की दिए। पीडितलाई लोकतन्त्रको पक्षमा वकालत गरेको भनी जिल्ला शिक्षा कार्यालयले विभागीय कारवाही गरी एकतह घटुवा गर्नुका साथै काजमा सदरमुकामबाट गाउँ पठाए। पीडित गाउँ नगइ सदरमुकाममै बसेका छन्।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा नौओटा मुद्दा दर्ता भए। जसमध्ये एक सम्वन्ध विच्छेदको मुद्दा मात्र फर्स्यौट भएको र आठओटा मुद्दा फर्स्यौट हुन बाँकी रहेका छन्। फर्स्यौट हुन बाँकी रहेका मुद्दाहरूमा फौजदारी एक, दुनियावादी फौजदारी एक, सरकारवादी फौजदारी पाँच र संक्षिप्त फौजदारी एक गरी जम्मा आठ ओटा मुद्दाहरू रहेका छन् भने देवानी मुद्दा यस वर्ष परेनन्। गत वर्षका करिव १५ मुद्दा यस वर्ष फर्स्यौट भए। गत वर्ष र यस वर्ष फर्स्यौट भएका मुद्दाहरूमा सरकारवादी फौजदारी छ, संक्षिप्त फौजदारी दुई, देवानी पाँच, दुनियावादी फौजदारी दुई गरी विगत दुई वर्षदेखि यस वर्षसम्म १५ ओटा मुद्दा फर्स्यौट भएको अदालतस्रोतले बतायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

कोटिला गाविस-१ भौनेका ३२ वर्षीय विष्णुदत्त जोशीको ०६२ जेठ २३ गते माओवादीले घर कब्जा गरी दुईलाख ३२ हजार रुपैयाँ बराबरको धनमाल स्थानीय गाउँलेलाई बाँडिदिए। पीडित माओवादी धम्कीका कारण ०६१ चैत १ गतेदेखि नै विस्थापित भई सपरिवार सदरमुकाममा बसेका छन्।

मठैराज गाविस-६, गुरुकेलीका ३५ वर्षीय कलशबहादुर चन्दको घर माओवादीले ०६२ असार १७ गते लुटपाट गरे। पीडितले तीनलाख ४६ हजार पाँचसय बराबरको धनमाल लुटिएको बताए। पीडितले क्षतिपूर्तिकालागि जिल्ला प्रशासन कार्यलयमा असार १९ गते निवेदन दिए। पीडित हाल विस्थापित भई धनगढी बसेका छन्।

विस्थापित

गत वर्षदेखि विस्थापित भएका एकसय २५ जनाले यो वर्ष पनि राज्यबाट पाउने विस्थापित भत्ता पाउन सकेनन्। राज्यले विस्थापित भत्ता गैरविस्थापितहरूलाई दिएको आरोप विस्थापितले लगाएका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

रौलेश्वर गाविस-२ मेल डुंगराका नाम नखुलेका एक जनालाई घरबाट सदरमुकाम जाँदा बाटोमा पर्ने देहीमाण्डौ-७ कडपते चेकपोष्टका सुरक्षाकर्मीहरूले माओवादीको आरोपमा ०६१ माघ २८ गते गिरफ्तार गरी १ हप्तापछि जिल्ला प्रहरी कार्यालयबाट रिहा गरे।

दशरथचन्द नपा-२, विनासौका ३२ वर्षीय कमलसिंह कार्कीलाई माओवादीलाई सहयोग गरेको आरोपमा सुरक्षाकर्मीले ०६२ वैशाख १७ गते सोही नपा-१, सदरमुकामबाट विनापूर्जी गिरफ्तार गरे। पीडितलाई २ दिन पछि जिल्ला प्रहरी कार्यलयबाट रिहा गरियो।

सलेना गाविस-९, चमागाउँका १८ वर्षीय तारादत्त ओझालाई गस्तीमा गएको सुरक्षाकर्मीले दुर्गास्थान गाविस-३ बाट ०६२ वैशाख ३२ गते एकनाल बन्दुक र एक सकेट बमसहित गिरफ्तार गरे। पीडितलाई जेठ ३ गतेदेखि जिल्ला कारागार, बैतडीमा राखिएको छ।

रौलेश्वर गाविस-१ का ४५ वर्षीय रमेश महरालाई सशस्त्र प्रहरी बल बेश क्याम्पबाट गस्तीमा गएका सुरक्षाकर्मीले माओवादीको आरोपमा पाटन गाविस-७ पाटन बजारबाट ०६२ असार १ गते गिरफ्तार गरे। पीडितलाई सोही क्याम्पबाट एक हप्तापछि रिहा गरियो।

सिलंगा गाविस-३ सिउडाका ४५ वर्षीय लालसिंह ऐरीलाई माओवादीको आरोपमा ०६२ साउन २४ गते

सुरक्षाकर्मीले देहीमाण्डौ गाविसको कठपर्तेस्थित सुरक्षा चेक पोष्टबाट गिरफ्तार गरे। पीडितलाई आवश्यक अनुसन्धानपछि सोही दिन बेलुका रिहा गरे।

नागार्जुन गाविस-२ बरतोलीका ४१ वर्षीय अन्तराम कोलीलाई माओवादीको आरोपमा ०६२ भदौ १ गते सुरक्षाकर्मीले घरबाट गिरफ्तार गरी पाच दिनपछि इन्सेक प्रतिनिधि शेरबहादुर चन्दको रोहवरमा घरपरिवारलाई जिम्मा लगाए।

सित्तड गाविस-३ सलेनाका २७ वर्षीय नरभान नगारीलाई माओवादीको आरोपमा ०६२ भदौ १२ गते सुरक्षाकर्मीले दशरथचन्द नपा-७ सुकड्डीबाट गिरफ्तार गरे। पीडितलाई भदौ १५ गतेदेखि छ महिनाकालागि जिल्ला कारागार बैतडीमा राखिएको छ।

सशस्त्र प्रहरी बेस क्याम्प खोडपेबाट गस्तीमा गएको सुरक्षाकर्मीको टोलीले ०६२ कार्तिक ११ गते चौखाम गाविसस्थित बचपानीबाट माओवादी कार्यकर्ताहरू हलचल भनिने दलबहादुर साउद, राजेश भनिने रमेश भण्डारी र भुपण भनिने कर्णबहादुर धामीलाई गिरफ्तार गरी कार्तिक १४ गतेदर्देखि छ महिनाकालागि जिल्ला कारागार बैतडीमा राखिएको छ।

देउलेख गाविस-८ का कृष्णनन्द भट्ट, २८ वर्षीय राजेन्द्रप्रसाद भट्ट, मल्लादेही गाविस-३ का २५ वर्षीय मानसिंह साउद, श्रीकोट गाविस-५ का २२ वर्षीय गणेश भुल, न्वाली गाविस-९ का २१ वर्षीय राजीराम भुल, २२ वर्षीय केशवराम महर, श्रीकोट गाविस-३ का २९ वर्षीय मानसिंह ऐरी, देउलेख गाविस-५ का जयराम महर र २३ वर्षीय दानीराम महरलाई माओवादीको आरोपमा ०६२ मंसिर २५ गते सुरक्षाकर्मीले आ-आफ्नै घरबाट गिरफ्तार गरे। पीडितहरूमध्ये मानसिंह ऐरी, दानी लुहार, राजिराम कोली र जयराम महरलाई मंसिर १८ गते ६ महिनाको लागि कारागार चलान गरियो। अन्यलाई मंसिर २७ गते हुमकका नारदसिंह बिष्ट, मासमका प्रकाश चन्द र कान्तिपुर दैनिकका सम्वाददाता राजेन्द्रनाथलगायत्को रोहबरमा रिहा गरियो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

बलात्कार बलात्कार प्रयास

शिवलिङ्ग गाविस-३ मगरकोटकी २६ वर्षीय एक महिलालाई ०६१ चैत १९ गते माओवादी कार्यकर्ता पहल उपनाम गरेका पदमसिंह भण्डारीले राति उनकै घरमा खाना खाएर पति घरमा नभएको बेला बलात्कार गरे। सो घटनापछि पीडित महिला र उनका पति, दुईओटा नाबालक छोराछोरीसहित बैतडी सदरमुकाम आइ बसेका छन्। घटनाका दोषीलाई माओवादीले छानबिन गरी पार्टीबाट निस्कासन गरेको जनायो। घटनाको विरोध गर्ने अन्य सर्वसाधरण गाउलेहरूलाई माओवादीले आफ्नो श्रमशिविरमा राखी दुई महिनापछि मुक्त गरे।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार जातीय छुवाछूत समेत

दशरथचन्द नपा-९ सिम्मलतेककी २७ वर्षीय उपादेवी ओडलाई दलित भएको कारण सोही गाउका स्थानीय ४५ वर्षीय दानी बिष्टले एउटा नामाको भाडा चोरी गरेको आरोपमा कुटपिट तथा अमानवीय व्यवहार गरी मुखमा मोसो दली ०६१ चैत ३ गते गाउ घुमाए। पीडितले भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा निवेदन दिए पनि कुनै सुनवाइ भएन।

दशरथचन्द नपा-६ भोडाका ६८ वर्षीय कुसे महरलाई आफ्नो जग्गामा दलित भएर घास काटेको निहुमा सोही ठाउंका गणेशबहादुर चन्दले ०६२ साउन ३२ गते कुटपिट गरे।

दशरथचन्द नपा-९ सिम्लेकका ३५ वर्षीय देवराम महरलाई हलिया मुक्तिका लागि जिल्ला प्रशासन कार्यालयमा मुद्दा हालेको भनी ०६२ भदौ २ गते सोही नपा-९ भटलाका ५० वर्षीय पीडितका मालिक लक्ष्मी बिष्टले "डुम" भनेर गाली बेइज्जत गरी कुटपिट गर्ने धम्की दिए। हलिया मुक्तिका लागि मालिकसंग सरसल्लाह नगरी मुद्दा दिएको भनी त्यस ठाउंका दलितहरू विरुद्ध नाकाबन्दी गर्ने सोही ठाउका गैरदलितहरूले घोषणा गरेका थिए।

दशरथचन्द नपा-४ औंलाका ३५ वर्षीय वीरसिंह कोली र सोही नपा-५ का ४२ वर्षीय दानीराम दमाईलाई ०६२ असोज ११ गते दशरथचन्द नपा-१ गोठलापानीस्थित दुध डेरीमा दुध बिक्री गर्न लैजादा डेरीले दुध लिएन।

विविध

आत्मसमर्पण

यस वर्ष ४ महिला र ५ जना पुरुषले माओवादी गतिविधि परित्याग गरी जिल्लामा प्रशासन कार्यालयमा आत्मसमर्पण गरे। आत्मसमर्पण गर्नेहरूमा सित्तड गाविसकी १६ वर्षीय गोमती जोशीले ०६२ असार २३ गते जिल्ला प्रशासन कार्यालय, बैतडीमा, शिवनाथ गाविसका १८ वर्षीय सन्तोष चन्दले ०६२ कार्तिक १६ गते जिल्ला प्रशासन कार्यालयमा आत्मसमर्पण गरे।

अतिरिक्त जानकारीहरू

(मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

सुरक्षास्रोतका अनुसार सशस्त्र प्रहरी बल बेस क्याम्प खोडपेका एक प्रहरीले आफैलाई गोली हानी आत्महत्या गरे।

५.९ दार्चुला

जनसंख्या	: १३११२३
साक्षरता प्रतिशत	: ५०.२१
महिला साक्षरता प्रतिशत	: ३३
क्षेत्रफल (वर्ग कि. मि.)	: २३२२
गाविस/नपा संख्या	: ४१/०
निर्वाचन क्षेत्र	: १
विद्यालय	: २६५
क्याम्पस/उच्च मा.वि.	: १/६
अस्पताल/स्वास्थ्य चौकी	: १/४१
टेलिफोन लाइन	: १८४
मोटर सडक (कि. मि.)	: १८
प्रहरी कार्यालय संख्या	: १
हुलाक संख्या	: ४३
मानव विकास सूचकांक	: ०.४११
प्रति परिवार सरदर संख्या	: ६.२३

नागरिक तथा राजनीतिक अधिकार

सम्मानित रूपले बाँच्ने अधिकार

हत्या / गोली

राज्यबाट

शंकरपुर गाविस-१ पस्तीमा ०६१ माघ ३ गते सुरक्षाकर्मीमाथि सकेट बम प्रहार गरी भाग्दा माओवादी जिल्ला उपप्रमुख विजय भनिने मोहनसिंह धामी, चर्चित, अमिम र कपिल भनिने माओवादीहरू सुरक्षाकर्मीको गोलीबाट मारिए।

ब्रम्हदेव गाविस-७ टीमुरबाट माओवादी एरिया इन्चार्ज विनायक ०६२ साउन १७ गते बिहान सुरक्षाकर्मीले नियन्त्रण लिने क्रममा प्रहार गरिएको गोलीबाट मारिए।

हीकिला गाविस-६ ब्रम्हमाण्डुमा माओवादी कार्यकर्ता मुस्कान भनिने हरकसिंह धामी ०६२ कार्तिक ७ गते बिहान सुरक्षाकर्मीले नियन्त्रणमा लिने क्रममा प्रहार गरिएको गोलीबाट मारिए। सुदूरपश्चिम पृतना हेडक्वार्टरले नियमित गस्ती टोलीमाथि सकेट बम प्रहार गरी भाग्ने क्रममा सुरक्षाकर्मीको प्रतिकारमा परी उनको मृत्यु भएको जनायो।

जेल र बन्दीहरू

०२२ सालमा स्थापना भएको दार्चुला जेलको बन्दी क्षमता ४० जनाको छ। हाल यहाँ १५ जना बन्दीहरू रहेका छन्। बन्दीहरूमध्ये कर्तव्य ज्यानका १४ जना र सार्वजनिक सुरक्षा ऐन अन्तर्गत एकजना रहेका छन्। जेलभित्र चार शौचालयको व्यवस्था छ। दुईओटा रंगीन टेलिभिजन तथा केबुल लाइनको सुविधा दिइएको भए पनि पत्रपत्रिकाको व्यवस्था गरिएको छैन। नियमित रूपमा बन्दीहरूका आफन्तलाई भेटघाट गर्न दिइने गरिएको छ। गर्मी र जाडोमा वर्षको दुई पटक लुगा दिने व्यवस्था छ। बन्दीहरूको स्वास्थ्य उपचारका लागि हप्तामा एकपटक अनिवार्य र आवश्यकता अनुसार डाक्टरद्वारा स्वास्थ्य परीक्षण गराइने व्यवस्था मिलाइएको निमित्त जेलर नरबहादुर बमले बताए।

बेपत्ता / अपहरण

माओवादीबाट

छापरी गाविस-८ लास्कु घर भएका छापरी गाविसका सचिव ४७ वर्षीय करनसिंह कार्कीलाई आर्थिक लेनदेनको विषयलाई लिएर ०६२ वैशाख ९ गते माओवादीले घरबाटै अपहरण गरी तीन दिनपछि लटीनाथ गाविसबाट मुक्त गरे।

डाँडाकोट गाविस-२ लीम घर भएका कान्तिपुर दैनिकका सम्वाददाता २३ वर्षीय विक्रम गिरीलाई बिना अनुमति व्यास गाविसको छाङ्रु आएको आरोपमा ०६२ जेठ २० गते माओवादीले अपहरण गरी ०६२ जेठ २५ गते लटीनाथ गाविसबाट मुक्त गरे।

लटीनाथ गाविस-६ सार्सीका २० वर्षीय गोपालराम कामीलाई ०६२ असार १२ गते माओवादीले आफ्नो कार्यक्रममा जानुपर्छ भनी लटीनाथ बजारबाट अपहरण गरे। कार्यक्रममा संलग्न गराएपछि पीडितलाई ०६२ साउन महिनासम्मसँगै राखे। पीडित माओवादीको कब्जाबाट भागी सदरमुकाम आई बसेका छन्।

हुती गाविस-७ पन्तोली घर भएका हिमालय उच्चमाविका शिक्षक ३० वर्षीय गौरसिंह धामीलाई सुराकीको आरोपमा ०६२ असार २८ गते दिउँसो माओवादीले विद्यालयबाट अपहरण गरी असार २९ गते सुनसेरा गाविसबाट मुक्त गरे।

खरकडा गाविस-९ झलातीका ४२ वर्षीय दिलीपराम पार्कीलाई गाउँलेलाई ठगेको आरोपमा ०६२ कार्तिक २३ गते माओवादीले घरमै आई कुटपिट गरी अपहरण गरे। पीडितको अवस्था अज्ञात छ।

खार गाविस-६ का २३ वर्षीय अमरसिंह ठगुन्नालाई सुराकीको आरोपमा ०६२ मंसिर १९ गते माओवादीले खार बजारमा कुटपिट गरी अपहरण गरे। पीडित सोही दिन राति जामीर भन्ने ठाउँबाट भागेर सदरमुकाममा आए।

धम्की / ज्यानमार्ने धम्की / कुटपिट

राज्यबाट

खलंगा गाविस-५ का २२ वर्षीय लालसिंह ठगुन्नालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ असार २० गते सुरक्षाकर्मीले पसलमै आई कारवाही गर्ने धम्की दिए।

खार गाविस-१ दल्लेखका ५० वर्षीय करनसिंह महर र सोही ठाउँका ४२ वर्षीय पूरनसिंह डडाललाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ साउन ५ गते सुरक्षाकर्मीले दल्लेखकै बजारमा कुटपिट गरे।

सुन्सेरा गाविस-५ का १९ वर्षीय धनपति भट्टले आत्मसमर्पण गरी भारतको एक पसलमा काम गरिरहेको अवस्थामा माओवादी पार्टीमा छँदा चन्दा असुली गरेको आरोपमा ०६२ भदौ १ गते सुरक्षाकर्मीले भारतबाट नेपालको सिमानाचौकीमा ल्याई कुटपिट गरे।

खार गाविस-४ का २७ वर्षीय मोहनसिंह ठगुन्ना, सोही ठाउँका ४९ वर्षीय धनसिंह मन्याल, काटै गाविस-३ का शेरराम पार्की र काटै गाविस-४ का जयसिंह डोवाललाई माओवादी भगाएको आरोपमा ०६२ मंसिर ४ गते सुरक्षाकर्मीले कुटपिट गरे।

माओवादीबाट

पिपलचौर गाविस-४ बिणका ८१ वर्षीय देवबहादुर कुँवर, ७२ वर्षीय कलावतीदेवी कुँवर, ४२ वर्षीय देवकी कुँवर, १७ वर्षीय भागरनी कुवर, ८ वर्षीय कुन्ती कुवर र १५ वर्षीय वीरेन्द्रसिंह कुँवरलाई ०६२ जेठ २७ गते माओवादीले घर छाड्ने धम्की दिए। उनीहरूका आफन्त दिलीप कुँवरले माओवादी पार्टीको रकम हिनामिना गरी भागेको आरोप माओवादीले लगाएका थिए। पीडितहरू सदरमुकाममा बसेका छन्।

शिखर गाविस-२ का ४२ वर्षीय हरदेव खडायत र सोही ठाउँका ४१ वर्षीय पदम खडायतलाई ०६२ जेठ २५ गते माओवादीले घरमै आई सेना प्रहरीमा भर्ना भएका छोराहरूलाई १५ दिनभित्र घर बोलाउनु पर्ने नबोलाएमा सपरिवार सदरमुकाम जानु भनी धम्की दिए।

सुन्सेरा गाविस-७ डोकटका ४९ वर्षीय केशरसिंह बिष्टलाई छोरा सेनामा भर्ती हुन गएको भनी ०६२ जेठ २९ गते माओवादीले ताला लगाई दिने धम्की दिए।

धुलीगडा गाविस-८ उडालुका ३६ वर्षीय पुनेराम टमटाको परिवारलाई उनका भाइ प्रहरीमा भर्ना भएको आरोपमा ०६२ जेठ २७ गते माओवादीले घरबाटै निकाली घरमा तालाबन्दी गरे। घटनाको एक हप्तापछि भाइलाई घर फिर्ता बोलाएपछि घरमा लगाएको ताला माओवादीले खोलेका थिए।

धुलीगडा गाविस-७ का ३७ वर्षीय बहादुरसिंह ठगुन्नालाई उनका भाइ प्रहरीमा भर्ना भएको भनी ०६२ जेठ २६ गते माओवादीले घरमै आई फिर्ता नबोलाए घरमा ताला लगाउने धम्की दिए।

पिपलचौर गाविस-३ खोलीका १९ वर्षीय नरेन्द्रराज भट्टलाई ०६२ असार १९ गते माओवादीले ब्रम्हदेव गाविस-७ स्थित पसलमा कुटपिट गरी प्रमाणपत्र लुटे।

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित		
	अन्यबाट				माओवादीबाट						
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	जम्मा
हत्या	१	१		१					३	६	६
गिरफ्तारी/यातना									७	८	८
कुटपिट	१	१		१	४	६		६	५	९	९
धम्की	१	१		१	१४	२४	४	२८	२	२	२
जातीय विभेद	१	१		१							
महिलाअधिकार	६		६	६							
बालअधिकार	१		१	१							
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार	१	१		१							
अमानवीय व्यवहार	१	१		१							
अपहरण					७	७		७			
जम्मा	१३	६	७	१३	२५	३७	४	४१	१७	२५	२५

तपोवन गाविस-७ लम्बगरका शिक्षक ५८ वर्षीय जंगबहादुर सिंहलाई सुराकीको आरोपमा ०६२ असार ७ गते माओवादीले गाउँमै भएको एक आमसभामा लाठी तथा मुक्का प्रहार गरी कुटपिट गरे।

शिखर गाविस-३ बलाचँका ६५ वर्षीय दले खडायत, सोही ठाउँका ४९ वर्षीय परे खड्गयत र ५२ वर्षीय हदरत्त खडायतलाई ०६२ असार ८ गते माओवादीले सेना/प्रहरीमा भर्ना भएका छोराहरूलाई १५ दिनपछि घर बोलाउनु पर्ने नबोलाएमा परिवार सदरमुकाम जानु भनी धम्की दिए।

सिप्टी गाविस-५ का २५ वर्षीय दानसिंह ठगुन्नालाई माओवादीले ०६२ साउन ४ गते माओवादीमा लाग्नु पर्ने, नलागेमा शारीरिक यातना दिने धम्की दिए।

ब्रम्हदेव गाविस-७ टिमुरबाटामा पसल गरी बस्ने मानबहादुर बम, जंगबहादुर बम, हंसबहादुर बम, शेरबहादुर बम र मानबहादुर बमलाई आफ्ना कार्यकर्ताको हत्यामा सहयोग पुऱ्याएको आरोपमा ०६२ साउन १८ गते माओवादीले पसल बन्द गर्ने धम्की दिए। ०६२ भदौ महिनाको पहिलो सातातिर माओवादी आफैंले पसल खोल्न लगाए।

धुलीगाडा गाविस-१ का ५१ वर्षीय लालसिंह धामी, सोही ठाउँका ४९ वर्षीय हरजितसिंह ठगुन्ना र ४८ वर्षीय बल्देवसिंह बोहरालाई छोराहरू सेना, प्रहरीमा जागिर खान गएको भनी ०६२ भदौ २ गते माओवादीले ७ दिनभित्र फिर्ता नबोलाएमा घरमा ताला लगाई दिने धम्की दिए।

शेरी गाविस-६ का ५० वर्षीय करवीरसिंह डडाल्लाई ०६२ भदौ ६ गते, सोही ठाउँका ४२ वर्षीय डम्बरसिंह कोटारीलाई ०६२ भदौ ७ गते माओवादीले प्रहरीमा रहेको छोरालाई सात दिनभित्र फिर्ता नबोलाएमा घरमा तालाबन्दी गर्ने धम्की दिए।

शिखर गाविस-६ थलाका ५० वर्षीय धिरसिंह खडायतलाई ०६२ भदौ ९ गते र सोही गाविस-५ बत्थीका ५३ वर्षीय रामबहादुर खडायतलाई ०६२ भदौ १२ गते माओवादीले प्रहरीमा भर्ना भएको छोरालाई फिर्ता नबोलाए घरमा तालाबन्दी गर्ने धम्की दिए।

धुलीगाडा गाविस-७ रैंचीका २८ वर्षीय जनकसिंह ठगुन्ना, सोही ठाउँका २९ वर्षीय नन्दनसिंह ठगुन्ना र सोही गाविस-५ बसराका प्रेमसिंह धामीलाई अनुमति नलिई एक ठाउँबाट अर्को ठाउँमा गएको भनी ०६२ कार्तिक १९ गते माओवादीले घरबाट अपहरण गरी धुलीगाडा गाविस-६ बरवगे पुऱ्याई कुटपिट गरे।

सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष जिल्ला अदालतमा विभिन्न प्रकृतिका २९ ओटा मुद्दा दर्ता भए। ती मध्ये ११ फर्स्यौट भए भने १८ बाँकी रहे। दुनियावादी देवानी १३ ओटा र सकरारवादी फौजदारी १६ मुद्दा परेका थिए। फर्स्यौट भएका मध्ये देवानी पाँच र सरकारवादी फौजदारी छओटा रहेका छन्।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

आर्थिक अधिकार

हिकिला गाविस-४ का ४७ वर्षीय दिलिपसिंह बडालको घर ०६२ साउन १९ गते माओवादीले आगो लगाई ध्वस्त पारे। आगलागीबाट १० लाख रुपैयाँ बराबरको क्षति भएको पीडितले बताए। पीडितलाई माओवादीले सुराकीको आरोप लगाएका कारण ०५९ सालदेखि विस्थापित भई सदरमुकाममा बस्दै आएका छन्।

यातना तथा अन्य क्रुर अमानवीय र अपमानजनक व्यवहार वा दण्ड

गिरफ्तारी/यातना

धुलीगडा गाविस-९ होपरीगाडका २९ वर्षीय धनसिंह धामीलाई माओवादीसँग साँठगाँठ गरेको आरोपमा ०६२ असार २२ गते सुरक्षाकर्मीले खलंगा गाविस-५ बाट गिरफ्तार गरी असार २३ गते तारेखमा रिहा गरे।

गुल्जर गाविस-९ दहका २० वर्षीय सुरेन्द्रसिंह ठगुन्नालाई माओवादीको आरोपमा ०६२ असार ४ गते सुरक्षाकर्मीले खलंगा गाविस-४ स्थित होटलबाट गिरफ्तार गरी सोही दिन रिहा गरे।

इयरकोट गाविस-४ शेराका ४० वर्षीय नन्दलाल महत्तालाई माओवादीलाई सहयोग गरेको आरोपमा ०६२ भदौ ३ गते गस्तीमा गएका सुरक्षाकर्मीले पसलबाट गिरफ्तार गरे। पीडितलाई सदरमुकाम ल्याई सोधपुछ पछि भदौ ५ गते रिहा गरे।

धुलीगाडा गाविस-८ उडालुका ३५ वर्षीय बहादुरराम टमटालाई माओवादीको आरोपमा ०६२ असोज १७ गते राति ११ बजे सुरक्षाकर्मीले खलंगा गाविस-५ स्थित कोठाबाट गिरफ्तार गरी असोज २० गते रिहा गरे।

धारी गाविस-२ फाराका १८ वर्षीय रवीन्द्र कुँवरलाई माओवादीको आरोपमा ०६२ कार्तिक ८ गते सुरक्षाकर्मीले सुन्सेरा गाविसको गल्थाबाट गिरफ्तार गरे। पीडितलाई सदरमुकाम ल्याई सोधपुछपछि कार्तिक १० गते तारिखमा रिहा गरे।

गुल्जर गाविस-६ ताकुपारीका १९ वर्षीय कुशलसिंह बोहरलाई माओवादीको आरोपमा ०६२ मंसिर ४ गते सुरक्षाकर्मीले खार गाविस-१ दल्लेखबाट हातहतियार सहित गिरफ्तार गरे। पीडितलाई मंसिर ६ गतेदेखि कारागारमा राखियो।

बालअधिकार

काटै गाविस-४ घट्टेखोलाकी ६ वर्षीय एक बालिकालाई ०६२ मंसिर ५ गते सोही ठाउँका १९ वर्षीय अंगवीरसिंह बोहराले नजिकैको खेतमा लगी बलात्कार गरे। पीडितको उपचार भारतको पिथौरागढमा गरियो भने पीडक फरार छन्।

महिला विरूद्ध हुने सबै प्रकारको भेदभाव / दूर्व्यवहार

पारिवारिक हिंसा

काटै गाविस-४ मुल्लाका ३३ वर्षीय किथ्या साहुले घरमा पत्नी हुँदाहुँदै ०६१ असार ७ गते धूलीगाडा गाविस-५ की सुस्तमनस्थितिकी २५ वर्षीय युवतीसँग दोस्रो विवाह गरे। ०६२ असार १८ गते जेठी पत्नीले कुटपिट गरी घरबाट निकालेपछि पीडित हाल बाबुको संरक्षणमा माईतीमै बसेकी छन्।

सबै प्रकारका जातीय विभेद

अन्य अमानवीय व्यवहार, जातीय छुवाछूत समेत

काटै गाविस-१ का ३५ वर्षीय गोविन्दराम लुहारलाई ०६२ साउन ४ गते छापरी गाविस-९ घर भई खलंगा गाविस-५ मा होटल गरी बस्ने सुन्दरसिंह धामीले चिया खाएर गिलास नमाझेको भनी कुटपिट गरे।

विविध

प्रेस वक्तव्य, टिप्पणी र विरोध कार्यक्रम आदि

काटै गाविसको सेला भन्ने ठाउँमा माओवादीले ०६१ पुस १६ गते विस्फोटक पदार्थ राखी अवरोध गरेपछि १० गाविसका मानिसहरूलाई सदरमुकाम आवतजावत गर्न कठिनाई पर्‍यो। स्थानीय बासिन्दा र इन्सेक प्रतिनिधिको दबाबका कारण सो विस्फोट पदार्थ ८ दिनपछि माओवादी आफैंले हटाएका थिए।

महेन्द्र उच्चमावि खलंगाका शिक्षक तथा व्यवस्थापन समिति अध्यक्षबीच विवाद उत्पन्न हुँदा ०६२ असार ९ गते शिक्षकहरूले एकदिन विद्यालय बन्द गरी विरोध जनाए।

दार्चुला उद्योग वाणिज्य संघले ०६२ भदौ १९ गते एक प्रेस विज्ञप्ति जारी गरी माओवादीले भदौ १८ गतेदेखि तीन महिनाको लागि गरेको एकतर्फी युद्धविरामलाई स्वागत गरे।

जिल्लाका मार्मा तथा लेकम क्षेत्रका करिब आठहजार जनताले ०६२ कार्तिक २७ गते माओवादीको दबावमा शान्ति वार्ता गर, संविधान सभाको निर्वाचन गर, अविलम्ब युद्धविरामको घोषणा गर भन्ने मागसहित जिल्ला प्रशासन कार्यालयमा धर्ना दिए।

अनेरास्ववियु र नेविसंघका विद्यार्थी संगठनहरूले ०६२ पुस ३ गते नगरकोट हत्या काण्डको विरोधमा खलंगा बजार बन्द गरी विरोध प्रदर्शन गरे।

संरचनामा क्षति

माओवादीले जिल्ला खानेपानी कार्यालयमा ०६१ पुस १७ गते राति आगजनी गर्नुका साथै बम विस्फोट गराए। विस्फोटबाट भवनका भित्ताहरू चर्किएका थिए। सोही राति कार्यालयका पाले ब्रम्हदेव गाविस-९ का ३५ वर्षीय कृपादत्त जोशीलाई अपहरण गरी अर्को दिन धाप गाविसको चेटेगाडाबाट मुक्त गरे।

अनुसूची २

मानवअधिकार उल्लंघन तथ्याङ्क २००५

परिशिष्ट १.१ : नेपाल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्य पक्षबाट				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या															
घाँटी रेटेर	१८	११	७		१८	११	१२			१२					
घाँटी थिचेर	७	४	३		७										
घाँटी काटेर	१	१			१										
ढुंगाले किचेर	१		१		१	१	१			१					
टाउको छिनाएर	१		१		१	१	१			१					
बम विस्फोटनबाट	६	१०	६		१६	३३	४५	९		५४	१		१		१
बलात्कारपछि	१०		१०		१०										
दोहोरो भिडन्तमा	२	१		१	२	३२	२४५	८	५	२५८	५१	२६३	३६	६०	३६९
आगो लगाएर हत्या	५	५	४		९										
झुण्डाएर	२	१	१		२										
विद्युतीय धरापमा परी	१	१			१	३०	८३	२२		१०५	२	२			२
विष खुवाएर	३	२	१		३										
लठ्ठी प्रहारबाट	६	४	२		६										
कुटपिट गरी	९२	९६	१६		११२	२७	२७	३		३०	४	३	२		५
गोली हानी	७७	८१	६	३	९०	१३२	१६९	५	४	१७८	२७९	३६५	५०	११	४३६
खुकुरी प्रहारबाट	१३	१२	४		१६	७	८	१		९					
अन्य धारिलो हतियार प्रहारबाट	४६	४०	१६		५६	१२	१२			१२					
हत्याको प्रकृति नखुलेको	१७	१७	२		१९	१५	१७			१७					
जम्मा	३०८	२८६	८०	४	३७०	३०१	६२०	४८	९	६७७	३३७	६५३	८९	७१	८१३
आफ्नै बम विस्फोटनबाट मृत्यु	१	१			१	१८	२९	१		३०					
आफ्नै विद्युतीय धरापमा परी						१	२			२	१	२			२
जम्मा	१	१			१	१९	३१	१		३२	१	२			२
घाइते															
बम विस्फोटबाट	२२	२९	१५	१	४५	७८	२०१	२२	६१	२८४	४	७	१	९	१७
आफ्नै बम विस्फोटनबाट						२		२	१	३	३	३		२	५
भिडन्तमा घाईते	२	३	२		५	२६	२१५	७	४५	२६७	११	३०	३	१२२	१५५
विद्युतीय धरापमा परी						३६	११६	३	७७	१९६	३	१३		९	२२
कुटपिटबाट	५	६			६	७	५०	४		५४	४	२३	१		२४
गोलीबाट	४९	६९	३		७२	२७	५५	९	३४	९८	५५	९५	१५	४१	१५१
धारिलो हतियार प्रहारबाट	२५	२८	७		३५	२	२			२					
हवाई फायरका क्रममा गोलीद्वारा						१	२			२					
जम्मा	१०३	१३५	२७	१	१६३	१८९	६४१	५७	२१८	९१६	८०	१७१	२०	१८३	३७४
गिरफ्तारी/यातना											१४८९	२८११	२५०	४३५	३४९६
हिरासत/थुनामा मृत्यु											११	११			११
बेपत्ता/अपहरण															
बेपत्ता											८७	१०६	१३	१	१२०
अपहरण	५०	६३	१३		७६	१६४९	३०३८	४१६	२९४०३	३२८५७					
जम्मा	५०	६३	१३		७६	१६४९	३०३८	४१६	२९४०३	३२८५७	८७	१०६	१३	१	१२०
कुटपिट धम्की															
कुटपिट	१२२	१९७	३०	५	२३२	२४०	३२८	५०	३७	४१५	२२१	४३६	२७	८९	५४२
ज्यानमार्ने धम्की	८	७	१		८	१७	१७		२	१९	६	८			८
धम्की	१३	१६	१५१	१	१६८	१५३	२०४	२१	२६६४	२८८९	६२	८९	४	१४	१०७
जम्मा	१५३	२२०	१८२	६	४०८	४१०	५४९	७१	२७०३	३३२३	२८९	५३३	३१	१०३	६५७
भेला/संगठित हुने अधिकार															
भेला संगठित हुने अधिकार											१९७	१०७९	८८	४९१२	६०७९
लाठी चार्ज											२९	१२३	१०	१५१	२८४
जम्मा											२२६	१२०२	९८	५०६३	६३६३

घटनाको प्रकार	गैर राज्यपक्षबाट										राज्य पक्षबाट				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
सार्वजनिक स्थलमा प्रवेशबाट वञ्चित	४	३	२	१२०	१२५										
अन्तरजातीय विवाह	४	२	३		५										
जातीय छुवाछुत	२६	३३	१९	९१	१४३	१	१	१		२					
विभिन्न अवसरबाट वञ्चित	१	२			२										
जम्मा	३५	४०	२४	२११	२७५	१	१	१		२					
महिलाअधिकार															
बेचबिखनको प्रयास	१		३		३										
बोक्सीको आरोपमा	२६		७३		७३										
बलात्कार	५१		५४		५४	३		३		३	१		१		१
बलात्कारको प्रयास	३३		३३		३३						२		२		२
बहुविवाह	४४		४५		४५										
महिला बेचबिखन	१९		३०		३०										
पारिवारिक हिंसा	१३९		१३९		१३९										
यौन दुर्व्यवहार	९		९		९						१		१		१
कुटपिट	६		७		७										
गर्भपतन	२		२		२										
जम्मा	३३०		३९५		३९५	३		३		३	४		४		४
बालअधिकार															
बालश्रम	१४	२०	१	८०	१०१						६	११	१		१२
बालबालिका बेचबिखन	१०	३८	१३		५१										
बालविवाह	९	४	९		१३										
बलात्कार	६२	३	६०		६३						१		१		१
अपहरण	२	२			२										
नवजात शिशुको हत्या	४	१	२	१	४										
शिक्षाबाट प्राप्त गर्ने व्यवधान						१०	४००		३२७५९	३३१५९					
यौन दुर्व्यवहार	२०	३	१९		२२	१		१		१					
कुटपिट	५	८			८										
जम्मा	१२८	७९	१०४	८१	२६४	११	४००	१	३२७५९	३३१६०	७	११	२		१३
आर्थिक/सामाजिक/सांस्कृतिक अधिकार															
ज्यालाबाट वञ्चित	१०	३७	१३	१६७	२१७										
ज्यालामा भेदभाव	१		९०		९०										
ट्रेडयुनियन अधिकार	१	६			६	१			५	५					
अन्य						१	१			१					
आफ्नो सम्पत्तिको अधिकार	४	१८	१	५००	५१९	१६५	२४४	१८	२९	२९१	८	१२			१२
जम्मा	१६	६१	१०४	६६७	८३२	१६७	२४५	१८	३४	२९७	८	१२			१२
अमानवीय व्यवहार															
बोक्सीको आरोपमा	७	९			९										
अन्य	४	२	२		४	५	८९	१		९०					
अनुहारमा मोसो लगाएका	१	१			१	७	१७	१		१८					
जुत्ताको माला लगाएको	१	१			१	१		२		२					
कपाल खौरिएको						१	१			१					
जम्मा	१३	१३	२		१५	१४	१०७	४		१११					
कुल जम्मा	११३५	८९८	९३१	९७०	२७९९	२७६४	५६३२	६२०	६५१२६	७१३७८	२५३९	५५०२	५०७	५८५६	११८६५

घटनाको प्रकार	गैर राज्यपक्षबाट				राज्य पक्षबाट	
	अन्यबाट		माओवादीबाट			
	घटना संख्या	जम्मा	घटना संख्या	जम्मा	घटना संख्या	जम्मा
भौतिक संरचनामा क्षति						
रेन्ज पोस्ट			२	२		
सरकारी सवारी साधानहरु			३	३		
सरकारी कार्यालयहरु			१२	१६		
इलाका वन कार्यलय			१	१		
एम्बुलेन्स			१	१		
बैंक			३	३		
दुरसंचार टावर			१	१		
मन्दिर			१	१		
भन्सार कार्यालय			१	१		
नीजि घर	३	३	२३	२८	१	१
नीजि सवारीसाधन	१	१	२७	६५		
नीजि कार्यालयहरु			३	३		
नगरपालिका भवन			३	३		
पुल			३	३		
पेटोल पम्प			१	१		
प्रहरी चौकी			५	५		
निजी सम्पत्ती			३	३	२	४
जिल्ला वन कार्यालय			४	४		
जिल्ला शिक्षा कार्यालय			३	३		
विद्युतसंग सम्वन्धीत क्षेत्र			२	२		
विद्यालय			१९	२४	१	१
उद्योग			१	१		
कृषि उपकेन्द्र			३	३		
गाविस भवन			१०	२१		
गैर सरकारी संस्था			१	१		
खाद्य संस्थान			२	२		
खानेपानीसंग सम्वन्धीत कार्यालय तथा संरचना			५	२४		
हुलाक कार्यालय			२	२		
जम्मा	४	४	१४५	२२७	४	६

परिशिष्ट १.२ : नेपाल - हत्याको संख्या पेशाको आधारमा

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
कृषक	१४४	१३२	४४		१७६	१०४	१२६	१०		१३६	५२	६२	५		६७
उद्योग व्यवसायी	१८	१९	१		२०	१९	१९	२		२१	३	३			३
जागिरे कर्मचारी	१२	१२			१२	२१	२९			२९	३	४			४
स्वास्थ्य कार्यकर्ता	१	१			१										
मजदुर	२१	१६	५	१	२२	८	९	१		१०	८	९			९
सेना	१	२			२	३१	१३३		१	१३४	२	३		४	७
प्रहरी	१		१		१	३७	१००	१		१०१	३	३			३
राजनीतिक कार्यकर्ता	१७	२२	१		२३	२९	४२	१		४३	२०६	४९४	६४	६२	६२०
सुरक्षाकर्मी						१२	११४		४	११८	२	३			३
सामाजिक कार्यकर्ता	१		१		१										
विद्यार्थी	११	१३	३		१६	१४	१७	२		१९	१०	१०	७		१७
शिक्षक	८	९			९	५	५			५	१	१			१
नखुलेको	७४	६१	२४	२	८८	४४	६७	३२	४	१०३	५१	६३	१३	५	८१
जम्मा	३०९	२८७	८०	४	३७१	३२४	६५१	४९	९	७०९	३४१	६५५	८९	७१	८१५

परिशिष्ट १.३ : नेपाल - अपहरणको संख्या पेशाको आधारमा

पेशा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
कृषक	५९०	८१३	११३	१	९२७
उद्योग व्यवसायी	६९	९२	३		९५
जागिर कर्मचारी	१५६	२४२	११	७	२६०
स्वास्थ्य कार्यकर्ता	१	१			१
मानवअधिकारकर्मी	३	२	२		४
पत्रकार	९	१२	१		१३
मजदुर	३०	३४	२	३१	६७
सेना	३६	५५		५	६०
प्रहरी	३९	६०		७	६७
राजनीतिक कार्यकर्ता	३९	५१	३	१	५५
सुरक्षाकर्मी	९	७४	१		७५
सामाजिक कार्यकर्ता	२४	३१	२		३३
विद्यार्थी	२०५	४४४	१९९	८१६८	८८११
शिक्षक	१८७	४२३	१८	२०६३	२५०४
नखुलेको	२५२	७०४	६१	१९१२०	१९८८५
जम्मा	१६४९	३०३८	४१६	२९४०३	३२८५७

परिशिष्ट १.४ : नेपाल - बालबालिका (१७ वर्षसम्म) को हत्याको संख्या र प्रकार

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
घाटी रेटेर	४	३	१	४								
घांटी थिचेर	१	१		१								
ढुंगाले किचेर	१		१	१								
बम विस्फोटनबाट	४	९	५	१४	१२	१५	४	१९				
बलात्कारपछि	२		२	२								
दोहरो भिडन्तमा					१		१	१	२	५	१	६
आफ्नै बम विस्फोटनबाट मृत्यु					२	२		२				
आगो लगाएर हत्या	१		१	१								
विद्युतीय धरापमा परी	१	१		१	१	५	३	८	१	१		१
कुटपिट गरी	७	६	२	८	२	२		२				
गोली हानी	१	१		१	१	३		३	११	११	१०	२१
खुकुरी प्रहारबाट	१	१		१								
धारिलो हतियार प्रहारबाट	३	४	१	५								
हत्याको प्रकृति नखुलेको	३	२	१	३								
जम्मा	२९	२८	१४	४२	१९	२७	८	३५	१४	१७	११	२८

परिशिष्ट १.५ : नेपाल - घाइते बालबालिका (१७ वर्षसम्म) को संख्या र प्रकार

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित								राज्य पक्षबाट पीडित			
	अन्यबाट				माओवादीबाट							
	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा	घटना संख्या	पुरुष	महिला	जम्मा
बम विस्फोटबाट	९	१३	९	२२	२१	२८	११	३९				
भिडन्तमा घाईते									१		१	१
विद्युतीय धरापमा परी					२	५		५	२	२		२
कुटपिटबाट					२	३	३	६				
गोलीबाट	२	२		२	४	५	१	६	९	१६	६	२२
धारिलो हतियार प्रहारबाट	२	१	१	२								
जम्मा	१३	१६	१०	२६	२९	४१	१५	५६	१२	१८	७	२५

परिशिष्ट १.६ : नेपाल - पीडित हुनेहरूको संख्या, घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
हत्या	२३५	२६३	१३३	२४४	२३३	२५७	१०९	२०४	६७	४४	४२	५४	१८९५
घाइते	१६४	१५४	९०	२५४	११६	२७२	५५	१९३	३१	२९	२८	६७	१४५३
हिरासत वा थुनामा मृत्यु	१			२	२	१		२		२		१	११
गिरफ्तारी यातना	११८	४७३	६१७	६५३	२३१	१६१	२१७	२६०	२२५	१४५	१७०	२२६	३४९६
बेपत्ता	२०	७	१६	६	१२	१३	४	७	३	३	७	१२	१२०
कुटपिट	७९	८०	८७	९४	१२३	१७६	९७	१३३	८९	७१	६८	९२	११८९
धम्की	१४५	४८	१६	२१	९५	४६	१३३	२२३	३७	६६४	१७४६	२५	३१९९
भेला संगठित हुने अधिकार	३५	१९६	९६४	८१८	९६	३०४	१३०	३९७	१६२२	१००	१३६४	३३७	६३६३
जातीय विभेद		८	६	२	१२८	६	९	४		१०१	६	७	२७७
भूमिहीन सुकुम्बासी समस्या							२५	६	३			३	३७
महिलाअधिकार	१६	१५	३६	२६	३८	४२	३१	८४	१८	४२	३१	२३	४०२
बालअधिकार	५	९	१४	८	१५०४०	१७	३२	१३	३०	७	९५	१८१६८	३३४३८
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	३८	५४२	२५	२७	१२३	३४	११८	४६	११	४७	२६	९४	११४१
अमानवीय व्यवहार	१९	३	५	८४	३	३		३		४	२		१२६
अपहरण	४००२	९१६२	७८०	७१०	१७११	२९५८	१७२८	२६४३	५३९६	१५९२	१५७७	६७४	३२९३३
जम्मा	४८८७	१०९७०	२७८९	२९४९	१७९६१	४२९०	२६८८	४२१८	७५३२	२८५१	५१६२	१९७८३	८६०८०

परिशिष्ट १.७ : पूर्वाञ्चल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६२	४४	२०	२	६६	६७	१४१	१३	८	१६२	७६	११२	२१	२७	१६०
घाइते	२१	२२	८		३०	२८	८०	५	२१	१०६	१७	२४	९	८	४१
हिरासत वा थुनामा मृत्यु											४	४			४
गिरफ्तारी यातना											४००	७१०	७६	६६	८५२
बेपत्ता											१६	१७	१	१	१९
कुटपिट	३८	७२	११		८३	६७	८४	१५	६	१०५	३७	६७	६	१	७४
धम्की	८	७		१	८	२१	२०	२	७०	१०२	९	२६	१	३	३०
भेला संगठित हुने अधिकार											४०	१६१	१३	३११	४८५
जातीय विभेद	१४	२०	१६	९१	१२७	१	१	१		२					
भूमिहीन सुकुम्बासी समस्या	२	४		१९	२३						१	५	१		६
महिलाअधिकार	६९		७७		७७	१		१		१	४		४		४
बालअधिकार	४२	९	२८	१	४८	७	४००		२०५५१	२०९५१					
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	५	२४		१६७	१९१	२४	४४	१	८	५३	३	७			७
अमानवीय व्यवहार	२	१	३		४	५	१८			१८					
अपहरण	१३	११	५		१६	५०७	८२७	९४	१८५०४	१९४२५					
जम्मा	२७७	२१४	१७८	२८१	६७३	७४८	१६२५	१२२	३९१६८	४०९२५	६०७	१९३३	१२२	४२७	१६९२

परिशिष्ट १.८ : मध्यमाञ्चल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	१३१	११३	२९	२	१४४	१००	१६५	२२		१८७	८८	१२६	१०		१३६
घाइते	४८	७२	५		७७	५८	१३०	१६	१३८	२८४	१५	३७	७	१९	६३
हिरासत वा थुनामा मृत्यु											२	२			२
गिरफ्तारी यातना											३६५	७४०	५३	१६४	९५७
बेपत्ता											३६	५३	४		५७
कुटपिट	२२	२९	८		३७	४४	७८	१८	२३	११९	४०	१५९	६	७७	२४२
धम्की	१	१			१	२१	५३	१	१४०	१९४	६	५		२	७
भेला संगठित हुने अधिकार											९६	५८९	६३	३०६७	३७१९
जातीय विभेद	७	७	४	१२०	१३१										
महिलाअधिकार	१६५		१६९		१६९	१		१		१					
बालअधिकार	४५	४६	४६		९२	३			१२२०८	१२२०८					
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	४	२०	९७		११७	१६	२०	८	२४	५२					
अमानवीय व्यवहार	८	५	३		८	४	८५			८५					
अपहरण	२९	४७	५		५२	२२२	३०४	६०	२९५०	३३१४					
जम्मा	४६०	३४०	३६६	१२२	८२८	४६९	८३५	१२६	१५४८३	१६४४४	६४८	१७११	१४३	३३२९	५१८३

परिशिष्ट १.९ : पश्चिमाञ्चल - घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	६१	७३	१२		८५	७८	१५१	४		१५५	६४	१००	१७		११७
घाइते	१३	१६	४		२०	३५	११७	१३	२१	१५१	१०	१४	१	८	२३
हिरासत वा थुनामा मृत्यु											२	२			२
गिरफ्तारी यातना											२३६	५४३	७०	१२३	७३६
बेपत्ता											१४	१४	६		२०
कुटपिट	३५	५८	६	३	६७	३५	४१	१	४	४६	१९	३२	२	२	३६
धम्की	६	११	१		१२	१९	२०	७	७५	१०२	८	७		९	१६
भेला संगठित हुने अधिकार											३०	१७९	९	२०३	३९१
जातीय विभेद	३	१	३		४										
महिलाअधिकार	३१		३८		३८										
बालअधिकार	१६	४	१२		१६										
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	३	११	४	५००	५१५	३७	४६	५	१	५२					
अपहरण						१७२	४५५	५५	३६६३	४१७३					
जम्मा	१६८	१७४	८०	५०३	७५७	३७६	८२०	८५	३७६४	४६७९	३८३	८९१	१०५	३४५	१३४१

परिशिष्ट १.१०: मध्यपश्चिमाञ्चल घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	३२	३५	११		४६	५२	१४५	७		१५२	७३	२३६	२३	३४	२९३
घाइते	१५	१९	७	१	२७	५१	२६०	१४	३८	३१२	३२	७०	२	१४८	२२०
हिरासत वा थुनामा मृत्यु											२	२			२
गिरफ्तारी यातना											३३४	५११	३६	६५	६१२
बेपत्ता											१७	१६	२		१८
कुटपिट	९	९		१	१०	५२	६५	१२		७७	८६	९७	११	८	११६
धम्की	२	२			२	३६	४५	४	१२	६१	२४	२९	३		३२
भेला संगठित हुने अधिकार											४३	२१६	१३	२८२	५११
भूमिहीन सुकुम्बासी समस्या											४	८			८
महिलाअधिकार	३०		७६		७६										
बालअधिकार	१७	१९	४	८०	१०३						६	११	१		१२
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	१	२			२	२४	७६	३	१	८०	४	४			४
अमानवीय व्यवहार						२	१	२		३					
अपहरण	३	२	१		३	५०७	८५०	७५	२८३६	३७६१					
जम्मा	१०९	८८	९९	८२	२६९	७२४	१४५२	११७	२८८७	४४५६	६२५	१२००	९१	५२७	१८१८

परिशिष्ट १.११: सुदूरपश्चिमाञ्चल घटनाको प्रकारअनुसार घटना संख्या र पीडित संख्या

घटनाको प्रकार	गैर राज्यपक्षबाट पीडित										राज्य पक्षबाट पीडित				
	अन्यबाट					माओवादीबाट									
	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा	घटना संख्या	पुरुष	महिला	नखुलेको	जम्मा
हत्या	२२	२२	८		३०	२४	४९	३	१	५३	३८	८१	१८		९९
घाइते	६	६	३		९	१७	४४	९		५३	७	२६	१		२७
हिरासत वा थुनामा मृत्यु											१	१			१
गिरफ्तारी यातना											१५६	३०७	१५	१७	३३९
बेपत्ता											५	६			६
कुटपिट	२८	२९	५	१	३५	४२	६०	४	४	६८	४०	७१	२	१	७४
धम्की	४	२	१५१		१५३	६२	७३	७	२३६९	२४४९	२१	३०			३०
भेला संगठित हुने अधिकार											१८	५७		१२००	१२५७
जातीय बिभेद	११	१२	१		१३										
महिलाअधिकार	३४		३४		३४	१		१		१	१		१		१
बालअधिकार	६	२	४		६	१		१		१	१		१		१
आर्थिक सामाजिक सांस्कृतिक अधिकार	३	४	३		७	५८	५९	१		६०	१	१			१
अमानवीय व्यवहार	३	२	१		३	३	३	२		५					
अपहरण	५	३	२		५	२३२	६०२	१३२	१४५०	२१८४					
जम्मा	१२२	८२	२१२	१	२९५	४४२	८९०	१६०	३८२४	४८७४	२८९	५८०	३८	१२१८	१८३६

परिशिष्ट १.१२ : नेपाल - सन् २००५ डिसेम्बर महिनासम्म जेलमा रहेका बन्दीहरुको संख्या

क. सं.	जिल्ला	थुनुवा	बन्दी	पुरुष	महिला	बालक	बालिका	जम्मा
१.१	झापा	१८०	२०५	३७०	१५	२		३८७
१.२	इलाम	५०	५१	९१	१०		१	१०२
१.३	पाँचथर	२०	२२	३६	६		१	४३
१.४	ताप्लेजुङ			२९				२९
१.५	मोरङ	३१५	२०३	४७४	४४	२	१	५२१
१.६	सुनसरी	जेल छैन						
१.७	धनकुटा	२१	२४	४०	५			४५
१.८	तेह्रथुम	१५	८	१७	६			२३
१.९	भोजपुर	१२	१७	२१	८			२९
१.१०	संखुवासभा			३५	८			४३
१.११	सप्तरी	५८	७८	१३३	३			१३६
१.१२	सिराहा	६४	३२	९४	२			९६
१.१३	उदयपुर	४१	४१	८०	२			८२
१.१४	खोटाङ			९				९
१.१५	ओखलढुंगा	६	१४	१६	४	१		२१
१.१६	सोलुखुम्बु			२३	५		१	२९
२.१	धनुषा	जेल छैन						
२.२	महोत्तरी	१८५	७७	२५५	७			२६२
२.३	सर्लाही	१०७	१९	११७	९			१२६
२.४	सिन्धुली	८	३०	३५	३			३८
२.५	रामेछाप	३	८	७	४			११
२.६	दोलखा	हाल बन्दी छैनन्						
२.७	रौतहट	५८	२९	८५	२			८७
२.८	बारा	जेल छैन						
२.९	पर्सा	२६३	३०८	५४१	३०			५७१
२.१०	चितवन	१५१	५५	१८३	२३	१	१	२०८
२.११	मकवानपुर	३६	२३	५७	२			५९
२.१२	ललितपुर	९४	१७९	२७३				२७३
२.१३	काभ्रे	४१	५०	९१				९१
२.१४	भक्तपुर	जेल छैन						
२.१५	काठमाडौं	८५८	८०९	१५३१	१३६	८		१६७५
२.१६	धादिङ	१९	२६	४२	३			४५
२.१७	सिन्धुपाल्चोक	८	३६	४३	१			४४
२.१८	नुवाकोट	११	१६	२४	३			२७
२.१९	रसुवा	८	११	१८	१			१९

३.१	तनहुँ	१७	२४	४१				४१
३.२	गोरखा	८	२३	२१	१०	१		३२
३.३	लमजुङ	२	१९	२१				२१
३.४	स्याङ्जा			२४				२४
३.५	कास्की			१४९	३०	१		१८०
३.६	मनाङ	बन्दी छैनन्						
३.७	नवलपरासी	४७	१०	५२	५			५७
३.८	रुपन्देही	१०८	९०	१९३	५			१९८
३.९	पाल्पा	१०	१२०	१११	१९	२		१३२
३.१०	कपिलवस्तु	५५	४५	८७	१३	१		१०१
३.११	अर्घाखाँची	जेल छैन						
३.१२	गुल्मी	२	२१	२१	२			२३
३.१३	बाग्लुङ	२७	२०	३९	८		२	४९
३.१४	पर्वत	९	२३	२९	३			३२
३.१५	म्याग्दी	हाल बन्दी छैनन्						
३.१६	मुस्ताङ	हाल बन्दी छैनन्						
४.१	दाङ	९०	७१	१४०	२१			१६१
४.२	प्युठान	९	१९	२८				२८
४.३	रोल्पा	२	५	५	२			७
४.४	सल्यान	४	१०	१२	२		१	१५
४.५	रुकुम	बन्दी छैनन्						
४.६	बाँके	१५३	१००	२३०	२३	२	२	२५७
४.७	बर्दिया	१८	४५	६०	३			६३
४.८	सुर्खेत	२३	२९	५२				५२
४.९	जाजरकोट		३	३				३
४.१०	दैलेख			१०				१०
४.११	डोल्पा	३		३				३
४.१२	जुम्ला	हाल बन्दी छैनन्						
४.१३	कालिकोट	हाल बन्दी छैनन्						
४.१४	मुगु	हाल बन्दी छैनन्						
४.१५	हुम्ला	४		४				४
५.१	कैलाली	६८	१८	८१	५			८६
५.२	अछाम	५	९	१३	१			१४
५.३	डोटी			२७				२७
५.४	बाजुरा	३	८	१०	१			११
५.५	बझाङ			७	४			११
५.६	कञ्चनपुर	७८	४९	११७	१०			१२७
५.७	डडेलधुरा	१७	१२	२९				२९
५.८	बैतडी			२५	१			२६
५.९	दार्चुला			१५				१५
जम्मा		३३९४	३१४४	६४३९	५१०	२१	१०	६९८०

अनुसूची ३

सन् २००५ को मानवअधिकार स्थितिबारे राजनीतिक पार्टीहरू र विभिन्न निकायको धारणा

नेपाली काँग्रेस

नेपाल कम्युनिष्ट पार्टी (एमाले)

नेपाल मजदुर किसान पार्टी

नेपाली काँग्रेस (प्रजातान्त्रिक)

जनमोर्चा, नेपाल

राष्ट्रिय प्रजातन्त्र पार्टी

नेपाल सद्भावना पार्टी (आनन्दीदेवी)

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

गृहमन्त्रालय

राष्ट्रिय मानवअधिकार आयोग

नेपाली काँग्रेस

विगत केही वर्षदेखि हाम्रो देशलाई प्रत्येक दिन अझ अकल्पनीय संकट र अझ विकराल द्वन्द्वतिर धकेल्ने कार्यहरू भइरहेका छन्। दुईतिरबाट तेर्सिएका बन्दुकको नालको अगाडि प्रत्येक नागरिकले सन्त्रासपूर्ण अवस्थामा उभिएर कुन क्षण, कुन बन्दुकबाट छुटेको गोलीले क्षतविक्षत पार्ने हो, प्रत्येक पल त्यसलाई पर्खेर बस्न बाध्य हुनु परेको छ।

नेपाल मानवअधिकार उल्लंघन गर्ने मुलुकको पहिलो पंक्तिमा रहेको छ। अनेक राष्ट्रिय र अन्तर्राष्ट्रिय मानवअधिकारसम्बन्धी संघसंस्थाहरूले यसप्रति गहिरो चिन्ता व्यक्त गर्दै, मानवअधिकार उल्लंघनका कार्यहरू बन्द गर्न नेपाललाई निरन्तर आग्रह गरिरहेका छन्। तर ती आग्रहहरूप्रति नेपालले कुनै सरोकार, सजगता र संवेदनशीलता देखाएको छैन। प्रत्येक वर्ष मानवअधिकार उल्लंघनका अनेकौं हृदयविदारक घटनाहरू थपिंदै गएका छन्।

माओवादीहरूबाट भएका घर-वास, अपहरण, हत्या र हिंसाको श्रृङ्खला एकातिर छ। तर प्रचलित नियम, कानुनको पालना गरेर, त्यसप्रति हमेशा सजग भएर रहनु पर्ने राज्यले माओवादीलाई पनि उछिन्दै निर्दोष र निहत्था नागरिकको हत्या गर्ने, उनीहरूलाई बेपत्ता पार्ने, लामो अवधिसम्म अनाधिकृत तवरले थुनामा राख्ने जस्ता अति गैरजिम्मेवार कार्यहरू गरिरहेको छ।

जुन रूपले सन् २००३ मा यस्ता बर्बर र अमानुषिक कार्यहरूलाई बेहोर्नु पर्‍यो, २००४ मा आइपुग्दा त्यस्ता कार्यहरू पूर्णतया बन्द भएपनि तिनमा आशानित रूपले कमी आउने अपेक्षा गरिएको थियो। तर २००३ देखि २००४ मा र २००४ पछि २००५ मा यसता जघन्य घटनाहरू अरू थपिंदै गए। यसबाट सरकार मानवअधिकारको सम्मान गर्न किमार्थ तयार छैन, मानवअधिकार संघसंस्थाहरूको आग्रहलाई पालन गर्न पनि तयार छैन भन्ने स्पष्ट हुन्छ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय विभिन्न मानवअधिकारवादी संघसस्थाहरूले नेपालमा मानवअधिकार उल्लंघनको घटनामा यति सरोकार नदेखाएको भए, निश्चिय नै नेपालमा आज मानवअधिकारको अवस्था अझ अत्यन्त भयावह हुने थियो, अत्यन्त विभत्स हुने थियो। यसको निमित नेपाल र नेपाली जनताले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका सबै मानवअधिकार संघसंस्थाप्रति आभार व्यक्त गर्नुपर्छ। मानवअधिकारको आजको यो अत्यन्त दयनीय अवस्थाप्रति नेपाली काँग्रेस अत्यन्त चिन्तित छ।

गिरिजाप्रसाद कोइराला
सभापति

नेकपा (एमाले)

सन् २००५ को सन्दर्भमा (२००५ जनवरी १ देखि डिसेम्बर ३१ तदनुसार विक्रम सम्वत् २०६१ पुस १७ गते देखि ०६२ पुस १६ गते सम्म) मानवअधिकारको समग्र स्थिति झन् बिग्रिएको छ र यो थप जटिल बन्नेतर्फ उन्मुख छ। विगत वर्ष भरिको यस सम्बन्धी तथ्यहहरूको समीक्षा गर्दा मानवअधिकारको यो गम्भीर स्थितिलाई निम्नलिखित आधारमा चर्चा गर्न सकिन्छ।

१. संविधानमाथिको प्रहार र राजाको प्रत्यक्ष शासन,
२. स्वेच्छाचारी कानुनको निर्माण,
३. मानवअधिकार उल्लंघनकारी कामकारवाही र
४. मानवअधिकार संरक्षण सम्बन्धी प्रयास।

१. संविधान माथिको प्रहार र राजाको प्रत्यक्ष शासन

०५९ साल असोज १८ गतेको शाही घोषणा तथा त्यस पश्चात्का कामकारवाहीहरूबाट नेपाल अधिराज्यको संविधान २०४७ माथि नै गम्भीर प्रहार भएकोमा त्यसलाई निरन्तरता प्रदान गर्दै पराकाष्ठामा पुर्‍याउने कार्य ०६१ माघ १९ को शाही घोषणाबाट भएको छ। यो शाही घोषणा र त्यस पश्चात्का निर्णय तथा कामकारवाहीहरूले मुलुकमा पुनः एकपटक राजाको प्रत्यक्ष शासनको शुरुवात गरेको छ।

०६१ माघ १९ को शाही घोषणा र यसको परिणामस्वरुप शुरु भएको राजाको प्रत्यक्ष शासनको कारण मुलुक अहिले प्रत्येक क्षेत्रमा अस्तव्यस्त बन्न पुगेको छ। मुलुकमा अहिले संविधानको सर्वोच्चताको सट्टा निरंकुशताको सर्वोच्चता कायम हुन पुगेको छ। संविधानबमोजिम सञ्चालन हुनुपर्ने मुलुक संविधानको धारा १२७ को असम्वैधानिक प्रयोग र स्वेच्छाचारी अध्यादेश मार्फत चलिरहेको छ। मुलुक जनप्रतिनिधिविहीन अवस्थामा छ र पारदर्शीता तथा जवाफदेहीताको प्रणालीलाई पूर्णतः समाप्त पारिएको छ। वर्तमान अवस्थामा विगत एक वर्षदेखि राजाको अध्यक्षतामा गठित असम्वैधानिक मन्त्रिपरिषद् मुलुकमा क्रियाशील छ र यस्तो स्थितिमा मानवअधिकारको अवस्था स्वाभाविकरूपमा नकारात्मक हुने तथा यो झन जटिल बन्दै जाने निश्चित छ। मानव अधिकार उल्लंघनको सन्दर्भमा विगतको एक वर्ष नेपालको इतिहासमा नै सबैभन्दा नकारात्मक रहेको प्रष्ट हुन्छ।

२. स्वेच्छाचारी कानुनको निर्माण

नेपाल अधिराज्यको संविधान २०४७ निर्माण भई लागू भएदेखि नै हामीले निरन्तररूपमा मानवअधिकारको पक्षमा नयाँ कानुनहरूको निर्माण गर्न र मानवअधिकार

उल्लंघनकारी कानूनहरूको खारेजी वा संशोधनको लागि आवाज उठाइ आएका हौं। मानवअधिकारकर्मी, सम्बन्धित सामाजिक संस्थाहरू र नागरिक समाजसमेत यस दिशामा क्रियाशील रहेका हुन्। तर कानुन निर्माणको क्षेत्रमा विगतमा गम्भीर कमी कमजोरी रहन गएका छन्। उदाहरणको रूपमा प्रयासका बावजुद महिला विरुद्धका कतिपय भेदभावहरू कायम नै रहनु, धर्म तथा भाषाका क्षेत्रमा विद्यमान असमानता यथावत कायम रहनु, आदिवासी जनजाती, मधेशी समुदाय तथा दलितको हकमा विशेष व्यवस्था हुन नसक्नु, महिला, आदिवासी जनजाती तथा दलितको लागि कानुन बमोजिम विशेष आरक्षणको व्यवस्था हुन नसक्नु र बालबालिका तथा वृद्धवृद्धाको हकमा कुनै ठोस व्यवस्था हुन नसक्नुलाई प्रस्तुत सन्दर्भमा उल्लेख गर्न सकिन्छ। विगतको यो तितो यथार्थको परिणामस्वरुप कतिपय सकारात्मक उपलब्धीहरूको बाबजुद मुलुकमा स्थापित प्रजातन्त्र समावेशी र सहभागिमूलक हुन नसकेको हाम्रो निश्कर्ष रहेको छ।

उल्लेखित पृष्ठभूमिमा राजाका प्रत्यक्ष शासन अन्तर्गतको निरंकुशतन्त्र कायम रहेको अवधिमा यो स्थितिमा सुधारको कल्पना सम्म गर्न नसकिने प्रष्ट नै छ। बरु निरंकुशतालाई संस्थागत गर्ने सिलसिलामा यस अवधिमा कतिपय स्वेच्छाचारी कानुनहरूको निर्माण गर्दै आम जनताका अधिकारहरूमाथि प्रहार गरिएकाछन्। यस मध्ये केही गम्भीर प्रकृतिका कानुन निर्माणका उदाहरणहरूको बारेमा तल चर्चा गरिएकोछः

(क) राजाले ०६१ माघ १९ गते असंवैधानिक रूपमा संकटकालीन अवस्थाको आदेश जारी गरी मुलुकमा आफ्नो प्रत्यक्ष शासन शुरु गरेका थिए। असंवैधानिक आदेशबमोजिम बन्दीप्रत्यक्षीकरणको उपचार प्राप्त गर्ने हक बाहेक नागरिकका सम्पूर्ण अधिकारहरू निलम्बित गरिएका थिए। संकटकालीन अधिकार सम्बन्धी संवैधानिक व्यवस्थाको दुरुपयोग गर्दै ०६१ माघ २५ मा अर्को आदेश जारी गर्दै जनताका अधिकारहरूमाथि थप प्रहार गरिएको थियो। संवैधानिक व्यवस्थाको दुरुपयोगको पराकाष्ठाको रूपमा कथित संकटकालीन अधिकारअन्तर्गत ०६१ फागुन ५ गते "भ्रष्टाचार नियन्त्रण शाही आयोग" को गठन गरियो। संकटकालको अन्त्य पश्चात शाही आयोगलाई संविधानको धारा १२७ को दुरुपयोग गर्दै निरन्तरता प्रदान गरियो र भ्रष्टाचारको नाममा राजनीतिक आग्रहको आधारमा कारवाहीको प्रक्रिया शुरुवात गरियो। शाही आयोगलाई निरन्तरता दिने धारा १२७ को आदेशलाई संवैधानिक व्यवस्था सरहको भएकोले सर्वोच्च अदालतमासमेत चुनौती दिन नसकिने भनी राज्य पक्षद्वारा दावी लिइएको थियो र मानवअधिकार उल्लंघनको क्षेत्रमा यो आयोग तथा यसको गठन प्रक्रिया सदा स्मरणीय रहनेछ।

(ख) यो अवधिमा आतंककारी तथा विध्वंसात्मक कार्य (नियन्त्रण तथा सजाय) अध्यादेशले गरेको व्यवस्था पनि प्रस्तुत सन्दर्भमा उल्लेखनीय छन्। यो अध्यादेश अन्तर्गत दायर गरिने मुद्दाहरू बन्द इजलासमा गर्ने र सम्बन्धित प्रतिवादीका कानुन व्यवसायीहरूलाई मिसिलको प्रतिलिपी उपलब्ध नगर्ने नयाँ कानुनी व्यवस्था गम्भिररूपमा मानवअधिकारको विपरीत छ।

(ग) निरंकुश शाही सरकारले यस अवधिमा सञ्चार क्षेत्रमाथि गम्भीर प्रहार गर्दै सञ्चार सम्बन्धी स्वेच्छाचारी कानुनहरूको निर्माण गरेको छ। "सञ्चार सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश २०६२" जस्ता स्वेच्छाचारी अध्यादेशहरू जारी गर्दै एफ. एम. रेडियोहरूलाई समाचार प्रशारण गर्न रोक लगाउने, बि.बि.सि. समाचार प्रसारण गर्न नदिने र पत्रिका तथा पत्रकारहरूमाथि स्वेच्छाचारी अंकुश लगाउने जस्ता कार्यहरू गरिएकाछन्।

(घ) नेपाल अधिराज्यको संविधान २०४७ लागू हुनु भन्दा पहिले देखि स्थापित भई वर्तमान संविधान अन्तर्गत समेत मान्यता प्राप्त र सर्वोच्च अदालतले समेत कानुन सम्मत ठहर गरेको निजामती कर्मचारी संगठन जस्ता राष्ट्र सेवक कर्मचारीहरूको पेशागत संगठनलाई रोक लगाउने गरी अध्यादेश जारी गरिएको छ।

(ङ) गैरसरकारी संस्थाहरूलाई आचार संहिता निर्माणको निहुँमा पूर्णतः नियन्त्रण गर्ने र आफ्नो स्वार्थ अनुकुल सञ्चालन गर्ने उद्देश्यले यस क्षेत्रमा समेत स्वेच्छाचारी अध्यादेश जारी गरिएको छ।

३. मानवअधिकार उल्लंघनकारी काम कारवाहीहरू

मुलुकमा असंवैधानिक, अप्रजातान्त्रिक र निरंकुश कदमको परिणामस्वरुप स्थापित असंवैधानिक मन्त्रिपरिषद क्रियाशील रहेको अवस्थामा स्वाभाविकरूपमा यसपटक पनि संविधान, कानुन र स्थापित मान्यताहरू विपरीत व्यापक रूपमा मानवअधिकार उल्लंघनका कामकारवाहीहरू भएकाछन्। राजाको प्रत्यक्ष शासनको कारण राज्यपक्षका उल्लंघनकारी क्रियाकलापकहरूमा एकदमै बढोत्तरी आएको छ भने परिवर्तित सन्दर्भको कारण तुलनात्मक नेकपा (माओवादी) का तर्फबाट भएका ज्यादतीहरूमा कमी आएको देखिन्छ। यसलाई निम्न उपशीर्षकहरू अन्तर्गत चर्चा गरिएको छ।

(क) राज्यका ज्यादतीहरू र

(ख) नेकपा (माओवादी) का ज्यादतीहरू।

(क) राज्यका ज्यादतीहरूः

१.नेकपा (माओवादी)ले पहिलोपटक गरेको तीन महिने एकतर्फी युद्धविराम र दोस्रो पटक गरेको एक महिनाको युद्धविराम राज्यपक्षको कारण भङ्ग भयो। घोषित युद्धविरामलाई राज्यपक्षको तर्फबाट जिम्मेवारीपूर्वक लिइएको

भए मानवअधिकारको स्थितिमा पनि तदअनुरुप नै सुधार हुन्थ्यो। राज्य पक्षले नकारात्मक भूमिका निर्वाह गऱ्यो र युद्धविराम भङ्ग भयो। तसर्थ युद्धविराम भङ्ग हुनुको कारण उत्पन्न स्थितिको लागि राज्य पक्ष पूर्णत: जिम्मेवार छ।

२. राजाको प्रत्यक्ष शासनको शुरुवातको अवधिमा निरंकुशतासँगै मानवअधिकार उल्लंघनका घटनाहरूमा वद्योत्तरी हुनु स्वभाविक थियो। यसको परिणामस्वरुप नेपालकै ईतिहासमा पहिलो पटक ०६२ बैशाख ७ मा "नेपालमा प्राविधिक सहयोग एवं परामर्श सेवाहरू प्रकार १९ मानवअधिकार आयोग प्रस्ताव: २००५" भन्ने राष्ट्रसंघीय प्रस्ताव पारित भयो र नेपालको हकमा आइटम १९ को नामले परिचित मानवअधिकार सम्बन्धी राष्ट्रसंघीय सुपरिवेक्षण लागू भयो। यसबाट मुलुकको मानवअधिकारको स्थिति प्रष्ट हुन्छ। तर दुर्भाग्यवश राज्यपक्षको निरंकुश सोच, प्रवृत्ति र व्यवहारको कारण स्थितिमा कुनै सकारात्मक परिवर्तन आएको छैन भन्ने तथ्य घट्नाक्रमहरूले प्रष्ट गर्दछ।

३.राज्यको कडा हिरासतमा रहेका राजनीतिक व्यक्तिहरू विशेष गरी माओवादी भनी राज्यद्वारा आरोपितहरूको आत्महत्याको नाममा भएको मृत्यु घटनाहरूले यस वर्ष पनि गम्भीर प्रश्न उठाएको छ। शंकास्पद देखिएका यस्ता घटनाहरूमा यो वर्ष वृद्धि भएको देखिएको छ। उदाहरणको लागि सिंहदरबारस्थित सुरक्षा क्याम्पको हिरासतमा जुत्ताको तुना प्रयोग गरी दोर्जी शेर्पाको मृत्यु भएको घटना (काठमाडौं, ०६२ जेठ १३), सूर्य विनायक स्थित सिंहनाथ गणको सैनिक हिरासतमा दीपेन्द्र रायमाझीले बिजुलीको तारको पासो लगाई मृत्यु भएको घटना (भक्तपुर, ०६२ असार १२), कारागारभित्र पाइखानामा तानबुन्ने डोरीले झुण्डिएको अवस्थामा किशोर राजवंशीको मृत्यु भएको घटना (मोरङ, ०६२ असोज २१) लाई प्रस्तुत सन्दर्भमा उल्लेख गर्न सकिन्छ। साथै दुईवर्षदेखि थुनामा रहेका पत्रकार महेश पहाडीको टाइफाइडको बिरामीले मृत्यु भएको घटना (पोखरा, ०६२ असोज १८) लाई पनि प्रस्तुत सन्दर्भमा चर्चा गर्न सकिन्छ। पछिल्लो घटनालाई घरपरिवार र विज्ञहरूले चरम अपराधीक लापरवाहीको रुपमा दावी गरेका छन्।

४. नेपालका नागरिकहरू अधिराज्यभरि आवतजावत तथा बसोबास गर्न र देश बाहिर पनि भ्रमण गर्न स्वतन्त्र छन्। यो नागरिकको निर्विवाद मानव अधिकार हो। तर विशेषत: गएको २०६१ माघ १९ पश्चात राजनीतिक दलका नेता कार्यकर्ता तथा शुभचिन्तकहरू, संसद पदाधिकारी तथा सदस्यहरू र कानुन व्यवसायी, पत्रकार तथा मानवअधिकारकर्मी लगायत नागरिक समाज सम्बद्ध व्यक्तित्वहरूलाई मुलुक भित्र आवत जावत गर्न र देश बाहिर जान रोक लगाइएको छ। उदाहरणको लागि ने.बा.ए. अध्यक्ष शम्भु थापा तथा सर्वोच्च अदालतका भू.पू. न्यायाधीश लक्ष्मणप्रसाद अर्यालसमेतलाई दिल्लीमा आयोजित गोष्ठीमा भाग लिनबाट रोक लगाइएको घटना, भू.पू. सभामुख दमननाथ ढुङ्गाना, प्राध्यापक लोकराज बराल, नेपाल जनजाति महासंघका महासचिव ओम गुरुङ्ग तथा पत्रकार कनक दिक्षितलाई गोष्ठीमा भाग लिन देशबाहिर जानबाट रोक लगाइएको घटना, उपसभामुख चित्रलेखा यादव, मानवअधिकारकर्मी सुशील प्याकुरेल तथा कपिल श्रेष्ठलाई बाहिर जान तथा देशभित्र पनि आवतजावत गर्न रोक लगाइएका घटनाहरू र विभिन्न राजनीतिक दलका नेताहरूलाई उपत्यका बाहिर जान नदिइएका घटनाहरूलाई प्रस्तुत सन्दर्भमा उल्लेख गर्न सकिन्छ। साथै आफ्नै पेशागत भ्रमणको क्रममा पोखरा जानबाट ने.बा.ए.का भू.पू. अध्यक्ष हरिहर दाहाललाई काठमाडौं विमानस्थलमा रोकिएको घटना यहाँ उल्लेखनीय छ।

५. राजाको प्रत्यक्ष शासन शुरु भएको ०६१ माघ १९ पश्चात व्यापकरूपमा गिरफ्तारीहरू भएका छन्। देशव्यापीरूपमा भएका गिरफ्तारीहरूमा विशेष गरी नेकपा (एमाले)का महासचिव माधव कुमार नेपाल, नेपाली कांग्रेस सभापति गिरीजाप्रसाद कोइराला, नेपाली कांग्रेस (प्रं)का सभापती शेरबहादुर देउवा, जनमोर्चाका अध्यक्ष अमिक शेरचन, नेपाल सदभावना पार्टी (आ.) का राष्ट्रिय उपाध्यक्ष भरत बिमल यादव लगायत शान्तिपूर्ण संयुक्त जनआन्दोलनमा सहभागी सात राजनीतिक दलका नेता, कार्यकर्ता र शुभचिन्तकहरूलाई गैरकानुनी ढङ्गले गिरफ्तारी र थुना तथा स्थानहद गरिएको छ। महिला नेतृ साधना अधिकारीलाई श्रद्धाञ्जली दिइरहेको कार्यक्रमस्थल एमाले केन्द्रीय कार्यालय बल्खुमा हस्तक्षेप गरी श्रद्धाञ्जली दिन आउनेहरूलाई गरिएको गिरफ्तारी र मध्यरातमा पूर्व प्रधानमन्त्री शेरबहादुर देउवालाई गरिएको गिरफ्तारीले प्रस्तुत सन्दर्भमा सबै हद नाघेको आम टिप्पणी छ। साथै विभिन्न पेशा, व्यवसाय सम्बद्ध नागरिक समाजका व्यक्तित्वहरूलाई पनि व्यापकरुपमा गिरफ्तार गरिएको छ। गैरकानुनी गिरफ्तारी र थुनालाई लिएर सर्वोच्च अदालत तथा पुनरावेदन अदालतहरूले सरकारका यस्ता कार्यहरूलाई गैरकानुनी ठहर गर्दै सबै बन्दिप्रत्यक्षिकरणका मुद्दाहरूमा बन्दी मुक्त गर्ने आदेश गरेको छ र कतिपय मुद्दाहरूमा त सर्वोच्च अदालतले यस्ता गैरकानुनी कार्यहरू प्रति "कडा टिप्पणी" समेत गरेको छ। तर सर्वोच्च अदालतको आदेशलाई ठाडो उल्लंघन गर्दै कैयौं बन्दीहरूलाई अदालत परिसरबाटै गिरफ्तार गरी पुन: दोस्रो बन्दी प्रत्यक्षीकरणको आदेशबाट मात्र कैयौं बन्दीहरू रिहा भएका छन्। कुनै बन्दीको हकमा त तेस्रो पटकसमेत सर्वोच्च अदालतले आदेश जारी गर्नु परेको थियो। उदाहरणको लागि चन्द्र भण्डारी, ठाकुर गैरे, गजन राई, प्रदिप पौडेल, गगन थापा, राजेन्द्र राई, इश्वर पोखरेल, कर्णबहादुर थापा मगर, नवराज सुवेदी, कृष्ण केसी र भेषनाथ उपाध्याय (गौतम) लगायतका बन्दीहरूलाई लिन सकिन्छ। कृष्ण केसीको हकमा अदालत परिसरबाटै पुन: लगिएको कागज गरेर सुरक्षाकर्मीले पक्राउ

गरेको र बन्दी जयप्रसाद गुप्ताको हकमा त दोस्रो पटक पनि नछोडेर तेस्रो आदेशबाट मुक्त भएको देखिन्छ। प्रधान न्यायाधीशलाई भेटेर आएपश्चात् सर्वोच्च अदालतकै आगनमा उभिएर "सर्वोच्च अदालतले छोड्नु भो भनेको पुन नसमात्न कहाँ भनेको छ र" भन्दै तत्कालीन गृहमन्त्रीले चुनौति दिएको घटना यहाँ स्मरणीय छ। साथै उल्लेखित पुन: गिरफ्तारीहरूको प्रसङ्गमा मन्त्रीपरिषद्का उपाध्यक्ष र गृहमन्त्रीको विरुद्ध इतिहासमै ठूलो संख्यामा अदालतको अवहेलना मुद्दाहरू हाल सर्वोच्च अदालतमा विचाराधीन रहेको तथ्य पनि प्रस्तुत सन्दर्भमा उल्लेखनीय छ।

६.विगतको एक वर्ष राज्यको हिरासत र कारागारको अवस्था मानवअधिकारको विपरीत भई उल्लेखनीय रहेको छ। सेना तथा सशस्त्र प्रहरी व्यारेकमा बन्दीहरूलाई राख्ने प्रचलन यथावत कायम छ। हिरासतमा राजनीतिक बन्दीहरूलाई राज्यको तर्फबाट उपचार नगराउने, आफ्ना कानून व्यवसायीसग भेट गर्न नदिने, पत्रपत्रिका उपलब्ध नगराउने र मानवअधिकारकर्मीलाई भेट्न नदिने जस्ता कुराहरू उल्लेखनीय छन्। साथै १०/१० वटा ईंटा भट्टा चिम्नीको धुँवाले पूर्णत: प्रदुषित स्थान (बोडे, भक्तपुर) र प्रदुषित "रातो रङ्गको पानी" पिउनु पर्ने तथा शित चुहिने ठाउँमा बस्नु पर्ने स्थान (दुवाकोट, भक्तपुर) पनि प्रस्तुत सन्दर्भमा उल्लेखनीय छन्। यसरी नै देशभरीका कारागारहरू (०६२ वैशाख २२ को मितिमा) को स्थिति हेर्दा क्षमता भन्दा धेरै बढी कैदी राखिएका (चितवन, मोरङ, रुपन्देही जस्ता) र बस्ने, सुत्ने, शौचालय, स्वास्थ्य उपचार, खानेपानी समस्या, पानी चुहिने र बिजुली लिक हुने जस्ता समस्याहरूले ग्रस्त देखिएकाछन्। यो समस्या झन झन जटिल बन्दै गइरहेको देखिन्छ।

७. राज्यले विगत १ वर्षको अवधिमा निरंकुश पंचायती व्यवस्थामा जस्तै आफ्ना विरोधीहरूलाई तह लगाउन सार्वजनिक अपराध र सजाय ऐन तथा राजकाज ऐनको प्रयोग समेत गरेको छ। विशेषत: बन्दी प्रत्यक्षीकरणको आदेशबाट विद्यार्थी नेताहरू मुक्त हुन शुरु भए पश्चात ७ दलसँग सम्बद्ध विद्यार्थी नेताहरू माथि यस्ता ऐनहरूअन्तर्गत मुद्दा नै चलाइएको छ। उदाहरणको लागि महेन्द्ररत्न ताहाचलका नेपाल विद्यार्थी संघका नेताहरू इन्द्र चन्द तथा शिव बोहरा लगायत माथि सार्वजनिक अपराध मुद्दा चलाइएको घटना, कथित राष्ट्रवादी शिक्षाको विरोध गर्ने विद्यार्थी आन्दोलनको क्रममा अनेरास्ववियुका नेता ठाकुर गैरेलगायतलाई सार्वजनिक अपराध मुद्दा चलाइएका घटना (काठमाडौं, ०६२ साउन ४), नेविसंघका नेता गगनथापा विरुद्ध राजद्रोहको मुद्दा चलाइएको घटना (काठमाडौं, ०६२ साउन १४) र अनेरास्ववियुका नेता गोविन्द नेपालीलाई राजद्रोहको मुद्दा चलाइएका घटना (बाग्लुङ)लाई प्रस्तुत सन्दर्भमा उल्लेख गर्न सकिन्छ।

८.राज्यपक्षको तर्फबाट गिरफ्तारी पश्चात् बेपत्ता पार्ने गरिएको र गिरफ्तारीपश्चात् कुनै निहुँमा हत्या गर्ने गरिएको सम्बन्धमा गम्भीर प्रश्नहरू विगत वर्षमा पनि उठाइएकाछन्। औपचारिक मुद्दामा पुनरावेदन अदालतसमक्ष बयान दिने क्रममा नै यस्ता प्रश्नहरू सार्वजनिक भएकाछन्। उदाहरणको लागि कृष्ण केसीको अदालत समक्षको बयानबाट गिरफ्तार कतिपय व्यक्तिहरूको हत्या भएको, कतिपय व्यक्तिहरू बेपत्ता बनाइएको र कतिपय व्यक्तिहरू सार्वजनिक जानकारी नदिएर यातना दिएर राखिएको देखिएको छ। अदालतसमक्ष आफ्नो हिरासतमा नभएको भनी सरकारले जवाफ दिएकोमा त्यस्ता व्यक्तिहरू सेनाको हिरासतमा रहेको भनी चश्मदीद देख्ने तथा भेट्ने व्यक्तिहरूको बयानको आधारमा राष्ट्रिय मानवअधिकार आयोगले ठहर गरेको समेत देखिएको छ। उदाहरणको लागि पुष्प बस्नेत, रंजीत दर्नाल, अमृत दर्नाल र राजेन्द्र चौरेललाई प्रस्तुत सन्दर्भमा उल्लेख गर्न सकिन्छ। यी व्यक्तिहरूको हकमा राष्ट्रिय मानवअधिकार आयोगको प्रतिवेदनसहित बन्दीप्रत्यक्षीकरणको मुद्दा सर्वोच्च अदालत समक्ष अहिले पनि विचाराधीन छ।

९. विगत एक वर्षका घटनाक्रमहरू हेर्दा राज्यको तर्फबाट विभिन्न प्रकारका ज्यादतीहरू भएको देखिएका छन्। उदाहरणको लागि भाडा माग गर्दा सुरक्षाकर्मीहरूले माइक्रोबस चालकहरूलाई टंटलापुर घाममा पीच सडकमा नाङ्गै सुताउने तथा पिसाबले मुख धुन लगाउने घटना (नेपालगञ्ज, ०६२ जेठ ४), माओवादी विस्थापितहरूलाई खुलामञ्चबाट जवर्जस्ती निकालिएको घटना (काठमाडौं, ०६२ जेठ), एघार कक्षाबाट नेपाली हटाइएको विषयमा विद्यार्थी र परिषद् पदाधिकारीबीच वार्ता भइरहेको बेला वार्तास्थलमै प्रहरीले लाठीचार्ज गर्दा दर्जनौ विद्यार्थी घाइते तथा गिरफ्तार भएको घटना (काठमाडौं ०६२ असार २१), सुकुम्वासी बस्तीमा विना सूचना आगजनी गरी लत्ताकपडा, अन्नपात, भाँडाकुँडा समेत तीनसय घर जलाइएको तथा महिलाहरू प्रति दुर्व्यवहार गरिएको घटना (बाँके, ०६२ असार १६), प्रस्तुत सन्दर्भमा उल्लेखनीय छन्। यसरी नै शौचालय सफा नराखेको निहुँमा पूर्वाञ्चल क्षेत्रीय प्रशासक जगदीश खड्का तथा अञ्चल प्रशासक (सगरमाथा) रामकुमार सुव्वाले स्थानीय विकास अधिकारी केशव प्रसाद विमलीलाई शौचालयमा थुन्ने, कुटपिट गर्ने, गाली बेइज्जती गर्ने तथा बेपत्ता समेत पार्ने घटना (०६२ असार १९) र क्षेत्रीय प्रशासक रवीन्द्र चक्रवर्तीद्वारा पत्रकार भद्रनाथ अधिकारीले भ्रष्टाचार सम्बन्धी समाचार प्रकाशित गरेकोमा गिरफ्तार गर्ने, धम्की दिने तथा उल्टै मुद्दा चलाउने जस्ता घटना पनि प्रस्तुत सन्दर्भमा उल्लेखनीय छन्।

१०. राजाको प्रत्यक्ष शासनको शुरुबाट भएको ०६२ माघ १९ पश्चात राज्य पक्षद्वारा निरन्तररूपमा पत्रकार, सञ्चारक्षेत्र र सञ्चारमाध्यमका विरुद्ध प्रहारहरू भएका छन्। यसक्रममा माघ १९ को लगत्तै टेलिफोन,

मोवाइल सेवा बन्द गरिएका थिए। पत्रिका तथा एफ. एम. रेडियो स्टेशनहरूमा सेना तैनाथ गरिएका थिए। सञ्चार माध्यममा नियमित र नाङ्गो सेन्सरसिप लगाइएको थियो। कम्युनिकेशन कर्नर स्वेच्छाचारी आदेशबाट बन्द गरिएको थियो। नेपाल एफ.एम. लाई समाचार प्रसारण नगर्न आदेश दिइएको थियो (०६२ साउन)। बुधबारलगायत् थुप्रै पत्रिकाहरू विरुद्ध विज्ञापन नाकाबन्दी गरिएको थियो। पत्रकारहरूलाई दुख: दिने नियतले उदाहरणको लागि पत्रकार कनक दिक्षित तथा सूर्य थापा लगायतलाई प्रमुख जिल्ला अधिकारी समक्ष हाजिरीमा राख्दै बयान लिने काम भएको थियो। पूर्ण प्रजातन्त्र तथा प्रेस स्वतन्त्रताको पक्षमा नेपाल पत्रकार महासंघद्वारा आयोजित शान्तिपूर्ण र्‍यालीमा हस्तक्षेप गरी लछारपछार तथा अभद्र व्यवहार गर्दै विष्णु निष्ठुरी, शिव गाउँले, महेन्द्र विष्ट, वलराम वानिया, हेमन्त काफ्ले, सूर्य थापा, रिपी धमला तथा वावुराम ढकाल समेत धेरैलाई गिरफ्तार गरेको थियो (भृकुटी मण्डप, ०६२ जेठ २५) र यसरी नै ०६२ जेठ ३० को शान्तिपूर्ण विरोध प्रदर्शनमा हस्तक्षेप गर्दै व्यापक गिरफ्तारी गरिएको थियो। उल्लेख गरिएका घटनाहरू संचार क्षेत्र विरुद्ध राज्यको हस्तक्षेपका केही उदाहरणहरू मात्र हुन्।

११. सशस्त्र द्वन्दको क्रममा सर्वसाधारणको मृत्यु भएका घटनाहरू पनि गएको वर्षमा सार्वजनिक भएका छन्। यस क्रममा सर्वसाधारणको ज्यान जाने, घाइते हुने र भौतिक सम्पत्ति नष्ट हुने गम्भीर स्थिती देखिएको छ। उदाहरणको रुपमा वन्दीपुर भिडन्तको क्रममा नाइटभिजन हेलिकप्टर प्रयोग गरी वम प्रहारसमेतको आक्रमण गर्दा नौ सर्वसाधारणको मृत्यु, १९ गाउँले घाइते, ६० घर क्षतविक्षत र ३६ जनाको भौतिक सम्पत्ति नष्ट भएको घटना (सिराहा, ०६२ वैशाख २६) लाई लिन सकिन्छ।

१२. ०६१ माघ १९ पश्चात राजनीतिक दल, संघ संस्थाहरू र नागरिक समाज लगायत आमजनताको सभा सम्मेलन तथा शान्तिपूर्ण जुलुस प्रदर्शन गर्ने लगायत सबै प्रकारका अधिकारहरूमाथि व्यवहारमा बन्देज लगाइएका छन्। संकटकाल हटाइएपश्चात् पनि यस्ता बन्देजहरू कायम रहेकाछन्। उदाहरणको लागि देशव्यापी रुपमा शान्तिपूर्ण जुलुस प्रदर्शनमा प्रहरीबाट लाठी प्रहार तथा कुटपिट गरिएको छ, व्यापक गिरफ्तारी गरिएको छ, विषालु अश्रुग्यांस प्रहार भएको छ र फोहोर प्रदुषित पानीको फोहरा प्रयोग गरिएको छ। निषेधित क्षेत्रलाई व्यापक विस्तार गर्दै सभा भवनभित्र समेत राजनीतिक दलहरूको कार्यक्रममा रोक लगाइएको छ। उदाहरणको लागि तेस्रो प्रतिनिधिसभाको विशेष बैठकलाई राजकीय प्रज्ञा प्रतिष्ठानमा सम्पन्न हुनबाट जवर्जस्ती वल प्रयोग गर्दै रोक लगाइयो (काठमाडौं, ०६२ साउन ४)। निरंकुश दमनको क्रममा राजनीतिक दल तथा दल सम्वद्ध संघ संस्थाहरू विरुद्ध सैनिक समेतको प्रयोग गरिएको छ। उदाहरणको लागि एलपी ग्यांसको मूल्य वृद्धि विरुद्ध निस्किएको संयुक्त विद्यार्थी जुलुसमा सादा पोशाकका सैनिकहरूले कुटपिट गर्दै हस्तक्षेप गरेको घटना (वाग्लुङ्ग, ०६२ असार १७) र नेपाली कांग्रेसको खोटाङ पार्टी कार्यालयमा सेनाले गरेको तोडफोड (खोटाङ, ०६२ असार २७) लाई प्रस्तुत सन्दर्भमा उल्लेख गर्न सकिन्छ।

१३. मुलुकका ठाउँ ठाउँमा माओवादी प्रतिकारका नाउँमा राज्यको आड भरोसामा सञ्चालित भिजिलान्ते समुह पनि क्रियाशील देखिएकाछन्। यस्ता समुहहरूले प्रतिकारका नाममा निहत्था सर्वसाधारणको हत्या गर्ने, कुटपिट यातना दिने, महिला प्रति दुर्व्यवहार गर्ने र लुटपाट गर्ने जस्ता कार्यहरू गरेको देखिएको छ।

१४. राज्य पक्षले कारवाहीको क्रममा उद्धार गरिएका तथा आत्म समर्पण गर्ने वालवालीकालाई माओवादी विरुद्ध सूचना संकलनमा प्रयोग गरेको देखिएको छ। यो आपत्तिजनक हुने प्रष्ट छ।

(ख) नेकपा (माओवादी)का ज्यादतीहरू

विगत एक वर्षको पछिल्लो अवधिमा नेकपा (माओवादी)का ज्यादतीहरूमा तुलनात्मक रुपमा धेरै कमि आएको छ। सात राजनीतिक दल र नेकपा (माओवादी) बीच शुरु भएको सम्पर्क र संवाद तथा वार्ताको परिणामस्वरुप यो परिवर्तन आएको प्रष्ट छ। राजनीतिक दलहरू र माओवादी बीच शुरु भएको सम्पर्कको सन्दर्भमा ०६२ असार ४ मा सात राजनीतिक दलहरूले आम जनता, राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू र निहत्था व्यक्तिको विरुद्ध जवर्जस्ती चन्दा असुली, अपहरण, कुटपीट, हत्या लगायत सबैप्रकारका हिंसात्मक गतिविधि अन्त्य गर्न र वहुदलीय प्रजातन्त्र, नागरिक स्वतन्त्रता, मानव अधिकार तथा कानुनी राज्य लगायतका मूल्य मान्यताप्रति संस्थागत प्रतिवद्धता प्रष्टताका साथ सार्वजनीक गर्न आह्वान गरेका थिए। नेकपा (माओवादी)ले यस सन्दर्भमा आफ्नो प्रतिवद्धता सार्वजनिक गरेका थिए र सम्वद्ध क्षेत्रवाट यसको अनुगमन पनि गरिएको थियो। यसको आधारमा अगाडि वढ्दै जाँदा माओवादीले एकतर्फी युद्धविराम पनि घोषणा गरेका थिए र ०६२ मंसिर ७ गते सात राजनीतिक दलहरू तथा नेकपा (माओवादी) बीच कायम भएको १२ बुँदे समझदारीले मानवअधिकार संरक्षणको क्षेत्रमा निर्णायक महत्वको भूमिका निर्वाह गरेकोमा विवाद हुन सक्दैन। उल्लेखित कारणहरूले गर्दा विगत वर्षको पछिल्लो अवधीमा नेकपा (माओवादी)का तर्फवाट भएका ज्यादतीहरूमा तुलनात्मकरूपले धेरै कमी आएको देखिएको छ। शुरुको अवधीमा भने नेकपा (माओवादी)का तर्फवाट विगतमा झैं धेरै ज्यादतीहरू भएकाछन् जसलाई तल उल्लेख गरिएकोछ।

१.नेकपा (माओवादी)ले यस अवधिमा समाजसेवी, निशस्त्र व्यक्ति र सुरक्षाकर्मीका परिवारका सदस्यहरूलगायत् कैयौंको हत्या गरेकाछन्। उदाहरणकोलागि समाजसेवी पं. नारायणप्रसाद पोखेलको गोली हानी गरिएको हत्या (रुपन्देही,

०६२ वैशाख २३), भगवानदास श्रेष्ठको गोली हानी हत्या (नारायणगढ ०६२ वैशाख २६), निशस्त्र महिला प्रहरी हवल्दार कौशल्या माझी तथा निजको चार वर्ष छोराको हत्या (धनगढी, ०६२ वैशाख २९), क्याम्पस प्रमुख गणेशमान पालिखेको गोली हानी हत्या (पोखरा ०६२ जेठ २९), शसस्त्र प्रहरीका परिवार सदस्यहरू एक वर्ष छोरा तथा पत्नी समेतको हत्या (धनगढी, ०६२ जेठ ३१), अनन्तराम भट्टको अपहरण पश्चात छ टुक्रा पारी हत्या (महेन्द्रनगर ०६२ असार ५) र पशुमेलामा अन्धाधुन्द गोली हानी पशु डा. जनार्दन आचार्य लगायत तीन सर्वसाधारणको हत्या (बर्दीया गुलरिया, ०६२ असार १७) गरिएका घटनाहरू प्रस्तुत सन्दर्भमा उल्लेख गर्न सकिन्छ।

२.नेकपा (माओवादी)ले उल्लेखित अवधीमा नागरिकहरूको विरुद्ध बम विष्फोट जस्ता कार्यहरू गरी कैयौंको ज्यान जाने, घाइते पार्ने र क्षती पुऱ्याउने काम गरेको छ। अमानवीय गम्भीर घटना भइसकेपछि गल्ती महशुष गर्दै क्षमा माग्ने र पुनः त्यस्तै प्रकृतिका कार्य दोहोऱ्याउने घटना पनि भएको देखिएको छ। उदाहरणको रुपमा सार्वजनीक बम विस्फोटमा परी ५ जना यात्रुको मृत्युको घटना (सर्लाही, ०६१ चैत २७), आमनागरिक रहेको सार्वजनिक यातायातको बस एम्बुसमा परी ३८ जना यात्रुको मृत्यु तथा ७२ यात्रु घाइते भएको घटना (चितवन, ०६२ जेठ २३), सुरक्षाकर्मी चढेको सार्वजनिक बसमा आक्रमण गर्दा २ सर्वसाधारणको मृत्युको घटना (काभ्रे नार्के, ०६२ जेठ २७), व्यस्त चोकमा भएको बम विष्फोटमा १८ सर्वसाधारण घाइते (नेपालगञ्ज ०६२ असार १४), विद्यालयहरूमा भएको विस्फोटबाट व्यापक क्षति भएको घटना (स्याङ्जा, ०६२ असार २), सार्वजनिक एम्बुसमा पर्दा यात्रुहरू घाइते भएको घटना (रामेछाप, ०६२ असार २०) तथा ज्योती स्पिनिङ मिल र रिलायन्स स्पिनिङ (सुनसरी, ०६२ साउन १) लगायतका औद्योगिक व्यवसायीक क्षेत्रहरूमा भएको बम विस्फोटबाट भएको क्षति जस्ता घटनाहरूलाई प्रस्तुत सन्दर्भमा उल्लेख गर्न सकिन्छ।

३.नेकपा (माओवादी)ले विगतका वर्षहरूमा झैं विभिन्न निहुँमा राजनीतिक दलका कार्यकर्ता तथा शुभचिन्तकहरू, शिक्षक तथा विद्यार्थीहरू, पत्रकारहरू र सामाजीक कार्यकर्ता लगायत सर्वसाधारण निहत्था जनताको जवर्जस्ती अपहरण गर्ने कार्यलाई यस पटक पनि निरन्तरता दिएकाछन्। उदाहरणको लागि प्राविधिक शिक्षालयका २५ विद्यार्थीहरूको अपहरणको घटना (धनकुटा, ०६२ जेठ), पठन पाठन नै बन्द हुने गरी कालिका माविका ११ जना विद्यार्थीहरूको अपहरण घटना (कास्की, ०६२ जेठ ८), कान्तिपुरको दार्चुला संवाददाता विक्रम गिरीको अपहरण (दार्चुला, ०६२ जेठ २०), बेलडांडी इलाकाबाट दुईसय ५० जना सर्वसाधारण अपहरण गरेको घटना (कञ्चनपुर, ०६२ असार ८), थर्पुबाट दुलाहा दुलहीको अपहरण घटना (पाँचथर, ०६२ असार १४), राकेबाट घर्रबिदामा गएका ४ निशस्त्र सैनिक रामचन्द्रभजेल समेतको अपहरण (पाँचथर, ०६२ असार २१) र बेतडीबाट ६ सामाजिक कार्यकर्ता तथा ३० सर्वसाधारणको अपहरण घटना (०६२ असार १९) प्रस्तुत सन्दर्भमा उल्लेखनीय छन्।

४. नेकपा माओवादी)ले यस अवधिमा विभिन्न निहुँमा सर्वसाधारण जनता तथा निहत्था व्यक्तिलाई अमानवीय ढङ्गले दुःख दिएका छन् र ज्यादतीहरू गरेकाछन्। उदाहरणको लागि शाही सेनाले प्रयोग गरेको निहुँमा अर्घाखाँचीमा खानेपानी परियोजनाको मुहानको पाइप काटिदिएबाट सात हजार सर्वसाधारण जनता समेत खानेपानीबाट बञ्चित भएको घटना (०६२ असार १७), कोटदरबार तथा भीरकोट समेतमा सुरक्षाकर्मीका परिवार सम्बन्धित ११ घरमा तालाबन्दीको घटना (०६२ असार १७) र लुङरुप्पा तथा रानीटार लगायतका धेरै स्थानहरूबाट सयौं व्यक्तिहरूलाई जवर्जस्ती विस्थापित गर्दै ३० भन्दा बढी सुरक्षाकर्मीका घरहरूमा तालाबन्दी गर्ने घटना (पाँचथर, ०६२ असार २२) लाई प्रस्तुत सन्दर्भमा उदाहरणको रुपमा लिन सकिन्छ। यसरी नै ७० वर्ष वृद्ध हरीलाल ढकाल समेतमाथि निर्मम कुटपिट गरी सर्वसाधारणको खुट्टा तथा करङ भाँच्ने घटना (दैलेख, ०६२ असार १७) र माओवादी सेनामा भर्ना नगरेको आरोपमा बोंगा दोभान गाविस-२ स्याला गाउँका दलितहरू माथि कुटपिट गर्दा अधिकांश महिला तथा बालबालिका समेत पाँच दर्जन परिवार गाउँ निकाला गरिएको घटना (बाग्लुङ, ०६२ जेठ १५) लाई यस सन्दर्भमा थप उल्लेख गर्न सकिन्छ।

५. नेकपा (माओवादी) ले आक्रमणको क्रममा सर्वसाधारणलाई मानवढालको रुपमा प्रयोग गर्ने गरेको आरोप पनि यस अवधिमा उठाइएका छन्। मानवढालको प्रयोगको कारण कतिपय सशस्त्र द्वन्दमा सर्वसाधारण व्यक्तिको मृत्यु भएको आरोप छ। साथै नेकपा (माओवादी)ले बालबालिकालाई सशस्त्र द्वन्दमा प्रयोग गरेको समेत आरोप छ।

६.शुरुमा चर्चा गरिएअनुसार सात राजनीतिक दलसगको सम्पर्क, वार्ता तथा सम्वाद, युद्धविराम र १२ बुँदे समझदारी र त्यसपश्चातको अवधीमा नेकपा (माओवादी)का ज्यादतीहरूमा धेरै कमी आएका छन्। तर यस अवधिमा पनि प्रशिक्षण, भेला तथा आमसभाको निहुँमा जवर्जस्ती अपहरण शैलीमा विशेषतः शिक्षक तथा विद्यार्थीलगायत् गाउँका सर्वसाधारणलाई जम्मा गर्ने, जबर्जस्ती चन्दा असुल गर्ने, विस्थापितलाई गाउँ फर्काउने पहल नगर्ने, खोसिएका घर जग्गा फिर्ता नगर्ने र जनसरकारका नाउमा गाउँ नियन्त्रण गर्ने जस्ता कामकारवाहीहरू यथावत कायम रहेको देखिएका छन्।

४. मानवअधिकारको संरक्षण सम्बन्धी प्रयास

निरंकुशतन्त्रको कारण माथि उल्लेख गरिए अनुसार

मुलुकको मानवअधिकारको स्थिति एकदमै नकारात्मक छ र यो झन जटिल बन्दै गइरहेको छ भने अर्कोतिर मानवअधिकार संरक्षणका सन्दर्भमा केही महत्वपूर्ण प्रयासहरू पनि भएका छन् जसका बारे तल संक्षेपमा उल्लेख गरिएकोछ:

(क) मानवअधिकार संरक्षणका सन्दर्भमा केही प्रश्नहरूमा सर्वोच्च अदालत र पुनरावेदन अदालतहरूको भूमिका उल्लेखनीय रहेको छ। उदाहरणको रुपमा विशेषत: निरंकुश शाही सरकारले गरेको गैरकानूनी गिरफ्तारी तथा थुना सम्बन्धमा सर्वोच्च अदालत र पुनरावेदन अदालतहरूले बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी निर्वाह गरेको भूमिकाको सबैले प्रशंसा गरेकाछन्। यसरी नै बीबीसी समाचार लगायत एफ्. एम्. को समाचार प्रसारण सम्बन्धी विषय, निजामती कर्मचारीसंगठन माथि रोक लगाउने विषय, गैरसरकारी संस्थालाई आचार संहिताको नाममा अंकुश लगाउने विषय र भ्रष्टाचार सम्बन्धी शाही आयोग खारेजीको विषयमा सर्वोच्च अदालतको भूमिकाले मानवअधिकार संरक्षणको क्षेत्रमा सकारात्मक प्रभाव पर्न गएकोछ। सर्वोच्च अदालतले यस्तो भूमिका अमुक केही न्यायाधीशहरूको क्रियाशीलताको परिणाम मात्र हुनु हुँदैन। सर्वोच्च अदालत लगायत सिङ्गो न्यायपालिका संविधानको सर्वोच्चता, कानुनी शासन र मानवअधिकारको पक्षमा दृढतापूर्वक उभिन सकेको अवस्थामा मानवअधिकारको स्थितिमा सकारात्मक परिवर्तन आउने कुरामा विवाद हुन सक्दैन।

(ख) निरंकुशतन्त्रको विरुद्ध आन्दोलनरत जिम्मेवार राजनीतीक दलहरू मानवअधिकार उल्लघनको विरुद्धमा छन् र नेकपा (एमाले) लगायतका सात राजनीतिक दलहरू मानवअधिकारलाई व्यवहारमा समेत प्रत्याभूत गर्न चाहन्छन्। शान्तिपूर्ण संयुक्त आन्दोलनका क्रममा सात राजनीतिक दलहरूले देशव्यापीरुपमा मानवअधिकार उल्लंघनकारी निर्णय तथा कामकारवाहीहरूलाई नङ्ग्याउने, विरोध गर्ने र यसका विरुद्ध दवाव सिर्जना गर्ने महत्वपूर्ण कार्य गरेका छन्। नेकपा (माओवादी) सँग वार्ता गरी उनीहरूलाई शान्तिपूर्ण धारमा ल्याउन प्रयास गर्ने, युद्धविरामको वातावरण तयार गर्ने र "१२ बुँदे समझदारी" गर्ने जस्ता कार्यहरू गरी नेकपा (एमाले) लगायतका सात राजनीतिक दलहरूले ऐतिहासिक भूमिका निर्वाह गरेका छन्। मानवअधिकार संरक्षणको क्षेत्रमा यसले सकारात्मक र निर्णायक योगदान पुऱ्याउने प्रष्ट छ।

(ग) मानवअधिकार संरक्षणको क्षेत्रमा मानवअधिकारकर्मी, कानून व्यवसायी तथा पत्रकारहरू र इन्सेक लगायत मानवअधिकारवादी संस्थाहरू, नेपाल बार एसोसिएशन र नेपाल पत्रकार महासंघको भूमिका सदैव अग्रणी र प्रसंसनीय रहिआएको छ। इन्सेकको नेपाल मानवअधिकार वर्ष पुस्तक प्रकाशन सम्बन्धी कार्यले मानवअधिकार संरक्षणको क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याएको तथ्य निर्विवाद छ। यसरी नै बन्दी प्रत्यक्षिकरण लगायतका मुद्दाहरूमा कानून व्यवसायी तथा नेपाल बार एसोसिएसनको भूमिका र नेपाल बार एसोसिएसनको अध्यक्षको संयोजकत्वमा गठित विभिन्न पेशा व्यवसाय सम्बद्ध व्यक्तित्वहरूको "युद्ध विराम अनुगमन समिति"को क्रियाशीलता यस सन्दर्भमा उल्लेखनीय रहेको छ।

निश्कर्ष

समग्रमा, राजाको प्रत्यक्ष शासन अन्तर्गत विगत एक वर्षको मानवअधिकारको स्थिति नेपालको इतिहासमा अहिले सम्मकै सबैभन्दा निराशाजनक अवधिको रुपमा रहेको छ र प्राप्त तथ्यहरूले यो झन जटिल बन्दै जाने संकेत देखिएको छ।

काशीनाथ अधिकारी
कार्यालय सचिव

नेपाल मजदुर किसान पार्टी

आर्थिक समानता बिना सारा जनताको लागि मानवअधिकारको सुनिश्चितता हुँदैन। एउटा वर्गले अर्को वर्गलाई दवाई राख्ने हुँदा वर्गमा विभाजित समाजमा व्यापक जनताले मानवअधिकारको उपभोग गर्न पाउँदैनन्। राज्य भनेकै एउटा वर्गले अर्को वर्गलाई 'दवाउने संयन्त्र' भएको हुनाले जसको हातमा राज्यसत्ता रहन्छ। उसले अर्को वर्गलाई दवाउनु स्वभाविक हो। त्यसकारण व्यापक कामदार वर्गका जनताको लागि मानवअधिकार एउटा प्राज्ञिक विलासमात्रै हुन्छ। पुँजीवाद व्यवस्थामा पुँजीपति वर्ग पूर्ण मानवअधिकारको परिभाषा गर्छ। शोषण र दमन रहुन्जेल व्यापक जनताको लागि मानवअधिकार एउटा औपचारिक र मीठो सपना मात्रै हुन्छ। त्यसैले कम्युनिष्टहरू शोषणरहित र आर्थिक समानता हुने समाजवादी व्यवस्थाको स्थापनाको लागि संसारभर विभिन्न रूपमा क्रियाशील छन्। साथै कम्युनिष्टहरू वर्गहीन र राज्यविहीन आदर्श समाजको पनि कल्पना गर्छन्।

प्रजातन्त्र र मानवअधिकारको विषय आज विश्वव्यापी रूपमा उठ्दैछ। तर शक्ति राष्ट्रहरूले त्यसलाई आ-आफ्नो अनुकूल व्याख्या गर्दै आएका छन्। संयुक्त राष्ट्र अमेरिकाले प्रजातन्त्र र मानवअधिकारकै नाउंमा विश्वका धेरै देशहरूमाथि आक्रमण र थिचोमिचो गर्दै आएको छ। अफगानिस्तान र इराकमाथि सशस्त्र आक्रमण त्यसैको पछिल्ला उदाहरणहरू हुन्। ती देशहरूमा हजारौं निर्दोष

जनताको ज्यान गयो, हजारौं अपाङ्ग भए र अरबौं डलरको भौतिक सम्पत्ति क्षति भयो। ती सबै मानवअधिकारकै नाउँमा भएका हुन्। ४० वर्षदेखि क्युबामाथि गरिएको नाकाबन्दी र पटक-पटक उत्तर कोरियामाथि संयुक्त राज्य अमेरिकाले आक्रमणको धम्की पनि मानवअधिकारकै नाउँमा गरिरहेको छ। संसारमा सबैभन्दा बढी मानवअधिकारको हनन गर्ने राष्ट्र संयुक्त राज्य अमेरिका र त्यहाँका राष्ट्रपति जर्ज डब्लु बुश नै मानवअधिकारको 'रक्षक' कहलिन्छ। आजको विश्वमा यही बिडम्बनाको विषय हो।

०५९ असोज १८ गतेदेखि नेपालमा घोषित रूपमा प्रतिगमन लागू भएपछि मानवअधिकारको स्थिति दिनदिनै खस्कँदै गयो। बाँच्न पाउने नैसर्गिक अधिकारबाट समेत नागरिकहरू वञ्चित भए।१९ माघ २०६१ को शाही कदमबाट प्रतिगमनले निरन्तरता पाएपछि मानवअधिकार हननको क्रमले तीव्रता पायो। शाही घोषणासँगै जारी गरिएको संकटकालीन घोषणाले संविधानका केही धाराहरू निलम्बन गऱ्यो। तर संघसस्था खोल्ने हक, समानताको हक, फौजदारी न्यायसम्बन्धी हक जस्ता संविधान प्रदत्तहकरू भने निलम्बन गरिएका थिएनन्। जनताले शाही घोषणाबाट निलम्बन नगरिएका हकहरूसमेत उपभोग गर्न पाएनन्। राज्यपक्षबाट हाकाहाकी मानवअधिकार हननका कार्यहरू भए।

राजनैतिक दलका नेता कार्यकर्ताहरूको घर-घरमा छापा मार्ने, नेताहरूलाई नजरबन्दमा राख्ने र गिरफ्तार गर्ने, टेलिफोन, मोबाइलफोन र इमेल सेवा बन्द गर्ने, समाचारपत्रहरूमा सेन्सरसिप लागू गर्ने, एफएमहरूलाई समाचार प्रशारणमा रोक लगाउने, गिरफ्तार गरिएकाहरूलाई बेपत्ता पार्ने, अदालतको आदेशबाट रिहा भएकाहरूलाई समेत अदालत परिसरबाटै गिरफ्तार गर्ने जस्ता घोर मानवअधिकार उल्लंघनका कार्यहरूसमेत संकटकालको अवधिमा भयो। यस अवधिमा ०४६ सालको जनआन्दोलनबाट प्रजातन्त्रको पुनर्बहालीपछि सबैभन्दा बढी राज्यपक्षबाट मानवअधिकार हननका घटनाहरू भयो। प्रजातन्त्र पुनर्स्थापनापछि कहिल्यै नभएको जस्तो सन्त्रासपूर्ण वातावरणमा जनता बाँच्न बाध्य भए।

जिम्मेवार राजनैतिक दलहरू, मानवअधिकारवादी संघसंस्थाहरू र सचेत जनताले अत्यन्तै प्रतिकूल समयमा पनि प्रजातन्त्र र मानवअधिकार संरक्षणको पक्षमा आवाज उठाए तथा प्रतिगमन विरोधी आन्दोलनलाई अझ अगाडि बढाउनुपर्ने आवश्यकतामा जोड दिए। एकल र संयुक्त रूपमा दलहरू प्रतिगमन विरुद्ध खुल्ला र भूमिगत गतिविधिमा सक्रिय रहे।

नेपाल मजदुर किसान पार्टीले ०६१ माघ १९ को शाही घोषणालाई प्रतिगमनकै निरन्तरता भएको बताउँदै चार दलको प्रतिगमनविरोधी चालू आन्दोलनलाई अझ अगाडि बढाउनुपर्नेमा जोड दियो। साथै १९ माघको प्रतिगामी शाही घोषणाको लागि वातावरण तयार गर्ने एमाले र नेका (प्रजातान्त्रिक) लाई दोषी ठहर गर्दै ती पार्टीहरूले जनतासमक्ष माफी गर्नुपर्ने अडान लियो र चैत ८ गतेदेखि नेमकिपाले जिल्ला जिल्लामा प्रतिगमनविरोधी आन्दोलन गर्ने घोषणा गऱ्यो।

नेमकिपाको आयोजनामा ०६१ चैत १८ गते पाटन, सुर्खेत र दैलेखमा, चैत २५ गते काभ्रे र सुर्खेत, चैत २६ गते नेपालगञ्ज (बाँके), चैत ३० गते जुम्ला र ०६२ वैशाख ९ गते काठमाडौंमा शान्तिपूर्ण विरोध प्रदर्शन सम्पन्न भयो। त्यसक्रममा पाटनमा भएको प्रदर्शनमा नेमकिपाका केन्द्रीय सदस्य बुद्धिकुमार गोसाईसहित १८ जना, दैलेखमा पार्टीका वैकल्पिक केन्द्रीय सदस्य जगबहादुर शाहीसहित २७ जना, सुर्खेतमा पार्टीका जिल्ला सचिव प्रेम थापासहित ८ जना, बाँकेमा पार्टी जिल्ला सदस्य नरहरिनाथ योगीसहित २७ जना, जुम्लामा पार्टी केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेसहित ७ जना र काठमाडौंमा नेमकिपा भक्तपुर जिल्ला समितिका अध्यक्ष रमेश थापासहित १७ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो।

संकटकालको घोषणासँगै सरकारले नेमकिपाका अध्यक्ष का. नारायणमान बिजुक्छे (रोहित) लाई माघ १९ गतेदेखि माघ २७ गतेसम्म उहाँकै निवासमा नजरबन्दमा राख्यो। त्यसैगरी केन्द्रीय सदस्य नवराज कोइरालालाई सुर्खेतमा माघ २४ गते गिरफ्तारी गरी फागुन १९ गते मात्रै रिहा गऱ्यो। संकटककालको त्यस अवधिमा नेमकिपाका ९५ जना नेता कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गऱ्यो र २४ जनालाई तीनमहिने पुर्जी दिई विभिनन कारागारहरूमा थुनामा राखयो।

'संकटकालयता प्रतिमहिना अढाइ सयको हत्या : तीन हजारभन्दा बढीको गैरन्यायिक पक्राउ' (२० वैशाख ०६१ 'राजधानी' दैनिक) जस्ता त्यतिबेलाको पत्रिकाहरूको शीर्षकहरूबाटै संकटकालमा मानवअधिकारको दयनीय स्थिति स्पष्ट पार्छ।

नेपालमा मानवअधिकारको चरम उल्लंघनको घटना जेनेभामा सम्पन्न संयुक्त राष्ट्र संघीय मानवअधिकार आयोगको विषयमात्र बनेन, बैठकले आइटम नं. १९ पारित समेत गऱ्यो। नेपालको आन्तरिक विषय अन्तर्राष्ट्रियकरण हुन पुग्यो। यो मुलुकको लागि गम्भीर विषय हो।

०५९ असोज १८ पछि संविधानको धारा १२७ बाहेक अन्य धाराहरू निष्क्रिय रहे। धारा १२७ को गलत व्याख्या गरी प्रधानमन्त्री र मन्त्रीहरू नियुक्ति गर्ने कार्यहरू भए। ०६१ माघ १९ पछि राजा आफैबाट मन्त्रिपरिषद्को अध्यक्षता गर्ने, उपाध्यक्षहरू मनोनित गर्ने र स्वेच्छापूर्वक मन्त्रीहरू नियुक्ति गर्ने जस्ता कार्यहरूबाट देशमा निरंकुश राजतन्त्रको पुनर्स्थापना भयो।

धारा १२७ को गलत व्याख्या गरी भ्रष्टाचारसम्बन्धी मुद्दाको अनुसन्धान गर्ने र मुद्दा चलाउने अख्तियारले पाए

सरह अधिकार प्रयोग गर्न सक्ने, न्यायाधीशहरूलगायत न्यायपरिषद्का पदाधिकारीहरूसमेतलाई मुद्दा चलाउन सक्ने गरी न्याय परिषद् र प्रतिनिधिसभाले पाए सरहको अधिकार प्रयोग गर्न सक्ने गरी अधिकार सम्पन्न "शाही आयोग" समेत गठन गर्‍यो।

संसदको सर्वोच्चता र विधिको शासनको मान्यताविपरित गठित त्यस आयोगले अन्ततः वैधता भने पाउन सकेन।

यो वर्ष अदालत पनि निरंकुशताको छायाबाट मुक्त हुन सकेन। प्रधानन्यायाधीश हरिप्रसाद शर्माले अष्ट्रेलियामा व्यक्त मन्तव्य मन्त्रिपरिषद्का सदस्य वा सरकारी प्रतिनिधिको भन्दा फरक थिएन। प्रधानन्यायाधीशको त्यहाँको मन्तव्यले न्यायालय पनि निरंकुशताको पक्षमा रहेको खुल्ला उद्घोष गर्‍यो। साथै 'हिन्दू राजाको बारे अदालतमा प्रश्न उठाउन नपाइने' जस्ता बहस गर्ने व्यक्तिहरू महान्यायाधिवक्ता र न्यायाधीशमा नियुक्ति भए र संविधान एवं प्रचलित कानुनविपरित राष्ट्रिय मानवअधिकार आयोग गठन गर्ने जस्ता कार्य पनि सन् २००५ मा भयो।

सुरक्षाकर्मीहरूले ०६२ वैशाख १६ गते कञ्चनपुरमा आफ्नो नियन्त्रणमा लिइसकेका विद्यार्थीहरूलाई समेत गोली हानी घाइते बनाएको, ठाउँ-ठाउँमा माओवादीको आरोपमा गैरन्यायिक हत्या, बलात्कार जस्ता धेरै अपराधहरू गरे।

मानवअधिकार उल्लंघन सत्तापक्षबाट प्रशस्त मात्रामा भयो भने माओवादी पक्षबाट पनि कम भएन। चितवनको माडीमा सर्वसाधारण चढेको बसमा बम विस्फोट गराई धेरै सर्वसाधारण यात्रुहरूको ज्यान जाने घटनादेखि ठाउ-ठाउँमा बेवारिसे अवस्थामा छाडिएका बमहरू विस्फोट भएर ज्यान जाने र अङ्गभङ्गका घटनाहरुको लागि पनि माओवादीहरू उत्तिकै जिम्मेवार छन्। 'माओवादी' का अध्यक्ष प्रचण्डको पटक-पटक सार्वजनिक प्रतिबद्धताविपरित 'माओवादीहरू' ले जबर्जस्ती चन्दा लिने, जबर्जस्ती पार्टी सदस्य बनाउने, कुटपिट र धम्की दिने जस्ता कार्यहरू बन्द भएका छैनन्।

यद्यपि माओवादीहरूले 'शान्तिको आकांक्षाप्रति गहिरो जिम्मेवारीबोध' गर्दै ०६२ भदौ १८ गतेदेखि तीन महिना र त्यसपछि थप एक महिना गरी निरन्तर चार महिनासम्म एकतर्फी 'युद्धविराम' गरे। सरकारले त्यसलाई सकारात्मक रूपमा लिनुको सट्टा ठाउँ-ठाउँमा सर्च अप्रेशनहरू गर्ने, 'माओवादीको टाउ भाँचिसकेको' भनी अभिव्यक्ति दिने जस्ता उत्तेजित पार्ने कार्यहरूमात्रै गर्‍यो। युद्धविरामबाट राज्य र जनताको लागि केही उपलब्धी भएन।

सशस्त्र द्वन्द्व चलिरहेसम्म मानवअधिकार उल्लंघनका सम्भावनाहरू धेरै रहन्छन्। यसर्थ मानवअधिकार हननका घटनाहरूमा कमी ल्याउन राजनैतिक निकासको जरूरी छ।

नेपाल मजदूर किसान पार्टीलगायत सात राजनैतिक दल 'प्रतिनिधिसभा पुनर्स्थापना, सर्वदलीय सरकार गठन, माओवादीसँग वार्ता र संविधानसभाको निर्वाचन' को माग लिएर शान्तिपूर्ण संघर्षमा छन्। यसर्थ द्वन्द्वको राजनैतिक समाधानको लागि सर्वोच्च अदालतबाट देशको बिग्रँदै गएको आर्थिक र राजनैतिक स्थितिको विश्लेषण गरी प्रतिनिधिसभा पुनर्स्थापना समयको माग हो। यो नै राजनैतिक समस्या समाधानको अहिलेको सजिलो उपाय पनि हो।

नेमकिपाको दृष्टिमा सन् २००५ हत्या, आतंक, भय र त्रासको वर्ष रह्यो।

सुनिल प्रजापति
सचिव

नेकाँ (प्रजातान्त्रिक)

मानवअधिकारको सम्बन्धमा सन् २००४ को तुलनामा सन् २००५ को वर्ष नेपाली नागरिकहरूका लागि अझ बढी कष्टप्रद रह्यो। मानवअधिकारको संरक्षण र सम्वर्द्धनमा राष्ट्रिय कानुनका प्रावधान तथा नेपाल पक्ष रहेका मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरूको निर्लज्ज उल्लंघन गरी राष्ट्रको मानवअधिकारको स्थितिको साथै राष्ट्रिय गरिमालाई समेत कमजोर बनाउने गरी मानवअधिकार उल्लंघन प्रशस्तै घटनाहरू घटाइए।

एघार वर्षदेखि देशमा प्रारम्भ भएको सशस्त्र विद्रोहबाट आक्रान्त नेपाली नागरिक ०६१ माघ १९ गतेको राजाको निरंकुश कदमका कारण अझ बढी प्रताडित र आतंकित बन्न पुगे। नेपाल अन्तर्राष्ट्रिय स्तरमा नै मानवअधिकार उल्लंघन गर्ने राष्ट्रमा माथिल्लो पंक्तिमा उभिन पुग्यो।

यस वर्ष नेपालमा मानवअधिकार उल्लंघन जघन्य घटनाहरू हुन पुगे। राज्यसत्ताबाट नागरिकका मानवअधिकारको संरक्षण र सम्वर्द्धन हुनुपर्नेमा घोर उल्लंघन गर्ने कार्य निरन्तर भइरह्यो।

सशस्त्र विद्रोहीहरूबाट राजनीतिक दलका नेता एवं कार्यकर्ताहरूको हत्या र अपहरण तथा घर सम्पत्ति कब्जा गर्ने घटनामा कमी भएता पनि विगत वर्ष भन्दा त्यस्तो कार्य पूर्ण रूपमा नरोकिएको अवस्था रहेको छ। पाँचथर र ओखलढुंगा लगायतका जिल्लाबाट विद्यालय जाँदै गरेका तथा कक्षाकोठाबाट नै शिक्षक तथा नाबालक किशोर किशोरी विद्यार्थीहरूको अपहरण गरी जबर्जस्ती प्रशिक्षण लगायतका कार्यक्रमहरूमा सहभागी बनाउने काम भयो। विद्रोहीद्वारा कपिलवस्तु जिल्ला पार्टी समितिका सदस्य गोपालप्रसाद लम्साल र सप्तरी जिल्लाको क्षेत्र नं. ३ का पार्टी कोषाध्यक्ष शत्रुघनप्रसाद मण्डलको अपहरण पश्चात् निर्मम हत्या गरियो। रूपन्देही जिल्ला कार्यसमितिका सदस्य रामरतन केवट उपर निर्ममतापूर्वक खुकुरी प्रहार गरी गम्भीर घाइते

बनाइयो। कञ्चनपुर निर्वाचन क्षेत्र नं. १ का पार्टी सभापति बलदेवसिंह बडालको अपहरण, सल्यान जिल्ला कार्य समितिका सदस्य गोरखबहादुर केसीको अपहरण, कैलाली महजपुर निवासी पार्टी जिल्ला कार्यसमितिका दीपक (दीलिप) शाहीको अपहरण रुकुम जिल्ला कार्य समितिका सदस्य प्रजित बुढा र सल्लाहकार सेन् खत्रीको अपहरण, कैलाली क्षेत्र नं. १ का पार्टी कार्यकर्ता लक्ष्मीनारायण चौधरीको अपहरण, बैतडी जिल्ला कार्यसमितिका सहसचिव, तरूणदलका अध्यक्ष घनश्याम भट्ट, पार्टी जिल्ला सदस्य पूर्णबहादुर बोहराको अपहरण गर्ने कार्य भयो। यस अवधिमा राज्यपक्षद्वारा निरंकुशतन्त्रका विरूद्धको आन्दोलनमा सहभागी नेपाली कांग्रेस (प्रजातान्त्रिक) का चारसय ३३ जना गिरफ्तार, ५३ जना कुटपिटबाट घाइते बनाइयो। यसैगरी विद्रोही पक्षबाट आधा दर्जन भन्दा बढीको हत्या, दुई दर्जनभन्दा बढीको अपहरण गर्ने कार्य भयो।

०६१ माघ १९ गते जनप्रतिनिधिमूलक राजनीतिक दलहरूको संयुक्त सरकारलाई बर्खास्त गरी राजाको निरंकुशतावादी कदम पश्चात् राष्ट्रका सबै वर्ग, पेशा र व्यवसायसंग सम्बन्धित आम नागरिकहरू आतंकित, प्रताडित र दमन सहन बाध्य हुनु पर्‍यो। राजाको प्रत्यक्ष शासन प्रारम्भको पूर्व सन्ध्यामा नै राजनीतिक दलका शीर्षस्थ नेताहरूलाई गिरफ्तार, नजरबन्द, तथाकथित स्थानहद गरिनुका साथै देशका प्रमुख राजनीतिक दलका पार्टी कार्यालय तथा स्वतन्त्र सञ्चार माध्यमका स्टेशनहरूमा सुरक्षाकर्मीद्वारा प्रत्यक्ष निगरानी र हस्तक्षेप गर्ने कार्य समेत प्रारम्भ भयो। देशका मानवअधिकारवादी संघ संस्थाका पदाधिकारी तथा प्रतिनिधिहरूलाई समेत शरीर खानतलासीदेखि लिएर आवतजावत व्यवधान पुर्‍याउने कार्य शुरू गरियो। नेपाली कांग्रेस (प्रजातान्त्रिक) का सभापति श्री शेरबहादुर देउवालाई माघ १९ गतेका दिनदेखि शान्ति सुरक्षाको कथित बहानामा पटक पटक म्याद थप गरी नजरबन्दमा राख्ने कार्य भयो। राजाको निरंकुश शासनको विरोधमा अधिराज्यभर शान्तिपूर्ण प्रदर्शनमा उत्रिएका राजनैतिक दल, युवा विद्यार्थी तथा विभिन्न पेशा र वर्गसंग सम्बन्धित आम नागरिकका साथै मानवअधिकारवादी, प्राध्यापक, शिक्षक, वकिल, पत्रकार तथा निवर्तमान मन्त्रीहरूमाथि समेत निमर्मतापूर्वक लाठी, बुट र गोली चलाउने कार्य समेत गरी निरंकुशताको दमनकारी चरित्र उदांगो बनाउँदै लगियो। सयौं गम्भीर घाइते, अंगभंग, अपाङ्ग बनाइए। विभिन्न संघ संगठनसंग आवद्ध र अन्तर्राष्ट्रिय र क्षेत्रीय स्तरका प्रतिनिधिहरूको नेपालको मानवअधिकारको बिग्रंदो अवस्थाको अनुगमन र अनुभव गर्नाका लागि भ्रमण गर्ने क्रम बढ्दै गयो। तथापी, निरंकुश सत्ताको दमनकारी नीति र मानवअधिकार उल्लंघनमा कुनै परिवर्तन देखिएन। निरंकुशतन्त्रलाई मजबुत बनाउने कुचेष्टाका साथ निरंकुशसत्ता अझ बढी कठोर र मानवअधिकारको उल्लंघनकारीका रूपमा अगाडि बढ्दै गयो। निरंकुशतन्त्रका विरोधी राजनीतिक दल तथा नेताहरूको चरित्र हत्या गरी बदनाम गराउने र निरंकुशतालाई बलियो बनाउने उद्देश्यका साथ असंवैधानिक शाही आयोग खडा गरी राष्ट्रिय अन्तर्राष्ट्रिय स्तरमा नै राष्ट्रको छवि थप बदनाम गराउने कार्य भयो। निवर्तमान मन्त्रीहरूमाथि प्रतिशोध र पूर्वाग्रहपूर्ण तरिकाले सुनियोजित रूपमा मुद्दा प्रारम्भ गरी मानसिक यातना दिने कार्य प्रारम्भ भयो। निरंकुशतन्त्रको विरोधमा सञ्चालित आन्दोलन निरन्तर बर्बर दमन, हजारौं गिरफ्तार र अंगभंग तथा घाइते बनाउने क्रम रही नै रह्यो। गिरफ्तार र नजरबन्दमा राखिनु भएका राजनीतिक दलका नेता एवं कार्यकर्ताहरूलाई भेट गर्न जानु भएका अन्य राजनीतिक दलका शीर्षस्थ नेताहरूसमेतलाई रोक लगाइयो। मानवअधिकारको व्यापक उल्लंघनको क्रम बढ्दै गएको सन्दर्भमा र मानवअधिकारको स्थितिको अनुगमन गर्ने निकायहरूलाई नै बेकम्मा बनाउने कार्य भएपछि संयुक्त राष्ट्र संघ मानवअधिकार उच्चायुक्तको कार्यालयको काठमाडौंमा स्थापना हुनाले मानवअधिकारको उल्लंघन र दण्डहीनताको स्थितिलाई कम गर्नमा सहयोग पुग्ने आशा सबैले गर्नु स्वभाविक नै रह्यो।

द्वन्द्व पीडित परिवारका सदस्यहरूलाई आर्थिक सहायता बाँडिएको विषयमा निवर्तमान प्रधानमन्त्री समेत केही मन्त्रीहरू उपर झुठो मुद्दामा पटक पटक मानसिक यातना र अलोकप्रिय बनाउने कुचेष्टा गरियो। ०६२ साल वैशाख १३ गते राति पार्टी सभापति एवं पूर्व प्रधानमन्त्री श्री शेरबहादुर देउवाको बुढानीलकण्ठस्थित निवासमा रातको १२ बजे टेलिफोन, विद्युत विच्छेद गराई प्रहरी प्रवेश गराई घर परिवारका सदस्यहरूलाई आतंकित बनाउँदै राति १ बजे अपहरणको शैलीमा असंवैधानिक शाही आयोगद्वारा गिरफ्तार गरियो र देशभित्र र विश्वभरिबाट निरंकुश यस कार्यको घोर निन्दा र भर्त्सना भयो। असंवैधानिक शाही आयोगको खारेजी र गिरफ्तार गरिनु भएका पूर्व प्रधानमन्त्री श्री शेरबहादुर देउवा तथा पूर्व मन्त्री श्री प्रकाशमान सिंह लगायतकाहरूको विनाशर्त र अविलम्ब रिहाइका लागि अन्तर्राष्ट्रिय जगतबाट निरंकुसतालाई पटक पटक सचेत र ध्यानाकर्षण गराउने कार्य गरिंदै रह्यो भने देशभित्र अधिराज्यव्यापी रूपमा शान्तिपूर्ण प्रदर्शन, धर्ना, जुलुस आमसभा लगायतका विरोधका कार्यक्रमहरू जारी नै रही रहे। प्रशासनिक दमन र निर्मम बल प्रयोगका घटनापनि दैनिक जसो जारी नै रह्यो। राजनीतिक दलका नेताहरूलाई देशको एक भागबाट अर्को भाग (गृह जिल्ला) समेत जान रोक लगाइयो। गिरफ्तार गरी थुनामा राखिएका राजनीतिक दलका नेता एवं कार्यकर्ताहरूलाई न्यूनतम मानव व्यवहार समेत नगरी बिरामी भएकाहरूको स्वास्थ्योपचारको समेत व्यवस्था गरिएन। शान्तिपूर्ण प्रदर्शनमा सरिकहरूलाई गम्भीर प्रकृतिका मुद्दाको अभियोगमा फसाउने प्रयास भइरह्यो।

निरंकुशसत्ताको अन्धो समर्थन नगरेकै कारण कैयन विशिष्ट श्रेणी लगायत अन्य तहका राष्ट्र सेवकहरूलाई हतोत्साही र मानसिक पीडा दिने कार्य गरियो। संविधान विपरित शाही आयोग लगायत क्षेत्रीय र अञ्चल प्रशासकको नियुक्ति सञ्चार अध्यादेश, निजामति ऐनमा संशोधन, गैरसरकारी संघ संस्था माथि नियन्त्रण तथा जथाभावी मनोनयन गरी निरंकुशतन्त्रको समर्थनमा नरहेका सबैलाई दमन गर्ने दुनियतका कामहरू गर्दै आयो। सशस्त्र द्वन्द्वको मारमा परी आफ्नो पुर्खौली वासस्थान छाडेर राजधानीमा आन्तरिक शरणार्थीको जीवन जीउन बाध्य वृद्ध, नाबालक तथा महिलाहरू उपर निरंकुशसत्ताद्वारा निर्ममतापूर्वक लछार पछार, कुटपिट र घाइते बनाउने कार्य भयो। निरंकुशसत्ताको समर्थन नगर्ने सञ्चार माध्यम यसको ठूलो प्रहारको निशाना बन्न पुगे। कान्तिपुर टेलिभिजन, एफ. एम. रेडियो सगरमाथा लगायतका सञ्चार स्टेशनमै ठाडो आक्रमण गरी सञ्चार उपकरण जफत गरी सञ्चारकर्मीलाई थुन्ने र तर्साउने कार्य समेत गरियो। छापा सञ्चार माध्यममा समेत हस्तक्षेप गरी सञ्चारकर्मीहरूलाई गिरफ्तार र भयभित पार्ने प्रयन्न गरिदियो। निरंकुश सत्ताद्वारा सर्वसाधारण नागरिक जीवनलाई अझ कष्टकर बन्ने गरी पेट्रोलियम पदार्थ लगायत दैनिक उपभोग्य वस्तुहरूमा व्यापक मूल्यवृद्धि गराइयो।

निरंकुशतन्त्रका विरूद्धमा सात राजनीतिक दलहरूको शान्तिपूर्ण विरोध प्रदर्शनमा ऐक्यबद्धता जनाउने काठमाडौं आउँदै गरेका भारतका वरिष्ठ नेताहरू उपर विमानस्थलमा नै अत्यन्त अमर्यादित र कुटनीतिक सम्बन्धमा खलल पर्ने किसिमका व्यवहार निरंकुशसत्ताद्वारा प्रदर्शन गराइयो। उपत्यकाका विभिन्न क्षेत्रहरूलाई निषेधित क्षेत्र घोषणा गरी नागरिकहरूलाई स्वतन्त्र आवागमनमा समेत रोक लगाइयो। माओवादीद्वारा स्थायी शान्तिका पक्षमा युद्ध विरामको तीन महिने कार्यक्रम घोषणा गरी एक महिना थप गर्दा समेत राज्यपक्ष निरन्तर निरंकुश र दमनकारी शैलीमा नै उत्रिरह्यो।

कञ्चनपुर महेन्द्रनगरस्थित जनज्योति क्याम्पसका विद्यार्थीहरूलाई घेरा हालेर क्याम्पसभित्र नै अन्धाधुन्ध गोली वर्साई कैयन विद्यार्थीलाई घाइते बनाउने काम भयो। यसैगरी नुवाकोटमा पनि आठ विद्यार्थी संगठनको कार्यक्रममा गोली चलाई २० भन्दा बढीलाई घाइते बनाइयो। विश्व हिन्दू महासंघ नेपालका अध्यक्ष तथा वाचन शिरोमणि पण्डित नारायणप्रसाद पोखरेलको धार्मिक यज्ञको कार्यक्रममा संरिक रहेकै अवस्थामा रहस्यमयरूपमा हत्या गरियो। यसै वर्ष सुदूर पश्चिमाञ्चलमा परेको अविरल वर्षाका कारण बाढी र पहिरोबाट कैयनले ज्यान गुमाउनु प-यो भने सयौं घरबार विहिन हुन पुगे।

नगरकोटको धार्मिक समारोहमा संरिक स्थानीय बासिन्दाहरू उपर शाही सैनिकद्वारा अन्धाधुन्ध गोली वर्षाउँदा एक दर्जन भन्दा बढीको हत्या र दुई दर्जनभन्दा बढी गम्भीर घाइते बनाइयो।

यसरी सन् २००५ को वर्ष नेपालको इतिहासमा जनताका मौलिक हक अधिकार तथा मानवअधिकारका राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रत्याभूतिहरूको राज्य पक्षद्वारा व्यापक उल्लंघन गरी निरंकुशतन्त्रलाई स्थवराविरी र अत्याचार र ताण्डव तथा त्यसबाट पीडित सबै पेशा, वर्ग, क्षेत्र, व्यवसाय र सर्वसाधारण नागरिकहरूकाबीचको संघर्षका वर्षको रूपमा रह्यो र निरंकुशतन्त्रका पक्षमा नरहेका सबैलाई सन् २००५ अत्यन्त कष्टप्रद, पीडदायी, चुनौतीपूर्ण र नेपालको इतिहासमा नै अविस्मरणीय वर्षका रूपमा रह्यो।

जीवनप्रेम श्रेष्ठ
मुख्य सचिव

जनमोर्चा, नेपाल

मुलुक गम्भीर संकटमा उभिएको छ। यथास्थितिमा मुलुक चल्न नसक्ने अवस्थामा राजाले प्रतिगामी, अप्रजातान्त्रिक र असंवैधानिक शाही घोषणामार्फत् जनताले प्राप्त गरेका मौलिक हक अधिकारहरू ०५९ असोज १८ गते अपहरण गरेका थिए, त्यसलाई सेनाको आडमा मजबुत बनाउँदै ०६१ माघ १९ गते घनिभूत पार्दै निरन्तरता दिने जुन काम गरेका छन्, त्यसले देशमा निरंकुश, एकतन्त्रीय र हुकुमी शासन कायम गरेको छ। ऐन, नियम, कानुन र संविधान समेत क्षतविक्षत गरी काला अध्यादेशहरूमार्फत् निरंकुश शासन चलाइरहेको देशमा मानवअधिकरको स्थिति र अवस्था कति गम्भीर, कति त्रासदी, कति भयावह, कति संकटपूर्ण र कति नाजुक छ भनने कुरा जो कसैले पनि सहजै अनुमान गर्न सक्छ।

एकातिर राजाको प्रतिगामी निरंकुश सैन्य शासन अर्कातिर नेकपा (माओवादी) को सशस्त्र विद्रोहीबीच आमनेसामने सिधा टक्कर परिरहेको छ। देशका प्रमुख राजनैतिक शक्तिहरू राजाका प्रतिगामी, एकतन्त्रीय हुकुमी शासनका विरूद्ध शान्तिपूर्ण तवरले आन्दोलित हुँदै आएका छन्। यो भीषण द्वन्द्व भइरहेको अवस्थामा राज्यपक्ष नै मानवअधिकारका न्यूनतम मूल्य मान्यताहरूमाथि ठाडो र नाङ्गो रूपमा उल्लंघन गर्न पुगेको अनगिन्ती तथ्यहरू राष्ट्रिय, अन्तर्राष्ट्रिय क्षेत्रमा सार्वजनिक भइरहेका छन्। जहाँ निरंकुश, एकतन्त्रीय र हुकुमी सैन्य शासन कायम भइरहेको हुन्छ, त्यहीँ हुने हो मानवअधिकारमाथि नांगो हस्तक्षेप र बलात्कार। प्रजातान्त्रिक राज्यव्यवस्थामा मानवअधिकारका न्यूनतम तानाशाही र हुकुमी शासन कायम भएको देशमा मानवअधिकारमाथि राज्यले नै ठाडो उल्लंघन गर्ने देशहरूमध्ये अग्रपंक्तिमा दर्ज भयो र, दुनियाँका अगाडि राजाको हुकुमी शासनभित्रको मानवअधिकार उल्लंघनका

अनगिन्ती नांगा तस्वीरहरू सार्वजनिक भए। त्यसले राजको शासन कति क्रूर, आततायी र जंगली रहेछ, त्यो सबैलाई स्पष्ट भएको छ। राज्यले मानवअधिकारका न्यूनतम मूल्यमान्यताहरू समेत ठाडो उल्लंघन गरेको कारणले ज्यादै बदनाम भई विश्व र स्वयम् नेपालबाट राजाको शासन एक्लिदै र साघुरिदै गएको छ।

राज्यले नागरिकहरूलाई गिरफ्तार गर्ने र बेपत्ता पार्ने काम व्यापक बनाएको छ। पक्राउ गरिएका र थुनामा राखिएका प्रत्येक व्यक्तिलाई पक्राउ भएको ठाउबाट बाटोको म्यादबाहेक चौबीस घण्टाभित्र मुद्दा हेर्ने अधिकारी अधिकारीसमक्ष उपस्थित गराउनुपर्ने राज्यको आफ्नै कानूनलाई रद्दीको टोकरीमा फ्याँकिएको छ। नागरिकहरूलाई गिरफ्तार गर्ने र बेपत्ता पार्ने काम गरेको छ। को मारियो ? को थुनिएको छ ? कसलाई के अभियोग छ ? त्यो केही थाहा छैन। त्यसैले कानूनी राज्यको दृष्टिले होस् कि मानवअधिकारको दृष्टिले होस्, राज्य आम जनताका अगाडि सर्वाङ्ग रूपमा नाङ्गिएको छ। नागरिकहरूका हत्या, महिलाहरूको बलात्कार सामान्य कुरा बनेको छ। सुरक्षाकर्मीले नागरिकको हत्या गर्न मन लाग्यो भने आतंककारी बिल्ला भिराई दिएपछि जहाँ जसलाई जतिखेर पनि हत्या गरिदिन थालेको छ। राज्यको निम्ति नागरिक हत्या ज्यादै सस्तो बनेको छ। राज्य नै हत्या, हिंसा र आतंकमा उत्रेपछि नागरिकहरू आफ्नो घर, आफ्नै गाउँ र देशमा असुरक्षित हुन पुगिरहेका छन्। र, उनीहरूको मानवअधिकार हननको कुनै सीमा रहेन।

राज्यले नागरिक बेपत्ता पार्ने सूचीमा नेपाललाई अग्रपंक्तिमा पुऱ्याएको छ। बिनाकसुर गिरफ्तार गरिएका र सर्वोच्च अदालतबाट रिहा भएपछि सुरक्षाकर्मीले पुनः गिरफ्तार गर्ने र बेपत्ता पार्ने काम गरेर राज्य स्वयमले कानूनी राज्यको खिल्ली उडाइरहेको छ। राजधानीमा जनमोर्चा, नेपालका महासचिव नवराज सुवेदीलाई सर्वोच्च अदालतले रिहा गरेपछि जनमोर्चा, नेपालको केन्द्रीय कार्यालय, सुन्धारा पुगे लगत्तै सादा प्रहरीहरूले गिरफ्तार गरी बेपत्ता पारेको घटनाले बताउछ कि मानवअधिकारको वास्तविक स्थिति। एउटा पार्टीका महासचिव एवं पूर्व सांसदलाई सुरक्षाकर्मीले राजधानीमा दिनदहाडै गिरफ्तार गरी बेपत्ता गऱ्यो भने अन्य सर्वसाधारण र दुरदराजका सर्वसाधारण जनताको स्थिति र अवस्था कति जोखिम होला ? त्यस्तै भक्तपुरको नगरकोटमा जात्रा मनाइरहेका निर्दोष र निहत्था जनताहरूलाई ब्यारेकबाट गएका सेनाले विभत्स ढंगले नरसंहार गरेको घटनाले नागरिक स्वतन्त्रताका रूपमा बाँच्न पाउने, मेला हुन पाउने मौलिक अधिकारहरूमाथिको उल्लंघन हो। यी त प्रतिनिधि घटनाहरू मात्रै हुन्। यस्ता घटनाहरू त अनगिन्ती घटेका छन् र मानवअधिकार उल्लंघन भएका छन्। राज्यले अन्तर्राष्ट्रिय स्तरमा मानवअधिकारका सन्धि सम्झौताहरूमा हस्ताक्षर गरेको छ तर ती हस्ताक्षर गरिएका मूलमान्यता पालना गर्ने काम गरेको छैन। राज्यले मानवअधिकारका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू उल्लंघन गरेको हुनाले अन्तर्राष्ट्रिय क्षेत्रबाट राजाको निरंकुश शासनलाई नाकाबन्दी लगाउने र अलग्याउन् पर्ने प्रश्न उठिरहेको छ। राजाको अगाडि निरंकुश शासन कायम राख्ने कि अन्तर्राष्ट्रिय क्षेत्रबाट अलग हुने भन्ने दुई विकल्प छ। देशमा राजाले निरंकुश शासन चलाएपछिका दिनहरूमा मानवअधिकार उल्लंघनका घटनाहरू यसरी बढेका छन्। मानवअधिकार उल्लंघन रोक्ने एउटै मात्र विकल्प छ, त्यो हो- राजाको निरंकुश, एकतन्त्रीय र हुकुमी शासनको अन्त्य र लोकतन्त्रको स्थापना गर्नु हो।

विद्रोही नेकपा (माओवादी) ले पनि मानवअधिकार उल्लंघन गर्ने गरेको छ। त्यसलाई रोक्न नेतृत्व पंक्तिबाट प्रतिबद्धता बारम्बार आए तापनि घटनाहरू दोहोरिने गरेको छ। त्यसलाई कुराले मात्र होइन, व्यवहारमा रोक्न माओवादी नेतृत्व लाग्नैपर्छ। राज्यले नागरिकहरूप्रति जसरी गैरजिम्मेवार भएर निर्लज्ज ढंगले नरसंहार गर्ने र सामान्य भन्दा सामान्य जनताका मौलिक हकअधिकारहरू हनन गर्ने काम गरेको छ, त्यसको सर्वत्र निन्दा र भर्त्सना भएको छ। विद्रोही माओवादी आम जनताप्रति उत्तरदायी बन्ने र उनीहरूका मानवअधिकारको रक्षाका लागि व्यवहारबाटै सुध्रने काम गरेर प्रतिक्रियावादी राज्यसत्ता र जनपक्षीय माओवादी बीचको अन्तरलाई स्पष्ट गर्न हाम्रो पार्टी जोड दिन्छ।

राजाको प्रतिगामी निरंकुश शासनका विरुद्ध सात राजनैतिक दल र नेकपा (माओवादी) बीच १२ बुँदे समझदारी गरिएको छ। त्यसले तीन ध्रुवीय राजनीति शक्ति सन्तुलन दुई ध्रुवीय शक्ति सन्तुलनमा रूपान्तरण भएको छ। त्यसले राजाको एकतन्त्रीय शासन अन्त्य गरेर लोकतन्त्रको स्थापना गर्ने जुन संयुक्त आन्दोलनको सुरूवात गरेको छ, त्यसले मूर्तरूप पाएमा मौलिक हकअधिकारहरू स्थापना हुनेछन् र त्यसलाई नै मानवअधिकारको अहिलेको कुरूप स्थिति सुधार भएर जानेछ। स्पष्ट छ, राजाको शासन कायम रहुन्जेल जनताका मौलिक हकअधिकारहरू र मानवअधिकार झन् पछि झन् बिग्रदै जानेछ, त्यसैले राजतन्त्रको अन्त नै मानवअधिकार स्थापनाको पहिलो र प्रधान कार्य हो। त्यो पूरा गर्नु नेपाली जनताको अभिभारा बनेको छ।

केशव नेपाल

केन्द्रीय सदस्य

राष्ट्रिय प्रजातन्त्र पार्टी

मानवअधिकार वर्षपुस्तक २००५ ले करिब साँढे सातसय पृष्ठमा मानवअधिकार उल्लंघनका अझ बढी

घटनाहरू सगालेर मोटो रुप धारण गरेकोमा हर्ष र विस्मात दुवै लागेको छ। हर्ष यस अर्थमा किनकी अधिराज्य भरी भएका प्रत्येकजसो घटनामा इन्सेकको सर्वाधिक चासो र शान्ति व्यवस्थापना खेलेको सह्रानीय भूमिका सर्वाधिक प्रशंसनीय रहेको छ। विस्मात यस अर्थमा कि राष्ट्रमा विधुर, विधवा, टुहुरा, अनाथ, अपुतो र वसाँइ सर्नेहरूको बाहुल्यतानै रह्यो। चित्कारको गुंज झन् झन् टड्कारो हुँदै आयो।

सात दल र माओवादीहरूको बीच समझदारी बढ्नासाथ राप्रपाका कार्यकर्ताहरू माथि अन्धाधुन्द आक्रमण हुन थाल्यो। दलीय आधारमा किटेर भन्ने हो भने सबैभन्दा बढी राप्रपाका कार्यकर्ताहरूले त्यसको मार खेप्नु पर्‍यो। बहुदलीय प्रजातन्त्र र संवैधानिक राजतन्त्रप्रति समर्पित अधिकांश कार्यकर्ताहरूले यातना, क्रूर अमानवीय र अपमानजनक अवस्था खेपेका छन्। सक्रियता मानव अधिकार रक्षककोहरूको आधारधून सर्त हो। तर मानव अधिकारवादीलाई जस्तै राप्रपालाई पनि जोखिमको धरापतिर धकेलिएको छ।

राजाको वैभवता, प्रचण्डको प्रचण्डता, सात पार्टीहरूको समग्रता, राप्रपाको शालीनता र सत्तासीनहरूको दबदबाको भूमरीमा आज मुलुक थला परेको छ। नेपालका माओवादीहरूको युद्ध बनाम अपराध र सात दलसितको काँध जोडाई लोकतन्त्र बहालीको लागि हो भनौं भने गणतन्त्रात्मक देश हिन्दुस्थानमा माओवादीहरूले गराएका जघन्य हत्याकाण्ड सत्ताकै निम्ति हैन र ? सात दलहरू त यो कुरा बुझेर पनि बुझ पचाएर बस्न रुचाएका छन्। सत्ताप्राप्तीको लिप्सामा शत्रुको शत्रुलाई मित्र ठान्ने खतरनाक प्रवृत्तिले आज राष्ट्र चरमराएको छ। दुईपटक आतङ्ककारी घोषित माओवादीहरूबीच हिजो सरकारमा रहँदा मतैक्य हुन नसक्ने र आज चाहींकुनै करिश्मा हुन्छ भनेर पत्याउने स्थिति भने पटक्कै छैन

आज शर्मनाक परिणतिको प्रणयसूत्रमा राप्रपा स्खलित भएको छ। पार्टी जस्तो वा सत्तल जस्तो, न त आउनेको गिन्ति छ न त जानेको र न त बस्नेको कुनै लेखाजोखा भएको न मोलतोल, जो आएर जता गए पनि, जे गरे पनि र जसो गर्दा पनि अइया आत्था पनि भन्न नपाइने, फगत निरीह र निरपेक्ष भएर बाँच्नु पर्ने बाध्यताको चङ्गुलबाट राप्रपा अब सँधैको लागि मुक्त भएको छ। गरीबहरू त अवश्यनै छन् तर दरिद्रहरूको बस्तिबाट अलग रहेर राष्ट्रिय प्रजातन्त्र पार्टीले बल्ल पार्टी भएर बाँचन सिकेको छ। सास फेर्न सुरु गरेको छ र बल्ल दिगो रुपमा राष्ट्रवादीहरूको पार्टीको चूडाकर्म भएको छ।

राप्रपा सरकारी बर्बरताको कोपभाजन भएको यो पहिलो पल्ट होइन यस्ता कति खाटा र निलडामहरू उसको पिडौलामा ज्यू का त्यूं छन्। सत्ताको मोह लिप्सामा फसेका केही कार्यकर्ताहरूको कारण राप्रपालाई धेरै पटक आफ्नो अस्मिता जोगाउन धौ धौ परेको छ। तर एकथरी खारिएका कार्यकर्ताहरूलाई यस्तो घटनाले रत्ति भर पनि विचलित तुल्याउन सकेको छैन। वरु उनीहरूको पार्टीप्रतिको समर्पण भावलाई झन स्पातिलो बनाएको छ।

यिनै परिप्रेक्ष्यमा अब राप्रपा पहिले चिच्याउँदै आएको जस्तो राजा, दल र माओवादीको बीचमा मध्यस्थताको भूमिका निर्वाह गर्ने सामर्थ्यलाई आफ्नो कर्तव्य ठान्ने पक्षमा छैन (यसको अर्थ उ गलेको भन्ने नलगाइयोस्) उ त केवल दुई शक्ति मिल्नु पर्छ भन्ने चाहन्छ। तर यहाँ परिणाम त के आयो भने दल र माओवादीहरूको लगनगाँठो पहिले बाँधिन पुग्यो। निर्वाचन बहिष्कार गर्न दलले र माओवादीले एक अर्कालाई ढालको रुपमा प्रयोग गर्ने मौका पाए।

संक्षेपमा भन्नु पर्दा ग्रहणले छाडिहाल्ने अवस्था छैन। देश लाटो र लङ्गडोहरूको बस्ती बनेको छ। न कोही ठिक तरिकाले हिड्न सकेका छन् न कोही कसैसंग बोल्न नै सक्छन्। मानव अधिकारको कुरा गर्नु घाउ कोट्याएको जस्तो मात्र हुन्छ। सर्वोच्च अदालतको परिसरमा चक्कर काटिरहेको राप्रपाले कुन शब्दमा मानवअधिकारको व्याख्या गरोस्। जुनसुकै बादलमा पनि चाँदीको घेरा हुन्छ भन्ने भनाईलाई भने कहिल्यै बिर्सनु हुन्न।

शिवहरि पौड्याल
कार्यालय प्रमुख

नेपाल सद्भावना पार्टी (आ.)

नेपालमा मानवअधिकारको अवस्था विगतका वर्षहरू जस्तै कसैबाट पनि लुकेको छैन। नेपालमा मानवअधिकार हननका कारणहरू मध्ये मुख्य रूपले (१) हिंसात्मक द्वन्द्व (ख) निरंकुश शासन (३) सदियौं देखि विद्यमान राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक विकृति, विसंगति, शोषण, दमन, भेदभाव आदि मुख्य रूपले रहेका छन्। हिंसात्मक द्वन्द्वका कारण राज्य तथा विद्रोही दुवै पक्षबाट व्यापक रूपमा मानवअधिकारको हनन भएको बेहोरा सारा दुनियालाई थाहा भइसकेको छ। त्यस्तै निरंकुश सत्ताबाट मानवअधिकारको रक्षा हुन्छ, सुरक्षित रही रहन्छ, कल्पना गर्न नै बेकार छ। गत साल माघ १९ पछिको राजाको निरंकुश सत्ताले मानवअधिकार उल्लंघनको सारा रेकर्ड पार गरेका छन्। त्यस्तै आर्थिक, सामाजिक, संस्कृति, विभेद र शोषणका कारण पनि मानवअधिकार हनन भइरहेका जस्तै पिछडिएका जाति, जनजातिहरूप्रति गरिएका अमानवीय व्यवहार, छुवाछुत, आर्थिक शोषण तथा अन्य सामाजिक कुरीतिहरूले गर्दा मानवअधिकारको हनन हुँदै आएको तथ्य पनि सबैलाई थाहै भएको हो।

तर नेपालमा मधेशी समुदायप्रति मानवअधिकार उल्लंघन राज्यबाट भइरहेको तथ्यलाई ढाकछोप गर्ने काम भइरहेको छ र यस कार्यमा गोरखाली शासक वर्ग विशेष रूपले लागी पर्दै आएका छन्। वास्तवमा भन्ने हो भने यतिको ठूलो संख्यामा साथ मानवअधिकारका उल्लंघनका घटना दुनियामा विरलै पाइन्छ। नेपालको जनसंख्याको आधी आवादी मधेशी समुदायको कुनै न कुनै रूपमा प्रत्येक पल यहा केही न केही अधिकार हनन भइरहेको छ। ४० लाख नागरिकहरू राज्य विहिन अवस्थामा पुऱ्याएर राखिएका छन्। त्यसमध्ये अधिकांश मधेशी नै छन्। राज्यविहीन पारेर जनतालाई राख्नु मानवअधिकारको उल्लंघन हो कि होइन ? नागरिकता प्रमाणपत्र विहिन मधेशी समुदायको घरमा अछुत जस्तै बिजुली, पानी, नदिइने के हो ? बाबुको नागरिकताको अभावमा बच्चाको जन्मदर्ता नहुनु, जन्मदर्ताको अभावमा विद्यालयमा नामांकन नहुनु र प्राथमिक शिक्षा समेत प्राप्त गर्नुबाट बञ्चित गराइनु मानवअधिकारको उल्लंघन यो भन्दा बढी के हुन सक्छ ? आफ्नै मेहनतले कमाएको कमाइले सम्पत्ति आर्जित गर्न सक्दैन, बेचबिखन गर्न सक्दैन, भने के मानवअधिकार तथा नागरिक अधिकार उल्लंघन होइन ? राज्यको तर्फबाट नै मधेशीप्रति विभिन्न प्रकारका भेदभाव, शोषण, दमन गर्नु र त्यसको प्रभावबाट एउटा मानव भएर स्वाभिमान साथ बाच्ने अवसरबाट वञ्चित गराउनु भन्दा ठूलो अपराध अरू के हुन सक्छ ?

मानवजातिले आफ्नो संस्कृति, भेषभूषालाई रक्षा गरेर आफ्नो अस्तित्वलाई जोगाइ राखेको हुन्छ। त्यसैले हाला भुटानका नेपाली भाषाभाषी भुटानीको भाषा, संस्कृति तथा भेषभूषाको अपहरण गरी तिनीहरूको अस्तित्व नै समाप्त गर्ने भुटानी राज्यको विरूद्धमा पीडित जनताको लागि घडीयाली आसु बगाउने नेपाली मानवअधिकारवादीहरूले आफ्नै देशका आधी आवादी जनसंख्या रहेको मधेशी समुदाय प्रतिको पीडा किन बुझ्न सकेन ? आखिर त्यसै प्रकारका मानवअधिकारको हनन मधेशीहरूको पनि भएको अवस्थामा, तर ती कुरा कतै उल्लेख नहुने र त्यो उल्लंघन रोक्न दवाब नदिने हो भने ती मानवअधिकारवादीलाई एक वर्ग विशेषको हित रक्षक तथा ढोंगी मानवअधिकारवादी बाहेक अरू के भन्न सकिन्छ र ?

यसप्रकार नेपालको मानवअधिकार उल्लंघनका परिभाषा, विश्लेषण, खोज, तथ्यांक, क्षेत्र तथा पीडित जनताप्रति निष्पक्ष ढंगले प्रस्तुत नभई पूर्वाग्रही चिन्तनबाट प्रेरित भई गरिएका काम कुरा मानवअधिकारको नाउमा कलंक बाहेक अरू केही हुन सक्दैन। तसर्थ नेपालको परिप्रेक्ष्यमा अन्य मानवअधिकार उल्लघनका विषयका साथै एक करोड भन्दा बढी जनसंख्या रहेको मधेशी समुदायप्रति राज्यद्वारा हरण गरिएका मानव तथा नागरिक अधिकारको सवाल नउठाएसम्म र उक्त विषयवस्तुलाई समावेश नगरेसम्म नेपालमा मानवअधिकारको स्थिति जे भनिए पनि त्यसैले पूर्णता प्राप्त गर्न सक्दैन।

राजेन्द्र महतो
महासचिव

श्रम तथा यातायात व्यवस्था मन्त्रालय

बालश्रमविरुद्ध अन्तर्राष्ट्रिय दिवस विभिन्न कार्यक्रमहरू गरी मनाइयो (१२ जुन)।

मर्यादित कार्यका लागि राष्ट्रिय कार्ययोजना तयार भएको छ। उक्त कार्ययोजना स्वीकृतिका लागि श्री ५ को सरकार समक्ष पेश गर्ने तयारी रहेको छ।

विभिन्न प्रतिष्ठानमा श्रमिकहरूको हक अधिकारसम्बन्धी उत्पन्न श्रम विवादको समाधान गरी औद्योगिक शान्ति कायम गराउन सहयोग गरियो।

बालश्रम निवारणसम्बन्धी विभिन्न २८ ओटा Action Programme हरू सञ्चालन गर्न स्वीकृति प्रदान गरियो। यस्तो कार्यक्रमबाट करिब १३ हजार बालश्रमिकको उद्दार हुनेछ।

नयाँ श्रम तथा रोजगार नीति लागु गरियो।

बालश्रम निषेध तथा नियमित गर्ने नियमावली लागु गरियो।

महिलालाई खाडी क्षेत्रमा वैदेशिक रोजगारीमा जान रोक लगाइएकोमा संस्थागतरूपमा सङ्गठित क्षेत्रमा जानलाई खुला गरिएको।

दलित, जनजाति, द्वन्द्वपीडित समुदायलाई सीप विकास तालिममा तथा वैदेशिक रोजगारमा जान आरक्षण कोटाको व्यवस्था गरिएको।

लक्ष्मीनारायण उप्रेती
शाखा अधिकृत

गृह मन्त्रालय

नेपाल अधिराज्यमा शान्ति, सुव्यवस्था र सुरक्षा कायम गरी जनताको जीउ धन र स्वतन्त्रताको संरक्षण गर्न गृह मन्त्रालय सदैव क्रियाशील रहदै आएको छ। मुलुकमा विद्यमान आतंककारी गतिविधिलाई नियन्त्रण गर्न सुरक्षा निकायलाई सशक्त र प्रभावकारी ढंगबाट सञ्चालन गरी जनतालाई सेवा र सुरक्षा प्रदान गर्न मन्त्रालय प्रतिबद्ध रहेको छ।

मानवअधिकारको विश्वव्यापी अवधारणालाई आत्मसात गर्दै मानवअधिकारको संरक्षण र प्रवर्द्धन गर्ने

कार्यमा मन्त्रालय सधैं सजग रहेको छ। यसै सन्दर्भमा राज्यद्वारा बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको बारेमा छानबीन गरी हालसम्म ५८० जनाको बारेमा यथार्थ स्थिति सहितको आठवटा प्रतिवेदन सार्वजनिक गरी सकिएको छ। साथै बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको स्थिति सार्वजनिक गर्ने कार्यलाई निरन्तरता दिइएको छ।

गृह मन्त्रालय अन्तर्गतका प्रशासनिक एवम् सुरक्षा निकायहरूबाट शान्ति सुरक्षाको स्थितिलाई सामान्य बनाइराख्न, सर्वसाधारणलाई सुरक्षाको प्रत्याभूति दिन, सुरक्षा सहयोग पुऱ्याउन र मानवअधिकारको उल्लंघन र अतिक्रमण हुन नदिन मन्त्रालयले मानवअधिकार सम्बन्धी निर्देशिका ०६२ जारी गरेको छ। मानवअधिकारको उल्लंघनमा दोषी पाइएकामध्ये हालसम्म जनपद प्रहरीका ११३ जना र सशस्त्र प्रहरीका १० जनालाई कारवाही गरिएको छ।

मानवअधिकार सम्बन्धी विषयलाई गम्भीरताकासाथ लिएर यस सम्बन्धी काम गर्नको लागि मन्त्रालयमा मानवअधिकार इकाई गठन गरी कार्यसम्पादन हुँदै आएको छ। विभिन्न राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय संस्थाहरूले मानवअधिकार उल्लंघन सम्बन्धमा व्यक्त गरेका जिज्ञासा र चासोहरूको जवाफ यस इकाइले दिने गरेको छ।

माओवादीहरूद्वारा हत्या, आतंक, अपहरण, अपहरितहरूको हत्या, आक्रमण तथा विध्वंसात्मक क्रियाकलाप मुलुकमा कायमै छ। माओवादीद्वारा चार महिनासम्म गरिएको भनिएको कथित युद्धविरामको ससमयमा पनि ३२ सर्वसाधारणको हत्या, २१६ जनाको अपहरण, लगायत अन्य ध्वंसात्मक कार्यहरू भएका छन्। आतंककारीको आक्रमणबाट मारिएका, अंगभंग भएका, विस्थापित भएका व्यक्तिहरूलाई राहतको निम्ति यसै मन्त्रालय अन्तरगतको द्वन्द्व व्यवस्थापन इकाइबाट निरन्तर रूपमा राहत कार्यक्रम सञ्चालन गरिँदै आएको छ। आतंक पीडित व्यक्तिको परिवारलाई वैदेशिक रोजगारीको व्यवस्था समेत गरिएको छ। साथै आतंककारी क्रियाकलाप परित्याग गरी आत्मसमर्पण गरेका व्यक्तिलाई पुनर्स्थापना केन्द्रमा राखी उनीहरूको सीप र दक्षता अभिवृद्धि गर्न तालिमहरू पनि सञ्चालन गरिएको छ।

दण्ड प्रणालीमा सुधार गर्ने क्रममा सामुदायिक सेवा र खुला कारागारको व्यवस्था समावेश गरी कारागार नियमावलीमा संशोधन गरिएको छ। आतंककारी क्रियाकलापमा संलग्न भएको आशंकामा गिरफ्तार गरिएकाहरूको अनुसन्धान गर्न पाँचै विकास क्षेत्रमा छानविन तथा अनुसन्धान केन्द्रहरू स्थापना गर्दै जाने क्रममा पूर्वाञ्चल विकास क्षेत्रमा पनि त्यस्तो केन्द्र स्थापना गर्ने पूर्वाधार तयार कार्य शुरू भएको छ। काठमाडौंको सुन्दरीजलमा त्यस्तो केन्द्र सञ्चालनमा रहेको छ।

गृहमन्त्रालयको पहलमा तयार गरी संयुक्त राष्ट्रसंघमा पेश गरिएको यातना विरुद्धको महासन्धिको आवधिक राष्ट्रिय प्रतिवेदनको सुनुवाई संयुक्त राष्ट्रसंघको यातना विरुद्धकको समितिमा सम्पन्न भएको छ। उक्त समितिले दिएको निष्कर्ष र सुझावहरू कार्यान्वयन गर्नेतर्फ कदमहरू चालिएका छन्। त्यसैगरी नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको आवधिक राष्ट्रिय प्रतिवेदन तयारी कार्य पनि शुरू गरिएको छ।

प्रत्येक नेपालीले आफ्नो जीवन निर्वाह निर्वाध रूपमा गर्न सकून् भन्ने अभिप्राय राज्यले राख्नु स्वभाविकै हो। नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्याभूत गरेको मौलिक हक र मानवअधिकारको संरक्षण एवम् सम्वर्द्धनमा यो मन्त्रालय दृढ प्रतिज्ञ छ। मुलुकमा शान्ति सुव्यवस्था कायम गर्ने मन्त्रालयको कार्यमा सबै वर्ग, समुदाय, संघसंस्था र सम्पूर्ण पक्षको सहयोगको अपेक्षा यस मन्त्रालयले राखेको छ।

राष्ट्रिय मानवअधिकार आयोग

नेपालमा विद्यमान द्वन्द्वका कारण यस वर्ष पनि नेपाली जनताको मानवअधिकार संकटमा नै रह्यो। नागरिकहरू स्वतन्त्र रुपमा आवतजावत गर्न, पेशा व्यवसाय गर्न तथा आफ्ना मौलिक हकको निर्वाध उपभोग गर्नबाट बञ्चित रहे। यसैगरी विगतका वर्षमा झैं यस वर्ष नागरिक बेपत्ता, अपहरण, गैरन्यायिक हत्या जस्ता मानवअधिकार हननका घटना उल्लेख्य रहेको पाइयो। यसका अतिरिक्त आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको पूर्ण उपभोग गर्न तथा विस्थापित हुनेहरूले निर्धक्कसंग आफ्नो घर फर्कने वातावरण बन्न सकेन र यसका लागि राज्यका तर्फबाट ठोस सहयोग पुग्न सकेन।

यही अवधिमा देशमा संकटकाल लागू भयो। संकटकालभरि र त्यसपछि पनि अधिकार हननका नयाँ खालका घटनाहरू देखा परे। संकटकालीन अवधिमा राजनीतिक दलका क्रियाकलापहरू बढी मात्रामा प्रभावित भए। सभा जुलुस गर्न बन्देज लगाइयो। राजनैतिक पार्टीका नेता तथा कार्यकर्ता, मानव अधिकारवादी, पत्रकार, शिक्षकहरूलाई समेत नजरबन्दमा राखियो। थुनामा राखिएका बन्दीहरू न्यूनतम रुपमा प्राप्त गर्नुपर्ने अधिकारबाट समेत बञ्चित रहेको पाइयो। संकटकालको घोषणासँगै सञ्चारका साधनहरूमाथि समेत सरकारले निगरानी गऱ्यो। जसले गर्दा सर्वसाधारणहरूसमेत प्रभावित हुन पुगे। सो समयमा समाचारमा सेन्सरशीप समेत लगाइयो भने

कतिपय पत्रपत्रिकाहरू बन्द नै गरियो। कतिपय शैक्षिक संस्थाहरूमा सुरक्षाकर्मीहरू जबरजस्ती प्रवेश गरी विद्यार्थीहरू पक्राउ गर्ने, कुटपीट गर्ने, तथा गोली चलाउनेसमेत कार्य भयो। राष्ट्रिय मानवअधिकार आयोगका सदस्यहरूलाई समेत कामको सिलसिलामा उपत्यकाबाहिर जानबाट रोक लगाइयो। विज्ञापनमा एकद्वार नीति लागू गर्ने सरकारी घोषणाले स्वतन्त्ररूपमा प्रेस जगतको विकास गर्नमा असर पुर्‍यायो।

यस अवधिमा नेकपा माओवादीले सयौं निहत्था सर्वसाधारणको हत्या गरे भने धेरै निजी घरहरू तथा भौतिक सामग्री ध्वस्त हुने गरी विस्फोट गराए। द्वन्द्वका कारण हजारौं मानिसहरू भारत पलायन हुन पुगे। नेकपा माओवादीले आफूसंग फरक विचार राखेकै आधारमा कुटपिट गर्ने अंगभंग पार्ने, अपहरण गर्ने, आर्थिक कारबाहीको नाममा जबरजस्ती चन्दा असुल्ने कार्य निरन्तर जारी राखेको भन्ने उजुरीहरू आयोगमा आइ नै रहे। यी बाहेक सुरक्षाफौजमा काम गरेका आधारमा तिनका परिवारलाई जबरजस्ती गर्ने, घरमा तालाबन्दी गर्ने, जबरजस्ती विस्थापन गर्ने गरेका समेत घटनाहरू सार्वजनिक भइरहे। कैलालीको बनबेहडामा सुरक्षा प्रहरीका परिवारको सामूहिक हत्या गर्ने जस्ता अत्यन्त अमानवीय घटना घटित भए।

राष्ट्रिय मानव अधिकार आयोगले यस अवधिमा विभिन्न भागमा बालअधिकारको स्थितिको अनुगमन गर्दा विद्यालय क्षेत्रलाई द्वन्द्वरत पक्षहरूले विभिन्न बहानामा प्रयोग गर्ने गरेकोसमेत पाइयो। माओवादीहरूले स्कूलमा शिक्षकहरूलाई अनावश्यक दबाब दिन गरेको, सांस्कृतिक कार्यक्रमहरूमा बालबालिकाहरूलाई प्रयोग गरेको, अर्द्धसैनिक दस्तामा समेत भर्ना गरेको उदाहरणहरू भेटिए। कतिपय विद्यालयमा खाना खाने, बस्ने गरेर विद्यालयलाई अस्थायी ब्यारेक बनाएको पाइयो। विद्यालयमा आगजनी र विस्फोटक पदार्थ पड्काई ध्वस्त पारिएको, शिक्षकहरूको हत्या गरिएको, विद्यालयको निर्माणको रकमबाट समेत चन्दा उठाएको र चन्दा दिन नसक्नेलाई अपहरण समेत गर्ने गरेको आयोगको अनुगमनका क्रममा तथ्यहरू प्राप्त छन्। यसैगरी कतिपय ठाउँहरूमा बालबालिकालाई सुरक्षा निकायले सूचना आदानप्रदान गर्ने कार्यमासमेत प्रयोग गरेको कारण बालबालिका जोखिममा परेको पाइन्छ। यी बाहेक माओवादीले जहातही राखेका बमहरू विस्फोट भई बालबालिका अंगभंग समेत भएका छन्।

यस वर्ष सर्वसाधारणहरू आफ्नो सम्पत्तिको स्वतन्त्रतापूर्वक उपभोग गर्नबाट समेत वञ्चित रहेका छन्। दोहोरो भिडन्त भैरहेका समयमासमेत सर्वसाधारणको सम्पत्ति ठूलो मात्रामा क्षति भएको पाइन्छ भने कतिपय ठाउँमा माओवादीले व्यक्तिको घरमा विस्फोट गरिदिने कार्यले नागरिकहरू असुरक्षित समेत भएको पाइएको छ।

एकातिर द्वन्द्वले सदा झैं यस वर्ष पनि धेरै नागरिकहरूको ज्यान लियो भने अर्कोतर्फ नागरिकहरूले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको समेत निर्धक्क भएर उपभोग गर्न पाएनन्। गाउँका स्वास्थ्य केन्द्रहरूमा वर्षभरी पनि नपुग्ने औषधि र डाक्टरको अभावमा जनताहरू उपचारविहीन अवस्थामा रहे भने प्रायस हुने बन्द, नाकाबन्दीका कारण आर्थिक रुपमा देश जर्जर बन्न पुग्यो। द्वन्द्वलाई शान्तिमा रुपान्तरण गर्ने दिशामा यस अवधिमा आयोगले मानव अधिकार तथा शान्ति सम्मेलनको आयोजना गरी सम्बन्धित पक्षहरूको ध्यानाकर्षण समेत गर्‍यो। यसै प्रसंगमा मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्त महामहिम लुइस आर्बरले राष्ट्रिय मानव अधिकार आयोगद्वारा तयार पारिएको मानवअधिकार सम्झौतापत्रमा द्वन्द्वरत दुवै पक्षलाई हस्ताक्षर गरी मानव अधिकार तथा मानवीय कानूनको सम्मान गर्न आव्हान गर्नुभएको थियो।

यस वर्ष लगाइएको संकटकाल हटाएपछि जनताले केही राहत महशुस गरे पनि द्वन्द्वको मारमा नेपाली जनता परी नै रहे। गत भदौमा नेकपा माओवादीले एकतर्फी रुपमा चार महिने युद्धविराम गर्‍यो र सोका कारण देशमा हत्या हिंसामा कमी आयो र नागरिकहरू विस्थापित हुने क्रम केही समय रोकियो। युद्धविराम अवधिमा हत्या हिंसामा कमी आए पनि अपहरण भइ नै रह्यो। माओवादीले गरेको युद्धविराममा सरकार उदासीन भईदिदा पुनः द्वन्द्व चर्कियो। सो लगत्तै देशका विभिन्न भागमा भिडन्तहरू भए।

आयोगले श्री ५ को सरकारलाई सुझाव तथा सिफारिसहरू लगातार रुपमा दिँदै गयो तर प्रायशः सिफारिसहरू कार्यान्वयन हुन सकेनन्। दोषीलाई कारबाही गरिएको केही जानकारी प्राप्त भए पनि आयोगले सिफारिस गरेका आधारमा कारबाही भएका उदाहरण विरलै पाइन्छन्। त्यसै गरी विद्रोही माओवादीलाई समेत लगातार रुपमा मानवीय कानूनको पालना गर्न तथा मानवअधिकारको सम्मान गर्न आह्वान गर्दासमेत कतिपय विषयमा बेवास्ता गर्ने परिपाटी बस्यो, जसका कारण समग्र वर्ष भरी नै नागरिकहरूको जीवन कष्टपूर्ण रह्यो।

अनुसूची ४

मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्त र नेपाल अधिराज्यको सरकारबीच नेपालमा कार्यालय स्थापना गर्ने सम्बन्धमा सम्पन्न सम्झौता

मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्त (यसपछि "आयोग" वा "उच्च आयुक्त" भनिएको) र नेपाल अधिराज्यको सरकार (यसपछि "श्री ५ को सरकार" भनिएको),

संयुक्त राष्ट्रसंघको वडापत्रका सिद्धान्त तथा उद्देश्यहरू खासगरी मानवअधिकारको प्रवर्द्धन गर्ने तथा सोप्रतिको सम्मान बढाउने कार्यमा अन्तर्राष्ट्रिय सहयोग पुनः पुष्टि गर्दै,

मानवअधिकारको विश्वव्यापी घोषणापत्र, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र तथा मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरूको पालनाको महत्वको स्वीकार गर्दै,

मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको हस्ताक्षर तथा अनुमोदन गर्दा, मानवअधिकार आयोगका संयन्त्रहरूसमक्ष आमन्त्रण गर्दा तथा सन्धिबाट स्थापित निकायहरू र मानवअधिकारसम्बन्धी आयोगका विशेष संयन्त्रद्वारा दिइएका सुझावहरूको कार्यान्वयन गर्दा नेपाल अधिराज्यले व्यक्त गरेको प्रतिबद्धतालाई विचार गर्दै,

श्री ५ को सरकारद्वारा चैत १३, २०६० (तदनुसार सन् २००५ मार्च २६ तारिख) मा घोषित "मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानूनको कार्यान्वयनमा श्री ५ को सरकारको प्रतिबद्धता" मा श्री ५ को सरकारले व्यक्त गरेका यी प्रतिबद्धताहरूलाई समेत विचार गर्दै,

मानवअधिकारको संरक्षण तथा संवर्द्धनका लागि नीति तथा कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने कार्यमा नेपाली अधिकारीहरूलाई सहयोग गर्ने, देशमा अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना भए नभएकोलगायत मानवअधिकारको स्थितिको अनुगमन गर्ने एवं उच्च आयुक्त र उच्च आयुक्तमार्फत् मानवअधिकार आयोग र महासभालाई अन्तर्राष्ट्रिय मानवीय कानुनको पालना भए नभएको र नेपालमा आयोगले गरेका गतिविधिहरूको समीक्षालगायत नेपालमा मानवअधिकारको स्थितिसम्बन्धी विश्लेषणात्मक प्रतिवेदन पेश गर्ने अधिकार प्राप्त आयोगको कार्यालय नेपालमा स्थापना गर्ने श्री ५ को सरकारको चाहनालाई मध्यनजर राख्दै,

संयुक्त राष्ट्रसंघको महासभाले २० डिसेम्बर १९९३ तदनुसार पुस ५, २०५० को प्रस्ताव नं. ४८/१४१ द्वारा मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनका लागि उच्च आयुक्तलाई दिएको कार्यादेशलाई मध्यनजर राख्दै,

मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्त र श्री ५ को सरकार, नेपालबीच नेपाल राष्ट्रिय मानवअधिकार आयोगलाई प्राविधिक सहायता उपलब्ध गराउने सम्बन्धमा १३ डिसेम्बर २००४ तदनुसार मंसिर २८, २०६१ मा सम्पन्न समझदारीपत्रलाई स्मरण गर्दै,

यस सम्झौताबमोजिम स्थापना गर्न लागिएको कार्यालय, नेपालले हस्ताक्षर तथा अनुमोदन गरेका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूमा उल्लिखित प्रतिबद्धताहरूलगायत श्री ५ को सरकारले व्यक्त गरेका मानवअधिकारसम्बन्धी प्रतिबद्धताहरूको कार्यान्वयनलाई सहज बनाउने एवं मौलिक मानवअधिकारहरूको संरक्षण तथा सम्बर्द्धन गर्ने कार्यमा महत्वपूर्ण हुने कुरालाई मनन गर्दै,

तलका कुरामा मञ्जुर गर्दछन्:

धारा १. परिभाषा

१. प्रस्तुत सम्झौताको प्रयोजनका लागि देहायका परिभाषाहरू लागू हुनेछन्:

(क) "कार्यालय" भन्नाले काठमाण्डौस्थित मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्तको कार्यालय तथा श्री ५ को सरकारको परामर्शमा नेपालमा स्थापना गर्न सकिने अन्य कुनै पनि शाखा-कार्यालयहरू सम्झनु पर्दछ।

(ख) "श्री ५ को सरकार" भन्नाले नेपाल अधिराज्यको सरकारलाई सम्झनु पर्दछ।

(ग) "महासन्धि" भन्नाले १३ फेब्रुअरी १९४६ तदनुसार फागुन २, २००२ मा संयुक्त राष्ट्रसंघको महासभाद्वारा ग्रहण गरिएको एवं २८ सेप्टेम्बर १९६५ तदनुसार असोज १२, २०२२ देखि नेपाल पक्ष भएको संयुक्त राष्ट्रसंघको विशेषाधिकार तथा उन्मुक्तिसम्बन्धी महासन्धिलाई सम्झनु पर्दछ।

(घ) "पक्ष" भन्नाले संयुक्त राष्ट्रसंघ र नेपाल अधिराज्यको सरकारलाई सम्झनु पर्दछ।

(ङ) "कार्यालयका प्रमुख" भन्नाले उच्च आयुक्तअन्तर्गत रही निजको तर्फबाट कार्यालयका गतिविधिहरू सञ्चालन तथा सुपरिवेक्षण गर्ने संयुक्त राष्ट्रसंघीय अधिकारीलाई सम्झनु पर्दछ।

(च) "कार्यालयका पदाधिकारीहरू" भन्नाले स्थानीयस्तरमा नियुक्त गरिएका र घण्टाको हिसाबले काममा लगाइएका व्यक्तिहरूबाहेक मङ्सिर २२, २००३ तदनुसार सन् १९४६ डिसेम्बर ७ तारिखको संयुक्त राष्ट्रसंघ महासभाको प्रस्ताव ७६ (१) मा व्यवस्था गरिएबमोजिम संयुक्त राष्ट्रसंघको कर्मचारी नियमावली र नियमहरूअन्तर्गत नियुक्त गरिएका कार्यालयका प्रमुख तथा यसका सबै कर्मचारी सदस्यहरूलाई सम्झनु पर्दछ।

(छ) "विशेष कामसम्बन्धी विशेषज्ञहरू" भन्नाले संयुक्त राष्ट्रसंघीय अधिकारीहरूबाहेक महासन्धिको धारा ६ अन्तर्गत आयोगको उद्देश्यहरूका लागि विशेष काम गर्ने व्यक्तिहरू सम्झनु पर्दछ।

धारा २. सम्झौताको उद्देश्य तथा प्रादेशिक क्षेत्र

नेपालमा उच्च आयुक्तको कार्यालय स्थापना गर्ने, त्यसरी स्थापित कार्यालय एवं कर्मचारीहरू सञ्चालन गर्ने र श्री ५ को सरकारको सहयोगमा कार्यालयका गतिविधिहरूलाई सहज बनाउने यो सम्झौताको उद्देश्य रहेको छ।

धारा ३. महासन्धि लागू हुने

नेपालस्थित कार्यालय, यसको सम्पत्ति, कोष तथा पदाधिकारी एवं विशेष कामसम्बन्धी विशेषज्ञहरूको हकमा यो महासन्धि लागू हुनेछ।

धारा ४. कार्यादेश, साधारण उद्देश्य तथा कार्यालय सञ्चालनका मापदण्डहरू

१. डिसेम्बर २०, १९९३ मा पारित महासभाको प्रस्ताव नं. ४८/१४१ र यस सम्झौतामा उल्लेख गरिएका कार्यादेशअनुरूप कार्यालयले हिंसात्मक वातावरण र देशको आन्तरिक सशस्त्र द्वन्द्वलाई मध्यनजर राख्दै नेपालमा मानवअधिकारको संरक्षण तथा संवर्द्धनका लागि नीति, कार्यक्रम तथा उपायहरूको तर्जुमा र कार्यान्वयनको सम्बन्धमा नेपालका अधिकारीहरूलाई सल्लाह प्रदान गर्ने उद्देश्यले मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुन पालना भए नभएको अनुगमन गर्ने र उच्च आयुक्तले मानवअधिकार आयोग, महासभा एवं महासचिवलाई सोको विश्लेषणात्मक प्रतिवेदनहरू पेश गर्नेछ। कार्यालयले आफ्नो क्षेत्राधिकारभित्र रही नागरिक समाजका प्रतिनिधिहरू, मानवअधिकारसम्बन्धी गैरसरकारी संस्था तथा व्यक्तिहरूलाई परामर्श सेवा तथा सहयोग उपलब्ध गराउनेछ।

२. कार्यालयका गतिविधिहरू देहायका मापदण्डहरूद्वारा निर्देशित हुनेछन्:

(क) कार्यालयका सबै गतिविधिहरू आफ्ना कार्यादेश एवं उद्देश्यहरू परिपूर्ति गर्नका लागि लक्षित हुनेछन्,

(ख) कार्यालयले यस सम्झौतामा व्यवस्थित प्रावधानहरूको अधीनमा रही कार्यालयले मानवअधिकारका विषयहरूसंग सम्बन्धित सबै क्षेत्रमा विश्वासको वातावरण प्रवर्द्धन गर्ने तथा राष्ट्रिय सरकारसग सम्पर्क र समन्वय कायम गर्ने सम्बन्धमा परामर्श तथा सम्वाद केन्द्रको रूपमा कार्य गर्नेछ,

(ग) कार्यालयले आफ्नो क्षेत्राधिकारभित्रका सबै क्षेत्रहरूमा निष्पक्षता, स्वतन्त्रता, वस्तुनिष्ठता र पारदर्शितालगायत संयुक्त राष्ट्रसंघका सिद्धान्तहरूद्वारा निर्देशित भई विवेकसङ्गत ढङ्गले सम्बन्ध स्थापित गर्नेछ।

धारा ५. कार्यालयका कार्यहरू

१. आफ्नो क्षेत्राधिकारमा तोकिएबमोजिम कार्यालयले उच्च आयुक्तको अख्तियारीको मातहतमा रही देहायका कार्यहरू गर्नेछ :

(क) देशको हिंसात्मक वातावरण तथा आन्तरिक सशस्त्र द्वन्द्वलाई ध्यानमा राख्दै अन्तर्राष्ट्रिय मानवअधिकार अधिकृतहरू आवश्यकताअनुसार अनुसन्धान तथा सत्य प्रमाणीकरणका लागि देशका विभिन्न भागमा पठाउनेलगायत मानवअधिकारको स्थिति र अन्तर्राष्ट्रिय मानवीय कानुन पालना भए नभएको अनुगमन गर्ने,

(ख) सम्बद्ध अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानुनको पालना सुनिश्चित गराउने उद्देश्यले गैर-राज्यपक्षलगायत सम्बद्ध सबै पक्षहरूलाई संलग्न गराउने,

(ग) सम्बद्ध अख्तियार प्राप्त राष्ट्रिय अधिकारीहरूद्वारा लागू गरिएका घरेलु कानुनी कार्यविधिहरू अन्तर्राष्ट्रिय कानुनी दस्तावेजका प्रावधानहरूसँग मेल नखाएको लागेमा र वा यसका लागि कुनै पनि उपयुक्त कदम नचालिएमा वा सो कदम अपर्याप्त भएको कार्यालयलाई लागेमा कार्यालयले अधिकार प्राप्त अधिकारहरूलाई मानवअधिकार उल्लङ्घन तथा अन्य दुरुपयोगबारे जानकारी गराउने र आवश्यक देखेको ठाउँमा राष्ट्रिय अधिकारहरूद्वारा निरोधक तथा उपचारात्मक कारवाही गर्नका लागि सिफारिसहरूको तर्जुमा गर्ने। यस उद्देश्यका लागि कार्यालयले कुनै पनि निजी, सार्वजनिक वा सरकारी श्रोतलगायत जुनसुकै श्रोतबाट आवश्यक जानकारी प्राप्त गर्न सक्नेछ। यसरी सूचना प्राप्त गर्दा सूचना दिने व्यक्तिको परिचय भने गोप्य राख्न सकिनेछ। कार्यालयले सूचना दिने व्यक्ति, सूचनासँग सम्बद्ध पीडित तथा त्यस्तो घटनाका प्रत्यक्षदर्शीहरूको संरक्षणका लागि आवश्यक उपायहरूको सिफारिस तथा प्रवर्द्धन गर्न सक्नेछ। कार्यालयले सूचना दिने व्यक्तिहरूलाई सकेसम्म चाँडो अख्तियार प्राप्त अधिकारीसमक्ष सूचनाहरू ल्याउन सल्लाह तथा प्रोत्साहन दिनेछ।

(घ) कार्यालयको स्वायत्ततालाई प्रतिकूल प्रभाव नपर्ने गरी कार्यालयले आफ्ना गतिविधिहरू सञ्चालन गर्ने प्रयोजनका लागि आफूले आवश्यक ठानेका सम्पर्कहरू स्थापना गर्ने, कार्यालयले राष्ट्रिय सन्दर्भलाई विचार गरी मानवअधिकारको पालना गराउने एवं मानवअधिकार स्थितिको स्वतन्त्र तथा निष्पक्ष अनुगमन सुनिश्चित गराउने उद्देश्यले सबै अधिकारप्राप्त निजामति तथा सैनिक सरकारी निकायसग र मानवअधिकारको प्रवर्द्धन तथा रक्षाका लागि नागरिक समाजका सङ्गठनहरूसग निरन्तर सञ्चार सम्बन्ध कायम राख्नेछ। यस उद्देश्यका लागि कार्यालयले माथि उल्लेखित क्षेत्रहरूसग सञ्चार, परामर्श र संवादका लागि स्थायी संयन्त्रहरूको 'डिजाइन' तथा कार्यान्वयनसम्बन्धी श्री ५ को सरकार र राज्यका अधिकारप्राप्त निकायहरूसग सहमति कायम राख्नेछ।

(ङ) मानवअधिकारको समग्र परिभाषा तथा विशेषत: मानवअधिकारसम्बन्धी नीतिहरूको कार्यान्वयनका सम्बन्धमा कार्यकारी निकायलाई सल्लाह दिने। मानवअधिकारसम्बन्धी कानून तथा न्यायिक निर्णयहरू सम्बद्ध अन्तर्राष्ट्रिय लिखत एवं प्रतिबद्धताहरू अनुकूल भएको सुनिश्चित गर्ने उद्देश्यले सरकारका विधायिकी तथा न्यायिक निकायहरूसमेतलाई सल्लाह उपलब्ध गराइनेछ।

(च) नागरिक समाजका प्रतिनिधि र व्यक्तिहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरक्षण संयन्त्रहरूको प्रयोगलगायत मानवअधिकारको संरक्षण तथा सम्वर्द्धन सम्वन्धित सबै विषयहरूमा सल्लाह दिने,

(छ) राष्ट्रिय मानवअधिकार आयोगलाई मानवअधिकारको संरक्षण, सम्बर्द्धन तथा तत्सम्बन्धी प्रतिवेदन लेखनका विषयलगायत मानवअधिकार आयोग ऐन, २०५३ र २६ मार्च २००४ तदनुसार चैत १३, २०६० मा श्री ५ को सरकारले व्यक्त गरेको मानवअधिकार प्रतिबद्धताअनुसार आफ्ना कानुनी अधिकारहरूको प्रयोग गर्न सल्लाह र सहयोग उपलब्ध गराउने,

(ज) राज्य तथा गैरसरकारी निकायहरूलाई मानवअधिकार शिक्षा कार्यक्रम तथा उपयुक्त व्यावसायिक तालिम कार्यक्रमसम्बन्धी सल्लाह दिने,

(झ) विकास कार्यक्रम र शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसंघका आवासीय संयोजक र मुलुकको विशेष टोलीलाई मानवअधिकार संरक्षण र क्षमता निर्माणबारे सल्लाह दिनुका साथै नेपालस्थित संयुक्त राष्ट्रसंघीय देशीय टोलीका मानवअधिकार संरक्षण तथा सम्वर्द्धनसंग सम्वन्धित क्रियाकलापहरूको समन्वय गर्ने,

(ञ) मानवअधिकारको क्षेत्रमा अख्तियारी र उत्तरदायित्व रहेका सरकारी निकायहरूले संयुक्त राष्ट्रसंघका मानवअधिकार निकायहरू तथा अन्य अन्तर्राष्ट्रिय संगठनहरूका सिफारिस र निर्णयहरूलाई दृष्टिगत गरेको कुरा सुनिश्चित गर्ने र त्यस्ता सिफारिस र निर्णयहरूको कार्यान्वयनका लागि विशेष उपायहरू अवलम्वन गर्न त्यस्ता सरकारी निकायहरूलाई सल्लाह दिने।

२. कार्यालयको कार्यादेशभित्रका विषयहरूका सम्बन्धमा सम्वाद प्रवर्द्धन गर्ने र तत्सम्बन्धमा श्री ५ को सरकारको धारणा प्राप्त गर्ने उद्देश्यले आफ्नो चासो र मूल्याङ्कनको जानकारी कार्यालयले श्री ५ को सरकारलाई नियमितरूपमा दिनेछ। मानवअधिकार उच्च आयुक्तले निर्धारण गरेअनुसार कार्यालयले सार्वजनिक प्रतिवेदन र वक्तव्यहरू जारी गर्नेछ।

३. आफ्नो कार्यादेश र कामअनुसार आफूले गरेको क्रियाकलापहरू, आफ्नो कामलाई सहज बनाएका वा काममा अवरोध पुऱ्याएका अवस्थाहरू, श्री ५ को सरकारले गरेको प्रतिबद्धता र अवलम्बन गरेको उपायहरू तथा भावी काम कारवाहीहरूसम्बन्धी प्रतिवेदन कार्यालयले उच्च आयुक्तसमक्ष पेश गर्नेछ।

४. उच्च आयुक्तले नेपालमा मानवअधिकार तथा अन्तर्राष्ट्रिय मानवीय कानुनको पालनासम्बन्धी एवं कार्यालयले नेपालमा सञ्चालन गरेका क्रियाकलापहरूको समीक्षासम्बन्धी विस्तृत र विश्लेषणात्मक प्रतिवेदनहरू संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोग, महासचिव तथा महासभासमक्ष पेश गर्नेछ। आयोगले उपयुक्त ठानेका प्रतिक्रिया र सिफारिसहरू पनि प्रस्तुत गर्नेछ। आ-आफ्ना कार्यादेश कार्यान्वयन गर्ने उद्देश्यले उच्च आयुक्तले कार्यालयबाट संकलित सम्बद्ध जानकारीहरू नेपाल पक्ष भएका मानवअधिकारसम्बन्धी सन्धिहरूको सुपरिवेक्षण गर्ने निकायहरू र अन्य संयुक्त राष्ट्रसंघीय संयन्त्र र कार्यक्रमहरूलाई उपलब्ध गराउनेछ।

कार्यालयका निष्कर्षहरू तथ्य तथा उत्तरदायित्वसम्बन्धी पक्षहरूको विश्लेषण र मूल्याङ्कनमा आधारित हुनेछन्। ती निष्कर्ष तथा सिफारिसहरू कार्यालयको कार्यादेशभित्र रही गरिएका अवलोकनका परिणामहरू हुनेछन् र यिनको उद्देश्य मानवअधिकार तथा मानवीय कानुनलगायत मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय लिखतहरू एवं अन्तर्राष्ट्रिय दायित्वहरूअनुसार कार्य गर्न सम्बन्धित पक्षहरूलाई प्रोत्साहन गर्नु हुनेछ। उच्च आयुक्तले उक्त प्रतिवेदन मानवअधिकार आयोगमा पेश गर्नुभन्दा अगाडि सूचना आदान प्रदान गर्ने प्रयोजनका लागि श्री ५ को सरकारलाई उपलब्ध गराउनेछ।

५. उपयुक्त प्रकरणमा उल्लेख भएबमोजिमका प्रतिवेदनहरूका विषयवस्तुहरूका सम्बन्धमा आफूले उपयुक्त ठानेका टीकाटीप्पणीहरू गरी त्यस्ता प्रतिवेदनका सम्बन्धमा श्री ५ को सरकारले आफ्ना धारणा उच्च आयुक्तलाई उपलब्ध गराउन सक्नेछ र उच्च आयुक्तले त्यस्तो धारणा मानवअधिकार आयोगमा प्रेषित गर्नेछ।

६. राष्ट्रिय मानवअधिकार आयोगलगायतका सरकारी निकायहरूलाई कार्यालयबाट सहयोग तथा परामर्श सेवा प्राप्त गर्नको साथै तिनीहरूका कार्यादेश तथा कार्यालयले तय गरेका सिफारिसहरू कार्यान्वयन गर्न पर्याप्त श्रोत उपलब्ध गराएको सुनिश्चित गर्न श्री ५ को सरकारले हरेक प्रकारको प्रयत्न गर्नेछ। यस सम्बन्धमा महासभाद्वारा सन् १९९३ मा पारित पेरिस सिद्धान्तहरू अनुकूल हुने गरी राष्ट्रिय मानवअधिकार आयोगको स्वतन्त्रता र अखण्डता सुरक्षित राखिनेछ।

७. श्री ५ को सरकारले आफ्ना अधिकारी र निकायहरूद्वारा सहयोगको प्रवर्द्धन गर्ने तथा कार्यालयको कार्यादेशको पूर्ण कार्यान्वयनमा प्रभावकारी ढंगले योगदान पुऱ्याउने उद्देश्यले सुरक्षाफौजलगायत आफ्ना अधिकारीहरूबीच कार्यालयको कार्यादेश, वक्तव्य तथा

प्रतिवेदनहरूको प्रचार प्रसार गर्न हरेक प्रकारको प्रयत्न गर्नेछ।

८. कार्यालयद्वारा माग गरिएका जाँचबुझहरूको जवाफ दिने श्री ५ को सरकारले हरेक प्रकारको प्रयत्न गर्नुका साथै नेपालको अन्तर्राष्ट्रिय मानवअधिकार तथा मानवीय कानूनसम्बन्धी दायित्वहरूको पालना भएको सुनिश्चित गर्न तत्काल उपचारात्मक कारवाही गर्नेछ।

धारा ६. कार्यालयको हैसियत

१. नेपालका अन्य स्थानमा स्थापित हुने शाखा कार्यालयका साथसाथै कार्यालयको मुख्यालय काठमाडौंमा रहनेछ। श्री ५ को सरकारको दृष्टिकोणलाई ध्यानमा राखी कार्यालयको आकार तथा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कर्मचारीको सन्दर्भमा यसका कर्मचारीका तहहरू मानवअधिकारका लागि उच्च आयुक्तको स्वविवेकबमोजिमको हुनेछ।

२. संयुक्त राष्ट्रसंघका महासचिवले कुनै खास अवस्थामा स्पष्टरूपले उन्मुक्तिको परित्याग गरेकोमा बाहेक कार्यालय र यसको सम्पत्ति, कोष तथा जायजेथा जहाँसुकै र जोसुकैको अधीनमा रहेको भए पनि हरेक प्रकारको कानुनी कारवाहीबाट उन्मुक्त रहनेछन्। तर उन्मुक्तिको परित्याग कुनै कार्यान्वयनसम्बन्धी कारवाहीको हकमा विस्तार हुने छैन।

३. कार्यालयको परिसर अनतिक्रम्य हुनेछ। कार्यालयको सम्पत्ति कोष तथा जायजेथा जहाँसुकै र जोसुकैको अधीनमा रहेको भए पनि कार्यकारी, प्रशासनिक, न्यायिक वा विधायिकी कारवाहीबाट गरिने खानतलासी, अधिग्रहण, जफत, सवामित्वहरण वा अन्य कुनै पनि किसिमको हस्तक्षेपबाट उन्मुक्त रहनेछन्।

४. कार्यालयको अभिलेख तथा सामान्यतया कार्यालयमा भएका वा यसको जिम्मा लिएका सबै कागजातहरू अनतिक्रम्य हुनेछन्।

५. कार्यालयका प्रमुखको स्पष्ट सहमति भएमा तथा निजले सहमति जनाएका शर्तहरूअन्तर्गत बाहेक सम्बद्ध अधिकारीहरू कार्यालयको परिसरभित्र प्रवेश गर्ने छैनन्।

धारा ७. कोष, जायजेथा र अन्य सम्पत्ति

१. कुनै पनि किसिमको वित्तीय नियन्त्रण, नियम वा औपचारिक सहमतिबाट गरिएको स्थगनबाट नियन्त्रण नभई, कार्यालयले:

(क) कुनै पनि किसिमको कोष वा विनिमय अधिकार पत्र आफूसंग राख्न र प्रयोग गर्न, कुनै पनि मुद्रामा खाता सञ्चालन गर्न तथा आफूसंग भएको मुद्रा अन्य मुद्रामा परिणत गर्न सक्नेछ।

(ख) नेपालभित्रै संयुक्त राष्ट्रसंघीय प्रणालीका अन्य संगठन वा संस्थाहरूमा वा एक देशबाट अर्को देशमा आफ्नो कोष वा मुद्रा हस्तान्तरण गर्न स्वतन्त्र हुनेछ।

(ग) यसको वित्तीय कारोबारका लागि सबैभन्दा अनुकूल, कानुनबमोजिम उपलब्ध विनिमय दरको उपभोग गर्नेछ।

धारा ८. कर छुट

१. कार्यालय, यसको कोष, जायजेथा, आय र अन्य सम्पत्ति:

(क) सबै प्रत्यक्ष करहरूको छुट दिइनेछ। तर, कार्यालयले सार्वजनिक सेवा सुविधाबापत लगाइएका शुल्कहरूको रूपमा रहेका करहरू छुटका लागि दावी नगर्ने कुरा बोध गरिएको छ।

(ख) कार्यालयको प्रयोगका लागि निकासी वा पैठारी गरेका सामानहरूमा लाग्ने बन्देज, प्रतिबन्ध र भन्सार महसुल छुट हुनेछ। तर कर छुटअन्तर्गत पैठारी गरिएका सामानहरू श्री ५ को सरकारको सहमतिमा निर्धारित शर्तहरूअन्तर्गत बाहेक नेपालमा बिक्री गर्न नपाइने कुरा पनि बोध गरिएको छ।

ग) यसका प्रकाशनहरूको सम्बन्धमा निकासी र पैठारीमा लाग्ने भन्सार महसुल, प्रतिबन्ध र बन्देज छुट पाउनेछ।

धारा ९. सञ्चार

१. कार्यालय प्रयोजनका लागि सञ्चार उपकरण स्थापना गर्ने सम्बन्धमा, कार्यालयलाई डाक, तार, टेलिग्राम, रेडियोग्राम, टेलिफोटो, टेलिफोन तथा अन्य सञ्चार उपकरणहरूको स्थापना एवं सञ्चालन, प्राथमिकता र सोमा लाग्ने शुल्क एवं प्रेस र रेडियोलाई सूचना उपलब्ध गराउने दरको सम्बन्धमा, सञ्चार सुविधाहरूको सम्बन्धमा, श्री ५ को सरकारले कुनै पनि कूटनीतिक नियोग वा अन्तरसरकारी संगठनलाई प्रदान गरेको भन्दा कम नहुने गरी कार्यालयले सञ्चार सुविधाहरू उपभोग गर्नेछ।

२. कार्यालयको कुनै पनि पत्राचार वा अन्य सञ्चारमा पूर्व प्रतिबन्ध ९ऋभलकयचकजप्ङ० लगाइने छैन। यस्तो उन्मुक्ति, मुद्रित सामग्री, फोटो ग्राफिक तथा विद्युतीय तथ्याङ्क सञ्चार र पक्षहरूबीच सहमति भएबमोजिमका सञ्चारका अन्य स्वरूपहरूको हकमा समेत विस्तार हुनेछ। कार्यालयलाई सङ्केत चिन्हको प्रयोग गर्ने र कुरियर वा शिलबन्दी थैलीहरूमार्फत् चिट्ठीपत्र पठाउने र प्राप्त गर्ने अधिकार हुनेछ। यी सबै अनतिक्रम्य हुनुका साथै यिनीहरूमा पूर्व प्रतिबन्ध लगाइने छैन।

धारा १०. कार्यालयका पदाधिकारीहरू

१. कार्यालयका पदाधिकारीहरू :

(क) आफ्नो पदीय हैसियतमा रही बोलेको वा लेखेको कुराहरू र गरेका सबै कामहरूका सम्बन्धमा कानुनी कारवाहीबाट उन्मुक्ति पाउनेछन्। यस्तो उन्मुक्ति कार्यालयको रोजगारी समाप्त भएपछि पनि उपलब्ध भई रहनेछ।

(ख) आफ्ना भिmटीगुण्टा ९द्यबननबनभ० को निरीक्षण तथा जफत हुनबाट उन्मुक्ति पाउनेछन्।

(ग) संयुक्त राष्ट्रसंघले उनीहरूलाई भुक्तानी गरेको तलब र पारिश्रमिकमा लाग्ने कर छुट पाउनेछन्।

(घ) राष्ट्रिय सेवाको दायित्वबाट छुट पाउनेछन्।

(ङ) पति वा पत्नी एवं उनीहरूमा आश्रित नातेदारहरूका हकमा समेत अध्यागमन बन्देजहरू र विदेशीको रूपमा दर्ता ९ब्ष्भल चभनष्कतचबतष्यल० गर्ने कार्यबाट छुट पाउनेछन्।

(च) श्री ५ को सरकारबाट आधिकारिकरूपमा मान्यताप्राप्त कूटनीतिक नियोगका समानस्तरका अधिकारीहरूले प्रदान गरिए सरहका सटही सुविधासम्बन्धी विशेषाधिकार प्रदान गरिनेछ।

(छ) पति वा पत्नी एवं उनीहरूमा आश्रित नातेदारहरू तथा परिवारका अन्य सदस्यहरूका हकमा समेत अन्तर्राष्ट्रिय सङ्कटको बेलामा कूटनीतिक दूत वा प्रतिनिधिले पाएसरह स्वदेश फर्कने (Repatriation) सुविधा दिइनेछ।

(ज) नेपालमा आफ्नो पदभार सम्हाल्दाका बखत फर्निचर, निजी मालसामान तथा घरेलु उपकरणहरूबिना महसुल पैठारी गर्ने अधिकार रहनेछ।

२. नेपाली नागरिक वा नेपालमा स्थायी बसोबास भएका व्यक्तिहरूबाहेकका कार्यालयका पदाधिकारीहरूलाई देहायका अधिकारहरूसमेत पाउनेछन्:

(क) बिक्री वा उपहारका लागि नभई निजी प्रयोग वा उपभोगका लागि केही निश्चित सामानहरू सीमित मात्रामा भन्सार महसुल र अन्तशुल्कबिना पैठारी गर्न,

(ख) कूटनीतिक नियोगका समानस्तरका सदस्यहरूका हकमा लागू हुने नेपालको प्रचलित नियम कानुनबमोजिम मूल्य अभिवृद्धि करलगायत भन्सार महसुल र अन्त:शुल्कबिना नेपालमा एउटा मोटरगाडी पैठारी गर्न वा प्राप्त गर्न।

३. माथि उल्लेख गरिएका विशेषाधिकार तथा उन्मुक्तिहरूका अतिरिक्त, कार्यालय प्रमुख नेपाली नागरिक नभएको अवस्थामा निज आफैं र निजका श्रीमान वा श्रीमती तथा नाबालिग बालबालिकाको सम्बन्धमा, निजलाई सामान्यतया अन्तर्राष्ट्रिय नियोगका प्रमुखहरूलाई प्रदान गरिने विशेषाधिकार, उन्मुक्ति, छुट तथा सुविधाहरू प्रदान गरिने छन्। नेपालको परराष्ट्र मन्त्रालयद्वारा कार्यालयका प्रमुखको नाम कूटनीतिक सूचीमा समावेश गरिनेछ।

धारा ११. विशेष कामसम्बन्धी विशेषज्ञहरू

१. नेपालका लागि अस्थायी नियोगमा संलग्न आयोगका प्रतिनिधिहरू तथा कार्यालयको काममा खटिएका अन्य व्यक्तिलाई महासन्धिको धारा ६ को उपधारा २२ र २३ तथा उपधारा ७ को उपधारा २६ मा तोकिएका विशेषाधिकार, उन्मुक्ति तथा सुविधाहरू प्रदान गरिनेछ।

धारा १२. स्थानीयस्तरमा भर्ना गरिएका र घण्टाको हिसाबले काममा लगाइएका कर्मचारीहरू

१. नेपालमा भर्ना गरी घण्टाको हिसाबले काममा लगाइएका कर्मचारीहरूलाई आफ्नो पदीय हैसियतमा रही लेखेको, बोलेका कुराहरू तथा सम्पादन गरेका सबै कार्यहरूको सम्बन्धमा कानुनी प्रक्रियाबाट उन्मुक्ति प्रदान गरिनेछ।

धारा १३. उन्मुक्ति हटाउने

१. प्रस्तुत सम्झौताअन्तर्गत प्रदान गरिएका विशेषाधिकार तथा उन्मुक्तिहरू सम्बन्धित व्यक्तिगत फाइदाका लागि नभई आयोगको हितलाई ध्यानमा राखी प्रदान गरिएका छन्। संयुक्त राष्ट्रसंघका महासचिवलाई धारा १०, ११ र १२ मा उल्लेखित कुनै पनि व्यक्तिको उन्मुक्तिको न्यायको मार्गमा अवरोध उत्पन्न गर्छ भन्ने लागेमा यस्तो उन्मुक्ति परित्याग गर्नु निजको कर्तव्य र अधिकार हुनेछ र यस्तो उन्मुक्ति आयोगको हितलाई असर नपर्ने गरी परित्याग गर्न सकिेछ।

२. न्याय प्रशासनलाई सहज बनाउन, प्रहरी नियमहरूको पालना गराउन तथा यस सम्झौताअन्तर्गत प्रदान गरिएका विशेषाधिकार, उन्मुक्ति र सुविधाहरूको दुरुपयोग हुनबाट रोक्न आयोगले सदैव सम्बन्धित अधिकारीहरूलाई सहयोग गर्नेछ।

धारा १४. आवात-जावत गर्ने तथा सम्बद्ध सूचनामा पहुँच राख्ने स्वतन्त्रता

१. कार्यालयका कर्मचारीहरूलाई नेपालभित्र प्रवेश गर्ने, बाहिर जाने र देशभित्रै आवत-जावत गर्ने स्वतन्त्रता हुनेछ। श्री ५ को सरकारले अधिकार प्राप्त अधिकारीहरूसँगको समन्वयमा निषेधित क्षेत्रहरूमा आवात-जावतको स्वतन्त्रतालाई सहज बनाउनेछ। कार्यालयको कार्यादेशबमोजिम प्रयोग गरिने आवतजावत गर्ने स्वतन्त्रतामा निम्न लिखित विशेषाधिकाहरूसमेत समावेश हुनेछन्।

(क) पूर्व सूचनाबिना कारागार, बन्दीगृह एवं सोधपुछ स्थलहरूमा पहुँच। बन्दी बनाइएको वा त्यस्ता स्थानमा राखिएको कुनै पनि व्यक्तिलाई कार्यालयका पदाधिकारीहरूले धारा ५ को अनुच्छेद १ (क) बमोजिम एक्लै भेट्न पाउने छन्।

(ख) प्रहरी, सुरक्षाफौज तथा राष्ट्रिय मानवअधिकार आयोगलगायत श्री ५ को सरकारका सबै क्षेत्रका केन्द्रीय र स्थानीय अधिकारीहरूमा पहुँच।

(ग) व्यक्ति, गैरसरकारी क्षेत्र, निजी संस्था, अस्पताल र चिकित्सा केन्द्रहरूका प्रतिनिधिहरू एवं आमसञ्चारमाध्यमसँग प्रत्यक्ष तथा बिनारोकतोक सम्पर्क।

(घ) नेपाल अधिराज्यको संविधानले तोकेका र विशेषाधिकार प्राप्त सूचना संलग्न कागजातहरूबाहेकका कार्यालयका, क्रियाकलापहरू सही ढंगले सञ्चालन गर्न आवश्यक पर्न सक्ने कागजात तथा सामग्रीमा पहुँच।

धारा १५. लेसे पेसे (Laissez-Passer)

१. संयुक्त राष्ट्रसंघबाट कार्यालयका अधिकारीहरूका नाममा जारी गरिएको लेसे पेसेलाई श्री ५ को सरकारले राहदानी सरह वैध यात्रा गर्ने कागजात (travel document) को रूपमा मान्यता दिने र स्वीकार गर्नेछ।

२. महासन्धिको धारा २६ मा गरिएको व्यवस्थाबमोजिम श्री ५ को सरकारले आयोगको कामको सिलसिलामा यात्रा गर्ने व्यक्तिहरूलाई संयुक्त राष्ट्रसंघले जारी गरेका प्रमाणपत्रहरूलाई मान्यता दिने र स्वीकार गर्नेछ।

३. त्यस्ता प्रमाणपत्र वा लेसे पेसेमा आवश्यक प्रवेशाज्ञा जारी गर्न श्री ५ को सरकार सहमत भएको छ।

धारा १६. झण्डा, प्रतीक र चिन्ह

१. कार्यालयले आफ्नो क्षेत्रमा, गाडीमा र पक्षहरू (Parties) बीच सहमति भएबमोजिम अन्य कुनै पनि किसिमले संयुक्त राष्ट्रसंघको झण्डा र वा प्रतीक चिन्ह फहराउन वा प्रदर्शन गर्न सक्नेछ।

धारा १७. परिचय पत्र

१. श्री ५ को सरकारले कार्यालयका प्रमुखको अनुरोधमा कार्यालयका कर्मचारीहरूलाई कार्यालयका कर्मचारी सदस्यको रूपमा आफ्नो कामको सिलसिलामा आवश्यक सम्बन्धित जानकारी प्राप्त गर्ने तथा आवत-जावत गर्ने स्वतन्त्रता, उन्मुक्ति तथा विशेषाधिकार पाएको प्रमाणित गर्ने उपयुक्त परिचयपत्रहरू जारी गर्नेछ।

२. कार्यालयका कर्मचारी सदस्यहरूले कुनै पनि अधिकारप्राप्त सरकारी अधिकारीको अनुरोधमा आफ्नो परिचयपत्र देखाउनेछन्, तर त्यस्तो परिचयपत्र सुम्पनं छैनन्।

३. कार्यालयका कर्मचारी सदस्यको कार्यकाल समाप्त भएपछि वा सरुवा भएपछि निजले आफ्नो परिचयपत्र श्री ५ को सरकारलाई अविलम्ब फिर्ता बुझाएको कार्यालयले सुनिश्चित गर्नेछ।

धारा १८. सरकारले गर्नुपर्ने कामहरू

१. श्री ५ को सरकारले नेपाल अधिराज्यभर कार्यालय र यसका कर्मचारीहरूलाई आफ्ना गतिविधिहरू प्रभावकारी रूपले सञ्चालन गर्न आवश्यक परी अनुरोध गरेको सुरक्षा उपलब्ध गराउनेछ। यसका लागि सम्बद्ध अधिकारीले कार्यालय र कर्मचारीको सुरक्षा र संरक्षण सुनिश्चित गर्नुका साथै बाहिरी व्यक्ति तथा समूहहरूको अनाधिकृत प्रवेशद्वारा वा कार्यालयको निकट आसपासमा भएको गडबडीले कार्यालयको शान्ति भङ्ग नहोस् भन्ने कुराको सुनिश्चित गर्न प्रयत्नशील रहनेछ।

२. श्री ५ को सरकारले कार्यालय र यसका कर्मचारीहरूको हैसियतको सम्मान गर्नुका साथै कार्यालयसँग सम्बन्धित कुनै पनि व्यक्तिलाई आफ्नो हैसियतको कारणले कुनै पनि दुर्व्यवहार, धम्की, प्रतिशोध वा कानुनबमोजिम अभियोजन नगरिने, नदिइने वा नलिइने कुराको सुनिश्चित गर्नेछ।

३. यो सम्झौतामा उल्लेख गरिएका कार्यालय तथा यसका कर्मचारीले पाउने विशेष सुविधा, उन्मुक्ति र अधिकारहरू एवं श्री ५ को सरकारले प्रदान गर्ने सुविधाहरूको सम्बन्धमा, अधिकारप्राप्त स्थानीय अधिकारीहरूद्वारा यस्ता विशेष सुविधाहरू, उन्मुक्ति तथा अधिकारहरूको सम्मान र उल्लिखित सुविधाहरू दिने कुराको सरकारले सुनिश्चित गर्नेछ।

४. श्री ५ को सरकारले सामान्यतया आम मानिसमा र विशेषतः निजामती, सैनिक तथा प्रहरीतर्फका राष्ट्रिय तथा विभागीय अधिकारीहरूमा व्यापक प्रचारप्रसार गर्न सबै आधिकारिक सञ्चारमाध्यमको उपयोग गर्नेछ। सरकारले अधिकारप्राप्त अधिकारीहरूले लागू गरेका घरेलु कानुनी कार्यविधिहरूलाई अन्तर्राष्ट्रिय कानुनी दस्तावेजहरूसँग अनुकूल राख्न ती अधिकारीहरूलाई कार्यालयबाट प्राप्त सुझाव वा सिफारिसहरूबारे पनि जानकारी गराउनेछ।

धारा १९. विवादको समाधान

१. प्रस्तुत सम्झौता वा अन्य कुनै पूरक सम्झौताको व्याख्या र प्रयोगका सम्बन्धमा कार्यालय र श्री ५ को सरकारबीच उत्पन्न कुनै पनि विवाद वार्ता वा मन्जुर गरिएका समाधानका अन्य कुनै पनि विधिद्वारा समाधान हुन नसके कुनै एक पक्षको अनुरोधमा मध्यस्थताका समक्ष पेश गरिनेछ। प्रत्येक पक्षले एक मध्यस्थ नियुक्त गर्नेछन् र यसरी नियुक्त दुई मध्यस्थहरूले तेस्रो मध्यस्थको नियुक्ति गर्नेछन्, जो अध्यक्ष हुनेछ। मध्यस्थताका लागि अनुरोध गरिएको तीस (३०) दिनभित्रमा कुनै पनि पक्षले मध्यस्थको नियुक्ति नगरेमा वा दुईजना मध्यस्थहरू नियुक्ति भएको पन्ध्र (१५) दिनभित्रमा तेस्रो मध्यस्थको नियुक्ति नभएमा कुनै एक पक्षले न्यायको अन्तर्राष्ट्रिय अदालतका अध्यक्षलाई मध्यस्थ नियुक्त गर्न

अनुरोध गर्न सक्नेछ। मध्यस्थताको कार्यविधि मध्यस्थहरूले नै निर्धारण गर्नेछन् र यसमा हुन गएको खर्च मध्यस्थहरूले निर्धारण गरेबमोजिम दुवैपक्षले व्यहोर्नु पर्नेछ। मध्यस्थ निर्णयमा आधार लिइएका कारणहरूको उललेख गरिनेछ र यसलाई विवादको अन्तिम न्यायिक निरोपणको रूपमा दुवै पक्षले स्वीकार गर्नेछन्।

धारा २०. सरकारसँगको सम्पर्क

कार्यालयका क्रियाकलापसम्बन्धी सबै कामको सञ्चार सम्बन्धका लागि उत्तरदायी हुने गरी श्री ५ को सरकारले निर्णय गर्ने अधिकारप्राप्त एक उच्चस्तरीय सम्पर्क निकाय तोक्नेछ।

धारा २१. पूरक सम्झौताहरू

उच्च आयुक्त र श्री ५ को सरकारले यो सम्झौताको पूरक सम्झौताहरू पनि सम्पन्न गर्न सक्नेछन्।

धारा २२. अन्तिम व्यवस्थाहरू

१. यो सम्झौता हस्ताक्षर भएको मितिदेखि अस्थायीरूपमा लागू भई श्री ५ को सरकारले मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय उच्च आयुक्तलाई तत्सम्बन्धी आफ्ना आन्तरिक कार्यविधिहरू पूरा भएको जानकारी गराएको मितिदेखि पूर्ण रूपले लागू हुनेछ। यस सम्झौताले नेपाल राष्ट्रिय मानवअधिकार आयोगलाई प्राविधिक सहायता उपलब्ध गराउने सम्बन्धमा संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्च आयुक्त र श्री ५ को सरकार, नेपालबीच १३ डिसेम्बर २००४ तदनुसार मंसिर २८, २०६१ मा हस्ताक्षर सम्पन्न भएको समझदारीपत्रलाई बदर तथा प्रतिस्थापन गरेको छ।

२. यो सम्झौता दुई वर्षका लागि बहाल रहनेछ। दुवै पक्षले यसको समयावधि बढाउन इच्छा व्यक्त गरी लिखित सूचनाको आदानप्रदान गरेर यसको अवधि दुई वर्षका लागि बढाउन सक्नेछन्। यस्तो सूचना यस अनुच्छेदमा उल्लिखित दुई वर्ष अवधि समाप्त हुनुभन्दा अगावै ९० दिनभित्र पठाइनेछ।

३. नेपालमा कार्यालयका गतिविधिहरूको नियमित अन्त्य र यसको सम्पत्ति तथा जायजेथा व्यवस्थापनको सम्बन्धमा बाहेक कुनै एक पक्षले सम्झौता अन्त्य गर्ने निर्णय गरेको सूचना अर्को पक्षलाई उपलब्ध गराएको मितिले ६ महिनापछि यो सम्झौता बहाल रहनेछैन।

अङ्ग्रेजी भाषाको दुई सक्कल प्रतिहरूमा सन् २००५..... ... तदनुसार ....मा जेनेभामा सम्पन्न भयो।

(हस्ताक्षरित)	(हस्ताक्षरित)
परराष्ट्रमन्त्री	मानवअधिकारका लागि संयुक्त राष्ट्रसंघीय
नेपाल अधिराज्य	उच्च आयुक्त
काठमाडौं	जेनेभा
चैत २८, २०६१	चैत २६, २०६१
(१०/०४/२००५)	(०८/०४/२००५)

अनुसूची ५

१. सरकारका कार्यक्रम

२. नेकपा (एमाले) का तर्फबाट विघटित प्रतिनिधिसभा र राष्ट्रियसभाको विशेष वैठकमा प्रस्तुत प्रस्ताव

१. सरकारका कार्यक्रम

श्री ५ को अध्यक्षतामा २० गते बुधबार मन्त्रिपरिषद्को बैठक बसेको थियो। उक्त बैठकबाट पारित २१ बुँदे कार्यक्रम प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले माघ २२ गते शुक्रबार सार्वजनिक गरेको हो।

१. अधिकार दुरुपयोग गरेर, तस्करी वा राजस्व छलीमा संलग्न भएर वा अनियमित ठेक्कापट्टा र कमिसनमा संलग्न भएर कानुनविपरीत जम्मा गरेको धन सम्पत्ति जफत गर्ने कानुनी व्यवस्थासहितको विशेष कार्यक्रम बनाई मुलुकमा व्याप्त भ्रष्टाचारको तत्काल थलोमै छानबिन गरी नाजायत ढंगबाट आर्जित सम्पत्ति कानुनबमोजिम राष्ट्रियकरण गरी दोषीउपर कडा कारवाही गरिनेछ। यसका लागि प्रथम चरणमा अधिकार सम्पन्न शाही आयोग १५ दिनभित्र गठन गरिनेछ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई अधिकार, स्रोत, साधन सम्पन्न तुल्याई दक्ष एवम् निष्पक्ष संरचनामा परिणत गरी क्रियाशील तुल्याइनेछ।

२. सरकारको तर्फबाट आम नेपाली जनतालाई पुऱ्याउनुपर्ने सेवा-सुविधा पारदर्शी ढंगले निर्धारित समयभित्र उपलब्ध गराउने व्यवस्था मिलाई त्यसको सुपरीवेक्षण र अनुगमनका निमित्त प्रभावकारी संयन्त्र पन्ध्र दिनभित्र निर्माण गरिनेछ। ढिलासुस्ती, पक्षपात, नातावाद, कृपावाद र सर्वसाधारणबाट पैसा नलिई काम नगर्ने भन्ने जनताको धेरै वर्षदेखिको दुःखेसो र गुनासो तत्काल निराकरण गर्न प्रभावकारी दण्ड सजायको व्यवस्था गरिनेछ।

३. सुकुम्बासी, भूमिहीन किसान र मुक्त कमैयाको गाँस-बासको व्यवस्था गर्न भूमि बैंकको व्यवस्था गरी न्यायोचित ढंगबाट भूमि वितरण गरिनेछ।

४. गरिबी निवारणका लागि राष्ट्रिय आय वृद्धि गर्नु अनिवार्य भएकाले देश सुहाउँदो आधुनिक एवम् वैज्ञानिक कृषि-प्रणाली, व्यापकरुपमा साना तथा ठूला सिंचाई आयोजना, भौगोलिक सम्भाव्यताका आधारमा बागवानी र विशेष नगदेबाली, पशुपंक्षी पालन आदिको योजनाबद्ध कार्यक्रम १ महिनाभित्र लागू गरिनेछ।

५. घरेलु उद्योगको प्रवर्द्धन र विकासमा राज्यले विशेष टेवा पुऱ्याउनुका साथै अन्य उद्योग, कलकारखानाको स्थापना, विकास एवम् विस्तारका निमित्त जलस्रोतको अधिकतम उपयोग गरी जलविद्युतको विकास गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ। साथै, आन्तरिक र बाह्य आर्थिक स्रोत जुटाई विभिन्न सम्भाव्य जलविद्युत परियोजनाहरु प्राथमिकता अनुसार संचालन गरिनेछ।

६. पर्यटन उद्योगको बृहत्तर सम्भावना रहेकाले राष्ट्रिय आम्दानी वृद्धि गर्न, धार्मिक, पर्यटनलाई प्रवर्द्धन गर्न, साना-ठूला होटल, व्यवसाय, रिसोर्ट, पर्यटकीयस्थल, पर्यटन उद्यम आदिलाई सरकारले आवश्यक सहयोग र सुविधा प्रदान गर्न अविलम्ब गुरुयोजना तयार गरी कार्यान्वयन गर्नेछ। साथै, सुरक्षित पर्यटन व्यवसायका निमित्त पर्यटकीय सुरक्षा प्रहरीको आवश्यक जनशक्ति तयार गरिनेछ।

७. सरकारी विद्यालयहरुमा माध्यमिकस्तरसम्मको पठनपाठन गर्ने अपांग, पिछडिएका तथा दलित समुदायका छात्रछात्राहरुलाई निःशुल्क पाठ्यपुस्तकहरु उपलब्ध गराउनुका साथै छात्रवृत्तिको समेत व्यवस्था गरी निःशुल्क शिक्षा उपलब्ध गराइनेछ। साथै, निजी क्षेत्रका विद्यालय, महाविद्यालयहरुले पिछडिएको वर्ग, दलित, अल्पसंख्यक तथा अपांगहरुलाई निश्चित प्रतिशतको संख्यामा निःशुल्क पठनपाठन गराउनुपर्नेछ।

८. राष्ट्रवादी जनशक्तिको उत्पादन र रोजगारीमूलक शिक्षा प्रदान गर्न शैक्षिक पाठ्यक्रममा सुधार गरिनेछ। सबै स्तरका छात्रछात्रालाई पाठ्यपुस्तक एवम् शैक्षिक सामग्री सुपथ मूल्यमा सुलभ तरिकाले उपलब्ध गराइनेछ।

९. परिचयपत्रवाहक प्रत्येक विद्यार्थीलाई सार्वजनिक यातायातका साधनमा यात्रा गर्दा र सरकारी अस्पतालमा स्वास्थ्य उपचार गराउँदा सहुलियतको व्यवस्था गरिनेछ।

१०. राजधानी तथा ठूला शहर एवम् शहर उन्मुख क्षेत्रमा गरिब र धनीको विभेद हटाउन घरघडेरी एवम् कम्पाण्डका लागि जग्गाको निश्चित मापदण्ड तोक्नुका साथै भूकम्प निरोधक सरकारी नापनक्शा अनुसार मात्र घर निर्माण गर्न पाउने कानुनी व्यवस्था अविलम्ब गरिनेछ।

११. बढ्दो जनसंख्या, घट्दो समथर जमिन, खानेपानी, बिजुली, ढल, टेलिफोन आदिको सुविधालाई दृष्टिगत गरी स्थानीय निकाय एवम् निजी क्षेत्र र सरकारको समेत सहभागितामा अपार्टमेन्ट प्रणालीको विकास गरी उत्पादनयोग्य जमिन उपरको अतिक्रम घटाउँदै लगिनेछ।

१२. आर्थिक वृद्धिको गतिलाई तीव्रता दिन र यातायात व्यवस्थालाई अझ सुगम बनाउन पूर्व-पश्चिम विद्युतीय रेलमार्गको निर्माण दीर्घकालीन योजनाको रुपमा गरिनेछ। साथै, सम्भाव्य स्थानहरुमा छोटामार्ग, सुरुङमार्ग, जलमार्ग र रज्जुमार्ग (रोपवे) को समेत विकास र विस्तार गर्ने कार्यको थालनी गरिनेछ।

१३. विकेन्द्रीकरणको सिद्धान्तअनुसार स्थानीय निकायहरुलाई अधिकतम स्वायत्तता प्रदान गर्ने उद्देश्यले क्रमिक रुपले राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक एवम् अर्धन्यायिक अधिकारहरु केन्द्रबाट गाउँसम्म विकेन्द्रित गरिनेछ।

१४. बेरोजगारीको समस्या समाधान गर्न स्वदेशमा

अवसरहरूको खोजी गर्नुका साथै वैदेशिक रोजगारीका अवसरहरु पहिल्याएर आवश्यक तालिम र ऋण सुविधा उपलब्ध गराई रोजगारीको व्यवस्था अविलम्ब मिलाइनेछ।

१५. आतंकबाट पीडित तथा बाटो बिराएर गएका तर स्वेच्छाले फर्केका र फर्कन चाहनेहरूका निम्ति आवश्यक तालिम दिई स्वदेश वा विदेशमा रोजगारीको व्यवस्था अविलम्ब मिलाइनेछ।

१६. तराई क्षेत्रमा फैलिएर बहने नदीहरुमा तलबन्ध बनाई नियन्त्रण गर्ने विशेष कार्यक्रम ल्याइनेछ। यसबाट यातायात विकास, बाढी नियन्त्रण र सिंचाईको विकास हुनुका साथै नदी नियन्त्रणबाट प्राप्त हुने अतिरिक्त जमिन भूमिहीनहरुको पुन:स्थापना र विकासमा लगाइनेछ।

१७. कर्णाली अञ्चलको समग्र विकासका लागि विशेष 'कर्णाली विकास कार्यक्रम' अविलम्ब ल्याइनेछ। सुर्खेत-जुम्ला सडक २०६२ साल फागुण महिनाभित्रै सम्पन्न गर्नुका साथै कर्णाली अञ्चलका अरु जिल्ला सदरमुकामहरु जोड्ने सडक निर्माणको कार्य थालिनेछ। कृषि, स्वास्थ्य, शिक्षाजस्ता क्षेत्रहरुमा पनि स्थानीय जनतालाई आत्मनिर्भर बनाउन विशेष कार्यक्रमहरु सञ्चालन गरिने छन्।

१८. शासकीय सुधार, सार्वजनिक क्षेत्र व्यवस्थापन, गरिबी न्यूनीकरण सहयोग लगायत्का कार्यक्रमहरुमा गरिएका सुधारप्रतिका प्रतिबद्धताहरु समयमै पूरा गरिनेछन्। द्विपक्षीय दातृ राष्ट्र एवम् संस्थाहरु र बहुपक्षीय दातृ संस्थाहरुको सहयोगबाट सञ्चालित परियोजनाहरुको अनुगमनको विशेष व्यवस्था मिलाइनेछ। द्विपक्षीय एवम् बहुपक्षीय दातृ राष्ट्र एवम् संस्थाहरुसगको सम्बन्धलाई अझ प्रगाढ बनाई गरिबी न्यूनीकरणका कार्यक्रमको कार्यान्वयनलाई प्रभावकारी तुल्याइनेछ।

१९. राज्य संचालनका संरचनाहरुमा महिला, दलित र जनजातिको उचित प्रतिनिधित्व गराउन निजामती सेवामा निश्चित अवधिका निम्ति सकारात्मक विभेदको नीति अवलम्बन गरिनेछ।

२०. निजी क्षेत्रको विकासका निम्ति नीतिगत सुधार र प्रवर्द्धनका कार्यक्रमहरु अविलम्ब ल्याइनेछ। भौतिक आधारशिला निर्माणका लागि लगानी गर्न उत्प्रेरित गर्ने गरी सरल कानुनी व्यवस्था मिलाउनुका साथै विभिन्न सहुलियतहरु प्रदान गर्ने व्यवस्थाहरु गरिनेछन्।

२१. विकास कार्यक्रमहरु जनताले नै रोज्ने र जनताले नै कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ। यसका लागि ठेक्कापट्टाको साटो उपभोक्तामार्फत् विकास कार्यक्रमहरु कार्यान्वयन गर्नमा विशेष जोड दिइनेछ।

(प्राची द्वैमासिक, पूर्णाङ्क ५८, ०६१ फागुन)

२. नेकपा (एमाले) का तर्फबाट विघटित प्रतिनिधिसभा र राष्ट्रियसभाको विशेष बैठकमा प्रस्तुत प्रस्ताव

१. मुलुकमा विद्यमान निरंकुशतन्त्र थप नकारात्मक र प्रतिगामी दिशातर्फ उन्मुख छ। राजाका आजसम्मका काम कारबाहीहरूले यो तथ्यको पुष्टि गरिरहेको छ। स्वेच्छाचारी अध्यादेशहरूको निरन्तरता, शान्तिपूर्ण सभा, जुलुस तथा प्रदर्शनकारीहरूमाथि शाही सरकारद्वारा भइरहेका दमनकारी हस्तक्षेप तथा गिरफ्तारी, असंवैधानिक सरकारको विस्तार, असंवैधानिक तथा जनविरोधी बजेट प्रस्तुति र २०६२ साउन ४ गतेको "तेस्रो प्रतिनिधिसभा सदस्यहरूको विशेष बैठक" सम्बन्धी शान्तिपूर्ण कार्यक्रममा भएको निरंकुश शाही सरकारको हस्तक्षेपजस्ता उदाहरणहरू प्रस्तुत सन्दर्भमा उल्लेखनीय छन्। राजा अध्यक्ष रहेको असंवैधानिक मन्त्रिपरिषद्को कथित उपाध्यक्ष र राजपरिषद्का सदस्यजस्ताहरूको राजनीतिक दलविरोधी गैरजिम्मेवार र अप्रजातान्त्रिक अभिव्यक्तिलाई यस सम्बन्धमा थप आधार मान्न सकिन्छ। यस अवस्थामा पूर्ण प्रजातन्त्र स्थापनाका लागि सात राजनीतिक दलहरूद्वारा सञ्चालित निरंकुशतन्त्रविरोधी शान्तिपूर्ण संयुक्त जनआन्दोलनको विकल्प नरहेको यथार्थमा जोड दिँदै सम्पूर्ण जनसमुदायसमक्ष एकताबद्ध भएर अगाडि बढ्न यो बैठक पुन: हार्दिक आह्वान गर्दछ।

२. ०६२ साउन ४ गते राजकीय प्रज्ञा- प्रतिष्ठानमा सम्पन्न हुने भनिएको "तेस्रो प्रतिनिधिसभा सदस्यहरूको विशेष बैठक" सम्बन्धी शान्तिपूर्ण कार्यक्रममाथि निरंकुश शाही सरकारले गरेको हस्तक्षेपबाट हामी क्षुब्ध भएका छौं। यसबाट सार्वजनिक भाषणमार्फत बहुदलीय प्रजातन्त्रप्रति राजाद्वारा देखाइएको प्रतिबद्धता अन्तर्राष्ट्रिय र राष्ट्रिय जनमतलाई भ्रममा पार्न गरिएको देखावा मात्र हो भन्ने तथ्य पुन: एकपटक प्रमाणित भएको छ। निरंकुश शाही

सरकारको उल्लेखित कार्य हताश, विचलित र पराजित मनस्थितिको परिणाम हो भन्ने हाम्रो ठहर छ। यो बैठक उल्लिखित असंवैधानिक र अप्रजातान्त्रिक कार्यको घोर भर्त्सना गर्दछ।

३ मुलुकमा विद्यमान शाही सरकार नेपाल अधिराज्यको संविधान ०४७ को धारा १२७ को गलत व्याख्या र प्रयोगको परिणामस्वरूप स्थापित असंवैधानिक,

अप्रजातान्त्रिक र निरंकुश कदमको परिणाम हो। असंवैधानिक शाही सरकारलाई मुलुक सञ्चालन गर्न नेपाली जनताको जनादेश प्राप्त छैन। नेपाली जनताको नाममा कुनै पनि काम गर्ने हैसियत, क्षमता र अधिकार नभएको शाही सरकारलाई मुलुकको वार्षिक बजेट बनाउने र कार्यान्वयन गर्ने अधिकार पनि छैन। हालै असंवैधानिक शाही सरकारद्वारा सार्वजनिक गरिएको वार्षिक बजेट स्वाभाविक रूपमै मुलुक र जनताको हितमा छैन। वार्षिक बजेट निरंकुशतन्त्रलाई संस्थागत गर्ने उद्देश्यले प्रेरित छ। बजेट मुलुक र आमजनताप्रति गैरजिम्मेवार छ। सुरक्षाका नाममा अत्यधिक खर्च वृद्धि गर्दै मुलुकलाई पूर्णत: सैनिकीकरणतर्फ उन्मुख गरिएको छ। गरिब, विपन्न वर्ग तथा सामान्य जनताका लागि राहतको कुनै व्यवस्था छैन। क्षेत्रीय र सन्तुलित विकाससम्बन्धी कुनै सोचाइ छैन। महिला, जनजाति, मधेसी समुदाय र दलितलाई सम्बोधन गर्ने कुनै विशेष तथा प्रभावकारी कार्यक्रम छैन। मुलुकका प्राध्यापक, शिक्षक तथा कर्मचारीहरूको समस्यातर्फ बेवास्ता गरिएको छ। मुलुक र आमजनतालाई राहत नदिने बजेटले दरबारको खर्चमा भने ठूलो वृद्धि गरेको छ। कतिपय विनियोजित कार्यक्रमका क्षेत्र तथा शीर्षकहरू मूर्त रूपमा उल्लेख नगरी थप रकमहरू दरबार र सुरक्षाखर्चतर्फ पुऱ्याउने ठाउं राखिएको छ। राजस्वको लक्ष्य तथा वैदेशिक सहयोग एवम् अनुदानका अनुमानहरू अत्यन्त अयथार्थवादी र भ्रमपूर्ण छन्। समग्रमा बजेट अपारदर्शिता र जवाफदेहीविहीनताको आधारमा खडा भएको छ। परिणामस्वरूप बजेटले भ्रष्टाचार र अनियमिततालाई संस्थागत गर्ने प्रष्ट छ। संक्षेपमा, गैरजिम्मेवार र अयथार्थवादी धरातलमा उभिएको बजेटले मुलुकको आर्थिक संकटलाई झनै गम्भीर र भयावह बनाउने निर्विवाद छ। तसर्थ असंवैधानिक शाही सरकारको जनविरोधी वार्षिक बजेटप्रति आफ्नो असहमति व्यक्त गर्दै प्रस्तुत बजेटलाई यो बैठक अस्वीकार गर्ने घोषणा गर्दछ।

४. मुलुक अहिले अपारदर्शिता र जवाफदेहीविहीनताको भयावह अवस्थाबाट गुज्रिरहेको छ। प्रतिनिधिसभा विघटन भएको र राष्ट्रियसभालाई निष्क्रिय तथा निष्प्रभावी बनाइएको वर्तमान अवस्थामा निरंकुश शाही सरकार मुलुकलाई अध्यादेशमार्फत स्वेच्छाचारी ढंगले सञ्चालन गरिरहेको छ। उदाहरणका लागि यस क्रममा अन्तर्राष्ट्रिय प्रतिबद्धता र प्रजातान्त्रिक मूल्य र मान्यताबमोजिम विगतमा स्थापित पेसागत संघसंस्था खारेज गर्न तथा गैरसरकारी संस्थालाई निरंकुशताअनुकूल आफ्नो इच्छाअनुसार परिचालित गर्न हालै समाज कल्याण परिषद् र निजामती सेवासम्बन्धी स्वेच्छाचारी अध्यादेश जारी भएको छ। कथित राष्ट्रवादी शिक्षाको नाममा निरंकुशतन्त्रको आधार तयार गर्ने प्रयास भइरहेको छ। निजामती सेवा, शिक्षा क्षेत्र तथा गैरसरकारी संस्थासम्बद्ध क्षेत्रमा मण्डलेकरणलाई बढावा दिने, निरंकुशतालाई संस्थागत गर्ने र अन्तत: नेपाली जनतालाई कमजोर तुल्याउने उद्देश्यले गरिएका उल्लेखित जनविरोधी काम-कारबाहीहरूको यो बैठक भर्त्सना गर्दछ र जारी गरिएका असंवैधानिक तथा जनविरोधी अध्यादेशहरूलाई अस्वीकार गर्ने घोषणा गर्दछ। साथै, निरंकुशतन्त्रका विरुद्ध आन्दोलनमा उत्रिएका राष्ट्रसेवक कर्मचारी, कानुन व्यवसायी, सञ्चारकर्मी, मानवअधिकारकर्मी, प्राध्यापक, शिक्षकलगायत सिंगो नागरिक समाजको आन्दोलनलाई यो बैठक समर्थन गर्दछ।

५. निरंकुशतन्त्रविरोधी शान्तिपूर्ण र न्यायोचित आन्दोलनमा उत्रिएका विद्यार्थीहरू विरुद्ध निरंकुश शाही सरकारले अवलम्बन गरेको दमनकारी हस्तक्षेप तथा काम-कारवाहीप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। यसक्रममा विद्यार्थीहरूका शान्तिपूर्ण विरोध प्रदर्शनहरूमा भएका हस्तक्षेप, धरपकड तथा गिरफ्तार गरिएका विद्यार्थी नेताहरू ठाकुर गैरे, प्रदीप पौडेल, सरोज थापा, नारायण भारती, बीपी रेग्मी र पुष्प शाहीविरुद्ध सार्वजनिक (अपराध र सजाय) ऐनअन्तर्गत षड्यन्त्रपूर्वक मुद्दा दायर गर्ने कार्यको यो विशेष बैठक भर्त्सना गर्दछ। साथै, यो बैठक उक्त मुद्दाको खारेज र गिरफ्तार विद्यार्थी नेताहरूको अविलम्ब रिहाइको जोडदार माग गर्दछ।

६. निरंकुश शाही सरकार सञ्चारकर्मी र समग्र सञ्चारक्षेत्रविरुद्ध नांगो दमनमा उत्रिएको छ। निरंकुशतन्त्रका सबै प्रकारका दमनकारी हथकण्डाहरूविरुद्ध अविचलित रही संघर्षरत सञ्चारकर्मीहरूविरुद्ध हालै आएर संगठन विभाजनको प्रतिगामी षड्यन्त्र सार्वजनिक भएको छ। यो बैठक निरंकुशतन्त्रका सबै प्रकारका दमनकारी षड्यन्त्रहरूको विरुद्ध संघर्षरत सञ्चारकर्मीहरूको आन्दोलनप्रति हार्दिक समर्थन व्यक्त गर्दछ।

७. निरंकुशतन्त्रअन्तर्गत सिंगो मुलुक अत्यधिक महंगीको पीडाले आक्रान्त बन्न पुगेको छ। अनुत्तरदायी र असक्षम शाही सरकारका कारण यो समस्या अझ गम्भीर बन्ने दिशातर्फ उन्मुख छ। शाही सरकारले कालाबजारिया तथा कमिसनखोरहरूसंग सांठगांठ गरेको छ र दैनिक उपभोग्य वस्तुहरूको कृत्रिम अभाव सिर्जना गरी चर्को मूल्यवृद्धि गरेको छ। हालै सार्वजनिक भएको गैरजिम्मेवार बजेटले समेत महंगीलाई थप गम्भीर बनाउने निर्विवाद छ। तसर्थ यो बैठक निरंकुश शाही सरकारका गैरजिम्मेवार निर्णय तथा काम-कारवाहीहरूको कडा शब्दमा भर्त्सना गर्दछ।

८. निरंकुशतन्त्रको वास्तविक चरित्रलाई पुन: एकपटक मुलुकसमक्ष उदांगो पार्दै ०६२ साउन १० गते प्रतिगामी शाही सरकारले काठमाडौंको रत्नपार्कमा आयोजित

नागरिक समाजको शान्तिपूर्ण जुलुस प्रदर्शनमाथि नाङ्गो हस्तक्षेप गरेको छ। पत्रकार, कानून व्यवसायी, मानवअधिकारकर्मी, लेखक, साहित्यकार, प्राध्यापक, शिक्षक, चिकित्साकर्मी, आदिवासी जनजाति र महिला, युवा तथा विद्यार्थीलगायतका संस्थाहरूको व्यापक सहभागिता रहेको उक्त शान्तिपूर्ण जुलुस प्रदर्शनमा भएको हस्तक्षेपमा कैयौं सहभागीहरू घाइते भएका छन् र नागरिक समाजका कतिपय व्यक्तित्वहरू गिरफ्तार गरिएका छन्। यो बैठक निरंकुश शाही सरकारको उल्लेखित बर्बर दमनको कडा शब्दमा भर्त्सना गर्दछ र गिरफ्तारहरूको अविलम्ब रिहाइको माग गर्दछ। साथै "रत्नपार्कसमेत सिंगो मुलुक नेपाली जनताको हो" भन्ने नागरिक समाजको उद्घोषलाई यो बैठक जोडदार शब्दमा समर्थन जनाउँछ।

९. कथित भ्रष्टाचार नियन्त्रणसम्बन्धी असंवैधानिक शाही आयोग सिङ्गो मुलुकबाट अस्वीकृत र बहिष्कृत भइसकेको छ। तर, असंवैधानिक शाही आयोगले राजनीतिक रूपले प्रवृत्त भावना राखेर गैरकानूनी रूपमा तेस्रो प्रतिनिधिसभा सदस्य श्री शेरबहादुर देउवा र पूर्वसांसद श्री प्रकाशमान सिंहलाई अहिले पनि थुनामा राखिरहेको छ। तसर्थ यो बैठक उहाँहरूलाई अविलम्ब रिहाइ गरियोस् भनी माग गर्दछ।

(स्रोत : बुधवार साप्ताहिक, ०६२ साउन १२)

अनुसूची ६

क्रिया/प्रतिक्रिया

मानवअधिकार वर्षपुस्तक २००५ ले सर्वसाधारण जनताको मानवअधिकार अतिक्रमणका अनगिन्ती घटनाहरूलाई सार्वजनिक गरिदिएको छ। यसको लागि इन्सेकको साहश, लगन र परिश्रमको मूल्य आँक्न सकिँदैन। पुस्तकले यस्ता घटनाहरूको फेहरिस्त दिएको मात्र नभई जिम्मेवार निकायको धारणालाई पनि समेटेको हुँदा आन्तरिक द्वन्द्वको प्रभावको विश्लेषण गर्न पनि केही मद्दत पुग्ने देखिन्छ। मानवअधिकार हनन्का सवालमा आन्तरिक द्वन्द्वको प्रभावबारे व्यक्त गरिँदै आएका धारणा सतही र सुविधाजनक मात्र देखिने हुँदा तिनमा जनभावनाअनुरुप परिवर्तन गरेर सरोकारवाला सबैले गम्भीर चिन्तन, मनन र छलफल गरी राष्ट्रिय स्वार्थमा आधारित दृष्टिकोण तयार पार्नमा यो वर्ष पुस्तक सहायक हुनेछ भन्ने विश्वास गर्न सकिन्छ।

उदयप्रकाश चापागाई, जिल्ला न्यायाधीश
जिल्ला अदालत, सर्लाही

राज्य र विद्रोही पक्षबाट भएका मानवअधिकार उल्लंघन हनन्का घटनालाई लिपिबद्ध गर्दै अन्तर्राष्ट्रिय जगतमै सशक्त दस्तावेजको रुपमा स्थापित भएको वर्षपुस्तकले पीडित पक्षलाई राहत र पीडक पक्षलाई निरुत्साहित गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेलेको छ। आगामी दिनमा अझ गहिराईमा पुगी घटनाहरूलाई उजागर गर्ने काममा इन्सेकलाई सफलता मिलोस्।

रोशन न्यौपाने, सम्वाददाता, नेपाल टेलिभिजन, सर्लाही

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लंघनका घटनालाई प्रकाशनमा ल्याई आम नागरिकलाई मानवअधिकारप्रति सचेत र जगरुक बनाउने मात्र नभई आ-आफ्नोतर्फबाट भएका कमीकमजोरीहरूलाई भविष्यमा दोहोरिन नदिई मानवअधिकारको विश्वव्यापी मान्यताअनुरुप कार्य गर्न मार्गदर्शनसमेत गर्ने हुँदा हरेक घटनाको यर्थाथपरक विश्लेषण गरेर मात्र प्रकाशन गर्न सुझाव दिन चाहन्छु।

सुदर्शन लामिछाने, जिल्ला न्यायाधीवक्ता, सर्लाही

कुनै पनि क्षेत्रवाट भएका मानवअधिकार उल्लंघनका घटनालाई जनसमक्ष पुऱ्याएर सम्पूर्ण नागरिकलाई मानवअधिकारप्रति सचेत गराउन इन्सेकको महत्वपूर्ण योगदान रहदै आएको छ। आगामी दिनहरूमा पनि अझै तटस्थ, निष्पक्ष र इमान्दारिताकासाथ मानवअधिकार उल्लंघनका घटनालाई जनसमक्ष ल्याउन लागि इन्सेकलाई सफलता मिलोस् भन्ने शुभकामना दिन चाहन्छु।

नरबहादुर खड्का,
प्रशासकीय अधिकृत, जिल्ला प्रशासन कार्यालय, सर्लाही

नेपाल मानवअधिकार वर्ष पुस्तक २००५ को अध्ययन गर्दा सर्लाही जिल्लाका घटना तथा तथ्यलाई



समावेश गरेको पाइयो। नेपाल अधिराज्यमा भएका मानवअधिकार हनन् सम्बन्धी घटनाहरूको पारदर्शी पहिचान र विश्लेषण गरी जनसमक्ष ल्याउन सफलता मिलोस् भन्ने शुभेच्छा व्यक्त गर्न चाहन्छु।

मनोहरप्रसाद रिमाल, प्रहरी उपरीक्षक, जिल्ला
प्रहरी कार्यालय, सर्लाही

इन्सेकले प्रकाशन गर्दै आएको मानवअधिकार वर्ष पुस्तकले मानवअधिकारको अवस्था स्पष्ट पार्दै आएको छ। नेपाल मानवअधिकार वर्षपुस्तक सन् २००५ ले सबै कुरा प्रष्ट पारेको छ। इन्सेकको यो प्रयासले सधैं सफलता पाउन सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

गिरीशकुमार शर्मा, जिल्ला न्यायाधीश, सिन्धुली

मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लंघनका घटनालाई निष्पक्ष रुपमा बाहिर ल्याउन सकोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

गोरे तामाङ, जिल्ला न्यायाधीवक्ता, सिन्धुली

नेपालमा जारी द्वन्द जति-जति हिंसात्मक रुपमा बढिरहेको छ, नेपालमा प्रजातन्त्र र नागरिक अधिकार संकटमा पर्दै गएको स्थिति छ। यस परिस्थितिमा मानवअधिकारकर्मीहरू समेत ज्यान जोखिममा पारेर मानवअधिकार उल्लंघनका सूचना तथा तथ्य संकलनमा लागिरहेका छन्। गत वर्ष भन्दा यो वर्ष मानवअधिकारको

क्षेत्रमा झन असहज परिस्थितिको सिर्जना भएका कारण उल्लंघनका घटनालाई जनसमक्ष ल्याउन सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

जंगबहादुर राई, अध्यक्ष नेपाल बार एसोसिएशन, सिन्धुली

मानवअधिकारको उल्लंघनमा राज्य र माओवादी दुवै जिम्मेवार तथा दोषी देखिएका छन्। मानवअधिकार वर्षपुस्तकले मानवअधिकार हननका घटनाहरूलाई सफलतपूर्वक उजागर गरेको छ। यस पुस्तकले विगतको इतिहास कायम राख्दै मानवअधिकारको क्षेत्रमा अग्रणी भूमिका निर्वाह गर्न सकोस् भन्ने शुभकामना दिन चाहन्छु।

कौशल कोइराला, जिल्ला कमिटी सदस्य,
नेकपा (एमाले), सिन्धुली

वर्षपुस्तकबाट द्वन्द्वरत सबै पक्षहरूले आउँदा दिनहरूमा आफ्ना कमजोरीहरू सच्चाएर कसैको पनि मानवअधिकार हनन् गर्नु हुने छैन भन्ने सन्देश दिँदै अघिबढोस् भन्ने विश्वासकासाथ यो पुस्तक प्रकाशनमा सदैव निरन्तरता मिलोस भन्ने कामनासहित यस वर्षका सर्वोत्कृष्ट एवम् इन्सेकका उत्कृष्ट जिल्ला प्रतिनिधिहरूलाई हार्दिक बधाई ज्ञापन गर्दछु।

रूद्रबहादुर खड्का, सल्लाहकार,
ग्लिक जिल्ला शाखा, सिन्धुली

मानवको स्वतन्त्रतापूर्वक बाँच्ने र व्यवसाय गर्न पाउने प्राकृतिक एवम् नैसर्गिक अधिकारउपर भएका अतिक्रमणलाई न्यूनीकरण गर्ने कार्यमा यस पुस्तकको योगदान रहँदै आएको छ। यस कार्यमा अझै सफलता मिल्दै जाओस्।

मोदराज डोटेल, प्रमुख जिल्ला अधिकारी, मकवानपुर

मानवअधिकार उल्लघनका घटना सम्बन्धमा चासो राख्ने र अनुसन्धान गर्ने व्यक्ति र समुदायलाई मानवअधिकार वर्षपुस्तक महत्वपूर्ण दस्तावेज साबित भएको छ।

जयबहादुर चन्द, प्रहरी उपरिक्षक, जिप्रका हेटौंडा

यो पुस्तक मुख्य गरी राज्य र विद्रोहीपक्षबाट मानवअधिकार हनन् भएका घटनाको संगालो हो। यो पुस्तकले मुलुक कुन दिशातिर लम्किरहेको छ भन्ने बताउछ। यो पुस्तक आगामी दिनमा अझै परिस्कृत भएर प्रकाशन हुन सकोस्।

कृष्णप्रसाद दाहाल, सचिव, नेकपा(एमाले), मकवानपुर

मानवअधिकार वर्षपुस्तक प्रकाशनबाट राज्य र गैरराज्य दुवै पक्षबाट भएका मानवअधिकार उल्लघनका घटनाहरू सार्वजनिक भएबाट पीडकहरू निरुत्साहित हुने र पीडितहरूले राहत महसुस गर्नेछन्। पुस्तक प्रकाशनको कार्यले निरन्तरता पाइरहोस्।

"माइकल" रामचन्द्र अर्याल, सभापति, नेपाली
कांग्रेस (प्रजातान्त्रिक), मकवानपुर

मानवअधिकार वर्षपुस्तकको प्रकाशनले मानवअधिकार उल्लंघनकर्ताहरूलाई खबरदारी गर्नुको साथै पीडकहरूलाई कारवाही गराउन दवाव पनि दिने कार्य गरेको छ। यो कार्यले निरन्तरता पाओस् यही शुभकामना व्यक्त गर्दछु।

नरेन्द्र मिश्र, सभापति, नेपाली कांग्रेस, मकवानपुर

मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारको समग्र चित्रण गर्न सफल भएको छ। यसले मुलुकमा कुन पक्षबाट मानवअधिकारको उल्लंघन हुँदै आएको छ भन्ने कुराको जानकारी दिने कार्यमा योगदान पुऱ्याएको छ। यो कार्यले निरन्तरता पाइरहोस्।

बलराम बल, अध्यक्ष, जनमोर्चा, मकवानपुर

मानवअधिकार वर्षपुस्तक सबै विषयलाई समेटेर सन्तुलित ढंगले प्रकाशित गरिएको छ। यो कार्यले निरन्तरता पाइरहोस्।

नवराज बिष्ट, सहसचिव, राप्रपा मकवानपुर

मानवअधिकार वर्षपुस्तकले समेटेका मानवअधिकारसम्बन्धी सबै विषयवस्तुहरू सह्रानीय छन्। मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लंघनका घटनालाई न्यूनीकरण गर्न, पीडकलाई सार्वजनिक गर्न र कारवाही गर्न गराउन दवाव दिने कार्य गरेको छ। यस्ता कार्यले निरन्तरता पाइरहोस्।

ध्रुव चौलागाई, अध्यक्ष, पुनरावेदन बार एसोशियसन, हेटौंडा

समग्रमा हेर्दा मानवअधिकार वर्ष पुस्तकले समेटेका मानवअधिकार सम्बन्धी सबै विषयवस्तुहरू सह्रानीय छन्। मानवअधिकार उल्लंघनका घटना रोक्न वर्षपुस्तक आफैं असमर्थ भए पनि मानवअधिकार उल्लंघनका घटनालाई सार्वजनिक गरेर मुलुकको वास्तविक प्रवृति उजागर गर्न यो पुस्तक सफल भएको छ।

तेजबहादुर गोदार, सभापति, मानवअधिकार तथा
शान्ति समाज, मकवानपुर

इन्सेकबाट प्रकाशित सत्य तथ्य घटनामा आधारित नेपाल मानवअधिकार वर्षपुस्तक २००५ प्रकाशन गरी अत्यन्त प्रशंसनीय र सह्रानीय काम भएको छ। यस्ता प्रकाशनबाट निश्चय नै आगामी दिनहरूमा मानवअधिकार उल्लंघनका घटनामा कमी आउनेछ भन्ने अपेक्षा गरिन्छ। साथै यस्ता प्रकाशनहरूमा महिला विरुद्ध हुने हिंसाका घटनालाई विशेष रूपमा उल्लेख गर्नु पर्ने देखिन्छ।

जिल्ला सरकारी वकीलको कार्यालय, ललितपुर

मानवअधिकार उल्लंघनका घटनालाई एकिकृत गरी वर्षपुस्तकको रुपमा प्रकाशन गरेर इन्सेकले ज्यादै सहानीय काम गरेको छ। देशका कुनाकाप्चामा घटेका मानवअधिकारसंग सम्बन्धी घटनाको विवरण प्रकाशित गर्दा सम्बन्धित पक्षहरूलाई मानवअधिकारको स्थितिमा सुधार गर्न आवश्यक सहयोग पुग्ने विश्वास गर्न सकिन्छ। मानवअधिकारको विषय ज्यादै महत्वपूर्ण र संवेदनशील भएको हुँदा यस्ता घटनाको उल्लेख गर्दा घटनाको यथार्थ विवरणमा ध्यान पुऱ्याएमा यसको विश्वसनीयता अझ वृद्धि हुने अपेक्षा गर्न सकिन्छ। अन्त्यमा मानवअधिकारको संरक्षण एवम् संवर्द्धन गर्ने यस प्रकारको कार्यमा इन्सेकलाई सधैं सफलता मिलोस भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु।

राजु खतिवडा, उप सचिव,ललितपुर जिल्ला अदालत

द्वन्द्ववाट उत्पन्न भएको असहज परिस्थितिको कारणले मानवअधिकार उल्लंघनका घटनामा वृद्धि भै रहेको सन्दर्भमा इन्सेकका नियमित विविध अभियानले मानवअधिकारको संरक्षणमा अत्यन्त सकारात्मक भूमिका निर्वाह गरी रहेको आम सचेत नागरिकले अनुभूति गरी रहेका छन्। राज्य र विद्रोही तथा अन्य पक्षवाट भएको मानवअधिकार उल्लंघनको यथार्थ जनसमक्ष ल्याएर मानवअधिकार वर्षपुस्तकले यसको संरक्षण र सम्मानको लागि महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

निश्चयनै मानवअधिकार उल्लंघनको घटना छानविन गरी सत्य बाहिर ल्याउनु जोखिमपूर्ण कार्य हो। मानवअधिकार उल्लंघनको प्रतिवेदनलाई अन्तिम रुप दिनु अघि जिल्लामा कार्यरत मानवअधिकारकर्मीलगायत सम्बद्ध व्यक्तिहरूसंग व्यापक अन्तरक्रिया गरेमा पुस्तक अझ परिस्कृत र परिमार्जित हुने थियो। अधिकारको संरक्षणको लागि इन्सेकले थालेको अभियानमा सफलता मिलोस् भन्ने शुभकामना दिँदै बारको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट गर्न सक्ने सहयोग र सहकार्यको लागि निरन्तर लागिरहने प्रतिवद्धता व्यक्त गर्दछु।

श्यामनारायण श्रेष्ठ, अध्यक्ष, ललितपुर बार एसोसिएसन

मानवअधिकार वर्षपुस्तक २००५ ले देशमा व्याप्त द्वन्द्वको अवस्थामा सरकार र विद्रोही पक्षवाट भएका मानवअधिकार विरुद्धका घटनालाई उठाउँदै राष्ट्रिय तथा अन्तराष्ट्रिय मानवीय कानुनको परिपालनामा जोड दिएको पाइयो। यस पुस्तकका माध्यमबाट आएका मानवअधिकार विरुद्धका विवरणहरूलाई मनन गर्दै आगामी दिनमा मानवअधिकार हननुका क्रियाकलापमा कमी ल्याउन सम्बन्धित सबै पक्षको ध्यानाकर्षण गरेको छ।

अच्युतराज बुढाथोकी, सचिव, ललितपुर बार एसोसिएसन, ललितपुर

राज्य युद्ध र द्वन्द्वमा फसेको छ। निरंकुश शासकहरू बहुदलीय व्यवस्थामाथि ठाडो हस्तक्षेप गर्दै संविधानको गलत व्याख्या र प्रयोगमा कसरत गर्दैछन्। निरंकुश र हुकुमी शासनको अभ्यास भइरहेको अत्यन्त असहज र जटील परिस्थितिमा पनि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले निर्भिक भई राज्य र गैरराज्य पक्षबाट भएका मानवअधिकार हननका घटनाहरूलाई जनमानससमक्ष ल्याउने काम गरेकोमा हार्दिक धन्यवाद दिन चाहन्छु।

गुरुप्रसाद बुर्लाकोटी,नेकपा (एमाले), जिल्ला कमिटी, धादिङ

मानवअधिकार वर्षपुस्तक ऐतिहासिक दस्तावेज हो भन्नेमा कसैको दुई मत छैन। सोधकर्ता, सञ्चारकर्मी, लेखक, मानवअधिकारमीका लागि यो पुस्तक निकै उपयोगी छ। कतिपय प्रसंगमा पुस्तक मैले पनि प्रयोग गरेको छु। बोलेको छु। कार्यपत्र प्रस्तुत गरेको छु। देशको मानवअधिकारको स्थिति कस्तो छ ? देश कता जाँदै छ ? पुस्तक आफैं बोल्छ। साहित्यिक ग्रन्थमा अर्थ खोजे झैं यसमा अर्थ खोजी रहनु पर्दैन। सबै साक्षर नेपालीले यसलाई पढ्न सक्छन्, बुझ्न सक्छन्।

राजेन्द्रप्रताप शाह, सभापति
नेपाल पत्रकार महासंघ, धादिङ

मानवअिधकार वर्षपुस्तक मानवअधिकारका उल्लंघनका घटनाका बारेमा जानकारी लिन चाहनेहरूका लागि उपयोगी सामग्री बन्न पुगको छ। यस पुस्तकको प्रकाशनबाट स्वस्फूर्त रुपमा जनमत सृजना भई मानवअधिकार आन्दोलनमा सहयोग पुगेको छ। आगामी दिनमा पनि यस प्रकाशनले निरन्तरता पाउन सकोस् भन्ने अपेक्षाका साथ मानवअधिकार संचेतना अभियानमा सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

विश्वराज अधिकारी, अध्यक्ष, नेपाल बार एसोसिएसन, धादिङ जिल्ला अदालत

मानअधिकार वर्षपुस्तकले सम्बन्धित पक्षलाई मानवअधिकारप्रति सजग र सर्तक भई कार्य गर्न प्ररित गर्दछ। अधिकारको कुरा गर्दा कर्तव्य पनि एकसाथ आउँछ भन्ने कुरालाई कसले भुल्न मिल्दैन। यसैले सम्बन्धित सबैले नेपाल र नेपालीको समुन्नतिका र हितका लागि अरुको अधिकारको सम्मान गर्दै आफ्नो अधिकारको प्रयोग तथा कर्तव्यको पालना गरेमा सबैको अधिकारको संरक्षण हुने करामा कसैको दुई मत हुन सक्दैन। मानवअधिकार सम्बन्धी घटनालाई प्रस्तुत गर्दा यर्थाथ रुपमा विश्लेपण गरी बिनाकुनै पूर्वाग्रह वास्तविकता यथार्थता जनसमक्ष ल्याउनु पर्ने हुन्छ। यस्तो कार्यबाट यस पुस्तकको सान्दर्भिकता र प्रभावकारिता अझ बढ्ने छ।

रामशरण चिमोरिया, प्रमुख जिल्ला अधिकारी, धादिङ

नेपाल मानवअधिकार वर्षपुस्तकले मानवअधिकार उल्लंघनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा उजागर गरेको छ। यसले मानवअधिकार हनन गर्ने पक्षलाई मानवअधिकार संरक्षण र पालन गर्नेतर्फ सजग र सर्तकता गराउने छ। प्रत्येक नागरिकबाट कुनै कार्य गर्दा अर्काको अधिकारको ख्याल गरिएमा मानवअधिकारको रक्षामा सहयोग पुग्ने निश्चित छ। देशका दुर्गम क्षेत्रमा हुने मानवअधिकार हननका घटनालाई समेत नेपाल मानवअधिकार वर्ष पुस्तकले समेट्न सकोस भन्ने शुभकामना व्यक्त गर्न चाहन्छु।

ध्रुवबहादुर थापा, अध्यक्ष, धादिङ उद्योग वाणिज्य संघ

मानवअधिकारको उल्लंघन सम्बन्धी घटनाको चित्रण गरी सार्वजनिक गर्ने प्रयास यस मानवअधिकार वर्षपुस्तकले गरेका कारण आगामी दिनमा मानवअधिकार उल्लंघनको अनुपात न्यूनीकरण हुने अपेक्षा राखेका छु।

यादवप्रसाद सेँढाई, जिल्ला न्यायाधीवक्ता, धादिङ

इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्षपुस्तक मानवअधिकार उल्लंघनका घटनाहरूको अभिलेख मात्र होइन, देशको मानवअधिकार स्थितिको विश्लेषण पनि हो। जेनेभा महासन्धिको साझा धारा ३ को उल्लंघन बुझ्न र त्यसको पालना गराउन द्वन्दरत पक्षलाई यस पुस्तकले सहयोग पुऱ्याएको छ।

रमेश अधिकारी, अध्यक्ष,
असल शासन र मानवअधिकारका लागि नागरिक सञ्जाल, धादिङ

मानवअधिकार वर्षपुस्तक २००५ पढ्ने अवसर प्राप्त भयो। देशको असहज अवस्थामा खस्कँदै गएको मानवअधिकारको अवस्थालाई चित्रण गर्दै राज्यपक्ष र विद्रोहीपक्ष दुवैद्वारा मानवअधिकार उल्लंघनका घटनाहरू संकलन गरी प्रकाशन गरेको पुस्तक अत्यन्तै उपयोगी छ। सिंगो मुलुक कानूनी शासन र दण्डहीनतातर्फ उन्मुख भइरहेका बेला यस पुस्तकले दोषीहरूको पहिचान गरी उचित समयमा कारवाहीका लागी अभिलेख राख्ने काम गरेको छ। मानवअधिकार रक्षाका लागि यो पुस्तक सार्थक बन्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु

नवराज छत्कुली, अनेरास्ववियु, धादिङ

राज्य र माओवादीबाट नागरिकको बाँच्न पाउने हकप्रति निर्मम प्रहार भइरहेको अवस्थामा इन्सेकले घटना स्थलमा पुगेर सत्य तथ्य संकलन गरी प्रकाशन गरिरहेको छ, जुन सह्रानीय छ। यसले मानवअधिकारको नेपाली इतिहासमा अविस्मरणीय छाप छाड्ने छ। संकटपूर्ण घडीमा पनि यस पुस्तकले मानवअधिकार हननका यथार्थ घटना पाठक सामु प्रस्तुत गरेको छ, यो नै काफी छ। म यसको उत्तरोत्तर प्रगतिको कामना गर्दछु।

केशव दुवाडी, अध्यक्ष गैसस महासंघ, धादिङ

देशमा भएका मानवअधिकार उल्लंघनका घटनालाई जनसमक्ष ल्याउने काममा नेपाल मानवअधिकार वर्षपुस्तकलाई सफलता मिलोस भनी शुभकामना व्यक्त गर्न चाहान्छु। मानवअधिकारको उल्लंघन जुनसुकै पक्षबाट भए पनि दण्डहीनताको स्थितिमा पीडक पक्षलाई राख्नु हुँदैन।

निर्माणकुमार पोखरेल, कारागार प्रमुख, नुवाकोट

वर्षपुस्तक २००५ हरेक घटनालाई समेटेर ऐतिहासिक काम मानवअधिकारको क्षेत्रमा गरेको छ। कठिन परिस्थितिमा यस्तो पुस्तक प्रकाशन गर्ने चुनौतीको सामना गर्ने इन्सेक धन्यवादको पात्र बनेको छ।

अमन कोइराला, कान्तिपुर समाचारदाता, सर्लाही

नेपाल मानवअधिकार वर्षपुस्तक २००५ यस सशस्त्र प्रहरी बल तालिम बेस क्याम्पमा प्राप्त भई अध्ययन गर्दा पुस्तकमा लेखिएका जिल्लागत घटनाक्रम तथा अन्य विविध जानकारी सम्बन्धी विषयलाई सरसर्ती अध्यायन गर्दा राम्रो लाग्यो।

आगामी वर्षहरूमासमेत यस पुस्तकमा जुनसुकै पक्षले गरेका घटना, कामकाजहरू साथै अन्य विविध विषयहरूको बारेमा निष्पक्ष रूपमा प्रकाशित गरियोस् भन्ने सुझावसहित नयाँ वर्ष २००६ को शुभ कामना दिन चाहान्छु।

हृदयनारायण मण्डल, गुल्मपति, स.प्र.ता.उ., स्याङ्जा

मानवअधिकार वर्षपुस्तक २००५ अध्ययन गरी हेर्दा साह्रै खुशी लाग्यो। आगामी वर्षमा पनि अझ राम्रा विषयवस्तु समेटेर मानवअधिकार वर्षपुस्तक २००६ प्रकाशित गर्नु हुनेछ भन्ने आसा राख्दै शुभकामना व्यक्त गर्दछु।

उपेन्द्रबहादुर थापा, नि. जेलर
जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

विगत दश वर्षदेखि माओवादीले चलाएको जनयुद्ध र त्यसलाई दबाउन सरकार पक्षबाट भएका काम कारवाहीबाट अहिलेसम्ममा झण्डै पन्ध्रौंहजार नेपालीले ज्यान गुमाईसकेका छन्। इन्सेकले वर्षपुस्तक २००५ मा महत्व दिइ उल्लेख गरेको "अलमलिएको शान्ति प्रक्रिया" अहिले पनि यथावत छ। हरेक जनता शान्तिको पर्खाइमा रहेका छन्।

यस्तो द्वन्द्वको कारण देशमा फैलिएको अत्यन्त त्रासदीपूर्ण स्थितिमा पनि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का कार्यकर्ता एवं प्रतिनिधिहरूले निर्भय र निष्पक्ष भै यथासम्भव घटनास्थलमा पुगि घटनाको सत्यतथ्य आँकडाहरू संकलन गरी परिस्थितिको हरेक पहलुमा विश्लेषण गर्दै विगत १० वर्ष देखि प्रत्येक वर्ष "वर्षपुस्तक" प्रकाशन गरेर अत्यन्त

सराहनीय काम गरेको छ। यी वर्षपुस्तकहरू मानवअधिकारको क्षेत्रमा अध्ययन, अनुसन्धान गर्ने सबैका लागि ऐतिहासिक र एकमात्र आधिकारिक दस्तावेजको रूपमा रहेको छ। इन्सेकले आगामी दिनहरूमा पनि यसलाई यसरीनै निरन्तर प्रकाशन गर्न सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

नवदत्त ढुंगाना, अध्यक्ष, मानवअधिकार संरक्षण मञ्च, कास्की

इन्सेकले प्रकाशन गरेको मानवअधिकार वर्षपुस्तक २००५ ले समग्र नेपालको मानवअधिकारको चित्र सविस्तार उतारेकोमा इन्सेक परिवार धन्यवादका हकदार छन्। विगतका मानवअधिकार वर्षपुस्तकले झैं यस वर्ष प्रकाशित पुस्तकले जिल्ला जिल्लाको मानवअधिकार हननको घटनालाई हुवहु उतारेको छ। स्वेच्छाचारी गिरफ्तारी र दिन पर दिन हुने बेपत्ताका घटनाहरूले आम जनता प्रत्येक पल भय र त्रासमा बाँच्न बाध्य छन्। ०५२ सालदेखि चलेको निरन्तर हिंसात्मक द्वन्द्वमा साँच्चै देश शान्ति प्रक्रियामा अलमलिएको छ। वर्षपुस्तकले यसलाई सरल तरिकाले उजागर गरेको छ। साँच्चै देशले माओवादी समस्यालाई हेर्ने एकीकृत दृष्टिकोण निर्माण गर्न नसकेर नै देशले यो दुर्गती भोग्नु परेको तथ्य हाम्रो सामु छ। वर्षपुस्तकले न्यायपालिका र कार्यपालिकाले गरेका राम्रा नराम्रा कामलाई स्पष्ट पारेको छ। यसै गरी वर्षौदेखि राज्यबाट पाखा पारिएका नेपालका आदीवासी जनजातिका मानवअधिकारको बारेमा वर्षपुस्तकले विश्लेषणात्मक विवेचना गरी दिएर एउटा नयाँ अध्याय थपी दिएको छ। काठमाडौंलाई मात्र नेपाल ठान्ने र राजनीतिक अधिकारलाई मात्र मानवअधिकार मान्ने सोचमा परिवर्तन हुनु जरूरी छ। एक ट्याब्लेट सिटामोल नपाएर मर्ने र खान नपाएर भोकभोकै मर्नेहरूको बारेमा मानवअधिकारकर्मीहरूले किन लेख्दैनन् ? के उनीहरूको मानवअधिकार हुदैन ? गैर कानूनी गिरफ्तार भन्दा यो कम पीडादायी छ ? तसर्थ मानवअधिकारको क्षेत्रमा विगत लामो समयदेखि क्रियाशील इन्सेकले प्रकाशन गर्ने वर्ष पुस्तकमा यी विषयहरू आगामी दिनहरूमा नछुटून्। इन्सेक सम्पूर्ण नेपालीहरूको मानवअधिकारको सचेत पहरेदार बनिरहोस्।

सुरेन्द्र थापामगर, अधिवक्ता, कास्की

हाम्रो जिल्ला रूपन्देही पनि मानवअधिकार हननका घटनाहरूबाट अछुतो छैन। घटनाहरूको चाङै चाङ छन्। सरकार पक्ष र माओवादी पक्ष दुवैबाट मानवअधिकार हननका सन्दर्भमा प्रतियोगीकै रूपमा देखिएका छन्। अन्तमा सन् २००५ का मानवअधिकार हननका सम्पूर्ण घटनाहरूलाई यस्तै गरी हामी सम्पूर्ण नेपालीको अगाडि पस्कने काम गरोस् भन्ने शुभकामना छ।

रामचन्द्र ढकाल, सभापति
नेपाली कांग्रेस जिल्ला कार्यसमिति, रूपन्देही

झट्ट हेर्दा मानवअधिकार वर्षपुस्तक २००५ मोटो देखिन्छ। वर्षपुस्तक मोटाउदै जानु भनेको मानवअधिकार हननका घटनाहरू बढदै जानु हो र मानवअधिकारका पक्षपातीहरू विगतमा भन्दा बढी चिन्तित हुन बाध्य पार्ने तथ्यांक हो। आवरणको चित्रले दिने धेरै अर्थमध्ये एक "शान्ति कसैको हत्केलाको विषय बन्न गएको छ" भन्ने भान पनि पर्दछ। मानवअधिकार वर्षपुस्तक २००५ ले औंल्याएको वर्षको उल्लेख्य "अलमलिएको शान्ति प्रक्रिया" छनौट साह्रै सह्रानीय छ। तर यसको पृष्ठ ३ र १९ मा उल्लेख भएको एउटै विषयका तथ्यांकहरू फरक देखिएका छन्। "यो वर्ष माओवादीले कूल १०७७ जनाको ज्यान लिए" भन्ने पृष्ठ ३ मा उल्लेख छ भने "यो वर्ष माओवादी पक्षबाट ११०३ जना नेपालीले ज्यान गुमाउनु पर्‍यो" भन्ने पृष्ठ १९ मा उल्लेखित छ। भनिरहनु नपर्ने विषय हो कि इन्सेकको सबैभन्दा महत्वपूर्ण काम मध्ये एक हो "वर्षपुस्तक प्रकाशन। चहराइरहेका मानवअधिकारका घाउहरूमा यसले मल्हम लगाइरहोस् भन्ने शुभकामना छ।

डिल्लीराज आचार्य,
रजिष्टार, पुनरावेदन अदालत, रुपन्देही

(वर्षपुस्तकको लागि गहन प्रतिक्रिया पठाउनु भएकोमा हामी कृतज्ञ छौं। सन् २००४ मा माओवादीले १०७७ जनाको हत्या गरेका थिए। २८ जना माओवादी कार्यकर्ता आफ्नै बम विस्फोट र धरापमा परी मृत्यु भएको सन्दर्भमा माओवादी पक्षबाट ११०३ जना नेपालीले ज्यान गुमाउनु पर्‍यो भनिएको स्पष्ट गराउन चाहन्छौं। सुझाव र सल्लाहको हामी सँधै स्वागत गर्दछौं- **सम्पादक मण्डल**)

मानवअधिकार वर्षपुस्तक २००५ पढ्ने अवसर प्राप्त भयो। मानवअधिकार हननका घटनाहरूको यथार्थ विवरण स्वयम्मा मानवअधिकार प्रतिको सजगता हो र यस कुराले प्रजातन्त्रलाई बलियो बनाउन सघाउ पुर्‍याउँछ। खोज अनुसन्धानमा अझै मसिनो गरी मिहेनतका साथ लाग्नु पर्ने सुझाव राख्न चाहन्छु।

लिला गिरी, जिल्ला सचिव, नेकपा (एमाले), रुपन्देही

मानवअधिकार वर्षपुस्तक २००५ ले मानवअधिकारको विषयलाई उजागर गरी पाठकहरूलाई सजग र सचेत गराउने जमर्को गरेको देखिन्छ। कुनैपनि मानिसले आफ्नो अधिकार उपभोग गर्दा अर्काको अधिकार हनन् गर्न हुदैन भन्ने कुरालाई हृदयंगम गरी मानवको नैसर्गिक अधिकार कसैले कतैबाट कुण्ठित गर्न नहुने प्रतिबद्धता व्यवहारमा उतार्न र सत्य तथ्यमा आधारित भै सूचना प्रकाशित गर्न यस पुस्तकले भूमिका खेल्न सकोस्।

चिरञ्जीवी कुवँर
स.प्र.उ., श्री सशस्त्र प्रहरी बल चण्डिका गण पर्वत

आफ्नो अधिकार प्रयोग गर्दा अर्काको अधिकारको पूर्ण सम्मान गर्नु नै मानवअधिकार हुन्छ भनी यथार्थ सत्यलाई आत्मसात गरी सम्पूर्ण मानव जातिको मानवअधिकारलाई पूर्ण प्रत्याभूत गराउन यस मानवअधिकार वर्षपुस्तकले सक्दो प्रयास गरेको पाउँदा अत्यन्तै खुशी लागेको छ। अझै नेपालको कुना काप्चामा विभिन्न समूहमा रहेका प्रत्येक नेपालीको आत्मसम्मानको पनि अझै थप खोजी हुँदै जाओस् भन्ने शुभकामना दिन चाहन्छु।

किरणराज तिवारी, कार्यालय प्रमुख
कारागार शाखा, पर्वत

मानवअधिकार उल्लंघनको विषयमा मुलुकमा भएका घटनाहरूलाई शुरूका प्रकाशनहरूदेखि नै नियमित प्रकाशित गर्दै आएकोमा इन्सेकको यस सह्रानीय कार्यप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

आगामी दिनहरूमासमेत मानवअधिकार सम्बन्धी घटनाहरूको सत्यतथ्यमा आधारित खोजमुलक विषयमा वर्षपुस्तक प्रकाशन गर्ने कार्यले निरन्तरता पाओस् भन्ने शुभकामना छ।

हुमप्रसाद अधिकारी, प्र.जि.अ.
जिल्ला प्रशासन कार्यालय, पर्वत

इन्सेकमा कार्यरत सम्पूर्णको कडा मेहनत र परिश्रमले मुलुकभरी राज्य पक्ष र गैरराज्य पक्षबाट भएका अमानवीय घटना एवम् मानवअधिकारको अवस्थालाई प्रष्ट र यथार्थपरक ढंगले प्रस्तुत गर्न खोजेको पाइयो। भोलीका दिनमा अझ सशक्त रूपमा मानवअधिकारका घटनालाई जनता सामु ल्याउन बल पुगोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

कृष्णप्रसाद पौडेल, श्रेस्तेदार शाखा अधिकृत,
जिल्ला अदालत पर्वत

यस वर्षपुस्तकले नेपाल अधिराज्यको संविधान, २०४७ ले आकांक्षा राखेको मानवअधिकारको संरक्षण र सम्वर्द्धन गर्न महत्वपूर्ण भूमिका खेल्ने छ भन्ने दृढ विश्वासका साथ वर्षपुस्तकको उन्नति एवम् प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

जयप्रसाद श्रेष्ठ, का.मु. जिल्ला न्यायाधीवक्ता
जिल्ला सरकारी वकील कार्यालय, पर्वत

मानवअधिकार वर्षपुस्तक अतिनै उपयोगी एवम् मानवअधिकार संरक्षणका लागि ज्ञानवर्धक छ। यस पुस्तकको अध्ययनबाट मानवअधिकारसम्बन्धी जानकारी नभएका कतिपय सरकारी तथा गैरसरकारी कर्मचारी एवम् मुलुकबासीको मानवअधिकारको संरक्षणमा थप चेतना अभिवृद्धि गराई जुनसुकै पक्षबाट भएका मानवअधिकारका उल्लंघन सम्बन्धी घटनाहरूको यथार्थ चित्रण गर्न यस पुस्तक सफल हुनेछ। प्रकाशित घटनाहरूको विश्लेषण बढी यथार्थपरकका साथै सबै पक्षलाई समेटिएर तयार भएमा राम्रो हुने आसा राख्दै संस्थाको उत्तोरत्तर प्रगतिको कामना गर्दछु।

विष्णुहरि गौतम, प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, पर्वत

वर्षपुस्तकले द्वन्द्वको कारणले भएका मानवअधिकारका घटनावाहेक मुलुकभर हुनेगरेका बालश्रम,चेलिबेटी बेचबिखन एवम् देहव्यापारसमेतका घटनाहरूलाई पुस्तकमा समावेश गर्नसके अझ राम्रो हुनेथियो। पुस्तकले साथै घरेलु हिंसा,शोषण, दमन र उत्पीडनका घटनाहरूलाई प्रमुखताका साथ प्रकाशन गर्न सकोस्।

के.वी. मसाल, सभापति, नेपाल पत्रकार महासंघ, दाङ

मानवअधिकार वर्षपुस्तकको माध्यमबाट नेपालको मानवअधिकारप्रतिको अन्तर्राष्ट्रिय प्रतिबद्धता र मानवअधिकारको वर्तमान अवस्थाबारे सहजरूपले यथार्थ जानकारी पाउन सकिएको छ। आगामी दिनमापनि मानवअधिकारको सुरक्षा कवचकोरूपमा आफूलाई उभ्याउदै इन्सेकले मानवअधिकारको बस्तुस्थितिको बारेमा अधिकतम जानकारी दिँदै परिस्कृत ढगंले बढी भन्दा बढी पाठकको पहूँच हुने गरी वर्षपुस्तक प्रकाशन हुँदै जाओस् भन्ने शुभकामना छ।

सागर पण्डित, अध्यक्ष, प्रेस चौतारी, दाङ

वर्षपुस्तक २००६ प्रकाशन हुन लागकोमा खुशी लागेको छ र त्यसमा मेरा केही राय सुझाव छन्।

- मानवअधिकार वर्षपुस्तक सबै मानवअधिकारवादी सघंसस्था र अन्य राष्ट्रिय अन्तर्राष्ट्रिय सघंसस्थासमेतका लागि राम्रो सन्दर्भ सामग्री बन्न पुगेको हुँदा मानवअधिकार उल्लंघनका सम्पूर्ण घटना निष्पक्ष सत्य र तथ्यमा आधारित भई सबै घटना समेट्नु राम्रो हुने छ।
- राजनीतिक प्रभावमा नपरी घटनाको चित्रण हुन आवश्यक छ।
- प्रकाशनलाई अझ सुलभ र जनस्तरसम्म पुऱ्याउन राम्रो हुनेछ।
- अझै धेरै तथ्यांक बटुल्नसके राम्रो हुनेछ।

बमबहादुर डि.सी., उपाध्यक्ष
नेपाल ट्रेड युनियन कांग्रेस, मध्यपश्चिमाञ्चल
क्षेत्रीय कार्यालय

वर्षपुस्तकलाई देशको मानवअधिकारको सही वस्तुस्थिति बुझ्न दस्तावेजको रुपमा लिन सकिन्छ। यसको अलावा समाजमा अदृश्य तर डरलाग्दो रुपमा रहेको घरेलु हिंसा, अनमेल बिवाह, बालविवाह, बोक्सी प्रथा, छाउपडी

प्रथा लगायत्का विभिन्न अन्धविश्वास र कुरीतिले नेपाली महिलाहरू एउटा नागरिकको जीवन बाँच्न सकिरहेका छैनन्। महिलाअधिकारका यी विषयहरूलाई पनि मानवअधिकार हनन् झैं मुद्दाको रुपमा लिनुपर्ने भएकोले वर्षपुस्तक २००६ मा समेटिए झनै राम्रो हुने थियो।

लक्ष्मी आचार्य, अध्यक्ष, महिला पत्रकार मञ्च, दाङ

नेपाल अधिराज्यको हालको विषम परिस्थितिमा हुने गरेका मानवअधिकार संरक्षण, उल्लंघन तथा सामाजिक न्यायका विषयहरूसंग सम्वन्धित घटनाहरूलाई जनमानसमा संप्रेषित गरी सूसुचित गर्ने चुनौतिपूर्ण कार्यलाई निरन्तरता दिने अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को यस अतुलनीय प्रयास प्रशंसायोग्य छ। यस पुस्तकले मानवअधिकारको उल्लंघनका घटनाहरूको न्यूनीकरण गरी संरक्षणतर्फ अभिबृद्धि गराउन सम्वद्ध सवैलाई सचेत गराउन सफल हुँदै गएको पाएको छु। आगामी दिनहरूमा पनि तथ्यको आधारमा निष्पक्ष रही अझ प्रभावकारी रूपमा प्रकाशन गर्न सफल रहोस् भन्ने शुभकामना व्यक्त गर्न चाहान्छु।

घनश्याम भट्ट, प्रहरी उपरिक्षक, जि.प्र.का., दाङ

पुस्तकको साइज सानो होओस् भन्ने चाहाना अशान्ति होइन, शान्तिको कामना धेरै वर्षदेखि सवैले सवै क्षेत्रबाट भन्दै आएका छन्। सुन्नुपर्नेले नसुनेको नवुझ्नेको या वुझ पचाएको, के भन्दा राम्रो हुन्छ ? पुस्तक मोटाउनुको अर्थ धेरै हुन सक्छन् तर मुख्य कारण (हतियार बोकेका या त्यसका आडमा सत्ता चलाउनेहरू) द्वन्द्व नै हो। द्वन्द्वले राष्ट्र क्षतविक्षत भएको छ। सत्ताका आडमा कमिशनखोर, भष्टाचार, कालोवजार, दलवदल, नातावाद, कृपावाद इत्यादि मौलाएका छन्। छर्लङ्ग देख्दा पनि विविध कारणले वोल्न-लेख्न कठिन छ। यस्तो स्थितिमा इन्सेकले धेरै प्रयास गरेर लेखेको छ। विकट गाउँवस्ती सहयोगी नहुनु र सर्वसाधरणदेखि कमजोर मन भएकाहरू वोल्न डराउनु आदि हुँदाहुँदै पनि प्रयास प्रशंसनीय छ। लुकेका धेरै छन्, देखाउन कठिन छ र पनि थप प्रयासको अपेक्षा राख्दै उत्तरोत्तर प्रगतिको शुभ कामना।

कृष्णबहादुर घर्तीमगर, सभापति
नेपाली काँग्रेस (प्रजातान्त्रिक) जिल्ला कार्य समिति, रोल्पा

मानवअधिकार वर्षपुस्तकले नेपाली जनताको अधिकारको लागि विगत झण्डै डेढ दशकदेखि अभिलेखीकरणको एकमात्र प्रकाशनको पहिचान वनाएको छ। राज्यलेपनि कुनै घटनाको बारेमा जानकारी लिनु आवश्यक पऱ्यो भने यसै वर्ष पुस्तकमा के लेखेको छ भनी पल्टाउँछ भने विद्रोहीलेपनि घटनाको जानकारी लिन पऱ्यो भने वर्षपुस्तक पल्टाएको सुनिन्छ। महिला, बालवालिका, जातीयविभेद, राजनीतिक अधिकारको संगालो यो वर्ष पुस्तक इतिहासको कुनै कालखण्डमा एउटा मानवअधिकार इतिहासको रूपमा नेपाली जनताले स्वीकार गर्नेछन् भन्ने विश्वास लिएको छु।

सिद्धराज पनेरु, जिल्ला कार्यक्रम संयोजक
सिविन नेपाल, रुकुम

सन् २००५ को मानवअधिकार वर्षपुस्तकवाट जिल्लाको द्वन्द्व सम्वन्धमा देशमा भइरहेको हत्या हिंसा एवम् मानवअधिकार उल्लंघन सम्वन्धमा जनतालाई सूसुचित गर्ने जुन कार्य भएको छ अवश्य पनि सह्रानीय रहेको छ , यसको लागि नेपाली काँग्रेस धन्यबाद ज्ञापन गर्दछ।

कृष्णमान श्रेष्ठ, सभापति, नेपाली काँग्रेस, बाँके

मानवअधिकारको क्षेत्रमा अदालतले खेलेको भूमिका र दिएको न्यायिक निर्णयसमेतका तथ्यहरू समेतलाई समेटेर पुस्तक तयार भएको देख्दा निकै खुशी लाग्यो। मानवअधिकार वर्षपुस्तक २००५ मा अदालत सम्बन्धी तथ्यमा मुद्दा फर्स्यौट हुन भनी न्याय सम्पादनको स्थिति चिन्ताजनक रहेको निष्कर्ष निकालेको तथ्यसंग पूर्णरूपमा सहमत हुन सकिने स्थिति छैन। कार्यविधगत जटिलता म्याद तामेलीको समस्या, भौतिक श्रोत र साधनको कमी, पर्याप्त वजेट अभाव, दक्ष जनशक्तिको अभाव, देशको शान्ति सुव्यवस्थाको स्थितिसमेतका कुराहरूले मुद्दा फर्स्यौटमा प्रभाव पार्ने हुँदा आगामी वर्षपुस्तक प्रकाशन गर्दा यी तथ्यहरू समेतलाई मध्यनजर गरी पुस्तकमार्फत अदालती समाचार सम्प्रेषण हुने छन् भन्ने आशा एवम् विश्वास लिंदै यो प्रतिक्रिया पठाइएको छ।

भोजराज अधिकारी, रजिष्ट्रार, पुनरावेदन अदालत, बाँके

विगत १५ वर्षदेखि लगातार मानव मात्रको मानवीय मूल्य मान्यता तथा जिउधनको संरक्षण हेतु लगातारुपमा लाग्नु हुने सम्पूर्ण मानवअधिकारकर्मीज्यूहरूलाई धन्यवाद दिंदै इन्सेकद्वारा प्रकाशित वर्षपुस्तक विगत वर्षबाट पढन पाउँदा ज्यादै खुशी लागेको छ। यसले आगामी अंकहरूमा कुनै एक पक्षीय नभई समान दृष्टिले घटनाको पुष्टयाईतर्फ बढी ध्यान दिनुहुनेछ भन्ने अपेक्षा गरेको छ। साथै, वर्षपुस्तकको उत्तरोतर प्रगतिको कामना गर्दछु।

घनानन्द भट्ट, प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, वर्दिया

द्वन्द्वका कारणले विद्रोहीपक्ष तथा राज्यपक्षबाट भएका मानवअधिकार हनन्का क्रियाकलापहरूलाई पुस्तकका रूपमा प्रकाशन गरी पुऱ्याउदै आएका कार्यहरूलाई आगामी वर्षहरूमा पनि निरन्तरता दिंदै जानेछ भन्ने कुरा विश्वासका साथ शुभकामना व्यक्त गर्दछु।

डम्मर जिसी, सभापति,
नेपाली काँग्रेस जिल्ला कार्य समिति, सुर्खेत

वर्षपुस्तकले नेपालमा वर्तमान अवस्थामा भएका मानवअधिकार हनन्का घटनाहरूको यथार्थ अध्ययन गरी वस्तुनिष्ठ आधारमा सूचना सम्प्रेषण गर्न सक्नेछ भन्ने आसा लिएको छु। साथै सरकारी र गैरसरकारी पक्षवाट भएका मानवअधिकार हनन्का घटनाहरू र सो को क्षति र पीडितहरूले पाएको क्षतिपूर्ति एवं न्यायकोसमेत उल्लेख गर्दै वालअधिकार हनन्का घटनाहरूलाईपनि आगामी दिनमा प्रस्तुत पुस्तकले समेटन सकोस् भन्ने अपेक्षा गर्दछु।

रामजीप्रसाद त्रिपाठी, मुख्य न्यायाधीश, पुनरावेदन अदालत, सुर्खेत

मानवअधिकार वर्षपुस्तकले मुलुकको मानवअधिकारको वहाली विश्लेषण र मूल्यांकनमा ठूलो योगदान दिएको छ। वर्षपुस्तक २००५ ले बालअधिकार, राजनीतिक, सामाजिक, धार्मिक, जातीय र लैगिक अधिकारजस्ता धेरै क्षेत्रलाई समेटी व्यवस्थित र प्रभावकारी रूपले आफ्नो पहिचानलाई दरिलो बनाएको छ र आगामी दिनमा अझ ठूलो टेवा पुऱ्याउने ठानेका छौं।

नन्दबहादुर भण्डारी, कानुन अधिकृत एडभोकेसी फोरम नेपाल, सुर्खेत

वस्तुनिष्ठ आधारमा घटनाको विवरण तयार पारी विगत वर्षहरूमा इन्सेकले मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्ने गरेको छ। विगत वर्षहरूमा प्रकाशित भएका पुस्तकहरू भन्दा पनि वर्षपुस्तक २००६ ले अझ निष्पक्ष र निडर भई मानवअधिकारको उल्लंघनका घटनाहरू जनतासमक्ष जस्ताको तस्तै सम्प्रेषण गर्न सक्ने छ भन्ने आशा लिएको छु।

प्रभाप्रसाद थाती, अध्यक्ष
ने.वा.ए.पुनरावेदन अदालत, सुर्खेत

नियमित रूपमा मानवअधिकार वर्षपुस्तक पढ्न पाउँदा खुशी लाग्छ तर मानवतामाथिका ज्यादतीपूर्ण घटनाले मनमा चोट पुऱ्याउँछन्। समाजका विविध क्षेत्रमा भएका घटनाहरूलाई प्रमाणिक रूप दिने सवालमा वर्षपुस्तक नमूना सावित भएको छ।

एक्काइसौं शताब्दीमा दिनानुदिन हुदै गएको द्वन्द्वात्मक अवस्थालाई मध्यनजर गरी हाम्रो देशमा राज्यवाट हुने अनि गैर राज्यपक्षबाट हुने विभिन्न मानवअधिकार हनन्का घटनाहरू समेटन् खोज्नु यो वर्ष पुस्तकको प्रमुख उद्देश्य एकदमै प्रशंसनीय छ।

बालकुमार शर्मा, अध्यक्ष
असलशासन जिल्ला समन्वय समिति, खलंगा, जाजरकोट

देशमा मानवअधिकार उपभोग र संरक्षणका विविध पक्षहरूमा यथार्थ, वस्तुपरक र नियमितक रूपमा मानवअधिकारको संरक्षण गर्ने कार्यमा महत्वपूर्ण दस्तावेजको रूपमा मानवअधिकार वर्षपुस्तकले आफ्नो भूमिका निर्वाह गर्दै आएको छ। मानवअधिकारको सम्मान गर्न सचेत गराउदै आवश्यक दवावका लागि नागरिक समाज र अन्तर्राष्ट्रिय जगतलाई आकर्पित गर्ने कार्य अहिलेको एउटा महत्वपूर्ण कार्यभार हो। यस कार्यभारलाई सफलतापूर्वक सम्पन्न गर्न मानवअधिकार वर्षपुस्तकलाई हार्दिक शुभेच्छा व्यक्त गर्दछु।

राजेन्द्रविक्रम शाह, गैसस महासंघ नेपाल, जाजरकोट

विगतको वर्पपुस्तकको अध्ययनवाट शहर वजारका सतहमा देखिएका घटनाहरू वढी सख्यामा पाइयो तर दुर्गम ग्रामीण क्षेत्रमा लुकेका भित्रि घटनाहरू छुटेको पाइयो। आगामी पुस्तकमा दुर्गम ग्रामीण क्षेत्रमा लुकेका भित्री घटनाक्रमहरू पनि समेट्न सकेमा राम्रो हुने थियो। मानवअधिकार हनन्का वैरीहरूको अगाडि इन्सेक उभिँदा कम्पन उत्पन्न हुनैपर्छ भन्ने शुभेच्छा राख्दछु।

राजबहादुर बुढा, उप सचिव, नेकपा (एमाले) जिल्ला कमिटी, दैलेख

मानवअधिकार वर्षपुस्तक २००५ लाई अध्ययन गर्दा यसका सबल पक्षहरू धेरै भएतापनि यस प्रकाशनलाई अझै ओजपूर्ण बनाउन जिल्लास्थित नियुक्त इन्सेक प्रतिनिधिको स्तरवृद्धिका लागि सम्वन्धित निकायबाट ध्यान पुऱ्याउन अति आवश्यक देखिन्छ।

सुरेन्द्र अधिकारी, अध्यक्ष, नेपाल वार एकाई, दैलेख

सन् १९९२ देखि अविछिन्न प्रकाशित हँदै आएको वर्षपुस्तकले मानवअधिकारको रक्षा र सम्मानको क्षेत्रमा धेरै हदसम्म गुन लगाएतापनि संकलित घटनाहरूसँग सम्वन्धित विपयहरूका वारेमा अझै गहिरो खोज र अध्ययन गरी ठोस, बस्तुपरक एंव विश्लेपणात्मक कृतिको रुपमा आउन सकेमामात्र वास्तवमा यस मानवअधिकार वर्षपुस्तकको सार्थकता पुष्टि हुने देखिन्छ।

महेन्द्रराज गौतम, जिल्ला न्यायाधीश, दैलेख

देशमा व्याप्त हिंसा प्रतिहिंसालाई वर्षपुस्तकमा अत्याधिक मात्रामा प्रकाशन गर्न सक्नु सहज कार्यको हृदयदेखि प्रसंशा गर्दछु। इन्सेकले यो भन्दापनि यस जिल्लामा चेतना, सुरक्षा तथा मानवअधिकार पुर्नस्थापना सम्वन्धी कार्यक्रमसमेत सञ्चालन गर्न सकेमा इन्सेकले आफ्नो उद्देश्य पूरा गर्न सक्षम हुने थियो।

कमलकुमार आर्चाय, श्रेस्तेदार, जिल्ला अदालत, डोल्पा

वर्पपुस्तक २००५ मा राज्यपक्ष र विद्रोही पक्षबाट अधिराज्य भरमा भएका मानवअधिकार उल्लंघनका घटनाहरूलाई जिल्लागत रूपमा समेटिएको छ। अपहरण, बेपत्ता र हत्याका घटनाहरू प्रकाशित गरिएको छ।

आफन्तहरूको बेपता र हत्याका कुराहरूले सम्बन्धित आफन्तलाई यो पुस्तक एउटा स्मरणीय ऐतिहासिक दस्तावेज बनेको छ। यस मानवअधिकार वर्षपुस्तकको प्रकाशनले निरन्तरता पाओस् र जुनसुकै पक्षबाट भए गरेको भएपनि मानवअधिकारका उल्लंघनका घटनाहरूलाई उजागार गरी सर्वैसमक्ष ल्याउने कार्यमा खरो रूपमा उत्रन सकोस् यस पुस्तकलाई यही मेरो शुभकामना छ।

गञ्जबहादुर एम.सी., का.मु.प्र.जि.अ. जुम्ला

वर्षपुस्तकमा मानवअधिकार हननका उल्लेखनीय केही घटनाहरू छुट हुन गएको पाइएकोले वर्षपुस्तक प्रतिनिधिहरू थप निर्भिक र मेहनती हुनु आवश्यक छ। वर्षपुस्तकमा घटनाहरूमा प्रिन्टबाट हुन गएका केही गल्तीबाट वर्ष पुस्तक प्रतिनिधि आलोचित हुनु परेको यथार्थलाई पुस्तक प्रकाशन पूर्वनै प्रतिनिधिहरूलाई पूर्ण जिम्मेवार बनाउन थप प्रवन्ध मिलाउन आवश्यक छ।

विष्णुप्रसाद तिमील्सेना, अधिवक्ता एवम्
मानवअधिकारकर्मी, जुम्ला

मानवअधिकार वर्षपुस्तक तथ्यांक संकलनको एउटा साधनमात्र नभएर मुलुककै व्यापक मानवअधिकार हननका घटनाको इतिहास हो। साथै मानवअधिकार उल्लंघनकर्ताका लागि अंकुश पनि हो। त्यसो भएको हुँदा यस पुस्तकले विद्यमान सशस्त्र द्वन्द्व न्युनीकरणका लागि अत्यन्तै सहनीय भूमिका खेल्दै आइरहेको छ।

रवीन्द्र शाही, अध्यक्ष, गैसस महासंघ, कालिकोट

मानवअधिकार वर्षपुस्तकले द्वन्द्वग्रस्त क्षेत्रका द्वन्द्वपीडित जनताहरूमाथि हुने गरेका मानवअधिकार उल्लंघनका घटनाहरूलाई उजागर गरेर मानवअधिकार रक्षाका लागि उल्लेख्नीय योगदान पुऱ्याउँदै आएको छ। यो पुस्तक मानवअधिकार उल्लंघनका घटनाहरूको महत्वपूर्ण इतिहास भएको हुदाँ आउँदा दिनहरूमा ग्रामीण तथा विकट क्षेत्रहरूलाई समेटी अझै सत्य र तथ्य घटनाहरू प्रकाशित गर्नेछ भन्ने कुरामा आशावादी छौं।

मुक्तिप्रसाद न्यौपाने, सभापति
नेपाली काँग्रेस जिल्ला समिति, कालिकोट

मानवअधिकार सम्बन्धमा जारी भएको विश्वव्यापी घोषणापत्र तथा सम्बन्धित कैयन अनुसन्धानहरूसमेतले मानवअधिकारको क्षेत्रमा स्पष्ट पारेकै छ। यसरी हरेक नागरिकले स्वतन्त्ररूपमा मानवअधिकारको उपभोग गर्न पाओस् भनी नेपाल प्रहरी सगंठन त्यस दिशामा सदा दृढ रहेको छ। समाजमा शान्ति सुरक्षाको जिम्मेवारी बोकेका नेपाल प्रहरीका मातहत दर्जाका कर्मचारीबाट मानवअधिकारको हनन् नहोस भनी समय-समयमा अनुशिक्षण दिई सचेत गराईएको छ। मानवअधिकरको क्षेत्रमा विगत लामो समयदेखि मानवअधिकर उल्लंघनका घटनाहरूलाई मानवअधिकार वर्षपुस्तकमार्फत जनता सामु प्रस्तुत गर्दै आईरहेको इन्सेकले अझ तथ्यपरक विश्वसनीय रूपले प्रस्तुत हुन सकोस् भन्ने शुभकामना छ।

भोजराज ओझा, प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, कालिकोट

नेपाल अधिराज्यभर वर्षभरीमा भएका मानवअधिकार हननका घटनाहरूको घटनास्थलमै पुगी सत्य र तथ्य विवरण ल्याई मानवअधिकार वर्षपुस्तकमा छापेकोमा त्यसको लागि धन्यवाद दिन चाहान्छु।

सुनामसिंह गुरुङ, अध्यक्ष
राष्ट्रिय जनमोर्चा, जिल्ला सगंठन, हुम्ला

वर्षपुस्तक २००५ ले नेपालको काहाली लाग्दो मानवअधिकारको स्थितिलाई उजागर गरेको छ। विगत वर्षदेखि चल्दै आएको गृहयुद्ध तथा राजनीतिको नाममा गरिएका क्रियाकलापले गर्दा कतिसम्म मानवअधिकार उल्लंघन भएको छ भन्ने कुरा चित्रण गरेको पाइन्छ। जसलेगर्दा पीडकहरू निरुत्साहित भई मानवअधिकार संरक्षण र सम्वर्द्धनमा ठोस योगदान पुग्ने देखिन्छ। वर्षपुस्तक सर्वसाधरण जनमानससमक्ष सुलभ तरिकाबाट पुऱ्याई उनिहरूलाई मानवअधिकार उल्लंघनका घटनाहरू बारे सचेत गराउन अझै ठोस कदम चालोस् भन्ने कामना गर्दछु।

कमलप्रसाद कोइराला, नि. जिल्ला न्यायाधीवक्ता
जिल्ला सरकारी वकिल कार्यालय, हुम्ला

अनुसूची ७

वर्षपुस्तक २००६ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

परिच्छेद २ : गहिरिँदो राष्ट्रिय संकट

लेखक: प्रकाश ज्ञवाली

परिच्छेद ३

३.१ न्यायपालिका

लेखक: विद्या चापागाईं

३.२ कार्यपालिका

लेखक: प्रेक्षा ओझा

३.३ व्यवस्थापिका

लेखक: योगीश खरेल

जिल्लागत प्रतिवेदन तथा तथ्यांक रुजु

१. गणेश भण्डारी

जिल्ला प्रतिनिधिहरु

१. **पूर्वाञ्चल**

१.१ झापा - अर्जुन वस्नेत
१.२ इलाम - प्रकाश अधिकारी
१.३ पाँचथर - कृष्ण ओझा
१.४ ताप्लेजुङ - चन्द्रप्रकाश भट्टराई
१.५ मोरङ - दीपेन नेउपाने
१.६ सुनसरी - राम कोइराला
१.७ धनकुटा - पर्शुराम नेपाल
१.८ तेह्रथुम - छत्र रिमाल
१.९ भोजपुर - ज्ञानेन्द्र खड्का चित्राङ्गत चौलागाईं
१.१० संखुवासभा - लीलाप्रसाद श्रेष्ठ
१.११ सप्तरी - प्रकाश खतिवडा
१.१२ सिराहा - देवराज पोखेल
१.१३ उदयपुर - कुशलबाबु बस्नेत
१.१४ खोटाङ - लोकनाथ घिमिरे युवराज राई
१.१५ ओखलढुंगा - गुरूबहादुर बस्नेत
१.१६ सोलुखुम्बु - आङगेलु शेर्पा

२. **मध्यमाञ्चल**

२.१ धनुषा - रोशनदीप ढकाल
२.२ महोत्तरी - ईश्वरी काफ्ले
२.३ सर्लाही - विदुर प्याकुरेल
२.४ सिन्धुली - आनन्दप्रसाद दाहाल
२.५ रामेछाप - नवराज पथिक
२.६ दोलखा - उद्धव पोखरेल
२.७ रौतहट - विपिन गौतम
२.८ बारा - रुद्र धिताल रोशनराज अर्याल
२.९ पर्सा - प्रेम कार्की
२.१० चितवन - मुकुन्द दाहाल
२.११ मकवानपुर - प्रताप विष्ट
२.१२ ललितपुर - जीवन्त वाग्ले अकुर न्यौपाने
२.१३ काभ्रेपलान्चोक - भोजराज तिमल्सिना
२.१४ भक्तपुर - अकुर न्यौपाने
२.१५ काठमाडौं - गणेश भण्डारी
२.१६ धादिङ - सीताराम अधिकारी
२.१७ सिन्धुपाल्चोक - नातिबाबु धिताल
२.१८ नुवाकोट - केशव मिश्र
२.१९ रसुवा - हेमनाथ खतिवडा

३. **पश्चिमाञ्चल**

३.१ तनहुँ - प्रकाशचन्द्र भट्टराई
३.२ गोरखा - भीमलाल श्रेष्ठ
३.३ लमजुङ - कृष्ण अधिकारी
३.४ स्याङ्जा - निर्मला तिवारी
३.५ कास्की - श्यामनाथ कुँवर टंक खनाल
३.६ मनाङ - कमानबहादुर गुरुङ
३.७ नवलपरासी - नारायण पराजुली
३.८ रुपन्देही - भीष्मराज पन्थी
३.९ पाल्पा - कृष्णप्रसाद बस्याल
३.१० कपिलवस्तु - नन्दराम पौडेल
३.११ अर्घाखाँची - खिमप्रसाद मरासिनी
३.१२ गुल्मी - दिलशोभा पुन
३.१३ बाग्लुङ - गोविन्द गौतम
३.१४ पर्वत - माधवराज पाण्डेय
३.१५ म्याग्दी - घनश्याम खड्का
३.१६ मुस्ताङ - चन्द्रबहादुर गुरुङ

४. **मध्यपश्चिमाञ्चल**

४.१ दाङ - विमलकुमार अधिकारी
४.२ प्युठान - महेन्द्रप्रसाद श्रेष्ठ
४.३ रोल्पा - घनश्याम आचार्य
४.४ सल्यान - रोमप्रकाश थापा
४.५ रुकुम - जीवन खड्का
४.६ बाँके - सृजना सिंह शिप्रा श्रेष्ठ
४.७ बर्दिया - नारायण सुवेदी
४.८ सुर्खेत - दुर्गा थापा

४.९ जाजरकोट - राजुकुमार शाक्य
४.१० दैलेख - नमनकुमार शाही
४.११ डोल्पा - विष्णुलाल वुढा
४.१२ जुम्ला - राजेन्द्र महत
४.१३ कालिकोट - कालीवहादुर मल्ल
४.१४ मुगु - जीवन सिजवाल
४.१५ हुम्ला - रमेश ऐडी

५. सुदूर पश्चिमाञ्चल

५.१ कैलाली - कृष्ण विक
५.२ अछाम - रतनवहादुर रावल
५.३ डोटी - लवदेव भट्ट
५.४ वाजुरा - अर्जुन शाह
५.५ वभ्काङ - प्रकाश विक
५.६ कंचनपुर - युवराज घिमिरे
५.७ डडेलधुरा - केशव वोहोरा
५.८ वैतडी - शेरवहादुर चन्द
५.९ दार्चुला - मदनसिंह धामी

क्षेत्रीय कार्यालयमा संलग्न

पूर्वाञ्चल
१. सोमराज थापा २. प्रशन्नता वस्ती

मध्यमाञ्चल
१. कृष्ण गौतम २. वावुराम विश्वकर्मा

पश्चिमाञ्चल
१. जीवन्त वाग्ले २. लक्ष्मणदत्त पन्त

मध्य पश्चिमाञ्चल
१. भोला महत २. विष्णुवहादुर थापा/मधु पन्थी

सुदूर पश्चिमाञ्चल
१. खड्कराज जोशी २. मधु पन्थी/विष्णुवहादुर थापा

सन्दर्भ सामग्री स्रोत
१. इन्सेक पुस्तकालय

फोटो स्रोत
१. विमलचन्द्र शर्मा, इन्सेक
२. मानवअधिकार वर्ष पुस्तक जिल्ला प्रतिनिधिहरू
३. कान्तिपुर

उत्कृष्ट जिल्ला प्रतिनिधिहरू

गत वर्षझैं यस वर्ष पनि सम्पूर्ण प्रतिनिधिमध्येवाट एक जनालाई राष्ट्रिय स्तरको "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले, अन्य पाँच जनालाई "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरुप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। यसरी छानिँदा सकभर सबै विकास क्षेत्र समेट्ने प्रयास गरिने गरिएको छ। "सर्वोत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रु. ७०००।-, "उत्कृष्ट जिल्ला प्रतिनिधि" पुरस्कार रु. ५०००।- र प्रशंसापत्र रहेको छ।

सर्वोत्कृष्ट
अर्जुन शाह, वाजुरा

उत्कृष्ट
अर्जुन वस्नेत, झापा

उत्कृष्ट
विपिन गौतम, रौतहट

उत्कृष्ट
दिलशोभा पुन, गुल्मी

उत्कृष्ट
नमनकुमार शाही, दैलेख

उत्कृष्ट
कृष्णवहादुर विक, कैलाली

अनुसूची ८

सन् २००५ मा राज्य पक्षद्वारा पीडित भएकाहरुको संख्या

\# राज्य पक्षद्वारा पीडित भएकाहरुको संख्या - जम्मा ११८६५ जना

इन्सेक पुस्तक १२५ / २०६२



मौन अक्षर, प्रसिद्ध कलाकार दुर्गा बरालद्वारा हालसालै तयार गरिएको प्रशंसनीय कृति हो। एक दशकदेखि देशमा व्याप्त हिंसात्मक द्वन्द्वका कारण विचलित वर्तमानलाई यस पेन्टिङ्गमा जीवन्त ढंगले प्रस्तुत गरिएको छ। बर्बर हिंसाबाट सृजित मनोवेगलाई क्यानभासमा उतार्ने हाम्रा पिकासोले यो देशको मानवीय पीडाप्रति संवेदनशील हुन आफ्नो *गोएर्निका*मार्फत् आह्वान गरेका छन्।

वर्ष २००५ मा नेपालमा मानवअधिकारको प्रत्याभूतिको सवाल नागरिक तथा राजनीतिक अधिकारको हरण र बहालीको प्रयत्नबीचको संघर्षसँग छुट्ट्याउनै नमिल्ने गरी जोडियो। नेपालको राजनीतिमा देखिएको हिंसात्मक र अहिंसात्मक दुवै किसिमको द्वन्द्वको समाधानका निम्ति सात राजनीतिक दलले माओवादीलाईसमेत मानार्थ राजतन्त्रको सवालमा सहमत हुन सक्ने अवस्थामा ल्याए। अब समस्याको शान्तिपूर्ण समाधानका निम्ति राजाको अग्रसरता अपेक्षित छ। मानार्थ राजतन्त्रसम्बन्धी पहिलो सर्त राजाबाट पूरा हुन नसकेको अवस्थामा लोकतान्त्रिक गणतन्त्रको नारा निरन्तर अघि बढ्ने भविष्यवाणी संसदीय दलहरूले गरेका छन्।

इन्सेक
insec
मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पत्र मञ्जुषा : २७२६, काठमाडौं
फोन : ४२७८७७०
फ्याक्स : ४२७०५५१
इमेल : insec@insec.org.np
वेब साइट : www.inseconline.org

ISBN 99933-858-8-3
9 799993 385881